CC-0. In Public Domain. Digitization by eGangotri

नेपालसंस्कृतविश्वविद्यालयेन विद्यावारिध्युपाधये स्वीकृतः शोधप्रबन्धः

ॐ

धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्

सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र

लेखक

प्रा. डा. राधाकृष्ण अधिकारी

सम्पादक एवं अनुवादक

प्रा. डा. नुरापति पोखरेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



प्रा.डा. राधाकृष्ण अधिकारी
जन्मः वि.सं. १९९२ चैत्र २२ गते
दिवङ्गतः वि.सं. २०६४ मार्ग ४ गते

श्रीमती सरस्वती अधिकारी
उमेरः ८८ बर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालसंस्कृतविश्वविद्यालयेन विद्यावारिध्युपाधये स्वीकृतः शोधप्रबन्धः

ॐ

धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्

{सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र}

लेखक

प्रा. डा. राधाकृष्ण अधिकारी

सम्पादक एवं अनुवादक

प्रा. डा. नुरापति पोखरेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकको नाम -	धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम् {सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र}
लेखक -	प्रा. डा. राधाकृष्ण अधिकारी
सम्पादक / अनुवादक -	प्रा. डा. नुरापति पोखरेल
प्रकाशक -	सहप्रा. शान्तिकृष्ण अधिकारी/उपप्रा. वसन्ती आचार्य
संस्करण -	प्रथम
प्रकाशन समय -	२०७७ वसन्तपञ्चमी
प्रकाशित पुस्तक सङ्ख्या -	१०००
सर्वाधिकार -	प्रकाशकमा
कम्प्यूटर टङ्कण -	जानकी पोखरेल / ईश्वरा पोखरेल
मुद्रण -	मेघा कलर प्रेस, वसुन्धरा, काठमाडौं
ISBN	978-9937-0-8405-5

QR CODE

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल
फोन : ०१-४२२१२८३, ४२२१२४१, ४२२१२४२
फ्याक्स : ९७७-०१-४२२१९७५, ४२४१७८६
पो.ब.नं. : २३०५८, काठमाडौं, नेपाल
इमेल : office@nepalacademy.org.np
वेबसाइट : www.nepalacademy.org.np

पत्र संख्या
चलानी नं.

शुभाशंसा

कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ९ मा जन्मनुभएका प्रा.डा. राधाकृष्ण अधिकारीले भारतको वाराणसीमा गई धर्मशास्त्र र संस्कृत साहित्यको अध्ययन गर्नुभएको थियो। त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय प्राध्यापन गर्नुभएका अधिकारीज्यू नेपालको मात्र नभई अखिल भारतवर्षकै धर्मशास्त्रको मूर्तरूप हुनुहुन्छ। धर्मशास्त्रको ज्ञाता मात्र होइन कि धर्मशास्त्रअनुरूपको सच्चरित्र उहाँमा थियो। अतः वर्तमान अवस्थामा केवल नेपाली र हिन्दुहरूले मात्र नभई समस्त मानवले उहाँको सिको गरेर आफ्नो जीवनलाई सफल बनाउन सक्नुपर्दछ। किनभने धर्मशास्त्राचार्य प्रा.डा. राधाकृष्ण अधिकारीज्यूको चरित्रमा मनुस्मृतिको यो वचन चरितार्थ भएको बुझिन्छ–

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः॥

यस्ता सत्पुरुषले विद्यावारिधि उपाधिका निमित्त नेपाल संस्कृत विश्वविद्यालयमा प्रस्तुत गर्नुभएको शोधग्रन्थ **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** नेपालीमा समेत अनुवाद गराई उहाँकी धर्मपत्नी श्रीमती सरस्वती अधिकारीज्यूको प्रेरणामा उहाँका पुत्र एवं पुत्रवधू सहप्राध्यापक शान्तिकृष्ण अधिकारी र उपप्राध्यापक वसन्ती आचार्यले प्रकाशन गर्न लागेको सुन्न पाउँदा ज्यादै हर्षित छु। निश्चय नै यो पुस्तक समस्त मानवजगत्का लागि उपयोगी सिद्ध हुनेछ भन्ने विश्वास लिएको छु।

(डा. जगमान गुरुङ)
उपकुलपति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

हाम्रा पिताश्री प्रा.डा. राधाकृष्ण अधिकारी आज यो धर्तीमा हुनुहुन्न। उहाँले आफ्नो इहलीला समाप्त गर्नुभएको पनि १४ वर्ष पूरा भइसकेको छ। जीवनमा सदैव धर्म, संस्कार, रीतिरिवाज एवं परम्पराको वकालत र अनुसरण गरेर बिदा हुनुभएका पूजनीय पिताज्यूमा सर्वप्रथम हार्दिक श्रद्धासुमन अर्पण गर्दछौँ।

आफ्नै घरमा पिता मुखिया रामकृष्ण अधिकारीले खोल्नुभएको पिँढी पाठशालाबाट शिक्षारम्भ गर्नुभएका पिताज्यूले सम्पूर्णानन्द-संस्कृत-विश्वविद्यालय, वनारसबाट धर्मशास्त्र र साहित्य विषयमा आचार्य गर्नुभयो। त्यसपछि संस्कृत प्रधान पाठशालामा केही समय अध्यापन गरेपछि त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापकमा प्रवेश गरी पूरै सक्रिय जीवन प्राध्यापनमै बिताउनुभयो। प्राध्यापन सेवामै रहँदा धर्मशास्त्र विषयमा विद्यावारिधि (पीएच्. डी.) गरी नेपाल संस्कृत विश्वविद्यालयको प्राध्यापकबाट सेवा निवृत्त भई उहाँले बाँकी जीवन स्वाध्ययनमा समर्पण गर्नुभएको थियो।

जीवनकालमा पिताज्यूले नेपाली र संस्कृत भाषामा धर्मशास्त्र सम्बद्ध सयौँ लेखहरू लेख्नुभयो। तीमध्ये नेपालीमा लेखिएका केही लेखहरू समाजलाई उपयोगी हुन सकोस् भनेर केही वर्ष अघि पुस्तकाकार स्वरूप दिएर प्रकाशन गरिएको थियो। आजीवन अध्ययन, अध्यापन, यजन, याजन, दान र प्रतिग्रह (याजन र प्रतिग्रहमा त्यति अभ्यस्त हुनुहुन्थेन) लाई मूलमन्त्र बनाएर यो लोक छाड्नुभएका पिताज्यूले विद्यावारिधिसमेत **धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्** अर्थात्- 'धर्मशास्त्र नै सामाजिक व्यवस्थाको साधन हो' भन्ने शीर्षकमा गर्नुभयो। सभ्य समाज निर्माण हेतु एउटा महत्त्वपूर्ण ग्रन्थ छाडेर जानुभयो।

नेपाल संस्कृत विश्वविद्यालयमा प्रस्तुत यो ग्रन्थ त्यहीँको पुस्तकालय र अनुसन्धान केन्द्रमा लामो समयसम्म सीमित रह्यो। यस विषयमा रुचि राख्नेहरूलाई सहज प्राप्य हुन सक्ने अवस्था रहेन। तसर्थ अनुसन्धान केन्द्रसँग अनुमति लिई देश र समाजलाई केही फाइदा पुगोस् भन्ने उद्देश्यले यो स्वरूपमा प्रकाशन गरेका छौँ। संस्कृतमा लेखिएको ग्रन्थलाई नेपालीमा समेत अनुवाद गरी संस्कृत बुझ्न नसक्नेहरूका लागि समेत हितकर बनोस् भन्ने उद्देश्य राखिएको छ। पिताज्यू जीवित छँदै पुत्रधर्म निभाएर प्रकाशन गर्न सकेको भए सुनमा सुगन्ध हुन्थ्यो होला तथापि ढिलै भए पनि यहाँहरूका सामु प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वित छौँ।

यो पुस्तक प्रकाशनमा हामीले धेरै सहृदयी अग्रज तथा मित्रहरूको सहयोग पाएका छौँ। शोधग्रन्थ टङ्कण, सम्पादन र अनुवाद समेत गरी आज यो स्वरूपमा ल्याउने संस्कृत साहित्यका अतुलनीय विद्वान् प्रा.डा. नुरापति पोखरेलले हामीलाई तिरी नसक्नु गुन लगाउनुभएको छ। उहाँले दिनुभएको समय, गर्नुभएको मेहनत र साहित्यका प्राध्यापक भइकन पनि धर्मशास्त्रीय ग्रन्थमा प्रदर्शन गर्नुभएको पाण्डित्य स्तुत्य छ। सारगर्भित भूमिका लेखी पुस्तकको गरिमा बढाउन सहयोग गर्नुहुने एवं महत्त्वपूर्ण परामर्श प्रदान गर्नुहुने प्रा.डा. गोविन्दप्रसाद आचार्य र पुस्तक प्रकाशनका लागि सधैँ घच्घच्याउनुहुने नेपाल संस्कृत विश्वविद्यालयका पूर्व कुलसचिव प्रा. नीलमणि ढुङ्गानाप्रति हार्दिक आभार व्यक्त गर्दछौँ। ग्रन्थलाई सकेसम्म त्रुटिरहित बनाउन प्रा. ध्रुवप्रसाद ज्ञवाली, उपप्रा. नवराज न्यौपाने र उपप्रा. उमेश घिमिरेले दिनुभएको उचित सल्लाहका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। हाम्रो अनुरोधलाई स्विकारी भूमिका लेखी सहयोग गर्नुहुने प्रा.डा. भागवत ढकाल धन्यवादका पात्र हुनुहुन्छ।

प्रकाशक

शान्तिकृष्ण अधिकारी एवं वसन्ती आचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीयम्

हिमशुभ्राभिः पर्वतमालाभिर्विराजमाना, अभ्रङ्कषेण नगाधिराजेनाऽधिष्ठिता, धनाधिपदिशोऽलङ्कारभूता, प्राकृतिकरमणीयतासमन्विता चेयं नेपालमही गौरीशङ्करयोर्विहारभूमिः। अत्र च गन्धर्वाप्सरसां तौर्यत्रिकं विस्मारयन्तः कलकलारावा निर्झरा निपतन्ति, सरसजलवाहिन्यो हिमसरितश्च प्रवहन्ति। अत्रैव निर्मलान्तःकरणाः पारावारविदो महर्षयः सम्बभूवुः। लोककल्याणैकधियो ते हि महर्षयः सुरभारतीसमुपासनां कुर्वन्तो नैका ज्ञानधाराः प्रवर्तयामासुः। समग्रोऽप्ययमार्यावर्तस्तेषामेव तपोभावितान्तःकरणानां महर्षीणां ज्ञानगङ्गाप्लावितः सन् विश्वस्मिन् विश्वे विद्योतते। अर्वाचीनेऽपि काले सारस्वतप्रतिभासमन्विता नैके मनीषिणो बभूवुः। लोककल्याणकामनया च नैकानि शास्त्राणि निर्ममुः। अनन्तपारं शब्दशास्त्रं विषयीकृत्य सुरभारतीभाण्डागारं संवर्धयामासुः। वाङ्मयाधिष्ठात्रीं देवाताञ्चालञ्चक्रुः। तादृशेष्वमरभारतीनिबद्धशास्त्रेष्वेकं शास्त्रं धर्मशास्त्रम्। तदेव शास्त्रमुपजीव्यीकृत्य प्रणीतोऽयं शोधप्रबन्धो **धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्** इति।

१. विषयप्रवेशः

जनेन, जनसमूहेन, समाजेन वा प्रत्यक्षसम्बन्धयुतस्य धारणार्थकस्य धर्मस्य विपुलो परिधिः। श्रौतस्मार्तरूपेण द्विविधोऽपि धर्मो विविधैरवान्तरभेदैः समन्वितः। नैकैर्महर्षिभिर्मनीषिभिश्च स्मृतानाम्, प्रणीतानाम्, सङ्कलितानाञ्च ग्रन्थनिचयानां यथा नानात्वं तथैव तत्प्रतिपादितानां विषयाणामपि नानात्वम्। श्रौतस्मार्तरूपाणां द्विविधानामेव धर्माणां धर्मशास्त्रत्वम्, परमत्र विशेषेण स्मार्तधर्माणामेव निरूपणं विधीयते। मिताक्षराकारदृष्ट्या वर्णधर्मादिभेदेन षड्विधोऽयं स्मार्तधर्मः। तेषामेव धर्माणां निर्वहणाय निरूपणीयाः सन्ति नैके विषयाः। ते च विषया आचारान्तर्गताः, व्यवहारान्तर्गताः, प्रायश्चित्तान्तर्गताश्चेति त्रिधा विभज्य निरूपयितुं शक्यन्ते।

प्रातःकालादारभ्य सायंकालं यावत् कर्तव्यानां कर्मणां निर्देशः, गर्भाधानादारभ्यान्त्येष्टिं यावत् सम्पाद्यानां संस्काराणां विश्लेषणम्, देवतार्चनादिकानां च विषयाणां निरूपणमाचारान्तर्गतमेव। संस्काराङ्गभूतानां देवार्चनाद्यङ्गभूतानाञ्च मुहूर्तानां प्रतिपादनमप्यत्र विधीयते। मूलतो मुहूर्तप्रतिपादनं ज्योतिषशास्त्रस्य कार्यम्, परं धर्मशास्त्रेऽपि स्वप्रतिपाद्यकर्माङ्गतया तेषां प्रतिपादनं क्रियत एव। पुनश्च परम्परातोऽनुसृतानां शौचाचारादीनां परिपालनायोत्प्रेरणं धर्मशास्त्रस्य नैकेषूद्देश्येष्वेकम्। पौरस्त्यवाङ्मयानां रत्नभूतेषु पुराणेषु, आयुर्वेदादिषु शास्त्रेषु च सदाचाराणां तत्परिपालनजन्यायाः परिणतेश्च गहना विस्तृता च चर्चा लभ्यते।

विवादविषयीभूतानामृणादानादीनां दायभागादीनाञ्च विषयाणां विश्लेषणं व्यवहारप्रकरणे विधीयते। नैके विषया विवादपदवीमारूढा भवितुं शक्नुवन्ति परं सर्वेऽपि तेऽष्टादशव्यवहारपदेषु विभज्य निरूप्यन्ते। परिगणितव्यवहारपदेष्वसमाविष्टा विषयाः प्रकीर्णप्रकरणे समावेश्यन्ते। व्यवहारप्रकरणे प्रतिपाद्योऽयं विषयो मूलतो न्यायालयेन सम्बद्धः। भाषापादादिपादचतुष्टयमवलम्ब्य कस्मिन्नपि विवादविषयीभूते व्यवहारपदे निर्णयो दीयते। सर्वेषामेव विवादविषयीभूतानां व्यवहाराणामन्तिमनिर्णयाय प्रमाणानामावश्यकता भवति। तानि च प्रमाणानि मानुषाणि दिव्यानीति द्विधा विभक्तानि सन्ति। मनुष्यप्रमाणानि लेख्यप्रमाणम्, भोगप्रमाणम्, साक्षिप्रमाणमिति त्रिधा विभज्यन्ते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एषां प्रमाणानामपि सन्ति नैके उपभेदाः। मानुषप्रमाणानामभाव एव दिव्यप्रमाणानां प्रयोगः क्रियते। पुनश्च व्यवहारपदेषु महत्त्वपूर्णव्यवहारपदतया केवलं दायभागं विषयीकृत्याऽपि स्वतन्त्रा आकरग्रन्थाः प्रणीताः सन्ति।

प्रायश्चित्तेन सम्बद्धानां विषयाणां प्रतिपादनमपि धर्मशास्त्रस्य प्रमुखेषूद्देश्येष्वेकमुद्देश्यम्। प्रकरणेऽस्मिन् विविधानामाशौचसम्बद्धानां विषयाणां प्रतिपादनं प्राप्यते। महापातकिभ्य उपपातकिभ्यश्च देयानामुत्तमसाहसादिकानां दण्डानां निरूपणं क्रियते। शारीरिकशुद्ध्यापादकानां चान्द्रायणादिव्रतानामपि स्वरूपं प्रतिपाद्यते।

एत एव विषयाः याज्ञवल्क्येन आचाराध्याये, व्यवहाराध्याये, प्रायश्चित्ताध्याये च निरूपिताः सन्ति। एवमेव पराशरमाधवकारेण आचारकाण्डे, प्रायश्चित्तकाण्डे, व्यवहारकाण्डे च प्रदर्शिता विद्यन्ते। एष्वेवाचारव्यवहारप्रायश्चित्तेष्वनुस्यूतं व्यवहारतत्त्वं समुद्घाट्य धर्मशास्त्रं सामजिकव्यवस्थायाः साधनमस्तीति जनानां पुरः समुपस्थापनमेव शोधप्रबन्धप्रणेतुरुद्देश्यम्।

२. शोधप्रबन्धकर्तृपरिचयः

हिमवत्खण्डालङ्कारभूतायां नेपालभुवि विराजमाने गण्डकीमण्डलान्तर्गते कास्कीजनपदस्थे गोर्जेनामकग्रामे १९९२ तमे विक्रमवत्सरे चैत्रमासस्य २२ तमे च दिवसे छलिमादेवीरामकृष्णयोः पुत्ररत्नत्वेन प्रस्तुतशोप्रबन्धस्य प्रणेता राधाकृष्णो जनिं लेभे। आत्मनो गोर्जेग्रामाभिजनत्वं शोधप्रबन्धकर्त्रा स्थानगतगुणवैशिष्ट्यप्रतिपादनसन्दर्भे स्वयमेवोद्घोष्यते। सोऽयं राधाकृष्णो मुखियेति ग्रामप्रमुखपदमलङ्कुर्वता स्वपित्रा निजगृह एव सञ्चालितायां वैयक्तिकपाठशालायां प्राथमिकीं शिक्षामवाप। पूर्वमध्यमात आचार्यं यावन्माध्यमिकीमुच्चां च शिक्षां वाराणसीस्थ-वाराणसेयसंस्कृतविश्वविद्यालयतो जग्राह। तस्मादेव विश्वविद्यालयात् १९६४ तमे ख्रिष्टाब्दे धर्मशास्त्रविषये, १९६९ तमे ख्रिष्टाब्दे च साहित्यविषये आचार्यपरीक्षायां समुत्तीर्णः। **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** इति शीर्षकसम्बद्धं शोधप्रबन्धं प्रणीय २०४९ तमे विक्रमवत्सरे महेन्द्र-संस्कृत-विश्वविद्यालयाद् विद्यावारिध्युपाधि-माप्तवान्। अस्मिन् शोधप्रबन्धेऽनुसन्धात्रा धर्मशास्त्राभिज्ञत्वमिव साहित्यशास्त्राभिज्ञता, पद्यनिर्मितिकुशलता चाप्रत्यक्षतया प्रकटीकृतास्ति।

उच्चशिक्षाध्ययनानन्तरं प्राप्तवैदुष्योऽयं नेपालमागत्य २०२२ तमविक्रमवत्सरात् काष्ठमण्डपान्तर्गतरानी-पोखरीस्थसंस्कृतप्रधानपाठशालातोऽध्यापनकर्मणि संलग्नः। २०२४ तमे विक्रमवत्सरे त्रिभुवनविश्वविद्यालये धर्मशास्त्र-विषयस्योपप्राध्यापकपकत्वेन नियुक्तः सन्नाजीवनं धर्मशास्त्रविषयमध्यापयामास। प्रायेणास्य कर्मभूमिः काष्ठमडपान्तर्गतं वाल्मीकिविद्यापीठमभूत्। दाङमण्डलान्तर्गतबेलझुण्डीस्थसंस्कृताध्ययनसंस्थानस्य सहायक-प्रमुखताम् (सहायक डीन) अङ्गीकृत्य २०३५ तमविक्रमवत्सरतः २०३६ तमविक्रमवत्सरं यावत् प्राशासनिकीं दक्षतामपि प्रकटीचकार। २०४३ विक्रमवत्सरे संस्कृताध्ययनसंस्थाने नेपाल-संस्कृत-विश्वविद्यालये परिणते सति असावप्यस्यैव विश्वविद्यालयस्याध्यापको जातः। अस्मादेव विश्वविद्यालयात् प्राध्यपकपर्यन्तां शैक्षणिकी-मभ्युन्नतिञ्चाधिगतवान्। संस्कृतविश्वविद्यालयस्याङ्गभूतस्य वाल्मीकिविद्यापीठस्य प्राचार्यपदमपि २०४४ तमविक्रमवत्सरतः कियन्तं समयं यावदलञ्चकार। धर्मशास्त्रविभागनिर्माणानन्तरं प्रायोऽसावेवाध्यक्षस्त्वासीदेव। दीर्घकालं यावदध्ययनाध्यापनकर्मणि संलग्नोऽयं संस्कृतविश्वविद्यालयादेव २०५९ तमे वैक्रमाब्देऽनिवार्यावकाशमाप्त वान्। ७२ वर्षं यावद् धरामण्डलेऽस्मिन् अवस्थाय २०६४ तमविक्रमवत्सरस्य मार्गशीर्षमासस्य चतुर्थे दिवसे पाञ्चभौतिकीं तनुं तत्याज।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिवङ्गतस्यापि राधाकृष्णशर्मणो यशोमयं वपुः प्रकृतशोधप्रबन्धस्य माध्यमेन विद्योतते। अनेन मनुप्रणीतायां मनुस्मृतौ कृष्णयज्वप्रणीतायां मीमांसापरिभाषायाञ्च सरलनेपालीभाषानुवादः कृत आसीत् । लेखकस्य धर्मशास्त्रीयायाः, मीमांसादर्शनसम्बद्धायाश्च विज्ञताया अभिव्यञ्जकौ ग्रन्थाविमौ त्रिभुवनविश्वविद्यालयान्तर्गत-पाठ्यक्रमविकाशकेन्द्रतः प्रकाशितौ स्तः। अनेन प्रणीतानां स्फुटलेखानां सङ्ग्रहात्मको 'धर्मविज्ञान'नामको ग्रन्थोऽपि २०६१ तमे विक्रमवत्सरे प्रकाशितोऽस्ति।

३. प्रत्यध्यायप्रतिपाद्यविषयपरिचयः

विद्यावारिध्युपाधिप्राप्तये प्रणीतोऽयं शोधप्रबन्धः पञ्चस्वध्यायेषु विभक्तोऽस्ति। शोधविधिमनुसृत्य प्रबन्धादौ शोधनिर्देशकस्य, शोधविज्ञयोश्च सम्मतिः स्थापितास्ति। कृतज्ञताप्रदर्शनपुरःसरं शोधसारोऽपि निबद्धोऽस्ति। अत्र च प्रत्यध्यायं प्रतिपाद्यानां विषयाणां संक्षिप्तं विवरणं प्रस्तूयते-

प्रथमोऽध्यायः- मूलोतोऽस्मिन्नध्याये शोधशीर्षकसङ्घटकानां पदावलीनां निर्वचनं विधीयते। धर्मशास्त्र-रूपसाधनसाध्या खलु सामाजिकी व्यवस्था। सोऽयं समाजशब्दः समुपसर्गपूर्वकादज्धातोर्घञ्प्रत्यये सति निष्पद्यते। पुनश्च ठकि कृते स्त्रीत्वविवक्षायां सामाजिकीति जायते। व्यवपूर्वकात् स्थाधातोर्व्यवस्थाशब्दो निष्पद्यते। सामाजिकी चासौ व्यवस्थेति कर्मधारयसमासे सति सामाजिकव्यवस्थाशब्दस्य सिद्धिः। इयमेव सामजिकी व्यवस्था धर्मशास्त्रस्य साध्यभूता। अत्र पूर्वं समाजस्वरूपविषये विचारणीयम्। जनानां समूह एव समाजः। सोऽयं समाजः प्रागविकसित आसीत्, पश्चात् क्रमेण विकासपथमारूढः, विज्ञानादिचमत्कारसहकृतश्च वार्तमानिकावस्थामापन्न इत्याधुनिका ऐतिह्यविदः कथयन्ति। परमस्माकं महर्षयः सृष्ट्यादावेव समाजस्य स्वरूपं विकसितमासीदिति मन्यन्ते। तदनुसारं वेदवचस एव प्राक्कल्पविषयकं ज्ञानमासाद्य सृष्टिकर्तैव नामकर्मसंस्थासमन्वितं समाजं निर्माति। व्यवस्थाविषयिण्यपि चर्चात्र विधेया। व्यवस्थाशब्दस्य शास्त्रेषु नैकेष्वर्थेषु बहुत्र प्रयोगो विधीयते। जनानां समाजस्य वानुकूल्येन सुखाधायकतया निर्मितो नियम एव व्यवस्थेति संक्षेपेण सन्दर्भानुकूलतया निगदितुं शक्यते। शास्त्रप्रतिपाद्यस्य धर्मस्य नैकेषु शास्त्रेषु नैकानि लक्षणानि प्राप्यन्ते। धर्मो विस्तृतो व्यापकश्चेति महर्षीणां मनीषिणां वा वचनेषु भिन्नता। एतेन धर्मस्य विस्तृतं स्वरूपमित्यवगम्यते। सोऽयं धर्मः क्वचित् श्रौतस्मार्तभेदेन, क्वचित् ज्ञापककारकतया, क्वचिच्च साध्यसाधनत्वेन, क्वचिच्च साधारणविशेषतया नानात्वं भजते। जगत्यस्मिन् नैकोऽपि तादृशः पदार्थोऽस्ति यो धर्मस्वरूपं न भजते। हितावहानामेतेषामेव धर्माणां प्रतिपादकं धर्मशास्त्रम्। अनेनैव साधनेन सामाजिकव्यवस्थायाः सिद्धिरिति प्रतिपादनं शोधप्रबन्धस्योद्देश्यम्।

द्वितीयोऽध्यायः- प्रमेयनिरूपणाख्यः शोधप्रबन्धस्यास्य द्वितीयोऽध्यायः। धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनमिति वाक्यमेव प्रमेयम्। इदमेव धर्मरूपं प्रमेयमप्रत्यक्षेण धर्मदण्डेन प्रत्यक्षेण राजदण्डेन च साध्यमिति क्रमेण तृतीये चतुर्थे चाध्याये प्रतिपाद्यते। प्रमेयस्य निरूपणीयत्वे प्राक् सामाजिकव्यवस्थाविघातकानां तत्त्वानां निर्धारण-मावश्यकम्। यौवनम्, धनसम्पत्तिः, प्रभुता, अविवेकिता, अज्ञानता, असंयतेन्द्रियता चेति मूलतः सामाजिकव्यवस्था-विघातकतत्त्वानि। तेषामुच्छृङ्खलताकारणभूतानां यौवनादीनां नियन्त्रणाय नियन्त्रणोपायानामन्वेषणमावश्यकम्। स च नियन्त्रणोपायोऽप्रत्यक्षात्मको धर्मदण्डः, प्रत्यक्षात्मको राजदण्डश्चेति द्विविधः। द्विविधोऽप्युपायो धर्मशास्त्रप्रतिपाद्य एव। अत्रैका समस्या समुदेति यद्- धर्मशास्त्रस्य प्रतिपाद्यो धर्मः, न तु सामाजिकव्यवस्थायाः स्थापनमिति। विविदिषा-धिकरणन्यायेनास्याः समस्यायाः समाधानं विधीयते। धर्मशास्त्रस्य धर्मप्रतिपादनरूपे प्रधानोद्देश्ये सत्यपि सामाजिक-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्थास्थापनरूपमानुषङ्गिकमुद्देश्यमपि भवत्येव। अत्रापरापि समस्योदेति यद्- यथा लौकिकानां साध्यानां सिद्धिर्लौकिकैरेवोपायैर्भवति तथालौकिकानां साध्यानां सिद्धिरलौकिकैरेवोपायैः। तत्कथं धर्मसम्बद्धमलौकिकं साध्यं सामाजिकव्यवस्थास्थापनरूपञ्च लौकिकसाध्यमेकेनैव साधनेन सिद्ध्यतीति। एषापि समस्याकृत्यधिकरणन्यायेन समाधीयते। एवं सामजिकव्यवस्थास्थापनमपि धर्मशास्त्रस्योद्देश्यं भवतीति सिद्धे धर्मप्रकाराः प्रतिपाद्याः।

श्रौतस्मार्तभेदेन द्विविधयोर्धर्मयोर्मध्ये श्रुतिप्रतिपाद्यः श्रौतधर्मो विधिमन्त्रनामधेयार्थवादनिषेधभेदैः पञ्चविधः। तत्र प्रथमस्य विधिरूपस्य वेदभागस्य द्विविधे त्रिविधे वा वर्गीकरणे सत्यपि उत्पत्तिविधिः, विनियोगविधिः, प्रयोगविधिः, अधिकारविधिश्चेति चतुर्धा कृतं वर्गीकरणं महत्त्वपूर्णम्। विधिचतुष्टयेष्वधिकारविधिर्वैशिष्ट्यमावहति। एष विधिः समर्थमेवाधिकरोति। अत एव राज्ञामेव राजसूयेऽधिकार इति सिद्ध्यति। विधिवाक्येऽनुक्तानामप्यध्ययनसिद्धविद्यावत्त्वाधानसिद्धाग्निमत्त्वादीनां पदानामधिकारिविशेषणत्वं सम्पद्यते। श्रुतिप्रतिपाद्यानां कर्मणां कृते तु विद्यावतामधिकारित्वं निर्विवादमेव। विद्याया महत्त्वं तु सायणादिप्रणीतेषु ऋग्वेदभाष्यादिषु विस्तरेण प्रतिपादितमस्त्यैव। अग्निसाध्येषु कार्येष्वाधानसिद्धाग्निमतामेवाधिकारः। एवमेव मन्त्रादीनां श्रुतिविभागानां सार्थकता ज्ञेया। स्मृतिप्रतिपाद्य उपनयनसंस्कारो ह्यधिकारतापादकः।

हिन्दुधर्मसंस्कृतौ गर्भाधानादारभ्य मृत्युपर्यन्तं सम्पाद्यानां संस्काराणामनिवार्यता निर्दिष्टास्ति। तत्र प्राग् ब्राह्मदैवभेदेनोभयथा विभज्यन्ते संस्काराः। गर्भाधानादारभ्योपनयनं यावद् विधेया ब्राह्मसंस्कारा दोषपरिमार्जनात्मकाः। पाकयज्ञादिका दैवसंस्कारास्तु गुणाधानात्मकाः। उद्देश्यदृष्ट्या पञ्चविधदोषमार्जनात्मका दोषमार्जनसंस्काराः, वैशिष्ट्योत्पादका गुणाधानसंस्काराः, कल्याणकारकाः स्वस्त्ययनसंस्काराश्चेति संस्कारास्त्रिविधाः। उक्तवैशिष्ट्यान्विताश्च सस्काराः के इत्याकांक्षायां क्वचित् षोडशसंस्काराः, क्वचित् पञ्चविंशतिसंस्काराः, क्वचिच्चाष्टचत्त्वारिशत् संस्काराः प्रतिपाद्यन्ते। मनुयाज्ञवल्यप्रणीतयोः स्मृतिग्रन्थयोरपि सङ्ख्यानिर्देशनं विनैव तेषां संस्काराणां चर्चा विधीयते। सर्वेष्वेव संस्कारेषु सामाजिकव्यवस्थाधायकत्वं दृश्यत एव, परं विवाहसंस्कारसम्बद्धशास्त्रीयपद्धतौ तस्याधिक्यं दृश्यते। उपनयनसंस्कारस्य महत्त्वं त्वक्षतमेव। यथा ह्यायुर्वेदशास्त्रे क्षेत्रीकृते मानवशरीरे रसायनं प्रयुज्यते तथैव गर्भाधानादिसंस्कारैः दोषमार्जनपुरःसरं क्षेत्रीकृते मानवदेहे उपनयनसंस्कारानन्तरं गुणाधानं विधीयते। गुणाधानञ्च क्वचित् कालादिसहकृतमपि भवति। गुणवतामेव महनीयता समाजोपकारिता च ज्ञातैव। एते च विषया आसुरसम्पदं नियम्य दैवसम्पदो विकासकाः। पुनश्चाचारान्तर्गता इमे विषयाः प्राधान्येनैहलौकिकहितकारकाः। इत्थञ्च द्वितीयेऽध्याये धर्मशास्त्रस्य सामाजिकव्यवस्थाधायकत्वं प्रतिज्ञाय श्रौतस्मार्तधर्मस्वरूपप्रतिपादनपूर्वकं विशेषतो विवाहोपनयसंस्कारयोर्विद्यमानं लोकोपकारकत्वं निरूप्यते।

तृतीयोऽध्यायः- उभयथा विभक्तयोर्धमदण्डराजदण्डयोर्मध्ये धर्मदण्डे विद्यमानस्य सामाजिकव्यवस्थास्थापकतत्त्वस्य निरूपणं तृतीयाध्यायस्य लक्ष्यम्। अस्माकं खलु समाजो वर्णाश्रमव्यवस्थाश्रितः। वर्णाश्रमधर्मसंरक्षणञ्च राज्ञः परमकर्तव्यम्। यतो हि सृष्टिकर्त्रा सृष्ट्यादावेव प्रजासंरक्षकत्वेन सृष्टस्य राज्ञः स्वकर्तव्यनिर्वहणसाधनत्वेन धर्मरूपो दण्डः समर्पित आसीत्। तत्र दण्डस्य महत्त्वमक्षतमेव। दण्डभयादेव सर्वेऽपि जनाः स्वे स्वे कर्मणि प्रवर्तमानाः स्वस्थां सामाजिकव्यवस्थां प्रवर्तयन्ति। न केवलं मानवा एव सूर्यादयो देवा अपि परमात्मनः परमार्थदण्डभयादेव तपनादिकर्मणि प्रवृत्ता भवन्ति। उभयविधदण्डभयादेव मानवाः पापाचारणान्निवृत्ता जायन्ते। दण्डाभावे तु समाजस्य दुरवस्थैव स्यात्। तत्र धर्मदण्डः फलप्रदर्शनपूर्वकं प्रीत्या जनान् हितकरे कर्मणि योजयति, अहितकरकर्मणो निवारयति।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थानां कृते कर्तव्यत्वेन निर्दिष्टानि सर्वाण्यपि कर्माणि लोकोपकारकाण्येन । तत्र विशेषेण पञ्चमहायज्ञ-सम्पादनाय गृहस्थोऽभिप्रेर्यते । पञ्चमहायज्ञेषु हवनात्मको देवयज्ञ एकः । श्रुतिस्मृतिभ्यां निर्दिष्टे वैतानिकेऽग्नौ दारकालाद्याहृते वाग्नौ विधेयो होमो वृष्टादिजनकतया लोकोपकारकः । वैश्वदेवान्तर्गतो भूतेभ्यो बलिदानरूपो भूतयज्ञः सम्बद्धानां वायसादीनां भूतानां जीवननिर्वाहकतया तत्तल्लोकप्रापकतया चोपकारकः । तर्पणश्राद्धादिकर्मरूपः पितृयज्ञ-स्तृप्तेभ्यः पितृपितामहादिभ्यः, तदधिष्ठातृदेवेभ्यो वसुरुद्रादिभ्योऽभिष्टफलप्रदः । अभ्यागतसत्करणभिक्षादानादिरूपो मनुष्ययज्ञः सम्बद्धानां जनानां प्राणयात्रानिर्वाहकतया प्रत्यक्षमेव परोपकारकः । स्वाध्यायाध्ययनरूपस्य ऋषियज्ञस्यापि नैकानि प्रजोजनानि । तेन यज्ञेनैकतः देवानां पितॄणाञ्च तृप्तिर्जायते चेदपरतो गृहस्थानुष्ठिताध्यापनादिना प्रज्ञा-समन्वितसमाजो निर्मीयते । एते च पञ्चमहायज्ञा गृहस्थैर्नित्वत्वेनानुष्ठेयाः । एवं लोकोपकारककर्मणां सम्पादकतया, अन्याश्रमस्थजनानामाधारतया च गृहस्थाश्रमस्य ज्येष्ठत्वेन प्रशंसा कृतास्ति । सोऽयं गृहस्थो ज्येष्ठाश्रमी ।

गृहस्थानां कृते सम्पादनीयत्वेन निर्दिष्टा जुहोति-यजतिभ्यां प्रतिपाद्या होमा यागाश्च नित्यनैमित्तिककाम्य-भेदात्त्रिविधाः सन्ति । तत्राग्निहोत्रादीनामहरहःसम्पाद्यानां होमानां नित्यत्वम्, आहिताग्निभिर्द्विजैर्गृहदाहादिनिमित्ते समापतिते सम्पाद्यानां क्षामाग्नावष्टाकपालसाध्यपुरोडाशनिर्वपणादिकानां होमानां नैमित्तिकत्वम्, वृष्टिपातादिकामनया विधेयानां कारीर्यादीनाम्, स्वर्गाप्राप्त्यादिकामनया वा विधेयानां निर्दिष्टहोमानाञ्च काम्यत्वम् । इष्टिपशु-सोमरूपाणामुत्तरक्रतूनां यागत्वम् । एतेषाञ्च यागनां नियतसमयसम्पाद्यतया नित्यत्वम् । कामनायां सत्यामप्येषामनुष्ठानं विधीयते । अत्रेदं विचारणीयं यद् नित्यकाम्यत्वयोर्भेदक उपाधिरेव । नित्यत्वेन निर्दिष्टानां पञ्चमहायज्ञानां तत्र तत्र फलनिर्देशात् काम्यत्वमपि सिद्ध्यति । नित्यत्वेन निर्दिष्टानां होमयागादीनामपि काम्यता सिद्ध्यत्येव । एकस्यैव यागस्य नित्यता काम्यता च दृश्यत इति जयन्त्यादिव्रतनिरूपणक्रमे कालमाधवकारेण निर्दिष्टमेव । धर्मरूपेभ्यो विहितेभ्यः कर्मभ्यः फलन्त्ववश्यमेवाप्यते । धर्मानुष्ठानरूपं कर्मेदं चित्तशुद्ध्यादिहेतुतया परम्परया साक्षाद्वा चरमपुरुषार्थस्य मोक्षस्यापि साधकम् ।

कर्तव्यत्वेन निर्दिष्टानां कर्मणामनुष्ठानं यथा जनानुपकरोति तथैव सम्पादनीयत्वेन निर्दिष्टानां सदाचाराणा-मनुष्ठानमपि जनानुपकरोति । न केवलं धर्मशास्त्र एव सदाचाराणां निर्देशो लभ्यते आयुर्वेदादिशास्त्रेष्वपि तेषां निर्देशो लभ्यत एव । तेषाञ्चाचाराणामायुषो हितकरत्वादीनि नैकानि सन्ति प्रयोजनानि । उपर्युक्तानां कर्तव्यत्वेन निर्दिष्टानां कर्मणां पालनीयत्वेन च निर्दिष्टानामाचाराणामननुष्ठानेन मानवानां विनिपातो भवति । स च विनिपातो देवकर्तृकः, राजकर्तृकः, मानवकर्तृकश्चेति त्रिविधः । तेभ्यश्च विनिपातेभ्यो निवृत्तये माङ्गलिकं कर्मानुष्ठेयम् । पुनश्च ब्राह्मण-क्षत्रिययोर्विद्यमानायाः शक्तेः परस्परोपकारकत्वे सति सामाजिकव्यवस्था सुदृढा जायते । प्रकरणेऽस्मिन् निरूपिताः पारावारज्ञैर्महर्षिभिश्च प्रतिपादिताः सर्वेऽपि नियमाः लोकोपकारका एव सन्ति ।

चतुर्थोऽध्यायः- राजदण्डमाध्यमेन धर्मशास्त्रस्य व्यवस्थास्थापकत्वप्रदर्शनं चतुर्थाध्यायस्य साध्यम् । एष च व्यवस्थासाधनभूतो राजदण्डो धर्मशास्त्रस्य व्यवहारप्रकरणे प्रतिपाद्य एव । सोऽयं राजदण्डः परुषवृत्त्या नियामकः । विवादविषयाणां धर्मशास्त्रेऽस्मिन् व्यवहारपदवाच्यत्वम् । तानि च ऋणादानादीनि व्यवहारपदान्यष्टादश सन्तीति मनुना समाम्नातम् । विवादास्पदीभूता हि विषयाश्चतुर्भिरुपायैः समाधीयन्ते । धर्मः समस्यानां निराकरणायावलम्बनीयः प्रथम उपायः । व्यवहारश्च द्वितीय उपायः । धर्मरूपोपायेनानिराकृतानां विषयाणां भाषोत्तरादिपादचतुष्टयसमन्वितेन व्यवहार-पदेन निराकरणं क्रियते । व्यवहारश्च प्रमाणाधीनो भवति । प्रमाणञ्च मनुष्यप्रमाणं दिव्यप्रमाणञ्चेति द्विविधम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानुषप्रमाणानाञ्च लेख्यभोगसाक्षिभेदेन त्रिविधत्वम् । लेख्यप्रमाणमपि शासनलेख्यम् चीरकलेख्यम् (जानपद-लेख्यम्) इति द्विविधत्वम् । एतेषां लेख्यानामपि सन्त्यवान्तरभेदाः । भोगस्य स्मार्तकालातिक्रान्तस्य प्रामाण्यम् । स्मार्तकालानतिकान्तस्य त्वागमसहकृतस्यैव प्रामाण्यम् । साक्षिणस्तु दृष्टसाक्षिणः श्रुतसाक्षिणश्चेति द्विविधाः । शास्त्रनिर्दिष्टलक्षणसमन्वितत्व एवैतेषां प्रामाण्यम् । स्मृतिग्रन्थेषु कृतसाक्षिणोऽकृतसाक्षिणश्चेति द्विधा विभज्यन्ते साक्षिणः । तत्र कृतसाक्षिणः पञ्चविधाः, अकृतसाक्षिणश्च षड्विधाः, एवं चैकादश साक्षिणो भवन्तीति प्रतिपाद्यते । मानुषप्रमाणानामभावे तुलादीनां दिव्यप्रमाणानां प्रयोगः क्रियते । दिव्यप्रमाणानि च नवसङ्ख्यकानि सन्ति । केषाञ्चित् तुलाग्न्यादीनां महाभियोगेष्वेव प्रयोगः, केषाञ्चित् तण्डुलतप्तमाषादीनां स्वल्पाभियोगेष्वेव प्रयोगः । महाभियोगे प्रयोग्यस्य कोषरूपदिव्यप्रमाणस्य तु स्वल्पाभियोगेष्वपि प्रयोगः । विवादसमाधानाय तृतीयो हेतुश्चरित्रम् । राजशासनञ्च चतुर्थो हेतुः । अन्यैर्हेतुभिरसमाहितानां विषयाणां राजशासनेन समाधानं विधेयम् ।

राज्याङ्गेषु राज्ञः प्राधान्यम् । दण्डनीतेश्च प्रयोक्ता राजा एव । राज्ञः कारणादेव कालस्य प्रवृत्तिः । राजैव कृतादियुगरूपः । लोकसंरक्षणायैव राज्ञः सृष्टिः । अत एव महाभारतादौ धर्मशास्त्रादौ च राज्ञामनुष्ठेया धर्मा विस्तरेण निरूप्यन्ते । दुष्टानां निग्रहाय साधूनां च संरक्षणाय राज्ञा सावधानेन भाव्यम् । दुष्टनिग्रहाय व्यवहारिणां दुष्टत्वं विज्ञेयम् । दुष्टत्वज्ञानं च व्यवहारावलोकनेन भवति । शास्त्रविद्भिर्ब्राह्मणैः प्राड्विवाकादिभिश्च समन्वितो राजा व्यवहारावलोकनं विधत्ते । व्यवहारपदानां स्वरूपं किमिति जिज्ञासायाः समाधानाय शोधप्रबन्धेऽस्मिन्नष्टादशानामेव व्यवहारपदानां क्रमेण स्वरूपं प्रतिपाद्यते । अनन्तरं धर्मदण्डसम्बद्धा अन्ये विषया निरूप्यन्ते ।

दण्डरूपेणावस्थितो धर्मः प्रत्यक्षतयैव नियामकः । एष च जनान् असत्प्रवृत्तेर्निवार्य सन्मार्गं प्रति प्रवर्तयति । दण्ड एव जगन्नियमयति । दण्डभयादेव जनेष्वात्मसंयमो दृश्यते । दुर्जननियन्त्रणायापेक्ष्योऽप्ययं दण्डः सत्सु नापेक्ष्यते । दण्डविभ्रमे (दण्डाभावेऽनुचितप्रयोगे वा) बलवद्भिर्दुर्बलानां ग्रासो विधीयते । स च ग्रासः प्रत्यक्षाप्रत्यक्षादिनैकभेदः । स्वधर्मे जायमाना प्रवृत्तिर्जनानां मर्यादामभिव्यनक्ति । राजधर्म एव सर्वेषां धर्माणां मूलं मन्यते । धर्ममार्गच्युता जना अधिकारिभिर्निग्रहानुग्रहेण स्वधर्मे स्थापनीयाः । एवं कृते समाजिकी व्यवस्था स्थापिता भवति । व्यवस्थितसमाजे-ऽवस्थित एव जनो भद्रमश्नुते ।

शास्त्रे नैके समाजोपयोगिनो विषयाः प्रतिपादिताः सन्ति । पुराणादिषु प्रतिपाद्येषु विषयेष्वपि लोकोपकारिता विद्यत एव । पुनश्च धर्मशास्त्रे यथाश्रमिणां राज्ञश्च धर्माः प्रतिपाद्यन्ते तथैव ब्राह्मणादीनां वर्णानां धर्मा वृत्तयश्च प्रतिपाद्यन्ते । न केवलं ब्राह्मणादीनामेवानुलोमप्रतिलोमजातानामपि वर्णानां वृत्तिर्निर्दिश्यते । सामाजिकतत्त्वसत्त्वे एव जनानां पात्रता स्वीक्रियते, अन्यथा समाज एव तं बहिःकरोति । अपात्रतया बहिःकरणीयानां देवपितृकार्यायोग्यानाञ्च विस्तृतं विवरणं धर्मशास्त्रे प्राप्यते । सामाजिकव्यवस्थायाः स्थापनाय स्वस्थाया राजनीतेरप्यपेक्षा क्रियते । एवमन्येऽपि व्यवस्थित-समाजनिर्माणहेतूभूता विषयाः सन्ति शास्त्रेषु निरूपिताः ।

पञ्चमोऽध्यायः- प्रथमाध्यायाच्चतुर्थाध्यायं यावत्प्रतिपादितान् विषयान् निर्दिश्य धर्मशास्त्रस्य सामाजिक-व्यवस्थास्थापकताया दार्ढ्येन प्रतिपादनं पञ्चमाध्यायस्य लक्ष्यम् । धर्मशास्त्रस्य सामाजिकव्यवस्थायाः साधनत्वं स्वाभाविकमेव । सुव्यवस्थास्थापनाय साधनत्वेनोपस्थापितस्य धर्मशास्त्रस्य समाजोपयोगित्वमिति निष्कर्षः ।

अनुसन्धानविधिमनुसृत्य प्रणीतेऽस्मिन् शोधप्रबन्धे प्रौढतरा गीर्बाणवाणी विलसति । प्रवहणशीलेयञ्च वाणी शास्त्रप्रतिपादितानां निगूढविषाणां रहस्योद्घाटनाय सर्वथा समर्था । अत एवात्र लेखकस्य सम्बद्धविषयाध्ययनजन्यं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाण्डित्यं प्रकटीभवति । क्वचित् क्वचित् शोधप्रबन्धेऽत्र पुनरुक्तिरपि दृश्यते । विशेषतश्चतुर्थेऽध्याये इदृशी स्थितिर्विलोक्यते । तत्र तृतीयाध्यायप्रतिपादितानां कतिपयानां विषयाणां विवृतिर्दृग्गोचरीभवति । नानेन शोधप्रबन्धे कापि क्षतिः । प्रमाणस्थापनपुरःसरं स्वसाध्यसाधनाय शोधप्रबन्धोऽयं सफलः । धर्मशास्त्रस्य सामाजिकव्यवस्था-साधनता च सम्यक् साधिता ।

४. सामग्रीसङ्कलनम्

कस्यापि साध्यस्य सिद्धये साधनानामावश्यकता तु भवत्येव । ग्रन्थसम्पादनायानुवादाय च सामग्र्यस्तु पुस्तकान्येव । प्रथमतः शोधप्रबन्धेऽस्मिन् वैयक्तिके सङ्ग्रहालये विद्यमानानां पुस्तकानामुपयोगः कृतोऽस्ति । वैयक्तिकश्च सङ्ग्रहालयोऽनुवादकर्तुः शोधप्रबन्धप्रणेतुरिति द्विविधः । तत्र शोधप्रबन्धप्रणेतुः सङ्ग्रहालये विद्यमानानां पुस्तकानां प्राप्तिः शोधकर्तुस्तनयस्य शान्तिकृष्णस्य सौजन्येन जाता । सामग्रीसङ्कलनस्य द्वितीयं स्रोतः पुस्तकालयोऽस्ति । तत्र वाल्मीकिविद्यापीठस्थपुस्तकालयात्, महेशसंस्कृतगुरुकुलस्थपुस्तकालयाच्च कियन्ति पुस्तकानि समधिगतानि । तृतीयं च इन्टरनेटाख्यं विद्युतीयं स्रोतो विद्यते । मन्येऽहमिदमेव तृतीयं स्रोतो भविष्यति प्राचीनानां ग्रन्थानां प्राप्तये महत्त्वपूर्णं सेत्स्यति । एतेषां त्रयाणामेव स्रोतसामुपयोगेन शोधप्रबन्धकर्त्रा प्रयुक्तानां ग्रन्थानाम्, अनुवादाय पथप्रदर्शकानाञ्च ग्रन्थानामुपलब्धिर्जाता ।

५. सम्पादनं नेपालीभाषानुवादश्च

कस्यापि ग्रन्थस्यानुवादायोट्टङ्कितस्य सम्पादितस्य च मूलग्रन्थस्यावश्यकता भवति । लौहाक्षरैरुट्टङ्कितस्य प्रस्तुतस्य **धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्** इत्याख्यस्य शोधप्रबन्धस्य पुनरुट्टङ्कणं सम्पादनञ्च कठिनमासीत् । टङ्कणकर्मणि प्रवीणानामपि संस्कृतभाषानिबद्धानां ग्रन्थानां टङ्कणाय सहजा प्रवृत्तिर्नावलोक्यते । भाषाया अनभिज्ञता, अक्षराणामस्पष्टता च तत्र हेतुर्विद्यते । तत्सर्वं काठिन्यं निराकृत्य कम्प्युटरयन्त्रमाध्यमेनो-ट्टङ्क्यास्य शोधप्रबन्धस्य सम्पादनं कृतमस्ति । शोधप्रबन्धे उद्धृतानां पद्यानां गद्यांशानाञ्च शुद्धतायै लेखकेनोपजीव्यीकृतैः संस्करणैः सम्बद्धानामेव ग्रन्थानामुपयोगः कृतोऽस्ति । सन्दर्भग्रन्थानामुल्लेखाभावान्नैष अपि कार्यः सुकर आसीत् ।

पादटिप्पण्यामपि बहुत्र समस्या आसन् । शोधप्रबन्धस्योत्तरार्धे स्थाने स्थाने प्रमाणपद्यानां सन्दर्भस्रोतो मूलग्रन्थ एव उट्टङ्कितमासीत् । बहूनाञ्च प्रमाणपद्यानां सन्दर्भस्रोत एवोल्लिखितं नासीत् । तत्सर्वमपि संशोध्यैकरूपता प्रामाणिकता च कृतास्ति । क्वचित् क्वचित् पादटिप्पण्यां स्थापितानां विषयाणाञ्च व्यत्यय आसीत् । एष व्यत्ययोऽपि यथासम्भवं संशोधितोऽस्ति । सम्पादकेन संयोजितानामतिरिक्तांशनां कोष्ठके{} निर्देशः कृतोऽस्ति । एवं संशोध्यैवास्य शोधप्रबन्धस्य नेपालीभाषानुवादः कृतोऽस्ति । मन्ये सम्पादकधर्मो निर्व्यूढः स्यात् ।

सहप्राध्यापकस्य शोधप्रबन्धकर्तृतनयस्य शान्तिकृष्णशर्मणोऽनुरोधेनानुवादकर्मणि संलग्नोऽहं प्राक् शब्दानुवादकर्मण्येव प्रवृत्त आसम्, परं नव्यन्यायभाषाशैलीमनुभावयतां दीर्घतराणाञ्च कतिपयानां वाक्यानां तादृशानुवादेन स्वाभाविकभाषिकगतिप्रवाहव्याघातमनुभूय भावानुवादमकार्षम् । ग्रन्थसम्पादनानन्तरमनुवादकर्मणि संलग्नोऽहं सामग्रीणां सङ्कलनेऽपि प्रवृत्तः । यथा शोधप्रबन्धसम्पादनक्रमे उदाहरणमुखेनोद्धृतानां पद्यानां शुद्धतायै सम्बद्धा एव मूलग्रन्था निभालितास्तथैव भाषानुवादोऽपि प्रामाणिक एव स्यादिति प्रामाणिकटीकाग्रन्था एव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विलोकिताः । उदाहरणार्थं मनुस्मृतेरुद्धृतानां पद्यानां कुल्लूकभट्टप्रणीतां मन्वर्थमुक्तावलिमनुसृत्यार्थः प्रत्तोऽस्ति । एवमेव याज्ञवल्क्यस्मृतेरुद्धृतानां पद्यानां विज्ञानेश्वरप्रणीतां मिताक्षरामनुसृत्यार्थः प्रकटीकृतोऽस्ति । पुनश्च चरक-संहितासदृशानां कतिपयानां ग्रन्थानां पाठनिर्धारणं संख्यानिर्देशश्च शोधप्रबन्धलेखकेनोपजीव्यीकृतं केवलया चक्रदत्तप्रणीतया आयुर्वेददीपिकया सह प्रकाशितं ग्रन्थमनुसृत्य कृतमस्ति चेद् अनुवादकर्मणि गङ्गाधरप्रणीताया-ष्टीकायाः सहायता गृहीतास्ति । मूलप्रबन्धस्थानां पादटिप्पणीनां सङ्केत आधुनिकीं शैलीमनुसृत्य गर्भटिप्पणी-माध्यमेनाऽनुदितगद्यांश एव कृतोऽस्ति । पादटिप्पण्यां विद्यमानानां पद्यानां गद्यांशानाञ्चानुवादक्रमेऽपि पादटिप्पण्यामेवानुवादः कृतोऽस्ति । विश्लेषितविषयाणां स्फुटतायै स्थाने स्थानेऽनुवादक्रमेऽपि पादटिप्पणी प्रत्तास्ति । तत्रैवानुवादकर्तुर्वक्तव्यमपि समाविष्टमस्ति ।

ग्रन्थस्यास्योपरितने भागे संस्कृतभाषानिबद्धः शोधप्रबन्ध उट्टङ्कितोऽस्ति चेत् तदनन्तरं तत्सम्बद्धा पादटिप्पणी स्थापिता विद्यते । नीचैर्मूलग्रन्थस्य नेपालीभाषानुवाद उट्टङ्कितोऽस्ति चेत् तदनन्तरं नेपालीभाषानुवादसम्बद्धा पादटिप्पणी सन्निवेशिता विद्यते । अनेन केवलं मूलप्रबन्धमेवाधित्सूनां केवलं नेपालीभाषानुवादमेव वाधित्सूनां सरलता सम्पद्येत । सानुवादस्य ग्रन्थस्य समाप्तेरनन्तरमपि उपजीव्यग्रन्थानां संक्षिप्तं परिचयात्मकं विवरणं संयोजित-मस्ति । अनेनानधीतमूलग्रन्थानां नेपालीभाषानुवादमात्राध्ययनशीलानां पाठकानां कृते लाभ एव स्यात् । अन्ते च सन्दर्भग्रन्थानां सूची दर्शितास्ति । यद्यपीयं सूची शोधप्रबन्धे नासीत्, परं शोधकर्तृप्रयुक्तग्रन्थनिर्धारणपूर्वकमत्र सन्निवेशितास्ति । अनुवादक्रमे सहायकसामग्रीभूतानां ग्रन्थानामपि नामात्र निर्दिष्टमस्ति ।

भावावर्तस्य, नेपालगौरवस्य, आह्निकसूत्रावल्याश्च सम्पादनानन्तरं प्रस्तुतशोधप्रबन्धसम्पादनकर्मणि संलग्नेन मया सम्पादितोऽयं चतुर्थो ग्रन्थः । प्रकाशनोन्मुखस्य लिङ्गमहापुराणस्य नेपालीभाषानुवादानन्तरमहं शोधप्रबन्धस्यास्य ससम्पादनेऽनुवादकर्मणि प्रवृत्त आसम् । अतोऽयं ग्रन्थो मयानुदितयोर्ग्रन्थयोर्मध्ये द्वितीयः सन्नपि प्रकाशनदृष्ट्या तु प्रथम एव । टीकाग्रन्थाध्ययनप्रवृत्तिमतामस्माकं कृते सहायकसामग्रीरहितस्य ग्रन्थस्यानुवादो न सरलः । यद्वा तद्वा भवतु, सानुवादं सम्पादितोऽयं ग्रन्थो भवतां करकमलयोर्विराजते ।

६. कृतघ्नतापरिहारः

याभ्यामहं पौरस्त्यधर्मसंस्कृत्यवगाहनाय नियोजितः, याभ्याञ्चाहं संस्कृतभाषाध्यनाय चोत्प्रेरितः, ययोः सान्निध्येन शिक्षया च यत्किञ्चिदपि धर्मशास्त्रसम्बदं ज्ञानमधिगतं तयोरेव मातापित्रोर्डिलादेवीदधिरामशर्मणोश्चरण-कमलयुगलं सादरं प्रणमामि । ज्ञानपारावाराणां सर्वेषामेव गुरुवर्याणां चरणारविन्दं स्मारं स्मारं शोधप्रबन्धस्यानुवादसमये साहाय्यं कृतवद्भ्यो विपश्चिद्भ्यः सादरं शब्दकुसुमाञ्जलिमर्पयामि । तत्र धर्मशास्त्रमर्मज्ञेन स्वपित्रा राधाकृष्णेन प्रणीतं विद्यावारिधिशोधप्रबन्धं सानुवादं प्रकाश्य विदुषां पुर उपस्थापयितुं शान्तिकृष्णस्य मनसि या निर्मला भावना समुदिता सैव वन्दनीया । एते हि विद्वासः शोधप्रबन्धसम्पादनाय, नेपालीभाषानुवादकरणाय च केनोद्देश्येन मामनुरुद्धवन्त इत्यहं न जाने, परं सविश्वासं मां गुरुतरं कार्यं समर्पितवन्त इति साधुवादैः समभिनन्दनीयाः । स्वपितुः पुस्तकागारे विद्यमानान् अद्य यावत् सुरक्षितान् शोधप्रबन्धोपजीव्यग्रन्थान् समर्प्य यन्मामनुवादकर्मणि साहाय्यं कृतवन्तस्तदर्थमपि ते साधुवादार्हाः । स्वभर्तुर्भावनामनुसरन्ती शान्तिकृष्णस्यार्धाङ्गिनी वसन्ती आचार्यापि स्मरणीया । शोधप्रबन्धप्रणेतुः तनयं पुत्रवधूञ्च ग्रन्थप्रकाशनायोत्प्रेरयन्तः ग्रन्थगरिमाणमुद्बोधयन्तश्च प्राध्यापकपदभाजो नीलमणिढुङ्गानाभिधेया गुरवोऽस्माकं सर्वेषामेवादर्शभूता ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालसंस्कृतविश्वविद्यालयान्तर्गतवाल्मीकिविद्यापीठस्याध्यापकचरेण सम्प्रति लब्धावकाशेन धर्मशास्त्रविदुषा प्राध्यापकपदभाजा गोविन्दशर्मणा सानुवादं सम्पादितं प्रस्तुतं शोप्रबन्धमवलोक्य सपरामर्शं सभूमिकावाक्यमाशीर्वचसा संयोजितस्तदर्थं गुरुवर्यान् सशिरोनावं प्रणमामि । पाणिनीयव्याकरणावगाहनलब्धवैदुष्याः प्राध्यापका ध्रुवप्रसाद-ज्ञवालीमहाभागाः शोधप्रबन्धस्य सम्पादितं मूलभागमवलोक्य मामुत्प्रेरितवन्त इति कृतज्ञतासुमनोभिरर्चनीया । श्रौत-शास्त्राध्ययनाध्यापनादिकर्मणि व्यापृत्तमनस उपप्राध्यापका नवराजाभिधेया गुरवो मीमांसादर्शनसम्बद्धांशस्या-र्थस्फोरणाय साहाय्यं कृतवन्त इति कृतज्ञेन मया सादरं स्मरणीयाः । शोधप्रबन्धे प्रयुक्तानां विशेषत आयुर्वेद-शास्त्रान्तर्गत-रसायनशास्त्रसम्बद्धानां कतिपयपद्यानामर्थापनेन साहाय्यं कृतवते आयुर्विज्ञानाभिज्ञाय काशिनाथाय कृतज्ञतामर्पयामि । भूमिकावाक्यैः शोधप्रबन्धालङ्करणाय सश्रद्धं साहाय्यं कृतवन्तो नेपालीभाषासाहित्याभिज्ञाः सविद्यावारिधिका भागवतढकाला अपि कृतोपकाराणां विपश्चितां पुरः कृतज्ञेन मया समभिनन्दनीयाः । नारदपौडेल-नगेन्द्ररेग्मीत्यभिधेयौ नेपालसंस्कृतविश्वविद्यालयान्तर्गतानुसन्धानकेन्द्रस्थकर्मकरौ स्मरणीयौ । ययोः साहाय्येन राधाकृष्णप्रणीतस्य मूलशोधप्रबन्धस्यावलोकनाय मयावसरो लब्धः । सारस्वतमार्गनिदर्शकाः, वयसा गुणेन चादरणीयाः केशवराजपोखरेलाभिधेयाः पितृव्यात्मजाः स्मरणीयाः । वाल्मीकिविद्यापीठस्योपप्राध्यापको वैकुण्ठ-धिमिरे, उपप्राध्यापक उमेशघिमिरे, पिण्डेश्वरविद्यापीठस्योपप्राध्यापकः कुलप्रसादकोइराला, गुरुकुलस्याध्यापकः कोमलनेपालः, सहायकसामग्रीसङ्कलनायसहयोगिनः पुस्तकालयस्थाः सदस्याः, प्रज्ञासम्बद्धकार्यसम्पादनायोत्प्रेरकाः सुहृदश्चेति सर्वेऽपि ग्रन्थस्यास्य पूर्णतायै साधनभूता इति तेभ्यः सर्वेभ्य एव कृतज्ञतामर्पयामि । अन्ते च ग्रन्थस्यास्य पूर्णतायै प्रत्यक्षतयैव नैकैर्माध्यमैः संलग्नान् पारिवारिकसदस्यान् विशेषतः कमलाभिधेयां सहधर्मचारिणीं कुलचन्द्राभिधेयं वत्सलं तनयञ्च शुभाशीर्वचोभिः संयोजयामि ।

सानुवादं पूर्णतामाप्तोऽपि शोधप्रबन्धोऽयं नेपालसंस्कृतविश्वविद्यालयस्य निधिः । स्वसम्पद्भूतस्य ग्रन्थस्यास्य सानुवादं प्रकाशनायानुमतिं प्रयच्छते संस्कृतविश्वविद्यालयस्यानुसन्धानकेन्द्राय च कृतज्ञतां व्याहरामि ।

७. उपसंहृतिः

अनुवादव्याजेनापि धर्मशास्त्रसम्बद्धग्रन्थाध्ययनायाहं योजितः । षण्मासाभ्यन्तरमेवायं कार्यः पूर्णतामेस्यतीति मदीयावधाराणासीत्, परं शोधप्रबन्धेऽस्मिन् संलग्नस्य मम बहवो षण्मासा व्यतीताः । प्रारब्धं कार्यं मध्य एव विच्छेदयितुं नाहं समर्थ आसम् । निरन्तरतैव पूर्णताया जननी जाता । अन्ते अहमेतदेव कामये यद् यत्नेनानेन वागधिष्ठातृदेवी प्रसीदतु । दिवङ्गतस्यापि शोधप्रबन्धकर्तुरन्तरात्मा तुष्टो भवतु । पितृभक्तेन तनयेन पुत्रवध्वा च प्रकाशितां कृतिमवलोक्य सन्तुष्टा नारायणवक्षःस्थलनिवासिनी भगवती पारिवारिकीमृद्धिं संवर्धयेत । स्वधर्मसंस्कृतिं प्रति बद्धानुरागा धर्मप्राणा जना यत्किमपि धर्मशास्त्रीयं तत्त्वमवाप्य प्रसन्नाः सन्तः सन्तोषनिश्वासं गृह्णन्तु । इदानीन्तनी राजनीतिः स्वार्थान्धै राजनेतृभिर्व्याकुला, सामाजिकभावनाविहीना राजनेतारो भ्रष्टाचाराः, सामाजिकी व्यवस्था विच्छिन्ना, जनानां मानसिकी वृत्तिस्तमोग्रस्ता, भावना च दुराग्रहकलुषिता विद्यते । अतस्तान् एतान् सकलानपि दोषान् परिमार्जयितुं स्वस्थां सामाजिकीं व्यवस्थां स्थापयितुं ग्रन्थोऽयं कियानपि सहायकः सेत्स्यति तर्हि प्रबन्धकर्तु-रनुवादकस्यापि यत्नः सफलः स्यात् । ॐ ॥

सम्पादकोऽनुवादकश्च
प्रा. डा. नुरापतिपोखरेलः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेयःप्राप्तिका निमित्त प्रेरक धर्म

प्रा. डा. गोविन्दप्रसाद आचार्य
ल. पु., गोदावरी, न. पा. ११, टाखेल

श्रेयःशब्दले कल्याण, असलपन, सदाचार, मोक्ष आदि अर्थ बुझाउँछ। तिनै कल्याण आदि प्राप्त गराइदिने कार्यमा मनुष्यलाई प्रेरणा (चोदना) धर्मले गर्दछ। सुमार्ग (राम्रो बाटो) मा हिँड्नका लागि धर्मशास्त्रले धर्मको उपदेश (धर्ममा प्रवृत्त हुन आदेश वा निर्देश) गर्दछ। कर्तव्याकर्तव्यको विवेक (ज्ञान) गराइदिने कार्य धर्मशास्त्रले गरेको हुन्छ। सामाजिकव्यवस्था सुव्यवस्थित गर्ने कार्य धर्मले नै गरेको हुन्छ। संसारका सबै धर्मको उद्देश्य सम्पूर्ण प्राणीले सुख पाऊन्, सबै निरोगी होऊन्, सबैले कल्याण देखून् अर्थात् सबैको कल्याण होओस् र कसैले पनि दुःख भोग्न (दुःख पाउन) नपरोस् भन्ने नै रहेको हुन्छ। नीतिले पनि यसै तथ्यलाई निर्देश गरेको भेटिन्छ।[१]

यहाँ चर्चा - परिचर्चा गर्न खोजिएको धर्म चाही वैदिक सनातन धर्म हो। लोकले कल्याण - उन्नति आदि प्राप्त गरून् भनी वेदले धर्मप्रति संलग्न हुन प्रेरणा गर्दछ। यसैले मीमांसाकार जैमिनिले धर्मको लक्षण यसरी गरेका छन्- **'चोदनालक्षणोऽर्थो धर्मः'** (प्रेरणा लक्षणयुक्त अर्थ धर्म हो)। धर्मशास्त्रले वेदलाई मूल मानेर प्रतिपादन गरेको धर्म नै सनातन धर्म हो। कहिल्यै पनि नाश नहुने तथा सधैँ रहिरहने हुनाले वेद (ज्ञान) अविनाशी सनातन या सदातन हो। वेद सनातन भएकाले वेदद्वारा निर्देशित धर्म पनि सनातन हो। वेदलाई उपजीव्य तुल्याई निर्मित गृह्यसूत्र, धर्मसूत्र, स्मृति, पुराण, इतिहास आदि नै धर्मशास्त्र हुन् र तिनै धर्ममा प्रमाण मानिन्छन्। श्रुति भनेको वेद हो र स्मृति भनेको धर्मशास्त्र हो भनी मनुको अभिव्यक्ति पाइन्छ।[२] वेदकै व्याख्याका निमित्त स्मृतिहरू उत्पादित भएका हुन्। स्मृतिका नामकले प्रसिद्ध हुन पुगेको धर्मशास्त्र चौध विद्याभित्र पर्दछ र धर्मको स्थानमा प्रतिष्ठित छ। धर्मका स्थानमा प्रतिष्ठित चतुर्दश (चौध) विद्याभित्र मत्स्य, मार्कण्डेय, श्रीमद्भागवत आदि पुराणहरू, न्यायशास्त्र, मीमांसाशास्त्र (वेदवाक्यविचारशास्त्र) मनु, याज्ञवल्क्य, पराशर आदि मनीषीहरूद्वारा लोककल्याणार्थ निर्मित धर्म, कर्म, कर्तव्याकर्तव्यको विवेचना गर्ने धर्मशास्त्रहरू पदर्छन्। त्यसरी नै चार वेदहरू (ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद) तथा वेदका छ अङ्गहरू (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष) समेतलाई चतुर्दश विद्यामा समावेश गरी यिनैलाई धर्मको स्थान भनी निर्धारण गरिएको छ। योगीश्वर याज्ञवल्क्यले यसको विवरण प्रस्तुत गरेका छन्।[३] चार वेद, छ अङ्ग, चार उपाङ्ग, (पुराण, न्याय, मीमांसा र धर्मशास्त्र) समेत चौध हुन्छ। तिनै चौधमा चार उपवेद (आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र

---

१. **सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत्॥**- नीतिशास्त्रम्।

२. **श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः॥**- मनुस्मृतिः २/१०।

३. **पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः। वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश॥**
- याज्ञवल्क्यस्मृतिः १/३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थशास्त्र) हरूलाई समेत गरी अठार विद्याको गणना विष्णुपुराणले गरेको पाइन्छ ।[४] यसरी शास्त्रद्वारा धर्मको स्थान निर्धारण गरिएको छ ।

धर्मको इतिहासका बारेमा चिन्तन गर्दा सुरु वेदबाट नै हुन्छ । धर्मको निर्देश गर्ने पहिलो वेद हो । वेदभन्दा पछि धर्मको व्याख्या एवं निर्देश गर्न सूत्रहरू प्रतिपादित भएका हुन् । वेदका उपर्युक्त छ अङ्गहरू भित्रको कल्पाङ्गमा विस्तृत सूत्रभण्डार समाहित छ । यज्ञको स्वरूप प्रतिपादन गर्न वेद र कल्पसूत्र नै समर्थ छन् । श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, र शुल्बसूत्र यी चार प्रकारका प्रधान कल्पसूत्रहरू हुन् । श्रौतसूत्रद्वारा श्रौताग्निमा सम्पन्न गरिने ठूला ठूला यज्ञहरूको विवेचना गरिएको छ । गृह्याग्निमा सम्पादन गरिने यज्ञहरू उपनयन (व्रतबन्ध), विवाह आदि संस्कारहरूको व्यवस्थिति गृह्यसूत्रले गरेको छ । चार वर्णहरू (ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र), चार आश्रमहरू (ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र संन्यासाश्रम) र ती ती वर्णहरूले पालना गर्नुपर्ने तथा ती ती आश्रमवासीहरूले अनुष्ठान गर्नुपर्ने धर्महरू, आचार- व्यवहार र प्रायश्चित्तसित सम्बन्धित धर्महरू र राजाको कर्तव्यसम्बन्धी धर्महरूको विधान धर्मसूत्रमा गरिएको छ । संक्षेपात्मक रूपमा धर्मसूत्रमा प्रतिपादित (निर्णित) विषयहरू नै स्मृतिहरूले विस्तारितरूपमा उपदेश गरेका हुन् । शुल्बसूत्रमा यज्ञको मण्डप (वेदि) निर्माणको विधि निरूपण गरिएको छ । यस प्रकारले धर्मको इतिवृत्त (ऐतिह्य) वेददेखि आरम्भ भएको भन्ने थाहा हुन आउँछ ।

यस जगत्मा धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थहरू प्राप्त गर्नका निमित्त वेद साधनका रूपमा प्रतिष्ठित छ । ती चार पुरुषार्थषहरूमध्ये पहिलो पुरुषार्थ धर्म हो । धर्मका माध्यमबाट नै अर्थ, काम र मोक्ष प्राप्त गर्नु मनुष्य जीवनको अपरिहार्य लक्ष्य हो । मानिसको कल्याणका लागि वेदले धर्मको उपदेश गरेको हो । वेदोपदिष्ट (वेदले उपदेश गरेको) साङ्गोपाङ्ग धर्म मात्र वेदबाट सम्पूर्णरूपमा जान्न बुझ्न कठिन हुने भएको हुँदा वेदाङ्गहरू, उपवेदहरू, उपाङ्गहरू श्रौतादिसूत्रहरू तथा स्मृत्यादिशास्त्रहरू ऋषि - महर्षिहरू तथा मनीषीहरूद्वारा रचना भएका हुन् । आचार, व्यवहार र प्रायश्चित्तका माध्यमबाट धर्मशास्त्रले धर्ममार्ग देखाउने महत्त्वपूर्ण कार्य गरेको तथ्य शास्त्रावलोकन-पश्चात् जान्न सकिन्छ ।

केलाई वेद भनेको होला ? भन्ने हाम्रो जिज्ञासा (जान्ने इच्छा) हुन सक्छ । सो जिज्ञासा समाधानका निमित्त केही प्रयत्न गरिन्छ । इष्ट (इच्छित सुखादि) प्राप्तिका लागि र अनिष्ट (अनिच्छित दुःखादि) परिहारका निमित्त अलौकिक उपाय जसले ज्ञान (जानकारी) गराइदिन्छ त्यही वेद हो ।[५] यस प्रकारको वेद (श्रुति) ले प्रयोजनको उद्देश्य गरी विधान गरिएको 'अर्थ' धर्म हो 'अनर्थ' अधर्म हो ।[६] अर्थ भनेको स्वार्गादि उत्तमलोक र सुख शान्ति आदि कल्याणकारी

---

४. **अङ्गानि वेदाश्चत्वारो मीमांसा न्यायविस्तरः । धर्मशास्त्रं पुराणञ्च विद्या ह्येताश्चतुर्दश ।।**
आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते त्रयः । अर्थशास्त्रं चतुर्थञ्च विद्या ह्यष्टादशैव ताः ।।
- विष्णुपुराणम् ३/६/२८-२९ ।

५. **इष्टप्राप्त्यनिष्टपरिहारयोरलौकिकमुपायं यो वेदयति स वेदः- धर्मशास्त्रीयदायविभागाधुनिकनेपालप्रचलित-दायविभागयोस्तुलनात्मकमध्ययनम्,** ।- महेन्द्रसंस्कृतविश्वविद्याले प्रस्तुतः शोधप्रबन्धः, पृ. सं. २२, अनुसन्धाता- गोविन्दप्रसाद आचार्य, वि. सं. २०५७ ।

६. **वेदेनप्रयोजनमुद्दिश्य विधीयमानोऽर्थो धर्मः, अनर्थोऽधर्मः ।**- मीमांसान्यायप्रकाशः, पृ. सं. ७-८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्वहरू प्राप्त हुनु हो भने अनर्थ भनेको अर्थको विपरीत अर्थात् नरकादिलोक, दुःख- अशान्ति तथा अकल्याणकारी तत्त्वहरू प्राप्त हुनु हो। उपर्युक्त **'चोदनालक्षणोऽर्थो धर्मः'** यस लक्षणमा प्रयुक्त अर्थको तात्पर्य पनि त्यही नै हो।

श्रुतिले प्रतिपादन गरेको धर्मलाई श्रौतधर्म र स्मृतिले प्रतिपादन गरेको धर्मलाई स्मार्तधर्म भनिन्छ। धर्मका विविध रूप देखिन्छन्। जस्तै- कहीँ विधि, नियम, आचार र मर्यादारूप हुन्छ र कही अनुष्ठेय तत्त्वरूप हुन्छ। कहीँ दैशिक, एवं कालिक हुन्छ। जात्याश्रित, कुलाश्रित, वर्णाश्रित, आश्रमाश्रित, वर्णाश्रमाश्रित, गुणाश्रित, निमित्ताश्रित तथा साधारणाश्रित आदि धेरै कारणहरूले गर्दा धर्मका अनेक रूप हुन्छन्। अनुष्ठान गरिने नित्य, नैमित्तिक र काम्यका भेदले पनि धर्मका भिन्न-भिन्न रूप हुन्छन्। यसरी अनेक रूपमा प्रतिष्ठित धर्मको मूल चाहिँ वेद नै हो। वेद धर्मको मूल हो भनी मनु, याज्ञवल्क्य, आपस्तम्ब आदि ऋषि-मुनिहरूले उद्घोष गरेका छन्।[७]

प्रमेयको सिद्धि प्रमाणबाट हुन्छ भन्ने शाश्वत नियम हो। हाम्रो यहाँ प्रमेय धर्म हो। लौकिक पदार्थहरूको जस्तो धर्मको मूर्त रूप भेटिँदैन। अतः लक्षण र प्रमाणहरूद्वारा नै धर्म सिद्ध हुन्छ। इहलोकमा भौतिक सुखसम्पत्तिरूप कल्याण र परलोकमा आत्यन्तिक सुखरूप कल्याण मोक्षपर्यन्त जे गर्दा उपलब्ध हुन्छ त्यही धर्म हो। यस लक्षणयुक्त उक्तिको पुष्टि वैशेषिकदर्शनले गरेको धर्मको लक्षणबाट हुन जान्छ।[८] धैर्य, क्षमा, दम (अन्तःकरण (मन, बुद्धि, चित्त र अहङ्कार) को निग्रह), अस्तेय, शौच, इन्द्रियनिग्रह, शास्त्रादिको ज्ञान, आत्मज्ञान, अहिंसा (मन, वचन, कर्मद्वारा कसैलाई पनि पीडा नपुऱ्याउनु), सत्य, अक्रोध, दान, दया इत्यादि चार वर्ण तथा अवान्तर-जातिका सर्वसाधारण मानिसहरूले अवलम्बन (अनुसरण) गर्नुपर्ने साधारण धर्मका लक्षण हुन्। यसैको आदेश मनु-याज्ञवल्क्यले गरेका छन्।[९] वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म, निमित्तधर्म र साधारणधर्म यी छवटा धर्मलाई स्मार्तधर्म भनिन्छ। यिनै छवटा धर्मलाई याज्ञवल्क्यस्मृतिको मिताक्षरा टीकामा स्मार्तधर्म भनी उल्लेख गरिएको छ।[१०]

धर्मको नाश कहिल्यै पनि हुँदैन। वेद, धर्म र ईश्वर अनादि हुन्। जो अनादि हुन्छ, त्यो कहिल्यै नासिँदैन। अनादि हुनुका कारण नै वेद धर्म, ईश्वर (परमात्मा) सदातन वा सनातन हुन्। जो सनातन (शाश्वत) हुन्छ त्यो अविनाशी हुन्छ। धर्मको कहिले वृद्धि र ह्रास (कमी) जस्तो प्रतीत हुन्छ तापनि पूर्णनाश हुने चाहिँ होइन। धर्मको विनाशाविनाशका सम्बन्धमा हामी बढी चिन्तित हुनुपर्ने आवश्यकता देखिँदैन। किन भने धर्मको ग्लानि (हानि) र अधर्मको वृद्धि अर्थात्

७. क) **वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः। एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम्॥**
अर्थकामेष्वसक्तानां धर्मज्ञानं विधीयते। धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः॥- मनुस्मृतिः २/१२-१३।
ख) **श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः। सम्यक्सङ्कल्पजः कामो धर्ममूलमिदं स्मृतम्॥**
- याज्ञवल्क्यस्मृतिः १/७।
ग) धर्मज्ञसमयः प्रमाणम्। वेदाश्च।- आपस्तम्बधर्मसूत्रम् १/ २-३।

८. **यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः।**- वैशेषिकसूत्रम् १/२।

९. क) **धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः। धीर्विद्यासत्यमक्रोधो दशकं धर्मलक्षम्॥**
- मनुस्मृतिः ६/१२।
ख) **अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः। दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम्॥**
- याज्ञवल्क्यस्मृतिः १/१२२।

१०. **अत्र च धर्मशब्दः षड्विधस्मार्तधर्मविषयः। तद्यथा- वर्णधर्मः, आश्रमधर्म, वर्णाश्रमधर्मः, गुणधर्मः, निमित्तधर्मः, साधारणधर्मश्चेति।**- याज्ञवल्क्यस्मृतिः १/१ मिताक्षरा टीका।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मको क्षय र पापको तथा पापात्माको वृद्धि भएपछि ईश्वरले अवतार (विविधरूप) धारण गरेर धर्म र सज्जनहरूको रक्षा तथा अधर्म र दुष्टहरूको विनाश अर्थात् निग्रह गर्छु भन्ने प्रतिबद्धता प्रकट गरेको पाउन सकिन्छ। त्यस्तो प्रतिबद्धता प्रकट श्रीमद्भागवत तथा श्रीमद्भगवद्गीता आदि धार्मिक ग्रन्थहरूमा भएको पाइन्छ।[११] यसरी धर्मलाई नाश हुनुबाट जोगाउने र सज्जनहरूको रक्षा गर्ने अभिभारा (दायित्व) स्वयं ईश्वरमा रहेको स्पष्ट हुन्छ।

सामाजिक व्यवस्था सुव्यवस्थित गर्न धर्मको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। राष्ट्रले धर्ममा विरोध तथा आघात नपर्ने गरी निर्णय गरेका ऐन, कानुन, नीति नियमहरूलाई पनि सामाजिक धर्मका रूपमा शास्त्रमा समावेश गरिएको छ। अतः धर्म ऐन कानुन नीतिनियमहरूले समाजमा सुव्यवस्था, सुशासन, सुरक्षा आदि सुदृढ गराउने कार्य नै गरेका हुन्छन्। देशमा (राष्ट्रमा) सुव्यवस्था व्यवस्थित गर्नका निमित्त अर्थशुद्धि हुनु अत्यन्त अपरिहार्य विषय हो। जुनसुकै देशमा पनि अव्यवस्थिति गराउने विविध कारणहरूमध्येको प्रमुख कारण जघन्य अपराधका रूपमा परिचित भ्रष्टाचार नै हो। भ्रष्टाचार धार्मिक, आर्थिक, सामाजिक आदि रूपको हुन सक्छ। देश र देशवासीहरूलाई दुष्ट (अपराधी) हरूद्वारा धार्मिक, आर्थिक आदि भ्रष्टाचार हुनबाट जोगाउनु अर्थात् भ्रष्टाचार निर्मूल (उन्मूलन) गर्नु राष्ट्रको तथा राष्ट्रिय अभिभारा वहन गरेका प्रतिष्ठित राष्ट्रसेवक पदाधिकारीहरूका साथै उच्चपदस्थ नेतृत्ववर्गको प्रमुख दायित्व हो। अतः अर्थशुद्धिका लागि आर्थिक भ्रष्टाचारलाई जरैदेखि उन्मूलन गर्नु (उखेल्नु) अनिवार्य हुन्छ। त्यति गर्न सके मात्र देश समृद्ध, देशवासी (जनता) सुखी हुनुका साथै अव्यवस्था नियन्त्रण हुन्छ। उचित तथा विशुद्ध धनागम (धनार्जन) बाट मात्र अर्थशुद्धि (धनको पवित्रता) सम्भव हुन्छ। अतः समान्यतः धनागमका उपाय (कारण) हरूका सम्बन्धमा संक्षिप्त जानकारी गराइन्छ।

द्रव्यात्मक (चल-अचल), तत्त्वात्मक आदि विविध प्रकारका धन हुन्छन्। साथमा लिएर हिँड्न सकिने चल (जङ्गम-चर) र नसकिने अचल (स्थावर-अचर) धन हुन्। यिनैलाई द्रव्यात्मक धन र विद्याधनलाई तत्त्वात्मक धन भनिन्छ। विद्याधनका र अन्य धनका सम्बन्धमा शास्त्रमा उपदेश पाइन्छ। धनप्राप्तिका उपायहरू शास्त्रनिर्देशित छन्। धन (सम्पत्ति) मा स्वामित्व उत्पन्न हुनु नै धनप्राप्ति हुनु हो। विना रोकटोक प्राप्त हुने अंश (रिक्थ), किनेर उपलब्ध हुने वस्तुहरू, अपुतालीबाट प्राप्त धन, वन-जङ्गल, जलाशय आदिबाट बटुली घरमा ल्याइने घाँस, दाउरा, पानी लगायतका वस्तुहरू, खानीबाट प्राप्त हुने खनिज पदार्थहरू समेत यी पाँच प्रकारको धनमा चारवर्ण छत्तीसै जात-जातिको साधारण (सामान्य) स्वामित्व हुन्छ। ब्राह्मणको प्रतिग्रह (दान) बाट, क्षत्रियले विजयबाट, वैश्यले कृषि-व्यापार आदिबाट र शूद्रले द्विज-शुश्रूषाबाट प्राप्त गरेको धन नै असाधारण (विशेष) स्वामित्व उत्पत्तिका (उपलब्धिका) उपायहरू वा कारणहरू हुन्। सम्पत्तिमा साधारण र असाधारण स्वामित्व पैदा हुने उपायको उपदेश गौतमले गरेका छन्।[१२] मनुले

---

११. क) **यदा यदेह धर्मस्य क्षयो वृद्धिश्च पाप्मनः। तदा तु भगवानीश आत्मानं सृजते हरिः॥**

- श्रीमद्भागवतम् ९/२४/५६।

ख) यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत। अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम्।
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्। धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे॥

- श्रीमद्भगवद्गीता ४/७-८।

१२. **स्वामी रिक्थक्रयसंविभागपरिग्रहाधिगमेषु। ब्राह्मणस्याधिकं लब्धम्। क्षत्रियस्य विजितम्। निर्विष्टं वैश्यशूद्रयोः॥**- गौतमधर्मसूत्रम् २/१/३९-४२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाय, लाभ, क्रय सबै जनसमुदायका लागि साधारण र प्रतिग्रह ब्राह्मणका, जय क्षत्रियका, खेती व्यापार आदि वैश्यका, द्विजशुश्रूषा शूद्रका असाधारण धनागमको कारण भनी निर्देश गरेका छन् ।[१३] सम्पूर्ण क्रिया (कार्य) हरू धनमूलक हुन्छन् अर्थात् सबै क्रियाकलापको मूल (जरो) धन हो । यसैले धन आर्जन गर्न यत्न (प्रयास) गर्नुपर्छ । अर्जित धनको वृद्धि, रक्षा, भोग गर्ने विधि शास्त्रप्रतिपादित छ । धनलाई शुक्ल, शवल र कृष्णका भेदले तीन प्रकारको स्वरूपको हुन्छ भनी नारदले बताएका छन् ।[१४] ती शुक्लादि तीनको नामले नै सेतो धन, मध्यम धन र कालो धन भन्ने बुझाउँछ । यी धन आउने उत्तम, मध्यम र अधम बाटा हुन् । शुक्ल, शवल र कृष्ण धन प्रत्येकका सात- सात उपभेद पनि नारदले नै बताएका छन् । **शुक्लधन**- विद्याबाट, शौर्यबाट, यमनियमादि तपबाट, विवाहमा दुलाहा दुलही हुँदा एक अर्कापक्षबाट, प्राध्यापन गर्दा शिष्यबाट यजनादि गर्दा यजमानबाट र दाय (अंश) बाट प्राप्त गरी सात माध्यम (मार्ग) बाट कमाइएको धन शुक्ल (सेतो) धन हो ।[१५] सेतो धन खर्च गरी सम्पादन भएको कर्मको फल यस लोक र परलोकमा पनि कल्याण-कारणक (श्रेयस्कर) हुन्छ । अतः यो धन उत्तम धन मानिन्छ । **शवलधन**- व्याजका लागि लगानी गरी कमाएको, खेती (कृषि) बाट कमाएको, व्यापार गरी आर्जेको, शुल्कबाट पाएको, सीपबाट प्राप्त भएको, सेवा शुश्रूषाद्वारा आर्जन गरिएको, परोपकार गरेर उपलब्ध भएको यी सात प्रकारका उपायबाट आएको धनलाई शवलधन भनिन्छ ।[१६] शवलधन मध्यम प्रकृतिको धन हो । यो धन खर्च गरी निष्पन्न गरिएका कर्मबाट प्राप्त हुने फल मध्यम (मिश्र) रूपको हुने हुँदा कल्याणकारण र तद्विपरीत गरी दुबै प्रकारको हुन्छ । **कृष्णधन**- घुस खाई एवं भ्रष्टाचार गरी बटुलिएको, जुवा खेलेर जितेको, दूत कर्म गरी कमाएको, रोग लागेका वा दुःख परेकाबाट प्राप्त गरेको, सुन-चाँदी आदि धातुमा निम्नकोटिका वस्तुको मिसावट (कूटप्रतिकृतिकरण) गरी कमाएको, चोरी-डकैती लगायतका कुकृत्य गरी उपार्जन गरिएको र छल कपट गरी आर्जन गरिएको यी सात प्रकारका तरिकाबाट कमाइएका धनलाई कृष्ण (कालो) धन भनिन्छ ।[१७] यो कालो धन अधम कोटिको धन भएको हुँदा यसको खर्चबाट सम्पादन गरिने कर्मको फल यस लोक र परलोकमा पनि दुःखदायक हुन्छ । भ्रष्टाचार (घुस), चोरी, डकैती, छली, ठगी लगायतका कुकृत्यद्वारा धन कमाउनेहरू दुबै लोकमा दण्डभागी हुनुपर्ने तथ्य श्रुति-स्मृति-पुराण-इतिहासादि शास्त्रका वचनबाट थाहा पाउन सकिन्छ । उपर्युक्त तीन प्रकारको धनमध्ये शुक्लधन आर्जन गरी जीवन निर्वाह गर्नु इहलोक परलोक दुबैमा कल्याणकारी तथा सुखदायक हुन्छ । धन कमाउन गरिहत्ते गर्नु त्यति उचित देखिँदैन । अतः पालन-पोषण गर्नुपर्ने माता, पिता, पत्नी, पुत्रादिका साथै नित्य-नैमित्तिकादि कर्म गर्न, आफ्नो प्राण धारण गर्न, अवश्य सम्पादन गर्नुपर्ने संस्कारादि कर्म गर्न, अत्यावश्यक व्यवहार सञ्चालन गर्न र जीवनयात्रा सञ्चालन गर्नका लागि आवश्यक पर्ने धन कमाउनु अनिवार्य छ । आफ्ना अगर्हित (अनिन्दित) कर्महरू गर्दै शरीरलाई कष्ट (दुःख) नदिईकन धन कमाउने काम गर्नुपर्छ । अर्थात् धनसञ्चय (धन जम्मा)

---

१३. **सप्त वित्तागमा धर्म्या दायो लाभः क्रयो जयः । प्रयोगः कर्मयोगश्च सत्प्रतिग्रह एव च ।।**- मनुस्मृतिः १०/११५ ।

१४. **धनमूलाः क्रियाः सर्वा यत्नस्तत्साधने मतः । वर्धनं रक्षणं भोग इति तस्य विधिः क्रमात् ।।**
तत्पुनस्त्रिविधं ज्ञेयं शुक्लं शवलमेव च । कृष्णं च तस्य विज्ञेयः प्रभेदः सप्तधा पुनः ।।- नारदस्मृतिः १/३९-४० ।

१५. **श्रुतशौर्यतपःकन्याशिष्यमाज्यान्वन्यागतम् । धनं सप्तविधं शुक्लमुदयोऽप्यस्य तद्विधः ।।**- नारदस्मृतिः १/४१ ।

१६. **कुसीदकृषिवाणिज्यशुल्कशिल्पानुवृत्तिभिः । कृतोपकारादाप्तं च शवलं समुदाहृतम् ।।**- नारदस्मृतिः १/४२ ।

१७. **पार्श्वकद्यूतदूतार्तप्रतिरूपकसाहसैः । व्याजेनोपार्जितं यच्च तत्कृष्णं समुदाहृतम् ।।**- नारदस्मृतिः १/४३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा साह्रै शारीरिक कष्ट नगरीकन गर्नुपर्छ भनी मनुको निर्देश छ ।[१८] सादा (साधारण) जीवन यापन गर्न न्यूनतम आवश्यकताको पूर्ति गर्नका लागि आवश्यक पर्ने धन (सम्पत्ति) चाहिन्छ नै अर्थात् कमाइ गर्नुपर्छ नै । परन्तु भड्किलो तथा विलासी जीवन यापनका लागि अत्यधिक लोभी बनी पापको डर नमानी अधर्मी बन्दै जघन्य अपराध, भ्रष्टाचार, छली, ठगी, चोरी, डकैती आदि जस्ता दुष्कर्म गरी धन बटुल्नाले मानसिक दुःख, असन्तोष, सन्ताप आदि अकल्याण यहाँ नै हुन्छ भने घृणित दुष्कर्मको फल परलोकमा पनि दुःखदायी, अकल्याणकारी हुने निश्चित छ । अतः असन्तोषी तथा अत्यन्त लोभी बनी कुबाटाको अवलम्बन गरी अकूत सम्पत्ति (धन) सञ्चय गर्ने प्रवृत्तिले आफूलाई साथै देशलाई पनि कलङ्कित पार्ने कुचेष्टा नगर्नु नै श्रेयस्कर (कल्याणकारी) हुन्छ । दुष्कर्म गरी कमाउनुको परिणाम दण्ड सजाय भोग्नुपर्ने हुन्छ । दुष्टहरूलाई नियन्त्रण गर्नका निमित्त अर्थात् दुष्टनिग्रह गर्न राज्यले राजदण्डको र शास्त्रले धर्मदण्डको व्यवस्था गरेको छ । अतः अपराधीहरूलाई कुमार्गमा लाग्नबाट हटाई सुमार्गमा हिँडाउन राज्यले कडा दण्डको निर्माण र प्रयोग गर्नुपर्ने अतिआवश्यकता छ । भ्रष्टाचारी जस्ता अपराधीलाई त राष्ट्रले (राज्यले) सर्वस्व हरण गर्ने दण्ड सजायको नियम कानुन बनाई तुरुन्त लागु गर्नुपर्छ । अनिमात्र देश समृद्ध र देशवासी सुखी समृद्ध हुन सक्छन् ।

धेरै प्रकारका धनमध्ये एक हो विद्याधन । यो विद्याधन पनि दुई प्रकारको हुन्छ । विद्याध्ययन गरी, त्यसका माध्यमबाट कमाइएको धन एक प्रकारको विद्याधन हो भने अर्को किसिम चाहिँ विद्या नै धन हो । जुन विद्या नै धन हो त्यो चाहिँ माथि चर्चा परिचर्चा गरिएका खर्च गर्दै जाँदा घट्दै जाने अर्थात् व्यय (खर्च) भएर समाप्त हुने धन (सम्पत्ति) जस्तो होइन । विद्याधन चाहिँ जति-जति खर्च गर्न सक्यो अर्थात् जति-जति बाँड्यो झन्झन् बढ्दै जान्छ । जो विद्या नै धन हो त्यो दाजु भाइहरूलाई अंशवन्डा गरी बाँड्नु पर्दैन अर्थात् भाग लाग्दैन अविभाज्य हुन्छ । त्यस्तो विद्याधन चोरले चोरे लान सक्दैन । राजा (राष्ट्राध्यक्ष) द्वारा तथा राष्ट्रद्वारा कहिल्यै पनि अपहरण हुन सक्दैन । त्यो धन बोझिलो (भारकारी) पनि हुँदैन । संसारमा जति पनि धन छन् तीनमा सबैभन्दा श्रेष्ठ तथा प्रधान (मुख्य प्रमुख) धन विद्याधन नै हो । नीतिशास्त्रले पनि विद्याधन प्रमुख (मुख्य) धन हो भनी स्पष्ट पारेको पाइन्छ ।[१९] त्यसरी नै विद्याधन गुप्त हो जुन आँखाले देखिँदैन । ज्ञान, भोग, सुख, यश आदि विद्याबाटै पाइन्छ र विद्या गुरुको पनि गुरु हो । स्वदेशमा तथा विदेशमा पनि विद्या बन्धु हुनुका साथै विद्वान्को सर्वत्र सत्कार (सम्मान-पूजा) हुन्छ । विद्या परा देवता हो । विद्या दान गर्दा वृद्धि हुन्छ । विद्यावान्लाई विद्वान् भनिन्छ भने विद्याविहीनलाई पशुसमान मानिएको छ ।[२०] विद्या पुनः दुई प्रकारको हुन्छ । ती हुन् क) भौतिकविद्या ख) आध्यात्मिकविद्या । पृथ्वी, जल, तेज, वायु, आकाश यी पञ्चमहाभूत र तिनीहरूद्वारा निर्मित वा उत्पादित शरीरादि तथा तिनै पञ्चमहाभूतसित सम्बन्धित पदार्थहरूको ज्ञान गराइदिने विद्या भौतिकविद्या हो भने आत्मा-परमात्मा अर्थात् परमार्थ सम्बन्धी तत्त्वज्ञान गराइदिने अध्यात्मविद्या हो । सैद्धान्तिक रूपमा हासिल भएको ज्ञानलाई प्रयोगात्मक रूपले कार्यमा उतारी तत्सम्बन्धमा अनुभवात्मक ज्ञानका रूपमा प्रकट हुनुलाई नै विज्ञान

१८. **यात्रामात्रप्रसिद्ध्यर्थं स्वैः कर्मभिरगर्हितै । अक्लेशेन शरीरस्य कुर्वीत धनसञ्चयम् ।।**- मनुस्मृतिः ४/३ ।

१९. **न चौरहार्यं न च राजहार्यं न भातृभाज्यं न च भारकारि । व्यये कृते वर्धत एव नित्यं विद्याधनं सर्वधनप्रधानम् ।।**
- सुभाषितरत्नभाण्डागारम्, विद्याप्रशंसा, द्वितीयं सामान्यप्रकरणम् १३, पृ. ३० ।

२०. **विद्या नाम नरस्य रूपमधिकं प्रच्छन्नगुप्तं धनं विद्याभोगकरी यशः सुखकारी विद्या गुरूणां गुरुः ।**
विद्या बन्धुजनो विदेशगमने विद्या परं दैवतं विद्या राजसु पूज्यते न हि धनं विद्याविहीनः पशुः ।।
- सुभाषितरत्नभाण्डागारम्, विद्याप्रशंसा, द्वितीयं सामान्यप्रकरणम् १५, पृ. ३० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ । कुनै पनि विषयको सैद्धान्तिकका साथै वैशेषिक ज्ञान हासिल (प्राप्त) गरी त्यसलाई कार्यरूपमा परिणत गर्नु विज्ञान (विशेषज्ञान) हो ।

धर्मशास्त्रले ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र संन्यासाश्रम यी चार आश्रमहरूको व्यवस्था गरी ती आश्रमवासीहरूले पालना गर्नुपर्ने धर्मका सम्बन्धमा विस्तृत रूपमा निर्देशन गरेको देख्न सकिन्छ । **'शतायुर्वै पुरुषः'** भनी श्रुतिले मानिसको परमायु समान्यतया सय वर्षको हुने निर्क्योल गरिदिएको छ । अतः उपर्युक्त चार आश्रम प्रत्येकमा २५-२५ वर्षका हिसाबले रहनुपर्ने हुन्छ । सुरुका पच्चीस वर्ष ब्रह्मचर्याश्रममा, त्यसपछि (२६ देखि ५० वर्षसम्म) को पच्चीस वर्ष गृहस्थाश्रममा, तदनन्तर (५१ देखि ७५ वर्षसम्म) को पच्चीस वर्ष वानप्रस्थाश्रममा र ७६ वर्षको उमेरदेखि माथि संन्यासाश्रममा रही आश्रमधर्मको अनुष्ठान गर्नुपर्छ । सुरुको पच्चीस वर्षभित्र ब्रह्मचर्यव्रतको पालन गर्दै वेदवेदाङ्गादि शास्त्रका साथै भौतिक तथा आध्यात्मिक विद्या अध्ययन गरी ज्ञान आर्जन गर्नुपर्छ । ब्रह्मचारी दुई प्रकारका हुन्छन् । १. नैष्ठिक र २. उपकुर्वाण । नैष्ठिक ब्रह्मचारी आजीवन ब्रह्मचर्याश्रममा रहनुपर्ने हुन्छ र त्यसै आश्रमका धर्मको पालना गर्दै ब्रह्मचारी मोक्षसम्म हुन सक्छ । उपकुर्वाण ब्रह्मचारी चाहिँ समावर्तन गरेपछि शास्त्रोक्त विधिबमोजिम विवाह गरी गृहस्थाश्रममा प्रवेश गर्दछ । विवाहित दम्पती मिलेर गृहस्थाश्रमोक्त धर्म थामी ५० वर्षको उमेरसम्म गृहस्थाश्रममा बस्नुपर्छ । त्यसपछि वानप्रस्थाश्रमोक्त धर्मको पालन ७६ वर्षको हुँदासम्म गर्नुपर्छ । त्यसपछि यावज्जीवन (जति बाँचिन्छ त्यति) संन्यासाश्रममा रही मोक्षतर्फ लाग्नुपर्ने शास्त्रीय विधान छ ।

देश-काल-परिस्थितिले गर्दा वानप्रस्थ र संन्यास आश्रमको ग्रहण अहिलेको समयमा समाप्तप्राय भइसकेको प्रतीत हुन्छ । अतः गृहस्थाश्रममै रहेर मोक्षमार्गतर्फ लाग्नुपर्ने अवस्था आइपरेको छ । मोक्ष परमपुरुषार्थ प्राप्त गर्न सक्ने अधिकारी केवल मनुष्य नै हो । संसाररूपी समुद्र तर्नका लागि मनुष्य चोला बलियो डुङ्गा हो, अरू जुनीबाट संसाररूपी समुद्र तर्न असम्भव देखिन्छ । दुर्लभ मनुष्य जुनी अहिले सुलभ भएको छ । यो मनुष्यरूप डुङ्गा खियाउने कर्णधार गुरु हुनुहुन्छ । डुङ्गा पार लगाउन अनुकूल हावा बहाइदिने जिम्मा स्वयं ईश्वर (परमात्मा) ले लिनुभएको छ । यस्तो सुअवसर मिल्दा पनि मुक्ति हुन सकेन भने अर्थात् आफ्नो उद्धार गर्न सकेन भने त्यो मनुष्य आत्मघाती हो' भनी श्रीमद्भागवतको उद्घोष पाइन्छ ।[२१] संन्यासाश्रम ग्रहण गरी वनवासी भएर जीवननिर्वाह गर्न वर्तमान कलियुगमा असम्भवप्रायः भएको हुँदा गृहस्थाश्रममै रहेर आनन्द (मोक्ष) को उपाय अवलम्बन गर्नुपर्छ । गृहस्थ मै बसेर न्यायार्जित धनले जीवन निर्वाह गर्ने आध्यात्मिक शास्त्रहरू अध्ययन गर्ने र तत्त्वज्ञान गर्ने, प्रेमपूर्वक अतिथिको स्वागत-सत्कार गर्ने, सम्पूर्ण शास्त्रीय ज्ञान प्राप्त गर्नुका साथै सत्यवादी हुने जस्ता कार्य गरेमा गृहस्थाश्रममा नै रहेर पनि मुक्त हुन सकिन्छ ।[२२] त्यसरी नै राग-द्वेष त्यागी इन्द्रियहरू नियन्त्रण गरी अकुत्सित (अनिन्दित) कर्म गर्दै निवृत्तरागी बन्न सकेमा घर नै अर्थात् गृहस्थाश्रम नै तपोवन बन्छ भनी नीतिशास्त्रले निर्देश गरेको पाइन्छ ।[२३] शिलोञ्छवृत्तिद्वारा (शिला

---

२१. **नृदेहमाद्यं सुलभं सुदुर्लभं प्लवं सुकल्पं गुरुकर्णधारम् ।**
मायानुकूलेन नभस्वतेरितं पुमान् भवाब्धिं न तरेत्स आत्महा ।। श्रीमद्भागवतमहापुराणम् ११/२०/१७ ।

२२. **न्यायार्जितधनस्तत्त्वज्ञाननिष्ठोऽतिथिप्रियः । शास्त्रवित् सत्यवादी च गृहस्थोऽपि विमुच्यते ।।**
- सुभाषितरत्नभाण्डागारम्, गृहस्थाश्रमप्रशंसा, द्वितीयप्रकरणम् १/ पृ. ८९ ।

२३. **वनेषु दोषाः प्रभवन्ति रागिणां गृहेषु पञ्चेन्द्रियनिग्रहस्तपः ।**
अकुत्सिते कर्मणि यः प्रवर्तते निवृत्तरागस्य गृहं तपोवनम् ।।
- सुभाषितरत्नभाण्डागारम्, सामान्यनीतिः, तृतीयप्रकरणम् ९०५/ पृ. १७४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खोजेर) अर्थात् परिश्रम गर्दा जेजति जस्तो प्राप्त हुन्छ त्यसमै मनलाई शान्त (सन्तोषी) गराएर ठूलो निष्कलङ्क (स्वच्छ) धर्मको सेवा (रक्षा) गर्दै ममा आफूलाई समर्पित गर्दै रहनुपर्छ। त्यसरी नै पति पत्नी, पुत्र, पौत्र, घर, खेत-बारी, धनसम्पत्ति आदिमा ज्यादै आरक्त (मरिहत्ते) नभईकन घरमा (गृहस्थमा) नै रहँदा खेरी पनि सुख-शान्ति (मुक्ति) पाउन सकिन्छ भनी भगवान् कृष्णले श्रीमद्भगवद्गीतामा उपदेश गर्नुभएको छ।[२४]

मोक्ष प्राप्त गर्ने बाटाहरू शास्त्रमा विभिन्न प्रकारका देखिन्छन्। ती हुन् साङ्ख्य, योग, भक्ति, ज्ञान आदि। चित्तवृत्ति (शब्द, स्पर्श, रूप, रस, गन्ध) को निरोध गर्नुरूप योगद्वारा आत्मालाई परमात्मामा जोड्नु आत्मसाक्षात्कारको एउटा मार्ग हो। चित्तवृत्तिको नियन्त्रण गर्नु योग (जोड) हो भनी पतञ्जलिले उल्लेख गरेको पाइन्छ।[२५] जीवात्माको परमात्माका साथ ऐक्य हुनु मोक्ष हो। यज्ञ, आचार, दम, अहिंसा, दान तथा स्वाध्यायजस्ता कर्महरू धर्म हुन् भने योगद्वारा आत्मदर्शन (आत्मसाक्षात्कार) गर्नु चाहिँ परमधर्म हो भन्ने तथ्यको उद्घाटन याज्ञवल्यस्मृतिले गरेको छ।[२६]

त्रिभुवनविश्वविद्यालय अन्तर्गत धर्मशास्त्र विभागमा मलाई धर्मशास्त्र विषयको आचार्य कक्षामा पढाउनुका साथै मेरो विद्यावारिधि (पीएच्. डी) को शोधकार्यको निर्देशकको भूमिका निर्वाह गरी मार्गप्रदर्शन गर्नुभएका सम्माननीय, प्रातःस्मरणीय एवं परमपूजनीय गुरु स्व. प्रा. डा. राधाकृष्ण अधिकारीका चरणमा प्रथमतः आदरपूर्वक श्रद्धाकुसुम अर्पण गर्दछु।

नेपालराष्ट्रको गण्डकी अञ्चल कास्की जिल्ला, मादी गाउँपालिका वडा नं. ९ गोर्जे गाउँमा वि. सं. १९९२ चैत्र २२ गते प्रादुर्भाव हुनुभएका प्रा.डा. राधाकृष्ण अधिकारी यस धराधाममा एकहत्तर वर्ष सात महिना बाह्र दिन रही वि. सं. २०६४ /८/४ गते परलोकारोहण वा ब्रह्मलीन हुनुभयो।

उहाँ र धर्मपत्नी (करुणामूर्ति, मेरी परमादरणीया, परमपूजनीया गुरु आमा) श्रीमती सरस्वती अधिकारीद्वारा दुई छोरी ईश्वरी सुवेदी र अम्बिका पौडेल तथा छोराहरू शान्तिकृष्ण अधिकारी र श्यामकृष्ण अधिकारीको जन्म भयो। पिता मुखिया रामकृष्ण अधिकारी र माता छलिमा देवी अधिकारीका सुपुत्र राधाकृष्ण अधिकारीले आफ्ना पिताद्वारा स्वनिवास (आफ्नै घर) मा खोलिएको भाषा पाठशाला (संस्कृत भाषाको) मा नै प्राथमिक शिक्षा (बाल्यावस्थाको शिक्षा) हासिल गर्नुभएको भन्ने र उहाँसित सम्बन्धित अन्य पनि जानकारी नेपाल-संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठको तथ्याङ्कशास्त्र विषयका सह-प्राध्यापक तथा प्रस्तुत पुस्तकका प्रकाशक श्री शान्तिकृष्ण अधिकारीबाट प्राप्त भएको हो। यसरी घरमा नै प्राथमिक शिक्षा हासिल गरेका अधिकारीले पूर्वमध्यमा आदि माध्यमिक शिक्षा वाराणसेय-संस्कृत विश्वविद्यालय, वाराणसी (वनारस) बाट प्राप्त गर्नुभयो। यो विश्वविद्यालयबाट नै ई. सन् १९६४ मा धर्मशास्त्र विषय र सन् १९६९ मा साहित्य विषय लिएर आचार्य परीक्षा उत्तीर्ण हुनुभयो अर्थात् उच्चशिक्षा हासिल गर्नुभयो। वि. सं. २०४९ मा महेन्द्र-संस्कृत-विश्वविद्यालयबाट **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** (धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो) भन्ने शीर्षकमा संस्कृत भाषाका माध्यमले शोधप्रबन्ध तयार गरी

२४. **शिलोञ्छवृत्या परितुष्टचित्तो धर्मं महान्तं विरजं जुषाणः।**
मय्यर्पितात्मा गृह एव तिष्ठन् नातिप्रसक्तः समुपैति शान्तिम्॥- श्रीमद्भागवतम् ११/१७/४३।

२५. **योगश्चित्तवृत्तिनिरोधः।**- पातञ्जलयोगसूत्रम् १/२।

२६. **इज्याचारदमाहिंसादानस्वाध्यायकर्मणाम्। अयं तु परमो धर्मो यद्योगेनात्मदर्शनम्॥**
-याज्ञवल्क्यस्मृतिः १/८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यावारिधि (पीएच्. डी.) गर्नुभयो। सोही शोधप्रबन्ध नेपाली भाषामा अनुवाद गरी जनसमाज समक्ष पुस्तकाकारमा प्रस्तुत भएको छ।

वि. सं. २०२२ देखि अधिकारी संस्कृत प्रधान पाठशाला रानीपोखरी काठमाडौंमा शिक्षण पेसामा प्रवेश गरी अध्यापनका माध्यमबाट नेपाल राष्ट्रको सेवामा संलग्न हुनुभयो। वि. सं. २०२४ देखि त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंमा धर्मशास्त्र विषयको उपप्राध्यापक पदमा स्थायी नियुक्त हुनुभई क्रमशः यथासमयमा नै पदोन्नति हुँदै प्राध्यापकसम्म भई प्राध्यापन सेवारत रहनुभयो। २०३० सालतिरबाट वाल्मीकि विद्यापीठमा पठनपाठन आरम्भ भएपछि उहाँ उक्त विद्यापीठको अध्यापक हुनुभयो। त्रि. वि. वि. को प्राध्यापन सेवामा रहेको अवस्थामा नै वि. सं. २०४३ मा महेन्द्र संस्कृत विश्वविद्यालय खडा भयो। सो विश्वविद्यालय वि. स. २०६३ मा नेपाल-संस्कृत विश्वविद्यालयमा परिणत भयो। त्रि. वि. वि. संस्कृत अध्ययन संस्थान अन्तर्गत सेवारत शिक्षक र कर्मचारीहरू स्वतः म. सं. वि. हुँदै ने. सं. वि. मा समावेशित भए। प्रा. अधिकारीले त्रि. वि. तथा म. सं. वि. हुँदै वि. सं. २०५९ मा प्राध्यापक पदबाट अनिवार्य अवकाश प्राप्त गर्नुभयो। त्रि. वि. वि. अन्तर्गत संस्कृत अध्ययन संस्थान दाङको बेलझुण्डीमा वि. सं. २०३५ देखि वि. सं. २०३६ सम्म सहायक डीन पदमा र वि. सं. २०४४ देखि केही समय वाल्मीकि विद्यापीठको प्राचार्य पदमा रही प्रशासनिक सेवा गर्नुभयो। सहायक डिन र प्राचार्य पदमा रहेको अवधि बाहेक अनिवार्य अवकाश नहुँदासम्म विश्वविद्यालयमा स्थित धर्मशास्त्र विषयको विभाग आरम्भ भएदेखि नै विभागाध्यक्षको पद सम्हाल्नुभयो।

धर्मशास्त्रको ग्रन्थ **'मनुस्मृति'** र मीमांसको **'मीमांसापरिभाषा'** को उहाँद्वारा नेपाली भाषामा अनुवाद गराई त्रि. वि. वि. पाठ्यक्रम विकास केन्द्रले प्रकाशित गरेको छ। त्यसरी नै उहाँले रचना गर्नुभएको चौंतीस प्रकारका धर्म र समाज सम्बन्धी लेखहरूको सङ्ग्रह **'धार्मिक विज्ञान'** नामक पुस्तकाकारका रूपमा वि. सं २०६१ मा प्रकाशित भएको छ। सो ग्रन्थको सह-प्रा. शान्तिकृष्ण अधिकारी र उहाँकी धर्मपत्नी त्रि. वि. वि. भक्तपुर क्याम्पसकी अर्थशास्त्र विषयको उप-प्राध्यापक श्रीमती वसन्ती अधिकारी दुबै जना प्रकाशक रहेका छन्। यसरी नै राधाकृष्ण अधिकारीका विशेषतः धर्मशास्त्र सम्बन्धी र अन्य विविध विषयहरूसँग सम्बन्धित अनगिन्ती अनुसन्धानात्मक लेख रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन्। उहाँले प्राध्यापन, प्रशासन र लेख रचना आदिका माध्यमद्वारा समाज सेवा गरेको स्पष्ट हुन्छ। यसरी जन्मदेखि देहावसान नहुँदासम्मको उहाँको संक्षिप्त इतिवृत्त रहेको जानकारी हुन आउँछ।

संस्कृतिप्रति अत्यन्त श्रद्धा आस्था राख्नुहुने, सादा जीवन यापन गर्ने र उच्च विचार तथा उदात्त भावना भएका, सरल तथा सौम्य शील-स्वभावका प्रतिमूर्ति भएका, धर्ममा अगाध निष्ठा हुनुका साथै स्वकर्तव्य पालनमा सदा प्रतिबद्ध, सत्यता, नैतिकता, इमान्दारिता जस्ता गुणहरूका प्रतिपालक, सदा-सर्वदा सद्व्यवहारमा संलग्न, स्वधर्म, परम्परा एवं संस्कृतिप्रति अत्यन्त निष्ठावान्, जीवनभर अध्ययन-अध्यापनरत, परिश्रमी, उत्साही सदाचारनिष्ठ तथा धर्मशास्त्रका प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो प्रा.डा. राधाकृष्ण अधिकारी। उहाँले समाजलाई सुव्यवस्थित, सुशासित, सुरक्षित तथा सुसमृद्ध गराउन मार्गदर्शन धर्मशास्त्रले गर्न सक्छ भन्ने अठोठका साथ **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** नामक शीर्षक तय गरी जनसमुदाय समक्ष शोधग्रन्थ प्रस्तुत गरेर म. सं. वि. वि. बाट विद्यावारिधि (पीएच्.डी.) को उपाधि प्राप्त गर्नुभयो। सो ग्रन्थ संस्कृत भाषामा लेखिएको हुँदा संस्कृत भाषा अनभिज्ञका लागि पनि शोधमा समावेशित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयहरूको जानकारी गराउने पवित्र उद्देश्यले अभिप्रेरित भई सुयोग्य पिताका सुयोग्य पुत्र सह-प्रा. शान्तिकृष्ण अधिकारीले स्वयं प्रकाशकको भूमिका वहन गरेर नेपाली भाषामा अनुवाद गराई प्रकाशन गर्न लाग्नु भएकामा अत्यन्त हर्षित हुनुका साथै उहाँलाई भूरि भूरि धन्यवाद प्रदान गर्दछु।

नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ प्रदर्शनीमार्ग काठमाडौंका साहित्य विषयका प्राध्यापक नुरापति पोखरेलले अत्यन्त परिश्रमका साथ उपर्युक्त शोधग्रन्थको सम्पादनका साथै नेपाली भाषामा सरस, सरल एवं सुमधुर शैली अवलम्बन गरी अनुवाद गर्नुभएको रहेछ। साहित्य विषयका उत्कृष्ट विद्वान् उहाँले धर्मशास्त्रको मर्मलाई आत्मसात् गरी नव्यन्यायको जस्तो प्रतीत हुने शैलीमा लेखिएको उक्त शोधप्रबन्धको सरल तथा सरस नेपाली भाषामा अनुवाद सुसम्पन्न गर्नु उहाँको दक्षताको उच्चतम पहिचान हो। मूल शोध-ग्रन्थमा दिइएको पादटिप्पणीको अतिरिक्त अनुवादक पोखरेलले विषयवस्तुलाई पाठकसमक्ष अझ सुस्पष्ट जानकारी प्रदानार्थ अनुवादको पनि छुट्टै पादटिप्पणी गर्नुभएकोमा हर्षित हुँदै हार्दिक धन्यवाद प्रदान गर्दछु। उहाँले सम्पादनका सिलसिलामा शोधग्रन्थ र सोको अनुवादमा प्रमाणका रूपमा उपस्थापित मूल ग्रन्थहरू र टीकाग्रन्थहरूको संक्षिप्त परिचयात्मक विवरण अनुदित ग्रन्थको अन्तमा (प्रयुक्त सन्दर्भग्रन्थसूची भन्दा अगाडि) प्रस्तुत गरी अत्यन्त सराहनीय कार्य गर्नुभएको छ। अतः उपर्युक्त पुनीत कार्य सुसम्पादन गर्न सक्षम हुनुभएका आदरणीय प्राध्यापक नुरापति पोखरेल निश्चय नै प्रशंसाका पात्र हुनुहुन्छ।

'सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र' भन्ने शीर्षक भएको शोधप्रबन्धको अनुदित ग्रन्थ पाँच अध्यायमा विभक्त छ। उक्त अध्यायहरूमा प्रतिपादित विषयहरूको सामान्य परिचय यस प्रकार रहेको छ-

पहिलो अध्यायः- समाज र व्यवस्थाशब्दको व्युत्पत्तिका साथ तत्सम्बन्धी परिचय प्रदान गर्दै प्रथम अध्यायको आरम्भ गरिएको छ। तदनुसार सामाजिक व्यवस्थालाई साध्य बनाई धर्मशास्त्रलाई साधनका रूपमा प्रस्तुत गरिएको छ। धर्मको स्वरूप निरूपण गरिनुका साथै धर्मको ज्ञापक र कारक हेतुहरू, धर्मका लागि गर्नुपर्ने कार्यहरू, साधारणधर्म, सार्ववर्णिकधर्म, परमधर्म, उपधर्म आदिको उपस्थापन गरिएको छ। वैदिकधर्म र स्मार्तधर्मका भेदले दुई प्रकारका धर्मका साथै वेदमूलक धर्मका भेदको निरूपण गरिएको छ। यसरी पहिलो अध्यायको समाप्ति हुन्छ।

दोस्रो अध्यायः- दोस्रो अध्यायलाई प्रमेयनिरूपणाध्याय भनिएको छ। सामाजिक व्यवस्थाको साधन धर्म हो भनी स्पष्ट्याउनका निमित्त समाजको अङ्गका रूपमा विद्यमान मनुष्यमा रहने अव्यवस्थोत्पादक तत्त्वहरू युवावस्था, धनसम्पत्ति, प्रभुता तथा अविवेकिता आदि हुन् भनी उपस्थापन गरिएको छ। मनुष्यमा अव्यवस्था उत्पन्न गराइदिने तत्त्वहरूमध्ये राग र लोभ प्रमुख हुन् भन्ने देखाइएको छ। श्रौतधर्मको निरूपण गर्दै विधि, मन्त्र, नामधेय, निषेध र अर्थवादलाई श्रुति (वेद) का रूपमा प्रतिपादन गरिएको छ। वेदले प्रेरणा (चोदना) का रूपमा विधान गरिएको विधि नै धर्म हो भनी धर्मशास्त्रले स्पष्ट पारेको छ भनी देखाइएको छ। रक्षा गरिएको धर्मले रक्षा गर्दछ। **"धर्मो रक्षति रक्षितः"** भन्ने उक्तिका अनुसार संरक्षित धर्मले हामी सबैको रक्षा गर्छ भन्ने देखाइएको छ। विस्तृतरूपमा श्रौतधर्मका सम्बन्धमा विवेचना गर्नुका साथै वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म, निमित्तधर्म, र साधारणधर्म समेत छ प्रकारका स्मार्तधर्मको विश्लेषण गरिएको छ। द्विज (ब्राह्मण, क्षत्रिय, वैश्य) को उपनयन (व्रतबन्ध) को मुख्यकाल, गौणकाल र काम्यकाल तथा व्रात्यता प्राप्तिको समय पनि समावेश गरिएको छ। संस्कारको लक्षण, संस्कारका भेद, गर्भाधानादि संस्कारहरू र संस्कारको महत्त्व देखाइनुका साथै विवाह संस्कारको प्रयोजन, असंस्कृत महिलामा उत्पन्न सन्तान अनिष्टकारक हुने भनाइ पनि यसै अध्यायमा स्पष्ट पारिएको छ। समाजमा सुव्यवस्था एवं अव्यवस्था दुबैको मूल जरो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्री र पुरुष दुबैलाई मानिन्छ भनी विवाह संस्कारको अप्रत्यक्ष प्रयोजन सुव्यवस्था स्थापना गर्नु नै हो भन्ने स्पष्ट पारिएको छ। उपनयनादि संस्कारद्वारा संस्कृत व्यक्ति नै श्रौत तथा स्मार्त कर्ममा अधिकारी हुन्छ भनी निरूपण गरिएको छ। विवाह संस्कारका ब्राह्म, दैव, आर्ष, प्राजापत्य, गान्धर्व, पैशाच, आसुर र राक्षस समेत आठ किसिमका भेदहरू देखाइएको छ। सामाजिक व्यवस्था व्यवस्थितिका निमित्त शास्त्रज्ञानको आवश्यकता दर्साउँदै अध्यायको अन्त्यमा दैवी र आसुरी सम्पत्तिहरूको चर्चा गरिएको छ।

तेस्रो अध्याय:- धर्मशास्त्रले समाजलाई अभीष्ट (हित-कल्याण) गर्ने कार्यप्रति प्रवृत्ति (लाग्ने) र अनभीष्ट (अहित वा अकल्याण) गर्ने कार्यप्रति निवृत्ति (नलाग्ने) गराउने काम गर्छ। अभीष्ट कार्यप्रति प्रवृत्ति र अनभीष्ट कार्यप्रति निवृत्ति यी दुवैले सामाजिक व्यवस्था स्थापना गर्ने र समाजलाई सुव्यवस्थित तुल्याउने कार्य गर्छन् भन्ने अवधारणाका साथ यो तेस्रो अध्याय प्रारम्भ भएको छ। वर्णाश्रमधर्मको संरक्षण गर्नु गराउनु राजाको कर्तव्य बताउँदै धर्मको रक्षा दण्डका माध्यमले हुने हुँदा राजदण्ड प्रणयन गर्ने अधिकार ब्रह्माजीले राजालाई दिएको प्रसङ्ग उल्लेख भएको छ। त्रिवर्ग (धर्म-अर्थ-काम) लाई दण्डरूप प्रतिपादन गरिएको छ र अपराधीलाई यसै दण्डको भयले पाप गर्नुबाट हटाउने कार्य गर्छ। दुई प्रकारका दण्ड हुन्छन्- धर्मदण्ड र राजदण्ड। धर्मदण्डले प्रेमपूर्वक नियन्त्रण गर्छ भने राजदण्डले कठोर व्यवहारका माध्यमले नियन्त्रण गर्छ। गृहस्थाश्रममा रहने मनुष्यका धर्महरू, लोकोपकारक कर्महरू, श्रौत-स्मार्त कर्मानुष्ठानका निमित्त आवश्यक पर्ने अग्निमा अनुष्ठान गरिएको होमको फल आदिको निर्देश पनि गरिएको छ। ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ र भूतयज्ञ यी पञ्चमहायज्ञको अनुष्ठान गृहस्थले दिन-दिनै गर्नुपर्ने विधान र याग एवं होमको विधान, नित्य-नैमित्तिक र काम्यका भेदले याग र होमका अनेक प्रकारहरू प्रतिपादन भएको छ। धर्मले मोक्षसम्म पुग्ने मार्ग निर्देश गर्दछ र मोक्षको साधनका रूपमा धर्म रहेको हुन्छ भनी उल्लेख गरिएको छ। अनुष्ठित उक्त पञ्चमहायज्ञले जसरी उपकार गर्दछ आचारले पनि त्यसरी नै उपकार गर्दछ भनिएको छ। सदाचारको पालनाले शरीर स्वस्थ हुनुका साथै सदाचार पालनको प्रयोजनका सम्बन्धमा पनि विश्लेषण गरिएको छ। यसै अध्यायमा विनिपातका भेदहरूको चर्चा भएको छ। उँधो लाग्ने कार्यलाई पतन भनिन्छ र विशेषरूपमा भएको पतनलाई विनिपात भनिन्छ। मूलतः दैवबाट गराइने विनिपात, राजाबाट गराइने विनिपात र मनुष्यबाट गराइने विनिपात यी तीन प्रकारका विनिपातको विश्लेषण भएको छ। विनिपातबाट बच्न माङ्गलिक कार्य सम्पादन गर्नुपर्ने निर्देश पनि गरिएको छ। ब्राह्मण र क्षत्रियमा व्यवस्थाधायक (धारणस्तम्भ) शक्ति रहेको हुन्छ भनिएको छ। ऋषिहरूद्वारा विहित क्रियाकलापहरू सर्वथा (सबै प्रकारले) लोककल्याणकारक हुन्छन् भन्दै तेस्रो अध्यायको इतिश्री गरिएको छ।

चौथो अध्याय:- राजदण्डले कठोरवृत्तिको अवलम्बनद्वारा नियमन गर्ने काम गर्दछ भन्दै यो चौथो अध्यायको प्रारम्भ भएको छ। व्यवहार (मुद्दा-मामिला - झैझगडा)को स्वरूप र व्यवहारका ऋणादान आदि अठार प्रकारका विषयहरूको विवेचना भएको छ। चार अंश (भाषा-उत्तर-प्रमाण-निर्णय) भएको व्यवहार (विवाद)को धर्मादि उपायद्वारा समाधान गरिने प्रक्रियाको प्रदर्शन भएको छ। मुद्दा टुङ्ग्याउनका निमित्त आवश्यक पर्ने मानुषप्रमाण र दैवप्रमाण दुई प्रकारको प्रमाणको उल्लेख छ। तीन प्रकारका लेख, भोग र साक्षी मानुष प्रमाण हुन्। लेख्य प्रमाण दुई प्रकारका हुन्छन्- चीरक र जानपद। आगम सापेक्ष भोगप्रमाण बलवान् मानिन्छ। साक्षीहरूको स्वरूप प्रतिपादन गर्दै विविध प्रकारका साक्षीहरूको लक्षण प्रदर्शन गरिएको छ। तुला, अग्नि, जल, विष र कोश यी दिव्य प्रमाणका भेद हुन् र यी पाँच ओटा दिव्य प्रमाण महाभियोगमा प्रयोग गरिन्छन्; कोश दिव्य चाहिँ अल्पाभियोगमा पनि प्रयोग गरिन्छ भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथ्यको उद्घाटन भएको छ। एक हजार पण देखि माथिको बिगो भएको मुद्दा (व्यवहार)लाई महाभियोग र एक हजार पण भन्दा घटि (कम) बिगो भएको मुद्दालाई अल्पाभियोग भनिन्छ। तण्डुल, तप्तमाष आदि दिव्यहरू अल्पाभियोगमा प्रयोग हुन्छन् भन्ने निर्देश गरिएको छ। दुष्ट (अपराधी) परिज्ञान (पहिचान)का निम्ति राजाले दिनदिनै व्यवहार (विवाद) को अवलोकन गर्नु पर्दछ र दुष्टको पहिचान गरी दण्ड-प्रणयनको व्यवस्था गर्नुपर्दछ भनी प्रतिपादन गरिएको छ। धर्मदण्ड र राजदण्डको प्रचुररूपमा विश्लेषण गरिएको छ। व्यक्ति तथा समाजको जीवनलाई सुखमय बनाउन धर्मशास्त्रले आदेश दिन्छ भनिएको छ। ब्राह्मणादि चारै वर्णका धर्महरूका साथै शिष्टाचारको महत्त्व प्रदर्शित छ। स्वत्व स्थापित गराउने उपायहरूमा व्यवस्था स्थापकत्व रहेको हुन्छ भन्ने अभिव्यक्तिका साथै चौथो अध्यायको समाप्ति गरिएको छ।

पाँचौं अध्यायः- यो अध्याय प्रस्तुत शोध-प्रबन्धको उपसंहारको रूपमा रहेको छ। धर्मशास्त्र व्यवस्थाको साधन बन्नु स्वाभाविक हो भन्ने स्पष्ट पार्दै शोध-ग्रन्थमा समावेश गरिएका प्रथम अध्यायदेखि चतुर्थ अध्यायसम्मका श्रौत र स्मार्त धर्मसँग सम्बन्धित विविध विषयहरूका आधारमा निष्कासित तथ्यलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ। प्रस्तुत शोध-प्रबन्धको 'धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो' भन्ने शीर्षकका माध्यमले सनातन धर्मशास्त्रका संरक्षक समाजलाई व्यवस्थित समाजको सुव्यवस्था स्थापित गर्नका लागि साधनका रूपमा उपस्थापित धर्मशास्त्र अत्यन्त समाजोपयोगी रहेको निष्कर्ष दिइएको छ।

सामाजिक उपकारोपयोगी **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** नामक शीर्षक रहेको शोध-ग्रन्थको अनुदित पुस्तकाकारको प्रति अवलोकन गर्ने सुअवसर मित्रवर विद्वान् स.ह प्रा शान्तिकृष्ण अधिकारीद्वारा प्राप्त भयो। समादरणीय गुरु प्रा. डा. राधाकृष्ण अधिकारीबाट लिखित उक्त शोध-ग्रन्थका साथै सोको अनुवादको अध्ययनबाट आफूलाई अत्यन्त लाभान्वित भएको अनुभव गर्दै यस कार्यबाट पितृस्वरूप गुरुको गुरुऋण देखि मुक्त भई उऋणी भएको पनि ठानेको छु। उपर्युक्त काममा संलग्न गराई ठूलो गुण लगाउनु भएका शान्तिकृष्ण अधिकारी (गुरु भाइ)लाई मुरी-मुरी धन्यवादका साथै कृतज्ञता ज्ञापन गर्दै लेखनीलाई विराम दिन चाहन्छु। शुभमस्तु॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रीय समाजका उन्नायक प्रा. डा. राधाकृष्ण अधिकारी

प्रा.डा. भागवत ढकाल
ने.सं.वि., वाल्मीकि विद्यापीठ

१. आमुख

पृथ्वी स्वर्ग हो, पृथ्वीवासी देवता हुन् । पृथ्वीको आफ्नो गतिमा र स्थितिमा कुनै परिवर्तन आएको छैन । पृथ्वीवासी हामी मनुष्य आफ्नो जीवनोद्देश्य र कर्मोद्देश्यमा विमुखप्रायः भएका छौं । यस्ता मनुष्यलाई सही मार्गमा परिचालन गर्ने उद्देश्यले नै भगवान् श्रीकृष्णले **'परित्रायाण साधूनां विनाशाय च दुष्कृताम् । धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ।।'** भन्नुभएको हो । कलिकालको अत्याचारले आक्रान्त, धर्ममार्गबाट पथभ्रान्त व्यक्ति, समूह र समाजलाई कतिपय युगमा जन्मिएर आफ्नो युग आफै स्थापित गर्न समक्ष महापुरुषहरूले नयाँ चेत र मार्गनिर्देश गरेका छन् । त्यस्तै युगमा जन्मिएका मात्र होइन युग जन्माएका र धर्मशास्त्रलाई अध्यवसायको पेसा मात्र नबनाई जीवन भोगाइको पद्धतिसमेत बनाउनुभएका कालजयी व्यक्तित्व विशेष प्रा. डा. राधाकृष्ण अधिकारी वर्तमान युगका धर्मशास्त्रीय समाजका उन्नायक बन्नुभयो । वहाँको जन्म सामान्य सृष्टि-स्थिति परिचालनको लागि मात्र भएको होइन, अपि तु अधर्मले सिङ्गो पृथ्वीलाई अन्धकारकवलित तुल्याएको पृष्ठभूमिमा समाजलाई मार्गनिर्देशन गर्ने उद्देश्यले भएको हो । यसर्थ यी स्मरणीय, पठनीय, वन्दनीय कर्मयोगी प्रतिभालाई केही शब्दसीमाभित्र राखेर चञ्चुप्रवेश गर्ने प्रयत्न यहाँ गरिएको छ ।

धर्म अनुशासन हो, नीति नियम हो र हो मानवताको जीवनपद्धति । पृथ्वीलाई स्वर्ग र वा नरक बनाउने हामी प्राणी हौं र प्राणीबाट मनुष्यलाई अलग्याउने तत्त्व धर्म हो । आहार, निद्रा, भय, मैथुन आदि समान हुँदाहुँदै पनि धर्मका कारणले मानिस अन्य पशुबाट पृथक् छ भनी नीतिशास्त्रकारले त्यसै बताएका होइनन् । धर्मशास्त्र दण्डव्यवस्था पनि हो । मानवमात्रलाई दण्डव्यवस्था पालनाबाट प्राप्त हुने सुफलतर्फ आकर्षित गराई कुप्रवृत्तिप्रति अङ्कुश लगाउनु एउटा विधिको विधान हो । जीवनरूपी महको लोभमा फसेको झिँगाले त्यसैमा अल्झेर जीवन समाप्त पार्छ, हामी मानवले पनि आफ्नो बहूपयोगी यस जीवनलाई महको माखाझैँ बनेर कदापि समाप्त पार्न हुँदैन, अपि तु यी सांसारिक रागबाट मुक्त भएर त्यो पारलौकिक सुखको यात्राको थालनी यसै युगमा र सचेत अवस्थामा नै गर्नुपर्छ । धर्मोपदेशकले आफ्नो आचरण र व्यवहार पनि तदनुकूल तुल्याउनु पर्दछ । यसै कोटिका एक अनुकरणीय व्यक्तित्व प्रा. डा. राधाकृष्ण अधिकारी हुनुहुन्थ्यो । वहाँको विद्यावारिधि शोधग्रन्थ **'सामाजिकव्यवस्थायाः साधनं धर्मशास्त्रम्'**लाई सुयोग्य पिताका परिपक्व सन्ततिबाट नेपालीमा भावानुवादसहित जनसमक्ष ल्याउने जुन गुरुतर कार्य भइरहेको छ त्यो पनि धर्मकै शृङ्खला हो । आँपको बोटमा आँप फल्नु स्वाभाविकै हो । यसै सन्दर्भमा धर्मको गहिरो व्याख्यान र बहुविध कोणबाट गरिएको परिभाषाभन्दा पनि मानवमात्रको अझ प्राणीमात्रको हितकर कर्म नै धर्म हो र प्राणीमात्रका लागि अहित सोच वा हिंसा पाप हो भन्ने सामान्य प्रक्रियाभित्र रहेर केही प्रतिभाका र केही प्रतिभाद्वारा प्राप्त सामग्रीका बारेमा सारगर्भित चर्चा गर्नु यस लेखको अभीष्ट हो । गुरु राधाकृष्ण अधिकारीको व्यक्तित्वको भावगम्भीर उचाइ र वहाँको अनुसन्धेय कृतिको विशद विषयगत विराटता एवं प्रस्तुतिगत प्रौढतालाई यस फुच्चे व्यक्तिले मापन गर्न सम्भव छैन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिएन र पनि **'आत्मा वै जायते पुत्रः'** भनेझैँ पुरुपुत्रबाट प्राप्त निर्देशनलाई पनि गुरुकै आज्ञा मानी केही धारणा प्रस्तुत गरेको छु।

२. जन्मोत्सव

काश्यपगोत्रीय अधिकारीहरू हरेक देशमा राज्य सञ्चालनमा सहयोगी रहेका थिए। राज्याङ्गका रूपमा रहेर समाजव्यवस्थालाई धार्मिक पद्धतिमा हिँडाउन पथप्रदर्शन गर्नु एकाथरी अधिकारीको दायित्व थियो भने त्यसलाई कार्यान्वित गर्नु अन्य अधिकारीको कर्तव्य थियो। यसै पृष्ठभूमिमा शुक्लयजुर्वेदाध्यायी त्रिप्रवर ब्रह्मणकुलमा माता छलिमादेवी र पिता मुखिया रामकृष्ण अधिकारीका एकल पुत्रका रूपमा वि. सं. १९९२ सालमा राधाकृष्ण अधिकारीको जन्म हुन्छ, एउटा चन्द्रमाले अन्धकारलाई गर्छ, हजारौं तारागणले सक्दैन। कुल-कुलायन, इष्टदेव, स्थानीयदेव आदिका दीर्घ साधनाबाट गण्डकी अञ्चलको कास्की जिल्लामा पर्ने गोरुको जुरोजस्तो देखिने गाउँ जसलाई स्थानीयभाषामा अपभ्रंश हुँदै गोर्जे भनिन्थ्यो मा उज्यालो छर्ने बालकले आँखा खोल्नुभयो र वहाँ हुनुहुन्थ्यो राधाकृष्ण अधिकारी। कतिपय स्थान ऐतिहासिक हुन्छन् र त्यही जन्मने स्वतः परिचित हुन्छन् भने कतिपय प्रतिभाले त्यस माटोलाई चिनाउँछन्। राधाकृष्ण गुरु आफ्नो भौतिक जन्मले समाजलाई चिनाउनुभएका प्रतिभा हुनुहुन्छ। गण्डकी प्रदेश आफैमा आध्यात्मिक जगमा हुर्किएको प्रदेश हो। पवित्र कालीगण्डकीको महिमा विश्वब्रह्माण्डमा अपरम्पार छ। शालग्रामशिलारूपी साक्षात् विष्णुलाई काखमा बोकेको; सियाबाला, छलमङ, फुङ्ला भन्ज्याङ, हिमाल पारिका जिल्ला भनिने मनाङ र मुस्ताङलाई शिरमा राखेको; विभिन्न ताल नदीनालाबाट सुसज्जित गण्डकीले व्यास, भानुभक्त, पृथ्वीनारायण शाह, लेखनाथ पौड्याल लगायतका प्रतिभा जन्माएको हो। यो माटो आफैमा विशिष्ट र ऐतिहासिक छँदैछ। यसै भूमिलाई जडभरतजस्ता तपस्वीले साधनास्थली बनाएको सन्दर्भ पनि उल्लेखनीय हुन आउँछ। हो, राधाकृष्ण अधिकारी पनि त्यसै गण्डकीको पावन भूमिले नेपालको शैक्षिक र आध्यात्मिक आकाशलाई दिएको एक समुज्ज्वल नक्षत्र हुनुहुन्छ। जीवनकालभरि कुनै तामझाम र प्रचारप्रसारको बाराबार अछुत राख्नुभएका अधिकारी कास्कीका सपुत मात्र नभई आज धर्म, ज्ञान, विज्ञान र असल आचरणका पर्याय बन्नुभएको छ। नेपाली समाजलाई प्रकाशित गर्नुभएको छ, वहाँका वैशिष्ट्यलाई निम्न बुँदाहरूबाट अर्थ्याउने प्रयास गरिँदैछ।

३ सिद्धपुरुष

नेपाल आफैमा तपोभूमि हो। यस धरामा कैयन ऋषिमहर्षिहरूले आफ्नो जीवन तपोमय साधनामा बिताएका छन्। आफ्नो वास्तविक परिचय खोलेर वा अपरिचित बनेर आफ्नो जन्मोद्देश्य साकार गरेका छन्। सत्ययुगदेखि नै नेपालको महिमा र गरिमा सनातन धर्मको पालनकर्ता देशका रूपमा रहेको छ। राधाकृष्ण अधिकारी पनि आफ्नो युगका सिद्धि पुरुष हुनुहुन्थ्यो। कास्कीको सामान्य गाउँमा जन्मेर पनि अध्ययनका क्रममा वहाँ घरपरिवारलाई छाडेर बनारस पुग्नुभयो। विद्याको केन्द्र काशीमा रहँदा पं. मुकुन्द शास्त्री खिस्ते, बटुकनाथ शास्त्री, पं. महादेव शास्त्री, पं. द्विजेन्द्रनाथ मिश्र 'निर्गुण', पं. प्रेमवल्लभ त्रिपाठी एवं देवीदत्तोपाध्यायजस्ता स्वनामधन्य महापुरुहरूबाट साहित्य, धर्मशास्त्र, मीमांसाशास्त्र लगायतको गहन अध्ययन गर्नुभयो। मुखियाको छोरो भएर जन्मिएका राधाकृष्ण पनि बुबाकै पदचापमा हिँडेर समाजसेवी बन्न सक्नुहुन्थ्यो, परन्तु ज्ञानको भोक र चेतनाको तीव्र छटपटीले वहाँलाई विद्याव्यसनी बनायो। पं. नगेन्द्र शर्मा, पं. हेमराज अधिकारी, पं. बद्रीनाथ सुवेदी आदि विद्वान्हरूबाट घरमै दुर्गासप्तशती, रुद्री, अमरकोश, लघुसिद्धान्तकौमुदी हितोपदेश आदि ग्रन्थको जग बसाउनुभएका राधाकृष्ण अधिकारी आफ्नी ममतामयी आमा, सानो बुवा आचार्यरत्न पं. गोविन्द कविराज र सानीमा दमयन्तीका प्रेरणा, प्रभाव तथा सदाचारमा रहेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्रतबन्धोत्तरसमयमा काशीमा विद्यार्थी बनेर बस्नुभयो । आ-आफ्ना क्षेत्रका ती सिद्धपुषहरूको सान्निध्य धार्मिक आचरण र धर्मवपु स्वभावका कारण राधाकृष्ण अधिकारीमा पनि एउटा शैक्षिक सिद्धपुरुषको व्यक्तित्व दिन प्रतिदिन उद्घाटित भएर आयो । आफ्नो कर्ममा समर्पित, विद्याध्ययनमा तल्लीन एवं अनुशासित अधिकारीलाई शिवको नगरी काशीले सिद्धत्व प्रदान गर्दै लग्यो । फलस्वरूप आफूले समाएको गन्तव्य र लिएको लक्ष्यमा वहाँले कहिल्यै असफल हुनुपरेन । यस किसिमको सिद्धि वहाँले एकातिर प्राप्त गर्नुभएको थियो अर्को प्रकारको सिद्धि पनि वहाँले पाउनुभएको थियो । जीवनका मध्यभागको जागिरे जीवनमा कास्कीबाट काठमाडौं आएका कैयन सँगीको झोला बिसाउने घर प्रा. डा अधिकारी कहाँ हुन्थ्यो । वहाँका सुपुत्र शान्तिकृष्ण अधिकारी महिनाका दुई तीन दिन मात्र म आफ्नो पलङमा सुतेँ होला भनी सम्झनुहुन्छ । एउटा व्यक्तिको जागिर, छोराछोरी सहितको ठूलो परिवार तर पनि दिनहुँ आउनुहुने अतिथिका योग्यता अनुरूपको आतिथ्यप्रदान, लामो समयसम्म यस किसिमको स्वाभाविक निरन्तरता यो पनि सिद्धत्वकै उदाहरण हो । हामी धर्मानुयायीहरू **'अतिथिदेवो भव'**को मतलाई अनुसरण गर्दछौं, आउने अतिथिलाई एक, दुई दिन मात्र हुन्छ तर घरमा प्रक्रिया पुऱ्याउनेका लागि लगि दिनहुँ, तर पनि झर्को नमानी निरन्तरता कस्ले देला, जुन सेवा अधिकारी परिवारले गऱ्यो, गर्न सक्यो, यो आफैमा सिद्धत्वको नमुना हो ।

४. स्थितप्रज्ञ व्यक्तित्व

प्रा. डा. राधाकृष्ण अधिकारी स्थितप्रज्ञ व्यक्तित्व हुनुहुन्थ्यो । अध्ययनका क्रममा प्राप्त सफलताले कहिल्यै वहाँमा अभिमान जागृत गराएन अपि तु नम्र, शिष्ट र सभ्य संस्कृत बालकको स्वरूप वहाँले छोड्नुभएन । विद्या-वारिधिसम्मको शैक्षिक यात्रामा वहाँले 'फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ?' लाई चरितार्थ गर्नुभयो । जागिरका क्रममा नेपाली संस्कृत महाविद्यालय मङ्गलागौरी वाराणसीको अध्यापकदेखि संस्कृत अध्ययन संस्थानको निमित्त डीन, वाल्मीकि विद्यापीठको प्राचार्य हुँदै धर्मशास्त्र विषयसमितिको अध्यक्ष, प्राध्यापक, डाक्टर बन्दा पनि वहाँको संयम, शालीन, परिष्कृत र अनुशासित व्यक्तित्वमा कतै पनि आरोह अवरोह आएको देखिएन । वहाँले एक दर्जन बढी विभिन्न पदहरूमा रही विभिन्न भूमिका निभाउनुभयो । त्यहाँ रहँदा पदीय अनुशासनलाई केन्द्रबिन्दु बनाएर वैयक्तिक स्वार्थमा नअल्झी वहाँ दत्तचित्त भई क्रियाशील रहनुभयो । व्यक्तिलाई पदको अहंले आफन्त र इष्टजनसँग टाढा पुऱ्याएका, कर्तव्यच्युत गरेका, कैयन दृष्टान्त छन् तर राधाकृष्ण अधिकारी **लाभालाभौ जयाजयौ** भनेझैँ जस्तोसुकै अनुकूल र प्रतिकूल परिवेशमा पनि परिवर्तन हुनुभएन । यस किसिमको वसन्त र शिशिरले परिवर्तन गर्न नसक्ने, गरुशिष्य परम्पराका संवाहक, विद्यार्थी होस् वा आफू मातहतका कर्मचारी प्राध्यापक सबैसँग समभाव र समदृष्टि दिएर सन्मार्गका लागि उत्प्रेरित गरिरहने अधिकारी स्थितप्रज्ञ प्रतिभा हुनुहुन्थ्यो । यो गुण विद्याकै गहिराइमा डुबेको र विद्या आर्जनले सम्पूर्ण मानव बनेको असल व्यक्तिमा मात्र पाइने गुण हो, जुन राधाकृष्ण अधिकारीमा वस्तुनिष्ठ भएर रहेको थियो ।

५. मानवतावादी महापुरुष

मानव मानवका लागि हितकर हुनुपर्छ । अध्ययन, अनुसन्धान पद प्रतिष्ठाले व्यक्तिको व्यक्तित्व उच्चपदस्थ होला तर मानवीय पहिचान कुनै पनि महापुरुषले छोड्नुहुँदैन । हो, प्रा. डा. अधिकारी मानवताका पुजारी हुनुहुन्थ्यो । आफ्नो कर्ममा पूर्ण समर्पित, दायित्वबोधबाट परिचित डा. अधिकारीले जुन पद र गरिमामा आफूलाई पाउनुभयो त्यहाँ रहँदा बस्दा मानवीय धर्म, कर्मकौशल, सेवाभाव, सहयोगी सिप आदि अभिव्यञ्जित गराउनुभयो । अनुज पुस्ता र अग्रज पुस्तासँगको समन्वयमा संस्था परिचालन गर्ने, पियनदेखि हाकिमसम्मलाई मानवीय गुणदोष र कामका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारमा मूल्याङ्कन गर्ने डा. अधिकारी मानवतावादी महापुरुष हुनुहुन्थ्यो। हामी भर्खरै वाल्मीकि विद्यापीठमा प्रवेश गर्दै गर्दा कैयन कृति लेखेका विभिन्न पदहरूमा रही आफ्नो कार्यकौशल प्रस्तुत गरेका ती सिद्ध महापुरुषमा कुनै उच्चताको अहं कहिल्यै देखिएन, महसुस गरिएन। सबैलाई सद्भाव राखेर आत्मीय व्यवहार गर्ने अनावश्यक चियो चर्चा वा कसैको पक्षविपक्षमा टीकाटिप्पणी नगर्ने, कुनै पद वा प्रतिष्ठाका लागि राग वा विराग प्रदर्शन नगर्ने, निश्चित समयमा आफ्नो कार्यक्षेत्रमा पुग्ने र आफ्ना संस्थागत दायित्व पूरा गरेर निश्चित समयमा आवासमा फर्किने, एउटा व्यक्तित्व सुहाउँदो पोसाक धारण गर्ने प्रा. डा. अधिकारीमा असल मानवीय गुणको प्राचुर्य थियो र तदनुकूलको वहाँको आचरणले वहाँलाई अनुकरणीय एवं अनुसरणीय मानवतावादी व्यक्तित्वका रूपमा चिनाएको छ।

६. बहुआयामिक व्यक्तित्व

प्रा.डा. राधाकृष्ण अधिकारीलाई समाजले विभिन्न आयामबाट चिनेको छ। धार्मिक कृत्याकृत्यका बारेमा केही जिज्ञासा रह्यो डा. अधिककारी पुकारिन गए। समाजव्यवस्थामा धर्मशास्त्रको साधन र साध्यका सम्बन्धमा केही जटिलता देखिए डा. अधिकारी गुहारिन पुगे। वनारसमा आफूले अध्ययन गरेकै विद्यालयको अध्यापक हुनु वहाँको सरल, प्रतिभावान् र अनुशासित विद्यार्थीकै पारितोषिक हो। नेपालमा आएपछि पनि संस्कृत प्रधान पाठशालाको माध्यमिक शिक्षक, त्रिभुवनविश्वविद्यालयको उपप्राध्यापक, धर्मशास्त्र शिक्षण समितिको अध्यक्ष, संस्कृत अध्ययन संस्थानको सहायक डीन, निमित्त डीन, सहप्राध्यापक, प्राध्यापक, वाल्मीकि विद्यापीठको प्राचार्य, विभागाध्यक्ष लगायतका प्राज्ञिक पदहरू र अन्य सामाजिक राष्ट्रिय दायित्वमा वहाँले गरेका बहुविध योगदानहरूको फेहरिस्ताले डा. अधिकारीलाई बहुआयामिक प्रतिभाका रूपमा स्थापित गरेको छ। प्रशासनिक दायित्वका यी विविध भूमिका वरण गर्दागर्दै पनि मनुस्मृति, मीमांसापरिभाषा, नेपाली संस्कृतिमा धार्मिक पर्वविमर्श, धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्, धार्मिक विज्ञान लगायत शोध अनुसन्धानपरक कृति र लेखरचनाहरूको सङ्ख्यागत एवं गुणात्मकताले प्रा. डा. अधिकारीको बहुआयामिक व्यक्तित्वलाई द्योतन गर्दछ। कैयन शोधार्थीलाई विद्यावारिधिसम्मको शोधनिर्देशन, विषयविशेषज्ञ, कृति/प्रतिभा/ प्रतिस्पर्शी मूल्याङ्कनकर्ता, विभिन्न गोष्ठीका आयोजक, प्राज्ञिक परिषद्, अनुसन्धान मूल्याङ्कन लगायतका कर्मसँगै अध्ययनमा पनि धर्मशास्त्र र साहित्यजस्ता बहुविधामा प्राप्त उच्च शिक्षाले राधाकृष्ण अधिकारीको बहुआयामिक व्यक्तित्वलाई प्रतिबिम्बित गरेका छन्।

७. 'सामाजिकव्यवस्थायाः साधनं धर्मशास्त्रम्' ग्रन्थावलोकन

गुरु प्रा. डा. राधाकृष्ण अधिकारीको विद्यावारिधि शोधप्रबन्धको शीर्षक 'सामाजिकव्यवस्थायाः साधनं धर्मशास्त्रम्' अर्थात् सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र हो। वि. सं. २०४९ सालमा सम्पन्न धर्मशास्त्र विषयको यस विद्यावारिधीय अनुसन्धान ग्रन्थलाई वहाँका सुयोग्य पुत्र सह प्राध्यापक शान्तिकृष्ण अधिकारी र पुत्रवधू उपप्राध्यापक वासन्ती आचार्य अधिकारीले माता सरस्वती अधिकारीको सम्मतिमा प्रकाशन गर्न लाग्नुभएको छ। एउटा प्राज्ञिक पिताका प्राज्ञ पुत्र र पुत्रवधूले आफ्ना अग्रजलाई गर्ने योभन्दा विशिष्ट र अनुकरणीय श्रद्धा के हुन सक्छ? धर्मशास्त्रको निचोड खिचेर नैनीका रूपमा तयार पारिएको संस्कृतको त्यस अनुसन्धान प्रबन्धलाई त्यत्तिकै विद्वान्, अनुशासित एवं आजको पुस्तका एक सशक्त शास्त्रज्ञ प्रा. डा. नुरापति पोखरेललाई नेपालीभाषामा भावानुवाद गराई प्रकाशनको आर्थिक, सामाजिक हरेक कोणबाट गुरुतर अभिभारा परिवारजनले उठाएको छ। त्यसै बेलामा सहभागी हुन पाउँदा पङ्क्तिकारले आफूलाई आफ्ना पूर्वजहरूले गरेका असल कार्यको परिणाममा पुरस्कार प्राप्त भएको ठानेको छ। मेरो धर्मशास्त्रमा पहुँच छैन। त्यसैले मैले यसको गहिराइलाई छिचोल्न सकेको छैन र सक्दिन पनि। केवल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुप्रतिको सम्मानभाव व्यक्त गर्ने अवसरका रूपमा लिएर यस कृतिका बारेमा सामान्य पाठकीय अवधारणामात्र प्रस्तुत गरेको छु। विज्ञ पाठकले मूल कृतिबाट नै तत्त्वबोध गर्नुहुनेछ।

धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो भन्ने तथ्य शीर्षकबाटै स्पष्ट छ। बाटो फरक फरक भए पनि गन्तव्य एउटै हो भन्ने भाव व्यक्त गर्ने शिवमहिम्नस्तोत्रमा विद्यमान पुष्पदन्तको **'रुचीणां वैचित्र्यादृजुकुटिलनापथजुषां नृणामेको गम्यः०'** उक्ति स्मरणीय हुन आउँछ। समाज, जाति, धर्म, भूगोल, खानपान, वेशभूषा, रहनसहन, रीतिरिवाज र जीनवनपद्धति पृथक् पृथक् छन् तर धर्म एउटै छ। त्यो धर्म हो मानवमात्रको कल्याण र प्राणीमात्रको हित। **'परोपकारः पुण्याय पापाय परपीडनम्'** भन्ने उक्तिलाई अठार पुराणको निष्कर्षका रूपमा त्यसै उपस्थापन गरिएको होइन। धार्मिक समाजले नै समुन्नत राष्ट्र र **'वसुधैव कुटुम्बकम्'**को भावलाई आत्मसात् गर्न सक्छ। धर्मशास्त्रको गहन गम्भीर अध्ययन पछिको निष्कर्ष हो 'सामाजिकव्यवस्थायाः साधनं धर्मशास्त्रम्' अर्थात् सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र शीर्षक। यस शीर्षकमा रहेका तथ्यको पुष्टिका लागि प्राध्यापक राधाकृष्ण अधिकारीले झन्डै छ सय पृष्ठ खर्चनुभएको छ। हामीलाई मानव बनाउन र असल मानव नै ईश्वरमा रूपान्तरण हुन्छ भन्ने सत्य बोध गराउन अनेकौँ ग्रन्थहरूको अध्ययन गरी प्रमाण जुटाउनु अनुसन्धाता डा. अधिकारीलाई पक्कै सहज थिएन, तर आज हामी सौभाग्यशाली छौँ; श्रुति, स्मृति र पुराणका सारका रूपमा यो कृति आएको छ र हामीलाई निर्धक्क मार्गनिर्देशन गरेको छ- सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र हो भनेर।

८. उपसंहार

'धर्मो रक्षति रक्षितः' वेदोऽखिलो धर्ममूलम्' 'वयं राष्ट्रे जागृयामः' 'शरीरमाद्यं खजु धर्मसाधनम्' जस्ता सूक्तिहरू हामीले पढ्दै र सुन्दै आएका छौं। यी सूक्तिहरू चार वेद, अठार पुराण, ब्राह्मण, आरण्यक, उपनिषद् आदि ग्रन्थहरूलाई पचाएर लेखिएका हुन्। धर्मशास्त्र सामाजिक व्यवस्थाका लागि साधन हुन सक्छ भन्ने कुरा विभिन्न प्रमाणद्वारा पुष्टि गरिएको यो ग्रन्थ आफैमा पूर्ण छ। यसमा अनुसन्धानमा वर्तमानमा प्रचलित नियमहरू हुबहु प्रयोग भएका छैनन् होला, तर तात्कालिक समयमा प्रचलित अनुसन्धान पद्धतिको पूर्णतः प्रयोग गरिएको छ। आफ्ना जिज्ञासालाई शास्त्रसम्मत ढङ्गले सप्रमाण पुष्टि गरिएको छ। धर्मशास्त्रसित सम्बद्ध शोधप्रबन्ध भएकाले यसको मूल कलेवर संस्कृत भाषामा हुनु स्वाभाविकै हो। अत्यन्त परिष्कृत एवं परिमार्जित संस्कृत भाषामा लेखिएको कृति गुणगरिम र गम्भीर बनेको छ। यसको भाषानुवाद पनि गम्भीर प्रकृतिकै रहेको छ। आजको पुस्तामा प्रा. नुरापतिजस्ता कुनै संस्कृत मनीषीले मात्र यसप्रकारको भावानुवाद गर्ने सामर्थ्य राख्छन्। सत्पात्रका सहयोगबाट कृतिलाई समाजोपयोगी बनाई सर्वसाधारणका पहुँचमा पुऱ्याउने महनीय कार्य भएको छ। कृति कति उपयोगी र महत्त्वपूर्ण छ, वा थियो भन्नुभन्दा पनि अधिकारी परिवारले यसलाई बाहिर ल्याउने जुन महती कार्यमा हात हाल्यो र कर्म अधि बढायो त्यो नै महत्त्वपूर्ण छ। प्राध्यापक राधाकृष्ण एवं सरस्वती अधिकारीले प्रदान गरेका संस्कार र सभ्यताको परिचायक बनेर वहाँकै पदचापमा अघिबढ्नुभएका विद्यावारिधि उन्मुख शान्तिकृष्ण अधिकारी, वसन्ती अधिकारी र वहाँका सन्ततिहरूको समेत यसमा योगदान रहेको छ। **'कीर्तिर्यस्य स जीवति'** कहाँ त्यसै भनिएको हो र ? अन्य भौतिक कीर्तिभन्दा पनि यो प्राज्ञिक कृतिको जुन महायज्ञ सम्पन्न हुँदैछ यसको सानो सहयोगी हवि मात्र बन्ने अवसर प्राप्त भएको छ। यसका लागि पनि सम्बद्ध अधिकारी परिवार विशेष गरी प्रियमित्र शान्तिकृष्णप्रति आभार अर्पण गर्दै मेरा वाणीलाई विश्राम दिन्छु। **सर्वे भवन्तु सुखिनः।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

प्रकाशकीय	सहप्रा. शन्तिकृष्ण अधिकरी एवं वसन्ती आचार्य	२
सम्पादकीयम्	प्रा. डा. नुरापति पोखरेल	३
श्रेयःप्राप्तिका निमित्त प्रेरक धर्म	प्रा. डा. गोविन्दप्रसाद आचार्य	१२
धर्मशास्त्रीय समाजका उन्नायक प्रा. डा. राधाकृष्ण अधिकारी	प्रा. डा. भागवत ढकाल	२४

विषयसूची	१
शोधनिर्देशकस्य सम्मतिः- (शोधनिर्देशकको सम्मति)	१३
विशेषज्ञस्य सम्मतिः- (विशेषज्ञको सम्मति)	१४
विशेषज्ञस्य सम्मतिः- (विशेषज्ञको सम्मति)	१५
अनुसन्धानप्रबन्धस्य सारांशः- (अनुसन्धान प्रबन्धको सारांश)	१६
कृतज्ञतावेदनम्- (कृतज्ञता ज्ञापन)	१९
भूमिका- (भूमिका)	२०
संक्षिप्ता सङ्केतसूचिः- (शोधप्रबन्धमा प्रयुक्त संक्षिप्त सङ्केत सूची)	२४

धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्

प्रथमोऽध्यायः

समाजः- (समाज)	४
व्यवस्था (व्यवस्था)	१०
..... (साधनको चर्चा)	२०
{साध्यं साधनञ्च- (साध्य एवं साधन)}	२२
धर्मस्वरूपनिरूपणम्- (धर्मको स्वरूप निरूपण)	२३
धर्मस्य ज्ञापका हेतवः- (धर्मका ज्ञापक हेतुहरू)	२३
धर्मस्य कारकहेतवः- (धर्मका कारक हेतुहरू)	२५
धर्मस्यानुष्ठेया पदार्थाः- (धर्मका लागि गर्नुपर्ने कार्यहरू)	२८
साधारणधर्मः- (साधारणधर्म)	३१
सार्ववर्णिको धर्मः- (सबै वर्णले पालन गर्नुपर्ने धर्म)	३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमधर्मः- (परमधर्म) ३२
परमधर्म उपधर्मश्च- (परम धर्म एवं उपधर्म) ३२
साधारणपरमधर्मः- (साधारण परमधर्म) ३३
धर्मस्य द्वैविध्यम्- (दुई प्रकारका धर्म) ३३
वैदिकधर्मे भेदः- (वैदिक धर्मका भेद) ३४
स्मार्तधर्मे भेदः- (स्मार्तधर्मका भेद) ३४
वेदमूलकधर्मे भेदः- (वेदमूलक धर्मका भेद) ३४

द्वितीयोऽध्यायः

(प्रमेयनिरूपणाध्यायः)

धर्मशास्त्रस्य व्यवस्थास्थापकत्वम्- (धर्मशास्त्रको व्यवस्थास्थापकत्व) ३९
यौवनस्याव्यवस्थितिहेतुत्वम्- (यौवन अव्यवस्थाको कारण हो) ४०
धनसम्पदामव्यवस्थितिहेतुत्वम्- (धनसम्पत्ति अव्यवस्थाको कारण हो) ४०
प्रभुत्वस्याव्यवस्थितिहेतुत्वम्- (प्रभुता अव्यवस्थाको कारण हो) ४१
अविवेकित्वस्याव्यवस्थितेर्हेतुत्वम्- (अविवेक अव्यवस्थाको कारण हो) ४१
अज्ञानमव्यवस्थितेर्हेतुः- (अज्ञान अव्यवस्थाको कारण हो) ४३
असंयमितानीन्द्रियाण्यव्यवस्थोत्पादकानि- (अनियन्त्रित इन्द्रियहरू अव्यवस्थाका उत्पादक हुन्) ४६
नियन्त्रणभेदाः- (नियन्त्रणका भेद) ५०
अप्रत्यक्षनियामकतत्त्वानि- (अप्रत्यक्ष नियामक तत्त्वहरू) ५१
{एकं कर्म फलद्वयस्य साधनम्- (एउटै कार्य दुई ओटा फलको साधन हुन्छ)} ५२
धर्मस्य भेदाः- (धर्मका भेद) ५७
श्रौतो धर्मः- श्रौतधर्म ५८
वेदस्य (श्रुतेः) भेदाः- (वेदका भेद) ५८
विधिः- (विधि) ५८
उत्पत्तिविधिः- (उत्पत्तिविधि) ६१
विनियोगविधिः- (विनियोगविधि) ६१
प्रयोगविधिः- (प्रयोगविधि) ६१
अधिकारविधिः- (अधिकारविधि) ६२
राजसूययागानुष्ठाने राज्ञ एवाधिकारः- (राजालाई मात्र राजसूय यज्ञ गर्ने अधिकार हुन्छ) ६३
विद्यावान् अधिकारी- (विद्या भएको अधिकारी हुन्छ) ६९
वेदाध्ययनं कर्तव्यम्- (वेदको अध्ययन गर्नुपर्छ) ७२
विद्याया निधित्वम्- (विद्या निधि हो) ७८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानं सर्वार्थसाधकम्- (ज्ञान सबै कार्यको साधक हो) ८२
विद्या प्रज्ञालोकस्य जननी- (विद्या प्रज्ञालोकको जननी हो) ८४
स्वाध्यायात्षोडशपदार्थप्राप्तिः- (स्वाध्यायबाट सोह्र प्रकारका पदार्थ प्राप्त हुन्छन्) ८७
अग्निमतोऽधिकारः- (अग्निले युक्त भएका पुरुषको अधिकार) ८७
जन्मना स्वत्वम्- (जन्मैबाट पैतृक सम्पत्तिमा आफ्नोपन (अधिकार) हुन्छ) ९०
{परम्पराप्राप्ते धने पितापुत्रयोः समानाधिकारः-
परम्पराबाट (पुर्खाबाट) प्राप्त भएको सम्पत्तिमा पिता र पुत्रको अधिकार समान हुन्छ)} ९०
सामर्थ्यस्याधिकारिविशेषणत्वम्- (सामर्थ्य अधिकारीको विशेषण हुन्छ) १०६
मन्त्राः- (मन्त्रहरू) १०७
नामधेयम्- (नामधेय) ११०
तत्प्रख्यन्यायेन नामत्वम्- (तत्प्रख्यन्यायद्वारा नामधेयता) ११०
तद्व्यपदेशन्यायेन नामत्वम्- (तद्व्यपदेशन्यायद्वारा नामधेयता) १११
मत्वर्थलक्षणाभयान्नामधेयत्वम्- (मतुप् अर्थमा लक्षणा गर्नुपर्ने भयले गरिने नामधेयता) १११
वाक्यभेदभयान्नामधेयत्वम् –
(वाक्यमा भेद हुने (दुईओटा वाक्य मान्नुपर्ने) भयले गरिने नामधेयता) ११२
..... (उत्पत्तिशिष्टगुणबलीयस्त्व) ११३
निषेधाः- (निषेधहरू) ११७
अर्थवादः- (अर्थवाद) ११७
स्मार्तो धर्मः- (स्मार्तधर्म) १२४
द्विजानामुपनयनकालः- (द्विजहरूको उपनयन (व्रतबन्ध गर्ने) समय) १२५
{द्विजानामुपनयने गौणः कालः- (द्विजहरूको उपनयनका लागि गौण समय)} १२५
व्रात्यताप्राप्तिकालः- (व्रात्यता प्राप्ति समय) १२६
द्विजानामुपनयने काम्यकालः- (द्विजहरूको उपनयन (व्रतबन्ध गर्ने) काम्य समय) १२६
कृतोपनयनो द्विजोऽधकारी - (उपनयन संस्कार भएको द्विज अधिकारी हुन्छ) १२६
षड्विधो स्मार्तधर्मः- (छ प्रकारका स्मार्त धर्म) १२७
धर्मशास्त्रप्रयोजकाः- (धर्मशास्त्रका प्रयोजकहरू/प्रणेताहरू) १२७
{विवेचनेन दृष्टफलाश्रयणम्- (विवेचनाले दृष्टफलको आश्रय लिनुपर्छ)} १२८
द्विजानां मन्त्रपूर्वकः संस्कारः- (द्विजहरूको संस्कार मन्त्रपूर्वक हुन्छ) १३५
संस्कारलक्षणम्- (संस्कारको लक्षण) १३५
संस्कारभेदाः- (संस्कारका भेद) १३६
संस्कारस्य भेदद्वयम्- (दुई प्रकारका संस्कार) १३६
सत्वात्मसंस्कारः (जीवात्मसंस्कारः)- (सत्वात्मसंस्कार /जीवात्मसंस्कार) १३७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मनस्त्रयः- (तीन प्रकारका आत्मा) १३७
दोषमार्जनसंस्कारः- (दोषमार्जन-संस्कार) १३८
स्वस्त्ययनसंस्कारः- (स्वस्त्ययनसंस्कार) १३९
गुणाधानसंस्कारः- (गुणाधानसंस्कार) १३९
ब्राह्मसंस्कारभेदाः- (ब्राह्मसंस्कारका भेद) १४०
..... (आत्माका आठ गुण) १४२
स्रस्तरारोहणं कर्म- (स्रस्तरारोहण कर्म) १४५
मनुनिर्दिष्टाः संस्काराः- (मनुद्वारा निर्देश गरिएका संस्कारहरू) १४७
चान्द्रमासस्य दर्शान्तत्वोपपत्तिः- (चान्द्रमास अमावास्यामा समाप्त हुन्छ भन्ने युक्ति) १५२
चान्द्रमासस्य पौर्णमासान्तत्वोपपत्तिः- (चान्द्रमास पूर्णिमामा समाप्त हुन्छ भन्ने युक्ति) १५३
..... (याज्ञवल्क्यको संस्कार-सम्बन्धी धारणा) १५५
संस्कारप्रयोजनम्- (संस्कारहरूको प्रयोजन) १६५
विधायकवाक्यानामुद्देश्यम्- (विधायक वाक्यहरूको उद्देश्य) १७०
प्रतिबन्धकहेतवः- (बाधक कारणहरू) १७१
प्रतिबन्धनिराकरणोपायाः- (बाधक कारणहरूलाई हटाउने उपायहरू) १७२
विलक्षणपुत्रोत्पत्तिः- (विलक्षण सन्तानको उत्पत्ति) १७२
विलक्षणपुत्रोत्पत्तेः कारणानि- (विलक्षण पुत्र उत्पन्न गराउने साधनहरू) १७२
कालस्य गुणवद्द्रव्योत्पादकत्वम्- (काललेे (समयले) गुणले युक्त भएका वस्तु उत्पन्न गराउँछ) १७३
कालस्य शुद्धिसाधनत्वम्- (समय शुद्धिको साधन हो) १७५
कार्यस्योपत्तिराख्याता यादृशं कारणं तथा- (कारण जस्तो हुन्छ त्यस्तै कार्यको उत्पत्ति हुन्छ) १८२
{असंस्कृतः पशुसमानः आसक्त्याहारनिद्रादिषु प्रवर्तते-
(संस्कार नगरिएको पुरुष पशुसमान हुन्छ र आशक्तिका कारण आहार निद्रा आदिमा प्रवृत्त हुन्छ)} १८५
असंस्कृतेषु भोगासक्तिः- (असंस्कृतमा भोगप्रतिको आसक्ति हुन्छ) १८५
{गर्भोपधातकदोषेभ्यो मुक्तिर्देवपितृकार्यार्हता-
(गर्भका कारण उत्पन्न हुने दोषबाट मुक्ति र देवकार्य एवं पितृकार्यमा योग्यता)} १९६
ब्राह्मदैवसंस्कारयोः ऋषिसायुज्यं देवसायुज्यं च प्रयोजनम्- १९७
(ब्राह्मसंस्कार र दैवसंस्कारको प्रयोजन ऋषिसायुज्य एवं देवसायुज्य हो) १९७
अधिकारप्राप्तिरुपनयनप्रयोजनम्- (उपनयनसंस्कारको प्रयोजन अधिकारप्राप्ति) १९८
उपनयनव्रतस्य नित्यकाम्यरूपत्वम्- (उपनयन संस्कार नित्य एवं काम्य दुवै हुन्छ) २०१
विवाहसंस्कारप्रयोजनम्- (विवाहसंस्कारको प्रयोजन) २०३
{असंस्कृतायां समुत्पन्नोऽनिष्टकारकः- (असंस्कृत महिलामा उत्पन्न सन्तान अनिष्ट कारक हुन्छ)} २०३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

{व्यवस्था वाव्यवस्थापि स्त्रीपुम्मूलात्मिका मता-
(व्यवस्था एवं अव्यवस्था दुवैको मूल स्त्रीलाई एवं पुरुषलाई मानिन्छ-)} २०४
फलं तत्र विवाहस्याप्रत्यक्षं च व्यवस्थितिः- (विवाहसंस्कारको अप्रत्यक्ष प्रयोजन सुव्यवस्था हो) २०८
अधिकारी स्त्रिया युक्तश्चतुर्वर्गोपलब्धये- (पत्नीले युक्त भएको पुरुष चतुर्वर्ग प्राप्त गर्ने अधिकारी हुन्छ) २१४
विवाहभेदाः- (विवाहका भेद) २१६
रजःशुक्रयोर्विशुद्धिः- (रज एवं शुक्रको शुद्धि) २१८
मानवरक्षको धर्मः- (मनुष्यको संरक्षक (रक्षा गर्ने) धर्म) २१९
{समुचितव्यवसायस्य समीचीनं फलम्- (राम्रा कामको राम्रो परिणाम निस्कन्छ)} २२०
रागान्धप्रवृत्तिः- (रागान्धहरूको प्रवृत्ति) २२१
सामाजिकव्यवस्थायाः कृते शास्त्रज्ञानमावश्यकम्-
(सामाजिक व्यवस्थाका लागि शास्त्रज्ञानको आवश्यकता) २२२
मनसो वृत्तिस्तत्फलं च- (मनको वृत्ति र त्यसको फल) २२२
बलज्ञानयोर्वृद्धिः- (बल र ज्ञानको वृद्धि) २२३
दैव्यासुरीवृत्त्योरात्मानात्मभावः- (दैवी र आसुरी वृत्तिको क्रमशः आत्मभाव र अनात्मभाव) २२४
दैव्या आसुर्याश्च शक्तिवृद्धेरुपायाः- (दैवी र आसुरी शक्ति बढाउने उपायहरू) २२५
दैवीसम्पदः- (दैवी सम्पत्तिहरू) २२५
आसुरीसम्पदः- (आसुरी सम्पत्तिहरू) २२६

तृतीयोऽध्यायः

अभीष्टेषु प्रवृत्तिर्हि निवृत्तिरनभीष्टतः ।
तद्धर्मशास्त्रं कुरुते व्यवस्थास्थापिके ह्युभे ।।

वर्णाश्रमधर्मरक्षणं राज्ञः कर्तव्यम्- (वर्णाश्रमधर्मको संरक्षण गर्नु राजाको कर्तव्य हो) २२८
वर्णाश्रमधर्मरक्षणं दण्डस्य कर्तव्यम्- (वर्ण एवं आश्रमका धर्मको संरक्षण गर्नु दण्डको कर्तव्य हो) २२९
त्रिवर्गस्य दण्डरूपत्वम्- (त्रिवर्ग (धर्म, अर्थ एवं काम) को दण्डरूपता) २३२
प्रत्यक्षाप्रत्यक्षदण्डभयात् पापानाचरणम्- (प्रत्यक्ष एवं अप्रत्यक्ष दण्डको डरले पाप नगर्नु) २३३
गृहस्थस्य कृते विहिता धर्माः- (गृहस्थका लागि पालन गर्नुपर्छ भनी बताइएका धर्महरू) २३६
गृहस्थाश्रमिणो लोकोपकारकाणि कर्माणि- (गृहस्थद्वारा गरिने लोकोपकारक कार्यहरू) २३६
गृहस्थधर्माणां लोकोपकारकत्वम्- (गृहस्थहरूद्वारा गरिने धर्मको लोकोपकारकता) २३७
श्रौतस्मार्तकर्मानुष्ठानाग्निः- (श्रौत एवं स्मार्त कर्म सम्पादन गर्न आवश्यक पर्ने अग्नि) २३७
गृहस्थानुष्ठितहोमफलम्- (गृहस्थद्वारा सम्पादन गरिएका हवनको फल) २४१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूतेभ्यो बलिदानमप्युपकृतिं जनयति-
(प्राणीहरूलाई गरिएको बलिदानले (भूतयज्ञले) पनि उपकार गर्छ) २४३
पितृतर्पणमप्युपकृतिं जनयति- (पितृहरूको तर्पणले (पितृयज्ञले) पनि उपकार गर्छ) २४४
मनुष्ययज्ञोऽप्युपकृतिं जनयति- (मनुष्ययज्ञले पनि लोकको उपकार गर्छ) २४४
गृहस्थस्य कृतेऽनुष्ठेयत्वेन विहितयागहोमभेदाः-
(गृहस्थहरूलाई सम्पादन गर्नुपर्छ भनी विधान गरिएका याग एवं होमका भेद) २४८
नैमित्तिको होमः- (नैमित्तिक होम) २४९
काम्यो होमः- (काम्य होम) २५२
काम्यहोमस्य त्रैविध्यम्- (तीन प्रकारका काम्य होम) २५५
केवलमैहिकफलको होमः- (यस लोकमा मात्र उपकृत बनाउने हवन) २५५
आमुष्मिकफलकः काम्यो होमः- (परलोकमा मात्र फलको उपभोग गरिने काम्य हवन) २५६
ऐहिकामुष्मिकफलकः काम्यो होमः-
(यस लोकमा र परलोकमा उपयोग गरिने फल प्रदान गर्ने हवन) २५६
गृहस्थेनानुष्ठीयमानयागस्य त्रैविध्यम्- (गृहस्थद्वारा सम्पादन गरिने तीन प्रकारका याग) २५९
नित्यत्वेनानुष्ठेया यागाः- (नित्ययज्ञका रूपमा सम्पादन गर्नुपर्ने पाँच महायज्ञहरू) २६०
नैमित्तिकत्वेनानुष्ठेययागोदाहरणम्- (नैमित्तिकरूपमा गर्नुपर्ने यागहरूको उदाहरण) २६४
काम्यत्वेनानुष्ठेया यागाः- (कामना भएका अवस्थामा सम्पन्न गर्नुपर्ने यागहरू) २६४
नित्ययागानुष्ठानाधिकारी- (नित्ययाग गर्ने अधिकारी) २६५
काम्ययागनुष्ठानाधिकारी- (काम्ययागानुष्ठानका अधिकारी) २६५
पञ्चमहायज्ञानामपि काम्यत्वविचारः- (पाँच प्रकारका महायज्ञहरूको पनि काम्यत्व विचार) २६६
कर्मानुष्ठानात् फलनिष्पत्तिः- (कर्मको अनुष्ठानबाट फलको निष्पत्ति हुन्छ) २७५
मोक्षकामनया प्रवृत्तिः- (मोक्षका आकाङ्क्षाले प्रवृत्ति) २७८
धर्मो मोक्षं गमयति- (धर्मले मोक्षमार्गसम्म पुऱ्याउँछ /धर्मबाट मोक्ष प्राप्त हुन्छ) २७९
मोक्षसाधकाः धर्माः- (मोक्षका साधनका रूपमा रहेका धर्म) २८१
न निमित्तभेदात्फलभेदः- (उद्देश्यगत भिन्नताले परिणाममा फरक पार्दैन) २८४
लोकहितावहकृत्यप्रवृत्तिः- (लोकलाई हित गर्ने कार्यमा प्रवृत्ति) २९०
गृहस्थमनुष्ठानाय प्रवर्तकौ भेदौ- (गृहस्थहरूलाई अनुष्ठान गर्न प्रवृत्त गराउने प्रवर्तकका भेद) २९०
गृहस्थं प्रति धर्मदण्डस्य प्रवर्तकत्वम्-
(गृहस्थलाई अनुष्ठानका लागि धर्मदण्डद्वारा प्रवृत्त गराउने कार्य) २९०
धर्मदण्डस्य प्रीत्या नियामकत्वम्- (धर्मदण्डले प्रेमपूर्वक नियन्त्रण गर्छ) २९१
विधीनां हितावहकृत्येषु प्रवर्तकत्वम्- (विधिवाक्यहरूले हितकर कार्यमा प्रवृत्त गराउँछन्) २९२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यक्षाप्रत्यक्षतया विहितयोर्दण्डयोः प्रयोजनम्-
(प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा विधान गरिएका दण्डको प्रयोजन) २९६
आचारस्योपकृतिजनकत्वम्- (सदाचारको पालनले उपकार गर्दछ) २९६
व्यक्तेरुपकृतिजनका आचाराः- (व्यक्तिको उपकार गर्ने आचारहरू) २९९
व्यक्तेरनुशासनजनका आचाराः- (व्यक्तिमा अनुशासन उत्पन्न गराउने आचारहरू) २९९
समाजस्यानुशासनजनक आचारः- (समाजलाई अनुशासनको शिक्षा दिने आचार) ३००
समाजस्योपकृतिजनका आचाराः- (समाजलाई उपकार गर्ने आचारहरू) ३००
सदाचारपरिपालनस्यैहिकं फलम्- (सदाचार पालनबाट यस लोकमा प्राप्त हुने फल) ३०१
वपुषो निरोगित्वं सदाचारफलम्-
(शरीरको निरोगिता सदाचारको फल हो (सदाचारको पालन गर्ने हो भने शरीर स्वस्थ रहन्छ) ३०६
सदाचारानुष्ठानस्य प्रयोजनम्- (सदाचार पालन गर्नका उद्देश्य) ३०८
धर्मानुष्ठानादनेकफलप्राप्तिः- (धर्मको अनुष्ठानबाट अनेकौँ फल प्राप्त हुन्छन्) ३१९
राज्ञैव धर्मस्य व्यवस्थास्थापकत्वम्– (धार्मिक व्यवस्था स्थापना गर्ने काम राजाले नै गर्नुपर्छ) ३२४
विनिपातभेदौ- (विनिपातका (पतनका) भेद) ३२५
ऐहिको विनिपातश्चानेकविधः- (ऐहिक विनिपात अनेक प्रकारको हुन्छ) ३२६
१) दैवो विनिपातः- (दैवबाट गराइएको विनिपात) ३२६
क) देहविकलता- (देहविकलता) ३२६
ख) कर्मविकलता- (कर्मविकलता) ३२६
२) राजजनितो विनिपातः- (राजाबाट गराइएको विनिपात ३२७
३) मनुष्यजनितो विनिपातः- (मनुष्यबाट गराइएको विनिपात) ३२७
मङ्गलं समनुष्ठेयं विनिपातनिवृत्तये- (विनिपातबाट बच्न माङ्गलिक कृत्य सम्पादन गर्नुपर्छ) ३२७
स्वभावानुसारिणी प्रवृत्तिः- (स्वभाव अनुसारको प्रवृत्ति) ३२९
त्रिभिर्द्वारैः समुत्पन्नानि त्रिविधानि कर्माणि- (तीनओटा माध्यमले निष्पन्न हुने तीन प्रकारका कर्म) ३३०
आराधनाप्रकारस्य भिन्नत्वं कर्मणि स्थितम्- (कर्मका आराधनाका प्रकारमा रहेको भिन्नता) ३३१
ब्रह्मक्षत्रयोर्व्यवस्थाधायिका शक्तिः- (ब्राह्मणमा र क्षत्रियमा रहेको व्यवस्थाधायक शक्ति) ३३३
जागतिककर्माणि परस्परहितकारकाणि- (जगत्मा हुने कर्महरू परस्परमा हितकारक हुन्छन्) ३३५
प्रवृत्तिर्जायते पुंसां श्रेयसः प्राप्तये ध्रुवम्– (पुरुषको प्रवृत्ति श्रेयःप्राप्तिका लागि हुन्छ) ३३८
श्रेष्ठत्वं ब्राह्मणस्यापि व्यवस्थाधायकैर्गुणैः
(व्यवस्थाधायक गुणद्वारा ब्राह्मणको पनि श्रेष्ठता सिद्ध हुन्छ) ३३९
आर्षकर्म सर्वथैव लोककल्याणकारकम्-
(ऋषिहरूका क्रियाकलाप सबै प्रकारले लोकका लागि कल्याणकारक थिए) ३४१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थोऽध्यायः

राजदण्डस्य परुषवृत्त्या नियामकत्वम्- (राजदण्डले कठोर व्यवहारका माध्यमले नियमन गर्दछ) ३४९
व्यवहारस्य स्वरूपम्- (व्यवहारको स्वरूप) ३५०
अष्टादशव्यवहारपदानि– (अठार प्रकारका व्यवहारका विषयहरू) ३५२
धर्मदण्डस्यैहिकत्वम्– (धर्मदण्डको ऐहिकता (धर्मदण्डले यस लोकमा पनि फल दिन्छ) ३५९
विवादार्थश्चतुष्पादः- (चार चरण भएको विवाद समाधान गर्ने उपाय) ३६१
धर्म एक उपायः- (विवाद समाधान गर्ने एउटा (पहिलो) उपाय- धर्म) ३६२
व्यवहारः अपर उपायः- (व्यवहार विवाद मिलाउने दोस्रो उपाय हो) ३६३
प्रमाणं द्विविधम्- (प्रमाण दुई प्रकारको हुन्छ) ३६३
मानुषप्रमाणं त्रिविधम्- (मानुषप्रमाण तीन प्रकारको हुन्छ) ३६३
लेख्यं प्रमाणं द्विविधम्- (लेख्य प्रमाण दुई प्रकारको हुन्छ) ३६४
चीरकं लेख्यम्- (चीरक लेख्य) ३६६
जानपदलेख्यभेदौ- (जानपद लेख्यका भेद) ३६७
भोगप्रमाणम्– (भोगप्रमाण (भोगचलन)) ३६७
आगमभोगयोः प्राबल्यम्- (आगम र भोगको प्रबलता) ३६९
साक्षिप्रमाणम्– (साक्षिप्रमाण) ३७१
साक्षिभेदौ– (साक्षीका भेद) ३७१
साक्षिणां स्वरूपम्– (साक्षीहरूको स्वरूप) ३७२
मानुषप्रमाणाभावे दिव्यं प्रमाणम्- (मनुष्य प्रमाणका अभावमा दिव्य प्रमाण) ३७४
{दिव्यप्रमाणभेदाः- (दिव्य प्रमाणका हरू)} ३७४
महाभियोगः- (महाभियोग) ३७५
स्वल्पाभियोगः- (स्वल्पाभियोग) ३७६
चरित्रम्–तृतीय उपायः- (चरित्र- तेस्रो उपाय) ३७७
राजशासनम् (चतुर्थ उपायः)- (राजशासन- विवाद समाधान गर्ने चौथो उपाय) ३७९
राज्याङ्गानि– (राज्यका अङ्गहरू) ३८२
राज्ञः समनुष्ठेयधर्माः- (राजाले गर्नुपर्ने कर्तव्य) ३८७
राजकारणात् कालप्रवृत्तिः- (राजाकै कारण काल (समय) प्रवृत्त हुन्छ) ३८९
दण्डनीतिशब्दस्यार्थः- (दण्डनीति शब्दको अर्थ) ३९६
धर्मदण्डयोर्विषयवशाद्रूपभेदः- (धर्म र दण्डको विषयका भेदले रूपभेद) ३९६
राज्ञः सृष्टिर्हि लोकसंरक्षणाय- (जगत्का संरक्षकका लागि राजाको सृष्टि गरिएको हो) ३९९
दुष्टनिग्रहो राज्ञः कर्तव्यः- (दुष्टहरूको दमन गर्नु राजाको कर्तव्य हो)
.....(अठार प्रकारका व्यवहारपद) ४०६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋणादानाख्यव्यवहारपदम्- (१. ऋणादान नामको व्यवहारपद) ४०८
निक्षेपाख्यव्यवहारपदम्- (२. निक्षेप नामको व्यपहारपद) ४०९
अस्वामिविक्रयाख्यव्यवहारपदम्- (३. अस्वामिविक्रय नामको व्यवहारपद) ४०९
सम्भूयसमुत्थानाख्यव्यवहारपदम्- (४. सम्भूयसमुत्थान नामको व्यवहारपद) ४१०
दत्तानपकर्माख्यव्यवहारपदम्- (५. दत्तस्यानपकर्म नामको व्यवहारपद) ४११
वेतनादानाख्यव्यवहारपदम् – (६. वेतनादान नामको व्यवहारपद) ४१२
संविद्व्यतिक्रमाख्यव्यवहारपदम्- (७. संविद्व्यतिक्रम नामको व्यवहारपद) ४१२
क्रयविक्रयानुशयाख्यव्यवहारपदम्- (८. क्रयविक्रयानुशय नामको व्यवहारपद) ४१३
स्वामिपालविवादाख्यव्यवहारपदम्- (९. स्वामिपालविवाद नामको व्यवहारपद) ४१४
सीमाविवादाख्यव्यवहारपदम्- (१०. सीमाविवाद नामको व्यवहारपद) ४१४
दण्डपारुष्याख्यव्यवहारपदम्- (११. दण्डपारुष्य नामको व्यवहारपद) ४१४
वाक्पारुष्याख्यव्यवहारपदम्- (१२. वाक्पारुष्य नामको व्यवहारपद) ४१५
स्तेयाख्यव्यवहारपदम्- (१३. स्तेय नामको व्यवहारपद) ४१६
साहसाख्यव्यवहारपदम्- (१४. साहस नामको व्यवहारपद) ४१६
स्त्रीसङ्ग्रहाख्यव्यवहारपदम्- (१५. स्त्रीसङ्ग्रह नामको व्यवहारपद) ४१७
स्त्रीपुंसयोगाख्यव्यवहारपदम्- (१६. स्त्रीपुंसयोग नामको व्यवहारपद) ४१८
दायविभागाख्यव्यवहारपदम्- (१७. दायविभाग नामको व्यवहारपद) ४१९
द्यूतसमाह्वयाख्यव्यवहारपदम्- (१८. द्यूतसमाह्वय नामको व्यवहारपद) ४२०
दण्डरूपो धर्मः प्रत्यक्षनियामकः- (दण्डका रूपमा रहेको धर्म प्रत्यक्ष नियामक हो) ४२२
दण्डस्य मार्गप्रवर्तकत्वम्- (दण्डले सही बाटामा हिँडाउँछ) ४२६
दण्डो हि जगन्नियामकः- (दण्ड नै जगत्को नियामक (नियन्त्रण) हो) ४२७
भयाज्जनेषु दण्डस्य जायते ह्यात्मसंयमः- (दण्डको डरले मनुष्यमा आत्मसंयम उत्पन्न हुन्छ) ४२९
दण्डो नापेक्ष्यते सत्सु- (सज्जनहरूमा दण्डको अपेक्षा गरिँदैन) ४३०
असतां दण्डनिर्मितिः- (दुर्जनलाई नियन्त्रण गर्न दण्डको निर्माण गरिएको हो) ४३१
शास्त्रस्य कर्मविधिर्व्यवस्थोन्मुखः- (शास्त्रद्वारा विधान गरिएको कर्म व्यवस्थातर्फ उन्मुख हुन्छ) ४३१
वार्तमानिको दण्डविभ्रमः- (वर्तमान समयको दण्डनिग्रह) ४३५
बलवतो दुष्टस्य प्रत्यक्षग्रासः- (बलिया दुष्टहरूले बनाउने प्रत्यक्षग्रास) ४३६
बलवतोऽप्रत्यक्षग्रासः- (बलिया दुष्टहरूले बनाउने अप्रत्यक्षग्रास) ४३७
स्वधर्मप्रवृत्तिर्मर्यादामभिव्यनक्ति- (आफ्ना धर्ममा हुने झुकावले मर्यादालाई प्रकट गर्छ) ४४०
सर्वेषां धर्माणां राजमूलत्वम्- (सबै धर्मको मूल (जरो) राजधर्म हो) ४४०
अतथाभूता निग्रहानुग्रहैस्तथा विधेयाः –
(धर्माचरण नगर्नेहरूलाई निग्रह (दण्ड) एवं अनुग्रह (पुरस्कार) द्वारा धर्माचरणमा लगाउनुपर्छ) ४६२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डनीतेर्मयादास्थापकत्वम्- (दण्डनीति मर्यादाको स्थापक हो) ४६३
उभयविधदण्डप्रयोजनप्राधान्यम् (दुई प्रकारका दण्डहरूका प्रयोजनको प्रधानता निरूपण) ४६४
धर्मशास्त्रस्य सामाजिकव्यवस्थास्थापकत्वम्- (धर्मशास्त्रको सामाजिक व्यवस्था स्थापकता) ४६५
व्यवस्थाव्यवस्थितो लोको भद्रं समश्नुते- (व्यवस्थाद्वारा व्यवस्थित भएका लोकको कल्याण हुन्छ) ४६५
ज्ञानतपसोरपि प्रत्यक्षाप्रत्यक्षत्वम्- (ज्ञान एवं तपस्या पनि प्रत्यक्ष एवं अप्रत्यक्ष हुन्छ) ४६६
न हि सर्वेषां जन्यकालानां सामान्यं परिलक्ष्यते- (सबै जन्य (उत्पन्न हुने) समय एकैनासको देखिँदैन) ४६९
न हि सर्वेषां पशूनां सामान्यं परिलक्ष्यते- (सबै पशुहरूमा एकरूपता (समानता) देखिँदैन) ४७१
पक्षिष्वपि सामान्यं नोपलभ्यते- (पक्षीहरूमा पनि समानता (एकरूपता) पाइँदैन) ४७२
ओषधिष्वपि सामान्यं नोपलभ्यते- (ओषधिहरूमा पनि समानता पाइँदैन) ४७२
ब्राह्मणादिष्विव धान्येष्वपि भेदः- (ब्राह्मण आदिमा झैँ धान्यहरूमा पनि भेद हुन्छ) ४७३
अवान्तरो भेदो गुणश्च जातिं पृथक् कुरुतः-
(अवान्तर भेद एवं गुणले जातिलाई एकआपसमा अलग गराउँछ) ४७३
इन्द्रियेभ्यः समुत्पन्नं न ज्ञानं तात्त्विकं मतम्- (इन्द्रियबाट उत्पन्न ज्ञान तात्त्विक (वास्तविक) हुँदैन) ४७६
ब्राह्मणाद्यवबोधश्च शास्त्रेणैव प्रतीयते- (ब्राह्मणत्व आदिको ज्ञान शास्त्रबाट नै हुन्छ) ४७८
शास्त्रञ्चास्मान् निर्दिशति- (शास्त्रले हामीलाई निर्देशन दिन्छ) ४८०
महर्षीणां परवरज्ञत्वम्- (महर्षिहरूको परवरज्ञता) ४८२
महर्षिभिर्दृष्टं प्रत्यक्षविज्ञानम्- (महर्षिहरूद्वारा देखिएको प्रत्यक्ष विज्ञान हो) ४८२
पुराणशास्त्रोक्तेषु दृष्टसंवादः- (पुराणशास्त्रद्वारा भनिएका कथनमा दृष्टसंवाद (प्रत्यक्षता)- ४८३
शास्त्रेक्तेष्वाधुनिकसन्देहः- (शास्त्रमा प्रतिपादित विषयवस्तुहरूमा आधुनिकहरूको सन्देह) ४८३
धर्मशास्त्रोक्तेष्वाधुनिकसन्देहः- (धर्मशास्त्रद्वारा प्रतिपादन गरिएका विषयमा आधुनिकहरूको सन्देह) ४८३
धर्मशास्त्रपुराणोक्तेषु सन्देहनिराकरणम्-
(धर्मशास्त्रका एवं पुराणका उक्तिहरूमा रहेका सन्देहको निराकरण) ४८४
अभीष्टसाधने प्रज्ञा प्रज्ञान्तरमपेक्षते –
(अभीष्ट सिद्धिका लागि एउटा प्रज्ञाले अर्को प्रज्ञाको अपेक्षा गर्दछ) ४८६
तपःप्रभावदृषयो धर्मान् स्मृतिरूपेण सम्भावयन्ति-
तपस्याको प्रभावले ऋषिहरूले धर्मलाई स्मृतिका रूपमा उपस्थापन गर्दछन्- ४८८
तपसो मूलम्- (तपस्याको मूल (जरो) ४९४
तपसो भेदाः- (तपस्याका भेद) ४९४
धर्मो जगन्निर्वाहकः- (धर्म जगत्को नियन्त्रक हो) ४९७
कर्मफलम्- (कर्मको फल) ४९८
अन्तरा कारणं क्वापि न कार्योत्पत्तिरिष्यते- (कारण बिना कहीँ पनि कार्यको उत्पत्ति हुँदैन) ४९९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियमश्च शास्त्रसन्दृष्टो लोके सर्वसुखावहः- (शास्त्रद्वारा देखाइएको नियम लोकमा सुखोत्पादक हुन्छ) ५००
प्राणिनां सर्वथा यत्नानुरूपं फलमीरितम्-
(प्राणीहरूले आफूले गरेका यत्नअनुसार फल प्राप्त गर्छन् भनिएको छ) ५०१
अव्याकुलो हि धर्मस्वरूपं जानाति (व्याकुलता नभएको (शान्त) पुरुषले धर्मको स्वरूप जान्दछ) ५०२
साध्यसाधनभावत्वं पुरुषार्थशरीरयोः- (पुरुषार्थ र शरीरका बीचमा साध्य एवं साधनभाव हुन्छ) ५०३
राज्ञः पञ्चमहायज्ञाः (राजाका पाँच महायज्ञहरू) ५०५
{दुष्टनिग्रहः- (दुष्टको निग्रह)} ५०५
कर्माकर्मविवेकाय धर्माधर्माभिधानम्
(कर्म एवं अकर्मको विवेचनाका लागि धर्म एवं अधर्मको विधान गरिएको हो) ५०६
धर्मस्य स्थितिः- (धर्मश्च कालमनुसरति)- (धर्मको स्थिति (धर्मले कालको अनुसरण गर्दछ) ५०६
ज्ञानविज्ञानयोर्योगायोगकारकयोर्मतम्- (ज्ञान र विज्ञान (ज्ञानाभाव) योग र अयोगका कारक हुन्) ५०८
कथाश्रवणरूपस्य धर्मस्य फलमीदृशम्- (कथाश्रवणको फल) ५०९
व्यक्तेर्जीवनं सुखमयमापादयितुं धर्मशास्त्रमादिशति- ५१०
(व्यक्तिको जीवनलाई सुखमय बनाउन धर्मशास्त्रले आदेश दिन्छ) ५१०
शास्त्रेषु शिष्टमहिमा- (शास्त्रमा शिष्ट (सदाचारले युक्त पुरुष) को महिमा) ५१३
तपोमूलत्वं देवमानुषयोः सुखस्य- (देवता र मनुष्यका सुखको मूल तपस्या हो) ५१६
वर्णधर्माः- (वर्णधर्महरू) ५१७
क्षत्रियधर्माः- (क्षत्रियका धर्महरू) ५१८
वैश्यधर्माः- (वैश्यका धर्महरू) ५१९
शूद्रधर्माः- (शूद्रका धर्महरू) ५२०
शिष्टाचारः- (शिष्टाचारहरू) ५२०
शिष्टेषु सम्मताः- (शिष्टका रूपमा सम्मानितहरू) ५२४
शास्त्राध्ययनाज्ज्ञानविज्ञानयोरुत्पत्तिः- (शास्त्रको अध्ययनबाट ज्ञान एवं विज्ञानको उत्पत्ति हुन्छ) ५२६
शिष्टसत्कारः सद्वृत्तानुसरणप्रवर्तको लोकोपयोगी च-
(शिष्टको सत्कारले सद्वृत्तको अनुसरण गर्न अभिप्रेरित गर्छ र शिष्टसत्कार लोकको उपयोगी पनि हुन्छ) ५२९
दत्तस्य पात्रतारतम्यात् फलतारतम्यम्- (पात्रको तारतम्यले दिइएका वस्तुका फलमा हुने तारतम्य) ५३१
यत्र सामाजिकं तत्त्वं तत्र पात्रत्वमीरितम् । असामाजिकतत्त्वानां कुपात्रत्वं स्मृतं पुनः ।। ५३१
जसमा सामाजिकता (समाजलाई हित गर्ने तत्त्व) हुन्छ त्यसमा पात्रता रहेको हुन्छ भनिन्छ ।
जसमा असामाजिक तत्त्व रहेको हुन्छ त्यसलाई कुपात्र भनिन्छ-
पात्राद्बहिष्कृताः- (पात्रताबाट बाहिर गराइएका) ५३३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्पात्रत्वेन निर्दिष्टाः- (सत्पात्रमा गणना गरिएकाहरू) ५३३
पात्राद्बहिर्कृता यथा- (पात्रताबाट बाहिर बनाइएकाहरू) ५३४
पदार्थानिमित्ता शक्तिर्विभिन्ना परिदृश्यते-
(प्रत्येक पदार्थमा भिन्न भिन्न प्रकारको शक्ति (विशेषता) देखिन्छ) ५३८
वितीर्णां ब्रह्मणा जीवः शक्तिं समनुवर्तते- (जीवले ब्रह्माजीद्वारा दिइएका शक्तिको अनुसरण गर्छ) ५४१
साध्यसाधनभावश्च रहस्यात्मक एव हि – (साध्य एवं साधन भाव रहस्यात्मक हुन्छ) ५४२
नियतः कार्यकारणभावो विचित्रः- (निश्चित प्राणीमा रहने कार्यकारणभाव पनि आश्चर्यजनक हुन्छ) ५४४
सामर्थ्यस्य वैशिष्ट्यम्- (सामर्थ्यको विशेषता) ५४४
विश्वस्मिन् यावद्राजनीतौ संयमोदयो न भवति तावन्न सन्तोषोदयः–
(विश्वमा जबसम्म राजनीतिमा संयमको उदय हुँदैन तबसम्म सन्तोषको प्रादुर्भाव हुँदैन) ५४९
धर्माधर्मफलं सर्वं व्यवस्थाधायकं ध्रुवम्-
धर्म एवं अधर्मको सम्पूर्ण परिणाम नियत रूपमा व्यवस्थाधायक हुन्छ- ५५५
पुत्रग्रहणविधेर्व्यवस्थास्थापकत्वम्- (पुत्र (धर्मपुत्रादि) ग्रहणविधि व्यवस्थाको स्थापक हुन्छ) ५५८
दारग्रहणनियमो व्यवस्थास्थापकः- (विवाह गर्ने विधि व्यवस्थाको स्थापक हो) ५६१
सन्त्यनेकविधानि रूपाणि खलु सम्पदाम्- (सम्पत्तिका अनेक प्रकारका स्वरूप छन्) ५६२
स्वत्वस्थापकहेतवो व्यवस्थास्थापकाः - ५६४
(स्वत्व (आफ्नोपन) स्थापित गराउने साधनहरू व्यवस्थाका स्थापक हुन्) ५६४
स्वत्वोपलब्धिहेतूनां व्यवस्थास्थापकत्वम्- ५६५
(स्वत्व (आफ्नोपन/आफ्नो सम्पत्ति) प्राप्त गर्ने उपायहरूमा व्यवस्था स्थापकत्व रहेको हुन्छ) ५६५

पञ्चमोऽध्यायः

उपसंहारः

धर्मशास्त्रस्य व्यवस्थायाः साधनत्वं स्वाभाविकम्-
(धर्मशास्त्र व्यवस्थाको साधन बन्नु स्वाभाविक हो) ५८४

परिशिष्टभागः

प्रमाणग्रन्थका रूपमा उपस्थापित मूल एवं टीका ग्रन्थको परिचयात्मक विवरण ५८९
सन्दर्भग्रन्थसूची ६१८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोधनिर्देशकस्य सम्मतिः

'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्' इतिशीर्षकमवलम्ब्य शोधं प्रबध्नता सह-प्राध्यापकेन राधाकृष्णाधिकारिणा मदीयसुपरिवेक्षणे समध्युष्य अनुसन्धानकार्यं विधाय सन्निबद्धोऽयमनुसन्धानप्रबन्धोऽवश्यं मौलिकतामावहन्नुद्देश्यानुकूलो वरीवर्तीति मोमुद्यते मदीयं मानसम्।

अतो विश्वविद्यालयस्य नियमविनियमानुसारं विध्यावारिध्युपाधिदानाय प्रर्याप्तोऽयं शोधप्रबन्ध इति संस्तौति।

दिनाङ्काः २०४७/०२/२७ (प्रा. बुद्धिसागरपराजुली)

शोधनिर्देशकको सम्मति

'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्' (सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र) शीर्षकमा शोध कार्य गरिरहेका सह-प्राध्यापक राधाकृष्ण अधिकारीद्वारा मेरो सुपरिवेक्षणमा (निर्देशकत्वमा) बसेर अनुसन्धान सम्पन्न गरी निबन्धन गरिएको (तयार पारिएको) यो शोधप्रबन्ध मौलिक छ र आफ्नो उद्देश्य अनुकूल पनि छ। त्यसैले मेरो चित्त अत्यन्त प्रसन्न भएको छ।

अतः विश्वविद्यालयको नियम-विनियमअनुसार प्रस्तुत शोधप्रबन्ध विद्यावारिधि (पीएच्.डी.) उपाधि प्रदान गर्न योग्य छ भनी सम्बद्ध संस्थामा अग्रसारित गर्न अनुमति प्रदान गर्दछु।

दिनाङ्क २०४७/०२/२७ (प्रा. बुद्धिसागर पराजुली)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषज्ञस्य सम्मतिः

अनुसन्धात्रा सह-प्राध्यापकेन श्रीराधाकृष्णाधिकारिणा मद्दक्षत्वे महेन्द्रसंस्कृतविश्वविद्यालयतो विद्यावारिधि (पीएच्. डी) इत्युपाधिप्राप्तये **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** इति शीर्षके शोधप्रबन्धो विरचितः । गवेषणाकार्येणानेन सन्तुष्टः शोधप्रबन्धमिमं परीक्षणार्थं सम्बद्धविश्वविद्यालये समर्पयितुमनुसन्धात्रेऽनुमतिं ददाति।

दिनाङ्काः २०४७/०२/२२

(प्रा. डा. हरिदेवमिश्रः)
सदस्यः
नेपाल-राजकीय-प्रज्ञा-प्रतिष्ठानस्य

विशेषज्ञको सम्मति

अनुसन्धाता सह-प्राध्यापक श्रीराधाकृष्ण अधिकारीले मेरो विशेषज्ञतामा महेन्द्र संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि (पीएच्.डी.) उपाधि प्राप्त गर्ने उद्देश्यले **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** (सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र) शीर्षकमा शोधप्रबन्धको रचना गरेका हुन्। यस गवेषणापूर्ण कार्यबाट म सन्तुष्ट छु। अतः परीक्षणका लागि प्रस्तुत शोधप्रबन्ध सम्बद्ध विश्वविद्यालयमा अग्रसारित गर्न अनुसन्धातालाई अनुमति प्रदान गर्दछु।

दिनाङ्क २०४७/०२/२२

(प्रा. डा. हरिदेव मिश्र)
सदस्य
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषज्ञस्य सम्मतिः

अनुसन्धात्रा सह-प्राध्यापकेन श्रीराधाकृष्णाधिकारिणा विद्यावारिधि (पीएच्. डी) इत्युपाधिप्राप्तये **'धर्मशास्त्रं सामाजिक-व्यवस्थायाः साधनम्'** इति विषये शोधप्रबन्धो विरचितः । शोधप्रबन्धस्यास्य गवेषणाकार्येण परितुष्टः शोधप्रबन्धमिममुक्तोपाधिप्राप्तये पर्याप्तमिति महेन्द्रसंस्कृतविश्वविद्यालये प्रस्तुत्यर्थं संस्तौति।

दिनाङ्काः- २८/०४/ २०४७ (प्रा. लोकनाथढकालः)

विशेषज्ञको सम्मति

अनुसन्धाता सह-प्राध्यापक श्री राधाकृष्ण अधिकारीले विद्यावारिधि (पीएच्.डी.) उपाधि प्राप्त गर्ने उद्देश्यले **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** (सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र) यस विषयमा शोधप्रबन्ध निर्माण गरेका छन् । शोधप्रबन्धको गवेषणापूर्ण कार्यबाट म पूर्णतः सन्तुष्ट छु । प्रस्तुत शोधप्रबन्ध उक्त विद्यावारिधि उपाधि प्रदान गर्न पर्याप्त छ । अतः म यस शोधप्रबन्धलाई महेन्द्र संस्कृत विश्वविद्यालयमा प्रस्तुत गर्न सम्मति प्रदान गर्दछु ।

दिनाङ्क २०४७/०२/२८ (प्रा. लोकनाथ ढकाल)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसन्धानप्रबन्धस्य सारांशः

धर्मशास्त्रं खलु प्रत्यक्षाप्रत्यक्षात्मकत्वेन विद्यमानं दण्डद्वयं विधाय फलोन्मुखेन तत्र च लोकप्रवर्तनामुत्पाद्य सामाजिकव्यवस्थां विधत्ते।

भोगासक्तो लोको भौतिकचाकचक्येन विप्लुष्टमना न धर्मशास्त्रमध्ययनेन स्मरति। धर्मस्यैवैहिकामुष्मिकाभ्युदयनिःश्रेयससिद्धेः साधनत्वेनैहिकपारलौकिकव्यवस्थास्थापकत्वाद् रागान्धानां प्राणिनां तत्र प्रवर्तनासमुत्पादनस्य च तद्विषयाध्येतुः कर्तव्यत्वाद् धर्म्ये वर्त्मनि प्रवृत्तिमुत्पादयितुं धर्मशास्त्रगतसामर्थ्यमिह प्रकाशयितुं प्रयत्नः।

सृष्टिकर्त्रा जगत्परिचालनाय धर्मः सृष्टः। यत्तत्त्वं जगद् बिभर्ति तदेव धर्मस्वरूपमभिहितम्। श्रौतत्वस्मार्तत्वाभ्यां द्विविधत्वेऽपि निराकारब्रह्मणोऽनेकरूपत्वमिवेश्वरमूर्तेर्धर्मस्याप्यनेकविधत्वम्।

धर्मो हि साध्यं साधनं च भजते। अनुष्ठानदशायां साध्यभावमापन्नो यागः फलोपलम्भार्थमदृष्टोत्पादकतया साधनत्वमश्नुते। धर्मार्थकामरूपत्रिवर्गोपलब्धिश्चतुर्थपुरुषार्थस्य मोक्षस्य सिद्धिश्च धर्मादेव सम्पद्यते। जनि-

---

अनुसन्धान प्रबन्धको सारांश

धर्मशास्त्रले प्रत्यक्ष एवं अप्रत्यक्ष (परोक्ष) गरी दुई प्रकारका दण्डको विधान गर्दछ। उक्त दुबै दण्डव्यवस्थाको पालनबाट उत्पन्न हुने सुपरिणाम (फलोन्मुखता) देखाई मानवमात्रलाई उक्त व्यवस्था पालन गर्न प्रवृत्त गराउँछ। यसरी धर्मशास्त्रले सामाजलाई व्यवस्थित बनाउने कार्य गर्दछ।

भोगमा आसक्त भएका मानिसहरू भौतिक चाकचक्यमा आकृष्ट भएका हुन्छन्, त्यसैले उनीहरूले सरसरती पढेका भरमा धर्मशास्त्रका सबै कुरा सम्झन सक्दैनन्। धर्म नै ऐहिक (यस लोकसित सम्बद्ध) एवं आमुष्मिक (परलोकसित सम्बद्ध) उन्नतिको एवं कल्याणको साधन हो र ऐहलौकिक एवं पारलौकिक व्यवस्थाको व्यवस्थापक पनि हो। रागले अन्ध भएका (कर्तव्यबोध नभएका) प्राणीहरूलाई धर्मप्रति आकृष्ट बनाउनु धर्मशास्त्र विषयका अध्येताहरूको कर्तव्य पनि हो। प्रस्तुत प्रबन्धमा मानवमात्रलाई धार्मिक मार्गमा प्रवृत्त गराउनका लागि धर्मशास्त्रसित सम्बद्ध सामर्थ्य प्रकाशित गर्ने प्रयत्न गरिएको छ।

सृष्टिकर्ताद्वारा जगत्को सञ्चालनका लागि धर्मको सृजना गरिएको हो। जुन तत्त्वले जगत्लाई धारण गर्दछ त्यसैलाई धर्म भनिन्छ। श्रौतधर्म र स्मार्तधर्म गरी धर्म दुई प्रकारको हुन्छ तापनि जसरी निराकार ब्रह्मका (कार्यावस्थामा) अनेकौँ स्वरूप हुन्छन् त्यसरी नै ईश्वरीय मूर्तिका रूपमा अवस्थित धर्मका पनि अनेकौँ स्वरूप हुन्छन्।

धर्म कहिले साध्यका रूपमा रहेको हुन्छ भने कहिले साधनका रूपमा रहेको हुन्छ। अनुष्ठानका समयमा साध्यका रूपमा रहने यज्ञले फलप्राप्तिका समयमा अदृष्टको उत्पादक भएर साधनत्वलाई प्राप्त गर्दछ। धर्म, अर्थ एवं कामरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माप्नुवद्भिः समर्जनीयाश्चत्वारः पुरुषार्थाः । पुरुषार्थोपलब्धये चतुर्भिर्वर्णैरवान्तरजातिभिश्च स्व–स्वधर्मानुष्ठानं विधेयम् । द्विजातीनां समन्त्रकसंस्कारो गुणाधायको दोषमार्जकः स्वस्त्ययनकारकश्च । संस्कारैः संस्कृतस्य रसराजस्य द्रव्यगतरूपगुणादिपरिवृत्तिमुपक्रम्य सिद्धिसम्पादनपर्यन्तप्रयोजनवदनेकप्रयोजनवद्भिः संस्कारैः संस्कृतो हि पुरुषो व्यक्तेः समाजस्य चोपकाराय कल्पते । ब्रह्मचर्याश्रमेऽध्युष्य गृहीतविद्यावतो (ज्ञानवतो) गृहस्थाश्रमे प्रवेशः । चतुर्ष्वाश्रमेषु गृहस्थाश्रमस्य ज्येष्ठत्वं गृहस्थेनानुष्ठीयमानकर्मभिर्लोकोपकृतिजनकतयानुमतम् । प्रजारञ्जको राजा च गृहस्थाश्रममेवाध्युष्य दण्डनीतिं समाश्रित्य चराचरात्मकं जगत् धर्म्ये वर्त्मनि संयोज्य बिभर्ति ।

यद्यपि युधिष्ठिरेणार्जुनो **'न त्वं धर्मतत्त्वं जानासि'** इत्युक्तः, व्यासेन च **'धर्मस्य तत्त्वं निहितं गुहायाम्'** इत्युक्तं तथापि अस्य धर्मशास्त्रस्याध्ययनाय विहिता प्रवृत्तिः स्थूलतयावगतस्य धर्मस्य सूक्ष्मस्वरूपं तनुते । धर्ममर्मज्ञाश्च समाजसुव्यवस्थितिहेतवः ।

सर्वेषां धर्माणां प्रवर्तको हि राजधर्मः । अप्रमत्तो राजा यस्मिन् राष्ट्रे विद्यते तदेव राष्ट्रं जीवितं राष्ट्रमित्युच्यते । तस्माद् राष्ट्रस्य प्राणा राजा भवति । अत एव महती देवता राजा धर्मशास्त्रेणोच्यते ।

त्रिवर्गको प्राप्ति र चतुर्थ पुरुषार्थका रूपमा विद्यमान मोक्षको सिद्धि पनि धर्मबाट नै हुन्छ । यस संसारमा जन्मिने सबै प्राणीले आर्जन गर्नुपर्ने चारवटा पुरुषार्थ हुन्छन् । पुरुषार्थको प्राप्तिका लागि चारै वर्णले र अवान्तर जातिले समेत आ–आफ्ना धर्मको पालना गर्नुपर्छ । मन्त्रहरूको उच्चारण गर्दै गरिएको संस्कारले द्विजातिमा (ब्राह्मण, क्षत्रिय एवं वैश्यमा) गुणको आधान गर्ने, दोषको परिमार्जन गर्ने र कल्याणको सम्पादन गर्ने कार्य गर्दछ । (आयुर्वेदोक्त) संस्कारले संस्कृत रसराज पारद (पारो) जसरी क्रमशः द्रव्यमा (आफूमा) रहेका रूप, गुण आदिको परित्याग (परिवर्तन) देखि वीर्यवर्धन आदि सिद्धिसम्मका कार्य सम्पादन गर्न समर्थ हुन्छ त्यसरी नै अनेकौँ प्रयोजनले युक्त भएका संस्कारले संस्कृत पुरुष अन्य व्यक्तिको र समाजको समेत उपकार गर्न समर्थ हुन्छ (संस्कृत पारदबाट अनेकौँ प्रयोजन सिद्ध भएझैं संस्कृत पुरुषबाट पनि अनेकौँ प्रयोजन सिद्ध हुन्छन्) । ब्रह्मचर्याश्रममा बसेर विद्या आर्जन गरेका व्यक्तिको गृहस्थाश्रममा प्रवेश हुन्छ । गृहस्थहरूद्वारा सम्पन्न गरिने कर्महरूद्वारा सम्पूर्ण संसारको कल्याण हुने भएकाले नै चारवटा आश्रममध्ये गृहस्थाश्रम श्रेष्ठ हुन्छ भनिएको हो । जनतालाई प्रसन्न गराउने राजाले गृहस्थाश्रममै बसी दण्डनीतिको आश्रय लिएर चराचर जगत्लाई धर्म मार्गमा प्रवृत्त गराउँदै संरक्षण गर्ने कार्य गर्दछन् ।

हुन त युधिष्ठिरले अर्जुनलाई– **तिमीले धर्मको तत्त्व जानेका छैनौ** भनेका छन् । व्यासले पनि- **धर्मको तत्त्व गुफामा (गहिराइमा) रहेको हुन्छ** भनेका छन् । तर पनि धर्मशास्त्रीय अध्ययनप्रतिको प्रवृत्तिले स्थूलरूपमा जानिएका धर्मको सूक्ष्मस्वरूपलाई विस्तार गर्दछ । (धर्मशास्त्रको अध्ययनलाई जतिजति बढाउँदै लगिन्छ, त्यतित्यति नै धर्मका सूक्ष्म तत्त्वको बोध हुँदै जान्छ ।) धर्मका मर्मज्ञहरू सामाजिक सुव्यवस्थाका कारणका रूपमा रहेका हुन्छन् ।

सबै धर्मको प्रवर्तक राजधर्म हो । प्रमाद नभएको (सधैँ सावधान रहने) राजा जुन राष्ट्रमा रहेको हुन्छ त्यसै राष्ट्रलाई जीवित राष्ट्र भनिन्छ । त्यसैले राजा राष्ट्रका प्राण हुन्छन् । त्यसैले नै धर्मशास्त्रले राजालाई महान् (ठूला) देवता भन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञा च सुसंस्कृतेन भाव्यम्। सुसंस्कृते राजनि गुणानामुदयो भवति। गुणवान् राजा चातुर्वर्ण्य–चातुराश्रम्य–धर्मप्रवर्तनपूर्वकं प्रजाः परिपालयितुं प्रभवति।

साधनमन्तरा साध्यासम्पत्तेः प्रजासंरक्षणरूपसाध्यस्य सम्पत्तये राज्ञः कृते साधनान्यावश्यकानि।

तत्र राज्ञः कृते प्रजापरिपालनाय निर्मितानि साधनान्यनेकानि सन्ति। तेषु दण्डरूपस्य धर्मस्य, धर्मरूपस्य दण्डस्य च वा राज्ञः साधनत्वेन राज्यव्यवस्थास्थापनाय ब्रह्मणैव सृष्टिर्विहिता।

अन्येषां साधनानां तु आवश्यकतामवलोक्य राजा एव निर्माणं कुरुते।

विशेषतो राज्ञा धर्म्ये वर्त्मनि प्रजाः संयोजनीयाः। सद्वृत्तवतां विद्यातपःसमन्वितानां विप्राणां सत्करणाद्राष्ट्रं सम्प्रवर्धते। तत्कर्मपरिपूर्तयेऽष्टादशसु मार्गेषु पृथक्पृथङ्निबद्धानि व्यवहाराणि वेददृष्टैः शास्त्रदृष्टैश्च हेतुभिः प्रत्यहमवलोक्य स्थूलरूपतयापि धर्मतत्त्वानभिज्ञतया परलोकभयादत्रस्ततया च मार्यादावर्त्मोद्वर्तको लोको निग्रहानुग्रहैर्मर्यादायां स्थापनीयो राज्ञा।

सर्वमेतन्निर्दिश्य सद्वर्त्मनि प्रवर्तनामसतश्च निवर्तनां समुत्पाद्य धर्मशास्त्रं सामाजिकव्यवस्थां विधत्ते।

राजा राम्रा संस्कारले युक्त हुनुपर्छ। राम्रा संस्कारले युक्त भएका राजा भएमा नै गुणहरूको उदय हुन्छ। राम्रा गुणले युक्त भएका राजा नै चारै वर्णका र चारै आश्रमका धर्मलाई प्रवृत्त गराई प्रजाहरूको संरक्षण गर्न समर्थ हुन्छन्।

साधन विना कुनै पनि साध्यको सिद्धि नहुने भएकाले प्रजाहरूको संरक्षणरूपी साध्यको सिद्धिका लागि साधनहरूको आवश्यकता पर्दछ।

प्रजाहरूको पालनरूपी कार्य (साध्य) सम्पन्न गर्नका लागि राजाका निम्ति अनेकौँ साधन निर्माण गरिएका छन्। उक्त साधनहरू मध्ये राज्यव्यवस्था सञ्चालनका लागि राजाका साधनका रूपमा दण्डरूप धर्मको वा धर्मरूप दण्डको सृष्टि ब्रह्माजीद्वारा नै गरिएको हो। अन्य साधनहरूको निर्माण गर्ने कार्य त आवश्यकताअनुसार राजा आफैले नै गर्दछन्।

विशेषतः राजाले प्रजालाई धर्ममार्गमा प्रवृत्त गराउनुपर्छ। राम्रो आचार–विचार भएका साथै विद्याले र तपस्याले युक्त भएका विप्रहरूको सत्कारले राष्ट्रको समृद्धि हुन्छ। उक्त उद्देश्य पूर्तिका लागि व्यवहारहरू अठार मार्गमा (भागमा) अलग–अलग निबन्धन गरिएका छन्। वेदमा प्रतिपादन गरिएका र शास्त्रद्वारा निर्देशन गरिएका हेतुद्वारा प्रतिदिन उक्त व्यवहार प्रत्यक्ष गर्नुपर्दछ। स्थूलरूपमा पनि धर्मतत्त्व नजानेकाले र परलोकको भय समेत नभएकाले मर्यादाको उल्लङ्घन गरिरहेका जनतालाई राजाले निग्रह एवं अनुग्रहका माध्यमले मर्यादामा राख्नुपर्छ। उपर्युक्त सबै कुराको प्रतिपादन गरी धर्मशास्त्रले जनतालाई सन्मार्गमा प्रवृत्त गराउँदै र असन्मार्गबाट निवृत्त गराउँदै समाजलाई व्यवस्थित बनाउने काम गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृतज्ञतावेदनम्

इह जगति सर्वविदितमेवेतद्यदनुसन्धानरूपं गुरुतरं कार्यं नैकेन नाल्पेन कालेन च साध्यत इति।

यद्यपि मयेदमनुसन्धानकार्यं त्रिभुवनविश्वविद्यालयान्तर्गतसंस्कृताध्ययनसंस्थाने पञ्जीकृतं तथापि बहुकालसाध्यस्य विघ्नैः पुनः पुनरपि प्रतिहन्यमानस्य प्रस्तुतकार्यसमाप्तिमन्तरैव महेन्द्रसंस्कृतविश्वविद्यालयस्य स्थापना समजनि। ततश्च ममानुसन्धानमपि स्वतो महेन्द्रसंस्कृतविश्वविद्यालयस्य क्षेत्रे समापन्नम्।

अतः शोधकार्यक्रमे तात्कालिकसंस्कृताध्ययनसंस्थानाध्यक्षैः श्रीतोयनाथपाण्डेयैः कृतं साहाय्यं न विस्मरामि।

शोधकार्यक्रमे शोधनिर्देशकानां तत्र भवतां प्रा. बुद्धिसागरपराजुलीमहोदयानां विशेषसाहाय्यं प्रति सदैवाधमर्ण्यं बिभ्रन् विशेषज्ञयोः पूर्वोपकुलपतिप्रा.डा. हरिदेवमिश्र-प्रा. लोकनाथढकालयोरनारतं प्राप्तस्य सहयोगस्य च नान्तं गच्छामि।

अथ चात्र प्रयुक्तानां ग्रन्थानाम्, तत्कर्तॄणाम्, पुस्तकालयानाम्, कार्यसम्पादनसहयोगिनां प्राध्यापकानाम्, डा.दुर्गाप्रसाददवाडी-डा.ऋषिरामपोखरेलप्रभृतीनां मित्राणां परिवारसदस्यानां च सौहार्दं संस्मरन् तान् प्रति धन्यवादान् समर्पयन् सर्वेभ्यः कृतज्ञतामावेदयामि।

विदुषां वशंवदः
राधाकृष्णोऽधिकारी

कृतज्ञता ज्ञापन

अनुसन्धानजस्तो गुरुतर कार्य यस संसारमा एउटै व्यक्तिद्वारा छोटो समयमा सम्पन्न गर्न सकिन्न भन्ने कुरा सबैले जानेकै छन्। मेरो यो अनुसन्धान कार्य त्रिभुवन विश्वविद्यालयमा अङ्गका रूपमा अवस्थित संस्कृत अध्ययन संस्थामा पञ्जीकरण गरिएको थियो। लामो समय लाग्ने भएकाले र बारम्बार भएका विघ्नहरूले आहत भएकाले प्रस्तुत शोध कार्य सम्पन्न हुनुभन्दा पहिले नै महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भयो। त्यसपछि मेरो अनुसन्धान कार्य पनि स्वतः महेन्द्र संस्कृत विश्वविद्यालयको क्षेत्रमा पऱ्यो। अतः शोध कार्यका क्रममा तात्कालिक संस्कृत अध्ययन संस्थाका अध्यक्ष श्री तोयनाथ पाण्डेयले गर्नुभएको सहायता म बिर्सन्न। (उहाँको सहयोग सम्झिरहेको छु)

शोधकार्य सम्पन्न गर्ने क्रममा शोधनिर्देशकको भूमिकामा रहनुभएका मान्य प्रा. बुद्धिसागर पराजुलीको विशेष सहायताप्रति सदैव ऋणी रहने छु। विशेषज्ञका रूपमा रहनुभएका पूर्व उपकुलपति प्रा.डा. हरिदेव मिश्र एवं प्रा. लोकनाथ ढकालबाट निरन्तर प्राप्त भएको सहायताको अन्त नै देखिरहको छैन।

प्रस्तुत शोधप्रबन्धमा प्रयोग गरिएका ग्रन्थहरूको, उक्त ग्रन्थका रचनाकारहरूको, पुस्तकालयहरूको, कार्यसम्पादनमा सहयोग गर्ने प्राध्यापक-हरूको, डा. दुर्गाप्रसाद दवाडी डा. ऋषिराम पोखरेल आदि मित्रहरूको र परिवारका सदस्यहरूको सौहार्दको स्मरण गर्दै साथै उनीहरूप्रति धन्यवाद ज्ञापन गर्दै कृतज्ञता प्रकट गर्दछु।

विद्वान्हरूको अधीनस्थ
राधाकृष्ण अधिकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रस्य सामाजिकव्यवस्थायाः साधनत्वं चेत्थम्- लोकेऽव्यवस्थाधायकतत्त्वानामुत्पत्तेरवरोध-मुत्पन्नानाञ्च विनाशं विधाय व्यवस्थाधायकतत्त्वानामुत्पत्त्युपायकल्पनमुत्पन्नानाञ्च संवर्धनोपायकल्पन-मित्यादिना भवति।

साध्धातोर्ल्युट्प्रत्यये विहिते ल्युटः स्थाने अनादेशे विहिते साधनमिति शब्दस्य निष्पत्तिर्भवति। साध्य-सम्पादनं हि साधनस्य कार्यम्। [४३]**'साधकतमं करणम्'** इति हि सूत्रं पाणिनिना सूत्रितम्। साधनं करणमिति पर्यायवाचिनौ शब्दौ। [४४]**'असाधारणं कारणं करणम्'** इति करणलक्षणं लक्षितमन्नभट्टेन।

लिङादिज्ञानस्य शाब्दीभावनायां करणत्वेन सम्बन्धो भवतीति [४५]मीमांसाशास्त्रेऽभिहितम्। करणत्वं तत्र भावनाभाव्यनिर्वर्तकत्वेनाभिमतम्।

[४६]'अनुमितौ व्याप्तिज्ञानस्य, उपमितौ सादृश्यज्ञानस्य, शाब्दबोधे पदज्ञानस्य, स्मृतावनुभवस्य करणत्वाद्' इति।

४३. अष्टाध्यायी १/४/४२।

४४. तर्कसङ्ग्रहः, गुणलक्षणप्रकरणम्, ३६ पृष्ठम्।

४५. मीमांसान्यायप्रकाशः ४ पृष्ठम्। {**'करणाकाङ्क्षायां लिङ्गादिज्ञानं करणत्वेन सम्बध्यते'** इति}

४६. प्रत्यक्षखण्डः, सिद्धान्तमुक्तावली, २३७ पृष्ठम्।

(साधनको चर्चा-)

धर्मशास्त्र निम्न दुईवटा कार्य गरी सामाजिक व्यवस्थाको साधन बन्दछ- १. लोकमा अव्यवस्था उत्पन्न गराउने तत्त्वहरूलाई नियन्त्रण गरेर साथै उत्पन्न भएका त्यस्ता अवरोधक तत्त्वलाई नष्ट गराएर २. सुव्यवस्था (सुशासन) कायम गराउने तत्त्वहरू उत्पन्न हुने उपायको खोजी गरेर साथै उत्पन्न भएका त्यस्ता व्यवस्थापक तत्त्वहरूको संवर्धन गर्ने उपायको खोजी गरेर।

साध धातुमा ल्युट् प्रत्यय लगाएर ल्युट्का ठाउँमा अन आदेश गरेपछि साधन शब्द निष्पन्न हुन्छ।[३९] साध्य सम्पन्न गराउनु नै साधनको कार्य हो। पाणिनिले पनि **साधकतमं करणम्** अर्थात्- 'साध्य सम्पन्न गराउने महत्त्वपूर्ण हेतु नै करण हो' भन्ने सूत्र बनाएका छन्।[४०] साधन र करण यी दुई पर्यायवाची शब्द हुन्। **असाधारणम्०** अर्थात् 'असाधारण कारण नै करण हो'[४१] (तर्क.) भनी अन्नभट्टले करणको लक्षण बताएका छन्।[४२]

३९. **वाचस्पत्यम्**मा सिध धातुमा णिच् प्रत्यय गरी साध आदेश भएपछि (साध धातुबाट) भाव अर्थमा ल्युट् प्रत्यय गरेर अथवा कर्ता अर्थमा ल्यु प्रत्यय गरेर साधन शब्द निष्पन्न हुन्छ भनिएको छ। साधन शब्दका अनेकौँ अर्थ भएता पनि प्रस्तुत प्रकरणमा साध्यते कर्म निष्पाद्यते अनेन यस व्युत्पत्तिद्वारा बुझिने करण (साधन) रूप अर्थ ग्रहण गरिन्छ।

४०. **पाणिनि** संस्कृत व्याकरणका त्रिमुनिमध्ये एउटा हुन्। व्याकरण सूत्रका निर्माता पाणिनिको आठ अध्यायमा विभक्त **अष्टाध्यायी** प्रसिद्ध ग्रन्थ हो। संस्कृत व्याकरणका विभिन्न आठ सम्प्रदायमध्ये पाणिनिसम्प्रदाय पनि एउटा हो।

४१. समवाय, असमवाय एवं निमित्त कारणमध्ये असाधारण (नभै नहुने) कारण नै करण हो भन्ने तात्पर्य हो।

४२. अन्नंभट्ट **तर्कसङ्ग्रह**का लेखक हुन्। यो न्यायशास्त्रमा प्रवेश गर्न चाहने जिज्ञासुहरूलाई ध्यानमा राखेर लेखिएको न्याय/वैशेषिक दर्शनको आरम्भिक ग्रन्थ हो। शोधप्रबन्धमा गुणलक्षण प्रकरणमा पठित करणको लक्षण दिइएको छ। करणको लक्षण दिएपछि क्रमशः प्रत्यक्ष, अनुमान, उपमान एवं शब्द प्रकरणको प्रतिपादन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[४७]**'चक्षुरादीनां ज्ञानादिकं प्रति करणत्वम्'** इति च सिद्धान्तमुक्तावल्यामुक्तम्।

[४८]**'करणं हि सकर्तृकम्'** इति। [४९]**'करणं व्याप्तिधीर्भवेत्'** इति च कारिकावल्यामुक्तम्।

ततोऽर्थी लेखयेत् सद्यः प्रतिज्ञातार्थसाधनम्।

तत्सिद्धौ सिद्धिमाप्नोति विपरीतमतोऽन्यथा ।। इति हि [५०]योगीश्वरेण याज्ञवल्क्येनोक्तम्। अत्र प्रमेयं प्रति प्रमाणानां साधनत्वमभिहितम्।

स दत्वा निर्जितां वृद्धिं करणं परिवर्तयेत् इत्यत्र [५१]मनुना लेख्यस्य करणत्वमभिहितम्।

४७. सिद्धान्तमुक्तावली, प्रत्यक्षखण्डः २११ पृष्ठम्।

४८. सिद्धान्तमुक्तावली ४७ कारिका।

४९. सिद्धान्तमुक्तावली, अनुमानखण्डः, ६६ कारिका।

५०. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ७ -८ श्लोकांशौ।

५१. ८/१५४ मनुः।

शाब्दीभावनामा लिङ् आदिको ज्ञान करणका रूपमा सम्बद्ध हुन्छ भनी मीमांसाशास्त्रमा बताइएको छ (मी.न्या.प्र., पृ. ४)।[४३] मीमांसा शास्त्रमा भावनाको (शाब्दी भावनाको) भाव्यमा (आर्थीभावनामा) उत्पादक हुनुलाई करण भनिन्छ।[४४] अनुमानमा व्याप्तिज्ञान, उपमानमा सादृश्यज्ञान, शाब्दबोधमा पदज्ञान, स्मृतिमा अनुभव करणका रूपमा रहेको हुन्छ (सि.मु., प्र.ख.)।[४५] **चक्षुरादीनां ज्ञानादिकं प्रति करणत्वम्** अर्थात् 'आँखा आदि ज्ञान प्राप्तिका करण हुन्' (सि.मु., प्र.ख.) भनी सिद्धान्तमुक्तावलीमा भनिएको छ। **करणं हि सकर्तृकम्** अर्थात् 'करण कर्ताले युक्त हुन्छ' (कारिकावली ६६) र **करणं व्याप्तिधीर्भवेत्** अर्थात् 'व्याप्ति ज्ञान नै करण हो' (कारिकावली, अ.ख. ६६) जस्ता वाक्यहरू कारिकावलीमा उल्लेख गरिएका छन्। **ततोऽर्थी लेखयेत्०** 'त्यसपछि (तृतीय चरणमा) अर्थीले तत्कालै प्रतिज्ञा गरिएका कुराको कारण लिखित रूपमा दर्ज गराउनुपर्छ। त्यसमा सफल भयो भने (अर्थीद्वारा प्रस्तुत गरिएका साक्ष्य प्रमाणित भएमा) उ विजेता बन्दछ अन्यथा उ पराजित घोषित हुन्छ।' (या.स्मृ.२/७-८) भनी योगीश्वर याज्ञवल्क्यले भनेका छन्। यसरी यहाँ प्रमेयका (सिद्ध गरिने वस्तुका) लागि प्रमाण साधन हुन्छ भन्ने कुरा बताइएको छ।

---

४३. **मीमांसान्यायप्रकाश** आपदेवद्वारा रचित मीमांसा दर्शनसित सम्बद्ध ग्रन्थ हो। यसमा विधि, मन्त्र, नामधेय, निषेध र अर्थवादरूप वेदका पाँच भागको क्रमशः निरूपण गरिएको छ। प्रस्तुत ग्रन्थको र अर्थसङ्ग्रहको विषय प्रतिपादन शैली एउटै रहेको छ।

४४. **भावनाभाव्यनिर्वर्तकत्वम्** मीमांसान्यायप्रकाशमा प्रयुक्त पदावली हो। यस पदको व्याख्या सारविवेचिनी व्याख्यामा यसरी गरिएको छ- यथा कुठारः पुरुषसाध्यछेदनव्यापारं निर्वर्तयत् पुरुषस्य कारणमित्युच्यते एवं लिङ्गादिज्ञानमपि शब्दभावनाभाव्यार्थभावनां निर्वर्तयन् शाब्दभावनाकारणमित्युच्यत इत्यर्थः। एवं च स्वोत्पादकत्वमत्र करणत्वम्, किन्तु स्वाभाव्यनिर्वर्तकत्वमेव पारिभाषिकं स्वकरणमङ्गीक्रियत इति फलितम्।

४५. **सिद्धान्तमुक्तावली** विश्वनाथ पञ्चाननद्वारा लिखित न्यायदर्शनसित सम्बद्ध ग्रन्थ हो। यसको मूल कारिका (पद्य) भागलाई कारिकावली र व्याख्या भागलाई सिद्धान्तमुक्तावली वा **न्यायसिद्धान्तमुक्तावली** भनिन्छ। यो ग्रन्थ प्रत्यक्ष, अनुमान आदि खण्डमा विभक्त छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषु चाभीष्टसम्पादककृत्येषु प्रवृत्तिमनभीष्टकारककृत्येभ्यो निवृत्तिं च रागाक्रान्तो लोको दण्डमन्तरा न कश्चिदप्यावहतीति इष्टानिष्टकर्मसु प्रवृत्तिनिवृत्त्युत्पादनाय सृष्टिकर्त्रा दण्डः सृष्टः। चतुर्षु सामदानभेददण्डात्मकेषु जननिग्रहोपायेषु दण्डश्चतुर्थो निग्रहोपायः।

स च दण्डः प्रत्यक्षाप्रत्यक्षतया नियामकत्वाद् धर्मदण्डराजदण्डरूपाभ्यां भेदाभ्यां द्विविधः सम्पद्यते।

तत्र धर्मदण्डो विध्यनुष्ठानजन्यफलप्रतिपादनमुखेन तत्तत्फलोपलब्धये तत्तत्कर्मानुष्ठानप्रवृत्तिम्, निषेधानुष्ठान जन्यानभीष्टफलप्रतिपादनमुखेन तत्तत्फलानुत्पत्तये तत्तत्कर्मानुष्ठाननिवृत्तिं च विधाय लोकं निगृह्णाति। तस्माद्धर्मदण्डः फलप्रतिपादनमुखेन नियामक इति अप्रत्यक्षात्मकं रूपं बिभर्ति।

राजदण्डस्तु प्रत्यक्षमेव साधून् सम्मान्य मर्यादाभेदिनश्च निगृह्य व्यवस्थां कुरुते इति प्रत्यक्षात्मकं रूपं बिभर्ति।

द्विविधस्यास्य दण्डस्यास्मिन् शोधप्रबन्धे यथामति निरूपणं विधाय **'दण्डं धर्मं विदुर्बुधाः'** इत्याद्याचार्योक्तिभिर्धर्मरूपत्वमावहतो दण्डस्य सामाजिकव्यवस्थास्थापकत्वं साधितमिति सिद्ध्यति धर्मशास्त्रस्य सामाजिकव्यवस्थासाधनत्वम्।

अभ्युन्नति र कल्याण गर्ने कार्यमा मनुष्यलाई प्रवृत्त गराउनु र यसभन्दा विपरीत (अभ्युन्नति नगराउने र कल्याण नगर्ने) परिणाम उत्पन्न गराउने हुनाले अनभीष्ट कृत्यबाट निवृत्त गराउनु नै व्यवस्थाको प्रयोजन हो। अभीष्ट कार्यमा प्रवृत्त गराउने र अनभीष्ट कार्यबाट निवृत्त गराउने कार्य धर्मशास्त्रले गर्दछ। अतः धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो भन्ने कुरा सिद्ध हुन्छ।

रागले आक्रान्त भएको कुनै पनि मनुष्य दण्ड विना उल्लिखित अभीष्ट सम्पादन गर्ने कार्यमा प्रवृत्त हुने र अनभीष्ट परिणाम उत्पन्न गराउने कार्यबाट निवृत्त हुने गर्दैन। त्यसैले नै इष्ट एवं अनिष्ट फल उत्पन्न गराउने कार्यमा क्रमैले प्रवृत्ति एवं निवृत्ति उत्पन्न गराउनका लागि सृष्टिकर्ताद्वारा दण्डको सृजना गरिएको हो। मनुष्यलाई नियन्त्रण गर्ने चार प्रकारका साम, दाम, भेद एवं दण्डरूप उपाय मध्ये दण्ड निग्रह गर्ने चौथो उपाय हो। उक्त दण्ड- प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा नियामक भएकाले धर्मदण्ड र राजदण्ड गरी दुई प्रकारको हुन्छ।

दुई प्रकारका दण्डमध्ये धर्मदण्डले विधिको अनुष्ठानबाट प्राप्त हुने फल प्रतिपादन गरी (परिणाम देखाई) उक्त फल प्राप्तिका लागि ती ती कर्म सम्पन्न गर्न प्रवृत्त गराएर एवं निषिद्ध कर्म गर्नाले उत्पन्न हुने अनभीष्ट फल प्रतिपादन गरी (दुष्परिणाम देखाई) ती ती फल प्राप्त नहोऊन् भनी ती ती कर्म गर्नबाट निवृत्त गराएर लोकलाई नियन्त्रण गर्ने कार्य गर्दछ। त्यसैले धर्मदण्डले (इष्टानिष्ट) फल प्रतिपादन गरेर नियमन गर्ने कार्य गर्दछ। अतः धर्मदण्डले अप्रत्यक्ष स्वरूप वहन गर्दछ। (धर्मदण्डलाई अप्रत्यक्षदण्ड भनिन्छ।)

राजदण्डले भने प्रत्यक्ष रूपमा नै सज्जनहरूलाई सम्मान गरेर (पुरस्कृत बनाएर) साथै मर्यादाको उल्लङ्घन गर्नेहरूलाई नियमन (नियन्त्रण) गरेर वा दण्ड दिएर समाजलाई व्यवस्थित गराउने कार्य गर्दछ। अतः राजदण्डले प्रत्यक्ष स्वरूप वहन गर्दछ। (राजदण्डलाई प्रत्यक्षदण्ड भनिन्छ।)

प्रस्तुत शोधप्रबन्धमा यथामति दुई प्रकारका दण्डहरूको निरूपण गरेर **'दण्डलाई नै विद्वान्हरू धर्म भन्दछन्'** जस्ता आचार्यका उक्तिद्वारा धर्मको स्वरूप धारण गर्ने दण्डले सामाजिक व्यवस्था मिलाउने कार्य गर्दछ भन्ने कुरा सिद्ध गरिएको छ। त्यसैले नै धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि सर्पिर्दुग्धे एव स्थितं भवति । परं दुग्धे सर्पिषः स्वादो न लभ्यते । दुग्धे दधिरूपां विकृतिमापाद्य मन्थनक्रियया निष्पन्नं सर्पिः स्वादाय कल्पते ।

एवं शर्करा च इक्षुदण्ड एव स्थिता भवति । परं न हि इक्षुदण्डे तस्याः शर्करायाः स्वादः समुपलभ्यते । इक्षुदण्डोत्थं रसं संस्कृत्य सम्भाविता शर्करा एव तादृशस्वादाय कल्पते ।

वृक्षे आमूलाग्रं विद्यमानो रसो न हि स्वाद्यते । स एव वृक्षतरुलतादिषु विद्यमानो रसः फले सम्यक्तया पृथग्भूतः स्वादाय जायते ।

तथैव प्रत्यक्षाप्रत्यक्षात्मकतया विद्यमानो धर्मदण्डो राजदण्डश्च यद्यपि धर्मशास्त्रे सम्यङ् निर्दिष्टं परावरज्ञैर्महर्षिभिस्तथापि अनेकत्र विद्यमानानां शर्कराजलत्रिपुटामरीचदध्यादिसंयोगात्समुत्पन्नपानकरसवदनेकत्र विप्रकीर्णविषयाणामेकत्र सङ्कलय्य तद्गतसामर्थ्योद्भावनात् प्रबन्धोऽयं नवीनतामवहति ।

समभीष्टसम्पादकसमनुष्ठानेषु लोकप्रवृत्त्युत्पादकतया सामाजिकव्यवस्थास्थापकस्यास्य विषयस्याद्ययावत् केनापीत्थमनिरूपणात् प्रबन्धोऽयं नूतनतामुद्वहन् उद्भ्रान्तं लोकं वास्तविकं तथ्यमुद्बोद्ध्य धर्म्ये पथि प्रवर्तनाप्रयोजनं चावहन् विदुषामनुकम्पया स्वसाध्यसम्पादने समर्थः स्यादिति प्रार्थयते ।

प्रबन्धलेखको
राधाकृष्णाधिकारी

हुन त घिउ दूधमा नै रहेको हुन्छ तर दूधमा घिउको स्वाद पाउन सकिन्न । दूधमा दही रूप विकार उत्पन्न गराएपछि (दूध दहीमा परिणत भएपछि) त्यसलाई मथेर निस्किएको घिउ नै आस्वादको योग्य हुन्छ । यसै प्रकारले चिनी उखुका लाँक्रामा रहेको हुन्छ तर उखुका लाँक्रामा चिनीको स्वाद पाउन सकिन्न । उखुका लाँक्रामा रहेको रस निकाली त्यसको संस्कार गरेर (रासायनिक प्रक्रियाद्वारा) निष्पन्न गराइएको चिनी नै आस्वाद लिने योग्य हुन्छ । रूखहरूमा र लहराहरूमा जरादेखि टुप्पासम्म रहेको रसको आस्वाद लिन सकिन्न तर तिनै रूखहरूमा र लहराहरूमा रहेको रस फलमा राम्ररी समाहित भएपछि आस्वाद लिने योग्य हुन्छ । त्यसरी नै प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा रहेको धर्मदण्डको र राजदण्डको सम्पूर्ण तत्त्व जानेका महर्षिहरूले उक्त तथ्य धर्मशास्त्रमा राम्ररी निर्देशन गरेका छन् तर पनि अनेक ठाउँमा छरिएर रहेका उक्त तत्त्वहरूलाई प्रस्तुत प्रबन्धमा एकै ठाउँमा सङ्कलन गरिएको छ । चिनी, पानी, त्रिपुट मरीच, दही आदि पदार्थ मिसाएर बनाइएको सर्बतले भिन्नै प्रकारको मिठास दिएझैं विभिन्न ग्रन्थहरूमा छरिएर रहेका विषयहरूको एकै ठाउँमा संयोजन गरी धर्मशास्त्रसम्बद्ध सामर्थ्यको उद्भावन गरिएको प्रस्तुत शोधप्रबन्धले पनि नयाँपन (भिन्नै प्रकारको मिठास) उत्पन्न गराउँछ नै ।

अभिलषित परिणाम उत्पन्न गराउने राम्रा कार्यप्रति मनुष्यलाई प्रवृत्त गराउने हुनाले सामाजिक व्यवस्थालाई व्यवस्थित गराउने साधनका रूपमा विद्यमान यस विषयलाई आजसम्म कसैले पनि यस प्रकारले निरूपण नगरेको हुनाले यस प्रकारको (विशेष) विषयलाई निरूपण गर्ने प्रस्तुत प्रबन्धले नयाँपन देखाउँदै उद्भ्रान्त भएका मानिसलाई वास्तविक तथ्य बुझाएर धर्ममार्गमा प्रवृत्त गराउने प्रयोजन सिद्ध गर्ने छ । विद्वान्हरूको अनुकम्पाद्वारा प्रस्तुत शोधप्रबन्ध आफ्नो साध्य सिद्ध गर्न समर्थ होस् भन्ने प्रार्थना गर्दछु ।

प्रबन्धका लेखक
राधाकृष्ण अधिकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(संक्षिप्ता सङ्केतसूचिः) शोधप्रबन्धमा प्रयुक्त संक्षिप्त सङ्केत सूची

उद्धृतग्रन्थसङ्केतः (उद्धृत ग्रन्थको सङ्केत)	उद्धृतग्रन्थनामानि च (उद्धृत ग्रन्थहरूको नाम)
१. अ. को.	अमरकोशः
२. अ. सं.	अर्थसङ्ग्रहः
३. अ. हृ.	अष्टाङ्गहृदयम्
४. आ. ध. सू.	आपस्तम्बधर्मसूत्रम्
५. ऋक्. भा.	ऋग्वेदभाष्यम्
६. क. उ.	कठोपनिषद्
७. क. भा.	कर्कभाष्यम्
८. कल्याण	कल्याणम्
९. का. मा.	कालमाधवः
१०. का. पु.	कालिकापुराणम्
११. कृ. क. त.	कृत्यकल्पतरुः
१२. कृ. सा. स.	कृत्यसारसमुच्चयः
१३. कौ. व्या.	कौमुदीव्याख्या
१४. कौ. अ. शा.	कौटिल्यस्यार्थशास्त्रम्
१५. ग. भा.	गदाधरभाष्यम्
१६. ग. उ.	गर्भोपनिषद्
१७. गौ. ध. सू.	गौतमधर्मसूत्रम्
१८. च. सं.	चरकसंहिता
१९. च. द. व्या.	चक्रदत्तव्याख्या
२०. चा. सू.	चाणक्यसूत्रम्
२१. ज. भा.	जयरामभाष्यम्
२२. जै. न्या. मा.	जैमिनीयन्यायमाला
२३. तै. उ.	तैत्तिरीयोपनिषद्
२४. ध. सि.	धर्मसिन्धुः
२५. ना. उ.	नारायणोपनिषद्
२६. नि. सि.	निर्णयसिन्धुः
२७. नी. वा. अ.	नीतिवाक्यामृतम्
२८. प. मा.	पराशरमाधवः
२९. प. स्मृ.	पराशरस्मृतिः
३०. प्र. उ.	प्रश्नोपनिषद्
३१. पा. यो. भा.	पातञ्जलयोगदर्शन-भाष्यम्
३२. पा. गृ. सू.	पारस्करगृह्यसूत्रम्
३३. पी. धा.	पीयूषधारा
३४. पु. प.	पुराणपर्यालोचनम्
३५. पु. च.	पुरुषार्थचतुष्टयम्
३६. बृ. आ. उ.	बृहदारण्यकोपनिषद्
३७. भ. गी.	भगवद्गीता
३८. भा.	भागवतम्
३९. मनुः	मनुस्मृतिः
४०. म. मु.	मन्वर्थमुक्तावली
४१. म. भा.	महाभारतम्
४२. मिता.	मिताक्षरा
४३. मी. न्या. प्र.	मीमांसान्यायप्रकाशः
४४. मी. प.	मीमांसापरिभाषा
४५. मु. उ.	मुण्डकोपनिषद्
४६. मु. ऐ.	मुलुकी ऐन
४७. मु. चि.	मुहूर्तचिन्तामणिः
४८. या. स्मृ.	याज्ञवल्क्यस्मृतिः
४९. र. का. धे.	रसकामधेनुः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५०.	रा. शा. मू. सि.	राजशास्त्र के मूल सिद्धान्त
५१.	रु. अ.	रुद्राष्टाध्यायी
५२.	लि. का. अ.	लिच्छविकालका-अभिलेख
५३.	व. कृ. दी.	वर्षकृत्यदीपकः
५४.	व्य. म.	व्यवहारमयूखः
५५.	वा. रा.	वाल्मीकीयरामायणम्
५६.	वि. भा.	विश्वनाथभाष्यम्
५७.	वि. टी.	विस्तरा टीका
५८.	वी. मि.	वीरमित्रोदयः
५९.	वै. प. प्र.	वैद्यकपरिभाषाप्रदीपः
६०.	वै. द.	वैशेषिकदर्शनम्
६१.	शु. नी.	शुक्रनीतिः
६२.	शां. भा.	शाङ्करभाष्यम्
६३.	शा. भा.	शावरभाष्यम्
६४.	सं. ग.	संस्कारगणपतिः
६५.	सं. दी.	संस्कारदीपकः
६६.	सं. म. भा. क.	संक्षिप्त महाभारताङ्क कल्याण
६७.	स्वो. वि.	स्वोपज्ञविवृत्तिः
६८.	सा. क.	साधनाङ्क कल्याण
६९.	सा. वि. व्या.	साराविवेचिनीव्याख्या
७०.	ह. ह. भा.	हरिहरभाष्यम्
७१.	हि. उ.	हितोपदेशः

द्रष्टव्यः-

विद्यावारिधि उपाधि प्राप्त गर्ने उद्देश्यले अनुसन्धान केन्द्रमा प्रस्तुत गरिएको मूल शोधप्रबन्धमा मूलतः संक्षेपीकृत शब्दसूचीमा निर्दिष्ट एकहत्तर मूल एवं टीका (भाष्य) ग्रन्थहरूको उद्धरण दिइएको छ । एकाध ठाउँमा उल्लिखित ग्रन्थ बाहेकका ग्रन्थहरू समेत स्रोत ग्रन्थका रूपमा आएका छन् । जस्तै-

१. तर्क.	तर्कसङ्ग्रहः	२. हैम.	हैमवती,
३. न्या.सि.मु.	न्यायसिद्धान्तमुक्तावली	४. यो. द.	योगदर्शनम्
५. सुबो.	सुबोधिनी व्याख्या	६. आ.प.	आशौचपञ्जिका
७. पु. चि.	पुरुषार्थचिन्तामणि आदि ।		

ठाउँ ठाउँमा द्वितीय स्रोतको प्रयोग पनि गरिएको छ । सम्भव भएका अवस्थामा अनुवादमा द्वितीय स्रोतलाई पनि प्रथम स्रोतमा नै परिणत गराइएको छ । सामान्य पाठकले संक्षेपीकृत शब्दसूचीबाट मूल ग्रन्थका साथ टीका ग्रन्थहरू सहजै पत्ता लगाउन नसक्ने भएकाले प्रकाशित ग्रन्थका पादटिप्पणीमा टीका ग्रन्थ सहित मूल ग्रन्थको पूर्ण रूप दिइएको छ । कतिपय प्रसङ्गमा मूल ग्रन्थका प्रकरणलाई समेत संक्षेपीकृत शब्दसूचीद्वारा सङ्केत गरिएकाले र तिनको पूर्णरूप शोधप्रबन्धमा कतै नदेखाइएकाले पाठकलाई अझ कठिनताको अनुभव गर्नुपर्ने अवस्था देखिएकाले पादटिप्पणीमा प्रकरणको समेत पूर्ण रूप दिइएको छ । अनुवादका क्रममा भने उट्टङ्कित संक्षेपीकृत शब्दसूचीको उपयोग गरिएको छ । माथिको संस्कृत भागमा मूलग्रन्थको, टीकाग्रन्थको र प्रकरण आदिको पूर्णरूप दिइएकाले तलको अनुवादका पाठकले पनि सहजै संक्षेपीकृत शब्दसूचीको पूर्णरूप थाहा पाउन सक्नेछन् । पुनश्च मूल शोधप्रबन्धमा उपयोग गरिएका भन्दा अतिरिक्त ग्रन्थहरूको पनि अनुवादका क्रममा उपयोग गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूल शोध प्रबन्धको नेपाली अनुवादमा प्रमाण ग्रन्थहरूलाई गर्भे टिप्पणीका माध्यमले देखाइएको छ। टिप्पणी लामा हुन सक्ने एकाध ठाउँमा टिप्पणी नदिइएता पनि प्रायः सबै ठाउँमा गर्भे टिप्पणी दिइएको छ। मूल शोधप्रबन्धमा स्रोत नखुलाइएका ठाउँमा समेत उपलब्ध भएसम्म प्रायः मूलमा र अनुवादमा समेत स्रोत खुलाउने प्रयत्न गरिएको छ। प्रकरणलाई यथासम्भव अङ्कका माध्यमले व्यक्त गरिएको छ। जस्तै- याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः (या.स्मृ. १/..) याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः (या.स्मृ. २/..), याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः (या.स्मृ. ३/..)। श्लोक संङ्ख्या नै पर्याप्त हुने भएकाले उक्त अध्याय भित्रका प्रकरणलाई अनुवादका क्रममा गर्भे टिप्पणीमा देखाइएको छैन। महाभारतका सन्दर्भमा भने उद्योगपर्वका लागि (म.भा., उ.प.), वनपर्वका लागि (म.भा., व.प.) शान्तिपर्वका लागि (म.भा., शा.प.) र अनुशासन पर्वका लागि (म.भा, अ.प.) द्वारा सङ्केत गरिएको छ। मूल ग्रन्थका पाद टिप्पणीमा कतिपय ग्रन्थका उद्धरणलाई पृष्ठसङ्ख्यामा देखाइएको छ। विभिन्न संस्करणका ग्रन्थमा पृष्ठसङ्ख्यामा भिन्नता देखिने हुनाले सम्भव भएसम्म पृष्ठसङ्ख्यालाई महत्त्व दिइएको छैन। यस्तो समस्या प्रायः गद्यप्रधान ग्रन्थहरूमा देखा पर्दछ। विषयगत प्रष्टीकरणका लागि अनुवादमा पनि पादटिप्पणीको प्रयोग गरिएको छ।

अनुवाद गर्ने क्रममा सामग्री सङ्कलनको आवश्यकता खासै नपर्ने हो तर लौहाक्षरद्वारा टङ्कित शोधप्रबन्धको पठन सहज नहुने भएकाले र कतिपय स्थानमा भ्रमसमेत सृजना हुने भएकाले उपजीव्य बनाइएका सम्पूर्ण मूल ग्रन्थहरूको नै अध्ययन गरिएको छ। यस क्रममा तीनवटा स्रोतबाट सामग्री सङ्कलन गरिएको छ-

व्यक्तिगतस्रोत क) आफ्नै सङ्ग्रहमा रहेका पुस्तक।
ख) शोधप्रबन्धका रचयिता सङ्ग्रहमा रहेका पुस्तक।

पुस्तकालयीयस्रोत क) महेश संस्कृत गुरुकुल देवघाटको पुस्तकालयमा रहेका पुस्तक।
ख) वाल्मीकि विद्यापीठ काठमाडौंको पुस्तकालयमा रहेका पुस्तक।

विद्युतीयस्रोत क) www.archive.org मा उपलब्ध पुस्तक।
ख) www.advaitasharada.sringeri.net मा उपलब्ध पुस्तक।

मूल ग्रन्थको छायानुवाद गर्ने प्रयत्न गरिएता पनि सरलताका लागि मूलग्रन्थमा प्रयोग गरिएका कतिपय लामा लामा वाक्यलाई टुक्र्याएर नेपाली अनुवादमा छोटा छोटा वाक्य बनाइएको छ। त्यसैले कतै कतै मूल ग्रन्थको भावानुवाद गरेजस्तो देखिएको हुन सक्छ। नव्यन्यायका भाषाको आभास गराउने शैलीमा लेखिएका लामा लामा वाक्यको जस्ताको जस्तै अनुवाद हुन पनि सक्दैन। कतिपय ठाउँमा पारिभाषिक पदावलीको प्रयोग पनि गर्नुपर्ने हुन्छ। प्रस्तुत ग्रन्थमा विशेषतः मीमांसा दर्शनमा प्रयोग गरिने पारिभाषिक पदावलीको बढी प्रयोग भएको छ। सम्बद्ध ठाउँमा नै पादटिप्पणीका माध्यमले पारिभाषिक शब्दको अर्थ स्पष्ट पार्ने प्रयत्न पनि गरिएको छ। नेपाली भाषाका साधारण पाठकले पनि यस ग्रन्थबाट लाभ लिन सकुन् भन्ने उद्देश्यले गर्दा भाषालाई प्रौढ बनाउने भन्दा सरल बनाउने तर्फ बढी ध्यान दिइएको छ। धर्मशास्त्रीय जिज्ञासा भएता पनि धर्मशास्त्रका सम्बन्धमा कुनै जानकारी नभएका र नेपाली भाषामात्र जान्ने विशुद्ध पाठकलाई ध्यानमा राखेर भाषानुवाद गरिएको छ। विषय नै शास्त्रीय भएकाले सबै ठाउँमा उद्देश्य पूरा नभएको हुन सक्छ। समग्रमा भन्नुपर्दा छायानुवाद गर्ने उद्देश्यले आरम्भ गरिएको लेखन ठाउँ ठाउँमा भावानुवादमा परिणत भएको छ। यस प्रयत्नबाट पाठकले केही मात्रमा भए पनि लाभ लिन सके भने शोधप्रबन्धका लेखक कृत्यकृत्य हुने छन् र अनुवादक पनि कृत्यकृत्य हुनेछ। ॐ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमङ्गलमूर्तये नमः ।

धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम् ।

प्रथमोऽध्यायः

****

धर्मशास्त्रं नाम [१]स्मृतयो या मन्वादिभिर्ऋषिमहर्षिभिः स्मृताः । ता एव स्मृतयो भारतीयानां सामाजिक-व्यवस्थाया हेतवः ।

१. **श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः । ते सर्वार्थेष्वमीमांस्ये ताभ्यां धर्मो हि निर्बभौ ।।** २/१० मनुः ।

सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र

पहिलो अध्याय

मनु आदि ऋषि महर्षिहरूद्वारा स्मरण गरिएका[१] (रचना गरिएका) स्मृति ग्रन्थहरूलाई धर्मशास्त्र भनिन्छ (मनु. २/१०) ।[२] तिनै स्मृतिहरू नै भारतवर्षमा जन्मिएका मानवमात्रका सामाजिक व्यवस्थाका साधन हुन् । प्रजाहरूलाई

१. क) वेदलाई श्रुति भनिन्छ भने धर्मशास्त्रलाई स्मृति भनिन्छ । श्रुति एवं स्मृतिद्वारा प्रतिपादित कुनै पनि विषयमा प्रतिकूल तर्क गर्न मिल्दैन अर्थात् श्रुति एवं स्मृतिद्वारा प्रतिपादित सबै विषय तर्क वितर्कभन्दा टाढा हुन्छन् । किनकि- श्रुति एवं स्मृतिद्वारा धर्मको प्रतिपादन गरिन्छ ।- मनु. २/१० ।

ख) व्यावहारिक, पारिभाषिक एवं कोशीय अर्थ जे भएता पनि वेदका पर्यायका रूपमा प्रयोग गरिने श्रुतिशब्दले सुनाइ अर्थात् परम्पराबाट सुनिदै आएका भन्ने अर्थ दिन्छ । अतः वेदका कुनै अंशलाई उद्धरण दिएपछि श्रूयते (सुनिन्छ), श्रुतम् (सुनिएको छ) जस्ता क्रियापदको प्रयोग गर्ने गरिन्छ । यसरी नै स्मृतिशब्दले व्युत्पत्तिका आधारमा स्मरण अर्थात् स्मरण गरिएका, सम्झिएका भन्ने अर्थ दिन्छ । अतः स्मृतिग्रन्थबाट उद्धरण गरिएका अंशलाई स्मृतः (स्मरण गरिएको) शब्दको प्रयोग गरिन्छ । यसै आधारमा मनु आदिद्वारा स्मरण गरिएका ग्रन्थहरू नै स्मृति हुन् भनिएको हो । प्रस्तुत ग्रन्थमा ठाउँ ठाउँमा स्मृतशब्दको प्रयोग गरिएको छ तर अनुवाद गर्ने क्रममा भने भनेका छन् लेखिएको छ । पुनश्च स्मृतिशब्दले जसरी वेद अनादि हुन् त्यसरी नै स्मृति पनि अनादि हुन् भन्ने तथ्य बुझाउँछ । मनु आदिले त मात्र अनादि ज्ञानराशिको स्मरण गरेका हुन् । यसै तथ्यलाई पराशरस्मृतिमा निम्नपद्यद्वारा यसरी व्यक्त गरिएको छ-

न कश्चित् वेदकर्ता च वेदं स्मृत्वा चतुर्मुखः । तथैव धर्मान् स्मरति मनुः कल्पान्तरेऽन्तरे ।। {कुनै मनुष्य वेदको प्रणेता होइन, चतुर्मुख ब्रह्माले वेदको स्मरण गरेर जसरी प्रकाशित गर्दछन् त्यसरी नै महर्षि मनुले प्रत्येक कल्पका प्रारम्भमा धर्मको स्मरण गरेर अरूलाई उपदेश दिन्छन् । प्रत्येक कल्पमा स्मरण गरिने हुनाले यसलाई स्मृति भनिएको हो ।} (प. स्मृ. १/२१) यसबाट स्मृति ग्रन्थहरूको महत्ता स्वतः अभिव्यक्त हुन्छ ।

२. स्मृतिहरू धर्मशास्त्रभित्र पर्दछन् तर धर्मशास्त्रशब्दले इतिहास, पुराण आदिलाई पनि समेट्छ । मनुस्मृतिको सङ्केतित (मनु. २/१०) पद्यबाट धर्मका विषयमा श्रुति एवं स्मृतिले अथवा हाम्रा प्राचीन महर्षिहरूले जे भनेका छन् तिनै कुरा प्रामाणिक हुन्छन्, हामीलाई कुनै पनि विषयमा मनपरी निर्णय गर्ने अधिकार छैन भन्ने प्रमाणित हुन्छ । यसबाट वर्तमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिकव्यवस्था नाम प्रजानां धर्मार्थकामामोक्षाख्येषु चतुर्षु पुरुषार्थेषु प्रवृत्त्यनुकूलात्मिकस्थिते-र्व्यवस्थापनं तेषु पुरुषार्थेषु प्रवर्तनोत्पादनञ्च। तत्र स्थितिनिबन्धनस्य त्रिवर्गसाधनत्वं [२]वात्स्यायनेन प्रोक्तम्। धर्मार्थकामफलत्वं राज्यस्य प्रयोजनमिति वदता [३]नीतिवाक्यामृतकारेणापि स एवार्थ उक्तः।

---

२. प्रजापतिर्हि प्रजाः सृष्ट्वा तासां स्थितिनिबन्धनं त्रिवर्गस्य साधनमध्यायानां शतसहस्रेणाग्रे प्रोवाच। तस्यैकदेशिकं मनुः स्वायम्भुवो धर्माधिकारकं पृथक् चकार। बृहस्पतिरर्थाधिकारम्। {महादेवानुचरश्च} नन्दी सहस्रेणाध्यायानां पृथक्कामसूत्रं चकार।- नीतिवाक्यामृतस्य भूमिकायां टिप्पणी (वात्स्यायनीयं वचनम्)।

३. **धर्मार्थकामफलाय राज्याय नमः।**- नीतिवाक्यामृतम्, धर्मसमुद्देशः, (मङ्गलात्मकं सूत्रम्)

धर्म, अर्थ, काम एवं मोक्षरूप पुरुषार्थमा प्रवृत्त हुन अनुकूल हुने वातावरणको सृजना गर्नु र प्रजाहरूलाई उक्त चारै प्रकारका पुरुषार्थमा प्रवृत्त गराउनु नै सामाजिक व्यवस्था हो। वात्स्यायनले[३] पनि सामाजिक व्यवस्थालाई धर्म, अर्थ र कामरूप त्रिवर्गको साधन हो भनेका छन् (नी.वा.अ. भूमिका)।[४] धर्म, अर्थ एवं कामरूप पुरुषार्थको प्राप्ति गराउनु नै

समयमा सुनिने चाडपर्व सुधारजस्ता क्रियाकलाप पूर्णतः अप्रामाणिक हुन् भन्ने कुरा सिद्ध हुन्छ। स्मृतिविरुद्ध आचार पनि हेय हुने कुरा समेत बुझिन्छ।

३. क) {प्रजापति ब्रह्माले प्रजाहरूको सृष्टि गरेर उनीहरूलाई मर्यादामा राख्नका लागि धर्म, अर्थ एवं काम रूप त्रिवर्ग प्राप्त गर्ने साधनहरू (साधनभूत शास्त्रहरू) सय हजार (अर्थात् एक लाख) अध्यायमा बताए। त्यसको एउटा धर्मशास्त्रसित सम्बद्ध भागलाई स्वायम्भुव (स्वयम्भूका छोरा) मनुले अलग गराए (र धर्मशास्त्रको निर्माण गरे)। बृहस्पतिले अर्थशास्त्रसित सम्बद्ध अंशलाई अलग गराए (र अर्थशास्त्रको निर्माण गरे)। (महादेवका अनुचर) नन्दीले हजार अध्यायमा कामसूत्रलाई अलग गराए।} (महर्षि वात्स्यायनद्वारा रचना गरिएको कामसूत्र (१/१/५-८) मा भनिएको प्रस्तुत उक्ति **नीतिवाक्यामृतम्** नामको ग्रन्थको भूमिकामा रहेको टिप्पणीबाट उद्धरण गरिएको हो।)

ख) वात्स्यायन कामसूत्रका प्रणेता महर्षि हुन्। महर्षि वात्स्यायनको कामसूत्र अधिकरण/अध्याय/सूत्रमा संरचित छ। यशोधरद्वारा संस्कृत भाषामा लेखिएको जयमङ्गला टीकालाई कामसूत्रको प्रामाणिक टीका मानिन्छ। वात्स्यायन स्वयं महर्षि भएकाले उनीद्वारा रचित कामसूत्रबाट काम आवश्यक भएता पनि मर्यादित हुनुपर्छ र धर्म एवं मोक्षतर्फ उन्मुख हुनुपर्छ भन्ने भाव व्यक्त हुन्छ। तुच्छ कामवासनाको परिपूर्ति वात्स्यायनको उद्देश्य होइन। यो तथ्य मूल ग्रन्थको सूक्ष्म अध्ययनबाट व्यक्त हुन्छ।

४. क) {धर्म, अर्थ एवं काम फल भएको राज्यलाई नमस्कार}- नीतिवाक्यामृतम्, धर्मसमुद्देशः, (मङ्गलाचरण सूत्र)

ख) पादटिप्पणीमा उद्धृत नीतिवाक्यामृतम् नामक ग्रन्थको मङ्गलसूत्रले प्राचीन राज्यव्यवस्थाको उद्देश्य त्रिवर्गको (धर्म, अर्थ एवं कामको) साधना थियो भन्ने तथ्य प्रमाणित गर्छ। शास्त्रमा पनि- **धर्मार्थकामाः सममेव सेव्याः। यो ह्येकभक्तः स नरो जधन्यः॥** अर्थात् धर्म, अर्थ एवं कामको समान रूपमा सेवा (आर्जन/ उपभोग) गर्नुपर्छ, जुन मनुष्य एउटा वर्गमा मात्र आशक्त हुन्छ त्यो निन्द्य मनुष्य हो भनिएको छ। सन्तुलित रूपमा गरिएको त्रिवर्गको साधना स्वतः चतुर्थ पुरुषार्थतिर (मोक्षतर्फ) उन्मुख हुन्छ। उक्त सबै उद्देश्यको पूर्ति धर्मशास्त्रद्वारा नियन्त्रित सामाजिक व्यवस्था भएमा मात्र सम्भव हुन्छ।

ग) **नीतिवाक्यामृतम्** सोमदेवसूरिद्वारा रचित राजनीतिशास्त्रसित सम्बद्ध ग्रन्थ हो। कौटिल्यको अर्थशास्त्र र कामन्दकको नीतिसार पछि सोमदेवसूरिको नीतिवाक्यामृतम् ग्रन्थको चर्चा हुन्छ। दसौं शताब्दीका (वा एघारौं शताब्दीको प्रथम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[४]अभ्युदयनिःश्रेयसयोः सिद्धिश्च धर्मस्य प्रयोजनमिति हि प्रसिद्धम् । अतो मोक्षफलत्वं राज्यस्य परम्परितं प्रयोजनम् ।

साधनं नाम साध्यस्य सिद्धिसम्पादनानुकूल्यप्रदानम् । साध्यसिद्धिर्हि साधनायत्ता । साध्यकोटौ स्थितमर्थं सिद्धिकोटिमापादकस्य पदार्थस्य साधनत्वञ्च [५]योगीश्वरवचनादवगम्यते ।

सामाजिकव्यवस्थेत्यत्र सामाजिकी व्यवस्था चेति पदद्वयं विद्यते । समाजे वर्तनं शीलमस्येत्यस्मिन्नर्थे **'शीलम्'** इति पाणिनीयसूत्रेण **'ठक्'** प्रत्यये विहिते **'ठस्येकः'** इत्यनेन सूत्रेण **'इक्'** आदेशे **'टिड्ढाण०'**

४. **यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः** ।- वैशेषिकदर्शनम् १/१ ।

५. **ततोऽर्थी लेखयेत् सद्यः प्रतिज्ञातार्थसाधनम्** ।- याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ७ श्लोकः ।

राज्यको प्रयोजन हो (नी.वा.अ. १/१) भन्दै **नीतिवाक्यामृत** नामक ग्रन्थका रचयिताले पनि उक्त कुराको पुष्टि गरेका छन् ।

अभ्युदय (सांसारिक उन्नति) र निःश्रेयस (पारलौकिक उन्नति) को सिद्धि धर्मको प्रयोजन हो भन्ने कुरा प्रसिद्ध नै छ (वै.द. १/१) ।[५] अतः धर्म आदि त्रिवर्गको सिद्धि राज्यको साक्षात् उद्देश्य हो भने चौथो मोक्षरूप पुरुषार्थको सिद्धि परम्परित उद्देश्य हो ।

साध्य (सम्पन्न गर्नुपर्ने कार्य) लाई सिद्ध (सफल) गराउने अनुकूल पदार्थलाई साधन भनिन्छ । साध्यको सिद्धि (सफलता) साधनका अधीनमा हुन्छ । साध्यका रूपमा रहेको वस्तुलाई सम्पन्न (सिद्ध) गराउने पदार्थलाई साधन भनिन्छ भन्ने कुरा योगीश्वर याज्ञवल्क्यको उक्ति (या.स्मृ.२/७) बाट पनि थाहा पाउन सकिन्छ ।[६]

चरणका) जैन विद्वान्द्वारा लिखित प्रस्तुत ग्रन्थ गद्यप्रधान सूत्रात्मक शैलीमा संरचित छ । यशस्तिलकचम्पूः लेखकको प्रसिद्ध काव्य हो । नीतिवाक्यामृतम्मा धर्मसमुद्देशदेखि प्रकीर्णसमुद्देशसम्मका ३२ समुद्देश (अध्याय) रहेका छन् ।

५. क) जसबाट ऐहलौकिक अभ्युदय र पारलौकिक निःश्रेयस (मोक्ष) दुवै सिद्ध हुन्छ, त्यसैलाई धर्म भनिन्छ ।- वै.द१/१ ।
ख) विभिन्न आचार्यले अनेकौँ प्रकारले धर्मलाई परिभाषित गर्ने काम गरेका छन् । यहाँ उद्धृत वाक्य वैशेषिक दर्शनको पहिलो सूत्र हो । यस सूत्रबाट धर्मले परलोकमा मात्र होइन, यस लोकमा समेत कल्याण गर्छ भन्ने तथ्य प्रमाणित हुन्छ । पुनश्च वैशेषिकदर्शनअनुसार अभ्युदयशब्दबाट अपूर्वका माध्यमले यस लोकमा प्राप्त हुने भौतिक सुख र परलोकमा प्राप्त हुने स्वर्गादि सुख दुवै नै बुझिन्छ । निःश्रेयसशब्दले चरमपुरुषार्थका रूपमा विद्यमान मोक्षलाई बुझाउँछ । प्रस्तुत शोधप्रबन्धमा ऐहलौकिक सुखका लागि अभ्युदय र पारलौकिक कल्याण (मोक्षलाभ) का लागि निःश्रेयसशब्दको ठाउँ ठाउँमा प्रयोग भएको छ । वैशेषिक दर्शन पौरस्त्य आस्तिक छ दर्शनमध्ये एउटा दर्शन हो । तर्कप्रधान न्यायदर्शन र वैशेषिकदर्शन उस्तै उस्तै भएता पनि सातौं पदार्थका रूपमा अन्धकारलाई स्विकार्ने कि नस्विकार्ने भन्ने आधारमा दुवै दर्शनका बीचमा रेखा कोरिन थाल्दछ ।

६. क) {प्रत्यर्थीले अर्थात् प्रतिवादीले अर्थीले अर्थात् वादीले लगाएका आरोपको उत्तर दिएपछि, साथै दुवैका आरोप एवं प्रत्युत्तर न्याधायिकारीहरूद्वारा लिखित रूपमा राखेपछि) वादीले पुनः तत्कालै आफूद्वारा लगाइएका अभियोगलाई सिद्ध गर्ने प्रमाणहरू लेखाओस् अर्थात् लिखित रूपमा दर्ज गराओस् ।}- या.स्मृ., २/७ ।
ख) उद्धृत पद्यांशबाट साध्यका रूपमा अवस्थित अभियोगलाई साधनले सिद्ध गराउँछ भन्ने तथ्य व्यक्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति सूत्रेण ङीपि सामाजिकी इति रूपं सिद्ध्यति। सामाजिकी चासौ व्यवस्था सामाजिकव्यवस्था।

तत्र प्रथमं समाजः कः। तस्य व्यवस्था का ? सा च केन कथञ्च विधेया इत्याकाङ्क्षा प्रथमं जागर्ति।

समाजः

समाज इति सम्पूर्वकाजधातो[६]र्घञि समाजश्च पश्चितरेषां सधर्मिणां सङ्घः। व्यक्तीनां समुदायः, सङ्घो वा समाजः। राज्यमपि सुव्यवस्थितो जनसमाजः। संसारः परिवर्तनशीलः, प्राक्तने युगे फलमूलानिलाशनाः सन्तो वने विचरन्तोऽन्योन्यसंविदन्तरैव दरीषु वृक्षतलेषु वा जीवनं यापयन्ति स्म। न तदा शासको नो वा शासिताः, न तदा रक्षको नो वा तदा रक्षिताः, न च वर्गः सङ्घः संस्था वासीत्। यः कोऽप्यात्मना आत्मानं रक्षति स्म। किं वक्तव्यमधिकं न तत्र पतिर्नो वा पत्नी आसीत्। **विश्वस्मिन् केवलं नरा नार्यश्चासन्। न तेषु कश्चिन्निर्मितो नियमः, नो वा स्थापिता मर्यादा आसीत्।

---

६. **पशूनां समजोऽन्येषां समाजोऽथ सधर्मिणाम्।**- अमरकोषः।
** विश्वस्मिन् सर्वत्र इत्यर्थः।

सामाजिक-व्यवस्था दुईओटा पद मिलेर बनेको समस्त शब्द हो। यहाँ सामाजिकी र व्यवस्था गरी दुईओटा पद रहेका छन्। समाजमा बस्ने स्वभाव भएको भन्ने अर्थमा समाज शब्दबाट [७]पाणिनिको **'शीलम्'** भन्ने सूत्रले **'ठक्'** प्रत्यय भएपछि **'ठस्येक'** सूत्रले ठका ठाउँमा **'इक्'** प्रत्यय हुन्छ र सामाजिक शब्द बन्दछ। पुनः **'टिड्ढाणय०'** सूत्रले स्त्रीत्व विवक्षामा ङीप् प्रत्यय भएर सामाजिकी शब्द निष्पन्न हुन्छ। सामाजिकी र व्यवस्था शब्दको समस्त रूप नै सामाजिकव्यवस्था हो। सबैभन्दा पहिले- समाज भनेको के हो ? समाजको व्यवस्था भनेको के हो ? र समाजमा व्यवस्था मिलाउने काम कसले र कसरी गर्दछ ? भन्ने जिज्ञासा उत्पन्न हुनु स्वाभाविकै हो।

समाज-

सम् उपसर्गपूर्वक अज धातुबाट घञ् प्रत्यय भएपछि समाज शब्द बन्दछ। यस शब्दले पशुबाहेकका समान धर्म भएका प्राणीहरूको समूह भन्ने अर्थ दिन्छ।[८] व्यक्तिहरूको समूह वा सङ्घ नै समाज हो। राज्य भनेको पनि व्यवस्थित जनसमूह हो। संसार परिवर्तनशील छ। प्राचीन युगका मानिसले कन्द-मूल, फल-फूल र हावा खाने गर्दथे। वनमा

---

७. पाणिनि संस्कृतभाषाका प्रसिद्ध वैयाकरण हुन्। **अष्टाध्यायी** उनको कालजयी एवं विश्वप्रसिद्ध रचना हो। अध्याय, पाउ र सूत्रमा विभक्त यस ग्रन्थमा नाम अनुसार नै आठ अध्याय छन्।

८. क) **पशूनां समजोऽन्येषां समाजोऽथ सधर्मिणाम्।** {पशुहरूको समूहलाई समज भनिन्छ र अन्य सधर्मीहरूको समूहलाई समाज भनिन्छ} भन्ने अमरकोषको उक्तिले मूलमा प्रतिपादित तथ्यलाई प्रमाणित गर्छ।
ख) **अमरकोश** अमरसिंहद्वारा लिखित पर्यायवाची कोश हो। यसको वास्तविक नाम **नामलिङ्गानुशासनम्** हो। अमरसिंहद्वारा रचना गरिएको हुनाले अमरकोश भन्ने प्रसिद्धि भएको हो। अमरसिंहलाई विक्रमादित्यका नौ रत्न मध्ये एउटा रत्न मानिन्छ। कारणवश अमरकोशलाई छाडेर अमरसिंहका सबै रचना जलाइएका थिए भन्ने किंवदन्ती पाइन्छ। यसबाट प्रस्तुत ग्रन्थको महत्त्व स्वतः सिद्ध हुन्छ। अमरकोश यति शक्तिशाली कोश ग्रन्थका रूपमा उदाउँछ जसबाट यस पूर्वका सबै कोश ग्रन्थहरू इतिहासका गर्तमा लीन हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परं यदा यदा हि मनुष्यो विकासपथमनुसृतस्तदा तदा तस्य व्यक्तेः स्वतन्त्रता विच्छिन्ना, व्यष्टिजीवनतः समष्टिजीवनं प्रति समनुसृतः। एकाकी मानवजीवः सामाजिकतामाप्तः। समाजस्य पूर्वरूपः परिवारतावाप्तिः।

परिवारस्य विकासो हि कुटुम्बकुलादयः। तत्र च कुटुम्बादिषु शारीरिकरचनानुसारं समेषां कर्तव्यनिर्धारणं जातम्। अनेनैव प्रकारेण क्रमाज्जातीनामभ्युदयो जातः। जातिभ्यो राज्यम्, राज्यात् साम्राज्यं च जातम्। इति ह्यधुनिका मन्यन्ते। दृश्यते[७] ह्याधुनिकराजशास्त्रेषु तथा।

न हि केवलं मनुष्यस्य शारीरिकजीवनमेव विकासपथमनुसृतम् अपि तु भौतिकजगतोऽपि विकासः समजनि। दरीवृक्षतलादिषु निवसन्तो वृक्षोद्गतपत्रैः शरीरमाच्छादयन्तश्च मनुष्या गृहवस्त्रादिनिर्माणेषु सँल्लग्नाः। न हि तावानेवापि तु वायुयान-जलयान-परमाणुबमाद्याविष्कारेष्वपि निष्णाता जाताः। एतस्यैवाविष्कारस्य परिणामो विश्ववृत्तं सर्वो जनोऽञ्जसा समवगच्छति, यत्र कुत्रापि देशे प्रदेशे वा स्थितोऽप्येकोऽन्यैः सह समवायतामाप्तुं शक्नोति। यदा यदा हि पूर्वावस्थायां स्थितो मनुष्यः सामाजिकतामाप्त-

७. राज शास्त्र के मूल सिद्धान्त, २ भाग, पृष्ठम् ४५३।

विचरण गर्दथे। एक आपसमा कुनै सम्बन्ध नराखी गुफाहरूमा र रूखका छाहारीमा बसेर जीवन यापन गर्ने गर्दथे। त्यस समयमा न कुनै शासक थियो, न त कुनै शासित व्यक्तिहरू नै थिए। त्यस समयमा कुनै रक्षक पनि थिएन र कुनै रक्षित मनुष्य पनि थिएनन्। वर्ग, सङ्घ, संस्था आदि पनि थिएनन्। सबैले आफ्नो रक्षा आफै नै गर्दथे। ज्यादा कुरा के गर्ने, त्यस समयमा पति भन्ने पनि कोही थिएनन् र पत्नी भन्ने पनि कोही थिएनन्। थिए त केवल पुरुष र नारी थिए। उनीहरूका लागि कुनै नियम बनाइएको थिएन र मर्यादाको स्थापना गर्ने पनि कोही थिएन। तर जब जब मानव विकासका मार्गमा अघि बढ्न थाल्यो तब तब व्यक्तिको स्वतन्त्रता हनन हुन थाल्यो। मानिस व्यष्टि (एक्लो) जीवनबाट समष्टि (सामूहिक) जीवनतिर उन्मुख बन्यो। क्रमशः एक्लो मानव जीवन सामाजिक बन्न थाल्यो।

समाजको पूर्वरूप नै परिवार हो। परिवारको विकसित रूप कुटुम्ब कुल आदि हो। कुटुम्ब आदिमा शारीरिक संरचनाअनुसार आ-आफ्नो कर्तव्यको निर्धारण गरिन्छ। यसरी क्रमैले जातिको उदय हुन्छ। जातिबाट राज्य र राज्यबाट साम्राज्य बन्दछ। यी सबै आधुनिक राजशास्त्रीहरूका विचार हुन्। आधुनिकहरूद्वारा लेखिएका राजशास्त्रहरूमा यसै प्रकारका विचारहरू देखिन्छन् (रा.शा.मू.सि., भाग २, पृ. ४५३)।[९]

मानिसको शारीरिक जीवनले मात्र विकासको मार्ग अवलम्बन गरेन अपि तु भौतिक जगत्को पनि विकास भयो। गुफाहरूमा, रूखका एवं लताकुञ्जका छहारी आदिमा बस्ने साथै रूखका पातले आफ्ना शरीर ढाक्ने मनुष्यहरू पनि घर बनाउने, कपडा बनाउने जस्ता कार्यमा प्रवृत्त भए। यतिमात्र होइन, उनीहरू वायुयान, जलयान, परमाणुबम आदिको आविष्कारमा पनि निपुण भए। यस प्रकारका आविष्कारले गर्दा (आविष्कारका परिणामका रूपमा) विश्वका सबै घटनाहरू आजको मानिसले तुरुन्तै (साथै सहजरूपमा) थाहा पाउन सक्छ। एउटा व्यक्तिलाई अर्का व्यक्तिसित सम्पर्क स्थापित गर्न कुनै समस्या देखिँदैन। कुनै एउटा देशमा वा प्रदेशमा बसेको मान्छेले आफूभन्दा टाढा रहेको कुनै अर्को

९. दुई भागमा विभक्त प्रस्तुत **'राज शास्त्र के मूल सिद्धान्त'** का लेखक डा. वज्रमोहन शर्मा हुन्। मूलमा उद्धृत एवं अनुवादित अंश उक्त ग्रन्थको दोस्रो भागको पन्ध्रौं अध्याय (पृ.४५३) बाट लिइएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तदा तदा हि सामाजिक्यः समस्या वृद्धिमाप्ताः । ताश्च समस्याः समाहितुं प्रवृत्तो लोको वर्तमानावस्थायामाप्तः । वैज्ञानिकाविष्कारवशादधुना विश्वस्मिन् समुद्गताः सर्वे मानवा एकस्मिन् सूत्रे आबद्धा एव संल्लक्ष्यन्ते । एतस्मादपि समाजस्य रूपं ससमस्यं समृद्धम् ।

परमस्माकमाचार्या ऋषयो मुनयश्च सृष्टेः प्रारम्भ एव मनुष्यं सामाजिकं प्राणिनं व्यञ्जन्ति । यथा हि सृष्टेरादौ नाम्नां कर्मणां संस्थानां च निर्देश आसीत्तथैव सृष्टिप्रारम्भेऽपि वेदशब्दादेव प्रत्येकेषां पृथक् पृथक् नामकर्म-संस्थानां निर्माणं (गोत्वजातेर्गौरिति नाम, अश्वजातेरश्व इति नामानि, ब्राह्मणस्याध्ययनादीनि, क्षत्रियस्य प्रजारक्षणादीनि, वैश्यस्य कृष्यादीनि, शूद्रस्य शुश्रूषादीनि कर्माणि, कुलालस्य घटनिर्माणं कुविन्दस्य पटनिर्माणमित्याद्या लौकिकीश्च व्यवस्था) हिरण्यगर्भरूपेणावस्थितो हि परमात्मा स्वयं कृतवान् । एतच्चा-दिराजेन [८]मनुनोक्तम् । एतस्माच्च **'यथा हि सुप्तः पुरुषः प्रबोधानन्तरं सकलं पूर्ववृत्तमवगच्छति तथैव**

८. **सर्वेषां तु स नामानि कर्माणि च पृथक् पृथक् । वेदशब्देभ्य एवादौ पृथक्संस्थाश्च निर्ममे ।।** - १/२१ मनुः ।

मानिससित सहजै सम्बन्ध स्थापित गर्न सक्छ । जब जब प्राचीन अवस्थामा रहेको मनुष्य सामाजिक बन्दै गयो तब तब सामाजिक समस्याहरू बढ्न थाले । तिनै समस्यालाई समाधान गर्न प्रवृत्त भएको मनुष्य वर्तमान अवस्थामा प्राप्त भयो । वैज्ञानिक आविष्कारले गर्दा अहिले विश्वमा प्रत्येक कुना काप्चामा रहेका मानिसहरू एउटै सूत्रमा बाँधिएजस्ता भएका छन् । यस कारण पनि समाज समस्याग्रस्त बनेको छ ।[१०]

(उपर्युक्त अवधारणा आधुनिक राजशास्त्रीहरूको हो ।) हाम्रा आचार्यहरूले, ऋषिहरूले र मुनिहरूले त सृष्टिको प्रारम्भबाटै मनुष्य सामाजिक प्राणी थियो भन्ने कुरा देखाएका छन् । उनीहरूका दृष्टिमा जसरी सृष्टिभन्दा पहिले नाम, कर्म, संस्था आदिको निर्देश गरिएको थियो त्यसरी नै सृष्टिको प्रारम्भमा नै वेदका आधारमा प्रत्येक व्यक्तिको अलग-अलग नाम, कर्म र संस्थाको निर्धारण गरिएको हो । (गोत्वजातिले युक्त भएकालाई गौ अर्थात् गाई भन्नुपर्छ र अश्वत्वजातिले युक्त भएकालाई अश्व अर्थात् घोडा भन्नुपर्छ भनी नामको निर्वचन गरिएको थियो । ब्राह्मणले अध्ययन आदि गर्नुपर्छ, क्षत्रियले प्रजाको संरक्षण आदि गर्नुपर्छ, वैश्यले कृषि आदि गर्नुपर्छ र शूद्रले सेवा आदि गर्नुपर्छ भनी कर्मको निर्धारण गरिएको थियो । कुम्हालेले घैँटो बनाउने र जुलाहाले कपडा बनाउने काम गर्नुपर्छ भनी संस्था (लौकिक व्यवस्था) बनाएका थिए ।) उक्त (नाम, कर्म एवं संस्थाको निर्माण गर्ने) कार्य हिरण्यगर्भ (ब्रह्माजी) का रूपमा रहेका परमात्माले आफै नै गरेका हुन् । यी कुरा पहिला राजा मनुले भनेका छन् (मनु. १/२१) ।[११] यसबाट- 'जसरी

---

१०. प्रस्तुत अनुच्छेदसम्म प्रतिपादन गरिएका विषयवस्तु माथि उद्धृत **'राज शास्त्र के मूल सिद्धान्त'** ग्रन्थका सङ्केतित पृष्ठको सारांश हो ।

११. क) {हिरण्यगर्भका रूपमा रहेका परमात्माले सबैका नाम (गोत्वजातिलाई गौ भन्ने, अश्वजातिलाई अश्व भन्ने आदि) एवं कर्म (ब्राह्मणको अध्ययन, क्षत्रियको प्रजारक्षण आदि) अलग अलग (पूर्व पूर्व सृष्टिमा जे जस्ता थिए त्यसरी नै) सृष्टिका आरम्भमा सूक्ष्मरूपमा अवस्थित वेदवाक्यबाट नै ज्ञान प्राप्त गरेर निर्माण (प्रतिपादन) गरे । साथै उनले अलग अलग संस्था अर्थात् लौकिक व्यवस्था (कुमालेले माटाका भाँडा बनाउने, जुलाहाले कपडा बनाउने) पनि बनाए ।}- मनु. १/२१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिप्रारम्भेऽपि सृष्टेरादौ जातं सर्वं नामकर्मसंस्थादिकं वेदशब्देभ्योऽवगत्य हिरण्यगर्भो हि परमात्मा निर्मायते' इत्यवगम्यमानतया सृष्टिप्रारम्भ एव संस्थादिसमाज आसीत् । समाजमन्तरा कुलालकुविन्दादि-संस्थानां प्रादुर्भावो जात इति तु वक्तुं न हि कश्चिदपि शक्नोति । यदि सृष्टिप्रारम्भ एव ताः संस्थाः परमात्मना निर्मितास्तर्हि समाजोऽपि तदानीमेव समुद्गतः । न ह्याधुनिकमतवत् जाङ्गली जीवः कालान्तरात्सामाजिकता-माप्तः ।

भवति हि समाजस्य रूपं देशसापेक्षम्, कालसापेक्षम्, अवस्थासापेक्षञ्च, स्वल्पं महद् वादिकम् । प्रारम्भे परिवारवर्गे सीमितः समाजो वर्तमाने वैश्विको भवितुं शक्नोति । सोऽपि कांश्चिदेव पदार्थानादाय । अधुना विश्वस्यैकदेशे स्थितो देशोऽपरस्मिन् भागे स्थितं देशमार्थिकं सहयोगं शस्त्रास्त्रादिसाधनसहयोगं तन्निर्माणा-दिविज्ञानसहयोगादिकं च कुरुते ।

अस्माकं महर्षयो विश्वस्यैकदेशे स्थिताः सन्तोऽपि स्वकीयतपोबलाद् विश्वजनीनान् सर्वानेवेतिभीत्यादि-

---

सुतेको मनुष्यले जागेपछि पहिलेका सबै घटनाहरू थाहा पाउँछ त्यसरी नै सृष्टिका प्रारम्भमा पहिला पहिला सृष्टिका नाम, कर्म, संस्था आदि वेदराशिबाट थाहा पाएर हिरण्यगर्भ परमात्माले पुनः निर्माण गर्दछन्' भन्ने कुरा अवगत हुन्छ । उक्त तथ्यबाट सृष्टिको प्रारम्भमा नै संस्थादि समाज थियो भन्ने कुरा निश्चित हुन्छ । समाज विना कुलाल (कुम्भकार- कुम्हाले), कुविन्द (तन्तुकार-जुलाहा) आदि संस्थाको उत्पत्ति भयो भनेर त कसैले पनि भन्न सक्दैन । सृष्टिको आरम्भमा नै परमात्माले उक्त संस्थाहरूको निर्माण गरेका हुन् भने समाजको निर्माण पनि त्यसै समयमा भएको हो । आधुनिकहरूले भनेझैं आदिम युगको जङ्गली मानव कालान्तरमा सामाजिक बनेको होइन । (अर्थात् सृष्टिको आरम्भमा नै उ सामाजिक थियो ।)

समाजको स्वरूप देशअनुसार अगल हुन सक्छ, समयअनुसार अलग हुन सक्छ र अवस्थाअनुसार अलग हुन सक्छ । भौगोलिक दृष्टिले पनि समाज ठूलो वा सानो हुन सक्छ । आरम्भमा परिवारमा सीमित समाज वर्तमानमा पूर्ण विश्वको सदस्य भएको हुन सक्छ । मानवलाई केही सीमित विषयका आधारमा मात्र विश्वको अङ्ग मानिएको हो । वर्तमान समयमा विश्वको एउटा भागमा अवस्थित देशले अर्कै भागमा (धेरै टाढा) अवस्थित देशलाई आर्थिक सहयोग गर्न, शस्त्र-अस्त्रको (वस्तुगत साधनको) सहयोग गर्न र शस्त्रास्त्र निर्माण गर्ने वैज्ञानिक प्रविधि आदिको सहयोग गर्न सक्छ ।

हाम्रा महर्षिहरूले विश्वको एउटा कुनामा बसेर पनि आफ्ना तपस्याका शक्तिले सम्पूर्ण विश्वका मानवलाई ईति-भीति[१२] रहित बनाउँथे । उनीहरू स्वयं यज्ञयागादि कार्यमा प्रवृत्त हुन्थे र अरूहरूलाई पनि त्यस्ता कार्यमा प्रवृत्त

ख) हाम्रा शास्त्रमा बताइएअनुसार वेद अनादि हुन् । प्रलयकालमा पनि वेदराशि सूक्ष्मरूपमा परमात्मामा रहेको हुन्छ । हिरण्यगर्भ ब्रह्माले तिनै वेदबाट ज्ञान प्राप्त गरेर पूर्व पूर्व सृष्टिमा जजसका जेजे नाम थिए, जेजे कर्म थिए र जेजस्ता संस्था (लौकिक व्यवस्था) थिए त्यसै अनुसार सृष्टिका आरम्भमा नै नाम, कर्म एवं संस्थाको निर्माण गर्छन् । यही नै उद्धृत पद्यको तात्पर्य हो ।

१२. अतिवृष्टि, अनावृष्टि आदि छ प्रकारका उपद्रवलाई ईति भनिन्छ । भनिएको छ- **अतिवृष्टिरनावृष्टिर्मूषकाः शलभाः शुकाः । प्रत्यासन्नाश्च राजानः षडेता ईतयः स्मृताः ।।** अर्थात्- 'अतिवृष्टि (ज्यादा वर्षा हुनु) अनावृष्टि (उचित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहितान् विदधते स्म मनुष्यान् । यज्ञादिकर्मषु स्वयं प्रवृत्ताः परांश्च प्रवर्तयन्तो महर्षयो [९]यज्ञानुष्ठानजन्यवृष्टि-समुद्गतसस्यादिकभागित्वस्य सर्वस्मिन् विद्यमानतया मानवमात्रमुपकुर्वन्ति स्म । सस्यादिफलरसस्य शुक्रत्वादिपरिणतिमार्गादेव च विश्वस्मिन् प्राणिनामुत्पत्तिः । [१०]योगेन वैद्यकेन च चेतोमलशरीरमलयोश्च शुद्ध्युपायं निर्दिश्याप्युपकृतो लोको महर्षिभिः । चतुर्षु पुरुषार्थेषु पुरुषार्थिकरूपेण विद्यमानस्य धर्मस्या[११]भ्युदयनिःश्रेयसयोः साधनत्वं च महर्षिभिरेव निर्दिष्टम् । शृङ्गग्राहिकतयात्र महर्षिभिः कृतस्य समाजोपकारस्योल्लेखोऽसम्भवः ।

९. **आहुत्याप्यायते सूर्यः सूर्याद् वृष्टिरथौषधिः । तदन्नं रसरूपेण शुक्रत्वमधिगच्छति ।।** याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, ७१ श्लोकः ।

१०. **योगेन चित्तस्य पदेन वाचां मलं शरीरस्य च वैद्यकेन ।**
योऽपाकरोत्तं प्रवरं मुनीनां पतञ्जलिं प्राञ्जलिरानतोऽस्मि ।।

११. **यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः ।**- वैशेषिकदर्शनम् १/१ ।

गराउँदथे । यज्ञयागादिबाट वृष्टि हुन्थ्यो र वृष्टिबाट उब्जिएका धान आदि खाद्य पदार्थको सबैले उपभोग गर्दथे । यसरी महर्षिहरूले मानव मात्रको उपकार गर्ने कार्य गर्दथे । वृष्टिबाट उत्पन्न धान्य आदिको रस क्रमैले शुक्र आदिमा परिणत हुन्छ र प्राणीहरूको उत्पत्ति हुन्छ (या.स्मृ. ३/७१) ।[१३] योगका माध्यमले चित्तको मललाई र आयुर्वेदका माध्यमले शरीरको मललाई टाढा हटाउने (शुद्ध बनाउने) उपायहरू बताएर पनि महर्षिहरूले लोकको उपकार गरेका थिए ।[१४] चार प्रकारका पुरुषार्थ मध्ये पुरुषहरूद्वारा सम्पन्न गर्नुपर्ने धर्मरूप पुरुषार्थ उदय (सांसारिक सुख एवं स्वर्गप्राप्ति र निःश्रेयस (मोक्षप्राप्ति) दुवैको साधन (माध्यम) हुन्छ भन्ने कुरा महर्षिहरूले नै बताए (वै.द. १/१) ।[१५] सिङ् समातेजस्तो गरेर (अमुक अमुक भनी एक एक गरी गनाएर) महर्षिहरूद्वारा समाजमा गरिएका उपकारहरूको गणना गर्ने कार्य सम्भव छैन ।

समयमा पानी नै नपर्नु), मूषक (मुसाहरूको बिगबिगी हुनु) शलभ (सलह आउनु), सुगाहरूले अन्न बाली खाइदिनु र राजाहरू धेरै नजिकमा हुनु (प्रतिपक्ष राजाद्वारा आक्रमण गरिने सम्भावना रहनु) यी छ प्रकारका ईति हुन् ।' महर्षिहरूले मनुष्यहरूलाई उक्त ईतिका भयबाट मुक्त बनाउथे भन्ने उल्लिखित वाक्यको तात्पर्य हो ।

१३. {यजमानद्वारा अग्निमा प्रक्षेपण गरिएका आहुतिबाट सूर्य पुष्ट हुन्छन् । पुष्ट भएका सूर्यबाट वृष्टि हुन्छ । त्यसपछि त्यसै वृष्टिबाट व्रीहि (जौ) आदि औषधि (अन्न) उत्पन्न हुन्छन् । भक्षण गरिएको अन्नबाट रस उत्पन्न हुन्छ । त्यही रस नै वीर्य बन्दछ ।} (याज्ञवल्क्यस्मृतिको प्रायश्चित्ताध्यायको ७१ श्लोक)

१४. {जसले योगदर्शनका माध्यमले चित्तमा रहेको दूषित पदार्थलाई, पदद्वारा अर्थात् व्याकरणशास्त्रद्वारा वाणीमा रहेको दूषणलाई र आयुर्वेदका माध्यमले शरीरमा रहेको दूषित वस्तुलाई हटाइदिने काम गरे तिनै पतञ्जलिलाई दुवै हात जोडी प्रणाम गर्दछु ।}- प्रसिद्ध सूक्ति ।

१५. {जसका माध्यमले सांसारिक उन्नति (सुख-सुविधा) र पारलौकिक कल्याण (मोक्ष) सिद्ध (प्राप्त) हुन्छ त्यही नै धर्म हो ।}- वैशेषिकदर्शन १/१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टिप्रारम्भ एव चेकैकमष्टाशीतिसहस्रसंख्यकानां मुनीनामग्निहोत्रादिधर्मप्रवर्तकतया आध्यात्मिक-धर्मप्रवर्तकतया च द्वेधा विद्यमानस्य समाजस्य रूपं योगीश्वर[१२]याज्ञवल्क्यवचनादवगम्यते।

अदत्तस्यानादानम्, दानम्, अध्ययनम्, तपोनिष्ठत्वम्, अहिंसा, सत्यमक्रोधौ, यज्ञश्चेति सर्वं धर्मस्य लक्षणम्। एकैव क्रिया देशकालयोर्भेदाद्धर्माधर्मात्मिका च सम्पद्यते। चौर्यानृतहिंसाद्यधर्मश्चावस्थाविशेषेषु धर्मत्वेनाभिमतः। धर्मोऽधर्मश्चेति द्वावेव देशकालापेक्षया अधर्मो धर्मश्च भवितुं शक्नुतः। एतच्च संक्षिप्तमहाभारताङ्के [१३]कल्याणे उक्तम्। यदीत्थं धर्मोऽधर्मश्च देशं कालं चानुसरतस्तर्हि तदनुष्ठानप्राणो लोकश्च तादृश एव सम्पद्यते

१२. **तत्राष्टाशीतिसाहस्रमुनयो गृहमेधिनः। पुनरावर्तिनो बीजभूता धर्मप्रवर्तकाः।**
सप्तर्षिनागवीथ्यन्तर्देवलोकं समाश्रिताः। तावन्त एव मुनयः सर्वारम्भविवर्जिताः॥
तपसा ब्रह्मचर्येण सङ्गत्यागेन मेधया। तत्र गत्वावतिष्ठन्ते यावदाभूतसम्प्लवम्॥
-याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः १८६-१८८ श्लोकाः।

१३. कल्याणम् (संक्षिप्त-महाभारताङ्कः) ४ खण्डः ११६९-१७० पृष्ठम्। {वर्ष १७, पूर्णसङ्ख्या १९६, वि. सं १९९९ कार्तिक।}

सृष्टिका आरम्भमा नै एकातिर अग्निहोत्र आदि धार्मिककृत्य प्रवर्तन गर्ने र अर्कातिर आध्यात्मिक धर्मको प्रवर्तन गर्ने गरी अलग-अलग कित्तामा रहेका अठासी + अठासी हजार ऋषिहरू भएको समाज थियो भन्ने कुरा योगीश्वर याज्ञवल्क्यको कथनबाट थाहा पाइन्छ (या.स्मृ. ३/१८६-१८८)।[१६]

न दिएको कुरा नलिनु, दान दिनु, अध्ययन गर्नु, तपस्यातर्फ प्रवृत्त हुनु, हिंसा नगर्नु, साँचो बोल्नु, न रिसाउनु र यज्ञ गर्नु यी सबै धर्मका लक्षण हुन्। कहिलेकाहीँ एउटै काम देश एवं कालले गर्दा धर्म अथवा अधर्म पनि हुन सक्छ। चोरी गर्नु, झूटो बोल्नु र अरूको हिंसा गर्नु अधर्म हो तर कहिलेकाहीँ परिस्थितिले गर्दा यिनै कार्यलाई धर्म मान्नुपर्ने हुन्छ। त्यसैले धर्म र अधर्म देश एवं कालले गर्दा क्रमशः अधर्म र धर्म हुन सक्छन्। यो कुरा कल्याण पत्रिकाको संक्षिप्त महाभारत अङ्कमा (वर्ष १७, खण्ड ४, पृ. ११६९) बताइएको छ।[१७] यसरी धर्म र अधर्म दुवैले देश एवं कालको

१६. {पितृयानमा अठासी हजार गृहस्थ मुनिहरू बस्दछन्। उनीहरूले सृष्टिका आरम्भमा पुनः पुनः वेदको उपदेश गर्दछन्। त्यसैले उनीहरू अग्निहोत्र आदि धर्मका प्रवर्तक एवं उक्त धर्मका बीजरूप मानिन्छन्। यसै प्रकारले सप्तर्षिहरूका र नागवीथी (ऐरावत मार्ग) का बीचमा त्यति नै सङ्ख्यामा रहेका (अर्थात् अठासी हजार), सबै क्रियाहरूबाट विरत भएका, तपस्या एवं ब्रह्मचर्यले युक्त भएका, सङ्गको त्याग गरेका र मेधाले युक्त भएर मुनिहरू देवलोकको आश्रय लिएर महाप्रलयसम्म बस्दछन्। (त्यहाँ बसेर आध्यात्मिक धर्मको प्रवर्तन गर्दछन्।)} (याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः १८६-१८८ श्लोकाः)

१७. उत्तरप्रदेशको गोरखपुर सहरमा अवस्थित **गीता भवन** धार्मिक पुस्तक प्रकाशन गर्ने प्रसिद्ध संस्था हो। 'कल्याण' यसै संस्थाबाट प्रकाशित हुने आध्यात्मिक पत्रिका हो। यस संस्थाले प्रत्येक वर्ष कुनै एक शीर्षकमा विशेषाङ्क प्रकाशित गर्छ। गीता भवनका कतिपय विषयमा आफ्नै धारणा भए तापनि यहाँबाट प्रकाशित हुने ग्रन्थहरूलाई र यस संस्थाको मुखपत्रका रूपमा रहेको कल्याण पत्रिकालाई साथै यसका विशेषाङ्कलाई आध्यात्मिक सन्दर्भमा प्रामाणिक मानिन्छ। आफ्नो प्रकाशनको १७ औं वर्षमा वि.स. ११९९ श्रावणदेखि क्रमशः एक वर्षसम्म (१२ खण्डमा) संक्षिप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति देशकालावस्थापेक्षं समाजस्य रूपं निष्पद्यते । सत्यत्रेताद्वापरकलिषु चतुर्षु युगेषु एकैकयुगारम्भ-मध्यावसानेष्वपि संख्यागुणादिरूपेभ्यः समाजस्याकारोपयोगित्वाद्यवस्थाभेदः कालेन जायते चेद् युगभेद-जन्यत्वं तु समाजस्य रूपभिन्नत्वं साहजिकं स्वाभाविकञ्च ।

सर्वथापि सृष्टिप्रारम्भ एव सृष्टिकर्त्रा परमेश्वरेण ब्राह्मणक्षत्रियवैश्यशूद्ररूपवर्णचतुष्टयोपेतः समाजः सृष्टः ।

व्यवस्था

व्यवस्था नाम सुखसाधनम् । यथा सुखं सम्पद्यते तथैव साध्यते । यया क्रियया सा व्यवस्थेति मता । सर्वेषां प्राणिनां प्रवृत्तयः [१४]सुखार्था एव भवन्ति । प्रवृत्तिसाध्या व्यवस्था सुखं जनयति । अव्यवस्थितिर्हि लोक-मुद्वेजयति । व्यवस्थापकतत्त्वाभावे दुष्टानां नियामकतत्त्वाभावाद्[१५] धर्माधर्मव्यवस्थापकं शास्त्रमपि विप्लवेत ।

१४. **सुखार्थं सर्वभूतानां मताः सर्वाः प्रवृत्तयः** । इति ।

१५. **नन्वेवं पापिनामनिन्द्यत्वात्कृत्स्नं धर्माधर्मव्यवस्थापकं शास्त्रं विप्लवेत** । - पराशरमाधवः, प्रथमभागः, ११९ पृष्ठम् ? ।

अनुसरण गर्दछन् भने धर्मको अनुष्ठानलाई आफ्नो प्राण सम्झने जनताले पनि देश एवं कालको अनुसरण गर्दछन् । यसबाट समाज पनि देश-काल सापेक्ष हुन्छ भन्ने कुरा सिद्ध हुन्छ । चारवटै युगका अर्थात् सत्य, त्रेता, द्वापर एवं कलि युगमध्ये प्रत्येक युगका आरम्भमा, बीचमा र अन्तमा सङ्ख्या एवं गुण आदिका आधारमा समाजको आकार एवं उपयोगिता आदिको भिन्नतालाई समयले निर्धारण गर्ने गर्दछ । यस अवस्थामा सत्यादि युगका भेदले गर्दा समाजको स्वरूपमा देखिने भिन्नतालाई सहज एवं स्वाभाविक मान्नुपर्दछ । विभिन्न कारणले समाजको स्वरूपमा भिन्नता देखिए तापनि सृष्टिकर्ता ब्रह्माजीद्वारा सृष्टिको आरम्भमा नै ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्ररूप चार प्रकारका वर्णले युक्त भएको समाजको निर्माण गरिएको हो ।

व्यवस्था-

सुखका साधनलाई व्यवस्था भनिन्छ । जुन क्रिया (कार्य) बाट जसरी सुख सुविधा प्राप्त हुन्छ त्यसरी नै साधनको उपयोग गरिन्छ । सुख-सुविधाका लागि गरिने साधनको उपयोगलाई नै व्यवस्था भनिन्छ । सबै प्राणीका क्रियाकलाप सुख प्राप्तिका लागि हुने गर्दछन् ।[१८] प्रवृत्ति साध्य (सजिलै आफूतिर आकृष्ट गराउने) व्यवस्थाले सुख उत्पन्न गराउँछ । अव्यवस्थाले मनुष्यलाई (अथवा जगत्लाई) उद्विग्न (दुःखित) गराउँछ । व्यवस्था मिलाउने तत्त्व नभएमा दुष्टहरूलाई नियन्त्रण गर्ने कुनै माध्यम रहँदैन । यसबाट धर्म एवं अधर्मको व्यवस्था गर्ने शास्त्र (धर्मशास्त्र) पनि अस्तव्यस्त हुन सक्छ (प.मा. .....?)[१९] । धर्मशास्त्र अस्त-व्यस्त भयो भने 'यो काम गर्न हुन्छ अनि यो काम गर्न

महाभारत विशेषाङ्कका रूपमा कल्याण पत्रिका प्रकाशित भएको छ । प्रस्तुत शोधप्रबन्धमा ठाउँ ठाउँमा प्रमाणका रूपमा संक्षिप्त महाभारत विशेषाङ्कको उद्धरण गरिएको छ ।

१८. **सुखार्थं सर्वभूतानां मताः सर्वाः प्रवृत्तयः** । {सबै प्राणीहरूको प्रवृत्ति सुखका लागि हुन्छ अर्थात् सबै प्राणी कसरी सुख पाउन सकिन्छ भनी सुखको खोजीमा लागिरहेका हुन्छन् ।}

१९. क) {यसरी पापीहरूको निन्दा नगर्ने हो भने अमुक अमुक (दान यागादि) धार्मिक कार्य हुन् अतः गर्नुपर्छ र अमुक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रस्य विप्लवे इदं कर्म कर्तव्यम्, इदं कर्म न कर्तव्यमित्याद्यात्मकः कर्माकर्मविवेक एव न जायेत। [१६]कर्माकर्मणोर्विवेकार्थमेव धर्माधर्मयोर्विवेचनं विहितम्। धर्माधर्मविवेको हि मानवसमाजं नीयमयतीति व्यवस्थाधायकत्वं तत्प्रतिपादकस्य शास्त्रस्य। अनभीष्टनिराकरणपूर्वकमभीष्टतत्त्वस्थापनायामेवाचार्यैर्व्यवस्थाशब्दस्य प्रयोगो विहितः। यथा-

[१७]**नोपभोगे बलं कार्यमाहर्त्रा तत्सुतेन वा। पशुस्त्रीपुरुषादीनामिति धर्मो व्यवस्थितः॥** इत्युक्त्वा पशुस्त्रीपुरुषादीनां धर्मस्य व्यवस्था दर्शिता।

[१८]**'चौरं प्रदाप्यापहृतं घातयेद्विविधैर्वधैः'** इत्यत्र, एतच्चोत्तमसाहसदण्डप्राप्तियोग्योत्तमद्रव्यविषयम्, न पुनः पुष्पवस्त्रादिक्षुद्रमध्यमद्रव्यापहारविषयम्। **'साहसेषु य एवोक्तस्त्रिषु दण्डो मनीषिभिः। स एव दण्डः**

१६. **कर्मणां च विवेकार्थं धर्माधर्मौ व्यवेचयत्।** - १/२६ मनुः।

१७. मिताक्षरायाम्, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २४ श्लोकः।

१८. मिताक्षरायाम्, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, स्तेयप्रकरणम् २७० श्लोकः।

हुँदैन' भन्ने कर्तव्याकर्तव्य (गर्न हुने वा नहुने भन्ने) विवेक पनि हुन छाड्छ। यो काम गर्न हुन्छ र यो काम गर्न हुँदैन भनी बोध गराउने उद्देश्यले नै धर्म एवं अधर्मको व्याख्या विश्लेषण आदि गरिएको हो (मनु. १/२६)।[२०] धर्म एवं अधर्मको विवेक (विश्लेषण क्षमता) ले मानव समाजलाई नियन्त्रण गर्ने काम गर्दछ। त्यसैले नै धर्म एवं अधर्मको विश्लेषण गर्ने शास्त्रलाई (धर्मशास्त्रलाई) समाजको व्यवस्थापक मानिएको हो। अनिष्ट पदार्थलाई टाढा हटाएर अभीष्ट पदार्थको स्थापना गर्ने भन्ने अर्थमा आचार्यहरूले व्यवस्था शब्दको प्रयोग गरेको पाइन्छ। (अब कुन-कुन ठाउँमा र कुन-कुन अर्थ बुझाउन व्यवस्था (व्यवस्थिति) शब्दको प्रयोग गरिएको छ भनी केही उदाहरण प्रस्तुत गरिन्छ-)

नोपयोगे बलं कार्यम्० अर्थात् 'सम्पत्ति आर्जन गर्ने व्यक्तिले वा निजका पुत्रले अर्जित सम्पत्तिको उपयोगमा ज्यादा जोड दिन हुँदैन, यो कुरा पशु, स्त्री एवं पुरुष सबैमा लागू हुन्छ, यस प्रकार धर्म सबैमा व्यवस्थित छ' (या.स्मृ. २/२४ मिता.)[२१] भनी पशुहरूका, स्त्रीहरूका र पुरुषहरूका धर्मको व्यवस्था देखाइएको छ (पशु आदिमा धर्म व्यवस्थित भएको तथ्य प्रतिपादन गरिएको छ।) **चौरं प्रदाप्य०** अर्थात् ''चोरिएको सम्पत्ति सम्बद्ध व्यक्तिलाई फिर्ता दिएर चोरी

अमुक (ब्रह्महत्यादि) कार्य अधार्मिक हुन् अतः गर्नु हुँदैन भनी धर्म एवं अधर्मको व्यवस्था गर्ने शास्त्र अर्थात् धर्मशास्त्र नै अस्तव्यस्त हुन सक्छ} (पराशरमाधवः, प्रथमभागः, ११९ पृष्ठम् ?)

ख) पराशरमाधव पराशरस्मृतिमा माधवाचार्यद्वारा लिखित प्रौढ व्याख्या हो। पराशरमाधवका तीन भाग छन्। पहिलो भागलाई आचारकाण्ड भनिन्छ भने दोस्रो भागलाई प्रायश्चित्तकाण्ड भनिन्छ। तेस्रो भाग व्यवहारकाण्डका रूपमा रहेको छ।

२०. {यज्ञादि धर्मप्रधान कार्य गर्न हुन्छ र ब्रह्महत्यादि अधर्मप्रधान (निन्दनीय) कार्य गर्न हुँदैन भनी कर्महरूको विभाजन गर्ने उद्देश्यले अलग अलग नै धर्म एवं अधर्मको विवेचना गरे। (धर्म गर्ने हो भने सुख प्राप्त हुन्छ र अधर्म गर्ने हो दुःख प्राप्त हुन्छ भन्ने बोध गराए)}।- मनु. १/२६।

२१. **'मिताक्षरा'** याज्ञवल्यस्मृतिमा विज्ञानेश्वरद्वारा लिखित प्रौढ एवं प्रामाणिक टीका हो। पुनश्च मूलमा उद्धृत पद्य कात्यायनका उक्तिका रूपमा मिताक्षरामा आएको छ र बृहस्पतिस्मृतिमा (१/७/३१) समेत उपलब्ध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तेयेऽपि द्रव्येषु त्रिष्वनुक्रमात् ॥' (१४/३१) इति नारदवचनेन वधरूपस्योत्तमसाहसस्योत्तमद्रव्यविषये व्यवस्थापितत्वात्। इत्यभिधाय चौरेषु प्रयुज्यत्वेन निर्दिष्टस्य दण्डस्य व्यवस्था स्थापिता।

[१९]**'अथान्यमुनिप्रणीतानां व्रतविशेषाणां व्यवस्थां वर्णयामः ।'** इत्यभिधाय व्रतविषयत्वेन व्यवस्था दर्शिता।

[२०]**'पराशरवचो यथा'** इत्यनेन स्वमतत्वं दर्शयन् मतान्तरेष्वप्यघसङ्कोचविकासपराणि वचनानि सन्तीति सूचयति। तानि चास्माभिर्व्यवस्थापितानि। इत्यभिधाय माधवाचार्येणाघनिर्देशवचनानां व्यवस्था विहिता।

[२१]**'अत्र यथा स्वशास्त्रं व्यवस्था'** इत्युक्त्वा तिथ्यवैश्वदेवयोर्वैश्वदेवस्य प्राधान्यं स्थापितम्।

---

१९. पराशरमाधवः, द्वितीयो भागः (प्रायश्चित्तकाण्डम्), ३९९ पृष्ठम्।

२०. पराशरमाधवः, प्रथमो भागः (आचारकाण्डः), ५८० पृष्ठम्।

२१. पराशरमाधवः, प्रथमो भागः (आचारकाण्डः), ३३९ पृष्ठम्।

गर्ने व्यक्तिलाई विभिन्न प्रकारले घात गर्नुपर्छ अर्थात् शारीरिक दण्ड प्रदान गर्नुपर्छ' (या.स्मृ. २/७०) यस पद्यमा 'यहाँ उत्तम साहस नामक दण्ड दिन योग्य उत्तम द्रव्य चोरी गरेका चोरलाई दिइने दण्डका विषयमा चर्चा गरिएको छ। यो चर्चा फूल, कपडा जस्ता क्षुद्र (सामान्य) एवं मध्यम प्रकारका वस्तुका चोरीका सम्बन्धमा गरिएको होइन। 'तीन प्रकारका (उत्तम, मध्यम एवं अधम) साहसमा मनीषीहरूले जे दण्ड दिनुपर्छ भनेका छन् त्यही दण्ड नै चोरी गर्दा पनि क्रमशः (चोरी गरिएका दण्डको प्रकृति हेरी) दिनुपर्छ' (१४/३१) भन्ने नारदको कथनले उत्तम द्रव्यको चोरी गर्दा वधरूप उत्तम साहस नामक दण्ड दिनुपर्छ भनी व्यवस्था गरेको छ'' (या.स्मृ. २/७० मिता.)।[२२] यसरी चोरलाई दिइने दण्डको व्यवस्था गरेको पाइन्छ। (चोरलाई दिइने दण्डविधिका अर्थमा व्यवस्था शब्दको प्रयोग भएको छ।)

अथान्यमुनि० अर्थात् 'अब अन्य मुनिहरूद्वारा बताइएका व्रतहरूको व्यवस्था वर्णन गरिन्छ' भनी व्रतका विषयका रूपमा व्यवस्थालाई देखाइएको छ (प.मा., प्रा.का. १२/७२ व्याख्या, पृ. ३९९)। **पराशरवचो यथा** अर्थात् 'यो पराशरको अभिमत हो' भनी आफ्नो अभिमत देखाई अन्य आचार्यहरूका पनि अघ (अघ= जननाशौचको र मरणाशौचको अशुद्धि) का सङ्कोच (थोरै दिन बार्नुपर्ने) र विकास (धेरै दिन बार्नुपर्ने) सित सम्बद्ध कथनहरू पाइन्छन् भन्ने सूचना दिएका छन्। सङ्केतित विषयलाई मैले व्यवस्थित गर्ने कार्य गरेको छु' (प.मा., आ.का. ३/२ व्याख्या, पृ. ५८०)[२३] भनी माधवाचार्यले ब्राह्मणादि वर्णलाई कति दिन अघ (आशौच) लाग्छ अर्थात् कति दिन जुठो बार्नुपर्छ भन्ने ऋषिहरूका विरुद्ध मतलाई व्यवस्थित गराउने (शृङ्खलाबद्धरूपमा राख्ने) काम गरेका छन्। (यहाँ आशौच सम्बन्धी नियम बताउने वाक्यका अर्थमा व्यवस्था शब्दको प्रयोग गरिएको छ।)

अत्र यथा० अर्थात् 'त्यस विषयका सम्बन्धमा आफ्ना शास्त्रमा जस्तो व्यवस्था गरिएको छ त्यसै अनुसार गर्नु' (प.मा., आ.का., १ अ., पृ. ३३९)[२४] भनी तिथि र वैश्वदेव मध्ये वैश्वदेवको प्रधानता हुन्छ भन्ने कुरा सिद्ध गरिएको छ।

---

२२. मूलमा उद्धृत **चौरं प्रदाव्य०** याज्ञवल्क्यस्मृतिको पद्यांश हो भने बाँकी मिताक्षराको अनुवाद हो।

२३. उद्धृत अंश पराशरस्मृतिको ३/२ पद्यको व्याख्याका सन्दर्भमा आएको छ।

२४. उद्धृत अंश वैश्वदेव प्रकरणबाट लिइएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२२]'पाठात्तत्सन्निधिरूपाच्छ्रुतिर्बलीयसी, इति **श्रुतिलिङ्ग०** (मी., ३ अ., ३. पा., १४ सू.) सूत्रे व्यवस्थापितम् ।' इत्युक्त्वा प्राबल्यस्थापना दर्शिता ।

[२३]**यः कश्चिदर्थो निष्णातः स्वरुच्या तु परस्परम्** । इत्यत्र मिताक्षराकारेण **'निष्णातः'** इत्यस्य 'व्यवस्थितः' इत्यर्थः कृतः ।

[२४]**'धर्मशास्त्रार्थशास्त्रयोर्विरोधेऽर्थशास्त्रस्य वाध एव न विषयव्यवस्था, नापि विकल्पः'** इत्यत्र वाधविकल्पाभ्यामन्यत्वं व्यवस्थाविषयत्वं दर्शितम् ।

[२५]**'फलयोनौ व्यवस्थितः'** इति विष्णुधर्मोत्तरेऽभिहितम् । इति पराशरमाधवकारेणोद्धृतम् ।

२२. पराशरमाधवः, प्रथमो भागः (आचारकाण्डः), ३३७ पृष्ठम् ।

२३. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ८४ श्लोकः, १९१ पृष्ठम् ।

२४. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः २१ श्लोकस्य टीका ।

२५. पराशरमाधवः., द्वितीयो भागः (प्रायश्चित्तखण्डः), १२ अध्यायः, ४८३ पृष्ठम् ।

पाठात्० अर्थात् 'पाठभन्दा त्यसको समीपवर्ती श्रुति बलवान् हुन्छ भन्ने तथ्य **'श्रुतिलिङ्ग०'** यस सूत्रमा व्यवस्थित गरिएको छ' (प.मा., आ.का., १ अ., पृ. ३३७)[२५] भनी बलाबलको व्यवस्था देखाइएको छ; अर्थात् श्रुति, लिङ्ग आदिका कसको प्रधानता रहन्छ भन्ने तथ्य प्रतिपादन गरिएको छ ।[२६] **य कश्चिद्०** अर्थात् 'जब धनीका र ऋणीका बीचमा स्वैच्छिक आपसी समझदारी (यति समयमा ऋण चुक्ता गर्ने, व्याज यति दिने आदि) गरिन्छ ती सबै कुरा साक्षीका रोहबरमा लेख्नुपर्छ अर्थात् कपाली तमसुक बनाउनुपर्छ' (या.स्मृ.२/८४ मिता.) यस पद्यमा **निष्णातः** पदको प्रयोग गरिएको छ र मिताक्षरा टीकाका लेखकले उक्त पदको अर्थ व्यवस्थितः भनी गरेका छन् । **धर्मशास्त्र०** अर्थात् 'धर्मशास्त्र र अर्थशास्त्रका बीचमा विरोध देखिएमा अर्थशास्त्र बाधित हुन्छ, विषयअनुसार व्यवस्था गर्न मिल्दैन, दुवै शास्त्रका कथनलाई विकल्पका रूपमा ग्रहण गर्न पनि मिल्दैन' (मिता.) यस वाक्यमा वाध एवं विकल्पभन्दा भिन्न पदार्थका लागि व्यवस्था शब्दको प्रयोग गरिएको छ ।

विष्णुधर्मोत्तरपुराणमा **फलयोनौ व्यवस्थितः** अर्थात् 'परिणाम कारणमा निहित हुन्छ' भनिएको छ भनी पराशरमाधवका रचनाकारले उद्धरण दिएका छन् (प.मा., प्रा.का., १२ अ., पृ. ४८३) ।[२७] पाँच प्रकारका पाप (महापाप)

२५. उद्धृत अंश वैश्वदेव प्रकरणबाट लिइएको हो ।

२६. **श्रुतिलिङ्गवाक्यप्रकरणस्थानसमाख्यानां समवाये पारदौर्बल्यमर्थविप्रकर्षात्** (३/३/१४) यो जैमिनिसूत्रको पूर्ण रूप हो । मीमांसा दर्शनमा अङ्ग (गौण) र प्रधान (मुख्यका) का बीचको सम्बन्ध बुझाउने विधिलाई विनियोग विधि भनिन्छ । विनियोग विधिले उक्त श्रुति, लिङ्ग, वाक्य, प्रकरण स्थान एवं समाख्या रूप छ प्रमाणका (सहयोगीका) आधारमा अङ्गत्वको बोध गराउँछ । उक्त छ प्रमाणमध्ये श्रुतिभन्दा लिङ्ग दुर्बल हुन्छ; लिङ्गभन्दा वाक्य दुर्बल हुन्छ; वाक्यभन्दा प्रकरण दुर्बल हुन्छ; प्रकरणभन्दा स्थान दुर्बल हुन्छ र स्थानभन्दा समाख्या दुर्बल हुन्छ ।

२७. पराशरमाधवमा विष्णुधर्मोत्तरपुराणको २/११२/६ पद्यांश उद्धरण गरिएको छ । मनुष्यमात्र आफूले गरेका शुभ वा अशुभ कर्मका आधारमा स्वर्ग वा नरकमा जान्छन् भन्ने सन्दर्भमा फल (स्वर्ग वा नरक प्राप्ति) योनिमा (उसले गरेका शुभ वा अशुभ कर्ममा) व्यवस्थित (रहेको) हुन्छ भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्च पातकानि । तत्र महापातकिनां पञ्चानां निग्रहार्थमङ्कनादि विहितम् । तस्य च मिताक्षराकारेण व्यवस्थाशब्देन निर्देशः कृतः । [२६]**अङ्कने च व्यवस्था दर्शिता** इति ।

[२७]पराशरमाधवकारेण- **'देशकालयोर्विभागो व्यवस्था, अस्मिन् कालेऽस्मिन् देशे अयमुपाय इत्येवं रूपा'** इत्यभिधाय देशकालगतविभागे व्यवस्थाशब्दः प्रयुक्तः ।

लौकिकीश्च व्यवस्थाः कुलालस्य घटनिर्माणम्, कुविन्दस्य पटनिर्माणमित्यादिकविभागेन निर्मितवान् । इत्युक्त्वा [२८]कुल्लूकभट्टेनापि लोकसंव्यवहाराय विहितविभागात्मके उपाये व्यवस्थाशब्दः प्रयुक्तः ।

[२९]**यवीयाञ्ज्येष्ठभार्यायां पुत्रमुत्पादयेद्यदि । समस्तत्र विभागः स्यादिति धर्मो व्यवस्थितः ।।** इति निर्दिश्य मनुनापि विहितसमविभागे धर्मस्य व्यवस्थितत्वं निर्दिष्टम् ।

तथैव-

---

२६. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २६ श्लोकः ।

२७. पराशरमाधवः, पराशरस्मृतिः, व्यवहारकाण्डः, २ पृष्ठम् (टिप्पण्याम्) ।

२८. मन्वर्थमुक्तावली, मनुस्मृतिः १/२१ ।

२९. मनुः ९/१२० ।

हुन्छन् । उक्त पाँच प्रकारका महापातकीहरूलाई नियन्त्रण गर्नलाई अङ्कनादिको विधान गरिएको छ । त्यस तथ्यलाई मिताक्षराका रचयिताले व्यवस्थाशब्दद्वारा निर्देशन गरेका छन् । **अङ्कने च व्यवस्था दर्शिता** अर्थात् 'अङ्कनको व्यवस्था देखाइएको छ' (या.स्मृ. २/२६ मिता.) भन्ने उनको कथन पाइन्छ ।[२८] पराशरमाधवका रचयिताले- **देशकालयोः०** अर्थात् 'देश र कालको विभागलाई व्यवस्था भनिन्छ, यस्ता समयमा र यस्ता देशमा (ठाउँमा) यस्तो उपाय अवलम्बन गर्नुपर्छ यसप्रकारको व्यवस्था हुन्छ' (प.मा.,व्य.का., पृ २, टिप्पणी) भनी देश र कालको विभागका लागि व्यवस्थाशब्दको प्रयोग गरेका छन् । **लौकिकीश्च०** अर्थात् 'कुलालले घटनिर्माण गर्नु, कुविन्दले पटनिर्माण गर्नु भनी यस प्रकारले अलग-अलग कार्य विभाजन गरी लौकिक व्यवस्था गरे' (मनु. १/२१ म.मु.) भनी कुल्लूक भट्टले लोकव्यवहारका निम्ति गरिएको कार्यविभाजनका लागि व्यवस्था शब्दको प्रयोग गरेका छन् ।[२९]

यवीयान्० अर्थात् 'कान्छो भाइले (देवरले) जेठा दाइकी पत्नीमा (दाइकी निःसन्तान पत्नीमा नियमानुसार सम्पर्क गरी) पुत्र जन्माउँछ भने उसले (काकाले) क्षेत्रज पुत्रका साथमा पैतृक सम्पत्ति बराबर भाग लगाउनुपर्छ, यही नै व्यवस्थित धर्म हो' (मनु.९/१२०) ।[३०] यस प्रकारको निर्देश गरेर मनुले समानरूपमा गरिने विभाजनमा धर्म व्यवस्थित भएको बताएका छन् । यसरी नै **एकाधिकम्०** अर्थात् 'जेठा छोराले एउटा अंश बढी लिओस् (अर्थात् दुई अंश

---

२८. पातकी ब्राह्मणका निधारमा कस्ता कस्ता चिह्न बनाउने भन्ने सन्दर्भमा मिताक्षराको उद्धृत अंश आएको छ ।

२९. कुल्लूक भट्ट मनुस्मृतिका प्रसिद्ध टीकाकार हुन् । उनको टीकालाई मन्वर्थमुक्तावली भनिन्छ ।

३०. उद्धृत पद्यले र त्यसको मन्वर्थमुक्तावलीले नियोगविधिबाट उत्पन्न क्षेत्रजपुत्रले पनि पैतृक सम्पत्तिमा काकाले जति भाग पाउँछ भन्ने तथ्य प्रतिपादन गर्छ ।- मृतपितृकस्य पैतामहधने पितृवद्विभागोऽस्तीति गम्यते- मन्वर्थमुक्तावली ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[३०]**एकाधिकं हरेज्ज्येष्ठः पुत्रोऽध्यर्धं ततोऽनुजः । अंशमंशं यवीयांस इति धर्मो व्यवस्थितः ।।** इत्यत्रापि मनुनैव विभागे व्यवस्था निर्दिष्टा ।

'त्वं विष ! ब्रह्मणः पुत्रः सत्यधर्मे व्यवस्थितः ।' इत्यत्र [३१]याज्ञवल्क्येनापि व्यवस्थितेः प्रयोगः कृतः ।

'द्रव्यसमुदायविषयकानेकस्वाम्यानामेकदेशेषु व्यवस्थापनाद् विभागस्य सिद्धिर्भवति' इत्यत्र मिताक्षराकारेण व्यवस्थाशब्दः प्रयुक्तः ।

धर्मेण मार्गेणार्थकष्टात् परिरक्षणाय धर्मो व्यवस्थापकः इत्युक्त्वा [३२]कल्याणपत्रिकायां धर्मस्य व्यवस्थापकत्वं निर्दिष्टम् ।

भारतदेशे च पूर्वमर्थिप्रत्यर्थिनोर्द्वयोः कस्मिंश्चिदपि विषये समुत्पन्नस्य विवादस्य धर्मशास्त्रानुसारं समाधानार्थं धर्माधिकारिणः प्रयतन्ते स्म । तत्र या व्यवस्था विहितास्तेषां पत्राणां सङ्कलनं विधाय **'धर्मशास्त्रीय-व्यवस्थासङ्ग्रहः'** नाम्ना ग्रन्थः प्रकाशितोऽस्ति ।

त्रिवर्गभयसंशुद्धानमात्यान् स्वेषु कर्मसु । अधिकुर्याद्यथाशौचमित्याचार्या व्यवस्थिताः ।। इत्यत्र [३३]कौटिल्येन व्यवस्थितेः प्रयोगः कृतः । तथैव-

---

३०. मनुः ९/११७ । {इदं च ज्येष्ठतदनुजयोर्विद्यादिगुणवत्वापेक्षया, कनिष्ठानां च निर्गुणत्वे बोद्धव्यम्- मन्वर्थमुक्तावली}

३१. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ११० श्लोकः ।

३२. कल्याण, १५ मा., ११६२ पृष्ठम् ?

३३. कौटिल्यस्यार्थशास्त्रम्, १ अधिकरणम्, ५ प्रकरणम्, ९ अध्ययः, ३३ पृष्ठम् । {१/१०/१६}

लिओस्), त्यस पछि जन्मिएको (माहिलो) छोराले साढे एक (१.१/२) अंश लिओस्, अन्य पछि जन्मिएका बाँकी छोराहरूले एक एक अंश लिऊन्, यही नै धर्मको व्यवस्था हो ।' (मनु. ९/११७) यस कथनमा पनि मनुले विभाजनका (अंशबण्डाका) लागि व्यवस्था शब्दको प्रयोग गरेका छन् । **त्वं विष०** अर्थात् 'हे विष !, तिमी ब्रह्माजीका छोरा हौ, अतः सत्यधर्ममा व्यवस्थित हौ' (या.स्मृ.२/११०) यस वाक्यमा याज्ञवल्क्यले व्यवस्थित शब्दको प्रयोग गरेका छन् ।[३१] **द्रव्यसमुदाय०** अर्थात् 'अनेक व्यक्तिका स्वामित्वमा रहेका द्रव्य, समुदाय, विषय आदि पदार्थलाई एकदेशमा (निश्चित व्यक्तिविशेषमा) व्यवस्थित गराउने हुनाले विभागको सिद्धि हुन्छ (विभाजनको प्रयोजन पूरा हुन्छ)' (या.स्मृ. २/१४ अवतरणिका, मिता.) यस कथनमा मिताक्षराकारले व्यवस्थाशब्दको प्रयोग गरेका छन् । **धर्मेण०** 'धार्मिक मार्गको अवलम्बन गरेर अर्थबाट उत्पन्न दुःखबाट संरक्षण गर्नका लागि धर्मले व्यवस्था गर्ने कार्य गर्दछ' भनी कल्याण पत्रिकामा (..., वर्ष ...अङ्क, ... पू, १५ मार्च, पृ. ११६२ ?) धर्मलाई व्यवस्थापक मानिएको छ ।

भारतवर्षमा पहिले पहिले वादी र प्रतिवादीका बीचमा कुनै पनि विषयमा भएका विवादलाई धर्माधिकारीहरूले धर्मशास्त्रअनुसार समाधान गर्ने प्रयत्न गर्दथे । समस्या समाधानका लागि गरिएका व्यवस्था सम्बन्धी लिखतहरूलाई सङ्कलन गरेर **'धर्मशास्त्रीयव्यवस्थासङ्ग्रहः'** नामको पुस्तक प्रकाशन गरिएको छ ।

---

३१. विष दिव्यपरीक्षा गर्ने समयमा कर्ताले सपथ लिने वाक्यका रूपमा उद्धृत पद्यांश पढिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[३४]**व्यवस्थितार्यमर्यादः कृतवर्णाश्रमस्थितिः । त्रय्या हि रक्षितो लोकः प्रसीदति न सीदति ॥** इत्यत्रापि व्यवस्थितेः प्रयोग आचार्येण कौटिल्येन कृतः ।

इत्थं क्वचित् सन्दिग्धकोटौ स्थितस्य पदार्थस्य निश्चितकोटौ स्थापने क्वचिदनभीष्टकृत्येभ्यो निवर्तनां विधायाभीष्टकृत्येषु प्रवर्तनां विदधतां वाक्यानामर्थतत्त्वेषु, क्वचित् विभागोपायेषु, क्वचिद् देशकालादीनां विभागे, क्वचिन्मर्यादास्थापने, क्वचिद् विधेयदण्डनिर्धारणे, क्वचिद् व्रतविशेषनिर्धारणे, क्वचिदघनिर्धारणे, क्वचित् कार्याकार्यनिर्धारणे चात्र व्यवस्थाशब्दः प्रयुक्तो दृश्यते । अनेनैव प्रकारेणान्यत्रापि एतादृशेष्वर्थेषु व्यवस्थाशब्दस्य प्रयोग उपलभ्यते । नात्र तेषामुल्लेखो विधीयते । उक्त उल्लेखस्तु दिग्दर्शनार्थमेव ।

सर्वथापि च आचार-व्यवहार-प्रायश्चित्तात्मकानामर्थानां सम्यक्तया स्थापनविधौ व्यवस्थाशब्दः प्रयुक्तः । **'धर्मशब्दो व्यवस्थायामपि युज्यते'** इति मेधातिथेरुक्तिः [३५]कुल्लूकभट्टेन मनुस्मृतिव्याख्याने उद्धृता । एतस्माद्धर्मस्य व्यवस्थावाचकत्वमपि स्फुटति ।

---

३४. कौटिल्यस्यार्थशास्त्रम्, १ अधिकरणम्, १ प्रकरणम्, २ अध्ययः, १४ पृष्ठम् । {१/३/१७}

३५. मन्वर्थमुक्तावली, मनुस्मृतिः २/२३८ ।

त्रिवर्गभय० अर्थात् 'त्रिवर्गको भयले गर्दा शुद्ध भएका मन्त्रीहरूलाई आ-आफ्ना काममा लगाउनुपर्दछ भनी आचार्यहरूद्वारा व्यवस्था गरिएको छ' (कौ.अ.शा. १/१०/१६) यस वाक्यमा व्यवस्थितशब्दको प्रयोग गरिएको छ ।[३२] यसरी नै **व्यवस्थितार्य०** अर्थात् 'आर्यमर्यादामा व्यवस्थित बनाइएको, वर्ण एवं आश्रमको स्थिति (मर्यादा) कायम गराइएको र वेदद्वारा संरक्षण गरिएको जनसमूह सधैँ प्रसन्न रहन्छ, कहिल्यै पनि दुःखित बन्दैन' (कौ.अ.शा. १/३/१७) यस वाक्यमा पनि आचार्य कौटिल्यले व्यवस्थाशब्दको प्रयोग गरेका छन् ।

यसरी कहीँ सन्दिग्ध दुई पदार्थ मध्ये एउटा पदार्थमा निर्णय गर्नका लागि व्यवस्थाशब्दको प्रयोग गरिएको पाइन्छ । कहीँ अनभीष्ट कार्यबाट निवृत्त गराएर अभीष्ट कार्यमा प्रवृत्त गराउने वाक्यका तात्त्विक अर्थका रूपमा, कहीँ विभाजन गर्ने उपायका रूपमा, कहीँ देश काल आदिको विभाग भन्ने अर्थमा व्यवस्थाशब्दको प्रयोग भएको पाइन्छ । कहीँ मर्यादा स्थापनाका लागि, कहीँ दण्ड निर्धारणका लागि, कहीँ व्रतविशेषको निर्धारणका लागि, कहीँ अघ (आशौच) को निर्धारणका लागि, कही कार्याकार्यको (गर्न हुन्छ र गर्न हुँदैन भन्ने विषयको) निर्धारणका लागि व्यवस्था शब्दको प्रयोग गरेको पाइन्छ । यसै प्रकारले अन्यत्र पनि यसै प्रकारका अर्थ बुझाउनका लागि व्यवस्था शब्दको उपयोग गरेको देखिन्छ । ती सबै शब्दहरूको यहाँ उल्लेख गरिँदैन । जति उदाहरण यहाँ दिइए ती सबै नमुनाका लागि मात्र उपस्थापन गरिएका हुन् । समग्रमा भन्नुपर्दा आचार, व्यवहार एवं प्रायश्चित्तसित सम्बद्ध विषयहरूको राम्ररी स्थापना गर्ने विधिका

---

३२. **कौटिल्यस्यार्थशास्त्रम्** अर्थात् कौटिल्यको अर्थशास्त्र कौटिल्य (चाणक्य) द्वारा लेखिएको अर्थशास्त्रसित सम्बद्ध प्राचीन एवं प्रामाणिक ग्रन्थ हो । सूत्रात्मक शैलीमा लिखित प्रस्तुत ग्रन्थ अधिकरण, अध्याय एवं सूत्रमा विभक्त छ । पुनश्च उक्त सम्पूर्ण ग्रन्थलाई विभिन्न प्रकरणमा विभाजन गरेको पनि पाइन्छ । प्रस्तुत अनुवादमा उपलब्ध ग्रन्थका आधारमा अधिकरण, अध्याय एवं सूत्रको सङ्केत गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थिप्रत्यर्थिनोर्द्वयोर्विवादे चतुष्पादात्मको व्यवहारोऽर्थस्य निर्णायको भवति। तत्र च निमित्तत्वं प्रमाणत्वेन साक्षिणां भवति । अत एव गौतमेनोक्तम्- **'विप्रतिपत्तौ साक्षिनिमित्ता व्यवस्था'** इति । एतच्च वचनं [३६]मित्रमिश्रेणोद्धृतम् ।

'अथोत्तरदाने विलम्बाविलम्बव्यवस्था' इत्युक्त्वा व्यवस्थाया विधिनिषेधात्मकत्वं [३७]मित्रमिश्रेण निर्दिष्टम् ।

समाजस्थितानां मनुष्याणां परस्परं यत्र स्वार्थे विप्रतिपत्तिर्भवति, तत्र धर्मशास्त्रमेव न्यायात्मकवाक्येभ्यो विप्रतिपत्तेर्निराकरणं विधाय स्वार्थम् (अभीष्टार्थम्) व्यवस्थापयति। वस्तुतश्छलं निरस्य याथातथ्येन व्यवहारस्य स्थापनमर्थिप्रत्यर्थिनोर्द्वयोरप्यभीष्टसाधनम् । अर्थिनः प्रत्यक्ष एवार्थलाभः स्वार्थसिद्धिः । प्रत्यर्थिनोऽपि मोहात् परस्वत्वापहरणप्रयुक्तस्य [३८]राजधृतदण्डेन तज्जनितकल्मषविनाशो विधीयते इति स्वार्थसिद्धिः । एतादृशस्येव व्यवस्थापनस्य [३९]व्यवहारत्वमाचार्यैर्निर्दिष्टम् ।

---

३६. प्रमाणनिरूपणाख्यं द्वितीयं प्रकरणम्., वीरमित्रोदयः., व्यवहारप्रकाशः, १०६ पृष्ठम् ।

३७. वीरमित्रोदयः, व्यवहारप्रकाशः., १०२ पृष्ठम् ।

३८. ८/३१८ मनुः ।

३९. परस्परं मनुष्याणां स्वार्थविप्रतिपत्तिषु । वाक्यान्न्यायाद् व्यवस्थानं व्यवहार उदाहृतः ॥
- वीरमित्रोदयः, व्यवहारप्रकाशः, प्रतिज्ञादिव्यवहारपादनिरूपणप्रकरणम् ४४ पृष्ठम् ।

निम्ति व्यवस्था शब्दको प्रयोग गरिएको छ। 'धर्मशब्द व्यवस्था अर्थमा पनि प्रयोग गरिन्छ' भन्ने मेधातिथिको कथन कुल्लूक भट्टले मनुस्मृतिको व्याख्यामा (मनु. २/२३८ म.मु.) उद्धृत गरेका छन् । यसबाट धर्मशब्द व्यवस्थाको पनि वाचक हो भन्ने स्पष्ट हुन्छ ।

वादी र प्रतिवादीका बीचमा भएका विवादलाई समाधान गर्नका लागि चतुष्पादात्मक व्यवहार निर्णायक हुन्छ । साक्षीद्वारा प्रस्तुत गरिएका प्रमाण नै समस्या समाधानका साधन मानिन्छन् । त्यसैले नै गौतमले- **विप्रतिपत्तौ०** 'कुनै विवाद भएमा साक्षीका आधारमा व्यवस्था (समस्या समाधान गर्ने कार्य) गरिन्छ' भनेका छन् । गौतमको यस भनाइलाई मित्रमिश्रले उद्धृत गरेका छन् (वी.मि., व्य.प्र., पृ. १०६) ।[३३] **अथोत्तरदाने०** अर्थात् 'अब उत्तर दिने समयमा ढिलो वा चाँडो गर्ने भन्ने व्यवस्थाका सम्बन्धमा चर्चा गरिन्छ' (वी.मि., व्य.प्र., पृ. १०२) भन्दै व्यवस्था विध्यात्मक एवं निषेधात्मक हुन्छ भन्ने कुरा मित्रमिश्रले देखाएका छन् । समाजमा रहेका मनुष्यहरूका बीचमा जब स्वार्थका कारण परस्परमा विवाद उत्पन्न हुन्छ त्यस समयमा धर्मशास्त्रले न्यायमूलक वाक्यद्वारा समस्याको समाधान गरी स्वार्थ (अभीष्ट कुरा) लाई व्यवस्थित बनाउने काम गर्दछ । यथार्थमा भन्नु पर्दा छल कपटलाई टाढा गराएर (गल्ती औँल्याएर) सही ढङ्गले व्यवहारको स्थापना गर्नु वादी प्रतिवादी दुवैका लागि अभीष्ट हुन्छ । (सही निर्णयले वादी एवं प्रतिवादी दुवैलाई हित गर्दछ) । वादीलाई अर्थात् विजेतालाई प्रत्यक्ष नै लाभ हुन्छ । प्रत्यर्थीलाई अर्थात् पराजित पक्षलाई पनि

---

३३. **वीरमित्रोदय** मित्रमिश्रद्वारा लिखित धर्मशास्त्रसित सम्बद्ध विपुलकाय ग्रन्थ हो । यो ग्रन्थ अनेकौँ प्रकाशमा विभक्त छ । प्रस्तुत शोधप्रबन्धमा विशेषतः व्यवहारप्रकाशको उद्धरण दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रनिर्दिष्टानां प्रमाणानां सम्यक्परिपालनं व्यवस्थापकैर्विधेयं भवति । नो चेदव्यवस्थितिः समाजे समुत्पद्यते । प्रमाणानामव्यवस्थितिर्हि समाजेऽव्यवस्थापादिका । तस्मात् सुव्यवस्थासम्पादनाय तदधिकारिभिः प्रमाणानां प्रयोगः सम्यक्तया विधेयः । तदेतन्नारदवचमुद्धृत्य [४०]मित्रमिश्रेणाप्युक्तम् ।

[४१]पुराणपर्यालोचने **'धर्ममीमांसायां पुराणानां प्रामाण्यम्'** इत्यत्र च लोकव्यवहारस्य व्यवस्थापनत्वं धर्मशास्त्रस्य कार्यमिति नैकवारं प्रतिपादितम् ।

---

४०. **प्रमाणानि प्रमाणज्ञैः परिपाल्यानि यत्नतः । सीदन्ति हि प्रमाणानि प्रमाणैरव्यवस्थितैः ।।**
-वीरमित्रोदयः, व्यव्यहारप्रकाशः, प्रत्याकलितनिरूपणप्रकरणम्, ७८ पृष्ठम् ।

४१. धर्मशास्त्रस्य भिन्नो विषयोऽस्ति लोकव्यवहारव्यवस्थापनम् । तथा हि **'समारोपणादात्मन्यप्रतिषेधः'** इति सूत्रभाष्ये यथाविषयं प्रामण्यमिन्द्रियवत् । अन्यो मन्त्रब्राह्मणस्य विषयोऽन्यश्चेतिहासपुराणशास्त्राणामिति । यज्ञो मन्त्रब्राह्मणस्य, लोकवृत्तमितिहासपुराणस्य, लोकव्यवस्थापना च धर्मशास्त्रस्य विषयः । द्वितीयः परिच्छेदः, ९२ पृष्ठम् ।

मोहका कारण परस्व हरण गर्नाले उत्पन्न भएको पापलाई राजदण्डले नष्ट गराइदिने हुनाले लाभ नै हुन्छ (मनु.३/३१८)।[३४] यस प्रकारको व्यवस्थालाई नै आचार्यहरूले व्यवहार भनेका छन् (वी.मि., व्य.प्र., पृ. ४४) ।[३५]

धर्मशास्त्रद्वारा निर्देश गरिएका प्रमाणहरूको व्यवस्थापकले राम्ररी प्रयोग गर्नुपर्छ, अन्यथा समाजमा अव्यवस्था उत्पन्न हुन्छ । प्रमाणहरूको अव्यवस्थाले नै समाजलाई अव्यवस्थित (अस्तव्यस्त) बनाउँछ । त्यसैले सुव्यवस्था बनाइराख्न अधिकार प्राप्त व्यक्तिले प्रमाणहरूको राम्ररी प्रयोग गर्नुपर्छ । यस तथ्यलाई नारदको उक्तिलाई प्रमाण मान्दै मित्रमिश्रले पनि उल्लेख गरेका छन् (वी.मि., व्य.प्र., पृ. ७८) ।[३६]

पुराणपर्यालोचन नामक ग्रन्थमा- 'धर्मको विश्लेषण गर्दा पुराणलाई प्रमाण मान्नु पर्दछ' शीर्षकमा विद्यमान लेखमा लोकव्यवहारलाई व्यवस्थित बनाउनु नै धर्मशास्त्रको कार्य हो भनी अनेकौँ पटक भनिएको छ (पु.प.,२

---

३४. 'सुन चोर्नेजस्ता पाप गरेका मनुष्यहरू पनि राजाद्वारा दिइएका दण्डका कारण पापमुक्त भई पहिले गरिएका पुण्यका बलले जसरी पुण्यात्माहरू स्वर्ग जान्छन् त्यसरी नै स्वर्ग जान्छन्' भनी उदाहृत पद्यमा भनिएको छ ।

३५. क) {मनुष्यहरू बीचमा स्वार्थका कारण परस्परमा कुनै विवाद देखिएमा न्यायिक वाक्यका (भाषापाद आदिका) आधारमा व्यवस्थापन गर्नुपर्छ, यसैलाई व्यवहार भनिन्छ ।}- वीरमित्रोदय, व्यवहारप्रकाश, प्रतिज्ञादिव्यवहार-पादनिरूपणप्रकरण, पृष्ठ ४४ ।

ख) सङ्केतित पद्य ऋण चुक्ता गर्ने आदि विषयसित सम्बद्ध व्यवहारिक समस्याहरूको समाधान कसरी गर्ने भन्ने सन्दर्भमा आएको हो । समस्या समाधानका लागि व्यवहारका १. भाषापाद, २. उत्तरपाद ३. क्रियापाद ३. साध्यसिद्धिपाद गरी चार अङ्ग हुन्छन् भनिएको छ । यी सबै (ऋणादानविषयविमर्श आदि) विषय अधिकांश स्मृति ग्रन्थमा उल्लेख गरिएको देखिन्छ ।}

३६. {अव्यवस्थित (राम्ररी छानबिन नगरिएका) प्रमाणद्वारा प्रमाणहरू (प्रमाण उपस्थित गर्ने व्यक्तिहरू) दुःखित हुन्छन् अर्थात् उनीहरूले सही निर्णय प्राप्त गर्न सक्दैनन् । अतः विश्लेषण गर्न सक्ने विद्वान्हरूद्वारा प्रमाणहरूको राम्ररी परीक्षण गरिनुपर्दछ}- वीरमित्रोदय, व्यव्यहारप्रकाश, प्रत्याकलितनिरूपणप्रकरण, पृ. ७८ मा उद्धृत नारदका उक्तिको अनुवाद ।
** {**स्मृतिचन्द्रिका** नामक ग्रन्थमा यस पद्यको विस्तृत व्याख्या पाइन्छ ।}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् व्यासश्च उच्छृङ्खलताया निवारणाय, मर्यादायाः स्थापनाय, रागतः प्राप्तां मद्यमांसमैथुनादिसेवां सौत्रामण्यां यज्ञे विवाहे च नियम्य तेषां पदार्थानां निवृत्तिमिष्टत्वेन निर्दिशति। तत्र [४२]व्यवस्थाशब्दः प्रयुक्तः।

४२. श्रीमद्भागवतम्, ११ स्कन्धः, ५ अध्यायः, ११ श्लोकः।

परिच्छेद, पृ. ९२)।[३७] भगवान् व्यासले उच्छृङ्खलतालाई रोक्ने र मर्यादाको स्थापना गर्ने उद्देश्य पूर्तिका लागि रागतः प्राप्त मद्य, मांस, मैथुन, आदिलाई सौत्रामणी यज्ञ, विवाह आदिमा सीमित बनाई उक्त मद्य आदि पदार्थको सेवन नगर्नु नै कल्याणकर हुन्छ भन्ने निर्देश गरेका छन् (भा. ११/५/११)।[३८] यस सन्दर्भमा व्यवस्था (व्यवस्थिति) शब्दको प्रयोग गरिएको छ।

३७. क) {अन्य शास्त्रको भन्दा लोकव्यवहारलाई व्यवस्थापन गर्ने (व्यवस्थित बनाउने) धर्मशास्त्रको प्रतिपाद्य विषय भिन्नै प्रकारको छ। किन कि **समारोपणादात्मन्यप्रतिषेधः** यस सूत्रको भाष्यमा जसरी इन्द्रियहरू आ-आफ्ना विषयमा प्रमाण हुन्छन् त्यसरी नै शास्त्रहरू पनि आ-आफ्ना विषयमा प्रमाण हुन्छन् भनिएको छ। मन्त्र एवं ब्राह्मणको प्रतिपाद्य विषय एउटा हुन्छ भने इतिहास, पुराण एवं शास्त्रको प्रतिपाद्य विषय अर्कै हुन्छ। अतः मन्त्र एवं ब्राह्मणको विषय यज्ञ हो भने इतिहास एवं पुराणको विषय लौकिक इतिवृत्त प्रतिपादन गर्नु हो। धर्मशास्त्रको विषय भने लोकव्यवस्था (सामाजिक व्यवस्था) मिलाउनु हो।} **पुराणपर्यालोचन,** दोस्रो परिच्छेद, पृष्ठ ९२ बाट उद्धृत अंशको अनुवाद।

ख) **'समारोपणादात्मन्यप्रतिषेधः'** न्यायदर्शनको ४ अध्यायको, १ आह्निकको, ६१ सूत्र हो। यस सूत्रको अर्थ यसरी लगाउन सकिन्छ- प्रत्येक शास्त्रले त्यसै कुराको वर्णन गर्छन्, जुन उनीहरूको प्रतिपाद्य विषय हुन्छ। कुनै पनि शास्त्रले अन्य शास्त्रका प्रतिपाद्य विषयमा हस्तक्षेप गर्दैनन्। ब्राह्मण ग्रन्थहरूमा विशेषतः (अधिकतर) यज्ञको वर्णन गरिएको हुन्छ र यज्ञको सम्बन्ध गृहस्थहरूसित हुन्छ। अतः ब्राह्मण ग्रन्थहरूमा विशेष गरेर गृहस्थहरूका धर्मको वर्णन गरिएको हुन्छ। तर अन्य आश्रमको र तिनका धर्महरूको खण्डन (विरोध) गरिएको हुँदैन। यसै प्रकारले वेदान्त शास्त्र एवं उपनिषद् आदिमा विशेषतः मोक्षधर्मको विधान गरिएको हुन्छ तर उक्त ग्रन्थहरू गृहस्थ आदि आश्रमका अथवा उक्त आश्रममा अनुष्ठेय धर्मका विरोधी हुँदैनन्। त्यसैले गृहस्थका सन्दर्भमा ऋणादान आदिको विधान गर्दैमा मोक्षका प्रतिपादक शास्त्रहरूमा कुनै क्षति वा बाधा देखिँदैन। उक्त तथ्य सिद्ध गर्नका लागि **यथाविषयं प्रामण्यमिन्द्रियवत्** भनिएको छ। यसको अर्थ यसरी लगाउन सकिन्छ- इन्द्रियहरू आ-आफ्ना विषयको ग्रहणमा स्वतन्त्र प्रमाणका रूपमा हरेका हुन्छन्। एउटा इन्द्रियले अर्का इन्द्रियको विषयलाई ग्रहण गर्दैन। हेर्नका लागि आँखा स्वतन्त्र प्रमाण हुन्छ। सुन्नका लागि कान स्वतन्त्र प्रमाण हुन्छ। गन्ध सुँघ्नका लागि नाक स्वतन्त्र प्रमाण हुन्छ। स्पर्शका लागि छाला स्वतन्त्र प्रमाण हुन्छ। रसको आस्वादनका लागि जिब्रो स्वतन्त्र प्रमाण हुन्छ। यसरी नै वेद, स्मृति, पुराण आदि आ-आफ्नो विषयको ग्रहणमा स्वतन्त्र प्रमाण हुन्छन्।

ग) पुराणका प्रतिपाद्य विषयको गहन विश्लेषण गरिएको **पुराणपर्यालोचनम्** कृष्णमणि त्रिपाठीद्वारा लेखिएको कृति हो। प्रस्तुत कृति सात परिच्छेदमा विभक्त छ।

३८. श्रीमद्भागवत वेदव्यासद्वारा प्रणीत अठार महापुराणमध्येको एउटा पुराण हो। यो पुराण स्कन्ध एवं अध्यायमा विभक्त छ। अत्यन्त प्रौढ शैलीमा लिखित प्रस्तुत पुराणमा बाह्र स्कन्ध रहेका छन् र उक्त स्कन्धभित्र अनेकौँ अध्याय छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रस्य सामाजिकव्यवस्थायाः साधनत्वं चेत्थम्- लोकेऽव्यवस्थाधायकतत्त्वानामुत्पत्तेरवरोध-मुत्पन्नानाञ्च विनाशं विधाय व्यवस्थाधायकतत्त्वानामुत्पत्त्युपायकल्पनमुत्पन्नानाञ्च संवर्धनोपायकल्पन-मित्यादिना भवति।

साध्धातोर्ल्युट्प्रत्यये विहिते ल्युटः स्थाने अनादेशे विहिते साधनमिति शब्दस्य निष्पत्तिर्भवति। साध्य-सम्पादनं हि साधनस्य कार्यम्। [४३]**'साधकतमं करणम्'** इति हि सूत्रं पाणिनिना सूत्रितम्। साधनं करणमिति पर्यायवाचिनौ शब्दौ। [४४]**'असाधारणं कारणं करणम्'** इति करणलक्षणं लक्षितमन्नभट्टेन।

लिङादिज्ञानस्य शाब्दीभावनायां करणत्वेन सम्बन्धो भवतीति [४५]मीमांसाशास्त्रेऽभिहितम्। करणत्वं तत्र भावनाभाव्यनिर्वर्तकत्वेनाभिमतम्।

[४६]'अनुमितौ व्याप्तिज्ञानस्य, उपमितौ सादृश्यज्ञानस्य, शाब्दबोधे पदज्ञानस्य, स्मृतावनुभवस्य करणत्वाद्' इति।

४३. अष्टाध्यायी १/४/४२।

४४. तर्कसङ्ग्रहः, गुणलक्षणप्रकरणम्, ३६ पृष्ठम्।

४५. मीमांसान्यायप्रकाशः ४ पृष्ठम्। {**'करणाकाङ्क्षायां लिङ्गादिज्ञानं करणत्वेन सम्बध्यते'** इति}

४६. प्रत्यक्षखण्डः, सिद्धान्तमुक्तावली, २३७ पृष्ठम्।

(साधनको चर्चा-)

धर्मशास्त्र निम्न दुईवटा कार्य गरी सामाजिक व्यवस्थाको साधन बन्दछ- १. लोकमा अव्यवस्था उत्पन्न गराउने तत्त्वहरूलाई नियन्त्रण गरेर साथै उत्पन्न भएका त्यस्ता अवरोधक तत्त्वलाई नष्ट गराएर २. सुव्यवस्था (सुशासन) कायम गराउने तत्त्वहरू उत्पन्न हुने उपायको खोजी गरेर साथै उत्पन्न भएका त्यस्ता व्यवस्थापक तत्त्वहरूको संवर्धन गर्ने उपायको खोजी गरेर।

साध धातुमा ल्युट् प्रत्यय लगाएर ल्युट्का ठाउँमा अन आदेश गरेपछि साधन शब्द निष्पन्न हुन्छ।[३९] साध्य सम्पन्न गराउनु नै साधनको कार्य हो। पाणिनिले पनि **साधकतमं करणम्** अर्थात्- 'साध्य सम्पन्न गराउने महत्त्वपूर्ण हेतु नै करण हो' भन्ने सूत्र बनाएका छन्।[४०] साधन र करण यी दुई पर्यायवाची शब्द हुन्। **असाधारणम्०** अर्थात् 'असाधारण कारण नै करण हो'[४१] (तर्क.) भनी अन्नभट्टले करणको लक्षण बताएका छन्।[४२]

३९. **वाचस्पत्यम्**मा सिध धातुमा णिच् प्रत्यय गरी साध आदेश भएपछि (साध धातुबाट) भाव अर्थमा ल्युट् प्रत्यय गरेर अथवा कर्ता अर्थमा ल्यु प्रत्यय गरेर साधन शब्द निष्पन्न हुन्छ भनिएको छ। साधन शब्दका अनेकौँ अर्थ भएता पनि प्रस्तुत प्रकरणमा साध्यते कर्म निष्पाद्यते अनेन यस व्युत्पत्तिद्वारा बुझिने करण (साधन) रूप अर्थ ग्रहण गरिन्छ।

४०. **पाणिनि** संस्कृत व्याकरणका त्रिमुनिमध्ये एउटा हुन्। व्याकरण सूत्रका निर्माता पाणिनिको आठ अध्यायमा विभक्त **अष्टाध्यायी** प्रसिद्ध ग्रन्थ हो। संस्कृत व्याकरणका विभिन्न आठ सम्प्रदायमध्ये पाणिनिसम्प्रदाय पनि एउटा हो।

४१. समवाय, असमवाय एवं निमित्त कारणमध्ये असाधारण (नभै नहुने) कारण नै करण हो भन्ने तात्पर्य हो।

४२. अन्नंभट्ट **तर्कसङ्ग्रह**का लेखक हुन्। यो न्यायशास्त्रमा प्रवेश गर्न चाहने जिज्ञासुहरूलाई ध्यानमा राखेर लेखिएको न्याय/वैशेषिक दर्शनको आरम्भिक ग्रन्थ हो। शोधप्रबन्धमा गुणलक्षण प्रकरणमा पठित करणको लक्षण दिइएको छ। करणको लक्षण दिएपछि क्रमशः प्रत्यक्ष, अनुमान, उपमान एवं शब्द प्रकरणको प्रतिपादन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[४७]**'चक्षुरादीनां ज्ञानादिकं प्रति करणत्वम्'** इति च सिद्धान्तमुक्तावल्यामुक्तम्।
[४८]**'करणं हि सकर्तृकम्'** इति। [४९]**'करणं व्याप्तिधीर्भवेत्'** इति च कारिकावल्यामुक्तम्।
ततोऽर्थी लेखयेत् सद्यः प्रतिज्ञातार्थसाधनम्।
तत्सिद्धौ सिद्धिमाप्नोति विपरीतमतोऽन्यथा ।। इति हि [५०]योगीश्वरेण याज्ञवल्क्येनोक्तम्। अत्र प्रमेयं प्रति प्रमाणानां साधनत्वमभिहितम्।
स दत्वा निर्जितां वृद्धिं करणं परिवर्तयेत् इत्यत्र [५१]मनुना लेख्यस्य करणत्वमभिहितम्।

४७. सिद्धान्तमुक्तावली, प्रत्यक्षखण्डः २११ पृष्ठम्।
४८. सिद्धान्तमुक्तावली ४७ कारिका।
४९. सिद्धान्तमुक्तावली, अनुमानखण्डः, ६६ कारिका।
५०. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ७ -८ श्लोकांशौ।
५१. ८/१५४ मनुः।

शाब्दीभावनामा लिङ् आदिको ज्ञान करणका रूपमा सम्बद्ध हुन्छ भनी मीमांसाशास्त्रमा बताइएको छ (मी.न्या.प्र., पृ. ४)।[४३] मीमांसा शास्त्रमा भावनाको (शाब्दी भावनाको) भाव्यमा (आर्थीभावनामा) उत्पादक हुनुलाई करण भनिन्छ।[४४] अनुमानमा व्याप्तिज्ञान, उपमानमा सादृश्यज्ञान, शाब्दबोधमा पदज्ञान, स्मृतिमा अनुभव करणका रूपमा रहेको हुन्छ (सि.मु., प्र.ख.)।[४५] **चक्षुरादीनां ज्ञानादिकं प्रति करणत्वम्** अर्थात् 'आँखा आदि ज्ञान प्राप्तिका करण हुन्' (सि.मु., प्र.ख.) भनी सिद्धान्तमुक्तावलीमा भनिएको छ। **करणं हि सकर्तृकम्** अर्थात् 'करण कर्ताले युक्त हुन्छ' (कारिकावली ६६) र **करणं व्याप्तिधीर्भवेत्** अर्थात् 'व्याप्ति ज्ञान नै करण हो' (कारिकावली, अ.ख. ६६) जस्ता वाक्यहरू कारिकावलीमा उल्लेख गरिएका छन्। **ततोऽर्थी लेखयेत्०** 'त्यसपछि (तृतीय चरणमा) अर्थीले तत्कालै प्रतिज्ञा गरिएका कुराको कारण लिखित रूपमा दर्ज गराउनुपर्छ। त्यसमा सफल भयो भने (अर्थीद्वारा प्रस्तुत गरिएका साक्ष्य प्रमाणित भएमा) उ विजेता बन्दछ अन्यथा उ पराजित घोषित हुन्छ।' (या.स्मृ.२/७-८) भनी योगीश्वर याज्ञवल्क्यले भनेका छन्। यसरी यहाँ प्रमेयका (सिद्ध गरिने वस्तुका) लागि प्रमाण साधन हुन्छ भन्ने कुरा बताइएको छ।

---

४३. **मीमांसान्यायप्रकाश** आपदेवद्वारा रचित मीमांसा दर्शनसित सम्बद्ध ग्रन्थ हो। यसमा विधि, मन्त्र, नामधेय, निषेध र अर्थवादरूप वेदका पाँच भागको क्रमशः निरूपण गरिएको छ। प्रस्तुत ग्रन्थको र अर्थसङ्ग्रहको विषय प्रतिपादन शैली एउटै रहेको छ।

४४. **भावनाभाव्यनिर्वर्तकत्वम्** मीमांसान्यायप्रकाशमा प्रयुक्त पदावली हो। यस पदको व्याख्या सारविवेचिनी व्याख्यामा यसरी गरिएको छ- यथा कुठारः पुरुषसाध्यछेदनव्यापारं निर्वर्तयत् पुरुषस्य कारणमित्युच्यते एवं लिङ्गादिज्ञानमपि शब्दभावनाभाव्यार्थभावनां निर्वर्तयन् शाब्दभावनाकारणमित्युच्यत इत्यर्थः। एवं च स्वोत्पादकत्वमत्र करणत्वम्, किन्तु स्वाभाव्यनिर्वर्तकत्वमेव पारिभाषिकं स्वकरणमङ्गीक्रियत इति फलितम्।

४५. **सिद्धान्तमुक्तावली** विश्वनाथ पञ्चाननद्वारा लिखित न्यायदर्शनसित सम्बद्ध ग्रन्थ हो। यसको मूल कारिका (पद्य) भागलाई कारिकावली र व्याख्या भागलाई सिद्धान्तमुक्तावली वा **न्यायसिद्धान्तमुक्तावली** भनिन्छ। यो ग्रन्थ प्रत्यक्ष, अनुमान आदि खण्डमा विभक्त छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थेऽपव्ययमानं तु [५२]करणेन विभावितम्। इत्यत्र लेख्यादिप्रमाणानां करणत्वं स्मृतम्।

अहिंसासत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः। दानं दमो दया क्षान्तिः सर्वेषां धर्मसाधनम्॥ इत्यत्र [५३]याज्ञवल्क्येन अहिंसादीनां धर्मस्य साधनत्वं निर्दिष्टम्।

सर्वथापि च साध्यसम्पादकत्वं साधनत्वम् इति उपर्युद्धृतवाक्येभ्यः प्रतीयते।

साध्यं साधनञ्च।

साध्यं चात्र सामाजिकव्यवस्था विद्यते। तस्याः कृते साधनं धर्मशास्त्रमिति हि प्रतिपाद्यो विषयः। तत्र प्रथमं धर्मस्य स्वरूपनिरूपणं विधीयते।

साधनस्य (प्रमाणस्य) अपेक्षया साध्यस्य प्राधान्येऽपि प्रमेयं प्रति प्रमाणानामपेक्षाया विद्यमानत्वात् प्रमाणानां पुनर्निरपेक्षतया साध्यकोटौ प्राथम्यमिति साधनं प्रथमं निरूप्यते। एवं च सति धर्मलक्षणाधिकरणन्यायोऽनुगृहीतो भवति।

---

५२. ८/५१ मनुः।

५३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः १२२ श्लोकः।

स दत्वा० अर्थात् '{निर्धारित समयमा ऋण चुक्ता गर्न नसकेको ऋणीले फेरि पनि ऋण लिन चाहेका खण्डमा} आफूले पहिला लिएका ऋणको व्याज तिरेर करणमा (लेख्यमा) परिवर्तन गराओस् (लेन-देन सम्बन्धी नयाँ कागज बनाओस्) (मनु. ८/१५४) यस कथनमा मनुले लेख्यलाई करण भनेका छन्। **अर्थेऽपव्यय०** अर्थात् 'मैले धनीबाट ऋण लिएको हैन भनी ऋण लिएको कुरा नै अस्वीकार गरे तापनि करणद्वारा (लेख्य आदि साक्षीद्वारा) ऋण लिएको हो भनी प्रमाणित भएका अवस्थामा{राजाले ऋणीबाट धनीको धन फिर्ता गराइदिनुपर्छ}' (मनु. ८/५१) पद्यांशमा लेख्य, साक्षी आदिलाई करण भनिएको छ। **अहिंसा०** अर्थात् 'अहिंसा (काटमार नगर्नु वा प्राणीलाई कुनै पीडा नदिनु), सत्य (कुनै प्राणीलाई बाधा नहुने यथार्थ कथन), अस्तेय (चोरी नगर्नु अर्थात् अरूले नदिईकन केही पनि नलिनु), शौच (बाहिरी एवं भित्री शुद्धता), इन्द्रियनिग्रह (ज्ञानेन्द्रिय र कर्मेन्द्रियलाई नियन्त्रण गर्नु), दान (अन्न जल आदि दिनु), दम (अन्तःकरणको संयम), दया (करुणा, दुःखीको संरक्षण आदि) र क्षान्ति (सहनशीलता, अरूले अपकार गरे पनि चित्तमा कुनै विकार उत्पन्न नहुनु)- यी सबै (ब्राह्मण देखि चण्डालसम्म) का लागि धर्मका साधन मानिन्छन्।' (या.स्मृ. १/१२२) यस कथनमा याज्ञवल्क्यले अहिंसा आदिलाई धर्मका साधन मानेका छन्। यसरी मूलतः साध्यलाई सम्पन्न (सिद्ध) गराउने तत्त्व वा हेतु नै साधन हुन् भन्ने कुरा उद्धरणका रूपमा उपस्थापित वाक्यहरूबाट प्रतीत हुन्छ।

साध्य एवं साधन-

यहाँ साध्य भनेको सामाजिक व्यवस्था र त्यसको साधन भनेको धर्मशास्त्र हो। यही नै प्रस्तुत शोधप्रबन्धको प्रतिपाद्य विषय हो। प्रस्तुत प्रकरणमा सबैभन्दा पहिले धर्मको स्वरूप (लक्षण) बताइन्छ। साधन (प्रमाण) को भन्दा साध्यको प्रधानता हुन्छ तर पनि प्रमेयका लागि प्रमाणको आवश्यकता हुने भएकाले र प्रमाण प्रमेय निरपेक्ष भएर पनि रहन सक्ने हुनाले पहिले साधनको (प्रमाणको) निरूपण गरिन्छ। यसो गर्नाले धर्माधिकरणन्याय अनुगृहीत हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मस्वरूपनिरूपणम्

धर्मस्य स्वरूपं मन्वादिभिः राजर्षिभिर्याज्ञवल्क्यादिभिर्ब्रह्मर्षिभिरन्यैश्चाचार्यैर्बहुभिर्बहुधा निरूपितमुपलभ्यते। धर्मप्रवर्तकाश्च याज्ञवल्क्येनादावेव निर्दिष्टाः। तेषां ग्रन्थेषु धर्मलक्षणान्युपलभ्यन्ते।

तत्र कतिपयलक्षणानि धर्मरूपविषयस्यैक्येऽपि आचार्यगतभिन्नत्वेन शब्दसङ्घटनाभेदाद् भिन्नत्वमिवावहन्ति, कतिपयलक्षणानि पुनराचार्यस्यैक्येऽपि च धर्मरूपविषयगतभेदाद् भिन्नत्वमावहन्तीति आचार्यकृतधर्मलक्षणेषु भिन्नत्वं प्रतीयते।

धर्मस्य ज्ञापका हेतवः

वेदः, स्मृतिः (धर्मशास्त्रम्) सदाचारः, आत्मनः प्रियं चेति चत्वारो धर्मस्य ज्ञापका हेतवः। एताँश्चतुरो वेदादिपदार्थान् [५४]मनुना साक्षाद्धर्मस्य लक्षणमिति पूर्ववर्तिभिराचार्यैर्निगदितमित्युक्तम्।

एतानेव चतुरो भेदान् स्वयमात्मनैव [५५]मनुना- अखिलो वेदः, वेदविदां स्मृतिशीले, साधूनामाचारः, आत्मनस्तुष्टिश्चेति धर्मस्य मूलमिति स्मृतम्।

---

५४. **वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः। एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम्॥** - २/१२ मनुः।

५५. **वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्। आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च॥** - २/६ मनुः।

धर्मको स्वरूप निरूपण-

मनु आदि राजर्षिहरूले, याज्ञवल्क्य आदि ब्रह्मर्षिहरूले र अन्य धेरै आचार्यहरूले विभिन्न प्रकारले धर्मको लक्षण निरूपण गरेको (बताएको) पाइन्छ। याज्ञवल्क्यले आफ्ना ग्रन्थको आरम्भमा नै धर्मका प्रवर्तक आचार्यहरूको नाम उल्लेख गरेका छन् (या.स्मृ. १/४-५)। याज्ञवल्क्यद्वारा निर्दिष्ट आचार्यहरूका ग्रन्थहरूमा धर्मका लक्षण पाइन्छन्। उक्त ग्रन्थहरूमा पाइने कतिपय लक्षणहरू धर्मरूप विषय एउटै भए तापनि आचार्यहरू अलग-अलग भएकाले उनीहरूका आ-आफ्नै प्रकारका वाक्यगठनका कारण भिन्नजस्ता प्रतीत हुन्छन्। कतिपय लक्षणहरू आचार्य एउटै भए तापनि धर्मरूप विषयका भेदले गर्दा भिन्नजस्ता लाग्दछन्। त्यैसेले विभिन्न आचार्यहरूद्वारा दिएका लक्षणमा भिन्नता प्रतीत हुन्छ।

धर्मका ज्ञापक हेतुहरू-

वेद, स्मृति (धर्मशास्त्र), सदाचार एवं आफूलाई प्रिय लाग्ने कुरा यी चार धर्मका ज्ञापक हेतु हुन्। उक्त वेद आदि चार पदार्थलाई साक्षात् धर्मका लक्षण भनी पूर्वाचार्यहरूले बताएको कुरा मनुले प्रतिपादन गरेका छन् (मनु. २/१२)।[४६] यिनै चार भेदलाई स्वयं मनुले- सम्पूर्ण वेद, वेदज्ञका स्मृति (उक्ति) एवं शील (स्वभाव), सज्जनहरूका आचार (आचरण) र आत्माको सन्तुष्टि धर्मका मूल हुन् भनी बताएका छन् (मनु. २/६)।[४७] राग र द्वेष नभएका सज्जनहरूद्वारा

---

४६. {वेद, स्मृति, सदाचार एवं आफूलाई प्रिय लाग्ने कुरा- यी चारलाई धर्मका साक्षात् लक्षण हुन् (भनी पूर्वाचार्यहरूले) भनेका छन्।}- मनु. २/१२।

४७. {सम्पूर्ण वेद, वेदज्ञहरूका स्मृति एवं शील (स्वभाव), सज्जनहरूका आचरण र आत्माको सन्तुष्टि यी सबै धर्मका मूल (आधार) हुन्।}- मनु. २/६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रागद्वेषविहीनैः सद्भिर्विद्वद्भिः सेवितः, हृदयेनाभ्यनुज्ञातश्च धर्म इत्युक्तवता [५६]मनुना सदाचारहृदयाभ्यनुज्ञातयोर्धमस्य ज्ञापकत्वं प्रमाणितम्।

[५७]याज्ञवल्क्योऽपि श्रुतिः, स्मृतिः, सदाचारः, स्वस्यात्मनः प्रियम्, सम्यक्सङ्कल्पाज्जातः कामश्च धर्ममूलं स्मृतमित्यभिधाय स्वपूर्ववर्तिभिरेवाभिहितं निर्दिशति।

[५८]आपस्तम्बेन- **धर्मज्ञसमयः (आचारः) वेदाश्च** धर्मप्रमाणमिति स्मृतम्।

[५९]व्यासेन- वेदः, स्मृतिः, आत्मतुष्टिश्च धर्ममूलमिति स्मृतम्।

---

५६. **विद्वद्भिः सेवितः सद्भिर्नित्वमद्वेषरागिभिः। हृदयेनाभ्यनुज्ञातो यो धर्मस्तं निबोधत॥** -२/१ मनुः।

५७. **श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः। सम्यक् सङ्कल्पजः कामो धर्ममूलमिदं स्मृतम्॥**
- याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, उपोद्घातप्रकरणम्, ७ श्लोकः।

५८. आपस्तम्बधर्मसूत्रम् १,१,१,२-३ सूत्रे। (प्रथमप्रश्ने (प्रथमपटले) प्रथमकण्डिकायाम् २-३ सूत्रे)।

५९. श्रीमद्भागवतम्, ७ स्कन्धः, ११ अध्यायः, ७ श्लोकः।

सेवा गरिएको (अवलम्बन गरिएको) र हृदयले पनि स्विकारिएको धर्म हुन्छ (मनु. २/१)[४८] भनी मनुले सदाचारलाई र हृदयद्वारा स्वीकार गरिएको पदार्थलाई धर्मका ज्ञापक हेतु मानेका (प्रमाणित गरेका) छन्। याज्ञवल्क्यले पनि- श्रुति, स्मृति, सदाचार, आफ्नो प्रिय वस्तु र राम्रो सङ्कल्प (सद्विचार) बाट उत्पन्न भएको कामना धर्ममूलक हुन्छ (या.स्मृ. १/७) भनी आफ्ना पूर्ववर्तीहरूद्वारा भनिएकै उक्तिलाई देखाएका छन्।[४९] आपस्तम्बले 'धर्मज्ञ पुरुषका समय (आचरण) एवं वेद धर्मका प्रमाण हुन्' (आ.ध.सू. १/१/२-३) भनेका छन्।[५०] व्यासले- वेद, स्मृति, एवं आत्मसन्तुष्टि धर्ममूलक हुन्छ (भा. ७/११/७) भनेका छन्।

---

४८. {द्वेष, राग आदिले रहित भएका, (वेदको अर्थ जान्ने) सज्जन विद्वान्हरूद्वारा सधैँ सेवा (अवलम्बन) गरिएको साथै आफ्ना हृदयद्वारा पनि स्वीकार गरिएको (अनुमोदित) जुन धर्म बताइएको छ, त्यसका सम्बन्धमा जानकारी लिनुहोस्।}- मनु. २/१।

४९. क) {श्रुति (वेद), स्मृति (धर्मशास्त्र), सदाचार (सज्जनहरूद्वारा अनुष्ठित व्यवहार), आफ्ना आत्माको प्रिय कर्म (शास्त्रद्वारा बताइएका विकल्पको इच्छानुसार रोजाइ), राम्ररी विचार गरेपछि उत्पन्न भएको शास्त्राविरुद्ध कामना- यी धर्मका मूल अर्थात् प्रमाण हुन्}- याज्ञवल्क्यस्मृति, आचाराध्याय, उपोद्घातप्रकरण, श्लोक ७।
ख) श्रुति आदि धर्मका प्रमाणहरूमा परस्परमा विरोध देखिएमा पछिका प्रमाणहरूभन्दा पहिला पहिलाका प्रमाण बलवान् हुन्छन् भनी उद्धृत पद्यको भाष्य लेख्ने क्रममा मिताक्षरामा बताइएको छ।

५०. क) **धर्मज्ञसमयः प्रमाणम्, वेदाश्च भन्ने आपस्तम्बधर्मसूत्रका मूल सूत्र हुन्।** हरदत्तद्वारा रचित उज्ज्वला टीकामा **'पौरुषेयी व्यवस्था समयः'** भनी समयको अर्थ दिइएको छ र उक्त समय तीन प्रकारको हुन्छ भनी सोदाहरण व्याख्या पनि गरिएको छ।
ख) **आपस्तम्बधर्मसूत्र** महर्षि आपस्तम्बद्वारा प्रणीत एवं कृष्णयजुर्वेदसित सम्बद्ध ग्रन्थ हो। शुक्लयजुर्वेदका अनुयायीले पनि यसै धर्मसूत्रको अनुसरण गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्ववर्तिभिराचार्यैर्निर्दिष्टेभ्यो ज्ञापकप्रमाणेभ्यः मनुस्मृतिनिर्दिष्टहृदयाभ्यनुज्ञानात्मकं प्रमाणम् अतिरिक्तप्रमाण-मवगम्यते। अस्यैव हृदयाभ्यनुज्ञातरूपप्रमाणस्य याज्ञवल्क्येन सम्यक्सङ्कल्पजातकामपदेन सङ्गृहीतम्।

एतेषां धर्मलक्षणानां धर्मप्रमाणानां वा ज्ञापकहेतुत्वं विज्ञानेश्वरोक्तितोऽवगम्यते।[६०]विज्ञानेश्वरेण याज्ञवल्यस्य धर्ममूलवाक्यावतारणार्थं कृतप्रयुक्तवाक्यात्तदवगम्यते।

धर्मस्य कारकहेतवः

देशे ('यस्मिन् देशे मृगः कृष्णः' इत्यादिलक्षणयुते) काले (पुण्यपर्वात्मके) शास्त्रविध्यनुसारं तथाविद्यान्विते पात्रे गवादिद्रव्यं श्रद्धया यत् प्रदीयते तादृशं सकलं कर्म धर्मस्योत्पादकतया धर्मलक्षणमिति योगीश्वरेण [६१]याज्ञवल्क्येन स्मृतम्।

भगवता [६२]जैमिनिना प्रवर्तनालक्षणस्य अर्थस्य धर्मत्वमभिधाय धर्मस्य लक्षणं प्रमाणं चाभिहितम्। तच्च हैमवत्यामुद्धृतम्।

वात्स्यायनेन मुनिना- यज्ञादीनामलौकिकत्वमदृष्टार्थत्वम्, मांसभक्षणादीनां लौकिकत्वं दृष्टार्थत्वं च निर्दिश्य

६०. इदानीं धर्मस्य ज्ञापकहेतूनाह। (मिताक्षरा- याज्ञवल्क्यस्मृतौ, आचाराध्याये ७ श्लोकस्य व्याख्योपक्रमे)

६१. देशे काल उपायेन द्रव्यं श्रद्धासमन्वितम्। पात्रे प्रदीयते यत्तत्सकलं धर्मलक्षणम्॥
- याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ६ श्लोकः।

६२. चोदनालक्षणोऽर्थो धर्मः।- हैमवती, द्वितीयवर्षः, १ अङ्कः,{वि. स. २०३६} पृष्ठम् १०। (जै.सू. १/१/२)।

पूर्ववर्ती आचार्यहरूद्वारा निर्देश गरिएका धर्मका ज्ञापक प्रमाणभन्दा मनुस्मृतिद्वारा निर्देश गरिएको हृदया-भ्यनुज्ञातात्मक प्रमाण अतिरिक्त हो भन्ने कुरा बुझिन्छ। यसै हृदयाभ्यनुज्ञात प्रमाणलाई याज्ञवल्क्यले सम्यक् सङ्कल्पबाट उत्पन्न कामना भनेर सङ्ग्रह गरेका छन्। उपर्युक्त धर्मका लक्षण वा धर्मका प्रमाण ज्ञापक हेतु हुन् भन्ने कुरा विज्ञानेश्वरको उक्तिबाट पनि थाहा पाउन सकिन्छ। विज्ञानेश्वरले याज्ञवल्क्यस्मृतिको धर्ममूलक वाक्यको अवतारणका लागि प्रयोग गरेको वाक्यबाट उक्त तथ्य प्रमाणित हुन्छ। (या.स्मृ. १/७ मिता., अवतरणिका)[५१]

धर्मका कारक हेतुहरू-

'उचित देश (ठाउँ) एवं उचित समयमा शास्त्रविधिअनुसार विद्यावान् (योग्य) पात्रलाई गाई आदि पदार्थ दिने कार्य गरिन्छ भने त्यस्ता सबै कार्य धर्मका उत्पादक भएकाले धर्मका लक्षण हुन्छन्' (या.स्मृ. १/६) भनी योगीश्वर याज्ञवल्क्यले बताएका छन्।[५२] भगवान् जैमिनिले प्रवर्तना लक्षणरूप अर्थ (गर्नुपर्छ भनी निर्दिष्ट कार्य) नै धर्म हो (जै. सू.१/१/२) भनी धर्मको लक्षण एवं प्रमाण बताएका छन्।[५३] यो कुरा हैमवतीमा उद्धरण गरिएको छ (हैम. व. २, अ. १, (वि.स.

५१. अब धर्मका ज्ञापकहेतुका सम्बन्धमा बताउँछन्। (मिताक्षरा- याज्ञवल्क्यस्मृति, आचाराध्याय, ७ श्लोकको उपक्रम।)

५२. {'**यस्मिन् देशे मृग कृष्ण०**' आदि श्लोकद्वारा बताइएका ठाउँमा र सङ्क्रान्ति आदि शुभ समयमा शास्त्रविधिअनुसार प्रतिग्रह आदिबाट प्राप्त भएको सम्पत्ति श्रद्धापूर्वक सत्पात्रमा दिने जुन काम गरिन्छ, उक्त सबै कार्यलाई धर्मका लक्षण भनिन्छ अर्थात् कारक हेतु मानिन्छ।}- याज्ञवल्क्यस्मृति, आचाराध्यायः, श्लोक ६।

५३. चोदनालक्षणोऽर्थो धर्मः।{वेदद्वारा गर्नुपर्छ भनी अराइएको कार्य नै धर्म हो }- (जै.सू. १/१/२)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तादृशार्थानामप्रवृत्तानां यज्ञादीनां शास्त्रात् प्रवर्तनस्य प्रवृत्तेभ्यो मांसभक्षणादिभ्यो निवर्तनस्य च धर्मत्वं स्मृतम्। तदपि [६३]हैमवत्यामुद्धृतम्।

[६४]आपदेवेन- वेदेन प्रयोजनमुद्दिश्य विधीयमानस्यार्थस्य धर्मत्वं स्मृतम्।

गौतमेन- कर्मानुष्ठानजन्यस्याभ्युदयनिःश्रेयसयोर्हेतुभूतस्य अपूर्वेतिसंज्ञकस्यात्मगुणस्य धर्मत्वं स्मृतम्। इति [६५]पुरुषार्थचतुष्टयकारेण प्रेमवल्लभत्रिपाठिना उक्तम्।

---

६३. अलौकिकत्वाददृष्टार्थत्वादप्रवृत्तानां यज्ञादीनां शास्त्रात्प्रवर्तनम्, लौकिकत्वाद् दृष्टार्थत्वाच्च प्रवृत्तेभ्यश्च मांसभक्षणादिभ्यः शास्त्रादेव निवारणं धर्मः।- द्वितीयवर्षः, १ अङ्कः, १० पृष्ठम्।

६४. वेदेन प्रयोजनमुद्दिश्य विधीयमानोऽर्थो धर्मः।- मीमांसान्यायप्रकाशः, पूर्वभागः, पृष्ठम् १।

** अस्मिन् शोधप्रबन्धे सर्वत्र मीमांसान्यायप्रकाशकर्तुर्नाम आपोदेव लिखितमासीत्, परमत्रापदेव इति शोधितमस्ति।

६५. पुरुषार्थचतुष्टयम्, प्रथमपरिच्छेदः (धर्मः) ४३ पृष्ठम्। {धर्मनिरूपणप्रकरणाख्ये प्रथमपरिच्छेदे}।

२०३६) पृ. १०)।[५४] मुनि वात्स्यायनले- यज्ञादि अलौकिक हुन्छन् र यिनबाट अदृष्ट फल प्राप्त हुन्छ, मांसभक्षण आदि लौकिक हुन्छन् र यिनबाट दृष्ट फल प्राप्त हुन्छ भन्ने कुराको उल्लेख गरेर मानिसको स्वाभाविक प्रवृत्ति नहुने यज्ञादिमा शास्त्रका आधारमा प्रवृत्ति गराउनु र मानिसको स्वाभाविक प्रवृत्ति हुने मांसभक्षण आदिबाट उनीहरूलाई निवृत्त गराउनु नै धर्म हो भनेका छन्। यो कुरा पनि हैमवतीमा नै उद्धरण गरिएको छ (हैम., व.२, अ. १, (वि.स. २०३६) पृ. १०)।[५५]

आपदेवले- वेदद्वारा कुनै उद्देश्य प्राप्तिका लागि विधान गरिएका अर्थलाई धर्म भनेका छन् (मी.न्या.प्र.)।[५६] गौतमले- कर्म गर्नाले उत्पन्न हुने अभ्युदय एवं निःश्रेयसको कारणभूत अपूर्वसंज्ञक आत्मगुणलाई धर्म भनेका छन्। यो कुरा

---

५४. **'हैमवती'** त्रिभुवन विश्वविद्यालय अन्तर्गतको तात्कालिक संस्कृत अध्ययन संस्थानबाट प्रकाशित हुने संस्कृत पत्रिका हो। पादटिप्पणीमा उद्धृत जैमिनियसूत्र उक्त पत्रिकामा (वि.सं २०३६, वर्ष २, अङ्क १ मा) प्रकाशित अनुसन्धाताकै **'धर्मशास्त्रं व्यवस्थायाः साधनम्'** शीर्षकको लेखबाट द्वितीय स्रोतका रूपमा लिइएको हो।

५५. क) {अलौकिक भएकाले एवं अदृष्ट अर्थपरक भएकाले स्वतः प्रवृत्ति नहुने यज्ञादिमा शास्त्रद्वारा प्रवृत्त गराउने कार्य गरिन्छ। लौकिक भएकाले र दृष्ट अर्थपरक भएकाले स्वतः प्रवृत्ति हुने मासंभक्षण (मासु खाने) आदि कार्यबाट निवारण गर्ने (रोक्ने) काम पनि शास्त्रद्वारा गरिन्छ। यही नै अर्थात् शुभ परिणाम निस्कने कार्यमा प्रवृत्त गराउनु र अशुभ परिणाम निस्कने कार्यबाट निवृत्त गराउनु नै धर्म हो।}- वर्ष २, अङ्क १, पृष्ठ १०। (पादटिप्पणीको अनूदित अंश)

ख) प्रस्तुत गद्यांश पनि द्वितीय स्रोतका रूपमा हैमवतीबाट (पादटिपप्पणी ४१ अनुसार नै) ग्रहण गरिएको हो। प्रमाण वाक्यका लेखक कामसूत्रका रचयिता महर्षि वात्स्यायन हुन्। (का.सू.१/२/७)}

५६. क) {वेदद्वारा कुनै उद्देश्य (स्वर्गादि) प्राप्तिका लागि गर्नुपर्छ भनिएको विषय नै धर्म हो।}- मीमांसान्यायप्रकाश, पूर्वभाग, पृष्ठ १।

ख) मीमांसा दर्शनसित सम्बद्ध मीमांसान्यायप्रकाश ग्रन्थका लेखक आपदेवलाई प्रस्तुत शोधप्रबन्धमा र अनुसन्धाताद्वारा लिखित फुट लेखहरूमा पनि आपोदेव भनिएको छ। उपलब्ध कुनै पनि ग्रन्थमा आपोदेव नाम नदेखिएकाले र स्वयं अनुसन्धाताद्वारा आधार बनाइएका ग्रन्थमा समेत लेखकको नाम आपदेव उल्लेख गरिएको हुनाले सम्पादनका क्रममा सर्वत्र आपदेव बनाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षिणा [६६]कणादेन ऐहिकामुष्मिककल्याणसिद्धिकारकस्य तत्त्वस्य धर्मत्वं स्मृतम्।

दानस्य धर्मत्वं [६७]चाणक्येनोक्तम्।

[६८]व्यासेन- त्यागस्य श्रेष्ठधर्मत्वं पुराणत्वं च स्वपूर्ववर्तिभिराचार्यैः स्मृततया निर्दिष्टम्।

पुरुषार्थचतुष्टयकारेण [६९]प्रेमवल्लभत्रिपाठिना- न्यायदर्शनकारोक्तं धर्मस्य लक्षणं **'विहितकर्मजन्यो धर्मः'** इत्युद्धृत्य वेदविहितानां कर्मणां समनुष्ठानजन्यस्यापूर्वविशेषस्य धर्मत्वं निर्दिष्टम्।

'रागद्वेषविहीनैः सद्भिर्विद्वद्भिर्नित्वं सेवितो हृदयेन वाभिमुख्येनाभ्यनुज्ञातश्च धर्मः' इत्युक्तवता [७०]मनुना धर्मस्य कारकहेतुत्वं निर्दिष्टम्। एतद्धि मनूक्तं लक्षणं कारकहेतुत्वेन ज्ञापकहेतुत्वेन चोभयथापि समन्वितुमर्हति। यत्र धर्मस्योत्पादकत्वं तत्र कारकहेतुत्वम्। यत्र च प्रमेयस्य धर्मस्य प्रमापकत्वं तत्र ज्ञापक-

---

६६. यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः।- वैशेषिकदर्शनम् १/१।

६७. चाणक्यसूत्राणि, १५५ सूत्रम्।

६८. महाभारतम्, शान्तिपर्व, ६३ अध्यायः,२७ श्लोकः। {त्यागं धर्मं प्राहुरग्र्यं पुराणम्}

६९. पुरुषार्थचतुष्टयम्, प्रथमपरिच्छेदः, धर्मनिरूपणप्रकरणम् ४४ पृष्ठम्।

७०. २/१ मनुः।

पुरुषार्थचतुष्टयका रचयिता प्रेमवल्लभत्रिपाठीले बताएका छन् (पु. च. पृ. ४३)।[५७] महर्षि काणादले- ऐहलौकिक एवं पारलौकिक कल्याण एवं सिद्धि उत्पन्न गराउने तत्त्वलाई धर्म भनेका छन् (वै.द. १/१)।[५८] चाणक्यले दानलाई धर्म मानेका छन् (चा.सू. १५५)।[५९] व्यासले- त्याग नै श्रेष्ठ धर्म हो एवं पुरातन तत्त्व हो भनी प्राचीन आचार्यहरूले बताएको कुरा उल्लेख गरेका छन् (म.भा. शा.प. ६३/२७)। पुरुषार्थचतुष्टयका रचयिता प्रेमवल्लभ त्रिपाठीले- न्यायदर्शनमा बताइएको 'विहित कर्मबाट उत्पन्न हुने (अपूर्वविशेष) धर्म हो' भन्ने लक्षण उद्धरण गरेर 'वेदद्वारा विधान गरिएका कर्महरूको सम्यक् प्रकारले अनुष्ठान गर्नाले उत्पन्न हुने अपूर्वविशेष नै धर्म भएको तथ्य देखाएका छन् (पु.च., पृ. ४४)।

---

५७. क) धर्म, अर्थ, काम एवं मोक्षरूप विषयमा गम्भीर शास्त्रीय अध्ययन गरिएको **पुरुषार्थचतुष्टय** प्रेमवल्लभ त्रिपाठीद्वारा रचना गरिएको हो। यस ग्रन्थमा पूर्वाचार्यहरूका मतलाई प्रमाणका रूपमा उपस्थापन गर्दै अलग अलग चार परिच्छेदमा धर्म, अर्थ, काम एवं मोक्षको निरूपण गरिएको छ।

ख) न्यायदर्शनका प्रणेता गौतमद्वारा प्रतिपादित धर्मको लक्षण द्वितीय स्रोतका रूपमा पुरुषाथर्चतुष्टयबाट ग्रहण गरिएको हो। पुरुषार्थचतुष्टयको धर्मनामक द्वितीयपरिच्छेदमा 'कर्मजन्योऽभ्युदयनिश्रेयसहेतुः, अपूर्वाख्य आत्मगुणो धर्मः (गौतमधर्मसूत्र, मिताक्षरावृत्तिः)' गौतमको मत उपस्थापन गरिएको छ।

५८. {जुन कर्म गर्नाले अभ्युदय (यस लोकमा सुख-सुविधा एवं मरणोपरान्त स्वर्गादिप्राप्ति) र निःश्रेय (चरमपुरुषार्थरूप मोक्ष) प्राप्त हुन्छ त्यही नै धर्म हो।}- वैशेषिकदर्शनम् १/१।

५९. **चाणक्यसूत्राणि**का रचयिता चाणक्य हुन्। यसमा चाणक्यका राजनीतिक एवं व्यावहारिक सिद्धान्त प्रतिपादन गर्ने ५७५ का हाराहारीमा सूत्र रहेका छन्। वाचस्पति गैरोलाद्वारा लिखित हिन्दीव्याख्यायुक्त कौलटीय अर्थशास्त्रमा समाविष्ट चाणक्यसूत्र ५७२ रहेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेतुत्वम् । रागद्वेषशून्यैः सद्भिर्विद्वद्भिरनुष्ठितानां कर्मणां कारकहेतुत्वं चेत् तेषामनुष्ठानस्य ज्ञापकहेतुत्वमपि सम्भवतीत्युभयविधत्वमस्य लक्षणस्य ।

धर्मस्यानुष्ठेया पदार्थाः

धृतिः, क्षमा, दमः (मनोनिग्रहः) अस्तेयः (अन्यायमार्गेण धनस्यानार्जनम्) शौचम् (देहशुद्धिः) इन्द्रियनिग्रहः (विषयप्रसङ्गेभ्य इन्द्रियाणां निर्वर्तनम्) धीः (शास्त्रार्थबोधः), विद्या (आत्मज्ञानम्) सत्यम्, अक्रोधश्च इति दशविधं धर्मलक्षणं [७१]मनुना स्मृतम् ।

सत्यम्, अस्तेयम्, अक्रोधः, ह्रीः, शौचम्, धीः, धृतिः, दमः, संयतेन्द्रियता, विद्या चेति दशपदार्थानामनुष्ठेयधर्मत्वं निर्दिष्टं [७२]याज्ञवल्क्येन ।

विज्ञानेश्वरेण- एतेषां सत्यादीनां दशविधानां पदार्थानामनुष्ठानात् सकलो धर्मोऽनुष्ठितो भवतीत्यभिधानेन सत्यादीनां दशपदार्थानामनुष्ठेयधर्मत्वं स्पष्टीकृतम् ।

---

७१. ६/९२ मनुः ।

७२. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, यतिधर्मप्रकरणम् ६६ श्लोकः ।

'राग एवं द्वेषले रहित सज्जन विद्वान्हरूद्वारा नित्य सेवा गरिएको र अनुकूल भएकाले हृदयबाटै स्विकारिएको धर्म हो' (मनु. १/२) भनी धर्मको लक्षण प्रतिपादन गर्ने सन्दर्भमा मनुद्वारा धर्मका कारकहेतुहरू देखाइएका छन् । मनुद्वारा बताइएको उक्त लक्षणलाई कारकहेतु एवं ज्ञापकहेतु मानी दुवै प्रकारले समन्वय गर्न सकिन्छ । जहाँ धर्म उत्पाद्यतत्त्वका रूपमा रहेको हुन्छ त्यहाँ यी कारकहेतु हुन्छन् । जहाँ उक्त लक्षण प्रमेय धर्मका प्रमापक (प्रकाशक) हुन्छन् त्यहाँ ज्ञापकहेतु बन्दछन् । राग एवं द्वेष नभएका सज्जन विद्वान्हरूद्वारा गरिने कर्महरू कारकहेतु हुन्छन् भने उनीहरूद्वारा गरिएका कर्म ज्ञापकहेतु पनि हुन सक्छन् । अतः उक्त धर्मको लक्षण दुवै प्रकारको (कारक एवं ज्ञापक) देखिन्छ ।

धर्मका लागि गर्नुपर्ने कार्यहरू-

धृति (धैर्य/सन्तोष), क्षमा (सहनशीलता, अरूले अपकार गरे पनि प्रत्यपकार नगर्नु), दम (मनको नियन्त्रण, विकृत गराउने विषय अगाडि भएका अवस्थामा पनि मन विकृत नहुनु), अस्तेय (चोरी नगर्नु, अर्थात् अन्यायपूर्क अरूको धन ग्रहण नगर्नु) शौच (शारीरिक शुद्धि) इन्द्रियनिग्रह (विषयबाट इन्द्रियलाई निवृत्त गराउनु), धी (शास्त्रका अर्थको बोध), विद्या (आत्मज्ञान) सत्य (साँचो बोल्नु) र अक्रोध (नरिसाउनु, रीस उठ्ने परिस्थिति आइपरे पनि रीस नउठ्ने हुनु) यी दश प्रकारका धर्मका लक्षण हुन् (मनु. ६/९२) भनी मनुले भनेका छन् । सत्य (साँचो र मीठो बोल्नु), अस्तेय (अरूको सम्पत्ति नहडप्नु), अक्रोध (अपकार गर्ने व्यक्तिसित पनि नरिसाउनु), ह्री (जल्ला), शौच (आहार आदिको शुद्धि), धी (हिताहितको विश्लेषण गर्नु), धृति (इष्ट पदार्थको वियोग एवं अनिष्टको प्राप्तिमा एकै प्रकारको चित्तवृत्ति हुनु), दम (मदत्याग), संयतेन्द्रियता (इन्द्रियहरूको निग्रह, अनिषिद्ध विषयमा पनि इन्द्रियको अत्यधिक आशक्ति नहुनु) र विद्या (आत्मज्ञान)- यी दश पदार्थलाई याज्ञवल्क्यले अनुष्ठेय धर्मका रूपमा निर्देश गरेका छन् (या.स्मृ. ३/६६) । विज्ञानेश्वरले- 'उक्त दसवटा पदार्थको अनुष्ठानद्वारा सबै धर्मको अनुष्ठान (पालन) गरेको हुन्छ' (या.स्मृ. ३/६६ मिता.) भनी दसै पदार्थको अनुष्ठान गर्नुपर्ने तथ्य स्पष्ट पारेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि कारकहेतूनां सत्यादिदशपदार्थानां च धर्मोत्पादकत्वेन रूपेण एकत्वप्रतीतिः, तथापि कारकहेतवो धर्मोत्पादने सविधिकं द्रव्यप्रयोगमपेक्ष्यन्ते । यथा इष्टापूर्तम् । न हि सविधिकद्रव्यप्रयोगमन्तरा इष्टापूर्तयोः कर्मणोर्निष्पत्तिः सम्भवति । द्रव्याणां प्रयोगश्च सविधिक एव । अवहननिष्पन्नैरेव तण्डुलैर्यागेऽनुष्ठीयमाने-ऽपूर्वस्य (धर्मस्य) निष्पत्तिः, नान्यथा । एतच्च [७३]विस्तरायामभिहितम् । अवहननं च **'व्रीहीनवहन्ति'** इति विधिर्विधत्ते । एवमेव पूर्तकर्मस्वपि सविधिकं द्रव्यप्रयोगमपेक्ष्यन्ते कारकहेतवो धर्मोत्पादनार्थम् ।

सत्यादयो दशपदार्थास्तु धर्मोत्पादनाय न हि भौतिकपदार्थानां सविधिकं प्रयोगमपेक्षन्ते । सत्यं वाचां कर्म, तस्य दृढावस्थायां [७४]क्रियाफलाश्रयत्वं सम्पद्यते । अर्थात् क्रियाया अनुष्ठानजन्यस्य फलस्य आश्रयी सत्यस्यानुष्ठाता भवतीत्यर्थः ।

७३. जैमिनीयन्यायमाला. टीका १२ पृष्ठम् । {१/१/१ विस्तरा, अनुसन्धात्रोपजीव्यीकृतस्य ग्रन्थस्य ३ टिप्पणी च}

७४. पातञ्जलयोगदर्शने साधनापादे ३६ सूत्रम् ।

कारकहेतु र सत्य आदि दश पदार्थ (दुवै नै) धर्मका उत्पादक भएकाले एउटै जस्ता लाग्दछन्; तापनि (उक्त दुवै पदार्थका बीचमा भिन्नता सूक्ष्म भिन्नता देखिन्छ) कारकहेतुले धर्म उत्पन्न गराउनका लागि विधिपूर्वक द्रव्यका प्रयोगको (आर्थिक लगानीको) अपेक्षा गदर्छन् । जस्तै- इष्ट (अग्निहोत्र आदि यज्ञ) र पूर्त (कूवा खन्ने, पाटी-पौवा बनाउने आदि कार्य) । विधिपूर्वक द्रव्य (वस्तु एवं सम्पत्ति) प्रयोग नगरीकन इष्ट र पूर्तजस्ता कर्महरू सम्पन्न गर्न सकिन्न । द्रव्यको (पैसाको) प्रयोग पनि नियमपूर्वक नै गर्नुपर्छ । अवहनन क्रियाद्वारा (ढिकीमा कुटेर) तयार गराइएका चामलद्वारा सम्पन्न गरिएका यज्ञबाट नै अपूर्वको (धर्मको) उत्पत्ति हुन्छ, अन्यथा (अपूर्वको उत्पत्ति) हुँदैन । यी कुरा जैमिनीयन्यायमाला नामक ग्रन्थको विस्तरा टीकामा विस्तारपूर्वक चर्चा गरिएको छ (विस्तरा १/१/१ विस्तरा) ।[६०] अवहनन गर्नुपर्छ (ढिकीमा धान कुटेर यज्ञका लागि आवश्यक पर्ने चामल बनाउनुपर्छ) भन्ने कुरा **'व्रीहीनवहन्ति'** अर्थात् धान कुट्छ जस्ता विधिवाक्यले विधान (निर्देशन) गर्दछन् । यसै प्रकारले पूर्त (कूपनिर्माण) आदि कर्ममा पनि कारकहेतुहरूले धर्मको उत्पत्तिका लागि नियमानुसार द्रव्यप्रयोगको अपेक्षा गर्दछन् ।

सत्य आदि दश पदार्थले धर्मको उत्पादनका लागि भौतिक पदार्थको विधिपूर्वक प्रयोगको अपेक्षा गर्दैनन् । सत्य वाणीको कर्म हो, सत्यमा दृढ भएका अवस्थामा व्यक्ति- कार्य गरेपछि प्राप्त हुने फलको आश्रय बन्दछ (पा.यो.द., सा.पा. ३६ सू.) ।[६१] अर्थात् क्रियाको अनुष्ठानबाट उत्पन्न हुने फलको आश्रय सत्यको पालन गर्ने व्यक्ति हुन्छ । अस्तेय

६०. **जैमिनीयन्यायमाला** माधवाचार्यद्वारा रचित पूर्वमीमांसादर्शनसित सम्बद्ध प्रामाणिक ग्रन्थ हो । यो ग्रन्थ जैमिनिसूत्रका व्याख्याका रूपमा रहेका अन्य आकरग्रन्थहरूझैं अध्याय, पाद एवं अधिकरणमा विभक्त छ । जैमिनीसूत्र बाह्र अध्यायमा विभक्त भएकाले द्वादशाध्यायी भनिन्छ । यसै अनुरूप प्रस्तुत ग्रन्थ पनि बाह्र अध्यायमा विभक्त छ । **विस्तरा**- पद्यमय जैमिनीयन्यायमालामा माधवाचार्यद्वारा नै लेखिएको प्रौढ व्याख्या हो । मूलमा उल्लिखित तथ्य दृष्टान्तका माध्यमले व्यक्त भएका छन् ।

६१. योगसूत्रका रचयिता पतञ्जलि हुन् । उक्त सूत्रद्वारा प्रतिपादित दर्शनलाई योगदर्शन भनिन्छ । पतञ्जलिद्वारा रचना गरिएको हुनाले यस दर्शनलाई **पातञ्जलयोगदर्शन** पनि भनिन्छ । पातञ्जलयोगदर्शनमा क्रमशः समाधिपाद, साधनापाद, विभूतिपाद र कैवल्यपाद गरी चार पाद रहेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्तेयं स्तेयाभावः । स च नाहं चौर्यं करोमीति मनसः कर्म । अस्तेयस्य प्रतिष्ठायां [७५]सर्वरत्नोपस्थानं भवति ।

अक्रोधः क्रोधाभावः । नाहं क्रोधं करोमीति सङ्कल्पात्मकं मानसं कर्म ।

ह्रीः लज्जा । सापि मानसं कर्म ।

शौचं शुद्धिः । सा कायिकं मानसिकं च कर्म । मृज्जलाभ्यां देहशुद्धिः कायिकं कर्म । आहारादिना शुद्धिर्मानसिकं कर्म । यद्यप्यत्र मृज्जलादीनां द्रव्याणां प्रयोगस्तथाप्यत्र शास्त्रीयविधेरपेक्षा नास्ति । अर्थात् द्रव्यदेवतयोः सम्बन्धो नास्तीत्यर्थः ।

धीः हिताहितविवेकः शास्त्रादितत्त्वज्ञानं वा । तच्च बुद्धिगतं कर्म । धृतिः सन्तोषः, इष्टवियोगेऽनिष्टप्राप्तौ प्रचलितचित्तस्य यथापूर्वमवस्थापनं वा । एतदपि मानसं कर्म ।

दमः मदस्य त्यागः, विकारहेतुसन्निधानेऽपि मनसोऽविक्रीयत्वं वा । एतच्च मानसं कर्म ।

संयतेन्द्रियता अप्रतिषिद्धेष्वपि विषयेष्वनतिसङ्गः । एतदपि मानसमेव ।

विद्या आत्मज्ञानम् । एतच्चात्मगतं कर्म ।

न ह्येते सत्यादयः सविधिकं बाह्यं द्रव्यप्रयोगमपेक्ष्यन्ते ।

सत्यादयो वै आत्मनो गुणाः । बाह्यप्रयोगादन्तरङ्गतां चावहन्ति । [७६]विज्ञानेश्वरेणापि **'अनेन दण्ड-**

७५. पातञ्जलयोगदर्शने साधनापादे ३७ सूत्रम् ।

७६. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः ६६ श्लोकटीका । {दण्डकमण्वल्वादिधारणबाह्यलक्षणात् (बृ. उ. ४/५/६) }

भनेको चोरी नगर्नु हो । अस्तेय (चोरी नगर्नु) भनेको- म चोरी गर्दिन यसप्रकारको मानसिक कर्म हो । अस्तेयमा दृढ हुने हो भने सबै रत्नको प्राप्ति हुन्छ (पा.यो.द., सा.पा.,३७ सू.) । अक्रोध भनेको क्रोधको अभाव हो । यो पनि म क्रोध (रीस) गर्दिन भन्ने सङ्कल्पात्मक मानसिक कर्म हो । ह्रीको अर्थ लज्जा हो र यो पनि मानसिक कर्म हो । शौच भनेको शुद्धि हो । शुद्धि कायिक (शरीरसित सम्बद्ध) एवं मानसिक कर्म हो । माटोले र पानीले शरीरलाई शुद्ध बनाउनु शारीरिक कर्म हो भने आहार आदिका माध्यमले अन्तःकरणलाई शुद्ध गराउनु मानसिक कर्म हो । यद्यपि शारीरिक शुद्धिका लागि माटो पानी जस्ता पदार्थको प्रयोग गरिन्छ तर त्यहाँ शास्त्रीय विधिको अपेक्षा गरिन्न । अर्थात् द्रव्य र देवताका बीचका सम्बन्ध हुँदैन भन्ने तात्पर्य हो । धीशब्दले 'यसले हित गर्छ, यसले हित गर्दैन' भन्ने ज्ञानलाई अथवा शास्त्रादिको तत्त्वज्ञानलाई बुझाउँछ । यस प्रकारको ज्ञान बुद्धिगत (बुद्धिमा रहने) कर्म हो । धृतिको अर्थ सन्तोष हो । धृतिशब्दबाट इष्टजनको वियोगबाट र अनिष्ट पदार्थको प्राप्तिबाट विचलित भएको चित्तलाई पहिले कै अवस्थामा स्थिर गराउनु भन्ने अर्थ पनि बुझिन्छ । धृति पनि मानसिक कर्म हो । दम भनेको मदको त्याग हो । अथवा विकारका कारण उपस्थित भएका अवस्थामा पनि मनमा कुनै प्रकारको विकार उत्पन्न नहुनु दम हो । दम मानसिक कर्म हो । निषेध नगरिएका विषयहरूमा पनि अत्यन्त आसक्त नहुनु संयतेन्द्रियता अर्थात् इन्द्रियनिग्रह हो । यो पनि मानसिक हो । विद्या भनेको आत्मज्ञान हो । यो एउटा आत्मगत (आत्मामा रहने) कर्म हो । उक्त सत्य आदि पदार्थले विधिपूर्वक बाह्य द्रव्यप्रयोगको अपेक्षा गर्दैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमण्डल्वादिधारणबाह्यलक्षणात् सत्यादीनामात्मगुणानामन्तरङ्गतां द्योतयति' इत्युक्तम्।

तस्मादनुष्ठेयपदार्थानां सत्यादीनां कारकहेतुभ्यो भिन्नत्वं सिद्ध्यति।

साधारणधर्मः

अहिंसा, सत्यम्, अस्तेयम्, शौचम्, इन्द्रियनिग्रश्चेत्येवं धर्मः संक्षेपतश्चातुर्वर्ण्यानुष्ठेयो [७७]मनुराह।

[७८]याज्ञवल्क्यः- सत्यम्, अस्तेयम्, अक्रोधः, ह्रीः, शौचम्, धीः, धृतिः, दमः, संयतेन्द्रियता विद्या चेति सर्वेषां धर्मसाधनमित्यभिहितवान्।

[७९]व्यासः- अक्रोधः, सत्यवचनम्, संविभागः (स्वभृत्यातिरिक्तपदार्थानां प्राणिषु विभागः) क्षमा, स्वेषु दारेषु अपत्योत्पादनम्, शौचम्, अद्रोहः, आर्जवम् (अकौटिल्यम्), भृत्यानां भरणम् इत्येते नव धर्माः सर्ववर्णसाधारणाः सन्तीत्यभिहितवान्।

मनूक्तानामहिंसादीनां साधारणधर्मत्वं [८०]कुल्लूकभट्टेन स्पष्टीकृतम्।

७७. १०/६३ मनुः।

७८. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः ६६ श्लोकः।

७९. महाभारतम्, शान्तिपर्व, ६० अध्यायः, ७-८ श्लोकौ।

८०. मन्वर्थमुक्तावली १०/६३ मनुः। {संक्षेपतश्चातुर्वण्यानुष्ठेयं मनुराह। प्रकरणसामर्थ्यात् सङ्कीर्णानामप्ययं धर्मो वेदितव्यः।}

सत्य आदि आत्माका गुण हुन्। बाह्य रूपमा प्रयोग गरिएका यी पदार्थ क्रमशः अन्तरङ्ग (आन्तरिक तत्त्व वा गुण) बन्दछन्। विज्ञानेश्वरले पनि- 'यसबाट बाह्यरूपमा धारण गरिने (स्पष्ट देखिने) दण्ड, कमण्डलु आदिभन्दा सत्य आदि आत्माका गुण आन्तरिक हुन्छन् भन्ने तथ्य अभिव्यञ्जित गरेका छन्' (या.स्मृ. ३/६६ मिता.) भनेका छन्। त्यसैले पालन गर्नुपर्ने सत्यादि पदार्थहरू कारकहेतुभन्दा भिन्न हुन्छन् भन्ने सिद्ध हुन्छ।

साधारणधर्म-

अहिंसा (हिंसाको त्याग), सत्य (साँचो बोल्नु), अस्तेय (अन्यायपूर्वक अरूको धन ग्रहण नगर्नु), शौच (माटो पानीको प्रयोग गरी शरीर शुद्ध बनाउनु) एवं इन्द्रियनिग्रह (दुवै प्रकारका इन्द्रियमा नियन्त्रण) रूप धर्म ब्राह्मण आदि चारै वर्णद्वारा पालन गर्नुपर्छ (मनु. १०/६३) भनी मनुले भनेका छन्। याज्ञवल्क्यले- सत्य (साँचो र मीठो बोल्नु), अस्तेय (अरूको सम्पत्ति हरण नगर्नु), अक्रोध (अपकारीप्रति पनि रीस नउठ्ने हुनु), ह्री (लाज), शौच (आहार आदिको शुद्धि), धी (हिताहितको विचार गर्ने सक्ने क्षमता), धृति (इष्टवियोग र अनिष्टप्राप्तिमा पनि पहिलेकै अवस्थामा बस्न सक्नु) , दम (मदत्याग), संयतेन्द्रियता (अनिषिद्ध विषयमा पनि धेरै आसक्त नहुनु) विद्या (आत्मज्ञान)- यी सबैलाई धर्मका साधन हुन् (या.स्मृ. ३/६६) भनेका छन्। व्यासले- अक्रोध, सत्यवचन, संविभाग (सेवक बाहेकका अन्य पदार्थ सबै प्राणीमा बाँड्नु), क्षमा, आफ्नी पत्नीमा सन्तानको उत्पादन, शौच, अद्रोह (कसैसित शत्रुता नगर्नु), आर्जव (सोझोपन) सेवकहरूको भरण-पोषण- यी नौ प्रकारका धर्म सर्ववर्ण-साधारण हुन् अर्थात् ब्राह्मण आदि सबै वर्णले पालन गर्नुपर्ने धर्म हुन् (म.भा., शा.प. ६०/७-८) भनेका छन्।[६२] मनुद्वारा बताइएका अहिंसा आदि साधारण धर्म हुन्

६२. महाभारत महर्षि व्यासद्वारा रचित एक लाख पद्य सङ्ख्या रहेको विपुलकाय आर्ष महाकाव्य हो। यो महाकाव्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सार्ववर्णिको धर्मः

[८१]व्यासेन- अहिंसा, सत्यम्, अस्तेयम्, अकामता, अक्रोधः, अलोभः, भूतप्रियहितेहा इत्येते सार्ववर्णिका धर्मा उक्ताः ।

परमधर्मः

'इज्या, आचारः, दमः, अहिंसा, दानम्, स्वाध्यायश्चेत्येषां सर्वेषां कर्मणां (धर्माणाम्) यद् बाह्यवृत्तिनिरोधेन आत्मनो दर्शनम् (आत्मज्ञानम्) अयमेव परमो धर्मः' इति [८२]याज्ञवल्क्येन स्मृतम् ।

परमधर्म उपधर्मश्च

मातापित्रोराचार्यस्य च शुश्रूषणं परमो धर्मः । एतेषु त्रिषु पुरुषस्य इतिकृत्यं समाप्यते । अन्यः (त्रयाणां शुश्रूषेतरः) धर्म उपधर्म इत्युच्यते इति स्मृत्वा मनुना मातुः पितुः आचार्यस्य च शुश्रूषायाः परमधर्मत्वम् अन्येषामग्निहोत्रादिधर्माणामुपधर्मत्वं निर्दिष्टम् ।

८१. श्रीद्भागवतम्, ११ स्कन्धः,१७ अध्यायः, २१ श्लोकः ।

८२. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ८ श्लोकः ।

(मनु. १०/६३ म.मु.) भनी कुल्लूक भट्टले स्पष्ट पारेका छन् ।

सबै वर्णले पालन गर्नुपर्ने धर्म-

व्यासले- अहिंसा, सत्य, अस्तेय, अकामता, अक्रोध, अलोभ र भूतप्रियहितेहा (सबै प्राणीलाई हित होस् र सबैको कल्याण होस् भन्ने कामना)- यी सबै सार्ववर्णिक (सबै वर्णद्वारा पालन गर्नुपर्ने) धर्म हुन् (भा. ११/१७/२१) भनेका छन् ।

परमधर्म-

इज्या, आचार, दम, अहिंसा, दान एवं स्वाध्यायजस्ता धर्महरूले बाह्यवृत्तिलाई रोकेर आत्मदर्शन वा आत्मज्ञान उत्पन्न गराउँछन् त्यसैले यिनलाई परम धर्म मानिन्छ (या.स्मृ. १/८) भनी याज्ञवल्क्यले भनेका छन् ।[६३]

परम धर्म एवं उपधर्म-

आमा, बुबा र आचार्यको सेवालाई परम धर्म भनिन्छ । उक्त पिता आदि तीन जनाको (मान्यहरूको) सेवारूप धर्मको अनुष्ठानमा नै पुरुषको इतिकृत्य समाप्त हुन्छ (गर्नुपर्ने कर्तव्य बाँकी रहँदैन) । अरू (तीन जनाको सेवा बाहेकको)

खिलभाग बाहेक अठार पर्वमा विभक्त छ । यसका शान्तिपर्व आदि विभिन्न पर्वमा विद्यमान पद्य प्रस्तुत शोधप्रबन्धमा प्रमाणका रूपमा उद्धरण गरिएका छन् ।

६३. इज्या आदिको चरम लक्ष्य भनेको योगका माध्यमले आत्मज्ञान गर्नु हो । योगका माध्यमले आत्मज्ञान गर्नका लागि देशादिका नियमको पालन गर्नुपर्ने हुँदैन, अर्थात् जुन ठाउँमा पनि योगाभ्यास गर्न सकिन्छ । उक्त तथ्य सङ्केतित पद्यको मिताक्षरामा बताइएको छ । पुनश्च **इज्याध्ययनादिकर्मणां धर्मत्वं योगोनात्मदर्शनं तु परमो धर्मः** यस प्रकारको अन्वय गरी मूलोक्त इज्या, आचार आदि सबै कर्महरू धर्म हुन्, योगका माध्यमले आत्मदर्शन गर्नु परम धर्म हो भने हो भनी मनीषीहरूले अर्थ गरेको पाइन्छ । यहाँ भने मिताक्षराकै अनुसरण गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनर्मनुनैव[८३]- ब्राह्मणोऽतन्द्रितः सन् नित्यं यथाकालं वेदमेव जपेत्। वेदस्य जपो हि ब्राह्मणस्य कृते परो धर्मः। अन्यस्तु सकलो धर्म उपधर्म उच्यत इति आचार्या आहुरित्यभिधाय ब्राह्मणस्य कृते वेदजपस्य परमधर्मत्वं स्मृतम्।

साधारणपरमधर्मः

[८४]व्यासेन- सत्यम्, दया, तपस्या, शौचम्, तितिक्षा, विचारः (औचित्यानौचित्यात्मकः), शमः, दमः, अहिंसा, ब्रह्मचर्यम्, त्यागः, स्वाध्यायः, आर्जवम्, सन्तोषः, समदृक्, सेवा, ग्राम्येहोपरमः, नृणां विपर्ययेहेक्षा (मानवानां विपरीतव्यापारसमीक्षणम्) मौनम्, आत्मचिन्तनम्, अन्नाद्यादेः संविभागः, प्राणिषु विशेषतो मनुष्येषु देवतात्मचिन्तनम्, महतां गतिस्वरूपस्य भगवतः श्रवणम्, कीर्तनम्, स्मरणम्, सेवा, इज्या, नमस्कारः, दास्यभावः, सखिभावः, आत्मसमर्पणं चायं धर्मः सर्वेषां नृणां कृते परमो धर्मः समुदाहृत इति स्मृतम्। इत्थं धर्मस्वरूपं निर्दिष्टम्। अथ धर्मभेदो निरूप्यते-

धर्मस्य द्वैविध्यम्

श्रौतस्मार्तयोर्भेदाद् धर्मो द्विविधः। सकलो वेदः, वेदविदां स्मृतिः, शीलश्च धर्मस्य मूलमिति मन्वादि-स्मृतिभ्यो धर्मे वेदस्मृत्योः प्रामाण्याद् धर्मस्य वैदिकं स्मार्तं च रूपद्वयं सिद्ध्यति।

८३. ४/१४७ मनुः।

८४. श्रीमद्भागवतम्, ७ स्कन्धः, ११ अध्यायः, ८-१२ श्लोकाः।

धर्मलाई उपधर्म भनिन्छ[६४] भनी मनुले बुबा, आमा र आचार्यको सेवालाई परमधर्मका र अन्य अग्निहोत्र आदि धर्मलाई उपधर्मका रूपमा देखाएका छन्। पुनः मनुले नै- 'ब्राह्मणले आलस्य रहित भएर यथासमयमा वेदको जप (अध्ययन) गर्नुपर्छ, वेदको अध्ययन नै ब्राह्मणहरूको परम धर्म हो, अरू सबै धर्मलाई उपधर्म भनिन्छ भनी आचार्यहरूले बताएका छन्' (मनु. ४/१४७) भन्ने तथ्य जानकारी गरेका छन्। यसरी मनुले ब्रह्मका लागि वेदको जप (अध्ययन) नै परमधर्म हो भनी बताएका छन्।

साधारण परमधर्म-

व्यासले- सत्य, दया, तपस्या, शौच, तितिक्षा, विचार (औचित्य एवं अनौचित्यको विश्लेषण), शम, दम, अहिंसा, ब्रह्मचर्य, त्याग, स्वाध्याय, आर्जव (सरलता), सन्तोष, समदृक् (सबैतिर समान दृष्टि राख्नु), सेवा, ग्राम्येहोपरम (ग्राम्य इच्छा नगर्नु), मनुष्यका विपर्ययेहेक्षा (मानिसहरूका विपरीत व्यापारको समीक्षा), मौन, आत्मचिन्तन, अन्न आदिको विभाग, प्राणीहरूमा विशेषतः मनुष्यमा देवात्मचिन्तन, ठूला मनुष्यका पनि परम प्राप्य भगवान्को श्रवण, कीर्तन, स्मरण, सेवा, इज्या, नमस्कार, दास्यभाव, सख्यभाव एवं आत्मसमर्पण जस्ता धर्मलाई सबै मनुष्यका निम्ति परम धर्म मानेका छन् (भा. ७/११/८-१२)। यसरी धर्मको स्वरूप देखाइयो। अब धर्मका भेदका सम्बन्धमा बताइन्छ।

दुई प्रकारका धर्म-

श्रौत एवं स्मार्त गरी धर्म दुई प्रकारको हुन्छ। 'सम्पूर्ण वेद, वेदज्ञहरूका स्मृति एवं स्वभाव धर्मका मूल हुन्' (मनु. २/६) जस्ता मनु आदि द्वारा प्रणीत स्मृति ग्रन्थका उक्तिहरूले धर्मका सम्बन्धमा वेद एवं स्मृति प्रमाण हुन्छन् भन्ने तथ्य

६४. मनुस्मृतिका २/ २२७-२३७ पद्यमा माता पिता र आचार्यको महत्त्व बताइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र श्रौतः (वैदिकः) च धर्म आधानादिकर्मकलापात्मको धर्मः । स्मार्तश्च धर्मः धर्मशास्त्रप्रयोजकानां मन्वादीनां स्मृतिप्रतिपादितोऽष्टकाकरणगुर्वनुगमनप्रपाप्रवर्तनादिरूपो धर्मः ।

वैदिकधर्मे भेदः

वैदिकधर्मस्य च प्रवृत्तिनिवृत्तिभेदाद् भेदद्वयं सिद्ध्यति । भगवता [८५]शङ्कराचार्येण प्रवृत्तिनिवृत्तिरूपभेद-द्वयात् वैदिकधर्मस्य द्वौ भेदौ निर्दिष्टौ ।

स्मार्तधर्मे भेदः

वर्णधर्मः, आश्रमधर्मः, वर्णाश्रमधर्मः, गुणधर्मः, निमित्तधर्मः, साधारणधर्मश्चेति षट् स्मार्तधर्मस्य भेदा [८६]मिताक्षराकारेण निर्दिष्टाः ।

वेदमूलकधर्मे भेदः

वेदानां भिन्नत्वेन वेदमूलकधर्मस्यापि लोके नैकविधत्वं सम्पद्यते । देशकुलजातिवयोगुणशरीरकालभेद-गतधर्मभेदेन आपद्धर्मभेदेन च लोकवासिभिर्धर्मस्य नानात्वं विधीयते । एतच्च सर्वं [८७]पराशरमाधवे महाभारतवचनमुद्धृत्य निगदितम् ।

८५. श्रीमद्भगवद्गीतायां शाङ्करभाष्यारम्भे ।

८६. मिताक्षरायाम्, याज्ञवल्क्यस्मृतौ, आचाराध्याये १ श्लोकः ।

८७. पराशरमाधवः, पराशरस्मृतिः १४ श्लोकस्य टीका ? ।

प्रतिपादन गर्दछन् । यसबाट धर्म वैदिक (श्रौत) एवं स्मार्त गरी दुई प्रकारको हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ । श्रौत अर्थात् वैदिक धर्म भनेको आधान[६५] आदि कर्म समूहात्मक धर्म हो । स्मार्त धर्म भनेको धर्मशास्त्रका प्रयोजक मनु आदिका स्मृति ग्रन्थहरूमा प्रतिपादित अष्टका (श्राद्धविशेष) सम्पादन, मान्यजनको अनुगमन, तलाउ निर्माण आदि धर्म हो ।[६६]

वैदिक धर्मका भेद-

वैदिक धर्म प्रवृत्त्यात्मक र निवृत्त्यात्मक गरी दुई प्रकारको हुन्छ । शङ्कराचार्यले प्रवृत्तिरूप र निवृत्तिरूप दुई प्रकारका (कर्मका) भेदका कारण वैदिक धर्म पनि दुई प्रकारको (प्रवृत्त्यात्मक एवं निवृत्त्यात्मक) हुन्छ (गीता शाङ्करभाष्यको आरम्भ) भनेका छन् ।

स्मार्तधर्मका भेद-

वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म, निमित्तधर्म र साधारणधर्म गरी स्मार्तधर्मका छ भेद हुन्छन् भनी मिताक्षराकारले देखाएका छन् (या.स्मृ.१/१ मिता.) ।

६५. गृहस्थहरूद्वारा अग्निहोत्रादि कर्म सम्पादन गर्न विधिवत् अग्नि ग्रहण गर्ने कार्यलाई आधान भनिन्छ । प्रस्तुत शोधप्रबन्धको दोस्रो अध्यायमा अधिकारविधिका प्रसङ्गमा विस्तारपूर्वक यसका सम्बन्धमा चर्चा गरिएको छ ।

६६. शाबरभाष्यमा **'अष्टकाः कर्त्तव्याः, गुरुरनुगन्तव्यः, तडागं खनितव्यम्, प्रपा प्रवर्त्तयितव्या, शिखाकर्म कर्त्तव्यम्'** ।' भन्ने वाक्य पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युधिष्ठिरः शरपञ्जरे शयानं भीष्मम् ऋषीणां सन्निधौ पुरुषस्वभावविहितान् धर्मान् वर्णानुसारम् आश्रमानुसारं च विहितान् धर्मान् वैराग्यरागोपाधिभ्यामाम्नातानुभयलक्षणान् (प्रवृत्तिनिवृत्तिरूपान्) धर्मान्, दानधर्मान्, राजधर्मान्, एकैकशो मोक्षधर्मान् स्त्रीधर्मान् संक्षेपेण विस्तरेण च भगवद्धर्मान् उपायसहितान् धर्मार्थकाममोक्षांश्च अपृच्छत्। पृष्टश्च तत्त्वविद् भीष्मो विभिन्नेषु आख्यानेषु इतिहासेषु च वर्णयामास इति हि [८८]व्यास आह।

श्रौताः पौराणिका लौकिकाश्चेति त्रिविधत्वं धर्माणां [८९]सुबोधिनीव्याख्याकार आह। पुरुषार्थसाधनत्वेन लौकिकानां धर्माणामन्वयव्यतिरेकसिद्धत्वं च निर्दिष्टम्।

[९०]सुबोधिनीव्याख्याकार एव नीत्यविरुद्धत्वम्, स्वभावशुद्धत्वम्, ईश्वरसम्बन्धित्वञ्चेति धर्मस्येतरभेदान् प्रदर्शितवान्।

---

८८. श्रीमद्भागवतम्, १ स्कन्धः, ९ अध्यायः, २५-२७ श्लोकाः।

८९. सुबोधिनी, श्रीमद्भागवतम् १ स्कन्धः, ९ अध्यायः, २६ श्लोकव्याख्या।

९०. श्रीमद्भागवतम्, १ स्कन्धः, ९ अध्यायः, १२ श्लोकव्याख्या।

वेदमूलक धर्मका भेद-

वेद अनेक भएकाले वेदमूलक धर्म पनि लोकमा अनेक प्रकारको देखिन्छ। देश, कुल, जाति, अवस्था (उमेर), गुण, शरीर र समयका कारण अनेक प्रकारका देखिने धर्मका भेदले साथै आपद्धर्मका भेदले गर्दा संसारमा बसोबास गर्ने मनुष्यहरूले धर्म अनेक प्रकारका बनाउँछन्। यी सबै कुरा पराशरमाधवमा महाभारतको उद्धरण दिएर बताइएको छ (प.मा., १४ ?)।

युधिष्ठिरले शरशय्यामा सुतेका भीष्मलाई ऋषिहरूका सान्निध्यमा पुरुषका स्वभावले बनाइएका धर्मका सम्बन्धमा; वर्णका एवं आश्रमका आधारमा बनाइएका धर्मका सम्बन्धमा; वैराग्य एवं रागका कारण हुने दुवै प्रकारका (प्रवृत्त्यात्मक एवं निवृत्त्यात्मक) धर्मका सम्बन्धमा; यसै प्रकारले दानधर्मका, राजधर्मका, मोक्षधर्मका, स्त्रीधर्मका, संक्षेपमा एवं विस्तारमा भगवद्धर्मका र उपायसहित धर्म, अर्थ काम एवं मोक्षधर्मका सम्बन्धमा सोधेका थिए। यसरी सोधिएका तत्त्वज्ञ भीष्मले विभिन्न आख्यानका र इतिहासका आधारमा उक्त धर्महरूका सम्बन्धमा बताएका थिए भनी व्यासले उल्लेख गरेका छन् (भा.१/९/२५-२७)।

श्रौत (वेदप्रतिपादित), पौराणिक (पुराणप्रतिपादित) र लौकिक (लोकमा प्रचलित) गरी तीन प्रकारका धर्म हुन्छन् भनी सुबोधिनीव्याख्याकारले भनेका छन् (भा.१/९/२६, सुबो.)।[६७] अन्वय र व्यतिरेक सिद्धान्तका आधारमा लौकिक धर्महरू पनि पुरुषार्थका साधन हुन्छन् भन्ने तथ्य प्रतिपादन गरेका छन्। सुबोधिनी व्याख्याकारले नै नीतिसित विरोध नहुने, स्वभावले सिद्ध एवं ईश्वरसित सम्बद्ध गरी धर्मका अन्य भेदहरू पनि देखाएका छन् (भा.१/९/१२, सुबो.)।

---

६७. सुबोधनी वल्लभाचार्यद्वारा लिखित शुद्धाद्वैत दर्शनको प्रतिपादक श्रीमद्भागवतको चर्चित टीका हो। वैष्णव सम्प्रदायमा प्रसिद्ध वल्लभाचार्य पुष्टिमार्गका प्रवर्तक मानिन्छन्। सङ्केतित पद्यमा वल्लभाचार्यले श्रौत आदि धर्मका अवान्तर भेद पनि देखाएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भविष्यत्पुराणवचनमुद्धृत्य [९१]कृत्यरत्नाकरकारेण वेदमूलकस्य परम्पपरागतस्य धर्मस्य वर्णधर्मः, आश्रमधर्मः, वर्णाश्रमधर्मः, गुणधर्मः, नैमित्तिकधर्मश्चेत्युक्त्वा पञ्चविधत्वं निर्दिश्य पुनराश्रमिणां कृते पृथक्धर्मः, विशेषधर्मः, समानधर्मः, कृत्स्नधर्मश्चेति चत्वारो धर्मा हारीतवचनेन निर्दिष्टाः ।

अनेन प्रकारेण नानर्षिमुनिभिराचार्यैश्च बहुधा विभिन्नरूपेण कृतानि धर्मस्य लक्षणानि भेदाश्च समुपलभ्यन्ते। तत्र कतिपयलक्षणानि एकेनैवाचार्येण विहितान्यपि धर्मस्य विषयगतभेदात् भिन्नतया प्रतीयन्ते । कतिपय-लक्षणानाञ्च विषयस्यैकत्वेऽपि आचार्यभेदात् भिन्नत्वप्रतीतिः ।

अत्र सामान्यतया धर्मस्य कारकहेतवः, ज्ञापकहेतवः, अनुष्ठेयपदार्थाश्चेति त्रिविधो भेदो लक्षणेषु समन्वितः सर्वप्रथमं प्रतीयते । तस्माद्धर्मस्य लक्षणानि विषयभेदात् त्रिविधानि जातानि ।

तथापि साधारणधर्मतया, परमधर्मतया, साधारणपरमधर्मतया, उपधर्मतया, सार्ववर्णिकधर्मतया चेति पञ्चविधो भेदः सन्निहितः प्रतीयते ।

एभिर्लक्षणैर्लक्षितस्य धर्मस्य वैदिकत्वेन स्मार्तत्वेन च श्रौतधर्मः स्मार्तधर्मश्चेति द्वौ भेदौ भवतः । वेदमधिकृत्यानुष्ठीयमानानां [९२]कृत्यानां तदनुष्ठानजन्यस्या[९३]पूर्वस्यापि वैदिकधर्मत्वम् । स्मृतिशास्त्रमधिकृत्या-

९१. कृत्यरत्नाकरः ९ पृष्ठम् ।

९२. वेदेन प्रयोजनमुद्दिश्य विधीयमानोऽर्थो धर्मः । यथा यागादिः । (मीमांसान्यायप्रकाशः, पूर्वभाग २ पृष्ठम्)

९३. अपूर्वशब्दवाच्यो धर्मः ।- पराशरमाधवः, प्रथमो भागः (आचारकाण्डम्), १ अध्यायः, ८१ पृष्ठम् ।

भविष्यपुराणको कथनलाई उद्धृत गर्दै कृत्यरत्नाकर ग्रन्थका लेखकले वेदमूलक एवं परम्परागत धर्मका वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म र नैमित्तिकधर्म गरी पाँच भेद हुन्छन् भनी देखाएका छन् । पुनः हारीतको कथन उद्धृत गर्दै आश्रमवासीहरूका पृथक्धर्म, विशेषधर्म, समानधर्म र कृत्स्नधर्म गरी चार प्रकारका धर्म हुन्छन् भनी बताएका छन् (कृ.र., पृ. ९) ।[६८]

यसरी अनेकौं ऋषिहरूद्वारा, मुनिहरूद्वारा र आचार्यहरूद्वारा अनेक प्रकारले एवं विभिन्न तरिकाले गरिएका (बताइएका) धर्मका लक्षणहरू र भेदहरू पाइन्छन् । उक्त लक्षणहरूमध्ये कतिपय लक्षणमा एउटै आचार्यद्वारा बनाइएका लक्षण भएता पनि धर्मका विषयगत भिन्नताले गर्दा भेद दृष्टिगोचर हुन्छ । कतिपय लक्षणहरूमा विषय एउटै भएता पनि आचार्यका भिन्नताले गर्दा अलगै लक्षण हुन् भन्ने भान हुन्छ ।

सामान्यतया धर्मका कारकहेतु, ज्ञापकहेतु र अनुष्ठेय पदार्थ गरी तीन प्रकारका भेद प्रथमतः लक्षणमा परेका देखिन्छन् । त्यसैले धर्मका लक्षण विषयगत भिन्नताले गर्दा तीन प्रकारका हुन्छन् । तर पनि धर्मका साधारणधर्म, परमधर्म, साधारणपरमधर्म, उपधर्म र सार्ववर्णिकधर्म गरी पाँच भेद रहेको प्रतीत हुन्छ । उपर्युक्त सबै लक्षणद्वारा देखाइएका धर्महरू वेदप्रतिपादित एवं स्मृतिप्रतिपादित हुने भएकाले श्रौतधर्म एवं स्मार्तधर्म गरी दुई भेद हुन्छन् ।

६८. चण्डेश्वरद्वारा रचित कृत्यरत्नाकरको उद्धरण दिइएको हो । यस ग्रन्थमा धार्मिक दृष्टिले गर्नुपर्ने कृत्यहरूको वर्णन गरिएको छ । उक्त ग्रन्थको पृष्ठ ९ मा **'अथ धर्मविशेषाः'** शीर्षकमा पहिले हारीतका मतमा चार प्रकारका धर्म देखाइएको छ भने पछिबाट भविष्यपुराणको उद्धरण दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नुष्ठीयमानानां कृत्यानां तदनुष्ठानजन्यस्यापूर्वस्यापि च पुनः स्मार्तधर्मत्वम् । इत्थं साध्यसाधनयोरुभयोरपि धर्मस्वरूपमवस्थितमवगम्यते । विहितकर्मजन्यस्य अपूर्वस्य धर्मत्वं वैशेषिकाः प्राहुः । मीमांसकास्तु वेदविहितकर्मणामेव धर्मत्वं प्राहुः ।

एतदतिरिक्तो वेदमूलको धर्मो देशजातिकुलवयोगुणशरीरकालादिभेदेनानेकधा विभक्तो दृश्यते । यथा [९४]पराशरमाधवे सर्वशब्दो देशकालावस्थादिभेदेन धर्माणां बहुविषयत्वमाचष्टे । इत्युक्तम् ।

एवमेव भाट्टैरुक्तम्- **'द्रव्यक्रियागुणादीनां धर्मत्वं स्थापयिष्यते ।'** इति । [९५]पराशरमाधवकारेणोद्धृत्य द्रव्यक्रियागुणादीनामपि धर्मत्वं दर्शितम् । **जातिजानपदान् धर्मान् श्रेणीधर्मांश्च धर्मवित् । समीक्ष्य कुलधर्मांश्च स्वधर्मं प्रतिपादयेत् ।।** इत्यभिधाय [९६]मनुनापि धर्मस्य जात्याद्यनेकसमन्वितत्वं दर्शितम् ।

९४. पराशरमाधवः, प्रथमभागः (आचारकाण्डम्), प्रथमोऽध्यायः, ७३ पृष्ठम् ।

९५. पराशरमाधवः, प्रथमभागः (आचारकाण्डम्), प्रथमोऽध्यायः, ७९ पृष्ठम् ।

९६. ८/४१ मनुः ।

वेदलाई आधार मानेर गरिने कार्यहरूलाई र उक्त कार्य सम्पन्न गरेपछि उत्पन्न हुने अदृष्टलाई वैदिकधर्म भनिन्छ (मी. न्या.प्र. एवं प.मा.) ।[६९] स्मृतिहरूलाई आधार मानेर गरिने कार्यहरूलाई र उक्त कार्य गरेपछि उत्पन्न हुने अपूर्वलाई स्मार्तधर्म भनिन्छ । यसरी साध्य एवं साधन दुवैमा धर्म रहेको पाइन्छ । शास्त्रद्वारा गर्नु भनी निर्देश गरिएका कार्य गर्नाले उत्पन्न हुने अपूर्वलाई धर्म भनिन्छ भनी वैशेषिकहरू भन्दछन् । मीमांसकहरू भने वेदद्वारा विधान गरिएका कर्महरूलाई मात्र धर्म मान्दछन् ।

यस बाहेक वेदमूलक धर्म- देश, जाति, कुल, उमेर, गुण, शरीर, काल आदिका भेदले गर्दा अनेक प्रकारले विभाजित भएको पाइन्छ । पराशरमाधवमा 'सर्वशब्दले देश, काल एवं अवस्थाका भेदले धर्मको विषय (क्षेत्र) व्यापक हुन्छ भन्ने कुरा देखाउँछ' (प.मा., व्य.का., १/१६ व्या., पृ. ७३) भनिएको छ । यसै प्रकारले भाट्टहरूले (कुमारिल भट्टका अनुयायी मीमांसकहरूले) **द्रव्यक्रिया०** अर्थात् 'द्रव्य, क्रिया, गुण आदिका धर्मको स्थापना गरिन्छ' भनेका छन् । पराशरमाधवका लेखकले उक्त भाट्ट पद्यांशको उद्धरण दिएर द्रव्य, क्रिया, गुण आदिका धर्म पनि बताएका छन् (प.मा., व्य.का., १/१७ व्या., पृ. ७९) ।[७०] **जातिजानपदान्०** अर्थात् 'धर्मज्ञ राजाले (शास्त्रसित विरोध नहुने) जातिधर्म (ब्राह्मण आदि जातिका धर्म), जनपदधर्म (स्थान विशेषका धर्म), श्रेणीधर्म (व्यापारी आदिका धर्म) एवं कुलधर्म

६९. क) वेदेन प्रयोजनमुद्दिश्य विधीयमानोऽर्थो धर्मः । यथा यागादिः । {वेदले प्रयोजन देखाएर गर्नुपर्छ भनी विधान गरेको विषय नै धर्म हो । जस्तै- याग आदि} (मी.न्या.प्र., पू. भा., २ पृ.) यसबाट यागादिको अनुष्ठान धर्म हो भन्ने तथ्य सिद्ध हुन्छ ।

ख) पराशरमाधवमा- **अपूर्वशब्दवाच्यो धर्मः** । {जसलाई अपूर्व शब्दद्वारा बुझाइन्छ त्यही नै धर्म हो ।} (प.मा., आ.का, १ अ., ८१ पृ.) यसबाट यागादिको अनुष्ठान पछि उत्पन्न हुने (आत्मगुण) अपूर्व धर्म हो भन्ने तथ्य प्रमाणित हुन्छ ।

७०. पराशरमाधवमा उद्धृत **'द्रव्यक्रियागुणादीनां धर्मत्वं स्थापयिष्यते ।'** {.....} श्लोकवार्तिक (१/९/२/१३) को अंश हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तार्किकास्तावत् **'आत्मगुणौ धर्माधर्मौ, इत्याहुः'** इत्यपि [९७]पराशरमाधवे उक्तम् ।

कार्यनियोगापूर्वशब्दैरुच्यमानं धात्वर्थवाच्यम्, स्वर्गादिफलसाधनमात्मगुणं धर्मं प्राभाकरा आहुरित्यपि [९८]पराशरमाधवकारेण उक्तम् ।

पृथिव्यप्तेजोवाय्वाकाशकालदिगात्ममनस्सु सदा विद्यमाना शक्तिः धर्म इति [९९]पातञ्जलयोगदर्शभाष्यकारा मन्वते ।

इत्थं धर्मस्वरूपं बहुधाऽऽकलितम् ।

ॐ

प्रथमोऽध्यायः समाप्तः

---

९७. पराशरमाधवः, प्रथमभागः (आचारकाण्डम्), प्रथमोऽध्यायः, ७९ पृष्ठम् ।

९८. पराशमाधवः, प्रथमभागः (आचारकाण्डम्), प्रथमोऽध्यायः, ७९ पृष्ठम् ।

९९. पातञ्जलयोगदर्शनम्, विभूतिपादः, १४ सूत्रस्य भाष्यम् ।

(निश्चित वंशपरम्पराका का धर्म) को समीक्षा गरेर (जानकारी लिएर, तिनीहरूसित विरोध नहुने) स्वधर्मको प्रतिपादन गर्नुपर्छ' (मनु. ८/४१) भनी मनुले पनि धर्म जाति आदि अनेक विषयमा विद्यमान रहन्छ भन्ने कुरा देखाएका छन् ।[७१] तार्किकहरूले 'धर्म एवं अधर्म आत्माका गुण हुन्' भनेका छन् । यो मत पनि पराशरमाधवमा देखाइएको छ (प.मा., व्य.का, १/१७ व्या., पृ. ७९) । कार्यप्रवृत्ति एवं अपूर्वशब्दद्वारा बताइने साथै धातुको अर्थबाट बुझिने स्वर्गादि फलको साधनभूत आत्मगुणलाई प्रभाकरका (गुरुमतका) अनुयायीहरू धर्म मान्दछन् । यो कुरा पनि पराशरमाधवका लेखकले भनेका छन् (प.मा., व्य.का, १/१७ व्या., पृ. ७९) । 'पृथिवी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा एवं मनमा सधैँ रहने शक्ति नै धर्म हो' (पा.यो.सू., विभू.पा., १४ सू. भा.) भनी पातञ्जलयोगदर्शनका भाष्यकर्ताहरूले भनेका छन् । [७२]यसरी धर्मको स्वरूप अनेक प्रकारको हुन्छ भनी देखाइयो ।

{पहिलो अध्याय पूरा भयो}

---

७१. {गौतमले- **'देशजातिकुलधर्माश्चाम्नायैरप्रतिषिद्धाः प्रमाणम्'** भनेका छन् । यसबाट श्रुतिसित विरोध नदेखिएका अवस्थामा देशधर्म, जातिधर्म र कुलधर्म पनि प्रमाण हुन्छन् भन्ने सिद्ध हुन्छ ।}

७२. भाष्यकार भनेर शोधप्रबन्धका लेखकले कुन भाष्यका लेखकलाई सङ्केत गरेका हुन्, स्पष्ट रूपमा भन्न सकिँदैन । योगदर्शनको प्रसिद्ध व्यासभाष्यमा सङ्केतित सूत्रको भाष्य लेख्ने क्रममा प्रारम्भमा नै- **'योग्यतावच्छिन्ना धर्मिणः शक्तिरेव धर्मः'** भनिएको छ । अग्रिम अनुच्छेदबाट मूलमा प्रतिपादित अर्थ पनि अभिव्यक्त हुन्छ । प्रस्तुत सूत्रको व्यसभाष्यमा कतिपय असम्बद्ध कुरा पनि प्रक्षेपण गरिएको भन्ने विद्वान्हरूको अभिमत देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयोऽध्यायः

(प्रमेयनिरूपणाध्यायः)

धर्मशास्त्रस्य व्यवस्थास्थापकत्वम्

धर्मशास्त्रं निश्चितमेव लोकव्यवस्थास्थापकं शास्त्रम्। लोकः समाज इत्यत्र नास्ति विप्रतिपत्तिः। जनानां समूहश्च समाजो लोको वा। न च कश्चिज्जनः परानुशासनमन्तरा मानवतामाप्नोति। मनुष्यः पशुसमानः उत्पद्यते। समाजाल्लब्धशिक्षो हि जनो व्यवहार्यो भवति। यादृशः समाजस्तादृशी शिक्षा। शिक्षानुरूपश्च जनः सञ्जायते। यदि भोगात्मिका शिक्षा तर्हि तदाक्रान्तचेतसो जनस्य विवेकवती प्रज्ञा नोदेति। [१]आहारनिद्राभय-मैथुनेषु आसक्तस्य पाशविकी मतिरुत्पद्यते। पशुभावमापन्नः समाजः परस्परं स्वार्थेषु विप्रतिपद्यते। विप्रतिपन्नो लोकः आक्रमणप्रत्याक्रमणैरुच्छिद्यते।

---

१. **आहारनिद्राभयमैथुनञ्च सामान्यमेतत् पशुभिर्नराणाम्।**
धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समानाः ॥ - हितोपदेशे मित्रलाभः १४ पृष्ठम्।

दोस्रो अध्याय

प्रमेयनिरूपण अध्याय

धर्मशास्त्रको व्यवस्थास्थापकत्व-

धर्मशास्त्र निश्चितरूपमा लोकव्यवस्था स्थापना गर्ने शास्त्र हो। लोक भनेको नै समाज हो, यसमा कसैको विमति छैन। मानिसहरूको समूहलाई समाज वा लोक भनिन्छ। कुनै पनि पुरुषले अरूबाट अनुशासनको शिक्षा प्राप्त नगरेसम्म वा नियमका परिधिमा नबसेसम्म मानवतालाई प्राप्त गर्न सक्दैन। मनुष्य जन्मिँदा पशु जन्मिएझैं जन्मिएको हुन्छ। समाजबाट उचित शिक्षा पाएको मनुष्य नै व्यवहार गर्ने योग्य हुन्छ (व्यावहारिक हुन्छ)। समाज जस्तो हुन्छ समाजमा जन्मिने मनुष्यले पनि त्यस्तै शिक्षा प्राप्त गर्दछ। जस्तो शिक्षा प्राप्त गरेको हुन्छ, मनुष्य पनि त्यस्तै बन्छ (शिक्षाअनुकूल मनुष्यका व्यक्तित्वको विकाश हुन्छ)। भोगात्मक शिक्षा प्राप्त गरेको व्यक्ति भोगप्रधान भावनाले आक्रान्त भएको हुन्छ र उसमा विवेक गर्न सक्ने (यो राम्रो हो, यो राम्रो होइन भन्ने विश्लेषण गर्ने) प्रज्ञाको उदय हुँदैन। आहार, निद्रा, भय एवं मैथुनमा मात्र आशक्त भएका व्यक्तिमा पशुबुद्धिको उदय हुन्छ (हि.उ., मि.ला. २५)।[१] पशुभावलाई प्राप्त भएको समाज

---

१. क) {आहार (खाना खाने काम), निद्रा (निदाउने काम), भय (अन्य प्राणीबाट उत्पन्न हुने डर) र मैथुन (भाले पोथीका बीचमा हुने सम्भोग)- यी सबै कार्य मनुष्यमा र पशुमा एकै प्रकारका हुन्छन्, अर्थात् आहार आदिको उपभोग मनुष्य र पशु दुवैले नै गर्दछन्। मनुष्यहरूमा रहने विशेष गुण भनेको धर्म हो। धर्म नभएका मनुष्य पशुसमान हुन्छन्।}- {हितोपदेश अन्तर्गत मित्रलाभको २५ औं पद्य}
ख) पञ्चतन्त्रकै शैलीलाई अवलम्बन गरी विष्णुशर्माद्वारा तयार गरिएको संस्कृतको प्रसिद्ध नीतिकथासङ्ग्रह हो **हितोपदेश**। पञ्चतन्त्रमा मित्रभेद आदि पाँच तन्त्र (प्रकरण) छन् भने हितोपदेशमा **मित्रलाभ** आदि चार प्रकरण रहेका छन्। हितोपदेशलाई पञ्चतन्त्रकै सार मान्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोके [२]यौवनम्, धनसम्पत्तिः, प्रभुत्वम्, अविवेकित्वं चेति चत्वारः पदार्थाः प्राधान्येनाव्यवस्थितिहेतवः। एतेषु विद्यमानमव्यवस्थितिहेतुत्वं निर्दिश्य तेषामव्यवस्थितेर्हेतुभूतानां यौवनादीनां व्यवस्थित्यात्मकत्वं धर्मशास्त्रमेवापादयतीति निरूप्यते।

यौवनस्याव्यवस्थितिहेतुत्वम्

यौवनं शरीरनिष्ठो धर्मः। किशोरावस्थां समुत्तीर्य तारुण्यावस्थाप्राप्तिर्हि यौवनम्। तस्यामवस्थायां शरीरनिष्ठायाः शक्तेः समृद्धिर्भवति। केनापि नियामकेन तत्त्वेनानियन्त्रिता सा तारुण्योद्गता शक्तिः प्रातिकूल्यं वर्तमाना स्वस्यात्मनः परेषां चानिष्टकारिका सम्पद्यते। यौवनमदेन समाक्रान्तो न हि कश्चिदपि जनो मार्गं समवलम्बते। पथभ्रष्टे निहिता शक्तिर्न हि काल्याणकारिका। अतोऽनियन्त्रितं यौवनमव्यवस्थितेर्हेतुः।

धनसम्पदामव्यवस्थितिहेतुत्वम्

गृहक्षेत्रपुत्रकलत्रविद्यावित्तहिरण्यरजतमणिमाणिक्यादीनि द्रव्याणि धनसम्पदः। एभिरुपचितो जनो मदेनाक्रम्यते। मदाक्रान्तश्च कर्तव्याकर्तव्यबुद्धिं समादातुमशक्नुवन् असामाजिकीं क्रियामुद्भावयन् परान् पीडयति। पीडितैः पीडितश्च स्वात्मानमपि व्यथयतीति अनियन्त्रितस्य धनसम्पदोऽव्यवस्थितेर्हेतवः।

२. **यौवनं धनसम्पत्तिः प्रभुत्वमविवेकिता। एकैकमप्यनर्थाय किमु यत्र चतुष्टयम्॥**

- हितोपदेशस्य मित्रलाभः, ११ श्लोकः।

परस्परमा स्वार्थमा नै अल्झिरहेको (झगडा गरिरहेको) हुन्छ। विप्रतिपन्न (झैझगडामा लागेको) मनुष्य परस्परका आक्रमण एवं प्रत्याक्रमणले छिन्नभिन्न (नष्ट) हुन्छ।

लोकमा यौवन, धनसम्पत्ति, प्रभुता र अविवेकिता यी चार पदार्थ प्रधान रूपमा अव्यवस्थाका कारण बनेका देखिन्छन् (हि.उ., मि.ला., ११)।[२] उक्त चार पदार्थमा रहेका अव्यवस्थाका कारणलाई देखाएर अर्थात् युवावस्था आदिले समाजमा कसरी अव्यवस्था ल्याउँछन् (भाँडभैलो मच्चाउँछन्) भन्ने वास्तविकताको विश्लेषण गरेर अन्तमा अव्यवस्थाका कारणका रूपमा रहेका यौवन आदिलाई व्यवस्थित बनाउने वा नियन्त्रण गर्ने काम धर्मशास्त्रले गर्छ भन्ने तथ्य देखाइन्छ।

यौवन अव्यवस्थाको कारण हो-

यौवन शरीरमा रहने धर्म हो। किशोरावस्था पार गरेर युवावस्थामा पुग्नु नै यौवन हो। युवावस्थामा शरीरमा रहेको शक्तिको वृद्धि हुन्छ। कुनै नियामक तत्त्वद्वारा नियन्त्रण नगरिएका स्थितिमा युवावस्थामा उत्पन्न भएको शक्ति प्रतिकूल दिशामा प्रवृत्त भएर स्वयं आफ्नो र अरूको समेत अनिष्टकर (अहित गर्ने) बन्दछ। यौवनको मदले आक्रान्त भएको कुनै पनि पुरुषले सही बाटो समात्न सक्दैन। पथभ्रष्ट पुरुषमा रहेको शक्तिले (कहिल्यै पनि र कसैको पनि) कल्याण गर्दैन। अतः अनियन्त्रित यौवन अव्यवस्थाको कारण हो।

२. {युवावस्था, धनसम्पत्ति, प्रभुता (अधिकार) र अविवेक (अज्ञानता) यी चार पदार्थमध्ये एउटा एउटा पदार्थ पनि अनर्थकारक हुन्छ। जसमा उक्त यौवन आदि चारै पदार्थ रहेका हुन्छन् त्यसका सम्बन्धमा भन्नु पर्ने कुरा के नै बाँकी रहन्छ र अर्थात् उ सबै प्रकारका अनर्थको कारणका रूपमा रहेको हुन्छ।}- हितोपदेश मित्रलाभको, ११ श्लोक।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभुत्वस्याव्यवस्थितिहेतुत्वम्

प्रभुत्वं गुणधर्मः । यस्मिन् समाजः स्वसन्निहितां शक्तिमादधाति तस्मिन् प्रभुत्वात्मको गुणधर्मः सन्निविष्टो भवति । नियामकतत्त्वाभावे तस्य प्रभुत्वात्मकस्य गुणधर्मस्य सन्निवेशात् मदस्योत्पत्तिः सुतरां सम्पद्यते । ततश्चानियन्त्रितं प्रभुत्वमव्यवस्थितेर्हेतुः सम्पद्यते ।

अविवेकित्वस्याव्यवस्थितेर्हेतुत्वम्

अविवेकित्वस्य बुद्धिवृत्तित्वम् । विवेकाभावो ह्यविवेकः । कर्तव्याकर्तव्यबुद्धिहीनत्वमेव विवेकाभावः । विवेकहीनो जनः प्रज्ञापराधात् स्वस्यात्मनोऽनभीष्टं परेषाञ्चाहितं विधत्ते । अनभीष्टकारकस्यैवाव्यवस्था-पादकत्वम् । अतोऽविवेकित्वमप्यव्यवस्थितेर्हेतुः सम्पद्यते ।

यथैतेषु [३]यौवनादिषु चतुर्षु एकैकस्मिन्नपि अव्यवस्थित्यापादकत्वं सन्निहितम्, तर्हि एकस्मिन्नेव जने यद्येते चत्वारः पदार्था अनियन्त्रिततया सन्निहिता रागलोभभयाश्च समाश्रिता भवेयुस्तर्हि तत्र तु किं वक्तव्य-मवशिष्यते । सर्वेषां दुरवस्थापादिकाव्यवस्थितिस्तत्रैव समवस्थिता भवति ।

---

३. **यौवनं धनसम्पत्तिः प्रभुत्वमविवेकिता । एकैकमप्यनर्थाय किमु यत्र चतुष्टयम् ।।**
- हितोपदेशे मित्रलाभः ६ पृष्ठम् । तथा-
विद्या विवादाय धनं मदाय शक्तिः परेषां परिपीडनाय ।
खलस्य साधोर्विपरीतमेतद् दानाय धर्माय च रक्षणाय ।। - (सूक्तिः)

धनसम्पत्ति अव्यवस्थाको कारण हो-

घर, खेत-बारि, छोरा-छोरी, श्रीमती, विद्या, पैसा, सुन, चाँदी, मणि-माणिक्य आदि पदार्थलाई धनसम्पत्ति भनिन्छ । उक्त पदार्थले युक्त भएको मनुष्य मदले (अहङ्कारले) आक्रान्त बन्दछ । मदले आक्रान्त भएको पुरुषले 'यो काम गर्न हुन्छ एवं यो काम गर्न हुँदैन' भनी बुद्धि पुऱ्याउन सक्दैन । त्यसैले असामाजिक क्रियाकलाप प्रदर्शन गरेर अरूलाई दुःख दिने काम गर्छ । पीडकबाट (असामाजिक पुरुषबाट) पीडित बनेको पुरुषले आफूलाई समेत दुःखित बनाउँछ । अतः अनियन्त्रित धनसम्पत्ति अव्यवस्थाको साधन (कारण) बन्दछ ।

प्रभुता अव्यवस्थाको कारण हो-

प्रभुता गुणधर्म हो । जसलाई समाजले आफूमा भएको शक्ति (अधिकार) प्रदान गरेको हुन्छ त्यसमा प्रभुता नामको गुणधर्म रहेको हुन्छ । नियामक तत्त्वको अभावमा- प्रभुता नामको गुणधर्म रहेको हुनाले पुरुषमा मद (अहङ्कार) उत्पन्न हुन सक्ने सम्भावना प्रचुर मात्रामा रहन्छ । अतः अनियन्त्रित प्रभुता अव्यवस्थाको कारण बन्दछ ।

अविवेक अव्यवस्थाको कारण हो-

अविवेकिता (अज्ञानता) बुद्धिको वृत्ति (धर्म) हो । विवेकको अभावलाई नै अविवेक भनिन्छ । यो काम गर्न हुन्छ र यो काम गर्न हुँदैन भन्ने बुद्धि नहुनु नै विवेकको अभाव हो । विवेक नभएको मनुष्यले प्रज्ञाका अपराधका कारण आफूलाई अभीष्ट (हितकर) नहुने र अरूलाई पनि हित नगर्ने कार्य गर्छ । अनभीष्ट (हित नगर्ने) काम गर्नु नै अव्यवस्था उत्पन्न गराउनु हो । अतः अविवेकिता पनि अव्यवस्थाको साधन बन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[४]रागाल्लोभाद् भयाच्च जनो नियामकतत्त्वाभावेऽन्यायेन मार्गेण प्रचलति । मनुष्यस्य रागात्मिका प्रवृत्तिः स्वाभाविकीति न तत्र [५]चोदनामपेक्षते । रागाक्रान्तो न्यायमार्गमुत्क्रमते ।

लोभश्च साहजिक एव । लोभादेव कामक्रोधयोरुत्पत्तिः । अत एव लोभस्य पापमूलत्वेनाभ्यनुज्ञानं कृतम् । कामाद्दशको गणः क्रोधाच्चाष्टको गणः समुत्पद्यते ।

[६]मृगया, द्यूतक्रीडा, दिवास्वापः, परिवादः (परदोषकथनम्), स्त्रीसम्भोगः, मदः, नर्तनम्, गानम्, वादनम्, वृथाभ्रमणं चेति दशको गणः कामात् समुत्पद्यते ।

४. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ४ श्लोकः ।

५. श्रीमद्भागवते ११ स्कस्धः, ५ अध्यायः, ११ श्लोकः ।

६. ७/ ४७-४९ मनुः । {दशकः सुखेच्छाप्रभवो गणः}

उपर्युक्त यौवन आदि (हि.उ., मि.ला., ११)[३] चार पदार्थ मध्ये एउटा एउटा पदार्थमा पनि अव्यवस्थाको कारणता रहेको हुन्छ अर्थात् एउटा एउटा पदार्थले पनि समाजलाई अव्यवस्थित बनाउन सक्छ । कुनै एउटै पुरुषमा उक्त यौवन आदि चारै पदार्थ अनियन्त्रित रूपमा रहेका छन् साथै राग एवं लोभ पनि बसेका छन् भने त के नै भन्न बाँकी रहन्छ र । सबै प्रकारका दुरवस्थालाई उत्पन्न गराउने अव्यवस्थिति त्यही नै एकै ठाउँमा जम्मा भएको हुन्छ ।

नियामक तत्त्वका अभावमा रागले (अत्यधिक स्नेहले), लोभले (अधिक धन प्राप्त गर्ने आकाङ्क्षाले) र भयले (डरले) गर्दा मनुष्य अन्यायपूर्ण बाटामा हिँड्न थाल्छ अर्थात् अनुचित काम गर्न प्रवृत्त हुन्छ (या.स्मृ. २/४) । मनुष्यमा स्वाभाविक रूपमा रागात्मक प्रवृत्ति रहेको हुन्छ, त्यसैले त्यतातिर उसलाई कसैले प्रेरित गर्नुपर्दैन (भा. ११/५/११) ।[४] रागले (आशक्तिले) आक्रान्त भएको मनुष्यले न्यायमार्गको उल्लङ्घन गर्दछ अर्थात् नियम मिचेर नराम्रा काममा प्रवृत्त हुन्छ ।

लोभ पनि सहज गुण हो । लोभबाट काम एवं क्रोधको उत्पत्ति हुन्छ । त्यसैले नै लोभलाई पापको मूल (जरो) भनेको पाइन्छ । कामबाट दश गण (दश पदार्थ) एवं क्रोधबाट आठ गण (आठ पदार्थ) उत्पन्न हुन्छन् (मनु. ७/४९) । मृगया

---

३. {युवावस्था, धनसम्पत्ति, प्रभुता (अधिकार) र अविवेक (अज्ञानता) यी चार पदार्थमध्ये एउटा एउटा पदार्थ पनि अनर्थकारक हुन्छ । जसमा उक्त यौवन आदि चारै पदार्थ रहेका हुन्छन् त्यसका सम्बन्धमा भन्नु पर्ने कुरा के नै बाँकी रहन्छ र अर्थात् उ सबै प्रकारका अनर्थको कारणका रूपमा रहेको हुन्छ ।}- हितोपदेश, मित्रलाभ, पृष्ठ ६ ।
**{हितोपदेशको मित्रलाभमा विद्याको प्रशंसा गर्ने सन्दर्भमा ११ औं पद्यका रूपमा उदाहृत पद्य आएको छ ।}
{मूर्खको विद्या विवादका लागि, धनसम्पत्ति अहङ्कार प्रदर्शनका लागि र सामर्थ्य अरूलाई दुःख दिनका लागि हुन्छ, अर्थात् मूर्खले आफूमा रहेका विद्या आदि सत्पदार्थको दुरुपयोग गर्छ । यसका विपरीत सज्जनमा रहेको विद्या दानका लागि, धनसम्पत्ति धर्मार्जन गर्नका लागि र सामर्थ्य अरूको रक्षाका लागि हुन्छ, अर्थात् सत्पुरुषले आफूमा भएका विद्या आदि सत्पदार्थलाई परोपकारमा लगाई सदुपयोग गर्दछ ।}- (सूक्तिः)
**{उदाहृत पद्य सुभाषितभाण्डागारम् नामक पुस्तकमा पाइन्छ ।}

४. {शाश्वत पदार्थ अर्थात् भगवान् बाहेकका पदार्थमा भएको आशक्तिले भय उत्पन्न गराउँछ । ईश्वरमा पूर्ण समर्पण भाव भएका अवस्थामा कहीँ पनि र कतैबाट पनि भय उत्पन्न हुँदैन ।} (श्रीमद्भागवतम्) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पैशून्यम्, साहसम्, द्रोहः, ईर्ष्या, असूया, अर्थदूषणम्, वाक्पारुष्यम्, दण्डपारुष्यं चेति अष्टको गणः क्रोधात् समुत्पद्यते।

एतयोः कामक्रोधयोर्मूलं च लोभ एव। लोभाक्रान्तो न्यायमार्गमुत्क्रमते।

भयश्च मनुष्यस्य स्वतः सिद्धः। द्वेधात्मिका सृष्टिः। [७]द्वितीयाभिनिवेशाद्धि भयं समुत्पद्यते।

तेन च समाक्रान्तो न्यायमार्गमुत्क्रमते।

अज्ञानमव्यवस्थितेर्हेतुः

ज्ञानाभावो ह्यव्यवस्थापादकः। ज्ञानं च शास्त्रीयं लौकिकं चेति द्विविधम्। शास्त्रीयं ज्ञानमैहिकं पारलौकिकं च श्रेयो वितनुते। लौकिकं ज्ञानं पुनर्भौतिकमानन्दं प्रदत्ते।

नानाविधविवतर्कस्य नाशकम्, अप्रत्यक्षस्याप्यर्थस्य बोधकं [८]शास्त्रं सर्वेषां मनुष्याणां कृते लोचनकार्यकारि वर्तते। शास्त्रज्ञानाभावे नयनविकलस्यैवार्थस्य प्रत्यक्षाभावः। अर्थप्रत्यक्षाभावस्य सर्वशून्यत्वम्। कस्याः

---

७. **भयं द्वितीयाभिनिवेशतः स्यात्**। (श्रीमद्भागवतम्)।

८. **अनेकसंशयच्छेदी परोक्षार्थस्य दर्शकम्।**
सर्वस्य लोचनं शास्त्रं यस्य नास्त्यन्ध एव सः ॥- हितोपदेशस्य मित्रलाभे ६ पृष्ठम्।

(सिकार), द्यूतक्रीडा (जुवा), दिवास्वाप, (सबै काम चौपट गराइदिने दिनमा सुत्ने काम), परिवाद (अरूको निन्दा), स्त्रीसम्भोग, मद (मद्यपान गरेर उत्पन्न हुने मात) नर्तन (नृत्याभिरुचि) गान (गायनाभिरुचि) वादन (वाद्याभिरुचि) र वृथाभ्रमण (निरुद्देश्य हिँडाइ) गरी दश गण कामबाट (सुख प्राप्त गर्ने अभिलाषाबाट) उत्पन्न हुन्छन् (मनु. ७/४७)। पैशुन्य (हुँदै नभएका दोष देखाउनु), साहस (सज्जनलाई बाँध्ने आदि गरी नियन्त्रण गर्ने कार्य), द्रोह (छद्मवध = झुक्याएर मार्नु), ईर्ष्या (अरूको उन्नति सहन नसक्नु) , असूया (अरूका राम्रा गुणमा पनि खोट देखाउनु), अर्थदूषण (अरूको सम्पत्ति हडप्नु वा दिनु पर्ने व्यक्तिलाई धन सम्पत्ति नदिनु), वाक्पारुष्य (तथानाम गाली गर्नु) एवं दण्डपारुष्य (पिट्नु, यातना दिनु आदि) गरी आठ गण क्रोधबाट उत्पन्न हुन्छन् (मनु.७/४८)। उपर्युक्त काम एवं क्रोधको मूल (जरो) भनेको लोभ हो। लोभले आक्रान्त भएको मनुष्यले न्यायमार्गको उल्लङ्घन गर्दछ अर्थात् अनुचित बाटो समात्छ।

भय पनि मनुष्यमा रहने स्वाभाविक वृत्ति हो। सृष्टि दुई प्रकारको छ। दोस्रो पदार्थ प्रतिको आसक्तिले (द्वैत भावनाले) भय उत्पन्न गराउँछ (भा. ११/२/३७)। भयले आक्रान्त (युक्त) भएको मनुष्यले न्यायमार्गको उल्लङ्घन गर्छ (शाश्वत सत्यको अपलाप गरेर समस्याबाट उम्कन चाहन्छ।)

अज्ञान अव्यवस्थाको कारण हो-

ज्ञानको अभावले अव्यवस्था उत्पन्न गराउँछ। ज्ञान शास्त्रीय र लौकिक गरी दुई प्रकारको हुन्छ। शास्त्रीय ज्ञानले ऐहिक र पारलौकिक कल्याण गर्छ (स्वर्गादि सुख एवं मोक्ष प्राप्त गराउँछ)। लौकिक ज्ञानले भौतिक आनन्द उत्पन्न गराउँछ।

अनेक प्रकारका तर्कवितर्कलाई नष्ट गराउने र अप्रत्यक्ष पदार्थको (आँखाले नदेखेका वस्तुको) पनि ज्ञान गराउने शास्त्रले सबै मनुष्यका लागि आँखाको भूमिका निर्वाह गरिरहेको हुन्छ। आँखा नभएको (अन्धो) मनुष्यले जसरी पदार्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियायाः कतरत्साधनमित्याकारकं ज्ञानं शास्त्रमेव बिभर्तीति क्रियासिद्ध्यर्थमत्यावश्यकं साधनम् । यदि नाम शब्दाख्यं ज्योतिरस्मिंल्लोके न दीप्येत तर्हि सकलो लोको गाढं तमः प्रविशेत् । अर्थस्यैतस्य प्रकाशकं पद्यं सूक्तिविवेकस्य टीकायां [९]पण्डितराजेन सोमनाथेनोद्धृतम् ।

तत्र यत्साध्यकोटौ स्थितं वस्तु अलौकिकं तस्य साध्यस्यार्थस्य साधनमप्यलौकिकमेवेति तादृशा-लौकिकसाध्यसाधनभावज्ञानाय केवलं शास्त्रज्ञानमुपायः ।

यथा हि स्वर्गः साध्यमलौकिकः । तत्साधनस्यापूर्वस्याप्यलौकिकत्वम् ।

न हि तदनभिज्ञस्तत्साधयितुं क्षमते । **'यागाद[१०]पूर्वोत्पत्तिस्ततः स्वर्गः'** इत्यभिज्ञानपूर्विका हि स्वर्गादिसुखोपलब्धये भवति प्रवृत्तिः । प्रवृत्त्यनन्तरं कृतप्रयत्नसाध्यस्य स्वर्गादिसुखस्योपलब्धिर्न हि अज्ञस्य सम्भवति ।

---

९. **इदमन्धं तमः कृत्स्नं जायेत भुवनत्रयम् ।**
यदि शब्दाह्वयं ज्योतिरासंसारे न दीप्यते ।।- स्वोपज्ञवृत्तिरत्नम् (सूक्तिविवेकस्य टीका) ३ श्लोकः ।

१०. **ततश्च यागादेरपूर्वद्वारा स्वर्गसाधनत्वम् ।**- मीमांसापरिभाषा, फलापूर्वकल्पना, ४ पृष्ठम् ।

(भौतिक वस्तु) प्रत्यक्ष गर्न (देख्न) सक्दैन त्यसरी नै शास्त्रको ज्ञान नभएको मनुष्यले पदार्थ (ज्ञानगम्य तत्त्व) साक्षात्कार गर्न सक्दैन (हि.उ.,१/१०) ।[५] जसले कुनै पनि पदार्थको प्रत्यक्ष गर्न सक्दैन त्यसका लागि सम्पूर्ण संसार नै शून्य हुन्छ । कुन कार्य पूरा गर्न कुन साधनको प्रयोग गर्नुपर्छ वा कुन साधन उपयोगी हुन्छ भन्ने ज्ञान शास्त्रले नै गराउँछ । अतः कार्य (साध्य) सम्पन्न गर्नका लागि (शास्त्रज्ञानरूप) साधन अत्यन्त आवश्यक हुन्छ । शब्द नाम भएको ज्योति यस संसारमा प्रकाशित हुँदैनथ्यो भने सम्पूर्ण लोक गहिरो अँध्यारोमा प्रवेश गरेको हुने थियो । यसै अर्थलाई अभिव्यक्त गर्ने पद्य सूक्तिविवेक नामक ग्रन्थको टीकामा पण्डितराज सोमनाथले उद्धृत गरेका छन् ।[६]

जहाँ साध्य अवस्थामा (सम्पन्न गर्नुपर्ने स्थितिमा) रहेको वस्तु अलौकिक हुन्छ त्यहाँ त्यस साध्यको साधन (माध्यम) पनि अलौकिक नै हुनुपर्छ । यसप्रकारका अलौकिक साध्य एवं साधनको ज्ञान गर्ने उपाय भनेको मात्र शास्त्रज्ञान हो । जस्तै- स्वर्गप्राप्तिरूप साध्य अलौकिक हो भने त्यसको साधनका रूपमा रहेको अपूर्व पनि अलौकिक

---

५. {अनेक प्रकारका सन्देहको निवारण गर्ने, परोक्ष (चर्मचक्षुद्वारा नदेखिएका) पदार्थको पनि ज्ञान गराउने शास्त्र नै सबै मनुष्यको (वास्तविक वा आन्तरिक) आँखा हो । जसका साथमा शास्त्ररूपी आँखा हुँदैन त्यो पुरुष अन्धो हुन्छ ।} (हितोपदेश मित्रलाभको १० औं पद्य)

६. क) {शब्दनामको ज्योति (प्रकाश) सम्पूर्ण संसारमा प्रकाशित हुँदैनथ्यो भने दृश्यमान तीनै लोक प्रगाढ अन्धकारमय हुने थियो ।} (पण्डितराज सोमनाथ सिग्देलद्वारा रचित सूक्तिविवेक ग्रन्थको स्वोपज्ञवृत्तिरत्न नामक टीकाबाट प्रस्तुत पद्य उद्धरण गरिएको हो ।)

ख) **सूक्तिविवेक** संस्कृत एवं नेपाली भाषाका ज्ञाता एवं पण्डितराज उपाधिद्वारा विभूषित सोमनाथ सिद्धेलद्वारा रचित ग्रन्थ हो । यस कृतिको पूरा नाम सूक्तिविवेकशतकम् हो र यसमा एक सय सात सूक्तिमय संस्कृत पद्य रहेका छन् । यस ग्रन्थमा लेखकद्वारा **सोपज्ञवृत्तिरत्न** नामको संस्कृत भाषामा लिखित टीका समेत रहेको छ ।

*** {उदाहृत पद्य महाकवि दण्डीद्वारा रचना गरिएको **काव्यादर्श**को प्रथम परिच्छेदमा (श्लोक ४) पाइन्छ}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा हि पारलौकिकं सुखमज्ञः सम्प्राप्तुं न शक्नोति तथैवैहलौकिकं सुखमपि नाज्ञस्य जनस्य सम्भवति। भौतिकोऽपि संसारो विज्ञानमूल एव। [११]विज्ञस्यैव विज्ञानेऽभिरुचिर्जायते। विज्ञत्वं च शास्त्रस्याध्ययनजन्यमिति नाज्ञो विज्ञानविजृम्भितस्यापि सुखस्योपभोगाय कल्पते। विद्युच्छक्तिसञ्चालनानभिज्ञः पराविष्कृताया विद्युतोऽप्युपभोगाय नार्हति। यदि कश्चिदनभिज्ञो विद्युतः परिचालनाय प्रयतते तर्हि करेन्टनाम्न्या तच्छक्त्यात्तजीवनः प्राणवियोगमापद्यते। दृष्टान्तेनानेन प्रत्यक्षाप्रत्यक्षपरिणामप्रदेषूच्चावचतया स्थितेषु पदार्थेषु दुष्फलस्य प्रज्ञापराधदोषजत्वं विज्ञैः कल्पनीयम्। तस्माच्चाज्ञानमव्यवस्थितेः प्रधानकारणं सम्पद्यते।

---

११. **यथा यथा हि पुरुषः शास्त्रं समधिगच्छति। तथा तथा विजानाति विज्ञानं चास्य रोचते ॥**- ४/२० मनुः।

पदार्थ नै हो। अलौकिक साधनको ज्ञान नभएको व्यक्तिले अलौकिक साध्य सिद्ध गर्न सक्दैन। 'यागबाट अपूर्वको उत्पत्ति हुन्छ र त्यसै अपूर्वबाट स्वर्गप्राप्त हुन्छ' (मी.प.,फलापूर्वकल्पना, पृ. ४)[७] यसप्रकारको ज्ञान भएपछि मात्रै मनुष्य स्वर्ग आदिको सुख प्राप्त गर्न प्रवृत्त हुन्छ। प्रवृत्तिपछि (कार्य सम्पादन परेपछि) आफूद्वारा गरिएका यत्नहरूबाट (सुकृतबाट) सिद्ध हुने (पाउन सकिने) स्वर्ग आदि सुख अज्ञानी पुरुषलाई प्राप्त हुन सक्ने सम्भावना देखिँदैन।

अज्ञानी (मूर्ख) पुरुषले जसरी पारलौकिक सुख प्राप्त गर्न सक्दैन त्यसरी नै ऐहलौकिक (सांसारिक) सुख पनि मूर्ख मनुष्यले पाउन सक्ने स्थिति देखिँदैन। भौतिक संसार पनि विज्ञानमूलक छ। विज्ञ पुरुषको नै विज्ञानमा रुचि हुन्छ (मनु. ४/२०)।[८] विज्ञता शास्त्रको अध्ययनबाट मात्र प्राप्त हुन्छ। त्यसैले अज्ञानी मनुष्यले विज्ञानका चमत्कारका रूपमा प्राप्त भएका सुखको उपभोग गर्न सक्दैन। बिजुली चलाउन नजान्ने मूर्खले अरूद्वारा बनाइएको बिजुलीको उपभोग पनि गर्न

---

७. क) {याग सम्पादन गरेपछि- यागबाट अपूर्व उत्पन्न हुने भएकाले त्यसै अपूर्वका माध्यमले यागादि स्वर्गको साधन बन्दछ, अर्थात् यज्ञबाट स्वर्ग प्राप्त हुन्छ।}- मीमांसापरिभाषा, फलापूर्वकल्पना, पृष्ठ ४।

ख) मीमांसापरिभाषा कृष्णयज्वाद्वारा लिखित मीमांसादर्शनसित सम्बद्ध गद्यप्रधान ग्रन्थ हो। बुद्धिमान् बालकहरूलाई शास्त्रसिद्ध अर्थको सामान्य जानकारी गराउनका लागि मीमांसापरिभाषा लेखिएको हो भन्ने तथ्य मङ्गलाचरण पद्यबाट अवगत हुन्छ।

ग) प्रस्तुत शोधप्रबन्धमा ठाउँ ठाउँमा स्वर्गशब्दको प्रयोग गरिएको छ। मीमांसादर्शनका सन्दर्भमा स्वर्गशब्दले इन्द्र महाराज भएको एवं अप्सराहरूद्वारा शोभायमान लोक विशेष भन्ने अर्थ नबुझाएर निरतिशय आनन्द भन्ने अर्थ बुझाउँछ। मीमांसामा **'स्वर्गशब्दश्चोत्कृष्टे सुखे रूढः'** भनिएको छ।

८. क) {पुरुषले जति जति राम्रो शास्त्रको अध्ययन गर्ने कार्य गर्छ त्यति त्यति नै उ विशेष ज्ञानले युक्त भएको अर्थात् अन्य शास्त्रका ज्ञानले समेत सम्पन्न भएको बन्दछ, उसको त्यो विशेष ज्ञान प्रकाशित हुन्छ।} - ४/२० मनु.।

ख) उद्धृत पद्यमा रुच धातुको प्रयोग गरिएको छ र रुचको अर्थ मन पराउँछ भन्ने हुन्छ। मन पराउने अर्थ दिने धातुको प्रयोग हुँदा पाणिनिव्याकरणअनुसार चतुर्थी विभक्तिको प्रयोग गर्नुपर्ने हुन्छ। यहाँ भने षष्ठी विभक्ति प्रयोग गरिएको छ। प्रकाशित हुन्छ भन्ने अर्थमा रुच धातुको प्रयोग गरिएको हुनाले षष्ठी विभक्ति गरिएको हो। यसै तथ्यलाई मन्वर्थमुक्तावलीमा यसरी व्यक्त गरिएको छ- 'दीप्त्यर्थत्वाद्रुचेरभिलषितार्थत्वाभावान् 'रुच्यर्थानां प्रीयमाणः' (१/४/३३) इति न सम्प्रदानसंज्ञा।' प्रस्तुत पद्यको अनेक ठाउँमा उद्धरण दिएको छ र शोधप्रबन्धका लेखकले मनपर्छ भन्ने अर्थ नै ग्रहण गरे जस्तो लाग्छ। त्यसैले नै उनले विज्ञको विज्ञानप्रति अभिरुचि हुन्छ भनेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असंयमितानीन्द्रियाण्यव्यवस्थोत्पादकानि

इन्द्रियाणि देहिनां देहमाश्रित्य वर्तन्ते। तत्र ज्ञानात्मककर्मात्मकाभ्यामिन्द्रियाणि द्वेधा विभज्यन्ते। तानि द्विविधान्येवेन्द्रियाण्यसंयमितान्यव्यवस्थोत्पादकानि भवन्ति।

रथसन्नद्धा प्राजकेन रश्मिभिरसंयमिता वाजिनो रथिनं यथैवोत्पथयन्ति। संयमे इष्टदेशप्राप्त्यनुकूला वाजिनो ऽसंयमादुत्पथयित्वानिष्टमापादयन्ति। तथैवेन्द्रियाण्यपि असंयमितानि मनुष्यं दृष्टादृष्टदोषदुष्टमापादयन्ति।

यथा रथस्य रथप्रेरकप्राजकस्य रथाधिष्ठितरथिनश्च रथप्रेरकप्राजकेनासंयमिता वाजिनोऽनिष्टपथजन्यदोषा-दहितमापादयन्ति तथैव देहस्य देहिनश्चान्तःशरीरगतेन मनसासंयमितान्युभयविधानीन्द्रियाणि दुरवस्था-पादकानि भवन्ति। ज्ञानकर्मात्मकानामुभयविधानामिन्द्रियाणां प्रेरकं स्वगुणेनोभयात्मकं मन एव।

सर्वेषामिन्द्रियाणां विषयोपभोगाय प्रेरणं मन एव कुरुते। असंयमिनो जनस्य मनोऽसंयमिततया निर्वारं विषयोपभोगमीहते। यथा हि मनसीच्छा समुत्पद्यते तथा हि मनसा प्रेरितानीन्द्रियाणि मनसः कामनां प्रपूरयितुं प्रवर्तन्ते।

सक्दैन। बिजुलीका सम्बन्धमा कुनै जानकारी नभएको मनुष्य बिजुली चलाउन प्रवृत्त भयो भने बिजुलीको करेन्टले आहत भएर प्राणत्याग गर्ने अवस्थामा समेत पुग्दछ। यस दृष्टान्तद्वारा प्रत्यक्ष एवं अप्रत्यक्ष लाभ (फल) दिने ठूला साना पदार्थमा रहेको नराम्रो परिणामलाई प्रज्ञाका अपराधले गर्दा प्राप्त भएको हो भनी विज्ञ पुरुषहरूले बुझ्नुपर्दछ। उपर्युक्त प्रकरणबाट अज्ञानता अव्यवस्थाको प्रधान कारण हो भन्ने कुरा सिद्ध हुन्छ।

अनियन्त्रित इन्द्रियहरू अव्यवस्थाका उत्पादक हुन्-

इन्द्रियहरू प्राणीका शरीरलाई आश्रय बनाएर बसेका हुन्छन्। इन्द्रियहरूलाई ज्ञानात्मक एवं कर्मात्मक अर्थात् ज्ञानेन्द्रिय र कर्मेन्द्रिय गरी दुई प्रकारले विभाजन गरिन्छ। उक्त दुवै प्रकारका इन्द्रियहरू असंयमित (अनियन्त्रित) भएका अवस्थामा अव्यवस्थाका उत्पादक हुन्छन्।

रथमा नारिएका तर सारथिद्वारा लगाम समातेर नियन्त्रण नगरिएका घोडाहरूले जसरी रथीलाई नराम्रा बाटामा प्रवृत्त गराउँछन् त्यसरी नै नियन्त्रण नगरिएका इन्द्रियहरूले मनुष्यलाई नराम्रा कार्यमा प्रवृत्त गराउँछन्। नियन्त्रण गरेका अवस्थामा अभीष्ट ठाउँमा पुऱ्याउने काम गर्ने घोडाहरूले अनियन्त्रित अवस्थामा छाडिदिने हो भने जसरी नराम्रा बाटामा प्रवृत्त भएर अनिष्ट उत्पन्न गराउने कार्य गर्दछन् त्यसरी नै नियन्त्रण गरिएका अवस्थामा सुमार्गमा प्रवृत्त भई अभीष्ट फल उत्पन्न गराउने इन्द्रियहरूले पनि अनियन्त्रित अवस्थामा छाडिदिएमा नराम्रा बाटामा प्रवृत्त भई मनुष्यलाई आँखाले देख्न सकिने र देख्न नसिकिने दुवै प्रकारका दोषले युक्त भएका बनाउँछन्।

रथलाई नियन्त्रण गर्ने सारथिद्वारा नियन्त्रण नगरिएका घोडाहरूले जसरी रथलाई, रथलाई नियन्त्रण गर्ने सारथिलाई र रथमा बसेका रथीलाई कुमार्गमा हिँड्दा उत्पन्न हुने दोषले युक्त भएका बनाउँछन् त्यसरी नै अन्तःशरीरमा (शरीर भित्रै) उत्पन्न हुने मनद्वारा नियन्त्रण नगरिएका दुवै प्रकारका इन्द्रियहरूले शरीरलाई र शरीर धारण गर्ने पुरुषलाई कष्टकर अवस्थामा पुऱ्याउँछन्। ज्ञानात्मक एवं कर्मात्मक अर्थात् दुवै प्रकारका इन्द्रियको (ज्ञानेन्द्रियको र कर्मेन्द्रियको) प्रेरक भनेको आफ्ना स्वभावले दुवै प्रकारका इन्द्रियका गुणले युक्त भएको उभयात्मक मन नै हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याध्ययनाभावजन्यहिताहितविचारविवेकशून्यस्य जनस्य मन इष्टानिष्टजनकेषु सर्वेषु कर्मसु स्वाभाविकतया प्रवर्तत एव। विद्याध्ययनजन्या प्रज्ञा हि जनमनभीष्टजनकेभ्यः कर्मभ्यो निवर्तनां विधायाभीष्टजनकेषु कर्मसु प्रवृत्तिमुद्भावयति। तदभावे चेष्टानिष्टजनकानां कर्मणां ज्ञानाभावात् कस्मिन् कर्मणि विहिता प्रवृत्तिः अभीष्टस्य सम्पादिका, कस्मिंश्च कर्मणि विहिता प्रवृत्तिः अनभीष्टस्य सम्पादिका इति विचारविवेकस्योदयाभावेन रागाक्रान्तो लोकः यथातथा विषयाणामुपभोगाय प्रवर्तते।

यथातथा भोगासक्तानि इन्द्रियाणि अव्यवस्थापादकानि भवन्ति। इह न हि भोगार्थं पदार्थानां सुलभता। आसक्तेन्द्रियतृप्त्यर्थं परकीयस्वत्वमविहितेन विरुद्धेनापि मार्गेण बलात्स्वायत्तीकर्तुं समीहतेऽनात्मवानसंयमी जनः। तस्मादेव हि सामाजिक्यव्यवस्थाप्रभवः।

[१२]इन्द्रियाणि च ज्ञानेन्द्रियाणि पञ्च कर्मेन्द्रियाण्यपि पञ्च, [१३]मनश्चोभयात्मकमित्येकाशदश सन्ति। तत्र श्रोत्रम्, त्वक्, चक्षुषी, जिह्वा, नासिका चेति पञ्च ज्ञानेन्द्रियाणि। एतान्येव बुद्धीन्द्रियाण्यप्युच्यन्ते। पायुः,

१२. **श्रोत्रं त्वक्चक्षुषी जिह्वा नासिका चैव पञ्चमी। पायूपस्थं हस्तपादं वाक् चैव दशमी स्मृता॥** इति॥ - २/९० मनुः।

१३. **एकादशं मनो ज्ञेयं स्वगुणेनोभयात्मकम्।**- इति च मनुः २/ ९२।

सबै इन्द्रियलाई आ-आफ्ना विषयको उपभोग गर्न अभिप्रेरित गर्ने कार्य मनले नै गर्दछ। असंयमित पुरुषको मन असंयमित नै हुने भएकाले बेरोकटोक विषयको उपभोग गर्न चाहन्छ। मनमा जस्तो इच्छा उत्पन्न हुन्छ (पलाउँछ) त्यसरी नै मनद्वारा प्रेरणा दिइएका इन्द्रियहरू मनको कामना पूरा गराउन प्रवृत्त हुन्छन्।

विद्याध्ययनको अभावबाट उत्पन्न हुने- यो हितकर हो र यो हितकर होइन भन्ने विवेक नभएका मनुष्यको मन राम्रा परिणाम दिने र नराम्रा परिणाम पनि दिने अर्थात् सबै प्रकारका कार्यमा स्वाभाविक रूपमा प्रवृत्त हुन्छ नै। विद्याको अध्ययनबाट उत्पन्न भएको प्रज्ञाले मनुष्यलाई अनिष्ट उत्पन्न गराउने कार्यबाट निवृत्त गराएर अभीष्ट उत्पन्न गराउने कार्यमा प्रवृत्त गराउँछ। प्रज्ञाका अभावमा हित गर्ने र हित नगर्ने कार्यको ज्ञान हुन सक्दैन, अर्थात् अमुक कार्य गर्दा राम्रो परिणाम निस्कन्छ र अमुक कार्य गर्दा नराम्रो परिणाम निस्कन्छ भन्ने बोध हुँदैन। ज्ञानका अभावमा कुन काम गर्दा अभीष्ट वस्तु प्राप्त हुन्छ र कुन काम गर्दा अभीष्ट वस्तु प्राप्त हुँदैन भनी विश्लेषण गर्ने विवेकको उदय नहुने भएकाले रागले आक्रान्त भएको मनुष्य जसरी प्राप्त हुन्छ त्यसरी नै विषयको उपभोग गर्न प्रवृत्त हुन्छ।

जुनसुकै र जस्तोसुकै उपायबाट भए पनि विषयको उपभोगमा आसक्त भएका इन्द्रियहरू अव्यवस्थाका उत्पादक हुन्छन्। यस संसार भोगका लागि सबै उपभोग्य वस्तुहरू सुलभ छैनन्। आसक्त भएका इन्द्रियहरूलाई तृप्त गराउन आफैले आफूलाई नियन्त्रण गर्न नसकेको असंयमी पुरुषले अनुचित (अविहित, निषिद्ध एवं विरुद्ध) बाटो समातेर भए पनि अरूको सम्पत्ति जबरजस्ती हत्याउन चाहन्छ। यस्तै कार्यबाट नै समाजमा अव्यवस्थाको आरम्भ हुन्छ।

इन्द्रियहरू- पाँचवटा ज्ञानेन्द्रिय, पाँचवटा कर्मेन्द्रिय एवं दुवै स्वभाव भएको एउटा मन गरी एघारवटा छन् (मनु. २/९०,९२)।[९] त्यस मध्ये कान, छाला, आँखा, जिब्रो र नाक- यी पाँचवटा ज्ञानेन्द्रिय हुन्। यिनै पाँच ज्ञानेन्द्रियलाई

९. {कान, छाला, आँखा, जिब्रो र पाँचवाँ नाक (यी पाँच ज्ञानेन्द्रिय हुन्); पायु (गुदा), उपस्थ (लिङ्ग), हात, गोडा र दसौं वाणी (यी पाँच कर्मेन्द्रिय हुन्} - मनु. २/९०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपस्थः, हस्तौ, पादौ, वाक् चेति पञ्च कर्मेन्द्रियाणि । मनश्चैकादशमिन्द्रियं स्वगुणेन ज्ञानेन्द्रियकर्मेन्द्रिय-रूपोभयात्मकम् । एतेषामिन्द्रियाणां विषयोपभोगेन तृप्त्यर्थं प्रवृत्तो जनो न कदाचिदपि तृप्तेरन्तं गच्छति । [१४]यथा यथा हि जनः कामानामुपभोगं कुरुते तथा तथा हि हविषाग्नेरिवोपभोक्तुः कामः संवर्द्धत एव । तस्य कामस्य निरवधिकतृष्णस्य मोहात् तृष्णाशमनेच्छया निरन्तरं प्रवर्तते भोगासक्तो मानवः । सा च प्रवृत्तिः भोगासक्त्या कलुषिता सती नियामकतत्त्वाभावे भोग्यात्मकसाधनप्राप्तये स्वच्छन्दं जायते । इन्द्रियेषु स्वच्छन्दतया जायमाना प्रवृत्तिः सामाजिकव्यवस्थां व्यपोहति । स्वकीयेन्द्रियतृप्त्यर्थं परकीयस्वत्वमाच्छिनत्ति । स्वत्वोपायहेतून-नपेक्ष्यैव वस्तूनि स्वायत्तीकरोति । स्वत्वोपायहेतवश्च दायः, लाभः, क्रयः, जयः, प्रयोगः, कर्मयोगः, सत्प्रतिग्रहश्चेति सप्तैव धर्म्याः सन्तीति [१५]मनुना निर्दिष्टम् । **'स्वामी रिक्थक्रयसंविभागपरिग्रहाधिगमेषु ।**

---

१४. **न जातु कामः कामानामुपभोगेन शाम्यति । हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्द्धते ।।**- इति मनुः २/९४ ।

१५. **सप्त वित्तागमा धर्म्या दायो लाभः क्रयो जयः । प्रयोगः कर्मयोगश्च सत्प्रतिग्रह एव च ।।**- १०/११५ मनुः ।

बुद्धीन्द्रिय पनि भनिन्छ । पायु (गुदास्थान), उपस्थ (जननेन्द्रिय) हात, गोडा र वाणी- यी पाँच कर्मेन्द्रिय हुन् । एघारौं इन्द्रिय मन हो । मनमा ज्ञानेन्द्रिय र कर्मेन्द्रिय दुवैका गुण रहेका हुन्छन् । त्यसैले आफ्नो स्वभाव अनुसार मनलाई उभयात्मक (दुवै गुण भएको) भनिन्छ ।

यिनै इन्द्रियहरूलाई विषयको उपभोगद्वारा तृप्त गराउन प्रवृत्त भएको मनुष्य कहिल्यै पनि तृप्तिको अन्तमा पुग्दैन अर्थात् विषयको उपभोग गरेर पूर्ण सन्तुष्ट हुन सक्दैन । हवनीय पदार्थको प्रक्षेपणबाट जसरी अग्नि झन् झन् बढ्दछ (दन्किन्छ) त्यसरी नै मनुष्यले पनि जति जति कामनाको उपभोग गर्दछ त्यति त्यति नै उसका कामनाहरू बढ्दै जान्छन् (मनु. २/९४) ।[१०] मोहका कारण सीमारहित तृष्णाले युक्त भएका कामनाको तृष्णा शमन गर्ने उद्देश्यले भोगमा आसक्त भएको मनुष्य सधैँ लागिरहेको हुन्छ । भोगको आसक्तिले गर्दा कलुषित भएको प्रवृत्ति नियामक तत्त्वको अभावमा भोग्यसामाग्रीको प्राप्तिका लागि स्वच्छन्द भएर लाग्दछ । इन्द्रियहरूलाई स्वच्छन्द छाडिदिएर गरिने कार्यले सामाजिक व्यवस्थालाई ध्वस्त बनाउँछ । त्यस अवस्थामा पुरुषले आफ्ना इन्द्रियहरूको तृप्तिका लागि अरूको सम्पत्ति हडप्न थाल्दछ । सम्पत्ति प्राप्त गर्ने उचित विधिको (स्वत्व प्राप्तिका हेतुभूत उपायको) उपेक्षा गरेर अरूको सम्पत्ति जबरजस्ती आफ्नो बनाउँछ । दाय (भागबण्डाबाट प्राप्त पैतृक सम्पत्ति), लाभ (पुरस्कार आदि), क्रय (किनेको वस्तु), जय (विजय पछि प्राप्त हुने धन), प्रयोग (लगानीबाट प्राप्त मुनाफा), कर्मयोग (परिश्रमबाट प्राप्त पारिश्रमिक आदि) र सत्प्रतिग्रह (सत्पात्रबाट लिइने दान) गरी सातवटा धर्मपूर्वक सम्पत्ति आर्जन गर्ने साधन छन् (मनु. १०/११५)[११] भनी मनुले

ख) {आफ्ना गुणका कारण दुवै स्वभाव भएको अर्थात् ज्ञानेन्द्रियका र कर्मेन्द्रियका विशेषताले युक्त भएको मन एघारौं इन्द्रिय हो भनी जान्नुपर्दछ ।- यो पनि मनुकै भनाइ हो ।}- मनु. २/ ९२ ।

१०. {अभिलाषा कहिल्यै पनि विषयको उपभोगले शान्त हुँदैन । हवि (घृत आदि) द्वारा अग्नि बढेझैं झनझन बढ्दछ}- मनु. २/९४ ।

११. {१. दाय (वंशपरम्पराबाट प्राप्त सम्पत्ति), २. लाभ (मित्रता आदिबाट प्राप्त निधि आदि), ३. क्रय (किनेर प्राप्त भएको वस्तु), ४. जय (विजय गरेर प्राप्त गरेको धन), ५. प्रयोग (लगानीबाट प्राप्त भएको व्याज, मुनाफा आदि) ६. कर्मयोग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणस्याधिकं लब्धं विजितं क्षत्रियस्य निर्विष्टं वैश्यशूद्रयोः' इति च [१६]गौतमेनोक्तम् । एताश्च स्वत्वोपायहेतूनुल्लङ्घ्यापि द्रव्याण्याप्तुं बलाच्च प्रवर्तते । द्रव्याणि च सपशुपुत्रदारादिजीवात्मकद्रव्यं गृह-क्षेत्राश्मसुवर्णरजताद्यजीवात्मकपदार्थद्रव्यं चेति द्विविधात्मकानि ।

यद्यपि सप्तानामेव पदार्थानामुपलब्धये रागाक्रान्तचेतसां जनानां प्रवृत्तिर्मर्यादामुल्लङ्घ्यापि संभवति तथापि प्रायेण गुणकर्माद्यपेक्षया द्रव्यपदार्थेष्वाधुनिकानां प्रवृत्तेर्दर्शनात् प्राधान्येन द्रव्याणि निर्दिष्टानि । साधारणतयाव्यवस्थित्यापादकत्वं तु सप्तष्वेव पदार्थेषु नियामकतत्त्वाभावे स्थितमित्यवगन्तव्यम् । [१७]सप्त पदार्थाश्चान्नभट्टेन परिगणितास्तत एवावगन्तव्याः ।

१६. गौतमधर्मसूत्रम् २/१०/३९-४२ ।

१७. तर्कसङ्ग्रहः, उद्देशप्रकरणम्, १ सूत्रम् ।

बताएका छन् ।[१२] **स्वामी०** अर्थात् 'रिक्थ, क्रय, संविभाग, परिग्रह एवं अधिगममा पुरुष स्वामी (मालिक) हुन्छ अर्थात् रिक्थ आदिबाट प्राप्त सम्पत्ति व्यक्तिको निजी सम्पत्ति हुन्छ । लब्ध (अचानक प्राप्त भएको) धन ब्राह्मणले अधिक पाउँछ । विजयबाट प्राप्त भएको सम्पत्ति क्षत्रियले बढी पाउँछ, निर्विष्ट (आफ्ना लागि बताइएका कार्यबाट प्राप्त) सम्पत्ति वैश्य र शूद्रले बढी पाउँछन् ।' (गौ.ध.सू. २/१०/३९-४२) भनी गौतमले भनेका छन् ।[१३] {इन्द्रियहरूलाई तृप्त गराउन प्रवृत्त भएको मनुष्य}उपर्युक्त सम्पत्ति प्राप्त गर्ने उपायलाई छाडेर बलपूर्वक द्रव्य आर्जन गर्न प्रवृत्त हुन्छ । द्रव्य-पशु, पुत्र, पत्नी आदि जीवात्मक द्रव्य एवं घर, खेत-बारी, बहुमूल्य पत्थर, सुन, चाँदी आदि अजीवात्मक पदार्थ द्रव्य गरी दुई प्रकारको हुन्छ ।

हुन त रागले आक्रान्त भएका पुरुषहरूको सातै प्रकारका पदार्थ प्राप्त गर्ने प्रवृत्तिले मर्यादाको उल्लङ्घन गर्ने सम्भावना रहन्छ तर पनि प्रायः गरेर गुण, कर्म आदिका अपेक्षामा द्रव्यात्मक पदार्थहरूमा आधुनिकहरूको प्रवृत्ति

(परिश्रमबाट प्राप्त हुने अर्थात् कृषि, व्यापार आदिबाट प्राप्त आय), ७. सत्प्रतिग्रह (सत्पात्रबाट लिएको दान) यी सात नै धनप्राप्तिका धर्मसम्मत उपाय हुन् }- मनु. १०/११५ ।

१२. मनुद्वारा निर्दिष्ट धनप्राप्तिका सात धर्म्य उपायमध्ये दाय, लाभ र क्रय- यी तीन चारै वर्णका लागि धनार्जनका धर्म्य उपाय हुन्, जय क्षत्रियका लागि धनार्जनको धर्म्य उपाय हो, प्रयोग एवं कर्मयोग- यी दुई वैश्यका लागि धनप्राप्तिका धर्म्य उपाय हुन्, सत्प्रतिग्रह ब्राह्मणका लागि धनप्राप्तिको धर्म्य उपाय हो भन्ने तथ्य मन्वर्थमुक्तावलीबाट अवगत हुन्छ ।

१३. गौतमका दृष्टिमा क) **रिक्थ** (निर्बाधरूपमा प्राप्त हुने अंश), **क्रय** (किनेर प्राप्त हुने वस्तु), **संविभाग** (अपुतालीबाट प्राप्त हुने अंश) **परिग्रह** (वनजङ्गल पँधेरा आदि स्थानबाट बटुलेर धरमा ल्याइएका वस्तुहरू) र **अधिगम** (खानीबाट प्राप्त हुने खनिज पदार्थहरू यी यस्ता पाँच प्रकारका द्रव्यहरू अवान्तर जनजातिसहित चारैवर्णका लागि धनार्जनका धर्म्य उपाय हुन् । लब्धधनमा ब्रह्मणको, विजयबाट प्राप्त धनमा क्षत्रियको र निर्विष्ट (आफ्ना लागि निर्धारित कार्यबाट प्राप्त) धनमा वैश्य एवं शूद्रको बढी भाग लाग्छ मन्ने गौतमको तात्पर्य हो ।- गौ.ध.सू. २/१०/३९-४२ ।
ख) गौतमद्वारा रचना गरिएको धर्मसूत्रलाई गौतमधर्मसूत्र भनिन्छ । उद्धृत पङ्क्ति गौतमधर्मसूत्रका द्वितीयप्रश्नका दसौं अध्यायका क्रमशः ३९ देखि ४२ सूत्रका रूपमा आएका छन् । मूलमा प्रयुक्त निर्विष्ट शब्दले आफ्ना वर्णका लागि निर्दिष्ट भन्ने अर्थ बुझाउँछ । यसबाट कृषि, व्यापार आदिबाट प्राप्त सम्पत्तिमा वैश्यले बढी हिस्सा पाउँछ भने सेवाबाट प्राप्त सम्पत्तिमा शूद्रले बढी हिस्सा पाउँछ भन्ने अर्थ निस्कन्छ ।}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषतयाव्यवस्थोत्पादकत्वमुक्तेषु पदार्थेषु निहिततया तत्र व्यवस्थास्थापनाय धर्मशास्त्रं नियच्छति। नियन्त्रणं नाम रागान्धानां ज्ञानचक्षुरुद्भावनेनानभीष्टमार्गेभ्यो निवर्तनां विधायाभीष्टमार्गेषु प्रवर्तनोत्पादनमेव।

नियन्त्रणभेदाः

रागान्धतयानिष्टप्रवर्तनां विदधतां प्रत्यक्षाप्रत्यक्षत्वाभ्यां धर्मशास्त्रं द्वेधा नियन्त्रणं कुरुते। तत्र द्विविधे नियन्त्रणे एकस्य नियामकतत्त्वत्वेन निर्देशो विहतोऽस्ति। यथा हि राजशासनमुखेन अष्टादशव्यवहारपदानां व्यवस्थापनं प्रत्यक्षं विधत्ते अतोऽत्र प्रत्यक्षनियामकत्वं स्थितम्। अपरश्चाप्रत्यक्षतया नियन्त्रणं विधत्ते। अध्यात्मं कालुष्य-जन्यातिशयापादकतत्त्वद्योतकैर्वाक्यैरनभीष्टमार्गेभ्यो निवर्तनां सत्त्वशुद्ध्यापादनमुखेनाभ्युदयनिःश्रेयसोप-लब्धिकारकतत्त्वद्योतकैर्वाक्यैरभीष्टमार्गेषु प्रवर्तनां विधाय च नियन्त्रणं विधत्ते इत्यत्राप्रत्यक्षनियामकत्वम्।

देखिने हुनाले मुख्यतया द्रव्यहरूको निर्देश गरिएको हो। सामान्यतया सातै पदार्थमा नियामक तत्त्वको अभावमा अव्यवस्था उत्पन्न गराउने सम्भावना रहेको हुन्छ भनी जान्नुपर्दछ। सात प्रकारका पदार्थको गणना अन्न भट्टले गरेका छन् (तर्क. उद्देश्यप्रकरण, १ सू.)। तिनीहरूका सम्बन्धमा त्यहीबाट नै जानकारी लिनुपर्छ।

विशेषरूपमा माथि बताइएका वस्तुहरूमा अव्यवस्था उत्पन्न गराउने तत्त्व रहेको हुन्छ। अत एव व्यवस्था बनाइराख्न उक्त पदार्थहरूमा नियन्त्रण गर्ने काम धर्मशास्त्रले गर्छ। नियन्त्रण गर्नु भनेको रागले अन्धा भएका पुरुषहरूमा ज्ञानचक्षु उत्पन्न गराई त्यसैका सहायताले अनिष्ट बाटामा जान नदिएर अभीष्ट बाटामा लाग्ने प्रवृत्ति उत्पन्न गराउनु हो।

नियन्त्रणका भेद-[१४]

रागले अन्ध भएकाले अनिष्टतर्फ प्रवृत्त भइरहेका मनुष्यहरूलाई धर्मशास्त्रले प्रत्यक्ष एवं अप्रत्यक्ष गरी दुई प्रकारले नियन्त्रण गर्दछ। दुवै प्रकारका नियन्त्रणका उपायलाई एउटै शब्दद्वारा नियामक तत्त्व भनी निर्देश गरिएको छ। (राजदण्डले) राजाज्ञाका रूपमा अठार प्रकारका व्यवहारपदको प्रत्यक्ष रूपमा व्यवस्थापन गर्ने कार्य गर्छ। अत यहाँ (राजदण्डमा) प्रत्यक्ष नियामकता रहेको हुन्छ। अर्को (धर्मदण्डरूप नियन्त्रणको साधन) ले अप्रत्यक्षरूपले नियन्त्रण गर्ने काम गर्छ। अध्यात्मले (धर्मदण्डले) कलुषितता (मलिनता/पापाचार) बाट उत्पन्न हुने भयङ्कर परिणाम प्रतिपादन गर्ने वाक्यहरूद्वारा अनभीष्ट मार्गबाट निवृत्त गराएर, साथै कलुषितताबाट शुद्ध हुने उपाय बताई अभ्युदय (ऐहलौकिक सुख एवं स्वर्गादिप्राप्ति) र निःश्रेयस (पारमार्थिक मोक्ष) उत्पन्न गराउने तत्त्वहरूलाई उजागर गर्ने वाक्यहरूद्वारा अभीष्ट मार्गमा प्रवृत्त गराएर नियन्त्रण गर्ने काम गर्छ। अतः यसमा (धर्मदण्डमा) अप्रत्यक्ष नियामकता रहेको हुन्छ।

१४. यौवन आदि समाजमा अव्यवस्था उत्पन्न गराउने साधन हुन्। समाजलाई व्यवस्थित एवं मर्यादित बनाउनका लागि अनियन्त्रित यौवन आदिबाट उत्पन्न हुने दुष्प्रवृत्ति (गैर जिम्मेवार कार्य, शास्त्र निषिद्ध कर्म, अमर्यादित आचरण आदि) लाई नियन्त्रण गर्नुपर्ने हुन्छ। नियन्त्रण गर्ने कार्य दण्डले गर्छ। दण्ड अप्रत्यक्ष र प्रत्यक्ष गरी दुई प्रकारको हुन्छ। अप्रत्यक्षदण्ड भनेको धर्मदण्ड हो प्रत्यक्षदण्ड भनेको राजदण्ड हो। दुवै दण्डको विधान धर्मशास्त्रले गर्छ। प्रस्तुत शोधप्रबन्धको दोस्रो र तेस्रो अध्यायमा मूलतः धर्मदण्डको चर्चा गरिएको छ। चौथो अध्यायमा राजदण्डको चर्चा गरिएको छ। आधुनिक युगमा राजदण्डका लागि अलगै ऐन कानुन बनाइन्छ तापनि प्राचीनकालमा उक्त कार्य धर्मशास्त्रका आधारमा गरिन्थ्यो। अतः प्राचीन न्यायालय आधुनिक न्यायालयजस्तो एकाङ्गी हुँदैनथ्यो। पुनश्च धर्मशास्त्रमा दण्डशब्दले सजाय (दण्ड-जरिबाना) भन्ने अर्थमात्र नबुझाएर अनिष्ट कार्यबाट निवृत्त गराई अभीष्ट कार्यमा प्रवृत्त गराउनु भन्ने अर्थ पनि बुझाउँछ। उक्त सबै कार्य धर्मशास्त्रले गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अप्रत्यक्षनियामकतत्त्वानि

नियन्त्रणस्याप्रत्यक्षत्वं नाम विधायकवाक्यानां फलान्तरस्य प्राधान्यत्वे विद्यमानेऽपि नान्तरीयकतया सामाजिकव्यवस्थास्थापनात्मकफलान्तरस्याप्युत्पत्तिः । पारत्रिकदण्डभयान्नोत्पथं गच्छतीति आध्यात्मिको दण्डः, पारत्रिको दण्डः, शास्त्रीयो दण्डश्चेत्यप्रत्यक्षनियामकतत्त्वस्यैव नामधेयानि ।

एकं कर्म फलद्वयस्य साधनम्-

तत्र शास्त्रीयो दण्डः पारलौकिकं नियम्यैहिकं नियच्छति इति एकं कर्म फलद्वयस्य साधकम् । दृश्यतेऽन्यत्रापि एकस्मात् कर्मणः फलद्वयस्य सिद्धिः । तत्र एकादशीप्रकरणे [१८]माधवाचार्येण एकादशीव्रतस्य नित्यत्वकामत्व-रूपभेदद्वयसाधनार्थं विविदिषाधिकरणन्यायं समुद्धरता सकृत्प्रयोगात् प्रयोजनद्वयसिद्धिः प्रदर्शिता । विविदिषा-धिकरणस्य सङ्ग्राहकौ श्लोकौ-

विद्यार्थमाश्रमार्थञ्च द्विः प्रयोगोऽथवा सकृत् ।
प्रयोजनविभेदेन प्रयोगोऽपि विधीयते ।।
श्राद्धार्थभुक्त्या तृप्तिः स्याद्विद्यार्थेनाश्रमस्तथा ।
अनित्यनित्यसंयोग उक्तिभ्यां खादिरे मतः ।। इति ।।

---

१८. कालमाधवः, द्वितीयादिप्रकरणे, एकादशीनिरूपणे, १९४ पृष्ठम् । {द्वितीयादितिथिनिर्णयाख्ये चतुर्थप्रकरणे} ।

अप्रत्यक्ष नियामक तत्त्वहरू-[१५]

अप्रत्यक्ष नियन्त्रण भनेको विधायक वाक्यहरूको अरू नै फल प्रधान भए तापनि अभेद सम्बन्धका कारण सामाजिक व्यवस्था स्थापन गर्नेरूपी फलान्तरको (अन्य प्रयोजनको) पनि प्राप्ति हुनु हो । परलोकमा यातना भोग्नुपर्छ भन्ने डरले मनुष्य नराम्रा काममा प्रवृत्त हुँदैन । आध्यात्मिक दण्ड, पारत्रिक दण्ड, शास्त्रीय दण्ड यी सबै अप्रत्यक्ष नियामक तत्त्वकै अन्य नाम हुन् ।

---

१५. प्रस्तुत शोधप्रबन्धको उद्देश्य धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो भनी प्रतिपादन गर्नु हो । दण्डका माध्यमले सामाजिक व्यवस्था कायम गरिन्छ । दण्ड अप्रत्यक्ष (धर्मदण्ड) र प्रत्यक्ष (राजदण्ड) गरी दुई प्रकारको हुन्छ । प्रथमतः यहाँ एउटा जिज्ञासा उत्पन्न हुन्छ- प्रत्यक्षदण्डको अर्थात् राजदण्डको राज्यव्यवस्थासित सम्बन्ध हुन्छ, अतः यसले सामाजिक व्यवस्था बनाउँछ । यसमा कुनै विप्रतिपत्ति छैन । तर अप्रत्यक्ष दण्डको अर्थात् धर्मदण्डको राज्यव्यवस्थासित कुनै सम्बन्ध हुँदैन । अतः यसले कसरी सामाजिक व्यवस्था बनाउँछ त ? यसको उत्तर हो- हो, अग्निहोत्रं जुहोति जस्ता विधिवाक्यका निर्देशन पालन गर्नाले उत्पन्न हुने परिणाम (स्वर्गादि) को व्यवस्थासित प्रत्यक्ष सबन्ध हुँदैन, त्यसैले नै धर्मदण्डलाई अप्रत्यक्ष दण्ड भनिएको हो । धर्मदण्डको प्रमुख उद्देश्य अरू नै हुन्छ तापनि समाजसित अभिन्न सम्बन्ध हुने भएकाले यसले पनि अप्रत्यक्ष रूपमा सामाजिक व्यवस्था बनाउन सहयोग गर्छ । यही विषय नै प्रस्तुत शीर्षकद्वारा निरूपण गरिएको छ । मूलमा नान्तरियक शब्द प्रयोग गरिएको छ । यसले अलग गराउन नसकिने सम्बन्ध भन्ने बुझाउँछ । कपडालाई र कपडामा रहेको रङ्गलाई छुट्याएर (अलग गराएर) देखाउन सकिन्न । धर्मका र समाजका बीचमा पनि यसै प्रकारको सम्बन्ध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनयोः श्लोकयोर्व्याख्या च माधावाचर्येणेत्थं विहिता-

'तमेतं वेदानुवचनेन ब्राह्मणा विविदिषन्ति यज्ञेन दानेन तपसानाशकेन' इति श्रुतिवाक्येन परमात्मविद्यायां यज्ञादयो विहिताः। गृहस्थाद्याश्रमधर्मत्वन्तु यज्ञादीनां सर्वश्रुतिस्मृतिषु प्रसिद्धम्।

एउटै कार्य दुई ओटा फलको साधन हुन्छ-[१६]

शास्त्रीय दण्डले परलोकलाई नियन्त्रण गरेर यस लोकलाई पनि नियन्त्रण गर्दछ। त्यसैले एउटै कार्य दुई ओटा प्रयोजनको साधक हुन्छ। अरू ठाउँमा पनि एउटा कामबाट दुइटा प्रयोजन सिद्ध भएको देखिन्छ। माधवाचार्यले एकादशी प्रकरणमा (का.मा. ४, एकादशीनिर्यणः, पृ. १९४)[१७] एकादशीव्रत नित्य एवं काम्य दुवै हुन्छ भन्ने कुरा सिद्ध गर्नका लागि विविदिषाधिकरण न्यायको उल्लेख गरेका छन्। उक्त न्यायको उद्धरण दिएर एउटै कार्य दुइटा प्रयोजनको साधक हुन्छ भन्ने कुरा सिद्ध गरेका छन् (का. मा. ४, एकादशीनिर्णय)। निम्न दुई पद्यले विविदिषाधिकरण न्यायको अर्थ स्पष्ट पार्दछन्-

विद्यार्थ० अर्थात्- 'ब्रह्मविद्या प्राप्तिका लागि र गृहस्थाश्रमका धर्म निर्वाह गर्नका लागि (यज्ञ दान आदि साधनको) दुई पटक प्रयोग गर्नुपर्छ अथवा एकै पटक प्रयोग गरे हुन्छ ? (प्रथमपक्ष भन्दछ-) ब्रह्मविद्याप्राप्ति र गृहस्थधर्मनिर्वाह दुईवटा उद्देश्य भएकाले उक्त दुवै उद्देश्य प्राप्त गर्न उक्त उद्देश्य प्राप्तिका साधनको पनि दुई पटक प्रयोग गर्नुपर्छ अर्थात् एक पटक गरिएका यज्ञ दान आदिबाट दुवै प्रयोजन सिद्ध हुन सक्दैनन्। (उत्तरपक्ष भन्दछ-) श्राद्धकर्म सम्पादन गर्नका लागि गराइएका भोजनबाट यजमानको श्राद्धकर्म सम्पादन एवं ब्राह्मणको तृप्ति दुवै कार्य एकै साथ सम्पन्न भएझैं विद्याप्राप्तिका लागि गरिएका यज्ञादि अनुष्ठानबाट विद्याप्राप्ति एवं आश्रमधर्म दुवै निर्वाह हुन्छ। श्रुतिमा पनि यज्ञानुष्ठानमा खयरको अनित्य (वैकल्पिक) र नित्य (अनिवार्य) सम्बन्ध हुने कुरा गरिएको छ अर्थात् नित्य एवं काम्य दुवै कर्ममा एउटै खयरका यूपको विधान गरिएको छ।'

---

१६. पूर्व अनुच्छेदका विवरणबाट विधिवाक्यका (धार्मिक अनुष्ठान गर्न प्रवृत्त गराउने श्रौत एवं स्मार्त वाक्यका) दुइटा उद्देश्य हुन्छन् एउटा प्रधान उद्देश्य र अर्को आनुषङ्गिक उद्देश्य। धर्मानुष्ठानको स्वर्गादि प्राप्ति प्रधान उद्देश्य हो भने सामाजिक व्यवस्था कायम गराउनु आनुषङ्गिक (प्रसङ्गतः प्राप्त) उद्देश्य हो। अतः एवं धर्मदण्डले परलोकका साथै यस लोकलाई पनि नियन्त्रण गर्छ। अब एउटा समस्या उत्पन्न हुन्छ- विधिवाक्यको एउटै उद्देश्य हुन सक्छ, दुई दुईवटा उद्देश्य हुन सक्दैनन्। अथवा एउटा कार्य एउटा साध्यको साधक हुन सक्छ दुइटा साध्यको साधक हुन सक्दैन। यस समस्याको समाधान हो- एउटा कार्य दुइटा साध्यको साधन हुन सक्छ (एउटा साधनले दुइटा साध्य पनि सिद्ध गर्छ)। यसको चर्चा माधवाचार्यले कालमाधवमा एकादशी व्रत नित्य एवं काम्य दुवै हुन्छ भन्ने सन्दर्भमा गरेका छन्। विविदिषाधिकरण न्यायद्वारा उक्त कुरा सिद्ध हुन्छ भनिएको छ। उक्त न्यायका आधारमा धर्मदण्डले स्वर्गादि प्रयोजन सिद्ध गराउने र सामाजिक व्यवस्था कायम गराउने दुवै कार्य गर्छ भनी प्रस्तुत प्रसङ्गमा चर्चा गरिएको छ। लोकमा पनि **एका क्रिया द्वर्थकरी प्रसिद्धा** भन्ने उक्ति सुनिन्छ। प्रस्तुत शोधप्रबन्धमा उपनयन आदि कतिपय संस्कार एवं नित्यकर्म मानिएका अधिकांश अनुष्ठान काम्य पनि हुन्छन् भनी सिद्ध गर्नका लागि ठाउँ ठाउँमा विवदिषाधिकरणन्यायको चर्चा गरिएको छ।

१७. **कालमाधव** माधवाचार्यद्वारा लिखित प्रतिपदा आदि तिथिका सम्बन्धमा आधिकारिक एवं प्रामाणिक निर्णय गरिएको शास्त्रीय ग्रन्थ हो। यो ग्रन्थ उपोद्घात आदि प्रकरणमा विभक्त छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र संशयः-

किं यज्ञादीनां द्विःप्रयोगः, उत सकृदिति।

तत्र प्रयोजनभेदात् प्रयोगभेदः, इति पूर्वः पक्षः।

निमन्त्रितेन ब्राह्मणेन क्रियमाणस्य भोजनस्य द्वे प्रयोजने, अन्यकर्तृकश्राद्धनिष्पत्तिः, स्वतृप्तिश्च। न च द्विर्भुज्यते।

तद्वत् ब्रह्मविद्यार्थमनुष्ठितेन यज्ञादिकर्मणा प्रयोजनद्वयं सिद्ध्यति इति।

उपर्युक्त दुई पद्यको व्याख्या माधवाचार्यले यसरी गरेका छन्- **तमेतम्०** अर्थात् 'यस प्रकारका विशेषताले युक्त भएका परमात्मालाई श्रुतिवचनलाई आधार मानी ब्राह्मणहरूले अविनाशी यज्ञका, दानका र तपस्याका माध्यमले जान्न चाहन्छन्' (बृ.आ.उ. ४/४/२२)[१८] यस श्रुतिवाक्यद्वारा परमात्मविद्याका लागि यज्ञादिको विधान गरिएको पाइन्छ। यज्ञादि गृहस्थ आश्रमका धर्म हुन् भन्ने कुरा सबै श्रुतिहरूमा एवं स्मृतिहरूमा बताइएको छ र प्रसिद्ध पनि छ। अब यहाँ एउटा शङ्का उत्पन्न हुन्छ। अध्यात्मविद्या प्राप्त गर्ने र गृहस्थधर्म निर्वाह गर्ने उद्देश्यले यज्ञादि दुई पटक सम्पन्न गर्नुपर्छ अथवा एकै पटक गरेका यज्ञादिबाट दुवै फल प्राप्त हुन्छन्। प्रयोजनका भेदले प्रयोगमा पनि भिन्नता हुन्छ अर्थात् दुइटा प्रयोजन (उद्देश्य) भएकाले यागादि पनि दुईपटक नै गर्नुपर्छ एक पटक गरिएका यागादिबाट दुवै प्रयोजन सिद्ध हुन सक्दैनन्। यो पूर्वपक्षको भनाइ हो। यस कथनलाई अर्का थरीले (सिद्धान्त पक्षकाले) स्विकार्दैनन्। उनीहरू भन्दछन्- भोजनका लागि निमन्त्रणा गरिएका ब्राह्मणद्वारा गरिने भोजनका दुइटा प्रयोजन हुन्छन्- एउटा अन्य पुरुषद्वारा अर्थात् यजमानद्वारा गरिएका श्राद्धको निष्पत्ति र अर्को आफ्नो तृप्ति (भोक मेटाउने काम)। उक्त दुवै प्रयोजन सम्पन्न गर्नका लागि दुई पटक भोजन गरिँदैन। यसै प्रकारले ब्रह्मविद्या प्राप्त गर्ने उद्देश्यले गरिएका यज्ञादि कर्मद्वारा दुवै प्रयोजन (ब्रह्मविद्या प्राप्ति एवं गृहस्थधर्मको पालन) सिद्ध हुन्छन्।

---

१८. मूलमा उद्धृत वाक्य बृहदारण्यकोपनिषद्को चतुर्थ अध्यायको पञ्चम ब्राह्मणको २२ वा मन्त्रको अंश हो। उक्त अंशको व्याख्या यसरी गरिन्छ- काम्यैकदेशवर्जितं कृत्स्नं कर्मकाण्डं सत्त्वशुद्धिहेतुभूतं सत् तादर्थ्येन विनियुज्यते इत्याह- तमेवेति। यः स्वयंज्योतिः महानज आत्मेति प्रकृतः तमेवौपनिषदं पुरुषं मन्त्रब्राह्मणात्मकवेदानुवचनेन ब्राह्मणा विविदिषन्ति- तद्याथात्म्यमुपनिषद्वाक्यर्वेदितुमिच्छन्ति। यद्वा कर्मकाण्डगोचरमन्त्रब्राह्मणात्मकवेदानुवचनेन विविदिषन्ति। कथम्? यज्ञेन निष्कामबुद्ध्यानुष्ठितेन चित्तशुद्धिमेत्य अथ औपनिषदं पुरुषं विविदिषन्ति। **'विशुद्धसत्त्वस्ततस्तु तं पश्यते निष्कलं ध्यायमानः'** इति, **'ज्ञानमुत्पद्यते पुंसां क्षयात् पापस्य कर्मणः'** इति श्रुतेः स्मृतेश्च। एवं विधिवत् यज्ञसंस्कृतस्य आदौ सत्त्वशुद्धिर्जायते। ततो ज्ञानमप्रतिबद्धं भविष्यति। ज्ञानसमकालं कृत्यकृत्यो भवतीत्यर्थः। तथा दानेन तस्यापि पापक्षयपूर्वकं सत्त्वशुद्धिप्राप्यज्ञानद्वारा मुक्तिहेतुत्वात्। तपसा कृच्छ्रचान्द्रायणादिना विचारात्मकेन वा विविदिषन्ति। तथा च श्रुतिस्मृती- **'तपसा ब्रह्म विजिज्ञासस्व'** **'तपसा प्राप्यते सत्त्वं सत्त्वात् संप्राप्यते मनः। मनसा प्राप्यते त्वात्मा ह्यात्मापत्त्या निवर्तते॥'** इति। **'तपसा कल्मषं हन्ति'** इति च। तथानाशकेन प्राणमात्रधारणहेतुना **'प्राणसन्धारणार्थं यथोक्तकाले विमुक्तो भैक्षमाचरेत्'** इति श्रुतेः। न त्वशननिवृत्तिः, तथात्वे मृतिः स्यात्। यद्वा- वेदपठनपाठनयज्ञदानतपः-शब्देन निष्कामकर्मोच्यते। तत्सत्त्वशुद्धिजज्ञानतो मोक्षसाधनं भवतीति कर्मकाण्डस्यापि मुक्तिहेतुत्वमभिहितम्। (एवं यथाप्रकाशितोपायेन आत्मानं विदित्वा मुनिर्योगी भवति)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा वै सकृदनुष्ठितेन यज्ञेन दानेन तपसा च आश्रमधर्मरूपपरमात्मविद्योदयरूपयोर्द्वयोः प्रयोजनयोः सिद्धिर्भवति, तथैव धर्मशास्त्रं विधायकैर्वाक्यैराश्रमादिधर्मानुष्ठानजन्यस्वर्गादिफलरूपसामाजिकव्यवस्था-स्थापनरूपयोरुभयोः प्रयोजनयोः साधनं सम्पद्यते। तस्मादेकं कर्म फलद्वयस्य साधकं भवति।

यज्ञानुष्ठानजन्यस्वर्गादिफलरूपप्रयोजनस्य वैदिकपदार्थत्वम् । सामाजिकव्यवस्थास्थापनरूपप्रयोजनस्य लौकिकपदार्थत्वम्। वैदिकौ पदपदार्थौ लौकिकाभ्यां पदपदार्थाभ्यां भिन्नौ। अतः कथमेकं कर्म उभयविधस्य प्रयोजनस्य साधकं भवतीति शङ्का तु न विधेया। आकृत्यधिकरणन्यायेन वैदिकलौकिकपदपदर्थयोरैक्य-प्रतिपादनादेकेनैव प्रयोगेणोभयप्रयोजनसिद्धेश्च।

आकृत्यधिकरणस्य सङ्ग्राहकौ श्लोकौ-

लोके पदपदार्थौ यौ न तौ वेदेऽथवात्र तौ।
रूपभेदात्पदं भिन्नमुत्तानादिभिदा स्फुटा॥
वर्णैकत्वात्पदैकत्वं क्वाचित्की रूपभिन्नता।
प्रायिकेण पदैक्येन तदर्थैक्यं तथाविधम्॥ इति।

एकै पटक सम्पन्न गरिएका यज्ञ, दान एवं तपस्या जसरी आश्रमधर्मको परिपालन एवं ब्रह्मविद्याको उदयरूप दुवै प्रयोजनको साधक हुन्छन् त्यसरी नै धर्मशास्त्र पनि विधिवाक्यका माध्यमले आश्रमादि धर्मको अनुष्ठानबाट उत्पन्न हुने स्वर्गादिफल प्राप्तिरूप एवं सामाजिक व्यवस्था स्थापनारूप दुवै प्रयोजनको साधक हुन्छ। अतः एउटै कार्य दुईवटा प्रयोजनको साधक बन्दछ।

[१९]यज्ञको अनुष्ठान गर्नाले प्राप्त हुने स्वर्गादिफलरूपी प्रयोजन वैदिक पदार्थ हो। सामाजिक व्यवस्थाको स्थापन गर्ने प्रयोजन भनेको लौकिक पदार्थ हो। वैदिक पद एवं पदार्थ लौकिक पद एवं पदार्थ भन्दा भिन्न हुन्छन्। यस अवस्थामा एउटै कार्य कसरी दुईवटा प्रयोजनको साधक हुन सक्छ त? यस्तो शङ्का गर्नुहुँदैन। आकृत्यधिकरण न्यायद्वारा वैदिक र लौकिक दुवै पद एवं पदार्थ एकै हुन् भनी प्रतिपादन गरिएको हुनाले एउटा प्रयोग (कार्य वा साधन) द्वारा दुवै प्रयोजन सिद्ध हुन्छन्। आकृत्यधिकरणको अर्थ बुझाउने श्लोक यसप्रकार रहेका छन्-

लोके पदपदार्थौ० अर्थात् 'लोकमा जुन पद पदार्थ प्रयोग गरिन्छन् तिनै पद पदार्थ वेदमा प्रयोग गरिँदैनन् अथवा तिनै पद पदार्थ वेदमा पनि प्रयोग गरिन्छन् (लोकमा प्रयोग गरिने पद पदार्थ र वेदमा प्रयोग गरिने पद पदार्थ एउटै हुन् कि अलग हुन्?- यो शङ्का वा जिज्ञासा हो र यसका सम्बन्धमा भनिएको छ-) रूपभेदले गर्दा लौकिकपद र वैदिकपद

---

१९. प्रस्तुत अनुच्छेदबाट आकृत्यधिकरणन्यायको उठान गरिएको छ। विविदिषाधिकरणन्यायद्वारा एउटा क्रिया दुइटा उद्देश्यको साधक हुन्छ भनी सिद्ध त गरियो तर विधिवाक्यका अनुष्ठानबाट प्राप्त हुने स्वर्गादि फल अलौकिक हुन्छ र उक्त अनुष्ठानबाट प्राप्त हुने सामाजिक व्यवस्था सम्बन्धी फल लौकिक हुन्छ। यस अवस्थामा एउटै क्रिया कसरी दुईओटा फलको साधक हुन्छ त भन्ने समस्या उत्पन्न हुन्छ। यसै समस्याको समाधानमा आकृत्यधिकरणन्याय सक्रिय हुन्छ। पुनश्च मीमांसासूत्रको आकृतिशक्त्यधिकरणमा पठित- **प्रयोगचोदनाभावादर्थैकत्वमविभागात्** (१/३/१०) सूत्रको शबरभाष्यमा मूलमा उल्लिखित विषयको विस्तृत व्याख्या पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनयोः श्लोकयोर्व्याख्या विस्तराकारेणेत्थं कृता-

वैदिकौ पदपदार्थौ लौकिकाभ्यां पदपदार्थाभ्यामन्यौ । कुतः ? रूपभेदात् । पदे तावद् रूपभेदो दृश्यते । आत्मशब्द आकारादित्वेन लोके नियतः । वेदे तु क्वचिदाकाररहितः पठ्यते- **'प्रयतं पुरुषं त्मना'** इति । **'ब्राह्मणाः'** इति लोके, वेदे त्वन्यथा पठ्यते- **'ब्राह्मणासः पितरः सौम्यासः'** इति ।

अर्थभेदोऽपि स्फुटः । **'उत्ताना वै देवगवा वहन्ति'** इति श्रूयते । मनुष्यगावस्त्ववाञ्चो वहन्ति । वेदे वनस्पतिर्हिरण्यपर्णः । तथा त श्रूयते- **'देवेभ्यो वनस्पते हवींषि हिरण्यपर्णं प्रदिवस्ते अर्थम्'** इति । तस्मात् लोकवेदयोः पदपदार्थावन्याविति प्राप्ते-

---

भिन्नै हुन् र उत्तान आदि पदमा अर्थगत भिन्नता पनि स्पष्ट देखिन्छ । (अतः लौकिक पद-पदार्थभन्दा वैदिक पद-पदार्थ भिन्न हुन्, यो प्रथम पक्ष हो) वस्तुतः वर्णहरू एउटै भएकाले पदहरूलाई पनि एउटै मान्नु पर्छ । कहीँ कहीँ देखिने रूपभिन्नता अपवाद मात्र हो । जसरी लौकिक पद र वैदिक पद एउटै हुन् भन्ने तथ्य सिद्ध हुन्छ त्यसरी नै लौकिक पदार्थ र वैदिक पदार्थ पनि एउटै हो भन्ने तथ्य प्रमाणित हुन्छ ।

उपर्युक्त पद्यको व्याख्या विस्तरा टीकाका लेखकले यसरी गरेका छन् –

वैदिक पद-पदार्थ लौकिक पद-पदार्थभन्दा भिन्नै हुन् । किन कि रूपभेद पाइन्छ । पदमा रूपभेद देखिन्छ । लोकमा नियमतः सुरुमा आ भएको आत्मा शब्द प्रयोग गरिन्छ । वेदमा भने कतिपय ठाउँमा आकार विनाको पाठ पनि पाइन्छ । जस्तै- **प्रयतं पुरुषं त्मना** । लोकमा ब्राह्मणाः यस्तो पदको प्रयोग गरिन्छ । वेदमा अर्कै प्रकारले पढिन्छ । जस्तै- **'ब्राह्मणासः पितरः सौम्यासः'**

अर्थमा पनि स्पष्ट भिन्नता देखिन्छ । वेदमा **'उत्ताना वै देवगवा वहन्ति'**[२०] उल्लेख गरेको पाइन्छ । मनुष्यका गाईहरू भने उँधोमन्टो लगाएर हिँड्छन् । वेदमा वनस्पति विशेषका लागि हिरण्यपर्ण शब्दको प्रयोग गरिन्छ । जस्तै

---

२०. **देवगवाः** = देवताका गाईहरू, **उत्तानाः** = उत्तानो परेर अर्थात् माथितिर फर्किएर **वहन्ति** = हिँड्दछन् । भूमण्डलमा पाइने गाईहरू भने उँधोतिर फर्किएर अर्थात् चारवटा गोडाले टेकेर हिँड्छन् । अतः देवताका (स्वर्गीय) र मनुष्यका (भूमण्डलीय) गाईमा भिन्नता देखिन्छ । मूलमा उद्धृत उत्ताना वै देवगवा वहन्ति पद्यलाई आधार बनाएर नैषधीयचरित महाकाव्यमा एउटा पद्यको रचना गरिएको छ । जुन यसप्रकार छ-

वैदर्भीकेलिशैले मरकतशिखरादुत्थितैरंशुदर्भैर्ब्रह्माण्डाघातभग्नस्यदजमदतया ह्रीधृतावाङ्मुखत्वैः ।
कस्या नोत्तानगाया दिवि सुरसुरभेरास्यदेशं गताग्रैर्यद्गोग्रासप्रदानव्रतसुकृतमविश्रान्तमुज्जृम्भते स्म ॥२/१०५॥

उद्धृत पद्यको अर्थ यसप्रकार छ- दमयन्तीको क्रीडापर्वतमा मरकतमणिद्वारा बनाइएका पहाडका चुचुराहरूबाट निस्किएका, माथितिर जाने क्रममा ब्रह्माण्डमा ठोकिएका हुनाले वेगपूर्वक ऊर्ध्वगमन गर्ने अहङ्कार नष्ट भएर लाजले घोसेमोन्टो लगाएका (पुनः तलतिरै फर्किएका) अतः एव उत्तानो परेर हिँड्ने देवताका गाईका मुखमा अग्रभाग परेका किरणरूपी दर्भका कारण कुण्डिननगरीको प्रतिदिन गोग्रास प्रदान गर्ने व्रतबाट उत्पन्न हुने पुण्य बढिरहेको छ । (दमयन्तीको क्रीडापर्वत मरकत मणिद्वारा निर्माण गरिएको छ । त्यसबाट निस्किएका किरणहरू ब्रह्माण्डमा पुग्छन् र त्यहाँबाट माथि जाने ठाउँ नभएकाले (ठोक्किएर) पुनः तलतिर फर्किन्छन् । यसै क्रममा उक्त मरकत मणिका किरणहरू उत्तानो परेर हिँड्ने देवताका गाईका मुखमा पर्छन् । गाईका मुखमा परेका किरण हरिया घाँस बन्दछन् । त्यसैले कुण्डिनगरीले प्रतिदिन गोग्रासको व्रत गर्छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रूमः- य एव लौकिकाः पदार्थाः, त एव वैदिकाः। तथा हि- वर्णानां तावन्नित्यत्वं प्रथमपादे साधितम्। यथा प्रयोक्तॄणां पुरुषाणां भेदेऽप्येकैकस्य पुरुषस्य बहुकृत्व उच्चारणभेदेऽपि त एवामी वर्णा इति प्रत्यभिज्ञानाद्वर्णैक्यम्, तथा- **'यानि लोके गवादिपदानि, तान्येव वेदेऽभिधीयमानानि'** इत्यवाधितप्रत्यभिज्ञया पदैकत्व-मभ्युपेयम्। **'त्मना, देवासः'** इत्यादिपदभेदस्तु क्वाचिच्चकः। नैतावता बहुतरप्रत्यभिज्ञावगतं पदैक्यमपोढुं शक्यम्। अन्यथा- **'सोऽयं देवदत्तः'** इति प्रत्यभिज्ञातं देवदत्तैक्यमपि देशादिभेदमात्रेणाऽपोह्येत। पदैक्ये चार्थैक्यमवश्यं भावि। अन्यथा वेदे पृथक् व्युत्पत्त्यभावादबोधकत्वं प्रसज्येत। एतदेवाभिप्रेत्योक्तम्- **'लोकावगतसामर्थ्यः शब्दो वेदेऽपि बोधकः'** इति।

स्वरूपयूपाहवनीयादिशब्दानां तदर्थानां चालौकिकत्वेऽपि प्रसिद्धपदसमभिव्याहाराद् व्युत्पत्तिः सम्भवति। उत्तानवहनादिकं त्वर्थवादः। अस्तु वा तथा वहनम्, तथाप्युत्तानादिशब्दास्तदर्थाश्च लोकसिद्धा एव। तस्माद्य एव लौकिकाः पदपदार्थास्त एव वैदिकाः॥ इति।

वेदमा एउटा उक्ति पाइन्छ- **'देवेभ्यो वनस्पते हवींषि हिरण्यपर्णं प्रदिवस्ते अर्थम्'**। अतः लोकमा र वेदमा प्रयोग गरिने पद एवं पदार्थ भिन्नै हुन् भन्ने कुरा सिद्ध हुन्छ।

हामीहरू (उत्तरपक्षीहरू) भन्दछौं- लोकमा जुन पदार्थ प्रयोग गरिन्छन् तिनै पदार्थ वेदमा पनि प्रयोग गरिन्छन्। किन कि- वर्णहरू नित्य हुन्छन् भन्ने कुरा प्रथमपादमा नै सिद्ध गरिसकिएको छ। जसरी प्रयोक्ता (वर्णहरूको प्रयोग गर्ने अर्थात् उच्चारण गर्ने) पुरुषको भिन्नता भए तापनि अथवा एउटै पुरुषले बारम्बार गरेको उच्चारणमा भिन्नता देखिए तापनि पहिले उच्चारण गरिएका र अहिले उच्चारण गरिएका वर्णहरू एउटै हुन् अलग होइन् भन्ने प्रत्यभिज्ञा (दृढज्ञान) उत्पन्न हुन्छ; {त्यसरी नै लोकमा प्रयोग गरिने र वेदमा प्रयोग गरिने वर्णहरू एउटै हुन् भन्ने प्रत्यभिज्ञा उत्पन्न हुन्छ।} यसै प्रकारले लोकमा प्रयोग गरिने जुन गाई आदि पद छन् वेदमा प्रयोग गरिने गाई आदि पद पनि उनै हुन् भन्ने प्रत्यभिज्ञा समेत निर्बाध रूपमा उत्पन्न हुन्छ। अतः (लौकिक एवं वैदिक) पद एउटै हुन् भनी स्वीकार गर्नुपर्ने हुन्छ। **'त्मना, देवासः'** इत्यादि पदप्रयोगमा देखिने भिन्नता भनेको अपवाद मात्र हो। अपवादका रूपमा कहीँ कहीँ प्रयोग गरिने सीमित पदहरूलाई आधार मानेर अनेकौँ व्यक्तिको प्रत्यभिज्ञाबाट सिद्ध भएको वैदिक एवं लौकिक पद एउटै हुन् भन्ने सत्यलाई ढाकछोप गर्न सकिन्न। यदि यस्तो कुरा स्विकार्ने हो भने त 'यो त्यही नै देवदत्त हो जसलाई हामीले पहिले देखेका थियौँ' जस्ता वाक्यमा एउटै मानिएको देवदत्तलाई ठाउँ विशेष आदिका आधारमा अलग मान्नुपर्ने अवस्था आइपर्न सक्छ। यसरी लौकिक एवं वैदिक पद एउटै हुन् भन्ने कुरा सिद्ध भएपछि उक्त पदबाट निस्कने अर्थ पनि एउटै हो भन्ने कुरा स्वतः सिद्ध हुन्छ। अन्यथा वेदका लागि अलग व्युत्पत्ति नगराइने हुनाले वैदिक पदावलीबाट अर्थ ननिस्कने सम्भावना रहन्छ। यसै तथ्यलाई ध्यानमा राखेर 'लोकबाट अर्थ बुझाउने सामर्थ्य प्राप्त गरेको शब्द वेदमा पनि अर्थ बोध गराउन समर्थ हुन्छ भनी जान्नुपर्दछ' भनिएको छ। स्वरूप, यूप, आहवनीय आदि शब्दहरू र तिनका अर्थ समेत अलौकिक हुन् तापनि प्रसिद्ध पदको समभिहार (नजिकैमा प्रयोग गरिएको लौकिक पदको सहयोग) बाट व्युत्पत्ति (अर्थज्ञान) हुने सम्भावना रहन्छ। उत्तानवहन (उत्तानो परेर हिँड्ने) आदि शब्दहरू भने अपवाद हुन्। देवताका गाई माथितिर फर्किएरै हिँडुन्, केही छैन। तर पनि उत्तान आदि शब्द र उक्त शब्दबाट निस्कने अर्थ त लोकमा प्रसिद्ध नै छन्। अतः लोकमा प्रयोग गरिने जुन पद पदार्थ हुन् वेदमा प्रयोग गरिने पद पदार्थ पनि तिनै हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं लौकिकवैदिकपदपदार्थयोरैक्यं माधवाचार्येण साधितम् । एवमेव लौकिकवैदिकपदपदार्थयोरैक्याद् यज्ञदानतपस्यादीनामनुष्ठानात् स्वर्गापवर्गादिफलरूपप्रयोजनस्य सामाजिकव्यवस्थास्थापनात्मकरूप-प्रयोजनस्य च एकस्मादेव प्रयोगात् सिद्धिर्भवतीति स्थितम् । अर्थात् पारत्रिकेष्टसाधनमैहिकाभ्युदयसाधनं च शास्त्रीयदण्डप्रयोजनं नानारूपसमन्वितस्यैकस्य कर्मतत्त्वस्य समनुष्ठानात् सम्पद्यते इत्यर्थः ।

धर्मस्य भेदाः

धर्मस्य स्वरूपं निर्दिष्टम् । न हि सर्वैराचार्यैर्निर्दिष्टानि लक्षणानि समुपस्थापयितुं प्रयत्नो विहितः । समुपस्थापने प्रयोजनमपि आवश्यकं नास्ति । यस्य आचार्यस्य विहितं लक्षणं समुपस्थाप्येत तस्माल्लक्षणाद् आचार्य-लक्षणगतवचनभङ्गिवैचित्र्यमात्रं प्रतीयेत । नात्यावश्यकं वाचो भङ्गेर्मात्रस्य ज्ञानम् । प्रमाणप्रमेययोर्ज्ञान-मावश्यकम् । तच्च समुपस्थापितेभ्यो लक्षणेभ्यः प्रतीयत इति विस्तरो न विहितः । तैश्च लक्षणैर्लक्षितस्य प्रमेयरूपस्य धर्मस्य श्रौतत्वस्मार्तत्वाभ्यां द्विविधत्वात् द्वयोरेव सामाजिकव्यवस्थाप्रवणत्वं निरूपणीयम् ।

तत्र [१९]माधवाचार्येणापि श्रौतत्वस्मार्तत्वाभ्यां धर्मस्य द्विविधत्वमुपस्थाप्य अग्न्याधानदिपूर्वकाधीतप्रत्यक्ष-वेदमूलकानि दर्शपौर्णमासादीनि कर्माणि श्रौतानि, अनुमितपरोक्षशाखामूलकानि शौचाचारदिकर्माणि स्मार्तानीति तयोर्भेदो दर्शितः । एवमेव हि धर्मस्य द्विविधत्वं सर्वैरेव प्रदर्शितम् ।

१९. पराशरमाधवः, १ खण्डः, १ अध्यायः, (आचारकाण्डः) ५७ पृष्ठम् ।

यसरी लौकिक र वैदिक पदपदार्थ एउटै हुन् भनी माधवाचार्यले सिद्ध गरेका छन् (जै.न्या.मा. १/३/१०) । लौकिक र वैदिक पद एवं पदार्थ एउटै हुन् भन्ने तथ्य सिद्ध भएपछि यज्ञ, दान एवं तपस्या आदिको अनुष्ठानबाट स्वर्ग, अपवर्ग (मोक्ष) आदि रूप प्रयोजन र सामाजिक व्यवस्था स्थापना गर्ने रूपी प्रयोजन एउटै प्रयोगबाट (कार्यबाट) सिद्ध हुन्छन् भन्ने तथ्य प्रमाणित हुन्छ । अर्थात् परलोकमा कल्याण गराउनु र यस लोकमा पनि अभीष्ट सिद्ध गराउनु शास्त्रीयदण्डको प्रयोजन हो । अनेकौँ भेदोपभेदले युक्त भएको एउटै कर्मको अनुष्ठानबाट उक्त दुवै प्रयोजन सिद्ध हुन्छन् ।

धर्मका भेद-

धर्मको स्वरूप बताइयो । सबै आचार्यहरूद्वारा दिइएका धर्मका लक्षणहरू देखाउने प्रयत्न भने गरिएको छैन । सबै लक्षण देखाउनै पर्ने कुनै आवश्यक प्रयोजन पनि देखिँदैन । जुन आचार्यद्वारा दिइएको लक्षण उपस्थापन गरिए तापनि त्यस लक्षबाट आचार्यहरूद्वारा बताइएका लक्षणमा पाइने वचन, लिङ्ग आदिको वैचित्र्य मात्र भेटिन्छ । वाणीको भङ्गीमा (अभीष्ट वस्तु प्रतिपादन गर्ने शैली) को ज्ञान त्यति आवश्यक देखिँदैन । मूलतः प्रमाण एवं प्रमेयको ज्ञान आवश्यक हुन्छ । उक्त ज्ञान उपस्थापन गरिएका लक्षणहरूबाटै प्राप्त हुन्छ, त्यसैले विभिन्न आचार्यका लक्षण देखाएर ग्रन्थविस्तार गर्ने कार्य गरिएन । पहिले प्रतिपादन गरिएका लक्षणहरूद्वारा देखाइएका प्रमेयरूप धर्मका श्रौत एवं स्मार्त गरी दुई भेद हुन्छन् । उक्त दुवै प्रकारका धर्म सामाजिक व्यवस्था स्थापना गर्ने दिशामा अग्रसर छन् भन्ने तथ्य उजागर गर्नु प्रस्तुत प्रबन्धको उद्देश्य हो ।

माधवाचार्यले पनि सर्वप्रथम श्रौत र स्मार्त गरी धर्मका दुई प्रकार देखाएका छन् । अग्न्याधानपूर्वक अध्ययन गरिएका वेद नै मूल भएका (प्रत्यक्षप्रमाण भएका) दर्श, पौर्णमास आदि श्रौत कर्म हुन् र अनुमानलाई आधार बनाइएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रौतो धर्मः

श्रुतिप्रतिपादितो धर्मः श्रौतो धर्मः। श्रुतेर्हि [२०]निरपेक्षप्रमाणत्वं धर्मे स्थापितम्। स्मृत्यादीनि प्रमाणान्तराणि तु श्रुतिमुपजीव्यैव प्रामाणिकानीति अनुमितपरोक्षशाखामूलकत्वं स्मृत्यादीनां प्रमाणानां निगदितम्। स्मृत्यादीनां धर्मे प्रामाण्यं [२१]स्मृत्यधिकरणे उपस्थापितमेव। निरपेक्षो रवः श्रुतिरिति हि श्रुतेर्लक्षणं मीमांसकैर्निर्दिष्टम्। श्रुतिर्वेदः इति नार्थान्तरम्।

वेदस्य (श्रुतेः) भेदाः

विधिमन्त्रनामधेयनिषेधार्थवादात्मकाः पञ्च भेदा वेदस्य मीमांसकैः कल्पिताः। एतेषां संक्षेपात्मिका विवृत्तिः समुपस्थाप्यते।

विधिः

[२२]विधेः प्रयोजनवतोऽर्थस्य विधानेनार्थवत्वमभ्युपगम्य अप्राप्तस्यार्थस्य विधायकत्वं निर्दिष्टम्। न हि अन्यतः प्राप्तमर्थं विधिर्विधत्ते। प्रयोजनमुद्दिश्याप्राप्तार्थविधायको हि विधिः। **'अग्निहोत्रं जुहुयात् स्वर्गकामः'**

२०. मीमांसान्यायप्रकाशः, पूर्वभागः २७ पृष्ठम्।

२१. जैमिनीयन्यायमाला, १ अध्यायः, ३ पादः, १ अधिकरणम्।

२२. मीमांसान्यायप्रकाशः, ५ पृष्ठम्।

अपरोक्षशाखा नै मूल भएका शौच, आचार आदि स्मार्त कर्म हुन् भनी उक्त दुवै धर्मका बीचको भिन्नता देखाएका छन् (प.मा., आ.का., १ अ., पृ. ५७)।[२१] यसरी नै धर्म दुई प्रकारका हुन्छन् भनी सबै आचार्यले देखाएका छन्।

श्रौतधर्म-

श्रुति (वेद) द्वारा प्रतिपादन गरिएको (बताइएको) धर्म श्रौत धर्म हो। धर्मका सम्बन्धमा वेदलाई निरपेक्ष प्रमाण मानिएको छ (मी.न्या.प्र., पृ. २७)।[२२] स्मृति आदि प्रमाणहरू त वेदलाई नै आधार मानेर प्रामाणिक हुन्छन्। त्यसैले स्मृतिको प्रमाणलाई अनुमित परोक्षशाखा मूलक भनिएको छ। स्मृति आदि पनि धर्ममा प्रमाण हुन्छन् भन्ने कुरा स्मृत्यधिकरणमा भनिएकै छ (जै.न्या.मा. १/३/१)। वेद भनेको निरपेक्ष (कुनै प्रमाणको अपेक्षा नगर्ने) रव (शब्दराशि) हो भनी मीमांसकहरूले भनेका छन्। श्रुति भनेको नै वेद हो, अर्थात् यी दुई पद भिन्न अर्थ वा विषयका बोधक होइनन्।

वेदका भेद-

विधि, मन्त्र, नामधेय, निषेध एवं अर्थवाद गरी वेदका पाँचवटा भेद हुन्छन् भनी मीमांसकहरूले कल्पना (प्रतिपादन) गरेका छन्। यिनै वेदका पाँच प्रकारको संक्षिप्त विवृत्ति (विवरण वा परिचय) उपस्थापन गरिन्छ।

२१. श्रुति (वेद) आफै प्रमाण हुन्छ त्यसैले श्रौत धर्मलाई प्रत्यक्ष वेदमूलक धर्म भनिन्छ। स्मृति वेदममूलक भएका (वेदसित विरोध नभएका) अवस्थामा मात्र प्रमाण मानिन्छ। अतः स्मार्त धर्मलाई अनुमितपरोक्षशाखामूलक धर्म भनिन्छ।

२२. विनियोगविधिका सहयोगी छ प्रमाणमध्ये प्रथम श्रुतिप्रमाणको परिचय दिने सन्दर्भमा मूलमा उद्धृत परिभाषाको उल्लेख भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्येष विधिः स्वर्गरूपप्रयोजनमुद्दिश्य होमरूपं कर्म विधत्ते । न हि **'अग्निहोत्रं जुहोति'** इत्यस्माद्विधेः पूर्वं केनापि विधिनाग्निहोत्रहोमः प्राप्तः । विध्यन्तराप्राप्ततया प्रयोजनवत्तया च एष एव विधिरग्निहोत्रहोमं विधत्ते । स्वर्गादिप्रयोजनवतो यागादेर्विधानादेव [२३]वेदस्य धर्ममूलत्वं निर्दिष्टम् । इदमेवाग्निहोत्रं जुहोतीति वाक्यं कर्मोत्पोत्तिवाक्यमित्युच्यते ।

यत्र पुनः कर्म [२४]विध्यन्तरात्प्राप्तं तत्र पुनः कर्मोद्देशेन गुणमात्रं विधिर्विधत्ते । अस्य विधेर्गुणविधायकत्वाद् गुणविधित्वमाम्नातम् । **'दध्ना जुहोति'** इत्येष विधिर्गुणविधिः । **'अग्निहोत्रं जुहोति'** इत्यस्माद्विधेः कर्मणो विधानात्तदुद्देशेन दधिरूपगुणमात्रस्य **'दध्ना जुहोति'** इत्यनेन विधानात् अस्य होमसम्पादकदधिरूप-गुणविधायकतया गुणविधित्वं निर्दिष्टम् । इदमेव **'दध्ना जुहोति'** इति वाक्यं गुणवाक्यमित्युच्यते ।

यत्र पुनः कर्म गुणश्च प्रकारान्तरेणाप्राप्तं तत्र पुनस्तदुभयमेको विधिर्विधत्ते । अस्य विधेर्विशिष्टविधित्वमाख्यया समाम्नातम् । यथा **'सोमेन यजेत'** इति हि विधिः सोमरूपं गुणम्, यागरूपं कर्म च विधत्ते इति अस्य विधेर्विशिष्टविधित्वमाम्नातम् । सोमविशिष्टस्य यागस्य **'सोमेन यजेत'** इत्यनेन एकैनैव वाक्येन विधानादस्य विशिष्टविधायकत्वं जातम् । अत एव सगुणकर्मोत्पत्तिवाक्यमित्यप्युच्यते इदं वाक्यम् ।

---

२३. २/६ मनुः । {वेदोऽखिलो धर्ममूलम्}

२४. मीमांसान्यायप्रकाशः, पूर्वाभागः ६ पृष्ठम् ।

विधि-

विधिले प्रयोजनले युक्त भएका कार्यमा लाग्नुपर्छ भनी निर्देशन दिने काम गर्छ । अतः प्राप्त नभएका वस्तुको विधान गर्नु नै विधि हो भनी विधिको लक्षण गरिएको छ (मी.न्या.प्र., पू.भा., पृ. ५) । विधिले प्रसङ्गान्तरबाट प्राप्त भएका कुराको विधान गर्दैन । त्यसै प्रयोजनलाई लक्ष्य बनाएर प्राप्त नभएका कुरा को विधान गर्ने नै विधि हो । **'अग्निहोत्रं जुहुयात् स्वर्गकामः'** अर्थात् 'स्वर्गको कामना गर्ने पुरुषले अग्निहोत्र नामक यज्ञ गरोस्' यो विधि वाक्य हो । यस वाक्यले स्वर्गरूप प्रयोजन प्राप्त गर्ने उद्देश्यले हवनरूपी कर्मको विधान गरेको छ । **'अग्निहोत्रं जुहोति'** अर्थात् 'अग्निहोत्र नामक हवन गरोस्', यस वाक्यभन्दा पहिले कुनै पनि विधिवाक्यद्वारा अग्निहोत्र हवन प्राप्त भएको थिएन । अन्य विधिवाक्यबाट प्राप्त नभएकाले र प्रयोजन पनि भएकाले यसै (अग्निहोत्रं जुहोति) विधिवाक्यले अग्निहोत्रको विधान गर्छ अर्थात् अग्निहोत्र गर्न प्रवृत्त गराउँछ । स्वर्ग आदि प्रयोजनले युक्त भएका यज्ञ आदि गर्न लगाउने हुनाले नै वेदलाई धर्ममूलक भनिएको हो (मनु. २/६) । यसै **'अग्निहोत्रं जुहोति'** वाक्यलाई कर्मोत्पत्तिवाक्य भनिन्छ ।

जहाँ कर्म अन्य विधिबाट प्राप्त भएको हुन्छ त्यहाँ कर्मलाई उद्देश्य गरेर विधिवाक्यले गुणको मात्र विधान गर्दछ (मी. न्या.प्र., पू.भा. पृ. ६) । यस प्रकारको विधिवाक्यले गुणको विधान गर्ने हुनाले गुणविधिवाक्य भनिन्छ । **'दध्ना जुहोति'** अर्थात् 'दहीले हवन गर्छ' यो विधि गुणविधि हो । **'अग्निहोत्रं जुहोति'** यस विधिवाक्यबाट कर्मको विधान गरिएको हुनाले कर्मलाई उद्देश्य बनाएर दधिरूप गुणको विधान **'दध्ना जुहोति'** यस वाक्यबाट गरिन्छ । अतः हवन सम्पन्न गराउने दधिरूप गुणको विधान गर्ने हुनाले प्रकृत विधिलाई गुणविधि भनिएको हो । यसै **'दध्ना जुहोति'** वाक्यलाई गुणवाक्य भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विहितस्य कर्मणः फलाकाङ्क्षा स्वभावतो जायते। यथा हि **'अग्निहोत्रं जुहोति'** इत्यनेन विधिना कर्म विहितम्। तत्र फलाकाङ्क्षायाम् **'अग्निहोत्रं जुहुयात् स्वर्गकामः'** इत्यनेनाधिकारविधिना फलसम्बन्ध-मवबोध्यते इतीदं वाक्यं फलवाक्यम्।

यत्र पुनः प्राप्तं कर्म आश्रित्य फललाभाय गुणस्य विधानं भवति तस्य वाक्यस्य फलाद् गुणवाक्यमित्य-भिधानं निर्दिष्टम्। यथा- **'दध्नेन्द्रियकामस्य जुहुयात्'** इत्यनेन विधिना **'अग्निहोत्रं जुहोति'** इत्यनेन वाक्येन विहितं होममाश्रित्य इन्द्रियकामरूपफललाभाय दधिरूपस्य गुणस्य विधानं कृतमितीदं वाक्यं फलाय गुणवाक्यमित्युच्यते।

यत्र पुनः कर्मविधायकं वाक्यमेव फलसम्बन्धबोधकमपि भवति तस्य वाक्यस्य सफलकर्मोत्पत्ति-वाक्यमित्यभिधानं निर्दिष्टम्। यथा **'उद्भिदा यजेत पशुकामः'** इतीदमेकमेव वाक्यं फलं कर्म च विधत्ते इतीदं वाक्यं सफलकर्मोत्पत्तिवाक्यमेतद्।

अस्यैव विधेः उत्पत्तिविनियोगप्रयोगाधिकारभेदाच्चातुर्विध्यं निर्दिष्टम्।

जहाँ कर्म एवं गुण दुवै प्रकारान्तरबाट प्राप्त भएका हुँदैनन् त्यहाँ एउटै विधिले दुवैको (कर्म एवं द्रव्यको) विधान गर्छ। यस प्रकारको विधिलाई विशिष्टविधि भनिएको छ (मी.न्या.प्र., पू.भा., पृ. ६)। जस्तै **'सोमेन यजेत'** (सोमरसद्वारा यज्ञ गरोस् अर्थात् सोमयाग गरोस्) यस विधिवाक्यले सोमरूप गुणको र यागरूप कर्मको विधान गर्छ। त्यसै कारणले **'सोमेन यजेत'** लाई विशिष्टविधि भनिएको हो। सोमविशिष्ट यागको **'सोमेन यजेत'** यस प्रकारको एउटै वाक्यद्वारा विधान गरिने हुनाले यस प्रकारको विधि विशिष्टविधि बन्न पुगेको हो। त्यसैले यसप्रकारका वाक्यलाई सगुणकर्मोत्पत्ति वाक्य भनिन्छ।

आफूद्वारा सम्पन्न गरिएका कर्मबाट फलको आकाङ्क्षा स्वाभाविक रूपमा उत्पन्न हुन्छ। जस्तै **'अग्निहोत्रं जुहोति'** यसप्रकारको विधिद्वारा कर्मको विधान गरिन्छ। यसबाट के उपलब्धि (फायदा) हुन्छ त भन्ने जिज्ञासा शमन गर्नका लागि **'अग्निहोत्रं जुहुयात् स्वर्गकामः'** अर्थात् 'स्वर्गको कामना गर्ने पुरुषले अग्निहोत्र संज्ञक हवन गरोस्' यसप्रकारको अधिकारविधिद्वारा कर्मको फलका साथमा सम्बन्धको ज्ञान गराइन्छ। अतः एव यस वाक्यलाई फलवाक्य भनिन्छ।

जहाँ प्रमाणान्तरबाट कर्म प्राप्त भएको हुन्छ तर फलप्राप्तिलाई लक्ष्य बनाएर गुणको विधान गरिएको हुन्छ त्यस्ता वाक्यलाई फलप्रधान हुने भएकाले गुणवाक्य भनिन्छ भन्ने कुरा पहिले नै बताइयो। **'दध्नेन्द्रियकामस्य जुहुयात्'** अर्थात् 'इन्द्रियको कामना गर्ने पुरुषले दधिद्वारा हवन गरोस्' यस विधिवाक्यले **'अग्निहोत्रं जुहोति'** यस वाक्यद्वारा विधान गरिएको हवनलाई आधार मानेर इन्द्रियको कामनारूप फल प्राप्त गर्नका लागि दधिरूप गुणको विधान गर्दछ। अतः उक्त वाक्य फलप्राप्तिका लागि विधान गरिएको हुनाले फलाय गुणवाक्य (सफल गुणवाक्य) भनिन्छ।

जहाँ कर्मको विधान गर्ने वाक्यले नै फलसितको सम्बन्ध पनि बुझाउँछ त्यस्ता वाक्यलाई सफलकर्मोपत्तिवाक्य भनिन्छ भन्ने कुरा पहिले नै बताइयो। जस्तै- **'उद्भिदा यजेत पशुकामः'** अर्थात् 'पशुको कामना (प्रशस्त पशुसम्पत्ति होस् भनी चाहना) गर्ने पुरुषले उद्भिद् नामक याग गरोस्'। उद्धृत वाक्यले पशुफललाई उद्देश्य बनाई उद्भिद् नामक कर्मको विधान गर्छ, त्यसैले उक्त वाक्य सफलकर्मोत्पत्ति वाक्य हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पत्तिविधिः

तत्र यो विधिः कर्मस्वरूपमात्रमवबोधयति स उत्पत्तिविधिः । **'अग्निहोत्रं जुहोति'** इति विधिः कर्मणः स्वरूपमात्रं विधत्ते । नात्र गुणः फलं वा विहितमस्ति ।

विनियोगविधिः

विनियोगविधिश्चाङ्गानां प्रधानेन सह सम्बन्धं विधत्ते । **'दध्ना जुहोति'** इति हि विनयोगविधिः । दध्ना इत्यत्र विद्यमानतृतीयाश्रुत्या दध्नोऽङ्गभावप्रतीतिः । अङ्गत्वेनावगतस्य दध्नो होमसम्बन्धं च स एव विनियोगविधिर्विधत्ते । विनियोगविधेश्च सहकारिभूतानि श्रुतिलिङ्गवाक्यप्रकरणस्थानसमाख्यारूपाणि षट् प्रमाणानि सन्ति । एषु प्रमाणेषु पूर्वपूर्वस्य प्राबल्यम् । उत्तरोत्तरस्य दौर्बल्यम् ।

प्रयोगविधिः

प्रयोगविधिश्च [२५]प्रयोगस्य प्राशुभावं विधत्ते । प्राशुभावो नाम अविलम्बः । अविलम्बतयानुष्ठीयमानपदार्थयोरेव साहित्योपपत्तेः । साहित्यमन्तरापूर्वानुत्पत्तेः । धर्मस्य रूपमपूर्वः । स [२६]एवापूर्वः फलं जनयति ।

२५. मीमांसान्यायप्रकाशः, पूर्वभागः, प्रयोगविधिनिरूपणप्रकरणम्, ८८ पृष्ठम् ।

२६. **ततश्च यागादेरपूर्वद्वारा स्वर्गसाधनत्वम्** ।- मीमांसापरिभाषा, फलापूर्वकल्पना, ४ पृष्ठम् ।

उत्पत्तिविधि, विनियोगविधि, प्रयोगविधि र अधिकारविधि गरी विधि चार प्रकारको हुन्छ भनिएको छ ।

उत्पत्तिविधि-

जुन विधिले कर्मको स्वरूप मात्र बुझाउँछ त्यसलाई उत्पत्तिविधि भनिन्छ । **'अग्निहोत्रं जुहोति'** भन्ने विधिले कर्मको स्वरूपमात्र बुझाउँछ । यहाँ फललाई उद्देश्य बनाएर गुणको विधान गरिएको छैन ।

विनियोगविधि-

विनियोगविधिले अङ्गहरूको प्रधानका साथमा सम्बन्ध गराउने काम गर्दछ । **'दध्ना जुहोति'** यो विनियोगविधिको उदाहरण हो । दध्ना पदमा रहेको तृतीया विभक्तिले दधि होमको अङ्ग हो भन्ने कुरा बुझाउँछ । अङ्गका रूपमा बुझिएको दधिको होमसित सम्बन्ध गराउने काम यसै विनियोगविधिले गर्दछ । विनियोग विधिका सहयोगीका रूपमा श्रुति, लिङ्ग, वाक्य, प्रकरण, स्थान एवं समाख्या नामका छवटा प्रमाण रहेका छन् । यी प्रमाणहरूमध्ये पहिला पहिला प्रमाण बलवान् हुन्छन् र पछि पछिका प्रमाण दुर्बल हुन्छन् ।[२३]

प्रयोगविधि-

प्रयोगविधिले प्रयोगको प्राशुभावको (शीघ्रताको) विधान गर्दछ (मी.न्या.प्र., पू.भा., प्र.वि.नि.प्र., पृ. ८८) । प्राशुभाव भनेको ढिलो नगर्नु हो । शीघ्रताका साथमा सम्पन्न गरिएका पदार्थका बीचमा मात्रै सहभाव उत्पन्न हुन्छ ।

२३. प्रायः (लोकमा र शास्त्रमा समेत) पहिले पहिलेको भन्दा पर परको (अपवाद) बलवान् हुन्छ । पाणिनिको अष्टाध्यायीमा पनि (त्रिपदीलाई छाडेर) यही स्थिति देखिन्छ । विनियोगविधिका सहयोगीका रूपमा रहेका श्रुति, लिङ्ग आदिमा भने पछिल्ला पछिल्ला प्रमाणभन्दा पहिला पहिला प्रमाण बलवान् देखिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपूर्वस्योत्पत्तिश्च यागहोमदानाद्यनुष्ठानजन्या । प्रयोगविधिश्चायं प्रधानविधिरेव । विलम्बेन क्रियमाणानां पदार्थानां साहित्यानुपपत्तेः अङ्गवाक्यैकवाक्यतामापन्नोऽयं प्रयोगविधिः (प्रधानविधिः) । एकवाक्यतावगत-तत्साहित्यं विदधत् अविलम्बं विधत्ते । साङ्गं प्रधानमनुष्ठापयन् प्रयोगविधिः अविलम्बापरपर्यायं प्रयोगप्राशु-भावं विधत्ते इत्यर्थः ।

प्रयोगविधिश्चायं स्वविधेयस्य प्रयोगस्य प्राशुभावसिद्ध्यर्थं नियतं क्रममपि पदार्थानां विशेषणतया विधत्ते। क्रमबोधकानि च श्रुत्यर्थपाठस्थानमुख्यप्रवृत्याख्यानि षट् प्रमाणानि मीमांसकैरभिहितानि ।

अधिकारविधिः

यो हि विधिः फलस्वाम्यमवबोधयति स एवाधिकारविधिः । उक्तं च [२७]मीमांसान्यायप्रकाशकारेण- **'फलस्वाम्यबोधको विधिरधिकारविधिः'** इति । न हि सर्वस्मिन् कर्मानुष्ठानजन्यफलभोक्तृत्वं सन्निहितम्। यस्मिन् कर्मणि यस्याधिकारः स एव तत्कर्मानुष्ठानजन्यस्य फलस्योपभोगे अपि अधिकारी भवति ।

२७. मीमांसान्यायप्रकाशः, पूर्वभागः, अधिकारविधिनिरूपणप्रकरणम् ।

सहभाव नभैकन अपूर्वको उत्पत्ति हुन सक्दैन । धर्मभन्दा पहिले अपूर्व उत्पन्न हुन्छ । त्यही अपूर्वले नै फल (परिणाम) उत्पन्न गराउने काम गर्छ (मी.प्र., पृ. ४) ।[२४] अपूर्वको उत्पत्ति याग, हवन आदिको अनुष्ठानबाट हुन्छ । प्रयोगविधि प्रधान (प्रमुख) विधि नै हो । विलम्ब गरेर गरिएका पदार्थहरूका बीचमा सहभाव (एकत्व) स्थापित हुन सक्दैन । त्यसैले प्रयोगविधि वा प्रधानविधिले अङ्गवाक्यलाई प्रधानवाक्यसँग जोड्ने काम गर्छ । अतः अङ्गवाक्य र अङ्गीवाक्यका बीचमा एकवाक्यता उत्पन्न गराउँदै प्रयोगविधिले अविलम्बको विधान गर्दछ । अङ्गका साथमा प्रधान क्रियालाई सम्पन्न गराउने प्रयोगविधिले अविलम्बपद पर्यायवाचीका रूपमा रहेको प्राशुभावको विधान गर्छ ।

प्रयोगविधिले आफूद्वारा विधान गरिने प्रयोगको प्राशुभाव (शीघ्रता) को सिद्धिका लागि नियत क्रमलाई पनि पदार्थका विशेषणका रूपमा विधान गर्छ । क्रमलाई बुझाउने श्रुति, अर्थ, पाठ, स्थान, मुख्य एवं प्रवृत्ति नामका छवटा प्रमाण हुन्छन् भनी मीमांसकहरूले बताएका छन् ।[२५]

अधिकारविधि-

जुन विधिले फलमा स्वामित्वको बोध गराउँछ त्यही नै अधिकारविधि हो । मीमांसान्यायप्रकाशका लेखकले भनेका छन्- **''फलस्वाम्यबोधको विधिरधिकारविधिः'** अर्थात् फलमा स्वामित्वको बोध गराउने विधि नै अधिकार विधि हो (मी.न्या.प्र.,पू.भा., अ.वि.नि.प्र., पृ. १०२) । सबैमा कर्म सम्पादन गरेर प्राप्त हुने फलको उपभोग

२४. {याग सम्पादन गरेपछि यागबाट अपूर्व उत्पन्न हुने भएकाले त्यसै अपूर्वका माध्यमले यागादि स्वर्गको साधन बन्दछ, अर्थात् यज्ञबाट स्वर्गप्राप्त हुन्छ ।}- मीमांसापरिभाषा, फलापूर्वकल्पना, पृष्ठ ४ ।

२५. दर्श पौर्णमास आदि प्रधान यज्ञका अङ्गभूत यज्ञलाई शीघ्रताका साथमा सम्पन्न गराएर प्रयोगविधिले प्रधानका र अङ्गका बीचमा एकवाक्यता बनाउने कार्य गर्छ । पुनश्च प्रयोगविधिले अङ्गवाक्यका क्रमको निर्धारण पनि गर्दछ । अत एव अङ्गानां क्रमबोधको विधिः प्रयोगविधिः (अ.सं.) भनी प्रयोगविधिको लक्षण गर्न सकिन्छ भनिएको छ । श्रुति, अर्थ आदि छ प्रमाणले क्रमको निर्धारण गर्ने कार्य गर्दछन् । **अर्थसङ्ग्रह** आदि ग्रन्थहरूमा सोदाहरण श्रुति आदिको चर्चा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि **'यजेत स्वर्गकामः'** इत्यस्माद्विधेः स्वर्गकामनावतां समेषामधिकारप्रतीतिः, तथापि वाक्यान्तरेभ्यस्त्रैवर्णिकानामेवाधिकारदर्शनान्न हि समेषामधिकारः । त्रैवर्णिकस्य सतः स्वर्गकामनावतो यागानुष्ठानेऽधिकारः ।

तथैव **'यस्याहिताग्नेरग्निर्गृहान् दहेत्, सोऽग्नये क्षामवते पुरोडाशमष्टाकपालं निर्वपेत्'** इत्यस्माच्च न हि सर्वेषां निमित्तवतां क्षामवतीष्ट्यामधिकारः प्रतीयते । अपि तु आहिताग्नेः सत एव निमित्तवतः क्षामवतीष्ट्यामधिकारो दर्शितः ।

राजसूययागानुष्ठाने राज्ञ एवाधिकारः

'राजा राजसूयेन स्वाराज्यकामो यजेत' इत्यस्मादपि विधेर्न हि केवलं स्वाराज्यकामनावतो राजसूययागानुष्ठानेऽधिकारः प्रतीयते । अपि तु राज्ञः सतः स्वाराज्यकामनावत एव राजसूययागानुष्ठानेऽधिकारोऽभिहितोऽनेन वाक्येनेति अधिकारिविशेषणविशिष्टस्यैव फलभोक्तृत्वं साधितम् । यद्विशेषणं पुरुषं विशिनष्टि

गर्ने अधिकार हुँदैन । जसलाई जुन कर्म गर्ने अधिकार हुन्छ त्यही अधिकारप्राप्त व्यक्ति नै त्यस कर्मका अनुष्ठानबाट प्राप्त हुने फलको उपभोग गर्ने अधिकारी हुन्छ ।

'यजेत स्वर्गकामः' अर्थात् 'स्वर्गको कामना भएको पुरुषले यज्ञ गरोस्' यस विधिवाक्यबाट स्वर्गको कामना भएका सबै पुरुषलाई यज्ञ गर्ने अधिकार छ भन्ने बुझिन्छ; तर पनि अन्य वाक्यबाट त्रैवर्णिक (ब्राह्मण आदि तीन वर्ण) लाई मात्र यज्ञ गर्ने अधिकार छ भन्ने तथ्य अवगत हुन्छ । यसबाट स्वर्गको कामना भएका सबै यज्ञ गर्ने अधिकारी हुँदैनन् भन्ने सिद्ध हुन्छ । त्रैवर्णिकताका साथै स्वर्गको कामना भएका पुरुषमा मात्र यज्ञको अनुष्ठान गर्ने अधिकार हुन्छ ।

यसै प्रकारले **यस्याहिताग्ने०** अर्थात् 'अग्निको आधान गरेका जुन गृहस्थको घर अग्निले जलाइदिन्छ, त्यसले क्षामवत्त्वगुणविशिष्ट (क्षाम नामक गुणले युक्त भएको) अग्निमा (क्षामवान् अग्निलाई उद्देश्य बनाएर) अष्टाकपाल (आठवटा कपालमा संस्कार गरिएको) पुरोडाशको वपन (हवन) गरोस्' यस उक्तिबाट सबै प्रकारका कारण भएका अवस्थामा क्षामवती इष्टि गर्ने अधिकार प्रतीत हुँदैन ।[२६] जसले अग्निको आधान गरेको हुन्छ त्यस्ता गृहस्थको मात्र निमित्त (गृहदाह) उपस्थित भएमा क्षामवती नामक इष्टिमा अधिकार भएको देखाइएको छ ।[२७]

---

२६. क्षाम गुणको नाम हो भनी अधिकारविधिको व्याख्या गर्ने क्रममा अर्थसङ्ग्रहको कौमुदी व्याख्यामा उल्लेख गरिएको छ । जस्तै- 'क्षामवत्वगुणविशिष्यायेत्यर्थः' ।

२७. कर्महरू नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारका हुन्छन् । अनिवार्य सम्पादन गर्नुपर्ने स्नान सन्ध्या आदि कृत्यलाई नित्यकर्म भनिन्छ । यस्ता कर्मबाट विशेष फल प्राप्त हुँदैन तर कर्म नगर्ने हो भने प्रत्यवायको भागीदार बन्नु पर्ने हुन्छ । कुनै निमित्त उपस्थित भएका अवस्थामा गरिने कर्मलाई नैमित्तिक कर्म भनिन्छ । यस प्रकारका कर्म गर्नाले विशेष फल त प्राप्त हुन्छ तर कर्म नगर्ने हो भने प्रत्यवायको भागीदार बन्नु पर्छ । काम्य कर्महरू कामना भएका अवस्थामा मात्र गरिन्छ । काम्यकर्म समर्थ पुरुषबाट मात्र गरिन्छ । काम्य कर्म गर्ने हो भने विशेष फल प्राप्त हुन्छ तर त्यस्ता कर्म नगर्दा प्रत्यवायको भागीदार भने बन्नु पर्दैन । मूलमा उल्लिखित क्षामवती इष्टि गृहदाहरूप निमित्त उपस्थित भएका अवस्थामा गरिने नैमित्तिक कर्म हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदेवाधिकारिविशेषणम् । राज्ञः सतः स्वाराज्यकामनावतो राजसूययागानुष्ठानेऽधिकारदर्शनात् यः स्वाराज्य-कामनावान् अधिकारी सोऽपि राजा एव भवतीति अधिकारिविशेषणविशिष्टत्वम् । तस्मान्न राज्ञोऽतिरिक्तस्य स्वाराज्यकामनायां सत्यामपि राजसूयाधिकारः । स्वाराज्यकामनायां सत्यां राज्ञः केवलं राजसूययागानुष्ठाने-ऽधिकारः । पुरुषविशेषणत्वेन श्रुतस्यैवाधिकारिविशेषणत्वं स्मृतमिति स्वर्गकामादिपदानामधिकारिविशेषणत्वं न घटते । **'राजा राजसूयेन स्वाराज्यकामो यजेत'** इत्यत्र तु राज्ञः सत्वात् पुरुषविशेषणत्वम् । तस्माद् राजा एव अधिकारी तस्य यागस्य ।

अत्र राजशब्दः क्षत्रियवाचकः । राजशब्दस्य क्षत्रियविषयत्वेनावेष्ट्यधिकरणे निर्णयः कृतोऽस्ति । स च निर्णयः स्वयं [२८]माधवाचार्येण पराशरस्मृतिव्याख्यानावसरे समुद्धृतः । यथा-

२८. पराशरमाधवः, १ अध्यायः, आचारकाण्डः, ३९३-३९५ पृष्ठम् ।

राजालाई मात्र राजसूय यज्ञ गर्ने अधिकार हुन्छ-

'राजा राजसूयेन स्वाराज्यकामो यजेत' अर्थात् 'समृद्ध राज्यको कामना भएका राजाले राजसूय नामक यज्ञ गरोस्' यस विधिवाक्यबाट समृद्ध राज्यको कामना भएका जतिलाई राजसूय यज्ञ गर्ने अधिकार छ भन्ने कुरा प्रतीत हुँदैन । राजा भएर समृद्ध राज्यको कामना गर्ने पुरुषलाई मात्र राजसूय यज्ञ गर्ने अधिकार छ भन्ने कुरा उक्त वाक्यले सिद्ध गर्दछ । यसबाट अधिकारिविशेषणविशिष्ट (अधिकार सिद्ध गराउने विशेषणले समन्वित) व्यक्तिलाई मात्र फलको उपभोग गर्ने अधिकार हुन्छ भन्ने तथ्य प्रमाणित हुन्छ । जुन विशेषणले पुरुषलाई विशेषताले युक्त भएको (फल प्राप्त गर्ने अधिकार भएको भन्ने) सिद्ध गर्छ त्यही नै अधिकारीको विशेषण हो । राजा भएका अवस्थामा मात्र समृद्ध राज्यको कामना भएका पुरुषमा राजसूय यज्ञ गर्ने अधिकार देखिने हुनाले समृद्ध राज्यको कामना गर्ने जुन अधिकारी पुरुष छ त्यो राजा नै हुनुपर्छ । यसबाट अधिकार प्राप्त गराउने (राजा आदि) जुन विशेषण हुन्छन् तिनै विशेषणले युक्त भएको पुरुष नै अधिकारी हुन्छ भन्ने सिद्ध हुन्छ । अतः राजा बाहेकका पुरुषको समृद्ध राज्य प्राप्त गर्ने कामना भए पनि राजसूय यज्ञ गर्ने अधिकार हुँदैन । समृद्ध राज्य प्राप्त गर्ने कामना भएका अवस्थामा मात्र राजालाई राजसूय यज्ञ गर्ने अधिकार छ । पुरुषका विशेषणका रूपमा प्रयोग गरिएका पदहरूलाई नै अधिकारीका विशेषण मानिएको हुनाले स्वर्गादि कामना भएका जस्ता पद अधिकारीका विशेषण हुन् भन्ने कुरा घटित हुन्न (प्रमाणित हुँदैन वा मान्न मिल्दैन) ।[२८] **'राजा राजसूयेन स्वाराज्यकामो यजेत'** यस वाक्यमा राजा पद प्रयोग गरिएको हुनाले त्यसैलाई नै पुरुषको (अधिकारी पुरुषको) विशेषण मान्नुपर्छ । अतः राजा नै राजसूय यज्ञका अधिकारी हुन् ।

यहाँ प्रयोग गरिएको राजा शब्द क्षत्रियको वाचक हो । राजा शब्दले सबै क्षत्रियलाई बुझाउँछ भन्ने कुरा अवेष्ट्यधिकरणमा[२९] निर्णय गरिएको छ । उक्त निर्णय स्वयं माधवाचार्यले पराशरस्मृतिको व्याख्या गर्ने क्रममा उद्धृत

२८. व्याकरणका दृष्टिले स्वाराज्यकामः पुरुषको नै विशेषण हुन्छ । उक्त विशेषणलाई अधिकार उपलब्ध गराउने (पुरुषको विशेषतालाई व्यक्त गर्ने विशेषण) मान्न सकिन्न भन्ने तात्पर्य हो । त्यस प्रकारको (अधिकारिता सिद्ध गराउने) विशेषणता त राजा पदमा रहेको छ ।

२९. अध्याय, पाद र अधिकरणमा विभक्त मीमांसादर्शनको दोस्रो अध्यायको, तेस्रो पादको, दोस्रो अधिकरणलाई (२/३/१) अवेष्ट्यधिकरण भनिन्छ । अवेष्टि एउटा इष्टि (यज्ञ) को नाम हो । यस यज्ञको चर्चा राजसूय यज्ञका प्रसङ्गमा गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयाध्याये अवेष्ट्यधिकरणे श्रूयते- **'आग्नेयमष्टाकपालं निर्वपति हिरण्यं दक्षिणा'** इत्यादिना राजकर्तृके राजसूये अवेष्टिनामकेष्टिं प्रकृत्य **'यदि ब्राह्मणो यजेत बार्हस्पत्यं मध्ये विधायाहुतिं हुत्वा तमभिधारयेत् यदि राजन्य ऐन्द्रम्, यदि वैश्यो वैश्वदेवम्'** इति।

छ। राजसूय प्रधान यज्ञ हो भने अवेष्टि त्यस यज्ञको अङ्गभूत यज्ञ हो। उक्त अवेष्टि यज्ञमा पाँच प्रकारका हविको प्रयोग गरिन्छ र अलग अलग वस्तुलाई दक्षिणा कल्पना गरिन्छ। जस्तै- १. **आग्नेयमष्टाकपालं निर्वपति हिरण्यं दक्षिणा** {आठवटा कपालमा संस्कार गरिएको साथै अग्निदेवता भएको पुरोडाश निर्वपण गर्छ र दक्षिणाका रूपमा सुन प्रदान गर्छ}, २. **ऐन्द्रमेकादशकपालमृषभो दक्षिणा** {एघारवटा कपालमा संस्कार गरिएको साथै इन्द्र देवता भएको पुरोडाश निर्वपण गर्छ र दक्षिणाका रूपमा ऋषभ (साँढे) प्रदान गर्छ}, ३. **वैश्वदेवं चरुं पिशाङ्गी प्रष्ठौही दक्षिणा** {विश्वेदेवा देवता भएको चरु वपन गर्छ र पहेँलो वर्ण भएकी (कपिला) प्रष्ठौही (बालगर्भिणी गाई) दक्षिणा दिन्छ}, ४. **मैत्रावरुमामिक्षां वशा दक्षिणा** {मित्र एवं वरुण देवता भएको आमिक्षा याग गर्छ र बन्ध्या गाई दक्षिणा दिन्छ।} ५. **बार्हस्पत्यं चरुं शितपृष्ठो दक्षिणा** {बृहस्पति देवता भएको चरु वपन गर्छ र सेतो पृष्ठ भएको पशु दक्षिणा दिन्छ।} यसरी द्रव्य र देवताका संयोजनद्वारा अवेष्टि इष्टि सम्पन्न गरिन्छ। उक्त अवेष्टि यज्ञमा हविको (हवनीय पदार्थको) व्यत्यय (तल माथि पार्ने कार्य) पनि हुन्छ। अवेष्टिकै प्रकरणमा यस सम्बन्धमा बताइएको छ। जस्तै- १. **'यदि ब्राह्मणो यजेत बार्हस्पत्यं मध्ये विधायाहुतिं हुत्वा तमभिधारयेत्** {ब्राह्मणद्वारा अवेष्टि यज्ञ गरिएका अवस्थामा आग्नेय आदि दिशामा अन्य चार चरु राखेर बीचमा बार्हस्पत्य (बृहस्पति देवता भएको) चरु स्थापन गर्नुपर्छ र आग्नेय आदि चरुको हवन गरी ती ती हविका प्राशनका समयमा बीचमा अवस्थित बार्हस्पत्य चरुको धारण गर्नुपर्छ} २. **यदि राजन्य ऐन्द्रम्**{क्षत्रियद्वारा अवेष्टि यज्ञ गरिएका अवस्थामा आग्नेय आदि दिशामा चार अन्य चरु राखेर बीचमा ऐन्द्र (इन्द्र देवता भएको) चरु स्थापन गर्नुपर्छ र आग्नेय आदि चरुको हवन गरी ती ती हविका प्राशनका समयमा बीचमा अवस्थित ऐन्द्र चरुको धारण गर्नुपर्छ}, ३. **यदि वैश्यो वैश्वदेवम्**{वैश्यद्वारा अवेष्टि यज्ञ गरिएका अवस्थामा आग्नेय आदि दिशामा अन्य चरु राखेर बीचमा वैश्वदेव (विश्वेदेवा देवता भएको) चरु स्थापन गर्नुपर्छ र आग्नेय आदि चरुको हवन गरी ती ती हविका प्राशनका समयमा बीचमा अवस्थित वैश्वदेव चरुको धारण गर्नुपर्छ}। द्रष्टव्य- जसरी यसभन्दा पहिलेको रथन्तराधिकरण (२/३/१) मा ऐन्द्रवायवलाई सुरुमा लैजान **'यदि रथन्तर'** आदिलाई निमित्त बनाइएको थियो त्यसरी नै प्रस्तुत अवेष्टि अधिकरण पाँचौँ स्थानमा स्थित बार्हस्पत्य चरुलाई बीचमा लैजान **'यदि ब्राह्मणः'** लाई निमित्त बनाइएको छ। दोस्रो स्थानमा रहेको ऐन्द्र चरुलाई बीचमा लैजान **'यदि राजन्यः'** लाई निमित्त बनाइएको छ। वैश्वदेव चरु स्वतः नै तृतीय स्थानमा रहेको हुन्छ त्यसैले **'यदि वैश्यः'** द्वारा नित्यविधिकै अनुवाद गरिएको छ। राजसूय यज्ञ गर्ने अधिकार क्षत्रियलाई हुन्छ भनियो तर अङ्गभूत अवेष्टि इष्टि ब्राह्मण आदि तीनै वर्णले गर्न सक्ने चर्चा गरियो। यहाँ 'ब्राह्मण आदि तीनै वर्णलाई राजसूयको अङ्गभूत अवेष्टि नामक यज्ञ गर्ने अधिकार प्राप्त भएका अवस्थामा तीनै वर्णलाई नै राजसूय यज्ञ सम्पादन गर्ने अधिकार हुन्छ अथवा क्षत्रियलाई मात्र हुन्छ' भन्ने शङ्का उत्पन्न हुन्छ। यस अवस्थामा राजा शब्दका सम्भावित तीनवटा अर्थ हुन सक्छन् १. राज्यसित सम्बद्ध भएको (जनपद आदिको संरक्षण गर्ने)। यस अर्थलाई ग्रहण गर्दा ब्राह्मण आदि तीनै वर्ण राजा हुन्छन् र तीन वर्णलाई नै राजसूय गर्ने अधिकार प्राप्त हुन्छ। २. क्षत्रिय (संरक्षणाधिकार प्राप्त वर्णविशेष)। यस अवस्थामा सम्पूर्ण क्षत्रियलाई राजसूय गर्ने अधिकार हुन्छ। ३. महीपति (राज्यका सर्वोच्च शासकका रूपमा विद्यमान, जनपद आदिका संरक्षक क्षत्रिय विशेष)। यस अवस्थामा राजसूय गर्ने अधिकारी सीमित (अभिषिक्त क्षत्रिय) मात्र हुन्छन्। प्रस्तुत सन्दर्भमा पहिलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र संशयः किं ब्राह्मणादीनामवेष्टौ प्राप्तानां वर्णानां राजसूये अधिकारः, उत वा क्षत्रियस्यैव ? इति। तदर्थं च किं राजशब्दः त्रयाणामपि वर्णानां वाचकः, किं वा क्षत्रियस्यैव ? इति। ततोऽपि पुनर्विचारयितव्यम्, किं राजशब्दो राज्ययोगनिमित्तः, क्षत्रियत्वनिमित्तो वा ? इति। तत्र राजशब्दो राज्ययोगनिमित्त एव, आर्यप्रसिद्धेः सर्वलोकप्रसिद्धत्वादविगानाच्च। न तु क्षत्रियत्वनिमित्तः, अनार्यप्रसिद्धेः {आर्यप्रसिद्ध्यपेक्षया दुर्बलत्वात्। द्रविडेषु विगानात्। तदन्येष्वप्रसिद्धेश्च।}। तत्र स्यात् राज्ययोगाद् राजानस्त्रयोऽपि भवन्ति। राज्यपदन्तु रूढ्या जनपदरक्षणे वर्तते; न राजयोगमपेक्षते।

गरेका छन् (प.मा., आ.का., पृ. ३९३-३९५)। जस्तै-

अवेष्ट्यधिकरण नामको दोस्रो अध्यायमा भनिएको छ- **आग्नेयम्०** अर्थात् 'अग्निदेवता भएको आठ कपालमा संस्कार गरिएको हवि निर्वपण (हवन) गर्दछ र दक्षिणाका रूपमा सुन प्रदान गर्दछ' इत्यादि वाक्यद्वारा राजाद्वारा गरिने राजसूय यज्ञमा अवेष्टि नामक इष्टि (यज्ञ) को प्रसङ्ग उठाई **यदि ब्राह्मणः०** अर्थात् 'ब्राह्मणले अवेष्टि गर्ने हो भने बीचमा बार्हस्पत्य हवि स्थापना गरी आहुति प्रदान गरेर (प्राशनका समयमा) त्यसलाई (मध्यस्थ हविलाई) धारण गरोस्, राजन्य (क्षत्रिय) ले अवेष्टि गर्ने हो भने बीचमा ऐन्द्र हवि स्थापना गरी आहुति दिएर (प्राशनका समयमा) त्यसलाई धारण गरोस् र वैश्यले अवेष्टि गर्ने हो भने बीचमा वैश्वदेव हवि स्थापना गरेर आहुति दिई (प्राशनका समयमा) त्यसलाई धारण गरोस्' भनिएको छ।

अर्थ स्विकार्नुपर्छ भन्ने पूर्वपक्षको धारणा हो। व्युत्पत्तिलभ्य अर्थभन्दा रूढि अर्थ बलवान् हुने भएकाले पहिलो अर्थ स्विकार्न सकिन्न भन्ने सिद्धान्त पक्ष हो। दोस्रो र तेस्रो दुवै अर्थ कोषादिद्वारा समर्थित छन् तापनि राजसूयका सन्दर्भमा दोस्रो अर्थात् क्षत्रिय अर्थ ग्रहण गर्नुपर्छ भन्ने अवेष्ट्यधिकरणको तात्पर्य हो। यसै सन्दर्भको चर्चा प्रस्तुत प्रकरणमा गरिएको छ।

पूर्वपक्ष- ब्राह्मण आदिलाई पनि अवेष्टि गर्ने अधिकार भएकाले पूर्वापर विरोध परिहार गर्नका लागि राजा शब्दको तीनै वर्ण भन्ने अर्थ गर्नुपर्छ। त्यसैले जनपदादिका शासक तीनै वर्ण राजसूयका अधिकारी हुन्छन्। पूर्वपक्षले एउटा शङ्का उपस्थापित गर्छ- राज्यसित सम्बद्ध राजा भन्ने अर्थ त गरियो तर व्याकरणअनुसार राजाको कर्म भन्ने अर्थमा राज्य शब्द निष्पन्न हुन्छ। यसको समाधान हो- व्याकरणबाट निष्पन्न अर्थभन्दा व्यवहारबाट निष्पन्न अर्थ बलवान् हुन्छ। व्यवहारबाट राजा शब्दको अर्थ राज्यसित सम्बद्ध भन्ने नै हुन्छ। त्यसैले राजा शब्दले राजयोगको (भूपतित्वको) अपेक्षा गर्दैन। उक्त अर्थ नमान्ने हो भने यदि शब्दको प्रयोग पनि निरर्थक हुन्छ। पुनश्च वैदिक निर्देशन स्मृतिभन्दा पनि बलवान् हुन्छ।

सिद्धान्तपक्ष- वैदिक निर्देशन भन्दै राजा शब्दको तीनै वर्णपरक अर्थ गर्न सकिन्न। राजसूय यज्ञ गर्ने अधिकार नभए पनि स्वतन्त्ररूपमा अवेष्टि गर्ने अधिकार ब्राह्मणादिमा पनि हुन्छ भनी उक्त वैदिक निर्देशनको समाधान गर्न सकिन्छ। राजा शब्दको राज्ययोग भन्ने अर्थ पनि गर्न मिल्दैन। त्यस्तो अर्थ मान्ने हो भने **राजानमभिषेचयेद्** भन्ने वाक्यमा विरोध हुन्छ। अभिषेक गर्नुभन्दा पहिले कुनै व्यक्ति कसरी राजा हुन सक्छ। राजा शब्दको राज्ययोग भन्ने अर्थ नमान्ने हो भने यदि शब्द निरर्थक हुन्छ भन्ने पूर्वपक्षको कथन पनि बाधक हुँदैन। यदि शब्द निपात भएकाले त्यसको समन्वय कुनै प्रकारले गर्न सकिन्छ। अतः राजा शब्द क्षत्रियको वाचक हो। यही नै अवेष्टि अधिकरणको निष्कर्ष हो। आकर ग्रन्थहरूमा यसको विस्तृत चर्चा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ननु **'कर्मणि'** इत्यधिकृत्य, **'पत्यन्तपुरोहितादिभ्यो यक्'** इति वचनात् राजशब्दस्य तत्र पाठादाचाराच्च स्मृतेर्बलीयस्त्वात् राजयोग एव राज्यपदप्रवृत्तिनिमित्तमिति चेत्- लोकप्रयोगस्यैव शब्दार्थावधारणे प्रमाणत्वात् स्मृतेरपि स एव मूलं नान्यत् । प्रयोगाच्च राजशब्दस्यैव स्वातन्त्र्यं तन्निमित्तत्वं च राज्यशब्दस्यावगम्यते । ततस्तदनुसारेण, स्मरणं शब्दापशब्दविभागमात्रपरं व्याख्येयम् । अतस्त्रयाणामपि राजपदाभिधेयत्वेन राजसूये प्राप्तानां निमित्तार्थानि श्रवणानि । **'यदि'** शब्दोऽपि राजशब्दस्य राज्ययोगनिमित्तत्वे प्रमाणम् । अन्यथा प्राप्त्यभावात् **'यदि'** शब्दोऽनुपपन्नः स्यात् । वैदिकश्च निर्देशः स्मृतेरपि बलीयान् । तस्मात् निमित्तार्थानि श्रवणानि इति प्राप्ते ब्रूमः ।

यहाँ विभिन्न शङ्का उत्पन्न हुन्छन्- ब्राह्मण आदिलाई अवेष्टि नामको यज्ञ गर्ने अधिकार प्राप्त भएका अवस्थामा सबै वर्णलाई राजसूय यज्ञ गर्ने अधिकार हुन्छ अथवा क्षत्रियलाई मात्र हुन्छ ? राजसूय यज्ञ गर्ने अधिकार प्राप्तिका सन्दर्भमा राजा शब्द ब्राह्मण आदि तिनै वर्णको वाचक हुन्छ अथवा क्षत्रियको मात्र वाचक हुन्छ ? यसमा पनि पुनः विचार गर्नुपर्ने हुन्छ । राजा शब्द राज्ययोगनिमित्तक (राज्यसित सम्बन्ध भएको अर्थात् जनपद आदिको संरक्षण गर्ने भन्ने अर्थको प्रवृत्तिनिमित्त) हो अथवा क्षत्रियत्वनिमित्तिक (सबै क्षत्रिय वर्णको बोधक) हो ? (प्रथमपक्ष भन्दछ-) राजा शब्दले राज्यसित सम्बद्ध भएको (जनपद आदिको संरक्षण गर्ने) भन्ने अर्थ बुझाउँछ । आर्यहरूका व्यवहारमा राजा शब्दले राज्यसित सम्बन्ध भएको पुरुष भन्ने अर्थ बुझाउँछ, सम्पूर्ण लोकमा त्यस्तै नै प्रसिद्धि छ र उक्त अर्थ नै अनिन्दित अर्थ पनि हो । अतः आर्यप्रसिद्धिका अभावमा (आर्यप्रसिद्धिभन्दा दुर्बल हुने भएकाले) राजा शब्द सम्पूर्ण क्षत्रियको बोधक हुन सक्दैन । राज्यसितका सम्बन्धका आधारमा ब्राह्मण आदि तीनै वर्णलाई राजा मान्न सकिन्छ । राजा शब्द जनपदका रक्षक भन्ने अर्थमा रूढ भएको छ र राजा शब्दले राजयोगको (अभिषिक्त महीपति भन्ने अर्थको) अपेक्षा गर्दैन ।

पुनश्च **कर्मणि** यस सूत्रका अधिकार क्षेत्रमा पठित **पत्यंशपुरोहितादिभ्यो यक्** (पति, अंश, पुरोहित आदि शब्दबाट कर्ममा यक् प्रत्यय हुन्छ) यस सूत्रमा आदिशब्दद्वारा राजा शब्दको पनि ग्रहण गरिएको छ र राजाको कर्म भन्ने अर्थमा यक् प्रत्यय भएर राज्यशब्द निष्पन्न हुन्छ । आचारभन्दा स्मृति बलवान् पनि हुन्छ । उक्त दुवै कारणले (राज्यसित सम्बद्ध भन्ने अर्थमा राजा शब्द निष्पन्न नभएर) राजासित सम्बद्ध भन्ने अर्थमा राज्यशब्द निष्पन्न हुन्छ । यस सम्बन्धमा हामी भन्दछौं- लोकमा गरिने प्रयोग नै शब्दबाट अर्थ निर्धारण गर्ने प्रमाण हो (मूलतः व्यवहारले नै शब्दको अर्थ बुझाउँछ) । त्यही व्यवहार नै स्मृतिको आधार हो, स्मृतिको अन्य कुनै आधार छैन । लोकव्यवहारका आधारमा राजा शब्दमा स्वतन्त्र प्रवृत्तिनिवृत्तिता (अर्थबोधकता) रहेझैं राज्यशब्दमा पनि स्वतन्त्र प्रवृत्तिनिवृत्तिता (अर्थबोधकता) रहेको हुन्छ । यस अनुसार स्मरणलाई शब्द (साधुशब्द) र अपशब्द (दुःशब्द) विभाजक मानेर व्याख्या गर्नुपर्ने हुन्छ । अतः तीनै वर्णको राजसूयमा अधिकार प्राप्त हुन्छ । प्राप्त हुने अर्थलाई प्राप्त गराउने उद्देश्यले नै पदहरू पढिएका हुन्छन् । **'यदि'** शब्द पनि राजा शब्दको राज्यसित सम्बन्ध छ भने अर्थ अवगत गराउने प्रमाण हो । अन्यथा उक्त अर्थ प्राप्त नहुने भएकाले यदि शब्दको प्रयोग नै अनुपपन्न (अनुचित वा निष्प्रयोजन) हुने सम्भावना रहन्छ । वेदमा गरिएको निर्देशन स्मृतिभन्दा पनि बलवान् हुन्छ । अतः श्रुतपद सोद्देश्य हुन्छन् (राजा शब्दले तीनै वर्ण भन्ने अवस्था

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न तावद्वैदिकनिर्देशादत्र निर्णयः शक्यते, अन्यथापि तत्सद्भावात्। **'राजानमभिषेचयेत्'** इति अभिषेकविधौ प्रागेव राज्ययोगाद्राजशब्दस्य क्षत्रियमात्र एव प्रयुक्तः। तेन, रूढमेव राजपदं निर्णीयते। **'यदि'** शब्दस्तु, निपातत्वाद् यथाकथञ्चिदपि नियमे न दुष्यति इति। स्मरणाच्च स्वतन्त्रमेव राजपदम्। न च तस्य निर्मूलत्वम्, द्रविडप्रयोगस्यैव मूलस्य सम्भवात्। अतो नायथार्थत्वे स्मरणस्य प्रमाणमस्तीति तेनैवाभियुक्तप्रणीतेनाचारस्य सम्भवात्। गौणभ्रान्त्यादिप्रयोगप्रसूतस्य बाधात् राजयोगेन राज्यशब्दः, स्वतन्त्रस्तु राजशब्दः क्षत्रियवचन इति ब्राह्मणादेरवेष्टौ प्राप्त्यभावात् प्रापकानि वचनानि इति। एवमत्रापि राजशब्दः क्षत्रियपरः।

इत्थमवेष्ट्यधिकरणे महता प्रपञ्चेन राजशब्दस्य क्षत्रियवाचकत्वनिर्णयात् तादृशस्य राज्ञो राजसूय-यागानुष्ठानेऽधिकारः सिद्धः। तस्मादत्र पुरुषविशेषणत्वं फलभोगाधिकारित्वम् अर्थात् राजत्वस्याधिकारि-विशेषणत्वं स्थितम्। तच्च **'राजा राजसूयेन स्वाराज्यकामो यजेत'** इति विधायकवाक्यादवगतम्।

बुझाउँछ)।[३०] यसरी पूर्वपक्षले राजा शब्दले ब्राह्मणादि तीनै वर्ण भन्ने अर्थ बुझाउँछ भन्ने तथ्य सिद्ध गरेका अवस्थामा हामीहरू (सिद्धातपक्षधरहरू) भन्दछौं-

(सिद्धान्तवादीको मत)- वेदमा प्राप्त हुने निर्देशनलाई मात्र आधार मानेर अर्थको निर्धारण गर्न सकिन्न। भिन्नै प्रकारले पनि उक्त अर्थलाई संयोजन गर्न सकिन्छ। अभिषेक विधिका प्रसङ्गमा **राजानमभिषेचयेत्** भन्ने वाक्यमा राज्यसित सम्बन्ध हुनुभन्दा पहिले नै राजा शब्दको प्रयोग गरिएको छ। (राज्यसित सम्बद्ध (जनपद आदिका संरक्षक) भन्ने अर्थमा राजा शब्दको प्रयोग मान्ने हो भने उद्धृत वाक्य असङ्गत सिद्ध हुन्छ)। त्यसैले राजा शब्द क्षत्रिय मात्रको बोधक हो। अतः राजा शब्द रूढ (क्षत्रिय अर्थमा) निर्णय गरिन्छ। 'यदि' शब्द निपात भएकाले कुनै पनि तरिकाले त्यसको संयोजन गर्दा कुनै दोष हुँदैन। स्मरण (स्मृति) ले पनि राजा शब्दलाई स्वतन्त्र पद मान्दछ (राज्यसितको सम्बद्ध भन्ने अर्थको अपेक्षा गर्दैन)। हाम्रो यो कथन पनि निर्मूल छैन। द्रविड प्रयोगमा झैँ यसमा पनि मूल खोज्न सकिन्छ। अतः अयथार्थ कुरामा स्मरणलाई प्रमाण मान्न सकिन्न। यसै प्रकारका अभियुक्त (प्राचीन मनीषी) द्वारा प्रयुक्त आचार (व्यवहार) हुन्छन्। यसरी गौण रूपमा र भ्रमका कारण स्वीकार गरिएको राजासितको सम्बन्धले राज्यशब्द बन्दछ भने अवधारणा बाधित हुने भएकाले राजा शब्द स्वतन्त्र रूपमा क्षत्रियको वाचक हो भन्ने तथ्य सिद्ध हुन्छ। ब्राह्मण आदिलाई आवेष्टि नामक इष्टिमा अधिकार प्राप्त नहुने भएकाले उनीहरूलाई पनि अधिकार प्राप्त गराउन मूलमा उद्धृत (**यदि ब्राह्मणो यजेत** आदि) वाक्यहरू पढिएका हुन्। यसै प्रकारले अरू ठाउँमा प्रयोग गरिएको राजा शब्दलाई पनि क्षत्रियपरक मान्नुपर्छ।

यसरी अवेष्ट्यधिकरणमा अत्यन्त प्रपञ्चका (विस्तारका) साथमा राजा शब्द क्षत्रियको वाचक हो भनी निर्णय गरिएको हुनाले त्यसप्रकारका राजाको राजसूययज्ञको अनुष्ठानमा अधिकार सिद्ध हुन्छ। त्यसैले परिणामको उपभोग

---

३०. मूलमा **निमित्तार्थानि श्रवणानि** प्रयोग गरिएको छ। यसको तात्पर्य वाक्यमा कुनै पदको प्रयोग गरिन्छ भने उक्त प्रयोग सोद्देश्य हुन्छ भन्ने तात्पर्य हो। त्यसैले **यदि ब्राह्मणो यजेत** आदिमा प्रयुक्त यदि शब्द पनि सोद्देश्य छ। पुनश्च वेदमा निरुद्देश्य पदको प्रयोग गरिन्न। सोद्देश्य भएकाले नै ब्राह्मण आदि तीनै वर्ण भन्ने अर्थ बुझाउँछ। यही नै पूर्वपक्षको धारणा हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्वचित् पुनर्विधिवाक्येषु पुरुषविशेषणत्वेनाश्रुतमप्यधिकारिविशेषणं भवति । विद्याग्निसामर्थ्यानां विधायकवाक्येषु पुरुषविशेषणत्वेन अश्रुतानामपि अधिकारिविशेषणत्वमगन्तव्यम् । यथार्थसङ्ग्रहे[२९] उक्तम्- क्वचित्तु पुरुषविशेषत्वेनाश्रुतमप्यधिकारिविशेषणम् । यथाध्ययनविधिसिद्धा विद्या, क्रतुविधीनामर्थज्ञानापेक्षणीयत्वेनाध्ययनविधिसिद्धार्थज्ञानवन्तं प्रत्येव प्रवृत्तेः । एवमग्निसाध्यकर्मसु आधानसिद्धाग्निमत्ता, अग्निसाध्यकर्मणामग्न्यपेक्षत्वेन तद्विधीनामाधानसिद्धाग्निमन्तं प्रत्येव प्रवृत्तेः । एवं सामर्थ्यमपि, आख्यातानामर्थं ब्रुवतां शक्तिः सहकारिणीति न्यायात् समर्थं प्रत्येव विधिप्रवृत्तेः । इति ।

तस्मादध्ययनविधिसिद्धाया विद्यायाः, आधानसिद्धाग्निमत्त्वस्य एवं सामर्थ्यस्य च विध्यश्रुतत्वेऽपि अधिकारिविशेषणत्वं सिद्धम् ।

इत्थं पञ्चसु वेदभागेषु विधिभागस्य भेदा संक्षेपतो दर्शिताः ।

---

२९. अर्थसङ्ग्रहः, अधिकारविधिनिरूपणप्रकरणम् १४२-१४४ ..... ।

गर्ने अधिकारले युक्त भएको व्यक्ति नै पुरुषको विशेषण हो अर्थात् राजा पद नै अधिकारी पुरुषको विशेषण हो भन्ने सिद्ध हुन्छ । उक्त तथ्य **राजा राजसूयेन स्वाराज्यकामो यजेत** यस विधिवाक्यबाट अवगत हुन्छ ।

कहिलेकाहीँ विधिवाक्यमा पुरुषका विशेषणका रूपमा नसुनिएको (प्रत्यक्षरूपमा नभनिएको) पद पनि अधिकारीको विशेषण हुन्छ । विधिवाक्यहरूमा पुरुषका विशेषणका रूपमा नसुनिएका भए पनि विद्या, अग्नि र सामर्थ्यलाई अधिकारीका विशेषण मान्नुपर्ने हुन्छ । यसै सम्बन्धमा अर्थसङ्ग्रहमा भनिएको छ- **क्वचित्तु०** अर्थात् 'कहीँ पुरुषका विशेषणका रूपमा नसुनिएको पनि अधिकारीको विशेषण हुन्छ । जस्तै- अध्ययनविधिबाट सिद्ध भएको विद्या । यज्ञका विधिहरूले अर्थबोधको अपेक्षा गर्ने भएकाले त्यस्ता यज्ञहरू अध्ययनविधिबाट सिद्ध अर्थका ज्ञानले युक्त भएका पुरुषप्रति प्रवृत्त हुन्छन् । यसै प्रकारले अग्निका माध्यमले सम्पन्न गरिने कार्यहरूमा आधानविधिबाट सिद्ध भएका अग्निले युक्त भएको (भन्ने अधिकारी पुरुषको विशेषण हुन्छ) । अग्निका माध्यमले सम्पन्न गरिने कार्यमा अग्निको अपेक्षा हुने भएकाले त्यस्ता (अग्निसाध्य) कार्यहरू आधान विधिबाट सिद्ध अग्निले युक्त भएका पुरुषप्रति प्रवृत्त हुन्छन् । यसै प्रकारले सामर्थ्यलाई पनि अधिकारीको विशेषण मान्नु पर्ने हुन्छ । **आख्यातानामर्थं ब्रुवतां शक्तिः सहकारिणी** (अर्थको प्रतिपादन गरिरहेका आख्यातहरूलाई अर्थबोधनमा शक्ति सहयोगी हुन्छ) यस न्यायद्वारा विधि समर्थ पुरुष प्रति नै प्रवृत्त हुन्छ ।' (अ.सं.,अ.वि.नि.प्र.)[३१] आदि ।

उपर्युक्त सन्दर्भबाट अध्ययनविधिबाट सिद्ध भएका विद्याको, आधानविधिबाट सिद्ध भएका अग्निमत्ताको र सामर्थ्यको विधिवाक्यमा प्रयोग नगरिएको भएता पनि अधिकारी पुरुषको विशेषणता सिद्ध हुन्छ ।

यसरी वेदका पाँच विभाग (खण्ड) मध्ये पहिले विधिभागको संक्षेपमा चर्चा गरियो ।

---

३१. अर्थसङ्ग्रहमा अधिकारविधिनिरूपणका अन्तमा विद्यमान गद्यांशको उद्धरण गरिएको हो । यहाँ प्रयुक्त पदावलीको चर्चा पूर्वसन्दर्भहरूमा नै भइसकेको छ । पुनश्च सपत्नीक पदलाई पनि अधिकारीको विशेषण मानिन्छ । पत्नीमा अध्ययन सिद्ध विद्या हुँदैन तापनि पतिमा भएका विद्यालाई पत्नीमा आक्षेप गरी यज्ञ यागादि सम्पन्न गर्नुपर्छ भनी शास्त्रमा विस्तृत चर्चा गरिएको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यावान् अधिकारी

सर्वेषु कर्मसु विद्यावानधिकारीति । न ह्यविद्यावतः क्वाप्यधिकारः । उत्तरक्रतुविधयश्च प्रमाणान्तरसिद्ध-ज्ञानात् सम्पद्यन्ते । विद्याज्ञानञ्च पर्यायवाचिनौ । अग्नेराधानानन्तरमनुष्ठीयमानदर्शपूर्णमासज्योतिष्टोमादि-क्रतुविधीनां ज्ञानस्यापेक्षिका शक्तिर्नास्ति । न ह्युत्तरक्रतवो ज्ञानमाक्षिपन्ति । उत्तरक्रतुविधीनां स्वातन्त्र्येण ज्ञानापेक्षकत्वशक्तिकल्पने गौरवो दोषः । **'एकमात्रालाघवेन पुत्रोत्सवं मन्यन्ते वैयाकरणाः'** इतिवत् मीमांसाशास्त्रे च गौरवलाघवरूपौ गुणदोषौ समनुज्ञातौ । लाघवो गुणः । गौरवो दोषः । अत एवोत्तरक्रतवः प्रमाणान्तरसिद्धार्थज्ञानवन्तं पुरुषं समादाय तेनैव चरितार्था भवन्ति ।

तत्र च अर्थावबोधकं प्रमाणान्तरमध्ययनविधिरेव । **'स्वाध्यायोऽध्येतव्यः'** इति हि विधिः । अध्ययनेन स्वाध्यायं भावयेदित्यभिधाय अध्ययनकरणकं स्वाध्यायं विधत्ते ।

अत्र केचित् **'स्वाध्यायोऽध्येतव्यः'** इत्ययं विधिरक्षरग्रहणमात्रपर्यवसायीत्यभिधानान्नार्थज्ञानं प्रयोजयन्ति । न तत्सम्मतमन्यैः ।

विधिरयमक्षरग्रहणमात्रवर्यवसायीत्यभिदधाना नायमपूर्वस्य विधायको नो वा नियामक इति कथयन्ति । तत्रोपपत्तिं च प्रस्तुवन्ति । यथा- वेदाध्ययनस्यापि भारताद्यध्ययनवदर्थज्ञानहेतुकत्वादनुमानेनैव अर्थज्ञानं प्रयोज्यते । तस्मान्नार्थज्ञानाय विधेरपेक्षोदेति ।

विद्या भएको अधिकारी हुन्छ-

सबै काममा विद्याले युक्त भएको (विद्वान्) पुरुष नै अधिकारी हुन्छ । विद्या (विद्वत्ता) नभएका व्यक्तिको कहीँ पनि अधिकार हुँदैन । उत्तर क्रतुहरू प्रमाणान्तरबाट सिद्ध ज्ञानद्वारा सम्पन्न गरिन्छन् ।[३२] विद्या र ज्ञान पर्यायवाची शब्द हुन् । अग्निको आधान पछि सम्पन्न गरिने दर्श, पौर्णमास, ज्योतिष्टोम आदि यज्ञहरूमा ज्ञानलाई आक्षेप गर्ने सामर्थ्य हुँदैन । उत्तर क्रतुहरूले पनि ज्ञानको आक्षेप गर्दैनन् । उत्तरक्रतुहरूमा स्वतन्त्र रूपमा ज्ञानको आक्षेप गर्ने शक्तिको कल्पना गर्ने हो भने गौरवरूप दोष हुन्छ । **एकमात्रालाघवेन पुत्रोत्सवं मन्यन्ते वैयाकरणाः** (एउटा मात्रा कम भयो भने पनि वैयाकरणहरू पुत्र जन्मदाको जस्तो उत्सव मनाउँछन्) भनेझैं मीमांसाशास्त्रमा पनि गौरव र लाघव नामका गुणदोष हुन्छन् । लाघव गुण हो भने गौरव दोष हो । अत एव उत्तरक्रतुहरू अन्य प्रमाणबाट सिद्ध भएका ज्ञानले युक्त पुरुषलाई लिएर त्यसैका माध्यमले चरितार्थ (सम्पन्न) हुन्छन् ।

त्यहाँ (ज्ञानमा) अर्थलाई बुझाउने प्रमाणान्तर भनेको अध्ययनविधि नै हो । (अध्ययनविधिरूप प्रमाणान्तरबाट सिद्ध ज्ञानवान् पुरुष नै उक्त क्रतुहरूको अनुष्ठानको अधिकारी हो ।) **स्वाध्यायोऽध्येतव्यः** यो विधि (विधिवाक्य) हो । अध्ययनका माध्यमले स्वाध्यायको (आफ्ना शाखाका वेदविभागको) भावना गरोस् भन्ने अर्थलाई अभिव्यक्त गरी उक्त वाक्यले स्वाध्यायको विधान गर्दछ ।

यहाँ कसै कसैले (पूर्वपक्षीले) **स्वाध्यायोऽध्येतव्यः** यो विधिवाक्य अक्षरग्रहणमा मात्र पर्यवसित हुन्छ (विधिवाक्यले अक्षरग्रहण (पाठ पारायण)को विधान गरेको हुन्छ, अर्थज्ञानको होइन) भन्दछन् । यो कुरा अरूहरू

३२. इष्टि (आग्रयणेष्टि), पशु (निरूढपशुबन्ध) र सोम (सोमसाध्य ज्योतिष्टोमादि) नामका तीनवटा यज्ञलाई उत्तरक्रतु भनिन्छ । उत्तरक्रतुका विषयमा ठाउँ ठाउँमा मूल प्रबन्धमा नै चर्चा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नापि नियमः । लिखितपाठेन गुरुमुखोच्चारणानुच्चरणपूर्वकेनाध्ययनेनार्थज्ञानसम्भवेऽपि उभयविधयाप्तेन तेन ज्ञानेन यागानुष्ठानसिद्धेः वितुषीकरणाय तु नखविदलनावधाताभ्यां सम्भवेऽपि च अवघातनिष्पन्नैरेव तण्डुलैर्यागेऽनुष्ठीयमाने परमापूर्वोत्पत्तिरिव अत्राध्ययने नियामकहेत्वभावान्नियमविधिरपि नास्तीति कथयन्तो विधेः स्वर्गफलत्वं विश्वजिन्न्यायलभ्यत्वमुपस्थापयन्ति च ।

तत्र सिद्धान्तवादिनः, यथैवावघातस्य लोकसिद्धत्वान्नापूर्वविधित्वं तथैवात्रापि अपूर्वविधिर्मा भूत् । परं निखिलयागानुष्ठानजन्यापूर्वस्य यज्ञानुष्ठानज्ञानसाधनाध्ययननियमजन्यापूर्वकल्पकत्वादस्याप्यपूर्वस्य परमापूर्व-

---

(सिद्धान्तपक्षका) मान्दैनन् । उक्त अध्ययन विधि अक्षर ग्रहणमा मात्र पर्यवसित (समाप्त) हुन्छ भन्ने हरूले अध्ययनविधि अपूर्वको (प्रमाणान्तरबाट अप्राप्त वस्तुको) विधायक पनि होइन र नियामक (एकाधिक विकल्प भएका ठाउँमा एउटामा नियमन गर्ने) पनि होइन (अपूर्वविधि र नियमविधि दुवै होइन) भन्दछन् । उनीहरू उक्त तथ्य सिद्ध गर्नका लागि निम्न युक्ति प्रस्तुत गर्दछन्- जसरी महाभारत आदि ग्रन्थको अध्ययन अर्थज्ञान गर्ने उद्देश्यले गरिन्छ त्यसरी नै वेदको अध्ययन पनि अर्थ ज्ञान गर्ने उद्देश्यले नै गरिन्छ । यो तथ्य अनुमानका आधारमा पनि थाहा पाउन सकिन्छ । अतः अर्थज्ञानका लागि विधिको अपेक्षा गर्नुपर्ने आवश्यकता देखिँदैन । अतः यो नियम (नियमविधि) पनि होइन । गुरुमुखबाट उच्चारण पूर्वक (गुरुमुख लाएर) अथवा गुरुका मुखबाट उच्चारण नगरीकन (गुरुमुख नलगाईकन) पनि अर्थ ज्ञान हुन सक्छ । उक्त दुई विधिमध्ये जुन विधिबाट अर्थ ज्ञान भए पनि यज्ञहरू सम्पन्न गर्न सकिन्छ । अतः भुस फाल्ने काम नङले कोट्याएर वा मुसलले कुटेर दुई प्रकारले सम्भव हुने अवस्थामा **व्रीहीनवहन्ति**ले अवधात (मुसलले कुट्ने) विधिले निष्पन्न गराइएका चामलबाट नै अपूर्व उत्पन्न हुने भएकाले अवघातनलाई जसरी नियामक (दुईवटा विकल्प भएकाले एउटामा नियन्त्रण गर्ने) मानिन्छ त्यसरी नै **स्वाध्यायोऽध्येतव्यः**मा गुरुबाट अध्ययन गरेर अथवा आफै नै लिखितपाठ आदिबाट अध्ययन गरेर अर्थबोध गरी यज्ञानुष्ठान सम्पन्न गर्न सकिने भएकाले गुरुबाट अध्ययन गरी अर्थबोध गरेर यज्ञानुष्ठान गर्नुपर्छ भन्ने अर्थमा उक्त अध्ययनविधि चरितार्थ हुन्छ भन्न पनि सकिन्न । यसरी अध्ययनविधिलाई अपूर्वविधि एवं नियमविधि दुवै नमान्ने पूर्वपक्षीहरू उक्त अध्ययनबाट स्वर्गरूप फल विश्वजिन्न्यायबाट[३३] प्राप्त हुन्छ भन्छन् । (यो पूर्वपक्षको कथन हो ।)

यस सम्बन्धमा सिद्धान्तपक्षका भन्दछन्- अवघात लोकसिद्ध भएकाले जसरी अपूर्वविधि हुन सक्दैन त्यसरी नै यहाँ (स्वाध्यायोऽध्येतव्यमा) अपूर्वविधि हुँदैन भन्नुहुन्छ भने नहोस् (हामीहरू पनि यो कुरा स्विकार्छौं ।) तर सबै प्रकारका यज्ञहरूको अनुष्ठानबाट उत्पन्न हुने अपूर्व यज्ञविशेषका अनुष्ठानका साधनका रूपमा रहेका अध्ययनका नियमबाट उत्पन्न हुने अपूर्व समान नै हुन्छ । त्यसैले अध्ययनविधबाट उत्पन्न हुने अपूर्व- परमापूर्वद्वारा कल्पना

---

३३. मीमांसादर्शनमा विश्वजिदधिकरण रहेको छ । **स स्वर्गः स्यात् सर्वान्प्रत्यविशेषत्वात्** यस सूत्रको व्याख्यामा विश्वजिन्नामक यज्ञमा अश्रूयमाण अधिकारीको सम्पादनका लागि अधिकारीका विशेषणका रूपमा स्वर्गरूप फललाई युक्तिपूर्वक सिद्ध गरिएको छ । यहाँ पनि अध्ययनविधिको कुनै फल नदेखिएकाले उक्त न्यायद्वारा स्वर्गरूप फलको कल्पना गर्नुपर्छ भन्ने पूवर्पक्षको कथन हो । उत्तरपक्ष त **'दृश्यमाने फले दृष्टे नादृष्टपरिकल्पना'** यस न्यायद्वारा अध्ययनविधिको अर्थज्ञानरूप दृष्टफल प्रत्यक्ष भएका अवस्थामा स्वर्गरूप अदृष्ट (विधिवाक्यमा अनुक्त) फलको कल्पना गर्न नमिल्ने हुनाले अर्थज्ञानलाई नै विधिवाक्यको फल मान्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पितावघातनियमजन्यापूर्वस्य अवघातनियामकत्वमिव नियामकत्वसंभवात् नियमविधिस्तु सम्पद्यते एवेत्यभिदधाना अध्ययनविधेर्दृष्टमेवार्थज्ञानरूपं प्रयोजनं द्रढयन्ति। एतच्च सविस्तरं [३०]विस्तरायां प्रपञ्चितमस्ति।

वेदाध्ययनं कर्तव्यम्

तच्चाध्ययनं द्विजातिभिः सर्वप्रथममुपनयनानन्तरं वेदस्यैव विधेयम् । वेदमनधीत्येतरार्थशास्त्रादौ प्रवर्तनामादधानस्य जीवनेऽस्मिन्नेव शूद्रत्वाप्तिर्मनुना निर्दिष्टत्वादादौ वेदाध्ययनं कर्तव्यम्।

वेदानां च ऋग्यजुःसामभिस्त्रैविध्यं निर्दिशन्ति। [३१]ऋग्वेदभाष्ये वेदानां त्रैविध्यं साधितम्।

[३२]मनुनापि ऋग्यजुःसामत्रयमेवाग्निवायुरविभ्यः परमात्मना समाकृष्टमिति निर्देशात् तेषां त्रित्वमवगामितम्। एवमेवानध्यायप्रकरणे [३३]ऋग्वेदस्य देवदैवताकम्, यजुषो मनुष्यदैवताकम्, सामवेदस्य पितृदैवताकं चतुर्थाध्याये

३०. जैमिनीयन्यायमाला, धर्मजिज्ञासाधिकरणम्, (१/१/१), ११-१४ पृष्टम्।

३१. ऋग्वेदभाष्यम्, १३ पृष्ठम्।

३२. १/२३ मनुः। {अग्नेर्ऋग्वेदो वायोर्यजुर्वेद आदित्यात् सामवेदः- इति श्रुतिः}

३३. ४/१२४ मनुः।

गरिएका अवघातका नियमबाट उत्पन्न हुने अपूर्वमा अवघात नियामक भएझैं अध्ययन पनि नियामक हुन सक्दछ। (अध्ययनविधिबाट उत्पन्न अपूर्वको पनि नियामकता हुन सक्छ।) त्यसैले नियमविधि यहाँ हुन सक्छ नै। यसरी सिद्धान्तपक्ष उपस्थापन गर्ने आचार्यहरूले दृष्ट अर्थज्ञान नै अध्ययन विधिको प्रयोजन हो भनी दृढताका साथमा प्रतिपादन गर्दछन्। यी सबै तथ्य विस्तारपूर्वक विस्तरा (जै. न्या.मा. १/१/१) मा वर्णन गरिएको छ।[३४]

वेदको अध्ययन गर्नुपर्छ-

वेदको अध्ययन द्विजातिहरूले सर्वप्रथम (सबैभन्दा पहिले) उपनयन संस्कार सम्पन्न गरेपछि गर्नुपर्छ। वेदको अध्ययन नगरीकन अर्थशास्त्र आदिको अध्ययनमा प्रवृत्त भएका मनुष्यलाई यसै जन्ममा शूद्रता प्राप्त हुन्छ भनी मनुले बताएका छन् (मनु. २/१६८)। त्यसैले अन्य शास्त्रको अध्ययन आरम्भ गर्नुभन्दा पहिले वेदको अध्ययन गर्नुपर्छ।

वेदहरू ऋग्वेद, यजुर्वेद र सामवेद गरी तीन प्रकारका हुन्छन् भनी बताइएको छ। ऋग्वेदको भाष्यमा वेद तीन प्रकारका हुन्छन् भनेर सिद्ध गरिएको छ (ऋ.भा.भू.)।[३५] मनुले पनि परमात्माले अग्नि, वायु र सूर्यबाट ऋग्वेद, यजुर्वेद

३४. मीमांसा दर्शनको प्रथम अध्यायको प्रथम पादको प्रथम अधिकरणलाई जिज्ञासाधिकरण भनिन्छ। **अथातो धर्मजिज्ञासा** भन्ने जैमिनिको प्रथम सूत्रमा आधृत भएकाले यसलाई धर्मजिज्ञासाधिकरण पनि भनिन्छ। यहाँ **स्वाध्यायोऽध्येतव्य**का आधारमा विचारशास्त्रको वैधता सिद्ध गरिएको छ। पुनश्च मूल शोधप्रबन्धमा प्रस्तुत अनुच्छेदमा र सङ्केतित अधिकरणमा समेत अपूर्व र परमापूर्व पदको प्रयोग गरिएको छ। मीमांसा दर्शनमा अपूर्वका पनि विभिन्न भेदको कल्पना गरिएको छ।

३५. ऋग्वेद विश्वसाहित्यकै प्राचीनतम ग्रन्थ हो। विपुलकाय यो ग्रन्थ दश मण्डलमा विभक्त छ। यसलाई पौरस्त्य वाङ्मयका विभिन्न शाखाको आदिस्रोत मानिन्छ। यस ग्रन्थमा अनेकौं मनीषीहरूले भाष्य लेखेका छन् र प्रस्तुत ग्रन्थमा सायणाचार्यद्वारा लिखित वेदार्थप्रकाश नामक भाष्यको उपयोग गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्दिष्य- [३४]'रहस्यप्रायश्चित्ताभिधानेऽपि एतेषामेव त्रयाणां सर्वपापमुक्तिहेतुत्वं निर्दिश्य, वेदानां [३५]त्रिवृत्त्वं चैतेषु संस्थाप्य, सन्दिग्धधर्मनिर्णयार्थञ्च ऋग्यजुःसामाख्यानामेव वेदानां विज्ञत्रयस्य [३६]परिषत्त्वं च निर्दिश्य वेदानां त्रैविध्यं निर्दिष्टम्। अन्यत्रापि अनेकत्र त्रयाणामेव वेदानां संस्तुतत्वादपि च वेदानां त्रैविध्यं सम्पद्यते।

'ऋग्यजुःसामाथर्वाख्याश्चत्वारो वेदाः' इत्याद्युक्तं वेदानां चतुष्टयन्तु स्मार्तकालादर्वाक्कालिकमिति स्पष्टं प्रतीयते। [३७]मुण्डकोपनिषदि- **'तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति।'** इत्यभिधाय वेदानां चातुर्विध्यं निर्दिष्टम्।

३४. ११/२६२ मनुः।

३५. ११/२६४ मनुः।

३६. १२/११२ मनुः।

३७. मुण्डकोपनिषद् १.१.५। (मुण्डकोपनिषदि प्रथममुण्डके प्रथमाध्याये पञ्चमो मन्त्रः)

र सामवेद ताने (दोहन गरे) (मनु. १/२३) भन्ने उक्तिद्वारा वेद तीनवटा भएको तथ्य बोध गराएका छन्।[३६] यसै प्रकारले (मनुले नै) चौथो अध्यायको अनध्यायप्रकरणमा ऋग्वेदका देव देवता भएको, यजुर्वेदका मनुष्य देवता भएको र सामवेदका पितृ देवता भएको देखाएका छन् (मनु. ४/१२४)। एकान्तमा गरिएका पापको प्रायश्चित्तका लागि यिनै तीन वेदको अध्ययन गर्नुपर्ने सङ्केत गरी (मनु. ११/२६२)[३७] त्रिवृत्ता (वेद त्रयता) यिनै वेदमा स्थापित गरेका छन् (मनु. ११/२६४)[३८]। धर्मका सम्बन्धमा कुनै सन्देह भएमा उक्त सन्देह निवारण गर्नका लागि ऋग्वेद, यजुर्वेद एवं सामवेदका (तीनै वेदका) ज्ञाता तीन जनाको परिषत् हुने कुराको निर्देशन गरेर वेदको त्रिविधता नै प्रतिपादन गरेका छन् (मनु. १२/११२)।[३९] अन्यत्र पनि ठाउँ ठाउँमा तीनवटै वेदको प्रशंसा पाइने भएकाले पनि वेद तीनवटै हुन्छन् भन्ने तथ्य सिद्ध हुन्छ।

---

३६. क) परमात्माले अग्नि आदिबाट ऋक् आदि वेद दोहन गरे भनी वेदमा नै प्रतिपादन गरिएको प्रमाण मन्वर्थमुक्तालीमा दिइएको छ।

ख) सङ्केतित पद्यमा प्रयुक्त दुदोहको अर्थ दोहन गरे, दोहे हुन्छ।

३७. कसैले थाहा नपाउने गरी गरिएका पापहरूको प्रायश्चित्त गर्नका लागि पनि वेदको अध्ययन गर्नुपर्छ भन्ने तात्पर्य हो। रहस्यप्रायश्चित्तका लागि भन्ने अर्थ मूल पद्यबाट नभई मन्वर्थमुक्तावलीको अवतरणिकाबाट बोध हुन्छ। द्रष्टव्यः- मन्वर्थमुक्तावलीमा ११/२६३ पद्यका रूपमा र मेधातिथिभाष्यमा ११/२६२ पद्यका रूपमा विद्यमान निम्न पद्यले पनि उक्त अर्थकै पुष्टि गर्छ- **यथा महाह्रदं प्राप्य क्षिप्तं लोष्टं विनश्यति। तथा दुश्चरितं सर्वं वेदे त्रिवृति मज्जति॥** अर्थात् 'जसरी ठूला तलाउमा फालिएको माटाको डल्लो त्यसैमा विलीन हुन्छ त्यसरी नै तीनै वेदका ज्ञातामा सम्पूर्ण दुराचरण विलीन हुन्छ।'

३८. ऋग्वेदका मन्त्रहरूलाई, यजुर्वेदका मन्त्रहरूलाई, बृहद्रथन्तर आदि सामवेदका मन्त्रहरूलाई (उक्त वेदत्रयका मन्त्र एवं ब्राह्मणलाई) 'त्रिवृद्' वेद भनिन्छ, जुन ब्राह्मणले त्रिवृत् वेद जान्दछ त्यही नै वेदज्ञ हो भन्ने सङ्केतित पद्यको तात्पर्यार्थ हो।

३९. 'जुन सभामा ऋग्वेद, यजुर्वेद र सामवेदको अध्ययन गरेका साथै उक्त वेदका अर्थ जानेका तीनवटा विद्वान् हुन्छन् धर्म सन्देहको निर्णयका लागि आयोजित त्यस्तो सभालाई त्र्यवरा परिषद् भनिन्छ' भन्ने सङ्केतित पद्यको सार हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषां च वेदानां सर्वेषामन्यतमस्य वा स्वप्रज्ञानुसारेणाध्ययनमुपनीतेन कर्तव्यम्। तथा च याज्ञवल्क्यः स्मरति- **वेदानधीत्य वेदौ वा वेदं वापि यथाक्रमम्।** इति। एकवेदपक्षे पितृपितामहादिपरम्पराप्राप्त एव वेदोऽध्येतव्य इत्यभिप्रेत्य **'स्वाध्यायोऽध्येतव्यः'** इति स्वशब्द आम्नातः। तच्चाध्ययनं न काम्यं किन्तु नित्यम् इत्युक्त्वा [३८]ऋग्वेदभूमिकायामपि वेदाध्ययनस्य नित्यत्वेन कर्तव्यत्वं निर्दिष्टम्।

तैत्तिरीयारण्यके स्वाध्यायस्य नित्यत्वेन समाम्नातमिति तत्रोक्तानध्ययनजन्यपातित्यनिदर्शकं समाम्नानं समुद्धृत्य [३९]ऋग्वेदभाष्यकारेणोक्तम्। यथा- **'वेदाध्ययनं नित्यमनध्ययने पाताद्'** इति। पातित्यं चैवमाम्नायते- **अपहतपाप्मा स्वाध्यायो देवपवित्रं वा एतत्। तं योऽनूत्सृजत्यभागो वाचि भवत्यभागो नाके।**

३८. श्रीमत्सायणाचार्यविरचिते वेदार्थप्रकाशे, ऋग्वेदसंहितायाम्, १३ पृष्ठम्।

३९. श्रीमत्सायणाचार्यविरचिते वेदार्थप्रकाशे, ऋग्वेदसंहितायाम्, १३ पृष्ठम्।

ऋग्यजुः० अर्थात्- 'ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी वेद चार प्रकारका हुन्छन्' इत्यादि उक्तिमा पाइने चार वेदको अवधारणा त स्मार्तकालभन्दा पछिको हो भन्ने तथ्य स्पष्ट प्रतीत हुन्छ। मुण्डकोपनिषद्मा पनि **तत्रापरा०** अर्थात् '{परा र अपरा विद्यामध्ये} अपरा विद्याभित्र ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष पर्छन्' (मु.उ. १/१/५) भनी वेद चार प्रकारका हुने निर्देशन गरिएको छ।

''उपनयन संस्कार सम्पन्न भएका पुरुषले उपर्युक्त ऋक् आदि सबै वेदको अथवा कुनै एउटा वेदको आफ्नो प्रज्ञा अनुसार अध्ययन गर्नुपर्छ। यसरी याज्ञवल्क्यले ? भनेका छन्- **वेदमधीत्य०** अर्थात् 'सबै वेदको अध्ययन गरेर दुइटा वेदको अध्ययन गरेर अथवा एउटा मात्र वेदको अध्ययन गरेर' {अखण्ड ब्रह्मचर्यमा रहेको पुरुष गृहस्थाश्रममा प्रवेश गरोस्} (मनु. ३/२)। एउटा मात्र वेदको अध्ययन गर्ने विकल्प अवलम्बन गरेका अवस्थामा पिता, पितामह र प्रपितामहको परम्पराबाट प्राप्त भएका वेदको नै अध्ययन गर्नुपर्छ। यसै तथ्यलाई ध्यानमा राखेर **स्वाध्यायोऽध्येतव्यः** अर्थात् 'स्वाध्यायको अध्ययन गर्नुपर्छ' यस अध्ययन विधि वाक्यमा स्वशब्दको उल्लेख गरिएको हो। यसरी गरिने अध्ययन काम्य (कामना विशेषले गरिने) अध्ययन नभएर नित्य अध्ययन हुन्छ'' भनी ऋग्वेदको भूमिकामा पनि वेदाध्ययनलाई नित्य गर्नुपर्ने कर्तव्यका रूपमा निर्देशन गरिएको छ।[४०]

तैत्तिरीयारण्यकमा स्वाध्याय (आफ्ना शाखाका वेदको अध्ययन) नित्य (नित्यकर्मका रूपमा) गर्नुपर्छ भनी बताइएको छ र त्यही नै अनध्यायबाट (स्वाध्याय नगर्ने हो भने) पुरुष पतित हुन्छ पनि भनिएको छ। उक्त श्रुतिवचनलाई ऋग्वेदका भाष्यकारले उद्धृत गरेका छन्। जस्तै- **'वेदाध्ययनम्०** अर्थात् 'अध्ययन नगरेका अवस्थामा पतन हुने भएकाले वेदको अध्ययन नित्यकार्य हो'। अनध्यायबाट हुने पातित्यको निर्देशन यसरी गरिएको छ- स्वाध्याय अपहतपाप्मा (सबै प्रकारका पापराशि नष्ट भएको, निर्दुष्ट) हुन्छ अर्थात् स्वाध्यायले पुरुषको सबै पाप नष्ट हुन्छ। {सबै

४०. क) अनुवादित अनुच्छेदमा ''..'' चिह्नभित्र विद्यमान गद्यांश सायणाचार्यद्वारा लिखित ऋग्वेदभाष्यको भूमिकामा अवस्थित अनुच्छेदको अनुवाद हो। उक्त अनुच्छेदमा **याज्ञवल्क्यः स्मरति** भनी दिइएको पद्यांश याज्ञवल्क्यस्मृतिमा उपलब्ध हुँदैन। प्रत्युत मनुस्मृतिमा प्राप्त हुन्छ।

ख) ऋग्वेद भाष्यभूमिका भनेर सायणाचार्यद्वारा ऋग्वेदमा लेखिएको वेदार्थप्रकाश नामक भाष्यको भूमिकांशलाई भनिएको हो। शुक्लयजुर्वेदको तैत्तिरीयशाखाका अनुयायी सायण माधवाचार्यका अग्रज हुन्। चारै वेदमा भाष्य लेखेखका सायणको भाष्यलाई अत्यन्त प्रामाणिक मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदेषाभ्युक्ता- **यस्तित्याज सखिविदं सखायं न तस्य वाच्यपि भागोऽस्ति। यदीं शृणोत्यलकं शृणोति न हि प्रवेद सुकृतस्य पन्थाम्।** इति।' तस्मात् स्वाध्यायोऽध्येतव्य इति। व्याख्यातञ्च पुनः- अध्येतारं पुरुषं तदीयप्रयासाभिज्ञानेन सखिवत्पालयतीति सखिविद्वेदः। बहुद्रव्यप्रयाससाध्यक्रतुफलस्याध्ययनमात्रेण सम्पादनं पत्पालनम्। तदप्याम्नायते- **'यं यं क्रतुमधीते तेन तेनास्येष्टं भवत्यग्नेर्वायोरादित्यस्य सायुज्यं गच्छति।'** इति। यद्यप्येतद् ब्रह्मयज्ञस्वाध्यायफलं तथापि ग्रहणार्थाध्ययनमन्तरेण ब्रह्मयज्ञासम्भवात् तदीयफलमपि सम्पद्यते। ईदृशं सखिविदं वेदरूपं सखायं यः पुमानध्ययनमकृत्वा परित्यजति तस्य वाच्यपि भाग्यं नास्ति। फले भाग्यं नास्तीति किमु वक्तव्यम्। सकलदेवतानां धर्मस्य परब्रह्मतत्त्वस्य च प्रतिपादकं वेदमनुच्चार्य परनिन्दानृतकलहहेतुं लौकिकीं वार्तां सर्वत्रोच्चारयतः स्पष्ट एव वाचि भाग्याभावः। इत्यादि।

पाप नष्ट भएको स्वाध्यायले पुरुषलाई} देवकार्य सम्पादनका लागि पवित्र बनाउँछ। जसले {निर्दुष्ट एवं देवपवित्र} वेदाध्ययनको परित्याग गर्दछ (जसले स्वाध्याय कर्म गर्दैन) त्यस मनुष्यको {वेदेतर वाणीमा आसक्त भएकाले} वाणीमा कुनै भाग हुँदैन (उसका वाणीमा पवित्रता रहँदैन) र स्वर्गलोकमा पनि कुनै भाग हुँदैन (स्थान पाउँदैन) अर्थात् पुरुष विशिष्ट प्रवचनमा समर्थ र स्वर्गलोकको भागीदार बन्न सक्दैन। यस्तो पनि भनिएको छ- **यस्तित्याज०** अर्थात् 'जुन मनुष्यले आफूलाई मित्र मान्ने (मित्रवद् व्यवहार गर्ने) मित्ररूप वेदको त्याग गर्छ, त्यसलाई वाणीमा पनि भाग मिल्दैन (उसको बोली निरर्थक हुन्छ)। उसले जे सुन्छ व्यर्थ नै सुन्छ, किनकि उसले धर्मको बाटो (पुण्यमार्ग) थाहा पाएको हुँदैन।' अतः स्वाध्यायको (वेदको) अध्ययन गर्नुपर्छ (तै.आ.२/१५)।'[४१] ऋग्वेद भाष्यभूमिकामा **यस्तित्याज०** को व्याख्या पनि निम्नानुसार गरिएको छ- अध्ययन गर्ने पुरुषलाई उसले गरेका प्रयास (प्रयत्न) थाहा पाएर वेदले मित्रलेझैं संरक्षण गर्दछ। अतः वेद सखिविद् अर्थात् मित्रतुल्य हुन्छ। धेरै द्रव्य (सम्पत्ति) एवं प्रयास (खटाइ) बाट सम्पन्न हुने यज्ञबाट जेजस्ता फल प्राप्त हुन्छन् ती सबै प्रदान गर्नु नै अध्येता पुरुषको पालन (संरक्षण) गर्नु हो। यो तथ्य पनि वेदमा प्रतिपादन गरिएको छ- **यं यं क्रतुम्०** 'अध्येताले जुन जुन यज्ञको अध्ययन गर्दछ, ती ती यज्ञबाट उसलाई अभीष्ट प्राप्त हुन्छ (अथवा अध्येताले जुन जुन यज्ञको अध्ययन गर्छ ती ती यज्ञ उसले सम्पन्न गरेको हुन्छ अर्थात् उसलाई ती ती यज्ञ सम्पादनबाट प्राप्त हुने फल प्राप्त गर्छ)। अग्निको, वायुको र सूर्यको सायुज्य पनि पाउँछ'[४२] आदि। वेदाध्ययनरूपी ब्रह्मयज्ञ गृहस्थहरूद्वारा नित्य सम्पन्न गर्नुपर्ने पाँच महायज्ञहरूमध्ये एउटा यज्ञ हो। अतः गृहस्थले निष्काम भावनाले उक्त यज्ञ सम्पादन गर्नुपर्छ। नित्यकर्मका रूपमा निष्काम भावनाले सम्पादन गरिने वेदाध्ययनरूप ब्रह्मयज्ञबाट पनि आम्नायोक्त फल प्राप्त हुन्छ नै। पुनश्च अर्थज्ञानपूर्वक वेदाध्ययन नगरेसम्म ब्रह्मयज्ञ सम्पन्न हुन सक्दैन। यसप्रकार अध्येतालाई आफ्नो मित्र मान्ने वेदरूपी मित्रलाई जुन पुरुषले अध्ययन नगरेर त्याग गर्दछ त्यसका वाणीमा पनि भाग्य हुँदैन। फलमा भाग्य हुँदैन भन्ने कुरा त भन्नै परेन। सम्पूर्ण देवताका धर्मलाई र परब्रह्मको तत्त्वलाई

---

४१. उपजीव्य ऋग्वेदभाष्य भूमिकामा विद्यमान **अपहतपाप्मा०** आदि अंश तैत्तिरीय आरण्यकको द्वितीय प्रपाठकको पन्ध्रवाँ अनुवाकका अंशका रूपमा आएको छ। **यस्तित्याज०** आदि स्थूलाक्षरमा लेखिएको पङ्क्ति ऋग्वेदमा (१०/७१/६) समेत उपलब्ध हुन्छ।

४२. **यं यं क्रतुमधीते०** आदि स्थूलाक्षरमा विद्यमान पङ्क्ति पनि तैत्तिरीय आरण्यकको द्वितीय प्रपाठकको पन्ध्रवाँ अनुवाकका अंशका रूपमा आएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतेन स्वाध्यायस्य नित्यत्वम्, नित्यत्वे सत्यपि फलप्रापकत्वं च निर्दिष्टम्।

[४०]उपनिषदपि ब्राह्मणस्य कृते प्रयोजनमनभिसन्धायैव षड्भिरङ्गैः समन्वितस्य वेदस्याध्ययनं समादिशति।

[४१]याज्ञवल्क्येन- अध्यापकस्य गुरोः कर्तव्यत्वेन स्मरणादविनाभावेनाध्ययनमपि तस्मादेवाक्षिप्य विधीयते चेत् [४२]स्वाध्यायार्थं गुरूपासनामभिदधता प्रत्यक्षमपि स्वाध्यायविधिराम्नातः। वेदं वेदं प्रति [४३]द्वादशाब्द-पञ्चाब्दग्रहणान्तिकरूपविकल्पत्रयं चाध्ययनाय अवधित्वेन निर्दिष्टञ्च।

---

४०. **'ब्राह्मणेन निष्कारणं षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च'**।

४१. **उपनीय गुरुः शिष्यं महाव्याहृतिपूर्वकम्। वेदामध्यापयेदेनं शौचाचारांश्च शिक्षयेत्॥**

- याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः १५ श्लोकः।

४२. **गुरुं चैवाप्युपासीत स्वाध्यायार्थं समाहितः। आहूतश्चाप्यधीयीत लब्धं चास्मै निवेदयेत्॥**

- याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः २६-२७।

४३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ३६ श्लोकः।

प्रतिपादन गर्ने वेदको उच्चारण (स्वाध्याय) नगरेर सबै ठाउँमा अरूका निन्दा, कलह आदिका कारणका रूपमा रहेका लौकिक वार्ता (कुराकानी/गफ) गरिरहने मनुष्यका वाणीमा भाग्य हुँदैन भन्ने कुरा त स्पष्टै छ। (ऋ.भा.भू.)[४३] आदि।

उपर्युक्त अनुच्छेदबाट स्वाध्याय नित्यकर्म हो र नित्यकर्म भएता पनि त्यसबाट फल प्राप्त हुन्छ भन्ने निर्देशन गरिएको छ। उपनिषद्ले पनि- ब्राह्मणहरूले फलको आशा नराखीकन छवटै (शिक्षा आदि) अङ्गले युक्त भएका वेदको अध्ययन गर्नुपर्छ भन्ने निर्देशन दिन्छ।[४४] याज्ञवल्क्यले- कतै अध्यापन गर्ने (पढाउने) गुरुका कर्तव्यको (गुरुमा हुनुपर्ने विशेषताको) वर्णन गरेका छन् र उक्त वर्णनबाट अभेद सम्बन्धका आधारमा अध्ययन (वेदाध्ययन) गर्नुपर्छ भन्ने कुरा पनि आक्षेपद्वारा विधान गरेका (निर्देशन दिएका) छन् (या.स्मृ. १/१५)[४५] कतै स्वाध्यायका लागि गुरुको उपासना गर्नुपर्छ भनी प्रत्यक्षरूपमा पनि स्वाध्याय विधिको प्रतिपादन गरेका छन् (या.स्मृ. १/२६-२७)।[४६] प्रत्येक वेदका लागि

---

४३. यहाँ सम्मको पाठ सायणाचार्यद्वारा रचित ऋग्वेद भाष्य भूमिकाबाट उद्धरण गरिएको हो।

४४. **'ब्राह्मणेन निष्कारणं षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च'** बाट मूलमा प्रतिपादित {ब्राह्मणले प्रतिफलको आशा नराखीकन साङ्ग (छवटै अङ्गका साथमा) वेदको अध्ययन गर्नुपर्छ र जान्नु पनि पर्छ।} भन्ने भाव व्यक्त हुन्छ।

४५. क) {गुरुले आफ्ना गृह्यसूत्रमा बताइएका विधिअनुसार उपनयन संस्कार सम्पन्न गरिदिएर शिष्यलाई महाव्याहृतिका साथमा वेद पढाऊन्, शिष्यलाई वक्ष्यमाण शौच एवं आचार सम्बद्ध नियम पनि सिकाऊन्।}- याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १५ श्लोकः।

ख) सङ्केतित पद्यमा गुरुले महाव्याहृतिपूर्वक वेद अध्ययन गराउनुपर्छ भनिएको छ। मिताक्षरा अनुसार- ॐ भूः, ॐ भुवः, ॐ स्वः, ॐ महः, ॐ जनः, ॐ तपः, ॐ सत्यम् गरी सात व्याहृति हुन्छन् तर गौतमका मतमा पाँच व्याहृति हुन्छन्।

४६. {शिष्यले गुरुको सेवा गसोस्, स्वाध्यायका लागि सावधान (अविक्षिप्तचित्त) होओस्। गुरुले बोलाएपछि पढोस् (आफै गुरुलाई पढाउनूस् भनी प्रेरणा नगरोस्), जेजति प्राप्त हुन्छ सबै नै गुरुलाई टक्र्याओस्}- याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः २६-२७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[४४]अध्ययनं हि ब्राह्मणस्य षड्विधधर्मेष्वेको धर्म इति स्मृतम् । [४५]द्विजातीनाम् अध्ययनयजनदानात्मकेषु त्रिषु धर्मेषु अध्ययनमेको धर्मः ।

[४६]विद्यानां धर्मस्य च पुराणं न्यायो मीमांसा धर्मशास्त्रं शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषं वेदाश्चेति चतुर्दश स्थानानि सन्तीति याज्ञवल्क्येन योगिना निर्दिष्टम् ।

[४७]कौटिल्येन- आन्वीक्षिकीत्रयीवार्तादण्डनीतीनां चतुर्णां विद्यात्वमभिहितम् । मनुसम्प्रदाये त्रयीवार्तादण्डनीतीनां त्रयाणां विद्यात्वोक्तिः, बृहस्पतिसम्प्रदाये वार्तादण्डनीत्योर्द्वयोः {विद्यात्वोक्तिः}, उशनसः सम्प्रदाये पुनर्दण्डनीतेरेकस्या एव विद्यात्वोक्तिश्चेति प्रदर्श्य पूर्वोक्तानामान्वीक्षिकीत्रयीवार्तादण्डनीतीनामेव चतसृणां विद्यानां विद्यात्वं द्रढयति । चतसृभिर्विद्याभिर्निर्दिष्टमार्गेणैव धर्मार्थयोरुपार्जनाद् विद्याया विद्यात्वस्य संरक्षणमपि निर्दिष्टम् ।

---

४४. **अध्यापनमध्ययनं यजनं याजनं तथा । दानं प्रतिग्रहश्चैव षट् कर्माण्यग्रजन्मनः ।।** - १०/७५ मनुः ।

४५. १०/१ मनुः । {प्रब्रूयाद् ब्राह्मणस्तेषाम्- इति} ।

४६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ३ श्लोकः ।

४७. कौटिल्यस्य अर्थशास्त्रम्, १ अधिकरणम्, १ प्रकरणम, १ अध्यायः, १-५ सूत्राणि ।

बाह्र वर्ष अथवा पाँच वर्ष अथवा अध्ययन गर्न जति समय लाग्छ त्यति समय वेदाध्ययनको अवधि हुन्छ भनी तीनवटा विकल्प बताएका छन् (या.स्मृ. १/३६) ।

ब्राह्मणद्वारा गर्नुपर्ने छ प्रकारका धर्म (कर्तव्य) मध्ये अध्ययन पनि एउटा धर्म हो भनिएको छ (मनु.१०/७५) ।[४७] (ब्राह्मणेतर) द्विजातिका लागि निर्धारित अध्ययन, यजन एवं दानात्मक तीनवटा धर्ममध्ये पनि अध्ययन एउटा धर्म हो (मनु. .....) । पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष एवं चार वेद गरी विद्याका र धर्मका चौध स्थान छन् भनी योगीश्वर याज्ञवल्क्यले बताएका छन् (या.स्मृ. १/३) ।

कौटिल्यले- आन्वीक्षिकी, त्रयी (वेद त्रयी) वार्ता र दण्डनीति- गरी चारवटा शास्त्रलाई विद्या भनेका छन् । मनुका सम्प्रदायमा त्रयी, वार्ता र दण्डनीति गरी तीनवटा शास्त्रलाई विद्या भनिन्छ, बृहस्पतिका सम्प्रदायमा वार्ता र दण्डनीति गरी दुईवटा शास्त्रलाई विद्या भनिन्छ एवं उशना (शुक्राचार्य) का सम्प्रदायमा एकमात्र दण्डनीतिलाई विद्या भनिन्छ भन्ने तथ्य प्रतिपादन गरेर उनले पूर्वोक्त आन्वीक्षिकी, त्रयी, वार्ता र दण्डनीति चारै नै विद्या हुन् भन्ने सिद्धान्त दृढताका साथ प्रतिपादन गरेका छन् । चार प्रकारका विद्याद्वारा निर्देशन गरिएका बाटाबाट (निर्देशनको अनुसरण गर्दै) धर्म एवं अर्थको उपार्जन गरिने भएकाले उक्त चार विद्याबाटै विद्यामा रहेको विद्यात्वको संरक्षण हुन्छ भन्ने तथ्य समेत प्रतिपादन गरेका छन् (कौ.अ.शा. १/२) ।[४८]

---

४७. {अङ्ग सहित वेदको अध्यापन एवं अध्ययन, यजन (यज्ञ गर्नु) एवं याजन (यज्ञ गराउनु) दान (अरूलाई दान दिनु) एवं प्रतिग्रह (सत्पात्रबाट दान ग्रहण गर्नु)- यी छ ब्राह्मणका कार्य हुन् ।}- मनु. १०/७५ ।

४८. अनुवादित अनुच्छेदमा निर्दिष्ट सम्पूर्ण विषयवस्तु कौटिल्यका अर्थशास्त्रको प्रथम अधिकरणको दोस्रो अध्यायको प्रतिपाद्य विषय हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याया निधित्वम्

विद्या हि ब्राह्मणानां निधिरस्ति । निधिस्त्वर्थसाध्यक्रियासम्पादक एव । विद्या तु ऐहलौकिकीमभ्युदयरूपां समृद्धिम्, पारलौकिकीं निःश्रेयसरूपामभीष्टसिद्धिमपि च वितनुते इति विद्यानां निधौ च यद्यपि महद्वैषम्यं तथापि अत्र सर्वाभिलषितपूरकरूपत्वं निधेरभ्युपगम्य विद्यायास्तादृशमेव रूपमभिमतम् । [४८]मनुनापि विद्यया ब्राह्मणेन समेत्य स्वात्मानं तन्निधिरूपत्वेनोक्तमिति स्मृतमेव ।

ऋषियज्ञ-देवपूजन-भूतयज्ञ-नृयज्ञ-पितृयज्ञरूपान् स्वाध्याय-होमवलिकर्मातिथिपूजनश्राद्धात्मकान् पञ्च महायज्ञान् नित्यानुष्ठेयत्वेन निर्दिश्य,

'ज्ञानेनैवापरे विप्रा यजन्त्येतैर्मखैः सदा । ज्ञानमूलां क्रियामेषां पश्यन्तो ज्ञानचक्षुषा ।।' इत्यभिहितं [४९]मनुनैव ।

द्विजातिभिर्नित्यत्वेनानुष्ठेयानामपि पञ्चमहायज्ञानां ब्रह्मज्ञानसमन्वितैर्ज्ञानेनैव सम्पाद्यत्वमेतेन समनुज्ञातम् ।

---

४८. २/११४ मनुः । {विद्याधिष्ठात्री देवता कञ्चिदध्यापकं ब्राह्मणमागत्यैवमदत् । तवाहं निधिरस्मि । मां रक्ष । असूयकायातिदोषवते न मां वदेः । तथा सत्यतिशयेन वीर्यवती भूयासम् ।- इति मन्वर्थमुक्तावली}

४९. ४/२४ मनुः ।

विद्या निधि हो-

विद्या ब्राह्मणहरूको निधि (सम्पत्ति) हो । निधिले अर्थ लगाएर सम्पन्न गर्नुपर्ने कार्य सिद्ध गर्छ नै । विद्याले त ऐहलौकिक (यस लोकसित सम्बद्ध) अभ्युदयरूप समृद्धि र पारलौकिक (परलोकसित सम्बद्ध) निःश्रेयस (मोक्ष) रूप अभीष्टको सिद्धि गर्छ । त्यसैले विद्यामा र निधिमा धेरै अन्तर छ तर पनि निधिलाई सबै अभिलषित कार्य पूरा गरिदिने (सम्पन्न गराउने) साधन स्वीकार गरेर विद्याको पनि त्यस्तै (सबै अभिलषित कार्य सम्पन्न गरिदिने) स्वरूप (प्रकृति) मानिएको हो । मनुले पनि विद्याले ब्राह्मणका नजिकमा गएर उससित म तिम्रो निधि (सम्पत्ति) हुँ भन्यो भन्ने कुरा स्मरण गरेका (प्रतिपादन गरेका) छन् नै (मनु. २/११४) ।

स्वाध्याय, होम, बलिकर्म, अतिथिपूजन एवं श्राद्धसित सम्बद्ध ऋषियज्ञ, देवयज्ञ, भूतयज्ञ, मनुष्ययज्ञ र पितृयज्ञरूप पञ्च महायज्ञ सधैँ सम्पन्न गर्नुपर्छ भन्ने निर्देशन दिएपछि मनुले **ज्ञानेनैवापरे०** अर्थात् 'अर्काथरी (ब्रह्मनिष्ठ) विप्रहरूले ज्ञानरूपी नयनद्वारा यज्ञहरूका क्रियालाई ज्ञानमूलक मान्दै सधैँ ज्ञानद्वारा पञ्चमहायज्ञको यजन गर्दछन् (मनु. ४/२४)[४९] भनेका छन् ।

---

४९. स्वाध्याय ऋषियज्ञ (ब्रह्मयज्ञ) हो, होम देवयज्ञ हो, बलिकर्म भूतयज्ञ हो, अतिथिपूजन मनुष्ययज्ञ हो र श्राद्ध पितृयज्ञ हो । यिनैलाई पञ्चमहायज्ञ भनिन्छ । उक्त महायज्ञहरू गृहस्थहरूद्वारा नित्य सम्पन्न गर्नुपर्छ । ब्रह्मज्ञानी वेदसंन्यासी गृहस्थहरूले उक्त यज्ञहरू प्रत्यक्ष रूपमा सम्पादन गर्दैनन् भन्ने सन्दर्भमा मूलमा उद्धृत पद्य पढिएको हो । उक्त पद्यको अर्थ संक्षेपमा यसरी बुझ्न सकिन्छ- अपरे ब्रह्मनिष्ठा विप्रा ज्ञानचक्षुषोपनिषदा एषां क्रियामुत्पत्तिं ज्ञानमूलां जानन्तः सदा ब्रह्मज्ञानेनैवेतैर्मखैर्यजन्ति । एतान् यज्ञाननुतिष्ठन्ति । ब्रह्मोत्पत्तिकाले ब्रह्मात्मकान् ध्यायन्तः सम्पादयन्ति । पञ्चयज्ञफलमश्नुवते इत्यर्थः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा हि चक्षुर्भ्यां रूपज्ञानम्, तथा वै ज्ञानेन वस्तुतत्त्वावबोधः। **'सत्यं ज्ञानमनन्तं ब्रह्म'** [५०]इत्युपनिषद्वाक्येन ज्ञानस्य ब्रह्मरूपत्वं स्फुटीकृतम्।

यथा वै मनुना **'विद्या ब्राह्मणमेत्याह शेवधिस्तेऽस्मि रक्ष माम्'** इत्यादि स्मृतम् तथैव निरुक्तकारेण [५१]यास्केनोद्धृताश्चत्वारो मन्त्राश्च विद्याया ग्रहणेऽधिकारिविशेषं समामनन्ति। ते च मन्त्रा ऋग्वेदभाष्ये निर्दिष्टाः। तत्र

प्रथमो मन्त्रः-

विद्या ह वै ब्राह्मणमाजगाम गोपाय मां शेवधिस्तेऽहमस्मि।
असूयकायानृजवेऽयताय न मा ब्रूया वीर्यवती तथा स्याम्॥ इति।

त्रयाणां ब्राह्मणक्षत्रियविशाम् (वर्णानाम्) अध्ययने एवाधिकारः। ब्राह्मणस्य पुनः प्रवचनेऽप्यधिकारोऽस्तीति-

'अधीयीरन् त्रयो वर्णाः स्वकर्मस्था द्विजातयः। प्रब्रूयाद् ब्राह्मणस्तेषां नेतराविति निश्चयः॥[५२] इति मनुसमाम्नायादवगम्यते।

---

५०. २/१/१ (तैत्तिरीयोपनिषद्)।

५१. ऋग्वेदः अ., १, अ.१, व.१ ? {श्रीमत्सायणाचार्यविरचिते, वेदार्थप्रकाशे}।

५२. १०/१ मनुः।

द्विजातिद्वारा नित्य अनुष्ठान गर्नुपर्ने पञ्चमहायज्ञरू पनि ब्रह्मज्ञानले युक्त भएका ज्ञानीहरूद्वारा ज्ञानका माध्यमले नै सम्पादन गर्नुपर्छ भनी उद्धृत पद्यले अनुमति प्रदान गरेको छ। जसरी चक्षुरिन्द्रियद्वारा नील, पीत आदि रूपको ज्ञान हुन्छ त्यसरी नै ज्ञानद्वारा वस्तुतत्त्वको (पदार्थका यथार्थ स्वरूपको) ज्ञान हुन्छ। **सत्यं ज्ञानमनन्तं ब्रह्म** (तै.उ. २/१/१) भन्ने उपनिषद् वाक्यले ज्ञान ब्रह्मरूप हुन्छ भन्ने तथ्य स्पष्ट पारेको छ। मनुले जसरी **विद्या ब्राह्मणमेत्याह०** अर्थात् 'विद्याका अधिष्ठाता देवताले कुनै अध्यापक ब्राह्मणका नजिकमा आएर उससित म तिम्रो शेवधि (निधि) हुँ, अतः तिमीले मेरो रक्षा गर भने' (मनु. २/११४) भनेका छन् त्यसरी नै निरुक्तका लेखक यास्कद्वारा उद्धृत मन्त्रमा पनि भनिएको छ। यास्कद्वारा उद्धृत चार मन्त्रमा विद्याग्रहणका अधिकारी पुरुषको निरूपण गरिएको छ। उक्त चार मन्त्र ऋग्वेदको भाष्यमा देखाइएका छन् (ऋ.भा.भू.)। यास्कद्वारा उल्लिखित चार मन्त्रमध्ये पहिलो मन्त्र यस प्रकार छ-

विद्यया ह० अर्थात्- 'विद्याका अधिष्ठाता देवताले अध्यापक ब्राह्मणका नजिकमा गए र उनलाई भने- तिमीले {विद्याग्रहण गर्ने अधिकार नभएका पुरुषलाई विद्यादान नदिएर} मेरो रक्षा गर, किनकि म तिम्रो निधि (सम्पत्ति) हुँ। मसित अर्थात् विद्यासित र उपदेष्टा तिमिसित असूया (गुणमा पनि दोषारोपण) गर्ने, कुटिल स्वभाव भएका अर्थात् विनम्रतापूर्वक विद्याध्ययन नगर्ने र स्नान आचमन आदि आचारमा निष्ठा वा संयम नभएका पुरुषलाई न पढाऊ (मेरो प्रवचन नगर), तिमीले यस्ता नियमको पालन गऱ्यौँ भने म शक्तिशाली (तिम्रा हृदयमा अवस्थित भएर अभीष्ट प्रदान गर्ने सामर्थ्ययुक्त) हुने छु'[५०]।

---

५०. प्रस्तुत पद्य निरुक्तमा २/१/४ पद्यका रूपमा आएको छ। सायणका अनुसार विद्याग्रहणका अधिकारीका विशेषता दर्साउने मूलमा उद्धृत मन्त्रहरू यस्काले पनि शाखान्तरबाट उद्धरण गरेका हुन्। प्रस्तुत मन्त्र थोरै पाठान्तरका साथमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तादृशं प्रवचने प्राप्ताधिकारं द्विजानामग्र्यं विद्वांसं वै ब्राह्मणं विद्याभिमानिनी देवता समागम्य प्रार्थयामास। हे ब्राह्मण! मामनधिकारिणेऽनुपदिश्य पालय। तवाहं निधिवत्पुरुषार्थहेतुरस्मि। तादृश्यां मयि तदुपदेष्टरि त्वयि च योऽसूयां करोति, यश्चार्जवेन विद्यां नाभ्यस्यति, योऽपि स्नानाचमनादि आचारनियतो न भवति, तादृशेभ्यः शिष्याभासेभ्यो मां न ब्रूयाः। तथा सति त्वद्धृदये स्थिता फलप्रदा भवेयम्। इत्यभिधाय मन्त्रेऽस्मिन्नाचार्यस्य नियमोऽभिहितः।

द्वितीयेन मन्त्रेण शिष्यस्य नियमः समाम्नातः। यथा-

य आतृणत्त्यवितथेन कर्णावदुःखं कुर्वन्नमृतं संप्रयच्छन्।
तं मन्येत पितरं मातरं च तस्मै न द्रुह्येत् कतमच्चनाह॥ इति।

अदुःखं कुर्वन् (यथासुखं वेदं ग्राह्यम्) वेदार्थरूपममृतं सम्प्रयच्छन् (ग्राहयन्) य आचार्यः शिष्यस्य कर्णौ अवितथेन (वेदवाक्येन) आतृणत्ति (सर्वतः पूरणं करोति) तादृशमाचार्यं सच्छिष्यो मुख्यमातापितृरूपं मन्येत। तस्मै आचार्याय कतमच्च न द्रुह्येत् एकमपि द्रोहं न कुर्यादित्यर्थः।

ब्राह्मण, क्षत्रिय एवं वैश्य तीनै वर्णको अध्ययन गर्ने अधिकार छ। ब्राह्मणको पुनः प्रवचन गर्ने अधिकार पनि छ भन्ने कुरा **अधीयीरन्०** अर्थात् 'ब्राह्मण, क्षत्रिय एवं वैश्यरूप तीनै वर्णका द्विजातिले आ-आफ्ना कार्यमा स्थित भएर वेदको अध्ययन गरून्, तीनै वर्णलाई वेदविद्याको उपदेश (पढाउने) कार्य ब्राह्मणले मात्र गरून्, अन्य दुई (क्षत्रिय एवं वैश्यले) प्रवचन गर्ने कार्य नगरून्, यो निश्चय हो' (शास्त्रद्वारा निर्णीत उक्ति हो) (मनु. १०/१) भन्ने मनुको कथनबाट अवगत हुन्छ। त्यसप्रकारको प्रवचन गर्ने अधिकार समेत पाएको द्विजहरूमा श्रेष्ठ ब्राह्मणलाई विद्याका अभिमानी देवताले नजिकै गएर प्रार्थना गरे- हे ब्राह्मण! अनधिकारी पुरुषलाई उपदेश नदिएर मेरो पालन गर। म तिम्रालाई निधिझैं पुरुषार्थको कारण बन्ने छु (जसरी निधिले सबै कार्य सम्पन्न गराउँछ त्यसरी नै म पनि तिम्रा सबै कार्य सम्पन्न गराइदिन्छु)। यस्ता विशेषताले युक्त भएकी मसित र मेरो (विद्याको) उपदेश गर्ने तिमीसित जसले असूया गर्छन्, जसले सिधा भएर (कुटिलताको त्याग गरेर) विद्याको अभ्यास गर्दैनन्, जो स्नान आचमन आदिमा आचारमा नियत (नियमनिष्ठ) हुँदैनन् त्यसप्रकारका देखावटी शिष्यलाई नपढाऊ (मेरो/विद्याको उपदेश नदेऊ), त्यसो गऱ्यो भने म तिम्रा हृदयमा बसेर फलप्रदा (अभीष्ट वस्तु प्रदान गर्ने) बन्नेछु। यसो भनेर प्रस्तुत मन्त्रमा आचार्यका नियम बताइएका छन्।

दोस्रो मन्त्रद्वारा शिष्यका नियम बताइएको छ। जुन मन्त्र यसप्रकार छ- **य आतृणत्त्यवितथेन०** अर्थात्- 'कुनै पीडा नपुऱ्याईकन, अमृतको आस्वादन गराउँदै (वेदार्थको बोध गराउँदै वा मोक्षको प्रापक बनाउँदै) जुन आचार्यले शिष्यका कानहरू सत्यरूप वेदवाणीद्वारा पूर्ण गराउँछन् (वेद श्रवण गराउँछन्) यस्ता आचार्यलाई पिता मानोस्, माता मानोस् र उक्त विशेषताले युक्त आचार्यसित कहिल्यै पनि द्रोह नगरोस्।' **अदुःखं कुर्वन्**- पीडा उत्पन्न नगराईकन[५१] वेदरूपी

शाठ्योपनिषद्मा पनि पाइन्छ। मन्वर्थमुक्तावलीमा निर्देश गरिए अनुसार छान्दोग्यब्राह्मणमा निम्न मन्त्र पाइन्छ- **विद्या ह वै ब्राह्मणमाजगाम तवाहमस्मि त्वं मां पालयानर्हते मानिने नैव मादा गोपाय मां श्रेयसी तथाहमस्मि।'** अनधिकारी पुरुषलाई विद्यादान गर्न हुँदैन भन्ने मूल पद्यको तात्पर्य हो।

५१. शरीरलाई वा मनलाई बाधा नदिईकन वेदाध्ययन गर्नुपर्छ। आचार्यले सम्पूर्ण ऋचा एकै पटक ग्रहण गर्न नसक्ने माणवकलाई आधा, त्यसको पनि आधा (एक पाउ) वा पाउको पनि एकांश ग्रहण गराउनुपर्छ भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीयो मन्त्रः-

अध्यापिता ये गुरुं नाद्रियन्ते विप्रा वाचा मनसा कर्मणा वा।
यथैव ते न गुरोर्भोजनीयास्तथैव तान्न भुनक्ति श्रुतं तत्॥ इति।

ये त्वधमा विप्रा गुरुणाध्यापिताः सन्तो गुरुं विनयशुश्रूषादिभिः कायेन मनसा वाचा नाद्रियन्ते, तेषु यथा गुरुः कृपां न करोति तथैव गुरूपदिष्टमपि न पालयति (फलप्रदो न भवतीत्यर्थः)। अनेन मन्त्रेण गुरुशुश्रूषादिनियमानुष्ठानरहितस्य शिष्यस्य वेदाध्ययनं निष्फलं दर्शितम्।

चतुर्थो मन्त्रः-

यमेव विद्याः शुचिमप्रमत्तं मेधाविनं ब्रह्मचर्योपपन्नम्।
यस्ते न द्रुह्येत् कतमच्चनाह तस्मै मां ब्रूया निधिपाय ब्रह्मन्॥ इति।

हे आचार्य! यं शिष्यं शुचित्वादिगुणोपेतं विद्याः, यश्च तुभ्यं कदाचिदपि न द्रुह्येत्, तादृशत्वदीयनिधिपालकाय वेदरूपां मां विद्यां ब्रूयाः। मन्त्रेणानेन चाध्याप्यस्य स्वरूपं दर्शितम्। विद्याया निधित्वं तस्य संरक्षकस्वरूपं गुणागुणगतफलाफलवत्वं चैतेन साधितम्।

अमृत प्रदान गर्दै (ग्रहण गराउँदै) जुन आचार्यले शिष्यका कान अवितथ (वेद) वाणीद्वारा चारैतिरबाट पूर्ण बनाउँछन् यस्ता आचार्यलाई राम्रो शिष्यले जन्मदिने माता पितासमान मानोस्। त्यस्ता आचार्यसित कहिल्यै पनि द्रोह नगरोस् अर्थात् आचार्यका साथमा एक पटक पनि द्रोह (अपराध) नगरोस्।

तेस्रो मन्त्र यस प्रकार छ- **अध्यापिता०** अर्थात् 'गुरुद्वारा अध्यापन गराइएका जुन विप्रले- वाणीले (विनम्र वचनले) अथवा मनले (हितचिन्तनद्वारा) अथवा कर्मले (शुश्रूषा आदिद्वारा) (अध्ययन गराउने अर्थात् वेद पढाउने) गुरुलाई आदर गर्दैनन् त्यस्ता विप्र (नाम मात्रका शिष्य) जसरी गुरुद्वारा भोजन गराउने योग्य हुँदैनन् (गुरुकृपाका पात्र बन्न सक्दैनन्) त्यसै प्रकारले उनीहरू आफैद्वारा अध्ययन गरिएका शास्त्रहरूद्वारा पनि कृपा गर्ने योग्य हुँदैनन् (अधीत शास्त्रले पनि उनीहरूको सहयोग गर्दैन)। व्याख्या- जुन अधम विप्रले गुरुद्वारा अध्ययन गराइएका भए तापनि गुरुलाई विनय (नम्रता), शुश्रूषा (सेवा) आदिद्वारा शरीरले, मनले र वाणीले आदर गर्दैनन् उनीहरूलाई जसरी गुरुले कृपा गर्दैनन् त्यसरी नै गुरुद्वारा उपदेश दिइएको विद्याले पनि संरक्षण गर्दैन (शुभ परिणाम दिँदैन)। यस मन्त्रद्वारा गुरुको सेवा आदि नियमले रहित भएका (गुरुशुश्रूषा आदि नगर्ने) शिष्यद्वारा गरिएको वेदाध्ययन निष्फल हुन्छ भनी देखाइएको छ।

चौथो मन्त्र यसप्रकार रहेको छ- **यमेव विद्या०** अर्थात् 'हे विप्र ! जुन शिष्यलाई तिमी पवित्र छ, प्रमादरहित छ, मेधावी छ र ब्रह्मचर्यले युक्त भएको छ भनी मान्दछौ साथै जसले तिमीसित कहिल्यै पनि द्रोह गर्दैन यस्ता विद्यारूपी निधिको संरक्षण गर्ने शिष्यलाई मेरो उपदेश गर्नु। व्याख्या- 'हे आचार्य ! जुन शिष्यलाई तिमी शुचित्व आदि गुणले युक्त भएका मान्दछौं, जुन शिष्यले कहिल्यै पनि तिम्रो द्रोह गर्दैन त्यसप्रकारको तिम्रो विद्यारूपी सम्पत्तिको संरक्षण गर्ने शिष्यलाई मेरो (विद्याका अधिष्ठाता देवताको अर्थात् वेदको) प्रवचन गर्नू (वेद पढाउनू)।' यस मन्त्रद्वारा अध्ययन गराइने (पढाइने) व्यक्तिको स्वरूप बताइएको छ। उपर्युक्त चर्चाद्वारा- विद्या निधि हो, त्यसको (विद्याको) संरक्षण गर्नुपर्छ र विद्या गुणवान् मनुष्यमा सफल हुन्छ एवं गुणविहीन मनुष्यमा असफल हुन्छ भन्ने तथ्य सिद्ध गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानं सर्वार्थसाधकम्

उक्तमेव हि विद्याज्ञानयोरेकार्थवाचकत्वम् । ऋते ज्ञानान्न मुक्तिः । पारलौकिकं फलं स्वर्गादिकं निःश्रेयसादिकं वा ज्ञानं विना प्राप्तुं न हि शक्यते ।

ऐहिकं फलमपि न हि ज्ञानं विना लब्धुं शक्यते । कलाविषयकज्ञानवानेव पुरुषस्तज्जन्यं फलं समवाप्तुं शक्नोति । शास्त्रीयकर्मानुष्ठानजन्यफलोपलम्भार्थं पूर्वं यत्कर्मजन्यं यत्फलं तस्य फलवत्कर्मण एव याथातथ्येन ज्ञानमावश्यकम्, ततश्च कर्मानुष्ठानविषयकपद्धतेर्ज्ञानमावश्यकम् । शास्त्रीयं कर्म ऐहिकं पारलौकिकमपि फलं साधयतीति ऐहिकामुष्मिकफलोपलम्भार्थं फलसाधनभूतस्य कर्मणस्तदनुष्ठानस्य च ज्ञानमावश्यकं भवति ।

तच्च ज्ञानं शास्त्रात्सम्पद्यते । शास्त्रोक्तं ज्ञानमध्ययनेन लभ्यम् । अध्ययनं च नियमपूर्वकं विहितं चरिचार्थं भवति । [५३]नियमेनाधीतं वीर्यवत्तरं भवतीति श्रुतिः समाम्नायते ।

[५४]स्मृतिश्च ब्राह्मणक्षत्रियवैश्यानां कृते विध्युक्तं तपस्तपतां विभिन्नव्रतविशेषांश्च समनुतिष्ठतां सकलस्य वेदस्यास्याध्ययनाधिकारं सफलत्वं च निर्दिशति ।

५३. मन्वर्थमुक्तावली ३/१ मनुस्मृतौ ।

५४. **तपोविशेषैर्विविधैर्व्रतैश्च विधिचोदितैः । वेदः कृत्स्नोऽधिगन्तव्यः सरहस्यो द्विजन्मना ।।**- २/१६५ मनु. ।

ज्ञान सबै कार्यको साधक हो-

विद्या र ज्ञान एउटै अर्थका बोधक हुन् भन्ने कुरा बताइसकिएको छ । ज्ञान विना मुक्ति सम्भव छैन । परलोकसित सम्बद्ध स्वर्ग आदि फल वा निःश्रेयस (अपवर्ग/मोक्ष) ज्ञान विना प्राप्त गर्न सकिँदैन ।

यस लोकसित सम्बद्ध फल पनि ज्ञान विना प्राप्त गर्न सकिँदैन । कलासम्बन्धी ज्ञान भएको पुरुषले मात्र कलाबाट उत्पन्न हुने फल प्राप्त गर्न सक्छ । शास्त्रीय कर्म सम्पादन गरेपछि उपलब्ध हुने फल प्राप्त गर्नका लागि सर्वप्रथम 'कुन कर्म गर्नाले केकस्तो फल प्राप्त हुन्छ' यस प्रकारले परिणाम उपलब्ध गराउने कर्मको यथार्थज्ञान हुनु आवश्यक देखिन्छ। त्यसपछि कसरी कर्मको अनुष्ठान गर्ने अर्थात् कार्य कसरी सम्पादन गर्ने भन्ने पद्धतिको ज्ञान पनि आवश्यक हुन्छ। शास्त्रीय कर्मले यस लोकमा उपभोग गर्न सकिने र परलोकमा पनि उपभोग गर्न सकिने परिणाम उत्पन्न गराउँछ । अतः यस लोकमा र परलोकमा उपभोग गरिने परिणाम (फल) प्राप्त गर्नका लागि परिणाम प्राप्तिका साधनभूत कर्महरूको र त्यसका अनुष्ठानको ज्ञान हुनुपर्ने आवश्यकता हुन्छ ।

उक्त ज्ञान शास्त्रबाट उत्पन्न हुन्छ । शास्त्रमा प्रतिपादन गरिएको ज्ञान अध्ययनबाट प्राप्त गर्न सकिन्छ । नियमपूर्वक गरिएको अध्ययन नै चरितार्थ (परिणाम उपलब्ध गराउने) हुन्छ । नियमपूर्वक गरिएको अध्ययन शक्तिशाली हुन्छ भनी श्रुतिले प्रतिपादन गरेको छ (मनु.३/१ म.मु.) । स्मृतिले पनि विधिद्वारा (शास्त्रीय विधिवाक्यद्वारा) बताइएका तपस्या सम्पादन गरिरहेका र विभिन्न प्रकारका विशिष्ट व्रतहरूको अनुष्ठान गरिरहेका ब्राह्मण, क्षत्रिय एवं वैश्यहरूलाई वेदको अध्ययन गर्ने अधिकार छ र उनीहरूले गरेको वेदाध्ययन सफल हुन्छ भनेको छ (मनु.१/१६५) ।[५२] विद्याको अभ्यासले

५२. {द्विजकुलमा उत्पन्न भएका मनुष्यले तपस्या विशेषका (विभिन्न अनुष्ठानहरूका अथवा धर्मशास्त्रोक्त विशेषप्रकारका तपस्याहरूका), अनेक प्रकारका व्रतहरूको र गृह्यसूत्र आदिका प्रतिपादन गरिएका नियमहरूको पालन गर्दै रहस्य (उपनिषद्) सहित सम्पूर्ण (मन्त्रब्राह्मणात्मक) वेदको अध्ययन गर्नुपर्छ}- मनु. २/१६५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[५५]विद्याभ्यासः कर्मसु कौशलमुत्पादयति । यदि तज्ज्ञेभ्यो विद्याग्रहणं विहितं तर्ह्येव सा गृहीता विद्या कर्मकुशलतामावहति । न हि अतज्ज्ञेभ्यो ग्रहीतुमाप्यते ।

[५६]शास्त्राध्ययनमेव विज्ञानाविष्कारकम् । पुरुषो हि यथा यथा शास्त्रमधीते तथा तथा सः पुरुषः शास्त्रं विजानाति तस्य शास्त्रस्य विज्ञानमपि रुचिविषयं सम्पद्यते । अत एव **'स्वाध्यायोऽध्येतव्यः'** इति श्रुत्या समाम्नातम् ।

तस्य चाध्ययनस्य वीर्यवत्वसम्पादनाय स्वाध्यायकालेऽनुष्ठेया नियमा भवन्ति । विहितनियमानुष्ठान-पूर्वकमधीतस्यैवाध्ययनस्य वीर्यवत्वं सम्पद्यते । अध्ययनस्य वीर्यवत्वसम्पादनायात्मनस्तपसो वृद्धिर्विधेया ।[५७] आत्मनस्तपसो वृद्धिश्च सकलेन्द्रियाणि नियम्य ब्रह्मचर्यव्रतं पालयित्वा धर्मशास्त्रोक्ताचारादिनियमानुष्ठानाद्धि सम्पद्यते । तेषाञ्चाचाराणां प्रतिपादनं स्मार्तधर्मनिरूपणावसरे विधीयते । तस्मादध्ययनं नियमेन विधेयम् । नियमेनाध्ययनात् प्रज्ञालोकः समुदेति ।

---

५५. अभ्यासः कर्मसु कौशलमुत्पादयत्येव यथास्ति तज्ज्ञेभ्यः सम्प्रदायः । नीतिवाक्यामृतम्, पुरोहितसमुद्देश ८ सूत्रम् ।

५६. **यथा यथा हि पुरुषः शास्त्रसमधिगच्छति । तथा तथा विजानाति विज्ञानं चास्य रोचते ।।**- ४/२० मनुः ।

५७. **सेवेतेमांस्तु नियमान् ब्रह्मचारी गुरौ वसन् । सन्नियम्येन्द्रियग्रामं तपोवृद्ध्यर्थमात्मनः ।।**- २/१७५ मनुः ।

कार्यमा कुशलता उत्पन्न गराउँछ । विद्याका ज्ञाता पुरुषबाट विद्याग्रहण गरिन्छ भने मात्र ग्रहण गरिएको विद्याले कार्यमा कुशलता उत्पन्न गराउँछ ।[५३] विद्याको मर्म नबुझेका पुरुषबाट विद्याग्रहण गर्न पनि सकिँदैन ।

शास्त्रको अध्ययनले नै विशिष्ट ज्ञान उत्पन्न गराउँछ । पुरुषले जति जति शास्त्रको अभ्यास गर्छ त्यति त्यति नै उसले शास्त्र जान्दछ (पुरुषमा शास्त्रीय ज्ञानको विशिष्टीकरण हुन्छ) । शास्त्रसम्बद्ध विज्ञान उसको रुचिको विषय बन्दछ (प्रकाशित हुन्छ) (मनु. ४/२०) ।[५४] त्यसैले **स्वाध्यायोऽध्येतव्यः** अर्थात् स्वाध्यायको अभ्यास गर्नुपर्छ भनी श्रुतिद्वारा भनिएको (निर्देशन दिइएको) हो ।

गरिएका अध्ययनलाई शक्तिशाली बनाउन स्वाध्यायका समयमा पालन गर्नुपर्ने केही नियमहरू हुन्छन् । शास्त्रद्वारा निर्देशन गरिएका नियमहरूको अनुष्ठान (पालन) गर्दै गरिएको अध्ययन मात्र शक्तिशाली हुन्छ । अध्ययनलाई शक्तिशाली बनाउन आफ्ना तपस्यामा वृद्धि गराउनुपर्छ । आत्मनिष्ठ तपस्याको वृद्धि सम्पूर्ण इन्द्रियहरूलाई नियमन गरी ब्रह्मचर्यव्रतको पालन गर्नाले र धर्मशास्त्रमा प्रतिपादन गरिएका आचार नियम आदिको अनुष्ठान गर्नाले हुन्छ

---

५३. अभ्यासः कर्मसु कौशलमुत्पादयत्येव यथास्ति तज्ज्ञेभ्यः सम्प्रदायः ।-{कुनै पनि कार्य त्यसका ज्ञाताहरूको परम्पराबाट प्राप्त भएको छ र अभ्यास पनि गरिएको छ भने त्यसले कार्यमा कुशलता (निपुणता) उत्पन्न गराउँछ नै । (परम्परागत विद्वत्ताले युक्त गुरुजनका सान्निध्यमा गरिएको अभ्यासले शास्त्रका गूढ रहस्यको बोध गराएर कर्तव्यपालनमा निपुण बनाउँछ ।} नीतिवाक्यामृतको, पुरोहितसमुद्देशको ८ औं सूत्र ।

५४. {पुरुषले जति जति राम्ररी शास्त्रको अध्ययन गर्ने कार्य गर्छ त्यति त्यति नै उ विशेष ज्ञानले युक्त भएको अर्थात् अन्य शास्त्रका ज्ञानले समेत सम्पन्न भएको बन्दछ, उसको त्यो विशेष ज्ञान प्रकाशित हुन्छ ।}- मनु. ४/२० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या प्रज्ञालोकस्य जननी

प्रज्ञालोकः ससंयमं नियमेनाध्येतुः समुदेति। प्रज्ञालोको देहिनामैहिकाभ्युदयस्य पारलौकिकस्वर्गापवर्गयोश्च प्राप्तिकारकस्य मार्गस्य प्रदर्शकः।

यथा हि नान्धो रूपं पश्यति, तथैव प्रज्ञाहीनोऽभ्युदयनिःश्रेयसमार्गं नावगच्छति। अर्थात् प्रज्ञारहितस्य समीहितेष्टसाधनज्ञानमपि न भवति। तादृशप्रज्ञालोकस्यावाप्तये संयमे प्राप्तविजयेन भाव्यमिति विभूतिपादे भगवता [५८]पतञ्जलिनापि समाम्नातम्।

[५९]आचार्येण कौटिल्येन– आन्वीक्षिकी, त्रयी, वार्ता, दण्डनीतिश्चेति चतस्रो विद्या समभिधाय सांख्यस्य योगस्य लोकायतस्य चान्वीक्षिकीत्वम्, त्रय्यां धर्माधर्मयोः (कर्तव्याकर्तव्ययोः) प्रतिपादकत्वम्, वार्तायामर्थानर्थयोः, दण्दनीत्यां च नयापनययोः प्रतिपादकत्वं निहितमिति च निर्दिष्टम्। त्रयीवार्तादण्डनीतीनां च बलाबले सद्धेतुभिरन्वीक्ष्य आन्वीक्षिकी लोकमुपकरोति, सुखदुःखयोर्बुद्धिधैर्यमापादयति, प्रज्ञात्मकवाक्येषु निपुणतामावहति। क्रियासु च कुशलतामाधत्ते इत्यपि च निगदितम्।

५८. पातञ्जलयोगदर्शनम्, विभूतिपादः, ५ सूत्रम्।

५९. कौटिल्यस्यार्थशास्त्रम् अधिकरणम् १, प्रकरणम् १, अध्यायः १, पृष्ठे १०-११।

(मनु.२/१७५)।[५५] तपस्याका अभिवृद्धिका लागि आवश्यक पर्ने आचारहरू स्मार्तधर्म निरूपण गर्ने समयमा गरिने छ। अतः अध्ययन नियमपूर्वक गर्नुपर्छ। नियमपूर्वक अध्ययन गर्ने हो भने प्रज्ञालोकको (प्रज्ञा अर्थात् ज्ञानको आलोक/प्रकाशको) उदय हुन्छ।

विद्या प्रज्ञालोकको जननी हो-

संयमित भएर नियमपूर्वक अध्ययन गर्ने अध्येतामा प्रज्ञालोकको उदय हुन्छ। प्रज्ञालोकले देहधारी (मनुष्य) हरूलाई यस लोकमा अभ्युदय हुने र परलोकमा स्वर्ग एवं अपवर्ग (मोक्ष) प्राप्त हुने बाटो देखाउँछ। जसरी अन्धाले रूप देख्न सक्दैन त्यसरी नै प्रज्ञा नभएको मनुष्यले अभ्युदय (उन्नति) र निःश्रेयस (मोक्ष) सम्म पुऱ्याउने बाटो थाहा पाउन सक्दैन। प्रज्ञा नभएका मनुष्यमा अभिलषित इष्ट पदार्थ प्राप्त गराउने साधनका रूपमा रहेको ज्ञान पनि हुँदैन। त्यसप्रकारको प्रज्ञालोक प्राप्त गर्नका लागि संयममा विजय प्राप्त गरेको हुनुपर्छ। यो कुरा विभूतिपादमा भगवान् पतञ्जलिले पनि भनेका छन् (यो.द., वि.पा., ५ सू.)।

आचार्य कौटिल्यले- आन्वीक्षिकी, त्रयी, वार्ता एवं दण्डनीति गरी चारवटा विद्या हुन्छन् (कौ.अ.शा. १/२/८) भनेर सांख्यदर्शन, योगदर्शन एवं लोकायत (चार्वाकदर्शन) लाई आन्वीक्षिकीका रूपमा देखाएका छन् (कौ.अ.शा. १/२/१०)। धर्म र अधर्म (कर्तव्य एवं अकर्तव्य) को प्रतिपादकता त्रयीमा (वेदमा), अर्थ एवं अनर्थको प्रतिपादकता वार्तामा र न्याय एवं अन्यायको (नीतिको) प्रतिपादकता दण्डनीतिमा निहित (रहेको) हुन्छ भन्ने निर्देशन गरेका छन्। त्रयी, वार्ता एवं दण्डनीतिका बलाबलका विषयमा राम्रा हेतुका (सत्प्रमाणका) आधारमा अन्वेषण गरेर आन्वीक्षिकीले

५५. {गुरुका नजिकमा बसिरहेको ब्रह्मचारीले आफ्नो तपस्याको अभिवृद्धिका लागि इन्द्रियसमूहलाई राम्ररी नियमन गरेर प्रतिपादित नियमहरूको पालना गर्नुपर्छ।}- मनु. २/१७५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आन्वीक्षिकीविद्यायाः सर्वेषां विद्यानां सद्धेतुभिरन्वीक्षमाणत्वेन प्रदीपस्थानीयत्वम्, सर्वेषां कर्मणामुपायरूपत्वम्, सर्वेषां धर्माणामाश्रयस्वरूपत्वञ्चापि कौटिल्येन निर्दिश्य प्रज्ञालोकस्य विद्याजन्यत्वं स्फुटीकृतम्।

भगवता [६०]मनुना- **'यथा यथा हि पुरुषः शास्त्रम् (विद्याम्) अधीते (स्वाध्यायं करोति) तथा तथा विजानाति, विज्ञानं चास्य रोचते'** इति स्मृत्वा विज्ञानरूपालोकस्य जननीत्वं विद्यायाः साधितमेव।

'देवा वै मृत्योर्बिभ्यतस्त्रयीं विद्यां प्राविशन्' इति [६१]छान्दोग्योपनिषद्वाक्याच्च मृत्योर्बिभ्यतां विद्या एव शरणमित्यवगम्यते।

विज्ञानस्यैव लोकनिस्तारकत्वं चैहिकामुष्मिकफलप्राप्तिकारकत्वेन निरूपितत्वादुपपादितमेव। तथैव समाम्नातं चौपनिषत्स्वपि। यथा हि [६२]तैत्तिरीयोपनिषदि- **'विज्ञानं ब्रह्मेति व्यजानात्' 'विज्ञानाद्येव**

६०. ४/२० मनुः।

६१. छान्दग्योपनिषद्, {प्रथमाध्याये चतुर्थखण्डे द्वितीयो मन्त्रः}

६२. तैत्तिरीयोपनिषद्, ५ अनुवाकः {भृगुवल्ली}।

लोकलाई उपकार गर्ने कार्य गर्छ, सुख एवं दुःखमा बुद्धिमा धीरता उत्पन्न गराउँछ, प्रज्ञायुक्त वाक्यहरूमा निपुणता (विश्लेषण सामर्थ्य) ल्याउँछ र कार्यमा कुशलता (कार्यसम्पादन क्षमता) उत्पन्न गराउँछ (कौ.अ.शा. १/२/११) भन्ने कुरा पनि गरेका छन्।

सबै विद्याहरूको सत्प्रमाणका आधारमा अन्वेषण गर्ने हुनाले आन्वीक्षिकी विद्या प्रदीप (बत्ती) जस्तो हुन्छ, सबै कार्यको उपायका रूपमा रहेको हुन्छ साथै सबै धर्महरूको आश्रयदताका रूपमा रहेको हुन्छ (कौ.अ.शा. १/२/१२)[५६] भन्ने कुरा बताएर कौटिल्यले प्रज्ञालोकको उदय विद्याबाट हुन्छ भन्ने तथ्य पनि स्पष्ट पारेका छन्।

भगवान् मनुले **यथा यथा०** अर्थात् 'मनुष्यले जति जति शास्त्रको (विद्याको) अध्ययन (स्वाध्याय) गर्दछ त्यति त्यति नै उ विशिष्ट ज्ञानले युक्त भएको बन्दछ, उसलाई विज्ञान मन पर्न थाल्छ (उसको ज्ञान उज्ज्वल हुन्छ)' (मनु. ४/२०) भन्ने कुरा प्रतिपादन गरेर विद्यालाई विज्ञानरूपी आलोकको जननी भएको तथ्य सिद्ध गरेका छन् नै। **देवा वै०** अर्थात् 'मृत्युबाट डराएका देवताहरू त्रयी (वेदरूप) विद्यामा प्रवेश गरे' (छा.उ. १/४/२)[५७] भन्ने छान्दोग्य उपनिषद्को उक्तिद्वारा मृत्युबाट डराएका प्राणीमात्रको शरणदाता विद्या नै हुन्छ भन्ने तथ्य अवगत हुन्छ।

५६. कौटिल्यद्वारा निर्दिष्ट मूल पद्य यसप्रकार रहेको छ-
प्रदीपः सर्वविद्यानामुपायः सर्वकर्मणाम्। आश्रयः सर्वधर्माणां शश्वदान्वीक्षिकी मता।।- कौ.अ.शा. १/२/१२।

५७. **छान्दोग्य उपनिषद्** अध्यायमा विभक्त छ। अध्यायभित्रका अनुच्छेदलाई खण्ड मानी त्यसभित्रका वाक्यलाई मन्त्र मानेको पनि पाइन्छ। जसअनुसार उद्धृत वाक्य उक्त उपनिषद्को प्रथम अध्यायको दोस्रो खण्डको चतुर्थ मन्त्रको अंश हो। उक्त अंशको व्याख्या यसरी गरिएको छ- **देवा वै मृत्योः सकाशाद् बिभ्यतो भीताः सन्तः त्रयीं विद्यां तन्निर्वत्यकर्म प्राविशन् तस्य मृत्युत्राणनहेतुत्वात्। शाङ्करभाष्यमा- 'देवा वै मृत्योः मारकात् बिभ्यतः किं कृतवन्त इति, उच्यते- त्रयीं विद्यां त्रयीविहितं कर्म प्राविशन् प्रविष्टवन्तः, वैदिकं कर्म प्रारब्धवन्त इत्यर्थः'** भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खल्विमानि भूतानि जायन्ते' 'विज्ञानेन जातानि जीवन्ति' 'विज्ञानं प्रयन्त्यभिसंविशन्ति' इति ॥ तद्विज्ञाय ॥ इति समाम्नाय विज्ञानस्यैव ब्रह्मत्वं विज्ञानादेव प्राणिनामुत्पत्तिस्थितिनिरोधत्वं च निर्दिष्टम्।

[६३]ईशावस्योपनिषदि-

'विद्यां चाविद्यां च यस्तद्वेदोभयं सह।

अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते ॥' इति हि समाम्नाय विद्ययामृतत्वप्राप्तिर्निर्दिष्टा। किं नामामृतत्वम् ? इति जिज्ञासा यदि कस्यापि भवेत्तर्हि सर्वेषां कामानामवाप्तेरनन्तरममृतत्वाप्तेर्निर्देशाल्लोके परे च नास्ति यस्मादुत्कृष्टं तत्त्वं तदेव तत्त्वममृमिति विज्ञेयम्। कामनावाप्तेरनन्तरममृतत्वाप्तिश्च [६४]ऐतरेयोपनिषदि समाम्नाता। तत्प्राप्तिकारकः प्रज्ञालोकोऽपि विद्ययैव समुदेति।

---

६३. ईशोपनिषद् ११ मन्त्रः।

६४. ऐतरेयोपनिषद्, {पञ्चमः खण्डः, ऐतरेयारण्यके, षष्ठोऽध्यायः (उपनिषत्सु तृतीयोऽध्यायः) ४ मन्त्रः।}

विज्ञानलाई नै ऐहिक एवं आमुष्मिक फल प्राप्त गराउने साधनका रूपमा प्रतिपादन गरिएका हुनाले विज्ञान नै लोक निस्तारक हो भनी सिद्ध गरिएको हो। उपनिषद्हरूमा पनि यसरी नै प्रतिपादन गरेको पाइन्छ। जस्तै तैत्तिरीयोपनिषद्मा '{पिताद्वारा ब्रह्मज्ञान प्राप्त गर्न आदेश दिइएका भृगुले}विज्ञान नै ब्रह्म हो भन्ने कुरा जाने' 'विज्ञानबाट नै दृश्यमान सबै प्राणी उत्पन्न हुन्छन्' 'विज्ञानकै आधारमा उत्पन्न भएका प्राणी बाँच्दछन्' 'विज्ञानबाटै प्राणीको उत्पत्ति एवं विनाश हुने भएकाले विज्ञानलाई ब्रह्म भन्नु उचित हो' आदि। (तै.उ., भृगुवल्ली, ५)[५८] तद्विज्ञाय (विज्ञानमय तत्त्व पत्ता लगाएर) जस्ता वाक्यको प्रयोग गरेर विज्ञान नै ब्रह्म भएको र विज्ञानबाटै प्राणीहरूको उत्पत्ति, स्थिति एवं निरोध (संहार/लय) हुने तथ्य देखाइएको छ।

ईशावास्य उपनिषद्मा **विद्याम्०** अर्थात् 'जुन पुरुषले विद्या र अविद्या दुवैलाई एकै साथ जान्दछ त्यस पुरुषले अविद्याद्वारा मृत्युलाई जितेर विद्याद्वारा अमृतको पान गर्दछ' (ई.उ.११) भनिएको छ। उद्धृत मन्त्रले विद्याद्वारा अमृत प्राप्त हुन्छ भन्ने निर्देश गरेको छ। अमृत भनेको के हो त ? भन्ने जिज्ञासा यदि कसैमा उत्पन्न हुन्छ भने सबै कामनाहरूको प्राप्ति पछि अमृतत्वको प्राप्ति हुन्छ भन्ने निर्देश गरिएको हुनाले यस लोकमा र परलोकमा पनि जुन तत्त्वभन्दा उत्कृष्ट अर्को तत्त्व हुँदैन त्यसैलाई नै अमृत हो भनी जान्नु पर्दछ। कामनाहरूको प्राप्ति पछि अमृतत्वको प्राप्ति हुन्छ भन्ने कुरा ऐतरेय उपनिषद्मा बताइएको छ (ऐ.उ. ३/४)।[५९] अमृतत्वलाई प्राप्त गराउने प्रज्ञाको आलोक विद्याबाट नै अभ्युदित हुन्छ।

---

५८. मूलमा उद्धृत मन्त्रांशलाई यसरी व्याख्या गर्न सकिन्छ- {पित्रादृष्टो ब्रह्मजिज्ञासासमन्वितो भृगुर्वै वारुणिस्तपस्तप्त्वा विज्ञानमेव ब्रह्मेति ज्ञातवान्। यतः (ब्रह्मणः) स्वाज्ञदृष्ट्या रज्जुसर्पवत् सर्वाणि ब्रह्मदिस्तम्बपर्यन्तभूतानि जायन्ते। येन जातानि जीवन्ति, यावदायुषं वर्धन्त इत्यर्थः। प्रारब्धभोगक्षयतो यत् ब्रह्म प्रयन्ति गच्छन्ति, अभिसंविशन्ति तादात्म्यं प्रतिपद्यन्त इत्यर्थः। एवं उत्पत्तिस्थितिप्रलयेषु भूतानि यतात्मतां न जहाति।}

५९. सङ्केतित मन्त्र ऐतरेयब्राह्मणको पञ्चम खण्डको छैटौं अध्यायको र ऐतरेय उपनिषद्को तेस्रो अध्यायको चौथो मन्त्रका रूपमा रहेको छ। 'सर्वान् कामानाप्त्वामृतः समभवत्' यो सङ्केतित मन्त्रको अंश हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रज्ञानविज्ञानयोरेकार्थवाचकत्वमपि [६५]ऐतरेयोपनिषदि षोडशनामधेयानामेकार्थवाचकत्वेन समान्नानादवगम्यते । तत्र वै **'संज्ञानमाज्ञानं विज्ञानं प्रज्ञानं मेधा दृष्टिर्धृतिर्मतिर्मनीषा जूतिः स्मृतिः सङ्कल्पः क्रतुरसुः कामो वश इति । सर्वाण्येतानि प्रज्ञानस्य नामधेयानि भवन्ति ।।'** इति हि समाम्नातम् ।

स्वाध्यायात्षोडशपदार्थप्राप्तिः

स्वाध्यायात् विज्ञानाप्तेः विज्ञानस्य पर्यायवाचकानां पञ्चदश एव पदार्थानामवाप्तिर्भवतीति तु मन्दमतीनामप्युक्तसन्दर्भादेव प्रतीतेः षोडशपदार्थप्राप्तिकारकत्वमपि स्वाध्यायस्य सिद्ध्यत्येव ।

तस्मादध्ययनविधिसिद्धज्ञानवान् सर्वेषु कर्मसु अधिकारी जायते ।

अग्निमतोऽधिकारः

यो हि पुरुष आधानविधिसिद्धेनाग्निना[६६] समन्वितः स एव अग्निसाध्यानां सर्वेषां कर्मणामनुष्ठाने अधिकारी भवति ।

---

६५. ऐतरेयोपनिषद्, {पञ्चमः खण्डः, ऐतरेयारण्यके षष्ठोऽध्यायः, (उपनिषत्सु तृतीयोऽध्यायः) २ मन्त्रः ।}

६६. .....

प्रज्ञान र विज्ञान एउटै अर्थका वाचक हुन् भन्ने कुरा ऐतरेय उपनिषद्मा सोह्रवटा नामले एउटै अर्थ बुझाउँछन् भनी प्रतिपादन गरिएकाले थाहा पाउन सकिन्छ । उक्त उपनिषद्मा नै संज्ञान, आज्ञान, विज्ञान, प्रज्ञान, मेधा, दृष्टि, धृति, मति, मनीषा, जूति, स्मृति, सङ्कल्प, क्रतु, असु, काम र वश- यी सोह्र पद गनाइएका छन् । यी सबै पद प्रज्ञानका नै नाम हुन् (प्रज्ञानका पर्यायवाचक नामका रूपमा प्रयोग गरिन्छन्) (ऐ.उ. ३/२) भनिएको छ ।[६०]

स्वाध्यायबाट सोह्र प्रकारका पदार्थ प्राप्त हुन्छन्-

स्वाध्यायबाट विज्ञान प्राप्त हुने भएकाले स्वाध्यायबाटै विज्ञानका पर्यायवाचक शब्दका रूपमा रहेका पन्ध्रवटै पदार्थको प्राप्ति हुन्छ । यो कुरा उक्त सन्दर्भबाट मन्दमति भएका पुरुषलाई पनि प्रतीत (ज्ञान) हुने भएकाले स्वाध्यायबाट सोह्र पदार्थको प्राप्त हुन्छ भन्ने कुरा सिद्ध हुन्छ नै । त्यसैले अध्ययनविधिबाट सिद्ध भएका ज्ञानले युक्त भएको पुरुष सबै कार्यमा अधिकारी हुन्छ ।

---

६०. सङ्केतित मन्त्र **ऐतरेयब्राह्मणको** पञ्चम खण्डको छैटौं अध्यायको र ऐतरेय उपनिषद्को तेस्रो अध्यायको दोस्रो मन्त्रका रूपमा रहेको छ । उक्त मन्त्रद्वारा एकार्थक मानिएका शब्दहरूको व्याख्या यसरी गर्न सकिन्छ-
संज्ञप्तिश्चेतनभावः संज्ञानम् । आज्ञप्तिरीश्वरभाव आज्ञानम् । विशेषकल्पनापरिज्ञानं विज्ञानम् । प्रज्ञप्तिः प्रज्ञानम् । ग्रन्थधारणसामर्थ्यं मेधा । इन्द्रियद्वारा सर्वविषयोपलब्धिर्दृष्टिः । धारणं धृतिः तथा शरीरधारणात् । मननं मतिः । तत्र स्वातन्त्र्यं मनीषा । जूतिश्चेतसो रुजादिदुःखित्वभावः । स्मरणं स्मृतिः । रूपादीनां शुक्लकृष्णादिभेदेन सम्यक्कल्पनं सङ्कल्पः । अध्यवसायः क्रतुः । प्रणनादिजीवनक्रियानिमित्तवृत्तिरसुः । असन्निहितविषयाकाङ्क्षा कामः । स्त्रीव्यतिकराद्यभिलाशो वशः । इत्येवमाद्यन्तकरणवृत्तयो ह्युपलब्धुः प्रज्ञानरूपस्य ब्रह्मण उपाधिभूताः । उपाधिजनितगुणा नामधेयानि संज्ञानादीनि सर्वाण्यैतानि प्रज्ञप्तिमात्रस्य प्रज्ञानस्य नामधेयानि भवन्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्नेराधानं च दारकाले दायाद्यकाले वा भवति। अभातृकस्य दारकाले भातृमतां विभागकाले अग्नेराधानं भवतीति कालद्वयं निर्दिष्टमाधानस्य। एतच्च दायाद्यकालिकमाधानमेकेषां मतेन दर्शितम् पारस्कराचार्येण।

तत्र अभातृकस्याविभज्यत्वेनासाधारणद्रव्यतया द्रव्यसाध्येषु कर्मस्वधिकारो दारकालादेव प्रवर्तते। अतोऽग्नेराधानं तदैव भवति। भातृमतां तु अविभक्ते पितृधने द्रव्यस्य साधारणत्वेन विनियोगानर्हतया द्रव्य-साध्येषु कर्मसु नाधिकारः प्रवर्तते। अग्नेराधानं हि द्रव्यसाध्यं कर्म। तस्मात् भातृमतां दायाद्यकाले अग्नेराधानं भवतीति विकल्पश्च व्यवस्थितः पारस्करगृह्यसूत्रस्य भाष्यकर्त्रा [६७]हरिहरेणापि।

६७. प्रारस्करगृह्यसूत्रम्, प्रथमकाण्डम्, द्वितीया कण्डिका, २ सूत्रस्य हरिहरभाभाष्यम्।

अग्निले युक्त भएका पुरुषको अधिकार-

जुन पुरुष आधान विधिबाट सिद्ध भएका अग्निले युक्त भएको हुन्छ त्यही पुरुष नै अग्निका माध्यमले सम्पादन गरिने सबै कर्महरूको अनुष्ठानमा अधिकारी हुन्छ।[६१] अग्निको आधान गर्ने कार्य विवाह गर्ने समयमा अथवा अंशबण्डा गर्ने समयमा गरिन्छ। दाजुभाइ नभएका पुरुषको विवाहका समयमा र दाजुभाइ भएका पुरुषको अंश विभाजनका (पैतृक सम्पत्ति भाग लगाउने) समयमा अग्निको आधान गरिन्छ भनी अग्न्याधानका दुईवटा समय देखाइएका छन्। उक्त दायाद्यकालिक (भागबण्डा गर्ने समयमा गरिने) आधानलाई एक थरी विद्वान्का अभिमतका रूपमा परस्कराचार्यले देखाएका छन्।

दाजुभाइ नभएका (एकमात्र पुत्रका रूपमा जन्मिएका) पुरुषले पैतृक सम्पत्ति बाँडफाँड गर्न नपर्ने भएकाले उक्त सम्पत्तिमा एकल पुरुषको असाधारण (अरू कसैलाई दिन नपर्ने) स्वत्व हुन्छ। अतः त्यस्ता (एकला) पुरुषमा द्रव्यका माध्यमले सम्पन्न गर्नुपर्ने (आधान आदि) कर्ममा विवाहका समयबाटै अधिकार प्रवृत्त हुन्छ। अतः अग्निको आधान

६१. विधिवत् अग्निग्रहण गर्ने कार्यलाई आधान भनिन्छ। अग्न्याधान, अग्न्याधेय, अन्वाधान, आवसथ्याधान आदि पद आधानका पर्यायका रूपमा प्रयोग गरिन्छन्। गृहस्थले अग्निहोत्र आदि कर्म सम्पन्न गर्नुपर्छ। आधान गरेका गृहस्थलाई मात्र अग्निहोत्र गर्ने अधिकार हुन्छ। आधानविधिद्वारा गृह्याग्नि, दक्षिणाग्नि र आहवनीयाग्निको स्थापना गरिन्छ। आधान दुई दिन लगाएर सम्पन्न गरिन्छ। यसमा अरणि ल्याउने देखि पूर्णाहुतिसम्मका कार्य हुन्छन्। पूर्णाहुति सम्पन्न भएपछि यजमान आहिताग्नि अर्थात् अग्निहोत्री हुन्छ। पारस्करले आवसथ्याधानं दारकाले (१/२/१) सूत्रबाट आधानको प्रसङ्ग उठान गरेका छन्। आवसथको अर्थ गृह हुन्छ र त्यससित सम्बद्ध अग्निलाई आवसथ्याग्नि भनिन्छ। त्यसै अग्निको विधिवत् आधान (आत्मसात्करण) विवाह कालमा गरिन्छ। गृह्याग्निबाट सभ्य र आवसथ्य अग्निको पनि प्रज्वलन गरिन्छ। आधानविधि सिद्ध अग्निले युक्त पुरुष अग्निसाध्य सबै कर्मको अधिकारी हुन्छ। तैत्तिरीब्राह्मण, शतपथब्राह्मण, आपस्तम्बगृह्यसूत्र, कात्यायनश्रौतसूत्र आदि ग्रन्थहरूमा आधानविधिको र त्यसपछि सम्पन्न गरिने विभिन्न इष्टिहरूको विस्तृत चर्चा पाइन्छ। निर्णयसिन्धुमा आधान विधिका समय (मुहूर्त आदिका) सम्बन्धमा चर्चा गरिएको छ। पि.वि. काणेको धर्मशास्त्रको इतिहास (प्रथमभाग) मा उक्त विधिको विवरणात्मक परिचय दिइएको छ। आधानविधिसिद्ध अग्निले युक्त पुरुष नै अग्निसाध्य कर्मको अधिकारी हुने भएकाले प्रस्तुत शोधप्रबन्धमा अधिकारविधि निरूपण गर्ने सन्दर्भमा आधानको चर्चा गरिएको हो। यसै क्रममा पारस्करगृह्यसूत्रमा आधानकालका सन्दर्भमा बताइएका समयका सन्दर्भमा विस्तृत एवं शास्त्रीय चर्चा गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'एकेषामाचार्याणां मते **दायाद्यकाले** = भातॄणां पितृधनविभागकाले, अविभक्ते हि पित्र्ये धने सर्वेषां भातॄणां स्वत्वस्य साधारणत्वेन विनियोगानर्हत्वात् धनविनियोगसाध्यं हि आवसध्यादिकर्मानुष्ठानम् । अतो भातृमतां विभक्तानामाधानेऽधिकारः इति तेषामभिप्रायः' इत्युक्त्वा विकल्पपक्षाभिप्रायः प्रदर्शितः । एवमेव [६८]कर्कजयरामादिभिरप्यभिहितः ।

परमेतन्नातिव मनोहरम् । यदि भातृमतां साधारणस्वत्वेन द्रव्यसाध्येषु कर्मसु अनधिकारादाधानस्यापि द्रव्यसाध्यत्वादनधिकारः स्यात्तर्हि अभातृकस्यापि विद्यमाने पितरि स्वाम्याभावादनधिकारः समानः । तथात्वे च दारकालदायकालयोर्व्यवस्थित्यभिधानं न सङ्गच्छते । विद्यमाने पितरि विहितोद्वाहस्याभातृकस्यापि द्रव्येषु स्वाम्याभावात् आधानानधिकारात् पितुरूर्ध्वमपरकालापत्तेः ।

६८. कर्कभाष्यम्, जयरामभाष्यञ्च, पारस्करगृह्यसूत्रम्, प्रथमकाण्डम्. २ कण्डिका, २ सूत्रम् ।

विवाहकै समयमा हुन्छ । दाजुभाइले युक्त भएका पुरुषका सन्दर्भमा भने भागबण्डा नगरिएका सम्पत्तिमा साधारण (सबैको बराबर) अधिकार हुने भएकाले विनियोजन गर्न (छुट्याउन वा खर्च गर्न) सकिँदैन । अतः द्रव्यका माध्यमले सम्पन्न गरिने कार्यहरूमा पुरुषको अधिकार प्रवृत्त हुँदैन । अग्निको आधान द्रव्यद्वारा सम्पन्न गरिने कर्म हो । त्यसैले भाइले युक्त भएका पुरुषको अंशवण्डका समयमा अग्निको आधान हुन्छ भन्ने विकल्पलाई पारस्करगृह्यसूत्रका भाष्यकार हरिहरले व्यवस्थित बनाएका छन् । (व्यवस्थित विकल्पका रूपमा निरूपण गरेका छन्) (पा.गृ.सू. १/२/१-२ ह.भा.) ।[६२] जस्तै-

'एकथरी आचार्यका मतमा दायाद्यकाले = भाइहरूका बीचमा पैतृक सम्पत्ति विभाजन गर्ने (अंशबन्डा लगाउने) समयमा {आधान गरिन्छ ।} अंशबण्डा नलगाइएका अवस्थामा सबै भाइको पैतृक सम्पत्तिमा स्वत्व (आफ्नोपन) समान रूपमा रहेको हुन्छ । अत एव कुनै एउटा भाइले मात्र उक्त पैतृक सम्पत्ति खर्च गर्न सक्दैन । आवसथ्य आदि कर्मको अनुष्ठान धन खर्च गरेर सम्पादन गरिन्छ । दाजुभाइ भएका पुरुषहरूको पैतृक सम्पत्ति विभाजन गरेका अवस्थामा मात्र आधानको अधिकार हुन्छ भन्ने उनीहरूको (एकथरी आचार्यको) अभिप्राय हो' (पा.गृ.सू., १/२/२, ह.भा.) भनी विकल्परूप अभिप्राय देखाएका छन् । यसरी नै कर्क एवं जयराम आदिले पनि दारकाललाई र दायद्यकाललाई व्यवस्थित विकल्प भनेका छन् (पा.गृ.सू., १/२/२, क.भा., एवं जय.भा.) ।

भाष्यकारहरूको यो मत (व्याख्या) त्यति चित्त बुझ्दो लाग्दैन । दाजुभाइ भएका पुरुषको पैतृक सम्पत्तिमा साधारण स्वत्व (समान आफ्नोपन) हुने भएकाले द्रव्यका माध्यमले सम्पन्न गरिने कार्यहरूमा उनीहरूको अधिकार हुँदैन; आधान कार्य पनि द्रव्यसाध्य हुने भएकाले त्यसमा पनि उनीहरूको अधिकार हुँदैन भन्ने हो भने जसका पिता जीवितै हुन्छन् त्यस्ता व्यक्तिमा पनि सम्पत्तिको स्वामित्व नरहने हुनाले अनधिकार (भाइ भएका र नभएका दुवै थरीमा) समान

६२. विकल्प ऐच्छिक र व्यवस्थित दुवै प्रकारको हुन्छ । यसलाई लौकिक उदाहरणका माध्यमले यसरी देखाउन सकिन्छ - बूढा-बूढीले र केटाकेटीले दाल भात अथवा रोटी सब्जी खाऊन् । यहाँ दाल भात र रोटी सब्जी खानाका विकल्पका रूपमा रहेका छन् । खाना खाने मान्छेले उक्त विकल्पमध्ये इच्छानुसार कुनै एउटा विकल्प रोज्न पाउने स्थिति भएमा उक्त विकल्प ऐच्छिक मानिन्छ । बूढा बूढीले पचाउन नसक्ने हुनाले दाल भात खाऊन् र केटाकेटीले पाचनशक्ति दृढ हुने भएकाले रोटी सब्जी खाऊन् भन्ने अर्थ गरियो भने उक्त विकल्प व्यवस्थित मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितरि विद्यमाने स्वाम्याभावेऽपि स्वत्वस्य विद्यमानत्वात् स्वस्वत्वं विनियुज्याभातृकः शक्नोति अग्निमाहितुमिति यदि कश्चिन्मन्येत तर्हि स्वत्वं तु भातृमतामपि अस्ति जन्मनैव स्वत्त्वोत्पत्तेः ।

जन्मना स्वत्वम्

जन्मना एव स्वत्वमुत्पद्यते इति विवेकः [६९]विज्ञानेश्वर[७०]मित्रमिश्रादिभिः कृतः ।

यदि भातृमतां साधारणस्वत्वस्य विद्यमानतया विनियोगानर्हत्वं मन्येत तर्हि अभातृकस्यापि विद्यमानस्य पितुः सुतरां विनियोगानधिकारः ।

परम्पराप्राप्ते धने पितापुत्रयोः समानाधिकारः-

यदि मन्येत, पैतमहप्राप्ते धने पितापुत्रयोः समानाधिकारो विद्यते । अतो विद्यमानस्यापि पितुः पुत्रस्य विनियोगार्हता जायते । पैतामहप्राप्ते धने पितापुत्रयोः समानाधिकारश्च निर्दिष्ट एव । यथा-

६९. याज्ञवल्क्यस्मृतिः, मिताक्षरा, {व्यवहाराध्याये} दायविभागप्रकरणम् ।

७०. वीरमित्रोदस्य दायभागः {व्यवहारप्रकाशान्तर्गत एव पृथक् पुस्तकाकारेण प्रकाशित एष ग्रन्थः} ।

हुन्छ । यस अवस्थामा (भाइ नभएकाले) विवाहका समयमा र (भाइ भएकाले) भागबण्डा गर्ने समयमा भनेर व्यवस्थित रूपमा गरिएको (आधान विधिको) कथन असङ्गत हुन्छ । पिता जीवितै भएका अवस्थामा विवाह गरेका पुरुषको दाजुभाइ नभएका अवस्थामा पनि सम्पत्तिमा स्वामित्व नरहने हुनाले आधानमा अधिकार प्राप्त हुँदैन । पिताजीका मरणोपरान्त अग्निको आधान गर्नुपर्छ भन्ने हो भने त अपरकाल (जीवनको उत्तरार्ध) मा मात्र आधान गर्नुपर्ने अवस्था आउँछ । पिता जीवित भएका अवस्थामा स्वामित्व नभएता पनि स्वत्व (आफ्नो सम्पत्ति भन्ने भावना वा अधिकार) हुने भएकाले आफ्नो सम्पत्ति विनियोग गरेर दाजुभाइ नभएको पुरुषले अग्निको आधान गर्न सक्छ भनी कसैले भन्छ भने स्वत्व त दाजुभाइ भएका पुरुषमा पनि हुन्छ । किनकि स्वत्व जन्मैबाट उत्पन्न हुन्छ । (पैतृक सम्पत्तिमा सबैको जन्म सिद्ध अधिकार रहेको हुन्छ ।)

जन्मैबाट पैतृक सम्पत्तिमा आफ्नोपन (अधिकार) हुन्छ-

जन्मना साथ पैतृक सम्पत्तिमा छोराहरूको स्वामित्व स्थापित हुन्छ भने कुरा विज्ञानेश्वर (या.स्मृ. मिता.,) र मित्रमिश्र (वी.मि., दायभाग)[६३] आदिले गरेका छन् । दाजु भाइ भएका छोराहरूमा पैतृक सम्पत्ति सम्बन्धी अधिकार साधारण (समान) हुने भएकाले उनीहरूले आफू खुसी सम्पत्तिको उपभोग गर्न पाउँदैनन् भन्ने हो भने दाजुभाइ नभएका पुरुषमा पनि पिता जीवितै भएका अवस्थामा (धनको स्वामित्व पितामा हुने भएकाले) आफू खुसी सम्पत्ति प्रयोग गर्न पाउने अधिकार हुँदैन ।

परम्पराबाट (पुर्खाबाट) प्राप्त भएको सम्पत्तिमा पिता र पुत्रको अधिकार समान हुन्छ-

कसैले भन्न सक्छ- पितामहबाट प्राप्त भएको सम्पत्तिमा पिता र पुत्रको समान अधिकार हुन्छ, अतः पिता जीवितै भएका पुत्रको पनि सम्पत्ति खर्च गर्ने अधिकार हुन्छ । पितामहबाट प्राप्त भएका सम्पत्तिमा पिता र पुत्रको समान अधिकार हुन्छ भन्ने शास्त्रमा बताइएको छ । जस्तै-

६३. यहाँ उल्लिखित **दायभाग** पुस्तकाकारमा प्रकाशित व्यवहारप्रकाशको एउटा अंश हो । पुनश्च विज्ञानेश्वरको र मित्रमिश्रको पैत्रिकसम्पत्तिमा जन्मना अधिकार हुन्छ भन्ने मत छ भने **दायभाग**का लेखक जीमूतवाहनको भिन्नै मत छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[७१]याज्ञवल्क्येन- **'पितामहोपात्ता या भूः, यश्च निबन्धः, यच्च द्रव्यं तत्र पितापुत्रयोः सदृशं स्वाम्यं विद्यते'** इति स्मृत्वा परम्पराप्राप्ते धने पितापुत्रयोः समानाधिकारोऽभिहितः। इति।

तर्हि भातृमतामपि समान एवेति विनियोगार्हता सम्पद्येत। भातृमतामपि विनियोगार्हतायां दारकालदायकालयोर्व्यवस्थित्यभिधानं नोपपद्यते।

तस्माद्दारकालदायाद्यकालयोरग्नेराधानविधानस्यैच्छिकेन विकल्पेन भाव्यम्। दायाद्यकालस्याग्नेराधानकालत्वं शाखान्तरीयं वाचार्येण सङ्गृहीतं भवेत्। अत एव **'दायाद्यकाल एकेषाम्'** इत्युद्दिश्य एकीयमतेनोपदर्शितम्। एकीयमतेनोपदिष्टस्य व्यवस्थितविकल्पतया कथनमपि नोपद्यते।

यदि एकीयमतेनोपन्यस्तस्य व्यवस्था विधीयेत तर्हि **'वसन्ते ब्राह्मणोऽग्नीनादधीत' 'ग्रीष्मे राजन्यः' 'शरदि वैश्यः'** इति समाम्नाय तैत्तरीयब्राह्मणे श्रौताधानं विहितमस्ति। एतच्च [७२]विस्तरायामभिहितम्।

[७३]**'जातपुत्रः कृष्णकेशोऽग्नीनादधीत'** इत्यनेन **'वसन्ते ब्राह्मणोऽग्नीनादधीत'** इत्यादिविहिताधानमनूद्य जातपुत्रत्वकृष्णकेशत्वसम्भाविते वयसि अग्न्याधानं विधेयमिति निर्दिष्टम्।

---

७१. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः १२१ श्लोकः।

७२. जैमिनीयन्यायमाला (विस्तरा) २ अध्यायः, ३ पादः, ३ अधिकरणम्।

७३. मीमांसान्यायप्रकाशः, पूर्वभागः, मत्वर्थलक्षणानिरूपणप्रकरणम्, २१ पृष्ठम्।

याज्ञवल्क्यले- 'पितामहबाट प्राप्त भएको जुन जमिन हुन्छ, जुन निबन्ध हुन्छ र जुन द्रव्य हुन्छ त्यसमा पिता र पुत्रको समान स्वामित्व रहेको हुन्छ' (या.स्मृ. २/१२१) भनी परम्पराबाट प्राप्त भएका धनमा पिता र पुत्रको समान अधिकार हुने कुरा देखाएका छन्। उक्त तथ्य स्विकार्दा दाजुभाइ भएका पुरुषलाई पनि समान रूपमा (पितालाईझैं) सम्पत्तिको विनियोग गर्ने (केही सम्पत्ति लगानी गर्ने) अधिकार सिद्ध हुन्छ। दाजुभाइ भएका पुरुषमा पनि सम्पत्ति उपभोग गर्ने (वा लगानी लगाउने) अधिकार सिद्ध भएका अवस्थामा विवाहसमयमा र दायकालमा अग्निको आधान गर्नुपर्छ भनी व्यवस्थित रूपमा निर्देशन गर्नु युक्तियुक्त देखिँदैन। त्यसैले दारकालमा (विवाह समयमा) र भागबन्डा गर्ने समयमा गरिएको आधानको विधानलाई ऐच्छिक विकल्पका रूपमा लिनुपर्छ (व्यवस्थित विकल्पका रूपमा लिन मिल्दैन)। भागबन्डा गर्ने समयमा अग्निको आधान गर्नुपर्छ भनी अन्य शाखाको नियमलाई आचार्यले सङ्ग्रह गरेका हुन सक्छन्। त्यसैले त **दायाद्यकाल एकेषाम्** अर्थात् 'एकथरी आचार्यका मतमा दायाद्यकालमा अर्थात् अंशबण्डा गर्ने समयमा' भनेर एकथरीका मतका रूपमा देखाएका छन्। एकथरी आचार्यको मत भनेर उपस्थापन गरिएको कथनलाई व्यवस्थित विकल्प मान्नु पनि युक्तिसङ्गत देखिँदैन।

यदि एकथरी आचार्यको मत भनेर उपस्थापन गरिएका अवधारणालाई पनि व्यवस्था (व्यवस्थित विकल्प) मान्ने हो भने त **वसन्ते ब्राह्मणः०** अर्थात् 'वसन्त ऋतुमा ब्राह्मणले अग्निको आधान (ग्रहण/स्थापन) गरोस्, ग्रीष्म ऋतुमा क्षत्रियले अग्निको आधान गरोस् र शरद् ऋतुमा वैश्यले अग्निको आधान गरोस्' भनी तैत्तिरीयब्राह्मणमा श्रौताधान सम्बन्धी जुन विधान गरिएको छ {यसलाई पनि व्यवस्थित विकल्प मान्नुपर्ला}। यसका (**वसन्ते ब्राह्मणः०** आदिका) सम्बन्धमा विस्तरामा बताइएको छ (जै.न्या.मा., विस्तरा २/३/३, आधानाधिकरण)। **जातपुत्र०** अर्थात्- 'छोरो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधानानुवादेन जातपुत्रत्वकृष्णकेशत्वयोरुभयोर्विधौ वाक्यभेदप्रसङ्गात् पदद्वयेनावस्थाविशेषो लक्ष्यते। तथैव [७४]आपदेवेनोक्तम्।

अत्रापि काचिद् व्यवस्था स्यात्। न तु व्यवस्था विहिता। प्रत्युत जातपुत्रकृष्णकेशाभ्यां पदाभ्यामवस्था-विशेषो लक्षितः। यद्यपि लक्षणाऽपि दोषः, तथापि वाक्यभेदाल्लघुत्वादङ्गीकृता। वाक्यभेदो हि वाक्यगतो दोषः, लक्षणा तु पदगतो दोष इति वाक्यगतदोषात्पदगतदोषस्य लाघवादवस्थाविशेषे लक्षणा विहिता। [७५]आपदेवेनापि तथैवोक्तम्।

न हि पुनर्जातपुत्रकृष्णकेशयोः सर्वत्र एककालिकत्वमपि सम्भवति। केषाञ्चित् पलितेषु केशेषु पुत्रोत्पत्तिः स्यात्। कृष्णकेशत्वविधौ तदाधानमपि न प्राप्नुयात्। अथाधानाभावे जनः प्रत्यवेति। तस्माल्लक्षणायां दोषत्वेऽपि वयोविशेषे सा विहता। वयश्चायुषोऽर्धभागः।

७४. मीमांसान्यायप्रकाशः. पूर्वभागः, मत्वर्थलक्षणानिरूपणप्रकरणम्, २१ पृष्ठम्।

७५. मीमांसान्यायप्रकाशः. पूर्वभागः, मत्वर्थलक्षणानिरूपणप्रकरणम्, २१ पृष्ठम्।

जन्मिसकेको र केश कालै भएको पुरुषले अग्निको आधान गरोस्' यस कथनद्वारा **वसन्ते ब्राह्मणः**० अर्थात् 'वसन्त ऋतुमा ब्राह्मणले अग्निको आधान गरोस्' जस्ता वाक्यद्वारा विधान गरिएका कुरालाई अनुवचन गरेर छोरो पनि जन्मिएको र केश पनि कालै भएको सम्भावित उमेरमा अग्निको आधान गर्नुपर्छ (मी.न्या.प्र., म.नि.प्र, पृ. २१) भनी निर्देशन गरिएको छ। आधानको अनुवाद (पुनःकथन) द्वारा छोरा जन्मिसकेका र केश कालै भएका भन्ने दुई प्रकारका विधिवाक्यमा वाक्यभेदभेद हुने भएकाले दुईवटा पदद्वारा अवस्था विशेषलाई लक्षणाद्वारा बुझाइएको छ। यसै प्रकारले आपदेवले मीमांसान्यायप्रकाशमा उक्त वाक्यको विश्लेषण गरेका छन् (मी.न्या.प्र., म.नि.प्र, पृ. २१)।

{पारस्करद्वारा निर्दिष्ट विकल्पलाई व्यवस्थित विकल्प मान्ने हो भने} उपर्युक्त दुवै वाक्यमा पढिएका विकल्पलाई (जातपुत्रत्व र कृष्णकेशत्वलाई) पनि व्यवस्था (व्यवस्थित विकल्प) मान्नुपर्ने हुन्छ; तर त्यस्तो व्यवस्था गरिएको पाइँदैन। वास्तवमा भन्ने हो भने जातपुत्र र कृष्णकेश भन्ने पदले लक्षणाद्वारा अवस्थाविशेषलाई बुझाउँछन्। हुन त लक्षणा पनि दोष हो तर पनि वाक्यभेदभन्दा (उक्त दुवै पदलाई भिन्न भिन्न वाक्यका रूपमा स्विकारिएको अवस्थाभन्दा) लघु भएकाले लक्षणा स्वीकार गरिएको हो। वाक्यभेद वाक्यगत दोष हो, लक्षणा पदगत दोष हो। अतः वाक्यगत दोषभन्दा पदगत दोष लघु (स्वल्प) हुने भएकाले अवस्था विशेषमा लक्षणा गरिएको हो। आपदेवले पनि यसरी नै बताएका छन् (मी.न्या.प्र., म.नि.प्र, पृ. २१)।[६४]

पुनश्च जातपुत्र र कृष्णकेश (छोरो जन्मिनु र केश कालै रहनु) का बीचमा एककालिकता हुन्छ (एउटै समयमा दुवै कार्य हुन्छन्) भन्ने कुरा पनि सम्भव छैन। कसैकसैका कपाल फुलेपछि पनि छोरा जन्मिन सक्छन्। कपाल कालै भएका अवस्थामा आधान गर्नुपर्छ भन्ने विधान मान्ने हो भने कपाल फुले पछि छोरा जन्मिने व्यक्तिको आधान नै प्राप्त नहुन सक्छ। आधानका अभावमा मनुष्य प्रत्यवायको (दोषको) भागीदार हुन्छ। त्यसैले लक्षणा गर्दा दोष हुने भएता पनि अवस्था विशेषमा लक्षणा गरिएको हो। उमेर भनेको आयुको एउटा खण्ड (अंश) हो।

६४. प्रस्तुत सन्दर्भमा **मीमांसान्यायप्रकाश**बाट दिइएका सबै प्रमाण उक्त ग्रन्थका पूर्वभागमा अवस्थित मत्वर्थलक्षणा-निरूपण प्रकरणबाट लिइएका हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृश्यतेऽन्यत्रापीच्छाविकल्पः । योगीश्वरेण [७६]याज्ञवल्क्येन हि पुत्रान् विभक्तुं कामयमानस्य पितुर्विभाग-प्रकारे इच्छाविकल्पोऽभिहितः । तत्र ज्येष्ठमध्यकनिष्ठानां पुत्राणां ज्येष्ठमध्यकनिष्ठांशदानसमांशदानयो-र्विकल्पार्थं पितुरिच्छा प्रदर्शिता ।

तथैव [७७]ब्राह्मणकुमारस्योपनयनकालश्च गर्भाधानावधिं कृत्वा अथवा जननावधिं कृत्वाष्टमे वर्षे विधेयत्वेनेच्छाविकल्पः प्रदर्शितः । मिताक्षराकारेणापि [७८]**'अत्रैच्छया विकल्पः'** इत्यभिधाय विकल्पस्ये-च्छाश्रयत्वमेव निर्दिष्टम् ।

भगवता [७९]मनुना च- ब्राह्मणस्योपनयनं गर्भाष्टमे वर्षे विधेयम् । यदि मे पुत्रो ब्रह्मवर्चस्वी जायतामिति कामना भवेत् तर्हि पञ्चमे वर्षे विधेयम् । तथैव राज्ञोऽपि एकादशषष्ठयोः, वैश्यस्य च द्वादशाष्टमयोर्वर्षयोरुपनयनस्य विधेयत्वेनेच्छयैव विकल्पो दर्शितः ।

अत एवाविभक्तस्यापि विवाहकालेऽपि आधानाधिकार इति मदनपारिजातकारेणोक्तम् । एषा मदन-पारिजातोक्तिश्च [८०]गदाधरेण पारस्करगृहसूत्रभाष्ये समुद्धृता ।

७६. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ११४ श्लोकः ।

७७. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १४ श्लोकः ।

७८. मिताक्षरा (याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १४ श्लोकटीका) ।

७९. २/३६-३७ मनुः ।

८०. पारस्करगृह्यसूत्रम्, प्रथमं काण्डम्, द्वितीया कण्डिका, द्वितीयं सूत्रम् (गदाधरभाष्यम्) ।

अरू ठाउँमा पनि यसप्रकारका इच्छा विकल्पको प्रयोग भएको पाइन्छ । योगीश्वर याज्ञवल्क्यले छोराहरूमा सम्पत्तिको भाग लगाइदिन चाहने (अंशबण्डा गरिदिने) कामना भएका पितामा इच्छाअनुसार सम्पत्ति बाँडफाँड गर्ने विकल्पको अभिधान गरेका छन् । जेठा छोरालाई केही बढी सम्पत्ति माहिला छोरालाई केही थोरै सम्पत्ति र कान्छा छोरालाई अझै थोरै सम्पत्ति दिने अथवा सबै छोरालाई बराबर सम्पत्ति दिने भन्ने कुरा पिताका इच्छामा निर्भर हुने विकल्प देखाएका छन् (या.स्मृ. २/११४) । यसै प्रकारले ब्राह्मणकुमारको उपनयनको समय गर्भाधानलाई सीमा बनाएर अथवा जन्मसमयलाई सीमा बनाएर आठौं वर्षमा गरिदिनुपर्छ भनी इच्छा विकल्प बताइएको छ (या.स्मृ. १/१४) । मिताक्षराका लेखकले पनि **अत्रेच्छया विकल्पः** अर्थात् उपनयनका विषयमा इच्छानुसार विकल्पको अवलम्बन गर्न सकिन्छ भनेका छन् (या.स्मृ. १/१४, मिता.) ।

भगवान् मनुले ब्राह्मणको उपनयन गर्भदेखि आठौं वर्षमा गरिदिनुपर्छ भनेका छन् । मेरो छोरो ब्रह्मवर्चस्वी (ब्रह्मतेजले समन्वित) होस् भन्ने कामना भएका अवस्थामा पाँचौं वर्षमा उपनयन गरिदिनुपर्छ भनेका छन् । यसै प्रकारले क्षत्रियको उपनयन गर्भदेखि एघार वर्षमा गरिदिनुपर्छ र मेरो छोरो हात्ती, घोडा आदि राज्यबलले (क्षात्रतेजले) युक्त भएको होस् भन्ने कामना भएमा छैटौं वर्षमा उपनयन गरिदिनुपर्छ; वैश्यको गर्भदेखि बाह्रौं वर्षमा उपनयन गरिदिनुपर्छ र मेरो छोरो कृष्यादि कार्यमा अत्यधिक चेष्टा भएको होस् भन्ने कामना भएका अवस्थामा आठौं वर्षमा उपनयन गरिदिनुपर्छ भनी इच्छानुसारको विकल्प अवलम्बन गर्न सकिने तथ्य देखाएका छन् (मनु. २/३६-३७) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एषा चोक्तिरिच्छाविकल्पे सत्येवानुगृहीता भवति । {न हि} इच्छाविकल्पतयाविभक्तस्यापि विवाहकालेऽग्न्याधानाधिकारवतो दायाद्यकालेऽप्यग्न्याधानकालः सम्भवति ।

एवं सति साङ्ख्यायनगृह्योक्तमपि अनुगृहीतं भवति । [८१]साङ्ख्यायनगृह्ये च **'अभिसमावर्त्स्यमानो यात्रान्त्यां समिधमभ्यादध्यात्तमग्निमिन्धीत वैवाह्यं वा दायाद्यकाल एके प्रेते वा गृहपतौ स्वयं ज्यायान् वैशाख्याममावास्यायामन्नस्यां वा कामतो नक्षत्र एक'** इति अभिहितम् ।

८१. गदाधारभाष्यम्, पारस्करगृह्यसूत्रम्, (प्रथमं काण्डम्, द्वितीया कण्डिका, द्वितीयं सूत्रम्) ।

त्यसैले नै सम्पत्तिको बाँडफाँड नभएका पुरुषको पनि विवाहका समय अग्निको आधान गर्ने अधिकार हुन्छ भनी मदनपारिजातका लेखकले भनेका छन् । मदनपारिजातको उक्त कथन गदाधरले पारस्करगृह्यसूत्रको भाष्यमा उल्लेख गरेका छन् (पा.गृ.सू. १/२/२ ग.भा.) । यो उक्ति इच्छा विकल्प मानेका अवस्थामा मात्र अनुगृहीत (सार्थक) हुन्छ । इच्छा विकल्प भएकाले सम्पत्ति बाँडफाँड नगरिएको पुरुषको पनि विवाह कालमा अग्निको आधान गर्ने अधिकार सिद्ध हुन्छ र दायाद्यकालमा (अंशबण्डा गर्ने समयमा) अग्निको आधान गर्ने भन्ने विकल्प पनि सुरक्षित नै रहन्छ । यस अवस्थामा (इच्छा विकल्प मानेका अवस्थामा) साङ्ख्यायनगृह्यसूत्रमा भनिएको उक्ति पनि अनुगृहीत (सङ्गत) हुन्छ । सांख्यायनगृह्यसूत्रमा **अभिसमावर्त्य०** अर्थात् 'गुरुकुलबाट वेदाध्ययन पूरा गरी घरतिर फर्किन लागेको ब्रह्मचारीले अन्तिम अग्निकार्य गरोस् र त्यस अग्निलाई धारण गरोस्, अथवा वैवाहिक अग्निमा आधान गरोस्, एकथरी आचार्यका मतमा अंशबण्डा गर्ने समयमा अग्निको आधान गरोस्, घरका मूली (पिता)को मृत्यु भएका अवस्थामा (एघारौं दिनमा) स्वयं जेठो दाइले आधान गरोस्, वैशाखको अमावस्यामा अथवा अन्य महिनाको अमावस्यामा अग्निको आधान गरोस्, लाभादिको आकाङ्क्षा भएका अवस्थामा नक्षत्रमा (हस्ता आदिमा) आधान गरोस् भनी एकथरी आचार्य भन्दछन् (पा.गृ.सू. २/२/२ ग.भा.) भनिएको छ ।[६५]

---

६५. क) विवाहका समयमा र अंशबण्डाका समयमा बाहेक अन्य समयमा पनि अग्निको आधान गर्न सकिने शास्त्रीय विधान छ भनी प्रमाणित गर्नका लागि शोधप्रबन्धका लेखकले पारस्करगृह्यसूत्रको गदाधरभाष्यबाट द्वितीयस्रोतका रूपमा सांख्यायनगृह्यसूत्रको प्रमाण दिएका हुन् । सांख्यायनगृह्यसूत्रका भाष्यकारले आधानकालमाह- भनी उक्त **अभिसमावर्त्स्यमानः०** (१.१.२) सूत्र उपस्थापन गरेका छन् । विस्तृत भाष्य लेख्ने क्रमको आरम्भमा उक्त सूत्रको पदार्थ यसरी दिइएको छ- अभिसमावर्त्यमानो गुरुकुलादधीतविद्यश्चतुर्णाम्, त्रयाणां वा, द्वयोर्वा, एकस्य वा पारङ्गतः कृतधर्मजिज्ञासश्च सद्मन्यभिमुखोऽभिसमावर्त्स्यमानः, 'भीत्याभिमुख्यम्' इति यास्कः । यत्र यस्मिन्नग्नौ अन्ते भवा अन्त्या तां समिधमादध्यादित्यनेनान्तिमममग्निकार्यं लक्ष्यते । तममग्निमिन्धीत धारयेदित्यर्थः । ब्रह्मचारीलाई अग्निको आधान गर्ने अधिकार नहुने भएकाले निर्दिष्ट सूत्रमा किन अग्निका आधानको चर्चा गरियो त भन्ने शङ्काको समाधान समेत यसरी गरिएको छ- एतद्यदि पित्रा भ्रात्राऽन्येन वा कन्याया वाग्दानं कृतं भवति तदैव तदाधानम्, अन्यथा ब्रह्मचारिण आधानं न भवति । तथा च कारिका- पित्रा दत्ताऽथवा भ्रात्रा दत्ता वान्येन यस्य तु । कन्या भवेत् समावर्त्स्यन्नादधीत स नेतरः ॥ इति । कर्मप्रदीपेऽप्युक्तम्- यस्य दत्ता भवेत् कन्या वाचा सत्येन केनचित् । सोऽन्त्यां समिदमाधास्यन्नादधीत च नान्यथा ॥ इति ॥ भाष्यको अन्य अंशमा आधान सम्बन्धी विधिको चर्चा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र **'कामतः'** इति निर्देशादिच्छायाः स्वपर्यायशब्दवेद्यत्वेन समावर्तनाद्यनेककालेष्विच्छाविकल्पः प्रदर्शितः ।

तथैव छान्दोग्यगृह्येऽपि उक्तस्य विशेषत्वं [८२]गदाधरेणैवोद्धृत्य प्रदर्शितम् । यथा- **'भूर्भुवः स्वरिति अभिमुखमग्निं प्रणयन्ति प्रेते वा गृहपतौ परमेऽष्टिकरणं तथा तिथिनक्षत्र{पर्व}समवाये दर्शे वा पौर्णमासे वाग्निसमाधानं कुर्वीत ।'** इति ।

यथैव व्यवस्थितविकल्पाभिधायिनः कृतविवाहानामपि भातृमतामविभक्तानामनाधानेऽपि न दोषः, तथैवास्माकमपि कृतविवाहस्यापि पितृमतोऽग्न्याधानेऽपि न दोषः, इति समानमेव । कारिकाकारेण यथा

८२. गदाधरभाष्यम्, पारस्करगृह्यसूत्रम्, (प्रथमं काण्डम्, द्वितीया कण्डिका, द्वितीयं सूत्रम्) ।

साङ्ख्यायनगृह्यसूत्रमा विद्यमान **कामतः** शब्दले आधान इच्छानुसार सम्पन्न गर्न सकिन्छ भन्ने तथ्य बुझाउँछ । इच्छाका पर्यायका रूपमा पठित उक्त शब्दद्वारा समावर्तन आदि अनेक समयमा आधान गर्न सकिने इच्छारूप विकल्प देखाइएको छ । यसै प्रकारले छान्दोग्यगृह्यसूत्रमा उक्त कथनको विशेषता गदाधरले नै उद्धरण गरेर देखाएका छन् (पा. गृ.सू. २/२/२ ग.भा.) । छान्दोग्यगृह्यसूत्रको कथन यसप्रकार रहेको छ- **भूर्भुवः स्वरिति०** अर्थात् 'भूः, भुवः, स्वः उच्चारण गरी अभिमुख भएर (अग्नि भएतिर फर्किएर) अग्निलाई प्रणाम गर्छन्, अथवा गृहपति (घरमूली) मरेपछि अग्निको आधान गर्नुपर्छ, तिथि र नक्षत्रको योग भएका समयमा (अग्निको आधान गर्नुपर्छ) {अथवा नक्षत्र र पर्वको योग भएका समयमा अग्निको आधान गर्नुपर्छ}अमावास्या वा पौर्णमासीमा अग्निको आधान गर्नुपर्छ' (पा.गृ.सू. २/२/२ ग.भा.) ।[६६]

व्यवस्थित विकल्पका पक्षपातीहरू जसरी विवाह सम्पन्न गरेका, दाइभाइ पनि भएका तर सम्पत्तिको बाँडफाँड नभएका पुरुषले अग्निको आधान नगर्दा कुनै दोष हुँदैन भन्दछन् त्यसै प्रकारले हामीहरू पनि विवाह गरिसकेका तर

ख) वैवाह्यां वा (१.१.३), दायाद्यकाल एके (१.१.४) गृहपतौ स्वयं ज्यायान् (१.१.५) वैशाख्याममावास्यायामन्नस्यां वा (१.१.६) कामतो नक्षत्र एके (१.१.७) आधानका अलग अलग विकल्प देखाएका छन् ।

ग) भाष्य अनुसार सूत्रहरूको अनुवाद गरिएको छ । कामतको लाभादि कामना भएका अवस्थामा अर्थ गरिएता पनि शोधप्रबन्धमा इच्छानुसार भन्ने अर्थ ग्रहण गरिएको छ ।

६६. मूलमा उद्धृत **छान्दोग्यगृह्यसूत्र**को उक्ति (सूत्रहरू) भाष्यसहित प्रकाशित **गोभिलगृह्यसूत्र**को प्रथमप्रपाठकको प्रथमकण्डिकाका ११ देखि १४ सूत्रका रूपमा आएका छन् । **भूर्भुवः स्वरिति अभिमुखमग्निं प्रणयन्ति** (११) सूत्रले आधानको सामान्य विकल्प एवं विधि बताउँछ । **प्रेते वा गृहपतौ परमेऽष्टिकरणम्** (१२) सूत्रले आधानको अर्को विकल्प बताउँछ । भाष्य अनुसार परमेष्ठिकरणको अर्थ अग्निसमाधानकाल हो । आधान द्रव्यसाध्य भएकाले पिताको मृत्यु पछि गाई, जमिन, सुवर्ण आदि द्रव्यको विभाजन हुने भएकाले द्रव्यमा स्वामित्व प्राप्त भएपछि आधान गर्नुपर्छ । यस्तो आधान पिताको मृत्यु भएको एघार दिनमा गरिन्छ । **तथा तिथिनक्षत्रपर्वसमवाये** (१३) सूत्रले तिथि र नक्षत्रको योग भएका अथवा पर्व र नक्षत्रका योग भएका समयमा आधान गर्नुपर्छ भन्ने बुझाउँछ । पुनश्च नक्षत्रशब्दको तिथि र पर्व दुवैका साथमा काकाक्षिगोलकन्यायले सम्बन्ध हुन्छ । **दर्शे वा पौर्णमासे वाग्निसमाधानं कुर्वीत** (१४) सूत्रले अमावस्या अथवा पूर्णिमामा आधान गर्न सकिने विकल्प बोध गराउँछ । अग्निसमाधानको अर्थ अग्निको विधिवत् ग्रहण हो र यस पदको उल्लिखित सबै सूत्रका साथमा अन्वय हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भातृमतां भातृपाकेन जीवतां न दोषः तथैव पितृपाकेन जीवतामपि दोषो नास्तीति ज्ञानाध्ययननिष्ठेन साकं प्रदर्शितमिति च [८३]गदाधरेणैवोक्तम्।

गृहपतौ प्रेते एकादशेऽहनि द्वादशेऽहनि वा कार्यमिति रेणुकदीक्षितोक्तिं समुद्धृत्यापि [८४]गदाधरेणैवोक्तम्।

परमेतदाश्चर्यं सत्स्वपि एतावत्सु अग्न्याधानार्थकेषु कालेषु प्रदर्शितेऽपीच्छाविकल्पात्मके काले गदाधरेणापि **'अतो व्यवस्था भातृमतो दायाद्यकाले अभातृकस्य दारकाले'** इत्युक्तमिति।

यदि द्वावेव कालौ स्यातां तर्हि व्यवस्थितविकल्पत्वं स्यात्। उक्तसन्दर्भान्न तथा प्रतीयते। अग्न्याधानस्य कृते पितृमरणादि (गृहपतिमरणादि) कालान्तराणामपि दर्शनात्।

८३. **पितृपाकोपजीवी स्याद् भातृपाकोपजीवकः। ज्ञानाध्ययननिष्ठो वा न दुष्येताग्निना विना ॥** इति ॥ (गदाधरभाष्यम्, पारस्करगृह्यसूत्रम्, १ काण्डम्, २ कण्डका, २ सूत्रम्)।

८४. गदाधरभाष्यम्, पारस्करगृह्यसूत्रम्, १ काण्डम्, २ कण्डिका, २ सूत्रम्।

पिता जीवितै भएका पुरुषले अग्निको आधान नगर्दा कुनै दोष हुँदैन भन्न सक्दछौं, आखिर दुवै पक्ष समान नै देखिन्छ। कारिकाका (रेणुकारिकाका) लेखकले जसरी ज्ञानाध्ययनमा निष्ठा भएका अवस्थामा दाजुभाइ भएका र दाजुभाइका पाकले जीवन धारण गरिरहेका पुरुषलाई कुनै दोषको भागीदार हुन पर्दैन त्यसै प्रकारले पिताजीका पाकले जीवन धारण गरिरहेका पुरुषहरूलाई पनि कुनै दोषको भागीदार बन्नुपर्दैन भनेका छन्। यो कुरा गदाधरले नै बताएका (उद्धृत गरेका) छन् (पा.गृ.सू. १/२/२, ग.भा.)। गृहपति (घरका स्वामी) मरेका अवस्थामा एघारौं दिनमा अथवा बाह्रौं दिनमा (अन्वाधान) गर्नुपर्छ भन्ने रेणुक दीक्षितको उक्तिको उद्धरण गरेर पनि गदाधले नै बताएका छन् (पा.गृ.सू.१/२/२ ग.भा.)।[६७]

यसलाई ठूलो आश्चर्यको कुरा मान्नुपर्दछ कि- शास्त्रमा अग्निका आधानसँग सम्बद्ध अनेकौँ समयको निर्देशन गरिएका अवस्थामा इच्छा विकल्पका रूपमा बताइएको समयलाई पनि गदाधरले **अतो व्यवस्था०** अर्थात् 'यसबाट दाजुभाइ भएका पुरुषले अंशबण्डा गर्ने समयमा र दाजुभाइ नभएका पुरुषले विवाहका समयमा' {आधान गर्नुपर्छ भन्ने भाव व्यक्त हुन्छ} भनेका छन्। शास्त्रमा आधानका लागि दुईवटा मात्र विकल्प बताइएका हुन्थे भने उक्त विकल्पलाई (तुष्यतु दुर्जनन्यायले) व्यवस्थित विकल्प मान्न सक्ने स्थिति हुन्थ्यो। माथि उल्लिखित सन्दर्भबाट त्यस्तो प्रतीत हुँदैन। अग्न्याधानका लागि पिताको (गृहस्वामीको) मरण आदि अन्य समयको पनि निर्देशन गरिएको छ। (दारकाल

६७. {ज्ञानमा र अध्ययनमा निष्ठा भएको पुरुषले अग्निको आधान विना नै (अग्निहोत्रादि नगरीकन) पिताजीद्वारा पकाइएका अन्नले जीविका चलाउँछ अथवा भाइद्वारा पकाइएका अन्नले जीविका चलाउँछ भने पनि कुनै दोष लाग्दैन।} (गदाधरभाष्यम्, पारस्करगृह्यसूत्रम्, १ काण्डम्, २ कण्डका, २ सूत्रम्)।

** {पितृपाकको र भातृपाकको तात्पर्य आधान गरेका पिताजीले अथवा आधान गरेका दाइभाइले पकाएको अर्थात् उनीहरूको स्वामित्व भएको भन्ने हो। विवाह भएपछि वा अंशवण्डा आदि भएपछि अनिवार्यतः आधान गर्नुपर्छ, अन्यथा त्यस्ता गृहस्थद्वारा गरिएका सबै कर्म निष्फल हुन्छ; तर कुनै पुरुष ज्ञान अध्ययन आदिमा निष्ठा भएका (पढ्ने पढाउने आदि कार्यमा संलग्न) छ भने त्यस्ता पुरुषले आधान नगरेका अवस्थामा पनि दोषभागी बन्नुपर्दैन तात्पर्य हो। पुनश्च पञ्चयज्ञ सम्पादन गरेपछि गरिने भोजनलाई नै शास्त्रमा निर्दुष्ट मानिएको छ।}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नापि व्यवस्थाधायकं किञ्चिद्वचनं पश्यामः। प्रत्युत तद्विपरीतं कामकालाभिधायकं वचनमेव दृश्यते। तच्च वचनं गदाधरेणोद्धृतं सांख्यायनीयमुपरि निर्दिष्टमेव।

प्रमादाद्येन विवाहकालेऽग्न्याधानं न विहितं तस्य [८५]पित्र्युपरमकालान्तरनिर्देशाच्च पितृमतोऽपि विवाह-कालेऽग्न्याधानानुमतिदर्शनाद् भातृमतां तु तत्र सुतरामग्न्याधानाधिकारः सम्पद्येत।

भ्रातरस्तु पितुरिच्छया विभज्यमाना समानांशा अपि विकल्पेन दर्शिता इति स्वत्वे समानाधिकारिणो-ऽभिमताः।

परं पितापुत्रयोस्तु पैतामहेऽचलधने समस्वाम्येऽपि [८६]मणिमुक्ताप्रवालादिषु पितुः स्वाम्यं दर्शितम्।

---

८५. **अपि वैवाहिको येन न गृहीतः प्रमादतः। पितर्युपरते तेन ग्रहीतव्यः प्रयत्नतः॥**- इति।
(कारिकावाक्यम्, गदाधरभाष्यम्, पारस्करगृह्यसूत्रम्, १ का.,२ क., २ सू.)।

८६. (क) **मणिमुक्ताप्रवालानां सर्वस्यैव पिता प्रभुः। स्थावरस्य तु सर्वस्य न पिता न पितामहः॥**
वीरमित्रोदये, दायभागे (व्यवहारप्रकाशे), दायपदार्थविचारः, ४१३ पृ.।
(ख) तथा- विज्ञानेश्वरः- मिताक्षरा, याज्ञवल्यस्मृतिः, व्यवहाराध्यायः २१८ पृष्ठम्, (उपर्युक्तोऽर्थो जीमूतवाहनस्य दायभागात् स्पष्टं प्रतीयते।)

र दायाद्यकालको विकल्पलाई व्यवस्थित विकल्प स्विकार्नुपर्ने) व्यवस्थाधायक (व्यवस्थापक) कुनै (शास्त्रीय) कथन पनि पाउँदैनौं। यसका विपरीत इच्छानुसार (अग्न्याधान गर्न) सकिने उक्तिहरूमात्र शास्त्रमा देखिन्छन्। उदाहरणका रूपमा गदाधरद्वारा उद्धृत सांख्यायनश्रौतसूत्रका अनुयायीहरूको कथनलाई लिन सकिन्छ। उक्त उक्तिको माथिनै सङ्केत गरिसकिएको छ।

प्रमादका कारण जसले विवाहका समयमा अग्निको आधान गरेको हुँदैन त्यसले पिताजी परमपदमा प्राप्त भएपछि अग्निको आधान गर्नुपर्छ (पा.गृ.सू., १/२/२ ग.भा.)[६८] भनी गरिएका निर्देशनबाट पिता भएका पुरुषको पनि विवाहका समयमा अग्निको आधान गर्ने अनुमति भएको देखिन्छ। (पिता भएका पुरुषलाई त अग्निको आधान गर्ने अधिकार प्राप्त हुन्छ भने) दाजुभाइ भएका पुरुषका सन्दर्भमा त पूर्णरूपमा नै अग्निको आधान गर्ने अधिकार प्राप्त हुन्छ। सबै दाइभाइलाई पिताका इच्छाले समान (बराबर) अंश दिएर छुट्याउन सकिने विकल्प पनि देखाइएकाले सबै नै स्वत्वमा (सम्पत्तिमा) समान (बराबर) अधिकार भएका देखिन्छन्।

पितामहबाट प्राप्त भएको अचल सम्पत्तिमा पिताको र पुत्रको समान अधिकार हुन्छ तापनि मणि, मुक्ता प्रवाल आदिमा पिता कै स्वामित्व हुन्छ भनी देखाइएको छ (वी.मि., व्य. प्र., पृ. ४१३)।[६९] पिताले आर्जन गरेका सम्पत्तिमा

---

६८. {प्रमादका कारण जसले वैवाहिक अग्निको ग्रहण गरेको हुँदैन त्यसले पिताजीको देहावसान पछि प्रयत्नपूर्वक उक्त विवाहाग्नि ग्रहण गर्नुपर्छ।}- कारिकावाक्य, पारस्करगृह्यसूत्र, काण्ड १, कण्डिका २, सूत्र २ को गदाधरभाष्य।

६९. क) {मणि, मोती, मुगा आदि सबै पदार्थमा (चल सम्पत्तिमा) पिताको (एकल) अधिकार हुन्छ। स्थावर वस्तुमा (अचल सम्पत्तिमा) भने पिता र पितामहको मात्र अधिकार हुँदैन अर्थात् छोराको पनि समान अधिकार हुन्छ।} वीरमित्रोदयको, व्यवहारप्रकाश अन्तर्गतको, दायभाग- दायपदार्थविचार, पृष्ठ ४१३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[८७]पित्रर्जिते तु पितुरिच्छैव नियामिकेति च प्रदर्शितम्। [८८]किं नाम पित्रर्जिते अपि तु पुत्रार्जितेऽपि पितुः स्वाम्यं दर्शितम्।

यदि भातृमतां साधारणस्वत्वतया विवाहकालेऽग्न्याधानं न स्यात्तर्हि पितरि विद्यमाने पितुः प्राधान्यात् पैतामहे धने पितुरिच्छैव नियामकाच्च स्वार्जिते च सुतरामग्न्याधानं न स्यादभातृकस्यापीति अभातृकस्य विवाहकाले भातृमतां दायाद्यकाले इत्युक्त्वा व्यवस्थापनं न सङ्गच्छते।

वस्तुतो गृहस्वाम्यावाप्त्यनवाप्तिनिमित्तको विकल्पः प्रतीयते। **'प्रेते वा गृहपतौ स्वयं ज्यायान्'** इति गदाधरोद्धृतसाङ्ख्यायनवचनात्, छन्दोगगृह्यवचनात्, कारिकाकारेणापि तथाविधमेव **'पितृपाकोपजीवी स्यात् भातृपाकोपजीवकः'** इत्यादिभिरुक्तत्वाच्चापि गृहस्वाम्यवाप्तिनिमित्तकश्चैच्छिको विकल्पः।

---

८७. **'अस्वाम्यं हि भवेदेषां निर्दोषे पितरि स्थिते।'** इति मित्रमिश्रोद्धृतं देवलवचनम्।- वीरमित्रोदये व्यवहारप्रकाशः, ४१४ पृष्ठम्।

८८. **भार्या पुत्रश्च दासश्च त्रय एवाधनाः स्मृताः। यत्ते समधिगच्छन्ति यस्य ते तस्य तद्धनम्॥**- वीरमित्रोदये व्यवहारप्रकाशः ४१५ पृष्ठम्।

भने पिताकै इच्छा नियामक हुन्छ भनी देखाइएको छ (वी.मि., व्य.प्र., पृ. ४१४)।[७०] पिताले आर्जन गरेका सम्पत्तिमा त के कुरा गर्ने पुत्रले आर्जन गरेका सम्पत्तिमा पनि पिता कै स्वामित्व रहन्छ भनी देखाइएको छ (वी.मि., व्य.प्र., पृ. ४१५)।[७१] दाजुभाइ भएका पुरुषको सम्पत्तिमा साधारण स्वत्व हुने भएकाले विवाहका समयमा अग्निको आधान हुँदैन भन्ने हो भने त पिता जीवित भएका अवस्थामा पिताकै प्रधानता (हालीमुहाली) हुने भएकाले र पितामहबाट प्राप्त सम्पत्तिमा पनि पिताकै इच्छा नियामक हुने भएकाले दाजुभाइ नभएका पुरुषले पनि आफै सम्पत्ति आर्जन गरी अग्निको आधान गर्ने भन्ने कुरा पूर्णतः असम्भव हुन्छ। अतः दाजुभाइ नभएकाले विवाहका समयमा र दाजुभाइ भएकाले अंशबण्डा गर्ने समयमा (अग्निको आधान गर्नुपर्छ) भनी व्यवस्थापन गर्ने कार्य सङ्गत हुँदैन।

वास्तवमा भन्ने हो भने घरको स्वामित्व प्राप्त भएको र प्राप्त नभएको अवस्थालाई ध्यानमा राखेर दिइएको विकल्पजस्तो लाग्दछ। **प्रेते वा०** अर्थात् 'गृहपतिको मरण भएका अवस्थामा स्वयं जेठा छोराले' भन्ने गदाधरद्वारा

ख) तथा- विज्ञानेश्वरः- मिताक्षरा, याज्ञवल्यस्मृति, व्यवहाराध्याय, पृष्ठ २१८, {मूलमा उल्लिखित सबै विषयवस्तु जीमूतवाहनद्वारा रचित दायभागबाट स्पष्ट थाहा पाउन सकिन्छ।}

७०. 'पिता निर्दोष भएका अवस्थामा पुत्रहरूमा सम्पत्तिको स्वामित्व हुँदैन' यो मित्रमिश्रद्वारा उद्धृत देवलको कथन हो। ** यहाँ प्रयुक्त निर्दोष शब्द घर व्यवहार चलाउन सक्ने आदि अर्थको पनि द्योतक हो। अस्वस्थता, वृद्धावस्था आदि कारणले पिताले दैनिक व्यवहार सञ्चालन गर्न नसकेका अवस्थामा स्वतः उक्त व्यवहार पुत्रले नै गर्नुपर्ने हुन्छ।}
- वीरमित्रोदयको व्यवहारप्रकाश, पृष्ठ ४१४।

७१. {पत्नी, पुत्र र दास यी तीनै नै स्वभावतः सम्पत्ति नभएका हुन्छन्। यिनीहरूले जेजति सम्पत्ति कमाउँछन् त्यो सम्पत्ति उनीहरू जसका हुन्छन् त्यसैको हुन्छ अर्थात् पत्नीले कमाएको सम्पत्ति पतिको, पुत्रले कमाएको सम्पत्ति पिताको र दासले कमाएको सम्पत्ति मालिकको हुन्छ।}- वीरमित्रोदयको व्यवहारप्रकाश, पृष्ठ ४१५। (मूलतः यो पद्य मनुस्मृति (८/४१६) को हो र मनुस्मृतिबाट व्यवहारप्रकाशमा उद्धरण गरिएको हो।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'अपि वैवाहिको येन न गृहीतः प्रमादतः । पितर्युपरते तेन ग्रहीतव्यः प्रयत्नतः ।।' इत्युक्तितः सत्यपि पितरि अग्न्याधानाधिकारोऽर्थाद् दर्शितः । पितर्युपरते तु पितृस्वाम्यापगमेन स्वस्वाम्यावाप्तेः प्रयत्नेनापि विधेयत्वं दर्शितम् ।

भगवता [८९]मनुना तु-

वैवाहिकेऽग्नौ कुर्वीत गृह्यं कर्म यथाविधि । पञ्चयज्ञविधानं च पक्तिं चान्वाहिकीं गृही ।। इति स्मृत्वा विवाहकाल एवाग्न्याधानमभिहितम् । तस्माद् **'दायाद्यकाल एकेषाम्'** इत्यभिधाय पारस्करेण महामुनिनापि एकीयमतेनोपन्यस्तम् । तेन च स्वस्वाम्यावाप्तिकाल उपलक्षितो भवेत् । तथा सति विवाहकालः स्वस्वाम्यावाप्तिकालश्चेति द्वौ कालौ अग्न्याधानस्य कृते गदितुं शक्येताम् ।

---

८९. ३/६७ मनुः । ** {विवाहे भवो वैवाहिकः । तस्मिन्नग्नौ गृह्योक्तं कर्म सायंप्रातर्होमाष्टकादि यथाशास्त्रमग्निं सम्पाद्य च पञ्चमहायज्ञान्तर्गतवैश्वदेवाद्यनुष्ठानम्, प्रतिदिनसम्पाद्यं च पाकं गृहस्थः कुर्यात् ।}

उद्धृत साङ्ख्यायनका कथनका आधारमा, छान्दोग्यगृह्यसूत्रका आधारमा र कारिकाकारद्वारा यसै अभिप्रायका साथमा भनिएका **पितृपाकोपजीवी०** अर्थात् 'पिताजीका लागि बनाइएका भोजनबाट जीविका चलाउने अथवा दाइभाइका लागि बनाइएका भोजनबाट जीविका चलाउने' जस्ता उक्तिका आधारमा समेत घरको स्वामित्व प्राप्तिलाई ध्यानमा राखी गरिएको ऐच्छिक विकल्प हो भन्ने तथ्य निर्धारण गर्न सकिन्छ ।

अपि वैवाहिकः० 'जसले प्रमादका कारण वैवाहिक अग्निको (आधानाग्निको) ग्रहण गरेको हुँदैन त्यसले पिताको मृत्युपछि प्रयत्नपूर्वक (अनिवार्यतः) ग्रहण गर्नुपर्छ' ।[७२] यस उक्तिबाट पिता भएकै अवस्थामा पनि अग्न्याधानको अधिकार हुन्छ भन्ने कुरा तात्पर्यार्थबाट प्रदर्शित हुन्छ । पिताको परमधाम पछि पिताको स्वामित्व स्वतः नष्ट हुने र आफ्नो स्वामित्व प्राप्त हुने भएकाले त्यस अवस्थामा प्रयत्नपूर्वक पनि अग्निको आधान गर्नुपर्छ भनी शास्त्रमा स्पष्ट उल्लेख गरिएको छ । भगवान् मनुले त **वैवाहिकेऽग्नौ०** अर्थात् 'गृहस्थले वैवाहिक अग्निमा (विवाहका समयमा आधान गरिएका अग्निमा) विधिपूर्वक गृह्योक्त (सायं प्रातः होम, अष्टका आदि) कर्म, शास्त्रअनुसार नै अग्निका माध्यमले सम्पादन गरिने पाँच प्रकारका महायज्ञभित्र पर्ने वैश्वदेवाद्यनुष्ठान र प्रत्येक दिन सम्पादन गर्नुपर्ने पाक (भोजन) सम्पादन गरोस्' (मनु. ३/६७) भनी विवाहका समयमा नै अग्निको आधान गर्नुपर्ने कुरा बताएका छन् । त्यसैले त **दायाद्यकाल एकेषाम्** भनी महामुनि पारस्करले अंशबण्डा गर्ने समयलाई अग्न्याधानको समय एकाथरी आचार्यका मतका रूपमा उपस्थापन गरेका हुन् । यसबाट सम्पत्तिमा स्वामित्व प्राप्त भएको र स्वामित्व प्राप्त नभएको समय भन्ने अर्थ लक्षित हुन्छ । यस्तो अर्थ स्वीकार गर्दा विवाहको समय र सम्पत्तिमा आफ्नो स्वामित्व प्राप्तिको समय गरी दुवै समय अग्न्याधानका लागि उपयुक्त हुन्छन् भन्न सकिन्छ ।

---

७२. मूलमा उद्धृत पद्य प्रस्तुत शोधप्रबन्धमा गदाधर भाष्यबाट लिइएको हो । उक्त भाष्यमा- **'कारिकायां विशेषः'** भनी प्रस्तुत पद्य उद्धरण गरिएको छ भने **निर्णयसिन्धुमा 'मदनरत्ने व्यासः'** भनी उद्धरण गरिएको छ । निर्णयसिन्धुमा र अन्यत्र पनि पद्यका आरम्भमा **'अपि'**का ठाउँमा **'अग्निः'** पाठान्तर रहेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दारकालदायाद्यकालयोरुपलक्षणत्वं [९०]विश्वनाथभाष्येऽप्यभिहितम् । दायाद्यकालश्च स्वस्वाम्यावाप्तिकाल एव । भातृमतां ज्येष्ठे भ्रातरि विद्यमाने कनिष्ठस्य भ्रातुरनधिकारं प्रतिपादयतामपि समूलत्वेऽपि स्वस्वाम्यावाप्तिकालस्याग्न्याधानकालत्वेनावधिः सम्पद्यते ।

निर्दुष्टे ज्येष्ठे भ्रातरि अनग्निके कनिष्ठस्याग्न्याधानेऽनधिकार इति तु वयं प्रतीमः । यथा-

भगवता [९१]मनुनापि-

दाराग्निहोत्रयोः संयोगो ज्येष्ठे भ्रातरि विद्यमाने कनिष्ठस्य भ्रातुरुपपातकरूपं परिवेत्तृत्वापादकः स्मृतः । दाराग्निहोत्रयोरसंयोगश्च ज्येष्ठभ्रातुः परिवित्तित्वापादकः स्मृतः कनिष्ठस्य दाराग्निहोत्रसंयोगे ।

अत्रापि अग्न्याधानाधिकारवतो ज्येष्ठभ्रातुरनग्निके सति कनिष्ठस्याग्न्याधाने नाधिकारः । [९२]अनुज्ञयाधिकारस्तु शङ्खोक्त्या दर्शित एव तत्रापि ।

अग्न्याधानानधिकारनिमित्तसमन्विते तु ज्येष्ठभ्रातरि विद्यमानेऽपि कनिष्ठस्याधिकारः । अनधिकारनिमत्तसमन्वितस्तु ज्येष्ठो भ्राता केवलं ग्रासाच्छादनभाग् एव भवति । क्लीब-पतित-पतितोत्पन्न-पङ्गून्मत्तजडान्धाचिकित्सितरोगाद्यानां भरणमेव [९३]याज्ञवल्क्येन निर्दिष्टम् ।

९०. उपलक्षणमेतत् । इति विश्वनाथभाष्यम् , पारस्करगृह्यसूत्रम्, १ काण्डम्, २ कण्डिका, २ सूत्रम् ।

९१. ३/१७१ मनुः ।

९२. पराशरस्मृतिः, प्रायश्चित्तकाण्डः, ४ अध्यायः, २७ श्लोकः ।

९३. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, १४० श्लोकः ।

दारकाल (विवाह समय) र दायाद्यकाल (अंशबण्डा गर्ने समय) भन्ने पद उपलक्षण (लाक्षणिक) हुन् भनी विश्वनाथको भाष्यमा पनि भनिएको छ (पा.गृ.सू १/२/२ वि.भा.) । दायाद्यकाल भनेको सम्पत्तिमा आफ्नो स्वामित्व प्राप्त हुने समय नै हो । दाइभाइ भएका पुरुषका सन्दर्भमा जेठो दाजु विद्यमान भएका अवस्थामा भाइहरूको सम्पत्तिमा अधिकार हुँदैन भनी प्रतिपादन गर्ने व्याख्याकारहरूको मत समूल (आधारयुक्त) भएता पनि आफ्नो स्वामित्व प्राप्तिको समय नै आधानकालको अवधि (सीमा) हो भन्ने तथ्य सिद्ध हुन्छ । निर्दुष्ट (कुनै खोट नभएका) जेठा दाइले अग्नि ग्रहण नगरेका अवस्थामा कान्छा भाइको अग्निको आधान गर्ने अधिकार हुँदैन भन्ने कुरा त हामीहरू पनि मान्दछौं । भगवान् मनुले पनि- जेठा दाइ भएका अवस्थामा कान्छा भाइद्वारा गरिने विवाह एवं अग्निहोत्र ग्रहण (दारसंयोग एवं अग्निहोत्रसंयोग) ले भाइमा उपपातकरूप परिवेत्तृत्व दोष उत्पन्न गराउँछ भनेका छन् । पुनश्च दाइले विवाह एवं अग्निहोत्र ग्रहण नगरेका अवस्थामा कान्छो भाइद्वारा गरिएको विवाह एवं अग्निहोत्रले जेठा दाइमा परिवित्तित्व उत्पन्न गराउँछ भनिएको छ (मनु. ३/१७१) ।[७३]

अग्निको आधान गर्ने अधिकार भएका जेठा दाइले अग्निको ग्रहण नगरेका अवस्थामा कान्छा भाइलाई अग्निग्रहण गर्ने अधिकार हुँदैन । दाइको अनुमति लिएर भाइलाई पनि अग्निको आधान गर्ने अधिकार हुन्छ भन्ने कुरा त शङ्खका उक्तिका आधारमा त्यहाँ पनि बताइएको छ (प.मा., प्रा.का., ४/२७) । अग्निको आधान गर्न नमिल्ने परिस्थिति

७३. सङ्केतित पद्यमा परिवेत्ता र परिवित्तिको लक्षण दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[९४]पराशरेण- कुब्जवामनषण्डगद्गदजडजात्यन्धबधिरमूकादिषु सत्स्वपि ज्येष्ठेषु कनिष्ठस्य परिवेदनदोषाभावः स्मृतः । **'सहोदरस्य ज्येष्ठस्य तिष्ठतः कनिष्ठस्य भ्रातुर्दाराग्निहोत्रसंयोगः परिवेदनम्'** इति हि [९५]विज्ञानेश्वरेण समभिहिततया अत्रोक्तः परिवेदनाभावः पर्याधानाभावस्याप्युपलक्षकः ।

[९६]पराशरमाधवकारेण-

ज्येष्ठभात्रा यदा तिष्ठेद् इत्यादिपराशरस्मृतेरवतरणिकायां **'कुब्जत्वादिदोषरहितेषु एकोदरेषु पर्याधाने विशेषमाह'** इत्यभिधाय दोषरहितेष्वप्यनुज्ञया पर्याधानदोषाभावस्य प्रदर्शितत्वात् दोषसमन्वितेषु तु पर्याधानदोषाभावः सुतरां सिद्ध्यति ।

तस्मान्निर्दुष्टे ज्येष्ठे भ्रातरि अनग्निके सति तस्याभ्यनुज्ञामन्तरा कनिष्ठस्य भ्रातुरग्न्याधानेऽनधिकारः । न तु ज्येष्ठभातृसत्तामात्रं कनिष्ठस्यानधिकारापादकम् ।

---

९४. पराशरस्मृतिः, प्रायश्चित्तकाण्डः, ४ अध्यायः, २५ श्लोकः ।

९५. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, २३४ श्लोकस्य टीका ।

९६. पराशरमामाधवः, प्रायश्चित्तकाण्डः, ४ अध्यायः, २७ श्लोकः ।

(कारण) उपस्थित भएका दाइको विद्यमानतामा पनि भाइलाई अग्निको आधान गर्ने अधिकार हुन्छ । अग्निको आधान गर्न नमिल्ने कारण (परिस्थिति) उपस्थित भएको दाइ मात्र खाना खाने र कपडा लगाउने अधिकारले युक्त भएको हुन्छ । 'नपुंसक, पतित (ब्रह्महत्या आदि पाप गरेका), पतितबाट उत्पन्न भएका, लङ्गडा, बौलाएका, जड (लाटो, हिताहित विचार गर्न नसक्ने) अन्धा, उपचार गर्न नसकिने रोगले आक्रान्त आदि दोषले युक्त भएका पुरुषलाई भरण (खान लाउन दिने कार्य) मात्र गर्नुपर्छ (सहोदर भएता पनि अंश दिन पर्दैन)' भनी याज्ञवल्क्यले बताएका छन् (या.स्मृ. २/१४०) ।

पराशरले- दाइ कुब्ज (पृष्ठभागमा मासु आदि पलाएकाले अत्यन्त विकृत शरीर भएको), वामन (छोंटो कद भएको), षण्ड (नपुंसक), गद्गद (जिह्वा आदिका दोषका कारण सजिलैसित बोल्न नसक्ने, भकभके), जड (कार्य गर्न असमर्थ), जात्यन्ध (आँखा नदेख्ने, अन्धो), बधिर (कान नसुन्ने, बहिरो), मूक (बोल्न नसक्ने, लाटो) आदि दोषले युक्त भएका अवस्थामा भाइले (विवाह एवं अग्निहोत्र ग्रहण) गरेता पनि परिवेदन दोष लाग्दैन (प.स्मृ. ४/२५) भनेका छन् ।'सहोदर जेठा दाजु भएका अवस्थामा कान्छा भाइद्वारा गरिएको दारा (पत्नी) र अग्निहोत्रको संयोगलाई (विवाह एवं अग्न्याधानलाई) परिवेदन भनिन्छ (या.स्मृ. ३/२३४, मिता.) भनी विज्ञानेश्वरले भनेका हुनाले यहाँ बताइएको परिवेदनको अभाव पर्याधानाभावको (दोषाभावको) पनि उपलक्षण (सूचक) हो ।[७४] पराशरमाधवका लेखकले **ज्येष्ठभ्राता०** अर्थात् 'जेठो दाइले (अग्रजले) विवाह एवं अग्निको आधान नगरेका अवस्थामा०' (प.स्मृ. ४/२७) भन्ने पद्यको अवतरणिकामा 'कुब्जत्व आदि दोष नभएका र एउटै उदरबाट उत्पन्न भएका (सहोदर) का सम्बन्धमा पर्याधान सम्बन्धी विशेष कुरा भन्दछन्' (प.मा., प्रा.का. ४/२७) भनी दाइमा कुनै दोष नभएका अवस्थामा पनि उनका

---

७४. कुब्जत्व आदि दोष भएका अवस्थामा कुनै पनि पुरुष विवाह गर्न अयोग्य हुने भएकाले दाइले विवाह नगरेका अवस्थामा पनि भाइले विवाह गर्दा परिवेदन दोष लाग्दैन भनिएको हो । दाइको विवाह नगरीकन विवाह गरेकाले उक्त अवस्थामा पनि भाइ परिवेत्ता त हुन्छ तर उसले प्रत्यवायको भागीदार बन्नु पर्दैन भन्ने तात्पर्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितरि अनग्निके विद्यमाने तु अभ्यनुज्ञयापि पुत्रस्याग्न्याधाने नाधिकारः। [९७]पराशरमाधवकारेण चतुर्विंशतिमतमुद्धृत्याभिहितमेतत्।

आस्तां प्रसक्तानुप्रसक्तचिन्तया, वचनार्थतो यत्प्रतीतं तदेव निरूपितम्।

सर्वथापि च कर्मणां समनुष्ठानेऽधिकारः साग्निकस्यैवेति आधानविधिसिद्धाग्निमान् अधिकारी भवति इति आधानविधिसिद्धाग्नित्वमधिकारिविशेषणं भवति।

'वसन्ते ब्राह्मणोऽग्नीनादधीत, ग्रीष्मे राजन्यः, शरदि वैश्यः' इत्येभिर्विधिभिस्त्रैवर्णिकानामेवाग्न्याधानेऽधिकारविधानेन शूद्रस्य आधानविधिसिद्धाग्न्यभावात् नाग्निसाध्यकर्मणामनुष्ठानेऽधिकारः। **'स्वाध्यायोऽध्येतव्यः'** इत्यध्ययनविधिसिद्धाध्ययने च उपनीतस्यैवाधिकाराद् उपनयने **'अष्टवर्षं ब्राह्मणमुपनयीत'** इत्यादिना ब्राह्मणक्षत्रियविशामेवाधिकाराभिधानाच्च शूद्रस्य न उपनयनाधिकारः, न च स्वाध्यायाधिकारः, नो वाग्न्याधानेऽधिकारः।

९७. पराशरमाधवः, प्रायश्चित्तकाण्डः, ४४ पृष्ठम्।

(दाइका) आज्ञाले पर्याधान गर्दा कुनै दोष (प्रत्यवाय) लाग्दैन भनेका हुनाले दाइ दोषयुक्त भएका अवस्थामा त पर्याधान गर्दा पूर्णतः दोषाभाव (कुनै दोष नलाग्ने कुरा) सिद्ध हुन्छ।

अतः कुनै पनि (कुब्जत्वादि) दोष नभएका जेठा दाइले अग्निको ग्रहण नगरेका अवस्थामा उनको आज्ञा विना भाइलाई अग्निको आधान गर्ने अधिकार हुँदैन। जेठा दाइको (अग्रजको) सत्ता मात्रले कान्छा भाइमा (अनुजमा) अनधिकार (अग्न्याधान गर्ने अधिकारको अभाव) सिद्ध गर्दैन। पिताले अग्नि ग्रहण नगरेका (अनग्निक भएका) अवस्थामा भने पिताको आज्ञा लिएर पनि पुत्रलाई अग्निको आधान गर्ने अधिकार हुँदैन। पराशरमाधवका लेखकले चतुर्विंशतिमतको उद्धरण दिएर यो कुरा भनेका छन् (प.मा., प्रा.का., पृ. ४४)। प्रासङ्गिक एवं अप्रासङ्गिक कुराको धेरै चर्चा अब नगरौं। शब्दबाट जस्तो अर्थ निस्कन्छ त्यही नै बताइएको हो।

अग्निको आधान गरेका (साग्निक) पुरुषमा मात्र श्रौत एवं स्मार्त कर्मको अनुष्ठान गर्ने अधिकार हुने भएकाले आधानविधिले सिद्ध अग्निले युक्त भन्ने पद अधिकारी पुरुषको विशेषण हुन्छ।

वसन्ते० अर्थात् 'वसन्त ऋतुमा ब्राह्मणले अग्निको आधान गरोस्, ग्रीष्म ऋतुमा क्षत्रियले अग्निको आधान गरोस् र शरद् ऋतुमा वैश्यले अग्निको आधान गरोस्' इत्यादि विधिले (विधिवाक्यले) ब्राह्मण आदि तीनवटा वर्णलाई मात्र अग्निको आधान गर्ने विधान (निर्देशन) गरेको हुनाले आधानसिद्ध अग्निको अभाव हुने भएकाले शूद्रलाई अग्निका माध्यमले सिद्ध गरिने कर्महरूको अनुष्ठानमा अधिकार हुँदैन। **स्वाध्यायोऽध्येतव्यः** अर्थात् 'स्वाध्यायको अध्ययन गर्नुपर्छ' जस्ता अध्ययनविधिवाट सिद्ध अध्ययन गर्नका लागि उपनयन संस्कार गरेका व्यक्तिको मात्र अधिकार हुन्छ। **अष्टवर्षं ब्राह्मणमुपनयीत** अर्थात् 'आठ वर्ष पुगेका ब्राह्मणको उपनयन संस्कार गरिदेओस्' इत्यादि वाक्यद्वारा ब्राह्मण, क्षत्रिय एवं वैश्यको मात्र उपनयन गर्ने अधिकार भएको उल्लेख गरिएको हुनाले शूद्रलाई न उपनयन गर्ने अधिकार हुन्छ, न त स्वाध्याय गर्ने अधिकार हुन्छ, र न अग्निको आधान गर्ने अधिकार नै हुन्छ। (उपनयन संस्कार नभएका पुरुषलाई वेदाध्ययन र श्रौत एवं स्मार्त कर्ममा सर्वथा अधिकार नभएको कुरा उक्त वचनबाट जान्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'वर्षासु रथकारोऽग्नीनादधीत' इत्यनेन विधिना यद्यपि रथकारस्य (अन्वाधानापरपर्यायस्य) अग्नेराधानं विहितम्।

'वास्तुमयं रौद्रं चरुं निर्वपेत्' इत्यस्मिन् प्रकरणे **'निषादस्थपतिं याजयेत्'** इति श्रुतम्। अनेन च विधिना यद्यपि निषादस्थपतेर्यागानुष्ठानमभिहितम्।

तथापि रथकारनिषादस्थपत्योस्तन्मात्रानुष्ठानात्मकज्ञानाक्षेपस्तद्विधिबलात् कल्प्यते।

रथकारनिषादस्थपतिशब्दयोश्च रथकारशब्दस्य व्युत्पत्तिलभ्यमर्थमादाय त्रैवर्णिकोऽर्थस्तु न कल्पनीयः। व्युत्पत्तिलभ्यादर्थाद्रूढेर्बलीयस्त्वात्। रथकारशब्दो हि माहिष्येण करण्यामुत्पन्ने जातिविशेषे रूढः।

निषादस्थपतिशब्दस्य च षष्ठीसमासमाश्रित्य त्रैवर्णिकोऽर्थो न कल्पनीयः। निषादश्चासौ स्थपतिश्चेति कर्मधारयसमासस्य मुख्यत्वेन तदाश्रयणात्। [९८]आपदेवेनापि- **'निषादं स्थपतिं चेति कर्मधारयो न तु निषादानां स्थपतिरिति षष्ठीतत्पुरुषः। षष्ठ्यर्थे लक्षणापत्तेः'** इत्यभिहितम्।

९८. मीमांसान्यायप्रकाशः, अधिकारविधिनिरूपणप्रकरणम् १०७ पृष्ठम्।

वर्षासु रथकारोऽग्नीनादधीत अर्थात् 'वर्षा ऋतुमा रथकारले (जातिविशेषले) अग्निको आधान गरोस्' यस विधिद्वारा यद्यपि रथकारलाई (अन्वाधान अर्को पर्यायवाचक शब्द भएको) अग्न्याधानका (अग्निका आधानको) विधान गरिएको छ। **वास्तुमयं रौद्रं चरुं निर्वपेत्** अर्थात् 'रुद्रदेवतालाई वास्तुमय चरुको वपन (यजन) गरोस्' भन्ने प्रकरणमा **निषादस्थपतिं याजयेत्** अर्थात् 'निषादरूप स्थपतिलाई याग गराओस्' भनी श्रुतिमा भनिएको हो। उक्त विधिद्वारा निषादरूप स्थपतिलाई गराइने यागनुष्ठानको अभिधान (कथन) गरिएको छ। उल्लिखित दुई विधिवाक्य प्राप्त हुन्छन् तापनि रथकार (रथ निर्माण गर्ने जातिविशेष) र निषादरूप स्थपतिको त्यतिमात्र (अग्निको आधान मात्र) गर्ने ज्ञानको आक्षेप उल्लिखित विधिवाक्यका सामर्थ्यबाट कल्पना गरिन्छ।

रथकार र निषादस्थपति शब्दमध्ये प्रथम रथकार शब्दबाट निस्कने रथ बनाउने भन्ने व्युत्पत्तिलभ्य अर्थलाई लिएर त्रैवर्णिक (ब्राह्मण आदि तीन वर्णसित सम्बद्ध) अर्थ ग्रहण गर्न मिल्दैन। व्युत्पत्तिबाट बुझिने अर्थभन्दा रूढिबाट बुझिने अर्थ बलवान् हुन्छ। रथकारशब्द माहिष्यद्वारा करणीमा उत्पन्न सन्तानमा रूढ भएको छ। यसै प्रकारले निषादस्थपति भन्ने शब्दबाट पनि षष्ठी तत्पुरुष समासको आश्रय लिएर त्रैवर्णिक (ब्राह्मणादि तीन वर्णसित सम्बद्ध) अर्थको कल्पना गर्नु हुँदैन। निषादश्चासौ स्थपतिश्चेति (निषादरूप स्थपति) यसप्रकारको कर्मधारय समासबाट निष्पन्न हुने अर्थलाई नै उक्त शब्दले आधार बनाइएको छ। आपदेवले पनि **निषादं स्थपतिम्०** अर्थात् 'निषादश्चासौ स्थपतिः' यसप्रकारको कर्मधारय समास गरिएको हो, 'निषादानां स्थपतिः' यसप्रकारको षष्ठी तत्पुरुष समास गरिएको हैन, षष्ठी अर्थ गर्ने हो भने (तत्पुरुष समास मान्ने हो भने) लक्षणा गर्नुपर्ने अवस्था आउँछ' (मी.न्या.प्र., अ.वि.नि.प्र., पृ. १०७) भनेका छन्।[७५]

७५. सामान्यतया ब्राह्मण, क्षत्रिय र वैश्यलाई अग्न्याधान आदिमा अधिकार छ तर पनि वेदमा नै 'रथकारले वर्षामा अग्निको आधान गरोस्' र 'निषाद स्थपतिलाई यज्ञ गराओस्' जस्ता विधि पाइन्छन्। यी दुई वाक्यका सन्दर्भमा नै प्रस्तुत प्रकरणमा शास्त्रीय चर्चा गरिएको छ। प्रथम वाक्यमा विद्यमान रथकार शब्दको व्युत्पत्तिलभ्य अर्थ रथ बनाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठीसमासे विहिते तु निषादशब्देन सम्बन्धो लक्षणीयः । निषादशब्दो हि ब्राह्मणेन शूद्रायामुत्पन्नं मत्स्यधातोपजीविनं सङ्कीर्णं जातिविशेषमभिधत्ते । निषादस्य मत्स्यघातोपजीवित्वं च [९९]विज्ञानेश्वरेणाभिहितम् । [१००]चिन्नस्वामिना च षष्ठाध्यायस्य प्रथमे पादे सिद्धान्तितं समुद्धृत्य निषादस्थपतिरित्यत्र कर्मधारयसमासः समर्थितः ।

९९. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ९१ श्लोकः ।

१००. सारविवेचिनी व्याख्या, मीमांसान्यायप्रप्रकाशः, स्थानप्रमाणनिरूपणप्रकरणम् ७८ पृष्टम् ।

षष्ठी समास गर्ने हो भने त निषादशब्दका साथमा लक्षणाका माध्यमले सम्बन्ध स्थापित गर्नुपर्ने हुन्छ । निषादशब्दले ब्राह्मणबाट शूद्रामा उत्पन्न भएको र माछा मारेर जीविका चलाउने सङ्कीर्ण जातिविशेष भन्ने अर्थ बुझाउँछ । निषादले माछा मारेर जीविका चलाउँछ भन्ने कुरा विज्ञानेश्वरले बताएका छन् (या.स्मृ. १/९१ मिता.) । चिन्नस्वामीले (मीमांसान्यायप्रकाश नामक ग्रन्थको टीकामा) मीमांसा दर्शनको षष्ठाध्यायको प्रथम पादमा सिद्धान्तका रूपमा स्थापित भएको मतलाई उद्धरण दिएर निषादस्थपति यस शब्दमा कर्मधारय समास गरिएको कुरा समर्थन गरेका छन् (मी.न्या.प्र., सा.वि.व्या.) ।[७६]

हुन्छ । उक्त अर्थलाई विशेषणका रूपमा ग्रहण गर्दा रथ बनाउने काम तीनै वर्णले गर्न सक्ने भएकाले उक्त शब्दले ब्राह्मण आदि तीनै वर्णलाई बुझाउँछ । अतः समस्या समाधान हुन्छ । यो पूर्वपक्षको कथन हो । उत्तरपक्ष भन्छ- **योगाद्रूढिर्बलीयसी** यस न्यायका आधारमा व्युत्पत्तिलभ्य अर्थभन्दा रूढ अर्थ बलवान् हुन्छ अतः रथकारशब्दले माहिष्यद्वारा करणीमा उत्पन्न जाति विशेषलाई बुझाउँछ । याज्ञवल्क्यले **माहिष्येण करण्यां तु रथकारः प्रजायते** भनेका छन् । अमरकोशमा र याज्ञवल्क्यस्मृति (१/९२) मा क्षत्रियबाट वैश्यमा उत्पन्न सन्तानलाई माहिष्य भनिएको छ । वैश्यबाट शूद्रामा उत्पन्न सन्तानलाई करण (कायस्थ) भनिन्छ । दोस्रो वाक्यमा विद्यमान निषादस्थपति समस्तपद हो । निषादको अर्थ ब्राह्मणबाट शूद्रामा उत्पन्न जातिविशेष र स्थपतिको अर्थ गृह निर्माण आदि गर्ने शिल्पी भन्ने हुन्छ । निषादस्थपति पदलाई तत्पुरुष समासद्वारा अथवा कर्मधारय समासद्वारा निष्पन्न गराउन सकिन्छ । तत्पुरुष समास मान्दा निषादहरूको स्थपति जो पनि हुन सक्ने भएकाले ब्राह्मणादि परक अर्थ लगाउन सकिन्छ र समस्याको समाधान हुन्छ । यो पूर्वपक्षको कथन हो । उत्तरपक्ष भन्छ- स्थपतिको निषादका साथमा सम्बन्धार्थमा लक्षणा गर्नुपर्ने भएकाले तत्पुरुष समास मान्न सकिन्न । कर्मधारय समास नै मान्नुपर्छ । यसरी पूर्वपक्षद्वारा गरिएका समस्या समाधानको उपाय नमान्ने हो भने समस्या जस्ताका जस्तै रहन्छ । उक्त विधिवाक्यद्वारा रथकारमा र निषादस्थपतिमा आधान गर्ने र याग गर्ने अधिकार देखिए तापनि अध्ययन गर्ने अधिकार देखिँदैन । शास्त्रसिद्ध ज्ञानले युक्त भएका पुरुषलाई अधिकारीको विशेषण मानिएको छ । उक्त समस्याको समाधानका लागि सिद्धान्त पक्षमा भनिएको छ- मात्र उक्त वेदोक्त कार्य सम्पादन गर्नका लागि आचार्यका उपदेशबाट प्राप्त ज्ञानको आक्षेप गर्नुपर्छ । त्यसकै आधारमा रथकारले आधान गर्ने र निषादस्थपतिले याजन गर्ने कार्य सम्पादन गर्दछ ।

७६. मूल मीमांसान्यायप्रकाशमा अधिकारविधिका सन्दर्भमा **'निषादस्थपतिं याजयेत्'** वाक्यका सम्बन्धमा चर्चा गरिएको छ तर सारविवेचिनीमा त्यसभन्दा पहिले नै प्रसङ्गतः स्थानप्रमाणनिरूपण प्रसङ्गमा ('होतृचमस' इत्यादिका तु को व्याख्यामा) उक्त वाक्यको चर्चा गरिएको छ । **एतया निषादस्थपतिम्** पछिको अंश सारविवेचिनीबाट उद्धृत अंशको व्याख्या हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षाष्ठप्रथमे- **'एतया निषादस्थपतिं याजयेत्'** इत्यत्र निषादानां स्थपतिः इति षष्ठीतत्पुरुषो वा निषादश्चासौ स्थपतिश्चेति कर्मधारयो वेति सन्दिह्य षष्ठीतत्पुरुषाङ्गीकारे पूर्वपदे संबन्धिलक्षणाङ्गीकरणापत्तिरूपं दोष-मुद्भाव्य तदपनुत्तये कर्मधारयसमासाभ्युपगम एव श्रेयानिति सिद्धान्तितमित्यभिदधता निषादस्थपतिशब्दस्य षष्ठ्यर्थसम्बन्धवाचकत्वं निराकृत्य कर्मधारयसमासः साधितः। तस्मात् स्थपतिर्निषाद एव।

एतयोश्चाध्ययनविधिसिद्धज्ञानाभावात्तात्कालिकाचार्योपदेशादिना केवलं तदनुष्ठानमात्रेणोपयिगिनीं विद्यां सम्पाद्य रथकारोऽग्नीनाधीत, निषादस्थपतिश्च यागं कुर्यात्। नैतयोरुत्तरक्रत्वनुष्ठानेऽधिकारः। [१०१]कौमुदी-व्याख्याकारेणापीत्थमेवोक्तम्।

तस्मान्न शूद्रस्याग्निसाध्यकर्मणां समनुष्ठानेऽधिकारः। तत्र साग्निकमांस्त्रेवर्णिकोऽधिकरोतीति आधान-सिद्धाग्निमत्वस्याधिकारिविशेषणत्वं सिद्धम्।

---

१०१. कौमुदीव्याख्या, अर्थसङ्ग्रहे, अधिकारविधिनिरूपणप्रकरणम्, १४४-१४५ .....।

(मीमांसा दर्शनको) छैटौं अध्यायको प्रथमपादमा- **एतया निषादस्थपतिं याजयेत्** यस विधिवाक्यमा निषादानाम् स्थपतिः (निषादहरूको स्थपति) यस प्रकारको षष्ठी तत्पुरुष समास गरिएको हो अथवा निषादश्चासौ स्थपतिः (निषाद नै स्थपति) यसप्रकारको कर्मधारय समास गरिएको हो भन्ने सन्देह उपस्थापन गरेर षष्ठीतत्पुरुष समास स्विकारेका अवस्थामा पहिलो पदमा (निषादमा) सम्बन्धमा लक्षणा स्वीकार गर्नुपर्ने दोषको उद्भावना गरेर (दोष देखाएर) उक्त दोष निराकरण गर्नका लागि कर्मधारय समास अङ्गीकार गर्नु नै उचित हुन्छ भनी सिद्धान्त पक्ष बनाइएको छ' (मी.न्या.प्र., सा.वि.व्या., पृ. ७८) जस्ता वाक्य प्रयोग गरेका (आपदेवले) षष्ठी तत्पुरुष समास गर्दा निस्कने सम्बन्धवाचक अर्थलाई निराकरण (अस्वीकार वा खण्डन) गरेर कर्मधारय समास सिद्ध गरेका छन्। अतः स्थपति निषाद नै हो।

दुवैमा (रथकारमा र निषादस्थपतिमा) अध्ययनविधिद्वारा सिद्ध भएका ज्ञानको अभाव हुने भएकाले त्यसै (कर्मानुष्ठानका) समयमा गरिएका आचार्यका उपदेशका माध्यमले सम्बद्ध अनुष्ठान सम्पन्न गर्नका लागि मात्र उपयुक्त हुने (वा उपयोग गरिने) विद्या प्राप्त गरेर रथकारले अग्निको आधान गर्नुपर्छ र निषादस्थपतिले याग गर्नुपर्छ। यिनीहरूमा (रथकार र निषादस्थपतिमा) उत्तरक्रतु सम्पादन गर्ने अधिकार भने हुँदैन। कौमुदी व्याख्याका लेखकले (लौगाक्षिभास्करले) पनि यस्तै कुरा गरेका छन् (अ.सं., कौ.व्या.)।[७७]

त्यसैले अग्निका माध्यमले सम्पन्न गरिने कर्महरूको अनुष्ठानमा शूद्रको अधिकार छैन। अग्निसाध्य कार्यका लागि अग्निको आधान गरेका त्रैवर्णिक (ब्राह्मण, क्षत्रिय एवं वैश्य) अधिकारी हुन्छन्। अतः आधानविधिद्वारा सिद्ध भएका अग्निले युक्त भन्ने पद नै अधिकारीको (अग्निसाध्य कर्ममा अधिकार प्राप्त पुरुषको) विशेषण हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

---

७७. कौमुदी स्वामी रामेश्वर भिक्षुद्वारा लिखित अर्थसङ्ग्रहको संस्कृत टीकाको नाम हो। लेखकद्वारा कुन प्रकाशनबाट प्रकाशित कौमुदीटीकायुक्त ग्रन्थ उपयोग गरिएको थियो भन्ने कुरा जानकारी हुन सकेन।
** प्रभाकरमतानुयायीहरू आधान गर्ने अधिकार भएका अवस्थामा रथकारमा र निषादरूप स्थपतिमा पनि उत्तरक्रतु सम्पादन गर्ने अधिकार हुन्छ भन्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामर्थ्यस्याधिकारिविशेषणत्वम्

आख्यातानामर्थं ब्रुवतां शक्तिः सहकारिणीति न्यायात्समर्थं प्रत्येव विधिप्रवृत्तेः सामर्थ्यमप्यधिकारि-विशेषणं भवति।

तत्र काम्ये कर्मणि साङ्गप्रधानानुष्ठाने समर्थ एव अधिकारी भवति । नित्ये तु यावज्जीवं साङ्गप्रधानस्यानुष्ठातुमशक्यतया प्रधानमात्रे समर्थोऽप्यधिकारी भवति।

तत्रापि येषाम् अङ्गानां पुरुषार्थतया विधानं भवेत्तेषामङ्गानामनुष्ठानासमर्थोऽपि प्रधानानुष्ठाने समर्थश्चेदधिकरोति।

येषां त्वङ्गानां क्रत्वङ्गतया विधानं भवेत् तेषां त्वङ्गानामनुष्ठानासमर्थो नाधिकरोति । तत्र समर्थ एव अधिकारी भवति। एतच्च सर्वं कौमुदीव्याख्यायां [१०२]मीमांसान्यायप्रकाशे च विवृतमिति तत एवावगन्तव्यम्।

---

१०२. मीमांसान्यायप्रकाशे, अधिकारविधिनिरूपणप्रकरणम्, १०८-१०९ पृष्ठम्।

सामर्थ्य अधिकारीको विशेषण हुन्छ-[७८]

आख्यातानामर्थं ब्रुवतां शक्तिः सहकारिणी अर्थात् 'अर्थ प्रतिपादन गरिरहेका आख्यातमा (यजेत आदिमा विद्यमान लिङादिमा) शक्ति (सामर्थ्य) सहयोगी हुन्छ' यस न्यायद्वारा विधि समर्थहरू तिर प्रवृत्त हुने भएकाले सामर्थ्य अधिकारीको विशेषण हुन्छ। काम्य कर्ममा सङ्गहरूका साथमा प्रधानको अनुष्ठान गर्न समर्थ पुरुष नै अधिकारी हुन्छ। नित्य कर्महरूमा भने जीवनभरि नै अङ्गहरूका साथमा प्रधानकर्मको अनुष्ठान गर्न नसकिने हुनाले प्रधानकर्म मात्र सम्पादन गर्न सक्ने अधिकारी हुन्छ। त्यसमा पनि जुन अङ्गलाई पुरुषार्थका रूपमा विधान गरिएको छ त्यस्ता अङ्गहरूको अनुष्ठानमा असमर्थ पुरुष पनि प्रधान (कर्मको) अनुष्ठानमा समर्थ हुन्छ भने अधिकारी बन्दछ।

जुन अङ्गहरूलाई यज्ञकै अङ्गका रूपमा विधान गरिएको हुन्छ त्यस्ता अङ्गहरूको अनुष्ठानमा असमर्थ पुरुष भने अनुष्ठान गर्ने अधिकारी हुँदैन।[७९] यज्ञका प्रमुख अङ्गहरूको अनुष्ठानमा समर्थ पुरुष मात्र अधिकारी हुन्छ। यी सबै कुरा (अर्थसङ्ग्रहको) कौमुदी व्याख्यामा र मीमांसान्यायप्रकाशमा विस्तारपूर्वक निरूपण गरिएको छ । उक्त

---

७८. विधिवाक्यमा नपढिएका अध्ययनसिद्ध विद्या र आधानसिद्ध अग्नि अधिकारीका विशेषण भएझैं विधिवाक्यमा नपढिएको सामर्थ्य पनि अधिकारीको विशेषण हुन्छ। **आख्यातानामर्थं ब्रुवतां शक्तिः सहकारिणी** भन्ने न्यायले समर्थ नै अधिकारी हुन्छ भन्ने तथ्य सिद्ध गर्छ। यसबाट अन्ध बधिर आदिमा यजनाधिकार हुँदैन भन्ने कुरा प्रमाणित हुन्छ। अन्ध, बधिर आदिमा पनि निरतिशय सुखरूप स्वर्गको अभिलाषा हुन्छ तापनि यज्ञाङ्गभूत आज्यावेक्षण, मन्त्रश्रवणजस्ता अङ्गहरू उनीहरूबाट सम्पन्न हुन नसक्ने हुनाले यागमा अधिकार सिद्ध नभएको हो। विधि समर्थप्रति नै प्रवृत्त हुन्छ। उक्त कार्यका अभावमा यज्ञ नै पूर्ण हुँदैन। पुरुषार्थरूप सामर्थ्यका सन्दर्भमा भने जसले जति कार्य गर्न सक्छ त्यति मात्र कार्य गर्न सकिने छुट दिइएको छ। अतः नित्ययागका सबै अङ्ग प्रतिदिन सम्पन्न गर्न नसकिने हुनाले प्रधानको मात्र अनुष्ठान गर्दा पनि हुन्छ। काम्य यागमा भने अङ्गसहित प्रधानको अनुष्ठान गर्नुपर्छ।

७९. यहाँ यज्ञका नै अङ्ग भनेर अन्धत्व आदिलाई ग्रहण गरिएको हो। अवेक्षण आदि यज्ञका प्रधान कार्य नै सम्पादन गर्न नसक्ने हुनाले अन्धोलाई यज्ञका लागि असमर्थ (अनधिकारी) मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषविशेषणत्वेनाश्रुतानामप्येतेषामध्ययनविधिसिद्धविद्याधानविधिसिद्धाग्निमत्वसामर्थ्यानामधिकारि-विशेषणत्वं सिद्धम्।

मन्त्राः

प्रयोगसमवेतार्थस्मारका मन्त्रा इति [१०३]मन्त्रलक्षणमर्थसङ्ग्रहकारेणाभिहितम्।

मन्त्राणां च प्रयोगसमवेतार्थस्मारकतयार्थवत्व[१०४]मापदेवेनाभिहितम्। [१०५]जैमिनीयन्यायमालाकारेणापि याज्ञिकसमाख्यानस्य निर्दुष्टत्वं मन्त्रलक्षणं निर्दिष्टम्। याज्ञिकाश्चानुष्ठानस्मारकादौ मन्त्रशब्दं प्रयुञ्जते इत्यभिधाय प्रयोगकालीनस्यार्थस्य स्मारकत्वं मन्त्राणां लक्षणमभिहितम्।

---

१०३. अर्थसङ्ग्रहः, मन्त्रनिरूपणप्रकरणम् १४० .....।

१०४. मीमांसान्यायप्रकाशः, उत्तरभागः, मन्त्रप्रयोजननिरूपणप्रकरणम्, ११० पृष्ठम्।

१०५. जैमिनीयन्यायमाला, २ अध्यायः, ७ अधिकरणम्। {प्रथमपादस्य}

व्याख्याग्रन्थ एवं मूलग्रन्थबाट नै अधिक जानकारी लिनुपर्ने हुन्छ। अतः पुरुषका विशेषका रूपमा उल्लेख नगरिएका भए तापनि उपर्युक्त अध्ययनविधिसिद्ध विद्या, आधानविधिसिद्ध अग्नि र सामर्थ्य अधिकारीका विशेषण हुन्छन् भन्ने तथ्य सिद्ध हुन्छ।

मन्त्रहरू-[८०]

प्रयोगसमवेतार्थस्मारका मन्त्राः अर्थात् 'जसले प्रयोगसित सम्बद्ध पदार्थहरूलाई स्मरण गराउँछन् तिनीहरूलाई नै मन्त्र भनिन्छ' (अ.सं.) भनी अर्थसङ्ग्रहका लेखक लौगाक्षिभास्करले मन्त्रको लक्षण बताएका छन्।[८१] मन्त्रहरू प्रयोगसित सम्बद्ध अर्थलाई स्मरण गराउने हुनाले सार्थक (सप्रयोजन) हुन्छन् (मी.न्या.प्र., पृ. ११०) भनी आपदेवले भनेका छन्। जैमिनीयन्यायमालाका लेखकले पनि- **याज्ञिकसमाख्यानस्य निर्दुष्टत्वं मन्त्रलक्षणम्** भनी मन्त्रको लक्षण दिएका छन्। याज्ञिक (यज्ञका अनुष्ठाता) हरूले अनुष्ठानका स्मारक आदिका लागि मन्त्र शब्दको प्रयोग गर्छन् भन्ने कुरा बताएर प्रयोग कालिक अर्थको स्मारकता नै मन्त्रको लक्षण हो भनेका छन् (जै.न्या.मा.२/१/७)।[८२]

---

८०. श्रौतधर्मका सन्दर्भमा मीमांसकहरूद्वारा प्रतिपादित वेदका पाँच विभागमध्ये प्रथम विधिभागको (विशेषतः अधिकारविधिको) परिचय दिएपछि दोस्रो मन्त्रभागको र अन्य नामधेय आदि भागको क्रमशः परिचय दिइँदै छ। मीमांसादर्शनमा मन्त्रभागमा नै अपूर्वविधि, नियमविधि र परिसङ्ख्याविधिको चर्चा गरिन्छ।

८१. अर्थसङ्ग्रह लौगाक्षिभास्करद्वारा लिखत मीमांसादर्शनसित सम्बद्ध आरम्भिक ग्रन्थ हो। गद्यात्मक प्रस्तुत ग्रन्थका आरम्भमा मीमांसादर्शनसित सम्बद्ध धर्म आदिका सम्बन्धमा जानकारी गराई क्रमशः वेदका विधि, मन्त्र आदि पाँच प्रविभागको चर्चा गरिएको छ।

८२. जैमिनीयन्यायमाला (२/१/७) को विस्तरामा- **याज्ञिकसमाख्यानस्य निर्दोषलक्षणत्वम्। तच्च समाख्यान-मनुष्ठानस्मारकादीनां मन्त्रत्वं गमयति।** भनिएको छ। अन्तमा **अभियुक्तानां 'मन्त्रोऽयम्' इति समाख्यानं लक्षणम्** भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोगकालीनस्यार्थस्य स्मारकत्वरूपं दृष्टप्रयोजनं यत्रोपलभ्यते न तत्रादृष्टस्यार्थस्य कल्पनं भवति। उक्तञ्च- **'लभ्यमाने फले दृष्टे नादृष्टपरिकल्पना। विधेस्तु नियमार्थत्वान्नानर्थक्यं भविष्यति ।।** इति। यत्र तु दृष्टं प्रयोजनं न ह्येवोपलभ्यते तत्र तु मन्त्राम्नातस्यानर्थक्याभावाददृष्टमपि कल्पनीयं भवति। अत एव [१०६]आपदेवेन- **ये मन्त्रा यत्र पठितास्तेषां तत्र यद्यर्थप्रकाशनं सम्भवति तदा तत्रैव विनियोगः। येषां नु न सम्भवति तेषां यत्र सम्भवति तत्रोत्कर्षः। यथा- पूषाद्यनुमन्त्रणमन्त्राणामित्युक्तम्। येषां कापि न सम्भवति तदुच्चारणस्य त्वगत्या दृष्टार्थत्वम्। सर्वथापि तु तेषां नानर्थक्यम्।** इत्युक्तम्।

तत्र [१०७]चिन्नस्वामिना- साधारणतया जपादिमन्त्राणामदृष्टार्थत्वमभिहितम्, तथापि क्वचिज्जपादिमन्त्राणामपि साधनांशेऽदृष्टे विद्यमानेऽपि साध्यांशे तु दृष्टं फलमुपलभ्यते। लोकान्तरफलदायकानामेव जपादिमन्त्राणामदृष्टार्थत्वं वर्णनीयम्। येषां मन्त्राणां जपानुष्ठानादैहिकफलोपलब्धिस्तेषां तु दृष्टार्थतैव वर्णनीया। वेदाभ्यासेन यदि पौर्विकीं जातिं स्मरति तत्र तु दृष्टमेव प्रयोजनं मन्तव्यम्। वेदाभ्यासेन पौर्विकीं जातिं स्मरति इति तु भगवता [१०८]मनुनैव निर्दिष्टम्।

---

१०६. मीमांसान्यायप्रकाशः, उत्तरभागः, मन्त्रप्रयोजननिरूपणोपसंहारः। {११६ पृष्ठम्}

१०७. सारविवेचिनीव्याख्या, मीमांसान्यायप्रकाशः, ११६ पृष्ठम्।

१०८. ४/१४८ मनुः। {सततवेदाभ्यासशौचतपोऽहिंसाभिः पूर्वभवस्य जातिं स्मरति}

जहाँ प्रयोगकालीन अर्थ (प्रयोजन) लाई स्मरण गराउने रूपी दृष्ट प्रयोजन प्राप्त हुन्छ त्यहाँ अदृष्टको कल्पना गरिँदैन। भनिएको पनि छ- **लभ्यमाने०** अर्थात् 'दृष्ट (आँखाले प्रत्यक्ष गर्न सकिने) फल (प्रयोजन) देखिएका (प्रत्यक्ष भएका) अवस्थामा अदृष्टको (आँखाले प्रत्यक्ष गर्न नसकिएका/परोक्ष) प्रयोजनको कल्पना गरिँदैन। विधि नियमार्थक (अदृष्टार्थ प्रापक) हुने भएकाले वेदोक्त वाक्य निरर्थक हुन्छ भन्ने कल्पना पनि गर्न सकिँदैन' आदि। जहाँ दृष्ट (प्रत्यक्ष) प्रयोजन उपलब्ध हुँदैन त्यहाँ मन्त्ररूप वेदभाग निरर्थक हुन सक्ने सम्भावना देखिन्छ त्यसैले अदृष्ट प्रयोजनको पनि कल्पना गर्नुपर्ने हुन्छ। त्यसैले त आपदेवले {मन्त्रहरूको प्रयोजन बताउने प्रकरणको उपसंहारमा}- **ये मन्त्रा यत्र०** अर्थात् जुन मन्त्रहरू जहाँ पढिएका छन् तिनीहरूको त्यहाँ अर्थ प्रकाशित हुने सम्भावना हुन्छ भने त्यही नै विनियोग हुन्छ। जुन मन्त्रहरूको (सम्बद्ध वाक्यमा) अर्थ प्रकाशित हुने सम्भावना हुँदैन, त्यस्ता ठाउँमा जहाँ सम्भावना रहन्छ त्यहाँ तिनीहरूको उत्कर्ष (अदृष्ट प्रयोजनको कल्पना) हुन्छ। जस्तै- **पूषाद्यनुमन्त्रणमन्त्राणाम्** भनिएको छ। (यस्ता मन्त्रहरूमा कुनै दृष्ट फल देखिँदैन)। जहाँ मन्त्रोच्चारणको कुनै पनि प्रकरणबाट दृष्ट प्रयोजन देखिँदैन त्यहाँ बाध्य भएर अदृष्ट अर्थको कल्पना गर्नुपर्ने हुन्छ। कुनै पनि दृष्टिले त्यस्ता वाक्य निरर्थक (निष्प्रयोजन) हुँदैनन्।' (मी.न्या.प्र., पृ. ११६) इत्यादि तथ्य प्रतिपादन गरेका छन्।

चिन्नस्वामीले- 'सामान्यतया जपादि मन्त्रहरूलाई अदृष्टार्थ (प्रत्यक्षदृष्ट प्रयोजन रहित) भनेका छन्।[८३] कही कही जपादि मन्त्रहरूमा साधनांशमा अदृष्ट प्रयोजन भए तापनि साध्यांशमा दृष्ट प्रयोजन नै पाइन्छ। लोकान्तरमा (अन्य

---

८३. **चिन्नस्वामी** मीमांसान्यायप्रकाश नामक ग्रन्थका सारबोधिनी टीकाका लेखक हुन्। उनले मूलमा उल्लिखित तथ्य- **'यथा जपादिमन्त्रा इत्यर्थः'** (पृ. ११६) द्वारा प्रतिपादन गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१०९]मनुनैव यः संवत्सरमात्रमपि प्रयतो भूत्वा संयतेन्द्रियः सन् स्वाध्यायमधीते तस्यैष विहितः स्वाध्यायो नित्यं पयः क्षरति, दधि क्षरति, घृतं क्षरति, मधु च क्षरतीति स्मृतमप्यवलोकनीयम्।

तत्रैव मन्वर्थमुक्तावल्यां स्वाध्यायस्य जपयज्ञः पर्यायः कृत इति वेदाभ्यासस्य जपयज्ञत्वम्।

यद्यपि पय आदि क्षरणमदृष्टमपि सम्भवति, तथापि दृष्टस्यापि क्षरणस्य केनाप्यनिवारणाद् दृष्टं प्रयोजनमपि सम्भवति इति न केवलमदृष्टप्रयोजनं जपादिमन्त्राणाम्।

अतो जपादिमन्त्राणामदृष्टांशप्रयोजनमादाय चिन्नस्वामिना उदाहृतमित्यवमन्तव्यम्।

मन्त्रैरेव स्मर्तव्यमित्यत्र तु नियमविध्याश्रयणान्मन्त्राणामदृष्टार्थत्वं कल्पनीयम्। अन्यथा तु नियमविधेरानर्थक्यात्।

सर्वथापि च दृष्टादृष्टार्थोत्पादकतया मन्त्राः प्रयोजनवन्तः।

---

१०९. २/१०७ मनुः।

लोकमा) फल प्रदान गर्ने जपादि मन्त्रहरूलाई अदृष्टार्थ मान्नुपर्छ। जुन मन्त्रको जपात्मक अनुष्ठान सम्पादन गर्नाले ऐहिक (यसै लोकमा) उपभोग गरिने फल प्राप्त हुन्छ त्यस्ता मन्त्रहरूलाई दृष्टार्थ (प्रत्यक्ष प्रयोजन भएका) नै मान्नुपर्छ। वेदको अध्ययन गरेर कसैले पूर्वजन्मका जातिको (पूर्वजन्मको) स्मरण गर्दछ भने त्यसलाई दृष्ट प्रयोजन नै मान्नुपर्छ।

वेदको अभ्यासबाट पूर्वजन्मको स्मरण हुन्छ भन्ने कुरा त भगवान् मनुले नै बताएका छन् (मनु.४/१४८)।[८४] मनुले नै जसले एकै वर्ष भए पनि संयमित भएर प्रयत्नपूर्वक वेदको अध्ययन गर्छ त्यस पुरुषद्वारा गरिएको स्वाध्यायले सधैँ, दूधको वर्षा गराउँछ, दहीको वर्षा गराउँछ, घिउको वर्षा गराउँछ र महको वर्षा गराउँछ (मनु.२/१०७) भनी गरेको उल्लेख पनि हेर्नुपर्छ (स्मरणीय हुन आउँछ)। उक्त पद्यको मन्वर्थमुक्तावली नामक व्याख्यामा स्वाध्याय शब्दका पर्यायका रूपमा जपयज्ञ भन्ने शब्दको प्रयोग गरिएको छ। यसबाट वेदाभ्यास जपयज्ञ हो भन्ने कुरा सिद्ध हुन्छ। हुन त पय (दूध) आदिको क्षरण अदृष्ट पनि हुन सक्छ तर पनि दृष्ट पयःक्षरणलाई पनि कसैले नरोकेको हुनाले दृष्ट प्रयोजन पनि सम्भव हुन्छ। त्यसैले जपादि मन्त्रहरूको मात्र अदृष्ट प्रयोजन हुँदैन। अतः जपादि मन्त्रको अदृष्ट अंशका रूपमा विद्यमान प्रयोजनलाई लिएर चिन्नस्वामीले उक्त उदाहरण दिएका हुन् भनी मान्नुपर्दछ।

मन्त्रैरेव स्मर्तव्यम् यहाँ नियमविधिको आश्रय लिइएको हुनाले मन्त्रहरूको अदृष्ट अर्थ (प्रयोजन) को कल्पना गर्नुपर्ने हुन्छ।[८५] अन्यथा नियमविधि नै निरर्थक (निष्प्रयोजन) हुने सम्भावना हुन्छ। जसरी भए पनि दृष्ट अर्थको होस् अथवा अदृष्ट अर्थको होस् उत्पादक हुने भएकाले मन्त्रहरू प्रयोजनले युक्त भएका हुन्छन्।

---

८४. सङ्केतित पद्यले निरन्तर गरिएको वेदको अभ्यास, शौच, तपस्या एवं अहिंसा आदिबाट पूर्वजन्मको स्मृति हुन्छ भनिएको छ।

८५. यहाँ एउटा शङ्का उत्पन्न हुन्छ- देवता आदिको स्मरण त ब्राह्मणादिबाट पनि हुन्छ, किन नियमविधिको आश्रय लिइरहनु पर्‍यो ? यसको उत्तर हो **मन्त्रैरेव स्मर्तव्यम्** अर्थात् मन्त्रका माध्यमले नै देवता आदिको स्मरण गर्नुपर्छ। जहाँ दृष्ट प्रयोजन छ त्यहाँ त कुनै समस्या भएन तर जहाँ दृष्ट प्रयोजन हुँदैन त्यहाँ अगत्या अदृष्टको कल्पना गर्नुपर्छ। यस सिद्धान्तलाई नमान्ने हो भने नियमविधि नै निष्प्रयोजन हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामधेयम्

[११०]शास्त्रे तत्प्रख्य-तद्व्यपदेश-मत्वर्थलक्षणावाक्यभेदरूपैश्चतुर्भिर्हेतुभिरभिधेयत्वं निर्दिष्टम्।

क्वचित्पुनः – तत्प्रख्यशास्त्रतद्व्यपदेशयौगिकवाक्यभेदहेतुभिश्चतुर्भिर्नामधेयत्वं निरूपितम्।

क्वचिच्च पुनः [१११]उत्पत्तिशिष्टगुणबलीयस्त्वस्यापि नामधेयनिमित्तत्वं निभालितम्।

तत्प्रख्यन्यायेन नामत्वम्

यत्र गुणप्रापकान्तरशास्त्रस्य विद्यमानतया गुणस्याविधेयत्वं तत्र तत्प्रख्यशास्त्रात् कर्मनामधेयमित्यभिहितम्। यथा-

'अग्निहोत्रं जुहोति' इत्यत्र **'अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहा, इति सायं जुहोति'** इति वाक्यविहितमन्त्रेण देवतायाः प्राप्तत्वान्नाग्निरूपो गुणो विधीयते। केवलम् **अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहेति सायं जुहोतीति** वाक्यविहिताग्निसम्बन्धं निमित्तीकृत्य अग्निहोत्रं जुहोतीति वाक्यं होमकर्मणो नामधेयमभिधत्ते।

---

११०. मीमांसापरिभाषा १९ पृष्ठम्।

१११. क) मीमांसान्यायप्रकाशः, नामधेयनिरूपणप्रकरणम्।

ख) अर्थसङ्ग्रहः. नामधेयनिरूपणप्रकरणम्।

नामधेय-[८६]

शास्त्रमा तत्प्रख्य, तद्व्यपदेश, मत्वर्थलक्षणा एवं वाक्यभेद रूप चारवटा हेतुले गर्दा अभिधेय (नामधेय) निर्धारित हुन्छ भनी बताइएको छ (मी.प.) कहीँ (मीमांसापरिभाषा आदिमा) भने तत्प्रख्यशास्त्र, तद्व्यपदेश, यौगिक र वाक्यभेदरूप चारवटा हेतुले गर्दा नामधेय हुन्छ भनी देखाइएको छ। कतै फेरि उत्पत्तिशिष्टगुणबलीयस्त्वलाई पनि नामधेयका कारणका रूपमा देखाइएको छ (मी.न्या.प्र, अ.सं.,- ना.नि.प्र.)।

तत्प्रख्यन्यायद्वारा नामधेयता-

जहाँ गुणलाई प्राप्त गराउने अन्य शास्त्र विद्यमान भएकाले गुणको विधान गरिँदैन त्यहाँ तत्प्रख्यशास्त्रद्वारा कर्मलाई अभिधान गरिन्छ (नाम मानिन्छ) भनिएको छ। जस्तै- **अग्निहोत्रं जुहोति** (अग्निहोत्र नामक याग गरोस्)। उक्त वाक्यमा **अग्निर्ज्योतिः** अर्थात् 'अग्निरूप ज्योति (तेज) लाई र ज्योतिरूप अग्निलाई हवनीय पदार्थ अर्पण गर्छु, भन्दै

---

८६. नामधेय वेदको तेस्रो भाग हो। नामधेयको अर्थ नाम राख्नु (आख्या) हो। जसरी उत्पन्न भएका पुरुषको एघारौं दिनमा अमुक नामको भनेर नामकरण गरिन्छ त्यसरी नै सम्पाद्यमान यागको पनि अमुक नामको याग भनी नामकरण गरिन्छ। सम्पाद्यमान यागका नामकरण गर्ने आधार चार प्रकारका हुन्छन्। अर्थसङ्ग्रहमा र मीमांसान्यायप्रकाशमा १. मत्वर्थलक्षणाभय २. वाक्यभेदभय ३.तत्प्रख्यशास्त्र र ४. तद्व्यपदेश गरी चारवटा कारणले गर्दा नामधेय हुन्छ भनिएको छ। सबै ग्रन्थमा नामधेयका हेतुहरूलाई एकै क्रममा समावेश गरेको पाइन्न। शोधप्रबन्धमा मीमांसापरिभाषामा स्वीकृत क्रम राखिएको छ। पुनश्च मीमांसापरिभाषामा मत्वर्थलक्षणाभयलाई योग भनिएको छ। उक्त चारै हेतुको प्रष्टीकरण शोधप्रबन्धमा नै दिइएको छ। कतै कतै नाम राख्ने पाँचौं आधारको पनि उल्लेख पाइने कुरा मूल प्रबन्धमा नै बताइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् गुणप्रापकान्तरशास्त्रस्य विद्यमानत्वात् तत्प्रख्यन्यायेन अग्निहोत्रशब्दः कर्मनामधेयं सम्पद्यते।

तद्व्यपदेशन्यायेन नामत्वम्

उपदिष्टेन यागेनोपमानं हि तद्व्यपदेशः। तत्र **'श्येनेनाभिचरन् यजेत'** इत्यनेन विहितेऽभिचारात्मके यागे श्येनशब्दो हि उपमानं बिभर्ति। यागश्चोपमेयः। एतमर्थं- **'यथा वै श्येनो निपत्यादत्ते एवमयं द्विषन्तं भातृव्यं निपत्यादत्ते'** एषोऽर्थवादः स्पष्टं प्रस्तौति। यथा हि एकः श्येननामकः पक्षी पक्ष्यन्तरं (इतरपक्षिणाम्) निपत्य आदत्ते तथा हि श्येननामकः कर्मविशेषश्च द्विषन्तं भातृव्यम् (शत्रुम्) निपत्यादत्ते इत्यर्थस्तस्यार्थवादस्य।

तस्मात् श्येनशब्दो ह्युपमानोपमेयभावं बिभ्रत् कर्मविशेषमभिधत्ते इति श्येनशब्दस्य कर्मनामधेयत्वं तद्व्यपदेशन्यायात् सम्पद्यते।

मत्वर्थलक्षणाभयान्नामधेयत्वम्

'उद्भिदा यजेत पशुकामः' इत्यत्र उद्भित्पदं पशुरूपफलावाप्तये विधिस्थितस्य यागस्य नामधेयम्। अतोऽनेन वाक्येनोद्भिन्नामको यागविशेषो विधीयते।

सायंकालमा हवन गर्छ' यसप्रकारका वाक्यमा निर्देशन गरिएका मन्त्रद्वारा देवताको प्राप्ति पहिलेबाट भएको हुनाले अग्निरूप (अग्निदेवतात्मक) गुणको विधान गरिँदैन। मात्र **अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहेति सायं जुहोति** यस वाक्यद्वारा बताइएको अग्निसितको सम्बन्धलाई आधार बनाएर **अग्निहोत्रं जुहोति** यस वाक्यले अग्निहोत्र हवनरूप कर्मको नामकरण गर्दछ। अतः गुणप्रापक अन्यशास्त्र (प्रकरण) पहिलेबाट विद्यमान भएकाले तत्प्रख्यन्यायले अग्निहोत्र शब्द (यजमानद्वारा गरिएका) कर्मको नाम बन्दछ।

तद्व्यपदेशन्यायद्वारा नामधेयता-

उपदिष्ट (उच्चरित) यागद्वारा उपमानको प्रतीति हुनु तद्व्यपदेश हो। जस्तै- **श्येनेनाभिचरन् यजेत** अर्थात् 'अभिचार गर्न चाहने पुरुषले श्येन नामक यज्ञद्वारा यजन गरोस्' यस वाक्यद्वारा विहित अभिचारात्मक यागमा श्येनशब्दले उपमानतालाई धारण गर्छ (उपमान बन्छ)। याग उपमेय हुन्छ। यसबाट 'श्येन नामको पक्षीले जसरी झम्टिएर भक्ष्य पक्षीलाई ग्रहण गर्छ त्यसरी यसले (यागविशेषले) शत्रुता गरिरहेका शत्रुलाई झम्टिएर पक्रन्छ' यसप्रकारको अर्थवाद स्पष्ट रूपमा प्रतीत गराउँछ। 'जसरी एउटा श्येन नामको पक्षीले अर्को पक्षीलाई झम्टिएर समात्छ त्यसरी नै श्येन नामको कर्मविशेषले शत्रुता गरिरहेको शत्रुलाई झम्टिएर समात्छ' यो त्यस अर्थवादको अर्थ हो। अतः श्येन शब्दले उपमेय एवं उपमान भावलाई ग्रहण गरी कर्मविशेषलाई बुझाउने कार्य गर्छ। अतः तद्व्यपदेशन्यायद्वारा श्येनशब्द कर्मविशेषको नाम बन्दछ। (कर्मलाई बुझाउने नाम हुन्छ)।

मतुप् अर्थमा लक्षणा गर्नुपर्ने भयले गरिने नामधेयता-

उद्भिदा यजेत पशुकामः अर्थात् 'पशुरूप फलको कामना भएको पुरुषले उद्भिद् नामक याग गरोस्'। यस वाक्यमा पढिएको उद्भिद् शब्द कर्मको नामधेय अर्थात् संज्ञा हो। पशुरूप फल प्राप्त गर्नका लागि अभिप्रेरित गर्ने विधिवाक्यमा अवस्थित उद्भिद् यागको नाम हो। अतः उक्त वाक्यद्वारा उद्भिद् नामक यागविशेषको विधान गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नायं गुणविधिः । उद्भिन्नामकस्य कस्यापि गुणस्याप्रसिद्धत्वात् । उद्भिच्छब्दो यागविशेषमभिधत्ते । उद्भिच्छब्दस्य यागनामधेयत्वं च मत्वर्थलक्षणाभयात् प्रतिपादितम् ।

न चात्र फलार्थं यागविधिः, यागार्थञ्च गुणविधिरिति मन्तव्यम्, तथा सति वाक्यभेदात् ।

नो वा गुणविधिः । तत्रैव गुणविधानं यत्र प्रकारान्तरेण कर्म प्राप्तम् । अत्र तु प्रकारान्तरेण कर्म न प्राप्तमिति गुणविशिष्टं कर्मानेनैव विधेयम् । तथा च सति भावनया सह सम्बन्धस्थापनाय उद्भित्पदेन मत्वर्थो लक्षणीयः । न हि मत्वर्थलक्षणां विहाय भावनया उद्भिच्छब्दस्य सम्बन्धः स्थापयितुं शक्येत । भावनायामेकपदोपात्तस्य यागस्य करणत्वेन अन्वयाद् भिन्नपदोपात्तेनोद्भिच्छब्देन तत्सम्बन्धार्थम् उद्भिद्वता यागेन पशून् भावयेत् इति मत्वर्थो लक्षणीयः ।

तस्मान्मत्वर्थलक्षणाभयाद् उद्भिच्छब्दस्य यागनामधेयत्वम् ।

वाक्यभेदभयान्नामधेयत्वम्

'चित्रया यजेत पशुकामः' इत्यत्र वाक्यभेदभयाद् चित्राशब्दस्य कर्मनामधेयत्वं प्रतिपादितम् ।

नात्र गुणविशिष्टयागविधानं सम्भवति । गुणस्य **'दधिमधुपयोघृतं धाना उदकं तण्डुलाः तत्संसृष्टं प्राजापत्यम्'** इत्यनेनैन विहितत्वात् न तद्गुणविशिष्टयागविधानमुपपद्यते ।

यस वाक्यलाई गुणविधि भन्न सकिन्न । उद्भिद् नामको कुनै पनि गुण प्रसिद्ध छैन । उद्भिद् शब्दले यागविशेषलाई बुझाउँछ । उद्भिद् शब्द यागविशेषको नाम हो भनी मत्वर्थमा लक्षणा गर्नुपर्ने भयले गर्दा प्रतिपादन गरिएको हो । उद्धृत वाक्यमा 'फल प्राप्तिका लागि यागको विधान गरिएको हो र यागका लागि गुणको विधान गरिएको हो' पनि भन्न मिल्दैन । यस्तो मान्ने हो भने वाक्यभेद हुन्छ । (वाक्यभेद वस्तुतः दोष हो) ।

उद्धृत वाक्य गुणविधि पनि होइन । गुणको विधान त्यहीँ गरिन्छ जहाँ प्रकारान्तरले कर्मता प्राप्त हुन्छ । यस वाक्यमा प्रकारान्तरले कर्मता प्राप्त हुँदैन । अतः यस वाक्यद्वारा गुणविशिष्ट कर्मको विधान गरिएको छ भन्नुपर्ने हुन्छ । यस्तो मान्ने हो भने (गुणविशिष्ट कर्मको विधान गरिएको छ भनी स्वीकार गर्ने हो भने) भावनाका साथमा सम्बन्ध स्थापना गर्नका लागि उद्भिद् पदबाट लक्षणावृत्तिका आधारमा मत्वर्थ ग्रहण गर्नुपर्ने हुन्छ । मत्वर्थ लक्षणालाई छाडेर भावनाका साथमा उद्भिद् शब्दको सम्बन्ध स्थापित गर्न सकिँदैन । भावनामा एउटै पदद्वारा ग्रहण गरिएको यागको करणका (साधनका) रूपमा अन्वय हुने भएकाले भिन्न पदका रूपमा ग्रहण गरिएको उद्भिद् शब्दसित उक्त सम्बन्ध स्थापित गर्नका लागि उद्भिद्ले युक्त यागद्वारा पशुको भावना गरोस् यस प्रकारको मतुप् अर्थ लक्षणाद्वारा बुझ्नुपर्ने हुन्छ । त्यसैले मत्वर्थमा लक्षणा गर्नुपर्ने भयले उद्भिद्शब्द यागको नाम हुन आउँछ ।

वाक्यमा भेद हुने (दुईओटा वाक्य मान्नुपर्ने) भयले गरिने नामधेयता-

चित्रया यजेत पशुकामः यस उदाहरणमा वाक्यभेदका भयले वाक्यघटित चित्राशब्दलाई कर्मको संज्ञा स्वीकार गरिएको हो । उद्धृत उदाहरणमा गुणविशिष्ट यागको विधान पनि सम्भव देखिँदैन । (अतः गुणविशिष्ट विधिको उदाहरण मान्न सकिन्न) गुणका रूपमा कुन कुन पदार्थलाई ग्रहण गर्नुपर्छ भनी **दधिमधुपयोघृतम्०** अर्थात् 'दही, मह, दूध,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणेन फलेन च यागस्य सम्बन्धविधाने वाक्यभेद इति वाक्यभेदभयात् चित्राशब्दः कर्मनामधेयमिति प्रतिपादितम्। नामधेयत्वे च चित्रायागेन पशुं भावयेत् इति सामानाधिकरण्येनैवान्वयात् न वाक्यभेदः।

नामधेयानां च यागेन सामान्याधिकरण्यं यज्यवगतयागतविशेषसमर्पकतयाभिमतम्। यज्यवगतयाग-विशेषसमर्पकत्वं च नामधेयानां सामान्यस्य यागस्याविधेयत्वादित्यभिहितम्।

अतो नामधेयानां विजातीयव्यावर्तकत्वेन विधेयार्थनिश्चायकतयार्थवत्वमभिमतम्।

उत्पत्तिशिष्टगुणबलीयस्त्वमपि नामधेयस्य पञ्चमं निमित्तं केचिदिच्छन्ति।

'वैश्वदेवेन यजेत' इत्यत्र उक्तनिमित्तचतुष्टयमसम्भाव्योत्पत्तिशिष्टगुणबलीयस्त्वस्य पञ्चमं नामधेय-हेतुत्वमुपस्थापयन्ति।

परं सिद्धान्तवादिनः **'वैश्वदेवेन यजेत'** इत्यत्र तत्प्रख्यशास्त्रादेव नामधेयत्वं प्रतिपादयन्ति।

तत्र नामधेयनिमित्ते उत्पत्तिशिष्टगुणबलीयस्त्वस्योपस्थापकाः प्रतिपादयन्ति-

न तावदत्र मत्वर्थलक्षणाभयः। यस्मान्नामधेयं स्यात्। मत्वर्थस्य यागस्य वैश्वदेवेनेत्यत्रगततद्धित-प्रत्ययेनैवोक्तत्वात्। **'सास्य देवता'** इत्यस्मिन्नेव सर्वनामार्थे तद्धितं स्मृतम्। सर्वनाम्नश्चोपस्थितवाचित्वात्

घिउ, धाना, पानी, चामल एवं तिनीहरूबाट उत्पादित पदार्थबाट प्रजापति देवता भएको याग हुन्छ' यस वाक्यद्वारा विधान गरिएको छ। अतः तद्गुणविशिष्ट (गुणले युक्त) यागको विधान युक्तिसङ्गत हुँदैन। गुणका र फलका साथमा यज्ञको सम्बन्ध मान्ने हो भने (गुणका र यागका सम्बन्धको विधान गरिएको हो भनी स्विकार्ने हो भने) वाक्यमा भेद हुन्छ (दुईओटा वाक्य मान्नु पर्छ)। अतः वाक्यमा भेद मान्नुपर्ने भयले चित्राशब्दलाई कर्मको नाम हो भनी प्रतिपादन गरिएको हो। चित्रा शब्दलाई यागको नाम मान्दा 'चित्रा नामक यागद्वारा पशुको भावना गरोस्' यसप्रकारको अर्थ निस्कन्छ। यस अवस्थामा सामानाधिकरण्यले अन्वय हुने भएकाले वाक्यभेदरूप दोष आउँदैन।

नामधेय (नाम) को यज्ञका साथमा समानाधिकरण्यलाई यज्वा (विधिपूर्वक यज्ञ गर्ने व्यक्ति) द्वारा ज्ञात यागविशेषको बोधक मानिएको छ। यज्वानिष्ठ यागविशेषको बोधकता सामान्य यागशब्दद्वारा विधान नगरिने हुनाले नामधेयमा रहेको हुन्छ भनिएको हो। अत एव विजातीयलाई हटाइदिएर विधेय अर्थलाई निर्धारित गरिदिने हुनाले नामलाई सार्थक मानिएको छ।

(उत्पत्तिशिष्टगुणबलीयस्त्व-)

केही आचार्य उत्पत्तिशिष्टगुणवलीयस्त्व[८७] (उत्पत्तिविधिवाक्यमा पढिएको गुणपदार्थ) लाई नामधेयको पाँचौं कारण स्विकार्न चाहन्छन्। **वैश्वदेवेन यजेत** यस उदाहरण वाक्यमा नामधेयका कारणका रूपमा पहिले बताइएका चारवटा हेतुको सम्भावना नदेखेर उत्पत्तिशिष्टगुणबलीयस्त्वलाई नामधेयताको पाँचौं कारणका रूपमा उपस्थापन गर्दछन्। सिद्धान्तवादीहरू भने **'वैश्वदेवेन यजेत'** यहाँ तत्प्रख्यशास्त्रबाट नै नामधेयको (संज्ञाको) निर्धारण हुन्छ भनी प्रतिपादन गर्दछन्।

८७. मीमांसा दर्शनअनुसार उत्पत्तिशिष्ट र उत्पन्नशिष्ट गरी दुई प्रकारका गुणविधि हुन्छन्। पहिलोको उदाहरण 'सोमेन यजेत' हो भने दोस्रोको उदाहरण 'दध्ना जुहोति' हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूक्तहविषोरनुपस्थितत्वादुपस्थितिश्च यागस्य विद्यमानत्वात् मुख्यतया सूक्ते हविषि वा स्मृतोऽपि अस्यशब्दो यागमेवाभिधत्ते। अतो न यागे मत्वर्थलक्षणा यस्या भयान्नामधेयत्वं मन्येत।

नापि **'वैश्वदेवेन यजेत'** इत्यत्र वाक्यभेदभयान्नामधेयत्वम्। अनेन हि विश्वेदेवरूपा एका एव देवता विहितेति न वाक्यभेदप्रसङ्गः।

नापि तत्प्रख्यशास्त्रान्नामधेयत्वम्। यत्र विधित्सितो गुणोऽन्यतः प्राप्तस्तत्रैव तत्प्रख्यन्यायात्कर्मनामधेयत्वमिष्यते। अत्र तु आमिक्षायागे **'वैश्वदेवी आमिक्षा'** इत्यनेन विश्वेदेवा यद्यपि प्राप्तास्तथापि अन्येषु सप्तसु यागेषु विश्वेदेवानामप्राप्तत्वात् **'वैश्वदेवेन यजेत'** इत्यनेन देवतानां विधाने गुणप्रापकं शास्त्रान्तरं न दृश्यते। येन तद्वशात् नामधेयं स्यात्। तस्माद् गुणप्रापकशास्त्रान्तराभावान्न तत्प्रख्यशास्त्रान्नामधेयम्।

नामधेयका निमित्तका रूपमा उत्पत्तिशिष्टगुणबलीयस्त्वलाई उपस्थापन गर्ने मनीषीहरू आफ्नो सिद्धान्त यसरी प्रतिपादन गर्दछन्- **वैश्वदेवेन यजेत** यहाँ मत्वर्थमा लक्षणा गर्नुपर्ने भय उत्पन्न हुँदैन। त्यसैले उक्त हेतुका आधारमा वैश्यदेवलाई नाम मान्न सकिन्न। वैश्वदेवेन भन्ने पदमा रहेको तद्धितप्रत्ययद्वारा नै यागको मतुप् अर्थता स्वतः नै अभिव्यक्त हुन्छ (यसका लागि लक्षणा गर्नुपर्दैन, अतः मत्वर्थभयका कारण नामधेयता निर्धारित हुँदैन)। **सास्य देवता** यसप्रकारको सर्वनाम अर्थमा नै यहाँ तद्धित प्रत्यय गरिएको छ। सर्वनामले उपस्थित (प्रसङ्गप्राप्त व्यक्ति वा पदार्थ) बुझाउने भएकाले प्रस्तुत प्रकरणमा सूक्त र हवि (हवनीय पदार्थ) उपस्थित नभएकाले तर यागको उपस्थिति भएकाले मुख्यरूपमा सूक्त र हवि (अर्थलाई उपस्थापन गर्नका लागि) उक्त प्रत्यय गरिएको भए तापनि अस्य शब्दले यागलाई बुझाउँछ। अतः यागमा मत्वर्थलक्षणा हुँदैन जसको (मत्वर्थलक्षणाको) भयले नामधेयता मान्न सकियोस्।

वैश्वदेवेन यजेत यस उदाहरणमा वाक्यभेदको भयले गरिने नामधेयता पनि मान्न सकिन्न। उक्त वाक्यद्वारा विश्वेदेव नामका एउटै देवतालाई विधान गरिएको छ, वाक्यभेदको प्रसङ्ग नै आउँदैन। तत्प्रख्यशास्त्रका आधारमा पनि नामधेयता निर्धारित हुँदैन। जहाँ विधान गर्न चाहेको गुण प्रसङ्गान्तरबाट प्राप्त भएको हुन्छ त्यही नै तत्प्रख्यन्यायद्वारा कर्मको नामधेयता निर्धारण गरिन्छ। यहाँ भने आमिक्षा यागका प्रसङ्गमा पठित **वैश्वदेवी आमिक्षा** यस वाक्यवाट विश्वेदेव प्राप्त भएका छन् तापनि अन्य सात प्रकारका यागमा विश्वेदेव प्राप्त नभएकाले **वैश्वदेवेन यजेत** यस वाक्यद्वारा देवाताको विधान गर्दा गुणप्रापक (गुणलाई प्रसङ्गबाटै बुझाउने) अन्य शास्त्र देखिन्न।[८८] जसलाई आधार बनाएर नामधेयता निर्धारण गर्न सकियोस्। त्यसैले गुणप्रापक शास्त्रान्तरको (अन्य शास्त्रको अभावमा) तत्प्रख्यशास्त्रबाट नामधेयता सिद्ध हुँदैन।

---

८८. फाटेका दूधको ठोस भागलाई आमिक्षा भनिन्छ र तरल भागलाई वाजिन भनिन्छ। यसै सम्बन्धमा **मीमांसान्यायप्रकाश**को **सारविवेचिनी**मा भनिएको छ- **तप्ते पयसि दधन्यासिक्ते सति तत्पयो द्विधा परिणमति- धनीभूतत्वेन द्रवीभूतत्वेन च। तत्र यद् धनीभूतं तदामिक्षापदवाच्यम्। यद् द्रवीभूतं तत् वाजिनम्** (सारविवेचिनी पृष्ठ ११८) अर्थात् तातो दूधमा दही मिसाएपछि त्यो दूध छोक्रा (ठोस भाग) र झोल (तरल भाग) गरी दुई भागमा विभक्त हुन्छ। त्यसमध्ये जुन ठोस भाग हो त्यसलाई आमिक्षा भनिन्छ। जुन द्रवीभूत (तरल) भाग हुन्छ त्यसलाई वाजिन भनिन्छ। यसै सम्बन्धमा कालमाधवमा पनि भनिएको छ- **"तप्ते पयसि दध्यानयति सा वैश्वदेव्यामिक्षा वाजिभ्यो वाजिनम्"** इति श्रुतम्। अम्लदधिसम्बन्धात् क्षीरनीरयोर्विभेदे सति यो धनीभूतः क्षीरांशः सामिक्षा, तस्याश्च विश्वेदेवा देवताः। तत्र यत् पृथक्भूतं नीरं तद्वाजिनम्। तस्य च वाजिनो देवताः। (द्वितीयादिप्रकरणम्, पृ. १६८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आमिक्षायागे गुणप्रापकशास्त्रान्तरस्य **'वैश्वदेव्यामिक्षा'** इत्यस्य विद्यमानत्वाद् आमिक्षायागस्य **'वैश्वदेवेन यजेत'** इत्येतन्नामधेयं भवतु, इत्यपि वक्तुं नोचितम् । **'वैश्वदेवेन यजेत'** इत्यस्याभिक्षायागमात्रनामत्वे आमिक्षायाग एव वैश्वदेवेन शब्देनानूद्यते। न त्वाग्नेयादिसप्त यागा वैश्वदेशब्देनानुदितुं शक्याः। तेषां वैश्वदेवशब्दो न नामधेयम्। तथात्वे **'प्राचीनप्रवणे वैश्वदेवेन यजेत'** इत्यनेन विधीयमानस्य प्राचीनप्रवणत्वस्य एतच्छब्दं विनापि आमिक्षायागे एव सम्बन्धः सम्पद्यते तादृशदेशस्य विश्वेदेवसम्बन्धात्।

वैश्वदेवशब्दस्याग्नेयाद्यशेषप्रकृतयागनामत्वे तु अष्टानां यागानामनूद्यत्वेन नानर्थक्यम् । अनुदितानामेकप्रतीत्यारूढतया वैश्वदेवशब्दो नामधेयमुपपद्यते । तथा च वैश्वेदेवशब्देनाष्टौ यागा प्राचीनप्रवणत्वविधानार्थमनुदितुं शक्याः । **वैश्वदेवेन यजेत** इति वाक्याभावे तु **'प्राचीनप्रवणे वैश्वदेवेन यजेत'** इत्यनेन आमिक्षायागे एव प्राचीनप्रवणत्वविधानं स्यात् । अतश्चाष्टसु यागेषु प्राचीनप्रवणादेशसम्बन्ध एव वैश्वदेवेन यजेत इतिवाक्यस्य प्रयोजनम् । एवं च वैश्वदेवशब्दोऽष्टानां नामधेयम् । सप्तसु विश्वेदेवाप्राप्तेः गुणप्रापकशास्त्रान्तराभावान्न तत्प्रख्यन्यायाद्वैश्वदेवस्य नामधेयत्वम्।

नापि **'वैश्वदेवेन यजेत'** इत्यत्र तद्व्यपदेशन्यायान्नामधेयत्वम् । **'श्येनेनाभिचरन् यजेत'** इत्यत्रैवोपमानोपमेयभावाभावात्।

अत उत्पत्तिशिष्टगुणबलीयस्त्वमेव नामधेयत्वे निमित्तं वैश्वदेवेन यजेत् इत्यत्र। तथा हि-

---

आमिक्षा यागमा गुणप्रापक **वैश्वदेव्यामिक्षा** यस प्रकारको शास्त्रान्तर उपस्थित हुने भएकाले आमिक्षा यागको **वैश्वदेवेन यजेत** यही नाम मानौं न त, यस्तो कुरा पनि गर्न उचित हुँदैन (तर्कसङ्गत देखिँदैन)। **वैश्वदेवेन यजेत** यसलाई आमिक्षा यागको नाममात्र स्विकार्ने हो भने आमिक्षा याग नै वैश्वदेव शब्दद्वारा अनूदित हुने स्थिति आउँछ। आग्नेय आदि सात प्रकारका यागलाई वैश्वदेव शब्दद्वारा अनूदित गर्न सकिँदैन। वैश्वदेव शब्द आग्नेय आदि सात प्रकारका यज्ञको नाम पनि होइन। यस्तो मान्ने हो भने (वैश्वदेव शब्दमा आग्नेय आदि सात प्रकारका यज्ञको बोधकता रहेको हुन्छ भनी मान्ने हो भने) **प्राचीनप्रवणे वैश्वदेवेन यजेत** यस वाक्यद्वारा विधान गरिएको प्राचनीनप्रणवत्वको एतत् शब्दको प्रयोग नगरिएका अवस्थामा पनि आमिक्षा यागसित सम्बन्ध हुन सक्छ। त्यस प्रकारका देशको (ठाउँको) विश्वेदेवसित सम्बन्ध हुन्छ।

वैश्वदेव शब्दलाई आग्नेय आदि सबै प्रकृत यागका नाम मान्ने हो भने त उक्त शब्द आठै यागको अनुवचन (बोधक) हुने भएकाले कुनै अनर्थ हुँदैन। अनूदित (पछिबाट शब्दान्तरले बुझाइएका) यागहरूको एकाकारता (एकरूपता) प्रतीत हुने भएकाले वैश्वदेवशब्द शब्द नाम हो भन्ने कुरा युक्तिसङ्गत हुन आउँछ। यस अवस्थामा वैश्वदेव शब्दद्वारा आठओटा यागलाई प्राचीनप्रणवत्वविधानका लागि अनूदित गर्न सकिन्छ। **वैश्वदेवेन यजेत** यसप्रकारका वाक्यका अभावमा **प्राचीनप्रवणे वैश्वदेवेन यजेत** यस वाक्यद्वारा आमिक्षा यागमा नै प्राचीनवप्रवणत्वको विधान हुन सक्छद। अतः आठै यागमा प्राचीनप्रवण (पूर्वतिर ढल्किएका) देश (ठाउँ) सितको सम्बन्ध बुझाउनु नै **वैश्वदेवेन यजेत** यस वाक्यको प्रयोजन हो। यसरी वैश्वदेव शब्द आठवटाको नाम हुन्छ। सातओटामा विश्वेदेवको प्राप्ति नहुने भएकाले गुणप्रापक शास्त्रान्तरको अभावमा तत्प्रख्यन्यायद्वारा वैश्वदेवको नामधेयता निर्धारित हुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अप्रकृतस्य कर्मणोऽनुवादो सम्भवीत्यनुद्य न देवताविधानम् । समुस्थापकप्रकरणादिप्रमाणराहित्यात् । यजिपदश्रवणेऽपि न सामान्यस्याविधेयत्वाद् विशेषानुपस्थापकत्वाच्च ।

नापि विशिष्टविधिः । तथा सति गौरवो दोषः । हविर्नवकापत्या **'अष्टौ हवींषि'** इति लिङ्गविरोधश्च । अतोऽनेन प्रकृतस्यैव कर्मणोऽनुवादेन देवता विधीयते इति वक्तव्यम् । तत्राभिक्षायागे विश्वेदेवप्राप्तेराग्नेयादिषु देवता विधीयन्त इति वक्तव्यम् । तच्चोत्पन्नशिष्टाग्न्यादिदेवतावरोधान्न सम्भवति । तस्मादुत्पत्तिशिष्टगुण-बलीयस्त्वाद्वैश्वदेवशब्दः कर्मनामधेयम् । इति केषाञ्चिन्मतम् ।

अपरे पुनर्नैतन्मन्यन्ते । सिद्धान्तयन्ति च-

तत्प्रख्यशास्त्रादेव हि वैश्वदेवशब्दस्य कर्मनामत्वमिति । गुणप्रापकं शास्त्रान्तरमत्र **'यद्विश्वेदेवास्समयजन्त, तद्वैश्वदेवस्य वैश्वदेवत्वम्'** इत्यर्थवादं समामनन्ति । अर्थवादाच्चास्मादष्टसु आग्नेयादियागेषु विश्वेदेव-रूपदेतासम्बन्धः । तस्माद् गुणप्रापकशास्त्रान्तरस्य विद्यमानतया वैश्वदेवशब्दस्य तत्प्रख्यशास्त्रान्नामत्वम् ।

विधेयानामर्थानां परिच्छेदश्च नामधेयानां प्रयोजनम् ।

वैश्वदेवेन यजेत यहाँ तद्व्यपदेशन्यायद्वारा पनि नामधेयता निर्धारित हुन सक्दैन । किनकि **श्येनेनाभिचरन् यजेत** माझैं यहाँ उपमेय उपमान भाव छैन । अतः उत्पत्तिशिष्टबलियस्त्वलाई नै **वैश्वदेवेन यजेत**मा नामधेयको कारण मान्नुपर्छ । उक्त अवस्थामा- अप्रकृत (प्रसङ्गबाट नबुझिएका) कर्मको अनुवाद (पुनःकथन) हुन्छ यस न्यायद्वारा अनुवचन गरेर देवताको विधान गरिन्छ भन्न सकिन्न । किन कि यहाँ उक्त अर्थलाई उपस्थापित गर्ने प्रकरण आदिको अभाव छ । यजि पदको श्रवण (यजेत भन्ने पदको प्रयोग) गरिएको भएता पनि उक्त पदले सामान्य अर्थलाई मात्र बुझाउने भएकाले र विशेष अर्थलाई उपस्थापन नगर्ने (नबुझाउने) भएकाले (अनुवचनद्वारा देवताको विधान गरिएको हो भन्न नसकिएको हो) ।

विशिष्टविधि पनि मान्न सकिन्न । विशिष्टविधि मान्ने हो भने गौरवरूप दोष आउँछ । ..... **अष्टौ हवींषि** यसमा लिङ्गगत विरोध पनि हुन्छ । अतः उक्त वाक्यद्वारा प्रकृत कर्मको नै अनुवाद (अनुवचन) गरेर देवताको विधान गरिन्छ भनी मान्नुपर्ने हुन्छ । आमिक्षा यागमा विश्वेदेव पनि प्राप्त हुने भएकाले आग्नेय आदि यागमा देवताहरूको विधान गरिन्छ भन्नुपर्दछ । यो कुरा उत्पन्नशिष्ट देवताको अवरोधका कारण सम्भव हुँदैन । अतः उत्पत्तिशिष्ट गुणको बलवत्ताका आधारमा वैश्वदेव शब्दलाई कर्मको नाम मान्नुपर्छ । यो कसै कसैको मत हो (सबैले स्विकारेको सिद्धान्तपक्ष होइन ।)

अरूहरू (सिद्धान्तवादीहरू) यो कुरा मान्दैनन् (उत्पत्तिशिष्टगुणबलियस्त्व पनि नामधेयको पाँचौं आधार हुन्छ भन्ने कुरा स्विकार्दैनन्) । उनीहरू सिद्धान्तपक्षका रूपमा निम्न तथ्य प्रतिपादन गर्दछन्- तत्प्रख्यशास्त्रन्यायद्वारा नै वैश्वदेव शब्दको कर्मनामधेयता सिद्ध हुन्छ । उनीहरू उक्त वाक्यमा **यद्विश्वेदेवास्समयजन्त, तद्वैश्वदेवस्य वैश्वदेवत्वम्** यस अर्थवादलाई नै गुणप्रापक शास्त्रान्तर मान्दछन् । अर्थवादबाट आठ प्रकारका आग्नेय आदि यागमा विश्वेदेवरूप देवताको सम्बन्ध हुन्छ । अतः गुणप्रापक शास्त्रान्तर उपस्थित भएकाले वैश्वदेव शब्दको तत्प्रख्यशास्त्रका आधारमा नामधेयता सिद्ध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निषेधाः

निषेधाश्च अनर्थकारककर्मभ्यः पुरुषं निवर्तयन्तीति पुरुषार्थानुबन्धिनो मताः । अनर्थकारककर्मणो निवृत्तिजनकत्वं निषेधानां प्रयोजनमित्यर्थः ।

यथा हि विधयः स्वप्रवर्तकत्वनिर्वाहार्थं समीहितेष्टसाधनतामाक्षिपन्ति । तथा हि निषेधाश्च स्वनिवर्तकत्वनिर्वाहार्थं निषेध्यस्यानभीष्टसाधनतामाक्षिपन्ति ।

यथा च समीहितेष्टसाधनताक्षेपः प्रवृत्तिकारकः । तथा हि अनभीष्टसाधनताक्षेपो निवृत्तिकारकः ।

विधिनिषेधयोश्च सामाजिकव्यवस्थास्थापकत्वञ्चात एव सम्मतम् । कथम् ? विधिनिषेधयोः सामाजिक-व्यवस्थास्थापकत्वमुपपद्यते इत्येतं विषयं विशेषतस्त्वन्ते निभालयामः ।

अर्थवादः

प्राशस्त्यनिन्दान्यपरकत्वेन स्वार्थप्रतिपादने प्रयोजनमलभमानानामर्थवादवाक्यानामपि लक्षणया विधेय-निषेध्ययोः प्राशस्त्यनिन्दितत्वप्रतिपादनं प्रयोजनमाकांक्षन्ति । अर्थवादवाक्यानां स्थार्थमात्रप्रतिपादने

विधिवाक्यद्वारा अवगत हुने विभिन्न अर्थहरूलाई नियन्त्रण गरेर एउटा मात्र अर्थ बुझाउनु नामधेयको प्रयोजन हो ।

निषेधहरू-

निषेध वाक्यले पुरुषलाई अनर्थ (अनभीष्ट फल) उत्पन्न गराउने कर्म गर्न रोक लगाउँछ । अतः निषेधलाई पुरुषार्थानुबन्धि (पुरुषद्वारा गर्न हुने वा नहुने भन्ने कर्मसित सम्बद्ध) मानिएको छ । अनर्थ उत्पन्न गराउने कार्यहरूबाट पुरुषलाई निवृत्त गराउनु नै निषेधवाक्यहरूको प्रयोजन हो भन्ने तात्पर्य हो ।

जसरी विधिवाक्यले आफ्नो प्रवर्तकत्व निर्वाहका लागि अभिलषित इष्ट साधनताको आपेक्ष गर्दछन् त्यसरी नै निषेध वाक्यहरूले आफ्नो निवर्तकता निर्वाह गर्नका लागि निषेध गरिने पदार्थमा रहेको अहितकरतालाई आक्षेप गर्छन् । जसरी अभिलषित इष्ट साधनको आक्षेप प्रवृत्तिकारक (कार्य सम्पादन गर्न अभिप्रेरित गर्ने) हुन्छ त्यसरी नै अनभीष्ट (हित नगर्ने) साधनको आक्षेप निवृत्तिकारक (कार्य नगर्न अभिप्रेरित गर्ने) हुन्छ ।

विधिमा र निषेधमा सामाजिक व्यवस्था कायम गराउने तत्त्व रहेको हुन्छ भन्ने कुरा यसै कारणले (विधिले राम्रा काम गर्न प्रेरणा प्रदान गर्ने र निषेधले नराम्रा काम नगर्न निर्देशन दिने हुनाले) मानिएको हो । 'विधिमा र निषेधमा सामाजिक व्यवस्थालाई नियमित गराउने तत्त्व रहेको हुन्छ' यो उक्ति कसरी युक्तियुक्त देखिन्छ भन्ने विषय विशेषरूपमा अन्तिममा देखाइने छ ।

अर्थवाद-[८९]

प्रशंसापरक र निन्दापरक भएर स्वार्थको मात्र प्रतिपादन गर्दा कुनै विशेष प्रयोजन नदेखिने हुनाले अर्थवाद वाक्यहरूले पनि लक्षणाद्वारा विधेय (विधिवाक्यद्वारा विधान गरिने) र निषेध्य (निषेधवाक्यद्वारा निषेध गरिने) विषयको

---

८९. अर्थवाद वेदको पाँचौं तथा अन्तिम विभाग हो । अर्थवाद शब्दले कुनै पनि वस्तुको प्राशस्त्य (प्रशंसनीयता) अथवा निन्दा (निन्दनीयता) प्रतिपादन गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आनर्थक्यम् । सिद्धमेवार्थं प्रशंसन्ति । वेदस्य च क्रियाप्रतिपादकत्वस्य स्वीकारान्न सिद्धार्थप्रतिपादनं प्रयोजनम्। अतो विधेयनिषेध्ययोः प्राशस्त्ये लक्षणा विधेया। वेदस्यानर्थक्यासम्भवात्। **'स्वाध्यायोऽध्येतव्यः'** इत्यनेनैवाध्ययनविधिनेतरवेदभागविधिमन्त्रनामधेयनिषेधानामिवार्थवादस्यापि ग्रहणाद् । अध्ययनविध्युपात्तस्य चानर्थक्यानुपपत्तेः ।

इत्थं संक्षेपेण श्रौतो धर्मो विवृतः । वेदेन प्रयोजनमुद्दिश्य विधीयमानोऽर्थो धर्म इति हि अत्र धर्मलक्षणं निर्दिष्टम् । वेदस्य चैते विधिमन्त्रनामधेयनिषेधार्थवादात्मकाः पञ्चभागाः क्लृप्ताः । एतेषां स्वरूपं कार्यं प्रयोजनञ्चापि संक्षेपतो निरूपितम् ।

तत्र विधेः प्रयोजनवतोऽर्थस्य विधानेनैवार्थवत्वं समीरितम् । मन्त्राणां प्रयोगसमवेतस्यार्थस्य स्मारकतयार्थवत्वम्, नामधेयानां विधीयमानस्यार्थस्य परिच्छेदकतया (विजातीयव्यावर्तकत्वेन विधेयार्थनिश्चायकतया) अर्थवत्वम्, निषेधानां चानर्थहेतुक्रियानिवृत्तिजनकत्वेनार्थवत्वम्, अर्थवादानां पुनर्विधेयनिषेध्ययोः प्राशस्त्यप्रतिपादकतयार्थवत्वं समाम्नातम् ।

प्राशस्त्य एवं निन्दितत्व प्रतिपादन गर्दछन्। यसैलाई नै अर्थवादवाक्यको मुख्य प्रयोजन मानिन्छ। अर्थवाद वाक्यहरूले आफ्नो अर्थ (प्रशंसा वा निन्दा) मात्र प्रतिपादन गर्ने हो भने उनीहरूको कुनै प्रयोजन हुँदैन (त्यस अवस्थामा अर्थवाद वाक्य निरर्थक सिद्ध हुन्छन्)। यस अवस्थामा उनीहरूले सिद्ध अर्थको मात्र प्रतिपादन गरिरहेका हुन्छन्। वेदलाई यजन आदि क्रियाका प्रतिपादक मानिएको हुनाले सिद्ध अर्थको (स्वतः बुझिएका अर्थको) प्रतिपादन प्रयोजन हुन सक्दैन। अतः विधेयको र निषेध्यको प्राशस्त्यमा (एवं अप्राशस्त्यमा) लक्षणा गर्नुपर्ने हुन्छ । वेदवाक्यलाई सार्थक (सोद्देश्य मानिन्छ) अर्थवादको प्राशस्त्यमा लक्षणा नगर्ने हो भने वेदवाक्यलाई निरर्थक (निष्प्रयोजन) मान्नुपर्ने हुन्छ। अध्ययनमा अभिप्रेरित गर्ने **स्वाध्यायोऽध्येतव्यः** विधिवाक्यले नै वेदका अन्य प्रविभाग विधि, मन्त्र, नामधेय र निषेधलाई ग्रहण गरेझैं अर्थवादलाई पनि ग्रहण गर्छ। अध्ययनविधिद्वारा ग्रहण गरिएका वेदको आनर्थक्य युक्तिद्वारा सिद्ध गर्न सकिन्न।

यसरी संक्षेपमा श्रौतधर्मको व्याख्या गरियो। 'वेदद्वारा प्रयोजनलाई (उद्देश्य प्राप्तिलाई) लक्ष्य बनाएर विधान गरिने अर्थ धर्म हो' यसरी यहाँ (वेदार्थप्रतिपादक मीमांसादर्शनमा) धर्मको लक्षण बताइएको छ। वेदका पूर्वनिर्दिष्ट विधि, मन्त्र, नामधेय, निषेध र अर्थवाद नामका पाँच भाग बताइएका छन्। यिनीहरूको (विधि आदिको) स्वरूप, कार्य र प्रयोजन पनि संक्षेपमा बताइयो।

प्रयोजनले युक्त भएका कार्यको विधान गर्ने (उद्देश्यमूलक कार्यमा लगाउने) भएकाले नै विधिभागलाई सार्थक मानिएको छ। प्रयोगसित समवेत (सम्बद्ध) अर्थलाई स्मरण गराउने हुनाले मन्त्रभागलाई सार्थक मानिएको छ। विधीयमान (विधिभागद्वारा विधान गरिएका) अर्थलाई परिच्छेद (विजातीय अर्थात् अनावश्यक अर्थलाई नियन्त्रण गरेर विधेय अर्थको निश्चायक) भएकाले नामधेयलाई सोद्देश्य मानिएको छ। अनर्थका (अनभीष्टका) कारणका रूपमा रहेका क्रियाहरूबाट निवृत्त गराउने भएकाले निषेधभागलाई सार्थक मानिएको छ र विधेय एवं निषेध्य अर्थको प्राशस्त्य र अप्राशस्त्य (अतिशयता) प्रतिपादन गर्ने हुनाले अर्थवादभागलाई पनि सार्थक हुन्छ भनी बताइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा हि लौकिकक्रियायां पदार्थानामापेक्षिकः साध्यसाधनभावः, तथैवात्रापि प्रथमं साध्यावस्थायां स्थितस्यापि पदार्थस्य सिद्धावस्थाप्राप्तिरपरसाध्यसाधने साधनतामावहतीति उत्पत्त्यपूर्वोत्पत्तितः फलापूर्वोत्पत्तिपर्यन्तं साध्यसाधनभावः परिवृत्तिमावहति।

लौकिकक्रियायां हि यावत्सस्योत्पत्तिस्तावदन्तिमं प्रयोजनम्। सस्योत्पत्तिपर्यन्तं सस्योत्पत्तये प्रयुक्तानां पदार्थानां क्रियायां च सर्वेषां खलु सस्योत्पित्तिरूपप्रयोजनप्रसाधनार्थत्वात् सस्योत्पत्तौ साधनता सम्पद्यते।

तत्र प्रथमं भूमेः कर्षणक्रिया भवति। सा हि कर्षणक्रिया तस्यामवस्थायां साध्यकोटिमवलम्बते। तदानीं हलकुद्दालबलीवर्दादयः साधनतामाप्नुवन्ति। ततोऽपि पूर्वं हलः, कुद्दालः, बलीवर्दः इत्यादयश्च साध्यकोटिमाप्नुवन्ति। तत्साधकाश्च काष्ठलौहद्रव्यादयः साधनकोटिमायान्ति।

कर्षणक्रियायाः साध्यतामापन्ना भूरपि सस्योत्पत्तिक्रियायां साधनकोटिमवलम्बन्ते। इति सस्योत्पत्तिभौतिकद्रव्योत्पादनक्रियायाः एव परमं प्रयोजनम्। आध्यात्मिकपदार्थोत्पादनक्रियायां तु सस्यजातस्य सर्वस्यैव साधनता सम्पद्यते। शुद्धश्चाहरः शुद्धं चित्तं जनयति। सत्त्वरजस्तमोगुणानां समृद्धिश्च भुक्तपदार्थमनुसरति। प्राणानां धारणं च भुक्तमेवान्नं कुरुते इति सस्यस्य साधनत्वम्। न हि प्राणानां धारणं सत्त्वादिगुणवर्धनम्,

---

लौकिक क्रियामा जसरी पदार्थहरूको आपेक्षिक साध्यसाधनभाव (एउटै पदार्थ अपेक्षाअनुसार कहिले साध्य बन्ने र कहिले साधन बन्ने स्थिति) हुन्छ त्यसरी नै यहाँ (वेदमा) पनि पहिले साध्यावस्थामा रहेको पदार्थ पछिबाट सिद्धावस्थामा पुग्ने र पुनः अर्को साध्यको सिद्धिका लागि साधन बन्ने स्थिति हुन्छ। अतः उत्पत्तिरूप अपूर्वको उत्पत्तिदेखि फलरूप अपूर्वको उत्पत्तिसम्म साध्यसाधनभावको परिवृत्ति भइनै रहन्छ।

लौकिक क्रियामा जबसम्म धान[१०] फल्दैन तबसम्म अन्तिम प्रयोजन रहेको हुन्छ। धान फल्ने समयसम्म धान फलाउनका लागि प्रयोग गरिएका सबै पदार्थहरू र सबै क्रियाहरू धान फलाउनेरूपी प्रयोजन प्राप्तिमा साधन बनेका हुन्छन्। अतः अन्ततः सबै पदार्थ र सबै क्रिया सस्य उत्पत्तिका साधन बनेका हुन्छन्।

(अन्न उब्जाउनका लागि) सर्वप्रथम जमिनमा खनजोत गर्ने कार्य गरिन्छ। त्यस अवस्थामा खनजोत गर्ने कार्य साध्य बनेको हुन्छ। हलो, कोदालो, गोरु आदि साधन बनेका हुन्छन्। त्यसभन्दा पहिले हलो, कोदालो, गोरु आदि पदार्थ साध्यकोटिमा रहेका हुन्छन्। उक्त पदार्थ निष्पन्न गराउने काठ, फलाम, द्रव्य (गाई) आदि साधनकोटिमा रहेका हुन्छन्।

कर्षणक्रियाको (खनजोत गर्ने कार्यको) साध्य बनेको जमिन पनि सस्योत्पत्ति क्रियामा (धान उत्पन्न गराउने कार्यका लागि) साधन बन्दछ। धान्यको उत्पत्ति भौतिक द्रव्य उत्पादन रूपी क्रियाको मात्र चरम (अन्तिम) प्रयोजन हो। आध्यात्मिक पदार्थको उत्पादन गर्ने कार्यमा भने सस्यादि सबै पदार्थ साधन बन्दछ। शुद्ध आहारले शुद्ध चित्त उत्पन्न गराउँछ (शुद्धाहारबाट चित्तशुद्धि हुन्छ)। सत्त्व, तम एवं रजोगुणको समृद्धिले खाइएका पदार्थको अनुसरण गर्छन् (जस्तो भोजन गरिएको हुन्छ त्यसै प्रकारका गुणको प्रादुर्भाव एवं अभिवृद्धि हुन्छ)। प्राण धान्ने कार्य पनि भोजन

१०. सस्यशब्दको अर्थ धान हो। तालव्य शकार भएको शस्य शब्दको पनि प्रयोग गरिन्छ। प्रस्तुत शोधप्रबन्धमा आद्यन्त प्रयुक्त सस्य शब्दलाई अन्नबाली (अनाज) भन्ने तात्पर्यमा ग्रहण गर्न सकिन्छ। मन्वर्थमुक्तावलीमा प्रयुक्त 'पूर्वार्जितधान्यादिसस्ये' (मनु. ४/२६) पदले पनि यसै अर्थलाई व्यक्त गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्तशुद्ध्यादिसम्पादनमेव चान्तिमं प्रयोजनम् । तैरपि च साधनकोटिमाश्रित्य सम्पादनीयस्य साध्यान्तरस्य विद्यमानत्वात् । यावज्जीवोऽपवर्गं न लभते तावत्समुत्पन्नपदार्थानामनुष्ठितक्रियाणां च साध्यसाधनकोट्योः परिवृत्तिर्निरन्तरा ।

तथैव शास्त्रोक्तकर्मस्वपि साध्यसाधनभावस्य यावदपवर्गं परिवृत्तिर्निरन्तरा । दृश्यते हि यागदानहोमभावनासु साध्यसाधनभावस्य परिवृत्तिः । यथा हि **'अग्निहोत्रं जुहुयात् स्वर्गकामः'** इत्यत्र यः स्वर्गं कामयते स तत्साधनत्वेनाग्निहोत्रनामकं होमं भावयेत् (कुर्यात्) इत्यभिधानात् स्वर्गं प्रति अग्निहोत्रहोमस्य साधनत्वावाप्ते-र्होमेन स्वर्गं भावयेद् इति सिद्धावस्थायां प्राप्तो होमः स्वर्गसाधनतामाप्तः **'दध्ना जुहोति'** इत्यत्र तु दध्ना होमं भावयेद् इति साध्यावस्थायां प्राप्तो होमः साध्यतामवलम्बते इति एकस्यैव होमस्य साध्यत्वं साधनत्वं चोपपद्यते ।

तथैव **'आत्रेयाय हिरण्यं ददाति'** इत्युक्तौ आत्रेयाय हिरण्यदानेन प्रवृत्तज्योतिष्टोमयागोपकारं भावयेत् इत्यवगमात् यागोपकारभावनरूपसाध्यसाधनत्वं दाने स्थितम् । आत्रेयाय हिरण्यं दत्वा दानं भावयेदिति च तस्मादेवावगमात् साध्यत्वं च दाने स्थितम् इति एकस्यैव दानस्य साध्यत्वं साधनं चोपपद्यते ।

गरिएका अन्नका माध्यमले हुन्छ । यसरी उक्त सबै कार्यका लागि सस्य साधन बन्दछ । प्राणधारण गर्ने (प्राण धान्ने), सत्त्व आदि गुणको वृद्धि गराउने र चित्तशुद्धि आदि कार्य सम्पादन गर्ने मात्र सस्यको (धान्यादि पदार्थको) अन्तिम प्रयोजन होइन । तिनीहरूले (चित्तशुद्धि आदिले पनि) साधनकोटिको आश्रय लिएर (साधन बनेर) साध्यका रूपमा विद्यमान अन्य कार्यलाई सिद्ध गराउँछन् । जबसम्म जीवले (आध्यात्मिक चरम लक्ष्यका रूपमा अवस्थित) अपवर्ग (मोक्ष) प्राप्त गर्दैन तबसम्म उत्पन्न भएका पदार्थहरूको र सम्पादन गरिएका क्रियाहरूको साध्य एवं साधन कोटि (श्रेणी) मा परिवर्तन भइरहन्छ । (पूर्व पूर्व साध्य पर पर साध्यका साधन बनिरहन्छन्) ।

यसै प्रकारले शास्त्रद्वारा प्रतिपादन गरिएका कर्महरूमा पनि जबसम्म अपवर्ग प्राप्त हुँदैन तबसम्म साध्यसाधन भाव परिवर्तन भइरहन्छ । (एउटा कार्यको साध्य अर्को कार्यको साधन बनिरहन्छ ।) जस्तै- **अग्निहोत्रं जुहुयात् स्वर्गकामः** । उदाहृत पङ्क्तिले जसले स्वर्गको कामना गर्दछ त्यसले साधनका रूपमा अग्निहोत्र नामक होमको भावना गरोस् (अग्निहोत्र नामक याग गरोस्) भनी निर्देशन गरिएको हुनाले स्वर्गरूप साध्यको प्राप्तिका लागि अग्निहोत्र नामक हवन साधन बन्दछ । यसरी **होमेन स्वर्गं भावयेत्** भन्ने वाक्यमा सिद्धावस्थामा रहेको होम स्वर्गप्राप्तिरूपी साध्यको साधन बनेको देखिन्छ । **दध्ना होमं भावयेत्** यसप्रकारको वाक्यार्थ अभिव्यक्त हुने **दध्ना जुहोति** वाक्यमा भने होम साध्यावस्था रहेको छ अर्थात् दधिरूप साधनको साध्य बनेको छ । यसरी एउटै हवन कहिले साध्य हुन्छ र कहिले साधन बन्दछ भन्ने कुरा युक्तिद्वारा सिद्ध हुन्छ (युक्तियुक्त देखिन्छ) ।

यसै प्रकारले **आत्रेयाय हिरण्यं ददाति** अर्थात् 'आत्रेयलाई सुवर्ण (सुन) दिन्छ' यस कथनबाट 'आत्रेयलाई सुवर्ण दान दिएर- आरम्भ गरिएको ज्योतिष्टोम यागमा उपकारको भावना गरोस्' भन्ने अर्थ प्रतीत हुने भएकाले सुवर्ण दानमा यागको उपकार-भावनरूप साध्यको साधनता रहेको छ । 'आत्रेयलाई सुवर्ण दिएर दानको भावना गरोस्' भन्ने अर्थ पनि त्यसै वाक्यबाट अवगत हुने भएकाले दानमा साध्यता पनि रहेको हुन्छ । अतः एउटै दान साध्य एवं साधन दुवै हुन्छ भन्ने तथ्य युक्तिद्वारा सिद्ध हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवमेव **'स्वर्गकामो यजेत'** इत्यत्रापि यः स्वर्गकामः स तत्साधनत्वेन यागं भावयेत् इत्यभिधानात् यागस्य स्वर्गप्राप्तिकारकत्वेन **'यागेन स्वर्गं भावयेत्'** इति साधनत्वावगमः । **'यागं भावयेत्'** इत्यत्र तु यागस्य पुरोडाशादिसाध्यत्वमवगम्यते । तस्मादेकस्यैव यागस्य साध्यत्वं साधनत्वं च सिद्ध्यति ।

तथा एव च **'व्रीहीनवहन्ति'** इत्यत्रापि अवहननेन तण्डुलान् निष्पादयेत् इत्यत्र तण्डुलनिष्पत्तिः साध्यभावं नियच्छति । अवहननक्रियायाश्च तत्र साधनत्वमवगम्यते । अवहननिष्पन्नैरेव तुण्डुलैर्यागमनुष्ठीय यागात्स्वर्गा-पूर्वं कुर्यात् इत्यवगमाच्च तण्डुला एव साधनतामाप्नुवन्तीति एकस्मिन् तण्डुलपदार्थे साध्यं साधनं चोपपद्यते ।

यागस्य भावनायां करणत्वेन सम्बन्धो वार्तिककारेण प्रदर्शित इति [११२]आपदेवेनोक्तम् । वार्तिककारोक्तिश्च यथा- **विधाने वानुवादे वा यागः करणमिष्यते । तत्समीपे तृतीयान्तस्तद्वाचित्वं न मुञ्चन्ति ।।** इति ।

भावार्थाधिकरणञ्चात्र प्रमाणम् । तत्र [११३]भावार्थाधिकरणे- अपूर्वस्य प्रत्यायकत्वं द्रव्यादिशब्देषु विद्यमानमथवा यागदानहोमभावनासु सन्निहितम् ? इति सन्दिह्य द्रव्यादीनां फलं प्रति साधनत्वाद् द्रव्यादि-

११२. मीमांसान्यायप्रकाशः, मत्वर्थनिरूपणप्रकरणम् १२ पृष्ठम् ।

११३. जैमिनीयन्यायमाला, २ अध्यायः, १ पादः, १ अधिकरणम्, (२ वर्णकम्) ।

यसरी नै **स्वर्गकामो यजेत** यहाँ पनि (यस उक्तिमा पनि) 'जसले स्वर्गको कामना गरेको हुन्छ त्यसले त्यसका (स्वर्गका) साधनका रूपमा यागको भावना गरोस्' भन्ने अर्थ बुझिन्छ । अतः याग स्वर्गप्राप्तिको कारकतत्त्व भएकाले 'यागका माध्यमले स्वर्गको भावना गरोस्' यसप्रकारको साधनभाव अवगत हुन्छ । **यागं भावयेत्** यहाँ भने याग पुरोडाश आदिद्वारा साध्य हुन्छ भन्ने तथ्य अवगत हुन्छ । यसैबाट एउटै याग नै साध्य र साधन दुवै हुन्छ भन्ने तथ्य अवगत हुन्छ ।

यसै प्रकारले **व्रीहीनवहन्ति** यहाँ पनि 'अवहननद्वारा (मुसलले कुटेर) चामल बनाओस्' यस प्रकारको अर्थ निस्कने हुनाले चामल निष्पादन गर्ने (चामल बनाउने) कार्य साध्यभावमा रहेको हुन्छ । उक्त वाक्यमा अवहनन क्रिया (धान कुट्ने कार्य) को साधनता अवगत हुन्छ । 'अवहनन क्रियाद्वारा निष्पन्न भएका चामलबाट याग सम्पादन गरेर यागका माध्यमले स्वर्गरूप अपूर्व (फल) उत्पन्न गराओस्' यस प्रकारको अर्थ अवगत हुने भएकाले चामल नै साधनका रूपमा परिणत हुन्छ । अतः एउटै चामल रूप वस्तुमा साध्यभाव र साधनभाव रहन्छ भन्ने कुरा युक्तियुक्त देखिन्छ ।

यागको भावनामा करणका रूपमा सम्बन्ध रहेको हुन्छ भनी वार्तिककारले देखाएको कुरा आपदेवले उल्लेख गरेका छन् (मी.न्या.प्र.,म.नि.प्र., पृ. १२) । वार्तिककारको (कुमारिल भट्टको) उक्ति यसप्रकार रहेको छ- **विधाने वानुवादे०** अर्थात् 'कुनै पनि विधि जसमा धात्वर्थको विधान (अप्राप्तको निर्देश) वा अनुवाद (प्राप्तको अनुवचन) होस् प्रत्येक अवस्थामा धात्वर्थको यागका (भावनाका) साथमा करणका रूपमा सम्बन्ध हुन्छ । याग अर्थात् धातुका नजिकमा पठित तृतीयान्त पद तद्वाची अर्थात् यागवाची (यागको विशेषण) हुन्छ । त्यसले तद्वाचित्व धर्मको परित्याग गर्दैन' ।

भावार्थाधिकरण उक्त सिद्धान्तका प्रमाणका रूपमा रहेको छ । भावार्थाधिकरणमा 'अपूर्वको प्रत्यायकता द्रव्य आदि शब्दहरूमा रहेको छ अथवा याग, दान, होम आदि भावनाहरूमा रहेको छ ?' प्रथमतः यस प्रकारको शङ्का

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दा अपूर्वप्रत्यायका इति पूर्वपक्षमुपस्थाप्य न हि क्रियामन्तरेण द्रव्यादिशब्दा अपूर्वप्रत्यायने समर्थाः। पचिक्रियामन्तरेण काष्ठस्थाल्यादीनामोदनसाधकत्वादर्शनमिव द्रव्यादिशब्दानामपि क्रियामन्तरेण नैवापूर्व-प्रत्यायकत्वं सम्पद्यते। अतो भावनावाचिना यजति, ददाति, जुहोति इत्यादि आख्यातेनापूर्वं प्रतीयते। तस्मादेव च यागदानहोमादिकर्मणां भावनया सह कारणत्वेन सम्बन्धः। सर्वधात्वर्थसम्बद्धस्य करोत्यर्थस्य भावनात्वात् धात्वर्थव्यतिरिक्ता भावना नास्तीति चोद्यस्य नावकाशः। द्रव्यादीनां तु धात्वर्थोत्पादने उपकारकत्वमेव। तस्मात् क्रियाद्वारमेव द्रव्यादीनामपूर्वोत्पादकत्वं सम्पद्यते। यागक्रियाया एवापूर्वोत्पादकत्वाद् यागेन दृष्टं भावयेद् इति यागस्य करणत्वेन सम्बन्धः।

मन्वर्थलक्षणानिरूपणप्रकरणे विधाने वानुवादे वेत्यादिवार्तिकाभिप्रायं स्फोरयताऽपदेवेन[११४] धात्वर्थस्य क्वचित्करणत्वेन, क्वचित्पुनः साध्यत्वेन, क्वचिच्च पुन आश्रयत्वेनापि भावनया सह सम्बन्धो भवितुं शक्नोतीति प्रतिपादितम्।

तत्र यागदानहोमभावैश्च साधनीयानि प्रयोजनानि अनेकविधानि सन्ति। प्रथमं भावानामेवानेकत्वम्। यागो दानहोमाभ्यां भिन्नः। दानं यागहोमाभ्याम्, होमश्च यागदानाभ्यां भिन्नः। तत्रापि पुनरवान्तरो भेदश्च। इष्टिपशुसोमात्मकत्वं यागानामपरो भेदः। पुनस्तत्रापि च-

११४. मीमांसान्यायप्रकाशः, मत्वर्थनिरूपणप्रकरणम् १६ पृष्ठम्।

उपस्थापन गरेर 'द्रव्य आदि फलका साधन हुने भएकाले द्रव्य आदि शब्द अपूर्वका बोधक हुन्छन्' यस प्रकारको पूर्वपक्ष उपस्थापन गरी (पूर्वपक्षको खण्डन गर्दै निम्नानुसार सिद्धान्तपक्ष स्थापन गरिएको छ-) क्रिया विना द्रव्य आदि शब्दहरू अपूर्वलाई बुझाउन समर्थ हुँदैनन्। पचि क्रियाका अभावमा (भात नपकाएका अवस्थामा) काठ (दाउरा) थाली आदि पदार्थ जसरी ओदनका (भातका) साधक (सम्पादक) हुन सक्दैनन् त्यसै गरी द्रव्य आदि शब्दहरू पनि क्रियाका अभावमा अपूर्वका उपस्थापक हुन सक्दैनन्। अतः भावना अर्थ बुझाउने यजति (यागं भावयति) ददाति (दानं भावयति) जुहोति (होमं भावयति) इत्यादि आख्यात (क्रियापद) द्वारा अपूर्वको प्रतीति हुन्छ। त्यसैले नै याग, दान, होम आदि कर्मको (क्रियाकलापको) भावनाका साथमा करणका (साधनका) रूपमा सम्बन्ध स्थापित हुन्छ। सबै धातुबाट निस्कने अर्थसित सम्बन्ध राख्ने करोति (गर्छ) भन्ने अर्थलाई भावना मानिने हुनाले धातुबाट अभिव्यक्त हुने अर्थभन्दा अतिरिक्त भावना हुन सक्दैन। अतः चोद्यको अवकाश हुँदैन। (चोद्यले अवसर पाउँदैन)। द्रव्य आदि शब्दले त धातुबाट अर्थलाई अभिव्यक्त गराउने कार्यमा सहयोग गर्दछन्। अतः क्रियाका माध्यमबाट नै द्रव्य आदिमा अपूर्व उत्पन्न गराउने क्षमता रहेको हुन्छ। याग क्रियाबाट नै अपूर्वको उत्पत्ति हुने भएकाले **'यागेन भावयेत्'** यसप्रकारको अर्थ अभिव्यक्त हुन्छ र यागको करणका रूपमा सम्बन्ध स्थापित हुन्छ। (जै.न्या.मा. २/१/१)[९१]

मत्वर्थलक्षणाको विश्लेषण गर्ने प्रकरणमा **विधाने वानुवादे वा०** इत्यादि वार्तिकको अभिप्राय स्पष्ट पार्दै आपदेवले- धातुका अर्थको कही करणका रूपमा, कही साध्यका रूपमा र कही आश्रयका रूपमा भावनाका साथमा सम्बन्ध हुन सक्छ (मी.न्या.प्र., म.नि.प्र., पृ. १६) भनी प्रतिपादन गरेका छन्।

९१. जैमिनीयन्यामालामा (२/१/१) लाई अर्थात् भावार्थाधिरणलाई प्रथमवर्णक (प्रतिपदाधिरकणम्) र द्वितीयवर्णक (भावार्थाधिकरण) भनी वर्गीकरण गरिएको छ। द्वितीयवर्णकको सार मूलमा अभिव्यक्त भएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'उद्भिदा भिद्यते चित्रा चित्रया विश्वजित्तथा। भिद्यते एवमन्यत्र पशुसोमभिदोर्मतः ॥
भेदो नैकविधो यद्वत्तेषां साध्यस्त्वनेकधा। अनेकेषु च साध्येषु दृष्टादृष्टार्थकेषु वै।
लभ्यमाने फले दृष्टे नादृष्टपरिकल्पना ॥ इति न्यायं समाश्रित्याग्रेग्राह्यमैहिकं फलम्।
'अस्ति दृष्टं फलं भूरि यागस्य होमदानयोः। तथाप्यामुष्मिकं प्रोक्तं बालन्यायसमाश्रितैः ॥
बालस्याध्ययने तत्रोद्भावनाय प्रवर्तनाम्। प्रतिशृणोति जनकः शर्करादानभावनाम् ॥
यद्यप्यध्ययनात् प्राप्तिः शर्करायास्तु सम्भवा। तथापि च न स्वाध्यायः प्रयुङ्क्ते शर्कराफलम् ॥
प्रज्ञालोकादिसम्प्राप्तिः प्रयुङ्क्तेऽध्ययनं यथा। दृष्टमेव फलं तद्वत् भाव्यं यागादिजं तथा ॥
चोदनाविहितोऽर्थो हि धर्मत्वेन समीरितः। यागादिविधयः सर्वे चोदनाविषया मताः ॥
स्वर्गं पुत्रं पशुं भूतिं प्रतिष्ठां वृष्टिवर्षणम्। स्वाराज्यादिकमुद्दिश्य तत्र कर्म समीरितम् ॥
सर्वो जनः समुद्दिष्टं फलं प्राप्तुं समीहते। यागादिषु सन्निविष्टमिष्टसाधनतादिकम् ॥

याग, दान एवं होमरूप भावनाद्वारा (भावना गरेर अर्थात् उक्त कार्यहरू सम्पन्न गरेर) प्राप्त हुने प्रयोजनहरू अनेक प्रकारका छन्। प्रथमतः भावनामा नै अनेकता छ (भावना अनेक प्रकारको हुन्छ)। याग- दान र होमभन्दा भिन्न हुन्छ। दान- याग र होमभन्दा अलग हुन्छ। होम पनि याग र दानभन्दा भिन्न हुन्छ। दान आदिमा पनि अनेकौँ अवान्तर भेद छन्। यागहरूको (उत्तर क्रतुको) इष्टि, पशु र सोमरूप अर्को भेद छ। त्यसमा पनि -

उद्भिदा भिद्यते० अर्थात्- उद्भिद् यागभन्दा चित्रा याग भिन्न हो। यसै प्रकारले चित्रा यागदभन्दा विश्वजित् याग भिन्न (अलग्गै याग) हो। पशु (निरूढपशुबन्ध) याग र सोम (सोमसाध्य अग्निष्टोम) याग पनि भिन्न हुन्। यसरी अरू अरू याग पनि परस्परमा भिन्न हुन्छन् भनी जान्नुपर्दछ। यागका जसरी अनेकौँ भेद देखिन्छन् त्यसरी नै तिनीहरूका (प्रत्येक यागका) साध्य पनि अनेक प्रकारका देखिन्छन्। अनेकौँ साध्यहरू मध्ये केही दृष्ट (प्रत्यक्ष नै परिणाम देखिने) साध्य हुन्छन् भने केही प्रत्यक्ष परिणाम नदेखिने साध्य हुन्छन्। 'जहाँ दृष्ट फल प्राप्त हुन्छ त्यहाँ अदृष्ट फलको कल्पना गर्नुहुँदैन' भन्ने न्याय छ। उक्त न्यायको आश्रय लिएर (उक्त न्यायका आधारमा) ग्राह्य (ग्रहण गरिने) फलहरूमध्ये ऐहिक (यसै लोकमा उपभोग गरिने) फलको ग्रहण गर्नुपर्छ। यागका, होमका र दानका धेरै नै (दृष्ट एवं अदृष्ट) फल हुन्छन् तर पनि बालन्यायको आश्रय लिएका आचार्यहरूले दृष्ट फल मात्र बताएका छन्। (पढ्न नमान्ने वा अल्छी गर्ने) बालकलाई बुबा आमाले पढ्न प्रवृत्त गराउने उद्देश्यले तिमीले राम्ररी पढ्यौ भने म तिमीलाई शर्करा (चिनी/लड्डू पेडाजस्ता मीठा खाद्य पदार्थ) खान दिन्छु भनी लोभ्याउँछन्। हुन त अध्ययनबाट (पिताद्वारा दिइने) शर्करा प्राप्तिको सम्भावना रहन्छ तर पनि स्वाध्यायले आफै शर्करा प्रदान गर्ने कार्य गर्दैन। अध्ययनले जसरी प्रज्ञालोक (ज्ञानको प्रकाश) आदि दृष्ट फल प्रदान गर्छ त्यसरी नै यागादिले पनि दृष्ट फल प्रदान गर्छ।

चोदना (प्रेरणा) द्वारा विधान गरिएको (गर्नुपर्छ भनी निर्देशन दिइएको) अर्थलाई (कर्तव्यलाई) धर्म भनिएको छ। याग आदि सबै विधिलाई चेदनाका विषय मानिएको छ। वेदमा स्वर्ग (निरतिशय सुख), पुत्र (सन्तान), पशु, भूति (ऐश्वर्य), प्रतिष्ठा, जलवृष्टि, समृद्ध राज्य आदि उद्देश्य प्राप्तिका लागि कर्म गर्न प्रेरणा प्रदान गरिएको छ। सम्पूर्ण मनुष्यले शास्त्रद्वारा प्रतिपादित फल प्राप्त गर्न चाहन्छ। याग आदिमा इष्टसाधनता (अभिलषित पदार्थ प्राप्त गराउने साधनभाव)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानं प्रवर्तनायां तु कारणं विदुषां मतम् । स्वाध्यायजन्यं ज्ञानं च प्रपञ्चेन प्रसाधितम् ।।
इत्थं सर्वं प्रजुष्टं हि परस्परसमन्वितम् । सामाजिकव्यवस्थायां परमं साधनं स्मृतम् ।।
स्वे स्वे धर्मे निविष्टानां सर्वेषामनुपूर्वशः । वर्णानामाश्रमाणाञ्च राजा सृष्टोऽभिरक्षिता ।।
इत्येतद्धि स्मृतं कर्म व्यवस्थापनात्मकम् । मनुना चादिराजेन दण्डजन्यं च भूपतेः ।।
विधयश्च स्वधर्माणामनुष्ठाने प्रवर्तकाः । तत्रैव सन्निविष्टानां राजा सृष्टोऽभिरक्षिता ।।
राज्ञा धृतस्य दण्डस्य सर्वान् वर्णान् यथायथम् । स्वे स्वे धर्मे सन्निविश्य रक्षणं हि प्रयोजनम् ।।
तदेव कर्म कुरुते धर्मशास्त्रं विधाय च । श्रौतस्मार्तभिदा धर्मान् व्यवस्थास्थापनात्मकान् ।।
तस्माद्व्यवस्थितेर्हेतुरुभयोर्धर्मयोः स्थितः । निरूपितः श्रौतधर्मः स्मार्तो धर्मो विविच्यते ।।

स्मार्तो धर्मः

स्मर्तो धर्मः षड्विधोऽस्तीति निर्दिष्टो हि लभ्यते । वर्णश्चाश्रमधर्मश्च वर्णाश्रमयुतस्तथा ।।
गुणधर्मो निमित्तश्च धर्मः साधारणोऽन्तिमः । विज्ञानभिक्षुणा ह्येते स्मार्तधर्माः प्रदर्शिताः ।।

आदि रहेको हुन्छ । (यागादि अभीष्ट प्रदान गर्ने साधन हुन्) । इष्टप्राप्तिका साधनका रूपमा रहेका यागादिमा प्रवृत्त गराउने कार्य ज्ञानले गर्छ (यागादिमा प्रवृत्त गराउने साधन ज्ञान हो) । यसप्रकारको विद्वान्हरूको अभिमत पाइन्छ । स्वाध्यायबाट उत्पन्न हुने ज्ञानको (ज्ञानका विशेषताको) विस्तारपूर्वक चर्चा गरिसकिएको छ । यसरी सबै पदार्थ एकअर्कामा सम्बन्ध भएका देखिन्छन् । उक्त सबै पदार्थलाई सामाजिक व्यवस्थाका परम (सबैभन्दा उत्कृष्ट र महत्त्वपूर्ण) साधन मानिएको छ ।

आफ्ना आफ्ना धर्ममा (मर्यादामा) बसेका ब्राह्मण आदि वर्णहरूका र ब्रह्मचर्य आदि आश्रमका संरक्षकका रूपमा राजाको सृष्टि गरिएको हो । यसैलाई नै व्यवस्थालाई व्यवस्थित बनाउने कर्म मानिएको छ । दण्डका माध्यमले राजाले उक्त कार्य गर्नु वा गराउनुपर्छ भनी आदिराज (पहिला राजा) मनुले बताएका छन् । विधिले (वेदोक्त विधिवाक्यले) आफ्ना लागि बताइएका धर्महरूको पालन गर्न पुरुषलाई प्रवृत्त गराउँछन् (अभिप्रेरित गर्छन्) । आफ्ना धर्मको पालनमा तत्पर भएका पुरुषहरूका संरक्षकका रूपमा (संरक्षण गर्नका लागि) राजाको सृष्टि गरिएको हो । सबै वर्णलाई यथोचित रूपमा आफ्ना आफ्ना धर्ममा अडिग गराएर उनीहरूको संरक्षण गर्नु नै राजाद्वारा धारण गरिएका दण्डको प्रयोजन हो । सामाजिक व्यवस्थालाई सुदृढ गराउने श्रौत एवं स्मार्त भेदले युक्त भएका धर्महरूको प्रतिपादन गरेर धर्मशास्त्रले उक्त कार्य (ब्राह्मण आदिलाई स्वधर्मनिष्ठ बनाएर संरक्षण गर्ने कार्य) सम्पादन गर्छ । त्यसैले सामाजिक व्यवस्थाको साधनता दुवै (श्रौत एवं स्मार्त) धर्ममा रहेको छ । उक्त दुई प्रकारका धर्ममध्ये श्रौतधर्मको निरूपण गरियो, अब स्मार्तधर्मको विवेचना गरिन्छ ।

स्मार्तधर्म-

स्मार्त-धर्म छ प्रकारको हुन्छ भनी बताइएको छ । वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म, निमित्तधर्म र साधारणधर्मका भेदले स्मार्तधर्म छ प्रकारको हुन्छ । वर्णधर्म आदि स्मार्तधर्म हुन् भनी विज्ञान भिक्षुले बताएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्विजानामुपनयनकालः

श्रुत्युक्तकर्मणां तत्रानुष्ठाने ह्यधिकारिणः। विधिप्रयुक्तस्वाध्यायाध्ययनेन समन्वितः ॥
ज्ञानवान् विद्यया युक्त आधानाग्निसमन्वितः। सामर्थ्येनान्वितश्चापि भवन्तीति समीरितम् ॥
तथा स्मार्तस्य धर्मस्योपदिष्टं व्रतबन्धनात्। अनुष्ठानेऽधिकारीति ह्येतद्वर्णसमन्वितम् ॥
न हि वर्णादृते शक्या धर्माणां समनुष्ठितिः। तेषामपि चोपनीतिः ह्यधिकारप्रदायिका ॥
कामचारः कामवादः कामभक्ष्यादयोऽपि च। स्मृता ह्यनुपनीतानामधर्मघ्ना महर्षिभिः ॥
नियमानुष्ठितिः सर्वा ह्युपनीतेषु संस्मृता। ह्युपनीतिर्हि वर्णानां कालेनैव च संस्मृता ॥
ब्राह्मणो ह्यष्टमे वर्षे व्रतार्थमुपनीयते। एकादशे वत्सरे तु क्षत्रियो ह्युपनीयते ॥
वैश्यश्च द्वादशे वर्षे स्वाध्यायव्रतपालने। अधिकारी प्रजायेत कृतोपनयनो हि सः ॥

द्विजानामुपनयने गौणः कालः-

एतावान् काल आदिष्टो द्विजानामुपनायने। परमावधिकः कालस्त्वपरो गदितो यथा।

द्विजहरूको उपनयन (व्रतबन्ध गर्ने) समय-

विधिपूर्वक गरिएको स्वाध्यायको अध्ययनले युक्त भएका, ज्ञानले र विद्याले समन्वित भएका, आधान गरिएका अग्निले (अग्न्याधानले) युक्त भएका र सामर्थ्यले (कान नसुन्ने, गोडाले राम्ररी हिँड्न नसक्ने, आँखाले नदेख्ने इत्यादि दोष नभएका एवं आर्थिक सम्पन्नताले) युक्त भएका पुरुषहरू नै श्रुतिमा प्रतिपादन गरिएका कर्महरूको अनुष्ठान गर्ने अधिकारी हुन्छन् भन्ने कुरा बताइयो। उपनयनसंस्कार गरेपछि मात्र पुरुष वेदको अध्ययन गर्ने र श्रौतस्मार्तकर्मको अनुष्ठान गर्ने अधिकारी हुन्छ भन्ने कुरा पनि बताइयो। उपनयन संस्कार ब्राह्मण आदि तीन वर्णको मात्र हुन्छ। तीनवटा वर्णमा परेका पुरुष बाहेक अरूद्वारा (श्रौत एवं स्मार्त) धर्मको अनुष्ठान गर्न सकिँदैन (मिल्दैन)। तीनवटा वर्णभित्र पर्ने पुरुषलाई पनि उपनयन संस्कार सम्पन्न भएपछि मात्र उक्त कर्महरूको अनुष्ठान गर्ने अधिकार प्राप्त हुन्छ। कामचार (मनपरी गर्ने) कामवाद (मनपरी बोल्ने) र कामभक्ष्य (मनपरी खाने) आदि धर्मविरुद्ध कार्य गर्ने छुट पनि उपनयन संस्कार नभएका पुरुषलाई मात्र छ भनी महर्षिहरूले बताएका छन्।[९२] सबै नियमहरूको पालन राम्ररी उपनयन संस्कार सम्पन्न भएका व्यक्तिहरूले मात्र गर्नुपर्छ भनिएको छ। ब्राह्मण आदि सबै वर्णको उपनयन संस्कार निर्दिष्ट समयमा नै सम्पन्न गर्नुपर्छ। ब्राह्मण वटुकको व्रतानुष्ठानका लागि आठ वर्षमा उपनयन संस्कार गरिन्छ। एघारौं वर्षमा क्षत्रियको उपनयन संस्कार गरिन्छ। बाह्र वर्षमा वैश्यको उपनयन संस्कार गरिन्छ। उपनयन संस्कार सम्पन्न भएको द्विज स्वाध्यायका लागि र व्रतानुष्ठानका लागि अधिकारी हुन्छ।

द्विजहरूको उपनयनका लागि गौण समय-

ब्राह्मणको आठ वर्षमा, क्षत्रियको एघार वर्षमा र वैश्यको बाह्र वर्षमा उपनयन संस्कार सम्पन्न गर्नुपर्छ भनी समयको निर्धारण गरिएको छ। उपनयनका लागि अर्को परमावधि (अन्तिम समय) पनि शास्त्रमा बताइएको छ।

---

९२. अनुपनीत पुरुषलाई कामचार, कामवाद र कामभक्ष्यमा छुट भए तापनि उक्त छुट सबै ठाउँमा लागू हुँदैन। व्यभिचार आदिमा कामचार गर्ने छुट दिइएको छैन। यसै प्रकारले कामवादमा अश्लील गाली गर्दै हिँड्ने छुट दिइएको छैन। कामभक्ष्यमा छुट भए तापनि ब्राह्मणलाई मद्यादि अभक्ष्य वस्तु भक्षण गर्ने छुट दिइएको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आषोडशादाद्वाविंशाच्चतुर्विंशाच्च वत्सरात् । गौणः कालः स्मृतस्तत्र मुनिभिस्तत्त्वदर्शिभिः ॥

व्रात्यताप्राप्तिकालः

एष कालः परः प्रोक्तो द्विजानामौपनायिकः ।
अतः परस्त्वव्रतस्थाः (अनुपतीताः) वर्णा व्रात्याः प्रकीर्तिताः ॥

द्विजानामुपनयने काम्यकालः

ब्रह्मवर्चसकामस्य कार्यं विप्रस्य पञ्चमे । राज्ञो बलार्थिनः षष्ठे वैश्यस्येहार्थिनोऽष्टमे ॥
स्मृत्वैतन्मनुना कालो वर्णानामौमनायिकः । काम्यत्वेनोपदिष्टस्तन्नित्यं काम्यं द्विधा स्मृतम् ॥

कृतोपनयनो द्विजोऽधकारी

कृतोपनयनस्यास्य व्रतादेशनमिष्यते । ब्रह्मणो ग्रहणं चैव क्रमेण विधिपूर्वकम् ॥
स्मृत्वेदं मनुना तत्रोपनीतेः समनन्तरम् । व्रतादेशाध्ययनयोरधिकारः प्रदर्शितः ॥
द्विजोऽप्यनुपनीतश्चेत् शूद्रत्वेन समः स्मृतः । स्वाध्यायाध्ययने तस्मान्नाधिकारो हि जायते ॥
स्वाध्यायाध्ययनाज्जन्यं ज्ञानं सर्वार्थसाधकम् । तस्मादध्ययनं द्वारमनुष्ठाने हि कर्मणाम् ॥

तत्त्वदर्शी मुनिहरूले ब्राह्मणका लागि सोह्र वर्षभन्दा पहिलेको समय, क्षत्रियहरूका लागि बाइस वर्षभन्दा पहिलेको समय र वैश्यहरूका लागि चौबीस वर्षभन्दा पहिलेको समयलाई गौण काल भनेका छन् ।

व्रात्यता प्राप्ति समय-

गौण काललाई उपनयन गर्ने अन्तिम समय मानिएको छ । अन्तिम समयसम्म पनि व्रतमा नबसेका (उपनयन संस्कार सम्पन्न नभएका) द्विजहरूलाई व्रात्य भनिन्छ ।

द्विजहरूको उपनयन (व्रतबन्ध गर्ने) काम्य समय-

ब्रह्मतेजको (वेदको अध्ययन र वेदार्थज्ञानबाट प्राप्त हुने प्रकर्षको) कामना भएका ब्राह्मणको गर्भदेखि पाँचौं वर्षमा उपनयन संस्कार गरिदिनुपर्छ, बलको (हात्ती घोडा आदि राज्यबलको) कामना भएका क्षत्रियको गर्भदेखि छैटौं वर्षमा उपनयन गरिदिनुपर्छ र इहा (कृषि आदि कार्यमा हुने चेष्टा) को कामना भएका वैश्यको गर्भदेखि आठौं वर्षमा उपनयन संस्कार गरिदिनुपर्छ । उक्त तथ्य प्रतिपादन गरेर मनुले ब्राह्मणादि वर्णको उपनयनसित सम्बद्ध काम्य कालको निर्देशन गरेका छन् । यसरी नित्य र काम्य गरी उपनयनका दुइटा समय बताइएको छ ।

उपनयन संस्कार भएको द्विज अधिकारी हुन्छ-

उपनयनसंस्कार सम्पन्न भएका द्विजहरूलाई व्रतको उपदेश दिइन्छ । क्रमैले विधिपूर्वक ब्रह्म गायत्रीको ग्रहण गराइन्छ । यसै तथ्यलाई ध्यानमा राखेर मनुले उपनयन संस्कार सम्पन्न भएपछि व्रतहरूको अनुष्ठान गर्ने र स्वाध्याय गर्ने अधिकार हुन्छ भनी देखाएका छन् । उपनयन संस्कार सम्पन्न नभएका द्विजलाई पनि शूद्र बराबर मानेका छन् । त्यसैले शूद्र समानका द्विजहरूमा स्वाध्यायको अध्ययन गर्ने अधिकार हुँदैन । स्वाध्यायको अध्ययनबाट प्राप्त भएको ज्ञानले सबै प्रयोजन सिद्ध गराउँछ । त्यसैले सबै कर्मको अनुष्ठानका लागि स्वाध्याय नै द्वार (प्रवेश गर्ने ढोका) हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाध्यायाध्यनस्यापि द्वारीभूतेषु कर्मषु ।। द्वारत्वमुपनीतेस्तु पर्यायेण समागतम् ।।
कर्मणां समनुष्ठाने स्वाध्यायो द्वारमीरितः । तस्यापि द्वारभूतास्तूपनीतिर्द्वारमञ्जसा ।।

षड्विधो स्मार्तधर्मः

नित्यत्वेन च मद्यस्य वर्जनीयं समीरितम् । ब्राह्मणस्य कृते तस्माद् वर्णधर्म उदाहृतः ।।
अग्नीन्धनं भैक्षचर्या धर्मो ह्याश्रमगः स्मृतः । एतादृशाः समे धर्मा आश्रणानां विनिर्मिताः ।।
वर्णाश्रमस्तु धर्मोऽयं पालाशो दण्ड ईरितः । ब्राह्मणस्य कुमारस्य व्रतचर्याश्रितस्य तु ।।
शास्त्रीयाभिषेकरूपगुणयुक्तस्य भूपतेः । प्रजापरिपालनादिर्गुणधर्मः प्रकीर्तितः ।।
विहितस्याननुष्ठानान्निन्दितस्य च सेवनात् । प्रायश्चित्तमनुष्ठेयं धर्मो नैमित्तिकः स्मृतः ।।
न हिंस्यात् सर्वभूतानीत्युक्त्वा हिंसानिवर्तकः । धर्मः साधारणो ह्येष मानवानां विनिर्मितः ।।
एवमादीननुष्ठेयान् धर्मान् षड्धा व्यवस्थितान् । विधायोपकृतो लोको धर्मशास्त्रप्रयोजकैः ।।
धर्मशास्त्रप्रणेतारो नानवाप्तविधायकाः । प्राप्तेष्वेव हि धर्मेषु स्वेष्टधर्मप्रवर्तकाः ।।

धर्मशास्त्रप्रयोजकाः

मन्वत्रिविष्णुहारीतयाज्ञवक्योशनोऽङ्गिराः । यमापस्तम्बसंवर्ताः कात्यायनबृहस्पती ।।

स्वाध्याय अध्ययनका पनि द्वारका रूपमा रहेका कर्महरूका द्वारमा पुग्ने काम उपनयनबाट क्रमैले प्राप्त हुन्छ । समग्रमा भन्नुपर्दा- कर्महरूको अनुष्ठानका लागि स्वाध्याय द्वार हो भने स्वाध्यायको पनि द्वार उपनयन (व्रतबन्ध) हो ।

छ प्रकारका स्मार्त धर्म-

मद्यपान कहिल्यै गर्न हुँदैन भनिएको छ । ब्राह्मणहरूका लागि यसै नियमको अनुष्ठान नै वर्णधर्म मानिएको छ । अग्निकर्म, समिधा सङ्ग्रह एवं भैक्ष्यचर्या (भिक्षाका लागि गृहस्थका घरमा जाने कार्य) लाई आश्रमधर्म मानिएको छ । यी सबै धर्म ब्रह्मचर्य आश्रममा रहेका वटुकका लागि बनाइएका हुन् । व्रतहरूको अनुष्ठान गरेका (उपनयन संस्कार सम्पन्न भई ब्रह्मचर्याश्रममा बसेका) ब्राह्मण वटुकहरूले पलाशको दण्ड धारण गर्नुपर्छ भनिएको छ, यसैलाई नै वर्णाश्रमधर्म भनिन्छ । शास्त्रीयविधिद्वारा गरिएका अभिषेकरूप गुणले युक्त भएका (अभिषिक्त) राजाहरूद्वारा सम्पन्न गरिने प्रजाहरूको संरक्षण गर्ने आदि धर्मलाई गुणधर्म भनिएको छ । शास्त्रद्वारा विधान गरिएका (गर्नुपर्छ भनी अह्राइएका) कार्यहरूको अनुष्ठान नगर्नाले र शास्त्रद्वारा निन्दित (गर्न हुँदैन भनिएका) कार्यहरू गर्नाले उत्पन्न भएको दोष परिमार्जन गर्न प्रायश्चित्त गर्नुपर्छ, यसैलाई नै नैमित्तिक (कुनै कारण भएर गरिने) धर्म भनिन्छ । कुनै पनि प्राणीको हिंसा गर्नुहुँदैन भनी शास्त्रमा हिंसा गर्नबाट रोकिएको छ । यस्ता धर्महरू मानव मात्रलाई उद्देश्य बनाएर निर्माण गरिएका हुन्, त्यसैले यी सबै साधारण धर्म हुन् । यसरी धर्मशास्त्रका प्रायोजकहरूले (स्मृतिग्रन्थका निर्माता महर्षिहरूले) मानवहरूद्वारा सम्पन्न गर्नुपर्ने धर्महरूलाई छ प्रकारले व्यवस्थित बनाएर लोकको उपकार गरेका छन् । धर्मशास्त्रका रचयिताहरू प्राप्त नभएका धर्मको विधान गर्दैनन् । (वेदविरुद्ध, नचाहिने वा अनिष्टकर धर्ममा (कार्यमा) प्रवृत्त गराउँदैनन् ।) प्राप्त भएका वा हितकर धर्ममा नै मनुष्यहरूलाई प्रवृत्त गराउँछन् । यसरी आफूलाई कल्याण गर्ने धर्मको प्रवर्तन गर्छन् (प्राप्त भएका धर्मका परिधिभित्र रहेर आफ्ना इष्टधर्मको प्रवर्तन गर्छन्) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पराशरव्यासशङ्खलिखिता दक्षगौतमौ । शतातपो वशिष्ठश्च धर्मशास्त्रप्रयोजकाः ।।
इत्येते धर्मशास्त्रस्य स्मृतास्तत्र प्रवर्तकाः । ग्रन्थादिमे भाग एव याज्ञवल्क्येन योगिना ।।
तेषु येषां वचः प्राप्तिस्तान्याश्रित्य वचांसि च । सामाजिकव्यवस्थायाः साधनं शास्त्रमुच्यते ।।
विवेचनेन दृष्टफलाश्रयणम्-
कुमारिलेन धर्मस्य मर्माभिज्ञेन संस्तुतम् । लभ्यमाने फले दृष्टे नादृष्टपरिकल्पना ।।
इति न्यायं समाश्रित्य स्मार्तधर्मो विविच्यते ।।
निर्दिष्टा धर्मशास्त्रेषु वर्णाश्चत्वार एव हि । तेषु त्रयो द्विजा प्रोक्ता ब्रह्मक्षत्रविशात्मकाः ।।
चतुर्थ एकजातिस्तु शूद्रः संस्कारवर्जितः । वर्णा ह्येते समादिष्टाः पञ्चमो नोपपद्यते ।।
प्रतिलोमानुलोमाच्च सर्वेऽवान्तरजातयः । उत्पद्यन्ते ह्यपध्वंसात् षट्त्रिंशज्जातयो मताः ।।
स्त्रीष्वनन्तरजातासु द्विजैरुत्पादितान् सुतान् । पितृभिः सदृशानाहुर्न तु जात्या समानकान् ।।
सजातिजानन्तरजाः षट् सुता द्विजधर्मिणः । इत्युक्त्वा मनुना षण्णां द्विजधर्मत्वमीरितम् ।।

धर्मशास्त्रका प्रयोजकहरू (प्रणेताहरू-)

मनु, अत्रि, विष्णु, हारीत, याज्ञवल्क्य, उशना, अङ्गिरा, यम, आपस्तम्ब, संवर्त, कात्यायन, बृहस्पति, पराशर, व्यास, शङ्ख, लिखित, दक्ष, गौतम, शातातप र वसिष्ठ धर्मशास्त्रका प्रयोजक (रचयिता) हुन् । यिनीहरूलाई नै धर्मशास्त्रका प्रवर्तक मानिएको छ । यो कुरा योगीश्वर याज्ञवल्क्यले ग्रन्थ (याज्ञवल्क्यस्मृति) को आरम्भमा नै भनेका छन् ।[९३] उपर्युक्त धर्मशास्त्रका प्रवर्तक महर्षिहरूमध्ये जुन महर्षिका कथन प्रसङ्गत प्राप्त भएका हुन्छन् तिनैलाई नै आधार मानेर धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो भन्ने कुरा प्रतिपादन गरिएको छ ।

विवेचनाले दृष्टफलको आश्रय लिनुपर्छ-

धर्मशास्त्रका मर्मज्ञ कुमारिल भट्टले जहाँ फल दृष्ट (प्रत्यक्ष) हुन्छ त्यहाँ अदृष्टको कल्पना गरिँदैन भनेका छन् । यसै न्यायलाई नै आधार मानेर स्मार्तधर्मको विवेचना गरिन्छ ।

धर्मशास्त्रमा मात्र चारवटा वर्ण हुन्छन् भनी देखाइएको छ । ती चार वर्णमध्ये ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन वर्णलाई द्विज भनिन्छ । चौथो एउटा जाति पनि छ जसलाई शूद्र भनिन्छ । शूद्रजाति संस्कार वर्जित हुन्छ (उसलाई संस्कृत बन्ने अधिकार हुँदैन) । यिनै ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रलाई चार वर्ण भनिन्छ । यी बाहेक पाँचौं अर्को वर्ण छैन । सबै अवान्तरजातिहरू प्रतिलोम एवं अनुलोम विधिद्वारा उत्पन्न हुन्छन् । यसरी अपध्वंसद्वारा उत्पन्न भएका जातिहरू छत्तीस प्रकारका मानिएका छन् । असवर्ण तर आफूभन्दा तल्ला वर्णका स्त्रीहरूमा द्विजहरूद्वारा उत्पन्न गराइएका सन्तानहरू पिता समानकै मानिएका छन् तर उनीहरू जातिका दृष्टिले पिता समानका (पूर्णतः पितातुल्य) हुन सक्दैनन् । आफ्ना जातका उत्पन्न भएका स्त्रीहरूबाट र आफ्नोभन्दा तल्लो जातमा उत्पन्न भएका स्त्रीहरूबाट जन्मिएका छ प्रकारका छोराहरू द्विजधर्मी (द्विजहरूको जस्तो धर्म) भएका हुन्छन् भनी मनुले छ प्रकारका छोराहरूमा द्विजधर्मिता

---

९३. मूलमा याज्ञवल्क्यस्मृतिका परिगणित धर्मशास्त्रका प्रयोजकहरूको उल्लेख गरिएको हो । आकर ग्रन्थहरूमा अरू पनि अनेकौं धर्मशास्त्रका प्रयोजक भएका प्रमाण उपलब्ध हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण्यां ब्राह्मणाज्जातः क्षत्रियायां च क्षत्रियात्। वैश्याज्जातश्च वैश्यायां त्रयो वर्णा द्विजातयः ।।
द्विजात्यां ब्राह्मणादेव क्षत्रियावैश्ययोः स्त्रियाम्। वैश्यस्त्रियां क्षत्रियाच्चोत्पन्नास्तु द्विजधर्मिणः ।।
उपनेया भवन्तीति प्रोक्तमेषां द्विजात्मताम्। न हि जात्यासमानत्वं सादृश्यस्यैव दर्शनात् ।।
[११५]कुल्लूकभट्यां निर्दिष्टमनुसृत्य समीरितम्। मनुप्रोक्तसमान्नायान्नैषोऽर्थस्तु प्रतीयते ।।

११५. मन्वर्थमुक्तावली, १०/४१ मनुः।

रहने तथ्य बताएका छन्। ब्राह्मणीमा ब्राह्मणबाट उत्पन्न भएका, क्षत्रियामा क्षत्रियबाट उत्पन्न भएका र वैश्यामा वैश्यबाट उत्पन्न भएका तीन वर्णलाई द्विजाति वा द्विज भनिन्छ। ब्राह्मणबाट द्विजस्त्रीहरूमा अर्थात् क्षत्रियकन्यामा र वैश्यकन्यामा यसै प्रकारले क्षत्रियबाट वैश्यकन्यामा उत्पन्न भएका सन्तान द्विजधर्मी (द्विजको जस्तो धर्म भएका) हुन्छन्। द्विजधर्मीहरूको पनि उपनयन संस्कार गर्नुपर्छ, त्यसैले उनीहरूमा द्विजातिता रहन्छ भनिएको हो। द्विजधर्मी सन्ततिहरूको द्विजसित समानता देखिएता पनि जातगत दृष्टिले समानता रहेको हुँदैन। कुल्लूक भट्टलाई आधार मानेर उक्त अर्थ गरिएको हो। मनुद्वारा भनिएको मूल पदावलीबाट भने उक्त अर्थ प्रतीत हुँदैन।[१४]

१४. प्रस्तुत अनुच्छेदमा केही पारिभाषिक पदावलीको प्रयोग गरिएको छ। जातिगत आधारमा विवाहलाई तीन प्रकारले विभाजन गर्न सकिन्छ। १. सवर्ण विवाह २. अनुलोम विवाह ३.प्रतिलोम विवाह। आफ्नै वर्णका स्त्रीहरूका साथमा गरिने विवाहलाई सवर्ण विवाह भनिन्छ। सवर्ण विवाहबाट जन्मिएका सन्तान बुबा आमा जुन वर्णका हुन्छन् त्यसै वर्णका मानिएका छन्। आफ्नोभन्दा तल्ला वर्णका स्त्रीका साथमा गरिने विवाहलाई अनुलोम विवाह भनिन्छ। ब्राह्मणको क्षत्रियाका, वैश्याका र शूद्राका साथमा, क्षत्रियको वैश्याका र शूद्राका साथमा एवं वैश्यको शूद्राका साथमा हुने विवाह अनुलोम विवाह हो। यसप्रकारको विवाह शास्त्रद्वारा अनुमोदित छ। यसप्रकारका विवाहबाट उत्पन्न सन्तानलाई अनुलोम सन्तति भनिन्छ। अनुलोमको विपरीत प्रतिलोम हुन्छ। शूद्रको वैश्या, क्षत्रिया र ब्राह्मणीका साथमा, वैश्यको क्षत्रियाका र ब्राह्मणीका साथमा एवं क्षत्रियको ब्राह्मणीका साथमा हुने विवाह प्रतिलोम विवाह हो। यस्ता विवाहबाट उत्पन्न सन्तानलाई प्रतिलोम सन्तति भनिन्छ। प्रतिलोम विवाह शास्त्रद्वारा अनुमोदित छैन (निन्दित मानिएको छ)। अनुलोम एवं प्रतिलोम सन्तानलाई वर्णसङ्कर भनिन्छ। सामान्यतया वर्णसङ्करता शास्त्रमा र समाजमा पनि राम्रो मानिन्न। वर्णसङ्करलाई (अनुलोम एवं प्रतिलोम विवाहबाट उत्पन्न सन्तानलाई) मनुले अपध्वंसजा भनेका छन्। मिताक्षरामा अपध्वंसजाको अर्थ व्यभिचारजाता गरिएको छ।
प्रस्तुत अनुच्छेदमा नै द्विजधर्मी शब्दको प्रयोग भएको छ। सवर्ण र अनुलोम सन्ततिमा उत्पत्तिका आधारमा द्विजधर्मिता रहेता पनि उनीहरूमा द्विजत्व रहेको हुन्। आगामा र आगाजस्ता देखिने पदार्थमा भिन्नता हुन्छ नै। ब्राह्मण आदि तीन वर्णका सन्तानमा उत्पत्तिका समयमा द्विजधर्मिता रहेको हुन्छ र उपनयन पछि द्विजत्व प्राप्त हुन्छ। अन्य तीन अनुलोम सन्तानमा पनि द्विजधर्मिता रहेको हुन्छ। द्विजधर्मीहरूको उपनयन संस्कार गरिन्छ। उपनयन संस्कार भएता पनि असवर्णमा पूर्ण द्विजत्व रहेको हुन्न द्विजधर्मिता मात्र हुन्छ। केही पुस्ता पछि जन्म र कर्मका आधारमा उनीहरूमा पनि द्विजत्व प्राप्त हुन सक्छ भनी शास्त्रमा उल्लेख गरिएको छ। मनुले मूलमा **अनन्तरजा** शब्दको प्रयोग गरेका छन्। अनन्तरजाको सामान्य अर्थ अव्यवहित आफूभन्दा तल्ला वर्णका स्त्रीमा उत्पन्न अर्थात् ब्राह्मणबाट क्षत्रियामा, क्षत्रियबाट वैश्यामा, वैश्यबाट शूद्रामा उत्पन्न सन्तान भन्ने हुन्छ। मनुस्मृतिका मन्वर्थमुक्तावली टीकाका लेखक कुल्लूक भट्टले अनन्तरजाको अर्थ ब्राह्मणबाट क्षत्रियामा र वैश्यमा उत्पन्न एवं क्षत्रियबाट वैश्यामा उत्पन्न भन्ने अर्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सजातिजानन्तरजाः षट्सुता द्विजधर्मिणः । शूद्राणां तु सधर्माणः सर्वेऽपध्वंसजाः स्मृताः ।।
इति स्मृतं हि मनुना नात्र सोऽर्थः प्रतीयते । तस्मात्प्रकाश्यतेऽर्थस्तु यच्च शब्दात्प्रतीयते ।।
प्रामाण्यं स्थापितं धर्मे स्मृतेश्च श्रुतिकल्पनात् । [११६]**आचाराच्च स्मृतिं ज्ञात्वा सदाचारप्रमापकः ।।**

अस्माकं नेपालीयानां परम्परागत आचारः स्वरसतो मनुप्रोक्तशब्दप्रतीतार्थेन सङ्गच्छते । मनुना वै षण्णां सुतानां द्विजधर्मित्वं सजातिजानाम् अनन्तरासु जातानां चैकीकृत्य स्मृतम् । द्विजेषु ब्राह्मणस्य कृते ब्राह्मणी कन्या, क्षत्रियस्य कृते क्षत्रिया, वैश्यस्य कृते वैश्या सजातीयाः सम्पद्यन्ते । ब्राह्मणस्य कृते क्षत्रिया कन्या, क्षत्रियस्य कृते वैश्या, वैश्यस्य कृते शूद्रकन्या चानन्तरजातीयाः सम्पद्यन्ते । इत्येव च स्वारसिकोऽर्थो मनुशब्दलभ्यः । ब्राह्मणादिजातिस्तु स्मृतिलक्षणं यथास्मरणं भवति इत्यभिधाय जातेः स्मृत्युक्तत्वं [११७]निर्दिष्टं

---

११६. **आचाराच्च स्मृतिं ज्ञात्वा श्रुतिर्विज्ञायते ततः ।**- इति तन्त्रवार्तिकवचनम्, विस्तराटीका, जैमिनीयन्यायमाला, बलाबलाधिकरणम् ।

११७. मिताक्षरा, वर्णजातिविवेकप्रकरणम्, याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ९० श्लोकः ।

समान वर्णका कन्याबाट उत्पन्न भएका र आफूभन्दा तल्लो वर्णका कन्याबाट उत्पन्न भएका गरी छ प्रकारका छोराहरूलाई द्विजधर्मले युक्त भएका भनिन्छ । शूद्रबाट शूद्रकन्यामा त समानवर्णका सन्तान उत्पन्न हुन्छन् । स्ववर्णभन्दा इतर वर्णका स्त्रीहरूबाट उत्पन्न भएका सबै सन्तानलाई अपध्वंसक (विग्रिएका) सन्तान भनिएको छ । मनुले यही नै कुरा गरेका हुन् । कुल्लूक भट्टले जुन अर्थ गरे त्यो अर्थ शब्दबाट प्रकट हुँदैन । अतः शब्दबाट जुन अर्थ प्रतीत हुन्छ त्यही अर्थलाई प्रकाशित गरिन्छ । श्रुतिलाई आधार मान्ने भएकाले स्मृतिलाई धर्ममा प्रमाण मानिएको छ । सदाचार (सज्जनहरूद्वारा गरिने व्यवहार) बाट स्मृतिको ज्ञान गर्नुपर्छ । यसरी बुझिएको स्मृति नै सदाचारको प्रमापक हुन्छ ।[९५]

हामी नेपालीहरूको परम्पराबाट मान्दै आएको आचार स्वरसतः मनुद्वारा उल्लेख गरिएका शब्दहरूबाट प्रतीत हुने अर्थसित मिल्दो देखिन्छ । मनुले आफ्नै जातमा र आफ्नोभन्दा तल्लो जातमा उत्पन्न भएका छोराहरूलाई मिलाएर छ प्रकारका छोराहरूलाई द्विजधर्मी भनेका छन् । द्विजहरूमा पनि ब्राह्मणका लागि ब्राह्मणी कन्या, क्षत्रियका लागि क्षत्रिया कन्या र वैश्यका लागि वैश्या कन्या सजातीया हुन्छन् । ब्राह्मणका लागि क्षत्रिय कन्या, क्षत्रियका लागि वैश्यकन्या र वैश्यका लागि शूद्रकन्या अनन्तरजातीया हुन्छन् । यही नै मनुद्वारा प्रयोग गरिएका शब्दबाट बुझिने स्वाभाविक अर्थ हो । 'स्मृतिहरूमा गरिएका लक्षणअनुसार नै ब्राह्मण आदि जातिको निर्धारण हुन्छ' (या.स्मृ. १/९०

गरेका छन् । मूल पद्यावलीमा कुल्लूक भट्टका टीकाका आधारमा अर्थ गरिए तापनि मनुद्वारा प्रयुक्त पदावलीबाट उक्त अर्थ प्रतीत हुन्न भन्ने शोधप्रबन्धका लेखको तात्पर्य हो । यसै सन्दर्भमा नै प्रस्तुत शोधप्रबन्धमा शास्त्रीय चर्चा गरिएको छ ।

९५. **आचाराच्च स्मृतिं ज्ञात्वा श्रुतिर्विज्ञायते ततः ।**{'आचारबाट स्मृतिको ज्ञान गरिन्छ, त्यसपछि श्रुति जानिन्छ ।' उद्धृत उक्ति तन्त्रवार्तिकको पद्यांश हो, जैमिनीयन्यायमालाको यववराहाधिकरणको (१/३/५) विस्तरा टीकाबाट यहाँ साभार गरिएको हो । **द्रष्टव्यः**- भाष्यकारका मतमा यववराहाधिकरण भनिएको प्रस्तुत अधिकरणलाई वार्तिककारका मतमा पिलु अधिकरण भनिन्छ । }

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञानेश्वरेण । अस्माकमाचारश्च तमेवार्थमनुसरति । आचारश्च प्रत्यक्षमेवेति नात्र प्रमाणमाक्रमते । दृष्टं हि प्रत्यक्षमेव शूद्रायां द्विजोत्पन्नस्य कृतमुपनयनम् । निकृष्टक्षत्रियजातौ च तस्य शूद्रायां द्विजोत्पन्नस्य गणना क्रियते ।

ततश्च ब्राह्मणेनोढा शूद्रा कन्या षष्ठी सप्तमं ब्राह्मणं जनयति इत्यभिधानं विज्ञानेश्वरस्य सङ्गच्छते । [११८]विज्ञानेश्वरेण हि- **'ब्राह्मणेन शूद्रायामुत्पादिता निषादी, सा ब्राह्मणेनोढा दुहितरं कांश्चिज्जनयति सापि ब्राह्मणेनोढान्यां जनयतीत्यनेन प्रकारेण षष्ठी सप्तमं ब्राह्मणं जनयति ।'** इत्युक्तम् । **'अनिन्द्येषु विवाहेषु'** इत्युपक्रमाद् अत्र ऊढा (विवाहिता) इत्यर्थो लभ्यते ।

एवमेव **'करणी वैश्योढा पञ्चमं वैश्यम्'** इत्यभिधाय शूद्रायां वैश्यात्समुत्पन्नस्य वैश्यजात्युक्तेर्द्विजत्वं प्रतिपादितम् ।

ब्राह्मणेन, क्षत्रियेण, वैश्येन च शूद्रायामुत्पादिततया जन्मना तु सादृश्येन ब्राह्मणत्वम्, क्षत्रियत्वम्, वैश्यत्वमधिगतं भवति । न हि केवलेन जन्मना जातित्वाप्तेः सम्पूर्णत्वं सम्पद्यते । जन्मकर्मभ्यामेवोभाभ्यां संवलिताभ्यां जातौ सम्पूर्णत्वाप्तेः द्विजत्वापादनाय जन्मना सह कर्मणापि भाव्यम् । जन्मकर्मभ्यां द्विजातित्वाप्तिश्च **'शूद्रेण हि समस्तावद्यावद्वेदे न जायते ।'** (२/१७२) इति मनुसमाम्नायाद् ध्वन्यते । मनुना चैतद्वचनमुपनीतस्य

११८. मिताक्षरा, वर्णजातिविवेकप्रकरणम्, याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ९६ श्लोकः ।

मिता.)[९६] भनी विज्ञानेश्वरले जातित्वको निर्धारणका लागि स्मृतिमा प्रतिपादन गरिएका लक्षणलाई नै आधार मानेका छन् । हामीहरूको आचारले पनि त्यसै अर्थको अनुसरण गर्दछ । आचार प्रत्यक्ष हुन्छ, त्यसैले यसका लागि प्रमाणको आवश्यकता पर्दैन । व्यवहारमा पनि द्विजबाट शूद्रामा उत्पन्न भएका सन्तानको उपनयन संस्कार गरेको देखिएको छ । शूद्रा स्त्रीमा द्विजबाट उत्पन्न भएका सन्तानलाई निकृष्ट क्षत्रियजातिमा गणना गरिन्छ ।

मनुद्वारा प्रयुक्त शब्दबाट प्रतीत हुने उक्त अर्थ स्विकारेका अवस्थामा मात्र 'ब्राह्मणद्वारा विवाह गरिएकी छैटौं पुस्ताकी शूद्रा कन्याले सातौं पुस्तामा ब्राह्मणलाई जन्माउँछे' भन्ने विज्ञानेश्वरको कथनले मेल खान्छ । विज्ञानेश्वरले 'ब्राह्मणबाट शूद्रामा जन्मिएकी कन्या निषादी हुन्छे, त्यस कन्याले पनि ब्राह्मणका साथमा विवाहित भएर कुनै कन्या जन्माउँछे, त्यसले पनि ब्राह्मणद्वारा विवाहित भएर पुनः कन्या जन्माउँछे एवं क्रमले छैटौं पुस्तामा जन्मिएकी कन्याले सातौं पुस्तामा ब्राह्मणलाई जन्माउँछे' (या.स्मृ.१/९६ मिता.) भनेका छन् । **'अनिन्द्येषु विवाहेषु'** (या.स्मृ. १/९०) वाक्यको प्रकरण चलेको हुनाले प्रस्तुत प्रसङ्गमा ऊढा (विवाह गरिएकी) कन्याले भन्ने अर्थ निस्कन्छ । यसरी नै 'वैश्यद्वारा विवाह गरिएकी करणीले (वैश्यबाट शूद्रामा उत्पन्न कन्याले) पाँचौं पुस्तामा वैश्यलाई उत्पन्न गराउँछे' (या. स्मृ. १/९६ मिता.) भनी शूद्रामा वैश्यबाट उत्पन्न भएका सन्तान वैश्य हुन्छन् भनी द्विजत्व प्रतिपादन गरिएको छ ।

ब्राह्मणद्वारा, क्षत्रियद्वारा र वैश्यद्वारा शूद्रामा उत्पन्न भएको हुनाले जन्मका आधारमा सादृश्यले गर्दा ब्राह्मणत्व, क्षत्रियत्व र वैश्यत्व प्राप्त हुन्छ । मात्र जन्मका आधारमा प्राप्त भएको जातिता पूर्ण हुँदैन । जन्म र कर्म दुवै मिलेका अवस्थामा मात्र जातिमा पूर्णता आउँछ, अतः द्विजत्व प्राप्त गर्नका लागि जन्मका साथमा कर्म पनि हुनुपर्छ । जन्म र

९६. मूलमा **'ब्राह्मणादिजातिस्तु स्मृतिलक्षणा यथास्मरणं भवति'** (या.स्मृ. १/९० मिता.) भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाध्यायाध्ययनविधौ निर्दिष्टम् । **'न ह्यस्मिन् युज्यते कर्म किञ्चिदामौञ्जिबन्धनात् । नाभिव्याहारयेद् ब्रह्म०'** इत्यनेन मैञ्जिबन्धनपर्यन्तं वेदोच्चारणनिषेधात्, **कृतोपनयस्यास्य व्रतादेशनमिष्यते । ब्रह्मणो ग्रहणं चैव क्रमेण विधिपूर्वकम् ।।** इत्यनेन चोपनीतस्यैव वेदाध्ययनेऽधिकारदर्शनात् च स्वाध्यायाध्ययने उपनीतो ह्यधिकरोतीति नानुपनीतः । एतस्माच्च उपनयनसंस्कारान्तसंस्कारसंस्कृतस्य द्विजन्मनः सव्रतमनुष्ठितः स्वाध्यायो द्विजत्वापादक इत्यवगतं भवति ।

तस्मादनन्तरजस्य जन्मना द्विजत्वसादृश्याप्तिः । द्विजत्वाप्तिस्तु जन्मसंवलितकर्मसमन्वितस्य क्रमेण पञ्चमात् षष्ठात् सप्तमाच्च वत्सरात् ब्राह्मणेन क्षत्रियावैश्याशूद्रासूत्पन्नस्य ब्राह्मणत्वावाप्तिः, पञ्चमात् षष्ठाच्च क्षत्रियेण वैश्याशूद्रयोरुत्पन्नस्य क्षत्रियत्वावाप्तिः, पञ्चमाच्च वैश्येन शूद्रायामुत्पन्नस्य वैश्यत्वाप्तिश्च सम्पद्यते ।

एवं सति कुल्लूकभट्टेनोक्तौ मनुवचने स्थितस्य अनन्तरजशब्दस्यार्थः ब्राह्मणेन वैश्यायामुत्पन्न इति कथमुपपद्येत । चिन्तनीयमेतत् । ब्राह्मणवैश्ययोः क्षत्रियेणान्तरितत्वेनानन्तरितत्वाभावात् ।

कर्म दुवै भएका अवस्थामा मात्र द्विजत्व प्राप्त हुन्छ भन्ने कुरा **शूद्रेण०** 'जबसम्म वेदको अध्ययन गर्ने अधिकार प्राप्त हुँदैन (अथवा वेदरूप उपनयन संस्कारबाट उत्पन्न हुँदैन) तबसम्म शूद्रसमान नै हुन्छ' (मनु. २/१७२) भन्ने मनुको कथनबाट ध्वनित हुन्छ । मनुद्वारा उक्त कुरा उपनयन गरेका व्यक्तिद्वारा गरिने स्वाध्यायाध्ययन विधि बताउने सन्दर्भमा भनिएको हो । **न ह्यस्मिन्०** अर्थात् 'जबसम्म मौञ्जिबन्धन (मुञ्जको मेखला लगाउने कार्य अर्थात् उपनयन संस्कार) सम्पन्न हुन तबसम्म वटुकद्वारा कुनै वैदिककर्म गर्नु उचित हुँदैन; उपनयन नभएकालाई ब्रह्म (गायत्री/वेद) को उपदेश गर्न पनि मिल्दैन' (मनु. २/१७१-१७२) यस उक्तिद्वारा उपनयन संस्कार नहुँदासम्म वेदाध्ययन निषेध गरिएको हुनाले र **कृतोपनयनस्यास्य०** अर्थात् 'उपनयन संस्कार सम्पन्न भएका पुरुषलाई (समिधमाधेहि, दिवा मास्वाप्सीः जस्ता) व्रतको उपदेश गर्नुपर्छ, त्यसपछि क्रमशः विधिपूर्वक ब्रह्म (ब्रह्मगायत्री वा मन्त्रब्राह्मणात्मक वेद) को ग्रहण गराउनुपर्छ (उपनयन गर्नुभन्दा पहिले वेद पढाउन हुन्न)' (मनु. २/१७३) यस उक्तिद्वारा उपनयनसंस्कार सम्पन्न भएका व्यक्तिलाई मात्र वेदाध्ययन गर्ने अधिकार भएको देखिने हुनाले स्वाध्याय अध्ययनमा उपनीत व्यक्तिनै अधिकारी हुन्छ, अनुपनीत व्यक्ति अधिकारी हुँदैन भन्ने तथ्य सिद्ध हुन्छ । उक्त सन्दर्भबाट उपनयन संस्कारसम्मका संस्कारहरूद्वारा संस्कृत भएका द्विजहरूद्वारा व्रतहरूको पालना गर्दै गरिएको स्वाध्यायले नै द्विजत्व उत्पन्न गराउँछ भन्ने कुरा बुझिन्छ ।

अतः आफ्ना वर्णभन्दा तल्लो वर्णका स्त्रीहरूबाट उत्पन्न भएका सन्ततिमा जन्मका आधारमा द्विजको समानता प्राप्त हुन्छ । द्विजत्व प्राप्ति त जन्मसहित कर्मले युक्त भएका पुरुषलाई मात्र प्राप्त हुन्छ । ब्राह्मणबाट क्षत्रिय, वैश्य एवं शूद्र जातिका कन्यामा उत्पन्न भएका पुरुषलाई क्रमैले पाँचौं छौटौं र सातौं पुस्तामा ब्राह्मणत्व प्राप्त हुन्छ । क्षत्रियबाट वैश्यामा र शूद्रामा उत्पन्न भएका पुरुषलाई क्रमशः पाँचौं र छैटौं पुस्तामा क्षत्रियत्व प्राप्त हुन्छ र वैश्यबाट शूद्रामा जन्मिएका पुरुषलाई पाँचौं पुस्तामा वैश्यत्व प्राप्त हुन्छ ।

यस्ता अवस्थामा कुल्लूक भट्टले मनुस्मृतिमा रहेको अनन्तरजाशब्दबाट ब्राह्मणबाट वैश्यमा उत्पन्न भएको भनी गरेको अर्थ कसरी सङ्गत हुन सक्छ । अतः कुल्लूक भट्टको कथन चिन्तनीय छ । ब्राह्मण र वैश्य क्षत्रियद्वारा अन्तरित हुने भएकाले (ब्राह्मण र वैश्यका बीचमा क्षत्रिय आउने हुनाले) अनन्तरको (व्यवधान नभएको भन्ने कुराको) अभाव देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि शूद्रो द्विजातित्वं कथमपि नाप्नोतीति कुल्लूकभट्टेनाभिप्रेत्य **'सजातिजानन्तरजाः षट् सुता द्विजधर्मिणः ।'** इत्यत्र षट्त्वसङ्ख्याभिपत्तये अनन्तरजशब्देनान्तरजाया ग्रहणं कृतमित्युच्येत तर्हि- **'शूद्रायां ब्राह्मणाज्जातः श्रेयसा चेत्प्रजायते । अश्रेयान् श्रेयसीं जातिं गच्छन्त्यासप्तमाद्युगात् ।।'** इत्यनेन तथा- **शूद्रो ब्राह्मणतामेति** इत्यनेन च मनुवचनेन शूद्रस्य ब्राह्मणत्वाप्तिपर्यन्तत्वाभिधानं विरुद्ध्येत ।

इत्थं शूद्रस्य ब्राह्मणत्वाप्तिरपि निर्दिष्टा चेद् द्विजधर्मित्वाप्तिस्तु तस्मात् सुकरा एव ।

तस्मात् सजातिजानन्तरजाः षट् सुता द्विजधर्मिणः । इत्यत्र त्रयाणां वर्णानां सजातीयानाम् अनन्तरजातीयानां चोत्पन्नाः पुत्राः त्रिकद्वयात् षट्त्वमाप्नुवन्ति ।

यदि कुल्लूकभट्टेन युक्तिमवलम्ब्य वैश्येन शूद्रायामुत्पादितापेक्षया ब्राह्मणेन वैश्यायामुत्पादिताया अभ्यधिकत्वात् षट्सु द्विजधर्मिषु अन्तरितजस्यापि ग्रहणं कृतमित्युच्येन तर्ह्यपि नैषा युक्तिरभ्युपपन्ना ।

यदि ब्राह्मणस्याभ्यधिकत्वेन तत्कृतनिकृष्टकर्मस्वपि अभ्यधिकत्वं मन्येत तर्हि ब्राह्मणशूद्रयोः [११९]समाना-पराधे शूद्रस्य अष्टापाद्यम् अष्टगुणो दण्डः, ब्राह्मणस्य तु चतुष्षष्टिगुणो वा शतगुणो वा द्विगुणचतुःषष्टिगुणो वा

११९. ८/३३७ मनुः ।

शूद्रले कुनै पनि अवस्थामा द्विजत्व प्राप्त गर्न सक्दैन भन्ने धारणा बनाएर कुल्लूक भट्टले **'सजातिजानन्तरजाः षट् सुता द्विजधर्मिणः'** (मनु. १०/४१) यस प्रद्यांशबाट छवटा छोरा पुऱ्याउनका लागि अनन्तरजा शब्दको अन्तरजा (ब्राह्मणबाट वैश्यमा उत्पन्न भएका) भन्ने अर्थ गरेका हुन् भने **शूद्रायाम्०** 'ब्राह्मणबाट शूद्रामा (पारशव नामक वर्णकी) कन्या उत्पन्न हुन्छे । उक्त कन्याले ब्राह्मणबाट विवाहित भएर पुनः कन्यालाई नै उत्पन्न गराउँछे । एवं क्रमले उत्पन्न भएका कन्याहरूको ब्राह्मणका साथमा विवाह हुँदै गएमा अश्रेयस्कर पारशव (ब्राह्मणबाट शूद्रामा उत्पन्न निषाद) सातौं पुस्तामा श्रेयस्कर जातिलाई प्राप्त हुन्छ । (ब्राह्मणबाट निम्न जातकी शूद्रकन्यामा उत्पन्न भएका पुरुषका सातौं पुस्ताको सन्तान उच्च ब्राह्मण जातिमा परिणत हुन्छ)' (मनु. १०/६४)[९७] भन्ने पद्यसित, त्यसै प्रकारले- **शूद्रो ब्राह्मणतामेति** अर्थात् 'शूद्र पनि ब्राह्मण बन्दछ' (मनु. १०/६५) भन्ने पद्यांशद्वारा मनुले बताएको शूद्रको ब्राह्मणत्व प्राप्तिसम्मको प्रक्रियाको विरोध हुन जान्छ । यसरी शूद्रामा पनि ब्राह्मणत्व प्राप्त हुन सक्छ भनी देखाइएका अवस्थामा द्विजधर्मिता त सजिलै प्राप्त हुन्छ । अतः **'सजातिजानन्तरजाः षट् सुता द्विजधर्मिणः'** यस पद्यबाट तीनै वर्णका सजातीय तीन पुत्र र एक तह तल्लो वर्णमा उत्पन्न भएका तीन पुत्र गरी मिलाएर छ भन्ने अर्थ प्राप्त हुन्छ ।

कुल्लूक भट्टले युक्तिको आश्रय लिएर वैश्यबाट शूद्रामा उत्पन्न सन्तानका अपेक्षामा ब्राह्मणद्वारा वैश्यामा उत्पन्न सन्तानमा अधिकता रहन्छ भनी छ प्रकारका द्विजधर्मी पुत्रहरूमा व्यवहित भएर उत्पन्न भएका सन्तानको पनि ग्रहण

९७. प्रस्तुत पद्यमा प्रयुक्त पुंलिङ्ग पद वर्ण पदका र स्त्रीलिङ्ग पद जातिका विशेषण हुन् । श्रेयसा पदले ब्राह्मण भन्ने अर्थ दिन्छ । मेधातिथिव्याख्यामा भनिएको छ- श्रेयसेति यद्यप्युत्कृष्टजातिमात्रे वर्तते, तथापीह ब्राह्मणपदसन्निधानादुत्तरत्र च 'शूद्रो ब्राह्मणतामेति' इति वचनात् ब्राह्मण्यप्राप्तिः शूद्रवर्णस्य विज्ञेया । मन्वर्थमुक्तावली अनुसार मूल पद्यको अर्थ गरिएको छ । मेधातिथिका र कुल्लूकभट्टका भाष्यमा सूक्ष्म अन्तर देखिन्छ । मेधातिथि भाष्यमा प्रसङ्गअनुसार शूद्रो ब्राह्मणतामेति भन्ने अर्थ गरिएको छ भने मन्वर्थमुक्तावलीमा पारशव ब्राह्मण बन्छ भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डः कर्तव्यः इत्यभिदधता मनुना विरोधः स्यात् । तस्मात् तदपि वक्तुं न पार्यते । समानापराधे ब्राह्मणस्याभ्यधिकनिकृष्टत्वमभ्युपगम्याभ्यधिकदण्डेन दण्डनीयत्वस्य कल्पितत्वात् ।

किं हि वचनं न कुर्यात् । वचनस्य कोऽतिभारः । **'सजातिजानन्तरजाः'** इत्यत्र ब्राह्मणक्षत्रिवैश्यानां सजातिजा ब्राह्मणक्षत्रियवैश्योत्पन्नाः, अनन्तरजाश्च ब्राह्मणस्य क्षत्रियाः, क्षत्रियस्य वैश्याः, वैश्यस्य शूद्रा एव भवन्तीति एतत्त्रिकद्वययुक्ता एव षट् सुता द्विजधर्मिणः प्रतीयन्ते । एवं सति-

[१२०]**स्त्रीष्वनन्तरजातासु द्विजैरुत्पादितान् सुतान् । सदृशानेव तान्नाहुर्मातृदोषविगर्हितान् ।।** इत्यनेन मनुवचनेनोक्तोऽप्यर्थोऽनुगृहीतो भवति ।

तेषां षण्णां द्विजधर्मवतां द्विजसादृश्याभिधानात् [१२१]**'वर्णास्त्वाद्यास्त्रयो द्विजाः'** इति याज्ञवल्क्य-स्मृतेस्त्रयाणामेव द्विजत्वावगमात् ब्राह्मणक्षत्रियविशां द्विजत्वमक्षतम् ।

---

१२०. १०/६ मनुः ।

१२१. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः १० श्लोकः ।

गरेका हुन् भन्ने हो भने पनि यो युक्ति त्यति उपयुक्त प्रतीत हुँदैन । ब्राह्मणमा उत्कृष्टता रहन्छ, त्यसैले ब्राह्मणद्वारा गरिएका निकृष्ट कर्म पनि उत्कृष्ट नै हुन्छन् भनी स्वीकार गर्ने हो भने '(चोरी गर्ने रूपी) अपराध समान भएका अवस्थामा पनि (चोरीका गुण दोष जान्ने) शूद्रलाई (सामान्य चोरलाई दिने दण्डभन्दा) आठ गुना बढी दण्ड दिनू, (यसै प्रकारले चोरीका गुण दोष जान्ने) ब्राह्मणलाई (सामान्य चोरलाई दिने दण्डभन्दा) चौसट्ठी गुना, अथवा सय गुना अथवा एक सय अट्ठाइस (चौसट्ठीका दोबर) गुना दण्ड दिनू' (मनु. ८/३३७-३३८) भन्ने मनुको कथनसित विरोध हुन आउँछ । त्यसैले ब्राह्मण उत्कृष्ट भएकाले ब्राह्मणबाट शूद्रामा उत्पन्न भएको सन्तानभन्दा ब्राह्मणबाट क्षत्रियामा उत्पन्न भएको सन्तान उत्कृष्ट हुन्छ भन्ने तर्क पनि मेल खाँदैन । समान प्रकृतिको अपराध हुँदा पनि ब्राह्मणद्वारा गरिएको अपराधलाई अधिक निकृष्ट मानेर धेरै दण्ड दिनु पर्ने व्यवस्था गरिएको हुनाले उक्त तर्क अस्वीकार्य हुन्छ ।

शब्दबाट के नै अर्थ निस्कन्न र । वाणीमा के नै ठूलो भार हुन्छ र । अतः **'सजातिजानन्तरजाः'** यस पद्यांशमा विद्यमान सजातिजाबाट ब्राह्मण, क्षत्रिय र वैश्यबाट आफ्नै वर्णका कन्याहरूमा उत्पन्न भएका ब्राह्मण, क्षत्रिय र वैश्यरूप सन्तान एवं अनन्तरजाबाट ब्राह्मणबाट क्षत्रियामा, क्षत्रियबाट वैश्यामा र वैश्यबाट शूद्रामा उत्पन्न भएका सन्तान नै बुझिन्छन् । यसरी तीन तीन छ (३+३=६) गरी छप्रकारका छोराहरू द्विजधर्मी हुन्छन् भन्ने प्रतीत हुन्छ । यस प्रकारको अर्थ स्विकार्ने हो भने **स्त्रीष्वनन्तरजातासु०** अर्थात् 'द्विजहरूद्वारा आफूभन्दा तल्ला जातका स्त्रीहरूमा जन्माइएका छोराहरू आमाका दोषका कारण गर्हित भएता पनि द्विजसमान नै मानिन्छन्'[९८] (मनु. १०/६) भन्ने मनुस्मृतिको पद्यबाट निस्कने अर्थ पनि अनुगृहीत हुन्छ ।

---

९८. प्रस्तुत पद्यको भाष्य मन्वर्थमुक्तावलीमा यसरी गरिएको छ- **आनुलोम्येनाव्यवहितवर्णजातीयासु भार्यासु द्विजातिभिर्ये उत्पादिताः पुत्राः, यथा ब्राह्मणेन क्षत्रियायाम्, क्षत्रियेण वैश्यायाम्, वैश्येन शूद्रायां तान् मातुर्हीनजातीयत्वदोषाद्गर्हितान् पितृसदृशान् न तु पितृसजातीयान् मन्वादय आहुः । पितृसदृशग्रहणान् मातृजातेरुत्कृष्टाः पितृजातितो निकृष्टा ज्ञेयाः ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्विजानां मन्त्रपूर्वकः संस्कारः

द्विजन्मनां शरीरस्य संस्कारो मन्त्रप्रयुक्तवैदिककर्मभिः समनुष्ठेयः । शास्त्रोक्तविधिना समनुष्ठिताः संस्कारा ऐहिकमभ्युदयं पारलौकिकं च निःश्रेयसं प्रयुञ्जते । [१२२]मनुना हि-

वैदिकैः कर्मभिः पुण्यैर्निषेकादिर्द्विजन्मनाम् । कार्यः शरीरसंस्कारः पावनः प्रेत्य चेह च ॥

इत्यभिधाय सविधिकं संस्कारस्य समनुष्ठानं विधाय संस्कारप्रयोजनं च निर्दिष्टम् ।

तत्र गर्भादानादिव्रतबन्धपर्यन्तानां संस्काराणां मातापितृगतरजोवीर्यसमुद्भवदोषमार्जनम्, तदनन्तरविधेयानां स्वाध्यायादिसंस्काराणां शरीरस्य ब्रह्मप्राप्तियोग्यत्वापादनं च प्रयोजनं मनुनैव समाम्नातम् । तादृशानां संस्काराणां स्वरूपप्रयोजननिरूपणस्य सामाजिकोपयोगित्वात् प्रथमं स्वरूपं विविच्यानन्तरं प्रयोजनमुपस्थाप्यते ।

संस्कारलक्षणम्

[१२३]**'संस्कारो नाम आत्मशरीरान्यतरनिष्ठो विहितक्रियाजन्यातिशयविशेषः ।'** इति हि संस्कारलक्षणं नित्यानन्देन विहितम् ।

---

१२२. २/२६ मनुः ।

१२३. संस्कारदीपकः. द्वितीयभागः, पृष्ठम् १ ।

द्विजका केही धर्मले युक्त भएका छ प्रकारका छोराहरूमा द्विजको समानता रहेको हुन्छ भनिएको हुनाले र **वर्णास्त्वाद्यास्त्रयो द्विजाः** अर्थात् 'चार वर्णमध्ये पहिलेका तीन वर्ण द्विज हुन्' (या.स्मृ. १/१०) भन्ने याज्ञवल्क्यस्मृतिको उक्तिबाट ब्राह्मण आदि तीन वर्णलाई मात्र द्विज भनिने तथ्य अवगत हुने भएकाले ब्राह्मण, क्षत्रिय एवं वैश्यको द्विजत्वमा कुनै क्षति हुँदैन अर्थात् उनीहरूको द्विजत्व कुनै प्रकारले बाधित हुँदैन ।

द्विजहरूको संस्कार मन्त्रपूर्वक हुन्छ-

द्विजातिहरूका शरीरको संस्कार मन्त्रोच्चारण गर्दै गरिएका वैदिककर्महरूद्वारा सम्पन्न गर्नुपर्छ । शास्त्रमा बताइएका विधिद्वारा सम्पन्न गरिएका संस्कारहरूले यस संसारमा अभ्युदय गराउने र परलोकमा कल्याण गर्ने (मोक्ष उपलब्ध गराउने) कार्य गर्दछन् । मनुले पनि **वैदिकैः कर्मभिः०** अर्थात् 'पुण्योत्पादक वैदिक कर्महरूद्वारा द्विजातिहरूका गर्भाधानदेखिका शारीरिक संस्कारहरू सम्पन्न गर्नुपर्छ, यसरी शरीरसंस्कार गर्नाले (यागादिफलसित सम्बन्ध हुने भएकाले) मरणोपरान्त परलोकमा र (वेदाध्ययनादि अधिकार प्राप्त हुने भएकाले) यस लोकमा समेत पावन (पाप नष्ट गराउने कारण) हुन्छ' (मनु. २/२६) भन्दै विधिपूर्वक संस्कारहरू सम्पन्न गर्नुपर्ने विधान गरेका छन् र संस्कारको प्रयोजन पनि बताएका छन् । गर्भाधानदेखि उपनयनसम्म गरिने संस्कारको प्रयोजन मातापिताका रज एवं वीर्यबाट उत्पन्न दोषको अपनयन हो भने उपनयन पछि गरिने स्वाध्याय आदि संस्कारहरूको प्रयोजन आफ्नो शरीरलाई ब्रह्मप्राप्तिको योग्य बनाउनु हो भनी (मनु. २/२७-२८) मनुले नै भनेका छन् । यस प्रकारका संस्कारहरूको स्वरूप निरूपण एवं प्रयोजन प्रदर्शन समाजका लागि उपयोगी हुने भएकाले पहिले संस्कारको स्वरूप र त्यसपछि संस्कारको प्रयोजन देखाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मशरीरगतदोषानपनीय गुणाधानात्मकानां क्रियाविशेषाणां संस्कारत्वमेतस्माल्लक्षणादवगतं भवति। [१२४]संस्कारगणपतिकारेणाप्येवमेवोक्तम्।

संस्कारभेदाः

संस्काराणां भेदस्य सम्बन्धे आचार्यैर्विभिन्ना भेदाः प्रदर्शिताः। तेषां विवरणमतः परं प्रस्तूयते।

संस्कारस्य भेदद्वयम्

[१२५]संस्कारगणपतिकारेण संस्काराणां द्वेधा विभागः कृतः। गर्भाधानमारभ्य समावर्तनपर्यन्तानां संस्काराणां ब्राह्मसंस्कारत्वं पाकयज्ञादीनां दैवसंस्कारत्वमभिधाय ब्राह्मदैवाभ्यां भेदाभ्यां संस्काराणां द्विविधत्वं प्रदर्शितम्।

तत्र संस्कारेषु ये नाम संस्काराः शुद्ध्यापादका अधिकारोत्पादकाश्च सन्ति ते वै संस्कारा ब्राह्मसंस्काराः। ये च संस्कारा गुणानामाधायकाः सन्ति ते खलु संस्कारा दैवसंस्काराः। यथा-

१२४. संस्कारगणपतिः, १ काण्डम्, १ कण्डिका।

१२५. संस्कारगणपतिः, १ काण्डम्, {१ कण्डिका, पृ. ७}।

संस्कारको लक्षण-

'संस्कार भनेको आत्मा र शरीरमध्ये कुनै एकमा रहेका गुणविशेषमा शास्त्रद्वारा विधान गरिएका क्रियाहरूद्वारा अतिशयता उत्पन्न गराउनु हो' (सं.दी., द्वि.भा., पृ. १) भनी नित्यानन्दले संस्कारको लक्षण गरेका छन्।[९९] यस लक्षणबाट आत्मामा र शरीरमा रहेका दोषलाई टाढा हटाएर त्यसमा गुणाधान गर्ने क्रियालाई संस्कार भनिन्छ भन्ने तथ्य अवगत हुन्छ। संस्कारगणपति नामक पुस्तकका लेखकले पनि यही कुरा गरेका छन् (सं.ग. १/१)।[१००]

संस्कारका भेद-

संस्कारका भेदका सम्बन्धमा आचार्यहरूले विभिन्न धारणा राखेका छन् र अनेकौँ भेद देखाएका छन्। तिनीहरूको विवरण क्रमशः अग्रिम प्रकरणमा दिइन्छ।

दुई प्रकारका संस्कार-

संस्कारगणपतिका लेखकले संस्कारहरूलाई दुई भागमा विभाजन गरेका छन्। गर्भाधानदेखि लिएर समावर्तनसम्मका संस्कार ब्राह्मसंस्कार हुन् भने पाकयज्ञ आदि देवसंस्कार हुन् भनी उनले ब्राह्म र दैव गरी दुई प्रकारका भेद देखाएका

९९. एकाधिक आचार्यद्वारा रचित संस्कारदीपक नामका धर्मशास्त्रीय निबन्ध ग्रन्थहरू पाइन्छन् तापनि प्रस्तुत शोधप्रबन्धमा नित्यानन्द पन्त पर्वतीयद्वारा रचित संस्कारदीपक (द्वितीय भाग) को उद्धरण दिइएको छ। संस्कारदीपकको द्वितीयभागमा विवाह-गर्भाधानदेखि केशान्तसम्मका संस्कारहरूको निरूपण गरिएको छ।

१००. संस्कारगणपति पारस्करगृह्यसूत्रको विवरणात्मक ग्रन्थ हो। यस ग्रन्थमा पूर्वाचार्यहरूका भाष्य ग्रन्थ एवं स्मृति ग्रन्थहरूलाई आधार बनाएर पारस्करगृह्यस्त्रको व्याख्या गरिएको छ। पारस्करगृह्यसूत्रको विवरण भएकाले नै काण्डमा र कण्डिकामा विभक्त छ। कण्डिका भित्रका सूत्रलाई आरम्भमा दिएर प्रत्येक कण्डिकाको अलग अलग व्याख्या गरिएको छ। यसका लेखक रामकृष्ण हुन्छ। पारस्करगृह्यसूत्रको मर्म बुझ्न र त्यससित सम्बद्ध अन्य विषयको जानकारी प्राप्त गर्न प्रस्तुत ग्रन्थ अत्यन्त उपयोगी छ। (मूलमा भनिएको कुरा भावबाट मात्र अभिव्यक्त हुन्छ)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्वात्मसंस्कारः (जीवात्मसंस्कारः)

विहितानां क्रियाणां समनुष्ठानात्कश्चिदतिशयविशेषः समुत्पद्यते । स चातिशयविशेषो जीवात्म-शररीरात्मनोरन्यतरस्मिन् तिष्ठति ।

आत्मनस्त्रयः

[१२६]शरीरात्मा (देहात्मा) सत्त्वात्मा (अन्तरात्मा वा जीवात्मा) विशुद्धात्मा चेति त्रयो भेदा आत्मनः प्रतिपादिता दृश्यन्ते । तत्र तेषु त्रिषु भेदेषु सत्त्वात्मनः संस्कारो विधीयते । य एवात्मा अन्तरात्मा जीवात्मा चेत्युच्यते । अत्र आत्मनः संस्कार इति आत्मायतनानां संस्कारकारकतयाभिहितम् । [१२७]भूतभौतिकविग्रहः प्राणानां समुदायश्च आत्मायतनत्वेनाभिमतः ।

ये च संस्कारा आत्मायतनभूतस्य भूतभौतिकविग्रहस्य प्राणायतनानां च दोषपरिमार्जनात्मकाः, स्वस्त्ययनात्मकाः, गुणाधानात्मकाश्चेति पुनस्त्रिविधाः सम्पद्यन्ते ।

१२६. आशौचपञ्जिका, प्रतिज्ञाधिकारः, २ पृष्ठम् ।

१२७. आशौचपञ्जिका, प्रतिज्ञाधिकारः, ३ पृष्ठम्

छन् (सं.ग. १/१) । विभिन्न संस्कारहरू मध्ये जुन संस्कारले शरीरलाई शुद्ध बनाउने र अधिकार उत्पन्न गराउने गर्दछन् त्यस्ता संस्कारलाई ब्राह्मसंस्कार भनिन्छ । जुन संस्कारले आफूमा रहेका गुणलाई उत्कर्षमा पुऱ्याउने काम गर्दछन् तिनीहरूलाई दैवसंस्कार भनिन्छ । जस्तै-

सत्वात्मसंस्कार (जीवात्मसंस्कार)-

शास्त्रद्वारा विधान गरिएका क्रियाहरूको अनुष्ठानद्वारा कुनै (गुणगत) अतिशयता उत्पन्न हुन्छ । त्यो अतिशयविशेष जीवात्मा र शरीरात्मा मध्ये कुनै एउटा बस्दछ ।

तीन प्रकारका आत्मा-

शरीरात्मा (जसलाई देहात्मा पनि भनिन्छ), सत्त्वात्मा (जसलाई अन्तरात्मा, वा जीवात्मा भनिन्छ) र शुद्धात्मा गरी आत्माका तीनवटा भेद देखाएको पाइन्छ (आ.प., पृ. २) ।[१०१] उक्त तीन आत्मा मध्ये सत्त्वात्माको संस्कार गरिन्छ । यसै सत्त्वात्मालाई नै अन्तरात्मा र जीवात्मा भनिन्छ । आत्माको संस्कार भनी आत्माका निवासस्थानहरूको संस्कार गर्नुपर्छ भनिएको हो । प्राणीहरूको भौतिक शरीर एवं प्राणहरूको समुदाय आत्मायतन हुन्छ अर्थात् आत्माको आश्रयस्थान हुन्छ भनिन्छ । उक्त संस्कारहरू आत्माका आश्रयस्थानका रूपमा रहेका प्राणीहरूका भौतिकशरीरमा र प्राणसमूहका आश्रयस्थानमा विद्यमान दोषलाई परिमार्जन गर्ने स्वभाव भएका, कल्याण आपादन गर्ने स्वभाव भएका र गुणको आधान गर्ने स्वभाव भएका गरी तीन प्रकारका हुन्छन् ।

१०१. आशौचपञ्जिकाका लेखक मधुसूदनशर्मा (ओझा) मैथिल हुन् । आशौच सम्बद्ध विविध विषयमा विचार विश्लेषण गरिएको प्रस्तुत ग्रन्थ अध्याय एवं अधिकरणमा विभक्त छ र अधिकरण भित्र सिद्धान्तहरू प्रतिपादित छन् । शोधप्रबन्धको प्रस्तुत प्रकरणमा प्रथम अध्यायको प्रतिज्ञाधिकरण (शुद्धिसंस्कारादिस्वरूप) अन्तर्गतका विभिन्न सिद्धान्तहरूको वा सिद्धान्तका अंशहरूको उद्धरण दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोषमार्जनसंस्कारः

आलोकवती प्रज्ञा सर्वार्थसाधिका । तस्या अभावे सदसद्विवेकराहित्यादौचित्यानौचित्यविश्लेषणाभावेन आहारविहारादिव्यवहारेषु प्रयुज्यमानानां पदार्थानां हीनयोगमिथ्यायोगातियोगवशान्नियमतो ये शुभातिशयाः सत्वात्मनि (अन्तरात्मनि) आत्मायतनेषु च सञ्चियन्ते तदेव मलं (पापम्) स एव दोषः ।

आत्मायतनानामन्तरात्मनश्चापि प्रसादसिद्धौ आहारविहारादिषु प्रयुक्तानां पदार्थानां हीनयोगमिथ्यायोगातियोगजनिताशुभातिशयानां प्रतिबन्धकत्वात् तेन प्रकारेणोत्पन्नान् अशुभातिशयान् मलं दोषो वेति आचक्षते। तस्यैव दोषस्य परिमार्जनं दोषमार्जनसंस्कार इत्युच्यते ।

स च दोषमार्जनसंस्कारो दोषस्य पञ्चविधत्वात् पञ्चधा विभज्य निरूप्यते ।

१. शरीरगतमलमूत्रादेः शुद्धिः शरीरशुद्धिः ।

२. शय्याशनस्थानवसनभोजनपात्रादीनां शुद्धिर्द्रव्यशुद्धिः ।

३. सापिण्ड्यादिसम्बन्धसूत्रेण निबद्धानां जननमरणादिनिमित्तवशादुत्पन्नस्य अघस्य शुद्धिः आशौचशुद्धिः।

४. प्रज्ञापराधात् चारित्र्यदोषजनितस्यैनसः शुद्धिः पापशुद्धिः ।

दोषमार्जन-संस्कार-

प्रकाशले युक्त भएको प्रज्ञाले सबै उद्देश्य पूरा गराउँछ । उक्त गुणविशिष्ट प्रज्ञाको अभावमा राम्रो एवं नराम्रो भन्ने विचार विमर्श गर्न सकिँदैन । यो काम गर्नु उचित हो एवं यो काम गर्नु अनुचित हो भन्ने विश्लेषण गर्ने क्षमता पनि हुँदैन । अत एव आहार, विहार आदि व्यवहारमा प्रयोग गरिने पदार्थहरूका हीनयोग, मिथ्यायोग एवं अतियोगका कारणले नियमतः (स्वभावतः) सत्त्वात्मामा अर्थात् अन्तरात्मामा एवं आत्माका आश्रयस्थानका रूपमा विद्यमान शरीरमा जुन अशुभातिशय सञ्चित हुन्छ त्यही नै मल अर्थात् पाप हो र त्यही नै दोष हो । आत्माका आश्रयस्थानका (शरीरका) र अन्तरात्माका निर्मलता (स्वच्छता/निर्दोषता) का लागि- आहार विहार आदिमा प्रयोग गरिने पदार्थहरूमा रहेका हीनयोग, मिथ्यायोग एवं अतियोग आदिबाट उत्पन्न अशुभातिशय प्रतिबन्धक हुन्छ । (पदार्थका हीनयोग आदिले आत्मायतनलाई र अन्तरात्मालाई निर्मल बन्न दिँदैनन्) । त्यसैले नै पदार्थगत हीनयोगादिका कारण (शरीरमा र आत्मामा) उत्पन्न हुने अशुभातिशयलाई मल वा दोष भनिन्छ । त्यसै दोषलाई परिमार्जन गर्नु नै दोषमार्जन संस्कारको प्रयोजन हो । दोषहरू पाँच प्रकारका हुने भएकाले दोषमार्जन संस्कारलाई पाँच प्रकारले विभाजन गरेर देखाइन्छ ।

१. शरीरमा रहेका मलमूत्र आदिको शुद्धिलाई शरीरशुद्धि भनिन्छ ।

२. शय्या (खाट/खटिया/पलङ आदि) आशन (चटाइ/बिस्तरा आदि) स्थान (बस्ने ठाउँ धर आदि) वसन (लगाउने आदि कपडा), भोजन (खाद्य पदार्थ) एवं प्रयोग गरिने पात्र (भाँडा) आदिको शुद्धिलाई द्रव्यशुद्धि भनिन्छ ।

३. सपिण्ड आदि सम्बन्धसूत्रले बाँधिएका व्यक्तिहरूको जनन (जन्म) एवं मरण (मृत्यु) आदि कारणबाट उत्पन्न अघ (आशौच) को शुद्धिलाई आशौचशुद्धि भनिन्छ ।

४. प्रज्ञाका अपराघले (अज्ञानताले) चरित्रगत दोषका कारण उत्पन्न भएका पापको शुद्धिलाई पापशुद्धि भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. रजस्तमोगुणाधिक्याद् दूषितभावस्य शुद्धिः भावनाशुद्धिः।

इति दोषमार्जनसंस्कारः पञ्चविधः सम्पद्यते।

एभिः पञ्चविधैः शुद्धिसंस्कारैः संस्कृत्य पञ्चविधदोषपरिमार्जनाद् विशुद्धेऽन्तरात्मनि शरीरात्मनि वा गुणाधानाय कृतो यत्नः सफलो भवति। असंस्कृतेषु आहितोऽपि गुणो दोषायैव कल्पितोऽनर्थकारी च सम्पद्यते दोषोत्पादकत्वप्रतिबन्धकाभावात्। तस्माद् दोषमार्जनसंस्कारस्य यज्ञदानतपसां समनुष्ठानात् समुत्पन्नानां शुभातिशयानां फलत्वावाप्तये एवं दोषोत्पादकतत्त्वानां प्रतिबन्धनेनात्मानं निरूपद्रवमेकाकारतया स्थापनाय चोपयोगितया संस्कारोऽयं समनुष्ठेयः।

स्वस्त्ययनसंस्कारः

स्वस्त्ययनसंस्कारश्च दोषोत्पादकतत्त्वानां प्रतिबन्धको भूत्वा आत्मानं निरूपद्रवमेकाकारतया स्थापयति।

उपद्रवेणोद्विग्नात्मवान् न किञ्चिदपि कार्यं साधयितुं क्षमते। तस्मात्स्वस्त्ययनसंस्कारेण भाव्यम्। गर्भाधानाद्युपनयनपर्यन्तम्।

गुणाधानसंस्कारः

यज्ञेन, दानेन, तपसा च त्रिविधैः कर्मभिर्यदस्मिन् सत्त्वाख्येऽन्तरात्मनि शुभातिशयानां सञ्चयः सम्पद्यते स एव बलं स एव च गुणः। आत्मायतनानामात्मनश्च प्रसादसिद्धौ यज्ञदानतपसां प्रधानोपायत्वात् तेषां कर्मणां

---

५. रजोगुणको र तमोगुणको आधिक्यले दूषित भएका भावको शुद्धिलाई भावनाशुद्धि भनिन्छ।

यसरी दोषमार्जन संस्कार पाँच प्रकारको हुन्छ।

उपर्युक्त पाँचप्रकारका शुद्धिसंस्कारद्वारा शुद्ध बनाएर पाँचै प्रकारका दोषको परिमार्जन गर्नाले विशुद्ध भएको अन्तरात्मामा वा शरीरात्मामा गुणाधानको लागि गरिएको प्रयत्न सफल हुन्छ। असंस्कृत ठाउँमा आधान गरिएको गुण पनि दोषको उत्पादक हुन्छ भनिएको छ। दोषलाई उत्पन्न गराउने तत्त्वलाई रोक्ने साधन नहुने भएकाले असंस्कृत व्यक्तिमा गरिएको गुणाधान अनर्थकारी बन्दछ। अतः यज्ञ, दान एवं तपस्याको सम्यक् अनुष्ठानबाट उत्पन्न भएका शुभातिशयबाट फल प्राप्त गर्नका लागि र दोषोत्पादक तत्त्वहरूलाई प्रतिबन्धित बनाएर आत्मालाई निर्विघ्नरूपमा एकाकार बनाई स्थापना गर्नका लागि दोषमार्जन संस्कार अत्यन्त उपयोगी छ। त्यसैले यस संस्कारको अनुष्ठान गर्नुपर्छ।

स्वस्त्ययनसंस्कार-

स्वस्त्ययन संस्कारले दोष उत्पन्न गराउने तत्त्वहरूमा प्रतिबन्ध लगाएर आत्मालाई निर्विघ्नरूपमा एकाकार बनाएर राख्दछ। उपद्रवद्वारा उद्विग्न भएको व्यक्तिले कुनै पनि कार्य सम्पन्न गर्न सक्दैन। अतः गर्भाधानदेखि लिएर उपनयनसम्मका स्वस्त्ययन संस्कार अवश्य सम्पन्न गर्नुपर्छ।

गुणाधानसंस्कार-

यज्ञरूप, दानरूप एवं तपस्यारूप तीन प्रकारका कर्मद्वारा सत्त्वनामको अन्तरात्मामा जुन शुभातिशयको सञ्चय हुन्छ त्यही नै बल हो र त्यही नै गुण हो। यज्ञ, दान एवं तपस्या- आत्माका आश्रयस्थानहरूलाई र आत्मालाई समेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समनुष्ठानेनोत्पद्य सञ्चिताः शुभातिशया गुणा इत्युच्यन्ते । तेषां गुणानामाधानं हि दैवसंस्कारः । एवमेव [१२८]मधुसूदनशर्मणा मैथिलेनाप्युक्तम् ।

[१२९]नित्यानन्देन- कर्मान्तराधिकारेऽनुकूलतया, उत्पन्नदुरितमात्रनाशकतया च संस्काराणां द्वेधा विभागः कृतः । तत्र कर्मान्तराधिकारेऽनुकूलत्वमुपनयनजन्यस्य वेदाध्ययनाधिकारापादकत्वात्, जातकर्मादिजन्यस्य च वीजगर्भसमुद्भवेनोनिवर्हणत्वाद् उत्पन्नमात्रदुरितनाशकत्वं चोपदिष्टम् ।

नित्यानन्देनैव- ब्राह्मदैवयोर्भेदात् संस्काराणामपरोऽपि द्वेधा विभागः दर्शितः । हारीतवचनेन च प्रमाणीकृत्य गर्भाधानादिस्मार्तसंस्काराणां ब्राह्मसंस्कारत्वं पाकयज्ञहविर्यज्ञसोमयज्ञानां च देवसंस्कारत्वमपि अभिहितम् ।

[१३०]हरिहरेणापि ब्राह्मदैवयोर्भेदात् संस्काराणां द्विधा विभागो दर्शितः ।

ब्राह्मसंस्कारभेदाः

[१३१]नित्यानन्देन- जातूकर्ण्यवचनमुद्धृत्य ब्राह्मसंस्कारस्य षोडशभेदान् प्रदर्श्य, अङ्गिरोऽनुसारं पञ्च-विंशतिभेदाश्चोपस्थाप्य गौतमोक्ता अष्टाचत्वारिंशत् संस्काराश्चानूदिताः ।

तत्र जातुकर्ण्यवचनम्-

---

१२८. आशौजपञ्जिका, प्रतिज्ञाधिकारः ।

१२९. संस्कारदीपकः, द्वितीयो भागः, उपोद्घातप्रकरणम् ।

१३०. हरिहरभाष्यम् , पारस्करगृह्यसूत्रम्, द्वितीयः काण्डः, प्रथमी कण्डिका ।

१३१. संस्कारदीपकः, द्वितीयो भागः. उपोद्घातप्रकरणम् ।

निर्मल बनाउने प्रमुख साधन हुन् । त्यसैले उक्त यज्ञादि कर्मको अनुष्ठानद्वारा उत्पन्न भएर सञ्चित भएका शुभातिशयलाई गुण भनिन्छ । उक्त गुणहरूको आधान नै देवसंस्कार हो । यही कुरा मधुसूदन शर्मा मैथिलले पनि भनेका छन् (आ.प., प्रतिज्ञाधिकार, पृ.३) ।

नित्यानन्दले अन्य कर्ममा अधिकार प्राप्त हुने अनुकूलता सृजना गर्ने र उत्पन्न भएका दोषलाई निवारण मात्र गर्ने गरी संस्कारलाई दुई भागमा विभाजन गरेका छन् (सं.दी. २, पृ. १) । अन्य कर्महरूमा अधिकारको अनुकूलता सृजना गर्ने काम उपनयन संस्कारले गर्दछ । उपनयन संस्कार भएपछि वेदको अध्ययन गर्ने आदि अधिकार प्राप्त हुन्छ । जातकर्म आदि संस्कारहरूले बीजका र गर्भका कारण उत्पन्न भएका दोषलाई हटाउने कार्य गर्दछन् । त्यसैले यस्ता संस्कारलाई उत्पन्न मात्र भएका दोषहरूलाई नष्ट गराउने संस्कार भनिएको छ । नित्यानन्दले नै ब्राह्मसंस्कार र देवसंस्कार गरी संस्कारहरूको अर्को पनि विभाजन देखाएका छन् । उनले हारीतको उक्तिलाई प्रमाणका रूपमा उपस्थापन गरेर गर्भाधान आदि स्मार्त संस्कारहरू ब्राह्मसंस्कार हुन् र पाकयज्ञ, हवियज्ञ एवं सोमयज्ञ देवसंस्कार हुन् भनेका छन् (सं. दी. २, पृ. १) । हरिहरले पनि ब्राह्म एवं देव भेदले संस्कारहरूको दुई प्रकारको विभाजन देखाएका छन् (पा.गृ.सू. २/१/२४ ह.भा.) ।[१०२]

---

१०२. हरिहरभाष्यमा हारीतका उक्तिमा रूपमा उक्त ब्राह्म एवं दैव संस्कारको उल्लेख छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधानपुंसीमन्तजातनामान्नचौलकाः । मौञ्जीव्रतानि गोदानसमावर्तविवाहकाः ।।
अन्त्यं चैतानि कर्माणि प्रोच्यन्ते षोडशैव तु । शूद्राणां चैव भवति विवाहश्चान्त्यकर्म च ।। इति ।।

अङ्गिरास्तु एतानेव जातूकर्ण्योक्तान् षोडशसंस्कारानुक्त्वा- आग्रयणम्, अष्टकाः, श्रावणीकर्म, आश्वयुजीकर्म, प्रत्यवरोहणम्, दर्शश्राद्धम्, वेदारम्भः, वेदोत्सर्जनम्, प्रत्यक्षं क्रियमाणाः पञ्च महायज्ञा इत्येवं नवानन्यानुक्त्वा पञ्चविंशतिसंस्कारानाह । जातूकर्ण्यवचनोक्तगोदानान्त्यकर्मणी अनुक्त्वा तत्थाने बलिकर्मनिष्क्रमणे न्यवेशयत् ।

गौतमस्तु- गर्भाधानपुंसवनसीमन्तोन्नयनताजकर्मनामकरणान्नप्राशनचौलोपनयनम्, चत्वारि वेदव्रतानि, स्नानम्, सहधर्मचारिणीसंयोगः, पञ्चानां यज्ञानामनुष्ठानम्, अष्टकापार्वणश्राद्धश्रावण्याग्रहायणीचैत्र्याश्वयुजीति सप्त पाकयज्ञसंस्थाः, अग्न्याधेयम्, अग्निहोत्रम्, दर्शपूर्णमासौ, चातुर्मास्यानि, आग्रयणेष्टिः, निरूढपशुबन्धः, सौत्रामणीति सप्त हविर्यज्ञसंस्थाः, अग्निष्टोमोऽत्यग्निष्टोमः, उक्थ्यः, षोडशी, वाजपेयोऽतिरात्रः, आप्तोर्यामम्, इति सप्त सोमयज्ञसंस्था इत्येते चत्वारिंशत्संस्कारा इति ।

ब्राह्मसंस्कारका भेद-

निन्यानन्दले- जातूकर्ण्यको उक्तिलाई उद्धरण गरेर ब्राह्मसंस्कारका सोह्रवटा भेद देखाएका छन् । साथै उनले अङ्गिरा प्रतिपादित पच्चीसवटा संस्कार देखाएर गौतमद्वारा प्रतिपादन गरिएका अठचालीसवटा संस्कार पनि देखाएका छन् (सं. दी.२, उपोद्घात- पृ. १) । सोह्र संस्कार प्रतिपादन गर्ने जातूकर्ण्यको उक्ति यस्तो छ-

आधान० अर्थात्- 'गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, चूडाकर्म, मौञ्जीबन्धन (उपनयन), वेदव्रत (चार वेदका चार व्रत), गोदान, समावर्तन, विवाह एवं अन्त्यकर्म (यी सोह्र संस्कार हुन्) । उक्त सोह्र संस्कार मध्ये विवाह र अन्त्यकर्म शूद्रको पनि हुन्छ ।' अङ्गिराले जातूकर्ण्यद्वारा प्रतिपादित उपर्युक्त सोह्र संस्कारको उल्लेख गरी अन्य आग्रयण, अष्टका, श्रावणीकर्म, आश्वयुजीकर्म, प्रत्यवरोहण, दर्शश्राद्ध, वेदारम्भ, वेदोत्सर्जन एवं प्रत्यक्ष सम्पादन गरिने पाँच महायज्ञ समेत नौ संस्कार थपी पच्चीसवटा संस्कार बताएका छन् । जातूकर्ण्यद्वारा बताइएका सोह्र संस्कारभित्र पर्ने गोदान र अन्त्यकर्मको उल्लेख नगरी उक्त दुई संस्कारका ठाउँमा बलिकर्म संस्कार एवं निष्क्रमण संस्कार समावेश गरेका छन् । गौतमले- गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन, चूडाकरण, उपनयन, चारवटा वेदव्रत, स्नान, सहधर्मचारिणीसंयोग (साथै धर्माचरण गर्ने स्त्रीका साथमा योग अर्थात् विवाह), पाँच प्रकारका यज्ञको अनुष्ठान, अष्टका, पार्वण, श्राद्ध, श्रावणी (श्रावण शुक्लपूर्णिमामा गरिने स्नानादि), आग्रहायणी, (मङ्सिरमा गरिने विधि), चैत्र्य (चैत महिनामा गरिने कृत्य) र अश्वयुज् (आश्विन महिनामा गरिने विधि) गरी सात पाकयज्ञसंस्था, अग्न्याधेय, अग्निहोत्र, दर्शपूर्णमास (अमावस्या एवं पूर्णिमामा गरिने कृत्य), चातुर्मास्य (प्रत्येक चार महिनामा गरिने कर्म),[१०३] आग्रयणेष्टि, निरूढपशुबन्ध र सौत्रामणी (यज्ञविशेष) गरी सात प्रकारका हविर्यज्ञ, अग्निष्टोम,

---

१०३. सामान्यतया चातुर्मास्य भन्नाले आषाढ शुक्ल प्रतिपदादेखि कार्तिक शुक्ल पूर्णिमासम्म गरिने व्रत भन्ने अर्थ बुझिन्छ । प्रस्तुत प्रसङ्गमा भने चार चार महिनामा गरिने कर्म बुझ्नुपर्छ । प्रत्येक ऋतुका अन्तमा चातुर्मास्य गर्नुपर्छ भनिएको छ । वैदिक सन्दर्भमा चार महिनाको एउटा ऋतु मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथाष्टावात्मगुणाः-

दया सर्वभूतेषु, क्षान्तिरनसूया शौचमनायासः मङ्गलमकार्पण्यमस्पृहेति आत्मगुणैः सह अष्टाचत्वारिंशत्संस्कारानाह।

अनेनैव प्रकारेण [१३२]हरिहरः पारस्करगृह्यसूत्रभाष्ये [१३३]गोविन्दश्च पीयूषधारायामष्टाचत्वारिंशत्संस्कारानाहतुः। [१३४]महामहोपाध्यायेनामृतनाथझामहोदयेनापि गौतममतं सुमन्तुवचनं चोद्धृत्य संक्षेपेण संस्काराः प्रतिपादिताः।

तत्र जातुकर्ण्यवचनोक्तषोडशसंस्कारेभ्यो व्यासोक्तषोडशसंस्कारेषु भिन्नत्वमाप्यते। जातूकर्ण्योक्तसंस्कारा उपरि निर्दिष्टाः। व्यासेन निर्दिष्टाः संस्काराः [१३५]संस्कारगणपतिकारेणोद्धृताः। यथा-

---

१३२. हरिहरभाष्यम्, पारस्करगृह्यसूत्रभाष्यम्, द्वितीयकाण्डम्, प्रथमी कण्डिका।

१३३. पीयूषधारा, मुहूर्तचिन्तामणिः, संस्कारप्रकरणम्।

१३४. कृत्यसारसमुच्चयः, संस्कारकालनिरूपणप्र. १४० पृष्ठम्।

१३५. संस्कारगणपतिः, प्रथमं काण्डम्, पञ्चमी कण्डिका।

अत्यग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्याम गरी सात प्रकारका सोमयज्ञ यसरी जम्मा चालीस संस्कार हुन्छन् भनी बताएका छन्।[१०४]

आत्माका आठ गुण-

सबै प्राणीमा दया, सहनशीलता, अनसूया, अशोक, अनायास, मङ्गल, अकार्पण्य र अस्पृहा यी आठ आत्माका गुण हुन्। उक्त चालीस संस्कार सहित आत्माका आठ गुण मिलाएर समग्रमा अठचालीस संस्कार हुन्छन् भनी गौतमले भनेका छन्।

यसै प्रकारले हरिहरले पारस्करगृह्यसूत्रको भाष्यमा (पा.गृ.सू. २/१/२४ ह.भा.) र गोविन्दले पीयूषधारामा (मु.चि. टीकामा) (गौतमका मतमा) अठचालीस संस्कार हुन्छन् भनी देखाएका छन्। महामहोपाध्याय अमृतनाथ झाले पनि

---

१०४. प्रस्तुत सन्दर्भमा निम्न कुरा स्मरणीय हुन आउँछन्-

१. अग्निहोत्र, दर्शपौणमास, चातुर्मास्य, पशु र सोम- यी पाँचलाई प्रसिद्ध श्रौतयज्ञ भनिन्छ।

२. औपानसहोम, वैश्वदेव, पार्वण, अष्टका, मासिकश्राद्ध, श्रवणा, शूलगव- यी सातलाई पाकयज्ञसंस्था भनिन्छ।

३. अग्निहोत्र, दर्शपौर्णमास, आग्रयण, चातुमास्य, निरूढपशुबन्ध, श्रौतामणी, पिण्डपितृयज्ञादि र दर्विहोम- यी सातलाई हविर्यज्ञसंस्था भनिन्छ।

४. अग्निष्टोम, अत्यग्निष्टोम, उक्थ्य, षोडशी, वाजपेय, अतिरात्र र आप्तोर्याम- यी सातलाई सोमयज्ञसंस्था भनिन्छ।

५. स्मृतिमा उक्त सात पाकयज्ञसंस्था, सात हर्वियज्ञसंस्था र सात सोमयज्ञसंस्था गरी एक्काइस यज्ञको चर्चा पाइन्छ।

६. गौतमका मतमा परिगणित गर्भाधान आदि चौध संस्कार+ पाँच महायज्ञ+ सात पाकयज्ञसंस्था+ सात हविर्यज्ञसंस्था+ सात सोमयज्ञसंस्था गरी चालीस संस्कार हुन्छन् र उक्त चालीस संस्कारमा वक्ष्यमाण आत्माका आठ गुणलाई मिलाउँदा समग्रमा अठचालीस संस्कार हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च। नामक्रिया निष्क्रमोऽन्नप्राशनं वपनक्रिया ।।
कर्णभेदो व्रतादेशो वेदारम्भक्रियाविधिः। केशान्तः स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः ।।
त्रेताग्निसङ्ग्रहश्चैव संस्काराः षोडश स्मृताः। इति।

अत्र व्यासेन जातूकर्ण्यानिर्दिष्टा कर्णवेधनिष्क्रमणविवाहाग्निपरिग्रहत्रेताग्निपरिग्रहरूपाश्चत्वारः संस्काराः निर्दिष्टाः।

पुनश्च जातुकर्ण्येन चत्वारि वेदव्रतान्युक्तानि। व्यासेन तत्स्थाने वेदारम्भक्रियाविधिरूप एक एव संस्कारोऽभिहितः।

अपरश्च पुनः जातूकर्ण्येनोक्तोऽन्तेष्टिसंस्कारो व्यासेन नाभिहित इति जातूकर्ण्योक्तषोडशसंस्कारव्यासोक्त-षोडशसंस्कारयोर्भिन्नत्वमाप्यते।

स्मृतिचन्द्रिकाकारेणापि जातूकर्ण्यवचनमुद्धृत्य तदनुसारमेव षोडशसंस्कारा अभिहिता इति [१३६]वामनकाणे-ऽभिहितवान्।

केषाञ्चिद् ग्रन्थेषु पुनः पूर्वोक्तसंस्कारेभ्योऽतिरिक्तसंस्कारोल्लेखः समुपलभ्यते। यथा-

---

१३६. धर्मशास्त्र का इतितहास. प्रथमभाग १७८ पृष्ठम्।

गौतमका र सुमन्तुका कथनहरूको उद्धरण दिएर संक्षेपमा संस्कारहरूको प्रतिपादन गरेका छन् (कृ.सा.स.)।[१०५] व्यासले पनि सोह्र संस्कारको उल्लेख गरेका छन्। जातूकर्ण्यले उल्लेख गरेका सोह्र संस्कारमा र व्यासले उल्लेख गरेका सोह्र संस्कारमा भिन्नता देखिन्छ। जातूकर्ण्यद्वारा उल्लेख गरिएका सोह्र संस्कार माथि देखाइयो। व्यासद्वारा उल्लेख गरिएका सोह्र संस्कार संस्कारगणपतिका लेखकले (सं.ग. १/१) उद्धरण गरेका छन्। जस्तै-

गर्भाधानम्० अर्थात्- 'गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकरण, कर्णभेद, व्रतादेश, वेदारम्भ, केशान्त, स्नान (समावर्तन), विवाह, अग्निपरिग्रह, त्रेताग्निसङ्ग्रह गरी सोह्र संस्कार बताइएका छन्।' व्यासले जातूकर्ण्यद्वारा उल्लेख नगरिएका कर्णवेध, निष्क्रमण, विवाहाग्निपरिग्रह एवं त्रेताग्निपरिग्रह नामका चारवटा संस्कार देखाएका छन्। पुनश्च जातूकर्ण्यद्वारा बताइएका चारवटा वेदका व्रतहरूको उल्लेख गरेका छैनन्। अर्को कुरा जातूकर्ण्यद्वारा उल्लेख गरिएको अन्तेष्टिसंस्कारको पनि व्यासले उल्लेख गरेका छैनन्। त्यसैले जातूकर्ण्यद्वारा प्रतिपादित सोह्र संस्कारमा र व्यासद्वारा प्रतिपादित सोह्र संस्कारमा भिन्नता देखिएको हो। स्मृतिचन्द्रिकाका लेखकले पनि जातूकर्ण्यको कथनलाई उद्धृत गर्दै उनकै अनुसार सोह्र संस्कार बताएका छन् भनी वामन काणेले भनेका छन् (ध.शा.इ.,प्र.भा. पृ. १७८)।[१०६]

कतिपय लेखकका ग्रन्थहरूमा माथि उल्लेख गरिएका संस्कार बाहेकका संस्कारहरूको पनि उल्लेख गरिएको पाइन्छ। उदाहरणका लागि **पुरुषार्थचिन्तामणि**का लेखकले संस्कारहरू सम्पन्न गर्नुपर्ने समयको निर्देश गर्ने

---

१०५. **कृत्यसारसमुच्चय**मा गौतमद्वारा प्रतिपादित सबै संस्कारको उल्लेख गरिएको छैन।
१०६. भारतरत्न उपाधिद्वारा विभूषित वामन काणे **धर्मशास्त्र का इतिहास** नामक ग्रन्थका लेखका छन्। पाँच भागमा प्रकाशित प्रस्तुत ग्रन्थको पहिलो भागको पृष्ठ १७८ मा मूलमा उल्लिखित तथ्य प्रतिपादन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१३७]पुरुषार्थचिन्तामणिकारः संस्काराणामनुष्ठानकालस्य निरूपणप्रसङ्गे अनवलोभनं कर्म, पर्यङ्कारोहणम्, दुग्धपानम्, भूम्युपवेशनम्, अक्षरारम्भश्च समुपस्थाप्य गर्भाधानादिसंस्काराणामनुष्ठानकालनिरूपणेन सहैवेतेषामपि संस्काराणामनुष्ठानाङ्गभूतस्य कालस्य निरूपणं कृतवान्।

[१३८]हरिहरेण समुद्धृते सुमन्तुवचने निष्क्रमणाख्यः संस्कारः समुपलभ्यते। यो हि संस्कारः केषुचिद् वचनेषु नोपलभ्यते। यथोपरिनिर्दिष्टे गौतमवचनोक्तसंस्काराभिधाने जातूकर्ण्योक्तसंस्काराणामभिधाने च निष्क्रमणाख्यः संस्कारो नोपलब्धः।

[१३९]गदाधरेण स्वकीये पारस्करगृह्यसूत्रभाष्ये गर्गमतमनुसृत्य सावित्रव्रतम्, आग्नेयव्रतम्, शुक्रियव्रतम्, औपनिषद्व्रतम्, सौलभव्रतम्, गोदानव्रतं चोपपादितानि।

[१४०]विश्वनाथभाष्येऽपि गदाधरानुसारमेव सावित्रादिव्रतानामभिधानमुपलभ्यते।

[१४१]रामदैवज्ञेनापि दोलारोहणम्, भूम्युपवेशनम्, अक्षरारम्भः, विद्यारम्भः, कर्णवेधश्चेति संस्कारा उपर्युक्तगर्भाधानादिसंस्कारातिरिक्तसंस्कारा निर्दिष्टाः।

१३७. पुरुषार्थचिन्तामणिः, ४३२-४३७ पृष्ठानि।
१३८. हरिहरभाष्यम्, पारस्करगृह्यसूत्रभाष्यम्, द्वितीयं काण्डम्, प्रथमी कण्डिका।
१३९. गदाधरभाष्यम्, पारस्करगृह्यसूत्रभाष्यम्, द्वितीयं काण्डम्, ५ कण्डिका।
१४०. विश्वनाथभाष्यम्., पारस्करगृह्यसूत्रभाष्यम्, द्वितीयं काण्डम्, ५ कण्डिका।
१४१. मुहूर्तचिन्तामणिः, संस्कारप्रकरणम्, १४-३८ श्लोकः।

प्रसङ्गमा- अनवलोभन कर्म,[१०७] पर्यङ्कारोहण (खाटमा चड्ने वा सुत्ने), दुग्धपान (दूध खाने), भूम्युपवेशन (भुइँमा बस्ने) र अक्षरारम्भ (अक्षर लेख्न थाल्ने) संस्कारको उल्लेख गरेका छन्। गर्भाधान आदि संस्कार सम्पन्न गर्नुपर्ने समयको निर्देश गर्ने क्रममा उक्त संस्कारहरूका साथमा अनवलोभन आदि संस्कारका समेत अनुष्ठानका क्रममा अङ्गका रूपमा रहने समयको निर्देश गरेका छन् (पु. चि. ४३२-४३७ पृ.)।[१०८]

हरिहरद्वारा उद्धृत सुमन्तुको उक्तिमा निष्क्रमण नामको संस्कारको उल्लेख पाइन्छ (पा.गृ.सू.२/१ ह.भा., पृ. १८८)। यस संस्कारको चर्चा कतिपय आचार्यहरूद्वारा निर्दिष्ट संस्कारहरूमा भएको पाइँदैन। जस्तै- माथि उल्लेख गरिएका गौतमद्वारा बताइएका संस्कारहरूमा र जातूकर्ण्यद्वारा बताइएका संस्कारहरूमा निष्क्रमण संस्कार पाइँदैन। गदाधरले आफ्नो पारस्करगृह्यसूत्रको भाष्यमा गर्गका मतको अनुसरण गर्दै सावित्रव्रत, आग्नेयव्रत, शुक्रियव्रत, औपनिषद्व्रत, सौलभव्रत र गोदानव्रतको उल्लेख गरेका छन् (पा.गृ.सू.२/५ ग.भा., पृ. २३५-२३७)। विश्वनाथको भाष्यमा पनि गदाधरकै मतानुसार सावित्र आदि व्रतहरूको उल्लेख गरेको पाइन्छ (पा.गृ.सू.२/५ वि.भा., पृ. २३९-२४०)।

---

१०७. **आश्वलायनगृह्यसूत्र**अनुसार गर्भधारण भएको चौथो महिनामा र हेमाद्रिमा उद्धृत वैजवापगृह्यसूत्र अनुसार दोस्रो महिनामा अनवलोभन कर्म गरिन्छ भनी पुरुषार्थचिन्तामणिमा भनिएको छ (पृ. ४३२)।

१०८. **पुरुषार्थचिन्तामणि** विष्णु भट्टद्वारा रचित धर्मशास्त्रीय निबन्ध ग्रन्थ हो। कालमाधवका सन्दर्भमा हेमाद्रिद्वारा उद्धावित दोषको परिहार गर्ने उद्देश्य भएको प्रस्तुत ग्रन्थ कालमाधवकै शैलीमा रचिएको छ र आफैमा पूर्ण एवं प्रामाणिक छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१४२]पीयूषधाराकारेण अष्टाचत्वारिंशत्संस्काराणामुल्लेखाभिधानावसरे रामदैवज्ञोक्तसंस्कारकर्मणामुक्त-दोलारोहणादीनामुल्लेखो न कृतः।

[१४३]एवमेव वीरमित्रोदयात् समुद्धृत्य संस्कारगणपतिकारेण निर्दिष्टवचनेऽपि उक्तातिरिक्तसंस्काराणामुल्लेखो नोपलभ्यते।

स्रस्तरारोहणं कर्म

[१४४]पारस्कराचार्येण- पारस्करगृह्यसूत्रे स्रस्तरारोहणं (प्रत्यवरोहणम्) कर्म विहितम्। परं गौतमसुमन्त्वादीनां संस्कारोल्लेखे पारस्करोक्तस्य प्रत्यवरोहणकर्मणोऽभिधानं नोपलभ्यते।

---

१४२. पीयूषधारा, मुहूर्तचिन्तामणिः, संस्कारप्रकरणम्।

१४३. संस्कारगणपतिः, प्रथमं काण्डम्, प्रथमी कण्डिका।

१४४. पारस्करगृह्यसूत्रम्, तृतीयं काण्डम्, द्वितीया कण्डिका।

रामदैवज्ञले पनि माथि बताइएका गर्भाधान आदि संस्कार बाहेकका दोलारोहण, भूम्युपवेशन, अक्षरारम्भ, विद्यारम्भ र कर्णवेध नामका संस्कारहरूको उल्लेख गरेका छन् (मु.चि.,सं.प्र.,)।[१०९] पीयूषधाराका लेखकले अठचालीसवटा संस्कारको नाम बताउने क्रममा रामदैवज्ञद्वारा बताइएका उक्त दोलारोहण आदि संस्कारमा गरिने कृत्यहरूको चर्चा गरेका छैनन् (मु.चि., सं.प्र., पी.धा.)।[११०] यसै प्रकारले वीरमित्रोदयबाट उद्धृत गरी संस्कारगणपतिका लेखकले उल्लेख गरेका कथनमा पनि उक्त संस्कारभन्दा भिन्न अन्य संस्कारको उल्लेख पाइन्न।[१११]

स्रस्तरारोहण कर्म-

आचार्य पारस्करले पारस्करगृह्यसूत्रमा स्रस्तरारोहण कर्मका सम्बन्धमा बताएका छन् (पा.गृ.सू. ३/२)।[११२] गौतम र सुमन्तु आदिद्वारा बताइएका संस्कारहरूमा पारस्करद्वारा बताइएको स्रस्तरारोहण कर्मको उल्लेख भएको पाइन्न।

---

१०९. मूहूर्तचिन्तामणि श्रीरामदैवज्ञद्वारा लिखित विभिन्न अनुष्ठानका लागि आवश्यक पर्ने मुहूर्त निरूपण गर्ने प्रसिद्ध ग्रन्थ हो। मूलमा प्रतिपादित दोलारोहण देखि कर्णवेधसम्मका संस्कार मुहूर्तचिन्तामणिको संस्कारप्रकरणमा १४ देखि ३८ सम्मका विभिन्न श्लोकमा उक्त अनुष्ठान सम्पादनका अङ्गभूत मुहूर्त प्रतिपादन गर्ने क्रममा उल्लेख गरिएका छन्।

११०. पीयूषधारा गोविन्द ज्योतिर्विद्द्वारा लिखित मुहूर्तचिन्तामणिको प्रामाणिक संस्कृत टीका हो। मुहूर्तचिन्तामणिको संस्कारप्रकरणको आरम्भमा पीयूषधारा टीकाका लेखक गोविन्दले गौतमोक्त अठचालीस (४८) संस्कारको उल्लेख गरेका छन् तर उक्त अडाचालीस संस्कारमा मूलमा उल्लिखित दोलारोहण आदि पर्दैनन् भन्ने चर्चा गरेका छैनन् भन्ने तात्पर्य हो।

१११. संस्कारगणपतिमा वीरमित्रोदयबाट उद्धृत पद्यमा शोधप्रबन्धमा चर्चा नगरिएको बलिको कुरा आएको छ र बलिलाई विष्णुबलि भनी स्पष्ट्याइएको छ। **मुहूर्तचिन्तामणि**का अनुसार गर्भधारण गरेको आठौं महिनामा गर्भका रक्षका लागि विष्णुबलि गरिन्छ।

११२. पारस्करगृह्यसूत्रको तेस्रो काण्डको दोस्रो कण्डिकाको आरम्भमा आग्रयणेष्टिको चर्चा गरिएको छ। छैटौं सूत्रबाट स्रस्तरारोहण (प्रत्यवरोहण) कर्मको वर्णन गरिएको छ। संस्तरारोहणसित सम्बद्ध कर्म एवं जपविधि आदिको समेत चर्चा गरिएको छ। संस्तरारोहणपछि गरिने कर्म उत्सर्जनसम्म पालन गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१४५]नीत्यानन्देन समुद्धृते अङ्गिरोवचने तु पञ्चविंशतिसंस्कारेषु पारस्करोक्तं प्रत्यवरोहणं कर्म उपलभ्यते। कर्णवेधसंस्कारः स्वशब्दाभिहितः स्मार्तग्रन्थेषु न लभ्यते । [१४६]नित्यानन्देन कर्णवेधसंस्कारस्य आक्षेपलभ्यत्वं प्रतिपादितम्। तच्च- **वैणवीं धारयेद् यष्टिं सोदकं च कमण्डलुम्। यज्ञोपवीतं वेदं च शुभे रौक्मे च कुण्डले ।।** इत्यस्माद् वचनात्।

'दीक्षायां कुण्डली भवति' इत्यस्मात् श्रुतिवाक्याच्च कर्णवेधसंस्कार आक्षिप्तो भवतीति प्रतिपाद्य नित्यानन्देन कर्णवेधः संस्कारः षोडशसंस्कारान्तर्गत इति च निर्दिष्टम्।

[१४७]पुरुषार्थचिन्तामणिकारेण [१४८]मुहूर्तचिन्तामणिकारेण च कर्णवेधसस्कारस्तदनुष्ठानमुहूर्तश्चाभिहितः।

नेपालीसंस्कृतावपि कर्णवेधसंस्कारः परम्पराप्राप्त एव। कर्णवेधसंस्कारासंस्कृतस्य संस्कारहीनतयाशुचित्वं लोको मन्यते।

इत्थं संस्कारविषये विभिन्नार्षग्रन्थेषु निबन्धग्रन्थेषु च भिन्नाभिन्नत्वमुपलभ्यते। तथापि आर्षग्रन्थप्राचुर्यं लोकव्यवहारं चाधारीकृत्य- १. गर्भाधानम्, २. पुंसवनम्, ३. सीमन्तोन्नयनम्, ४. जातकर्म, ५. नामकरणम्, ६. निष्क्रमणम्, ७. अन्नप्राशनम्, ८. चूडाकरणम् ९. कर्णवेधः १०. उपनयनम्, ११. १२.१३.१४. चत्वारिवेदव्रतानि १५. समावर्तनम् १६. विवाह इत्येते षोडशसंस्काराः पर्यवस्यन्ति।

१४५. संस्कारदीपकः., द्वितीयभागः. उपोद्धातप्रकरणम्।
१४६. संस्कारदीपकः, द्वितीयभागः. उपोद्धातप्रकरणम्।
१४७. पुरुषार्थचिन्तामणिः, ४३५ पृष्ठम्।
१४८. मुहूर्तचिन्तामणिः, संस्कारप्रकरणम्, २४ श्लोकः।

नित्यानन्दद्वारा उद्धरण गरिएको अङ्गिराको उक्तिमा भने पच्चीस प्रकारका संस्कारहरूमा पारस्करद्वारा बताइएको प्रत्यवरोहण कर्म पनि पाइन्छ (सं.दी. २, उपो., पृ. १)। स्मृतिग्रन्थहरूमा कर्णवेधसंस्कारको स्वशब्दद्वारा उल्लेख गरेको पाइन्न। नित्यानन्दले कर्णवेध नामको संस्कार आक्षेपद्वारा बुझ्नुपर्छ भनेका छन्। **वैणवीम्.** 'बाँसको लौरो, पानी भरिएको कमण्डलु, यज्ञोपवीत (जनै), वेद र राम्रा सुनबाट बनाइएका कुण्डल धारण गर्नुपर्छ।' यस पद्यबाट कर्णवेधसंस्कार आक्षिप्त हुन्छ। पुनश्च **'दीक्षायां कुण्डली भवति'** अर्थात् 'दीक्षा लिने समयमा कुण्डल धारण गर्दछ' यस वेदवाक्यबाट पनि कर्णवेधसंस्कार आक्षिप्त हुन्छ भने कुरा बताएर नित्यानन्दले कर्णवेधसंस्कार सोह्र संस्कार भित्र पर्ने कुराको निर्देशन गरेका छन् (सं.दी. २, उपो. पृ. २)। पुरुषार्थचिन्तामणिका लेखकले (पु.चि. ४३५ पृ.) र **मुहूर्तचिन्तामणि**का लेखकले (मु.चि., सं.प्र.२४) कर्णवेध संस्कार र उक्त संस्कार सम्पन्न गर्नुपर्ने मुहूर्त बताएका छन्। नेपाली संस्कृतिमा पनि कर्णवेधसंस्कार परम्पराबाट प्राप्त हुँदै आएको छ। कर्णवेधसंस्कारद्वारा संस्कृत नभएको पुरुष संस्कारहीन हुने भएकाले समाजमा अपवित्र मानिन्छ।

यसरी संस्कारका सम्बन्धमा विभिन्न आर्षग्रन्थहरूमा र निबन्धग्रन्थहरूमा भिन्न भिन्न मत पाइन्छन्। तर पनि अत्यधिक आर्ष ग्रन्थहरूलाई र लोकव्यवहारलाई समेत आधार बनाउँदा १. गर्भाधान, २. पुंसवन, ३. सीमन्तोन्नयन, ४. जातकर्म, ५. नामकरण, ६. निष्क्रमण, ७. अन्नप्राशन, ८. चूडाकरण ९. कर्णवेध १०. उपनयन, ११. १२.१३.१४.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्वचिन्निष्क्रमणं परित्यज्य अन्त्येष्टिसंस्कारस्य ग्रहणमुपलभ्यते क्वचिच्च कर्णवेधसंस्कारं परित्यज्य केशान्तस्य (गोदानस्य) संस्कारस्य ग्रहणमुपलभ्यते।

उपरिनिर्दिष्टानुसारं प्रायशः एतेषामेव संस्काराणामुल्लेखस्य विधानात्तु मनुयाज्ञवल्क्ययोश्च स्मृत्योरपि उक्तानामेव संस्काराणामभिधानात् षोडशसंस्कारेषु एतेषां गणना कृता।

मनुनिर्दिष्टाः संस्काराः

द्विजन्मनां प्रेत्येह च पावनः शरीरसंस्कारो वैदिकैः पुण्यैः कर्मभिरनुष्ठेय इति [१४९]मनुना समाम्नाय, नालच्छेदात्पूर्वं जातकर्मणः समनुष्ठेयत्वं निर्दिश्य तत्र हिरण्येन (सुवर्णेन) समन्वितयोर्मधुसर्पिषोश्च प्राशनमभिहितम्।

[१५०]मनुना जातस्य बालस्य नामधेयं (न्वारन) दशम्यां द्वादश्यां वा तिथौ कार्यमथवा पुण्यतिथिनक्षत्रोपलक्षिते मुहूर्ते वा कार्यमिति नामधेयसंस्कारस्य कालो निर्दिष्टः। अत्र दशमीद्वादशीशब्दौ रात्रिवाचकौ। तस्माद् दशम्या रात्रेरनन्तरमेकादशदिवसस्योदयादेकादशे दिवसे नामकरणविधानपरम्परा नेपालीयसंस्कृतौ प्रसिद्धा।

---

१४९. २/२६ मनुः। २/२९ मनुः।

१५०. २/३० मनुः।

चारवटा वेदका अलग- अलग चार व्रत १५. समावर्तन र १६. विवाह गरी सोह्र संस्कार छन् भन्ने निष्कर्ष निस्कन्छ। कहीँ कहीँ निष्क्रमण संस्कारलाई छाडेर अन्त्येष्टि संस्कारको उल्लेख गरेको पाइन्छ भने कहीँ कहीँ कर्णवेधसंस्कारलाई छाडेर केशान्त (गोदान) संस्कार ग्रहण गरेको पाइन्छ। प्रायः गरेर माथि निर्देश गरिएका गर्भाधान आदि संस्कारको उल्लेख गरिने हुनाले र मनुस्मृतिमा एवं याज्ञवल्क्यस्मृतिमा समेत उक्त संस्कारकै उल्लेख पाइने हुनाले उक्त संस्कारहरूलाई नै सोह्र संस्कारमा गणना गरिएको छ।

मनुद्वारा निर्देश गरिएका संस्कारहरू-

मनुले द्विजातिहरूका मरेपछि (यागादिफलसित सम्बन्ध गराउने हुनाले) र यसै लोकमा समेत (वेदाध्ययनको अधिकार उत्पन्न गराउने हुनाले) पावन (पापक्षयका कारणभूत) गर्भाधान आदि शारीरिक संस्कार वैदिक पुण्योत्पादक कर्मद्वारा सम्पन्न गर्नुपर्छ (मनु. २/२६) भनेका छन्। उनले नाल काट्नुभन्दा पहिले जातकर्म संस्कार गर्नुपर्छ र त्यस समयमा नवजात शिशुलाई सुनयुक्त मह र घिउ खुवाउनु (चटाउनु) पर्छ (मनु.२/२९) भनेका छन्। मनुले जन्मिएका बालकको नामकरण (न्वारन) दसौं दिनमा अथवा बाह्रौं दिनमा गर्नुपर्छ, अथवा पुण्यतिथि एवं नक्षत्रले युक्त मुहूर्तमा गर्नुपर्छ (मनु. २/३०) भनी नामकरण संस्कारको समय बताएका छन्। यहाँ दसौं र बाह्रौं शब्दले रातलाई बुझाउँछ। त्यसैले दसौं रात बेतेपछि र एघार दिन आरम्भ भएपछि एघारौं दिनमा नै नामकरण गर्ने परम्परा नेपाली संस्कृतिमा प्रसिद्ध छ।[११३]

---

११३. **एकादशे द्वादशेऽह्नि०** जस्ता वाक्यद्वारा जन्मका दिनदेखि एघारौं दिनमा अथवा बाह्रौं दिनमा नामकरण गर्न सकिने विकल्प पाइन्छ तापनि प्रायः एघारौं दिनमा नै नामकरण गरिन्छ। उक्त दुई दिनमा नामकरण हुन नसकेका अवस्थामा मात्र पुण्य तिथि एवं नक्षत्रले युक्त मुहूर्तमा नामकरण गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिशोर्गृहान्निष्क्रमणं चतुर्थे मासि विहतम्। अन्नप्राशनं षष्ठे मासि अथवा कुलधर्मानुसारं यदाभीष्टं मङ्गलं च सम्पद्यते तदैव विधेयमित्यभिधाय [१५१]निष्क्रमणान्नप्राशनयोः कालो विहितः।

श्रुत्यैव समाम्नानात् द्विजातीनां सर्वेषामेव [१५२]चूडाकर्म स्वकीयकुलधर्मानुसारं प्रथमे तृतीये वा वत्सरेऽनुष्ठेयमिति समाम्नातम्।

[१५३]उपनयनं च ब्राह्मणस्य गर्भादष्टमे वत्सरे, क्षत्रियस्य एकादशे वत्सरे, वैश्यस्य पुनर्द्वादशे वत्सरेऽनुष्ठेयमिति तस्य काल आदिष्टः।

ब्राह्मणस्य षोडशे वर्षे, क्षत्रियस्य द्वाविंशतिवत्सरे, वैश्यस्य चतुर्विंशतितमे वत्सरे [१५४]केशान्तः संस्कारोऽनुष्ठेयत्वेन निर्दिष्टः।

गुरुकुलेऽध्युष्य षट्त्रिंशदाब्दिकमथवाष्टादशाब्दिकमथवा नवाब्दिकं वेदत्रयसम्बन्धिव्रतं समनुष्ठेयम्। अथवा स्वाध्यायग्रहणान्तं वेदत्रयसम्बन्धिव्रतं समनुष्ठेयमिति त्रैवेदिकं व्रतं समादिष्टम्।

यथासामर्थ्यं वेदत्रयम्, वेदद्वयमथवा एकमेवापि वेदमधीत्याखण्डितब्रह्मचर्यस्य वटोर्गृहस्थाश्रमे प्रवेशोऽनुमतः। एतेन अखण्डितब्रह्मचर्यं चरित्वा वेदाध्ययनं समाप्यैव [१५५]गृहस्थाश्रमप्रवेशो निर्दिष्टः।

१५१. २/३४ मनुः।
१५२. २/३५ मनुः।
१५३. २/३६ मनुः।
१५४. २/६५ मनुः।
१५५. ३/२ मनुः।

बालकलाई घरबाट बाहिर निकाल्ने काम चौथो महिनामा गर्नुपर्छ भनिएको छ। अन्नप्राशन (भात ख्वाइ) छैटौं महिनामा अथवा कुलपरम्परा अनुसार जहिले अभीष्ट मङ्गल समय हुन्छ त्यसै बेला गर्नुपर्छ भनिएको छ। यसरी निष्क्रमण र अन्नप्राशन संस्कारको समय बताइएको छ (मनु. २/३४)। वेदद्वारा नै निर्देश गरिएको हुनाले सबै द्विजातिहरूको चूडाकर्म आफ्नो कुलधर्मअनुसार पहिलो वा तेस्रो वर्षमा गर्नुपर्छ (मनु.२/३५)भनिएको छ। गर्भलाई आधार मानेर ब्राह्मणहरूको आठ वर्षमा, क्षत्रियको एघार वर्षमा र वैश्यको बाह्र वर्षमा उपनयन संस्कार गर्नुपर्छ[११४] (मनु. २/३६) भनी उपनयनसंस्कारको समय निर्धारण गरिएको छ। (गर्भलाई आधार मानेर) ब्राह्मणको सोह्र वर्षमा, क्षत्रियको बाइस वर्षमा र वैश्यको चौबीस वर्षमा केशान्तसंस्कार गर्नुपर्छ (मनु. २/६५) भनिएको छ।

गुरुकुलमा बसेर छत्तीस वर्षसम्म, अथवा अठार वर्षसम्म, अथवा नौ वर्षसम्म तीन वेदसम्बन्धी व्रतको अनुष्ठान गर्नुपर्छ। अथवा स्वाध्याय ग्रहण (आफ्नो शाखाको वेदको अध्ययन) गर्ने समयसम्म तीनै वेदसित सम्बद्ध त्रैवेदिकव्रतको अनुष्ठान गर्नुपर्छ (मनु. ३/१) भनिएको छ। आफ्नो सामर्थ्यअनुसार तीनै वेदको, अथवा दुइटा वेदको अथवा एउटा मात्रै वेदको अध्ययन गरेको एवं अखण्डित ब्रह्मचर्यले युक्त भएको वटुकलाई गृहस्थाश्रममा प्रवेश गर्ने अनुमति दिइन्छ (मनु.

११४. अन्यत्र **गर्भाष्टमेऽष्टमे वाब्दे** जस्ता उक्तिद्वारा गर्भदेखि वा जन्मदेखि आठ वर्षमा ब्राह्मणको, यसरी नै एघार र बाह्र वर्षमा क्रमशः क्षत्रियको र वैश्यको उपनयन गर्नुपर्छ भनिएको छ। प्रायः जन्मलाई आधार बनाएको पाइन्छ। मनुले भने गर्भलाई नै आधार मानेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरोरनुमतिमादाय विध्यनुसारं स्नात्वा समावृत्तस्य लक्षणसमन्वितायाः सवर्णायाः पाणिग्रहणविधिना {विवाहो वेधेय इति} [१५६]समावर्तनसंस्कारो विवाहसंस्कारश्च विहितः।

निषेकादिश्मशानपर्यन्तानां संस्काराणामनुष्ठानं यस्य मन्त्रोच्चारणपुरःसरं निर्दिष्टम्, तस्यैवास्मिन् धर्मशास्त्रेऽध्ययनाध्यापनक्रियानुष्ठानादिष्वधिकारो ज्ञेयः। नेतरेषामत्राधिकारः, इत्युक्त्वा गर्भाधानाद्यौर्ध्वदेहिकक्रियापर्यन्तानां [१५७]संस्काराणामभिधानात्, पञ्चमाध्याये च सप्तपञ्चाशत्श्लोकादुपक्रम्य नवोत्तरशततमश्लोकपर्यन्तेन सन्दर्भेणाभिहितशावाशौचकल्पेन चौर्ध्वदेहिकक्रियाभिधानाच्च अन्त्येष्टिसंस्कारस्यानुष्ठेयत्वेन निर्देशः कृतोऽभ्युपलभ्यते।

उपर्युक्तषोडशसंस्कारान्तर्गतसंस्कारेभ्योऽतिरिक्ताश्चत्वारिंशत्संस्कारन्तर्गता अपि संस्कारा मनुना समाम्नाताः समुपलभ्यन्ते।

यथा-

[१५८]शास्त्रोक्तविधिमनुसृत्य स्वाध्यायाध्ययननानुष्ठानेन ऋषीणां पूजनम् (तर्पणम्), होमयज्ञानुष्ठानेन देवानां पूजनम्, श्राद्धकर्मानुष्ठानेन पितॄणां पूजनम्, अन्नदानेनातिथिपूजनम्, बलिकर्मणा च भूतानां पूजनमपि गृहस्थस्य कृते नित्यतया निर्दिष्टम्।

---

१५६. ३/४ मनुः।

१५७. २/१६ मनुः।

१५८. ३/८१ मनुः।

३/२)। यसबाट अखण्डित ब्रह्मचर्यव्रतको धारण गरी वेदको अध्ययन समाप्त गरेपछि मात्र गृहस्थाश्रममा प्रवेश गर्नुपर्छ भन्ने निर्देश मिल्दछ। गुरुको अनुमति लिएर विधिअनुसार स्नान गरेर समावर्तन संस्कार गर्नुपर्छ। त्यसपछि मात्र सबै लक्षणले युक्त भएकी समान वर्णमा उत्पन्न भएकी कन्याका साथमा पाणिग्रहण विधिद्वारा विवाहसंस्कार गर्नुपर्छ (मनु. ३/४) भन्ने विधान गरिएको छ। उक्त कथनबाट समावर्तन संस्कारको र विवाह संस्कारको प्रतिपादन गरिएको छ।

गर्भाधानदेखि अन्त्येष्टिसम्मका जसका संस्कारहरू मन्त्रका उच्चारणका साथमा सम्पन्न गर्नुपर्छ भनी निर्देशन दिइएको छ तिनीहरूलाई नै धर्मशास्त्रको अध्ययन अध्यापन जस्ता क्रियाहरूको अनुष्ठान आदिमा अधिकार हुन्छ भनी जान्नुपर्दछ। अरूको (संस्कारहीन शूद्रादिको) धर्मशास्त्रमा अध्ययन अध्यापनादि अधिकार हुन्न (मनु. २/१६)। यसरी गर्भाधानदेखि और्ध्वदेहिक क्रियासम्मका संस्कारहरूको उल्लेख गरेर साथै पाँचौं अध्यायको सन्ताउन्न श्लोकबाट एक सय नौ श्लोकसम्मका सन्दर्भमा शावाशौचका रूपमा और्ध्वदैहिक क्रियाको प्रतिपादन गरेर मनुले अन्त्येष्टिसंस्कार गर्नुपर्छ भनी निर्देश गरेको पाइन्छ।

माथि बताइएका सोह्र संस्कार बाहेकका चालीस संस्कारभित्र पर्ने केही संस्कारहरूको पनि मनुले उल्लेख गरेको पाइन्छ। जस्तै- शास्त्रोक्त विधिको अनुसरण गरी स्वाध्यायाध्ययनको अनुष्ठानद्वारा ऋषिहरूको पूजा, होम-यज्ञको अनुष्ठानद्वारा देवताको पूजा, श्राद्धकर्मको अनुष्ठानद्वारा पितृहरूको पूजा, अन्नदानद्वारा अतिथिको पूजा एवं बलिकर्मद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतेषां स्वाध्यायाध्ययनहोमदेवपूजनश्राद्धानुष्ठानान्नदानबलिकर्मरूपाणां पञ्च यज्ञानामेव पञ्चमहा-यज्ञत्वमपि [१५९]मनुनैव निर्दिष्टम्। अध्ययनस्य (स्वाध्यायस्य) ब्रह्मयज्ञत्वम्, तर्पणस्य (श्राद्धस्य) पितृयज्ञत्वम्, होमस्य देवयज्ञत्वम्, बलेर्भूतयज्ञत्वम्, अतिथिपूजनस्य नृयज्ञत्वमपि च मनुनैव समाम्नानात् पञ्च महायज्ञस्य संस्कारत्वेन स्मृतमुपलभ्यते।

पञ्च महायज्ञानां [१६०]नित्यतया निर्देशश्च- ऋषियज्ञ-देवयज्ञ-भूतयज्ञ-नृयज्ञ-पितृयज्ञान् सर्वदा यथाशक्ति न हापयेत् (न परित्यजेत्) इत्यनेन वचनेन कृतः।

साग्निको विप्रोऽमावास्यायां पिण्डपितृयज्ञं विधाय पिण्डान्वाहार्यकं श्राद्धमपि कुर्यादिति स्मरता [१६१]पार्वण-यज्ञदर्शश्राद्धयोर्विधानं कृतम्।

[१६२]गृह्यसूत्रोक्तं कर्म (सायं प्रातर्होमः, अष्टका आदि), पञ्च महायज्ञानामनुष्ठानम्, प्रतिदिनं सम्पादनीयः पाकश्च गृहस्थाश्रमवासिना वैवाहिकेऽग्नौ सम्पादनीय इत्यभिधाय सायं प्रातरनुष्ठेयादिकर्मणामभिधानेन सहैव विवाहसमयस्याग्न्याधानकालत्वमपि स्मृतम्।

---

१५९. ३/७० मनुः।

१६०. ४/२१ मनुः।

१६१. ३/१२२ मनुः।

१६२. ३/६७ मनुः।

भूत (प्राणी) हरूको पूजा गर्नु गृहस्थहरूको नित्यकर्म हो (मनु. ३/८१) भनी निर्देशन गरिएको छ।[११५] उपर्युक्त स्वाध्यायाध्ययन, होम, देवपूजन, श्राद्धानुष्ठान, अन्नदान एवं बलिकर्म रूप पाँच यज्ञलाई नै पञ्चमहायज्ञ भनिन्छ (मनु. ३/६९-७०) भनी मनुले नै सङ्केत गरेका छन्। स्वाध्याय (अध्यापन समेत) लाई ब्रह्मयज्ञ, श्राद्ध तर्पण आदिलाई पितृयज्ञ, हवनलाई देवयज्ञ, बलिकर्मलाई भूतयज्ञ एवं अतिथिपूजनलाई नृयज्ञ (मनु. ३/६९-७०) भनी मनुले नै निर्देश भनेको हुनाले पञ्च महायज्ञलाई पनि संस्कारकै रूपमा स्मरण (ग्रहण) गरेको पाइन्छ। ब्रह्मयज्ञादि पाँच महायज्ञ नित्य सम्पन्न गर्नुपर्छ भने कुरा- 'ऋषियज्ञ, देवयज्ञ, भूतयज्ञ, नृयज्ञ एवं पितृयज्ञ आफ्नो सामर्थ्यअनुसार सधैँ गर्नुपर्छ, कहिल्यै त्याग गर्न हुँदैन' (मनु. ४/२१) यस कथनद्वारा प्रतिपादन गरिएको छ।

अग्निको आधान गरेको विप्रले (द्विजातिले) अमावस्यामा (औँसीमा) पिण्डपितृयज्ञ नामक कर्म सम्पन्न गरेर पिण्डान्वाहार्यक नामक श्राद्ध गर्नुपर्छ (मनु. ३/१२२) भनी मनुले पार्वणयज्ञ र दर्शश्राद्धको विधान गरेका छन्।[११६] गृह्यसूत्रमा बताइएको कर्म (बिहान-साँझ हवन, अष्टका आदि), पाँच महायज्ञान्तर्गत वैश्वेदवादिको अनुष्ठान, प्रत्येक

---

११५. सङ्केतित पद्यमा स्वाध्यायाध्ययन आदिलाई नित्यकर्म भनी उल्लेख गरिएको छैन तापनि अन्य पद्यहरूमा मूलोक्त तथ्य प्रतिपादन गरिएको छ। यहाँ शोधप्रबन्धअनुसार नै अर्थ गरिएको छ।

११६. पितृयज्ञ र पिण्डदान पछि गरिने श्राद्ध भएकाले पिण्डान्वाहार्यक श्राद्ध भनिएको हो। पितृयज्ञपिण्डानामनु प्रश्चादाह्रियते इति पिण्डान्वाहार्यकं श्राद्धम् भनी मन्वर्थमुक्तावलीमा भनिएको छ। यो नित्य श्राद्ध हो त्यसैले प्रत्येक महिनामा सम्पन्न गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१६३]रात्रिन्दिनस्य आद्यन्ते (सायं प्रातः) सदा अग्निहोत्रं जुहुयात्। अर्धमासान्ते दर्शयागेन अर्धमासान्त एव पौर्णमासयागेन च यजेत । अर्थात् मासस्य द्वयोः पक्षयोः कृष्णपक्षस्यान्तेऽमावास्यायां दर्शयागं कुर्यात् । शुक्लपक्षस्यान्ते पूर्णिमायां पौर्णमासयागं कुर्यादित्युक्त्या अग्निहोत्रहोमस्य दर्शपौर्णमासयोश्च यागयोर्विधानं कृतम्।

अत्र [१६४]मनुना **'दर्शेन चार्धमासान्ते पौर्णमासेन चैव हि'** इति स्मरणात् कृष्णपक्षस्य मासादित्वं शुक्लपक्षस्य च मासान्तत्वमेवेति तु न मन्तव्यम् द्वयोः पक्षयोर्मासादिमासान्तत्वस्य विकल्पश्रुतेः । **'सायम्प्रातर्जुहोति'** इत्यत्र यथा सायं हवनस्य प्राथमिकत्वेऽपि प्रातःकालस्यैव दिवसस्याद्यभागत्वान्न सायंकालस्य दिवसाद्यभागत्वं तथा मासस्यापि द्वयोर्विभागयोः शुक्लपक्षस्य पूर्वभागत्वं कृष्णपक्षस्य चापरभागत्वम् यत्राभ्युपपद्यते तत्रापि ब्राह्मणवैश्ययोर्विषयत्वेन व्यवस्थापना विधेयेति न तल्लिङ्गं प्रमाणम्।

यद्यपि **अमावास्यया मासान् सम्पाद्याहरुत्सृजन्त्यमावास्यया हि मासान् सम्पश्यन्ति, पौर्णमास्या मासान् सम्पाद्याहरुत्सृजन्ति पौर्णमास्या हि मासान् सम्पश्यन्ति** इति [१६५]अमावास्यापौर्णमासीवाक्याभ्यां

१६३. ४/२५ मनुः।

१६४. ४/२५ एव मनुः।

१६५. कालमाधवे उद्धृतम् (द्वितीये वत्सरप्रकरणे, मासनिर्णयशीर्षके, ४९ पृष्ठम्)।

दिन सम्पन्न गर्नुपर्ने पाक गृहस्थ आश्रममा बसेकाहरूले वैवाहिक (विवाहका समयमा आधान गरिएका) अग्निमा सम्पादन गर्नुपर्छ (मनु. ३/६७) भनिएको छ। उक्त उक्तिमा साँझ बिहानमा गर्नुपर्ने कृत्यको उल्लेख गर्नुका साथै विवाहसमय नै अग्न्याधानको समय हो भन्ने तथ्य प्रतिपादन गरिएको छ।

दिनको र रातको आदिमा र अन्तमा (अर्थात् बिहानमा र बेलुकामा) सधैँ अग्निहोत्र हवन गर्नू, आधा महिनाको अन्तमा दर्शयाग एवं आधा महिनाको अन्तमा पौर्णमास याग गर्नू। अर्थात् महिनाका दुई पक्षमध्ये कृष्णपक्षको अन्तिममा (अमावास्यामा) दर्शयाग गर्नू र शुक्लपक्षको अन्तमा (पूर्णिमाका दिन) पौर्णमासयाग गर्नू (मनु. ४/२५) भनी अग्निहोत्र हवनको र दुई प्रकारका यागको विधान गरिएको छ। यसै प्रसङ्गमा मनुले **दर्शेन०** अर्थात् 'आधा महिनाको अन्तमा दर्शयाग र पूर्णिमामा पौर्णमास याग गर्नुपर्छ' (मनु. ४/२५) भनेको हुनाले नियमतः कृष्णपक्ष महिनाको (चान्द्रमासको) आदि हुन्छ र शुक्लपक्ष महिनाको अन्त हुन्छ भनी सम्झिनु हुँदैन। दुवै पक्षलाई महिनाका आदि भाग र अन्त भाग मान्न सकिने विकल्प पाइन्छ। **'सायं प्रातर्जुहोति'** अर्थात् 'साँझमा र बिहानमा हवन गर्छ' यस वाक्यमा सायंकालिक हवनलाई प्राथमिकतामा राखिएको छ तापनि प्रातःकाललाई नै दिनको आरम्भ समय मानिने हुनाले सायंकाललाई दिनको आरम्भ भाग मान्न सकिन्न। अर्थात् बिहानलाई नै दिनको आरम्भ समय मान्नुपर्ने हुन्छ। यसै प्रकारले महिनाका दुई भागमध्ये शुक्लपक्षलाई पूर्वभाग र कृष्णपक्षलाई उत्तर भाग मान्नु पर्छ। यस तर्कलाई पनि स्वीकार गर्न सकिन्न। उक्त तर्क स्विकार्दा पनि ब्राह्मण र क्षत्रियका लागि (शुक्ल र कृष्णमध्ये कुन पक्षलाई मासादि मान्ने र कुन पक्षलाई मासान्त मान्ने भन्ने सम्बन्धमा) शास्त्रमा जे विधान गरिएको छ त्यही कुरा नै मान्नुपर्ने हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वयोः पक्षयोराद्यन्तत्वे विकल्पप्रतीतिः । तथा हि [१६६]**'दर्शान्तः पूर्णिमान्तो वा चान्द्रोऽसौ विप्रवैश्ययोः'** इति माधवाचार्येणोक्तत्वात् दर्शान्तो मासो विप्रस्य पूर्णिमान्तो मासो वैश्यस्येति सोऽयं विकल्पो व्यवस्थीयते।

चान्द्रमासस्य दर्शान्तत्वोपपत्तिः

यस्य कस्यापि पदार्थस्य आद्यन्तयोरवधारणं तत्पदार्थगतवृद्धिक्षयपक्षाभ्यामेव हि निश्चियते। उत्पन्नाङ्कुराः प्ररूढिमापद्यापक्षीयन्ते। उत्पन्नो बालो यौवनमासाद्यावसानेऽपक्षीयते। शिखरारूढा हि पदार्था निपतन्ति।

१६६. कालमाधवः, कारिका, उपोद्घातः।

'अमावास्यामा मासिक कार्य सम्पन्न गरेर अमावास्यामा नै दिनको उत्सर्जन गर्छन् र अमावास्याद्वारा नै महिनाहरू हेर्दछ। पूर्णिमामा मासिक कार्य सम्पन्न गरेर दिनको उत्सर्जन गर्छन् र पूर्णिमामा नै दिन हेर्छन्' (का.मा. २, मासनिर्णय, पृ. ४९)[११७] यस कथन प्रयोग गरिएका **अमावास्या०** र **पौर्णमासी०** भन्ने वाक्यबाट शुक्ल र कृष्ण दुवै पक्ष चान्द्रमासका आरम्भभाग (पूर्वार्ध) र अन्तभाग (उत्तरार्ध) हुने विकल्प प्रतीत हुन्छ । साथै- **दर्शान्तः०** अर्थात् 'ब्राह्मणहरूका लागि र वैश्यहरूका लागि अमावास्यामा समाप्त हुने र पूर्णिमामा समाप्त हुने चान्द्र महिना हुन्छ' (का. मा., उपोद्घात १७ कारिका)[११८] भनी माधवाचार्यले भनेको हुनाले ब्राह्मणहरूका लागि अमावास्यामा समाप्त हुने र वैश्यहरूका लागि पूर्णिमामा समाप्त हुने महिनाको विकल्प व्यवस्थित हुन्छ।

चान्द्रमास अमावास्यामा समाप्त हुन्छ भन्ने युक्ति -

कुनै पनि पदार्थको आदि र अन्त्य त्यसै पदार्थमा रहेका वृद्धि र क्षयरूपी दुई पक्षका आधारमा निश्चय गरिन्छ। आँकुरा उत्पन्न हुन्छन् बढ्छन् र अन्त्यमा नष्ट हुन्छन्। जन्मिएको बालक क्रमैले बढ्दै गएर युवा हुन्छ र अन्तमा वृद्धावस्थामा मृत्युलाई प्राप्त हुन्छ। शिखरमा (उत्कर्षमा) पुगेका पदार्थ तल झर्दछन् (पतित हुन्छन्)।

११७. कालमाधवको संवत्सरनिर्णय नामक द्वितीयप्रकरण अन्तर्गतको **'मासनिर्णयः'** शीर्षकमा मूलमा पठित श्रुत्यंशको उद्धरण गरिएको छ। श्रुत्यनुसार **उत्सर्गिणामयन** नामक एउटा सत्र छ। यो सत्र **गवानयन** सत्रको विकृति हो। अतः (प्रकृतिभूत सत्र बाह्रै महिना (एक वर्षसम्म) गरिने हुनाले विकृतिभूत सत्र पनि) बाह्रै महिना सम्पन्न गर्नुपर्छ। प्रकृतिभूत सत्रमा एउटा एउटा महिनाका तीस दिनसम्म तीसवटा सोमयागको अनुष्ठान हुन्छ। कुनै कुनै दिन सोमयाग गरिँदैन। विकृतिसत्रमा पनि यो नियम लागू हुन्छ। यसमा पनि प्रत्येक महिनामा एउटा एउटा सोमयाग छाडिन्छ। कुन दिन सोमयाग छाड्ने त भन्ने सन्दर्भमा मूलमा उल्लिखित श्रुत्यंश पढिएको हो। अमावस्यामा महिना पुग्ने यज्ञमा अमावस्या कै दिन पूर्वमासमा गर्नुपर्ने सम्पूर्ण कार्य सम्पन्न गरी अर्को महिनाको पहिलो दिन छाडिदिन्छन् (सोमयाग गर्दैनन्), यसरी नै पूर्णिमामा महिना पुग्ने यज्ञमा पूर्णिमाकै दिनमा पूर्वमासमा गर्नुपर्ने सम्पूर्ण कार्य सम्पन्न गरी अर्को महिनाको पहिलो दिन छाडिदिन्छन् (सोमयाग गर्दैनन्)। उल्लिखित श्रुत्यंशले अमावस्यामा पनि पूर्णिमामा पनि मासान्त कृत्य गरिने तथ्यको निर्देशन गरेको छ।

११८. मूलमा उद्धृत पद्यांश कालमाधवको उपोद्घातको १७ औं पद्यको अंश हो। उक्त पद्यांशमा वैश्यहरूका लागि पूर्णिमान्त मास हुन्छ भनिए तापनि कालमाधव कै मासनिर्णयमा उद्धृत पद्यबाट क्षत्रिय र वैश्य दुवैका लागि पूर्णिमान्त मास हुन्छ भन्ने बुझिन्छ। प्रस्तुत पादटिप्पणीद्वारा सङ्केतित पद्यांश बाहेक यस प्रकरणमा पठित पद्यांश कालमाधवको मासनिर्णयमा उद्धरण गरिएका पद्यांश हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चान्द्रमासस्य चन्द्र एव नियामकः । यत्र चन्द्रस्य प्रथमाद्वितीयादिकलाप्रवेशोपलक्षिता वृद्धिस्तस्य भागस्याद्यभागत्वम् । शुक्लपक्षे कलाभिवृद्ध्या प्ररूढिमासाद्य कृष्णे पक्षेऽपक्षयमाप्नोतीति चान्द्रमासस्य दर्शान्तत्वमुपपद्यते ।

[१६७]**'चान्द्रः शुक्लादिदर्शान्तः सावनस्त्रिंशता दिनैः ।'** इति ब्रह्मसिद्धान्तवचनमपि दर्शान्तत्वं प्रतिपादयति ।

श्रुतिश्च अमावास्यावाक्यं मासान्तप्रतिपादकं पूर्वमेवोपन्यस्तवान् ।

चान्द्रमासस्य पौर्णमासान्तत्वोपपत्तिः

पूर्णो मासो यस्यां सा पौर्णमासी इति व्युत्पत्तिलभ्यं मासस्य पौर्णमास्यन्तत्वम् । स्मृतिश्च-

[१६८]**'अश्वयुक्-कृष्णपक्षे तु श्राद्धं कार्यं दिने दिने'** इति माधवाचार्योद्धृतं स्मृतौ महालयप्रकरणपठितं वचनं प्रमाणम् । मासस्य दर्शान्तत्वे महालयश्राद्धस्य भाद्रपदपरपक्षान्तर्गतत्वेन **'अश्वयुक्-कृष्णपक्षे तु'** इत्यादिश्राद्धपक्षस्यानभिधेयत्वापातात् । तदभिधानाच्च पौर्णमास्यन्तत्वे प्रमाणमिदं वचनम् ।

श्रुतिश्च पौर्णमासीवाक्यं मासान्तप्रतिपादकं पूर्वमेवोपन्यस्तम् । तस्मादमान्तपूर्णिमान्तयोर्मासान्तत्वस्याभिधायकप्रमाणानां विद्यमानत्वात् माधवाचार्यप्रभृतिभिर्व्यवस्थापितत्वाच्च अमावास्यान्तश्चान्द्रो मासो विप्राणां पौर्णमास्यन्तो मासश्च वैश्यानामिति पर्यवस्यति ।

१६७. कालमाधवे उद्धृतम् (वत्सरनिर्णयाख्यद्वितीयप्रकरणान्तर्गते मासनिर्णये ४८ पृष्ठम्) ।

१६८. कालमाधवे, उद्धृतम् (वत्सरनिर्णयाख्यद्वितीयप्रकरणान्तर्गते मासनिर्णये ५० पृष्ठम्) ।

चन्द्रमालाई आधार मानिने चान्द्र मासका नियामक चन्द्रमा नै हुन् । जुन भागमा पहिला दोस्रा आदि कलाको प्रवेशजनित वृद्धि हुन्छ त्यही भाग नै आद्यभाग हुन्छ । शुक्लपक्षमा कलाको वृद्धिद्वारा उत्कर्षमा पुगेका चन्द्रमा कृष्णपक्षमा क्रमैले क्षीण बन्दछन् । त्यसैले चान्द्रमास अमावास्यामा पूरा हुन्छ भन्ने कुरा सिद्ध हुन्छ । **चान्द्र०** अर्थात् 'शुक्लपक्षमा आरम्भ हुने र अमावास्यामा समाप्त हुने महिनालाई चान्द्र महिना भनिन्छ र तीस दिनको एउटा सावन महिना हुन्छ ।' (का.मा. २, मासनिर्णय, पृ. ४८) भन्ने ब्रह्मसिद्धान्तको कथनले पनि चान्द्रमास अमावास्यामा पूरा हुने तथ्यको प्रतिपादन गर्दछ । वेदमा महिनाको अन्तिम दिन भन्ने अर्थमा अमावास्या पदको प्रयोग गरिएको छ भन्ने कुरा पहिले नै बताइयो ।

चान्द्रमास पूर्णिमामा समाप्त हुन्छ भन्ने युक्ति-

पूर्णो मासो यस्यां सा यस व्युत्पत्तिद्वारा पौर्णमासी शब्द बन्दछ र महिना समाप्त हुने दिन भन्ने अर्थ बुझाउँछ । पौर्णमासी शब्दको व्युत्पत्तिलभ्य अर्थ नै महिनाको समाप्ति हुने भएकाले पूर्णिमान्त महिना हुन्छ भन्ने कुरा सिद्ध हुन्छ । स्मृतिले पनि यसै तथ्यलाई प्रमाणित गर्दछ । **अश्वयुक्०** अर्थात् 'आश्विन महिनाको कृष्णपक्षमा प्रत्येक दिन श्राद्ध गर्नुपर्छ' (का.मा. २, मासनिर्णय, पृ. ५०) भन्ने माधवाचार्यद्वारा उद्धरण गरिएको एवं महालयश्राद्धका प्रकरणमा भनिएको स्मृतिको कथन नै यस तथ्यको प्रमाण हो । अमावस्यामा महिना समाप्त हुन्छ भन्ने हो भने महालयश्राद्ध भाद्रकृष्णपक्ष अर्को पक्षमा पर्न आउँछ र **'अश्वयुक्-कृष्णपक्षे तु०'** भनी गरिएको विधान नगरेजस्तो हुन्छ । अतः उक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वार्जितधान्यसमाप्तौ नूतनसस्योत्पत्तिकाले [१६९]नवसस्येष्ट्वा, ऋत्वन्ते (अत्र चतुर्णां मासानामृतुत्वम्) चातुर्मास्यनामकेन यागेन, द्वयोरयनयोरादौ पशुयागेन, वर्षस्यान्ते सोमरससाध्येनाग्निष्टोमादियागेन च यजेत इति स्मरणात् त्रयाणामेवेष्टिपशुसोमात्मकानां यागानां विधानमुपलभ्यते।

[१७०]श्रावण्यां पूर्णिमायां प्रोष्ठपद्यां वा विध्यनुसारमुपाकृत्यार्धपञ्चमान् मासान् स्वाध्याध्ययन-मधीयीतेत्यभिधानात् स्वाध्यायविधिरप्युपलभ्यते।

[१७१]**पुष्ये तु छन्दसां कुर्याद्बहिरुत्सर्जनं द्विजः। माघशुक्लस्य वा प्राप्ते पूर्वाह्णे प्रथमेऽहनि॥** इत्युक्त्वा चोत्सर्जनसंस्कारोऽपि च मनुना निर्दिष्टः।

---

१६९. ४/२६ मनुः।

१७०. ४/९५ मनुः।

१७१. ४/९६ मनुः।

कथन नै पूर्णिमामा महिना समाप्त हुन्छ भन्ने कुराको प्रमाण हो। वेदमा पनि पौर्णमासी पद महिनाको अन्त भन्ने अर्थमा प्रयोग गरिएको छ भन्ने कुरा पहिले नै बताइसकियो।

अतः अमावस्या र पूर्णिमा दुवैशब्दले महिनाको अन्त भन्ने अर्थ बुझाउने प्रमाण पाइने हुनाले माधवाचार्य आदिले उक्त अर्थको व्यवस्थापन पनि गरेका हुनाले ब्राह्मणहरूका निम्ति चान्द्र महिना अमावस्यामा समाप्त हुन्छ र वैश्यहरूका लागि पूर्णिमामा समाप्त हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ।

पहिले आर्जन गरेको धान्य (अन्न) सकिएपछि र नयाँ धान्य (अन्न) फलिसकेपछि नवसस्येष्टि नामको यज्ञ गर्नुपर्छ, ऋतुहरूका अन्तमा (चार चार महिनाको समाप्तिमा) चातुर्मास्य नामको याग गर्नुपर्छ, दुवै अयनको (उत्तरायण र दक्षिणायनको) आरम्भमा पशुयाग गर्नुपर्छ र वर्षको अन्तमा सोमरसद्वारा सम्पन्न गरिने अग्निष्टोम यज्ञ (अग्निष्टोम नामक सोमयाग) गर्नुपर्छ (मनु. ४/२६) भनी उल्लेख गरिएको हुनाले तीनै प्रकारका इष्टि, पशु एवं सोमरूप यागहरूको विधान पाइन्छ।[११९]

---

११९. १. पुरानो अन्न सकिएपछि र नयाँ अन्न फलेपछि नवसस्येष्टि गर्नुपर्छ भनिएता पनि पुरानो अन्न समाप्त हुनैपर्छ भन्ने हुँदैन। जमिन्दारका घरमा दुई तीन वर्षलाई पुग्ने अन्न हुन सक्ने तर नियतकालमा फल्ने अन्न फलिनै रहने भएकाले नयाँ अन्न उत्पन्न भएपछि नवसस्येष्टि गरिन्छ। सूत्रग्रन्थहरूमा शरदि नवानाम् भनिएको हुनाले शरद् ऋतुमा विशेषतः मङ्सिरमा सस्येष्टि वा नवसस्येष्टि गरिन्छ। मङ्सिरलाई आग्रयण भनिन्छ त्यसैले यस इष्टिलाई आग्रयणेष्टि पनि भनिन्छ। सम्भवतः वर्तमानमा प्रचलित नवान्नभक्षण वा न्वागी यसैको प्रतिरूप हो। २. चार-चार महिनाको एउटा एउटा ऋतु मानिन्छ। त्यसैले ऋतुका अन्तमा गरिने यज्ञलाई चातुर्मास्य याग भनिन्छ। ३. उत्तर दक्षिण गरी दुई अयन हुन्छन्। छ महिनाको उत्तरायण र छ महिनाको दक्षिणायन हुन्छ। दुवै अयनको आरम्भमा गरिने यागलाई पशु याग भनिन्छ। यसैलाई नै पशुबन्ध वा निरूढपशुबन्ध पनि भनिन्छ। ४. ज्योतिःशास्त्र अनुसार चैत्रशुक्ल प्रतिपदाबाट नयाँ वर्ष लाग्ने र शिशिरमा समाप्त हुने भएकाले सोमरसद्वारा सम्पन्न गरिने ज्योतिष्टोम याग वर्षका प्रारम्भमा अर्थात् वसन्त ऋतुमा गरिन्छ। ५. उद्धृत पद्यमा उल्लिखित ४ यागमध्ये क) इष्टि (नवसस्येष्टि) ख) पशु (निरूपशुबन्ध) र ग) सोम (सोमसाध्य ज्योतिष्टोमादि) यी तीनलाई उत्तर क्रतु भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि गौतमवाक्ये अष्टाचत्वारिंशत्संस्कारेषु उत्सर्जनसंस्कारो नोपलभ्यते तथापि मनुयाज्ञवल्क्यादिवचनेषु अङ्गिरसाभिहितेषु पञ्चविंशतिसंस्कारेषु च तस्य निर्देशोऽभ्युपलभ्यते। वचनप्रमाणमपूर्वमेवोपन्यस्तम्।

अनेनैव प्रकारेण याज्ञवल्क्येनापि निषेकादिश्मशानपर्यन्तानां संस्काराणामभिधानं कृतम्। यथा-

[१७२]ऋतुकाले गर्भाधानसंस्कार उक्तः। ऋतुकालश्च नारीणां स्वभावतः षोडशरात्रयो भवन्ति। तासु षोडशरात्रिषु च न सकलासु रात्रिषु गर्भाधानमभीष्टमभिमतम्। तासां षोडशरात्रीणां मध्ये आद्या[१७३]श्चतस्रो रात्रय एकादशी त्रयोदशी च रात्रिर्निन्दितत्वेन वर्जनीया मताः। इत्थं नारीणामृतुकालेषु षण्णां रात्रीणां वर्जनीयत्व-मभिधाय दशरात्रीणां गर्भाधानाय योग्यत्वं निर्दिष्टम्।

१७२. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ब्रह्मचारिप्रकरणम्। {११ पद्यम्}

१७३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, विवाहप्रकरणम् ७९ श्लोकः।

साउनको अथवा भदौको पूर्णिमामा विधिपूर्वक (आफ्ना गृह्यसूत्रमा बताइएअनुसार) उपाकर्म नामक कर्म गरेर एकाग्रचित्त भई (विप्रले) साढे चार महिनासम्म वेदको अध्ययन गरोस् (मनु.४/९५) भनिएको हुनाले स्वाध्यायविधिको उल्लेख पनि पाइन्छ। **पुष्ये तु०** अर्थात् 'द्विजले गाउँभन्दा बाहिर गएर पुष्य नक्षत्रमा (पुष महिनामा) वेदको उत्सर्जन गर्नुपर्छ, अथवा माघ शुक्लपक्षको प्रतिपदा तिथिका दिन पूर्वाह्णमा वेदको उत्सर्जन गर्नुपर्छ' (मनु.४/९६) भनी मनुले उत्सर्जन संस्कारको पनि उल्लेख गरेका छन्।[१२०]

गौतमद्वारा बताइएका अठचालीस संस्कारमा उत्सर्जन संस्कारको उल्लेख भएको पाइन्न तर पनि मनु र याज्ञवल्क्यका उक्तिहरूमा र अङ्गिराद्वारा बताइएका पच्चीस संस्कारहरूमा उक्त उत्सर्जन संस्कारको उल्लेख पाइन्छ। प्रमाणका रूपमा उपस्थापन गर्नुपर्ने मूल वाक्य पहिलेनै बताइसकिएको छ।

(याज्ञवल्क्यको संस्कार सम्बन्धी धारणा-)

यसै प्रकारले याज्ञवल्क्यले पनि गर्भाधानदेखि अन्तेष्टिकर्मसम्मका संस्कारको वर्णन गरेका छन्। जस्तै-

ऋतुकालमा गर्भाधानसंस्कार गर्नुपर्छ (या.स्मृ. १/११) भनिएको छ। रजस्वला भएका दिनदेखि सोह्रौं दिनका रात्रिसम्म स्वभावतः महिलाहरूको ऋतुकाल हुन्छ। उक्त सोह्र रातमध्ये सबै रातमा गर्भाधान अभीष्ट मानिएको छैन। सोह्र रातमध्ये सुरुका चार रात र एघारौं एवं तेह्रौं रात महिलाका साथमा गरिने सहवासका लागि निन्दित मानिएकाले (या.स्मृ. १/७९) उक्त रात्रिहरूमा सहवास गर्न हुँदैन भनिएको छ।[१२१] यसरी नारीहरूका ऋतुकालका सोह्र रातमध्ये छ

१२०. भाद्र महिनामा उपाकर्म नगरेका पुरुषका लागि माघ महिनाको शुक्लपक्षको विकल्प दिइएको हो भनी मन्वर्थमुक्तावलीमा भनिएको छ।

१२१. उदाहृत पद्यमा रजस्वला भएका सुरुका चार रातमा र पर्वहरूमा स्त्रीका साथमा सहवास गर्न हुन्न भनिएको छ। मिताक्षरामा **पर्वाणीति बहुवचनादाद्यार्थावगमादष्टमीचतुर्दश्योर्ग्रहणम्** अर्थात्- 'पर्व भन्नाले सामान्यतया पूर्णिमा र अमावस्यालाई बुझिन्छ तापनि पर्वाणिमा प्रयोग गरिएको बहुवचनले आदि अर्थ बुझिने हुनाले त्यसबाट अष्टमी र चतुर्दशीको ग्रहण हुन्छ' भनेका छन्। यसरी पर्वपदले चारवटा तिथि बुझाउँछ। उक्त तथ्यको पुष्टिका लागि मनुस्मृतिको प्रमाण दिइएको छ। मूलमा भनिएका ऋतुकालका आरम्भका चार रात र एघारौं एवं तेह्रौं रात छाडेर शेष दश रात सहवासका लागि प्रशंसनीय छन् भनी मनुस्मृतिमा (मनु. ३/४७) भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्रापि पर्ववर्ज्यं गमनीयत्वं निर्दिष्टम्। [१७४]पर्वाणि च- सामान्यतया अमावस्या-पूर्णिमाष्टमी-चतुर्दशीतिथीनामृतुकालवर्जनीयत्वेनाभिधानात् पर्वत्वेनाप्यभिधानात् च एतास्तिथयः।

तास्वपि उत्तरोत्तरासु रात्रिषु गर्भाधानमभीष्टापत्योत्पादकं मतम्। वचनमेतत् सामाजिकव्यवस्थायां कियन्तं महत्त्वपूर्णं स्थानं बिभर्तीति तु प्रेक्षावतां नास्ति तिरोहितम्।

प्रथमस्तु नियमो नियामकः। नियमाभावे निरर्गलप्रवृत्यानर्थोत्पत्तेः। विषयाणां हि यथा यथाभ्यधिको भोगो विधीयते तथा तथा हि अध्यधिकाधिकभोगेच्छा प्रवर्धते। एतच्च [१७५]मनुनापि समाम्नातम्। यथा-

न जातु कामः कामानामुपभोगेन शाम्यति। हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्धते॥ इति।

अध्यधिकाधिकभोगेच्छैव च व्यक्तेः समाजस्य व्यष्ट्यां समष्ट्यामपि अनर्थकारिणी पर्यवस्यति। दृष्टो विषय एष चेति न प्रमाणमाक्रमते। अस्या एव न नामान्तरं दुर्व्यसनमिति व्यपदिशन्ति तज्ज्ञाः।

दुर्व्यसनाक्रान्तश्च जनः स्वात्मानं सर्वथा पातयति। परांश्चोत्पीडयति। प्रत्यक्षमेवेतत्।

न हि स्त्रीष्वभ्यधिकभोगेच्छाया एवानर्थकारित्वमपि तु सर्वेषामेव विषयाणामभ्यधिकभोगेच्छाया अनर्थकारित्वमुपपद्यते।

---

१७४. ४/१२८ मनुः।

१७५. **न जातु कामः कामानामुपभोगेन शाम्यति। हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्धते॥**- २/९४ मनुः।

रातमा सहवास निषेध गरिएको हुनाले दसवटा रातलाई मात्र गर्भाधानका लागि उचित हुन्छन् (मनु. ३/४८) भनी निर्देश गरेको पाइन्छ। उक्त दश रातमा पनि पर्व परेका दिनलाई छाडी सहवास गर्नुपर्छ भनिएको छ (मनु. ३/४५)। पर्व भन्नाले सामान्यतया अमावास्या, पूर्णिमा, अष्टमी र चतुर्दशी तिथि बुझ्नुपर्छ (मनु. ४/१२८)। उक्त तिथिहरूलाई नै ऋतुकालमा सहवासका निम्ति वर्जनीय तिथि भनी उल्लेख गरिएको छ र पर्व पनि मानिएको छ। उक्त रात्रिहरूमध्ये पनि पहिले पहिलेका रात्रिहरूभन्दा पछि पछिका रात्रिमा गरिएको गर्भाधानलाई अभीष्ट पुत्रोत्पादक मानिएको छ। उपर्युक्त शास्त्रीय निर्देशन सामाजिक व्यवस्थाका लागि कति महत्त्वपूर्ण छ भन्ने कुरा विद्वान्हरूका अगाडि लुकेको छैन।

सबैभदा पहिले नियम नै नियामक (नियन्त्रण गर्ने साधन) हुन्छ। नियमको अभावमा गरिने मनपरीले अनर्थ उत्पन्न गराउँछ। विषयहरूको जति जति (बढी बढी) उपभोग गरिन्छ त्यति त्यति नै (बढीभन्दा बढी) उपभोग गर्ने इच्छा बढ्दै जान्छ। यो कुरा मनुले पनि बताएका छन्। जस्तै- **न जातु कामः०** अर्थात् 'कामभावना कामना (उपभोग्य पदार्थ) हरूको उपभोगद्वारा शान्त हुँदैन। हवनीय पदार्थद्वारा अग्नि झन् झन् बढेझैं विषयको उपभोग गर्ने इच्छा पनि बढ्दै जान्छ' (मनु. २/९४)।[१२२] अधिकभन्दा अधिक विषयको उपभोग गर्ने इच्छा नै व्यक्तिको र समाजको पनि व्यष्टि वा समष्टि दुवै प्रकारले अनर्थकारी सिद्ध हुन्छ। यो प्रत्यक्ष देखिएको कुरा हो। त्यसैले यसका लागि प्रमाणको आवश्यकता पर्दैन। वस्तुतत्त्व जानेका विद्वान्हरू यसै तीव्रतर भोगेच्छालाई नै दुर्व्यसन भन्दछन्। दुर्व्यसनमा वा कुलतमा फसेको मान्छेले आफूलाई पनि बर्बाद गराउँछ र अरूलाई पनि दुःख दिन्छ। यो सबैले आफ्नै आँखाले प्रत्यक्ष देखेको कुरा हो।

---

१२२. {अभिलाषा कहिल्यै पनि विषयको उपभोगले शान्त हुँदैन। हवि (घृत आदि) द्वारा अग्नि बढेझैं झनझन बढ्दछ} मनु. २/९४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अशक्तस्य अर्थलिप्सा च स्वात्मानं समराङ्गणाग्नौ अपि हावयति । शक्तस्यार्थलिप्सा तु समाजमुत्पीडयति । समाजश्चानेकविधः पूर्वमेव निर्दिष्टः । अर्थशब्दश्च शब्दस्पर्शरूपरसगन्धात्मकानां सर्वेषां विषयाणामपि ग्राहकः (वाचकः) ।

भोगाद् भोगेच्छाया उत्पत्तिरिव संयमात् संयमोत्पत्तिः । नियमादनर्गलप्रवृत्तेरवरोधो हि संयमः । प्राप्तोपभोगादेव सन्तुष्टिमाप्नोति संयमी जन इति तु आनुभविको विषयः । प्राप्तोपभोगात् सन्तोषश्च समाजात्मकतत्त्वस्य व्यवस्थापनविधौ नानाविधप्रामाणात्मकतत्त्वेषु एकं तत्त्वम् । तस्मान्नियमस्य नियामकत्वमुपपद्यते । प्राप्तोपभोगात् सन्तोषो न हि निष्कर्मत्वमभिधत्ते । अन्यथा **'निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च'** इति विध्यनुपपत्तेः ।

द्वितीयस्तु नियमफलं नियामकः । अत्र हि ऋतुकालगमननियमे विहितासु रात्रिषु स्त्रीसङ्गमादभीष्टापत्योत्पत्तिर्निर्दिष्टा । [१७६]याज्ञवल्क्येन हि-

एवं गच्छन् स्त्रियं क्षामां मघां मूलं च वर्जयेत् ।

सुस्थ इन्दौ सकृत्पुत्रं लक्षण्यं जनयेत् पुमान् ॥ इत्युक्त्वा निन्दितकालं परित्यज्य चन्द्रे च एकादशादिस्थानस्थिते शुभे मुहूर्ते रात्रौ एकावारमेव स्त्रीसङ्गमाल्लक्षणसम्पन्नस्य पुत्रस्योत्पत्तिर्निर्दिष्टा ।

१७६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ८० श्लोकः ।

स्त्रीहरूका साथ गरिने अत्यधिक भोगेच्छा मात्र अनर्थकारी हुँदैन अपि तु सबै विषयको अत्यधिक भोगेच्छा अनर्थकारी हुन्छ भन्ने तथ्य प्रमाणित हुन्छ । अशक्त पुरुषको अर्थ प्राप्त गर्ने (पैसा कमाउने) इच्छाले उसलाई रणभूमिरूपी अग्निमा पनि जलाइदिन्छ । समर्थ पुरुषको सम्पत्ति आर्जन गर्ने इच्छाले भने समाजलाई पीडा उत्पन्न गराउँछ । समाज अनेक प्रकारको हुन्छ भन्ने कुरा पहिले नै बताइसकिएको छ । अर्थ शब्दले शब्द, स्पर्श, रूप, रस एवं गन्धका रूपमा रहेका सबै विषयलाई बुझाउँछ ।

उपभोग्य पदार्थको उपभोगबाट झन् झन् उपभोगको इच्छा उत्पन्न भएझैं संयमबाट संयमको उत्पत्ति हुन्छ । नियमका अधीनमा रहेर उच्छृङ्खल मार्गमा प्रवृत्त नहुनु नै संयम हो । संयमी पुरुष जे प्राप्त हुन्छ त्यसैको उपभोग गरेर सन्तुष्ट हुन्छ भन्ने तथ्य अनुभवबाट नै जानिएको विषय हो । जेजति पाइन्छ त्यसैको उपभोग गरी सन्तुष्ट हुनु समाजलाई व्यवस्थित बनाउने अनेक प्रकारका साधनमध्ये एउटा साधन हो । अतः नियम नै नियामक हुन्छ भन्ने उक्ति युक्तियुक्त देखिन्छ । प्राप्त पदार्थको उपभोगजनित सन्तोषले निष्कर्मत्वको अभिधान गर्दैन अर्थात् जेजति प्राप्त हुन्छ त्यसैको उपभोगमा नै सन्तुष्ट हुनु भनेको कुनै पनि कर्म नगर्नु भनेको होइन । यसरी उल्टो अर्थ लगाउने हो भने त **'निष्कारणः०** अर्थात् 'कुनै पनि प्रयोजन (फल) को इच्छा नराखेर धर्मको एवं छवटै अङ्गसहित वेदको अध्ययन गर्नुपर्छ र ज्ञान पनि गर्नुपर्छ' भनी गरिएको विधि अनुपपन्न (असम्बद्ध वा निरर्थक) हुन्छ ।

अर्को कुरा नियमहरूको पालन गर्नाले प्राप्त हुने राम्रा फलको (परिणामको) उपभोग गर्ने व्यक्ति भनेको नै नियमहरूको पालन गर्ने पुरुष हो । ऋतुकालमा स्त्रीहरूका साथमा सहवास गर्नका लागि बनाइएका नियमअनुसार विधान गरिएका (स्त्रीहरूका साथमा सहवास गर्न हुने दिन भनी तोकिएका) रात्रिमा स्त्रीहरूका साथमा सहवास गर्नाले उत्तम सन्तानको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र पुनः उपर्युक्तनिन्दितकालातिरिक्तं मघामूलाभ्यां नक्षत्राभ्यामुपलक्षितस्यापि कालस्य निन्दितत्वमुक्तम्। इत्थं च स्त्रीसङ्गमस्य द्वयोरेव रात्र्योर्नियमः सम्पद्यते।

[१७७]मनुना-

निन्द्यास्वष्टासु चान्यासु स्त्रियो रात्रिषु वर्जयन्।

ब्रह्मचार्येव भवति यत्र तत्राश्रमे वसन्॥ इत्युक्त्या मनुना पूर्वोक्तासु आद्यासु चतसृषु एकादशीत्रयोदश्योश्चेति सम्मिलितासु षट्सु रात्रिषु स्त्रीसङ्गमस्य कृते वर्जनीयत्वं प्रकृत्य तदितरासु अष्टासु निन्द्याष्वपि रात्रिषु वर्जनीयत्वनिर्देशाद् द्वे रात्री अवशिष्येते।

तत्रापि पुत्रार्थिना [१७८]युग्मास्वेव रात्रिषु स्त्रीसङ्गमो विधेयः। पुत्र्यर्थिना पुनरयुग्मासु रात्रिषु संवेशो विधेयः। ततश्च लक्षणसमन्वितस्य पुत्रस्योत्पत्तिरूपसमीचीनाङ्गसम्पत्तिः समाजस्य सुव्यवस्थितिमावहति।

---

१७७. ३/५० मनुः।

१७८. ३/४८ मनुः।

प्राप्ति हुन्छ भनी बताइएको छ। याज्ञवल्क्यले- **एवं गच्छन्०** अर्थात् 'यसरी नियमहरूको पालन गर्नाले क्षीण भएकी (दुब्लाएकी) स्त्रीका साथमा मघा एवं मूल नक्षत्र नभएका र चन्द्रमा पनि राम्रा ठाउँमा भएका अवस्थामा (उक्त सबै नियमहरूको पालन गर्दै) एक पटक मात्र सहवास गर्नाले पुरुषले सबै लक्षणले युक्त भएको छोरो पाउँछ' (या.स्मृ. १/८०) भनेका छन्।[१२३] यसरी निन्दित समय छाडेर, चन्द्रमा एकादश आदि शुभस्थानमा भएका अवस्थामा, शुभ मुहूर्तमा एवं रातिमा एक पटक मात्र स्त्रीका साथमा सहवास गर्नाले राम्रा लक्षणले युक्त भएको छोराको उत्पत्ति हुन्छ भनी बताइएको छ। उदाहृत पद्यमा माथि बताइएका निन्दित रात्रिहरू बाहेक मघा र मूल नक्षत्रले युक्त भएको समय पनि सहवासका लागि निन्दित मानिएको कुरा बताइएको छ। यसरी स्त्रीसङ्गमका लागि दुईवटा रात्रि मात्र विधान गरिएको तथ्य सिद्ध हुन्छ।

मनुले **निन्द्यास्वष्टासु०** अर्थात् '(रजस्वला भएपछिका प्रारम्भका चार रात्रि र एघारौं एवं तेह्रौं रात्रि गरी छ रात्रिमा र) अन्य आठ निन्दित (वर्जनीय मानिएका) रात्रिहरूमा स्त्रीहरूका साथमा समागम नगरेर बस्ने मनुष्य जुनसुकै आश्रममा बसेता पनि ब्रह्मचारी नै हुन्छ' (मनु. ३/५०) भनेका छन्।[१२४] रजस्वला भएपछिका चार रात्रिमा र एघारौं एवं तेह्रौं रात्रिमा गरी समग्रमा छवटा रात्रिमा स्त्रीसङ्गम गर्न हुँदैन भन्ने प्रसङ्गको उठान गर्दै मनुले यसबाहेकका अन्य आठ रात्रि पनि निन्द्य भएकाले स्त्रीसमागमका लागि वर्जनीय हुन्छन् भनेका छन्। यसबाट स्त्रीसङ्गमका लागि दुईवटा रात्रिमात्र बाँकी रहन्छन्। त्यसमा पनि पुत्रको कामना गर्ने (छोरा जन्मियोस् भने चाहने) पुरुषले जोडा रातमा स्त्रीसङ्गम

---

१२३. रजस्वलाका नियम पालन गर्नाले क्षीण बनेकी पत्नीका साथमा सहवास गर्नुपर्छ, क्षीण नभए क्षीण बनाउनुपर्छ, किनकि शोणितको आधिक्य भएमा स्त्रीरूप सन्तान जन्मिने सम्भावना हुन्छ भनी मिताक्षरामा उल्लेख गरिएको छ।

१२४. मेधातिथि आदिले गृहस्थको मात्र स्त्रीसमागम हुने भएकाले यत्र तत्र सामान्य कथन हो भनेता पनि कुल्लूक भट्ट आदिले पत्नीका साथमा वानप्रस्थाश्रममा प्रवेश गरेका पुरुषलाई ऋतुकालमा स्त्रीसमागममा छुट भएकाले वानप्रस्थाश्रमलाई समेटिएको हो भनेका छन्। गोविन्द आदिको पनि यस्तै मत पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलक्षणा हि कुलाङ्गाराः । लक्षणसमन्वितास्तु देशस्यालङ्कारभूता इति लक्षणवतामुत्पादनं राष्ट्ररूपसमाजस्य परमोद्देश्यम् ।

[१७९]**'रक्षणादार्यवृत्तानां कण्टकानां च शोधनात् ।**

नरेन्द्रास्त्रिदिवं यान्ति प्रजापालनतत्पराः ।। इत्यभिदधता मनुना स एवार्थः समाम्नातः ।

प्रजापालनतत्पराणां भूपालानां त्रिदिवगमनोपलक्षितस्वर्गीयानन्दप्राप्तिर्हि आर्यवृत्तेः संरक्षणात् कण्टकानां शोधनात् (निग्रहात्) सम्पद्यते इत्यभिधानेन कुलक्षणसमन्वितकुलाङ्गाराणां नियमनम् आर्यवृत्तिसमन्वितसुलक्षणवतां सम्पादनं कर्म राज्ञः कर्तव्यत्वेन विहितम् ।

तदेव कार्यमृतुकालगर्भाधानविधायको विधिः कुरुते । राजा तूत्पन्नानां कुलक्षणसुलक्षणवतां निग्रहानुग्रहं कुरुते । विधिस्तु कुलक्षणोत्पादकत्वमेवापसार्य सुलक्षणोत्पादकतत्त्वेषु लोकं प्रवर्तयति । एतच्च सर्वं प्रयोजननिरूपणाध्याये निरूपयिष्यामः ।

---

१७९. ९/२५३ मनुः ।

गर्नुपर्छ र पुत्रीको कामना गर्नेले (छोरी जन्मियोस् भनी चाहने) पुरुषले बिजोड रातमा स्त्रीसङ्गम गर्नुपर्छ (मनु. ३/४८) । यसरी नियमहरूको पालन गर्नाले राम्रा लक्षणले युक्त भएका समाजको अङ्गभूत पुत्रको उत्पत्ति हुन्छ । यसप्रकारको अभीष्ट अङ्गको प्राप्तिले समाजलाई व्यवस्थित बनाउने काम गर्छ ।

नराम्रा लक्षणले युक्त भएका पुत्र वा पुरुष कुलका कलङ्क हुन्छन् । राम्रा लक्षणले युक्त भएका छोरा वा पुरुष देशका गहना हुन्छन् । त्यसैले राम्रा लक्षणले युक्त भएका प्रजाहरूको उत्पादन गर्नु राष्ट्ररूपी समाजको परम उद्देश्य हो । **रक्षणादार्यवृत्तानाम्०** अर्थात्- 'आर्यहरूका व्यवहारको (साधुहरूका आचारको) संरक्षण गर्ने हुनाले र काँडाहरूको (चोर आदि अवाञ्छित पुरुषको) शोधन (विनाश) गर्ने हुनाले सधैँ प्रजाहरूको संरक्षणमा संलग्न रहने राजाहरू (मरेपछि) स्वर्ग जान्छन्' (मनु.९/२५३) भनी मनुले उक्त तथ्यको नै समर्थन गरेका छन् ।

प्रजाहरूको संरक्षण गर्न तत्पर रहने राजाहरू स्वर्ग जान्छन् भन्ने उक्तिबाट अभिव्यक्त हुने स्वर्ग गएपछि प्राप्त हुने स्वर्गीय आनन्द आर्यहरूका व्यवहारको (सदाचारको) संरक्षण र कण्टकहरूको (समाजका काँडाजस्ता पुरुषको) निग्रहबाट उत्पन्न हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ । उक्त कथनबाट नराम्रा लक्षणले युक्त भएका कुलाङ्गारहरूलाई नियन्त्रण गर्नु र आर्यका व्यवहारका (सदाचार आदि गुणका) साथै राम्रा लक्षणले युक्त भएका पुरुषको उत्पादन गर्नु राजाको कर्तव्य भन्ने कुरा सिद्ध हुन्छ । यही नै कार्य ऋतुकालमा (रजस्वला भएका समयमा) गर्भाधान गर्नुपर्छ भन्ने विधिवाक्यले सम्पन्न गर्छ ।

राजाले त जन्मिसकेका नराम्रा लक्षणले र राम्रा लक्षणले युक्त भएका पुरुषलाई निग्रह (नियन्त्रण) एवं अनुग्रह (पुरस्कार प्रदान) गर्ने कार्य गर्दछन् । विधिले (गर्भाधान आदिको नियमले) नराम्रा लक्षणले युक्त भएका पुरुष उत्पन्न हुने बाटो नै बन्द गरिदिन्छ र राम्रा लक्षणले युक्त भएका सन्तान उत्पन्न हुने बाटामा मनुष्यहरूलाई प्रवृत्त गराउँछ । यी सबै कुरा प्रयोजननिरूपण (उद्देश्य कथन) नामको अध्यायमा बताइने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथैव [१८०]पुंसवनम्, सीमन्तोन्नयनम्, जातकर्म, नामकर्म, निष्क्रमणम्, अन्नप्राशनम्, चूडाकर्म च कर्माङ्गकालसमन्वितं विहितम्।

[१८१]**'गर्भाष्टमेऽष्टमे वाब्दे ब्राह्मणस्योपनायनम्'** इत्यादिवचनेन वर्णानामौपनायनिको विधिः विध्यनुष्ठानाङ्गभूतकालश्च निर्दिष्टः। यथाकुलमितिशब्देन च कुलपरम्परानुसरणस्य धर्मत्वं निर्दिष्टम्।

[१८२]**उपनीय गुरुः शिष्यं महाव्याहृतिपूर्वकम्। वेदमध्यापयेदेनं शौचाचारांश्च शिक्षयेत्॥** इत्युक्त्वा वेदाध्यापनं व्रतादेशनं च विहितम्।

[१८३]**'अग्निकार्यं ततः कुर्यात् सन्ध्ययोरुभयोरपि।'** इत्युक्त्वा च सायं प्रातर्विधेयस्य अग्निहोत्रस्य विधानं कृतम्।

[१८४]**प्रतिवेदं ब्रह्मचर्यं द्वादशाब्दानि पञ्च वा। ग्रहणान्तिकमित्येके केशान्तश्चैव षोडशे॥**

---

१८०. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ११-१२ श्लोकौ।

१८१. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १४ श्लोकः।

१८२. याज्ञवल्क्यस्मृतिः, आचाराध्याय, १५ श्लोकः।

१८३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, २५ श्लोकः।

१८४. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ३६ श्लोकः।

यसै प्रकारले पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन एवं चूडाकर्म संस्कार पनि कर्मका अङ्गभूत कालमा अर्थात् उक्त संस्कार गर्न उचित समयमा गर्नुपर्छ (या.स्मृ. १/११-१२) भनी बताइएको छ। **गर्भाष्टमे०** अर्थात् 'गर्भदेखि आठौं वर्षमा अथवा (जन्मदेखि) आठौं वर्षमा ब्राह्मणको उपनयन गर्नुपर्छ' (या.स्मृ. १/१४) इत्यादि कथनद्वारा उपनयनसंस्कारको विधि र उक्त संस्कारका अङ्गका रूपमा रहेको समयको निर्देशन गरिएको छ। **यथाकुलम्** अर्थात् 'आफ्नो कुलपरम्परामा जे चल्दै आएको छ त्यही नै र जसरी चल्दै आएको छ त्यसरी नै' भनी कुलपरम्पराको अनुकरणलाई पनि धर्म नै मानिएको छ।[१२५]

उपनीय० 'आफ्ना गृह्यसूत्रमा बताइएका विधिअनुसार उपनयनसंस्कार सम्पन्न गरिदिएर गुरुले शिष्यलाई (ॐ भूः देखि ॐ सत्यम्सम्मका सात) महाव्याहृतिपूर्वक वेदको अध्यापन गराउनुपर्छ र उसलाई वक्ष्यमाण शौचाचारको पनि शिक्षा दिनुपर्छ' (या.स्मृ. १/१५) भनी वेदाध्ययनको र व्रतादेशको विधि बताइएको छ। **अग्निकार्यम्०** अर्थात् 'त्यसपछि (सन्ध्योपासना पछि) दुवै सन्ध्यामा (बिहानमा र साँझमा) अग्निकार्य (ब्रह्मचारीले गर्नुपर्ने गृह्यसूत्रमा बताइएको हवन) गर्नुपर्छ' (या.स्मृ. १/२५) भनी बिहानमा एवं साँझमा गर्नुपर्ने अग्निहोत्रको विधान गरिएको छ।

प्रतिवेदम्० अर्थात् 'प्रत्येक वेदका लागि बाह्र वर्षसम्म, अथवा पाँच वर्षसम्म अथवा कसै कसैका मतमा जति समयसम्म वेद अध्ययन गरिन्छ त्यति समयसम्म ब्रह्मचर्य व्रतको पालन गर्नुपर्छ र सोह्र वर्षमा केशान्त (गोदान) नामको

---

१२५. याज्ञवल्क्यले **चूडा कार्या यथाकुलम्** भनी चूडाकर्मका प्रसङ्गमा र उपनयनका प्रसङ्गमा पनि **यथाकुलम्** पदको प्रयोग गरेका छन्। यहाँ उक्त पदको व्याख्या गरिएको हो। चूडा कुलाचारअनुसार गरिन्छ। उपनयनको समय निश्चित भएता पनि मिताक्षरामा **कुलस्थित्या केचिदुपनयमिच्छन्ति** भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यनेन च एकैकस्य वेदस्य ग्रहणार्थमनुष्ठेयस्य ब्रह्मचर्यव्रतस्य द्वादशाब्दानि वा पञ्चाब्दानि वा एकेषां मते ग्रहणान्तिकं वा कालभागान्निर्दिश्य षोडशे वर्षे केशान्तसंस्कारश्चाभिहितः।

[१८५]**गुरवे तु वरं दत्वा स्नायाद्वा तदनुज्ञया। वेदं व्रतानि वा पारं नीत्वा ह्युभयमेव वा॥** इत्यभिधानेन समावर्तनसंस्कारस्तदनुष्ठानकालश्च निर्दिष्टः।

[१८६]**अविलुप्तब्रह्मचर्यो लक्षण्यां स्त्रियमुद्वहेत्।** इत्यनेन अखण्डितब्रह्मचर्यस्य गृहस्थाश्रमप्रवेशार्हत्वाभिधानसमन्वितो विवाहसंस्कारो निर्दिष्टः।

[१८७]**कर्म स्मार्तं विवाहाग्नौ कुर्वीत प्रत्यहं गृही। दायकालाहृते वापि श्रौतं वैतानिकाग्निषु॥** इत्यनेन वचनेन गृहस्थाश्रमिणो विवाहकालाहिताग्निषु दायकालाहिताग्निषु वास्मार्तकर्मणाम्, त्रेताग्निषु श्रौतकर्मणामनुष्ठेयत्वविधिना श्रौतस्मार्तयोरग्न्योराधानविधिराक्षिप्यते इति आधानसंस्कारो निर्दिष्टः।

---

१८५. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ५१ श्लोकः।

१८६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ५२ श्लोकः।

१८७. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ९७ श्लोकः।

संस्कार गर्नुपर्छ ' (या.स्मृ. १/३६)। यस कथनद्वारा एउटा एउटा वेदको ग्रहण (अध्ययन) गर्नका लागि बाह्र वर्षसम्म, अथवा पाँच वर्षसम्म अथवा कसैका मतमा अध्ययन गरिने समयसम्म पालन गर्नुपर्ने ब्रह्मचर्यव्रतको समय निर्धारण गरी सोह्र वर्षमा केशान्त संस्कार गर्नुपर्ने विधान बताइएको छ।

गुरवे तु० अर्थात् 'गुरुलाई वर (गुरुले चाहेअनुसारको दक्षिणा) दिएर गुरुको आज्ञा लिएर स्नान (समवर्तनसंस्कार) गर्नुपर्छ। वेदको अध्ययन समाप्त भएपछि अथवा व्रत (वेदव्रत वा ब्रह्मचारिव्रत) को अनुष्ठान पूरा भएपछि अथवा दुवै कार्य सम्पन्न भएपछि उक्त समावर्तनसंस्कार गर्नुपर्छ' (या.स्मृ. १/५१) यस कनथबाट समावर्तनसंस्कार र उक्त संस्कार सम्पन्न गर्नुपर्ने समयको निर्देश पाइन्छ।

अविलुप्त० 'ब्रह्मचर्यव्रत खण्डित नभएको पुरुषले बाह्य एवं आभ्यन्तर लक्षणले युक्त भएकी स्त्रीका साथमा विवाह गरोस्' (या.स्मृ. १/५२) यस कथनद्वारा जसको ब्रह्मचर्यव्रत खण्डित भएको हुँदैन त्यसको गृहस्थाश्रममा प्रवेश गर्ने योग्यता हुन्छ भन्दै विवाहसंस्कारको समय निर्देश गरिएको छ। **कर्म स्मार्तम्०** अर्थात् 'गृहस्थाश्रममा प्रवेश गरेको पुरुषले प्रत्येक दिन विवाहका समयमा आधान (संस्कार) गरिएका अग्निमा स्मृतिद्वारा प्रतिपादित (वैश्वदेवादि एवं पाकयज्ञादि) कर्महरू गर्नुपर्छ। अथवा दायकालमा (भागबण्डा गर्ने समयमा) आधान गरिएका अग्निमा उक्त स्मृतिप्रतिपादित कर्म गर्नुपर्छ। वेदद्वारा प्रतिपादन गरिएका अग्निहोत्रादि कर्महरू पनि वैतानिक (आहवनीय आदि) अग्निमा सम्पन्न गर्नुपर्छ।'[१२६] (या.स्मृ. १/९७) यस उक्तिद्वारा गृहस्थहरूले विवाहका समयमा वा भागबण्डा गर्ने

---

१२६. विवाहका समयमा आधान गरिएका अग्निमा (वैवाहिकाग्निमा) श्रौत एवं स्मार्त कर्मको अनुष्ठान गर्नुपर्छ। विवाहका समयमा आधान नगरेकाले अंशबण्डा गर्ने समयमा अग्निको आधान गरी उक्त श्रौत एवं स्मार्त कर्म सम्पन्न गर्नुपर्छ। अपि शब्दले उक्त दुवै समयमा अग्निको आधान नगरेका पुरुषले गृहपतिको मरणोपरान्त अग्निको आधान गर्नुपर्छ भन्ने अर्थ बुझाउँछ। अन्यथा पुरुष प्रायश्चित्तको भागीदार हुन्छ। यही नै तात्पर्य मिताक्षराबाट व्यक्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१८८]**बलिकर्मस्वधाहोमस्वाध्यायातिथिसत्क्रिया । भूतपित्रमरब्रह्ममनुष्याणां महामखाः ।।** इत्यनेन पञ्चमहायज्ञा निर्दिष्टाः ।

[१८९]**प्रतिसंवत्सरं सोमः पशुः प्रत्ययनं तथा । कर्तव्याग्रयणेष्टिश्च चातुर्मास्यानि चैव हि ।।** इत्यनेन त्रयाणामेवेष्टिपशुसोमात्मकानां यागानां कर्तव्यत्वेन निर्देशात्तद्विधिराक्षिप्यते । सोमयागस्य प्रतिसंवत्सरमनुष्ठानम्, पशुयज्ञस्य प्रत्ययनमनुष्ठानम्, चातुर्मास्यानां चानुष्ठेयत्वमभिहितम् ।

[१९०]स्वाध्यायस्योपाकर्म श्रावणपूर्णिमायां वा श्रवणनक्षत्रयुक्ते दिने वा ओषधीनां प्रादुर्भावे हस्तनक्षत्रेण युक्ते दिने वा श्रावणपञ्चम्यां वा कार्यमिति स्वाध्यायस्य उपाकर्म विहितम् ।

---

१८८. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १०२ श्लोकः ।

१८९. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १२५ श्लोकः ।

१९०. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १४२ श्लोकः ।

समयमा आधान गरिएका अग्निमा स्मार्त कर्महरू सम्पन्न गर्नुपर्छ र आहवनीय आदि तीन प्रकारका अग्निमा श्रौत कर्म सम्पन्न गर्नुपर्छ भन्ने विधान गरिएको हुनाले श्रौत एवं स्मार्त अग्निको आधान संस्कार आक्षिप्त हुन्छ । यसरी आधान संस्कारको निर्देश गरेको पाइन्छ ।

बलिकर्म० अर्थात् 'बलिकर्म (वेश्वदेव), स्वधा (तर्पण एवं श्राद्ध), होम, स्वाध्याय र अतिथिसत्कारलाई क्रमैले भूतयज्ञ, पितृयज्ञ, देवयज्ञ, ब्रह्मयज्ञ र मनुष्ययज्ञ भनिन्छ र उक्त पाँच यज्ञलाई नै पञ्चमहायज्ञ भनिन्छ' (या.स्मृ. १/१०२)। यस उक्तिद्वारा पञ्चमहायज्ञको निर्देश गरेको पाइन्छ ।

प्रतिसंवत्सरम्० अर्थात् 'प्रत्येक वर्ष सोमयाग गर्नुपर्छ, प्रत्येक (उत्तर एवं दक्षिण) अयनमा अर्थात् छ-छ महिनामा पशुयाग अर्थात् निरूढपशुयाग गर्नुपर्छ, नयाँ धान्यको प्राप्ति हुँदा आग्रयणेष्टि गर्नुपर्छ, साथै प्रत्येक वर्ष (तीन पटक) चातुर्मास्ययाग गर्नुपर्छ' (या.स्मृ. १/१२५) यस उक्तिद्वारा तीनै प्रकारका इष्टि, पशु एवं सोमरूप यज्ञ गर्नुपर्छ भनी विधान गरिएको हुनाले उक्त यज्ञ सम्पादन गर्ने विधि पनि आक्षिप्त हुन्छ । यसरी सोमयाग प्रत्येक वर्षमा, पशुयज्ञ प्रत्येक अयनमा र चातुर्मास्ययाग (प्रत्येक चार महिनामा) सम्पन्न गर्नुपर्छ भनिएको छ ।

स्वाध्यायको (वेदाध्ययनको) उपाकर्म (उपक्रम, प्रारम्भ) श्रावण महिनाको पूर्णिमामा अथवा श्रवणनक्षत्रले युक्त भएको दिनमा अथवा ओषधिको प्रादुर्भाव भएपछि हस्ता नक्षत्रले युक्त भएको दिनमा अथवा श्रावणको पञ्चमी तिथिमा (आफ्नो गृह्यसूत्रअनुसार) गर्नुपर्छ (या.स्मृ. १/१४२) भनी उपाकर्मको विधान गरिएको छ ।[१२७]

---

१२७. याज्ञवल्क्योक्त पद्यमा समाविष्ट पदावलीअनुसार शोधप्रबन्धमा अर्थ गरिएको छ । त्यसैले उपाकर्म प्रारम्भ गर्ने चार विकल्प देखिन्छन् । मिताक्षरा अनुसार अध्यायको उपाकर्म ओषधिको प्रादुर्भाव भएपछि श्रावण महिनाको पूर्णिमामा अथवा श्रवण नक्षत्रले युक्त भएका दिनमा अथवा हस्ता नक्षत्रले युक्त भएको श्रावणको पञ्चमीमा गर्नुपर्ने देखिन्छ । जसअनुसार तीनवटा विकल्प देखिन्छन् । श्रावणमा ओषधिको प्रादुर्भाव नभएमा भदौमा श्रवण नक्षत्रले युक्त भएका दिनमा उपाकर्म गर्नुपर्छ । उपाकर्म गरेपछि साढे चार महिनासम्म वेदाध्ययन गर्नुपर्छ (मनु.४/९५) । पुसमा उत्सर्जन गरिने भएता पनि भदौमा उपाकर्म गरिएमा माघमा उत्सर्जन गरिन्छ । यी सबै तथ्य मिताक्षरामा प्रतिपादन गरिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१९१]पौषमासस्य रोहिणीनक्षत्रयुक्ते दिने वा अष्टकायां नदीतटादिषु गत्वा वेदोत्सर्जनं कर्म विधेयमित्यनेनोत्सर्जनं विहितम्।

[१९२]ब्राह्मणक्षत्रियवैश्यशूद्राख्याश्चत्वारो वर्णाः। तत्र प्रथमास्त्रयो वर्णा द्विजातयः। तेषां द्विजानामेव निषेकादिश्मशानान्ताः संस्काराः मन्त्रपूर्वकमनुष्ठेया भवन्तीति निर्देशादन्त्येष्टिसंस्कारविधिश्चाक्षिप्यते।

इत्थं विभिन्नार्षग्रन्थेषु विभिन्नसङ्ख्यायां संस्काराणामभिधानं समुपलभ्यते। उपर्युक्तनिरूपणानुसारं नियतकर्तव्यत्वेनाभिहिताः षोडशसंस्काराः प्रथमां कोटिमावहन्ति। पञ्चविंशतिसंस्कारा द्वितीयां चत्वारिंशत्संस्काराश्च तृतीयां कोटिमावहन्ति। भौतिकपदार्थप्रयुक्तप्रयोगानुष्ठानसम्पाद्याश्चैते एव संस्काराः। दयाक्षान्त्यादयश्चाष्टौ आत्मगुणात्मकास्तु संस्कारा न तादृशप्रयोगमपेक्षन्ते। एभिश्च समन्विता अष्टाचत्वारिंशत् संस्काराश्चतुर्थीं कोटिमावहन्ति।

स्त्रीशूद्राणामप्येतेषु संस्कारेषु षोडशसंस्कारा मन्त्रोच्चारणमन्तरानुष्ठेया भवन्ति। न हि स्त्रीशूद्राणां समन्त्रकमनुष्ठानं भवति। परं विवाहसंस्कारस्तु स्त्रीणामपि समन्त्रकमेव। स्त्रीणामपि द्विजातिस्त्रीणामेव। शूद्राणामेव समन्त्रकानुष्ठाननिषेधात् तत्स्त्रीणामपि तेनैव निषेधः सम्पद्यते। **'शूद्रोऽप्येवंविधः कार्यः'** इत्यत्र लिङ्गस्याविवक्षितत्वात्।

१९१. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १४३ श्लोकः।
१९२. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १० श्लोकः।

पौष महिनामा रोहिणी नक्षत्रले युक्त भएका दिनमा अथवा अष्टकामा (अष्टमी तिथिमा) गाउँभन्दा बाहिर नदीका तट आदिमा गएर (आफ्ना गृह्यसूत्रका विधिअनुसार) वेदको उत्सर्जन गर्नुपर्छ (या.स्मृ. १/१४३) भनी उत्सर्जन संस्कारको विधान गरिएको छ।

ब्राह्मण, क्षत्रिय वैश्य र शूद्र गरी चार वर्ण हुन्छन्। उक्त चार वर्णमध्ये सुरुका तीन वर्णलाई अर्थात् ब्राह्मण, क्षत्रिय र वैश्यलाई द्विजाति (द्विज) भनिन्छ। द्विजहरूको मात्र गर्भाधानदेखि श्मशान (अन्त्यकर्म) सम्मका संस्कार मन्त्रको उच्चारण गर्दै गर्नुपर्छ (या.स्मृ. १/१०) भनी निर्देशन गरिएको हुनाले अन्त्येष्टिसंस्कारको विधि पनि आक्षिप्त हुन्छ।

यसरी विभिन्न आर्षग्रन्थहरूमा विभिन्न सङ्ख्यामा संस्कारको उल्लेख गरेको पाइन्छ। उपर्युक्त निरूपणअनुसार अवश्य सम्पादन गर्नुपर्छ भनी बताइएका सोह्र संस्कार पहिलो कोटिमा पर्दछन्। पच्चीस संस्कार दोस्रो कोटिमा आउँछन् भने चालीस संस्कार तेस्रो कोटिमा आउँछन्। यी सबै संस्कार भौतिक पदार्थको प्रयोग गरेर सम्पादन गरिन्छन्। दया, क्षान्ति आदि गरिएका आत्माका गुणका रूपमा विद्यमान संस्कारले त्यसरी भौतिक पदार्थका प्रयोगको अपेक्षा गर्दैनन्। उक्त दया, क्षान्ति आदिले युक्त अठचालीस संस्कार चतुर्थ कोटिमा पर्दछन्।

स्त्रीहरूका र शूद्रहरूका हकमा उपर्युक्त संस्कारमध्येका सोह्र संस्कार मन्त्रको उच्चार विना नै सम्पादन गरिन्छन्। स्त्रीहरूका र शूद्रहरूका मन्त्रोच्चारणपूर्वक गरिने अनुष्ठान हुँदैनन्। विवाहसंस्कार भने स्त्रीहरूको पनि समन्त्रक नै हुन्छ। स्त्रीहरूमा पनि द्विजातिका स्त्रीहरूको मात्र समन्त्रक विवाहसंस्कार हुन्छ। शूद्रहरूलाई नै समन्त्रक (मन्त्रहरूको उच्चारण गर्दै गरिने) अनुष्ठान गर्न निषेध गरिएको हुनाले शूद्रका स्त्रीहरूको पनि त्यसै निषेधबाट समन्त्रक अनुष्ठान निषिद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१९३]तत्र याज्ञवल्क्येन

'तूष्णीमेताः क्रियाः स्त्रीणां विवाहस्तु समन्त्रकः' इत्युक्त्या तदभिधानात्। शूद्रस्य च कृते [१९४]नित्यानन्देन यमवचनेन-

शूद्रोऽप्येवंविधः कार्यो विना मन्त्रेण संस्कृतः।

न केनचित् समसृजच्छन्दसा तं प्रजापतिः ॥ इत्युक्त्या मन्त्रं विना शूद्रसंस्काराभिधानाच्च स्त्रीशूद्राणाममन्त्रकमेव संस्कारा निर्दिष्टाः।

स्त्रीणां विवाहसंस्कार एव पुरुषाणामुपनयनवदधिकारोत्पादकतया वैदिकः संस्कारोऽभिहितः। पतिसेवा च ब्रह्मचर्याश्रमेऽध्युष्य वेदाध्ययनवत् सम्मता। गृहकर्म एवं च सायंप्रातः समिद्धोमरूपाग्निपरिचर्यावदनुमतः। यथोक्तं [१९५]मनुना-

वैवाहिको विधिः स्त्रीणां संस्कारो वैदिकः स्मृतः।

पतिसेवा गुरौ वासो गृहार्थोऽग्निपरिक्रिया ॥ इति।

---

१९३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १३ श्लोकः।

१९४. संस्कारदीपकः, द्वितीयो भागः, उपोद्घातप्रकरणम्, ३ पृष्ठम्।

१९५. २/६७ मनुः।

हुन्छ। **शूद्रोऽप्येवंविधः कार्यः** यस पद्यांशमा (सामान्यरूपमा पुंलिङ्गको प्रयोग गरिएता पनि) पुंलिङ्ग नै भन्ने विवक्षा नभएकाले (शूद्रस्त्रीहरूका संस्कार पनि अमन्त्रक नै हुन्छन् भन्ने तथ्य स्पष्ट हुन्छ)। याज्ञवल्क्यले **तूष्णीमेताः०** अर्थात् 'उल्लिखित सबै क्रिया (जातकर्म आदि संस्कार) स्त्रीहरूका सन्दर्भमा मौनरूपमा सम्पादन गर्नुपर्छ, विवाह भने समन्त्रक (मन्त्रोच्चारण पूर्वक) गर्नुपर्छ (या.स्मृ. १/१३) भनी उक्त तथ्यलाई नै प्रतिपादन गरेका छन्। शूद्रको विना मन्त्र नै संस्कार गरिन्छ भन्ने सन्दर्भमा नित्यानन्दले यमको निम्न पद्यलाई उद्धरणका रूपमा उपस्थापन गरेका छन्- **शूद्रोऽप्येवंविधः०** अर्थात् 'जसरी द्विजातिलाई संस्कृत बनाइन्छ) शूद्रलाई पनि त्यसै प्रकारले मन्त्रोच्चारण विना नै संस्कृत बनाउनुपर्छ; किनकि प्रजापतिले कुनै पनि छन्दका (वैदिक मन्त्रका) साथमा शूद्रको सृजना गरेनन्' (सं.दी. २, उपो., पृ. ३)। उद्धृत उक्तिद्वारा मन्त्र विना नै शूद्रको संस्कार हुन्छ भन्ने कुरा प्रतिपादन गरिएको छ। अतः स्त्रीहरूको र शूद्रहरूको मन्त्रोच्चारण विना नै संस्कार गर्नुपर्छ भनी निर्देशन गरिएको हो।

उपनयनसंस्कारले जसरी पुरुषहरूमा अधिकार उत्पन्न गराउँछ त्यसरी नै विवाहसंस्कारले स्त्रीहरूमा अधिकार उत्पन्न गराउँछ। त्यसैले नै विवाहसंस्कारलाई स्त्रीहरूका निम्ति वैदिकसंस्कार मानिएको छ। पतिको सेवालाई ब्रह्मचर्य आश्रममा बसेर वेदको अध्ययन गरे बराबर मानिएको छ। गृहकार्यलाई बिहानमा र साँझमा समिधा आदिको हवनद्वारा सम्पन्न गरिने अग्निको सेवा समान मानिएको छ। यसै सम्बन्धमा मनुले भनेका छन्- **वैवाहिकः०** अर्थात् 'वैवाहिक विधि नै स्त्रीहरूका लागि वैदिकसंस्कार (उपनयनसंस्कार) हो भनी बताइएको छ, पतिको सेवा गुरुकुलमा गरिएको निवास (वेदाध्ययन) हो र गृहकार्य नै अग्निको परिचर्या (यज्ञानुष्ठान) हो (मनु.२/६७)।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कारप्रयोजनम्

पूर्वप्रकरणे निरूपितानां संस्काराणां किमिति प्रयोजनम् ? इति जिज्ञासा प्रेक्षावतां स्वाभाविकी उदेति । तस्मादस्मिन् प्रकरणे संस्काराणां प्रयोजनं निरूप्यते।

सर्वेषां कर्मणां समनुष्टानं जनिमद्भिः शरीरं समाश्रित्य विधेयत्वात् **'शरीरमाद्यं खलु धर्मसाधनम्'** इत्युक्तेश्च शरीरस्यैव धर्मसाधनत्वावगमाच्च शरीरोत्पत्तिनिमित्तभूतगर्भाधानसंस्कारमुपक्रम्य संस्काराणां निरूपिततया गर्भाधानसंस्कारादारभ्यैव प्रयोजनमपि निरूप्यते।

यथा हि अङ्कुरस्य आकृत्या गुणेन च विकसनार्थं क्षेत्रबीजमलजलादीनामावश्यकता भवति तथैव देहिनामपि देहविकासार्थं गुणविकासार्थं च विभिन्नतत्त्वानामावश्यकता भवति।

अङ्कुराणामपि प्ररूढिं संवर्धयन्तो मलजलादयो मलजलादिगतगुणविशेषाद् गुणानपि संवर्धयन्ति । आधुनिकमलक्षेपणेन संवर्धितप्ररोहापेक्षया गोशकृत्प्रक्षेपणेन संवर्धितः प्ररोहो विशिष्टस्वादजनको गुणकारी च सम्पद्यते। गोशकृति प्ररूढाः प्ररोहा विशिष्टास्वादजनका इत्यत्र तु अनुभवः प्रमाणम्।

गोशकृति प्ररूढाः प्ररोहा गुणकारिणः सम्पद्यन्ते इत्यत्र तु आयुर्वेदशास्त्रं प्रमाणम्। [१९६]आयुर्वेदशास्त्रे हि गोशकृति प्रज्वालितेनाग्निना पक्त्वा संस्कृतस्यौषधेर्विशिष्टगुणकरत्वमभिमतम्।

१९६. **शुष्कं गर्ते षड्दिनानि वह्निः स्यादुपलैः पुनः ।**- रसकामधेनौ, तृतीये सूतक्रियापादे. दिव्यौषधिपुटाधिकाराख्ये पञ्चमेऽधिकारे ३३१ श्लोकः।

संस्कारहरूको प्रयोजन-

पूर्वप्रकरणमा देखाइएका संस्कारहरूको प्रयोजन के हो त भन्ने जिज्ञासा विद्वान्हरूका मनमा स्वाभाविक रूपमा उत्पन्न हुन्छ। त्यसैले यस प्रकरणमा संस्कारहरूको प्रयोजन देखाइन्छ।

सबै कर्महरूको अनुष्ठान देहधारीहरूद्वारा शरीरका माध्यमले सम्पन्न गरिन्छ। **'शरीरमाद्यं खलु धर्मसाधन्'** अर्थात् 'सबै धार्मिक कार्यहरू सम्पन्न गर्ने पहिलो माध्यम शरीर नै हो' यस उक्तिबाट पनि शरीर नै धर्मको साधन हो भन्ने तथ्य अवगत हुन्छ। त्यसैले नै शरीरको उत्पत्तिको कारणको रूपमा रहेको गर्भाधानसंस्कारबाट संस्कारको चर्चा गर्ने गरिन्छ। प्रस्तुत सन्दर्भमा प्रयोजनहरू पनि गर्भधानसंस्कारबाटै आरम्भ गरेर देखाइन्छ।

जसरी अङ्कुरलाई आकारका र गुणका दृष्टिले विकसित हुन जनिन, बीउ, मल, जल आदिको आवश्यकता पर्दछ त्यसरी नै देहधारीहरूलाई (सबै प्राणीलाई) पनि शारीरिक एवं गुणात्मक विकासका लागि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ। अङ्कुरलाई विकसित गराउने मल, जल आदिले आफूमा रहेका गुणका आधारमा अङ्कुरका गुणलाई पनि बढाउँछन्। आधुनिक मल (युरिया आदि) हालेर बढाइएका प्ररोहका[१२८] अपेक्षामा गाईको गोबर हालेर बढाइएका प्ररोहहरू विशिष्ट स्वादले युक्त भएका र गुणात्मक हुन्छन्। गाई-गोरुको मल हालेर बढाइएका प्ररोहहरू विशिष्ट स्वादले युक्त भएका हुन्छन् भन्ने सम्बन्धमा अनुभव नै प्रमाण छ। पुनश्च गाईका गोबरले बढेका प्ररोहहरू धेरै

१२८. प्ररोहशब्दको अर्थ अङ्कुर हो। जमिनबाट उत्पन्न हुने र मल जलका आधारमा वृद्धिलाई प्राप्त हुने तरु, लता एवं तृणादिका प्रारम्भिक अवस्थालाई सङ्केत गर्ने हुनाले अनुवादमा पनि प्ररोहशब्दकै प्रयोग गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवमेव गोशकृति प्ररूढेभ्यः प्ररोहेभ्यो निर्मितानामौषधीनां च विशिष्टगुणकारकत्वं मतम् । गोमूत्रस्याप्येवंविधा गुणा दृश्यन्ते ।

उत्पन्नाः प्ररोहाः क्षेत्रबीजगतगुणदोषाभ्यामपि गुणदोषकारिणः सम्पद्यन्ते ।

यथा वै गोर्जेग्रामे समुत्पन्नसस्यस्य मधुरः स्वादः समुपलभ्यते, न तथा तद्ग्रामदक्षिणपार्श्ववर्तिग्रामेषूत्पन्नसस्येषूपलब्धुं शक्यते । न तावन्मात्रमपि तु तद्ग्रामजाततृणभक्षणजं गोमहिषीदुग्धमपि विशिष्टस्वादयुक्तं भवति । न तावन्मात्रं दुग्धाद् दधि, दध्नश्च निर्मन्थनाज्जनितं घृतमपि स्वादेन वैशिष्ट्यं बिभर्ति ।

तथैव मानवशरीरस्य विकासार्थं विशिष्टगुणवत्वसम्पादनार्थं च येषां तत्त्वानामावश्यकता भवति तेषु तत्त्वेषु संस्काराणामनुष्ठानमेकं विशिष्टं स्थानमावहति ।

मनुनापि-

'क्वचित्क्षेत्रवैशिष्ट्यात् प्रशस्तस्यापत्यस्योत्पत्तिः क्वचिद् बीजवैशिष्ट्यात् प्रशस्तस्यापत्यस्योत्पत्तिर्भवति । यत्र क्षेत्रबीजयोरुभयोः प्रशस्त्यं समानं तत्रैव समुत्पन्ना प्रसूतिः (उत्पन्नापत्यम्) प्रशस्यते' इति समाम्नाय जनिमतः प्राशस्त्याप्राशस्त्यं क्षेत्रबीजलक्षणलक्षित्वं निर्दिष्टम् ।

गुणले युक्त भएका हुन्छन् भन्ने सम्बन्धमा आयुर्वेदशास्त्रलाई प्रमाणका रूपमा उपस्थापन गर्न सकिन्छ । आयुर्वेदमा गाईका गुइँठा बालेर पकाई संस्कार गरिएका औषधिहरूमा विशेष गुणात्मकता रहेको हुन्छ भनिएको छ (र.का.धे. ३/५/३३१) ।[१२९] यसै प्रकारले गाईका गोबरमा उम्रिएका प्ररोहबाट बनाइएका औषधिहरूको पनि विशेष गुणकारिता हुन्छ भनिएको छ । गाईका गहुँतमा पनि यसै प्रकारका गुणहरू देखिन्छन् ।

उम्रिएका प्ररोहहरू क्षेत्र (जमिन) मा र बीज (बीउमा) भएका गुण एवं दोषका कारण पनि हित गर्ने र अहित गर्ने बन्दछन् । जसरी गोर्जे गाउँमा फलेका अन्न बालीको स्वाद मीठो हुन्छ त्यस्तै मीठो स्वाद (मिठास) त्यसै गाउँका दक्षिणतिरका नजिकैका गाउँमा फलेका अन्न बालीमा पाउन सकिन्न । त्यति मात्रै होइन त्यस गाउँमा उम्रिएका घाँस, पात खाएका गाई, भैँसीको दूध पनि विशिष्ट स्वादले युक्त हुन्छ । त्यति मात्र पनि होइन, त्यसै दूधबाट बन्ने दही र दही पारेर (मथेर) निस्किने घिउमा समेत विशिष्ट स्वाद पाइन्छ । यसै प्रकारले मानवका शरीरको विकासका लागि र विशेष गुणको आधानका लागि जुन तत्त्वहरूको आवश्यकता पर्दछ तिनै तत्त्वहरू मध्ये संस्कारको अनुष्ठानले पनि विशिष्ट ठाउँ ओगट्छ । मनुले पनि- 'कहीँ क्षेत्रको विशेषताले प्रशस्त (प्रशंसनीय/गुणवान्) सन्तानको उत्पत्ति हुन्छ त कहीँ बीज (वीर्य) को विशेषताले प्रशस्त सन्तानको उत्पत्ति हुन्छ; तर जहाँ क्षेत्र एवं बीज दुवै समानरूपमा प्राशस्त

---

१२९. **शुष्कं गर्ते षड्दिनानि वह्निः स्यादुपलैः पुनः ।-** {रसकामधेनुको सूतक्रियापाद नामको तेस्रो पादान्तर्गत दिव्यौषधिपुटाधिकार नामक पाँचौं अधिकारको ३३१ श्लोकः ।}

**{रसकामधेनु आयुर्वेदसित सम्बद्ध सङ्ग्रहग्रन्थ हो । यसका सङ्ग्रहकर्ता चूडामणि मिश्र हुन् । चूडामणि मित्र भिषक्वर बलभद्र मित्रका नाति, हरिराम मिश्रका छोरा र शाकद्विपीय ब्राह्मण थिए । चूडामणि कहाँ र कहिले जन्मिएका थिए भन्ने विस्तृत जानकारी पाइँदैन । रसकामधेनुमा क्रमशः उपकरणपाद, धातुसङ्ग्रहपाद, सूतकर्मपाद र चिकित्सापाद गरी चार पाद रहेका छन् । उक्त पादहरू पुनः विभिन्न अधिकारमा विभक्त छन् । यसमा रसायनसित सम्बद्ध विभिन्न प्राचीन ग्रन्थहरूको सङ्ग्रह गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रीकृतदेहे वै प्रयुक्तमेव रसायनं क्रामति । अक्षेत्रीकृतदेहे प्रयुक्तं तु रसायनं न ह्येव क्रामति । अपि तु अक्षेत्रीकृतदेहे प्रयुक्तं रसायनं सर्वाङ्गजदोषकृद्भवतीति भिषक्शास्त्रे रसायनसङ्क्रामणार्थं देहः क्षेत्रीक्रियते । अर्थात् परिशुद्धिं विधाय देहस्य रसक्रामणयोग्यत्वमापाद्यते ।

(प्रशंसनीयता/ गुणवत्ता) हुन्छ त्यस्ता क्षेत्र एवं बीजबाट उत्पन्न भएका सन्तान अत्यन्त प्रशंसनीय हुन्छन्' (मनु. ९/३४) भनेका छन् । यसरी उनले देहधारीहरूको (जन्मिने सबै प्राणीको) प्राशस्त्य एवं अप्राशस्त्य क्षेत्र एवं बीजका आधारमा हुन्छ भन्ने तथ्य देखाएका छन् ।[१३०]

१३०. क्षेत्र शब्दको अर्थ खेत हो । खेत भन्नासाथ हाम्रो दिमागमा पानी लाग्ने र धान आदि बाली रोपिने सम्मो जमिन भन्ने भाव झल्किन्छ । मूलको पानी नलाग्ने तर प्राकृतिक रूपमा नै समतल भएको अथवा खनेर सम्म (समतल) बनाइएको जमिन भन्ने अर्थ पनि हामी बुझ्छौं । क्षेत्रशब्दले हामीले सामान्य रूपमा बुझ्ने अर्थभन्दा बढी अर्थ बुझाउँछ । खेती योग्य भिरालो जमिन जसलाई बारी भनिन्छ लाई समेत क्षेत्र शब्दले समेट्छ । यसबाट उब्जाउ सबै जमिन क्षेत्र हो भन्ने स्पष्ट हुन्छ । अझ विस्तृत अर्थमा भन्नुपर्दा सबै गन्धवती पृथिवी नै क्षेत्र हो ।

महिलाको शरीरलाई क्षेत्र र पुरुषको वीर्यलाई बीज भन्ने गरिन्छ । जसरी अन्न-बाली आदि उत्पन्न गराउन जमिनमा बीउ छरिन्छ त्यसरी नै सन्तानोत्पत्तिका लागि पुरुषको वीर्यरूप बीज महिलाहरूको शरीररूप क्षेत्रमा वपन (छर्ने/ वा सेचन गर्ने कार्य) गरिन्छ । क्षेत्र र बीजको संयोगबाट परिणाम (अन्न-बालि वा सन्तान) प्राप्त हुन्छ । परिणामका लागि क्षेत्र र बीजको संयोग मात्र पर्याप्त हुँदैन, अर्थात् जसरी प्ररोह (आँकुरा/टुसा) पलाउनका लागि क्षेत्र र बीज मात्र भएर हुँदैन त्यसरी नै सन्तान उत्पन्न हुनका लागि क्षेत्र र बीज मात्र भएर पुग्दैन । जमिनलाई खन जोत गरेर टुसा निकाल्न सक्ने बनाइएको हुनुपर्छ । बीउ पनि कीरो नलागेको, उम्रन सक्ने र स्वस्थ हुनुपर्छ । यसरी नै सन्तान उत्पत्तिको लागि स्त्रीक्षेत्र शुद्ध, स्वस्थ एवं दोषरहित हुनुपर्छ र पुरुषका वीर्यमा पनि यिनै विशेषता हुनुपर्छ । प्रस्तुत प्रसङ्गमा क्षेत्र एवं बीजको प्राशस्त्य भनेर यसै तथ्यलाई व्यक्त गरिएको छ । क्षमता नभएका क्षेत्रमा (खनजोत नगरेका जमिनमा/सरसता नभएका मरुभूमिमा/सिमेन्ट आदि प्रयोग गरी बनाइएका छत आदिमा) बीउ उम्रदैन । जमिन राम्रो भए पनि बीउ राम्रो नभएकाले पीडित बनेका किसानका समस्या हामीले देखेका र सुनेका पनि छौं । सबै महिला पुरुषबाट विशेषतः वृद्धावस्थामा पुगेका महिला पुरुषबाट सन्तान उत्पन्न नहुनु क्षेत्र एवं बीजमा रहेको कमी कमजोरीले गर्दा नै हो । द्रष्टव्यः- मनुस्मृतिका ९/३३-३७ आदि पद्यमा समेत यस सम्बन्धमा विस्तृत चर्चा पाइन्छ ।

क्षेत्र शब्दकै अर्थ लेख्ने क्रममा एउटा अप्रासङ्गिक तर अर्थगत दृष्टिले सान्दर्भिक विषयमा ध्यान दिनु अनुपयुक्त नहोला । नेपालीमा एउटा उक्ति छ- **'जसको खेत उसको बाली'** सामान्यतः यस उक्तिको तात्पर्य 'कसैले जानेर बुझेर वा झुक्किएर कसैका जमिनमा गएर बाली लगाउँछ भने त्यस बालीमा जमिनवालाको नै अधिकार हुन्छ, बाली लगाउनेको हुँदैन' भन्ने हो । कुनै महिलाले परपुरुषको सम्पर्कबाट गर्भधारण गरी र सन्तान समेत जन्माई भने त्यस सन्तानमा कसको अधिकार हुन्छ भन्ने प्रश्न उपस्थित हुन्छ । यस समस्याको समाधान यसै उक्तिले गर्छ । महिला क्षेत्र हो त्यस क्षेत्रबाट प्राप्त भएको परिणाममा (सन्तानमा) उसकै स्वामीको (पतिको) अधिकार हुन्छ । जानी नजानी अरूको क्षेत्रमा (अर्काकी श्रीमतीमा) बीज (वीर्य) वपन गर्ने पुरुषको सन्तानमा कुनै अधिकार हुँदैन । शास्त्रले पनि क्षेत्रको संरक्षण गर्न नसक्नु पुरुषको (लोग्नेको) कमजोरी हो र क्षेत्रको संरक्षण गर्न नसकेकाले उत्पन्न हुने सबै प्रकारका दुष्परिणाम पनि पुरुषले नै भोग्नुपर्छ भनेको छ । त्यसैले शास्त्रले सधैँ क्षेत्रको संरक्षणमा संलग्न रहनु भनेको पाइन्छ । शास्त्रमा किन क्षेत्रको संरक्षण गर्नुपर्छ भन्ने सम्बन्धमा लामा विवरण पाइन्छन् । क्षेत्रको संरक्षण गर्दा गर्दै पनि कारणवश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा [१९७]रसकामधेनौ रसहृदयवचनम्-

क्षेत्रीकृतनिजदेहः कुर्याच्च रसायनं मतिमान् ।।

अकृतक्षेत्रीकरणे रसायनं यो नरः प्रयुञ्जीत । तस्य क्रामति न रसः सर्वाङ्गजदोषकृद्भवति ।। इति ।

१९७. रसकामधेनुः, सूतक्रियापादे सारणाद्यधिकारो नवमः, ९५-९६ श्लोकौ ।

क्षेत्रीकृत (उचित क्षेत्र बनाइएको) शरीरमा प्रयोग गरिएको रसायन नै सङ्क्रमित हुन्छ ।[१३१] उचित क्षेत्र नबनाइएको शरीरमा प्रयोग गरिएको रसायन सङ्क्रमित हुन सक्दैन । यथार्थमा भन्ने हो भने क्षेत्र नबाइएको शरीरमा प्रयोग गरिएको रसायन सबै अङ्गमा दोषोत्पादक हुने भएकाले भिषक्शास्त्रमा (आयुर्वेदमा) रसायनको सङ्क्रमणका लागि शरीरलाई क्षेत्र बनाइन्छ । अर्थात् शरीरलाई शुद्ध बनाएर रससङ्क्रमणको योग्य बनाइन्छ । रसकामधेनुमा सहृदयको कथन यसप्रकार रहेको छ- **क्षेत्रीकृतनिजदेह०** बुद्धिमान् मनुष्यले आफ्नो शरीरलाई क्षेत्र बनाएर रसायनको प्रयोग गरोस् । जुन मूर्ख मनुष्यले क्षेत्र नबनाइएको शरीरमा रसायनको प्रयोग गर्दछ, त्यसका शरीरमा त्यो रसायन सङ्क्रमित हुँदैन । प्रत्युत त्यस रसायनले सबै शरीरमा दोष उत्पन्न गराउँछ (र.का.धे. ३/९/९५-९६) ।

कुनै त्रुटि भयो र त्यसबाट अनिष्ट फल निस्कियो भने त्यसलाई पनि स्विकार्नुपर्छ भन्ने सङ्केत गरिएको छ । परपुरुषबाट जन्मिएको भएता पनि आफ्नै क्षेत्रमा जन्मिएको छ भने सन्तान आफ्नै हुन्छ । मात्र क्षेत्र शब्दले यी सबै भावलाई समेट्छ । सानो शास्त्रीय सन्दर्भ जोडौं । ब्राह्मण आदिद्वारा जन्मिएका अनुलोम सन्तान पिताका सधर्मी हुन्छन् तर क्षेत्रज सन्तान जसको क्षेत्र हो उसकै वर्णका हुन्छन् । पाण्डु आदि क्षेत्रज सन्तान भएकाले क्षत्रिय नै मानिएका हुन् ।

१३१. क्षेत्रशब्दको अर्थ बुझेपछि क्षेत्रीकरण शब्दको अर्थ पनि बुझ्नुपर्ने हुन्छ । क्षेत्रीकरण शब्दको अर्थ विभिन्न सन्दर्भमा बुझ्नुपर्ने हुन्छ । कृषकका सम्बन्धमा क्षेत्रीकरण भनेको जमिन तयार गर्नु हो । कृषकले खन-जोत (डल्ला ठोक्ने र मसिन्याउने समेत) गरेर जमिनलाई बीउ उम्रन सक्ने बनाउँछ । क्षेत्र शब्दले महिलालाई समेत बुझाउने हुनाले महिलाका सन्दर्भमा क्षेत्रीकरण शब्दको अर्थ सन्तान उत्पन्न गराउन सक्ने बनाउनु भन्ने हुन्छ । कहिलेकाहीँ गर्भगृह (पाठेघर) आदिमा भएका समस्याले सन्तान लाभ नभएको स्थिति देखिन्छ । उपचारका माध्यमले सबै दूषित पदार्थलाई हटाउने वा गर्भगृहलाई स्वस्थ बनाउने काम गर्नुपर्छ । आयुर्वेदका सन्दर्भमा पनि क्षेत्रीकरण शब्दको प्रयोग गरिन्छ । सबै प्रकारका औषधिहरू प्रयोग गरिने ठाउँ भनेको प्राणीहरूको शरीर हो । त्यसैले आयुर्वेदका सन्दर्भमा क्षेत्र भन्नाले शरीर बुझिन्छ । विशेषतः रसायनको प्रयोग गर्दा क्षेत्रीकरण गर्नुपर्ने चर्चा गरिएको पाइन्छ । क्षेत्रीकरण गर्नु भनेको शरीरलाई- उपचारका क्रममा प्रयोग गरिएको रसायनले काम गर्न सक्ने बनाउनु हो । आधुनिक उपचार पद्धतिमा पनि कतिपय उपचार वा परीक्षण खाना नखाएका अवस्थामा गर्नुपर्छ भनिन्छ । कतिपय उपचार वा परीक्षण खान खाएपछि मात्र गरिन्छ । औषधि पनि केही खाना खानुभन्दा पहिले खाने र केही खाना खाएपछि खाने हुन्छन् । रसायन प्रयोग गर्नुभन्दा पहिले शरीरमा भएका दूषित पदार्थलाई बाहिर हटाउनुपर्छ । रसायन शक्तिवर्धक औषधि भएकाले शरीरमा रहेका कतिपय रोगको पहिले नै उपचार गरिसकिएको हुनुपर्छ । यसरी क्षेत्रीकरण गरेर मात्र रसायनको प्रयोग गर्नुपर्छ । क्षेत्रीकरण नगरीकन रसायनको प्रयोग गरियो भने त्यसले शरीरमा शक्ति बढाउने कुरा त परै जाओस्, विपरीत कार्य गरेर शरीरका सबै अङ्ग प्रत्यङ्गमा दोष उत्पन्न गराउने काम गर्छ । जसरी आयुर्वेदमा रसायनले सही काम (गुणाधान) गरोस् भन्नका लागि क्षेत्रीकरणको आवश्यकता हुन्छ त्यसरी नै मनुष्यमा पनि गुणात्मकता आओस् भनी उसको शरीरलाई क्षेत्रीकरण गर्नुपर्छ, अर्थात् संस्कृत बनाउनुपर्छ भन्ने प्रस्तुत सन्दर्भको तात्पर्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं भिषक्शास्त्रेऽपि च रसक्रामणायोग्यतामाधातुं देहस्य क्षेत्रीकरणमावश्यकं मतम्। तथा ह्यत्र धर्मशास्त्रेऽपि गुणाधानात्मकसंस्कारानुष्ठानजन्यगुणानामाधानाय च देहस्य क्षेत्रीकरणार्थं दोषमार्जनात्मकाः संस्काराश्च विहिताः।

तथा च लोके देवदारुवृक्षनिर्मिते गोरसनिक्षेपणोद्वासिते उष्णजलपरिमार्जिते सुसंस्कृते काष्ठपात्रे उष्णीकृत्य रक्षितं दुग्धं एकया द्वाभ्यां त्रिभिर्वापि दिवसैरमृतं दधि सम्पद्यते।

परं फेनिलवृक्षकाष्ठनिर्मितेऽसंस्कृते च दारुपात्रेऽनुष्णीकृतमसम्यक्तया दुग्धं रक्षितं भवेत् तर्हि द्वाभ्यामेव दिवसाभ्यां तदेव दधिभावमापन्नं दुग्धं वमनकारकं विषसदृशं च सम्पद्येत।

एकमेवापि गोदुग्धरूपममृतं द्रव्यं संस्कृतासंस्कृतपात्रसंयोगभेदाद् अमृतरूपं विषरूपञ्चावहति।

परमित्थमपि चर्मचक्षुभ्यां दृश्यते प्रायः सर्वत्र यत्र संस्काराभावस्तत्र गुणोत्कर्षाभावः। प्रेक्षावतां तु तत्र सुतरां गुणोत्कर्षप्रतीतिः। संस्कारानाविष्टस्य यस्य कस्यापि द्रव्यस्य गुणवत्वसम्पत्यसम्भवात्। लोके आविद्वदाङ्गनागोपालं द्रव्येषु गुणाधानायैव क्रियानुष्ठानादिविधौ प्रवृत्तिश्च परिदृश्यते एव। गुणात्मकपदार्थानां व्यक्तेः समाजस्य चोपकारोपयोगितया पदार्थेषु गुणाधानाय विहिता प्रवर्तना प्रेरणा संलक्ष्यते।

असंस्कृतं धान्यं सङ्करम् (ठिमाहा) इत्युच्यते। तच्च सङ्करं धान्यं संस्कृताधान्यापेक्षयानायासं प्ररोहति। अप्यधिकतया वर्धते। फलोत्पत्तिरपि समीचीना दृश्यते। परं परिणामस्तस्याऽसंस्कृतस्य सङ्करस्य धान्यस्या-

---

यसरी भिषक्शास्त्रमा (आयुर्वेदमा) पनि रससङ्क्रमण गर्न सक्ने बनाउनका लागि शरीरको क्षेत्रीकरण आवश्यक हुन्छ भनिएको छ। धर्मशास्त्रमा पनि गुणाधान नै प्रमुख उद्देश्य भएका संस्कारहरू सम्पन्न गर्नाले प्राप्त हुने गुणाधानका लागि शरीरलाई क्षेत्रीकरण गर्नुपर्ने हुन्छ। शरीरलाई क्षेत्रीकरण गर्नका लागि दोषमार्जन (शरीरमा भएका दोषलाई हटाइ दिने) संस्कारहरूको उल्लेख गरिएको छ।

लोकमा देवदारुवृक्षबाट नर्माण गरिएका, गाईको दूध हालेर सुगन्धित बनाइएका, तातो पानीले माझिएका र राम्ररी संस्कार गरिएका काठका भाँडामा (ठेका आदिमा) तताएर हालिएको दूध एक वा दुई वा तीन दिनमा अमृतमय दहीमा परिणत हुन्छ। फिँज निस्कने (चोप आउने) रूखका काठबाट बनाइएका र संस्कार नगरिएका काठका भाँडामा नतताईकन नराम्ररी दूध राख्ने हो भने दुई दिनमै दही बनेको त्यो दूध उल्टिगराउने र विषजस्तो हुन्छ। यसरी एउटै अमृत समानको दूध संस्कार गरिएका र संस्कार नगरिएका भाँडाका सम्पर्कले गर्दा क्रमैले अमृतजस्तो र विषजस्तो बन्दछ। चर्मचक्षु मात्र भएका व्यक्तिहरूले पनि जहाँ पात्रको संस्कार गरिएको हुँदैन त्यहाँ गुणको उत्कर्ष हुँदैन भन्ने कुरा देखेकै हुन्छन्। विद्वान्हरूका दृष्टिमा भने त्यहाँ गुणको उत्कर्ष भएको सहजै प्रतीत हुन्छ। संस्कार नगरिएका जुनसुकै पदार्थमा गुणवत्ता रहन सक्दैन वा उत्पन्न हुँदैन। लोकमा विद्वान्देखि आइमाई केटाकेटीसम्मका वा गोठालासम्मका व्यक्ति गुणवत्ता रहन सक्दैन वा उत्पन्न हुँदैन। लोकमा विद्वान्देखि आइमाई केटाकेटीसम्मका वा गोठालासम्मका व्यक्ति पदार्थमा गुणवत्ता ल्याउनका लागि नै क्रियाको अनुष्ठान (सम्पादन) आदि विधिमा प्रवृत्त भएको देखिन्छ। गुणात्मक पदार्थ व्यक्तिको र समाजको समेत उपयोगी हुने भएकाले पदार्थमा गुणाधान गराउन प्रवृत्त गराउने र प्रेरणा प्रदान गर्ने गरेको देखिन्छ।

संस्कार नगरिएको धानलाई ठिमाहा भनिन्छ। ठिमाहा धान संस्कार गरिएको धानभन्दा सजिलै उम्रन्छ, छिटो छिटो पनि बढ्दछ। फलोत्पत्ति पनि राम्रै देखिन्छ। तर पनि संस्कार नगरिएको ठिमाहा धानको परिणाम राम्रो हुँदैन। ठिमाहा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीष्टो न भवति। सङ्करं धान्यं संस्कृतधान्यपाकात्पूर्वं पक्त्वा निपतति इत्येको दोषः। तद्धान्यं संस्कृतधान्यमिव भोजने स्वादाय न कल्पते इत्यपरो दोषः। संस्कृतं धान्यं यथा बुद्धिशक्तेर्विकासकरं सम्पद्यते न तथा सङ्करं धान्यम्। अचिरस्थितं नवीनमेव सङ्करं धान्यं स्वादाय कल्पते। चिरस्थितं तु सङ्करं धान्यं भोजने रूक्षं कठोरञ्च सम्पद्यते। तस्मात् संस्कृतधान्यरक्षार्थं संस्कृतधान्यैः सह प्ररूढं सङ्करं धान्यं कृषकैरुत्खाद्यते तृण इव।

निम्नगुणा धान्यजातयश्च स्वादादिषु सङ्करधान्यसधर्माणो भवन्ति। एतेषां निम्नगुणानां धान्यजातीनामपि सङ्करं (ठिमाहा) धान्यम् उत्कृष्टधान्यजातेः सङ्करजातिरिव रूपेण मनोहरं गुणेन हीनमेव भवतीति निम्नगुणात्मकेभ्यो धान्यजातिभ्योऽपि सङ्करं धान्यं तृण इव उन्मूल्यते। एतत्सर्वं प्रत्यक्षविषयमिति न प्रमाणमपेक्षते। यद्यत्र केषाञ्चित् सन्देहस्तर्हि अभिज्ञः कृषकः प्रष्टव्यः।

यथैव धान्यजातिषु सङ्करोऽनभीष्टकारकतया उन्मूलनप्रवर्तना लोके दृश्यते तथैव मनुष्यजातिष्वपि सङ्करोऽनभीष्टकरः सम्पद्यते इति तत्साङ्कर्यनिवारणार्थं सृष्टिकालादेव उपायाः कल्पिताः सन्ति। कृषकैस्तृण इव मानवसमाजोऽपि सङ्करं स्वकीयसमाजात् बहिष्करोति।

विधायकवाक्यानामुद्देश्यम्

चतुर्वर्गप्रसाधनं पुरुषस्य प्रयोजनम्। तच्च प्रयोजनं यथा सम्पद्यते तथा शास्त्रं पुरुषप्रवर्तनां विधत्ते। कर्मानुष्ठानादेव सिद्धेः सम्प्राप्स्यमानत्वात् कर्मसु पुरुषप्रवर्तनाविधानं चोदकवाक्यानामेकमुद्देश्यम्।

धान संस्कृत धान पाक्नुभन्दा पहिले पाक्छ र झर्छ, यो एउटा दोष हो। ठिमाहा धानको भात संस्कृत धानको भातजस्तो स्वादिलो हुँदैन यो अर्को दोष हो। संस्कृत धान जसरी बुद्धिशक्तिको विकासक हुन्छ त्यसरी नै ठिमाहा धान (बौद्धिक क्षमताको विकासक) हुँदैन। ठिमाहा धानका चामलको भात चाँडो (पाक्ना साथ) खाने हो भने स्वादिलो हुन्छ। ढिलो गरेर वा सेलाएपछि खाने हो भने नमीठो र साह्रो हुन्छ। त्यसैले संस्कृत धानको सुरक्षाका लागि कृषकहरूले संस्कृत धानका साथमा उम्रिएका ठिमाहा धानलाई झारपात गोडेझैं गोडेर फालिदिन्छन्।

निम्न गुण भएका धानहरू स्वादमा ठिमाहा धानजस्तै हुन्छन्। निम्न गुणस्तर भएका धान्यजातिका ठिमाहा पनि उत्तम धानजातिका ठिमाहा जस्तै हेर्दा राम्रा तर गुणात्मकता नभएका हुन्छन्। ठिमाहा धानलाई निम्न गुणस्तर भएका धान्य जातिहरू भन्दा पनि तल्लो स्तरको मानिन्छ। त्यसैले ठिमाहा धानलाई झार उँखेलेझैं उँखेलेर फालिन्छ। यी सबै आफ्नै आँखाले प्रत्यक्ष गरेका विषय हुन्। त्यसैले यसका लागि कुनै प्रमाणको आवश्यकता पर्दैन। यस विषयमा कसैलाई थोरै पनि शङ्का हुन्छ भने उसले विशेषज्ञ कृषकलाई (कृषिविशेषज्ञलाई) गएर सोध्न सक्छ।

धानका विभिन्न जाति मध्ये जसरी ठिमाहा जातको धान अनिष्टकारक हुन्छ र त्यसलाई उँखेलेर फाल्नतिर मानिसहरू (कृषकहरू) लागेको देखिन्छ त्यसरी नै मनुष्यका जातिहरूमा पनि सङ्कर (वर्णसङ्कर वा ठिमाहा) अनिष्टकारक (वंशलाई एवं समाजलाई हित नगर्ने) हुन्छ। त्यसैले नै ठिमाहा सन्ततिको उत्पादनलाई रोक्ने उद्देश्यले सृष्टिको आरम्भदेखि नै विभिन्न उपायको कल्पना गरेको देखिन्छ। जसरी कृषकले ठिमाहालाई झार फालेझैं फालिदिन्छ त्यसरी नै मानव समाजले पनि ठिमाहालाई आफ्नो समाजबाट बहिष्कार गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषप्रकृतेः प्रतिबन्धकभूतानां कारकाणां निराकरणं च शास्त्रगतमपरमुद्देश्यम् । न हि प्रतिबन्धितो जनः पुरुषार्थसाधने समर्थो भवति । तेषां प्रतिबन्धानां निराकरणाय ज्ञानमावश्यकमिति मत्वोल्लेखः क्रियते ।

प्रतिबन्धकहेतवः

तत्र काणकुब्जमूकबधिरत्वादिशरीरगतधर्मविकृतरूपं वैकल्यम्, व्याध्यादिसमन्वितशरीरगतधर्मविकृतिरूपं च वैकल्यं पुरुषार्थसाधने प्रतिबन्धकं भवति ।

अस्य कर्मणोऽनुष्ठानादस्य फलस्योपलब्धिर्भवतीति ज्ञानाभावस्तथास्य कर्मणोऽनुष्ठानप्रकार इत्याकारक इतिज्ञानाभावश्च पुरुषार्थसाधने प्रतिबन्धकं भवति । ज्ञानाभावान्नानुष्ठातुं शक्यते इत्यर्थः ।

न ह्युद्विग्नः कर्मणोऽनुष्ठाने समर्थः । तस्मादुद्भिन्नमर्यादः कण्टकः समाजः पुरुषार्थसाधने प्रतिबन्धको भवति ।

स्वयञ्चोद्वृत्तः कर्मणोऽनुष्ठानेऽसमर्थोऽनधिकारी चेति सामर्थ्याभावोऽधिकाराभावश्च पुरुषार्थसाधने प्रतिबन्धकौ भवतः ।

विधायक वाक्यहरूको उद्देश्य-

धर्म, अर्थ, काम एवं मोक्षरूप चतुर्वर्गको साधना गर्नु मनुष्यको प्रमुख उद्देश्य हो । जे गर्नाले र जसरी उक्त चतुर्वर्ग प्राप्तिरूपी उद्देश्य पूरा हुन्छ त्यही नै गर्न र त्यसरी नै गर्न प्रवृत्त गराउने (लगाउने) काम शास्त्रले गर्दछ । कर्मको अनुष्ठान गरेर मात्रै सफलता मिल्ने हुनाले कर्ममा पुरुषलाई प्रवृत्त गराउनु चोदक (अभिप्रेरक) वाक्यको एकटा उद्देश्य हो । पुरुषलाई चतुर्वर्ग प्राप्तिका बाटामा लाग्न नदिने बाधक कारणहरूलाई हटाइदिनु पनि शास्त्रको अर्को उद्देश्य हो । बाधक तत्त्वले घेरिएको पुरुष पुरुषार्थको साधनामा समर्थ हुन सक्दैन । उक्त बाधकतत्त्वको निराकरणका लागि ज्ञानको आवश्यकता हुन्छ भन्ने कुरा स्विकारेर त्यसका सम्बन्धमा चर्चा गरिन्छ ।

बाधक कारणहरू-

प्रथमतः कानोपन, कुप्रोपन, लाटोपन, बहिरोपन आदि शरीरका अङ्गमा रहेको विकलता (न्यूनता) र रोग आदिले ग्रस्त भएका शरीरमा रहेको विकलता (असामर्थ्य) पुरुषार्थको साधनमा प्रतिबन्धक हुन्छ । यो काम गर्ने हो भने यसबाट यसप्रकारको फल (परिणाम) प्राप्त हुन्छ भन्ने ज्ञानको अभाव र यो काम यसरी गर्नुपर्छ भन्ने ज्ञानको समेत अभाव (परिणाम एवं कार्यविधि दुवैको ज्ञान नहुनु) पुरुषार्थ साधनमा प्रतिबन्धक हुन्छ । यसबाट ज्ञानको अभावमा कुनै पनि कार्य गर्न सकिन्न भन्ने तात्पर्य निस्कन्छ । उद्विग्न भएको पुरुष कुनै पनि काम गर्न असमर्थ हुन्छ । यी सबै कारणले गर्दा मर्यादा उल्लङ्घन गरेको र काँडोजस्तो बनेको समाज पुरुषार्थको साधनमा प्रतिबन्धक हुन्छ । आफै नै मर्यादाको उल्लङ्घन गरेको पुरुष कुनै पनि काम गर्न असमर्थ एवं अनधिकारी हुन्छ । त्यसैले सामर्थ्यको अभाव र अधिकारको पनि अभाव पुरुषार्थ साधनमा प्रतिबन्धक हुन्छ ।[१३२]

---

१३२. श्रौतधर्मका प्रसङ्गमा **सामर्थ्यमधिकारिविशेषणम्** भनिएकाले काणत्वादि शारीरिक दोष भएको पुरुष चतुर्वर्ग साधनको अधिकारी हुँदैन । यसरी नै **अध्ययनविधिसिद्धज्ञानवानधिकरोति** इत्यादिद्वारा प्रतिपादित ज्ञान आदि आवश्यक वस्तु नभएको पुरुष पनि चतुर्वर्ग साधनको अधिकारी हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिबन्धनिराकरणोपायाः

शरीरगतधर्मवैकल्यानुत्पादनाय संस्कारैः संस्क्रियते पुरुष आगर्भाधानादामरणान्तम्। तैश्च संस्कारैः संस्कृतः पुरुष इहामुत्राविकलो जायते।

विलक्षणपुत्रोत्पत्तिः

इह खलु मातापितृभ्यामेव हि पुत्रोत्पत्तिः। यत्र सर्वेषां पुत्राणां पुत्रीणां वा मातापितृजत्वस्य साम्येऽपि न हि समेषु मातापित्रोर्लक्षणमाकृत्या, गुणेन, स्वभावेन च वापि प्रतीयते। केषाञ्चित्पुत्रेषु मातापित्रोरेकाकृतिगुण-स्वभावाः परिलक्षन्ते। केषुचिच्चाकृतिगुणौ लक्ष्येते, केषुचिदाकृतिस्वभावौ लक्ष्येते, केषुचिद् गुणस्वभावौ लक्ष्येते, केषुचिदाकृतिरेव केषुचिद् गुण एव, केषुचित् स्वभाव एव केषुचिच्च पुनस्त्रितयाभावोऽपि च प्रतीयते।

तत्र न हि कारणमन्तरा कार्यस्यौत्पत्तिरिति पुत्रोत्पत्तेः कारणानि अन्वेष्टव्यानि भवन्ति।

विलक्षणपुत्रोत्पत्तेः कारणानि

तत्र कालकर्मात्मबीजानां गर्भस्योत्पत्तौ सहकारिकारणत्वं विज्ञानेश्वरेण निर्दिष्टम्।

तेषु च कारणेषु पुत्रगतवैलक्षण्यस्य कारणत्वं प्राधान्येन मातापित्रोरेव स्थितम्। यादृशाकृतिगुणस्वभावौ यादृशकर्माणौ मातापितरौ यादृगवस्थं मानसव्यापारं समाश्रित्य यादृशे च काले यादृश्यां बेलायां गर्भाधानं विधाय गर्भिण्या भक्षणादिविधानञ्च यादृशमेव कुरुतस्तथाविध एव पुत्र उत्पद्यते इत्येतदैहिकं कारणजातम्।

बाधक कारणहरूलाई हटाउने उपायहरू-

शरीरमा अपाङ्गता आदि उत्पन्न नहोऊन् भन्ने उद्देश्यले गर्भाधानदेखि मरणसम्म विभिन्न संस्कारद्वारा पुरुषलाई संस्कृत बनाउने कार्य गरिन्छ। उक्त संस्कारद्वारा संस्कृत भएको पुरुष यस लोकमा र परलोकमा समेत अविकल (अङ्गभङ्ग नभएको वा कुनै कमी कमजोरी नभएको) भई जन्मन्छ।

विलक्षण सन्तानको उत्पत्ति-

यस संसारमा सबै सन्तानको उत्पत्ति आफ्ना बुबा आमाबाट नै हुन्छ। सबै छोराहरू र छोरीहरू बुबा आमाबाट उत्पन्न हुने कुरामा समानता देखिए तापनि सबैमा आकार, गुण, स्वभावजस्ता बुबा आमाका गुण भएको पाइन्न। केही सन्तानमा आफ्ना बुबा आमाका जस्ता आकृति, गुण एवं स्वभावहरू देखिन्छन्। केही सन्तानमा आकृति र गुण बुबा आमाका जस्ता देखिन्छन् भने केही सन्तानमा आकृति र स्वभाव बुबा आमाका जस्ता देखिन्छन्। यसै प्रकारले केही सन्तानमा गुण र स्वभाव बुबा आमाका जस्ता देखिन्छन् भने कुनै कुनै सन्तानमा आकृति मात्र बुबा आमाको जस्तो देखिन्छ। केहीमा गुणमात्र बुबा आमाको जस्तो देखिन्छ त केहीमा स्वभावमात्र बुबा आमाको जस्तो देखिन्छ। केही सन्तानमा त बुबा आमाका तीनवटै तत्त्वको अभाव पनि देखिन्छ। कारण विना कार्यको उत्पत्ति हुन सक्दैन। अतः यस सन्दर्भमा विलक्षण (विशिष्ट गुणले युक्त) पुत्र उत्पन्न हुने कारणको खोजी गर्नुपर्ने हुन्छ।

विलक्षण पुत्र उत्पन्न गराउने साधनहरू-

काल, कर्म एवं आफ्ना जन्मका कारणभूत बीज गर्भका उत्पत्तिका सहयोगी कारण हुन्छन् (या.स्मृ.....मिता.) भनी विज्ञानेश्वरले बताएका छन्। उक्त कारणहरूमध्ये विलक्षण पुत्र उत्पन्न गराउने साधन विशेषतः बुबा आमाका हातमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र पुनर्मातापित्रोर्जन्यस्य चामुष्मिकमपि तथाविधवैलक्षण्यस्य कारणं भवति।

मानवशरीरस्य पुरुषार्थसाधनत्वात् सर्वप्रथमं शरीरस्यौपयोगित्वोत्पादनमावश्यकम् । मानवशरीरश्च कालकर्मात्मबीजानां दोषैस्तथा मातृदोषेण च हेतुनाङ्गहीनत्वादिदोषमाप्नोति।

[१९८]योगीश्वरेण याज्ञवल्क्येनापि कालदोषेण कर्मदोषेण आत्मपितृबीजदोषेण मातृरजोदोषेण च जन्मन आरभ्याङ्गहीनत्वादिविकृतं दृष्टमित्यभिधानेन शरीरस्य वैकल्यापादकानि सहकारिकारणानि उपादानकारणानि च कालदोष-कर्मदोष-रजःशुक्रगतदोषाणां निर्दिष्टतया पुरुषार्थसाधनोपयोगित्वसम्पादनार्थं कालगतकर्मगत-रजःशुक्रगतानां च दोषाणां मार्जनोपायः कल्पनीयः।

कालस्य कर्मणः रजःशुक्रयोश्च गुणागुणवद्द्रव्योत्पादकत्वं शास्त्रेषु निर्दिष्टम्।

कालस्य गुणवद्द्रव्योत्पादकत्वम्

दृष्टमेव प्रत्यक्षं कालस्य गुणवद्द्रव्योत्पादकत्वम्। मञ्जरिषु प्रादुर्भूतानि फलानि उद्भवानन्तरितकतिपय-दिनानि यावत् कट्वम्लतिक्तकषायरसान्वितान्यपि केनचित् कालेन मधुरतामाप्नुवन्ति। यथाम्रादीनि फलानि

---

१९८. **कालकर्मात्मबीजानां दोषैर्मातुस्तथैव च। गर्भस्य वैकृतं दृष्टमङ्गहीनादि जन्मनः॥**
- याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, १६३ श्लोकः।

नै रहेको हुन्छ। जस्तो आकृति, गुण एवं स्वभावले युक्त भएका र जस्तो कर्म गरिरहेका माता पिताले जुन अवस्थामा, जस्तो मनोवृत्ति भएका अवस्थामा, जस्तो समयमा, जुन बेलामा गर्भाधान गरेर जसप्रकारको गर्भिणीका भक्ष्यपदार्थको विधान गर्छन् त्यसै प्रकारको पुत्र (सन्तान) उत्पन्न हुन्छ। यी सबै पुत्रोत्पत्तिका सांसारिक कारण हुन्। बुबा आमाबाट जन्मिने सन्तानमा देखिने त्यसप्रकारको विलक्षणताको कारण पारलौकिक पनि हुन्छ।

मानव शरीर नै पुरुषार्थको साधन हुने भएकाले सबैभन्दा पहिले शरीरलाई उपयोगी (पुरुषार्थ प्राप्त गर्न समर्थ) बनाउनु आवश्यक हुन्छ। काल, कर्म, एवं आफ्ना उत्पत्तिका कारणभूत पिताका बीजका दोषले र आमाका दोषले गर्दा मानव शरीरमा अङ्गहीनता आदि दोष उत्पन्न हुन्छन्। योगीश्वर याज्ञवल्क्यले पनि 'कालदोषले, कर्मदोषले, आफ्ना पिताजीका बीजका दोषले र आमाका रजका दोषले गर्दा जन्मैदेखि अङ्गहीनता जस्ता विकृति देखिन्छन्' (या.स्मृ. ३/१६३)[१३३] भनेका छन्। यसरी याज्ञवल्क्यले शरीरमा विकलता (अपाङ्गता आदि दोष) उत्पन्न गराउने सहकारी कारण र उपादान कारणका रूपमा कालदोषलाई, कर्मदोषलाई र (माता पिताका) रज एवं शुक्रमा रहेका दोषलाई देखाएका छन्। शरीरलाई पुरुषार्थ साधनका लागि उपयोगी बनाउन कालमा रहेका, कर्ममा रहेका र (माता पिताका) रज एवं शुक्रमा रहेका दोषहरूलाई हटाउने उपायहरूको खोजी गर्नुपर्छ। कालका, कर्मका र रज एवं शुक्रका कारणले गर्दा गुणले वा अवगुणले युक्त भएका वस्तु उत्पन्न हुन्छन् भनी शास्त्रमा बताइएको छ।

---

१३३. {(पूर्वजन्मको कर्म मात्र कुब्जता, काणता आदि दोषको कारण होइन, अपि तु) काल, कर्म र आफ्ना उत्पत्तिका कारणका रूपमा रहेका पिताजीका वीर्यको दोषले साथै आमाका दोषले (उक्त सबै सहकारी कारणले पनि) जन्मैदेखि अङ्गहीन हुने आदि गर्भका विकार देखिन्छन्}- याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, १६३ श्लोकः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्गमकाले कषायरसान्वितानि कालेन पक्वानि मधुरतां बिभ्रति। नारङ्गादीनि अम्लान्यपि कालेनैव मधुराणि सम्पद्यते। तिक्तश्चैव {इक्षुः} मधुरिमानं बिभर्ति।

प्रसूतौ बालः स्तन्यपानादिचेष्टासमन्वितोऽपि गमनादिक्रियासु असमर्थः कालेनैव सामर्थ्यमाप्नोति।

यथा हि उत्पत्तिकाले पुष्पमूलफलादिषु अन्तर्विद्यमानोऽपि मधुरादिगुणो गुणाधानोपयुक्तकालयोगाभावात् प्राप्तुं न शक्यते (अर्थात् कालैनैव तेषु पुष्पफलादिषु मधुरादयो गुणाः प्रतीयन्ते)। तथैव बालस्यापि पूर्वजन्मनः प्राप्ताः संस्कारा अन्तर्विद्यमाना अपि कालैनैव प्रतीयन्ते। न ह्युत्पत्तिकाले एव भुक्ताः फलादयः पदार्था मधुरतामावहन्ति। तथैवोत्पन्नोऽपि बालः उत्पत्तिकाले एव सामर्थ्यादिगुणसमन्वितो न जायते।

उत्पन्नः स्वतः सम्पद्यते इति तु न मन्तव्यम्, उत्पन्नस्याप्यङ्कुरस्य मलजलादिप्रक्षेपप्रसेकादिक्रिया-संवर्धितस्यैव मधुरफलान्वितस्य दृष्टत्वाद् उत्पन्ने बालेऽपि गुणाधायकाः क्रियास्तु सम्पादनीया एव।

कालस्य गुणाधायकत्वं [१९९]भिषक्शास्त्रे प्रयुज्यमानानां पत्रमूलक्षीरत्वगादीनां गुणकारित्वसम्पत्तये ग्रहणकालविशेषस्मरणादपि स्पष्टं प्रतीयते।

---

१९९. वैद्यकपरिभाषाप्रदीपः, प्रथमखण्डः ७९ श्लोकः।

कालले (समयले) गुणले युक्त भएका वस्तु उत्पन्न गराउँछ-

समयले गुणले युक्त भएका पदार्थ उत्पन्न गराउँछ भने कुरा प्रत्यक्ष नै देखिएको छ। लहरामा उत्पन्न भएका (फलेका) फलहरू केही दिनसम्म पीरो, अमिलो, तीतो र टर्रो रसले युक्त भएका हुन्छन् र केही समय पछि मीठा बन्दछन्। आँप आदि फलहरू फल्ने अवस्थामा टर्रोपनले युक्त भएका हुन्छन् र केही समयपछि मीठा हुन्छन्। सुन्तला आदि फल पहिले अमिला हुन्छन् र समय आएपछि मीठा बन्छन्। सुरुमा तीतोपनले युक्त भएका उखुमा क्रमैले मिठास आउँछ।

तत्काल उत्पन्न भएको बालक स्तन पान गर्ने चेष्टाले युक्त भएता पनि हिँडडुल गर्न समर्थ हुँदैन तर समय बित्दै गएपछि उसमा डिँडडुल गर्ने सामर्थ्य प्राप्त हुन्छ।

उत्पत्तिका समयमा पुष्प, मूल एवं फल आदिमा अन्तर्निहित (भित्र रहेको) मधुरता आदि गुण (मिठास) गुणको आधान गर्ने उपयुक्त समयको योग नभएकाले प्राप्त गर्न सकिँदैन। अर्थात् समयले नै पुष्प, फल आदिमा मधुरता आदि गुण उत्पन्न गराउँछ। यसै प्रकारले बालकमा पूर्वजन्मबाट प्राप्त भएका संस्कारहरू अन्तर्निहित (भित्रै रहेका) हुन्छन् तापनि समय आएपछि मात्र प्रकट हुन्छन्। उत्पत्तिकै समयमा माथि बताइएका फल आदि पदार्थ खाँदा मिठासले युक्त भएका हुँदैनन्। यसै प्रकारले उत्पन्न भएको बालक पनि उत्पत्तिकै समयमा सामर्थ्य आदि गुणले युक्त भएको हुँदैन।

उत्पन्न भएको वस्तु आफै नै आवश्यक गुणले युक्त हुन्छ भन्न मिल्दैन। उत्पन्न भएका अङ्कुरहरू पनि मल हाल्ने, पानी हाल्ने (सिँचाइ गर्ने) आदि क्रियाद्वारा बढाइएका अवस्थामा मात्र मधुरता आदि गुणले युक्त भएको देखिएको छ। त्यसैले उत्पन्न भएका बालकमा पनि गुणाधान गर्ने क्रियाहरू सम्पन्न गराइदिनै पर्छ।

समय गुणाधायक हुन्छ भन्ने कुरा भिषक्शास्त्रमा (आयुर्वेदमा) प्रयोग गरिने पात, जरा, दूध (चोप), बोक्रा आदिमा गुणात्मकता आओस् भन्नका लागि कुन कुन समयमा उक्त पदार्थ सङ्ग्रह गर्ने भनी गरिएका निर्देशनबाट पनि स्पष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयुर्वेदशास्त्रे औषधनिर्माणार्थं वृक्षोत्थपत्रमूलक्षीरत्वगादीनां प्रयोगः क्रियते । प्रयोगाय च तेषां ग्रहणे समयविशेषः स्मृतः । वृक्षपत्रग्रहणार्थं वर्षर्तुर्वासन्तिको वा ऋतू विकल्पेन निर्दिष्टौ । मूलग्रहणार्थं शिशिरर्तु-र्ग्रीष्मर्तुर्वा विकल्पेनाभिहितः । त्वक्कन्दक्षीराणां च ग्रहणार्थं शारदिक ऋतुः स्मृतः । ऋत्वनुसारं च पुष्पफलानां यस्मिन् ऋतौ यत्पुष्पं विकसति यच्च फलं फलति तस्मिन्नेव ग्रहणमुक्तम् । हेमन्तश्च ऋतुः सारस्य (रसस्य) ग्रहणे योग्योऽभिहितः ।

यस्मिश्च काले यस्य द्रव्यस्य ग्रहणं निर्दिष्टं तस्मिन्नेव काले गृहीतं तद्द्रव्यं गुणसमन्वितं सदौषधिषु अपि गुणाधायकं सम्पद्यते इति कालस्य गुणाधायकत्वं प्रतीयते ।

कालस्य शुद्धिसाधनत्वम्

[२००]मनुना-

वायुः कर्मार्ककालौ च शुद्धेः कर्तृणि देहिनाम् इत्युक्त्या कालस्य शुद्ध्यापादकत्वं निर्दिश्य **'शुद्ध्येद् विप्रो दशाहेन द्वादशाहेन भूमिपः'** इत्यादिभिः दशाहद्वादशाहादिरूपस्य कालस्य शुद्धिसाधनत्वमभिहितम् ।

२००. ५/१०५ मनुः ।

प्रतीत हुन्छ (वै.प.प्र.) ।[१३४]

आयुर्वेदशास्त्रमा औषधि निर्माण गर्नका लागि रूखबाट उत्पन्न हुने पात, जरा, दूध (रस), बोक्रा आदिको प्रयोग गरिन्छ । औषधिका रूपमा प्रयोग गर्नका लागि उक्त पात आदि कतिखेर सङ्ग्रह गर्ने भनी समय तोकिएको छ । रूखका पात सङ्ग्रह गर्नका लागि (टिप्नका लागि) वर्षाऋतु अथवा वसन्त ऋतुलाई विकल्पका रूपमा लिइएको छ । मूल (जरा) सङ्ग्रह गर्न शिशिरऋतु र ग्रीष्मऋतुको विकल्प दिइएको छ । बोक्रा, गाना, क्षीर ग्रहणका लागि शरद् ऋतुलाई उपयुक्त मानिएको छ । ऋतुअनुसार पुष्प एवं फल टिप्नुपर्छ अर्थात् जुन ऋतुमा जुन फूल फुल्छ र जुन ऋतुमा जुन फल फल्छ त्यही ऋतुमा नै ती ती फूल र फल टिप्नुपर्छ । हेमन्त ऋतुलाई सार (रस) ग्रहणका लागि उपयुक्त भनिएको छ । जुन समयमा जुन द्रव्यको ग्रहण गर्ने भनी निर्देशन गरिएको छ त्यसै समयमा ग्रहण गरिएको वस्तु गुणले युक्त भएको हुन्छ र औषधिहरू पनि गुणाधायक (प्रभावकारी) हुन्छन् । त्यसैले समयलाई गुणाधायक (गुणहरू उत्पन्न गराउने साधन) मानिएको छ ।

समय शुद्धिको साधन हो-

मनुले- **वायुः कर्मार्क०** अर्थात्- 'वायु, कर्म, सूर्य र काल (समय) देहधारीहरूका शुद्धिका कारक हुन् अर्थात् वायु आदिले देहधारीहरूलाई पवित्र बनाउँछन्'[१३५] (मनु. ५/१०५) भनी समयलाई पनि शुद्धिका साधनका रूपमा उल्लेख

---

१३४. वैद्यकपरिभाषाप्रदीप गोविन्दसेनद्वारा रचित आयुर्वेदसम्बद्ध सङ्ग्रह ग्रन्थ हो । पद्यात्मक प्रस्तुत ग्रन्थ चार खण्डमा विभक्त छ । यस ग्रन्थमा 'आयुर्वेदमा प्रयोग हुने विशेषतः बृहत्त्रयी (चरक, सुश्रुत एवं वाग्भट) र लघुत्रयी (शार्ङ्गधरसंहिता, भावप्रकाश, एवं माधवनिधान) मा प्रयुक्त पारिभाषिक शब्दहरूको सङ्कलन गरिएको छ' भनिन्छ ।

१३५. मन्वर्थमुक्तावलीमा कर्म आदि कसरी शुद्धिका साधन हुन्छन् भन्ने तथ्य मनुका उक्तिहरूलाई नै प्रमाणका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२०१]याज्ञवल्क्येन-

'कालोऽग्निः कर्म मृद्वायुर्मनो ज्ञानं तपो जलम्। पश्चात्तापो निराहारः सर्वेऽमी शुद्धिहेतवः ॥' इति स्मृत्वा कालस्य शुद्धिहेतुत्वं निर्दिश्य दशरात्रादिकस्य कालस्य शुद्धिसाधनत्वमभिहितम्।

तस्मात् कालो द्रव्येषु शुद्धिमावहति गुणाधानं च करोति।

भावनां प्राबल्याप्राबल्यमपि कालानुसारं जायते। भूमिर्नद्यो नगाः सिद्धा देवा ऋषयश्च कालमेवानुवर्तन्ते। भूमिर्हि कालानुगता वसन्तादिकालविशेषेषु अशोकपुष्पविकाशादीन्, शरदादिकालविशेषेषु सस्यसम्पत्त्यादीन् विधत्ते। तत्र च कालस्य धर्माधर्मसमन्वितत्वमपेक्ष्य फलभूयस्त्वाल्पत्ववती च सती सा भूमिः कालमेव समनुवर्तते।

तथैव नद्योऽपि स्वरसतो रसवाहिन्यः कालमनुसृत्य मधुरामधुरत्वमावहन्ति। कालमेवानुसृत्य मार्गामार्गवाहिन्यश्च सम्पद्यन्ते।

नगाश्च कालमेवानुसृत्याचलानचलात्मकत्वमाप्नुवन्ति। तरुवृक्षलताद्यौषधिप्रदापप्रदत्वञ्च कालमेवानुसृत्य समाप्नुवन्ति।

---

२०१. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, आशौचप्रकरणम् ३१ श्लोकः।

गरेका छन्। **शुद्धेद्०** अर्थात् '(उपनीत सपिण्डको मरण भएमा वा अवधि पूरा भएको सन्तान जन्मिएमा) ब्राह्मण दश दिनमा शुद्ध हुन्छ र क्षत्रिय बाह्र दिनमा शुद्ध हुन्छ' (मनु. ५/८३) इत्यादि उक्तिद्वारा दश बाह्र आदि दिनरूप समयलाई शुद्धिको साधन बताएका छन्। याज्ञवल्क्यले पनि **कालोऽग्नि०** अर्थात् 'समय, अग्नि, कर्म, माटो, वायु, मन, ज्ञान, तपस्या, जल, पश्चात्ताप र निराहारव्रत- यी सबै शुद्धिका हेतु (साधन) हुन्'[१३६] (या.स्मृ. ३/३१) भनी समयलाई शुद्धिका साधनहरूमा गणना गरेका छन्। दश रात आदि समयलाई पनि शुद्धिका साधन भनेका छन्। अतः समयले वस्तुमा शुद्धता ल्याउने र गुणात्मकता ल्याउने (गुणाधान गर्ने) काम गर्छ।

भावहरूको प्रबलता र अप्रबलता पनि समयअनुसार नै उत्पन्न हुन्छ। पृथिवीले, नदीले, पहाडले, सिद्धले, देवताले र ऋषिहरूले कालको अनुसरण गर्दछन्। पृथिवीले कालको अनुसरण गर्दै वसन्त आदि विशेष समयमा अशोक पुष्पलाई फुलाउने आदि, शरद् आदि विशेष समयमा धान्यादि अन्न उत्पन्न गराउने आदि कार्य गर्दछ। समय- धर्म अधर्मले युक्त छ छैन त्यसका आधारमा कहिले धेरै फल दिने र कहिले थोरै फल दिने कार्य गर्दै पृथिवीले समयको अनुवर्तन (अनुसरण) गर्छ।

यसै प्रकारले स्वभावतः रस (जलराशि) लाई प्रवाहित गर्ने नदीहरूले कालको अनुसरण गर्दै कहिले मधुरता (आस्वाद्यता) लाई त कहिले अमधुरता (अनास्वाद्यता) लाई धारण गर्छन्। कालकै अनुसरण गरेर आफ्ना निर्धारित

उपस्थापन गरेर देखाइएको छ। वायु कसरी शुद्धिको साधन हुन्छ भनी मनुले बताएका छैनन् तापनि विष्णुपुराणका उक्तिका आधारमा शुद्धिसाधनता सिद्ध गरिएको छ। **ऊर्णा वातेत शुद्ध्यति** लाई पनि वायुको शुद्धिसाधनताको प्रमाण मान्न सकिन्छ।

१३६. समय आदि कसरी शुद्धिका साधन बन्छन् भन्ने तथ्य मिताक्षरामा सप्रमाण उपस्थापन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवमेव सिद्धाः, देवाः, ऋषयश्च कालानुसारिण एव । कालस्य धर्मभूयस्त्वे तेऽपि कर्मसिद्धिमाप्नुवन्ति । कर्मसिद्धेश्च जातप्रभावा निग्रहानुग्रहादिकार्यसम्पादनक्षमाः सम्पद्यन्ते ।

बलप्रभावो वर्णप्रभावश्च कालमेवानुसरति । कृते युगे धर्मस्य चतुष्पादात्मकतया तदा वर्णानां प्राबल्यमासीत् । निग्रहानुग्रहसामर्थ्यस्योदयस्तदानीं भवति स्म । एतमेवाभिप्रेत्य [२०२]व्यासेन भूमिनदीनगसिद्धदेवर्षीणां तथा भावानां च कालानुसारित्वम्, मानुषाणां बलवर्ष्मप्रभावोदयस्य च कालानुसारित्वमेवाभिहितम् ।

यदीत्थं कालस्य शुद्ध्यापादकत्वं गुणाधायकत्वं च सम्पद्यते तर्हि दोषोत्पादकत्वं द्वन्द्वात्मकसंसारे स्वत एवावगम्यते । कालस्यैव सृष्टिस्थितिसंहारकारित्वं विश्वकर्तृत्वं विश्वविज्ञत्वम् आत्मयोनित्वं कालस्यापि कालत्वं गुणवत्वं सर्वविज्ञत्वं प्रधानत्वं क्षेत्रज्ञपतित्वं गुणस्येशत्वमपि च समाम्नातम् । यथा [२०३]कालमाधवकारेण समुद्धृता श्रुतिः-

---

२०२. **भूमिर्नद्यो नगाश्चैते सिद्धा देवर्षयस्तथा । कालं समनुवर्तन्ते तथा भावा युगे युगे ॥**
कालं कालं समासाद्य नराणां नरपुङ्गवाः । बलवर्ष्मप्रभावा हि प्रभवन्त्युद्भवन्ति च ॥ इति ॥

२०३. कालमाधवः, उपोद्घातप्रकरणम्, {कालतत्त्वस्थापनपरं प्रथमप्रकरणम्, २९ पृष्ठम्} ।

बाटाबाट हिँड्ने गर्छन् । पहाडहरू कालकै अनुसरण गरेर चल र अचल भावलाई प्राप्त हुन्छन् । बोट-बिरुवा, लहरा आदि औषधि दिने र नदिने (औषधि उत्पन्न गराउने वा नगराउने) कार्य पनि कालकै अनुसरण गरेर गर्दछन् । यसरी नै सिद्धहरूले, देवताहरूले र ऋषिहरूले पनि कालकै अनुसरण गर्दछन् । कालमा धर्मको आधिक्य भयो भने तिनीहरूले पनि कर्मसिद्धि प्राप्त गर्दछन् । कर्मसिद्धिका कारण प्रभावले युक्त भएका अर्थात् प्रभावशाली बनेका उनीहरू निग्रह (नियन्त्रण गर्ने, सराप दिने आदि) र अनुग्रह (अभीष्ट प्रदान गर्ने, वरदान दिने आदि) मा समर्थ हुन्छन् ।

बलको प्रभावले र वर्णको प्रभावले पनि कालकै अनुसरण गर्छ । सत्ययुगमा धर्म चारै चरणले युक्त भएकाले त्यस समयमा वर्णको प्रबलता (शक्तिशालिता) थियो । त्यस समयमा निग्रह एवं अनुग्रह गर्ने सामर्थ्य हुन्थ्यो । यसै अभिप्रायलाई ध्यानमा राखेर व्यासले- पृथिवी, नदी, नग (पहाड) सिद्ध, गन्धर्व एवं ऋषिहरूका साथै भावहरूले पनि कालको अनुसरण गर्दछन्, मनुष्यहरूमा बल, वर्ण एवं प्रभावको उदय पनि समयकै अनुसरणबाट उत्पन्न हुन्छ (म.भा., व.प, १४९/८-९) भनेका हुन् ।[१३७]

---

१३७. क) {भूमि (जमिन), नदी, वृक्ष, पहाड, सिद्ध, देवता एवं ऋषिहरू- यी सबैले कालको अनुसरण गर्छन् । प्रत्येक युगअनुसार सबै वस्तुको बल, शरीर एवं प्रभावमा न्यूनाधिकता हुन्छ ।}- महाभारत, आरण्यपर्व ।
ख) शोधप्रबन्धका लेखकले उद्धरण गरेका पद्यहरू प्रायः नीलकण्ठी टीकाका साथमा प्रकाशित महाभारतमा निर्दिष्ट श्लोकसङ्ख्यासित मेल खान्छन् । प्रस्तुत सन्दर्भमा भने अन्य कुनै पुस्तकलाई आधार बनाइएको हुन सक्छ । उपलब्ध नीलकण्ठी महाभारतमा र गोरखपुरबाट प्रकाशित महाभारतमा १४९ अध्यायको ९ पद्य ६ चरण भएको पाइन्छ । उक्त दुवै प्रकाशनमा यहाँ उद्धृत दोस्रो पद्यको पूर्वार्ध पाइन्न । केही पाठभेद पनि देखिन्छ जस्तै-
{भूमिर्नद्यो नगाः शैलाः सिद्धा देवा महर्षयः । कालं समनुवर्तन्ते यथा भावा युगे युगे ॥
बलवर्ष्मप्रभावा हि प्रहीयन्त्युद्भवन्ति च । इति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स विश्वकृद्विश्वविदात्मयोनिर्ज्ञः कालकालो गुणी सर्वविद्यः ।
प्रधानं क्षेत्रज्ञपतिर्गुणेशः संसारमोक्षस्थितिबन्धहेतुः ।। इति ।

एवमेव [२०४]कूर्मपुराणवचनं च कालमाधवे समुद्धृतम्-

अनादिरेष भगवान् कालोऽनन्तोऽजरः परः । सर्वगत्वात् स्वतन्त्रत्वात् सर्वात्मत्वान्महेश्वरः ।।
ब्रह्माणो बहवो रुद्रा अन्ये नारायणादयः । एको हि भगवानीशः कालः कविरिति स्मृतः ।।
ब्रह्मनारायणेशानां त्रयाणां प्राकृतो लयः । प्रोच्यते कालयोगेन पुनरेव च सम्भवः ।।
परं ब्रह्म च भूतानि वासुदेवोऽपि शङ्करः । कालेनैव च सृज्यन्ते स एव ग्रसते पुनः ।।
तस्मात् कालात्मकं विश्वं स एव परमेश्वरः ।

२०४. कालमाधवः, उपोद्घातप्रकरणम्, २९ पृष्ठम् ।

समयले यसरी शुद्धता ल्याउने र गुणाधान गर्ने कार्य गर्छ भने यस द्वन्द्वात्मक संसारमा दोष उत्पन्न गराउने कार्य पनि गर्दछ भन्ने कुरा स्वतः अवगत हुन्छ । कालमा नै विश्वको सृष्टि, स्थिति एवं संहारको कर्तृता, विश्वको उत्पादकता, विश्वको विज्ञता, आत्माको कारणता, कालको पनि कालता, गुणयुक्तता, सर्वविज्ञता (सबै जान्नेपन), प्रधानता, क्षेत्रज्ञको स्वामिता र गुणको ईशता रहेको हुन्छ भनिएको छ । कालमाधवका लेखकले यसै तथ्यलाई प्रतिपादन गर्ने श्रुतिवचनको उद्धरण दिएका छन्-

स विश्वकृद्० अर्थात् 'समयले विश्वलाई उत्पन्न गराउँछ, समयले विश्वलाई जान्दछ, समय नै आत्माको (आफै नै आफ्नो) कारण हो, समय नै ज्ञाता हो, समय कालको पनि काल हो, समय गुणवान् छ (गुणको आधार हो), समय सबै विद्यारूप छ, समय प्रधान हो, समय क्षेत्रज्ञको पनि स्वामी हो, समय गुणहरूको मालिक हो, समय संसारबाट मुक्त गराउने, संसारमा राख्ने, संसारमा बाँध्ने कारण हो (का.मा १, पृ. २९) ।'[१३८]

यसै प्रकारले कालमाधवका रचयिताले कूर्मपुराणको कथन पनि उद्धरण गरेका छन्-

अनादिरेष० अर्थात् 'यी भगवान् (शक्तिशाली) काल आदिरहित, अन्तरहित, अजर (कहिल्यै बूढा नहुने) र पर (इन्द्रियका माध्यमले जान्न नसकिने) छन् । सबै ठाउँमा जान सक्ने हुनाले, स्वतन्त्र भएकाले र सबैका आत्मा भएकाले काललाई महेश्वर (ठूला ईश्वर वा शिव) भनिन्छ । ब्रह्माहरू अनेकौँ छन्, रुद्रहरू अनेकौँ छन् र नारायण आदि देवताहरू पनि अनेकौँ छन् तर सबै ऐश्वर्यले युक्त भएका एवं सबै काम गर्न सक्ने कालदेव एउटै छन् । त्यसैले उनलाई कवि (सृष्टिकर्ता) भनिएको छ । भनिन्छ- समय आएपछि ब्रह्मा, विष्णु एवं नारायण- यी तिनै देवताको प्राकृतिक लय (विनाश) हुन्छ र समय आएपछि पुनः उनीहरूको उत्पत्ति हुन्छ । परब्रह्मा, चराचर प्राणी, भगवान् वासुदेव (विष्णु) एवं शङ्कर आदि सबै नै समयकै अधीन भएर सृजना गरिन्छन् र समयकै अधीन भएर विनष्ट पनि गराइन्छन् । यी सबै कारणले गर्दा यो संसार कालात्मक छ भन्ने तथ्य सिद्ध हुन्छ । त्यसैले काल नै सबैभन्दा ठूला ईश्वर हुन् । (का.मा. १, पृ. २९)

१३८. प्रस्तुत पद्य कालमाधवको कालको महिमा प्रतिपादन गर्ने उपोद्घात नामक प्रथमप्रकरणबाट उद्धरण गरिएको हो । शोधप्रबन्धको प्रस्तुत प्रकरणमा कालको महनीयता सिद्ध गर्न उद्धरण गरिएका सबै प्रमाण कालमाधवबाट द्वितीय स्रोतका रूपमा ग्रहण गरिएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्युक्त्या कालस्यानाद्यन्तत्वमजरामरत्वं सर्वगामित्वं स्वतन्त्रत्वं सर्वात्मत्वं महेश्वरत्वं ब्रह्मनारायणेशानामपीश्वरत्वं निर्दिश्य विश्वस्यैव कालात्मकत्वं प्रतिपादयति।

[२०५]विष्णुधर्मोत्तरेऽपि कालस्य-

अनादिनिधनः कालो रुद्रः सङ्कर्षणः स्मृतः। कलनात् सर्वभूतानां स कालः परिकीर्तितः ॥
कर्षणाद् सर्वभूतानां स तु सङ्कर्षणः स्मृतः। सर्वभूतशमित्वाच्च स रुद्रः परिकीर्तितः॥
अनादिनिधनत्वेन स महान् परमेश्वरः।

इत्यभिधाय कालत्वं रुद्रत्वं सङ्कर्षणत्वं महेश्वरत्वं च निर्दिष्टम् कालमाधवकारेणैव।

ज्योतिःशास्त्रेऽपि च-

भूतानामन्तकृत् कालः कालोऽन्यः कलनात्मकः। इत्युक्त्या कालस्य द्वैविध्यं दर्शितं [२०६]कालमाधवकारेणैव।

अनयोर्नित्यजन्यरूपयोर्मध्ये नित्यात्मकस्य परमेश्वररूपस्य कालस्य भक्तानामनुग्रहार्थं देहभावत्वाप्तिरपि कालमाधवकारेण समीरिता। यथा-

---

२०५. कालमाधवः, उपोद्घातप्रकरणम्, २९ पृष्ठम्।
२०६. कालमाधवः, उपोद्घातप्रकरणम्, २९ पृष्ठम्।

उक्त उद्धृत उद्धरण दिएर कालमाधवकारले कालको अनाद्यन्तता (आदि पनि छैन र अन्त पनि छैन भन्ने तथ्य), अजरता (कहिल्यै बूढो नहुनेपन), अमरता (नमर्ने स्वभाव), सर्वगामिता (सबै ठाउँमा पुग्न सक्ने सामर्थ्य) स्वतन्त्रता (कसैद्वारा नियन्त्रण गर्न नसकिने शक्ति) सर्वात्मता (सबैका आत्मामा बस्ने कार्य), महेश्वरता (ठूला ईश्वर भएको यथार्थता), ब्रह्म-विष्णु एवं महेश्वरको पनि ईश्वरता देखाएर सबै विश्व कालमय छ भन्ने प्रतिपादन गरेका छन्।

विष्णुधर्मोत्तर पुराणमा रहेका निम्न पद्यहरूमा पनि कालको महिमा देखाइएको छ। **अनादिनिधन०** अर्थात्- 'कहिलेबाट सुरु भएको हो र कहिलेसम्म रहन्छ भन्ने सीमा नभएको काललाई रुद्र (शिव) एवं सङ्कर्षण (विष्णु) भनिएको छ। सबै प्राणीलाई कलन (गाँस बनाउने) हुनाले काललाई काल भनिएको हो। सबै प्राणीहरूलाई आफूतिर आकृष्ट गर्ने हुनाले काललाई सङ्कर्षण भनिएको हो। सबै प्राणीलाई शमन गर्ने (संहारक) भएकाले काललाई रुद्र पनि भनिएको हो। आदि र अन्तको थाहा पाउन नसकिने भएकाले नै काल सबैभन्दा ठूला ईश्वर अर्थात् परमेश्वर हुन्।' (का. मा.१, पृ. २९) यसरी विष्णुधर्मोत्तर पुराणका उपर्युक्त पद्यहरूको उद्धरण दिएर कालमाधवका रचयिताले नै कालको रुद्ररूपता, सङ्कर्षणता र महेश्वरता देखएका छन्।

ज्योतिःशास्त्रमा पनि **भूतानाम्०** अर्थात् 'प्राणीहरूको अन्त गर्ने (मार्ने वा आफूमा समाहित गर्ने) एउटा काल हुन्छ र कलनात्मक (समयरूप) अर्को काल हुन्छ' भनिएको छ। ज्योतिःशास्त्रको उक्त कथनलाई आधार मानेर कालमाधवका रचयिताले काल दुई प्रकारको हुन्छ भनी देखाएका छन् (का. मा. १)। उक्त नित्य र जन्य दुई प्रकारका कालमध्ये नित्यरूप परमेश्वरात्मक काल भक्तहरूलाई अनुग्रह गर्ने इच्छाले देहधारी समेत बन्दछन् भनी कालमाधवकारले भनेका छन्। जस्तै-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यो जन्यश्च कालौ द्वौ तयोराद्यः परेश्वरः ।

सोऽवाङ्मनसगम्योऽपि देही भक्तानुकम्पया ।। इति ।

एवंविधः कालस्तर्हि कालस्य शुद्ध्यापादकत्वं गुणाधायकत्वं तु नितरामुपपद्यते एव ।

एवमेव क्रियापि च शुद्ध्यापादिका गुणाधायिका च भवति ।

न हि क्रियामन्तरा कार्यस्योत्पत्तिः क्वचिद्दृष्टा । सा च क्रिया क्वचिच्छारीरिकी भवति, क्वचिच्छाब्दिकी भवति, क्वचित्पुनर्मानसिकी भवतीति अनेकधा जायते । न हि मन्तव्यं केवलं शारीरिक्यैव क्रिया फलोत्पादिकेति । आभाति व्यामूढानां चर्मचक्षुषां तनुभृतां केवलं शरीरानुष्ठिता क्रिया फलदायिनीति । तत एव भ्रान्तो लोको विनाशपथमनुसरति । शरीरजन्यक्रियापेक्षया मनोवचनजन्यनोः क्रिययोः प्राबल्यं सम्पद्यते । शारीरिकक्रियायां स्थूलजडपदार्थाः प्रयुज्यन्ते । मनोवचनयोस्तु क्रियासम्पत्यर्थं न हि स्थूलजडपदार्थाः प्रयुज्यन्ते । मनोवचनयोस्तु क्रियासम्पत्यर्थं न हि पदार्थापेक्षा भवति । यावान् सूक्ष्मः पदार्थस्तावान् प्रबल इति नास्त्यविदितं प्रेक्षावताम् ।

तत्र [२०७]यागानुष्ठानानन्तरं यागनाशात् स्वर्गदेहारम्भकेषु यागसम्बन्धिद्रव्यगतपरमाणुषु यागकर्तुरात्मनि वा यागानुष्ठानसमुत्पन्ना सूक्ष्मरूपा शक्तिरवस्थिता भवति । सा एव शक्तिः स्वर्गादिफलमारभते इत्यभिमतम् ।

२०७. जैमिनीयन्यायमाला, द्वितीयाध्यायः, प्रथमपादः, द्वितीयम् अपूर्वाधिकरणम् ।

नित्यः० अर्थात्- 'नित्य र जन्य गरी काल दुई प्रकारको हुन्छ । उक्त दुई कालमध्ये पहिला नित्य काल स्वयं परमेश्वर हुन् । ती काल वाणीद्वारा र मनद्वारा पनि गम्य छैनन् (वाणीले पनि उनी यस्ता छन् भनेर बताउन सक्दैन र मनले पनि उनी यस्ता छन् भनी कल्पना गर्न सक्दैन) तर पनि उनी भक्तहरूलाई अनुग्रह गर्ने इच्छाले देहधारी बन्दछन् अर्थात् अवतीर्ण हुन्छन् (का.मा. १, पृ. ३०) ।'

काल यसरी उपर्युक्त गुणले युक्त भएको छ भने उसमा वस्तुलाई शुद्ध गर्ने र वस्तुमा गुणात्मकता ल्याउने सामर्थ्य हुनु स्वाभाविकै हो । जसरी कालले वस्तुमा शुद्धता ल्याउने र गुणत्मकताको आधान गर्ने काम गर्छ त्यसरी नै क्रियाले पनि वस्तुमा शुद्धता ल्याउने गुणात्मकताको आधान गर्ने काम गर्छ ।

क्रिया विना कहीँ पनि कार्य उत्पन्न भएको वा सिद्ध भएको देखिएको छैन । क्रिया कहीँ शारीरिक हुन्छ, कहीँ शाब्दिक हुन्छ र कहीँ मानसिक हुन्छ । यसरी क्रिया अनेक प्रकारको देखिन्छ । शारीरिक क्रियाले मात्र फल दिन्छ (परिणाम उत्पन्न गराउँछ) भनेर मान्न हुँदैन । कुनै बुद्धि नभएका, चर्मचक्षु मात्र भएका शरीरधारीहरूलाई शरीरका माध्यमले सम्पादित क्रिया मात्र फलदायी हुन्छ भन्ने लाग्छ । त्यसैले त भ्रान्त भएको (भ्रममा परेको) मनुष्य विनाशका बाटातिर लाग्दछ । शरीरका माध्यमले सम्पन्न गरिने क्रियाभन्दा मन र वचनका माध्यमले सम्पन्न गरिने क्रिया धेरै प्रबल हुन्छ । शारीरिक क्रियामा स्थूल जडपदार्थको प्रयोग गरिन्छ । मन एवं वचनद्वारा क्रिया सम्पन्न गर्नका लागि स्थूल एवं जड पदार्थको प्रयोग गरिन्न । अझ भन्ने हो भने मन र वचनद्वारा क्रिया सम्पन्न गर्नका लागि कुनै पदार्थकै आवश्यकता पर्दैन । पदार्थ अर्थात् वस्तु जति सूक्ष्म हुन्छ त्यति प्रबल (बलवान्) हुन्छ भन्ने कुरा विद्वान्हरूका बीचमा अविदित (नजानिएको) छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२०८]जैमिनीयन्यायमालायां गुरुमते त्वेषोऽर्थः पूर्वपक्षे स्थापितः । यद्वा भवतु तद्वा भवतु । शक्तेः सूक्ष्मरूपत्वं सर्वथा सम्पन्नम् । शक्तिश्च यागादेव जन्यते । यागजन्यावान्तरव्यापारस्य शक्तित्वेनाभिधानात् । सा एव शक्तिरपूर्वत्वेनाभिधीयते । तस्मात् क्रिया कार्यस्य अर्थात् साध्यस्य सम्पादिकेति सिद्धा ।

अत एव भगवतापि [२०९]गीतायाम्-

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः । इत्युक्त्वा कर्मणः संसिद्धिकारकत्वं स्मृतम् ।

नीतौ च-

उद्यमेनैव सिद्ध्यन्ति कार्याणि न मनोरथैः । इत्यादिभिः क्रियाया एव साध्यसम्पादकत्वमुक्तम् ।

क्रियासु च साध्यस्य सम्पादकत्वेन रूपेणैक्येऽपि यागदानहोमभावनाभिर्भिन्नत्वाद् भाव्यस्यापि भिन्नत्वं जायते । यो यागो यस्य साध्यस्य साधकत्वेन निर्दिष्टः स यागस्तस्यैव साध्यस्य साधने प्रयुक्तः फलवत्तया पर्यवस्यति ।

२०८. जैमिनीयन्यायमाला, {द्वितीयाध्यायः, प्रथमपादः, द्वितीयम् अपूर्वाधिकरणम् (गुरुमतम्) ।}

२०९. श्रीमद्भगवद्गीता ३/२० ।

'यज्ञको अनुष्ठान गरेपछि यज्ञ नष्ट हुने भएकाले स्वर्ग आदि प्राप्त गर्न योग्य शरीरको निर्माण गराउने यज्ञसित सम्बद्ध द्रव्यहरूका परमाणुहरूमा अथवा यज्ञ सम्पन्न गर्ने यजमानका आत्मामा यज्ञको अनुष्ठानबाट उत्पन्न भएको सूक्ष्मरूपमा अवस्थित शक्ति रहेको हुन्छ । त्यसै शक्तिले स्वर्ग आदि परिणाम उत्पन्न गराउन आरम्भ गर्छ' (जै.न्या.मा.२/१/२) यस प्रकारको अवधारणा पाइन्छ । उपर्युक्त गुरुमतलाई जैमिनीयन्यायमालामा पूर्वपक्षका रूपमा उपस्थापन गरिएको छ (जै. न्या.मा. २/१/२) । वास्तविकता जे हुनुपर्ने हो त्यही होस् (जे सुकै होस्) । उक्त कथनबाट शक्ति (सामर्थ्य) सूक्ष्मरूपमा रहेको हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ । शक्ति यज्ञको अनुष्ठानबाट मात्र प्राप्त हुन्छ । यज्ञबाट उत्पन्न हुने अवान्तर व्यापारलाई नै शक्ति भनिएको छ । त्यसै शक्तिलाई अपूर्व भनिन्छ । अतः क्रिया कार्यको अर्थात् साध्यको सम्पादक हुन्छ भन्ने तथ्य प्रमाणित हुन्छ । त्यसैले त गीतामा भगवान् श्रीकृष्णले **कर्मणैव०** अर्थात् 'जनक आदि राजर्षिहरूले कर्मका माध्यमले नै सफलता प्राप्त गरेका हुन्' (गीता ३/२०) यस उक्तिद्वारा कर्म सफलताको साधन भएको कुरा बताउनुभएको छ ।[१३९] नीतिग्रन्थमा पनि **उद्यमेनैव०** अर्थात् 'उद्योग गरेर (कर्म गरेर) नै कार्य सिद्ध हुन्छन् मनोरथले (मनले कल्पना गरेर) मात्रै सफल हुँदैनन्' भनी क्रियालाई नै साध्य (कार्य) को सम्पादक बताइएको छ ।

क्रियाहरूमा साध्य (कार्य) लाई सम्पन्न गराउने दृष्टिले एकरूपता भए तापनि क्रियाहरूमा याग, दान, होम एवं भावनाका भेदले भिन्नता देखिने हुनाले भाव्य (कार्य) मा पनि भिन्नता उत्पन्न हुन्छ ।[१४०] जुन यज्ञलाई जुन साध्यको

१३९. **श्रीमद्भगवद्गीता** महाभारत अन्तर्गत भीष्मपर्वको अंश हो । यसमा महासङ्ग्रामका आरम्भमा क्षत्रियधर्मबाट पराङ्मुख भएका अर्जुनलाई श्रीकृष्णद्वारा दिइएको तात्त्विक उपदेश समावेश गरिएको छ । अठार अध्यायमा विभक्त भगवद्गीतालाई वेदान्त दर्शनमा प्रस्थानत्रयीमध्ये अन्यतम मानिन्छ ।

१४०. याग र हवन सामान्यतया एउटै एउटै अर्थमा प्रयोग गरिन्छ तापनि दुवैमा भिन्नता छ । होममा हवनीय पदार्थको अग्निमा प्रक्षेपण अनिवार्य हुन्छ भने यागले सबै प्रकारका अनुष्ठानलाई बताउँछ । होमका र यागका भिन्नतालाई शोधप्रबन्धमा ठाउँ ठाउँमा सङ्केत गरिएको छ । यजति, जुहोति, ददाति जस्ता प्रयोगले यसै तथ्यलाई सिद्ध गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यस्योपत्तिराख्याता यादृशं कारणं तथा

कारणानुसारमेव कार्यस्योत्पत्तिर्लोकेऽपि च दृष्टा। प्रत्येकस्य विषयस्य स्वकीयं वैशिष्ट्यं भवति। उप्ते धान्ये धान्यमेव प्ररोहति। उप्ते च कोद्रवे कोद्रवमेव, गोधूमे गोधूमम्, मुद्गेषु मुद्गाः, माषेषु माषाः, लशुनेषु लशुनानि, इक्षुषु इक्षवः, आम्रेषु आम्राः, कदलीषु कदल्यः प्ररोहन्ति। न हि धान्ये उप्ते कोद्रवस्योत्पत्तिर्भवति। नो वा कदलीषु आम्रा उत्पद्यन्ते।

तस्माद्यस्येच्छा प्ररोहस्य तस्यैव वपनं विधेयम्। तत्र चोप्तस्य बीजस्यानुरूपं हि प्ररोहाः समुत्पद्यन्त इति जातिविशिष्टानामेव हि बीजानां वपनमुत्कृष्टफलाशिनामावश्यकम्। कर्षणपोषणजलदानोद्धरणात्मककर्मभि-राहितविशिष्टगुणेभ्यो बीजेभ्यः समुत्पन्नानामेव प्ररोहाणां फलेषु जातिविशिष्टत्वम् अर्थात् विशिष्टगुणवत्वं समुत्पद्यते। कर्मभिराहितगुणविशिष्टा आम्रादय आम्रादिजातिषु उत्कृष्टा भवन्ति। न हि उत्कृष्टा आम्रा कदलीजातिमाप्नुवन्ति। यद्यपि वृक्षद्वयसंयोगविधिना फलान्तरोत्पत्तिः सम्भवति तथापि तत्र आकृत्या (स्वरूपेण) एव सादृश्यं भजते। न हि गुणेन नो वा रसेन समानतामापद्यते। भवत्येव हि स्तोकं महद्वान्तरं रसास्वादने तद्गतगुणकार्यकरणे च। अपि समानतामापद्येत तत्र कालेन हि समानतामाप्नुयात्। कालश्च कतिसंख्यया वृद्धिमाकाङ्क्षते इत्यत्र द्रव्यगतजातिगुणकर्मादिकमपेक्ष्यैव परिवृत्तेरावृत्तिमीहते।

(स्वर्गादिको) साधकका रूपमा निर्देशन गरिएको हुन्छ त्यो यज्ञ त्यसै साध्यको साधनका रूपमा प्रयोग गर्ने हो भने फलवान् हुन्छ अर्थात् चाहेको परिणाम दिन सक्ने हुन्छ।

कारण जस्तो हुन्छ त्यस्तै कार्यको उत्पत्ति हुन्छ-

लोकव्यवहारमा पनि कारण जस्तो हुन्छ त्यसैअनुसारको कार्य उत्पन्न भएको देखिन्छ। प्रत्येक विषयको (वस्तुको) आफ्नो अलगै विशेषता रहेको हुन्छ। धान छर्ने हो वा रोप्ने हो भने धान नै उम्रिन्छ। यसरी नै कोदो छर्ने हो भने कोदो उम्रन्छ, गहुँ छर्ने हो भने गहुँ उम्रन्छ, मुम छर्ने हो भने मुम उम्रन्छ, मास छर्ने हो भने मास उम्रन्छ, लसुन लगाउने हो भने लसुन उम्रन्छ, उखु लगाउने हो भने उखु उम्रन्छ, आँप रोप्ने हो भने आँप उम्रन्छ, केरा रोप्ने हो भने केरा नै उम्रन्छ। धान छर्ने हो भने कोदो कहिल्यै पनि उम्रदैन। केरा रोपेका ठाउँमा आँप पनि उम्रिदैन।[१४१]

अतः जुन वस्तु उम्रियोस् भन्ने इच्छा हुन्छ त्यही वस्तु नै छर्नुपर्छ वा रोप्नुपर्छ। छरिएका बीउअनुसार नै प्ररोह उत्पन्न हुन्छन्। अतः राम्रो फल लागोस् वा रामो फल प्राप्त होस् भन्ने इच्छा भएका पुरुषले विशिष्ट जातिका (धान्यादिको) बीउ छर्नुपर्छ। खन्ने, मल हाल्ने, सिँचाइ गर्ने, छार-पात उखेलिदिने जस्ता कार्यबाट विशिष्ट गुणको आधान गरिएका (गुणवत्ता ल्याइएका) बीउबाट उत्पन्न भएका प्ररोहहरूका फलमा जातिगत विशेषता अर्थात् विशेष गुणवत्ता उत्पन्न हुन्छ। कर्षण आदि कर्मद्वारा विशेष गुणको आधान गरिएका आँप आदिका फलहरू आम्र आदि जातिमा (आ-आफ्ना जातमा) उत्कृष्ट हुन्छन्। उत्कृष्ट (स्वादिला) आँपले पनि केराको जातलाई प्राप्त गर्न सक्दैनन् (आफ्ना जातमा जतिसुकै उत्कृष्ट भएका फलले पनि अर्का जातिका फलका गुणलाई प्राप्त गर्न सक्दैनन्)। दुईवटा रूखलाई एकै ठाउँमा जोडेर (कलमी गरेर) अर्को (तेस्रो प्रकारको) फल पनि उत्पन्न गराउन सकिन्छ। यसरी बनाइएका फलमा अर्को मूल फलसित

---

१४१. **रिठ्ठाको बोट रोपेर कहाँ फल्दछ कागती** भन्ने नेपाली उक्ति स्मरणीय हुन आउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तद्वन्मनुष्यजातिपरिवृत्तिरपि मनुष्यरूपद्रव्यगतजातिगुणकर्मादिकमपेक्ष्य कालेन समुत्पद्यते । उक्तञ्च स्मृतिकर्तृभिः [२१०]**'जात्युत्कर्षो युगे ज्ञेयः सप्तमे पञ्चमेऽपि वा ।'** इत्यादिः । सप्तमत्वपञ्चमत्वयोः युगरूपयोः कालयोरन्तरेण जातिपरिवृत्तिमपेक्षते । तस्मात् कालसहकृता क्रिया एव गुणानाधातुं प्रभवति । यद्यपि सूच्या विद्धं शतपत्रम् एककालिकबिद्धं कश्चिन्मन्येत, तथापि क्रमेणैव एकोत्तरमपरबेधनान्न ह्येककालिकं सम्भवति । एवमेव क्रिया अपि कालक्रमेणैव द्रव्येषु गुणानाधातुं प्रभवन्ति । अनुष्ठेयत्वेन विहितानां कर्मणामनुष्ठानाभावश्च दोषोत्पादको भवतीति कालकर्मात्मबीजानाम् इत्यत्र कर्मदोषोऽभिहितः ।

अनुष्ठेयत्वेन विहितानां कर्मणामननुष्ठाने दोषोत्पत्तिरित्यत्र च- **'अकुर्वन् विहितं कर्म निन्दितं च समाचरन् । प्रसक्तश्चेन्द्रियार्थेषु प्रायश्चित्तीयते नरः ॥'** इति विहितक्रियाणामननुष्ठानात् प्रत्यवायित्वाभिधायको मनुसमाम्नायः प्रमाणम् ।

---

२१०. याज्ञवल्क्यस्मृतिः आचाराध्यायः ९६ श्लोकः ।

आकृतिमा मात्र समानता हुन्छ । कलमी गरेर बनाइएका फलमा पहिलाका फलको गुण पनि हुन्न र रस पनि हुन्न (गुणगत र रसगत समानता रहँदैन) । आस्वादमा र त्यसका गुणले गर्ने कार्यमा थोरै धेरै अन्तर हुन्छ नै । समानता हुन्छ (सबै कुरा मिल्छन्) भन्ने हो भने पनि त्यो समानता समयले नै ल्याउँछ । समयले कति दिन पछि समानता ल्याउँछ (समानता ल्याउन कति दिनको अपेक्षा गर्छ) भन्ने कुरा वस्तुमा रहेको जाति, गुण, कर्म आदिले निर्धारण गर्छ । यसै अनुसार नै गुणमा परिवर्तन हुन्छ (समयले जाति आदिका आधारमा वस्तुमा ढिलो चाँडो परिवर्तन ल्याउँछ) ।

मनुष्यमा रहेका जातिको परिवर्तन पनि मनुष्यमा रहेको रूप, वस्तुगत जाति, गुण, कर्म आदिको सापेक्षतामा समयअनुसार उत्पन्न हुन्छ । स्मृतिशास्त्रका निर्माताहरूले पनि- **जात्युत्कर्षः०** अर्थात् 'जातिगत उत्कर्ष सातौं वा पाँचौं पुस्तामा हुन्छ हुन्छ भनी जान्नुपर्दछ' (या.स्मृ. १/९६) भनेका छन् ।[१४२] सातौं पाँचौं युगरूपी कालको अन्तर (व्यवधान) भएपछि जातिपरिवर्तनको अपेक्षा गरिन्छ । त्यसैले काल (समय) द्वारा सहकृत क्रिया गुणाधान गर्न (गुणवत्ता ल्याउन) समर्थ हुन्छ । सीयाका टुप्पाले छेडिएका सयौं पातलाई कसैले एकै पटक छेडिएका भन्न सक्छ तर सबै पात एक पछि अर्को गर्दै छेडिएका हुन्छन् । सबै पात एकै पटक छेडिन सक्ने सम्भावना रहँदैन । यसै प्रकारले क्रिया पनि कालक्रम अनुसार नै क्रमशः वस्तुमा गुणाधान गर्न समर्थ हुन्छ । गर्नुपर्छ भनी निर्देशन गरिएका क्रियाहरू नगर्ने हो भने दोष उत्पन्न हुन्छ । त्यसैले त **कालकर्मात्मबीजानाम्** यस वाक्यमा कर्मदोषको अभिधान गरिएको हो ।

गर्नुपर्छ भनी विधान गरिएका कर्महरू सम्पन्न नगर्ने हो भने दोषको उत्पत्ति हुन्छ अर्थात् दोषको भागीदार बन्नुपर्छ भन्ने सम्बन्धमा निम्न पद्य प्रमाणका रूपमा रहेको छ- **अकुर्वन्०** अर्थात् 'विधान गरिएका (सधैँ गर्नुपर्छ भनिएका सन्ध्योपासनादि, निमित्त उपस्थित भएमा गर्नुपर्छ भनिएका शावस्पर्श आदिमा स्नान आदि) कर्महरू नगर्ने र निन्दित (गर्नु हुँदैन भनी निषेध गरिएका हिंसा आदि) कर्महरू गर्ने साथै इन्द्रियका विषयमा आसक्त रहने मनुष्य प्रायश्चित्त गर्नुपर्ने अवस्थामा पुगेको हुन्छ' (मनु. ११/४४) । उद्धृत मनुको उक्ति नै विहित कर्म नगर्नाले मनुष्य प्रत्यवायले (दोषले) युक्त

---

१४२. मूर्धाभिषिक्त आदि जाति कति पुस्तामा उत्कर्षमा पुग्छन् अर्थात् आफूभन्दा उच्च जातमा पुग्छन् भनी धर्मशास्त्रमा व्यवस्थित नियम बनाइएको छ । यसका सम्बन्धमा उद्धृत पद्यांशका मिताक्षरामा विस्तृत जानकारी गराइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

याज्ञवल्क्येनापि-

विहितस्याननुष्ठानान्निन्दितस्य च सेवनात्। अतिग्रहाच्चेन्द्रियाणां नरः पतनमृच्छति ।। इत्यभिधानेन विहितक्रियाणामनुष्ठानाभावः प्रत्यवायित्वापादकः समाम्नातः ।

एवमेव निन्दितानां (निषिद्धानाम्) क्रियाणामनुष्ठानम् इन्द्रियाणामनिग्रहश्च विहितक्रियानुष्ठानाभावेन सहैव प्रत्यवायित्वापादकौ निर्दिष्टौ इति कर्मदोषः वैकृत्यापादकः साधितः ।

मृगश्वसूकरोष्ट्राणां ब्रह्महा योनिमृच्छति ।
खरपुल्कसवेनानां सुरापो नात्र संशयः ।।
कृमिकीटपतङ्गत्वं स्वर्णहारी समाप्नुयात् ।
तृणागुल्मलतात्वं च क्रमशो गुरुतल्पगः ।।

इत्यनेन निकृष्टकर्मजन्यनिकृष्टयोनिगामित्वाभिधानात् ।

हुन्छ भन्ने तथ्यको प्रमाणका रूपमा रहेको पाइन्छ । याज्ञवल्क्यले पनि **विहितस्य०** अर्थात् 'विहित (नित्य एवं नैमित्तिक) कर्म नगर्नाले र निन्दित (सुरापानादि) पदार्थको उपभोग गर्नाले साथै इन्द्रियहरू प्रतिको अत्यधिक आशक्तिले मनुष्य पतनका मार्गतिर जान्छ' (प्रत्यवायको भागीदार हुन्छ) (या.स्मृ ३/२१९) भनी शास्त्रद्वारा बताइएका कर्म सम्पन्न नगर्ने हो भने प्रत्यवाय (दोष) उत्पन्न हुन्छ भनेका छन् । यसरी निन्दित (निषेध गरिएका) कार्यहरूको सम्पादन एवं इन्द्रियको अनियन्त्रण यी दुवै नै विधान गरिएका कर्मका अननुष्ठानका साथमा प्रत्यवायका उत्पादक हुन्छन् भनी निर्देशन गरेको पाइन्छ । उक्त प्रसङ्गद्वारा कर्मदोष नै विकृतिको उत्पादक (विकार उत्पन्न गराउने साधन) हुन्छ भन्ने तथ्य सिद्ध गरिएको छ ।

मृगश्व० अर्थात् 'ब्रह्मघाती (बाहुनमारा)- मृग, (अश्व = घोडा), कुकुर, सुँगुर र उँटको योनिमा उत्पन्न हुन्छ । मद्यपान गर्ने मनुष्य गदा, पुल्कस (प्रतिलोम निषाद जातिबाट शूद्रामा उत्पन्न जाति विशेष वा चाण्डाल) एवं वेन (वैदेहकबाट अम्बष्ठामा उत्पन्न जातिविशेष) को योनिमा उत्पन्न हुन्छ, यसमा कुनै सन्देह छैन । सुन चोर्ने मनुष्यले कीरा-फट्याङ्ग्रा एवं पक्षीको योनि प्राप्त गर्छ । गुरुका खाटमा आरोहण गर्ने (गुरुमाताका साथमा समागम गर्ने) मनुष्य झार-पात, झाडी एवं लहरो बन्दछ' (या.स्मृ. ३/२०७-२०८)[१४३] आदि पद्यद्वारा निकृष्ट कर्म गर्नाले निकृष्ट योनिमा नै जन्म हुन्छ भनिएको छ ।

---

१४३. **द्रष्टव्य-** मूलमा उद्धृत दुवै पद्य याज्ञवल्क्यस्मृतिबाट लिइएका हुन् । यहाँ उद्धृत **'खरपुल्कसवेनानां सुरापो नात्र संशयः ।।'** बाहेकका तीन चरण बृहद्गरुडपुराणको धर्मकाण्ड अर्थात् प्रेतकल्प नामक दोस्रो खण्डमा (२/२/६१-६२) पनि पाइन्छन् । मूलमा कतै मृगश्व पाठ पाइन्छ भने कतै मृगाश्व पाठ पाइन्छ । पहिलो पाठ अनुसार मृग- हरिण आदि र श्वा- कुकुर अर्थ हुन्छ भने दोस्रो पाठ अनुसार मृग- हरिण आदि र अश्व घोडा अर्थ हुन्छ । मूलमा प्रयुक्त पुल्कसशब्दले निषादद्वारा शूद्रामा उत्पन्न पुरुषलाई बुझाउँछ भने वेनशब्दले वैदेहकद्वारा अम्बष्ठामा उत्पन्न पुरुष भन्ने बुझाउँछ । कृमिशब्दले सजातीय सम्भोग निरपेक्ष विष्ठा मांस आदिमा उत्पन्न हुने कीरा भन्ने बुझाउँछ भने कीटशब्दले त्यसभन्दा केही ठूला पखेटा एवं हाड नहुने कमिला आदि कीरा भन्ने बुझाउँछ । गुरुतल्पग अर्थात् गुरुका खाटमा बस्ने भन्ने शब्द गुरुपत्नीका साथमा व्यभिचार गर्ने भन्ने अर्थमा रूढ छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्महा क्षयरोगी स्यात्सुरापः श्यावदन्तकः ।

हेमहारी तु कुनखी दुश्चर्मा गुरुतल्पगः ।। इत्यादिभिश्च

निन्दितानभीष्टक्षयरोगादियुक्तत्वस्य निषिद्धकर्मानुष्ठानजन्यत्वाभिधानाच्च कर्मदोषो वैकृत्यापादकः सिद्ध्यति ।

असंस्कृतः पशुसमानः आसक्त्याहारनिद्रादिषु प्रवर्तते

प्रत्यक्षमेव प्रबलं प्रमाणमित्यात्मिकां धारणां धारयन् जनो न हि स्वभालपट्टमपि परावलम्बनं विना प्रत्यक्षीकर्तुं शक्नोति । अन्तस्थस्तु विषयो दूरे तिष्ठतु । पारत्रिकश्च विषयः पारे एव तिष्ठतु । कार्योत्पादनक्षमां कारणसन्निहितामदृष्टतया स्थितां शक्तिं च नाङ्गीकरोति चर्मचक्षुःप्रमाणो जनः । स्वशिरसि प्ररूढान् केशानपि साकल्येन प्रत्यक्षीकर्तुं परावलम्बनं विनाशक्नुवन् जनश्चराचराजातिषु विद्यमानेषु भौतिकाभौतिकपदार्थेषु अक्ष्णोः प्रत्यक्षमेव प्रमाणयन् तदप्रत्यक्षमप्रमाणयन् प्राप्यते इति नास्ति साधारणस्यासंस्कृतस्याविदुषः पशुभावत्वसाधने काठिन्यम् ।

असंस्कृतेषु भोगासक्तिः

हिताहितविवेकराहित्येन सर्वथा भोगासक्तचेतसा मलिनान्तःकरणत्वेन च दृष्टादृष्टोभयात्मकतत्त्व-निर्धारणात्मक-ज्ञानशक्तेरुदयाभावो हि पशुभावः । दृष्टदोषसमन्वितेष्वपि विषयेषु ममत्वाकृष्टचेतसा समन्विततयाऽसंस्कृतानां विवेकान्धानां मूढानां भोगाशक्तिः प्रवर्धते ।

ब्रह्महा क्षयरोगी० अर्थात् 'ब्रह्मघाती क्षयरोगी हुन्छ, मद्यपान गर्ने काला दाँत भएको हुन्छ, सुन चोर्ने नराम्रा नङ भएको हुन्छ र गुरुका खाटमा आरोहण गर्ने (गुरुपत्नीका साथमा समागम गर्ने) नराम्रो छाला भएको हुन्छ' (या.स्मृ. ३/२०७-२०९)[१४४] भनिएको छ । उक्त दुवै प्रमाण वाक्यमा निन्दित एवं अनभीष्ट क्षयरोग आदि शास्त्रद्वारा निषेध गरिएका कर्म गर्नाले उत्पन्न हुन्छन् भनिएको हुनाले कर्मदोषले नै विकार उत्पन्न गराउँछ भन्ने तथ्य सिद्ध हुन्छ ।

संस्कार नगरिएको पुरुष पशुसमान हुन्छ र आशक्तिका कारण आहार निद्रा आदिमा प्रवृत्त हुन्छ –

प्रत्यक्ष प्रमाण नै बलियो प्रमाण हो भन्ने दृढ धारणा भएको पुरुषले पनि आफ्नो निदार (अथवा आफ्नै निदारमा लेखिएको कुरा) अरूको सहयोग विना प्रत्यक्ष गर्न सक्दैन । भित्री विषयका सम्बन्धमा जान्ने कुरा त परै जाओस् । पारत्रिक (परलोक सम्बन्धी) विषय त अझ परै जाऊन् । चर्मचक्षुद्वारा देखिएको वस्तुलाई मात्र प्रमाण मान्ने मनुष्यले कार्य उत्पन्न गराउने क्षमता भएको र कारणमा अदृष्ट अवस्थामा रहेको शक्तिलाई स्वीकार गर्दैन । आफ्नै शिरमा उत्पन्न भएका केशराशिलाई पनि अरूको सहायता विना पूर्णरूपमा देख्न सक्दैन । तर पनि चर एवं अचर जातिहरूमा साथै भौतिक एवं अभौतिक पदार्थहरूमा आँखाले देखिएको वस्तुलाई मात्र प्रमाण मान्दै अप्रत्यक्ष (आँखाले देख्न

---

१४४. **द्रष्टव्यः-** प्रस्तुत **ब्रह्महा०** पद्य मूलमा सम्भवतः याज्ञवल्क्यस्मृतिबाट उद्धृत गरिएको हो । बृहद्गरुडपुराणको धर्मकाण्ड अर्थात् प्रेतकल्प नामक दोस्रो खण्डमा (२/२/६३) पनि प्रस्तुत पद्य यसै रूपमा पाइन्छ । पातकी रौरव आदि नरकमा, कुकुर, सुँगुर आदिका योनिमा भयङ्कर दुःख उपभोग गरेर अवशिष्ट पापका कारण मूलमा वर्णित कुलक्षणले युक्त भई मनुष्य योनिमा जन्मिन्छ भनी याज्ञवल्क्यस्मृतिको मिताक्षरा टीकामा स्पष्ट पारिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयभोगात्मकं ज्ञानं तु पशूनामपि समेषां प्राणिनां विद्यत एव। विषयाश्च न हि समेषां समानाः। तत्र केचित् प्राणिनो दिवा पश्यन्ति चेत् केचित्तत्र न पश्यन्ति। केचित्प्राणिनः पुनः रात्रौ पश्यन्ति चेदपरे रात्रौ न पश्यन्ति। केचित्पुनर्दिवारात्रम् (रात्रिन्दिवम्) न पश्यन्ति। पुनः केचिच्चाहोरात्रं पश्यन्ति। पश्यन्ति तु सर्वे एव। केवलं दर्शने एव भेदः।

[२११]मार्कण्डेयपुराणमपि–

दृष्टदोषेऽपि विषये ममत्वाकृष्टमानसौ। तत्किमेतन्महाभाग यन्मोहो ज्ञानिनोरपि॥

ममास्य च भवत्येषा विवेकान्धस्य मूढता। इति प्रश्ने ऋषेरुत्तरम्-

ज्ञानमस्ति समस्तस्य जन्तोर्विषयगोचरे। विषयाश्च महाभाग यान्ति चैवं पृथक् पृथक्॥

दिवान्धाः प्राणिनः केचिद् रात्रावन्धास्तथा परे। केचिद्दिवा तथा रात्रौ प्रणिनस्तुल्यदृष्टयः॥

इत्युक्त्वा तमेवार्थं समादिशति।

२११. सप्तशती १ अध्यायः, ४४-४८ श्लोकाः। {दुर्गासप्तशती मार्कण्डेयपुराणस्यैवांशः}

नसकिएको) वस्तुमा रहेको प्रामाणिकता नै स्विकार्दैन। यसबाट संस्कार नगरिएको र विद्वत्ता नभएको साधारण मनुष्यमा पशुपन रहेको हुन्छ भनी सिद्ध गर्न कुनै कठिनाइ देखिँदैन।

असंस्कृतमा भोगप्रतिको आसक्ति हुन्छ-

यो कार्य हितकर हो र यो कार्य हितकर होइन यसप्रकारको विवेक नभएकाले, पूर्णरूपमा भोगमा आसक्त चित्तवृत्ति भएकाले र अन्तःकरण पनि मलिन भएकाले दृष्ट एवं अदृष्ट दुवै प्रकारका तत्त्वहरूको निर्धारण गर्न सक्ने ज्ञानशक्ति उत्पन्न हुन नसक्नु नै पशुभाव हो। जसका दोष प्रत्यक्ष नै देखिएका छन् यसप्रकारका विषयमा पनि ममताले गर्दा चित्तवृत्ति आकृष्ट हुने भएकाले संस्कार नगरिएका र विवेकको अभावले दृष्टविहीन बनेका मूर्खहरूको भोगमा आशक्ति बढ्छ।

विषयको (वनिता आदिको) उपभोग गर्नुपर्छ भन्ने ज्ञान पशुहरूमा र अन्य सबै प्राणीमा समान रूपमा नै रहेको हुन्छ। विषयहरू (स्रक्, चन्दन, वनिता आदि) सबैलाई समान रूपमा उपलब्ध हुँदैनन्। केही प्राणीहरूले दिनमा देख्छन् भने केहीले दिनमा देख्न सक्दैनन्। केही प्राणीले रातिमा देख्छन् भने केहीले रातिमा देख्दैनन्। केहीले दिनमा पनि र रातमा पनि देख्दैनन्। केहीले भने दिनमा पनि र रातमा पनि देख्छन्। हेर्न त सबैले हेर्छन् तर हेराइमा भिन्नता हुन्छ।

मार्कण्डेयपुराणमा पनि **दृष्टदोषेऽपि०** अर्थात् 'जसमा दोषहरू प्रत्यक्ष देखिएका छन् त्यस्ता विषयमा पनि ममताका कारण (मेरो भन्ने भावनाले गर्दा) हामीहरूको (सुरथको र समाधिको) मन आकृष्ट भएको (तानिएको) छ, हे महाभाग! हामीहरू दुवै जना ज्ञानी छौं तर पनि हामीहरूमा मोह उत्पन्न भइरहेको छ, यस प्रकारको मोह किन देखिएको हो? विवेक नभएकाले अन्धोजस्तो बनेको ममा र यिनमा (समाधि नामका वैश्यमा) पनि यस प्रकारको मूर्खता प्रत्यक्ष देखिएको छ' (सप्तशती १/४४-४५)[१४५] यस प्रकारका प्रश्नको उत्तर दिंदै ऋषिले **ज्ञानमस्ति०** अर्थात् 'सबै प्राणीको

१४५. दुर्गासप्तशती मार्कण्डेय पुराणकै उद्धृत अंश भएकाले मूलमा मार्कण्डेयपुराण भनिए तापनि पादटिप्पणीमा दुर्गासप्तशतीको उल्लेख गरिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनात्मकज्ञानसमन्वितेष्वपि यथा ज्ञानोद्भावकविषयभेदात् ज्ञेयस्वरूपभिन्नत्वं तथा हि संस्कृतात्मना-मसंस्कृतात्मनां च ज्ञानोदयो ज्ञानत्वेन रूपेण साधारणोऽपि विषयभेदेन पार्थक्यमावहति।

एतमेवार्थं भगवद्गीतापि उपोद्बलयति-

[२१२]**या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी। यस्यां जागर्ति भूतानि सा निशा पश्यतो मुनेः ॥**

सर्वेषां स्वापनिमित्तायां रात्रौ संयमी जागर्ति (न स्वपिति)। यस्यां भूतानि जाग्रति (न स्वपन्ति) पश्यतोऽपि मुनेः सा निशातुल्या भवति। अर्थात् **'प्रज्ञालोकसमन्वितः संयमी पुरुषो यस्मिन् विषये प्रवर्तते, न भोगासक्तचेतसः सर्वे प्राणिनस्तत्र प्रवर्तन्ते। तेषु च भोगात्मकविषयेषु असंयमिनां प्रवृत्तिः, तत्र न संयमी पुरुषः प्रवर्तते'** इत्यर्थः। लक्षणसमन्वितेषु परिगण्यते संयमी पुरुषः। लक्षणोदयश्च संस्कारात् समुत्पद्यते इत्युक्तं पूर्वमेव। असंस्कृतश्च दुर्लक्षणः पशुसमान आहारनिद्रादिषु आसक्त्या प्रवर्तते।

---

२१२. भगवद्गीता २/६९।

आफूले देखेका विषयमा कुनै न कुनै प्रकारको ज्ञान हुन्छ, हे महाभाग ! विषयहरू भने सबैका अलग- अलग प्रकारका हुन्छन्, केही प्राणी दिनमा अन्धा (हेर्न नसक्ने) हुन्छन्, भने केही प्राणी रातमा अन्धा (हेर्न नसक्ने) हुन्छन्। केही प्राणीहरू भने दिनमा र रातमा समान दृष्टि भएका (एकाथरी दिनमा पनि देख्न सक्ने र रातमा पनि देख्न सक्ने तथा अर्काथरी दिनमा पनि देख्न नसक्ने र रातमा पनि देख्न नसक्ने) हुन्छन्' (सप्तशती १/४७-४९) भनी त्यही (गत अनुच्छेदमा भनिएको) तथ्य प्रतिपादन गरेका छन्।

दर्शनात्मक (हेर्ने) ज्ञानले युक्त भएका पुरुषमा पनि जसरी ज्ञानलाई अभिव्यञ्जित गराउने विषयका भेदले ज्ञेय (जान्नु पर्ने) रूपमा भिन्नता हुन्छ त्यसरी नै संस्कार गरिएका र संस्कार नगरिएका पुरुषमा हुने ज्ञानको उदय ज्ञानका दृष्टिले साधारण (एक समान) भएता पनि विषयका भेदले गर्दा भिन्न भिन्न हुन्छ।[१४६]

उक्त अर्थलाई नै भगवद्गीताले पनि यसरी बताएको छ- **या निशा०** 'सबै प्राणीले जसलाई रात भन्दछन् त्यसमा संयमी (जितेन्द्रिय) पुरुष जागिरहेको हुन्छ। जुन रातमा सबै प्राणी जागा हुन्छन् त्यो रात हेरिरहेका भए तापनि मुनिहरूको निमित्त रात नै हुन्छ (गीता २/६९)।' सबैका सुताइका साधनका रूपमा रहेको (सबैलाई सुताउने) रातमा संयमी जागा हुन्छ अर्थात् निदाएको हुँदैन। जसमा प्राणीहरू जागा हुन्छन् (सुतिरहेका हुँदैनन्) त्यो रात हेरिरहेका भए तापनि मुनिहरूका लागि रातजस्तै हुन्छ। यसको तात्पर्यार्थ यस प्रकारको निस्कन्छ- 'प्रज्ञाको प्रकाशले युक्त भएको संयमी पुरुष जुन विषयमा प्रवृत्त हुन्छ, त्यस विषयमा भोगमा आसक्त चित्तवृत्ति भएका प्राणीहरू प्रवृत्त हुँदैनन्। भोगप्रधान विषयहरूमा त असंयमी पुरुषहरूको प्रवृत्ति हुन्छ, त्यस्ता विषयमा संयमी पुरुष कहिल्यै प्रवृत्त हुँदैन।' संयमी पुरुषलाई राम्रा लक्षणले युक्त भएका पुरुषमा गणना गरिन्छ। राम्रा लक्षणको उदय संस्कारबाट हुन्छ भन्ने कुरा पहिले नै बताइसकिएको छ। संस्कार नगरिएको र दुर्लक्षणले युक्त भएको पुरुष पशुसमान हुन्छ र आहार निद्रा आदिमा मात्र आसक्त भएर लाग्दछ।

---

१४६. एउटै विषयलाई पनि ज्ञानी, अज्ञानी, संस्कृत, असंस्कृत आदि पुरुषले भिन्न भिन्न प्रकारले हेरिरहेका वा अनुभव गरिरहेका हुन्छन् भन्ने पूर्वापर प्रसङ्गको तात्पर्य हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञानतिमिरान्धानामासक्त्यात्मिका प्रवृत्तिः समाजेऽव्यवस्थोत्पादिका। अत एव तादृशीं प्रवृत्तिं निवारयितुं धर्मशास्त्रं सर्वथा प्रवर्तते । शास्त्रेणाप्रतिबन्धिता चेत् रागात्मिकमानवप्रवृत्तिर्हि पर्वतशिखोपरिविद्यमान-प्रस्तरखण्ड इव निकृष्टभोगाक्रान्ता नीचैर्गच्छन्ति । शास्त्रमाशक्तेर्नियन्त्रकम् । यथा हि बन्धादिभिर्नियन्त्रितः प्रस्तरखण्डः पर्वतशिखरोपरि निश्चलं तिष्ठति।

तथा हि शास्त्रेण नियन्त्रितो जनः सम्यग्वृत्तौ प्रतिष्ठितो भवति। सम्यक्वृत्तिर्हि समाजे सुव्यवस्थोत्पादिका। अत एव [२१३]मनुना-

तेषु सम्यग्वर्तमानो गच्छत्यमरलोकताम्।
तथासङ्कल्पितांश्चेह सर्वान् कामान् समश्नुते ।। इत्युक्त्या

सम्यग्वृत्तिसमन्वितस्यामरधर्मकब्रह्मभावत्वाप्तिरभिलषितसर्वकामनावाप्तिश्च निर्दिष्टा । एतेनैहिकामुष्मिका-भीष्टफलप्रापकत्वं सम्यग्वृत्तेर्निष्पन्नम्।

कठोपनिषदि-

श्रेयश्च प्रेयश्च मनुष्यमेतस्तौ संपरीत्य विविनक्ति धीरः।
श्रेयो हि धीरोऽभि प्रेयसो वृणीते प्रेयो मन्दो योगक्षेमाद्वृणीते ।।

---

२१३. २/५ मनुः।

अज्ञानरूपी अन्धकारले गर्दा अन्धा भएका पुरुषमा देखिने आसक्तिरूपी प्रवृत्ति समाजमा अव्यवस्थाको उत्पादक हुन्छ। अत त्यसप्रकारका प्रवृत्तिलाई हटाउन धर्मशास्त्रले सबै प्रकारले प्रयत्न गर्दछ। शास्त्रद्वारा प्रतिबन्ध नलगाउने हो भने रागात्मक मानव प्रवृत्ति पहाडका शिखरमा रहेको प्रस्तरखण्डझैं निकृष्ट भोगले आक्रान्त भएर तल झर्दछ (मानवको प्रवृत्ति पतनतर्फ उन्मुख हुन्छ)। शास्त्र आसक्तिको नियन्त्रक हो। जसरी बन्धादिले (डोरी आदिले बाँधेर) नियन्त्रण गरिएको प्रस्तरखण्ड पहाडको शिखरमा निश्चल रहन्छ त्यसरी नै शास्त्रद्वारा नियन्त्रण गरिएको मनुष्य सम्यक् वृत्तिमा प्रतिष्ठित हुन्छ। राम्रो व्यवहार भएको पुरुषले समाजमा राम्रो व्यवस्था कायम गराउँछ। त्यसैले त मनुले **तेषु सम्यग्०** अर्थात् 'शास्त्रमा बताइएका नियमहरूको राम्ररी पालन गर्ने मनुष्य देवलोकमा प्राप्त हुन्छ, यस लोकमा पनि आफूले इच्छा गरेका सबै कामनाहरूको उपभोग गर्दछ अर्थात् अभिलषित पदार्थ पाउँछ' (मनु. २/५) भनी राम्रा व्यवहारले युक्त भएकालाई अमरधर्मक (कहिल्यै नष्ट नहुने) ब्रह्मभाव प्राप्त हुने (लोकान्तरमा मोक्ष मिल्ने) र (यस लोकमा पनि) अभिलषित सबै कामना प्राप्त हुने निर्देश गरेका छन्। यसबाट सम्यग् वृत्तिले (पालन गरिएका शास्त्रोक्त विधिले) पुरुषलाई ऐहिक एवं पारलौकिक अभीष्ट उत्पन्न गराउँछ भन्ने तथ्य सिद्ध हुन्छ।

कठोपनिद्मा **श्रेयश्च प्रेयश्च०** अर्थात् 'श्रेय (पारलौकिक अमरलोक प्राप्ति आदि वा मोक्ष) एवं प्रेय (ऐहलौकिक सुख-सुविधा आदि) दुवै नै मनुष्यका नजिकमा प्राप्त हुन्छन्। धीर पुरुषले दुवैलाई सम्यक् प्रकारले विश्लेषण गरेर कुन ग्राह्य हुन्छ र कुन ग्राह्य हुँदैन भनी छुट्याउँछ। त्यसपछि त्यस धीर (विवेकी) पुरुषले अत्यन्तप्रियकर श्रेयको ग्रहण गर्छ। मन्दमति भएको पुरुषले भने शरीरादिका पुष्टिको साधनभूत प्रेयको वरण गर्छ (क.उ.२/२)[१४७] भनिएको छ।

---

१४७. **श्रेयश्च प्रेयश्च०** कठवल्युपनिषद्को दोस्रो वल्लीको दोस्रो मन्त्र हो। यमद्वारा नचिकेतालाई उपदिष्ट यस मन्त्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिकित्सकस्य जीवने कीदृशं महत्त्वं वर्तते । अवश्यायतो महारोगपर्यन्तस्य व्याधेरुपशमाय चिकित्सकं विहाय नास्त्यन्य उपायः । विशेषत आधुनिकेऽसंयमिते युगे तु पदे पदे जीवनसञ्जीवनार्थं चिकित्सका एव शरणम्। अत एव चिकित्सकैः सह विवादोऽपि निषिद्धः। इत्थमेकतश्चिकित्सकस्य माहात्म्यं गीयते चेदपरतस्तस्य विहिता निन्दा च श्रूयते। चिकित्सकस्यान्नं पूयसदृशं भवति। स्वयं चिकित्सकः पात्राद्बहिष्कृतो भवति च।

एतावता ह्येतदवगम्यते न हि उपयोगित्वं सर्वार्थसाधकम् । अपि तु एकत उपयोगितामापन्नोऽपरतोऽनुपयोगितामाधत्ते । तथा हि श्रेयःसम्पादककृत्यानां पारत्रिकं मुख्यफलम् । प्रेयःसम्पादककृत्यानां त्वैहिकं मुख्यफलम् । प्रवृत्यात्मककर्मणां स्वर्गादिफलजनकत्वेऽपि पुण्यक्षये योगिनां महति कुले उत्पत्त्यापादकत्वादैहिकं फलं मतम् । **गतागतं कामकामा लभन्ते** इति । संस्काराणां समनुष्ठानं तु द्विविधप्रयोजनकामिनामेव हि आवश्यकम् । श्रेयःप्रेयप्राप्तिसाधकशरीरस्य दोषमार्जनपुरःसरं गुणाधायकत्वात् । भवति हि संस्काराद् गुणाधानम् । संस्कारैः संस्कृतो हि रसराजः (पारसः) सिद्धिमादध्यात् । रसराजस्य कृते स्वेदन-मर्दन-चारण-जारण-द्रावण-रञ्जन-सारण-क्रामणाख्या अष्टौ संस्काराः समुदीरिताः ।

चिकित्सकको (वैद्यको/डाक्टरको) जीवनमा कति महत्त्व छ भन्ने कुरा सबैलाई थाहा छ । सामान्य झाडा पखालादेखि ठूला महामारीसम्मका रोग निवारण गर्नका लागि चिकित्सक भएका ठाउँमा जानुबाहेक अर्को कुनै उपाय देखिँदैन । विशेष गरेर आधुनिक असंयमित युगमा त पाइला पाइलामा प्राण बचाउनका लागि चिकित्सककै शरणमा पर्नुपर्ने हुन्छ । त्यसैले चिकित्सकका साथमा विवाद (झैझगडा) पनि नगर्नु भनी निषेध गरिएको छ । यसरी एकातर्फ चिकित्सकको महिमा गाएको (प्रशंसा गरेको) देखिन्छ भने अर्कातर्फ चिकित्सकको निन्दा गरेको पनि पाइन्छ । चिकित्सकको अन्नलाई पीप बराबर मानिएको छ । स्वयं चिकित्सक पनि पात्रताबाट बाहिर गराइएको हुन्छ ।

प्रस्तुत प्रसङ्गबाट उपयोगिता मात्र सबै कार्यको साधक हुँदैन भन्ने तथ्य सिद्ध हुन्छ । एकातिरबाट उपयोगी मानिएको वस्तु अर्कातिरबाट अनुपयोगी सिद्ध हुन्छ । श्रेयःसम्पादक कृत्यहरूको मुख्यफल पारत्रिक हो । प्रेयःसम्पादक कृत्यहरूको मुख्य फल ऐहिक हो । प्रवृत्त्यात्मक कर्महरूबाट स्वर्गप्राप्ति आदि फल प्राप्त हुन्छ तापनि पुण्य समाप्त भएपछि योगीका विशाल कुलमा उत्पत्ति हुन्छ भनी उक्त कर्महरूको ऐहिक फल पनि स्विकारिएको छ । भनिएको छ- **'गतागतं कामकामा लभन्ते'** अर्थात् 'स्वर्गादि कामना राखेर कर्म गर्नेहरूले (सकामकर्मका अनुष्ठाताहरूले) बारम्बार मनुष्यलोकबाट स्वर्गादिलोकमा जाने र पुण्य सकिएपछि पुनः मनुष्यलोकमा आउने काम पाउँछन् । (सकाम कर्मद्वारा गमनागमन मात्र हुन्छ भने निष्कामकर्मद्वारा मोक्ष प्राप्त हुन्छ)' (गीता९/२१) ।

गूढार्थ बुझ्नका लागि प्रथम मन्त्रको अर्थ समेत बुझ्नुपर्ने हुन्छ । निगूढ अर्थ भएता पनि यसको सामान्य संस्कृत अर्थ यसरी बुझ्न सकिन्छ- ज्ञानयोगो हि श्रेयान् निःश्रेयसहेतुत्वात् । कर्मयोगो हि प्रेयान् प्रीतिविषयककर्मफलप्रापकत्वात् । स्वकृतोच्चावचकर्मैव प्रेयः । (ते उभे सहैवानुष्ठातुमशक्ये अतः) श्रेयःप्रेयसी साधनतः फलतो व्यामिश्रभूते इव वर्णाश्रमादिव्यवस्थारूढं मनुष्यम् आ इतः एतः । विवेकी धीरः तौ श्रेयःप्रेयपदार्थौ हंसोऽम्बुमिश्रक्षीरमिव संपरीत्य सम्यगालोच्य ग्राह्याग्राह्यत्वेन विविनक्ति पृथक्करोति । तयोः श्रेयःप्रेयसोर्मध्ये श्रेयो हि श्रेय इवाभिवृणीते प्रेयसः शशविषाणवदवस्तुत्वात् । तद्विपरीतस्य सदसद्विवेकाकुशलत्वेन यस्तु मन्दमतिः योगक्षेमात् देहदारपुत्रपश्वादिपुष्टिनिमित्तं प्रेय एव वृणीते काङ्क्षते इत्यर्थः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वेदनसंस्कारस्तीव्रतापादकः । मर्दनसंस्कारो निर्मलत्वापादकः । चारणसंस्कारो बलोत्पादकः । जारण-संस्कारो बन्धनापादकः । द्रावणसंस्कार एकत्वापादकः । रञ्जनसंस्कारो रक्तत्वाधायकः । सारणसंस्कारो व्यापित्वापादकः । क्रामणसंस्कारः क्रामित्वापादकः । यथोक्तं [२१४]रसकामधेनौ-

स्वेदनं मर्दनं चैव चारणं जारणं तथा । द्रावणं रञ्जनं चैव सारणं क्रामणं क्रमात् ।।
यो जानातीति तत्त्वेन तस्य सिध्यति सूतकः । तीव्रत्वं जायते स्वेदादमलत्वं च मर्दनात् ।।
चारणेन बलं कुर्याज्जारणाद्बन्धनं भवेत् । एकत्वं द्रावणात्तस्य रक्तत्वं रञ्जनात्तथा ।।
व्यापित्वं सारणात्तस्य क्रामित्वं क्रामणात्तथा ।। इति ।

संस्कारसंस्कृतस्य रसराजस्यानेकप्रयोजनसाध्यसम्पादकगुणान् निर्दिशन् रसकामधेनुकारो रसमार्तण्डोक्तं समुद्धृत्योपसंहरति । यथा-

२१४. रसकामधेनुः, तृतीये सूतक्रियापादे द्वितीयोऽधिकारः, १-४ श्लोकाः ।

संस्कारको अनुष्ठान दुई प्रकारकै (श्रेयः एवं प्रेय) उद्देश्य प्राप्त गर्ने चाहना भएका पुरुषका लागि आवश्यक हुन्छ। श्रेय एवं प्रेय प्राप्तिका साधक मानिएका शरीरमा रहेका दोषहरूलाई हटाएर मात्र गुणहरूको आधान गर्नुपर्छ । गुणाधान (गुणात्मकता ल्याउने काम) संस्कारबाट हुन्छ । संस्कारद्वारा संस्कृत भएको रसराज पारद सिद्ध (ओषधिका रूपमा सेवन गर्दा प्रभाव पार्ने वा रोग निको पार्न सक्ने) हुन्छ । पारद (पारो) का स्वेदन, मर्दन, चारण, जारण, द्रावण, रञ्जन, सारण र क्रामण नामका आठ प्रकारका संस्कार हुन्छन् भनिएको छ ।

स्वेदन संस्कारले तीव्रता उत्पन्न गराउँछ । मर्दन संस्कारले निर्मलता (मलरहितता अर्थात् स्वच्छता) उत्पन्न गराउँछ । चारण संस्कारले बल उत्पन्न गराउँछ । जारण संस्कारले बन्धन उत्पन्न गराउँछ । द्रावण संस्कारले एकता उत्पन्न गराउँछ । रञ्जन संस्कारले रक्तता ल्याउँछ । सारण संस्कारले व्यापकता उत्पन्न गराउँछ र क्रामण संस्कारले क्रामित्व उत्पन्न गराउँछ । यसै तथ्यलाई रसकामधेनुमा यसरी बताइएको छ-

स्वेदनम्० अर्थात् 'पारदका स्वेदन, मर्दन, चारण, जारण, द्रावण, रञ्जन, सारण र क्रामण नामका आठ प्रकारका क्रमैले सम्पन्न गरिने संस्कार हुन्छन् । जसले यी संस्कार तात्त्विक रूपमा जानेको हुन्छ त्यस्ता पुरुषका लागि पारद सिद्ध (कार्य सम्पादक) हुन्छ । स्वेदन संस्कारबाट तीव्रता उत्पन्न हुन्छ । मर्दन संस्कारबाट निर्मलता प्राप्त हुन्छ । चारण संस्कारले बल (शक्ति) उत्पन्न गराउँछ । जारण संस्कारबाट बन्धन हुन्छ । द्रावण संस्कारबाट एकत्व उत्पन्न हुन्छ । यसरी नै रञ्जन संस्कारबाट रक्तता उत्पन्न हुन्छ । सारण संस्कारबाट पारदमा व्यापित्व आउँछ भने क्रामण संस्कारबाट क्रामित्व आउँछ ।'[१४८] (र.का.धे. ३/२/१-४) आदि ।

संस्कारद्वारा संस्कृत रसराज पारदमा अनेकौं प्रयोजनरूप साध्य सम्पन्न गराउने गुणहरू रहेका हुन्छन् भन्ने निर्देशन गर्दै रसकामधेनुका लेखकले रसमार्तण्डमा उल्लिखित पद्यहरू उद्धरणका उपमा उपस्थापन गरेर प्रसङ्गको उपसंहार गरेका छन् ।[१४९] रसकामधेनुमा उद्धृत रसमार्तण्डका पद्य यसप्रकार रहेका छन्-

१४८. रसकामधेनुमा पारदका आठ प्रकारका संस्कारका सम्बन्धमा चर्चा गरिएको छ र त्यसको विधि समेत बताइएको छ तापनि कतियय रसायनसित सम्बद्ध ग्रन्थहरूमा सोह्र प्रकारका संस्कारको चर्चा पनि पाइन्छ ।

१४९. मूलमा उद्धृत रसमार्तण्डका पद्यहरूको उपस्थापन गरी रसकामधेनुको तेस्रो सूतक्रियापादको समापन गरिएको छ भन्ने तात्पर्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२१५]वर्णं स्व (सु) वर्णं विदधाति पुंसां सूतेन्द्रयोगादमरत्वमेव ।
तथाग्निवृद्धिं सुरतक्षमत्वं विद्याधराणामपि वल्लभत्वम् ।।
तारेण युक्तो गगनेचरत्वं करोति पूर्णेन्दुमयूखकान्तिम् ।
ताम्रेण सूतो ज्वरकुष्टिहन्ता हरत्यशेषान् जठरामयादीन् ।।
तीक्ष्णेन देहस्य ददाति सिद्धिं पाण्ड्वामयानाशु विनाशयेच्च ।
कान्तं हितं चैव समस्तरोगे रसायनं दोषहरं नराणाम् ।।
आरेण सर्वामयनाशकारी बङ्गेन सूतो हरते प्रमेहान् ।
नागेन युक्तः कफरोगहन्ता तन्नागवङ्गौ न रसायनेष्टौ ।।
निषेवितोऽभ्रेण स सूतराजो बलाग्निवृद्धिं वितनोति पुंसाम् ।
स खेचरत्वं वपुषः स्थिरत्वं जरारुजामृत्युविनाशनं च ।।

२१५. रसकामधेनुः , तृतीये सूतक्रियापादे सारणाधिकारो नवमः, ३१३-३२८ श्लोकाः ।

[१५०]**वर्णं स्व (सु) वर्णम्०** अर्थात् 'रसराज पारदको विधिपूर्वक गरिएको सेवनले मनुष्यको शरीरलाई राम्रो वर्णले युक्त भएको बनाउँछ । यति मात्र होइन अनुपानद्रव्यका साथमा प्रयोग गरिएको पारदले अमरत्व प्रदान गर्छ । यसै प्रकारले पारदले अग्निको वृद्धि गराउँछ, सुरतको क्षमता (सामर्थ्य) बढाउँछ र मनुष्यलाई विद्याधरहरूको पनि प्रिय बनाउँछ ।।१।। रजतभस्म (चाँदीबाट बनेका भस्म) का साथमा सेवन गरिएको पारदले आकाशमा हिँड्न सक्ने बनाउँछ र मनुष्यलाई पूर्णिमाका चन्द्रमाको किरणको जस्तो मनोहर कान्तिले युक्त भएको बनाउँछ । ताम्रभस्मका साथमा सेवन गरिएको सूत (पारद) ले ज्वर (जोरो) कुष्ठ (कोढी) जस्ता रोगलाई नष्ट गराउँछ, साथै पेटका सबै रोग आदि नष्ट गराउँछ ।।२।। तीक्ष्ण लौहभस्मका साथमा सेवन गरिएको पारदले देहसिद्धि गराउँछ (शरीरलाई सुन्दर, दृढ, वृद्धावस्थारहित एवं दीर्घायुष्ययुक्त बनाउँछ) । तत्काल नै पाण्डु आदि रोगहरू नष्ट गराउँछ । कान्त लौहभस्मका साथमा प्रयोग गरिएको पारदले सबै रोगमा हित गर्छ (रोग निको पार्न सहयोग गर्छ), शरीरमा रसायनको काम गर्छ र मानिसका शरीरमा रहेका सबै दोष नष्ट गराउँछ ।।३।। आरभस्म (पित्तलबाट बनाइएको भस्म) का साथमा सेवन गरिएको पारदले सबै खाले रोगलाई नष्ट गराउँछ । वङ्गभस्मका साथमा सेवन गरिएको पारदले सबै प्रकारका प्रमेह रोगहरू नाश गर्छ । नाग भस्मका साथमा सेवन गरिएको पारदले कफरोगहरू नाश गराउँछ । नाग र वङ्ग यी दुई भस्म रसायनका लागि इष्ट वा श्रेष्ठ मानिँदैनन् ।।४।। अभ्रकभस्मका साथमा प्रयोग गरिएको रसराज पारदले मानिसका बलमा र अग्निमा वृद्धि गराउँछ, खेचरत्व (देवत्व) प्रदान गर्छ, शरीरलाई दृढ बनाउँछ, जरा (वृद्धावस्थाका विकार), विभिन्न प्रकारका रोग र (अकाल)

१५०. उद्धृत पद्यहरू आयुर्वेदको रसशास्त्रसंग सम्बद्ध छन् । रसशास्त्रमा रोगको उपचार पारद आदि खनिज पदार्थको प्रयोगबाट गर्ने कुरा वर्णन गरिएको हुन्छ । उद्धृत पद्यहरुमा विधिपूर्वक निर्माण गरिएको पारदको अरु धातुभस्मका साथ प्रयोगबाट हुने लाभको चर्चा गरिएकोछ । प्रथम पद्यमा कर्तृपदको प्रयोग नगरिए पनि प्रसङ्गतः पारदलाई कर्तृपद मानी अर्थ गरिएको छ । वक्ष्यमाणामयोपशमनोपायनुपानद्रव्यैः सह रसगुणा उच्यन्ते भन्ने रसकामधेनुको को अवतरणिकाले पारद वा पारदभस्म मुख्य द्रव्य भएको र अन्य भस्मादि साथमा प्रयोग गरिने द्रव्य भएको सिद्ध गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैक्रान्तकं वज्रसमानवीर्यं ब (च) लोपयोज्यं गगनेन तुल्यम् ।
शस्तं समस्ते कफजे विकारे वाजीकरं तज्जगति प्रसिद्धम् ।।
ताप्यं हितं चैव समस्तरोगे भवेद्विषे चापि गरुत्मतुल्यम् ।
सूतेन्द्रतुल्यं वरहंसपाकं (दं) चौरं ज्वरे विद्धि च नेत्ररोगे ।।
विषापहं मृत्युहरं च सस्यं रयायनं स्याच्चपलं गदघ्नम् ।
स्यान्मूत्रकृच्छ्राश्मरिनाशनाय शिलोद्भवं वा विमलं प्रदिष्टम् ।।
गन्धाश्म हन्तीह समस्तरोगान् रसायनेनापि सदोपयोगि ।
कुष्ठेषु तालं मुनिभिः प्रदिष्टं त्रिदोषरक्तेषु शिला वरिष्ठा ।।
सुवर्णगौरी बलवर्णकर्त्री कासीसकाङ्क्ष्यौ व्रणशुद्धये सतः ।
नीलाञ्जनं नेत्रभवे विकारे हितं तथा श्लेष्मकृते गदेऽपि ।।
कङ्कुष्ठकं कायविशुद्धिकारि ज्वरे हितं पित्तगदापहारि ।
वज्रं तु सर्वामयपर्वतेषु वज्रोपमं भौतिकमग्निवृद्धिम् ।।
श्रीपद्मरागोऽङ्गिषु पद्मराममङ्गं तनोत्येव विशेषतस्तु ।
श्रीशक्रनीलो रसबन्धनेष्टः संसेवितो नेत्रविकारहारी ।।

मृत्युबाट जोगाउँछ ।।५।। वैक्रान्तक- वज्र (हीरा) को जस्तो वीर्य (गुण र प्रभाव) भएको हुन्छ । ..... यसको उपयोग कफबाट उत्पन्न सबै रोगहरूमा हितकर मानिएको छ। यो योग संसारमा वाजीकरण (सम्भोगशक्ति बढाउन) का लागि प्रसिद्ध छ ।।६।। ताप्य (स्वर्णमाक्षिक) का साथमा प्रयोग गरिएको पारद सबै रोगमा हितकर हुन्छ (औषधको कार्य गर्छ) । विषविकारका लागि सर्पको शत्रु गरुड जस्तै हुन्छ अर्थात् विषको प्रभावलाई नष्ट गरिदिन्छ। समान भाग पारद भस्मका साथ सेवन गरिरएको वरहंसपादक (..... .....) ले ज्वर रोग नेत्ररोगलाई नष्ट गराउँछ ।।७।। पारदका साथमा प्रयोग गरिएको सस्य (.....) लाई विषको अपहर्ता (विनाशक) एवं मृत्युको हरणकर्ता (नाशक) मानिएको छ। पारदका साथमा सेवन गरिएको चपल (.....) रोगनाशक रसायन बन्दछ। निर्मल शिलाजितका साथमा प्रयोग गरिएको पारदलाई मूत्रकृच्छ एवं अश्मरी रोगको नाशक भनिएको छ ।।८।।

गन्धाश्म (गन्धक) ले {पारदका साथमा उपयोग गरिएका अवस्थामा} सबै रोगलाई नष्ट गराउँछ । रसायनका साथमा प्रयोग गर्दा सधैँ नै उपयोगी हुन्छ । मुनिहरूले विभिन्न प्रकारका कुष्ठरोगमा पारदका सथामा तालको सेवन गर्नुपर्छ भनेका छन् र तीन प्रकारका दोषले युक्त भएका पुरुषका लागि पारदका साथमा शिलाजितको प्रयोग राम्रो मानिएको छ ।।९।। {पारदका साथमा प्रयोग गरिएको} स्वर्णगैरिकले बल बढाउने र वर्ण राम्रो बनाउने काम गर्छ; कासीस र काङ्क्षी दुवैले व्रणलाई शुद्ध बनाउँछन्, नीलाञ्जन (कालो गाजल) आँखाका विकारमा र कफका कारण उत्पन्न रोगहरूमा हितकर हुन्छ ।।१०।। {पारदका साथमा सेवित} कङ्कुष्ठले शरीरलाई शुद्ध बनाउँछ, ज्वरमा हित गर्छ र पित्तसम्बन्धी रोगहरूलाई नाश गर्छ। वज्र (हीरा) को भस्म सबै रोगरूपी पर्वतहरूका लागि वज्र समान (नाशक) हुन्छ र त्यसले भौतिक अग्निलाई बढाउँछ ।।११।। {पारदका साथमा सेवित} पद्मराग मणिले मानिसहरूका शरीरका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गारुत्मतं सर्वविषे प्रशस्तं सर्वेषु रोगेषु रसायनेष्टम् ।
पातालसिद्धिं गगनेचरत्वं करोति सूतोऽथ तरक्षुयुक्तः ॥
वैदूर्यरत्नाद्वरशुक्र (रूप) वृद्धिं बलप्रवृद्धिं जठरानलस्य ।
स कृत्रिमस्थावरजङ्गमानि श्रीपुष्परागोऽथ जलेन हन्यात् ॥
गोमेदयोगाद्बलरूपवृद्धिं करोति सिद्धिं वरविद्रुमेण ।
सर्वाणि रत्नानि च दीपनानि रसेन्द्रयुक्तान्यमृतोपमानि ॥
यो यस्य वर्णः खलु दृश्यते हि तादृग्विधं तस्य वपुर्विधत्ते ।
अयं रसेन्द्रो भिषजा नराणां प्रयोगयुक्त्या विधिना प्रयुक्तः ॥
दोषानशेषानपि लीलयैव जित्वैव कान्तिं विदधाति सद्यः ॥ इति ॥

इत्थमनेकरोगोपशमोपायाननुपानद्रव्यैः सह रसगुणा उक्ताः । अष्टविधसंस्कारैः संस्कृतो हि रसराजः (पारदः) वेधनक्रियोगयोगी सम्पद्यते । वेधश्च लेपवेध-क्षेपवेध-कुन्तवेध-धूमवेध-शब्दवेधभेदादनेकविधः सम्पद्यते । वेधस्यानेकविधत्वेऽपि च वेधसाध्यं सुवर्णोत्पत्तिरूपं प्रयोजनमेकमेव । यथा [२१६]रसकामधेनौ-

२१६. रसकामधेनुः, सूतक्रियापादः, सारणाद्यधिकारो नवमः, ३३-३८ श्लोकाः ।

अङ्गलाई विशेष रूपमा पद्मराग जस्तै बनाइदिन्छ । इन्द्रनील मणि पारदको बन्धनका लागि हुन्छ र त्यसको सेवन गर्नाले आँखासम्बन्धी रोगहरू नष्ट हुन्छन् ॥१२॥ {पारदका साथमा}गारुत्मत (पन्ना) को प्रयोग सबै प्रकारका विषका विकारहरूमा हितकर हुन्छ । यस प्रकारको योग सबै रोगहरूमा अभीष्ट रसायन बन्दछ । तरक्षु (.....) ले युक्त भएको पारदले (पारदको सेवनले) पातालसिद्धि (सूक्ष्मरूपमा विवरमा प्रवेश गर्ने सामर्थ्य) र आकाशमा उड्ने शक्ति दिन्छ ॥१३॥ पारदले वैदूर्यमणिका साथमा योग भएपछि (वैदूर्यमणिका साथमा सेवन गरेका अवस्थामा) शुक्रमा (अथवा रूपमा) वृद्धि गराउँछ र जठराग्निको बल बढाउँछ । पानीका साथमा सेवन गरिएको (पारदले युक्त) पुष्परागले स्थावर र जंगम विषबाट शरीरमा परेको प्रभाव नष्ट गराउँछ ॥१४॥ {पारदले} गोमेद मणिको योगद्वारा बल र रूपको वृद्धि हुन्छ; प्रवाल (मूँगा) को योगद्वारा सिद्धि प्राप्त गराउँछ । सामान्यतया रसराज पारदका साथमा प्रयोग गरिएका सबै रत्नहरू दीपन हुन्छन् र अमृतसमान हित गर्छन् ॥१५॥ विधि पुऱ्याई युक्तिका साथ वैद्यद्वारा प्रयोग गरिएको पारदले मनुष्यको शरीरलाई अनुपान द्रव्यका रूपमा प्रयोग गरिएका धातुको जस्तो वर्ण हुन्छ त्यस्तै वर्ण (रूप) भएको बनाइदिन्छ ॥१६॥ पारदले शरीरमा विद्यमान सबै रोगलाई ख्यालख्यालमा जितेर चाँडै नै शरीरको कान्ति राम्रो बनाइदिन्छ ॥१७॥

यसरी अनुपान[१५१] द्रव्यका साथमा खाइएका अनेकौँ रोगका उपशनका कारणभूत पारदका गुणहरू बताइए । आठ प्रकारका संस्कारद्वारा संस्कृत भएको रसराज पारद वेधन क्रियाका लागि उपयुक्त हुन्छ । लेपवेध, क्षेपवेध, कुन्तवेध, धूमवेध, शब्दवेध आदि भेदले वेध अनेक प्रकारको हुन्छ । वेध अनेक प्रकारका भए तापनि वेधक्रियाद्वारा साध्य कार्य भनेको एकमात्र सुवर्णको उत्पत्तिरूप प्रयोजन नै हो । (सुन उत्पन्न गराउने उद्देश्यले नै अनेक प्रकारका वेध गरिन्छन् ।)

१५१. औषधिका साथमा खाइने वस्तुलाई आयुर्वेदमा अनुपान द्रव्य भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवायिभेषजोपेतो द्रव्ये क्षिप्तो रसः खलु ।।
वेधः इत्युच्यते तज्ज्ञैः स चानेकविधः स्मृतः । लेपः क्षेपश्च कुन्तश्च धूमाख्यः शब्दसंज्ञितः ।।
इति वेधस्य सलक्षणं भेदानभिधाय-
लेपेन कुरुते लोहं स्वर्णं वा रजतं तथा । लेपवेधः स विज्ञेयः पुटमत्र च सौकरम् ।।
प्रक्षेपणं द्रुते लोहे वेधः स्यात्क्षेपसंज्ञकः । संदंशघृतसूत्रेण बन्धितस्य द्रुतस्य यत् ।।
सुवर्णत्वादिकरणं कुन्तवेधः स उच्यते । वह्नौ धूमायमाने तु प्रक्षिप्तरसधूमतः ।।
स्वर्णाद्यापादनं लोहे धूमवेधः स ईरितः । समुत्थितरसेनाल्पलोहस्य धमनात् खलु ।।
स्वर्णरूप्यत्वजननं शब्दवेध इतीरितः ।

यथेत्थं संस्कृतस्य पारदस्य (रसराजस्य) द्रव्यगतरूपगुणादिपरिवर्तनतः सिद्धि- (अपवर्ग) सम्पादनान्ता गुणाः समुत्पद्यन्ते, तथैव गर्भाधानादिसंस्कारैः संस्कृतस्य द्विजस्यापि अनेकसाध्यसम्पादिका शक्तिरुदेति।

रसराजश्च क्षेत्रीकृतदेहे प्रयुक्तो हि अनेकविधसिद्धिमापादयति । अक्षेत्रीकृतदेहे प्रयुक्तस्तु दोषमुत्पादयति। तच्च- **अक्षेत्रीकरणे रसायनं यो नरः प्रयुञ्जीत । तस्य क्रामति न रसः सर्वाङ्गजदोषकृद्भवति ।।** इत्यनेन पूर्वमेवाभिहितम् ।

यसै सम्बन्धमा रसकामधेनुमा भनिएको छ- **व्यवायि०** अर्थात् 'व्यवायी औषधीय गुणले युक्त रसलाई अर्थात् पारदलाई कुनै द्रव्यमा (धातुविशेषेमा) हाल्ने कामलाई उक्त क्रिया गर्न जान्ने विद्वान्ले वेध भनेका छन् । वेध अनेक प्रकारको हुन्छ । उक्त वेधलाई लेपवेध, क्षेपवेध, कुन्तवेद, धूमवेध र शब्दवेध भनिन्छ ।' यसरी वेधको लक्षण र त्यसका प्रकार बताइएपछि {निम्न पद्यहरूमा वेधका कार्य बताइएको छ-}

लेपेन कुरुते० अर्थात् 'कुनै तामा आदि धातुमा (माथि भने अनुसार व्यवायी गुण भएको औषधि र पारदको) लेप गरेर त्यसलाई सुवर्ण (सुन) अथवा रूप्य (चाँदी)को रूपमा परिवर्तन गर्ने विधिलाई लेपवेध बुझ्नुपर्छ। यसमा सौकर (वराह) पुट आवश्यक हुन्छ ।

.....

.....

.....

जसरी संस्कार गरिएको रसराज पारदमा द्रव्यमा रहेका रूप, गुण आदिमा परिवर्तन गरेर सिद्धि (अपवर्ग) सम्मका कार्य सम्पादन गर्ने गुण उत्पन्न हुन्छ त्यसरी नै गर्भाधान आदि संस्कारद्वारा संस्कृत भएका द्विजहरूमा पनि अनेक प्रकारका साध्य सम्पादन गर्ने शक्ति उत्पन्न हुन्छ । रसराज पारदले क्षेत्रीकृत शरीरमा प्रयोग गर्ने हो भने अनेक प्रकारका सिद्धि (सफलता) उत्पन्न गराउँछ । अक्षेत्रीकृत शरीरमा प्रयोग गर्ने हो भने दोष (विकार) उत्पन्न गराउँछ । यो कुरा **अक्षेत्रीकरणे०** अर्थात् 'जुन मनुष्यले अक्षेत्रीकृत शरीरमा रसायनको प्रयोग गर्छ त्यसका शरीरमा रसायन सङ्क्रमित हुँदैन (प्रभावकारी बन्दैन) प्रत्युत उक्त रसायन सबै शरीरमा दोष (विकार) उत्पन्न गराउने माध्यम बन्छ' (र.का.धे.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं शुद्धोऽपि रसराजोऽक्षेत्रीकृतदेहे प्रयुक्तो दोषकृद्भवति चेद् अशुद्धस्तु नितरां दोषमुद्भावयति। यथोक्तम्-
[२१७]**अशुद्धसूतो न गुणान् विदध्याद् दध्याद् विदाहकृमिकुष्ठरोगान्।**
मन्दत्वमग्नेररुचिं वमिं च जाड्यं मृतिं तन्वति सेवितश्चेत्॥ इति।

एतावता गुणवत्वसम्पत्तये आधेयद्रव्याधारद्रव्ययोरुभयोरपि शुद्धिमत्वेन हि भाव्यमित्यवगतं भवति।

शास्त्रेष्वनुक्तः खाद्यपदार्थेषु कृतो लौकिकश्च संस्कारो गुणाधायकत्वेन दृष्ट एव।

इक्षुदण्डस्यैव विकारा इक्षुरसगुडशर्करासितोपलादिरूपाः संस्कारेणैव समुत्पन्नाः।

लौकिकपदसमभिव्याराच्चालौकिकभावनायामपि शक्तिग्रहो भवतीति न्यायाच्च अदृष्टेष्वपि वस्तुषु गुणाधानाद् गुणोत्कर्षः सम्पद्यते इत्यवगन्तव्यम्।

[२१८]योगीश्वरेण याज्ञवल्क्येन गर्भाधानादिचूडाकरणान्तानां संस्काराणामनुष्ठानकालेन सह विधिं निर्दिश्य- **एवमेनः शमं याति बीजगर्भसमुद्भवम्।** इति स्मृत्वा शुक्रशोणितजन्यस्य दोषस्य (गात्रव्याधिसङ्क्रमण-निमित्तस्य) नाशकत्वं गर्भाधानदिसंस्कारप्रयोजनमादिष्टम्।

२१७. रसकामधेनुः, सूतक्रियापादः, रसनामादीनिरूपणाधिकारः प्रथमः, ३५ श्लोकः।
२१८. याज्ञवल्क्यस्मृतिः आचाराध्यायः १३ श्लोकः।

३/९/९६) भन्ने पद्यद्वारा पहिले नै बताइएको छ। यसरी शुद्ध गराइएको रसराजले पनि अक्षेत्रीकृत शरीरमा प्रयोग गर्ने हो भने दोष उत्पन्न गराउँछ। शुद्ध नै नगरिएको रसराजले त धेरै नै दोष उत्पन्न गराउँछ। भनिएको पनि छ-

अशुद्धसूतः० अर्थात् 'शुद्ध नगराइएको पारदले गुण उत्पन्न गराउने काम गर्दैन, प्रत्युत त्यसले शरीरमा दाह उत्पन्न गराउँछ, कृमि, कुष्ठ आदि रोगहरू उत्पन्न गराउँछ। शुद्ध नगरीकन खाइएको पारदले जठराग्निलाई मन्द गराउँछ, अरुचि उत्पन्न गराउँछ, उल्टी गराउँछ, जडता उत्पन्न गराउँछ र मृत्यु समेत गराउँछ (र.का.धे. ३/१/३५)।'[१५२]

पूर्वोक्त प्रसङ्गबाट गुणवत्ताका लागि आधारद्रव्य र आधेयद्रव्य दुवै शुद्ध हुनुपर्छ भन्ने कुरा थाहा पाइन्छ। शास्त्रमा नबताइएता पनि खाद्यपदार्थमा गरिएको लौकिक संस्कार गुणाधायक भएको देखिएको छ। उखुका लाँक्राबाट निकालिएका रसबाट नै संस्कार गरेर खुदो, गुँड, चिनी, मिस्री आदि पदार्थहरू बनाइएका हुन्। 'लौकिक पदको सहप्रयोगबाट अलौकिक भावनामा पनि शक्तिग्रह हुन्छ' भन्ने न्यायका आधारमा अदृष्ट वस्तुमा पनि गुणको उत्कर्ष हुन्छ भन्ने कुरा जान्नुपर्छ।

योगीश्वर याज्ञवल्क्यले गर्भाधानदेखि चूडाकरणसम्मका संस्कार कुन समयमा गर्नुपर्छ भनी संस्कार गर्ने समयका साथै संस्कार गर्ने विधि समेत देखाएपछि **एवमेनः**० अर्थात् 'यसरी संस्कार सम्पन्न गरेपछि पिताका बीज एवं माताका गर्भका कारण उत्पन्न भएको पाप (दोष) नष्ट हुन्छ' (या.स्मृ. १/१३) भनेका छन्। यसरी उनले शुक्र एवं शोणितबाट उत्पन्न हुने (शरीरमा रोग सङ्क्रमणका कारणका रूपमा रहेका) दोषलाई निवारण गर्नु गर्भाधानादि संस्कारको प्रयोजन हो भन्ने कुरा देखाएका छन्।

१५२. अशुद्धपारददोषाः, तत्रैव भनी रसकामधेनुमा मूलमा उद्धृत पद्य दिइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भोपधातकदोषेभ्यो मुक्तिर्देवपितृकार्यार्हता-

हारीतवचनं समुद्धृत्य हरिहरेण[२१९]- गर्भाधानवदुपेतो ब्रह्मगर्भं सन्दधाति, पुंसवनात् पुंसीकरोति, फलस्नपनात् (सीमन्तोन्नयनात्) पितृजं पाप्मानमपोहति, जातकर्मणा प्रथममपोहति, नामकरणेन द्वितीयम्, प्राशनेन तृतीयम्, चूडाकरणेन चतुर्थम्, स्नानेन पञ्चमम् । एतैरष्टभिर्गार्भसंस्कारैर्गर्भोपघातात् पूतो भवति । उपनयनार्थैरभिरनुव्रतैश्चाष्टभिः स्वच्छन्दसम्मितो ब्राह्मणः परं पात्रं देवपितॄणां भवति । छन्दसामायतनम् । इत्युक्त्या गर्भाधानादिचूडाकरणान्तानामष्टविधसंस्काराणां गर्भोपधातकदोषोपशमनेन पवित्रीकरणम्, उपनयनादिविवाहान्तानामष्टविधसंस्काराणां च स्वशास्त्रीयवेदाध्ययनसमन्वितं विधाय देवपितृकार्येषूत्कृष्टपात्रत्वसम्पादनं वेदस्य निधित्वापादनं च प्रयोजनत्वेन निर्दिष्टम् ।

[२२०]मनुना- गर्भाधानाद्युपनयनपर्यन्तानां संस्काराणाम्-

गार्भैर्होमैर्जातकर्मचौडमौञ्जीनिबन्धनैः ।

बैजिकं गार्भिकं चैनो द्विजानामपमृज्यते ।। इत्युक्त्वा बीजगर्भसमुद्भवदोषस्य मार्जनप्रयोजनं

---

२१९. पारस्करगृह्यसूत्रम्, (हरिहरभाष्यम्) २ काण्डम्, १ कण्डिका, (२४ सूत्रम्) ।

२२०. २/२७ मनुस्मृतिः । **{कुतः पापसम्भवो येन पापक्षयहेतुत्वमत आह । गार्भैरिति ये गर्भशुद्ध्यै क्रियन्ते ते गार्भाः । होमग्रहणमुपलक्षणम्, गर्भाधानादेरहोमरूपत्वात् । जातस्य यत्कर्म मन्त्रवत्सर्पिपाशनादिरूपं तज्जातकर्म । चौडं चूडाकरणकर्म मौञ्जीनिबन्धनमुमपनयनम् । एतैर्बैजिकं प्रतिषिद्धमैथुनसङ्कल्पादिना च पैतृकरेतोदोषात् यत्पापं गार्भिकं चाशुचिमातृगर्भवासजं तत् द्विजातीनाम् अपमृज्यते ।। मनु.२/२७ म.मु. ।।

** बीर्यगर्भयोः पापनिमित्तत्वाभादुभयसंसर्गादशुचित्वमात्रमेनःशब्दार्थो न पापमिति नु मेधातिथिः ।}

गर्भका कारण उत्पन्न हुने दोषबाट मुक्ति र देवकार्य एवं पितृकार्यमा योग्यता-

हारीतको कथनलाई उद्धृत गर्दै हरिहरले- **'गर्भाधानवदुपेतो ब्रह्मगर्भं सन्दधाति, पुंसवनात् पुंसीकरोति, फलस्नपनात् (सीमन्तोन्नयनात्) पितृजं पाप्मानमपोहति, जातकर्मणा प्रथममपोहति, नामकरणेन द्वितीयम्, प्राशनेन तृतीयम्, चूडाकरणेन चतुर्थम्, स्नानेन पञ्चमम् । एतैरष्टभिर्गार्भसंस्कारैर्गर्भोपघातात् पूतो भवति । उपनयनार्थैरभिरनुव्रतैश्चाष्टभिः स्वच्छन्दसम्मितो ब्राह्मणः परं पात्रं देवपितॄणां भवति । छन्दसामायतनम् ।'** (पा.गृ.सू. २/१/२४ ह.भा.) भनेका छन् । गर्भाधानदेखि चूडाकरणसम्मका आठवटा संस्कारले गर्भका उपघातक दोषहरूको शमनद्वारा शरीरलाई पवित्र बनाउँछन् । उपनयन (व्रतबन्ध) देखि विवाहसम्मका आठवटा संस्कारले आफ्ना शाखाका वेदको अध्ययनले युक्त भएका बनाएर देवकार्यका लागि र पितृकार्यका लागि उत्कृष्ट पात्र एवं वेदको निधि बनाउँछन् । यसरी हरिहरद्वारा उद्धृत हारीतको कथनमा संस्कारहरूको प्रयोजन देखाइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाम्नातम् । **स्वाध्यायेन व्रतैर्होमैस्त्रैविद्येनेज्यया सुतैः । महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः ।**[२२१] इत्यनेन स्वाध्यायाध्ययनादीनां हविःपशुसोमात्मकयज्ञान्तानां संस्कारकर्मणां च शरीरावच्छिन्नात्मनः ब्रह्मप्राप्ति-योग्यतापादकत्वं प्रयोजनं समाम्नातम् ।

ब्राह्मदैवसंस्कारयोः ऋषिसायुज्यं देवसायुज्यं च प्रयोजनम्

[२२२]हरिहरेणैव-**'ब्राह्मसंस्कारसंस्कृत ऋषीणां समानतां सायुज्यतां गच्छति, दैवेनोत्तर-संस्कारेणानुसंसृतो देवानां समानतां सालोक्यतां सायुज्यतां गच्छति'** इति हारीतवचनमुद्धृत्य ब्राह्मसंस्कारदैवसंस्कारयोः प्रयोजनत्वेन ऋषिसायुज्यं देवसायुज्यं च क्रमेण निर्दिष्टम् ।

२२१. २/२८ मनुः । **{स्वाध्यायेन वेदाध्ययनेन व्रतैर्मधुमांसवर्जनादिनियमैर्होमैः सावित्रचरुहोमादिभिः सायं प्रातर्होमैश्च त्रैविद्याख्येन च । व्रतेष्वप्राधान्यादस्य पृथगुपन्यासः । इज्यया ब्रह्मचर्यावस्थायां देवर्षिपितृतर्पणरूपया गृहस्थावस्थायां पुत्रोत्पादनेन । महायज्ञैः पञ्चभिर्ब्रह्मयज्ञादिभिः । यज्ञैर्ज्योतिष्टोमादिभिः ब्राह्मी ब्रह्मप्राप्तियोग्येयं तनुः तन्ववच्छिन्न आत्मा क्रियते । कर्मसहकृतब्रह्मज्ञानेन मोक्षावाप्तेः ॥ मनु. २/२८ म.मु.॥}

२२२. पारस्करगृह्यसूत्रम् (हरिहरभाष्यम्) २ काण्डम्,१ कण्डिका, (२४ सूत्रम्) ।

गार्भैर्होमै० 'गर्भाधानसित सम्बद्ध हवनद्वारा, जातकर्मद्वारा, चूडाकर्मद्वारा र उपनयनद्वारा द्विजहरूमा विद्यमान पिताका बीजबाट उत्पन्न एवं माताका गर्भमा बसेका हुनाले उत्पन्न दोष नष्ट हुन्छ'[१५३] (मनु. २/२७) भनी मनुले गर्भाधानदेखि उपनयनसम्मका संस्कारहरूको प्रयोजन बीज एवं गर्भका (गर्भवासका) दोषहरूको परिमार्जन भएको तथ्य बताएका छन् । **स्वाध्यायेन०** अर्थात् 'स्वाध्यायको अध्ययन (वेदाध्ययन) द्वारा, व्रतद्वारा (मधुमांसवर्जन आदि नियम पालनद्वारा), हवनद्वारा (बिहान-साँझमा गरिने सावित्रचरु हवन आदिद्वारा), त्रैविद्याद्वारा (तीनवटा वेदसित सम्बद्ध व्रतद्वारा), इज्या (ब्रह्मचर्यावस्थामा देवता, ऋषि एवं पितृको तर्पण र गृहस्थावस्थामा पुत्रोत्पादन कर्म) द्वारा, ब्रह्मयज्ञ आदि पाँच महायज्ञद्वारा र अन्य ज्योतिष्टोमादि यज्ञद्वारा शरीरलाई (शरीरमा विद्यमान आत्मालाई) ब्रह्म प्राप्तिको (मोक्षको समेत) योग्य बनाइन्छ'[१५४] (मनु. २/२८) यस पद्यद्वारा स्वाध्याय अध्ययनदेखि हविः, पशु एवं सोमरूप यज्ञसम्मका संस्कारहरूको प्रयोजन शरीरमा अवस्थित आत्मालाई ब्रह्मप्राप्तिको योग्य बनाउनु हो भनी बताइएको छ ।

ब्राह्मसंस्कार र दैवसंस्कारको प्रयोजन ऋषिसायुज्य एवं देवसायुज्य हो-

हरिहरले- 'ब्राह्मसंस्कारद्वारा संस्कृत (संस्कार गरिएको) पुरुषले ऋषिहरूको समानता वा सायुज्य प्राप्त गर्छ, उत्तरवर्ती दैवसंस्कारद्वारा (उपनयनोत्तरर्ती संस्कार वा उत्तरक्रतुद्वारा) संस्कृत पुरुषले देवताहरूको समानता, सालोक्य

१५३. गर्भाधानादि संस्कारमा होम नगरिने भएकाले होम उपलक्षण हो अर्थात् सामान्य क्रियाको वाचक हो भनी मन्वर्थमुक्तावलीमा प्रतिपादन गरिएको छ । पुनश्च सङ्केतित पद्यमा प्रयुक्त एनस् शब्दको तात्पर्य पाप होइन, अपि तु निषिद्ध समयमा गरिएका मैथुनबाट उत्पन्न बीज सम्बन्धी दोष र अपवित्र गर्भवासबाट उत्पन्न गर्भसम्बन्धी दोष भन्ने हो भनी कुल्लूक भट्टले भनेका छन् । मेधातिथिले पनि बीज र गर्भ पापका कारण नभएकाले दुवैका सम्पर्कबाट उत्पन्न अशुचिता नै एनस् शब्दको अर्थ हो, पाप भन्ने अर्थ होइन भनेका छन् । विज्ञानेश्वरले पनि उक्त पद्यको व्याख्यामा **'गोत्रव्याधिसङ्क्रान्तिनिमित्तमेनो न तु पतितोत्पन्नत्वात्'** भनेका छन् ।

१५४. मन्वर्थमुक्तावलीमा कर्मद्वारा सहकृत ब्रह्मज्ञानद्वारा मोक्ष प्राप्त हुने भएकाले स्वाध्यायादिद्वारा शरीरलाई ब्रह्मप्राप्तिको योग्य बनाइन्छ भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिकारप्राप्तिरुपनयनप्रयोजनम्

[२२३]आपस्तम्बेन- होमप्रसङ्गेऽनुपनीतस्यानधिकारत्वं निर्दिष्य अन्नप्राशनाद्, आपरिसंवत्सरात्, यावता या दिशो न प्रजानीयुः, औपनयादिति चत्वारो विकल्पा अप्रायत्याभावप्रतिपादकत्वेन च निर्दिष्य [२२४]**'अत्र ह्यधिकारः शास्त्रैर्भवति, सा निष्ठा। स्मृतिश्च।'** इत्युक्तम्। एतेन च **'उपनयनादधिकारः शास्त्रसिद्धः। अनधिकारस्यावसानमुपनयनम्। तच्च स्मृतिरप्यभिधत्ते'** इत्यवगमिततया उपनयनसंस्कारस्य अधिकारापादकत्वं प्रतीयते।

[२२५]हरदत्तेन- **'तदुपनयनमवसानमनधिकारस्य'** इत्युक्त्वा अनधिकारस्य अवसानकारकतया उपनयन-संस्काराभिधानादधिकारापादकत्वमुपनयनसंस्कारस्योक्तम्।

२२३. आपस्तम्बधर्मसूत्रम्, २/६/१५/१९-२२। (द्वितीयप्रश्ने (षष्ठपटले) पञ्चदश्यां कण्डिकायाम् १९-२२ सूत्राणि)।

२२४. आपस्तम्बधर्मसूत्रम्, २/६/१५/२३-२५। (उद्धृतानि द्वितीयप्रश्नस्य (षष्ठपटलस्य) पञ्चदश्याः कण्डिकायाः २३-२५ सूत्राणि)

२२५. आपस्तम्बधर्मसूत्रम्, २/६/१५/२४ {उज्ज्वला व्याख्या}।

वा सायुज्य प्राप्त गर्छ' (पा.गृ.सू.,२/१/२४, ह.भा.) भन्ने हारीतको कथनलाई उद्धृत गरेर ऋषिसायुज्यलाई र देवसायुज्यलाई क्रमैले ब्राह्मसंस्कार र देवसंस्कारका प्रयोजन हुन् भनी बताएका छन्।

उपनयनसंस्कारको प्रयोजन अधिकारप्राप्ति-

आपस्तम्बले हवनका प्रसङ्गमा उपनयनसंस्कार नभएका पुरुषको हवनमा अधिकार हुँदैन भनेका छन् (आ.ध.सू. २/६/१५/१९-२२)। अन्नप्राशन (भात ख्वाइ भन्दा पहिलेको समय), आपरिसंवत्सर (एक वर्षभन्दा पहिलेको अवधि), यावता दिशो प्रजानीयुः (दिशाहरूको ज्ञान हुनुभन्दा पहिलेको अवस्था) र औपनय (व्रतबन्ध गर्नुभन्दा पहिलेको स्थिति)- गरी चारवटा विकल्पलाई अपवित्रताका अभाव प्रतिपादकका रूपमा देखाएका छन् (आ.ध.सू. २/६/१५/१९-२२)। अन्तमा **'अत्र अधिकारः०'** इत्यादि वाक्यद्वारा 'अधिकार (विधिनिषेधपरक) शास्त्रबाट प्राप्त हुन्छ, त्यो निष्ठा (अधिकार प्राप्तिको चरम सीमा) हो, त्यो स्मृति हो' (आ.ध.सू. २/६/१५/२३-२५) भनेका छन्। उपर्युक्त प्रसङ्गबाट 'उपनयनसंस्कारबाट अधिकार प्राप्त हुन्छ भन्ने कुरा शास्त्रबाट प्रमाणित हुन्छ। अतः अनधिकारको समाप्ति नै उपनयन संस्कार हो। यो कुरा स्मृतिले पनि बताएको छ।' भन्ने तात्पर्य प्रकट हुने भएकाले उपनयन संस्कारले अधिकार उत्पन्न गराउँछ (अधिकार दिलाउँछ) भन्ने तथ्य प्रतीत हुन्छ (प्रमाणित हुन्छ)।[१५५] हरदत्तले- 'उपनयन अनधिकारको समाप्ति

---

१५५. आपस्तम्बधर्मसूत्रको द्वितीयप्रश्नको छैटौं पटलको पन्ध्रौं अधिकरणको अन्तमा हवनको प्रसङ्ग उठान गरिएको छ। यसै प्रसङ्गमा **न स्त्री जुहुयात्** (महिलाले हवन गर्न हुँदैन, १७ सूत्र), **नाऽनुपेतः** (उपनयनसंस्कार नभएका पुरुषले हवन गर्न हुँदैन १८ सूत्र) भनिएको छ। त्यसपछि क्रमशः **आन्नप्राशनाद्गर्भा नाऽप्रयता भवन्ति, आ परिसंवत्सरादित्येके, यावता वा दिशो न प्रजानीयुः, ओपनयनादित्यपरम्** गरी चार (१९ देखि २२ सम्मका) सूत्रद्वारा बालक अपवित्र नहुँने अवधिसित सम्बद्ध चार विकल्प देखाएका छन्। यसरी १. अन्नप्राशन संस्कार सम्पन्न हुनुभन्दा पहिले रजस्वला आदिद्वारा स्पर्श गरिएता पनि बालक अपवित्र हुँदैनन्, २. एकथरी आचार्यका मतमा एक वर्षसम्म (बालक अपवित्र हुँदैनन्) ३. जबसम्म पूर्व आदि दिशाहरूको ज्ञान प्राप्त गरेका हुँदैनन् (तबसम्म बालक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रस्येतिहासकारेण [२२६]वामनकाणे इत्यनेन संस्काराणां मध्ये केषांचित् संस्काराणामाध्यात्मिक-मुद्देश्यमस्ति चेत्केषाञ्चित् पुनः सांस्कृतिकं प्रयोजनमस्ति । केषाञ्चित् संस्काराणां लौकिकमात्रं प्रयोजनं चेत्केषाचित् संस्काराणामाध्यात्मिकं सांस्कृतिकं चेति द्वेऽपि प्रयोजने स्तः ।

यथा- उपनयनसंस्कारस्य आध्यात्मिकं सांस्कृतिकं चेति द्वेऽपि प्रयोजने स्तः ।

उपनयनसंस्कारस्य प्रयोजनन्तु आध्यात्मिकसांस्कृतिकमात्रं न, अपि तु अत्र भौतिकमपि प्रयोजनं समन्वितम् । उपनयनसंस्कारसंस्कृतस्य व्यक्तेरेव गुणोत्कृष्टव्यक्तिविशेषेण सह सम्बन्धो भवति । अर्थात् गुरुकुले गुरुणा सहासनसम्बन्धो भवति । उत्कृष्टगुणानामाधाने, आम्नायोक्तकर्मणामनुष्ठाने चाधिकारः सम्पद्यते । वेदाध्ययनेऽधिकारः, व्रतानामाचरणे, नियमानामनुष्ठानादौ चाधिकारः समुत्पद्यते । उत्तरक्रतुविधीनां समनुष्ठानाधिकारश्च उपनयनसंस्कारादेवोत्पद्यमानत्वेनोपनयनसंस्कारस्यानेकविधं प्रयोजनमस्तीत्युक्तम् ।

२२६. धर्मशास्त्र का इतिहास १७७ पृष्ठम् ।

हो'[१५६] (आ.ध.सू. २/६/१५/२४ व्या.) भनी उपनयनसंस्कारलाई अनधिकारलाई पर्यवसान गराउने तत्त्वका रूपमा उल्लेख गरेको हुनाले उपनयनसंस्कारबाट अधिकार प्राप्त हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ ।

धर्मशास्त्रसित सम्बद्ध इतिहासका रचयिता वामन काणेले- 'विभिन्न संस्कारहरूमध्ये केही संस्कारको आध्यात्मिक उद्देश्य छ भने केही संस्कारको सांस्कृतिक उद्देश्य छ, केही संस्कारको लौकिक प्रयोजन मात्र देखिन्छ भने केही संस्कारका आध्यात्मिक एवं सांस्कृतिक दुवै प्रयोजन देखिन्छन्' भनेका छन् । उदाहरणका रूपमा उनले आध्यात्मिक एवं सांस्कृतिक दुवै प्रयोजन भएको उपनयन संस्कार देखाएका छन् (ध.इ., पृ. १७७) ।

यथार्थमा भन्ने हो भने उपनयनसंस्कारका आध्यात्मिक एवं सांस्कृतिक प्रयोजन मात्र छैनन् । उपनयनसंस्कारसित भौतिक प्रयोजन पनि जोडिएर आएको हुन्छ । उपनयन संस्कारद्वारा संस्कार गरिएका (संस्कृत बनाइएका) पुरुषको मात्र उत्कृष्ट गुणले युक्त भएका व्यक्तिविशेषका साथमा सम्बन्ध हुन्छ । अर्थात् गुरुकुलमा गुरुका साथमा बसेर अध्ययन गर्ने सम्बन्ध प्राप्त हुन्छ । उत्कृष्ट गुणको आधानमा र शास्त्रद्वारा बताइएका (अथवा वेदप्रतिपादित) कर्महरूको अनुष्ठानमा अधिकार प्राप्त हुन्छ । वेद पढ्ने अधिकार, व्रत बस्ने अधिकार र नियमहरूको अनुष्ठान (सम्पादन) गर्ने आदि अधिकार प्राप्त हुन्छ । उपनयन संस्कारबाटै उत्तरक्रतु (इष्टि, पशु एवं सोम) हरूको सम्पादन गर्ने अधिकार प्राप्त हुन्छ । त्यसैले नै उपनयनसंस्कारका अनेकौँ प्रयोजन छन् भनिएको छ ।

अपवित्र हुँदैनन्) ४. उपनयन संस्कार सम्पन्न नहुँदा सम्म (बालक अपवित्र हुँदैनन्) भन्ने अर्काथरीको मत छ भनी कुन समयसम्म (कामचार कामवाद आदिले पनि) बालक अपवित्र हुँदैनन् भन्ने तथ्य देखाइएको छ । निर्धारित समयसम्म बालकमा भक्ष्याभक्ष्यको र स्पर्शास्पर्श आदिको दोष हुँदैन तापनि उनीहरूमा शास्त्रीय कर्म गर्ने अधिकार भने प्राप्त भएको हुँदैन । उक्त अधिकार कुन समयबाट प्राप्त हुन्छ त भन्ने कुरा मूलमा उद्धृत अग्रिम (२३-२५) सूत्रद्वारा दिइएको छ । उद्धृत तीन सूत्रको अर्थ मूलमा नै देखाइएको छ ।

१५६. हरदत्त आपस्तम्बधर्मसूत्रका उज्ज्वला टीकाका रचयिता हुन् । उनले **सा निष्ठा** (२४) सूत्रमा निष्ठा शब्दको मूलोक्त अर्थ प्रतिपादन गरेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदाध्ययने, शौचे, व्रताचरणे चाधिकारसम्पादनमुपनयनसंस्कारस्य प्रयोजनमिति-

उपनीय गुरुः शिष्यं महाव्याहृतिपूर्वकम् ।

वेदमध्यापयेदेनं शौचाचारांश्च शिक्षयेत् ।। इति [२२७]याज्ञवल्क्यसमाम्नायादवगम्यते ।

द्विजत्वसम्पादनमुपनयनसंस्कारस्य मुख्यं प्रयोजनम् । यथैव ब्राह्मणक्षत्रियविशां मातुर्गर्भात्प्रथमोत्पत्तिस्तथैवोपनयनादपि द्वितीयोत्पत्तेर्द्विजत्वोक्तिरिति च-

मातुर्यदग्रे जायन्ते द्वितीयं मौञ्जीबन्धनात् ।

ब्राह्मणक्षत्रियविशस्तस्मादेते द्विजाः स्मृताः ।। इति [२२८]याज्ञवल्यसमाम्नायादवगम्यते ।

द्विजातीनामुपनयनविधेः पुण्यसमन्वितोत्पत्तिव्यञ्जकत्वं कर्मयोगाधिकारापादकत्वं च-

एष प्रोक्तो द्विजातीनामौपनायनिको विधिः । उत्पत्तिव्यञ्जकः पुण्यः कर्मयोगं निबोधत ।।

उपनीय गुरुः शिष्यं शिक्षयेच्छौचमादितः । आचारमग्निकार्यं च सन्ध्योपासनमेव च ।। इति [२२९]मनुसमाम्नायादवगम्यते ।

---

२२७. याज्ञवल्क्यस्मृतिः आचाराध्यायः १५ श्लोकः ।

२२८. याज्ञवल्क्यस्मृतिः आचाराध्यायः ३९ श्लोकः ।

२२९. २/ ६८-६९ मनुः ।

वेदको अध्ययन गर्ने, शौचाचार पालन गर्ने र व्रतहरूको अनुष्ठान गर्ने अधिकार प्राप्त गराउनु नै उपनयन संस्कारको प्रयोजन हो भन्ने तथ्य- **उपनीय०** अर्थात् 'गुरुले आफ्ना गृह्यसूत्रमा बताइएका विधिअनुसार शिष्यको उपनयन संस्कार सम्पन्न गरिदिएर उसलाई (ॐ भूः, ॐ भुवः आदि) महाव्याहृतिपूर्वक वेदको अध्ययन गराओस्, शौचसम्बद्ध आचारको पनि शिक्षा देओस्' (या.स्मृ. १/१५) भन्ने याज्ञवल्क्यको कथनबाट थाहा पाइन्छ । द्विजत्व सम्पादन गर्नु (द्विजत्व उत्पन्न गराउनु) उपनयन संस्कारको मुख्य प्रयोजन हो । ब्राह्मण, क्षत्रिय एवं वैश्यको आमाका गर्भबाट जसरी पहिलो जन्म हुन्छ त्यसरी नै उपनयन संस्कारबाट दोस्रो जन्म हुने भएकाले उनीहरूलाई द्विज भनिएको छ । उक्त तथ्य **मातुर्यदग्रे०** अर्थात्- 'प्रथम पटक आमाका गर्भबाट उत्पन्न हुन्छन् र दोस्रो पटक मौञ्जीबन्धन (उपनयन संस्कार) बाट उत्पन्न हुन्छन् त्यसैले उक्त ब्राह्मण, क्षत्रिय एवं वैश्य द्विज (दोस्रो पटक उत्पन्न भएका) भनिएका हुन्' (या.स्मृ. १/३९) भन्ने याज्ञवल्क्यका कथनबाट अवगत हुन्छ ।

उपनयन संस्कार द्विजातिका लागि पुण्यसमन्वित उत्पत्तिको व्यञ्जक एवं कर्मयोगका अधिकारको उत्पादक हो भन्ने तथ्य मनुका निम्न पद्यद्वारा अभिव्यक्त हुन्छ- **एष प्रोक्तः** अर्थात् 'द्विजातिहरूको उपनयन संस्कारसित सम्बद्ध उत्पत्तिको (द्वितीय जन्मको) अभिव्यञ्जक एवं पुण्योत्पादक विधि बताइयो । अब कर्मयोगका सम्बन्धमा सुन (जानकारी लेऊ) । गुरुले शिष्यलाई उपनयनसंस्कार सम्पन्न गराएर सुरुबाटै पवित्रता (लिङ्गमा एक पटक गुदामा तीन पटक माटो दल्नु आदि) एवं आचार (स्नान, आचमन आदि) सित सम्बद्ध नियमहरू सिकाउनुपर्छ । अग्निहोत्रका सम्बन्धमा र समन्त्रक सन्ध्योपासनका सम्बन्धमा पनि सिकाउनुपर्छ (मनु. २/६८-६९) ।[१५७] आदि ।

---

१५७. मन्वर्थमुक्तावलीमा- **अयं द्विजातीनामुपनयनसम्बन्धी कर्मकलाप उक्तः उत्पत्तेर्द्वितीयजन्मनो व्यञ्जकः** भनिएको छ (मनु.२/६८ म.मु.)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनयनव्रतस्य नित्यकाम्यरूपत्वम्

व्रतानि तावत् नित्यानि काम्यानि च भवन्ति। नित्यानि व्रतानि अवश्यमनुष्ठेयानि भवन्ति। काम्यानि पुनः कामनायां सत्यामनुष्ठेयानि। कामनाभावे नानुष्ठेयानि।

उपनयनव्रतमपि नित्यं काम्यं च दृश्यते। गर्भादष्टमे वर्षे वा जन्मनोऽष्टमे वर्षे ब्राह्मणस्योपनयनम्, एकादशे वर्षे क्षत्रियस्योपनयनम्, द्वादशे वर्षे वैश्यस्योपनयनमित्यनेन नित्यत्वमभिधाय, ब्रह्मवर्चसकामस्य विप्रस्य पञ्चमे, बलार्थिनः क्षत्रियस्य षष्ठे, ईहार्थिनः (व्यापारार्थिनः) वैश्यस्याष्टमे वर्षे उपनयनं विधेयमिति च निर्दिश्य काम्यत्वमपि [२३०]समाम्नातम्।

एकस्यैव व्रतस्योभयविधरूपत्वं च [२३१]खादिरन्यायात् सम्पद्यते। **'खादिरो यूपो भवति'** इत्यनेन क्रतौ नित्यः खादिरो विहितः। **'खादिरं वीर्यकामस्य यूपं कुर्वीत'** इत्यनेन पुनस्तस्मिन्नेव क्रतौ काम्यत्वेन खादिरो विहितः। काम्यत्वं हि अनित्यम्, सत्यामेव कामनायामनुष्ठेयत्वात्। तस्मादुपनयनस्यापि व्रतस्य नित्यत्वं कामत्वं च प्रमाणद्वयसद्भावादुपपद्यते।

---

२३०. २/३६-३७ मनुः।

२३१. कालमाधवः, द्वितीयादिप्रकरणे {द्वितीयादितिथिनिर्णयाख्ये चतुर्थप्रकरणे}, एकादशीनिर्णयः, १९२ पृष्ठम्।

उपनयन संस्कार नित्य एवं काम्य दुवै हुन्छ-

व्रतहरू केही नित्य हुन्छन् भने केही काम्य हुन्छन्। नित्य व्रतहरू अनिवार्यतः सम्पन्न गर्नुपर्छ। काम्य व्रतहरू कामना भएका अवस्थामा मात्र सम्पन्न गर्नुपर्छ। कामना नभएका अवस्थामा काम्यव्रतहरू सम्पन्न गर्नुपर्ने हुँदैन।

उपनयन व्रत पनि नित्य एवं काम्य दुवै प्रकारको देखिन्छ। 'गर्भबाट अथवा जन्मबाट आठ वर्षमा ब्राह्मणको उपनयन संस्कार गर्नुपर्छ, एघार वर्षमा क्षत्रियको उपनयनसंस्कार गर्नुपर्छ र बाह्र वर्षमा वैश्यको उपनयनसंस्कार गर्नुपर्छ' (मनु. २/३६) भनी नित्य संस्कारका रूपमा उपनयनसंस्कारको वर्णन गरेर 'ब्रह्मतेजको (वेदाध्ययन एवं वेदार्थज्ञान आदिबाट उत्पन्न उत्कर्षको) कामना गर्ने ब्राह्मणको पाँच वर्षमा, बलको (हात्ती,घोडा आदि राज्यबलको) कामना गर्ने क्षत्रियको छैटौं वर्षमा र ईहाको (कृषि, व्यापार आदिमा चेष्टा) कामना गर्ने वैश्यको आठौं वर्षमा उपनयन गर्नुपर्छ' (मनु. २/३७) वाक्यद्वारा उपनयनसंस्कार काम्य पनि हुन्छ भन्ने तथ्य प्रतिपादन गरिएको छ।[१५८]

खादिरन्यायद्वारा एउटै व्रत पनि नित्य एवं काम्य गरी दुवै प्रकारको हुन सक्छ (का.मा.४, पृ. १९२)। **'खादिरो यूपो भवति'** अर्थात् 'खयरको मौलो हुन्छ (बनाइन्छ)' यस वाक्यद्वारा यज्ञमा नित्यपदार्थका रूपमा खयरको विधान गरिएको छ। **'खादिरं वीर्यकामस्य यूपं कुर्वीत'** अर्थात् 'पराक्रमको इच्छा गर्ने पुरुषले खयरको मौलो बनाउनू' यस वाक्यद्वारा त्यसै यज्ञमा काम्यपदार्थका रूपमा खयरको विधान गरिएको छ। कामना भएका अवस्थामा मात्र अनुष्ठान

---

१५८. उदाहृत पद्यमा प्रयुक्त ब्रह्मवर्चशब्दले वेदको अध्ययन एवं वेदार्थज्ञानबाट उत्पन्न तेज (ब्रह्मतेज) भन्ने अर्थ बुझाउँछ। पुनश्च ब्रह्मवर्च आदिको कामना बालकमा हुन नसक्ने भएकाले मेरो छोरो यस्तो होस् भन्ने पितामा भएको कामना बुझ्नुपर्छ, यसै प्रकारले क्षत्रिय र वैश्यमा पनि पितामा भएका कामनालाई बुझ्नुपर्छ भनी मनुस्मृतिका टीकाकार कुल्लूक भट्टले भनेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपनयनस्य नित्यकाम्याभ्यां द्वे रूपे सत्यपि एकेनैवानुष्ठानेन प्रयोगद्वयसिद्धेर्न द्विरनुष्ठानम् । एकेनैवानुष्ठानेन प्रयोगद्वयसिद्धिश्च विविदिषाधिकरणन्यायेनोपपद्यते । विविदिषाधिकरणन्यायश्च [२३२]कालमाधवकारेण एकादशीप्रकरणे समुद्धृतः । स चोपरि निर्दिष्ट एव ।

तत्रापस्तम्बेन[२३३]- **'सप्तमे ब्रह्मवर्चसकामम् । अष्टमे आयुष्कामम् । नवमे तेजस्कामम् । दशमेऽन्नकामम् । एकदशे इन्द्रियकामम् । द्वादशे पशुकामम् ।'** इत्येतैः सूत्रैरुपनयनस्य ब्रह्मवर्चसादिफलं निर्दिश्य [२३४]**'उपेतस्याचार्यकुले ब्रह्मचारिवासः'** इत्यनेन सूत्रेण ब्रह्मचर्याश्रमे प्रवेशाधिकार उपनयनस्य प्रयोजनं निर्दिष्टम् ।

२३२. कालमाधवः, {द्वितीयादितिथिनिर्णयाख्यं चतुर्थं प्रकरणम्, एकादशीनिर्णयः} १९४-१९५ पृष्ठम् ।

२३३. आपस्तम्बधर्मसूत्रम् १/१/१, २१-२६ । {प्रथमप्रश्ने (प्रथमपटले) प्रथमकण्डिकायाम्, २१-२६ सूत्राणि ।}

२३४. आपस्तम्बधर्मसूत्रम् १/१/२/ ११ । {प्रथमप्रश्ने (प्रथमपटले) द्वितीयकण्डिकायाम्, ११ सूत्रम् ।}

गरिने हुनाले काम्य (व्रत एवं पदार्थ) अनित्य हुन्छ । उपनयनसंस्कार नित्य एवं काम्य गरी दुवै प्रकारको हुन्छ भन्ने प्रमाण पाइने हुनाले 'उपनयन व्रत (संस्कार) नित्य एवं काम्य हुन्छ' भन्ने कथन युक्तियुक्त सिद्ध हुन्छ ।

उपनयनसंस्कार नित्य एवं काम्य गरी दुई प्रकारको हुन्छ तापनि एउटै अनुष्ठान (उपनयनसंस्कार) द्वारा दुवै प्रयोग (प्रयोजन) सिद्ध हुने भएकाले दुई प्रकारका फल प्राप्त गर्न दुई-दुई पटक उपनयन संस्कार सम्पन्न गर्नुपर्ने हुँदैन । एउटै अनुष्ठानद्वारा दुईवटा कार्यको सिद्धि विविदिषाधिकरणन्यायद्वारा सम्भव हुन्छ । **कालमाधव** नामक ग्रन्थका रचयिताले एकादशी प्रकरणमा विविदिषाधिकरण न्यायको उल्लेख गरेका छन् (का.मा. ४, पृ. १९४-१९५) ।[१५९] उक्त विविदिषाधिकरण न्यायका सम्बन्धमा पहिले नै चर्चा गरिसकिएको छ ।

आपस्तम्बले **सप्तमे०** अर्थात् 'ब्रह्मतेजको कामना गर्ने पुरुषको सातौं वर्षमा, लामो आयुको कामना गर्ने पुरुषको आठौं वर्षमा, तेजको कामना गर्ने पुरुषको नवौं वर्षमा, अन्नको कामना गर्ने पुरुषको दसौं वर्षमा, इन्द्रियको कामना गर्ने पुरुषको एघारौं वर्षमा र पशुको कामना गर्ने पुरुषको बाह्रौं वर्षमा (उपनयन संस्कार गर्नुपर्छ) (आ. ध. सू. १/१/१/२१-२६) ।[१६०] इत्यादि सूत्रद्वारा उपनयन संस्कारका ब्रह्मवर्च आदि प्रयोजन बताएका छन् । साथै उनले **उपेतस्य०** अर्थात् 'विधिपूर्वक उपनयनसंस्कार सम्पन्न भएका (वा गुरुकुलमा प्राप्त भएका) ब्रह्मचारीको आचार्यका कुलमा (गुरुकुलमा) वास हुन्छ'[१६१] (आ.ध.सू. १/१/२/११) यस सूत्रद्वारा उपनयन संस्कारको प्रयोजन ब्रह्मचर्य आश्रममा प्रवेश गर्ने अधिकार प्राप्त गर्नु हो भनी देखाएका छन् ।

१५९. कालमाधवको द्वितीयादितिथिनिर्णय नामक चतुर्थप्रकारणान्तर्गत एकादशी निर्णयमा एकादशी व्रत नित्य एवं काम्य दुवै सिद्ध गर्नका लागि खादिरन्यायको र विविदिषाधिकरणन्यायको चर्चा गरिएको छ ।

१६०. आपस्तम्बधर्मसूत्रको प्रथमप्रश्नको, (प्रथमपटलको) प्रथमकण्डिकामा प्रथमत नित्य उपनयनको चर्चा गरिएको छ र २० सूत्रमा **अथ काम्याः** भनी काम्य उपनयनको उपक्रम गरिएको छ । त्यसपछि मूलमा उद्धृत छवटा सूत्रद्वारा काम्य उपनयन कालको निर्देशन गरिएको छ ।

१६१. मूलमा उद्धृत आपस्तम्बधर्मसूत्रको प्रथमप्रश्नको, (प्रथमपटलको) द्वितीयकण्डिकाको ११ औं सूत्र हो । यसको उज्ज्वला व्याख्या यस प्रकार रहेको छ- एवं यथाविध्युपेतस्य ब्रह्मचारिणस्सत आचार्यकुले वासो भवति । ब्रह्म तदर्थं व्रतं चरतीति ब्रह्मचारी । अध्ययनाङ्गानि व्रतानि चरता आचार्यकुले वस्तव्यमित्युक्तं भवति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२३५]गदाधरेण- **षष्ठे तु धनकामस्य विद्याकामस्य सप्तमे।**

अष्टमे सर्वकामस्य नवमे कान्तिमिच्छतः ।।' इति विष्णुवचनमुद्धृत्योपनयनप्रयोजनं निर्दिष्टम्।

गदाधरेणैव- **'व्रतस्य बन्धः खलु मासि चैत्रे कृतश्चिरायुः शुभसौख्यदः स्यात्'** इत्युक्त्योपनयनस्य मासविशेषगतमपि प्रयोजनं निर्दिष्टम्।

विवाहसंस्कारप्रयोजनम्

आर्यसंस्कृतौ उपनयनविवाहसंस्कारौ सामाजिकव्यवस्थास्थापनाय महत्त्वपूणं स्थानं बिभ्रतः । उपनयनसंस्कारस्य प्रयोजनं निरूपितम्। यस्मात् त्रयाणां ब्राह्मणक्षत्रियविशां द्विजन्मनां भवति प्रज्ञालोकावाप्तये द्वारोद्घाटनम् । अर्थात् स्वाध्यायाधिकारावाप्तिः, समीहितफलसाधनात्मकेषु उत्तरक्रतुष्वपि अनुष्ठाना-धिकारोत्पत्तिः सम्पद्यते।

तथैव विवाहसंस्कारोऽपि फलतः सामाजिकव्यवस्थां स्थापयन् सामिजकव्यवस्थास्थापनविधौ साधनत्वेनाप्रत्यक्षतामावहति।

असंस्कृतायां समुत्पन्नोऽनिष्टकारकः-

असंस्कृतायां समुत्पन्नो जीवो मूलविनाशकारक इत्यत्र इतिहासोऽनुभवश्च प्रमाणम्। श्रूयते माहाभारतादिषु कर्णादिमहारथीनां कथा। कर्णो हि असंस्कृतायां कुन्त्यां सूर्यात्समुत्पन्नः स्वानुजानां पाण्डवानां स्वस्यैव च

२३५. पारस्करगृह्यसूत्रम् (गदाधरभाष्यम्) २ काण्डम्., २ कण्डिका {४ सूत्रम्}।

षष्ठे तु० अर्थात् 'धनको कामना गर्ने पुरुषको छैटौं वर्षमा, विद्याको कामना गर्ने पुरुषको सातौं वर्षमा, सबै वस्तुको कामना गर्ने पुरुषको आठौं वर्षमा र कान्तिको कामना गर्ने पुरुषको नवौं वर्षमा उपनयनसंस्कार सम्पन्न गर्नुपर्छ' भन्ने विष्णुको वचन उद्धृत गरी गदाधरले उपनयनसंस्कारको प्रयोजन बताएका छन् (पा.गृ.सू. २/२/४ ग.भा.)। गदाधारले नै **'व्रतस्य बन्धः'** अर्थात् 'चैत्र महिनामा गरिएको व्रतबन्धले चिरायु (लामो आयु) प्रदान गर्दछ एवं शुभसौख्य प्रदान गर्दछ'[१६२] (पा.गृ.सू. २/२/४ ग.भा.) भनी विशेष महिनाका आधारमा पनि प्रयोजन देखाएका छन्।

विवाहसंस्कारको प्रयोजन-

उपनयनसंस्कारले र विवाहसंस्कारले आर्यसंस्कृतिमा सामाजिक व्यवस्था स्थापनाका सन्दर्भमा महत्त्वपूर्ण स्थान ओगट्छन्। उपनयनसंस्कारको प्रयोजन देखाइ नै सकियो। उपनयनसंस्कारबाट तीनवटै ब्राह्मण, क्षत्रिय एवं वैश्यरूप द्विजातिहरूको प्रज्ञालोकको प्राप्तिका लागि ढोका खुल्छ। अर्थात् स्वाध्यायको (आफ्ना शाखाको) अध्ययन गर्ने अधिकार प्राप्त हुन्छ। अभिलषित उद्देश्य पूरा गराउने साधनका रूपमा रहेका उत्तरक्रतुहरूको अनुष्ठान गर्ने अधिकारको समेत उत्पत्ति हुन्छ। यसै प्रकारले विवाहसंस्कारले पनि सामाजिक व्यवस्थालाई स्थापित गराउँदै सामाजिक व्यवस्था स्थापनाको अप्रत्यक्ष साधनको भूमिका निर्वाह गर्छ।

१६२. बृहस्पति निन्दित स्थानमा अथवा सिंह राशिमा भएका अवस्थामा उपनयन संस्कार प्रशस्त मानिँदैन तर आठौं वर्षका चैत्र महिनामा भने बृहस्पतिका कुनै पनि दोषको प्रभाव पर्दैन भन्ने सन्दर्भमा उद्धृत पद्य पढिएको हो। दीर्घायु, कल्याण एवं सुख-सुविधा आदि फल प्राप्त हुन्छन् भनी आठौं वर्षको चैत्र महिनालाई लक्ष्य बनाएर भनिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विपद्धेतुर्जातः । कन्यागर्भस्य सङ्घर्षजनकत्वं [२३६]व्यासेन महाभारते- **'सङ्घर्षजनकस्तस्मात् कन्यागर्भो विनिर्मितः'** इत्यनेन पद्येनोक्तम् ।

सस्येष्वपि असंस्कृतो धान्यविशेषो (ठिमाहा) मूलविनाशक इति तु उपरि निर्दिष्टमेव । तस्मादसंस्कृतायां समुत्पन्नो जीवोऽनिष्टकारकः सम्पद्यते ।

व्यवस्था वाव्यवस्थापि स्त्रीपुम्मूलात्मिका मता-

स्त्रीपुम्मयं जगदिति लोके चरौ स्त्रीपुरुषौ एव व्यवस्थित्यव्यवस्थित्योरापादकौ दृष्टौ ।

यद्यप्यचरेष्वपि स्त्रीपुम्भावो दृष्टस्तथापि अचरेषु अव्यवस्थोत्पादकत्वं न दृश्यते । अचरेभ्यश्चरा उपकारानुपकारं स्वयमादयैव हि कल्पन्ते । विषवृक्षोऽपि विधिप्रयुक्तः प्राणिषु हितकारको दृष्टः । प्रत्यक्षं वै तत्रायुर्वेदशास्त्रं विषादप्यौषधं कल्पयति ।

चरेष्वपि स्वाभाविकप्रवृत्तिमन्तः पशुपक्ष्यादयः प्रायो हितावहकृत्योपयोगितयाव्यवस्थितिजनककृत्योत्पादनात्मकप्रवृत्तिकारणकज्ञानाभावाच्च सुखेनैव नियम्याः । नियामकाभावेऽपि च न तेषु प्राणिघातकारिण्याः प्रवृत्तेरुदयः ।

२३६. महाभारतम्, शान्तिपर्व २ अध्यायः, ४ श्लोकः ।

असंस्कृत महिलामा उत्पन्न सन्तान अनिष्ट कारक हुन्छ-

असंस्कृत महिलामा (कुमारीमा) उत्पन्न सन्तान मूलको नै विनाशकारक हुन्छ भन्ने सम्बन्धमा इतिहास र अनुभव दुवै नै प्रमाणका रूपमा रहेका छन् । महाभारत आदि ग्रन्थहरूमा कर्ण आदि महारथीहरूका कथा सुनिन्छन् । कर्ण संस्कार नगरिएकी (अविवाहित) कुन्तीमा सूर्यबाट उत्पन्न भएका थिए । त्यसैले उनी आफ्ना भाइ पाण्डवहरूका र आफ्नो समेत विपत्तिका कारण बने । कन्याको (अविवाहित कुमारीको) गर्भ सङ्घर्षजनक (आपत्तिजनक) हुन्छ भन्ने कुरा महाभारतमा व्यासले- **सङ्घर्ष०** अर्थात् 'त्यसैले सङ्घर्षजनक कन्याको गर्भ निर्माण गरियो' (म.भा., शा. प. २/४) पद्यद्वारा व्यक्त गरेका छन् । धानहरूमा पनि संस्कार नगरिएका ठिमाहा धान मूलका (वास्तविक धान्यजातिका) विनाशक हुन्छन् भन्ने कुरा पहिले नै बताइसकियो । अतः असंस्कृत (अविवाहित) महिलाबाट उत्पन्न जीव (सन्तान) अनिष्टकारक हुन्छ ।

व्यवस्था एवं अव्यवस्था दुवैको मूल स्त्रीलाई एवं पुरुषलाई मानिन्छ-

संसार स्त्रीजातिले एवं पुरुषजातिले युक्त भएको छ, अतः चर स्त्री एवं पुरुष नै लोकमा व्यवस्थाका अथवा अव्यवस्थाका उत्पादकका रूपमा देखिन्छन् । हुन त अचरमा पनि स्त्रीभाव एवं पुरुषभाव देखिन्छ तर अचरद्वारा अव्यवस्था उत्पन्न गराउने कार्य भएको देखिन्न । चरहरूले अचर पदार्थबाट उपयोगी एवं अनुपयोगी तत्त्व आफै ग्रहण गरी उक्त अचर पदार्थ उपयोगी छन् वा अनुपयोगी भन्ने कल्पना गर्दछन् । विषको रूख पनि विधिपूर्वक प्रयोग गरेका अवस्थामा प्राणीहरूका लागि हितकर भएको देखिएको छ । आयुर्वेदशास्त्र यसको प्रत्यक्ष प्रमाण हो । आयुर्वेदले विषबाट पनि औषधिको निर्माण गर्छ ।

चर प्राणीहरूमा पनि स्वाभाविक (सहजात) प्रवृत्तिले युक्त भएका पशु-पक्षीहरू प्रायः गरेर हितकर कार्यमा उपयोग गरिन्छन् । पुनश्च उनीहरूमा अव्यवस्था उत्पन्न गराउने कार्यतिर प्रवृत्त हुने ज्ञान नै हँदैन । त्यसैले उनीहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केवलमानुषमिथुनौ एव सचेतसौ सुसंस्कारेण सच्छिक्षया च समन्वितौ पुरुषार्थार्जनप्रवृत्तिमन्तौ चेत् स्वतो लोकव्यवस्थितेरापादकौ भवतः। नो चेत् तद्विपरीततया लोकाघातोत्पादकत्वेनाव्यवस्थितेः कर्तारौ भवतः। अतस्तन्मिथुनं सत्प्रवृत्तिमन्तं सज्ज्ञानसमन्वितं च विदधातुमेव हि सर्वथा प्रवर्तते शास्त्रम्।

शास्त्रञ्चानेकधा संस्करोति लोकम्। संस्कारा उपरि निर्दिष्टाः। तेषु केचित् गर्भं संस्कुर्वन्ति केचित्पुनरात्मानं संस्कुर्वन्ति। अर्थात् आत्मनः संस्कार्यत्वादात्मायतनान् संस्कुर्वन्ति। तत्र विवाहाख्यः संस्कार आत्मायतनान् संस्करोति। स्त्रीणां तु विवाहसंस्कार एव वैदिकः संस्कारः। कर्मान्तराधिकारोत्पादकश्च। एष एव च संस्कारः स्त्रीपुरुषयोः पतिपत्नीभावं जनयति, सम्बन्धं च द्रढयति।

विवाहसमये लाजानावपन्ती कन्या- [२३७]**'मम पतिरायुष्मान् भवतु, ज्ञातयोऽभिवर्धन्ताम्। अञ्जलौ स्थितानिमान् समृद्धिकरणहेतून् लाजान् अग्नौ प्रक्षिपामि। इदमग्नौ लाजावपनरूपं कर्म तव (पत्युः) समृद्धिकरणं जायताम्। मम तुभ्यं च (वधूवरयोः) अन्योन्यमनुरागोऽयमग्निरनुमन्यताम्'** इति प्रार्थयते।

२३७. पारस्करगृह्यसूत्रम्- १ काण्डम्, ६ कण्डिका. २ सूत्रम्।

सजिलैसित नियन्त्रण गर्न सकिन्छ। नियामक तत्त्वका अभावमा पनि त्यस्ता (पशुपक्षी आदि चर) प्राणीमा अरूको ज्यान लिने जस्ता प्रवृत्तिको उदय हुँदैन।

चेतनाले युक्त भएका मनुष्य युगल (स्त्री-पुरुष) मात्र राम्रा संस्कारले र राम्रा शिक्षाले युक्त भएर पुरुषार्थ प्राप्त गर्न प्रवृत्त भए भने स्वतः नै लोकमा सुव्यवस्थाका साधन बन्दछन्। अन्यथा विपरीत आचरणद्वारा लोकमा आघात उत्पन्न गराएर अव्यवस्थाका उत्पादक बन्दछन्। त्यसैले नै शास्त्र सबै प्रकारले मनुष्य युगललाई राम्रा प्रवृत्तिले युक्त भएका एवं राम्रा ज्ञानले युक्त भएका बनाउन प्रवृत्त हुन्छ। (यही नै शास्त्रको मुख्य प्रयोजन हो)

शास्त्रले लोकलाई अनेक प्रकारले संस्कार युक्त बनाउँछ। संस्कारहरू माथि नै बताइए। उक्त संस्कारहरू मध्ये केहीले गर्भलाई संस्कृत बनाउँछन् भने केहीले आत्मालाई संस्कारयुक्त बनाउँछन्। अर्थात् आत्माको संस्कार गर्नुपर्ने भएकाले आत्माका आश्रयस्थानका रूपमा रहेका शरीर आदिको संस्कार गर्दछन्। विभिन्न संस्कारमध्ये विवाहनामक संस्कारले आत्मायतनहरूको संस्कार गर्छ। स्त्रीहरूका हकमा विवाहलाई नै वैदिक संस्कार मानिन्छ। यसै संस्कारले स्त्रीहरूलाई अन्य कर्ममा पनि अधिकार उत्पन्न गराउँछ। यस संस्कारले पुरुष र स्त्रीका बीचमा पति-पत्नी भाव (लोग्ने स्वास्नी वा जोई पोइ भन्ने नाता) उत्पन्न गराउँछ र परस्परको सम्बन्धलाई सुदृढ गराउँछ।

विवाहका समयमा अग्निमा लाजा हवन गर्दै कन्याले- 'मेरा पति लामो आयु भएका होऊन्, बन्धु-बान्धवहरूको वृद्धि होस्। अन्जुलिमा राखिएका र उन्नतिका कारणका रूपमा रहेका लाजा (लावा) म आगामा प्रक्षेपण गर्दछु। अग्निमा लावाको हवन गर्ने कार्यले (लाजाहवनले) तिम्रो (श्रीमान्को) समृद्धि (कल्याण) होस्। मेरो र तिम्रो (वधूको र वरको) परस्परको अनुरागलाई अग्निदेवले अनुमोदन गरून्[१६३] (पा.गृ.सू. १/६/२)।' भनी प्रार्थना गर्दछिन्।

१६३. पारस्करगृह्यसूत्रको प्रथमकाण्डको छैटौं कण्डिकाको दोस्रो सूत्रमा विवाहका समयमा वधूद्वारा आफ्ना भाइले दिएको लावा हवन गर्ने (वधूकर्तृकजालाहवन) विधि बताइएको छ। लावा हवन गर्ने क्रममा सर्वप्रथम लावाका चारवटा थुप्रा लगाइन्छ। प्रत्येक थुप्राबाट कन्याका भाइले शमीका पातले युक्त तीन तीन अञ्जलि लावा कन्याका अञ्जलिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरश्च कन्याया हस्तं गृह्णन्- [२३८]**'तव साङ्गुष्ठं हस्तं सौभगत्वाय (निरतिशयानन्दप्राप्तये) गृह्णामि। येन गृहीतेन हस्तेन मया सह बहुवर्षायुष्मती भवसि। भगोऽर्यमा सविता च देवा त्वां पुरन्ध्रीम् (श्रेष्ठाम्) मह्यं गार्हपत्याय दत्तवन्तः। विष्णुरहमस्मि। लक्ष्मीस्त्वमसि। त्रयीरूपा त्वमसि। देवत्रयरूपोऽहमस्मि। अहं सामास्मि। त्वञ्च ऋगसि। अहं द्यौरस्मि। त्वं च पृथिव्यसि। आगच्छ, एवं गुणाश्रितावावां विवाहं करवावहे। संयुक्तौ भूत्वा पुत्ररूपं दधावहै। प्रजां प्रजनयावहै। बहून् पुत्रान् लभामहै। ते च पुत्राः शतायुषः सन्तु। आवामपि परस्परं प्रेमशालिनौ सुदीप्तौ शोभनमनोवृत्तिमन्तौ शतं संवत्सरान् पश्येम, जीवेम, शृणुयाम च। शतं संवत्सरान् तादृशशक्तिमन्तौ भवाम'** इति प्रार्थयते।

२३८. पारस्करगृह्यसूत्रम्- १ काण्डम्, ६ कण्डका. ३ सूत्रम्।

वरले (बेहुलाले) पनि कन्याको हात समात्दै- 'निरतिशय आनन्द प्राप्तिका लागि म तिम्रो अँगुठा सहितको हात समात्दछु। मैले हात समातेको हुनाले तिमी मेरा साथमा लामो समयसम्म बाँच। (मैले हात समातेर तिमीलाई साथ दिएको छु त्यसैले तिमी मेरा साथमा धेरै वर्षसम्मको लामो आयुले युक्त भएकी हुने छौ।) भग, अर्यमा र सविता नामका देवताले गृहस्थाश्रम सञ्चालन गर्न भनी नारीहरूमा उत्तम तिमीलाई मेरा निम्ति अर्पण गरेका हुन्। म विष्णु हुँ भने तिमी लक्ष्मी हौ। तिमी वेदत्रयी (तीन वेद) हौ भने म देवत्रय (ब्रह्मा, विष्णु एवं महेश्वररूप) हुँ। म सामवेद हुँ भने तिमी ऋग्वेद हौ। म द्यौ (आकाश) हुँ भने तिमी पृथिवी हौ। आउ, यसरी परस्परमा प्रशस्त गुणले युक्त भएका हामीहरूले विवाह गरौं। एक आपसमा मिलेर पुत्ररूपलाई प्राप्त होऊँ। सन्तानहरू उत्पन्न गराऔं। धेरै छोरा नातिहरू प्राप्त गरौं। हामीले जन्माएका सबै छोरा सय वर्षको आयु भएका होऊन्। हामीहरू पनि एकअर्कामा अनुरक्त हौं, साथै चम्किला र राम्रा मनोवृत्ति भएका (राम्रा राम्रा भावनाले युक्त भएका) बनौं। सयौं वर्षसम्म हेर्न सकौं, बाँच्न सकौं र राम्रा कुरा सुन्न सकौं। हामीहरू दुवै जना सय वर्षसम्म यस प्रकारको शक्तिले युक्त भएका बनौं'[१६४] (पा.गृ.सू. १/६/३) भनी प्रार्थना गर्दछन्।

राखिदिन्छ। कन्याले प्रत्येक अञ्जलिमा रहेका लावा मन्त्रोच्चारणपूर्वक अग्निमा हवन गर्छे। लावा हवन गर्दा प्रयोग गरिने तीन मन्त्र पनि पारस्करगृह्यसूत्रको सङ्केतित सूत्रमा नै दिइएको छ। प्रस्तुत शोधप्रबन्धमा गदाधर भाष्यका आधारमा उक्त मन्त्रहरूबाट अभिव्यक्त हुने अर्थ दिइएको छ। विवाहमा क्रमशः लाजाहवन, अङ्गुष्ठगहण, अश्मारोहण, गाथागान र अग्निपरिक्रमा गरिन्छ। उक्त कार्य तीन पटकसम्म दोहोऱ्याइन्छ। अतः ३/३= नौ पटक लाजाहवन, तीन पटक अङ्गुष्ठ ग्रहण, तीन पटक अश्मारोहण, तीन पटक गाथा गान र तीन पटक परिक्रमा हुन्छ। चतुर्थ क्रममा भने एक पटक मात्र लाजाहवन र मन्त्रोच्चारण विना परिक्रमा गरिन्छ। कन्याको भाइले दिएको बाँकी सबै लावा सुपाको एउटा कुनाबाट कन्याले **'भगाय स्वाहा'** भनी अग्निमा हवन गरेपछि वर र कन्या दुवैले अग्निको परिक्रमा गर्दछन्। यसै तथ्यलाई पारस्करगृह्यसूत्रमा यसरी व्यक्त गरिएको छ- **'चतुर्थं शूर्पकुष्ठया सर्वाँल्लाजानावपति – भगाय स्वाहेति'** (प्रथमकाण्ड, सातौं कण्डिका ५ सूत्र)। चौथो पटकको परिक्रमा मौन भएर गरिन्छ भन्ने कुरामा सदाचार नै प्रमाण रहेको छ। उक्त विषय हरिहरभाष्यमा- 'ततः समाचारात्तुष्णीं चतुर्थं परिक्रमणं वधूवरौ कुरुतः' भनी स्पष्ट पारिएको छ। यसरी विवाहमा १० पटक लावा हवन हुन्छ।

१६४. पारस्करगृह्यसूत्र (१/६/३) मा दिइएका जालाहवन पछि वरद्वारा वधूको साङ्गुष्ठहस्त ग्रहण गर्ने प्रसङ्गमा उच्चारण गरिने चार मन्त्रको भाष्यका आधारमा अर्थ दिइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तपदी हि भार्यात्वोपपादिका। तत्र प्रतिक्रमणस्य फलं प्रार्थयन् तदन्ते [२३९]**'सा मामनुव्रता भव'** इति मन्त्रं वरः पठति। सप्तपदीभिर्भार्यात्वमुत्पन्नां तां कन्यकां स्वात्मानुवर्तिनीमुपपादयितुं वरोऽभिमन्त्रयते।

तामेव सहधर्मचारिणीमापादयितुं तस्याधिदक्षिणांशं हस्तं नीत्वा हृदयं स्पृशन् वरोऽभिमन्त्रयते- [२४०]**'मम व्रते (शास्त्रविहितनियमादौ) ते (कन्यायाः) हृदयं दधामि। मम चित्तानुकूलं तव चित्तमस्तु। मम वचनमेकमना (अव्यभिचारिमनोवृत्तिः) कुरुष्व। इत्थं विधाय मां प्रसादयितुं त्वां कन्यकां प्रजापतिर्नियोजयतु।'** इति अनेन प्रकारेणोद्वाहितां सहधर्मचारिणीं स्वात्मानुवृत्त्या स्वधर्मानुष्ठाने-ऽनुकूलात्मिकामापादयितुं वरः प्रजापतिं प्रार्थयते।

इत्थमेकतः कन्या पत्युरात्मनश्च समृद्धिं कामयमानाग्निं प्रार्थयते।

अपरतो वरश्च स्वधर्मानुष्ठानानुकूलव्यापारवतीं सहधर्मचारिणीं कामयमानः प्रजापतिं प्रार्थयते।

समाजस्य स्वरूपमेवानयोर्विद्यमानम्। यादृशविचारणासंयुक्तौ पतिपत्नी (दम्पती) भवतस्तादृशमेव गार्हस्थ्यम्। गृहस्थानुरूपं समाजः। समाजानुरूपं देशः। देशानुरूपं विश्वम्।

२३९. पारस्करगृह्यसूत्रम्- १ काण्डम्, ८ कण्डिका, १ सूत्रम्।
२४०. पारस्करगृह्यसूत्रम्- १ काण्डम्., ८ कण्डिका, ८ सूत्रम्।

सप्तपदाले भार्यात्व उत्पन्न गराउँछ। प्रत्येक पाइलामा फलको प्रार्थना गरिरहेको वरले अन्तमा **सा मामनुव्रता भव** अर्थात् 'तिमी मेरो अनुकूल बन' (पा.गृ.सू. १/८/१) भन्ने मन्त्रको पाठ गर्छ। यसरी सप्तपदाद्वारा पत्नीत्व उत्पन्न भएकी कन्यासित आफ्नो अनुकूल बन्नका लागि वरले मन्त्रणा गर्दछ।[१६५]

पत्नीभावमा प्राप्त भएकी तिनै कन्यालाई सहधर्मचारिणी बनाउनका लागि उनका दाहिने काँधमा हात लगी हृदयको स्पर्श गर्दै वरले प्रार्थना गर्दछ- **मम व्रते०** अर्थात्- 'हे कन्या ! म शास्त्रविधिअनुसार सम्पन्न गरिने व्रतहरूमा तिम्रा (पत्नीका) हृदयको अनुकूलताको कामना गर्दछु, तिम्रो चित्त मेरो चित्तको अनुकूल होस्। तिमीले मैलै भनेको कुरा कुनै हिचकिचाहट विना नै स्वीकार गर, उक्त सबै स्वभावले युक्त भएकी बनाएर प्रजापतिले (आजसम्म) कन्यारूपमा रहेकी तिमीलाई मेरा निम्ति अर्पण गरून्[१६६] (पा.गृ.सू. १/८/८)।' यस प्रकारले विवाह गरिएकी (विवाहसंस्कारद्वारा संस्कृत बनाइएकी) सहधर्मचारिणी (साथै धर्माचरण गर्ने पत्नी) लाई आफ्ना मनोभावनाको अनुसरण गर्दै स्वधर्मको अनुष्ठानमा अनुकूल बनाइदिन वरले प्रजापतिसित प्रार्थना गर्छ।

यसरी एकातिर कन्याले पतिको र आफ्नो समृद्धिको कामना गर्दै अग्निको प्रार्थना गर्दछे भने अर्कातर्फ वरले पनि धर्मको अनुष्ठानमा आफ्ना अनुकूल व्यापारले युक्त भएकी सहधर्मचारिणीको कामना गर्दै प्रजापतिसित प्रार्थना गर्दछ।

१६५. सप्तपदालाई विवाहको महत्त्वपूर्ण अङ्ग मानिन्छ। सप्तपदाबाट कन्याले पत्नीत्व प्राप्त गर्दछे। कुनै समस्या देखिएमा सम्पपदा गर्नुभन्दा पहिले विवाहलाई निरस्त गर्न सकिन्छ तर सप्तपदा पछि शास्त्रानुसार विवाह निरस्त हुन सक्दैन। चतुर्थीकर्म पछि कन्याको पत्नीभावमा पूर्णता आउँछ। सप्तपदाबाट पत्नी बनेकी कन्यासित वरले तिमी सधैँ मेरो अनुकूल बन भनी प्रार्थना गर्दछ।
१६६. उद्धृत गद्यांश पारस्करगृगह्यसूत्र (१/८/८) मा वरद्वारा वधूको हृदयालम्भन गर्दा उच्चारण गरिने मन्त्रको सरलार्थ हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फलं तत्र विवाहस्याप्रत्यक्षं च व्यवस्थितिः

विवाहसंस्कारसंस्कृतायां पत्न्यां समुत्पन्न औरसः पुत्रः पितॄन् दुःखावहेभ्यो नरकादिभ्यस्तारयति पितृयज्ञाद्यनुष्ठानात्मकेन सत्कर्मणामनुष्ठानेन प्रीणाति (तर्पयति) च।

एष च विवाहसंस्कारसंस्कृतायां पत्न्यां समुत्पन्नेनौरसपुत्रेण समनुष्ठितः पितृयज्ञजन्यः पितृसन्तारणप्रीणनरूपश्च यो नियतिकृतो नियमः स एव च नियमः सामाजिकव्यवस्थाया नियामकश्चाप्रत्यक्षतया अर्थादानुषङ्गिकतया सम्पद्यते। पितॄणां सन्तारणं तर्पणञ्च तत्र प्रधानत्वेन प्रत्यक्षं प्रयोजनम्। सामाजिकव्यवस्थाया नियमनं चाप्रधानत्वेनाप्रत्यक्षं प्रयोजनम्। नियमनस्याप्रधानत्वं च विधिनिर्दिष्टप्रयोजनाभावात्। विधेरनिर्देशाद् विवाहसंस्कारसंस्कृतसमुत्पन्नानुष्ठितपितृयज्ञजन्यस्य सामाजिकव्यवस्थानियामकत्वं नास्तीति तु न मन्तव्यम्। फलतस्तदुत्पत्तेः। यथा-

सर्व एव लोकः पितॄणामभीष्टगतिं तृप्तिं च समीहते। न हि कश्चित् सचेतनः स्वपितॄणां दुर्गतिप्राप्तिं बुभुक्षितत्वाप्तिं वा वाञ्छति।

असंस्कृतसमुत्पन्नः पितॄणामात्मनश्च दुर्गतिकारकः। [२४१]स्त्रीणां तु विवाहसंस्कार एव पुरुषस्योपनयन इव वैदिकसंस्कारः। तदभावे च स्त्रिया व्रतराहित्यात् व्रात्यत्वाप्तिः। व्रात्यस्त्रियां समुत्पन्नः सङ्करवन्नरककारको जायते। अत एव [२४२]मनुना-

२४१. २/६७ मनुः।
२४२. १०/२० मनुः।

यिनै पति पत्नीमा नै समाजको स्वरूप अडिएको हुन्छ। पति-पत्नी जस्ता धारणाले युक्त भएका हुन्छन् गार्हस्थ्य पनि त्यस्तै हुन्छ। गार्हस्थ्य अनुरूप समाज हुन्छ। समाजअनुसारको देश हुन्छ। देशअनुसारको विश्व हुन्छ।

विवाहसंस्कारको अप्रत्यक्ष प्रयोजन सुव्यवस्था हो-

विवाहसंस्कारद्वारा संस्कृत बनेकी पत्नीमा उत्पन्न भएको औरस पुत्रले पितृयज्ञ आदि सत्कर्मको अनुष्ठानद्वारा पितृहरूलाई दुःखदायक नरक आदिबाट तार्दछ र उनीहरूलाई तर्पण आदिद्वारा तृप्त बनाउँछ।

विवाहसंस्कारद्वारा संस्कृत पत्नीमा उत्पन्न औरस पुत्रद्वारा सम्पन्न गरिएको एवं पितृयज्ञ आदिबाट उत्पन्न भएको पितृहरूलाई तार्ने एवं तृप्त गराउने जुन नियतिद्वारा बनाइएको नियम छ त्यही नियम नै अप्रत्यक्षरूपमा अर्थात् आनुषङ्गिक रूपमा सामाजिक व्यवस्थाको नियामक बन्दछ। पितृहरूको सन्तारण एवं तर्पण प्रधान भएकाले प्रत्यक्ष प्रयोजन हुन्। सामाजिक व्यवस्थाको नियमन अप्रधान भएकाले अप्रत्यक्ष प्रयोजन हो। नियमनलाई विधिनिर्दिष्ट प्रयोजन नभएकाले अप्रधान भनिएको हो (विवाहसंस्कारबाट संस्कृत पति पत्नीबाट उत्पन्न हुने सन्तानबाट प्राप्त गरिने अप्रधान प्रयोजन मानिएको हो)। विधिद्वारा निर्देश नगरिएको हुनाले विवाहसंस्कारद्वारा संस्कार गरिएकी पत्नीमा उत्पन्न भएका सन्तानद्वारा सम्पन्न गरिने पितृयज्ञ आदिबाट प्राप्त हुने प्रयोजनमा सामाजिक व्यवस्था नियामकता पर्दैन भन्न सकिन्न। पितृयज्ञ आदिबाट उक्त प्रयोजन सिद्ध हुन्छन् नै। जस्तै-

सबै मनुष्यले आफ्ना पितृहरूको अभीष्ट गति र तृप्तिको कामना गर्छन्। कुनै पनि सचेत प्राणीले आफ्ना पितृहरूलाई दुर्गति प्राप्त होस् र उनीहरू भोक प्यासले सन्तप्त बनून् भन्ने कामना गर्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्विजातयः सवर्णासु जनयन्त्यव्रताँस्तु यान् ।

तान् सावित्रीपरिभ्रष्टान् व्रात्यानिति विनिर्दिशेत् ।। इति वचनं सङ्करप्रकरणे स्मृत्वा व्रात्यस्यापि प्रतिलोमजपुत्रवदुपकाराक्षमपुत्रत्वं प्रदर्शितम् ।

तत्रापि संस्कारत्यागः स्वकर्मत्यागः । स्वकर्मत्यागाच्च [२४३]वर्णसङ्करोत्पत्तिः । सङ्करश्च नरककारक इति [२४४]भगवद्गीतायामभिहितः ।

नरकश्चैहिको दुःखोपभोगः पारलौकिकदुर्गतिप्राप्तिश्चेत्यैहिकामुष्मिकानभीष्टप्रयोजनम् ।

न च कश्चिदपि तादृशमैहिकामुष्मिकमनभीष्टप्रयोजनं समीहते, तादृशानभीष्टप्रयोजनस्य निवारणापुरःसरमभीष्टप्रयोजनसम्पत्यर्थं च संस्कृतायां पत्न्यां समुत्पन्नेन पुत्रेण भाव्यमिति तत्र प्रवर्तते लोकः ।

संस्कृतायां समुत्पन्नस्य पितॄणां [२४५]पुंनामनरकोत्तारकत्वात् पुत्रत्वं समीरितम् । [२४६]मनुनैव-

---

२४३. १०/२४ मनुः ।

२४४. श्रीमद्भगवद्गीता १/४२ ।

२४५. ९/१३८ मनुः ।

२४६. ९/१३७ मनुः ।

असंस्कृत पत्नीमा उत्पन्न सन्तान पितृहरूको र आफ्नो समेत दुर्गतिको कारक हुन्छ । पुरुषहरूका हकमा उपनयनसंस्कार वैदिकसंस्कार भएझैं महिलाहरूका परिप्रेक्षमा विवाहसंस्कार नै वैदिकसंस्कार हुन्छ (मनु.२/६७) । विवाहसंस्कारका अभावमा महिलाहरूद्वारा गरिने व्रतहरू सम्पन्न नहुने भएकाले व्रात्यता प्राप्त हुन्छ । व्रात्य स्त्रीमा उत्पन्न भएका सन्तान वर्णसङ्कर सन्तानझैं नरककारक हुन्छन् । त्यसैले त मनुले **द्विजातयः०** अर्थात् 'ब्राह्मण, क्षत्रिय एवं वैश्यले सवर्ण स्त्रीहरूमा सन्तानलाई जन्माउँछन् र ती सन्तान अव्रत (उपनयनसंस्कार विहीन) हुन्छन् भने त्यस्ता सावित्रीबाट भ्रष्ट भएका सन्तानलाई व्रात्य भन्नू' (मनु. १०/२०) भनेका छन् । वर्णसङ्कर प्रकरणमा उक्त पद्य समावेश गरेर व्रात्यपुत्रले पनि प्रतिलोम पुत्रलेझैं कुनै प्रकारले उपकार गर्न सक्दैन भन्ने देखाएका छन् ।

त्यसमा पनि संस्कार त्याग गर्नु भनेको स्वकर्मको त्याग गर्नु हो । आफ्ना कर्मको त्याग गर्नाले पनि वर्णसङ्करको उत्पत्ति हुन्छ (मनु. १०/२४) । [१६७] वर्णसङ्करता नरकको कारक हुन्छ अर्थात् समाज वर्णसङ्करमय बन्यो भने नरकगामी बन्नुपर्छ भनी भगवद्गीतामा भनिएको छ (गीता १/४२) । नरक भनेको यस लोकमा अनेक प्रकारका दुःख भोग्नु र परलोकमा दुर्गति प्राप्त गर्नु हो । अतः (व्रात्यता आदिबाट) यस लोकमा र परलोकमा समेत अनिष्ट फल प्राप्त हुन्छ । कुनै पनि पुरुषले त्यस प्रकारको यस लोकमा र परलोकमा समेत अनिष्ट फल दिने वस्तुको कामना गर्दैन । त्यस प्रकारका अनभीष्ट प्रयोजनलाई टाढा हटाउन र अभीष्ट उद्देश्य प्राप्त गर्नका लागि संस्कार गरिएकी पत्नीमा उत्पन्न भएका पुत्रहरू हुनुपर्ने भएकाले त्यस्तै कार्यमा लोक प्रवृत्त हुन्छ । संस्कार गरिएका पत्नीबाट उत्पन्न भएका सन्तानले पुं नामको नरकबाट उद्धार गर्ने हुनाले त्यस्ता सन्तानलाई पुत्र भनिएको हो (मनु. ९/१३८) । मनुले नै **पुत्रेण०** अर्थात्

---

१६७. मनुस्मृतिको मूल पद्यमा वर्णसङ्करताका कारण देखाउने क्रममा **स्वकर्मणां च त्यागेन** अर्थात् आफ्ना कर्महरूको त्याग गर्नाले पनि वर्णसङ्कर उत्पन्न हुन्छ भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्रेण लोकाञ्जयति पौत्रेणानन्त्यमश्नुते ।

अथ पुत्रस्य पौत्रेण ब्रध्नस्याप्नोति विष्टपम् ।। इति स्मृत्वा पुत्रपौत्रप्रपौत्रप्राप्तिप्रयोजनं निर्दिष्टम् ।

ब्राह्मविधिना संस्कृतायां पत्न्यां समुत्पन्नः पुत्रो यदि सुकृतकर्मास्ति तर्हि स आत्मनो दश पूर्वान् दशैव परान् वंश्यान् पितॄन् आत्मना सह पापान्मोचयति ।

दैवविधिना संस्कृतायां समुत्पन्नः सप्त पूर्वान् सप्तैव परान्, आर्षविधिना संस्कृतायां समुत्पन्नस्त्रीन् पूर्वान् त्रीनेव परान्, प्राजापत्येन विधिना संस्कृतायां समुत्पन्नश्च षड् पूर्वजान् षडेव च परान् वंशप्रभवान् पितॄन् पापान्मोचयति ।

एकतः संस्कृतायां समुत्पन्नः पितॄणां सन्तारकस्तृप्तिदश्च निर्दिष्टश्चेदपरतः शिष्टसम्मतानां ब्रह्मवर्चस्विनां रूपेन, सत्त्वेन, गुणेन, धनेन, यशसा, पर्याप्तयोगेन, धर्मानुष्ठानेन, समानां शतमायुषा च समन्वितानां च समुत्पत्तिरपि ब्राह्मदैवार्षप्राजापत्यविधिभिः संस्कृतायां समुत्पन्नानां निर्दिष्टतया तत्फलावाप्तिकामनया सर्वोऽपि तत्र प्रवर्तते ।

पितृसन्तारकस्तृप्तिप्रदो वा आयुः, प्रजाम्, धनम्, विद्याम्, स्वर्गम्, मोक्षम्, सुखं चापि प्राप्नोति । तत्प्राप्तिकामः सन् पुरुषस्तत्र प्रवर्तते । संस्कृतायां पत्न्यां पुत्रोत्पादनपरत्वं हि लोके सामाजिकव्यवस्थास्थापनाफलम् ।

'छोराका माध्यमले लोकहरूलाई जित्छ (स्वर्ग आदि लोकमा पुग्छ), नातिद्वारा आनन्त्य प्राप्त गर्दछ (नातिका माध्यमले प्राप्त गरिएका लोकमा अनन्त समयसम्म बस्दछ) र छोराका पनि नाति (पनाति) बाट आदित्यलोकलाई प्राप्त गर्छ' (मनु. ९/१३७) भनी छोरा, नाति, पनाति पाउनुको प्रयोजन देखाएका छन् ।

ब्राह्मविधिद्वारा संस्कार गरिएकी पत्नीमा उत्पन्न भएको पुत्र स्वयं राम्रा आचरणले उक्त भएको हुन्छ भने त्यसले आफ्ना वंशमा उत्पन्न भएका आफूभन्दा पहिलेका दश पुस्तालाई, आफूभन्दा पछिका दश पुस्तालाई र आफूलाई समेत पापबाट मुक्त गराउँछ । दैवविधिद्वारा संस्कार गरिएकी पत्नीमा उत्पन्न भएको पुरुषले आफ्ना वंशका आफूभन्दा पहिलेका सात पुस्तालाई र आफूभन्दा पछिका सात पुस्तालाई पापबाट मुक्त गराउँछ । आर्षविधिद्वारा संस्कार गरिएकी पत्नीमा उत्पन्न भएको पुरुषले आफ्ना वंशमा उत्पन्न भएका आफूभन्दा पहिलेका तीन पुस्ता पितृलाई र आफूभन्दा पछिका तीन पुस्ता पितृलाई उद्धार गर्छ । प्राजापत्यविधिद्वारा संस्कार गरिएकी पत्नीमा उत्पन्न भएको पुरुषले आफ्ना वंशमा उत्पन्न भएका आफूभन्दा पहिलेका छ पुस्तालाई र आफूभन्दा पछिका छ पुस्तालाई पापबाट मुक्त गराउँछ ।

एकातर्फ संस्कार गरिएकी पत्नीको गर्भबाट उत्पन्न भएको सन्तानले पितृहरूलाई तार्छ र उनीहरूलाई तृप्त बनाउँछ भनिएको छ भने अर्कातर्फ शिष्टपुरुषद्वारा सम्मान गरिएका एवं ब्रह्मवर्चले युक्त भएका साथै रूपले, सत्त्वले, गुणले, धनले, यशले, पर्याप्त योगले, धर्मानुष्ठानले र सय वर्षको लामो आयुले युक्त भएका पुरुषको उत्पत्ति पनि संस्कार गरिएकी पत्नीबाट मात्र सम्भव हुन्छ भनिएको छ । यसरी ब्राह्म, दैव, आर्ष, प्राजापत्य विधिद्वारा संस्कार गरिएका पत्नीहरूमा उत्पन्न भएका सन्तानका प्रयोजन देखाइएको हुनाले मानिसहरू त्यसै प्रकारका उद्देश्य प्राप्त गर्ने चाहनाले उक्त कार्यमा प्रवृत्त हुन्छन् ।

पितृहरूको उद्धार गर्ने अथवा पितृहरूलाई तृप्त गराउने पुरुषले आयु, सन्तान, धन, विद्या, स्वर्ग, मोक्ष एवं विभिन्न प्रकारका सुख प्राप्त गर्छ । आयु आदिको कामनाले युक्त भएर पितृहरूको उद्धार गर्ने वा पितृहरूलाई तृप्त गराउने कार्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतायां पत्न्यां नियमतः समुत्पन्नस्यैवोक्तप्रयोजनसमुत्पत्तिकारकत्वात्, उक्तप्रयोजनस्य च सर्वाभिलषितत्त्वाच्च सर्वो लोको नियमेन प्रवर्तते । सुसंयमितलोकप्रवृत्तिजनकत्वं नियतिकृतनियमस्य नियामकत्वम्, तत्कृतनियममतिक्रामंश्च तत्कृतेन नियमेन विनश्यति । उपर्युक्तदोषोत्पादकत्वात्, स्त्रीद्रव्यस्या-व्यवस्थित्यापादकतत्त्वत्वाच्च ।

लोके हि स्त्रीद्रव्यमव्यवस्थितस्थितिमुत्पादयति । प्रथमं स्वभावत एव तदीयगुणाः परपीडाप्रदानात्मकाः निर्मिताः । [२४७]पुंसो दर्शने संभोगाद्यभिलाषशीलत्वम्, चलचित्तत्वम्, स्वभावत एव स्नेहरहितत्वम्, यत्नतः सुरक्षितानामपि तासां भर्तृषु विकृतिगामित्वं च गुणा धात्रैव निर्दिष्टाः । एतत्सर्वमितरेऽपि च तादृशा एवाव्यवस्थितेर्मूलकारणभूताः स्वाभाविका गुणास्तासु सन्दृश्यन्ते ।

व्यवस्थितेः कारणभूताश्च गुणा अपि तासां स्वाभाविका एव सन्ति । स्वभावतो मधुरजलवाहिन्यो नद्यः क्षारजलवता समुद्रेण सह संयोगाद्यथा क्षारजलवत्य एव भवन्ति तथैव स्वभावतस्तादृशव्यवस्थितेः कारणभूतगुणयुक्तापि स्त्री [२४८]यादृग्गुणेन भर्त्रा सह संयुक्ता भवति सापि तादृग्गुणा एव भवतीत्यपि च स्वाभाविक एव गुणस्तास्वाहितः ।

२४७. ९/१५ मनुः ।
२४८. ९/२२ मनुः ।

पुरुष प्रवृत्त हुन्छ । संस्कार गरिएकी पत्नीमा सन्तान उत्पन्न गराउन तत्पर हुनु भनेको लोकमा सामाजिक व्यवस्था स्थापना गर्नुको परिणाम हो । संस्कार गरिएका पत्नीबाट उत्पन्न भएका सन्तानबाट नै नियमतः उक्त प्रयोजन सिद्ध हुने भएकाले र उक्त प्रयोजन सबैको अभिलषित पदार्थ समेत भएकाले सबै मनुष्य नियमनिष्ठ भएर हिँड्छन् । मनुष्यलाई संयमित क्रियाकलापतर्फ प्रवृत्त गराउनु नै नियतिद्वारा बनाइएका नियमको नियामकता हो । नियतिद्वारा बनाइएका नियमको उल्लङ्घन गर्ने मनुष्य नियतिद्वारा बनाइएका नियमद्वारा नै नष्ट हुन्छ । नियतिका नियमको उल्लङ्घन गर्नाले माथि बताइएका दोषहरू उत्पन्न हुने भएकाले र स्त्रीरूप द्रव्य नै अव्यवस्थाको कारण हुने भएकाले (नियतिका नियमको उल्लङ्घन गर्ने मनुष्य नियतिका नियमद्वारा निबद्ध हुन्छ भनिएको हो) ।

लोकमा स्त्रीरूप द्रव्यले अव्यवस्था उत्पन्न गराउँछ (स्त्री स्वयं अव्यवस्थाको कारण बन्दछे) । पहिलो कुरा स्त्रीहरूका गुण स्वभावैले अरूलाई पीडा उत्पन्न गराउने (परपीडक) बनाइएका छन् । पुरुषलाई देख्ना साथ सम्भोग आदिको अभिलाषाले युक्त हुनु, चित्त चञ्चल हुनु, स्वभावैले स्नेह रहित हुनु, राम्ररी संरक्षण गरिए तापनि आफ्ना पतिप्रति विकार युक्त हुनु (मनु. ९/१५) जस्ता गुणहरू स्त्रीहरूमा रहेका हुन्छन् भनी ब्रह्माजीद्वारा नै बताइएको छ । माथि बताइएका गुण (दुर्गुण) हरूका साथै अरू पनि समाजमा अव्यवस्था उत्पन्न गराउने स्वाभाविक गुण स्त्रीहरूमा देखिन्छन् ।

समाजलाई व्यवस्थित बनाउने साधनका रूपमा रहेका गुणहरू पनि स्त्रीहरूमा स्वभावैले रहेका हुन्छन् । स्वभावैले मधुर जललाई प्रवाहित गर्ने (मधुर गुणले युक्त भएका) नदीहरू जसरी नुनिलो पानीले युक्त भएका समुद्रमा मिलेर स्वयं नुनिला हुन्छन् त्यसरी नै स्वभावैले राम्रा व्यवस्थाका साधनका रूपमा रहेका गुणहरूले युक्त भएका महिलाहरू जस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीणां संयोगसम्प्राप्यगुणात्मकत्वसम्पादनमेव धातुः कर्म सामाजिकव्यवस्थायां नियामकतया स्थितम्। न काचिद् दुर्गुणात्मिकामात्मानं सम्पादयितुं समीहते। गुणवतीमात्मानं च सम्पादयितुं गुणवता भर्त्रैव संयोगाय यतते।

अपरश्च [२४९]यादृग्गुणेन भर्त्रा स्वात्मानं संयोज्यापत्यमुत्पादयति तदुत्पन्नमपत्यमपि च तादृग्गुणविशिष्टमेव सञ्जायते इत्येतच्च स्वाभाविक एव गुणस्तास्वाहितः।

न हि काचित्स्त्री स्वात्मनोऽपत्यस्य दुर्गुणवत्वं निर्गुणवत्वं वा समीहते। गुणवदपत्योत्पत्तिं कामयमाना च सा स्त्री स्वात्मानं तादृशगुणविशिष्टेनैव भर्त्रा संयोजयितुं यतते। गुणविशिष्टेन च भर्त्रा स्वात्मानं योजयितुं गुणवत्यैव भाव्यत्वात् गुणवतीमापादयितुं च यतते।

वरोऽपि गुणवदपत्योत्पादनोत्पन्नपरिपालनादिव्यवहारस्य स्त्रीनिबन्धनत्वात्, गुणवत्याः सङ्ग्रहेण गुणवत्वमापादयितुं यतते।

अपत्यं धर्मकार्याणि शुश्रूषा रतिरुत्तमा।

दाराधीनस्तथा स्वर्गः पितॄणामात्मनश्च ह ॥ इत्युक्त्या मनुनापत्योत्पादनम्, धर्मकार्यसम्पादनम्, परिचर्याचरणम्, उत्कृष्टा रतिः, आत्मनः पितॄणामपि स्वर्गश्चेत्येतत् सर्वं भार्याधीनं निर्दिष्टम्।

---

२४९. ९/९ मनुः।

गुणले युक्त भएका पुरुषहरूसित संयुक्त (विवाहित) हुन्छन् त्यस्तै गुणले युक्त भएका बन्छन् (मनु. ९/२२)। यो पनि महिलाहरूमा रहेको स्वाभाविक गुण हो।

स्त्रीहरूलाई जस्ता पुरुषका साथमा सम्बन्ध हुन्छ (विवाह आदि सम्पन्न गरिन्छ) त्यसै पुरुषमा रहेका गुणहरूले युक्त भएका बनाउनु ब्रह्माजीको कार्य हो, अर्थात् नियतिको नियम हो। यही कर्म नै सामाजिक व्यवस्थामा नियामक तत्त्वका रूपमा रहेको हुन्छ। कुनै पनि महिलाले आफूलाई नराम्रा गुणले युक्त भएकी बनाउन चाहन्ने। आफूलाई राम्रा गुणले युक्त भएकी बनाउन राम्रा गुणले युक्त भएका पतिका साथमा विवाहित बन्न चाहन्छे।

पुनश्च एउटी महिलाले जस्ता गुणले युक्त भएका पतिका साथमा आफूलाई संयुक्त बनाएर सन्तान उत्पन्न गराउँछे त्यस पुरुषबाट उत्पन्न सन्तान पनि त्यस्तै गुणले युक्त भएका हुन्छन् (मनु. ९/९)। यो पनि महिलाहरूमा हुने स्वाभाविक गुण हो।

कुनै पनि महिलाले आफ्ना सन्तान नराम्रा गुणले युक्त भएका वा कुनै गुणै नभएका होऊन् भन्ने कामना गर्दिन। राम्रा गुणले युक्त भएका सन्तानको कामना गर्ने स्त्रीले आफूलाई पनि त्यस्तै गुणले युक्त भएका पतिका साथमा संयुक्त (सम्बन्धयुक्त अर्थात् विवाहित) बनाउन चाहन्छे। विशिष्ट गुणले युक्त भएका पतिका साथमा आफूलाई संयुक्त बनाउन आफू पनि विशिष्ट गुणले युक्त भएकी हुनुपर्छ। त्यसैले एउटी महिला आफूलाई गुणवती बनाउन चाहन्छे।

वरले (पुरुषले) पनि राम्रा गुणले युक्त भएका सन्तान जन्माउने र जन्मिएका सन्तानको पालन पोषण गर्ने कार्य महिलाहरूकै अधीनमा हुने भएकाले राम्रा गुणले युक्त भएकी स्त्रीको सङ्ग्रह गरेर (त्यस्ता स्त्रीसित विवाह गरेर) आफूलाई गुणवान् बनाउन चाहन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषास्यापि कृते परदारोपसेवनादनायुष्यजन्यत्वं स्वाभाविकमेव।

परदारोपसेवनादायुषः क्षयो हि सामाजिकाव्यवस्थायाः स्थापकः। न कश्चिदपि सचेतनः स्वकीयस्यायुषो ह्रासं समीहते। अनायुष्यपरिहाराय च परदारपरिवर्जनं विधेयम्। परदारपरित्यागभावनोदयश्च सामाजिकव्यवस्थाप्रयोजनम्।

पुरुषस्य कृते परदारोपसेवनं यादृशमनायुष्यकारकं धात्रा निर्मितं न तादृगन्यदनायुष्यकारकं किञ्चिदपि भुवि सन्दृश्यते तन्निर्मितं साधनम्।

न हि कश्चित्सचेतनोऽनायुष्यकामो भवति। स्वात्मनो दीर्घायुष्यसम्पादनाय हि धीमान् कश्चिदपि पुरुषः परदारोपसेवनं नैव कुरुते। पुरुषस्य परदारोपसेवनात्मिका हि प्रवृत्तिर्लोकेऽव्यवस्थित्युत्पादिका। सा हि अव्यवस्थितिः रावणादिकुलमिव समूलं विनाशयति च। द्रौपदीवस्त्राकर्षणोत्थदवाग्निना दग्धं कौरवकुलवनमिव च विनश्यति। अत एव मनुना परदारपरिवर्जनस्य प्राशस्त्यं निर्दिष्टम्। यथा-

तत्प्राज्ञेन विनीतेन ज्ञानविज्ञानवेदिना।

आयुष्कामेन वप्तव्यं न जातु परयोषिति ॥ इति स्मृत्वा परयोषित्परिहर्तुः प्राज्ञत्वम्, विनीतत्वम्,

---

अपत्यम्० अर्थात् 'सन्तान-लाभ, विधिपूर्वक अग्निहोत्र आदि धार्मिक-क्रियाकलाप सम्पादन, शुश्रूषा (सेवा) र उत्तम रति (सम्भोगको आनन्द) पत्नीका अधीनमा हुन्छ, अर्थात् पत्नीबाटै सन्तान आदि प्राप्त हुन्छन्। पितृहरूका लागि र आफ्ना लागि समेत (सन्तानोत्पादन आदि कार्यद्वारा) स्वर्ग प्राप्ति पनि पत्नीकै अधीनमा रहेको हुन्छ।' (मनु. ९/२८) भनी मनुले सन्तान उत्पन्न गराउने, धार्मिक कार्य सम्पन्न गर्ने, सेवा गर्ने, उत्कृष्ट आनन्द प्रदान गर्ने, पितृहरूलाई एवं आफूलाई स्वर्ग प्राप्त गराउने आदि सबै काम पत्नीका अधीनमा हुन्छ भन्ने तथ्य प्रतिपादन गरेका छन्।

पुरुषहरूका लागि पनि स्वभावैले परस्त्री सेवा अनायुष्यकर (आयु छोट्याउने) हुन्छ। परस्त्रीका सेवाबाट हुने आयुको क्षय (विनाश) सामाजिक अव्यवस्थाको स्थापक हो। कुनै पनि सचेत प्राणीले आफ्नो आयु क्षीण होस् भन्ने कामना गर्दैन। अनायुष्यको परिहारका लागि परस्त्रीका साथमा सम्पर्क गर्न हुँदैन। परस्त्रीका साथमा सम्बन्ध स्थापना गर्न हुँदैन भन्ने भावनाको उदय नै सामाजिक व्यवस्थाको प्रयोजन हो। ब्रह्माजीले पुरुषहरूका लागि परस्त्रीका साथमा गारिने सम्पर्कलाई जति अनायुष्यकर बनाएका छन् त्यति संसारमा अनायुष्यकर अरू कुनै पदार्थ बनाएको देखिँदैन। (मनु. ४/१३४)

कुनै पनि सचेत पुरुषले अनायुष्यको (तत्कालै मरौं भन्ने) कामना गर्दैन। कुनै पनि बुद्धिमान् पुरुषले आफूलाई लामो आयुले युक्त भएको बनाउन परस्त्रीका साथमा सम्पर्क गर्दैन। पुरुषमा रहेको परस्त्रीका साथमा सम्बन्ध बनाउने प्रवृत्ति नै अव्यवस्थाको उत्पादक हो। त्यसप्रकारको अव्यवस्थाले रावण आदिको कुललाईझैं पुरुषलाई (र उसको वंशलाई समेत) जरैबाट नष्ट गराउँछ। द्रौपदीका कपडा तान्नाले उत्पन्न भएको डढेलाले डढेको कौरवकुलरूपी (व्यक्ति एवं वंश) वनझैं नष्ट हुन्छ। त्यसैले मनुले परस्त्रीको परिहारलाई प्रशंसनीय कार्य भनेका छन्। जस्तै-

तत्प्राज्ञेन० अर्थात् 'प्रज्ञाले युक्त भएको, नम्रताले युक्त भएको, ज्ञान एवं विज्ञान जान्ने र लामो आयुको कामना गर्ने पुरुषले कहिल्यै पनि परस्त्रीमा वीर्याधान गर्न हुँदैन' (मनु. ९/४१)। यसरी परस्त्रीका साथमा सम्पर्क गर्न नचाहने पुरुष-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानविज्ञानवेदित्वम्, आयुष्कामत्वं च विशेषितम् । तस्माच्च य एव प्राज्ञः सः, य एव विनीत सः, य एव ज्ञानविज्ञानवेत्ता सः, यश्चायुष्कामः स एवापि च परयोषिति बीजं न वपति इत्युक्त्या परयोषित्परिहाराय प्राज्ञेन, विनीतेन, ज्ञानविज्ञानवेदिना, आयुष्कामेन च भाव्यमित्यपि ध्वनितम् ।

यदि परदारपरिवर्जनात् प्राज्ञत्वाद्युपलब्धिस्तर्हि परदारासङ्गमात्तेषां हानिरिति चान्वयव्यतिरेकगम्यम् ।

अधिकारी स्त्रिया युक्तश्चतुर्वर्गोपलब्धये

पुरुषश्च स्त्रिया संयुज्य गर्भो भूत्वा जायमानः परिपूर्णो भवति । नैकः कश्चिदपि सम्पूर्णो भवति । नैका च सम्पूर्णा भवति । **पत्या संयुक्तैव पत्नी भवति** यो भर्ता साङ्गना स्मृतेति पत्या संयुक्तैव च पत्नी भवति । न क्वचिदपि काचिदपि एकाकिनी पत्नीत्वेनाभिधीयते । [२५०]मनुनापि-

एतावानेव पुरुषो यज्जायात्मा प्रजेति ह ।

विप्राः प्राहुस्तथा चैतद्यो भर्ता सा स्मृताङ्गना ।। इत्युक्तम् । तथैव वाजसनेयब्राह्मणमपि भवति-

'अर्धो ह वा एव आत्मनस्तस्माद्यज्जायां न विन्दते नैतावत्प्रजायते असर्वो हि तावद्भवति अथ यदैव जायां विन्दतेऽथ प्रजायते तर्हि सर्वो भवति, तथा चैतद्वेदविदो विप्रा वदन्ति यो भर्ता सैव भार्या स्मृता' इति [२५१]कुल्लूकभट्टेन निर्दिष्टम् ।

२५०. ९/४५ मनुः ।

२५१. मन्वर्थमुक्तावलिः ९/४५ मनुः ।

प्राज्ञ, विनीत, ज्ञान-विज्ञानज्ञाता र लामो आयुको कामनाले युक्त हुन्छ भनी उसका विशेषता बताइएका छन् । 'जुन पुरुष प्राज्ञ हुन्छ त्यसले, जुन पुरुष विनीत हुन्छ त्यसले, जुन पुरुष ज्ञान एवं विज्ञानको ज्ञाता हुन्छ त्यसले र जुन पुरुष लामो आयुको कामनाले युक्त हुन्छ त्यसले परस्त्रीमा बीजाधान गर्ने कार्य गर्दैन' भन्ने उक्तिले परस्त्रीको परिहार गर्न प्राज्ञ, विनीत, ज्ञानविज्ञानज्ञाता र लामो आयुको कामनाले युक्त हुनुपर्छ भन्ने तात्पर्य अभिव्यञ्जित हुन्छ । परस्त्रीको परिहारबाट प्राज्ञत्वादि प्राप्त हुन्छ भने परस्त्रीका साथमा सम्बन्ध बढाउनाले तिनै प्राज्ञत्व आदिमा क्षति पुग्दछ भन्ने कुरा अन्वय एवं व्यतिरेकबाट सिद्ध हुन्छ ।

पत्नीले युक्त भएको पुरुष चतुर्वर्ग प्राप्त गर्ने अधिकारी हुन्छ-

धर्मपत्नीका साथमा मिलेर गर्भ बनी उत्पन्न भएपछि पुरुष पूर्ण हुन्छ । एक्लै कोही पनि पूरा हुन सक्दैन । 'पतिका साथमा संयुक्त भएर नै पत्नी हुन्छे' 'जसलाई पति भनिन्छ त्यही नै स्त्री (पत्नी) हो' यसबाट 'पतिले युक्त भएर नै पत्नी हुन्छे' भन्ने तथ्य सिद्ध हुन्छ । कहीँ पनि कुनै पनि एकली (अविवाहित) स्त्रीलाई पत्नी भनिँदैन । मनुले पनि **एतावान्०** अर्थात् 'पुरुष नै प्रथमतः पत्नी भएर सन्तानका रूपमा उत्पन्न हुन्छ, त्यसैले नै विप्र (विद्वान्) हरूले जुन पति हो त्यसैलाई नै स्त्री (पत्नी) हो भनेका छन्'[१६८] (मनु.९/४५) भन्ने तथ्य प्रतिपादन गरेका छन् । वाजसनेयब्राह्मणमा अर्थात्

१६८. पुरुष एक्लै पूर्ण हुन्न । पत्नी, स्वदेह एवं सन्तान ती तीन रूपले युक्त भएपछि मात्र पुरुष पूर्ण बन्छ । यही नै उद्धृत पद्यको तात्पर्य हो । यसै तथ्यलाई भार्यास्वदेहापत्यानीत्येतत्परिमाण एव पुरुषः भनी मन्वर्थमुक्तावलीमा अभिव्यक्त गरिएको छ र प्रमाणका रूपमा वाजसनेयब्राह्मणको उक्ति उपस्थापन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माज्जायां समुपलभ्य तस्यामेव गर्भो भूत्वा जायमानो हि पुरुषः सम्पूर्णो भवति। तथाविधा पत्न्यपि सम्पूर्णा भवतीति नैकः सम्पूर्णः पुरुषः, नैका वा स्त्री सम्पूर्णा परिभाव्यते। एतस्य पुरुषसम्पूर्णत्वस्य निसर्गजनितत्त्वाच्चतुर्वर्गफलोपलब्ध्यर्थमिह तथाविधसम्पूर्णत्वोपलब्धये यतनीयम्। [२५२]कर्माणि कुर्वतामेव चतुर्वर्गसिद्धेः। कर्मसु च पत्नीसमन्वितस्यैव सम्पूर्णतया कर्तृत्वेनाधिकारः। तस्मात् स्त्रिया युक्त एव चतुर्वर्गोपलब्धयेऽकारी भवति।

---

२५२. **उद्यमेन हि सिद्ध्यन्ति कार्याणि न मनोरथैः।** इति नीतिवचनम्।

शतपथब्राह्मणमा पनि यसै तथ्यलाई यसरी प्रतिपादन गरिएको छ -

अर्धो ह वा एव० अर्थात् 'पुरुष स्वभावतः आफैमा आधा (अपूर्ण) हुन्छ। जबसम्म उसले पत्नी पाउँदैन (विवाह गर्दैन) र तबसम्म सन्तानका रूपमा उत्पन्न हुन सक्दैन। त्यसैले नै तबसम्म पुरुष अपूर्ण नै हुन्छ। जब उसले जाया प्राप्त गर्छ, पत्नीका गर्भबाट सन्तानका रूपमा उत्पन्न हुन्छ तब उ सम्पूर्ण बन्दछ। यसै तथ्यलाई वेदका रहस्य जान्ने विद्वान्हरूले **'यो भर्ता सैव भार्या'** जसलाई हामी पति भन्दछौं त्यही नै पत्नी हो' (भनेका छन्)। उक्त गद्यांशलाई कुल्लूक भट्टले उद्धृत गरेका छन्। (मनु. ९/४५ म.मु.)

अतः जाया (पत्नी) त्वलाई प्राप्त गरेर, त्यसै जायामा गर्भ बनेर उत्पन्न भएको पुरुष सम्पूर्ण हुन्छ। यसै प्रकारका प्रक्रियाले युक्त भएकी पत्नी पनि पूर्ण बन्छे। कुनै पनि पुरुष एक्लै पूर्ण बन्न सक्दैन र कुनै पनि स्त्री एक्लै पूर्ण बन्न सक्दिन। उक्त कार्यहरू पूर्ण भएपछि पुरुषको सम्पूर्णता स्वाभाविक रूपमा उत्पन्न हुन्छ। चतुर्वर्गरूप फल प्राप्त गर्नका लागि यस संसारमा उल्लिखित सम्पूर्णता प्राप्त गर्ने प्रयत्न गर्नुपर्छ। कर्ममार्गमा प्रवृत्त भइरहेका पुरुषले मात्र चतुर्वर्ग प्राप्त गर्न सक्दछन्।[१६९] पत्नीले युक्त भएको पुरुष मात्र पूर्ण हुने भएकाले कार्यहरूमा (धार्मिक कृत्यमा) त्यस्ता (पूर्ण) पुरुषलाई कर्ताका रूपमा अधिकार प्राप्त हुन्छ। अत एव पत्नीले युक्त भएको (विवाहित) पुरुष नै चतुर्वर्ग प्राप्त गर्ने अधिकारी हुन्छ।[१७०]

द्रष्टव्यः- हाल वाजसनेयब्राह्मण भन्ने ग्रन्थ त उपलब्ध छैन तर शतपथब्राह्मणलाई नै वाजसनेय ब्राह्मण भनेको पाइन्छ। तैत्तिरीयसंहितामा र तैत्तिरीयब्राह्मण (३/३/३) मा समेत यज्ञका समयमा पत्नीको अनिवार्यता प्रतिपादन गरिएको छ। तैत्तिरीयब्राह्मणको एउटा मन्त्र यसप्रकार छ- अथो अर्धो वा एष आत्मनः। यत्पत्नी। यज्ञस्य धृत्या अशिथिलंभावाय। सुप्रजसस्त्वा वयँ सुपत्नीरुपसेदिमेत्याह। यज्ञमेव तन्मिथुनी करोति। ऊनेऽतिरिक्तं धीयाता इति प्रजात्यै। महीनां पयोऽस्योषधीनाँ रस इत्याह। रूपमेवास्यैतन्महिमानं व्याचष्टे। तस्य तेऽक्षीयमाणस्य निर्वपामि देवयज्याया इत्याह। आशिषमेवैतामाशास्ते {३.३.३.५}।

१६९. {उद्योगद्वारा कार्य सिद्ध हुन्छन् मनोरथले सिद्ध हुँदैनन्।} {कुनै काम पूरा गर्नुपर्ने छ भने त्यसका लागि उद्योग गर्नुपर्छ कल्पना मात्र गरेर कार्य पूरा हुँदैन।}- नीतिवचन।

१७०. त्यसैले त अधिकारविधिमा विधिवाक्यमा अपठित सपत्नीक पदलाई पनि अधिकारीका विशेषणका रूपमा ग्रहण गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विवाहभेदाः

दारसङ्ग्रहश्च विधिपूर्वकमनुष्ठेयः। ब्राह्मः, दैवः, आर्षः, प्राजापत्यः, आसुरः, गान्धर्वः, राक्षसः, पैशाचश्चेत्यष्टौ विवाहविधेर्भेदाः निर्दिष्टाः।

एतेषामष्टानां विवाहभेदानां च पृथक् पृथगेव प्रयोजनमपि निर्दिष्टम्। अत्र [२५३]मनुना ब्राह्मेण विधिनोढायां समुत्पन्नस्य पुत्रस्य स्वस्मात् पूर्वे जातानां दश पितॄणां परजनिष्यमाणानां दश पितॄणामात्मनश्चेत्येकविंशति-पुरुषाणां सन्तारकत्वमभिहितम्। तेन विधिनोढायां समुत्पन्नस्य सुकृतकर्तृत्वमपि च निर्दिष्टम्। [२५४]याज्ञवल्क्येनापि एकविंशतिपुरुषपावकत्वं ब्राह्मविध्यूढासमुत्पन्नस्य पुत्रस्य समाम्नातम्।

[२५५]दैवविध्यूढासमुत्पन्नस्य पुत्रस्य सप्त पूर्वेषां सप्तैव परेषामात्मनश्चेति पञ्चदशपुरुषाणां पावकत्वम्, आर्षविध्यूढासमुत्पन्नस्य पुत्रस्य त्रयाणां पूर्वेषां परेषामात्मनश्चेति सप्तपुरुषाणां पावकत्वम्, प्राजापत्यविध्यूढा-समुत्पन्नस्य पुत्रस्य षण्णां पूर्वेषां षण्णां परेषामात्मनश्चेति त्रयोदशपुरुषाणां पावकत्वं च मनुना निर्दिष्टम्।

---

२५३. ३/३७ मनुः।

२५४. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ५८ श्लोकः।

२५५. ३/३८ मनुः।

विवाहका भेद-

विवाह गर्ने कार्य विधिपूर्वक सम्पन्न गर्नुपर्छ। ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी आठ प्रकारका विवाहविधिका भेद देखाइएका छन्। उक्त आठ प्रकारका विवाह भेदका अलग-अगल प्रयोजन पनि देखाइएको छ। मनुले ब्राह्म विधिले विवाह गरिएकी पत्नीमा उत्पन्न भएको सन्तानले आफूभन्दा पहिले जन्मिएका दश पुस्तासम्मका पितृहरूलाई र आफूभन्दा पछि जन्मिने दश पुस्तासम्मका पितृहरूलाई साथै आफ्नूलाई समेत एक्काइस पुस्तालाई (पापबाट) तार्छ भनेका छन्। ब्राह्मविधिद्वारा विवाहित पत्नीमा उत्पन्न सन्तान पुण्यजनक कर्महरूको सम्पादक पनि हुन्छ भनेका छन् (मनु.३/३७)। महर्षि याज्ञवल्क्यले पनि ब्राह्म विधिद्वारा विवाह गरिएकी पत्नीमा उत्पन्न भएको सन्तानले एक्काइस पुस्तालाई पवित्र बनाउँछ भनेका छन् (या.स्मृ. १/५८)।

दैवविधिद्वारा विवाह गरिएकी पत्नीमा उत्पन्न भएको सन्तानले आफूभन्दा पहिले उत्पन्न भएका सात पिँढीलाई, आफूभन्दा पछि उत्पन्न हुने सात पिँढीलाई एवं आफूलाई समेत गरी पन्ध्र पिँढीलाई पवित्र बताउँछ। आर्षविधिद्वारा विवाह गरिएकी पत्नीमा उत्पन्न भएको पुत्रले आफूभन्दा पहिलेका तीन पुस्तालाई आफूभन्दा पछिका तीन पुस्तालाई एवं आफूलाई समेत गरी सात पुस्तालाई तार्दछ। प्राजापत्यविधिद्वारा विवाह गरिएकी पत्नीमा उत्पन्न भएको सन्तानले आफूभन्दा पहिलेका छ पुस्तालाई, आफूभन्दा पछिका छ पुस्तालाई एवं आफूलाई समेत गरी तेह्र पुस्तालाई पवित्र बनाउँछ (मनु. ३/३८) भनी मनुले भनेका छन्।

याज्ञवल्क्यले दैवविधिद्वारा विवाह गरिएकी पत्नीमा उत्पन्न भएका सन्तानले चौध पुस्तालाई पवित्र बनाउँछ र आर्षविधिद्वारा विवाह गरिएकी पत्नीमा उत्पन्न भएको सन्तानले छ पुस्तालाई पवित्र बनाउँछ (या.स्मृ. १/५८-५९) भनेका छन्। त्यस कथनमा आफूलाई (वर्तमान पुस्तालाई) जोडिएको छैन। आफूलाई समेत संयुक्त गराउने हो भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२५६]याज्ञवल्क्येन दैवविध्यूढोत्पन्नस्य चतुर्दशपुरुषपावकत्वम्, आर्षविध्यूढोत्पन्नस्य षट्पुरुषपावकत्वम् च यन्निर्दिष्टं तत्तु आत्मनो व्यतिरिक्तमवगन्तव्यम् । आत्मना सह तु मनूक्ततुल्यमेव । प्राजापत्यविध्यूढोत्पन्नस्य षण्णां पूर्वेषाम्, षण्णामेव परेषामात्मनश्चेति त्रयोदशानामेव पुरुषाणां पावकत्वमभिहितम् ।

[२५७]मनुनैव पुनर्ब्राह्मदैवार्षप्राजापत्यविध्यूढोत्पन्नपुत्राणां ब्रह्मवर्चसा समन्वितत्वं (श्रुताध्ययनसम्पत्तितेजो-युक्तत्वम्) शिष्टसम्मतत्वं चाभिहितम् । एवमेव तेषामेव चतुर्णां विवाहविध्यूढोत्पन्नानां पुत्राणां रूपेण, सत्त्वेन (यथार्थावभासलक्षणेन ज्ञानेन) गुणेन (दयादाक्षिण्यादिना), धनेन, यशसा, पर्याप्तभोगेन, धर्मानुष्ठानशीलेन, समानां शतमायुषा समन्वितत्वमपि निर्दिष्टम् ।

एतेषां विवाहविधिभेदानामनित्यत्वं विधेयत्वं च धर्मशास्त्रमेव निर्दिशति । [२५८]अनिन्द्यविवाहविध्यूढोत्पन्नाः प्रजाश्चानिन्द्या भवन्ति । राष्ट्रस्य अनिन्द्यप्रजस्त्वसम्पत्तिरेव सामाजिकव्यवस्थायाः साध्यमिति तु सार्वजनीनम् । तदेव साध्यमुक्तप्रकारेण धर्मशास्त्रात्सम्पद्यते इति धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम् ।

---

२५६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ५९-६० श्लोकौ ।

२५७. ३/३९-४० मनुः ।

२५८. ३/४२ मनुः ।

याज्ञवल्क्यको कथन पनि मनुकै जस्तो हुन्छ ।[१७१] प्राजापत्यविधिद्वारा विवाह गरिएकी पत्नीमा उत्पन्न भएको सन्तानले आफूभन्दा पहिलेका छ पुस्तालाई, आफूभन्दा पछिका छ पुस्तालाई एवं आफूलाई समेत गरी तेह्र पुस्तालाई पवित्र बनाउँछ भनिएको छ (या.स्मृ. १/६०) ।

मनुले नै पुनः ब्राह्म, दैव, आर्ष एवं प्राजापत्य विधिद्वारा विवाह गरिएका पत्नीहरूमा उत्पन्न भएका सन्तान ब्रह्मवर्चले (वेदाध्ययनबाट उत्पन्न तेजले) युक्त भएका र शिष्ट पुरुषहरूद्वारा सम्मानित हुन्छन् (मनु. ३/३९) भनेका छन् । यसै प्रकारले उक्त चार प्रकारका विवाहविधिद्वारा विवाहित पत्नीमा उत्पन्न भएका पुत्रहरू रूपले, सत्त्वले (यथार्थ बोध गराउने ज्ञानले), गुणले (दया दाक्षिण्य आदिले), धनले, यशले, पर्याप्त भोगले, धर्मानुष्ठान गर्ने स्वभावले र सय वर्षसम्मको लामो आयुले युक्त भएका हुन्छन् (मनु. ३/४०) भन्ने कुरा पनि देखाएका छन् ।

उपर्युक्त विवाहविधिसम्बद्ध भेदहरू अनित्य हुन्छन् तर पनि अवश्य सम्पादन गर्नुपर्ने हुन्छन् भनी धर्मशास्त्रले नै निर्देशन गर्दछ । अनिन्दित विवाहविधिद्वारा विवाह गरिएका कन्याहरूमा उत्पन्न भएका सन्तानहरू पनि अनिन्द्य नै हुन्छन् (मनु. ३/४२) । राष्ट्रलाई अनिन्दनीय प्रजारूपी सम्पत्तिले युक्त भएको बनाउनु नै सामाजिक व्यवस्थाको साध्य

---

१७१. मूलतः मनुले दैवविधिबाट विवाहित पत्नीमा उत्पन्न सन्तानले पहिलेका र पछिका सात सात पुस्तालाई, एवं आर्षविधिबाट विवाहित पत्नीमा उत्पन्न सन्तानले पहिलेका र पछिका तीन तीन पुस्तालाई पवित्र बनाउँछ भनेका छन् । याज्ञवल्क्यले पनि दैवविधिबाट विवाहित पत्नीमा उत्पन्न सन्तानले चौध पुस्तालाई आर्षविधिबाट विवाहित पत्नीमा उत्पन्न सन्तानले छ पुस्तालाई पवित्र बनाउँछ भनेका छन् । यसरी दुवै स्मृतिका कथनमा एकरूपता देखिन्छ । मन्वर्थमुक्तावलीमा आफूलाई जोड्नुपर्छ भनिएको छ भने मिताक्षरामा भनिएको छैन । त्यसैले शोधप्रबन्धमा दुवै स्मृतिको समन्वय देखाइएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं कर्मणां शुद्ध्यापादकत्वं गुणाधायकत्वं च निरूपितम्। एभिः कर्मभिर्विशुद्धिं गुणवत्वं चाप्तो जनः स्वां प्रजामपि तादृशीमेवोत्पादयतीति विशुद्ध्या गुणेन च समन्वितानां प्रजानां समुत्पत्तिर्भवति। तादृशप्रजाभिर्युक्तो देश एव समृद्धिमाप्नोतीत्यत्र न कश्चिद् विप्रतिपद्येत। तस्मात् सर्वे संस्काराः सामाजिकव्यवस्थायां साधनतामाप्नुवन्ति। संस्काराणां समनुष्ठानं धर्मशास्त्रं विधत्ते।

रजःशुक्रयोर्विशुद्धिः

रजःशुक्रयोर्विशुद्धिरपि सामाजिकव्यवस्थायां साधनतामाप्नोति। विशुद्धाभ्यां शुक्रशोणिताभ्यामेव लक्षणसमन्वितस्य अपत्यस्योत्पत्तिः।

यथा हि क्षेत्रीकृते वपुषि प्रयुक्तः संस्कृतः पारदः समीहितक्रियोत्पादक आयुर्वेदशास्त्रे निर्दिष्टस्तथैव धर्मशास्त्रनिर्दिष्टनियमानुष्ठानव्रताचरणाचारपरिपालनयज्ञानुष्ठानादिक्रियाभिर्विशुद्धाभ्यां विहितविवाहसनन्विताभ्यां मातापितृभ्यामेवैहिकामुष्मिकसुगतिदायककर्मानुष्ठानाभिरुचिसमन्वितस्यापत्यस्योत्पत्तिः शास्त्रेषु निर्दिष्टा।

तादृशलक्षणसमन्वितो हि पुरुषः समाजस्य यत् किमपि क्षेत्रं सम्यक् परिचालयितुं प्रभवति। ब्राह्मणोऽध्ययनाध्यापनादिषु, क्षत्रियः स्वधर्मत्वेन विहिताध्ययनादिकर्मसु एवं प्रजापरिरक्षणादिविशिष्टकर्मसु च वैश्यश्च अध्ययनादिना सह कृषिगोरक्षादिकर्मसु, शूद्रोऽपि शुश्रूषादिकर्मषु लक्षणसमन्वितो हि प्रभवति स्वधर्मत्वेन

(लक्ष्य) हो भन्ने कुरा सबैलाई थाहा भएकै विषय हो। उक्त साध्य पूर्वोक्त प्रकारले धर्मशास्त्रबाट सम्पन्न हुन्छ, अतः धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो।

यसरी कर्मले (शास्त्रोक्त विभिन्न संस्कारका अनुष्ठानले पुरुषमा) शुद्धता ल्याउँछ र गुणात्मकता उत्पन्न गराउँछ भनी देखाइयो। उक्त कर्महरूद्वारा शुद्धतालाई र गुणात्मकतालाई प्राप्त गरेको पुरुषले त्यस्तै गुणले युक्त भएका सन्तान जन्माउँछ। अतः (संस्कारानुष्ठानबाट) शुद्धताले र राम्रा गुणले युक्त भएका प्रजाहरूको उत्पत्ति हुन्छ। त्यस प्रकारका (शुद्ध एवं गुणवान्) प्रजाहरूले युक्त भएको देश नै समृद्ध बन्दछ, यस विषयमा कसैको पनि विमति देखिँदैन। अतः सबै संस्कार सामाजिक व्यवस्थाका साधन बन्दछन्। संस्कारहरूको अनुष्ठान सम्बन्धी विधि धर्मशास्त्रले बताउँछ।

रज एवं शुक्रको शुद्धि-

रज एवं शुक्रको शुद्धिले पनि सामाजिक व्यवस्थामा साधनको काम गर्दछ। शुद्ध (निर्दुष्ट) शुक्र एवं शोणितद्वारा नै राम्रा लक्षणले युक्त भएका सन्तानको उत्पत्ति हुन्छ। जसरी क्षेत्रीकृत शरीरमा प्रयोग गरिएको र संस्कार गरिएको पारदले आफूले चाहेका क्रिया उत्पन्न गराउँछ भनी आयुर्वेदशास्त्रमा भनिएको छ त्यसरी नै धर्मशास्त्रमा निर्देश गरिएका नियमहरूको अनुष्ठान, व्रत एवं आचारहरूको पालन, यज्ञ-याग सम्पादन आदि क्रियाद्वारा शुद्ध भएका एवं विहित (धर्मशास्त्रद्वारा अनुमोदित) विवाहविधिले समन्वित माता पिताबाट यस लोकमा र परलोकमा पनि राम्रो गति प्रदान गर्ने कर्म सम्पादन गर्ने अभिरुचि भएका सन्तानको उत्पत्ति हुन्छ भनी शास्त्रमा बताइएको छ।

उपर्युक्त लक्षणले युक्त भएको पुरुषले समाजको जुनसुकै क्षेत्रलाई राम्ररी सञ्चालन गर्न सक्दछ। ब्राह्मण अध्ययन-अध्यापन आदि कार्यमा, क्षत्रिय आफ्ना धर्म मानिएका अध्ययन आदि कर्ममा एवं प्रजाहरूको सर्वतो भावेन संरक्षणरूपी विशेष कार्यमा, वैश्य अध्ययनका साथमा कृषि, गोरक्षा आदि कार्यमा र शूद्र पनि शुश्रूषा आदि कार्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विहितकर्मानुष्ठानाय स्वयं प्रवर्तते । यदि स्वयं स्वधर्मानुष्ठानाय न प्रवर्तते तत्र दण्डप्रयोगेण स्व-धर्मानुष्ठानाय प्रवृत्तिसमुत्पादनं राज्ञः परमं कर्तव्यं भवति ।

मानवरक्षको धर्मः

मानवै रक्षितो [२५९]धर्मो मानवान् रक्षति । रक्षितस्य धर्मस्य रक्षकत्वाद् यावन्मानवैः स्व-स्व-धर्मस्वरूपाणाम्, आर्यवृत्तरक्षणस्य, मर्यादापादनस्य, कण्टकपरिशोधनस्य, सज्जनपरिपोषणस्य चेत्यादिविषयाणां सम्यक् परिपालनं विधेयम् । आर्यवृत्तस्य, कण्टकपरिशोधनस्य, मर्यादारक्षणस्य, सज्जनपरिपालनस्य धर्मरूपत्वं च राज्ञः कर्तव्यत्वेन निर्दिष्टतयावसीयते । तत्रैव [२६०]मनुनैव आर्यवृत्तस्य रक्षणात्, कण्टकानां परिशोधनात् च प्रजापालनतत्पराणां नरेन्द्राणां त्रिदिवगामित्वमभिहितम् ।

[२६१]याज्ञवल्क्येनापि- मर्यादायाः प्रभेदे धर्मो दण्डो देयत्वेन निर्दिष्टः । निर्दिश्य च मर्यादायां स्थापनमभिहितम् । अतः प्रजानां मर्यादायां स्थापनं राज्ञो धर्मः ।

पुनः [२६२]**'साधून् सम्मानयेद्राजा विपरीतांश्च घातयेत्'** इत्यभिधाय साधूनां सम्माननं राज्ञः कर्तव्यत्वेन निर्दिष्टम् ।

---

२५९. ८/१५ मनुः ।{धर्मो रक्षति रक्षितः}

२६०. ९/२५३ मनुः ।

२६१. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः १५५ श्लोकः ।

२६२. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ३३८ श्लोकः ।

संलग्न हुन्छ । यसरी लक्षणले युक्त पुरुष आफ्ना धर्मका रूपमा विधान गरिएका कर्महरूको अनुष्ठानमा समर्थ हुन्छ र आफै उक्त धर्मको अनुष्ठानमा प्रवृत्त हुन्छ । कुनै पुरुष आफ्ना लागि बताइएका धर्महरूको अनुष्ठानमा आफै तत्पर हुँदैन भने दण्ड प्रयोग गरेर भए पनि त्यस्ता पुरुषलाई आफ्ना धर्मको अनुष्ठानमा प्रवृत्त गराउनु राजाको परम कर्तव्य हो ।

मनुष्यको संरक्षक (रक्षा गर्ने) धर्म-

मनुष्यहरूद्वारा रक्षा गरिएको धर्मले मनुष्यको रक्षा गर्छ (मनु. ८/१५) । आफूद्वारा संरक्षण गरिएका धर्मले आफ्नै संरक्षण गर्ने भएकाले सबै मानवले आ-आफ्ना धर्मका स्वरूपको, आर्यवृत्त (आदर्श पुरुषका व्यवहार) संरक्षणको, मर्यादा पालनको, कण्टक शोधनको, सज्जन परितोषण आदि विषयको सम्यक् प्रकारले परिपालन गर्नुपर्छ । आर्यवृत्तको संरक्षण, कण्टकको शोधन (विपरीत आचरण गर्ने व्यक्तिको नियन्त्रण), मर्यादाको संरक्षण र सज्जनको परिपालन धर्म हो भन्ने कुरा राजाका कर्तव्यका रूपमा वर्णन गरिएका हुनाले अवगत हुन्छ । त्यसै प्रसङ्गमा मनुले नै आर्यहरूका व्यवहारको रक्षा गर्नाले र कण्टकहरूको सम्यक् प्रकारले शोधन गर्नाले प्रजाहरूको पालनरूपी कार्यमा संलग्न रहने राजाहरू स्वर्ग जान्छन् भनेका छन् (मनु. ९/२५३) ।

याज्ञवल्क्यले पनि मर्यादाको उल्लङ्घन भएमा धर्मदण्ड दिनुपर्छ भनेका छन् (या.स्मृ.२/१५५) । उक्त निर्देशन दिएपछि प्रजाहरूलाई मर्यादामा राख्नुपर्ने कुरा गरेका छन् । अतः प्रजालाई मर्यादामा राख्नु राजाको धर्म हो । पुनश्च **साधून्०** अर्थात् 'राजाले सज्जनहरूको सम्मान गरून् र विपरीत व्यवहार भएका मनुष्यलाई (अपराधानुरूप) दण्ड दिऊन्' (या.स्मृ. १/३३८) भनी सज्जनहरूको सम्मानलाई राजाका कर्तव्यका रूपमा देखाएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२६३]सद्भिर्धार्मिकैर्द्विजातिभिश्च यदाचरितं तदेव देशकुलजातीनां कृतेऽविरुद्धत्वेन धर्मत्वमभिहितम् । तेन धर्मेण व्यवहारनिर्णयस्य विधेयत्वं च राज्ञो निर्दिष्टम् ।

यदि उपर्युक्तविपरीतं भवेत्तर्हि अधर्मस्य वृद्धिर्भवेत् । वृद्धिङ्गतेन तेनाधर्मेण चाधर्मस्यानुष्ठाता जनो निश्चयमेव विनाशपथमाप्यते । तस्मादिहामुत्र समृद्ध्याप्तये धर्मस्यानुष्ठानं सर्वथा विधेयम् । अनुष्ठानेन संरक्षितो धर्मो मानवान् रक्षति । धर्मस्यानुष्ठानाय च ज्ञानमावश्यकम् । तच्च ज्ञानं शास्त्रादेव लभ्यते । शास्त्रमेव रागान्धानां मनुष्याणां सनातनं चक्षुः । यादृशं चक्षुस्तादृशं दर्शनम् । यादृशवर्णसमन्वितमुपनेत्रं धार्यते तादृशवर्णयुतं जगत् परिदृश्यते ।

समुचितव्यवसायस्य समीचीनं फलम्

वयं हिन्दवः हिन्दुराष्ट्रस्य नागरिकाश्च । हिन्दूनां सविधे तादृशं साधनं विद्यते यस्य साधनस्य समुचित-प्रयोगेण परिचालनेन च मनुष्यो मानवताया अपि उत्थाय देवत्वमाप्नोति । यदि तादृशमपि साधनमुपेक्षितं भवेत्तर्हि महद्दुर्भाग्यमस्माकं हिन्दूनाम् । इह परत्र चोभयोर्लोकयोरभीष्टगतिदायकस्य साधनस्याध्ययनं मनन-

२६३. ८/४६ मनुः ।

राम्रा व्यवहारले युक्त भएका पुरुषले र धर्मप्राण द्विजातिले जुन व्यवहार (अदृष्टशास्त्रानुष्ठान) गरेका हुन्छन्, त्यही व्यवहार नै (परस्परमा विरोध नभएका अवस्थामा) देशका लागि, कुलका लागि र जातिका लागि धर्म भनिएको छ (मनु. ८/४६) । राजाले त्यसै धर्मका आधारमा व्यवहारको निर्णय गर्नुपर्छ पनि भनिएको छ ।[१७२]

माथि बताइएभन्दा विपरीत व्यवहार भयो भने अधर्मको वृद्धि हुन्छ । वृद्धिलाई प्राप्त गरेको (बढेको) त्यसै अधर्मले गर्दा अधार्मिक आचरण गर्ने मनुष्य निश्चित रूपमा विनाशका बाटामा पुग्छ (नष्ट हुन्छ) । त्यसैले यस लोकमा र परलोकमा समृद्धि प्राप्त गर्न नियत रूपमा (जसरी भए पनि) धर्मको अनुष्ठान गर्नुपर्छ । अनुष्ठानद्वारा संरक्षण गरिएको धर्मले मनुष्यको संरक्षण गर्छ । धर्मको अनुष्ठानका लागि ज्ञानको आवश्यकता हुन्छ । त्यो ज्ञान शास्त्रबाट मात्र प्राप्त हुन्छ । शास्त्र नै रागले अन्ध भएका (आसक्तिले गर्दा राम्रो नराम्रो भनी छुट्याउन सक्ने क्षमता नभएका) मनुष्यहरूका लागि सनातन (कहिल्यै नष्ट नहुने) आँखा हो । जस्तो आँखा हुन्छ त्यस्तै हेराइ हुन्छ ।[१७३] जस्तो रङ्गको चस्मा लगाइन्छ, संसार पनि त्यस्तै रङ्गको देखिन्छ ।

राम्रा कामको राम्रो परिणाम निस्कन्छ-

हामीहरू हिन्दुधर्मका अनुयायी हौं र हिन्दुराष्ट्रका नागरिक पनि हौं ।[१७४] हिन्दुहरूका साथमा त्यस्तो साधन छ जुन साधनको उचित प्रयोग एवं परिचालनद्वारा मनुष्यले मनुष्यताबाट पनि माथि उठेर देवत्व प्राप्त गर्दछ (देव बन्दछ) । यस

१७२. मूलमा दिइएको अर्थ लभभग मन्वर्थमुक्तावलीसित मिल्छ । मेधातिथिको व्याख्या विस्तृत र मन्वर्थमुक्तावलीभन्दा केही भिन्न जस्तो पनि छ । उनले देशधर्म आदि शास्त्राविरुद्ध (शास्त्रसित विरोध नहुने प्रकृतिका) हुनुपर्छ भनेका छन् । यथार्थमा देशधर्मादि पृथक् हुँदैनन् (शास्त्रान्तर्गत नै हुन्छन्) पनि भनेका छन् ।

१७३. फूलको आँखामा फूलै संसार भन्ने नेपाली गीतको भाव यहाँ स्मरणीय हुन आउँछ ।

१७४. राजनीतिक कानुनले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भने पनि हाम्रा शास्त्रले र हाम्रो अन्तरात्माले हिन्दुराष्ट्र नै मान्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्ठानं च परमं कर्तव्यमिति समवगत्य तत्र प्रवृत्युद्भावनमावश्यकम् । कर्मणोऽनुष्ठाने विहिते सत्येव यादृशं कर्मानुष्ठितं तादृशमेव फलमाप्यते । उप्तं हि प्ररोहति । प्ररोहानुसारं फलं सम्पद्यते । तस्मादेव मनुना व्यवसायिनां सर्वेभ्योऽप्युत्कृष्टत्वं निर्दिष्टम् । बीजानुसारमेवाङ्कुराणां प्ररोहश्चाभिहितः । न हि नामग्राहादेवाभीष्टकार्य-सिद्धिः । यद्यपि कतकवृक्षस्य फलं जलप्रसादकारकं धात्रा निर्मितम् । न तस्य नामग्रहणादेव जलं प्रसीदति । कलुषितजले प्रक्षिप्तमेव कतकवृक्षस्य फलं निर्मलतां वितनुते ।

तस्मात् फलसम्पत्यर्थं कर्मणोऽनुष्ठानं सर्वथा विधेयम् । समुचितफलावाप्तये सत्कर्मणामनुष्ठानं च विधेयं भवति ।

रागान्धप्रवृत्तिः

मानवानां प्रवृत्तेरागात्मकतया सत्कर्मापेक्षयासत्कर्मस्वेव प्रायः स्वतः प्रवृत्तिर्भवति । सदाचारस्य परिपालनपुरःसरमर्थकर्मसु प्रवृत्तिर्विरलैव भवति । परमनर्थकर्मसु जायमाना प्रवृत्तिर्न काञ्चिच्चोदनामपेक्षते । यस्य सच्छास्त्रस्य ज्ञानं नास्ति तस्य कर्मविपाकज्ञानाभावाद् येन मार्गेणाञ्जसा धनस्याप्तिर्भवति तेनैव मार्गेण धनमासादयितुं यतते । सौविध्येन धनार्जने प्रवृत्तिर्लोकस्य साहजिकी ।

प्रकारको महत्त्वपूर्ण साधन पनि उपेक्षित हुन्छ भने त्यो उपेक्षाभाव हामी हिन्दुहरूका लागि ठूलो दुर्भाग्यको विषय हो । यस लोकमा र परलोकमा गरी दुवैतर्फ अभीष्ट गति प्रदान गर्ने साधनको अध्ययन, मनन एवं अनुष्ठान हामीहरूको परम कर्तव्य हो भन्ने सम्झी त्यस्ता कार्यमा मनुष्यको प्रवृत्ति उत्पन्न गराउनु आवश्यक छ । कर्म (कार्य) सम्पादन गरेपछि मात्र जस्तो कर्म गरिएको हुन्छ त्यस्तै फल मिल्छ । रोपिएकै वस्तु (बीजादि) उम्रन्छ । प्ररोहअनुसार फल फल्छ । त्यसैले त मनुले व्यवसायी (उद्योगी पुरुष) लाई सबैभन्दा श्रेष्ठ पुरुष भनेका छन् । बीज (बीउ) अनुसार आँकुराहरूको प्रादुर्भाव हुन्छ भनिएको छ । नाममात्र ग्रहण गरेर अभीष्ट कार्यको सिद्धि हुँदैन ।[१७५] ब्रह्माजीद्वारा कतक वृक्षको फल जललाई शुद्ध गराउने गुणले युक्त बनाइएको छ । कतकका फलको नाम लिएर मात्रै पानी सफा हुँदैन । धमिलो पानीमा हालिएको कतकको फलले मात्रै पानीलाई सफा (निर्मल) गराउँछ । अतः परिणाम प्राप्त गर्नका लागि जसरी भए पनि कर्मको अनुष्ठान अर्थात् कार्यसम्पादन गर्नुपर्छ । त्यसमा पनि राम्रो परिणाम प्राप्त गर्नका लागि राम्रै कर्महरू गर्नुपर्छ ।

रागान्धहरूको प्रवृत्ति-

मानिसहरूको प्रवृत्ति रागात्मक हुने भएकाले प्रायः स्वाभाविक रूपमा सत्कर्मका अपेक्षामा असत्कर्मतर्फ उसको प्रवृत्त हुन्छ । सदाचारको पालन गर्दै धन आर्जन गर्ने कार्यमा लाग्ने प्रवृत्ति विरलै देखिन्छ । अनर्थक (नराम्रा) कार्यमा हुने प्रवृत्तिका लागि कसैको प्रेरणाको आवश्यकता पर्दैन । जसलाई राम्रा शास्त्रको ज्ञान हुँदैन, त्यसलाई कर्मविपाकको (नराम्रा काम गर्नाले प्राप्त हुने भयङ्कर परिणामको) ज्ञान पनि हुँदैन । त्यसैले जुन बाटाबाट तत्कालै धनार्जन हुन्छ (पैसा कमिन्छ) त्यसै बाटाबाट धनार्जन गर्न प्रवृत्त हुन्छ । सजिलैसित पैसा कमाउने बाटामा लाग्नु मानिसको स्वाभाविक प्रवृत्ति हो ।

---

१७५. तिर्खा लागेको मनुष्यले पानी सम्झन्छ । पानी सम्झेर मात्रै तिर्खा मेटिन्न । तिर्खा मेट्न त पानी खानै पर्छ । यसै प्रकारले भोकाएको मनुष्यले अन्नको सम्झना गर्दैमा भोक मेटिँदैन । भोक मेट्नका लागि अन्न (खाद्यपदार्थ) खानै पर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिकव्यवस्थायाः कृते शास्त्रज्ञानमावश्यकम्

यस्यैव कर्मविपाकस्य यथार्थज्ञानं विद्यते तस्यैव विहितमार्गेण धनार्जने प्रवृत्तिर्भवति । विहितमार्गेण धनार्जनस्यैव गतिप्रदायकत्वात् न्यायागतधनस्यैव गृहस्थस्य मोक्षप्राप्तिरपि निर्दिष्टा । तस्मात् कर्मविपाक-विश्लेषकस्य शास्त्रस्य ज्ञानं सामाजिकव्यवस्थायाः साधनं सम्पद्यते ।

शुभाशुभमार्गाभ्यां वासनारूपा सरित् मानवानां प्रवहति । पौरुषेण प्रयत्नेनैव सा सरित् शुभे मार्गे योजनीया भवति । शुभे मार्गे योजिता प्रवृत्तिः शुभं फलमासादयति ।

[२६४]मुक्तिकोपनिषदपि-

शुभाशुभाभ्यां मार्गाभ्यां वहन्ती वासना सरित् ।

पौरुषेण प्रयत्नेन योजनीया शुभे पथि ।। इति समाम्नाय मानवानां साहजिकजायमानाया अशुभप्रवृत्तेर्निवारणं विधाय पुरुषप्रयत्नेन शुभे पथि वासनासरित् प्रवर्तनीया समभिहिता ।

मनसो वृत्तिस्तत्फलं च

मानवानां मनसः स्वच्छन्दात्मिका प्रवृत्तिर्नैव व्यक्तेर्न वा समाजस्य हितावहा सम्पद्यते । अनियन्त्रितविचारो जनो न सामाजिकमर्यादां पालयति नो वा व्यक्तेर्हितावहनियमान् अनुतिष्ठति । सामाजिकमयर्दाया नियमस्य वा परिपालनमेव स्वस्यात्मनो हितकरं सामाजिकव्यवस्थाया वा व्यवस्थापकम् । तस्मादेव चास्माकं [२६५]धर्मशास्त्रे

२६४. २/५ मुक्तिकोपनिषद् ।

२६५. **मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः ।** इति ।

सामाजिक व्यवस्थाका लागि शास्त्रज्ञानको आवश्यकता-

जसलाई कर्मविपाकका सम्बन्धमा यथार्थ ज्ञान हुन्छ. त्यही पुरुष नै विहित (शास्त्रद्वारा बताइएका एवं कसैद्वारा निन्दा नगरिएका) बाटाबाट धन आर्जन गर्न प्रवृत्त हुन्छ । विहित मार्गबाट आर्जन गरिएको धनले नै सुभगति प्रदान गर्छ । अतः न्यायपूर्वक धन आर्जन गर्ने गृहस्थलाई मोक्ष पनि प्राप्त हुन्छ भनिएको छ । त्यसैले नै कर्मविपाकको विश्लेषण गर्ने शास्त्रको ज्ञान सामाजिक व्यवस्थाको साधन हुन्छ ।

शुभ एवं अशुभ मार्गबाट मानिसहरूको वासनारूपी नदी प्रवाहित हुन्छ । पुरुषका प्रयत्नद्वारा नै उक्त वासनारूपी नदीलाई शुभ मार्गमा लगाउनुपर्ने हुन्छ । शुभ मार्गमा लगाइएको प्रवृत्तिले शुभ फल नै दिन्छ । मुक्तिकोपनिषद्ले पनि- **शुभाशुभाभ्याम्०** अर्थात्- 'शुभ एवं अशुभ दुवै बाटाबाट प्रवृत्त हुने वासनारूपी नदीलाई पुरुषहरूका प्रयत्नद्वारा शुभ मार्गमा प्रवृत्त गराउनुपर्छ' (मु.उ.२/५)[१७६] पद्यद्वारा मानिसहरूमा सहजरूपमा उत्पन्न हुने अशुभ प्रवृत्तिलाई निवारण गरेर पुरुषका प्रयत्नद्वारा वासनारूपी नदीलाई शुभ मार्गमा लगाउनुपर्छ भनेको छ ।

मनको वृत्ति र त्यसको फल-

मानिसका मनको स्वच्छन्द प्रवृत्ति न व्यक्तिका लागि हितकर हुन्छ, न त समाजका लागि नै हितकर हुन्छ । अनियन्त्रित विचारले युक्त भएको मनुष्यले न त सामाजिक मर्यादाको पालन गर्दछ न त व्यक्तिलाई हित गर्ने नियमहरूको

१७६. उद्धृत पद्य उपलब्ध मुक्तिकोपनिषद्मा दोस्रो अध्यायको ५/६ मन्त्रांशका रूपमा पढिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनोनिग्रहोपायः प्रसंशितः । तस्य धर्मशास्त्रस्य वेदमूलकत्वात् तदभिहितार्थानुष्ठानं समभीप्सितार्थमावहति । योऽर्थः स्मृतिभिः प्रतिपादितः, य आचारः स्मृतिभिरभिहितः, यो नियमः स्मृतिषु निर्दिष्टस्तेषां सर्वेषां सम्यक्परिपालने विहिते दुर्निग्रहमपि मनः सुखेन नियम्यते। मनसो निग्रहो दैवो भावः। तस्यानिग्रहेण स्वतन्त्रतया प्रवृत्तिर्हि आसुरो भावः । इन्द्रियाणां वृत्तयश्च मनसैव प्रेर्यमाणतया मनसो निग्रहादिन्द्रियाणामपि निग्रहः स्वतः सम्पद्यते । इन्द्रियाणामात्मना नियन्त्रणं नाम जितेन्द्रियत्वम् । जितेन्द्रियो हि पुरुषः पुरुषार्थसिद्धिमातनुते । सम्यक्तया धर्मस्य परिपालनं स एव कुरुते यस्येन्द्रियाणि नियमितानि सन्ति। जितेन्द्रियो हि भूपालश्च स्वकीयाः प्रजा वशे स्थापयितुं शक्नोति।

अत एवेन्द्रियनिग्रहस्यानुष्ठेयधर्मतत्त्वेषु परावरद्रष्टृभिर्गणना विहिता । [२६६]मनुनैव दशविधधर्मलक्षणेषु मानवमात्रानुष्ठेयसाधारणधर्मेषु चेन्द्रियनिग्रहस्यैको भेदः प्रदर्शितः।

बलज्ञानयोर्वृद्धिः

यस्येन्द्रियाणि संयमितानि तस्य प्राणानां (बलस्य) ज्ञानस्य च वृद्धिर्भवति । इन्द्रियेषु प्राणानां ज्ञानस्य चांशभावसत्त्वात् इन्द्रियनिग्रहात् प्राणज्ञानयोर्वृद्धिः सम्पद्यते । तस्मान्मनसो दैवी वृत्तिः प्राणज्ञानयोः

२६६. ६/९२ मनुः।

अनुसरण नै गर्दछ। सामाजिक मर्यादाको अथवा नियमको पालनले आफैलाई हित गर्छ अथवा सामाजिक व्यवस्थालाई व्यवस्थित बनाउँछ। त्यसैले त हाम्रा धर्मशास्त्रमा मनलाई नियन्त्रण गर्ने उपायहरूको प्रशंसा गरिएको छ।[१७७] धर्मशास्त्र वेदमूलक भएकाले धर्मशास्त्रमा बताइएका विषयहरूको सम्पादनले अभीष्ट फल उपलब्ध गराउँछ । जुन पदार्थ स्मृतिद्वारा प्रतिपादन गरिएको छ, जुन आचार स्मृतिद्वारा बताइएको छ, जुन नियम स्मृतिहरूमा उल्लेख गरिएको छ ती सबैको राम्ररी पालना गर्ने हो भने दुर्निग्रह (ठूलो दुःखले नियन्त्रण गर्न सकिने) मन पनि सजिलै नियन्त्रण गर्न सकिन्छ। मनको निग्रह दैव भाव (दैवी भावना) हो। मनलाई नियन्त्रण नगरेर स्वतन्त्र छाडिदिनु (वा स्वेच्छाचारिता प्रदर्शन गर्नु) आसुर भाव (आसुरीपना) हो। इन्द्रियका वृत्तिहरू मनद्वारा नै अभिप्रेरित हुने भएकाले मनलाई नियन्त्रण गरेपछि स्वतः नै अन्य इन्द्रियहरूको नियन्त्रण पनि हुन्छ । इन्द्रियलाई आत्माद्वारा (आफैले) नियन्त्रण गर्नु नै जितेन्द्रियता हो । जितेन्द्रिय पुरुष पुरुषार्थ आर्जन गर्न सफल हुन्छ। जसका इन्द्रियहरू नियन्त्रित हुन्छन् त्यसैले नै धर्मको राम्ररी पालना गर्छ। जितेन्द्रिय राजाले आफ्ना प्रजालाई वशमा (अधीनमा) राख्न सक्छ। त्यसैले त परावरद्रष्ट्राहरूले (यस लोकमा घट्ने र परलोकमा घट्ने घटना प्रत्यक्षझैं देख्न सक्ने महर्षिहरूले) इन्द्रिय निग्रहलाई पनि पालना गर्नुपर्ने धर्मतत्त्वमा गणना गरेका छन् । मनुले नै दश प्रकारका धर्मका लक्षणहरूमा सबै मानवले पालन गर्नुपर्ने साधारण धर्ममध्ये इन्द्रियनिग्रहलाई एउटा भेद मानेका छन् (मनु. ६/९२)।

बल र ज्ञानको वृद्धि-

जसका इन्द्रियहरू नियन्त्रित हुन्छन् त्यसका प्राणको (बलको) र ज्ञानको वृद्धि हुन्छ । इन्द्रियहरूमा प्राणको र ज्ञानको अंश रहने हुनाले इन्द्रियहरूको निग्रहबाट प्राणको र ज्ञानको वृद्धि हुन्छ। अतः मनको दैवी वृत्तिले प्राणको र

१७७. **मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः** । इति। (मनुष्यहरूका बन्धनको र मुक्तिको कारण मन नै हो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समृद्ध्यर्थमिन्द्रियाणां स्वच्छन्दात्मिकां प्रवृत्तिं नियमयति । परं तत्र मनसि विद्यमानासुरी वृत्तिः प्राणज्ञानयोर्दुर्बलतासादनायेन्द्रियाणि स्वतन्त्रप्रवृत्त्यर्थं प्रेरयति । मनसो दैव्या वृत्त्या नियमितेन्द्रियस्यैव प्राणज्ञानयोः समृद्धिर्भवति । स्थिते शरीरे बलवति बुद्धौ च प्रज्ञालोकसमन्वितायां सत्यामेव जनः पुरुषार्थसाधने समर्थो भवति । एतत्सर्वं [२६७]शाङ्करभाष्येऽभिहितम् ।

दैव्यासुरीवृत्त्योरात्मानात्मभावः

दैव्या वृत्त्या आत्मभावत्वमासुर्या वृत्त्या अनात्मभावत्वं बृहदारण्यकोपनिषदोऽवगम्यते । तत्र बृहदारण्यकोपनिषदि समाम्नातं यथा-

[२६८]**'ते ह वाचमुचुस्त्वं न उद्गायेति । तथेति तेभ्यो वागुदगायत् । यो वाचि भोगस्तं देवेभ्य आगायत् । यत्कल्याणं वदति तदात्मने । ते विदुः । अनेन वै न उद्गात्रा अत्येष्यन्तीति । तमभिद्रुत्य पाप्मना अविध्यन् । स यः स पाप्मा । यदेवेदमप्रतिरूपं वदति स एव स पाप्मा ।'** इति ।

२६७. ..... ??? ।

२६८. १/३/२ बृहदारण्यकोपनिषद् । {प्रथम अध्यायको, तृतीय ब्राह्मणको दोस्रो मन्त्र}

ज्ञानको वृद्धिका लागि इन्द्रियहरूको स्वच्छन्द प्रवृत्तिलाई नियन्त्रण गर्दछ । तर त्यही मनमा रहेको आसुरी वृत्तिले प्राणलाई र ज्ञानलाई दुर्बल बनाउने उद्देश्यले इन्द्रियहरूलाई स्वतन्त्र प्रवृत्ति देखाउन प्रेरित गर्दछ । मनमा रहेको दैवी वृत्तिद्वारा इन्द्रियहरूको नियन्त्रण गरेका व्यक्तिहरूमा मात्र प्राणको र ज्ञानको समृद्धि हुन्छ । शरीर बलवान् भएका अवस्थामा र बुद्धि प्रज्ञालोकले युक्त भएका समयमा नै पुरुष पुरुषार्थ साधनमा (धर्मादि पुरुषार्थ प्राप्त गर्न) समर्थ हुन्छ । यी सबै कुरा ..... (?) बताइएको छ ।

दैवी र आसुरी वृत्तिको क्रमशः आत्मभाव र अनात्मभाव-

दैवी वृत्तिको आत्मभावता र आसुरी वृत्तिको अनात्मभावता बृहदारण्यकोपनिषद्बाट थाहा पाउन सकिन्छ । बृहदारण्यकोपनिषद्मा निम्न गद्यांश पाइन्छ- **ते ह वाचमुचुः०** अर्थात् 'देवताहरूले एकै ठाउँमा जम्मा भएर वाणीका अभिमानी देवतालाई भने- तिमीले हाम्रो गायन (प्रशंसा) गर । देवताहरूद्वारा अनुरोध गरिएकी वाणीले हुन्छ भनिन् र देवताहरूका लागि (उनीहरूका लक्ष्य पूरा गराउन) गायन गरिन् । वाणीका देवताद्वारा सम्पादन गरिने जुन भोग थियो त्यो देवताहरूलाई प्राप्त हुने गरी गाइन् । वाणीले जुन कल्याणकर कुरा गरिन् त्यो आफ्ना लागि हो भनी देवताहरूले थाहा पाए । (असुरहरूले पनि देवताहरूबाट पराजित नहुने कुरा थाहा पाए) देवताहरूले यस उद्गात्रद्वारा दैत्यहरूलाई जित्ने छन् भन्ने विचार गरी उद्गाताका नजिकमा गएर उनीहरूले (दैत्यहरूले) उसलाई (उद्धगातालाई) आफ्ना पापले विद्ध गराए अर्थात् (असत्य युक्त बनाए) । वाणीमा प्रक्षेपण गरिएको जुन वस्तु हो त्यो पाप हो । जसले यसरी असत्य (झूट) बोल्दछ त्यही नै पापी हो ।'[१७८] (बृ.आ.उ.१/३/२)

---

१७८. गहन अर्थको अभिव्यक्त गर्ने उद्धृत बृहदारण्यकोपनिषद्को प्रथम अध्यायको, तृतीय ब्राह्मणको, दोस्रो मन्त्रको संस्कृत भाष्य दिइन्छ- **ते देवाः सम्भूय वाचमूचुरित्याह- ते हेति । ते ह देवा वाचं वागभिमानदेवतामुचुः । त्वं**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैव्या आसुर्याश्च शक्तिवृद्धेरुपायाः

देवा असुराश्च द्वावेव प्राजापत्यौ । अर्थात् प्रजापतेरुत्पन्ना देवा असुराश्च । तत्र दैव्या वृत्त्या समन्विततया देवानां देवत्वम्, आसुर्या वृत्त्या समन्विततया असुराणामसुरत्वम् । तत्र दैव्या आसुर्याश्च सम्पदो विभागशः परिगणनं भगवता श्रीकृष्णेन कृतं श्रीमद्भगवद्गीतायां व्यासेन स्मृतम् ।

[२६९]दैवीसम्पदः

अभयम्, सत्त्वसंशुद्धिः (अन्तःकरणसंशुद्धिः) अर्थात् शुद्धभावेन व्यवहारः, ज्ञानयोगव्यवस्थितिः- आत्मादिपदार्थानामवगमो ज्ञानम्, अवगतानां स्वात्मसंवेद्यतापादनं योगः, तयोर्व्यवस्थानं (तन्निष्ठता) । स्वात्मसंवेद्यत्वमेकाग्रतां विना न सम्पद्यते । एकाग्रता च इन्द्रियाद्युपसंहारमन्तरेण न सम्भवति । इन्द्रियाद्युपसंहारश्च मनसो निग्रहं विना न भवतीति अत्रापि ज्ञानयोगव्यवस्थितो मनोनिग्रहपुरःसरमिन्द्रियाणामुपसंहार

२६९. श्रीमद्भगवद्गीतायाम्, अध्यायः १६/१-३ ।

दैवी र आसुरी शक्ति बढाउने उपायहरू-

देवता र असुर दुवै नै प्रजापतिका सन्तान हुन्, अर्थात् देवताहरू र असुरहरू दुवै नै प्रजापतिबाट उत्पन्न भएका हुन् । दैवी वृत्तिले युक्त हुने भएकाले देवताहरूमा देवत्व रहेको हुन्छ र आसुरी वृत्तिले युक्त हुने भएकाले असुरहरूमा असुरत्व रहेको हुन्छ । दैवी सम्पत्तिको र आसुरी सम्पत्तिको अलग-अलग गणना भगवान् श्रीकृष्णले गर्नुभएको र उक्त गणनाको श्रीमद्भगवद्गीतामा व्यासले स्मरण गर्नुभएको छ ।

दैवी सम्पत्तिहरू-

अभय (भय अर्थात् डरको अभाव), **सत्त्वसंशुद्धि** (अन्तःकरणको शुद्धि, अर्थात् शुद्ध भावनाले व्यवहार गर्नु), **ज्ञानयोगव्यवस्थिति-** (ज्ञान र योगको विशिष्ट अवस्थिति), {आत्मा आदि पदार्थको बोधलाई ज्ञान भनिन्छ । जानिएका अर्थात् ज्ञान गरिएका पदार्थहरूको आत्माद्वारा अनुभव गर्न सकिने स्थितिलाई योग भनिन्छ । उक्त ज्ञान र योगको व्यवस्थान (तन्निष्ठता) अर्थात् ज्ञानमा र योगमा सद्भाव नै ज्ञानयोगव्यवस्थिति हो । कुनै पनि वस्तुको आफ्ना आत्माद्वारा (आफैले) अनुभव गर्ने कार्य एकाग्रता विना हुन सक्दैन । एकाग्रता इन्द्रियहरूमा नियन्त्रण नगरेसम्म हुन

नोऽस्मभ्यम् उद्गायेति । औद्गात्रकर्मणो वाङ्निर्वत्यत्वात् । एवं देवैरुक्ता वाक् तथेति तेभ्योऽर्थाय उदगायत् उद्गानं कृतवतीत्यर्थः । वाङ्निर्वत्योद्गानकर्मविशेषः कः? इत्यत्र- यो निमित्तभूतायां वाचि वाग्देवतानिर्वर्त्यो भोगः तं भोगं देवेभ्योऽर्थायागायत् । तिसृषु पवमानेषु तदवशिष्टेषु नवसु स्तोत्रेषु यत् वाचनिकमार्त्विज्यं कल्याणं वदति सुष्ठु वर्णानभिनिर्वर्तयति- सम्यग्वर्णोच्चारणस्य वाङ्निर्वर्त्यत्वात्- यत्सङ्घातोपकारकत्वेन वदनकार्यं तदात्मने मह्यमेवेति देवा मेनिरे । देवकृतस्वपराभवकृत्यमसुरास्ते विदुः । कथम्? ते देवा अनेन उद्गात्रास्मान् स्वाभाविकप्रवृत्तान् शास्त्रीयकर्मज्ञानगोचरज्योतिषा अत्येष्यन्तीति अतिगमिष्यन्तीति विज्ञाय तमुद्गातारमभिद्रुत्याभिगम्य स्वेन पाप्मनाविध्यन् अनृतेन संयोजितवन्तः । ततः पूर्वजन्मावस्थप्रजापतिवाचि क्षिप्तः स यः स पाप्मा यदेवेदमप्रतिरूपं शास्त्रप्रतिषिद्धमनृतमपि वदति स एव स पाप्मा । यतः प्रजापतिवागप्यनृतविद्धा ततस्तत्कार्यभूतप्रजापूगवाच्यपि तदनुवर्तते कार्यस्य कारणानुवृत्तेरित्यर्थः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यकः । दानम्, दमः (बाह्यकरणानाम्), यज्ञः, स्वाध्यायः, तपः, आर्जवम्, अहिंसा, सत्यम्, अक्रोधः, त्यागः, शान्तिः (अन्तःकरणस्योपरोधः), अपैशुन्यम्, भूतेषु दया, अलोलुपता, मार्दवम्, ह्रीः, अचापल्यम्, तेजः (प्रागल्भ्यम्), क्षमा, धृतिः, शौचम्, अद्रोहः नातिमानिता एताः षड्विंशत्यो दैवीसम्पदः स्मृताः । येन दैवीं सम्पदमादाय जन्म गृहीतं तस्य पुरुषस्यैतल्लक्षणं भवतीत्यर्थः ।

[२७०]आसुरीसम्पदः

दम्भः (धर्मध्वजित्वम्), दर्पः, अभिमानः, क्रोधः, पारुष्यम्, अज्ञानञ्च आसुरीसम्पदः स्मृताः । येनासुरीं सम्पदमादाय जन्म गृहीतं तस्यैतल्लक्षणं भवतीत्यर्थः ।

[२७१]शास्त्रेषु दैव्याः सम्पदः कार्यं मुक्तिकारकत्वं स्मृतम् । आसुर्याः सम्पदः कार्यं बन्धकारकत्वं स्मृतम् ।

यद्यपि दैवीसम्पद आसुरीसम्पदश्च मोक्षकारकत्वं बन्धनकारकत्वं च पारलौकिकं फलं प्रत्यक्षतया निर्दिष्टम् । परमत्र या दैवीसम्पदो याश्चासुरीसम्पदस्तासां फलार्थं रोपितस्याम्रवृक्षस्य छायादिप्रयोजनवत् अनिर्दिष्टमपि व्यवस्थित्यव्यवस्थित्यात्मकमपि प्रयोजनं संलक्ष्यते ।

---

२७०. श्रीमद्भगवद्गीतायाम्, अध्यायः १६/४ ।

२७१. श्रीमद्भगवद्गीतायाम्, अध्यायः १६/५ । {दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।}

सक्दैन । इन्द्रियहरूलाई नियन्त्रण गर्ने कार्य मनलाई नियन्त्रण गर्न नसकेसम्म सम्भव हुँदैन । अतः यहाँ पनि ज्ञानको एवं योगको व्यवस्थितिका लागि मनलाई नियन्त्रण गर्दै इन्द्रियहरूको नियन्त्रण समेत गर्नुपर्ने हुन्छ ।} दान (वितरण), दम (बाह्य इन्द्रियहरूको नियन्त्रण), यज्ञ (अग्निहोत्रादि), स्वाध्याय (वेदका आफ्ना शाखाको अध्ययन), तप (तपस्या), आर्जव (सरलता), अहिंसा (हिंसाको अभाव), सत्य (सत्यवादिता आदि), अक्रोध (क्रोधको अभाव), त्याग (समर्पणभाव), शान्ति (अन्तःकरण निश्चलता), अपैशून्य (अरूको अहित नबोल्नु), प्राणीहरूमा दया, अलोलुपता (लोभको अभाव), मार्दव (कोमलता), ह्री (लाज), तेज (प्रौढता), क्षमा (सहनशीलता), धृति (धैर्य), शौच (पवित्रता), अद्रोह (अरूसित द्रोह नगर्नु) र नातिमानिता (अत्यधिक मान खोज्ने नहुनु) । उक्त छब्बीस पदार्थलाई दैवी सम्पत्ति भनिन्छ (गीता १६/१-३) । जसले दैवी सम्पत्ति साथमा लिएर (दैवी सम्पत्तिका साथमा) जन्म लिएको हुन्छ त्यस पुरुषमा उपर्युक्त लक्षण हुन्छन् भन्ने तात्पर्य हो ।

आसुरी सम्पत्तिहरू-

दम्भ (धर्मको आडम्बर), दर्प (अहङ्कार), अभिमान (अत्यधिक घमन्ड), क्रोध (रीस), पारुष्य (कठोरता) र अज्ञानलाई आसुरी सम्पत्ति भनिएको छ । (गीता १६/४) जसले आसुरी सम्पत्ति दिएर जन्म लिएको हुन्छ त्यसका यस प्रकारका लक्षण हुन्छन् भन्ने तात्पर्य हो ।

शास्त्रमा दैवी सम्पत्तिको कार्य मुक्ति दिलाउनु हो भनिएको छ । आसुरी सम्पत्तिको कार्य बन्धनमा पार्नु हो पनि भनिएको छ (गीता १६/५) । दैवी सम्पत्तिले र आसुरी सम्पत्तिले क्रमशः मुक्त गराउने र बन्धनमा पार्ने काम गर्छन् भनिएको हुनाले दुवैको फल प्रत्यक्षतः पारलौकिक भएको देखिन्छ तर पनि फलका लागि रोपिएका आँप आदिका रूखबाट छाया प्राप्त गर्ने आदि लक्ष्य भएझैं दैवी सम्पत्तिका र आसुरी सम्पत्तिका पनि शास्त्रमा निर्देश नगरिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२७२]माधवाचार्येण एतल्लोकप्रधानस्य परलोकोपसर्जनस्य धर्मस्य व्यवहारत्वम्, परलोक-प्रधानस्यैतल्लोकोपसर्जनस्य धर्मस्याचारत्वं परिकीर्तितम्।

****

समाप्तोऽयं द्वितियोऽध्यायः

२७२. प्रराशरमाधवः, १ अध्यायः, आचारकाण्डम्, १७ पृष्ठम्।

समाजलाई व्यवस्थित बनाउने वा नबनाउने भन्नेजस्ता प्रयोजन पनि देखिन्छन्। माधवाचार्यले विशेषतः यस लोकमा (प्रधान) हित गर्ने एवं पारलौकिक (अप्रधान) कल्याणका लागि पनि सहयोग गर्ने धर्मलाई व्यवहार र विशेषतः परलोकमा (प्रधान) हित गर्ने र यस लोकमा पनि (अप्रधान) सहयोग गर्ने धर्मलाई आचरण भनेका छन् (प.मा., व्य. का., १ अ., पृ .१७)।[१७९]

{दोस्रो अध्यायको अर्थ सकियो }

१७९. पराशरमाधवको आचारकाण्ड प्रथम अध्यायको उपोद्घात (अनुक्रमणिका) मा पठित पद्य यसप्रकार रहेको छ-

एतल्लोकप्रधानो यः परलोकोपसर्जनः। स धर्मो व्यवहारः स्यादाचारस्तु विपर्ययात्॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीयोऽध्यायः

अभीष्टेषु प्रवृत्तिर्हि निवृत्तिरनभीष्टतः ।
तद्धर्मशास्त्रं कुरुते व्यवस्थास्थापिके ह्युभे ।।

वर्णाश्रमधर्मरक्षणं राज्ञः कर्तव्यम्

किं नाम बहूक्त्या वर्णधर्म आश्रमधर्मश्चापि दण्दस्य भयादेव प्रवर्तते । दण्डस्य विभ्रमे जाते न स वर्णानां धर्मः प्रवर्तते, नो वाश्रमाणाञ्च धर्मः प्रवर्तते । चतुर्णां वर्णानाम्, चतुर्णामाश्रमाणाम्, चतुर्भिर्वर्णैः समनुष्ठेयानां धर्माणाम्, चतुर्भिराश्रमवासिभिश्च विधेयानां कर्तव्यानामपि रक्षिता राजा एव सम्मतः । जगत्कर्त्रा परमेष्ठिना स्वतेजसा समन्वितं दण्डं स्वधर्ममनुतिष्ठतां समेषां संरक्षणार्थं निर्माय तादृशो दण्डो राजनि समर्पित इति राजैव धर्मस्याभिगोप्ता जातः । ब्राह्मणक्षत्रियवैश्यशूद्राणां स्वस्य स्वस्य कृते विहितानां धर्माणां समनुष्ठानं विधाय मर्यादापालनं कुर्वतां वर्णानां तथैव स्वस्य स्वस्य कृते विहितानां धर्माणां परिपालनं कुर्वतामाश्रमवासिनां ब्रह्मचारिगृहस्थवानप्रस्थसंन्यासिनां चाभितः संरक्षणकर्ता राजा विश्वसृजा सृष्टः । एतच्च सर्वम्- 'सर्वेषामनुपूर्वशः

तेस्रो अध्याय

व्यक्तिलाई र समाजलाई हित गर्ने कार्यमा प्रवृत्त गराउने एवं व्यक्ति र समाज दुवैलाई नै अहित गर्ने कार्यबाट निवृत्त गराउने काम धर्मशास्त्रले गर्दछ । उक्त दुवै कार्यले (अभीष्ट कार्यप्रति प्रवृत्ति एवं अनभीष्ट कार्यप्रति निवृत्तिले) सामाजिक व्यवस्था स्थापना गर्ने र समाजलाई व्यवस्थित बनाउने काम गर्छन् ।

वर्णाश्रमधर्मको संरक्षण गर्नु राजाको कर्तव्य हो-

धेरै कुरा के गर्ने । यथार्थमा भन्ने हो भने वर्णधर्म र आश्रमधर्म दण्डकै डरले पालना भइरहेका हुन्छन् । दण्डमा विभ्रम[१] भयो भने न त वर्णधर्मको पालना हुन्छ, न आश्रमधर्मकै पालना हुन्छ । राजालाई नै चारै वर्णका, चारै आश्रमका, चारै वर्णद्वारा सम्पादन गर्नुपर्ने धर्मका साथै चारै आश्रममा बस्ने पुरुषहरूद्वारा पालना गर्नुपर्ने कर्तव्यका संरक्षक मानिएको छ । सृष्टिकर्ता परमेष्ठी ब्रह्माले नै आ-आफ्ना धर्मको पालना गर्ने सबै प्राणीको संरक्षणका लागि आफ्नो तेजले युक्त भएको दण्डको निर्माण गरेर उक्त तेजस्वी दण्ड राजालाई दिएका हुन् । त्यसैले नै राजा धर्मका संरक्षण कर्ता भएका हुन् । आ-आफ्ना वर्णलाई बनाइएका धर्महरूको अनुष्ठान (सम्पादन) गरेर मर्यादाको पालन गरिरहेका ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रहरूका साथै आ-आफ्ना आश्रमलाई बनाइएका धर्महरूको पालन गरिरहेका ब्रह्मचारी, गृहस्थ,

---

१. प्रस्तुत शोधप्रबन्धमा अनेक ठाउँमा विभ्रम शब्दको प्रयोग गरिएको छ । विभ्रमको अर्थ दण्डको अभाव (दण्डनीय पुरुषलाई दण्ड नदिनु) र दण्डको अनुचित प्रयोग (अदण्डनीय पुरुषलाई दण्ड दिनु) दुवै अर्थ बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वे स्वे धर्मे निविष्टानां वर्णानामाश्रमाणां चाभिरक्षिता राजा सृष्टः' इत्यभिधायादिराजेन [१]मनुनैव स्वधर्मपालनं कुर्वतां सर्वथा संरक्षणं राज्ञः कर्तव्यत्वेन निर्दिष्टम्।

वर्णाश्रमधर्मरक्षणं दण्डस्य कर्तव्यम्

तस्य वर्णाश्रमधर्मरक्षकस्य राज्ञः प्रयोजनसिद्धये सर्वेषां प्राणिनां रक्षितारं धर्मस्य स्वरूपभूतं ब्रह्मतेजसा निर्मितमात्मजनितं दण्डं सृष्टिकाले ईश्वरः सृष्टवान्। एतदपि **'तस्यार्थे** (राज्ञोऽर्थे) **सर्वभूतानां गोप्तारं धर्मम् आत्मजं ब्रह्मतेजोमयं दण्डमीश्वरः पूर्वमसृजत्'** इत्यनेन [२]मनुनैवोक्तम्।

उपरि निर्दिष्टमनूक्त्या वर्णाश्रमधर्मपरिपालनं कुर्वतां वर्णानामाश्रमाणामपि संरक्षणं राज्ञः कर्तव्यमभिहितम्। तत्र **'राज्ञः प्रयोजनसिद्धये ईश्वरः ब्रह्मतेजःसमन्वितं धर्मस्वरूपमात्मजनितं सर्वभूतानां गोप्तारं दण्डं सृष्टवान्'** इत्यधोनिर्दिष्टमनूक्त्या च वर्णाश्रमधर्मस्य परिपालनं कुर्वतां संरक्षणं दण्डस्य कर्तव्यम्, स च दण्डो वर्णाश्रमधर्मपरिपालनमाचरतां संरक्षकस्य राज्ञः प्रयोजनसिद्ध्यर्थं सृष्ट इत्यपि चाभिहितम्। एतेन

१. ७/३५ मनुः।

२. ७/१४ मनुः।

वानप्रस्थ एवं संन्यासीहरूका संरक्षकका रूपमा सृष्टिकर्ताद्वारा राजाको सृष्टि गरिएको हो। यी सबै कुरा- 'आ-आफ्ना वर्णमा एवं आश्रममा रहेका सबै पुरुषहरूका संरक्षकका रूपमा राजाको सृष्टि गरिएको हो' (मनु. ७/३५) भनी आदिराज मनुले नै बताएका छन्।[२] यसै सन्दर्भबाट मनुले आ-आफ्ना धर्मको पालन गरिरहेका प्रजाहरूको संरक्षण गर्नु राजाको परम कर्तव्य हो भन्ने कुराको निर्देशन गरेका छन्।

वर्ण एवं आश्रमका धर्मको संरक्षण गर्नु दण्डको कर्तव्य हो-

चारै वर्णका एवं चारै आश्रमका संरक्षकका रूपमा रहेका राजाका उद्देश्यहरू पूरा गराउनका लागि (साधनका रूपमा) सबै प्राणीहरूको संरक्षण गर्न सक्ने, धर्मकै स्वरूपमा रहेको, ब्रह्मतेजले युक्त भएको, (आफ्नै तेजले निर्माण गरिएको हुनाले, ब्रह्माजीको आफ्नै) पुत्रसमान मानिएको दण्डको निर्माण सृष्टिकर्ताले सृष्टिको आरम्भमा नै गरेका हुन्। यो कुरा पनि- **तस्यार्थे०** अर्थात् 'ईश्वरले राजाका लागि सबै प्राणीहरूको संरक्षण गर्ने, धर्मरूप, पुत्रतुल्य, ब्रह्मतेजले समन्वित दण्ड पहिले नै सृजना गरे' (मनु. ७/१४) भनी मनुले नै बताएका छन्।[३]

माथि उद्धरण गरिएका मनुका उक्तिद्वारा वर्ण एवं आश्रमका धर्महरूको पालना गरिरहेका प्रजाहरूको र वर्ण एवं आश्रमको संरक्षण गर्नु राजाको कर्तव्य हो भन्ने कुरा स्पष्ट हुन्छ। 'राजाको उद्देश्य पूर्तिका लागि ईश्वरले प्रयोजनले युक्त भएको, धर्मका रूपमा अवस्थित, पुत्रसमान, सबै प्राणीहरूको रक्षा गर्ने दण्डको निर्माण गरे' भन्ने पछि उद्धरण गरिएको मनुको उक्तिबाट पनि वर्ण एवं आश्रमका धर्महरूको पालना गरिरहेका पुरुषहरूको संरक्षण गर्नु दण्डको कर्तव्य हो र

२. आफ्ना धर्मको पालन गरिरहेका पुरुषहरूको संरक्षण नगर्ने राजा दोषी हुन्छन् तर आफ्ना धर्मबाट च्युत भएका पुरुषको संरक्षण नगरे पनि राजा दोषी हुँदैनन् भनी उद्धृत पद्यको तात्पर्य मन्वर्थमुक्तावलीमा अभिव्यक्त गरिएको छ।

३. ब्रह्माजीले पहिले दण्डको निर्माण गरेका हुन्, पाञ्चभौतिक शरीरको निर्माण गरेका होइनन् भन्ने उद्धृत पद्यको तात्पर्य भएको तथ्य मन्वर्थमुक्तावलीमा देखाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञस्तत्प्रयोजनसिद्ध्यर्थं सृष्टस्य दण्डस्य च स्वधर्मपरिपालनं कुर्वतां ब्राह्मणानाम्, क्षत्रियाणाम्, वैश्यानाम्, शूद्राणाम्, ब्रह्मचारिणाम्, गृहस्थानाम्, वानप्रस्थानां संन्यासिनामपि सर्वतः सर्वैरुपायैः संरक्षणं कर्तव्यत्वेन निर्दिष्टं भवति।

कृष्णवर्णसमन्वितो रक्तनेत्रः पापनाशको दण्डोऽभिमतः। यत्र वै तादृशो दण्डो विचरति, तादृशस्य दण्डस्य प्रयोक्ता नेता च प्रजापालकः प्रजानां समुत्थितान् व्यवहारान् साधु पश्यति चेत् तत्र स्थितास्तद्राज्ञो राष्ट्रे वर्तमानाः सर्वाः प्रजाश्चत्वारो वर्णाश्चतुराश्रमिण इतरे अवान्तरजातयश्च कदाचिदपि न मुह्यन्ति, मार्गमेवानुसरन्ति, दण्डविभ्रमाद् व्याकुला न भवन्ति। सर्वासां प्रजानां परस्परं राजनि चानुरागं जनयति, असमीक्ष्य प्रयुक्तो दण्ड एव सर्वतो विनाशभावं जनयति। यदि तादृशो दण्डो विचरति दुष्टान् दमयन् तर्हि तत्र बलवत्तरैः दुर्बलानां मत्स्यधातकैः शूले मत्स्यानारोप्य पचनमिव पचनं ग्रसनं च कर्तुं स दण्डो नैव दद्यात्। यदि तादृशो दण्डो भूमिपालेन दुष्टादुष्टपरिज्ञानपुरःसरं दण्डार्हेषु दुष्टेषु विनिपात्य नियमनम्, पुरस्कार्येषु साधुषु च पुरस्कारं वितीर्य धर्मसंरक्षणं च

उक्त दण्ड वर्ण एवं आश्रमका धर्महरूको पालना गरिरहेका पुरुषको संरक्षण गर्ने जिम्मा पाएका राजाको उद्देश्य पूर्ति गर्नका लागि निर्माण गरिएको हो भन्ने तथ्य पनि स्पष्ट हुन्छ। प्रस्तुत प्रसङ्गबाट राजाका लागि र राजाका कार्य सफल बनाउनका लागि निर्माण गरिएका दण्डको- 'आ-आफ्ना धर्मको पालना गरिरहेका, ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रहरूको साथै ब्रह्मचारीहरूको, गृहस्थहरूको, वानप्रस्थहरूको र संन्यासीहरूको पनि सबैतिरबाट सबै उपायको अवलम्बन गर्दै संरक्षण गर्नु कर्तव्य हो' भन्ने कुरा प्रमाणित हुन्छ।

दण्ड- कालो वर्ण भएको, राता आँखा भएको र पाप नष्ट गराउने स्वभाव भएको हुन्छ भनी वर्णन गरिएको छ। जहाँ यसप्रकारको दण्ड विचरण गर्छ (न्याय व्यवस्था हुन्छ), साथै जहाँ यसप्रकारका दण्डका प्रयोक्ता एवं प्रजाहरूका पालक नेता (राजा) ले प्रजाहरूद्वारा गरिएका व्यवहार राम्ररी निरीक्षण गरिरहेका हुन्छन् त्यस ठाउँमा वा त्यस राष्ट्रमा रहेका चारै वर्णमा पर्ने प्रजाहरू, चारै आश्रममा रहेका प्रजाहरू साथै अवान्तर जातिभित्र पर्ने प्रजाहरू कहिल्यै पनि मोहित हुँदैनन्, सधैँ सन्मार्गको नै अनुसरण गर्दछन् र दण्डको विभ्रमले (नियम-कानुनको अभावले वा अनुचित प्रयोगले) गर्दा व्याकुल बन्दैनन्। राम्रो दण्डले (न्यायव्यवस्थाले) प्रजाहरूमा परस्परमा प्रेम उत्पन्न गराउँछ र राजाप्रति पनि अनुराग उत्पन्न गराउँछ।[४] राम्ररी विचार गरेर (नियम सङ्गत तरिकाले) प्रयोग गरिएन भने त्यसै दण्डले नै चारैतिरबाट विनाश निम्त्याउँछ। माथि बताइएका विशेषताले युक्त भएको दण्ड दुष्टहरूलाई नियन्त्रण गर्दै लोकमा विचरण गरिरहेका अवस्थामा (नियम कानुन सुदृढ भएका स्थितिमा) बलियाहरूले (शक्तिशालीहरूले) दुर्बललाई दुःख दिन सक्दैनन्। जसरी माछा मार्ने मनुष्यले बल्छीमा गोबेर माछालाई यातना दिने गर्छन् त्यसरी बलिया पुरुषद्वारा दुर्बल (निरपराध) पुरुषलाई पीडित बन्न दण्डले नै दिँदैन। यो दुष्ट (अपराधी) हो र यो दुष्ट (अपराधी) होइन भन्ने यथार्थ निर्णय गरी उक्त शक्तिशाली दण्डले युक्त भएका राजाले दण्ड दिन योग्य दुष्टलाई दण्ड दिएर नियन्त्रण गर्ने र पुरस्कार

---

४. यस अनुच्छेदमा भनिएका कुरा मनुस्मृतिको निम्न पद्यबाट प्रमाणित हुन्छन् -
यत्र श्यामो लोहिताक्षो दण्डश्चरति पापहा। प्रजास्तत्र न मुह्यन्ते नेता चेत्साधु पश्यति॥ (मनु. ७/२५) यही पद्य महाभारतमा पनि उपलब्ध हुन्छ (महाभारतम्, शान्तिपर्व, १५/११)। मात्र पापहाका ठाउँमा सूद्यतः पाठान्तर पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधीयेत, तर्हि तत्र काकः परोडाशमत्तुं न प्रभवेत्। कुकुरोऽपि हविषो लेहने समर्थो न भवेत्। सर्वेषां स्वत्वस्य संरक्षणमपि सम्यक्तया सम्पद्येत। नीचः शूद्रादिः उत्कृष्टानां ब्राह्मणादीनामाचरणानामनुष्ठानं कर्तुं नैव प्रभवेत्, उत्कृष्टश्च ब्राह्मणादिः नीचस्य शूद्रादेराचरणस्यानुष्ठानं कर्तुं नेहेत।

सर्वो हि लोको दण्डेनैव वशीकृतो मर्यादामनुसरति, स्वधर्मपरिपालनं कुरुते, न्यायेनैव मार्गेण धनानामर्जनं कुरुते, स्व-स्वत्वविनियोगेनैव परिसन्तुष्टश्च भवति। सर्वं जगद् दण्डस्य भयादेव पराक्रमणमन्तरा स्वकीय-स्वत्वस्य भोगाय च समर्थो भवति। किं नाम मानवानाम्, अपि तु स्वर्गस्था इन्द्रादयो देवतास्तथा दानवाः, गन्धर्वाः, रक्षांसि, पतत्त्रिणः सर्पा अपि च जगदीश्वरपरमार्थभयपीडिताः सन्तः अर्थात् दण्डेनैव नियमिताः सन्तो भोगाय कल्पन्ते। यस्य परमात्मनो दण्डस्य भयादेव वायुर्वहति, सूर्यस्तपति, चन्द्रः प्रकाशते, इन्द्रो वर्षति, अग्निर्ज्वलति, पृथ्वी सस्यप्ररोहादिकं विधाय फलति, गौर्दुग्धं प्रपूरयति, जलं जीवनदानाय प्रवहति, आकाशमवकाशप्रदानं कुरुते, मृत्युश्च तस्य परमात्मनो दण्डस्य भयादेव हि धावति जीवानाकलयितुम्। एतत्सर्वम्- 'सर्वो लोको डण्डजितः, शुचिर्नरो दुर्लभः, दण्डस्य भयात् सर्वं जगद् भोगाय कल्पते, देवदानवगन्धर्वा रक्षांसि पतगोरगा अपि दण्डेनैव निपीडिता भोगाय कल्पन्ते' इत्युक्त्या भगवता [३]मनुना समाम्नातम्।

३. ७/२२-२३ मनुः। {अनयोः पद्ययोर्व्याख्या मन्वर्थमुक्तावल्यामित्थं कृतास्ति- सर्वोऽयं लोको दण्डेनैन नियमितः सन्मार्गेऽवतिष्ठते, स्वभावविशुद्धो हि मानुषः कष्टेन लभ्यते, तथा सर्वमिदञ्जगद् दण्डस्यैव भयादावश्यकभोजनादि-रूपेऽपि भोगे समर्थं भवति ॥२२॥ उक्तमपि दण्डस्य भोगसम्पादकत्वं दार्ढ्यार्थं पुनरुच्यते- इन्द्राग्निसूर्यवाय्वादयो देवास्तथा दानवगन्धर्वराक्षसपक्षिसर्पा अपि 'जगदीश्वरपरमार्थभयपीडिता एव वर्षादानाद्युपकाराय प्रवर्तन्ते'। तथा च श्रुतिः- **'भयादस्याग्निस्तपति, भयात्तपति सूर्यः, भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पञ्चमः'** इति।}

दिन योग्य सज्जनलाई पुरस्कार दिएर धर्मको संरक्षण गर्ने हो भने कसैले पनि अरूको भाग खोस्न सक्दैन। कौवाले पुरोडाश (हवनीय पदार्थ) खान सक्दैन। कुकुर पनि घिउ चाट्न समर्थ हुँदैन। (कसैले पनि अरूका वस्तुमा अधिकार जमाउन पाउँदैन) सबैको आफ्नोपनको संरक्षण पनि राम्ररी हुन्छ। नीच शूद्र आदिले उत्कृष्ट ब्राह्मण आदिका आचरणको अनुष्ठान गर्ने साहस गर्दैनन् भने उत्कृष्ट ब्राह्मण आदिले पनि नीच शूद्र आदिका आचरणको अनुसरण गर्ने चेष्टा गर्दैनन्।[५]

सबै मानिसले दण्डका अधीनमा भएका हुनाले मर्यादाको अनुसरण गर्छन्, आफ्ना धर्मको पालना गर्छन्, न्यायपूर्वक नै धनको आर्जन गर्छन् र आफ्नै सम्पत्ति बाँडी चुँडी उपभोग गरेर सन्तोषको अनुभव गर्छन्। सम्पूर्ण संसार दण्डको डरले नै अरूलाई आक्रमण नगरीकन आफ्ना सम्पत्तिको उपभोग गर्न (वा कर्तव्य निर्वाह गर्न) समर्थ हुन्छ। मनुष्यहरूको मात्रै के कुरा गर्ने- स्वर्गमा रहेका इन्द्र आदि देवताहरूले, त्यसै प्रकारले दानवहरूले, गन्धर्वहरूले, राक्षसहरूले, पक्षीहरूले र सर्पहरूले पनि जगन्नियन्ता जगदीश्वरका (परमार्थ) भयले पीडित भएर अर्थात् दण्डद्वारा नियन्त्रित भएर आ-आफ्ना अधिकारको उपभोग गरिरहेका (कर्तव्यको पालन गरिरहेका) हुन्छन्। उनै परमात्माको दण्डको डरले हावा बग्दछ, सूर्यले ताप (तातोपन) दिन्छ, चन्द्रमाले प्रकाश (उज्यालो) दिन्छ, इन्द्रले वृष्टि गर्छन्, आगो बल्दछ, पृथिवीले

---

५. प्रस्तुत अनुच्छेदको अन्तमा मनुस्मृतिको सातौं अध्यायका १९ देखि २१ सम्मका पद्यको भाव व्यक्त गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[४]कठोपनिषद्यपि- **'भयादस्याग्निस्तपति भयात्तपति सूर्यः । भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पञ्चमः ।।'** इति समाम्नाय परमात्मनो भयादेवैतेषां स्व-स्वकार्यपरकत्वं निर्दिष्टम् ।

तथैव [५]तैत्तिरीयोपनिषदि- **'भीषास्माद्वातः पवते । भीषोदेति सूर्यः । भीषास्मादग्निश्चेन्द्रश्च । मृत्युर्धावति पञ्चमः ।'** इति समाम्नाय वायुसूर्याग्निचन्द्रयमानां पञ्चानामेव दण्डभयादेव प्रवहणादिकार्योद्गता प्रवृत्तिर्दर्शिता ।

त्रिवर्गस्य दण्डरूपत्वम्

दण्डो नाम लोके मर्यादास्थापकः । सर्वाः प्रजा दण्डः शास्ति । सर्वाः प्रजा दण्ड एवाभिरक्षति । सर्वेषु लोकेषु सुप्तेषु एको दण्ड एव अनिद्रोऽनलसो भूत्वा जागरः सन् सर्वान् लोकान् अभितः संरक्षति । इत्थमभितो लोकसंरक्षणात् बुधा दण्डं धर्ममिति कथयन्ति । इह जनिमाप्तैः पुरुषैः स्वोदयप्रयोजनसिद्धये समर्जनीयत्वेन

४. कठोपनिषद् अध्यायः २, वल्ली ६, मन्त्रः ३ ।

५. तैत्तिरीयोपनिषत्, २ (ब्रह्मानन्द) वल्ली, ८ अनुवाकः, १ मन्त्रः ।

धान्यादि अङ्कुर उत्पन्न गराएर फलाउने गर्छ, गाईले दूध दिन्छ, जलले जीवन प्रदान गर्ने गर्छ र आकाशले अवकाश (खाली ठाउँ) उपलब्ध गराउने गर्छ । मृत्यु पनि उनै परमात्माका दण्डका डरले नै प्राणीलाई ग्रस्त गर्न (मार्न) दौडिरहेको हुन्छ । यी सबै कुरा- 'यो सम्पूर्ण संसार दण्डद्वारा जितिएको छ, स्वभावतः पवित्र (सज्जन) मनुष्य दुर्लभ छन्, दण्डकै डरले गर्दा सबै प्राणी आ-आफ्ना भोजन आदि अत्यावश्यक पदार्थको उपभोग गर्न समर्थ हुन्छन् अर्थात् कर्तव्यको पालना गरिरहेका हुन्छन्, देवता, दानव, गन्धर्व, राक्षस, पक्षी एवं सर्पहरू पनि दण्डद्वारा नै पीडित भएर (सन्त्रस्त बनेर) भोगमा समर्थ हुन्छन् अर्थात् आ-आफ्ना उत्तरदायित्व निर्वाह गरिरहेका (जलदानानि उपकारमा संलग्न भएका) हुन्छन्' (मनु. ७/२२-२३) भनी भगवान् मनुले नै भनेका छन् ।

कठोपनिषद्मा पनि **भयादस्या०** अर्थात् 'परमात्माको डरले अग्निले तातो दिन्छ, सूर्यले तताउँछ, परमात्माकै डरले इन्द्र र वायुले आफ्नो कार्य सम्पन्न गर्छन्, पाँचवाँ मृत्यु पनि परमात्माका डरले नै प्राणीहरूको प्राणहरण गर्न दौडिरहेको हुन्छ' (क.उ. २/६/३) मन्त्रद्वारा परमात्माकै डरले सबै आ-आफ्ना कार्यमा लागिरहेका हुन्छन् भनी देखाइएको छ ।[६] तैत्तिरीयोपनिषद्मा पनि **भीषा०** अर्थात् 'परमात्माबाट डराएर वायु बहन्छ । परमात्माकै डरले सूर्य प्रतिदिन उदाउँछ । परमात्माबाटै डराएर अग्निले र इन्द्रले आफ्नो जिम्मेवारी वहन गर्छन् । पाँचौं मृत्यु पनि परमात्माबाट

६. क) कठोपनिषद् अध्याय, वल्ली र मन्त्रमा विभक्त कृष्णयजुर्वेदको कठशाखासित सम्बद्ध उपनिषद् हो ।
ख) कठोपनिषद्बाट उद्धृत दोस्रो अध्यायको छैटौं वल्लीको तेस्रो मन्त्रको शाङ्करभाष्यमा **'स्वामिभयभीतानामिव भृत्यानां नियता प्रवृत्तिरुपपद्यते'** अर्थात् 'ईश्वर- अग्नि आदिका अगाडि दण्ड लिएर उभिएका हुँदैनन् तर जसरी मालिकबाट डराएका सेवकहरू आफै नै कार्यमा प्रवृत्त हुन्छन् त्यसरी नै अग्नि आदि देवता पनि भयका कारण स्वयं नै आ-आफ्ना कार्यमा प्रवृत्त हुन्छन्' भनिएको छ । पुनश्च ब्रह्मयोगीको व्याख्यायुक्त कठवल्युपनिषद्मा अध्यायगत विभाजन देखिँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थितस्य धर्मार्थकामाख्यस्य त्रिवर्गस्य संरक्षणं दण्ड एवाचरतीति त्रिवर्गो दण्ड इत्युच्यते । एवमेव [६]मनुना [७]व्यासेन च दण्डस्यैव पुरुषत्वम्, शासकत्वम्, संरक्षकत्वम्, धर्मत्वम्, त्रिवर्गसाधकत्वमपि निर्दिष्टम् ।

प्रत्यक्षाप्रत्यक्षदण्डभयात् पापानाचरणम्

लोके केचिद् राजदण्डभयात् पापं नाचरन्ति । केचित् पुनर्यमदण्डभयात् पापं नाचरन्ति । केचित् पुनः परस्मिन् लोके प्राप्स्यमानमहद्दुःखभयात् पापं नाचरन्ति । केचिदपरे पुनः परस्परभयात् पापं नाचरन्ति ।

एतच्च सर्वं [८]व्यासेनाभिहितम्-

तत्र राजदण्डभयं परस्परभयं प्रत्यक्षात्मको दण्डः । यमदण्डः परलोकभयञ्चाप्रत्यक्षात्मको दण्डः ।

६. ७/१७-१८ मनुः ।

७. महाभारतम्, शान्तिपर्व (राजधर्मानुशासनपर्व), १५ अध्यायः, २-३ श्लोकौ ।
{दण्डः शास्ति प्रजाः सर्वा दण्ड एवाभिरक्षति । दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर्बुधाः ॥
दण्डः संरक्षते धर्मं तथैवार्थं जनाधिपः । कामं संरक्षते दण्डस्त्रिवर्गो दण्ड उच्यते ॥}

८. महाभाभारतम्, शान्तिपर्व (राजधर्मानुशासनपर्व), अध्यायः १५, ५-६ श्लोकौ ।
{राजदण्डभयादेके पापाः पापं न कुर्वते । यमदण्डभयादेके परलोकभयादपि ॥
परस्परभयादेके पापाः पापं न कुर्वते । एवं सांसिद्धिके लोके सर्वं दण्डे व्यवस्थितम् ॥} {सांसिद्धिके पशुवद्दण्डार्हस्वभावे}

डराएरै प्राणीहरूका प्राणहरण गर्न दौडिरहेको हुन्छ'[७] (तै.उ.२/८/१) भनी वायु, सूर्य, अग्नि, चन्द्र एवं यम- यी पाँचै दण्डको भयले वहने आदि कार्यमा प्रवृत्त हुन्छन् भनी देखाइएको छ ।

त्रिवर्ग (धर्म, अर्थ एवं काम) को दण्डरूपता-

दण्ड भनेको लोकमा मर्यादाको स्थापना गर्ने साधन हो । दण्डले नै सबै प्रजाहरू माथि शासन गर्दछ । सबै प्राणीहरू सुतिरहेका र निदाइरहेका अवस्था पनि एउटामात्र दण्ड निदाइरहेको वा सुतिरहेको (निष्क्रय बनेको) हुँदैन । त्यसै दण्डले आलस्य रहित भई जागा रहेर चारैतिरबाट प्रजाहरूको संरक्षण गरिरहेको हुन्छ । यसरी लोकको संरक्षण गर्ने हुनाले विद्वान्हरू दण्डलाई धर्म भन्छन् । यस संसारमा जन्मिएका सबै पुरुषले आफ्ना जन्मका उद्देश्य पूर्तिका लागि समर्जनीय तत्त्वका रूपमा स्वीकार गरेका धर्म, अर्थ एवं कामरूप त्रिवर्गको संरक्षण गर्ने कार्य दण्डले नै गर्छ । अतः त्रिवर्ग नै दण्ड हो भनिन्छ । मनुले (मनु. ७/१७-१८) र व्यासले (म.भा., शा.प. १५/२-३) पनि दण्ड नै पुरुषार्थ हो, शासक हो, संरक्षक हो, धर्म हो र त्रिवर्गको साधन हो भनी बताएका छन् ।

७. क) **तैत्तिरीयोपनिषद्** कृष्णयजुर्वेदको तैत्तिरीयशाखासित सम्बद्ध उपनिषद् हो र यो उपनिषद् वल्ली, अनुवाक एवं मन्त्रमा विभक्त छ ।
ख) तैत्तिरीयोपनिद्को दोस्रो (ब्रह्मानन्द) वल्लीको आठौं अनुवाकको प्रथम मन्त्रको उद्धृत अंशको व्याख्या यसरी गर्न सकिन्छ- वातसूर्याग्नीन्द्रमृत्युप्रभृतयः स्थावरलोकदृष्ट्या स्वतन्त्रा ईश्वरा अपि भयहेतोः अस्मादीश्वरात् सर्वप्रशास्तुः भीषा भयेन बह्वायाससाध्यपवनादिकार्येष्वप्रमत्ता नियमेन प्रवर्तन्ते । न हि प्रशास्तर्यसति तेषां नियमेन प्रवृत्तिरुपपद्यते । तस्मात्तेषामस्ति भयकारणं प्रशास्तृ ब्रह्म । यतस्ते दण्डोद्यतकरराजभृत्या इव यद्भयादनवरतं प्रवर्तन्ते । तदेतद् भयकारणं परमानन्दरूपं ब्रह्म अस्तीत्युक्तम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यप्यधुना लोकेषु विकृतिमापन्नो राजदण्डो बलवत्तमानां स्वार्थपूर्तये निष्पन्न इव संलक्ष्यते तथापि राजदण्डस्योत्पत्तिः पूर्वोक्तप्रकारेण दुष्टानां दमनाय साधूनां संरक्षणायैव जातेति तु निश्चितम्।

अस्माकं नेपालदेशे राजसत्ताया विद्यमानतयाधुनापि ततो विधीयमानं कार्यजातं प्रजानुकूलं संलक्ष्यते।

यदि नाम चतुर्भेदसमन्वित उभयविधो दण्डो लोके न स्यात्तर्हि तु इमाः सर्वे लोकस्थिताः प्रजाः (जनाः) परस्परविहिंसनान्नाशमवाप्नुयुः। बलवत्तराश्च दुर्बलान् जले मत्स्यानिवाभक्षयन्। साधु (सम्यक्) प्रणीतः (प्रयुक्तः) दण्डः प्रजा रक्षतीति पूर्वं ब्रह्मणोक्तं सत्यमेव। अवलोकनीयम्- प्रतिशाभ्य भीताः सन्तर्जिता अग्नयो दण्डस्य भयादेव प्रज्वलन्ति। यदि नाम साध्वसाधुनी विभजन् न दण्डः स्यात् तर्हि अन्धं तम इवेदं चराचरात्मकं जगत् किमपि न प्राज्ञायत। सम्भिन्नमर्यादा नास्तिका वेदनिन्दकाश्च ये नराः सन्ति तेऽपि दण्देनैव नियमिताः सत्वरं भोगाय कल्पन्ते, मर्यादास्ववतिष्ठन्ति, स्व-स्वधर्माचरणं कुर्वन्ति। दण्डवशीभूताः समे जनाः शौचं धारयन्ति, व्यवहारशुद्धिमाप्नुवन्ति। दण्डस्याभावे शुचित्वस्य प्राप्तिर्दुर्लभा लोके। सर्वो लोको दण्डभयाद् भीतो भोगाय कल्पते। दण्डस्य भयादेव कर्मकरः कार्यं सम्पादयति। दण्डस्य भयादेव कस्मिंश्चिदपि साधिकारपदे स्थितोऽधिकारी सम्यक् कार्यकारिणे कर्मकरायोचितभरणदानं कुरुते। तथासम्यक्कारिणे कर्मकराय वितीर्णमपि भरणदानादिकमाच्छिनत्ति।

प्रत्यक्ष एवं अप्रत्यक्ष दण्डको डरले पाप नगर्नु-

यस संसारमा केही मानिसले राजदण्डको डरले पाप (नियम विपरीत कार्य) गर्दैनन्। केही मानिसले यमदण्डको डरले पाप (धर्म विरुद्ध कार्य) गर्दैनन्। केही मानिसले लोकान्तरमा प्राप्त हुने ठूला ठूला दुःखका डरले पाप गर्दैनन्। केहीले परस्परको डरले पाप गर्दैनन्। यी सबै कुरा व्यासले (म.भा., शा.प. १५/५-६) बताएका छन्। उक्त चार प्रकारका भयहरूमध्ये राजदण्डको भय र परस्परको भय प्रत्यक्ष दण्ड हुन्। यमदण्डको र परलोकको भय अप्रत्यक्षात्मक दण्ड हुन्। वर्तमान विश्वमा विकृत बन्न पुगेको राजदण्ड ठूला बडाको स्वार्थ सिद्धिका लागि बनाइएको जस्तो देखिन्छ। यथार्थतः राजदण्डको उत्पत्ति पहिले भनिएअनुसार नै दुष्टहरूको दमन गर्ने र सज्जनहरूको संरक्षण गर्ने उद्देश्यले नै बनाइएको थियो भन्ने कुरामा कुनै शङ्का गर्नुपर्ने स्थिति छैन। नेपालमा अहिले पनि राजसत्ता भएकाले उक्त संस्थाबाट आजसम्म गरिँदै आएका कार्यहरू प्रजाहरूका अनुकूल नै देखिन्छन्।

चारवटा भेदले युक्त भएको दुई प्रकारको दण्ड लोकमा हुँदैनथ्यो भने विश्वका सबै मानिस एक आपसमा मारकाट गरेर समाप्त भइसकेका हुने थिए। जसरी पानीमा रहेका बलिया माछाले साना निर्बल माछालाई खान्छन् त्यसरी नै बलियाहरूले निर्धाहरूलाई खाने थिए (सताउने) थिए। राम्ररी प्रयोग गरिएको दण्डले प्रजाहरूको संरक्षण गर्दछ भनी प्राचीन समयमा ब्रह्माजीद्वारा भनिएको उक्ति सत्य (साँचो) प्रतीत हुन्छ। हामीहरू आफै पनि हेर्न सक्छौ- जगन्नियन्ताबाट डराएका एवं खबरदारी गरिएका (कार्यमा खटाइएका) अग्निहरू दण्डकै डरले बलिरहेका हुन्छन्। राम्रालाई र नराम्रालाई अलग्याउने दण्ड हुँदैनथ्यो भने यो चराचर जगत् नै बाक्लो अँध्याराले ढाकिएको हुने थियो र केही पनि थाहा पाइने थिएन। मर्यादाको उल्लङ्घन गर्ने र वेदको निन्दा गर्ने जति पनि नास्तिक मनुष्यहरू छन् तिनीहरू पनि दण्डद्वारा नै नियन्त्रित भएर भोगका लागि समर्थ बन्दछन् (आ-आफ्ना कर्तव्य निर्वाह गर्छन्), मर्यादामा बस्दछन्, आ-आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चातुर्वर्ण्यमयमिदं जगत् सम्यक्दण्डप्रयोगात् प्रमोदते । {चातुर्वर्ण्या जनाः} स्वे-स्वे कर्मणि निरता भवितुं शक्नुवन्ति । स्व-स्वधर्मपरिपालनाय समर्थाश्च भवन्ति । चातुर्वर्ण्यपरिरक्षणाय च प्रभवन्ति । न कश्चिद्वर्णः स्वधर्ममुत्क्रमते । न कश्चिज्जनः परापवञ्चनं विधत्ते । ब्रह्मचारी भवेत्, गृहस्थो वा भवेत्, उत वानप्रस्थः स्यात्, अथवा संन्यस्त एव किं न भवेत् सर्वे जनाः सर्वेषु आश्रमेषु विद्यमाना दण्डस्यैव भयात् मर्यादावर्त्मनि प्रचरन्ति। ब्रह्मचर्याश्रमे स्थितो ब्रह्मचारी दण्डभयादेव गुरोरनुशासनं शिरसा सन्धार्य अध्येष्यमाणो गुरोरभिमुखं ब्रह्माञ्जलिं विधाय स्वाध्यायस्याध्ययनारम्भे स्वाध्यायाध्ययनस्यावसाने च प्रतिदिनं गुरोः उपसङ्ग्रहणमर्थाद् विधिपूर्वकाभिवादनं विधाय कराभ्यामुभाभ्यामञ्जलिं सम्पाद्य पवित्राणि वासांसि परिधाय इन्द्रियाणि सर्वाणि संयम्य स्वाध्यायाध्ययनाय प्रवर्तते । ब्रह्मचारिणो दण्डभयान्मर्यादावर्त्मानुसरणं [९]व्यासेनोक्तम् । अध्याप्यस्य ब्रह्मचारिणः स्वरूपं गुरोरुपसङ्ग्रहणप्रकारश्च [१०]मनुनाभिहितः ।

९. महाभाभारतम्, शान्तिपर्व (राजधर्मानुशासनपर्व), अध्यायः १५, श्लोकः १२ ।
{ब्रह्मचारी गृहस्थश्च वानप्रस्थश्च भिक्षुकः । दण्डस्यैव भयादेते मनुष्या वर्त्मनि स्थिताः ॥}

१०. २/७०-७२ मनुः ।

धर्मको पालना गर्छन् । दण्डका अधीनमा भएका सबै मनुष्यले शौचाचारको पालन गर्दछन्, त्यसै शौचबाट व्यावहारिक शुद्धि पनि प्राप्त गर्दछन् । दण्डको अभावमा संसारमा पवित्रताको प्राप्ति दुर्लभ छ । सबै मानिस दण्डबाट डराएर नै भोगमा समर्थ बनेका हुन्छन् । दण्डकै डरले कर्मचारीले आफ्नो कार्य सम्पन्न गर्छ । दण्डकै डरले कुनै पनि अधिकार प्राप्त पदमा बसेको अधिकारीले राम्ररी कार्य सम्पादन गर्ने कार्यकर्ता कर्मचारीलाई उचित (तक्मा आदि) पुरस्कार दिन्छ । त्यसरी नै राम्ररी कार्य सम्पादन नगर्ने कर्मचारीलाई दिएको पुरस्कार आदि पनि खोसिदिन्छ । (अधिकारीले कर्मचारीका कार्यसम्पादनको मूल्याङ्कन गरी राम्रो काम गर्नेलाई पुरस्कार दिने र नराम्रो काम गर्नेलाई दण्ड दिने काम गर्छ ।)

चार प्रकारका वर्णहरूले युक्त भएको यो संसार राम्ररी गरिएको दण्डको प्रयोगले नै सन्तुष्ट हुन्छ । दण्डकै कारण चारै वर्णका मनुष्यहरू आ-आफ्ना कार्यमा प्रवृत्त हुन सक्छन् । आ-आफ्ना धर्मको पालन गर्न पनि समर्थ हुन्छन् । चारै वर्णका मानिसको संरक्षण गर्न पनि समर्थ हुन्छन् । कुनै पनि वर्णको मनुष्यले आफ्नो धर्मको उल्लङ्घन गर्दैन । कुनै पनि मनुष्यले अरूलाई ठग्ने काम गर्दैन । ब्रह्मचारी होस्, अथवा गृहस्थ होस्, अथवा वानप्रस्थी होस्, अथवा संन्यासी नै किन न होस्, अर्थात् जुनसुकै आश्रममा बसेका मनुष्य नै किन न होऊन् सबै नै दण्डका डरले मर्यादा मार्गमा हिँड्छन् । ब्रह्मचर्याश्रममा रहेको ब्रह्मचारीले दण्डकै डरले- गुरुको अनुशासन शिरोधार्य गरी अध्ययन गर्न चाहन्छ, स्वाध्याय अध्ययनका आरम्भमा र स्वाध्याय अध्ययनका समापनमा ब्रह्माञ्जलि बाँधेर अभिवादन गर्दछ, प्रत्येक दिन उपसङ्ग्रहण अर्थात् विधिपूर्वक अभिवादन गरी दुवै हात जोडी अञ्जुली बाँधेर प्रणाम गर्दछ, पवित्र (सफा एवं शुद्ध) कपडा लगाएर एवं इन्द्रियहरूलाई नियन्त्रण गरेर स्वाध्याय अध्ययनमा प्रवृत्त हुन्छ । ब्रह्मचारीले दण्डकै डरले मर्यादा मार्गको अनुसरण गर्छ (म.भा., शा.प. १५/१२) भनी व्यासले भनेका छन् । अध्ययन गराइने ब्रह्मचारीका स्वरूपको एवं ब्रह्मचारीद्वारा गरिने गुरुका अभिवादनको विधि मनुले (मनु. २/७०-७२) बताएका छन् ।[८]

८. पादटिप्पणीमा सङ्केतित तीन पद्यमध्ये पहिलो पद्यमा 'अध्ययन गर्न चाहने, शास्त्रविधिअनुसार आचमन गरेको, उत्तरतिर मुख फर्काएर बसेको, ब्रह्माञ्जलि बाँधी अभिवादन गरेको, पवित्र कपडा लगाएको र जितेन्द्रिय शिष्यलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थाश्रमे विद्यमानो गृहस्थश्च दण्डस्य भयादेव गृहस्थाश्रमस्य कृते शास्त्रचोदितान् धर्मान् समाज-विनिर्मितान् नियमांश्च परिपालयति।

शास्त्रं च गृहस्थाश्रमे विद्यमानानां कृते शास्त्रीयधर्माणां समनुष्ठानाय लौकिकधर्माणां परिपालनाय च समभिधानं कुरुते, प्रवर्तनामभिधत्ते, प्रवृत्तिमुत्पादयति, सर्वथा नियमनेन नियोगं च विधत्ते।

गृहस्थस्य कृते विहिता धर्माः

गृहस्थाश्रमो हि जीवनस्य द्वितीयभागे परिचर्यमाणतया द्वितीयत्वेन विद्यमानोऽपि[११] सर्वेषामितराश्रमसन्निविष्टानां नराणां ज्ञानदानेनान्नदानेन च सम्भावकतया [१२]ज्येष्ठतामाप्नोति।

गृहस्थाश्रमिणो लोकोपकारकाणि कर्माणि

अस्मिन् आश्रमे स्थितो नरोऽनेकधा लोकमुपकुरुते। अस्मिन्नाश्रमे स्थितस्य नरस्य कृते यानि कर्माणि विहितानि तानि सर्वाणि कर्माणि प्रत्यक्षाप्रत्यक्षतया लोकोपकारकाणि प्रायः संलक्ष्यन्ते।

११. {द्वितीयमायुषो भागं कृतदारो गृहे वसेत्।- ५-१६९ मनुः।}

१२. ३/७८ मनुः। {तस्मात् ज्येष्ठाश्रमो गृही}

गृहस्थाश्रममा रहेको गृहस्थले पनि दण्डकै डरले गृहस्थहरूका लागि शास्त्रद्वारा बताइएका र समाजद्वारा बनाइएका नियमहरूको पालना गर्छ। शास्त्रले- गृहस्थाश्रममा रहेका गृहस्थहरूलाई शास्त्रीयधर्महरूको पालना गर्नुपर्छ र लौकिकधर्महरूको पनि पालना गर्नुपर्छ भनेको छ, उक्त धर्म पालन गर्न अभिप्रेरित गरेको छ, उक्त धर्म पालन गर्न उन्मुख गराएको छ, साथै उक्त धर्महरू अनिवार्य पालन गर्नुपर्छ भनी खटाएको पनि छ।

गृहस्थका लागि पालन गर्नुपर्छ भनी बताइएका धर्महरू-

जीवनको दोस्रो भागमा प्रवेश गरिने हुनाले गृहस्थ आश्रमलाई दोस्रो आश्रम भनिन्छ (मनु. ५/१६९)। अन्य सबै आश्रममा रहेका मनुष्यहरूलाई ज्ञानदान गरेर एवं अन्नदान गरेर सम्मान (पालन-पोषण) गर्ने हुनाले दोस्रो आश्रम भएता पनि गृहस्थाश्रम सबैभन्दा ठूलो आश्रम मानिन्छ (मनु. ३/७८)।

गृहस्थद्वारा गरिने लोकोपकारक कार्यहरू-

गृहस्थाश्रममा रहेको मनुष्यले अनेक प्रकारले लोकको उपकार गर्छ। यस आश्रममा रहेका मनुष्यका लागि जुन जुन कर्म बताइएका छन् ती सबै कर्म प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा प्रायः लोकलाई उपकार गर्ने खालका देखिन्छन्।

गुरुले पढाउनुपर्छ भनिएको छ। यसरी नै दोस्रो पद्यमा 'प्रतिदिन वेद पढ्न थाल्नुभन्दा पहिले र वेद पढेर सकेपछि दुवै हात जोडेर गुरुका चरण ग्रहण गर्नुपर्छ, यसैलाई नै ब्रह्माञ्जलि भनिन्छ' भनी ब्रह्माञ्जलिको अर्थ दिइएको छ। तेस्रो पद्यमा भने 'गुरुका चरणको अभिवादन गर्दा हातलाई दायाँ बायाँ गराएर अर्थात् दायाँ हातले दायाँ चरण र बायाँ हातले बायाँ चरण उपसङ्ग्रहण गर्नुपर्छ' भनिएको छ। जस्तै-

अध्येष्यमाणस्त्वाचान्तो यथाशास्त्रं उदङ्मुखः। ब्रह्माञ्जलिकृतोऽध्याप्यो लघुवासा जितेन्द्रियः॥ २/७०॥

ब्रह्मारम्भेऽवसाने च पादौ ग्राह्यौ गुरोः सदा। संहत्य हस्तावध्येयं स हि ब्रह्माञ्जलिः स्मृतः॥ २/७१॥

व्यत्यस्तपाणिना कार्यमुपसङ्ग्रहणं गुरोः। सव्येन सव्यः स्प्रष्टव्यो दक्षिणेन च दक्षिणः॥ २/७२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थधर्माणां लोकोपकारकत्वम्

गृहस्थस्य द्विजस्य कृते स्मृतयः श्रुतयश्च समनुष्ठेयत्वेन कर्माणि विदधते। स्मृतयो यान् धर्मान् विदधते ते धर्माः स्मार्तत्वेन प्रख्याप्यन्ते। यांश्च धर्मान् श्रुतयोऽभिदधते ते वै धर्माः श्रौतत्वेन निगद्यन्ते। तेषां धर्माणां समनुष्ठानं लोकोपकारकं फलमैहिकमामुष्मिकं वा परलोकोपकारकमापादयति।

श्रौतस्मार्तकर्मानुष्ठानाग्निः

तत्र स्मृतिभिरभिहितानि वैश्वदेवाद्यनुष्ठानात्मकानि स्मार्तानि कर्माणि प्रतिदिनमनुष्ठेयानि पाकसम्पादनात्मकानि लौकिकानि च कर्माणि गृह्याग्नौ विधीयन्ते।

श्रुतिसमाम्नातानि पुनरग्निहोत्रादिकर्माणि वैतानिकाग्निषु समनुष्ठीयन्ते।

गृहस्थहरूद्वारा गरिने धर्मको लोकोपकारकता-

श्रुतिहरूले र स्मृतिहरूले गृहस्थ द्विजहरूद्वारा सम्पन्न गर्नुपर्ने कृत्यहरूको विधान गरेका छन्। स्मृतिहरूले जुन धर्मको विधान गर्छन् त्यस धर्मलाई स्मार्तधर्म भनिन्छ। श्रुतिहरूले जुन धर्मको विधान गर्छन् त्यस धर्मलाई श्रौतधर्म भनिन्छ। उक्त दुवै प्रकारका धर्मको अनुष्ठानले ऐहिक (यसै लोकमा प्रत्यक्ष अनुभव गरिने) र आमुष्मिक (लोकान्तरमा उपभोग गरिने) फल प्रदान गरेर लोकको उपकार गर्छ।

श्रौत एवं स्मार्त कर्म सम्पादन गर्न आवश्यक पर्ने अग्नि-

स्मृतिद्वारा प्रतिपादन गरिएका वैश्वदेव (बलिवैश्वदेव अर्थात् देवयज्ञ, पितृयज्ञ र भूतयज्ञ)[९] अनुष्ठान आदि स्मार्तकर्महरू

---

९. पञ्चमहायज्ञभित्र बलिवैश्वदेव पनि समेटिन्छ तर उक्त शब्दले देवयज्ञ, पितृयज्ञ र भूतयज्ञलाई बुझाउँछ। बलिवैश्वदेव कर्ममा गौबलि, श्वानबलि, काकबलि, देवादिबलि र पीपलिकादिबलि गरी पञ्चबलि देने विधान पाइन्छ।

१. गोबलि- यज्ञमण्डपभन्दा बाहिर पश्चिम दिशामा निम्न मन्त्र पढ्दै गाईलाई पात्रमा बलि दिइन्छ-

ॐ सौरभेय्यः सर्वहिताः पवित्राः पुण्यराशयः।
प्रतिगृह्णन्तु मे ग्रासं गावस्त्रैलोक्यमातरः॥
इदमन्नं गोभ्यो न मम।

२. श्वानबलि- गोबलि दिएपछि यज्ञोपवीतलाई घाँटीमा मालाजस्तो बनाई निम्न मन्त्र पढ्दै कुकुरलाई (जमिनमा) अन्न श्वानबलि दिइन्छ-

ॐ द्वौ श्वानौ श्यामशवलौ वैवस्वतकुलोद्भवौ।
ताभ्यामन्नं प्रदास्यामि स्यातामेतावहिंसकौ॥
इदमन्नं श्वभ्यां न मम।

३. काकबलि

यज्ञोपवीतलाई अपसव्य बनाई निम्न मन्त्र पढ्दै कौवाहरूलाई जमिनमा ग्रास (काकबलि) दिइन्छ-

ॐ ऐन्द्रवारुणवायव्या याम्या वै नैर्ऋतास्तथा।
वायसाः प्रतिगृह्णन्तु भूमौ चाऽन्नं मयार्पितम्॥
इदमन्नं वायसेभ्यो न मम।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थस्य द्विजस्य कृते श्रौताग्निस्मार्ताग्न्योः श्रुतिविहितानां स्मृतिविहतानां च कर्मणां समनुष्ठानं स्मृतिर्विधत्ते । [१३]याज्ञवल्क्यो हि- **गृही स्मार्तं कर्म विवाहाग्नौ दायकालाहृते वाग्नौ कुर्वीत । श्रौतं कर्म वैतानिकाग्निषु कुर्वीत'** इत्यभिधानं कुरुते । [१४]मनुरपि तथैव स्मार्तकर्मानुष्ठानार्थमग्निमभिधत्ते । आधानसंस्कारसंस्कृतेऽग्नौ स्वनुष्ठितस्य कर्मणः समीहितफलोपलब्धेराहिताग्नौ कर्मानुष्ठानविधिः ।

स्मार्ताग्नेरावश्यकत्वं कृतदारग्रहस्य गृहस्थस्य कारिकाकारेणोक्तं पारस्करगृह्यसूत्रस्य द्वितीयायाः कण्डिकाया भाष्ये [१५]गदाधरेणोद्धृतम् । तत्रोद्वाहितस्य पितर्युपरते स्मार्ताग्निग्रहणाभावे व्रात्यत्वमभिधाय तादृशेन स्मार्ताग्निरहितेनानुष्ठितानां स्नानजपहोमादिकृत्यानां निष्फलत्वं च निर्दिश्य स्मार्ताग्निग्रहणं विना गृहस्थत्वमात्मानं

१३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, गृहस्थधर्मप्रकरणम्, ९७ श्लोकः ।

१४. ३/६७ मनुः ।

१५. गदाधरभाष्यम्, पारस्करगृहसूत्रम्, {प्रथमं काण्डम्} द्वितीया कण्डिका, सूत्रम् २ ।

एवं प्रत्येक दिन सम्पन्न गर्नुपर्ने पाकसम्पादन (भूतयज्ञ, नृयज्ञ आदिमा प्रयोग गरिने अन्न पकाउने काम) आदि लौकिक कर्महरू गृह्याग्निमा सम्पन्न गरिन्छन् । वेदद्वारा प्रतिपादन गरिएका अग्निहोत्र आदि कर्महरू वैतानिक (यज्ञसम्बद्ध) अग्निमा सम्पन्न गरिन्छन् । गृहस्थ द्विजहरूले श्रुतिद्वारा प्रतिपादन गरिएका कर्महरू श्रौताग्निमा सम्पन्न गर्नुपर्छ र स्मृतिद्वारा प्रतिपादन गरिएका कर्महरू स्मार्ताग्निमा सम्पादन गर्नुपर्छ भनी स्मृतिले विधान गरेको छ । याज्ञवल्क्यले **गृही स्मार्तम्०** अर्थात् 'गृहस्थले स्मार्त (स्मृतिद्वारा प्रतिपादित) कर्म विवाहका समयमा आधान गरिएका अग्निमा अथवा दायाद कालमा आधान गरिएका अग्निमा सम्पादन गरोस्, श्रौत (श्रुतिद्वारा प्रतिपादित अग्निहोत्र आदि) कर्म वैतानिक (आहवनीय आदि) अग्निमा सम्पादन गरोस्' (या.स्मृ. १/९७) भनी उक्त कार्यको विधान गरेका छन् । मनुले पनि स्मार्त कर्मको अनुष्ठानका लागि स्मार्ताग्निको विधान गरेका छन् अर्थात् स्मार्त कर्म स्मार्ताग्निमा सम्पादन गर्नुपर्छ भनेका छन् (मनु. ३/६७) । आधान संस्कारद्वारा संस्कृत बनाइएको अग्निमा विधिपूर्वक सम्पन्न गरिएका कर्मबाट अभिलषित फल प्राप्त हुने भएकाले आधान गरिएका अग्निमा कर्म सम्पादन गर्नुपर्छ भन्ने विधान गरिएको हो ।

---

४. देवादिबलि

पुनः यज्ञोपवीतलाई सव्य बनाई निम्नाङ्कित मन्त्र पढ्दै देवता आदिलाई पातमा अन्न अर्पण (देवादिबलि) गरिन्छ-

ॐ देवा मनुष्याः पशवो वयांसि सिद्धाः सयक्षोरगदैत्यसङ्घाः ।
प्रेताः पिशाचास्तरवः समस्ता ये चान्नमिच्छन्ति मया प्रदत्तम् ॥

इदमन्नं देवादिभ्यो न मम ।

५. पिपीलिकादिवलि

यसरी नै निम्नाङ्कित मन्त्रले कमिला आदिलाई अन्न (पिपीलिकादिबलि) दिइन्छ-

ॐ पिपीलिकाः कीटपतङ्गकाद्या बुभुक्षिताः कर्मनिबन्धबद्धाः ।
तेषां हि तृप्त्यर्थमिदं मयाऽन्नं तेभ्यो विसृष्टं सुखिनो भवन्तु ॥

इदमन्नं पिपीलिकादिभ्यो न मम ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्यमानस्य पाको वृथा जायते, तादृशं वृथापाकं भुञ्जानस्य प्रत्यवायभाक्त्वमप्युक्तमिति कर्मणां समनुष्ठानाय ततः समीहितफलोपलब्धये च गृहाग्निमता भाव्यम्। तादृशगृह्याग्निमान् गृहस्थ एव स्वानुष्ठितैः कर्मभिर्लोको-पकृतिं कर्तुं समर्थः, तदभावे निष्फलैः कर्मभिः कस्याप्युपकृतेरनिष्पत्तेः। तस्माद् गृहस्थेनाहिताग्निमता भाव्यम्। तस्मिंश्चाग्नौ प्रातः समुत्थाय शरीरहितचिन्तनं विधाय मूत्रपुरीषोत्सर्जनादिशौचक्रियां च शास्त्रोक्तानुसारं सम्पाद्य दन्तधावनपूर्वकं विहितेन स्नानादिना शौचं सम्पाद्य प्रातः सन्ध्यां चोपास्य सायं प्रातर्होमस्यानुष्ठानं [१६]गृहस्थिना विधेयम्। होमानन्तरं श्रुतिजपात्मकस्य ब्रह्मयज्ञस्यानुष्ठानं कार्यम्, मनुष्ययज्ञात्पूर्वं वा कार्यम्। तदनन्दरं भूतेभ्यो बलिदानं विधेयम् । बलिहरणानन्तरं श्वचाण्डालवायसादिभ्यो भूमौ अन्नदानादिकं विधेयम् । तदनन्तरं पितृतर्पणात्मकं श्राद्धादिकमनुष्ठेयम्। तत्पश्चाच्चातिथिभोजनात्मकं मनुष्यतर्पणं विधेयम्।

---

१६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, गृहस्थधर्मप्रकरणम्, ९८-९९ श्लोकौ।

विवाहसंस्कार सम्पन्न गरेका गृहस्थहरूका लागि स्मार्त अग्निको आवश्यकता पर्छ भन्ने कुरा कारिकाका (रेणुकारिकाका) लेखकले बताएका छन्। उक्त कथन पारस्करगृह्यसूत्रको दोस्रो कण्डिकाको व्याख्यामा गदाधरले उद्धृत गरेका छन् (पा.गृ.सू. १/२/२ ग.भा.)। उक्त कारिकाहरूमा- विवाहविधि सम्पन्न भइसकेका गृहस्थ- पिताजीको मरण भएपछि पनि स्मार्ताग्नि ग्रहण नगरेका अवस्थामा व्रात्य बन्दछन् भनी व्रात्यताको विधान गरिएको छ। स्मार्ताग्नि ग्रहण नगरेका त्यस प्रकारका व्रात्य गृहस्थहरूद्वारा सम्पन्न गरिएका स्नान-जप-होम आदि क्रिया निष्फल हुन्छन् भनी बताइएको छ। 'स्मार्त अग्नि ग्रहण नगरेका अवस्थामा पनि जसले आफूलाई गृहस्थ भन्दछ त्यस्ता व्यक्तिले पकाएको भोजन वृथा (निष्प्रयोजन) हुन्छ र त्यस प्रकारको वृथा भोजन गर्ने गृहस्थ दोषको भागीदार बन्दछ' समेत भनिएको छ।[१०] अतः कर्महरूको अनुष्ठान गर्नका लागि र गरिएका कर्मबाट अभीष्ट फल प्राप्त गर्नका लागि गृहस्थहरू गृह्याग्निले युक्त हुनुपर्दछ। त्यस प्रकार गृह्याग्निले युक्त भएको गृहस्थ नै आफूद्वारा सम्पादन गरिएका कर्मका माध्यमले लोकको उपकार गर्न समर्थ हुन्छ। गृह्याग्निका अभावमा गरिएका निष्फल कर्महरूद्वारा कसैको पनि उपकार हुन सक्दैन। अतः एव गृहस्थ पुरुष आधान गरिएका अग्निले युक्त हुनुपर्छ। गृहस्थले त्यसै अग्निमा- बिहानमा उठेर, आफ्ना शरीरका हितको चिन्तन गरेर, शास्त्रमा बताइएका विधिअनुसार मलमूत्र त्याग (दिसा पिसाब) आदि शौच (पवित्र हुने) क्रिया सम्पन्न गरेर, दन्तधावनपूर्वक (दाँत माझेर) गरिएका स्नानादिद्वारा शारीरिक शौच सम्पन्न गरेर, प्रभातकालिक सन्ध्याको उपासना गरेर, बिहानमा र साँझमा हवन गर्नुपर्छ (या.स्मृ. १/९८-९९)। हवन सम्पन्न गरेपछि श्रुतिजपात्मक (वेदको अध्ययनरूपी) ब्रह्मयज्ञ सम्पादन गर्नुपर्छ। उक्त श्रुतिजपात्मक ब्रह्मयज्ञ मनुष्ययज्ञ सम्पन्न गर्नुभन्दा पहिले पनि गर्न सकिन्छ। त्यसपछि भूत (प्राणी) हरूलाई बलिदान (भोजन दिने काम) गर्नुपर्छ। बलिदान गरेपछि कुकुर, चाण्डाल, कौवा आदिलाई भुइँमा अन्नदान दिने आदि कार्य गर्नुपर्छ। त्यसपछि पितृहरूलाई तृप्त गराउने (तर्पण) श्राद्ध आदिको अनुष्ठान गर्नुपर्छ। त्यसपछि अतिथिहरूलाई भोजन गराउने मनुष्यतर्पण (मनुष्य यज्ञ) सम्पन्न गर्नुपर्छ (या. स्मृ. १/९९-१०४)।

---

१०. पारस्करगृह्यसूत्रको गदाधरभाष्य (१/२/२) मा उद्धृत पद्यहरूको सार।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि पारस्करेण ब्रह्मयज्ञस्यावसरोऽनिर्दिष्टस्तथापि [१७]कर्काचार्येण मनुष्ययज्ञात् पूर्वं ब्रह्मयज्ञस्यावसरोऽभिहितः।

[१८]हरिहरेण च कात्यायनवाक्यात् पितृतर्पणात् पूर्वमेकः कालः। प्रातराहुतेः पश्चादपरः कालः। वैश्वदेवानुष्ठानानन्तरमपरः काल इति त्रयः काला ब्रह्मयज्ञानुष्ठानस्य कृते दर्शिताः।

अध्ययनमध्यापनं च [१९]ब्रह्मयज्ञः। तत्र ग्रहणाध्ययनं ब्रह्मचर्याश्रमे स्थितो ब्रह्मचारी चरति। अध्यापनमभ्यासाध्ययनं जपात्मकमनुष्ठानादिकं च गृहस्थाश्रमे स्थितो गृहस्थी विधत्ते। यो हि ऋग्वेदी ऋग्वेदसम्बन्धिनो ब्रह्मयज्ञस्यानुष्ठानमाचरति, स देवान् मधुना पयसा च तर्पयति, अर्थात् ऋग्वेदसम्बन्धिब्रह्मयज्ञस्यानुष्ठानजन्यं फलं देवानां मधुपयोभ्यां तृप्तिं जनयति इत्यर्थः।

तथा पितॄंश्च मधुना सर्पिषा च तृप्तिं जनयति।

यो हि यजुर्वेदी यजुर्वेदसम्बन्धिनो ब्रह्मयज्ञस्यानुष्ठानं करोति स घृतेनामृतेन च देवान् तर्पयति। घृतेन मधुना च पितॄन् तर्पयति।

यो हि सामवेदी सामवेदसम्बन्धिनो ब्रह्मयज्ञस्यानुष्ठानं करोति स सोमरसेन घृतेन च देवान् तर्पयति, मधुना सर्पिषा च पितॄन् तर्पयति।

---

१७. कर्कभाष्यम्, पारस्करगृह्यसूत्रम्, द्वितीयं काण्डम्, ९ कण्डिका, ११ सूत्रम्। {हन्तकाराच्च पूर्वं ब्रह्मयज्ञस्यावसरः}

१८. हरिहरभाष्यम् पारस्करगृह्यसूत्रम्, द्वितीयं काण्डम्, ९ कण्डिका,११ सूत्रम्।

१९. मन्वर्थमुक्तावली, मनुस्मृतिः, ३/७० टीका।

पारस्करले ब्रह्मयज्ञ कुन समयमा गर्नुपर्छ भनी समय तोकेका छैनन् तर कर्काचार्यले मनुष्ययज्ञ सम्पादन गर्नुभन्दा पहिले ब्रह्मयज्ञ सम्पन्न गर्नुपर्छ (पा.गृ.सू. २/९/११ कर्कभा.) भनी ब्रह्मयज्ञ सम्पन्न गर्ने समय बताएका छन्। हरिहरले कात्यायनको कथनलाई आधार मानेर ब्रह्मयज्ञ सम्पादनका लागि पितृतर्पणभन्दा पहिले एउटा समय र प्रातःकालिक हवनपछि अर्को समय बताएका छन्। वैश्वदेव सम्पादन गरेपछि पनि ब्रह्मयज्ञ गर्ने सकिने बताएका छन्। यसरी उनले ब्रह्मयज्ञ सम्पादनका लागि तीनवटा समयको निर्देश गरेका छन् (पा.गृ.सू.२/९/११ ह.भा.)।

वैदिक संहिता आदिको अध्ययन गर्नु र अध्ययन गराउनु (पढ्नु र पठाउनु) ब्रह्मयज्ञ हो (मनु. ३/७० म.मु.)। ग्रहणका (ज्ञानका)[११] लागि अध्ययन गर्ने कार्य ब्रह्मचर्याश्रममा रहेको ब्रह्मचारीले गर्दछ। अध्यापन, अभ्यासका लागि गरिने अध्ययन एवं जपात्मक अनुष्ठान आदि गृहस्थाश्रममा रहेको गृहस्थले गर्दछ। ऋग्वेदको अध्येताले ऋग्वेदसित सम्बद्ध ब्रह्मयज्ञको अनुष्ठान गर्दछ। उसले देवताहरूलाई महले र दूधले तृप्त गराउँछ अर्थात् ऋग्वेदसित सम्बद्ध ब्रह्मयज्ञका अनुष्ठानको फल देवताहरूलाई महद्वारा र दूधद्वारा तृप्त गराउनु हो। (ऋग्वेदको अध्येताले देवतालाई महले र दूधले तृप्त गराउँछ भन्ने तात्पर्य हो।) यसै प्रकारले उसले महद्वारा र घिउद्वारा पितृहरूलाई तृप्त गराउँछ। यजुर्वेदको अध्येताले यजुर्वेदसित सम्बद्ध ब्रह्मयज्ञको अनुष्ठान गर्दछ। उसले घिउले र अमृतले देवताहरूलाई तृप्त बनाउँछ। घिउले र महले पितृहरूलाई तृप्त गराउँछ। सामवेदको अध्येताले सामवेदसित सम्बद्ध ब्रह्मयज्ञको अनुष्ठान गर्दछ। उसले

---

११. मिताक्षरामा (या.स्मृ. १/ ४०-४१का अवतरणिकामा) ग्रहणाध्ययन र काम्याध्ययन शब्दको प्रयोग गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो हि अथर्ववेदी अथर्ववेदसम्बन्धिनो ब्रह्मयज्ञस्यानुष्ठानं करोति स देवान् मेदसा तर्पयति, पितॄन् मधुना सर्पिषा च तर्पयति। यश्च वाकोवाक्यम्, पुराणम्, मानवादिधर्मशास्त्रम्, नाराशंसी गाथिकाः (रुद्रदैवत्यान् मन्त्रान्) इतिहासान्, वारुणाद्या विद्याश्च प्रत्यहमधीते सोऽपि मांसेन पायसेन मधुना च देवान् तर्पयति, मधुना घृतेन च पितॄन् तर्पयति। एतत्सर्वं [२०]याज्ञवल्क्येनोक्तम्।

इत्थं प्रत्यहं कृतेन ब्रह्मयज्ञेन देवानां पितॄणां च तृप्तिः सम्पद्यते, तृप्ताश्च ते देवाः पितरश्च पुनस्तर्पयितारं सर्वाणि समीहितानि फलानि सम्प्रदाय तर्पयन्तीति ब्रह्मयज्ञानुष्ठानमुपकृतिं जनयति।

गृहस्थानुष्ठितहोमफलम्

तथैव होमस्यानुष्ठानमपि गृहस्थेनानुष्ठितं लोकोपकृतिं जनयति।

यथा- गृहस्थेन शास्त्रानुसारमग्नौ प्रक्षिप्ताहुतिः सूर्यमुपतिष्ठते। सूर्याच्च ततो वृष्टिर्भवति। वृष्टेश्चान्नम्, तस्माच्च प्रजाः सम्पद्यन्ते। इत्थमेव [२१]मनुनाभिहितम्- 'अग्नौ सम्यक् प्रास्ताहुतिरादित्यमुपतिष्ठते। आदित्याच्च वृष्टिर्जायते। वृष्टेरन्नं ततः प्रजाः जायन्ते' इति।

२०. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ब्रह्मचारिप्रकरणम् ४१-४६ श्लोकाः।

२१. ३/ ७६ मनुः।

सोमरसले र घिउले देवताहरूलाई तृप्त गराउँछ। महले र घिउले पितृहरूलाई तृप्त गराउँछ। अथर्ववेदको अध्येताले अथर्ववेदसित सम्बद्ध ब्रह्मयज्ञको अनुष्ठान गर्दछ। उसले देवताहरूलाई मेदाद्वारा तृप्त गराउँछ र महले एवं घिउले पितृहरूलाई तृप्त गराउँछ। जसले वाकोवाक्य[१२] (प्रश्नोत्तररूप वेदवाक्य), ब्राह्म आदि पुराण, मनु आदिद्वारा निर्मित धर्मशास्त्र, नाराशंसी गाथा (रुद्र देवता भएका मन्त्र), महाभारत आदि इतिहास र वारुणादि विद्याको प्रत्येक दिन अध्ययन गर्दछ त्यसले पनि मासुले, पायसले (खिरले) र महले देवतालाई तृप्त गराउँछ। महले र घिउले पितृहरूलाई तृप्त गराउँछ। यी सबै कुरा याज्ञवल्क्यले बताएका छन् (या.स्मृ. १/४१-४६)।

यसरी प्रत्येक दिन गरिएका ब्रह्मयज्ञद्वारा देवताहरूलाई र पितृहरूलाई तृप्ति मिल्दछ। तृप्त भएका देवताले र पितृहरूले आफूलाई तृप्त गराउने पुरुषलाई उसले चाहेका फल (अभिलषित पदार्थ) दिएर तृप्त गराउँछन् (या.स्मृ. १/४१-४६)। अतः ब्रह्मयज्ञको अनुष्ठानले उपकार गर्दछ।

गृहस्थद्वारा सम्पादन गरिएका हवनको फल-

गृहस्थद्वारा अनुष्ठान गरिएको ब्रह्मयज्ञले जसरी लोकको उपकार गर्दछ त्यसरी नै गृहस्थद्वारा सम्पादन गरिएको हवनको अनुष्ठानले पनि लोकको उपकार गर्दछ। जस्तै- गृहस्थद्वारा शास्त्रानुसार अग्निमा प्रक्षेपण गरिएको आहुति सूर्यमा पुग्दछ। त्यसपछि सूर्यबाट वृष्टि हुन्छ। वृष्टिबाट अन्नको उत्पत्ति हुन्छ। त्यसै अन्नबाट प्रजाहरू सम्पन्न बन्दछन् अर्थात् बाँच्दछन्। यसरी नै मनुले भनेका छन्- यजमानद्वारा अग्निमा राम्ररी (विधिपूर्वक) प्रक्षेपण गरिएको आहुति

१२. मिताक्षराका लेखकले **वाकोवाक्यम्**को अर्थ प्रश्नोत्तरात्मक वेदवाक्य भन्ने गरेका छन्। कथोपकथनले युक्त वाक्य वा तर्कशास्त्र भन्ने अर्थमा पनि वाकोवाक्य शब्दको प्रयोग भएको पाइन्छ। पुनश्च यसै प्रसङ्गमा आएको नाराशंसी गाथा शब्दको अर्थ गर्ने क्रममा **'यज्ञगाथेन्द्रगाथाद्याः'** अर्थात् यज्ञगाथा र इन्द्रगाथा आदि भनेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा वै ब्रह्मयज्ञानुष्ठानेन तर्पिताः सन्तो देवाः पितरश्चानुष्ठातारमभिलषितसर्वप्रकारकफलदानेन तृप्तिं जनयन्ति, एवमेव देवतोद्देशेनाग्नौ प्रक्षिप्ताद् द्रव्याद् यो हि रसः समुत्पद्यते स रसः समेषां प्राणिनां जन्मनो बीजरूपत्वाद् उत्तमो रसः सम्पद्यते। स वै होमानन्तरं समुत्पन्नो रसो यस्य यस्य देवस्योद्देशेनाग्नौ चरुपुरोडाशरूपेण प्रक्षेपः कृतस्तं तं देवं सन्तर्पयति, सन्तृप्ताश्च ते देवा तं तर्पयितारं समभिलषितसर्वविधफलप्रदानेन तर्पयन्ति। न तावता तस्य रसस्य विश्रान्तिः परिसमाप्तिर्वा भवति। अपितु स देवतोद्देशेन अग्नौ द्रव्यप्रक्षेपात् समुत्पन्नो रसः देवान् यजमानं च सन्तर्प्य वायुना प्रेर्यमाणश्चन्द्रलोकमवाप्नोति। चन्द्रमण्डलमाप्तः स रसः सूर्यरश्मिमार्गेण सौरमण्डलं प्रविशति। सौरमण्डलं सम्प्राप्तं भोजनाभ्यवहारिणां भोजनानभ्यवहारिणां च चराचराणां प्राणिनां जननिमित्तं तं रसं सौरमण्डलात् सूर्यः सृजति। सूर्यकृतवृष्टेरोषधयः सम्पद्यन्ते। ओषधिभ्यश्चान्नानि समुत्पद्यन्ते। तस्मादन्नात् पुनर्देवतोदेशेनाग्नौ द्रव्यप्रक्षेपात्मकस्य यज्ञस्यानुष्ठानं सम्पाद्यते। तस्माच्च यज्ञात् पुनः पूर्वोक्तप्रकारेणान्नानि सम्पाद्यन्ते, एवमेवानादि अनन्तं चक्रं सम्परिवर्तते। एवमेव [२२]योगीश्वरेणानाद्यन्तस्यात्मनः स्वकर्मानुरूप-विग्रहपरिग्रहनिरूपणप्रसङ्गे निर्दिष्टम्।

---

२२. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, यतिधर्मप्रकरणम् ७१ श्लोकः।

(सूर्यले रस ग्रहण गर्ने हुनाले) सूर्यमा पुग्दछ। सूर्यबाट वृष्टि हुन्छ। वृष्टिबाट अन्न उत्पन्न हुन्छ र त्यसै अन्नबाट (अन्न खाएर) प्रजा उत्पन्न हुन्छन् (बाँच्छन् पनि) (मनु. ३/७६)।

ब्रह्मयज्ञको अनुष्ठानद्वारा तृप्त गराइएका देवताले र पितृहरूले जसरी उक्त यज्ञ सम्पादन गर्ने पुरुषलाई (अनुष्ठातालाई) उसले चाहेका सबै प्रकारका फल (अभिलषित पदार्थ) दिएर तृप्त गराउँछन् त्यसरी नै देवतालाई प्राप्त होस् भन्ने उद्देश्यले अग्निमा प्रक्षेपण गरिएका पदार्थबाट जुन रस उत्पन्न हुन्छ {त्यसले हवनकर्तालाई तृप्त गराउँछ। तृप्तिक्रम यसप्रकार रहेको छ-} हवनबाट उत्पन्न रस सबै प्राणीहरूका उत्पत्तिको बीज भएकाले उत्तम रसरूप बन्दछ। हवनपछि उत्पन्न भएको रसले जुन जुन देवतालाई उद्देश्य बनाएर अग्निमा चरु, पुरोडाशको प्रक्षेपण गरिएको हुन्छ ती ती देवतालाई तृप्त गराउँछ। तृप्त भएका देवताले आफूलाई तृप्त गराउने अनुष्ठातालाई उसले चाहेका सबै प्रकारका पदार्थ प्रदान गरेर तृप्त गराउँछन्। यतिबाट मात्रै हवनबाट उत्पन्न भएका रसको विश्राम वा समाप्ति हुँदैन। देवतालाई उद्देश्य बनाएर अग्निमा प्रक्षेपण गरिएका पदार्थबाट उत्पन्न भएको रस देवताहरूलाई र यजमानलाई तृप्त बनाएर वायुद्वारा अभिप्रेरित भई चन्द्रलोकमा पुग्दछ। चन्द्रमण्डलमा प्राप्त भएको त्यो रस सूर्यका किरणका माध्यमबाट सौरमण्डलमा (सूर्यका क्षेत्रमा) प्रवेश गर्दछ। सौरमण्डलमा पुगेको एवं भोजन गर्ने (अन्न आदि खाने) र भोजन नगर्ने (अन्न आदि नखाने) सम्पूर्ण चराचर प्राणीका उत्पत्तिका कारणका रूपमा रहेको त्यस रसलाई सूर्यले सौरमण्डलबाट बर्साउने काम गर्दछन्। सूर्यबाट गराइएका वृष्टिका कारण ओषधिहरू उत्पन्न हुन्छन्। ओषधिबाट अन्न उत्पन्न हुन्छ (अन्न नै ओषधि हो)। त्यसै अन्नबाट पुनः देवताहरूलाई लक्ष्य बनाएर हवनीय पदार्थ प्रक्षेपण गरिने यज्ञहरूको अनुष्ठान गरिन्छ। त्यस यज्ञबाट पुनः पहिले बताइएकै रीतिले अन्न उत्पन्न हुन्छ। यसरी अनादि कालदेखि अनन्त कालसम्म चक्र घुमिरहन्छ। यसै प्रकारले योगीश्वर याज्ञवल्क्यले आदि र अन्तरहित आत्माको आफ्ना धर्मानुसार शरीर ग्रहण गर्ने कार्य हुन्छ भन्ने सन्दर्भ देखाउने क्रममा भनेका छन् (या.स्मृ. ३/७१)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नस्य च चराचराणां जननिमित्तत्वं प्राणधारकत्वं च प्रायः प्रत्यक्षमेव। न हि कश्चित् अदनीयस्य पदार्थस्य अशनं विना जीवितुं शक्नोति। न चादनीयपदार्थाशनं विना रसवीर्यविपाकादिना प्राणिनां समुत्पत्तिरिति प्राणिनां धारणे समुत्पत्तौ चान्नस्य निमित्तत्वम्। तच्चान्नं वृष्टेः समुत्पद्यते। वृष्टिश्च गृहस्थेनानुष्ठितहोमात् सम्पद्यते इति गृहस्थेनानुष्ठितो होमो लोकोपकृतिं जनयति।

भूतेभ्यो बलिदानमप्युपकृतिं जनयति

कृतदारग्रहो विहिताग्न्याधानश्च [२३]गृहस्थो भूतेभ्यश्च बलिहरणं कुरुते; कृतदारग्रहस्यैव गृहस्थस्य पञ्चमहायज्ञानुष्ठानाधिकारात्, अग्न्याधाने चाधिकारात्। पञ्चमहायज्ञेषु भूतेभ्यो बलिहरणमेको यज्ञः। तं च यज्ञमनुतिष्ठन् गृहस्थः तेजोमूर्तिर्भूत्वा ऋजुना पथा परं स्थानं गच्छति। भूतानां बलिदानादिभिः समर्चको ब्राह्मणः परं स्थानं गच्छतीति [२४]मनुना समाम्नातम्। ततश्च पञ्चमहायज्ञेषु गृहस्थानुष्ठितेन भूतानां बलिप्रदानेन कर्मणा गृहस्थः परं स्थानमाप्नोति चेत् परोपकृतिश्च जनिता।

'ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्' इति भगवदुक्त्या च भूतेज्यारूपेण समर्चितो देवदेवो भूतानि समर्चयन्तमैहिकमपि समीहितं फलं वितनुते। फलप्राप्तिर्ह्युपकृतिरिति तेन सोपकृतिर्जनिता।

२३. ३/६७ मनुः।

२४. ३/९३ मनुः।

अन्न (भक्ष्य पदार्थ) सबै चर एवं अचर प्राणीहरूका उत्पत्तिको कारण हो र सबैको प्राणधारण गर्ने तत्त्व हो भन्ने कुरा प्रायः प्रत्यक्ष नै देखिन्छ। कुनै पनि प्राणी भक्ष्य पदार्थ नखाईकन बाँच सक्दैन। भक्षणीय पदार्थका अभावमा रस, वीर्य, परिणाम आदिबाट प्राणीहरूको उत्पत्ति हुन सक्दैन। अतः प्राणीहरूणाई धारण गर्ने (बचाउने) र उनीहरूलाई उत्पन्न गराउने कार्यका लागि अन्न कारणका रूपमा रहेको हुन्छ। त्यो अन्न वृष्टिबाट उत्पन्न हुन्छ। वृष्टि गृहस्थद्वारा सम्पन्न गरिने हवनबाट उत्पन्न हुन्छ। अतः गृहस्थद्वारा सम्पन्न गरिएको हवनले लोकको उपकार गर्दछ।

प्राणीहरूलाई गरिएको बलिदानले (भूतयज्ञले) पनि उपकार गर्छ-

विवाह गरेको र अग्निको आधान गरेको गृहस्थले प्राणीहरूलाई बलिदान गर्ने काम गर्छ (मनु. ३/६७)। विवाह गरेका गृहस्थलाई मात्र पाँच प्रकारका महायज्ञहरू सम्पादन गर्ने र अग्निको आधान गर्ने अधिकार हुन्छ। पाँच प्रकारका महायज्ञहरू मध्ये प्राणीहरूलाई बलिप्रदान गर्नु (भक्ष पदार्थ दिनु) पनि एउटा यज्ञ हो। भूतयज्ञ गर्ने गृहस्थ तेजोमूर्ति (चम्किरहेको तेजले युक्त शरीर भएको) बनी सरल मार्गबाट (सजिलै सँग) परम स्थानमा पुग्दछ। 'बलिदान आदि क्रियाद्वारा प्राणीहरूको अर्चना गर्ने ब्राह्मण परं स्थानमा पुग्छ' (मनु. ३/९३) भनी मनुले भनेका छन्। यसरी पञ्च महायज्ञ मध्येको गृहस्थद्वारा सम्पादन गरिएको प्राणीहरूलाई बलिप्रदान गर्ने कर्मरूप भूतयज्ञबाट गृहस्थ परम स्थानमा पुग्दछ भने अरूको उपकार पनि हुन्छ।

ये यथा० अर्थात् 'जुन जुन पुरुष जसरी जसरी मेरा नजिकमा आउँछन् (जुन जुन भावनाले मेरो सेवा गर्दछन्) म पनि तिनीहरूलाई त्यसरी नै सेवा गर्दछु (उनीहरूका नजिकमा प्राप्त हुन्छु) (गीता ४/११)। भगवान् श्रीकृष्णको यस उक्तिद्वारा भूतयज्ञका रूपमा पूजा गरिएका देवदेवले प्राणीहरूको अर्चना गर्ने पुरुषलाई यस लोकमा पनि उसले चाहेका अभीष्ट पदार्थ प्रदान गर्छन् भन्ने तथ्य प्रमाणित हुन्छ। फल प्राप्त गर्नु पनि उपकार नै हो। अतः भूतयज्ञबाट पनि उपकार हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पितृतर्पणमप्युपकृतिं जनयति

गृहमेधिनां परलोकं गतानां पितॄणां तर्पणं पञ्चसु महायज्ञेषु एको यज्ञः । स च महायज्ञो यथाकथञ्चिदपि गृहमेधिना समनुष्ठेयः । गृहमेधिना समनुष्ठितेन पितृतर्पणात्मकेन यज्ञेन सन्तुष्टाः पितरश्च पितॄन् तर्पयितारं गृहमेधिनमायुःप्रदानेन, प्रजानामुत्पत्यात्मकस्याशीषः प्रदानेन, गोभूमिहिरण्यादिविभूत्यात्मकस्य धनस्य प्रदानेन, प्रज्ञालोकसमुत्पादिकाया विद्यायाः समुद्भावनेन, पुण्यजनिताभीष्टफलोपभोगरूपस्वर्गस्य प्रापणेन, निरतिशयैश्वर्योपभोगरूपमोक्षप्रदानेन, अन्यानामैहिकलोकोपभोग्यसुखानां प्रदानेन, राज्योपभोगरूपफल-कामिनां च तद्रूपफलदानेन च सन्तर्पयन्तीति तर्पणरूपो महायज्ञ उपकृतिं जनयति ।

श्राद्धानुष्ठानेन तर्पिताः पितरश्च **'आयुःप्रजाधनविद्यास्वर्गमोक्षसुखराज्यानि च तर्पणकर्तॄन् नॄन् प्रयच्छन्ति'** इति योगीश्वरेण [२५]याज्ञवल्क्येनोक्तम् । तस्मात्तदनुष्ठानद्वारा उपकृतिजनको गृहस्थ एव ।

मनुष्ययज्ञोऽप्युपकृतिं जनयति

गृहमेधिना समनुष्ठेयत्वेन विहितेषु पञ्चसु महायज्ञेषु मनुष्ययज्ञोऽप्येको यज्ञः । स च महायज्ञो गृहस्थेना-तिथिभ्यो भोजनदानेन, ब्रह्मचारिणे वटवे, भिक्षवे च भिक्षायाः प्रदानेनाप्यनुष्ठीयते ।

२५. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, श्राद्धप्रकरणम्, २७० श्लोकः ।

पितृहरूको तर्पणले (पितृयज्ञले) पनि उपकार गर्छ-

परलोकमा गएका पितृहरूलाई तृप्त गराउनु गृहस्थहरूद्वारा सम्पादन गरिने पाँच महायज्ञ मध्येको एउटा यज्ञ हो । उक्त महायज्ञ जसरी भए पनि गृहस्थले सम्पन्न गर्नुपर्छ । गृहस्थहरूद्वारा सम्पादन गरिएका एवं पितृहरूलाई तृप्त गराउने यज्ञद्वारा सन्तुष्ट बनाइएका पितृहरूले- पितृहरूलाई अर्थात् आफूहरूलाई तृप्त गराउने गृहस्थलाई लामो आयु दिएर, प्रशस्त छोरा नातिहरू जन्मिऊन् भन्ने आशीर्वाद दिएर, गाई-जमिन-सुन आदि ऐश्वर्याभिव्यञ्जक धनसम्पत्ति प्रदान गरेर, प्रज्ञाको आलोक (प्रकाश) लाई उत्पन्न गराइदिने विद्याको आविर्भाव गराइदिएर, पुण्यकर्मद्वारा प्राप्त भएका अभीष्ट फलको उपभोग गर्न पाइने स्वर्गलोकमा पुऱ्याइदिएर, निरतिशय (जसभन्दा माथि अरू केही छैन, यस प्रकारका) ऐश्वर्यको उपभोगरूपी मोक्ष प्रदान गरेर, अन्यप्रकारका यसै लोकमा उपभोग गर्न सकिने सुखहरू दिएर एवं राज्यको उपभोगरूपी फल प्राप्त गर्न चाहने पुरुषलाई राज्यको उपभोग गर्न पाउने फल प्रदान गरेर तृप्त गराउँछन् । अतः तर्पणरूप महायज्ञले उपकार गर्ने काम गर्छ ।

श्राद्धकर्मद्वारा तृप्त गराइएका पितृहरूले (पितृहरूका अधिष्ठाता वसु, रुद्र एवं आदित्यले)- 'आफूलाई तृप्त गराउने मनुष्यलाई आयु, सन्तान, धन, विद्या, स्वर्ग, मोक्ष, सुख एवं राज्य प्रदान गर्दछन्'[१३] (या.स्मृ. १/२७०) भनी याज्ञवल्क्यले भनेका छन् । अतः पितृयज्ञ सम्पादनद्वारा गृहस्थ नै उपकारको कारक (उपकारकर्ता) बन्दछ ।

१३. जसरी एउटी गर्भिणी स्त्री गर्भपोषणका लागि अरूद्वारा दिइएका दोहद अन्न पानादि खाएर स्वयं तृप्त हुन्छे र गर्भस्थ सन्तानलाई पनि तृप्त गराउँछे साथै दोहद प्रदान गर्ने पुरुषलाई समेत प्रत्युपकारले युक्त बनाउँछे त्यसरी नै श्राद्ध कर्ताद्वारा (यजमानद्वारा) गरिएका श्राद्धबाट तृप्त भएका वसु, रुद्र एवं आदित्य नामका पितृहरूका अधिष्ठाताहरू स्वयं तृप्त हुन्छन् र श्राद्ध कर्ताका पितृहरूलाई पनि तृप्त गराउँछन् साथै श्राद्धकर्तालाई मूलोक्त आयु, प्रजा आदि प्रदान गर्छन् भनी मिताक्षरामा स्पष्ट पारिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सायं सूर्यास्तवेलायां समागतानामर्थात् अतिथिधर्मेण प्राप्तानां वर्णानां क्रमेण यजमानशक्त्यनुसारं सूनृतवाचोभिरुपवेशनयोग्यभूम्या, आसनार्थं तृणैः, पानार्थोदकैश्च सत्कारं विधाय भोजनदानादिकं गृहमेधिना तेभ्योऽतिथिभ्यो विधेयम् । तेषां समनन्तरमेवान्येषां सखिसम्बन्धिबान्धवानामपि भोजनादिदानेन सत्कारो विधेयः । भिक्षवे ब्रह्मचारिणे च भिक्षा दातव्या भवतीति [२६]योगीश्वरेणाप्युक्तम् ।

स्वयमनुष्ठितेनानेन मनुष्ययज्ञात्मकेन महायज्ञेन गृहस्थः कीदृशीं लोकोपकृतिं जनयतीति तु नातिप्रच्छन्नम् ।

अतिथिभ्यो भोजनदानात्, तृणभूम्युदकसुनृतवचनदानाच्च ब्रह्मचारिणे, भिक्षवे च भिक्षादानात्, अन्येभ्योऽपि भोजनादिदानाच्च सम्पन्नेन मनुष्ययज्ञेन यजमानस्य यो ह्यपूर्वः सम्पद्यते स केवलं यजमानोपभोग्यः । परम-तिथित्वेन समागतानां विद्यातपोभ्यां पूतात्मनां ब्राह्मणानां यजमानशक्त्या सत्कार एकतस्तादृशब्राह्मणोत्पत्तौ हेतुः सम्पद्यते चेद् अपरतोऽर्थकामनालेशस्पर्शशून्यानां भूदेवानां प्राणयात्राप्रवहणार्थमपि साधनं सम्पद्यते ।

समाजेष्वङ्गीकृत्य सत्कृतो हि पदार्थस्तत्र प्रसरति, समृद्धिमश्नुते, प्रतिष्ठामपि लभते । तस्माद् गुणसमन्विता-नामतिथित्वेन समागतानां ब्राह्मणानां कृते विहितः सत्कारस्तादृशब्राह्मणोत्पत्तौ निमित्तभावं भजते । इतरेषां

२६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, गृहस्थधर्मप्रकरणम्, १०७-१०८ श्लोकौ ।

मनुष्ययज्ञले पनि लोकको उपकार गर्छ-

गृहस्थद्वारा सम्पादन गर्नुपर्छ भनी बताइएका पाँच महायज्ञ मध्ये मनुष्ययज्ञ पनि एउटा हो । उक्त महायज्ञ गृहस्थद्वारा अतिथिहरूलाई भोजन दिएर साथै भिक्षाका लागि हिँडिरहेका ब्रह्मचारी वटुकहरूलाई र भिक्षुक (माग्ने) हरूलाई भिक्षा दिएर सम्पन्न गरिन्छ । गृहस्थले साँझमा सूर्यास्तका समयमा आएका अर्थात् अतिथिका रूपमा प्राप्त भएका वर्णहरूलाई (ब्राह्मण आदिलाई) पनि मीठो बोलेर, बस्ने योग्य जमिन देखाइदिएर, बस्नका लागि तृण (आसन, चटाइ आदि) दिएर, तिर्खा मेटाउनका लागि पानी आदि दिएर सत्कार गरी आफ्नो सामर्थ्यअनुसार भोजन आदि प्रदान गर्ने काम गर्नुपर्छ (भोजन गराउन नसकेका अवस्थामा मीठो बोली आदिले पनि सम्मान गर्नुपर्छ) । अतिथिको सत्कार गरेपछि मात्रै अन्य मित्रहरूलाई, नातेदार बन्धुबान्धव आदिलाई भोजन आदि पदार्थ दिएर सत्कार गर्नुपर्छ । भिक्षुकलाई र ब्रह्मचारीलाई भिक्षा दिनुपर्छ । यी सबै कुरा योगीश्वर याज्ञवल्क्यले पनि भनेका छन् (या.स्मृ. १/१०७-१०८)

आफै सम्पन्न गरिएका मनुष्ययज्ञरूप महायज्ञद्वारा गृहस्थले कुन प्रकारको उपकार गर्छ भन्ने कुरा कसैबाट लुकेको छैन । अतिथिहरूलाई भोजन दिनाले, ब्रह्मचारीलाई बस्नका लागि तृण (आसन) एवं भूमि र तृष्णा शमनका लागि जल दिनाले साथै मीठो बोल्नाले, भिक्षुकलाई भिक्षा दिनाले र अन्य व्यक्तिलाई पनि भोजन आदि दिनाले सम्पन्न भएको मनुष्ययज्ञद्वारा यजमानमा जुन अपूर्व (अदृष्ट) उत्पन्न हुन्छ त्यो अपूर्व मात्र यजमानद्वारा उपभोग गरिन्छ । यजमान (गृहस्थ) द्वारा अतिथिका रूपमा आएका एवं विद्याले र तपस्याले गर्दा पवित्र आत्मा भएका ब्राह्मणहरूलाई आफ्नो शक्तिअनुसार गरिएको सत्कार एकातर्फ त्यसै प्रकारका (गुणवान्) ब्राह्मणका उत्पत्तिको कारण हुन्छ भने अर्कातर्फ अर्थसङ्ग्रह गर्ने कामनाको लेश (सानो अंश) पनि नभएका ब्राह्मणहरूको प्राणयात्रा सञ्चालन गर्ने साधन पनि बन्दछ ।

समाजमा अङ्गीकार गरेर सम्मान गरिएको पदार्थ समाजमा फैलिन्छ र समृद्धिलाई प्राप्त गर्छ । उक्त पदार्थले समाजमा प्रतिष्ठा पनि प्राप्त गर्छ । अत एव गुणले युक्त भएका एवं अतिथिका रूपमा प्राप्त भएका ब्राह्मणहरूलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षत्रियादीनामपि वर्णानामतिथित्वेन समागतानाम्{भोजनादिकं देयम्}। यद्यपि ब्राह्मणगृहे क्षत्रियादीनामतिथिभावो नास्ति तथापि तेषां कृतेऽपि भृत्यैः सह भोजनदानमभिहितमिति क्षत्रियादयोऽप्यतिथयो भोजनीया एव। समर्थोऽभ्यागतान् वर्णान् भोजनदानादिकं कुरुते। गुणसमन्वितं ब्राह्मणं समर्हणपूर्वकं भोजनदानादिकमाचरति।

एतच्च कार्यं सुनीतिमवलम्ब्य समृद्धिपथं प्रसरतो राष्ट्रस्य प्रयत्नेन सम्पादनीयं साध्यम्।

असाधुभ्यो दुष्टेभ्यो हीनेभ्योऽर्थमादाय साधुभ्यो विद्यावित्तसमन्वितेभ्यो यः संप्रयच्छति स आत्मानमुडुपं (सन्तरणसाधनम्) विधाय तावुभौ साधुमसाधुमपि च सन्तारयतीति [२७]मनुना समभिधानात् अर्थात् यज्ञाद्यनुष्ठानमन्तरा धनसञ्चयं कुर्वतो दोषसमन्वितस्य दुष्टस्य धनापहारं विधाय गुणसमन्वितेभ्य ऋत्विगादिभ्यः साधुभ्यः सम्प्रदानस्य धर्मत्वेनावगमात् गुणहीनेभ्योऽर्थमाच्छिद्य गुणवद्भ्योऽर्थदानं राष्ट्रस्य साध्यभावं भजते।

तच्च राष्ट्रसाध्यं कर्म महायज्ञानुष्ठाता गृहस्थः स्वयमेवाचरतीति धर्मो व्यवस्थायां सुव्यवस्थितिमापादयति।

यथातिथिभ्योऽन्नादिदानेनेत्थं गृहस्थो लोकोपकृतिं जनयति तथैव भिक्षवे ब्रह्मचारिणे च भिक्षादानाभ्यामपि लोकमुपकुरुते। भिक्षवे दत्ता भिक्षा एकतो भिक्षुयात्रां प्रवहति चेदपरतो भिक्षुगुणोत्कर्षणे हेतुतां चाप्नोति।

एवमेव ब्रह्मचारिणे प्रदत्ता च भिक्षा गुरुकुले सन्निविष्टस्य ब्रह्मचारिणो यात्रां तद्गुरोरपि यात्रां परिवहति, वटोः प्रज्ञाचक्षुरुद्भावनेन गुणवत्त्वोपलब्धये हेतुभावं भजते।

---

२७. ११/१९ मनुः।

गरिएको सत्कार त्यसै प्रकारका गुणले युक्त भएका ब्राह्मणका उत्पत्तिको कारण बन्दछ। अतिथिका रूपमा प्राप्त भएका अन्य क्षत्रिय आदि वर्णहरूको पनि सम्मान गर्नुपर्छ। हुन त ब्राह्मणका घरमा क्षत्रियादि वर्ण अतिथिका रूपमा आउने विधान गरिएको छैन तर पनि आइपुगे भने सेवकहरूका साथ भोजन दान गर्नुपर्छ भनिएको छ। अतः ब्राह्मणका घरमा आएका क्षत्रिय आदि पनि भोजन गराउन योग्य नै हुन्छन् अर्थात् उनीहरूलाई पनि भोजन गराउनै पर्छ। समर्थ गृहस्थले आफ्ना घरमा आएका सबै वर्णका मनुष्यलाई भोजन आदि प्रदान गर्छ। गुणवान् ब्राह्मणको त सत्कार (पादप्रक्षालन आदि) पूर्वक भोजन दानादि गर्दछ।

देवयज्ञादि पञ्च महायज्ञको अनुष्ठान राम्रा नीतिको (सुशासनको) अवलम्बन गर्दै समृद्धिका बाटामा अगाडि बढ्न चाहने राष्ट्रद्वारा प्रयत्नपूर्वक सम्पादन गराउनुपर्ने कार्य हो। 'असज्जन, दुष्ट एवं हीन पुरुषबाट सम्पत्ति लिएर जसले विद्या एवं विनयले युक्त भएका सज्जनहरूलाई दिने काम गर्छ त्यसले आफूलाई नौका बनाएर दुवैलाई अर्थात् दुष्टलाई र सज्जनलाई तार्दछ' (मनु.११/१९) भनी मनुले भनेका छन्। यसबाट यज्ञ आदिको अनुष्ठान नगरीकन धनको सञ्चय मात्र गर्ने पुरुष दोषले युक्त हुन्छ र त्यस्ता दोषी पुरुषका साथमा रहेको सम्पत्ति खोसेर गुणले युक्त भएका ऋत्विक् आदि सज्जनहरूलाई वितरण गर्नु धर्म हो भन्ने तथ्य अभिव्यक्त हुन्छ। अतः गुणहीन पुरुषका साथमा रहेको सम्पत्ति खोसेर गुणवान् पुरुषलाई उक्त सम्पत्ति दिनु राष्ट्रको साध्य (गर्नुपर्ने कर्तव्य) बन्दछ। राष्ट्रद्वारा गर्नुपर्ने उक्त महान् कार्य महायज्ञको अनुष्ठाता गृहस्थले आफै नै गर्दछ। अतः धर्मले शासनप्रणालीलाई व्यवस्थित बनाउने काम गर्दछ।

गृहस्थले जसरी अतिथिलाई अन्नदान गरेर लोकको उपकार गर्छ त्यसरी नै भिक्षुहरूलाई र ब्रह्मचारीहरूलाई भिक्षा दिएर पनि लोकको उपकार नै गर्छ। भिक्षुलाई दिइएको भिक्षाले एकातर्फ भिक्षुको प्राणयात्रा चलाउने काम गर्छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र स्वानुष्ठितयोगादिना योगी अप्रत्यक्षं लोकमुपकुरुते चेत् ब्रह्मचारी सम्यक् ज्ञानमुपलभ्य प्रथमं समाजस्याङ्गभूतं स्वात्मानमुपकुरुते। तत्पश्चात् तस्योपलब्धस्य ज्ञानस्य सामाजिकेषु विविधक्षेत्रेषु प्रयोगात् लोकोपकृतिं जनयति। एतेन गुहस्थेनानुष्ठीयमानस्य मनुष्ययज्ञस्य दृष्टो लोकोपकारः।

अनेन देवान्, ऋषीन्, पितॄन्, मनुष्यांश्च प्रत्यहं स्वशक्त्यनुसारमन्नपानादिदानेन समभ्यर्च्यैव, पश्चात् यदवशिष्टं भवति तदेवान्नं भृत्यतर्पणपूर्वकं दम्पती भुञ्जाते। इत्येतत् सिद्धम्। एवमेव [२८]मनुनाप्यभिहितम्। इत्थं पञ्चमहायज्ञानां समनुष्ठानात् स्वस्मिन् विद्यमानस्य स्वत्वस्य यथार्हविनियोगेन सदुपयोगं गृहाश्रमे स्थितो गृहस्थी दण्डस्य भयादेव प्रकुरुते। दण्डस्य भयञ्चात्र धार्मिकं दण्डभयमवगन्तव्यम्।

द्वितीयाश्रमे स्थितो गृहस्थो न ह्येतावतः पञ्च महायज्ञानेव केवलाननुतिष्ठति। अपि तु गृहस्थस्य कृते समनुष्ठेयत्वेन शास्त्रनिर्दिष्टा अन्या अपि यागहोमतपोनुष्ठानात्मिकाः क्रियाः, अन्यानि उपवासैकभक्तनक्ता-याचितदानव्रतात्मकानि देवकर्माणि, एकोद्दिष्टपार्वणवृद्धिसपिण्डीकरणात्मकानि चतुर्विधानि श्राद्धानि चेति पितृकर्माणि सम्पादयति। एवं गृहाश्रमे स्थितो गृहस्थो लोकोपकृतिजनकानि नानाविधानि कर्माणि कुरुते।

२८. ३/११६-१७ मनुः।

अर्कातर्फ त्यही भिक्षा भिक्षुमा भएका गुणलाई उत्कर्षमा पुऱ्याउने साधन बन्दछ। यसै प्रकारले ब्रह्मचारीलाई दिइएको भिक्षाले गुरुकुलमा बसेका ब्रह्मचारीको र उसका गुरुको पनि जीवनयात्रा चलाउने काम गर्दछ, साथै उक्त भिक्षा नै वटुमा (ब्रह्मचारी बालकमा) रहेको प्रज्ञाचक्षुलाई खोलिदिएर उसमा गुणवत्ता ल्याउने कार्यको कारण बन्दछ। गृहस्थद्वारा उपकृत योगीले आफूद्वारा गरिएका योगादिद्वारा अप्रत्यक्ष रूपमा लोकलाई उपकार गर्ने काम गर्छ। ब्रह्मचारीले राम्ररी ज्ञान आर्जन गरेर सर्वप्रथम समाजका अङ्गका रूपमा रहेको आफूलाई नै उपकृत बनाउँछ र त्यसपछि आफूले पाएका ज्ञानको समाजका विभिन्न क्षेत्रमा प्रयोग गरेर लोकको उपकार गर्ने काम गर्दछ। यस सन्दर्भबाट गृहस्थद्वारा सम्पादन गरिने मनुष्ययज्ञको लोकोपकारकता देखिन्छ (सिद्ध हुन्छ)।

उपर्युक्त प्रसङ्गबाट प्रत्येक दिन देवताहरूलाई, ऋषिहरूलाई, पितृहरूलाई र मनुष्यहरूलाई आफ्ना शक्तिअनुसार अन्न पान आदिले सत्कार गरेपछि मात्र पछिबाट जेजति अन्न बचेको हुन्छ त्यही अन्न नै सेवकहरूलाई सन्तुष्ट बनाउँदै पति पत्नीले खान्छन् भन्ने तथ्य सिद्ध हुन्छ। मनुले पनि यस्तै कुरा गरेका छन् (मनु. ३/ ११६-११७)। यसरी पाँच प्रकारका महायज्ञहरू सम्पन्न गरेर आफ्ना साथमा भएका सम्पत्तिको यथायोग्य (उचित प्रकारले) विभाजन गरी सदुपयोग गर्ने कार्य गृहस्थाश्रममा रहेको गृहस्थले दण्डकै डरले गर्छ। दण्डको डर भन्नाले यहाँ धर्मदण्डको डर भन्ने अर्थ बुझ्नुपर्छ।

दोस्रो (गृहस्थ) आश्रममा बसेको गृहस्थले उपर्युक्त पञ्च महायज्ञको मात्र सम्पादन गर्दैन, अपि तु गृहस्थहरूले गर्नुपर्छ भनी शास्त्रद्वारा बताइएका अन्य याग, होम एवं तपस्याको अनुष्ठान आदि क्रियाहरू पनि सम्पन्न गर्छ। अन्य उपवास (निराहार बस्ने), एकभक्त (दिनमा एक पटक खाने), नक्तभक्त (अहोरात्रमा एकपटक मात्र रातमा खाने), अयाचित दान, (नमागीकन दान दिने अथवा अयाचितभक्त = अरूसँग नमागीकन जे प्राप्त हुन्छ त्यही खाने र दान = ब्राह्मण आदिलाई दान दिने) जस्ता व्रतात्मक दैवकर्महरू पनि सम्पन्न गर्दछ। एकोद्दिष्ट, पार्वण, वृद्धि एवं सपिण्डीकरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थस्य कृतेऽनुष्ठेयत्वेन विहितयागहोमभेदाः

देवतोद्देशेन द्रव्यत्यागस्य [२९]यागरूपत्वम् । यागस्य हि द्वे रूपे । द्रव्यं देवता चेति रूपद्वयं [३०]शास्त्रेष्व-भिहितम् ।

देवतोद्देशेन द्रव्यप्रक्षेपस्य च होमत्वम् । अर्थादग्नौ द्रव्यप्रक्षेपो होम इति यागहोमयोर्भेदः ।

होमश्च नित्यनैमित्तिककाम्यानां भेदात् त्रिविधः । तत्र नित्यो होमः प्रतिदिनं सायं प्रातश्च विधीयते । **'यावज्जीवमग्निहोत्रं जुहोति'** इत्यनेन वाक्येन यावज्जीवशब्दवाच्यं कृत्स्नजीवनं निमित्तीकृत्य अग्निहोत्रहोमो विधीयते । पुरुषगतस्य कृत्स्नजीवनस्य नैरन्तर्यत्वेऽपि **'सायं जुहोति, प्रातर्जुहोति'** आभ्यामग्निहोत्रस्य सायं प्रातः कालयोर्विधानात् सायम्प्रातरनुष्ठानस्यैव नित्यत्वमवगम्यते । तस्मान्नित्यो-ऽग्निहोत्रहोमः सायम्प्रातः कालयोरनुष्ठीयते ।

२९. मीमांसापरिभाषा, यजिपदाश्रयणेऽपि यागविधानम्, ५ पृष्ठम् ।

३०. क) मीमांसान्यायप्रकाशः, ज्योतिष्टोमेनेत्यत्र कर्मोत्पत्तिविधित्वखण्डनप्रसङ्गे, पृष्ठम् २२ ।
ख) अर्थसङ्ग्रहः ५६-५८ ..... ।

नामका चार प्रकारका श्राद्धरूप पितृकर्महरू पनि सम्पन्न गर्दछ । यसरी गृहस्थाश्रममा रहेको गृहस्थले लोकलाई उपकार गर्ने अनेक प्रकारका कार्यहरू गर्दछ ।

गृहस्थहरूलाई सम्पादन गर्नुपर्छ भनी विधान गरिएका याग एवं होमका भेद-

देवतालाई लक्ष्य बनाएर द्रव्य (देय पदार्थ) समर्पण गर्ने कार्यलाई याग भनिन्छ (मी.प., पृ. ५) । यागका दुईवटा स्वरूप हुन्छन् । द्रव्य र देवता गरी यागमा दुई पदार्थ हुन्छन् भनी शास्त्रहरूमा बताइएको छ ।[१४] देवतालाई प्राप्त होस् भनी द्रव्य प्रक्षेपण गर्ने कार्यलाई होम (हवन) भनिन्छ । अर्थात् अग्निमा द्रव्य प्रक्षेपण हवन हो । यही नै याग र हवनको भेद हो ।

हवन नित्य, नैमित्तिक र काम्य भेदले तीन प्रकारको हुन्छ । तीन प्रकारका हवनमध्ये नित्य होम प्रत्येक दिन बिहानमा र साँझमा सम्पादन गरिन्छ । **यावज्जीवमग्निहोत्रं जुहोति** अर्थात् 'जीवनभरि अग्निहोत्र गर्छ' यस वाक्यमा प्रयुक्त **'यावज्जीव'** शब्दद्वारा बुझिने सम्पूर्ण जीवनलाई निमित्त (लक्ष्य) बनाएर अग्निहोत्र नामक हवनको विधान गरिएको छ । 'बाँचुन्जेल हवन गर्नुपर्छ' भनिएको हुनाले बाँचुन्जेलशब्दले सबै समयलाई बुझाउँछ तापनि **सायं जुहोति, प्रातर्जुहोति** अर्थात् 'साँझमा हवन गर्दछ, बिहानमा हवन गर्दछ' जस्ता वाक्यहरूबाट बिहानका र साँझका समयमा अग्निहोत्र गर्नुपर्छ भन्ने विधान गरिएको छ । यसबाट साँझमा र बिहानमा नित्य अग्निहोत्र हवन गर्नुपर्छ भन्ने तथ्य बुझिन्छ । त्यसैले नै नित्य अग्निहोत्र हवन सायं कालमा र प्रातःकालमा सम्पादन गरिन्छ ।

१४. मूलमा प्रतिपादित तथ्य मीमांसान्यायप्रकाशमा 'ज्योतिष्टोमेनेत्यत्र कर्मोत्पत्तिविधित्वखण्डनम्' भन्ने प्रसङ्गमा (पृ. २२) र अर्थसङ्ग्रहको .....प्रसङ्गमा उल्लेख गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नैमित्तिको होमः

द्वितीयाश्रमे स्थितस्य गृहस्थस्य यत्र यत्र होमाद्यनुष्ठाननिर्वर्त्यनिमित्तमापतति तत्र तत्र निमित्तानुसारं नैमित्तिको होमो गृहस्थेन समनुष्ठेयो भवति।

आहिताग्नेरग्निर्यदि गृहं दहेत् तर्हि तत्र तस्मिन् गृहदाहरूपे निमित्ते आपतिते क्षामवतेऽग्नयेऽष्टसु कपालेषु पुरोडाशो निर्वापणीयो भवति।

आहिताग्नेः गृहदाहरूपे निमित्ते समापतिते क्षामवतेऽग्नयेऽष्टाकपालात्मकः पुरोडाशो निर्वापणीय इति [३१]मीमांसान्यायप्रकाशकारेण अधिकारविधिनिरूपणप्रसङ्गे **'यस्याहिताग्नेरग्निर्गृहान् दहेत् सोऽग्नये क्षामवते पुरोडाशमष्टाकपालं निर्वपेत्'** इति ब्राह्मणवाक्यं समुद्धृत्याभिहितम्।

सुवर्णस्य नाशोऽप्यनिष्टं द्योतयति। तस्मात् सुवर्णस्य नाशेऽपि तन्निमित्ता हिरण्यनाशेष्टिर्निर्वापणीया भवति। यथा सारविवेचिनीव्याख्याकारेण- [३२]**'एतामेव निर्पपेद्यस्य हिरण्यं नश्येत्'** इति वाक्यमुद्धृत्य हिरण्यनाशे समनुष्ठेया हिरण्येष्टिर्निर्दिष्टा।

तथा यत्र सत्योक्तौ ब्राह्मणक्षत्रियवैश्यशूद्राणां वधस्य सम्भावना भवेत् तत्र साक्षिभ्योऽनृतवदनस्याप्यभ्यनुज्ञा प्रदत्ता। तदनृतवदननिमित्ते समापतिते सरस्वतीदेवताकश्चरुश्च निर्वापणीयो भवति।

३१. मीमांसान्यायप्रकाशः, अधिकारविधिनिरूपणप्रकरणम् १०२ पृष्ठम्।

३२. तैत्तिरीयसंहिता २,३,२,५। (मीमांसान्यायप्रकाशटीका) १०३ पृष्ठम्।

नैमित्तिक होम-

दोस्रो आश्रममा प्रवेश गरेका गृहस्थद्वारा जहाँ जहाँ (वा जब जब) हवनरूपी अनुष्ठान गर्नुपर्ने निमित्त (परिस्थिति) आइपर्छ त्यहाँ त्यहाँ (तब तब) निमित्त (कारण) अनुसार नैमित्तिक (परिस्थितिजन्य) हवन सम्पादन गर्नुपर्ने हुन्छ।

अग्निको आधान गरेका गृहस्थको घर आगाले डढ्यो भने अर्थात् गृहदाहरूपी परिस्थिति आइपऱ्यो भने {आहिताग्नि द्विजले}क्षामगुणविशिष्ट (क्षामनामक गुणयुक्त) अग्निलाई लक्ष्य बनाएर आठवटा कपालमा संस्कृत पुरोडाश (हवनीय पदार्थ) निर्वपण गर्नुपर्ने (हवन गर्नुपर्ने) हुन्छ। अग्निको आधान गरेका गृहस्थको घर डढ्ने रूपी निमित्त आइपरेमा क्षामवान् अग्निका लागि अष्टकपालात्मक पुरोडाश हवन गर्नुपर्छ भनी मीमांसान्यायप्रकाशका लेखकले अधिकार-विधि-निरूपण नामको प्रकरणमा **यस्याहिताग्नेरग्निर्गृहान्०** अर्थात् 'अग्निको आधान गरेका जुन गृहस्थको घर आगाले डढाइदिन्छ त्यसले क्षामवान् अग्निलाई अष्टाकपालात्मक पुरोडाशको निर्वपण गरोस्' भन्ने ब्राह्मणवाक्यलाई उद्धृत गरी बताएका छन् (मी.न्या.प्र., अ.वि.नि.)।

सुनको नाश (सुन हराउनु) पनि अनिष्टको द्योतक हो। त्यसैले सुन हराएपछि पनि {सुन हराउने निमित्त उपस्थित भएमा गर्नुपर्ने} हिरण्यनाशेष्टि सम्पादन गर्नुपर्छ। सारविवेचिनी नामक व्याख्याका लेखकले **'एतामेव०'** अर्थात् 'जसको सुन हराएको हुन्छ त्यसले यही हिरण्यनाशेष्टि गर्नुपर्छ' (तै.स. २/३/२/५) भन्ने वाक्य उद्धृत गरी सुन हराएमा गर्नुपर्ने हिरण्येष्टिको निर्देशन गरेका छन्।

साँचो कुरा बोलेका अवस्थामा ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रमा मरणभयको (वधादिको) सम्भावना देखिएमा साक्षीहरूलाई झूटो बोल्ने अनुमति पनि दिइएको छ। यसरी झूटो बोल्नुपर्ने निमित्त (कारण) आइपरेमा सरस्वती देवता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि वर्णिनां वधस्य सम्भावनायां साक्षिभ्योऽनृतवदनस्याभ्यनुज्ञा योगीश्वरेण [३३]याज्ञवल्क्येन प्रदत्ता तथापि तत्र सारस्वतस्य चरोर्निर्वापणेन तस्यानृतवदनस्य प्रायश्चित्तं विधेयमित्यपि च योगीश्वरेणैव याज्ञवल्क्येनोक्तम्।

जन्मनि दुष्टकालादियोगनिमित्ते जातेऽपि पापक्षयपूर्वकं तत्तद्दोषपरिहारार्थं विभिन्नानां देवतानां विभिन्नैः समिदाज्यचर्वादिभिर्द्रव्यैः नैमित्तको होमो विधेयः।

[३४]निर्णयसिन्धुकारेण- पित्रोर्नक्षत्रे सुतोत्पत्तौ, चन्द्रसूर्ययोर्ग्रहणे प्रसवे जाते, आदौ ऋतुमत्यां जातायामपि च निमित्ते ऋक्षाधिपं चन्द्रं सूर्यं वा निमित्तानुसारं सूर्यग्रहेऽर्कसम्भवैः समिद्भिरर्कम्, चन्द्रग्रहे पालाशैः समिद्भिश्चन्द्रम्, तदुभयग्रहे दूर्वाभिः राहुम्, पित्रोर्नक्षत्रे सुतोपत्तौ ब्रह्मवृक्षोद्भवैः समिद्भिर्नक्षत्रेशहोमो विधेयः। आज्येन, चरुणा, तिलैश्चापि निमित्तानुसारमेव तेषां कृते होमो विधेय इति उक्तः।

---

३३. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः ८३ श्लोकः।

३४. निर्णयसिन्धुः, तृतीयपरिच्छेद, पूर्वार्धः, १८३ पृष्ठम्।

भएको चरुको निर्वपण (याग) गर्नुपर्ने हुन्छ। {दोष प्रमाणित भएका अवस्थामा} ब्राह्मण आदि विभिन्न वर्णका मनुष्यलाई मृत्युदण्ड दिइने सम्भावना देखिएमा साक्षीहरूलाई झूटो बोल्ने अनुमति योगीश्वर याज्ञवल्क्यले दिएका छन्। झूटो बोल्नाले उत्पन्न भएको दोषको परिमार्जनका लागि सारस्वत चरुको निर्वपणद्वारा प्रायश्चित्तको विधान पनि योगीश्वर याज्ञवल्क्यले नै बताएका छन् (या.स्मृ. २/८३)।

जन्मका समयमा नराम्रा योगहरू परेका परिस्थितिमा पनि पापलाई क्षय गराउँदै उक्त दुर्योग पर्नाले उत्पन्न दोषको परिहारका लागि विभिन्न देवतालाई उद्देश्य बनाएर समिधा, आज्य, चरु आदि द्रव्यद्वारा नैमित्तिक हवन गरिन्छ। निर्णयसिन्धुका रचयिताले भनेका छन्- 'बुबा आमाका नक्षत्रमा छोरा छोरीको जन्म भएमा, सूर्य एवं चन्द्रमाका ग्रहणका समयमा सन्तानको जन्म भएमा र कुनै महिला प्रथमपटक रजस्वला भएका अवस्थामा (उक्त निमित्त आइपरेमा) नक्षत्रका अधिपति चन्द्रमा वा सूर्यको हवन गर्नुपर्छ। निमित्त अनुसार सूर्यग्रहणका समयमा {सन्तान जन्मिएमा} आँकका समिधाले सूर्यको र चन्द्रग्रहणका समयमा {सन्तान जन्मिएमा} पलाशका समिधाले चन्द्रमाको साथै दुवै ग्रहणमा नै {सन्तान जन्मिएमा} दुबाले राहुको हवन गर्नुपर्छ। बुबा आमाका नक्षत्रमा सन्तानको जन्म भएमा ब्रह्मवृक्ष (पिपल) का समिधाद्वारा नक्षत्रका अधिपतिको हवन गर्नुपर्छ। घिउले, चरुले र तिलले पनि निमित्त अनुसार उक्त दुर्योग जनित दोषको परिमार्जनका लागि हवन गर्नुपर्छ' (नि.सि. तृ.प., पृ. १८३)।[१५]

---

१५. निर्णयसिन्धुको तृतीय परिच्छेदमा सर्वप्रथम माता पिताका नक्षत्रमा जन्मिएका छोरा छोरीले माता पिताकै विनाश गर्दछन् भने भिन्न नक्षत्रमा जन्मिएका तिनै छोरा छोरी माता पिताका प्रिय हुन्छन् भनिएको छ। त्यसपछि ग्रहणका समयमा सन्तान जम्मिएमा ऋतुकालभन्दा पहिले नै आमालाई व्याधिजन्य पीडा हुन्छ र त्यसैका कारण आमाको मृत्यु हुन्छ भनिएको छ। उक्त प्रसङ्गमा ग्रहण समयमा सन्तान जन्मिएमा गर्नुपर्ने शान्तिविधिको उल्लेख गर्दै ब्रह्मवृक्षका समिधाद्वारा नक्षत्रका स्वामीको पूजा गर्नुपर्छ भनिएको छ तापनि बुबा आमाका नक्षत्रमा सन्तानको उत्पत्ति भएका अवस्थामा गर्नुपर्ने मूलोक्त शान्तिविधिको उल्लेख गरिएको छैन। धर्मसिन्धुमा भने सम्बद्ध प्रकरणमै एकनक्षत्र-जनन-शान्तिविधि बताइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुतात्रयानन्तरं पुत्र्योत्पत्तौ सुतात्रयानन्तरं पुत्रोत्पत्तावपि निमित्ते जाते जातस्य एकादशाहे, द्वादशाहे, शुभदिने वा ग्रहयज्ञपुरःसरं ब्रह्मविष्णुमहेशेन्द्रादयो देवाः समिदाज्यतिलादिभिर्द्रव्यैरष्टोत्तरसहस्रसंख्यया, त्रिशतसंख्यया, अष्टोत्तरशतसंख्यया वाहुत्या यष्टव्या भवन्ति।

[३५]कमलाकरेणापि अस्मिन् सुतत्रयानन्तरं सुतोत्पत्तौ सुतात्रयानन्तरं सुतोत्पत्तावपि निमित्ते एतेषामेव देवानां समर्हणपूर्वकमनेनैव प्रकारेण होमो विधेयत्वेन निर्दिष्टः।

मूलाश्लेषाज्येष्ठादिषु नक्षत्रेषु जनने, कृष्णचतुर्दश्यां जनने, अमावास्यायां जनने, व्यतीपातवैधृत्यादियोगेषु जनने, सङ्क्रान्त्यौ जनने, नक्षत्रगण्डान्तजनने, तिथिलग्नगण्डान्तजनने, नक्षत्रविषघटीषु जनने, यमलयोर्जनने, दिनक्षयभद्रादिषु जनने, प्रथममुपरिदन्तजनने, गर्भस्य विपर्यासतया जनने च निमित्ते जाते तन्निमित्तजनक-प्रत्यवायपरिहारपूर्वकं जातस्यापत्यस्याभीष्टसम्पत्तये नानादेवताभ्यः समर्हणपूर्वकं होमो विधीयते। एतेषु निमित्तेषु जातेषु समनुष्ठेयत्वेन होमस्य विधि[३६]र्धर्मसिन्धुकारेण निर्दिष्ट इति तत एवावगन्तव्यः। नात्र विस्तरभयात्तदुल्लेखो विधीयते।

३५. निर्णयसिन्धुः, तृतीयपरिच्छेद, पूर्वार्धः, १८४ पृष्ठम्।

३६. धर्मसिन्धुः, तृतीयः परिच्छेदः., पूर्वार्धः, शान्तिप्रकरणम् १४७-१५९ पृष्ठम्।

तीनवटा छोरी जन्मिएपछि छोरा जन्मिएमा वा तीनवटा छोरा जन्मिएपछि छोरी जन्मिएमा (उक्त निमित्त आइपरेमा) सन्तान जन्मिएका एघार दिनमा अथवा बाह्र दिनमा अथवा कुनै शुभ दिनमा ग्रहयज्ञपूर्वक (पहिले ग्रहयाग गरेर) ब्रह्मा, विष्णु, महेश्वर एवं इन्द्र आदि देवताहरूको हवन गर्नुपर्छ। समिधा, घिउ, तिल आदि पदार्थद्वारा उक्त देवताहरूलाई एक हजार आठ अथवा तीन सय, अथवा एक सय आठ आहुति प्रदान गर्नुपर्छ। कमलाकरले पनि तीनवटा छोरा जन्मिएपछि छोरी जन्मिने अथवा तीनवटी छोरी जन्मिएपछि छोरा जन्मिने निमित्त आइपरेमा पूर्वोक्त ब्रह्मादि देवताहरूको पूजा गरी माथि बताइए अनुसार नै हवन गर्नुपर्छ भनी देखाएका छन् (नि.सि., तृ.प., पृ. १८४)।[१६]

मूल, अश्लेषा, ज्येष्ठा आदि नक्षत्रमा बालक जन्मिएमा, कृष्णपक्षको चतुर्दशीमा बालक जन्मिएमा, अमावस्या तिथिमा बालक जन्मिएमा, व्यतिपात - वैधृति आदि योगमा बालक जन्मिएमा, सङ्क्रान्तिमा बालक जन्मिएमा, नक्षत्र गण्डान्तमा बालक जन्मिएमा, तिथि गण्डान्तमा एवं लग्न गण्डान्तमा बालक जन्मिएमा, नक्षत्रका विषघटीमा बालक जन्मिएमा, जुम्ल्याहा सन्तान जन्मिएमा, दिनक्षयमा एवं भद्रा आदिमा बालक जन्मिएमा, बालकका दाँत पहिले नै माथिबाट उम्रिएमा र गर्भ (सन्तान) विपरीत प्रकारले (उल्टा प्रकारले) जन्मिएमा अर्थात् अनीप्सित उक्त परिस्थिति देखिएमा ती ती निमित्तका (परिस्थितिका) कारण उत्पन्न भएका प्रत्यवाय (दोष) को परिहार गर्दै उत्पन्न भएका सन्तानलाई अभीष्ट सम्पत्ति प्राप्त होस् भन्ने उद्देश्यले विभिन्न देवताको पूजा गरी हवन गरिन्छ। उक्त निमित्त आएका खण्डमा गर्नुपर्ने हवनको विधि धर्मसिन्धुका रचयिताले बताएका छन् (ध.सि., पूर्वार्ध, शान्तिप्रकरण, पृ. १४७-

१६. तीन भाइ छोरा जन्मिएपछि छोरी जन्मिनु वा तीन बहिनी छोरी जन्मिएपछि छोरा जन्मिनुलाई त्रीतरयोग भनिन्छ। पहाडी प्रदेशमा त्रीतरयोग (त्रिकप्रसव) शान्तिलाई त्यति महत्त्व दिएको देखिन्न तर मिथिलामा भने विशेषरूपमा शान्ति गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं निमित्तेषु जातेषु नैमित्तिको होमः समनुष्ठीयते। नैमित्तिकस्य निमित्तानन्तरभावित्वात्। एष नैमित्तिकश्च होमो निमित्तं परिहरतीति पापक्षयरूपामुपकृतिं निमित्तवतोऽनुतिष्ठतो जनयति।

नैमित्तिकहोमानुष्ठानात् पापक्षयो भवतीति [३७]मीमांसान्यायप्रकाशकारेणाभिहितम्।

सर्वथा निमित्तवता गृहस्थेनानुष्ठितो नैमित्तिको होम उपकारं जनयति।

काम्यो होमः

कामनावान् समर्थः पुरुषः काम्येषु होमेष्वधिकरोति। यद्यपि अस्मिन् लोके कामनाविरहिता काचिदपि क्रिया कदाचिदपि न दृश्यते। इह जनिमवाप्तः पुरुषो यद्यद्धि कुरुते स्वाध्यायस्याध्ययनं भवेत्, श्रुतिस्मृतिविहितकर्म-योगानुष्ठानं वा भवेत् यच्च यावच्चाखिलं कर्म कामनासमन्वितमेव भवति। [३८]मनुनापि **'जगतीतलेऽकामस्य क्रिया काचिदपि न दृश्यते। यद्यद्धि किञ्चित् कुरुते तत्तत्कामस्यैव चेष्टितम्।'** इत्यभिधायानुष्ठान-मात्रस्य कामनाजन्यत्वं निर्दिष्टम्।

साध्यसाधनयोर्ज्ञाने सति तादृशसाध्यसाधनभावज्ञानयुक्तस्य पुरुषस्य स्वर्गादिफलसिद्धये यागहोमादि-कर्मणामुपवासैकभक्तनक्तायाचितदानव्रतादीनां व्रतानाम्, ब्रह्मचर्यदयाक्षान्तिध्यानसत्याकुटिलाहिंसास्तेय-

३७. मीमांसान्यायप्रकाशः, पूर्वभागः, अधिकारविधिनिरूपणप्रकरणम् १०२-१०३ पृष्ठम्।

३८. २/४ मनुः।

---

१५९)। अतः हवन विधि उक्त ग्रन्थबाटै थाहा पाउन सकिन्छ। ग्रन्थविस्तारको डरले यहाँ उक्त हवनविधिको उल्लेख गरिँदैन।

यसरी कुनै विशेष परिस्थिति आइपरेमा नैमित्तिक हवन गरिन्छ। नैमित्तिक (कार्य) निमित्त (कारण) उत्पन्न भएपछि नै हुन्छ वा गरिन्छ। नैमित्तिक हवनले निमित्तको परिहार गर्छ (निमित्त नै नभएजस्तो बनाइदिन्छ) र जसमा उक्त (अनीप्सित) परिस्थिति आएपरेको छ त्यस्ता व्यक्तिको पापलाई नाश गराइदिने रूपी उपकार पनि गर्छ। नैमित्तिक हवनको अनुष्ठानद्वारा पापको क्षय हुन्छ भन्ने कुरा मीमांसान्यायप्रकाश नामक ग्रन्थका लेखकले पनि भनेका छन् (मी. न्या.प्र., अ.वि.नि., पृ. १०२-१०३)।[१७] निमित्तले युक्त भएका (दुर्निमित्त आइपरेका) गृहस्थद्वारा सम्पन्न गरिएको नैमित्तिक हवनले सर्वथा उपकार गर्दछ।

काम्य होम-

कामना भएको समर्थ पुरुष काम्य हवनको अधिकारी हुन्छ। हुन त यस संसारमा कामना विनाका कहीँ पनि र कुनै पनि क्रियाकलाप भएका देखिँदैनन्। यस संसारमा जन्मिएको पुरुषले जुन जुन काम गर्दछ, चाहे त्यो स्वाध्यायको अध्ययन होस्, चाहे त्यो वेदद्वारा प्रतिपादन गरिएका कर्मयोगको अनुष्ठान नै किन नहोस्, ती सबै नै काम कामनाले युक्त भएर गरेको हुन्छ। मनुले पनि- 'यस संसारमा कामना नभएका पुरुषले कुनै पनि काम गरेको देखिन्न। मनुष्यले जुन जुन कार्य गरेको हुन्छ ती सबै कार्य कामका नै चेष्टा हुन्, अर्थात् कामनाद्वारा अभिप्रेरित भएर गरिएका क्रियाकलाप हुन्'

१७. मीमांसान्यायप्रकाशमा अधिकारविधिका सन्दर्भमा पठित- **गृहदाहादौ निमत्ते कर्म विदधद्भिर्निमित्तवतः कर्मजन्य-पापक्षयरूपफलस्वाम्यं प्रतिपद्यते'** गद्यांशबाट मूलोक्त अर्थ ग्रहण गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माधुर्यदमादीनां यमानां चाप्यनुष्ठाने प्रवृत्तिरुपपद्यते। भगवता [३९]मनुनापि- 'सङ्कल्पमूलः (सङ्कल्पाज्जातः) कामः, सङ्कल्पप्रभवा यज्ञाः, व्रतानि सर्वे यमधर्माश्च सङ्कल्पजा एव' इत्यभिधाय द्रव्यप्रयोग-समन्वितक्रियानुष्ठानजन्यानां धर्माणां विहिताचरणनिषिद्धपरिवर्जनरूपाणां च धर्माणामपि काम्यत्वं समाम्नातम्। तथापि नित्यनैमित्तिकयोः कर्मणोः पापक्षयरूपेण फलेन काम्यत्वे प्राप्तेऽपि नित्यनैमित्तिककर्म-विधिवाक्ये फलकाममुद्दिश्य विध्यर्थफलसाधनत्वेन विधानाभावात् नित्यनैमित्तिकयोः कर्मणोः काम्यत्वानुपपत्तिः।

[४०]मीमांसापरिभाषाकारेण- नित्यनैमित्तिकयोरकरणे प्रत्यवाय एव। कृते फलं नास्तीति केचित्कमतेनो-पन्यस्य।

३९. २/३ मनुः।

४०. मीमांसापरिभाषा, अर्थकर्मणस्त्रैविध्यनिरूपणप्रकरणे १४-१५ पृष्ठे।

(मनु. २/४) भनी प्रत्येक अनुष्ठान कामनाद्वारा उत्पन्न भएका (सम्पादन गरिएका) हुन्छन् भन्ने तथ्यतर्फ सङ्केत गरेका छन्।[१८]

साध्य (प्राप्त गर्न चाहेको वस्तु) र साधन (उक्त अभिलषित वस्तुलाई प्राप्त गराउने उपाय) को ज्ञान भएपछि उक्त साध्य एवं साधनको ज्ञान भएको पुरुषले स्वर्ग आदि फल प्राप्त गर्नका लागि विभिन्न कर्महरूको अनुष्ठान गर्दछ। जस्तै-याग-हवन आदि कर्महरू सम्पादन गर्छ। उपवास, (एकादशी आदिमा निराहारव्रत), एकभक्त (एकछाकमात्र खाने व्रत) नक्तव्रत (रातिमा मात्र भोजन गर्ने व्रत), अयाचितव्रत (अरूका अगाडि हात नफिँजाईकन जेजति प्राप्त हुन्छ त्यही खाई सन्तुष्ट हुने व्रत) एवं दानव्रत (सत्पात्रलाई एवं दीन दुःखीलाई दान दिने व्रत) जस्ता व्रतहरूको पालना गर्दछ। ब्रह्मचर्य, दया, क्षान्ति, ध्यान, सत्यता, अकुटिलता, अहिंसा, अस्तेय (चोरी नगर्नु), माधुर्य, दम आदि यमहरूको अनुष्ठानमा पनि प्रवृत्त हुन्छ। भगवान् मनुले पनि- 'कामना सङ्कल्पमूलक[१९] हुन्छ, यज्ञहरू सङ्कल्पबाट उत्पन्न भएका हुन्छन् र व्रतहरू एवं सबै यमधर्महरू (यमभित्र पर्ने ब्रह्मचर्य आदि) पनि सङ्कल्पबाट उत्पन्न भएका हुन्' (मनु. २/३) भनेका छन्। यसरी उनले द्रव्यको प्रयोग गरिने क्रियाहरूको अनुष्ठानबाट उत्पन्न हुने धर्महरू र शास्त्रद्वारा विधान गरिएका कार्यहरू गर्नाले एवं निषेध गरिएका कार्यहरू नगर्नाले उत्पन्न हुने धर्महरू पनि काम्य हुन्छन् भनी बताएका छन्। उक्त सन्दर्भबाट नित्य एवं निमित्तिक कर्महरू पनि पाप नष्ट गराउने उद्देश्यले (फलको आकाङ्क्षाले) सम्पन्न गरिने हुनाले काम्य नै सिद्ध हुन्छन् तर पनि नित्य एवं नैमित्तिक कर्मको विधान गर्ने वाक्यहरूमा फलप्राप्तिलाई उद्देश्य बनाएर विधिवाक्यमा भनिएका फल प्राप्त गर्ने उद्देश्यले कर्म गर्नु भनिएको हुँदैन। अत एव नित्य एवं नैमित्तिक कर्म पनि काम्य कर्म नै हुन् भन्ने कुरा युक्तिसङ्गत देखिँदैन।

---

१८. मनुष्यद्वारा गमन-भोजन आदि जेजस्ता क्रियाकलाप गरिएका हुन्छन् ती सबै क्रियाकलाप उसका इच्छा विना सम्पन्न भएका हुँदैनन्। अतः मनुष्यले लौकिक वा वैदिक जेजति कार्य गर्छ ती सबै कामना कै परिणाम हुन्। यही नै सङ्केतित पद्यको तात्पर्यार्थ हो।

१९. 'यस कार्यबाट यसप्रकारको अभीष्ट फल प्राप्त हुन्छ' भन्ने निश्चयात्मक बुद्धि नै सङ्कल्प हो। सङ्कल्प भएपछि इष्ट साधनप्रति अभिलाषा उत्पन्न हुन्छ। त्यसपछि प्रयत्न गरिन्छ। अतः कामनाका मूलमा सङ्कल्प रहेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ये तु- दुरितनिवृत्तिः फलमस्ति, **'नित्यनैमित्तकैरेव कुर्वाणो दुरितक्षयम्'** इत्यादिवाक्यैः प्रत्यवाय-निवृत्तेः फलत्वेन श्रूयमाणत्वात्। न चैवं तयोरपि काम्यत्वापत्तिः फलवत्वादिति वाच्यम्, फलकामनापूर्वका-नुष्ठानाभावात्। तत्तद्विधिवाक्ये फलकाममुद्दिश्य तदर्थफलसाधनत्वेन विधानाभावाच्च काम्यत्वानुपपत्तेः। इत्यभिधाय नित्यनैमित्तिकयोः काम्यत्वं निरस्तम्।

'नित्यनैमित्तिकानि तु आत्मज्ञानसहकारितया मोक्षाय कल्पन्ते' इत्यभिधाय नैत्यनैमित्तिकयोः काम्यत्वाभावं [४१]कुल्लूकभट्टेनाप्युक्तम्। तस्मात् स्वर्गादिफलसाधनत्वेन विहितानां कर्मणां काम्यत्वं सिद्ध्यति।

'स्वर्गादिफलाभिलाषेण काम्यानि कर्माण्यनुष्ठीयमानानि पुनर्जन्मने कारणं भवन्ति' इत्यभिदधता [४२]कुल्लूकभट्टेनापि कर्मणां फलसाधनत्वेन विहितत्वं काम्यत्वमुक्तं भवति।

---

४१. मन्वर्थमुक्तावली २/२ मनुस्मृतिटीका।

४२. मन्वर्थमुक्तावली २/२ मनुस्मृतिटीका।

मीमांसापरिभाषा नामक ग्रन्थका लेखकले– 'नित्य एवं नैमित्तिक कर्म नगर्ने हो भने दोषको भागीदार बन्नुपर्छ तर उक्त नित्य एवं नैमित्तिक कर्म गर्नाले कुनै फल भने पाइँदैन' भन्ने कथनलाई कसैले यसो भनेका छन् भनी पूर्वपक्षका रूपमा उपस्थापन गरेका छन्। **अन्ये तु.-** अर्थात् अरूहरूले त भन्दै सिद्धान्त पक्ष दिएका छन्। उनीहरूका मतमा-नित्य एवं नैमित्तिक कर्मको पनि पापबाट निवृत्त हुने प्रयोजन हुन्छ। **'नित्यनैमित्तकैरेव कुर्वाणो दुरितक्षयम्** अर्थात् 'नित्य एवं नैमित्तिक कर्मद्वारा पापको क्षय गराउँदै' जस्ता वाक्यहरूद्वारा प्रत्यवाय (दोष एवं पाप) बाट निवृत्त हुनु नै उक्त नित्य एवं काम्य कर्मको फल (परिणाम) हो भन्ने सिद्ध हुन्छ। यसरी नित्य एवं नैमित्तिक कर्ममा समेत फलको आकाङ्क्षा देखिने हुनाले उक्त दुवै प्रकारका कर्म पनि काम्यकर्मभित्र नै पर्छन् भन्न भने मिल्दैन। नित्य एवं नैमित्तिक कर्म मूलतः फलप्राप्तिको कामनाले सम्पादन नगरिने हुनाले उक्त दुवै कर्मलाई काम्यकर्म भन्न मिल्दैन। नित्य एवं नैमित्तिक कर्मको विधान गर्ने वाक्यहरूमा फलको कामनालाई उद्देश्य बनाएर साथै तत् तत् कार्य गर्नाले प्राप्त हुने फललाई साध्यका रूपमा निर्देशन गरेर कार्य सम्पादन गर्न अभिप्रेरित गरिएको हुँदैन। अतः उक्त दुवै (नित्य एवं नैमित्तिक) कर्म काम्य हुन सक्दैनन् (मी. प., अर्थकर्मत्रैविध्यनिरूपणम्, पृ. १४-१५)। यसरी मीमांसापरिभाषाकारले नित्य एवं नैमित्तिक कर्मको काम्यकर्मता खण्डन गरेका छन्।

नित्यनैमित्तिकानि० अर्थात् 'नित्य एवं नैमित्तिक कर्महरू आत्मज्ञानका सहयोगी भएर मोक्ष प्राप्तिका साधन बन्दछन्' (मनु. २/२ म.मु.) भनी नित्य एवं नैमित्तिक कर्म काम्यकर्मभित्र नपर्ने तथ्य कुल्लूक भट्टले बताएका छन्। यसबाट स्वर्ग आदि फल प्राप्त गर्ने साधनका रूपमा सम्पादन गरिएका कर्महरू नै काम्य कर्म हुन् भन्ने तथ्य सिद्ध हुन्छ। **स्वर्गादि०** अर्थात् 'स्वर्ग आदि फल प्राप्त गर्ने कामनाद्वारा सम्पादन गरिएका काम्य कर्महरू पुनर्जन्मका कारण हुन्छन्' (मनु. २/२ म.मु.) भन्ने कुल्लूक भट्टले पनि फलको आकाङ्क्षालाई उद्देश्य बनाएर गरिएका कर्महरू नै काम्यकर्म हुन् भनी स्विकारेको सिद्ध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम्यहोमस्य त्रैविध्यम्

काम्यो होमः केवलमैहिकफलकः, आमुष्मिकफलकः, ऐहिकामुष्मिकफलश्चेति त्रिविधः सम्पद्यते।

केवलमैहिकफलको होमः

तत्र सारस्वतचरुहोमः केवलमैहिकफलकः काम्यो होमः। व्यवहारेषु साक्षिणामनृतवदनमवदनं वापि [४३]निषिद्धम्। परं वर्णिवधसम्भावनायामनृतवदनस्याभ्यनुज्ञा[४४] दत्ता। दत्तायामप्यभ्यनुज्ञायां तत्र निषिद्धानृत-वदननिमित्तजनितदोषपरिहाराय **'सारस्वतचरुः'** निर्वापणीयत्वेनाभिहितः। सारस्वतस्य चरोरनृतवदननिमित्ते विहितोऽपि तज्जनितदोषपरिहारार्थं विधानात् कामत्वमवसीयते।

'अनृतवचनावचनप्रत्यवायपरिहारार्थं सारस्वतचरुर्द्विजैरेकैकशो निर्वाप्यः' इत्यभिधाय [४५]मिताक्षराकारेण प्रत्यवायपरिहाररूपं फलं सारस्वतचरुनिर्वापस्य निर्दिष्टम्।

---

४३. ८/१३ मनुः।

४४. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ८३ श्लोकः।

४५. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ८३ श्लोकः।

तीन प्रकारका काम्य होम-

काम्य होम १. केवलमैहिफलक अर्थात् यस लोकमा मात्र उपभोग गर्न सकिने फल (परिणाम) प्राप्त गराउने, २. आमुष्मिकफलक अर्थात् परलोकमा मात्र उपभोग गर्न सकिने फल प्राप्त गराउने, ३. ऐहिकामुष्मिकफलक अर्थात् यस लोकमा पनि परलोकमा पनि उपभोग गर्न सकिने फल प्राप्त गराउने गरी तीन प्रकारको हुन्छ।

यस लोकमा मात्र उपकृत बनाउने हवन-

सारस्वत चरुको हवन मात्र यस लोकमा उपभोग गरिने वा मात्र यस लोकमा उपकार गर्ने परिणाम प्रदान गर्ने काम्य हवन हो। व्यवहारमा साक्षीहरूललाई झूटो बोल्न र मौन बस्न निषेध गरिएको छ (मनु. ८/१३)।[२०] साँचो बोलेका अवस्थामा वर्णीहरूको (ब्राह्मण आदि वर्णका पुरुषहरूको) वध हुने सम्भावना भएमा {उनीहरूलाई बचाउने उद्देश्यले} झूटो बोल्ने अनुमति पनि दिइएको छ (या.स्मृ. २/८३)। झूटो बोल्ने अनुमति दिइएता पनि निषिद्ध असत्य (झूटो) कथनबाट उत्पन्न हुने दोष परिमार्जनका लागि सारस्वतचरु (सरस्वती देवता भएको हवनीय पदार्थ) निर्वपण (हवन) गर्नुपर्छ भनिएको छ। सारस्वत चरुको निर्वपण- असत्य बोल्नुपर्ने अवस्था आएका स्थितिमा सम्पादन गर्नुपर्छ भनिएको छ तापनि असत्य बोल्नाले उत्पन्न भएको दोष निवारण गर्नका लागि उक्त चरुद्वारा निर्वपण गरिने हुनाले {सारस्वतचरु निर्वपणको}काम्यता सिद्ध हुन्छ। **अनृतवचन०** अर्थात् 'असत्य कुरा बोल्नाले र देखेका कुरा नबोल्नाले उत्पन्न भएको दोष परिमार्जन गर्नका लागि द्विजहरूद्वारा एक-एक गरेर सारस्वत चरुको निर्वपण गर्नुपर्छ' (या.स्मृ.२/८३

---

२०. व्यवहार (समस्या) समाधानका लागि सभाको आयोजना गरिएको हुन्छ। साँचो कुरा बोल्न नसक्ने पुरुष कि त त्यस्ता सभामा जानै हुँदैन, सभामा जाने हो भने साँचो कुरा बोल्नै पर्छ। सभामा गएर मौन बस्ने (आफूले थाहा पाएका कुरा नबताउने) र झूटो बोल्ने दुवै नै पातकी हुन्छन्। मूलमा 'विब्रुवन्' पदको प्रयोग गरिएको छ। यसबाट झूटो बोल्ने र कुरा बङ्ग्याएर बोल्ने भन्ने दुवै अर्थ बुझिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनृतवचनावचनजनितप्रत्यवायस्यैहिकफलकत्वं च उक्तानृतादिसाक्ष्यस्य साक्षिणः सप्ताहाद् रोगोऽग्नि-{दाह}ज्ञातिमरणरूपफलाभिधानादवगम्यते। साक्ष्येऽनृतं वदतः साक्षिणः सप्ताहमध्ये रोगोत्पत्तिः, अग्निदाहः, ज्ञातिमरणं वा भवेदिति भगवता [४६]मनुना समाम्नातम्।

तस्मात् सारस्वतचरुहोमः केवलमैहिकफलकः। सोऽपि रोगादिनिवारणरूपलोकोपकृतिजनकः।

आमुष्मिकफलकः काम्यो होमः

अत्र **'अग्निहोत्रं जुहुयात् स्वर्गकामः'** इत्यनेन वाक्येन स्वर्गफलप्रापकत्वमग्निहोत्रहोमस्य दर्शनात् नित्याग्निहोत्रादपरः काम्याग्निहोत्रोऽभिधीयते।

ऐहिकामुष्मिकफलकः काम्यो होमः

यस्मिन् होमेऽनुष्ठिते ऐहिकामुष्मिकं चोभयविधं फलं सम्पद्यते तस्य होमस्यैहिकामुष्मिकफलकत्वम्।

दध्नेन्द्रियकामस्य जुहुयाद् इति वाक्यम् **'अग्निहोत्रं जुहोति'** इत्यनेन कार्मोत्पत्तिवाक्येन विहितम् अग्निहोत्रहोमं जुहुयादित्यनेनानुद्य इन्द्रियफलाय दधिरूपं गुणं विधत्ते।

---

४६. ८/१०८ मनुः।

मिता.) भनी मिताक्षराका लेखकले असत्य बोल्नाले उत्पन्न भएको दोषको परिहार गर्नु नै सारस्वत चरु निर्वपणको फल भएको तथ्य बताएका छन्।

झूटो बोल्नाले अथवा देखेका कुरा नबोल्नाले उत्पन्न हुने दुष्परिणामको फल यसै लोकमा उपभोग गर्नुपर्ने हुन्छ। झूटो साक्ष्य दिने साक्षी एक हप्तामा नै रोगले आक्रान्त हुन्छ, अग्निदाहबाट पीडित बन्दछ र उसका आत्मीय जनको मृत्यु हुन्छ भनिएको हुनाले असत्य कथनबाट उत्पन्न हुने परिणामको उपभोग यसै लोकमा गर्नुपर्ने देखिन्छ। 'साक्षी बक्ने समयमा झूटो बोल्ने साक्षीको शरीरमा एक हप्तामा नै रोगको उत्पत्ति हुन्छ, अग्निदाह हुन्छ र ज्ञातिमरण हुन्छ' (मनु. ८/१०८) भनी मनुले भनेका छन्। अतः सारस्वत चरुको हवन केवलैहिकफलक अर्थात् मात्र यस लोकमा उपभोग गरिने परिणाम उपलब्ध गराउने हवन हो। उक्त हवनले रोग लाग्नबाट बचाउने आदि कार्यद्वारा लोकलाई उपकार गर्ने गर्छ।

परलोकमा मात्र फलको उपभोग गरिने काम्य हवन-

अग्निहोत्रं जुहुयात् स्वर्गकामः अर्थात् 'स्वर्गको कामना भएको पुरुषले अग्निहोत्र नामको हवन गरोस्' यस वाक्यद्वारा अग्निहोत्र हवनले स्वर्गरूपी फल प्रदान गर्छ भन्ने तथ्य सिद्ध हुन्छ। अतः यस वाक्यले नित्य अग्निहोत्रभन्दा भिन्न काम्य अग्निहोत्रको विधान गर्दछ।

यस लोकमा र परलोकमा उपयोग गरिने फल प्रदान गर्ने हवन-

जुन हवन सम्पादन गर्नाले ऐहिक र आमुष्मिक गरी दुवै लोकमा उपभोग गरिने फल प्राप्त हुन्छ त्यस्ता हवनलाई ऐहिकामुष्मिकफलक हवन भनिन्छ। **दध्नेन्द्रियकामस्य जुहुयात्** अर्थात् 'इन्द्रियको कामना गर्ने पुरुषले दहीद्वारा हवन गरोस्' यस वाक्यले **अग्निहोत्रं जुहोति** अर्थात् 'अग्निहोत्रनामक हवन गरोस्' यस कार्योत्पत्तिवाक्यद्वारा विधान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'दध्नेन्द्रियकामस्य जुहुयात्' इत्यत्र **'अग्निहोत्रं जुहोति'** इत्यनेन वाक्येन विहितं होमं **'जुहुयात्'** इत्यनेन पदेनानुद्य इन्द्रियफलाय दधिरूपगुणविधानात्, होमाश्रितेन दध्ना इन्द्रियरूपफलसम्पत्तेस्तस्यैवाग्निहोत्रहोमस्य ऐहिकामुष्मिकफलकत्वं सम्पद्यते । दध्नो हि क्रतुसम्पादकत्वेनेन्द्रियफलसम्पादकत्वेन च क्रत्वर्थत्वं पुरुषार्थत्वञ्चेति उभयरूपं फलम् ।

'अग्निहोत्रं जुहोति' इत्यनेन विहितं होममाश्रित्य **'दध्नेन्द्रियकामस्य जुहुयात्'** इत्यत्र इन्द्रियफलाय दधिरूपो गुणो विधीयते इति [४७]इन्द्रियकामाधिकरणे मीमांसापरिभाषायां चोक्तम् । **'दध्ना जुहुयात्'** इत्यस्य पुनर्होमसम्पादकत्वात् क्रत्वर्थत्वम् । दध्न उभयरूपत्वं [४८]मीमांसापरिभाषायामुक्तम् ।

तत एकस्यैवाग्निहोत्रहोमस्य नित्यत्वं कामत्वं च सिद्ध्यति । काम्यत्वमपि आमुष्मिकफलप्रापकतया ऐहिकामुष्मिकफलकतया च द्विविधत्वं सम्पद्यते । स्वर्गस्य आमुष्मिकफलकत्वम्, इन्द्रियफलस्य पुनरैहिकामुष्मिकफलकत्वम् ।

---

४७. क) जैमिनीयन्यायमाला अध्यायः २, पादः २, अधिकरणम् ११ ।
ख) मीमांसापरिभाषा, फलाय गुणवाक्यप्रकरणम् २ पृष्ठम् ।

४८. मीमांसापरिभाषा, प्रमेयविचारः, २९ पृष्ठम् ।

गरिएको अग्निहोत्र हवनलाई **जुहुयात्** क्रियाद्वारा ग्रहण (अनुवृत्ति) गरेर इन्द्रियरूप फल प्राप्तिका लागि दधिरूप गुणको विधान गर्दछ ।

दध्नेन्द्रियकामस्य जुहुयात् अर्थात् 'इन्द्रियको कामना गर्ने पुरुषले दधिरूप द्रव्यले (अग्निहोत्र) हवन गरोस्' यस वाक्यमा **अग्निहोत्रं जुहोति** अर्थात् 'अग्निहोत्र हवन गरोस्' यस वाक्यद्वारा विधान गरिएको हवनलाई 'जुहुयात्' पदद्वारा अनुवर्तन (ग्रहण) गरेर इन्द्रियफलका लागि दधिरूप गुणको विधान गरिएको हुनाले र होमाश्रित (हवनीय पदार्थका रूपमा ग्रहण गरिएको) दहीद्वारा इन्द्रियरूप फल प्राप्त हुने भएकाले अग्निहोत्र हवनबाट ऐहिक एवं आमुष्मिक फल प्राप्त हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ । दहीका माध्यमले यज्ञ (हवन) सम्पादन गरिने हुनाले र इन्द्रियफल पनि सम्पादन गरिने हुनाले उक्त दहीमा होमको साधनता एवं पुरुषार्थता (इन्द्रियलाभ) गरी दुई प्रकारका उद्देश्य रहेका देखिन्छन् । (दहीमा दुवै फल प्राप्त गराउने सामर्थ्य देखिन्छ ।)

अग्निहोत्रं जुहोति यस वाक्यद्वारा विधान गरिएको हवनलाई आधार बनाएर (उक्त वाक्यको अनुवृत्ति गर्दै) **दध्नेन्द्रियकामस्य जुहुयात्** यस वाक्यद्वारा इन्द्रियरूप फलका लागि दधिरूप गुणको विधान गरिएको छ भनी इन्द्रियकामाधिकरण (जै.न्या.मा. २/२/११) मा र मीमांसापरिभाषामा (मी.प., फलाय गु.वा.प्र., पृ. २) बताइएको छ । **दध्ना जुहुयात्** यस वाक्यमा {इन्द्रियार्थताका साथै} हवन सम्पादन गर्ने साधनता पनि रहेकाले क्रत्वर्थता विद्यमान छ । अतः दहीमा उभयरूपता (इन्द्रियार्थता एवं क्रत्वर्थता) रहेको छ भनी मीमांसापरिभाषामा (मी.प., प्रमेयविचार, पृ. २९) भनिएको छ ।

उक्त प्रसङ्गबाट एउटै अग्निहोत्र होमको नित्यता र काम्यता सिद्ध हुन्छ । काम्यता पनि १. पारलौकिक फल उत्पन्न गराउने हुनाले र २. ऐहलौकिक एवं पारलौकिक दुवै फल उत्पन्न गराउने हुनाले दुई प्रकारको हुन्छ । स्वर्गप्राप्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा वै वायुदेवताकस्य श्वेतस्य पशोरालभने विहिते ऐहिकामुष्मिकभूतिरूपफलस्य सिद्धिर्मता तथैवात्रापि इन्द्रियरूपं फलमैहिकामुष्मिकं मतम्।

भूतिरूपस्य फलस्यैहिकामुष्मिकत्वं [४९]मीमांसापरिभाषाकारेणाभिहितम्।

यथा [५०]**'चित्रया यजेत पशुकामः'** इत्यत्रापि चित्रानामकेन यागेन पशुरूपं फलमैहिकामुष्मिकमुभयविधं सम्भवति तथात्रापि दधिरूपगुणसम्पाद्येनाग्निहोत्रहोमेन ऐहिकामुष्मिकमुभयविधमिन्द्रियरूपं फलं सम्पद्यते।

इत्थं होमस्य नैत्यनैमित्तिककाम्यानां भेदात् त्रिविधत्वं निष्पद्यते। एतेषु होमस्य त्रिषु भेदेषु नित्यो होमो गृहस्थाश्रमं प्रविष्टेन गृहस्थेन नित्यमनुष्ठेयं भवति। [५१]**'अग्निहोत्रं च जुहुयादाद्यन्ते द्युनिशोः सदा'** इत्यनेन सायं प्रातरग्निहोत्रहोमस्य नित्यतयानुष्ठेयत्वेन विधानात्।

नैमित्तिकस्य च निमित्तोपस्थितौ यस्मिन् यस्मिन् काले निमित्तोपस्थितिर्भवति तत्र तत्रैव होमस्यानुष्ठानं विधीयते। नान्यथा नैमित्तिकस्य होमस्यानुष्ठानमनुष्ठेयत्वेन विधीयते। यथाग्निदाहनिमित्तेऽष्टाकपालनिर्वापो

---

४९. मीमांसापरिभाषा, काम्यकर्मत्रैविध्यप्रकरणम् १५ पृष्ठम्।

५०. मीमांसान्यायप्रकाशः, उत्तरभागः, वाक्यभेदभयात् कर्मनामधेयतानिरूपणप्रकरणम्, १२५ पृष्ठम्।

५१. ४/२५ मनुः।

पारलौकिक फल हो। इन्द्रियरूप फल ऐहिक एवं पारलौकिक गरी दुवै प्रकारको फल हो। वायु देवता भएका सेता पशुको आलभनबाट जसरी यस लोकमा र परलोकमा समेत भूतिरूप फल प्राप्त हुन्छ भनी बताइएको छ त्यसरी नै यहाँ {दहीलाई साधन बनाई गरिएका अग्निहोत्रमा} पनि यस लोकमा र परलोकमा इन्द्रियरूप फल प्राप्त हुन्छ भनी बताइएको छ। {वायुदेवता भएको श्वेत पशुको आलभनबाट प्राप्त हुने} भूतिरूप फल ऐहिक एवं आमुष्मिक गरी दुवै प्रकारको हुन्छ भन्ने कुरा मीमांसापरिभाषाका लेखकले बताएका छन् (मी.प., काम्यकर्मत्रैविध्यप्रकरण, पृ. १५)। **चित्रया यजेत पशुकामः** अर्थात् 'पशुको कामना भएको पुरुषले चित्रानामक यज्ञ गरोस्' (मी.न्या.प्र., पृ. १२५)[२१] यस विधिवाक्यमा बताइएको चित्रानामक यज्ञ सम्पादन गरेपछि प्राप्त हुने पशुरूप फल जसरी ऐहिक एवं आमुष्मिक हुन्छ त्यसरी नै दधिरूप गुणद्वारा सम्पादन गरिने अग्निहोत्र हवनबाट प्राप्त हुने इन्द्रियरूप फल पनि ऐहिक एवं आमुष्मिक गरी दुई प्रकारको हुन्छ।

यसरी हवन नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारको हुन्छ भन्ने कुरा प्रमाणित हुन्छ। गृहस्थाश्रममा प्रवेश गरेका गृहस्थहरूले उपर्युक्त तीन प्रकारका हवन मध्ये नित्य हवन सधैँ गर्नुपर्ने हुन्छ। **अग्निहोत्रं च जुहुयादाद्यन्ते द्युनिशोः सदा** अर्थात् 'दिनको र रातको आरम्भमा र अवसानमा सधैँ नै अग्निहोत्र हवन गरोस्'[२२] (मनु. २/२५) यस वाक्यद्वारा

---

२१. मीमांसान्यायप्रकाशमा वाक्यभेदभयात् कर्मनामधेयेतानिरूपणम् नामक प्रकरणमा **'चित्रया यजेत पशुकामः'** वाक्य उदाहरणका रूपमा दिइएको छ। उक्त प्रसङ्गमा उदाहृत वाक्यको उभयविधफलताको प्रतिपादन गरिएको छैन।

२२. मन्वर्थमुक्तावलीमा- **'उदितहोमपक्षे दिनस्यादौ निशायाश्चादौ। अनुदितहोमपक्षे दिनस्यान्ते निशायाश्चान्ते। यद्वा उदितहोमपक्षे दिनस्यादौ दिनान्ते च। अनुदितहोमपक्षे निशादौ निशान्ते च अग्निहोत्रं कुर्यात्।'** भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[५२]मीमांसान्यायप्रकाशे उक्तः । तस्मान्नैमित्तिको होमो निमित्तेष्वनुष्ठेयो भवति ।

काम्यस्यापि होमस्यानुष्ठाने कामनावानेवाधिकारी भवतीति न नित्यत्वेनानुष्ठानम् । कामनायां सत्यामेवानुष्ठीयमानत्वात् । स्वर्गकामनावतोऽग्निहोत्रानुष्ठानम्, श्रीकामनावतः, शान्तिकामनावतः, वृष्टि-कामनावतः, आयुष्कामनावतः, पुष्टिकामनावतः, अभिचारकामनावतो वापि ग्रहयज्ञानुष्ठानं विहितमिति कामनावान् एव काम्यं होममनुतिष्ठति । श्रीकामनादिकामनावतो ग्रहयज्ञानुष्ठानं च [५३]याज्ञवल्क्येनोक्तम् । तस्मात् काम्यो होमः कामनायां सत्यामनुष्ठेयं भवति । होमस्य लोकोपकृतिजनकत्वं च तत्र तत्र प्रातिस्विकवाक्येषु निर्दिष्टमेव ।

गृहस्थेनानुष्ठीयमानयागस्य त्रैविध्यम्

यथा गृहाश्रमे स्थितस्य गृहस्थस्य तत्तन्निमित्तेषु समनुष्ठेयत्वेन निर्दिष्टस्य होमस्य नित्यनैमित्तिककाम्य-भेदात् त्रिविधत्वं सम्पद्यते तथैव तत्तन्निमित्तेषु समनुष्ठेयस्य यागस्यापि त्रिविधत्वं नित्यनिमित्तिककाम्यभेदात् सम्पद्यते । नित्यतयानुष्ठेयत्वेन निर्दिष्टानां यागानामनुष्ठाने काल एव निमित्तम् ।

५२. मीमांसान्यायप्रकाशः, पूर्वभागः, अधिकारविधिनिरूपणप्रकरणम्, १०२-१०३ पृष्ठे ।

५३. याज्ञवल्क्यस्मृतिः आचाराध्यायः, ग्रहशान्तिप्रकरणम् २९५ श्लोकः ।

बिहानमा र साँझमा नित्यहवनका रूपमा अग्निहोत्र गर्नुपर्ने विधान गरिएको छ । नैमित्तिक हवन निमित्त (हवन गर्नुपर्ने कारण) उपस्थित भएका समयमा गरिन्छ । जुन जुन समयमा निमित्तको उपस्थिति हुन्छ त्यसै त्यसै समयमा हवन गर्नु भनी विधान गरिएको छ । निमित्त उपस्थित नभएका स्थितिमा नैमित्तिक हवन गर्न नपर्ने भएकाले त्यस्ता हवनको विधान गरिँदैन । जस्तै- अग्निदाह {अग्निको आधान गरेका गृहस्थको घर आगाले डढाइदिने} रूपी निमित्त उपस्थित भएमा अष्टाकपाल {आठवटा कपालमा संस्कार गरिएको पुरोडाश} निर्वपण गर्नुपर्छ भनी मीमांसान्यायप्रकाशमा भनिएको छ (मी.न्या.प्र., अ.वि.नि.प., पृ. १०२-१०३) । अतः नैमित्तिक हवन निमित्त उपस्थित भएपछि मात्र गर्नुपर्छ । काम्य हवन सम्पादन गर्नका लागि पनि कामनाले युक्त भएको पुरुष नै अधिकारी हुन्छ । अतः काम्य हवन सधैँ गरिरहनुपर्दैन । किनकि- कामना भएका स्थितिमा मात्र काम्य हवन गरिन्छ । स्वर्गको कामना भएको पुरुषले अग्निहोत्रको अनुष्ठान गर्छ । यसै प्रकारले ऐश्वर्यको कामना भएका, (विपत्तिबाट छुट्कारा पाउनका लागि) शान्तिको कामना भएका, (सस्यादिको वृद्धिका लागि) वृष्टिको कामना भएका, आयुको (अपमृत्यु माथि विजय प्राप्त गरी दीर्घजीवनको) कामना भएका, पुष्टिको (रोगरहित एवं हृष्ट-पुष्ट शरीरको) कामना भएका र अभिचारको (मारण- मोहन आदि अदृष्ट उपायद्वारा अरूलाई पीडा दिने) कामना भएका पुरुषहरूका लागि पनि ग्रहयज्ञ सम्पादन गर्ने विधान गरिएको छ । अतः कामनाले युक्त भएको पुरुषले मात्र काम्य हवन गर्दछ । ऐश्वर्यकामना आदि अभिलाषा भएका पुरुषले ग्रहयज्ञ गर्नुपर्छ भनी याज्ञवल्क्यले भनेका छन् (या.स्मृ. १/२५९) । अतः काम्य हवन कामना भएका अवस्थामा मात्र गर्नुपर्ने हुन्छ । हवनबाट लोकको कल्याण हुन्छ भन्ने कुरा त ठाउँ ठाउँमा प्रातिस्विक (प्रत्येक) वाक्यमा देखाइएकै छ ।

गृहस्थद्वारा सम्पादन गरिने तीन प्रकारका याग-

गृहस्थ आश्रममा प्रवेश गरेका गृहस्थहरूका लागि ती ती (निर्धारित) निमित्त उपस्थित भएमा गर्नुपर्छ भनी बताइएको हवन जसरी नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारको हुन्छ त्यसरी नै ती ती निमित्त उपस्थित भएमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नैमित्तिकतयानुष्ठेयत्वेन निर्दिष्टानां यागानामनुष्ठाने निमित्तोदय एव निमित्तम्।

काम्यतयानुष्ठेयत्वेन निर्दिष्टानां यागानामनुष्ठाने कामना एव निमित्तमिति यागानुष्ठाननिमित्तत्रयभेदात् यागभेदोऽपि त्रिविधभेदसमन्वितो भवति।

तत्रोदाहरणानि-

नित्यत्वेनानुष्ठेया यागाः

पञ्च महायज्ञा गृहस्थस्य कृते नित्यतयानुष्ठेयत्वेन निर्दिष्टाः। ऋषियज्ञदेवयज्ञभूतयज्ञनृयज्ञपितृयज्ञानां पञ्चानां यथाशक्ति अपरित्यागो [५४]मनुना निर्दिष्टः।

यद्यपि पञ्च महायज्ञानुष्ठानाल्लोकोपकृतिर्जायते इति पूर्वं निर्दिष्टम्। **ऋषियज्ञं देवयज्ञं भूतयज्ञं च सर्वदा। नृयज्ञं पितृयज्ञं च यथाशक्ति न हापयेत्॥** इत्यभिधाय नित्यत्वज्ञापकेन सदाशब्देन, यथाशक्तिशब्देन, न हापयेदिति शब्देन च नित्यतयानुष्ठेयत्वेनाभिधानात् कामनायां सत्यां तत्कामनासम्पत्तये समनुष्ठितानामेव कर्मणां काम्यत्वेनाभिधानाच्च तन्निर्दिष्टफलं काम्यत्वं नापादयति। तस्मादुपाधिरेव नित्यकाम्यत्वयोर्भेदकः। [५५]पारस्कराचार्येणापि पञ्चमहायज्ञानां नित्यतया विधानं कृतम् फलादर्शनात्।

५४. ४/२१ मनुः।

५५. पारस्करगृह्यसूत्रम्, द्वितीयं काण्डम्, ९ कण्डिका।

गर्नुपर्ने याग पनि नित्य, नैमित्तिक र काम्य गरी तीनै प्रकारको हुन्छ। सधैँ सम्पन्न गर्नुपर्छ भनी बताइएका यागहरूका अनुष्ठानमा समय नै निमित्तका (याग गर्नुपर्ने कारणका) रूपमा रहेको हुन्छ। नैमित्तिक रूपमा (विशेष परिस्थितिमा) गर्नुपर्छ भनी बताइएका यागहरूको अनुष्ठानमा निमित्तको उदय (प्रादुर्भाव) नै कारणका रूपमा रहेको हुन्छ। काम्य रूपमा (अभीष्ट पदार्थ पाउन) गर्नुपर्छ भनी बताइएका यागहरूका अनुष्ठानमा कामना नै यागहरूका अनुष्ठानको कारणका रूपमा रहेको हुन्छ। यसरी याग सम्पादन गर्नुपर्ने कारणका भेदले यागका भेद पनि तीन प्रकारका हुन्छन्। तीनै प्रकारका यागका उदाहरण क्रमैले बताइन्छ-

नित्ययज्ञका रूपमा सम्पादन गर्नुपर्ने पाँच महायज्ञहरू-

पाँच महायज्ञ गृहस्थहरूले नित्यकर्मका रूपमा सम्पन्न गर्नुपर्छ भनी निर्देशन गरिएको छ। ऋषियज्ञ, देवयज्ञ, भूतयज्ञ, नृयज्ञ एवं पितृयज्ञरूप पाँच यज्ञ आफ्नो शक्तिअनुसार प्रतिदिन सम्पन्न गर्नुपर्छ, उक्त यज्ञहरू कहिल्यै पनि छाड्न हुँदैन भनी मनुले निर्देशन दिएका छन्। पाँच प्रकारका महायज्ञको सम्पादनद्वारा लोकको उपकार हुन्छ भन्ने तथ्य पहिले नै बताइसकिएको छ। **ऋषियज्ञम्०** अर्थात् 'ऋषियज्ञ, देवयज्ञय, भूतयज्ञ, नृयज्ञ एवं पितृयज्ञ आफ्नो शक्तिअनुसार सम्पन्न गर्नुपर्छ, कहिल्यै पनि त्याग गर्नुहुँदैन' (मनु. ४/२१) पद्यद्वारा उक्त यज्ञहरू सधैँ सम्पादन गर्नुपर्ने कृत्य हुन् भन्ने तथ्य सिद्ध हुन्छ। उक्त पद्यमा रहेका नित्यताका अभिव्यञ्जक- सदा, यथाशक्ति एवं न हापयेद् जस्ता शब्दहरूले निर्दिष्ट यज्ञहरू सधैँ नै सम्पन्न गर्नुपर्छ भन्ने तथ्य सिद्ध गर्छन्। कामना भएका अवस्थामा अभिलषित पदार्थ प्राप्त गर्ने उद्देश्यले गरिएका कर्महरूलाई मात्र काम्य कर्म भनिन्छ। विधिवाक्यमा निर्दिष्ट कामनाले अभिप्रेरित भई पञ्च महायज्ञ सम्पन्न गरिएता पनि उक्त महायज्ञलाई काम्य यज्ञ भन्न सकिँदैन। अतः नित्ययज्ञ एवं काम्ययज्ञको भेदक तत्त्व भनेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा गृहस्थेन नित्यतयानुष्ठेयौ दर्शपूर्णमासौ यागौ सस्यावसाने (पूर्वार्जितसस्यसमाप्तौ) नवसस्येष्टिः, चतुर्णां मासानामन्ते चातुर्मास्ययागः, द्वयोरयनयोरादौ पशुबन्धाख्यो यागः, वत्सरस्यान्तेऽग्निष्टोमाख्यो यागश्च समनुष्ठानानन्तरं फलोत्पत्त्योपकृतिजनकत्वेऽपि काम्यत्वं नाप्नुवन्ति।

तत्र व्रीहिमयेन यवमयेन वा चरुणा सम्पादनीयौ दर्शपूर्णमासयागौ तथा तत्प्रकृत्यात्मका यागाः, पशुद्रव्येण सम्पादनीयो निरूढपशुबन्धस्तथा तत्प्रकृत्यात्मका यागाः, सोमरसेन सम्पादनीयोऽग्निष्टोमस्तथा तत्प्रकृत्यात्मका यागाश्चेति प्रकृतित्रयसमन्विताः सर्वेऽपि प्रकृतिविकृत्यात्मका यागा नित्योपाधौ समनुष्ठिता नित्यतामावहन्ति। अत एव [५६]याज्ञवल्क्येन-

प्रतिसंवत्सरं सोमः पशुः प्रत्ययनं तथा।

कर्तव्याग्रयणेष्टिश्च चातुर्मास्यानि चैव हि॥ इत्युक्तम्।

सोमः- सोमयागः, **पशुः-** निरूढपशुबन्धः (अयनयोः पशुनामनुष्ठीयमानः पशुयागः), **आग्रयणेष्टिश्च-** सस्यान्तेऽनुष्ठीयमाना सस्येष्टिः (नवान्नेष्टिः), **चातुर्मास्यानि-** प्रतिसंवत्सरं कर्तव्यानीति [५७]विज्ञानभिक्षुणोक्तम्।

---

५६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, गृहस्थप्रकरणम्, १२५ श्लोकः।

५७. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, गृहस्थप्रकरणम्, १२५ श्लोकटीका।

उपाधिमात्र हो।[२३] आचार्य पारस्करले पनि विशेष फल प्राप्त नहुने भएकाले पञ्चमहायज्ञ प्रतिदिन सम्पन्न गर्नुपर्छ भन्ने निर्देशन गरेका छन् (पा.गृ.सू. २/९)।[२४]

गृहस्थहरूद्वारा नित्यकर्मका रूपमा {प्रत्येक महिनामा गरिने} **दर्शयाग** एवं **पौर्णमासयाग**, पहिले सङ्ग्रह गरिएका धान सिद्धिएपछि {साथै नयाँ धान भित्र्याएपछि गरिने} **नवसस्येष्टि**, चार चार महिनाको समाप्तिमा गरिने चातुर्मास्ययाग, {उत्तर एवं दक्षिण गरी} दुवै अयनको आरम्भमा गरिने पशुबन्धनामक याग र प्रत्येक वर्षका अन्तमा गरिने अग्निष्टोमयाग गर्नुपर्छ भनिएको छ। उक्त याग सम्पन्न गरेपछि उत्पन्न हुने फलद्वारा उपकार हुन्छ तापनि उक्त यागहरू काम्ययाग भित्र पर्दैनन् वा काम्य हुन सक्दैनन्। व्रीहिमय अथवा यवमय (धानका अथवा जौका) चरु बनाएर सम्पन्न गरिने दर्श एवं पौर्णमास याग एवं उक्त दुवै यागका प्रकृति यागहरू, पशुरूप सम्पत्तिद्वारा सम्पादन गर्नुपर्ने निरूढपशुबन्ध नामक याग एवं उक्त यागका प्रकृति यागहरू, सोमरसद्वारा सम्पन्न गरिने अग्निष्टोम याग एवं उक्त यागका प्रकृति यागहरू नित्ययागभित्र पर्दछन्। तीन प्रकारका प्रकृतिले युक्त भएका सबै नै प्रकृतिरूप एवं विकृतिरूप यागहरू नित्य उपाधिद्वारा सम्पादन गरिने हुनाले नित्ययाग नै मानिन्छन्। त्यसैले त याज्ञवल्क्यले **प्रतिसंवत्सरम्०** अर्थात् 'प्रत्येक वर्षका अन्तमा (नयाँ वर्ष प्रारम्भ भएपछि चैत्र महिनामा) सोमयाग (सोमसाध्य अग्निष्टोमयाग), प्रत्येक अयनमा अर्थात् उत्तर-दक्षिण दुवै अयनका आरम्भमा (वर्षमा दुई पटक) पशु (पशुबन्ध) याग, नयाँ अन्न भित्राएपछि गरिने आग्रयणेष्टि

---

२३. उपाधि एक प्रकारको विशेषण नै हो। नित्य एवं नैमित्तिक कार्यमा पनि काम्यता रहेको हुन्छ तर नित्य एवं नैमित्तिक भन्ने विशेषण नजोडिने शुद्ध कार्यहरूलाई नै काम्य भन्नु पर्ने हुन्छ।

२४. पारस्करगृह्यसूत्रको द्वितीयकाण्डको नवौं कण्डिकामा पञ्चमहायज्ञको वर्णन गरिएको छ। त्यहाँ नित्यं वा अहरहर् जस्ता पदावलीको प्रयोग त गरिएको छैन तर पञ्चमहायज्ञ सधैँ सम्पन्न गर्नुपर्छ भन्ने भाव व्यक्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[५८]कुल्लूकभट्टेन तु चत्वारो मासा ऋतवस्तदन्तेऽनुष्ठीयमानाश्चातुर्मासाख्या इत्यभिहितम् ।

एतेषामिष्टिपशुसोमात्मकानां त्रयाणामेव यागानां नित्यतयानुष्ठानं गृहस्थस्य कृते निर्दिष्टम् ।

एतेषां समनुष्ठानाय यद्यपि नित्योपाधिर्निमित्तभावं भजते, तथापि यागानुष्ठानजन्यं फलं तु फलोपभोगकामनाविरहेण कृषकेणोप्तं सस्यजातमिव समुत्पद्यत एव । यः कश्चित् कृषको धान्यादिबीजं भूमौ वपति चेत् कृषकस्य तत्फलोपभोगेच्छा भवतु मा वा भवतु उप्तं बीजं प्ररोहति काले फलति च । तथैव फलोपभोगेच्छां विनैव नित्योपाधौ कर्तव्यतया समनुष्ठितेभ्योऽपि यागेभ्यः फलोत्पत्तिरविहतैव । अत एव [५९]मनुना

नानिष्ट्वा नवसस्येष्ट्या पशुना चाग्निवान् द्विजः ।

नवान्नमद्यान्मांसं वा दीर्घमायुर्जिजीविषुः ।। इत्यभिधाय

५८. मन्वर्थमुक्तावली, मनुस्मृतिः ४/२६ टीका । {पूर्वार्जितधान्यादिसस्ये समाप्ते । **शरदि नवानाम्** इति सूत्रकारवचनात् असमाप्तेऽपि पूर्वसस्ये नवसस्योत्पत्तौ आग्रयणेन यजेत । सस्यक्षयस्यानियतत्वात् धनिनां बहुहायनजीवनोचितधान्यसम्भवाच्च । सस्यान्तग्रहणाच्च नवसस्योत्पत्तिरेवाभिप्रेता नियतत्त्वात्तस्याः प्रत्यब्दं निमित्तत्त्वोपत्तेः । त्र्युतुः संवत्सर इत्येतन्मताश्रयणेन चत्वारश्चत्वारो मासा ऋतवस्तदन्तेऽध्वरैश्चातुर्मास्यैर्यागैर्यजेत । अयनयोरुत्तरदक्षिणयोरादौ पशुना यजेत पशुबन्धाख्यं यागमनुतिष्ठेत् । ज्योतिःशास्त्रे चैत्रशुक्लप्रतिपदादिवर्षगणनात् । शिशिरेण समाप्ते वर्षे वसन्ते सोमरससाध्यैरग्निष्टोमादियागैर्यजेत । (४/२६)}

५९. ४/२७ मनुः । {आहिताग्निर्द्विजो दीर्घमायुर्जीवितुमिच्छन् आग्रयणमकृत्वा नवान्नं न भक्षयेत् । न च पशुयागमकृत्वा मांसमश्नीयात् ।। (४/२७)}

(विशेषतः मङ्सिरमा गरिने नवसस्येष्टि) र चार चार महिनामा गरिने चातुर्मास्य (चार महिनालाई एउटा ऋतु मानिने भएकाले प्रत्येक ऋतुका अन्तमा अर्थात् प्रत्येक वर्ष चार पटक गरिने) याग गर्नुपर्छ' (या.स्मृ.१/१२५) भनेका छन् । उक्त पद्यमा प्रयोग गरिएको **सोम**को अर्थ सोमयाग, **पशु**को अर्थ निरूढपशुबन्ध अर्थात् दुवै अयनका आरम्भमा पशुहरूका माध्यमले सम्पन्न गरिने पशुयाग, **आग्रयणेष्टि**को अर्थ पुरानो धान (अन्नबालि) समाप्त भएपछि गरिने याग अर्थात् नयाँ धान्यद्वारा सम्पन्न गरिने सस्येष्टि र **चातुर्मास्यानि**को अर्थ चार-चार महिना (चतुर्मास) को समाप्तिमा गरिने यज्ञ भन्ने हुन्छ । उक्त यज्ञहरू प्रत्येक वर्ष सम्पन्न गर्नुपर्छ भनी विज्ञानभिक्षुले भनेका छन् (या.स्मृ. १/१२५ मिता.) कुल्लूक भट्टले चार चार महिनाको एउटा एउटा ऋतु हुन्छ र प्रत्येक ऋतुका समाप्तिमा गरिने यागलाई चातुर्मास्य याग भनिन्छ भनेका छन् (मनु. ४/२६ म.मु.) । उक्त इष्टि, पशु एवं सोमरूप तीन प्रकारका यागहरू गृहस्थहरूले नित्यकर्मका रूपमा सम्पन्न गर्नुपर्छ भनी निर्देशन गरिएको छ ।

उपर्युक्त तीन प्रकारका यागहरूको अनुष्ठानमा नित्य उपाधि निमित्त बनेको हुन्छ; तर पनि फलको उपभोग गर्ने कामना नभएका कृषकद्वारा रोपिएका बीउबाट पनि जसरी धान आदि फलको प्राप्ति हुन्छ त्यसरी नै निष्काम भावनाले गरिएका यज्ञहरूको अनुष्ठानबाट पनि फल त प्राप्त हुन्छ नै । कुनै कृषकले धान आदिको बीउ जमिनमा छर्छ भने त्यस कृषकमा फलको उपभोग गर्ने इच्छा होस् अथवा नहोस् छरिएको बीउ उम्रन्छ, बढ्छ र समयमा फल्छ पनि । यसै प्रकारले यजमानद्वारा फलको उपभोग गर्ने इच्छा नराखीकन नित्ययाग भएकाले अवश्य सम्पादन गर्नुपर्छ भनी सम्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नित्ययोरपि नवसस्येष्टिपशुयागयोर्व्यतिरेकमुखेन दीर्घमायुर्जिजीविषेच्छा समनुष्ठानजन्यं फलं निर्दिष्टम्।

[६०]योगीश्वरेण याज्ञवल्क्येन नित्योपाधौ समनुष्ठेयान् इष्टिपशुसोमात्मकान् यागानभिधाय असामर्थ्योपाधिकां वैश्वानरीमिष्टिं च तेषामिष्टिपशुसोमात्मकानां यागानामनुकल्पत्वेन चाभिधाय द्रव्ये सति (सामर्थ्ये सति) फलप्रदस्य यागस्य हीनकल्पेनाल्पद्रव्यव्ययेनानुष्ठानं निषिद्धमिति नित्ययागानुष्ठानादपि फलोत्पत्तिस्तु सम्पद्यत एव।

यद्यपि फलप्रदमिति याज्ञवल्क्यवचनव्याख्यानं [६१]विज्ञानेश्वरेण काम्यमिति कृतम् तथापि उक्तप्रकारेण भगवता [६२]मनुना तेषामेव नित्यानामपि यागानां व्यतिरेकमुखेन फलाभिधानात्, स्वयं योगीश्वरेण याज्ञवल्क्येनापि

---

६०. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, गृहस्थधर्मप्रकरणम्, १२५-२६ श्लोकौ।

६१. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः १२६ श्लोकटीका।

६२. ४/२७-२८ मनुः।

गरिएका यागहरूबाट फल प्राप्त हुने सम्बन्धमा कुनै बाधा-व्यवधान भएको देखिँदैन। त्यसैले त मनुले **नानिष्ट्वा०** अर्थात् 'अग्निको आधान गरेको द्विजले नवसस्येष्टि अर्थात् आग्रयणेष्टि नगरीकन नयाँ अन्न नखाओस् एवं पशुयाग नगरीकन मासु पनि नखाओस्' (मनु. ४/२७) भनेका छन् र उक्त उक्तिद्वारा नित्ययागका रूपमा रहेका नवसस्येष्टि एवं पशुयागको व्यतिरेकका माध्यमले लामो आयुसम्म बाच्ने इच्छालाई फलका रूपमा देखाएका छन्।

योगीश्वर याज्ञवल्क्यले नित्य उपाधिका (नित्यकर्मका) रूपमा सम्पादन गर्नुपर्ने इष्टि, पशु एवं सोमरूप तीन प्रकारका यज्ञहरूको उल्लेख गरेका छन्। उक्त तीन प्रकारका यज्ञ सम्पादन गर्न नसकेका अवस्थामा अनुकल्पका रूपमा वैश्वानरेष्टि सम्पन्न गर्नुपर्छ भनेका छन्। सामर्थ्य (प्रशस्त सम्पत्ति) भएका अवस्थामा थोरै सम्पत्तिको व्यय हुने हीनकल्प (वैकल्पिक याग) को निषेध गरेका छन् (या.स्मृ.१/१२५-१२६)। अतः नित्ययागकको अनुष्ठानबाट पनि फलको उत्पत्ति हुन्छ नै। याज्ञवल्क्यका उक्तिमा रहेको **फलप्रदम्** पदको विज्ञानेश्वरले **काम्यम्** व्याख्या गरेका छन्। (या.स्मृ. १/१२६) मीता) भगवान् मनुले (मनु. ४/२७-२८) उपर्युक्त नित्ययागहरूको पनि व्यतिरेकका माध्यमले फलकथन गरेको हुनाले साथै स्वयं योगीश्वर याज्ञवल्क्यले पनि उपर्युक्त इष्टि, पशु एवं सोम नामका नित्ययागहरूको प्रसङ्ग उठाएर उक्त यागहरू सम्पन्न गर्न नसकेका अवस्थामा हीनकल्प वैश्वानरेष्टिद्वारा पनि काम चलाउन सकिने तथ्य प्रतिपादन गरेर, **सति द्रव्ये फलप्रदम्** यस पदावलीद्वारा उक्त प्रसङ्गको उपसंहार गरेको हुनाले विज्ञानेश्वरद्वारा गरिएको व्याख्या त्यति सङ्गतजस्तो लाग्दैन।[२५]

२५. मूल अनुच्छेदमा अनुकल्प शब्दको प्रयोग गरिएको छ। प्रधान यज्ञ गर्न नसकेका अवस्थामा गरिने वैकल्पिक यज्ञलाई अनुकल्प भनिन्छ। आर्थिक अवस्था कमजोर भई प्रधान यज्ञ गर्न नसकेका अवस्थामा मात्र हीनकल्प (थोरै पैसा खर्च गरेर सम्पादन गर्न सकिने) यज्ञ गर्ने अनुमति दिइएको छ। इष्टि, पशु एवं सोम यागका अनुकल्पका रूपमा वैश्वानरेष्टि गर्नुपर्छ भनी याज्ञवल्क्यले भनेका छन्। याज्ञवल्क्यस्मृतिको मूलपद्यमा **फलप्रदम्** पद प्रयोग गरिएको छ। उक्त पदको अर्थ विज्ञानेश्वरले **काम्यम्** गरेका छन्। अनुसन्धाताले उक्त अर्थप्रति असहमति जनाउँदै नित्ययागबाट पनि फल प्राप्त हुन्छ भन्ने अर्थ गरेका छन्। **फलप्रदम्** पदद्वारा उक्त अर्थ अभिव्यक्त गर्दै प्रसङ्गको उपसंहार गरिएको हो भन्ने अनुसन्धाताको तात्पर्य हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तानेवेष्टिपशुसोमात्मकान् नित्यान् यागाननुक्रम्यासम्भवे हीनकल्पत्वेन वैश्वानरीमिष्टिमभिधाय सति द्रव्ये फलप्रदमित्यनेनोपसंहाराच्च तद् विज्ञानेश्वरव्याख्यानं नातिसङ्गच्छते।

नैमित्तिकत्वेनानुष्ठेययागोदाहरणम्

दर्शपूर्णमासातिपत्तिरूपनिमित्तापतितस्य गृहस्थस्य पथिकृन्नाम्ने अग्नये अष्टाकपालात्मकः पुरोडाशनिर्वापो नैमित्तिकतया अनुष्ठेयत्वेनाभिहितः। यथा-

अर्थकर्मणस्त्रैविध्यनिरूपणप्रसङ्गे [६३]मीमांसापरिभाषाकारेण पथिकृदिष्टेर्नैमित्तिकत्वमुक्तम्।

गृहदाहरूपनिमित्तापतितस्याहिताग्नेर्गृहस्थस्य क्षामवतेऽग्नये अष्टाकपालसाध्यपुरोडाशनिर्वापोऽभिहितः। यथा-

[६४]मीमांसान्यायप्रकाशकारेण अधिकारविधिनिरूपणप्रसङ्गे निमित्तवतः कर्मजन्यपापक्षयरूपफलस्वाम्यं निर्दिशता गृहदाहरूपे निमित्ते क्षामवन्नाम्नेऽग्नयेऽष्टाकपालसाध्यस्य पुरोडाशस्य निर्वापो विधेयत्वेनोपन्यस्तः।

काम्यत्वेनानुष्ठेया यागाः

तत्र नित्यकाम्ययोर्यागयोर्भेद उपाधिभेदादेव भिद्यते। न हि तत्र नित्यकाम्ययोर्यागयोरुपाधिभेदमन्तरान्यः कश्चिद् भेदको हेतुरुपलभ्यते।

६३. मीमांसापरिभाषा, अर्थकर्मणस्त्रैविध्यनिरूपणप्रकरणम्, पृष्ठम् १४।

६४. मीमांसान्यायप्रकाशः, पूर्वभागः, अधिकारविधिनिरूपणप्रकरणम्, पृष्ठम् १०२-१०३।

नैमित्तिकरूपमा गर्नुपर्ने यागहरूको उदाहरण-

अमावस्या एवं पूर्णिमाजस्ता तिथिहरूमा गरिने यागमा (दर्शयाग एवं पौर्णमासयागमा) कुनै त्रुटिरूप निमित्त (कारण) उपस्थित भए भने गृहस्थले पथिकृत् नामको अग्निमा अष्टाकपालात्मक पुरोडाश निर्वपण (नैमित्तिकत्वेन अनुष्ठान) गर्नुपर्छ भनिएको छ। अर्थकर्मणस्त्रैविध्यनिरूपणम् अर्थात् अर्थकर्म (यज्ञ यागादि कर्म) तीन प्रकारको हुन्छ भनी प्रतिपादन गर्ने प्रसङ्गमा मीमांसापरिभाषाका लेखकले पथिकृत् इष्टि नैमित्तिक भएको जनाएका छन् (मी.प., पृ. १४)। गृहदाहरूप निमित्त उपस्थित भएमा गृहस्थद्वारा क्षामवान् अग्निलाई तृप्त गराउन आठवटा कपालमा संस्कार गरिएको पुरोडाश निर्वपण गर्नुपर्छ भनिएको छ। मीमांसान्यायप्रकाशका लेखकले अधिकारविधिनिरूपणका प्रसङ्गमा (गृहदाह जस्ता) निमित्तले युक्त भएका पुरुषद्वारा सम्पादन गरिएका नैमित्तिकर्महरूबाट- कर्म गर्नाले निष्पन्न हुने पापक्षयरूप फलमा अधिकारीको स्वामित्व हुने कुरा देखाएका छन्। यस सन्दर्भमा गृहदाहरूप निमित्त उपस्थित भएमा क्षामवान् अग्निलाई लक्ष्य बनाएर आठवटा कपालमा संस्कार गरिएको पुरोडाश निर्वपण गर्नुपर्छ भनी उल्लेख गरेका छन् (मी. न्या.प्र., पृ. १०२-१०३)।

कामना भएका अवस्थामा सम्पन्न गर्नुपर्ने यागहरू-

नित्य एवं काम्य यागका बीचको भेदक तत्त्व भनेको उपाधिको भिन्नता हो। नित्य एवं काम्ययागका बीचमा रहेको उपाधिगत भिन्नता बाहेक अर्को कुनै भेदक हेतु उपलब्ध हुँदैन। एउटै सोमयाग नित्योपाधिले युक्त भएर नित्ययागका रूपमा सम्पन्न गरिन्छ। त्यसै सोमयागलाई नै कामनाले युक्त भएको पुरुषले काम्ययागका रूपमा सम्पन्न गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा हि एक एव सोमयागो नित्योपाधौ नित्यत्वेनानुष्ठीयते चेत् स एव सोमयागः काम्यत्वेन कामनावतानुष्ठीयते।

नित्ययागानुष्ठानाधिकारी

तत्र नित्यानां यागानां यावतामङ्गानामनुष्ठानाय पुरुषः समर्थो भवति तावतामेवाङ्गानामनुष्ठाने कर्तव्यतानिर्वहणं भवति । असमर्थस्य केवलं प्रधानमात्रानुष्ठानेऽपि प्रत्यवायनिवृत्तिर्भवति । तस्मात् केवलप्रधानानुष्ठानसमर्थोऽपि पुरुषो नित्यानुष्ठाने अधिकारी भवति।

काम्ययागनुष्ठानाधिकारी

परं काम्यानां यागानां समनुष्ठानार्थं तु अङ्गप्रधानयोरनुष्ठानसमर्थः पुरुष एवाधिकारी भवति । अत एव [६५]साङ्गे प्रयोगे समर्थस्यैव काम्ये कर्मण्यधिकार इति आपदेवेनोक्तम्। तस्मादेव च-

त्रैवार्षिकाधिकान्नो यः स हि सोमं पिबेद् द्विजः।

प्राक्सौमिकीः क्रियाः कुर्याद्यस्यान्नं वार्षिकं भवेत् ॥ इत्यभिधाय [६६]योगीश्वरेण याज्ञवल्क्येन त्रैवार्षिकादन्नाद् अधिकान्नवतो हि काम्यस्य सोमयागस्यानुष्ठानमाम्नातम्। यस्य वर्षजीवनपर्यन्तमन्नं केवलं भवति तस्य अग्निहोत्रदर्शपूर्णमासाग्रयणपशुचातुर्मास्यानि काम्यानि अनुष्ठेयत्वेन निर्दिष्टानि।

६५. मीमांसान्यायप्रकाशः,.पूर्वभागः, अधिकारविधिनिरूपणम् १०८।

६६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, गृहस्थधर्मप्रकरणम्, १२४ श्लोकः।

नित्ययाग गर्ने अधिकारी-

नित्ययागका जति अङ्गहरूको सम्पादनमा पुरुष समर्थ हुन्छ त्यति नै अङ्गहरूको सम्पादन गरेपछि पुरुषले आफ्नो कर्तव्य निर्वाह गरेको ठहर्छ। असमर्थ पुरुषले (अङ्ग विनाको) प्रधान यागको मात्रै अनुष्ठान गऱ्यो भने पनि उसका दोषको निवृत्ति हुन्छ अर्थात् ऊ दोषभागी बन्दैन। अतः प्रधान याग मात्र गर्न सक्ने सामर्थ्य भएको पुरुष पनि नित्ययागका अनुष्ठानको अधिकारी हुन्छ।

काम्ययागानुष्ठानका अधिकारी-

अङ्गसहित प्रधानयज्ञको अनुष्ठान गर्न समर्थ पुरुष नै काम्ययज्ञ गर्ने अधिकारी (अधिकारप्राप्त पुरुष) हुन्छ। अत एव अङ्गसहित प्रधान यज्ञ गर्न समर्थ पुरुष नै काम्य कर्ममा अधिकारी हुन्छ भनी आपदेवले भनेका छन् (मी.न्या.प्र., पू.भा., अ.वि.नि.प्र. पृ. १०८)। त्यसैले त **त्रैवार्षिकाधिकान्नः**० अर्थात् 'जुन पुरुषसँग तीन वर्षलाई खान पुग्ने अथवा त्यसभन्दा बढी समयसम्म खान पुग्ने अन्न हुन्छ (अर्थात् पर्याप्त अन्न हुन्छ) त्यसै द्विज (ब्राह्मण) ले सोमपान गरोस् (अर्थात् उक्त विशेषताले युक्त द्विज नै काम्य सोमयागको अधिकारी हुन्छ।) जुन द्विजसँग एक वर्षलाई खान पुग्ने अन्न हुन्छ त्यसले सोमयाग गर्नुभन्दा पहिले गरिने क्रिया (अग्निहोत्र, दर्श-पूर्णमास, आग्रयण एवं चातुर्मास्य याग) सम्पन्न गरोस्' (या.स्मृ. १/१२४) भनी योगीश्वर याज्ञवल्क्यले तीन वर्षलाई पुग्नेभन्दा बढी अन्न भएका पुरुषले मात्र काम्यकर्मका रूपमा निर्दिष्ट सोमयागको अनुष्ठान गर्नुपर्ने निर्देशन दिएका छन्। जससँग एक वर्षसम्म बाँच्नका लागि (खान) पुग्ने मात्र अन्न हुन्छ त्यसले अग्निहोत्र, दर्श-पूर्णमास, आग्रयण, पशु (पशुबन्ध), र चातुर्मास्य नामका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मादेक एव सोमयागो नित्यः काम्यश्च सम्पद्यते।

तथैव पूर्वमग्निहोत्रादीनां नित्यत्वं काम्यत्वमपि साधितम्। अत्रापि [६७]विज्ञानेश्वरोक्तितस्तेषामग्निहोत्र-दर्शपूर्णमासाग्रयणचातुर्मास्यानां नित्यत्वेनानुष्ठेयानां काम्यत्वमपि अवगम्यते।

नित्यतयानुष्ठेयत्वेन निर्दिष्टानां पञ्चमहायज्ञानां काम्यत्वेनाप्यनुष्ठानं कर्तुं शक्यते। पञ्चमहायज्ञानां नित्यत्वेनानुष्ठानं पूर्वं निरूपितम्।

पञ्चमहायज्ञानामपि काम्यत्वविचारः

पञ्चमहायज्ञानामनुष्ठाने कामनावानपि अधिकारी भवति। पञ्चमहायज्ञानामनुष्ठानस्य काम्यत्वमिति च तत्र तत्राभिहितफलश्रुतेरवगम्यते। तेषां पञ्चमहायज्ञानामनुष्ठानात् समवाप्यानि फलानि च उदाहरणार्थं कानिचित् प्रस्तूयन्ते। यथा-

पञ्चमहायज्ञेषु होमस्यानुष्ठानं प्रथमं विहितम्। तत्र अग्नेः सोमस्य, अग्निषोमयोः, विश्वेभ्यो देवेभ्यः, धन्वन्तरये, कुह्वे, अनुमत्यै, प्रजापतये, द्यावापृथिवीभ्याम्, स्विष्टकृतेऽग्नये च होमेनाहुतिप्रदानं विहितम्। आहुतिप्रदानं च देवेभ्योऽग्नौ विधीयते। अग्निश्च यदा सुसमिद्धो भवति, तस्यार्चिः (ज्वाला) लोलायते तदाग्न्यादिदेवतामुद्दिश्य श्रद्धयाहुतिप्रदानं विधेयम्। तादृशाग्नौ तथाहुतिप्रदानं [६८]मुण्डकोपनिषदि समाम्नातम्।

६७. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १२४ श्लोकटीका।

६८. मुण्डकोपनिषद्, प्रथममुण्डके, २ खण्डे, २ मन्त्रः। {तत्राग्निहोत्रमेव तावत्प्रथमं प्रदर्शनार्थमुच्यते, सर्वकर्मणां प्राथम्यात्- इति शाङ्करभाष्ये }

काम्ययागहरू गर्नुपर्छ भनी देखाएका छन्। यसै कारण एउटै सोमयाग नित्य एवं काम्य दुवै हुन्छ। एउटै सोमयाग नित्य एवं काम्य भएझैं अग्निहोत्रादि यागहरू पनि नित्य एवं काम्य हुन्छन् भन्ने तथ्य पहिले नै सिद्ध गरिसकिएको छ। विज्ञानेश्वरको उक्तिबाट पनि अग्निहोत्र, दर्श-पूर्णमास, आग्रयण एवं चातुर्मास्य नामका यज्ञहरू नित्य भएता पनि काम्य पनि सिद्ध हुन्छन् भन्ने तथ्य अवगत हुन्छ (या.स्मृ. १/१२४ मिता.)। नित्ययागका रूपमा सम्पन्न गर्नुपर्छ भनी निर्देशन गरिएका पञ्चमहायज्ञ पनि काम्ययागका रूपमा सम्पन्न गर्न सकिन्छ। पञ्चमहायज्ञ नित्ययागका रूपमा सम्पन्न गर्नुपर्ने कुरा पहिले नै बताइएको छ।

पाँच प्रकारका महायज्ञहरूको पनि काम्यत्व विचार-

कामनाले (फलप्राप्तिको इच्छाले) युक्त भएको पुरुष पनि पञ्चमहायज्ञको अनुष्ठानमा अधिकारी हुन्छ। पञ्चमहायज्ञको अनुष्ठान काम्य पनि हुन्छ भन्ने तथ्य ठाउँ-ठाउँमा (यज्ञसम्पादनका लागि अभिप्रेरित गर्ने विधिवाक्यहरूमा) बताइएका फलश्रुतिबाट अवगत हुन्छ। पञ्चमहायज्ञहरूको अनुष्ठानबाट प्राप्त हुने केही फलहरू उदाहरणका लागि प्रस्तुत गरिन्छ। जस्तै - पाँच प्रकारका महायज्ञहरू मध्ये होमको अनुष्ठान (हवन) लाई पहिलो यज्ञ मानिएको छ। उक्त यज्ञमा अग्निलाई, सोमलाई, अग्नि-सोमलाई, विश्वेदेवलाई, धन्वन्तरिलाई, कुहूलाई, अनुमतिलाई, प्रजापतिलाई, द्यावापृथिवीलाई र स्विष्टकृत् अग्निलाई हवनका माध्यमले आहुति प्रदान गर्नुपर्छ। देवताहरूलाई आहुति प्रदान गर्ने कार्य अग्निमा सम्पन्न गरिन्छ। जुन समयमा आगो राम्ररी बलेको हुन्छ, आगाका ज्वाला (लप्का)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो वै अग्निहोत्रदर्शपूर्णमासचातुर्मास्याग्रयणमनुष्ययज्ञान्नानुतिष्ठति, दैवकर्मानुष्ठानात्मकं होमं न सम्पादयति, वैश्वदैवयज्ञं (पञ्चमहायज्ञान्तर्गतम्) नानुतिष्ठति, अनुष्ठितेऽपि सविधिकानुष्ठानं न सम्पद्यते चेत् सप्तजन्मावधि पुण्येन समवाप्तव्यान् लोकान् स नाप्नोति इति अनुष्ठानाभावजन्यः प्रत्यवायः ।

यश्च पुनः सुसमिद्धस्याग्नेर्लोलायमानासु अर्चिष्षु यथाकालमाहुतिप्रदानमाचरति तं पुनः सूर्यरश्मयो यत्राद्वितीयो देवानामपि देवो निवसति तत्रैव नयन्ति । अग्नौ आहुतिप्रदानेन यज्ञसम्पादकं यजमानमग्नौ प्रक्षिप्तास्ताः सुवर्चसः आहुतयः- आगच्छ आगच्छ इति प्रियां वाचं वदन्त्योऽर्चयन्त्यश्च ब्रह्मलोकप्रापणाय सूर्यरश्मिभिर्वहन्ति इत्येतस्य दैवात्मकहोमसम्पादकस्य फलम् । एतत् प्रत्यवायः फलञ्चोभयं तत्रैव [६९]मुण्डकोपनिषदि समाम्नातम् । अतस्तादृशकामनावान् अनुष्ठाने अधिकारी भवति ।

६९. मुण्डकोपनिषदः प्रथममुण्डकस्य द्वितीयखण्डस्य ३, ५, ६ मन्त्राः ।

निस्किरहेका (लपलपाइरहेका) हुन्छन् त्यसै समयमा अग्नि आदि देवतालाई उद्देश्य बनाएर श्रद्धापूर्वक आहुति दिने कार्य गर्नुपर्छ । यसै प्रकारका (ज्वालाका साथमा बलिरहेका) अग्निमा आहुति दिनुपर्छ भनी मुण्डकोपनिषद् (१/२/२) मा बताइएको छ ।[२६]

जुन अग्निहोत्रीले- दर्श, पूर्णमास, चातुर्मास्य, आग्रयण एवं मनुष्ययज्ञ सम्पन्न गर्दैन; दैवकर्मको अनुष्ठानरूप होम सम्पादन गर्दैन; पञ्चमहायज्ञभित्र पर्ने वैश्वदेव यज्ञ गर्दैन; उक्त यज्ञ सम्पन्न गरे पनि विधिपूर्वक सम्पन्न गर्दैन त्यसले सात जन्मसम्म पुण्यका माध्यमले प्राप्त गर्न सकिने लोकहरू प्राप्त गर्न सक्दैन । यही नै अनुष्ठान नगर्नाले उत्पन्न हुने दोष हो । पुनश्च जसले (जुन अग्निहोत्रीले) राम्ररी बलिरहेका अग्निका लपलपाइरहेका ज्वालाहरूमा यथा समयमा आहुति प्रदान गर्छ त्यसलाई अग्निमा प्रक्षेपण गरिएका पूर्वोक्त आहुतिहरूले सूर्यका किरण भएर जहाँ देवताहरूका एकमात्र देवता विराजमान हुन्छन् त्यही नै यजमानलाई लैजान्छन् । अग्निमा आहुति प्रदान गरेर यज्ञ सम्पादन गर्ने यजमानलाई अग्निमा प्रक्षेपण गरिएका तिनै राम्रो तेजले युक्त भएका आहुतिहरूले 'आऊ आऊ' भनी मीठो बोलीले बोलाउँदै, सम्बद्ध यजमानको सम्मान गर्दै सूर्यका किरणका माध्यमले ब्रह्मलोकमा (स्वर्गमा) पुऱ्याउने उद्देश्यले बोक्दछन् (यजमानलाई स्वर्गमा लैजान्छन्) ।[२७] यही नै दैवात्मक होम सम्पादन गरेर प्राप्त हुने फल हो । उक्त यज्ञ सम्पादन नगर्नाले उत्पन्न हुने दोष र उक्त यज्ञ सम्पादन गर्दा प्राप्त हुने फल दुवै नै मुण्डकोपनिषद्मा बताइएको छ (मु.उ. १/२/३,५,६) । अतः उक्त फलको कामना गर्ने पुरुष नै यज्ञ सम्पादनका लागि अधिकारी हुन्छ ।

२६. मुण्डकोपनिषद्को मूल पद्य यसप्रकार रहेको छ- **यदा लोलायते ह्यर्चिः समिद्धे हव्यवाहने । तदाज्यभागावन्तरेणा-हुतीः प्रतिपादयेत् ।।** भाष्यमा उक्त मन्त्रका उत्तरार्धको व्याख्या यसरी गरिएको छ- आज्यभागौ आग्नेयः सौम्यश्चेति तयोरन्तरेणावापस्थाने देवतोद्देशेनाहुतीः प्रतिपादयेत् प्रक्षिपेदित्यर्थः । पुनश्च उक्त मन्त्र अग्निहोत्र हवनका उपक्रममा पढिएको छ ।

२७. मुण्डकोपनिषद्का प्रथममुण्डकका द्वितीयखण्डका ३, ५, ६ मन्त्रको अर्थ प्रस्तुत अनुच्छेदमा अभिव्यक्त भएको छ । पुनश्च तृतीय मन्त्रबाट अग्निहोत्रीले अग्निहोत्रका अङ्गका रूपमा दर्श आदि याग सम्पन्न गर्नुपर्छ; अन्यथा उसले गरेको अग्निहोत्र निष्फल हुन्छ भन्ने तात्पर्य निस्कन्छ । विधिपूर्वक नगरिएका यज्ञबाट पनि अभीष्ट फल प्राप्त हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमहायज्ञानुष्ठानरतो विप्रो पञ्चमहापातकसमुत्थितानपि दोषान्नाशयितुं समर्थो भवति । योगीश्वरेण याज्ञवल्क्येन- वेदाभ्यासरतम्, क्षान्तम्{तितिक्षायुक्तम्}, पञ्चयज्ञक्रियारतम्, महापातकजान्यपि पापानि न स्पृशन्तीत्यभिधाय पञ्चमहायज्ञानुष्ठानरतस्य महापातकजन्यदोषस्पर्शाभावरूपं फलं निर्दिष्टमिति पञ्चमहापातकजन्यदोषस्पर्शराहित्यकामनावान् पञ्चमहायज्ञानुष्ठाने अधिकारी भवति ।

[७०]एवमेव बृहदारण्यकोपनिषद्यपि पञ्चमहायज्ञानामनुष्ठानात् समवाप्यमानानां फलानां निर्देशः कृतः समुपलभ्यते । तत्र अग्निहोत्रादिहोमानुष्ठानात्, इष्टिपशुसोमात्मकानां यागानां समनुष्ठानात् च देवानां लोकः समवाप्यते, अनुवचनरूपस्य स्वाध्यायस्य समनुष्ठानात् ऋषीणां लोकः समवाप्यते, पितृयज्ञानुष्ठानाच्च प्रज्ञा समवाप्यते, अतिथियज्ञरूपान्मनुष्येभ्य आवासदानादशनदानाच्च मनुष्यलोकः समवाप्यते, पशुभ्यस्तृणोदकदानात् पशूनां लोकः समवाप्यते, श्वापदानाम्, पक्षिणाम्, पिपीलिकापर्यन्तानाम् भूतानामुपजीवनदानात् तेषां लोकः समवाप्यते, इत्याद्याम्नानात् देवर्षिपितृमनुष्यभूतयज्ञानुष्ठानरूपाणां पञ्चमहायज्ञानां काम्यत्वमपि निर्दिष्टम् ।

भगवता मनुनापि [७१]**'महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः'** इत्यत्र महायज्ञशब्देनाभिधीयमानानां पञ्चमहायज्ञानां फलं ब्रह्मप्राप्तियोग्यशरीरावच्छिन्नात्मसम्पादनं निर्दिश्य ।

---

७०. बृहदारण्यकोपनिषद्, १ अध्यायः, ४ ब्राह्मणम्, १६ मन्त्रः ।

७१. २/२८ मनुः । {कर्मसहकृतब्रह्मज्ञानेन मोक्षावाप्तेः}

पाँच प्रकारका महायज्ञको सम्पादनमा संलग्न भएको विप्र पाँचै प्रकारका महापातकहरूबाट उत्पन्न भएका दोषहरूलाई नष्ट गराउन समर्थ हुन्छ । योगीश्वर याज्ञवल्क्यले- वेदको (स्वाध्यायको) अभ्यासमा संलग्न भएको, शान्त स्वभाव भएको (सहनशील), पञ्चमहायज्ञ सम्पादनमा संलग्न रहने विप्रलाई महापातकबाट उत्पन्न हुने पापहरूले पनि स्पर्श गर्दैनन् (या.स्मृ. ३/३१०) भनी पाँचै प्रकारका महायज्ञको अनुष्ठानमा संलग्न भएका व्यक्तिलाई महापातकबाट उत्पन्न दोषले स्पर्श गर्न नसक्ने फल बताएका छन् । अतः पाँच प्रकारका महापातकबाट उत्पन्न हुने दोषले स्पर्श नगरून् भन्ने कामनाले युक्त भएको पुरुष नै पञ्चमहायज्ञानुष्ठानको अधिकारी हुन्छ ।

यसै प्रकारले बृहदारण्यकोपनिषद्मा पनि पञ्च महायज्ञको अनुष्ठानबाट प्राप्त हुने फलहरूको निर्देशन गरेको पाइन्छ । उक्त ग्रन्थमा अग्निहोत्र आदि हवनको अनुष्ठानबाट, इष्टि, पशु एवं सोमात्मक यागहरूको अनुष्ठानबाट देवताहरूको लोक पाइन्छ, अनुवचनरूप स्वाध्यायको समनुष्ठानबाट ऋषिहरूको लोक पाइन्छ, पितृयज्ञको अनुष्ठानबाट प्रज्ञा पाइन्छ, अतिथियज्ञरूप मनुष्यहरूलाई आवास (बस्ने ठाउँ) दिने र खाने पदार्थ दिने कार्यबाट मनुष्यलोक पाइन्छ, पशुहरूलाई तृण (घाँस), पानी प्रदान गर्नाले पशुहरूको लोक पाइन्छ, जनावरहरूलाई, पक्षीहरूलाई एवं कमिलासम्मका प्राणीहरूलाई जीवन (खाद्यपदार्थ) दिनाले सम्बद्ध प्राणीका लोक पाइन्छन्- इत्यादि तथ्य बताएर देवयज्ञ, ऋषियज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ एवं भूतयज्ञ रूप पाँच महायज्ञहरूको काम्यता पनि बताइएको छ । (कामना भएको पुरुषले पनि उक्त पाँच महायज्ञ सम्पन्न गर्न सक्छ भनी प्रतिपादन गरिएको छ) (बृ.आ.उ. १/४/१६) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[७२]**'वार्यपि श्रद्धया दत्तमक्षयायोपकल्पते'** इत्यत्रानुकल्पत्वेनानुष्ठीयमानस्य पितृयज्ञस्य फलमक्षय्य-सुखसम्पादकत्वं निर्दिश्य।

[७३]**'दैवकर्मणि युक्तो हि बिभर्तीदं चराचरम्'** इत्यत्र पञ्चमहायज्ञान्तर्गतहोमानुष्ठानरूपदैवकर्मणः स्थावरजङ्गमात्मकस्य जगतो धारणभरणरूपं फलं निर्दिश्य।

[७४]**'धन्यं यशस्यमायुष्यं स्वर्ग्यं वातिथिपूजनम्'** इत्यत्र पञ्चमहायज्ञान्तर्गतस्यातिथिपूजनात्मकस्य मनुष्ययज्ञस्य फलं धनाय हितकारकत्वं यशसे, आयुषे, स्वर्गाय च हितकारकत्वं निर्दिश्य।

[७५]**एवं यः सर्वभूतानि ब्राह्मणो नित्यमर्चति।**

स गच्छति परं स्थानं तेजोमूर्ति पथर्जुना ।। इत्यत्र पञ्चमहायज्ञान्तर्गतस्य भूतयज्ञस्य फलं मोक्षप्राप्तिरूपं तेजस्वरूपपरस्थानगमनं निर्दिश्य।

[७६]**यः स्वाध्यायमधीतेऽब्दं विधिना नियतः शुचिः।**

---

७२. ३/२०२ मनुः।

७३. ३/७५ मनुः।

७४. ३/१०६ मनुः।

७५. ३/९३ मनुः।

७६. २/१०७ मनुः।

भगवान् मनुले पनि **महायज्ञैश्च०** अर्थात् 'ब्रह्मयज्ञ आदि महायज्ञहरूद्वारा र अन्य ज्योतिष्टोमादि यज्ञहरूद्वारा शरीरलाई ब्रह्मप्राप्तिको (मोक्षलाभको) योग्य बनाइन्छ' (मनु. २/२८) यस पद्यांशद्वारा महायज्ञ भनेर चिनिने पञ्चमहायज्ञको फल शरीरावच्छिन्न (शरीरमा विद्यमान) आत्मालाई ब्रह्मप्राप्तिको योग्य बनाउनु हो भन्ने निर्देशन गरेर; **वार्यपि०** अर्थात् 'जल पनि श्रद्धापूर्वक दिइएको छ भने अक्षय (अविनाशी) हुन्छ (पायसादि दानको त के कुरा गर्ने)' (मनु. ३/२०२) यस पद्यांशद्वारा अनुकल्पका (विकल्पका) रूपमा गरिने पितृयज्ञको फल अक्षय सुख प्रदान गर्नु हो भन्ने निर्देशन गरेर; **दैवकर्मणि०** अर्थात् 'दैवकर्म (हवन) मा संलग्न भएको पुरुषले दृश्यमान सम्पूर्ण चराचर जगत्लाई धारण गर्छ (मनु. ३/७५) यस पद्यांशद्वारा पाँच महायज्ञभित्र पर्ने होमसम्पादनरूप दैवकर्मको फल स्थावर (अचर) एवं जङ्गम (चलायमान) जगत्को धारण एवं भरण हो भन्ने निर्देशन गरेर; **धन्यं यशस्यम्०** अर्थात् 'अतिथिपूजनले धन प्रदान गर्छ (धनाय हितम्), कीर्तिले युक्त बनाउँछ (यशसे हितम्), लामो आयुले समन्वित गराउँछ (आयुसे हितम्) एवं स्वर्ग प्रदान गर्छ (स्वर्गाय हितम्)' (मनु. ३/१०६) यस पद्यांशद्वारा पाँच महायज्ञमा पर्ने अतिथिपूजनरूप मनुष्ययज्ञको फल धनको, यशको, आयुको र स्वर्गको हितकारकता निर्देशन गरेर; **एवं यः०** अर्थात् 'यसरी जुन ब्राह्मणले प्रतिदिन अन्नदानादिद्वारा सबै प्राणीको अर्चना (सत्कार) गर्छ त्यो ब्राह्मण सोझो बाटोबाट (अर्चिरादि मार्गबाट) चम्किलो शरीरले युक्त परम स्थानमा प्राप्त हुन्छ अर्थात् ब्रह्ममा लीन हुन्छ'[२८] (मनु. ३/९३) यस पद्यद्वारा पाँच महायज्ञभित्र पर्ने

---

२८. मन्वर्थमुक्तावलीमा- **परं स्थानं ब्रह्मात्मकं तेजोमूर्ति प्रकाशम्** भनी व्याख्या गरिएको छ। तेजोमूर्तिलाई विसर्गयुक्त पाठ मानेमा ब्राह्मणको विशेषण हुन्छ। यसबाट तेजस्वी शरीरले युक्त भएको ब्राह्मण भन्ने अर्थ निस्कन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्य नित्यं क्षरत्येष पयो दधि घृतं मधु ॥ इत्यत्र पञ्चमहायज्ञान्तर्गतस्याहरहरनुष्ठीयमानस्य स्वाध्यायाध्ययनरूपस्य ब्रह्मयज्ञस्य फलं दुग्धदधिघृतमधूनां क्षरणं निर्दिश्य च,

पञ्चमहायज्ञानां काम्यत्वमपि सुतरामभिहितमेव।

[७७]पराशरेणापि-

अकृत्वा वैश्वदेवं तु भुञ्जते ये द्विजाधमाः।

सर्वे ते निष्फला ज्ञेयाः पतन्ति नरकेऽशुचौ ॥ इत्यभिधाय वैश्वदेवानुष्ठानरहितानां द्विजाधमानां निष्फलत्वनिर्देशात् तदनुष्ठानवतः सफलत्वं व्यतिरेकेणोक्तम्। वैश्वदेवं नाम देवयज्ञपितृयज्ञभूतयज्ञवाचकम्। तस्माद् वैश्वदेवानुष्ठानस्य सफलत्वनिर्देशो देवयज्ञपितृयज्ञभूतयज्ञानां काम्यत्वापादक इति पराशरेणापि काम्यत्वमभिहितम्। तथा-

[७८]**'वैश्वदेवे तु सम्प्राप्तः सोऽतिथिः स्वर्गसङ्क्रमः।'** इत्यनेन पञ्चमहायज्ञान्तर्गतस्यातिथि-भोजनात्मकस्य मनुष्ययज्ञस्यापि स्वर्गसङ्क्रान्तिरूपफलनिर्देशात्काम्यत्वमुपपद्यते। तस्मादेकं कर्म नित्यं काम्यं च सम्पद्यते।

---

७७. पराशरस्मृतिः, आचारकाण्डम्, प्रथमोऽध्यायः, ५६ श्लोकः।

७८. पराशरस्मृतिः, आचारकाण्डम्, प्रथमोऽध्यायः, ५८ श्लोकः।

भूतयज्ञको फल मोक्ष प्राप्ति हो भनी प्रतिपादन गरेर साथै **यः स्वाध्यायमधीते०** अर्थात् 'जसले नियमित रूपमा पवित्र भएर वर्षदिनसम्म स्वाध्यायको अध्ययन गर्दछ त्यसलाई सधैँ दूध, दही, घिउ एवं मह क्षरित (प्राप्त) हुन्छ'[२९] (मनु.२/१०७) यस पद्यद्वारा पञ्चमहायज्ञभित्र पर्ने एवं दिनदिनै सम्पादन गरिने स्वाध्यायाध्ययनरूप ब्रह्मयज्ञको फल दूध, दही, घिउ एवं महको क्षरण हो भन्ने निर्देशन गरेर पञ्चमहायज्ञ काम्य पनि हुन्छ अर्थात् कामना भएका अवस्थामा पनि सम्पादन गरिन्छ भन्ने तथ्य प्रतिपादन गरेका छन्।

पराशरले पनि **अकृत्वा०** अर्थात् 'जुन अधम द्विजहरूले वैश्वदेव सम्पादन नगरीकन भोजन गर्दछन् तिनीहरूद्वारा गरिएका सबै कर्म निष्फल हुन्छन्, साथै उनीहरू अपवित्र नरकमा पर्दछन्' (प.स्मृ. १/५६) भनी वैश्वदेव अनुष्ठान नगर्ने अधम द्विजहरूको {अधम द्विजहरूद्वारा सम्पादित कर्महरूको} निष्फलता प्रतिपादन गरेर उक्त वैश्वदेव सम्पादन गर्ने द्विजहरूको सफलता व्यतिरेकका माध्यमले बताएका छन्। वैश्वदेव शब्दले {पञ्चमहायज्ञभित्र पर्ने} देवयज्ञ, पितृयज्ञ एवं भूतयज्ञलाई बुझाउँछ। अत एव वैश्वदेवको अनुष्ठानको सफलता (सुपरिणाम) को निर्देशनले देवयज्ञ, पितृयज्ञ एवं भूतयज्ञको काम्यता सिद्ध गर्दछ। यसरी पराशरले पनि वैश्वदेवको काम्यता प्रतिपादन गरेका हुन्। पुनश्च **वैश्वदेवे तु०** अर्थात् 'वैश्वदेवका समयमा प्राप्त भएको अतिथि स्वर्गप्रापक (यजमानलाई स्वर्ग पुऱ्याउने साधन) हुन्छ' (प.स्मृ. १/५८) यस कथनद्वारा पाँच प्रकारका महायज्ञभित्र पर्ने अतिथिलाई भोजन गराउनेरूपी मनुष्ययज्ञको पनि स्वर्ग

२९. 'क्षीरादिद्वारा देवताहरूलाई तथा पितृहरूलाई तृप्त गराउँछ र तृप्त भएका पितृहरूले तथा देवताहरूले जपयज्ञकर्तालाई सबै मनोरथ पूरा गरिदिएर तृप्त गराउँछन्' भनी मन्वर्थमुक्तावलीमा याज्ञवल्क्यस्मृतिको प्रमाण दिएर उद्धृत पद्यको व्याख्या गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकस्यैव कर्मणो नित्यत्वं काम्यत्वं च निरूपितमन्यत्राप्युपलभ्यते । यथा हि माधवाचार्येण दैवेषु कर्मसु षड्विधं दैवं कर्म निरूपितम् ।

तत्र गृहस्थेनानुष्ठेयेषु षड्विधेषु दैवकर्मसु व्रतानुष्ठानमप्येकविधं दैवं कर्म । तस्य जयन्ती-एकादशी-शिवरात्रिप्रभृतिषु तिथिषु समनुष्ठेयस्य व्रतरूपस्य दैवकर्मणो नित्यत्वं काम्यत्वञ्च सप्रमाणं निरूपितम् ।

यद्यपि [७९]जन्माष्टम्या नित्यत्वं [८०]जयन्त्याश्च काम्यत्वमभिमतम् । तथापि अष्टम्या रोहिणीयोगसत्वे यस्मिन् दिने रोहिण्या योगो वर्तते तस्मिन्नेव दिने जयन्तीव्रतेऽनुष्ठिते जन्माष्टमीव्रतानुष्ठानस्य च तत्रैवान्तर्भावात्[८१] नित्यकाम्ययोः जन्माष्टमीजयन्त्योरेकेनैवानुष्ठानेनोपपत्तेर्जयन्त्या नित्यत्वं काम्यत्वञ्चाप्युपपद्यते । तथापि केवलं [८२]जयन्तीव्रतमपि नित्यकाम्योभयविधरूपमावहति । [८३]जयन्तीव्रतस्य पुनर्नित्यकाम्यत्वमेकादश्युपवासस्य नित्यकाम्यत्वोपपादनाय जयन्तीवन्निर्देशादप्यवगम्यते । अस्मादेव वचनाद् एकादश्या अपि नित्यकाम्यत्व-मवगतं भवति ।

७९. कालमाधवः, द्वितीयादिप्रकरणे १६१ पृष्ठम्, तथा ६३ पृष्ठम् । {द्वितियादितिथिनिर्णयाख्ये चतुर्थप्रकरणेऽष्टमीनिर्णय-सन्दर्भे}

८०. कालमाधवः, द्वितीयादिप्रकरणे १६२ पृष्ठम् । तथा ६३ पृष्ठम् । {द्वितियादितिथिनिर्णयाख्ये चतुर्थप्रकरणेऽष्टमीनिर्णय-सन्दर्भे}

८१. कालमाधवः, कारिका, उपोद्धातप्रकरणे १२-१३ पृष्ठे । (७६-७७ पद्ये)

८२. कालमाधवः, द्वितीयादिप्रकरणे १७० पृष्ठम् । {द्वितियादितिथिनिर्णयाख्ये चतुर्थप्रकरणे अष्टमीनिर्णयसन्दर्भे}

८३. कालमाधवः, द्वितीयादिप्रकरणे {द्वितियादितिथिनिर्णयाख्ये चतुर्थप्रकरणे} एकादशीनिर्णयः, १८९ पृष्ठम् ।

पुऱ्याउनेरूपी फलको निर्देशन गरिएको हुनाले काम्यत्व कथन युक्तियुक्त देखिन्छ । अतः एउटै कर्म नित्य एवं काम्य दुवै सिद्ध हुन्छ ।

एउटै कर्म नित्य एवं काम्य गरी दुवै प्रकारको हुन्छ भनी अरू ठाउँमा पनि निरूपण गरेको पाइन्छ । उदाहरणका रूपमा माधवाचार्यको उक्तिलाई लिन सकिन्छ । माधवाचार्यले छप्रकारका दैवकर्म देखाएका छन् । गृहस्थहरूद्वारा सम्पादन गर्नुपर्ने छ प्रकारका देवकर्महरूमा व्रतहरूको अनुष्ठान पनि एक प्रकारको दैवकर्म हो । माधवाचार्यले जयन्ती, एकादशी, शिवरात्रि आदि तिथिहरूमा सम्पन्न गर्नुपर्ने व्रतरूप देवकर्मको नित्यता एवं काम्यता सप्रमाण प्रतिपादन गरेका छन् ।

जन्माष्टमीलाई नित्यव्रत (का.मा. ४, अष्टमीनिर्णय, पृ. १६१-६३) र जयन्तीलाई काम्यव्रत (का.मा. ४, अष्टमीनिर्णय, पृ. १६२-६३) मानिएको छ । अष्टमी तिथि भएका दिन रोहिणी नक्षत्रको योग पऱ्यो भने जुन दिन रोहिणी नक्षत्रको योग पर्छ त्यसै दिन जयन्ती व्रत सम्पन्न गरिन्छ । रोहिणी नक्षत्रको योग भएको अष्टमी तिथिमा जयन्ती व्रत गर्दा त्यसै जयन्ती व्रतमा नै जन्माष्टमी व्रतको पनि अन्तर्भाव हुन्छ (का. मा. उपोद्धात ७६-७७ पद्य) । यसरी नित्य एवं काम्य व्रतका रूपमा रहेका जन्माष्टमी एवं जयन्ती व्रत एउटै अनुष्ठानद्वारा सम्पन्न हुने भएकाले जयन्तीव्रतको नित्यता एवं काम्यता युक्तियुक्त देखिन्छ । शुद्ध जयन्ती व्रत पनि नित्य एवं काम्य गरी दुई प्रकारको देखा पर्छ (का.मा. ४, अष्टमीनिर्णय, पृ. १७०-७१) । जयन्ती व्रत नित्य एवं काम्य हुन्छ भन्ने तथ्य- एकादशी व्रतको नित्यता एवं काम्यता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[८४]शिवरात्रिव्रतस्यापि एकदशीजयन्तीव्रतवन्नित्यकाम्यत्वोक्तेर्नित्यत्वं काम्यत्वञ्चोपपद्यते।

तथा क्रतौ खदिरकाष्ठस्य यूपनिर्माणे प्रयोगो विधीयते। स च खादिरो यूपो नित्यस्य क्रतोरनुष्ठाने काम्यस्य क्रतोरनुष्ठानेऽपि च प्रयुज्यते।

नित्यकाम्यत्वाभ्यामेकस्मिन्नेव क्रतौ खादिरस्य विधानं माधवाचार्येणोपन्यस्तम्। तत्र **'खादिरो यूपो भवति'** इति नित्यतया विहितः खादिरो यूपः। **'खादिरं वीर्यकामस्य यूपं कुर्वीत'** इति च काम्यत्वेन विहितः खादिरो यूप इति एकस्मिन्नेव क्रतावेकस्यैव खादिरनिर्मितस्य यूपस्य नित्यत्वेन काम्यत्वेन च विहितं सप्रमाणं निरूपितमिति एकस्यैव कर्मणो नित्यत्वं काम्यत्वञ्चाप्युपपद्यते।

तस्माद् इष्टिपशुसोमात्मकानां यागानां नित्यतया काम्यतयापि चानुष्ठानं सम्पद्यत एव।

एक एव गृहस्थो नित्यनिमित्तोपाधौ येषामिष्टिपशुसोमात्मकानां यागानामनुष्ठाने अधिकारी भवति चेत् स एव गृहस्थः काम्यनिमित्तोपाधौ तेषामेव यागानामनुष्ठानेऽधिकारी भवति। उक्तनिरूपणादेवमेवागम्यते अनुष्ठेयेषु यागेषु नास्त्यन्तरम्। यागानुष्ठानाच्च फलमुत्पद्यत एव। अत्र लौकिकफलोपलम्भकं कर्म उदाहरणीयं भवति।

८४. कालमाधवः, द्वितीयादिप्रकरणे शिवरात्रिव्रतनिर्णयः, २३५ पृष्ठम्। {द्वितियादितिथिनिर्णयाख्ये चतुर्थप्रकरणे शिवरात्रिनिर्णयसन्दर्भे}

प्रतिपादन गर्नका लागि **'उपवासो जयन्तीवन्नित्यकाम्यरूपः'** (का.मा. ४, एकादशीनिर्णय, पृ. १८९) अर्थात् 'एकादशी उपवास जयन्ती व्रतझैं नित्य एवं काम्य हुन्छ' भनी गरिएको उल्लेखबाट पनि प्रमाणित हुन्छ। यसै कथनबाट नै एकादशी व्रत नित्य एवं काम्य हुन्छ भन्ने तथ्य प्रमाणित हुन्छ। शिवरात्रि व्रत पनि एकादशी व्रत एवं जयन्ती व्रतझैं नित्य एवं काम्य हुन्छ (का.मा. ४, शिवरात्रीनिर्णय, पृ. २३५) भनिएको हुनाले शिवरात्रि व्रतको नित्यता एवं काम्यता युक्तिसङ्गत देखिन्छ।[३०]

यज्ञमा मौलो बनाउँदा खयरका काठको प्रयोग गरिन्छ। खयरका मौलाको प्रयोग नित्य यज्ञ सम्पादन गर्दा पनि गरिन्छ र काम्य यज्ञ सम्पादन गर्दा पनि गरिन्छ। नित्य एवं काम्य गरी भिन्न प्रकृतिका भएता पनि परमार्थतः एउटै यज्ञमा खयरबाट बनाइएका मौलाको प्रयोग गरिन्छ भनी माधवाचार्यले बताएका छन्। यज्ञका प्रसङ्गमा **खादिरो यूपो भवति** अर्थात् 'खयरको मौलो हुन्छ' भनी नित्य (अनिवार्य) पदार्थका रूपमा खयरको विधान गरिएको छ। **खादिरं वीर्यकामस्य यूपं कुर्वीत** अर्थात् 'पराक्रम प्राप्तिको कामना भएको पुरुषले यज्ञमा खयरको मौलो बनाओस्' भनी काम्य पदार्थका रूपमा खयरका मौलाको विधान गरिएको छ। यसरी माधवाचार्यले एउटै यज्ञमा एउटै खयरबाट बनाइएका मौलाको नित्य एवं काम्य पदार्थका रूपमा विधान गरिएको कुरा सप्रमाण प्रस्तुत गरेका छन्। अतः एउटै कार्य नित्य एवं काम्य दुवै हुन सक्छ भन्ने कुरा युक्तिसङ्गत देखिन्छ। त्यसैले इष्टि, पशु एवं सोमरूप यज्ञहरूको नित्य यज्ञका रूपमा र काम्य यज्ञका रूपमा अनुष्ठान सम्पन्न हुन सक्छ।

एउटै गृहस्थ नित्य यज्ञका उद्देश्यले जुन इष्टि, पशु एवं सोमरूप यज्ञहरूको अनुष्ठान गर्ने अधिकारी हुन्छ त्यही नै गृहस्थ काम्य यज्ञका उद्देश्यले तिनै इष्टि, पशु एवं सोमरूप यज्ञहरूको सम्पादन गर्ने अधिकारी पनि हुन्छ। उक्त निरूपण

३०. प्रस्तुत अनुच्छेदमा दिइएका प्रमाण माधवाचार्यद्वारा रचित कालमाधव ग्रन्थका द्वितीयादितिथिनिर्णय नामक चतुर्थपरिच्छेद अन्तर्गतका विभिन्न तिथिनिर्णयका सन्दर्भबाट लिइएका हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा हि कश्चित् पूर्तकर्मानुष्ठाता आम्रादिफलदानां वृक्षाणामारोपणं धर्मार्थमाचरन् न हि तदुत्थफलोपभोगं स्वयं कुरुते अपि तु सर्वसाधारणोपभोगार्थमुत्सृजति।

यश्च कश्चित् स्वकीयोपभोगार्थमारामादिपूर्तकर्मणो निर्माणमाचरति तत्र तदुत्थफलानि यानि यावन्ति भवन्ति तानि सर्वाणि तस्यैवानुष्ठातुर्यजमानस्य स्वस्वत्वतयोपभोगाय कल्पन्ते।

तत्र पूर्तकर्मणां समनुष्ठानात् फलानि तूभयथापि समुत्पद्यन्त एव। न हि कर्मणां समनुष्ठानं निष्फलं जायते अपि तु तत्र निमित्तमात्रमपेक्षन्ते यानि यावन्ति कर्माणि। यस्मिन्निमित्ते समनुष्ठितानि तदर्थमेवोपभोगाय कल्पन्ते एतावानेवान्तरम्।

तस्मात् नित्यनिमित्तोपाधौ, नैमित्तिकनिमित्तोपाधौ, काम्यनिमित्तोपाधौ च यत् किमपि निमित्तमुपादाय जुहोति-यजति-ददातिक्रियाणां मसनुष्ठानं कृतं भवेत् फलं तु कर्मानुष्ठानजन्यं समुत्पद्यत एव। लोकानुष्ठित-क्रियावत् फलोपपत्तेः।

कर्मानुष्ठानात् फलमुत्पद्यते इत्यत्र [८५]**कर्तृकरणसंप्रयोगात्क्रियाः, कृतस्य कर्मणः फलं नाकृतस्य, नाङ्कुरोत्पत्तिरबीजात्, कर्मसदृशं फलं नान्यस्माद्बीजादन्यस्योपत्तिः,** इति चरकोक्तिरपि प्रमाणम्। लोके हि अनेकफलवन्तो व्रीह्यादयः पदार्थाः फलनिष्पत्तये लोकानुष्ठितनिमित्तमपेक्षन्ते।

---

८५. चरकसंहिता, सूत्रस्थानम्, अध्यायः ११, सूत्रम् ३२।

(विवेचन) बाट उपाधिमा भिन्नता भए तापनि सम्पादन गरिने यज्ञमा कुनै भिन्नता हुँदैन भन्ने थाहा पाइन्छ। यज्ञ सम्पन्न गरेपछि फल त उत्पन्न हुन्छ नै। यहाँ लौकिक फल उपलब्ध गराउने एउटा दृष्टान्त प्रस्तुत गरिन्छ। धर्म प्राप्तिका लागि (सर्वसाधारणले उपभोग गरून् भन्ने उद्देश्यले) पूर्तकर्म (कुवा, तलाउ आदि बनाउने कार्य) को अनुष्ठान गर्ने कुनै पुरुषले आँप आदि फल दिने रूख लगाउँछ भने उसले त्यसबाट (आँपका वृक्षबाट) प्राप्त हुने फलको उपभोग आफै गर्दैन, परन्तु सर्व-साधारण जनताले उपभोग गरून् भनी छाडिदिन्छ। कुनै पुरुषले आफ्नै उपभोगका लागि बगैंचा बनाउने आदि पूर्तकर्मको सम्पादन गर्छ भने उसले (अनुष्ठाता पुरुषले) त्यसबाट (पूर्तकर्मबाट) जेजति फल प्राप्त हुन्छन् तिनीहरूको आफै उपभोग गर्छ अर्थात् प्राप्त सबै फल अनुष्ठान गर्ने व्यक्तिका (यजमानका) निजी सम्पत्तिका रूपमा उपभोग गरिने साधन बन्दछन्। दुवै उद्देश्यले (धर्मका लागि अथवा आफ्नै उपभोगका लागि) सम्पादन गरिएका पूर्तकर्मबाट फल त उत्पन्न हुन्छ नै। कर्महरूको सम्पादन निष्फल हुँदैन, अपि तु त्यहाँ निमित्त मात्रको अपेक्षा गरिन्छ। जति पनि कर्महरू छन् ती सबैले निमित्तको अपेक्षा गर्छन्। जुन उद्देश्यले अनुष्ठान गरिएका हुन्छन् त्यसै उद्देश्यले उपभोगका साधन बन्दछन्, यही नै भिन्नता हो।

नित्य यज्ञका रूपमा होस्, नैमित्तिक यज्ञका रूपमा होस्, अथवा काम्य यज्ञका रूपमा होस् अर्थात् नित्य आदि उपाधिमध्ये जुन सुकै उपाधिलाई कारण बनाइएर जुहोति (हवन गर्छ), यजति (यज्ञ गर्छ) र ददाति (दान दिन्छ) भन्ने क्रिया सम्पादन गरिएको होस् त्यस क्रियाका अनुष्ठानबाट फल त प्राप्त हुन्छ नै। किनकि फलप्राप्ति मनुष्यद्वारा गरिएको क्रियाहरूका अधीनस्थ हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा कश्चित् गृहस्थः कृषकः कृषिकर्मजन्यं सस्यफलं कामयमानो यथासमयं संस्कृतायां भूमौ व्रीहीनावपति। प्रकर्षेण भूमावुप्तानि च बीजानि काले जाते यथावपनं प्ररूह्य फलन्ति। तस्मात् सस्योत्पत्तये व्रीह्यादयः पदार्थाः कृषकगतं कृषिकर्मात्मकं व्यापारमपेक्षन्ते। तस्मिन् कृषिकर्मानुष्ठाने च सस्यफलकामनावान् कृषकः अधिकारी भवति। कृषकगता सस्यफलोत्पत्तिकामना च तत्कर्मणः समनुष्ठाने निमित्तभावमश्नुते। सस्यफलोत्पत्तिकामनानिमित्तिपाधौ समनुष्ठिता क्रिया कर्तुर्व्रीहिगतं सस्यफलमावहति। नान्यत्फलान्तरं जनयति।

कर्म गर्नाले फल प्राप्त हुन्छ भन्ने सम्बन्धमा **कर्तृकरणसंप्रयोगात्०** 'कर्ता र करणको सम्यक् प्रयोगबाट क्रियाको उत्पत्ति हुन्छ। गरेका कार्यको मात्र (सुखदुःखात्मक) फल प्राप्त हुन्छ, नगरेका कार्यबाट फल प्राप्त हुँदैन। बिना बीउको अङ्कुर उत्पन्न हुँदैन। जस्तो कर्म गरिएको हुन्छ, त्यस्तै फल प्राप्त हुन्छ। अन्य वस्तुको बीउबाटै अर्कै बस्तु उत्पन्न हुँदैन'[३१] (च.स. १/११/३२) भन्ने चरकको उक्ति पनि प्रमाणका रूपमा रहेको छ। लोकमा अनेकौँ प्रयोजनले युक्त भएका व्रीहि (धान) आदि पदार्थले मनुष्यद्वारा सम्पादन गरिने कारण (कार्यव्यापार) को अपेक्षा गर्छन्।

गृहस्थ आश्रम सञ्चालन गरिरहेको कृषकले कृषिकर्मबाट (खेती गरेपछि) उपलब्ध हुने धान्य (धान) प्राप्त गर्ने कामनाले उचित समयमा संस्कार (खन जोत) गरिएका भूमिमा धान छर्छ। जमिनमा राम्ररी छरिएको बीउ उम्रेर, क्रमैले बढेर समय आएपछि जसरी छरिएको हुन्छ त्यसरी नै फल्छ। त्यसैले सस्य उत्पत्तिका लागि व्रीहि (धान) आदि पदार्थले कृषकमा रहेको कृषिकर्मरूप व्यापारको अपेक्षा गर्दछन्। कृषिरूपी कर्मको अनुष्ठानमा सस्यरूप फलको कामना भएको कृषक अधिकारी हुन्छ। कृषकमा रहेको धान्यफलका उत्पत्तिको कामना कृषिकर्मको अनुष्ठानमा निमित्त (कारण)

३१. उद्धृत पङ्क्ति चरकसंहिताको सूत्रस्थानको एघारौँ अध्यायको बत्तीसौं सूत्रका अंशका रूपमा आएको छ। चरकसंहिता आयुर्वेदसित सम्बद्ध ग्रन्थ हो। परलोक छ भन्ने युक्ति प्रदर्शन गर्ने क्रममा चतुर्थ युक्तिका रूपमा चरकसंहितामा मूलमा उद्धृत पङ्क्ति पढिएका हुन्। छवटा धातुको संयोगबाट गर्भ त उत्पन्न हुन्छ तर आत्माको संयोग विना त्यस गर्भमा चेतनाको उदय हुन सक्दैन। आत्मा परलोकसित सम्बद्ध हुन्छ। अतः परलोक छ भन्ने युक्ति प्रदर्शन गरिन्छ- **कर्तृकरण०** आदि। कर्ता शब्दले कार्य सम्पन्न गर्ने व्यक्तिलाई बुझाउँछ। करणले साधनलाई बुझाउँछ। परलोकको कर्ता आत्मा हो र करण (साधन) उसको दैव हो। जसरी दाउरा, आगो र पानी एवं पाचक (भान्छे) को संयोगबाट पाक आदि क्रिया सम्पन्न हुन्छ त्यसरी नै दैव र आत्माको संयोगबाट आफूले पूर्वजन्ममा गरेका कर्मानुसारका सुख दुःख आदि भोग्न प्राणीको उत्पत्तिरूप क्रिया सम्पन्न हुन्छ। कर्ता विना क्रिया सम्पन्न हुन्न। आत्मरूप कर्ता विना यागादि क्रिया पनि सम्पन्न हुँदैनन्। दृश्यमान दास्यता एवं परमैश्वर्यले जन्मान्तरमा गरिएका कर्म नै करण हुन् भन्ने कुरा सिद्ध गर्छन्। गरिएका कार्यबाट मात्र फल प्राप्त हुन्छ, नगरिएका कार्यबाट फल उत्पन्न हुन्न। जस्तो कर्म गरिएको हुन्छ त्यस्तै फल प्राप्त हुन्छ। त्यसैले पूर्वजन्ममा गरिएका शुभ कर्मको पुत्र दारादि शुभ फल प्राप्त हुन्छ। नराम्रा काम गरिएको छ भने नराम्रै फल प्राप्त हुन्छ। विना बीजको अङ्कुरको उत्पत्ति हुँदैन। खेतमा वा बारीमा मकैको बीउ छर्ने हो भने मकै उम्रन्छ। बीउ नै नछरेका अवस्थामा मकै उम्रदैन। त्यसैले जस्तो कर्म गरिएको हुन्छ त्यस्तै फल प्राप्त हुन्छ। त्यही फलको उपभोग गर्न प्राणीको उत्पत्ति हुन्छ। अर्को कुरा अर्कैको बीउबाट अर्कै वस्तु पनि उम्रन्न। मकै छरेर धान उम्रन्न। अथवा जामुनाका बीजबाट आँप उम्रदैन। शालिधानका बीउबाट जौ पनि उम्रन्न। (यत्फलकं यत्कर्म तत्फलं तस्मादेव कर्मणः स्यात् न त्वन्यस्मात् कर्मणोऽन्यत् फलं स्यात्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स एव व्रीहिपदार्थ ओदनकामनावता पाचकेन गृहस्थेन तण्डुलनिष्पत्यनुकूलव्यापाराद्यनुष्ठानं विधाय पचिक्रियायां विहितायां पाकं जनयति। अतः पाककामनानिमित्तोपाधौ पाचकसमनुष्ठितो व्यापारो व्रीहिपदार्थ-गतं पाकफलमावहति।

स एव व्रीहिपदार्थोऽपूर्वकामनवता गृहस्थेन यजमानेन तण्डुलनिष्पत्त्यनुकूलावहननव्यापारानुष्ठानेन पुरोडाशादिकं सम्पाद्य जुहोति-यजतिक्रियायां प्रयुक्तो यजमानस्य यागहोमादिकं निर्वर्त्य तद्द्वारापूर्वं जनयति।

स एव व्रीहिपदार्थः शष्कुलिकामनावता पाचकेन गृहस्थेन तण्डुलनिष्पत्यनुकूलावहननादिव्यापारानुष्ठानेन सम्पादितेभ्यस्तण्डुलेभ्यः पिष्टं निष्पिष्य शष्कुलिपचनक्रियायां प्रयुक्तः शष्कुलितामाप्नोति। अपूपपचनक्रियायां प्रयुक्तोऽपूपं जनयति।

यथा व्रीहिपदार्थ इत्थं फलनिष्पत्तये उपाधिमपेक्षते व्रीहिपदार्थवदन्येऽपि लौकिका यवादयः पदार्थाश्च फलनिष्पत्तयेऽनुष्ठातुः कामनानिमित्तमपेक्षन्ते।

तथैव यजमानेनानुष्ठिता यागाश्चोपाधिमपेक्ष्यैव फलसम्पत्तिं वितन्वते। न हि निष्फलं कर्मणां समनुष्ठानं क्वचिदप्युपपद्यते।

कर्मानुष्ठानात् फलनिष्पत्तिः

पुरा सृष्टिकाले प्रजानां स्रष्टा ब्रह्माख्यः प्रजापतिर्यज्ञसहिताः प्रजाः सृष्ट्वा समवोचत् यत्- अनेन यज्ञेन प्रसविष्यध्वम्, उत्पत्तिं कुरुध्वम्। एष यज्ञो युष्माकमभिलषितान् कामान् दोग्धि (प्रपूरयति) इति भगवद्वाक्यं

बन्द। धान्यादि फल प्राप्त गर्ने कामनारूप उपाधिले युक्त भएर सम्पादन गरिएको क्रियाले कर्ताको धान्यगत (धान प्राप्त गर्ने) सस्य फललाई उत्पन्न गराउँछ। उक्त अवस्थामा अनुष्ठित क्रियाले धान्येतर फल उत्पन्न गराउँदैन।

त्यसै धान्यरूप पदार्थले- भोजन बनाउने (भात पकाउने) उद्देश्य भएका गृहस्थद्वारा चामल बनाउनका लागि आवश्यक क्रियाकलाप सम्पन्न गरी पाचन क्रिया (पकाउने कार्य) सम्पादन गरिएका अवस्थामा पाकरूप फल उत्पन्न गराउँछ। अतः पकाउने कामना निमित्त (उद्देश्य) भएका अवस्थामा पाचकद्वारा गरिएको व्यापारले (पकाउने कार्यले) व्रीहि पदार्थमा (धानमा) विद्यमान पाकरूप फल प्रदान गर्छ। त्यही नै व्रीहिरूप पदार्थ जब अपूर्वको कामना भएका गृहस्थ यजमानद्वारा तण्डुल निष्पत्तिका लागि अनुकूल अवहनन (कुट्ने) व्यापार गरेर पुरोडाश आदि बनाई जुहोति (हवन गर्छ), यजति (याग गर्छ) क्रिया सम्पादन गर्न प्रयोग गरिन्छ त्यस अवस्थामा उक्त उक्त व्रीहिरूप पदार्थले यजमानद्वारा अनुष्ठित याग हवन आदि सम्पन्न गराएर त्यसैका माध्यमले अपूर्व उत्पन्न गराउँछ। त्यही नै व्रीहिपदार्थ शष्कुली (जेरी/जलेवी) बनाउने कामनाले युक्त भएका पाचक गृहस्थद्वारा चामल बनाउन अपनाउनु पर्ने ढिकीमा कुट्ने आदि क्रिया अवलम्बन गरेर निष्पन्न गराइएका चामलबाट पीठो बनाएर शष्कुली पकाउने क्रियामा प्रयोग गरियो भने शष्कुली बन्दछ। मालपुवा बनाउने क्रियामा प्रयोग गरियो भने मालपुवा बन्दछ। व्रीहिरूप पदार्थले फल प्राप्तिका लागि जसरी उपाधिको अपेक्षा गर्दछ त्यसरी नै अन्य लौकिक यवादि पदार्थले पनि फलनिष्पत्तिका लागि अनुष्ठाताका कामनारूप निमित्त (कारण/उद्देश्य) को अपेक्षा गर्दछन्। एवं प्रकारले यजमानद्वारा सम्पादन गरिएका यागहरूले उपाधिको अपेक्षा गरेर नै फलसम्पत्ति (परिणाम) दिने गर्छन्। कर्महरूको अनुष्ठान कहीँ पनि निष्फल हुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[८६]व्यासेन ग्रथितम् । अस्माच्च भगवद्वाक्याद् यज्ञानां सृष्टिर्हि ब्रह्मणा प्रजाभिप्रेतमनोरथान् प्रपूरयितुं विहितेति कर्मणां समनुष्ठानात् फलनिष्पत्तिर्भवतीति सुनिश्चितम् ।

'न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते' इति [८७]भगवद्वाक्याद् व्यतिरेकतो मोक्षफलमपि कर्मणां समनुष्ठानादवाप्यते इत्यवगतं भवति ।

न हि चित्तशुद्धिमन्तरा मोक्षस्यावाप्तिः । कर्मणां समनुष्ठानं च चित्तशुद्धेर्हेतुभूतमिति मोक्षसाधनमपि सम्पद्यते । कर्मणां सत्त्वशुद्धिकारकत्वम्- **'कर्मणां क्रियाणां यज्ञादीनाम् इह जन्मनि जन्मान्तरे वा अनुष्ठितानाम् उपात्तदुरितक्षयहेतुत्वेन सत्त्वशुद्धिकारणानाम्'** इति [८८]शङ्कराचार्योक्तेरवगम्यते ।

नित्यं नैमित्तिकं काम्यं वापि यद्यत् कर्म करोति देहधारी पुरुषस्तत्तत्कर्म प्रवृत्तं वा भवेन्निवृत्तं वा भवेत् तदपि कर्म समुपाश्नुते ।

तथा हि भगवता [८९]व्यासेन-

यद्यच्छरीरेण करोति कर्म शरीरयुक्तः समुपाश्नुते तत् इत्यभिधाय यावच्छरीरधारिभिः समनुष्ठितानां येषां यावतां कर्मणां फलं प्राप्तशरीरैरुपभोग्यतामाप्नोतीति निर्देशात् च नित्यनैमित्तिककाम्यकर्मानुष्ठानात् फलनिष्पत्तिः सिद्ध्यति ।

---

८६. श्रीमद्भगवद्गीता, अध्यायः ३, श्लोकः १० ।

८७. श्रीमद्भगवद्गीता, अध्यायः ३, श्लोकः ४ ।

८८. शाङ्करभाष्यम्, श्रीमद्भगवद्गीता ३ अध्यायः, श्लोकः ४ ।

८९. महाभारतम्, शान्तिपर्व, मोक्षधर्मपर्व, अध्यायः २०१, श्लोकः २१ ।

कर्मको अनुष्ठानबाट फलको निष्पत्ति हुन्छ-

पहिले सृष्टिका समयमा प्रजाहरूका सृष्टिकर्ता ब्रह्मानामका प्रजापतिले यज्ञका साथमा प्रजाहरूको सृष्टि गरी तिनै प्रजाहरूलाई लक्ष्य गरेर भनेका थिए- यस यज्ञका माध्यमले सन्तान जन्माउने (उत्पत्ति गर्ने) कार्य गर, यस यज्ञले तिमीहरूका अभिलषित (प्राप्त गर्न चाहेका) कामनाहरू पूरा गरिदिने छ । भगवान् श्रीकृष्णका मुखबाट भनिएको यो वाक्य व्यासले निबन्धन गरेका छन् (गीता ३/१०) । भगवान् श्रीकृष्णद्वारा भनिएका वाक्यबाट यज्ञहरूको सृष्टि ब्रह्माजीद्वारा प्रजाहरूका अभिलषित मनोरथ पूरा गराउन गरिएको हो भन्ने तथ्य सिद्ध हुन्छ । अतः कर्महरूको अनुष्ठानबाट फलको उत्पत्ति हुन्छ भने कुरा निश्चित छ ।

'कर्म (कार्य) आरम्भ नगर्दैमा पुरुषले निष्कर्मता (निष्काम कर्मयोग/कामना विहीन मोक्ष) प्राप्त गर्न सक्दैन' (गीता ३/४) यस भगवद्वाक्यबाट व्यतिरेकका माध्यमले मोक्षरूप फल पनि कर्महरूका अनुष्ठानबाट प्राप्त हुन्छ भन्ने कुरा अवगत हुन्छ । चित्त शुद्ध नभएसम्म मोक्ष प्राप्त गर्न सकिँदैन । कर्महरूको अनुष्ठान चित्तशुद्धिका कारणका रूपमा रहेको हुन्छ । अतः कर्म मोक्षको पनि साधन (माध्यम) बन्दछ । कर्महरूले सत्त्वको (चित्तवृत्तिको) शुद्धि गराउँछन् भन्ने कुरा- 'कर्महरूको अर्थात् यस जन्ममा र अन्य जन्ममा गरिएका, एवं उत्पन्न भएका (सञ्चित) पापराशिका विनाशक भएकाले चित्तशुद्धिका कारणका रूपमा रहेका यज्ञादि क्रियाहरूको' (गीता ३/४ शा.भा) यस शङ्कराचार्यका उक्तिबाट अवगत हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवृत्तं निवृत्तं च द्विविधमेव वैदिकं कर्म समाम्नातम्। यत्र यच्च यावच्च जुहोति-यजति-ददातिक्रियानुष्ठानात्मकं वैदिकं स्मार्तं वा कर्म तत्सर्वं प्रवृत्तशब्देनाभिधीयते। प्रतीकोपासनादिकं कर्मापि च प्रवृत्तशब्देनैवाभिधीयते। निःश्रेयसप्राप्तयेऽनुष्ठितं कर्म पुनर्निवृत्तशब्देनाभिधीयते। एतत्सर्वं [९०]कुल्लूकभट्टेनोक्तम्।

भगवता [९१]मनुनापि-

सुखाभ्युदयिकं चैव नैःश्रेयसिकमेव च।

प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म वैदिकम्॥ इत्यभिधाय ऐहलौकिकपारलौकिकफलोपलम्भककर्मणां प्रवृत्तत्वम्, ज्ञानप्राप्तिद्वारा मोक्षोफलम्भककर्मणां पुनर्निवृत्तत्वं समाम्नातम्।

[९२]व्यासेनापि भगवद्वाक्येन-

लोकेऽस्मिन् द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ।

ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम्॥ इत्यभिधाय कर्मणां द्विविधत्वं दर्शितम्।

तत्र प्रवृत्तनिवृत्तात्मकानां द्विविधानां कर्मणां समनुष्ठानात् ऐहलौकिकं वा भवेत् पारलौकिकं वा भवेत् मोक्षं वापि भवेत् फलोत्पत्तिस्तु सुतरां सम्पद्यत एव।

९०. मन्वर्थमुक्तावली १२/८८ मनुस्मृतिटीका।

९१. १२/८८ मनुः।

९२. श्रीमद्भगवद्गीता ३/३।

देहधारी पुरुषले नित्य, नैमित्तिक अथवा काम्य जुन जुन कर्म गर्छ ती सबै कर्म प्रवृत्त (प्रवृत्ति प्रधान) अथवा निवृत्त (निवृत्ति प्रधान) जे हुन् ती कर्म (कर्मफल) अनुष्ठाता पुरुषले प्राप्त गर्छ। यही कुरा भगवान् व्यासले **यद्यच्छरीरेण०** अर्थात् 'शरीरले युक्त भएको (देह धारण गरेको) पुरुषले आफ्ना शरीरका माध्यमले जुन जुन कर्म गर्छ त्यसको फल उपभोग गर्छ'[३२] (म.भा., शा.प. २०१/२१) यस अर्धपद्यद्वारा बताएका छन्। यस उक्तिबाट सबै शरीरधारीहरूद्वारा गरिएका जे जति कर्मका फल परिणाम हुन्छन् ती सबै शरीरधारीहरूद्वारा उपभोग गर्नै पर्ने यथार्थ अवगत हुन्छ। उक्त निर्देशनबाट नित्य नैमित्तिक एवं काम्य कर्मका अनुष्ठानबाट फल निष्पन्न हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ।

प्रवृत्त (प्रवृत्तिमूलक) र निवृत्त (निवृत्तिमूलक) दुवै कर्मलाई वैदिक कर्म नै मानिएको छ। जहाँ, जे र जति पनि जुहोति (हवन गर्छ) यजति (याग गर्छ) र ददाति (दान दिन्छ) क्रियाको अनुष्ठानरूप वैदिक वा स्मार्त कर्म गरिन्छन् ती सबैलाई प्रवृत्त शब्दद्वारा बुझाइन्छ। प्रतीक (मूर्ति) को उपासना गर्ने आदि कर्मलाई पनि प्रवृत्तशद्बद्वारा नै बुझाइन्छ। निःश्रेयस (परमलाभ/मोक्ष) प्राप्तिका लागि गरिएका कर्मलाई भने निवृत्त शब्दद्वारा बुझाइन्छ। यी सबै कुरा कुल्लूक भट्टले बताएका छन् (मनु. १२/८८ म.मु.)। भगवान् मनुले पनि **सुखाभ्युदयिकम्०** अर्थात् 'स्वर्ग आदि सुख प्राप्तिका एवं संसारमा प्रवृत्त गराउने कारणका रूपमा रहेको प्रवृत्त कर्म (ज्योतिष्टोमादि एवं प्रतीकोपासनादि) र निःश्रेयस (मोक्ष) का लागि गरिने अर्थात् नैःश्रेयसिक (मोक्षसित सम्बद्ध) एवं संसारबाट निवृत्त गराउने कारणका रूपमा अवस्थित निवृत्त

३२. प्रस्तुत पद्यको व्याख्या गर्ने सन्दर्भमा नीलकण्ठीमा- ननु कर्मभ्य एव मोक्षः सिद्धेत् किं ज्ञानेनेत्यत आह- यद्यदिति। शरीरवता कृतं कर्म शरीरयुक्तेनैव भोक्तव्यं यतः कर्मफलस्य दुःखादेरायतनमाश्रयः शरीरं न त्वशरीर आत्माऽतोऽशरीरत्वलक्षणो मोक्षो न शारीरेण कर्मणा सिद्ध्यतीत्यर्थः भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐहिकस्य पारलौकिकस्य वा सुखस्योपलम्भकं कर्म [९३]प्रवृत्तमित्युच्यते ।

परात्परतरप्राप्तिरूपमोक्षफलोपलम्भकं कर्म निवृत्तमित्युच्यते । इत्येव प्रवृत्तनिवृत्तयोर्भेदः । फलं तूभयथापि सम्पद्यत एव ।

मोक्षकामनया प्रवृत्तिः

न हि मोक्षकामनयानावृतः पुरुषो ज्ञानयोगमुपासते । **'निष्कामनावान् ज्ञानयोगे प्रवर्तते अर्थात् कामनारहितं कर्म समनुतिष्ठति'** इत्यस्य तु अयमेवार्थः- **'स्वर्गादिसुखप्राप्तिकारकं संसरणहेतुभूतं कर्म परित्यज्य अनन्तसुखप्राप्तिकारकमपुनरावृत्तिसम्पादकं कर्म करोति'** इति । तस्मान्मोक्षावाप्तिकामना ज्ञानयोगोपासकानामपि वर्तत एव ।

तस्मात् कर्मणां सर्वेषां समनुष्ठानं फलं जनयति ।

---

९३. १२/८९ मनुः ।

कर्म गरी वैदिक कर्म दुई प्रकारको हुन्छ' (मनु. १२/८८) भनी ऐहलौकिक एवं पारलौकिक फल उपलब्ध गराउने कर्महरूलाई प्रवृत्त कर्म र ज्ञानका माध्यमले मोक्ष प्राप्त गराउने कर्मलाई निवृत्त कर्म भनेका छन् । व्यासले पनि भगवान् श्रीकृष्णका मुखबाट अभिव्यक्त- **लोकेऽस्मिन्०** अर्थात् 'हे निर्दुष्ट अर्जुन ! प्राचीन समयमा मैले यस संसारमा साङ्ख्य (ज्ञानी) हरूका लागि ज्ञानयोग र योगीहरूका लागि कर्मयोग गरी दुई प्रकारका निष्ठा (सिद्धान्त) बताएको थिएँ' (गीता ३/३) भन्ने उक्तिका माध्यमबाट कर्म दुई प्रकारका हुन्छन् भनी देखाएका छन् ।

प्रवृत्त गराउने एवं निवृत्त गराउने स्वभाव भएका दुई प्रकारका कर्महरूको अनुष्ठानबाट ऐहलौकिक (यस लोकसित सम्बद्ध) होस् वा पारलौकिक (परलोकसित सम्बद्ध) होस्, अथवा मोक्षसित सम्बद्ध नै किन नहोस् फल त अवश्य नै उत्पन्न हुन्छ । ऐहिक एवं पारलौकिक सुख उपलब्ध गराउने कर्मलाई प्रवृत्तकर्म भनिन्छ । परभन्दा पनि परतर (चरम) प्राप्तिका रूपमा रहेको मोक्षरूप फल उपलब्ध गराउने कर्मलाई निवृत्त कर्म भनिन्छ (मनु. १२/८९) । यही नै प्रवृत्तकर्मका र निवृत्तकर्मका बीचको भिन्नता हो । प्रवृत्ति एवं निवृत्तिरूप दुई उद्देश्यमध्ये जुन उद्देश्यले गरिएका कर्मबाट पनि फल त प्राप्त हुन्छ नै ।

मोक्षका आकाङ्क्षाले प्रवृत्ति-

मोक्षका कामनाले युक्त नभएको पुरुषले ज्ञानयोगको उपासना गर्दैन अर्थात् मोक्षको आकाङ्क्षा भएको पुरुषले मात्र ज्ञानयोगको उपासना गर्छ । 'कामना नभएको पुरुष ज्ञानयोगमा प्रवृत्त हुन्छ अर्थात् कामनारहित (कामना=फलको आकाङ्क्षा नगरिएको) कर्म गर्दछ' । यस वाक्यको अर्थ यसप्रकार निस्कन्छ- 'स्वर्ग आदिका सुख उपलब्ध गराउने कारणका रूपमा रहेको र संसारमा बारम्बार आउने जाने (जन्मने र मर्ने) कार्य गर्नुपर्ने कारणका रूपमा रहेको कर्मलाई छाडेर अनन्त (अन्तरहित/अपरिमित) सुख उपलब्ध गराउने कारणका रूपमा रहेको र संसारमा आउने जाने कार्यक्रम नै समाप्त गरिदिने कर्म गर्छ' । अतः ज्ञानयोगका उपासकहरूमा पनि मोक्ष प्राप्त गर्ने कामना हुन्छ नै । त्यसैले सबै प्रकारका कर्महरूको अनुष्ठानबाट फल प्राप्त हुन्छ भनिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मो मोक्षं गमयति

[९४]**'न कर्मणा न प्रजया धनेन त्यागेनैकेऽमृतत्वमानशुः'** इति समाम्नायात्त्यागेनामृतत्वप्राप्तिस्तु केषाञ्चिदेव भगवतो रामस्य विद्रोहाद्रावणस्यैव अथवा भगवतः कृष्णस्य विष्णोर्वा विद्रोहात् शिशुपालादेः हिरण्यकशिप्वादेरिव वा कदाचित्सम्पद्यते इत्यवगमात् सार्वत्रिकं सार्वभौमिकम्, सकललोकगम्यं तु मोक्षरूपं फलं वर्णाश्रमधर्मसमनुष्ठानादेवाप्यते इत्येतदेवावबुध्यते।

भगवता [९५]मनुना- **'श्रेयस्करतरं ज्ञेयं सर्वदा कर्म वैदिकम्'** इति **'वैदिके कर्मयोगे तु सर्वाण्येतान्यशेषतः । अन्तर्भवन्ति क्रमशस्तस्मिन् तस्मिन् क्रियाविधौ ।।** इति च समाम्नाय वैदिककर्मणः श्रेयस्कारकत्वम्, वैदिके कर्मयोगे सर्वेषामैहिकामुष्मिकश्रेयसां तत्तदुपासनादिक्रियासमनुष्ठानादिभिः समवाप्यत्वात् अन्तर्भावश्चाभिहित इति कर्मानुष्ठानतः समवाप्यत्वं मोक्षस्य निर्दिष्टम्। तथा च भगवता [९६]मनुनैव-

सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि।

समं पश्यन्नात्मयाजी स्वाराज्यमधिगच्छति ।। इति चाभिधाय सर्वेषु स्थावरजङ्गमात्मकेषु भूतेषु

---

९४. शा. भा. (ना. उ.२/१२) जी. ३ अ. प्राक्कथनम् ?। (अथर्ववेदीयकैवल्योपनिषदो द्वितीयपद्यशांशः १/२)।

९५. १२/८६-८७ मनुः।

९६. १२/९१ मनुः।

धर्मले मोक्षमार्गसम्म पुऱ्याउँछ (धर्मबाट मोक्ष प्राप्त हुन्छ)-

न कर्मणा० अर्थात् 'केही पुरुषले कर्मका माध्यमले होइन, सन्तानका माध्यमले पनि होइन, प्रजाका माध्यमले पनि होइन अपि तु त्यागका माध्यमले अमरत्वलाई प्राप्त गरे अर्थात् मुक्त भए' (कै.उ. १/२) भनिएको छ।[३३] उक्त कथनमा बताइएझैं त्यागबाट अमरत्व प्राप्ति केही पुरुषलाई मात्र प्राप्त हुन्छ। भगवान् श्रीरामका साथमा द्रोह गर्नाले रावणलाई, अथवा भगवान् श्रीकृष्णका साथमा द्रोह गर्नाले शिशुपाल आदिलाई अथवा भगवान् विष्णुका साथमा द्रोह गर्नाले हिरण्यकशिपु आदिलाई अमरत्व प्राप्त भएझैं कहिलेकाहीँ मात्र अन्य उपायबाट अमरत्व (मोक्ष) प्राप्त हुन्छ भन्ने कुरा बुझिन्छ। सार्वत्रिक (सबै समयमा प्राप्त हुने) सार्वभौमिक (सबै ठाउँमा प्राप्त हुने) र सर्वलोकगम्य (सबै लोकले जान्ने) मोक्षरूप फल त वर्ण एवं आश्रमका धर्महरूको अनुष्ठानबाट मात्र प्राप्त हुन्छ। यही तथ्य नै उक्त सन्दर्भबाट अवगत हुन्छ।

भगवान् मनुले **श्रेयस्करतरम्०** अर्थात् 'वैदिक कर्म (परमात्मज्ञान) सधैँ नै श्रेयस्करतर (यस लोकमा र परलोकमा पनि अत्यन्त कल्याण गर्ने) हुन्छ भनी जान्नुपर्दछ' (मनु. १२/८६) भनेका छन्। यसरी नै **वैदिके०** अर्थात् 'वैदिक (परमात्माको उपासनारूप) कर्मयोगमा ती सबै (पूर्व पद्यमा प्रतिपादित ऐहिक एवं आमुष्मिक श्रेयहरू) ती ती क्रियाविधिमा (उपासना प्रकारमा) क्रमशः अन्तर्भूत हुन्छन्। (अथवा वैदिक कर्मयोगमा वेदाभ्यास आदि वेदाङ्गका रूपमा क्रमशः अन्तर्भूत हुन्छन्)' (मनु. १२/८७) पनि भनेका छन्। उक्त दुवै (पद्यका) कथनका माध्यमले क्रमशः

---

३३. उद्धृत अंश कैवल्योपनिषद्को प्रथमखण्डको द्वितीयमन्त्रको उत्तरार्धका (कतै तृतीयमन्त्रको पूर्वार्धका) रूपमा रहेको छ। शोधप्रबन्धमा द्वितीय स्रोतका रूपमा ग्रहण गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आत्मरूपेण सन्निविष्टमात्मानमवेक्ष्य सर्वाणि भूतानि च स्वस्मिन् परमात्मरूपे सन्निविष्टानि चावेक्ष्य ब्रह्मार्पणन्यायेन ज्योतिष्टोमादियागं विदधतो गृहस्थस्य स्वाराज्यप्राप्तिरूपं मोक्षफलं निर्दिष्टम् ।

ब्राह्मणादीनां चतुर्णां वर्णानां कृते समापतितापदं विना स्व-स्वानुष्ठेयधर्मत्वेन विहितानां पञ्चमहायज्ञादीनामननुष्ठानादवाप्तव्यान् पापात्मकसंसारानवाप्य पुनः जन्मान्तरे शत्रुप्रेष्यत्वाप्तिफलं च,

[९७]**स्वेभ्यः स्वेभ्यस्तु कर्मभ्यश्च्युता वर्णा ह्यनापदि ।**

पापान् संसृत्य संसारान् प्रेष्यतां यान्ति शत्रुषु ।। इत्यनेन निर्दिश्य

[९८]**नैःश्रेयसकरं कर्म विप्रस्येदं निबोधत ।** इत्यनेन विप्रस्य मोक्षावाप्तिकारककर्मनिर्देशं प्रतिज्ञाय वेदाभ्यास-कृच्छ्रादितपोज्ञानेन्द्रियसंयमाहिंसागुरुशुश्रूषाख्यानां कर्मणामुपन्यासाच्च,

विहितकर्मणामननुष्ठानात् पापात्मकयोनिप्राप्त्यादिफलम्, तेषामेव वर्णश्रमविहितानां धर्माणां समनुष्ठानाच्च मोक्षरूपो धर्मः समवाप्यते इत्यञ्जसावगम्यते ।

---

९७. १२/७० मनुः ।

९८. १२/८२ मनुः ।

वैदिककर्मको श्रेयस्करता (कल्याणकारिता) र वैदिक कर्मयोगमा सबै प्रकारका ऐहिक एवं आमुष्मिक श्रेयहरू ती ती उपसनादि क्रियाका अनुष्ठान आदिबाट प्राप्त हुने भएकाले त्यसैमा नै तिनीहरूको अन्तर्भाव हुने कुरा बताइएको छ। यसरी कर्मका अनुष्ठानबाट मोक्ष प्राप्त हुन्छ भन्ने कुरा देखाइएको छ । यसै प्रकारले भगवान् मनुले नै- **सर्वभूतेषु०** अर्थात् 'सबै प्राणीहरूमा आफूलाई देख्ने अर्थात् म नै सबै प्राणीहरूमा आत्मरूपमा रहेको छु भन्ने भावना भएको र परमात्माका अंशका रूपमा रहेका सबै प्राणी परमात्मरूप ममा नै छन् भन्ने भावना भएको अतः एव सबै प्राणीलाई समान रूपले हेर्ने आत्मयाजी (ब्रह्मार्पण न्यायले कर्म गर्ने) पुरुषले ब्रह्मत्व प्राप्त गर्छ अर्थात् त्यस्तो पुरुष मुक्त हुन्छ (मनु. १२/९१) भनी सबै स्थावर एवं जङ्गम प्राणीहरूमा आत्माका रूपमा अवस्थित आफूलाई देखेर र सबै प्राणीलाई परमात्मरूप आफूमा विद्यमान देखेर ब्रह्मार्पण भावले ज्योतिष्टोम आदि याग गर्ने गृहस्थलाई स्वाराज्यप्राप्तिरूप मोक्षफल प्राप्त हुन्छ भन्ने निर्देशन गरेका छन् ।[३४]

ब्राह्मण आदि चारै वर्णका लागि अप्ठ्यारो परेका अवस्थामा बाहेक अन्य समयमा आ-आफ्ना वर्णका लागि गर्नुपर्छ भनी विधान गरिएका पाँच प्रकारका महायज्ञ आदिको अनुष्ठान नगर्नाले प्राप्त हुने पापात्मक योनिमा जन्म लिएर (नरक आदिका विभिन्न प्रकारका कष्ट सहन गरेर) अन्य जन्ममा शत्रुको दास भएर जन्मनुपर्छ भन्ने तथ्य **स्वेभ्यः स्वेभ्यस्तु०** अर्थात् 'विपत्ति नपरेका (कठिन परिस्थिति नभएका) अवस्थामा पनि आ-आफ्ना कर्मबाट च्युत भएका वर्णहरू वक्ष्यमाण कुत्सित योनि प्राप्त गरेर जन्मान्तरमा शत्रुका दास बन्दछन् (मनु. १२/७०) यस पद्यद्वारा निर्देशन गरिएको छ । **नैःश्रेयसकरम्०** अर्थात् 'अब म ब्राह्मणहरूलाई कल्याण गर्ने (निःश्रेयसाय मोक्षाय हितम्, मोक्ष प्राप्त गराउने) कर्म बताउँछु तपाइँहरूले सावधान भएर सुन्नुहोस् (मनु.१२/८२) यस पद्यांशद्वारा ब्राह्मणहरूलाई मोक्ष प्राप्त

---

३४. स्वाराज्यले मोक्षलाई बुझाउँछ । 'स्वेन राजते प्रकाशते इति स्वराट् ब्रह्म तस्य भावः स्वाराज्यं ब्रह्मत्वं लभते । मोक्षमाप्नोतीत्यर्थः' भनी मन्वर्थमुक्तावलीमा स्वाराज्य शब्दको अर्थ दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीश्वरेण [९९]याज्ञवल्क्येनापि आत्मदर्शनरूपमोक्षफलावाप्तेः परमधर्मत्वम्, जुहोति-यजतिक्रियाणाम्, शौचाचाराणां च समनुष्ठानस्य एकादशेन्द्रियाणामन्तःकरणानां च निग्रहस्य, कायेन मनसा वाचा चाहिंसनस्य, पुण्यकालेषु दानस्य, स्वाध्यायाध्ययनस्य चायमेव परमो धर्मः यद् योगेन आत्मनो दर्शनं भवति । अर्थात् उक्तानामिज्यादीनां कर्मणामन्तिमं प्रयोजनं मोक्षावाप्तिरेवेति च समाम्नाय मोक्षस्य परमधर्मरूपत्वम्, इज्याद्यनुष्ठानजन्यस्य धर्मस्य च मोक्षसाधनत्वम् निर्दिष्टम् ।

मोक्षसाधकाः धर्माः

भवन्ति मोक्षावाप्तिकारका धर्माः । [१००]व्यासेन- **मौनव्रतश्रुततपोऽध्ययनस्वधर्मव्याख्यारहोजपसमाधय आपवर्ग्याः ।** इत्यभिधाय अपवर्ग (मोक्ष) कारका धर्मा निर्दिष्टाः ।

भगवता [१०१]मनुना

वेदाभ्यासस्तपोज्ञानमिन्द्रियाणां च संयमः ।

अहिंसा गुरुसेवा च निःश्रेयसकरं परम् ।। इत्यभिधाय वेदाभ्यासस्य (स्वाध्यायाध्ययनस्य) तपसो-

९९. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ८ श्लोकः । {इज्यादीनां कर्मणामयमेव परमो धर्मः यद्योगेन बाह्यचित्तवृत्तिनिरोधेनात्मनो दर्शनं याथातथ्यज्ञानम् । योगेनात्मज्ञाने देशादिनियमो नस्तीत्यर्थः । तदुक्तम्- **'यत्रैकाग्रता तत्राविशेषात्'** इति पातञ्जले}

१००. श्रीमद्भागवतम्, ७ स्कन्धः, ९ अध्यायः, ४६ श्लोकः ।

१०१. १२/८३ मनुः ।

गराउने कर्म प्रतिपादन गर्ने प्रतिज्ञा गरिएको छ । त्यस पछि वेदको अभ्यास, कृच्छ्र आदि तपस्या, ज्ञानेन्द्रियको संयम, अहिंसा, मान्यजनको सेवा जस्ता कर्महरू बताइएका छन् । यस सन्दर्भबाट विहित कर्महरूको अननुष्ठानबाट पापात्मक योनिमा जन्म लिनुपर्ने आदि फल प्राप्त हुन्छ र वर्ण एवं आश्रमका लागि विधान गरिएका धर्महरूको अनुष्ठानबाट मोक्षरूप धर्म प्राप्त हुन्छ भन्ने तथ्य सहजै थाहा पाइन्छ ।

योगीश्वर याज्ञवल्क्यले पनि आत्मदर्शरूप मोक्षफल प्राप्त गर्नु परमधर्म हो, जुहोति (हवन गर्छ), यजति (यज्ञ गर्छ) जस्ता क्रियाहरूको, शौच एवं आचार सम्पादनको, एघारै इन्द्रियको एवं अन्तःकरणका निग्रहको, शरीर, मन एवं वाणीद्वारा हिंसा नगर्नुको, पुण्यकालमा दान गर्नुको, स्वाध्यायाध्ययनको परम धर्म (फल) भनेको योगका माध्यमले आत्माको दर्शन गर्नु हो, अर्थात् प्रतिपादित इज्या (हवन) आदि कर्महरूको अन्तिम प्रयोजन भनेको मोक्षप्राप्ति नै हो भनी मोक्ष परम धर्म भएको र इज्या आदि अनुष्ठानबाट उत्पन्न हुने धर्म मोक्षको साधन भएको निर्देशन गरेका छन् (या. स्मृ. १/८) ।

मोक्षका साधनका रूपमा रहेका धर्म-

धर्महरू मोक्षप्राप्तिका कारक (साधन) हुन्छन् । व्यासले- **मौनव्रत०** अर्थात् 'मौनव्रत, श्रुत (शास्त्राध्ययन), तप (तपस्या), अध्ययन, स्वधर्मव्याख्या (आफ्ना धर्मको व्याख्या), रहोजप (एकान्तमा जप) र समाधि (ध्यान) मोक्षका साधन हुन्' (भा. ७/९/४६) भनी मोक्ष प्राप्त गराउने (मुक्त बनाउने) धर्म बताएका छन् । भगवान् मनुले- **वेदाभ्यास०**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऽनुष्ठानस्य, ज्ञानप्राप्तेः, इन्द्रियसंयमस्य, अहिंसनस्य, गुरुसेवायाश्च परं निःश्रेयसकारकत्वं (मोक्षावाप्तिकारकत्वम्) समाम्नातम्।

योगीश्वरेण [१०२]याज्ञवल्क्येन-

वेदानुवचनं यज्ञो ब्रह्मचर्यं तपो दमः।

श्रद्धोपवासः स्वातन्त्र्यमात्मनो ज्ञानहेतवः ॥ इत्यभिधाय वेदानुवचनस्य (स्वाध्यायाध्ययनस्य) पञ्चमहायज्ञादीनामनुष्ठानस्य, ब्रह्मचर्यधारणस्य, तपसोऽनुष्ठानस्य, अन्तःकरणसंयमस्य, श्रद्धायाः, उपवासस्य, स्वातन्त्र्यस्य च आत्मज्ञानहेतुत्वं निर्दिष्टम्।

अनुष्ठितैरेभिर्धर्मैः सत्त्वशुद्धिर्भवति सत्त्वशुद्धेरनन्तरमात्मज्ञानं भवति। आत्मज्ञानाच्च मोक्षलाभः।

[१०३]याज्ञवल्क्येनैव-

न्यायागतधनस्तत्त्वज्ञाननिष्ठोऽतिथिप्रियः।

श्राद्धकृत् सत्यवादी च गृहस्थोऽपि हि मुच्यते ॥ इत्यप्यभिधाय न्यायेन धनार्जनस्य, तत्त्वज्ञाननिष्ठत्वस्य, अतिथिसेवनस्य, नित्यनैमित्तिकश्राद्धानुष्ठानस्य, सत्यवदनस्य च मुक्तिसम्पादकधर्मत्वं समाम्नातम्।

---

१०२. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, १९० श्लोकः।

१०३. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, २०५ श्लोकः।

अर्थात् 'वेदको (उपनिषद् आदिको पनि) अभ्यास (आवर्तन), कृच्छ्र आदि तपस्या, ब्रह्मविषयक ज्ञान, इन्द्रियहरूको संयम (जितेन्द्रियता) अहिंसा (अविहित हिंसाको त्याग) र गुरुको सेवा- यी मोक्ष प्राप्तिका उत्कृष्ट साधन हुन्' (मनु. १२/८३) भनी वेदाध्ययनलाई (स्वाध्यायको अध्ययनलाई), तपस्याको अनुष्ठानलाई, ज्ञानप्राप्तिलाई, इन्द्रियहरूको संयमलाई, अहिंसालाई र गुरुको सेवालाई उत्कृष्ट निःश्रेयस कारक (मोक्षप्राप्तिका साधन) बताएका छन्। योगीश्वर याज्ञवल्क्यले- **वेदानुवचनम्०** अर्थात् 'वेदको अनुवचन (आवृत्ति/स्वाध्याय), यज्ञ, ब्रह्मचर्य, तपस्या, इन्द्रियदमन, श्रद्धा, उपवास र (विषयाशक्तिका दोषहरू निवृत्त भएपछि ध्यान एवं धारणाका अवस्थामा) आत्माको स्वतन्त्रता (यी सबै सत्त्वशुद्धिका साधन भएकाले) ज्ञानका कारण हुन्छन् (या.स्मृ. ३/१९०) भनी वेदानुवचनलाई (स्वाध्यायको अध्ययनलाई), पाँच प्रकारका महायज्ञको अनुष्ठानलाई, ब्रह्मचर्य धारणलाई, तपस्याको अनुष्ठानलाई, अन्तःकरणको संयमलाई, श्रद्धालाई र स्वान्तन्त्र्यलाई आत्मज्ञानका हेतु बताएका छन्।

उपर्युक्त धर्मको अनुष्ठानबाट सत्त्वशुद्धि (चित्तशुद्धि) हुन्छ र सत्त्वशुद्धि भएपछि आत्मज्ञान हुन्छ। आत्मज्ञानबाट मोक्ष प्राप्त हुन्छ। याज्ञवल्क्यले नै **न्यायागत०** अर्थात् 'सत्प्रतिग्रह आदिबाट न्यायपूर्वक धन आर्जन गरेको, तात्त्विक ज्ञानमा निष्ठा भएको, अतिथिको सत्कारमा तत्पर रहने, नित्य-नैमित्तिक आदि श्राद्ध सम्पन्न गर्ने र साँचो (सत्य) बोल्ने स्वभाव भएको गृहस्थ पनि मुक्त हुन्छ'[३५] (या.स्मृ. ३/२०५) भनी न्यायपूर्वक आर्जन गरिएको धनलाई, तात्त्विक

---

३५. विज्ञानेश्वरले न्यायागतधन आदि विशेषताले युक्त भएको गृहस्थ पनि तात्त्विक ज्ञानमा निष्ठा भएका अवस्थामा मुक्त हुन्छ भन्ने व्याख्या गरेका छन्। पुनश्च मुक्त हुनका लागि यसै लोकमा ग्रहण गरिने पारिव्राजकत्व (संन्यास) मात्र कारण हुँदैन भन्ने तात्पर्यार्थ दिएका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवता [१०४]मनुनैव-

'श्रेयस्करतरं ज्ञेयं सर्वदा कर्म वैदिकम्' इत्यभिधाय वेदविहितकर्मणां समनुष्ठानस्य आत्मज्ञानकारकत्वमभिहितम्।

यद्यपि मोक्षस्य फलं नानुमतम्। कर्मानुष्ठानसमवाप्यमपि नाभिमतम्। तथापि उक्तयुक्त्या फलं सम्पद्यते मोक्षः, कर्मानुष्ठानतश्चित्तशुद्धेश्चित्तशुद्ध्यनन्तरं च मोक्षावाप्तेः कर्मानुष्ठानसमवाप्यमपि मोक्षफलमुपपद्यते।

तस्मात् नित्यनिमित्तोपाधौ समनुष्ठेयत्वेन निर्दिष्टानाम्, काम्यनिमित्तोपाधौ समनुष्ठेयत्वेन निर्दिष्टानाम्, नैमित्तिकनिमित्तोपाधौ समनुष्ठेयत्वेन निर्दिष्टानामपि समेषां कर्मणां समनुष्ठानात् फलं तु निष्पद्यत एव। तत्र यद् यन्निमित्तमुपादाय यस्य यस्य कर्मणः समनुष्ठानं येन येन वाधिकारिणा कृतं भवेत् तत्तन्निमित्तानुसारं तस्य तस्य कर्मणः फलम् अधिकारिणं पुरस्कृत्य सम्पद्यत एव।

न हि शुष्यत्सस्यनिमित्तमुपादाय अध्ययनज्ञानविरहेणानधिकारिणा समनुष्ठितेन कारीरीयागेन वृष्टिः सम्पद्यते। अध्ययनजन्ययागसम्पादनात्मकज्ञानविरहेणानधिकारिणाऽनुष्ठितस्य यागस्य सम्यक्तयासम्पत्तेः शुष्यत्सस्यरूपनिमित्तस्य सत्त्वेऽपि वृष्ट्यभावः। तस्मात् फलसम्पत्तयेऽधिकारिणा भाव्यम्।

१०४. १२/८६ मनुः।

ज्ञानमा देखाइएको निष्ठा (श्रद्धा) लाई, अतिथिको सेवालाई, सम्पादन गरिएका नित्य, नैमित्तिक आदि श्राद्धलाई र सत्यवादितालाई मुक्ति दिलाउने धर्म मानेका छन्। भगवान् मनुले नै **श्रेयस्करतरम्०** अर्थात् 'वैदिक कर्म (आत्मज्ञान) अत्यन्त श्रेय गर्ने अर्थात् ऐहिक एवं आमुष्मिक कल्याणकर (मोक्ष प्रापक) हुन्छ (मनु. १२/८६) भनी वेदविहिकर्महरूको अनुष्ठानलाई आत्मज्ञानको कारक (उत्पादक) भनेका छन्।

हुन त मोक्षलाई कर्मका उपलब्धिका रूपमा लिइएको छैन। कर्मको अनुष्ठानबाट मोक्ष प्राप्त हुन्छ पनि भनिएको छैन। तर पनि उक्त युक्तिद्वारा कर्म गर्नाले मोक्षरूप फल प्राप्त हुन्छ नै। कर्मका अनुष्ठानबाट चित्त शुद्ध हुने र चित्त शुद्ध भएपछि मोक्ष प्राप्त हुने भएकाले मोक्षरूप फल पनि कर्मको अनुष्ठानबाट प्राप्त हुन्छ भन्नु युक्तियुक्त देखिन्छ। अतः नित्य निमित्तोपाधिका रूपमा गर्नुपर्छ भनी निर्देशन गरिएका, काम्य निमित्तोपाधिका रूपमा गर्नुपर्छ भनी निर्देशन गरिएका र नैमित्तिक निमित्तोपाधिका रूपमा गर्नुपर्छ भनी निर्देशन गरिएका अर्थात् सबै प्रकारका कर्महरूको अनुष्ठानबाट फल त निष्पन्न हुन्छ नै। यत्ति हो, जुन जुन निमित्त (फल प्राप्तिको उद्देश्य) लिएर, जुन जुन कर्मको अनुष्ठान, जुन जुन अधिकारी पुरुषद्वारा गरिएको हुन्छ ती ती निमित्त अनुसार ती ती कर्मको फल अधिकारी पुरुषलाई अगाडि लगाएर उत्पन्न हुन्छ।

वृष्टिका अभावले सुकेका सस्यादिलाई हराभरा बनाउने उद्देश्यले अध्ययनजन्य ज्ञान नभएका अनधिकारीद्वारा गरिएका कारीरीयागद्वारा वृष्टि हुन सक्दैन। अध्ययनबाट प्राप्त भएको यज्ञ गराउने ज्ञान नभएका अनधिकारी (अधिकार प्राप्त नभएका) पुरुषद्वारा गराइएका यज्ञबाट राम्रो (अभीष्ट) फल प्राप्त नहुने भएकाले सुकेका सस्यलाई हरिया बनाउने निमित्त भए पनि वृष्टिको अभाव हुन्छ अर्थात् पानी बर्सिन सक्दैन। अतः फल प्राप्त गर्नका लागि अनुष्ठाता अधिकारी पुरुष हुनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनविधिसिद्धविद्यावतोऽपि कारीरीयागमन्तरा ज्योतिष्टोमादियागानामनुष्ठानेऽपि वृष्टिर्न सम्पद्यते। वृष्टिफलोपलम्भककारीरीयागानुष्ठानाभावाद् वृष्ट्यभावः। अनुष्ठातुर्यजमानस्य यागानुष्ठानज्ञानसमन्वितत्वेऽपि समनुष्ठितस्य यागस्य वृष्टिफलजनकत्वाभात् वृष्ट्यभावः।

तस्मान्निमित्तमनुसृत्यैव कर्मणः समनुष्ठानेन भाव्यम्। कर्मणः समनुष्ठानं च अधिकारिणा एव विधेयम्।

निमित्तमनुसृत्य अधिकारिणा समनुष्ठितं कर्म नित्यनिमित्तोपाधौ समनुष्ठितं भवेत् वा नैमित्तिकनिमित्तोपाधौ समनुष्ठितं भवेत् वा काम्यनिमित्तोपाधौ समनुष्ठितं भवेत् वा तत्तदनुष्ठानजन्यं फलं तु जनयत्येव।

न निमित्तभेदात्फलभेदः

तत्र लौकिकमुदाहरणम्-

अग्निर्घृतं च द्रव्यम्, ज्वलिताग्नौ घृतप्रासनम् अग्निज्वालासंवर्धकम्। तच्च ज्वलिताग्नौ घृतप्रासनं यस्मिन् कस्मिन् वा निमित्ते कृतं भवेत् अग्नेर्ज्वाला सर्वथा संवर्धते। न हि तत्र अग्नेर्ज्वाला संवर्धनाय यजमानगतं कामनारूपं निमित्तमपेक्षते। ज्वलिताग्निघृतसंयोगादग्निसमिन्धनस्य स्वाभाविकत्वाद् यजमानेनाग्नेस्तर्पणार्थं प्रक्षिप्ताहुतिः स्यात् वाग्नेः सुसमिन्धनार्थं प्रक्षिप्ताहुतिः स्यात् वाग्नेः प्रकाशप्राप्तयेऽग्नौ प्रक्षिप्ताहुतिः स्यात् वाग्नेस्तापतपनायाग्नौ प्रक्षिप्ताहुतिः स्यात् वा जनशीतनिवारणायाग्नौ प्रक्षिप्ताहुतिः स्यात् वाग्निस्तु प्रक्षिप्तयाहुत्या सर्वथा संवर्द्धत एव।

अध्ययनविधिबाट सिद्ध विद्याले युक्त भएका (राम्ररी पढेका) व्यक्तिले पनि कारीरी बाहेकका ज्योतिष्टोमादि यागको अनुष्ठान गरेमा वृष्टि हुँदैन। वृष्टिरूपी फल उपलब्ध (प्राप्त) गराउने कारीरी यागका अनुष्ठानको अभावमा वृष्टिको पनि अभाव हुन्छ अर्थात् वर्षा हुँदैन। अनुष्ठान गर्ने यजमान यज्ञ गर्ने विधिको ज्ञाता भएता पनि अनुष्ठान गरिएको यज्ञमा वृष्टिरूप फलको जनकता (उत्पादकता) नभएकाले वृष्टिको अभाव भएको हो अर्थात् पानी नपरेको हो। त्यसैले निमित्तको अनुसरण गरेर नै अनुष्ठान गर्नुपर्ने हुन्छ र कर्मको अनुष्ठान अधिकारी पुरुषद्वारा नै गरिनुपर्छ। निमित्तको अनुसरण गरेर अधिकारी पुरुषद्वारा गरिएको कर्मले नित्य निमित्तोपाधिका रूपमा गरिएको होस् अथवा नैमित्तिक निमित्तोपाधिका रूपमा गरिएको होस् अथवा काम्य निमित्तोपाधिका रूपमा गरिएको होस् ती ती अनुष्ठान गरेपछि उत्पन्न हुने फल त उत्पन्न गराउँछ नै।

उद्देश्यगत भिन्नताले परिणाममा फरक पार्दैन-

उद्देश्यगत भिन्नताले गर्दा परिणाममा भिन्नता देखिँदैन भन्ने कथनका पुष्टिका लागि सर्वप्रथम लौकिक उदाहरण प्रस्तुत गरिन्छ- आगो एउटा द्रव्य हो र घिउ पनि एउटा द्रव्य हो; बलेका आगामा हालिएको घिउले आगाका ज्वालालाई बढाउँछ अर्थात् आगो दन्किन्छ। बलेका आगामा घिउ हाल्ने काम जुनसुकै उद्देश्यले गरिएको होस् आगाका ज्वाला सबै अवस्थामा बढ्छन् नै। त्यहाँ अग्निका ज्वालाले बढ्नका लागि यजमानमा रहेको कामना (आगो दन्कियोस् भन्ने इच्छा) रूप निमित्तको (कारणको) अपेक्षा गर्दैन। बलेका आगाको र घिउको संयोग भएपछि आगो दन्किनु स्वाभाविक भएकाले यजमानद्वारा अग्निलाई तृप्त गराउनका लागि आगामा प्रक्षेपण गरिएको (दिइएको) आहुति होस्, अथवा अग्निलाई अझ प्रदीप्त बनाउनका लागि आगामा प्रक्षेपण गरिएको आहुति होस्, अथवा अग्निबाट उज्यालो पाउनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परं तत्र यजमागतनिमित्तानि त्वनेकानि । यस्मिन् निमित्तेऽथवा यां कामनामुपादाय यजमानेनाहुतिः प्रक्षिप्ता भवेत् तस्याः कामनायाः परिपूर्तौ प्रवृत्तो यजमान आहुतिप्रक्षेपान्निष्पद्यमानानि प्रयोजनान्तराणि नापेक्षते । एतावता फलान्तराणि नोत्पद्यन्ते इति तु न ।

तथा तृषार्दितः खानको जलपानकामनया कूपं खनति । परं न पिपासाशमनमात्रं प्रयोजनमुत्खनिते कूपजले विद्यते । तस्य जलस्य प्रयोजनानि बहूनि सन्ति । प्रयोजनानुसारं प्रयोगं तत्र खानकः कुरुते ।

यदि तस्य कूपखानकस्य तेन कूपोदकेन प्रयोजनं नास्ति तर्हि स लोकोपकृतये तदुत्सृजति ।

तथा च पुनः कश्चित् पाचकः पाकं करोति । तस्य पाकात् सिद्धस्य ओदनस्य प्रयोजनानि त्वनेकविधानि भवितुं शक्नुवन्ति यया कामनया समन्वितेन पाचकेन पाकः पक्वः, तस्याः कामनायाः परिपूर्तये स पाकः सम्पद्यते ।

पाचकानुष्ठितक्रियानिष्पन्न ओदनो बुभुक्षायाः शमने शक्तः । बुभुक्षायाः शान्तिस्तु पाचककामनानुसारमेव कुरुते । यदि पाचकः स्वकीयायाः बुभुक्षायाः शमनाय पाकं कृतवान् तर्हि पाचककामनानुसारं तस्य एव बुभुक्षायाः शमनं कुरुते ।

यदि अतिथिभोजनाय कृतं भवेत् तर्हि पाकस्यातिथिभोजनात्मकं प्रयोजनम् । यदि बालवृद्धादीनामशक्तानां भिक्षुब्रह्मचार्यादीनां याचकानामथवा परेषामपरेषां वा कृते पाकोऽनुष्ठितो भवेत् तर्हि तेषां तेषामेव बुभुक्षा-

---

लागि आगामा प्रक्षेपण गरिएको आहुति होस्, अथवा आगो ताप्नका लागि आगामा प्रक्षेपण गरिएको आहुति होस्, अथवा मनुष्यमा रहेको चिसोपन (जाडो) हटाउनका लागि आगामा प्रक्षेपण गरिएको आहुति होस्- प्रक्षेपण गरिएका (घृतका) आहुतिद्वारा आगो त सर्वथा बढ्छ नै । बलेका आगामा घिउको आहुति हाल्ने यजमानमा रहेका निमित्त (उद्देश्य) हरू अनेक हुन सक्छन् । जुन उद्देश्यले अथवा जुन कामना राखेर यजमानले आहुति दिएको हुन्छ त्यसै कामनाको परिपूर्तिका लागि प्रवृत्त भएको यजमानले आहुति प्रक्षेपणबाट उत्पन्न हुने अन्य प्रयोजनको (आफूलें चाहे बाहेकका प्रयोजनको) अपेक्षा गर्दैन । उपर्युक्त दृष्टान्तले अनुष्ठित कर्मबाट यजमानद्वारा अभिलाषा गरिएका भन्दा इतर परिणाम प्राप्त हुँदैनन् भन्ने तथ्य सिद्ध गर्दैन अर्थात् त्यस्ता कर्मबाट अभिलाषा गरिएका भन्दा भिन्न प्रयोजन पनि सिद्ध हुन्छन् ।

यसै प्रकारले तिर्खाले आत्तिएको खनक (कुवा खन्ने मनुष्य) ले पानी पिउने कामनाले कुवा खन्छ । तिर्खा मेटाउने प्रयोजन मात्र खनिएका कुवामा रहेको हुँदैन (अन्य प्रयोजन पनि रहेका हुन्छन्) । कुवाबाट निकालिएका पानीबाट अनेकौँ प्रयोजन सिद्ध हुन्छन् । कुवा खन्ने मनुष्यले प्रयोजनअनुसार पानीको प्रयोग गर्छ । कुवा खन्न लगाउने (कुवा खनाउने) मनुष्यले त्यस कुवाका पानीको (व्यक्तिगत) कुनै प्रयोजन नभएमा लोकको उपकारका लागि (त्यो पानी वा कुवा) छाडिदिन्छ ।

यसै प्रकारले कुनै पाचक (भान्से) ले भोजन पकाउँछ भने पाक क्रियाबाट सिद्ध भएका (पाकेका) भातका अनेकौँ प्रयोजन हुन सक्छन् । जुन कामनाले युक्त भएका पाचकद्वारा त्यो खाना पकाइएको हुन्छ त्यसै कामनाको पूर्ति गर्ने माध्यम त्यो खाना बन्दछ । पाचकद्वारा गरिएका क्रियाद्वारा निष्पन्न भएको (पाकेको) भाग बुभुक्षा (भोक) मेटाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शमनाय पाकः शक्तो भवेत् । इत्थमनेकबुभुक्षाशमनशक्तोऽपि पाको यथा पाचककामनामनुसरति तथा यजमानानुष्ठितकर्माण्यपि यजमानगतकामनानुसारं फलं प्रददति ।

यथा वा एकस्मादेवेक्षुदण्डात्कर्तुः कामनानुसारं गुडशर्करासितोपलादिद्रव्याणि समुत्पद्यन्ते तथैव यागानुष्ठादपि कामनानुसारमेव फलानि समुत्पद्यन्ते । तत्र क्रियानुष्ठानेऽन्तरं (वैलक्षण्यम्) केवलम् ।

लोके तु क्रियावैलक्षण्यात् फलोत्पत्तौ अन्तरं दृश्यते । यथा हि पूर्वमुदाहृतेषु इक्षुदण्डाद्ररनिष्पत्यर्थं समनुष्ठितक्रियातो गुडनिष्पत्यर्थं वा शर्करानिष्पत्यर्थं समनुष्ठितक्रियायाः वैलक्षण्यं दृष्टमेवेति न तत्र प्रमाणान्तरप्रयोजनम् । यजमानसमनुष्ठितक्रियावैलक्षण्यात् यागसमनुष्ठानजन्यप्रयोजनस्य वैलक्षण्योत्पत्तेस्तु दृष्टाभावात् प्रमाणान्तरस्य चानुपलम्भात् कथमेकस्मात् समनुष्ठिताद् यागात्कामनाभेदेन फलभेदोत्पत्तिरिति तु न मन्तव्यम् गोदोहनदध्यादिकवत्तदुपपत्तेः ।

नित्ययोर्दर्शपूर्णमासयोरपां प्रणयनं विधाय तदैवाश्रित्य पशुफलाय गोदोहनमात्रं विहितम् । दर्शपूर्णमासौ च यागौ । दर्शे नित्यत्वेनानुष्ठेयतया विहितो यागो दर्शयागः । पौर्णमास्यां नित्यत्वेनानुष्ठेयतया विहितो यागः

समर्थ हुन्छ । बुभुक्षाको (भोकको) शान्ति भने पाचकका इच्छानुसार हुन्छ । पाचकले (भात पकाउने मान्छेले) आफ्नो भोक मेटाउनका लागि भात पकाएको भए पाचकको कामना अनुसार त्यसले पाचकको भोक मेटाउँछ । अतिथिलाई भोजन गराउने उद्देश्यले भोजन पकाइएको भए त्यसबाट अतिथिभोजनरूपी प्रयोजन सिद्ध हुन्छ । बालक, वृद्ध आदि अशक्तहरूका लागि, अथवा भिक्षु, ब्रह्मचारी आदि याचकहरूका लागि, अथवा परायका र आफन्तका लागि भोजन बनाइएको (पकाइएको) भए ती ती मनुष्यका बुभुक्षा शमन गर्न (भोक मेटाउन) त्यो भोजन समर्थ हुन्छ । यसरी अनेकौँ मनुष्यको बुभुक्षा शान्त गराउन समर्थ भएता पनि जसरी पाक (भोजन) ले पाचकका कामनाको अनुसरण गर्छ त्यसरी नै यजमानद्वारा गरिएका कार्यहरूले पनि यजमानमा रहेका कामना अनुसार नै फल दिन्छन् । जसरी एउटै इच्छुदण्ड (उखुका लाँक्रा) बाट कर्ताका कामना अनुसार गुँड, चिनी, मिस्री आदि पदार्थहरू बन्दछन् त्यसरी नै यागहरूको अनुष्ठानबाट कामना अनुसार फल उत्पन्न हुन्छ । त्यहाँ क्रियाको अनुष्ठानमा (काम गर्ने तरिकामा) मात्र भिन्नता (विलक्षणता) रहेको हुन्छ (फलमा कुनै विलक्षणता हुँदैन) ।

लोकमा क्रियाको विलक्षणताले (कार्यसम्पादन गर्ने विभिन्न तरिकाले) गर्दा फलको उत्पत्तिमा (परिणाममा) अन्तर (भिन्नता) देखिन्छ । जस्तै- पहिले नै उदाहरणका रूपमा प्रस्तुत इक्षुदण्ड (उखुका लाँक्रा) बाट रस निकाल्नका लागि गरिएका कार्यभन्दा गुँड निकाल्नका लागि अथवा चिनी निकाल्नका लागि गरिएका कार्यमा विलक्षणता (भिन्नता) देखिएकै कुरा हो । यसका लागि अर्को उदाहरण दिनुपर्ने हुँदैन । उक्त उदाहरणका आधारमा यजमानद्वारा गरिएका क्रियाका विलक्षणताले गर्दा यागका अनुष्ठानबाट उत्पन्न हुने प्रयोजन (परिणाम) मा पनि विलक्षणता उत्पन्न हुन्छ त भनियो तर त्यो विलक्षणता त देखिँदैन (प्रत्यक्ष हुँदैन), त्यस प्रकारको विलक्षणतालाई प्रमाणित गर्ने अर्को प्रमाण पनि पाइँदैन, अतः कसरी सम्पादन गरिएका एउटै यागबाट कामनाका भिन्नताले फलमा भिन्नता हुन्छ त ? भनी आशङ्का गर्नु उचित हुँदैन । गाई दुहे पछि दूध मात्र प्राप्त नभएर त्यसै दूधबाट क्रमशः निष्पन्न हुने दही आदि पनि प्राप्त भएझैं यागहरूबाट एउटा मात्र फल प्राप्त नभएर कामनाअनुसार अन्य फल पनि प्राप्त हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णमासयागः । तत्र नित्ययोर्दर्शयागपूर्णमासयागयोश्चमसेन विधीयमानमपःप्रणयनं पशुफलकामनावतो गोदोहनेन विहितमिति एकस्मादेव समनुष्ठितात् यागात्कामनाभेदेन नित्यकाम्ययोरुभयोरूपयोः सिद्धिः । तमेव दर्शयागं पूर्णमासयागं वा नित्यनिमित्तोपाधौ समनुतिष्ठन् चमसेनापां प्रणयनं विधत्ते चेत् काम्यनिमित्तोपाधौ समनुतिष्ठन् गोदोहनेनापां प्रणयनं विधत्ते । नित्ययोर्दर्शपूर्णमासयोश्चमसेन विहितमपां प्रणयनं पशुफलकामनया समन्वितो यजमानो गोदोहनेन कुरुते ।

दर्शपूर्णमासयोर्नित्यत्वकाम्यत्वमपि नित्ययोर्दर्शपूर्णमासयोरपां प्रणयनं विधाय तदेवाश्रित्य पशुफलाय गोदोहनमात्रं विहितम् इत्येतस्मात् [१०५]कालमाधववाक्यात् तथा **'दर्शपूर्णमासाभ्यां स्वर्गकामो यजेत'** इत्यादिवाक्यान्तराच्चावगम्यते ।

दध्यादि तु **'दध्नेन्द्रियकामस्य जुहुयात्'** इत्यनेनेतः पूर्वमेव निरूपितम् । तत्र इन्द्रियकामनावतो होमाश्रितेन दध्ना अग्निहोत्रहोमस्य अनुष्ठानं निर्दिष्टम् ।

---

१०५. कालमाधवः, द्वितीयादिप्रकरणे, अष्टमीनिर्णये, १६३ पृष्ठम् । {द्वितीयादितिथिनिर्णयाख्ये चतुर्थप्रकरणे}

नित्य यज्ञका रूपमा रहेका दर्श एवं पूर्णमास यागमा **अपां प्रणयन**को विधान गरेर त्यसैलाई आधार बनाएर पशुफलका लागि गोदोहनपात्रको (गाई दुहुने भाँडोको) मात्र विधान गरिएको छ । दर्श र पूर्णमास याग हुन् । दर्शमा (अमावस्या तिथिमा) नित्य यागका रूपमा गर्नुपर्छ भनी विधान गरिएको याग हो दर्शयाग । पौर्णमासीमा (पूर्णिमा तिथिका दिन) नित्य यागका रूपमा गर्नुपर्छ भनी विधान गरिएको याग हो पूर्णमासयाग । उक्त नित्य दर्शयागमा र पूर्णमासयागमा चमसद्वारा गरिने अपां प्रणयन पशुफलको (गोठ/भकारा भरि पशु होऊन्) भन्ने कामनाले युक्त भएका पुरुषलाई गोदोहनद्वारा (अपां प्रणयन) गर्नुपर्छ भनी विधान गरिएको छ । अतः राम्ररी सम्पादन गरिएका एउटै यागबाट कामनाका भेदले नित्य एवं काम्य दुवै प्रकारका फलको सिद्धि (प्राप्ति) हुन्छ । त्यसै दर्शयागलाई वा पूर्णमास यागलाई नित्य निमित्तोपाधिमा (नित्य यागका रूपमा) सम्पादन गरिरहेको पुरुष (यजमान) ले चमसद्वारा अपां प्रणयन गर्दछ भने काम्य निमित्तोपाधिमा (पशुफलको कामना भएका अवस्थामा काम्य कर्मका रूपमा) सम्पादन गरिरहेको पुरुष (यजमान) ले गोदोहनद्वारा अपां प्रणयन गर्दछ । नित्य यागका रूपमा रहेका दर्श एवं पूर्णमास यागमा चमसद्वारा गर्नुपर्छ भनिएको अपां प्रणयन पशुफलको कामनाले युक्त भएको यजमानले गोदोहनद्वारा गर्छ ।

दर्शयाग र पूर्णमास याग नित्य याग हुन् र काम्य याग पनि हुन् भन्ने कुरा- 'नित्य यज्ञका रूपमा रहेका दर्श एवं पूर्णमासमा अपां प्रणयनको विधान गरेर त्यसैलाई नै आधार बनाएर पशुको कामनाले युक्त भएका यजमानलाई अपां प्रणयन गोदोहनद्वारा गर्नू भनी विधान गरिएको छ' (का.मा ४, अष्टमीनिर्णय, पृ. १६३)[३६] भन्ने कालमाधवको

---

३६. कालमाधवको द्वितीयादितिथिनिर्णयनामक चतुर्थपरिच्छेदको (द्वितीयादिप्रकरणको) अष्टमीनिर्णयमा जयन्तीव्रत नित्य एवं काम्य दुवै हुन्छ भनी प्रमाणित गर्न वैदिकवाक्यलाई दृष्टान्तका रूपमा उपस्थापन गरिएको छ । कालमाधवको मूल वाक्य यसप्रकार रहेको छ- 'चमसेनापः प्रणयेद्गोदोहनेन पशुकामस्य'- इति नित्ययोर्दर्शपूर्णमासयोरपां प्रणयनं विधाय तदेवाश्रित्य पशुफलाय गोदोहनमात्रं विहितम् । 'दध्नेन्द्रियकामस्य' इत्यत्र च पूर्वप्रकृते नित्याग्निहोत्रे फलाय दधि विधीयते । एवं जन्माष्टमीमाश्रित्य फलविशेषाय जयन्तीनामको रोहिणीयोगो विधीयताम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मादेकस्मात् समनुष्ठिताद्यागात् कामनाभेदेन फलभेदः सिद्ध्यतीति इष्टिपशुसोमात्मका यागा उपवासैक-भक्तनक्तायाचितदानव्रतानि कर्माणि च निमित्तभेदात् फलभेदमावहन्तीति ।

यदि कश्चिदित्थं ब्रूयात् पूर्वमुक्तं न निमित्तभेदात् फलभेदः सिद्ध्यति इति । अत्र पुनः निमित्तभेदात् फलभेदमावहन्तीति उक्तम् इति । तत्र पूर्वमनुष्ठितक्रियाजन्यत्वं विवक्षितम् । इह नु अनुष्ठापकगतनिमित्तभेद-जन्यक्रियावैलक्षण्यजन्यं फलभेदमाश्रित्योक्तमिति न कश्चिद्विरोधः ।

तस्मात् कर्मणः समनुष्ठानं नित्यतया वा नैमित्तिकतया वा काम्यतयापि वा भवेत् फलं तु सर्वथा जनयति। अतो गृहस्थाश्रमे स्थितेन गहमेधिना समनुष्ठितानां कर्मणामुपकृतिजनकत्वम् ।

इत्थं गृहस्थस्य कर्माणि कानिचिद् दृष्टफलसाधकानि कानिचिच्चादृष्टफलसाधकानि तत्र कानिचित् स्वाभीष्टसम्पादकानि कानिचिच्च पराभीष्टसम्पादकानि इति गृहस्थाश्रमस्य ज्येष्ठत्वमपि समाम्नातम् । यथा [१०६]मनुनाभिहितम्-

१०६. ३/७८ मनुः ।

वाक्यबाट र **दर्शपूर्णमासाभ्यां स्वर्गकामो यजेत** अर्थात् 'स्वर्गको कामना भएको यजमानले दर्श एवं पूर्णमास यागद्वारा यज्ञ गरोस् भन्ने अन्य वाक्यहरूबाट अवगत हुन्छ । दधि आदि पदार्थ काम्ययागका सामग्री बन्ने कुरा त **'दध्नेन्द्रियकामस्य जुहुयात्'** अर्थात् 'इन्द्रियको कामना भएको पुरुषले दहीले हवन गरोस्' यस वाक्यबाट अवगत हुन्छ भन्ने कुरा पहिले नै बताइसकिएको छ । उक्त वाक्यमा इन्द्रियको कामना भएका पुरुषलाई होमको साधनभूत दधिद्वारा अग्निहोत्र अनुष्ठान गर्ने निर्देशन दिइएको छ । अतः राम्ररी सम्पादन गरिएका एउटै यागबाट कामनाका भेदले फलमा भेद (भिन्नता) सिद्ध हुन्छ । त्यसैले नै इष्टि, पशु एवं सोम रूप यागहरूले र उपवास, एकभक्त, नक्तभक्त, अयाचित, दान एवं व्रत रूप कर्महरूले कारणका विभेदले फलगत भिन्नतालाई प्रकट गर्दछन् ।

कसैले भन्न सक्छ- तपाइँले पहिले निमित्तका (कारणका) भेदले फलमा भेद (विविधता) हुँदैन भन्नुभयो, प्रस्तुत प्रसङ्गमा फेरि निमित्तका (कारणका) भेदले फलमा भेद (भिन्नता) हुन्छ भन्दै हुनुहुन्छ । यो त विरुद्ध कथन भयो नि। (यस विरोधका सम्बन्धमा लेखक भन्छन्-) पहिले सम्पादन गरिने क्रियाबाट उत्पन्न हुने फललाई लक्ष्य गरेर उद्देश्यगत भिन्नताले गर्दा फलमा भिन्नता हुँदैन भनिएको हो । यहाँ अनुष्ठान गर्ने व्यक्तिमा रहेका हेतुका (उपाधिका) भेदबाट उत्पन्न हुने क्रियाको विलक्षणतालाई लक्ष्य गरेर निमित्तका (उपाधिका) भेदले फलगत भिन्नता हुन्छ भनिएको हो। अतः उक्त वाक्यहरूका बीचमा कुनै विरोध छैन ।

अतः कर्महरूको अनुष्ठान नित्य मानेर, नैमित्तिक मानेर अथवा काम्य मानेर गरिएको किन नहोस् त्यसबाट फल प्राप्त हुन्छ नै । त्यसैले गृहस्थाश्रममा रहेका गृहस्थद्वारा सम्पादन गरिएका कर्महरूमा उपकारकता रहेको हुन्छ । यसरी गृहस्थहरूद्वारा सम्पादन गरिने कर्महरूमध्ये केही कर्महरू दृष्ट फलका साधक (दृष्टफल प्रदान गर्ने), केही कर्महरू अदृष्ट फलका साधक (अदृष्टफल प्रदान गर्ने), साथै केही कर्महरू आफ्नो हित गर्ने र केही कर्महरू अरूको हित (कल्याण) गर्ने प्रकृतिका हुन्छन् । त्यसैले गृहस्थ आश्रमलाई सबै आश्रमभन्दा श्रेष्ठ आश्रम पनि भनिएको छ । जस्तै मनुले भनेका छन्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्मात्त्रयोऽप्याश्रमिणो ज्ञानेनान्नेन चान्वहम् । गृहस्थेनैव धार्यन्ते तस्माज्ज्येष्ठाश्रमो गृही ।। इति । इत्थं मनुना ज्ञानदानान्नदानरूपकर्मानुष्ठानाभ्यामितराश्रमिणामपि धारकपोषकतया गृहस्थस्य ज्येष्ठत्वं निर्दिष्टम् ।

लोके क्षुदार्दितोऽन्नं कामयते । जिज्ञासुर्ज्ञानं समीहते । शरीरस्यैव धर्मसाधनत्वात्, कलौ प्राणानामन्नगतत्वात् च सर्वप्रथमं जीवनधारणायान्नं प्रयुञ्जते सर्वे । तस्यान्नस्य दानं स एव गृहस्थः कुरुते ।

ज्ञानाञ्जनशलाकया वै उन्मीलितचक्षुषोः ऐहिकामुष्मिकाभीष्टसम्पत्तेर्द्वाररूपत्वात् गृहस्थस्य च तादृशज्ञानदत्वाच्च ज्येष्ठत्वं समभिहितम् ।

प्राणधारणं प्रज्ञाचक्षुषोरुन्मीलनं चेह लोकैः पुरुषार्थचतुष्टयसिद्ध्यर्थं प्रधानसाधनत्वात् प्राथम्येन कर्तव्यम् । तत्र प्राणधारणसाधनानि यद्यपि बहूनि सन्ति तथापि सर्वप्रथमं प्राणानन्नं बिभर्ति । प्राणधारकस्यान्नस्य दाता च गृहस्थ एव । अन्नदानस्य गृहस्थं प्रति निर्देशात् ।

धर्मशास्त्रं खलु इत्थं लोकोपकृतिजनकेषु कर्मसु गृहस्थं प्रवर्तयित्वा सामाजिकव्यवस्थास्थापनविधौ अप्रत्यक्षतया साधनतामाप्नोति ।

प्रज्ञाचक्षुषः स्वर्गापवर्गादिद्वारकत्वात् तदुद्घाटकश्च गृहस्थ एव इति गृहस्थाश्रमस्थितस्य गृहस्थस्य ज्येष्ठत्वमभिहितम् ।

प्रज्ञाचक्षुषोरुद्घाटकं च साधनमन्तरा साध्यसिद्धेरभावात् साधनानां च गृहाश्रमे स्थिते गृहस्थे एव विद्यमानत्वात् ।

यस्मात्० अर्थात् 'तीनवटै (ब्रह्मचर्य, वानप्रस्थ एवं संन्यास) आश्रममा बसेका मनुष्यहरू गृहस्थहरूद्वारा नै ज्ञानदान गरेर (वेदार्थव्याख्यानद्वारा) एवं अन्नदान गरेर धारण गरिन्छन् (पालिन्छन्, उपकृत बनाइन्छन्) त्यसैले गृहस्थ ज्येष्ठ आश्रममा बसेको हुन्छ' (मनु. ३/७८) । यस उक्तिद्वारा मनुले ज्ञानदान एवं अन्नदानरूप कर्मको अनुष्ठानद्वारा अन्य आश्रममा रहेका मनुष्यहरूलाई पनि धारण एवं पोषण गर्ने भएकाले गृहस्थ आश्रममा रहेका मनुष्यलाई श्रेष्ठ हुन्छ भनी बताएका छन् । लोकमा क्षुधा (भोक) ले पीडित भएको मनुष्यले अन्नको आकाङ्क्षा गर्छ । जिज्ञासाले युक्त भएको पुरुषले ज्ञानको आकाङ्क्षा गर्छ । शरीर नै धर्मको साधन भएकाले र कलियुगमा प्राण अन्नमा अडिएका हुनाले सर्वप्रथम जीवनधारण गर्नका लागि सबैले अन्नको प्रयोग गर्दछन् । त्यस प्रकारका अन्नको दान गर्ने कार्य गृहस्थले नै गर्छ । ज्ञानरूपी अञ्जन (गाजल लगाउने) शलाकाद्वारा आँखा खोलिएका मनुष्य ऐहिक एवं आमुष्मिक अभीष्ट सम्पत्तिका द्वार हुने भएकाले र गृहस्थले त्यस प्रकारको ज्ञान प्रदान गर्ने भएकाले गृहस्थलाई ज्येष्ठ (जेठो/जेठो आश्रममा बस्ने पुरुष) भनिएको हो ।

प्राणधारण गर्ने र प्रज्ञारूपी चक्षुको उन्मीलन गर्ने (खोल्ने/उघार्ने) कार्य चारै प्रकारका (धर्मादि) पुरुषार्थको साधन भएकाले मनुष्यहरूद्वारा प्राथमिकताका साथमा गर्नुपर्ने हुन्छ । प्राणधारणका साधनहरू धेरै छन् तर पनि सबैभन्दा पहिले अन्नले नै प्राणलाई धारण गर्ने काम गर्छ । प्राणधारण गराउने अन्नको दाता गृहस्थ नै हो । गृहस्थलाई नै अन्नदान गर्नु भनी निर्देशन दिइएको छ । धर्मशास्त्रले यसरी गृहस्थहरूलाई लोकको उपकार गर्ने कार्यमा प्रवृत्त गराएर सामाजिक व्यवस्थालाई कायम गराउने सन्दर्भमा अप्रत्यक्ष साधनको भूमिका निर्वाह गर्छ । प्रज्ञारूपी चक्षु (आँखा) स्वर्ग, अपवर्ग (मोक्ष) आदिको ढोका हो र त्यसलाई खोल्ने पुरुष भनेको गृहस्थ नै हो । अतः गृहस्थाश्रममा रहेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययनाध्यापनादिषु प्रवृत्तेभ्यः सर्वेभ्यो वृत्तिदानं भिक्षारूपेणान्नादिदानेन गृहस्थ एव कुरुते। ब्रह्मचारिणे दत्ता भिक्षाचार्यस्य वटोश्च जीवनवृत्तये भवति।

विद्यया सम्पन्नः स्वयमेव च गृहस्थोऽध्यापनं कुरुते। अध्यापनस्य ब्रह्मयज्ञत्वात्, ब्रह्मयज्ञस्य चाहरहर्गृहस्थस्य पञ्चमहायज्ञान्तर्गततया समनुष्ठेयत्वेन निर्देशात् गृहस्थाश्रमे स्थितो गृहस्थः स्नातकोऽध्यापनेन ज्ञानदानं कुरुते इति प्रज्ञाचक्षुषः समुद्घाटको गृहस्थः सम्पद्यते।

लोकहितावहकृत्यप्रवृत्तिः

इत्थं लोकहितावहकृत्येषु गृहस्थाश्रमस्थितस्य गृहस्थस्य प्रवर्तकभेदद्वयात् प्रवृत्तिरपि द्वेधा सम्पद्यते।

गृहस्थमनुष्ठानाय प्रवर्तकौ भेदौ

धर्मदण्डो राजदण्डश्च इति द्वौ भेदौ गृहस्थं स्वधर्मानुष्ठानाय प्रवर्तयतः।

गृहस्थं प्रति धर्मदण्डस्य प्रवर्तकत्वम्

प्रयोजनमन्तरा मन्दोऽपि न प्रवर्तते इतिन्यायात् प्रवर्तकत्वं प्रयोजने स्थितम्। प्रयोजनं च गृहस्थेनानुष्ठीयमानानां कर्मणां निरूपणं दिग्दर्शनरूपेण विधाय इतः पूर्वमेव नित्यनैमित्तिककाम्यकर्मफलस्थापनप्रसङ्गात् निर्दिष्टमेव।

गृहस्थलाई जेठो भनिएको हो। प्रज्ञारूपी आँखालाई खोलिदिने साधन विना साध्यको सिद्धि (प्रज्ञाचक्षुको उन्मीलन पछि प्राप्त हुने स्वर्ग, अपवर्ग आदि) नहुने भएकाले साथै उक्त साधन (प्रज्ञाचक्षुलाई खोलिदिने साँचो) गृहस्थका साथमा नै रहने भएकाले {गृहस्थलाई जेठो भनिएको हो}।

अध्ययन अध्यापन (पढ्ने पढाउने) आदि कार्यमा प्रवृत्त भएका (लागेका) सबै व्यक्तिको जीविका चलाइदिने काम भिक्षाका रूपमा अन्न आदि दान गरेर गृहस्थले नै गर्छ। ब्रह्मचारीलाई दिइएका भिक्षाबाट आचार्यको र वटुको (ब्रह्मचारी बालकको) जीवनवृत्ति (जीविका) हुन्छ। अर्को कुरा विद्याले सम्पन्न (युक्त) भएको गृहस्थले आफै नै पढाउने कार्य गर्छ। अध्यापनलाई ब्रह्मयज्ञ भनिएकाले र ब्रह्मयज्ञलाई गृहस्थहरूद्वारा प्रतिदिन सम्पादन गर्नुपर्ने भनी निर्देशन गरिएका पाँच प्रकारका महायज्ञमा गणना गरिएकाले गृहस्थाश्रममा रहेको स्नातक गृहस्थले अध्यापनका माध्यमले विद्यादान गर्ने कार्य गर्छ। अतः गृहस्थ प्रज्ञारूपी नयनको समुद्घाटक (आँखा खोलिदिने साधन) बन्दछ।

लोकलाई हित गर्ने कार्यमा प्रवृत्ति-

यसरी गृहस्थ आश्रममा रहेका (गृहस्थधर्म निर्वाह गरिरहेका) गृहस्थहरूको लोकलाई हित गर्ने कार्यमा हुने प्रवृत्ति पनि प्रवर्तकका (त्यस्ता कार्य गर्नुपर्छ भनी कार्य गर्ने निर्देशन दिने दण्डशास्त्रका) भेदले गर्दा दुई प्रकारको हुन्छ।

गृहस्थहरूलाई अनुष्ठान गर्न प्रवृत्त गराउने प्रवर्तकका भेद-

धर्मदण्ड र राजदण्डरूप दुईवटा दण्डले गृहस्थलाई आफ्ना धर्मको अनुष्ठान गर्न प्रवृत्त गराउँछन्।

गृहस्थलाई अनुष्ठानका लागि धर्मदण्डद्वारा प्रवृत्त गराउने कार्य-

'विना प्रयोजन मूर्ख पनि काममा प्रवृत्त हुँदैन' यस न्यायद्वारा प्रवर्तकता (कुनै पनि कार्यमा संलग्न गराउने उत्प्रेरकता) प्रयोजनमा रहेको हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ। गृहस्थद्वारा सम्पादन गरिने कर्महरूलाई नमुनाका रूपमा देखाउने कार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र राजदण्डो लोके पारुष्यमवलम्ब्य दमनेन सामाजिकव्यवस्थास्थापक इति तु सार्वजनीनः प्रत्यक्ष-विषयः । अष्टादशसु मार्गेषु निबद्धान् व्यवहारपदान् विवादपदसमागतान् दण्डप्रयोगेणैव समाधाय लोकं मर्यादायां स्थापयति स राजदण्डः ।

यद्यप्यत्रापि सामदानभेददण्डात्मकाश्चत्वार उपाया राष्ट्रस्य सङ्ग्रहाय सामाजिकव्यवस्थास्थापनाय राष्ट्रमण्डलसन्धानाय च निर्दिष्टाः । तथापि उद्भिन्नमर्यादः कण्टको दण्डप्रयोगमन्तरा न सामाजिकमर्यादाया-मवतिष्ठति । न चापि दण्डधरस्य तादृशं कण्टकं दण्डप्रयोगेणानुद्धृत्य दण्डधरत्वं सम्पद्यते । तस्मात् परुषवृत्त्या राजदण्डस्य नियामकत्वम् ।

धर्मदण्डस्य प्रीत्या नियामकत्वम्

प्रायः सर्वेषां धर्माणामनुष्ठानं गृहाश्रमे स्थितो गृहस्थः कुरुते । लोकस्तावद् धर्मानुष्ठानजन्यमभ्युदय-निःश्रेयसादिफलम्, अधर्मानुष्ठानजन्यं नरकयातनादिफलं चावगत्य अभ्युदयनिःश्रेयसयोः समुपलब्धये, नरकादिनिवृत्तये च धर्मानुष्ठाने प्रवृत्तिमधर्मानुष्ठानाच्च निवृत्तिं विधत्ते । तच्च धर्मदण्डः प्रीत्या कारयतीति धर्मदण्डस्य प्रीत्या नियामकत्वम् ।

धर्मस्य स्वरूपं पूर्वमेव प्रथमेऽध्याये विवृतम् । तेषां धर्माणां समनुष्ठानस्य प्रयोजनमपि तत्र तत्र प्रपञ्चित-मेव । अनुष्ठेयधर्मेषु यागानुष्ठानरूपधर्मस्य फलजनकत्वमनुपदमेव निरूपितम् । तेषु तेषु फलोपलम्भककृत्येषु

गरेर यसभन्दा पहिले नै नित्यकर्म, नैमित्तिककर्म र काम्यकर्मका परिणाम देखाउने प्रसङ्गमा प्रयोजनको उल्लेख गरिसकिएको नै छ (गृहस्थद्वारा अनुष्ठेय कर्मको प्रयोजन निरूपण गर्ने कार्य भइसकेको छ) ।

दुई प्रकारका दण्डमध्ये राजदण्डले कठोरता पूर्वक दमन गरेर लोकमा सामाजिक व्यवस्था स्थापन गर्ने कार्य गर्छ भन्ने तथ्य सबैले जानेको प्रत्यक्ष विषय हो (सबैले देखेकै कुरा हो) । अठार प्रकारका मार्गमा निबन्धन गरिएका विवादित विषयका रूपमा आएका व्यवहारपदलाई दण्डप्रयोगद्वारा नै समाधान गरेर राजदण्डले लोकलाई मर्यादामा राख्ने कार्य गर्छ । हुन त राष्ट्रको सङ्ग्रहका लागि, सामाजिक व्यवस्था कायम गराउनका लागि र राष्ट्रमण्डलको सन्धानका लागि साम, दान, भेद र दण्ड नामका चारवटा उपाय बताइएका छन् तर पनि मर्यादाको उल्लङ्घन गर्ने र समाजमा काँडोजस्तो बनेको व्यक्ति दण्डको प्रयोग नगरेसम्म सामाजिक मर्यादामा बस्दैन । त्यस प्रकारका काँडाहरूलाई निकालेर नफालेसम्म दण्डधारीको (दण्ड प्रयोग गर्ने अधिकार प्राप्त पुरुषको) दण्डधरता पनि रहँदैन । अतः राजदण्डले कठोरवृत्तिद्वारा नियमन (नियन्त्रण) गर्ने कार्य गर्छ ।

धर्मदण्डले प्रेमपूर्वक नियन्त्रण गर्छ-

प्रायः गरेर सबै धर्मको अनुष्ठान गृहस्थाश्रममा रहेको गृहस्थले गर्छ । मनुष्यले सर्वप्रथम धर्मको अनुष्ठानबाट प्राप्त हुने अभ्युदय (ऐहलौकिक कल्याण) एवं निःश्रेयस (स्वर्गादिसुख/चरम उपलब्धि मोक्ष) का सम्बन्धमा र अधर्मका अनुष्ठानबाट प्राप्त हुने नरकयातना आदि परिणामका सम्बन्धमा जानकारी प्राप्त गरेर अभ्युदय एवं निःश्रेयस प्राप्त गर्नका लागि र नरक आदिका यातनाबाट बच्नका लागि धर्मानुष्ठानमा प्रवृत्त हुने र अधर्मानुष्ठानबाट निवृत्त हुने कार्य गर्दछ । यी सबै कार्य धर्मदण्डले प्रेमपूर्वक गराउँछ । त्यसैले धर्मदण्डलाई प्रेमपूर्वक नियन्त्रण गर्ने दण्ड भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समनुष्ठानाय प्रवृत्तिं समनुष्ठानजन्यं फलमेव जनयति । न तत्र नियम्य प्रवर्तनाय नियामकान्तरस्यावश्यकता भवति ।

यथाभीष्टसम्पादकाध्ययनादिकृत्येषु अप्रवृत्तबालकप्रवृत्तिं जनयितुं जनको बालकं **'शर्करां तुभ्यं दास्यामि त्वं च सम्यगध्ययनं कुरु'** इत्यभिधाय प्रवर्तयति, तथैव विधयोऽपि स्वविहितकर्मणामनुष्ठानाय लोकप्रवृत्तिं फलप्रतिपादनेन जनयन्तीति विधीनामुपकारककृत्येषु प्रीत्या प्रवृत्त्युत्पादकत्वाद् धर्मदण्डस्य प्रीत्या नियामकत्वम् ।

अहितावहकृत्यात् निवर्तनां विधाय हितावहकर्मणि प्रवृत्युत्पादनं हि दण्डकर्म । तच्च विधयः फलश्रुत्या प्रतिपादयन्ति इति प्रवर्तनापराणां विधीनां धर्मदण्डत्वम् । एवमेव अहितावहकृत्येभ्यो निवर्तनाविधायकत्वा-न्निवर्तनापराणामपि विधीनां धर्मदण्डत्वम् ।

विधीनां हितावहकृत्येषु प्रवर्तकत्वम्

विधयो हितावहकृत्येषु प्रवर्तयन्ति इति तु प्रसिद्धः शास्त्रार्थः । शास्त्राणि च- पुराणम्, न्यायः, मीमांसा, धर्मशास्त्रम्, अङ्गानि (शिक्षा, कल्पः, व्याकरणम्, निरुक्तम्, छन्दः, ज्योतिषम्) वेदाः (ऋक्, यजुः, साम, अथर्वः) इत्येतानि चतुर्दशशास्त्राणि प्रज्ञालोकाप्राप्तये विद्यारूपाणि, त्रिवर्गसाधनात्मकतया धर्मरूपाणि च ।

धर्मका स्वरूपका सम्बन्धमा (धर्म कस्तो हुन्छ भन्ने विषयमा) पहिले नै प्रथम अध्यायमा विस्तारपूर्वक देखाइएको छ । उक्त धर्मका अनुष्ठानबाट प्राप्त हुने परिणामका सम्बन्धमा पनि ठाउँ ठाउँमा बताइएकै छ । अनुष्ठान गर्नुपर्ने धर्महरू मध्येको यागानुष्ठानरूप धर्मबाट प्राप्त हुने परिणामका सम्बन्धमा अहिले नै (पूर्व शीर्षकमा) बताइयो । ती ती परिणाम प्राप्त गराउने कार्यहरूको सम्पादनका लागि प्रवृत्ति उत्पन्न गराउने कार्य अनुष्ठानबाट प्राप्त हुने परिणामले नै गराउँछ । त्यस्ता परिणाममूलक धार्मिक कृत्यमा नियन्त्रण गरेर प्रवृत्त गराउनका लागि अन्य नियामक शास्त्रको वा वस्तुको आवश्यकता पर्दैन ।

अभीष्ट परिणाम उत्पन्न गराउने अध्ययन आदि कार्यमा प्रवृत्त नभएका बालकलाई प्रवृत्त गराउनका लागि पिताले जसरी आफ्ना छोरालाई 'बाबु! 'राम्ररी पढ म तिमीलाई चिनी (मिठाइँ) खान दिन्छु' भनी अध्ययन कार्यमा प्रवृत्त गराउँछन् त्यसरी नै विधिवाक्यहरूले पनि आफ्ना लागि विधान गरिएका (सम्पादन गर्नुपर्छ भनी निर्देशन दिइएका) कर्महरूका अनुष्ठानबाट प्राप्त हुने परिणामलाई देखाएर मनुष्यमा त्यस प्रकारका कार्य गर्ने प्रवृत्ति उत्पन्न गराउँछन् । यसरी उपकार गर्ने कार्यहरूमा विधिवाक्यका माध्यमले प्रेमपूर्वक प्रवृत्ति उत्पन्न गराउने हुनाले धर्मदण्डलाई प्रेमपूर्वक नियन्त्रण गर्ने साधन मानिन्छ । अहित गर्ने कार्यबाट निवृत्त गराएर हित गर्ने कार्यमा प्रवृत्ति उत्पन्न गराउनु नै दण्डको (धर्मदण्डको) कार्य हो । हितकर कार्यमा प्रवृत्त गराउने काम विधिवाक्यहरूले फलश्रुतिद्वारा (यो कार्य गर्ने हो भने यस्तो फल प्राप्त हुन्छ भनी बताउने वाक्यद्वारा) गर्छन् । अतः प्रवर्तनापरक (मनुष्यलाई हितकर कार्यमा प्रवृत्त गराउने) विधिवाक्यहरूलाई धर्मदण्ड भनिन्छ । यसै प्रकारले अहित गर्ने कार्यहरूबाट निवृत्त गराउने (त्यस्ता कार्य गर्न हुँदैन भनी रोक्ने) हुनाले निवृत्तिपरक (निषेधमूलक) विधिवाक्यहरूलाई पनि धर्मदण्ड नै भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथैव च-

पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः ।

वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश ।। इत्यभिधाय योगीश्वरेण [१०७]याज्ञवल्क्येनाप्यभिहितम् ।

तत्र एतेषु वेदानां स्वतन्त्रं प्रमाणम् । एतरेषां वेदमूलकतया प्रामाण्यम् । इममेव विषयं [१०८]चरकाचार्यः इत्थं समुपन्यसति-

तत्रागमस्तावद्वेदः, यश्चान्योऽपि कश्चिद्वेदार्थादविपरीतः परीक्षकैः प्रणीतः शिष्टानुमतो लोकानुग्रहप्रवृत्तः शास्त्रवाद स चाप्तागमः । आगमादुपलभ्यते- दानतपोयज्ञसत्याहिंसाब्रह्मचर्याण्यभ्युदयनिःश्रेयसकराणि इति ।

१०७. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ३ श्लोकः ।

१०८. चरकसंहिता, सूत्रस्थानम्, ११ अध्यायः, २७ सूत्रम् ।

विधिवाक्यहरूले हितकर कार्यमा प्रवृत्त गराउँछन्-

विधिवाक्यहरूले मनुष्यलाई हित हुने काममा लगाउँछन् भन्ने शास्त्रको प्रसिद्ध अर्थ हो (शास्त्रप्रमाणित प्रसिद्ध कथन हो) । शास्त्र भन्नाले- पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, अङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द एवं ज्योतिषरूप वेदका छ अङ्ग) वेद (ऋक्, यजुः, साम एवं अथर्व) बुझिन्छ । उक्त चौध शास्त्र प्रज्ञालोक प्राप्तिका लागि विद्यारूप हुन्छन् भने त्रिवर्गका साधन भएकाले धर्मरूप हुन्छन् । यसरी नै- **पुराणन्याण०** अर्थात् 'पुराण (ब्रह्म आदि), न्याय (तर्कविद्या) मीमांसा (वेदवाक्यको विचार गर्ने शास्त्र) धर्मशास्त्र (मनुस्मृति आदि) र अङ्ग (व्याकरण आदि छ अङ्ग) ले युक्त भएका वेद (ऋक् आदि)- यी चौध विद्याका (पुरुषार्थसाधनका) स्थान हुन् र धर्मका पनि स्थान (कारण) हुन्' (या.स्मृ. १/३) भनेर योगीश्वर याज्ञवल्क्यले पनि उक्त कुरा बताएका छन् । उक्त चौध शास्त्रमध्ये वेदशास्त्र स्वतन्त्ररूपमा प्रमाण हुन्छ (वेदवाक्यलाई प्रमाणित गर्न अन्य प्रमाणको आवश्यकता पर्दैन) । अन्य शास्त्रहरू वेदमूलक भएकाले प्रमाण हुन्छन् (वेदसित विरोध भएका अवस्थामा अन्य शास्त्रलाई प्रमाण मानिँदैन) । यसै (वेद प्रमाण हो भन्ने) विषयलाई आचार्य चरकले यसरी उपस्थापन गरेका छन् -

तत्रागमः० अर्थात् 'वेद आप्त पुरुषको आगम (शब्द प्रमाण) हो । वेद बाहेकका वेदार्थका अनुकूल, परीक्षकहरूद्वारा बनाइएका, शिष्ट पुरुषहरूद्वारा अनुमोदन गरिएका र जनसमूहको कल्याणमा प्रवृत्त भएका अन्य आयुर्वेद, स्मृति आदि ग्रन्थहरू पनि आप्तागम अर्थात् शब्दप्रमाण हुन् । आप्तागमबाट दान (वितरण), तपस्या (द्वन्द्वसहिष्णुता), यज्ञ (अग्निहोत्रादि), सत्य, अहिंसा एवं ब्रह्मचर्य- अभ्युदय (यस लोकमा कल्याण अथवा स्वर्गादि) र निःश्रेयस (परलोकमा मङ्गल अथवा परमकल्याण मोक्ष) का साधन हुन् भन्ने बुझिन्छ'[३७] (च.स. १/११/२७) ।

३७. प्रत्यक्षमात्र प्रमाण हो अन्य प्रमाण होइनन् भन्ने नास्तिकहरूको मत खण्डन गरी पुनर्भव (पुनर्जन्म) हुन्छ भनी चारवटा प्रमाणका आधारमा पुनर्भवको अस्तित्व सिद्ध गर्ने क्रममा पहिलो शब्दप्रमाणका रूपमा मूलमा उद्धृत गद्यांश पढिएको हो । वेद शब्दले ऋक्, यजु, साम एवं अथर्व वेदलाई, चारवटा उपवेदलाई, छवटा अङ्गलाई, इतिहासलाई र पुराणलाई समेत बुझाउँछ । वेद शब्दप्रमाण हो । वेदार्थसित विरोध नहुने गरी महर्षिहरूद्वारा रचना गरिएका शङ्ख आदि नाम भएका स्मृत्यादि ग्रन्थहरू (आप्तगमहरू) पनि प्रमाण हुन् । वेदातिरिक्त ग्रन्थहरूलाई प्रमाण हुनका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दानतपोयज्ञसत्याहिंसाब्रह्मचर्याणाम् ऐहलौकिकस्य अभ्युदयरूपफलप्राप्तिकारकत्वात्, पारलौकिकस्य च निःश्रेयसरूपफलप्राप्तिकारकत्वाच्च तदनुष्ठानप्रवृत्त्युत्पादकानां विधीनां हितावहकृत्येषु प्रवर्तकत्वमुपपद्यते।

उद्धृत्योपरि समुपन्यस्तात् चरकोक्तेश्चाप्तागमस्य लोकानुग्रहाय जायमानायाः प्रवृत्तेरवगमाद् विधीनां हितावहकृत्येषु पुरुषप्रवर्तकत्वमुपपद्यते।

श्रुतिस्मृत्युदितं धर्ममनुतिष्ठन् हि मानवः।

इह कीर्तिमवाप्नोति प्रेत्य चानुत्तमं सुखम्॥ इत्यनेन भगवता [१०९]मनुनापि श्रुतिस्मृतिविहितविधीनां समनुष्ठानाय ऐहलौकिककीर्तिसमवाप्तिपारलौकिकानुत्तमसुख (मोक्ष) प्राप्तिरूपफलं निर्दिश्य प्रवर्तना विहिता।

[११०]**'दर्शपौर्णमासाभ्यां स्वर्गकामो यजेत'** इत्यादिभिर्विधिभिः स्वर्गफलं निर्दिश्य स्वर्गकामनया समन्वितं पुरुषं दर्शपूर्णमासादियागानुष्ठानाय प्रवर्तना कृता।

१०९. २/९ मनुः।

११०. मीमांसापरिभाषा, क्रियापूर्वाद्युत्पत्तिः।

दान, तपस्या, यज्ञ, सत्य, अहिंसा एवं ब्रह्मचर्यले ऐहलौकिक अभ्युदय (उन्नति) रूप फल प्राप्त गराउने र पारलौकिक निःश्रेयस (स्वार्गादि एवं मोक्ष) रूप फल प्राप्त गराउने भएकाले तिनीहरूको (दानादिको) अनुष्ठान गर्ने प्रवृत्ति उत्पन्न गराउने विधि वाक्यहरूले हितकर कार्यमा प्रवृत्त गराउँछन् भन्ने कुरा युक्तिसङ्गत देखिन्छ। उद्धरणका रूपमा माथि उपस्थापन गरिएका चरकका कथनबाट आप्तागमले (वेदले) लोकलाई अनुग्रह गर्ने कार्यमा प्रवृत्त गराउँछ भन्ने तथ्य बुझिने भएकाले विधिवाक्यहरूले हित गर्ने कार्यमा पुरुषलाई प्रवृत्त गराउँछन् भन्ने सङ्गत नै देखिन्छ।

श्रुति० अर्थात् 'श्रुति (वेद) एवं स्मृति (मनु आदिका ग्रन्थमा) प्रतिपादन गरिएका धर्महरूको पालन गरिरहेको मनुष्यले यस लोकमा (धार्मिक भएकाले आनुषङ्गिक) कीर्ति प्राप्त गर्छ र मरेपछि सर्वश्रेष्ठ (स्वर्ग, अपवर्ग आदि) सुख प्राप्त गर्छ' (मनु. २/९) यस उक्तिद्वारा भगवान् मनुले पनि श्रुति एवं स्मृतिद्वारा विधान गरिएका विधिहरूको अनुष्ठान गराउनका लागि यस लोकमा कीर्ति प्राप्त हुन्छ र मरेपछि अनुत्तम सुख अर्थात् मोक्ष प्राप्त हुन्छ भन्ने फल देखाएर अभिप्रेरित गर्ने काम गरेका छन्।[३८] **दर्शपौर्णमासाभ्यां स्वर्गकामो यजेत** अर्थात्- 'स्वर्गको कामनाले युक्त भएको

---

१. वेदार्थका प्रतिकूल हुन हुँदैन, २. परीक्षक (महर्षि आदि) द्वारा रचना गरिएको (वेदार्थलाई प्रकारान्तरले प्रकाशित गरिएको) हुनुपर्छ, ३. शिष्टहरूद्वारा अनुमोदन गरिएको (प्रमाणका रूपमा आदर गरिएको) हुनुपर्छ, ४. उक्त ग्रन्थहरूमा जनोपकारिता हुनुपर्छ। उक्त आप्तागमबाट दानादि अभ्युदय एवं निःश्रेयसका साधन हुन् भन्ने ज्ञान हुन्छ। दानादिबाट यस लोकमा शुभ र परलोकमा स्वर्ग, अपुनर्भवता (मोक्ष) आदि शुभ प्राप्त हुन्छ र दानादिका विपरीत कर्मबाट अभ्युदय र निःश्रेयसका विपरीत अशुभ फल प्राप्त हुन्छ भन्ने तथ्य पनि अर्थबाट ज्ञात हुन्छ। शास्त्रविपरीत अशुभ कार्य गर्नाले यस लोकमा दुःख भोग गरी परत्रमा नरक यातना आदि भोग्नुपर्छ। पुनः यस लोकमा दुःख भोग्नका लागि जन्म लिनुपर्छ। उपर्युक्त वाक्यबाट परत्रमा भोग गरिने नरकादिको र अनेक जन्मबाट प्राप्त गरिने मोक्षको उपदेश गरिने हुनाले आत्माको परलोक हुन्छ भन्ने तात्पर्य अभिव्यक्त हुन्छ।

३८. मनुस्मृतिको उद्धृत पद्य विधिवाक्य हो भन्ने तथ्य मन्वर्थमुक्तावलीको 'वास्तवगुणकथनेन श्रुतिस्मृत्युदितं धर्ममनुतिष्ठेदिति विधिः कल्प्यते' वाक्यबाट अवगत हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१११]**'वायव्यं श्वेतमालभेत भूतिकामः'** इत्यादिभिर्विधिभिर्भूतिफलं निर्दिश्य भूतिकामनया (ऐश्वर्यकामनया) समन्वितं पुरुषं वायुदेवताकस्य श्वेतपशोरालभनेन वायव्ययागानुष्ठानसम्पादनाय प्रवर्तना विहता।

[११२]**'वाजपेयेन स्वाराज्यकामो यजेत'** इत्यनेन विधिना वाजपेययागानुष्ठानलभ्यं स्वाराज्यफलं निर्दिश्य स्वाराज्यफलकामनासमन्वितं पुरुषं वाजपेययागानुष्ठानाय प्रवर्तना विहिता।

[११३]**'सौर्यं चरुं निर्वपेद् ब्रह्मवर्चसकामः'** इत्यनेन सूर्यदेवताकचरुनिर्वपणात्मकात् सौर्ययागात् समनुष्ठानलभ्यं ब्रह्मवर्चसफलं निर्दिश्य ब्रह्मवर्चसकामनावन्तं पुरुषं सौर्ययागानुष्ठानाय प्रवर्तना विहिता।

[११४]**'यो वृष्टिकामः, योऽन्नाद्यकामः, यः स्वर्गकामः स सौभरेण स्तुवीत, सर्वे वै कामाः सौभरे'** इत्यनेन वृष्ट्यन्नस्वर्गफलं निर्दिश्य तत्तत् कामनासमन्वितं पुरुषं सौभराख्येन सामविशेषेण प्रस्तावनाय प्रवर्तना विहिता।

यं यं फलं कामयते पुरुषस्तस्य तस्य फलस्योपलम्भका विधयः श्रुतिषु विहिततया श्रुतयो हितावहकृत्येषु पुरुषं प्रवर्तयन्ति।

१११. विस्तरा, जैमिनीयन्यायमाला, अध्यायः २, पादः३, अधिकरणम् ५।
११२. विस्तरा, जैमिनीयन्यायमाला, अध्यायः १, पादः ४, अधिकरणम् ६।
११३. विस्तरा, जैमिनीयन्यायमाला, ईषालम्भाधिकरणम्। {२/३/५}
११४. विस्तरा, जैमिनीयन्यायमाला, अध्यायः २, पादः २, अधिकरणम् १३।

पुरुषले दर्शयाग (अमावस्यामा गरिने याग) एवं पौर्णमासयाग (पूर्णिमामा गरिने याग) द्वारा यजन गरोस्' (मी.प. क्रियापूर्वाद्युत्पत्ति) इत्यादि विधिवाक्यद्वारा स्वर्गरूप परिणाम देखाएर स्वर्गको कामनाले युक्त भएका पुरुषलाई दर्श, पौर्णमास आदि याग सम्पादन गर्न अभिप्रेरित गरिएको छ। **वायव्यं श्वेतमालभेत भूतिकामः** अर्थात्- 'ऐश्वर्यको कामना भएको पुरुषले वायु देवता भएको सेतो पशुको आलम्भन गरोस्' (जै.न्या.मा.,२/३/५ विस्तरा) इत्यादि विधिवाक्यहरूद्वारा भूति (ऐश्वर्य) रूप फलको निर्देशन गरेर भूतिको कामनाले (ऐश्वर्य प्राप्तिको आकाङ्क्षाले) युक्त भएका पुरुषलाई वायु देवता भएको सेतो पशुको आलम्भन गरी वायव्ययाग नामक अनुष्ठान सम्पादन गर्नका लागि अभिप्रेरित गरिएको छ। **वाजपेयेन स्वाराज्यकामो यजेत** अर्थात्- 'स्वाराज्यको कामनाले युक्त भएको पुरुषले वाजपेय यागद्वारा यजन गरोस्' (जै.न्या.मा., १/४/६ विस्तरा) यस विधिवाक्यद्वारा वाजपेय यज्ञको अनुष्ठानबाट प्राप्त हुने स्वाराज्यको निर्देशन गरेर स्वाराज्यको कामनाले युक्त भएका पुरुषलाई वाजपेय यज्ञ गर्न प्रवृत्त गराउने कार्य गरिएको छ। **सौर्यं चरुं निर्वपेद् ब्रह्मवर्चसकामः** अर्थात्- 'ब्रह्मतेजको कामना भएको पुरुषले सूर्य देवता भएका चरुको निर्वपण (आहुति प्रदान) गर्ने कार्य गरोस्' (जै.न्या.मा.,२/३/५ विस्तरा) यस विधिवाक्यद्वारा सूर्यदेवता भएको चरुको निर्वपणात्मक सौर्ययागको अनुष्ठानबाट प्राप्त हुने ब्रह्मतेजरूप फलको निर्देशन गरेर ब्रह्मतेजको कामनाले युक्त भएको पुरुषलाई सौर्ययाग गर्नका लागि अभिप्रेरित गरिएको छ। **यो वृष्टिकामः, योऽन्नाद्यकामः, यः स्वर्गकामः स सौभरेण स्तुवीत, सर्वे वै कामाः सौभरे** अर्थात्- 'जसले वृष्टिको कामना गर्छ, जसले अन्न आदिको कामना गर्छ, जसले स्वर्गको कामना गर्छ त्यसले सौभरले (सामविशेषले) स्तुति गरोस्, सौभरद्वारा सबै कामना पूरा हुन्छन्' (जै.न्या.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यक्षाप्रत्यक्षतया विहितयोर्दण्डयोः प्रयोजनम्

इत्थमेव स्मृतयोऽपि नानाफलोपलब्धये कर्मसु पुरुषं प्रवर्तयन्ति।

पुरुषस्य ऐहिकामुष्मिकफलप्रापककर्मानुष्ठानोन्मुखीकरणं प्रत्यक्षाप्रत्यक्षात्मकतयाभिहितयोर्दण्डयोः प्रयोजनम्।

स्मृतयश्च यतोऽभ्युदयनिःश्रेयससोः सिद्धिः सम्पद्यते तेषां कर्मणां समनुष्ठानाय, येषां च कर्मणामनुष्ठानादैहिकं वा पारलौकिकं चानभीष्टमापद्यते तेषामननुष्ठानाय प्रवृत्तिनिवृत्ती विदधाति। तत्र एका स्मृतिरत्रोदाहरणीया। यथा-

एका मनुस्मृतिः। मनुस्मृतौ मनुना कार्त्स्न्येन वर्णाश्रमधर्मोऽभिहितः। वर्णाश्चत्वारो ब्राह्मण-क्षत्रिय-वैश्य-शूद्राः। आश्रमाश्च चत्वार एव ब्रह्मचर्य-गृहस्थ-वानप्रस्थ-संन्यासात्मकाः। तैश्चतुर्भिर्वर्णैश्चतुर्ष्वाश्रमेष्वध्युष्य समनुष्ठेयानि निखिलानि कर्माणि तत्र मनुनाभिहितानि। न हि वर्णानामेव धर्मास्तत्र निर्दिष्टाः अपि तु सङ्कीर्ण-सम्भवादीनामपि कर्माणि तत्रोक्तानि।

आचारस्योपकृतिजनकत्वम्

तेषु विहितेषु कर्मसु सर्वेषामाश्रमवासिनामनुष्ठेयत्वेन निर्दिष्टा आचाराः परिपालनीयाः। समेषामाचार-परिपालनं परमो धर्मः। स च आचारः श्रुतिनिर्दिष्टो वा स्मृतिनिर्दिष्टो भवेत् तस्य परिपालने प्रयत्नवद्भिर्द्विजै-

---

मा., २/२/१३ विस्तरा) यस वाक्यद्वारा वृष्टि, अन्न र स्वर्गरूप फलको निर्देशन गरेर ती ती कामनाले युक्त भएको पुरुषलाई सौभर नामको साम विशेषद्वारा स्तुति गर्नका लागि प्रवृत्त बनाउने कार्य गरिएको छ। यसरी पुरुषले जेजे कामना गर्छ ती ती फल (कामना) पुऱ्याइदिने विधि (विधिवाक्य) हरू वेदमा बताइएका हुनाले तीनै वेदले प्राणीमात्रको हित गर्ने कार्यमा पुरुषलाई प्रवृत्त गराउँछन्।

प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा विधान गरिएका दण्डको प्रयोजन-

यसरी नै स्मृतिहरूले पनि अनेक प्रकारका फल प्राप्त गर्नका लागि पुरुषहरूलाई विभिन्न कर्ममा प्रवृत्त गराउँछन्। पुरुषहरूलाई ऐहलौकिक एवं पारलौकिक फल प्राप्त गराउने कर्महरूको अनुष्ठानमा उन्मुख गराउनु प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा बताइएका दण्डहरूको प्रयोजन हो। स्मृतिहरूले जुन कर्मको अनुष्ठानबाट अभ्युदय (ऐहलौकिक उन्नति) एवं निःश्रेयस (पारलौकिक कल्याण/मोक्ष) को सिद्धि हुन्छ तिनै कर्महरूको अनुष्ठान गर्न र जुन कर्मको अनुष्ठान गर्नाले ऐहिक एवं पारलौकिक अनभीष्ट प्राप्त हुन्छ त्यस्ता कर्महरू सम्पन्न नगर्न निर्देशन दिन्छन्। यसरी समग्रमा भन्नुपर्दा स्मृतिहरूले हिताहितको (फायदा-बेफायदाको) विचार गरी प्रवृत्तिनिवृत्तिको उपदेश दिन्छन्। यहाँ एउटा स्मृतिलाई उदाहरणका रूपमा उपस्थापन गरिन्छ। जस्तै-

मनुस्मृति एउटा स्मृतिग्रन्थ हो। मनुस्मृतिमा मनुले सम्पूर्ण रूपमा वर्ण एवं आश्रमका धर्महरूको वर्णन गरेका छन्। ब्राह्मण-क्षत्रिय-वैश्य एवं शूद्र गरी वर्ण चार प्रकारका हुन्छन्। आश्रमहरू पनि ब्रह्मचर्य-गृहस्थ-वानप्रस्थ एवं संन्यास गरी चार प्रकारका नै छन्। उक्त ब्राह्मण आदि चार वर्णद्वारा ब्रह्मचर्य आदि चारवटा आश्रममा बसेर गर्नुपर्ने (पालना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र्भाव्यम् । आचारभ्रष्टो विप्रो वेदाध्ययनजन्यं फलं स्वाध्यायाध्ययनेन नाप्नोति, वेदोदितानामग्निहोत्रदर्श-पूर्णमासादिककृत्यानुष्ठानेन तदनुष्ठानजन्यं फलं च नाप्नोति । यदि स्वस्य कृते परिपालनीयत्वेन निर्दिष्टाना-माचाराणां परिपालनं यथाशक्ति कुरुते चेत् आचारेण समन्वितस्तादृशः पुरुषः स्वानुष्ठितानां समेषां स्वाध्यायजन्यानां **'यं यं क्रतुमधीते च तस्य तस्याप्नुयात् फलम्,** इत्याद्यनुसारं निर्दिष्टानां फलानां तथा समनुष्ठितानां नानाविधकर्मजन्यानां च फलानामुपयोगाय अधिकारी सम्पद्यते ।

आचारादेव धर्मस्य प्राप्तिर्भवति । समग्रस्य तपसो मूलमाचार एव । एवमेव श्रुतिस्मृतिविहिताचारस्य परमधर्मत्वम्, तस्याचारस्यात्महितेप्सुना प्रयत्नेन समनुष्ठेयत्वम्, आचारभ्रष्टस्य वैदिकफलोपभोगप्राप्त्य-भावत्वम्, आचारसंयुक्तस्य पुनः सम्पूर्णफलभाक्त्वम्, मुनिभिश्च धर्मप्राप्तिमाचारपरिपालनलभ्यां दृष्ट्वा सर्वेषां तपसां परममूलत्वेनाचारस्य परिग्रहणं [११५]भगवान्मनुः प्राह ।

---

११५. १/ १०८-११० मनुः ।

गर्नुपर्ने) सम्पूर्ण कर्महरू मनुले मनुस्मृतिमा बताएका छन् । उनले मनुस्मृतिमा ब्राह्मण आदि चार वर्णका धर्मकर्महरूमात्र बताएका छैनन् अपि तु सङ्कीर्ण रूपमा उत्पन्न भएका (अवान्तर) जातिहरूका कर्महरू पनि बताएका छन् ।

सदाचारको पालनले उपकार गर्दछ-

अमुक अमुक कर्म गर्नू भनी शास्त्रद्वारा बताइएका सबै काम गर्नुपर्छ । ब्रह्मचर्य आदि सबै आश्रममा बस्ने पुरुषहरूद्वारा सम्पन्न गर्नुपर्छ भनी निर्देशन गरिएका (आश्रम सम्बन्धी) आचार (सदाचार) को पनि पालना गर्नुपर्छ । आचारको पालना गर्नु सबैको परमधर्म (सबैभन्दा ठूलो धर्म) हो । आचार वेदद्वारा प्रतिपादन गरिएको होस् अथवा स्मृतिद्वारा; त्यसको पालना गर्न द्विजहरू सधैँ प्रयत्नशील हुनुपर्छ । आचारबाट भ्रष्ट भएको (आचारहीन बनेको) विप्रले स्वाध्यायको अध्ययन गरेता पनि वेदको अध्ययनबाट प्राप्त हुने फल (परिणाम) प्राप्त गर्न सक्दैन । यसरी नै आचारहीन पुरुषले वेदद्वारा प्रतिपादन गरिएका अग्निहोत्र, दर्श-पूर्णमास आदि कृत्यहरूको अनुष्ठान गरे तापनि उक्त अनुष्ठान सम्पन्न गरेपछि प्राप्त हुने फल प्राप्त गर्न सक्दैन । कुनै पुरुषले आफूलाई पालन गर्नुपर्छ भनी निर्देशन गरिएका आचारहरूको आफ्नो सामर्थ्य (शक्ति) अनुसार पालन गर्दछ भने आचारले युक्त भएको त्यस पुरुषले आफूद्वारा गरिएका सबै स्वाध्यायहरूको फल प्राप्त गर्छ । **यं यम्०** अर्थात् 'जुन जुन यज्ञका प्रतिपादक वेदका शाखाहरूको अध्ययन गर्दछ ती ती यज्ञको फल प्राप्त गर्दछ' (या.स्मृ. १/४७) इत्यादि पद्यांशद्वारा निर्दिष्ट फल समेत प्राप्त गर्दछ । सदाचारी पुरुष नै आफूद्वारा सम्पादन गरिएका कर्महरूबाट उत्पन्न भएका फलको (राम्रा परिणामको) उपभोग गर्ने अधिकारी हुन्छ ।

आचारबाट नै धर्मको प्राप्ति हुन्छ । सम्पूर्ण (वा सबै प्रकारका) तपस्याको मूल आचार नै हो । यसै प्रकारले 'श्रुति एवं स्मृतिद्वारा प्रतिपादन गरिएका आचारहरू नै महान् धर्म हुन्, आफ्नो कल्याण चाहने पुरुषले शास्त्रनिर्दिष्ट सबै आचारको प्रयत्नपूर्वक पालना गर्नुपर्छ, आचारमा भ्रष्ट भएको (आचारहीन बनेको) पुरुषले वेदको (स्वाध्याय आदिको) फल उपभोग गर्न पाउँदैन, आचारले युक्त भएको पुरुषले नै सबै शुभ फल उपभोग गर्न पाउँछ,- यसरी मुनिहरूले आचारको परिपालन गरेर नै धर्मको प्राप्ति हुन्छ भन्ने तथ्य पत्ता लगाएर सबै प्रकारका तपस्याहरूको परममूल (मूल जरा) का रूपमा आचारलाई ग्रहण (स्वीकार) गरेका हुन्' (मनु. १/१०८-११०) भनी भगवान् मनुले बताएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न हि केवलमेतावानेवाचारस्य परिपालनापरिपालनयोः फलमपि तु आचाराद्विच्युतं विप्रं मृत्युरपि जिघांसति। तच्च भगवता [११६]मनुनैवाभिहितम्।

तस्मादात्महितेप्सुभिराचारपरिपालनं सर्वथा विधेयम्।

श्रुतिस्मृतिभ्यां विहिता ये ये आचाराः सन्ति तेषामाचाराणां परिपालनात्परिपालयितुः सदाचारमन्वितस्य पुरुषस्यात्माभीष्टसम्पत्तिस्तु सुतरामुत्पद्यते। परं स्वस्य स्वस्य कृते निर्दिष्टानामाचाराणां परिपालनात् सामाजिकहितमपि सम्पद्यते।

एकतः समाजस्याङ्गभूतस्य तस्याचारपरिपालयितुर्हितसम्पत्तिरपि अङ्गीभूतस्य समाजस्यैव हितरूपा।

अपरतस्तत्तदाचारपरिपालनमनुशासितत्वं ज्ञापयति।

श्रुतिस्मृतिप्रवर्तनया प्रवृत्तेन पुरुषेणानुष्ठीयमानानां कर्मणामाचारत्वेन गृह्यमाणत्वात् चतुर्वर्णचतुराश्रमगतैर्लोकैर्नित्यनैमित्तिककाम्यात्मकतयाजन्ममरणं समनुष्ठितानि श्रुतिस्मृत्युदितानि तानि आचारत्वेन गृह्यमाणानि निखिलानि कर्माणि कानिचित् समाजस्याङ्गभूतस्य व्यक्तेः कानिचिच्चाङ्गीभूतस्य समाजस्यैवानुशासकानि, कानिचित्पुनः उपकृतिजनकानि।

---

११६. ५/४ मनुः।

सदाचार पालन गर्नुको र नगर्नुको फल यत्तिमात्र होइन। अपि तु सदाचारबाट च्युत भएको विप्रलाई मृत्युले पनि मार्न चाहन्छ। यो कुरा पनि भगवान् मनुले नै भनेका छन् (मनु. ५/४)।[३९] त्यसैले आफ्नो कल्याण चाहने पुरुषहरूले जुनसुकै अवस्थामा पनि (अनिवार्यतः) सदाचारको पालना गर्नुपर्छ।

श्रुतिमा एवं स्मृतिमा जुन जुन आचार प्रतिपादन गरिएका छन् तिनीहरूको पालन गर्नाले उक्त आचारहरूको पालना गर्ने आचारवान् (राम्रा आचारले युक्त) पुरुषलाई अभीष्ट सम्पत्ति (लाभ) त प्राप्त हुन्छ नै आफ्ना आफ्ना (वर्ण एवं आश्रमका) लागि पालन गर्नुपर्छ भनी निर्देश गरिएका आचारको पालन गर्नाले समाजको पनि कल्याण हुन्छ। एकातर्फ समाजका अङ्गका रूपमा रहेको आचारवान् (आचार पालना गर्ने) पुरुषको हितकर सम्पत्ति अङ्गीभूत समाजकै कल्याणका लागि हुन्छ भने अर्कातर्फ निर्दिष्ट आचारहरूको परिपालनले अनुशासनको बोध गराउँछ। (एकातर्फ अनुशासित पुरुष भनी आचारवान् प्रशंसित हुन्छ भने अर्कातर्फ उसले स्वयं समाजलाई अनुशासनको शिक्षा दिन्छ)

श्रुति एवं स्मृतिद्वारा गरिएका प्रेरणाले अभिप्रेरित भएर स्वधर्मपरिपालनमा लागेका पुरुषहरूद्वारा गरिएका कर्महरूलाई आचार भनी ग्रहण गरिन्छ। त्यसैले चारै वर्णका र चारै आश्रममा रहेका पुरुषहरूद्वारा नित्य, नैमित्तिक एवं काम्य कर्मका रूपमा जन्मदेखि मृत्युसम्म सम्पन्न गरिँदै आएका, श्रुति एवं स्मृतिद्वारा प्रतिपादन गरिएका र आचारका रूपमा स्वीकार गरिएका सबै कर्महरू हितकर हुन्छन्। केही कर्महरू (आचारहरू) समाजका अङ्गका रूपमा रहेका व्यक्तिका लागि हितकर हुन्छन्, केही अङ्गीका रूपमा रहेका समाजका अनुशासक (अनुशासनको शिक्षा दिने) हुन्छन् र केही (व्यक्ति एवं समाज) दुवैका उपकारक छन्।

---

३९. उद्धृत पद्यमा वर्णित वेदको अनभ्यास, आचारको परित्याग आदि कारणबाट उत्पन्न अधर्मद्वारा आयु क्षीण हुने भएकाले मृत्यु त्यस्ता विप्रलाई मार्न चाहन्छ भन्ने तात्पर्य अभिव्यक्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तेरुपकृतिजनका आचाराः

संस्कारानुष्ठानमस्माकमाचारः । संस्काराश्चास्मिन् प्रबन्धे निरूपिताः । तेषां प्रयोजनमपि निरूपितम् । ते च संस्कारा व्यक्तेः समुत्कर्षं जनयन्ति । गर्भाधानादयः केचित् समनुष्ठिताः संस्कारा बैजिकगार्भिकदोषमार्जनेन समुत्कर्षमावहन्ति । केचित्पुनः स्वाध्यायाध्ययनादयः संस्काराः गुणाधानेन समुत्कर्षमावहन्ति ।

ब्रह्मचर्याश्रमे स्थितो ब्रह्मचारी च व्यक्तिरेव । स च गुरुणा शिक्षितान् शौचाचाराननुतिष्ठति । तेषां शौचाचाराणां समनुष्ठानाच्च स एव ब्रह्मचारी शुद्धः कर्मार्हो भवति । तस्मादाचारो व्यक्तेरुपकृतिं जनयति ।

व्यक्तेरनुशासनजनका आचाराः

वृद्धाभिवादनमस्माकमाचारः । वृद्धाश्च ज्ञानवृद्धा वयोवृद्धा विद्यावृद्धाश्चेति त्रयः सम्पद्यन्ते । तत्र ज्ञानवृद्धविद्यावृद्धौ सर्वत्र समानजातीयौ उत्कृष्टजातीयौ चाभिवादनीयौ । वयोवृद्धस्तु स्ववंशीयोऽभिवादनीयः । पञ्चसु मान्यस्थानेषु बन्धुत्वस्यापि सन्निवेशात् शिष्टाचाराच्च पैतृस्वस्त्रीयादीनां वयसा न्यूनत्वेऽपि अभिवादनीयत्वम् । अभिवादनप्रेरणा तत्र मनुना याज्ञवल्क्येन च निर्दिष्टा । सुयन्त्रितस्य शास्त्रेण नियमितस्य (अनुशासितस्य) प्राशस्त्यमपि मनुना समाम्नातम् । तस्मादाचारो व्यक्तेरनुशासनं जनयति । व्यक्तिमनुशिष्टे इत्यर्थः ।

व्यक्तिको उपकार गर्ने आचारहरू-

गर्भाधानादि संस्कारहरू सम्पन्न गर्नु हामीहरूको आचार हो । प्रस्तुत शोधप्रबन्धमा संस्कारहरूको चर्चा गरिसकिएको छ । संस्कारहरूको प्रयोजन पनि देखाइसकिएको छ । संस्कारहरूले व्यक्तिलाई उत्कर्षमा पुऱ्याउने काम गर्दछन् । सम्पन्न गरिएका गर्भाधान आदि केही संस्कारले बीजसम्बन्धी एवं गर्भ सम्बन्धी दोषहरूको मार्जन (शुद्धीकरण) गरेर व्यक्तिलाई उत्कर्षका पुऱ्याउने काम गर्छन् । स्वाध्याय अध्ययन जस्ता केही संस्कारले गुणको आधान गरेर व्यक्तिलाई उत्कर्षकमा पुऱ्याउने गर्छन् ।

ब्रह्मचर्य आश्रममा रहेको ब्रह्मचारी व्यक्ति नै हो । उसले गुरुले सिकाएका (गुरुबाट शिक्षाका रूपमा ग्रहण गरेका) शौच (पवित्रता सम्बन्धी नियम) एवं आचार (सदाचार) को पालना गर्दछ । उक्त शौच एवं आचारको पालनाबाट ब्रह्मचारी शुद्ध एवं कर्म गर्न योग्य हुन्छ (सुसंस्कृत ब्रह्मचारी वेदादिशास्त्रको अध्ययनका लागि योग्य हुन्छ) । त्यसैले आचारले व्यक्तिको उपकार गर्छ ।

व्यक्तिमा अनुशासन उत्पन्न गराउने आचारहरू-

वृद्धहरूको अभिवादन गर्नु हामीहरूको आचार हो । वृद्धहरू- ज्ञानवृद्ध (ज्ञानमा पाका), वयोवृद्ध (उमेरमा पाका) र विद्यावृद्ध (विद्यामा पाका) गरी तीन प्रकारका हुन्छन् । ज्ञानवृद्ध र विद्यावृद्ध समान जातिका वा उच्चजातिका अभिवादनीय हुन्छन् । वयोवृद्धहरू भने आफ्नै वंशका मात्र अभिवादनीय हुन्छन् । पाँच प्रकारका मान्यस्थानहरूमा बन्धुत्वलाई पनि समावेश गरिएको हुनाले साथै शिष्टाचार पनि त्यस्तै भएकाले पिताका दिदी बहिनीका (फुपूका) छोरा छोरीहरू आफूभन्दा कम उमेरका भएपनि अभिवादन गर्न योग्य हुन्छन् ।[४०] मान्यजनको अभिवादन गर्नुपर्छ भनी प्रेरणा

४०. मनुस्मृतिमा न्यायपूर्वक आर्जन गरिएको सम्पत्ति, पितृव्य आदि बान्धव, उमेर (परिपक्वावस्था), श्रौत-स्मार्त कर्म एवं विद्या- यी पाँचलाई मान्यस्थान भनिएको छ (मनु. २/१३६) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाजस्यानुशासनजनक आचारः

स एव वृद्धाभिवादनरूप आचारः समाजस्याङ्गभूतया व्यक्तेरनुशासकत्वाद् व्यक्तिं द्वारीकृत्य तद्द्वारा समाजस्यापि अनुशासकः सम्पद्यते।

समाजस्योपकृतिजनका आचाराः

योगीश्वरेण [११७]याज्ञवल्क्येन-

'कृतज्ञाद्रोहिमेधाविशुचिकल्यानसूयकाः।

अध्याप्या धर्मतः साधुशक्ताप्तज्ञानवित्तदाः ॥ इत्यनेन दश अध्यापनार्हा धर्मा निर्दिष्टाः। तत्र कृतज्ञत्वाद् रोहित्वानसूयकत्वसाधुत्वाप्तत्वज्ञानदत्वविवित्तदत्वरूपाणां धर्माणामविनाभावेन सामाजिकत्वात् अनुष्ठितास्ते आचाराः समाजमुपकुर्वन्ति। अस्मादाचारः समाजस्योपकृतिं जनयति।

गृहस्थस्य लोकोपकृतिजनकानां कर्मणां निरूपणप्रकरणे समनुष्ठेयानामाचाराणां व्यक्तेः समाजस्य चोपकृतिजनकत्वं निरूपितमेव।

---

११७. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, २८ श्लोकः।

दिने काम मनु र याज्ञवल्क्य दुवैले गरेका छन्। नियन्त्रणमा रहेका (उच्छृङ्खल स्वभाव नभएका) र शास्त्रद्वारा नियमन गरिएका (अनुशासित बनाइएका) व्यक्ति प्रशंसनीय हुन्छन् भनी मनुले भनेका छन्। अतः आचारले व्यक्तिमा अनुशासन उत्पन्न गराउँछ। अथवा व्यक्तिलाई अनुशासनको शिक्षा दिन्छ।

समाजलाई अनुशासनको शिक्षा दिने आचार-

वृद्धहरूको अभिवादन गर्ने शिष्टाचारले समाजका अङ्गका रूपमा रहेका व्यक्तिलाई अनुशासित बनाउने हुनाले त्यसै अनुशासित पुरुषलाई माध्यम बनाएर त्यसैद्वारा समाजलाई पनि अनुशासित बनाउने काम गर्छ।

समाजलाई उपकार गर्ने आचारहरू-

योगीश्वर याज्ञवल्क्यले **कृतज्ञा०** अर्थात् 'कृतज्ञ (गरेको उपकार नबिर्सने), अद्रोही (द्रोह नगर्ने), मेधावी (पढाएको कुरा ग्रहण गर्न सक्ने), शुचि (बाह्य एवं आभ्यन्तर दुवै पवित्रता भएको), कल्य (शारीरिक एवं मानसिक दुवै रोग नभएको), अनसूयक (अरूका दोष नदेखाई गुणहरूको मात्र चर्चा गर्ने) , साधु (राम्रो आचरण भएको), शक्त (शुश्रूषा आदिमा समर्थ), आप्त (बान्धव), ज्ञानद (आफूले प्राप्त गरेको विद्या अरूलाई प्रदान गर्ने) एवं वित्तद (धन दिने) लाई (उक्त गुणमध्ये सबै गुण भएका अथवा केही गुण भएकालाई पनि) धर्मपूर्वक पढाउनुपर्छ' (या.स्मृ. १/२८) भनी दश प्रकारका अध्यापन गराउन योग्य व्यक्तिका धर्म (गुण) बताएका छन्। उक्त धर्महरूमध्ये कृतज्ञत्व, अद्रोहित्व, अनसूयकत्व, साधुत्व, आप्तत्व, ज्ञानदत्व, वित्तदत्व रूप धर्महरूको सामाजिकहरूका साथमा अविनाभाव (अभेद्य) सम्बन्ध हुने भएकाले पालन गरिएका आचारहरूले समाजको उपकार गर्छन्। अतः आचार समाजका उपकारक हुन्छन्। गृहस्थहरूद्वारा सम्पादन गरिने लोकोपकारक कृत्यहरूको निरूपण गर्ने प्रकरणमा गर्नुपर्छ भनी बताइएका आचारहरूले व्यक्तिको र समाजको उपकार गर्छन् भन्ने तथ्य उक्त प्रसङ्गमा नै देखाइसकिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदाचारपरिपालनस्यैहिकं फलम्

तेषां व्यक्तेः समाजस्य चोपकृतिजनकानामाचाराणां परिपालनाय तत्तदाचारविधायकविधिवाक्यान्येव फलप्रतिपादनमुखेन गृहाश्रमे स्थितं गृहस्थं प्रवर्तयन्ति । गृहाश्रमेऽध्युष्यानुष्ठिता आचारा ऐहिकमपि फलं जनयन्ति ।

श्रुतिस्मृतिभ्यां समनुष्ठेयत्वेन निगदितं सर्वेषां वर्णानां सान्तरालानां सर्वेषामाश्रमिणां च स्वेषु स्वेषु कर्मसु निबद्धं सदाचारमेव हि धर्मस्य मूलमभिहितम् ।

श्रुतिस्मृत्युदितं सम्यङ् निबद्धं स्वेषु कर्मसु ।

धर्ममूलं निषेवेत सदाचारमतन्द्रितः ।। इत्यभिधाय भगवता [११८]मनुना सदाचारस्य समनुष्ठानाय प्रवर्तना विहिता ।

लोकस्तावद् अधिकाधिकं जीवनाय समीहते, आयुषोऽभिवृद्धये प्रयतते, प्राणानां परिरक्षार्थं प्रवर्तते । तदर्थपरिपूर्तये सामाजिकमर्यादास्थापनादिकं चेष्टते । तच्च फलं सदाचारानुष्ठानाल्लभ्यम् ।

लोकः पुन ईप्सितां प्रजाम्, अक्षय्यं धनं च समधिगन्तुं कुलक्षणानां विनाशनं चापि समीहते ।

सर्वो लोक एतान्येव प्रयोजनानि समीहमानो नानाविधकर्मणामनुष्ठानाय प्रवर्तते ।

---

११८. ४/१५५ मनुः । {वेदस्मृतिभ्यां सम्यगुक्तं स्वेषु कर्मसु अध्ययनादादिष्वङ्गत्वेन सम्बद्धं धर्मस्य हेतुं साधूनामाचार-मनलसः सन्नितान्तं सेवेतेति सामान्येनाचारानुष्ठानोपदेशः फलकथनाय ।। ४/१५५ मन्वर्थमुक्तावलिः}

सदाचार पालनबाट यस लोकमा प्राप्त हुने फल-

अमुक अमुक आचार पालन गर्नुपर्छ भनी निर्देशन गर्ने वाक्यहरूले उक्त आचारहरूको पालनाबाट प्राप्त हुने परिणामको समेत उल्लेख गरेका हुन्छन् । निर्देशक वाक्यहरूले नै व्यक्तिलाई र समाजलाई उपकार गर्ने आचारहरूको पालना गर्न गृहस्थाश्रममा रहेका गृहस्थहरूलाई अभिप्रेरित गर्छन् । गृहस्थाश्रममा रहेर पालन गरिएका आचारहरूले ऐहिक (यसै लोकमा नै उपभोग गर्न सकिने) फल पनि उत्पन्न गराउँछन् । श्रुति एवं स्मृतिद्वारा सबै ब्राह्मण आदि वर्णले र अवान्तर जातिले समेत पालन गर्नुपर्छ भनी बताइएका, साथै ब्रह्मचर्य आदि सबै आश्रममा बसेका पुरुषहरूले पनि पालन गर्नुपर्छ भनी उल्लेख गरिएका आ-आफ्ना कर्ममा (अध्ययन आदिमा) निबद्ध (अङ्गका रूपमा सम्बद्ध) सदाचार नै धर्मका मूल हुन् भनिएको छ ।

श्रुतिस्मृत्युदितम्० अर्थात् 'आलस्य रहित भएर- श्रुति एवं स्मृतिद्वारा प्रतिपादन गरिएका (आ-आफ्ना कर्ममा निबन्धन गरिएका) सदाचारलाई धर्मका मूल (आधारस्तम्भ) हुन् भनी पालना गरोस्' (मनु. ४/१५५) भन्दै भगवान् मनुले सदाचार पालनका लागि प्रेरणा दिने काम गरेका छन् ।

मानिसहरू धेरैभन्दा धेरै (लामो समयसम्म) बाँच्न चाहन्छन्, आयु बढाउनका लागि प्रयत्न गर्दछन् र सबैतिरबाट प्राणरक्षा गर्न प्रवृत्त हुन्छन् । उक्त उद्देश्य पूर्तिका लागि सामाजिक मर्यादाको स्थापना गर्ने आदि काम गर्न चाहन्छन् । उक्त फल (सबै अभिलषित पदार्थको प्राप्ति) सदाचारको पालनबाट प्राप्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषां प्रयोजनानामुपलब्धिः सदाचारपरिपालयितुरेव सम्पत्स्यमानत्वनिर्देशात् सदाचारसमनुष्ठाने लोकप्रवृत्तिः सुतरामुदेति। सदाचारसमनुष्ठानादेव तेषां प्रयोजनानां समुपलब्धिर्भवति, इति सदाचारपालनस्य फलम्, तथा सदाचारपरित्यागाच्च पुरुषो लोके निन्दितो भवति, दुःखस्य भागभागी भवति, व्याधिसमन्वितोऽल्पायुश्च भवतीति च निगद्य पूर्वेषां सदाचारानुष्ठानलभ्यानां प्रयोजनानां वैपरीत्यं फलं च दुराचारस्य समभिधाय भगवता [११९]मनुना सदाचारसमनुष्ठानाय लोकप्रवर्तना विहितेति सदाचारपरिपालनस्यैहिकं फलम्।

सतां वृत्तं सदाचारः। सतां विगर्हितत्वमसदाचारः। सद्भिश्च- गुरुशुश्रूषापूर्वकाध्ययनाध्ययनार्थं व्रतचर्या, अपत्योत्पादनाय दारक्रिया, भृत्यानां भरणम्, अतिथिपूजा, दानम्, परकीयाणां द्रव्याणामनभिध्यानम्, तपस्याचरणम्, अनसूया, अक्लेशेन कायिक–वाचिक–मानसिकानि कर्माणि, देहेन्द्रियमनोर्थबुद्ध्यात्मपरीक्षायां मनसो योगश्चेत्यादय आचारा एवंविधा अन्येऽपि चाचाराः समनुष्ठीयमानाः स्वर्गाय हितसम्पादकानि, धनाय हितकराणि, शरीरस्यापि हितकराणि भवन्ति।

---

११९. ४/ १५६-५७ मनुः।

पुनश्च मनुष्यले आफूले चाहेजस्ता सन्तानको आकाङ्क्षा गर्छ। अक्षय्य (कहिल्यै नसकिने) सम्पत्ति आर्जन गर्न चाहन्छ। कुलक्षणहरू अर्थात् सबै अनिष्टहरू नष्ट होऊन् (मेटियून्) भन्ने पनि इच्छा राख्दछ। सबै मानिस उपर्युक्त उद्देश्य प्राप्त गर्नका लागि नै अनेकौँ प्रकारका कार्य गर्न प्रवृत्त भइरहेका हुन्छन्।

माथि बताइएका उद्देश्यहरूमा सफलता सदाचारको पालन गर्ने व्यक्तिले पाउँछ भनी बताइएको हुनाले सदाचारको पालनामा मनुष्यहरूको प्रवृत्ति देखिएको हो। मूलतः सदाचारको पालन गरेर नै उक्त सबै उद्देश्यहरूमा सफलता पाउन सकिन्छ। यही नै सदाचार पालन गर्नुको परिणाम हो। पुनश्च 'सदाचारको त्याग गर्नाले मनुष्य समाजमा निन्दित हुन्छ, दुःखभागी हुन्छ, रोगले आक्रान्त हुन्छ र अल्पायु पनि हुन्छ' भनिएको छ। पूर्वजहरूद्वारा पालन गरिँदै आएका आचारहरूको पालनबाट प्राप्त हुने भन्दा विपरीत फल दुराचारबाट प्राप्त हुन्छ भनी भगवान् मनुले सदाचार पालन गर्नका लागि मनुष्यहरूलाई अभिप्रेरित गर्ने काम गरेका छन् (मनु. ४/१५६-५७)।[४१] यिनै नै सदाचार पालनका लोकमा अनुभव गरिने परिणाम (फल) हुन्।

सज्जनहरूद्वारा गरिने व्यवहारलाई सदाचार भनिन्छ। सज्जनहरूद्वारा निन्दित आचारलाई असदाचार (निन्दित आचरण वा कदाचार) भनिन्छ। सज्जनहरूले- आचार्यहरूको सेवा गर्दै वेदाध्ययन गर्नका लागि व्रतधारण गर्छन्। सन्तान प्राप्त गर्ने उद्देश्यले (कामोपभोगका उद्देश्यले होइन) विवाह गर्छन्। सेवकहरूको भरण-पोषण गर्छन्। आफ्ना घरमा आएका अतिथिहरूको सत्कार गर्छन्। दीन दुःखीहरूलाई र ब्राह्मणहरूलाई दान दिन्छन्। अरूका सम्पत्तिको ध्यान गर्दैनन् (हात पार्ने इच्छा राख्दैनन्)। तपस्या (कठोर नियमहरूको पालन) गर्छन्। अरूका राम्रा कार्यमा पनि खोट देखाउने काम गर्दैनन्। दुःख नदिईकन कायिक (शरीरद्वारा गरिने) वाचिक (बोलेर गरिने) एवं मानसिक (मनद्वारा सम्पन्न गरिने) कार्यहरू गर्दछन्। देहपरीक्षामा, इन्द्रियपरीक्षामा, मनःपरीक्षामा, विषयपरीक्षामा, बुद्धि (ज्ञान) परीक्षामा

---

४१. मनुस्मृतिको चौथो अध्यायको १५६ पद्यमा सदाचारका फल बताइएको छ र मूलमा बताइका दुराचारका परिणाम १५७ पद्यमा बताइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवमेव [१२०]चरकाचार्येणाप्यभिधाय ब्रह्मचर्याश्रमगृहस्थाश्रमयोः संप्रविष्टैर्वटुभिर्गृहस्थैश्च समनुष्ठेयानामाचाराणामैहिकं फलं निर्दिष्टम्।

'हितैषिणः पुनर्भूतानाम्, परस्वादुपरतस्य, सत्यवादिनः, शमपरस्य, परीक्ष्यकारिणः, अप्रमत्तस्य, त्रिवर्गं परस्परमनुपहतमुपसेवमानस्य, पूजार्हसम्पूजकस्य, ज्ञानविज्ञानोपशमशीलस्य, वृद्धोपसेविनः, सुनियतरागरोषेर्ष्यामदमानवेगस्य, सततं विविधप्रदानपरस्य, तपोज्ञानप्रशमनित्यस्याध्यात्मविदस्तत्परस्य, लोकमिमं चामुं चावेक्षमाणस्य स्मृति{मति}मतो हितमायुरुच्यते' इत्यनेन सूत्रेण च [१२१]चरकाचार्यः सदाचारसमन्वितानामेव हितायुष्यं निर्दिश्य सदाचारसमनुष्ठानलभ्यमैहिकं फलमभिधत्ते।

भगवता [१२२]व्यासेन

'सत्यं भगवता प्रोक्तं धर्मोऽयं गृहमेधिनाम्।

---

१२०. चरकसंहिता, सूत्रस्थानम्, अध्यायः ११, सूत्रम् ३३।

१२१. चरकसंहिता, सूत्रस्थानम्, अध्यायः ३०, सूत्रम् २४।

१२२. श्रीमद्भागवतम्, ८ स्कन्धः, २० अध्यायः, २ श्लोकः।

र आत्मपरीक्षामा मनलाई लगाउँछन् अर्थात् उक्त परीक्षामा ध्यान दिन्छन्। उपर्युक्त आचरणहरूले र यसै प्रकार सम्पन्न गरिएका अन्य आचरणहरूले पनि स्वर्गमा (परलोकमा) कल्याण गर्ने, सम्पत्तिमा हित गर्ने (धन आर्जन गर्न सहयोग गर्ने) एवं शरीरलाई पनि हित गर्ने (आरोग्य उत्पन्न गराउने) गर्छन्। आचार्य चरकले उक्त कुरा बताएर (च.स. १/११/३३) ब्रह्मचर्य आश्रममा प्रवेश गरेका वटुकहरूद्वारा र गृहस्थ आश्रममा प्रवेश गरेका गृहस्थहरूद्वारा पालना गर्नुपर्ने आचारहरूबाट प्राप्त हुने ऐहिक (यसै लोकमा उपभोग गरिने) फलहरू देखाएका छन्।

'सबै प्राणीको हित चाहने, अरूका सम्पत्तिको आकाङ्क्षा नगर्ने, सधैँ साँचो बोल्ने, शमपरायण (सन्तोषी), राम्ररी गुण-दोष विचार गरेर काम गर्ने, प्रमाद नगर्ने (अल्छी नगर्ने अर्थात् उद्योगी), परस्परमा बाधा नपर्ने गरी त्रिवर्गको (धर्म, अर्थ एवं कामको) सेवा (उपभोग) गर्ने, पूजा (सम्मान) गर्न योग्य पुरुषको पूजा गर्ने, ज्ञान-विज्ञान एवं उपशम शील भएको, वृद्धजनको (धर्म, अधर्म, नीति, व्यवहार आदिमा निपुण पुरुषको) सेवा गर्ने, राग, रोष, ईर्ष्या, मद एवं मानको वेगलाई नियन्त्रण गर्ने, सधैँ अनेक प्रकारका (गाई, भूमि, सुवर्ण आदि) दान दिन तत्पर रहने, सधैँ तपस्या, ज्ञान एवं प्रशम (शान्त चित्तवृत्ति) मा निरत रहने (अथवा तपोज्ञानेन प्रशमो नित्यं यस्य अर्थात् तपस्याको ज्ञानले गर्दा सधैँ शान्त रहने), अध्यात्म (आत्मज्ञान) जान्ने, अध्यात्ममा (आत्मचिन्तनमा) नै निरत रहने, यस लोकको एवं परलोकको ख्याल गर्ने (दुवै लोकमा विरोध नहुने कार्य गर्ने), उत्तम स्मरण शक्ति भएको {साथै बुद्धिले युक्त भएको} पुरुषको निम्ति नै आयु हितकर हुन्छ' (च.स. १/३०/२४)। यस सूत्रद्वारा आचार्य चरकले सदाचारले युक्त भएका पुरुषहरूको नै हितकर आयु हुन्छ (सदाचारी दीर्घजीवी हुन्छ) भन्ने कुरा प्रतिपादन गरेर सदाचारको पालन गर्नाले प्राप्त हुने ऐहिक (यसै लोकमा प्रत्यक्ष अनुभव गर्न सकिने) परिणाम बताएका छन्।[४२]

---

४२. आयुको चर्चा समाप्त भएपछि चरकसंहितामा एउटै सूत्रमा सुखायुको चर्चा गरी मूलमा उद्धृत हितायुको चर्चा गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थं कामं यशो वृत्तिं यो न बाधेत कर्हिचित् ।।' इति बलिवचनं निबद्ध्य गृहाश्रमे स्थितेन गृहस्थेन समनुष्ठितो धर्मोऽर्थकामयशोवृत्तीनामुपलम्भको भवतीति निर्दिष्टम् ।

गृहमेधिना समनुष्ठेयत्वेनाधोनिर्दिष्टानामिष्टिपश्वात्मकानां यागानामायुष्यकारकत्वरूपं फलं च भगवता [१२३]मनुना–

नानिष्ट्या नवसस्येष्ट्या पशुना चाग्निमान् द्विजः ।

नवान्नमद्यान्मासं वा दीर्घमायुर्जिजीविषुः ।। इत्यभिधाय निगदितम् ।

भगवता [१२४]मनुनैव–

आयुषो द्वितीयभागे गृहस्थाश्रमोपासनमुपक्रमस्य भृत्यभरणाश्रिताः गृहस्थावलम्बीयाः वैकल्पिकवयो-वृत्तीरभिधाय तास्वन्यतमवृत्त्या जीवता गृहस्थेन धारणीयानि व्रतान्यनुक्रमिष्यता तेषां व्रतानां विशेषणत्वेन स्वर्गायुष्ययशसामुपन्यासाच्च गृहाश्रमे स्थितेन गृहस्थेनानुष्ठितानां व्रतानां स्वर्गायुष्ययशस्करं फलमवगम्यते ।

---

१२३. ४/२७ मनुः ।

१२४. ४/१-१३ मनुः ।

भगवान् व्यासले **सत्यं भगवता०** अर्थात् 'हे गुरुदेव ! हजुरले साँचो कुरा गर्नुभयो । यही नै गृहस्थहरूको धर्म हो, के भने- गृहस्थहरूले अर्थ, काम, यश एवं वृत्तिलाई कहिल्यै पनि बाधा दिन हुँदैन । अर्थात् गृहस्थहरूले परस्परमा बाधा नहुने गरी अर्थ आदिको उपभोग गर्नुपर्छ' (भा.८/२०/२) भनी बलिका उक्तिका माध्यमले गृहस्थ आश्रममा रहेका गृहस्थहरूद्वारा पालन गरिएको धर्म- अर्थ, काम, यश एवं वृत्तिका प्रापक हुन्छ भन्ने कुरा देखाएका छन् ।

गृहस्थहरूद्वारा सम्पादन गर्नुपर्ने अधोनिर्दिष्ट इष्ट्यात्मक एवं पश्वात्मक यज्ञहरूले आयुको अभिवृद्धि गराउने (लामो आयु दिने) प्रयोजन सम्पन्न गराउँछन् (दीर्घायुष्य प्रदान गर्छन्) भन्ने कुरा भगवान् मनुले **नानिष्ट्वा०** अर्थात् 'लामो समयसम्म बाँच्न चाहने अर्थात् दीर्घायुको कामना गर्ने अग्निहोत्री द्विजले नवसस्येष्टि (आग्रयणेष्टि) एवं पश्विष्टि (पशुयाग) सम्पन्न नगरीकन नयाँ अन्न एवं मांसादि केही पनि नखाओस् (अर्थात् नूतन सस्येष्टि गरेर नयाँ अन्न र पशुयज्ञ गरेर मांस भक्षण गरोस्)' (मनु. ४/२७) यस पद्यद्वारा बताएका छन् ।

भगवान् मनुले नै आयुको दोस्रो भागमा गृहस्थाश्रमको उपासना (विवाह गरी गृहस्थाश्रममा प्रवेश) गर्नुपर्छ भनी विषयको उठान गरेर; सेवकहरूको (पत्नी, पुत्र, कुटुम्ब आदिको समेत) भरण-पोषणका लागि आवश्यक पर्ने अत एव गृहस्थहरूद्वारा अवलम्बन गर्नुपर्ने वैकल्पिक वयोवृत्ति (विशेषतः गृहस्थ ब्राह्मणद्वारा जीविका सञ्चालनका लागि अवलम्बन गर्न सकिने विभिन्न उपायहरू) बताएर; उक्त वृत्ति (जीविकाका उपाय) मध्ये कुनै एउटा वृत्तिको अवलम्बन गरेर जीविका चलाइरहेका गृहस्थहरूद्वारा वक्ष्यमाण व्रतहरू पालन गर्नुपर्छ भनेका छन् (मनु. ४/१-१३) । त्यसै सन्दर्भमा व्रतहरूका विशेषणका रूपमा स्वर्गायुष्ययशस्यानि (स्वर्ग प्राप्त गराउने, आयु बढाउने र कीर्ति उत्पन्न गराउने) पद समावेश गरेको हुनाले गृहस्थ आश्रममा रहेका गृहस्थहरूद्वारा पालन गरिएका व्रतहरूले स्वर्ग, दीर्घ आयु एवं यशरूप परिणाम उत्पन्न गराउँछन् भन्ने कुरा बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्रतानुष्ठानाचारपरिपालनयोरर्थान्तरम् । तत्र स्वर्गायुष्ययशस्करत्वेनोदिष्टानि गृहस्थस्य कृते समनुष्ठेयत्वेन निर्दिष्टानि यानि व्रतानि तानि सर्वाणि लोकोपकृतिजनकान्येव ।

धर्मसदाचारयोरप्येकार्थत्वम् । तच्च **'आचारः परमो धर्मः'** इत्यभिधाय भगवता [१२५]मनुनैवोक्तम् ।

धर्मस्य च धर्मार्थकामरूपत्रिवर्गसाध्यसाधनत्वे धर्मशास्त्रप्रयोक्तॄणां समेषामेवैकमत्यम् । मोक्षफलसाधनत्वेऽपि सर्वे धर्मशास्त्रप्रयोजका अभिमता एव । परं तत्र केचित् साक्षात् मोक्षसाधनत्वं निर्दिशन्ति चेत् केचित् पुनः परम्परया मोक्षसाधनत्वं कथयन्ति । यद्वा भवतु तद्वा, धर्मस्य चतुर्वर्गसाधनत्वं शास्त्रेषु समभिहितमेव ।

तत्र त्रिवर्गसाधनत्वं धर्मस्य महाभारतकारो [१२६]व्यासः सञ्जगाद । यथा–

'धर्ममूलः सदैवार्थः कामोऽर्थफलमुच्यते ।
सङ्कल्पमूलास्ते सर्वे सङ्कल्पो विषयात्मकः ।।
विषयाश्चैव कार्त्स्न्येन सर्व आहारसिद्धये ।
मूलमेतत्त्रिवर्गस्य {निवृत्तिर्मोक्ष उच्यते} ।।' इत्याद्यभिधाय त्रिवर्गफलप्रापकत्वं धर्मानुष्ठानस्य प्रयोजनं निर्दिष्टवान् ।

---

१२५. १/१०८ मनुः ।

१२६. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, १२३ अध्यायः, ४-५ श्लोकौ । {धर्मेति । दिव्यदेवतादिशरीरप्राप्तिमर्थांश्च स्त्र्यादीनुद्दिश्य धर्मः क्रियतेऽतो दैवेन सहितोऽर्थो धर्ममूलः । अर्थस्य भोगार्थत्वं प्रसिद्धमिति काममूलोऽर्थ इति नोक्तम् । कामोऽर्थफलं कामस्य मूलमिन्द्रियप्रीतिरित्यर्थः । सङ्कल्पमूलाः सङ्कल्पप्रभवास्ते सर्वेऽपीति द्वितीयस्योत्तरम् । एतदेवोपपादयति- सङ्कल्प इति । रूपादिविषयः सङ्कल्पो रूपाद्याश्च भोगार्था इति सर्वेऽप्येते सङ्कल्पमूलाः । मोक्षस्तु तद्विलक्षणो निःसङ्कल्परूपः इत्यर्थः ।।४।।}

व्रतहरूको अनुष्ठान गर्नाले र सदाचारको पालन गर्नाले अर्को पनि फायदा हुन्छ । स्वर्ग, आयु एवं यश उत्पन्न गराउने साधनका रूपमा उल्लेख गरिएका साथै गृहस्थहरूद्वारा सम्पन्न गर्नुपर्छ भनी निर्देशन गरिएका जति पनि व्रतहरू (एवं आचारहरू) छन् ती सबै लोककल्याण कारक नै छन् ।

धर्म र सदाचारले एउटै अर्थ बुझाउँछन् । यो कुरा **आचारः परमो धर्मः** अर्थात् 'आचार नै महान् धर्म हो' (मनु. १/१०८) भनी भगवान् मनुले नै बताएका छन् ।

धर्म, अर्थ एवं कामका अर्थात् त्रिवर्गरूप साध्यका साधनका रूपमा धर्म रहेको हुन्छ भन्ने सम्बन्धमा सबै धर्मशास्त्रका निर्माताहरूको एउटै मत देखिन्छ । धर्म (धर्मानुष्ठान) मोक्षको साधन पनि हो भन्ने सम्बन्धमा समेत धर्मशास्त्रका प्रयोक्ताहरू (निर्माताहरू) सहमत नै देखिन्छन् । धर्मशास्त्रका केही प्रयोजकहरू धर्मलाई मोक्षको साक्षात् साधन हो भन्दछन् भने अन्य केही प्रयोजकहरू परम्परया साधन मान्दछन् । जे होस् (धर्म मोक्षको साक्षात् साधन होस् वा परम्परया), धर्म चतुर्वर्गको साधन हुन्छ भन्ने कुरा शास्त्रमा बताइएकै छ । धर्म त्रिवर्गको साधन हुन्छ भन्ने कुरा महाभारतका रचयिता व्यासले उल्लेख गरेका छन् । जस्तै-

धर्ममूल० अर्थात् ' अर्थ सदै नै धर्ममूलक (धर्मप्राप्तिका कारणका रूपमा विद्यमान) हुन्छ । कामलाई अर्थको फल मानिन्छ । ती सबै (धर्म, अर्थ एवं काम) सङ्कल्पमूलक हुन्छन् (धर्मादिका कारणका रूपमा सङ्कल्प रहेको हुन्छ) र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वपुषो निरोगित्वं सदाचारफलम्

तत्र धर्मार्थकाममोक्षाख्यानां चतुर्णां पुरुषार्थानामुत्तमं मूलमारोग्यमभिधाय श्रेयसो जीवितस्यापि चापहर्तृत्वेन रोगाँश्चाभिधाय रोगोपशमपूर्वकमारोग्यप्राप्तिविधायकोपायनिर्देशनक्रमे आहारनियमान् अनुष्ठेयनियमाँश्च स्वास्थ्योपलब्धिजनकतयादिशति [१२७]चरकः। चरकोक्तनियमोपन्यासः पश्चाद्विधास्यमानो धर्मशास्त्रमनुवर्तते।

शरीरमनसोः व्याध्याश्रयत्वमुक्तम्। प्रत्यक्षं च तत्तथा। कुष्ठादयो रोगाः शरीरमाश्रित्योत्पद्यन्ते। कामादयो रोगाश्च मनःसमाश्रित्योत्पद्यन्ते। उन्मादादयो रोगाः पुनः शरीरमनसी समाश्रित्य समुत्पद्यन्ते। [१२८]चरकाचार्येणापि– **'शरीरं सत्त्वसंज्ञं च व्याधीनामाश्रयो मतः।'** इत्यभिहितम्।

१२७. चरकसंहिता, सूत्रस्थानम्, १ अध्यायः, १५ श्लोकतः।

१२८. चरकसंहिता, सूत्रस्थानम्, १ अध्यायः, ५५ श्लोकः।

सङ्कल्प विषयात्मक (विषयको उपभोगसित सम्बद्ध) हुन्छ। सबै विषय पूर्णतः इन्द्रियहरूका उपभोगमा आउनका लागि हुन्। यही नै धर्म, अर्थ एवं कामको मूल हो। {यी सबैबाट निवृत्त हुनुलाई मोक्ष भनिन्छ}' (म.भा., शा.प. १२३/४-५)। यसरी त्रिवर्गरूप फल उपलब्ध गराउनु धर्मानुष्ठानको (धर्माचरणको) प्रयोजन हो भनी व्यासले देखाएका छन्।

शरीरको निरोगिता सदाचारको फल हो (सदाचारको पालन गर्ने हो भने शरीर स्वस्थ रहन्छ)-

धर्म, अर्थ, काम एवं मोक्षरूप चार प्रकारका पुरुषार्थ प्राप्त गर्ने प्रमुख एवं उत्तम साधन आरोग्य (शरीरको स्वस्थता) हो भनी देखाएर; कल्याणलाई एवं जीवनलाई समेत अपहरण गर्ने (नष्ट गराउने) रोगहरू हुन् भन्ने तथ्य प्रतिपादन गरेर; रोगहरूलाई शमन गर्दै आरोग्य (स्वस्थता) प्राप्त गर्ने उपायहरूको निर्देशन गर्ने सन्दर्भमा महर्षि चरकले आहारका नियमहरूको र अनुष्ठान (सदाचार आदि) का नियमहरूको पालन गर्नाले स्वस्थता प्राप्त गर्न सकिन्छ भन्ने कुरा बताएका छन् (च.सं. १/१/१५-)। चरकद्वारा बताइएका नियमहरूको उल्लेख पछि गरिने छ, जुन नियमहरूले धर्मशास्त्रको अनुसरण गर्दछन्।[४३]

शरीरलाई र मनलाई रोगहरूका निवासस्थान हुन् भनी बताइएको छ। यो तथ्य लोकमा प्रत्यक्ष नै देख्न पाइन्छ। कुष्ठ आदि रोगहरू शरीरलाई आधार बनाएर उत्पन्न हुन्छन्। काम (वासना) आदि रोगहरू मनलाई आश्रय बनाएर उत्पन्न हुन्छन्। उन्माद (पागलपन) आदि रोगहरू शरीर र मन दुवैलाई आश्रय बनाएर उत्पन्न हुन्छन्। आचार्य चरकले पनि- **शरीरम्०** अर्थात् 'शरीर र सत्त्व (मन/शरीरसम्बद्ध मन) यी दुवै (अलग-अलग एवं सम्मिलित रूपमा) रोगहरूका अधिष्ठान (आश्रय स्थान) हुन्' (च.सं. १/१/५५) भनेका छन्।[४४] शरीरलाई आश्रय बनाएर उत्पन्न भएका रोगहरूको

४३. ..... धर्मार्थकाममोक्षाणामारोग्यं मूलसाधनम्॥ रोगास्तस्यापहस्तारः श्रेयसो जीवितस्य च। (१५/१६) भनी मूलमा उल्लिखित विषयको उठान गरिएको छ र उक्त वाक्यमा उल्लिखित अन्य विषय त्यसै अध्यायका अग्रिम पद्यहरूबाट व्यक्त हुन्छन्।

४४. मूलमा सत्त्वसंज्ञं पदको प्रयोग गरिएको छ र चक्रदत्तले उक्त पदको अर्थ मन गरेका छन्। शुद्ध सत्त्व शब्दले पनि मनलाई बुझाउने भएकाले सत्त्वसज्ञंको अर्थ शरीर सम्बद्ध मन पनि गर्न सकिन्छ भनेका छन्। किनकि शरीरको आश्रय विना मन रोगको आश्रय हुन सक्दैन पनि भनेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरमाश्रित्योत्पन्नानां रोगाणाम् अदृष्टोत्पादककर्मणां समनुष्ठानेन ओषधसेवनेन च प्रशमनं भवति । मनःसमाश्रित्योत्पन्नानां रोगाणां पुनः अध्यात्मज्ञानेन, शास्त्रज्ञानेन, श्रुत्या, स्मृत्या, समाधिना च प्रशमनं भवति । यथा–

[१२९]**प्रशाम्यत्यौषधैः पूर्वो दैवयुक्तिव्यपाश्रयैः ।**

मानसो ज्ञानविज्ञानधैर्यस्मृतिसमाधिभिः ॥ इत्यभिधाय देवव्यपाश्रयाणां युक्तिव्यपाश्रयाणामौषधानां शरीरदोषनिवर्हणत्वं ज्ञानविज्ञानधैर्यस्मृतिसमाधीनां च मानसदोषनिवर्हणत्वमादिष्टम् ।

यदत्र दैवव्यपाश्रयत्वमुक्तं तेन धर्मशास्त्रविहितमङ्गलाचारानुष्ठानमन्त्रप्रयोगबलिदानादिकर्माणि गृहीतानि भवन्ति । **'दैवव्यपाश्रयं बलिमन्त्रमङ्गलादि'** इत्यभिधाय [१३०]चक्रदत्तव्याख्यायां चरकोक्तदैवव्यपाश्रय-शब्दस्यार्थश्चक्रदत्तेन कृतः ।

१२९. चरकसंहिता, सूत्रस्थानम्, १ अध्यायः, ५८ श्लोकः ।

१३०. चक्रदत्तव्याख्या, चरकसंहिता, सूत्रस्थानम्, १ अध्यायः, ५७ श्लोकः ।

प्रशमन (निराकरण) अदृष्ट उत्पन्न गराउने कर्मको अनुष्ठान गरेर एवं औषधिको सेवन गरेर (दबाइ खाएर) हुन्छ । मनलाई आश्रय बनाएर उत्पन्न भएका रोगहरूको प्रशमन (निराकरण) अध्यात्मज्ञानले, शास्त्रज्ञानले, वेदाध्ययनले, स्मृतिको अध्ययनले र समाधिले (मनोनियन्त्रणले) हुन्छ । जस्तै-

प्रशाम्येति० पहिलो अर्थात् शारीरिक दोष (रोग) दैव-व्यपाश्रय एवं युक्ति-व्यपाश्रय रूप ओषधिले (उपायले) शान्त हुन्छ । दोस्रो अर्थात् मानसिक दोष (रोग) आत्मज्ञान, विज्ञान (शास्त्रज्ञान), धैर्य (चित्तको स्थिरता), स्मृति (अनुभूत पदार्थको स्मरण) एवं समाधि (मनलाई विषयबाट हटाई परमात्मामा स्थिर गराउनु) बाट शान्त हुन्छ[४५] (च.सं. १/१/५८) ।

यसरी उपर्युक्त पद्यद्वारा देवव्यपाश्रयका रूपमा एवं युक्तिव्यपाश्रयका रूपमा रहेका औषधिहरूको प्रयोगबाट शरीरमा रहेका दोषहरूको निवारण हुन्छ भने ज्ञान, विज्ञान, धैर्य, स्मृति आदि उपायद्वारा मानसिक दोषको निवारण हुन्छ भनी बताइएको छ ।

उपर्युक्त पद्यमा जुन दैवव्यपाश्रय शब्दको प्रयोग गरिएको छ त्यसले धर्मशास्त्रद्वारा विधान गरिएका माङ्गलिक आचार, अनुष्ठान, मन्त्रप्रयोग, बलिदान (बलिवैश्वदेव) आदि कर्महरूलाई समेटेको छ । चक्रदत्तले 'दैवव्यपाश्रय भनेको बलि, मन्त्र, एवं मङ्गल आदि हो' भनी चक्रदत्त व्याख्यामा (आयुर्वेददीपिकामा) चरकद्वारा प्रयोग गरिएको पदको अर्थ दिएका छन् ।[४६]

४५. **द्रष्टव्य-** मूलमा दैवव्यपाश्रय र युक्तिव्यपाश्रय पदको प्रयोग गरिएको छ । **१. दैवव्यपाश्रय-** जसमा देवताको आश्रय लिइन्छ यस्ता मणि, मन्त्र, ओषधि, बलि, उपहार, होम, नियम, प्रायश्चित्त आदि कर्मलाई दैवव्यपाश्रय भनिन्छ । **२. युक्तिव्यपाश्रय-** योजना युक्ति आदिलाई आधार बनाएर गरिएका संशोधन, संशमन आदि कर्मलाई युक्तिव्यपाश्रय भनिन्छ ।

४६. **चक्रपाणि** चरकसंहिताका टीकाकार हुन् । उनको पुरा नाम चक्रपाणिदत्त हो र उनले चरकसंहितामा लेखेको टीकाको नाम **आयुर्वेददीपिका** हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपघातकहेतुभिरुपहतानां समनस्कानामिन्द्रियाणां प्रकृतिभावमासादनं मानसरोगनिवृत्तिः । तेषां समनस्कानामिन्द्रियाणां प्रकृतिभावप्राप्तिश्च सात्म्येन्द्रियार्थसंयोगेन बुद्ध्या सम्यगवेक्ष्यावेक्ष्य कर्मणां सम्यक्प्रतिपादनेन देशकालात्मगुणाविपरीतोपासनेन च सम्पत्स्यमानतयारोग्यसमावाप्तये सदाचारानुष्ठानं सर्वथा विधेयम् । तच्चेत्थं [१३१]चरकाचार्यो निर्दिशति–

तत्रेन्द्रियाणां समनस्कानामनुपतप्तानामनुपतापाय प्रकृतिभावे प्रयतितव्यम् । एभिर्हेतुभिः, तद्यथा– सात्म्येन्द्रियार्थसंयोगेन बुद्ध्या सम्यगवेक्ष्यावेक्ष्य कर्मणां सम्यक्प्रतिपादनेन देशकालात्म-गुणाविपरीतोपासनेन च इति, तस्मादात्महितं चिकीर्षता सर्वेण सर्वे सर्वदा स्मृतिमास्थाय सद्वृत्तमनुष्ठेयम् । इति ।

सदाचारानुष्ठानस्य प्रयोजनम्

सदाचारानुष्ठानं जितेन्द्रियत्वमारोग्यमप्यावहति । एतच्चेत्थं चरकाचार्यो निगदति–

१३१. चरकसंहिता, सूत्रस्थानम्, ८ अध्यायः, १७ सूत्रम् ।

उपघातका हेतुहरूद्वारा उपहत भएका (रोगाक्रान्त बनेका) मनसहितका इन्द्रियलाई (मन एवं ज्ञानेन्द्रिय गरी छवटै इन्द्रियलाई) आफ्ना प्राकृतिक (स्वाभाविक) अवस्थामा पुऱ्याउनु मनोरोगको निवृत्ति हो । मनसहितका इन्द्रियहरूलाई प्रकृतिभावमा (स्वाभाविक अवस्थामा) ल्याउने काम आत्मा एवं इन्द्रियका विषयको (समुचित) संयोगद्वारा, बुद्धिद्वारा राम्ररी हेरी (बारम्बार विश्लेषण गरी) सम्यक् प्रकारले गरिएका कार्यहरूका सम्पादनद्वारा, देश-काल एवं आफ्ना गुणका अविपरीत (अनुकूल) वस्तुको सेवनद्वारा सम्भव हुने भएकाले आरोग्य प्राप्तिका लागि सर्वथा सदाचारको पालन गर्नुपर्छ । यसै तथ्यलाई आचार्य चरकले यसरी प्रतिपादन गरेका छन्-

तत्रेन्द्रियाम्० अर्थात् 'आहत बनेका (अस्वस्थ भएका) मन सहितका इन्द्रियहरूको आहत (अस्वस्थता) लाई हटाउन र उनीहरूलाई प्रकृतिभावमा (पहिलेकै स्थितिमा वा स्वाभाविक अवस्थामा) ल्याउनका लागि निम्न माध्यमहरूद्वारा प्रयत्न गर्नुपर्छ - आत्मा एवं इन्द्रियका विषयको (सन्तुलित) संयोगद्वारा (अतिसंयोग, हीनसंयोग एवं मिथ्यासंयोगबाट बची), बुद्धिपूर्वक विषयको बारम्बार विश्लेषण गरी (यसबाट मलाई हित हुन्छ र यसबाट मलाई हित हुँदैन भन्ने विचार गरी) सही ढंगले कार्य सम्पादन गरेर (अहित गर्ने कार्य छाडी हित गर्ने कार्य गरेर), देश-काल एवं आफ्ना गुणका अविपरीत (अनुकूल) वस्तुको सेवन गरी (मन सहित सबै इन्द्रियलाई प्रकृतिभावमा ल्याउने यत्न गर्नुपर्छ) । अतः आफ्नो (शरीर एवं आत्माको) कल्याण होस् भनी चाहना गर्ने सबै पुरुषले स्मृतिलाई आधार मानेर (पाँचै इन्द्रियलाई मनका साथमा संयुक्त बनाएर) सधैँ नै सबै प्रकारका सदाचारको पालना गर्नुपर्छ'[४७] (च. सं. १/८/१७) ।

४७. सदाचारको पालनबाट शारीरिक, मानसिक एवं उभयविध अर्थात् तीनै प्रकारका रोग शान्त हुन्छन् साथमा जितेन्द्रियता पनि प्राप्त हुन्छ भन्ने चरकसंहिताको तात्पर्य हो । शारीरिक रोग निराकरण गर्नु भनेको शरीरका अङ्ग-प्रत्यङ्गलाई आफ्नै (पहिलेकै) अवस्थामा ल्याउनु हो । मनोरोगको चिकित्सा भनेको पनि मन सहितका पाँचै इन्द्रियलाई प्रकृतिभावमा (पूर्वावस्थामा) ल्याउनु नै हो । मनोरोगका आश्रयभूत इन्द्रियका आघातको निदान मूलमा (चरकसंहितामा) र टीकाग्रन्थहरूमा पनि देखाइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'तद्ध्यनुतिष्ठन् युगपत् सम्पादयत्यर्थद्वयमारोग्यमिन्द्रियविजयं चेति ।' इति

अत्र तच्छब्दः प्रकृतसद्वृत्तं परामर्शति । तस्मात् सद्वृत्तानुष्ठानस्य आरोग्येन्द्रियविजयरूपप्रयोजनद्वयं सिद्ध्यति ।

सद्भिः समनुष्ठेया वृत्तयश्च तत्रैव निर्दिष्टाः । यथा-

देवगोब्राह्मणगुरुवृद्धसिद्धाचार्यानर्चयेत्, अग्निमुपचरेत्, ओषधीः प्रशस्ता धारयेत्, द्वौ कालावुपस्पृशेत्, मलायनेष्वभीक्ष्णं पादयोश्च वैमल्यमादध्यात्, त्रिःपक्षस्य केशश्मश्रुलोमनखान् संहारयेत्, नित्यमनुपहतवासाः सुमनाः सुगन्धिः स्यात्, साधुवेशः, प्रसिद्धकेशः, मूर्धश्रोत्रघ्राणपादतैलनित्यः, धूमपः, पूर्वाभिभाषी, सुमुखः, दुर्गेष्वभ्युपवत्ता, होता, यष्टा, दाता, चतुष्पथानां नमस्कर्ता, बलीनापुपहर्ता, अतिथीनां पूजकः, पितृभ्यः पिण्डदः,

---

सदाचार पालन गर्नका उद्देश्य-

सदाचारको पालनले जितेन्द्रियता र आरोग्य (निरोगिता) पनि ल्याउँछ । अर्थात् सज्जनहरूद्वारा सम्पादन गरिँदै आएका आचारहरूको पालन गर्ने हो इन्द्रियलाई जितेर जितेन्द्रिय बन्न सकिन्छ र निरोगी पनि भइन्छ । यस तथ्यलाई आचार्य चरकले यसरी बताएका छन्-

तद्ध्यनुतिष्ठन्० अर्थात् 'सदाचारको पालन गर्ने मनुष्यले आरोग्य (स्वस्थता) एवं जितेन्द्रियता (इन्द्रिय विजय) दुवै एकै पटक प्राप्त गर्दछ' (च. सं. १/८/१८) । चरकका वाक्यको आदिमा रहेको तत् शब्दले प्रसङ्गप्राप्त सदाचारलाई बुझाउँछ । अतः सद्वृत्तको (सज्जनहरूका व्यवहारको अर्थात् सदाचारको) पालनले आरोग्य एवं इन्द्रिय विजय यी दुवै प्रयोजन सिद्ध गराउँछ । सज्जनहरूद्वारा पालन गरिने वृत्तिहरू (व्यवहारहरू) त्यँही नै (चरकसंहितामा नै) बताइएको छ । जस्तै-

देवता, गाई, ब्राह्मण, गुरु (माता, पिता, अभ्यागत, अतिथि आदि मान्यजन), वृद्ध (विद्यावृद्ध, धनवृद्ध, आयुवृद्ध, शौर्यवृद्ध आदि), सिद्ध (तपस्वी, भिक्षुक आदि), आचार्य (उपनयन संस्कार गरिदिने गुरु)- यी सबैको पूजा गरोस् । बिहान र साँझ दुवै समयमा अग्निहोत्र सम्पन्न गरोस् । अनिन्दित (दोष नष्ट गराउने) औषधि (वनस्पति) धारण गरोस् । बिहान साँझ दुवै समयमा स्नान (अथवा सन्ध्या) गरोस् । मलका स्थानहरूलाई र दुवै पाउ (चरण/गोडा) लाई सधैँ सफा राखोस् । कपाल (शिरका रौं) दारी-जुँगा, अन्य रौं (काखीका एवं गुह्यस्थानका बाहेक) एवं नङ पन्ध्र दिनमा तीन पटक (हरेक पाँच दिन पछि) काटोस् । प्रत्येक दिन अनुपहत (शुद्ध/ दाग नलागेको एवं न च्यातिएको) कपडा लगाओस् । सधैँ प्रसन्न हाँसीखुसी रहोस् र सुगन्ध (सुगन्धित पदार्थ) धारण गरोस् । (अथवा शरीरमा धारण गरिएका सुगन्धित पुष्पका गन्धले युक्त होस् ।)

उत्तम वेष (अनिन्दित वेश-भूषा) धारण गरोस् । शिरमा प्रसाधन (तेल लगाउने, कोर्ने, सजाउने आदि) गरोस् । सधैँ शिरमा, कानमा र छालामा तेल लगाउने एवं तेल माड्ने काम गरोस् । नित्य प्रायोगिक (अथवा शास्त्रोक्त तीन प्रकारका) धूमपान गरोस् । घरमा कुनै अतिथि वा मान्यजन आएमा अथवा कुनै परिचित व्यक्तिसित भेट भएमा पहिले नै कुशल प्रश्न सोधोस् । सधैँ आफ्नो मुख राम्रो र प्रसन्न राखोस् (अगाडि फर्केर बसोस् अर्थात् पराङ्मुख भएर नबसोस्) । अप्ठारो अवस्थामा रहेका मनुष्यलाई अगाडि सरेर संरक्षण गरोस् (दुगर्तिपतितानां रक्षिता, अथवा कठिन परिस्थितिमा पनि राम्ररी सोच विचार गरेर काम गरोस्) । सधैँ हवन (बलि वैश्वदेव आदि/ देवयज्ञ, पितृयज्ञ, ब्रह्मयज्ञ, वैश्वदेवयज्ञ एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काले हितमितमधुरार्थवादी, वश्यात्मा, धर्मात्मा, हेतावीर्ष्युः, फले नेर्ष्युः, निश्चिन्तः, निर्भीकः, ह्रीमान्, धीमान्, महोत्साहः, दक्षः, क्षमावान्, धार्मिकः, आस्तिकः, विनयबुद्धिविद्याभिजनवयोवृद्धसिद्धाचार्याणामुपासिता, छत्री, दण्डी, मौली, सोपानत्को, {नक्तं} युगमात्रदृग्विचरेत्, मङ्गलाचारशीलः, कुचेलास्थिकण्टकामेध्यकेश-तुषोत्करभस्मकपालस्नानबलिभूमीनां परिहर्ता, प्राक् श्रमात् व्यायामवर्जी स्यात्, सर्वप्राणिषु बन्धुभूतः स्यात्, क्रुद्धानामनुनेता, भीतानामाश्वासयिता, दीनानामभ्युपपत्ता, सत्यसन्धः, सामप्रधानः, परपरुषवचनसहिष्णुः, अमर्षघ्नः, प्रशमगुणदर्शी, रागद्वेषहेतूनां हन्ता च।

नृयज्ञ) गरोस्, र सधैँ याग (देवपूजन आदि) सम्पादन गरोस्। प्रतिदिन (उचित पात्र एवं उचित समय प्राप्त भएमा दीन पुरुष आदिलाई र अदीन ब्राह्मण आदिलाई) दान देओस्, चतुष्पथ (चौबाटो- त्यस्तो चोक जहाँबाट चारैतिर बाट गएका हुन्छन्) लाई नमस्कार गरोस्। देवताहरूलाई बलिप्रदान गर्ने (अथवा प्राणीहरूलाई बलि अर्थात् जीविका प्रदान गर्ने) कार्य गरोस्। अतिथिहरूको पूजक (पूजा गर्ने) बनोस्। पितृहरूलाई (पिता, पितामह, प्रपितामह एवं मतामह आदिलाई) पिण्ड (वस्त्र, तर्पण आदि) अर्पण गर्ने काम गरोस्।

समयमा (मौकामा) हितकर, परिमित, मधुर एवं अर्थयुक्त (सार्थक वा प्रयोजन युक्त) बोली बोलोस्। आत्मा (इन्द्रिय/मन) लाई वशमा बनाएको (जितेन्द्रिय/संयमी) एवं धर्मात्मा (धर्ममा मन लागेको) होस्। अरूले (विद्या, धन, धर्म आदिमा) उन्नति गरेको देखेर म पनि यस्तै उन्नति गर्न सकौं भनी ईर्ष्या गरोस् तर फलमा (अरूले प्राप्त गरेका उपलब्धिमा) ईर्ष्या नगरोस्। कुनै प्रकारको चिन्ता नभएको अर्थात् दुश्चिन्तात्यागी बनोस्। जस्तोसुकै डर लाग्दो परिस्थिति आइपरे पनि नडराउने (डर नभएको/साहसी) बनोस्। (आहारमा र व्यवहारमा छाडेर अरू ठाउँमा) लजाउने होस्। हिताहितको विश्लेषण गर्ने क्षमता भएको होस्। काम गर्दा ठूलो उत्साहले उक्त भएको (उद्योगी/महत्त्वाकाङ्क्षी) बनोस्। सबै काम गर्न निपुण (जे काम पनि जान्ने) होस्। प्राणीहरूमा क्षमा गर्ने स्वभाव भएको (अपराधीलाई पनि क्षमा गर्न सक्ने) होस्। धर्ममा आस्था राख्ने (धार्मिक स्वभाव भएको) होस्। आस्तिक (वेद आदि सत् शास्त्र मान्ने/नास्तिकता रहित) बनोस्। विनय (नम्रता), बुद्धि, विद्या, अभिजन (पवित्र वंशमा उत्पत्ति) भएका पुरुषहरूको साथै वयोवृद्धहरूको (उमेरमा आफूभन्दा पाका पुरुषहरूको), सिद्धहरूको (तपस्या आदिमा सफलता प्राप्त गरेका महात्माहरूको) एवं आचार्य (गायत्री मन्त्रको उपदेश दिने गुरु)- हरूको सधैँ सेवा गरोस्।

छाता र दण्ड (लौरो) धारण गरोस्। मौली (शिरमा सधैँ वस्त्र धारण गर्ने अथवा मौनी- बिना उद्देश्य वा अनावश्यक ठाउँमा नबोल्ने) होस्, जूता लगाओस्। {रातिका समयमा पनि} आफ्ना वरिपरि वा अगाडि चार हात परसम्म हेरेर हिँडोस्। माङ्गलिक कार्य गर्ने स्वभाव भएको होस्। कुचैल (मैला वा फाटेका कपडा), अस्थि, (हाड-मासु), कण्टक (काँडा) अपवित्र (श्मशानादिगत) केश, धानको भुस, उत्कर (ढुङ्गाका सान- साना टुक्रा, बालुवा, कङ्कण आदि), खरानी, कपाल (घैंटा आदिका खबटा अथवा मान्छेका खप्पर), स्नान भूमि (जलाशय भिन्न), एवं पूजास्थानको परिहार गरोस्। (परिधान एवं भोजनका लागि परिगणित वस्तु एवं स्थानको उपयोग नगरोस्।) श्रम गर्नुभन्दा पहिले व्यायाम नगरोस् (आधाभन्दा बढी परिश्रम भएमा व्यायाम छोडोस्)। सबै प्राणीहरू आफ्ना बान्धव नै हुन् भन्ने भावना राख्ने होस्। (राजद्वेषी र पतित आदिको उपचार गर्दा अधर्म हुने भएता पनि उनीहरूप्रति दयाले गर्दा आर्द्र हृदय भएको होस्)। रिसाएकालाई खुसी गराउने (विनयी), डराएकालाई आश्वस्त (निर्भय) गराउने, दीन दुःखीहरू माथि दया गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नानृतं ब्रूयात्, नान्यस्वमाददीत, नान्यस्त्रियमभिलषेन्नान्यश्रियम्, न वैरं रोचयेत्, न कुर्यात् पापम्, न पापेऽपि पापी स्यात्, नान्यदोषान् ब्रूयात्, नान्यरहस्यमागमयेत्, नाधार्मिकैर्न नरेन्द्रद्विष्टैः सहासीत नोन्मत्तैर्न पतितैर्न भ्रूणहन्तृभिर्न क्षुद्रैर्न दुष्टैः, न दुष्टयानान्यारोहेत्, न जानुसमं कटिनमासनमध्यासीत, नानास्तीर्णमनुपहितमविशालमसमं वा शयनं प्रपद्येत, न गिरिविषममस्तकेष्वनुरचेत्, न द्रुममारोहेत्, न जलोग्रवेगमवगाहेत, न कुलच्छायामुपासीत, नाग्न्युत्पातमभितश्चरेत्, नोच्चैर्हसेत्, न शब्दवन्तं मारुतं मुञ्चेत्, नानावृतमुखो जृम्भां क्षवथुं हास्यं वा प्रवर्तयेत्, न नासिकां कुष्णीयात्, न दन्तान् विघट्टयेत्, न नखान् वादयेत्, नास्थीन्यभिहन्यात्, न

(अभ्युपत्ता- उपकारार्थं स्वीकर्ता), साँचो प्रतिज्ञा गर्ने (झूटो नबोल्ने/ आफूले भनेका कुरा गरिछाड्ने), साम (समानता वा शम- शान्ति) लाई नै महत्त्वपूर्ण पदार्थ मान्ने, अरूको कठोर वचन पनि सहन सक्ने, अमर्ष (असहनशीलता) लाई नष्ट गराउने अर्थात् रिसाएकालाई शान्त गराउने, शान्तिलाई महत्त्व दिने (शत्रुहरूलाई वा विपक्षलाई शान्तिको महत्त्व बुझाउने), राग (कुनै वस्तुप्रतिको मोह) एवं द्वेष (शत्रुता) का कारणलाई नष्ट गराउने (सम्पत्ति बाँडफाँडमा देखिने कलह आदि शान्त बनाउन सक्ने) होस्। (च. सं. १/८/१८)

झूटो न बोलोस्।[४८] अरूको सम्पत्ति न हडपोस्। अरूका श्रीमतीको र अरूका सम्पत्तिको आकाङ्क्षा न राखोस्। अरूसित शत्रुता गर्ने इच्छा नगरोस्। पाप (पापाचार) न गरोस्। पापमा मन नलाओस् अथवा पापी पुरुषसित पनि पाप नगरोस्। अरूको दोषको बदख्याइँ गर्दै नहिँडोस्। अरूका गोप्य कुरा थाहा पाउने चेष्टा नगरोस्। अधार्मिक (धर्मविरुद्ध क्रिया गर्ने पुरुष) सित र राजासित शत्रुता गर्ने पुरुषसित नबसोस्। यसै प्रकारले उन्मत्तका (बौलाहाका), पतितका (नराम्रो काम गर्ने चाण्डाल आदिका), भ्रूणहत्या (गर्भपात) गर्नेहरूका, क्षुद्र (तुच्छ स्वभाव हुने) हरूका र दुष्ट (चोरी डकैती आदि दुराचारले युक्त भएका) पुरुषहरूका साथमा नबसोस्। दुष्टयानमा (अभ्यास नगराइएका घोडा आदिमा) न बसोस्। घोँडासम्मको कठिन (अप्ठ्यारो) आसनमा (लामो समयसम्म) नबसोस्। कुनै बिस्तरा आदि नडस्याइएको, सिरानी आदि नराखिएको, सानो (सङ्कुचित/सजिलै सुत्न नमिल्ने), राम्ररी नमिलेको (तल-माथि भएको) बिस्तरामा नसुतोस्। पहाडका विषम (खाल्टा-खुल्टी भएका) अग्रभागमा (टाकुरामा) घुमफिर नगरोस् (अथवा पहाडमा र निम्नोन्नत जमिनमा नजाओस्)। (धेरै अग्ला) बुटामा नचढोस्।[४९] पानीको तीव्र प्रवाहमा स्नान नगरोस्। सत्पुरुषका अथवा आफ्ना कुलमा उत्पन्न भएका मान्यजनका छाया चरणले स्पर्श नगरोस् (कूलच्छाया- नदीका किनारमा रहेका रूखका छायामा नबसोस्)। उल्कापात भएका अवस्थामा (अथवा आगाका मुस्लाका) चारैतिर (नजिकमा) नहिँडोस्।

---

४८. सामान्य अवस्थाम झूटो बोल्न हुन्न। अथवा धर्मविरुद्ध झूटो बोल्नु हुँदैन, अरूलाई हानि पुऱ्याउने उद्देश्यले झूटो बोल्न हुँदैन। विशेष परिस्थितिमा भने शास्त्रले पनि झूटो बोल्ने अनुमति दिएको छ। जस्तै- राजयक्ष्माले ग्रस्त पुरुषलाई तित्तिर पक्षीको मासु हो भनी झुक्याएर कौवाको मासु खान दिएका दोष लाग्दैन। रोगीको प्राण बचाउने उद्देश्य भएकाले यस्ता झूट वाक्य बोल्दा अनर्थ हुँदैन। शास्त्रमा पनि- **स्त्रीनर्मसूद्वाहविधौ तथैव सर्वेषु चैव व्यसनेषु नृणाम्। प्राणात्यये सर्वधनापहारे पञ्चानृतान्याहुरपातकानि ।।** भनिएको छ।

४९. यहाँ निरुद्देश्य (वानरझैं) रूखमा सञ्चरण नगरोस् भनिएको हो। आयुर्वेदमा नै फलग्रहणका लागि अमला आदिका रूखमा चढ्नु भनी उल्लेख गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिं विलिखेत्, न छिन्द्यात्तृणम्, न लोष्टं मृद्नीयात्, न विगुणमङ्गैश्चेष्टेत, ज्योतींष्यनिष्टममेध्यमशस्तं च नाभिवीक्षेत, न हुङ्कुर्याच्छवम्, न चैत्यध्वजगुरुपूज्याशस्तच्छायामाक्रामेत्, न क्षपास्वमरसदनचैत्यचत्वर-चतुष्पथोपवनश्मशानाघातनान्यासेवेत, नैकः शून्यगृहं न चाटवीमनुप्रविशेत्, न पापवृत्तान् स्त्रीमित्रभृत्यान् भजेत, नोत्तमैर्विरुध्येत, नावरानुपासीत, न जिह्मं रोचयेत्, नानार्यमाश्रयेत्, न भयमुत्पादयेत्, न साहसातिस्वप्नप्रजागर-स्नानपानाशनान्यासेवेत, नोर्ध्वजानुश्चिरं तिष्ठेत्, न व्यालानुपसर्पेन्न द्रंष्टिणः न विषाणिनः, पुरोवातातपावश्याया-

---

जोर- जोससित (अट्टहास गर्दै) नहाँसोस् । आवाज निकाल्दै अपान वायुको उत्सर्जन नगरोस् (सबैले सुन्ने गरी नपादोस्) । मुख नफट्टाईकन जृम्भा (हाइ), छिक्का (ह्याच्छ्युँ) र हास्य (हाँस्ने कार्य) नगरोस् । नाक न कोट्याओस् । दाँत नकट्कटाओस् (तल र माथिका दाँतलाई जोडेर कटकट आवाज निकाल्ने काम वा दाँत कोट्याउने काम नगरोस्) । नङ्हरूको घर्षण (दुवै हातका नङलाई परस्परमा रगेट्ने एवं दाँतले नङ टोक्ने कार्य) न गरोस्, हाडहरू नबजाओस्, निरुद्देश्य जमिनमा नकोरोस्, विना प्रयोजन नङले झार-पात नछिँदालोस्, माटाका डल्ला विना प्रयोजन गोडाले नफुटालोस्, अङ्गहरूद्वारा नराम्रो चेष्टा (अश्लीलता प्रदर्शन आदि) नगरोस् । (सूर्य, अग्नि आदि) तेजपुञ्जहरूलाई, अनिष्ट पदार्थलाई, अपवित्र पदार्थलाई र निन्दित (चिताको अङ्गार, हाड आदि) पदार्थलाई नहेरोस् । लासलाई देखेर हुङ्कार (सबैलाई दुःख दिन्थिस् बल्ल ठीक भयो भनी हर्ष प्रकट गर्ने कार्य) नगरोस् । चैत्य (ग्रामप्रधानतरु/ग्राम्यदेवता), ध्वजा (ध्वजा-पताका), गुरु (माता-पिता एवं आचार्य आदि), पूज्यजन (आदरणीय महात्मा आदि) र निन्दित वस्तुहरूका छाया न नाघोस् । रातिका समयमा देवालय (मन्दिर), चैत्य (ग्राम देवतास्थान/गाउँको अग्लो ठाउँ), चउर (आँगन), चौराहा (चौबाटो), बगैंचा, श्मशान (मुर्दाघाट) एवं वधशाला आदिमा नबसोस् । शून्य घरमा र एकान्त वनमा एक्लै प्रवेश नगरोस् । पाप वृत्ति भएका (पापाचार गर्ने) महिलाहरूको, मित्रहरूको र सेवकहरूको सङ्गत नगसोस् वा उनीहरूलाई साथ नदेओस् । आफूभन्दा ठूलाबडा मानिसहरूसित विरोध अर्थात् शत्रुता नगरोस् । आफूभन्दा तल्ला तहका मानिसको सेवा (सङ्गत) नगरोस् । कुटिलताको (छल कपट गर्ने) इच्छा नगरोस् । अनार्यको (आर्येतर दुष्ट/शूद्रको) आश्रय नलिओस् ।

कसैलाई पनि डराउन दिने काम नगरोस् । अत्यन्त साहस (उत्साह) देखाउने, धैरै सुत्ने, धैरै जाग्ने, धैरै नुहाउने, धैरै पिउने (तरल पदार्थ पान गर्ने) र धैरै खाने नगरोस् । गोडा माथि उचालेर (डण्डजस्तो भएर) धैरै समयसम्म नबसोस् । (विषालु) सर्पका पछि-पछि हिँड्ने, (लामा-लामा) दाह्रा भएका (सिंह आदि) पशुहरूको पछि-पछि हिँड्ने र (तीखा-तीखा) सिङ भएका (भैंसी आदि) जनावरको पछि-पछि हिँड्ने (अथवा सर्प आदिका नजिकमा जाने) काम नगरोस् । अगाडि (पूर्व) तिर रहेका वायु, आतप (धाम), तुसार, हुरी-हुन्डरीको त्याग गरोस् (आँखामा धूला आदि पदार्थ पर्ने भएकाले हावा आदिको सन्मुख भएर नबसोस्) । आफै झगडा गर्न सुरु नगरोस् । असावधान भएर (वैतानिक एवं वैवाहिक) अग्निको उपासना (हवन एवं पूजन) नगरोस् । जूठो खाना आगामा न तताओस् (जूठो खाना आगामा नडढाओस् अथवा जुठा मुखसित आगो नतातोस्) र गोडा देखाएर (अग्निलाई) तल पारेर) पनि आगो नतातोस् । थकाइ नेमेटिईकन, मुख नधोईकन र पूरै नाङ्गो भएर स्नान नगरोस् । स्नानशाटी (स्नान गर्ने बेलामा लगाइएको साडी वा कम्मरभन्दा तल बाँध्ने गरेको कपडा) द्वारा टाउकाको स्पर्श (टाउको पुछ्ने काम) नगरोस् । कपालका अग्रभागको ताडन (फड्कारेर पानी झराल्ने काम) नगरोस् । जुन कपडा लगाएर स्नान गरेको हो तिनै कपडा निचोरेर लगाउने काम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिप्रवाताञ्जह्यात्, कलिं नारभेत, नासुनिभृतोऽग्निमुपासीत नोच्छिष्टः, नाघः कृत्वा प्रतापयेत्, नाविगतक्लमो नानाप्लुतवदनो न नग्न उपस्पृशेत्, न स्नानशाट्या स्पृशेदुत्तमाङ्गम्, न केशाग्राण्यभिहन्यात्, नोपस्पृश्य ते एव वासरी बिभृयात्, नास्पृष्ट्वा रत्नाज्यपूज्यमङ्गलसुमनसोऽभिनिष्क्रामेत्, न पूज्यमङ्गलान्यपसव्यं गच्छेन्नेतराप्यनुदक्षिणम्।

नारत्नपाणिर्नास्नातो नोपहतवासा नाजपित्वा नाहुत्वा देवताभ्यो नानिरूप्य पितृभ्यो नादत्वा गुरुभ्यो नातिथिभ्यो नोपाश्रितेभ्यो नापुण्यगन्धो नामाली नाऽप्रक्षलितपाणिपादवदनो नाशुद्धमुखो नोदङ्मुखो न विमना नाभक्ताशिष्टाशुचिक्षुधितपरिचरो न पात्रीष्वमेध्यासु नादेशे नाकाले नाकीर्णे नादत्वाऽग्रमग्नये नाप्रोक्षितं प्रोक्षणोदकैर्न मन्त्रैरनभिमन्त्रितं न कुत्सयन्न कुत्सितं न प्रतिकूलोपहितमन्नमाददीत, न पर्युषितमन्यत्र मांसहरितशुष्कशाकफलभक्ष्येभ्यः, नाशेषभुक् स्यादन्यत्र दधिमधुलवणसक्तु{सलिल}सर्पिभ्यः, न नक्तं दधि भुञ्जीत, न सक्तूनेकानश्नीयान्न निशि न भूक्त्वा न बहून् न द्विर्नोदकान्तरितात्, न छित्वा द्विजैर्भक्षयेत्॥

नगरोस्। रत्न (सुवर्ण माणिक्य आदि), घिउ, पूजनीय माङ्गलिक पदार्थ (शालग्राम आदि) एवं पुष्पको स्पर्श नगरीकन बाहिर ननिस्कियोस्। पूज्य एवं मङ्गलकर वस्तुहरूको दाहिनेतिरबाट नजाओस्। अपूज्य एवं अमाङ्गलिक वस्तुहरूको दाहिनेतिरबाट नजाओस्। (माङ्गलिक पदार्थलाई दाहिने गराएर एवं अमाङ्गलिक पदार्थलाई बायाँ बनाएर जाओस्) (च. सं. १/८/१९)

{निम्न अवस्थामा भोजन (खाना खाने काम) गर्न हुन्}- हातमा रत्न नलगाएको, स्नान नगरेको, सफा र शुद्ध कपडा नलगाएको अवस्थामा भोजन गर्न हुँदैन। गायत्रीजप नगरेको, हवन नगरेको (देवताहरूलाई केही अर्पण नगरेको अथवा नित्य हवन नगरेको) र पितृहरूको श्राद्ध-तर्पण आदि कार्य सम्पन्न नगरेको अवस्थामा भोजन गर्न हुन्। बुबा आमालाई भोजन नगराएको र गुरुहरूलाई, अतिथिहरूलाई एवं आश्रित व्यक्तिहरूलाई भोजन नगराएको अवस्थामा पनि भोजन गर्न हुँदैन। शरीरबाट नराम्रो गन्ध आइरहेको, पुष्पमाला धारण नगरेको, हात गोडा एवं मुख नधोएको र अपवित्र मुख भएको (आचमन नगरेको) स्थितिमा पनि भोजन गर्न (खाना खान) हुन्। उत्तरतिर फर्किएर साथै मनलाई चञ्चल बनाएर (व्यग्रावस्थामा) खाना खान हुन्। श्रद्धा नभएका, शिष्टता नभएका, अपवित्रता नभएका र भोकाएका सेवकले युक्त भएको पुरुषले भोजन गर्न हुँदैन। नराम्रा एवं अशुद्ध भाँडामा, अनुचित ठाउँमा, अनुचित समयमा र अकीर्ण (सङ्कुचित/साँघुरो अथवा आकीर्ण धेरै मानिस भएको) ठाउँमा भोजन गर्न हुँदैन। अग्निलाई पहिले अर्पण (बलिवैश्वदेव) न गरिएको, प्रोक्षणीको जलले वेदोक्तविधिपूर्वक प्रोक्षण नगरिएको र वेदमन्त्रद्वारा अभिमन्त्रण नगरिएको खाना खान हुन्। निन्दा गर्दै (यस्तो उस्तो भनी रेख लगाउँदै) खान हुन्छ र निन्दित (रेख लगाइएको/ अखाद्य मानिएको) भोजन पनि खान हुन्छ। विरोधी (विपक्षी) हरूद्वारा ल्याइएको अन्न खान हुँदैन वा विपक्षीहरूका नजिकमा बसेर खान हुँदैन। बासी (एक रात बितेको) अन्न पनि खान हुँदैन। मासु, हरियो साग (अथवा सरस अदुवा आदि), सुकेको पात, फल-फूल र अन्य घिउमा पाकेका मीठाइँ, लड्डू आदि भक्ष्य पदार्थ बासी भए पनि खान हुन्छ। (अतः मासु आदि बाहेकका अरू बासी पदार्थ खान हुँदैन)

खाने कुरा सबै खान हुँदैन (थालमा अलिकति छाडिदिनुपर्छ)। दही, मह, नुन, सातु, {पानी} र घिउ भने भाँडामा छाड्न पर्दैन वा हुँदैन अर्थात् पूरै खानुपर्छ। (दही आदिलाई छाडेर अन्य पदार्थ पूरै खान हुन्। दही आदि पदार्थ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नानृजुः क्षुयान्नाद्यान्न शयीत, न वेगितोऽन्यकार्यः स्यात्, न वाय्वग्निसलिलसोमार्कद्विजगुरुप्रतिमुखं निष्ठीविका(वात)वर्चोमूत्राण्युत्सृजेत्, न पन्थानमवमूत्रयेन्न जनवति नान्नकाले, न जपहोमाध्ययनबलि-मङ्गलक्रियासु श्लेष्मसिङ्घाणकं मुञ्चेत्।

न स्त्रियमवजानीत, नातिविश्रम्भयेत्, न गुह्यमनुश्रावयेत्, नाधिकुर्यात्। न रजस्वलां नातुरां नामेध्यां नाशस्तां नानिष्टरूपाचारोपचारां नादक्षां नादक्षिणां नाकामां नान्यकामां नान्यस्त्रियं नान्ययोनिं नायोनौ न चैत्यचत्वर-चतुष्पथोपवनश्मशानाघातनसलिलौषधिद्विजगुरुसुरालयेषु न सन्ध्ययोर्नातिथिषु नाशुचिर्नाजग्धभेषजो

पवित्र भएकाले जूठो हालेर छाड्न हुन्न)। रातिका समयमा दही खान हुन्न। शुद्ध (चिनी, घिउ आदि नहालिएको) सातु खान हुँदैन। रातिमा सातु खान हुँदैन, खाना खाएर सातु खान हुँदैन, धेरै सातु खान हुँदैन, एक दिनमा दुईपटक सातु खान हुँदैन, पानीमा नभिजाईकन सातु खान हुँदैन,, दाँतले टोकेर सातु खान हुँदैन।[५०] (च. सं. १/८/२०)

न झुकीकन न ह्याच्छ्युँ गरोस्, न खाओस्, न सुतोस् अर्थात् उक्त सबै कार्य गर्दा शरीर केही मात्रामा झुकाओस्। मल-मूत्रले च्यापेका समयमा अरू कार्य नगरोस्। (पहिले मल-मूत्रको विसर्जन गरोस् र त्यसपछि आवश्यक कार्य गरोस्) वायु, अग्नि, जल, चन्द्रमा, सूर्य, ब्राह्मण एवं गुरु (माता-पिता) का अगाडि फर्किएर नथुकोस् (खोक्दै खकार नफलोस्), अपान वायुको उत्सर्जन नगरोस् र मल-मूत्र त्याग गर्ने काम पनि न गरोस्। बाटामा पिसाब नफेरोस्। मानिसहरू बस्ने ठाउँमा पिसाब नफेरोस् र खान खाने समयमा पनि पिसाब नफेरोस्। जप, हवन, अध्ययन, बलि (पूजा) एवं पवित्र क्रियाहरू भइरहेका अवस्थामा कफ एवं सिँगान नफालोस्। (च. सं. १/८/२१)

महिलाहरूको तिरस्कार (अपमान) नगरोस्। महिलाहरूको धेरै विश्वास (प्रश्रय दिने कार्य) नगरोस्। महिलाहरूलाई गोप्य कुरा नसुनाओस्। सबै अधिकार महिलालाई सुम्पने (स्वामिनी बनाउने) काम नगरोस्। रजस्वला भएकी, ज्वर आदि रोगले आक्रान्त भएकी, अपवित्र (अस्पृश्य) अवस्थामा रहेकी, (चाण्डाल आदि जातिमा उत्पन्न भएकाले वा कुष्ठ आदि रोग लागेकाले स्वभावतः) निन्दित मानिएकी, राम्रो (मन पर्ने) रूप, आचार एवं उपचार (व्यवहार) नभएकी, चतुरता नभएकी, आफ्ना अनुकूल नभएकी (विपरीत स्वभाव भएकी), कामना (सम्भोगको इच्छा) नभएकी (अथवा आफूलाई मन नपराउने), अरू नै पुरुषमा आसक्त भएकी स्त्रीका साथमा समागम नगरोस्। परस्त्रीका साथमा र असमान जातका स्त्रीका साथमा पनि समागम नगरोस्। योनिबाहेक अन्यत्र (गुदा, मुख आदिमा) मैथुन नगरोस्। चैत्य (देवताको मन्दिर), चौर (वा आँगन), चौबाटो, उपवन (बगैंचा), श्मशान एवं वध्यभूमिमा (उल्लिखित स्थानका समीपमा)

---

५०. प्रस्तुत सूत्रका अन्तमा सातु खाने विधि बताइएको छ। सातु दिनमा मात्र खानुपर्छ, रातीमा खान हुँदैन। शास्त्रमा भनिएको छ- **दिवा कपित्थे वसति रात्रौ दध्नि च सक्तुषु। अलक्ष्मीः कलहाधारा कोविदारे कृतालया॥** अर्थात् 'कोविदार वृक्षलाई नित्य निवासस्थान बनाएकी र झैझगडाका आधारभूमिका रूपमा रहेकी अलक्ष्मी दिउँसमा कपित्थ (कैथ) वृक्षमा बस्छिन् र रातीका समयमा दहीमा एवं सातुमा बस्छिन्।' यसै प्रसङ्गमा खाना खाएर सातु खान हुँदैन, धेरै सातु खान हुँदैन, एक दिनमा दुई पटक सातु खान हुँदैन भनिएको छ। पानीमा न भिजाएको सातु पनि खान हुन्न भन्नका लागि **नोदकान्तरितान्** शब्दको प्रयोग गरिएको छ। **'सक्तुं पिबति'** जस्ता वाक्य पाइने हुनाले उक्त अर्थ गरिएको हो। टोकेर पनि सातु नखानु भनिएको छ। यसको तात्पर्य पानी खाएझैं खानुपर्छ पनि हुन्छ र चपाएर खानुपर्छ पनि हुन सक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाप्रणीतसङ्कल्पो नानुपस्थितप्रहर्षो नाभुक्तवान्नात्यशितो न विषमस्थो न मूत्रोच्चारपीडितो न श्रमव्यायामोपवासक्लमाभिहतो नारहसि व्यवायं गच्छेत्।

न सतो न गुरून् परिवदेत्, नाशुचिरभिचारकर्मचैत्यपूज्यपूजाध्ययनमभिनिर्वर्तयेत्।

न विद्युत्स्वनार्तवीषु नाभ्युदितासु दिक्षु नाग्निसम्प्लवे न भूमिकम्पे न महोत्सवे नोल्कापाते न महाग्रहोपगमने न नष्टचन्द्रायां तिथौ न सन्ध्ययोर्नामुखादुरोर्नावपतितं नातिमात्रं न तान्तं न विस्वरं नानवस्थितपदं नातिद्रुतं न विलम्बितं नातिक्लीबं नात्युच्चैर्नातिनीचैः स्वरैरध्ययनमभ्यस्येत्।

सम्भोग नगरोस्। पानी (जलाशय), औषधि (औषधालय), ब्राह्मण, मान्यजन एवं देवालयका नजिकमा समागम नगरोस्। बिहान एवं साँझका दुवै सन्ध्याका समयमा, निषिद्ध (पूर्णिमा, अष्टमी, चतुर्दशी एवं अमावस्या) तिथिमा (साथै सङ्क्रान्तिमा, श्राद्ध भएका दिनमा) पनि स्त्रीसमागम नगरोस्। अपवित्र अवस्थामा हरेको, बाजीकरण आदि औषधि नखाएको, सङ्कल्प (मैथुन गर्ने इच्छा) नभएको, आनन्दको अनुभूति गर्न नसकिरहेको (शिश्नमा उत्तेजना उत्पन्न नभएको), खाना नखाएको, धेरै खाना खाएको, विषम (तल माथि परेको) स्थानमा बसेको, मल-मूत्रको वेगले पीडित भएको, परिश्रम, व्यायाम एवं उपवासका थकानले आक्रान्त भएको पुरुषले स्त्री समागम नगरोस्। खुल्ला ठाउँमा (सबैले देख्न सक्ने ठाउँमा) पनि स्त्रीसम्भोग नगरोस्। (च. सं. १/८/२२)

सज्जनहरूको र मान्यजनहरूको निन्दा नगरोस् (सत्पुरुषका र मान्यजनका कुरा काट्ने एवं उनीहरूलाई आरोप लगाउने कार्य नगरोस्)। अपवित्र अवस्थामा अभिचार (मारण-मोहनादि वा श्येनादि उपचार), कर्म, चैत्यपूजा, मान्यजनको सत्कार एवं (वेदादिको) अध्ययन नगरोस्। (च. सं. १/८/२३)

{निम्न अवस्थामा अध्ययन गर्न हुँदैन}- विना ऋतुको (असमयमा) बिजुली चम्किएमा, दिशाहरू प्रकाशित नभएमा अर्थात् आकाश जलेमा (दिग्दाह भएमा), गाउँ सहर आदिमा आगो लागेमा, भूमिकम्प भएमा (भूकम्प आएमा), ठूला उत्सवका समयमा, (आफ्नो सम्बन्ध भएका व्यक्तिका विवाह आदि कृत्यमा, विजयादशमी, दीपमालिका, होलिका आदि पर्वमा), उल्कापात (आकाशीय पिण्डपतन) भएमा, महाग्रहहरूको उपगममा अर्थात् सूर्यग्रहण एवं चन्द्रग्रहण लागेका अवस्थामा (साथै शनि, गुरु, राहु एवं केतुको सञ्चारमा), चन्द्रमाका कलाहरू क्षय हुने (चन्द्रमा नदेखिने- कृष्णपक्षका चतुर्दशी र अमावस्या एवं शुक्लपक्षको प्रतिपदा) तिथिमा, बिहान एवं साँझका दुवै सन्ध्यामा पढ्न हुँदैन। गुरुमुख नलागएर (गुरुले पहिले नपढाईकन) पढ्न हुँदैन। अक्षरहरू छाड्दै, (खाना खाँदै), अधिक मात्रामा अर्थात् धेरै लामो लेग्रो तानेर, रूखो स्वरमा, उदात्त आदि स्वर थाहा नपाउने गरी, पदहरूलाई अव्यवस्थित (उल्लो-पाल्टो) बनाएर अर्थात् वर्ण, मात्रा विराम आदिको ख्यालै नगरी, धेरै चाँडै (छिटोछिटो), धेरै ढिलो, क्लीब बनेर (बोल्ने शक्ति नै नभएजस्तो गरी विलम्बले उच्चारण गरेर), अत्यन्त उच्च स्वरमा (बेस्करी कराएर/अति उदात्त स्वरमा), अत्यन्त निम्न (नसुनिने/अनुदात्तादि) स्वरमा, अभ्यास (पढेका विषय पुनः दोहोऱ्याउने कार्य) गर्न हुँदैन।[५१] (च. सं. १/८/२४)

---

५१. यो अध्ययनविधि विशेषतः गृहस्थाश्रममा रहेका गृहस्थलाई लक्ष्य गरेर बताइएको हो। ब्रह्मचर्य आश्रममा रहेका व्यक्तिको ब्रह्मचर्य धारण नै सदाचार भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नातिसमयं जह्यात्, न नियमं भिन्द्यात्, न नक्तं नादेशे चरेत्, न सन्ध्यास्वभ्यवहाराध्ययनस्त्रीस्वप्नसेवी स्यात्, न बालवृद्धलुब्धमूर्खक्लिष्टक्लीबैः सह सख्यं कुर्यात्, न मद्यद्यूतवेश्याप्रसङ्गरुचिः स्यात्, न गुह्यं विवृणुयात्, न कञ्चिदवजानीयात्, नाहम्मानी स्यान्नादक्षो नादक्षिणो नासूयकः, न ब्राह्मणान् परिवदेत्, न गवां दण्डमुद्यच्छेत्, न वृद्धान्न गुरून्न गणान्न नृपान् वाऽधिक्षिपेत्, न चातिब्रूयात्, न बान्धवानुरक्तकृच्छ्रद्वितीयगुह्यज्ञान् बहिष्कुर्यात्।

नाधीरो नात्युच्छ्रितसत्त्वः स्यात्, नाभृतभृत्यः, नाविश्रब्धस्वजनः, नैकः सुखी, न दुःखशीलाचारोपचारः, न सर्वविश्रम्भी, न सर्वाभिशङ्की, न सर्वकालविचारी।

सामूहिक निर्णयको बेवास्ता नगरोस् (समय त्यसै खेर नफालोस्)।[५२] शास्त्रीय नियमहरूको उल्लङ्घन नगरोस्। रातिका समयमा र जङ्गल आदि अनुचित ठाउँमा नघुमोस्। सन्ध्याका समयमा भोजन, अध्ययन, स्त्रीसङ्गम (मैथुन) एवं शयन (स्वप्नसेवन/सुत्ने काम) नगरोस्। बालकहरूका, बूढाहरूका, लोभीहरूका, मूर्खहरूका, कुष्ट आदि रोगले पीडित बनेका पुरुषहरूका र क्लीब (नपुंसक/नपुंसकझैं थोरै बल भएका/काम गर्ने उत्साह नभएका) हरूका साथमा मित्रता नगरोस्। मद्यमा (जाँड रक्सीमा), जुवामा र वेश्यामा मन नलगाओस्। गोप्य कुरा कसैलाई न बताओस्। कसैलाई पनि अपमान नगरोस्। अहङ्कारी नबनोस् (म नै ठूलो भन्ने अहङ्कार नदेखाओस्)। अदक्ष (आवश्यक परेका अवस्थामा काम गर्ने क्षमता नभएको), नहोस्। कसैसित मिल्न नसक्ने नहोस्। असूयक (गुणमा पनि दोष देख्ने वा अरूको निन्दा गर्ने र कुरा लाइदिने) न बनोस्। ब्राह्मणहरूको निन्दा नगरोस्। गाईलाई (पिट्ने उद्देश्यले) लौरो न उठाओस्। बूढा-बूढीलाई, मान्यजन (माता-पिता) लाई, समाजलाई र राजाहरूलाई आक्षेप नलगाओस्। ज्यादा नबोलोस्। दाजु-भाइ, इष्ट-मित्र आदि बन्धु-बान्धवहरूलाई, आफूलाई ज्यादै माया गर्ने स्नेही पुरुषलाई, दुःख परेका बेलामा सहायता गरेका आत्मीयजनलाई र आफ्ना गोप्य कुरा जान्ने पुरुषलाई कहिल्यै पनि बाहिर नगराओस्, दुःख नदेओस्। (च. सं. १/८/२५)

अत्यन्त अधीर (अज्ञानी) नबनोस्। अत्यन्त हडबडाउने (उच्छृङ्खल वा उद्धत बन्ने) नगरोस्। सेवकहरूको भरण-पोषण गर्नबाट विमुख नहोस् अर्थात् सेवकहरूको भरण-पोषण गरोस्। आफ्ना मान्छेहरूको (घर-परिवारका सदस्यहरूको) अविश्वास नगरोस्। एक्लै सबै सुखको अनुभव नगरोस् (मीठो खाने कुरा (आम्रादि फल एवं मिष्टान्न आदि) अरू कसैलाई नदिएर एक्लै नखाओस्/सबैका साथमा बाँडिचुँडी खाओस्)। शील (स्वभाव वा स्वाभाविक व्यवहार) आचार (शास्त्रानुकूल व्यवहार), उपचार (वेश-भूषा, रहन-सहन) मा दुःखी (गरीब) व्यक्तिजस्तो भएर नबसोस् अर्थात् सभ्य भएर बसोस्। सबै ठाउँमा सबैको विश्वास नगरोस्। सबै ठाउँमा सबैप्रति सन्देह (शङ्का गर्ने काम) पनि नगरोस्। सबै समयमा सोच विचार गर्ने (चिन्तन मात्र गर्ने) काम पनि नगरोस्। (च. सं. १/८/२६)

---

५२. मूलमा अतिसमय शब्दको प्रयोग गरिएको छ। जसको अर्थ टीका ग्रन्थहरूमा निम्नानुसार दिइएको छ। अतिसमयो मिलित्वा बहुभिः कृतो नियमः (चक्रधरः)। अतिनिमित्ते सति बहुभिः कृतविधारणं नियमः। (गङ्गाधरः)। यसबाट सङ्घ-संस्थाका नियम मान्नुपर्छ भन्ने बुझिन्छ। न नियमं भिन्द्यात्ले भने शास्त्रीय नियमको उल्लङ्घन गर्न नहुने निर्देशन गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न कार्यकालमतिपातयेत्, नापरीक्षितमभिनिविशेत्, नेन्द्रियवशगः स्यात्, न चञ्चलं मनोऽनुभ्रामयेत्, न बुद्धीन्द्रियाणामतिभारमादध्यात्, न चातिदीर्घसूत्री स्यात्, न क्रोधहर्षावनुविदध्यात्, न शोकमनुवसेत्, न सिद्धावुत्सेकं गच्छेत् नासिद्धौ दैन्यम्, प्रकृतिमभीक्ष्णं स्मरेत्, हेतुप्रभावनिश्चितः स्याद्धेत्वारम्भनित्यश्च, न कृतमित्याश्वसेत्, न वीर्यं जह्यात्, नापवादमनुस्मरेत्।

नाशुचिरुत्तमाज्याक्षततिलकुशसर्षपैरग्निं जुहुयात्, आत्मानमाशीर्भिराशासानः, अग्निर्मे नापगच्छेच्छरीरा-द्वायुर्मे प्राणानादधातु विष्णुर्मे बलमादधातु इन्द्रो मे वीर्यं शिवा मां प्रविशन्त्वाप **आपोहिष्ठे**त्यपः स्पृशेत्, द्विः परिमृज्योष्ठौ पादौ चाभ्युक्ष्य मूर्धनि खानि चोपस्पृशेदद्भिरात्मानं हृदयं शिरश्च।

काम गर्नुपर्ने समय त्यसै नबिताओस् (उचित समयमा काम सम्पन्न गरोस्)। अपरीक्षित (परीक्षा नगरेको/नजानेको/थाहा नपाएको) ठाउँमा नजाओस् वा नबसोस्। इन्द्रियहरूको अधीनमा नबनोस्। स्वभावैले (वा अन्य कारणले) चञ्चल मनलाई एताउति न घुमाओस् (अझ चञ्चल नबनाओस्)। बुद्धिलाई र इन्द्रियहरूलाई (वा ज्ञानेन्द्रियलाई) अत्यन्त भार नदेओस्। अत्यन्त दीर्घसूत्री (ढिलो काम गर्ने) नबनोस्। जति रीस उठ्छ त्यति नै उग्र कार्य गर्ने र जति हर्ष (खुसी) हुन्छ त्यति न हर्ष मनाउने (उत्ताउलो हुने) नबनोस्। धेरै बेर शोकको (चिन्ताको) अधीनमा नबनोस्। काम सफल भएका अवस्थामा धेरै खुसी हुने (मात्तिने, उत्सेक=अतिगर्व गर्ने) र काम बिग्रिएका अवस्थामा धेरै नै दुःखी हुने (मुख निन्याउरो बनाउने) नगरोस्। प्रकृतिलाई (आफ्नो र अरूको जन्म-मरणको कारणलाई वा आफ्नो वास्तविकतालाई) निरन्तर स्मरण गरोस्। राम्रा कारणबाट राम्रो नै परिणाम निस्कन्छ र नराम्रा कारणबाट नराम्रै परिणाम निस्कन्छ, अन्यथा यस्तो हुने थिएन भन्ने दृढ धारणा भएको होस्। सधैँ राम्रा कारणहरूबाट कार्यको आरम्भ गरोस्। मैले काम गरिसकेँ भनेर (गर्नुपर्ने काम सबै सिद्ध्याइसकेँ भने धारणा बनाई) निश्चिन्त भएर नबसोस्। वीर्यको (पराक्रमको) त्याग कहिल्यै नगरोस्। अरूद्वारा गरिएका निन्दाको स्मरण नगरोस्। (च. सं. १/८/२७)

अपवित्र अवस्थामा- उत्तम अर्थात् गाईको घिउ, अक्षता, तिल, कुश एवं सर्स्युद्वारा अग्निमा हवन नगरोस्। (शुद्ध भएर वेदका मन्त्रहरूको उच्चारण गर्दै घृतादि पदार्थको अग्निमा प्रक्षेपण गर्नुपर्छ)। अग्नि मेरा शरीरभन्दा बाहिर नजाऊन्, वायुले मेरा प्राणहरूको धारण गरून्, विष्णुले मभित्र बलको सञ्चार गराइदिऊन्, इन्द्रले मेरो बल बढाइदिऊन्, कल्याणकारी जल ममा प्रविष्ट होस् जस्ता आशीर्वादको प्रार्थना गरिएका मन्त्रहरूको र **'आपो हिष्ठा मयो भुवस्ता न ऊर्जे दधातनः०'** मन्त्रको उच्चारण गर्दै अपवित्र अवस्थामा जलको स्पर्श (स्नान/आचमन) नगरोस् (पवित्र भएर लौकिक एवं वैदिक मन्त्रको उच्चारण गर्दै जलको स्पर्श (स्नान/आचमन) गर्नुपर्छ।) भोजन क्रिया सम्पन्न गरेपछि तीन पटक आचमन गरेर, दुवै ओठ पुछेर, दुवै गोडामा जल प्रोक्षण गरेर, शिरमा अवस्थित विवरहरूमा (आँखा, कान, नाक आदि सात स्थानमा), आफ्ना हृदयमा र शिरमा जलले स्पर्श गर्ने काम अपवित्र अवस्थामा नगरोस्। (यस अनुच्छेदमा बताइएका सबै काम विधिपूर्वक सम्पन्न गर्नुपर्छ, तर अपवित्र अवस्थामा होइन, अर्थात् सबै काम पवित्र भएर गर्नुपर्छ।)[५३] (च. सं. १/८/२८)

५३. मूलमा रहेको जुहुयात् पद पछि गङ्गाधरका टीकाका साथमा प्रकाशित पाठलाई आधार मानी पद विच्छेद गरिएको छ। **आशीभिराशासान इति च्छेदः, 'अग्निर्मे' इत्यादिना 'आपोहिष्ठा' इत्यन्तः स्नानमन्त्रः** भन्ने चक्रधरको व्याख्यालाई र आत्मानमाशासान इत्यादि अपः स्पृशेदित्यन्तो विच्छेद भन्ने गङ्गाधरको टीकालाई आधार मानी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्य-ज्ञानदान-मैत्रीकारुण्यहर्षोपेक्षाप्रशमपरश्च स्यादिति।

इत्थं [१३२]चरकेण यत्सतां वृत्तमारोग्यदायकमिन्द्रियनियामकञ्चेत्यभिधायोपनिबद्धं तत्सर्वं धर्मशास्त्रे निगदितमिति धर्मशास्त्रविहितसदाचारानुष्ठानादारोग्यमिन्द्रियनिग्रहश्च सम्पद्यते।

यदत्रायुर्वेदोक्तसद्वृत्तोपन्यासः कृतः स धर्मशास्त्रज्ञानां स्वाधीतधर्मशास्त्रोक्तसदाचारसमत्वज्ञापनपुरःसरं सदाचारानुष्ठानस्यैव शास्त्रान्तरप्रतिपादितमप्यैहिकफलसम्बन्धमवबोधयितुं विहितः।

१३२. चरकसंहिता, सूत्रस्थानम्, ८ अध्याय, १८-२९ सूत्राणि।

ब्रह्मचर्य पालना गर्नू (ब्रह्मचर्य एवं संन्यास आश्रममा शरीर, मन एवं वाणीद्वारा मैथुनको कामना नगर्नु, गृहस्थाश्रममा आफ्नी पत्नीका साथमा ऋतुकालमा बाहेक अन्य समयमा मैथुन नगर्नु, वानप्रस्थ आश्रममा पनि ऋतुकालमा बाहेक अन्य समयमा आफ्नी पत्नीका साथमा इच्छानुसार मैथुन गर्नु, ब्रह्मचर्य धारण गर्न नसकेका अवस्थामा विवाह गरी विधिवत् आफ्नी पत्नीका साथमा समागम गर्नु, विधवाले सधैँ मैथुनको त्याग गर्नु), अरूलाई ज्ञान दान गर्नू (शास्त्रका गूढ रहस्यको बोध गराउनू), सबै प्राणीहरूका साथमा मित्रता गर्नू (**आत्मवत् सर्वभूतानि**को सिद्धान्तअनुसार सबैलाई आफ्ना मानी व्यवहार गर्नू), सबै प्राणीमा दयाभाव देखाउनू, सधैँ हर्षित (प्रसन्न) रहनू, उपेक्षा (अचानक सम्पत्ति प्राप्त भएमा अथवा विवादका समयमा- सित्तैमा अरूको केही पनि लिन्न भन्ने अपरिग्रह बुद्धि) परायण हुनू, प्रशमपर (इन्द्रिय एवं चित्तवृत्ति शान्त भएको) बन्नु [५४] (च. सं. १/८/२९)।

यसरी आचार्य चरकले सज्जनहरूको आचरण (सदाचार) आरोग्यदायक एवं इन्द्रियनियामक हुन्छ भनी जुन सदाचारको चर्चा गरेका छन् ती सबै सदाचार धर्मशास्त्रमा वर्णन गरिएका छन्। अतः धर्मशास्त्रमा प्रतिपादन गरिएका सदाचारको पालन गर्ने हो भने आरोग्य एवं इन्द्रियनिग्रहरूप प्रयोजन सिद्ध हुन्छ।

प्रस्तुत सन्दर्भमा आयुर्वेदमा प्रतिपादन गरिएका जुन सदाचारहरूको उपन्यास (उद्धरण) गरिएको छ त्यसको उद्देश्य धर्मशास्त्रका ज्ञाताहरूलाई तपाइँहरूले आफै अध्ययन गरेका धर्मशास्त्रहरूमा जुन सदाचार प्रतिपादन गरिएका छन् ती

नेपाली अर्थ गरिएको छ। पुनश्च गङ्गाधरले स्पृशेत् स्नायात् भनी गरिएको व्याख्याको खण्डन गरेका छन्। उनका अनुसार स्पृशेत्ले भोजनभन्दा पहिले र भोजन पछि गरिने आचमनलाई सङ्केत गर्छ। यसै सन्दर्भमा गङ्गाधरले शास्त्रीय प्रमाण दिएर विस्तारपूर्वक आचमन विधिका सम्बन्धमा चर्चा गरेका छन्।

५४. मूलमा रहेको परशब्दको ब्रह्मचर्य आदि सबै शब्दका साथमा सम्बन्ध हुन्छ। टीकाग्रन्थहरूमा ब्रह्मचर्य र मैत्रीका सम्बन्धमा लामो शास्त्रीय चर्चा पाइन्छ। पुनश्च मूल शोधप्रबन्धमा चरकसंहिताका प्रथम सूत्रस्थानका आठ अध्यायका १८ देखि २९ सम्मका सूत्रहरू उद्धरण गरिएको छ। विभिन्न प्रकाशनबाट प्रकाशित चरकसंहितामा प्रशस्त पाठ भेद देखिन्छ र सूत्र सङ्ख्यामा पनि भिन्नता देखिन्छ। मूल लेखकले चक्रपाणिदत्तद्वारा लिखित टीकाका साथमा प्रकाशित ग्रन्थलाई आधार बनाएका हुनाले यहाँ पनि सोही पाठ मात्र दिइएको छ र उक्त टीका ग्रन्थमा उट्टङ्कित सूत्र सङ्ख्यालाई नै आधार मानिएको छ। अनुवाद गर्ने क्रममा विशेषतः विस्तृत व्याख्या भएको गङ्गाधरको टीकालाई आधार बनाइएको छ। मूलमा वर्णित आरोग्य प्रदान गर्नु र इन्द्रियजयी बनाउनु सदाचार पालनको समष्टि प्रयोजन हो र टीकाग्रन्थमा विशेषतः गङ्गाधरका टीकामा व्यष्टि प्रयोजन पनि देखाइएको छ। उक्त गङ्गाधरका टीकामा यहाँ वर्णन गरिएका कतिपय सदाचारका विकल्प (अपवाद) पनि देखाइएका छन्।}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रान्तरज्ञानामपि तदधीतसमानत्वज्ञापनपुरःसरं धर्मशास्त्रविहितकृत्येषु समनुष्ठानप्रवृत्युत्पादनार्थं विहितः। दृष्टप्रयोजनाकृष्टोऽदृष्टमपि साधयति धर्मशास्त्रोक्तानुष्ठानतत्परः।

धर्मानुष्ठानादनेकफलप्राप्तिः

यथा वृक्षस्यारोपकः तद्गतफलानि छायां तद्गतपुष्पाणि तदीयदारूणि इत्याद्यनेकफलान्युपभुङ्क्ते तथैव धर्मशास्त्रविहितधर्माणामनुष्ठातापि अनेकफलान्यश्नुते। तत्रायुर्वेदोक्तमारोग्यफलं जितेन्द्रियत्वरूपं फलं समनन्तरमेव समुपन्यस्तम्। धर्मशास्त्रोक्तफलानि च किञ्चित्पूर्वं निरूपितान्येव।

यत्तत्रायुर्वेदशास्त्रे फलद्वयसाधकत्वं सदाचारानुष्ठानस्याभिहितं तेषां सद्भिरनुष्ठेयानां सद्वृत्तानां धर्ममूलत्वेन धर्मशास्त्रं समादिशति इति न हि फलद्वयावसानं सदाचारानुष्ठानस्य। सदाचारस्य धर्ममूलत्वं [१३३]मनु[१३४]याज्ञवल्क्या[१३५]पस्तम्ब[१३६]पराशरादिभिर्धर्मप्रयोजकैः सर्वैरेवाभिहितम्। धर्मश्च दृष्टादृष्टप्रयोजनः। तत्रापि प्रायो-

१३३. १/१०८ मनुः। {आचारः परमो धर्मः}

१३४. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ७ श्लोकः।

१३५. आपस्तम्बधर्मसूत्रम्, १/१/१/२ तथा १/७/२०/७।

१३६. पराशरस्मृतिः, १ अध्यायः, ३७ श्लोकः।

सबै सदाचार र अन्य शास्त्रमा प्रतिपादन गरिएका सदाचार एउटै हुन् भनी बुझाउनु हो। यसको अर्को उद्देश्य अन्य शास्त्रमा सदाचारको पालन गर्नाले जुन ऐहिक फल प्राप्त हुन्छ भनिएको छ त्यस फलसित धर्मशास्त्रको पनि सम्बन्ध छ (अर्थात् धर्मशास्त्रमा बताइएका सदाचारको पालन गर्ने हो भने पनि शास्त्रान्तरमा बताइएका सदाचारबाट उत्पन्न हुने ऐहिक फल प्राप्त हुन्छन् नै) भनी बताउनु हो। अन्य शास्त्रको ज्ञान भएका पुरुषहरूलाई पनि ती ती शास्त्रमा अध्ययन गरिएका र परस्परमा मिल्दा-जुल्दा विषयको बोध हुने भएकाले त्यसबाट धर्मशास्त्रमा प्रतिपादन गरिएका कर्महरूको अनुष्ठानमा प्रवृत्ति उत्पन्न हुन सक्छ भन्ने उद्देश्यले पनि अन्य शास्त्रमा प्रतिपादन गरिएका सदाचारको वर्णन गरिएको हो। प्रत्यक्ष परिणाम देखेको (अनुभव गरेको) व्यक्ति अप्रत्यक्ष प्रयोजन पनि सिद्ध हुन सक्छ भन्ने धारणा बनाएर धर्मशास्त्रद्वारा बताइएका विभिन्न धर्मका अनुष्ठानमा तत्पर हुन्छ।

धर्मको अनुष्ठानबाट अनेकौँ फल प्राप्त हुन्छन्-

जसरी रूख लगाउने (रोप्ने) मनुष्यले त्यस रूखमा फलेका फलहरू, त्यस रूखबाट उत्पन्न छाया, त्यसमा फूलेका फूलहरू र त्यसबाट निस्केका काठ आदि अनेकौँ फलको (वस्तुको) उपभोग गर्दछ त्यसरी नै धर्मशास्त्रद्वारा बताइएका धर्महरूको अनुष्ठान गर्ने पुरुषले पनि धर्मानुष्ठानबाट उत्पन्न भएका अनेकौँ फलको उपभोग गर्छ। आयुर्वेदमा प्रतिपादन गरिएका आरोग्यता (स्वास्थ्य-लाभ) एवं जितेन्द्रियता (इन्द्रियहरूमा विजय प्राप्त गर्ने) रूपी सदाचारका फल केही पहिले (यसभन्दा पहिलेका अनुच्छेदहरूमा) बताइयो। धर्मशास्त्रद्वारा बताइएका सदाचारबाट प्राप्त हुने प्रयोजन त्यसभन्दा पनि पहिले बताइयो।

आयुर्वेदमा दुईवटा (आरोग्यत्व एवं जितेन्द्रियत्व रूप) प्रयोजनका साधनका रूपमा जुन सदाचारको अनुष्ठान गर्नुपर्छ भनी बताइयो तिनै सज्जनहरूद्वारा पालना गरिने राम्रा आचारहरूलाई धर्मशास्त्रले धर्मको मूल (जरो) मानेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऽदृष्टमूखेन दृष्टं फलं साध्यति । यद्यपि [१३७]**लभ्यमाने फले दृष्टे नादृष्टपरिकल्पना** इति न्यायात् दृष्टं फलमनुसर्तव्यम् । तथापि दृष्टसाधकसाधनोपग्रहणप्रवृत्त्युत्पादनाय बालकस्य शर्कराप्रदानवत् धर्मानुष्ठानस्य सन्त्यनेक-विधप्रयोजनानि ।

एकं घृतमासेवितमारोग्यकारकम्, आयुर्वर्द्धकम्, सकलेन्द्रियशक्तिप्रदायकम्, शरीरोजस्वित्वापादकम्, बुद्धिवर्द्धकम् सम्पद्यते, तथैवैको धर्मः सेवितोऽनेकफलकः सम्पद्यते ।

घृतप्रयोगाल्लभ्यमानस्य फलस्य प्रत्यक्षत्वादनुभवः प्रमाणमिति न तत्र प्रमाणान्तरमाक्रमते । तथापि आयुर्वै घृतमित्यादय आयुष्यादिफलाभिधायिन्यः श्रुतयोऽपि समुपलभ्यन्त एव ।

धर्मस्तु प्रत्यक्षात्, अनुमानेन, उपमानेन, शब्दात्, सम्भवात्, अनुपलब्धेः, ऐतिह्यात्, आगमादिभ्यश्चा-वगम्यते ।

---

१३७. विस्तरा, जैमिनीयन्यायमाला, १ अधिकरणम्, जिज्ञासाधिकरणम् । {१/१/१}

छ । अतः सदाचारको उपलब्धि उक्त दुई प्रयोजनको सिद्धिमा मात्र समाप्त हुँदैन । सदाचार धर्मको मूल हो भन्ने कुरा मनु (मनु. १/१०८), याज्ञवल्क्य (या.स्मृ. १/७), आपस्तम्ब (आ.ध.सू. १/१/२) एवं १/२०/७) पराशर (प.स्मृ. १/३७) आदि सबै धर्मशास्त्रका प्रयोजकहरूले (स्मृतिग्रन्थका निर्माताहरूले) भनेका छन् । धर्मका दृष्ट (आँखाले प्रत्यक्ष देख्न सकिने) एवं अदृष्ट (आँखाले प्रत्यक्ष गर्न नसकिने) गरी दुई प्रकारका प्रयोजन हुन्छन् । उक्त प्रयोजनहरूमा पनि प्रायः अदृष्ट फलका आधारमा दृष्ट फलको साधना (अनुमिति) गरिन्छ (सदाचारको फल मूलतः अदृष्ट नै हुन्छ) । हुन त **लभ्यमाने०** अर्थात् 'दृष्टफल (आँखाद्वारा प्रत्यक्ष गर्न सकिने परिणाम) देखिएका अवस्थामा अदृष्टको (आँखाद्वारा नदेखिएका परिणामको) कल्पना गरिँदैन' (जै.न्या.मा. १/१/१ विस्तरा) भन्ने न्यायअनुसार दृष्ट फलकै अनुसरण गर्नुपर्छ । तर पनि दृष्ट (प्रत्यक्ष अनुभव गरिने) कार्य सिद्ध गराउने साधनहरू ग्रहण गर्ने प्रवृत्ति उत्पन्न गराउन केटाकेटीलाई चिनी दिएजस्तो गरिएको हो । (जसरी माता पिताले आफ्ना पुत्रलाई तिमीले पढ्यो, लेख्यो वा अमुक अमुक काम गऱ्यो भने मिठाइँ खान दिन्छु भनी लोभ्याएर अभीष्ट कार्यमा प्रवृत्त गराउँछन् त्यसरी नै धर्मशास्त्रले पनि धर्माचरणका केही दृष्ट फल देखाएर मनुष्यलाई धर्माचरणमा प्रवृत्त गराउँछ ।) वस्तुतः धर्माचरणका अनेकौँ (अदृष्ट) प्रयोजन छन् ।

जसरी एकै पटक सेवन गरिएको एउटै घिउले आरोग्य (निरोगिता) उत्पन्न गराउने, आयु बढाउने, सबै इन्द्रियहरूमा शक्ति प्रदान गर्ने, शरीरलाई ओजस्वी बनाउने, बुद्धिलाई बढाउने आदि काम गर्छ त्यसरी नै एकै पटक सेवा (पालन) गरिएको धर्मले पनि अनेकौँ फल प्रदान गर्ने गर्दछ । घिउ खाएपछि देखिने परिणाम प्रत्यक्ष नै भएकाले अनुभवलाई नै प्रमाण मान्नुपर्छ, अतः त्यसका लागि कुनै अर्को प्रमाण दिइराख्नु पर्ने आवश्यकता देखिँदैन । तर पनि **'आयुर्वै घृतम्'** अर्थात् घिउ भनेकै आयु नै हो भन्ने जस्ता घिउको सेवनबाट आयु बढ्छ भन्ने तथ्यलाई प्रमाणित गर्ने श्रुतिहरू (परम्परागत सूक्तिहरू) पाइन्छन् नै ।

प्रत्यक्ष, अनुमान, उपमान, शब्द, सम्भव, अनुपलब्धि, ऐतिह्य एवं आगम आदि प्रमाणका आधारमा धर्मको ज्ञान हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा वृद्धसेवा सद्वृत्तान्तर्गत एको धर्मः । तस्य धर्मस्य समनुष्ठानात् [१३८]आयुर्वर्द्धते, विद्या यशो बलं चापि संवर्द्धन्ते । एतानि चत्वारि दृष्टफलान्येव । [१३९]**'वृद्धसेवी हि सततं रक्षोभिरपि पूज्यते'** इत्यस्य दृष्टत्वम् अदृष्टत्वमपि सम्भवति । रक्षसामिहामुत्रोभयसत्वात् । राक्षसत्वस्य च दिवाचरनक्तञ्चरमर्त्यचराकाशचर-पातालचरभूतविशेषेषु विद्यमानत्वात्, साधारणभूत(प्राणि)गतगुणनिष्ठत्वाच्च रक्षोभिर्वृद्धसेविनः पूजनं दृष्टमदृष्टञ्चोभयविधमुपपद्यते ।

यथा वा [१४०]रजसा समभिप्लुतां नारीमुपगच्छतः पुरुषस्य प्रज्ञाया नाशो भवति तेजसो, बलस्य, चक्षुषोः, आयुषश्च नाशो भवति । तां च रजोभिप्लुतां परिवर्जतः प्रज्ञाभिवृद्धिर्भवति, तेजसः, बलस्य, चक्षुषोः, आयुषश्च वृद्धिर्भवति ।

इत्थं प्रतिपदोक्तफलमपि धर्मानुष्ठानात्समवाप्यमनेकविधं तद्यद्विधिवाक्येषूपलभ्यते । तथा सामान्येना-भिहितमपि धर्मानुष्ठानात्समवाप्यं फलमनेकविधमुपलभ्यते ।

धर्मकर्मणोरेकार्थत्वम् । **'कर्मणां तु विवेकार्थं धर्माधर्मौ व्यवेचयत्'** इत्याम्नाय भगवता [१४१]मनुनैव इदं कर्मानुष्ठेयमभीष्टजनकत्वात्, इदं कर्म नानुष्ठेयमनभीष्टजनकत्वात् । इत्येवं प्रकारेणाभीष्टजनककृत्यानां

---

१३८. २/१२१ मनुः ।

१३९. ७/३८ मनुः ।

१४०. ४/४१-४२ मनुः ।

१४१. १/२६ मनुः ।

वृद्धहरूको सेवा सदाचार मध्येको एउटा धर्म हो । त्यस धर्मको अनुष्ठानबाट आयु बढ्छ, विद्या (प्रज्ञा), यश एवं बलमा पनि वृद्धि हुन्छ (मनु. २/१२१) । यी चारै दृष्ट फल नै हुन् । **वृद्धसेवी०** अर्थात् 'वृद्धजनको सेवा गर्ने पुरुष हिंस्रक राक्षसहरूद्वारा पनि पूजित हुन्छ (राक्षसहरूले पनि त्यस्ता पुरुषको हित गर्छन् भने मनुष्यको त के कुरा गर्ने)' (मनु. ७/३८) यस उक्तिद्वारा प्रतिपादित वृद्धसेवारूपी धर्मको फल दृष्ट एवं अदृष्ट दुवै हुन सक्ने देखिन्छ । किनकि राक्षसहरू यस लोकमा पनि हुन्छन् र अन्यत्र पनि हुन्छन् । राक्षसत्व दिनमा हिँड्ने, रातिमा हिँड्ने, मर्त्यमण्डलमा सञ्चरण गर्ने, आकाशमा सञ्चरण गर्ने एवं पातालमा सञ्चरण गर्ने प्राणिविशेषमा रहेको हुन्छ । साधारण प्राणीहरूमा पनि गुणात्मक रूपमा राक्षसत्व रहेको हुन्छ । अतः राक्षसहरूद्वारा वृद्धजनको सेवा गर्ने व्यक्तिको पूजा दृष्ट एवं अदृष्ट दुवै प्रकारको हुन्छ ।

रजोदोषले युक्त भएका (रजस्वला) स्त्रीका साथमा समागम गर्ने पुरुषका प्रज्ञाको नाश हुन्छ, तेजको, बलको, आँखाको एवं आयुको पनि नाश हुन्छ । तिनै रजोदोषले युक्त भएकी स्त्रीका साथमा समागम नगर्ने पुरुषको प्रज्ञाको वृद्धि हुन्छ, तेजको, बलको, आँखाको एवं आयुको समेत वृद्धि हुन्छ (मनु. ४/४१-४२) ।

यसरी धर्मको अनुष्ठानबाट प्राप्त हुने प्रतिपदोक्त (प्रत्येक पाइलामा अर्थात् ठाउँ-ठाउँमा बताइएको) फल पनि अनेक प्रकारको हुन्छ भन्ने कुरा धर्म गर्नुपर्छ भनी निर्देशन गर्ने विधिवाक्यहरूमा बताइएको देखिन्छ । अतः सामान्य रूपमा बताइएको धर्माचरणबाट प्राप्त हुने फल पनि अनेक प्रकारको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मत्वेनाभिधानं कृतम्, अनभीष्टजनकानां पुनरधर्मत्वेनाभिधानं कृतम् इत्युक्त्या धर्मकर्मणोरेकार्थत्वम्, अधर्माकर्मणोरप्येकार्थत्वं निर्दिष्टम्।

कर्मानुष्ठानाच्च अर्थात् धर्मानुष्ठानाच्च लोकसङ्ग्ररूपं फलमप्यवाप्यते। लोकसङ्ग्रहरूपफलावाप्तिर्धर्मानुष्ठानस्य भगवद्वाक्याद्[१४२]व्यासेन मुनिना निर्दिष्टम्।

'लोकस्य उन्मार्गप्रवृत्तिनिवारणं लोकसङ्ग्रहः' इति भगवता[१४३]शङ्कराचार्येण लोकसङ्ग्रहशब्दस्यार्थाभिधानात् लोके उन्मार्गप्रवृत्तिनिवारणस्य च सामाजिकव्यवस्थाधायकत्वात् सामाजिकव्यवस्थासाधनत्वं धर्मानुष्ठानस्य प्रयोजनं सम्पद्यते। अर्थात् फलमुपपद्यते।

येषु विधायकवाक्येषु पुनः फलं न श्रुतम् केवलं कर्मैव विहितं तेष्वपि विधिश्रुतेरानर्थक्यायोग्यात् **'विधेश्च नियमार्थत्वान्नानर्थक्यं भविष्यति'**[१४४] इतिकारिकोक्तेश्च विश्वजिन्न्यायेन स्वर्गफलमुपकल्प्य रात्रिसत्रन्यायेन

---

१४२. ३/२० गीता।

१४३. शाङ्करभाष्यम्, गीता ३/२०।

१४४. विस्तारा, जैमिनीयन्यायमाला, १ अध्यायः, १ पादः, १ जिज्ञासाधिकरणम्।

{लभ्यमाने फले दृष्टे नादृष्टपरिकल्पना। विधेस्तु नियमार्थत्वान्नाऽनर्थक्यं भविष्यति॥}

धर्म र कर्म दुवै शब्दले एउटै अर्थ बुझाउँछन्। **कर्मणाम्०** अर्थात् 'यज्ञादि धर्मप्रधान कार्य गर्न हुन्छ र ब्रह्महत्यादि अधर्मप्रधान (निन्दनीय) कार्य गर्न हुँदैन भनी कर्महरूको विभाजन गर्ने उद्देश्यले अलग अलग नै धर्म एवं अधर्मको विवेचना गरे। (धर्म गर्ने हो भने सुख प्राप्त हुन्छ र अधर्म गर्ने हो दुःख प्राप्त हुन्छ भन्ने बोध गराए)' (मनु. १/२६) पद्यांशद्वारा मनुले नै 'अभीष्ट परिणाम दिने हुनाले यस्ता कर्म गर्न हुन्छ र अनिष्ट परिणाम दिने हुनाले यस्ता कर्म गर्न हुँदैन' भनी बताएका छन्। साथै अभीष्ट उत्पन्न गराउने कृत्यहरूलाई धर्म भनेका छन् र अनिष्ट परिणाम उत्पन्न गराउने कृत्यहरूलाई अधर्म भनेका छन्। उक्त कथनद्वारा मनुले धर्म एवं कर्म एउटै अर्थका वाचक हुन् साथै अधर्म र अकर्म पनि एउटै अर्थका वाचक हुन् भन्ने कुराको निर्देश गरेका छन्। कर्मको अर्थात् धर्मको अनुष्ठानबाट लोकसङ्ग्रह (जनसाधारणलाई शिक्षा दिने) रूपी फल पनि प्राप्त हुन्छ।

कर्मको अनुष्ठानबाट अर्थात् निष्कामकर्मरूप धर्मको अनुष्ठानबाट लोकसङ्ग्रहरूप (लोकलाई शिक्षा प्रदान गर्ने) फलको प्राप्ति हुन्छ भन्ने कुरा भगवान् श्रीकृष्णका माध्यमले महामुनि व्यासले बताएका छन् (गीता ३/२०)। **लोकस्य०** अर्थात् 'मनुष्यको उन्मार्ग (नराम्रा क्रियाकलाप) तिरको प्रवृत्तिलाई रोक्नु नै लोकसङ्ग्रह हो' (गीता ३/२० शा.भा.) भनी भगवान् शङ्कराचार्यले लोकसङ्ग्रह शब्दको अर्थ बताएका छन्। लोकमा हुने उन्मार्गको (असामाजिक क्रियाकलापको) निवारण गर्नु भनेको नै सामाजिक व्यवस्था कायम गर्नु हो। यसबाट धर्माचरणको प्रयोजन सामाजिक व्यवस्थाको साधन बन्नु हो भन्ने कुरा सिद्ध हुन्छ। यसरी सामाजिक व्यवस्था कायम गर्नु धर्माचरणको प्रयोजन भएको तथ्य प्रमाणित हुन्छ।

जुन विधायक वाक्यमा फलश्रुति गरिएको हुँदैन, मात्र कर्मको विधान गरिएको हुन्छ, त्यस्ता विधिवाक्यमा पनि (वेदले प्रयोजनविहीन कार्य गर्न नलगाउने भएकाले) विधिलाई निरर्थक (निष्प्रयोजन) मान्न मिल्दैन। **'विधेश्च०**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिष्ठादिकं फलमुपकल्प्य तस्यैव समनुष्ठानजन्यस्य फलस्यानुष्ठानं प्रति पुरुषप्रवर्तकहेतुतया समुपद्यते धर्मदण्डस्य प्रीत्या प्रवर्तकत्वम्। प्रवृत्त्युत्पादनं धर्मस्य दण्डरूपत्वम्। [१४५]याज्ञवल्क्येन–

'धर्मो हि दण्डरूपेण ब्रह्मणा निर्मितः पुरा।' इत्यभिधाय भगवता [१४६]मनुना च–

'दण्डं धर्मं विदुर्बुधाः' इत्यभिधाय धर्मस्य दण्डरूपत्वं स्मृतमेव।

---

१४५. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ३५४ श्लोकः।

१४६. ७/१८ मनुः। {दण्डमेव धर्महेतुत्वाद्धर्मं जानन्ति। कारणे कार्योपचारः, ऐहिकपारत्रिकदण्डभयादेव धर्मानुष्ठानात्- इति मन्वर्थमुक्तावली }

अर्थात् 'विधिवाक्यहरू नियमपरक हुने भएकाले (सोद्देश्य कार्य गर्न पुरुषलाई अभिप्रेरित गर्ने हुनाले) आपाततः त्यस्ता वाक्यहरूमा कुनै फल (प्रयोजन) नदेखिए तापनि परमार्थतः त्यस्ता वाक्यहरू निरर्थक हुँदैनन्।' (जै.न्या.मा. १/१/१ विस्तरा) यस कारिकामा प्रतिपादन गरिएअनुसार विश्वजिन्न्यायद्वारा स्वर्गरूप फलको कल्पना गर्नुपर्छ। अथवा रात्रिसत्रन्यायले प्रतिष्ठा आदि फलको कल्पना गरिन्छ। यसरी सम्यक् अनुष्ठानबाट उत्पन्न हुने फलको निर्देशन गरी अनुष्ठानप्रति पुरुषलाई प्रवृत्त गराउने हुनाले धर्मदण्डलाई प्रीति (प्रेम) पूर्वक प्रवर्तक मानिन्छ।[५५]

प्रवृत्ति उत्पन्न गराउनु नै धर्मको दण्डरूपता हो अर्थात् दण्ड भनेको ताडना/सजाय होइन अपितु मनुष्यलाई राम्रा काममा लगाउनु हो। याज्ञवल्क्यले **धर्मो हि०** अर्थात् 'पहिले (सृष्टिको आरम्भमा) नै ब्रह्माजीले धर्मलाई दण्डका रूपमा निर्माण गरेका थिए' (या.स्मृ. १/३५४) भनेर, मनुले पनि **दण्डम्०** अर्थात् 'विद्वान्हरू दण्डलाई धर्म भन्छन्'[५६]

---

५५. प्रस्तुत अनुच्छेदको अर्थ मीमांसा दर्शनका आधारमा लगाउनु पर्ने हुन्छ। 'अग्निहोत्रं जुहोति' जस्ता वाक्य विधिवाक्य हुन्। वेदवाक्य सोद्देश्य हुने भएकाले ती ती कर्म किन गर्ने भनी प्रयोजन पनि देखाइएको हुन्छ। जस्तै- **'अग्निहोत्रं जुहुयात् स्वर्गकामः'**। यस वाक्यमा स्वर्ग प्राप्त गर्न चाहनेले अग्निहोत्र गरोस् भनिएको छ। यसबाट अग्निहोत्र गर्नुको प्रयोजन स्वर्गको प्राप्ति हो भन्ने बुझिन्छ। **'फलसम्बन्धबोधको विधिरधिकारविधिः'** यस परिभाषा अनुसार अधिकारविधिभित्र पर्ने यस्ता वाक्यमा फलश्रुति गरिएको हुन्छ। जहाँ फलश्रुति (प्रयोजन देखाउने काम) गरिएको हुन्छ त्यहाँ त कुनै समस्या नै भएन तर जहाँ फलश्रुति गरिएको हुँदैन मात्र कर्मको प्रतिपादन गरिएको हुन्छ त्यहाँ के गर्ने ? भन्ने समस्या हो। वेदका विधिवाक्यलाई निरर्थक अर्थात् निरुद्देश्य मान्न सकिन्न। उक्त समस्याको समाधान मूलमा उद्धृत- **'विधेस्तु नियमार्थत्वात्०'** पद्यांशको व्याख्या गर्ने क्रममा गरिएको छ। प्रयोजन नबताइएका ठाउँमा स्वर्गप्राप्तिरूप प्रयोजन कल्पना गर्नुपर्छ भन्ने शास्त्रको निष्कर्ष देखिन्छ। दृष्टफल देखिएका अवस्थामा भने अदृष्ट फलको कल्पना गर्न मिल्दैन। जहाँ दृष्ट फल हुँदैन त्यहाँ विश्वजिन्न्यायका आधारमा अथवा रात्रिसत्रन्यायका आधारमा फलको कल्पना गर्नुपर्ने हुन्छ।

विश्वजिन्न्यायः- विश्वजिद्याग गर्न अभिप्रेरित गर्ने विधिवाक्यमा फलश्रुति गरिएको छैन तर **'स स्वर्गः स्यात् सर्वान् प्रत्यविशेषात्'** (४/३/१५) जैमिनीय सूत्रका आधारमा स्वर्गरूप फलको कल्पना गरिन्छ।

रात्रिसत्रन्यायः- मीमांसादर्शनमा चतुर्थ अध्यायको तृतीयपादको आठौं अधिकरणलाई रात्रिसत्राधिकरण भनिन्छ। रात्रिसत्रन्यायमा पनि अदृष्ट फलको कल्पना गरिन्छ। उक्त न्यायका सन्दर्भमा- **'तस्मात् प्रतिष्ठाकामो रात्रिसत्रं कुर्यात् इत्येवं प्रतिष्ठैव फलत्वेन कल्पनीया'** (४/३/१०) भनिएको छ।

५६. उद्धृत पद्यांशको व्याख्यामा- दण्डमेव धर्महेतुत्वाद्धर्मं जानन्ति। कारणे कार्योपचार ऐहिकपारत्रिकदण्डभयादेव धर्मानुष्ठातान् (म.मु.) भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधिभिर्विधेयानां विधिविहितानुष्ठानजन्यानां च धर्मरूपत्वात् विधिविहितकर्मानुष्ठानजन्यफलप्राप्ति-कामनया विध्युक्तकर्मानुष्ठानाय पुरुषप्रवृत्तिरुपपद्यते धर्मदण्डस्य प्रीत्या प्रवर्तनाप्रतिपादकत्वम्।

राज्ञैव धर्मस्य व्यवस्थास्थापकत्वम्

ये नाम नराः पशुदृष्टिसमन्विततयात्मनो हिताहितविवेचनेऽक्षमाः। तस्मादेव च यथेच्छं निरर्गलप्रवृत्तिमन्तो दृश्यन्ते लोके विनष्टाः। समृद्धेर्विनाशस्य च आपवर्गादानरकमनेकेऽवान्तरान्तराला जायन्ते। कखादिवर्णा-नभिज्ञाज्जनात् तदभिज्ञः समृद्धः। तस्माल्लिपिक्रमविन्यस्ताक्षरपाठसमर्थः समृद्धः। तस्माच्च तदर्थबोधयुतः समृद्धः। तस्मादपि तदर्थतत्त्वज्ञः समृद्धः। तस्मादपि च तदर्थतत्त्वज्ञानपूर्वकानुष्ठानपरायणः परमसमृद्धः।

अस्य पुनर्विपर्ययेण समन्वितो जनो विनष्ट इति समृद्धेर्विनाशस्य चापेक्षिकमुच्चावचत्वं लोकानुगतं दृष्टिपथमवतरति।

विनष्टो हि जनः समाजं विनाशयति। व्यक्तिर्हि समाजस्याङ्गम्। तादृशेषु विनष्टेषु पशुदृष्टियुतेषु हिताहितविवेकशून्येषु अप्रयतात्मसु अमङ्गलकृत्येषु विषयासक्तेषु जपहोमादिकर्मानुष्ठानवर्जितेषु विनिपातो निपतति।

(मनु. ७/१८) भनेर धर्मको दण्डरूपता (धर्म नै दण्ड हो र धर्म र दण्डका बीचमा भिन्नता छैन भन्ने तथ्य) प्रतिपादन गरेका छन्।

विधिवाक्यद्वारा विधान गरिएका कर्महरू र उक्त कर्महरूको नियमपूर्वक अनुष्ठान गरेपछि उत्पन्न भएका फलहरू दुवै नै धर्मरूप भएकाले विधिद्वारा विधान गरिएका कर्महरूको अनुष्ठानबाट प्राप्त हुने फलको कामनाले विधिप्रतिपादित कर्महरूको अनुष्ठानमा पुरुषको प्रवृत्ति हुन्छ। त्यसैले धर्मदण्डले पुरुषलाई प्रेमपूर्वक कार्यमा प्रवृत्त गराउँछ।[५७]

धार्मिक व्यवस्था स्थापना गर्ने काम राजाले नै गर्नुपर्छ-

जुन मनुष्यहरू पशुको जस्तो सोचाइले युक्त भएका हुन्छन् उनीहरू आफ्नो हित एवं अहित (के गर्नाले हित हुन्छ र के गर्नाले हित हुँदैन भन्ने कुरा) विश्लेषण गर्न असमर्थ हुन्छन्। त्यसैले नै आफ्ना इच्छानुसार अनियन्त्रित प्रवृत्ति भएका मनुष्यहरू लोकमा नासिएका अर्थात् अधोगतिमा प्राप्त भएका देखिन्छन्। समृद्धिका र विनाशका अपवर्ग (मोक्ष) देखि लिएर नरकसम्म नै बीचबीचमा अनेकौँ खण्ड (श्रेणी) हुन्छन्। क ख आदि वर्ण नजानेको पुरुष भन्दा क, ख आदि वर्ण जानेको पुरुष समृद्ध हुन्छ। क ख आदि वर्णमात्र जानेको पुरुषभन्दा लिपिका क्रममा राखिएका अक्षर (पुस्तक आदि) पढ्न सक्ने समृद्ध मानिन्छ। पढ्नमात्र सक्ने पुरुषभन्दा त्यसको अर्थ बुझ्न सक्ने पुरुष समृद्ध मानिन्छ। अर्थमात्रै बुझ्ने पुरुषभन्दा शब्दका अर्थको मर्म बुझ्न सक्ने पुरुष समृद्ध मानिन्छ। अर्थको रहस्यमात्र जान्ने पुरुषभन्दा पनि अर्थको रहस्य बुझेर त्यसै अनुसार कार्यसम्पादनमा संलग्न रहने मनुष्य परमसमृद्ध (अत्यन्त समृद्ध) मानिन्छ। यसको विपरीतताले युक्त मनुष्य विनष्ट (तल्लो तहको वा अधोगतियुक्त) मानिन्छ। यसरी समृद्धिको र विनाशको उच्चता र नीचतालाई परस्परको सापेक्षतामा लोकले स्विकारेको देखिन्छ।

५७. प्रस्तुत वाक्यबाट वेदले गर्नुपर्छ भनेको कर्म पनि धर्म हो र उक्त कर्म गरेपछि प्राप्त हुने स्वर्गादि फल पनि धर्म हो भन्ने बुझिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विनिपातभेदौ

स च विनिपात ऐहिकः पारलौकिकश्च । पूर्वजन्मार्जितं कर्मफलमस्मिन् जन्मन्यश्नुते । परत्र चास्मिँल्लोकेऽनुष्ठितमिति आचारविवर्जिता मर्यादाभेदिनो लोककण्टका नराः कर्मानुसारमुपभोग्यत्वेन कल्पितान् विविधान् कष्टमयान् नरकानाप्नुवन्ति ।

यथा हि राजा दुष्टं ताडनादिमारणान्तं दण्डं विधत्ते तथैव धर्मशास्त्रमपि दुराचारिणो नरान् विविधकष्टमयेषु नरकेषु विवर्तयति ।

दुष्कर्मफलोपभोगेन दुरितक्षयान्नरकेभ्य उत्तीर्णाश्च दुराचारिणः पुन इहलोके विकृतयोनिमाप्नुवन्ति । यथा भगवता [१४७]मनुनापि–

इह दुश्चरितैः केचित्केचित्पूर्वकृतैस्तथा ।
प्राप्नुवन्ति दुरात्मानो नरा रूपविपर्ययम् ।। इत्युक्त्या तदेवोक्तम् ।

---

१४७. ११/४८ मनुः ।

विनष्ट (अधोगतिमा पुगेको) पुरुषले समाजलाई पनि नष्ट गराउँछ । व्यक्ति समाजको अङ्ग हो । अङ्गका रूपमा रहेका व्यक्तिहरू नष्ट भएपछि, पशुबुद्धिले युक्त भएपछि, हित एवं अहित विवेचना गर्न सक्ने बुद्धि शून्य भएपछि, आफ्ना इन्द्रियहरूलाई नियन्त्रण गर्नसक्ने सामर्थ्य विहीन बनेपछि, अमाङ्गलिक कृत्यहरूमा एवं विषयोपभोगमा आसक्त भएपछि र जप-होम आदि कर्महरूको अनुष्ठान गर्ने कार्यबाट निवृत्त (विमुख) भएपछि विनाश अवश्य निम्तिन्छ ।

विनिपातका (पतनका) भेद-

विनिपात (विनाश) ऐहिक पनि हुन्छ र पारलौकिक पनि हुन्छ । मनुष्यले पूर्वजन्ममा आर्जन गरेका कर्मको फल यस जन्ममा भोग्दछ । अन्य जन्ममा वा लोकान्तरमा भने यस जन्ममा आर्जन गरेका कर्मको फल उपभोग गर्दछ । त्यसैले आचार नभएका, मर्यादाको उल्लङ्घन गर्ने र लोकमा काँडाजस्ता (पीडक) बनेका मनुष्यहरू कर्मअनुसार उपभोग गर्नुपर्छ भनी कल्पना गरिएका (निर्मित) विभिन्न कष्टकर नरकमा पुग्दछन् (नारकीय यातना प्राप्त गर्दछन्) । राजाले जसरी दुष्ट मनुष्यलाई पिट्नेदेखि मार्नेसम्मका दण्ड दिन्छन् त्यसरी नै धर्मशास्त्रले पनि दुराचारले युक्त भएका मनुष्यहरूलाई विभिन्न प्रकारका कष्ट उत्पन्न हुने (कष्टकर) नरकहरूका पुऱ्याउँछ वा नरकको भय देखाएर सन्मार्गमा प्रवृत्त गराउँछ ।

नराम्रा कर्मको फल उपभोग गरी पापराशिलाई क्षीण बनाएर नरकबाट माथि उठेका दुराचारीहरूले पुनः यस लोकमा विकृत योनि प्राप्त गर्दछन् । भगवान् मनुले पनि **इह दुश्चरितैः०** अर्थात् 'नराम्रा स्वभाव भएका केही मनुष्यले यस लोकमा गरिएका दुराचारले गर्दा र त्यसै प्रकारका केही मनुष्यले पूर्वजन्ममा गरिएका दुराचारले गर्दा रूपविपर्यय (कुष्ठ आदि रोग, अथवा अन्धोपन, बहिरोपन, लङ्गडोपन आदि अङ्गहीनता, अथवा कुनखता आदि कुरूपता) लाई प्राप्त गर्दछन् ।' (मनु. ११/४८) भनी उक्त कुरा नै बताएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐहिको विनिपातश्चानेकविधः

निपतनं निपातः । विशेषेण निपातो विनिपातः । स च विनिपातो नैकधा भवति । दैवाद्, राज्ञो, मानुषाच्चेति त्रिविधो विनिपातः ।

१) दैवो विनिपातः

दैवो हि विनिपातो द्वेधा वर्गीकर्तुं शक्यते । एको देहसम्बद्धः, अपरश्च कर्मसम्बद्धः । शुक्रशोणिताभ्यां समन्वितो भूत्वा देहगतवैकल्यापादको विनिपातो देहसम्बद्धो विनिपातः ।

अनुष्ठितकृत्येषु समन्वितो भूत्वा वैफल्यापादको विनिपातः कर्मसम्बद्धो विनिपातः ।

क) देहविकलता

प्राणेन्द्रियमनोबुद्ध्यादिसमन्वितशरीरस्य देहत्वम् । तत्र काणबधिरखञ्जमूकान्धादिशरीरगतविकलत्वं चक्षुरिन्द्रियबोधगम्यम् । प्राणेन्द्रियमनोबुद्ध्यादिविकलत्वं पुन आभ्यन्तरबोधगम्यम् । न हि प्राणेन्द्रिय-मनोबुद्ध्यादयस्तद्व्यापाराश्च बाह्येन्द्रियैर्ज्ञातुं शक्यन्ते ।

ख) कर्मविकलता

पालिता पोषितापि च गौर्न प्रसूते । रोपितो वृक्षो न फलति । अर्जिता भूमिः स्खलति । निर्मितं गृहं पततिर्दहति वा । विवाहसंस्कारेण विधिवद् व्यूढायां कृतमपि गर्भाधानं विफलं भवति । अनुष्ठिताद्यगादपि फलोत्पत्तिर्न सम्पद्यते । कृतेऽपि यत्ने विद्यायां बुद्धिर्न प्रसरति । अर्जितापि च विद्या न फलति । श्रवणमनननिदिध्यासनैरपि ज्ञानोदयो न जायते । बहुसेवितोऽपि राजा न प्रसीदति ।

ऐहिक विनिपात अनेक प्रकारको हुन्छ-

तल झर्ने (उँधो लाग्ने) कार्य (अधोगति) लाई पतन भनिन्छ । विशेष रूपमा भएको पतनलाई विनिपात भनिन्छ । त्यो विनिपात अनेक प्रकारको हुन्छ । मूलतः १. दैवबाट गराइने २. राजाबाट गराइने र ३ मनुष्यबाट गराइने गरी तीन प्रकारको विनिपात देखिन्छ ।

दैवबाट गराइएको विनिपात-

दैवबाट गराइएको विनिपातलाई दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ । एउटा शरीरसित सम्बद्ध विनिपात र अर्को कर्मसित सम्बद्ध विनिपात । {पिताका} शुक्र एवं {माताका} शोणितले युक्त भएर शरीरमा विकलता (अपाङ्गता वा विरूपता) उत्पन्न गराउने शारीरिक (शरीरसित सम्बन्ध राख्ने) विनिपात हो । आफूद्वारा सम्पादन गरिएका कृत्यहरूसित सम्बद्ध भएर विफलता उत्पन्न गराउने (कार्य गरेर पनि परिणाम प्राप्त हुन नदिने) कर्मसम्बद्ध विनिपात हो ।

देहविकलता-

प्राण, इन्द्रिय, मन, बुद्धि आदिले युक्त भएको शरीरलाई (पिण्डविशेषलाई) देह भनिन्छ । कानोपन, बहिरोपन, लंगडोपन, अन्धोपनजस्ता शरीरमा रहेका विकलता (अपाङ्गता) चक्षु आदि बाह्य इन्द्रियद्वारा थाहा पाउन सकिन्छ । प्राण, इन्द्रिय, मन एवं बुद्धिमा रहेको विकलता (कमजोरी) अन्तरात्माद्वारा थाहा पाउन सकिन्छ । प्राण, इन्द्रिय, मन, बुद्धि आदि र तिनीहरूका व्यापार बाह्य इन्द्रियद्वारा थाहा पाउन सकिँदैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२) राजजनितो विनिपातः

राजजनितो विनिपातो धनगतदेहगततया द्विधा स्थितोऽपि च उपस्थोदरजिह्वाहस्तपादचक्षुर्नासाकर्णधनदेहेषु दशसु स्थानेषु पततीति दशधा सम्पद्यते।

३) मनुष्यजनितो विनिपातः

मनुष्यजनितो विनिपातो धनदेहव्यवहारसम्बद्धतया त्रेधा सम्पद्यते। मनुष्यजनितो धननाशः, देहक्षतिः, व्यवहारप्रतिबन्धश्च जन्यस्य जनकस्य चानेकत्वादनेकधा भवति। विनिपातकारणभूता मानवा व्यक्तिरूपेण सामाजिकरूपेण च कारणतामाप्नुवन्तीति जनकस्यानेकविधत्वम्। तेऽपि च न्यायमार्गेणान्यायमार्गेणापि कर्मवशगस्य धननाशम्, देहक्षतिम्, व्यवहारप्रतिबन्धं च कुर्वन्तीति मार्गोऽपि तत्रानेकविधो विनिपातापत्तेः।

मङ्गलं समनुष्ठेयं विनिपातनिवृत्तये

काकिण्यादिः सर्वस्यान्तो धननाशः। ताडनादिमारणान्तो देहघातः। पात्रान्निष्कासनादिः ग्रामाद्बहिष्करणान्तो व्यवहारप्रतिबन्धः।

कर्मविकलता-

पालिएको र पोसिएको गाई व्याहुँदैन। रोपिएको रूखमा फल फल्दैन। आर्जन गरिएको जमिन पहिराले बगाइदिन्छ। बनाएको घर भत्किन्छ वा आगाले डढ्छ। विवाहसंस्कार गरी विधिपूर्वक विवाह गरिएकी पत्नीमा गरिएको गर्भाधान विफल हुन्छ। सम्पादन गरिएका यज्ञबाट पनि फल (अभिलषित परिणाम) प्राप्त हुँदैन। जति प्रयत्न गरे पनि विद्यामा बुद्धि प्रसृत हुँदैन। आर्जन गरेको विद्या पनि फलित (काम लाग्ने) हुँदैन। श्रवण (गुरुका मुखबाट सुन्ने कार्य), मनन (सुनेका कुराको चिन्तन गर्ने कार्य) र निदिध्यासन (बारम्बार गहन विश्लेषण गर्ने कार्य) द्वारा पनि ज्ञानको उदय हुँदैन। धेरै सेवा गरे तापनि राजा (अधिकारी पुरुष) प्रसन्न हुँदैन। {यी सबै दुष्परिणाम कर्मविकलताले गर्दा प्राप्त भएका हुन्।}

राजाबाट गराइएको विनिपात-

राजाबाट गराइने विनिपातलाई धनगत र शरीरगत गरी दुई भागमा विभाजन गरिन्छ; तर पनि उक्त विनिपात उपस्थ (जननेन्द्रिय), उदर (पेट), जिह्वा, हात, गोडा, आँखा, नाक, कान, धन एवं शरीर गरी दश ठाउँमा पर्ने हुनाले दश प्रकारको हुन्छ।

मनुष्यबाट गराइएको विनिपात-

मनुष्यबाट गराइएको विनिपात धनसित, शरीरसित र व्यवहारसित सम्बद्ध हुने भएकाले तीन प्रकारको हुन्छ। मनुष्यद्वारा गराइने धननाश, देहक्षति एवं व्यवहारप्रतिबन्ध जन्यको (क्षति हुने पुरुषको) र जनकको (क्षति पुऱ्याउने पुरुषको) अनेकताले गर्दा अनेक प्रकारको हुन्छ। विनिपातका कारणका रूपमा रहेका मनुष्यहरू व्यक्तिगत रूपमा र सामाजिक रूपमा विनिपातका कारण भएका हुन्छन्, त्यसैले जनक (विनिपात गराउने मनुष्य) अनेक प्रकारका हुन्छन्। उनीहरूले न्यायपूर्वक र अन्यायपूर्वक पनि कर्मका अधीनमा रहेका पुरुषको धननाश गराइदिने, शरीरमा क्षति पुऱ्याइदिने र व्यवहारमा प्रतिबन्ध लगाइदिने गर्दछन्। त्यसैले विनिपात हुने (विपत्ति आउने) बाटो पनि अनेक प्रकारको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र राज्यजनितमनुष्यजनितविनिपातयोः व्यक्तिसंस्थागतभिन्नत्वे भेदः । विनिपातस्य प्रकारस्तु उभययोर्जातः समानः । क्वचिदेकोऽपि जनः कारणतामाप्नोति । क्वचित्समाजः कारणतामाप्नोति । क्वचिद्राजसंस्था कारणतामाप्नोति, क्वचिच्चोरसमूहोऽपि विनिपातकारणतामाप्नोति ।

दैवाक्रान्तचोराक्रान्तयोरेनदन्तरं यत् दैवाक्रान्तः आक्रान्तकालादुत्तरं समृद्धिपथमारोहति । अग्निजनितो गृहदाहः समृद्धिकारक इति लोकोक्तिः । 'आगोले खाएको पलाउँछ' अपि प्रसिद्धा । अग्निदग्धं विपिनमपि प्ररोहति । चौराक्रान्तो नाशपथमेवानुसरति । 'चोरले खाएको पलाउँदैन' इति लोकोक्तिरपि प्रसिद्धैव ।

इत्थं दैवराजमानुषजनितो विनिपातो नैकधा सम्पद्यते । स च विनिपातो मङ्गलाचारवताम्, प्रयतात्मवताम् (प्रयतात्माश्रयवताम्), इन्द्रियजयिनाम्, जपानुष्ठानवताम्, होमानुष्ठानवताञ्च न भवतीति मङ्गलाचारवद्भिः, प्रयतात्मवद्भिः, जितेन्द्रियवद्भिः, जपवद्भिः, होमानुष्ठायिभिश्च भाव्यं विनिपातविनिवृत्यर्थम् ।

भगवता [१४८]मनुनापि–

१४८. ४/१४६ मनुः ।

विनिपातबाट बच्न माङ्गलिक कृत्य सम्पादन गर्नुपर्छ-

कौडाबाट लिएर आफ्ना साथमा भएको सबै भौतिक वस्तुको विनाशलाई धननाश (सम्पत्तिको विनाश) भनिन्छ ।[५८] पिट्नेदेखि लिएर मार्नेसम्मको कार्यलाई देहघात (शरीरमा दिइएको पीडा) भनिन्छ । पात्रताबाट हटाउने (कुनै पनि सामाजिक, धार्मिक आदि कार्यमा संलग्न नगराउने) देखि गाउँबाट निकाल्नेसम्मका कार्यलाई व्यवहार-प्रतिबन्ध भनिन्छ । उक्त विनिपातहरू मध्ये राज्यबाट गराइने विनिपात र मनुष्यबाट गराइने विनिपात व्यक्तिमा र संस्थामा रहने भिन्नताले गर्दा अनेक भेदले युक्त भएको हुन्छ । राज्य र मनुष्य दुवैबाट भएको विनिपातको प्रकार भने समान प्रकृतिको हुन्छ । कुनै ठाउँमा एउटा व्यक्ति पनि {विनिपातको} कारण हुन्छ भने कुनै ठाउँमा समाज नै {विनिपातको} कारण बनेको हुन्छ । कुनै ठाउँमा राजसंस्था {विनिपातको}कारण बन्दछ भने कुनै ठाउँमा चोरहरूको समूह पनि विनिपातको कारण बन्दछ ।

दैवबाट आक्रान्त भएका व्यक्तिका र चोरबाट आक्रान्त भएका व्यक्तिका बीचमा यही नै अन्तर हुन्छ कि दैवले आक्रान्त भएको पुरुष आक्रान्त भएका केही समयपछि समृद्धिका बाटामा अग्रसर हुन्छ । आगाबाट भएको गृहदाह समृद्धिको कारण बन्दछ भन्ने लोकोक्ति पाइन्छ । नेपालीमा पनि- 'आगोले खाएको पलाउँछ' भन्ने लोकोक्ति प्रसिद्ध छ । आगाले खाएको (डढेलो लागेको) जङ्गल पनि पलाउँछ (हरियालीले युक्त हुन्छ) । चोरद्वारा आक्रान्त भएको पुरुषले विनाशकै बाटो समात्छ । 'चोरले खाएको पलाउँदैन' भन्ने लोकोक्ति पनि प्रसिद्ध नै छ ।

यसरी दैवबाट, राजाबाट र मनुष्यबाट उत्पन्न हुने विनिपात अनेक प्रकारको हुन्छ । मङ्गलाचारले युक्त भएका, संयमित आत्माका आश्रय बनेका, इन्द्रियमाथि विजय प्राप्त गरेका, जपको अनुष्ठान गर्ने प्रवृत्ति भएका एवं होम सम्पादन गर्ने स्वभाव भएका पुरुषहरूमा उक्त विनिपात हुँदैन । अतः विनिपातबाट बच्नका लागि मङ्गलाचारले युक्त भएको, प्रयत आत्मा भएको, इन्द्रियलाई जितेको, जपानुष्ठान गर्ने प्रवृत्ति भएको र होमानुष्ठान गर्ने स्वभाव भएको हुनुपर्छ ।

५८. फुटेको कौडी पनि छैन भन्ने लोकोक्तिले सर्वस्वाभावलाई बुझाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मङ्गलाचारयुक्तानां नित्यं च प्रयतात्मनाम्।
जपतां जुह्वतां चैव विनिपातो न विद्यते ।। इत्युक्त्या तदेव निर्दिष्टम्।

यस्मिन् राष्ट्रे मङ्गलाचारयुक्ताः सद्वृत्तसमन्विताः प्रयतात्मानो जपहोमादिलोकोपकृतिजनककर्मसु च संलग्ना जना भवन्ति तस्मिन् राष्ट्रे सुभिक्षा सम्पद्यते। सर्वे जना धर्म्ये वर्त्मनि प्रवृत्ता भवन्ति। शान्तिः सर्वत्र समुपलभ्यते।

यथा हि राजा असामाजिकं लोककण्टकं दुष्टं नरं विविधप्रकारदण्डप्रयोगेण सामाजिकीं व्यवस्थां स्थापयति। धर्मशास्त्रमपि तथैवेत्थं विविधनरकादियातनाप्रदानेन इह च रूपविपर्ययदरिद्रयोनिप्राप्त्यादिदुर्गति-प्रदानेन चोद्वेजयित्वा दुष्कर्मभ्यो निवर्तनामुत्पाद्य सामाजिकीं व्यवस्थां स्थापयति।

[१४९]पुरुषार्थचतुष्टयकर्तृभिः प्रेमवल्लभत्रिपाठीमहोदयैरपि धर्मनिरूपणप्रकरणे **'धर्म हि सबका शासक'** इत्याख्ये शीर्षके शासकस्यापि शासकत्वं धर्मस्य निरूपितम्।

स्वभावानुसारिणी प्रवृत्तिः

प्रवृत्तिर्जनिमतां स्वभावादेव जायते। परं सैव प्रवृत्तिः विहितक्रियासु जाता समीहितेष्टं साधयति, निषिद्ध-क्रियासु जाता चेदनिष्टं जनयति। अतः धर्मशास्त्रं समीहितेष्टसाधनाय विहितकर्मसु प्रवृत्तिं जनयति।

१४९. पुरुषार्थचतुष्टयम्, प्रथमपरिच्छेद. धर्म, १११ पृष्ठम्।

भगवान् मनुले पनि **मङ्गलाचारयुक्तानाम्०** अर्थात् 'गोरोचनादि माङ्गलिक पदार्थले एवं श्रेष्ठ आचारले युक्त भएका (सधैँ पवित्र रहने), सधैँ प्रयत आत्मा भएका (आफैले आफूलाई नियन्त्रण गर्ने सामर्थ्य भएका), जप (वेदपाठ एवं ब्रह्मगायत्री) गर्ने र अग्निहोत्रादि होम गर्ने व्यक्तिको विनिपात (देवता एवं मनुष्यबाट हुने उपद्रव) हुँदैन' (मनु. ४/१४६) भनी उक्त तथ्यकै समर्थन गरेका छन्।

जुन राष्ट्रमा मङ्गलाचारमा (माङ्गलिक कृत्यहरूको अनुष्ठानमा) प्रवृत्त भएका, सदाचारले युक्त भएका, आत्मनियन्त्रण गर्ने सामर्थ्य भएका, जप होम आदि लोकलाई उपकार गर्ने कार्यमा संलग्न भएका मनुष्य हुन्छन् त्यस राष्ट्रमा सुभिक्षा (खाद्य पदार्थको समुपलब्धि) हुन्छ। सबै मानिस धार्ममार्गमा प्रवृत्त हुन्छन्। सबैतिर शान्ति छाउँछ।

असामाजिक एवं लोककण्टक दुष्ट मनुष्यलाई विभिन्न प्रकारका दण्ड दिएर राजाले जसरी सामाजिक व्यवस्था कायम गराउँछन् त्यसरी नै धर्मशास्त्रले पनि {लोकान्तरमा} विभिन्न नरक आदिका यातना दिएर साथै यस लोकमा रूपविपर्यय (अपाङ्गता एवं कुरूपता), दरिद्रयोनिप्राप्ति (कङ्गाल भएर जन्मिने) आदि दुर्गति प्रदान गरेर मनुष्यलाई उद्विग्न बनाई दुष्कर्मबाट निवृत्त गराएर सामाजिक व्यवस्था स्थापना गर्दछ। पुरुषार्थचतुष्टय नामक ग्रन्थका लेखक प्रेमवल्लभ त्रिपाठीले धर्मनिरूपण प्रकरणमा 'धर्म हि सबका शासक' शीर्षकमा धर्म नै शासकको पनि शासक हो भन्ने कुरा देखाएका छन् (पु.च., १ धर्म, पृ. १११)।

स्वभाव अनुसारको प्रवृत्ति-

सबै प्राणीमा स्वभावैले प्रवृत्ति (विषय प्रतिको आसक्ति) उत्पन्न हुन्छ। विहित (गर्नुपर्छ भनिएका) क्रियाहरूमा भएको प्रवृत्तिले आफूले चाहेको इष्ट फल दिन्छ भने निषिद्ध (गर्न हुन्न भनिएका) क्रियामा भएको प्रवृत्तिले अनिष्ट फल उत्पन्न गराउँछ। अतः धर्मशास्त्रले आफूले चाहेका अभीष्ट फल प्राप्त गराउने विहित क्रियामा प्रवृत्ति उत्पन्न गराउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सा च प्रवृत्तिः स्वभावगतवैचित्र्याद् विभेदमाप्नोति । स्वभावश्च संस्कारवशाद् जनिमतां दैवः, मानुषः, दानवः, पाशविकश्चेति चतुर्विधः समुपलभ्यते ।

यद्यपि दैवः स्वभावो देवतासु, मानुषो मनुष्येषु, दानवो दैत्येषु, पाशविकश्च पशुषु विद्यमानः सार्थकस्तथापि दैवीं वृत्तिमवलम्बकः पुरुषो दैवेन स्वभावेन समन्वितः, मानुषीं वृत्तिमवलम्बको मानुषेण स्वभावेन समन्वितः, दानवीं वृत्तिमवलम्बको दानवेन स्वभावेन समन्वितः, पाशविकीं वृत्तिमवलम्बकश्च पाशविकेन स्वभावेन समन्वितो भवति । तस्मात्तथा प्रवर्तते ।

त्रिभिर्द्वारैः समुत्पन्नानि त्रिविधानि कर्माणि

कायेन मनसा वाचा चेति पुरुषस्त्रिभिरिह कर्मानुष्ठानं सत्त्वरजस्तमात्मकं विधत्ते । तत्र भगवता [१५०]मनुना–

शुभाशुभफलं कर्म मनोवाग्देहसम्भवम् ।

कर्मजा गतयो नृणामुत्तमाधममध्यमाः ॥ इत्यभिधाय उत्कृष्टमध्यमनिकृष्टगतिप्राप्तिकारकत्वं शरीर-वाङ्मनोभिः समनुष्ठितकर्मणां समभिहितम् ।

सत्त्वगुणेन सम्पन्नः सात्त्विको ज्ञानी, रजोगुणेन सम्पन्नो राजसो राजद्वेषी, तमोगुणेन सम्पन्नोऽज्ञानी चोत्तममध्यमाधमभेदैः त्रिविधां त्रिविधां गतिमाप्नुवन्ति ।

१५०. १२/३ मनुः ।

स्वभावगत विचित्रताले गर्दा प्रवृत्ति पनि अनेक भेदले युक्त भएको हुन्छ । संस्कारका कारण प्राणीहरूको स्वभाव-दैव, मानुष, दानव र पाशविक गरी चार प्रकारको भएको पाइन्छ । हुन त दैव स्वभाव देवताहरूमा, मानुष स्वभाव मनुष्यहरूमा, दानव स्वभाव दानव एवं दैत्यहरूमा र पाशविक स्वभाव पशुहरूमा रहेको हुन्छ । सम्बद्ध व्यक्तिमा सम्बद्ध स्वभाव नै सार्थक मानिन्छ । तर पनि दैवी वृत्तिलाई अवलम्बन गर्ने पुरुष दैव स्वभावले युक्त भएको, मानुषी वृत्तिलाई अवलम्बन गर्ने मनुष्य मानव स्वभावले युक्त भएको, दानवी वृत्तिलाई अवलम्बन गर्ने मनुष्य दानव स्वभावले युक्त भएको र पाशविक वृत्तिलाई अवलम्बन गर्ने मनुष्य पाशविक स्वभावले युक्त भएको मानिन्छ । त्यसैले मनुष्य जस्तो स्वभाव हुन्छ त्यसै प्रकारले (स्वभावअनुसार) प्रवृत्त भएको देखिन्छ ।

तीनओटा माध्यमले निष्पन्न हुने तीन प्रकारका कर्म-

पुरुषले शरीरका, मनका एवं वाणीका गरी तीन प्रकारका माध्यमले सत्त्व, रज एवं तम गुणले युक्त भएका कर्मको अनुष्ठान गर्दछ । भगवान् मनुले **शुभाशुभफलम्०** अर्थात् 'मन, वाणी एवं देहका माध्यमले गरिने (विहित एवं निषिद्ध) कर्मले शुभ (सुखात्मक) एवं अशुभ (दुःखात्मक) फल प्रदान गर्छ । त्यसै कर्मका आधारमा मनुष्यका (मनुष्य, पशु-पक्षीजस्ता) उत्तम, मध्यम एवं अधम गति (देहान्तरप्राप्ति) हुन्छन्' (मनु. १२/३) भनेका छन् ।[५९] यसरी उनले उक्त पद्यद्वारा शरीरद्वारा, वाणीद्वारा एवं मनद्वारा गरिएका कर्महरू मनुष्यका उत्कृष्ट, मध्यम र निकृष्ट गतिका कारण हुन्छन् भनी देखाएका छन् ।

५९. मूल पद्यले शरीरका माध्यमले मात्र होइन मन एवं वाणीका माध्यमले पनि कर्म गरिन्छ भन्ने भाव व्यक्त गर्छ र यस पद्यको व्याख्या यसरी गरिएको छ- **मनोवाग्देहहेतुकं कर्म विहितनिषिद्धरूपं सुखदुःखफलकं तज्जन्या एव मनुष्यतिर्यगादिभावेनोत्कृष्टमध्यमाधमापेक्षया मनुष्याणां गतयो जन्मान्तरप्राप्तयो भवन्ति ।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि सामान्यतया सात्त्विका दैवत्वम्, राजसा मनुष्यत्वम्, तामसास्तिर्यक्त्वमाप्नुवन्ति [१५१]इत्यभिहितं तथापि तत्रापि देशकालादिभेदेन कर्मभेदाद् ज्ञानभेदाच्च प्राप्तव्या गतय उत्कृष्टमध्यमनिकृष्टात्मकास्त्रिविधाः[१५२] सम्पद्यन्ते।

तासु गतिषु सत्वगुणसंयोगसम्प्राप्यमानानां गतीनां प्राशस्त्यम्, रजोगुणसंयोगसम्प्राप्यमानानां मध्यमत्वम्, तमोगुणसंयोगसम्प्राप्यमानानामनुत्कृष्टत्वं चावगम्य पुरुषः सत्त्वगुणात्मककर्मणां समनुष्ठानाय प्रवर्तते।

'प्रवृत्तं कर्म संसेव्य देवानामेति साम्यताम्।'[१५३] इत्यभिधाय देवसाम्यत्वाप्तिः प्रवृत्तकर्मानुष्ठानजन्यं फलं निर्दिष्टम्।

आराधनाप्रकारस्य भिन्नत्वं कर्मणि स्थितम्

निर्दिष्टः खलु प्रवृत्तिनिवृत्त्यात्मकतया द्विविधो मार्गः।

तत्र प्रवृत्तिमार्गः स्वर्गादिफलभोगप्रापकः सन् संसरणहेतुभूतः। निवृत्तिमार्गश्च अपुनरावृत्तिरूपात्मज्ञानात्मक-मोक्षफलप्रापकः सन् संसरणरूपबन्धनाशहेतुभूतः।

१५१. १२/४० मनुः।

१५२. १२/४१ मनुः।

१५३. १२/९० मनुः। {प्रवृत्तकर्माभ्यासेन देवसमानगतित्वं तत् फलं कर्मणा प्राप्नोति}

सत्त्वगुणले युक्त भएको सात्त्विक ज्ञानीले, रजोगुणले युक्त भएको राजस राजद्वेषीले र तमोगुणले युक्त भएको तामस अज्ञानीले उत्तम, मध्यम एवं अधम गरी तीन प्रकारका गति प्राप्त गर्दछन्। यद्यपि सामान्य रूपमा सत्त्वगुणले युक्त भएका प्राणीले देवयोनि, रजोगुणले युक्त भएका प्राणीले मनुष्ययोनि र तमोगुणले युक्त भएका प्राणीले तिर्यक् (पशु-पक्षी आदिको) योनि प्राप्त गर्दछन्' (मनु. १२/४०) भनिएको छ, तर पनि उक्त सात्त्विक आदि तीन प्रकारका प्राणीहरूले प्राप्त गर्ने गतिहरू देश, काल आदिका (संसारका कारणका रूपमा रहेका कर्मका) भेदले र ज्ञानका भेदले गर्दा उत्कृष्ट, मध्यम एवं निकृष्ट स्वभाव भएका गरी तीन प्रकारका हुन्छन् (मनु. १२/४१)।[६०]

उक्त तीन प्रकारका गतिहरूमध्ये सत्त्वगुणको संयोगद्वारा प्राप्त हुने गतिलाई प्रशंसनीय, रजोगुणको संयोगबाट प्राप्त हुने गतिलाई मध्यम र तमोगुणको संयोगबाट प्राप्त हुने गतिलाई निकृष्ट भनी जानेर {बुद्धिमान्} पुरुष सत्त्वगुणले युक्त भएका कर्महरूको अनुष्ठानमा प्रवृत्त हुन्छ। **प्रवृत्तं कर्म०** अर्थात् 'प्रवृत्तिमूलक (ऐहलौकिक एवं पारलौकिक सुख प्राप्त गर्ने उद्देश्य भएका) कर्म सम्पादन गर्नाले देवताको समानता प्राप्त गर्छ' (मनु. १२/९०) भनी प्रवृत्तिमूलक कर्महरूका अनुष्ठानको फल देवताहरूका साथमा समानता प्राप्त गर्नु हो भन्ने तथ्य देखाइएको छ।

कर्मका आराधनाका प्रकारमा रहेको भिन्नता-

प्रवृत्त्यात्मक र निवृत्त्यात्मक गरी दुई प्रकारको मार्ग देखाइएको छ। उक्त दुई मार्गमध्ये स्वर्ग आदि फल प्राप्त गराउने प्रवृत्त्यात्मक मार्ग संसरणका (पुनर्जन्म आदिका) कारणका रूपमा रहेको हुन्छ। संसारमा फेरि फर्केर आउन (जन्मन)

६०. प्रथमतः गुणका आधारमा सात्त्विक, राजसिक र तामसिक गरी तीन प्रकारका गति हुन्छन् पुनः कर्म र विद्याका आधारमा उत्तम, मध्यम एवं अधम गरी तीन तीन प्रकारका गति हुन्छन्। यसरी समग्रमा ३x३= ९ प्रकारका गति हुन्छन् भन्ने मूल पद्यको तात्पर्य हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र द्वयोः प्रवृत्यात्मकनिवृत्यात्मककर्मानुष्ठानजन्यफलयोः प्रापकमार्गभूताश्च अग्न्यादयो देवता इति अग्न्यादिदेवतानामाहुतिप्रदानात्मकयज्ञाद्यनुष्ठानेन, उपासनात्मकयज्ञानुष्ठानेन च प्रवृत्तिनिवृत्यात्मककर्म-लभ्यफलं प्राप्तुं समीहते लोकः ।

न हि कर्मानुष्ठानमन्तरा मोक्षोपलब्धिः, नो वा स्वर्गादिफलोपलब्धिरिति कर्मणां समनुष्ठानन्तु सर्वथा विधेयम् । केवलं मोक्षफलप्रापकस्वर्गादिफलप्रापककर्मणोः प्रवृत्तिनिवृत्यात्मकयोः अग्न्यादिदेवताना-माराधनरूपानुष्ठानप्रकार एव भेदः (भिन्नः) । न हि अग्न्याद्यभिमानिदेवतास्थानमविश्रम्य तैरग्न्याद्यभिमानि-देवताभिरप्रस्थाप्य च परमपदमाप्नोतीति ता देवताः परमपदलब्धिरूपमोक्षप्राप्तयेऽपि श्रवणमनन-निदिध्यासनादिभिः समाराधनीयाः ।

स्वर्गादिफलप्राप्तये पुनस्ता अग्न्यादयो देवता यज्ञतपोदानादिभिः कर्मभिः समाराधनीया इति प्रवृत्ति-निवृत्तिकर्मणोराराधनाप्रकार एव भिन्नः । अग्न्यादयो देवतास्तु सर्वथा समुपासनीयाः ।

अत एव भगवता [१५४]मनुना–

इह चामुत्र वा काम्यं प्रवृत्तं कर्म कीर्त्यते ।

निष्कामं ज्ञानपूर्वं तु निवृत्तमुपदिश्यते ।। इत्यभिधाय प्रवृत्तिनिवृत्तकर्मणोः स्वरूपमुद्दिष्टम् ।

---

१५४. १२/८९ मनुः ।

नपर्ने ज्ञानात्मक एवं मोक्षरूप फल प्राप्त गराउने निवृत्तिमार्ग संसरणरूप बन्धनलाई नाश गर्ने कारणका रूपमा रहेको हुन्छ । प्रवृत्त्यात्मक एवं निवृत्त्यात्मक दुवै प्रकारका कर्मका अनुष्ठानबाट प्राप्त हुने फललाई प्राप्त गराउने बाटाका रूपमा अग्नि आदि देवता रहेका हुन्छन् । अतः अग्नि आदि देवतालाई आहुति प्रदान गरिने यज्ञ आदिको अनुष्ठानद्वारा र उपासनात्मक यज्ञको अनुष्ठानद्वारा लोकले प्रवृत्त्यात्मक एवं निवृत्त्यात्मक कर्मका (कर्मलभ्य) फललाई प्राप्त गर्ने इच्छा गर्छ ।

कर्मको अनुष्ठान विना मोक्षको उपलब्धि (प्राप्ति) हुँदैन । स्वर्गादि फलको उपलब्धि पनि हुँदैन । अतः कर्मको अनुष्ठान सबै प्रकारले गर्नुपर्छ । स्वर्गादिफल उपलब्ध गराउने र मोक्षरूप फल उपलब्ध गराउने प्रवृत्त्यात्मक एवं निवृत्त्यात्मक कर्महरूमा अग्नि आदि देवताहरूको आराधनारूप अनुष्ठानको प्रकारमा मात्र भिन्नता रहेको हुन्छ । अग्नि आदिका अभिमानी देवताहरूलाई सन्तुष्ट नबनाएसम्म र तिनै अग्नि आदिका अभिमानी देवताहरूले प्रस्थान नगराएसम्म परमपद प्राप्त हुन सक्दैन । अतः परमपदप्राप्तिरूप मोक्ष प्राप्त गर्नका लागि पनि तिनै देवताहरूको श्रवण, मनन एवं निदिध्यासन आदि विधिद्वारा आराधना गर्नुपर्छ ।

स्वर्ग आदि फल प्राप्त गर्नका लागि पुनः तिनै अग्नि आदि देवताहरू यज्ञ, तप, दान आदि कर्मद्वारा आराधना गर्न योग्य हुन्छन् । अतः प्रवृत्तिमूलक एवं निवृत्तिमूलक कर्मका लागि गरिने आराधनका प्रकारमा मात्र भिन्नता हुन्छ । अग्नि आदि देवताको आराधना भने अवश्य गर्नुपर्ने हुन्छ । त्यसैले त भगवान् मनुले **इह चामुत्र०** अर्थात् 'यस लोकका फल उपलब्ध गराउने (कारीरी वैश्वानरी आदि) र परलोकमा फल उपलब्ध गराउने (ज्योतिष्टोम आदि) काम्य (कामना भएका) कर्मलाई प्रवृत्त (प्रवृत्त्यात्मक) कर्म भनिन्छ, ज्ञानपूर्वक गरिने एवं कुनै पनि (स्वर्गादि) कामना नभएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इह जनिमाप्नुवद्भिः पुरुषैः सर्वैरेव कर्मणां समनुष्ठानं विधेयमेव। तत्र कर्माणि च समेषां नियतानि। ब्राह्मणो ब्रह्मकर्मणा, क्षत्रियः क्षात्त्रकर्मणा, शूद्रः शौद्रकर्मणा, अवान्तरजातयश्च तत्तज्जातिविहितकर्मणा हि संसिद्धिं लभन्ते।

ब्रह्मक्षत्रयोर्व्यवस्थाधायिका शक्तिः

एतेषु ब्रह्मक्षत्रयोर्या शक्तिः सा जगतो रक्षिका व्यवस्थाधायिका च निगदिता। यत्र ब्रह्मशक्तिः क्षत्त्रशक्तिश्च सम्भूय व्यवस्थात्मकं कार्यं कुर्यातां तत्रैव चराचरात्मकं जगद्वर्धते। ययोः सम्भूत्या चराचरं जगदपि विवर्धते तत्र स्वात्मनः समृद्ध्यर्थन्तु किं वक्तव्यम्।

न हि ब्राह्मणमन्तरा क्षत्रियस्य समृद्धिर्भवति। न च क्षत्रियमन्तरा ब्राह्मणस्यापि समृद्धिर्भवति।

क्षत्रियस्य समृद्ध्यर्थं (राज्ञः समृद्ध्यर्थम्) शान्तिकपौष्टिकव्यवहारेक्षणादिककर्मभिः सुतरां भाव्यम्। तेषाञ्च निष्पत्तिर्ब्राह्मणद्वारैव सम्भवति। तत्रापि विद्वद्ब्राह्मणद्वारा। पुनस्तत्रापि वृत्तसम्पन्नविद्वद्ब्राह्मणद्वारा एव सम्पादितकृत्येभ्यः समीहितफलनिष्पतेः राज्ञः समृद्ध्यर्थं विदुषो ब्राह्मणस्यावश्यकता भवति।

कर्मलाई निवृत्त (निवृत्त्यात्मक) कर्म भनिन्छ'[६१] (मनु. १२/८९) भनी प्रवृत्तिमूलक एवं निवृत्तिमूलक कर्मको स्वरूप बताएका छन्।

यस संसारमा जन्म लिएका सबै मनुष्यले कर्महरूको अनुष्ठान गर्नै पर्छ। सबैका कर्महरू नियत (निश्चित एवं निर्धारित) हुन्छन्। ब्राह्मणले ब्रह्मकर्मद्वारा, क्षत्रियले क्षात्त्रकर्मद्वारा, {वैश्यले वैश्यकर्मद्वारा}, शूद्रले शूद्रकर्मद्वारा र अवान्तर जातिले ती ती जातिका लागि विधान गरिएका कर्महरूका अनुष्ठानद्वारा सम्यक् प्रकारको सिद्धि प्राप्त गर्दछन्।

ब्राह्मणमा र क्षत्रियमा रहेको व्यवस्थाधायक शक्ति-

उक्त चार प्रकारका वर्णहरूमध्ये ब्राह्मणमा र क्षत्रियमा जुन शक्ति रहेको हुन्छ त्यस शक्तिलाई संसारको संरक्षक र व्यवस्थाको संस्थापक भनिएको छ। जहाँ ब्रह्मशक्तिले र क्षात्त्रशक्तिले परस्परमा मिलेर व्यवस्था मिलाउने कार्य गर्दछन् त्यही नै चराचर जगत्को समृद्धि हुन्छ। जुन दुई शक्तिले परस्परमा मिलेर कार्य गरेका स्थितिमा चराचर जगत्को पनि समृद्धि हुन्छ, तिनै दुई शक्तिको परस्परको मिलनबाट स्वयंको समेत समृद्धि हुन्छ भन्ने विषयमा त के नै भन्नुपर्छ र।

ब्राह्मणका अभावमा क्षत्रियको समृद्धि हुन सक्दैन। क्षत्रियका अभावमा ब्राह्मणको पनि समृद्धि हुन सक्दैन। क्षत्रियको विशेषतः राजाको समृद्धिका लागि शान्तिक, पौष्टिक एवं व्यवहारेक्षण आदि कर्महरू गर्नुपर्ने हुन्छ। उक्त कर्महरूको निष्पत्ति ब्राह्मणद्वारा नै सम्भव हुन्छ। त्यसमा पनि विद्वान् ब्राह्मणद्वारा सम्पन्न हुन्छ। त्यसमा पनि राम्रा

६१. मन्वर्थमुक्तावलीमा- 'इह काम्यसाधनं वृष्टिहेतुकारीरीयागादि परत्र स्वर्गादिफलसाधनं ज्योतिष्टोमादि यतः कामनया क्रियते तत्संसारप्रवृत्तिहेतुत्वात् प्रवृत्तमित्युच्यते दृष्टादृष्टफलकामनारहितं पुनर्ब्रह्मज्ञानाभ्यासपूर्वकं संसारनिवृत्तहेतुत्वात् निवृत्तमित्युच्यते' भनिएको छ, पुनश्च मेधातिथिव्याख्यामा ज्ञानपूर्वम्लाई प्रवृत्त एवं निवृत्त दुवै कर्मको विशेषण मानी ज्ञानपूर्वमुभयत्र शेषम्, अविदुषोऽनधिकारात् भनिएको छ।}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणस्य समृद्ध्यर्थमपि पुनः क्षत्रियस्य (राज्ञः) आवश्यकता भवति । तत्रापि आर्यवृत्तानां संरक्षकस्य कण्टकानां संशोधकस्य च राज्ञ आवश्यकता भवति । कण्टकसंशोधनपूर्वकं सुरक्षितो हि ब्राह्मणो ब्राह्मणानुष्ठेयकर्मणामनुष्ठानाय समर्थो भवति ।

न हि कर्मानुष्ठानमन्तरा क्षत्रियो ब्राह्मणो वा समृद्धिमाप्नोति । कर्मणामनुष्ठानाय च परस्परमुभयाकाङ्क्षा सन्दृष्टेति क्षत्रियस्य समृद्ध्यर्थं ब्राह्मणस्यावश्यकता भवति । ब्राह्मणस्यापि समृद्ध्यर्थं क्षत्रियस्यावश्यकता भवति । अत एव [१५५]**'नाब्रह्म क्षत्रमृध्नोति नाक्षत्रं ब्रह्म वर्द्धते । ब्रह्म क्षत्रं च सम्पृक्तमिह चामुत्र वर्द्धते ।।'** इति मनुना उक्तम् ।

ब्राह्मणस्य कर्माणि चराचराभ्युदयकारकतया क्षत्रस्य विशेषतः समृद्धिकारकाणि । न हि क्षत्रस्य संवर्द्धन-मन्तरा चराचरजगतः सुरक्षा सम्भवतीति चराचरजगतः संरक्षणार्थमेवापि क्षत्रबलवर्द्धनमावश्यकम् ।

क्षत्रियेणापि चराचरजगतः संरक्षणपूर्वकं स्वाभीष्टप्रापककर्मणि प्रवृत्तेरवसरप्रदानार्थमपि ब्राह्मणस्य सर्वतः परिरक्षणमावश्यकम् । न हि अपरिरक्षितो ब्राह्मणः स्वात्मानं संस्कृत्य कर्मानुष्ठानाय समर्थो भवति । ब्राह्मणानुष्ठेययागादिकर्मान्तरा च देशे सुभिक्षा न जायते । शान्तिर्न जन्यते । लोकमर्यादापि च न तिष्ठते ।

१५५. ९/३२२ मनुः । {यत्क्षत्रं यद्ब्राह्मणरहितं राज्यम्, मन्त्रिपुरोहितादयो यत्र न ब्राह्मणास्तत्र कुतः समृद्धिः । एवं ब्राह्मणा अपि न राजोपाश्रिता कुतः सम्पत्तिं लभन्ते । उभौ युक्तौ जगज्जयतः । ब्रह्मक्षत्रशब्दौ ब्राह्मणक्षत्रियजातिवचनौ- इति मेधातिथिव्याख्या । ब्राह्मणरहितः क्षत्रियो वृद्धिं न याति शान्तिकपौष्टिकादिव्यवहारेक्षणादिधर्मविरहात् । एवं क्षत्रियरहितोऽपि ब्राह्मणो न वर्तते रक्षां विना यागादिकर्मानिष्पत्तेः । किन्तु ब्राह्मणः क्षत्रियश्चय परस्परसम्बद्ध एवेह लोके परलोके च धर्मार्थकाममोक्षावाप्त्या वृद्धिमेति- इति कुल्लूकभट्टव्याख्या}

आचार विचारले युक्त भएका विद्वान् ब्राह्मणद्वारा सम्पादन गरिएका कार्यहरूबाट नै अभीष्ट फल प्राप्त हुन्छ । अतः राजाको समृद्धिका लागि आचारले युक्त भएका विद्वान् ब्राह्मणको आवश्यकता हुन्छ । ब्राह्मणको समृद्धिका लागि पनि क्षत्रियको विशेषतः राजाको आवश्यकता हुन्छ । त्यसमा पनि आर्यहरूका व्यवहारको संरक्षण गर्ने, कण्टकहरूको (काँडाहरूको अर्थात् दुर्जनहरूको) शोधन (नियन्त्रण) गर्ने राजाको आवश्यकता हुन्छ । कण्टकहरूको शोधन गर्दै राम्ररी संरक्षण गरिएको ब्राह्मण नै ब्राह्मणद्वारा सम्पन्न गरिने कर्महरूको अनुष्ठानमा समर्थ हुन्छ ।

कर्महरूको अनुष्ठान विना क्षत्रिय होस् वा ब्राह्मण होस् समृद्धिलाई प्राप्त गर्न सक्दैन । कर्महरूको अनुष्ठानका लागि परस्परमा एक-अर्काको आवश्यकता देखिन्छ । त्यसैले क्षत्रियको समृद्धिका लागि ब्राह्मणको आवश्यकता हुन्छ र ब्राह्मणको समृद्धिका लागि पनि क्षत्रियको आवश्यकता हुन्छ । अत एव मनुले **नाब्रह्म क्षत्रमृध्नोति०** अर्थात् 'ब्रह्मशक्ति विना क्षात्रशक्ति समृद्धिमा प्राप्त हुँदैन र क्षात्रशक्ति विना ब्राह्मशक्ति पनि बढ्न सक्दैन । परस्परमा मिलेको ब्रह्मशक्ति र क्षात्रशक्ति यस लोकमा र परलोकमा समेत समृद्धिलाई प्राप्त हुन्छ अर्थात् समृद्ध बन्छ' (मनु ९/३२२) भनेका छन् ।

ब्राह्मणका कर्महरू चराचर जगत्का अभ्युन्नतिका सम्पादक भएकाले ती कर्महरू क्षत्रियहरूका लागि विशेष रूपमा समृद्धिका कारण हुन्छन् । क्षत्रियहरूको संवर्धन विना चरचर जगत्को सुरक्षा हुन सक्दैन । अतः चराचरको सुरक्षाका लागि पनि क्षत्रियबलको संवर्धन आवश्यक हुन्छ । क्षत्रियले पनि चराचर जगत्को संरक्षण गर्दै आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादिकारणवसात् चराचरजगतः संरक्षणपूर्वकं स्वकर्मानुष्ठानप्रवृत्तिप्रदानार्थं क्षत्रियेण ब्राह्मणस्य संरक्षणं विशेषतो विधेयम्।

जागतिककर्माणि परस्परहितकारकाणि

यत्र ब्रह्म क्षात्रं च सम्पृक्तं (संयुक्ततया कार्यकर्तृकम्) भवेत् तत्रेदं जगत् समृद्धिमाप्नुयात् अर्थादाभ्युदयिकसमृद्धिसाधनाय क्षममुभयसम्पृक्तस्वरूपं भवेदिति निर्दिश्य राज्ञः कृते {यत्तत्त्वं तद्ब्राह्मणकर्म} जन्यम्, ब्राह्मणस्य कृते तादृशतत्त्वोत्पादककर्मानुष्ठानायावश्यकं यत्तत्त्वं तत्क्षत्रियकर्मजन्यमिति [१५६]मनुना समाम्नातम्। तस्माच्च ब्राह्मणक्षत्रिययोरुभययोः कर्मसु परस्परमुपकारकत्वं सन्निहितमित्यवगतं भवति।

अनयोर्ब्राह्मणक्षत्रिययोश्च कर्मणोः परस्परमुपकारकारकत्वात् तत्सम्पादनाय क्षत्रियस्य कृते ब्राह्मणानां सर्वतः संरक्षणं संवर्द्धनं कर्तव्यतया निर्दिष्टम्। ब्राह्मणस्यापि कृते राजानमीश्वरबुद्ध्या राज्ञो बलवर्द्धककृत्यानां सर्वतो भावेन समनुष्ठानं कर्तव्यतया निर्दिष्टम्। न हि तावन्मात्रमपि तु समाजमेव तादृशं निर्मितं यतः समाजानुष्ठित-कर्मभिर्ब्राह्मणक्षत्रिययोर्बलवर्धकतत्त्वप्रदानं सम्पद्यते। ब्राह्मणक्षत्रियानुष्ठितकर्मभिश्च समाजहितकारकं तत्त्वं समुत्पद्यते।

---

१५६. ९/३२२ मनुः।

अभीष्ट उपलब्ध गराउने कर्ममा प्रवृत्त हुने अवसर प्रदान गर्नका लागि ब्राह्मणको सबैतिरबाट सुरक्षा गर्नुपर्ने आवश्यकता हुन्छ। संरक्षण नगरिएको ब्राह्मण आफूलाई संस्कार युक्त बनाएर कर्मको अनुष्ठानमा समर्थ हुँदैन। ब्राह्मणद्वारा सम्पादन गर्नुपर्ने यागादि अनुष्ठान विना देशमा सुभिक्षा (प्रशस्त खाद्यपदार्थको उपलब्धि) हुँदैन। शान्ति पनि हुँदैन। लोकमर्यादा पनि रहँदैन। यिंनै कारणहरूले गर्दा चराचर जगत्को संरक्षण गर्दै आफ्ना कर्मको अनुष्ठान गर्ने अवसर प्रदान गर्न क्षत्रियले विशेषतः ब्राह्मणको संरक्षण गर्नुपर्छ।

जगत्मा हुने कर्महरू परस्परमा हितकारक हुन्छन्-

जहाँ परस्परमा उपकार्य उपकारक भावले रहेको ब्रह्मशक्ति र क्षात्रशक्ति संयुक्त भएर कार्यसम्पादक हुन्छ त्यहाँ दृश्यमान जगत्ले समृद्धि प्राप्त गर्दछ अर्थात् अभ्युदयसित सम्बद्ध समृद्धि साधनका लागि दुवै शक्तिको संयुक्त स्वरूप समर्थ हुन्छ। उपर्युक्त निर्देशन दिएर राजाका लागि आवश्यक पर्ने जुन तत्त्व हुन्छ त्यो ब्राह्मणबाट प्राप्त हुन्छ र तात्त्विक फल उपलब्ध गराउने कर्मको अनुष्ठानका लागि ब्राह्मणलाई जुन तत्त्वको आवश्यकता पर्दछ त्यो तत्त्व क्षत्रियबाट उपलब्ध हुन्छ भन्ने तथ्य मनुले बताएका छन् (मनु. ९/३२२)। यसबाट ब्राह्मण र क्षत्रिय दुवैका कर्महरूमा परस्परमा उपकार्य (उपकृत हुने) र उपकारक (उपकार गर्ने) भाव रहेको हुन्छ भन्ने बोध हुन्छ।

यसरी ब्राह्मण र क्षत्रियका कर्महरूमा परस्परमा (एकअर्कालाई) उपकार गर्ने स्वभाव हुने भएकाले उक्त उपकार प्राप्त गर्नका लागि ब्राह्मणहरूको सबैतिरबाट संरक्षण एवं संवर्धन गर्नु क्षत्रियको कर्तव्य हो भनी निर्देशन गरिएको छ। राजाप्रति यी ईश्वर नै हुन् भन्ने बुद्धि (धारणा) बनाएर सबै प्रकारले राजाका बलमा वृद्धि हुने कृत्यहरूको अनुष्ठान गर्नु ब्राह्मणहरूको पनि कर्तव्य हो भनी निर्देशन गरिएको छ। यतिमात्र होइन समाज पनि त्यस्तो निर्माण गरिएको छ कि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्गोद्गतसमग्रप्राणिजातस्य संरक्षणनिमित्तं सर्वेषां ब्राह्मणक्षत्रियवैश्यशूद्राणां पृथक् पृथक् कर्माणि रचितानि सृष्टिकर्त्रा ब्रह्मणेति स्व–स्वकर्मानुष्ठानात् समाजहितावहतत्त्वस्य समुत्पत्तिः स्वाभाविकी। भगवता [१५७]मनुना–

सर्वस्यास्य तु सर्गस्य गुप्त्यर्थं स महाद्युतिः।

मुखबाहूरुपज्जानां पृथक् कर्माण्यकल्पयत्॥ इत्यभिधाय तदेवोक्तम्। तत्रापि ब्राह्मणो ज्यायान्निति महीयते।

[१५८]ब्राह्मणस्य कृते धर्मः सत्यं दमः तपः अमात्सर्यं ह्रीः तितिक्षा अनसूया यज्ञः दानं धृतिः श्रुतञ्चेत्येतानि द्वादश व्रतान्यनुष्ठेयत्वेन निर्दिष्टान्युपलभ्यन्ते।

एतेभ्यो द्वादशेभ्यो व्रतेभ्यः प्रभुत्वमापन्नो हि पुरुषः सकलामपि पृथिवीमनुशासितुं शक्नोति। इत्येतच्च तत्रैवोक्तम्।[१५९]

मनीषिभिर्ब्राह्मणैर्दमत्यागाप्रमादरूपास्त्रय आत्मगुणाः सत्यस्य मुखानीत्यभिहितानि। तेषु दमत्यागाप्रमादेषु अमृतमाहितमस्ति।

---

१५७. १/८७ मनुः। {...अग्नौ प्रास्ताहुतिरिति न्यायेय.....ब्राह्मणादीनां विभागेन कर्माणि दृष्टादृष्टार्थानि निर्मितवान्- इति कुल्लूकभट्टः}

१५८. महाभारतम्, उद्योगपर्व, {सनत्सुजातपर्वणि} ४३/२०।

१५९. महाभारतम्, उद्योगपर्व, {सनत्सुजातपर्वणि} ४३/२१।

समाजद्वारा सम्पादन गरिएका कृत्यहरूद्वारा ब्राह्मणहरूका र क्षत्रियहरूका बलमा वृद्धि हुने तत्त्व प्रदान गर्ने कार्य सम्पन्न हुन्छ। ब्राह्मण एवं क्षत्रियद्वारा सम्पादन गरिएका कर्महरूद्वारा समाजलाई हित गर्ने तत्त्व उत्पन्न हुन्छ।

सृष्टिका आरम्भमा उत्पन्न भएका सबै प्राणीहरूको संरक्षण गर्नका लागि सृष्टिकर्ता ब्रह्माले ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रहरूका अलग- अलग कर्महरूको निर्माण गरेका थिए। त्यसैले आ-आफ्ना (वर्ण एवं जातिका) कर्मको अनुष्ठानद्वारा समाजलाई हित गर्ने तत्त्वको उत्पत्ति हुनु स्वाभाविक हो। भगवान् मनुले **सर्वस्यास्य०** अर्थात् 'ठूलो तेजले युक्त भएका उनले (ब्रह्माजीले) सम्पूर्ण सृष्टिको संरक्षणका लागि मुखबाट, बाहुबाट, जाँघबाट र चरणबाट उत्पन्न भएका अर्थात् क्रमैले ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रका (दृष्ट एवं अदृष्ट फल भएका) कर्महरूको कल्पना (निर्धारण) गरे (मनु. १/८७) भनेका छन्। उक्त चार वर्णहरूमा पनि सबैभन्दा पहिले उत्पन्न भएकाले ब्राह्मण महनीय हुन्छ।

ब्राह्मणका लागि धर्म, सत्य, दम, तप, अमात्सर्य, ह्री, तितिक्षा, अनसूया, यज्ञ, दान, धृति र श्रुत (शास्त्रज्ञान)- यी बाह्र व्रत अनुष्ठेय हुन्छन् भनी बताइएको पाइन्छ (म.भा., उ.प. ४३/२०)। उक्त बाह्र प्रकारका व्रतहरूको पालनबाट प्रभुतालाई प्राप्त गरेको (शक्तिसम्पन्न बनेको) पुरुषले सम्पूर्ण पृथिवीलाई अनुशासित बनाउन सक्छ अथवा उक्त वैशिष्ट्य युक्त पुरुषले सम्पूर्ण पृथिवीमा शासन गर्न सक्छ। यो तथ्य पनि त्यही (महाभारतमा) नै प्रतिपादन गरिएको छ (म.भा., उ.प. ४३/२१)।

विद्वान् ब्राह्मणहरूले दम, त्याग एवं अप्रमाद- यी तीन आत्माका गुणलाई सत्यका मुख हुन् भनेका छन्। उक्त दम, त्याग एवं अप्रमादरूप तीन गुणमा अमृत रहेको हुन्छ (म.भा. उ.प. ४३/२२)। दम, त्याग एवं अप्रमादरूप आत्माका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दमत्यागाप्रमादरूपाणामात्मगुणानां सत्यस्य मुखत्वात् **'सत्येन धार्यते लोकः'** इत्यभिधानाच्च सत्येनोपेतो ब्राह्मणो लोकान् बिभर्ति।

दमत्यागाप्रमादरूपाणामात्मगुणानां सत्यस्य मुखत्वं [१६०]व्यासेनोक्तम्। दमत्यागाप्रमादेषु अमृतस्याधानाच्चापि तद्गुणवतो लोकधारणपोषणकारकत्वं सम्पद्यते।

सत्यस्य संरक्षणं ब्राह्मणस्य धर्मः। यो हि ब्राह्मणः सत्यान्नापैति स एव ब्राह्मणो ब्राह्मणत्वेन भिन्नः सम्पद्यते। सत्येनोपेतो ब्राह्मणोऽवगन्तव्य इति च [१६१]व्यासेनोक्तम्।

यद्यपि विप्रत्वप्राप्तिहेतवो नैकविधाः समुपलभ्यन्ते; तथापि तेषु विप्रत्वप्राप्तिहेतुषु सत्यस्य प्राधान्यम्, सत्ये सर्वप्रतिष्ठानात्।

न हि ब्राह्मणत्वं सर्वसाधारणं तत्त्वम्। ब्राह्मणत्वं तु शुद्धब्राह्मणब्राह्मणीरजोवीर्यसमुद्भवस्य पूर्वोक्तसंस्कारसंस्कृतस्य पुरुषस्य व्यवहारसिद्धमपि समनुष्ठेयत्वेन निर्दिष्टानां व्रतानां कर्मणां वा समनुष्ठानादेव हि विद्यावृत्तसमन्विततया ज्वलिताग्निरिव तेजसा समन्वितो भवतीति तादृश एव ब्राह्मणो ब्राह्मणत्वेन अवगन्तव्यः।

इहामुत्रहितप्रेप्सुना लोभेर्ष्याद्वेषमात्सर्यरागादीनां वेगधारणं जितेन्द्रियतया विधेयम्।

धारयेत्तु सदा वेगान् हितैषी प्रेत्य चेह च। लोभेर्ष्याद्वेषमात्सर्यरागादीनां जितेन्द्रियः॥ इति [१६२]अष्टाङ्गहृदये उक्तम्।

---

१६०. महाभारतम्, उद्योगपर्व, {सनत्सुजातपर्वणि} ४३/२२।

१६१. महाभारतम्, उद्योगपर्व, {सनत्सुजातपर्वणि} ४३/४९।

१६२. ४/२५ अष्टाङ्गहृदये।

गुणहरू सत्यका मुख भएकाले र **सत्येन धार्यते मही** अर्थात् 'सत्यद्वारा नै पृथिवीको धारण गरिन्छ' भनिएको हुनाले सत्यले युक्त भएको ब्राह्मणले लोकहरूलाई धारण गर्दछ। दम, त्याग एवं अप्रमादरूप आत्माका गुणहरू सत्यका मुख हुन् भन्ने कुरा व्यासले भनेका छन् (म.भा. उ.प. ४३/२२)। दम, त्याग एवं अप्रमादमा अमृतको आधान गरिएको हुनाले उक्त गुणले युक्त भएको पुरुष लोकको धारण गर्न एवं पोषण गर्न समर्थ हुन्छ (धारणकर्ता एवं पोषणकर्ता बन्छ)।

सत्यको संरक्षण गर्नु ब्राह्मणको धर्म हो। जुन ब्राह्मण सत्यबाट च्युत हुँदैन त्यही ब्राह्मण नै ब्राह्मणका रूपमा अन्य पुरुषभन्दा भिन्न हुन्छ। सत्यले युक्त भएकालाई वास्तविक ब्राह्मण भन्नुपर्दछ भनी व्यासले बताएका छन् (म.भा., उ.प. ४३/४९)। हुन त ब्राह्मणत्व प्राप्त गराउने अनेकौँ साधन पाइन्छन् तर पनि ब्राह्मणत्व उपलब्ध गराउने उक्त अनेक साधनमध्ये सत्य प्रमुख साधनका रूपमा रहेको छ र सत्यमा नै सबै प्रतिष्ठित छ।

ब्राह्मणत्व सबै व्यक्तिले प्राप्त गर्न सक्ने साधारण तत्त्व होइन। ब्राह्मणत्व त- शुद्ध ब्राह्मण एवं ब्राह्मणीका रज एवं वीर्यबाट उत्पन्न भएका र पूर्वोक्त संस्कारद्वारा संस्कृत बनेका पुरुषमा रहेको हुन्छ भन्ने तथ्य व्यवहारबाट सिद्ध हुन्छ। जन्मसिद्ध ब्राह्मण पनि सम्पादन गर्नुपर्छ भनी निर्देश गरिएका व्रतहरूको र कर्महरूको सम्यक् अनुष्ठान गरेपछि मात्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मलशोधनं रोगनाशनम्, मलसञ्चयस्तु दोषोत्पादकः, लङ्घनेन पाचनेन च दोषशुद्धिरित्यप्यष्टाङ्गहृदये उक्तम्।[१६३]

मलशुद्धिं (दोषशुद्धिम्) विधाय रसायनं सेवितव्यम्, वृष्ययोगाश्च प्रयोक्तव्या इत्यप्युक्तम्।[१६४]

शरीरस्य स्वास्थ्योपलब्धये इन्द्रियाणां शक्तिसंवर्द्धनाय चायुर्वेदशास्त्रे यथा लोभादिवशीकरणोपायतया इन्द्रियाणां नियमनं निर्दिष्टम्, शक्तिप्राप्तये रसादिसेवनाय च शरीरगतदोषशुद्धिविधानं मलशोधनाच्च शरीरेन्द्रियगतरोगविनाशनमपि निर्दिष्टं तथैव धर्मशास्त्रमपि सर्वेषां विशेषतो ब्राह्मणक्षत्रिययोरिन्द्रियाणां नियमनाय लोभादीनां परित्यागाय शुद्धिकारकसंस्काराणां समनुष्ठानाय च विधत्ते इति धर्मशास्त्रविधिविधेयानामैहिकं प्रयोजनमायुर्वेदशास्त्रादपि किञ्चिदवगम्यते।

प्रवृत्तिर्जायते पुंसां श्रेयसः प्राप्तये ध्रुवम्

जनिमतां प्रवृत्तिः खलु श्रेयसः समुपलब्धये भवति। प्रज्ञाचक्षुःसमन्वितानां समीहितसाध्यसाधनात्मककृत्यपरिज्ञानाद् यथोक्तफलोपलब्धये विहिता प्रवृत्तिः सम्पद्यते। शास्त्रचोदितविधिज्ञानरहितानां तु काकतालिकतया समीहितसाध्यसाधनाय विहिता प्रवृत्तिः सम्पद्यते, नापि वा सम्पद्यते।

१६३. अष्टाङ्गहृदयमम्, ४ अध्यायः, २६-२७ श्लोकौ।

१६४. अष्टाङ्गहृदयमम्, ४ अध्यायः, २८ श्लोकः।

क्रिया एवं आचारले युक्त हुन्छ। उक्त विशेषताले युक्त ब्राह्मण बलेको आगोझैं तेजले युक्त भएको हुन्छ। अतः त्यसै प्रकारका विशेषताले युक्त भएका ब्राह्मणलाई नै वास्तविक ब्राह्मण भनेर जान्नुपर्दछ।

यस लोकमा र परलोकमा समेत हित चाहने पुरुषले लोभ, ईर्ष्या, द्वेष, मात्सर्य, राग आदिको वेगलाई जितेन्द्रिय भएर धारण (नियन्त्रण) गर्नुपर्छ। **धारयेत्तु०** अर्थात् 'मरेपछि (लोकान्तरमा) र यस लोकमा समेत आफ्नो कल्याण चाहने जितेन्द्रिय पुरुषले लोभ, ईर्ष्या, द्वेष, मात्सर्य, राग आदिका वेगलाई सधैँ धारण (नियन्त्रण) गरोस्' भनी अष्टाङ्गहृददय (४/२५) मा भनिएको छ।[६२] मलको शोधन गर्नाले रोगहरू नष्ट हुन्छन्। मलको सञ्चय दोषहरूको उत्पादक हुन्छ। लङ्घन एवं पाचन क्रियाद्वारा दोषशुद्धि गर्नुपर्छ। यी तथ्य पनि अष्टाङ्गहृदयमा (४/२६-२७) नै बताइएका छन्। मलशुद्धि अर्थात् दोषशुद्धि गरेर रसायनको सेवन गर्नुपर्छ। वृष्ययोग (शरीरलाई शक्तिशाली बनाउने वा सम्भोग शक्ति बढाउने उपाय) पनि मलशुद्धि अर्थात् दोषशुद्धि गरेर नै गर्नुपर्छ भन्ने तथ्य पनि प्रतिपादन गरिएको छ (अ.हृ. ४/२८)।

शरीरलाई स्वस्थ बनाउन (शारीरिक स्वास्थ्य प्राप्त गर्न) एवं इन्द्रियहरूको शक्ति संवर्धन गर्न आयुर्वेदशास्त्रमा लोभ आदिलाई वशमा बनाउने उपायका रूपमा इन्द्रियहरूको नियमन (नियन्त्रण) को निर्देशन गरिएको छ। शक्ति प्राप्त गर्नका लागि र रसादिको सेवनका लागि शरीरमा रहेका दोषहरूको शुद्धि गर्नुपर्छ भनी विधान गरिएको छ। मलशोधनबाट शरीरमा र इन्द्रियमा रहेका रोगहरू नष्ट हुन्छन् भन्ने निर्देशन पनि गरिएको छ। यसै प्रकारले धर्मशास्त्रले पनि सबैलाई विशेषतः ब्राह्मण एवं क्षत्रियका लागि इन्द्रियहरूको नियमन गर्नुपर्छ, लोभादिको त्याग गर्नुपर्छ र शरीर र

६२. अष्टाङ्गहृदय आयुर्वेद सम्बद्ध ग्रन्थ हो। आर्युवेदका आठै अङ्गको प्रतिपादा गरिएकाले र हृदयस्थानीय भएकाले अष्टाङ्गहृदय भनिएको हो भन्ने उक्ति पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मादज्ञानां प्रवृत्तेर्दुरवस्थापादकत्वात् लोकस्य विज्ञत्वसम्पादनाय विशेषतो ब्राह्मणस्य विद्याग्रहणाय वृत्तसंरक्षणाय च धर्मशास्त्रं प्रयतते। तादृशो विप्रो हि व्यवस्थापकः।

श्रेष्ठत्वं ब्राह्मणस्यापि व्यवस्थाधायकैर्गुणैः

ब्राह्मण्यधारणार्थं यावन्तो गुणाः शास्त्रेषु निर्दिष्टाः सन्ति, ते गुणाः सामाजिकसुव्यवस्थास्थापनात्मकाः सन्दृश्यन्ते।

ब्राह्मणः

कार्यान्तरव्यग्रतयाथवास्वस्थतया व्यवहारावलोकनविधौ असामर्थ्ये जाते राज्ञा स्वसम्पाद्यव्यवहारेक्षण-रूपकार्यसम्पादनाय सभ्यैः सह सर्वधर्मविदो ब्राह्मणस्य नियोगो विधेय इति योगीश्वरेण याज्ञवल्क्येन निर्दिष्टम्।

अत्र च सभ्यापेक्षया सर्वधर्मविदो ब्राह्मणस्यैव व्यवहारावलोकने प्राधान्यं सहशब्दयोगिन्या तृतीयया उक्तत्वात् तादृशो ब्राह्मणः राज्ञोऽस्वस्थावस्थायां कार्यान्तरव्यग्रत्वादिकारणाद् राज्ञोऽशक्तावस्थायां जातायां च राजकार्यकारी (राजप्रतिनिधिः) भवति।

मनलाई शुद्ध गराउने संस्कारहरूको अनुष्ठान गर्नुपर्छ भनी विधान गरेको (अह्राएको) छ। यसरी धर्मशास्त्रका विधिवाक्यहरूबाट विधान गरिएका ऐहिक प्रयोजनहरू केही मात्रामा आयुर्वेदबाट पनि थाहा पाउन सकिन्छ।

पुरुषको प्रवृत्ति श्रेयःप्राप्तिका लागि हुन्छ-

यस संसारमा जन्मिएका सबै प्राणीको प्रवृत्ति श्रेयको उपलब्धिका लागि (मेरो कल्याण होस्, म सुख शान्ति प्राप्त गर्न सकौं भन्ने उद्देश्यले) हुन्छ। प्रज्ञाचक्षुले युक्त भएका पुरुषहरूमा आफूले चाहेका साध्यका साधनका रूपमा रहेका कृत्यहरूको ज्ञान हुने भएकाले अभीष्ट फल प्राप्त गर्नका लागि विहित (शास्त्रद्वारा एवं लोकपरम्पराद्वारा अनुमोदित) प्रवृत्ति हुन्छ। शास्त्रद्वारा बताइएका विधिको ज्ञान नभएका पुरुषहरूको भने काकतालिका रूपमा अभीष्ट साध्यका अनुकूल साधनहरूमा विहित प्रवृत्ति हुन सक्छ अथवा नहुन पनि सक्छ। अज्ञानीहरूका प्रवृत्तिहरूले नराम्रा अवस्थाको सृजना गर्ने हुनाले मनुष्यहरूलाई विज्ञ बनाउनका लागि, विशेषतः ब्राह्मणहरूलाई विद्याग्रहण गर्ने कार्यमा प्रवृत्त गराउनका लागि र उनीहरूका वृत्तिको संरक्षण गर्ने कार्यका लागि धर्मशास्त्रले प्रयत्न गर्दछ। विद्याग्रहण गरेको र वृत्तिको संरक्षण गरिएको ब्राह्मण व्यवस्थापक बन्दछ।

व्यवस्थाधायक गुणद्वारा ब्राह्मणको पनि श्रेष्ठता सिद्ध हुन्छ-

ब्राह्मणत्व धारण गर्नका लागि जति पनि गुणहरू हुनुपर्छ भनी शास्त्रहरूमा बताइएको छ ती सबै गुण सामाजिक सुव्यवस्था बनाउने साधनका रूपमा रहेका देखिन्छन्। शास्त्रमा ठाउँ ठाउँमा ब्राह्मणको महत्ता प्रतिपादन गरिएको छ।

अरू कुनै कार्यमा व्यस्त भएर अथवा अस्वस्थ भएर व्यवहार हेर्न असमर्थ भएमा राजाले आफूद्वारा सम्पादन गर्नुपर्ने व्यवहार अवलोकन रूप कार्यको सम्पादनका लागि सभ्यहरूका साथमा (शिष्ट पुरुषहरू समेत सदस्य भएको) सबै धर्म जान्ने ब्राह्मणलाई (धर्माधिकारीका रूपमा) नियुक्त गर्नुपर्छ भनी योगीश्वर याज्ञवल्क्यले निर्देशन दिएका छन्। यहाँ सभ्यहरूका अपेक्षामा सबै धर्म जान्ने ब्राह्मणको नै व्यवहार अवलोकन गर्ने कार्यमा प्रधानता हुन्छ भन्ने तथ्य सह शब्दका साथमा रहेको तृतीया विभक्तिले बुझाउँछ। उपर्युक्त विशेषताले युक्त भएको ब्राह्मण- अस्वस्थता, कार्यान्तर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञा वै निधौ प्राप्ते ब्राह्मणेभ्योऽर्धं दत्त्वावशिष्टस्यैवार्धस्य ग्राह्यत्वं निर्दिष्टं चेद् विदुषा ब्राह्मणेन निधौ लब्धे सर्वस्यैव निधेः ग्राह्यत्वं ब्राह्मणस्य निर्दिष्टम्। राजनि अनिवेदितमितरेण अर्थाद् विद्वद्ब्राह्मणेतरेण लब्धं निधिं यदि राजा विजानाति तर्हि तं सकलं निधिमाच्छिद्य (गृहीत्वा) निधिप्रापकमनिवेदकं जनं दण्डमपि दद्यादिति हि निर्दिष्टं योगीश्वरेणेति विद्वान् ब्राह्मणः सर्वस्य प्रभुर्मतः।

विवादे जायमाने जयपराजयौ भवतः। तत्र राज्ञा जयं प्राप्तवतो ह्युत्तमर्णात् पञ्चकं शतं पराजयं प्राप्तवतोऽधमर्णिकाद् दशकं शतं च ग्राह्यं भवति। परं तत्रापि हीनजातयो यद्यधनास्तर्हि तेषां कर्मणि नियोगोऽनुमतः। अर्थात् कर्म कारयित्वा तद्द्वारा धनादानं तस्माद्धीनजातेरधनादधमर्णिकाद्धनादानमुत्तमर्णेन राज्ञा वा विधेयम्। ब्राह्मणस्य कृते तु कर्मणि नियोगो नानुमतः। यथासम्भवं शनैः शनैः धनदानमेवानुमतम्।

ब्राह्मणेतराणाम् {मध्ये} अनेकेषूत्तमर्णिकेषु एकस्मादधमर्णिकाद्धनग्रहणे गृहीतानुक्रमादेवाधिकारो निर्दिष्टः। परं ब्राह्मस्य तु नृपतेरपि पूर्वमेवाधिकारो निर्दिष्टः। न हि ब्राह्मणस्य कृते क्रमस्यापेक्षा भवति। यथा प्रमाणेषु श्रुतेर्निरपेक्षा तथैव ब्राह्मणस्याधमर्णिकाद्धनग्रहणे क्रमापेक्षा नास्ति।

व्यग्रता आदि कारणले राजा आफ्ना कार्य अवलोकन गर्न असमर्थ भएका अवस्थामा राजकार्यकारी (राजाको प्रतिनिधि) हुन्छ।

राजाले निधि (खजाना) भेटाएमा ब्राह्मणहरूलाई आधा दिनुपर्छ र बाँकी रहेको आधा मात्र आफूले लिनुपर्छ भनिएको छ भने विद्वान् ब्राह्मणले निधि भेटाएमा सबै निधि ब्राह्मणले नै लिनुपर्छ भनिएको छ। राजालाई थाहा नदिइएको एवं विद्वान् ब्राह्मणभन्दा इतर पुरुषद्वारा प्राप्त गरिएको निधि राजाले थाहा पाए भने सबै निधि लिएर (खोसेर) निधि पाएको जानकारी नगराउने पुरुषलाई दण्ड समेत दिनुपर्छ भनी निर्देशन गरिएको छ। योगीश्वर याज्ञवल्क्यद्वारा निर्दिष्ट उक्त तथ्यद्वारा विद्वान् ब्राह्मण सबैभन्दा श्रेष्ठ मानिएको सिद्ध हुन्छ।

परस्परमा विवाद भएमा जय अथवा पराजय (हार-जीत) हुन्छ। त्यस अवस्थामा राजाले विजय प्राप्त गरेका पुरुषबाट अर्थात् उत्तमर्णबाट पाँच प्रतिशत र पराजय प्राप्त गरेका (हारेका) पुरुषबाट अर्थात् अधमर्णबाट दश प्रतिशत ग्रहण गर्नुपर्ने हुन्छ। तल्लो जातका पुरुषहरू धनहीन भएका अवस्थामा उनीहरूलाई काममा लगाउनुपर्छ अर्थात् काम गराएर त्यसैका माध्यमले धन (पैसा) असुल उपर गर्नुपर्छ। यसरी हीन जातका धनहीन अधमर्णबाट उत्तमर्णले अथवा राजाले धन ग्रहण गर्नुपर्छ। ब्राह्मणलाई भने कुनै कार्यमा खटाउने (काममा खटाई त्यसका माध्यमबाट धन असुल्ने) अनुमति दिइएको छैन। ब्राह्मणहरूबाट यथासम्भव सुस्त सुस्त धन (रुपियाँ) ग्रहण गर्ने मात्र अनुमति दिइएको छ। (द्रष्टव्यः- याज्ञवक्यस्मृतिको (व्यवहाराध्याय) श्लोक ४१-४३ ले उक्त वचनको व्यवस्था गरेको छ)।

ब्राह्मणेतर वर्णहरूका सन्दर्भमा अनेकौँ उत्तमर्णिक भएका स्थितिमा एउटा मात्र अधमर्णिकबाट धन ग्रहण गर्नुपर्ने अवस्थामा जसरी धन ग्रहण गरिएको हुन्छ त्यही क्रममा नै धन प्राप्त गर्ने अधिकार भएको देखाइएको छ। ब्राह्मणलाई भने राजाले भन्दा पनि पहिले धन ग्रहण गर्ने अधिकार देखाइएको छ। ब्राह्मणका सन्दर्भमा क्रमको अपेक्षा गरिँदैन। प्रमाणहरूमा जसरी श्रुति (वेदप्रमाण) निरपेक्ष (अन्य प्रमाणको अपेक्षा नगर्ने स्वयं प्रमाण) हुन्छ त्यसरी नै ब्राह्मणका निमित्त पनि अधमर्णिकबाट धनग्रहण गर्ने सन्दर्भमा क्रमको अपेक्षा हुँदैन।[६३]

६३. अनेकौँ साहुलाई ऋण तिर्नुपर्ने ऋणीले जसबाट पहिले ऋण लिइएको हुन्छ त्यसलाई पहिले, जसबाट दोस्रो पटक ऋण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्षकर्म सर्वथैव लोककल्याणकारकम्

या नाम सामाजिकव्यवस्था क्रान्तदर्शिभिर्महर्षिभिः कृता सा व्यवस्था सर्वथादर्शरूपासीत् । ज्ञानतपोयोगभक्तिसदाचाराणां प्रभावादखिलविश्वस्य रहस्यमवगच्छन्ति स्म ते महर्षयः । सर्वथा रागद्वेषरहिताः समदर्शिनस्त्रिकालज्ञाः सन्तः लोककल्याणमेवानुतिष्ठन्ति स्म ।

लोककल्याणार्थं प्रवृत्तिमादधाना परिपूतान्तःकरणाः परावरज्ञा महर्षयः स्वतपोदृष्ट्या करतलामलकवत् सर्वं साध्यसाधनभावं प्रत्यक्षीकृत्य यैः समनुष्ठितैः कर्मभिः पुरुषस्य चतुर्वर्गफलोपलब्धिः सम्पद्यते तान्येव कर्माणि निरदिशन् ।[१६५]

---

१६५. हिन्दुऔंकी समाज व्यवस्था सभी दृष्टियोंसे आदर्श है । क्यौंकि उसके निर्माता वे क्रान्तदर्शी ऋषि थे, जिन्हौंने ज्ञान, तप, योग, भक्ति एवं सदाचारके प्रभावसे अखिल विश्वके रहस्यको हृदयङ्गम कर लिया था, जिनकी दृष्टि सर्वथा रागद्वेषशून्य एवं निर्भ्रान्त थी, जो समदर्शी थे, जिन्हे तीनौं कालका ज्ञान था और जिनका एकमात्र व्रत लोककल्याणका अनुष्ठान था । (कल्याण, वर्ष १५, अङ्क ४, पूर्णाङ्क १७२, नबम्बर १९४० (वि.स. १९९७ कार्तिक) प्राचीन हुन्दू राजाऔंका आदर्श) ।

ऋषिहरूका क्रियाकलाप सबै प्रकारले लोकका लागि कल्याणकारक थिए-

अप्रत्यक्ष पदार्थ पनि साक्षात्कार गर्न सक्ने महान् ऋषिहरूले जुन सामाजिक व्यवस्था बनाएका थिए त्यो व्यवस्था सबै प्रकारले आदर्शरूप थियो । ज्ञान, तप, भक्ति एवं सदाचारका प्रभावले महर्षिहरू सम्पूर्ण विश्वका रहस्यहरू जान्दथे । कुनै प्रकारका (पूर्णतः) राग एवं द्वेष नभएका, सबैलाई समान दृष्टिले हेर्ने र तीनै (भूत, भविष्यत् एवं वर्तमान) कालका कुरा जान्ने महर्षिहरू लोकको कल्याण मात्र गर्दथे ।

लोकको कल्याण हुने कार्य गर्ने मात्र प्रवृत्ति भएका, पवित्र अन्तःकरण भएका, यस लोकका र अन्य लोकका कुरा पनि जान्न सक्ने क्षमता भएका महर्षिहरूले आफ्ना तपस्याका प्रभावले जसरी साधारण पुरुषले आफ्ना हातमा रहेको अमलालाई प्रत्यक्ष गरिरहेको हुन्छ त्यसरी नै सबै साध्य (कार्य) र साधन (कारण) प्रत्यक्ष गरिरहेका हुन्थे । साध्य एवं साधनलाई प्रत्यक्ष गरेपछि उनीहरूले जुन कर्म गर्नाले पुरुषले चतुर्वर्ग प्राप्त गर्न सक्दछ तिनै कर्महरूको उपदेश गरेका थिए (कल्याण, पू. १७२, पृ. ९६६) ।[६४]

लिइएको हुन्छ त्यसलाई त्यसपछि एवं क्रमैले सबैलाई ऋण तिर्दै जानुपर्छ । ब्राह्मणहरूका सन्दर्भमा भने यो क्रम लागू हुन । जसरी वेदलाई प्रमाणित हुन अन्य प्रमाणको अपेक्षा गर्नुपर्दैन त्यसरी नै ब्राह्मणलाई पनि ऋणीबाट पैसा असुल्न क्रमको अपेक्षा गर्नुपर्दैन । यही नै माथिका अनुच्छेदको तात्पर्य हो ।

६४. मूल अनुच्छेदको आधार ग्रन्थ **कल्याण**मा प्रकाशित लेखको अनुवादित अंश यसप्रकार रहेको छ- {हिन्दुहरूको समाज-व्यवस्था सबै दृष्टिले आदर्शमय छ । किनकि यस व्यवस्थाका निर्माता ती क्रान्तदर्शी महर्षि थिए जसले ज्ञान, तप, योग, भक्ति एवं सदाचारका प्रभावले सम्पूर्ण विश्वका रहस्यहरू हृदयङ्गम गरेका (जानेका) थिए । उनीहरूको दृष्टि (हेराइ) पूर्णतः राग, द्वेष रहित एवं निर्भ्रान्त (कुनै प्रकारको भ्रम न भएको) थियो । उनीहरूलाई तीनै (भूत, भविष्य एवं वर्तमान) कालको ज्ञान थियो । उनीहरूको एउटा मात्र लोकको कल्याण गर्ने व्रत थियो ।}- कल्याण, वर्ष १५, अङ्क ४, पूर्णाङ्क १७२, नबम्बर १९४० (वि.स. १९९७ कार्तिक) प्राचीन हुन्दू राजाऔंका आदर्श, पृ. ९६६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजन्मामरणं हितसम्पादकतया समनुष्ठेयानि तानि कर्माणि धर्मशास्त्रेषु विहितान्युपलभ्यन्ते। तदेव शास्त्रं धर्मशास्त्रं यस्मिन् शास्त्रे व्यक्तेः समाजस्य देशस्य विश्वस्यैव ऐहलौकिकमभ्युदयं पारलौकिकनिःश्रेयसं च समुपलब्धुम् अविनाभावकतया विद्यमानानामुपायानां संस्मरणं निबद्धमस्ति।

तच्च धर्मशास्त्रमार्षं कर्म लोके पिता पुत्रमिव, पतिः पत्नीमिव, कुटुम्बी कुटुम्बमिव, राजा प्रजामिव, धनिको धनमिव, वणिजः पण्यमिव, गोपालो गामिव, श्रोत्रियो विद्यामिव, कौकिलः कुलमिव, धार्मिको धर्ममिव, आचारी परम्परायातसद्वृत्तमिव, कुलवधूः शीलमिव, बुभूषुरप्रमादमिव, अभ्युदयार्थी पुरुषार्थमिव, कल्याणार्थी मङ्गलाचारमिव, गुणाधानकामी संस्काराणामनुष्ठानमिव, संसिद्धिकामः स्वस्य कृते विहितकर्मानुष्ठानमिव, लोके समृद्धिकामः, परस्मिंश्च लोके निःश्रेयसकामो धर्ममिवाभिरक्षति।

एतेषु प्रमादाद्वैपरीत्यमपि निष्पद्येत न तु धर्मशास्त्रे लोकव्यवस्थास्थापनाय विहिता मर्यादा क्वचिद् व्यभिचरति।

शास्त्रेषु विहिता व्यवस्था यदि यस्य कस्यापि न रोचेत तर्हि तेन शास्त्रकृतसकव्यवस्थायाः परिवर्तनं विधाय आत्मनो व्यवस्थितत्वमापादनीयम्। आत्मनि व्यवस्थिते सर्वो व्यवस्थितः।

मनुष्यको कल्याण गर्ने भएकाले जन्मदेखि मृत्युसम्म सम्पन्न गर्नुपर्ने गर्भाधान आदि संस्कारहरू धर्मशास्त्रमा उपदेश गरिएका पाइन्छन्। त्यसै शास्त्रलाई धर्मशास्त्र भनिन्छ जसमा व्यक्तिका, समाजका, देशका र विश्वका नै ऐहलौकिक अभ्युदय एवं पारलौकिक निःश्रेयस प्राप्तिका लागि अभेद्य सम्बन्धका रूपमा रहेका उपायहरूको स्मरण हुन्छ र उक्त उपायहरूको निबन्धन (लिखितरूपमा व्यवस्थापन गर्ने कार्य) पनि गरिएको हुन्छ।

लोकमा पिताले पुत्रको रक्षा गरेझैं, पतिले पत्नीको रक्षा गरेझैं, कुटुम्बीले (नाता गोतालाई महत्त्व दिने पुरुषले) कुटुम्बको रक्षा गरेझैं, राजाले प्रजाको रक्षा गरेझैं, धनीले धनको रक्षा गरेझैं, व्यापारीले बेच्न राखिएका सामानको रक्षा गरेझैं, गोठालाले गाईको रक्षा गरेझैं, श्रोत्रिय (वेदज्ञ) ले विद्याको रक्षा गरेझैं, कौलिक (आफ्ना वंशको अभिमान गर्ने पुरुष) ले कुलको रक्षा गरेझैं, धार्मिक पुरुषले धर्मको रक्षा गरेझैं, आचारमा रहने पुरुषले परम्पराबाट प्राप्त भएका (पालन गर्दै आएका) सदाचारको रक्षा गरेझैं, कुलाङ्गना (घरानियाँ महिला) ले शील (स्वभाव) को रक्षा गरेझैं, उन्नति गर्न चाहने पुरुषले प्रमादका अभावको अर्थात् उद्यमशीलताको रक्षा गरेझैं, अभ्युदय (प्रगति) चाहने पुरुषले पुरुषार्थको रक्षा गरेझैं, कल्याणको कामना गर्ने पुरुषले मङ्गलाचारको रक्षा गरेझैं, गुणात्मकताको इच्छा गर्ने पुरुषले संस्कारहरूका अनुष्ठानको रक्षा गरेझैं, सफलताको कामना गर्ने पुरुषले आफ्ना लागि निर्धारण गरिएका अनुष्ठानको रक्षा गरेझैं र यस लोकमा समृद्धि प्राप्त होस् एवं परलोकमा निःश्रेयस (कल्याण/मोक्ष) प्राप्त होस् भनी चाहने पुरुषले धर्मको रक्षा गरेझैं धर्मशास्त्रले (धर्मप्रतिपादक शास्त्रले) सम्पूर्ण नरनारीको रक्षा गर्छ।

उक्त पिताले पुत्रको रक्षा गर्नेजस्ता लौकिक संरक्षणका प्रक्रियामा प्रमादले गर्दा विपरीत (संरक्षण नगर्ने) स्थिति पनि उत्पन्न हुन सक्छ तर धर्मशास्त्रमा व्यवस्था स्थापन गर्न बनाइएका मर्यादामा कहीँ पनि व्यभिचार (विपरीत स्वभाव) हुँदैन।

शास्त्रमा गरिएको व्यवस्था कसैलाई मन पर्दैन भने उसले शास्त्रमा गरिएका सबै व्यवस्थामा परिवर्तन गरेर आफूलाई व्यवस्थित बनाउने कार्य गर्न सक्नुपर्छ। आफू व्यवस्थित भएपछि सबै व्यवस्थित हुन्छ। शास्त्रमा गरिएका सम्पूर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि नाम शास्त्रकृतसकलव्यवस्थायाः परिवर्तनं कर्तुं न कश्चिदपि शक्नोति न च समीहते तर्हि परावरज्ञै-स्तपःसमन्वितैः महर्षिभिः विहितासु व्यवस्थासु काषाञ्चिदगत्यानुसरणं काषाञ्चित्पुनः रजस्तमात्मकतया-तिक्रमणं पाशविकीं प्रवृत्तिमवगमयति।

सृष्टेरादौ जगद्व्यवस्थां स्थापयितुकामैः परमर्षिभिः तपोदृष्ट्या वस्तुतत्त्वमवगत्य सकला व्यवस्था स्थापिता। श्मश्रुलिङ्गादिसमन्वितस्य पिण्डविशेषस्य पुंवाच्यत्वम्, स्तनभगादिसमन्वितायाः स्त्रीवाच्यत्वम्, तस्यां स्त्रियां सुस्थचन्द्रादिसमन्वितगुणात्मके काले समाहितरेतसोऽभीष्टप्रजोत्पत्तित्वम्, स्वाभिलषितप्रजोत्पत्तये स्त्रीद्रव्यस्य यत्नतः संरक्षणम्, पाकसिद्धस्यान्नस्य भक्षणादात्मनः पथ्यकारकत्वम्, काले काले व्रीही-यवगोधूमादीनां बीजस्य वपनात्प्ररूढाङ्कुरत्वेन फलसमन्वितत्वम्, नित्यत्वेन काम्यत्वेन नैमित्तिकत्वेन च विहितानां समनुष्ठानादैहिकपारलौकिसुखफलोपलम्भकत्वम्, ब्राह्मणक्षत्रियवैश्यशूद्राणां तथावान्तरजातीनां च स्व–स्वकर्मानुष्ठानात्सिद्धिसमुपलम्भकत्वम्, निमित्तानुसारनैमित्तिककृत्योपदेशनम्, विषमिदममृतमिदमिति सर्वेषां वस्तुजातानां निर्धारणम्, देशकालादीनां पुण्यापुण्यत्वाभिधानम्, अनेन समनुष्ठितेन कर्मणा समीहितेष्टसिद्धिरनेन चानभीष्टसिद्धिरिति निर्देशनम्, जन्यकालनित्यकालयोः समभिधानम्, अस्मात् कालादस्य कालस्य प्राधान्यमस्य कालस्यावयवत्वमस्य पुनः अवयवित्वमित्यादिनिर्देशनम्, तिथिनक्षत्रवारादीनां

व्यवस्थालाई कसैले पनि परिवर्तन गर्न सक्दैन र परिवर्तन गर्न पनि चाहँदैन भने {परमर्षिहरूद्वारा गरिएको व्यवस्थालाई स्विकार्नुपर्छ।} परावराज्ञ (परलोकमा र यस लोकमा घटेका सबै घटना प्रत्यक्ष गर्ने) एवं तपस्याले युक्त भएका महर्षिहरूद्वारा गरिएका व्यवस्थाहरूमध्ये केही व्यवस्थाहरूको अन्य उपाय नभएकाले अनुसरण गर्ने र केही व्यवस्थाहरूको रजोगुण एवं तमोगुणले आक्रान्त भएर अतिक्रमण गर्ने स्वभावले पाशविक (पशुको जस्तो) प्रवृत्तिलाई प्रकट गर्छ।

सृष्टिका आरम्भमा जगत्का विधिविधानलाई व्यवस्थित बनाउने कामनाले युक्त भएका परमर्षिहरूले तपस्याका माध्यमले पदार्थहरूको यथार्थ ज्ञान प्राप्त गरेर सम्पूर्ण व्यवस्थाको स्थापना गरे। जुँगा, लिङ्ग आदिले युक्त भएको पिण्डविशेषलाई पुरुष भन्नुपर्छ; स्तन, योनि आदिले युक्त भएको पिण्डविशेषलाई स्त्री भन्नुपर्छ; त्यसै स्त्रीमा चन्द्रमा आदि शुभ स्थानमा भएकाले शुभ गुणले युक्त समयमा वीर्याधान गर्ने पुरुषले अभीष्ट सन्तान प्राप्त गर्छ; आफूले चाहेजस्ता सन्तान प्राप्त गर्नका लागि स्त्रीरूप द्रव्यको यत्नपूर्वक संरक्षण गर्नुपर्छ; पकाएर सिद्ध गराइएका अन्न खानाले आफूलाई (शरीरलाई) हित गर्दछ; समय समयमा धान, जौ, गहुँ आदिका बीउ छर्नाले त्यसबाट उत्पन्न भएका अङ्कुरहरू अन्तमा फलले युक्त हुन्छन्; नित्य-नैमित्तिक एवं काम्य रूपमा विधान गरिएका कर्मको अनुष्ठानबाट यस लोकमा एवं लोकान्तरमा सुख प्राप्तिरूप परिणाम प्राप्त हुन्छ; ब्राह्मण-क्षत्रिय-वैश्य एवं शूद्रलाई साथै अवान्तर जातिहरूलाई आफ्ना लागि निर्धारण गरिएका कर्महरूको अनुष्ठानबाट कार्यगत सफलता प्राप्त हुन्छ {भनी महर्षिहरूले बताएका छन्।} निमित्त अनुसार नैमित्तिक कर्महरूको उपदेश गर्ने; सबै पदार्थलाई {पदार्थमा रहेका गुण अनुसार} यो विष (अहितकर) हो र यो अमृत (हितकर) हो भनी निर्धारण गर्ने; देश काल आदिको पुण्यात्मकता एवं अपुण्यात्मकता बताउने; यो समयभन्दा यो समय बलवान् हुन्छ साथै यो समय अवयव (अङ्ग) हो एवं यो समय अङ्गी हो इत्यादि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूज्यापूज्यत्वाभिधानम्, अस्य पदार्थस्येदं नाम, रूपमिदम्, गुणोऽयम्, जातिरियमित्यादिसंज्ञासङ्ख्यानम्, एतादृशगुणवता समनुष्ठितेन कर्मणा ईदृशं फलम्, निर्गुणेन कृतस्य निष्फलमिति निर्देशनम्, अस्मात् समनुष्ठितकर्मणोऽस्य पुण्यलोकस्योत्पत्तिः, अनेन च दुष्कर्मणास्य नरकस्याप्तिरिति निर्देशनम्, सर्वेषां स्थावर-जङ्गमात्वकस्य जगतो नामरूपनिरूपणम्, तस्य हिताहितविवेचनम्, हिताहितप्राप्याप्राप्यनिरूपणं च लोकानुग्रहतत्परैः परमर्षिभिः कृतमेव।

मनुर्हि कात्स्न्र्येन धर्मं प्रतिपादितवान्, कर्मणां गुणान् दोषाँश्च प्रतिपादितवान्। चतुर्णां ब्राह्मणक्षत्रियवैश्य-शूद्राणां वर्णानां पारम्पर्यागतान् आचाराँश्च कात्स्न्र्येन प्रतिपादितवान्।

श्रुत्या उक्तः स्मृतौ अभिहितश्च आचारः परमो धर्मः। श्रुतिस्मृत्युक्ताचारस्य परमधर्मत्वात् आत्मवद्भिर्द्विजै-रात्महितेच्छुभिर्द्विजैश्च नित्यं धर्मेऽस्मिन् युक्ततया भाव्यम्। अस्मादाचाराद्विच्युतो विप्रो वेदोक्तकर्मणां समनुष्ठानेऽपि तज्जन्यफलं नाप्नोति। आचारसमन्वितो हि पुरुषः समनुष्ठितानां सर्वेषां कर्मणां फलभाग् भवति। एवमाचारपरिपालने समनुष्ठितकर्मफलप्राप्तिस्तदभावे तस्याभावतयाचारादेव हि मुनयो धर्मस्य गतिं समवगत्य समग्रस्य तपसः परं मूलमिति तमेवाचारं विदुः, समनुष्ठेयतया गृहीतवन्तश्च।

विषय निर्देशन गर्ने; तिथि नक्षत्र वार आदिको पूज्यत्व एवं अपूज्यत्वको कथन गर्ने; यस पदार्थको नाम यो हो, रूप यो हो, गुण यो हो, जाति यो हो भनी नाम आदिको निर्वचन गर्ने; यस प्रकारका गुणले युक्त भएका पुरुषद्वारा सम्यक् प्रकारले सम्पादन गरिएका कर्मबाट यस प्रकारका फल प्राप्त हुन्छन् र निर्गुण पुरुषद्वारा गरिएका कर्महरू निष्फल हुन्छन् भनी निर्देशन गर्ने; यस्ता सम्यक् अनुष्ठान गरिएका कर्मबाट यस्तो पुण्यलोकको उत्पत्ति हुन्छ र यस्ता दुष्कर्मबाट नरकप्राप्ति हुन्छ भन्ने निर्देश गर्ने, सम्पूर्ण स्थावर (अचर) एवं जङ्गम (चर) जगत्को नाम एवं रूपको निरूपण गर्ने, त्यसका (स्थावर एवं जङ्गम पदार्थका) हिताहितको विवेचना गर्ने र हित गर्ने एवं अहित नगर्ने विषयको निरूपण गर्ने कार्य लोकलाई अनुग्रह गर्न तत्पर भएका महान् ऋषिहरूले गरेकै छन्।

मनुले सम्पूर्ण रूपमा धर्मको प्रतिपादन गरेका छन्। कर्महरूका गुण एवं दोषहरू देखाएका छन्। चारै वर्णका अर्थात् ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रका परम्पराबाट पालना हुँदै आएका आचारहरू पनि सम्पूर्ण रूपमा प्रतिपादन गरेका छन्।

वेदद्वारा बताइएको र स्मृतिहरूमा प्रतिपादन गरिएको आचार नै परम धर्म हो। श्रुतिमा र स्मृतिमा बताइएको आचार नै परमधर्म भएकाले आत्मस्वरूप जान्ने द्विजहरू र आफ्नो कल्याण चाहने द्विजहरू सधैँ यस धर्मको पालना गर्न तत्पर भएर लाग्नुपर्छ। उक्त आचारबाट भ्रष्ट भएको द्विजले वेदहरूद्वारा प्रतिपादन गरिएका कर्महरूको अनुष्ठान गरेता पनि त्यसबाट प्राप्त हुने फल पाउन सक्दैन। आचारले युक्त भएको पुरुष नै आफूद्वारा सम्पादन गरिएका सम्पूर्ण कर्मको फलभागी (सुपरिणामको उपभोग गर्ने अधिकारी) हुन्छ। यसरी आचारको पालना गर्नाले राम्ररी सम्पादन गरिएका कर्महरूको फल प्राप्त हुने र आचारको परिपालना नगरेका स्थितिमा कर्म सम्पादन गरे तापनि अभिलषित फल प्राप्त नहुने भएकाले मुनिहरूले आचारबाट नै धर्मको गति निर्धारित हुन्छ भन्ने तथ्य बोध गरेका थिए, साथै सम्पूर्ण तपस्याको परम मूल पनि आचार नै हो भन्ने जानकारी प्राप्त गरेका थिए। त्यसैले नै उनीहरूले आचारलाई सम्यक् प्रकारले पालना गर्नुपर्ने तत्त्वका रूपमा ग्रहण गरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगत्कथमुत्पद्यत इति जगत उत्पत्तिप्रकारं निर्दिष्टं मनुना । जातकर्मादिसंस्काराणामनुष्ठेयं कालं विधिञ्च निर्दिष्टवान् मनुः । ब्रह्मचर्याश्रमे स्थित्वा ब्रह्मचारिणा समनुष्ठेयानां व्रतादीनां गुरूपासनाभिवादनादीनां च निर्देशो विहितः । समाप्तब्रह्मचर्याश्रमस्य ब्रह्मचारिणः स्नान–(समावर्तन)विधिं च समभिहितवान् मनुः । कृतसमावर्तनस्य विवाहम्, विवाहानां लक्षणम्, बलिकर्म-स्वधा- (देवर्षिपितृतर्पणम्) होम–स्वाध्यायातिथिसत्काररूपपञ्च-महायज्ञानां स्वरूपम्, समनुष्ठेयविधिम्, समनुष्ठानजन्यफलम्, पारम्पर्यागतं श्राद्धकल्पम्, जीवनोपायभूतवृत्तीनां लक्षणम्, कृतस्नानेन गृहस्थेन समनुष्ठेयानि व्रतानि, भक्ष्यणार्हाणि द्रव्याणि, अभक्ष्याणार्हाणि च द्रव्याणि, आशौचस्य कालं प्रकारं शुद्धिं च, द्रव्याणां शुद्धिप्रकारम्, स्त्रीणां धर्मोपायम्, वानप्रस्थाश्रमे समनुष्ठेयधर्मोपायम्, संन्यासाश्रमे (चतुर्थाश्रमे) समनुष्ठेयधर्मोपायम्, मूर्द्धाभिषिक्तस्य राज्ञः सर्वदृष्टादृष्टार्थे धर्मम्, व्यवहारस्या-ष्टादशविधस्य शतशाखस्य विनिर्णयम्, साक्षिस्वरूपम्, साक्षिप्रश्नविधिम्, स्त्रीपुरुषयोः पारस्परिकं धर्मम्, दायादानां विभागधर्मम्, धूर्तकितवानां धूर्तधर्मम्, चौरसाहसिकादिकण्टकानां निरसनरूपशोधनम्, वैश्य-शूद्रयोश्च स्वधर्मानुष्ठानम्, अनुलोमप्रतिलोमजरूपसङ्कीर्णानामुत्पत्तिम्, आपदि जीविकोपायावलम्बन-रूपापद्धर्मम्, ब्राह्मणक्षत्रियवैश्यशूद्राणां समुत्पन्ननिमित्तानां समनुष्ठेयप्रायश्चित्तविधिम्, शुभाशुभकर्मजन्य-मुत्तममध्यमाधमभेदेन त्रिविधं देहान्तरप्राप्तिरूपं संसारगमनम्, मोक्षलक्षणकमात्मज्ञानम्, विहितनिषिद्धानां

मनुले जगत् कसरी उत्पन्न हुन्छ भन्ने जिज्ञासाको प्रशमनका लागि यसको उत्पत्ति प्रकार देखाएका छन् । जातकर्म आदि संस्कार कुन समयमा सम्पादन गर्नुपर्छ र कुन विधिले सम्पादन गर्नुपर्छ भन्ने कुरा पनि मनुले देखाएका छन् । ब्रह्मचर्य आश्रममा बसेर ब्रह्मचारीद्वारा पालन गर्नुपर्ने व्रतहरूका सम्बन्धमा र गुरुको उपासना एवं अभिवादन आदिका सम्बन्धमा पनि उनले जानकारी गराएका छन् । मनुले ब्रह्मचर्याश्रममा बस्ने अवधि पूरा गरेका ब्रह्मचारीले गर्नुपर्ने स्नानविधि (समावर्तन संस्कार) पनि बताएका छन् । समावर्तन संस्कार सम्पन्न भएका पुरुषद्वारा गरिने विवाह, विवाहका लक्षण, बलिकर्म (बलिवैश्वदेव), स्वधा (देवता, ऋषि एवं पितृहरूको तर्पण), होम (अग्निहोत्रादि), स्वाध्याय (आफ्ना वेदशाखाको अध्ययन) एवं अतिथिसत्काररूप पाँच प्रकारका महायज्ञहरूको स्वरूप, उक्त पाँच प्रकारका महायज्ञ सम्पादन गर्ने विधि, महायज्ञ सम्पादन गर्नाले प्राप्त हुने फल, परम्पराबाट आएका श्राद्धकल्प, जीविकाका साधनका रूपमा रहेका वृत्तिहरूका लक्षण, स्नान गरेका गृहस्थद्वारा सम्पादन गर्नुपर्ने व्रतहरू, खाने योग्य पदार्थहरू, खान नहुने पदार्थहरू, आशौचको समय, प्रकार एवं शुद्धि, द्रव्यहरूको शुद्धि-प्रकार, स्त्रीहरूका धर्मार्जनका उपाय, वानप्रस्थ आश्रममा सम्पन्न गर्नुपर्ने धर्मका उपाय, संन्यास आश्रममा (चतुर्थ आश्रममा) सम्पादन गर्नुपर्ने धर्मका उपाय, राज्याभिषेक गरिएका राजाका सबै दृष्ट (देखिने) एवं अदृष्ट (नदेखिने) धर्म, सयौं शाखामा फैलिएका अठार प्रकारका व्यवहारको निर्णय, साक्षीहरूको स्वरूप, साक्षीहरूको प्रश्नविधि, स्त्री एवं पुरुषका परस्परको धर्म, पैतृक सम्पत्तिका अधिकारीहरूलाई सम्पत्ति विभाजन गर्ने विधि, धूर्त एवं कितवहरूका धूर्तधर्म, चोर डाँकु आदि लोककण्टकहरूलाई समाजबाट निष्कासन गर्ने शोधन प्रकार, वैश्य एवं शूद्रहरूको स्वधर्मानुष्ठान, अनुलोम एवं प्रतिलोम प्रकारले जन्मिएका सङ्कीर्ण (वर्णसङ्कर) जातिको उत्पत्ति, विपत्ति परेका अवस्थामा जीविकोपार्जनका लागि अवलम्बन गरिने आपद्धर्म, ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रद्वारा निमित्त उपस्थित भएका अवस्थामा सम्पादन गरिने प्रायश्चित्तको विधि, शुभ एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मणां गुणदोषपरीक्षणम्, प्रतिनियतदेशे समनुष्ठेयत्वेन विहितान् धर्मान्, ब्राह्मणाद्यासु जातिषु नियतान् धर्मान्, कुलविशेषेषु समनुष्ठितान् धर्मान्, विकर्मस्थानां पाषण्ढानां धर्मान्, वणिगादिगणानां धर्माश्च मनुरवदत्। तच्च मनुस्मृतिरूपेण भृगुः पद्यात्मकतया निबवन्ध।

तत्त्वद्रष्टारो मुनयोऽस्मिन् लोकेऽथवामुष्मिके लोके पुंसां श्रेयः प्रसिद्धये साधनभूतानुपायानवगत्योपदिदिशुः स्वयमनुतस्थुश्च। तैस्तत्त्वदर्शिभिः प्राचीनैर्मुनिभिरुपदिष्टानुपायान् श्रद्धाबुद्ध्यानुतिष्ठन् यः कश्चिदपि जनः प्राप्तव्यमर्थमञ्जसा लभते। एतदेव हि पृथ्वी पृथुं जगादेति [१६६]व्यासेनोक्तम्।

न ह्येतत्संसारचक्रमनियन्त्रितं सत्स्वेच्छया चलति। अस्ति कश्चिन्नियामकः। स यः कोऽपि वा भवतु। तन्नियामकनिर्देशनानुसारं चलत्येतत्संसारचक्रम्। तत्र वै संसारचक्रपरिबहणार्थं तादृशान् स्वाभाविकान् नियमान्निरमापयत् स नियामकः पुरुषो येषु नियमेष्वनुष्ठितेषु सत्सु स्वभावतः फलोत्पत्तिर्भवति। उल्लङ्घितेषु च तेषु नियमेषु उल्लङ्घयितारं कुपिता प्रकृतिः फलं नैव ददाति।

धृतव्रतानां सतां ह्युपयोगाय पुरा ब्रह्मणा ह्योषधयः सृष्टाः। ता ओषधीर्यदि अधृतव्रतैरसद्भिरप्युपभुज्यते तदानीम् ओषधीप्रसविका भूमिर्हि स्वयमेव ग्रसते। एतच्च पृथिवी पृथुं जगाद।

---

१६६. श्रीमद्भागवतम्, ४ स्कन्धः, १८ अध्यायः, ४ श्लोकः। {अवरः श्रद्धयोपेतः}

अशुभ कर्म सम्पादन गर्नाले उत्पन्न भएका साथै उत्तम, मध्यम एवं अधम भेदले तीन भागमा विभाजन गरिएका कर्मफलले गर्दा पुनः शरीरप्राप्तिरूपी संसारमा हुने आगमन, मोक्ष उत्पन्न गराउने (मुक्त गराउने) आत्मज्ञान, विहित (गर्नुपर्छ भनिएका) एवं निषिद्ध (गर्न हुँदैन भनिएका) कर्महरूका गुण एवं दोषको परीक्षा, प्रत्येक नियत ठाउँमा गर्नुपर्छ भनी विधान गरिएका धर्म, ब्राह्मण आदि जातिमा विद्यमान नियत धर्म, कुलविशेषमा पालन गर्दै आइएका धर्म, वेदविरुद्ध आचरण गर्ने पाखण्डहरूका धर्म र व्यापारी आदि समूहका धर्महरू मनुले बताएका छन्। उनले बताएका सबै कुरा मनुस्मृतिका रूपमा भृगुले पद्यरूपमा निबन्धन गर्ने कार्य गरेका हुन्।

तत्त्वद्रष्टा मुनिहरूले यस लोकमा अथवा लोकान्तरमा पुरुषलाई श्रेय उपलब्ध गराउने साधनका रूपमा रहेका उपायहरू पत्ता लगाएर जनसाधारणलाई उपदेश दिएका थिए र स्वयं पनि तदनुरूप आचरण गरेका थिए। तिनै तत्त्व जान्ने प्राचीन मुनिहरूद्वारा उपदेश गरिएका उपायहरूलाई श्रद्धापूर्वक पालन गर्ने जुनसुकै साधारण मनुष्यले पनि प्राप्त गर्ने पदार्थ सजिलैसित प्राप्त गर्दछ। यही तथ्य पृथ्वीले पृथुलाई भनेकी थिइन् भनी व्यासले बताएका छन् (भा. ४/१८/४)।

यो संसारचक्र अनियन्त्रित भएर स्वच्छन्दतापूर्वक चल्न सक्दैन। यसको कुनै नियामक (नियन्त्रण गर्ने पुरुष वा तत्त्व) छ। चाहे त्यो नियामक जो कोही होओस्। त्यसै नियामकको निर्देशन अनुसार यो संसारचक्र चल्दछ। तिनै नियामक पुरुषले संसारचक्र सञ्चालनका लागि त्यस प्रकारका स्वाभाविक नियमहरू बनाए जुन नियमहरूको पालन गरेपछि स्वभावैले फलको उत्पत्ति (परिणाम प्राप्ति) हुन्छ। उक्त नियमहरूको उल्लङ्घन गरेमा त्यस्ता नियम उल्लङ्घन गर्ने पुरुषलाई कुपित भएको प्रकृतिले राम्रा फल प्रदान गर्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमेर्दोहनं धर्मादेव सम्भवति। न हि धर्ममन्तरा भूमिदोहनं सम्भाव्यते, नो वा भूमिदोहनं विना प्राणिनां जीवनं सम्भवति। तादृशीं धर्मदुधां भूमिमवगत्य प्राचीनैर्मुनिभिरैहलौकिकयात्रार्थमपि यागाद्यनुष्ठानरूपधर्मोपासनोपदिष्टा। यागाद्यनुष्ठानरूपधर्मोपासकस्य यजमानस्य सा धर्मदुघा भूमिः सर्वकामदुघा सती समभीप्सितानर्थान् प्रपूरयति। व्यासेनादिराजस्य यागाद्यनुष्ठापकस्य यजमानस्य पृथोर्भूमिकृतमीप्सितार्थप्रपूरणमुपदिष्टम्[१६७]।

श्रुतिस्मृतिपुराणेषु तान्येव कर्माणि अनुष्ठेयत्वेन विहितानि। अनुष्ठेयत्वेन विहितानां च प्रायः समेषां कर्मणां फलानि चाभिहितानि। येषां कर्मणां फलानि नाभिहितानि तेषां स्वर्गप्राप्तिरूपं फलं निर्दिष्टम्। स्वर्गो हि सर्वान् प्रत्यविशिष्टः। अतः पारलौकिकफलत्वं स्वर्गस्य। कर्माणि च केचिदामुष्मिकफलप्रदानात्मकानि। केचित्पुनरैहलौकिकफलप्रदानात्मकानि च। येषां समनुष्ठानात्पारलौकिकफलोपलब्धिरनिर्दिष्टा तेषां स्वर्गफलकत्वं येषां पुनः समनुष्ठानादैहलौकिकफलोपलब्धिरनिर्दिष्टा तेषां समनुष्ठानात्प्रतिष्ठाख्यं फलं भवतीति च निर्दिष्टम्।

---

१६७. श्रीमद्भागवतम्, ४ स्कन्धः, १९ अध्यायः, ७ श्लोकः।

व्रत धारण गरेका सज्जनहरूको उपभोगका लागि प्राचीन समयमा ब्रह्माजीले ओषधिहरूको निर्माण गरेका थिए। ती ओषधिहरू व्रत धारण नगरेका दुर्जनहरूद्वारा उपभोग गर्न थालिए भने त्यस समयमा ओषधिहरूलाई उत्पन्न गराउने पृथिवीले नै उक्त ओषधिहरू आफै ग्रास बनाउँछिन् (आफूमा लीन गराउँछिन्)। यो कुरा पृथिवीले पृथुलाई भनेकी थिइन्।

भूमिको दोहन गर्ने कार्य धर्मबाट (धर्मपूर्वक) सम्भव हुन्छ। धर्म विना भूमिको दोहन सम्भव हुँदैन र भूमिको दोहन विना प्राणीहरूको जीवनको सम्भावना पनि रहँदैन। यसरी भूमिलाई धर्मपूर्वक दोहन गर्न सकिन्छ भन्ने कुरा जानेर प्राचीन मुनिहरूले यस लोकको यात्रा सञ्चालनका लागि पनि याग आदिको अनुष्ठान (सम्पादन) रूपी धर्मको उपासना गर्नुपर्ने उपदेश दिएका थिए। यागादिको अनुष्ठानरूपी धर्मको उपासना गर्ने यजमानलाई धर्मपूर्वक दोहन गर्न सकिने भूमिले सबै कामना पूरा गरिदिने स्वभावले युक्त भई अभिलषित पदार्थले परिपूर्ण बनाइदिने काम गर्छ। व्यासले पहिला राजा, यागादिका अनुष्ठाता, यजमान पृथुलाई भूमिद्वारा गरिएको अभीष्ट पदार्थको प्रपूरणको उपदेश गरेका छन् अर्थात् पृथिवीले पृथुलाई उनले चाहेअनुसारका पदार्थ प्रदान गरेकी थिइन् भन्ने वर्णन गरेका छन् (भा. ४/१९/७)।

श्रुतिहरूमा, स्मृतिहरूमा र पुराणहरूमा तिनै कर्महरू गर्नुपर्छ भनिएको छ {जुन कर्म गर्नाले अभीष्ट फल प्राप्त हुन्छ}। अनुष्ठान गर्नुपर्छ भनी बताइएका प्रायः सबै कर्महरूका फलहरू पनि बताइएका छन्। जुन कर्महरूको फल बताइएको छैन ती कर्महरूको (विश्वजिन्न्यायका आधारमा) स्वर्गादि प्राप्तिरूप फल निर्देशन गरिएको छ। स्वर्ग सबैका लागि समान हुन्छ। अतः स्वर्गप्राप्तिलाई पारलौकिक फल भनिन्छ। केही कर्महरू यसै लोकमा फल प्रदान गर्ने स्वभाव भएका (ऐहलौकिक कल्याणकारक) हुन्छन्। केही कर्महरू यस लोकमा र परलोकमा समेत फल प्रदान गर्ने प्रकृति भएका हुन्छन्। जुन कर्महरूको अनुष्ठानबाट पारलौकिक (परलोकमा प्राप्त हुने) फलको निर्देशन गरिएको हुँदैन त्यस्ता कर्महरूबाट स्वर्गरूप फल प्राप्त हुन्छ भनी जान्नुपर्दछ र जुन कर्महरूको अनुष्ठानबाट यस लोकमा प्राप्त हुने फलको निर्देशन गरिएको हुँदैन त्यस्ता कर्महरूको अनुष्ठानबाट (रात्रिसत्रन्यायद्वारा) प्रतिष्ठारूप फल प्राप्त हुन्छ भनी जान्नुपर्दछ। उक्त तथ्यको निर्देशन शास्त्रमा गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं शर्कराप्रदानेनाध्ययनाय बालकं प्रेरयन् पितेव विहितकर्मणां समनुष्ठानात्फलमुपलम्भयद्धर्मशास्त्रं धर्म्ये वर्त्मनि प्रसरणाय मनुष्यान् प्रीत्या प्रवर्तयति।

समाप्तोऽयं तृतीयोऽध्यायः

यसरी गुलियो पदार्थ दिएर बालकलाई अध्ययन गर्ने कार्यमा अभिप्रेरित गर्ने पितालेझैं धर्मशास्त्रले पनि विहित कर्महरूको सम्यक् प्रकारले अनुष्ठानबाट प्राप्त हुने फलतर्फ लोभ्याई धर्मप्रधान बाटामा लाग्न मनुष्यहरूलाई प्रेमपूर्वक अभिप्रेरित गर्दछ।

{तेस्रो अध्यायको अर्थ सकियो।}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थोऽध्यायः

राजदण्डस्य परुषवृत्त्या नियामकत्वम्

राजदण्डस्तु धर्मशास्त्रविहिताचाराणां (सद्वृत्तानां) विरुद्धेन मार्गेण परेण पराभ्यां पैर्वाभिभूतो यः कश्चित्पुरुषो राज्ञे निवेदयति चेत्तमभिभवकर्तृत्वेन प्रमाणीकृतमभियुक्तं दुष्टमपराधानुसारं धर्मशास्त्रनिर्दिष्टेन दण्डेन निगृह्य धर्म-शास्त्रविहिताचारपरिपालनरूपे धर्म्ये वर्त्मनि स्थापयतीति परुषवृत्त्या सामाजिकीं प्रवृत्तिं लोके समुत्पादयति। अत एव क्षत्रियस्य रौद्रं कर्म [१]व्यासेनोक्तम्। विनीय पथि स्थापनं [२]याज्ञवल्क्येनोक्तम्।

यद्यपि राजकीयव्यवहारेष्वपि (सामाजिकव्यवस्थाविधिष्वपि) साम–दान–भेद–दण्डात्मकाश्चत्वार उपाया [३]निर्दिष्टाः सन्ति। साम्ना, दानेन, भेदेन वापि नियमने नातिपरुषवृत्तित्वं प्रतीयते तथापि राजनीतेर्दुष्टदमनस्य

१. महाभारतम्, अनुशासनपर्व, दानधर्मपर्व, ६१ अध्यायः, ४ श्लोकः।
२. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ३६१ श्लोकः।
३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ३४६ श्लोकः।

चौथो अध्याय

राजदण्डले कठोर व्यवहारका माध्यमले नियमन गर्दछ-

धर्मशास्त्रद्वारा प्रतिपादन गरिएका आचारहरूका (सदाचारहरूका) विरुद्ध काम गरिरहेका (नियम विपरीत व्यवहार गरिरहेका) कुनै एउटा पुरुषबाट अथवा एकाधिक पुरुषबाट पीडा दिइएको व्यक्तिले राजाका (सम्बद्ध अधिकारीका) समक्षमा आफू पीडित बनेको (मारमा परेको) भनी निवेदन गर्दछ। व्यवहार अवलोकन पछि पीडा दिएकै (अपराध गरेकै) हो भनी प्रमाणित भएपछि दुष्ट अभियुक्त (पीडक) लाई उसले गरेका अपराधअनुसार दण्ड दिइन्छ। पुनश्च अभियुक्त (अपराधी) लाई धर्मशास्त्रद्वारा निर्देशन गरिएका आचारहरूको पालना गर्ने रूपी धार्मिक मार्गमा लगाइन्छ। यसरी राजदण्डले कठोर व्यवहारद्वारा लोकमा सामाजिक प्रवृत्ति उत्पन्न गराउँछ। त्यसैले नै व्यासले क्षत्रियको कर्म रौद्र (भयप्रद) हुन्छ भनेका छन् (म.भा., अ.प. ६१/४)।[१] याज्ञवल्क्यले पनि आफ्ना धर्मबाट विचलित भएका पुरुषलाई नियन्त्रण गरेर (राजाले) सही बाटामा हिँडाउनुपर्छ भनेका छन् (या.स्मृ. १/३६१)।[२]

राजकीय व्यवहारमा पनि (सामाजिक व्यवस्था सम्बन्धी नियमहरूमा पनि) साम (मीठो बोली ललाइ-फकाइ गर्ने), दान (सुवर्ण आदि प्रदान गरी आफ्ना पक्षमा बनाउने), भेद (परस्परमा फुटाई कमजोर बनाउने) एवं दण्ड (सम्पत्ति जफत गर्ने देखि मार्ने सम्मका कार्य गर्ने) नामका चारवटा उपाय निर्देश गरिएका छन् (या.स्मृ. १/३४६)।[३] साम, दान अथवा

१. महाभारतको सङ्केतित पद्य यसप्रकार छ- {रौद्रं कर्म क्षत्रियस्य सततं तात वर्तते}
२. सङ्केतित पद्यांशमा- {स्वधर्माच्चलितान् राजा विनीय स्थापयेत् पथि।} भनिएको छ।
३. याज्ञवल्क्यस्मृतिको उद्धृत पद्यमा सामादि तीनै उपाय असफल भएका र अन्य कुनै उपाय नभएका अवस्थामा दण्डको प्रयोग गर्नुपर्छ भनिएको छ। लोकव्यवहारमा पनि पहिले मीठा खाद्य पदार्थको लोभ देखाएर बालकलाई पढ्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधानप्रयोजनत्वात् सामदानभेदेष्वपि निग्रहोद्देशेन प्रवर्तनाप्रतिपादनात्, सामदानभेदानामनुपायत्वे अर्थात् साम्ना दानेन, भेदेनापि निग्रहे असम्पन्ने चतुर्थेन दण्डप्रयोगरूपेणोपायेन निग्राह्यत्वाच्च राजदण्डस्य परुषवृत्त्या नियामकत्वम्।

प्रायः गृहाश्रमे सन्निविष्टेषु व्यवहाराः प्रवर्तन्ते। यद्यपि सर्वेषु आश्रमेषु विवादः सम्भवति। स्तेनसाहसिक-पारुष्यादिगतव्यवहारोऽपि च सम्भवति तथापि गृहाश्रमातिरिक्तेषु ऋणादानादिव्यवहाराभावाद् गृहस्थाश्रमः प्रायः व्यवहारविषयीभूतः सन् चतुष्पादात्मकेन व्यवहारेण व्यवस्थापनीयः सम्पद्यते।

व्यवहारस्य स्वरूपम्

वादिप्रतिवादिनौ तस्य व्यवहारस्य कर्तारौ भवतः। तस्मिँश्च व्यवहारे लिखितभोगसाक्षिणो यथासम्भवं

भेदद्वारा नियन्त्रण गर्दा {दण्डका अपेक्षामा} त्यति कठोर नीतिको अवलम्बन गरेजस्तो लाग्दैन तर पनि दुष्टहरूको दमन गर्नु राजनीतिको प्रमुख प्रयोजन भएकाले र साम, दान एवं भेद नीति पनि मूलतः निग्रह गर्ने उद्देश्यले नै प्रयोग गर्नुपर्छ भनिएको हुनाले उक्त साम, दान एवं भेद नियन्त्रणका साधन बन्न नसकेका अवस्थामा अर्थात् साम, दान एवं भेद नीतिद्वारा पनि नियन्त्रण गर्ने कार्य हुन नसकेमा चौथो दण्डरूप नीतिको प्रयोग गरेर भए पनि दुष्टको नियन्त्रण गर्नुपर्ने हुन्छ। अतः राजदण्डले कठोर व्यवहारद्वारा नियन्त्रण गर्ने गर्छ।

प्रायः गृहस्थाश्रममा रहेका पुरुषहरूमा व्यवहार (विवाद) प्रवृत्त हुन्छ। सामान्य रूपमा अरू आश्रममा पनि विवाद हुन सक्छ। चोर, डाँका, कठोरता आदिसित सम्बद्ध व्यवहार (समस्या) गृहस्थेतर आश्रममा रहेका पुरुषहरूमा पनि देखिन सक्छन्; तर पनि ऋणादान (ऋण लिने) आदि व्यवहार गृहस्थ आश्रममा रहेका पुरुषमा बाहेक अरूहरूमा नहुने भएकाले गृहस्थ आश्रममा रहेका पुरुषहरू नै प्रायः व्यवहारका विषय बन्दछन्। अतः उनीहरूलाई चतुष्पादात्मा (भाषापाद, उत्तरपाद आदि चार चरण भएको) व्यवहारद्वारा सही ठाउँमा राख्नुपर्ने हुन्छ।

व्यवहारको स्वरूप-[४]

वादी (आरोप लगाउने व्यक्ति) र प्रतिवादी (आरोप लगाइने व्यक्ति/विपक्षी) व्यवहारका कर्ता हुन्छन्। (व्यवहार अर्थात् समस्या वादी र प्रतिवादीका बीचमा हुन्छ।) त्यस व्यवहारमा सम्भव भएसम्म लिखित (लिखत/लेखिएको

लगाइन्छ, यसरी पनि नमानेमा अरूलाई मिष्टान्न दिन्छु भनेर भेदको प्रयोग गरिन्छ, यसबाट पनि नियन्त्रित नभएमा कानका बुटी उखेलिदिन्छु भनी डराउन दिइन्छ। यसै भावलाई व्यक्त गर्ने पद्य मिताक्षरामा उद्धृत गरिएको छ। जस्तै-

अधीष्व पुत्रकाधीष्व दास्यामि तव मोदकान्। यद्वान्यस्मै प्रदास्यामि कर्णमुत्पाटयामि ते॥

४. यस अध्यायमा धर्मशास्त्रमा वा राजनीतिशास्त्रमा प्रयोग गरिने पारिभाषिक शब्दका रूपमा व्यवहारपदको प्रयोग गरिएको छ। सामान्य रूपमा व्यवहारले विवाद वा विवादित विषयका अनेक प्रकारका सन्देहको निवारण भन्ने अर्थ बुझाउँछ। विवादका विषय अनेक हुन सक्छन् तर पनि मोटामोटी तिनलाई ऋणादान (ऋण लिने दिने) आदि अठार प्रकारमा विभाजन गरिएको छ। यिनैलाई व्यवहार वा व्यवहारपद भनिएको छ। मनुले अठार प्रकारका व्यवहारपद गनाएका छन्। विवादमा आरोप लगाउने देखि निष्कर्षमा पुग्ने अवस्थासम्म चार चरण पार गर्नुपर्ने हुन्छ। त्यसैले व्यवहारलाई चतुष्पादात्मक भनिन्छ। प्रस्तुत परिच्छेदमा प्रयुक्त व्यवहारपादले यिनै भाषापाद, उत्तरपाद आदि चार चरणलाई बुझाउँछ। यिनको परिचय एवं परिभाषा मूलमा र पादटिप्पणीमा क्रमशः दिइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाणं भवन्ति । तौ अन्यविरोधेन स्वात्मसम्बन्धितया कथयन्तौ विरोधिनौ वादिप्रतिवादिनौ येन व्यापारेण व्यवस्थितौ भवतः स एव व्यापारो व्यवहारः ।

'वादिप्रतिवादिकर्तृकः सम्भवद्भोगसाक्षिप्रमाणको विरोधिकोटिद्वयव्यवस्थापनानुकूलो व्यापारो व्यवहारः'[४] इति व्यवहारस्य लक्षणं निगदितमुपलभ्यते ।

'अन्यविरोधेन स्वात्मसम्बन्धितया कथनं व्यवहारः' इत्यपि [५]व्यवहारस्य लक्षणमवाप्यते ।

विनानार्थेऽवसन्देहे हरणं हार उच्यते ।

नानासन्देहहरणाद् व्यवहार इति स्मृतः । इति च [६]व्यवहारलक्षणमुपलभ्यते ।

स्मृत्याचारव्यपेतेन मार्गेणाघर्षितः परैः ।

आवेदयति चेद्राज्ञे व्यवहारपदं स्मृतम् ॥ इत्यभिधाय [७]योगीश्वरेण निर्दिष्टमपि व्यवहारलक्षणं समुपलभ्यते ।

४. व्यवहारमयूखः, १ पृष्ठम् ।

५. मिताक्षरायाम्, याज्ञवल्क्यस्मृतिः. व्यवहाराध्यायः, १ पद्यम् ।

६. टिप्पणी, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, १ पद्यम् ।

७. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ५ श्लोकः ।

कागजात), भोग (भोगचलन) र साक्षी प्रमाण हुन्छन् । एक अर्काको विरोध गरिरहेका र आफ्नो पक्ष नै सही छ भनिरहेका परस्परका विरोधी वादी र प्रतिवादी जुन व्यापार (कार्यविधि) द्वारा व्यवस्थित हुन्छन् त्यसै व्यापारलाई व्यवहार भनिन्छ । **वादिप्रतिवादी०** अर्थात् 'वादी एवं प्रतिवादी कर्ता भएको, {लिखित}, भोग र साक्षी प्रमाण भएको, परस्परमा विरोध भएका (विपरीत ध्रुवमा रहेका) विषयको व्यवस्थापनमा अनुकूल हुने व्यापार नै व्यवहार हो (व्य.म. पृ. १)[५] भनी व्यवहारको लक्षण गरेको पाइन्छ । **अन्यविरोधेन०** अर्थात् 'अरूको विरोध गरेर (आफूभन्दा भिन्न पक्षलाई दोषी देखाएर) साथै स्वयंसित सम्बद्ध बनाई (आफूलाई निर्दोष साबित गराउने गरी) गरिएको कथन नै व्यवहार हो' (या.स्मृ. २/१ मिता.) यस प्रकारको व्यवहारको लक्षण पनि पाइन्छ । **वि नानार्थे०** अर्थात् 'अनेक अर्थमा वि उपसर्गको प्रयोग गरिन्छ, अव उपसर्ग सन्देह भन्ने अर्थमा प्रयोग गरिन्छ र हरण (हटाउने) भन्ने अर्थमा हार शब्द प्रयोग गरिन्छ । अनेक प्रकारका सन्देह हरण गर्ने हुनाले व्यवहार भनिएको हो' (या.स्मृ., टिप्पणी)[६] यस प्रकारको

५. व्यवहारमयूख मीमांसक नीलकण्ठ भट्टद्वारा रचित मयूखमाला अन्तर्गतको एउटा मयूख हो । मूल ग्रन्थको नाम भगवन्तभास्कर हो । नीलकण्ठ भट्टद्वारा आफ्ना आश्रयदाता भगवन्तदेवका नाममा रचित भगवन्तभास्करमा बाह्र मयूख छन् र व्यवहारमयूख छैटौं मयूखका रूपमा रहेको छ । उपलब्ध संस्कारमयूखका मुखपृष्ठमा भने नीलकण्ठभट्टका छोरा शङ्करभट्टद्वारा रचित भनिएको छ र संस्कारमयूखको मङ्गलाचरणको दोस्रो पद्यले पनि उक्त अर्थकै समर्थन गर्छ । संस्कारमयूख (संस्कारभास्कर) को पुष्पिकावाक्यबाट भने- भगवन्तदेवबाट आदिष्ट (अभिप्रेरित) मीमांसक शङ्करभट्टका छोरा नीलकण्ठ भट्टद्वारा रचित भगवन्तभास्करमा पहिलो संस्कारमयूख समाप्त भयो भन्ने अर्थ नै निस्कन्छ । जे होस् व्यवहारमयूखका सबै मातृकामा मीमांसक नीलकण्ठभट्टद्वारा लिखित भन्ने उल्लेख नै पाइन्छ ।

६. लेखकद्वारा अधीत याज्ञवल्क्यस्मृतिको व्यवहाराध्यायको आरम्भमा टिप्पणीमा दिएको पद्यको उद्धरण गरिएको हो । वीरमित्रोदयमा कात्यायनका उक्तिका रूपमा प्रस्तुत पद्यको उद्धरण दिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थमनेकात्मकत्वं व्यवहारस्य लक्षणे यदुपलभ्यते तच्च विषयाश्रितव्यापारभेदाद् व्यवहारलक्षणगत-भिन्नत्वमुपपद्यते।

[८]विज्ञानेश्वरेणैव **'प्रतिज्ञोत्तरसंशयहेतुपरामर्शप्रमाणनिर्णयप्रयोजनात्मको व्यवहारस्तस्य पदं विषयः'** इत्यभिधाय व्यवहारपदव्युत्पत्तिः प्रदर्शिता।

[९]नीलकण्ठभट्टेन पुनः **'विप्रतिपद्यमाननरान्तरगताज्ञाताधर्मज्ञापनानुकूलो व्यापारो व्यवहारः'** इत्यभिज्ञाय विवदतोर्द्वयोरेकस्मिन् सन्निहितः परानवगतो योऽधर्मस्तज्ज्ञापनायानुकूलत्वेन जायमानस्य व्यापारस्य व्यवहारत्वमुक्तम्।

अष्टादशव्यवहारपदानि

[१०]मनुना तेषां व्यवहाराणामष्टादशविधत्वमभिहितम्। यथा–

तेषामाद्यमृणादानं निक्षेपोऽस्वामिविक्रयः। सम्भूय च समुत्थानं दत्तस्यानपकर्म च॥
वेतनस्यैव चादानं संविदश्च व्यतिक्रमः। क्रयविक्रयानुशयो विवादः स्वामिपालयोः॥

---

८. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ५ श्लोकः।
९. व्यवहारमयूखः, १ पृष्ठम्।
१०. ८/४-७ मनुः।

व्यवहारको लक्षण पाइन्छ। **स्मृत्याचार०** अर्थात् 'प्रतिपक्ष (विरोधी) द्वारा स्मृतिमा प्रतिपादित धर्म एवं सदाचार विपरीत मार्ग (विधि) का माध्यमले आघात पुऱ्याइएको (पीडा दिइएको) कुनै पुरुषले राजालाई (अथवा प्राड्विवाकलाई) निवेदन (जाहेरी) गर्छ भने त्यसलाई व्यवहार भनिन्छ' (या.स्मृ. २/५) भनी योगीश्वर याज्ञवल्क्यले बताएको व्यवहारको लक्षण पनि पाइन्छ। यसरी व्यवहारका लक्षणमा जुन विविधता पाइन्छ त्यो विविधता (अनेकता) विषयगत व्यापारका भेदले गर्दा भएको हो (व्यवहार अनेक प्रकारका हुने भएकाले लक्षण पनि अनेक प्रकार भएका हुन्)। अतः व्यवहारका लक्षणमा देखिने भिन्नता युक्तियुक्त नै देखिन्छ। विज्ञानेश्वरले नै **प्रतिज्ञोत्तर०** अर्थात् 'प्रतिज्ञा, उत्तर, संशयहेतुपरामर्श-प्रमाण एवं निर्णय प्रयोजन भएको व्यवहार हुन्छ र त्यसको पद भनेको विषय हो' (या.स्मृ. २/५ मिता.) भनी व्यवहारपदको व्युत्पत्ति देखाएका छन्। नीलकण्ठले दोस्रो पटक **विप्रतिपद्यमान०** अर्थात् 'विवाद गरिरहेका पुरुषहरूमध्ये कुनै एकमा रहेको अज्ञात अधर्मलाई प्रकाशित गर्न गरिने व्यापार (क्रियाकलाप) नै व्यवहार हो' (व्य.म.,१ पृ.) भनी व्यवहारको लक्षण बताएका छन्। यसरी उनले (नीलकण्ठले) परस्परमा विवाद गरिरहेका दुई पुरुषमध्ये एउटामा विद्यमान अरूद्वारा थाहा नपाइएको जुन अधर्म हुन्छ त्यसलाई प्रकाशन गर्नका लागि अनुकूल हुने गरी गरिने व्यापार नै व्यवहार हो भन्ने तथ्य प्रतिपादन गरेका छन्।

अठार प्रकारका व्यवहारपदका विषयहरू-

मनुले उक्त व्यवहारपद अठार प्रकारका हुन्छन् भनेका छन्। जस्तै- **तेषामाद्यम्०** अर्थात् 'अठार प्रकारका व्यवहारपदमध्ये १. ऋणादान (ऋण लिनु) पहिलो हो। २. निक्षेप (नासो), ३. अस्वामिविक्रय (स्वामित्व नभएका वस्तुको बिक्री), ४. सम्भूयसमुत्थान (मिलेर गरिने कार्य/संयुक्त लगानी), ५. दत्तानपकर्म (दिएको वस्तु फिर्ता नगर्नु),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सीमाविवादधर्मश्च पारुष्ये दण्डवाचिके। स्तेयं च साहसं चैव स्त्रीसङ्ग्रहणमेव च ॥
स्त्रीपुंधर्मो विभागश्च द्यूतमाह्वय एव च। पदान्यष्टादशैतानि व्यवहारस्थिताविह ॥ इति।

ऋणादानादीनि एतानि अष्टादशव्यवहारपदानि गृहाश्रमे स्थितानां गृहस्थानामेकतमस्याधर्मप्रवृत्त्या समुत्पद्यन्ते। समुत्पन्नानां तेषां व्यवहाराणां भाषोत्तरक्रियासाध्यसिद्धिरूपस्य चतुष्पादात्मकस्य व्यवहारस्य प्रवर्तनेन राज्ञा निर्णयो विधेयः।

क्रमवृत्तिभिः भाषा–उत्तर–क्रिया–साध्यसिद्धिरूपाभिः क्रियाभिश्चतुरंशस्याक्षेपाद् अस्याः क्रियाया-[११]श्चतुष्पात्त्वमुपपद्यते।

राजधर्मो हि चतुर्वाश्रमेषु सन्निविष्टस्य चतुर्वर्णात्मकस्य लोकस्य सद्वृत्तस्य संरक्षणात् सर्वधर्मप्रवर्तक-त्वेनाभ्युपपद्यते। यथा हि [१२]कौटिल्येन–

चतुर्वर्णाश्रमस्यायं लोकस्याचाररक्षणात्।
नश्यतां सर्वधर्माणां राजधर्मः प्रवर्तकः ॥ इत्युक्त्या चतुर्णां वर्णानां धर्मस्य संरक्षणात् चतुर्वाश्रमेषु

---

११. मिताक्षारा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ८ पद्यम्।
१२. कौटिल्यस्यार्थशास्त्रम्, अधिकरण् ३, प्रकरणम् ५६-५७, अध्यायः १, पृष्ठम् ३१८। {३/१/३८}

---

६. वेतनादान (सेवकहरूलाई वेतन/तलब नदिनु), ७. संविद्व्यतिक्रम (सम्झौताको उल्लङ्घन), ८. क्रयविक्रयानुशय (किन-बेचमा पश्चात्ताप सम्बन्धी विवाद), ९. स्वामिपालविवाद (स्वामी/मालिक र संरक्षक/पशुपालका बीचको विवाद), १०. सीमाविवाद (सीमाना सम्बन्धी विवाद), ११. वाक्पारुष्य (गालीगलौज), १२. दण्डपारुष्य (पिट्ने आदि), १३. स्तेन (चोरी/लुकेर कसैले थाहा नपाउने गरी गरिने धनहरण आदि), १४. साहस (डकैती/ सबैले थाहा पाउने गरी हाकाहाकी गरिने डकैती/चोरी), १५. स्त्रीसङ्ग्रह (स्त्रीको परपुरुषका साथमा व्यभिचार), १६. स्त्रीपुंधर्म (स्त्री एवं पुरुषलाई धर्ममार्गमा प्रवृत्त गराउनु/ पति पत्नीका बीचको असमझदारी), १७. विभाग (पैतृक आदि सम्पत्तिको विभाजन/अंशबण्डा), १८. द्यूतसमाह्वय (चेतन अथवा अचेतन पदार्थ दाउमा राखिने जुवा)- यस संसारमा देखिने यी अठार प्रकारका व्यवहार (परस्पर विवादका) स्थिति (मुद्दा) हुन् (मनु. ८/४-७)। आदि।

गृहस्थ आश्रममा रहेका पुरुषहरूमध्ये कुनै एउटा पुरुष अधर्मपूर्वक (नियम नाघेर) प्रवृत्त भयो भने उक्त ऋणादान आदि अठार प्रकारका व्यवहारपद उत्पन्न हुन्छन् (मुद्दा हाल्ने र समाधान खोज्नुपर्ने स्थिति आइपर्छ)। उक्त व्यवहार (विवाद) उत्पन्न भएमा राजाले (न्यायाधिकारीले) भाषापाद, उत्तरपाद, क्रियापाद एवं साध्यसिद्धिपाद रूप चार चरण भएको व्यवहार प्रवर्तन गरेर निर्णय दिनुपर्छ। क्रमैले सम्पादन गर्नुपर्ने भाषापाद, उत्तरपाद, क्रियापाद एवं साध्य-सिद्धिपाद रूप क्रियाहरूद्वारा चारवटा अंशको कल्पना गरिने हुनाले यस क्रियालाई चतुष्पादात्मक क्रिया (चतुष्पादात्मक व्यवहार) भनिन्छ (या.स्मृ. २/८ मिता.)।

चारवटै आश्रममा रहेका र चारै वर्णका मनुष्यका सद्व्यवहारको संरक्षण गर्ने हुनाले राजधर्मलाई सबै धर्मको प्रवर्तक भनी स्वीकार गरिएको छ। यसै सम्बन्धमा कौटिल्यले भनेका छन्- **चतुर्वर्ण०** अर्थात् 'चारै वर्णमा र चारै आश्रममा रहेका मनुष्यहरूका आचारहरूको संरक्षण गर्ने हुनाले राजधर्मलाई नष्ट हुन लागिरहेका अन्य सबै धर्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्निविष्टानां समनुष्ठेयत्वेन निर्दिष्टानामाचाराणां च संरक्षणेन प्रवर्तनात् राजधर्मो हि सर्वेषां धर्माणां प्रवर्तको भवति इत्यभिहितम् ।

धर्मदण्डस्यैव ऐहिकामुष्मिकफलोपलम्भकत्वेन पुरुषार्थसाधनत्वाद् राजधर्मस्यापि पुरुषार्थसाध्यत्वात् सदाचाररूपस्य धर्मस्य प्रवर्तनप्रयोजनत्वमुपपद्यते । तस्माच्च राजदण्डकृत्यं सदाचारप्रवर्तनम् । तत्र धर्मदण्डः कर्तुर्भावमुत्पाद्य सच्चरित्रसमन्वितं कर्तारमुत्पादयति । राज्ञो दण्डः कर्तुर्भयमुत्पाद्य कर्तारं सन्मार्गे योजयति । फलं तूभयविधदण्डयोः समानम् । केवलं तत्र धर्माधर्मौ आवां सद्वृत्तासद्वृत्तयोः समीचीनासमीचीनफलदातारौ स्व इति प्रत्यक्षं न चरतः । राज्ञो दण्डस्तु श्यामवर्णो लोहिताक्षः पापनाशकृत् सन् प्रजामोहं निवारयन् दुष्टान् दमयन् साधून् पुरस्कुर्वन् प्रत्यक्षं चरति इति धर्मदण्डराजदण्डयोः प्रत्यक्षाप्रत्यक्षत्वम् । धर्मदण्डो निरूपितः । राजदण्डो निरूपणीयः ।

[१३]**यत्र श्यामो लोहिताक्षो दण्डश्चरति पापहा ।**

प्रजास्तत्र न मुह्यन्ति नेता चेत्साधु पश्यति ।। इत्यभिधाय भगवता मनुना दण्डस्य प्रजाव्यामोह-निवर्तकत्वं नेतुः (राज्ञः) सम्यक् व्यवहारावलोकनकर्मणः फलं निर्दिष्टम् ।

१३. मनुः ७/२५ ।

प्रवर्तक भनिएको छ' (कौ.अ. ३/१/३८) । यस उक्तिद्वारा चारै वर्णका धर्महरूको संरक्षण गर्ने हुनाले र चारै आश्रममा रहेका पुरुषहरूलाई सम्पादन गर्नुपर्छ भनी निर्देशन गरिएका आचारहरूको संरक्षण गरी उक्त आचारलाई प्रवर्तन गराउने हुनाले राजधर्म सबै धर्मको प्रवर्तक हुन्छ भनिएको छ । ऐहिक (यसै लोकमा उपभोग गरिने) एवं आमुष्मिक (परलोकमा उपभोग गरिने) फल उपलब्ध गराउने हुनाले धर्मदण्ड पुरुषार्थको साधन हुन्छ । राजधर्मको साध्य पनि पुरुषार्थ नै हो । अतः राजधर्मको प्रयोजन पनि धर्मदण्डको जस्तै सदाचाररूप धर्मलाई प्रवृत्त गराउनु हो भन्ने कथन युक्तियुक्त देखिन्छ । त्यसैले राजदण्डको कार्य भनेको सदाचारमा प्रवृत्त गराउनु हो । उल्लिखित दुई प्रकारका दण्डमध्ये धर्मदण्डले कर्तामा राम्रा भावनाको उदय गराएर उसलाई सच्चरित्रले युक्त भएको बनाउँछ । राजदण्डले भने कर्तामा भय उत्पन्न गराएर उसलाई सन्मार्गमा प्रवृत्त गराउँछ । प्रयोजन भने दुवै दण्डको समान (एकै प्रकारको) हुन्छ । हामी दुई- धर्म एवं अधर्म- सदाचारका र असदाचारका क्रमशः राम्रा र नराम्रा फल प्रदान गर्ने (पुरुष वा माध्यम) हौँ भन्दै प्रत्यक्ष रूपमा भने सञ्चरण गर्दैनन् (अप्रत्यक्ष रूपमा सञ्चरण गर्छन्) ।[७] कालो वर्ण भएको, राता आँखा भएको र पाप नष्ट गराउने राजदण्ड भने प्रजामा भएको मोह नष्ट गराउँदै, दुष्टहरूको दमन गर्दै, सज्जनहरूलाई पुरस्कृत गर्दै प्रत्यक्ष रूपमा सञ्चरण गर्दछ । अतः धर्मदण्ड अप्रत्यक्ष र राजदण्ड प्रत्यक्ष हुन्छ । धर्मदण्डका सम्बन्धमा बताइयो । राजदण्डका सम्बन्धमा बताउनुपर्ने छ ।

यत्र श्यामः० अर्थात् 'जुन देशमा शास्त्रप्रमाणबाट अवगत श्याम वर्ण भएको, राता आँखा भएको एवं पाप नष्ट गराउने अधिष्ठाता देवताका रूपमा रहेको दण्ड सञ्चरण गर्छ र नेता (देशको नेतृत्व गर्ने पुरुष/ दण्डदाता) ले राम्ररी विषयानुरूप व्यवहार हेर्ने कार्य गर्छ त्यस देशमा प्रजा मोहित (दुःखित) हुँदैनन्' (मनु. ७/२५) । उक्त पद्यद्वारा भगवान्

७. यस वाक्यमा आपस्तम्बधर्मसूत्रको **'न धर्माधर्मौ चरत 'अवां स्व' इति'** (१/२०/६) को अर्थ अभिव्यक्त भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यादृशो तादृशो वा भवतु दण्डः । धर्मदण्डो वा भवतु राजदण्डो वा; प्रत्यक्षात्मको दण्डो भवत्वप्रत्यक्षात्मको दण्डो वा भवतु; दण्ड एव हि अस्य लोकस्य रक्षकः; परलोकस्यापि संरक्षकः । आचार्येण [१४]कौटिल्येनापि–

'दण्डो हि केवलो लोकं परं चेमं च रक्षति ।' इत्यभिधाय इहामुत्रसंरक्षकत्वं दण्डस्य निर्दिष्टम् ।

दण्डाभावे राजनि क्षत्रियत्वं न प्रतीयते, दण्डमन्तरा भूमिपालो भूमिं नाश्नुते । दण्डरहितस्य राज्ञः प्रजाः सुखं नानुविन्दन्ति । तच्च [१५]महाभारते–

नादण्डः क्षत्रियो भाति नादण्डो भूमिमश्नुते ।

नादण्डस्य प्रजा राज्ञः सुखं विन्दन्ति भारत ।। इत्युक्त्या निर्दिष्टम् ।

प्रजानां सुखं तदैव सम्पद्यते यदा दुष्टानां निग्रहः सतां च परिपालनं भवति । असतां प्रतिषेधः सतां परिपालनमेव च राज्ञां परो धर्मो निगदितः ।

महाभारते याज्ञसेन्या मुखेन तदेव भाषितं [१६]व्यासेन । क्षत्रियस्य (राज्ञः) प्रजानां परिपालनं प्रधानं कर्म इति योगीश्वरेण [१७]याज्ञवल्क्येन निर्दिष्टम् ।

क्षत्रियस्य प्रजानां परिपालनं परो धर्मः इति भगवता [१८]मनुना च समाम्नातम् ।

---

१४. कौटिल्यस्यार्थशास्त्रम्, अधिकरणम् ३, प्रकरणम् ५६-५७, अध्यायः १, पृ. ३१८ । {३/१/४२}

१५. महाभारतम् शान्तिपर्व, राजधर्मानुशासनपर्व, १४ अध्यायः, १४ श्लोकः ।

१६. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व,१४ अध्यायः, १६ श्लोकः । {असतां प्रतिषेधश्च सतां च परिपालनम्}

१७. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ११९ श्लोकः ।

१८. ७/१४४ मनुः । {क्षत्रियस्य परो धर्मः प्रजानामेव पालनम्}

मनुले दण्डद्वारा प्रजामा रहेका मोहको निवारण हुनु नेताद्वारा गरिएका व्यवहार अवलोकन रूप कर्मको परिणाम हो भनी बताएका छन् ।

दण्ड जस्तोसुकै होस् । धर्मदण्ड होस् अथवा राजदण्ड होस् । प्रत्यक्षात्मक दण्ड होस् अथवा अप्रत्यक्षात्मक दण्ड होस् । दण्ड नै यस संसारको रक्षक हो । परलोकको रक्षक पनि दण्ड नै हो । आचार्य कौटिल्यले पनि- **दण्डो हि०** अर्थात् 'निश्चित रूपमा दण्डले मात्र परलोकको र यस लोकको रक्षा गर्छ' (कौ.अ.३/१/४२) उक्तिद्वारा दण्डले यस लोकको र परलोकको संरक्षण गर्ने तथ्य बताएका छन् ।

दण्डका अभावमा राजामा क्षत्रियत्व प्रतीत हुँदैन । दण्ड विना राजाले पृथिवीको भोग गर्न सक्दैनन् । विना दण्डका राजाका प्रजाले सुख उपभोग गर्न पाउँदैनन् । यो तथ्य महाभारतमा **नादण्डः०** अर्थात् 'हे भारत ! {हे युधिष्ठिर !} दण्ड विनाको क्षत्रिय सुशोभित हुँदैन, दण्ड विना भूमिको उपभोग गर्न पनि सक्दैन, दण्ड नभएका राजाका प्रजाले सुख प्राप्त गर्न पनि सक्दैनन्' (म.भा., शा.प. १४/१४) पद्यद्वारा बताइएको छ । त्यस अवस्थामा मात्र प्रजालाई सुख प्राप्त हुन्छ जब दुष्टहरूको दमन र सज्जनहरूको पालन (संरक्षण) हुन्छ । 'दुष्टहरूलाई निषेध गर्नु र सज्जनहरूलाई संरक्षण गर्नु नै राजाहरूको परम धर्म हो' भनिएको छ । महाभारतमा याज्ञसेनीका (द्रौपदीका) मुखबाट व्यासले यही कुरा भनाएका छन् (म.भा., शा.प. १४/१६) । प्रजाको संरक्षण गर्नु क्षत्रियको (धर्मका लागि र वृत्तिका लागि) प्रमुख कार्य हो (या.स्मृ.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षत्रियस्य प्रजानां परिपालनस्य परमधर्मत्वात् यथा इज्यानां समनुष्ठानरूपाद् धर्माद् द्विजातयः पूयन्ते तथैव राजा च प्रजापरिपालनरूपाद्धर्मात् पूतो भवति। यथा–

निग्रहेण हि पापानां साधूनां सङ्ग्रहेण च।

द्विजातय इवेज्याभिः पूयन्ते सततं नृपाः ।। इत्युक्त्या [१९]मनुना तदेव समभिहितम्।

पापाचरणबुद्धीनां दुष्टानां पापनिग्रहश्च दण्डमन्तरा कर्तुमशक्यः। स च [२०]मनुना–

न हि दण्डादृते शक्यः कर्तुं पापविनिग्रहः।

स्तेनानां पापबुद्धीनां निभृतं चरतां क्षितौ ।। इत्युक्त्या समभिहितः।

यदा पृथिव्यां दुष्टास्तस्कराः कण्टकाः साहसिका नरा निर्भयं निष्प्रतिबन्धं स्वच्छन्दं विचरन्ति तदा न कश्चिद् धर्मानुष्ठानाय प्रभवति, नो वार्थार्जनाय संरक्षणाय संवर्द्धनाय च प्रभवति, नो वापि च कामोपभोगाय प्रभवति। तस्माद् धर्मार्थकामसंरक्षणाय तेषां दुष्टानां नियमनं दण्डेनैव विधेयम्। दण्डेन दुष्टानां निग्रहे जाते त्रिवर्गसंरक्षणं भवति। तस्मादेव [२१]दण्डस्य त्रिवर्गत्वमभिहितम्।

---

१९. ८/३११ मनुः।

२०. ९/२६३ मनुः।

२१. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, १५ अध्यायः, ३ श्लोकः। {त्रिवर्गो दण्ड उच्यते}

१/११९) भनी योगीश्वर याज्ञवल्क्यले भनेका छन्। प्रजाको पालन गर्नु क्षत्रियको परम (सबैभन्दा ठूलो/अन्य धर्मभन्दा महत्त्वपूर्ण) धर्म हो (मनु. ७/१४४) भनी भगवान् मनुले पनि भनेका छन्।

प्रजाहरूको पालन पोषण गर्नु क्षत्रियको परम धर्म भएकाले जसरी यज्ञहरूको सम्यक् अनुष्ठान रूपी धर्मबाट द्विजातिहरू पवित्र हुन्छन् त्यसरी नै प्रजाहरूको चारै तर्फबाट संरक्षण गर्ने रूपी धर्मबाट राजा पवित्र हुन्छन्। जस्तै- **निग्रहेण०** अर्थात् 'ठूला ठूला यज्ञ-याग आदि सम्पादन गर्नाले जसरी द्विजाति (ब्राह्मण, क्षत्रिय एवं वैश्य) पवित्र (पुण्यवान्) हुन्छन् त्यसरी नै पापीहरूलाई नियन्त्रण गर्नाले र सज्जनहरूलाई संरक्षण गर्नाले राजाहरू पनि सधैँ पवित्र (पुण्यशाली) हुन्छन् (मनु. ८/३११)। यस उक्तिद्वारा मनुले उक्त तथ्य नै बताएका छन्। पाप गर्ने बुद्धि (मनोवृत्ति) भएका दुष्टहरूका पाप क्रियामा नियन्त्रण गर्ने कार्य दण्ड विना गर्न सकिन्न। त्यही तथ्य मनुले- **न हि दण्डादृते०** अर्थात् 'चोरहरूका, पाप गर्ने मनोवृत्ति भएका पुरुषहरूका र लुकेर (सौम्य वेष बनाएर) पृथिवीमा सञ्चरण गर्ने पुरुषहरूका पापाचारमा नियन्त्रण गर्ने कार्य दण्ड विना गर्न सकिँदैन (अतः त्यस्ता पुरुषलाई दण्डद्वारा नियन्त्रण गर्नुपर्छ' (मनु. ९/२६३) यस उक्तिद्वारा बताएका छन्।

जुन समयमा दुष्टहरू, तस्करहरू, काँडाजस्ता (उत्पीडक) पुरुषहरू, साहसी (डाँका) हरू- निडर भएर कुनै प्रकारका बाधा व्यवधान विना पृथिवीमा स्वतन्त्र रूपमा विचरण गर्न थाल्दछन् त्यस समयमा कुनै पनि पुरुष धार्मिक कार्य गर्न समर्थ हुँदैन; सम्पत्ति आर्जन गर्ने, संरक्षण गर्ने र संवर्धन गर्ने कार्यमा पनि समर्थ हुँदैन; विषयको उपभोगमा पनि समर्थ हुँदैन। त्यसैले धर्म, अर्थ एवं कामको संरक्षणका लागि दण्डका माध्यमले नै दुष्टहरूलाई नियन्त्रण गर्ने कार्य गर्नुपर्छ। दण्डद्वारा दुष्टहरूको निग्रह भएका अवस्थामा त्रिवर्गको (धर्म, अर्थ एवं कामको) संरक्षण हुन्छ। त्यसैले त दण्डलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो हि राजा दण्डार्हान् दुष्टान् समुचितदण्डप्रयोगेण नियमयति, ततोऽपि दुष्टान् वधार्हान् घातयति; स राजा तेन दण्डार्हदण्डनेन वधार्हवधेन च कर्मणा प्रशस्तदत्तदक्षिणैः समनुष्ठितक्रतुभिः समं फलं समश्नुते। एवमेव योगीश्वरेण [२२]याज्ञवल्क्येन–

यो दण्ड्यान् दण्डयेद्राजा सम्यग्वध्यांश्च घातयेत्।

इष्टं स्यात् क्रतुभिस्तेन समाप्तवरदक्षिणैः ॥ इत्युक्त्या समभिहितम्।

यथा हि रजको वस्त्रगतां मलिनतामपाकरोति, रजकेन अपसारितमलानि वासांसि च शुद्धिमायान्ति, तथैव राजा वर्णेषु ब्राह्मणक्षत्रियवैश्यशूद्रेषु समुद्गतशीलदोषापसारणाय पिता सम्पद्यते, प्रजापतिर्वा सम्पद्यते।

वस्त्राणि यद्यपि सन्ति, तानि मलिनानि नोपयुक्तानि भवन्ति। वर्णेषु च शूद्रे द्विजातिशुश्रूषणादिकर्म, वैश्ये कृषिकर्म, क्षत्रिये दण्डधारणकर्म, ब्राह्मणे च वर्णे ब्रह्मचर्यतपोमन्त्रसत्यानि कर्माणि समनुष्ठेयत्वेन निर्दिष्टानि; यथायथं नानुष्ठीयन्ते चेत् नोपयुक्तं भवति। तस्माद् वाससामनुपयोगित्वरूपां मलिनतामपाकर्तुं रजकः प्रवृत्तः समुत्पन्नमलिनतापाकरणपुरःसरं वसनेषु यद्युपयोगितामाधत्ते तर्हि तस्मिन् रजकत्वं सन्निविष्टम्। एवमेव वर्णेषु

२२. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ३५९ श्लोकः।

त्रिवर्ग भनिएको छ (म.भा., शा.प. १५/३)। जुन राजाले दण्ड दिन योग्य दुष्टलाई उचित दण्ड दिएर नियन्त्रण गर्छन् र त्यसभन्दा बढी अपराध गरेका वधार्ह (मृत्युदण्ड दिन योग्य) दुष्टलाई मार्दछन् त्यस्ता राजाले त्यसै दण्ड दिन योग्य दुष्टलाई दण्ड दिने र वध गर्न योग्य दुष्टलाई वध गर्ने रूपी कर्मद्वारा प्रशस्त दक्षिणा दिइएका र सम्यक् प्रकारले सम्पादन गरिएका यज्ञहरूबाट जस्तो फल प्राप्त हुन्छ त्यस्तै फल प्राप्त गर्दछन् (उपभोग गर्छन्)। यसै तथ्यलाई योगीश्वर याज्ञवल्क्यले **यो दण्ड्यान्०** अर्थात् 'जुन राजाले आफ्ना धर्मबाट विचलित हुने आदि कार्य गरेकाले दण्ड दिन योग्य दुष्टलाई शास्त्रलाई आधार मानेर धिक्, धन आदि दण्ड दिन्छन्, वध गर्ने योग्य दुष्टको वध गर्दछन् त्यस्ता राजाले धेरै दक्षिणा दिइने यज्ञ गरेको मानिन्छ, अर्थात् त्यस्ता राजाले धेरै दक्षिणा दिइएका यज्ञको फल प्राप्त गर्दछन्' (या.स्मृ. १/३५९) यस उक्तिद्वारा बताएका छन्।

जसरी धोबीले कपडामा लागेको मयल हटाउँछ {त्यसरी नै राजाले पनि प्रजामा देखिएका आचरणसम्बद्ध दोषहरू हटाउँछन्}। धोबीद्वारा मयल हटाइएका कपडा जसरी शुद्ध (सफा) हुन्छन् {त्यसरी नै राजाद्वारा आचरण सम्बन्धी दोष हटाइएका प्रजाहरू निर्मल बन्दछन्}। ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रहरूमा उत्पन्न भएका आचार सम्बन्धी दोषहरूलाई हटाउनका लागि राजा पिता बन्दछन् अथवा प्रजापति बन्दछन्। कपडा त छन् तर फोहोर लागेका वा मैलिएका छन् भने ती कपडा लगाउन (धारण गर्न) उपयुक्त हुँदैनन्। वर्णहरूमध्ये शूद्रलाई द्विजातिको (ब्राह्मण आदिको) सेवा गर्ने कार्य, वैश्यलाई कृषिसम्बद्ध कार्य, क्षत्रियलाई दण्डधारण गर्ने कार्य र ब्राह्मणलाई ब्रह्मचर्य, तपस्या, मन्त्र एवं सत्य धारण गर्ने कार्य गर्नुपर्छ भनी निर्देशन गरिएको छ। ब्राह्मणादि वर्णले आफूलाई जुन जुन कार्य गर्न भनी निर्देशन दिइएको छ त्यसै अनुसार कार्य गरेनन् भने राम्रो हुँदैन। कपडामा रहेको अनुपयोगिता रूपी (उपयोग गर्न नमिल्ने बनाउने) मलिनतालाई हटाउन प्रवृत्त भएको धोबीले (कपडामा) उत्पन्न भएको मलिनतालाई हटाएर पुनः त्यस कपडालाई उपयोगी बनाउन सक्यो भने मात्र त्यसमा धोबीपन रहेको सिद्ध हुन्छ। यसै प्रकारले ब्राह्मण आदि वर्णहरूमा उत्पन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च समुत्पन्नान् शीलदोषानपहर्तरि राजनि प्रजारञ्जकत्वस्य विद्यमानत्वात् राजत्वाप्तिर्भवति । इत्थमेवाभिप्रेत्य [२३]व्यासेन महाभारते समभिहितम् । यथा–

कर्म शूद्रे कृषिर्वैश्ये दण्डनीतिश्च राजनि ।
ब्रह्मचर्यं तपो मन्त्राः सत्यं चापि द्विजातिषु ।।
तेषां यः क्षत्रियो वेद वस्त्राणामिव शोधनम् ।
शीलदोषान् विनिर्हर्तुं स पिता स प्रजापतिः ।। इति ।

'यथादेशं, यथाकालं, यथाबुद्धि, यथाबलं च सर्वेषां लोकानां हिते रतो धर्मार्थी राजा देशकालबुद्धिबलमनुसृत्य प्रजानुशासनं विदध्यात्' इत्युक्त्या च **शीलदोषान् समुत्पन्नानपाकुर्यान्महीपति**रित्येव निर्दिष्टम् । यथा–

[२४]**यथादेशं यथाकालं यथाबुद्धि यथाबलम् ।**
अनुशिष्यात् प्रजा राजा धर्मार्थी तद्धिते रतः ।। इति ।।

दण्डो हि दमनाद् दण्डत्वमाप्नोति, दण्डनाच्च दण्डत्वमाप्नोति ।

दमनं तत्र धर्मदण्डेनापि विधीयते । अत्र राजदण्डेन दमनमभिहितम् । दण्डप्रयोगं तु इह केवलं राजदण्डः करोति । धर्मदण्डस्तु पारत्रिकं दण्डप्रयोगं विधत्ते । धर्मदण्डेनैहिकोऽपि प्रयुक्तो दण्डो न केनचिदुपलक्ष्यते इति

२३. महाभारतम् शान्तिपर्व, राजधर्मानुशासनपर्व, ९१ अध्यायः, ४-५ श्लोकौ ।
२४. महाभारतम् शान्तिपर्व, राजधर्मानुशासनपर्व, ८८ अध्यायः, २ श्लोकः ।

भएका शील सम्बद्ध दोषहरूलाई हटाइदिने राजामा प्रजाहरूलाई अनुरक्त गराउने स्वभाव रहने हुनाले राजत्व प्राप्त भएको हुन्छ । {प्रजारञ्जकत्व रहेका अवस्थामा मात्र राजामा राजत्व रहेको सिद्ध हुन्छ ।} यसै अभिप्रायलाई ध्यानमा राखेर व्यासले महाभारतमा उक्त विषयका सम्बद्धमा वर्णन गरेका छन् । जस्तै- **कर्म शूद्रे०** अर्थात् 'शूद्रमा द्विजहरूको सेवा, वैश्यमा कृषि, क्षत्रियमा दण्डनीति र ब्राह्मणमा ब्रह्मचर्य, तपस्या, मन्त्र एवं सत्य रहेको हुन्छ (अथवा शूद्रादिमा सेवा आदि नियत धर्मका रूपमा रहेझैं ब्रह्मचर्य आदि सबै द्विजहरूमा सामान्य रूपमा रहेको हुन्छ) । धोबीले जसरी कपडालाई शुद्ध (सफा) गराउन जानेको हुन्छ त्यसरी नै क्षत्रियले ब्राह्मण आदिमा उत्पन्न भएका शील सम्बन्धी दोषहरूलाई हटाउन जानेको हुन्छ । त्यसले नै क्षत्रिय पिता हो र क्षत्रिय नै प्रजापति हो' (म.भा., शा. प. ९१/४-५) ।

देशअनुसार, समयअनुसार, बुद्धिअनुसार, बलअनुसार सबै मनुष्यको हित गर्न तत्पर भएका धर्मार्थी (धर्मको आकाङ्क्षा गर्ने) राजाले देश, काल, बुद्धि एवं बलको अनुसरण गरेर प्रजाहरूमा अनुशासन कायम गराओस् भन्ने कथनद्वारा **शीलदोषान् समुत्पन्नानपाकुर्यान्महीपतिः** अर्थात् 'राजाले प्रजामा उत्पन्न भएका शील (सदाचार) सम्बन्धी दोषलाई हटाउने कार्य गरून्' भन्ने तथ्य नै प्रतिपादन गरिएको छ । जस्तै- **यथादेशम्०** 'देशधर्मलाई, समय (परिस्थिति) लाई, बुद्धिवैभवलाई र सामर्थ्यलाई ध्यानमा राखेर त्यसै अनुसार प्रजाको हितमा लागेका र धर्मको कामना भएका राजाले प्रजालाई अनुशासित बनाऊन्' (म.भा., शा.प. ८८/२) ।

दमन गर्ने (दबाउने) हुनाले दण्डमा दण्डत्व रहेको हुन्छ । (धिक्, धन आदि) दण्ड दिने हुनाले पनि दण्डमा दण्डत्व रहेको हुन्छ । दमन गर्ने कार्य धर्मदण्डले पनि गर्छ । यहाँ राजदण्डद्वारा दिइने दण्डको चर्चा गरिएको छ । यस लोकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारत्रिकत्वमभिहितम्। **'न धर्माधर्मौ चरत 'अवां स्व' इति'** इत्यभिधायापस्तम्बेन[२५] धर्माधर्मयोरप्रत्यक्षत्वाभिधानात्।

धर्मदण्डस्यैहिकत्वम्

प्रज्ञाचक्षुसमन्वितानां तु धर्मदण्डोऽप्यैहिकं कृतस्य कर्मणः फलं प्रददाति। कायेन मनसा वाचा त्रिभिर्द्वारैः समनुष्ठितानामुत्तममध्यमाधमानां शुभाशुभकर्मणां फलमिहैवापि आप्नोति अनुष्ठाता नरः। यथोक्तम्–

त्रिभिर्वर्षैस्त्रिभिर्मासैस्त्रिभिः पक्षैस्त्रिभिर्दिनैः।

अत्युत्कटैः पुण्यपापैरिहैव फलमश्नुते॥ इति॥

यो हि अधर्मेण व्यवहरति, अधर्ममार्गेण उत्कोचग्रहणादिना अनृतसाक्ष्यादिना धनमर्जयते; नित्यं हिंसायामेव निरतो भवति स नर इह सुखं नाश्नुते। स्वयमेव भगवता [२६]मनुना–

२५. आपस्तम्बधर्मसूत्रम्, १.७.२०,६। {प्रथमप्रश्ने (सप्तमपटले) विंशतिकण्डिकायां षष्ठं सूत्रम्}

२६. ४/१७० मनुः।

राजदण्डले मात्र दण्डको प्रयोग गर्छ। धर्मदण्डले त लोकान्तरमा दण्डको प्रयोग गर्छ। धर्मदण्डद्वारा यस लोकमा प्रदान गरिएको दण्ड कुनै पनि पुरुषले थाहा पाउन सक्दैन। अतः धर्मदण्डलाई पारत्रिक (परलोकमा/लोकान्तरमा दण्ड प्रदान गर्ने) भनिएको हो। 'धर्म र अधर्म हामी छौँ भन्दै हिँड्दैनन्'[८] (आ.ध.सू. १/२०/६) यस कथनद्वारा आपस्तम्बले धर्म एवं अधर्म अप्रत्यक्ष हुने बताएका छन्। (त्यसैले धर्मदण्डलाई पारत्रिक भनिएको हो)।

धर्मदण्डको ऐहिकता (धर्मदण्डले यस लोकमा पनि फल दिन्छ)-

प्रज्ञारूपी आँखाले युक्त भएका पुरुषका दृष्टिमा त धर्मदण्डले पनि गरिएका कर्मको ऐहिक (यसै लोकमा भोग गर्नुपर्ने) फल दिन्छ। शरीरका, मनका एवं वाणीका सहायताले अर्थात् उक्त तीन प्रकारका माध्यमले सम्पादन गरिएका उत्तम, मध्यम एवं अधम रूप शुभ अथवा अशुभ कर्मका फल अनुष्ठाता (कर्म गर्ने) पुरुषले यसै लोकमा पनि पाउन सक्छन्। भनिएको छ- **त्रिभिर्वर्षैः०** अर्थात् 'तीन वर्षमा, तीन महिनामा, तीन पक्षमा र तीन दिनमा अत्यन्त ठूलो पुण्य र पापबाट उत्पन्न भएको परिणाम मनुष्यले यसै लोकमा भोग गर्छ।' (सुभाषित)[९]

८. आपस्तम्बधर्मसूत्रको प्रथम प्रश्नको २० औं कण्डिकाको (सातौं पटल) छैटौं सूत्रका अंशका रूपमा उद्धृत पङ्क्ति रहेको छ। लोकमा आवाम् पदको प्रयोग गरिन्छ तापनि उद्धृत अंशमा अवाम् पदको प्रयोग गरिएको छ र हरदत्तका टीकामा उक्त पदलाई छान्दस प्रयोग मानिएको छ। यसको तात्पर्य यस प्रकार रहेको छ- धर्म र अधर्म- गाई, बाध आदिको जस्तो शरीर धारण गरेर 'हामी छौं' भन्दै हिँड्दैनन्। (पिण्ड विशेषलाई देखाएर) देवता, गन्धर्व र पितृहरूले पनि यो धर्म हो र यो अधर्म हो भन्दैनन्। मूलतः धर्म र अधर्म प्रत्यक्ष प्रमाणका विषय हुँदैनन्, निर्दुष्ट वेदप्रमाणका आधारमा धर्म र अधर्मका सत्ताको ज्ञान गर्नुपर्छ।

९. मूलमा उद्धृत पद्य सुभाषित ग्रन्थहरूमा पाइने प्रसिद्ध उक्ति हो। मनुष्यले ठूला पुण्यको र पापको परिणाम तीन वर्षमा भोग्दछ, त्यसभन्दा ठूला पुण्य र पापको परिणाम तीन महिनामा भोग्दछ, त्यस भन्दा पनि ठूला पुण्य एवं पापको परिणाम तीन पक्षमा (४५ दिनमा) भोग्दछ र अझ ठूला पुण्य एवं पापको परिणाम तीन दिनमै भोग्दछ, भन्ने तात्पर्य हो। यसबाट ठूला पुण्य एवं पापका तारतम्यबाट उक्त पुण्य एवं पापका परिणाम भोग्नुपर्ने समयको तारतम्य निर्धारित हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधार्मिको नरो यो हि यस्य चाप्यनृतं धनम्। हिंसारतश्च यो नित्यं नेहासौ सुखमेधते ।। इति ।।

इत्यभिधाय अधर्मानुष्ठानजन्यमैहिकं सुखप्राप्त्यभावरूपं फलं निर्दिष्टमिति धर्मदण्डस्यापि सम्पद्यते ऐहिको दण्डप्रयोगः।

'अब्रुवन् विब्रुवन् वापि नरो भवति किल्बिषी' इत्युक्तेर्विब्रुवतः पापभाक्त्वमुक्तम् । तस्य विवदनरूपस्याधर्मस्य फलं–

मूलं तूलं बृहति दुर्विवक्तुः प्रजां पशूनायतनं हिनस्ति । इत्यभिधायापस्तम्बेन[२७] मूलानां (पित्रादीनां)

२७. आपस्तम्बधर्मसूत्रम्, १.११.३२, २४। (प्रथमप्रश्ने, एकादशपटले, द्वात्रिंशत्कण्डिकायाम्, चतुर्विंशतिः सूत्रम्)

जसले अधर्मपूर्वक व्यवहार (शास्त्रविरुद्ध अगम्यागमन आदि कार्य) गर्छ, जसले धर्मविपरीत बाटाबाट (नियमको उल्लङ्घन गरी) घुस लिने आदि गरेर वा व्यवहारनिर्णय आदिमा झुट्टो साक्ष्य आदि दिएर (साक्षी बसेर) धन आर्जन गर्छ र जो सधैँ नै हिंसात्मक कार्यमा संलग्न रहन्छ त्यस्तो मनुष्यले यस लोकमा सुखको उपभोग गर्न पाउँदैन। स्वयं भगवान् मनुले पनि **अधार्मिकः**० अर्थात् 'जुन पुरुष अधार्मिक (शास्त्रनिषिद्ध अगम्यागमन आदि कार्य कर्ता) हुन्छ, साक्षी बस्दा अथवा व्यवहार निर्णय गर्दा झूटो बोल्नु नै जसको धनागमको (पैसा कमाउने) उपाय हुन्छ, (झूटो बोलेर धन लिने आदि काम गर्छ) र जुन मनुष्य सधैँ नै अरूको हिंसा गर्न तत्पर हुन्छ त्यस्तो मनुष्य यस लोकमा सुखी हुन सक्दैन (अतः यसप्रकारका कार्य गर्न हुँदैन)' (मनु.४/१७०) भनी अधर्मको अनुष्ठानबाट यसै लोकमा सुखप्राप्तिको अभाव रूप परिणाम प्राप्त हुन्छ भन्ने तथ्य बताएका छन्। अतः धर्मदण्डले पनि यसै लोकमा उपभोग गरिने दण्डको प्रयोग गर्छ। **अब्रुवन्**० अर्थात् 'सभामा नबोल्ने र विरुद्ध (झूटो) बोल्ने दुवै नै मनुष्य दोषका भागीदार हुन्छन्' (मनु.८/१३)[१०] यस उक्तिद्वारा झूटो बोल्ने मनुष्य पापको हिस्सेदार हुन्छ भनिएको छ। विवदन (विपरीत कथन) रूप अधर्मको फल **मूलं तुलम्**० अर्थात् 'झूटो बोल्ने वक्ताको झूटले उसका पिता आदिलाई र सम्पत्तिलाई उच्छिन्न गराउँछ, सन्तानलाई, पशुलाई र निवासस्थानलाई नष्ट गराउँछ' [११](आ.ध.सू. १/३२/२४) भनी आपस्तम्बले बताएका

१०. व्यवहार निर्णयका लागि सभामा प्रवेश गरिन्छ। सभामा प्रवेश गरेपछि साँचो कुरा बोल्नुपर्छ। सभामा प्रवेश गरेर केही नबोल्ने र दोषीलाई सहयोग पुऱ्याउने उद्देश्यले कुरा बङ्ग्याएर (झूट) बोल्ने दुवै दोषभागी हुन्छन्। यसप्रकारको अधर्म गर्ने व्यक्तिलाई कस्तो फल प्राप्त हुन्छ त भन्ने सम्बन्धमा आपस्तम्बले मूलमा प्रतिपादित ऐहिक फल बताएका छन्। मूलमा विवचन शब्द प्रयुक्त छ। जसको अर्थ विविच्य वचनं विवचनं निर्णयः हुन्छ। पृष्टमर्थं न विविच्य ब्रूयादिदमित्थमिति भन्ने यसको तात्पर्य हो।

११. आपस्तम्बधर्मसूत्रको प्रथमप्रश्नको (एघारौं पटलको) बत्तीसौं कण्डिकाको २४ औं सूत्रको उद्धृत अंशको हरदत्तको उज्ज्वला टीकामा यसरी व्याख्या गरिएको छ- दुर्निरूपमर्थं सहसा यो दुर्विवक्ति अन्यथा वर्णयति स दुर्विवक्ता। तस्य दुर्विवक्तुस्तदेव दुर्वचनमेव मूलं तुलं च बृहति। मूलं पितृधनम्। तूलमागामिनी सम्पत्। तदुभयमपि बृहति उत्पाटयति। दन्तोष्ठ्यो वकारः। किमेतावदेव ? न, प्रजां पुत्रादिकाम्। पशून् गवादिकान्। आयतनम् गृहं च हिनस्ति। अतो दुर्वचनसम्भवात् प्रश्नमात्रमेव न विब्रूयायदिति। पुनश्च प्रस्तुत सूत्रांशलाई प्रश्नं च न विब्रूयात् (१/३२/२२) र अथाप्युदाहरन्ति (१/३२/३३) का सापेक्षतामा हेर्नुपर्ने हुन्छ। उद्धृत पद्यात्मक सूत्रको उत्तरार्ध यसप्रकार छ- धर्मप्रह्लाद न कुमालनाय रुदन् ह मृत्युर्व्युवाच प्रश्नम्। उत्तरार्धको व्याख्या उज्ज्वला टीकामा आख्यानका माध्यमले गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तूलानां (सम्पदां) उत्पाटनम्, प्रजानाम् (अपत्यानाम्), पशूनां गवादीनाम्, आयतनस्य गेहस्य (निवासस्य) च विनाशनमभिहितम्। तस्माद् धर्मदण्ड ऐहिकमपि दण्डं प्रयुज्य विमार्गगामिनं नियमयति।

राजप्रणेयो दण्डस्तु मानसिकं विकर्म दमयितुं दण्डयितुं वापि न क्षमते। केवलं शारीरिकं वाचिकं च विकर्म दमयितुं तत्कर्मणोऽनुष्ठातारं दण्डयितुं च प्रभवति।

दण्डप्रयोगश्च दुष्टनिग्रहार्थं विधेयः। दुष्टनिग्रहश्च दुष्टपरिज्ञानमन्तरा न सम्भवतीति दुष्टनिग्रहाय दुष्टज्ञानं विधेयम्। दुष्टज्ञानं च व्यवहारदर्शनं विना न सम्भवतीति दुष्टज्ञानाय व्यवहारावलोकनं विधेयम्।

तेषां पूर्वोक्तानामष्टादशव्यवहारपदानां मध्ये केषुचित्कयोश्चित् कस्मिँश्चिद् वा विप्रतिपद्यमानानां विप्रतिपन्नयोर्वा पूर्वोत्तरवादिनोः प्रमाणमुपजीव्य विषयव्यवस्थापनं विधेयं भवति राज्ञा। अर्थात् विवादास्पदीभूतं द्रव्यं प्रमाणबलाद्यस्य सिद्ध्यति तस्यैव दापनीयमित्यर्थः।

विवादार्थश्चतुष्पादः

तत्र पूर्वोत्तरवादिनोः समुद्गतविवादस्य सामाधानं च धर्मेण, व्यवहारेण, चरित्रेण, राजशासनेन च एभिश्चतुर्भिरुपायैः विधीयते इति एते धर्मव्यवहारचरित्रराजशासनात्मकाश्चतुष्पादा विवादसमाधानहेतवो भवन्ति। एतदेव [२८]कौटिल्येनाप्युक्तम्। यथा–

धर्मश्च व्यवहारश्च चरित्रं राजशासनम्। विवादार्थश्चतुष्पादः पश्चिमः पूर्वबाधकः॥ इति॥

---

२८. कौटिल्यस्यार्थशास्त्रम्, ३ अधिकरणम्, ५६-५७ प्रकरणम्, १ अध्यायः, ३१८ पृष्ठम्। {३/१/३९}

छन्। जसअनुसार झूटो बोल्नाले मूलको (पिता आदि पूर्वजको) र तूलको (सम्पत्तिको) उत्पाटन (उखेलेर फाल्ने कार्य/उच्छेद), एवं प्रजाको (पुत्र-पौत्र आदि सन्तानहरूको), पशुहरूको (गाई/भैंसी आदिको) र आयतनको (घरको/वासस्थानको) विनाश हुन्छ भन्ने तथ्य अवगत हुन्छ। अतः धर्मदण्डले पनि ऐहिक (यसै लोकमा उपभोग गरिने) दण्ड दिएर निषिद्ध बाटामा हिँड्ने पुरुषलाई नियन्त्रण गर्छ।

राजाद्वारा प्रयोग गरिने दण्ड (राजदण्ड) मनद्वारा गरिएका दुष्कर्मलाई नियन्त्रण गर्न वा (त्यस प्रकारको दुष्कर्म गर्ने व्यक्तिलाई) दण्ड दिन समर्थ हुँदैन। राजदण्डले त मात्र शारीरिक (शरीरबाट गरिएका) र वाचिक (बोलेर गरिएका) विपरीत कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्य गर्ने व्यक्तिलाई दण्ड दिन सक्छ।

दुर्जनलाई नियन्त्रण गर्ने उद्देश्यले दण्डको प्रयोग गर्नुपर्छ। दुष्टलाई नियन्त्रण गर्ने कार्य 'यो दुष्ट हो' भनी थाहा नपाएसम्म हुन सक्दैन। त्यसैले दुष्टलाई नियन्त्रण गर्नका लागि दुष्टको ज्ञान गर्नुपर्छ (दुष्ट हो भनी थाहा पाउनुपर्छ)। दुष्ट (दुराचारी वा अपराधी) हो भन्ने कुरा व्यवहार (ऋणादानादि) नहेरेसम्म सम्भव हुँदैन। अतः दुष्ट हो भनी जान्नका लागि व्यवहार हेर्ने कार्य गर्नुपर्छ। माथि बताइएका व्यवहारपदमध्ये केहीमा (धेरैमा), कुनै दुईमा अथवा कुनै एकमा विवाद देखिएका अवस्थामा विवाद गरिरहेका पूर्वपक्ष र उत्तरपक्षका प्रमाणलाई आधार बनाएर राजाले विषयलाई व्यवस्थित बनाउने काम गर्नुपर्ने हुन्छ। अर्थात् विवादको विषय बनेको वस्तु प्रमाणका आधारमा जसको सिद्ध हुन्छ त्यसैलाई प्रदान गर्नुपर्ने हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म एक उपायः

एतेषु धर्मः सत्ये सन्निहितो भवति । अत एव [२९]चाणक्येन **'नास्ति सत्यात्परं तपः । सत्यं स्वर्गस्य साधनम् । सत्येन धार्यते लोकः । सत्यात् देवो वर्षति ।'** इत्यभिधाय सत्यस्य परमतपस्त्वम्, स्वर्गसाधनत्वम्, लोकधारकत्वं वर्षणकर्मणि देवप्रवर्तकत्वञ्चोक्तम् ।

[३०]मुण्डकोपनिषदि– **'सत्यमेव जयते नानृतम् । सत्येन पन्था विततो देवयानः । येनाक्रमन्त्यृषयो ह्यात्मकामा यत्र तत्सत्यस्य परमं निधानम् ।'** इत्याम्नाय सत्यस्यैव विजयो दर्शितः । अनृतस्य सत्यविरुद्धस्य विजयाभावश्च दर्शितः । सत्येन देवयानमार्गविस्तारः । सत्येन अवाप्ताभिलषितार्था महर्षयश्च परमं निधानमाप्नुवन्तीति च निर्दिश्य सत्यस्य प्राशस्त्यमभिहितम् ।

---

२९. चाणक्यसूत्राणि ४१७-४२० ।{षष्ठाध्यायस्य ४८-५१ सूत्राणि}

३०. मुण्डकोपदिषद् ३ मुण्डकः, ६ मन्त्रः । {मुण्डकोपदिषदस्तृतीयमुण्डकस्य प्रथमखण्डस्य षष्ठो मन्त्रः}

चार चरण भएको विवाद समाधान गर्ने उपाय-

पूर्वपक्ष र उत्तरपक्षका बीचमा भएको विवादको समाधान धर्म, व्यवहार, चरित्र र राजशासन- यी चार उपायद्वारा गरिन्छ । अतः यी धर्म, व्यवहार, चरित्र र राजशासनरूप चार पाउ विवादलाई समाधान गर्ने उपाय बन्दछन् । यही कुरा कौटिल्यले पनि भनेका छन् । जस्तै- **धर्मश्च०** अर्थात् 'धर्म, व्यवहार, चरित्र र राजशासन गरी विवादार्थ (विवादित विषयलाई समाधान गर्ने उपाय) चतुष्पादात्मक हुन्छ । उक्त चार उपायमध्ये पहिले पहिलेका उपायभन्दा पछि पछिका उपाय बलवान् हुन्छन्, अर्थात् पछिल्ला उपाय पहिला पहिला उपायका बाधक हुन्छन् (कौ.अ.३/१/३९) ।

विवाद समाधान गर्ने एउटा (पहिलो) उपाय- धर्म-

विवाद समाधानका चारवटा उपायमध्ये पहिलो धर्मरूप उपाय सत्यमा रहेको (अडिएको) हुन्छ । त्यसैले त चाणक्यले- 'सत्यभन्दा ठूलो तपस्या छैन । सत्य स्वर्गको साधन हो (स्वर्गमा पुऱ्याउने माध्यम हो) । सत्यद्वारा लोकलाई धारण गरिन्छ । सत्यकै कारण देवले (वर्षाका अधिष्ठातृ देवता इन्द्रले) वर्षा गराउँछन्' (चा.सू. ४१७-४२०) भनेका छन् ।[१२] यस उक्तिद्वारा सत्य नै परम तप भएको, स्वर्गको साधन भएको, लोकको धारक भएको र वर्षा गराउने कार्यमा देवताको प्रवर्तक (प्रेरक) भएको बताएका छन् । मुण्डकोपनिषद्मा पनि **सत्यमेव०** अर्थात् 'सत्यको नै विजय हुन्छ, असत्य बोल्ने व्यक्तिको विजय कहिल्यै हुँदैन । सत्यद्वारा उत्तम सुख प्राप्त गराउने देवयान नामक मार्ग विस्तृत हुन्छ । (सत्यको बाटो विस्तृत छ र सत्य देवलोक पुऱ्याउने यान अर्थात् साधन हो) यसै देवयानद्वारा आत्मकाम (अभिलषित पदार्थ प्राप्त गरेका) ऋषिहरू ब्रह्मलोकमा पुग्दछन् । जुन हिरण्यगर्भ धाममा परमसत्यरूप उत्कृष्ट तत्त्व रहेको हुन्छ' (मु.उ. ३/१/६) भनी सधैँ सत्यको विजय हुने कुरा देखाइएको छ । सत्यका विपरीत दिशामा रहेको असत्यको कहिल्यै विजय हुन्न भनेर पनि देखाइएको छ । सत्यद्वारा देवलोक जाने यानको बाटो विस्तृत हुन्छ (सत्यद्वारा देवयानको मार्ग प्रशस्त हुन्छ) । सत्यद्वारा अभिलषित पदार्थ प्राप्त गरेका महर्षिहरूले परम निधान (परम तत्त्व) प्राप्त गर्छन् । यी सबै तथ्य

---

१२. मूलमा प्रतिपादित सूत्रहरू अध्यायात्मक चाणक्यसूत्राणि ग्रन्थमा छेटौं अध्यायका ४८ देखि ५१ सूत्रका रूपमा आएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत एव [३१]याज्ञवल्क्येनापि–

छलं निरस्य भूतेन व्यवहारान्नयेन्नृपः । इत्यभिधाय अनृतापाकरणपुरःसरं सत्येन व्यवहारनिर्णय-करणार्थं राज्ञे समादिष्टम् ।

तस्माद्धर्म एक उपायो विप्रतिपन्नलोकसमाधानाय सम्पद्यते । धर्मस्य लोकोपकृतिजनकतया व्यवस्था-धायकत्वमुपरि बहुप्रपञ्चितम् ।

व्यवहारः अपर उपायः

विप्रतिपन्नयोरन्यतरस्मिन् विद्यमानस्याधर्मस्य ज्ञापनाय व्यवहारः अपर उपायः । स च व्यवहारः प्रमाणेषु सन्निहितः ।

प्रमाणं द्विविधम्

प्रमाणं चात्राष्टदशसु मार्गेषु निबद्धानां व्यवहारपदानां विवादेषु व्यवहारमार्गेण व्यवस्थापयितुं मानुषं दिव्यं चेति [३२]द्विविधमुद्दिष्टम् ।

मानुषप्रमाणं त्रिविधम्

तत्र द्वयोः प्रमाणयोर्मध्ये मानुषं प्रमाणं [३३]त्रिविधं परिकीर्तितम् । प्रमेयं प्रमापयितुं लेख्यं शक्नोति, साक्षिणः शक्नुवन्ति, भोगश्चापि शक्नोतीति एतेषां त्रयाणामेव मानुषक्रियानिष्ठत्वात् मानुषं प्रमाणं त्रिविधमभिहितम् ।

---

३१. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः १९ श्लोकः ।

३२. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः २२ श्लोकव्याख्या ।

३३. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः २२ श्लोकव्याख्या ।

देखाएर सत्यको प्रशंसनीयता प्रतिपादन गरिएको छ । त्यसैले त याज्ञवल्क्यले पनि **छलं निरस्य०** अर्थात् 'छल (प्रमादपूर्वक भनिएका कुरा) लाई छाडेर राजाले वस्तुस्थितिअनुसार निर्णय गर्नुपर्छ' (या.स्मृ. २/१९) भनी झूटा कुरालाई पन्छाएर सत्यका आधारमा व्यवहारको निर्णय गर्न राजालाई निर्देशन दिएका छन् ।

अत एव धर्म- परस्परमा विवाद गरिरहेका मनुष्यहरूका विवादको समाधान गर्ने एउटा उपाय बन्दछ । धर्मले लोकको उपकार गर्ने भएकाले त्यसमा व्यवस्थाधायकता (व्यवस्था बनाउने सामर्थ्य) रहेको हुन्छ भन्ने तथ्य माथि नै विस्तारपूर्वक वर्णन गरिसकिएको छ ।

व्यवहार विवाद मिलाउने दोस्रो उपाय हो-

परस्परमा विवाद गरिरेहेका दुई पक्षमध्ये एउटा पक्षमा रहेको अधर्मलाई प्रकाशित गर्ने अर्को अर्थात् दोस्रो उपाय व्यवहार हो । व्यवहाररूप उपाय प्रमाणमा आधारित हुन्छ । (व्यवहारबाट समस्याको समाधान गर्ने कार्य प्रमाणका आधारमा गरिन्छ) ।

प्रमाण दुई प्रकारको हुन्छ-

अठार प्रकारमा विभक्त (अठार प्रकारका) व्यवहारपदमा विवाद देखिएमा उक्त विवादलाई व्यवहारमार्गबाट व्यवस्थित गर्ने मानुष एवं दिव्य गरी दुई प्रकारका प्रमाण हुन्छन् भनिएको छ (या.स्मृ. २/२२ मिता.) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्यं प्रमाणं द्विविधम्

तत्र शासनचीरकभेदाल्लेख्यं प्रमाणं [३४]द्विविधमुच्यते। शासनं लेख्यं तदुच्यते यत्र भूमिं दत्वा, निबन्धं वा कृत्वा आगामिभद्रनृपतिपरिज्ञानाय पटे ताम्रपट्टे वा स्वमुद्रोपरिचिह्नितं स्वस्य प्रतिग्रहीतुश्च नाम्ना समन्वितम् आत्मनः प्रपितामहपितामहपितॄणां च नाम्ना समन्वितं विधाय, प्रतिग्रहस्य भूम्यादेः परिमाणम्, दानगतवस्तु-व्यावर्तकसीमादिवर्णनयुतम्, स्वहस्ताक्षरसम्पन्नम्, दानकालसमन्वितं लेख्यमभिलिख्य नृपतिः शासनं कुरुते। अर्थात् राजकीयं लेख्यं शासनमित्युच्यते। यथा [३५]योगीश्वरेण निर्दिष्टम्–

दत्वा भूमिं निबन्धं वा कृत्वा लेख्यं तु कारयेत्। आगामिभद्रनृपतिपरिज्ञानाय पार्थिवः ॥
पटे वा ताम्रपट्टे वा स्वमुद्रोपरिचिह्नितम्। अभिलेख्यात्मनो वंश्यानात्मानं च महीपतिः ॥

३४. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः २२ श्लोकव्याख्या।

३५. याज्ञवल्यस्मृतिः, आचाराध्यायः, ३१८-३२० श्लोकाः।

मानुषप्रमाण तीन प्रकारको हुन्छ-

दिव्य प्रमाण र मानुष प्रमाणमध्येको मानुष प्रमाण तीन प्रकारको हुन्छ (या.स्मृ. २/२२ मिता.) भनिएको छ। प्रमेयलाई (साध्य विषयलाई) प्रमाणित गर्ने (सिद्ध गर्ने) अर्थात् विवादित विषयलाई समाधानमा पुऱ्याउने काम लेख्य (लिखित प्रमाण) ले सक्छ, साक्षीहरूले सक्छन् र भोग (यति समय उपभोग गरेपछि उपभोग गरिएको सम्पत्ति उपभोक्ता कै हुन्छ भन्ने कानुनी व्यवस्था) ले सक्छ। उक्त तीनवटै कार्य मनुष्यका क्रियाकलापमा आधारित हुने भएकाले मानुष प्रमाण तीन प्रकारको हुन्छ भनिएको हो।

लेख्य प्रमाण दुई प्रकारको हुन्छ-

शासनलेख्य (राजकीय लेख्य) र चीरकलेख्य (जानपद लेख्य) गरेर लेख्य प्रमाण दुई प्रकारको हुन्छ (या.स्मृ. २/२२ मिता.) भनिन्छ। शासन लेख्य भनेर त्यस्ता लेख्यलाई भनिन्छ, जसमा राजाले विधिपूर्वक भूमिदान गरेर, त्यस भूमिको व्यवस्थापन सम्बन्धी कार्य समेत गरेर, उक्त जमिन दान दिइएको हो भन्ने कुरा भविष्यका भद्र (सज्जन) राजाहरूले थाहा पाऊन् भनी कपडामा अथवा ताम्रपत्रमा लेखाई आफ्ना मुद्राले (राज्यव्यवस्थाका प्रतीक गरुड, वराह आदि चिह्नले) युक्त बनाएर (प्रमाणित गरेर), आफ्नो एवं प्रतिग्रहीता (दान लिने वा दान पाउने) व्यक्तिको नाम समेत समावेश गराएर, आफ्ना प्रपितामह (जिजु हजुर बुबा) पितामह (हजुर बुबा) र पिता (बुबा) का नामले समेत युक्त बनाएर (तीन पुस्ता खुलाएर), प्रतिग्रह (दान दिएका भूमिको) परिणाम, दान दिएका पदार्थको व्यावर्तक सीमा (चार किल्ला) निर्धारण गरेर, आफ्नो हस्ताक्षर समेत गरेर, दान दिएको समय (तिथि/मिति) समेत उल्लेख गरी लिखत तयार गराएका हुन्छन्। यसै लिखत (लेख्यका) आधारमा राजाले शासन गर्छन्। अर्थात् राजकीय लेखलाई नै शासन लेख्य भनिन्छ। यसै सम्बन्धमा योगीश्वर याज्ञवल्क्यले भनेका छन्-

दत्वा भूमिं० अर्थात् 'राजाले शास्त्रोक्त विधिपूर्वक भूमिदान गरेर साथै त्यस भूमि सम्बन्धी व्यवस्था मिलाएर भविष्यका सज्जन राजाहरूले अमुक ठाउँ (जमिन) अमुक राजाले दान दिएको हो र अमुक व्यक्तिले दान प्राप्त गरेको हो भनी थाहा पाऊन् भन्ने उद्देश्यले उक्त सबै कुरा लिखित रूपमा राख्न लगाउनुपर्छ। उक्त अभिलेख कपडामा अथवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिग्रहपरीमाणं दानच्छेदोपवर्णनम् । स्वहस्तकालसम्पन्नं शासनं कारयेत् स्थिरम् ।।

अस्माकं देशे सम्प्राप्यमानाः शिलालेखाश्च योगीश्वरोक्तशासनस्य व्यावहारिकत्वं द्योतयन्ति । तथाविधाः शिलालेखाः सम्प्राप्यन्तेऽस्माकं देशे नपाले ।

यथा धनवज्रवज्राचार्येणाभिलेखानां सङ्कलनं विधाय [३६]**लिच्छविकालका अभिलेख** इत्याख्यो ग्रन्थो विरचितः । तत्र योगीश्वरोक्तानुसारमभिलिखिता लेखाः सम्प्राप्यन्ते । उदाहरणार्थमेकोऽभिलेखः प्रस्तूयते । यथा–

महेन्द्रसमवीर्यस्य कन्दर्पसदृशद्युतेः । राज्ञः श्रीमानदेवस्य सम्य (क् पा-) लयतः प्रजाः ।।

तत्पादभक्त्या विधिवद्रत्नसङ्घेन सर्वदा । रत्नेश्वरः प्रयत्नेन स्थापितोऽयं सुरोत्तमः ।।

भगवते रत्नेश्वराय रत्नसङ्घेन दत्तं क्षेत्रं यथा–

दुंलङग्रामप्रदेशे पञ्चानां शतानाम्भूमिः ५००, खोपृङग्रामप्रदेशे षण्णां शतानां भूमिः ६००, दुंप्रङग्रामप्रदेशे शतस्य भूमिः १००, ह्यस्प्रिङग्रामप्रदेशे द्व्यर्धस्य शतस्य भूमिः २५० ।

३६. लिच्छविकालका अभिलेख, संस्करण १०, पृष्ठ ५१-५२ ।

ताम्रपत्रमा (शिलादिमा पनि) लेखाउनुपर्छ । अभिलेख राज्यका गरुड वराह आदि चिह्नले (वर्तमानका स्टाम्प आदिले) युक्त हुनुपर्छ । आफ्ना वंशमा उत्पन्न भएका प्रपितामह (जिजु हजुर बुवा), पितामह (हजुर बुबा) र पिता (बुबा) का विशेषता समेत खुलाएर (तीन पुस्ते विवरण सहित) दान दिने राजाको नाम लेखिएको हुनुपर्छ । दान प्राप्त गर्ने व्यक्तिको पनि तीन पुस्ता खुलाइएको हुनुपर्छ । कति जमिन दिइएको भनी जमिनको परिणाम पनि खुलाइएको हुनुपर्छ । दान दिएका जमिनको अमुक नदी वा गाउँदेखि दक्षिणतिर अथवा अमुक गाउँका यति भाग छाडेर भनी सीमा निर्धारण गरिएको (चार किल्ला तोकिएको) हुनुपर्छ । अभिलेखमा हस्ताक्षर (दाताको, लेखकको साथै साक्षीको समेत हुनुपर्छ) । अभिलेखमा शक आदि संवत्सर (तिथि मिति) समेत उल्लेख गरिएको हुनुपर्छ । यसरी राजाले स्थिर शासन लेख्य तयार गराउनुपर्छ । (या.स्मृ.१/३१८-३२०) ।

हाम्रो देश नेपालमा पाइने शिलालेखहरूले योगीश्वर याज्ञवल्क्यद्वारा बताइएका शासनको (निर्देशनको) व्यावहारिक स्वरूपलाई प्रकट गर्दछन् । त्यस प्रकारका अनेकौँ शिलालेखहरू हाम्रा देशमा पाइन्छन् । धनवज्र वज्राचार्यद्वारा अभिलेखहरूको सङ्कलन गरेर 'लिच्छविकालका अभिलेख' नामको ग्रन्थ लेखिएको छ । त्यस ग्रन्थमा योगीश्वर याज्ञवल्क्यद्वारा बताइएका नियमहरूको अनुसरण गर्दै लेखिएका लेखहरू पाइन्छन् । उदाहरणका लागि एउटा अभिलेख प्रस्तुत गरिन्छ । जस्तै-

महेन्द्रसम० अर्थात् 'देवराज इन्द्रको जस्तो पराक्रम भएका, कामदेवको जस्तो शारीरिक सौन्दर्य भएका र राम्ररी प्रजाहरूको पालन पोषण गरिरहेका राजा मानदेवका शासन कालमा उनै राजा मानदेवका चरणका भक्तिले गर्दा विधिपूर्वक एवं प्रयत्नपूर्वक रत्नसङ्घद्वारा रत्नेश्वर नामका महादेवको स्थापना गरिएको हो ।

भगवान् रत्नेश्वरलाई रत्नसङ्घद्वारा दिइएको जमिन यस प्रकार छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विलिविक्षप्रदेशे अर्द्धतृतीयस्य भूमिः ३५०, वाग्वतीपारप्रदेशे शतद्वयस्य भूमिः २००, वेम्मायामशीत्युत्तरस्य शतस्य भूमिः १८०, खैनष्पुप्रदेशे नवत्या भूमिः ९०, बलवलप्रदेशे शतद्वयस्य भूमिः २००, यूपग्रामक्षेत्रप्रदेशे शतद्वयस्य भूमिः २०० इति।

एष चाभिलेखो देवपत्तने स्थितो मानदेवसमये निर्मितो रत्नसङ्घस्याभिलेख इति च तेनैवोक्तम्।

[३७]चीरकं लेख्यम्

चीरकं च लेख्यं तत् यल्लेख्यं जनपदवासिभिर्नागरिकैः उत्तमर्णाधमर्णत्वाभ्यां यमर्थं निर्धार्य उभयोर्धनिक-

३७. लेख्यप्रकरणम्, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः।

दुंलङ गाउँ प्रदेशमा दिएको जमिन पाँच सय (५००), खोपृङ गाउँ प्रदेशमा दिएको जमिन छ सय (६००), दुंप्रङ गाउँ प्रदेशमा दिइएको जमिन एक सय (१००) र ह्यस्प्रिङ गाउँ प्रदेशमा दिइएको जमिन दुई सय पचास (२५०)। यसै प्रकारले विलिविक्ष प्रदेशमा दिइएको जमिन तीन सय पचास (३५०), वाग्वती (नदी) देखि पारिको प्रदेशमा दिइएको जमिन दुई सय (२००), वेम्मामा दिइएको जमिन एक सय असी (१८०), खैनष्पु प्रदेशमा दिइएको जमिन नब्बे (९०), बलवल प्रदेशमा दिइएको जमिन दुई सय (२००), यूप गाउँमा दिइएको जमिन दुई सय (२००) आदि। (लि.का.अ. पृ.५१-५२)[१३]

देवपत्तनमा (देउपाटनमा) रहेको यो अभिलेख मानदेवका समयमा लेखिएको रत्नसङ्घको अभिलेख हो भनी उनैले (लिच्छविकालका अभिलेखका लेखक धनवज्र वज्राचार्यले) भनेका छन्।

चीरक लेख्य[१४] -

चीरक लेख्य भनेको त्यस्तो लेख्य हो जुन लेख्य जनपदमा बस्ने नागरिकहरूद्वारा उत्तमर्ण (धनी/सहयोग दाता) र अधमर्ण (ऋणी/सहयोग ग्रहण गर्ने) का बीचमा कुनै एउटा पदार्थलाई विषय बनाई सहयोग दिने र सहयोग लिने दुवै

१३. नेपालमा लिच्छविहरूद्वारा शासन गरिएका समयमा लेखिएका अभिलेखहरूको सङ्ग्रह ग्रन्थ हो लिच्छविकालका अभिलेख। यस ग्रन्थमा उक्त समयमा लेखिएका लगभग २०० शिलालेखको सङ्ग्रह गरिएको छ र यसका लेखक धनवज्र वज्राचार्य हुन्। पुनश्च उक्त अभिलेखका उल्लिखित भूमिलाई रोपनी मानिएको छ। लिच्छविहरूको शासनकालको लगत्तै पछि मल्लकालको अभिलेखमा रोपण शब्दको प्रयोग पाइएकाले उक्त अर्थ निर्धारण गरिएको हो।

१४. याज्ञवल्क्यस्मृतिको व्यवहाराध्यायको लेख्य प्रकरणमा चीरक लेख्यको चर्चा गरिएको छ। चीरक लेख्यलाई जानपद लेख्य पनि भनिन्छ। मूलतः चीरक लेख्य भनेको तमसुक हो। यसमा धनी (साहु) का र ऋणी (ऋण लिने व्यक्ति) का बीचमा तीन पुस्ते खुलाएर कसबाट कसले ऋण लिएको हो, कति ऋण लिएको हो, कुन प्रयोजनका लागि ऋण लिएको हो, कति व्याजदरमा ऋण लिएको हो, कहिले बुझाउने गरी ऋण लिएको हो, समयमा ऋण भुक्तानी नगरेमा के गर्ने हो भन्ने उल्लेख गरिएको हुन्छ। साथै ककस्का रोहबरमा (फट्के किनाराका साक्षीका समुपस्थितिमा) उक्त तमसुक लेखिएको हो र कुन मितिमा लेखिएको हो भन्ने समेत खुलाइएको हुन्छ। यसप्रकारको तमसुक आफै लेखिएको पनि हुन सक्छ र अरूद्वारा लेखाइएको पनि हुन सक्छ। चीरक- ऋण बाहेकका विषयसित पनि सम्बद्ध हुन सक्ने भएकाले यसलाई सम्झौता पत्रका रूपमा अर्थ्याउन सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋणिकयोर्वंश्यत्रिपुरुषनामोल्लेखपुरःसरं नामाभिलिख्य साक्षिणां ससन्निवेशं लिखितं भवति। चीरकं जानपदं चेत्येकार्थवाचिनौ।

जानपदलेख्यभेदौ

तच्च जानपदं लेख्यं स्वहस्तलिखितं परहस्तलिखितमिति द्विविधमुपपद्यते। यल्लेख्यं स्वहस्तलिखितं भवति तस्मिन् लेख्ये साक्षिणामुपन्यासस्यावश्यकता न जायते। यत्तु लेख्यं परहस्तकृतं भवति तस्मिन् लेख्ये विहितगुणपरिमाणयुताः साक्षिणः समुपवेशनीयाः।

अथाह नारदः–

लेख्यं तु द्विविधं ज्ञेयं स्वहस्तान्यकृतं तथा।

असाक्षिमत्साक्षिमच्च सिद्धिर्देशस्थितेस्तयोः ॥ इति समुद्धृत्य [३८]विज्ञानेश्वरो जानपदलेख्यस्य द्विविधं भेदमदर्शयत्।

आभ्यां द्विविधभेदाभ्यां समन्वितेन लेख्येन योऽर्थः प्रमीयते स प्रामाण्यमाप्नोति। अर्थात् व्यवहारः साध्यभावं भजते।

भोगप्रमाणम्

कैश्चिद्विशेषणैः समन्विताया भुक्तेरपि प्रामाण्यमभिहितम्। भोगश्च द्रव्यगतफलोपभोगेन द्रव्याणामुपयोगेन च सम्पद्यते। यदि कश्चित् काञ्चनभूमिमभियोक्तुः समक्षं निष्प्रतिरवं विंशतिवर्षाणि भुनक्ति तर्हि तद्गतफलानि भोक्तुरेव सम्पद्यन्ते।

---

३८. मिताक्षारा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, लेख्यप्रकरणप्रारम्भे।

व्यक्तिका वंशपरम्पराका तीन पुरुषको नाम उल्लेख गरी सम्बद्ध पुरुषको समेत नाम समावेश गरी साक्षीहरूलाई समेत राखेर लेखिएको हुन्छ। चीरक लेख्य र जानपद लेख्य एउटै अर्थका वाचक हुन्।

जानपद लेख्यका भेद-

जानपद लेख्य आफ्नै हातले लेखेको र अरूका हातले लेखिएको गरी दुई प्रकारको हुन्छ। जुन लेख्य आफ्नै हातले लेखिएको हुन्छ त्यस लेख्यमा साक्षी राख्नुपर्ने आवश्यकता हुँदैन। जुन लेख्य अरूका हातबाट लेखिएको हुन्छ त्यसमा शास्त्रमा भनिएका गुण र परिमाणले युक्त भएका साक्षीहरू राख्नुपर्ने हुन्छ। यसै सम्बन्धमा नारदले भनेका छन्- **लेख्यं तु०** अर्थात् 'लेख्य आफ्नै हातले लेखिएको र अरूका हातले लेखिएको गरी दुई प्रकारको हुन्छ। उक्त दुई लेख्य मध्ये पहिले स्वहस्तलिखित लेख्य साक्षी नभएको हुन्छ भने दोस्रो परहस्तलिखित लेख्य साक्षी भएको हुन्छ' (मिता. लेख्यप्रकरणको आरम्भ)। यसरी नारदको कथनलाई उद्धृत गरेर विज्ञानेश्वरले जानपद लेख्यका दुइटा भेद देखाएका छन्। यिनै दुई भेदले युक्त भएका लेख्यद्वारा जुन कुरा अवगत हुन्छ त्यही नै प्रमाण हुन्छ। अर्थात् उक्त लेख्यका आधारमा व्यवहार साध्य बन्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि कश्चित्कञ्चिदर्थमभियोक्तुः समक्षं निष्प्रतिरवं दशवर्षाण्युपभुङ्क्ते तर्हि तद्धनं तस्येवोपयोगकर्तुः सम्पद्यते। यथा [३९]योगीश्वरेणाभिहितम्–

पश्यतो ब्रुवतो भूमेर्हानिर्विंशतिवार्षिकी। परेण भुज्यमानाया धनस्य दशवार्षिकी॥

अद्यप्यनेन भूमेर्विंशतिवार्षिकी धनस्य दशवार्षिकी हानिः परोपभोगान्निर्दिष्टा, तथापि आधिः (बन्धकः)

३९. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २४ श्लोकः।

भोगप्रमाण (भोगचलन)-

केही (आगम आदि) विशेषणले (विशेषताले) युक्त भएको भुक्ति (भोगचलन) लाई पनि प्रमाण मानिएको छ। भोग वस्तुविशेषबाट प्राप्त हुने फलको उपभोग गरेर अथवा वस्तुको नै उपभोग गरेर गरिन्छ। कुनै व्यक्तिले कुनै जमिन अभियोक्ताको (जमिनका वास्तविक मालिकको) समक्षमा बेरोकटोक बीस वर्षसम्म उपभोग गर्छ भने त्यस जमिनबाट प्राप्त हुने फल उपभोक्ता कै हुन्छ। यसै प्रकारले कुनै व्यक्तिले कुनै अर्थ (धन/हात्ती घोडा आदि) अभियोक्ताका (अर्थाधिपतिका) समक्षमा बेरोकटोक दश वर्षसम्म उपभोग गर्छ भने त्यो धन त्यसै उपभोक्ताको हुन्छ। यसै सम्बन्धमा योगीश्वर याज्ञवल्क्यले भनेका छन्- **पश्यतः०** अर्थात् 'देखिरहेता पनि कुनै प्रतिक्रिया नजनाउने व्यक्तिका जमिनको बीस वर्षमा हानि हुन्छ (सम्बद्ध मालिक जमिनबाट प्राप्त हुने लाभांशबाट वञ्चित हुन्छ)। देखिरहे तापनि कुनै प्रतिक्रिया नजनाउने व्यक्तिका धनको पनि दश वर्ष पछि हानि हुन्छ' (या.स्मृ २/२४)।[१५]

१५. भोगशब्दले भोगचलन भन्ने अर्थ बुझाउँछ। भोगचलन सिधै पदार्थको पनि हुन्छ र उपलब्धिको पनि हुन्छ। कुनै व्यक्ति अरूका घरमा बसेको छ त्यो पदार्थको प्रत्यक्ष उपभोग हो। घरबाट हुने उपलब्धि भाडा आदिको अथवा रूखका फल आदि बेचेर प्राप्त हुने आयको उपभोग गरिन्छ भने त्यो उपलब्धिको उपभोग हो। भोगचलन अरूका जमिनको गरिएको पनि हुन सक्छ र अरूका सम्पत्तिको गरिएको पनि हुन सक्छ। हात्ती, घोडा आदि वाहनको उपभोग पनि सम्पत्तिको उपभोगभित्र पर्छ। मूलमा उद्धृत याज्ञवल्क्यस्मृतिको उक्त पद्यबाट जसले विना बाधा व्यवधान (वास्तविक स्वामीले देखिरहेको तर यो सम्पत्ति मेरो हो तैलै उपभोग गर्न पाउन्नस् नभनेको अवस्थामा) बीस वर्षसम्म जमिनको उपभोग गरिरहेको हुन्छ भने त्यो जमिन त्यसैको (उपभोक्ताको) हुन्छ र जसले विना बाधा व्यवधान दश वर्षसम्म अरूका धनको उपभोग गरिरहेको हुन्छ त्यो धन पनि उसकै (उपभोक्ता कै) हुन्छ भन्ने सामान्य अर्थ निस्कन्छ। यसले **'जसको जोत उसको पोत'** भन्ने राजनीतिक नारालाई पनि सङ्केत गर्छ अथवा मोहियानी हकको सङ्केत गर्छ। मिताक्षरामा उक्त सामान्य अर्थ ग्रहण गर्न मिल्दैन भनिएको छ। भोग प्रमाण हुन सक्छ तर धनागमको साधन हुन सक्दैन। रिक्थ आदि सात प्रकारका धनागमका साधनमा भोगको गणना गरिएको छैन। धर्मशास्त्रमा अरूको सम्पत्ति जबरजस्ती हडप्ने व्यक्तिलाई दण्ड दिनुपर्छ पनि भनिएको छ। अतः कुनै व्यक्तिले बीस वर्षसम्म कसैको जमिन लगातार उपभोग गरेको छ भने उसले जमिन उपभोग गरे बापतको धन तिर्नुपर्दैन र त्यस अवस्थामा वास्तविक मालिकलाई बीस वर्षसम्मको आयमा हानि हुन्छ। यसै प्रकारले कसैले अरूको धन (मालिकले थाहा पाएको तर कुनै आपत्ति नजनाएको अवस्थामा) लगातार दश वर्षसम्म उपभोग गर्छ भने उपभोग गरे बापतको धन (व्याज आदि) दिनुपर्दैन। मूल धन भने दुवै अवस्थामा वास्तविक स्वामी कै हुन्छ। यही नै यस पद्यको तात्पर्य हो भनी मिताक्षरामा लेखिएको छ र यसै अर्थलाई आधार मानी प्रस्तुत शोधप्रबन्ध तयार गरिएको छ। यसका पनि केही अपवाद छन् जसको चर्चा अग्रिम पद्यमा गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सीमा, उपनिक्षेपः (रूपकसङ्ख्याप्रदर्शनपुरःसरं रक्षणार्थं परस्य हस्ते निक्षिप्तं द्रव्यम्), जडस्य धनम्, बालस्य धनम्, उपनिधिः (रूपकसङ्ख्याप्रदर्शनं विनैव रक्षणार्थं परस्य हस्ते निक्षिप्तं द्रव्यम्), राजकीयं धनम्, श्रोत्रियधनं च सन्निधौ निष्प्रतिरवं भूमेर्विंशतिवर्षाणि धनस्य दशवर्षाणि परेण भोगे विहितेऽपि न नश्यति। यथा योगीश्वरेण [४०]याज्ञवल्क्येनैवाभिहितम्–

आधिसीमोपनिक्षेपजडबालधनैर्विना। तथोपनिधिराजस्त्रीश्रोत्रियाणां धनैरपि ।। इति।

आगमभोगयोः प्राबल्यम्

पूर्वेषां पित्रादीनां त्रयाणां क्रमागतेन स्मार्तकालातिक्रान्तेन भोगेन विना इतरभुक्तेरपेक्षया आगमप्रमाणस्यैव

४०. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २५ श्लोकः।

उक्त पद्यद्वारा अन्य व्यक्तिद्वारा निरन्तर उपभोग गरिएका जमिनको बीस वर्ष पछि र धनको दश वर्ष पछि हानि हुन्छ भने देखाइएको छ तर पनि आधि (बन्धक), सीमा, उपनिक्षेप (यस्तो छ र यति छ भनी जानकारी दिई अरूका हातमा राख्न दिएको सम्पत्ति), जडपुरुषको (लाटाको) सम्पत्ति, बालकको सम्पत्ति, उपनिधि (यस्तो छ र यति छ भनी जानकारी नदिईकन राख्न दिएको वस्तु), राजाको सम्पत्ति र श्रोत्रियको सम्पत्ति सम्बद्ध व्यक्तिका समक्षमा बेरोकटोक जमिनको बीस वर्षसम्म र धनको दश वर्षसम्म अरूले उपभोग गरेता पनि नष्ट हुँदैन। यसै सम्बन्धमा योगीश्वर याज्ञवल्क्यले भनेका छन्- **आधिसीमोपनिक्षेप०** अर्थात् 'आधि (बन्धक), सीमा, उपनिक्षेप, जडधन, बालधन, उपनिधि, राजधन, स्त्रीधन र श्रोत्रियधन अन्य पुरुषद्वारा दश वर्षसम्म वा बीस वर्षसम्म उपभोग गरिए तापनि स्वामीको अधिकारबाट हीन हुँदैन' (या.स्मृ. २/२५)।

आगम र भोगको प्रबलता-[१६]

पूर्ववर्ती पिता आदिका तीन पुस्ताबाट (पिता-पितामह एवं प्रपितामहबाट) क्रमैले प्राप्त भएको स्मार्तकालातिक्रान्त (स्मरण गर्न सकिने समय व्यतीत भएको) भोग बाहेक अन्य भोगका अपेक्षामा आगम प्रमाण नै बलवान् हुन्छ। स्मार्तकालातिक्रान्त पूर्वक्रमागत भोग भने आगमभन्दा ज्यादा बलवान् हुन्छ। यसै सम्बन्धमा योगीश्वर

१६. धर्मशास्त्रमा रिक्थ, प्रतिग्रह, क्रय आदि सात प्रकारका स्वत्व स्थापनका साधन बताइएको छ। उक्त माध्यमबाट प्राप्त भएको सम्पत्तिलाई आगम भनिन्छ। भोगले भोगचलन बुझाउँछ। आगम र भोग दुवै नै विवाद भएका अवस्थामा प्रमाण हुन्छन्। भोग प्रमाणभन्दा आगम प्रमाण बलवान् हुन्छ किनकि अरूको सम्पत्ति जबरजस्ती हडपेर भोग गरिएको हुन सक्छ। यसबाट आगम सापेक्ष भोग नै प्रमाण हुन्छ भन्ने निष्कर्ष निस्कन्छ। पिता पितामह आदि तीन पुस्ताबाट भोग गर्दै आएका सम्पत्तिमा भने आगमभन्दा भोग नै बलवान् हुन्छ। तीन पुस्ताले उपभोग गरेको भएता पनि तीन पुस्ताका बीचमा समयको अन्तराल कम भएको हुन सक्छ र तीन पुस्ताद्वारा उपभोग गरिएका सम्पत्तिको स्रोत नखुलेको हुन सक्छ। अथवा धेरै समय नबितेकाले अन्यायपूर्वक आर्जन गरी उपभोग गरिएको कुरा सबैलाई थाहा हुन सक्छ। यस्ता अवस्थामा पूर्वक्रमागत भोग पनि प्रमाण हुन सक्दैन। त्यसैले स्मार्तकालातिक्रान्त शब्दको प्रयोग गरिन्छ। यस शब्दको अर्थ स्मरण गर्न सकिने समय बितिसकेको भन्ने हुन्छ। धनको आगम कसरी भएको थियो भन्ने जानकारी थाहा नहुने अवस्था लगभग सय वर्ष बितेपछि हुन्छ। यस सन्दर्भबाट स्मरण गर्ने समय व्यतीत भएको पिता, पितामह र प्रपितामहबाट उपभोग गर्दै आएको वस्तु प्रमाण हुन्छ भन्ने सिद्ध हुन्छ। पुनश्च उपभोग विनाको आगम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राबल्यम्। स्मार्तकालातिक्रान्तः पूर्वक्रमागतो भोगस्तु आगमादभ्यधिकः। यथा योगीश्वरेण [४१]याज्ञवल्क्येनैवोक्तम्-

आगमोऽप्यधिको भोगाद्विना पूर्वक्रमागतात्। इति।

यद्यपि पूवक्रमागतस्य भोगस्य आगमात्प्राबल्यमभिहितं तथापि आगमसत्ताभावज्ञाने सति तु स्मार्त-कालातिक्रान्तस्य पूर्वक्रमागतस्यापि भोगस्य प्रामाण्यं नोपपद्यते।

[४२]विज्ञानेश्वरेणापि **'तत्राप्यागमोऽज्ञातनिरपेक्षो न सत्तानिरपेक्षः'** इत्यभिधाय अनागमोपभोगस्य प्रामाण्यं नाभ्युपगतम्।

तस्मात् स्वत्वं जनयितुमागमभोगयोरुभयोः सत्तावश्यकी। निरागमोपभोगादागमस्य प्राबल्यम्, निर्भुक्ते-रागमात्क्रमागतस्य भोगस्य प्राबल्यमुपपद्यते। यथा योगीश्वरेणैव याज्ञवल्क्येन भोगरहितस्यागमस्य दौर्बल्यमभिहितम्।

आगमेऽपि बलं नैव भुक्तिः स्तोकापि यत्र नो। इति आगमभोगयोः प्राबल्यम्।

तावता इदमवसीयते– आगमो दीर्घकालः, निरन्तरः, निराक्रोशः, प्रत्यर्थिप्रत्यक्षश्चेति पञ्चभिर्विशेषणैर्युक्तो भोगः प्रामाण्यमश्नुते इति। अनेन भोगेन योऽर्थः प्रमीयते, सोऽर्थः प्रामाण्यमाप्नोति।

४१. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २७ श्लोकः।

४२. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २७ श्लोकस्य भाष्यम्।

याज्ञवल्क्यले भनेका छन्- **आगमः०** अर्थात् 'पिता, पितामह एवं प्रपितामहदेखि अर्थात् तीन पुस्ताबाट उपभोग गरिँदै आएका वस्तुमा बाहेक अन्य वस्तुमा भोग प्रमाणभन्दा आगम (प्रतिग्रह, क्रय आदिबाट प्राप्त) प्रमाण अत्यधिक बलवान् हुन्छ (या.स्मृ.२/२७)। पूर्वक्रमबाट आएको भोगलाई आगम (प्रतिग्रह, क्रय आदि धनागमका उपायहरूबाट प्राप्त) भन्दा बलवान् मानिएको छ तर पनि आगमको सक्षमता (प्रामाणिकता) थाहा नभएका अवस्थामा स्मार्तकालातिक्रान्त पूर्वक्रमागत भोगको पनि प्रामाणिकता हुन सक्दैन। विज्ञानेश्वरले पनि **तत्राप्यागमः०** अर्थात् 'पूर्वक्रमागत पदार्थमा भोगको प्रबलता भए तापनि आगमको कारण थाहा नपाइएको अवस्थामा भोग पनि सत्ता निरपेक्ष अर्थात् नभए सरह हुन्छ' (या.स्मृ. २/२७,मिता.) भनी अनागम (आगम कारण थाहा नपाइएका) वस्तुको प्रामाणिकता अस्वीकार गरेका छन्। अतः स्वत्व (आफ्नो हो भन्ने) गराउनका लागि आगम र उपभोग दुवैको सत्ता (अवस्थिति) आवश्यक हुन्छ। आगम विनाको उपभोगको भन्दा आगमको प्रबलता हुन्छ। भोग नगरिएका आगमको भन्दा क्रमागत भोगको प्रबलता युक्तियुक्त देखिन्छ। योगीश्वर याज्ञवल्क्यले नै भोग विनाका आगमको दुर्बलता प्रतिपादन गरेका छन्। जस्तै- **आगमे०** अर्थात् 'जुन पदार्थको थोरै पनि उपभोग गरिएको हुँदैन त्यस्ता पदार्थमा आगम पनि प्रमाण बल (प्रामाणिक) हुँदैन'(या.स्मृ. २/२७)। यसरी आगम र भोगका बलाबलका विषयमा विचार गरियो।

पनि प्रमाण हुन सक्दैन। यसरी आगम र भुक्तिमध्ये कुन बलवान् हुन्छ भनी विचार गर्नु यस शीर्षकको उद्देश्य हो। मिताक्षरा अनुसार याज्ञवल्क्यस्मृतिको **आगमोऽप्यधिको भोगाद्** अंश स्मार्तकाल बितिनसकेका भोगसित सम्बद्ध छ भने **विना पूर्वक्रमागतात्** अंश स्मार्तकाल बितिसकेका भोगसित सम्बद्ध छ। **आगमेन विशुद्धेन भोगो याति प्रमाणताम्** भन्ने नारदको उक्तिले विशुद्ध आगमले युक्त भोग प्रामाणिक हुन्छ भन्ने तथ्य सिद्ध गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षिप्रमाणम्

विप्रतिपन्नयोर्व्यवहारनिर्णयाय साक्षिणः प्रमाणं भवन्ति।

साक्षिभेदौ

साक्षिणां दृष्टश्रवणभेदात् (देखी जान्ने र सुनी जान्ने) द्वौ भेदौ भवतः। विप्रतिपन्नयोर्विघटितं व्यवहारं यो हि प्रत्यक्षं कुरुते स दृष्टसाक्षी भवति। यश्च तयोर्विघटितं व्यवहारं शृणोति स श्रवणसाक्षी भवति। तत्र दृष्टसाक्षिणा विप्रतिपन्नयोर्विघटितव्यवहारस्य प्रत्यक्षकरणात्, प्रत्यक्षस्य इतरप्रमाणापेक्षया प्राबल्यात् श्रुतं नापेक्षतेऽत्र। श्रवणसाक्षिणा तु विप्रतिपद्यमानयोर्विघटितस्य व्यवहारस्याप्रत्यक्षीकरणादेव प्रत्यक्षकर्तुर्मुखात्परम्परयापि वा श्रुतं व्यवहारं प्रमाणीक्रियते।

भगवता [४३]मनुनापि–

समक्षदर्शनात् साक्ष्यं श्रवणाच्चैव सिद्ध्यति। इत्यभिधाय दर्शनश्रवणजन्यं साक्षिणां भेदद्वयं निर्दिष्टम्।

[४४]विज्ञानेश्वरेण– साक्षिणां कृताकृतभेदात् द्वैविध्यमभिधाय पुनः कृतस्य साक्षिणो लिखितस्मारितयदिच्छाभिज्ञगूढोत्तरस्वरूपभेदात्पञ्चविधत्वम्, अकृतस्य साक्षिणो ग्रामप्राड्विवाकराजकार्येष्वधिकृतार्थिप्रहितकुल्यभेदात् षड्विधत्वं च नारदवचनं समुद्धृत्य प्रदर्शितम्।

४३. ८/७४ मनुः।

४४. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, साक्षिप्रकरणम्।

उपर्युक्त सन्दर्भबाट आगम (प्रतिग्रह आदि प्राप्ति कारण), दीर्घकाल (लामो समयसम्मको उपभोग), निरन्तरता (पिता आदिको क्रमबाट प्राप्त), निराक्रोश (कसैद्वारा यो मेरो हो भनी दाबी नगरिएको अवस्था) र विपक्षले पनि थाहा पाएको स्थिति- यी विशेषताले युक्त भएको भोग नै प्रमाण हुन्छ भन्ने निष्कर्ष निस्कन्छ। यस प्रकारको भोगबाट जुन अर्थ निर्धारित हुन्छ त्यही अर्थ नै प्रमाण बन्दछ।

साक्षिप्रमाण-

परस्परमा विवाद गरिरहेका पक्ष विपक्षमा देखिएका समस्याका समाधानका लागि साक्षीहरू प्रमाण हुन्छन्।

साक्षीका भेद-

दृष्ट साक्षी र श्रवण साक्षी (देखी जान्ने र सुनी जान्ने) गरी साक्षीका दुई भेद हुन्छन्। विवाद गरिरहेका दुई पक्षका बीचमा घटेको व्यवहार जसले प्रत्यक्ष गरेको अर्थात् देखेको हुन्छ त्यो व्यक्ति दृष्टसाक्षी हुन्छ। जसले पक्ष विपक्षका बीचमा घटेका व्यवहार सुनेको हुन्छ त्यो श्रवणसाक्षी हुन्छ। दृष्ट साक्षीले विवाद गरिरहेका दुई पक्षका बीचमा घटेका घटना प्रत्यक्ष देख्ने हुनाले र प्रत्यक्ष प्रमाण अन्य प्रमाणभन्दा प्रबल पनि हुने भएकाले प्रत्यक्ष प्रमाण भएका अवस्थामा श्रुत (श्रवण) प्रमाणको अपेक्षा गरिँदैन। श्रवणसाक्षीले परस्परमा विवाद गरिरहेका दुई पक्षका बीचमा घटेका व्यवहारलाई प्रत्यक्ष गरेको त हुँदैन तर पनि उसले पक्ष विपक्षका घटना प्रत्यक्ष देखेका साक्षीका मुखबाट अथवा परम्पराबाट सुनेको हुन्छ। अतः श्रुतसाक्षीलाई पनि व्यवहार निर्णयमा प्रमाण मानिन्छ। भगवान् मनुले पनि- **समक्ष०** अर्थात् 'प्रत्यक्ष देख्नाले (चक्षुरिन्द्रियद्वारा ग्रहण गरेकाले) र सुन्नाले (श्रवणेन्द्रियद्वारा सुनेकाले) साक्ष्य सिद्ध हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षिणां स्वरूपम्

गृहस्थाश्रमिणः, पुत्रवन्तः, मौलाः (तत्रैव परम्परया निवसन्तः) क्षत्रियवैश्यशूद्रजातयः साक्षिणो भवन्ति। तेष्वपि यथार्थावगतवादिनः, सर्वधर्मवेत्तारो निर्लुब्धाः सर्वेषु वर्णेषु समुत्पन्नेषु विवादेषु साक्षिणो भवन्ति। यथा [४५]मनुनाऽभिहितम्–

गृहिणः पुत्रिणो मौलाः क्षत्रविट्शूद्रयोनयः। अर्थ्युक्ताः साक्ष्यमर्हन्ति न ये केचिदनापदि॥
आप्ताः सर्वेषु वर्णेषु कार्याः कार्येषु साक्षिणः। सर्वधर्मविदोऽलुब्धा विपरीतांस्तु वर्जयेत्॥ इति

४५. ८/६२-६३ मनुः।

(मनु. ८/७४) भनी दर्शन र श्रवणका कारण उत्पन्न साक्षीका दुई भेदेको निर्देशन गरेका छन्। विज्ञानेश्वरले- पहिले कृतसाक्षी र अकृतसाक्षी गरी साक्षीका दुई भेद देखाएका छन्। पुनः कृत साक्षीका लिखितसाक्षी, स्मारितसाक्षी, यदृच्छाभिज्ञसाक्षी, गूढसाक्षी एवं उत्तरसाक्षी गरी पाँच भेद हुन्छन् र अकृत साक्षीका ग्राम, प्राड्विवाक, (व्यवहारद्रष्टा/न्यायाधीश) राजा, कार्यमा नियुक्त पुरुष, अर्थिप्रहित (अर्थीद्वारा अभिप्रेरित) एवं कुल्य (कुलविशेषसित सम्बद्ध) गरी छ भेद हुन्छन् भन्ने कुरा नारदको उक्तिलाई उपस्थापन गरी देखाएका छन् (या.स्मृ. २ साक्षिप्रकरण, मिता.)।[१७]

साक्षीहरूको स्वरूप-

गृहस्थ आश्रममा रहेका (गृहस्थ) हरू, सन्तानले युक्त भएका पुरुषहरू, मौलहरू (त्यसै ठाउँमा परम्परादेखि बस्दै आएका अर्थात् आदिवासीहरू), क्षत्रिय, वैश्य एवं शूद्र जातिहरू साक्षी हुन्छन्। उक्त साक्षीहरूमध्ये आफूले जानेका यथार्थ कुरा बोल्ने, सबै प्रकारका धर्म जान्ने, लोभ नभएका पुरुषहरू सबै वर्णमा उत्पन्न भएका विवादहरूमा साक्षी हुन्छन्। जस्तै मनुले भनेका छन्-

गृहिणः० अर्थात् 'गृहस्थ, सन्तान भएका पुरुष, मूल निवासी र क्षत्रिय, वैश्य एवं शूद्र जाति- अर्थीद्वारा निवेदन गरिएका अवस्थामा साक्षी बन्न योग्य हुन्छन्, आपत्ति नभएका अवस्था कुनै पनि पुरुष साक्षी बन्न सक्छन्। सबै प्रकारका धर्म जान्ने र लोभ नभएका सबै वर्णका आप्त पुरुषहरूलाई न्यायविषयक कार्यमा साक्षी बनाउनुपर्छ। उक्त विशेषता नभएका पुरुषहरूलाई छाडिदिनुपर्छ' (मनु. ८/६२-६३)।[१८]

१७. याज्ञवल्क्यस्मृतिको व्यवहाराध्यायको साक्षिप्रकरणको आरम्भमा विज्ञानेश्वरले साक्षीका भेदका सम्बन्धमा बताएका छन्। सर्वप्रथम उनले दृष्टसाक्षी र श्रुतसाक्षी गरी दुई प्रकारका साक्षी हुन्छन् भनेका छन्। त्यसपछि पुनः कृतसाक्षी र अकृतसाक्षी गरी साक्षी दुई प्रकारका हुन्छन् भनी देखाएका छन्। साक्षीका रूपमा उल्लेख गरिएकालाई कृतसाक्षी भनिन्छ भने साक्षीका रूपमा उल्लेख नगरिएकालाई अकृतसाक्षी भनिन्छ। कृतसाक्षी पाँच प्रकारका र अकृतसाक्षी छ प्रकारका गरी समग्रमा साक्षीहरू एघार प्रकारका हुन्छन्। मिताक्षरामा नारदको उक्तिलाई प्रमाण मानी एघार प्रकारका साक्षीको नाम र स्वरूप समेत बताइएको छ।

१८. मूलमा **अनापदि** पदको प्रयोग गरिएको छ। यसबाट जसले कृतपरिकर पुत्रको डरले, देशवासीका साथमा विरोध हुने डरले वा अन्य कारणले विपरीत कुरा गर्छन् तिनीहरू ऋणादानादि व्यवहारपदमा साक्षी हुन सक्दैनन् भन्ने बुझिन्छ। आपत्तिका अवस्थामा त वाग्दण्ड, पारुष्य, स्त्रीसङ्ग्रह आदिमा बताइएका भन्दा भिन्न व्यक्तिहरू साक्षी हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीश्वरेण [४६]याज्ञवल्क्येन–

तपस्विनो दानशीलाः कुलीनाः सत्यवादिनः । धर्मप्रधाना ऋजवः पुत्रवन्तो धनान्विताः ।।

त्र्यवराः साक्षिणो ज्ञेयाः श्रौतस्मार्तक्रियापराः । यथाजाति यथावर्णं सर्वे सर्वेषु वा स्मृताः ।।

इत्यभिधाय साक्षिणां स्वरूपम्, तादृशस्वरूपसमन्विताश्च साक्षिणः वर्णानुसारमवान्तरजात्यनुसारमथवा सर्वे वर्णा जातयश्च सर्वेषु वर्णेषु जातिषु च समुत्पन्नेषु विवादेषु साक्ष्यमर्हन्ति इति निर्दिष्टम् ।

एतादृशस्वरूपभेदसमन्वितैः साक्षिभिर्योऽर्थः प्रमाणीक्रियते सोऽर्थो व्यवहारव्यवस्थापनाविधौ प्रामाण्यमश्नुते ।

व्यवहारे लेख्यभोगसाक्षिभिर्नरः प्रमाणतां यातीति [४७]शुक्राचार्येणोक्तम् । यथा–

सद्भिर्लेख्यैः साक्षिभिश्च भोगैर्दिव्यैः प्रमाणताम् । व्यवहारे नरो याति चेहाशु प्राप्नुते सुखम् ।। इति ।

व्यवहारे यथाविधिलिखितैः सद्भिर्लेख्यैः, सद्भोगैः, सद्भिः साक्षिभिश्च एतैस्त्रिभिर्मानुषप्रमाणैर्नरः प्रामाण्य-

४६. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ६८-६९ श्लोकौ ।

४७. शुक्रनीतिः, ४ अध्यायः, ६९८ श्लोकः ।

योगीश्वर याज्ञवल्क्यले- **तपस्विनः०** अर्थात् 'तपस्याले युक्त भएका, दान दिने स्वभाव भएका, उच्च कुलमा जन्मिएका, साँचो बोल्ने, (अर्थलाई र कामलाई छाडेर) धर्मलाई नै प्रमुख विषय मान्ने, सरल स्वभाव भएका, पुत्रादि सन्तानले युक्त भएका, प्रशस्त सुवर्ण आदि सम्पत्ति भएका, श्रौत एवं स्मार्त कर्ममा निरत भएका अर्थात् नित्य, नैमित्तिक आदि कर्म गर्ने, तीनभन्दा बढी सङ्ख्यामा रहेका साक्षी हुन्छन् भनी जान्नुपर्छ । आ-आफ्ना जाति (मूर्धाभिषिक्त आदि अनुलोम एवं प्रतिलोम जाति), आ-आफ्ना वर्ण अनुसार सबैलाई नै सबै व्यवहारमा साक्षी मानिएको छ' (या. स्मृ. २/६८-६९) भनी साक्षीहरूको स्वरूप बताइएको छ । त्यस प्रकारका विशेषताले युक्त भएका साक्षीहरू आआफ्ना वर्णका र आआफ्ना जातका साक्ष्य हुन्छन्, अथवा सबै वर्णमा र सबै जातिमा उत्पन्न भएका विवादमा साक्ष्य हुन सक्छन् भन्ने निर्देशन गरिएको छ ।[१९]

लेख्य, भोग एवं साक्षीका माध्यमले मनुष्यले व्यवहारमा (विवाद भएका अवस्थामा) प्रमाण जुटाउने काम गर्छ भनी शुक्राचार्यले बताएका छन् । जस्तै- **सद्भिर्लेख्यैः०** अर्थात् 'रीतपूर्वक लेखिएका लेख्यद्वारा, सज्जन साक्षीहरूद्वारा, सही भोगद्वारा र दिव्य प्रमाणहरूद्वारा व्यवहारमा (विवादित विषयमा) प्रमाण जुटाई मनुष्य निर्णयमा पुग्छ । यसरी

१९. यस वाक्यमा मूलपद्यमा विद्यमान यथाजाति र यथावर्णम् पदको व्याख्या गरिएको छ । जाति भन्नाले मूर्धाभिषिक्त आदि अवान्तर जातिहरू र वर्ण भन्नाले ब्राह्मण आदि वर्णहरू बुझिन्छन् । सम्भव भएसम्म तपस्वित्व आदि गुणले युक्त भएका आ-आफ्नै जातका र आ-आफ्नै वर्णका साक्षी हुनुपर्छ भन्ने तात्पर्य हो । सम्भव नभएका अवस्थामा उक्त विशेषता युक्त पुरुष सबै जातका र सबै वर्णका साथी हुन सक्छन् । **'स्त्रीणां साक्ष्यं स्त्रियः कुर्युः'** अर्थात् महिलाहरूको साक्षी बस्ने काम महिलाहरूले गरून् भनिएको हुनाले सम्भव भएसम्म महिलाहरूका विवादमा महिलाहरूलाई नै साक्षी बस्ने काम महिलाहरूले गरून् भनिएको हुनाले सम्भव भएसम्म महिलाहरूका विवादमा महिलाहरूलाई नै साक्षी बनाउनुपर्छ । साक्षीमा हुनुपर्ने विशेषता नभएका चोर आदि आफ्नै जातका र आफ्नै वर्णका भए पनि साक्षी हुन सक्दैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माप्नोति। क्रियासु च सुखं भजते। एषां मानुषप्रमाणानां त्रयाणामेकतमस्याप्यभावे दिव्यैः प्रमाणैर्नरो व्यवहारे प्रमाणतां याति।

मानुषप्रमाणाभावे दिव्यं प्रमाणम्

मानुषप्रमाणरूपाणां लिखितभुक्तिसाक्षिणां त्रयाणामेकतमस्याप्यभावे दिव्यं प्रमाणम्। मानुषाभावे दिव्यं प्रमाणं भवतीति [४८]विज्ञानेश्वरेणोक्तम्।

दिव्यप्रमाणभेदाः

तुला, अग्निः, उदकम्, विषम्, कोशः, तण्डुलाः, तप्तमाषकः, फालम्, धर्माधर्मपरीक्षणम् इति सामान्यतः नव दिव्यभेदाः समुपलभ्यन्ते।

नव दिव्यभेदाः बृहस्पतिना परिगणिता [४९]व्यवहारमयूखे समुद्धृताः, यथा–

धटोऽग्निरुदकं चैव विषं कोशश्च पञ्चमम्। षष्ठं च तण्डुलाः प्रोक्तं सप्तमं तप्तमाषकः॥
अष्टमं फालमित्युक्तं नवमं धर्मजं स्मृतम्।

४८. मिताक्षरा, व्यवहाराध्यायः, २२ श्लोकः।

४९. व्यवहारमयूखः, दिव्यप्रकरण, २८ पृष्ठम्।

प्रमाण जुटाई सही निर्णयमा पुग्ने मनुष्यले यस लोकमा तत्काल सुख प्राप्त गर्छ' (शु.नी. ४/६९८)।[२०] व्यवहारमा नियमपूर्वक लेखिएका राम्रा लेख्यहरूद्वारा, नियमपूर्वकको भोगद्वारा, सज्जन (गुणवान्) साक्षीहरूद्वारा- अर्थात् उक्त तीन मानुष प्रमाणका आधारमा मनुष्यले प्रामाणिकता प्राप्त गर्दछ। (उक्त प्रमाणका आधारमा सही निर्णय दिन्छ)। यसरी कार्य सम्पादन गरेपछि सुख पाउँछ। उक्त तीनै प्रकारका मानुष प्रमाणमध्ये कुनै एउटाको पनि अभाव भएमा मनुष्यले दिव्यप्रमाणका आधारमा प्रामाणिकता खोज्दछ।

मनुष्य प्रमाणका अभावमा दिव्य प्रमाण-

लिखित, भुक्ति एवं साक्षीरूप तीन प्रकारका मनुष्य प्रमाणमध्ये एउटा पनि मनुष्य प्रमाण नपाइएका अवस्थामा दिव्य प्रमाणको प्रयोग गरिन्छ। मनुष्य प्रमाणका अभावमा दिव्य प्रमाणको प्रयोग गर्नुपर्छ भनी विज्ञानेश्वरले बताएका छन् (या.स्मृ. २/२२ मिता.)।[२१]

दिव्य प्रमाणका भेदहरू-

तुला, अग्नि, जल, विष, कोश, तण्डुल (चामल) तप्तमाषक, फाल (फाली) र धर्म एवं अधर्मको परीक्षा- यी नौ सामान्यतः दिव्य प्रमाणका भेद हुन्। नौ प्रकारका दिव्य प्रमाणको गणना बृहस्पतिले गरेका छन् र उक्त बृहस्पतिको

२०. शुक्रनीतिः शुक्राचार्यद्वारा लिखित नीतिपद्यहरूको सङ्ग्रह हो। चार अध्यायमा विभक्त प्रस्तुत ग्रन्थमा विशेषतः राजनीतिसित सम्बद्ध पद्यहरू रहेका छन्।

२१. मानुषप्रमाणका अभावमा मात्र दिव्यप्रमाणको प्रयोग गर्नुपर्छ भनी मूलमा नै भनिएको छ र त्यसलाई अझ जोडदिंदै मिताक्षरामा- **'मानुषाभाव एव दिव्यस्य प्रामाण्यमस्मादेव वचनादवगम्यते; दिव्यस्य स्वरूपप्रामाण्ययोरागमगम्यत्वात्'** भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतेषु परिगणितेषु दिव्यभेदेषु आद्यानां पञ्चानां भेदानां महाभियोगेषु अभियुक्तस्य विशुद्ध्यर्थं प्रयोगो विधीयते। यद्यभियोक्त्रा सावष्टम्भाभियोगः कृतश्चेदभियुक्तस्य विशुद्ध्यर्थं तुलादिपञ्चानां दिव्यानां परीक्षणं भवति। एतच्च [५०]योगीश्वरेणाभिहितम्। यथा–

तुलाग्न्यापो विषं कोशो दिव्यानीह विशुद्धये।
महाभियोगेष्वेतानि शीर्षकस्थेऽभियोक्तरि॥ इति।

तत्र महाभियोगे प्रयोक्तव्येषु पञ्चसु भेदेषु मध्ये कोशस्य स्वल्पाभियोगेऽपि प्रयोगोऽभ्यनुज्ञातः। [५१]**कोशमल्पेऽपि दापयेत्।** इति।

महाभियोगः

महाभियोगश्च पणसहस्रमूल्यादूर्ध्वमभियोगः। पणसहस्रादूर्ध्वं महाभियोगस्य विषय इति च [५२]योगीश्वर-याज्ञवल्क्यवचनादेवावगम्यते। तच्च वचनं यथा–

नासहस्राद्धरेत् फालं न विषं न तुलां तथा। इति।

५०. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, दिव्यप्रकरणम्, ९५ श्लोकः।
५१. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ९५ श्लोकस्य, ९९ श्लोकस्य च व्याख्या।
५२. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ९९ श्लोकः।

परिगणनालाई व्यवहारमयूखमा उद्धरण गरिएको छ। जस्तै- **धटः०** अर्थात् 'धट (तुला), अग्नि, उदक (जल), विष र कोश यी पाँच; छैटौं तण्डुल (चामल), सातौं तप्तमाषक, आठौं फाल (फाली) र नवौं धर्म {यी दिव्य प्रमाण हुन्} (व्य.म., दिव्यप्रकरण, पृ.२८)।

उपर्युक्त दिव्य प्रमाणहरूमध्ये सुरुमा गणना गरिएका तुला आदि पाँचवटा दिव्यप्रमाण महाभियोगका अभियुक्तको (महाभियोग लगाइएका व्यक्तिको) शुद्धि (सन्देहनिवृत्ति) का लागि प्रयोग गरिन्छ। अभियोक्ता (आरोप लगाउने व्यक्ति) ले सावष्टम्भ अभियोग (महाभियोग) लगाएका अवस्थामा त्यस्ता अभियुक्तको शुद्धि (निर्दोषता प्रमाणीकरण) का लागि तुला आदि पाँच प्रकारका दिव्य प्रमाणको परीक्षण (प्रयोग) हुन्छ। यो कुरा योगीश्वर याज्ञवल्क्यले बताएका छन्। जस्तै- **तुलाग्न्यापः०** अर्थात् 'धर्मशास्त्रमा प्रतिपादित तुला, अग्नि, जल, विष, कोष- यी दिव्य प्रमाणहरू {अभियुक्तका} विशुद्धि (सन्दिग्ध वस्तुको सन्देह निवृत्ति) का लागि प्रयोग गरिन्छन्। अभियोक्ता (अभियोग/आरोप लगाउने पुरुष) शीर्षस्थानमा (अन्तिम अवस्थामा/जय पराजयको स्थितिमा) भएका अवस्थामा महाभियोगमा मात्र उक्त दिव्य प्रमाण (अभियुक्तमा) प्रयोग गरिन्छन्' (या.स्मृ. २/९५)। महाभियोगमा प्रयोग गर्न सकिने भनी बताइएका तुला आदि पाँच दिव्य प्रमाणमध्येको कोशरूप दिव्य प्रमाण साना अभियोगमा पनि प्रयोग गर्न सकिने अनुमति दिइएको छ। 'अल्पाभियोगमा पनि कोशको प्रयोग गरोस्' (या.स्मृ. २/९५,९९ मिता.) भन्ने प्रमाण पाइन्छ।

महाभियोग-

हजार पण मूल्यभन्दा माथिको अभियोगलाई महाभियोग भनिन्छ। हजार पणभन्दा माथिको महाभियोगको विषय हुन्छ भन्ने कुरा योगीश्वर याज्ञवल्क्यका कथनबाटै थाहा पाइन्छ। उनको कथन यसप्रकार रहेको छ- **नासहस्र०** अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुलादीनां महाभियोगेष्वभिधानादासहस्रात्तत्प्रयोगाभिधानाच्च पणसहस्रादूर्ध्वं महाभियोगविषयः संपद्यते।

स्वल्पाभियोगः

स्वल्पाभियोगश्च आसहस्रादभियोगः। आसहस्रपरिमाणे विद्यमानोऽभियोगः स्वल्पाभियोग इति च तस्मादेव योगीश्वरवचनान् **'नासहस्राद्धरेत्फालम्'** इत्यस्मादवगम्यते।

तुलाग्न्युदकविषपरीक्षणं विहायान्येषां दिव्यानां प्रयोगोऽभियुक्तशुद्ध्यशुद्धिपरीक्षणार्थं विधीयते। तुलादीनां पञ्चानां दिव्यप्रमाणानां महाभियोगेषु प्रयोगनिर्देशात्, तेषु पञ्चसु च कोशस्य स्वल्पाभियोगेऽपि प्रयोग-निर्देशात् कोशपरीक्षणसहितानामन्येषां तुलाग्न्युदकविषव्यतिरिक्तानां दिव्यानां स्वल्पाभियोगेषु विधेयः प्रयोगः पर्यवशिष्यते।

तस्माद् एभिर्दिव्यप्रमाणैः प्रमितोऽर्थश्च प्रामाण्यमश्नुते। अत एव मानुषप्रमाणानां दिव्यप्रमाणानां च संशय-कोटौ विद्यमानस्यार्थस्य निर्णायकतया व्यवहार एषु मानुषदिव्यप्रमाणेषु सन्निहितः।

'व्यवहारस्तु साक्षिषु' इत्यभिधायाचार्यकौटिल्येन[५३] साक्षिषु व्यवहारस्य विद्यमानत्वं यन्निर्दिष्टं तत्र साक्षिशब्दः प्रमाणानामुपलक्षकः प्रमाणेषु प्रमेयस्य व्यवहारस्य साध्यभावत्वात्।

५३. कौटिल्यस्यार्थशास्त्रम्, ३ अधिकरणम्, ५६-५७ प्रकरणम्, १ अध्यायः, ३१८ पृष्ठम्।
{तत्र सत्ये स्थितो धर्मो व्यवहारस्तु साक्षिषु॥ ३.१.४० ॥}

'हजार पणभन्दा कमका अभियोगमा फाल, विष एवं तुलाको प्रयोग गर्न हुँदैन' (या.स्मृ. २/९९)। तुला आदि प्रमाणको महाभियोगमा प्रयोग गर्नु भनिएको हुनाले र हजार पणभन्दा माथिका अभियोगमा मात्र तुलादि प्रमाणको प्रयोग गर्नु समेत भनिएको हुनाले हजार पणभन्दा माथिको अभियोग महाभियोग सिद्ध हुन्छ।

स्वल्पाभियोग-

हजार पणभन्दा तलको अभियोग स्वल्पाभियोग (सानो अभियोग) मानिन्छ। हजार पणभित्र रहेको अभियोग स्वल्पाभियोग हुन्छ भन्ने तथ्य योगीश्वरको माथि बताइएकै उक्ति **नासहस्रा०** अर्थात् 'हजार प्रणभन्दा कम मूल्य भएका अभियोगमा फाल आदि दिव्य प्रमाणको प्रयोग नगर्नू' (या.स्मृ. २/९९) भन्ने उक्तिबाटै अवगत हुन्छ।

तुला, अग्नि, उदक एवं विष परीक्षा (दिव्यप्रमाण) लाई छाडेर अन्य दिव्यप्रमाणहरूको प्रयोग अभियुक्त (सामान्य अभियुक्त) को शुद्धता एवं अशुद्धताको परीक्षा गर्नका लागि गरिन्छ। तुला आदि पाँच दिव्य प्रमाणहरूको महाभियोगमा मात्र प्रयोग गर्नुपर्छ भनिएकाले र उक्त पाँच प्रमाणमध्ये कोशको स्वल्पाभियोगमा समेत प्रयोग गर्न सकिन्छ भनी निर्देश गरिएका हुनाले- कोश परीक्षा सहितका साथै तुला, अग्नि, जल एवं विष बाहेकका अन्य दिव्यपरीक्षाहरूको स्वल्पाभियोगमा प्रयोग गर्नुपर्छ भन्ने निष्कर्ष निस्कन्छ। अतः उक्त दिव्य प्रमाणद्वारा निर्धारण गरिएको विषय नै प्रामाणिक बन्दछ। अत एव मनुष्य प्रमाणका र दिव्य प्रमाणका संशयमा रहेका वस्तुको व्यवहार (विवाद/समाधानमा पुग्ने उपाय) यिनै मानुष एवं दिव्य प्रमाणमा अडिएको हुन्छ।

व्यवहारस्तु साक्षिषु अर्थात् 'व्यवहार साक्षीमा आधृत हुन्छ' (कौ.अ. ३/१/४०) यस कथनद्वारा आचार्य कौटिल्यले साक्षीहरूमा व्यवहार रहेको हुन्छ भने तथ्य प्रतिपादन गरेका छन्। साक्षी शब्दले प्रमाण भन्ने अर्थ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ततश्चाष्टादशसु मार्गेषु निबद्धानां व्यवहारपदानां विवादेषु एतानि प्रमाणानि संशयव्युदशनपुरःसरं विवादान् समाधीय व्यवस्थापकानीति व्यवहारो विवादार्थं एकपादः सिद्ध्यति। अर्थात् विवादसमाधानात्मकेषु चतुर्षु पादेषु, व्यवहार एकः पादः। **'व्यवहारेषु सततं तत्र राज्यं प्रतिष्ठितम्'** इत्यभिधाय [५४]व्यासेन राज्यस्य प्रतिष्ठा व्यवहारे दर्शिता। तस्माद् व्यवहार एक उपायः।

चरित्रम्–तृतीय उपायः

विवादसमाधानार्थं ये चत्वार उपायास्तेष्वेकं चरित्रमपि वर्तते। सङ्ग्रहः पुरुषाणां च चरित्रं परिकीर्तितम्। यथा कौटिल्येन– **चरित्रं सङ्ग्रहे पुंसाम्** इत्यभिधाय चरित्रशब्दस्यार्थः कृतः। पुरुषाणां संरक्षणात्मके समनुष्ठाने चरित्रशब्दप्रयोगः।

भगवता [५५]मनुना च–

येनास्य पितरो याता येन याताः पितामहाः।

तेन यायात्सतां मार्गं तेन गच्छन्न रिष्यति॥ इत्यभिधाय पूर्वैः समनुष्ठितस्यानुसरणं सन्मार्गमुपदिष्टम्।

---

५४. महाभारतम्, शान्तिपर्व राजधर्मपर्व, ६९ अध्यायः २८ श्लोकः,। {व्यवहारेषु अर्थिप्रत्यर्थिवाक्यविचारेषु- नीलकण्ठः}

५५. ४/१७८ मनुः।

बुझाउँछ। प्रमाणहरूमा नै प्रमेय (सिद्ध गर्नुपर्ने) व्यवहारको साध्यभाव (साधनता) रहेको हुन्छ। (प्रमाणरूप साधनद्वारा प्रमेयरूप साध्य (व्यवहार) को सिद्धि हुन्छ)

अठार प्रकारका मार्गमा (कित्तामा) निबन्धन (विभाजन/प्रतिपादन) गरिएका व्यवहारपदमा विवाद भएका अवस्थामा यिनै प्रमाणहरूले सन्देहलाई निराकरण गर्दै विवादको समाधान गरी व्यवस्थापन गर्ने कार्य गर्छन्। अतः विवाद समाधानका लागि व्यवहार पनि एउटा पाउ (विवाद समाधानका चार उपाय मध्ये एउटा उपाय) सिद्ध हुन्छ। अर्थात् विवाद समाधान गर्ने चार पाउमध्ये व्यवहार एउटा पाउ हो। **व्यवहारेषु०**अर्थात् 'राज्य सधैँ नै व्यवहारमा प्रतिष्ठित (अडिएको) हुन्छ' (म.भा., शा.प. ६९/२८) भनी व्यासले राज्यको प्रतिष्ठा व्यवहारमा भएको देखाएका छन्। त्यसैले व्यवहार विवाद समाधानको एउटा उपाय हो।

चरित्र- तेस्रो उपाय-

विवाद समाधानका जुन चारवटा उपाय बताइएका छन् तिनीहरूमध्ये चरित्र पनि एउटा उपाय हो। पुरुषहरूको सङ्ग्रह (आचार) लाई चरित्र भनिएको छ। जस्तै कौटिल्यले **चरित्रम्०** अर्थात् 'पुरुषहरूको सङ्ग्रहलाई चरित्र भनिन्छ' (कौ.अ. ३/१/४०) भनी चरित्र शब्दको अर्थ गरेका छन्। पुरुषहरूको संरक्षणात्मक अनुष्ठानमा चरित्र शब्दको प्रयोग हुन्छ। भगवान् मनुले- **येनास्य०** अर्थात् '{शास्त्रमा अनेकौँ विकल्प देखाइएकाले कुन विकल्पको अवलम्बन गर्ने भन्ने सन्देह भएमा} जुन बाटाबाट उसका पिताहरू गए, जुन बाटाबाट उसका पितामहहरू गए, त्यसै सज्जनहरूका बाटाबाट जानुपर्छ, उक्त बाटाबाट गइरहेको मनुष्य अधर्मद्वारा हिंसित (पीडित) हुँदैन' (मनु. ४/१७८) यस पद्यद्वारा पूर्वजहरूले पालन गरेका नियमहरूको अनुसरण गर्नुनै सन्मार्ग हो भनी उपदेश दिएका (बताएका) छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवता [५६]मनुनैव सदाचारस्य चतुर्विधधर्मप्रमाणेषु एकं प्रमाणमभिहितम् । ब्रह्मावर्ते देशे परम्पराक्रमेण समायातो ब्राह्मणक्षत्रियविशां वर्णानां प्रातिलोमानुलोमाभ्यामुत्पन्नानामवान्तरजातीनां च य आचारः स सदाचार इत्यभिधीयते । स एव सदाचारोऽत्र चरित्रशब्देनाभिधीयते ।

यद्यपि दुराचारस्यापि चरित्रत्वम्, तथापि कर्माकर्मणोर्धर्माधर्मवत् चरित्राचरित्रयोः (सृद्वृत्तदुर्वृत्तयोः) अपि सदाचारदुराचारतया धर्माधर्मत्वम् । तस्माद् यथा कर्मशब्दस्य हिताहितसम्पादककृत्यसाधारणवाचकत्वे सत्यपि हितावहकृत्यवाचकत्वमङ्गीकृत्य अनिष्टकारककर्मसु नञ्समासं संयोज्य कुशब्दं दुःशब्दं वा संयोज्य कुकर्मशब्दस्य वा दुष्कर्मशब्दस्य प्रयोगो विधीयते, तत्रैवात्रापि सद्वृत्तस्य (सदाचारस्य) ग्रहणात् दुराचारस्य ग्रहणं न विधीयते ।

आचार्यस्य [५७]कौटिल्यस्य वचनादप्येषोऽर्थः प्रतीयते । यथा **'चरित्रमकृतं धर्म्यं कृतं चान्यैः प्रवर्तयेत् ।'** इत्यभिधाय चरित्रशब्दस्य धर्म्यमिति विशेषणं कृतम् ।

५६. २/१२ मनुः । {वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः}

५७. कौटिल्यस्यार्थशास्त्रम्, १३ अधि., प्र. १७६, अ. ५, पृष्ठम् ८९९/३ । {१३/५/२४}

भगवान् मनुले नै सदाचारलाई चार प्रकारका धर्मका प्रमाणमध्ये एउटा प्रमाण भनेका छन् (मनु. २/१२) । ब्रह्मावर्त देशमा (भारतवर्ष आदिमा) परम्पराबाट चल्दै आएको; ब्राह्मण, क्षत्रिय, वैश्य {एवं शूद्ररूप} वर्णहरूको र प्रतिलोम एवं अनुलोमबाट उत्पन्न भएका अवान्तर जातिहरूको जुन आचार हो त्यसैलाई नै सदाचार भनिन्छ । त्यसै आचारलाई यहाँ चरित्र शब्दद्वारा बुझाइएको छ ।

दुराचार पनि चरित्र (स्वभाव) नै हो तर पनि जसरी कर्म (गर्न हुने कार्य) र अकर्म (गर्न नहुने कार्य) लाई क्रमशः धर्म र अधर्म भनिन्छ त्यसरी नै चरित्र (राम्रो स्वभाव, अर्थात् सद्वृत्त) र अचरित्र (नराम्रो स्वभाव अर्थात् दुर्वृत्त) पनि क्रमशः सदाचार र दुराचार भएकाले क्रमैले नै धर्म र अधर्म भनिन्छ । कर्म शब्दले जसरी हित गर्ने र हित नगर्ने दुवै कार्यलाई (साधारण रूपमा) बुझाउँछ तापनि कर्मशब्दलाई हित गर्ने कृत्यको वाचक मानेर, अनिष्टकारक कर्म बुझाउनका लागि नञ् समास गरेर (निषेधवाचक शब्दलाई जोडेर) अकर्म शब्दको प्रयोग गरिन्छ । नराम्रा कार्य बुझाउनका लागि कर्म शब्दका साथमा कुशब्दलाई अथवा दुःशब्दलाई जोडेर कुकर्म शब्दको अथवा दुष्कर्म शब्दको प्रयोग पनि गरिन्छ । यसरी नै यहाँ पनि {चरित्र वा आचार शब्दद्वारा सामान्य अवस्थामा राम्रा अथवा नराम्रा दुवै अर्थ बुझिन्छ तापनि उक्त शब्दद्वारा विशेषतः} सद्वृत्त अर्थात् सदाचारलाई ग्रहण गरिने हुनाले दुराचार भन्ने अर्थ ग्रहण गरिन्न । आचार्य कौटिल्यका कथनबाट पनि यही नै कुरा प्रतीत हुन्छ । जस्तै- **चरितम्०** अर्थात् 'धर्म हुने असल काम (सदाचार) आफूले पनि गर्नू अरूले गरेका (परम्पराबाट मान्दै आएका सदाचार) पनि थामिदिनू' (कौ.अ. १३.५.२४) ।[२२] यस उक्तिमा चरित्र शब्दका साथमा **धर्म्यम्** भन्ने विशेषण लगाइएको छ ।

२२. कुनै देश आफ्ना अधीनमा भयो अथवा देशमा विशेष राजनीतिक परिवर्तन भयो भने त्यस अवस्थामा सम्बद्ध देशमा आफ्ना नीति पनि लागू गराउनुपर्छ र सम्बद्ध देशमा परम्पराबाट चल्दै आएका रीतिरिवाजलाई पनि निर्बाध रूपमा चल्न दिनुपर्छ भन्ने उदाहृत पद्यांशको तात्पर्य हो । परम्परित संस्कृतिमा बाधा पुऱ्याउन खोजेकाले उत्पन्न भएका दुर्घटना हाम्रै सामु प्रत्यक्ष छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथापि आचारशब्दस्य चरित्रशब्दस्यापि प्रायः धर्माभिधानाय विहितप्रयोगस्य दर्शनात् चरित्रशब्दोऽत्र सच्चरित्रं (सद्वृत्तमभिधत्ते)।

सद्वृत्तस्य लोकोपकृतिजनकतया व्यवहारव्यवस्थापकत्वं महता प्रपञ्चेन निरूपितमेव।

राजशासनम् (चतुर्थ उपायः)

जनपदसमुत्थविवादसमाधानाय राज्ञः शासनम् (आज्ञा) चतुर्थ उपायः।

इतरोपायरहितेषु राजाज्ञया निर्णयः

यत्र पूर्वोक्तानामुपायानां विवादसमाधानोपायत्वं न सम्पद्यते तत्र राजाज्ञया निर्णयो भवति। यथा योगीश्वरेण [५८]याज्ञवल्क्येन–

अभावे ज्ञातृचिह्नानां राजा सीम्नः प्रवर्तिता। इत्यभिधाय ज्ञातॄणां सामन्तादीनामभावे चिह्नानां वृक्षादीनां चाभावे सीम्नः प्रवर्तयिता राजा निर्दिष्टः।

भगवता [५९]मनुना च

सीमायामविषह्यायां स्वयं राजैव धर्मवित्।

प्रदिशेद्भूमिमेतेषामुपकारादिति स्थितिः ॥ इत्यभिधाय लिङ्गसाक्ष्याद्यभावे सीमायां परिच्छेत्तु-

५८. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, सीमाविवादप्रकरणम्, १५३ श्लोकः।

५९. ८/२६५ मनुः।

माथि उद्धृत अंशमा चरित्र शब्दमा **धर्म्यम्** भन्ने विशेषण लगाइएको छ तापनि आचार शब्दको र चरित्र शब्दको प्रायः गरेर धर्म (अनुकूल/करणीय) अर्थ बुझाउनका लागि प्रयोग गरिएको देखिएकाले यहाँ प्रयुक्त चरित्रशब्दले सच्चरित्र (सदाचार) अन्ने अर्थ बुझाउँछ। सदाचार लोकोपकारक हुने भएकाले व्यवहारको व्यवस्थापक हुन्छ भन्ने तथ्य ठूला प्रयत्नका साथ पहिले नै देखाइसकिएको छ।

राजशासन- विवाद समाधान गर्ने चौथो उपाय-

जनपदमा उत्पन्न भएका विवाद समाधान गर्नका लागि राजाको शासनलाई अर्थात् आज्ञालाई चौथो उपाय मानिन्छ। अन्य उपाय नभएका अवस्थामा राजाज्ञाद्वारा निर्णय गर्नुपर्ने हुन्छ। जहाँ पहिले बताइएका उपायहरू (धर्म, व्यवहार एवं चरित्र) विवाद समाधानका उपाय बन्न सक्दैनन् (उक्त उपायबाट विवाद समाधान हुन सक्दैन) त्यस ठाउँमा (अवस्थामा) राजाका आज्ञाबाट निर्णय (समस्या समाधान) हुन्छ। यसै सम्बन्धमा योगीश्वर याज्ञवल्क्यले- **अभावे ज्ञातृचिह्नानाम्०** अर्थात् 'जानकार पुरुषका (सामन्त आदिका) र चिह्न (वृक्ष आदिका) का अभावमा राजा सीमाका प्रवर्तक अर्थात् निर्धारक हुन्छन्' (या.स्मृ. २/१५३) भनी जानकार सामन्त आदिका अभावमा र वृक्ष आदिका अभावमा सीमाका प्रवर्तक (सीमा छुट्टाउने काम गर्ने व्यक्ति) राजालाई बताइएका छन्। भगवान् मनुले- **सीमायाम्०** अर्थात् 'सीमाको निर्धारण गर्न नसकिएका अवस्थामा धर्म जान्ने राजाले नै उपकारलाई ध्यानमा राखेर यो तिम्रो जमिन हो भनी भूमि प्रदान गर्ने कार्य गरुन्, यही नै स्थिति (शास्त्रमर्यादा) हो' (मनु. ८/२६५) भनेका छन्। यसरी लिङ्ग (वृक्ष आदि अथवा सीमाना छुट्याउन गाडिएका शिला, ठड्याइएका पिलट आदि) र साक्षी (दुईवटा गाउँका वास्तविक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मशक्यायां राजैव धर्मज्ञः पक्षपातरहितो ग्रामद्वयमध्यवर्तिनीं विवादविषयां भूमिं येषामेव ग्रामवासिनामुपकारातिशयो भवति, यद्व्यतिरेकेण च महाननिर्वाहस्तेषामेव दद्यात् इति शास्त्रव्यवस्था निर्दिष्टा। व्याख्या चैषा [६०]मन्वर्थमुक्तावल्यां विहिता।

लिङ्गसाक्ष्याद्यभावे इत्यत्र गत आदिशब्दः सकलप्रमाणान्युपगृह्णातीति तेषामभावे सीम्नः प्रवर्तयित्वं राजनि सन्तिष्ठते।

यथा भूमिगत–सीमसम्बन्धिविवादेषु प्रमाणाभावे राज्ञः प्रवर्तयित्वमभ्यनुज्ञातं तथैव छलेन प्रामाण्यमापादयितुमर्थिना प्रत्यर्थिना वा समुपस्थापितानि प्रमाणानि निरस्यापि, तेनार्थिना प्रत्यर्थिना वा समुपस्थापिततादृशप्रमाणमवलम्ब्य व्यवहारस्थापनाय प्रयततां सभ्यानां प्राड्विवाकस्यान्येषामधिकारिणां च निर्णयं रागाल्लोभाद्भयादिभिः विहितं कौटसाक्ष्यमपि निरस्य राज्ञा वस्तुतथ्यमनुसृत्य जनपदगतसकलव्यवहाराणां निर्णयस्य [६१]विधेयत्वेनाभिधानात् व्यवहाराणां परिसमाप्तौ हेतुतया राजनिर्णयमेव पर्यवस्यति, तथापि प्रमाणमनुसृत्य विहितराजकृतनिर्णयात्प्रमाणाभावकृतो राजाज्ञया विहितो निर्णयः पार्थक्यमश्नुते।

६०. मन्वर्थमुक्तावली, मनुस्मृतिः ८/२६५।

६१. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः १९ श्लोकः।

सीमा जान्ने व्यक्ति वा सामन्त आदि) का अभावमा सीमाना निर्धारण गर्न नसकिएका अवस्थामा धर्म जान्ने र कसै प्रति पक्षपात नगर्ने राजाले नै दुईवटा गाउँका बीचमा रहेको र विवादको विषय बनेको जमिनलाई जुन गाउँका निवासीलाई धेरै उपकार हुन्छ त्यसै गाउँका निवासीहरूलाई अथवा उक्त विवादित जमिनका अभावमा जुन गाउँका बासिन्दाको जीवन निर्वाह हुन सक्दैन त्यसै गाउँका बासिन्दालाई दिऊन् भनी शास्त्रको व्यवस्था देखाइएको छ। यो व्याख्या मन्वर्थमुक्तावलीमा गरिएको व्याख्या हो (मनु. ८/२६५)।[२३] **लिङ्गसाक्ष्याद्यभावे** यहाँ रहेको आदि शब्दले सबै प्रकारका प्रमाणलाई समेट्छ। अतः ती सबै प्रमाणका अभावमा सीमा निर्धारण गर्ने जिम्मेवारी राजामा जान्छ।

जसरी जमिनसित सम्बद्ध विवादमा प्रमाण नभएका अवस्थामा राजाले नै सीमा निर्धारण गरिदिने कार्य गर्नुपर्छ भनी निर्देशन गरिएको छ त्यसरी नै छलले (कपटले अथवा मिताक्षरा स्वारस्यानुसार प्रमादले) प्रामाणिकता निर्धारण गराउनका लागि अर्थी (वादी) द्वारा अथवा प्रत्यर्थी (प्रतिवादी) द्वारा जुटाइका प्रमाणहरूलाई खारेज गरेर भए पनि; तिनै अर्थी एवं प्रत्यर्थीद्वारा जुटाइएका त्यस प्रकारका (झूटा) प्रमाणलाई आधार बनाएर व्यवहार स्थापित गर्न (विवाद समाधान गर्न) प्रयत्न गरिरहेका सभ्यहरूका, प्राड्विवाकका र अन्य अधिकारीहरूका निर्णयलाई एवं राग, लोभ, भय

२३. मूलमा मन्वर्थमुक्तावलीका आधारमा व्याख्या गरिएको छ तापनि अन्य व्याख्याका आधारमा तात्पर्यार्थमा केही भिन्नता देखिन सक्छ। उदाहरणका लागि मेधातिथि व्याख्यामा **उपकारात्** पदलाई **उपकारमपेक्ष्य** यस अर्थमा ल्यप् प्रत्यय लोप भएका स्थितिमा पञ्चमी भएको हो, अतः दुवै गाउँवासीलाई समान उपकार हुने गरी सीमा निर्धारण गर्नुपर्छ भनिएको छ। मेधातिथिको व्याख्या मन्वर्थमुक्तावलीको व्याख्याभन्दा विस्तृत छ। पुनश्च पूर्वोदाहृत **अभावे ज्ञातृचिह्नानाम्** पद्यको व्याख्यामा प्रमाणका रूपमा विज्ञानेश्वरले मनुको उक्ति प्रस्तुत पद्यको उपस्थापन गरेका छन्। त्यस अवस्थामा उनले गरेको व्याख्या मन्वर्थमुक्तावलीसित मेल खान्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र भूमिगतसीमासम्बन्धिविवादेषु सीमाचिह्नसामन्तादिप्रमाणाभावात् केवलं राज्ञामाज्ञा व्यवस्थापिका। तथैवान्येष्वपि विवादेषु प्रमाणाभावे केवलं राजाज्ञया निर्णयो भवति।

अर्थिना प्रत्यर्थिना वा सामन्तादिभिः साक्षिभिर्वा, सभ्यैः प्राड्विवाकादिभिर्वा प्रस्तुतस्य प्रमाणस्य साक्ष्यस्य वा कृतस्य निर्णयस्य वा निरसनपुरःसरं राजाज्ञया विधेयो निर्णयस्तु रागलोभभयाद्याक्रान्तचेतोभिश्छलेन विहितव्यवहारस्य वस्तुतथ्येन प्रणीयमानत्वात्, वस्तुतथ्यानुसरणं च साक्ष्यादिप्रमाणेषु एव निहितत्वात् प्रमाणमनुसृत्य राजाज्ञया निर्णयो भवति।

तस्मात् प्रमाणसद्भावाभावावपेक्ष्य राजा निर्णयति। अष्टादशसु मार्गेषु निबद्धानां व्यवहारपदानां सम्बन्धिषु विवादेषु राजाज्ञया द्वेधा निर्णयः सम्पद्यते।

'राज्ञामाज्ञा तु शासनम्' इत्यभिधाय आचार्येण [६२]कौटिल्येन सामान्यतया राजाज्ञायाः शासनत्वाभिधानाद् राज्ञामाज्ञया विधेययोरुभयविधयोर्व्यवहारनिर्णयप्रकारयोश्चतुर्थोपायभूतेन राजशासनेन ग्रहणं भवति।

---

६२. कौटिल्यस्यार्थशास्त्रम्, ३ अधिकरणम्, ५६-५७ प्रकरणम्, १ अध्यायः, ३ श्लोक, ३१८ पृष्ठम्। {३/१/४०}

आदिद्वारा गरिएका (स्वीकार गरिएका) कूट (झुट्टा) साक्ष्यलाई पनि खारेज गरेर राजाले वस्तुतत्त्वको (वास्तविकताको) अनुसरण गरी जनपदमा देखिएका सबै व्यवहारको निर्णय गर्नुपर्छ भनिएको छ (या.स्मृ. २/१९)। उक्त सन्दर्भबाट व्यवहारका समाप्तिमा कारणका रूपमा राजाको निर्णय रहन्छ (अन्तिम निर्णय गर्ने अधिकार राजामा हुन्छ) भन्ने निष्कर्ष निस्कन्छ। प्रमाणको अनुसरण गरेर (प्रमाणलाई आधार मानेर) गरिएका राजाका निर्णयभन्दा प्रमाणका अभावमा राजाज्ञाका माध्यमले गरिएका निर्णयमा भिन्नता देखिन्छ नै।

जसरी जमिनका सीमासित सम्बद्ध विवादमा सीमाचिह्न, ज्ञाता सामन्त आदि प्रमाणका अभावमा राजाको आज्ञा मात्र व्यवस्थापिका (सीमा निर्धारण गर्ने माध्यम) हुन्छ त्यसरी नै अन्य विवादहरूमा पनि प्रमाणका अभावमा मात्र राजाका आज्ञाका आधारमा निर्णय हुन्छ।

अर्थीद्वारा अथवा प्रत्यर्थीद्वारा अथवा सामन्त आदिद्वारा अथवा साक्षीहरूद्वारा अथवा सभ्यहरूद्वारा अथवा प्राड्विवाक आदिद्वारा प्रस्तुत गरिएका प्रमाणलाई अथवा साक्ष्यलाई अथवा उनीहरूद्वारा गरिएका निर्णयलाई खारेज गरेर राजाद्वारा गरिने निर्णय भनेको- राग, लोभ, भय आदिद्वारा आक्रान्त मनोवृत्ति भएका पुरुषहरूले छलपूर्वक व्यवहार (विवाद समाधान) गरेका हुन् भनी वस्तुतथ्यद्वारा प्रतीत (ज्ञात) भएका अवस्थामा मात्र गरिने निर्णय हो। वस्तुतथ्यको (वास्तविकताको) अनुसरण साक्षी आदि प्रमाणहरूमा अडिएको हुन्छ। त्यसैले प्रमाणको अनुसरण गरेर नै राजाज्ञाद्वारा निर्णय गरिन्छ।

त्यसैले प्रमाणको विद्यमानता (सत्ता) र अविद्यमानता (अभाव) को अपेक्षा (विचार) गरेर राजाले निर्णय लिन्छन्। अठार प्रकारका मार्गमा (समूहमा) निबन्धन गरिएका व्यवहारपदसित सम्बद्ध विवादहरूमा राजाज्ञाद्वारा दुई प्रकारको निर्णय हुन्छ। **राज्ञामाज्ञा तु शासनम्** अर्थात् 'राजाको आज्ञा शासन हो' (कौ.अ. ३/१/४०) भनी आचार्य कौटिल्यले सामान्यतया राजाको आज्ञालाई शासन मानेको हुनाले राजाका आज्ञाद्वारा गरिने दुवै प्रकारका व्यवहार निर्णयका प्रकारहरूलाई चौथो उपायका रूपमा रहेको राजाज्ञा शब्दद्वारा ग्रहण गरिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीश्वरेण याज्ञवल्क्येनापि–

'स्वहस्तकालसम्पन्नं शासनं कारयेत् स्थिरम् ।' इत्याद्यभिधायाभिलेखरूपेण संरक्ष्य संस्थाप्य स्ववंश-परम्परासमुद्गतनरपालज्ञप्तिजनकानां स्वहस्ताक्षरमुद्रादिसमन्वितानां ताम्रपत्रादीनां विधानस्य राजशासनत्वेना-भिधानाच्च राजशासनं सकलव्यवहारव्यवस्थापनमभिधत्ते ।

राज्याङ्गानि

राज्यस्य (राष्ट्रस्य) सप्त प्रकृतयः (अङ्गानि) भवन्ति । यथा–

स्वाम्यमात्या जनो दुर्गं कोशो दण्डस्तथैव च ।

मित्राण्येताः प्रकृतयो राज्यं सप्ताङ्गमुच्यते ।। इत्यभिधाय योगीश्वरेण [६३]याज्ञवल्क्येन सप्त प्रकृतयो राज्यस्य निर्दिष्टाः ।

भगवता [६४]मनुना

मध्यमस्य प्रचारं च विजिगीषोश्च चेष्टितम् ।

उदासीनप्रचारं च शत्रोश्चैव प्रयत्नतः ।। इत्यनेन मध्यमविजिगीषूदासीनशत्रुरूपाणां चतुष्प्रकाराणां राष्ट्राध्यक्षाणामुल्लेखनं विधाय

---

६३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ३५३ श्लोकः ।

६४. ७/१५५-१५७ मनुः ।

योगीश्वर याज्ञवल्क्यले पनि **स्वहस्त०** अर्थात् 'आफ्नो हस्ताक्षरले र तिथि मितिले (शक, विक्रम आदिले) युक्त अभिलेख लेखाएर शासन (राजाज्ञा) लाई स्थिर गराऊन्' (या.स्मृ. १/३२०) भनेका छन् । यसरी राजाज्ञालाई अभिलेखका रूपमा संरक्षण गरेर, व्यवस्थापन गरेर, आफ्ना वंशपरम्परामा उत्पन्न हुने भावी राजाहरूलाई जानकारी गराउने उद्देश्य राखिएका, आफ्ना हस्ताक्षर, मुद्रा आदिले युक्त भएका ताम्रपत्रादि बनाउने कार्यलाई राजशासनका रूपमा उल्लेख गरिएको हुनाले राजशासनद्वारा सम्पूर्ण व्यवहार व्यवस्थापन गरिन्छ भन्ने तथ्य अभिव्यक्त हुन्छ ।

राज्यका अङ्गहरू-

राज्यका अर्थात् राष्ट्रका सात प्रकृति अर्थात् अङ्गहरू हुन्छन् । जस्तै- **स्वाम्यमात्याः०** अर्थात् 'स्वामी (महोत्साह आदि गुणले युक्त राजा), अमात्य (मन्त्री, पुरोहित आदि), जनता (ब्राह्मण आदि प्रजा), दुर्ग (धन्व आदि किल्ला), कोश (सुवर्ण आदि सम्पत्ति वा अर्थतन्त्र), दण्ड (चार प्रकारको अर्थात् चतुरङ्गिणी सेना) एवं मित्र (सहज, कृत्रिम एवं प्राकृत सहयोगीहरू) - यी सात राज्यका प्रकृति (मूल कारण) हुन् र त्यसैले राज्यलाई सप्ताङ्ग (सात अङ्ग भएको) भनिन्छ' (या.स्मृ. १/३५३) । उद्धृत पद्यमा याज्ञवल्क्यले राज्यका सात प्रकृति (अङ्ग) हुन्छन् भनी देखाएका छन् ।

भगवान् मनुले **मध्यमस्य०** अर्थात् 'मध्यम (शत्रु र विजिगीषु राजाका भूमिमा सञ्चरण गर्ने आदि वैशिष्ट्य युक्त) राजाका, विजिगीषु (प्रज्ञा, उत्साह आदि गुणले युक्त, अतः विजय चाहने) राजाका, उदासीन (तटस्थ) राजाका र शत्रु राजाका गतिविधिको विचार गर्नुपर्छ' (मनु. ७/१५५) यस पद्यद्वारा मध्यम, विजिगीषु, उदासीन र शत्रुरूप चार प्रकारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एताः प्रकृतयो मूलं मण्डलस्य समासतः ।

अष्टौ चान्याः समाख्याता द्वादशैव तु ताः स्मृताः ।। इत्यनेन पूर्वोक्तानां मध्यमादीनां चतसृणां प्रकृतीनां संक्षेपेण मण्डलस्य (राष्ट्रमण्डलस्य) मूलम्, अन्येषामग्रतोऽरिभूमीनां मित्रम्, अरिमित्रम्, मित्रमित्रम्, अरिमित्रमित्रमिति चतसृणां प्रकृतीनाम्, पश्चाच्च पाष्णिर्ग्राहः, आक्रन्दः, पार्ष्णिग्राहासारः, आक्रन्दासारः इति चतसृणां प्रकृतीनामभिप्रायेणोक्तानामष्टानां प्रकृतीनां समाख्यानं चाभिधाय मूलप्रकृत्यन्यप्रकृत्योः संयोगेन द्वादशविधत्वं चापि निर्दिश्य,

'अमात्यराष्ट्रदुर्गार्थदण्डाख्याः पञ्च चापराः ।

प्रत्येकं कथिता ह्येताः संक्षेपेण द्विसप्ततिः ।।' इत्यनेन च पञ्च अपरप्रकृतयोऽमात्यादीनभिधाय पूर्वोक्त-मूलप्रकृत्यन्यप्रकृतिसंयोगेन निष्पन्नद्वादशसङ्ख्याया एतासाममात्यादिपञ्चानां प्रकृतीनां गुणनं विधाय निष्पन्नायां षष्टिसङ्ख्यायां प्रकृतौ तासामेव पूर्वोक्तानां द्वादशप्रकृतीनां संयोगेन निष्पद्यमानां सङ्ख्यामभिप्रेत्य संक्षेपेण द्विसप्ततिप्रकृतयो निर्दिष्टाः ।

तत्र योगीश्वरेण याज्ञवल्क्येन राज्यस्य प्रकृतयः (अङ्गानि) अभिहिताः । भगवता [६५]मनुना च–

राष्ट्रस्य सङ्ग्रहे नित्यं विधानमिदमाचरेत् ।

सुसङ्गृहीतराष्ट्रो हि पार्थिवः सुखमेधते ।। इत्युपक्रम्य राष्ट्रमण्डलगतप्रकृतिप्रचारचिन्तनविधानाद् राष्ट्रसङ्ग्रहाय (राज्यसंरक्षणाय) राष्ट्रमण्डलगतप्रकृतयोऽभिहिताः ।

६५. ७/११३ मनुः ।

राष्ट्राध्यक्षहरूको उल्लेख गरेर **एता प्रकृतयः०** अर्थात् 'यी चार (मध्यम, विजिगीषु, उदासीन र शत्रु) संक्षेपमा बताइएका राज्यमण्डलका मूल प्रकृति हुन् र अरू आठ प्रकारका प्रकृति (शाखा प्रकृति) पनि हुन्छन्, ती सबै मिलाएर (मूल एवं शाखा गरी) बाह्र प्रकृति हुन्छन्' (मनु. ७/१५६) भनी निर्देशन गरेका छन् । यसरी पहिले बताइएका मध्यम आदि चार प्रकारका प्रकृतिहरू संक्षेपमा भन्दा मण्डलका (राष्ट्रमण्डलका/राज्यका) मूल प्रकृति हुन् । अन्य अगाडि रहेका शत्रुका भूमिका मित्र, शत्रुका मित्र, मित्रका मित्र र शत्रुका मित्रका पनि मित्र गरी चार प्रकारका प्रकृतिलाई त्यसपछि प्राष्णिग्राह, आक्रन्द, प्राष्णिग्राहासार र आक्रन्दासार गरी चार प्रकारका प्रकृतिलाई ध्यानमा राखेर आठ प्रकारका प्रकृतिको उल्लेख गरिएको हो । यसरी मूल प्रकृति र अन्यप्रकृति संयोजनद्वारा निष्पन्न बाह्र प्रकारका प्रकृतिको निर्देशन गरेर **अमात्य०** अर्थात् 'अमात्य, राष्ट्र, दुर्ग, अर्थ, एवं दण्ड नामका अन्य पाँच प्रकृति हुन्छन्, यी पाँचै प्रकृति- प्रत्येकका अर्थात् पहिले बताइएका चार मूल प्रकृतिका र आठ अन्य (शाखा) प्रकृतिका हुन्छन्, अतः संक्षेपमा बहत्तर प्रकृति हुन्छन् (मनु. ७/१५७) भनेका छन् । मनुले यस पद्यद्वारा अमात्य (मन्त्री) आदि अन्य पाँच प्रकारका प्रकृतिलाई देखाएर, पहिले प्रतिपादन गरिएका मूल प्रकृति र अन्य प्रकृतिलाई जोडेर निस्किएको बाह्र सङ्ख्यालाई अन्तिम पद्यमा बताइएका अमात्य आदि पाँच प्रकृतिले गुणन गरेर, निष्पन्न भएका साठी प्रकारका प्रकृतिमा पहिले बताइएका तिनै बाह्र प्रकारका प्रकृतिलाई जोडेर निस्कने सङ्ख्यालाई ध्यानमा राखेर संक्षेपमा बहत्तर (४+८=१२×५=६०+१२=७२) प्रकारका प्रकृति हुन्छन् भनी निर्देशन गरेका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

याज्ञवल्क्योक्तप्रकृतिषु **'सुहृत्'**शब्दो मित्रस्याप्युपलक्षकः । तथा सति मनूक्ताः अष्टौ अन्या प्रकृतयः सुहृच्छब्देन सङ्गृहीता भवन्ति ।

मनूक्तपञ्चापरप्रकृतिषु **'राष्ट्र'**शब्दो जनवाचकः । तथा च याज्ञवल्क्योक्तसप्तप्रकृतिषु समभिहिता जनाख्या प्रकृतिः अभिहिता भवति । मूलप्रकृतयस्तु यथा राष्ट्रे प्रकृतिमुख्यो राजा तथैव राष्ट्रमण्डलगता राजानः समभिहिता इति राष्ट्रस्य स्वामी (राजा) उभाभ्यामेवाभिहितः ।

स च राष्ट्रस्य स्वामी राजा यादृशगुणदोषसमन्वितो भवति तद् राष्ट्रमपि तादृशमेव भवति । यथोक्तं **'यथा राजा तथा प्रजाः ।'** इति । तस्मादेव भगवता [६६]मनुना–

कृतं त्रेतायुगं चैव द्वापरं कलिरेव च ।

राज्ञो वृत्तानि सर्वाणि राजा हि युगमुच्यते ।। इत्यनेन सत्यत्रेताद्वापरकलीनां चतुर्णां युगानां राजवृत्तत्वमभिधाय राजा वै सत्यादियुगरूपोऽभिहितः ।

यदा राजा निरुद्यमो निष्क्रियो निर्गुणश्च भवति तदैव कलेः रूपमिति तादृशो राजा कलिरूपो भवति ।

६६. ९/३०१ मनुः ।

योगीश्वर याज्ञवल्क्यले राज्यका प्रकृतिहरू (अङ्गहरू) बताएका छन् । भगवान् मनुले- **राष्ट्रस्य०** अर्थात् 'राज्यको सुरक्षाका लागि वक्ष्यमाण उपायहरूको पालना गर्नुपर्छ, किनकि राम्ररी सुरक्षा गरिएको राष्ट्रको राजा सुखपूर्वक समृद्धिमा प्राप्त हुन्छ' (मनु. ७/११३) भनी विषयको उपक्रम गरेर राष्ट्रमण्डलमा (राज्यमा) रहेका प्रकृति (प्रजा) का गतिविधिको चिन्तन गर्नुपर्ने भएकाले राज्यको सुरक्षाका लागि राज्यभित्र रहेका प्रकृतिको (स्वामी, अमात्य आदिको) विधान गरेका छन् ।

याज्ञवल्क्यद्वारा उल्लिखित प्रकृतिहरूमा रहेको सुहृत् (मित्र) शब्द सहयोगीहरूको पनि वाचक हो । त्यस अवस्थामा मनुद्वारा प्रतिपादन गरिएका आठ प्रकारका अन्य (शाखा) प्रकृति पनि सुहृत् शब्दद्वारा समेटिन्छन् । मनुद्वारा प्रतिपादन गरिएका पाँच अन्य प्रकृतिमा रहेको राष्ट्र शब्द जनता अर्थको वाचक हो । यस अवस्थामा याज्ञवल्क्यद्वारा सात प्रकारका प्रकृतिहरूमा गणना गरिएको जन (ब्राह्मण आदि जनसमूह) नामको प्रकृति नै प्रतिपादित हुन्छ । जसरी राष्ट्रमा राजा प्रकृतिमा (राज्याङ्गमा) प्रमुख हुन्छन् त्यसरी नै राष्ट्रमण्डलमा (मूल राज्यका अधीनस्थ सामन्त राजाहरूद्वारा शासित राज्य खण्डमा/प्रदेशमा) राजाहरू (सामन्त राजाहरू) मूल प्रकृति (प्रमुख राज्याङ्ग) हुन्छन् भनी मूलप्रकृतिहरू बताइएका छन् । यसरी याज्ञवल्क्य र मनु दुवैद्वारा राज्यका प्रकृतिका (अङ्गका) रूपमा स्वामी (राजा) को प्रतिपादन गरिएको छ ।

राष्ट्रका सञ्चालक राजा जस्ता गुण एवं दोषले युक्त भएका हुन्छन् त्यो राष्ट्र पनि त्यस्तै हुन्छ । भनिएको छ- **यथा राजा तथा प्रजा** अर्थात् 'राजा जस्ता हुन्छन् प्रजा पनि त्यस्तै हुन्छन्' । त्यसैले त भगवान् मनुले **कृतं त्रेता०** अर्थात् 'सत्ययुग, त्रेतायुग, द्वापरयुग एवं कलियुग यी सबै राजाका व्यवहार (चेष्टा विशेष) हुन् (राजाका व्यवहारका आधारमा नै सत्य आदि युग प्रवृत्त हुने भएकाले), त्यसैलै राजालाई युग भनिन्छ' (मनु. ९/३०१) यस पद्यका माध्यमले सत्य, त्रेता, द्वापर र कलिरूप चार युगलाई राजाका व्यवहार हुन् भनी राजालाई नै सत्यादि युगरूप बताएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदा राजा बोधसमन्वितो भवति समुद्घाटितदृष्ट्या युक्तो भवति जाग्रदवस्थया समन्वितो भवति तदैव द्वापरयुगरूपमिति तादृशगुणसमन्वितो राजा द्वापरयुगरूपो भवति।

यदा तु राजा कर्मणां समुनष्ठानाय तत्परो भवति तदैव त्रेतायुगरूपत्वात् तादृशगुणसमन्वितो राजा त्रेतायुगरूपो भवति।

यदा च राजा विहितकर्माण्यनुतिष्ठन् विचरति तदैव च सत्ययुगरूपत्वात् तादृशगुणसमन्वितो राजा सत्ययुगरूपो भवति। [६७]मनुना च–

कलिः प्रसुप्तो भवति स जाग्रद्द्वापरं युगम्।

कर्मस्वभ्युद्यतस्त्रेता विचरंस्तु कृतं युगम्॥ इत्यनेन राज्ञश्चतुर्युगरूपत्वापादकानि लक्षणान्यभिहितानि। तथा महाभारतकारेण भगवता [६८]व्यासेनापि–

कृतं त्रेता द्वापरं च कलिश्च भरतर्षभ।

राजवृत्तानि सर्वाणि राजैव युगमुच्यते॥ इत्यभिधाय सत्यत्रेताद्वापरकलिरूपाणां चतुर्णां युगानां राजचरित्ररूपत्वाद् राज्ञो युगरूपत्वमभिहितम्।

---

६७. ९/३०२ मनुः।

६८. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ९१ अध्यायः, ६ श्लोकः।

राजा जब उद्योग विहीन, निष्क्रिय र निर्गुण हुन्छन् त्यसै समयमा कलिको रूप प्रकट हुन्छ, अतः त्यस्ता (दुर्गुणले युक्त) राजा कलिरूप हुन्छन्। जब राजा ज्ञानले युक्त भएका हुन्छन्, प्रकट भएका बुद्धिले युक्त भएका हुन्छन् र जाग्रद् अवस्थाले युक्त भएका हुन्छन् तब द्वापर युग हुन्छ, अतः त्यस प्रकारका विशेषताले युक्त भएका राजा द्वापरयुगरूप हुन्छन्। जब राजा कर्मको अनुष्ठानमा तत्पर हुन्छन् तब त्रेतायुग हुने भएकाले त्यस प्रकारका विशेषताले युक्त भएका राजा त्रेतायुगरूप हुन्छन्। जब राजा विहित कर्म (शास्त्रद्वारा प्रतिपादन गरिएका सदाचार आदि) गर्दै विचरण गर्दछन् तब सत्ययुग हुने भएकाले त्यस प्रकारका विशेषताले युक्त भएका राजा सत्ययुगरूप हुन्छन्। मनुले पनि- **कलिः प्रसुप्तः**० अर्थात् 'कलि सुतेको हुन्छ, यसरी नै द्वापरयुग जागेको, त्रेतायुग कर्ममा तत्पर भएको र सत्ययुग विचरण गरिरहेको हुन्छ' (मनु. ९/३०२) यस पद्यद्वारा राजालाई चारै युग हुन् भन्ने तथ्य सिद्ध गर्ने लक्षणहरू बताएका छन्।[२४]

महाभारतका रचयिता भगवान् व्यासले पनि **कृतं त्रेता**० अर्थात् 'हे भरतकुल शिरोमणि युधिष्ठिर ! सत्य, त्रेता, द्वापर र कलि यी सबै राजाका व्यवहार हुन्, अतः राजालाई नै सत्यादि युग भनिन्छ' (म.भा., शा.प.९१/६) भनी सत्य,

---

२४. अज्ञान, आलस्य आदिले गर्दा जब राजा निरुद्योग हुन्छन् तब कलियुग हुन्छ। (कलि युगमा हिताहितको ज्ञान नै हुँदैन)। जाग्रत्को अर्थ जागा हो। द्वापर युगमा ज्ञान त हुन्छ तर त्यस अनुसार कार्य भइरहेको हुन्न। जब हिताहितको ज्ञान भएर पनि राजा निष्क्रिय हुन्छन् तब द्वापर युग हुन्छ। त्रेता युगमा ज्ञान अनुसार कर्म त हुन्छ तर निरीक्षण भइरहेको हुँदैन। जब राजा हितकर कृत्यमा संलग्न हुन्छन् तब त्रेता युग हुन्छ। जब राजा शास्त्रानुसार कर्म गर्दै विचरण गर्न थाल्छन् तब सत्ययुग हुन्छ। अतः राजा कर्तव्यानुष्ठानमा तत्पर हुनुपर्छ। (**द्रष्टव्यः**- राजालाई युग भनिएता पनि वास्तविक युगको अपलाप गर्न खोजिएको भने होइन भनी मन्वर्थमुक्तावलीमा बताइएको छ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य राज्ञो विषये पापाचरणसंलग्ना नराः साधूनुद्वेजयन्तः प्रत्यक्षं चरन्ति तस्यैव राज्ञः कलिर्विन्दते, इत्यपि [६९]व्यासेनोक्तम्।

यदा राजा कलिरूपो भूत्वा प्रमाद्यति तदा नाग्नयः आधीयन्ते, न श्रौत्राग्निषु वैदिककर्माण्यनुष्ठीयन्ते, न च त्रयी विद्या अधीयते। एतदपि [७०]व्यासेनोक्तम्। यथा–

अग्नित्रेता त्रयी विद्या यज्ञाश्च सहदक्षिणाः।

सर्व एव प्रमाद्यन्ति यदा राजा प्रमाद्यति॥ इति।

अग्नीनां विलोपे आधनसिद्धाग्निमतो वैदिकोत्तरक्रियानुष्ठानाधिकारात् तदभावजनितः कर्माननुष्ठान-रूपकारकधर्मलोपः त्रय्या विद्याया लोपे ज्ञापकरूपधर्मलोप इति राज्ञः प्रमादादुभयविधधर्मलोपः।

यदा प्रमत्तो राजा धर्मं विनाशयति तदा सर्वे प्रजाः [७१]शोकाकुला भवन्ति सीदन्ति च। राजपुत्राः, राजदाराः, राजबान्धवाः, राजसुहृदः सर्वेऽपि शोचनीयामवस्थामाप्नुवन्ति। किं नाम मनुष्याणामपि तु हस्त्यश्वगोष्ट्राश्वतरगर्दभादयः पशवश्चावसादमाप्नुवन्ति। एतादृशमेव तथ्यं [७२]व्यासेनोक्तम्। यथा–

---

६९. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ९१ अध्यायः, २८ श्लोकः।
{यत्र पापा ज्ञायमानाश्चरन्ति सतां कलिर्विन्दते तस्य राज्ञः}

७०. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ९१ अध्यायः, ८ श्लोकः।

७१. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ९१ अध्यायः, १३ श्लोकः। {अधर्मस्थे हि नृपतौ सर्वे शोचन्ति पार्थिव}

७२. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ९१ अध्यायः, १०-११ श्लोकौ।

त्रेता, द्वापर एवं कलिरूप चारै युग राजाका चरित्र भएकाले राजा युगरूप हुन्छन् भन्ने तथ्य प्रतिपादन गरेका छन्। 'जुन राजाका देशमा पापाचरणमा (पापप्रधान कार्यमा) संलग्न भएका मनुष्यहरू सज्जनहरूलाई उद्विग्न गराउँदै खुलमखुला सञ्चरण गर्दछन् त्यसै राजालाई कलिले आश्रय बनाउँछ' (म.भा., शा.प. ९१/२८) यो तथ्य पनि व्यासले बताएका छन्। जब राजा कलिरूप भएर प्रमाद गर्न थाल्छन् तब अग्निहरू बल्न छाड्दछन्, श्रौताग्निमा वैदिक कर्महरू सम्पादन गर्न छाडिन्छ, त्रयी विद्याको (वेदको) अध्ययन पनि हुन छाड्छ। यो तथ्य पनि व्यासले नै भनेका छन्। जस्तै-

अग्नित्रेता० अर्थात् 'जब राजा प्रमादले युक्त भएका हुन्छन् तब तीन प्रकारका (गार्हपत्य, दक्षिण एवं आहवनीय) अग्नि, त्रयी (ऋक्, यजुः एवं सामरूप तीन प्रकारका) विद्या र दक्षिणा सहितका यज्ञहरू प्रमाद युक्त हुन्छन् अर्थात् अग्निको समाराधन हुँदैन (अग्निमा गरिने कर्म लोप हुन्छन्), वेदको अध्ययन हुँदैन र ठूला यज्ञहरू पनि सम्पन्न गरिँदैनन् (म.भा., शा.प. ९१/८)। आधान सिद्ध (आधान गरिएका) अग्निले युक्त भएका पुरुषलाई मात्र वेदप्रतिपादित उत्तर क्रिया (इष्टि, पशु एवं सोमरूप उत्तरक्रतु) गर्ने अधिकार भएकाले आधान गरिएका अग्नि नष्ट भएका अवस्थामा उक्त कर्महरू सम्पन्न हुन सक्दैनन्। अग्निका अभावमा उत्तर क्रतुरूप यज्ञहरू सम्पादन नगरिएका अवस्थामा कारकधर्मको लोप हुन्छ। वेदत्रयीको (अध्ययन, अध्यापन परम्पराको) लोप भएका अवस्थामा ज्ञापक धर्मको लोप हुन्छ। अतः राजाका प्रमादबाट दुवै प्रकारका (कारक एवं ज्ञापक) धर्मको लोप हुन्छ।

जब प्रमादका कारण राजाले धर्मलाई नष्ट गराउँछन् तब सबै प्रजा (प्राणी) शोकले व्याकुल हुन्छन् र पीडित बन्दछन् (म.भा., शा.प. ९१/१३)। राजाका छोराहरू, राजाका पत्नीहरू, राजाका बान्धवहरू र राजाका मित्रहरू सबै नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञो भार्याश्च पुत्राश्च बान्धवाः सुहृदस्तथा। समेत्य सर्वे शोचन्ति यदा राजा प्रमाद्यति ।।
हस्तिनोऽश्वाश्च गावश्चाप्युष्ट्राश्वतरगर्दभाः। अधर्मभूते नृपतौ सर्वे सीदन्ति जन्तवः ।। इति।

तस्माद् भूतानां कर्ता विनाशकश्च [७३]राजैव सम्पद्यते। यदा राजा कलिरूपो भवति तदा विनाशकः सम्पद्यते। यदा तु राजा द्वापररूपः सम्पद्यते तदा ज्ञाने सत्यपि कर्मानुष्ठानाभावात् राजनि प्रजारञ्जकत्वं नाप्नोति। यदा च त्रेतारूपमश्नुते राजा तदापि केवलतत्परमात्रेण कर्मानुष्ठानासम्पत्तेर्न हि राजधर्मः सिद्धिमाप्नोति।

अतश्च राज्ञा सत्ययुगरूपधारिणा भाव्यम्। तद्रूपप्राप्तये च राज्ञा राज्ञः कृते विहितानां समेषां धर्माणां सम्यक्परिपालनं विधेयम्।

राज्ञः समनुष्ठेयधर्माः

अशिष्टानामुद्वृत्तानां दृप्तानां नरकण्टकानां खलानां पापानां दुष्टानां दमनं राजधर्मः। अमात्यान् (मन्त्रिणः) मानयित्वा मन्त्रणायां (राज्ञो जनपदरक्षणसम्बन्धिकृत्यविमर्शे), विग्रहावस्थायां युद्धे च नियोजनम्, जनपदवासिनां सुकृतं कर्म सुभाषितां वाचं च समीक्ष्य सत्करणम्, भूतेषु विभज्य भोजनम्, अमात्यानामतिरस्करणम्, दृप्तस्य बलिनो विनाशनम्, कायेन वाचा कर्मणा सर्वेषां भयेभ्यस्त्राणनम्, अपराधे जाते पुत्रस्याप्यमर्षणम्, संविभज्य

७३. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ९१ अध्यायः, ९ श्लोकः। {राजैव कर्ता भूतानां राजैव च विनाशकः}

शोचनीय अवस्थामा पुग्दछन्। मनुष्यहरूको मात्र के कुरा गर्ने हात्ती, घोडा, गाई, उँट, खच्चड, गधा आदि पशुहरू पनि विषादले (खिन्नताले) युक्त अवस्थामा प्राप्त हुन्छन्। यसै प्रकारको कुरा व्यासले गरेका छन्। जस्तै- **राज्ञो भार्याश्च०** अर्थात् 'जब राजा मातिन्छन् तब राजाका पत्नीहरू, सन्तानहरू, बान्धवहरू र मित्रहरू एकै ठाउँमा जम्मा भएर शोक (चिन्ता) गर्न थाल्छन्। राजा अधार्मिक भएका स्थितिमा हात्तीहरू, घोडाहरू, गाईहरू, उँटहरू, खच्चरहरू र गधाहरू- अर्थात् सबै जन्तुहरू दुःखित हुन्छन् (म.भा., शा.प. ९१/१०-११)।

यसै कारणले राजा नै प्राणीहरूका कर्ता र विनाशक बन्दछन् (म.भा., शा.प. ९१/९)। जब राजा कलिरूप हुन्छन् तब विनाशक बन्दछन्। जब राजा द्वापररूप हुन्छन् त्यस समयमा ज्ञान भए तापनि कर्मानुष्ठानका अभावमा राजामा प्रजारञ्जकता प्राप्त हुन सक्दैन। जुन समयमा राजा त्रेतारूप भएका हुन्छन् त्यस समयमा पनि कर्ममा तत्परता मात्र देखाएर कर्म सम्पन्न नहुने भएकाले राजधर्मले सिद्धि (सफलता) प्राप्त गर्न सक्दैन। अतः राजा सत्ययुगको रूप धारण गर्ने हुनुपर्छ। उक्त रूप प्राप्त गर्नका लागि राजाले राजाका निमित्त विहित सम्पूर्ण धर्मको राम्रोसँग परिपालन गर्नुपर्छ।

राजाले गर्नुपर्ने कर्तव्य-

शिष्टाचार नभएका, नराम्रो आचरण भएका, उद्दण्ड स्वभाव भएका, मनुष्यहरूका लागि काँडाजस्ता बनेका, धूर्त स्वभाव भएका र पापकर्ममा संलग्न भएका दुष्टहरूको दमन गर्नु राजाको धर्म अर्थात् राजधर्म हो। मन्त्रीहरूलाई यथोचित सम्मान गरेर मन्त्रणामा (राजाद्वारा जनपदको सुरक्षाका सम्बन्धमा गरिने विचार विमर्शमा) र युद्ध भएका अवस्थामा युद्धभूमिमा खटाउनु; जनपदमा बस्ने व्यक्तिले गरेका राम्रा कामको र भनेका राम्रा भनाइको (सुभाषितको अथवा राम्रा काव्यको) समीक्षा गरेर उनीहरूलाई सत्कार गर्नु (पुरस्कार दिनु); सबै प्राणीहरूलाई यथोचित भाग लगाएर भोजन गर्नु/गराउनु; मन्त्रीहरूको तिरस्कार (उपेक्षा) नगर्नु; उद्दण्ड स्वभाव भएको बलियो मनुष्यलाई दबाउनु (मृत्युदण्ड दिनु); शरीरले, वाणीले र कर्मले सबैलाई भयबाट मुक्त गराउनु; अपराध गरेका अवस्थामा छोरालाई पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोजनेन दुर्बलानां बलसम्पादनम्, राष्ट्राणाम् (राष्ट्रनिवासिनां जनानाम्) दस्युभ्यः संरक्षणम्, दस्यूनामपराधानुसारं निरोधबन्धनवधादिभिरपसारणं विनाशनम्, सङ्ग्रामेषु विजयप्रापणम्, कर्मणा वाचापि वा पापमाचरतः प्रियस्यापि अमर्षणम्, शरणदानयोग्यानां पुत्रवत्परिरक्षणम्, मर्यादाया अभेदनम्, प्रशस्तदक्षिणासमन्वितैर्यज्ञैर्यज्ञानां कामद्वेषावनादृत्य श्रद्धया समनुष्ठानम्, नृणां हर्षं समुत्पाद्य कृपणानामनाथानां वृद्धानां चाश्रूणां परिमार्जनम्, मित्राणां संवर्द्धनम्, शत्रूणां कर्षणम्, साधूनां सम्पूजनम्, प्रीत्या सत्यस्य पालनम्, नित्यं भूमेः प्रदानम्, अतिथीनां भृत्यानां च पूजनम्, निग्राह्यानां नियमनम्, अनुग्राह्यानामनुग्रहकरणम्, धार्मिकाणां नराणां सम्प्रदानम्, ऋत्विक्पुरोहिताचार्याणां सत्करणमनवमननं दानमानादिभिः पूजनं च, यम इव प्रियद्वेष्यावनादृत्य विधिवत्प्रजानां नियमनम्, राज्ञावलोकनीयं धर्मं सम्यगवलोक्य सहस्राक्षसादृश्यप्रापणम्, सावधानेन क्षमाविधानम्, बुद्धिवृद्धिकरणम्, धृतिधारणम्, मतिग्रहणम्, सर्वभूतानां सङ्ग्रहणम् (संरक्षणम्), दानम्, मधुरभाषणम्, यथा सुखं सम्पद्यते पौरजानपदानां तथा संरक्षणम्, प्रजानां संरक्षणाय स्वकीयकुशलतासम्पादनम्, दण्डज्ञत्वापादनम्, प्राज्ञत्वशूरत्वाक्लीबत्वबुद्धिमत्त्वाभिरूपत्वकुलीनत्वदक्षत्वभक्तिमत्वबहुश्रुतत्वसम्पादनम्, अभिरूपैः महति

नछाड्नु (उचित दण्ड दिनु); भाग लगाई भोजन गराई बल नभएका (निर्धा) मनुष्यलाई पनि बलवान् (बलिया) बनाउनु; डाँकाहरूबाट राष्ट्रलाई (राष्ट्रमा बस्ने मनुष्यहरूलाई) संरक्षण गर्नु; डाँकाहरूलाई उनीहरूले गरेका अपराधअनुसार निरोधन (सामाजिक कार्य आदिमा प्रतिबन्ध), बन्धन (कारागार क्षेपण/जेल चलान) र वध (मृत्युदण्ड) आदि उपाय अवलम्बन गरेर टाढा हटाउनु, नियन्त्रण गर्नु वा अस्तित्व नै मेटाइदिनु; युद्धभूमिमा विजय प्राप्त गर्नु (सङ्ग्राममा शत्रुलाई परास्त गरेर विजयी बन्नु); कर्मद्वारा अथवा वाणीद्वारा पाप गर्ने व्यक्ति आफ्नै प्रियजन भएता पनि सहन नगर्नु (छुट नदिनु/ दण्ड दिनु); शरण दिन योग्य पुरुषलाई छोरालाईझैं संरक्षण गर्नु, मर्यादाको भेदन (उल्लङ्घन) नगर्नु; काम एवं द्वेषको भावनालाई टाढै पन्छाएर श्रद्धापूर्वक प्रशस्त दक्षिणाले युक्त भएका यज्ञहरूका माध्यमले धार्मिक अनुष्ठान सम्पन्न गर्नु; मनुष्यहरूमा खुसीयाली ल्याएर अर्थात् उनीहरूलाई प्रसन्न गराएर- कृपण (थोरै पनि सम्पत्ति नभएका मनुष्य) हरूका, अनाथ (संरक्षण गर्ने व्यक्ति नभएका मनुष्य) हरूका र वृद्ध (बूढा-बूढी) हरूका आँसु पुछ्नु; मित्रहरूलाई बढाउनु (मित्रहरूको उन्नति गराइदिनु); शत्रुहरूलाई कर्षण गर्नु (दबाउनु/अधोगतिमा पुऱ्याउनु); सज्जनहरूको पूजा (सम्मान) गर्नु; प्रेमपूर्वक सत्यको पालना गर्नु; निरन्तर भूमिदान गर्नु; अतिथिहरूको, र सेवकहरूको पूजा (आदर) गर्नु; नियन्त्रण गर्न योग्य पुरुषलाई नियन्त्रण गर्नु; अनुग्रह (सहयोग आदि) गर्न योग्य पुरुषलाई अनुग्रह गर्नु; धार्मिक व्यक्तिलाई दान दिनु; ऋत्विक्, पुरोहित एवं आचार्यहरूको सत्कार गर्नु, उनीहरूको कहिल्यै पनि अपमान नगर्नु, दान-मान आदिद्वारा उनीहरूलाई सत्कार गर्नु; आफूलाई मन पराउने र आफूसित शत्रुता गर्ने दुवै प्रकारका पुरुषप्रति यमराजलेझैं समान दृष्टि राखेर विधिपूर्वक प्रजाहरूको नियमन गर्नु; राजाद्वारा हेर्नुपर्ने धर्म राम्ररी हेरेर इन्द्र समान बन्नु; सावधान भएर क्षमा गर्नु, बुद्धिको वृद्धि गराउनु, धृति (धैर्य) धारण गर्नु र मति (बुद्धि) लाई ग्रहण गर्नु; सबै प्राणीहरूको सङ्ग्रह (संरक्षण) गर्नु; दान दिनु; मीठो बोल्नु; जे गर्नाले सहरमा र गाउँमा बस्ने पुरुषले सुख पाउँछन् त्यसरी उनीहरूको संरक्षण गर्नु; प्रजाहरूको संरक्षणका लागि आफ्नो कुशलता (कार्यदक्षता) उत्पन्न गराउनु; आफूलाई दण्डनीतिमा निपुण बनाउनु; स्वयंमा प्राज्ञता शूरता, अक्लीबता (नपुंसकपनको अभाव), बुद्धिमत्ता, अभिरूपता, कुलीनता, दक्षता,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुले सम्भूतैः निपुणैः स्वकीयभक्तैः बहुश्रुतैश्च पुरुषैः आश्रमिणां तपस्विनां च बुद्धीनां परीक्षणम्, तत एव सर्वेषां भूतानां धर्मावबोधनम्, स्वदेशे परकीयेऽपि च देशे स्वधर्मस्य प्रवर्तनम्, अर्थकामाभ्यां धर्मस्योत्तरत्वापादनम् (श्रेष्ठत्वसम्पादनम्), अप्रमादशौचयोः राजभूतिकरत्वात्तत्सम्पादनम्, तेषु प्रमादाकरणम्, अप्रमत्तो भूत्वा स्वस्य परस्य च छिद्रदर्शनम्, समीक्षणं स्वस्य, अन्वेषणं परस्य एतत्सर्वं वृत्तं राजधर्मः। वासवस्याप्येतद्वृतम्, वरुणस्य, यमस्य, सर्वेषां राजर्षीणां चैतद्वृत्तम्।

इत्थमेव महाभारतकारेण भगवता [७४]व्यासेन चोदितम्। एभिः सद्वृत्तैः समन्वितस्य राष्ट्रस्य स्वामिनो राज्ञः प्रजा अपि तादृशेनैव स्व–स्ववर्णानुष्ठेयवृत्तेनोपेता भवन्तीति **'यथा राजा तथा प्रजाः'** इति, [७५]**'यद्यदाचरते राजा तत् प्रजानां स्म रोचते'** इति च उक्तम्। राज्ञः प्रजानां च सद्वृत्तानुसरणं सत्ययुगवृत्तत्वात् स्वयं सद्वृत्तमनुसरन् प्रजाश्च सन्मार्गे संयोजयन् नरपतिः सत्ययुगरूपो भवति।

राजकारणात् कालप्रवृत्तिः

कालो वा कारणं राज्ञो राजा वा कालकारणम्। इति ते संशयो माभूद्राजा कालस्य कारणम्॥

इत्यभिधाय राज्ञः कालकारणत्वं [७६]व्यासेन निर्दिष्टम्।

७४. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ९१ अध्यायः, २६-५६ श्लोकाः।

७५. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ७५ अध्यायः, ४ श्लोकः।

७६. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ६९ अध्यायः, ७९ श्लोकः।

भक्तिमत्ता, बहुश्रुतता सम्पादन गर्नु; अनुकूल, ठूला वंशमा उत्पन्न भएका, निपुण, आफूप्रति भक्तिभाव भएका र अनेकौँ शास्त्रको अध्ययन गरेका पुरुषहरूद्वारा आश्रममा बस्ने मनुष्यहरूका र तपस्वीहरूका बुद्धिको परीक्षा गर्नु; उनीहरूबाट नै सबै प्राणीका धर्मको ज्ञान गर्नु; आफ्ना देशमा र अरूका देशमा पनि आफ्नो धर्म लागू गराउनु; अर्थ एवं कामभन्दा धर्म नै श्रेष्ठ पदार्थ हो भन्ने भावना उत्पन्न गराउनु (धर्मलाई अर्थ एवं कामभन्दा श्रेष्ठ पदार्थका रूपमा प्रतिष्ठित गराउनु); अप्रमाद (प्रमादको अभाव अर्थात् उद्यमशीलता) र शौच (पवित्रता) ले राजाको कल्याण गर्ने भएकाले उक्त दुवै कार्य सम्पन्न गर्नु वा गराउनु; उद्यमशीलता र पवित्रताका सम्बन्धमा प्रमाद नगर्नु; अप्रमत्त (सावधान) भएर आफ्ना र अरूका छिद्र (कमजोरी) खोज्नु; आफ्नो समीक्षा गर्नु; (आफ्ना छिद्र अरूलाई थाहा पाउन नदिनु तर) अरूका (छिद्रको) अन्वेषण गर्नु- यो सबै कार्य राजधर्म हो। देवराज इन्द्रको कार्य पनि यही हो, वरुणको, यमको र अन्य सबै राजर्षिहरूको कार्य पनि यही नै हो (म.भा., शा.प. ९१/२८-५६ सार)।

महाभारतका लेखक भगवान् व्यासले यसरी राजधर्मका सम्बन्धमा बताएका छन्। पूर्वोक्त राम्रा व्यवहारले युक्त भएका राष्ट्रका स्वामीका अर्थात् राजाका प्रजाहरू पनि त्यसै प्रकारका आ-आफ्ना वर्णका लागि गर्नुपर्छ भनी बताइएका आचारले युक्त भएका हुन्छन्। त्यसैले त **यथा राजा तथा प्रजा** अर्थात् 'राजा जस्ता हुन्छन् प्रजाहरू पनि त्यस्तै हुन्छन्' र **यद्यदाचरते राजा तत् प्रजानां स्म रोचते** अर्थात् 'राजाले जे जे गर्छन् त्यही नै प्रजाहरूलाई मन पर्छ' (म.भा., शा.प. ७५/४) भनिएको छ। राजाका र प्रजाका राम्रा आचारको अनुसरण सत्ययुगको व्यवहार भएकाले आफूले पनि सदाचारको अनुसरण गरिरहेका र प्रजाहरूलाई पनि सन्मार्गमा लगाइरहेका राजा सत्य युगरूप हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदा राजा सर्वात्मना दण्डनीत्यां प्रवर्तते तस्यामवस्थायां कृतयुगं सम्पद्यते । कृतयुगे धर्मः शास्ति सर्वाः प्रजाः । सर्वथा धर्म एव प्रसरति । अधर्मस्य तत्र सत्ता एव नोपलभ्यते । ब्राह्मणक्षत्रियवैश्यशूद्राणां सर्वेषामेव वर्णानामधर्मे मनो न रमते । अप्राप्तस्य प्राप्तिः, प्राप्तस्य च परिरक्षणात्मका योगक्षेमाः प्रजानां सम्पद्यन्ते । वेदेषु चोदितानां गुणानां सर्वेषु समुद्भवः कर्मणां समनुष्ठानं चोपपद्यते । सर्वे ऋतवः सुखमया निरामयाश्च समुत्पद्यते । समेषां नराणां स्वरवर्णमनांसि च प्रसीदन्ति । व्याधीनां नोत्पत्तिः । अल्पायुः कश्चिदपि नरो न जायते । अल्पायुषोऽभावो विधवाभावमुत्पादयतीति न काचिदपि विधवा नारी भवति । कश्चिदपि कृपणो न जायते । पृथिवी चाकृष्टपच्या भवति । ओषधयस्त्वक्पत्रपुष्पमूलफलानि च वीर्यवन्ति सम्पद्यते । एतच्च सर्वं धर्मानुसरणानुष्ठानजन्यं फलम् । तस्मात् सर्वथा सर्वदा तत्र कृते युगे केवलं धर्म एव भवति । अधर्मस्तु न ह्येव भवति । धर्मो धर्मं जनयति । अर्थोऽर्थं जनयति । कामः कामं जनयति । ओषधयः ओषधीर्जनयन्ति । मनुष्यो मनुष्यान्, पशवः पशून्, मृगा मृगान्, वयांसि पक्षिणः, अजा अजान्, अवयः अवीन्, वटो वटम्, अश्वत्थः अश्वत्थम्, चूतश्चूतम् जनयतीति न्यायाद् राज्ञोऽपि धर्मरूपस्य दण्डस्य नीतिः सर्वथा धर्ममेव जनयति ।

राजाकै कारण काल (समय) प्रवृत्त हुन्छ-

कालो वा० अर्थात् 'काल राजाको कारण हो अथवा राजा कालका कारण हुन् यस प्रकारको सन्देह तिम्रा मनमा उत्पन्न नहोस्, किनकि राजा कालका कारण हुन्' (म.भा.,शा.प. ६९/७९) भनी व्यासले राजा कालको कारण भएको तथ्य प्रतिपादन गरेका छन् ।

जब राजा सम्पूर्णरूपमा दण्डनीतिका आधारमा हिंडिरहेका हुन्छन् त्यस अवस्थामा सत्ययुग हुन्छ । सत्ययुगमा धर्मले सबै प्रजाहरू माथि शासन गर्छ । सम्पूर्ण रूपमा धर्म नै फैलिएको हुन्छ । त्यहाँ अधर्मको सत्ता पनि पाउन सकिन्न । ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्ररूप सबै वर्णको मन अधर्ममा रमाउँदैन । अप्राप्त वस्तुको प्राप्तिरूप योग र प्राप्त वस्तुको संरक्षणरूप क्षेम प्रजाहरूमा उत्पन्न हुन्छ । वेदमा बताइएका गुणहरू सबैमा उत्पन्न हुन्छन् भने सबैले नै वेदमा बताइएका कर्महरू सम्पन्न गर्छन् । सबै वसन्तादि ऋतुहरू सुखमय र आमय (रोग) रहित हुन्छन् (कुनै पनि ऋतुमा रोगको प्रकोप हुँदैन) । सबै वर्णका स्वर (ध्वनि), वर्ण (अक्षर) एवं मन प्रसन्न हुन्छन् । शारीरिक रोगहरूको उत्पत्ति हुन्न । कुनै पनि मनुष्य अल्पायु (छोटो आयु भएको) हुँदैन । अल्पायुको अभावले विधवाहरूको अभावलाई उत्पन्न गराउँछ । पुरुष अल्पायु नभएका अवस्थामा कुनै पनि महिला विधवा हुँदैनन् । कुनै पनि पुरुष कृपण (दरिद्र) हुँदैन । पृथिवी अकृष्टपच्या (विना खन-जोत नै धान्यादि उत्पन्न गराउने) हुन्छ ।[२५] ओषधिहरू, रूखका बोक्रा, पात, फूल, जरा र फल प्रभावकारी हुन्छन् । यो सबै धर्मको अनुसरण गर्दै गरिएका अनुष्ठान (धर्मपालना) बाट उत्पन्न भएको परिणाम हो । अतः सत्य युगमा सबै प्रकारले र सबै अवस्थामा मात्र धर्म हुन्छ । अधर्म त हुँदै हुँदैन (म.भा., शा.प. ६९/८०-८६ सार) । धर्मले धर्मलाई उत्पन्न गराउँछ । अर्थले अर्थलाई उत्पन्न गराउँछ । कामले कामलाई उत्पन्न गराउँछ । ओषधिहरूले ओषधिहरूलाई उत्पन्न गराउँछन् । मनुष्यले मनुष्यलाई, पशुले पशुलाई, मृगले मृगलाई, चराले चरालाई, बाख्राले बाख्रालाई, भेडाले भेडालाई, वरको रूखले वरको रूखलाई, पीपलको रूखले पीपलको रूखलाई, आँपको रूखले

---

२५. महाभारतको मूलपद्य अनुसार ओषधिहरू पनि अकृष्टपच्य हुन्छन् भन्ने अर्थ समेत लाग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि [७७]धर्मोऽर्थस्य मूलमर्थः कामस्य धर्मो धर्मस्य चेति त्रिवर्गमूलत्वं धर्मस्य, धर्मानुष्ठानद्वारा चतुर्थपुरुषार्थरूपस्य मोक्षस्याप्युपलब्धेश्च चतुर्णामेव पुरुषार्थानां धर्मो मूलम् । तथापि सुकृतकर्मानुष्ठानात् धर्मस्योत्पत्तेः, अनुष्ठेयात्मकानां कर्मणां च धर्मत्वेनाभिधानात् धर्मो धर्ममेव जनयति । यद्यपि कारीर्यादि-यागानुष्ठानानन्तरं वृष्ट्याद्यर्थोत्पत्तिस्तथापि कारीर्यादियागानुष्ठानानन्तरं यदपूर्वमुत्पद्यते तदेव धर्मस्य रूपमिति धर्मो धर्ममेव जनयति । उक्ताश्च धर्माः कृतयुगं ज्ञापयन्ति ।

तस्माद् दण्डनीत्यां सम्यक् कार्त्स्न्येन प्रवर्तमानो महीपतिः कृतयुगधर्मसम्पादकत्वात् कृतयुगरूपो भवति ।

दण्डनीतेश्चत्वारोंऽशाः कार्त्स्न्येन कृते युगे भवन्ति । अपरेषु त्रेतादिषु त्रिषु युगेषु तु क्रमशः एकैकस्यांशस्य ह्रासो भवति । तथा च त्रेतायुगे दण्डनीतेस्त्रीनंशाननुवर्तते, द्वापरे द्वावंशावनुवर्तते, कलौ त्वेकोप्यंशो वर्तते नापि वा वर्तते । अधर्मभूयिष्ठत्वात्तस्य कले रूपस्य ।

एतेषु त्रेतादिषु युगेषु क्रमशो धर्मस्येकैकपादह्रासादधर्मस्य चैकैकपादवृद्धेः राजप्रयुक्तदण्डनीतिमनुवर्तमानाः प्रजा अपि तथा तथा जायन्ते । सत्ययुगे हलादिकर्षणं विनैव फलदात्री पृथिवी च त्रेतायुगे राजदण्डनीतेः पादेन विभ्रमात् कृष्टपच्या सम्पद्यते । द्वापरे युगे च दण्डनीतेरर्धेन विभ्रमाद् अर्धेन धर्मस्य हानिर्भवति, अधर्मस्य तज्जन्याशुभस्य चार्धेनैवानुवर्तनमुपपद्यते ।

---

७७. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, १२३ अध्यायः, ४ श्लोकः । {धर्ममूलः सदैवार्थः कामोऽर्थफलमुच्यते}

आँपको रूखलाई उत्पन्न गराउँछ । अतः न्यायपूर्वक प्रयोग गरिएको राजाका दण्डनीतिले सर्वथा धर्मलाई नै उत्पन्न गराउँछ ।

धर्म अर्थको मूल हो, अर्थ कामको मूल हो र धर्म नै धर्मको मूल हो (म.भा., शा.प. १२३/४) । अतः धर्म त्रिवर्गको मूल हो भन्ने सिद्ध हुन्छ । धर्मको अनुष्ठानद्वारा चौथो पुरुषार्थका रूपमा रहेको मोक्षको पनि प्राप्ति हुने भएकाले धर्मलाई चारै पुरुषार्थको मूल मान्नुपर्छ । राम्रा कर्महरूको अनुष्ठानबाट धर्मको उत्पत्ति हुने भएकाले र गर्नुपर्ने कर्महरूलाई पनि धर्म भनिएकाले धर्मले धर्मलाई नै उत्पन्न गराउँछ । हुन त कारीरी आदि यज्ञको अनुष्ठान गरेपछि वृष्टि आदि फलको उत्पत्ति हुन्छ तर पनि कारीरी आदि यज्ञको अनुष्ठान गरेपछि जुन अपूर्व उत्पन्न हुन्छ त्यही नै धर्मको रूप हो । अतः धर्मले धर्म नै उत्पन्न गराउँछ । बताइएका धर्महरूले सत्ययुगलाई प्रकट गर्छन् (सत्ययुगको बोध गराउँछन्) । त्यसैले दण्डनीतिमा राम्ररी र पूर्ण रूपमा प्रवृत्त भएका पृथिवीपति राजाले सत्ययुगका धर्म सम्पादन गर्छन् । अतः उनी सत्ययुगरूप हुन्छन् ।

डण्डनीतिका चारै अंश सत्ययुगमा पूर्णरूपमा रहेका हुन्छन् । अन्य त्रेता आदि तीन युगमा भने क्रमैले एउटा एउटा अंशको ह्रास हुन्छ । यसरी त्रेतायुगमा धर्मले दण्डनीतिका तीनवटा अंशको अनुसरण गर्छ, द्वापरयुगमा दुईवटा अंशको अनुसरण गर्छ । कलि युगमा धर्मको एउटा मात्र अंश अवशिष्ट रहन्छ अथवा एउटा अंश पनि नहुन सक्छ । कलियुगको स्वरूप नै अधर्मप्रधान हुने भएकाले यस्तो स्थिति आएको हो ।

उक्त त्रेता आदि युगमा क्रमशः धर्मको एउटा एउटा पाउको ह्रास हुने भएकाले र अधर्मको एउटा एउटा पाउको वृद्धि हुने भएकाले राजाद्वारा प्रवर्तन गरिने दण्डनीतिको अनुसरण गरिरहेका प्रजाहरू पनि त्यस्तै हुन्छन् । सत्ययुगमा हलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदा राजा कार्त्स्न्येन दण्डनीतिं परित्यज्य अयोगेन प्रजाः क्लिश्नाति परिपीडयति तदा अयोगेन कलिः प्रवर्तते। अयोगश्छलम्।

यदा राज्ञो दण्डनीतेर्विभ्रमात्कलेरुदयो भवति तदा धर्मस्य नामापि न ज्ञायते। यद्यपि क्वचिद् दृश्यते तदपि धर्मस्य सम्यक् रूपं न भजते। अधर्मभूयिष्ठा जनाः सम्पद्यन्ते। सर्वेषां वर्णानां मनांसि च स्व–स्वधर्माच्च्यवन्ते। शूद्रा ब्राह्मणवृत्तिमाक्रमन्ते। ब्राह्मणाश्च शूद्रवृत्तिमवलम्ब्योपजीवन्ति। योगक्षेमयोर्विनाशो भवति। दारपरिग्रह-विधेर्नियमस्य चोच्छेदाद् यथेच्छं पशुवदुपभोगप्रधानप्रवृत्तिसमन्विता जनाः प्रतिलोमानुलोमजान् वर्णसङ्करा-नुत्पादयन्ति। वैदिककर्मणां समनुष्ठानं न भवति। यदा कदा यत्र कुत्रानुष्ठाने जातेऽपि सम्यक् न सम्पद्यते। सर्वे ऋतवश्च सुखमया न भवन्ति। रोगव्याधिसमन्विता नरा नार्यश्च जायन्ते। मनुष्याणां स्वरवर्णमनांसि च ह्रासमाप्नुवन्ति। व्याधीनामाक्रमणेन गतायुषो मानवाश्च स्वल्पे वयसि कालपाशवशंगता भवन्ति। तस्मादेव च नार्यश्च विधवातुराः सम्पद्यन्ते। राज्ञो दण्डनीतेर्विभ्रमादेव प्रजा नृशंसाः समुत्पद्यन्ते। क्वचित्पर्जन्यो वर्षति

आदिले नजोतेका (खन जोत नगरिएका) अवस्थामा पनि फल दिने (अन्न उत्पन्न गराउने) पृथिवी त्रेतायुगमा राजाद्वारा प्रयोग गरिने दण्डनीतिका एउटा पाउको विभ्रमले (अभाव वा अनुचित प्रयोगले) कृष्टपच्या (खन जोत गरेका अवस्थामा मात्र अन्न उत्पन्न गराउने) बन्दछ। द्वापरयुगमा दण्डनीतिको आधा भागको विभ्रम हुने भएकाले आधा भाग धर्मको हानि हुन्छ। त्यसैले अधर्मको र त्यसबाट उत्पन्न हुने अशुभको आधा मात्र अनुसरण युक्ति सङ्गत देखिन्छ। जब राजाले पूर्णरूपमा दण्डनीतिको त्याग गरेर अयोग (छल) पूर्वक प्रजालाई पीडा दिन्छन् त्यस समयमा अयोग (छल) पूर्वक कलि प्रवृत्त हुन्छ। अयोगको अर्थ छल हो।[२६]

जब राजाका दण्डनीतिको विभ्रमले कलियुगको उदय हुन्छ तब धर्मको नाम पनि थाहा पाउन सकिन्न। हुन त कहीँ कहीँ धर्म देखिन्छ तर त्यस धर्मले धर्मको वास्तविक स्वरूपलाई प्राप्त गरेको हुन्न। अधर्म नै अत्यधिक मात्रामा भएका प्रजाहरू उत्पन्न हुन्छन्। सबै वर्णको (ब्राह्मण आदिको) चित्तवृत्ति आ-आफ्ना धर्मबाट च्युत हुन्छ। शूद्रहरूले ब्राह्मणका वृत्तिमा आक्रमण गर्छन् (ब्राह्मणको वृत्ति अवलम्बन गर्छन्)। ब्राह्मणहरूले शूद्रको वृत्ति अवलम्बन गरेर जीविका चलाउँछन्। योग (अप्राप्त वस्तुको प्राप्ति) र क्षेम (प्राप्त वस्तुको संरक्षण) को विनाश हुन्छ। विवाहविधिका नियमहरूको विनाश भएकाले स्वच्छन्द (छाडा) भएर पशुहरूको जस्तो उपभोग प्रधान प्रवृत्तिले युक्त भएका मनुष्यहरूले प्रतिलोम र अनुलोम विधिबाट उत्पन्न भएका वर्णसङ्कर सन्तान उत्पन्न गराउँछन्। वैदिक कर्महरूको अनुष्ठान हुँदैन। कहिलेकाहीँ कुनै ठाउँमा त्यस्ता अनुष्ठान भएता पनि राम्ररी (विधिपूर्वक) सम्पन्न हुँदैन। सबै ऋतुहरू सुखमय (सुख दिने) हुँदैनन्। रोग व्याधिले युक्त भएका नर र नारीहरू उत्पन्न हुन्छन्। मनुष्यहरूका स्वर, वर्ण एवं मन ह्रासावस्थामा प्राप्त हुन्छन्। रोगहरूका आक्रमणले आयु क्षीण भएका मनुष्यहरू सानै उमेरमा कालपाशका अधीनस्थ बन्दछन् (मर्दछन्)। त्यसैले नारीहरू विधवा बन्दछन् र पीडित हुन्छन्। राजाका दण्डनीतिका विभ्रमले गर्दा कठोर स्वभाव भएका (हिंस्रक) प्रजा उत्पन्न हुन्छन्। मेघ कहीँ बर्सन्छ र कहीँ बर्सन्न (ठाउँ ठाउँमा खण्डवृष्टि हुन्छ)। धान

---

२६. मूल महाभारतमा अयोग शब्दको प्रयोग गरिएको छ। मेदिनी कोषमा अयोगको अर्थ कूटम् पनि दिइएको हुनाले यहाँ छल अर्थ गरिएको हो। नीलकण्ठीमा **अयोगेन अनुपायेन** भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्वचिन्न वर्षति । सस्यं च क्वचिदुत्पद्यते क्वचिन्नोत्पद्यते । सर्वे रसाश्च क्षयमाप्नुवन्ति । यदा राज्ञो दण्डनीतेर्विभ्रमः सम्पद्यते राजा दण्डनीतिसमाहितः सन् प्रजाः संरक्षितुं नेच्छति तदा एवैते दोषा राष्ट्रेषु समुत्पद्यन्ते ।

तस्माद् राज्ञो दण्डनीत्यनुसारमेव तत्तद्गुणदोषजनकस्य धर्माधर्मस्य चोत्पत्तेः कार्त्स्न्येन दण्डनीतिमनुसरन् महीपालो राजा कृतयुगरूपः सम्पद्यते । पादेन ह्रासमुपगतस्त्रेतारूपः, अर्धेन ह्रासं गतो द्वापररूपः, पादत्रयविहीनश्च कलिरूपः सम्पद्यते इति कालस्य कारणं राजा एव । एतच्च सर्वं महाभारतकारेण [७८]व्यासेनाप्यभिहितम् ।

भगवता [७९]मनुना च–

चतुष्पात्सकलो धर्मः सत्यं चैव कृते युगे । नाधर्मेणागमः कश्चित्मनुष्यान्प्रति वर्तते ।।

इतरेष्वागमाद्धर्मः पादशस्त्ववरोपितः । चौरिकानृतमायाभिर्धर्मश्चापैति पादशः ।।

अरोगाः सर्वसिद्धार्थाश्चतुर्वर्षशतायुषः । कृते त्रेतादिषु ह्येषामायुर्ह्रसति पादशः ।।

वेदोक्तमायुर्मर्त्यानामाशिषश्चैव कर्मणाम् । फलन्त्यनुयुगं लोके प्रभावश्च शरीरिणाम् ।। इत्यभिधाय सत्यत्रेताद्वापरकलीनां चतुर्णां युगानां धर्माधर्ममूलकत्वं समाम्नातम् ।

७८. महाभारतम्, शान्तिपर्व, ६९ अध्यायः, ७९-९८ श्लोकाः ।

७९. १/८१-८४ मनुः ।

कहीँ उत्पन्न हुन्छ र कहीँ उत्पन्न हुँदैन (कहीँ खेती हुन्छ र कहीँ खेती हुँदैन) । सबै रस क्षीणावस्थामा प्राप्त हुन्छन् (जलका मुहानहरू सुक्छन्) । जब राजाका दण्डनीतिको विभ्रम (अनुचित प्रयोग) हुन्छ र तब राजाले दण्डनीतिमा अडिएर प्रजाको संरक्षण गर्न चाहँदैनन् त्यसै अवस्थामा नै राष्ट्रमा माथि बताइएका दोषहरू उत्पन्न हुन्छन् ।[२७]

त्यसैले राजाका दण्डनीतिअनुसार ती ती गुण एवं दोषलाई उत्पन्न गराउने धर्म एवं अधर्मको उत्पत्ति हुने भएकाले सम्पूर्ण रूपमा दण्डनीतिको अवलम्बन गर्ने पृथिवीपति राजा सत्ययुगरूप हुन्छन् । दण्डनीतिका एउटा चरणको अभाव भएमा राजा त्रेतायुगरूप हुन्छन् । दण्डनीतिका आधा भागको (दुई चरणको) ह्रास भएका अवस्थामा राजा द्वापरयुगरूप हुन्छन् । दण्डनीतिका तीन चरण नभएका अवस्थामा राजा कलियुगरूप हुन्छन् । अतः कालका कारण राजा नै हुन् । यी सबै कुरा महाभारतका रचयिता व्यासले पनि बताएका छन् ।[२८]

भगवान् मनुले- **चतुष्पात्सकलः०** अर्थात् 'सत्य युगमा धर्म (तप, ज्ञान, यज्ञ एवं दानरूप) चारै चरणले युक्त भएको, अत एव सम्पूर्ण अवयवले समन्वित हुन्छ । सत्य पनि यिनै विशेषताले युक्त हुन्छ । त्यस युगमा कुनै पनि

२७. राम्ररी प्रयोग गरिएका दण्डनीतिका उपलब्धि बताएपछि प्रस्तुत अनुच्छेदमा र यस पूर्वको अनुच्छेदमा महाभारतको शान्तिपर्वमा (अध्याय ६९/८७-९८) बताइएअनुसार दण्डनीतिका अनुचित प्रयोगका परिणाम बताइएको छ ।

२८. राजा कालका कारण हुन् भन्ने मेरो व्यक्तिगत प्रलाप मात्र नभएर महाभारतका प्रणेता महर्षि कृष्णद्वैपायन व्यासको भनाइ पनि हो भन्ने लेखकको तात्पर्य हो । सत्य आदि युग राजाका कारण प्रवृत्त हुने भएकाले राजा नै कालका (सत्य आदि युगका) कारण हुन् भन्ने निष्कर्ष हो । शोधप्रबन्धमा विद्यमान **राजा कालका कारण हुन्** भन्ने शीर्षकमा- महाभारतको शान्तिपर्वको, राजधर्मानुशासन उपपर्वको ६९ अध्यायको श्लोक ७९ देखि ९८ श्लोकसम्मको सारांश प्रस्तुत अनुच्छेदसम्म प्रतिपादन गरिएका विषयका रूपमा आएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकेन बीजेन एकस्य वटस्योत्पत्तिः । एकस्मात्तु वटाद् अनेकानि बीजानि उत्पद्यन्ते । यथा वटबीजयोरन्योन्याश्रयस्तथा सत्ययुगधर्मयोरपि । कार्त्स्न्येन धर्मप्रभवत्वं सत्ययुगस्वरूपम्, सत्ये युगे धर्मस्य कार्त्स्न्येन समनुष्ठानम् । समनुष्ठिताच्च धर्माद् धर्म एव उत्पद्यते इति धर्मो धर्मं जनयति । दण्डस्य च धर्मजनकत्वाद् दुर्वृत्तान् निर्मर्यादान् नियम्याधर्मविनाशकत्वाच्च धर्मरूपत्वं निर्दिष्टम् । यथा योगीश्वरेण [८०]याज्ञवल्क्येनाभिहितम्-

८०. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ३५४ श्लोकः ।

मनुष्यमा अधर्मपूर्वक (शास्त्रविधिलाई नाघेर) धन, विद्या आदि आर्जन गर्ने प्रवृत्ति हुँदैन । अन्य (सत्य बाहेकका) त्रेता आदि युगमा अधर्मपूर्वक धन, विद्या आदिको आर्जन हुने भएकाले यज्ञादि धर्म (क्रमैले प्रत्येक युगमा) एउटा एउटा चरणले रहित हुन्छ । (धन एवं विद्या आदिबाट आर्जन गरिएका जुन धर्मको प्रचार भइरहेको हुन्छ त्यो धर्म पनि) चोरी, असत्य (झुट्टा) एवं कपटले गर्दा प्रत्येक युगमा एक एक पाउले ह्रास हुन्छ । सत्ययुगका मनुष्य रोग नभएका (निरोगी), सबै सिद्धिले युक्त भएका, सबै कामना पूर्ण भएका, चार सय वर्ष आयु भएका हुन्छन् । त्रेता आदि युगमा भने एक एक पाउ आयु हट्दछ (आयुमा ह्रास आउँछ) । वेदमा प्रतिपादित आयु, कर्मको फल (काम्यकर्मका फलविषयक प्रार्थनाहरू) र प्राणीहरूका (ब्राह्मण आदिका) शाप दिन एवं अनुग्रह गर्न सक्ने आदि प्रभाव मनुष्यहरूमा युगानुरूप नै फलीभूत हुन्छन् ।'[२९] (मनु. १/८२-८५) इत्यादि पद्यद्वारा सत्य, त्रेता, द्वापर एवं कलिरूप चार युगलाई धर्म एवं अधर्मका रूपमा प्रतिपादन गरेको पाइन्छ ।

एउटा बीज (बियाँ) बाट एउटा वरका रूखको उत्पत्ति हुन्छ । एउटा वरको रूखबाट भने अनेकौँ बीज उत्पन्न हुन्छन् । (यसरी बीजबाट वटको उत्पत्ति हुन्छ र वटबाट बीजको उत्पत्ति हुन्छ) । जसरी वटमा र बीजमा एकअर्काको आश्रय रहेको हुन्छ त्यसरी नै सत्ययुगमा र धर्ममा पनि परस्परको आश्रय रहेको हुन्छ । सम्पूर्णरूपमा धर्मलाई प्रवाहित गर्नु सत्ययुगको स्वरूप हो । सत्ययुगमा धर्मको सम्पूर्णरूपमा अनुष्ठान गरिन्छ । राम्ररी सम्पादन गरिएका धर्मबाट धर्म नै उत्पन्न हुन्छ । त्यसैले धर्मले धर्मलाई उत्पन्न गराउँछ । धर्मलाई उत्पन्न गराउने भएकाले र नराम्रा आचरण भएका एवं मयार्दाको उल्लङ्घन गर्ने मनुष्यलाई नियमन गरेर अधर्मको विनाश गर्ने भएकाले दण्डलाई धर्मरूप भनिएको हो ।

२९. उद्धृत पद्यहरूबाट कलियुगमा मनुष्यको परम आयु सय वर्ष भएझैं सत्य युगमा चार सय वर्ष हुन्थ्यो भन्ने अभिव्यक्त हुन्छ । अत्यधिक आयु गराउने धर्मको आधिक्यले लामो आयु भएको हो । यस अवस्थामा 'रामले दश (बाह्र) हजार वर्षसम्म राज्य गरे' भन्ने उक्तिसँग कुनै शास्त्रीय विरोध देखिन्न । **'शतायुर्वै मनुष्यः'** अर्थात् 'मनुष्यको आयु सय वर्ष हुन्छ' यस वेदवाक्यमा रहेको शत शब्दको अत्यधिक अर्थ लगाउनुपर्ने हुन्छ अथवा यो वाक्य कलियुगसित सम्बद्ध भएको मान्नुपर्छ । पुनश्च सत्ययुगमा चार सय वर्षको आयु हुन्छ र अन्य युगमा एक एक पाउको ह्रास हुन्छ भनिएकाले त्रेतायुगमा तीन सय वर्षको र द्वापरयुगमा दुई सय वर्षको आयु हुन्छ भन्ने तात्पर्य निस्कन्छ । २. उदाहृत दोस्रो पद्यमा रहेको आगम पदको मेधातिथि आदिका व्याख्यामा वेद अर्थ गरिएको छ तर मन्वर्थमुक्तवलीमा अन्यायपूर्वक धन एवं विद्यादिको आर्जन गरिएको हुनाले भन्ने गरिएको छ । उक्त अर्थ प्रसङ्गानुकूल भएकाले मूलमा त्यसै अनुसार व्याख्या गरिएको छ । ३. उदाहृत पद्यबाटै सत्ययुगमा काम्यकर्म गरेपछि कामना गरिएका सबै फल प्राप्त हुन्छन् तर अन्य युगमा अधर्मका प्रबलताका कारण सबै कामना पूर्णतः फलीभूत हुँदैनन् भन्ने बुझिन्छ । यस प्रकारले ब्राह्मण ऋषि आदिले दिने सराप, अनुग्रह आदिको प्रभावमा पनि युगानुरूप ह्रास आउँदै जान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदवाप्य नृपो दण्डं दुर्वृत्तेषु निपातयेत् । धर्मो हि दण्डरूपेण ब्रह्मणा निर्मितः पुरा ।। इति ।।

भगवता [८१]व्यासेन च–

निर्मर्यादाः काममन्युप्रवृत्ता भीता राज्ञो नाधिगच्छन्ति पापम् ।

शिष्टाश्चान्ये सर्वधर्मोपपन्नाः साध्वाचाराः साधु धर्मं वदन्ति ।। इत्यभिधाय दण्डनीत्यां प्रवर्तमानाद्राज्ञो भीताः सन्तो मर्यादाविहीनाः कामात् क्रोधाच्चापि दुष्कर्मणि प्रवृत्तिमीहमानाः पापात्मका नरा अपि पापात्मकं कर्मानुष्ठातुं न प्रभवन्ति । अन्ये अतथाभूताः सामान्या जना धर्मेणाधिगतवेदवेदाङ्गाः सर्वधर्मोपपन्नाः शिष्टाश्च सद्वृत्तानुष्ठानसम्पन्नाः सम्यक् धर्मं प्रवदन्ति, धर्मस्य सम्यक् प्रतिपादनमाचरन्ति इत्यपि निर्दिष्टम् ।

तस्माद्राज्ञो दण्डस्य नीतिः सदा समुद्यता विधेया । अत एव **'नित्यमुद्यतदण्डः स्यात्'** इत्यभिधाय [८२]मनुना–

नित्यमुद्यतदण्डस्य कृत्स्नमुद्विजते जगत् ।

तस्मात्सर्वाणि भूतानि दण्डेनैव प्रसाधयेत् ।। इत्युक्तम् ।

---

८१. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ६४ अध्यायः, २८ श्लोकः ।

८२. ७/१०२-१०३ मनुः ।

यसरी नै योगीश्वर याज्ञवल्क्यले भनेका छन्- **तदावाप्य०** अर्थात् 'यस प्रकारको (सप्ताङ्गयुक्त) राज्य प्राप्त गरेर राजाले (अरूलाई ठग्ने, मूर्खता देखाउने, धुर्त्याइँ गर्ने, परस्त्रीहरण गर्ने, परद्रव्य हरण गर्ने, हिंसा गर्ने जस्ता दुराचार भएका) दुष्टहरूमा दण्डको प्रहार गर्ने (दण्ड प्रयोग गर्ने) गरून् । किनकि प्राचीन समयमा ब्रह्माजीले धर्मलाई दण्डका रूपमा निर्माण गरेका थिए' (या.स्मृ.१/३५४) ।

भगवान् व्यासले पनि- **निर्मर्यादा०** अर्थात् 'मर्यादाको उल्लङ्घन गर्ने र अत्यन्त क्रोध (रीस) गर्दै काममा प्रवृत्त हुने मनुष्यहरूले पनि राजाबाट डराएर पापाचरण गर्दैनन्, अन्य शिष्ट पुरुषहरूले भने सबै धर्मले र राम्रा आचारले युक्त हुने भएकाले राम्रा धर्मकै वकालत गर्छन्' (म.भा., शा.प. ६४/२८) भनेका छन् । दण्डनीतिमा प्रवृत्त भइरहेका राजाबाट डराएका, मर्यादा नभएका, कामले एवं क्रोधले गर्दा नराम्रा कार्यमा प्रवृत्त हुन चाहिरहेका र पापात्मक स्वभाव भएका मनुष्यले पनि पापात्मक धर्म (अर्थात् अधर्म) गर्न सक्दैनन् । अन्य त्यस्ता (नराम्रा) स्वभाव नभएका साधारण मनुष्यहरूले र धर्मपूर्वक वेदको एवं वेदाङ्गको अध्ययन गरेका, अतः सबै धर्मले युक्त भएका शिष्टले त सम्यक् प्रकारले धर्म युक्त कुरा गर्छन्, साथै धर्मको सम्यक् प्रकारले प्रतिपादन गर्छन् भन्ने कुरा पनि बताएका छन् ।

अतः राजाका दण्डका नीतिलाई सधैँ समुद्यत (सजग एवं कार्यतत्पर) बनाउनुपर्छ । अत एव **'नित्यमुद्यतदण्डः स्यात्'** अर्थात् 'सधैँ सजग दण्ड भएको हुनुपर्छ' (मनु. ७/१०२)[३०] भनी विषयको उठान गरेर मनुले **नित्यमुद्यत०** अर्थात् 'दण्डलाई सधैँ उद्यत बनाउने (अर्थात् सेनालाई सधैँ तयारीका अवस्थामा राख्ने) राजाबाट सम्पूर्ण जगत् उद्विग्न हुन्छ (डराउँछ/डरले हडबडाउँछ), त्यसैले सबै प्राणीलाई दण्डका माध्यमले वशमा राख्नुपर्छ (मनु. ७/१०३) भनेका छन् ।

---

३०. **नित्यं हस्त्यश्वादियुद्धादिशिक्षाभ्यासो दण्डो यस्य स तथा स्यात्** भनी मन्वर्थमुक्तावलीमा भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डनीतिशब्दस्यार्थः

दमनं दण्डः, दमनं च दुष्टानां प्रजारञ्जको राजा सर्वथा सर्वदा सर्वैः सामादिभिरुपायैः सन्धिविग्रहयानासनसंशयद्वैधीभावात्मकैः षड्गुणैः प्रभुमन्त्रोत्साहाख्याभिः तिसृभिः शक्तिभिश्च समन्वितो विधत्ते । तस्माद्राजा दण्डरूपः सम्पद्यते । दण्डरूपस्य राज्ञो नीतेः प्रणयनं (दुष्टेषु दण्डप्रयोगः) तद्द्वारा प्रजासु न्यायः सम्पद्यते इति सा नीतिर्दण्डनीतिः । [८३]शुक्राचार्येण दण्डनीतेर्लक्षणमेतदेवाभिप्रेत्योक्तम् । यथा–

दमो दण्ड इति ख्यातस्तस्माद्दण्डो महीपतिः ।

तस्य नीतिर्दण्डनीतिर्नयनान्नीतिरुच्यते ।। इति ।।

धर्मदण्डयोर्विषयवशाद्रूपभेदः

सा च नीतिः शास्त्रेषु प्रतिपादिता । शास्त्राणि च यानि यावन्ति पुरुषार्थसाधकानि तानि सर्वाणि धर्मशास्त्रत्वेनाभिमतानि । धर्मो दण्डश्चैकार्थवाचिनौ । भवति चैकार्थवाचित्वेऽपि विषयभेदात् क्वचिद् भिन्नत्वम् । यथा हि अनुष्ठानदशायां साध्यत्वेन विद्यमानो यागोऽपूर्वोत्पत्त्यवस्थायां साधनतामावहति । अथवा एक एवाध्ययनविधिसिद्धविद्यावान् पुरुषोऽध्यापनकर्मणि प्रवृत्त [८४]आचार्यत्वेनाभ्युपगतोऽग्न्याधेयपाकयज्ञाग्निष्टोमादिमखसम्पादनाय वृतः [८५]ऋत्विक्त्वेनाभिधीयते । स एव पुरुषः उद्वाहप्रवृत्तो वरत्वेनाभिधीयमानो यज्ञानुष्ठानाय प्रवृत्तो यजमानत्वेनाप्यभिधीयते । तस्माद् धर्मो दण्डश्च विषयभेदाद्रूपभिन्नत्वमाप्नुतः ।

---

८३. शुक्रनीतिः, १ अध्यायः, १५६ श्लोकः ।

८४. २/१४० मनुः ।

८५. २/१४३ मनुः ।

दण्डनीति शब्दको अर्थ-

दमन गर्नु (दबाउनु) दण्ड हो । दुष्टहरूलाई दमन गर्ने काम प्रजालाई सन्तुष्ट बनाउने राजाले- सबै प्रकारले सधैँ नै साम आदि उपायले; सन्धि, विग्रह, यान, आसन, संशय एवं द्विधीभावरूप छ प्रकारका गुणले र प्रभु, मन्त्र एवं उत्साह नामक तीन प्रकारका शक्तिले युक्त भएर गर्छन् । त्यसैले राजा दण्डरूप बन्दछन् । दण्डरूप राजाद्वारा नीतिको प्रणयन (दुष्टहरूमा दण्डको प्रयोग गर्ने कार्य) हुन्छ । नीतिको प्रणयनबाट प्रजाहरूमा न्याय हुन्छ । अतः त्यस प्रकारको नीतिलाई दण्डनीति भनिन्छ । यिनै तथ्यलाई ध्यानमा राखेर शुक्राचार्यले दण्डनीतिको लक्षण बताएका छन् । जुन यसप्रकार छ- **दमो दण्डः०** अर्थात् 'दमन गर्ने कार्य दण्ड भनेर प्रसिद्ध छ, त्यसैले पृथिवीपति राजा दण्ड हुन् । उनको नीति दण्डनीति हो । लैजाने अर्थात् सन्मार्गमा प्रवृत्त गराउने हुनाले नीति भनिएको हो' (शु.नी. १/१५६) ।

धर्म र दण्डको विषयका भेदले रूपभेद-

त्यो नीति अर्थात् दण्डनीति शास्त्रहरूमा प्रतिपादन गरिएको छ । पुरुषार्थका साधनका रूपमा रहेका जति पनि शास्त्रहरू छन् ती सबैलाई धर्मशास्त्र भनिएको छ । धर्म र दण्ड एउटै अर्थका बोधक हुन् । दुवै शब्द एउटै अर्थका वाचक भएता पनि विषयगत भिन्नताले गर्दा कहीँ कहीँ (उक्त दुवै शब्दका अर्थमा) भिन्नता प्रतीत हुन्छ । अनुष्ठान गर्ने समयमा साध्यका रूपमा रहेको याग (यज्ञ) अपूर्वको उत्पत्तिका अवस्थामा साधन बन्दछ । अथवा एउटै नै अध्ययनविधिबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्रापि पुरुष एव सामर्थ्यमनुसृत्य विषयभेदाद्रूपभिन्नत्वं भजते, न तु आचार्यर्त्विगादयः स्वरूपमनुसृत्य रूपभिन्नत्वमाप्नुवन्ति । तथैवात्रापि धर्म एव विषयभेदादनेकतामाप्नोति इति दण्डरूपत्वं भजन् दण्डत्वेनाप्यभिधीयते । न तु सर्वत्र धर्मस्य दण्डरूपत्वम् । नो वा दण्डः सर्वत्र धर्मत्वेनाभिहितः । तस्माद् दण्डो धर्मस्येको भेदः एकं रूपमित्यर्थः ।

तत्र **'धर्मो हि दण्डरूपेण ब्रह्मणा निर्मितः पुरा'** इति [८६]योगीश्वरयाज्ञवल्क्यवचनाद् धर्मदण्डयोरेकरूपत्वमवगम्यते ।

'दण्डः संरक्षते धर्मम्' इति भगवता [८७]व्यासेनाभिधानाद् धर्मो दण्डस्य साध्यभावमुपगतः । राज्ञो धर्मेण [८८]राज्यप्राप्तिर्निर्दिष्टा, [८९]शत्रुविजयो विहितः, [९०]प्रजानां परिपालनं च विहितमिति दण्डः साधितः । अथवा कर्मणः (धर्मस्य) साध्यभावमाप्तो दण्डो व्यासेनैव निगदितः । यथा–

[९१]**'स्वधर्मं चर धर्मज्ञ'** इत्यनेनोपक्रमस्य गार्हस्थ्यधर्मस्य श्रेष्ठत्वं निर्दिशता गृहस्थेन [९२]क्षत्रियेण (राज्ञा) समनुष्ठेयानि कर्माणि निगदितानि । यथा–

८६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ३५४ श्लोकः ।
८७. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, १५ अध्यायः, ३ श्लोकः ।
८८. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, २२ अध्यायः, २ श्लोकः ।
८९. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, २२ अध्यायः, २ श्लोकः ।
९०. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, २३ अध्यायः, ४६ श्लोकः ।
९१. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, २३ अध्यायः, ३ श्लोकः ।
९२. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, २३ अध्यायः, १०-१२ श्लोकाः ।

सिद्ध विद्याले युक्त भएको पुरुष (पढे लेखेको मान्छे) अध्यापन कर्ममा प्रवृत्त भएका (पढाउन लागेका) अवस्थामा आचार्य भनिन्छ (मनु. २/१४०) भने आधान गरिएका अग्निमा सम्पन्न गरिने पाकयज्ञ, अग्निष्टोम आदि यज्ञ सम्पादन गर्नका लागि वरण गरिएका अवस्थामा ऋत्विक् भनिन्छ (मनु. २/१४३) । त्यही नै पुरुष विवाह गर्न प्रवृत्त भएका अवस्थामा वर (बेहुलो) भनिन्छ भने यज्ञहरूका अनुष्ठानमा प्रवृत्त भएका अवस्थामा यजमान भनिन्छ । यसरी नै धर्म र दण्ड पनि विषयगत भिन्नताले रूपगत भिन्नतामा प्राप्त हुन्छन् । त्यसमा पनि पुरुषले नै आफ्ना सामर्थ्यअनुसार विषयगत भिन्नताले गर्दा रूपगत भिन्नतालाई प्राप्त गर्छ । आचार्य, ऋत्विक् आदिले स्वरूपको अनुसरण गरेर रूपगत भिन्नतालाई प्राप्त गर्दैनन् । त्यसै प्रकारले यहाँ पनि धर्मले नै विषयगत भिन्नताले अनेकतालाई प्राप्त गर्छ । अतः दण्डरूपलाई ग्रहण गरेको धर्मलाई दण्ड भनिन्छ । सबै ठाउँमा धर्म दण्डका रूपमा रहेको हुँदैन । दण्ड पनि सबै ठाउँमा धर्म भनिँदैन । त्यसैले दण्ड धर्मको एउटा भेद, अथवा एउटा स्वरूप हो । यही नै प्रस्तुत प्रसङ्गको तात्पर्यार्थ हो ।

धर्मो हि दण्डरूपेण ब्रह्मणा निर्मितः पुरा अर्थात् 'प्राचीन समयमा ब्रह्माजीले धर्मलाई नै दण्डका रूपमा निर्माण गर्नुभएको हो' (या.स्मृ. १/३५४) भन्ने योगीश्वर याज्ञवल्क्यको उक्तिबाट धर्म र दण्ड एउटै हो भन्ने कुरा सिद्ध हुन्छ । **दण्डः संरक्षते धर्मम्** अर्थात् 'दण्डले धर्मको संरक्षण गर्छ' (म.भा., शा.प. १५/३) भन्ने भगवान् व्यासको उक्तिबाट धर्म दण्डको साध्य भएको बुझिन्छ । राजाले (क्षात्र) धर्मका माध्यमले राज्य प्राप्त गर्छन् भनी बताइएको छ (म.भा.,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञो विद्या समुत्थानमसन्तोषः श्रियं प्रति। दण्डधारणमुग्रत्वं प्रजानां परिपालनम्॥
वेदज्ञानं तथा कृत्स्नं तपः सुचरितं तथा। द्रविणोपार्जनं भूरि पात्रे च प्रतिपादनम्॥
एतानि राज्ञां कर्माणि सुकृतानि विशाम्पते। इति। धर्मकर्मणोश्चैकार्थत्वम्।

अत्र प्रजानां परिपालनमभिहितम्। तच्च व्यवहारावलोकनपुरःसरं दुष्टज्ञानं विधाय तांश्च निगृह्य विधेयमिति दण्डो धर्मस्य साध्यभावं भजते। व्यवहारस्य धर्मत्वं [९३]व्यासेनैवाभिहितम्।

व्यवहारावलोकनस्य राजधर्मत्वं योगीश्वरेण [९४]याज्ञवल्क्येनाभिहितम्। यथा–

व्यवहारान्नृपः पश्येत्। इति।

व्यवहारावलोकनाद् दुष्टज्ञानं भवति इत्येतच्च [९५]विज्ञानेश्वरेण **'दुष्टपरिज्ञानं च न व्यवहारदर्शनमन्तरेण सम्भवति'** इत्यनेनोक्तम्। दुष्टत्वेन ज्ञातो दण्डनीय इति तस्मिन् राज्ञा दण्डः प्रणीयते इति व्यवहारदर्शनस्य राजधर्मत्वात्, तद्द्वारा दुष्टस्य दमनीयत्वाद् दमनस्यैव दण्डरूपत्वाच्च दण्डो धर्मस्य साध्यभावं भजते।

---

९३. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, २४ अध्यायः, १८ श्लोकः।
९४. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, १ श्लोकः।
९५. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायस्य प्रारम्भः।

शा.प. २२/२), धर्मद्वारा शत्रुमाथि विजय प्राप्त गर्ने कुरा गरिएको छ (म.भा., शा.प. २२/२) र धर्मपूर्वक नै प्रजाहरूको पालना (संरक्षण) गर्नुपर्छ भनिएको छ (म.भा., शा.प. २३/४६)। यसरी दण्डलाई साध्य बनाइएको छ। अथवा दण्ड कर्मको (धर्मको) साध्य बनेको कुरा व्यासले नै बताएका छन्। जस्तै- **स्वधर्मं चर धर्मज्ञ** अर्थात् 'हे धर्मका ज्ञाता (युधिष्ठिर) ! आफ्ना धर्मको पालन गर' (म.भा., शा.प. २३/३) बाट विषयको उपक्रम गरी गृहस्थहरूद्वारा पालन गरिने धर्मको श्रेष्ठता प्रतिपादन गरिरहेका व्यासले गृहस्थ क्षत्रिय (राजा) द्वारा गर्नुपर्ने कर्महरू बताएका छन्। जस्तै-

यज्ञो विद्या० अर्थात् 'यज्ञ (यज्ञ गर्नु), विद्या (विद्या आर्जन गर्नु), समुत्थान (उन्नति/प्रगति गर्नु), श्रीप्रति असन्तोष (यति ऐश्वर्य भए मलाई पुग्यो भन्ने भावना नहुनु), दण्डको धारण, उग्रता (दुष्टहरूप्रति कठोर व्यवहार), प्रजाहरूको संरक्षण, वेदको ज्ञान (वेदाध्ययन), सम्पूर्ण तपस्या, सुचरित, धेरै सम्पत्तिको आर्जन (प्रशस्त पैसा कमाउनु) र कमाएको सम्पत्ति सत्पात्रमा प्रदान गर्नु- हे प्रजापति युधिष्ठिर ! यिनै राजाका राम्रा कार्य हुन् (म.भा., शा.प. २३/१०-१२)। यसरी धर्म र कर्म एउटै अर्थका वाचक भएको देखाइएको छ।

उदाहृत पद्यमा {राजाले}प्रजाको पालन गर्नुपर्छ भनिएको छ। प्रजाको पालन गर्ने कार्य- व्यवहार अवलोकन गरेर दुष्ट हो भन्ने ज्ञान (पहिचान) गरी दुर्जनलाई नियन्त्रण गर्नुपर्छ। अतः दण्ड धर्मको साध्य बन्दछ। व्यवहार धर्म हो भन्ने कुरा व्यासले नै बताएका छन् (म.भा., शा.प. २४/१८)। व्यवहार अवलोकन गर्नु राजाको धर्म भएको कुरा योगीश्वर याज्ञवल्क्यले बताएका छन्। जस्तै- **व्यवहारान् नृपः पश्येत्** अर्थात् 'राजाले व्यवहार हेरून्' (या.स्मृ. २/१)। व्यवहार अवलोकनबाट दुष्टको पहिचान हुन्छ भन्ने कुरा विज्ञानेश्वरले **दुष्टपरिज्ञानम्०** अर्थात् 'दुष्टको पहिचान व्यवहार नहेरेसम्म सम्भव छैन' (या.स्मृ.२ अवतरणिका) यस उक्तिद्वारा प्रतिपादन गरेका छन्। दुष्ट भनेर जानिएको (पहिचान गरिएको) व्यक्ति नै दण्ड दिन योग्य हुन्छ। त्यसैले उसै माथि राजाद्वारा दण्ड प्रयोग गरिन्छ। व्यवहारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तच्च दण्डस्य धर्मसाध्यत्वं कर्मणां पुरुषसाध्यत्वमिव । न हि क्वचिदपि यागोद्देशेन यागसम्पादनाय पुरुषप्रवृत्तिः । अपि तु यागजन्यं फलं प्रयुज्य यागानुष्ठानाय यजमानगता प्रवृत्तिः समुपलभ्यते ।

तथैव दण्डस्यापि धर्मसाध्यत्वं न दण्डोद्देश्येन, अपि तु दण्डजन्यां सुव्यवस्थां प्रयुज्य प्रजारञ्जको राजा क्रोधं लोभं च परित्यज्य धर्मशास्त्रोक्तविधिना व्यवहारावलोकनरूपं राजधर्मं प्रत्यहमनुतिष्ठति । व्यवहारावलोकनाद् दुष्टत्वेन परिज्ञातं च दण्डयति ।

राज्ञः सृष्टिर्हि लोकसंरक्षणाय

अराजके जनपदे राष्ट्रे वा न हि कस्यापि जनसमूहस्य समाजस्य वा किञ्चिदपि वस्तुजातं सुरक्षितं भवति । नापि वा कस्यापि अलब्धस्य लाभः सम्पद्यते । तस्माद्राज्ञः सृष्टिर्लोकस्य योगक्षेमप्रवहणाय प्रभुणा विहिता ।

न हि अराजके जनपदे महास्वनो मेघो वर्षति । नो वा वर्षणोपयोगिकर्मणां समनुष्ठानं सम्पद्यते । न च कश्चिज्जनोऽनुकूलक्रियानुष्ठानेन कृषिजन्यफलोपलम्भनाय बीजानि प्रवपति । नो वा कृषिकर्मणि प्रवर्तितुं कस्यचिद् वैश्यस्यापि मनो निविशते । राजरहिते राष्ट्रेऽनुशासनराहित्यात् पितुर्वशे पुत्रो न तिष्ठति । पत्युर्वशे भार्या न वर्तते । राजदण्डदमनाभावे कोऽपि जनः स्वस्वत्वं संरक्षितुं न प्रभवति । यश्च प्रबलतया परस्वत्वं

अवलोकन राजाको धर्म भएकाले, त्यसैका माध्यमले दुष्टको दमन गर्नुपर्ने भएकाले र दमन नै दण्ड भएकाले दण्ड धर्मको साध्य बन्दछ ।

दण्ड धर्मको साध्य बन्नु भनेको कर्म (कार्य) पुरुषहरूको साध्य बन्दछ भनेजस्तो हो । कही पनि यज्ञ सम्पादन गर्ने उद्देश्यले यज्ञ सम्पादन गर्न पुरुष प्रवृत्त हुँदैन, अपि तु यज्ञ गरे पछि उत्पन्न हुने फल (परिणाम) लाई लक्ष्य बनाएर यजमानमा यज्ञानुष्ठान गर्ने प्रवृत्ति उत्पन्न भएको देखिन्छ । यसै प्रकारले दण्ड धर्मको साध्य दण्डका उद्देश्यले हुँदैन अपि तु दण्डबाट उत्पन्न हुने सुव्यवस्था कायम गराउनका लागि हुन्छ । सुव्यवस्था बनाई प्रजालाई सन्तुष्ट (अनुरक्त) बनाउने राजाले क्रोध (रीस) र लोभ (लालच) छाडेर (क्रोध र लोभले रहित भएर) धर्मशास्त्रमा बताइएका विधिद्वारा व्यवहार अवलोकन गर्ने राजधर्मलाई प्रतिदिन पालन गरिरहेका हुन्छन् । व्यवहार अवलोकनबाट दुष्ट भनेर चिनिएको व्यक्तिलाई दण्ड दिन्छन् ।

जगत्का संरक्षकका लागि राजाको सृष्टि गरिएको हो-

राजा (संरक्षक) नभएका जनपदमा अथवा राष्ट्रमा न त कुनै जनसमूहका बस्तुभाउको सुरक्षा हुन सक्छ, न त समाजकै कुनै सम्पत्तिको सुरक्षा हुन सक्छ । कसैलाई कुनै दुर्लभ वस्तु पनि प्राप्त हुन सक्दैन । त्यसैले सर्वशक्तिसम्पन्न परमेश्वरले प्रजाहरूमा योग (अप्राप्त वस्तुको प्राप्ति) एवं क्षेम (प्राप्तवस्तुको संरक्षण) प्रवाहित गर्नका लागि राजाको सृष्टि गरेका हुन् ।

राजा नभएको जनपदमा (मानिसहरूको घना आबादी भएको गाउँ बस्ती वा सहरमा) मेघले ठूलो गर्जना गर्दै जल बर्साउने कार्य गर्दैन । मेघबाट जलको वृष्टि गराउनका लागि आवश्यक पर्ने कर्महरूको अनुष्ठान (सम्पादन) पनि हुन सक्दैन । कुनै पनि पुरुषले {कृषिकर्मका लागि} अनुकूल क्रिया सम्पादन गरी कृषिबाट प्राप्त हुने धान्यादि फल प्राप्त गर्नका लागि बीउ छर्ने कार्य गर्दैन । कृषिकार्यमा संलग्न हुनका लागि (अरूको त कुरा परै जाओस्) कुनै वैश्यको समेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसह्याच्छिनत्ति स एव ततोऽपि प्रबलतरैः समाक्रान्तो भार्यां पुत्रं धनं जीवितमपि संरक्षितुं न प्रभवति। नाराजके देशे सत्यस्य संरक्षणमपि भवति। सत्ये सर्वं प्रतिष्ठितम्, तस्याभावे आश्रयराहित्यात् सकलो धर्मो विनश्यति। राजरहिते देशे सभा अपि न सम्पद्यते। जनसमूहे समायोजितेऽपि न तत्र सत्यार्थः प्रतीयते। न ह्युद्यानानि निर्मीयन्ते। नो वा ह्रदाः सलिलाशयाः पुण्यगृहाणि धर्मशाला यज्ञशाला प्रपाशालादयो निर्मीयन्ते। द्विजातिषु केऽपि यज्ञानुष्ठानशीलाश्च नोत्पद्यन्ते। नो वा केऽपि सत्राण्वन्वासते। न केऽपि जनाः संयमिनो क्षान्ताः, न केऽपि ब्राह्मणाः स्वकर्मणि सम्प्रवृत्ताः सद्वृत्तसमन्विताश्च भवन्ति। अराजके जनपदे न केऽपि यजमानाः प्रशस्तदक्षिणासमन्वितमहायज्ञानामनुष्ठानं कुर्वन्ति। न च तादृशयज्ञेषु प्राप्तप्रशस्तदक्षिणा ब्राह्मणा यजमानं विवृण्वन्ति। अराजके जनपदे राष्ट्रस्य संवर्धनकारणाः समाजा न संवर्धन्ते। न च प्रहृष्टमनसो नटनर्तका उत्सवान् संवर्धयन्ति। राजरहिते राष्ट्रे चतुष्पाद्भिर्व्यवहारैः प्रवर्त्यमानेषु अष्टादशसु व्यवहारपादेषु न हि सिद्धिं व्यवहारिणः प्राप्नुवन्ति। कथाप्रियाश्च कथाप्रकथनानुकथनैर्नाभिरज्यन्ते। राजरहिते राष्ट्रे सायाह्ने उद्यानानि समागत्य सुवर्णालङ्कृताः कुमार्यः क्रीडितुं न शक्नुवन्ति। राजरहिते राष्ट्रे धनवतां धनं न सुरक्षितं भवति। तेषां जीवनं न

मन लाग्दैन। राजा नभएका राष्ट्रमा अनुशासन नहुने भएकाले पुत्र आफ्ना पिताका अधीनमा रहँदैन। पत्नी पतिका वशमा (अधीनमा) रहँदिन। राजदण्डद्वारा दमन (नियन्त्रण) गरिएन भने कुनै पनि पुरुषले आफ्नो स्वत्वको संरक्षण गर्न सक्दैन। जुन पुरुषले शक्तिशाली भएकाले बलपूर्वक अरूको सम्पत्ति अपहरण गर्दछ त्यही पुरुष नै ऊभन्दा पनि शक्तिशाली पुरुषद्वारा आक्रान्त बन्दछ। त्यस अवस्थामा उसले नै पत्नीको, छोरा-छोरीको, सम्पत्तिको र स्वयं आफ्नो प्राणको समेत संरक्षण गर्न सक्दैन। राजा नभएको देशमा सत्यको संरक्षण पनि हुन सक्दैन। सबै कुरा सत्यमा प्रतिष्ठित हुन्छ। सत्यका अभावमा आश्रयहीन बनेको सम्पूर्ण धर्म नष्ट हुन्छ (कुनै प्रकारका धार्मिक गतिविधि हुन सक्दैनन्)। राजा नभएका देशमा सभाहरू पनि हुन सक्दैनन्। जनसमूहलाई एकत्रित बनाए पनि (मानिसको भिड लगाए पनि) त्यहाँबाट साँचो कुरा प्रकाशित हुन सक्दैन। राम्रा-राम्रा बगैंचाको निर्माण पनि हुन सक्दैन। तलाउहरू, जलाशयहरू (पोखरी आदि), पुण्यकर्म सम्पादन गरिने भवनहरू, धर्मशालाहरू, यज्ञशालाहरू र जलशालाहरू निर्माण गरिँदैनन्। यसै प्रकारका अन्य भवनहरू पनि बनाइँदैनन्। द्विजातिहरूमा यज्ञ-याग आदि पुण्यकर्म सम्पादन गर्ने स्वभाव भएका कोही पनि हुँदैनन्। कसैले पनि यज्ञको आयोजना गर्दैन। कुनै पनि मनुष्य संयम भएका र सहनशीलताले युक्त भएका हुँदैनन्। कुनै पनि ब्राह्मण आफ्ना कर्ममा (स्वाध्याय आदिमा) लागेका र राम्रा आचार विचारले युक्त भएका हुँदैनन्। राजा नभएका जनपदमा रहेका कुनै पनि यजमानले प्रशस्त दक्षिणा दिइने ठूला-ठूला यज्ञहरूको आयोजना गर्दैनन्। त्यस प्रकारका यज्ञहरूमा प्रशस्त (अत्यधिक) दक्षिणा पाएका ब्राह्मणहरूले यजमानको वरण पनि गर्दैनन्। अराजक (राजा नभएका) जनपदमा राष्ट्रका समृद्धिका कारणका रूपमा रहेका समाजको अभिवृद्धि हुँदैन। प्रसन्न चित्त (खुसी मन) भएका नट-नर्तकले उत्सवहरू मनाउने (नाच गान गर्ने) कार्य गर्दैनन्। राजा नभएका राष्ट्रमा चारवटा पाद हुने व्यवहारपादद्वारा गरिने अठार प्रकारका व्यवहारपदमा व्यवहार गर्ने पुरुषले सफलता प्राप्त गर्न सक्दैनन्। कथा सुन्न मन पराउने पुरुषहरू पनि कथा एवं उपकथाहरूमा रमाउन सक्दैनन्। राजा नभएका राष्ट्रमा साँझका समयमा बगैंचा (पार्क आदि) मा आएर सुर्वण आदिका बहुमूल्य गहना लगाएका कुमारीहरू निस्फिक्री विचरण गर्न सक्दैनन्। राजा नभएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुरक्षितं भवति। न हि गोपालाः कृषकाश्च विवृत्तगृहद्वाराः स्वापाय प्रभवन्ति। नापि कामिनः कामिन्यश्च नरा नार्यः शीघ्रवाहिभिर्वाहनैः संयुक्तान् रथान् अध्युष्यारण्यानि निर्यान्तुं शक्नुवन्ति। अराजके जनपदे षष्टिहायनाः कुञ्जराश्च राजमार्गेषु नाटन्ति। राजरहिते राष्ट्रे निरन्तरं शरानश्यतां न तलनिर्घोषः, नो वा इष्वस्त्राणामुपासने भवतः। राजरहिते राष्ट्रे बहुपण्यभारसमाचिता दूरगामिनो व्यापारिणो व्यापाराय सकुशलं गन्तुं प्रभवन्ति। न चैकचरः कश्चित् वशी पुरुषो विहर्तुं प्रभवति। न च कश्चित् संयमी दान्तो मुनिः आत्मनात्मानं भावयन् कालेषु तपश्चर्तुं प्रभवति। राजरहिते राष्ट्रे प्रजानां योगक्षेमयोः सम्प्राप्तिश्च न जायते। न च सेनाः शत्रून् युधि प्रत्याख्यातुं प्रभवन्ति, नो वा प्रवर्तन्ते। न च हृष्टैः परमवाजिभिः संयुता रथैश्च प्रतिमण्डिता नरा जनपदे संयान्ति। राजरहिते राष्ट्रे शास्त्रविशारदा विद्वांसः श्रोत्रिया ब्राह्मणा वनेषूपवनेषु च शास्त्रचर्चापरिचर्चां विदधतः संवदन्तो नोपतिष्ठन्ते। राजरहिते जनपदे नियता जना माल्यमोदकदक्षिणादिकमुपकल्प्य देवतानामाराधनाय न प्रभवन्ति, नो वा प्रवर्तन्ते। न च राजरहिते राष्ट्रे राजपुत्राः प्ररूढपल्लवा वसन्तकालिकाः शाखिन इव चन्दनागुरुरुषिता विराजन्ते।

राजरहितं राष्ट्रं तथा न शोभते यथा पानीयरहिता नद्यो न शोभन्ते, यथा वा तृणरहितानि वनानि। यथा गोपालरहिता गावो न शोभन्ते तद्वदेव यस्मिन् देशे राजा न विद्यते सोऽपि देशो न शोभते। यथा रथस्य ध्वजः प्रज्ञानं भवति, अग्नेर्धूमः प्रज्ञानं भवति तथा तेषां समेषां देशस्य च राजा एव प्रज्ञानं भवति।

राष्ट्रमा धनी पुरुषको धन सुरक्षित हुँदैन। यति मात्र होइन धनीहरूको जीवन पनि सुरक्षित हुँदैन। गोठालाहरू र कृषकहरू आफ्ना घरका ढोका खुलै राखेर सुत्न सक्दैनन्। यौवनले मस्त भएका युवायुवतिहरू शीघ्रगतिले युक्त भएका वाहनहरूद्वारा सञ्चालित रथहरूमा चढेर जङ्गलतिर निस्कन सक्दैनन्। अराजक जनपदमा साठी वर्षका हात्तीहरू (कलभहरू) राजमार्गमा सञ्चरण गर्दैनन्। राजा नभएका राष्ट्रमा {अभ्यासका क्रममा} निरन्तर बाणको वृष्टि गरिरहेका पुरुषहरूको हस्ततलको आवाज सुनिँदैन। धनुषको उपासना (निर्माणादि कार्य) पनि हुँदैन। राजा नभएका राष्ट्रमा प्रशस्त (अत्यधिक) विक्रेय वस्तुले युक्त भएका, टाढा-टाढासम्म पुग्ने व्यापारीहरू व्यापार गर्न भनी सकुशल (निश्चिन्त भएर) निस्कन सक्दैनन्। एक्लै हिँड्न मन पराउने जितेन्द्रिय पुरुष पनि निर्भय भएर विचरण गर्न सक्दैन। मनलाई र इन्द्रियलाई आफ्ना अधीनमा बनाउन सकेको मुनिले पनि आत्मचिन्तन गर्दै (आफै नै आत्मोद्धारको कामना गर्दै) उचित समयमा तपस्या गर्ने आँट गर्न सक्दैन। राजा नभएका राष्ट्रका प्रजाहरूलाई योग एवं क्षेमको सम्यक् प्रकारले प्राप्ति पनि हुँदैन। सेनाले (सैनिकहरूले) रणभूमिमा शत्रुलाई परास्त गर्न सक्दैनन् र शत्रुलाई परास्त गर्नेजस्ता कार्यमा उनीहरू प्रवृत्त पनि हुँदैनन्। प्रसन्न भएका उत्तम घोडाहरूद्वारा सञ्चालन गरिएका रथमा सुशोभित (आरूढ) भएका मनुष्यहरू जनपदमा आउँदैनन्। राजा नभएका राष्ट्रमा- शास्त्रमा पारङ्गत भएका विद्वान् श्रोत्रिय (वेदको अध्ययन गरेका) ब्राह्मणहरू शास्त्रको चर्चा गर्दै (शास्त्रीय गफ गर्दै) वनहरूमा र उपवनहरूका उपस्थित हुँदैनन्। (विद्वान्हरूको शास्त्रार्थ देख्न र सुन्न पाइँदैन।) राजा नभएका जनपदमा निवास गर्ने मनुष्यले नियमितरूपमा माला, लड्डू, दक्षिणा आदि उपकरण तयार गरेर देवताको आराधना गर्ने कार्य गर्न सक्दैनन् र देवाराधनजस्ता कार्यमा उनीहरू प्रवृत्त समेत हुँदैनन्। राजा नभएका राष्ट्रका राजकुमारहरू जसरी वसन्त ऋतुमा वृक्षहरू भर्खर पलाएका पलुवाले (एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अराजके राष्ट्रे न कस्यचिदपि स्वकं भवति। यथा मत्स्याः परस्परं खादन्ति तथा बलिनो निर्बलान् ग्रसन्ते। ये नाम नास्तिकतया छिन्नसंशया उद्भिन्नमर्यादाः कण्टका नरा भवन्ति तेऽपि राजदण्डनियमिता एव भावाय कल्पन्ते। मर्यादानुसरणं प्रकुर्वते।

[९६]वाल्मीकिरपि दिवङ्गतस्य दशरथस्य प्रजाः सन्तप्तमनसः प्रलाप्य मार्कण्डेयप्रभृतिमुनिभिर्मन्त्रिभिश्च राजानं विना भाविनीं दुरवस्थामित्थमेव सञ्जगाद।

भगवता [९७]मनुना च-

अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्।

रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः ॥ इत्यभिधाय राजरहितस्य विश्वस्य स्वरूपं राज्ञः सृष्टेः प्रयोजनं राजसृष्टिश्च निर्दिष्टा।

यत्र देशे राजा न भवति तस्मिन् [९८]अराजके जनपदे न हि धर्मो व्यवतिष्ठते। धर्माभावे सामाजिकं जीवनं पर्यस्तमेति। **'धर्मो विश्वस्य जगतः प्रतिष्ठा'** इति हि भगवत्याः श्रुतेर्डिण्डिमघोषः।

---

९६. वाल्मीकीयरामायणम्, अयोध्याकाण्डः, ६७ अध्यायः।

९७. ७/३ मनुः।

९८. महाभारतम्, शान्तिपर्व, राजधर्मपर्व, ६७ अध्यायः, ३ श्लोकः।

{अराजकेषु राष्ट्रेषु धर्मो न व्यवतिष्ठते। परस्परं च खादन्ति सर्वथा धिगराजकम् ॥}

चन्दन र अगुरु वृक्षका समूहले) सुशोभित हुन्छन्, त्यसरी नै अलङ्कारका लागि धारण गरिएका पालुवाहरूले र चन्दन एवं अगुरुका विलेपनले सुशोभित हुन सक्दैनन्। (वा.रा. अयो. का. ६७/९-२८सार)

पानी नभएका नदीहरू जसरी सुशोभित हुन सक्दैनन्, अथवा तृण (घाँस पात आदि) नभएका जङ्गलहरू जसरी सुशोभित हुन सक्दैनन्, त्यसरी नै राजा नभएको राष्ट्र पनि सुशोभित हुन सक्दैन। जसरी गोठाला नभएका गाईहरू सुहाउँदैनन् त्यसरी नै जुन राष्ट्रमा राजा हुँदैनन् त्यो राष्ट्र सुहाउँदैन। जसरी ध्वजा रथको प्रज्ञान (चिह्न/सत्ताको प्रतीक) हुन्छ, जसरी धुँवा अग्निको प्रज्ञान हुन्छ त्यसरी नै सबै प्रजाका एवं देशका प्रज्ञान राजा हुन्छन्। (राजाको सत्ताले नै जनताको र राष्ट्रको सत्तालाई प्रमाणित गर्दछ)। राजा नभएका राष्ट्रमा कसैको पनि आफ्नो भन्ने वस्तु रहँदैन। जसरी माछाहरूले एकअर्कालाई खान्छन् त्यसरी नै बलियाले निर्धालाई गाँस बनाउँछन्।

जुन मनुष्य नास्तिक (वेद निन्दक) भएकाले कुनै प्रकारका (पारलौकिक) डर नभएका हुन्छन्, मर्यादाको उल्लङ्घन गरिरहेका हुन्छन् र समाजमा बिझाउने काँडाजस्ता बनेका हुन्छन् उनीहरू पनि राजदण्डद्वारा नियन्त्रण गरिएका अवस्थामा व्यावहारिक बनिरहेका हुन्छन्, मर्यादाको अनुसरण पनि गरिरहेका हुन्छन्।

वाल्मीकिले पनि दशरथको मृत्यु पछि सन्तप्त बनेका प्रजाहरूको विप्रलापको वर्णन गरेर मार्कण्डेय आदि मुनिहरूका र मन्त्रीहरूका माध्यमले राजा नभएका अवस्थामा हुन सक्ने (सम्भावित) दुरवस्थाको यसै प्रकारले वर्णन गरेका छन् (वा.रा., अयो.का. ६७ अ.)।[३१] भगवान् मनुले पनि **अराजके०** अर्थात् 'यस संसारमा जुन समयमा राजा थिएनन् र

---

३१. 'राजाको सृष्टि जगत्को सुरक्षाका लागि भएको हो' शीर्षक अन्तर्गतका यहाँसम्मका अनुच्छेदमा वाल्मीकिरामायणको अयोध्याकाण्डको ६७ अध्याय (९-३२ पद्य) लाई उपजीव्य बनाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद् इह जगति यानि यावन्ति भूतानि तानि सर्वाणि धर्मे तिष्ठन्ति । न हि धर्ममन्तरा कान्यपि भूतानि जीवितुं प्रभवन्ति । स च धर्मो राजनि तिष्ठति । यो हि राजा विश्वस्याधाररूपं प्रतिष्ठात्मकं धर्मं स्वकीये राष्ट्रे सम्यक् अनुशिष्टे पालयति च स एव राजा पृथिवीपतिरित्युच्यते । भगवता [९९]व्यासेन

धर्मे तिष्ठन्ति भूतानि धर्मो राजनि तिष्ठति ।

तं राजा साधु यः शास्ति स राजा पृथिवीपतिः ।। इत्युक्त्या उक्त एवार्थोऽभिहितः ।

अत एव भगवता [१००]मनुना च –

बालोऽपि नावमन्तव्यो मनुष्य इति भूमिपः ।

महती देवता ह्येषा नररूपेण तिष्ठति ।। इत्युक्त्या मनुष्यबुद्ध्या बालोऽपि राजा नावमन्तव्यो जनैर्भवति । महतीयं देवता नररूपेणावतिष्ठते इत्यभिधाय राज्ञः प्राशस्त्यं निर्दिष्टम् ।

दुष्टनिग्रहो राज्ञः कर्तव्यः-

'न हि स्वधर्मत्यागिनो राजदण्डाभावः कस्यापि सम्मतः' इत्युक्त्या [१०१]मित्रमिश्रेण धर्मत्यागिनो दण्डनीयत्वमभिहितम् ।

९९. महाभारतम्, शान्तिपर्व, राजधर्मपर्व, ९० अध्यायः, ५ श्लोकः ।

१००. ७/८ मनुः ।

१०१. दायभागः, वीरमित्रोदयः १८ पृष्ठम् ।

प्रजाहरू डराएर भागिरहेका थिए त्यसै समयमा परमात्मा प्रजापतिले सम्पूर्ण संसारको (प्रजाहरूको) संरक्षणका लागि राजाको सृष्टि गरेका हुन् (अतः राजाले प्रजाको संरक्षण गर्नुपर्छ' (मनु. ७/३) भनी राजा नभएका विश्वको स्वरूप, राजाको सृष्टि र राजाका सृष्टिको प्रयोजन बताएका छन् । जुन देशमा राजा हुँदैनन् त्यस अराजक जनपदमा धर्म व्यवस्थित हुँदैन (शा.प. ६७/३) । धर्मका अभावमा सामाजिक जीवन विध्वस्त हुन्छ (अस्तव्यस्त बन्दछ) । 'धर्म सम्पूर्ण विश्वको प्रतिष्ठा हो' भन्ने भगवती श्रुतिको (वेदको) डिण्डिमघोष (डण्कारव/डङ्कार) छ ।

अतः यस संसारमा जति पनि प्राणी छन् ती सबै प्राणी धर्ममा रहेका छन् । धर्मलाई छाडेर कुनै पनि प्राणी बाँच्न सक्दैन । त्यो धर्म राजामा रहेको हुन्छ । जुन राजाले विश्वका आधारका रूपमा प्रतिष्ठा प्राप्त गरेको धर्मलाई आफ्ना राष्ट्रमा प्रवृत्त गराउँछ र उक्त धर्मको पालन गर्न लगाउँछ त्यसै राजालाई नै पृथिवीपति (पृथिवीको मालिक) भनिन्छ । भगवान् व्यासले- **धर्मे तिष्ठन्ति०** अर्थात् 'प्राणीहरू धर्ममा रहेका हुन्छन् । धर्म राजामा रहेको हुन्छ । जसले राम्ररी धर्ममाथि शासन गर्छ (राष्ट्रमा धर्मलाई प्रवृत्त गराउँछ) त्यसैलाई राजा भनिन्छ र त्यसैलाई पृथिवीपति (पृथिवीको स्वामी) भनिन्छ' (म.भा., शा.प. ९०/५) भनी उक्त तथ्य नै बताएका छन् । त्यसैले त भगवान् मनुले- **बालोऽपि०** अर्थात्- 'बालक भए पनि मनुष्य नै हो भन्ने धारणा बनाई राजाको अपमान गर्न हुँदैन; वास्तवमा भन्ने हो भने राजा भनेका मनुष्यका रूपमा रहेका ठूला देवता हुन्' (मनु. ७/८) भनेका छन् । यसरी मान्छे नै त हुन् भन्ने सम्झेर मनुष्यहरूले बालकै भएता पनि राजाको अवमान गर्न हुँदैन, ठूला देवता नै मनुष्यका रूपमा विराजमान भएका हुन्छन् भनी मनुले राजाको प्राशस्त्य (प्रशंसनीयता) देखाएका छन् ।[३२]

३२. यस पद्यबाट देवरूप राजाको अवज्ञाद्वारा अधर्म आदि अदृष्ट दोष उत्पन्न हुन्छन् भन्ने भाव समेत व्यक्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञा वै दुष्टसाहसिकतस्करादीनाम् उपयुक्तदण्डदानादिना नियमनं सर्वथा विधेयम्। एतेषां नियमनार्थमेव हि राजसंस्थोदयः समजनि। दण्डसृष्टिश्च दुष्टदमनार्थं राज्ञः साधनरूपेण जाता। तादृशदुष्टदमने शिष्टपरिपालने चोद्युक्तस्य राज्ञः सर्वाभिः आविद्वद्गोपालैः प्रजाभिरनुसृतिर्विधेया। राज्ञा प्रजापालनार्थं समनुष्ठितानां कर्मणां समर्थनं विधेयम्। राज्ञा प्रजापालनाय प्रारब्धानां कर्मणां परिपूर्तये योगदानं च विधेयम्। राज्ञः प्रजापरिपालनाय बलसमृद्ध्यर्थं प्रजाभिराचारपरिपालनं विधेयम्। राज्ञः प्रजापरिपालनाय शक्तिसंवर्धकानां धार्मिककृत्यानां प्रजाभिः समनुष्ठानं विधेयम्।

अत एव राज्ञः स्तेनासाहसिकादिदुष्टदमनस्योत्कर्षोऽभिहितः। यथा-

[१०२]**अनेन विधिना राजा कुर्वाणः स्तेननिग्रहम्। यशोऽस्मिन् प्राप्नुयाल्लोके प्रेत्य चानुत्तमं सुखम्॥**

तथा-

[१०३]**ऐन्द्रं स्थानमभिप्रेप्सुर्यशश्चाक्षयमव्ययम्। नोपेक्षेत क्षणमपि राजा साहसिकं नरम्॥** इति।

प्रजाभिरनुष्ठितस्य कृत्यस्य षष्ठांशं फलं च दुष्टनियमनपूर्वकं प्रजानां संरक्षके राजनि समुपतिष्ठते। यथा-

---

१०२. ८/३४३ मनुः।

१०३. ८/३४४ मनुः।

दुष्टहरूको दमन गर्नु राजाको कर्तव्य हो-

'आफ्ना धर्मको परित्याग गर्ने मनुष्यलाई राजदण्ड दिन हुँदैन भन्ने सन्दर्भमा कसैको पनि सहमति हुन सक्दैन' (वी. मि., दा.भा. पृ. १८) भन्दै मित्रमिश्रले धर्मछाडाहरूलाई दण्ड दिनुपर्ने कुरा बताएका छन्।[३३] राजाले चोर, डाँका र दुष्ट आदिलाई उपयुक्त दण्ड दिने आदि कार्यद्वारा नियन्त्रण गर्नुपर्छ। यिनै चोर, डाँका आदिको नियन्त्रणका लागि नै राजसंस्थाको उदय भएको हो। दण्डको सृष्टि दुष्टहरूलाई दबाउनका लागि राजाका साधनका रूपमा भएको हो। यसरी दुष्टहरूको दमन गर्न र सज्जनहरूको संरक्षण गर्न लागिपरेका राजाको विद्वान्हरूबाट लिएर गोठालासम्मका प्रजाहरूले अनुसरण गर्नुपर्छ। राजाद्वारा प्रजाहरूको पालनका लागि गरिएका सबै राम्रा कामहरूको समर्थन गर्नुपर्छ। राजाद्वारा प्रजाहरूको पालनका लागि आरम्भ गरिएका कर्महरू पूरा गराउनका लागि योगदान गर्नुपर्छ। राजाद्वारा गरिने प्रजापालनरूपी कार्यमा बलको अभिवृद्धि होस् भन्ने उद्देश्यले प्रजाहरूद्वारा आचारको पालना गर्नुपर्छ। यसरी राजाद्वारा गरिने प्रजापालनरूपी कार्यमा शक्तिसंवर्धनका लागि प्रजाहरूद्वारा धार्मिक कृत्यहरूको अनुष्ठान गर्नुपर्छ। त्यसैले चोर, डाँका एवं दुष्टहरूको दमन गर्नुमा नै राजाको उत्कर्ष निहित हुन्छ भनिएको छ। जस्तै- **अनेन विधिना०** अर्थात् 'यस प्रकारले चोरहरूको (समाजका सबै प्रकारका काँडाहरूको) नियन्त्रण गर्ने राजाले यस लोकमा कीर्ति प्राप्त गर्दछन् भने मरेपछि उत्तम (स्वर्गादि) सुख प्राप्त गर्दछन्' (मनु. ८/३४३)। यसरी नै **ऐन्द्रं स्थानम्०** अर्थात्- 'इन्द्रको (सर्वोच्च) स्थान प्राप्त गर्ने चाहने साथै कहिल्यै नसकिने र कहिल्यै नष्ट नहुने कीर्ति प्राप्त गर्न चाहने राजाले एक क्षण पनि (घरमा आगो लगाइदिने, अरूको सम्पत्ति हडप्ने जस्ता कार्य गर्ने) दुष्ट, चोर, डाँकाहरूको उपेक्षा गर्न हुँदैन' (मनु. ८/३४४)

---

३३. मित्रमिश्रद्वारा रचित वीरमित्रोदयको व्यवहारप्रकाश अन्तर्गतको अलग्गै पुस्तकाकारमा प्रकाशित (वीरमित्रोदये दायभाग नामक) ग्रन्थलाई सङ्केत गरिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१०४]**सर्वतो धर्मषड्भागो राज्ञो भवति रक्षतः । अधर्मादपि षड्भागो भवत्यस्य ह्यरक्षतः ।।** इति ।

राज्ञः कृते ब्रह्मणा यो हि दण्डः सृष्टः स दण्डो दुष्टदमनार्थमेवेति राज्ञा दुष्टदमनार्थमेव दण्डप्रयोगो विधेयः । दुष्टे च दण्डेन नियमिते प्रजानां संरक्षणं सम्पद्यते । तथा प्रजानां संरक्षको राजा संरक्षिताभिः प्रजाभिः समनुष्ठितानां समेषां सुकृतकर्मजन्यानां धर्माणां (पुण्यानाम्) षष्ठांशस्य भागभाग् भवति । तस्माद् दुष्टानां निग्रहो राज्ञा सुतरां विधेयः ।

दुष्टस्याप्यपराधं देशं कालं बलं वयः कर्म वित्तं च समवेक्ष्य तदनुसारमेव दण्डप्रणयनं राज्ञा विधेयं भवति । दण्डस्य दमनार्थत्वात् । [१०५]याज्ञवल्क्येनापि तदेवोक्तम् ।

न ह्यसमीक्ष्य कृतो दण्डो प्रजा रञ्जयति । धर्मशास्त्रानभिज्ञश्च युक्तायुक्तपरीक्षणं कर्तुं न प्रभवति । तस्माद्राज्ञा वा राजाधिकृतेन ब्राह्मणेन धर्मशास्त्राभिज्ञेन भाव्यम् । धर्मशास्त्रभिज्ञानमेव पर्षत्त्वम् । अध्यात्मवित् पुरुषस्त्वैकोऽपि युक्तायुक्तपरीक्षणाय शक्त इति अध्यात्मविद एकस्यापि धर्मनिर्णयाय पर्षत्स्वरूपत्वमभिमतम् । अतः कार्यवशाद्

---

१०४. ८/३०४ मनुः ।

१०५. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ३६८ श्लोकः ।

{ज्ञात्वापराधं देशं च कालं बलमथापि वा । वयः कर्म च वित्तं च दण्डं दण्ड्येषु पातयेत् ।।}

भनिएको छ । प्रजाहरूद्वारा गरिएका कार्यका उपलब्धिको छैटौँ भाग दुष्टहरूको नियन्त्रण गर्दै प्रजाहरूको संरक्षण गर्ने राजालाई प्राप्त हुन्छ । भनिएको छ- **सर्वतो धर्म०** अर्थात् 'प्रजाको संरक्षण गर्ने राजालाई प्रजाहरूद्वारा गरिएका धार्मिक अनुष्ठानबाट प्राप्त भएको धर्मको छैटौँ भाग उपलब्ध हुन्छ र प्रजाको संरक्षण नगर्ने राजालाई प्रजाद्वारा गरिएका अधार्मिक क्रियाकलापबाट प्राप्त हुने अधर्मको छैटौं भाग (दुष्परिणाम) पनि प्राप्त हुन्छ' (मनु. ८/३०४) ।

राजाका लागि भनेर ब्रह्माजीद्वारा जुन दण्डको सृष्टि गरिएको छ त्यो दण्ड दुष्टहरूको दमन गर्ने उद्देश्य पूर्तिका लागि गरिएको हो । अतः राजाले दुष्टहरूलाई दमन गर्ने उद्देश्यले नै उक्त दण्डको प्रयोग गर्नुपर्छ । दुष्टहरू दण्डद्वारा नियन्त्रित भएपछि स्वतः नै प्रजाहरूको संरक्षण हुन्छ । यसरी प्रजाहरूको संरक्षण गर्ने राजा प्रजाहरूद्वारा सम्यक् प्रकारले सम्पादन गरिएका एवं राम्रा कर्मद्वारा उत्पन्न भएका धर्मका (पुण्यका) छैटौँ भागका भागीदार (उपभोक्ता) हुन्छन् । अतः राजाले सबै प्रकारले दुष्टहरूको दमन (नियन्त्रण) गर्ने कार्य गर्नुपर्छ । दुष्टहरूद्वारा गरिएका अपराध, देश, काल, बल, उमेर, कर्म एवं सम्पत्ति हेरेर त्यसैअनुसार नै राजाले दण्ड दिने काम गर्नुपर्छ । दण्डशब्दको अर्थ नै दमन हुन्छ । याज्ञवल्क्यले पनि यही कुरा गरेका छन् (या.स्मृ.१/३६८) ।

विचार नगरीकन (शक्तिले उन्मत्त भएर) गरिएको दण्डप्रयोगले प्रजाहरूलाई आनन्दित बनाउन सक्दैन । धर्मशास्त्रको राम्रो ज्ञान नभएको कुनै पनि पुरुषले यो राम्रो हो र यो राम्रो होइन भनी परीक्षण गर्न सक्दैन । त्यसैले राजा अथवा राजाद्वारा धर्माधिकरणमा नियुक्त ब्राह्मण धर्मशास्त्रको ज्ञाता हुनुपर्छ । धर्मशास्त्रको ज्ञानलाई नै पर्षत्त्व भनिन्छ । अध्यात्मको ज्ञान भएको पुरुष एक्लै भए पनि यो राम्रो हो र यो राम्रो होइन भनी निर्णय गर्न समर्थ हुन्छ । त्यसैले नै आध्यात्मिक ज्ञान भएको पुरुषलाई एक्लै भए पनि धर्मनिर्णयका सन्दर्भमा पर्षत्रूप मानिएको छ । कारणवश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहारावेक्षणायाशक्तेन [१०६]प्रजापालेन पृथिवीपतिना प्रत्यहं स्वानुष्ठेयव्यवहारावलोकनाय सर्वधर्मविद् ब्राह्मणः सभ्यैः (सभासद्भिः) सह [१०७]नियोक्तव्यः। स च व्यवहारावलोकनं कुर्यात्।

यत्र धर्मनिर्णयाय नियुक्तो ब्राह्मणस्तत्रान्यायेन मार्गेण यान्तं भूपालं धर्म्ये वर्त्मनि संस्थापयितुं न शक्नोति चेत् अन्यायजनितदुरितभागभागी सोऽपि सम्पद्यते।

राजा, ब्राह्मणः, सभासदः, प्राड्विवाकश्च जनपदगतव्यवहारावेक्षणकर्तार इति एभिः सर्वैर्धर्मशास्त्रमनुसृत्य व्यवहारावेक्षणम्, नार्थशास्त्रानुसारेण व्यवहारावेक्षणं विधेयम्।

अधर्माद् व्यवहारोत्पत्तिः। अधर्माद् विवेकस्य नाशः। विवेकशून्यो ह्यात्मवत् परत्र कुशलवृत्तिमचिन्तयन् मर्यादामुद्वर्तते। परेण मर्यादमुल्लङ्घ्य पराभूतो राजनि राजाधिकृताधिकारिणि वा निवेदयति।

---

१०६. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः ३ श्लोकः।

{अपश्यता कार्यवशाद् व्यवहारान्नृपेण तु। सभ्यैः सह नियोक्तव्यो ब्राह्मणः सर्वधर्मवित्॥}

१०७. ८/९-१० मनुः।

(कार्यान्तरमा संलग्नता, अस्वस्थता आदि कारणले) दैनिक व्यवहार हेर्न नसक्ने वा नभ्याउने प्रजाहरूका संरक्षक पृथिवीपति राजाले प्रत्येक दिन आफूद्वारा गरिनुपर्ने व्यवहार हेर्नका लागि सभासद्का साथमा सबै धर्म जान्ने ब्राह्मणलाई नियुक्त गर्नुपर्छ (मनु. ८/९, या.स्मृ. २/३)। त्यसै ब्राह्मणले प्रजाहरूका व्यवहारको अवलोकन गर्नुपर्छ (मनु. ८/१०)।

जहाँ धर्मको निर्णय गर्ने कार्यमा ब्राह्मणलाई नियुक्त गरिएको हुन्छ त्यस ठाउँमा अन्यायपूर्ण बाटामा हिँडिरहेका राजालाई समेत उक्त धर्माधिकारी ब्राह्मणले धर्मप्रधान (न्याययुक्त) बाटामा लगाउन सक्नुपर्छ। यसप्रकारको (राजालाई समेत धर्मप्रधान बाटामा ल्याउने) कार्य गर्न सकेन भने त्यो धर्माधिकारी ब्राह्मण पनि अन्यायबाट उत्पन्न भएका दुष्परिणामको भागीदार बन्दछ। राजा, ब्राह्मण, सभासद् र प्राड्विवाक (धर्मको निर्णय गर्ने कार्यमा नियुक्त पुरुष अर्थात् न्यायाधीश) जनपदमा देखिएका व्यवहारका (विवादका) अवलोकन कर्ता मानिन्छन्। यिनीहरू सबैले नै धर्मशास्त्रको अनुसरण गरेर व्यवहार हेर्ने काम गर्नुपर्छ। अर्थशास्त्रलाई (अर्थप्राप्तिलाई) ध्यानमा राखेर व्यवहार हेर्ने काम गर्न हुँदैन।

(अठार प्रकारका व्यवहारपद-अर्थात् व्यवहारका विषय)[३४]

३४. **व्यवहारपद-** वि+अव+हार पद मिलेर व्यवहारशब्द निष्पन्न हुन्छ। विले अनेक, अवले सन्देह र हारले निराकरण भन्ने अर्थ बुझाउँछ। अतः व्यवहारशब्दबाट अनेक प्रकारका सन्देहको निराकरण वा निवारण भन्ने अर्थ निस्कन्छ। यसै अर्थलाई निम्नपद्यमा यसरी व्यक्त गरिएको छ –

विनानार्थोऽवसन्देहो हरणं हार उच्यते। नानासन्देहहरणात् व्यवहार इति स्मृतः॥ (वीरमित्रोदयमा उद्धृत कात्यायनको उक्ति) धर्मशास्त्रमा प्रयुक्त अठार प्रकारका व्यवहारलाई यसै अर्थमा बुझ्नुपर्ने हुन्छ। बृहस्पतिले पनि **'शास्त्रं केवलमाश्रित्य क्रियते यत्र निर्णयः। व्यवहारः स विज्ञेयः..... ॥'** (बृहस्पतिस्मृति ३९ श्लोक) भनेका छन्। मनुस्मृतिको आठौं अध्यायमा र याज्ञवल्क्यस्मृतिको व्यवहाराध्यायमा यिनै व्यवहारको चर्चा गरिएको छ। चाणक्यले व्यवहारपदका ठाउँमा विवादपद भन्ने शब्दको प्रयोग गरेका छन्। मनुले अठारवटा व्यवहार पद गनाएका छन् (मनु.८/४-८)। याज्ञवल्यले पनि केही परिष्कारका साथमा यिनै अठार व्यवहारपदका सम्बन्धमा व्यवहाराध्यायका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथाभियोक्त्राभियुक्त उत्तरदायी च सत्यमिथ्याप्रत्यवस्कन्दनप्राङ्न्यायात्मकेषूत्तरभेदेष्वेकेनोत्तरपत्रं प्रस्तौति।

एवं प्रत्यर्थिना उत्तरपत्रे प्रस्तुते साध्यस्यार्थस्य निर्देष्ट्रा प्रतिज्ञावादिना स्वप्रतिज्ञातस्य विषयस्य सिद्ध्यर्थं प्रमाणमुपस्थातव्यं भवति । उपस्थापितं प्रमाणं यदि प्रामाणिकं सिद्ध्यति तर्हि प्रतिज्ञावादी सिद्धिमाप्नोति अर्थाद् विजयमश्नुते । यदि प्रतिज्ञावादिना प्रस्तुतं तत्प्रमाणमप्रामाणिकं सिद्ध्यति तर्हि पराजयमाप्नोति । राज्ञाहरहर्विलोकनीयो व्यवहार इत्थं चतुरंशकल्पनया ऋणादानाद्यष्टादशविधेषु विवादपदेषु उपदिष्टः । अर्थाद् ऋणादानादिष्वष्टादशव्यवहारपदेषु विवादे समुपस्थिते तस्य विवादस्य इत्थं भाषोत्तरक्रियासाध्यसिद्ध्याख्य-चतुरंशकल्पना निर्णयो विधेयः ।

अधर्मबाट व्यवहारको (ऋणादान आदि अठार प्रकारका व्यावहारिक समस्याको) उत्पत्ति हुन्छ । अधर्मबाट विवेकको नाश हुन्छ । विवेक नभएको पुरुषले आफ्नो कल्याणको कामना गरेझैं अरूको पनि कल्याण होस् भन्ने कामना गर्न सक्दैन र मर्यादाको उल्लङ्घन गर्दछ । अरूले मर्यादाको उल्लङ्घन गरेर आफूलाई तल पारे भने राजाका अथवा राजाद्वारा नियुक्त अधिकारीका नजिकमा गएर निवेदन गर्दछ (आफ्ना गुनासा राख्दछ) । अभियोक्ता (वादी) द्वारा अभियोग लगाइएको उत्तरदाता (अभियुक्त, प्रतिवादी) ले सत्य, मिथ्या, प्रत्यवस्कन्दन एवं प्राङ्न्याय (पूर्वन्यायविधि) मध्ये कुनै एउटा माध्यमले उत्तरपत्र प्रस्तुत गर्दछ । (आफूमाथि लगाइएका आरोपको प्रतिवाद गर्ने वा उत्तर दिने काम गर्छ ।) यसरी प्रत्यर्थी (प्रतिपक्ष/विपक्ष) द्वारा उत्तर दिएपछि साध्य अर्थको निर्देष्टा प्रतिज्ञावादिद्वारा आफूले प्रतिज्ञा गरेका विषयको सिद्धिका लागि प्रमाण उपस्थापित गर्नुपर्छ । (प्रतिवादीले लिखित जबाफ दिएपछि आफूमाथि अन्याय भएको छ भनी दाबी (जिकिर) गर्ने वादीले आफूले लगाएका आरोप सिद्ध गर्नका लागि आवश्यक पर्ने प्रमाणहरू लिखित रूपमा प्रस्तुत गर्नुपर्छ ।) प्रतिज्ञावादीले (आरोप लगाउने वादीले) प्रस्तुत गरेका प्रमाणहरू सिद्ध (प्रमाणित) भए भने उसले सिद्धि प्राप्त गर्दछ अर्थात् विजयी बन्दछ । प्रतिज्ञावादीले प्रस्तुत गरेका प्रमाण प्रामाणिक हुन सकेनन् भने उक्त प्रतिज्ञावादी (अभियोक्ता) पराजित हुन्छ । राजाद्वारा प्रत्येक दिन हेरिनुपर्ने व्यवहारमा चारवटा अंशको कल्पना गरिन्छ (विवादित विषयमा चारवटा श्रेणी पार गरेर यथार्थ निर्णय गरी न्याय प्रदान गरिन्छ) । यसरी ऋणादान आदि अठार प्रकारका व्यवहारपदमा न्याय प्रदान गर्न चार प्रकारका विधिको अवलम्बन गरिन्छ । अर्थात् ऋणादान आदि अठार प्रकारका व्यवहारपदमा विवाद उपस्थित भएमा त्यस विवादलाई शान्त गराउन भाषापाद, उत्तरपाद, क्रियापाद र साध्यसिद्धिपाद गरी चारवटा अंशको कल्पना गरी निर्णय दिनुपर्छ ।[३५]

अलग-अलग प्रकरणमा चर्चा गरेका छन् । अनुवादका क्रममा १. २. ३. आदि सङ्ख्या दिएर मनुद्वारा परिगणित अठारवटै व्यवहारपद देखाइएको छ । मूलमा मूलतः याज्ञवल्क्यस्मृतिको मिताक्षरालाई आधार मानेर व्यवहारपदको सामान्य परिचय दिइएको छ । विभिन्न व्यवहारपदको परिभाषा दिने सन्दर्भमा पनि प्रायः मिताक्षरा टीकामा उद्धृत नारदको वचनलाई उपस्थापन गरिएको छ । व्यवहारपदको विस्तृत विवरणका लागि याज्ञवल्क्यस्मृति एवं मिताक्षरा, व्यवहारप्रकाश, व्यवहारमयूख आदि ग्रन्थहरू अवलोकन गर्नुपर्ने हुन्छ ।

३५. १) **भाषापाद**- अर्थी (वादी) ले जे आवेदन गरेको हुन्छ त्यस कुरालाई प्रतिवादीका समक्षमा लेखन गर्ने कार्यलाई भाषापाद भनिन्छ । **'प्रत्यर्थिनोऽग्रतो लेख्यम्'** अर्थात् 'प्रतिवादीका अगाडिमा वादीद्वारा लगाइएका आरोप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋणादानाख्यव्यवहारपदम्

ऋणादानव्यवहारपदस्य सप्तविधत्वं मिताक्षराकारेण निर्दिष्टम्। यथा-

तत्र ऋणादानपदं सप्तविधम्- ईदृशमृणं देयम्, ईदृशमदेयम्, अनेनाधिकारिणा देयम्, अस्मिन् समये देयम्, अनेन प्रकारेण देयम् इत्यधमर्णे पञ्चविधम्। उत्तमर्णे दानविधिः आदानविधिश्चेति द्विविधम् इति।

तदिदं प्रमाणयितुं नारदवचनमुपस्थापयति। यथा-

ऋणं देयमदेयं च येन यत्र यथा च यत्।
दानग्रहणधर्माभ्यामृणादानमिति स्मृतम्॥ इति॥

---

१. ऋणादान नामको व्यवहारपद-

ऋणादान नामको व्यवहारपद सात प्रकारको हुन्छ भनी मिताक्षराका लेखकले बताएका छन्। जस्तै- **तत्र ऋणादानपदम्०** अर्थात् 'अठार प्रकारका व्यवहारपदमध्ये ऋणादान नामको व्यवहारपद सात प्रकारको हुन्छ। यसप्रकारको ऋण दिन हुन्छ, यसप्रकारको ऋण दिन हुँदैन, यस अधिकारी व्यक्तिद्वारा ऋण दिनुपर्छ, यस समयमा ऋण दिनुपर्छ, यस प्रकारले ऋण दिनुपर्छ- यी पाँच प्रकारका विधि अधमर्ण (ऋण लिने पुरुषसित) सम्बद्ध छन्। उत्तमर्णमा (ऋण दिने पुरुषमा) यसरी ऋण दिनुपर्छ र यसरी ऋण असुल गर्नुपर्छ भन्ने दुईओटा विधि रहेका हुन्छन्।' उनले आफूले भनेको कुरा प्रामाणिक हो भनी सिद्ध गर्नका लागि नारदको कथन उपस्थापन गरेका छन्। जुन यस प्रकार छ- **ऋणं देयमदेयं च०** 'ऋण देय छ, अथवा अदेय छ, जसले, जहाँ र जसरी दिनुपर्दछ साथै कसरी ऋण दिनुपर्दछ र कसरी दिएको ऋण फिर्ता लिनुपर्छ- यी सबै विषय ऋणादान (व्यवहारपद) भित्र पदछन्।'[३६]

लिपिबद्ध गर्नुपर्छ।' यसैलाई प्रथमपाद वा पहिलो चरण भनिन्छ। **२. उत्तरपाद-** वादीका समक्षमा नै प्रतिवादीद्वारा गरिने प्रतिवाद वा प्रत्युत्तरलाई लिपिबद्ध गर्नुपर्छ। यसलाई नै उत्तरपाद भनिन्छ। **'श्रुतार्थस्योत्तरम् लेख्यम्'** अर्थात् वादीद्वारा लगाइएका आरोप सुनेपछि प्रतिवादीद्वारा दिइएको उत्तर लिपिबद्ध गर्नुपर्छ। यो नै द्वितीपाद वा दोस्रो चरण हो। **३. क्रियापाद-** प्रतिवादीले लिखित उत्तर दिएपछि वादीले पुनः त्यसै समयमा नै आफूले लगाएका आरोप सिद्ध हुने प्रमाण लिखित रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ। **'ततोऽर्थी लेखयेत् सद्यः'** अर्थात् त्यसपछि अर्थीले तत्कालै प्रमाणहरू लिखित रूपमा प्रस्तुत गरोस्। यसैलाई नै क्रियापाद वा तेस्रो चरण भनिन्छ। **४. साध्यसिद्धिपाद-** वादीद्वारा प्रस्तुत गरिएका प्रमाणहरू प्रमाणित भएपछि उसलाई विजयी घोषित गरिन्छ। यसलाई नै साध्यसिद्धिपाद भनिन्छ। **'तत्सिद्धौ सिद्धिमाप्नोति'** अर्थात् प्रमाणहरू प्रमाणित भएमा वादीले सिद्धि (सफलता) प्राप्त गर्छ। यो चतुर्थपाद वा चौथो चरण हो। ऋणादान आदि अठार प्रकारका व्यवहारपदमा विवाद उपस्थित भएमा उक्त चतुष्पादात्मक व्यवहारद्वारा विवाद शमन गर्नुपर्छ। याज्ञवल्क्य भन्छन्- **चतुष्पाद्व्यवहारोऽयं विवादेषूपदर्शितः** (या.स्मृ.२/८) अर्थात्- कुनै पनि विषयमा विवाद उपस्थित भएमा उक्त चतुष्पादात्मक व्यवहारको प्रयोग गर्नुपर्छ।

३६. प्रस्तुत अनुच्छेदमा प्रतिपादित सबै विषय **याज्ञवल्क्यस्मृति**को व्यवहाराध्यायको तेस्रो ऋणादानप्रकरणको मिताक्षरा टीकाको अवतरणिकामा बताइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निक्षेपाख्यव्यवहारपदम्

रूपसङ्ख्यादिप्रदर्शनपुरःसरमन्यस्य हस्ते संरक्षणार्थं द्रव्यस्य प्रत्यक्षं समर्पणं निक्षेपः । तदेव द्रव्यं समुद्रं वासनस्थं रूपसङ्ख्याद्यविज्ञापितमेवान्यस्य हस्ते समर्पणम् उपनिधिः । तदेव द्रव्यं गृहस्वामिने देयमिति सम्भाष्य गृहजनहस्ते प्रक्षेपो न्यासः । इति हि निक्षेपोपनिधिन्यासानामवान्तरो भेदः । याचितान्वाहितादयोऽपि व्यवहारा निक्षेपादिसमानधर्मकाः । नारदकृतमुपनिधिनिक्षेपयोर्लक्षणं मिताक्षराकारेणोद्धृतम्-

असङ्ख्यातमविज्ञातं समुद्रं यन्निधीयते । तज्जानीयादुपनिधिं निक्षेपं गणितं विदुः ।। इति ।

अस्वामिविक्रयाख्यव्यवहारपदम्

अन्यदीयं द्रव्यम्, निक्षिप्तं वा, नष्टं लब्ध्वा वा, अपहृत्य वा स्वामिनोऽप्रत्यक्षं यत् विक्रीयते तदेवास्वामिविक्रयाख्यं व्यवहारपदमित्युच्यते । अस्वामिविक्रयाख्यव्यवहारपदस्य लक्षणं नारदेन कृतं [१०८]विज्ञानेश्वरेणोद्धृतं यथा-

निक्षिप्तं वा परद्रव्यं नष्टं लब्ध्वापहृत्य वा । विक्रीयतेऽसमक्षं यत्स ज्ञेयोऽस्वामिविक्रयः ।। इति ।।

---

१०८. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, अस्वामिविक्रयप्रकरणम् ।

---

२. **निक्षेप नामको व्यपहारपद**[३७]—

रूप (वर्ण), सङ्ख्या आदि बताएर अरूका हातमा सुरक्षा गर्न भनी प्रत्यक्ष रूपमा कुनै वस्तु दिइन्छ भने त्यसलाई निक्षेप भनिन्छ । त्यही नै वस्तु ढाकछोप गरेर (कमण्डलु आदिमा राखेर वा सिलबन्दी गरेर) रूप, सङ्ख्या आदि थाहा नदिएर अरूलाई राख्न दिइन्छ भने त्यसलाई उपनिधि भनिन्छ । त्यही नै वस्तु घरका मालिकका दिनु भनी त्यसै घरका कुनै सदस्यका हातमा दिइन्छ भने न्यास (नासो) भनिन्छ । यही नै निक्षेप, उपनिधि एवं न्यासका बीचको सूक्ष्म भेद हो । याचित, अन्वाहित आदि व्यवहार पनि निक्षेप आदिका समानार्थक हुन् (एउटै प्रकृतिका हुन्) । नारदद्वारा गरिएको उपनिधि एवं निक्षेपको लक्षण मिताक्षराका लेखकले उद्धृत गरेका छन् । जुन यस प्रकार छ- **असङ्ख्यातम्०** अर्थात् 'यति उति छ भनी सङ्ख्या नबताईकन, के राख्न दिइएको भन्ने जानकारी पनि नदिईकन, कुनै भाँडामा राखेर वा ढाकछोप गरेर जुन वस्तु राख्न दिइन्छ त्यसलाई उपनिधि भनेर जान्नुपर्छ । सबै कुरा जानकारी गराएर अर्थात्, सङ्ख्या, स्वरूप आदि बताएर राख्न दिएको वस्तुलाई निक्षेप भनिन्छ' । (या.स्मृ. २/६५ मिता.)

३. **अस्वामिविक्रय नामको व्यवहारपद-**

अरूको सम्पत्ति, अथवा अरूले राख्न दिएको सम्पत्ति, अथवा हराएर भेटिएको सम्पत्ति अथवा अर्काबाट (चोरेर वा जबरजस्ती) ग्रहण गरिएको सम्पत्ति मालिक (सम्पत्तिको वास्तविक स्वामी) नभएका अवस्थामा वा मालिकले थाहा नपाउने गरी बेच्ने काम गरिन्छ भने त्यसैलाई नै अस्वामिविक्रय नामको व्यवहारपद भनिन्छ । अस्वामिविक्रय नामक व्यवहारपदको नारदले जुन लक्षण गरेका छन् त्यो लक्षण विज्ञानेश्वरले उद्धृत गरेका छन् । जुन लक्षण यसप्रकार

---

३७. मनुद्वारा दोस्रो व्यवहारपदका रूपमा वर्णित निक्षेप नामक व्यवहारपदको याज्ञवल्क्यले व्यवहाराध्यायको चौथो उपनिधि प्रकरणमा (६५-६७ पद्य) वर्णन गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्भूयसमुत्थानाख्यव्यवहारपदम्

वणिक्नटनर्तकप्रभृतयो यत्र संप्रतिपत्त्या लाभार्थं कर्म कुर्वते तत्सम्भूयसमुत्थानाख्यं व्यवहारपदमभिधीयते। वणिजः परस्परद्रव्यकर्मादिसंयोगेन व्यापारं कुर्वते, नटा नाट्यम्, नर्तका नृत्यम् एवं संस्थानसङ्घादयश्च उद्योगं कुर्वते। तत्र द्रव्यसंयोगानुसारम् अर्थात् येन यावद्धनं व्यापारप्रवर्धनार्थं दत्तं स तदनुसारमेव लाभांशमाप्नोति। अधिकद्रव्यप्रक्षेप्ताधिकं न्यूनद्रव्यप्रक्षेप्ता पुनर्न्यूनमेव लाभांशमाप्नोति। अथवा संविदनुसारमपि न्यूनाधिक-लाभांशाप्तिः, संवित्सत्त्वे न्यूनाधिकतया लाभांशमाप्नुवन्ति। यथा [१०९]योगीश्वरेणोक्तम्-

समवायेन वणिजां लाभार्थं कर्म कुर्वताम्। लाभालाभौ यथाद्रव्यं यथा वा संविदा कृतौ॥ इति।

१०९. याज्ञवल्क्यस्मृतिः २/२५९।

छ- **निक्षिप्तं वा०** अर्थात् 'अरूले राख्न दिएको, अथवा अरूकै स्वामित्व भएको, अथवा हराएर भेटिएको, अथवा अरूबाट विना सहमति ग्रहण गरिएको वस्तु स्वामीको अनुपस्थितिमा बिक्री गरिन्छ भने त्यसलाई अस्वामिविक्रय भनिन्छ।'

४. सम्भूयसमुत्थान नामको व्यवहारपद-[३८]

व्यापारी, नट, नर्तक आदिले बाँडेर लाभांश लिने उद्देश्यले परस्परमा मिलेर (साझेदारीमा) कर्म गर्छन् भने त्यसलाई सम्भूयसमुत्थान नामको व्यवहारपद भनिन्छ। व्यापारीहरूले एक अर्काको सम्पत्ति (पुँजी) लगाएर साथै स्वयं विक्रयण (बेच्ने कार्य) आदि कार्यमा संलग्न भएर व्यापार गर्दछन्, नट (अभिनेता) हरूले नाट्य (अभिनय) गर्दछन्, नर्तकहरूले नृत्यप्रदर्शन एवं संस्थान-सङ्घ आदिले उद्योग गर्छन्। यसरी गरिएका कार्यहरूमा लगानी अनुसार अर्थात् जसले व्यापार आदि अभिवृद्धिका लागि जति धन लगाएको हुन्छ (सेयर हालेको हुन्छ) त्यसले त्यसै अनुसार नै (सेयरका अनुपातमा) लाभांश प्राप्त गर्दछ। धेरै सम्पत्ति लगाउनेले धेरै लाभांश पाउँछ भने थोरै सम्पत्ति लगाउनेले थोरै लाभांश पाउँछ। सविद् (समझदारी, फलानाले यति भाग र फलानाले यति भाग भन्ने) अनुसार पनि लाभांश धेरै थोरै हुन सक्छ। लगानीकर्ताहरूले त्यसै समझदारी अनुसार धेरै थोरै लाभांश प्राप्त गर्दछन्। प्रस्तुत व्यवहारपदका सम्बन्धमा योगीश्वर याज्ञवल्क्यको कथन यसप्रकार रहेको छ- **समवायेन०** अर्थात् 'एकाधिक व्यापारीले लाभांश प्राप्त गर्ने उद्देश्यले परस्परमा मिलेर कार्य गरेका हुन्छन् भने उनीहरूले व्यापार प्रवर्धनका लागि लगाएका पुँजीका अनुपातमा लाभ एवं हानि प्राप्त गर्छन्। अथवा सुरुमा नै जस्तो सम्झौता गरेका हुन्छन् त्यसै अनुसार नै लाभ एवं हानिको अंश प्राप्त गर्छन्।'[३९]

---

३८. मनुस्मृतिको ८/ २०६-२११ सम्म सम्भूयसमुत्थान नामक व्यवहारपदको वर्णन गरिएको छ। प्रस्तुत व्यवहारपदको मूलतः व्यापारसित, उद्योग धन्दा आदिको निर्माण एवं सञ्चालन आदिसित सम्बन्ध रहेको हुन्छ तापनि परस्परमा मिलेर गरिने एवं सम्झौता बमोजिम लाभांश प्राप्त हुने सबै नृत्य अभिनय आदिका कार्यसित पनि सम्बन्ध हुन्छ। मनुस्मृतिका आधारमा प्रधान एवं गौण यज्ञ आदिमा समेत यसको सम्बन्ध रहेको स्पष्ट हुन्छ। याज्ञवल्क्यले व्यवहाराध्यायको सम्भूयसमुत्थाननामक २२ औं प्रकरणमा (श्लोक- २५९-२६५) यस व्यवहारपदको चर्चा गरेका छन्।

३९. उदाहृत मूल पद्यमा समवाय पदको प्रयोग गरिएको छ र त्यसको मिताक्षरामा **'सर्वे वयमिदं कर्म मिलिताः कुर्मः'** इत्येवंरूपा सम्प्रतिपत्ति समवायः भनी उक्त पदको अर्थ गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दत्तानपकर्माख्यव्यवहारपदम्

दत्तस्य अपुनरादानाख्यं यत्र दानाख्ये विवादपदे तद्दत्तानपकर्म इति हि मिताक्षराकारेण दत्तानपकर्माख्यव्यवहारपदस्य लक्षणं लक्षितम् । अर्थात् विहितेन मार्गेण दत्तस्य द्रव्यस्य पुनरादानं दत्तानपकर्म इत्युक्तम् । तदेव पुनः अविहितमार्गेण दत्तस्य द्रव्यस्य पुनरादानात्मको विवादश्चेद् दत्ताप्रदानिकं व्यवहारपदमप्युच्यते । विहिताविहितमार्गाश्रयतया द्वैविध्यमाप्तमेतद् दत्तानपकर्मदत्ताप्रदानिकाख्यं च व्यवहारपदं देयादेयदत्तादत्तभेदेन पुनश्चतुर्विधं सम्पद्यते । यथा मिताक्षराकारेणाभिहितम्-

अधुना विहिताविहितमार्गद्वयाश्रयतया दत्तानपकर्म दत्ताप्रदानिकमिति च लब्धाभिधानद्वयं दानाख्यं व्यवहारपदमभिधीयते । तत्स्वरूपं नारदेनोक्तम्-(४/१) **'दत्वा द्रव्यमसम्यग् यः पुनरादातुमिच्छति । दत्ताप्रदानिकं नाम व्यवहारपदं हि तत् ।।'** इति । असम्यगविहितमार्गाश्रयेण द्रव्यं दत्त्वा पुनरादातुमिच्छति यस्मिन् विवादपदे तद्दत्ताप्रदानिकम् । दत्तस्याप्रदानं पुनर्हरणं यस्मिन् दानाख्ये तद्दत्ताप्रदानिकं व्यवहारपदम् ।

विहितमार्गाश्रयत्वेन तत्प्रतिपक्षभूतं तदेव व्यवहारपदं दत्तानपकर्मेत्यर्थादुक्तं भवति । दत्तस्य अपुनरादानाख्यं यत्र दानाख्ये विवादपदे तद्दत्तानपकर्म । तच्च देयादेयादिभेदेन चतुर्विधं यथाह नारदः- (४/२) **यथा देयमदेयं च**

---

५. दत्तस्यानपकर्म नामको व्यवहारपद-[४०]

जुन दान नामको व्यवहारपदमा पहिले दिइएको वस्तुलाई पछि फिर्ता लिइन्छ अर्थात् पुनः आफैँ ग्रहण गरिन्छ त्यसलाई दत्तानपकर्म भनिन्छ भनी मिताक्षराका लेखकले दत्तानपकर्म नामक व्यपहारपदको लक्षण गरेका छन् । अर्थात् विहित (उचित) विधिबाट दिइएको धन पुनर्ग्रहण गर्नु (फिर्ता लिनु) दत्तानपकर्म हो भनेका छन् । अविहित विधिबाट दिइएको त्यही नै धन पुनर्ग्रहण गर्ने विवादलाई दत्ताप्रदानिक व्यवहारपद भनिन्छ । विहित एवं अविहित बाटाका (विधिका) आधारमा दत्तानपाकर्म एवं दत्ताप्रदानिक गरी दुई प्रकारका भेदलाई प्राप्त गरेको व्यवहारपद देय, अदेय, दत्त र अदत्त भेदले गर्दा पुनः चार प्रकारको हुन्छ । यसै तथ्यलाई मिताक्षराका लेखकले यसरी अभिव्यक्त गरेका छन्-

अधुना० अर्थात्- अब विहितमार्ग एवं अविहित मार्गको अवलम्बन गरिने हुनाले क्रमशः दत्तानपकर्म र दत्ताप्रदानिक भनी दुईवटा अलग-अलग नामले युक्त भएको दानसित सम्बद्ध व्यवहारपदको वर्णन गरिन्छ । यसको स्वरूप (लक्षण) नारदले यसरी बताएका छन्- **दत्वा द्रव्यम्०** अर्थात् 'जुन मनुष्यले अविहित तरिकाले धन दिएर पुनः उक्त धन ग्रहण गर्न चाहन्छ, यसबाट सृजना हुने समस्यालाई दत्ताप्रदानिक व्यवहारपद भनिन्छ' (४/१) । असम्यक् अर्थात् अविहित मार्गको आश्रय लिएर दिइएको धन जुन विवादपदमा पुनः ग्रहण गर्ने इच्छा गरिन्छ त्यसलाई दत्ताप्रदानिक भनिन्छ । यसबाट दत्तस्य अर्थात् एक पटक दिइएको धनको अप्रदानम् अर्थात् पुनर्ग्रहण जुन दान नामको व्यवहारपदमा गरिन्छ त्यो नै दत्ताप्रदानिक नामको व्यवहारपद हो भन्ने बुझिन्छ । विहित मार्गको आश्रय लिइने हुनाले

---

४०. याज्ञवल्क्यस्मृतिको व्यवहाराध्यायको १२ औं दत्ताप्रदानिकप्रकरणमा (श्लोक- १७५-१७६) प्रस्तुत व्यवहारपदको वर्णन गरिएको छ । नियमपूर्वक दिएर फिर्ता लिएको दत्तानपकर्म हुन्छ भने अनियमित रूपमा दिएर फिर्ता लिएको दत्ताप्रदानिक हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दत्तं वादत्तमेव च । व्यवहारेषु विज्ञेयो दानमार्गश्चतुर्विधः ।। इति । तत्र देयमित्यनिषिद्धदानक्रियायोग्यमुच्यते । अदेयमस्वतया निषिद्धतया वा दानानर्हम् । यत्पुनः प्रकृतिस्थेन दत्तमव्यावर्तनीनं तद्दत्तमुच्यते । अदत्तं तु यत्प्रत्याहरणीयं तत्कथ्यते । इति ।

वेतनादानाख्यव्यवहारपदम्

शास्त्रेषु भृत्यानां वेतनस्य दानविधिक्रमोऽदानविधिक्रमश्चोक्तः । उक्तेन विधिना वेतनस्यानपाकर्म वेतनादानाख्यं व्यवहारपदमित्युच्यते ।

उक्तस्य वेतनादानाख्यस्य व्यवहारपदस्य स्वरूपं नारदेन स्मृतमिति विज्ञानेश्वरेणोपन्यस्तम् । यथा-

भृत्यानां वेतनस्योक्तो दानादानाविधिक्रमः । वेतनस्यानपाकर्म तद्विवादपदं स्मृतम् ।। इति ।

संविद्व्यतिक्रमाख्यव्यवहारपदम्

पारवण्डिनां नैगमादीनां च स्थितिः (मर्यादा) समय इत्युच्यते । समयस्यानपाकर्म संविद्व्यतिक्रमाख्यव्यवहारपदमभिधीयते । विज्ञानेश्वरेणोद्धृतं नारदवचं यथा-

पाखण्डिनैगमादीनां स्थितिः समय उच्यते । समयस्यानपाकर्म तद्विवादपदं स्मृतम् ।। इति ।

त्यसको (अविहित मार्गको) विपरीत अवस्थामा रहेको व्यवहारलाई दत्तानपकर्म भनिन्छ भन्ने कुरा अर्थबाट बुझिन आउँछ । पहिले दिएको धनलाई पुनः नदिने काम जुन दानसित सम्बद्ध व्यपहारपदमा गरिन्छ त्यसलाई दत्तानपकर्म भनिन्छ । उक्त (विहित एवं अविहित गरी दुई प्रकारमा विभक्त) द्रव्य देय एवं अदेय आदि भेदले गर्दा पुनः चार प्रकारको हुन्छ । यही कुरा नारदले भनेका छन्- **यथा देयम्०** अर्थात्- 'व्यवहारपदमा देय, अदेय, दत्त, अदत्त गरी दानविधि चार प्रकारको हुन्छ भनी जान्नुपर्छ ।' (४/२) देय भन्नाले निषेध नगरिएकाले दान गर्न योग्य भन्ने अर्थ बुझिन्छ । अदेय भन्नाले आफ्ना अधिकारमा नभएकाले अथवा निषिद्ध भएकाले दान दिन अयोग्य भन्ने बुझिन्छ । जुन दान स्वस्थ व्यक्तिद्वारा दिइएको हुन्छ र पुनः फर्काउनु पर्दैन त्यस दानलाई दत्त भनिन्छ । अदत्त दान त्यस्तो दानलाई भनिन्छ जुन कालान्तरमा फर्काउनुपर्ने हुन्छ ।

६. वेतनादान नामको व्यवहारपद[४१] –

शास्त्रहरूमा सेवकहरूलाई वेतन (तलब) दिने विधि एवं त्यसको क्रम र वेतन नदिने विधि एवं त्यसको क्रम पनि वर्णन गरिएको छ । उक्त विधिद्वारा{तलब दिनुपर्ने} भृत्यहरूलाई वेतन नदिनुलाई वेतनादान नामक व्यवहारपद भनिन्छ । उक्त वेतनादान नामक व्यवहारपदको लक्षण नारदले बनाएका छन् भनी विज्ञानेश्वरले उद्धरण दिएका छन् । जुन यसप्रकार छ- **भृत्यानाम्०** सेवकहरूलाई वेतनदानको विधिक्रम एवं वेतन अदानको विधिक्रम पनि (शास्त्रमा) बताइएको छ । भृत्यहरूलाई वेतन नदिनुलाई नै विवादपद (वेतनादान नामक व्यवहारपद) भनिन्छ ।'

४१. भृत्य (सेवक/कर्मचारी) हरूलाई काममा लगाएपछि वेतन (तलब वा मजदुरी वा ज्याला) दिनुपर्ने हुन्छ । शास्त्रमा वेतन दिने वा नदिने दुवै प्रकारको विधि पाइन्छ । वेतन दिनुपर्ने भृत्यलाई वेतन नदिएका अवस्थामा प्रस्तुत वेतनादान नामको व्यवहारपद सक्रिय हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रयविक्रयानुशयाख्यव्यवहारपदम्

क्रेता मूल्येन पण्यं क्रीत्वा मूल्यानुरूपं पण्यममन्वानो विक्रेतैवं मूल्येन पण्यं विक्रीय पण्यानुरूपं मूल्यममन्वानो यदि विवदति तर्हि तत् क्रयविक्रयानुशयाख्यव्यवहारपदं भवति।

क्रीतानुशयाख्यव्यवहारपदस्य नारदकृतं लक्षणं विज्ञानेश्वरेणोद्धृतं यथा-

क्रीत्वा मूल्येन यः पण्यं क्रेता न खलु मन्यते। क्रीतानुशय इत्येतद्विवादपदमुच्यते ।। इति।

'एतस्मान्नारदकृतात् क्रीतानुशयाख्यव्यवहारपदात् क्रयविक्रयानुशयः' इत्यनेन मनुसमान्नायेनाभिहितस्य विक्रयानुशयस्यापि संग्रहो भवति। यथा क्रयानुशयस्तथैव विक्रयानुशयोऽपि भवति इत्यर्थः। अत एव कौटिल्येन विक्रीतक्रीतानुशयाख्यं व्यवहारपदमभिहितम्।

---

७. संविद्व्यतिक्रम नामको व्यवहारपद[४२]-

[४३]पाखण्डी एवं नैगमेय आदिको स्थिति (मर्यादा) लाई समय भनिन्छ। समयको अनपाकर्म (व्यतिक्रम) लाई अर्थात् प्रतिज्ञात समयमा वस्तु नफर्काउनुलाई संविद्व्यतिक्रम (सम्झौताको अतिक्रमण) नामको व्यवहारपद भनिन्छ। विज्ञानेश्वरद्वारा उद्धृत एवं नारदद्वारा प्रतिपादित संविद्व्यतिक्रमको लक्षण यस प्रकार छ- **पारवण्डि०** अर्थात् 'पारवण्डी एवं नैगमेयहरूको स्थिति (यति समयमा धन फिर्ता गर्नुपर्छ वा यति समयमा म आफूले लिएको धन फिर्ता गर्छु भन्ने प्रतिज्ञावचन) लाई समय भनिन्छ। उक्त निर्धारित समयमा धन फिर्ता नगर्नुलाई नै (संविद्व्यतिक्रम नामको) व्यवहारपद भनिएको छ।'

८. क्रयविक्रयानुशय नामको व्यवहारपद-[४४]

क्रेताले मूल्य तिरेर वस्तु खरिद गरेपछि आफूले किनेको वस्तु मूल्य अनुरूप भएन भनी विवाद गर्छ भने अथवा विक्रेताले मूल्य लिएर बस्तु दिएपछि पनि वस्तुअनुरूपको मूल्य भएन भनी विवाद गर्दछ भने क्रयविक्रयानुशय नामको व्यवहारपद हुन्छ। क्रीतानुशय नामक व्यवहारपदको नारदले जुन लक्षण गरेका छन् विज्ञानेश्वरले त्यसको उद्धरण दिएका छन्। जस्तै- **क्रीत्वा मूल्येन०** अर्थात् 'क्रेताले मूल्य तिरेर विक्रेय वस्तु किनेपछि उक्त वस्तु मूल्यानुरूप नभएको भनी विवाद गर्दछ भने त्यसलाई क्रीतानुशय नामको व्यवहारपद भनिन्छ।' पुनश्च 'नारदद्वारा प्रतिपादित क्रीतानुशय नामक व्यवहारपदको लक्षणले क्रयविक्रयानुशलाई बुझाउँछ।' यस वाक्यद्वारा मनुसम्प्रदायद्वारा प्रतिपादित

---

४२. कुनै पनि व्यक्तिले ऋण दिँदा वा सापटी दिँदा यति समयसम्म ऋण वा सापटी फिर्ता गर्नुपर्छ भनी समयसीमा निर्धारण गरेको हुन्छ अथवा ऋण लिने वा सापटी लिने व्यक्तिले आफै पनि यति समयमा आफूले लिएको ऋण वा सापटी फिर्ता गर्छु भनी समयसीमा निर्धारण गरेको हुन्छ। समय भन्नाले ऋण वा सापटी चुक्ता गर्ने अवधि भन्ने अर्थ बुझिन्छ भने संविद्व्यतिक्रम भन्नाले समयसीमा नाघेको भन्ने अर्थ बुझिन्छ। धनीद्वारा अथवा स्वयं ऋणीद्वारा कबुलिएका समयमा ऋणीले धन चुक्ता गरेको हुनुपर्छ। निर्धारित समयमा ऋण चुक्ता न गर्नाले देखा परेको समस्यालाई संविद्व्यतिक्रम-नामक व्यवहारपद भनिन्छ।

४३. वेदविरुद्ध मार्गको अनुसरण गर्ने व्यापारीहरूलाई पाखण्डी भनिन्छ भने वेदविहित मार्गको अनुसरण गर्ने व्यापारीहरूलाई नैगमेय भनिन्छ।

४४. क्रयाविक्रयानुशय पदले किनिने र बेचिने दुवै वस्तुमा देखिने विवाद भन्ने बुझाउँछ। याज्ञवल्क्यले क्रीतानुशय भनेका छन्। क्रीतानुशयद्वारा मनूक्त विक्रीतानुशय पनि बुझिन्छ भनी मिताक्षरामा भनिएको छ। उक्त तथ्यको उल्लेख मूलमा नै गरिएको छ। कौटिल्यद्वारा प्रतिपादित विक्रीतक्रीतानुशयले पनि यसै तथ्यलाई प्रमाणित गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामिपालविवादाख्यव्यवहारपदम्

स्वामिनः पालेन, पालस्य च स्वामिना सह यत्र विवादः समुत्पद्यते सोऽयं विवादः स्वामिपालविवादाख्येन व्यवहारपदेनाभिधीयते।

स्वामिपालयोः पशुसम्बन्धे व्यतिक्रमे जाते विवादो जायते । तत्र विवादं धर्मतत्त्वतो यथावत् संप्रवक्ष्यामीत्यभिधानेन मनुना स्वामिपालविवादाख्यस्य व्यवहारपदस्य स्वरूपं निर्दिष्टम्।

सीमाविवादाख्यव्यवहारपदम्

सीमासम्बन्धी विवादो नैकधा भवति । देशयोर्द्वयोः ग्रामयोर्द्वयोः ग्रामान्तर्वर्तिनोर्द्वयोः, गृहयोर्द्वयोश्चेति अनेकधा क्षेत्रस्य सीमा निर्धारिता भवति । तासु यत्र सीम्नि यः कश्चिन्नरः परैर्विप्रतिपद्यते तदैव सीमा-विवादाख्यव्यपहारपदमित्युच्यते।

दण्डपारुष्याख्यव्यवहारपदम्

एकेनापरेषां गात्रेषु हस्ताभ्याम्, पादाभ्यां वायुधादिभिर्वा हिंसनं शारीरिकदुःखोत्पादः, भस्मपङ्कपुरीषा-दिभिर्वा प्रहारो मानसिकदुःखोत्पादश्च दण्डपारुष्यमुच्यते। तथैव नारदेनाभिहितमिति विज्ञानेश्वरेणोक्तम्-

---

विक्रयानुशयलाई पनि समेटिएको मानिन्छ। क्रयानुशय जुन प्रकारको हुन्छ विक्रयानुशय पनि त्यसै प्रकारको हुन्छ भन्ने तात्पर्यार्थ हो। त्यसैले त कौटिल्यले विक्रीतक्रीतानुशय नामक व्यवहारपद भनेका छन्।

९. स्वामिपालविवाद नामको व्यवहारपद-

स्वामीको (पशुका मालिकको) पालकका (गाई भैँसी आदि पाल्ने गोठालाका) साथमा र पालकको स्वामीका साथमा जुन विवाद उत्पन्न हुन्छ त्यसैलाई नै स्वामिपालविवाद नामको व्यवहारपद भनिन्छ। स्वामीका र पालकका बीचमा पशुका विषयमा गरिएको सम्झौताको उल्लङ्घन भएमा विवाद उत्पन्न हुन्छ। त्यस विवादका सम्बन्धमा धर्मतत्त्वलाई ध्यानमा राखेर के गर्नुपर्छ भनी यथार्थरूपमा बताउँछु भन्दै मनुले स्वामिपालविवाद नामक व्यवहारपदको स्वरूप बताएका छन्।

१०. सीमाविवाद नामको व्यवहारपद-

सीमा सम्बन्धी विवाद अनेक प्रकारले (अथवा अनेक प्रकारको) हुन्छ। दुईवटा देशका बीचमा, दुईवटा गाउँका बीचमा, गाउँभित्र पर्ने दुईवटा ठाउँका बीचमा र दुईवटा घरका बीचमा गरी अनेक प्रकारले जमिनका सीमाको निर्धारण गरिएको हुन्छ। उक्त सीमाहरूमा (सीमालाई विषय बनाएर) कुनै पुरुषले अन्य पुरुषसँग विवाद गर्दछ भने त्यसलाई सीमाविवाद नामक व्यवहारपद भनिन्छ।

११. दण्डपारुष्य नामको व्यवहारपद-

कुनै एउटा पुरुषले अन्य पुरुषका शरीरमा हातले, गोडाले वा कुनै हतियार आदिले आघात पुऱ्याउनु भनेको शरीरमा (शारीरिक) दुःख उत्पन्न गराउनु हो। खरानी, हिलो, विष्ठा आदिले प्रहार गर्नु भनेको मनमा (मानसिक) पीडा उत्पन्न गराउनु हो। उक्त शारीरिक एवं मानसिक पीडा पुऱ्याउने कार्यलाई दण्डपारुष्य भनिन्छ। यसरी नै नारदले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परगात्रेष्वभिद्रोहो हस्तपादायुधादिभिः । भस्मादिभिश्चोपधातो दण्डपारुष्यमुच्यते ।। इति ।

व्याख्यातं च तेनैव- परगात्रेषु स्थावरजङ्गमात्मकद्रव्येषु हस्तपदायुधैरादिग्रहणाद् ग्रावादिभिर्योऽभिद्रोहो हिंसनं दुःखोत्पादनं तथा भस्मना आदिग्रहणाद्रजःपङ्कपुरीषाद्यैश्च य उपघातः संस्पर्शनरूपं मनोदुःखोत्पादनं तदुभयं दण्डपारुष्यम् ।

तत्रापि हीनमध्यमोत्तमानां पुरुषाणां क्रमाद् हीनेन द्रव्येन, मध्यमेन द्रव्येण, उत्तमेन वा द्रव्येण अवगोरणं निःशङ्कपातनं क्षतजदर्शनं चेति त्रिविधं साहसं सम्पद्यते इत्येतदपि नारदवचमुपसृत्य विज्ञानेश्वरेणैवोक्तम् । अतः परशरीरेषु मनःसु वा दुःखोत्पादनं दण्डपारुष्याख्यव्यवहारपदमित्युच्यते ।

वाक्पारुष्याख्यव्यवहारपदम्

देशजातिकुलविद्याशिल्पादीनां सतिरस्कारभर्त्सनं वाक्पारुष्यमित्युच्यते । तस्य वाक्पारुष्यस्यापि निष्ठुराक्षेपात्, अश्लीलाक्षेपात्, तीव्राक्षेपाच्च त्रैविध्यं निर्दिष्टमुपलभ्यते । वाक्पारुष्यलक्षणं सभेदं नारदेन स्मृतं [११०]विज्ञानभिक्षुणा समुद्धृतम्-

देशजातिकुलादीनामाक्रोशं न्यङ्गसंयुतम् । यद्वचः प्रतिकूलार्थं वाक्पारुष्यं तदुच्यते ।।

११०. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, पाक्पारुष्यप्रकरणम् ।

दण्डपारुष्यको परिभाषा दिएका छन् भनी विज्ञानेश्वरले बताएका छन् । जस्तै- **परगात्रेषु०** अर्थात् 'अरूका शरीरमा हात, गोडा, हतियार आदिले प्रहार गर्नु एवं भस्म आदिले आघात पुऱ्याउनु दण्डपारुष्य हो । उक्त पद्यको विज्ञानेश्वरले नै व्याख्या गरेका छन्- परगात्रेषु अर्थात् स्थावर एवं जङ्गमात्मक द्रव्यहरूमा (प्राणी आदिमा) हात, गोडा एवं हतियारका माध्यमले आदिशब्दद्वारा ढुङ्गा आदिले जुन अभिद्रोह अर्थात् हिंसात्मक कार्य गरिन्छ = शारीरिक दुःख उत्पन्न गराइन्छ तथा त्यसरी नै भस्मद्वारा आदिशब्दद्वारा अभिप्रेत धूलो, हिलो, विष्ठा आदिद्वारा उपघात अर्थात् संस्पर्शरूप मानसिक दुःख उत्पन्न गराइन्छ, ती दुवैलाई दण्डपारुष्य भनिन्छ ।

दण्डपारुष्य पनि हीनपुरुषलाई, मध्यमपुरुषलाई एवं उत्तमपुरुषलाई क्रमैले हीन द्रव्यले, मध्यम द्रव्यले एवं उत्तम द्रव्यले अवरोध गर्नु, निःशङ्क भएर प्रहार गर्नु एवं क्षतविक्षत बनाउनु गरी तीन प्रकारको साहस देखिन्छ ।[४५] उक्त तथ्य पनि नारदको कथनलाई आधार मानेर विज्ञानेश्वरले बताएका छन् । समग्रमा भन्नुपर्दा अरूका शरीरमा अथवा मनमा दुःख उत्पन्न गराउनु नै दण्डपारुष्य नामको व्यवहारपद हो ।

१२. वाक्पारुष्य नामको व्यवहारपद-

देश,जाति, कुल, विद्या, शिल्प आदिको तिरस्कार पूर्वकको निन्दालाई वाक्पारुष्य भनिन्छ । वाक्पारुष्य पनि कठोर आक्षेप, अश्लील आक्षेप र तीव्र आक्षेप गरी तीन प्रकारको हुन्छ भनी देखाएको पाइन्छ । नारदले वाक्पारुष्यको भेदहरूका साथमा लक्षण दिएका छन् । नारदद्वारा उल्लिखित पद्यहरूको विज्ञानभिक्षुले उद्धरण गरेका छन्- **देशजाति०**

४५. मिताक्षरामा- **तस्य चावगोरणादिकारणभेदेन त्रैविध्यमभिधाय** भनिएको छ र त्यसकै टिप्पणीमा- **दण्डपारुष्यं नाम शरीरस्य विरूपीकरणम्, तत्र अवगोरणम्, निःसङ्गपातनम्, क्षतजदर्शनं चेति साहसत्रयम्** भनिएको छ । नारदको मूल पद्यमा- **अवगोरणनीसङ्ग (ङ्क) पातनक्षतदर्शनैः** उल्लेख गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निष्ठुराश्लीलतीव्रत्वादपि तत्त्रिविधं स्मृतम्। गौरवानुक्रमात्तस्य दण्डोऽपि स्यात् क्रमात् गुरुः ॥ इति।

तस्मात्पराक्रोशनं वाक्पारुष्याख्यव्यवहारपदमित्युच्यते।

स्तेयाख्यव्यवहारपदम्

यत्स्वकीयस्वत्वरहितं परकीयस्वत्वनिहितं द्रव्यं परजनासन्निधावप्रत्यक्षतया प्रत्यक्षं चापहारात्मकं कर्म क्रियते कृत्वापि चापलापो विधित्सते चेत् तदेव कर्म स्तेयाख्यव्यवहारपदमित्युच्यते।

साहसाख्यव्यवहारपदम्

तदेव प्रत्यक्षं कृतं चेत् साहसपदाभिधेयं भवतीति [१११]मनुना स्तेयसाहसयोर्लक्षणमभिहितम्-

स्यात् साहसं त्वन्वयवत् प्रसभं कर्म यत्कृतम्। निरन्वयं भवेत्स्तेयं हृत्वापव्ययते च यत् ॥ इति।

तस्मादसन्निधावपहरणं सन्निधावपहृत्य वा प्रलपनं च स्तेयाख्यं व्यवहारपदमित्युच्यते।

---

१११. ८/३३२ मनुः।

अर्थात् 'देश, जाति, कुल आदिलाई आधार बनाएर आक्रोशपूर्ण, न्यङ्गसंयुक्त एवं प्रतिकूल अर्थ भएको जुन बोली हुन्छ त्यसैलाई वाक्पारुष्य भनिन्छ। वाक्पारुष्य पनि निष्ठुर आक्षेप, अश्लील आक्षेप, एवं तीव्र आक्षेप गरी तीन प्रकारको मानिएको छ। वाक्पारुष्यरूप अपराध जति जति ठूलो हुन्छ दण्ड पनि त्यति त्यति नै ठूलो हुन्छ।' त्यसैले अरू प्रति आक्रोश व्यक्त गर्ने कार्यलाई वाक्पारुष्य नामक व्यवहारपद भनिन्छ।[४६]

१३. स्तेय नामको व्यवहारपद-

आफ्नो स्वत्व (अधिकार) नभएको एवं अरूका स्वत्वमा रहेको वस्तु अरू कुनै मानिस नजिक नभएका अवस्थामा अप्रत्यक्षरूपमा (कसैले थाहा नपाउने गरी) अपहरण (चोरी) गरिन्छ भने त्यसलाई स्तेय नामको व्यवहारपद भनिन्छ। प्रत्यक्ष नै (सीधै) चोरी गरेर पनि मैले चोरेको होइन भनी लुकाउने कार्य गरिन्छ भने पनि स्तेय नामकै व्यवहारपद हुन्छ।

१४. साहस नामको व्यवहारपद-

त्यही कार्य अर्थात् चोरी गर्ने कार्य नै प्रत्यक्ष रूपमा सम्पादन गरिन्छ भने साहस (डकैती) नामको व्यवहारपद हुन्छ भनी मनुले स्तेय र साहसको लक्षण बताएका छन्। जस्तै- **स्यात् साहसम्०** अर्थात्- 'वस्तुका मालिकका समक्षमा

---

४६. विज्ञानेश्वरद्वारा उद्धृत नारदको पद्यमा देश, जाति र कुललाई आधार बनाई पोखिने आक्रोश (उच्चैर्भाषण) को उल्लेख गरिएको छ। **'कलहप्रियाः खलु गौडाः'** यो देशप्रति पोखिएको आक्रोश हो। **'नितान्तं लोलुपाः खलु विप्राः'** यो जातिप्रति पोखिएको आक्रोश हो। **'क्रूरचरिता ननु वैश्वामित्राः'** यो कुलप्रति पोखिएको आक्रोश हो। आदि शब्दले विद्या, शिल्प आदिलाई आधार बनाई पोखिने आक्रोशलाई बुझाउँछ। वाक्पारुष्यमा आक्रोश एवं न्यङ्गसयुतता (असभ्यता) ले युक्त विपरीतार्थता रहेको हुन्छ। पाक्पारुष्य तीन प्रकारको हुन्छ। नारदको उक्ति यस प्रकारको छ- साक्षेपं निष्ठुरं ज्ञेयमश्लीलं न्यङ्गसंयुतम्। पतनीयैरपाक्रोशैस्तीव्रमाहुर्मनीषिणः ॥ १. धिङ्मूर्ख जाल्मन् यो साक्षेप निष्ठुर पारुष्यको उदाहरण हो। २. भगिन्यादिगमनकर्ता भनी लगाइएको आरोप अश्लील हो। ३. सुराप जस्ता पातित्यलाई अभिव्यञ्जित गर्ने आरोप तीव्र आक्षेप हो। न्यङ्गसंयुतको अर्थ असभ्य र अवद्य (भगिनीगमनादि निन्दनीय) हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्यस्य द्रव्यस्य अर्थात् स्वत्वस्य साधारणत्वेन विनियोगानर्हस्य द्रव्यस्य बलाद् ग्रहणात् साहसं भवतीति [११२]याज्ञवल्क्येन स्मृतम्। मनुनोक्तं साहसलक्षणं स्तेनप्रकरणे उपन्यस्तम्। [११३]नारदेन-

सहसा क्रियते कर्म यत्किञ्चिद् बलदर्पितैः।

तत्साहसमिति प्रोक्तं सहोबलमिहोच्यते ।। इत्युक्त्वा साहसस्वरूपं विवृतम्।

तस्माद् राजदण्डं जनाक्रोशं चोल्लङ्घ्य राजपुरुषेतरजनसमक्षं यत्किञ्चिन्मारणहरणपरदारप्रधर्षणादिकं क्रियते तत्सर्वं साहसमिति साहसाख्यव्यवहारपदं विज्ञानेश्वरेणाप्यभिहितम्।

स्त्रीसङ्ग्रहाख्यव्यवहारपदम्

स्त्रीपुंसयोर्मिथुनीभावः स्त्रीसङ्ग्रहणम् । व्यासेन {स्त्रीसङ्ग्रहाख्य}साहसस्वरूपं प्रथमसाहसादिदण्ड-प्राप्त्यर्थं त्रेधा विवृत्तमिति [११४]विज्ञानेश्वरेणाभिहितम्। यथा-

११२. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २३० श्लोकः।

११३. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २३० श्लोकः।

११४. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, स्त्रीसङ्ग्रहप्रकरणम्।

बलपूर्वक गरिएको चौर्य (अपहरण) कार्यलाई साहस (डकैती) भनिन्छ, वस्तुका मालिकबाट बचेर (लुकेर) गरिएको हरणलाई चोरी भनिन्छ,कुनै वस्तु चोरी गरेर चोरेको हैन भनी ढाकछोप गरे पनि चोरी (स्तेय) नै मानिन्छ' (मनु. ८/३३२) भनेका छन्। त्यसैले कोही (वास्तविक मालिक) नभएका अवस्थामा वस्तु ग्रहण गर्नुलाई अथवा सबैले देखिरहेका अवस्थामा वस्तु ग्रहण गरेर (चोरी गरेर) पनि लुकाउनु (मैले चोरेको हैन भन्नु) लाई स्तेय नामको व्यवहार पद भनिन्छ।[४७]

सामान्य द्रव्यको अर्थात् स्वत्व साधारण रूपमा रहेकाले (सबैको समान अधिकार भएकाले) विनियोजन गर्न नसकिने वस्तुको बलपूर्वक ग्रहण गर्ने कार्य नै साहस हो भनी याज्ञवल्क्यले भनेका छन् (या.स्मृ. २/२३०)। उनले मनुद्वारा प्रतिपादित साहसको लक्षण स्तेन प्रकरणमा नै राखेका छन्। नारदले **सहसा क्रियते०** अर्थात् 'अहङ्कारले उन्मत्त भएका पुरुषहरूद्वारा अचानक नै जुन कर्म गरिन्छ त्यसलाई साहस भनिन्छ र साहसलाई नै सहोबल पनि भनिन्छ' (या.स्मृ. २/२३० मिता.) भनेका छन्। उद्धृत उक्तिका माध्यमले नारदले साहसको स्वरूप बताएका छन्। समग्रमा भन्नुपर्दा राजदण्ड एवं जनाक्रोशको उल्लङ्घन (उपेक्षा) गरेर राजपुरुषभन्दा इतर मनुष्यका समक्षमा अरूलाई मार्ने, अपहरण गर्ने, परस्त्रीलाई जबरजस्ती करणी गर्ने जस्ता जुन कार्यहरू गरिन्छन् ती सबै साहस हुन्, त्यसैले तिनलाई साहसनामक व्यवहारपद भनिन्छ भनी विज्ञानेश्वरले भनेका छन्।[४८]

---

४७. उद्धृत पद्यको व्याख्या मन्वर्थमुक्तावलीमा यसरी गरिएको छ- यद्धान्यापहारादिकं कर्म द्रव्यस्वामिसमक्षं बलाद्धृतं तत्साहसं स्यात्, सहो बलं तद्भवं साहसम्। अत इह स्तेयदण्डो न कार्यः। एतदर्थः स्तेयप्रकरणेऽस्य पाठः। यत्पुनः स्वामिपरोक्षापहृतं तत्स्तेयं भवेत्। यच्च हृत्वाऽपह्नवते तदपि स्तेयमेव। मिताक्षरामा अन्वयवत्को अर्थ द्रव्यरक्षिराजाध्यक्षादिसमक्षम् गरिएको छ।

४८. विज्ञानेश्वरको मूल पङ्क्ति यस प्रकार रहेको छ- एतदुक्तं भवति- राजदण्डं जनाक्रोशं चोल्लङ्घ्य राजपुरुषेतरजनसमक्षं यत्किञ्चिन्मारणहरणपरदारप्रघर्षणादिकं तत्सर्वं साहसमिति साहसलक्षणम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिविधं तत्समाख्यातं प्रथमं मध्यमोत्तमम् । अदेशकालभाषाभिर्निर्जने च परस्त्रियाः ।
कटाक्षावेक्षणं हास्यं प्रथमं साहसं स्मृतम् । प्रेषणं गन्धमाल्यानां धूपभूषणवाससाम् ।
प्रलोभनं चान्नपानैर्मध्यमं साहसं स्मृतम् । सहासनं विविक्ते तु परस्परमुपाश्रयः ।
केशाकेशीग्रहश्चैव सम्यक् सङ्ग्रहणं स्मृतम् ।। इति ।

एतेन परस्त्रिया मिथुनीभावादिस्त्रीसङ्ग्रहाख्यव्यवहारपदं स्मृतम् ।

स्त्रीपुंसयोगाख्यव्यवहारपदम्

यत्र स्त्रीणां पुंसां च विवाहादयो विधयो विहिताः सन्ति तत्रैव स्त्रीपुंसयोगाख्यव्यवहारपदमित्युच्यते । [११५]विज्ञानेश्वरेण नारदवचनमुद्धृत्येतन्निगदितम् ।

पुरुषैः स्त्रीणामस्वतन्त्रत्वं संस्थाप्यं भवति । ताः स्त्रिय आत्मनो वशे संस्थापनाय विषयेषु (गृहकार्यसम्पादनादिषु) सज्जनीयाश्च भवन्ति । न हि विषययोगमन्तरा तासां नियमनं सम्भवति । गृहकार्यसक्ता हि ताः स्वात्मनात्मानं नियन्तुं शक्नुवन्ति । एतच्च [११६]मनुनैव स्मृतम् ।

११५. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, प्रकीर्णप्रकरणम् ।
११६. ९/२ मनुः ।

---

१५. स्त्रीसङ्ग्रह नामको व्यवहारपद-

स्त्री एवं पुरुषको मिथुनभाव (जोइ-पोइको स्थिति) लाई स्त्रीसङ्ग्रहण भनिन्छ । व्यासले प्रथमसाहस आदि दण्डप्राप्तिलाई ध्यानमा राखेर स्त्रीसङ्ग्रहणरूप साहसलाई तीन प्रकारले विभाजन गरेका छन् भनी विज्ञानेश्वरले बताएका छन् (या.स्मृ. २/२८३ मिता., अवतरणिका) । जस्तै-

त्रिविधम्० अर्थात् 'स्त्रीसङ्ग्रहण प्रथम साहस, मध्यम साहस एवं उत्तम साहस गरी तीन प्रकारको हुन्छ । अनुचित ठाउँमा, अनुचित समयमा, मुखबाट कुनै बोली ननिकालीकन, अन्य कुनै मनुष्य नभएका अवस्थामा परस्त्रीलाई कर्के नजरले हेर्ने र उनका नजिकमा हाँस्ने कार्यलाई प्रथम साहस भनिन्छ । परस्त्रीलाई गन्ध (सुगन्धित पदार्थ), माला, घूप, आभूषण एवं वस्त्र पठाउने साथै खाने पिउने सामग्रीको प्रलोभन देखाउने आदि कार्यलाई मध्यम साहस भनिन्छ । परस्त्रीका साथमा एकै ठाउँमा बस्ने, एकान्तमा एकअर्काको आश्रय लिने र परस्परमा कपाल समात्ने (सुमसुम्याउने) जस्ता कार्यलाई उत्तम साहस भनिन्छ । यसैलाई नै सम्यक् सङ्ग्रहण (परस्त्रीका साथमा गरिने व्यभिचारको अन्तिम अवस्था) भनिएको छ ।' उपर्युक्त प्रसङ्गद्वारा परस्त्रीका साथमा हुने पति-पत्नीभाव आदिलाई नै स्त्रीसङ्ग्रहनामक व्यवहारपद भनिन्छ भन्ने तथ्य स्पष्ट हुन्छ ।

१६. स्त्रीपुंसयोग नामको व्यवहारपद-

जुन स्त्री एवं पुरुषका बीचमा विवाह आदि विधि सम्पन्न भएको हुन्छ उनीहरूका बीचमा देखिएको विवादलाई स्त्रीपुंसयोग नामको व्यवहारपद भनिन्छ । विज्ञानेश्वरले नारदको उक्तिलाई प्रमाणका रूपमा उपस्थापन गरेर उक्त तथ्यको नै प्रतिपादन गरेका छन् (या.स्मृ., प्रकीर्णप्रकरण, मिता.) ।

पुरुषहरूले स्त्रीहरूलाई अस्वतन्त्र अर्थात् आफ्ना अधीनमा राख्नुपर्छ । स्त्रीहरूलाई आफ्ना अधीनमा बनाई राख्न उनीहरूलाई विषयमा (गृहकार्य सम्पादन आदि काममा) लगाइराख्नु पर्ने हुन्छ । कुनै विषयमा (काममा) लगाउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि स्त्रीपुरुषयोः परस्परं व्यवहारो निषिद्धस्तथापि अतिक्रान्तमर्यादामार्गयोः स्त्रीपुरुषयोर्नियमनं विधाय धर्म्ये पथि निवेशनं राज्ञः कर्तव्यमिति व्यवहारः प्रवर्तत एव। मिताक्षराकारेण [११७]विज्ञानेश्वरेणाप्येतन्निगदितम्। यथा- **'यद्यपि स्त्रीपुरुषयोः परस्परमर्थिप्रत्यर्थितया नृपसमक्षं व्यवहारो निषिद्धस्तथापि प्रत्यक्षेण कर्णपरम्परया विदिते तयोः परस्परातिचारे दण्डादिना दम्पती निजधर्ममार्गे स्थापनीयौ।'** इत्यादि।

दायविभागाख्यव्यवहारपदम्

अनेकस्वाम्यानां द्रव्याणां विभज्य एकैकस्वामित्वस्थापनं हि विभागः। विभागस्य लक्षणमनेकधा कृतमुपलभ्यते।

तत्र [११८]मिताक्षराकारेण- **'विभागो नाम द्रव्यसमुदायविषयाणामनेकस्वाम्यानां तदेकदेशेषु व्यवस्थापनम्'** इति विभागशब्दस्यार्थः कृतः।

विज्ञानेश्वरेणोद्धृतेन [११९]नारदवचनेन- **यत्र तनयैः पित्र्यस्य अर्थस्य विभागः कल्प्यते तदेव दायभागाख्य-व्यवहारपदमिति बुधैः स्मृतम्** इत्यभिधाय पितृरिक्थविभागस्य दायभागाख्यव्यवहारपदत्वं स्मृतम्।

११७. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, प्रकीर्णप्रकरणम्।
११८. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, दायविभागप्रकरणम्, २१६ पृष्ठम्।
११९. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, दायविभागप्रकरणम्, २१६ पृष्ठम्।

बाहेक स्त्रीहरूलाई नियमन गर्ने अर्को उपाय छैन। गृहकार्यमा संलग्न भएका स्त्रीहरू आफैनै आफूलाई नियन्त्रण गर्न समर्थ हुन्छन्। यही कुरा मनुले पनि बताएका छन् (मनु. ९/२)।

स्त्री र पुरुषका (पति-पत्नीका) बीचमा परस्परको व्यवहार (विवाद) निषिद्ध छ, तर पनि मर्यादाको उल्लङ्घन गरेका स्त्री-पुरुषलाई अर्थात् पति-पत्नीलाई नियमन गरेर उनीहरूलाई धर्मप्रधान बाटामा लगाउनु राजाको कर्तव्य हो। अतः यस्ता विषयमा पनि व्यवहार प्रवृत्त हुन्छ अर्थात् स्त्रीपुंयोगनामक व्यवहारपद हुन्छ। मिताक्षराका लेखकले पनि यही कुरा भनेका छन्। जस्तै- **यद्यपि०** अर्थात् 'हुन त स्त्री एवं पुरुषले परस्परमा अर्थी एवं प्रत्यर्थी भएर (वादी एवं प्रतिवादीका रूपमा) राजाका समक्षमा व्यवहार (विवाद निवेदन) निषिद्ध छ तर पनि प्रत्यक्ष रूपमा अथवा कर्णपरम्पराबाट स्त्री एवं पुरुषका बीचको परस्परको अतिचार थाहा पाएपछि दण्डादिको प्रयोग गरेर भए पनि दम्पतीलाई आ-आफ्ना धर्ममा स्थापित गराउनुपर्छ।' आदि।

१७. दायविभाग नामको व्यवहारपद-

अनेक व्यक्तिको स्वामित्वमा रहेको वस्तु बाँडेर त्यसमा एउटा एउटा (अलग-अलग) व्यक्तिको स्वामित्व स्थापन गर्ने कार्यलाई विभाग (भागबण्डा) भनिन्छ। विभागको लक्षण अनेक प्रकारले गरेको पाइन्छ। मिताक्षराका लेखकले **विभागो नाम०** अर्थात् 'अनेक व्यक्तिको स्वामित्व भएको द्रव्य, समुदाय एवं विषयलाई नियत व्यक्तिमा व्यवस्थापन गर्नु (खण्ड खण्डमा निश्चित पुरुषको स्वामित्व कायम गर्नु) विभाग हो' (या.स्मृ. २, दायविभागप्रकरण, मिता. अवतरणिका) भनी विभागशब्दको अर्थ बताएका छन्। विज्ञानेश्वरले **यत्र तनयैः०** अर्थात् जहाँ पुत्रहरूद्वारा पिताका सम्पत्तिको विभाग (भागबण्डा/अंशबण्डा) लगाइन्छ त्यसैलाई नै विद्वान्हरूले दायभागनामक व्यवहारपद भनेका छन्'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१२०]जीमूतवाहनेन- **अव्यवस्थिततया स्थितस्य स्वत्वस्य गुटकापातादिना व्यञ्जनस्य विभागत्वमभिहितम्। यथा तथा वा भवतु अनेकस्वामिकद्रव्याणां विभागो हि दायविभागाख्यव्यवहारपदम्** इत्युच्यते।

द्यूतसमाह्वयाख्यव्यवहारपदम्

अक्षबध्नशलाकादिभिः पणपूर्वकं जिह्मकारितं क्रीडनं द्यूताख्यव्यवहारपदमित्युच्यते। वयोवृषभादिभिः प्राणिभिः प्रणपूर्वकं जिह्मकारितं क्रीडनं समाह्वयाख्यव्यवहारपदमित्युच्यते। [१२१]विज्ञानेश्वरेणापि नारदवचनमुद्धृत्य इत्थमेवाभिहितम्। नारदवचनं यथा-

अक्षबध्नशलाकाद्यैर्देवनं जिह्मकारितम्। प्रणक्रीडावयोभिश्च पदं द्यूतसमाह्वयम्॥ इति।

प्राणिभिः क्रीडनस्य समाह्वयत्वं निष्प्राणिभिः क्रीडनस्य द्यूतत्वं च भगवतादिराजेन [१२२]मनुना समीहितम्। यथा-

१२०. दायभागः।

१२१. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, द्यूतसमाह्वयप्रकरणम्।

१२२. ९/२२३ मनुः।

भन्ने नारदको वचनलाई प्रमाणका रूपमा उपस्थापन गरेर पैतृक सम्पत्तिको विभाजन नै दायभाग नामको व्यवहारपद हो भन्ने कुरा बताएका छन्। जीमूतवाहनले- **अव्यवस्थिततया०** अर्थात् 'अव्यवस्थित रूपमा रहेको आफ्नो स्वत्वको (सम्पत्तिको) गुटकापात (गोलाप्रथा) आदिद्वारा व्यञ्जन गर्नुलाई विभाग भनिन्छ।[४९] जे होस्, अनेक व्यक्तिको (पुत्रहरूको) स्वामित्वमा रहेको वस्तुको विभाजन (नियत व्यक्तिको स्वामित्व कायम गर्ने कार्य) नै दायविभाग नामको व्यवहारपद हो' भनेका छन्।

१८- द्यूतसमाह्वय नामको व्यवहारपद-

अक्ष (पाश), बध्न (चर्मपट्टिका) एवं शलाका (दन्तादि) द्वारा सर्तसहितको क्रीडालाई द्यूत नामको व्यवहार पद भनिन्छ। पक्षी, गोरु आदि प्राणीहरूलाई प्रण बनाएर गरिएका क्रीडालाई समाह्वय नामको व्यवहारपद भनिन्छ। विज्ञानेश्वरले पनि नारदको वचनलाई प्रमाणका रूपमा उपस्थापन गरेर यस्तै कुरा बताएका छन् (या.स्मृ.२, द्यूतसमाह्वय-प्र.)। नारदको कथन यस प्रकार छ- **अक्षबध्नम्०** अर्थात् 'अक्ष, बध्न एवं शलाका आदिद्वारा (अप्राणिक) क्रीडालाई र पक्षी आदिलाई प्रण बनाइएको क्रीडालाई क्रमशः द्यूत एवं समाह्वय नामक व्यवहारपद भनिन्छ।'[५०] प्राणीलाई सर्त बनाएर गरिएको क्रीडालाई समाह्वय र निष्प्राण पदार्थलाई प्रण बनाएर गरिएको क्रीडालाई द्यूत भनिन्छ भनी आदिराज

४९. जीमूतवाहन 'दायभाग' नामक ग्रन्थका लेखक हुन्। जीमूतवाहनद्वारा निर्दिष्ट दायविभागको लक्षणमा पठित गुटकापात शब्दले सम्पत्तिको भाग लगाएपछि कुन भाग कसका अधिकारमा पर्ने भनी आधुनिक चिट्ठा हाल्ने प्रवृत्तिलाई सङ्केत गर्छ।

५०. याज्ञवल्क्यस्मृतिमा- उद्धृत पद्यको टिप्पणी यसरी गरिएको छ- **जीताद्यद्द्रव्यं गृह्यते सः पणः, वयांसि पक्षिणः, अक्षादिभिरचेतनैर्वयःप्रभृतिभिश्च चेतनैर्जिह्मेन देवनम् द्यूतम्।**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अप्राणिभिर्यत्क्रियते तल्लोके द्यूतमुच्यते । प्राणिभिः क्रियमाणस्तु स विज्ञेयः समाह्वयः ।। इति ।

इत्यष्टादशव्यवहारपदानि निर्दिष्टान्युपलभ्यन्ते । एतेषु व्यवहारपदेषु विवादे समुत्पन्ने राज्ञा चतुष्पादात्मकव्यवहारप्रवर्तनेन निर्णयं विधाय व्यवस्था स्थापनीया ।

व्यवहारपदेषु विवादे समुत्पन्ने राज्ञा क्रोधलोभौ परित्यज्य धर्मशास्त्रचोदितमार्गेणैव हि जनपदगता (राष्ट्रसमुत्थिता) व्यवहाराः समवलोकनीयाः ।

तत एवास्माकं देशेऽस्मिन् नेपाले 'मुलुकी ऐन' इत्यस्योत्पत्तेः पूर्वमनेनैव प्रकारेण धर्मशास्त्रं समनुसृत्य विधिनियमादीनां परिकल्पनं विधीयते स्म । ऐनकानुनेत्यादीनां परिकल्पनं धर्मशास्त्रं समनुसृत्य विधीयते स्म इत्येतच्च **'मुलुकी ऐन'** इत्याख्यग्रन्थादवगम्यते । तस्य ग्रन्थस्य प्रस्तावनायां [१२३]**'शास्त्रबाट मात्र कालका प्रभावले सबै व्यवहार चल्न न सक्दा'** इत्याद्युक्तम् ।

तस्मात्ततः पूर्वं (मुलुकी ऐन प्रकाशनात्पूर्वम्) शास्त्रं समनुसृत्य व्यवहाराणां विनिर्णयः विधीयते स्म इत्येतद्ग्रन्थादवगम्यते । अस्माकं व्यवहारविनिर्णायकमाचारविधायकं प्रायश्चित्तसमाज्ञापकं च धर्मशास्त्रमेवेति धर्मशास्त्रं समनुसृत्यैव व्यवहारविनिर्णयो विधीयते स्म ।

---

१२३. मुलुकी ऐन पृ. १ ।

मनुले भनेका छन् । जस्तै- **अप्राणिभिः०** अर्थात् 'प्राणीतर वस्तुलाई प्रण बनाएर (सर्तमा राखेर) खेलिएको जुवालाई लोकमा द्यूत भनिन्छ । त्यही सामाजिक जुवा नै कुखुरा, परेवा आदि प्राणीलाई प्रणका रूपमा राखेर खेलिन्छ भने समाह्वय भनिन्छ (मनु. ९/२२३) ।[५१]

यसरी अठार प्रकारका व्यवहारपदको निर्देशन गरेको पाइन्छ । उपर्युक्त व्यवहारपदमा विवाद उपस्थित भएमा राजाले चतुष्पादात्मक (भाषापाद आदि) व्यवहार प्रवर्तन गरी निर्णय दिएर व्यवस्थाको स्थापना गर्नुपर्छ । व्यवहारपदमा विवाद उत्पन्न भएमा राजाले क्रोध एवं लोभको परित्याग गरेर धर्मशास्त्रमा बताइएका विधिद्वारा नै जनपदमा देखा परेका (राष्ट्रमा आइलागेका) व्यवहारहरू हेर्नुपर्छ । त्यसैले त हाम्रो देश नेपालमा 'मुलुकी ऐन' निर्माण हुनुभन्दा पहिले यसै प्रकारले धर्मशास्त्रको अनुसरण गरेर विधि एवं नियम आदिको परिकल्पना गरिन्थ्यो । ऐन कानुन आदिको परिकल्पना पनि धर्मशास्त्रको अनुसरण गरेर गरिन्थ्यो । यो तथ्य 'मुलुकी ऐन' नामको ग्रन्थको अध्ययनबाट नै थाहा पाइन्छ ।[५२] उक्त ग्रन्थको प्रस्तावनामा **'शास्त्रबाट मात्र कालका प्रभावले सबै व्यवहार चल्न न सक्दा'** (मु.ऐ., पृ.१) इत्यादि कुरा लेखिएको छ । त्यसैले त्यसभन्दा पहिले अर्थात् मुलुकी ऐनको प्रकाशन (लागू हुनु) भन्दा पहिले शास्त्रको अनुसरण गरेर व्यवहारको निर्णय गरिन्थ्यो भन्ने तथ्य उक्त ग्रन्थबाट ज्ञात हुन्छ । हामीहरूका व्यवहारको निर्णय गर्ने, आचारको विधान गर्ने र प्रायश्चित्तको प्रतिपादन गर्ने शास्त्र धर्मशास्त्र नै हो । त्यसैले नै धर्मशास्त्रको अनुसरण गरेर व्यवहारको निर्णय गरिन्थ्यो ।

---

५१. पासा, कौडा, तास आदि अचेतन पदार्थका माध्यमले खेलिने अचेन पदार्थलाई नै दाउमा राखिने खेललाई द्यूत अर्थात् जुवा भनिन्छ । यसरी खेलिने खेलमा कुनै पनि चेतन प्राणीलाई दाउमा राखिन्छ भने समाह्वय भनिन्छ ।

५२. मुलुकी ऐन सर्वप्रथम १९१० सालबाट र पुनः संशोधनसहित २०२० साल भाद्र १ गतेबाट लागू गरिएको सामाजिक ऐन हो । यो ऐन पाँच भाग र विभिन्न महलमा विभक्त थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डरूपो धर्मः प्रत्यक्षनियामकः

धर्मो हि लक्षणसमन्वितां जनशक्तिमुत्पादयितुं तद्विपरीताया जनशक्तेरुत्पत्तिं च निरोद्धुं सर्वथा प्रयतते। एतच्च पूर्वाध्यायनिरूपणादवगम्यते। तत्र च धर्मानुष्ठानात् सामाजिकतत्त्वविवृद्धेरसामाजिकतत्त्वस्य च नाशादेव धर्मस्य सामाजिकव्यवस्थायां साधनत्वमप्रत्यक्षतामावहतीति निरूपितम्। यत्र तु [१२४]धर्मानुष्ठानाभावस्तत्र समाजे व्यवहारः प्रवर्तते। [१२५]व्यवहारो नाम प्रतिज्ञोत्तरसंशयनिर्णयप्रयोजनात्मकः। यस्मिन् समाजे बलवता पुरुषेण दुर्बलो जनः [१२६]स्मृतिनिर्दिष्टाचारविरुद्धेन मार्गेण तिरोभूयते तत्र चतुष्पादात्मको व्यवहारः प्रवर्तते। चतुष्पादात्मके व्यवहारे प्रवर्त्यमाने च ब्राह्मं संस्कारं प्राप्तेन [१२७]राज्ञा भूभागविच्छिन्नस्य जगतः परिरक्षणीयत्वाद् दण्डेन दुष्टदमनं सर्वथा विधेयं भवति। अराजको लोकः उद्धृतबलवद्भयादुद्विजते। [१२८]उद्विग्नानां संरक्षणार्थमेव धात्रा राज्ञः सृष्टिर्विहिता। राज्ञः कृते [१२९]साधनरूपेण धर्मात्मकस्य दण्डस्य सृष्टिश्च तेनैव धात्रा कृता। राज्ञा च

---

१२४. पराशरमाधवः, व्यवहारकाण्डः, ८ पृष्ठम्। {नारदवचनम्- धर्मे नष्टे मनुष्येषु व्यवहारः प्रवर्तते}

१२५. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ५ श्लोकः।
{प्रतिज्ञोत्तरसंशयहेतुपरामर्शप्रमाणनिर्णयप्रयोजनात्मको व्यवहारस्तस्य पदं विषयः।}

१२६. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ५ श्लोकः।

१२७. ७/२ मनुः।

१२८. ७/३ मनुः।

१२९. ७/१४ मनुः।

दण्डका रूपमा रहेको धर्म प्रत्यक्ष नियामक हो-

धर्मले- सदाचार आदि राम्रा लक्षणले (गुणगणले) युक्त भएको जनशक्ति उत्पन्न गराउन र त्यस विपरीतको (सदाचार आदि नभएको/दुराचारी-दुष्ट) जनशक्तिको उत्पादनलाई रोक्न सबै प्रकारले प्रयत्न गर्दछ। यो तथ्य यसभन्दा पहिलेको अध्यायमा गरिएको निरूपण (विश्लेषण) बाट थाहा पाउन सकिन्छ। त्यसै अध्यायमा नै धर्मको अनुष्ठानबाट सामाजिक तत्त्वको वृद्धि हुने र असामाजिक तत्त्वको विनाश हुने भएकाले धर्मले समाजलाई व्यवस्थित बनाउने कार्यमा अप्रत्यक्ष साधनको भूमिका निर्वाह गर्छ भनी देखाइएको छ। जुन समाजमा धर्मका अनुष्ठानको अभाव हुन्छ (धार्मिक क्रियाकलाप सम्पादन गरिँदैन) त्यस समाजमा व्यवहार (विवाद) प्रवृत्त हुन्छ (प.मा., व्य.का., ८ पृ.)। व्यवहार भनेको प्रतिज्ञा (भाषापाद), उत्तर (उत्तरपाद), शंसय (संशयहेतुपरामर्शात्मक क्रियापाद) एवं निर्णय (प्रमाणनिर्णयात्मक साध्यसिद्धिपाद) रूप प्रयोजन भएको हुन्छ (या.स्मृ. २/५ मिता.)। जुन समाजमा बलवान् पुरुषले दुर्बल पुरुषलाई स्मृतिमा बताइएका आचारभन्दा विपरीत मार्गद्वारा पीडा दिने वा अन्यायमा पार्ने कार्य गर्दछ त्यही समाजमा नै (भाषापाद आदि) चारवटा पादले युक्त भएको व्यवहार प्रवृत्त हुन्छ (या.स्मृ. २/५ मिता.)। चारवटा चरणले युक्त भएको व्यवहार प्रवृत्त भएपछि (विवाद उपस्थित भएपछि) ब्राह्म संस्कारलाई प्राप्त गरेका राजाले भूभागसित सम्बद्ध जगत्को (आफ्ना अधिकार क्षेत्रमा रहेका जमिनमा बसोबास गर्ने सबै जनताको) न्यायपूर्वक सबैतिरबाट रक्षा गर्नुपर्ने भएकाले (मनु. ७/२) जसरी भए पनि दण्डका माध्यमले दुष्टको दमन गर्नुपर्ने हुन्छ। राजा (संरक्षक) नभएको जनसमूह मर्यादाको उल्लङ्घन गरेका र बलिया पुरुषबाट डराएर उद्विग्न हुन्छ। उद्विग्न भएका मनुष्यको संरक्षणका लागि नै विधाताद्वारा राजाको सृष्टि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुष्टदमनार्थं सृष्टस्य दण्डस्य प्रयोगः सर्वथा विधेयः। दुष्टदमनमेव राज्ञः कृते विहितेषु पञ्चमहायज्ञेषु एको यज्ञः। दुष्टस्य दण्डः, सुजनस्य पूजा, न्यायेन कोशसंप्रवृद्धिः, अर्थिषु अपक्षपातः, राष्ट्रस्य रक्षा चेति राज्ञः कृते [१३०]पञ्चमहायज्ञाः क्लृप्ताः। तेषु पञ्चमहायज्ञेषु दुष्टदमनस्यापि सन्निवेशाद् राज्ञा दुष्टदमनं सर्वथा विधेयम्। धर्मात्मकस्य [१३१]दण्डस्य सृष्टिरेव दुष्टदमनाय सुजनसंरक्षणाय च कृता। [१३२]दण्डस्य भयादेव सर्वाणि स्थावराणि चराणि च भूतानि सर्वेषां भोगाय कल्पन्ते। सूर्यचन्द्रादयो ग्रहा दण्डस्य भयादेवाहर्निशं विचरन्ति। तस्यैव भयाद् वायुः प्रवहति, अग्निर्ज्वलति, पृथिवी धारणपोषणात्मकात् स्वधर्मान्न चलति, जलं मधुरतया प्रवहति, आकाशश्चावकाशदानात्मकात् स्वकाद्धर्मान्न चलति।

[१३३]देवाः दानवा राक्षसाः पक्षिणः सर्पादयश्चापि दण्डेनैव नियमिताः सन्त उपकारप्रदानाय प्रकल्पन्ते, स्वस्वधर्मान्न चलन्ति च। सर्वोऽयं लोको दण्डेनैव नियमितः सन्मार्गेऽवतिष्ठते। दण्डाभावे न कश्चिल्लोको मार्गेऽवतिष्ठेत। संयमितो जनः स्वर्गापवर्गादिच्युतिभयान्नरकादिप्राप्तित्रासात् स्वधर्मान्न चलति। असंयमितोऽपि जनो राजदण्डभयात् स्वधर्मेऽवतिष्ठते। [१३४]सर्वासां प्रजानां शासनं दण्ड एव कुरुते। सर्वेषां साधूनां संरक्षणं च

१३०. .....
१३१. ७/१८ मनुः।
१३२. ७/२२ मनुः।
१३३. ७/२३ मनुः।
१३४. ७/१८ मनुः।

गरिएको हो (मनु. ७/३)। राजाका लागि साधनका रूपमा धर्मरूप दण्डको सृष्टि पनि तिनै विधाताद्वारा गरिएको हो (मनु. ७/१४)। अतः राजाले दुष्टहरूको दमन गर्ने उद्देश्यले निर्माण गरिएका दण्डको प्रयोग अवश्य गर्नुपर्छ। दुष्टहरूको दमन नै राजाका लागि विधान गरिएका पाँच महायज्ञ मध्येको एउटा यज्ञ हो। दुष्टलाई दण्ड दिनु, सज्जनहरूको पूजा (सत्कार/सम्मान) गर्नु, न्यायपूर्वक कोशको वृद्धि गर्नु, याचकहरूमा पक्षपात नगर्नु र राष्ट्रको रक्षा गर्नु- यी नै राजाका निम्ति निर्धारण गरिएका पाँच महायज्ञ हुन् (मनु. .....)। उक्त पाँच प्रकारका महायज्ञमा दुष्टको दमनलाई समेत समावेश गरिएको हुनाले राजाले सर्वथा (सबैतिरबाट) दुष्टको दमन गर्नुपर्छ। धर्मात्मक दण्डको सृष्टि (मनु. ७/१८) नै दुष्टहरूको दमन गर्न र सज्जनहरूको संरक्षण गर्नका लागि गरिएको हो। दण्डका डरले नै सबै स्थावर एवं चर प्राणीहरू सबैका उपभोगका साधन (उपभोग गर्न सकिने पदार्थ) बन्दछन् (मनु. ७/२२)। सूर्य-चन्द्र आदि ग्रहहरू दण्डकै डरले दिन रात (आकाशमण्डलमा) विचरण गर्दछन्। दण्डकै डरले वायु वहन्छ, आगो बल्दछ, पृथिवी धारण-पोषणरूप आफ्ना धर्मबाट विचलित हुँदैन र जल मिठासका साथमा प्रवाहित हुन्छ। आकाश पनि खाली ठाउँ उपलब्ध गराउने रूपी आफ्नो धर्मबाट विचलित हुँदैन।

देवता, दानव, राक्षस, पक्षी एवं सर्प आदि सबै नै दण्डद्वारा नियन्त्रित भएर अरूको उपकार गर्न समर्थ हुन्छन् (उपकार गर्छन्) र आफ्ना धर्मबाट विचलित हुँदैनन् (मनु. ७/२३)। दृश्यमान सम्पूर्ण लोक (जनसमूह) दण्डद्वारा नै नियन्त्रित भएर सन्मार्गमा प्रवृत्त हुन्छ। दण्डको अभावमा कुनै पनि मनुष्य सन्मार्गमा अवस्थित हुने थिएन। संयमले युक्त भएको मनुष्य स्वर्ग, अपवर्ग (मोक्ष) आदिबाट च्युत भइन्छ कि भन्ने डरले र भयङ्कर नरकमा पर्नुपर्छ कि भन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्ड एव कुरुते। सर्वो लोको दण्डेनैव सुरक्षितो रात्रौ निःसन्दिग्धं स्वपिति। दण्डस्यैव भयात् सुप्तान् जनानपि न कश्चिदाक्रमते। सर्वेषु जनेषु सुप्तेष्वपि तेषां संरक्षणार्थं दण्ड एव जागर्ति। [१३५]यदि लोके उभयविधो दण्डो न स्यात्तर्हि काकोऽपि पुरोडाशमद्यात्। पुरोडाशप्रदानेन देवानुपेतुं न कश्चिदपि शक्नुयात्। श्वा च हविर्लिह्यात्। हविःप्रदानेन देवानुपेतुं न कश्चिदपि शक्नुयात्। कस्मिँश्चिदपि स्वाम्यं न स्यात्। एकमपरो विगृह्य गृह्णीयात्। अपरं तृतीयो विगृह्य गृह्णीयात्। मदीयं स्वत्वमिति वक्तुं न कोऽपि शक्नुयात्। जात्या नीचः उत्कृष्टवर्णाचरणमाचरेत्। उत्कृष्टोऽपि वर्णो नीचाचरणमाचरेत्। पालपदे स्थितो जनो राष्ट्रपदिपदाधिकारमाच्छिन्द्यात्। राष्ट्रपतिपदे स्थितोऽपि च नीचवृत्तिमादद्यात्। हालिको व्यासासनमादद्यात्। व्यासश्च हलं गृह्णीयात्। शूद्राः प्रवचनं कुर्युः। ब्राह्मणाश्च हलं कर्षयेयुः। एवमधरोत्तरं प्रवर्तेत। [१३६]दण्डस्यानाचरणाद् अनुचितेन दण्डेन दण्डनाद्वापि सर्वे ब्राह्मणादयो वर्णा इतरेतरस्त्रीसङ्गमात् सङ्कीर्येरन्। [१३७]सङ्करश्च नरककारकः। इह अव्यवस्थितिहेतुत्वेन समाजे दुःखदायकतया नरकजनकः, परत्र च आत्मानं स्वकीयपितॄंश्च पातकत्वान्नरककारकः। [१३८]दण्डस्य विभ्रमाच्चतुर्वर्गफलाः शास्त्रीयनियमाश्च उत्सीदेयुः। स्तेनसाहसिकादीनां चाभिवृद्धेः सर्वलोकप्रकोपश्च जायेत।

१३५. ७/२१ मनुः।

१३६. ७/२४ मनुः।

१३७. १/४२ श्रीमद्भगवद्गीता।

१३८. ७/२४ मनुः।

सन्त्रासले आफ्ना धर्मबाट विचलित हुँदैन। असंयमित मनुष्य पनि राजदण्डको डरले आफ्ना धर्ममा बस्दछ (स्थिर रहन्छ)। सबै प्रजालाई शासन गर्ने कार्य दण्डले नै गर्छ। सबै सज्जनको संरक्षण दण्डले नै गर्छ। सम्पूर्ण मनुष्य दण्डद्वारा नै सुरक्षित भएर रातिका समयमा निर्भय भएर सुत्छ। दण्डकै डरले सुतेका मनुष्यलाई पनि कसैले आक्रमण गर्दैन। सबै मानिस सुतेका अवस्थामा पनि उनीहरूको संरक्षण गर्न दण्ड जागिरहेको हुन्छ (मनु. ७/१८)। लोकमा दुई प्रकारको दण्ड हुँदैनथ्यो भने कागले पनि पुरोडाश (हवनीय द्रव्य) खाने थियो। पुरोडाश प्रदान गरेर कसैले पनि देवतालाई प्राप्त गर्न सक्ने थिएन। कुकुरले पनि हवि (हवनीय वस्तु) चाट्ने थियो। हवि प्रदान गरेर कसैले देवतालाई प्राप्त गर्न सक्ने थिएन। कसैमा पनि स्वामिभाव (आफ्नोपन) हुने थिएन। एउटाले झैझगडा गरेर अर्काको वस्तु ग्रहण गर्थ्यो। त्यसको सम्पत्ति पनि तेस्रो मनुष्यले लडाइँ गरेर (खोसेर) लिन्थ्यो। यसरी यो मेरो सम्पत्ति हो भनेर कसैले पनि भन्न सक्ने थिएन। नीच (तल्लो) वर्णको मनुष्यले उत्कृष्ट (माथिल्लो) वर्णको आचरण गर्ने थियो। उच्च वर्णको पुरुषले पनि निम्न वर्णका पुरुषको आचरण गर्ने थियो। पालकका (सेवकका) पदमा रहेको मनुष्यले राष्ट्रपति पदको अधिकार खोस्ने थियो। राष्ट्रपति पदमा रहेको पुरुषले नीच पुरुषको व्यवहार गर्ने थियो। हलियाले व्यासको आसन लिने थियो र व्यासले हलो समात्ने थियो। शूद्रहरूले प्रवचन गर्ने थिए र ब्राह्मणहरूले हलो जोत्ने थिए। यसरी सबै व्यवस्था तलमाथि हुने थियो (मनु. ७/२१)। दण्डको प्रयोग नगर्ने हो (दण्डनीय पुरुषलाई दण्ड नदिने हो) भने वा अनुचित दण्डद्वारा (अन्यायपूर्वक) दण्ड दिने हो भने ब्राह्मण आदि वर्णहरू परस्परका स्त्रीहरूका साथमा समागम गरेर सङ्कीर्ण (वर्णसङ्करमय) बन्दछन् (मनु. ७/२४)। सङ्कर (वर्णहरूको सङ्कीर्णता) नरकदायक हुन्छ (गीता १/४२)। वर्णसङ्करताले यस लोकमा अव्यवस्थाको कारण भएकाले समाजमा दुःख उत्पन्न गराउँछ, त्यसैले नरकको कारक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१३९]यदि दण्ड्येषु दण्डप्रयोगो न विधीयेत तर्हि यथा हि मत्स्यान् शूले समारोप्य पचन्ति जना भक्षणार्थं तथैव बलवत्तरा दुर्बलान् ग्रसेयुः। तस्माद् दुष्टनिग्रहायैव दण्डस्य कल्पना कृता। [१४०]राज्ञः प्रयोजनसिद्धये धर्मस्वरूपस्य दण्डस्य सृष्टिर्धात्रैव विहिता। राज्ञः प्रयोजनं प्रजानां संरक्षणम्। प्रजानां संरक्षणं हि दुष्टानां निग्रहमन्तरा न सम्पद्यते। [१४१]दुष्टानां निग्रहश्च दण्डप्रयोगं विना न सम्भवतीति दण्ड आवश्यकः। दण्डस्यैव वशे लोकः। [१४२]तस्माद् दण्डो राजा। दण्डः पुरुषः। दण्डो नेता। दण्डः शासकः। दण्डश्चतुर्णां ब्राह्मणक्षत्रियवैश्यशूद्राणां वर्णानाम्, ब्रह्मचर्यगृहस्थवानप्रस्थसंन्यासानां चतुर्णामाश्रमाणां च धर्मस्यापि प्रतिभूरिति स्मृतः। तस्माद् दण्डरूपो धर्मः प्रत्यक्षनियामकः।

स च दण्डः सुसंस्कृतेनैव धीमता सहयोगिसमन्वितेन शुचिना सत्यसन्धेन शास्त्रोक्तसिद्धान्तानुसार-व्यवहारिणा राज्ञा हि न्यायतः प्रयोक्तुं शक्यते। न हि असंस्कृते जने सा शक्तिः समुदेति यया शक्त्या न्यायेन

१३९. ७/२० मनुः।

१४०. ७/१४ मनुः।

१४१. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, प्राक्कथनम्।

१४२. ७/१७ मनुः।

हुन्छ। परलोकमा पनि आफूलाई र आफ्ना पितृहरूलाई पतित बनाउने हुनाले नरककारक नै हुन्छ। दण्डको [५३]विभ्रमले (अभावले वा अनुचित प्रयोगले) धर्म, अर्थ, काम एवं मोक्षरूप चतुर्वर्ग फल प्राप्त गर्ने लक्ष्य भएका शास्त्रीय नियमहरू उच्छिन्न हुने थिए। चोर डाँकाहरूको बिगबिगीले सबै लोकमा प्रकोप हुने थियो (मनु. ७/२४)। दण्ड दिने योग्य पुरुषलाई दण्ड दिने कार्य गरिँदैनथ्यो भने जसरी मत्स्यजीवी (माछा मारेर जीविका चलाउने/मछुवा) हरूले खानका लागि शूलमा रोपेर माछा पकाउँछन् त्यसरी नै बलियाहरूले दुर्बलहरूलाई ग्रस्त बनाउँथे अर्थात् मत्स्यन्यायको प्रवर्तन गर्दथे (मनु. ७/२०)। उपर्युक्त बेथिति उत्पन्न हुने सम्भावना भएकाले नै दुष्टहरूलाई निग्रह गर्ने लक्ष्यले दण्डको कल्पना गरिएको हो। राजाको उद्देश्य परिपूर्तिका लागि विधाताद्वारा नै धर्मस्वरूप दण्डको सृष्टि गरिएको हो (मनु. ७/१४)। राजाको उद्देश्य (प्रयोजन) भनेको नै प्रजाहरूको संरक्षण हो। प्रजाहरूको संरक्षण दुष्टहरूको निग्रह (दमन) नगरेसम्म सम्भव छैन। दुष्टहरूको निग्रह दण्डको प्रयोग विना सम्भव छैन (या.स्मृ. २, उपोद्घात, मिता.)। त्यसैले दण्डको आवश्यकता पर्छ। सम्पूर्ण संसार दण्डका अधीनमा छ। त्यसैले 'दण्ड राजा हो, दण्ड पुरुष हो, दण्ड नेता हो र दण्ड शासक हो। दण्ड ब्राह्मण-क्षत्रिय-वैश्य एवं शूद्ररूप चारै प्रकारका वर्णहरूको, ब्रह्मचर्य-गृहस्थ-वानप्रस्थ एवं संन्यासरूप चारै प्रकारका आश्रमहरूको एवं धर्मको समेत [५४]प्रतिमूर्ति हो' (मनु. ७/१७) भनिएको छ। त्यसैले दण्डरूप धर्म प्रत्यक्षनियामक हो।

५३. विभ्रमशब्दले दण्ड दिन पर्ने अर्थात् दण्डनीय पुरुषलाई दण्ड नदिनु र दण्ड दिन नपर्ने अर्थात् अदण्डनीय पुरुषलाई दण्ड दिनु भन्ने दुवै अर्थ बुझाउँछ। **'दण्डस्य विभ्रमोऽकरणमन्यायेन वा करणम्'** (मनु. ७/२४ मेधातिथिभाष्य)

५४. मूलमा प्रतिभूः शब्दको प्रयोग गरिएको छ। 'सः (दण्डः) प्रतिभूरिव। यथा प्रतिभूश्चलितुं न ददाति तद्वद्दण्डोऽपि' (मनु. ७/१७ मेधातिथि भा.)। यसबाट प्रतिभू शब्दले सबैलाई विचलित हुन नदिने मियो जस्तो पदार्थ भन्ने बुझाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डः प्रयुज्येत । न्यायेन दण्डं प्रणेतुं सुसंस्कृतेन भाव्यम् । यथा हि हलकर्षणकुद्दालखननमृत्तिकालोष्ठमर्दनादिसंस्कारसमन्वितायां भूमावुप्तं बीजं सम्यक्तया प्ररोहति तथैव सुसंस्कारसमन्विते पुरुषे निहितो दण्डोऽपि सम्यक्व्यवहारप्रवर्तने क्षमः । तस्मादेव च संस्कारा अनुष्ठेयत्वेन धर्मशास्त्रेण विहिताः । ते च संस्काराः पूर्वस्मिन् अध्याये निरूपिताः । तैः संस्कारैः संस्कृते पुरुषे गुणानामुदयो भवति । गुणसमन्वितो हि राजा सम्यक् दण्डं प्रणीय प्रजा मर्यादायां स्थापने समर्थो भवति ।

दण्डस्य मार्गप्रवर्तकत्वम्

गुणवता राज्ञा दण्डेन हि वशे संस्थापितो लोको मार्गे प्रसरति । लोकस्य मार्गानुसृतिर्हि सर्वास्वातन्त्र्यं समुत्पाद्य व्यक्तेः संरक्षणं समाजस्य हितञ्चावहति । सत्यत्रेताद्वापरकलयो युगा दण्डमाश्रित्योत्पद्यन्ते । दण्डधारणञ्च राजा प्रकुरुते । यादृशं दण्डं राजा बिभर्ति तथाविधामेव प्रवृत्तिं जना आदधते । दण्डप्रयोगात्कण्टकोद्धरणे जाते सत्कर्मणि प्रवृत्तानां जनानां समाचाराल्लोके सुभिक्षादिः सम्पद्यते । तस्माच्च शान्तिर्जायते । तदेव च कृतं युगम् । पादन्यूने त्रेता । अर्धे जाते द्वापरम् । एकेन पादेन स्थितश्च कलिः । क्रमेणायं ह्रासश्च दण्डतारतम्येन जायते इति राज्ञो वृत्तानि सत्यत्रेताद्वारकलयो युगाः । [१४३]मनुनाप्युक्तम्-

१४३. ९/३०१ मनुः । {कृतं त्रेतायुगं चैव द्वापरं कलिरेव च । राज्ञो वृत्तानि सर्वाणि राजा हि युगमुच्यते ॥}

उपर्युक्त विशेषताले युक्त भएको दण्ड मात्र राम्रा संस्कारले युक्त भएका, उचित अनुचित विषयको विवेचना गर्न सक्ने बुद्धिले युक्त भएका, हितैषी सहयोगीहरूले युक्त भएका, बाह्य एवं आभ्यन्तर पवित्रताले युक्त भएका, सत्यसन्ध (सत्यको आश्रय लिने/साँचो बोल्ने) र शास्त्रमा बताइएका सिद्धान्तअनुसार व्यवहार गर्ने राजाद्वारा न्यायपूर्वक प्रयोग गर्न सकिन्छ । संस्कार नभएका पुरुषमा त्यो शक्ति उत्पन्न हुन सक्दैन जुन शक्तिका माध्यमले न्यायपूर्वक दण्डको प्रयोग गर्न सकियोस् । न्यायपूर्वक दण्ड प्रयोग गर्नका लागि राम्रा संस्कारले युक्त भएको हुनुपर्छ । बाँझो मार्ने, कोदालाले खन्ने, डल्ला फोर्ने आदि संस्कार गरिएका जमिनमा छरेको बीउ जसरी उम्रन सक्दछ त्यसरी नै राम्रा संस्कारले युक्त भएका पुरुषमा रहेको दण्ड पनि राम्ररी व्यवहार प्रवर्तन गर्न समर्थ हुन्छ । त्यसैले त संस्कारहरूको अनुष्ठान गर्नुपर्छ भनी धर्मशास्त्रले विधान गरेको छ (निर्देशन दिएको छ) । मनुष्यलाई संस्कृत बनाउने ती संस्कारहरू कुन कुन हुन् त भन्ने सम्बन्धमा पहिलेका अध्यायमा बताइसकिएको छ । उक्त संस्कारले संस्कृत पुरुषमा नै गुणहरूको उदय (प्रादुर्भाव) हुन्छ । गुणले युक्त भएको राजा सम्यक् प्रकारले (राम्ररी) दण्डको प्रयोग गरेर प्रजालाई मर्यादामा राख्न समर्थ हुन्छ ।

दण्डले सही बाटामा हिँडाउँछ-

गुणवान् राजाद्वारा दण्डप्रयोगका माध्यमले वशमा राखिएको मनुष्य सन्मार्गमा प्रवृत्त हुन्छ । मनुष्यद्वारा गरिएको सन्मार्गको अनुसरणले सबै ठाउँमा अस्वतन्त्रता उत्पन्न गराएर (जता पायो त्यतै जान नदिएर) व्यक्तिको संरक्षण गर्ने र समाजको हित गर्ने कार्य गर्दछ । सत्य, त्रेता, द्वापर एवं कलि युग दण्डको आश्रय लिएर उत्पन्न हुन्छ । दण्डधारण गर्ने कार्य राजाले गर्दछन् । जस्तो दण्ड राजाले धारण गर्छन् त्यसै प्रकारको नै प्रवृत्ति मनुष्यहरूले ग्रहण गर्दछन् । दण्डको प्रयोगद्वारा काँडा निकाल्ने (समाजमा काँडाजस्ता बनेका मनुष्यलाई नियन्त्रण गर्ने) कार्य भएपछि सत्कर्ममा लागेका मनुष्यहरूका व्यवहारबाट लोकमा सुभिक्षा आदि सम्पन्न हुन्छन् । त्यसबाट शान्ति हुन्छ । त्यसैलाई नै सत्य युग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृतं युगं त्रेतायुगं द्वापरं युगं कलिश्च सर्वाणि राज्ञो वृत्तानि, तस्माद् राजा युगमित्युच्यते इति।

दण्डाभावे रागान्धो न कश्चिदपि सत्कर्मणि संप्रवर्तेत। दण्डश्च चतुर्धा प्रयुज्यते। प्रथमं वाचैव नियमनं यदि वाचा नियम्येत। 'न साधु त्वयानुष्ठितम्, एवं कृते न धर्मोत्पत्तिः, तस्मान्नैवं भूयः कार्षीः' इत्यादिकमभिधाया-सम्यक्प्रवृत्तियुतो जनोऽसत्कर्मानुष्ठानान्निवारणीयः।

यदि दुराग्रही वाचा न नियम्येत तदा 'धिक्त्वामसमीक्ष्यासममञ्जसकारिणम्, एवंविधपापात्मककृत्या-नुष्ठानपरायणस्य ते जीवहानिर्मा भूयात्' इत्यादिकधिक्दण्डदानेन पापो नियमनीयः।

यदि तथा चापि न नियम्येत तदा धनदण्डेन नियमनीयो भवति समाजकण्टकः।

यदा तु धनदण्डेनापि नियन्तुं न शक्यते तदा तु समाजकण्टकभूतस्य पापस्य नियमनं वधं विधायापि कर्तव्यमिति चतुष्प्रकारत्वं भजते दण्डः। धर्मस्याव्यभिचारार्थमधर्मस्य (समाजकण्टकस्य, असत्यस्य, पापस्य) नियमार्थं भगवता [१४४]मनुना दण्डस्य चतुर्धा प्रयोज्यत्वं निर्दिष्टम्।

दण्डो हि जगन्नियामकः

न हि दण्डं विहाय पापकर्मणि संलग्नबुद्धीनां चौराणां पृथिव्यां निर्भयं विचरतामपि पापात्मककृत्यनिग्रहः कर्तुं केनापि साधनान्तरेण शक्यः। एको हि दण्डो लोके जागर्ति यस्य प्रभावादेव नस्यूता गाव इव वशे तिष्ठन्ति

१४४. ८/१२९ मनुः। {वाग्दण्डं प्रथमं कुर्याद्धिग्दण्डं तदनन्तरम्। तृतीयं धनदण्डं तु वधदण्डमतः परम्॥}

भनिन्छ। उक्त कार्यहरूमा (वा धर्ममा) एक पाउको (एउटा चरणको) कमी भएमा त्रेता युग हुन्छ। धार्मिक प्रवृत्ति आधा मात्र भएमा द्वापर युग हुन्छ। (कण्टकोद्धार र सत्कर्माचरण) एउटा पाउले मात्र अवस्थित भएका अवस्थामा कलि युग हुन्छ। क्रमैले यो ह्रास (कण्टकको उद्धार र सत्कर्ममा देखिने कमी कमजोरी) दण्डको तारतम्यले (न्यूनाधिक प्रयोगले) उत्पन्न हुन्छ। अतः सत्य, त्रेता, द्वापर र कलि युग भनेका राजाका व्यवहार हुन्। मनुले पनि भनेका छन्- 'सत्य युग, त्रेता युग, द्वापर युग र कलि युग- यी सबै राजाका व्यवहार हुन्। त्यसैले राजालाई सत्यादि युग भनिन्छ' (मनु. ९/३०१)।

दण्डको अभावमा रागले अन्ध भएको कुनै पनि पुरुष सत्कार्यमा प्रवृत्त हुने थिएन। दण्ड चार प्रकारले प्रयोग गरिन्छ। असत्कर्ममा प्रवृत्त भएका पुरुषलाई सबैभन्दा पहिले बोलीले नियन्त्रण गर्न सकिन्छ (सम्झाएर सम्झिन्छ) भने बोलीले नियन्त्रण गर्नुपर्छ (सम्झाउनुपर्छ)। 'तिमीले राम्रो काम गरिरहेका छैनौ, यस्तो गऱ्यौ भने धर्मको उत्पत्ति हुँदैन (अधर्म हुन्छ), त्यसैले अब उप्रान्त यस्तो काम नगर' यसरी सम्झाएर नराम्रा काममा प्रवृत्त भएको मनुष्यलाई नराम्रा काम गर्नबाट नियन्त्रण गर्नुपर्छ। नराम्रा कार्यमा प्रवृत्त भएको मनुष्य दुराग्रही छ र मुखले सम्झाएर पनि सम्झिँदैन भने {दोस्रो चरणमा}- 'राम्रो नराम्रो भन्ने कुनै पनि विचार नगरीकन अनुचित काम गर्ने तँलाई धिक्कार छ, यसप्रकारका पापात्मक (अधार्मिक) कार्यमा प्रवृत्त भएको तेरो ज्यानै नगुमोस्' इत्यादि 'धिक्दण्ड' दिएर त्यस्ता पापी पुरुषलाई अनुचित कार्य गर्नबाट रोक्नुपर्छ। यति गरेपछि पनि समाजका कण्टकका रूपमा रहेको दुराचारी पुरुष नियन्त्रित हुँदैन भने त्यस समयमा {तेस्रो चरणमा} धनदण्डद्वारा नियन्त्रण गर्नुपर्छ। यसरी धनदण्ड गरेर पनि नियन्त्रण गर्न सकिएन भने त्यस समयमा {अन्तिम वा चौथो चरणमा} समाजका कण्टकका रूपमा रहेको पापी पुरुषलाई मारेर भए पनि (दुराचारको) नियन्त्रण गर्नुपर्छ। यसरी दण्ड चार प्रकारको हुन्छ। धर्मलाई व्यभिचरित हुन नदिन र अधर्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वे जनाः । तस्य दण्डस्याभावे लोकमर्यादा न तिष्ठेत् । रागाक्रान्तो हि लोको नियामकाभावे उत्पथमुपगच्छति । उत्पथगामिभिर्हि लोके उद्वेगः समुत्पाद्यते । उत्पथगन्तारः पापकर्माणश्चौर्यं कुर्वन्ति । निर्भयं च पृथिव्यां विचरन्ति । तेषां च नियमनं दण्डं विहाय कर्तुं न पार्यते । [१४५]मनुनापि-

न हि दण्डादृते शक्यः कर्तुं पापविनिग्रहः ।

स्तेनानां पापबुद्धीनां निभृतं चरतां क्षितौ ।। इति निर्दिश्य दण्डस्यैव पापनियामकत्वमभिहितम् ।

दण्डस्यैव भयात् सूर्यस्तपति । दण्डस्यैव भयाद् वायुः प्रवहति । दण्डस्यैव भयात् पृथिवी प्ररोहति । दण्डस्यैव भयाद् अग्निर्ज्वलति । नद्यश्च दण्डभयान्मार्गवाहिन्यः सरसदायिन्यश्च । पिता पुत्रान् परिरक्षति पापादुन्मुच्य धर्मलोकसमवाप्तये । पुत्राश्च पितरं धर्मादेव शुश्रूषन्ते । पतिपरायणा पत्नी चैहलोकाभ्युदयपरलोकनिःश्रेयसमवाप्त्यर्थं धर्मेणैव हि पतिं शुश्रूषते । पतिरपि पुनर्गृहस्थाश्रमे स्थितो गृहमेधीयधर्मप्रवहणाय साध्वीं पत्नीं सर्वतः परिरक्षति । दण्डस्य भयादेव सर्वे उपभोक्तार उपभोज्याश्च स्वं स्वं स्वरूपं सर्वात्मना परिरक्षन्ति । किं बहुना- मृत्युरूपेण लोकान् कवलीकृत्य नियामकः स्वयं कालोऽपि च दण्डस्य भयादेव जन्यत्वमापद्याहर्निश-

१४५. ९/२६३ मनुः ।

(समाजका कण्टकको, असत्यको, पापको) नियमन (नियन्त्रण) गर्न मनुले चार प्रकारले दण्ड प्रयोग गर्नुपर्छ भनेका छन् (मनु. ८/१२९) ।

दण्ड नै जगत्को नियामक (नियन्त्रण) हो-

दण्डलाई छाडेर पापकर्ममा बुद्धि लगाएका चोरहरूलाई र पृथिवीमा निडर भएर हिँडिरहेका दुष्टहरूलाई पापात्मक कृत्यबाट नियन्त्रण गर्न अन्य कुनै साधनले सकिँदैन । एउटा मात्र दण्ड लोकमा सधैँ जागा (सजग) रहेको हुन्छ । जसका प्रभावले नाकमा डोरी (नत्थी) लगाइएका गाईहरूझैं सबै मनुष्य बसमा रहन्छन् । त्यस दण्डका अभावमा लोकमर्यादा पनि रहने थिएन । रागले आक्रान्त भएको मनुष्य नियामक तत्त्वको अभावमा नराम्रा बाटामा लाग्दछ । नराम्रा बाटामा लागेको मनुष्यले उद्वेग (खिन्नता) उत्पन्न गराउँछ । नराम्रा बाटामा लागेका र पापात्मक कर्म भएका मनुष्यहरूले चोरी गर्दछन् । पृथिवीमा निर्भय भएर विचरण गर्दछन् । उनीहरूलाई नियन्त्रण गर्ने कार्य दण्डलाई छाडेर अरू कुनै उपायले गर्न सकिन्न । मनुले पनि- **न हि दण्डादृते०** अर्थात् 'दण्ड विना पापको (दुराचारको) नियन्त्रण गर्न सकिन्न, पापबुद्धि भएका र पृथिवीमा लुकी लुकी हिँड्ने चोरहरूको (अथवा प्रत्यक्ष चोरहरूको र पापबुद्धि भएका अप्रत्यक्ष चोरहरूको) नियन्त्रण पनि दण्ड बाहेक अन्य साधनले गर्न सकिन्न (अतः उनीहरूलाई दण्ड दिनुपर्छ)' (मनु.९/२६३) भनेका छन् । उपर्युक्त कथनद्वारा मनुले दण्ड नै पापको नियामक हो भन्ने तथ्य प्रतिपादन गरेका छन् ।

दण्डकै डरले सूर्यले तताउने काम गर्छन् । दण्डकै डरले वायुदेव प्रवाहित हुन्छन् । दण्डकै डरले पृथिवी प्ररूढ (अङ्कुरोत्पादक) हुन्छ । दण्डकै डरले आगो बल्दछ । नदीहरूले दण्डका डरले सही बाटामा हिँड्ने र रस प्रदान गर्ने गर्दछन् । पिताले पापबाट मुक्त भएर धर्मलोक प्राप्त गर्ने उद्देश्यले छोराहरूको रक्षा गर्छन् । धर्मकै कारण छोराहरूले पिताको सेवा गर्छन् । पतिपरायण पत्नीले यस लोकमा अभ्युदय र परलोकमा कल्याण (स्वर्गादि सुख) प्राप्त गर्ने उद्देश्यले धर्मपूर्वक नै पतिको सेवा गर्दछे । गृहस्थ आश्रममा रहेको पतिले पनि गार्हस्थ्य (गृहस्थद्वारा सम्पादन गर्नु पर्ने)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मप्रच्युतस्वानुष्ठितकृत्यः सन् लोकान् लोकानुष्ठितकर्मानुसारं यातनादिप्रदानाय जागर्ति । यच्च यावच्च वस्तुजातमुपलक्ष्यते इह जगति न किमपि प्रायः दण्डमन्तरा मर्यादावर्त्मनि स्थितं संलक्ष्यते । तस्माद् दण्डो हि जगन्नियामकः ।

भयाज्जनेषु दण्डस्य जायते ह्यात्मसंयमः

पारत्रिको दण्ड आत्मसंयमिनं समुत्पादयति । न हि पारत्रिकदुष्कर्मफलरूपतया प्राप्स्यमाननरकादिदुःखेभ्यो भीतः कश्चिदपि जनः कस्याञ्चिदपि अवस्थायां तादृशनरकाद्युत्पादकदुष्कर्मसु प्रवर्तते । स्वदुःखोत्पादकानि परदुःखोत्पादकानि च कर्माणि नरकफलकानि । नरकफलकेभ्यः कर्मभ्यः सम्भीतश्च जनः स्वस्य दुःखोत्पादकेभ्यः परदुःखोत्पादकेभ्यश्च कर्मभ्यो निवर्तते । अनिष्टकर्मभ्यो निवर्तनां विधायेष्टकर्मषु प्रवृत्तिविधानमप्यात्मसंयमः । आत्मसंयमिनां समुत्पादनमप्रत्यक्षात्मकतया स्थितः पारत्रिको दण्डो विधत्ते ।

ऐहिको दण्डो राजदण्डः । न हि पारत्रिकदण्डासम्बलितो राजदण्ड आत्मसंयमिनं जनमुत्पादयितुं क्षमते । स तु दण्डः पारत्रिकदण्डासंवलितश्चेत् केवलवञ्चनाप्रवृत्तिं समुत्पादयति । प्रयोजनमुद्दिश्यैव प्रवृत्तिः कर्मसु मानवानां जायते । राजदण्डोऽर्थदण्डं शारीरिकदण्डञ्च कुरुते । तत्र दण्डार्हकर्मनिर्णायको दण्डदाता दण्डाधिकारी शास्त्रोक्तसत्कर्मदुष्कर्मानभिज्ञश्चेद् वञ्चनाप्रवृत्तिं कुरुते । आत्मसंयमाभावेन कृतापराधोऽपराधी

धर्म सञ्चालन गर्नका लागि पतिव्रता पत्नीको सबैतिरबाट सुरक्षा गर्दछ । दण्डकै दरले सबै उपभोक्ताहरूले र उपभोज्य (अरूद्वारा उपयोग गरिने) हरूले आ-आफ्ना स्वरूपको सबै प्रकारले रक्षा गर्दछन् । धेरै कुरा के गर्ने- मृत्युका रूपमा लोकहरूलाई (सबै प्राणीलाई) आफ्नो गाँस बनाएर नियन्त्रण गर्ने स्वयं काल पनि दण्डको डरले जन्यत्वलाई प्राप्त गरेर (देहीका रूपमा अवतीर्ण भएर) रात दिन आफ्ना कर्तव्यबाट च्युत नभईकन मनुष्यहरूलाई उनीहरूद्वारा गरिएका कर्मअनुसार यातना आदि दिनलाई सजग भएर बस्दछन् । जे-जति वस्तु यस जगत्मा उपलब्ध हुन्छन्, ती मध्ये कुनै पनि वस्तु वा प्राणी दण्ड विना मर्यादा-मार्गमा बसेको देख्न पाइन्न । त्यसैले नै दण्ड जगत्को नियन्त्रक हो ।

दण्डको डरले मनुष्यमा आत्मसंयम उत्पन्न हुन्छ-

पारत्रिक दण्डले आत्मसंयमी पुरुष उत्पन्न गराउँछ । परलोकमा दुष्कर्मका परिणामका रूपमा प्राप्त हुने नरक आदिका दुःखबाट डराएको मनुष्य कुनै पनि अवस्थामा त्यस प्रकारका नरक आदिका दुःख उत्पन्न गराउने कर्ममा प्रवृत्त हुँदैन । आफैलाई दुःख (पीडा) उत्पन्न गराउने र अरूलाई पनि दुःख उत्पन्न गराउने कर्महरू नरकरूप परिणामका प्रापक हुन्छन् । नरकरूप फल प्राप्त हुने (नरकमा पुऱ्याउने) कर्महरूबाट डराएको मनुष्य आफैलाई दुःख उत्पन्न गराउने र अरूलाई समेत दुःख उत्पन्न गराउने कर्मबाट निवृत्त हुन्छ (त्यस्ता कार्यमा लाग्दैन) । निषिद्ध (नराम्रो परिणाम निस्कने/निन्दित) कर्मबाट निवृत्त गराएर अभीष्ट (राम्रो परिणाम निस्कने) कर्ममा आफूलाई प्रवृत्त गराउनु पनि आत्मसंयम हो । आत्मसंयमीहरूको उत्पादन गर्ने कार्य अप्रत्यक्ष्य रूपमा रहेको पारत्रिक दण्डले गर्दछ ।

राजदण्ड यसै लोकसित सम्बन्ध राख्ने दण्ड हो । पारत्रिक दण्डले युक्त नभएको राजदण्डले आत्मसंयमले युक्त भएका पुरुषलाई उत्पन्न गराउन सक्दैन । पारत्रिक दण्डको पुट नभएको राजदण्डले मात्र वञ्चना (ठग्ने) प्रवृत्ति उत्पन्न गराउँछ (पारत्रिक दण्ड विनाको एकल राजदण्ड मात्र आडम्बर हो) । कुनै उपलब्धिलाई लक्ष्य बनाएर (केही प्राप्त गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वञ्चनाप्रवृत्तिं सृजति । वञ्चनाप्रवृत्या च राजप्रदेयोभयविधदण्डप्राप्तेरभावात्मकत्वं स्वानुष्ठितदुष्कर्मण्यपि यथातथा वा संयोजयति । तस्माच्चापराधी अनपराधी कल्पते । स्वार्थसिद्धये अनपराधित्वं साधयित्वा राजप्रदेयदण्डात् स्वसंवरणं रागान्धस्य तस्यापराधिनः प्रयोजनम् । अपराधिनानपराधित्वसाधनाय दत्तद्रव्यप्राप्तिस्तस्य रागान्धस्य दण्डाधिकारिणः प्रयोजनम् । अतोऽप्रत्यक्षात्मकतया स्थितस्य दण्डस्याभावे प्रत्यक्षात्मकतया स्थितो दण्डः सम्यक्तया सामाजिकीं व्यवस्थां स्थापयितुं न क्षमत इति प्रत्यक्षात्मकतया स्थितो राजदण्डः सामाजिकीं व्यवस्थां सम्यक्तया स्थापयितुमप्रत्यक्षात्मकतया स्थितस्य नरकप्राप्तिप्रदर्शनरूपस्य दण्डस्यापेक्षां कुरुते ।

दण्डो नापेक्ष्यते सत्सु

ये नाम शास्त्रोक्तमार्गमनुसरन्ति तेषां कृते नियमनाय राजदण्डस्यावश्यकता न भवति । यो हि मार्गः शास्त्रेषु निर्दिष्टः स समाजहितावह इति न नियमनाय दण्डान्तरमपेक्षते ।

उद्देश्यले) मनुष्यहरूको कार्यमा प्रवृत्ति हुन्छ । राजदण्डले अर्थदण्ड र शारीरिकदण्ड दिन्छ । अपराधीले गरेको कर्म दण्ड दिने योग्य छ भनी निर्णय गर्ने दण्डदाता दण्डाधिकारी शास्त्रमा बताइएका सत्कर्म र दुष्कर्मको ज्ञाता नभएका अवस्थामा उसले ठग्ने कार्यमात्र गरिरहेको हुन्छ । आत्मसंयमका अभावमा (आफैँले आफैँलाई नियन्त्रण गर्न नसकेका अवस्थामा) अपराध गरेको अपराधीले वञ्चनाप्रवृत्तिको सृजना गर्दछ (आँखामा छारो हाल्ने काम मात्र गर्दछ) । वञ्चनाप्रवृत्तिका कारण (कुनै पनि अपराध गरेको छैन भनी चोखो देखिन सकेकाले) राजाद्वारा दिइने दुवै प्रकारका (आर्थिक एवं शारीरिक) दण्ड तिर्न नपरेको परिस्थितिले (अपराधी पुरुषलाई) आफूद्वारा गरिएका तिनै दुष्कर्ममा कुनै प्रकारले प्रवृत्त गराउँछ ।[५५] यसबाट अपराधी पुरुष पनि निरपराध (निर्दोष) सिद्ध हुन्छ । स्वार्थसिद्धिका लागि आफूलाई निरपराध सिद्ध गराएर, (अपराध गरे बापत) राजलाई दिनुपर्ने दण्डबाट आफूलाई मुक्त गराउनु रागान्ध अपराधी पुरुषको प्रयोजन (उद्देश्य) हो । अपराधीले आफूलाई निरपराध साबित गर्न दिएको द्रव्य (घुस) प्राप्त गर्नु रागले अन्ध भएको दण्डाधिकारीको प्रयोजन (उद्देश्य) हो । त्यसैले अप्रत्यक्षरूपमा विद्यमान दण्डको अभावमा प्रत्यक्षरूपमा विद्यमान दण्डले राम्ररी सामाजिक व्यवस्थाको स्थापना गर्न सक्दैन । अतः प्रत्यक्षरूपमा विद्यमान राजदण्डले सामाजिक व्यवस्थालाई सम्यक् प्रकारले स्थापना गर्न अप्रत्यक्षरूपमा विद्यमान नरकादिको त्रास उत्पन्न गराउने (धर्मरूप) दण्डको अपेक्षा गर्दछ । (धर्मदण्डलाई भने राजदण्डको सहयोगको अपेक्षा हुँदैन)

५५. पारत्रिक दण्डको भय नभएको पुरुषले आफूले गरेको अपराध लुकाउँछ । सबैका दृष्टिमा साधुजस्तो देखिन्छ । अपराध गरेको नदेखिएकाले उसले आर्थिक एवं शारीरिक कुनै पनि दण्ड भोग्न पर्दैन । यसबाट अपराधी पुरुषमा सबैलाई छल्न वा ढाँट्न सकिने रहिछ भन्ने भ्रम उत्पन्न हुन्छ । उसलाई अझ हौसला मिल्दछ । अतः उ बारम्बार त्यस्तै आपराधिक क्रियाकलापमा संलग्न हुन्छ । यही नै उल्लिखित वाक्यको तात्पर्य हो । यसप्रकारका अपराध नियन्त्रण गर्नका लागि राजदण्डले धर्मदण्डबाट प्राप्त हुने सहयोगको अपेक्षा गर्नुपर्ने हुन्छ भन्ने पूर्ण अनुच्छेदको तात्पर्य हो । धर्मदण्डलाई भने राजदण्डको खासै अपेक्षा हुँदैन तर राजदण्डले धार्मिक क्रियाकलापमा अभिप्रेरित भने गर्छ नै । अतः दुवै दण्डको परस्परमा सहयोग रहन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असतां दण्डनिर्मितिः

ये नाम शास्त्रोक्तमार्गं तेषां कृते नियमनायैव हि निर्मितो राजदण्डः । उत्पथगामिनो लोके कण्टकरूपा भवन्ति । उद्वर्तनेन समाजमुद्वेजयन्ति । तादृशानामुद्वेजकानां निग्रहो दण्डस्य कार्यम् ।

शास्त्रस्य कर्मविधिर्व्यवस्थोन्मुखः

शास्त्रं हि पुरुषं स्वहितसमन्वितसमाजोपकारककृत्येषु प्रवर्तयति । सान्तरालानां वर्णानां कर्मनिर्धारणं (धर्मनिर्धारणम्) समाजव्यवस्थाधायकात्मकं शास्त्रेषु परिलक्ष्यते । कर्मसु प्रवर्तनाविधानं प्रवृत्त्युत्पादनं च कुरुते शास्त्रम् । यथा-

'धर्मार्थकामान् स्वे काले यथाशक्ति न हापयेत्' धर्मार्थकामानां स्व-स्वकाले यथाशक्त्यनुष्ठानमनेन व्यतिरेकमुखेन दर्शितम् ।

धर्मार्थकामानां समनुष्ठानं सद्वृत्तानुसरणं विना न सम्पद्यते । कामोपभोगोऽर्थं विहाय न सम्पद्यते । स च कामो धर्मसमन्वितो हि सद्वृत्तं भजते । असंयमितस्य कामस्योपभोगस्याभीष्टाजनकत्वात् प्रत्युतानभीष्टस्यैवोत्पत्ते-रसद्वृत्तत्वात् कामोपभोगे सम्यक् वृत्तिः समवलम्बनीया । तत्त्वे हि कामः कामाय सम्पद्यते ।

सज्जनहरूमा दण्डको अपेक्षा गरिँदैन-

जसले शास्त्रमा बताइएका बाटाको अनुसरण गर्दछन्, तिनीहरूलाई नियन्त्रण गर्नका लागि राजदण्डको आवश्यकता पर्दैन । शास्त्रमा जुन बाटो बताइएको हुन्छ त्यो बाटो समाजलाई हित गर्ने नै हुन्छ । अतः शास्त्रोक्तमार्गको अनुसरण गर्ने पुरुषको नियमनका लागि अन्य दण्डको अपेक्षा पनि गरिँदैन ।

दुर्जनलाई नियन्त्रण गर्न दण्डको निर्माण गरिएको हो-

जसले शास्त्रमा बताइएका बाटाको अनुसरण गर्दैनन् (शास्त्रनिर्देशन मान्दैनन्) उनीहरूलाई नियन्त्रण गर्नका लागि नै राजदण्डको निर्माण गरिएको हो । नराम्रा बाटामा हिँड्नेहरू लोकका काँडाजस्ता हुन्छन् । नराम्रा कार्य गरेर लोकलाई उद्विग्न बनाउँछन् । त्यस प्रकारका लोकलाई उद्विग्न बनाउने दुष्टहरूको नियन्त्रण गर्नु नै दण्डको कार्य हो ।

शास्त्रद्वारा विधान गरिएको कर्म व्यवस्थातर्फ उन्मुख हुन्छ-

शास्त्रले पुरुषलाई आफ्नो हित हुने कार्यमा साथै समाजको उपकार हुने कार्यहरूमा प्रवृत्त गराउँछ । शास्त्रमा सान्तराल वर्णहरूका कर्म (धर्म) हरूको निर्धारण सामाजिक व्यवस्थालाई स्थापित बनाउने उद्देश्यले गरिएको हो जस्तो लाग्दछ । कार्यहरू गर्न लगाएर उक्त कार्यहरूमा प्रवृत्ति उत्पादन गराउने काम शास्त्रले गर्छ । जस्तै- **धर्मार्थकामान्०** अर्थात् 'आफ्नो समार्थ्यअनुसार उचित समयमा धर्म, अर्थ एवं कामको आराधना गर्नुपर्छ, उक्त कार्यहरू कहिल्यै पनि छाड्न हुन्न ।' उपर्युक्त वाक्यले व्यतिरेकका (निषेधका) माध्यमबाट धर्म, अर्थ एवं कामको आ-आफ्ना समयमा आफ्नो शक्तिअनुसार सेवा गर्नुपर्छ भनी देखाएको छ ।

धर्म, अर्थ एवं कामको सम्यक् प्रकारले अनुष्ठान- सदाचारको अनुसरण विना सम्पन्न हुन सक्दैन । कामको उपभोग अर्थका अभावमा सम्पन्न हुन सक्दैन । (विना पैसा स्रक्चन्दनवनिता आदिको उपभोग हुँदैन ।) धर्मले युक्त भएको कामोपभोगले सद्वृत्तको (सदाचारको) अपेक्षा गर्दछ । असंयमित तरिकाले गरिएको कामको उपभोगबाट अभीष्ट फल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्ममूलोऽर्थश्च मूलरूपस्य धर्मस्याभावे तज्जन्यस्यार्थस्य स्वतोऽभावसिद्धेः सद्वृत्तानुसरणैनैव समर्जनीयः।

धर्मश्च पुनः अनेकरूपतामाप्तोऽपि सद्वृत्तसमाश्रयणमन्तरा न जीवतीति संयमवता सम्यग्वृत्तिमवलम्ब्यैव समुपासनीय इति धर्मार्थकामानां समनुष्ठानाय सद्वृत्तं समनुष्ठेयम्।

धर्मार्थकामानां सम्यगुपलब्धये यद्वृत्तं निर्दिष्टं तदनुसरन् पुरुषः स्वत एव (धर्मनियमादेव) नियमितो भवतीति तादृशेषु सत्पुरुषेषु न हि प्रत्यक्षात्मकस्य राजदण्डस्यापेक्षा जायते धर्म्ये वर्त्मनि प्रवर्तनाय।

दण्डः खलु सृष्टिस्थितिसंहारकारिणासतां निग्रहायैव सृष्टः। तस्माद् उद्वृत्तानां मर्यादाभेदिनां दमनाद्दण्डत्वं दण्डस्य कीर्तितम्। तेन च दण्डरूपेण धर्म एव पुराकाले ब्रह्मणा निर्मितः। अतो धर्मस्य रूपं दण्ड इति धर्मस्य स्थितिर्दण्डे आयत्ता। दमनाद् दण्डस्य दण्डत्वं [१४६]गौतमेन निर्दिष्टम्।

स च दण्डो यथाविधि प्रयुक्तो देवान् मनुष्यान् सर्वमिदं जगच्च आनन्दयेत्। शास्त्रमर्यादामुल्लङ्घ्य प्रयुक्तश्चेत् स एव दण्डस्तानुक्तान् सर्वान् प्रकोपयेत्। [१४७]याज्ञवल्क्येनापि शास्त्रोक्तमार्गेण प्रयुक्तस्य दण्डस्य चराचरजगति देवेषु चानन्ददायित्वं तद्विपरीतस्य पुनस्तत्प्रकोपकत्वं निर्दिष्टम्।

---

१४६. दण्डो दमनादित्याहुस्तेनादान्तान् दमयेत् (गौतमधर्मसूत्रम् ११/२८) {२/२/२८}

१४७. यथाशास्त्रं प्रयुक्तः सन् सदेवासुरमानवम्। जगदानन्दयेत् सर्वमन्यथा तत्प्रकोपयेत्॥- याज्ञवल्यस्मृतिः, आचाराध्यायः, ३५६ श्लोकः)

प्राप्त हुँदैन। प्रत्युत असद् (नराम्रा) आचारको अवलम्बन गरिएको हुनाले अनभीष्ट (नचाहेको/ विपरीत) फल उत्पन्न गराउँछ। त्यसैले कामको उपभोगका लागि राम्रा वृत्तिको (व्यवहारको) अवलम्बन गर्नुपर्छ। यस प्रकारको स्थिति भएमा मात्र काम वास्तविक काम हुन्छ।

अर्थ पनि धर्ममूलक हुन्छ। (धर्मपूर्वक अर्थार्जन गर्नुपर्छ।) मूलका (जराका) रूपमा रहेको धर्मको अभावमा धर्मबाट उत्पन्न हुने अर्थ स्वतः नभएसरह हुन्छ। अतः सद्वृत्तको अनुसरण गरेर नै अर्थ आर्जन गर्नुपर्छ। पुनश्च धर्म अनेक प्रकारको (एकाधिक स्वरूप भएको) हुन्छ तापनि सदाचारको अनुसरण विना जीवित रहन सक्दैन। अतः संयमी पुरुषले सदाचारको अवलम्बन गरेर धर्मको उपासना गर्नुपर्छ। त्यसैले धर्म, अर्थ एवं काम तीनैको सम्यक् अनुष्ठानका लागि सदाचारको पालन गर्नुपर्ने हुन्छ।

धर्म, अर्थ एवं कामको सम्यक् प्राप्तिका लागि जुन व्यवहार (सदाचार) को निर्देशन गरिएको छ त्यसको अनुसरण गर्ने पुरुष स्वतः नै (धर्मका नियमले नै) नियमित (नियन्त्रित) हुन्छ। त्यसैले त्यसप्रकारका सत्पुरुषहरूका लागि धर्मप्रधान मार्गमा प्रवृत्त गराउने उद्देश्यले प्रत्यक्षरूपमा विद्यमान राजदण्डको अपेक्षा हुँदैन।

सृष्टि, स्थिति एवं संहाररूप कार्य गर्ने (सर्वशक्तिसम्पन्न) परमेश्वरले दुष्टहरूलाई नियन्त्रण गर्ने उद्देश्यले नै दण्डको सृष्टि गरेका हुन्। त्यसैले नराम्रा बाटामा लागेका र मर्यादाको उल्लङ्घन गरिरहेका व्यक्तिहरूको दमन गर्ने हुनाले नै दण्डलाई (दम्यते इति दण्डः यस विग्रह अनुसार) दण्ड भनिएको हो। प्राचीन समयमा दण्डका रूपमा ब्रह्माजीले धर्मको नै सृष्टि गरेका हुन्। त्यसैले धर्मको रूप भनेको दण्ड हो। अतः धर्मको स्थिति दण्डका अधीनमा हुन्छ। दमन गर्ने हुनाले नै दण्डलाई दण्ड भनिएको हो भनी गौतमले बताएका छन् (गौ.ध.सू. ११/२८)।

विधिपूर्वक प्रयोग गरिएको दण्डले देवताहरूलाई, मनुष्यहरूलाई र सम्पूर्ण जगत्लाई आनन्दित बनाउँछ। शास्त्रका मर्यादाको उल्लङ्घन गरेर प्रयोग गरिएको छ भने त्यसै दण्डले माथि बताइएका देवता, मनुष्य आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदर्थं यस्य सृष्टिस्तदर्थं तत्प्रयोगो हि धर्मसमन्वितः । दुग्धोपलब्धये सृष्टा गौस्तदर्थमुपयुक्ता उपयुञ्जानस्य कल्याणं कुरुते । सस्यप्ररोहाय जीवानां धारणाय च संसृष्टा पृथिवी तदर्थमुपयुञ्जाना लोकं समङ्गलं धारण-पोषणं कुरुते । ओषधार्थं सृष्टं विषं तदर्थमुपयुञ्जन् लोक आयुष्यमश्नुते ।

मलप्रक्षेपः प्ररोहादिषु कल्याणकारकः । तदर्थमुपयुञ्जन् भद्रं समश्नुते । धारणाय निर्मितं हीरकाद्याभूषणं तदर्थमुपयुञ्जन् शोभते । परिधानाय निर्मितानि वासांसि परिदधानः पुरुषः शोभते । अन्नसंस्कारसाधनत्वेन परिकल्पितानां पात्राणां तदर्थमुपयुञ्जन् लब्धोपकरणः सम्पद्यतेऽभीष्टसाधनाय । एवमेव दुष्टानां निग्रहाय सृष्टं दण्डं च तदर्थमपुयञ्जन् सर्वो लोकः सुखं समश्नुते । यथा धर्माय सृष्टं धनं तदर्थमुपयुञ्जन् पुरुषः पुरुषार्थसिद्धिमाप्नोति । यथा वा विज्ञानोपलब्धये निसृष्टं ज्ञानं तदर्थमुपयुञ्जन् क्षेमाय क्षेमतराय क्षेमतमायापि च सम्पद्यते ।

सबैलाई कुपित (क्षुब्ध) बनाउँछ । याज्ञवल्क्यले पनि शास्त्रमा बताइएका बाटाको अवलम्बन गरेर प्रयोग गरिएको दण्डले चराचर जगत्मा र देवता आदिमा आनन्द उत्पन्न गराउँछ, विपरीत तरिकाले (शास्त्रविधिको उल्लङ्घन गरेर) प्रयोग गरिएको दण्डले तिनीहरूलाई (चराचर जगत्लाई एवं देवता आदिलाई) नै कुपित बनाउँछ भन्ने निर्देशन गरेका छन् (या.स्मृ. १/३५६) ।[५६]

जुन उद्देश्य प्राप्त गर्नका लागि जुन वस्तुको सृजना गरिएको हुन्छ त्यस वस्तुको त्यसै उद्देश्य प्राप्तिका लागि प्रयोग गरिन्छ भने त्यो प्रयोग धर्मले युक्त भएको हुन्छ । दूध प्राप्त गर्ने उद्देश्यले सृष्टि गरिएका गाईको त्यसै प्रयोजनका लागि (दूध प्राप्त गर्ने उद्देश्यले नै) उपयोग गरियो भने उपयोग गर्ने पुरुषको कल्याण हुन्छ । धान आदि अन्न उत्पन्न गराउने र प्राणीहरूलाई धारण गर्ने उद्देश्यले सृष्टि गरिएको पृथिवीले त्यसै उद्देश्य पूर्तिका लागि प्रयोग गरियो भने मनुष्यलाई कल्याणपूर्वक धारण एवं पोषण गर्ने कार्य गर्दछ । ओषधिका लागि निर्माण गरिएको विष त्यसैका लागि (ओषधिका लागि) प्रयोग गर्ने मनुष्यले लामो आयु पाउँछ ।

प्ररोह आदिमा (धान्य आदिका बीउ एवं बोट-बिरुवा आदिमा) मल हाल्नु कल्याणकारक हुन्छ (मल हाले पछि खेती-पाती बढ्छ र बोट-बिरुवा पनि बढ्छन्) । प्ररोहका लागि मलको प्रयोग गर्ने पुरुषको कल्याण हुन्छ अर्थात् उसले आफूले इच्छा गरेअनुसार परिणाम प्राप्त गर्छ । {घाँटीमा} लगाउन भनी बनाइएका हीरा आदिका आभूषण (गहना) घाँटीमा लगाउनका लागि प्रयोग गर्ने मानिसलाई नै सुहाउँछ । शरीरमा लगाउन भनेर बनाइएका कपडा शरीरमा लगाउने पुरुष सुशोभित हुन्छ (चिटिक्क देखिन्छ) । अन्नलाई संस्कार गर्ने साधनका रूपमा कल्पना गरिएका (भोजन तयार गर्ने/खाना पकाउने आदि कामका लागि बनाइएका) भाँडाहरू सम्बद्ध काममा प्रयोग गरिरहेको साथै आवश्यक उपकरण प्राप्त गरेको पुरुष अभीष्ट कार्य सम्पन्न गर्न सफल हुन्छ । यसै प्रकारले दुष्टहरूको दमन गर्ने उद्देश्यले निर्माण गरिएको दण्डलाई पनि त्यसै उद्देश्यका लागि प्रयोग गर्ने सम्पूर्ण लोकले सुख प्राप्त गर्छ । धर्मका लागि सृष्टि गरिएको धन धर्मकै लागि प्रयोग गर्ने पुरुषले पुरुषार्थमा सफलता प्राप्त गर्छ । विज्ञान प्राप्तिका लागि सृजना गरिएको ज्ञान त्यसै उद्देश्यले प्रयोग गरियो भने (स्वाध्याय आदिद्वारा उपयोग गरियो भने) कल्याणकर अथवा अतिशय कल्याणकर हुन्छ ।

५६. {शास्त्रविधिअनुसार प्रयोग गरिएको दण्डले देवता, असुर एवं मनुष्य सहित सम्पूर्ण जगत्लाई आनन्दित बनाउँछ । विपरीत तरिकाले प्रयोग गरिएको दण्डले उनीहरूलाई अर्थात् देवता, असुर एवं मनुष्य सहित सम्पूर्ण जगत्लाई नै क्रुद्ध बनाउँछ} (याज्ञवल्यस्मृतिः, आचाराध्यायः, ३५६ श्लोकः)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशोपलब्धये, उष्णतामुपलभ्य तत्संयोगेन पाकादिनिष्पत्तये, अथवान्येषां यन्त्रादीनां परिचालनाय वा जलमन्थनादिक्रियानिष्कासितापि विद्युत् तत्तदेवार्थं प्रयुक्ता प्रयोजनं प्रपूरयति । अन्यथा प्रयुक्ता तु प्राणानां व्यापादनाय सम्पद्येत । औषधार्थं सृष्टं स्नुहीक्षीरं तदर्थमुपयुञ्जन् आरोग्यं लभते । तदेव क्षीरं नेत्रयोः प्रक्षिप्तं चेत् नेत्रविपाटनायापि सम्पद्येत ।

न हि चक्षुर्भ्यामोदनमुपभुज्यते । तदर्थमास्यस्यैव सृष्टत्वम् । नो वा कर्णाभ्यां रूपाण्यवलोक्यन्ते । तदर्थं चक्षुषोर्विद्यमानत्वात् । नापि श्रोत्रेन्द्रियं विहाय इन्द्रियान्तरैः शब्दानां श्रवणं विधीयते । तदर्थं श्रोत्रेन्द्रियस्यैवोपकल्पनात् ।

न हि शिरसा सन्धार्यं पादयोः संयुज्यते । नापि च चक्षुर्भ्यामवलोकनीयमिन्द्रियान्तरैर्द्रष्टुं शक्यते । एवमेव दण्डप्रयोगेण निग्राह्या दुष्टा एव दमनीया भवन्तीति न सद्वृत्तानुसारिणः सन्तो दण्डमपेक्ष्यन्ते ।

सद्वृत्तानुसारिणः शिष्टान् विहायान्येषां नियामको दण्ड एव ।

सर्वो लोको दण्डजित एव मार्गे तिष्ठति, मार्गे प्रसरति, मार्गमनुसरति । दण्डाभावे दण्डस्यानुचितप्रवृत्तौ वा रागान्धः कश्चिदपि जनो मार्गे न तिष्ठेत्, मार्गे न प्रसरेत्, मार्गं नानुसरेत् । लोकेऽस्मिन् शुचिर्नरो दुर्लभः । जगदिदं यद् यावन्मार्गानुसरणेन मर्यादायाः पालनं कुरुते तत्सर्वं दण्डस्यैव कार्यम् । दण्डस्य भयादेव सर्वं जगद्भोगाय

प्रकाश प्राप्त गर्न (बत्ती बाल्न), अथवा तातोपन प्राप्त गरी त्यसैका संयोगले (हिटर आदि बालेर) पाकादि क्रिया निष्पन्न गराउन (खाना पकाउने आदि कार्य गर्न) अथवा अन्य यन्त्र आदिको परिचालन गर्नका लागि जलको मन्थन आदि क्रियाद्वारा निष्पन्न गराइएको (उत्पादन गरिएको) बिजुलीले उक्त क्रिया सम्पादन गर्नका लागि प्रयोग गरियो भने अभीष्ट प्रयोजन सिद्ध गराउँछ । अन्यथा प्रयोग गरियो भने प्राण अपहरण गर्ने साधन समेत बन्दछ । ओषधिका लागि निर्माण गरिएको स्नुहीक्षीर (सिउँडीको चोप/दूध) ओषधिकै लागि प्रयोग गर्ने मनुष्यले आरोग्य (स्वास्थ्य) प्राप्त गर्दछ। त्यही नै सिउँडीको दूध आँखामा हाल्ने हो भने आँखा फुटाइदिने साधन पनि बन्दछ ।

आँखाद्वारा भात (भोज्य पदार्थ) खाइँदैन । खानका लागि त मुखको सृष्टि गरिएको हो । कानद्वारा रूप (नील-पीत आदि) हेर्ने काम गरिँदैन । त्यस कार्यका लागि त आँखाहरूमात्र समर्थ हुन्छन् । श्रोत्रेन्द्रिय (कान) लाई छाडेर अन्य इन्द्रियद्वारा शब्द सुन्ने काम गरिँदैन । उक्त कार्य गर्नका लागि श्रोत्रेन्द्रियको कल्पना (निर्माण) गरिएको हो ।

टाउकामा धारण गरिने (लगाइने टोपी, मुकुट आदि) वस्तु पाउमा धारण गरिँदैन । चक्षुरिन्द्रियद्वारा हेरिनुपर्ने वस्तु अन्य इन्द्रियद्वारा हेर्न सकिँदैन । यसै प्रकारले दण्डप्रयोगद्वारा नियन्त्रण गर्न योग्य दुष्टहरू नै दण्डद्वारा दण्डनीय हुन्छन्। सद्व्यवहारको अनुसरण गर्ने सन्तहरूले त दण्डको अपेक्षा गर्दैनन् । सदाचारको अनुसरण गर्ने शिष्ट पुरुषहरूलाई छाडेर अरूलाई नियन्त्रण गर्ने साधन दण्ड नै हो ।

सम्पूर्ण लोक दण्डद्वारा जितिएको (परास्त भएको) हुनाले नै सन्मार्गमा बस्दछ, सन्मार्गमा हिँड्दछ र सन्मार्गको अनुसरण गर्दछ । दण्डको अभावमा अथवा दण्डको अनुचित तरिकाले प्रयोग भएका अवस्थामा रागले अन्धो बनेको कुनै पनि मनुष्य सन्मार्गमा रहने थिएन र सन्मार्गमा लाग्ने पनि थिएन । त्यस्ता अवस्थामा उसले सन्मार्गको अनुसरण पनि गर्ने थिएन । यस संसारमा पवित्र मनुष्य अत्यन्त दुर्लभ छ । यस लोकले (जनसमूहले) जे जति सन्मार्गको अनुसरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पते। दण्डस्य सुप्रयोगाभावे न कस्यचिदपि जनस्य कस्मिंश्चिदपि धनजनदेहगेहादिषु पदार्थेषु स्वत्वं स्वामित्वं वा तिष्ठेत्। न च कश्चिज्जनः सुरक्षितो भवेत्। दुर्बलो बलवता पीड्यमानो नश्येत्। बलवानपि सङ्गठितैर्दुर्बलैरपि पीड्यमानो नश्येदेव। काकोऽपि पुरोडाशं स्वादिष्यत्, कुक्कुरो हविरवलेक्ष्यत्, कस्मिंश्चिदपि स्वाम्यभावं न तिष्ठेत्, अधरोत्तरं (शूद्रादीनां ब्राह्मणाचरणं ब्राह्मणादीनां पुनः शूद्राचरणं तद्वदन्येष्वपि वर्णेषु) आचरणविपर्यासः प्रवर्तेत। बलवत्तराश्च दुर्बलान् जनैः शूले मत्स्यानिवाभक्ष्यन् दण्डाभावे। ब्राह्मणादयो वर्णाश्च इतरेतरस्त्रीगमनेन दुष्येयुः। साङ्कर्येणापसदः समुत्पद्येरन्। वर्णसम्बन्धिनामाश्रमसम्बन्धिनाञ्च शास्त्रोक्ता धर्मार्थकाममोक्षफलाः सर्वे नियमा भिद्येरन्, उत्सीदेयुः। दण्डाभावे दण्डस्यानुचितप्रवृत्त्यौ वा चौरसाहसिकादीनां नियामकतत्त्वाभावादभिवृद्ध्या सर्वस्मिंल्लोके प्रकोपश्च जायेत।

वार्तमानिको दण्डविभ्रमः

निखिलं जगदधुना दण्डविभ्रमादुद्विग्नं सत् तमोद्वारमाप्रविशन्नुत्तरोत्तरं बलवता दुर्बलं ग्रस्यमानं संलक्ष्यते। यो ह्यात्मानमद्य बलवन्तं मन्यमानः परान् बाधते स एव पुनः कालक्रमेण स्वानुष्ठितकर्मपरिपाकवशाद् दुर्बलत्वमापद्य परैर्बाधितश्चेहैव संलक्ष्यते। न सा देशस्य समृद्धिः येषु देशेषु दण्डप्रयोगो न्यायं नानुसरति। न हि

गरेर मर्यादाको पालन गर्छ त्यो सबै दण्डको नै कार्य (परिणाम) हो। दण्डकै डरले जगत् भोगका लागि समर्थ हुन्छ (मनु. ७/२२)। दण्डको राम्रो प्रयोग हुँदैनथ्यो भने कुनै पनि मनुष्यको कुनै पनि घर-जन, शरीर एवं भवन आदि पदार्थमा आफ्नोपन वा स्वामित्व भन्ने कुरा रहने थिएन। न त कुनै मनुष्य नै सुरक्षित हुने थियो। दुर्बल मनुष्य बलवान् मनुष्यद्वारा पीडित भएर नष्ट हुने थियो। बलवान् पुरुष पनि सङ्घटित भएका पुरुषहरूद्वारा पीडित भएर नष्ट हुने थियो। कौवाले पनि पुरोडाश खाने थियो, कुकुरले पनि हवि चाट्ने थियो, कुनै वस्तुमा पनि आफ्नो भन्ने रहने थिएन र नीच एवं उत्तम पुरुषका आचारको विपर्यास (शूद्रहरूले ब्राह्मणको जस्तो व्यवहार गर्ने, ब्राह्मणहरूले शूद्रको जस्तो व्यवहार गर्ने एवं अन्य वर्णका मनुष्यले पनि विपरीत आचरण गर्ने स्थिति) हुने थियो। दण्डका अभावमा मनुष्यले शूलमा रोपेर माछा खाएझैँ बलियाहरूले दुर्बलहरूलाई खाने (पीडा दिने) थिए। ब्राह्मण आदि वर्णहरू परस्परका स्त्रीहरूका साथमा समागम गरेर दूषित हुने थिए। वर्णसङ्करताद्वारा अपसद (अनुलोम/प्रतिलोम जाति) उत्पन्न हुने थिए। वर्णहरूसित सम्बद्ध एवं आश्रमहरूसित सम्बद्ध शास्त्रप्रतिपादित धर्म, अर्थ, काम एवं मोक्षरूप फल प्राप्त गराउने सबै नियम छिन्नभिन्न हुने थिए अथवा आक्रान्त हुने थिए। दण्डका अभावमा वा दण्डको अनुचित प्रयोग भएका अवस्थामा अन्य नियामक तत्त्व नभएकाले चोर, डाँका आदिको अभिवृद्धिद्वारा सम्पूर्ण लोकमा प्रकोप (त्राहि त्राहिको स्थिति) उत्पन्न हुने थियो।

वर्तमान समयको दण्डनिग्रह-

अहिले सम्पूर्ण जगत् दण्डको विभ्रम (अभाव एवं अनुचित प्रयोग) ले उद्विग्न भई चारैतिरबाट अन्धकारको द्वारमा (अथवा अँध्यारो खाडलमा) परिरहेको देखिन्छ। दिन परदिन बलियाद्वारा दुर्बल व्यक्ति ग्रस्त भइरहेको देखिन्छ। जसले पहिले आफूलाई बलियो सम्झिएर अरूलाई पीडा दिइरहेको हुन्थ्यो त्यही पुरुष नै कालक्रमले आफूले गरेका कर्मका परिपाकले गर्दा दुर्बल बनेर वर्तमान अवस्थामा यसै लोकमा अरूद्वारा बाधित भइरहेको पनि देखिन्छ। जुन देशमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलवता दुर्बलं काल्यमानं जगत् क्षेमाय कल्पते । बलिनो हि दुर्बलान् प्रत्यक्षाप्रत्यक्षाभ्यां मार्गाभ्यां द्वेधा ग्रसन्ति ।

बलवतो दुष्टस्य प्रत्यक्षग्रासः

दुष्टो बलवान् दुर्बलं प्रत्यक्षतया त्रेधा ग्रसति । बलप्रयोगेण, धनप्रयोगेण, जनप्रयोगेण च । सर्वप्रथमं बलवान् जनो दुर्बलं जनं स्वसन्निहितसामर्थ्यबलात् पराभूय तद्धनमाच्छिनत्ति । एष बलप्रयोगात् प्रत्यक्षतया दुर्बलधनग्रासे प्रथमः कल्पः ।

यदि बलवता कृतं पराभूय धनावलुण्ठनमसहमानो जनो राज्ञे राज्ञाधिकृतप्राड्विवाकादिसमक्षं वावेदयति तदापि धनप्रयोगेण साक्ष्यादिप्रमाणमुपकल्प्य, रागलोभभयाक्रान्तचेतसः प्राड्विवाकादीन् वा स्वपक्षपातिनो विधाय च दुर्बलधनमाच्छिनत्ति । एष धनप्रयोगेण प्रत्यक्षतया दुर्बलधनग्रासो द्वितीयः कल्पः ।

दुष्टो बलवान् स्वकीयान् पुरुषान् प्रयुज्य दुर्बलधनमाच्छिद्य मामर्पयेति आदिश्य च दुर्बलधनमाच्छिनत्ति । एष जनप्रयोगेण प्रत्यक्षतया दुर्बलधनग्रासस्तृतीयः कल्पः ।

एभिस्त्रिभिः कल्पैर्दुष्टो बलवान् जनो दुर्बलं जनं प्रत्यक्षतया ग्रसतीति दुष्टस्य बलवतः प्रत्यक्षग्रासः ।

गरिने दण्डको प्रयोगले न्यायको अनुसरण गर्दैन त्यस देशको समृद्धि हुन सक्दैन । बलवान् पुरुषद्वारा दुर्बल पुरुषलाई पीडा दिइने जगत् कल्याणकर हुन सक्दैन । बलियाहरूले दुर्बलहरूलाई प्रत्यक्ष एवं अप्रत्यक्ष गरी दुई प्रकारका बाटाबाट ग्रास बनाउँछन्, अर्थात् डस्दछन्/पीडा दिन्छन् ।

बलिया दुष्टहरूले बनाउने प्रत्यक्षग्रास-

दुष्ट बलवान् पुरुषले दुर्बल पुरुषलाई प्रत्यक्षरूपमा तीन प्रकारले ग्रस्त बनाउँछ (पीडा पुऱ्याउँछ) । दुर्बल मनुष्यलाई पीडा पुऱ्याउने तीनवटा उपाय भनेका बलप्रयोग, धनप्रयोग र जनप्रयोग हुन् । सबैभन्दा पहिले बलवान् पुरुषले दुर्बल पुरुषलाई आफूमा भएको सामर्थ्यको बलले पराजित बनाएर उसका साथमा भएको सम्पत्ति खोस्दछ । यो बलको प्रयोग गरेर प्रत्यक्षरूपमा दुर्बलका साथमा भएको धन-सम्पत्ति खोस्ने पहिले उपाय वा प्रकार हो । बलियो पुरुषले आफूलाई परास्त गरेर आफ्नो धन-सम्पत्ति लुटेको सहन गर्न नसक्ने पुरुषले राजालाई अथवा राजाद्वारा नियुक्त गरिएका प्राड्विवाकका[५७] समक्षमा निवेदन गर्दछ भने त्यस समयमा पनि दुष्ट धनवान् पुरुषले धनको प्रयोग गरी साक्षी आदि प्रमाण जुटाएर अथवा राग-लोभ-भय आदिले आक्रान्त चित्तवृत्ति भएका प्राड्विवाक आदिलाई आफ्ना पक्षका बनाएर दुर्बल पुरुषको सम्पत्ति हडप्छ । यो धनको प्रयोग गरेर प्रत्यक्षरूपमा दुर्बल पुरुषको सम्पत्ति हडप्ने दोस्रो विकल्प वा उपाय हो । दुष्ट बलवान् पुरुषले आफ्नो मान्छेलाई (भिजिल्यान्तेलाई) प्रयोग गरेर दुर्बल (निर्धा) पुरुषको सम्पत्ति लुटेर मलाई देओ भनी आदेश दिएर दुर्बल पुरुषको सम्पत्ति हडप्ने काम गर्छ । यो जनप्रयोगद्वारा प्रत्यक्षरूपमा दुर्बल पुरुषको सम्पत्ति हडप्ने तेस्रो विकल्प वा उपाय हो । उपर्युक्त तीन प्रकारका विधि वा विकल्प अपनाएर बलवान् पुरुषले दुर्बल पुरुषलाई प्रत्यक्षरूपमा ग्रास बनाउँछ/डस्दछ । यसरी दुर्बल एवं निरीह पुरुष दुष्ट स्वभाव भएका बलिया पुरुषको प्रत्यक्ष ग्रास बन्दछ ।

---

५७. प्राड्विवाको राज्ञा व्यवहारदर्शनाधिकृतो रूढ्योच्यते (मनु. ८/७९ मेधातिथिभाष्यम्)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बलवतोऽप्रत्यक्षग्रासः

बलवान् जनोऽप्रत्यक्षतयापि च दुर्बलधनं ग्रसते। स च बलवता कृतो दुर्बलजनधनग्रासो यथा सम्पद्यते तथा प्रदर्श्यते। यथा सर्वाणि वै कार्याणि केषाञ्चित् धर्माणामनुष्ठानमन्तरा धनसाध्यानि हि भवन्ति। तस्मात् कार्यानुष्ठानाय धनं साधनं भवति, अर्थात् कार्योत्पत्तेः कारणं धनम्। न हि कारणमन्तरा क्वचित् कार्यस्योत्पत्तिर्दृष्टा। कार्यसम्पत्तेः कारणं च धनमिति यस्य कस्यापि कार्यस्य सिद्धयेऽधनेन धनवतः सर्वथाश्रयणं विधेयम्। अधनो जनः स्वकार्यसम्पादनाय धनवतो धनं गृह्णाति। धनिकश्च न हि तद्धनं स्वकर्मण्यधमर्णं प्रयुज्य परिशोषयति। अपि तु चक्रवृद्धिं समारूढः सन् लेख्ये वृद्धिं सन्निवेश्योत्तरोत्तरं साममभिवर्धयन् वृद्ध्याधमर्णधनापहरणं कुरुते इति एको बलवतोऽप्रत्यक्षग्रासः सम्पद्यते।

धनिको हि लक्ष्यमुद्रां व्ययीकृत्य वस्तूनि परिचाल्य, समुत्पाद्यापि वा लक्षद्वयं समर्जति। धनिकस्य तु यावान् व्ययो भवति तस्य द्विगुणमायो भवतीति यथा तथा वा विलासात्मकवस्तूनि परिचाल्य वा समुत्पाद्यापि वाधिकाधिकं व्ययीकर्तुं समीहते धनिकः। लक्षमुद्राव्ययाद् द्विलक्ष्यमुद्रासमर्जनं भवति चेत् कोटिमुद्राव्ययात् कोटिद्वयमुद्राणां समर्जनस्य सम्पद्यमानतया धनिकस्तु यथाशक्यधिकाधिकं व्ययीकर्तुं समीहते।

बलिया दुष्टहरूले बनाउने अप्रत्यक्षग्रास-

बलियो पुरुषले अप्रत्यक्षरूपमा पनि दुर्बल पुरुषको सम्पत्ति गाँस बनाउँछ। बलियो मनुष्यले दुर्बल मनुष्यको सम्पत्ति कसरी आफ्नो गाँस बनाउँछ त्यसको प्रक्रिया बताइन्छ। कतिपय धार्मिक अनुष्ठान छाडेर सबै कार्यहरू धनसाध्य (पैसा भएका अवस्थामा मात्र पूरा गर्न सकिने प्रकृतिका) हुन्छन्। त्यसैले कार्य सम्पादन गर्नका लागि धन साधन बनेको हुन्छ। अर्थात् कार्य उत्पत्तिको कारण धन नै हुन्छ। कारण विना कुनै पनि कार्यको उत्पत्ति भएको देखिएको छैन। कार्यसम्पत्तिको (कार्यानुष्ठानको) कारण धन नै हुने भएकाले कुनै पनि कार्यको सिद्धिका लागि गरीबले सर्वथा धनी पुरुषका धनको आश्रय लिनुपर्ने हुन्छ। धन-सम्पत्ति (नगद पैसा) नभएको पुरुषले आफ्नो कार्य सम्पन्न गर्नका लागि धनी (सम्पत्तिवाल) पुरुषबाट धन (ऋण) लिन्छ। धनी पुरुषले उक्त धन आफ्नो कार्य सम्पन्न गराउन अधमर्ण (ऋणी) लाई दिएर त्यत्तिकै नष्ट गराउँदैन। प्रत्युत मूलधनलाई चक्रवृद्धिमा लगाएर अथवा लिखित कागतमा नै धेरै लेखाएर जति-जति ढिलो हुन्छ त्यति त्यति नै सावामा वृद्धि गराएर बढाउँदै ऋणीको धन अपहरण गर्ने कार्य गर्छ।[५८] यसरी एक प्रकारले बलिया पुरुषद्वारा निर्बल पुरुषको सम्पत्ति अप्रत्यक्षरूपमा ग्रास बनाउने (हडप्ने) कार्य गरिन्छ।

धनी मानिसले एक लाख रुपियाँ खर्च गरेर, अथवा उक्त मूल्य बराबरका वस्तुको परिचालन गरेर, अथवा उक्त मूल्य लगाई कुनै वस्तु उत्पादन गरेर दुई लाख रुपियाँ आर्जन गर्दछ। धनी मानिसको जति पैसा लगानी भएको हुन्छ त्यसको दुई गुना नाफा भएको हुन्छ। त्यसैले धनी (सेठ) ले विलासका सामग्री परिचालन गरेर होस्, उत्पादन गरेर होस् अथवा जसरी होस् धेरैभन्दा धेरै लगानी गर्न चाहन्छ। एक लाख लगानी लगाएपछि दुई लाख आर्जन हुन्छ भने एक करोड

---

५८. **'वृद्धेर्वृद्धिश्चक्रवृद्धिः'** नारदीयं वचनमिति मणिप्रभायाम्। (निश्चित समयसम्मको व्याजलाई साँवामा गाँसेर त्यसको पनि व्याज लगाउनु अर्थात् व्याजको पनि व्याज लगाएर मूल धनमा वृद्धि गर्नु चक्रवृद्धि हो।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा तथा हि धनिको विलासात्मकवस्तूनां परिचालनाय समुत्पादनाय वाधिकाधिकं व्ययीकरोति तथा तथा हि दुर्बलस्याधनस्याप्रत्यक्षतया परिशोषणं भवति।

न हि विलासात्मकवस्तूनामधनस्य कृते आवश्यकता जायते। परं तन्निमित्तव्ययीकृतधनांशभागभागिनस्तु देशोद्गताः सर्वे पदार्था भवन्ति। तत्र च वस्तूनां परिचालनाय समुत्पादनायापि वा धनिकाः सद्व्ययमसद्व्ययमपि कुर्वन्ति। उभययोरपि व्यययोर्भारस्तत्र तेषु एव पदार्थेषु निपतति। ततश्च साधारणजनोपभोग्यानां प्रत्येक-पदार्थानां क्रयविक्रययोर्मूल्यमभिवर्धते। ततश्च कर्मकरैर्वैतनिकैर्गृहीतं वेतनं दैनिकोपभोग्यपदार्थानां तण्डुलादीनां ग्रहणे (क्रयणे) अपर्याप्तं भवति। वेतनेनाजीवन् वैतनिकोऽचलसम्पत्तिमपि धनिकाधीनं विधाय दैनिक-यात्राप्रवहणाय धनिकसकाशाद् द्रव्याण्यादत्ते। तच्च धनं चक्रवृद्ध्या समृद्धं सद् अधमर्णस्याचलसम्पत्ति-मप्याच्छित्तीति द्वितीयो बलवतोऽप्रत्यक्षग्रासः।

दण्डस्यैव विभ्रमात् न्यायप्रदानाय स्थापिता अपि न्यायालया रागलोभभयाक्रान्तचेतोभिः प्राड्विवाका-दिभिरधिष्ठिततया अन्यायेन दुर्बलमेव सर्वथा प्रबाधन्ते।

दुष्टदमनाय साधुसंरक्षणाय च निःसृष्टाः सैनिका राजपुरुषाः प्रहरयश्च दण्डस्यैव विभ्रमाद् विपरीतमप्याचरन्तो दृश्यन्ते लोकेषु।

लगानी लगाएपछि दुई करोड आर्जन हुन्छ। त्यसैले धनी मान्छेले आफ्नो सामर्थ्य अनुसार धेरैभन्दा धेरै खर्च गर्न (लगानी लगाउन) चाहन्छ। धनी पुरुषले जसरी भए पनि विलासात्मक वस्तुहरूको परिचालन वा समुत्पादनमा जति जति अधिकभन्दा अधिक व्यय (लगानी लगाउने कार्य) गर्छ त्यति त्यति नै दुर्बल पुरुषका धनको अप्रत्यक्ष रूपमा चारैतिरबाट शोषण गर्ने कार्य हुन्छ।

पैसा नभएका गरीबका लागि विलासात्मक वस्तुको आवश्यकता देखिँदैन। तर पनि विलासात्मक वस्तुका लागि लगाइएका सम्पत्तिको भार (लगानीको प्रभाव) देशमा उत्पन्न हुने सबै पदार्थमा पर्दछ। वस्तुको परिचालनका लागि अथवा उत्पादनका लागि धनीहरूले सही तरिकाले (विहित विधिबाट) पनि, बेठीक तरिकाले (अविहित विधिबाट) पनि लगानी लगाउने गर्छन्। दुवै प्रकारले गरिएका खर्चको भार तिनै (अत्यावश्यक एवं दैनिक उपभोग्य) पदार्थमा पर्दछ। त्यसकै कारण साधारण जनताद्वारा उपभोग गरिने प्रत्येक पदार्थका किनिने र बेचिने मूल्यमा अभिवृद्धि हुन्छ। त्यसपछि वेतनजीवी (तलबका भरमा बाँच्ने) कर्मचारीहरूले पाउने तलब दैनिक रूपमा उपभोग गरिने चामल आदिको खरिदका लागि समेत अपर्याप्त (अपुग) हुन्छ। तलबले जीविका चलाउन नसकेको साथै तलबका भरमा बाँचेको (तलबमात्र जीविका सञ्चालनको साधन भएको) पुरुषले आफ्नो अचल सम्पत्ति समेत धनीका अधीनमा बनाएर (आफ्नो जायजेथा धनीका हातमा धितो राखेर) दैनिक यात्रा सञ्चालनका लागि धनीबाट पैसा लिन्छ। त्यस धनले चक्रवृद्धिले बढेर ऋणीको अचल सम्पत्तिलाई समेत ग्रहण गर्दछ। (ऋणकै कारण अचल सम्पत्ति समेत लिलाम हुन्छ)। यो नै बलवान् पुरुषद्वारा अप्रत्यक्षरूपमा दुर्बल वा गरीबको सम्पत्ति हडप्ने दोस्रो उपाय हो।

दण्डकै विभ्रमले (दण्ड्यलाई दण्ड नदिने र अदण्ड्यलाई दण्ड दिने प्रवृत्तिले) गर्दा न्याय दिन भनेर स्थापना गरिएका भए पनि न्यायालयहरूले राग-लोभ-भय आदिले आक्रान्त चित्तवृत्ति भएका प्राड्विवाक आदिले युक्त भएकाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योग्यं साधिकारं पदं योग्याय दातव्यमिति कृत्वा निसृष्टमपि लोकस्थितिस्थापनाद्यधिकारयुतमपि पदं दण्डस्यैव विभ्रमाद् अनधिकारिणमनधीतधर्मशास्त्रादिकं लोकस्थितिस्थापनादिकार्यानभिज्ञमयोग्यमपि जनं रागाद्याक्रान्तो लोकोऽधिकुरुते।

दण्डस्यैव विभ्रमाद् राज्ञा ग्रामजनव्यवहारानवलोक्य तद्व्यवहारम्, यथादृष्टं यथाश्रुतं राजानमवगमयितुं दशग्रामाधिपतिसमक्षं प्रापणाय नियुक्तो ग्रामाधिपतिर्न समुत्थितान् ग्रामदोषान् दशग्रामाधिपतये शंसते।

दशग्रामाधिपतिश्च तदर्थमेव नियुक्तो न तथा कुरुते। विंशतिग्रामाधिपतिरपि शतग्रामाधिपतिसमक्षं यथादृष्टं यथाश्रुतं न प्रापयति।

शतग्रामाधिपतिश्च सहस्रगामाधिपतिसमक्षं शतग्रामेषु जातं व्यवहारं न सम्यक् प्रापयति।

यानि वै अन्नपानेन्धनादीनि ग्रामवासिभिः राजप्रदेयानि ग्रामिकेण (ग्रामाधिपतिना) अवाप्तव्यानि भवन्ति तानि अन्नपानेन्धनादीनि स ग्रामाधिपतिः प्राप्तुं न प्रभवति तानि वै तस्य जीविकात्वेन निर्दिष्टानि। तेषामभावे तस्यापि जीविकाया अभावश्च सम्पद्यते।

अन्याय पूर्वक दुर्बललाई नै सबै प्रकारले पीडा दिने गर्छन्। दुष्टहरूको दमन गर्ने र साधुहरूको संरक्षण गर्ने उद्देश्यले बनाइएका सैनिकहरूले, राजपुरुषहरूले र प्रहरीहरूले पनि दण्डकै विभ्रमले गर्दा लोकमा विपरीत आचरण गरिरहेको देखिन्छ।

अधिकार सहितको योग्य पद योग्य व्यक्तिलाई दिनुपर्छ भनी सृजना गरिएको साथै लोकको स्थिति (लोकमर्यादा) स्थापन गर्न सक्ने अधिकार समेत भएको पद पनि दण्डकै विभ्रमले गर्दा अधिकार नभएको, धर्मशास्त्र आदिको अध्ययन नगरेको, लोकमा मर्यादा आदि स्थापन (कायम) गर्ने कार्य नजानेको र अयोग्य पुरुषलाई राग आदिले आक्रान्त भएको अधिकारी पुरुषले प्रदान गर्दछ। (राम्रो पद पनि नराम्रा व्यक्तिको हातमा पारिदिन्छ)।

दण्डकै विभ्रमले गर्दा राजाद्वारा- गाउँमा बस्ने पुरुषका व्यवहारको अवलोकन गरी उनीहरूका व्यवहार जस्ता सुनिएका छन् र जस्ता देखिएका छन् त्यसरी नै राजाका नजिकमा पुऱ्याउने उद्देश्यले दसवटा गाउँको अधिपति समक्ष पुऱ्याउन भनी नियुक्त गरिएको ग्रामपतिले सम्बद्ध गाउँमा उत्पन्न भएका गाउँका दोषहरू दसवटा गाउँका अधिपतिलाई बताउँदैन। त्यसै कार्यका लागि नियुक्त गरिएको भएता पनि (राजाका नजिकमा पुऱ्याउने उद्देश्यले दसवटा गाउँमा देखिएका समस्या बीसवटा गाउँको अधिपति समक्ष पुऱ्याउन भनी नियुक्त गरिएको भएता पनि) दसवटा गाउँको अधिपतिले आफ्नो कार्य सम्पन्न गर्दैन। बीसवटा गाउँको अधिपतिले पनि सयवटा गाउँका अधिपतिका निकटमा जस्तो देखिएको र जस्तो सुनिएको छ त्यो सबै पुऱ्याउँदैन। शतग्रामाधिपति (सयवटा गाउँको अधिपति) ले पनि सहस्रग्रामाधिपति (हजारवटा गाउँका अधिपति) का समक्षमा सयवटा गाउँमा भएका व्यवहार राम्ररी पुऱ्याउने कार्य गर्दैन।

जुन अन्न, पान, इन्धन आदि ग्रामवासीद्वारा राजालाई दिनु पर्ने हुन्छ अथवा ग्रामाधिपतिद्वारा पाउनुपर्ने हुन्छ ती अन्न पान इन्धन आदि ग्रामाधिपतिले प्राप्त गर्न सक्दैन। उपर्युक्त अन्न आदि पदार्थनै वास्तवमा उसका जीविकाका साधनका रूपमा रहेका हुन्छन्। उक्त पदार्थका अभावमा उसको जीविका पनि नचल्ने स्थिति हुन्छ। दसवटा गाउँको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशग्रामवासिभिः कुलम् (हलद्वयम्) उपभोक्तुं न प्रभवति । विंशग्रामाधिपतिः पञ्चकुलानि (दशभिर्हलैः कर्षणयोग्यां भूमिम्) उपभोक्तुं न शक्नोति ।

शहस्राधिपतिरपि पुरमुपभोक्तुं न प्रभवति दण्डस्यैव विभ्रमात् ।

स्वधर्मप्रवृत्तिर्मर्यादामभिव्यनक्ति

तस्माद् विवदतां नृणां कार्यनिर्णयं राज्ञा शाश्वतं धर्मं समाश्रित्य विधेयम् । राज्ञा विवदतां नृणां कार्यविनिर्णयं परम्परायातं धर्ममाश्रित्यैव विधेयमिति च [१४८]मनुनाभिहितम् । तथा सति दण्डनीतिः परिरक्षिता भवति । सा हि नीतिर्लोकं स्वधर्माचरणाय प्रवर्तिका । लोकस्य स्वधर्मप्रवृत्तिर्मर्यादामभिव्यनक्ति ।

सर्वेषां धर्माणां राजमूलत्वम्

चातुराश्रम्यधर्माः, यतिधर्माः, लोकवेदोत्तराश्च धर्माः सर्वे धर्माः क्षात्रधर्मे समाहिता भवन्ति । यथा भगवता [१४९]व्यासेन-

चातुराश्रम्यधर्माश्च यतिधर्माश्च पाण्डव । लोकवेदोत्तराश्चैव क्षात्रधर्मे समाहिताः ।। इत्यभिधाय सर्वधर्माश्रयत्वं राजधर्मस्य निर्दिष्टम् ।

---

१४८. ८/८ मनुः ।

१४९. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व, ६४ अध्यायः, १ श्लोकः ।

अधिपतिले कुल (दुई हल गोरुले जोतिने जमिन) उपभोग गर्न सक्दैन । बीसवटा गाउँको अधिपतिले पाँच कुल (दश हल गोरुले जोतिने जमिन) उपभोग गर्न सक्दैन । हजार गाउँको अधिपतिले पनि पुरको (एउटा सहरको) उपभोग गर्न सक्दैन । यी सबै बेथिति दण्डका विभ्रमले गर्दा उत्पन्न हुन्छन् ।

आफ्ना धर्ममा हुने झुकावले मर्यादालाई प्रकट गर्छ-

त्यसैले (दण्डको विभ्रम भएका अवस्थामा अनेकौँ बेथिति उत्पन्न हुने भएकाले) परस्परमा विवाद गरिरहेका मनुष्यहरूका कार्यहरूको निर्णय राजाद्वारा शाश्वत धर्मको आश्रय लिएर गरिनुपर्छ । राजाले (ऋणादानादि व्यवहारस्थानमा) विवाद गरिरहेका मनुष्यहरूका कार्यको निर्णय (विवाद प्रशमन) परम्पराबाट प्राप्त भएको धर्मको आश्रय लिएर गर्नुपर्छ (मनु. ८/८) भनी मनुले बताएका छन् । यस प्रकारका व्यवहारको अवलम्बन गरियो भने दण्डनीति चारैतिरबाट सुरक्षित हुन्छ । त्यसै नीतिले लोकलाई आफ्ना धर्मको पालन गर्न प्रवृत्त गराउँछ । लोकको स्वधर्मप्रतिको प्रवृत्तिले मर्यादालाई अभिव्यक्त गर्दछ ।

सबै धर्मको मूल (जरो) राजधर्म हो-

ब्रह्मचर्य आदि चारै आश्रमका धर्महरू, यति (संन्यासी) हरूका धर्महरू, लोकमा एवं वेदमा प्रतिपादित धर्महरू साथै अन्य सबै धर्महरू क्षत्रिय धर्ममा समाहित (जोडिएका/आश्रित) हुन्छन् । भगवान् व्यासले- **चातुराश्रम्यधर्माश्च०** अर्थात् 'हे युधिष्ठिर ! चारै आश्रमसित सम्बद्ध धर्महरू, यतिधर्महरू, लोक एवं वेदमा प्रतिपादित धर्महरू क्षात्रधर्ममा समाहित भएका हुन्छन्' (म.भा., शा.प. ६४/१) भनी राजधर्म सबै धर्मको आश्रय (आधार) भएको कुरा देखाएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रागान्धो लोको न दण्डनिग्रहमन्तरा स्व-स्वधर्मानुष्ठानाय प्रवर्तते। यदा लोकः स्वधर्मपरिपालनं न कुरुते तदा निगृह्य स्वधर्मानुष्ठानाय प्रवर्तनीयः। यथा-

षट्कर्मसु नियुञ्जीत राजा विप्रान् समन्ततः। तथैव क्षत्रियादींस्तु स्व-स्वकर्मणि योजयेत्॥
यः स्वधर्मं परित्यज्य परधर्मं समाचरेत्। तं शतेन नृपो दण्ड्य पुनस्तस्मिन् नियोजयेत्॥

इति [१५०]कालिकापुराणे समभिधाय स्वधर्मं परित्यजन्तं यं कमपि वर्णं निगृह्य स्वधर्मानुष्ठानाय प्रवर्तनीयत्वं राज्ञः कर्म निर्दिष्टम्। अतो राजमूलत्वं सर्वेषां धर्माणामुपपद्यते। राज्ञश्च महत्या देवताया नररूपेण विद्यमानतया समनुष्ठिता क्रिया मानुषी क्रिया सम्पद्यते। राज्ञो महत्या देवतायाः सत्वेऽपि न दैवी क्रियोपपद्यते।

स्व-स्वकर्मानुष्ठानात् समाजहितावहतत्त्वसमुत्पत्तिः। मानवैः सम्पादनीया यावन्तो व्यापारा लोके जायन्ते ते सर्वे व्यापाराः सिद्ध्यसिद्धिमाप्तुं स्वभावकालानुगतां दैवक्रियां मानुषक्रियां वावलम्ब्य क्रियानुरूपफलदायिनो भवन्ति।

अत्र केचिद्दैवात् फलसिद्धिर्भवतीति मन्वते, केचित् स्वभावात्, केचित् कालात्, केचित् पुरुषार्थाद् अपरे कुशलबुद्ध्या पुनः संयोगे अर्थात् दैवस्वभावकालपुरुषप्रयत्नसंयोगे फलं सिद्ध्यतीति मन्वते।

१५०. कालिकापुराणम्, ८५ अध्यायः, ६-७ श्लोकौ।

रागले (विषय वासनाले) अन्धो भएको मनुष्य दण्डको प्रयोग गरी नियन्त्रण नगर्दासम्म आ-आफ्ना धर्मको अनुष्ठानमा प्रवृत्त हुँदैन। जब जब मनुष्यले आफ्ना धर्मको पालना गर्न छाड्दछन् तब तब उनीहरूलाई (दण्ड आदिका माध्यमले) नियन्त्रण गरेर आफ्ना धर्मको अनुष्ठानमा प्रवृत्त गराउनुपर्दछ। भनिएको छ- **षट् कर्मषु नियुञ्जीत०** अर्थात्- 'राजाले सावधान भएर ब्राह्मणहरूलाई (अध्ययन, अध्यापन, यजन, याजन आदि ब्राह्मणका लागि निर्धारित) छ प्रकारका कर्ममा नियुक्त गरून्। त्यसै प्रकारले क्षत्रिय आदि वर्णहरूलाई पनि आ-आफ्ना कर्ममा लगाऊन्। जसले आफ्ना धर्मको त्याग गरेर परधर्मको पालन गर्दछ त्यसलाई राजाले सय (मुद्रा) दण्ड दिनुपर्छ र पुनः आफ्नै धर्मका लगाउनुपर्छ' (का.पु. ८५/६-७)। कालिका पुराणका उपर्युक्त पद्यद्वारा आफ्ना धर्मको त्याग गर्ने जुनसुकै वर्णलाई नियन्त्रण गरेर पुनः आफ्ना धर्मको परिपालन गर्ने कार्यमा प्रवृत्त गराउनु राजाको कर्तव्य हो भन्ने कुराको निर्देशन गरेको छ। त्यसैले सबै धर्मको मूलमा राजधर्म रहेको छ भन्ने कुरा युक्तियुक्त देखा पर्छ। राजा भनेका मनुष्यका रूपमा रहेका ठूला देवता हुन् तापनि उनीद्वारा गरिएका सबै कार्यहरू मानुषी (मनुष्यद्वारा सम्पादित) कार्य नै हुन्। राजा ठूला देवताका अवताररूप भएता पनि उनीद्वारा गरिएका कार्यहरू दैवी कार्य हुन् भन्ने कुरा तर्कसङ्गत देखिँदैन।

आ-आफ्ना कर्मको अनुष्ठानबाट समाजलाई हित गर्ने तत्त्वको उत्पत्ति हुन्छ। मनुष्यद्वारा सम्पादन गरिने जे जति पनि व्यापार (क्रियाकलाप) छन् ती सबै व्यापारले सिद्धि (सफलता) अथवा असिद्धि (असफलता) प्रदान गर्दछन्। स्वभाव एवं कालको अनुसरण गर्ने दैवी क्रिया अथवा मानुषी क्रियालाई अवलम्बन गरेर उक्त क्रियाकलापले क्रियाअनुसारका फल (सफलता वा असफलता) दिने गर्दछन्। कसैले दैवद्वारा (दैवले चाह्यो वा दैव अनुकूल भयो भने) फल प्राप्त हुन्छ भन्छन्। कसैले स्वभावअनुसार फल प्राप्त हुन्छ भन्दछन्। कसैले समयअनुसार फल प्राप्त हुन्छ भन्छन्। कसैले पुरुषार्थद्वारा फल प्राप्त हुन्छ भन्छन्। कसैले भने कुशल बुद्धिद्वारा सबैको संयोग गराउन सकेमा अर्थात् दैव, स्वभाव, काल र पुरुषप्रयत्न (पुरुषार्थ) को संयोग भयो भने फल सिद्ध हुन्छ (राम्रो परिणाम प्राप्त हुन्छ) भन्ने कुरा मान्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सा एव दैवक्रिया या नाम पूर्वेषु जन्मसु पुरुषैरनुष्ठिता, अधुना फलं प्रददाति । दृष्टं हि कार्यमदृष्टस्यापि कारणस्यानुमापकं भवति । यत्र देवदत्तयज्ञदत्तयोः समान एव प्रयन्तः, समानमेव साधनम्, समानश्च कालस्तथापि फलोत्पत्तौ दृश्यतेऽन्तरम् । एकस्य समीहितफलोत्पत्तिः सम्यक्तया सम्पद्यते परमपरस्य कालसाधनप्रयत्नानुरूपमपि फलोत्पत्तिर्जायमाना न दृश्यते । तत्र दैवान्नास्त्यन्यत्कारणं फलभेदकल्पनायामिति दैवं हि कारणं समानकालसाधनपुरुषकारयोः फलसम्पत्तौ भेदोपस्थापकम् । तत्र पूर्वजन्मार्जितव्यापारस्यैव कारणत्वान्नास्ति अद्यतनीयपुरुषव्यापारस्यापेक्षा वर्तमानानुष्ठितकर्मफलसम्पत्यर्थमिति आगामिजन्मसु दैवव्यापारस्य सम्यक्त्वसम्पादनाय एव हि पुरुषैः प्रयतनीयम् । अत एव हि श्रुतिस्मृत्युक्तकर्मसु पुरुषप्रवृत्तिर्भवति अपूर्वसम्पादनार्थम् । कर्मणामपूर्वफलसाधनत्वं श्रुतौ समाम्नातैस्तत्तत्फलवाक्यैरवगम्यते । श्रुतिर्हि यागादीनि कर्माणि विधत्ते । तेषां च कर्मणां फलसाधनत्वमप्यभिधत्ते । यागादीनामनुष्ठानमिहैव सम्पद्यते । फलनिष्पत्तिस्तु येषां कर्मणामैहलौकिकफलोपलम्भकत्वं तत्र भवतु कर्मणां फलसाधकत्वम् । वस्तुतस्तु तत्रापि न ह्येव कर्मसमनुष्ठानानन्तरमेव फलोत्पत्तिः । अपि तु तत्रापि कालेनैव हि फलोत्पत्तिर्भवतीति कर्मणोऽपूर्वोत्पत्तिर्भवतीत्यवगन्तव्यम् । यत्र तु परत्र एव फलोत्पत्तिस्तत्र तु किं वक्तव्यमवान्तरव्यापाराद्विना न हि कर्म

त्यसैलाई नै दैवक्रिया (दैव/भाग्य) भनिन्छ जुन पूर्वजन्ममा पुरुषद्वारा सम्पादन गरिएको हुन्छ र यस जन्ममा फल प्रदान गरिरहेको हुन्छ । दृष्ट (आँखाले प्रत्यक्ष देखिएको) कार्य अदृष्ट (आँखाले प्रत्यक्ष नदेखिएका) कारणको अनुमापक हुन्छ । (कुनै कार्य विशेषका लागि) देवदत्तले र यज्ञदत्तले बराबर प्रयत्न गरेका हुन्छन्, दुवैका साधन पनि समान (एकै प्रकारका) हुन्छन्, समय पनि त्यति नै दिएका हुन्छन् (अथवा समय पनि एउटै हुन्छ) तर पनि फलप्राप्ति (सफलता) मा ठूलो अन्तर देखिन्छ । एउटालाई आफूले चाहेको फल राम्ररी प्राप्त हुन्छ तर अर्कालाई काल, साधन एवं प्रयत्न पहिला (सफलता प्राप्त गर्ने) पुरुषको जस्तै भएता पनि फलको उत्पत्ति (सफलता) प्राप्त भइरहेको देखिँदैन । यसरी फलमा भिन्नता (सफलता वा असफलता) हुनुमा दैवभन्दा अर्को कुनै कारण हुन सक्दैन । अतः समान काल, साधन एवं पुरुषार्थ भएता पनि एउटै कार्य गर्ने दुई पुरुषका फलोपलब्धिमा (परिणाममा) भिन्नता गराउने कारण दैव नै हो । पूर्वजन्ममा आर्जन गरिएका व्यापार (शुभाशुभात्मक कर्म) नै कार्योत्पत्तिका कारणका रूपमा रहने हुनाले यस जन्ममा गरिएका कर्महरूबाट प्राप्त हुने फलका लागि यस जन्ममा गरिएका पुरुषका व्यापारको अपेक्षा हुँदैन । अतः आगामी जन्ममा दैवले राम्रो फल उपलब्ध गराओस् भनेर पुरुषहरूले यस जन्ममा प्रयत्न (राम्रा कार्यहरू) गर्नुपर्छ । त्यसैले त अपूर्व (कर्म गरेपछि प्राप्त हुने सूक्ष्म अदृष्ट) सम्पादन गर्नका लागि वेदहरूद्वारा र स्मृतिहरूद्वारा प्रतिपादन गरिएका कर्महरूको सम्पादनमा पुरुषहरूको प्रवृत्ति हुन्छ । कर्महरू अपूर्वरूप फलका साधन हुन्छन् भन्ने कुरा वेदमा प्रतिपादन गरिएका ती ती फलवाक्य (फलश्रुति) बाट अवतग हुन्छ । श्रुतिले यागादि कर्म गर्नुपर्छ भनी विधान गर्छ र उक्त कर्महरू फलका साधन हुन् (स्वर्गादि फल प्राप्त गराउने माध्यम वा हेतु हुन्) भन्ने तथ्यको पनि प्रतिपादन गर्छ । यागादिको अनुष्ठान यही (यसै लोकमा र यसै जन्ममा) नै सम्पन्न हुन्छ । फलनिष्पत्तिका सम्बन्धमा भने- जुन कर्म सम्पादन गर्नाले यसै लोकमा फलको उपभोग गर्न पाइन्छ त्यस्ता कर्महरू (ऐहलौकिक) फल प्राप्तिका साधन हुन सक्छन् । वास्तवमा भन्ने हो भने त्यस्ता (ऐहलौकिक फल उपलब्ध गराउने) कार्यहरूबाट पनि तत्काल (कार्यको अनुष्ठान सम्पन्न गर्नासाथ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फलोपलम्भनार्थं क्षमत इत्येव । आशुतरविनाशिनां कर्मणां कालान्तरजन्मान्तरभाविफलसाधनत्वोपपत्यर्थं यागस्यावान्तरव्यापाररूपेण यागजन्यशक्तिरूपेण वा सर्वथा पुण्यपापरूपमपूर्वं कल्पनीयं भवति । अत एव [१५१]जैमिनीयन्यायमालाकारेणोक्तम्-

अपूर्वसदसद्भावसंशये सति नास्ति तत् । मानाभावात् फलं यागात् सिद्धेच्छास्त्रप्रमाणतः ।।
क्षणिकस्य विनष्टस्य स्वर्गहेतुत्वकल्पनम् । विरुद्धं मान्तरेणातः श्रेयोऽपूर्वस्य कल्पनम् ।।
अवान्तरव्यावृत्तिर्वा शक्तिर्वा यागजोच्यते । अपूर्वमिति तद्भेदः प्रक्रियातोऽवगम्यताम् ।।

यैर्नाम पूर्वेषु जन्मसु श्रुतिस्मृतिविहितानि कर्माणि समनुष्ठितानि, तेषामस्मिन् जन्मनि तानि कर्माणि सुफलदात्मकानि भवन्ति । यैर्नाम पूर्वेषु जन्मसु श्रुतिस्मृतिनिषिद्धानि कर्माणि समनुष्ठितानि, तेषामस्मिन् जन्मनि तानि कर्माणि दुष्टफलदात्मकानि भवन्ति । दैवमिति च तस्यैवापूर्वस्य नामधेयम् । अत एव योगीश्वरेण [१५२]याज्ञवल्क्येनोक्तम्-

---

१५१. जैमिनीयन्यामाला अध्यायः २, पादः १, अपूर्वाधिकरणम् २ ।

१५२. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ३४९ ।

फलको प्राप्ति हुँदैन । अपि तु ऐहलौकिक फल उपलब्ध गराउने कर्महरूबाट पनि केही समयको अन्तरालमा नै फलको उत्पत्ति हुन्छ । अतः कर्म गरेपछि अपूर्व उत्पन्न हुन्छ भन्ने कुरा स्वीकार गर्नुपर्छ । जहाँ कर्म गरेपछि त्यसको फल लोकान्तरमा प्राप्त हुन्छ त्यस ठाउँमा त कर्मबाट अपूर्वको उत्पत्ति हुन्छ भन्ने सन्दर्भमा के नै भन्न बाँकी रहन्छ र ? अवान्तर व्यापार विना (अन्य जन्ममा गरिएका अपूर्वका उत्पादक कर्मका अभावमा) कुनै पनि कार्य फल उपलब्ध गराउन समर्थ हुँदैन । अत्यन्त चाँडै नष्ट हुने कर्महरू कालान्तरमा वा जन्मान्तरमा (अन्य जन्ममा) उत्पन्न हुने फलका साधन हुन् भन्ने तथ्य युक्तिपूर्वक सिद्ध गर्नका लागि यागहरूका अन्य व्यापारका रूपमा अथवा यागबाट उत्पन्न हुने शक्तिका रूपमा पुण्य एवं पापरूप अपूर्वको कल्पना गर्नुपर्ने हुन्छ । अतः एव जैमिनीयन्यायमालाका लेखकले भनेका छन्- **अपूर्वसदसद्भावसंशसये०** अर्थात्- 'अपूर्व नामक पदार्थ छ वा छैन ? यसप्रकारको संशय उपस्थित भएका अवस्थामा पूर्वपक्ष भन्दछ- अपूर्वको सद्भावमा कुनै प्रमाण छैन, अतः अपूर्वको सत्ता हुँदैन । शास्त्रप्रमाणका आधारमा फलको सिद्धि यागबाट नै हुन्छ । सिद्धान्तपक्ष भन्दछ- क्षणिक अत एव तत्काल नै नष्ट भइसकेका यागलाई स्वर्गका हेतु (साधन) मान्दा अन्य प्रमाणसित विरोध हुन्छ । अतः अपूर्वको कल्पना नै श्रेयस्कर हुन्छ । अपूर्वलाई याग र फलका बीचको व्यापार अथवा यागबाट उत्पन्न शक्ति मान्न सकिन्छ । उक्त अपूर्वका भेद यागका प्रक्रियाबाट थाहा पाउन सकिन्छ' (जै.न्या.मा. २/१/२) ।[५९]

जसले पहिले पहिलेका जन्महरूमा श्रुति एवं स्मृतिद्वारा विधान गरिएका कर्महरू सम्पन्न गरेका हुन्छन् उनीहरूद्वारा यस जन्ममा गरिएका कर्महरू राम्रा (अभीष्ट) परिणामका उत्पादक हुन्छन् । जसले पहिले पहिलेका जन्ममा श्रुति एवं स्मृतिद्वारा निषेध गरिएका (गर्न हुन्न भनिएका) कर्महरू गरेका हुन्छन् उनीहरूद्वारा यस जन्ममा गरिएका तिनै कर्महरू

---

५९. उद्धृत पद्य जैमिनीयन्यायमालाका दोस्रो अध्यायका प्रथम पदका दोस्रो अपूर्वाधिकरणबाट लिइएका हुन् । अपूर्वका- फलापूर्व, समुदायापूर्व, उत्पत्त्यपूर्व र अङ्गापूर्व जस्ता भेद हुन्छन् भन्ने तथ्य उक्त पद्यहरूका विस्तरा टीकाबाट थाहा पाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैवे पुरुषकारे च कर्मसिद्धिर्व्यवस्थिता। तत्र दैवमभिव्यक्तं पौरुषं पौर्वदैहिकम्॥ इति।

कर्मणां सिद्धिर्दैवपुरुषार्थयोरधीना। इहजन्मार्जितस्य कर्मणः पुरुषार्थत्वम्। पूर्वजन्मार्जितं पौरुषमेव कर्म दैवमित्युच्यते। फलसम्पतौ तयोरुभययोः साधनत्वम्। न ह्यसेविता गौर्दुग्धं ददाति। न च हतदैवेन सेवितापि गौः प्रसवति। न हि हतदैवेन तिलाः प्राप्यन्ते। नो वा उद्योगं विना तिलेभ्यस्तैलमाप्यते। तस्मात् कर्मणां फलनिर्वृत्तौ दैवपुरुषकारयोर्नितरामावश्यकम्। परं तयोर्मध्ये दैवमचिन्त्यम्, मानुषे क्रिया विद्यते। उक्तं हि-

[१५३]**सर्वं कर्मेदमायत्तं विधाने दैवमानुषे। तयोर्दैवमचिन्त्यं स्यान्मानुषे विद्यते क्रिया॥** इति॥

स्वभावादपि फलं समुत्पद्यते। परं स्वभावतः समुत्पन्नमपि फलमादातुं दैवपुरुषकारयोरावश्यकता भवति। गौः स्वभावतः प्रसूते। इयं भूमिर्हि स्वभावतः प्ररोहान् प्ररोहयति। स्वभावत एव सुमधुरजलवाहिन्यो नद्यः। स्वभावत एव फलेषु मधुरिमा समुदेति। नियतिनियमान्तर्गताः पदार्थाः स्वत एव पुरुषोपभोगोपयुक्ततया

१५३. ७/२०५ मनुः।

दुष्ट (अहितकर/अनभीष्ट) फलका उत्पादक हुन्छन्। दैव भन्नु त्यसै अपूर्वको नै अर्को नाम हो। त्यसैले त योगीश्वर याज्ञवल्क्यले भनेका छन्- **दैवे पुरुषकारे च०** अर्थात् 'कर्महरूको इष्ट अनिष्टरूप सिद्धि दैवमा र पुरुषार्थमा व्यवस्थित हुन्छ (समान रूपमा रहेको हुन्छ अर्थात् दैव र पुरुषार्थ दुवै नै फलप्राप्तिमा बराबर कारण बनेका हुन्छन्), दैव भनेको यस जन्ममा अभिव्यक्त भएको पूर्वजन्मको पुरुषार्थ नै हो' (या.स्मृ. १/३४९)[६०]

कर्महरूको सिद्धि (कार्य सम्पन्न गरेपछि प्राप्त हुने सफलता) दैव र पुरुषार्थका अधीनमा हुन्छ। यस जन्ममा अर्जित कर्मलाई पुरुषार्थ भनिन्छ। पूर्वजन्ममा अर्जित पुरुषार्थरूप कर्मलाई नै दैव भनिन्छ। फल सम्पत्तिका लागि (शुभाशुभ कर्म फल प्राप्त गर्नका लागि) दुवै नै साधनका रूपमा रहेका हुन्छन्। सेवा नगरिएको (घाँस-पात, दाना-पानी, गोबर-सोत्तर आदि नगरिएको) गाईले दूध दिँदैन। दुर्दैवले गर्दा (दैव प्रतिकूल भएका अवस्थामा) सेवा गरिएको गाई पनि ब्याउँदैन। दैव प्रतिकूल भएमा तिल प्राप्त गर्न सकिँदैन। उद्योग नगरीकन तिलबाट तेल पनि निस्किँदैन। अतः कर्मबाट (आफूले गरेका कामबाट) फल प्राप्त गर्नका लागि दैव एवं पुरुषकार (पुरुषार्थ) दुवैको अत्यन्त आवश्यकता पर्दछ। दैव र पुरुषार्थ मध्ये दैव अचिन्त्य हुन्छ भने क्रिया (पुरुषार्थ) मनुष्यमा निहित हुन्छ। भनिएको पनि छ- **सर्वं कर्मेदम्०** अर्थात् 'यो सबै कर्म दैव एवं मानुष विधानका अधीनमा छ। ती मध्ये दैव अचिन्त्य हुन्छ भने मनुष्यमा क्रिया (कार्यकर्तृता) रहेको हुन्छ (मनु. ७/२०५)।

स्वभावबाट पनि फल उत्पन्न हुन्छ। स्वभावैले उत्पन्न भएका फललाई प्राप्त गर्न पनि दैवको र पुरुषकारको (उद्यमशीलताको) आवश्यकता पर्दछ। गाई स्वभावैले व्याउँछ। दृश्यमान पृथिवीले स्वभावैले अङ्कुर आदि उत्पन्न गराउँछ। स्वभावैले नै नदीहरूले मधुर (पेय) जल प्रवाहित गरिरहेका हुन्छन्। स्वभावैले फलहरूमा मधुरता (मिठास)

---

६०. मिताक्षरामा दैव मात्र फलप्राप्तिको कारण नभएर पुरुषार्थ पनि फल प्राप्तिको कारण हुन्छ, अतः फल प्राप्तिका लागि पुरुषार्थ गर्नुपर्छ भनिएको छ। उद्धृत पद्यको व्याख्या यसप्रकार रहेको छ- कर्मसिद्धिः फलप्राप्तिरिष्टानिष्टलक्षणा। सा न केवलं दैवे व्यवस्थिता। अपि तु पुरुषकारेऽपि। लोके तथादर्शनात्, चिकित्सकादिशास्त्रवैयर्थ्याच्च। अपि च पुरुषकाराभावे दैवमेव नास्तीत्याह--तत्र दैवमिति। यतः पूर्वदेहार्जितं पौरुषमेव दैवमुच्यते। अल्पपुरुषकारानन्तरं महाफलोदयाभिव्यक्तं पौरुषं पौर्वदेहिकं कर्म। तस्मात्पुरुषकाराभावे न दैवमस्तीति पुरुषकारे यत्नो विधातव्यः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिणमन्ते । न तत्र नियतिनियमान्तरं कश्चित् पुरुषव्यापारमपेक्षते पुरुषोपभोगोपयोगितया परिणमितुमिति स्वभावादेव फलोत्प्रत्तिः ।

कालादपि फलोत्पत्तिर्भवति । वर्षाकाले जाते वृष्टिः सम्पद्यते । शरदि च सस्यसम्पत्तिः । वसन्ते च वासन्तिकसस्योत्पत्तिः । दशमैकादशमासादिषु गर्भोत्पत्तिः । कालेन शैत्यमुष्णत्वञ्चोत्पद्यते ।

चतुर्षु युगेषु विमला सृष्टिर्युगानुरूपं हि धर्ममावहमाना परिवृत्तिमपेक्षते आनुकूल्यापादनात्मिकाम् । यथा यथा हि युगानामपचयो भवति तथा तथैव तत्तद्युगानुकूलतया धर्मा अपि परिवृत्तिमपेक्षन्ते । येषां धर्माणां प्राधान्यं सत्ये युगे; न हि तेषां धर्माणामन्येषु त्रेतादिषु युगेषु प्राधान्यम् । येषां च धर्माणां त्रेतादिषु युगेषु प्राधान्यं न तेषां धर्माणां सत्ये युगे प्राधान्यम् । उक्तं हि-

[१५४]**तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते । द्वापरे यज्ञमेवाहुर्दानमेकं कलौ युगे ।।** इति ।।

जातस्य पुरुषस्य च बाल्यवयस्कवार्द्धक्यादयोऽवस्थाविशेषाः, तदवस्थानुसारं शक्तेरुदयः, शक्त्यनुरूपमुपभोगविषयाश्च नियतास्तथैव कालस्यापि विभिन्नावस्थाविशेषा जायन्ते, तदनुसारं शक्तेः प्रादुर्भावः, शक्त्यनुरूपमुपभोगविषयश्च नियतः । नित्यजन्याभ्यां द्वैविध्यं कालस्य । नित्यो हीश्वररूपः कालः । जन्यश्च ग्रहगत्यादिभिरनुमेयः । नित्यस्यापरिमितशक्तिमत्वम् । जन्यस्य हि कालस्यावस्थाविशेषाः सम्पद्यते । ते

१५४. पराशरस्मृतिः १/२३ ।

उत्पन्न हुन्छ । नियतिका नियममा बाँधिएका पदार्थहरू स्वभावैले पुरुषद्वारा उपभोग गर्न सकिने भई परिणत हुन्छन् । उक्त पदार्थहरूलाई पुरुषहरूद्वारा उपभोग गर्न सकिने अवस्थामा परिणत गराउन कसैले पनि नियतिको नियम बाहेक अन्य कुनै पुरुषका व्यापारको अपेक्षा गर्दैन । अतः स्वभावैले नै फलको उत्पत्ति हुन्छ ।

समयबाट पनि फलको उत्पत्ति हुन्छ (समयले पनि फल उत्पन्न गराउने कार्य गर्छ) । वर्षाकाल आएपछि वृष्टि हुन्छ (पानी पर्छ) । शरद् ऋतुमा धान्यसम्पति प्राप्त हुन्छ । वसन्त ऋतुमा वासन्तिक (वसन्त ऋतुमा फल्ने) धान उत्पन्न हुन्छ । दसौँ अथवा एघारौं आदि महिनामा गर्भको उत्पत्ति हुन्छ । समयले नै चिसोपन र तातोपन उत्पन्न हुन्छ ।

चारै युगमा हुने निर्मल सृष्टिले युगानुरूप धर्मलाई प्रवृत्त गराउँदै अनुकूलता उत्पन्न गराउने स्वभाव भएको परिवर्तनको अपेक्षा गर्दछ । जति जति युगको अपचय (समापन) हुँदै जान्छ त्यति त्यति नै ती ती युगका लागि अनुकूल हुने गरी धर्महरूले पनि परिवर्तनको अपेक्षा गर्दछन् । जुन धर्मको प्रधानता सत्य युगमा हुन्छ तिनै धर्महरूको प्रधानता अन्य त्रेत्रा आदि युगहरूमा हुँदैन । जुन धर्मको त्रेता आदि युगमा प्रधानता हुन्छ तिनै धर्मको सत्य युगमा प्रधानता हुँदैन । भनिएको पनि छ- **तपः परं कृतयुगे०** अर्थात् 'सत्ययुगमा तपस्या प्रधान थियो र त्रेतायुगमा ज्ञान प्रधान थियो । द्वापरयुगमा यज्ञलाई प्रधान (श्रेष्ठ) मानियो भने कलियुगमा एकमात्र दानको श्रेष्ठता प्रतिपादन गरिएको छ ।' (प.स्मृ. १/२३)

उत्पन्न भएका पुरुषका (प्राणी मात्रका) बाल्य, वयस्क (युवा), वार्धक्य (वृद्ध) आदि अवस्था विशेष हुन्छन् । त्यसै अनुसार (अवस्थानुरूप) नै शक्तिको प्रादुर्भाव हुन्छ । शक्तिअनुरूप उपभोग गर्ने पदार्थ पनि नियत (निश्चित) हुन्छन् । यसरी नै कालका पनि विशेष प्रकारका अनेकौँ अवस्था हुन्छन् । त्यसै अनुरूप नै शक्तिको प्रादुर्भाव हुन्छ । शक्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ह्यवस्थाविशेषाः परगुणान् परिवर्तयन्तः स्वान् गुणानभिख्यापयन्ति, आयुर्वेदशास्त्रे औषधार्थं पत्रमूलक्षीर-त्वगादीनां प्रयोगस्तरुलताभ्य आदाय विधीयते । तेषां पत्रमूलक्षीरत्वगादीनां ग्रहणञ्च कालस्य गुणा-धायकत्वात्कालविशेषे एव विधीयते । पत्राणां तरुलताभ्यो ग्रहणं वर्षर्तौ अभिहितम्, मूलानां शिशिरर्तौ ग्रीष्मर्तौ वा, त्वक्कन्दक्षीरादीनां च शरदि ग्रहणमभिमतम्, पुष्पफलानामृत्वनुसारम्, सारस्य (रसस्य) च हेमन्ते ग्रहणमभिमतमिति कालोऽपि गुणफलोदयकारकः । अत एव फलोपलम्भार्थं स्वभावकालदैवपुरुषार्थाना-मावश्यकम् ।

तत्र स्वभावकालाभ्यां फलोपलम्भार्थं नास्ति पुरुषप्रयत्नापेक्षा । दैवस्य च पूर्वजन्मोपार्जितपौरुषतया नास्तीह जन्मनि फलोपलम्भार्थं प्रयत्नापेक्षा । परिवेशात्फलोपलम्भार्थं पुरुषार्थस्यापेक्षा जागर्ति वसुधातले । **न हि सुप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृगाः ।** मृगसिंहयोर्भक्ष्यभक्ष्यकत्वं स्वभावसिद्धम् । कालेन च बीजरूपतया स्थितो मृगः स्थूलपिण्डाकारतामाप्तः । दैववशात् मृगश्च सिंहस्य दृग्गोचरीभूतः । तथापि सिंहस्य प्रयत्नाभावे न हि तद्गतक्षुन्निवृत्तिः सम्पद्यते । प्रयत्नवतां पुरुषार्थाः सम्पद्यन्त इति फलोपलम्भार्थं पुरुषैः प्रयत्नो विधेयः ।

अनुकूल उपभोग गर्ने विषय पनि नियत हुन्छ । काल (समय) नित्य र जन्य गरी दुई प्रकारको हुन्छ । नित्य काल ईश्वररूप हुन्छ । जन्य काल ग्रहहरूका गति आदिका आधारमा अनुमान गरिन्छ । नित्य काल अपरिमित शक्तिले युक्त हुन्छ। जन्य कालका भने विभिन्न अवस्था हुन्छन् । कालका विशेष अवस्थाले अरूका गुणमा परिवर्तन ल्याउँदै आफ्ना गुणलाई समेत चारैतिर फैलाउँछन् । आयुर्वेद शास्त्रमा वृक्ष, लहरा आदिबाट पात, जरा, चोप, बोक्रा आदिको ग्रहण गरी औषधि निर्माण गर्ने कार्य गरिन्छ । उक्त पात, जरा, चोप, बोक्रा आदिको ग्रहण समयविशेष (निश्चित समय) गुणाधायक (गुणवत्ता प्रदान गर्ने सामर्थ्यले युक्त) हुने भएकाले निश्चित (निर्धारित) समयमा नै गरिन्छ । वृक्ष, लहरा आदिबाट पातहरूको ग्रहण गर्ने कार्य वर्षाऋतुमा राम्रो मानिएको छ । जराहरूको (मूलको) ग्रहण शिशिरऋतुमा अथवा ग्रीष्मऋतुमा राम्रो मानिएको छ । बोक्रा, कन्द (गानो), क्षीर (चोप) आदिको ग्रहण शरद्ऋतुमा राम्रो मानिएको छ । फूल एवं फलको ग्रहण सम्बद्ध (जुन ऋतुमा फूल र जुन ऋतुमा फल लाग्छ त्यसै) ऋतुमा अनुकूल हुन्छ भनिएको छ। सारको (रसको) ग्रहणका लागि हेमन्तऋतुलाई अनुकूल मानिएको छ । अतः काल पनि गुणात्मक फलको उत्पादक हुन्छ । अत एव फल प्राप्तिका लागि स्वभाव, काल, दैव एवं पुरुषार्थको आवश्यकता पर्दछ ।

स्वभाव एवं काल (समय) का माध्यमले फल प्राप्तिका लागि पुरुषका प्रयत्नको अपेक्षा हुँदैन (स्वभावले र कालले आफै नै फल उत्पन्न गराउँछन्) । दैव पूर्वजन्ममा आर्जन गरिएको पुरुषार्थ भएकाले यस जन्ममा फल प्राप्तिका लागि प्रयत्नको (यस जन्ममा गरिने पुरुषार्थको) अपेक्षा हुँदैन । परिवेश अनुसार फल प्राप्त गर्नका लागि यस पृथिवीतलमा पुरुषार्थको अपेक्षा हुन्छ । भनिएको छ- **न हि सुप्तस्य०** अर्थात् 'सुतिरहेका सिंहका मुखमा आएर मृग आफैँ प्रवेश गर्दैनन् ।' मृगका र सिंहका बीचमा भक्ष्य-भक्ष्यक (मृग भक्ष्य अर्थात् खाइने र सिंह भक्ष्यक अर्थात् खाने) सम्बन्ध स्वभावैले प्रसिद्ध छ । बीजरूपमा रहेको मृग समयक्रमले स्थूलपिण्डको आकारमा प्राप्त हुन्छ (ठूलो शरीरले युक्त बन्छ) । दैवले गर्दा त्यही मृग सिंहका अगाडि पर्छ । त्यस अवस्थामा पनि सिंहद्वारा गरिने प्रयत्नका अभावमा (झम्टा मार्ने आदि नगरेसम्म) सिंहमा रहेका क्षुधाको (भोकको) निवृत्ति हुँदैन अर्थात् सिंह अघाउँदैन । प्रयत्न गर्ने पुरुषका पुरुषार्थ सफल हुन्छन्, त्यसैले पुरुषहरूले फल प्राप्तिका लागि प्रयत्न गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषैः समर्जनीयाश्च धर्मार्थकाममोक्षाख्याश्चत्वारः पुरुषार्थाः । यावन्ति कर्माणि यावज्जीवं पुरुषैः समनुष्ठीयन्ते तेषां समेषां कर्मणां तेष्वेव हि चतुर्षु पुरुषार्थेष्वन्तर्भावो भवति । एते च पुरुषार्थाः शरीरद्वारा संसाधनीया भवन्ति । न हि शरीरादृते धर्मस्यानुष्ठानं सम्भवति । न च धर्ममन्तरार्थस्योत्पत्तिर्भवति । अर्थाभावे कामस्योपभोगोऽपि न भवति । त्रिवर्गसेवनादानृण्यमप्राप्तस्य च मोक्षोपलब्धेरधिकारस्योपत्तिरपि न भवति । तस्मात् शरीरस्य चतुर्वर्गसाधनत्वं पुरुषार्थानां च साध्यत्वम् ।

यावत् साध्यं न सम्पद्यते तावत्साधनस्य संरक्षणं संवर्धनं संस्करणं साध्यानुकूलतया सम्पादनादिकञ्च विधेयमावहति । **शरीरमाद्यं खलु धर्मसाधनम्** इत्यादि शास्त्रेषूक्तत्वात् सर्वथा तस्य शरीरस्य संरक्षणम्, संस्करणम्, संवर्धनम्, साध्यानुकूलतया सम्पादनादिकञ्च व्यक्तेः परमकर्तव्यतया तदुपायश्चिन्तितः व्यक्तिप्रतिव्यक्तेः स्वार्थं समुच्चित्य च सामाजिकस्य कर्तव्यस्योदयो जातः । समाजस्य च कृते स्वार्थसम्पादनाय नियमानां निर्धारणं प्रत्यक्षाप्रत्यक्षयोः समानरूपेण द्रष्टृभिर्मुनिमहर्षिभिः कृतम् । अप्रतिहतदृष्टयः परावरज्ञा महर्षयस्तपोदृष्ट्या प्रस्फुरितान् कल्पकल्पान्तरादागतान् शाश्वतान् धर्मान् निरदिशन् । तेष्वर्थेषु धर्मस्य प्राधान्यं धर्ममूलत्वादितरेषाम् । चतुर्षु पुरुषार्थेषु धर्मस्य प्राधान्यं विज्ञानेश्वरेण याज्ञवल्क्यस्मृतेर्मिताक्षरायां निर्दिष्टम् । [१५५]विज्ञानेश्वरेण मिताक्षरायाम्- **'तत्र यद्यपि धर्मार्थकाममोक्षाः शास्त्रेणानेन प्रतिपाद्यन्ते तथापि धर्मस्य**

---

१५५. मिताक्षरा, यज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, १ श्लोकः ।

पुरुषले धर्म, अर्थ, काम एवं मोक्ष नामका चारवटा पुरुषार्थ अर्जन (प्राप्त) गर्नुपर्छ । मनुष्यले बाँचुन्जेल जति पनि कर्महरू गरेको हुन्छ ती सबै कर्महरू उक्त चार प्रकारका पुरुषार्थमा अन्तर्भूत हुन्छन् । यी पुरुषार्थहरू शरीरद्वारा सम्पादन गर्नुपर्ने हुन्छ । शरीर विना धर्मको अनुष्ठान सम्भव हुँदैन । धर्म विना अर्थको उपलब्धि (प्राप्ति) पनि हुँदैन । अर्थको अभावमा कामको उपभोग पनि हुँदैन । त्रिवर्ग (धर्मार्थकाम) को सेवनद्वारा अऋणता प्राप्त नभैकन मोक्ष प्राप्त गर्ने अधिकारको उत्पत्ति हुँदैन । अतः एव शरीर नै चतुर्वर्गको साधन हो र चतुर्वर्ग (पुरुषार्थ) शरीरको साध्य हो ।

जबसम्म साध्य सम्पन्न हुँदैन तबसम्म साधनको संरक्षण गर्ने, संवर्धन गर्ने, संस्कार गर्ने, साध्यको अनुकूल हुने गरी सम्पादन गर्ने (साधनलाई साध्यको अनुकूल बनाइराख्ने) कार्य गर्नुपर्छ । शस्त्रहरूमा **शरीरमाद्यं खलु धर्मसाधनम्** अर्थात् 'शरीर नै धार्मिक कार्य सम्पन्न गर्ने पहिलो साधन हो' भनिएको हुनाले सर्वथा त्यस (धर्मको साधनभूत) शरीरको संरक्षण, संस्करण, संवर्धन, साध्यको अनुकूल हुने गरी सम्पादन आदि कार्य गर्नुपर्छ । यसलाई नै व्यक्तिको परमकर्तव्य मानेर शरीरका संरक्षण आदिका उपायको चिन्तन गरिएको हो । यसैबाट व्यक्तिविशेषका एवं प्रतिव्यक्तिका स्वार्थको अन्वेषण गरिएको हो र सामाजिक कर्तव्यको उदय भएको हो । समाजका स्वार्थको सम्पादनका लागि (सामाजिक उद्देश्य पूर्ण गराउन) प्रत्यक्ष एवं अप्रत्यक्ष पदार्थलाई समानरूपमा अवलोकन गर्न सक्ने महान् ऋषिहरूले र मुनिहरूले नियमहरूको निर्धारण गरेका हुन् (नियम बनाउने काम गरेका हुन्) । प्रत्यक्ष एवं अप्रत्यक्ष पदार्थलाई समान रूपमा हेर्न सक्ने सामर्थ्यमा कुनै कमी नभएका अत एव पर (परलोकसित सम्बद्ध) एवं अवर (यस लोकसित सम्बद्ध) पदार्थहरूको यथार्थ ज्ञान भएका महर्षिहरूले तपस्यारूपी आँखाले युक्त भएकाले आफ्नै अगाडि प्रकट भएका कल्प कल्पान्तर (अनेकौँ कल्प) बाट अङ्गीकार गर्दै आएका शाश्वत धर्महरूको उपदेश दिए । उक्त चार प्रकारका पुरुषार्थमध्ये

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राधान्याद्धर्मग्रहणम् । धर्ममूलत्वादितरेषाम् । न च वक्तव्यं धर्ममूलोऽर्थोऽर्थमूलो धर्म इत्यविशेष इति । यतोऽर्थमन्तरेण जपतपस्तीर्थयात्रादिना धर्मनिष्पत्तिः अर्थलेशोऽपि न धर्ममन्तरेणेति । एवं काममोक्षावपीति ।' इति अभिहितम् ।

यद्यपि कौटिल्येन धर्मकामयोरर्थमूलत्वं निर्दिश्य अर्थस्य प्राधान्यं निर्दिष्टम् । तत्र [१५६]कौटिल्येन- **'अर्थ एव प्रधान इति कौटिल्यः, अर्थमूलौ हि धर्मकामौ'** इत्यभिहितम् । तथापि कौटिल्यार्थशास्त्रस्य अर्थशास्त्रत्वादर्थस्य प्राधान्येन निर्देशो विहितः । राजानुगतस्योद्वाहप्रवृत्तस्य राजपुरुषस्य प्राधान्य इव कौटिल्यार्थशास्त्रस्यार्थशास्त्रत्वादर्थस्य प्राधान्यं निर्दिष्टम् । धर्मार्थयोर्विरोधे धर्मस्यैव प्राबल्यमृषिभिर्दर्शितम् । तत्र [१५७]याज्ञवल्क्येनोक्तम्- **अर्थशास्त्रात्तु बलबद्धर्मशास्त्रमिति स्थितिः ।** इति ।

१५६. कौ.अ.शा.....।

१५७. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, २१ श्लोकः ।

अन्य अर्थादि पुरुषार्थको पनि मूल भएकाले धर्मरूप पुरुषार्थको नै प्रधानता देखिन्छ । चार प्रकारका पुरुषार्थमध्ये धर्मरूप पुरुषार्थ नै प्रधान हो भन्ने तथ्य विज्ञानेश्वरले याज्ञवल्क्यस्मृतिको मिताक्षरा टीकामा देखाएका छन् । विज्ञानेश्वरले मिताक्षरामा **तत्र यद्यपि०** अर्थात् 'हुन त धर्मशास्त्रद्वारा धर्म, अर्थ, काम एवं मोक्षरूप चारै पुरुषार्थको प्रतिपादन गरिन्छ तर पनि धर्म प्रमुख भएकाले धर्मशास्त्र भनी धर्मको उल्लेख गरिएको हो । अन्य अर्थ आदि पुरुषार्थ धर्ममूलक (धर्म नै जरा भएका) हुन्छन् (त्यसैले धर्म प्रमुख तत्त्व हो) । जसरी अर्थ धर्ममूलक हुन्छ त्यसरी नै धर्म पनि अर्थमूलक हुन्छ (अर्थात् धर्मका माध्यमले अर्थ आर्जन गरिन्छ र अर्थ भएका अवस्थामा मात्र धर्म सम्पादन गरिन्छ), अतः धर्म एवं अर्थमा (प्राधान्यका दृष्टिले) कुनै भिन्नता छैन, भन्न मिल्दैन । किन कि अर्थ नभएका अवस्थामा पनि जप, तप, तीर्थयात्रा आदिका माध्यमले पनि धर्म आर्जन गर्न सकिन्छ । धर्म विना त (विहितविधिका माध्यमले) लेश मात्र पनि अर्थ आर्जन गर्न सकिन्न । यसै प्रकारले काम एवं मोक्ष पनि धर्ममूलक नै हुन्छन्' (या.स्मृ. १/१ मिता.) भनेका छन् ।

हुन त कौटिल्यले धर्म एवं काम अर्थमूलक हुन्छन् भनी अर्थको प्रधानता देखाएका छन् । यसै सन्दर्भमा कौटिल्यले- **अर्थ एव प्रधानः०** अर्थात् 'चार प्रकारका पुरुषार्थमध्ये अर्थरूप पुरुषार्थ नै प्रमुख हुन्छ भन्ने कौटिल्यको (मेरो) सिद्धान्त हो । धर्म एवं काम दुवै नै अर्थमूलक हुन्छन् अर्थात् अर्थद्वारा नै धर्म एवं काम सम्पादन गरिन्छन्' (कौ.अ.....) भनेका छन् । कौटिल्यद्वारा लिखित अर्थशास्त्र अर्थको प्रधानता प्रतिपादन गर्ने शास्त्र भएकाले यस्तो (धर्म र काम अर्थमूलक हुन्छन्) भनिएको हो । विवाहका समयमा राजाद्वारा अनुसरण गरिएका राजाका पुरुषको प्रधानता निर्देश गरेझैं कौटिल्यको अर्थशास्त्र अर्थसम्बद्ध शास्त्र भएकाले अर्थको प्रधानता निर्देशन गरिएको हो ।[६१] धर्म एवं अर्थको

६१. राज्यमा राजाको स्थान नै प्रमुख हुन्छ तर विवाहका समयमा (निश्चित अवधिका लागि) राजाको स्थान गौण हुन्छ । जन्ती हेर्न आएका दर्शकहरूको ध्यान सबैभन्दा पहिले वर (बेहुलो) कस्तो छ भन्नेतर्फ जान्छ । त्यसैले उक्त समयमा वरको भूमिका नै प्रमुख देखिन्छ । वरलाई हेरेपछि को को जन्त आएका रहेछन् त भन्नेतर्फ ध्यान दिइन्छ । राजालाई पनि जन्तीमा सामेल भएको देखेपछि 'अहा कस्ता प्रजावत्सल राजा रहेछन्, आफ्ना सेवकको विवाहमा पनि सामेल भएका छन्' भनी अन्ततः राजाकै प्रशंसा गरिन्छ । यसैलाई नै 'राजाद्वारा अनुसरण गरिएका विवाहमा प्रवृत्त राजपुरुषन्याय' भनिन्छ । उक्त न्यायअनुसार नै अर्थको प्रमुखता सिद्ध गर्ने अर्थशास्त्रले अर्थको प्रधानता देखाएता पनि अन्ततः धर्मकै प्रधानता हुन्छ भन्ने प्रस्तुत वाक्यको तात्पर्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मो यज्ञादिः स च कर्तव्यः, अधर्मो ब्रह्मवधादिः स च न कर्तव्यः इति कर्मणां कर्तव्याकर्तव्यत्वाभ्यां विवेकाय हि धर्माधर्मयोः पृथक्त्वेनाभिधानं कृतम्। उक्तञ्च [१५८]मनुना-

कर्मणां च विवेकार्थं धर्माधर्मौ व्यवेचयत्। इति।

धर्मानुष्ठाने विहिते अभ्युदयनिःश्रेयससोः समुपलब्धिः, अधर्मानुष्ठाने च कृते पातित्यनरकयोश्च प्राप्तिरपि कल्पिता। **'यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः'** इत्यनेन अभ्युदयनिःश्रेयसयोः कारकत्वं धर्मस्य निर्दिष्टम्। [१५९]**विहितस्याननुष्ठानान्निन्दितस्य च सेवनात्। अनिग्रहाच्चेन्द्रियाणां नरः पतनमृच्छति॥** इत्यनेन च कर्तव्यत्वेन निर्दिष्टानामर्थानामननुष्ठानात्, अकर्तव्यत्वेन निर्दिष्टतया निन्दितानां चार्थानां सेवनात्, विहिताविहतविषयेषु उपयोगाय रागात् प्रवृत्तानामिन्द्रियाणाञ्चानिग्रहाच्च नरः पातित्यमाप्नोति इति हि निर्दिश्य कर्तव्यकर्मणामनुष्ठानाय निषिद्धकर्मणां च परिवर्जनाय धर्मशास्त्रं मानवान् प्रेरयति। तथैव- [१६०]**स्वेभ्यः स्वेभ्यस्तु कर्मभ्यश्च्युता वर्णा ह्यनापदि। पापान् संसृत्य संसारान् प्रेष्यतां यान्ति शत्रुषु॥** इत्यनेन अनापदि स्वानुष्ठेयकर्मभ्यश्च्युतानां वर्णानां पापात्मककुत्सितादियोनिग्रणहपूर्वकशत्रुदासत्वाप्तिश्च निर्दिष्टा।

---

१५८. १/२६ मनुः।

१५९. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः, २१९ श्लोकः।

१६०. १२/७० मनुः।

विरोध भएका अवस्थामा धर्मको नै प्रबलता हुन्छ भनी ऋषिहरूले देखाएका छन्। यसै सन्दर्भमा याज्ञवल्क्यले भनेका छन्- **अर्थशास्त्रात्तु०** अर्थात् 'अर्थशास्त्रभन्दा धर्मशास्त्र बलवान् हुन्छ भने सिद्धान्त छ' (या.स्मृ. २/२१)।

यज्ञ आदि धर्म हो र उक्त यज्ञादि धर्म सम्पन्न गर्नुपर्छ। ब्राह्मणको हत्या गर्ने आदि कार्य अधर्म हो र उक्त ब्रह्मवधादि अधर्म गर्न हुँदैन। यसरी कर्महरूको कर्तव्यता एवं अकर्तव्यता (गर्न हुने र गर्न नहुने भन्ने) विवेचना (विश्लेषण) गर्न सकियोस् भनी धर्म एवं अधर्मको अलग-अलग कथन (निरूपण) गरिएको हो। मनुले पनि भनेका छन्- **कर्मणां च०** अर्थात् 'अमुक अमुक कर्म हितकर छन् त्यसैले गर्न हुन्छ र अमुक अमुक कर्म हितकर छैनन् त्यसैले गर्न हुँदैन भने विवेक (ज्ञान) गराउनका लागि धर्म एवं अधर्मको अलग अलग विश्लेषण गरे' (मनु. १/२६)।

धर्मको अनुष्ठान गरेपछि अभ्युदय एवं निःश्रेयसको प्राप्ति हुन्छ र अधर्मको अनुष्ठान गरेपछि पातित्य एवं नरकको प्राप्ति हुन्छ भन्ने कल्पना गरियो। **यतः०** अर्थात् 'जसबाट अभ्युदय एवं निःश्रेयसको सिद्धि हुन्छ त्यही नै धर्म हो' (वै.द. १/१/२) यस कथनद्वारा धर्मलाई अभ्युदय एवं निःश्रेयसको कारकतत्त्व बताइएको छ। **विहितस्य०** अर्थात् 'शास्त्रद्वारा विधान गरिएका कर्म (सन्ध्यावन्दन, अग्निहोत्र आदि नित्यकर्म एवं अशुचि स्पर्श आदिमा गरिने स्नानादि नैमित्तिक कर्म) सम्पादन नगर्नाले, शास्त्रद्वारा निन्दा गरिएका (गर्न हुन्न भनिएका, सुरापान आदि) कर्महरू सम्पादन गर्नाले र इन्द्रियहरूको निग्रह (आफ्ना अधीनमा राख्ने कार्य) नगर्नाले मनुष्य पतनलाई प्राप्त हुन्छ अर्थात् पतित बन्छ (प्रत्यवाययुक्त हुन्छ)' (या.स्मृ. ३/२१९) यस कथनद्वारा कर्तव्यका रूपमा निर्देशन गरिएका कार्यहरू सम्पादन नगर्नाले, गर्न नहुने भनी निर्देशन गरिएका कार्यहरू सम्पादन गर्नाले र आशक्तिका कारण विहित एवं अविहित विषयहरूको उपभोग गर्न प्रवृत्त भएका इन्द्रियहरूको निग्रह नगर्नाले मनुष्य पतित हुन्छ भनिएको छ। यसप्रकारका निर्देशनद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१६१]**तेऽभ्यासात् कर्मणां तेषां पापानामल्पबुद्धयः । सम्प्राप्नुवन्ति दुःखानि तासु तास्विह योनिषु॥** इत्यनेन च मन्दधियो हि पापात्मकानि कर्माणि अभ्यस्यन्ति । तस्मादेव पापात्मककर्माभ्यासापेक्षया गर्हितगर्हिततरगर्हिततमासु योनिषु दुःखमाप्नुवन्ति इत्यभिधाय अकर्तव्यत्वेन निर्दिष्टतया निन्दितकर्मानुष्ठाना-भ्यासापेक्षया हि निन्दितनिन्दिततरनिन्दिततमासु योनिषु सम्प्राप्य दुःखानुभूतिर्मन्दचेतसां भवतीत्यपि च निर्दिष्टम् ।

न हि कारणमन्तरा कार्यस्योत्पत्तिः । सुखदुःखे हि कार्यरूपे कारणरूपाभ्यां धर्माधर्माभ्यां विना न हि सम्पद्येते । धर्मार्धमाभ्यां संयुक्तो हि मानवः सुखासुखमाप्नोति । उक्तञ्च मनुना-

[१६२]**तौ धर्मं पश्यतस्तस्य पापं चातन्द्रितौ सह । याभ्यां प्राप्नोति संयुक्तः प्रेत्येह च सुखासुखम्॥** इति ।

महत्परमात्मानौ पुरुषानुष्ठितं पापं धर्मं च आलस्यदोषं परित्यज्य अनलसौ भूत्वा पश्यतः । तद्वशाज्जीवः सुखदुःखे प्राप्नोति ।

१६१. १२/७४ मनुः ।
१६२. १२/१९ मनुः ।

धर्मशास्त्रले कर्तव्यकर्महरूको अनुष्ठानका लागि एवं निषिद्ध कर्महरूको परित्यागका लागि मनुष्यहरूलाई अभिप्रेरित गर्दछ । यसरी नै **स्वेभ्यः स्वेभ्यस्तु** ० अर्थात्- 'विपत्ति नपरेका अवस्थामा पनि आफ्ना आफ्ना अध्ययन-अध्यापन आदि कर्मबाट च्युत भएका (पञ्चयज्ञादि कर्म त्याग गर्ने) ब्राह्मण आदि वक्ष्यमाण वर्णहरू पापप्रधान लोकहरूमा (तिर्यक् योनि आदिमा) पुग्दछन् र पुनः मनुष्य भएर जन्मिएपछि शत्रुका दास (चोर डाँका आदिका सेवक) बन्दछन् (मनु. १२/७०) । उपर्युक्त पद्यद्वारा विपत्ति नपरेका अवस्थामा आफूले सम्पन्न गर्नुपर्ने कर्मबाट च्युत भएका वर्णहरू पापात्मक निन्दित आदि योनि ग्रहण गर्दै (मनुष्य भएर जन्मिएपछि पनि) शत्रुहरूका दास बन्दछन् भन्ने कुरा देखाइएको छ ।

तेऽभ्यासात्० अर्थात् 'अल्प बुद्धि भएका दुराचारीहरूले तिनै पापात्मक कर्महरूको (निषिद्ध विषयोपभोगको) अभ्यासले (बारम्बारको आवृत्तिले) गर्दा तिर्यक् कीट आदि ती ती योनिहरूमा जन्मिएर (अभ्यासका तारतम्यअनुसार) विभिन्न प्रकारका दुःख पाउँछन्' (मनु. १२/७४) पद्यद्वारा मन्द बुद्धि भएका मनुष्यहरूले पापात्मक कर्महरूको अभ्यास गर्छन् र तिनै पापात्मक कर्महरूका अभ्यासले गर्दा निन्दित, निन्दिततर एवं निन्दिततम योनि प्राप्त गर्दछन् भनिएको छ । यसरी अकर्तव्यका रूपमा (गर्न नहुने भनी) बताइएका निन्दित कर्महरू सम्पादन गर्ने अभ्यासले गर्दा नै निन्दित, निन्दिततर एवं निन्दिततम योनिमा प्राप्त भएका मन्दबुद्धि भएका मनुष्यद्वारा दुःखको अनुभव गर्ने कार्य गरिन्छ भन्ने कुरा देखाइएको छ ।

कारण विना कार्यको उत्पत्ति हुन सक्दैन । कार्यका रूपमा रहेका सुख एवं दुःख कारणरूप धर्म एवं अधर्मका अभावमा हुन सक्दैनन् । धर्म एवं अधर्मले युक्त भएको मनुष्यले नै क्रमशः सुख एवं दुःख प्राप्त गर्दछ । यस सम्बन्धमा मनुले भनेका छन्- **तौ धर्मम्**० अर्थात् ती दुईले (महत् एवं क्षेत्रज्ञ= परमात्माले) त्यस पुरुषका (जीवका) धर्म एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा हि तृष्णाशमनार्थं नदनद्यादिगतं जलं साधनम्, यथा हि बुभुक्षाप्रशमनार्थं कृष्यादिसमुपलब्धसस्यादि साधनं तथैव सुखोपलब्ध्यर्थं धर्मः साधनम् । न हि भूम्युद्गतपदार्थमन्तरा प्राणगतबुक्षूक्षाशमकपदार्थान्तरं समुपलभ्यते । न च धर्मानुष्ठानमन्तरा सुखोपलब्धिकारकान्तरं साधनं समुपलभ्यते । वर्षान्तरेषु समर्जितसस्यादिसञ्चयी पुरुषो वर्तमाने कृषिकर्मणि अप्रवृत्तोऽपि यथा सञ्चितमश्नुते, तथैव वर्तमाने धर्मममनुतिष्ठन्नपि पुरुषो जन्मान्तरेषु समनुष्ठितधर्मफलमनुभुङ्क्ते इति नाश्चर्यमधर्मिभिः सम्प्राप्तं क्षणिकं सुखं सन्दृश्य। अनुष्ठितो ह्यधर्मः शनैः शनैरावर्तमानः सन् कर्तुर्मूलानि कृन्तत्येव। उक्तं हि [१६३]मनुना-

नाधर्मश्चरितो लोके सद्यः फलति गौरिव । शनैरावर्तमानस्तु कर्तुर्मूलानि कृन्तति ।। इति ।

तस्मान्नाधर्मश्चरितव्यः । अधर्मानुष्ठानेन हतो धर्मोऽधर्मस्यानुष्ठातारमेव हन्ति । धर्मानुष्ठानेन संवर्धितो धर्मो धर्मस्यानुष्ठातारं सर्वतः परिरक्षति । यथा हि उक्तम्-

१६३. ४/१७२ मनुः ।

पाप सावधान भएर हेर्दछन् । यिनै धर्म एवं पापले युक्त भएको पुरुषले यस लोकमा र परलोकमा समेत सुख एवं दुःख प्राप्त गर्दछ (मनु. १२/१९) । महान्ले र परमात्माले पुरुषमा रहेका पाप एवं धर्मको आलस्यरूपी दोषको परित्याग गरेर अर्थात् आलस्यरहित (सावधान) भएर अवलोकन गर्ने कार्य गर्दछन् । त्यसकै कारण जीवले सुख एवं दुःख प्राप्त गर्छ ।

तिर्खा मेटाउनका लागि जसरी नद-नदी आदिमा रहेको पानी साधन हुन्छ, भोक मेटाउनका लागि जसरी कृष्यादि कर्मबाट उपलब्ध भएको धान्यादि साधन हुन्छ त्यसरी नै सुख प्राप्तिका लागि धर्म साधन हुन्छ । जसरी भूमिबाट उत्पन्न भएका पदार्थलाई छाडेर प्राणमा रहेका बुभुक्षा (भोक तिर्खा) शान्त गराउने अर्को साधन प्राप्त गर्न सकिन्न त्यसरी नै धर्मानुष्ठान (धर्माचरण) लाई छाडेर सुख उपलब्ध गराउने अर्को साधन प्राप्त गर्न सकिन्न । अरू अरू वर्षमा आफूले आर्जन गरेका धान्यादिको सञ्चय गरेको पुरुषले वर्तमान समयमा कृषि कार्यमा प्रवृत्त नभएता पनि जसरी आफूले सञ्चय गरेका (पूर्वसञ्चित) धान्यादिको भक्षण (उपभोग) गर्दछ त्यसरी नै वर्तमानमा धर्मप्रधान कार्यहरूको अनुष्ठानमा संलग्न नभएको पुरुषले पनि जन्मान्तरमा राम्ररी सम्पादन गरिएका धर्मका फलको उपभोग गर्दछ । अतः अधार्मिक पुरुषद्वारा पनि वर्तमान समयमा उपभोग गरिएको क्षणिक सुखलाई देखेर आश्चर्य मान्नुपर्दैन । पुरुषद्वारा गरिएको अधर्म सुस्त सुस्त आवृत्त भएर कर्तालाई जरैबाट काट्ने काम गर्छ । मनुले पनि भनेका छन्- **नाधर्मश्चरितः०** अर्थात् 'जसरी जमिनमा छरिएको बीजले तत्कालै फल दिन सक्दैन त्यसरी नै मनुष्यद्वारा गरिएको अधर्मले पनि तत्काल फल दिँदैन (दुष्परिणाम देखाउँदैन), सुस्त सुस्त आवृत्त भएको त्यसै अधर्मले कर्तालाई जरैबाट काट्ने (खाडलमा पार्ने) काम गर्छ (मनु. ४/१७२) ।[६२] अत एव धर्म गर्नुपर्छ । अधर्मको अनुष्ठानद्वारा प्रताडित भएको धर्मले अधर्मका अनुष्ठाता

६२. मूल पद्यमा गौ पदको प्रयोग गरिएको छ । गोको अर्थ पृथिवी र गाई दुवै हुन्छ । जमिन परक अर्थ अनुवादमा दिइएको छ । गाईपरक अर्थ पनि लगाउन सकिन्छ । मन्वर्थमुक्तावलीमा गाईपरक अर्थलाई व्यतिरेकी दृष्टान्तका रूपमा उपस्थापन गरिएको छ । जसअनुसार जसरी गौ (साँढे वा गाई) ले तत्कालै भारी बोक्ने वा दूध दिने (फल प्रदान गर्ने) कार्य गर्छ त्यसरी नै अधर्मले तत्काल फल दिने कार्य गर्दैन भन्ने अर्थ हुन्छ । मन्वर्थमुक्तावलीको मूल अंश यसप्रकार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१६४]**धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।** इति । न ह्यतिक्रमितमर्यादा उच्छृङ्खला जनाः कस्यचिदपि प्रिया भवन्ति ।

जातिधर्मदेशधर्मकुलधर्मादीनि आत्मीयकर्माणि अनुतिष्ठन्तः स्वे स्वे च नित्यनैमित्तिकादौ कर्मणि वर्तमानाः पुरुषास्तु दूरे निवसतामपि जनानां प्रिया भवन्ति । उक्तं च [१६५]मनुना-

स्वानि कर्माणि कुर्वाणा दूरे सन्तोऽपि मानवाः ।

प्रिया भवन्ति लोकस्य स्वे स्वे कर्मण्यवस्थिताः ।। इति ।

वर्णानां कर्माणि च शास्त्रेषु प्रतिपादितानि । वर्णाश्च ब्राह्मणक्षत्रियवैश्यशूद्राश्चत्वारः, तेभ्यश्चान्या अनुलोमतया प्रतिलोमलतया च प्रसूताः षट्त्रिंशदवान्तरजातयो भवन्ति ।

तत्र ब्राह्मणानामध्ययनाध्यापनदानप्रतिग्रहरूपाणि षट्कर्माणि प्राथम्येन निर्दिष्टानि । यथा-

[१६६]**अध्यापनमध्ययनं यजनं याजनं तथा । दानं प्रतिग्रहश्चैव षट्कर्माण्यग्रजन्मनः ।।** इति ।

---

१६४. ८/१५ मनुः ।

१६५. ८/४२ मनुः ।

१६६. १०/७५ मनुः ।

(अधर्माचरण कर्ता) लाई मार्दछ (समूल नष्ट गराउँछ) । धर्मको अनुष्ठानद्वारा बढाइएको धर्मले धर्मका अनुष्ठातालाई चारैतिरबाट संरक्षण गर्ने कार्य गर्छ । भनिएको पनि छ- **धर्म एव हतः०** अर्थात् 'हनन (अतिक्रमण) गरिएको धर्मले (अनुष्ठाताको) हनन गर्दछ र रक्षा गरिएको धर्मले (अनुष्ठाताको) रक्षा गर्दछ (मनु. ८/१५) मर्यादाको उल्लङ्घन गरेका उच्छृङ्खल मनुष्य कसैका पनि प्रिय हुन सक्दैनन् ।

जातिधर्म, देशधर्म, कुलधर्म आदि आफ्ना कर्महरूको अनुष्ठान गर्दै आ-आफ्ना नित्य-नैमित्तिक आदि कर्महरूमा रहेका (नित्य-नैमित्तिक आदि कर्म सम्पन्न गर्ने) पुरुषहरू टाढा बसिरहेका मनुष्यहरूका पनि प्रिय हुन्छन् । मनुले पनि भनेका छन्- **स्वानि कर्माणि०** अर्थात् 'आफ्ना (जातिधर्म, कुलधर्म आदि) कर्महरू गरिरहेका र आ-आफ्ना (नित्य-नैमित्तिक आदि) कर्महरूमा संलग्न भएका पुरुषहरू (टाढै भए पनि) सम्पूर्ण जगत्वासीका प्रिय हुन्छन्' (मनु. ८/४२) वर्णहरूका कर्महरू शास्त्रहरूमा प्रतिपादन गरिएका छन् । वर्णहरू ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्र गरी चार प्रकारका हुन्छन् । उक्त चार वर्ण बाहेकका अनुलोम एवं प्रतिलोम प्रकारले उत्पन्न भएका छत्तीस प्रकारका अवान्तर जातिहरू हुन्छन् ।

ब्राह्मणहरूका लागि मुख्यतया अध्ययन, अध्यापन, {यजन, याजन}, दान एवं प्रतिग्रह रूप छवटा कर्म बताइएका छन् । भनिएको छ- **अध्यापनम्०** अर्थात् '(साङ्ग वेदको) अध्यापन, अध्ययन, यजन, याजन, दान एवं प्रतिग्रह (अरूले दिएको दान लिनु)- यी नै ब्राह्मणहरूका छवटा कर्म हुन्' (मनु. १०/७५) उक्त छवटा कर्ममध्ये याजन (यज्ञ

रहेको छ- गौरिवेह भूमिपक्षे साधर्म्यदृष्टान्तः । यथा भूमिरुप्तबीजमात्रा तदैव प्रचुरपचेलिमफलव्रीहिस्तबकसंवलिता न भवति किन्तु नियमफलपाकसमयमासाद्य । पशुपक्षे वैधर्म्यदृष्टान्तः । यथा गौः पशुर्वाहदोहाभ्यां सद्य फलति नैवमधर्मः किन्तु क्रमेणावर्तमानः फलोन्मुखीभवन्नधर्मकर्तुर्मूलानि छिनत्ति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषु षट्कर्मसु याजनाध्यापनप्रतिग्रहरूपाणि त्रीणि कर्माणि जीवनसाधनत्वेन निर्दिष्टानि । [१६७]षण्णां तु कर्मणामस्य त्रीणि कर्माणि जीविका । याजनाध्यापने चैव विशुद्धाच्च प्रतिग्रहः ॥ इति । अनापदि प्रशस्तेभ्यो द्विजातिभ्य एव प्रतिग्रहलिप्सा निर्दिष्टा । आपदि तु यतस्ततोऽपि प्रतिग्रहलिप्सानुमतिः । यथा- [१६८]सर्वतः प्रतिगृह्णीयाद्ब्राह्मणस्त्वनयं गतः । इति ।

ब्राह्मणानामापदि गर्हितेनाध्यापनेन, गर्हितेन याजनेन, गर्हितेन प्रतिग्रहेण च न दोषोत्पत्तिः । यथोक्तम्-

[१६९]**नाध्यापनाद्याजनाद्वा गर्हिताद्वा प्रतिग्रहात् । दोषो भवति विप्राणां ज्वलनाम्बुसमा हि ते ॥** इति । अतो धनग्रहणादिना गर्हितेनाध्यापनेन जीवनयात्रां यापयन्तः, गर्हितेन प्रतिग्रहेण च जीवनयात्रां यापयन्तश्च ब्राह्मणा अधर्मभागिनो न भवन्ति । न ह्येतावान्मात्रमपि तु ब्राह्मणकर्मणा जीवनयात्रां यापयितुमशक्नुवतां ब्राह्मणानां क्षत्रियवृत्त्या जीवनमप्यनुमतम् । तयापि च जीवनयात्रां यापयितुमशक्तानां ब्राह्मणानां वैश्यवृत्त्या जीवनमप्यनुमतम् । यथा-

---

१६७. १०/७६ मनुः ।
१६८. १०/१०२ मनुः ।
१६९. १०/१०३ मनुः ।

गराउनु), अध्यापन (पढाउनु) एवं प्रतिग्रह (दान लिनु) रूपी तीनवटा कर्म जीविकाका साधन बताइएका छन् । **षण्णां तु०** अर्थात् 'ब्राह्मणका कर्मका रूपमा बताइएका छ कर्ममध्ये याजन, अध्यापन एवं शुद्ध पुरुषबाट दान ग्रहण- यी तीनलाई जीविकाका साधन मानिएको छ' (मनु. १०/७६) पद्यद्वारा उक्त तथ्यको प्रतिपादन गरिएको छ । अपठ्यारो नपरेका अवस्थामा प्रशंसित द्विजहरूबाट मात्र दान प्राप्त गर्ने इच्छा गर्नुपर्छ भनिएको छ । अपठ्यारो परेका अवस्थामा त जसबाट पनि प्रतिग्रह प्राप्त गर्ने इच्छाका लागि अनुमति दिइएको छ । भनिएको छ- **सर्वतः०** अर्थात् 'अन्यायमा परेको अथवा अपठ्यारा स्थितिमा रहेको ब्राह्मणले सबैतिरबाट प्रतिग्रह लिओस् (मनु. १०/१०२) ।[६३] आपत-विपत परेका अवस्थामा ब्राह्मणद्वारा गरिएको निन्दित अध्यापन, निन्दित याजन एवं निन्दित प्रतिग्रहले दोष उत्पन्न गराउँदैन । भनिएको छ- **नाध्यापनाद्०** अर्थात्- 'विपत्तिका अवस्थामा गरिएका निन्दित अध्यापनद्वारा, निन्दित याजनद्वारा एवं निन्दित प्रतिग्रहद्वारा ब्राह्मणलाई कुनै दोषको भागीदार बन्नु पर्दैन, किन कि ब्राह्मणहरू अग्नि एवं जल समान (पवित्र) हुन्छन्' (मनु. १०/१०३) । गर्हित अध्यापन गरी धन ग्रहण गरेर जीवनयात्रा चलाइरहेका, {गर्हित याजनद्वारा धन प्राप्त गरी जीवनयात्रा चलाइरहेका र}गर्हित प्रतिग्रहद्वारा जीवनयात्रा चलाइरहेका ब्राह्मणहरू अधर्मका भागीदार हुँदैनन् । यति मात्र होइन, ब्राह्मणका लागि निर्धारण गरिएका कर्मद्वारा जीवनयात्रा सञ्चालन गर्न नसकिरहेका ब्राह्मणहरूका लागि क्षत्रियवृत्तिद्वारा जीवनयात्रा सञ्चालन गर्ने अनुमति पनि दिइएको छ । क्षत्रियवृत्तिद्वारा पनि जीवनयात्रा सञ्चालन गर्न नसकेका ब्राह्मणहरूका लागि वैश्यवृत्तिद्वारा जीवनयात्रा सञ्चालन गर्ने अनुमति पनि

---

६३. उद्धृत पद्यको उत्तरार्ध यसप्रकार छ- **पवित्रं दुष्यतीत्येतद्धर्मतो नोपपद्यते** (पवित्र गङ्गाजल आदि बाटाको दूषित जल मिसिएर अपवित्र बन्छ भन्ने कुरा धर्मशास्त्रका दृष्टिले युक्तियुक्त देखिँदैन) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१७०]**अजीवंस्तु यथोक्तेन ब्राह्मणः स्वेन कर्मणा । जीवेत् क्षत्रियधर्मेण स ह्यस्य प्रत्यनन्तरः ।।** तथा-

[१७१]**उभाभ्यामप्यजीवस्तु कथं स्यादिति चेद्भवेत् । कृषिगोरक्षमास्थाय जीवेद्वैश्यस्य जीविकाम् ।।** इति।

तथैव क्षत्रियवैश्यशूद्राणामप्यापदि वृत्त्यन्तरं निर्दिष्टम् । क्षत्रियोऽपि स्ववृत्त्याजीवन् वैश्यवृत्त्या जीवनयात्रां यापयितुं शक्नोति । वैश्योऽपि स्ववृत्त्याजीवन् शूद्रवृत्त्या जीवनयात्रां यापयितुं शक्नोति । शूद्रोऽपि स्ववृत्त्याजीवन् शक्नोति कारुकर्मभिर्जीवनयात्रां यापयितुम् । परमेतेषां समेषां ज्यायस्या वृत्त्या जीवनलिप्सा निषिद्धा । यथोक्तम्-

[१७२]**जीवेदेतेन राजन्यः सर्वेणाप्यनयं गतः । न त्वेव ज्यायसीं वृत्तिमभिमन्येत कर्हिचित् ।।** इति।

[१७३]**वैश्योऽजीवन् स्वधर्मेण शूद्रवृत्त्यापि वर्तयेत् ।** इति ।

[१७४]**अशक्नुवंस्तु शुश्रूषां शूद्रः कर्तुं द्विजन्मनाम् । पुत्रदारात्ययं प्राप्तो जीवेत् कारुककर्मभिः ।।** इति।

---

१७०. १०/८१ मनुः ।

१७१. १०/८२ मनुः ।

१७२. १०/९५ मनुः ।

१७३. १०/९८ मनुः ।

१७४. १०/९९ मनुः ।

दिइएको छ । भनिएको छ- **अजीवंस्तु०** अर्थात् 'ब्राह्मणहरूका लागि निर्धारण गरिएका वृत्तिबाट जीविका चलाउन (कुटुम्बको लालन-पालन एवं नित्यकर्म सम्पादन आदि गर्न) असमर्थ भएको ब्राह्मणले क्षत्रियवृत्ति अवलम्बन गरेर जीविका चलाओस्, क्षत्रिय कर्म नै ब्राह्मणका लागि नजिकको वृत्ति हो' (मनु. १०/८१) ।[६४] यसै प्रकारले **उभाभ्यामपि०** अर्थात् 'ब्राह्मण एवं क्षत्रिय दुवैको वृत्ति अवलम्बन गरेर पनि जीविका निर्वाह गर्न नसकेका अवस्थामा के गर्ने त ? त्यस समयमा कृषि, गोरक्षा आदि वैश्यको वृत्ति अवलम्बन गरेर पनि जीविका चलाउनुपर्छ' (मनु. १०/८२) भनिएको छ।

यसै प्रकारले विपत्तिका समयमा क्षत्रिय, वैश्य एवं शूद्रहरूलाई पनि अर्को वृत्तिको अवलम्बन गर्नू भनी बताइएको छ । क्षत्रियले पनि आफ्नो वृत्तिद्वारा जीवनयात्रा सञ्चालन गर्न नसकेका अवस्थामा वैश्यको वृत्तिद्वारा जीवनयात्रा सञ्चालन गर्न सक्छ । वैश्यले पनि आफ्नो वृत्तिद्वारा जीवनयात्रा सञ्चालन गर्न नसकेका अवस्थामा शूद्रवृत्तिद्वारा जीवनयात्रा सञ्चालन गर्न सक्छ । शूद्रले पनि आफ्नो वृत्तिद्वारा जीविका चलाउन नसकेका अवस्थामा कारुकर्म (चित्र बनाउने, मूर्ति बनाउने आदि कार्य) द्वारा जीवनयात्रा सञ्चालन गर्न सक्छ । तर क्षत्रिय आदि वर्णका लागि आफूभन्दा माथिका वर्णको वृत्तिद्वारा जीवनयात्रा चलाउन चाहने आकाङ्क्षाको भने निषेध गरिएको छ । भनिएको छ- **जीवेदेतेन०** अर्थात् 'विपत्तिमा परेको क्षत्रियले उपर्युक्त निषिद्ध (रसविक्रय आदि) व्यापार गरेर पनि जीविका चलाओस् तर आफूभन्दा श्रेष्ठ वर्णको अर्थात् ब्राह्मणको वृत्ति अवलम्बन गर्ने विचार समेत नगरोस्' (मनु. १०/९५) । यसरी नै **वैश्यो जीवन्०** अर्थात् 'आफ्ना वृत्तिको अवलम्बन गरेर जीविका सञ्चालन गर्न नसकेको अवस्थामा वैश्यले शूद्रवृत्तिद्वारा पनि जीविका सञ्चालन गरोस्' (मनु. १०/९८) भनिएको छ । {शूद्रका सम्बन्धमा पनि} **अशक्नुवन्०** अर्थात्

---

६४. क्षत्रिण ब्राह्मणको नजिकको जाति हो । अतः क्षत्रियवृत्तिलाई अशक्त ब्राह्मणद्वारा जीविकाका लागि अवलम्बन गर्न सकिने दोस्रो वृत्ति मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा चतुर्णां वर्णानामित्थं वृत्तयो निर्दिष्टास्तथैवावान्तरजातीनां कृतेऽपि वृत्तयो निर्धारिताः सन्ति। यथा-

दस्युरायोगव्यां सैरिन्ध्रनामानमवान्तरजातिं जनयति । तस्य अदासस्य केशप्रसाधनादिदास्यजीवनं मृगादिवधाख्यवृत्त्यन्तरजीवनं च निर्दिष्टम् । वैदेहश्चायोगव्यां मैत्रेयाख्यं जनयति । तस्य प्रातर्घण्टामाहत्य राजप्रभृतीनां स्तुत्या जीवनं निर्दिष्टम् । निषादः आयोगव्यां दासं (मार्गवं) जनयति । तस्य नौव्यवहारजीवनं निर्दिष्टम् ।

निषादो वैदेह्यां कारावराख्यं चर्मकारं जनयति । वैदेहकश्च कारावरनिषादस्त्रियोरन्ध्रमेदनामानो जनयति । चर्मच्छेदनाचरणं च चर्मकारस्य (कारावरस्य) जीवनम् । ग्रामाद् बहिर्निवासः आरण्यपशुहिंसनं वृत्तिश्चान्ध्र-मेदयोर्निर्दिष्टम् ।

चण्डालाद् वैदेह्यां पाण्डुसोपाकाख्यो जायते, स च वेणुव्यवहारेण जीवति । निषादेन वैदेह्यामाहिण्डिको जायते। तस्य च बन्धनस्थानेषु बाह्यसंरक्षणं जीविका। कारावराहिण्डिकयोः समानमातापितृकत्वेऽपि वृत्तिभेदाद् व्यपदेशभेदः ।

'द्विजहरूको सेवा गर्न नसकेको अतः एव पत्नी पुत्र आदिको भरण-पोषणमा असमर्थ भएको शूद्रले कारुक कर्म (कपडा बनाउने आदि शिल्पकलाका) माध्यमले जीवन यापन गरोस्' (मनु. १०/९९) भनिएको छ।

जसरी ब्राह्मण आदि चार वर्णका वृत्ति (जीविकोपार्जनका साधन) बताइएका छन् त्यसरी नै अवान्तर जातिहरूका वृत्तिहरू पनि निर्धारण गरिएका छन्। जस्तै दस्युले आयोगवीमा सैरिन्ध्र नामको अवान्तर जातिलाई उत्पन्न गराउँछ।[६५] जन्मना वा स्वभावतः दास न भएता पनि सैरिन्ध्रका लागि केश प्रसाधन (कोरी बाटी गर्ने) आदि दास्यवृत्तिद्वारा जीविका गर्नुपर्छ भनी बताइएको छ। मृग आदिको वध गरेर (वागुराद्वारा) जीविका सञ्चालन गर्नु भनी अर्को वृत्ति पनि बताइएको छ (मनु. १०/३२) । वैदेह (वैश्यबाट ब्राह्मणीमा उत्पन्न सन्तान) ले आयोगवी (शूद्रबाट वैश्यामा उत्पन्न सन्तान) मा मैत्रेयकलाई जन्माउँछ । बिहानीका समयमा घण्टा बजाएर स्तुति आदिका माध्यमले राजा आदिलाई उठाउने पेसा अँगालेर मैत्रेयलाई जीविका गर्नुपर्छ भनी निर्देशन दिइएको छ (मनु.१०/३३)। निषाद (ब्राह्मणबाट शूद्रामा उत्पन्न सन्तान) ले आयोगवी (शूद्रबाट वैश्यामा उत्पन्न सन्तान) मा मार्गव अर्थात् दास/कैवर्तलाई उत्पन्न गराउँछ। मार्गवले नौका सञ्चालन गरी जीविका चलाउनुपर्छ भनी निर्देशन गरिएको छ (मनु. १०/३४)।

निषाद (ब्राह्मणबाट शूद्रामा उत्पन्न सन्तान) ले वैदेही (वैश्यबाट ब्राह्मणीमा उत्पन्न सन्तान) मा कारावर नामको चर्मकार (छालाको काम गर्ने जाति) लाई उत्पन्न गराउँछ (मनु. १०/३६) । वैदेहक (वैश्यबाट ब्राह्मणीमा उत्पन्न सन्तान) ले कारावर (निषाद+वैदही सन्तान) एवं निषाद जातिका स्त्रीहरूबाट अन्ध्र एवं मेद नामका पुत्र उत्पन्न गराउँछ।[६६] छाला काढ्ने आदि काम गरेर चर्मकार (कारावर) ले जीवका चलाउनुपर्छ भनिएको छ। आन्ध्र एवं मेद

---

६५. आ-आफ्ना वर्णधर्मबाट च्युत भएका ब्राह्मणादिलाई दस्यु भनिन्छ (मनु. १०/४५)। शूद्र+वैश्या= आयोगव उत्पन्न हुन्छ। आयोगवको चर्चा महाभारतमा पनि पाइन्छ। मनुले शूद्रादायोगवः (१०/१२) भनेका छन्। मनु.१०/३२ पद्यमा दस्यु+आयोगवी= सैरिन्ध्र उत्पन्न हुन्छ भनिएको छ र विभिन्न अवान्तर जातिका वृत्तिको चर्चा गर्ने सन्दर्भमा सर्वप्रथम सैरिन्ध्रको वृत्ति समेत बताइएको छ।

६६. मन्वर्थमुक्तावली अनुसारको मूल पाठ समाविष्ट छ। वैदेह+ कारावरी= अन्ध्र, वैदेह+निषादी= मेद नामका जाति उत्पन्न हुन्छ। वैदेहबाट उत्पन्न भएता पनि स्त्रीभेदका कारण जातिभेद भएको हो (मनु. १०/३६- मन्वर्थमुक्तावली)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुक्कस्यां चण्डालेन सोपाकाख्यो जायते । तस्य च मूलव्यसनवृत्तिर्निर्दिष्टा । राजाज्ञयापराधिनो मूलच्छेदं (वध्यस्योच्छेदम्) करोति । तस्मात् प्राप्तेन जीवनम्, चणडालान्निषादी अन्त्यावसायिनं सूते । श्मशानोपलब्धेन वृत्तिस्तस्य श्मशानवासिनो निर्दिष्टा ।

सजातीयासु जाताः, अवान्तरजातीयासु चानुलौम्येन जाताः षट् सुताः द्विजधर्मिणो भवन्ति । अपध्वंसजाश्च प्रतिलोमजास्ते सर्वे शूद्रधर्माणो भवन्ति । एतेषामपसदानामपध्वंसजानां च द्विजात्युपकारकैरेव कर्मभिर्जीवनं निर्दिष्टम् ।

सूतानामश्वसारथ्यम्, अम्बष्ठानां रोगशमनादिकरणम्, वैदेहकानामन्तःपुररक्षणम्, मागधानां स्थलपथवणिज्या, निषादानां मत्स्यधातः, आयोगवस्य तष्टि (काष्ठतक्षणम्) मेदान्ध्रचुञ्चुमद्गूनामारण्यपशुहिंसनम्, क्षत्रस्य उग्रस्य पुक्कस्य च बिलनिवासिगोघादिवधबन्धनम्, धिग्वणानां चर्मकार्यम्, वेणानां वाद्यभाण्डवादनम् इत्याद्या वृत्तयः परे च औशनसादिशास्त्रेषु निर्दिष्टा वृत्तयश्च जीवनसाधनत्वेन अभिहिताः ।

नामका जातिका लागि गाउँभन्दा बाहिर बस्ने र जङ्गली पशुहरूको हिंसा गरेर जीविका निर्वाह गर्ने निर्देशन गरिएको छ (मनु. १०/३६) ।

चाण्डालबाट वैदेही (वैश्यबाट ब्राह्मणीमा उत्पन्न सन्तति) मा पाण्डुसोपाक नामको वर्ण उत्पन्न हुन्छ । पाण्डुसोपाकले वेणुव्यवहार (मुरली/बाँसुरी, चटाइ आदि बाँसका सामग्री बनाउने) वृत्तिद्वारा जीविका चलाउँछ (मनु. १०/३७) । निषादबाट वैदेहीमा नै आहिण्डिक उत्पन्न हुन्छ । बन्धनस्थानको बाह्य संरक्षण आहिण्डिकको जीविका साधन हो । कारावर र आहिण्डिकका माता पिता समान भएता पनि उनीहरूका वृत्तिका (जीविकाका साधनका) भेदले व्यपदेश (अलग-अलग नाम) हुन्छ (मनु. १०/३७ एवं मन्वर्थमुक्तावली) ।

चाण्डालबाट पुक्कसी (निषादबाट शूद्रामा उत्पन्न सन्तान) मा सोपाक नामक वर्ण उत्पन्न हुन्छ । [६७]मूलव्यसनलाई सोपाकको वृत्ति बताइएको छ । उसले राजाको आज्ञाले अपराधीको मूल (जरा) काट्ने अर्थात् वध्यको उन्मूलन गर्ने कार्य गर्छ । त्यसैबाट प्राप्त धनले जीविका चलाउँछ (मनु. १०/३८) । चाण्डालबाट निषादीले अन्त्यावसायी नामक पुत्र उत्पन्न गराउँछे । श्मशानमा (मुर्दाघाटमा) बस्ने अन्त्यावसायीलाई श्मशानमा प्राप्त सामग्रीद्वारा जीविका चलाउनु भनी बताइएको छ (मनु. १०/३९) ।

सजातीय (आफ्नै वर्णका) स्त्रीहरूमा उत्पन्न भएका, अवान्तर (अन्य) जातिका स्त्रीहरूमा अनुलोम प्रकारले उत्पन्न भएका छ प्रकारका सन्तानलाई द्विजधर्मी भनिन्छ । अपध्वंसबाट अर्थात् प्रतिलोम विधिबाट उत्पन्न भएका सबै शूद्रको जस्तो धर्म भएका हुन्छन् । उक्त अपसदहरूको र अपध्वंशबाट उत्पन्न भएकाहरूको द्विजातिलाई उपकार हुने कर्मद्वारा जीविका सञ्चालन गर्नुपर्छ भनी निर्देशन दिइएको छ ।

सूतहरूको घोडाको सारथी बन्ने, अम्बष्ठहरूको रोग शमन गर्ने (निको पार्ने) आदि गर्ने, वैदेहको अन्तःपुरको संरक्षण गर्ने, आयोगवको तष्टि (काठसम्बन्धी सिकर्मीको कार्य) गर्ने, मेद, अन्ध्र, चुञ्चु एवं मद्गुको जङ्गली पशुहरूको

६७. व्यसनं दुःखं तस्य मूलं मारणं तद्वृत्तिर्वध्यमारणं राजादेशादनाथशववाहः तद्वस्त्रादिग्रहणं प्रेतपिण्डभोजनमित्येवमादि वृत्तिः । ..... अथवा मूलादिवृक्षादीनां तद्व्यसनं विभागकरणं सा वृत्तिर्व्यवच्छिन्नेषु वृक्षेषु यदनुवृत्तं मूलं तदुद्धृत्य विक्रयादिना जीवन्ति । (इति मेधातिथिः) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं वर्णानां तथा अनुलोमजानां प्रतिलोमजानामवान्तरजातीनां च वृत्तयो निर्दिष्टाः । आपदि वर्णानां वृत्त्यन्तराश्रयणञ्च निर्दिष्टम् । परमधमजातीनाम् उत्कृष्टकर्मभिर्जीवनं निषिद्धम् । यथा-

[१७५]**यो लोभादधमो जात्या जीवेदुत्कृष्टकर्मभिः । तं राजा निर्धनं कृत्वा क्षिप्रमेव प्रवासयेत् ।।** मनुः ।

एते चावान्तरजातयश्च षट्त्रिंशत् सम्पद्यन्ते । सूतमागधवैदेहायोगवक्षतृचण्डालाश्च षट् प्रातिलोम्येन वर्तमानाः पञ्चदशपुत्रान् जनयन्ति । एत एवानुलोम्येनापि वर्तमानाः पुनः पञ्चदश एव पुत्रान् जनयन्ति । इत्थं सूतादयः षट्, तेभ्यः प्रातिलोम्येन प्रसूताः पञ्चदश, तेभ्य एवानुलोम्येनापि समुत्पन्नाश्च पञ्चदश इति सङ्कलनया-वान्तरजातयः षट्त्रिंशत् सम्पद्यते । अत एव श्री ५ महाराजाधिराजस्य पृथ्वीनारायणस्योक्तिः सङ्गच्छते ।

अनेनैव निरूक्तेन कर्मणा जीवनं सर्वेषां श्रेयस्करम् । आत्मीयकर्माण्यनुतिष्ठन्तश्चराचराः सर्वे सर्वेषां हित-कारकत्वेन प्रिया भवन्ति । **'देशजातिकुलधर्माश्च आम्नायैरप्रतिषिद्धाः प्रमाणम्'** इति हि गौतमेनोक्तम् । तेभ्यः स्व-स्वधर्मेभ्यश्च्युतानां ब्राह्मणादिकुलानां मूर्धाभिसिक्तप्रभृतिजातीनां श्रेणीनां गणानांश्च विनीय पथि स्थापनम् अर्थाद् दण्डयित्वा स्व-स्वकर्तव्ये स्थापनं राज्ञो राजकार्यकारिणां वा कार्यमेव । उक्तं हि [१७६]याज्ञवल्क्येन-

कुलानि जातीः श्रेणीश्च गणान् जानपदानपि । स्वधर्माच्चलितान् राजा विनीय स्थापयेत् पथि ।।

इति । [१७७]मनुना च-

सद्भिराचरितं यत् स्याद्धार्मिकैश्च द्विजातिभिः । तद्देशकुलजातीनामविरुद्धं प्रकल्पयेत् ।। इत्युक्तम् ।

एतेषां स्व-स्वकर्मानुष्ठानेन जीवनयात्रां यापयतां सर्वतः संरक्षणं राज्ञो वा राजकार्यनियुक्तानां समेषां

---

१७५. १०/९६ मनुः ।

१७६. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ३६१ श्लोकः ।

१७७. ८/४६ मनुः ।

हिंसा गर्ने, क्षत्त्रा, उग्र एवं पुक्कसको प्वालमा बस्ने गोधा आदिलाई बाँध्ने, धिग्वणको छालाको काम गर्ने, वेणहरूको वाद्यभाण्डहरू बजाउने आदि वृत्ति बताइएका छन् (मनु. १०/४७-४९) उशना (शुक्राचार्य) आदिका शास्त्रमा अन्य वृत्तिहरू पनि जीविकाका साधनका रूपमा बताइएका छन् ।

यसरी ब्राह्मण आदि वर्णहरूका, अनुलोम जातिका, प्रतिलोम जातिका र अवान्तर जातिका वृत्तिहरू बताइए । विपद परेका स्थितिमा अन्य जातिका वृत्तिको आश्रय लिन सकिने तथ्य पनि देखाइयो । तर पनि अधम (निम्न) जातिका पुरुषहरूद्वारा उत्तम जातिका (उत्कृष्ट) कर्मद्वारा जीवन यापन गर्ने कुराको निषेध गरियो । भनिएको पनि छ- **यो लोभादधमः** अर्थात् 'निकृष्ट (तल्लो) जातिको भएर पनि जुन पुरुषले लोभले गर्दा उत्कृष्ट (उपल्ला) जातका लागि निर्धारण गरिएका कर्मद्वारा बाँच्न (जीविका निर्वाह गर्न) चाहन्छ (वा जीविका सञ्चालन गर्दछ) त्यसलाई राजाले निर्धन बनाएर (धनदण्ड दिएर=सम्पत्ति जफत गरेर) तत्कालै (देश) निकाला गरोस्' (मनु. १०/९६) ।

यी अवान्तर जातिहरू छत्तीस प्रकारका हुन्छन् । सूत, मागध, वैदेह, आयोगव, क्षता, चाण्डल- यिनले प्रतिलोम विधिले पन्ध्र प्रकारका सन्तान जन्माउँछन् । यिनैले अनुलोम विधिले पुनः पन्ध्रै प्रकारका सन्तान जन्माउँछन् । यसरी सूत आदि छ, उनीहरूबाट प्रतिलोम विधिले उत्पन्न पन्ध्र, उनीहरूबाटै अनुलोम विधिले उत्पन्न पन्ध्र गरी समग्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्यम् । दुष्टदमनं विधाय स्वे स्वे पथि निविष्टानां संरक्षणेन राज्ञो धर्मवृद्धिर्भवति । राज्ञः संरक्षिताः प्रजा यं यं धर्ममाचरन्ति, तस्य तस्य धर्मस्यापि षष्ठांशो राजनि प्राप्नोति । तद्धर्मवशादेवापि च राज्ञः शक्तिः संवर्धते । अतो राजानः स्वशक्तिसंवर्धनाय प्रजानां स्व-स्वधर्मानुष्ठाने प्रवृत्तिमुत्पादयन्ति । उक्तञ्च [१७८]मनुना-

---

१७८. ८/३०४ मनुः ।

छत्तीस अवान्तर जाति हुन्छन् ।[६८] त्यसैले श्री ५ महाराजाधिराज पृथ्वीनारायणको (चार वर्ण छत्तीस जात भन्ने) उक्ति सङ्गत देखिन्छ ।

शास्त्रमा बताइएका उपर्युक्त कर्म गरेर (वृत्ति अवलम्बन गरेर) जीविका सञ्चालन गर्नु नै सबैका लागि श्रेयस्कर हुन्छ । आफूलाई निर्धारण गरिएका कर्महरू सम्पादन गरिरहेका सबै चराचर सबैका हितकर हुने भएकाले प्रिय हुन्छन् । 'शास्त्रद्वारा निषेध नगरिएका देशधर्म, जातिधर्म र कुलधर्म प्रमाण हुन्छन्' भनी गौतमले भनेका छन् । उपर्युक्त आ-आफ्ना धर्मबाट च्युत भएका ब्राह्मणादि कुलहरूलाई, मूर्धाभिषिक्त आदि जातिहरूलाई, श्रेणीहरूलाई एवं गणहरूलाई विनीत बताएर मार्गमा स्थापित गराउनु अर्थात् दण्ड दिएर आ-आफ्ना कर्तव्यमा संलग्न गराउनु राजाको

६८.

क) सवर्णा (चत्वारो वर्णाः) (चार सवर्ण)

१. ब्राह्मण+ब्राह्मणी=ब्राह्मण अध्यापन आदि षट्कर्म

२. क्षत्रिय+क्षत्रिया=क्षत्रिय अध्ययन आदि तीन+रक्षा

३. वैश्य+वैश्या=वैश्या अध्ययन आदि तीन+कृषि+व्यापार

४. शूद्र+शूद्रा = शूद्र द्विजाति सेवा

ख) अनुलोमसङ्कीर्णाः (६ अनुलोम/अपसद जाति)

१. ब्राह्मण+क्षत्रिया= मूर्धावसिक्त/मूर्धाभिषिक्त

२. ब्रह्मण+वैश्या=अम्बष्ठ- चिकित्सनम्

३. ब्राह्मण+ शूद्रा=निषाद (पारशव), मन्स्याधात

४. क्षत्रिय+वैश्या=माहिष्य

५. क्षत्रिय+शूद्रा=उग्र

६. वैश्य+शूद्रा= करण

(छ अनुलोम मध्ये तीन द्विजधर्मी र तीन अन्य अनुलोम)

ग) प्रतिलोमसङ्कीर्णाः (६ प्रतिलोम जाति)

१. शूद्र+वैश्या=आयोगव, त्वष्टि (कर्मी काम)

२. शूद्र+क्षत्रिया=क्षत्ता

३. शूद्र+ब्राह्मणी=चाण्डाल

४. वैश्य+क्षत्रिया=मागध, स्थलपथवणिज्या

५. वैश्य+ब्राह्मणी=वैदेहक, अन्तःपुररक्षणम्

६. क्षत्रिय+ब्राह्मणी=सूत, अश्वसारथ्यम्

घ) सङ्कीर्णसङ्कराः

१. माहिष्य+करणी =रथकार

द्रष्टव्यः- धर्मशास्त्रका वर्णजातिविवेक प्रकरणमा र अमरकोश आदि ग्रन्थमा यिनै १५ वर्ण एवं जातिको उल्लेख पाइन्छ । जीविका निर्देश गर्ने सन्दर्भमा अन्न सङ्कीर्ण-सङ्कीर्णको पनि उल्लेख पाइन्छ । विशेषतः शोधप्रबन्धका लेखकले माथि निर्दिष्ट प्रतिलोम ६, प्रतिलोमका अनुलोम १५ र प्रतिलोमका प्रतिलोम १५ गरी ३६ जातको उल्लेख गरेका हुन् । यस प्रकारका व्याख्याको मूल आधार मनु.१०/३१ को मन्वर्थमुक्तावली हो। ४+३०+३०= ६४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वतो धर्मषड्भागो राज्ञो भवति रक्षतः । इति ।

[१७९]अभयस्य हि यो दाता सम्पूज्यः सततं नृपः । सत्रं हि वर्धते तस्य सदैवाभयदक्षिणम् ।। इति ।

राज्ञा रक्षिताः प्रजा यदधीयते, यच्च यजन्ते, यदपि च ददन्ति, यच्चापि अर्चन्ति तस्य षड्भागभागी सम्यक् रक्षको राजा भवति । इत्थं राजप्रजयोः परस्परं सम्बन्धश्च कर्मणैव हि सम्पद्यते । अत एव व्यावहारिका धर्मा राजधर्मसु समुद्दिष्टाः । राजानो हि पापानां निग्रहेण, साधूनां सङ्ग्रहेण च द्विजातयो ब्राह्मणक्षत्रियवैश्या इज्याभिरिव सततं पूयन्ते । यथोक्तं [१८०]मनुना-

१७९. ८/३०३ मनुः ।

१८०. ८/३११ मनुः ।

अथवा राजाका कार्य सम्पादन गर्ने अधिकारीहरूको कार्य नै हो । यसै सम्बन्धमा याज्ञवल्क्यले भनेका छन्- **कुलानि जातीः** अर्थात् 'अफ्ना धर्मबाट विचलित (च्युत) भएका (ब्राह्मण आदिका) कुलहरूलाई, (मूर्धावसिक्त आदि) जातिहरूलाई, (ताम्बूलिका आदि) श्रेणीहरूलाई, (हेलाबुका आदि) गणहरूलाई, (कारुक आदि) जनपदहरूलाई राजाले अपराध अनुसार दण्ड दिएर आफ्ना ठाउँमा राख्ने काम गरून्' (या.स्मृ. १/३६१) ।[६९] मनुले पनि **सद्भिराचरितम्०** अर्थात् 'सज्जनहरूद्वारा एवं धार्मिक द्विजातिद्वारा पालना गरिएको साथै देशधर्म, कुलधर्म एवं जातिधर्मसित अविरुद्ध धर्मको कल्पाना गरोस् (व्यवहारनिर्णय गरोस्)' (मनु. ८/४६) भनेका छन् । आ-आफ्ना कर्मको अनुष्ठान गरेर जीवनयात्रा गरिरहेका कुल जाति आदिको सबैतिरबाट संरक्षण गर्नु राजाको अथवा राजकार्यमा नियुक्त भएका सबै पुरुषको कर्तव्य हो । दुष्टहरूको दमन गरेर आ-आफ्ना बाटामा (ठाउँमा) बसेका पुरुषको संरक्षण गर्नाले राजाका धर्मको वृद्धि पनि हुन्छ । राजाद्वारा संरक्षण गरिएका प्रजाहरूले जुन जुन धार्मिक कृत्यको सम्पादन गर्छन् ती ती धार्मिक क्रियाकलापको छैटौं भाग राजालाई प्राप्त हुन्छ । त्यसै धर्मका कारण नै राजाका शक्तिको अभिवृद्धि हुन्छ । त्यसैले त राजाहरूले आफ्नो शक्ति बढाउनका लागि प्रजाहरूमा आ-आफ्ना धर्मको अनुष्ठानमा प्रवृत्ति उत्पन्न गराउँछन् । मनुले भनेका छन्- **सर्वतः०** अर्थात् 'सबैतिरबाट प्रजाहरूको संरक्षण गरिरहेका राजालाई (प्रजाहरूद्वारा सम्पादित) धर्मको छैटौं भाग प्राप्त हुन्छ (मनु. ८/३०४) ।[७०] **अभयस्य हि०** अर्थात् 'जसले चोर डाँका आदिबाट अभय प्रदान गर्छ (चोर डाँका आदिलाई नियन्त्रण गरेर सज्जनको संरक्षण गर्छ) त्यस्तो राजा सधैँ पूजनीय हुन्छ । जहाँ बसेको भएता पनि त्यस्ता राजाको अभयरूपी दक्षिणाले युक्त भएको सत्र (यज्ञ) को अभिवृद्धि हुन्छ (मनु. ८/३०३) ।[७१]

राजाद्वारा संरक्षण गरिएका प्रजाले जे अध्ययन गर्दछन्, जुन यज्ञ गर्दछन्, जे दिन्छन्, जुन पूजा गर्छन् ती सबै कर्मबाट प्राप्त उपलब्धिका छैटौं अंशका भागीदार सम्यक् प्रकारले प्रजाको संरक्षण गर्ने राजा हुन्छन् । यसरी कर्मद्वारा नै राजा र प्रजाका बीचको सम्बन्ध बन्दछ । त्यसैले व्यावहारिक धर्महरू राजधर्मका प्रसङ्गमा (राजधर्मकै अङ्गका रूपमा)

---

६९. मिताक्षरामा **गणा हेलावुकादीनाम** भनिएको छ । टिप्पणीमा हेलाबुका अश्वव्यवहारिणः भनिएको छ । वाचस्पत्यम्मा उक्त पदको अश्वविक्रयापजीविनि अर्थ गरिएको छ । टिप्पणी मै गणान् मठब्राह्मणादीनाम् भनिएको छ ।

७०. सर्वतः प्रकाशाद्यज्ञादेः तथा ग्रामवासिभिः वनवासिभिश्च कृताद्धर्मषड्भागं राजा भजते (मनु. ८/३०४) मेधातिथिः ।

७१. अभयरूपी दक्षिणा अन्य गाई, घोडा आदि दक्षिणाभन्दा विशिष्ट हुन्छ । अन्य दक्षिणा नियतकालिक हुन्छ भने अभयदक्षिणा सर्वकालिक हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निग्रहेण हि पापानां साधूनां सङ्ग्रहेण च। द्विजातय इवेज्याभिः पूयन्ते सततं नृपाः ॥ इति।

साधूनां सङ्ग्रहो हि दुष्टदमनमन्तरा न सम्पद्यते। दुष्टानां दमनञ्च तेषां व्यवहारविलोकनमन्तरा न सम्पद्यत इति प्रत्यहं राज्ञा प्रजानां व्यवहारावलोकनं विधेयं भवति। राज्ञा व्यवहारावलोकनञ्च विद्वद्भिर्ब्राह्मणैः सह क्रोधलोभविवर्जनपुरःसरं धर्मशास्त्रानुसारेण विधेयं भवति। उक्तञ्च [१८१]याज्ञवल्क्येन-

व्यवहारान्नृपः पश्येद् विद्वद्भिर्ब्राह्मणैः सह। धर्मशास्त्रानुसारेण क्रोधलोभविवर्जितः ॥ इति।

प्रजानां व्यवहारदर्शने मर्यादापथमुल्लङ्घ्य गच्छन्तं राजानमुद्बोद्ध्य पथि स्थापनं च तेषां विदुषां सभ्यानां ब्राह्मणानां कर्तव्यं भवति। यथोक्तं कात्यायनेन-

अन्यायेनापि तं यान्तं येऽनुयान्ति सभासदः। तेऽपि तद्भागिनस्तस्माद् बोधनीयः स तैर्नृपः ॥ इति।

यदि व्यवहारावलोकने मर्यादापथमुत्क्रामन्तं नृपमनुसरन्ति सभ्यास्तर्हि ते सभ्या अपि व्यवहार-दुर्दशनजनितदोषस्य भागिनो भवन्ति। अतो राज्ञ उद्बोधनं सभ्यानां कर्तव्यम्।

यदि च सभ्या रागाल्लोभाद् भयाद्वापि धर्मशास्त्रविरुद्धमाचरन्ति तानपि च विवादास्पदीभूतदमाद् द्विगुणेन दण्डेन दण्डयित्वा पथि स्थापनं राज्ञः कर्तव्यं भवति। उक्तं च [१८२]याज्ञवल्क्येन-

---

१८१. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, १ श्लोकः।

१८२. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, ४ श्लोकः।

बताइएका छन्। ब्राह्मण, क्षत्रिय एवं वैश्यरूप द्विजातिहरू जसरी यज्ञका यज्ञका अनुष्ठानद्वारा (यज्ञ गरेर) सधैँ पवित्र हुन्छन् त्यसरी नै राजाहरू पनि पापीहरूको निग्रह एवं साधुहरूको सङ्ग्रह (संरक्षण) रूप कार्य सम्पादन गरेर सधैँ पवित्र हुन्छन्। मनुले- **निग्रहेण०** अर्थात् 'इज्याद्वारा द्विजातिहरू सधैँ पवित्र भएझैं पापीहरूको निग्रह एवं साधुहरूको संरक्षण गर्नाले राजाहरू पनि पवित्र हुन्छन्' (मनु. ८/३११) भनेका छन्। सज्जनहरूको संरक्षण- दुष्टहरूको दमन नगरेसम्म सम्भव हुँदैन। दुष्टहरूको दमन उनीहरूका (दुष्टहरूका) व्यवहार नहेरेसम्म सम्पन्न हुन सक्दैन। अतः राजाले प्रत्येक दिन प्रजाहरूका व्यवहारको अवलोकन गर्नुपर्ने हुन्छ। राजाले व्यवहार अवलोकन गर्ने कार्य विद्वान् ब्राह्मणहरूका साथमा (उनीहरूको सहयोग लिएर) क्रोध एवं लोभ रहित भएर धर्मशास्त्रलाई आधार मानेर गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा याज्ञवल्क्यले भनेका छन्- **व्यवहारान्०** अर्थात् 'क्रोध एवं लोभ दुवै नभएको राजाले विद्वान् ब्राह्मणहरूका साथमा मन्त्रणा गरेर धर्मशास्त्रअनुसार व्यवहार हेर्ने कार्य गरून्' (या.स्मृ. २/१)

प्रजाहरूको व्यवहार हेर्ने क्रममा मर्यादामार्गको उल्लङ्घन गरेर हिँडिरहेका राजालाई पनि सम्झाएर मर्यादामा राख्नु सभ्य विद्वान् ब्राह्मणहरूको कर्तव्य हुन्छ। यसै सम्बन्धमा कात्यायनले भनेका छन्- **अन्यायेनापि०** अर्थात् 'जुन सभासदले अन्यायपूर्वक हिँडिरहेका राजाको पनि अनुसरण गर्दछन् तिनीहरू त्यसका (अन्यायबाट उत्पन्न दुष्परिणामका) भागीदार हुन्छन्। अतः मर्यादाको उल्लङ्घन गरिरहेका राजालाई सभासद्हरूले सम्झाउनुपर्छ (सचेत गराउनुपर्छ)।' व्यवहार अवलोकन गर्ने क्रममा जुन सभ्यले मर्यादामार्गको उल्लङ्घन गरिरहेका राजाको अनुसरण गर्छन् त्यस्ता सभ्य (सभासद) व्यवहार राम्ररी नहेर्नाले उत्पन्न भएका दुष्परिणामका भागीदार बन्दछन्। अतः राजालाई उद्बोधन गर्नु (सम्झाउनु) सभ्यहरूको कर्तव्य हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रागाल्लोभाद्भयाद्वापि स्मृत्यपेतादिकारिणः । सभ्याः पृथक् पृथग् दण्ड्या विवादाद्विगुणं दमम् ।।

इति ।

एतावता राज्ञः कृते प्रजापरिपालनादिकृत्येषु यदावश्यकं तत्त्वं तद्ब्राह्मणकर्तव्यम्, ब्राह्मणस्य कृते तादृश-तत्त्वोत्पादककर्मानुष्ठानायावश्यकं यत्तत्त्वं तत्क्षत्रियकर्मजन्यमिति समाम्नातम् । तस्माच्च ब्राह्मणक्षत्रिययो-रुभयोः कर्मसु परस्परमुपकारकत्वं सन्निहितम् । उक्तं हि [१८३]मनुना-

नाब्रह्म क्षत्रमृध्नोति नाक्षत्रं ब्रह्म वर्धते । ब्रह्म क्षत्रं च सम्पृक्तमिह चामुत्र वर्धते ।। इति ।

अनयोर्ब्राह्मणक्षत्रिययोश्च कर्मणोः परस्परमुपकारकारकत्वात् तत्सम्पादनाय क्षत्रियस्य कृते ब्राह्मणानां सर्वतः संरक्षणं संवर्धनं सम्भरणञ्च कर्तव्यतया निर्दिष्टम् ।

ब्राह्मणस्यापि कृते राजानमीश्वरबुद्ध्या राज्ञो बलवर्धनकृत्यानां सर्वतोभावेन समनुष्ठानं कर्तव्यतया निर्दिष्टम् ।

न हि तावन्मात्रमपि तु समाजमेव तादृशं निर्मितं यतः समाजानुष्ठितकर्मभिश्च समाजहितकारकं तत्त्वं समुत्पद्यते । ब्राह्मणक्षत्रियानुष्ठितकर्मभिश्च समाजहितकारकं तत्त्वं समुत्पद्यते ।

---

१८३. ९/३२२ मनुः ।

सभ्यहरूले रागले, लोभले अथवा डरले धर्मशास्त्र विरुद्ध आचरण गर्दछन् भने तिनीहरूलाई विवादास्पद दण्डभन्दा (विवादमा अपराधीलाई दिइने दण्डभन्दा) दुईगुना दण्ड दिएर सही बाटामा ल्याउनु राजाको कर्तव्य हो । याज्ञवल्क्यले भनेका छन्- **रागाल्लोभाद्०** अर्थात् 'सभ्य (सभासद्) हरूले रागले (स्नेहातिशयले), लोभले (लिप्सातिशयले) अथवा डरले गर्दा स्मृतिविरुद्ध (एवं आचारविरूद्ध) कार्य गर्दछन् भने तिनीहरूलाई एक एक गरेर (प्रत्येकलाई) विवादमा पराजित भएका पुरुषले प्राप्त गर्ने दण्डभन्दा दुई गुना दण्ड दिनुपर्छ (या.स्मृ. २/४) ।

उपर्युक्त सन्दर्भले राजाका लागि प्रजाहरूको परिपालन आदि कार्यहरूमा आवश्यक पर्ने जुन तत्त्व हुन्छ त्यस तत्त्वको सम्पादन (पूर्ति) गर्नु ब्राह्मणहरूको कर्तव्य हो । ब्राह्मणहरूद्वारा राजाका लागि उपयुक्त तत्त्व उत्पन्न गराउने कर्मको अनुष्ठानमा आवश्यक पर्ने जुन तत्त्व हो त्यसको प्राप्ति क्षत्रियहरूका कर्मबाट उत्पन्न हुन्छ भन्ने प्रमाणित हुन्छ । त्यसैले नै ब्राह्मण एवं क्षत्रिय दुवैका कर्महरूमा परस्परको उपकारकता रहेको हुन्छ । यसै तथ्यलाई मनुले यसरी बताएका छन्- **नाब्रह्म०** अर्थात् '(मन्त्री पुरोहित आदि पदमा आसीन) ब्राह्मण नभएका राज्यको समृद्धि हुन सक्दैन, क्षत्रियको (राजाको) आश्रय विना (द्रव्यलाभ नहुने भएकाले) ब्राह्मणको पनि समृद्धि हुन सक्दैन, परस्परमा मिलेका ब्राह्मण एवं क्षत्रियले यस लोकमा र परलोकमा विजय प्राप्त गर्छन्' (मनु. ९/३२२) । ब्राह्मण एवं क्षत्रियका कार्यले परस्परमा उपकार गर्ने भएकाले आफ्ना उपकारका लागि क्षत्रियहरूद्वारा ब्राह्मणहरूको सबैतिरबाट संरक्षण गर्ने, संवर्धन गर्ने एवं सम्भरण गर्ने कार्यलाई कर्तव्यका रूपमा निर्देशन गरिएको छ । ब्राह्मणहरूका लागि पनि (आफ्नै उपकारका उद्देश्यले) राजालाई ईश्वर नै हुन् भन्ने सम्झेर राजाका बलको अभिवृद्धि हुने कार्यहरू सबै प्रकारले सम्पादन गर्नु कर्तव्य हो भनी निर्देशन गरिएको छ । यति मात्र होइन समाज पनि त्यसप्रकारको बनाइएको छ (कल्पना गरिएको छ) जसका कारण समाजद्वारा (ब्राह्मण आदिद्वारा) सम्पादन गरिएका कृत्यहरूका माध्यमले समाजलाई नै हित गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थं सर्गसमुद्भूतसमस्तप्राणिसमूहस्य संरक्षणनिमित्तं सर्वेषां ब्राह्मणक्षत्रियवैश्यशूद्राणां चतसृणां जातीनां सूतादीनां षट्त्रिंशदवान्तरवर्णानाञ्च पृथक् पृथक्कर्माणि संरचितानि, स्व-स्वकर्मानुष्ठानाच्च समाजहितावहतत्त्वस्य समुत्पत्तिः स्वाभाविकी। महाभारते व्यासेनोक्तं यथा-

[१८४]**स्वधर्मे वर्तमानानामर्थसिद्धिः प्रदृश्यते। तदेव मङ्गलं लोकः सर्वः समनुवर्तते॥** इति। तथा-

[१८५]**धर्मे वर्धति वर्धन्ति सर्वभूतानि सर्वदा। तस्मिन् ह्रसति हीयन्ते तस्माद्धर्मं न लोपयेत्॥**

एवमेव-

[१८६]**धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः। तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत्॥** इति।

श्रुतिश्च-

धर्मो विश्वस्य जगतः प्रतिष्ठा। इत्यभिधत्ते। अतः श्रुतिस्मृतिपुराणेतिहासदीनि धर्मशास्त्राणि सामाजिकव्यवस्थां स्थापयन्ति।

अतथाभूता निग्रहानुग्रहैस्तथा विधेयाः

स्वस्वधर्मानुष्ठानात् समाजहितावहतत्त्वस्योत्पत्तिः सर्वथा भवतीति समाजे सर्वैः स्व-स्वधर्मानुष्ठानं समाजहिताय विधेयम्। अतथाभूता निग्रहानुग्रहैस्तथा विधेयाः।

१८४. महाभारतम्., शान्तिपर्व ९०/७।

१८५. महाभारतम्., शान्तिपर्व ९०/१६।

१८६. ८/१५ मनुः।

तत्त्व उत्पन्न हुन्छ। त्यसैले नै ब्राह्मण एवं क्षत्रियद्वारा सम्पादन गरिएका कर्महरूद्वारा समाजलाई हित गर्ने तत्त्व उत्पन्न हुन्छ भनिएको हो।

यसरी सृष्टिमा (जगत्मा) उत्पन्न भएका सम्पूर्ण प्राणिसमूहको संरक्षणका लागि सबैका अर्थात् ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्ररूप चार जातिका, सूत आदि छत्तीस प्रकारका अवान्तर जातिका अलग अलग कर्महरू (गर्नुपर्ने काम) बनाइएका वा बताइएका छन्। आ-आफ्ना कर्महरूको अनुष्ठानबाट समाजलाई हित गर्ने तत्त्वको उत्पत्ति हुनु स्वाभाविक हो। यही कुरा महाभारतमा व्यासले यसरी भनेका छन्- **स्वधर्मे०** अर्थात् 'आफ्ना धर्ममा स्थिर भएका पुरुषहरूमा अर्थको सिद्धि (लाभ) भएको देखिन्छ, अर्थसिद्धिरूपी मङ्गललाई नै सम्पूर्ण लोकले अनुसरण गर्दछ' (म. भा., शा.प. ९०/७)। यसरी नै **धर्मे वर्धति०** अर्थात् 'धर्मको अभिवृद्धि भएका अवस्थामा सधैँ नै सबै प्राणीहरू बढ्दछन् अर्थात् प्राणीहरूको अभिवृद्धि हुन्छ, धर्मको ह्रास भएका अवस्थामा सबै प्राणीको ह्रास हुन्छ, अतः धर्मलाई लोप (नष्ट) हुन नदिनू' (म. भा., शा.प. ९०/१६) भनेका छन्। यसरी नै **धर्म एव०** अर्थात् 'अननुष्ठानद्वारा (अनुष्ठान नगरेर) मारेसमान बनाइएको धर्मले अनुष्ठान नगर्ने पुरुषलाई पनि मार्दछ अर्थात् उपकार गर्दैन, संरक्षण गरिएको त्यही धर्मले अनुष्ठाताको संरक्षण गर्दछ, अतः धर्मको हनन गर्न हुँदैन। हनन गरिएको धर्मले धर्मको अनुष्ठान नगर्ने पुरुषलाई नमारोस्' (मनु. ८/१५) पनि भनिएको छ। श्रुतिले पनि 'धर्म सम्पूर्ण जगत्को प्रतिष्ठा हो' भनेको छ। धर्मको प्रतिपादन गर्ने श्रुति, स्मृति, पुराण, इतिहास आदिले र धर्मशास्त्रहरूले सामाजिक व्यवस्था बनाउने कार्य गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निग्रहानुग्रहैः सम्यग् यदा राजा प्रवर्तते ।

तदा भवन्ति लोकस्य मर्यादाः सुव्यवस्थिताः ।। इति हि समभिधाय व्यासेन[१८७] दण्डनीतेर्मर्यादा-स्थापकत्वं निर्दिष्टम् ।

यथा ब्रह्मचर्याश्रमगृहस्थाश्रमयोः प्रविष्टेनानुष्ठेया धर्माः सामाजिकत्वं बिभ्रति तथैव वानप्रस्थसंन्यासा-श्रमयोरध्युषता समनुष्ठेयानि कर्माण्यपि समाजहितसम्पादनात्मकानि परिलक्ष्यन्ते । गृहस्थाश्रमवत् महायज्ञानां वैतानिकस्याग्निहोत्रस्य दर्शपूर्णमासयोरिष्ट्योराग्रयणचातुर्मास्योत्तरायणदक्षिणायनादीनामनुष्ठानं देवर्षिपितृ-तर्पणादिसमनुष्ठानं ब्रह्मचर्यादियमनियमानामनुष्ठानं तथान्येषां चान्द्रायणादिव्रतानां च समनुष्ठानं वानप्रस्था-श्रमस्य कृते विधेयम् ।

एवं यज्ञानां समनुष्ठानेन, प्रजानां समुत्पादनेन, स्वाध्यायस्याध्ययनेन च उत्पत्त्यैव प्राप्तानि त्रीणि ऋणान्यपाकृतस्यैव चतुर्थाश्रमे प्रवेशाधिकारः । विधिवद् वेदाध्ययनं ब्रह्मचर्याश्रमेऽध्युष्य, अपत्योत्पादनं

१८७. महाभारतम्, वनपर्व, तीर्थयात्राप्रकरणम्, १५० अध्यायः, ३९ श्लोकः ।

धर्माचरण नगर्नेहरूलाई निग्रह (दण्ड) एवं अनुग्रह (पुरस्कार) द्वारा धर्माचरणमा लगाउनुपर्छ-

आ-आफ्ना धर्मको अनुष्ठानबाट सर्वथा समाजलाई हित गर्ने तत्त्वको उत्पत्ति हुन्छ । अतः समाजमा रहेका सबै पुरुषले समाजको कल्याण होस् भन्ने उद्देश्यले आ-आफ्ना धर्मको अनुष्ठान गर्नुपर्छ । जुन पुरुष त्यस प्रकारका (आफ्ना धर्ममा प्रतिबद्ध भएका) हुँदैनन् तिनीहरूलाई निग्रह (दण्ड) एवं अनुग्रह (पुरस्कार) द्वारा त्यस प्रकारका (आफ्ना धर्ममा प्रतिबद्ध भएका) बनाउनुपर्छ ।

दण्डनीति मर्यादाको स्थापक हो-

'जब राजाले निग्रह (दुष्टहरूलाई दण्ड दिने) एवं अनुग्रह (सज्जनहरूलाई पुरस्कार दिने) गर्दै प्रजाहरूका साथमा यथोचित व्यवहार गर्दछन् तब लोकका मर्यादाहरू व्यवस्थित (सुरक्षित) हुन्छन्' (म.भा., व.प. १५०/३९) भन्दै व्यासले दण्डनीति मर्यादाको स्थापक हुने तथ्य देखाएका छन् ।

जसरी ब्रह्मचर्य आश्रममा र गृहस्थ आश्रममा प्रवेश गरेका (ब्रह्मचारी एवं गृहस्थ) पुरुषद्वारा सम्पन्न गरिनुपर्ने धर्महरूले समाजलाई हित गर्ने तत्त्वलाई धारण गरिरहेका हुन्छन् त्यसरी नै वानप्रस्थ आश्रममा एवं संन्यास आश्रममा बस्ने (वानप्रस्थी एवं संन्यासी) पुरुषद्वारा सम्पादन गरिनुपर्ने कर्महरू पनि समाजलाई हित गर्ने प्रकृति भएका देखिन्छन् । गृहस्थाश्रममा रहेको गृहस्थले ब्रह्मयज्ञादि महायज्ञहरूको, वैतानिक अग्निमा सम्पादन गरिने अग्निहोत्रको, दर्श एवं पौर्णमास यज्ञको, आग्रहायणको (नवसस्येष्टिको), चातुर्मास्यको, उत्तरायण एवं दक्षिणायनमा गर्नुपर्ने यज्ञहरूको अनुष्ठान गर्दछ । देवताहरूलाई, ऋषिहरूलाई एवं पितृहरूलाई तर्पण दिने कार्य गर्दछ, ब्रह्मचर्य आदि नियमहरूको अनुष्ठान गर्दछ । यसै प्रकारले चान्द्रायणादि व्रतहरूको अनुष्ठान पनि गर्दछ । उपर्युक्त अनुष्ठान वानप्रस्थाश्रममा रहेका वानप्रस्थीहरूले पनि गर्नुपर्छ ।

यसरी यज्ञहरूको अनुष्ठान गरेर, प्रजाहरूको उत्पादन गरेर (छोरा-छोरी जन्माएर), स्वाध्यायको अध्ययन गरेर, उत्पत्तिबाटै (जन्मना साथ) प्राप्त भएका तीन प्रकारका ऋणहरूबाट मुक्त भएका मनुष्यको नै चौथो आश्रममा प्रवेश गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थाश्रमेऽध्युष्य, महायज्ञादीनां समनुष्ठानं तु गृहस्थाश्रमवानप्रस्थाश्रमयोरध्युष्य विदधतः पुरुषस्य त्रीणि ऋणान्यपाकृतानि भवन्ति। तत्र स्वाध्यायाभ्यासः, देवर्षिपितृतर्पणम्, अग्नौ होमः, ब्रह्मचर्यादियमनियमानामनुष्ठानं च त्रिष्वेवाश्रमेषु अध्युषता समनुष्ठेयं निर्दिष्टम्। तथा तथानुष्ठानेन ऋणत्रयान्मुक्तो द्विजश्चतुर्थाश्रमप्रवेशाधिकारी सम्पद्यते।

तस्य संन्यस्तस्यापि सर्वभूतानामपीडनत्वाद्यहिंसनव्रतपरिपालनं कामक्रोधादिदोषपरिवर्जनं परापवादपराभिभवनाद्यकरणादयो धर्मा ब्रह्मध्यानादयो धर्माः प्राणायामानुष्ठानेन्द्रियनिग्रहादयश्च धर्मा अनुष्ठेयत्वेन निर्दिष्टाः सन्ति। तेषां सर्वेषां धर्माणां व्यवस्थाधायकत्वं राज्ञो दण्डनीतेस्तद्धर्मपरिरक्षकत्वं च पूर्वमेव निरूपितमिति प्रत्यक्षाप्रत्यक्षात्मकतया धर्मशास्त्रं समाजं नियच्छति।

उभयविधदण्डप्रयोजनप्राधान्यम्

इत्थं निर्दिष्ट उभयविधो दण्डः। उभयविधस्य दण्डस्य पुरुषाणामभ्युदयनिःश्रेयससम्पादकसाधनत्वेऽपि राजनीतिरूपो दण्ड ऐहिकपुरुषार्थं प्राधान्येन प्रयुङ्क्ते। धर्मदण्डस्तु (सदाचारपरिपालनं तु) पारलौकिकपुरुषार्थं प्राधान्येन प्रयुङ्क्ते।[१८८] यथोक्तम्-

एतल्लोकप्रधानो यः परलोकोपसर्जनः। स धर्मो व्यवहारः स्यादाचारस्तु विपर्ययात्॥ इति।

---

१८८. पराशरमाधवः, प्रथमो भागः, १७ पृष्ठम्।

अधिकार हुन्छ। ब्रह्मचर्य आश्रममा रहेर विधिपूर्वक वेदको अध्ययन गरेका, गृहस्थाश्रममा रहेर सन्तान उत्पन्न गराएका साथै गृहस्थाश्रममा र वानप्रस्थाश्रममा रहेर महायज्ञ आदिको सम्पादन गरेका पुरुषका तीनै प्रकारका ऋण हट्दछन् (चुक्ता हुन्छन्)। त्यसमध्ये स्वाध्यायको अभ्यास, देवता-ऋषि एवं पितृहरूको तर्पण, अग्निमा हवन, ब्रह्मचर्य आदि यम-नियमहरूको अनुष्ठान तीनै आश्रममा बसेका व्यक्तिद्वारा गर्नुपर्ने हुन्छ। त्यसरी ती ती कार्यहरू गरेर तीनै प्रकारका ऋणबाट मुक्त भएको द्विज चौथो आश्रममा प्रवेश गर्ने अधिकारी हुन्छ।

चतुर्थ आश्रममा प्रवेश गरेका संन्यासीले पनि सबै प्राणीलाई पीडा दिने कार्यबाट निवृत्त हुने आदि प्राणीको हिंसा नगर्ने व्रतको पालना गर्नुपर्छ। काम-क्रोध आदि दोषलाई छाडिदिनुपर्छ। अरूको निन्दा नगर्ने, अरूलाई नहोच्याउने आदि धर्मको पालन गर्नुपर्छ। ब्रह्मध्यान आदि धर्मको पालन गर्नुपर्छ। प्राणायाम गर्ने, इन्द्रियहरूलाई नियन्त्रण गर्ने जस्ता धर्म पालन गर्नुपर्छ। संन्यासीहरूद्वारा उपर्युक्त धर्महरूको पालन गर्नुपर्छ भनी शास्त्रमा निर्देशन गरिएको छ। उक्त सबै धर्मले राज्यव्यवस्थालाई सुदृढ बनाउने कार्य गर्दछन्। राजामा निहित दण्डनीतिले उपर्युक्त सबै धर्मको संरक्षण गर्ने कार्य गर्दछ भन्ने तथ्य पहिले नै बताइसकिएको छ। अतः प्रत्यक्ष एवं अप्रत्यक्ष विधिले धर्मशास्त्रले समाजलाई नियन्त्रण गर्ने कार्य गर्छ।

दुई प्रकारका दण्डहरूका प्रयोजनको प्रधानता निरूपण-

यसरी दुवै प्रकारका दण्ड देखाइयो। दुवै प्रकारका दण्ड पुरुषहरूका अभ्युदय एवं निःश्रेयस सम्पादन गर्ने साधन भएता पनि राजनीतिरूप दण्डले विशेषतः (प्राधान्येन) ऐहिक पुरुषार्थ सिद्ध गर्छ। सदाचार परिपालनादि धर्मदण्डले विशेषतः (प्राधान्येन) पारलौकिक पुरुषार्थ सिद्ध गराउँछ। भनिएको छ- **एतल्लोकप्रधानः०** अर्थात् 'जसले यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्रस्य सामाजिकव्यवस्थास्थापकत्वम्

तस्माद्धर्मदण्डराजदण्डयोः प्रत्यक्षाप्रत्यक्षात्मकाभ्यां रूपाभ्यां भिन्नत्वेऽपि उभयोः पुरुषार्थसाधनत्वात् पुरुषार्थसिद्धेश्च व्यवस्थाप्रयोजनत्वाच्चोभयविधदण्डविधानेन पुरुषार्थ-सिद्धिप्रवर्तनाप्रतिपादकस्य धर्मशास्त्रस्य सामाजिकव्यवस्थस्थायाः साधनत्वं सिद्ध्यति।

व्यवस्थाव्यवस्थितो लोको भद्रं समश्नुते

ऊरुविपुला केदारेषु विस्तीर्णा च नदी केदारपरिखा- (आली) बन्धनेन रोद्धुं यथा न शक्यते तथा अन्यायेन वित्तं संगृह्य विषयोपभोगप्रवृत्तिभ्यो लोकं निरोधनेन, बन्धनेन, दण्डनेन, वधेनापि च नियन्तुं न शक्यते।

यथा प्रारम्भाज्जलोद्गमस्थलादेव तटबन्धादिना नियमिता नदी मार्गं समनुसृत्य प्रवहमाना सस्यसंवधर्न-विद्युत्प्रवर्तनादिभिर्लोकमुपकरोति तथा लोकश्च प्रारम्भादेवाभीष्टसम्पादनात्मककृत्येषु संलग्नः स्वाभीष्टं सम्पाद्य समाजाङ्गभूतस्य स्वस्याभीष्टसम्पादनमाध्यमेन समाजमुपकरोति। सर्वो लोकोऽभीष्टसम्पत्तौ संलग्न इति समाज एव तथा सम्पद्यते।

अतो हेतोर्धर्मशास्त्रं प्रारम्भादेवाभीष्टापादककृत्येषु मानवान् प्रवर्तयति। जनिमाप्तवतो लोकस्य पञ्चवर्षा-दारभ्य लिपिज्ञानाय प्रवर्तयित्वा गर्भाष्टमे वाब्दे ब्राह्मणस्य, एकादशे क्षत्रियस्य, द्वादशे वैश्यस्योपनयनं विधाय स्वाध्यायाध्ययनाय प्रेरयति।

लोकमा विशेष रूपमा उपकार गर्दछ र परलोकको उपकारका लागि सहयोग समेत गर्दछ त्यसलाई व्यवहार धर्म भनिन्छ। आचार यसभन्दा विपरीत हुन्छ अर्थात् परलोकमा विशेष रूपमा उपकार गर्ने र यस लोकको उपकारमा सहयोग समेत गर्नेलाई आचार धर्म भनिन्छ' (प.मा., आ.का., उपोद्घात, १७ पृ.)।

धर्मशास्त्रको सामाजिक व्यवस्था स्थापकता-

अतः धर्मदण्डमा र राजदण्डमा प्रत्यक्ष एवं अप्रत्यक्ष दण्ड भएकाले परस्परमा भिन्नता देखिन्छ तापनि दुवै नै दण्ड पुरुषार्थका साधन मानिन्छन्। पुरुषार्थको सिद्धि (प्राप्ति) राज्यव्यवस्थाको उद्देश्य हो। अतः दुवै प्रकारका दण्डको विधान गरेर पुरुषार्थ सिद्धिका लागि प्राणीमात्रलाई प्रवृत्त गराउने धर्मशास्त्रको सामाजिक व्यवस्थाको साधनता सिद्ध हुन्छ।

व्यवस्थाद्वारा व्यवस्थित भएका लोकको कल्याण हुन्छ-

ठूलो प्रवाहले युक्त भएको र खेतमा फिँजारिएको नदीलाई जसरी आली लगाएर रोक्न सकिन्न त्यसरी नै अन्यायपूर्वक धन-सम्पत्ति कमाएर विषयको उपभोगमा प्रवृत्त भएका मनुष्यहरूलाई काम गर्न रोक लगाएर, बाँधेर (जेलमा हालेर), दण्ड दिएर अथवा मारेर पनि नियन्त्रण गर्न सकिन्न। आरम्भबाटै अर्थात् मुहानबाटै तटबन्ध आदिद्वारा नियन्त्रण गरिएको, अत एव आफ्ना बाटामा हिँडिरहेको नदीले जसरी धान्यादि बढाउने, बिजुली प्रवाहित गर्ने आदि कार्यद्वारा लोकको उपकार गर्दछ त्यसरी नै आरम्भबाटै (जन्मदेखि नै) अभीष्ट सम्पन्न गराउने आफ्ना कृत्यहरूमा संलग्न भएको मनुष्यले आफ्नो अभीष्ट सम्पादन गरेर समाजको अङ्गभूत आफ्नो अभीष्ट सम्पादनका माध्यमले अङ्गीभूत समाजको समेत उपकार गर्छ। सम्पूर्ण लोक अभीष्ट सम्पत्ति (अभीष्ट लाभ गर्ने कार्यमा) संलग्न भयो भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियमतो विहितस्वाध्यायाध्ययनेन ज्ञानसम्पन्नो गृहस्थाश्रमे प्रविशति। यथाशक्ति षट्त्रिंशदाब्दिकं तदधिकं वा ब्रह्मचर्यव्रतानुष्ठानसहितस्वाध्यायाध्ययनं परिसमाप्यैव गृहस्थाश्रमे प्रवेशाधिकारः शारीरमानसिकोभय-विधशक्तिसम्पन्नस्य गृहस्थाश्रमपरिवहनसामर्थ्यं द्योतयति । ब्रह्मचर्यानुष्ठानेन शारीरशक्तिः सम्पद्यते, स्वाध्यायाध्ययनेन मानसिकशक्तिः सम्पद्यते । तस्माद् ब्रह्मचर्याश्रमे समध्युष्योभयविधशक्तिसम्पन्नस्य गृहस्थाश्रमे प्रवेशोऽनुमतः । तादृशशारीरमासिकोभयविधशक्तिसम्पन्न एव गृहस्थः सम्यक्तया गृहस्थाश्रमं परिचालयितुं प्रभवति।

स एव गृहस्थः पुनः गृहस्थाश्रमान्निवृत्य वानप्रस्थाश्रमं परिबोढुम्, वानप्रस्थाश्रमाच्च निवृत्य संन्यासाश्रममवाप्तुं प्रभवति।

एषा चतुर्वर्णमूला चतुर्वर्गसम्पादिका चातुराश्रम्या व्यवस्था तपोदृष्ट्या त्रिकालज्ञैर्महर्षिभिर्लोकाभीष्टानभीष्टं करतलामलकवत् प्रत्यक्षीकृत्य लोककल्याणार्थमेव निर्दिष्टा । तया व्यवस्थया व्यवस्थितो लोको भद्रं समश्नुते।

ज्ञानतपसोरपि प्रत्यक्षाप्रत्यक्षत्वम्

यथा पूर्वं धर्मदण्डराजदण्डयोः प्रत्यक्षाप्रत्यक्षात्मकत्वं महता प्रपञ्चेन निरूपितम् । तथैव ज्ञानतपसोरपि शास्त्रेषु प्रत्यक्षाप्रत्यक्षात्मकतया निर्दिष्टं स्वरूपमुपलभ्यते। यथोक्तम्- [१८९]**ज्ञानं वै नाम प्रत्यक्षं परोक्षं जायते**

१८९. महाभारतम्, उद्योगपर्व (सनत्सुजातपर्व), ४३ अध्यायः, ४८ श्लोकः।

समाज पनि त्यस्तै (अभीष्ट प्राप्तिमा संलग्न) हुन्छ। यसै कारणले नै धर्मशास्त्रले सुरुबाटै मनुष्यहरूलाई अभीष्ट फल उत्पन्न गराउने कृत्यमा प्रवृत्त गराउँछ। पृथ्वीमण्डलमा जन्म लिएका मनुष्यलाई पाँच वर्षबाट लिपिज्ञानका लागि प्रवृत्त गराएर गर्भदेखि (अथवा जन्मदेखि) आठौं वर्षमा ब्राह्मणको, एघारौं वर्षमा क्षत्रियको, बाह्रौं वर्षमा वैश्यको उपनयन संस्कार गराएर स्वाध्यायको अध्ययनका लागि प्रेरित गर्दछ।

नियमपूर्वक गरिएको स्वाध्यायको अध्ययनले ज्ञानसम्पन्न बनेको मनुष्य गृहस्थाश्रममा प्रवेश गर्दछ । आफ्नो सामर्थ्य अनुसार छत्तीस वर्षसम्म अथवा त्यसभन्दा पनि अधिक वर्षसम्म ब्रह्मचर्य व्रतको पालन गर्दै स्वाध्याय अध्ययन समाप्त गरेपछि मात्र गृहस्थाश्रममा प्रवेश गर्ने अधिकार प्राप्त हुन्छ। यसरी प्राप्त हुने अधिकारले शारीरिक एवं मानसिक गरी दुवै प्रकारका शक्तिले युक्त भएका पुरुषमा मात्र गृहस्थाश्रम सञ्चालन गर्ने सामर्थ्य हुन्छ भन्ने कुरा अभिव्यक्त गर्छ । ब्रह्मचर्यको अनुष्ठानद्वारा शारीरिक शक्ति बन्दछ भने स्वाध्यायको अध्ययनद्वारा मानसिक शक्ति बन्दछ। अतः ब्रह्मचर्याश्रममा बसेर दुवै प्रकारका शक्तिले युक्त भएका पुरुषलाई मात्र गृहस्थाश्रममा प्रवेश गर्ने अनुमति प्राप्त हुन्छ। त्यस प्रकारका शारीरिक एवं मानसिक शक्तिले युक्त भएको गृहस्थ नै सम्यक् प्रकारले गृहस्थाश्रम सञ्चालन गर्न समर्थ हुन्छ। त्यही नै गृहस्थ गृहस्थाश्रमबाट निवृत्त भएर वानप्रस्थाश्रमको भार वहन गर्न र वानप्रस्थाश्रमबाट निवृत्त भएर संन्यास आश्रममा प्राप्त हुन (संन्यस्त बन्न) समर्थ हुन्छ।

ब्राह्मण आदि चार वर्ण नै मूलमा रहेको, धर्मादि चार वर्गको सम्पादन गर्ने, ब्रह्मचर्य आदि चार आश्रमसित सम्बद्ध यस व्यवस्थाका सम्बन्धमा भूत आदि तीनै कालको ज्ञान भएका महर्षिहरूले तपस्यारूपी नयनले मनुष्यका अभीष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपः । इति । अनयोर्ज्ञानतपसोरेव विद्यातपस्त्वेनाभिधानं भवति । विद्यातपःसमन्वितस्य पुरुषस्यैव शास्त्रेषु लोकेषु च महिमा परिगीयते । यत्र यस्य महिमा परिगीयते तत्तत्र तस्योपयोगित्वं जनयति ।

ज्ञानस्य सर्वलोकलोचनरूपत्वं पुरुषार्थचतुष्टयसम्पादकतयानुमतम् । ज्ञानविज्ञाने विना मोक्षरूपचतुर्थ-पुरुषार्थस्याधिगमो न सम्भाव्यः । यथा भगवता [१९०]व्यासेन-

'न विना ज्ञानविज्ञाने मोक्षस्याधिगमो भवेत्' इत्यभिधाय ज्ञानविज्ञानयोर्मोक्षप्राप्तिकारकत्वमुक्तम् ।

'किं ज्ञानं प्रोच्यते राजन्' इत्यभिधाय [१९१]यक्षेण संपृष्टो [१९२]युधिष्ठिरो **'ज्ञानं तत्त्वार्थसम्बोधः'** इत्यनेनोत्तरं दत्वा तत्त्वार्थसम्बोधस्य ज्ञानत्वमाह । तत्त्वार्थज्ञानं सर्वार्थसाधकम् । तस्य ज्ञानस्य च सम्बन्धो न हि गुरुमन्तरा प्रभवति । यथा-

'न विना गुरुसम्बन्धं ज्ञानस्याधिगमः स्मृतः' इत्यभिधाय भगवता [१९३]व्यासेनैव गुरुसकाशात् सम्प्राप्यत्वं ज्ञानस्योक्तम् ।

१९०. महाभारतम्, शान्तिपर्व, मोक्षधर्मप्रकरणम्, ३२६ अध्यायः, २२ श्लोकः ।
१९१. महाभारतम्, वनपर्व, आरण्येयपर्व, ३१३ अध्यायः, ८९ श्लोकः ।
१९२. महाभारतम्, वनपर्व, आरण्येयपर्व, ३१३ अध्यायः, ९० श्लोकः ।
१९३. महाभारतम्, शान्तिपर्व, मोक्षधर्मप्रकरणम्, ३२६ अध्यायः, २२ श्लोकः ।

(हितकर) एवं अनभीष्ट (प्रत्युत्पादक) पदार्थ हातमा राखिएका अमलाको फललाईझैं प्रत्यक्ष गरेर लोकको कल्याणका लागि उपदेश दिने काम गरेका हुन् । यसै व्यवस्थाद्वारा व्यवस्थित भएका लोकको कल्याण हुन्छ ।

ज्ञान एवं तपस्या पनि प्रत्यक्ष एवं अप्रत्यक्ष हुन्छ-

धर्मदण्ड र राजदण्ड प्रत्यक्षात्मक एवं अप्रत्यक्षात्मक हुन्छ भनी जसरी पहिले विस्तार पूर्वक देखाइयो त्यसरी नै ज्ञानको र तपस्याको पनि शास्त्रहरूमा प्रत्यक्ष एवं अप्रत्यक्ष गरी दुई प्रकारको स्वरूप देखाइएको पाइन्छ । भनिएको छ- **ज्ञानं वै०** अर्थात् 'ज्ञान प्रत्यक्ष हुन्छ र तपस्या परोक्ष (अप्रत्यक्ष) हुन्छ' (म.भा., उ.प. ४३/४८) । यिनै ज्ञान एवं तपस्यालाई विद्या एवं तप भनिन्छ । विद्या एवं तपले युक्त भएका मनुष्यको मात्र शास्त्रमा र लोकमा महिमा गाइन्छ । जहाँ जसको महिमा गाइएको हुन्छ त्यहाँ त्यसको उपयोगिता सिद्ध हुन्छ । ज्ञानलाई धर्मादि चार प्रकारका पुरुषार्थ सम्पन्न गराउने हुनाले सबै लोकको लोचन (आँखा) मानिएको छ । ज्ञान एवं विज्ञानको अभावमा मोक्षरूप चौथो पुरुषार्थको प्राप्ति असम्भव हुन्छ । भगवान् व्यासले- **न विना०** अर्थात् 'ज्ञान एवं विज्ञानको अभावमा मोक्षको प्राप्ति हुँदैन' (म.भा., शा.प. ३२६/२२) भनी ज्ञान र विज्ञान मोक्षप्राप्तिको कारक (साधन) भएको तथ्य बनाउनु भएको छ ।

किं ज्ञानं प्रोच्यते राजन् अर्थात् 'हे युधिष्ठिर ! ज्ञान केलाई भनिन्छ' (म.भा., व.प. ३१३/८९) भनी यक्षद्वारा सोधिएका युधिष्ठिरले **ज्ञानं तत्त्वार्थसम्बधः** अर्थात् 'तत्त्वार्थको (परमात्मतत्त्वको) यथार्थ बोध नै ज्ञान हो' (म.भा., व.प. ३१३/९०) भन्ने उत्तर दिएर तत्त्वार्थको सम्बोध (सम्यक् प्रकारको बोध) लाई ज्ञान भनेका थिए । तत्त्वार्थ (वास्तविक वस्तु) को ज्ञान सबै अर्थको (विषयको) साधक (सम्पादक) हुन्छ । त्यस ज्ञानसित सम्बन्ध गुरु विना हुन सक्दैन । भनिएको छ- **न विना०** अर्थात्- 'गुरुसँग सम्बन्ध नभएसम्म ज्ञानको प्राप्ति हुन सक्दैन' (म.भा., शा.प. ३२६/२२) । उपर्युक्त कथनद्वारा व्यासले गुरुका सान्निध्यबाट नै ज्ञान प्राप्त हुन्छ भन्ने तथ्य प्रतिपादन गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि चातुराश्रम्यधर्मपरिपालनं दुष्करं तथापि लोकानामनुच्छेदाय कर्मणां (धर्माणाम्) चानुच्छेदाय तद्धर्मपरिपालनं विधेयम्।

लोकानां कर्मणां चानुच्छेदाय व्यासादपि पूर्वैः एष चातुराश्रम्यो धर्मः सेवित आसीदिति समभिगम्यते। यथा-

अनुच्छेदाय लोकानामनुच्छेदाय कर्मणाम्। पूर्वैराचरितो धर्मश्चातुराश्रम्यसङ्कटः ॥ इत्यभिधाय भगवता [१९४]व्यासेन तन्निर्दिष्टम्।

लोकानामनुच्छेदाय कर्मणां चानुच्छेदाय चातुराश्रम्यधर्मानुष्ठानमुपन्यसता व्यतिरेकमुखेन लोकस्य समृद्धिः कर्मणः (धर्मरूपस्य) च समृद्धिश्चातुराश्रम्यधर्मजन्या निर्दिष्टा।

विहितवर्णाश्रमविधिमनाश्रित्य तपसा गुरुशुश्रूषया ब्रह्मचर्येण च गुरुकुलेऽनध्युष्य स्वाध्यायाध्ययनं न सम्भाव्यते। विधिमुत्सृत्य विहितमध्ययनं वीर्यवत्तरं न सम्पद्यते।

विधिवद् गुरुकुले समध्युष्य विहितमध्ययनं ब्राह्मणस्य ज्ञानसम्पदां वीर्यवत्तरामापादयति, क्षत्रियस्य सुरक्षणात्मिकसम्पद्रूपां शक्तिमुद्भावयति, वैश्यस्य उपभोगार्हवस्तुरूपसम्पदभिवर्धनात्मिकां शक्तिं सम्पादयति।

चतुर्थी च परिचर्यात्मिका शक्तिः सच्छूद्रस्य समुदेतीति धर्माणां समनुष्ठानं नियमेनैव भाव्यम्। अत एवोक्तम्- **नियमेनाधीतं वीर्यवत्तरं भवति।** इति। भगवता [१९५]व्यासेन-

१९४. महाभारतम्, शान्तिपर्व, मोक्षधर्मप्रकरणम्, ३२६ अध्यायः, २४ श्लोकः।

१९५. महाभारतम्, शान्तिपर्व, मोक्षधर्मप्रकरणम्, ३२७ अध्यायः, ४५ श्लोकः।

हुन त चारवटै आश्रमका लागि निर्धारण गरिएका धर्मको पालन गर्नु दुष्कर कार्य हो तर पनि लोकहरूको अनुच्छेद (शिक्षा) का लागि र कर्महरूको (धर्महरूको) अनुच्छेदका लागि पनि उक्त आश्रमधर्महरूको पालन गर्नुपर्छ। लोकहरूको र कर्महरूको अविच्छेदका लागि व्यासभन्दा पहिलेका पुरुषहरूद्वारा (व्यासका पूर्वजहरूद्वारा) पनि चारवटा आश्रमसित सम्बद्ध धर्मको सेवा गरिएको थियो भन्ने कुरा बुझिन्छ। जस्तै- **अनुच्छेदाय०** अर्थात् 'लोकहरूको अनुच्छेदका लागि र कर्महरूको अनुच्छेदका लागि पूर्वजहरूद्वारा सङ्कटपूर्ण (कठोर) चारवटा आश्रमसित सम्बद्ध धर्मको आचरण गरियो'[७२] (म.भा., शा.प. ३२६/२४)। उपर्युक्त कथनद्वारा व्यासले माथि वर्णन गरिएका तथ्यको नै निर्देशन गरेका छन्। लोकको अनुच्छेदका लागि र कर्मको अनुच्छेदका लागि चारवटा आश्रमसित सम्बद्ध धर्महरूको अनुष्ठान गर्नुपर्छ भन्ने कुरा उल्लेख गर्दै व्यासले व्यतिरेकका माध्यमले लोकको समृद्धि र धर्मरूप कर्मको समृद्धि चारवटा आश्रमका धर्मको पालनबाट हुन्छ भन्ने तथ्य देखाएका छन्। शास्त्रद्वारा बताइएको वर्णाश्रम विधिको अवलम्बन नगरीकन; तपस्याका, गुरुशुश्रूषाका र ब्रह्मचर्यका साथमा गुरुकुलमा नबसेसम्म स्वाध्यायको अध्ययन सम्भव हुँदैन। विधिको उल्लङ्घन गरेर गरिएको अध्ययन शक्तिशाली हुँदैन।

नियमपूर्वक गुरुकुलमा बसेर गरिएको अध्ययनले ब्राह्मणको ज्ञानसम्पत्तिलाई अत्यन्त शक्तियुक्त बताउँछ, क्षत्रियको सुरक्षा गर्ने सम्पत्तिरूपी शक्तिलाई प्रकट गराउँछ, वैश्यको उपभोग्य वस्तुरूपी सम्पत्तिको अभिवृद्धि गर्ने शक्तिको संवर्धन गर्दछ। चौथो सेवा गर्ने शक्ति राम्रा शूद्रहरूमा उत्पन्न हुन्छ। अतः धर्मको अनुष्ठान नियमपूर्वक गर्नुपर्छ। अत

७२. लोकशिक्षार्थमपि तदावश्यकमिति भावः (नीलकण्ठी)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'नाशिष्ये सम्प्रदातव्यो नाव्रतं नाकृतात्मनि ।' इत्यभिधाय शुश्रूषवे, व्रतिने, कृतात्मने ज्ञानस्य प्रदेयत्वं निर्दिष्टम् ।

तस्माज्ज्ञानस्यैव सर्वार्थसाधकत्वात् ज्ञानसम्पादकस्वाध्यायाध्ययनं ब्रह्मचर्याश्रमे प्रथमे आश्रमे समध्युष्य विधेयत्वाद् ब्रह्मचर्याश्रमस्य मानसिकज्ञानशक्तेः सम्पादकत्वम् ।

'शरीरमाद्यं खलु धर्मसाधनम्' इत्युक्तेः शरीरस्यैव धर्मसाधनत्वात् असमर्थेन शरीरेण धर्ममनुष्ठातुमशक्यत्वात्, ब्रह्मचर्यादिव्रतानुष्ठानस्य स्वास्थ्यसम्पादकत्वाच्च ब्रह्मचर्याश्रमस्य समुपयोगिन्याः शारीरशक्तेः सम्पादकत्वम् ।

तादृशशारीरिकमानसिकोभयविधशक्तिसम्पन्नो हि पुरुषः पदार्थानामभिज्ञतया शरीरेण समर्थतया च सम्यक्तया प्रयोगाय कल्पते ।

धर्मशास्त्रं चातुर्वर्ण्यव्यवस्थया समाजं सुव्यवस्थितं विधत्ते । न हि क्वचिदपि कस्यापि पदार्थस्य तदनुरूपप्रयोगमन्तरा प्रयोगकर्तुः समीहितप्रयोजनं सम्यक्तया निष्पद्यते । पदार्थानुरूपप्रयोगानभिज्ञो मूढः सर्वत्र निष्फलतामाप्नोति ।

न हि सर्वेषां जन्यकालानां सामान्यं परिलक्ष्यते

न हि विना कालमुप्तं बीजमपि प्ररोहति । द्वादशमासानां संवत्सरो भवति । न हि सर्वे मासाः सर्वकर्मार्हाः । यथाकालं समनुष्ठितमेव कृत्यं सफलं भवति ।

एव भनिएको छ- **नियमेनाधीतं वीर्यवत्तरं भवति** अर्थात् 'नियमपूर्वक गरिएको अध्ययन शक्तिशाली हुन्छ' । भगवान् व्यासले- **नाशिष्ये०** अर्थात् 'शिष्यत्व ग्रहण नगरेका पुरुषलाई, व्रतधारण नगरेका पुरुषलाई र इन्द्रियमाथि नियन्त्रण गर्न नसकेका पुरुषलाई विद्या दिन हुँदैन' (म.भा., शा.प. ३२७/४५) भनी सेवा गर्न चाहने, व्रतधारण गर्ने एवं जितेन्द्रिय पुरुषलाई ज्ञान दिनुपर्ने तथ्यको निर्देशन गरेका छन् । अतः ज्ञान नै सबै अर्थको साधक भएकाले ज्ञानसम्पन्न गराउने स्वाध्यायको अध्ययन ब्रह्मचर्य आश्रममा अर्थात् पहिलो आश्रममा बसेर गर्नुपर्ने हुनाले ब्रह्मचर्याश्रम मानसिक ज्ञानशक्तिको सम्पादक हुन्छ ।

शरीरमाद्यम्० अर्थात् 'शरीर पहिलो धर्मको साधन हो' यस उक्तिबाट शरीर नै धर्मको साधन भएको तथ्य प्रमाणित हुन्छ । असमर्थ (अस्वस्थ/दुर्बल) शरीरद्वारा धर्मको अनुष्ठान गर्न सकिन्न । ब्रह्मचर्य आदि व्रतको अनुष्ठानले शरीरमा स्वस्थता उत्पन्न गराउँछ । अतः ब्रह्मचर्याश्रमले गृहस्थाश्रमका लागि उपयुक्त शारीरिक शक्ति उत्पन्न गराउने गर्छ । यस प्रकार शारीरिक एवं मानसिक दुवै शक्तिले युक्त भएको पुरुष पदार्थको ज्ञाता हुने भएकाले र शारीरिक रूपमा समेत समर्थ हुने भएकाले राम्ररी प्रयोगका लागि (गृहस्थाश्रम सञ्चालनका लागि) समर्थ हुन्छ ।

धर्मशास्त्रले ब्राह्मण आदि चार वर्णका व्यवस्थाद्वारा समाजलाई सुव्यवस्थित बताउँछ । कहीँपनि कुनै पनि पदार्थको तदनुकूल प्रयोग नगरेसम्म प्रयोगकर्तालाई अभीष्ट प्रयोजन (फल) राम्ररी प्राप्त हुन सक्दैन । पदार्थानुकूलको प्रयोग नजान्ने मूर्ख सबै ठाउँमा निष्फल हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋतवः षड्धा सन्ति। न च ऋतवोऽपि सर्वे समानाः। वसन्तादिनियततुषु एव वृक्षलतादीनां पल्लवादि-प्ररोहोत्पत्तिः, तिथयश्च शुक्लपक्षगताः पञ्चदश, कृष्णपक्षगताश्च पञ्चदश इति त्रिंशत्तिथयः सन्ति। न हि तास्तिथयः सर्वाः समानाः। शुक्लपक्षगतायां प्रतिपदि चन्द्रस्यैका एव कला वर्धते, द्वितीयायां द्वितीया कला वर्धते, तृतीयायां तृतीया कला वर्धते। अनेनैव क्रमेण पूर्णिमायां षोडशकलाभिः परिपूर्णं चन्द्रमण्डलं प्रकाशते।

कृष्णपक्षगतायां प्रतिपदि पुनरेका कला क्षीयते, द्वितीयायां द्वितीया कला क्षीयते, तृतीयायां तृतीया कला क्षीयते। अनेन क्रमेणामावास्यायां क्षीणश्चन्द्रो न प्रकाशते।

एवमेव वाराणामपि सप्तविधत्वं निर्दिष्टमिति न हि सर्वेषां समानत्वम्। सूर्यवासरो यथा सूर्याराधने, चन्द्रवासरो वा यथा चन्द्राराधने प्रशस्तो न हि अन्ये वासरास्तथा प्रशस्ताः। मङ्गलवासरे पूर्वदिशि गमने यथा लाभो, बुधगुरुवासरयोः पश्चिमायां दिशि गमने वा यथा लाभस्तथान्येषु वासरेषु गमने न हि लाभः सम्पद्यते।

अनेनैव प्रकारेण वासराणामन्यास्वपि क्रियासु वासरविशेषमादायैव विहितः प्रयोगः सफलः सम्पद्यते। यथा-

ओषधनिर्माणसेवनवस्त्रनिर्माणपरिधानतन्त्रमन्त्रसाधनप्रयोगकरणाद्यनेकक्रियासु वासरविशेषेष्वनुष्ठितः प्रयोगः सम्यक् फलदायी सम्पद्यते। तत्रानभिज्ञो मूढः काकतालीन्यायेन वासरानुसारं कदाचित् सफलः

सबै जन्य (उत्पन्न हुने) समय एकैनासको देखिँदैन-

असमयमा छरिएको बीउ पनि उम्रिदैन। बाह्र महिनाको एउटा संवत्सर हुन्छ। सबै महिना सबै कामका लागि उपयुक्त हुँदैनन्। उचित समयमा गरिएको कार्य नै सफल हुन्छ। ऋतुहरू छ प्रकारका छन्। सबै ऋतुहरू पनि समान छैनन्। वसन्त आदि नियत ऋतुहरूमा रूख लहरा आदिमा पालुवा आदि प्ररोहको उत्पत्ति हुन्छ। तिथिहरू पनि शुक्लपक्षमा पन्ध्र र कृष्णपक्षमा पन्ध्र गरी तीसवटा हुन्छन्। ती सबै तिथिहरू पनि एकैनासका छैनन्। शुक्लपक्षको प्रतिपदा तिथिमा चन्द्रमाको एउटा मात्र कला बढ्छ, द्वितीयामा दोस्रो कला बढ्छ, तृतीयामा तेस्रो कला बढ्छ। यसै क्रमले पूर्णिमा तिथिमा सोह्र कलाले पूर्ण भएको चन्द्रमण्डल प्रकाशित हुन्छ। पुनः कृष्णपक्षको प्रतिपदामा एउटा कला क्षीण हुन्छ, द्वितीयामा दोस्रो कला क्षीण हुन्छ। तृतीयामा तेस्रो कला क्षीण हुन्छ। यसै क्रमले अमावस्यामा सबै कला क्षीण भएको चन्द्रमा प्रकाशित हुँदैन।

यसै प्रकारले वारहरू पनि सात प्रकारका हुन्छन् भनिएको छ। ती वारहरू पनि समान प्रकृति भएका हुँदैनन्। सूर्यवार (आइतवार) जसरी सूर्यको आराधनाका लागि, सोमवार जसरी चन्द्रमाको आराधनाका लागि प्रशस्त मानिएको छ त्यसरी अरू वार{सूर्यको एवं चन्द्रमाको आराधनमा} प्रशस्त मानिएका छैनन्। मङ्गलवारका दिन पूर्व दिशामा जानाले जसरी लाभ हुन्छ, बुधवार र बिहीवारका दिन पश्चिम दिशामा जानाले जसरी लाभ हुन्छ त्यसरी अन्य वारमा उक्त दिशामा जानाले लाभ हुँदैन। यसै प्रकारले वारहरूमा गरिने काममा विशेष वारलाई लिएर (विशेष वारमा) गरिएको प्रयोग सफल हुन्छ। जस्तै- ओषधि बनाउने एवं सेवन गर्ने, कपडा बनाउने एवं लगाउने र तन्त्र-मन्त्रको साधना एवं प्रयोग गर्ने आदि क्रियाहरूमा वारविशेषमा गरिएको प्रयोग राम्ररी फल प्रदान गर्ने हुन्छ। वारविशेषका विशेषता नजानेको मूर्खले काकतालीन्यायले कहिलेकाहीँ वारअनुसार फल पाउँछ। कहिलेकाहीँ विपरीत वार परेकाले असफल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कदाचित्पुनर्वासरवैपरीत्यादसफलो हेतुमजानन् विस्मितो भवति । तस्माद् वासरविशेषवशाद् प्रयोगविशेषस्य सफलता सम्पद्यते नापि वा सम्पद्यते । अतो न हि सर्वेषां जन्यकालानां सामान्यं परिलक्ष्यते ।

न हि सर्वेषां पशूनां सामान्यं परिलक्ष्यते

न हि हस्तिगोऽश्वोष्ट्रमहिषीमेषाजादीनां मार्दवोपेतानां पशूनाम्, सिंहव्याघ्रभल्लूकगण्डकादीनां क्रूरसत्त्वानाम्, शशकमृगादीनां सौम्यानां वनेचराणां सत्त्वानामपि समेषां सामान्यं परिलक्ष्यते ।

एकस्य जात्यन्तरेण सामान्यं तु न हि कुत्रापि लभ्यते । एकस्यामेव जातावपि व्यक्तेर्व्यक्त्यन्तरेण गुणभिन्नत्वम्, स्वभावभिन्नत्वम्, रूपभिन्नत्वं वाप्युपलभ्यते ।

न हि गोसदृशमन्यः कश्चित् पशुरूपं कर्तुं प्रभवति । यद्यपि गण्डकनासास्थितास्थि अन्तरिक्षगतमपि शब्दमुपगृह्णाति तथापि गोर्दुग्धे, दध्नि, सर्पिषि, गोमये, गोमूत्रे वा जनोपकारिणी प्रत्यहं प्रतिक्षणमुपलभ्यमाना शरीरमनसोः स्वास्थ्यसम्पादिका, बुद्धेर्विकासिनी, प्राणानां प्रवर्धिनी, इन्द्रियाणां बलदायिनी च या या शक्तिर्विद्यते सा सा शक्तिर्नान्येषु गण्डकादिप्राणिषु गण्डकादिप्राणिसमुद्गतपदार्थेषु वा समुपलभ्यते ।

न हि सिंहिन्या दुग्धं सुवर्णमयपात्रादन्यं येन केनापि धातुना निर्मितं पात्रं समाधातुमर्हति । सुवर्णमयपात्रातिरिक्तपात्रेषु निक्षिप्तं सिंहिन्या दुग्धं पात्रं प्रच्छिद्याधो निस्सरति ।

अजादुग्धं यादृशं पुष्टिकारकं नान्यद्दुग्धं तादृशमुपलभ्यते । तस्मान्न हि सर्वेषां पशूनां सामान्यं परिलक्ष्यते ।

हुन्छ (राम्रो परिणाम प्राप्त गर्न सक्दैन) । सफलता एवं असफलताको कारण थाहा नपाएर विस्मित हुन्छ (अचम्म पर्छ) । अतः वारविशेषका कारण प्रयोग विशेषमा सफलता प्राप्त हुन्छ र सफलता प्राप्त नहुन पनि सक्छ । अतः सबै जन्य कालको सामान्यता (साधारणता) देखिँदैन ।

सबै पशुहरूमा एकरूपता (समानता) देखिँदैन-

हात्ती, गाई, घोडा, उँट, भैँसी, भेडा, बाख्रा आदि कोमलताले युक्त भएका पशुहरूमा, सिंह, बाघ,भालु, गैँडा आदि क्रूरस्वभाव भएका पशुहरूमा, खरायो, मृग आदि शान्त स्वभाव भएका एवं वनमा सञ्चरण गर्ने सबै प्रकारका पशुहरूमा समानता देखिँदैन । एउटा जातिको अर्का जातिका साथमा समानता त कहीँ पनि देखिँदैन । एउटै जातिमा पनि एउटा व्यक्तिको अन्य व्यक्तिका साथमा गुणगत भिन्नता, स्वभावगत भिन्नता अथवा रूपगत भिन्नता पनि पाइन्छ । अन्य कुनै प्राणीले गाईको जस्तो पशुरूपलाई धारण गर्न सक्दैन । हुन त गैँडाका नाकमा रहेको हाड (खाग) ले आकाशमा रहेको शब्दलाई पनि ग्रहण गर्न सक्छ तर गाईका दूधमा, दहीमा, घिउमा, गोबरमा र मूत्रमा जुन जुन शक्ति हरेका हुन्छन् ती ती शक्ति गैँडामा पाइँदैनन् । पुनश्च दुग्धजन्य पदार्थमा प्रत्येक दिन एवं प्रत्येक क्षणमा उपलब्ध हुने शरीरमा एवं मनमा स्वस्थता उत्पन्न गराउने, बुद्धिको विकाश गराउने, प्राणहरूको प्रवर्धन गर्ने, इन्द्रियहरूलाई बल प्रदान गर्ने जुन शक्ति रहेको हुन्छन् त्यो शक्ति अन्य गण्डक (गैँडा) आदि प्राणीहरूमा अथवा गण्डक आदि प्राणीहरूबाट निस्किएका पदार्थहरूमा पाइँदैन । सिंहिनीको दूधलाई सुनबाट बनेको भाँडाले बाहेक अन्य धातुहरूबाट बनेका भाँडाले धारण गर्न सक्दैन । सुवर्णेतर (सुन बाहेकका) धातुबाट निर्मित भाँडाहरूमा राखिएको सिंहिनीको दूध आधारभूत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पक्षिष्वपि सामान्यं नोपलभ्यते

यथा कालगतं पार्थक्यम्, पशुगतं {पार्थक्यम्}, पशुसमुद्गतपदार्थगतं च पार्थक्यमुपलभ्यते तथैव पक्षिष्वपि विद्यमानं भिन्नत्वमुपलभ्यते। भारद्वाज्याः पक्षिण्या मांसं यथा वाग्मिनं विधत्ते भक्षणकर्तुस्तथा नान्यं मासं कुरुते। कपिञ्जलमांसभक्षकस्य यथा दीर्घायुष्यं सम्पद्यते न तथान्यमांसभक्षकस्य। आड्या मांसं यथा ब्रह्मतेजोऽभिवर्धयति न तथान्यत्। तस्मात् पक्षिष्वपि सामान्यं नोपलभ्यते।

ओषधिष्वपि सामान्यं नोपलभ्यते

ओषधिषु यत्र यत्रान्या ओषधयो म्लायन्ते तत्रैता मोदमानास्तिष्ठन्ति।

[१९६]गोधूमः सन्धानकृद्वातहरः स्वादुशीतस्निग्धादिगुणोपयोगी स्याच्चेत् [१९७]मुद्गः कषायमधुरो रूक्षः शीतः पाके कटुर्लघुः श्लेष्मपित्तप्रशमनोऽभिमतः।

शूकधान्येष्वपि यवे यो गुणो विद्यते न सोऽन्यत्र गोधूमादिषु सर्वांशेनोपलब्धुं शक्यते।

शमीधान्येष्वपि माषेषु विद्यमानो यो गुणो न स गुणः सर्वात्मनाकुलत्थेषूपलभ्यते।

---

१९६. चरकसंहिता, सूत्रस्थानम्, २७ अध्यायः, २१ श्लोकः।

१९७. चरकसंहिता, सूत्रस्थानम्, २७ अध्यायः, २३ श्लोकः।

पात्रमा प्वाल पारेर तलबाट चुहिन्छ। बाख्राको दूध जति पुष्टिकारक हुन्छ त्यति पुष्टिकारक अन्य कुनै पशुको दूध देखिँदैन। त्यसैले सबै पशुहरूमा समानता देखिँदैन।

पक्षीहरूमा पनि समानता (एकरूपता) पाइँदैन-

जसरी जन्यकालमा भिन्नता (असमानता) देखिन्छ, जसरी पशुहरूमा भिन्नता देखिन्छ, जसरी पशुहरूबाट उत्पन्न हुने दुग्ध आदि पदार्थमा भिन्नता देखिन्छ त्यसरी नै पक्षीहरूमा पनि भिन्नता रहेको देखिन्छ। भारद्वाजी पक्षीको मासुले जसरी भक्षणकर्तालाई वाग्मी (बोल्न सक्ने) बनाउँछ त्यसरी अन्य पशुको मासुले वाग्मी (वाचाल/संभाषण निपुण) बनाउँदैन। कपिञ्जल पक्षीको मासु खाने पुरुषको जसरी लामो आयु हुन्छ त्यसरी नै अन्य पक्षीको मासु खाने व्यक्तिको लामो आयु हुँदैन। आडी नामक पक्षीको मासुले जसरी ब्रह्मतेज बढाउँछ त्यसरी नै अन्य पक्षीको मासुले ब्रह्मतेज बढाउँदैन। अतः पक्षीहरूमा पनि समानता उपलब्ध हुँदैन।

ओषधिहरूमा पनि समानता पाइँदैन-

ओषधिहरूमध्ये जहाँ अन्य ओषधिहरू मलिन हुन्छन् (सुक्छन्/मुर्झाउँछन्) त्यहाँ निम्न ओषधिहरू मुदित हुँदै (यथावस्थामा) स्थिर रहन्छन्। गहुँ सन्धान गर्ने (टुटे-फुटेकालाई जोड्ने), वात रोग हरण गर्ने, स्वादु (खान मीठो लाग्ने, पाकेपछि मधुर हुने) शीतल (चीसो प्रकृतिको), स्निग्ध (चिल्लो) आदि गुणले उपयोगी हुन्छ' (च.स. १/२७/२०) भने मुग- कषाय, मधुर, रूक्ष (रसमा र वीर्यमा), शीतल, परिपाकावस्थामा कटु, लघु र कफ एवं पित्तको प्रशमन गर्ने प्रकृति भएको मानिएको छ' (च.स. १/२७/२३)। शूकधान्य वर्गभित्र पर्ने जौमा जुन गुण पाइन्छ त्यो गुण अन्यत्र गहुँ आदिमा सम्पूर्ण रूपमा पाउन सकिन्न। शमीधान्य वर्गभित्र पर्ने मासमा जुन गुण रहेको हुन्छ त्यही गुण सम्पूर्ण रूपमा कुलत्थमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[१९८]माषेषु वृष्यत्वं वातहरत्वं स्निग्धत्वमुष्णत्वं मधुरत्वं गुरुत्वं बलदत्वं बहुमलत्वं शुक्रवर्धकत्वं चैते गुणा समुपलभ्यन्ते चेत् [१९९]कुलत्थेषु उष्णत्वं कषायत्वं पाकेऽम्लत्वं कफशुक्रानिलापहरत्वं कासहिक्काश्वासार्शसां हितकारकत्वं चैते गुणाः समुपलभ्यन्ते।

तत्रापि [२००]कुलत्थ एव च शुक्लकृष्णचित्रलोहितभेदेन चतुर्विधत्वमाप्तो ग्राम्यवन्यभेदेन द्विविधत्वं समश्नुते। कुलत्थस्योष्णत्वादयः साधारणगुणा निर्दिष्टाश्चेद् वन्यकुलत्थस्य विशेषतो नेत्ररोगहरत्वमुक्तम्।

इत्थं धान्येषु गुणभिन्नत्वमुपलभ्यते।

ब्राह्मणादिष्विव धान्येष्वपि भेदः

पुनश्च धान्येषु धान्यजातितया मनुष्येषु मानवजातिरिव सामान्येऽपि शूकधान्यतृणधान्यशमीधान्यभेदो ब्राह्मणक्षत्रियवैश्यशूद्रादिभेद इव समुपलभ्यते।

अवान्तरो भेदो गुणश्च जातिं पृथक् कुरुतः

एवमेव मृगादिषु मृगादिजातितया सामान्येऽपि तेषु विद्यमानावान्तरा जातिः तासु जातिषु विद्यमानोऽवान्तरो गुणश्च मृगादिजातिं पृथक् करोति।

---

१९८. चरकसंहिता, सूत्रस्थानम्, २७ अध्यायः, २४ श्लोकः।

{बल्यो बहुमलः पुस्त्वं माषः शीघ्रं ददाति च} { सर्ववृष्यत्वं माषे}

१९९. चरकसंहिता, सूत्रस्थानम्, २७ अध्यायः, २६ श्लोकः।

२००. चक्रदत्तव्याख्या, चरकसंहिता, सूत्रस्थानम्, २७ अध्यायः, २६ श्लोकः।

पाइन्न। मासमा वृष्यता, वातहरता (वातरोगलाई निको पार्ने क्षमता), स्निग्धता (चिल्लोपन), उष्णता (तातोपन), गुरुता (गह्रुंगोपन), बलदता, बहुमलता, शुक्रवर्धकता जस्ता गुण पाइन्छन् (च.स. १/२७/२४) भने कुलत्थमा उष्णता (तातोपन), कषायत्व (टर्रोपन), पाके पछि अम्लता (अमिलोपन), कफ-शुक्र एवं वायुलाई नष्ट गराउने क्षमता, कास (खोकी), हिक्का (बाडुल्की), श्वास एवं अर्शमा हितकारकता जस्ता गुणहरू पाइन्छन् (च.स. १/२७/२६)। सेतो, कालो, छिर्केमिर्के र रातो गरी चार प्रकारको हुने कुलत्थ ग्राम्य एवं वन्य गरी पुनः दुई प्रकारको हुन्छ। कुलत्थका उष्णता आदि साधारण गुण बताइएका छन् भने वन्य कुलत्थमा विशेषतः आँखा सम्बन्धी रोग निको गराउने गुण हुन्छ भनी बताइएको छ (चक्रपाणिदत्तव्याख्या)। यसरी धान्यमा पनि गुणगत भिन्नता पाइन्छ।

ब्राह्मण आदिमा झैँ धान्यहरूमा पनि भेद हुन्छ-

सबै मनुष्यमा एउटै मनुष्यजाति रहेझैं सबै धानहरूमा एउटै धान्यजाति रहेको हुन्छ तर पनि मनुष्यहरूमा ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्ररूप भेद पाइएझैं धान्यजातिमा पनि शूकधान्य, तृणधान्य एवं शमीधान्य भन्ने भेद पाइन्छ।

अवान्तर भेद एवं गुणले जातिलाई एकआपसमा अलग गराउँछ-

मृग आदि प्राणीहरूमा मृग आदि जाति भएकाले समानता देखिन्छ तापनि उनीहरूमा रहेका अवान्तर जातिले र उक्त जातिहरूमा रहेका अवान्तर गुणले मृगादिजातिलाई परस्परमा छुट्टाउने काम गर्छन्। महासूकर (बनेल), चमर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महासूकरचमरखड्गमहिषगवयगजवराहरुरुहरिणादीनां मृगत्वेन रूपेण एकजातित्वेऽपि महासूकरजातिश्चमरजातेर्भिन्ना। ताभ्यां खड्गजातिर्भिन्ना। ताभ्यो महिषजातिर्भिन्ना। गवयजातिश्च गजजातेर्भिन्ना। एवमेव सर्वासु मृगजातिष्ववान्तरभेदो जातित्वेनोपलभ्यते। महासूकरादीनां मृगजातित्वं [२०१]चरकसंहितायामुक्तम्। तास्वेव मृगजातिषु गुणभिन्नत्वमुपलभ्यते।

महासूकरे विद्यमानो यो गुणो न स गुणः सर्वात्मना चमरमृगे समुपलभ्यते। खड्गे विद्यमानो यो गुणो न च स गुणः सर्वात्मना महिषे समुपलभ्यते। एवमेव सर्वासु मृगजातिषु एकस्या जातेर्गुणो नेतरजातौ सर्वात्मना समुपलभ्यते।

एवमेव वृक्षेषु वृक्षत्वेनैक्येऽपि आम्रपनसवटाश्वत्थखदिरपलाशादिभेदस्तथा पक्षिषु गरुडहंसमयूरतित्तिरबकबलाकहंसश्येनकपिञ्जलभारद्वाजादिभेदः, मृत्तिकासु गौरकृष्णलोहितपाण्डुरादिभेदः, प्रस्तरेष्वपि सितकृष्णपीतरक्तादिभेदः, स्थलेष्वप्युच्चावचसमत्वादिभेदः, नदीष्वपि कृष्णशुक्लत्वादिभेदः, पुष्पेष्वपि मालती-

२०१. चरकसंहिता, सूत्रस्थानम्, २७ अध्यायः, ३९ श्लोकः।

(चमरमृग/चौँरी गाई), गैँडा, महिष, गवय,[७३] हात्ती, सुँगुर, रुरु (मृगविशेष), हरिण आदिमा मृगका रूपमा एउटै जाति रहन्छ तापनि महासूकर (बनेल) जाति चमर (चमरी) जातिभन्दा भिन्नै हो। महासूकर जाति र चरम जातिभन्दा खड्गजाति भिन्नै हो। महासूकर जाति, चमर जाति र खड्ग जातिभन्दा महिष (भैँसी) जाति अलग्गै हो। गवयजाति गज (घोडा) जातिभन्दा भिन्नै हो। यसरी नै सबै मृगजातिहरूमा जातिगत रूपमा अवान्तर भेद देखिन्छ। महासूकर आदिको मृगजातिता चरकसंहितामा बताइएको छ (च.स. १/२७/३९)।[७४] तिनै मृगजातिहरूमा गुणगत भिन्नता पनि पाइन्छ।

बनेलमा जुन गुण रहेको हुन्छ त्यो गुण सम्पूर्ण रूपमा चमरमृगमा पाइँदैन। गैँडामा जुन गुण रहेको हुन्छ त्यो गुण सम्पूर्ण रूपमा भैँसीमा पाइँदैन। यसै प्रकारले सबै मृगजातिमध्ये एउटा जातिको गुण इतर (अन्य) जातिका गुणसँग सम्पूर्ण रूपमा मिल्दैन।

यसै प्रकारले रूखहरूमा रूख भएकाले एउटै साधारण धर्म हुन्छ तापनि उनीहरूमा आँप, कटर, वर, पीपल, खयर, पलाश आदि अवान्तर भेद पाइन्छ। यसरी नै एउटै पक्षीरूप धर्म भएका पक्षीहरूमा पनि गरुड, हाँस, मयूर, तित्तिर, बक, बलाक, श्येन, कपिञ्जल, भरद्वाज आदि भेद पाइन्छ। माटामा पनि कमेरे, कालो, रातो, पहेँलो आदि भेद पाइन्छ। ढुङ्गाहरूमा पनि सेतो, कालो, पहेँलो, रातो आदि भेद पाइन्छ। जमिनमा पनि अग्लो, होचो, सम्मो आदि भेद पाइन्छ। नदीहरूमा काला (यमुना/कृष्णा गण्डकी जस्ता), सेता (सरस्वती/शुक्ला गण्डकी जस्ता) भेद पाइन्छन्।

७३. **'गौरिव गवयः'** यो उक्ति प्रसिद्ध छ। यसबाट गवय गाईजस्तो हुन्छ भन्ने तथ्य बुझिन्छ। महाकवि कालिदासले **किञ्चिद् विभिन्नैर्गवयैरदृष्टः** भनेको हुनाले गवय हिमालय निवासस्थान हुने गाई विशेष (नील गाई) हो भन्ने बुझिन्छ। गवयशृङ्गद्वारा रुद्राभिषेक गर्नु भनेको पनि पाइन्छ।

७४. मूलमा सृमर पदको प्रयोग गरिएको छ र चक्रदत्तले उक्त पदको महासूकर भन्ने अर्थ गरेका छन्। मूल पद्य यसप्रकार छ- **सृमरश्चमरः खड्गो महिषो गवयो गजः। न्यङ्कुर्वराहश्चानूपा मृगाः सर्वे रुरुस्तथा॥**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पद्मजात्यादिभेदः, फलेषु मृद्वीकानिरङ्गकण्टकीफलादिभेदः, ज्योतिष्वपि ग्रहनक्षत्रमैत्राक्षज्योतिकादिभेदः, समीरणादिषु प्राणापानव्यानसमानोदानादिभेदः, आकाशेऽपि घटपटमठाद्युपाधिभिन्नघटाकाशपटाकाश-मठाकाशादिभेदः, धातुष्वपि सुवर्णरौप्यपित्तलकांस्यलौहताम्रादिभेदः समुपलभ्यत एव।

यथेत्थमितरजातिषु विद्यमाना अवान्तरजातयः समुपलभ्यन्ते तथा मनुष्यजातिष्वपि सन्ति भिन्ना जातयः।

यथा पूर्वोक्तप्रकारेण एकस्या जातेर्विद्यमानावान्तरजातिगुणज्ञ एव भिन्नत्वमवगच्छति। तथा मनुष्येष्वपि विद्यमानजातिगुणज्ञ एव विद्यमानपार्थक्यमवगच्छति। पार्थक्यमवगच्छता विहितः प्रयोगः सफलतामाप्नोति। जातिगुणपार्थक्यमवगच्छता विहितप्रयोगस्य साफल्ये चायुर्वेदशास्त्रं प्रत्यक्षं प्रमाणम्। न हि पदार्थ-गतजातिगुणानभिज्ञो वैद्यो भवति। अत एव [२०२]चरकसंहितायामुभयं सम्यङ्निरूपितम्।

मनुष्येषु विद्यमानमवान्तरभेदं तु महर्षयो हि जानन्ति। अतो महर्षिभिर्यत्संस्मृत्य निबद्धं तदेव मनुष्यजातौ प्रमाणम्।

महर्षिभिर्ब्राह्मणक्षत्रियवैश्यशूद्राश्चत्वारो वर्णाः, मूर्धावसिक्तादयः षट्त्रिंशदवान्तरजातयश्च [२०३]निर्दिष्टाः। अवान्तरजातयश्च वर्णचतुष्टयमूला इति चतुर्णां वर्णानां यावल्लोकमूलत्वम्।

---

२०२. चरकसंहिता, सूत्रस्थानम्, २७ अध्यायः।

२०३. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः १० श्लोकः। {सङ्केतिते पद्येऽस्मिन् केवलं वर्णचतुष्टयचर्चा}

फूलहरूमा पनि मालती, कमल, जाति जस्ता भेद पाइन्छन्। फलहरूमा पनि अङ्गुर, सुन्तला, कटहर आदि भेद देखिन्छन्। ज्योति (आकाशीय पिण्ड) हरूमा ग्रह, नक्षत्र आदि भेद देखिन्छन्। (सत्ताइस प्रकारका) नक्षत्रहरूका पनि ध्रुव, मैत्र आदि अवान्तर भेद पाइन्छन्। वायु आदिमा पनि प्राण, अपान, व्यान, समान, उदान आदि भेद पाइन्छन्। आकाशका पनि घट, पट, मठ आदि उपाधिका भिन्नताले घटाकाश, पटाकाश, मठाकाश जस्ता भिन्नता देखिन्छन्। धातुहरूमा सुन, चाँदी, पित्तल, काँस, फलाम, तामा आदि भेदहरू पाइन्छन् नै।

उक्त रीतिद्वारा जसरी अन्य जातिमा अवान्तर जाति रहेका हुन्छन् त्यसरी नै मनुष्यजातिमा पनि अलग अलग अवान्तर जातिहरू रहेका हुन्छन्। जसरी पूर्वोक्त प्रकारले एउटा जातिमा रहेका अवान्तर जातिका गुण जान्ने क्षमता भएको पुरुषले उनीहरूका बीचको भिन्नता थाहा पाउन सक्छ त्यसरी नै मनुष्यहरूमा रहेका जातिका गुणलाई जान्न सक्ने विशेषज्ञले नै मनुष्यहरूमा रहेका भिन्नतालाई थाहा पाउन सक्छ। परस्परका भिन्नता जान्ने पुरुषद्वारा गरिएको प्रयोग नै सफल हुन्छ। जातिमा रहेका गुणहरूको भिन्नता जान्न सक्ने पुरुषले गरेको प्रयोग नै सफल हुन्छ भन्नेमा आयुर्वेदशास्त्र प्रत्यक्ष प्रमाणका रूपमा रहेको छ। पदार्थमा रहेका जातिका गुणहरूलाई जान्न नसक्ने व्यक्ति वैद्य हुन सक्दैन। त्यसैले चरकसंहितामा दुवैको (जाति एवं गुणको) राम्ररी निरूपण (वर्णन गर्ने कार्य) गरिएको छ (च.स. १/२७)।[७५]

मनुष्यमा रहेका अवान्तर भेदलाई महर्षिहरू जान्दछन्। अतः महर्षिहरूले जुन कुराको स्मरण गरेर निबन्धन गर्ने कार्य गरे त्यही नै मनुष्य जातिका लागि प्रमाण हो। महर्षिहरूले ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्र गरी चार प्रकारका वर्णहरू, मूर्धावसिक्त आदि छत्तीस प्रकारका अवान्तर जातिहरू देखाएका छन्। अवान्तर जातिहरूका मूल चार

---

७५. उदाहृत पद्यमा चारवटा वर्णको चर्चा गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतिश्च- **'ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः। ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रोऽजायत'** इति समाम्नाय भगवतो मुखजन्यत्वं ब्राह्मणस्य, बाहुजन्यत्वं क्षत्रियस्य, ऊरुजन्यत्वं वैश्यस्य, पादजन्यत्वं शूद्रस्य समाज्ञाप्य वर्णानां चतुष्टयं निगदति।

तेषु ब्राह्मणक्षत्रियविशां चतुर आश्रमान् परिकल्प्य तद्वारा चतुर्वर्गसम्पादनमभिहितम्।

इन्द्रियेभ्यः समुत्पन्नं न ज्ञानं तात्त्विकं मतम्

नैषा जातिः पूर्वनिर्दिष्टलौकिकपदार्थेषु विद्यमाना भिन्नतैव चर्मचक्षुःप्रत्यक्षगम्या। जातिस्तु स्मरणलक्षणेति स्मृत्युक्ता (धर्मशास्त्रप्रतिपादिता) समधिगन्तव्या।

लौकिकेष्वपि चर्मचक्षुःप्रत्यक्षयोग्येष्वपि पदार्थेषु मन्दप्रज्ञतया लोकस्यैकस्मिन् पदार्थे पदार्थान्तरस्य सादृश्याद् भिन्नयोरपि पदार्थयोरैक्यभ्रमो जायते।

लोके व्यवहार्यमाणेषु जात्या गुणेन च भिन्नेष्वपि कतिपयपदार्थेषु रूपेणाप्यते साम्यम्।

कस्यचिदपि वस्तुनः उत्पत्तिस्तत्स्वरूपावबोधको भवति। न ह्युत्पत्तिमनवगत्योपयोगाय कल्पितः सिद्धान्तः क्षेमकरो भवति। चर्मचक्षुर्भ्यां प्रत्यक्षीकृत्य निर्धारणायोग्यरूपवतामपि पदार्थानां किञ्चित्सादृश्याद् एकस्मिन्नितरज्ञानात्मको भ्रमः सञ्जायते। सम्यक् तेजःसंयोगसम्पादितं पिण्डालुकं चक्षुर्भ्यां रसनेन्द्रियसंयोग-

---

प्रकारका वर्णहरू हुन्। अतः चारै वर्ण लोकका मूल हुन्। श्रुतिले पनि- **ब्राह्मणोऽस्य०** अर्थात् 'ब्राह्मण परमात्माका मुख थिए अर्थात् मुखबाट उत्पन्न भएका थिए, क्षत्रियलाई बाहु (दुवै हात) बनाइएको थियो अर्थात् बाहुबाट क्षत्रियहरू उत्पन्न भएका थिए, परमात्माका दुवै ऊरु (जङ्घा) वैश्य थिए अर्थात् ऊरुप्रदेशबाट वैश्य उत्पन्न भएका थिए र दुवै पाउबाट शूद्र उत्पन्न भएका थिए' (ऋग्वेद) भनेको छ। यसरी श्रुतिले ब्राह्मण भगवान्का मुखबाट, क्षत्रिय बाहुबाट, वैश्य ऊरुबाट र शूद्र चरणबाट उत्पन्न भएका हुन् भनी चारवटा वर्ण भएको तथ्य प्रतिपादन गरेको छ। उक्त चार वर्ण मध्ये ब्राह्मण, क्षत्रिय एवं वैश्यका लागि चारवटा आश्रमको कल्पना गरेर त्यसैका माध्यमले चतुर्वर्ग सम्पादन गर्नुपर्छ भनिएको छ।

इन्द्रियबाट उत्पन्न ज्ञान तात्त्विक (वास्तविक) हुँदैन-

जातिमा रहेको भिन्नता पहिले बताइएका लौकिक पदार्थमा रहेको भिन्नताझैं चर्मचक्षुद्वारा प्रत्यक्ष गर्न सकिने हुँदैन। जाति स्मरणलक्षणा अर्थात् शब्दप्रमाणवेद्य हुन्छ भनी स्मृतिहरूमा अर्थात् धर्मशास्त्रहरूमा भनिएको छ। अतः जातिलाई त्यसै रूपमा बुझ्नुपर्छ। लोकमा पनि चर्मचक्षुद्वारा प्रत्यक्ष गरिने पदार्थहरूका बीचमा बुद्धिका मन्दताका कारण (अज्ञानताले गर्दा) एउटा पदार्थमा अर्को पदार्थको समानता प्रतीत हुन्छ। त्यसैले (मनुष्यमा) दुई भिन्न भिन्न पदार्थमा पनि एउटै हो भन्ने भ्रम उत्पन्न भएको देखिन्छ। लोक व्यवहारमा प्रयोग गरिने कतिपय पदार्थहरूमा जातिका र गुणका कारणले भिन्नता हुने भएता पनि रूपले (बाह्य स्वरूपले) गर्दा समानता देखिन्छ।

कुनै पनि वस्तुको उत्पत्ति त्यसका स्वरूपको अवबोधक हुन्छ। उत्पत्ति सम्बन्धी जानकारी नै नभईकन उपयोगका लागि कल्पना गरिएको सिद्धान्त हितकर हुँदैन। मात्र चर्मचक्षुले प्रत्यक्ष गरेर (आँखाले हेरेर) निर्धारण गर्न (यही हो भनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तरा घृतवत्प्रतीयते । वसादिकमपि तथैव घृतवत् प्रतीयते । एकस्मिन् सस्यादिपोषणात्मकमले शर्करायाः प्रतीतिर्भवति तस्मात्तेषां तथ्यतया स्वरूपज्ञानायेन्द्रियान्तरसंयोगः कारणं वान्वेष्टव्यं भवति । इत्थं इन्द्रियसंयोग-जन्यजातिरूपगुणादिज्ञानवत्स्वपि पदार्थेषु एकस्मादिन्द्रियात् पदार्थस्य स्वरूपावबोधो न सम्भवति चेत् किमु वक्तव्यमतीन्द्रियेषु पदार्थेषु स्वरूपनिर्धारणार्थमिन्द्रियसन्निकर्षजन्यं ज्ञानं नालमित्यत्र ।

औषधनिर्माणं हि कविराजडाक्टरादिभिर्विधीयते । औषधनिर्माणं विधाय च निर्माणकर्ता कविराजो डाक्टरो वा तस्मिन् ओषधिसमाहिते पात्रे तदौषधिनाम समुल्लिख्य लोके वितरति । तदेवौषधालयेषूपलभ्यते ।

यदि तत् कविराजलिखितं डाक्टरलिखितं वौषधिनाम कश्चिज्जनोऽप्रमाणीकुर्यान्न तस्य समभीष्टफलावाप्तये तत्र गत्यन्तरोपलब्धिर्भवति ।

यो ह्योषधिनिर्माणज्ञानसम्पन्नस्तस्यैवेतरनिर्दिष्टौषधनामाप्रमाणीकृत्य समुद्गता प्रवृत्तिरपि अभीष्टं जनयति । तादृशज्ञानरहितस्य तु कविराजलिखितं डाक्टरलिखितं वा नाम प्रमाणीकृत्यैव विहिता प्रवृत्तिरभीष्टं जनयति । अत्राप्यभीष्टसम्पत्तये प्रामाणिकेन कविराजेन डाक्टरेण वा भाव्यमित्यादिकमन्यदपि हेत्वन्तरादिकमपेक्ष्यम् ।

निश्चय गर्न) अयोग्य पदार्थहरूमा पनि सतहमा देखिएको सामान्य समानतालाई आधार मानेर रूपादिको निर्णय गरियो भने एउटा पदार्थमा अर्को पदार्थको ज्ञान हुने भ्रम उत्पन्न हुन्छ । राम्ररी आगो बालेर पकाई (उसिनेर) बोक्रा निकालिएको पिडालु रसनेन्द्रियका संयोगका अभावमा झट्ट हेर्दा घिउजस्तो प्रतीत हुन्छ । वसा (बोँसो) आदि पदार्थ पनि त्यसरी नै घिउझैं प्रतीत हुन्छ । (मात्र चक्षुरिन्द्रियलाई प्रमाणमान्दा वसादिले पनि घिउ हो भन्ने भ्रमात्मक ज्ञान उत्पन्न गराउँछ) । एक प्रकारको धन्यादिलाई पोषण गर्ने (युरिया) मलमा चिनीको प्रतीति (भ्रम) हुन्छ । अतः पदार्थहरूको यथार्थ ज्ञानका लागि अन्य इन्द्रियहरूको संयोग वा अन्य कारणको अन्वेषण गर्नुपर्ने हुन्छ । यसरी इन्द्रियको संयोगबाट जाति, रूप, गुण आदिको ज्ञान गरिने पदार्थहरूमा पनि एउटै मात्र इन्द्रियको प्रयोग भएका अवस्थामा सम्बद्ध पदार्थको (सम्पूर्ण/यथार्थ) स्वरूपको ज्ञान हुँदैन भने इन्द्रियातीत (इन्द्रियभन्दा पर रहेका वा इन्द्रियद्वारा प्रत्यक्ष गर्न नसकिने) पदार्थहरूको स्वरूप (जाति, रूप, गुण आदि) निर्धारणका लागि इन्द्रियको सन्निकर्षबाट उत्पन्न ज्ञान पर्याप्त हुनै सक्दैन । यस सम्बन्धमा भन्नुपर्ने कुरा केही बाँकी रहँदैन ।

ओषधि निर्माण गर्ने कार्य कविराज, डाक्टर आदिले गर्दछन् । ओषधिको निर्माण गरेर निर्माणकर्ता कविराज वा डाक्टरले उक्त ओषधि राखिएका भाँडामा त्यस ओषधिको नाम लेखेर लोकलाई (जन साधारणलाई) वितरण गर्दछ । त्यही ओषधि औषधालयमा पाइन्छ । कुनै व्यक्तिले कविराजद्वारा लेखिएको अथवा डाक्टरद्वारा लेखिएको ओषधिको नामलाई अप्रामाणिक (मिथ्या) मान्छ भने त्यस पुरुषका लागि अभीष्ट फल प्राप्त गर्ने (रोग प्रशमन गर्ने) अर्को कुनै उपाय भेटिँदैन । जुन पुरुष ओषधिनिर्माण गर्ने ज्ञानले सम्पन्न हुन्छ (ओषधि बनाउन जान्दछ) त्यसले अरूद्वारा बनाइएका ओषधिलाई अप्रामाणिक सिद्ध गरी गरेको व्यवहार (अन्य ओषधि निर्माण/वितरण आदि) ले अभीष्ट उत्पन्न गराउन सक्छ । त्यसप्रकारको (ओषधि निर्माण गर्ने) ज्ञान नभएको पुरुषले कविराजद्वारा अथवा डाक्टरद्वारा लेखिएको नामलाई नै प्रमाण मानेर गरेका व्यवहारबाट अभीष्ट फल उत्पन्न हुन्छ । त्यसमा पनि अभीष्ट फल प्राप्त गर्नका लागि प्रामाणिक कविराज अथवा डाक्टर हुनुपर्छ । यसै प्रकारले अन्य कारणको पनि अपेक्षा गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि कविराजादिलिखितप्रमाणं विधीयेत तथा तु गुणजात्यादीनामप्रत्यक्षत्वात् स्वरूपाणां प्रायः समानत्वादप्रमाणवतो न निस्तारः।

यथौषधपरिज्ञानाय तदाविष्कर्तुः (औषधनिर्मापकस्य) कविराजादेरुक्तिः प्रमाणत्वेन स्वीकार्या। यथा वा निसृतत्वचमवमर्देन चूर्णीकृतं पिण्डालुकं घृतवत्प्रतीतमपि तदुत्पत्तिज्ञस्तत्पदार्थं जानाति। यथा वा तन्निर्मापकेन तन्नामोल्लिख्य निःसृष्टं चेत्ततोऽपि तद्वस्तुज्ञानं भवति।

तस्मात् कस्यचिदपि पदार्थस्योपत्तिस्तत्स्वरूपावबोधिका भवति।

ब्राह्मणाद्यवबोधश्च शास्त्रेणैव प्रतीयते

मातापित्रोर्जातावगते तत्समुत्पन्नापत्यस्य जातिज्ञानं भवति। मातापित्रोर्विद्यमाना जातिस्तु स्मरणलक्षणा यथा स्मृतिरभिधत्ते तथावगन्तव्या। [२०४]मिताक्षराकारेण-

'ब्राह्मणादिजातिस्तु स्मृतिलक्षणा यथास्मरणं भवति' इत्युक्त्वा ब्राह्मणादिजातीनां शब्दप्रमाणगम्यत्वं स्थापितम्।

न हि प्रमाणमन्तरा कस्यचिदर्थस्य सम्यक्तया ज्ञानं सम्भवति। शास्त्रोक्तमाप्तोक्तं वा प्रमाणमाधारीकृत्यैव क्रियायां प्रवृत्तो लोकः सिद्ध्यति वाञ्छितार्थेषु। भुजिक्रियायां ये ये पदार्था विहितास्तान् तान् पदार्थान् भुञ्जतः

२०४. मिताक्षरा, याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ९० श्लोकः।

कविराज आदिद्वारा लेखिएको लिखतलाई प्रमाण बनाइन्छ (मानिन्छ) भने त्यस समयमा वस्तुमा रहेका गुण जाति आदि प्रत्यक्ष नहुने भएकाले र प्रायः स्वरूप (बाह्य बनावट) समान देखिने हुनाले अप्रत्यक्ष पदार्थलाई अस्वीकार गर्ने पुरुषका निम्ति उम्कने कुनै बाटो फेला पर्दैन। औषधि सम्बन्धी यथार्थ जानकारीका लागि औषधि बनाउने कविराज आदिको उक्तिलाई प्रमाण मान्नुपर्छ। उसिनेर बोक्रा फालिएको र मुछेर चूर्ण बनाइएको (डल्लो पारिएको) पिँडालु घिउजस्तो लाग्छ तापनि त्यो डल्लो कसरी बनाइएको हो भन्ने थाहा पाएको पुरुषले पदार्थको यथार्थता जानेको हुन्छ। निर्माणकर्ताले कुनै वस्तुको निर्माण गरी त्यसमा वस्तुको नाम समेत उल्लेख गरेर वितरण गऱ्यो भने पनि त्यसबाट वस्तुको यथार्थ ज्ञान हुन्छ। अतः कुनै पनि पदार्थको उत्पत्ति त्यस पदार्थको स्वरूपलाई बुझाउने प्रकृतिको हुन्छ।

ब्राह्मणत्व आदिको ज्ञान शास्त्रबाट नै हुन्छ-

आमा-बुबाका जातिको ज्ञान भएपछि उनीहरूबाट उत्पन्न भएका सन्तानको पनि (त्यही नै जाति हो भन्ने) जातिज्ञान हुन्छ। बुबा-आमामा रहेको जाति जसरी स्मृतिहरूले स्मरणलक्षणा (शब्दप्रमाणबाट थाहा पाइने) हुन्छ भनेका छन् त्यसरी नै बुझ्नुपर्छ। मिताक्षराका लेखकले **ब्राह्मणादि जातिस्तु०** अर्थात् 'ब्राह्मण आदि जाति त स्मृतिलक्षणा हुन्छ, अतः जसरी स्मरण गरिन्छ (परम्पराबाट अमुक जातको भनिँदै आएको हुन्छ) त्यसै गरी बुझ्नुपर्छ' (या.स्मृ. १/९० मिता.) भनी ब्राह्मण आदि जातिको शब्दप्रमाणगम्यता (शब्दप्रमाणबाट बुझिन्छ भन्ने तथ्य) स्थापित बनाएका छन्। प्रमाण विना कुनै पनि पदार्थको राम्ररी ज्ञान हुन सक्दैन। शास्त्रद्वारा बताइएको अथवा आप्त (अनुभवी/प्रामाणिक) पुरुषद्वारा बताइएको प्रमाणलाई आधार बनाएर कार्यमा प्रवृत्त भएको मनुष्यले वाञ्छित विषयमा सफलता प्राप्त गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्याय हितकारी सा भोजनक्रिया भवति। ये ये पदार्था निषिद्धा भोजनेषु तान् तान् पदार्थान् भोजनक्रियायां परिवर्जयतः स्वास्थ्याय हितकारी भवति सा परिवर्जनक्रिया।

तत्राप्रमाणं मन्यमानो जनः स्वयं सीदति परान्नाशयति। **'विषं मा भुङ्क्ष्व'** इत्यादिकं विषभोजनादिकं शास्त्रेण निषिद्धमाप्तैश्च तत्परिवर्जितम्। तत्र विषभोजनादिषु विपत्कारकत्वस्याप्रमाणं मन्यमानो वा तत्रानादरं कुर्वन् जनः स्वात्मन्युपयुञ्जन् स्वात्मानं परात्मन्युपयुञ्जन् पराश्च नाशयति। अतो भोजनाभ्यवहारादिषु शास्त्रोक्तमाप्तोक्तञ्च प्रमाणीकृत्य प्रवर्तते लोकः।

तथैवौषधोपचारादिष्वपि वैद्यडाक्टरादयः शास्त्रोक्तमाप्तोक्तञ्च प्रमाणीकृत्यौषधोपचारं कुर्वन्तः सफला भवन्ति रोगनिवारणे। आप्तोक्तमाप्तव्यवहारस्यापि सङ्ग्राहकम्। एष च भोजनादिषु औषधोपचारादिषु च शास्त्रमाप्तोक्तञ्च प्रमाणीकृत्यानुष्ठितो व्यवहारः सर्वव्यापारानुगततया प्रत्यक्षः सार्वजनीन इति न तत्र प्रमाणान्तरावश्यकतेति प्रत्यक्षमेव प्रमाणम्।

यथा प्रमाणानुगतो वैद्यः, भोजनादिषु प्रवृत्तो लोकश्च समीहितक्रियासम्पादनाय सफलो भवति; प्रमाणेषू-द्भ्रान्तो वैद्यो लोको वा नश्यति नाशयति चेति सर्वैर्मर्त्यैर्भ्रान्तिं विहाय जन्मप्रभृत्यामृत्युमनुष्ठेयेषु सर्वेषु कृत्येषु समीहितक्रियासम्पादनाय प्रमाणानुसरणं सर्वथा विधेयम्।

तत्र निर्दुष्टं प्रमाणं शास्त्रम्। शास्त्राश्रित आप्तव्यवहारश्च निर्दुष्टं प्रमाणम्।

भुजिक्रियाका लागि (खानका लागि) जुन जुन पदार्थको विधान गरिएको छ तिनै तिनै पदार्थ मात्र खाने व्यक्तिको भोजनक्रिया (खाने कार्य) स्वास्थ्यका लागि हितकारी हुन्छ। जुन जुन पदार्थहरू खान हुन्न भनी निषेध गरिएका छन् ती ती पदार्थ खाने समयमा परिहार गर्ने (नखाने) व्यक्तिको परिवर्जन क्रिया (नखाने कार्य) स्वास्थ्यका लागि हितकारी हुन्छ।

शास्त्रलाई र आप्त वचनलाई प्रमाण नमान्ने मनुष्य आफै पनि पीडित हुन्छ र अरूलाई नष्ट गराउँछ। **विषं मा भुङ्क्ष्व** अर्थात् 'विष न खाऊ' इत्यादि वाक्यद्वारा विष खाने कार्य शास्त्रद्वारा निषेध गरिएको छ र आप्तद्वारा पनि परित्याग गरिएको छ। 'विष खाने हो भने विपत्ति आइलाग्छ' भन्ने कथनलाई अप्रामाणिक मान्ने अथवा उक्त कथनको अनादर गर्ने पुरुषले आफैमा विषको प्रयोग गर्ने कार्य गऱ्यो भने आफूलाई परमात्मासित एकाकार बनाउँछ (मर्छ) र अरूलाई समेत नष्ट गराउँछ (मार्छ)। अतः भोजन आदि क्रियाकलापमा शास्त्रद्वारा बताइएको र आप्तद्वारा भनिएको उक्तिलाई प्रमाण मानेर मनुष्य व्यवहारमा प्रवृत्त हुन्छ।

यसरी नै औषधोपचारका क्रममा शास्त्रद्वारा बताइएका र आप्तद्वारा भनिएका उक्तिलाई प्रमाण मानेर उपचार गर्ने वैद्य, डाक्टर आदि रोग निवारण गर्न सफल हुन्छन्। आप्तको उक्ति शब्दले आप्तको व्यवहारलाई पनि समेट्छ। भोजनादिका सन्दर्भमा र औषधोपचार आदिका सन्दर्भमा शास्त्रलाई र आप्तवचनलाई प्रमाण मानेर गरिएको व्यवहार सबै व्यापारद्वारा अनुगत (अनुसृत) भएकाले प्रत्यक्षजस्तो हुन्छ र सबै जनलाई हित गर्ने हुन्छ। अतः त्यस्ता ठाउँमा अन्य प्रमाणको आवश्यकता पर्दैन। त्यसैले शास्त्रवचन र आप्तवचन प्रत्यक्ष प्रमाण नै हो।

प्रमाणहरूको अनुसरण गरिरहेको वैद्य र प्रमाणहरूको अनुसरण गर्दै भोजन आदिमा प्रवृत्त भएको मनुष्य अभीष्ट क्रिया सम्पन्न गर्न सफल वा समर्थ हुन्छ। प्रमाणहरूमा उद्भ्रान्त वैद्य अथवा मनुष्य स्वयं नष्ट हुन्छ र अरूलाई पनि नष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रञ्चास्मान् निर्दिशति

सर्वं तु समवेक्ष्येदं निखिलं ज्ञानचक्षुषा । श्रुतिप्रामाण्यतो विद्वान् स्वधर्मे निविशेत वै ।। इत्युक्त्या शब्दप्रमाणात् स्वधर्मे निवेशोऽभिहितो [२०५]मनुना ।

मर्त्यानां किल परमं प्रमाणं वेदा एव सन्ति । वेदानुसार्यः स्मृतयः, स्मृत्यनुसारी सदाचारश्च प्रमाणम् ।

वेदार्थसर्वज्ञो [२०६]मनुरासीत् । अत एव मनुना यदभिहितम्, तत्सर्वं वेदोक्तमेवेति सद्भिः समनुष्ठेयम् । स्मृतिप्रामाण्यं स्मृत्यधिकरणे [२०७]माधवाचार्येण समुपस्थापितम् ।

[२०८]मनुनैव समाम्नातं श्रुतिर्हि वेदः स्मृतिश्च धर्मशास्त्रम्, ते ह्यतर्क्ये अर्थात् तत्रोक्तेषु पदार्थेषु सन्दिह्य प्रतिकूलतर्केण श्रुतिस्मृती ह्यखण्डनीये । ताभ्यामेव धर्मः प्रकाशतामाप्तः । तमेव धर्मं समनुतिष्ठन् मानवोऽस्मिन् जगति कीर्तिमाप्नोति परत्र च स्वर्गापवर्गादिकमनुत्तमं सुखं समवाप्नोति ।

---

२०५. २/८ मनुः ।

२०६. २/७ मनुः ।

२०७. जैमिनीयन्यायमाला, अध्यायः १, पादः ३, अधिकरणम् १ ।

२०८. २/९-१० मनुः ।

गराउँछ । अतः मनुष्यहरूले भ्रमबाट मुक्त भएर जन्मदेखि मृत्युसम्म गर्नुपर्ने सबै कार्यमा अभीष्ट फल प्राप्त गर्नका लागि सर्वथा प्रमाणको अनुसरण गर्नुपर्छ । विभिन्न प्रमाणहरूमध्ये शास्त्रप्रमाण निर्दुष्ट (दोषरहित) प्रमाण हो । शास्त्रमा आश्रित आप्तव्यवहार पनि निर्दुष्ट प्रमाण हो ।

शास्त्रले हामीलाई निर्देशन दिन्छ-

सर्वं तु० अर्थात् 'सम्पूर्ण शास्त्रहरूको (साथै वेदार्थ ज्ञानका लागि आवश्यक मीमांसा व्याकरण आदिको) अध्ययन गरेर, ज्ञानरूपी नयनद्वारा निखिल पदार्थको विशेष रूपमा पर्यालोचन गरेर, वेदलाई प्रमाण मानी अनुष्ठेय कुरा थाहा पाएर आफ्ना धर्ममा बस्नुपर्छ' (मनु. २/८) उपर्युक्त कथनद्वारा मनुले शब्दलाई (वेदलाई) प्रमाण मानेर आफ्ना धर्ममा बस्नुपर्छ भनेका छन् । मनुष्यहरूका लागि वेद नै परम (ठूला) प्रमाण हुन् । वेदको अनुसरण गर्ने स्मृतिहरूलाई र स्मृतिको अनुसरण गर्ने सदाचारलाई प्रमाण मानिएको छ । मनु वेदका सम्पूर्ण अर्थका ज्ञाता थिए (मनु. २/७) ।[७६] अत एव मनुले जे भने त्यो सबै वेदद्वारा नै भनिएको हो भन्ने मानी सज्जनहरूद्वारा पालना गर्नुपर्छ । स्मृति प्रमाण हुन्छ भन्ने तथ्य स्मृत्यधिकरणमा माधवाचार्यले उपस्थापन गरेका छन् (जै.न्या.मा. १/३/१) ।

मनुले नै भनेका छन्- श्रुति भनेको वेद हो, स्मृति भनेको धर्मशास्त्र हो, ती दुवै (श्रुति एवं स्मृति) अतर्क्य हुन्छन् अर्थात् त्यहाँ भनिएका पदार्थहरूमा सन्देह गरेर प्रतिकूल तर्कद्वारा श्रुति एवं स्मृतिको खण्डन गर्न हुन्न । श्रुति एवं स्मृतिबाट धर्म प्रकाशित भएको हो । त्यसै धर्मको अनुष्ठान (पालन) गर्ने मनुष्यले यस संसारमा कीर्ति प्राप्त गर्दछ र परलोकमा स्वर्ग, अपवर्ग (मोक्ष) आदि विशिष्ट सुख प्राप्त गर्दछ (मनु. २/९-१०) । सबैलाई श्रुति एवं स्मृतिमा बताइएका

---

७६. मूलमा **सर्वज्ञानमयो हि सः** भनिएको छ । मन्वर्थमुक्तावली अनुसार शोधप्रबन्धमा अर्थ गरिएको छ । केही मनीषीले सः को अर्थ वेद गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वेषां श्रुतिस्मृत्युक्तंविषयज्ञानाभावेन तेषां श्रुतिस्मृतिज्ञानरहितानां कृते यैर्मीमांसाधर्मशास्त्रपुराणाद्युपबृंहितो वेदोऽधिगतस्तै शिष्टैः[२०९] (सज्जनैः) समनुष्ठितो धर्मः (आचार) स एव धर्मोऽनुष्ठेयत्वेनानुसर्तव्य इति सदाचारस्यापि प्रामाण्यमङ्गीकृतम्।

श्रुतिस्मृत्युदितस्यैव धर्मस्य समनुष्ठानादैहिकं सुखं पारत्रिक आनन्दश्चाप्यते। न हि श्रुतिस्मृत्युदितस्य धर्मस्य ज्ञानं सर्वसम्भव इति सर्वथा सज्जनाचारः शास्त्रज्ञानरहितानां प्रमाणं तत्सुखोपलब्धये, तदानन्दप्राप्तये च।

शास्त्रज्ञानविरहिताः खलु पशुसमानाः शास्त्रज्ञमनुसरन्तो निस्तरन्ति। अर्थादैहिकं पारलौकिकं च पारमाप्नुवन्ति।

शास्त्रं केवलं ज्ञानप्रदं कलाकौशलप्रदं च मर्त्यानां किल। उत्पत्त्यवस्थायां पशुवदाहारनिद्राभयमैथुनक्रियाप्रवृत्तिसमन्वितां स्वाभाविकीं चेष्टां समादाय उत्पन्नो बालः पशुतुल्य एव भवति। उक्तं हि नीतिशास्त्रे- **'धर्मेण हीनाः पशुभिः समानाः'** इति। धर्म एव हि मनुष्यान् पशुभ्यः पृथक्कुरुते। पाशविकप्रवृत्तिमद्भ्यो मनुष्येभ्योऽपि मानवीयप्रवृत्तियुतान् मनुष्यान् धर्म एव पृथक् कुरुते।

---

२०९. १२/१०९ मनुः.। {अत्र शिष्टलक्षणं प्रतिपादितमस्ति}

विषयको ज्ञान हुँदैन। श्रुति एवं स्मृतिको ज्ञान नभएका पुरुषहरूले- जसले मीमांसा, धर्मशास्त्र, पुराण आदिद्वारा व्याख्या गरिएको (महिमसंवर्धन गरिएको) वेद जानेको छ त्यस्ता शिष्ट (सज्जन) (मनु. १२/१०९)[७७] पुरुषहरूद्वारा पालन गरिएको धर्म (आचार) लाई नै अनुष्ठेय धर्मका रूपमा अनुसरण गर्नुपर्छ। अतः (श्रुति एवं स्मृतिलाईझैं) सदाचारलाई पनि प्रमाण मानिएको हो।

श्रुति एवं स्मृतिमा प्रतिपादन गरिएका धर्मको अनुसरण गर्नाले नै ऐहिक सुख र पारत्रिक आनन्द पाइन्छ। श्रुति एवं स्मृतिमा प्रतिपादन गरिएका धर्मको ज्ञान सबैलाई प्राप्त हुने सम्भावना हुँदैन। अतः शास्त्रज्ञान नभएका पुरुषहरूका लागि सज्जनहरूको आचार नै शास्त्रप्रतिपादित सुख प्राप्त गर्ने र शास्त्रप्रतिपादित आनन्द प्राप्त गर्ने प्रमाण (साधन) हो। शास्त्रज्ञान नभएका अत एव पशुसमानका पुरुषहरू शास्त्रज्ञहरूको अनुसरण गरेर तर्दछन्। अर्थात् यस लोकबाट र परलोकबाट पार हुन्छन्, (ऐहिक एवं पारलौकिक प्राप्तव्य पाउँछन्)।

शास्त्रले मात्र मनुष्यहरूलाई ज्ञान प्रदान गर्ने र कलामा कुशलता प्रदान गर्ने कार्य गर्छ। जन्मिने बेलामा पशुहरूको जस्तो आहार, निद्रा, भय एवं मैथुन क्रियामा मात्र प्रवृत्ति भएको स्वाभाविक चेष्टा प्रदर्शन गर्दै उत्पन्न बालक पशुसमान नै हुन्छ। नीतिशास्त्रमा भनिएको पनि छ- **धर्मेण हीनाः पशुभिः समानाः** अर्थात् 'धर्म नभएका मनुष्य पशुसमान हुन्छन्'। धर्मले नै मनुष्यलाई पशुभन्दा भिन्न बनाउँछ। पाशविक प्रवृत्तिले युक्त भएका मनुष्यहरूबाट पनि मानवीयप्रवृत्तिले युक्त भएका मनुष्यलाई धर्मले नै अलग गराउँछ। त्यो धर्म महर्षिहरूद्वारा कर्म एवं अकर्मको विवेकका लागि (अमुक कर्म गर्नाले कल्याण हुन्छ तसर्थ गर्नुपर्छ अमुक कर्म गर्नाले अहित हुन्छ तसर्थ गर्न हुन्न भन्ने ज्ञान

---

७७. सङ्केतित पद्यमा- ब्रह्मचर्याद्युक्तधर्मेण यैरङ्गमीमांसाधर्मशास्त्रपुराणाद्युपबृंहितो वेदोऽधिगतस्ते ब्राह्मणाः श्रुतेः प्रत्यक्षीकरणे हेतवः, ये श्रुतिं पठित्वा तदर्थमुपदिशन्ति ते शिष्टा विज्ञेयाः (म. मु.) भनी शिष्टको लक्षण प्रतिपादन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स च धर्मः कर्माकर्मविवेकार्थं विसृष्टो महर्षिभिर्निर्दिष्टः । महर्षयो हि परावरज्ञा गतकल्पीयमितिवृत्तं संस्मृत्यास्मिन् कल्पे लोकयात्राप्रवहणार्थं निर्दिशन्ति ।

महर्षीणां परवरज्ञत्वम्

महर्षयो हि परावरज्ञा इति प्रत्यक्षादनुमीयते । प्रत्यक्षमूलानि सर्वाणि प्रमाणानि । न ह्यप्रत्यक्षीकृतं वस्तु सम्यक्तया निर्धारयितुं पार्यते । प्रत्यक्षमाकलय्याप्रत्यक्षस्य वस्तुनोऽनुमानं भवति । प्रत्यक्षसादृश्याच्चोपमानम् । शब्दस्य किल स्वतन्त्रं प्रमाणं गतकल्पीयानां पदार्थानामस्मिन् कल्पे महर्षिभिः संस्मृत्य निर्देशात् तत्र अपौरुषेयत्वस्थापनम् । सर्वथा प्रमाणानि प्रत्यक्षमूलतां समाश्रयन्ति । तस्मान् महर्षीणां परावरज्ञत्वस्यानुमानं प्रत्यक्षाद् विधायाप्रत्यक्षेष्वनुमानात् प्रतीयते ।

महर्षिभिर्दृष्टं प्रत्यक्षविज्ञानम्

परावरज्ञैर्महर्षिभिर्लोकाभ्युदयनिःश्रेयसकारकाणां निखिलानां प्रत्यक्षीकृत्य निर्देशादिदं धर्मशास्त्रमेकं विज्ञानम् ।

अपरमायुर्वेदविज्ञानम् । आयुर्वेदशास्त्रं च धार्मिकानुष्ठानस्य शारीरमानसिकस्वास्थ्यकारकत्वमस्वास्थ्यकरदोषप्रतिबन्धकत्वं च प्रतिज्ञाय स्वस्थायुः सम्पादनाय प्रवर्तते ।

अपरञ्च ज्योतिर्विज्ञानं वर्तते । ज्योतिर्विज्ञानं यदा यस्मिन् यथा यावत् यस्य ग्रहणम् (उपरागः) भवतीति निर्दिशति, अधुनापि तत्तथैव भवति यदस्माकं महर्षिभिर्दृष्टम् ।

गराउनका लागि) निर्माण (प्रवर्तन/स्मरण) गरिएको हो । परावरज्ञ (सबै युगका घटना जान्ने) महर्षिहरूले बितेका कल्पको इतिवृत्त स्मरण गरेर यस कल्पमा लोकयात्रा सञ्चालन गर्नका लागि उपदेश दिने गर्दछन् ।

महर्षिहरूको परवरज्ञता-

महर्षिहरू पर (लोकान्तर) एवं अवर (यस लोक) को ज्ञान भएका थिए भन्ने तथ्य प्रत्यक्षप्रमाणबाटै अनुमान लगाउन सकिन्छ । सबै प्रमाणका मूलमा प्रत्यक्षप्रमाण नै रहेको हुन्छ । प्रत्यक्ष नगरिएको वस्तु सम्यक् प्रकारले (यही नै हो र यो नै हो भनी) निर्धारण गर्न सकिन्न । प्रत्यक्ष वस्तुलाई हेरेर (साथै विश्लेषण गरेर) अप्रत्यक्ष वस्तुको अनुमान गरिन्छ । प्रत्यक्ष-समान भएका अवस्थामा उपमान प्रमाण सक्रिय हुन्छ । शब्दमा (वेदशास्त्रमा) भने स्वतन्त्र प्रमाणता रहेको हुन्छ । महर्षिहरूले गतकल्पका पदार्थहरू यस कल्पमा स्मरण गरेर निर्देशन गर्ने हुनाले (श्रुतिमा साथै स्मृतिमा) अपौरुषेयता स्थापना गरिएको छ (अपौरुषेय मानिएको छ) । प्रमाणहरूले सर्वथा प्रत्यक्षमूलताको आश्रय लिन्छन् । त्यसैले प्रत्यक्षप्रमाणका आधारमा महर्षिहरू परावरज्ञ थिए भनी अनुमान गरिन्छ । जहाँ विषय प्रत्यक्ष भएको हुँदैन त्यहाँ अनुमानबाट वस्तुको ज्ञान गरिन्छ ।

महर्षिहरूद्वारा देखिएको प्रत्यक्ष विज्ञान हो-

पर एवं अवर तत्त्वका ज्ञाता महर्षिहरूले लोकको अभ्युदय एवं निःश्रेयस गराउने सबै पदार्थहरू प्रत्यक्ष गरेर निर्देशन (उपदेश) दिएको हुनाले धर्मशास्त्र एउटा विज्ञान हो । आयुर्वेद पनि अर्को विज्ञान हो । आयुर्वेदशास्त्र धार्मिक अनुष्ठानका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयुर्विज्ञाने ज्योतिर्विज्ञानेऽपि च सन्त्यप्रत्यक्षफलात्मका अनेके पदार्थास्तेष्वपि च दृष्टाददृष्टमनुमानात् प्रमेयम्।

पुराणशास्त्रमपि अन्यतमं विज्ञानम्। अत्रापि दृष्टफलसंवादाददृष्टफलस्यापि संवादो विधेयः।

पुराणशास्त्रोक्तेषु दृष्टसंवादः

अस्माकं पुराणशास्त्रेषु समभिहितेषु केषुचिच्च तत्त्वेषु वर्तमानिका वैज्ञानिकाः पूर्वमसम्भवमाशङ्कमानाः पश्चाच्च स्वयं तत्र प्रवृत्य सफला जाता इति तदेव प्रत्यक्षम्।

शास्त्रेक्तेष्वाधुनिकसन्देहः

पुराणेषु प्राजकरहितं वायुयानम् (पुष्पकविमानम्) कुबेरस्यासीदिति श्रूयते न तत्सत्यमित्याधुनिकाः कस्माच्चनकालात्पूर्वं भणन्त आसन्।

पुराणेषु पर्वतानामुड्डयनमभिहितम्, न तत्सत्यमित्यपि आधुनिका वदन्ति।

धर्मशास्त्रोक्तेष्वाधुनिकसन्देहः

धर्मशास्त्रं खलु स्थावरेष्वपि (तरुवृक्षगुल्मलतादिष्वपि) चेतना वर्तते इति निर्दिशति। किञ्चित्कालात्पूर्वं तत्राप्याधुनिका न तत्सत्यमिति सन्दिह्यन्त एवासन्।

लागि आवश्यक पर्ने शारीरिक एवं मानसिक स्वस्थता उत्पन्न गराउने र अस्वस्थता उत्पन्न गराउने दोषहरूमा प्रतिबन्ध लगाउने प्रतिज्ञा गरेर स्वस्थ आयु सम्पादन गर्ने कार्यमा प्रवृत्त हुन्छ। अर्को एउटा ज्योतिर्विज्ञान पनि छ। ज्योतिर्विज्ञानले जब, जहाँ, जसरी, जति समयसम्म, जसमा (सूर्य एवं चन्द्र मध्ये कुनै एकमा) उपराग अर्थात् ग्रहण लाग्दछ त्यसको निर्देशन गर्दछ। अहिले पनि त्यो कुरा त्यसरी नै भइरहेको छ जसरी हाम्रा महर्षिहरूले देखेका थिए। आयुर्विज्ञानमा र ज्योतिर्विज्ञानमा अप्रत्यक्ष फल प्रदान गर्ने अनेकौँ पदार्थ छन्। तिनीहरूमा पनि दृष्ट प्रमाणका आधारमा अदृष्ट प्रमेयको ज्ञान गर्नुपर्छ। पुराणशास्त्र पनि एउटा विज्ञान हो। त्यहाँ पनि दृष्टफलको संवादबाट (आधारमा) अदृष्टफलको संवाध (अनुमान) गर्नुपर्ने हुन्छ। (जसको परिणाम प्रत्यक्ष देखिएको छ त्यस्ता विषयबाट जसको फल प्रत्यक्ष देखिएको छैन त्यस्ता विषयको अनुमान गर्नुपर्छ।)

पुराणशास्त्रद्वारा भनिएका कथनमा दृष्टसंवाद (प्रत्यक्षता)-

हाम्रा पुराणशास्त्रहरूमा भनिएका कतिपय तत्त्वहरूमा (विषयका सम्बन्धमा) आधुनिक वैज्ञानिकहरू पहिले-पहिले असम्भव छ भनी आशङ्का गर्ने गर्दथे। पछिबाट उनीहरू स्वयं त्यस्ता तत्त्वहरूको अन्वेषणमा संलग्न भए र सफलता पनि प्राप्त गरे। त्यही नै प्रत्यक्ष प्रमाण (दृष्टसंवाद) हो।

शास्त्रमा प्रतिपादित विषयवस्तुहरूमा आधुनिकहरूको सन्देह-

पुराणमा कुबेरको चालक नभए पनि चल्ने वायुयान अर्थात् पुष्पकविमान थियो भन्ने सुनिन्छ। यो कुरा साँचो होइन भनी आधुनिकहरूले केही समय पहिलेसम्म भनिरहेका थिए। पुराणहरूमा पहाडहरू उड्थे भनिएको छ, यो कुरा पनि साँचो होइन भनी आधुनिकहरू भन्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थमेवाप्रत्यक्षफलकेषु शास्त्रनिर्दिष्टेषु अपरेष्वपि तत्त्वेषु सम्मुह्यन्त आधुनिका निर्जल्पन्ति।

धर्मशास्त्रपुराणोक्तेषु सन्देहनिराकरणम्

धर्मशास्त्रोक्तेषु पुराणोक्तेषु च पूर्वोक्तेषु तत्त्वेषु प्रत्यक्षतो निःसन्दिग्धा जना अप्रत्यक्षमप्यनुमान्ति। आधुनिकैर्वैज्ञानिकैः प्राजकरहितं वायुयानम् (रकेटः) निर्मितम्।

पुराणोक्तं पर्वतानामुड्डयनं यद्यप्यधुनापि सूक्ष्मतया विद्यमानं प्रायः सर्वैरेव दृष्टमिति चाक्षुषमेव प्रत्यक्षम्। तथापि परनिदर्शनं विना साधारणो जनश्चक्षुषावलोकितमपि पदार्थं नावगच्छतीति पर्वतोड्डयनमसम्भवं रूपं प्रस्तूयते।

धूमज्योतिःसलिलमरुतां सन्निपातकाले कदाचिदिन्द्रस्य वज्रं भूमौ निपतति। यदा महेन्द्रवज्रस्य भूमौ निपातो भवति तदा तत्र फालसदृशं वा प्रस्तरखण्डसदृशं वा परशुसदृशं वा यत्किञ्चिदपि वस्तु तत्रैव स्थितमुपलभ्यते।

यदा तु तदिन्द्रवज्रं भूमावनिपत्यैव भूमिकर्षणं विधाय वा प्रस्तरसङ्घातं संविदार्य वा यथातथा वा परावृत्य दिवि गच्छति तदा तु पूर्वोक्ताः फालसदृशाः पदार्थास्ते चेन्द्रवज्रपातस्थाने नोपलभ्यन्ते। एतत्तु कतिपयैरनेकशो दृष्टमेव भवेदिति प्रत्यक्षमेव।

धर्मशास्त्रद्वारा प्रतिपादन गरिएका विषयमा आधुनिकहरूको सन्देह-

धर्मशास्त्रले स्थावरमा पनि (तरु, वृक्ष, गुल्म, लता आदिमा पनि) चेतना हुन्छ भनी बताउँछ। केही समय पहिलेसम्म यस विषयमा पनि आधुनिकहरू ले यी कुरा सही होइन् भनी शङ्का गरिरहेका थिए। यसरी नै अप्रत्यक्ष फल प्रतिपादन गर्ने शास्त्रहरूमा निर्देशन गरिएका अरू तत्त्व (विषय) हरूमा पनि मोहित हुँदै (अज्ञानताले गर्दा मूर्खता प्रदर्शन गर्दै) चाहिँदा नचाहिँदा कुरा गर्दछन्।

धर्मशास्त्रका एवं पुराणका उक्तिहरूमा रहेका सन्देहको निराकरण-

धर्मशास्त्रमा र पुराणमा बताइएका पूर्वप्रतिपादित तत्त्वहरूमा प्रत्यक्षतः कुनै प्रकारको सन्देह नभएका मनुष्यले अप्रत्यक्ष पदार्थको पनि अनुमान लगाउँछन् (अनुमानका आधारमा अप्रत्यक्ष पदार्थको बोध गर्दछन्)। आधुनिक वैज्ञानिकहरूले चालकरहित वायुयान (रकेट) को निर्माण गरेका छन्।

पुराणमा प्रतिपादन गरिएको पहाडहरू उड्ने प्रक्रिया अहिले पनि सूक्ष्मरूपमा देखिन्छ। यो तथ्य सबैले देखेकै र जानेकै छन्। यो आफ्नै आँखाले प्रत्यक्ष गरिएको विषय हो। यति भएर पनि अरूले यस्तो हो भनी सप्रमाण नबताएसम्म साधारण मनुष्यले आफ्नै आँखाले देखेको कुरा पनि थाहा पाउन सक्दैन। अतः पहाडको उड्ने प्रक्रिया असम्भव हो भनी प्रतिपादन गर्दछ।

धुवाँ, तेज, पानी एवं वायुको संयोग भएका अवस्थामा (मेघ उत्पन्न भएपछि) कहिलेकाहीँ जमिनमा इन्द्रको वज्र झर्दछ (चट्याङ पर्दछ)। जब महेन्द्रको वज्र भुइँमा बज्रिन्छ त्यस समयमा जहाँ वज्र झरेको हुन्छ त्यस ठाउँमा फालीजस्तो अथवा ढुङ्गाको टुक्राजस्तो अथवा बन्चरोजस्तो कुनै पदार्थ रहेको पाइन्छ (झरेको भेटिन्छ)। जुन समयमा इन्द्रको वज्र भुइँमा पर्नासाथ भूमिकर्षण गरेर अथवा ढुङ्गाका समूहलाई विदीर्ण गराएर अथवा अन्य कुनै तरिकाले फर्किएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यैर्दृष्टं भवेन्निपतितं परावृत्तं वेन्द्रवज्रस्य तत्र दृष्टमेव सूक्ष्मपर्वतोड्डयनम् । फालसदृशाः पदार्था एव पर्वतशकलानि । तेषां समुच्चयो हि स्थूलपर्वतरूपम् । स्थूलपर्वतानामुड्डयनं त्विन्द्रेणैव तेषां पक्षोच्छेदनादधुना न भवतीति पुराणमेव निगदति ।

[२१०]धर्मशास्त्रोक्तम्- **तमसा बहुरूपेण वेष्टिता कर्महेतुना ।**

अन्तःसंज्ञा भवन्त्येते सुखदुःखसमन्विताः ।।

इत्यादिवृक्षाणामन्तःसंज्ञावत्वं सुखदुःखसमन्वितत्वं त्वाधुनिकैर्विज्ञानेन प्रमाणीकृतमिति न प्रमाणान्तरस्यावश्यकत्वम् ।

तस्मादस्माकं महर्षिभिर्निर्दिष्टेष्वेषु विषयेषु वार्तमानिकैर्वैज्ञानिकैः पूर्वं सन्दिह्य पश्चात् प्रयोगशालायाः स्वयमेव प्रत्यक्षीकरणात् सत्यत्वमङ्गीकृतम्, तथैव वार्तमानिकैरप्रत्यक्षीकृतमपि महर्षिभिः स्मृतस्याखिलस्य सत्यत्वमनुमानादवगत्य परावरज्ञा महर्षय इति निश्चीयते ।

ते हि परावरज्ञा महर्षयो लोकानुग्रहार्थं गतकल्पीयं धर्मं संस्मृत्यास्मिन् कल्पे समनुष्ठेयतया निर्दशन्ति ।

लोकेषु च ये ये वर्णाः वर्णानुसारं निर्दिष्टं स्वं स्वं धर्मं नानुतिष्ठन्ति, समुपदिष्टं च तं तं धर्ममकिञ्चित्करमिति विजल्पन्ति च ते खलु भिन्नमर्यादाः सदा भौतिकसम्पत्सञ्चयव्यासक्तमनस्कतया विप्लुष्टमतयो वर्णाः खलु पशुसदृशा एव । तादृशान् मनुष्यान् [२११]व्यासोऽपि पशुभूतानाह ।

२१०. १/४९ मनुः ।

२११. महाभारतम्, शान्तिपर्व, राजधर्मानुशासनपर्व ६५/६७ । (६५ अध्यायमा ६७ श्लोक नभएकाले विचारणीय) ।

पुनः आकाशमा नै जान्छ त्यस समयमा पहिले बताइएका पदार्थहरू चट्याङ परेका ठाउँमा देखिँदैनन् । यस्ता घटना कतिपय पुरुषद्वारा अनेकौँ पटक देखिएको हुन सक्छ । अतः यो प्रत्यक्ष नै विषय हो । जसले चट्याङ परेको र फर्किएर गएको पनि देखेका हुन्छन् तिनीहरूले सूक्ष्मपर्वतहरूको उड्डयन प्रक्रिया देखेकै हुन्छन् । फालीजस्ता ती पदार्थ नै पहाडका टुक्रा (अंश) हुन् । तिनै टुक्रा (अंश) हरूको समूह नै स्थूल पहाड हो अर्थात् अंशी विशाल पहाड हो । स्थूल पहाडहरूको उड्ने कार्य इन्द्रद्वारा पखेटा काटिदिएका हुनाले अहिले हुँदैन भनी पुराण नै भन्दछ । धर्मशास्त्रमा भनिएको छ- **तमसा०** अर्थात् 'वृक्ष-लता आदि तमोगुणले र अनेक प्रकारका दुःखका कारणका रूपमा रहेका धर्म-कर्महरूले बेरिएका (व्याप्त भएका) हुन्छन् । अतः सुख एवं दुःखले युक्त भएका वृक्ष-लतादि भित्रबाट संज्ञा भएका हुन्छन्' (मनु. १/४९) । वृक्षहरूका भित्र चेतना हुन्छ, उनीहरू पनि सुख-दुःखले युक्त हुन्छन् भन्ने तथ्य आधुनिकहरूले पनि विज्ञानका माध्यमले प्रमाणित गरेका छन् । अतः यस सम्बन्धमा अर्को प्रमाण दिनुपर्ने आवश्यकता पर्दैन ।

हाम्रा महर्षिहरूद्वारा बताइएका कतिपय विषयलाई वर्तमान युगका वैज्ञानिकहरूले पहिले शङ्काका दृष्टिले हेरेर, पछिबाट आफै नै प्रयोगशालाबाट प्रत्यक्ष गरेर सत्य रहेछ भनी स्वीकार गरेका थिए । त्यसैले वर्तमानका मनुष्य (वैज्ञानिक आदि) द्वारा प्रत्यक्ष गर्न नसकिएका तर महर्षिहरूद्वारा प्रतिपादन गरिएका सबै विषयहरू सत्य हुन् भनी अनुमान प्रमाणका आधारमा निर्णय गर्नुपर्ने हुन्छ । यसबाट उनीहरू (हाम्रा महर्षिहरू) परावरज्ञ भएको निश्चय गरिन्छ । तिनै परावरज्ञ महर्षिहरूले लोकलाई अनुग्रह गर्न बितेका कल्पका धर्महरूको स्मरण गरेर यस कल्पमा यस्ता यस्ता कार्य गर्नुपर्छ भनी कर्तव्यका रूपमा धर्मको निर्देशन गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न हि पशुः पादलग्नं कण्टकमुद्धर्तुं प्रभवति । विद्धकण्टकजनितां वेदनामनुभवति । पादचालगतविकृतगते-स्तस्य पशोर्विद्धकण्टकजनितवेदनावबोधः पश्यतां जायते । परं तस्य पशोस्तत्कण्टकोद्धरणात्मकचेष्टाशक्ते-रभावान्न ह्येव शक्नोति पादविद्धं कण्टकं निष्काशयितुम् ।

यथा पशौ स्ववेदनापसारणे परमात्मप्रदत्तशक्तेरभावस्तथैव देही अपि अनेनैव देहेन परमात्मनः स्वरूपं ज्ञातुं परमात्मनोऽनुग्रहमन्तरा न ह्येव शक्नोति । एतच्च भगवतो विश्वरूपदर्शनाय भगवतार्जुनस्य योगदृष्टिप्रदाना-दवगम्यते ।

अभीष्टसाधने प्रज्ञा प्रज्ञान्तरमपेक्षते

यथा चक्षुर्भ्यां रूपाकृत्याद्यात्मकतया सामान्यरूपेण विषयीभूतं वस्तु रसग्राहकतया रसनेन्द्रियं गुणग्रहणेन विशेषेण विषयीकरोति । तथैव श्रुतानुमानादिभिः समुत्पन्नया प्रज्ञया सामान्यतः प्रत्यक्षीकृतं वस्तु अध्यात्मप्रसादावस्थासमुत्पन्नया ऋतम्भरया प्रज्ञया सर्वाङ्गतया प्रत्यक्षीक्रियते । तादृशी प्रज्ञा प्रत्यक्षं करोतीत्येतच्च [२१२]पातञ्जलयोगदर्शनेऽभिहितम् ।

---

२१२. पातञ्जलयोगदर्शनम्, समाधिपादः, ४७-४९ सूत्राणि ।

लोकमा जुन-जुन वर्णले वर्णअनुसार निर्देशन गरिएका आफ्ना आफ्ना धर्महरूको पालन गर्दैनन्, निर्देशन गरिएका धर्महरूलाई पनि यिनीहरूको पालनबाट केही हुँदैन भनी अनर्गल प्रलाप गर्दछन्, त्यस्ता मर्यादाको उल्लङ्घन गरेका, भौतिक सम्पत्तिको सञ्चयनमा दिलोज्यान दिएर लागेका अतः एव मति भ्रष्ट भएका वर्णहरू पशुसमानका हुन्छन् । त्यस्ता मनुष्यहरूलाई व्यासले पनि पशुसमानका हुन्छन् भनी बताउनुभएको छ (शान्तिपर्व) ।

पशुले आफ्ना खुट्टामा बिझेको काँडो पनि निकाल्न सक्दैन । बिजेका काँडाले गर्दा उत्पन्न भएका वेदनाको भने अनुभव गर्छ । खोच्याउँदै हिँडिरहेको पशुलाई देखेर उसले बिजेका काँडाको पीडा अनुभव गरिरहेको छ भन्ने तथ्य हेरिरहेका सबै मनुष्यलाई हुन्छ । तर पनि त्यस पशुमा बिजेका काँडालाई निकाल्नका लागि आवश्यक पर्ने चेष्टात्मक शक्ति हुँदैन । त्यसैले आफ्ना खुट्टामा गढेको काँडो निकाल्न सक्दैन ।

जसरी पशुले परमात्माद्वारा दिइने शक्तिका अभावमा आफ्नो पीडा हटाउन सक्दैन त्यसरी नै प्राणीले परमात्माको अनुग्रहविना यसै शरीरका माध्यमले परमात्माको स्वरूप जान्न सक्दैन । यो तथ्य भगवान् श्रीकृष्णले आफ्नो विश्वरूप अवलोकन गर्नका लागि अर्जुनलाई योगदृष्टि प्रदान गरेका सन्दर्भबाट ज्ञात हुन्छ ।

अभीष्ट सिद्धिका लागि एउटा प्रज्ञाले अर्को प्रज्ञाको अपेक्षा गर्दछ-

जसरी चक्षुरिन्द्रियद्वारा रूप आकृति आदि थाहा पाएर सामान्यज्ञानको विषय बनाइएको वस्तुलाई रसको (स्वादको) ग्रहण गर्ने रसनेन्द्रियले गुण ग्रहण गरेर विशेष रूपमा आफ्नो विषय बनाउँछ त्यसरी नै श्रुत (शब्दप्रमाण) एवं अनुमान आदिद्वारा उत्पन्न भएको प्रज्ञाद्वारा सामान्य रूपमा प्रत्यक्ष गरिएको वस्तुलाई आध्यात्मिक निर्मलताबाट उत्पन्न ऋतम्भरा (सत्यको खोजी गर्ने) प्रज्ञाद्वारा सम्पूर्ण रूपमा प्रत्यक्ष गरिन्छ । ऋतम्भरा प्रज्ञाले नै वस्तुको सर्वाङ्गीण प्रत्यक्ष गर्छ भन्ने विषय पातञ्जल योगदर्शनमा बताइएको छ । (पा.यो.द., १/४७-४९ सू.) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न हि चक्षुषोर्विषयीभूतायाः शर्कराया रसप्रतीतिः । रसप्रतीतौ रसनेन्द्रियस्यैवावस्यकता जागर्ति । यद्यपि रसप्रतीतौ रसनेन्द्रियस्य प्राधान्यं तथापि हिताहितकारकरसपरीक्षणार्थं तु करणान्तरसाहाय्येन भाव्यम् । न हि हिताहितरसपरीक्षणे रसनेन्द्रियं समर्थम् । वत्सनाभादिविषरसपरीक्षणे सक्तं हि रसनेन्द्रियं स्वात्मानमेव व्यापादयेदिति कृत्वा रसनेन्द्रियं करणान्तरस्य साहाय्यमपेक्षतेऽभीष्टसम्पत्त्यर्थम् ।

तथैव श्रुतानुमानाभ्यां समुत्पन्ना प्रज्ञापि वास्तविकरूपेण वस्तुज्ञानार्थं प्रज्ञान्तरस्य समुत्पत्तिमपेक्षते । सा च प्रज्ञाध्यात्मप्रसादाज्जायते ।

शास्त्रप्राप्तो भगवदनुग्रहप्राप्तो वा भवेत् स एव प्रज्ञालोकः ऐहिकामुष्मिकाभीष्टगतिप्राप्तिमार्गप्रदर्शकः । न हि कश्चित् प्रज्ञालोकविहीनः पुरुषः समीहितेष्टसाधनज्ञाने समर्थो भवति । समीहितेष्टसाधनज्ञानमन्तरा च साध्यस्याप्तिर्न सम्भवतीति साध्यस्य सम्पत्यर्थं समीहितेष्टसाधनस्य ज्ञानमावश्यकम् । समीहितेष्टसाधनज्ञानाय च प्रज्ञाया आलोक आवश्यकः ।

स च प्रज्ञाया आलोकः संयमप्राप्तविजयानामेव पुरुषाणां समुदेतीति प्रज्ञालोकावाप्तये संयमप्राप्तविजयेन भाव्यम् । संयमे प्राप्तविजयानामेव प्रज्ञालोकः समुदेतीति [२१३]पातञ्जलयोगसूत्रे निर्दिष्टम् ।

---

२१३. पातञ्जलयोगदर्शनम्, विभूतिपादः, ५ सूत्रम् ।

आँखाको विषय बनेका शर्कराबाट रस प्रतीत हुँदैन (आँखाले हेरेर मात्र चिनीबाट गुलियोको स्वाद पाइँदैन) । रसप्रतीतिका लागि त रसनेन्द्रिय (जिब्रो) को नै आवश्यकता पर्छ । रसास्वादमा रसनेन्द्रियको प्रमुख भूमिका हुन्छ तापनि आस्वादनीय रसले हित एवं अहित के गर्छ भनी परीक्षण गर्नका लागि त अन्य इन्द्रियको सहायता लिनुपर्ने हुन्छ । रसले (खाद्यपदार्थबाट प्राप्त हुने स्वादले) हित गर्छ अथवा अहित गर्छ भन्ने तथ्यको परीक्षण गर्न रसनेन्द्रिय (जिह्वा) समर्थ हुँदैन । वत्सनाभ आदि विषका रसको परीक्षणमा संलग्न भएको रसनेन्द्रियले आफूलाई समेत नष्ट गराउँछ । अतः अभीष्ट लाभका लागि रसनेन्द्रियले पनि अन्य इन्द्रियहरूको अपेक्षा गर्दछ । यसै प्रकारले श्रुत एवं अनुमानबाट उत्पन्न भएको प्रज्ञाले पनि वास्तविक (यथार्थ) रूपमा वस्तुको ज्ञान गर्नका लागि प्रज्ञान्तर (अन्य प्रज्ञा) का उत्पत्तिको अपेक्षा गर्दछ । त्यस्तो प्रज्ञा आध्यात्मिक निर्मलताबाट उत्पन्न हुन्छ ।

शास्त्रबाट प्राप्त भएको होस् अथवा ईश्वरीय अनुग्रहबाट प्राप्त भएको होस् त्यसै प्रज्ञाको आलोकले यस लोकमा र परलोकमा समेत अभीष्ट गतिप्रदान गर्ने बाटो देखाउने काम गर्छ । प्रज्ञाको आलोक नभएको कुनै पनि पुरुष आफूले चाहेको अभीष्ट साधनको ज्ञान गर्न समर्थ हुँदैन । आफूले चाहेका साधनको ज्ञान नभएसम्म साध्यको सिद्धि सम्भव हुँदैन । अतः साध्य वस्तु प्राप्त गर्नका लागि आफूले चाहेअनुसारको साधनको ज्ञान हुनु आवश्यक हुन्छ । अभीष्ट साधनको ज्ञानका लागि प्रज्ञाका आलोकको आवश्यकता पर्दछ । प्रज्ञाको आलोक (प्रकाश) संयममा विजय प्राप्त गरेका पुरुषहरूलाई मात्र प्राप्त हुन्छ । अतः प्रज्ञालोकलाई प्राप्त गर्न संयममा विजय प्राप्त गरेको हुनुपर्छ । संयममा विजय प्राप्त गरेका मनुष्यमा मात्र प्रज्ञालोकको उदय हुन्छ भन्ने तथ्य पातञ्जलयोगसूत्रमा बताइएको छ (पा.यो.द., विभूतिपाद ५ सूत्र) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपःप्रभावदृषयो धर्मान् स्मृतिरूपेण सम्भावयन्ति

अत एव संयमाल्लब्धप्रज्ञालोका महर्षयः स्वतपःप्रभावस्फुरितलोककल्याणकारकान् धर्मान् स्वयमनुतिष्ठन्तो लोकान् स्मृतिरूपेण सम्भावयन्ति।

तासु च स्मृतिषु इहामुत्र समभीष्टगतिदायका आजन्म आमरणं समनुष्ठेया नानाविधा धर्मा निर्दिष्टाः सन्ति। तेषां समेषां धर्माणां नानाविधप्रयोजनसत्वेऽपि प्रधानतया ऐहिकं सुव्यवस्थित्यापादनात्मकं प्रयोजनं संलक्ष्यते।

यमनियमनानुष्ठानं हि लोककल्याणार्थं धर्मशास्त्रं समभिधत्ते। के यमाः के च नियमास्ते सर्वे सम्यङ् निरूपिताः। तेषां किं किं प्रयोजनमिति च निरूपितं महर्षिभिः।

[२१४]व्यासेनोक्तम्- **'यद्यच्छीर्षण्याचरितं तत्तदनुवर्तते लोकः।'** इति। सर्वो हि लोकः स्वस्वाद्विशिष्टैः पुरुषैराचरितमेवादर्शमादाय सर्वेषु स्वव्यापारेषु तदनुरूपमेव हि अनुवर्तितुं यतते। एष स्वाभाविको गुणो यावज्जीवमधितिष्ठति।

दृश्यते हि पशुष्वपि वृद्धानुगमनं बालेषु। दृश्यते मधुकरेषु स्वकीयस्य राज्ञोऽनुवर्तनम्। राज्ञोऽनुवृत्तिव्यापारायमलभमानाश्च ते मधुकराः स्वयमस्तव्यस्तव्याप्त्या इतस्ततो विशीर्णाः सन्तः खलु विनाशमाप्नुवन्ति। **'रानु हराएको मौरी'** इति भाषायां प्रसिद्धमेव। पिपीलिकाश्चानुवर्तन्ते स्वयूथपतिम्।

---

२१४. श्रीमद्भागवतम् ५/४/१५।

तपस्याको प्रभावले ऋषिहरूले धर्मलाई स्मृतिका रूपमा उपस्थापन गर्दछन्-

त्यसैले नै संयमबाट प्रज्ञाको आलोक प्राप्त गरेका महर्षिहरूले आफ्ना तपस्याका प्रभावले स्फुरित (प्रकाशित) भएका एवं लोकको कल्याण गर्ने धर्महरूको स्वयं अनुष्ठान गर्दछन् र मनुष्यहरूलाई पनि स्मृतिका रूपमा उपस्थापन गर्दछन्। ऋषिहरूद्वारा उपस्थापन गरिएका स्मृतिहरूमा यस लोकमा र परलोकमा समेत अभिलषित गति प्रदान गर्ने जन्मदेखि मृत्युसम्म पालना गर्नुपर्ने अनेक प्रकारका धर्महरू बताइएका छन्। उक्त धर्महरूका अनेक प्रकारका प्रयोजन भए तापनि प्रमुख रूपमा यसै लोकमा राम्रो व्यवस्था कायम गराउने प्रयोजन भएको देखिन्छ। यम एवं नियमको पालन गर्ने कार्य लोककल्याणका लागि गरिन्छ भनी धर्मशास्त्रले भन्दछ। यम भनेका के हुन् र नियम भनेका के हुन् भनी सबै विषय शास्त्रमा राम्ररी देखाइएको छ। महर्षिहरूले यम-नियम पालनका प्रयोजन के के हुन् भनेर पनि देखाएका छन्।

व्यासले भनेका छन्- **यद्यद्०** अर्थात् 'ठूला-बडाले जे गरेका हुन्छन् सामान्य मनुष्यले त्यसैको अनुसरण गर्दछन् (भा. ५/४/१५)।'[७८] सबै मानिसले आफूभन्दा विशिष्ट पुरुषद्वारा गरिएका कार्यलाई आदर्श मानेर आफ्ना सबै क्रियाकलापमा तदनुकूल नै अनुसरण (अनुवर्तन) गर्न चाहन्छन्। यो स्वाभाविक गुण जीवनभरि नै रहन्छ।

पशुहरूका (मानवेतरका) बालकहरूमा (बाच्छा-पाडा आदिमा) पनि वृद्धहरूको अनुसरण गर्ने प्रवृत्ति देखिन्छ। मौरीहरूमा पनि आफ्ना राजाको (रानाको) अनुकरण गर्ने परिपाटि पाइन्छ। रानाको अनुसरण गरेका तर रानालाई नभेटाएका मौरीहरू स्वयं अस्तव्यस्त हुन्छन्, यताउति छरिन्छन् र अन्तमा विनाशलाई प्राप्त हुन्छन्। नेपालीमा **रानो हराएको मौरी** भन्ने उक्ति प्रसिद्ध नै छ। कमिलाहरूले पनि आफ्ना समूहका अगुवाको अनुसरण गर्दछन्।

---

७८. यस सम्बन्धमा **महाजनो येन गतः स पन्था** भन्ने उक्ति पनि प्रसिद्ध छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृद्धानुगामिलोकरूपसमाजो यथावृद्धं स्फुरति। यस्मिन् समाजे यादृशा वृद्धा अधिकुर्वन्ति स समाजस्तादृश एव प्रभवति। तस्मादेव चास्माकं धर्मशास्त्रेषु विद्यावृद्धानां ज्ञानवृद्धानां वयोवृद्धानां प्राशस्त्यं प्रतिपादितम्। समाजे वृद्धानां स्थानं सर्वोपरि स्थापितम्। उक्तं हि मनुना- राजस्नातकयोर्द्वयोः समवाये राज्ञः कृते स्नातक एव सम्माननीयो भवतीति।

वृद्धत्वस्य च परीक्षको लोक एव। लोके येषां विद्यादिगुणगणैः समुदितानां तद्रहितानां वा समादरो भवति तादृशा एव जनाः समुत्पद्यन्ते, स्वात्मानं तादृशमेवापादयितुं यतन्ते। तेषामेव च देशे प्राबल्यं प्रभवति। विद्यादिज्ञानवतां प्राबल्ये ज्ञानचक्षुरुद्भावनेनाभीष्टार्थावभासनात् प्रसरति लोकः समुन्नतेर्मार्गे सर्वतोभावेन। तद्वैपरीत्ये नश्यति लोको विपरीतदशामाप्तः। तस्माच्छास्त्रेषु वृद्धादरो निर्दिष्टः। वृद्धाश्च वयोवृद्धविद्यावृद्धज्ञान-वृद्धभेदात् त्रिविधाः सम्पद्यते। तेष्वेव विशेषज्ञत्वस्योदयः सम्पद्यते।

विशेषज्ञो हि कर्मणां फलनिर्वृत्तिं तत्त्वतो वेत्तीति विशेषज्ञत्वेन भाव्यमर्थनिर्णायकेन। तत्त्वतः फलनिर्वृत्ते-रनभिज्ञा न ह्यर्थनिर्धारणायोपयुक्ततत्त्वज्ञा हि जानन्ति यथातथ्यम्। यथातथ्यज्ञानविहीनेन कृतं कर्म दत्त उपदेशो निर्धारितश्च सिद्धान्तः काकातालीयतयोपयोगित्वेऽपि सर्वात्मना न कस्यचिदपि क्षेमाय जायते। अतत्तत्त्वज्ञः स्वसन्निहितानभिज्ञत्वरूपापराधात् हितावहवस्तुतत्त्वनिर्धारणाय स्वयमेव भ्राम्येच्चेत् सौकर्यं तत्रापवञ्चका-नामनभिज्ञमुत्पथयितुम्। तत्रोदाहरणं यथा-

---

वृद्धहरूको अनुसरण गर्ने लोकरूप समाज वृद्धपुरुष (अगुवाअनुसार) नै अभिव्यक्त हुन्छ। जुन समाजमा जस्ता वृद्धहरूले अगुवाइ गर्दछन् समाज पनि त्यस्तै हुन्छ। त्यसैले हाम्रा धर्मशास्त्रहरूमा विद्यावृद्धहरूको, ज्ञानवृद्धहरूको र वयोवृद्धहरूको प्रशंसा गरिएको छ। समाजमा वृद्धहरूको स्थान सबैभन्दा माथि राखिएको छ। मनुले पनि भनेका छन्- राजा र स्नातक दुई समुदायको समुपस्थितिमा राजाका निम्ति स्नातक नै सम्माननीय हुन्छ। (मनु.२/१३९)

वृद्धताको परीक्षण गर्ने लोक (समाज) नै हो। लोकमा जस्ता विद्या आदि गुणसमुदायले युक्त भएका अथवा विद्या आदि कुनै पनि गुण नभएका पुरुषको आदर हुन्छ त्यसै प्रकारका (गुण/अवगुणले युक्त भएका) मनुष्य उत्पन्न हुन्छन् र आफूलाई पनि त्यस्तै बनाउन प्रयत्न गर्दछन्। तिनीहरूकै देशमा (राष्ट्रमा) प्रबलता हुन्छ। विद्या आदि ज्ञानले युक्त भएका व्यक्तिहरूको बाहुल्य भएका अवस्थामा उनीहरूले ज्ञानरूपी आँखा खोलिदिन्छन्। त्यसबाट अभीष्ट अर्थ अवभासित हुन्छ र लोक (जनसमूह) सबै प्रकारले उन्नतिको मार्गमा लाग्दछ। त्यसका विपरीततामा (ज्ञान नभएका मूर्खहरूको बाहुल्य भएमा) विपरीत अवस्थामा पुगेको लोक नष्ट हुन्छ। त्यसैले नै शास्त्रहरूमा वृद्धहरूको आदर गर्नुपर्छ भनिएको छ। वृद्धहरू- वयोवृद्ध, विद्यावृद्ध र ज्ञानवृद्धका भेदले तीन प्रकारका हुन्छन्। तिनीहरूमा (वृद्धहरूमा) नै विशेषज्ञताको उदय हुन्छ।

विशेषज्ञले कर्महरूबाट फल प्राप्त हुन्छ (अथवा कस्ता कर्मबाट अभीष्ट फल प्राप्त हुन्छ) भन्ने तथ्य यथार्थरूपमा जान्दछ। अतः अर्थको निर्णय गर्ने पुरुष विशेषज्ञ हुनुपर्छ। तात्त्विक दृष्टिले फल प्राप्त हुन्छ भन्ने ज्ञान नभएका अथवा अर्थनिर्धारणका लागि उपयुक्त तत्त्व नजानेका पुरुषले यथार्थता (वास्तविकता) जान्दैनन्। वास्तविक तथ्य नजानेका पुरुषद्वारा गरिएको कर्म, दिइएको उपदेश र प्रतिपादन गरिएको सिद्धान्त काकतालिका रूपमा कहिलेकाहीँ उपयुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रसासृङ्मांसमेदोस्थिमज्जाशुक्राणां द्रव्याणां विशेषतानभिज्ञः कश्चिदपि मूढः मनुते बुभुक्षाप्रशमनप्रयोजनं जिह्वाया रसास्वादनप्रयोजनं वा केवलं भोजनस्य । अस्त्येव भोजनस्य बुभुक्षाशमनप्रयोजनं जिह्वया रसास्वादनप्रयोजनञ्च । दृश्येते च तावेव प्राथमिकतया प्रत्यक्षतया च भोजनप्रयोजनत्वेन मन्दचेतसाम् । न हि स्फुरति चर्मचक्षुषां प्रसादगुणवद्रसासृङ्मांसमेदोस्थिमज्जाशुक्रसम्पत्तेरात्मनो ब्राह्मीयतनुत्वसम्पादनप्रयोजनं भोजनस्य । अतः स चर्मचक्षुर्मूढो भोजनस्य परमप्रयोजनानभिज्ञत्वरूपापराधात् केवलं बुभुक्षाप्रशमनं रसास्वादनमेव च प्रयोजनं मत्वा प्रसादगुणहितपदार्थविवेचनमन्तरैव बुभुक्षापशमकान् रसास्वादजनकांश्च पदार्थान् ग्रहीतुं स्वयमेव प्रवर्तते चेत् सौकर्यमेव तत्रापवञ्चकानां तथाविधं जनं मादकपदार्थादिभोगेषु प्रवर्तनां विधायोत्पथयितुम् ।

तथैवास्माकं प्रतिपन्थिनो भौतिकं चाकचिक्यमनुशीलयन्तश्च वैदेशिका अनन्तरत्नभाण्डागारादपि अतिमहत्त्वमादधानेषु शास्त्रेषु स्वभावजनिताध्ययनाध्यापनादिविषयकप्रवृत्तिमुत्सादयितुं बुभुक्षाप्रशामक-जिह्वागतरसास्वादनप्रयोजनवत् पदार्थसदृशान् विषयानवचित्य तेषामेवाध्ययनाध्यापनानुसन्धानादि-

---

भएता पनि सम्पूर्ण रूपमा कसैलाई पनि हितकर हुँदैन । वास्तविक तत्त्व नजानेको पुरुष आफूमा रहेको अनभिज्ञतारूप अपराधले गर्दा हितकर वस्तुको वास्तविकता निर्धारण गर्ने क्रममा आफैंनै उद्भ्रान्त (भ्रमले युक्त) हुन्छ । अरूलाई ठग्ने लक्ष्य भएका पुरुषद्वारा अज्ञ (मूर्ख) लाई नराम्रा बाटामा लगाउने कार्य त झनै सजिलो हुन्छ । यसलाई उदाहरणका माध्यमले यसरी व्यक्त गर्न सकिन्छ-

रस, रगत, मासु, मेदा, हाड, मज्जा, शुक्र रूप द्रव्यहरूको विशेषता नजानेको कुनै पनि मूर्खले बुभुक्षाप्रशमन (भोक मेटाउनु) मात्र भोजनको प्रयोजन हो, अथवा जिह्वाद्वारा रसको आस्वादन गर्नु मात्र भोजनको प्रयोजन हो भनी मान्दछ । बुभुक्षाको प्रशमन गर्नु र जिह्वाद्वारा रसको आस्वादन गर्नु भोजनको प्रयोजन हुन्छ नै । मन्दबुद्धि भएका व्यक्तिहरूका दृष्टिमा प्रमुखरूपमा र प्रत्यक्षरूपमा भोजनका उक्त दुई प्रयोजन नै देखिन्छन् । चर्मचक्षु (स्थूलदृष्टि) भएका पुरुषहरूलाई प्रसादता (भोज्यपदार्थको आस्वादन पछि प्राप्त हुने आनन्द) जसरी भोजनको प्रयोजन हुन्छ त्यसरी नै रस, रगत, मासु, मेदा, अस्थि, मज्जा, शुक्र रूप सम्पत्तिको अभिवृद्धिद्वारा आफूलाई ब्राह्मीयतनु (ब्रह्म अर्थात् मोक्ष प्राप्तिका लागि उपयुक्त वा समर्थ शरीर) बनाउने परम प्रयोजन पनि भोजनमा रहेको हुन्छ भन्ने तथ्य प्रस्फुरित हुँदैन । अतः चर्मचक्षु (स्थूलदृष्टि) मात्र भएको मूर्ख मनुष्यले परमप्रयोजन जान्न नसक्नेरूपी अपराधका कारण बुभुक्षाको प्रशमन एवं रसको आस्वादनलाई मात्र भोजनको प्रयोजन मान्दछ । भोजनबाट प्राप्त हुने प्रसाद गुण एवं हितकर पदार्थको विवेचना नगरीकनै बुभुक्षालाई शान्त गराउने र रसको आस्वादन उत्पन्न गराउने पदार्थहरूको सङ्ग्रह गर्नमा आफैंनै प्रवृत्त हुन्छ । त्यस्ता अवस्थामा परवञ्चना मात्र लक्ष्य भएका पुरुषहरूद्वारा अज्ञानी मूर्खहरूलाई मादक पदार्थ आदिको उपभोगमा (कुलतमा) लगाई पथभ्रष्ट गराउनु (उन्मार्गमा लगाउनु) धेरै नै सजिलो हुन्छ ।

यसै प्रकारले नै हाम्रा प्रतिपक्षीहरूले र भौतिक चाकचक्यको अनुशीलन गरिरहेका विदेशीहरूले अनन्त रत्नहरूले भरिएका भण्डारहरू भन्दा पनि धेरै महत्त्वपूर्ण शास्त्रहरूमा गरिने स्वाभाविक अध्ययन अध्यापन आदि विषयक प्रवृत्तिलाई टाढा हटाउन बुभुक्षाको प्रशमन गर्ने एवं जिह्वागत रसको आस्वादन गराउने प्रयोजन भएका विषयहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाकलापान् संवर्द्ध्य तत्रैवास्मान् भ्रामयितुं सहयोगं कुरुते, तादृशानेव विषयानादाय तेषामेव विषयाणां महत्त्वं दर्शयन्ति, प्रकाशयन्ति, प्रचारयन्ति च । तदपवञ्चनमवगम्य प्रवर्तितव्यं प्रयतितव्यमस्माभिरिहामुत्र सुगतिदायकव्यवस्थास्थापनात्मकेषु शास्त्रेषु । अतः शास्त्रेषु निर्दिष्टो विद्वत्समादर औचित्यपथप्रवर्तनां समुत्पादयितुमेवाभिहितः ।

यस्य कस्यापि वस्तुनश्चतुरस्त्रज्ञास्तस्य वस्तुनः सम्यक्तया परिचालनायोपयुक्ता भवन्ति । वस्तूनां सम्यक्तया परिज्ञानं विना कृतोपयोगोंऽशेन हितकारकत्वेऽपि सर्वात्मना हितकारकः प्रायः न सम्भवति । वस्तूनां सम्यग्ज्ञानं विना प्रयोगविधानं तु अन्धे तमसि पाषाणशकलप्रक्षेपवद् भवतीति तन्नैव समीचीनम् । दृष्टान्तमत्र लौकिकं परिगृह्य विहितो विवेकोऽलौकिकेऽपि वस्तुनि परिक्रामेत ।

कुशलाः कृषका हि प्ररोहोत्पत्त्यनुकूलबीजस्थितिज्ञा उपयुक्ततया सस्यफलोत्पत्तये सस्यावापविधिज्ञाश्च भवन्ति । अनभिज्ञेनोप्तानि बीजानि न हि फलोत्पत्तये सम्भवन्ति । धूल्यामावपनीयानां बीजानां कर्दमे विहिता, कर्दमे आवपनीयानां बीजानां च धूल्यां विहिता उप्तिः फलदायिनी तु दूरं तिष्ठेत् प्ररोहोत्पत्तयेऽपि न सम्भवति । यदि कदाचित्कानिचिद्बीजानि कथञ्चित् प्ररोहेयुस्तथापि तत्संवर्धनोपायानभिज्ञतया निरन्तरजलादिसेकापेक्षिषु जलसेकेऽकृते, जलसेकानपेक्षिषु च प्ररोहेषु निरन्तरजलसेके कृते सति प्ररूढानि अपि तानि बीजानि नैव

अन्वेषण गरेर; त्यसै प्रकारका विषयहरूको अध्ययन, अध्यापन एवं अन्वेषणजस्ता क्रियाकलापलाई बढवा दिइरहेका छन् । त्यसै प्रकारका विषयहरूको उपस्थापन गरेर हामीहरूलाई भ्रान्त बनाइरहेका छन् । बुभुक्षाप्रशमन र रसास्वादन मात्र प्रयोजन भएका विषयहरूको उपस्थापन गरी तिनै विषयहरूको महत्त्व देखाउँछन्, प्रकाशित गर्दछन् र प्रचार गर्दछन् । उनीहरूद्वारा गरिएको वञ्चनालाई थाहा पाएर हामीहरू यस लोकमा र परलोकमा राम्रो गति प्रदान गर्ने एवं व्यवस्थाको स्थापना गर्ने शास्त्रहरूमा प्रवृत्त हुनुपर्छ र त्यसका लागि प्रयत्न गर्नुपर्छ । अतः शास्त्रमा 'विद्वान्हरूको समादर गर्नुपर्छ' भनी औचित्यपूर्ण बाटामा लाग्ने प्रवृत्ति उत्पन्न गराउनका लागि निर्देशन गरिएको हो ।

कुनै पनि वस्तुलाई चारैतिरबाट जानेका व्यक्तिहरू नै त्यस वस्तुलाई राम्ररी परिचालन गर्न (चलाउन) उपयुक्त हुन्छन् । वस्तुलाई राम्ररी नजानेसम्म गरिएको उपयोग आंशिकरूपमा हितकारक भएता पनि सम्पूर्ण रूपमा हितकारक प्रायः हुँदैन । वस्तुको राम्ररी ज्ञान नगरीकन गरिएको प्रयोग गाढ अँध्यारामा ढुङ्गो फालेसरह हुन्छ । अतः राम्ररी ज्ञान नभएका वस्तुको प्रयोग गर्नु राम्रो हुँदैन । लौकिक दृष्टान्तलाई आधार मानेर गरिएको ज्ञान अलौकिक वस्तुमा पनि परिक्रान्त (मेलखाने/उपयुक्त) हुन्छ ।

अङ्कुरको उत्पत्तिका लागि अनुकूल हुने बीजहरूको स्थिति (उम्रन सक्छ वा सक्दैन भन्ने कुरा) जानेका कुशल कृषकहरू उपयुक्त किसिमले धन्यरूप फलको प्राप्तिका लागि धानको बीउ छर्ने नियमका पनि ज्ञाता हुन्छन् । अनभिज्ञ पुरुषद्वारा छरिएको बीउले फलको (धान्यको) उत्पत्ति गराउन सक्दैन । धूलामा छर्नुपर्ने बीउ हिलामा छर्ने हो भने, अथवा हिलामा छर्नुपर्ने बीउ धूलामा छर्ने हो भने त्यसबाट फल प्राप्त हुने कुरा त परै जाओस् प्ररोहको उत्पत्ति हुने (बीउ उम्रने) पनि सम्भावना रहँदैन । कहिलेकाहीँ केही बीउ कुनै प्रकारले उम्रिन सक्छन् । तर पनि बीउ वा बेर्ना बढाउने विधि नजानेको हुनाले सधैँ जलसेचनको अपेक्षा गर्ने बेर्नाहरूमा जलसेचन नगर्नाले साथै जलसेचनको अपेक्षा नगर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समृद्धिमाप्नुवन्तीति बीजानां प्ररोहायोप्तिविज्ञेन भाव्यम् । संवर्धनाय जलसेकापेक्ष्यनपेक्षिप्ररोहाभिज्ञानपूर्वकं जलसेकापेक्षिषु तद्विधानमनपेक्षिषु च तदविधानं कर्तुः कर्मण्यपेक्षितम् । अनपेक्षिषु कृतो यत्नस्तत्रोप्तबीजनाशश्च कर्तुरनर्थायैव कल्पेत ।

न हि तावतैव सस्यानां सम्यक् फलोपलब्धिः सम्पद्यते । मलोपयोगादिष्वप्यभिज्ञत्वेन हि भाव्यम् । रासायनिकं मलं प्ररोहमूलपतितं प्राङ्गारिकमलञ्च प्ररोहमूलापतितं नैवोपकारकं सम्पद्यते । तदुपयोगाभिज्ञो हि सम्यक्तयोपयोक्तुं कल्पते ।

एतच्च सर्वं सस्यप्ररोहोत्पत्यनुकूलात्मकं सस्यसमृद्धिकारकात्मकं च कर्म । न हि एतावता प्रयोजनसिद्धिः । प्रयोजनन्तु सम्यक्तया समुत्पादितसस्यफलानां स्वाभीष्टसिद्धये नानाविधपदार्थान् संसृज्य स्वात्मन्युपयोग एव ।

दृष्टाद्धि अदृष्टस्यानुमानम् । यथा वै प्रमाणानि सर्वाण्यपि प्रत्यक्षमूलानि तथैव सर्वेषामपि पदार्थानां दृष्टसंवादोऽदृष्टमनुमापयति ।

धान्यानि फलानि परिपाकमाप्तानि सर्वैः प्रत्यक्षीकृतानि । परं परमात्मकृतं स्वतः परिपाकमाप्नोति धान्यादिकम् । कैश्चिदपि अपरिगृहीतेषु जलस्थलवनादिषु कमलधान्यफलादीनि परिपाकमाप्तानि सन्दृश्यन्ते इति परमात्मकृतमन्तरा न तत्र प्राप्यते कश्चित् कर्ता ।

तडागारामक्षेत्रोपवनादिषु तु पुरुषप्रयत्ननिष्पन्नसस्यादिपरिपाकः सन्दृष्ट एव इति न हि क्रियामन्तरा क्वचिदपि फलनिष्पत्तिरिति कर्मणां समनुष्ठानं फलोपलब्धये सर्वथा विधेयम् ।

बिरुवाहरूमा जलसेचन गर्नाले उम्रिएको बीउ पनि बढ्न सक्दैन । अतः छरेको बीउ उम्रिनका लागि र उम्रिएको बीउ बढ्नका लागि बीउ छर्न र बढाउन जान्ने व्यक्ति (कुशल कृषक) हुनुपर्छ । बीउ (बेर्ना) ले बढ्नका लागि जलसेचनको अपेक्षा गर्छन् कि गर्दैनन् भन्ने जानकारी (अभिज्ञता) प्राप्त गरी जलसेचनको अपेक्षा गर्ने बिरुवाहरूमा जलसेचन गर्ने र जलसेचनको अपेक्षा नगर्ने बिरुवाहरूमा जलसेचन नगर्ने प्रवृत्ति कर्ताका कर्ममा अपेक्षा गरिन्छ । अनपेक्षित (जसले जलसेचनको अपेक्षा गर्दैनन् त्यस्ता बिरुवाहरू) मा गरिएको यत्न (जलसेचन कार्य) र छरिएका बीउको विनाश दुवै नै कर्ताका लागि अनर्थकर सिद्ध हुन्छ ।

यति (बीउ छर्न र उम्रिएको बीउ बढाउन) जानेर मात्रै फल प्राप्त हुँदैन (धान फल्दैन) । मलको उपयोग (कुन मल हाल्ने, कुन समयमा मल हाल्ने, कति मल हाल्ने) आदिमा पनि अभिज्ञ हुनुपर्छ । रासायनिक (युरिया आदि) मल बिरुवाका फेदमा हालियो भने र प्राङ्गारिक (गाई वस्तु आदिको) मल बिरुवाका फेदमा हालिएन भने उपकारक हुँदैन । मलको उपयोग कसरी गर्ने भन्ने विधि जान्ने व्यक्तिले नै मलको राम्ररी उपयोग गर्न सक्छ । यी सबै धानको बीउ उमार्ने कार्यका लागि अनुकूल एवं उम्रिएका धानका बीउ बढाउने कार्यका लागि सहायक कर्म हुन् । यतिले मात्र प्रयोजन सिद्ध हुँदैन । प्रयोजन भनेको त राम्ररी उत्पादन गरिएका धान्यादि फलहरूबाट अभीष्ट सिद्धिका लागि अनेक प्रकारका पदार्थहरू निर्माण गरेर आफैले नै त्यसको उपयोग गर्नु हो ।

धानको फल परिपाकावस्थामा पुगेको (खेतमा लटरम्म धान फलेको र पाकेर पहेँलपुर भएको) सबैले देखेका छन् । धान्यादिले परमात्माद्वारा गराइएको स्वतः परिपाकलाई प्राप्त गर्दछ । कसैद्वारा ग्रहण (खन-जोत आदि) नगरिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथा हि दृष्टफलोपलब्धये कर्मानुष्ठानमावश्यकं तथैवादृष्टफलोपपत्त्यर्थमपि कर्मानुष्ठानमावश्यकमेवेति शास्त्रं कर्मणां समनुष्ठेयत्वेन विधानं कुरुते।

पुनः पुनः परिश्रान्तानामपि [२१५]राज्ञाङ्कृते कर्मणां समनुष्ठानाय प्रारम्भणप्रेरणा विहिता। कर्मानुष्ठानसमन्वितमेव पुरुषं लक्ष्मीर्निषेवते, येन कर्मयोगेन संस्कृतः [२१६]पुरुषः कर्मबन्धनमाशु विच्छिद्य परं नैष्कर्म्यं लभते।

संसार एव एतादृशः कल्पितो यस्मिन् फलोपलब्धिस्तपस्तपतामेव विहिता। न हि तपोनुष्ठानमन्तरा फलोपलब्धिः क्वचिद् दृष्टा। स्वधर्मानुष्ठानात्मकतपस्विना कर्मानुसारमेव फलमुपलभ्यते। फलोपलब्धेश्च कर्मानुसारित्वात् फलानुरूपं कर्मानुष्ठानं तत्फलोपलब्धये आवश्यकम्। तत्कर्मानुष्ठानपूर्वकतत्फलोपलब्धये चाधिकारिणा भाव्यम्। न ह्यनधिकारी च फलोपभोगाय कल्पते। न हि सर्पश्छुछुन्दरीमुपभोक्तुं समर्थः। भ्रमाद् यदि सर्पश्छुछुन्दरीं ग्रसितुमादत्ते तथा गृहीतछुच्छुन्दरीविमोके सर्पस्य चक्षुषोर्नाशः सम्पद्यते, ग्रासे च विहितेऽर्थाद् भक्षिते सर्पस्य मरणमेव जायते। नैवाखुर्बिडालं भक्षितुं समर्थः। न च वृश्चिको मण्डूकं भक्षितुं समर्थः। नो वा पशवः अङ्गेरिकावृक्षविशेषस्य नूतनान् पल्लवान् ग्रसितुं समर्थाः। यदि पशवो नूतनान् तस्य वृक्षविशेषस्य पल्लवान् ग्रसेयुस्तर्हि तेषां मरणमेव जायते। नो वा मानवाः शृङ्गनाभं वत्सनाभं वा कल्पितम् औषधविशेषं

---

२१५. ९/३०० मनुः।

२१६. भागवतम्, १० स्कन्धः, ३ अध्यायः, ४१ श्लोकः।

जल, स्थल (जमिन) जङ्गल आदिमा पनि कमल, धान, फल आदि परिपाकावस्थामा पुगेका देखिन्छन्। अतः धान्यादिलाई परिपाकावस्थामा पुऱ्याउने परमात्मा बाहेक अर्को कर्ता देखिन्न। तलाउ, आराम, क्षेत्र, उपवन आदिमा पुरुषका प्रयत्नद्वारा निष्पन्न भएको सस्यादिको परिपाक देखिन्छ। अतः क्रिया (उद्योग) विना कहीँ पनि फलको उत्पत्ति भएको (अभीष्ट प्राप्त भएको) देखिन्न। त्यसैले फल प्राप्त गर्नका लागि सर्वथा कर्महरूको अनुष्ठान (उद्योग) गर्नुपर्छ।

जसरी दृष्टफल प्राप्त गर्नका लागि कर्मको अनुष्ठान आवश्यक हुन्छ त्यसरी नै अदृष्टफल प्राप्त गर्नका लागि पनि कर्मको अनुष्ठान आवश्यक हुन्छ नै। त्यसैले नै शास्त्रले कर्मको अनुष्ठान गर्नुपर्छ भनी विधान गर्दछ। थाकेका राजाहरूलाई पनि बारम्बार कर्मको अनुष्ठान आरम्भ गर्नुपर्छ भनी प्रेरणा दिइएको छ (मनु. ९/३००)। कर्मको अनुष्ठानले युक्त भएको पुरुषको नै लक्ष्मीले सेवा गर्दछिन्। यसै कर्मयोगले युक्त भएको पुरुषले शीघ्र नै कर्मको बन्धनलाई छिनालेर परं नैष्कर्म्य (कर्म गर्न नपर्ने अवस्था) प्राप्त गर्छ (भा. १०/३/४१)।

संसार नै त्यस्तो बनाइएको छ जसमा तपस्या गर्ने पुरुषहरूलाई नै फल प्राप्त हुने विधान गरिएको छ। तपस्या नगरीकन फल प्राप्त भएको कहीँ पनि देखिएको छैन। आफ्ना धर्मको अनुष्ठान गर्ने तपस्वी पुरुषले कर्मानुसारको नै फल प्राप्त गर्दछ। कर्मअनुसार (जस्तो कर्म गरिएको हुन्छ त्यसै अनुसार) फल प्राप्त हुने भएकाले उक्त फल प्राप्त गर्नका लागि फलानुसार (जस्तो फलको आकाङ्क्षा गरिएको हो त्यसै अनुसार) कर्म गर्नुपर्ने आवश्यकता हुन्छ (जस्तो फल चाहेको हो त्यसै अनुरूप कर्म गर्नुपर्छ)। विहित कर्मानुसार अभीष्ट फल प्राप्त गर्नका लागि अधिकारी पुरुष हुनुपर्छ। अधिकार नभएको पुरुषले प्राप्त फलको उपभोग गर्न सक्दैन। सर्पले छुछुन्दरी (छुचुन्द्रो/छुचुन्द्री) लाई खान सक्दैन। भ्रमले गर्दा सर्पले छुछुन्दरीलाई खान भनेर समात्यो भने समातेको छुछुन्दरीलाई छाडेपछि सर्पको आँखा फुट्छ। छुछुन्दरीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भक्षितुं समर्थाः । यदि मानवाः शृङ्गनाभाख्यं वत्सनाभाख्यं वा विषविषेशं भक्षयेयुर्तर्हि तेषां मरणमेव जायते। अतः कर्मजन्यफलोपभोगाय चाधिकारिणा भाव्यम् । यत्कर्मजन्यफलोपभोगाय यो हि समर्थः स एव तत्कर्मानुष्ठानेऽधिकरोति । असमर्थस्य प्रवृत्तिरनर्थकारिका । अतस्तपसोऽनुष्ठानमन्तरा न कस्यचिदपि फलस्योपलब्धिः । समीचीनस्य तपसोऽनुष्ठाने सत्फलोपलब्धिः, असमीचीनस्य च तपसोऽनुष्ठाने-ऽसत्फलोपलब्धिः ।

तपसो मूलम्

[२१७]तपस्यायाः मूलमाचारः । न [२१८]ह्यनाचारवता तपोऽनुष्ठीयते । श्रुतिविहितो धर्मः स्मृतिविहितश्च धर्म आचारः । स एव च तपसो मूलमिति श्रुतिस्मृत्युदितधर्मानुष्ठानत्वं तपसो रूपम् ।

तपसो भेदाः

ब्रह्मचर्यजपहोमानां सामयिकशुद्धाल्पभोजनस्यारागद्वेषलोभानां च तपोरूपत्वं दर्शितम् । एतच्च क्षेपकरूपेण [२१९]मनुस्मृतौ लभ्यते । एषां ब्रह्मचर्यादीनां साकल्येनानुष्ठाने त्रैवर्णिकाधिकारः । त्रैवर्णिकेतराणां तु जपहोमा-तिरिक्तब्रह्मचर्यानुष्ठानेऽधिकार इति विशेषः ।

---

२१७. सर्वस्य तपसो मूलमाचारं जगृहुः परम् ॥ १/११० मनुः ।

२१८. आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त एव च । तस्मादस्मिन् सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः ॥- १/१०८ मनुः ।

२१९. ब्रह्मचर्यं जपो होमः काले शुद्धाल्पभोजनम् । अरागद्वेषलोभाश्च तप उक्तं स्वयम्भुवा ॥ ११/२४४ मनुः ।

गाँस बनायो (खायो) भने त सर्पको मृत्यु नै हुन्छ । मुसाले बिरालालाई खान सक्दैन । बिच्छीले भ्यागुतालाई खान सक्दैन । पशुहरूले अँगेरोका (वृक्षविशेषका) नयाँ पालुवा खान सक्दैनन् । पशुहरूले अँगेरोका नयाँ (कलिला) पालुवा खाए भने उनीहरूको मृत्यु नै हुन्छ । मनुष्यहरूले शृङ्गनाभ एवं वत्सनाभ नाम दिइएका ओषधिविशेष (विष) खान सक्दैनन् । मनुष्यहरूले शृङ्गनाभ र वत्सनाभ नामका विषविशेष खाए भने उनीहरूको मृत्यु नै हुन्छ । अतः कर्मबाट उत्पन्न हुने फलको उपभोगका लागि अधिकारी पुरुष हुनुपर्छ । जुन कर्मबाट उत्पन्न हुने फलको उपभोग गर्न जुन पुरुष समर्थ हुन्छ त्यही नै पुरुष त्यस कर्मको अधिकारी हुन्छ । असमर्थ व्यक्तिको चेष्टा वा प्रवृत्ति अनर्थकारक हुन्छ । अतः तपस्याको अनुष्ठान विना कुनै पनि फलको प्राप्ति हुँदैन । राम्रा तपस्याको अनुष्ठानबाट राम्रो फल प्राप्त हुन्छ र नराम्रा तपस्याको अनुष्ठानबाट नराम्रा फलको प्राप्ति हुन्छ ।

तपस्याको मूल (जरो)-

तपस्याको मूल आचार हो (मनु. १०/११०) । सदाचारले युक्त भएका पुरुषद्वारा तपस्या गरिन्छ । श्रुतिद्वारा प्रतिपादन गरिएको धर्मलाई र स्मृतिद्वारा प्रतिपादन गरिएको धर्मलाई आचार भनिएको छ । त्यही आचार नै तपस्याको मूल हो। अतः श्रुति एवं स्मृतिद्वारा प्रतिपादन गरिएका धर्महरूको अनुष्ठान नै तपस्याको स्वरूप हो ।

तपस्याका भेद-

ब्रह्मचर्य, जप एवं हवनलाई; समयअनुसार गरिने शुद्ध एवं अल्पभोजनलाई र राग, द्वेष एवं लोभको अभावलाई तपस्या भनिन्छ । उक्त तथ्य क्षेपक (पछि थपिएको) पद्यका रूपमा मनुस्मृतिमा भनिएको छ (मनु. ११/२४४ क्षेपक) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरशोषणमपि तपः । न ह्येव केवलं शरीरशोषणं तपः । तपो ह्यनेकविधम् । क्वचित् अहिंसायाः, सत्यवचनस्य, आनृशंस्यस्य, दमस्य, घृणायाश्च तपस्त्वेन निर्दिश्य शरीरशोषणात्मकस्य तपसोऽतपस्त्वमभिहितम् । यथा कूर्मपुराणे- **अहिंसा सत्यवचनमानृशंस्यं दमो घृणा । एतत्तपो विदुर्धीराः न शरीरस्य शोषणम् ।।** इति ।[२२०]

अत्रास्मिन् कूर्मपुराणवचने शरीरशोषणात्मकस्य तपसोऽतपस्त्वाभिधानमुखेनाहिंसादितपसः प्राशस्त्यं प्रतिपादितम् ।

शरीरशोषणात्मकस्य तपसः कृते युगे प्राधान्यात्, अहिंसादीनां च तपसो युगान्तरेषु प्राधान्यात् तदहिंसादीनां प्राशस्त्यं त्रेतादियुगान्तराभिप्रायम् । तस्य च शरीरशोषणात्मकस्य तपसस्त्रेतादिषु दुष्करत्वात् गौणत्वम् । न च फलाभिसन्धिना शरीरशोषणात्मकस्य तपसो गौणत्वम् । शरीरशोषणात्मकतपसा सर्वोत्कृष्टगतिप्राप्तेर्युगान्तरेष्वपि समानत्वात् । भवति च तदृशं तपः साधयितुं त्रेतादिषु कठिनम् । कृते युगे शरीरिणां प्राणा अस्थिगता भवन्ति । अनशनादिनियमानुष्ठानान्मांसाद्युपक्षयवशात् शुष्कतां यातेऽपि शरीरे अस्थिगतत्वात्प्राणानां न हि

२२०. कूर्मपुराणीयं पद्यमिति पराशरमाधवः, ११८ पृष्ठम् ।

ब्राह्मण आदि तीनै वर्णका पुरुषलाई सम्पूर्ण रूपमा उक्त ब्रह्मचर्य आदि धर्मको पालन गर्ने अधिकार छ । ब्राह्मण आदि तीन वर्णका भन्दा इतर पुरुषलाई जप र होम बाहेकको ब्रह्मचर्यको अनुष्ठानमा अधिकार छ । यही नै त्रैवर्णिकका र अरूका बीचको भिन्नता हो ।

शरीरलाई सुकाउनु पनि तपस्या हो । शरीरलाई सुकाउनु मात्र पनि तपस्या होइन । तपस्या अनेक प्रकारको हुन्छ । कहीँ कहीँ अहिंसालाई, सत्यवचनलाई, आनृशंस्यलाई, दमलाई, दयालाई तपस्याका रूपमा निर्देशन गरेर शरीरलाई सुकाउने तपस्यालाई तपस्या होइन भनिएको छ । उदाहरणका रूपमा कूर्मपुराणको पद्यलाई उद्धृत गर्न सकिन्छ- **अहिंसा०** अर्थात् 'अहिंसा (कसैलाई मार्ने वा पीडा दिने काम नगर्नु), सत्यवचन (साँचो बोल्नु/झूटो नबोल्नु), आनृशंस्य (कठोरताको अभाव/कारुणिकता), दम (इन्द्रियनिग्रह) र घृणा (दया)- विद्वान्हरूले यिनैलाई नै तपस्या भनेको छन्, शरीरलाई सुकाउने कार्यलाई तपस्या होइन भनेका छैनन् (कू.पु. इति, प्र.मा., पृ. ११८) ।[७९] कूर्मपुराणको यस कथनमा शरीरलाई सुकाउने रूपी तपस्यालाई तपस्या होइन भनी अहिंसा आदि तपस्याको प्रशंसनीयता प्रतिपादन गरिएको छ ।

शरीरलाई सुकाउने तपस्याको सत्ययुगमा प्रधानता हुने भएकाले र अहिंसा आदि तपस्याको अन्य युगमा प्रधानता हुने भएकाले अहिंसा आदिलाई तपस्या हो भनी त्रेता आदि युगको अभिप्रायले भनिएको हो । शरीरलाई सुकाउनेरूपी तपस्या त्रेता आदि युगमा दुष्कर हुने भएकाले गौण हुन्छ । फल प्राप्तिलाई ध्यानमा राखेर शरीरलाई सुकाउनेरूपी तपस्यालाई गौण मानिएको होइन । शरीरलाई सुकाउनेरूपी तपस्याबाट प्राप्त हुने सबैभन्दा उत्कृष्ट (उत्तम) गति अन्य युगमा पनि समान नै हुन्छ । अवश्य नै त्यसप्रकारको तपस्या गर्न त्रेता आदि युगमा कठिन हुन्छ । सत्ययुगमा प्राणीहरूका प्राण हाडमा रहेका हुन्छन् । अनशन (नखाने) आदि नियमको पालनाले गर्दा मांस आदिमा भएको क्षीणताले शरीर

७९. मूलमा उद्धृत पद्यहरू पराशरमाधवबाट द्वितीयस्रोतका रूपमा ग्रहण गरिएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आघात उपपद्यते। प्राणा वै कृते युगेऽस्थिगताः, त्रेतायां मांसमाश्रिता, द्वापरे रुधिरमुपगताः, कलौ अन्नादिरसेषु समाश्रिता भवन्तीति पराशरस्मृतावभिहितम्।

अपरिपक्वावस्था दुर्बलत्वं ख्यापयति। परिपक्वतामाप्तस्यैव भावस्य प्राबल्यं लोकेऽपि दृश्यते। मृत्पिण्डिकामादाय कुलालनिर्मितो घटोऽग्निपरिपाकाद् दृढः सम्पद्यते। पृथिव्या अन्तस्थिताः कोमला अपि पाषाणा बहिर्निष्काष्य स्थाप्यमाना जलाघातात् सूर्यतापाद् वायुसङ्गाच्च कालेन दृढाः सम्पद्यन्ते। दृढेषु समाश्रितस्य तत्त्वस्यापि प्राबल्यं दुर्बलस्यापि जायते। उक्तं हि मीमांसायम्- **'पौरजानपदानां जनानामत्यन्तबलशालीत्वेऽपि प्रबलपार्थिवाश्रितैर्दुर्बलैरपि राजपुरुषैर्विवशो विधीयते'** इत्यतः प्रबलाश्रितस्य दुर्बलस्यापि प्राबल्यं ख्याप्यते चेत्, प्रबलो हि प्रबलाश्रितश्चेत्तत्र प्राबल्याय नावशिष्यते वक्तव्यम्।

एवमेवालौकिकेष्वपि भावेषु अवगन्तव्यं भवति। प्राणानामन्नादिरसस्थितिर्दुर्बला। अन्नरसस्य प्राथमिक्यवस्थातया दौर्बल्यम्। रुधिरस्यान्नरसपरिपाकजतया ततः प्राबल्यम्, मांसस्य रुधिरपरिपाकजतया ततोऽपि प्राबल्यम्, मेदसो मांसपरिपाकजतया ततोऽपि प्राबल्यम्, अस्थ्नश्च मेदसः परिपाकजतया ततोऽपि प्राबल्यमिति प्राणानामस्थिगतत्वं प्रबलाश्रिततयाधारप्राबल्यमवगम्यते।

सुकेता पनि हाडमा रहने प्राणहरूमा कुनै आघात हुँदैन। प्राणहरू सत्ययुगमा हाडमा रहेका हुन्छन्, त्रेतायुगामा मासुमा रहेका हुन्छन्, द्वापरयुगमा रगतमा रहेका हुन्छन् र कलियुगमा अन्न आदिका रसमा रहेका हुन्छन् भनी पराशरस्मृतिमा भनिएको छ।

अपरिपक्वावस्थाले दुर्बलतालाई प्रकट गर्दछ। परिपक्वावस्थामा पुगेका भावको नै लोकमा पनि प्रबलता देखिन्छ। माटाको डल्लो लिएर कुमालेद्वारा बनाइएको घैँटो आगामा पकाएपछि दृढ (बलियो) बन्दछ। पृथिवीका अन्तस्तलमा रहेका कमला ढुङ्गाहरू पनि बाहिर निकालेर राख्ने हो भने पानीका आघातले, सूर्यका ताताले र वायुका सम्पर्कले गर्दा क्रमैले (केही समयका अन्तरालमा) बलिया (साह्रा) बन्दछन्। दृढ पदार्थका आश्रयमा रहेका दुर्बल तत्त्वमा पनि प्रबलता (बलशालिता/बलियो पन) उत्पन्न हुन्छ। मीमांसामा भनिएको छ- **पौरजानपदानाम्** अर्थात् 'सहरमा र जनपदमा बस्ने मानिसहरू अत्यन्त बलशाली भएता पनि बलिया राजाको आश्रय लिएका निर्बल राजाका मानिसहरूद्वारा विवश (पराजित) बनाइन्छन्'। यसरी बलिया मानिसको आश्रय लिएका दुर्बल (बलहीन) मानिसको पनि प्रबलता (हालीमुहाली) देखिन्छ भने बलियो मानिसले नै बलियाको आश्रय लिएको छ भने त झनै बलियो हुन्छ भन्ने सम्बन्धमा के नै भन्न बाँकी रहन्छ र।

यसरी नै आलौकिक भावहरूमा पनि (बलियाको आश्रय लिएका निर्बल पनि बलिया हुन्छन् भनी) जान्नुपर्दछ। प्राणहरूको अन्न आदिका रसमा हुने स्थिति दुर्बल हुन्छ। अन्नका रसमा प्राथमिक अवस्था हुने भएकाले दुर्बलता हुन्छ। रगत अन्नका रसका परिपाकबाट उत्पन्न हुने भएकाले अन्नका रसमा भन्दा रगतमा प्रबलता (बलशालिता) रहन्छ। मासु रगतका परिपाकबाट उत्पन्न हुने भएकाले रगतमा भन्दा मासुमा प्रबलता हुन्छ। मेदा मासुको परिपाकबाट उत्पन्न हुने भएकाले मासुमा भन्दा मेदामा प्रबलता हुन्छ। हाड मेदाका परिपाकबाट उत्पन्न हुने भएकाले मेदामा भन्दा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रबलाधारे आधारितानां प्राणानां परिशोधनाय समनुष्ठितानां नियमानां तपस्त्वमिति तपस एकः प्रकारः।

धर्मो जगन्निर्वाहकः

यथा हि न केवलं स्वोदरपूरणमेव प्रयोजनं मन्वते महात्मानः। केवलं पशुस्वभावसमन्विता वै स्वोदरपूरणं समीहन्ते। दृष्टो हि लोके परोपयोगप्रवृत्यभावः, कश्चिदर्वाचीनः स्वयमेव स्वकीयाभीष्टमपि विनाशयन् प्रज्ञापराधात्। तत् प्रतीपं हि केषुचिदुत्कृष्टेषु पुरुषेषु संलक्ष्यते ये स्वाभीष्टमखण्डयन्तः पराभिलषितमपि प्रपूरयन्तो हि क्रियाप्रवृत्तिमारभन्तः सन्दृश्यन्ते महाभागाः।

तथैवालौकिकमपि जायमानं कर्म स्वोपयोगाभावेऽपि परोपयोगार्थं हि श्रूयते। अनुतिष्ठन्ति हि देवाः कर्माणि मनुष्यप्रवृत्त्यर्थं मानुषाणां हिताय वै। उक्तं हि पराशरमाधवकारेण माधवाचार्येण- **'सोपयोगाभावेऽपि मनुष्यान् प्रवर्तयितुं देवाः कर्माण्यनुष्ठितवन्तः'** इति।

कर्मणां रहस्यं न हि चर्मचक्षुर्भ्यामवगम्यते। कर्माणि वै पुरुषार्थचतुष्टयसाधनानि। कर्मणामनुष्ठानादेव धर्मार्थ-काममोक्षाणामुपलब्धिर्भवति। सिद्धेषु हि पुरुषार्थेषु कृत्यकृत्यतामापन्नो जनः पराभीष्टसाधने जाताभिरुचिः समर्थश्च सम्पद्यते इति व्यक्तेरभ्युदयनिःश्रेयससम्पादकत्वं समाजस्य च समुपकारतत्त्वनिष्पादकत्वं कर्मणि सन्निहितम्। कर्मधर्मयोश्चान्यतरत्वम्। तस्माद् धर्मे प्रतिष्ठितं लोकव्यवस्थासाधकत्वम्।

हाडमा प्रबलता हुन्छ। अतः हाडमा रहेका प्राण बलिया आधारमा रहेका हुनाले प्रबल हुन्छन् भन्ने तथ्य बुझिन्छ। बलिया आधारमा रहेका प्राणहरूको शोधनका लागि गरिएका नियमहरूलाई तपस्या भनिन्छ। यहीँ नै तपस्याको एउटा प्रकार हो।

धर्म जगत्को नियन्त्रक हो-

महात्माहरू आफ्नो पेट भर्नुलाई मात्र {मनुष्यको}प्रयोजन मान्दैनन्। पशुस्वभावले युक्त भएका पुरुष आफ्नो पेट भर्नमात्र चाहन्छन्। लोकमा पनि अरूको उपकार गर्ने कार्यमा प्रवृत्ति नभएको देखिन्छ। आफूलाई आधुनिक भन्ने कतिपय पुरुषले प्रज्ञाका अपराधका कारण आफै नै आफ्नो अभीष्ट पदार्थ नष्ट गराइरहेको देखिन्छ। कतिपय उत्कृष्ट पुरुषहरूमा यसका विपरीत स्थिति देखिन्छ। महान् स्वभाव भएका यस्ता पुरुषहरू आफ्ना अभीष्टलाई नष्ट हुन नदिईकन अरूका अभिलाषाहरूलाई पनि पूरा गराउँदै कार्यमा प्रवृत्त भइरहेका देखिन्छन्। यसै प्रकारले अलौकिक भएता पनि जायमान कर्म आफ्नो उपयोगका लागि नभएता पनि अरूको उपयोगका लागि हुन्छ भन्ने कुरा सुनिन्छ। देवताहरू मनुष्यहरूलाई प्रवृत्त गराउनका लागि र मनुष्यहरूको हितका लागि कर्म गर्छन्। यसै तथ्यलाई पराशरमाधवका लेखक माधवाचार्य यसरी भनेका छन् 'आफूले उपयोग नगर्ने भएता पनि मनुष्यहरूलाई कर्ममा प्रवृत्त गराउनका लागि देवताहरू कर्म गरिरहेका हुन्छन्'।

कर्महरूका रहस्य चर्मचक्षुद्वारा जान्न सकिन्न। कर्महरू चारै प्रकारका पुरुषार्थका साधन हुन्। कर्महरूको अनुष्ठानबाटै धर्म, अर्थ, काम र मोक्षको प्राप्ति हुन्छ। पुरुषार्थ सिद्ध भएपछि कृत्यकृत्य बनेको मनुष्य अरूको अभीष्ट सिद्धि गर्ने अभिलाषाले र अरूको उपकार गर्ने सामर्थ्यले समेत युक्त बन्दछ। अतः व्यक्तिको अभ्युदय एवं निःश्रेयस सम्पादन गर्ने र समाजका उपकार तत्त्वको उत्पादन गर्ने दुवै नै कर्ममा रहेको हुन्छ। कर्म र धर्मका बीचमा आन्तरियक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदेतत्सर्वमधिकृतानां देवानामपि धर्मानुष्ठाने जायमानां प्रवृत्तिं समुपलभ्य चाप्यवगम्यते । जगन्निर्वाहेऽधिकृता वै देवा यज्ञानुष्ठानरूपधर्माचरणस्य जगन्निर्वाहहेतुसम्पादकत्वं मन्वते इति च पराशरमाधवकारोक्तितो हि समवगम्यते । तत्र हि माधवाचार्येणोक्तम्-

'अस्तु वा स्वोपयोगिनोऽपि जगन्निर्वाहेऽधिकृतानां देवादीनां तद्धेतोः तपसश्चरणीयत्वात्' इति। अस्माच्च स्पष्टं ह्यवगम्यते तपश्चरणरूपधर्मस्य जगन्निर्वाहहेतुत्वम् ।

कर्मफलम्

मा हिंस्यात् सर्वभूतानि, न्यायागतधनः स्यात्, नानृतं वदेत्, अधर्मान्निवर्तेत- इत्यादिभिरहिंसादयो धर्मा मनुष्याणामनुष्ठेयत्वेन निर्दिष्टाः । हिंसादिषु रता मानवाः क्वचिदपि सुखं नाप्नुवन्ति । परस्य प्रहारार्थं दण्डमुद्यन्तं जनं परोऽपि प्रहर्तुमुद्यतते । यादृशेन व्यवहारेण समन्वितो भवति पुरुषस्तादृशमेव फलं लभते इति प्राकृतिको नियमः । न हि क्वचिदपि हिंसाक्रान्तो लोकः सुखसमन्वितो दृष्टः । नो वानृतधनसमन्वितो वस्तुतः सुखपर्यवसायी भवति । न चाधर्मपरायणस्य सुखावसायित्वं शास्त्रेषु लोके वा परिणत्यवधारणादनुभूयते । अत एव अहिंसादीनां व्रतानां धर्मत्वेनोपदेशः कृतः । हिंसादिभ्यश्च दुःखोत्पत्तेर्हिंसादीनाममधर्मत्वेनोपदेशः कृतः । अनुसन्धानं खलु कृतकार्योत्थफलानुभवद्योतकम् । न हि सर्वं सद्यः फलति कृतं कर्म । शनैरावर्तमानो दुराचरणसमुत्थो-

---

(अलग गराउन नसकिने) सम्बन्ध रहेको हुन्छ । त्यसैले लोकव्यवस्थाको साधकता धर्ममा प्रतिष्ठित हुन्छ । (धर्मले नै लोकव्यवस्था गराउने कार्य गर्छ) । यी सबै तथ्य- सबै प्राप्तव्य वस्तु प्राप्त गरेका देवताहरूको पनि धर्मको अनुष्ठानमा हुने प्रवृत्ति देखेर थाहा पाइन्छ । संसारलाई सम्यक् प्रकारले सञ्चालन गर्ने कार्यमा नियुक्त गरिएका देवताहरू यज्ञको अनुष्ठानरूप धर्मको आचरणलाई जगत्को निर्वाहक मान्दछन् भन्ने तथ्य पराशरमाधवका लेखकको कथनबाट पनि थाहा पाउन सकिन्छ । उक्त ग्रन्थमा माधवाचार्यले भनेका छन् **अस्तु वा०** अर्थात् 'जगत्को निर्वाहमा नियुक्त भएका देवताहरूको आफ्नो उपयोग पनि हुन्छ भनी स्विकार्न सकिन्छ । जगन्निर्वाहका लागि तपस्या त गर्नै पर्छ ।' यस कथनबाट तपस्यारूप धर्म नै जगत् निर्वाहको (सञ्चालनको) हेतु हो भन्ने तथ्य स्पष्टतया अवगत हुन्छ ।

कर्मको फल-

कुनै पनि प्राणीको हिंसा नगर्नू, न्यायपूर्वक प्राप्त भएको धनको सञ्चय गर्नू, असत्य (झूटो) नबोल्नू, अधर्म (पापकर्म) बाट निवृत्त हुनू- इत्यादि उक्तिका माध्यमले अहिंसा आदि धर्महरू मनुष्यहरूद्वारा सम्पादन गर्नुपर्छ भनी निर्देशन गरिएको छ । हिंसा आदि कार्यमा निरत भएका मनुष्यले कहीँ पनि सुख प्राप्त गर्न सक्दैनन् । अरूलाई पिट्न भनेर लौरो उठाइरहेको मनुष्यलाई नै अर्को मनुष्य पिट्न उद्यत भएको हुन्छ । पुरुष जस्तो व्यवहारले युक्त भएको हुन्छ त्यस्तै फल प्राप्त गर्छ । यही नै प्रकृतिको नियम हो । कहीँ पनि हिंसात्मक मनोवृत्तिले आक्रान्त भएको मनुष्य सुखले युक्त भएको (सुखी बनेको) देखिएको छैन । अनृत (झूटो/अन्यायपूर्वक आर्जन गरिएको) धनले युक्त भएको मनुष्य यथार्थमा सुखात्मक परिणामले युक्त भएको हुँदैन । अधर्माचरणद्वारा पर्यन्तमा सुख प्राप्त हुँदैन भन्ने तथ्य शास्त्रहरूमा र लोकव्यवहारमा समेत (सुनिएका वा देखिएका) कार्यका परिणाम सम्बद्ध अवधारणाबाट अनुभव गर्न सकिन्छ । त्यसैले नै अहिंसा आदि व्रतलाई धर्मका रूपमा उपदेश गरिएको हो । हिंसा आदिबाट दुःखको उत्पत्ति हुने भएकाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऽधर्मोऽनुष्ठातुर्मूलच्छेदनमेव करोति । यावत्कालं दुराचरणजनितोऽधर्मः समूलं न नाशयति तावत्कालमेवा-न्यायेनोपार्जितवित्तादिकमुपभुङ्क्ते दुराचारी जनः ।

यादृशः साध्यस्तादृशमेव साधनमावश्यकम् । साध्यस्योत्पत्तिः कालेन जायते । केषाञ्चिदनुष्ठानसमनन्तरमेव फलोत्पत्तिः । केषाञ्चिच्च यावज्जीवम्, केषाञ्चित्पुनर्जन्मान्तरे फलोत्पत्तिः । येषां कर्मणां यावज्जीवं फलोत्पत्तिस्तेषां कर्मणां फलानुभवस्तज्जीवनानुसन्धानगामी भवतीति तज्जीवनावसानपर्यन्तप्राप्तसुखदुःखैः फलोदयोऽवसेयः । येषां पुनर्जन्मान्तरे फलोत्पत्तिस्तेषाञ्च पुनः **'आत्मा हि जायते पुत्रः'** इति समाम्नायमनुसृत्य उत्पन्नसन्ततिगतलिङ्गात् फलोदयोऽवसेयः । न हि साधनमन्तरा साध्यस्योत्पत्तिः क्वचिद् दृष्टा ।

यदि पङ्गुर्जनितस्तर्हि पङ्गूत्पादकमश्वापहरणरूपं दुष्कर्म तेनोद्भूतेन पङ्गुना पूर्वस्मिन् जन्मनि कृतम् । यदि उल्वलो (मुहुर्मुहुः संलीनवाक्) जनितस्तर्हि तेन पूर्वस्मिन् जन्मनि अनृतं गदितम् । यदि कश्चिज्जलोदरी भवति हि जन्मान्तरे तेन दारत्यागः कृतः । इत्यादि साध्यसाधनभावोऽवसीयते उत्पन्नप्राणिगतलिङ्गेभ्यः ।

अतः सुखादिसाध्योपलब्ध्यर्थं धर्मरूपसाधनानुष्ठानमावश्यकम् ।

अन्तरा कारणं क्वापि न कार्योत्पत्तिरिष्यते

न हि बीजमन्तरा कस्यचिदपि भावस्योत्पत्तिर्भवति । कारणमन्तरा कार्यस्योत्पत्तिर्न भवतीति प्रसिद्धमेव । धान्यस्य समुत्पत्तये धान्यरूपबीजस्यावश्यकता भवति । कोद्रवस्य समुत्पत्तये कोद्रवरूपबीजस्यावश्यकता

हिंसा आदिलाई अधर्मका रूपमा उपदेश गरिएको हो । अनुसन्धान- गरिएका कार्यबाट उत्पन्न हुने परिणामात्मक अनुभवको द्योतक हो । सम्पन्न गरिएका सबै कार्यले तत्काल नै परिणाम उत्पन्न गराउँदैनन् । सुस्त सुस्त आवृत्त भएको दुराचरणबाट उत्पन्न अधर्मले उक्त दुराचार गर्ने मनुष्यको जरो नै काटिदिन्छ । जबसम्म नराम्रा आचरणबाट उत्पन्न भएको अधर्मले जरैसमेत नाश गराउँदैन तबसम्म दुराचारी मनुष्यले अन्यायपूर्वक उपार्जन गरिएका सम्पत्तिको उपभोग गर्दछ ।

साध्य जस्तो हुन्छ त्यस्तै नै साधनको आवश्यकता पर्छ । साध्यको उत्पत्ति समयले (केही समयपछि) हुन्छ । कतिपय कर्महरूबाट भने कर्म सम्पन्न गर्नासाथ फल प्राप्त हुन्छ । कतिपय कर्महरूबाट जीवनभरिमा फल प्राप्त हुन्छ । केही कर्महरूबाट जन्मान्तरमा (अन्य जन्ममा) फल प्राप्त हुन्छ । जुन कर्महरूबाट जीवनभरि (वा जीवितावस्थामा नै) फल प्राप्ति हुन्छ त्यस्ता कर्महरूका फलको अनुभव सम्बद्ध व्यक्तिका जीवनका अनुसन्धानका परिणामका रूपमा आएको हुन्छ । अतः एव जीवनपर्यन्त (जीवनको समाप्ति सम्म) प्राप्त हुने सुख एवं दुःखद्वारा फलको उदय भएको (प्राप्ति भएको) जान्नुपर्दछ । जुन कर्मबाट जन्मान्तरमा (अन्य जन्ममा) फलको प्राप्ति हुन्छ त्यस्ता कर्महरूको 'आत्मा नै पुत्रका रूपमा उत्पन्न हुन्छ' इत्यादि श्रुतिवचनलाई (आप्त कथनलाई) अनुसरण गरेर उत्पन्न भएका सन्तानहरूका चिह्नबाट फलको उदय भएको छ भनी जान्नुपर्दछ । साधन विना साध्यको उत्पत्ति भएको कहीँ पनि देखिए छैन ।

कुनै व्यक्ति लङ्गडो भएर जन्मिन्छ भने लङ्गडोपन उत्पन्न गराउने घोडाको चोरी गर्ने काम त्यस लङ्गडाले पूर्वजन्ममा गरेको हुन्छ । उल्वल (स्पष्ट बोल्न नसक्ने/ भकभके) जन्मिन्छ भने त्यसले पूर्वजन्ममा झूटो बोलेको हुन्छ । कुनै व्यक्ति जलोदर रोगले युक्त भएर जन्मिन्छ भने त्यसले पूर्वजन्ममा धर्मपत्नीको त्याग गरेको हुन्छ । यस प्रकारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भवति। मुद्गस्य समुत्पत्तये मुद्गरूपबीजस्यावश्यकता भवति। चणकस्य समुत्पत्तये चणकरूपबीजस्यावश्यकता भवति। {एवमेव} आम्रस्य समुत्पत्तये आम्ररूपबीजस्य, कदल्याः समुत्पत्तये कदलीरूपबीजस्य, अङ्गुरस्य समुत्पत्तये अङ्गुररूपबीजस्यावश्यकता भवति।

यथा सस्यादिसमुत्पत्तये सस्यादिबीजस्यावश्यकता भवति तथैव विद्वत्तायाः समुत्पत्तये विद्याध्ययनस्यावश्यकता भवति। एवं सद्भावसमुत्पत्तये सद्भावोत्पादककर्मानुष्ठानस्यावश्यकता भवति। सद्भावोत्पादककर्मानुष्ठानस्यैव हि नामान्तरं धर्म इति। सद्भावस्योत्पत्तये धर्मस्यानुष्ठानेन सर्वथा भाव्यम्। न हि अधर्मानुष्ठानेन सद्भावस्योत्पत्तिर्भवति।

नियमश्च शास्त्रसन्दृष्टो लोके सर्वसुखावहः

यावन्तः पदार्था लोके दृष्टास्ते सर्वे नियमेनानुकूलमार्गानुयायिन एव स्वस्य परेषां च हितसाधानतामापद्यमानाः संलक्ष्यन्ते।

यथा- द्वैधात्मके संसारे स्त्रीपुरुषात्मको लोकः। स्त्रियां नियमेनानुकूलमार्गानुयायिन्यां सत्यां पुरुषस्य गार्हस्थ्यजीवनं प्रमोदते।

तथा पुरुषस्यापि नियमाचारः स्त्रीणां प्रमोदावहः। यथोक्तं [२२१]याज्ञवल्क्येन- **'यत्रानुकूल्यं दम्पत्योस्त्रिवर्गस्तत्र वर्धते'** इति।

२२१. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः ७४ श्लोकः।

साध्य-साधनता उत्पन्न भएका प्राणीहरूमा देखिएका चिह्नहरूबाट थाहा पाइन्छ। अतः सुखरूप साध्य प्राप्त गर्नका लागि धर्मरूप साधनको अनुष्ठान आवश्यक हुन्छ।

कारण बिना कहीँ पनि कार्यको उत्पत्ति हुँदैन-

बीज विना कुनै पनि भावको (भावात्मक पदार्थको) उत्पत्ति हुँदैन। कारण विना कार्यको उत्पत्ति हुँदैन भन्ने कुरा त प्रसिद्ध नै छ। धान उम्रनका लागि धान्यरूप बीजको आवश्यकता हुन्छ। कोदो उम्रनका लागि कोदोरूप बीजको आवश्यकता हुन्छ। मुग उम्रनका लागि मुगरूपी बीउको आवश्यकता हुन्छ। चना उम्रनका लागि चनारूपी बीजको आवश्यकता हुन्छ। यसरी नै आँप उम्रनका लागि आँपरूपी बीजको (आँपका खोयाको), केरा उम्रनका लागि केरारूपी बीजको (केराका गानाको), अङ्गुर उम्रिनका लागि अङ्गुररूप बीजको (अङ्गुरका लहराको) आवश्यकता हुन्छ। जसरी सस्यादिको उत्पत्तिका लागि सस्यादिरूप बीजको आवश्यकता पर्दछ त्यसरी नै विद्वत्ताको उत्पत्तिका लागि विद्याध्ययनको आवश्यकता पर्दछ। यसरी नै सद्भाव (राम्रा भावना/विचार) उत्पन्न हुनका लागि सद्भाव उत्पन्न गराउने कर्महरूको अनुष्ठान आवश्यक हुन्छ। सद्भाव उत्पन्न गराउने कर्महरूका अनुष्ठानको अर्को नाम नै धर्म हो। सद्भावको उत्पत्तिका लागि सबै प्रकारले धर्मको अनुष्ठान गर्नुपर्छ। अधर्मको अनुष्ठानद्वारा सद्भावको उत्पत्ति हुँदैन।

शास्त्रद्वारा देखाइएको नियम लोकमा सुखोत्पादक हुन्छ-

संसारमा जति पनि पदार्थ देखिन्छन् ती सबै पदार्थ नियमपूर्वक अनुकूल मार्गका अनुयायी भएका अवस्थामा मात्र आफ्ना र अरूका हितका साधन भएका देखिन्छन्। जस्तै- द्वैध स्वरूप भएको संसारमा स्त्री एवं पुरुषरूप प्राणीसमूह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राकृतेष्वपि पदार्थेषु पर्यालोचनाया विहितायां नियमेन प्रवहणं स्वस्य परेषां च हितसम्पादकत्वं दृष्टिपथमवतरति।

यथा हि नद्यो मार्गवाहिन्यः स्वादुजलाः केदारवप्रानुद्वाहिन्यः स्वामिनं सागरं सम्प्रविशन्तीति सर्वेषां हितावहाः।

ता एव कुमार्गवाहिन्यो विदीर्णवप्रकेदाररजसाप्लुता अपेयजलान्विता वप्रकेदारविनाशेन लोकोद्वेगप्रदायका इतस्ततः प्रसृत्य च भूमौ एव विलीना अप्राप्तस्वस्वामिसागरसंयोगाश्च।

एवमेव पशूनां दुग्धदानं नियमः। तत्र नियमेन प्रवर्तमानाः स्वात्मानं स्वामिनं च प्रमोदमावहन्ति। प्रत्यक्षं तत्र दुग्धप्रपूरान् हि पशून् लोकाः समुचिततया भरणपोषणसंरक्षणादिकं कुर्वन्ति।

पशवश्च समुचिततया भरणपोषणसंरक्षणादिकं कुर्वतो लोकान् दुग्धानापूरयन्ति, दृष्टमेवेतत्।

तथैव केदारमपि नियमानुष्ठातारं स्वात्मानं सस्यश्यामलतया सम्पद्यमानां विधाय प्रमोदमादधाति।

लोकाश्च नियमेन सस्यश्यामलतया सम्पत्स्यमानां भूमिं संस्करोति।

प्राणिनां सर्वथा यत्नानुरूपं फलमीरितम्

कृषिकर्मणि कृतो यत्नः कृषिजन्यफलदायी भवति। विद्याग्रहणकर्मणि कृतो यत्नो विद्याग्रहणरूपफलदायी भवति। यन्त्रनिर्माणाय कृतो यत्नो यन्त्रनिर्मितिरूपफलदायी भवति। अध्वगमनाय कृतो यत्न एकस्माद् देशविशेषादन्यतरदेशविशेषप्राप्तिरूपफलदायी भवति। घटकुण्डलादिनिर्माणाय कृतो यत्नो घटकुण्डलादि-

---

देखिन्छ। स्त्रीहरू नियमपूर्वक अनुकूल बाटाका अनुयायी भएका अवस्थामा पुरुषहरूको गृहस्थजीवन सुखमय हुन्छ। यसै प्रकारले पुरुषहरूद्वारा गरिएका नियमाचरण (नियम पालन गर्ने कार्य) ले स्त्रीहरूमा आनन्द उत्पन्न गराउँछ। यसै सम्बन्धमा याज्ञवल्क्यले भनेका छन्- **यत्रानुकूल्यं दम्पत्योस्त्रिवर्गस्तत्र वर्धते** अर्थात् 'जहाँ दम्पतीका (पति/पत्नीका) बीचमा अनुकूलता हुन्छ त्यही त्रिवर्ग (धर्म, अर्थ एवं काम) बढ्दछ' (या.स्मृ. १/७४)।

प्राकृत (प्रकृतिसित सम्बद्ध) पदार्थहरूको पर्यालोचन गर्ने हो भने पनि नियमपूर्वक गरिएको प्रवृत्तिले आफ्नो र अरूको हितसम्पादन गर्ने गरेको देखिन्छ। जस्तै- आफ्नै बाटामा हिँड्ने, मीठो जलले युक्त भएका, खेत, वप्र आदिमा उत्पात नमच्चाउने नदीहरू आफ्ना स्वामी सागरमा प्रवेश गर्दछन्। अतः त्यस्ता नदीहरू सबैका हितकारक हुन्छन्। तीनै नदीहरू कुमार्गबाट प्रवृत्त हुन थाले भने भत्किएका वप्रका एवं खेतका माटाले व्याप्त भएका (लेदाका साथमा प्रवाहित भएका), पिउन नहुने पानीले युक्त भएका र वप्र एवं केदार भत्काइदिएका हुनाले लोकका उद्वेजक हुन्छन्। यताउति प्रवाहित भएकाले त्यस्ता नदीहरू जमिनमा नै लीन भएर (सुकेर) आफ्ना स्वामी सागरका साथमा संयुक्त हुन पाउँदैनन्।

यसै प्रकारले पशुहरूको दूध प्रदान गर्ने पनि नियम हुन्छ। नियमपूर्वक प्रवृत्त भएका पशुहरू स्वयम् आनन्दित हुन्छन् र मालिकहरूलाई पनि आनन्दित बनाउँछन्। धेरै दूध दिने पशुलाई मानिसले भरणपोषण आदि गर्छन्। यो हामी सबैले देखेको विषय हो। पशुहरूले पनि राम्ररी भरणपोषण गर्ने मनुष्यलाई प्रशस्त दूध दिन्छन्। यो पनि देखेकै विषय हो। यसै प्रकारले खेतले पनि आफूलाई धान्यादिले श्यामल बनाएर नियमका अनुष्ठातालाई (विधिपूर्वक कृषिकार्य गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्तिरूपफलदायी भवति । सामाजिकव्यवस्थायां निर्माणाय कृतो यत्नो व्यवस्थितसमाजप्राप्तिरूपफलदायी भवतीति फलोत्पत्तौ कृतेः कारणत्वम् । न हि कृतिमन्तरा कार्यस्योत्पत्तिर्भवति । नो वानुरूपकृतिमन्तरानुरूप-कार्यस्योत्पत्तिरिति यादृशस्य फलस्याकाङ्क्षा जागर्ति तादृशेन कर्मणा भाव्यम् ।

अव्याकुलो हि धर्मस्वरूपं जानाति

अव्याकुलो हि धर्मस्वरूपं जानाति । न हि व्याकुलो जनो धर्मस्वरूपं ज्ञातुं प्रभवति । धर्मस्य द्रव्यक्रियागुणादिभिर्भेदैरनेकविधत्वात् । तत्र याज्ञवल्क्येन कारकतया, ज्ञापकतया, परमधर्मतया, उपधर्मतया, सामान्यधर्मतया, राजधर्मतया, लोकधर्मतया, आपद्धर्मतया, निमित्तधर्मतया, नित्यधर्मतया, काम्यधर्मतया-दिभिर्भेदैरनेकविधत्वं धर्मस्य निर्दिष्टम् ।

एतेषां धर्माणां स्वरूपज्ञानपूर्वकं द्रव्यक्रियागुणानुरूपमनुष्ठाने विहिते दृष्टफलोत्पत्तिः । तद्वैगुण्येऽनिष्ट-फलोत्पत्तिः । अनिष्टवर्जनपूर्वकमभीष्टसाधनाय अनुष्ठानात्पूर्वं धर्मस्वरूपज्ञानमावश्यकम् । ज्ञातधर्मस्वरूपः पुरुषो देशकालावस्थाद्यनुसारं धर्मानुष्ठाने समर्थः सम्पद्यते । धर्मस्वरूपज्ञानार्थं चाव्याकुलेन भाव्यम् । अव्याकुलत्वापादनार्थं शान्तिः स्थापनीया । शान्तिस्थापनाय धर्मदण्डराजदण्डयोरुभयोरावश्यकत्वम् ।

पुरुषलाई) आनन्दित बनाउँछ । मनुष्यले पनि सस्यद्वारा श्यामल बन्ने भूमिलाई नियमपूर्वक संस्कार गर्छ (खनजोत आदि गर्छ) ।

प्राणीहरूले आफूले गरेका यत्नअनुसार फल प्राप्त गर्छन् भनिएको छ-

कृषिकर्ममा गरिएको प्रयत्नले कृषिबाट उत्पन्न हुने फल प्रदान गर्छ । विद्या ग्रहण गर्ने कार्यमा गरिएको प्रयत्नले विद्या ग्रहणरूपी फल प्रदान गर्छ । यन्त्र निर्माणका लागि गरिएको यत्नले यन्त्र निर्माणरूप फल प्रदान गर्छ । बाटामा हिड्नका लागि गरिएको प्रयत्नले एउटा ठाउँबाट अर्को ठाउँमा पुग्ने परिणाम उपलब्ध गराउँछ । घट (घैंटा), कुण्डल आदि बनाउन गरिएको प्रयत्नले घट, कुण्डल आदिको प्राप्तिरूप फल प्रदान गर्छ । सामाजिक व्यवस्था बनाउन गरिएको प्रयत्नले व्यवस्थित समाजको प्राप्तिरूप फल प्रदान गर्छ । अतः फल प्राप्तिका लागि गरिएको यत्न नै कारणका रूपमा रहेको हुन्छ । प्रयत्न विना कुनै पनि कार्यको उत्पत्ति हुँदैन । साथै अनुकूल प्रयत्न विना अनुकूल कार्यको उत्पत्ति पनि हुँदैन । अतः जस्ता फलको आकाङ्क्षा हुन्छ त्यस्तै कर्म (प्रयत्न) गर्नुपर्छ ।

व्याकुलता नभएको (शान्त) पुरुषले धर्मको स्वरूप जान्दछ-

अव्याकुल (शान्त मन भएको) पुरुषले धर्मको स्वरूप जान्दछ । व्याकुल (अशान्त) पुरुषले धर्मको स्वरूप जान्न सक्दैन । धर्म- द्रव्य, क्रिया, गुण आदि भेदले अनेक प्रकारको हुन्छ । याज्ञवल्क्यले कारकका रूपमा, ज्ञापकका रूपमा, परधर्मका रूपमा, उपधर्मका रूपमा, सामान्यधर्मका रूपमा, राजधर्मका रूपमा, लोकधर्मका रूपमा, आपद्धर्मका रूपमा, निमित्तधर्मका रूपमा, नित्यधर्मका रूपमा र काम्यधर्मादिका रूपमा धर्मका अनेक प्रकारका भेद देखाएका छन् । उक्त धर्महरूको स्वरूप थाहा पाएर द्रव्य (वस्तु), क्रिया एवं गुणका अनुरूप अनुष्ठान गरेका अवस्थामा दृष्टफलको उत्पत्ति हुन्छ । त्यसका विपरीत अवस्थामा (धर्मको स्वरूप थाहा नपाई द्रव्य, गुण एवं कर्मका अनुकूल अनुष्ठान नगरिएका स्थितिमा) अनिष्ट फलको उत्पत्ति हुन्छ । अनिष्ट फलबाट निवृत्त हुँदै अभीष्ट फल प्राप्त गर्नका लागि अनुष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साध्यसाधनभावत्वं पुरुषार्थशरीरयोः

धर्मार्थकाममोक्षाख्याश्चत्वारः पुरुषार्थाः । इह जनिमाप्तेन पुरुषेणार्जनीयाः, अर्थाद्धर्मोऽर्थः कामो मोक्षश्चेति चत्वार एव शरीरद्वारात्मना संसाधनीयाः । न हि शरीरादृते धर्मस्यानुष्ठानं सम्भवति । न च धर्ममन्तरा अर्थस्योत्पत्तिः । अर्थाभावे कामस्य (विषयोपभोगस्य) अभावः । त्रिवर्गसेवनादानृण्यमप्राप्तस्य मोक्षोपलब्धये-ऽधिकारोत्पत्तेरप्यभाव इति शरीरस्यैव चतुर्वर्गसाधनत्वम् । तस्माद् धर्मार्थकाममोक्षाख्याश्चत्वारः पुरुषार्थाः शरीरसाध्या इति चतुर्वर्गशरीरयोः साध्यसाधनभावः सन्निहितः ।

यावत्साध्यं न सम्पद्यते तावत्साधनस्य संरक्षणं संस्करणं संवर्द्धनं साध्यानुकूलसम्पादनादिकञ्च विधेयं भवति । तस्यामवस्थायां शरीरमेव साध्यभावमश्नुते ।

'शरीरमाद्यं खलु धर्मसाधनम्' इत्यादिशास्त्रेषूक्तत्वात् सर्वथा तस्य संरक्षणं संस्करणं संवर्धनं साध्यानुकूलसम्पादनादिकञ्च व्यक्तेः परमकर्तव्यतया तदुपायश्चिन्तितः । व्यक्तिप्रतिव्यक्तेः स्वार्थं समुच्चित्य च सामाजिकस्य कर्तव्यस्योदयो जातः । समाजस्य च कृते स्वार्थसम्पादनाय नियमानां निर्धारणं प्रत्यक्ष्याप्रत्यक्षयोः समानरूपेण द्रष्ट्रिभिर्ऋषिमहर्षिभिः कृतम् । अप्रतिहतदृष्टयः परावरज्ञा ऋषिमहर्षयस्तपोदृष्ट्या प्रस्फुरितान्

गर्नुभन्दा पहिले धर्मका स्वरूपको ज्ञान गर्नु आवश्यक हुन्छ । धर्मको स्वरूप जानेको पुरुष देश, काल, अवस्था आदिका आधारमा धर्मको अनुष्ठान गर्न समर्थ हुन्छ । धर्मको स्वरूप जान्न अव्याकुल (व्याकुलता नभएको अर्थात् शान्त चित्त भएको) हुनुपर्छ । अव्याकुलता उत्पन्न गराउनका लागि शान्तिको स्थापना गर्नुपर्छ । शान्तिस्थापनाका लागि धर्मदण्ड एवं राजदण्ड दुवैको नै आवश्यकता पर्दछ ।

पुरुषार्थ र शरीरका बीचमा साध्य एवं साधनभाव हुन्छ-

धर्म, अर्थ, काम एवं मोक्ष नामका चारवटा पुरुषार्थ छन् । यस संसारमा जन्म लिएका पुरुषद्वारा उक्त चारै पुरुषार्थ आर्जन गर्नुपर्ने हुन्छ । अर्थात् शरीरका माध्यमले आफै नै धर्म, अर्थ, काम एवं मोक्षको साधना गर्नुपर्छ । शरीर विना धर्मको अनुष्ठान सम्भव हुँदैन । धर्म विना अर्थको उत्पत्ति (प्राप्ति) हुँदैन । अर्थका अभावमा कामको अर्थात् विषयोपभोगको अभाव हुन्छ । (विना सम्पत्ति स्रक्, चन्दन आदिको उपभोग सम्भव छैन) । त्रिवर्गको सेवाद्वारा (उपभोगद्वारा) ऋणबाट मुक्त नभएका पुरुषलाई मोक्ष प्राप्त गर्ने अधिकार पनि प्राप्त हुँदैन । अतः शरीर नै चतुर्वर्गको साधन हो । त्यसैले धर्म, अर्थ, काम एवं मोक्ष नामका चारवटा पुरुषार्थ शरीरद्वारा सम्पन्न गर्नुपर्छ । अतः चतुर्वर्ग र शरीरका बीचमा साध्यसाधनभाव रहेको हुन्छ । अर्थात् शरीर साधन हो भने चतुर्वर्ग साध्य हो । जबसम्म साध्यको सिद्धि हुँदैन तबसम्म साधनको संरक्षण गर्ने, संस्कार गर्ने, संवर्धन गर्ने एवं साध्यको अनुकूल बनाउने कार्य गर्नुपर्छ । त्यस अवस्थामा शरीरले नै साध्यभावलाई प्राप्त गरेको हुन्छ ।

शास्त्रहरूमा **शरीरमाद्यं खलु धर्मसाधनम्** अर्थात् 'शरीर नै धर्मको पहिलो साधन हो' भनी बताइएको हुनाले त्यस शरीरको संरक्षण, संस्करण, संवर्धन एवं साध्यानुकूल सम्पादन आदि व्यक्तिको परमकर्तव्य हुन आउँछ । अत एव त्यसका उपायहरूको चिन्ता (खोजी) गरिएको छ । व्यक्तिका र प्रतिव्यक्तिका (प्रत्येक पुरुषका) स्वार्थलाई (हितलाई) एकै ठाउँमा गराएर समाजका कर्तव्यको उदय हुन्छ (सामाजिक कर्तव्य निर्धारण गरिन्छ) । समाजको हित (कल्याण)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पानुकल्पसमायातान् शाश्वतान् धर्मान् निरदिशन् । वस्तुतो धर्मस्यैकरूपत्वेऽपि पदार्थभेदात् कालभेदाद् गुणभेदात् क्रियाभेदाज्जातिभेदाच्च एकस्यैव पुरुषस्य क्वचित् पितापुत्रत्वम्, क्वचित् पौत्रत्वम्, क्वचिद् बन्धुत्वम्, क्वचिद् भागिनेयत्वम्, क्वचिन्नप्तृत्वम्, क्वचिज्जामातृत्वम्, क्वचिद् गुरुत्वम्, क्वचिच्छाखाधिकारित्वम्, क्वचित् सचिवत्वम्, क्वचित्संवैधानिकाङ्गप्रमुखत्वम्, क्वचित् कृषकत्वम्, क्वचित् प्राध्यापकत्वम्, कदाचिद् बालकत्वम्, कदाचित् प्रौढत्वम्, कदाचित् वृद्धत्वम्, कस्मिश्चित् शासकत्वम्, कस्मिश्चित् शासितत्वम्, कस्माच्चिदधरत्वम्, कस्माच्चिदुत्तमत्वमित्यादिजातिगुणक्रियाभावात्मकसम्बन्ध-भेदान्नामभेदवत्,

एकस्यैव जगन्नियन्तुः क्वचित्पुराणादिषु ईश्वर इव, वेदान्तेषु ब्रह्म इव, शैवेषु शिव इव, बैद्धेषु बुद्ध इव, नैयायिकेषु कर्तेव, जैनेषु अर्हत् इव, मीमांसकेषु कर्म इव,

एकस्यैव कालस्य क्वचिद् भूत इव, क्वचिद् वर्तमान इव, क्वचिद् भविष्यदिव, क्वचिज्जन्यकाल इव, क्वचिन्नित्यकाल इव,

एकस्यैव पदार्थस्य क्वचिद् द्रव्य इव, क्वचिद् गुण इव, क्वचित् कर्म इव, क्वचित् सामान्य इव, क्वचिद् विशेष इव क्वचित् समवाय इव, क्वचिदभाव इव सम्पद्यते धर्मस्यानेकविधत्वम् ।

होस् भन्ने उद्देश्यले प्रत्यक्ष एवं अप्रत्यक्ष पदार्थलाई समान रूपमा अवलोकन गर्ने ऋषि एवं महर्षिहरूले नियमहरूको निर्धारण (निर्माण) गरेका हुन् । अप्रतिहत दृष्टि भएका, परावरज्ञ ऋषिमहर्षिहरूले तपस्यारूपी नयनद्वारा प्रस्फुरित भएका एवं अनेकौँ कल्पबाट अनुसरण गरिँदै आएका शाश्वत धर्मको उपदेश दिएका थिए । यथार्थमा धर्म एउटै स्वरूप भएको (एकै प्रकारको) हुन्छ तर पनि पदार्थका भेदले, समयका भेदले, गुणका भेदले, क्रियाका भेदले र जातिका भेदले गर्दा अनेक प्रकारको जस्तो लाग्दछ । एउटै पुरुष कही बुबा हुन्छ, कही छोरो हुन्छ, कही नाति हुन्छ, कही बान्धव हुन्छ, कही भान्जो हुन्छ, कही नप्ता (छोरीको छोरो) हुन्छ, कही ज्वाइँ हुन्छ, कही गुरु हुन्छ, कही शाखा प्रमुख (हाकिम) हुन्छ, कही सचिव हुन्छ, कही संवैधानिक अङ्गको प्रमुख हुन्छ, कही कृषक हुन्छ, कही प्राध्यापक हुन्छ, कहिले बालक हुन्छ, कहिले प्रौढ हुन्छ, कहिले बूढो हुन्छ, कसैको शासक हुन्छ, कसैद्वारा शासित हुन्छ, कुनै व्यक्तिभन्दा तल हुन्छ र कुनै व्यक्तिभन्दा माथि हुन्छ । यसप्रकार जाति, गुण, क्रिया एवं भावका सम्बन्धका भेदले नामका भेद हुन्छन् ।

एकमात्र जगत्का नियन्तालाई कुनै पुराण आदिमा ईश्वर भनेझैं, वेदान्तमा ब्रह्म भनेझैं, शैवदर्शनमा शिव भनेझैं, बौद्धग्रन्थहरूमा बुद्ध भनेझैं, न्यायशास्त्रमा कर्ता भनेझैं, जैन ग्रन्थहरूमा अर्हत् भनेझैं, मीमांसाशास्त्रमा कर्म भनेझैं,[८०] एउटै काल कही भूत भएझैं, कही वर्तमान भएझैं, कही भविष्य भएझैं, कहीँ जन्यकाल भएझैं, कही नित्यकाल भएझैं, एउटै पदार्थ कही द्रव्य भएझैं, कही गुण भएझैं, कही कर्म भएझैं, कही सामान्य भएझैं, कही विशेष भएझैं, कही समवाय भएझैं, कही अभाव भएझैं धर्मको पनि अनेकविधता (अनेक प्रकारको स्थिति) हुन्छ ।

---

८०. निम्न पद्यबाट अभिव्यक्त हुने भाव मूलमा प्रतिपादन गरिएको हो-

यं शैवाः समुपासते शिव इति ब्रह्मेति वेदान्तिनो बौद्धा बुद्ध इति प्रमाणपटवः कर्तेति नैयायिकाः ।
अर्हन्नित्यथ जैनशासनरताः कर्मेति मीमांसकाः सोऽयं नो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मो हि स्थानभेदाद्रूपभिन्नत्वं भजते । न हि सर्वत्र समानरूपत्वं धर्मस्य । राजनीतौ दृष्टो धर्मः साधारणमानवव्यवहारेषु न प्रसरति । राजनीतावपि स्वकीयराष्ट्रं प्रति परकीयराष्ट्रं प्रति राज्ञा वर्तितव्यस्य कर्मणः स्वरूपं भिन्नं भिन्नमेव भवति । साधारणमानवेषु **'मा हिंस्यात् सर्वभूतानि'** इत्यादीनामहिंसाप्रेरणामादधानानामाम्नायानां विधानं प्रसरति चेदभिषेकादिगुणवत्सु राजसु [२२२]**उपरुध्यारिमासीत राष्ट्रं चास्योपपीडयेत् । दूषयेच्चास्य सततं यवसान्नोदकेन्धनम् ॥** इत्यादिभिः स्मृतिभिः शत्रोरुपरोधन-तदीयराष्ट्रोपपीडन-यवसान्नोदकेन्धनदूषणादीनाञ्च कर्तव्यत्वेन निर्दिष्टस्य विधानस्य प्रसरो भवति ।

स्वकीयराष्ट्रं प्रति राज्ञः कर्तव्यम्

राज्ञः पञ्चमहायज्ञाः

यथा स्वाध्यायाध्ययनदेवपूजनपितृतर्पणभूतबलिप्रदानातिथिसत्काररूपपञ्चमहायज्ञा गृहमेधिनां कृते प्रत्यहमुनेष्ठेयत्वेन क्लृप्ताः, तथैव राज्ञोऽपि दुष्टदमनसुजनपूजनकोशसंवर्धनार्थिष्वपक्षपतनराष्ट्रसंरक्षणरूप-पञ्चमहायज्ञाः प्रत्यहं कर्तव्यत्वेन निर्दिष्टाः सन्ति ।

दुष्टनिग्रहः

तेषु राज्ञानुष्ठेयेषु पञ्चसु महायज्ञेषु दुष्टनिग्रहरूपो यज्ञः प्रथमः । दुष्टनिग्रहश्च दुष्टज्ञानमन्तरेणाशक्यमिति दुष्टज्ञानोपायो विधेयः । दुष्टज्ञानञ्च व्यवहारदर्शनादेव जायते । व्यवहारो हि दुष्टादुष्टव्यवच्छेदकः । तस्माद्राज्ञा प्रत्यहं प्रजानां व्यवहारदर्शनं विधेयम् ।

२२२. ७/१९५ मनुः ।

धर्मले स्थानका भेदले रूपगत भिन्नतालाई प्राप्त गर्छ । धर्म सबै ठाउँमा समान प्रकृतिको हुँदैन । राजनीतिमा देखिएको धर्म साधारण मानवका व्यवहारमा लागू हुँदैन । राजनीतिमा पनि आफ्ना राष्ट्रप्रति र अरूका राष्ट्रप्रति राजाद्वारा अवलम्बन गर्नुपर्ने कर्मको स्वरूप अलग अलग हुन्छ । साधारण मनुष्यहरूमा 'सबै (कुनै पनि) प्राणीको हिंसा नगर्नू' इत्यादि वाक्यद्वारा अहिंसाका लागि प्रेरणा दिइरहेका शास्त्रहरूका विधान प्रसृत हुन्छन् (निर्देशन वचन लागू हुन्छन्) । अभिषेक गरिएका (गद्दीमा आरूढ भएका) राजाहरूका सम्बन्धमा भने **उपरुध्याः०** अर्थात् 'दुर्गममा बसेको अथवा दुर्गभन्दा बाहिर बसेको शत्रुलाई (युद्धबाट विमुख भएका अवस्थामा पनि) घेरेर बस्नुपर्छ, उसका राष्ट्रलाई पीडा दिनुपर्छ, उसका घाँस, अन्न, जल एवं इन्धनलाई (अपद्रव्यसम्मिश्रण आदिद्वारा) दूषित बनाउनुपर्छ' (मनु. ७/१९५) इत्यादि स्मृतिहरूद्वारा बताइएका शत्रुलाई घेरा हाल्ने, उसका राष्ट्रमा पीडा पुऱ्याउने, यवस-अन्न-जल-इन्धनलाई दूषित बनाउने आदि जुन कर्महरू कर्तव्यका रूपमा बताइएका छन् तिनै निर्देशित कर्महरू प्रसृत हुन्छन् (कायम हुन्छन्/धर्म मानिन्छन्) ।

आफ्ना राष्ट्रमा राजाको कर्तव्य-

राजाका पाँच महायज्ञहरू-

स्वाध्यायको अध्ययन, देवताहरूको पूजा, पितृहरूको तर्पण, भूत (प्राणी) हरूलाई बलिप्रदान एवं अतिथिहरूको सत्काररूप पाँच महायज्ञ जसरी गृहस्थहरूका लागि सधैँ गर्नुपर्छ भनी निर्देशन गरिएका छन् त्यसै गरी राजाहरूका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहारावलोकनाच्चावगताः सन्तः पूजनीयाः । दुष्टास्तत्रापराधानुसारेण नियम्याः ।

कर्माकर्मविवेकाय धर्माधर्माभिधानम्

यद्यपि धर्माधर्मयोरैक्यं तथापि धर्मादधर्मो भिन्नः, अधर्माच्च धर्मो भिन्नः । यागादीनां श्रुतिस्मृतिविहितकृत्यानामनुष्ठाने धर्मस्योत्पत्तिर्भवति । ब्रह्मवधादीनां श्रुतिस्मृतिनिषिद्धानामकर्तव्यानामनुष्ठानेऽधर्मस्योत्पत्तिर्भवति। धर्मस्यानुष्ठाने सुखावाप्तिर्भवति। अधर्मस्यानुष्ठाने च दुःखावाप्तिर्भवति। इत्यादिकं धर्माधर्मयोः पृथक्त्वेनाभिधानं कर्मणां विभागाय कृतम् । सत्कर्मसु प्रवृत्त्यर्थं दुष्कर्मभ्यो निवृत्त्यर्थं च सत्कर्मणामनुष्ठाने सुखस्य प्राप्तिः, दुष्कर्मणामनुष्ठाने च दुःखस्य प्राप्तिरित्यादिभिः सुखदुःखाभ्यां हर्षशोकाभ्यां रागद्वेषाभ्यां शीतातपाभ्यामित्यादिभिर्द्वन्द्वैश्च प्रज्ञायोजितवान् प्रजापतिरिति कर्ममूलत्वं धर्मस्य, धर्ममूलत्वं सुखस्य, अधर्ममूलत्वं दुःखस्य इति निर्दिष्टम् ।

धर्मस्य स्थितिः- (धर्मश्च कालमनुसरति)

धर्मस्य समानभावत्वं प्रधानगौणभावत्वं न हि सार्वकालिकम् । यतो हि- यथा सत्यत्रेताद्वापरकलियुगानां कालपरिमाणमुत्तरोत्तरमवहीनं कृतम्, तथैव धर्मोऽपि तेषु युगेषु उत्तरोत्तरं क्रमशः पादेन हीनः कृतः । एवमेव

लागि पनि दुष्टहरूको दमन, सुजन (सज्जन) हरूको पूजा (आदर), कोशको वृद्धि, अर्थीहरूमा अपक्षपात, राष्ट्रको संरक्षणरूप पाँच महायज्ञ प्रत्येक दिन गर्नुपर्ने कर्तव्यका रूपमा निर्देशन गरिएका छन् ।

दुष्टको निग्रह-

राजाद्वारा सम्पन्न गर्नुपर्ने पाँच प्रकारका महायज्ञमध्ये दुष्टहरूको निग्रह पहिलो यज्ञ हो । दुष्टहरूको निग्रह दुष्ट हो भन्ने ज्ञान नभएसम्म हुँदैन । त्यसैले दुष्टहरूलाई चिन्ने उपाय गर्नुपर्छ । दुष्टको चिनारी व्यवहारदर्शनबाट मात्र हुन्छ। व्यवहार दुष्ट (दुर्जन) र अदुष्ट (सज्जन/साधु) लाई छुट्टाउने माध्यम हो । त्यसैले राजाले प्रत्येक दिन प्रजाहरूको व्यवहार (ऋणादानादि) हेर्नुपर्छ । व्यवहारको अवलोकनबाट प्रमाणित भएका सन्तहरू पूजनीय (आदर गर्न योग्य) हुन्छन् र दुष्टहरू उनीहरूद्वारा गरिएका अपराधअनुसार दण्डनीय हुन्छन् ।

कर्म एवं अकर्मको विवेचनाका लागि धर्म एवं अधर्मको विधान गरिएको हो-

हुन त धर्म एवं अधर्मका बीचमा अभेद सम्बन्ध रहेको हुन्छ तर पनि धर्मभन्दा अधर्म अलग हो र अधर्मभन्दा धर्म अलग हो । श्रुति एवं स्मृतिद्वारा प्रतिपादन गरिएका याग आदिका अनुष्ठानबाट धर्मको उत्पत्ति हुन्छ । श्रुति एवं स्मृतिद्वारा निषेध गरिएका ब्रह्मवध आदि गर्न नहुने कृत्यहरूको अनुष्ठानबाट अधर्मको उत्पत्ति हुन्छ । धर्मको अनुष्ठानबाट सुखको प्राप्ति हुन्छ । अधर्मको अनुष्ठानबाट दुःखको प्राप्ति हुन्छ । यस प्रकारले धर्म र अधर्मको अलग अलग कथन कर्महरूको (कर्तव्य/अकर्तव्यको) विभाजन गर्नलाई गरिएको हो । सत्कर्ममा प्रवृत्त गराउनका लागि र दुष्कर्मबाट निवृत्त गराउनका लागि सत्कर्मको अनुष्ठानबाट सुखको प्राप्ति हुन्छ र दुष्कर्महरूको अनुष्ठानबाट दुःखको प्राप्ति हुन्छ इत्यादि उक्तिका माध्यमले प्रजापतिले प्राणीमात्रलाई सुख एवं दुःखले, हर्ष एवं शोकले, राग एवं द्वेषले, शीत (जाडो) एवं आतप (गर्मी) ले र यसै प्रकारका अन्य द्वन्द्वहरूले पनि युक्त बनाएका हुन् । अतः धर्मका मूलमा कर्म रहेको हुन्छ, सुखका मूलमा धर्म रहेको हुन्छ र अधर्मका मूलमा दुःख रहेको हुन्छ भनी निर्देशन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणिनामायुरपि उत्तरोत्तरं क्रमशः पादेन हीनं कृतम् । यथा यथा हि पुरुषाः अधर्मेण मार्गेणाधमान् (अर्जनादिकम्) कुर्वन्ति तथा तथा हि तेषु युगेषु उत्तरोत्तरं क्रमशः सर्वे पदार्थाः अनुयुगं क्षीणा भवन्ति, आयुर्ह्रसति, कर्मणामाशिषश्च (फलविषयकप्रार्थनाः) क्षीणतामाप्नाः सत्यः फलन्ति, शरीरिणां शापानुग्रहादिप्रभावाश्च अनुयुगमेव फलन्ति । तेऽपि च धर्मा युगानुसारिणः सन्तीति च निर्दिष्टाः । यस्मिन् युगे धर्मस्य सकलाङ्गपरिपूर्णत्वं नियतं तत्र तपसः परमधर्मत्वम्, यस्मिन् युगे एकेन पादेन हीनत्वं धर्मस्य नियतं तत्रात्मज्ञानस्य, यस्मिन् पादद्वयेन हीनत्वं तत्र यज्ञानामनुष्ठानस्य, यस्मिंश्च त्रिभिः पादैर्हीनत्वं तत्रैव दानस्य परमधर्मत्वं निर्दिष्टमिति धर्मस्य प्रधानगौणभावत्वं कालमप्यनुसरति । जातिद्रव्यगुणक्रियानुसारेण प्रधानगौणभावत्वं तु धर्मस्य सार्वत्रिकमेव । न हि मनुष्यजातौ प्रधानभावत्वमापन्नः सत्यमस्तेयादिधर्मो गोत्वादिजातावपि प्राधान्यं भजते । न ह्येव गोत्वादिजातौ रागतः प्राप्तानामाहारभयमैथुनादीनां सामान्यत्वेऽपि दुग्धप्रदेयत्वादिप्रधानभावेन स्थितो धर्मो मनुष्यादौ प्राधान्यं भजते। नो वा ब्राह्मणजातौ प्रधानभावत्वमुपगता अध्यापनयाजनप्रतिग्रहादयो धर्मा इतरजातिषु प्रवर्तन्ते । नो वा

धर्मको स्थिति (धर्मले कालको अनुसरण गर्दछ)-

धर्ममा सबै समयमा समानभाव अर्थात् प्रधान एवं गौणभाव रहँदैन । (कुनै एउटा धर्मविशेष सबै समयमा प्रमुख नै हुन्छ अथवा गौण नै हुन्छ भन्ने नियत नियम हुँदैन) किन भने- जसरी सत्य, त्रेता, द्वापर एवं कलियुगको कालपरिणाम पछिपछि कम हुँदै जाने (पादहीन हुने) बनाइएको छ त्यसरी नै धर्म पनि ती ती युगमा क्रमैले एउटा एउटा चरणले हीन बताइएको छ । यसरी नै प्राणीहरूको आयु पनि पछि पछि एक एक चरणले कम हुने बनाइएको छ । जसरी जसरी मनुष्यहरूले अधम (निन्दनीय) बाटाको आश्रय लिएर अधम (अनुचित तरिकाले धन आर्जन गर्ने, अरूलाई गाली पर्ने, आक्षेप लगाउने, पीडा दिने, पिट्ने जस्ता निन्दनीय) कार्य गर्छन् त्यसरी त्यसरी नै उक्त युगहरूमा पछि पछि क्रमैले सबै पदार्थहरू क्षीण हुन्छन् । आयु कम (क्षीण) हुन्छ (प्रत्येक युगमा एक एक पाउले आयु घट्छ) । कर्मका आशिषहरू (फलसित सम्बद्ध प्रार्थनाहरू) क्षीण भएर फलीभूत हुन्छन् (आशीर्वाद का लाग्छ) । शरीरीहरूका (प्राणीहरूका) शाप एवं अनुग्रह आदिका प्रभाव प्रत्येक युगमा (युगधर्मानुकूल) फलित हुन्छन् (शाप एवं अनुग्रहको प्रभाव कम हुँदै जान्छ) । त्यसैले धर्महरू पनि युगानुसार हुन्छन् भनी निर्देश गरिएको हो । जुन युगमा धर्म नियमतः सबै अङ्गले युक्त भएको अतः एव पूर्ण हुन्छ त्यसै युगमा तपस्यालाई परमधर्म मानिन्छ । जुन युगमा धर्म नियमतः एउटा चरणले रहित हुन्छ त्यस युगमा आत्मज्ञानलाई परमधर्म मानिन्छ । जुन युगमा धर्म नियमतः दुइटा चरणले रहित हुन्छ त्यस युगमा धर्माचरणलाई परमधर्म मानिन्छ र जुन युगमा धर्म तीनवटा चरणले रहित हुन्छ त्यसै युगमा दानलाई परमधर्म मानिन्छ । यस प्रकार शास्त्रद्वारा गरिएको निर्देशनबाट युगअनुसार कुनै धर्म कुनै युगमा प्रधान हुन्छ भने त्यही नै धर्म अन्य युगमा गौण हुन्छ भन्ने सिद्ध हुन्छ । यसरी धर्मको प्रधानता र गौणताले युगको अनुसरण गर्दछ । जाति, द्रव्य, गुण एवं क्रियाका आधारमा एउटै धर्म कहीँ प्रमुख धर्म हुन्छ र कही गौण धर्म हुन्छ भन्ने तथ्य त सबै ठाउँमा लागू हुन्छ । मनुष्य जातिमा प्रमुख धर्म भनी मानिएको सत्य, अस्तेय आदि धर्म गोत्वादि जातिमा पनि प्रमुख धर्म हुन सक्दैन । रागका कारण प्राप्त हुने आहार, भय, मैथुन आदि सामान्य भएता पनि (पशुमा र मनुष्यमा आहार आदिमा हुने प्रवृत्ति समान हुन्छ तापनि) गोत्वादि जातिमा रहेको दूध दिने आदि प्रधान धर्म मनुष्यहरूका सन्दर्भमा प्रधान धर्म हुन सक्दैन । ब्राह्मणका प्रमुख धर्मका रूपमा मानिएका अध्यापन, याजन एवं प्रतिग्रह आदि अन्य वर्णका प्रधान धर्म हुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षत्रियजातौ प्रधानभावत्वमापन्नः प्रजापरिपालनात्मको धर्मः क्षत्रियेतरजातिषु तदात्मना प्रवर्तते । न च वैश्यजातौ प्रधानभावत्वमापन्नो वार्ताकर्मात्मको धर्मो वैश्येतरजातौ प्रवर्तते । नापि च शूद्रजातौ प्रधानतामुपगतः सुश्रूषणात्मको धर्म इतरजातौ तद्रूपेण प्रवर्तते ।

जातौ प्रधानभावत्वमापन्नस्य धर्मस्य द्रव्यगुणक्रियासु, द्रव्ये तत्त्वमापन्नस्य तदितरेषु, गुणे तत्त्वमापन्नस्य गुणेतरेषु, क्रियायां प्रधानभावत्वमापन्नस्य धर्मस्य च क्रियेतरेषु जात्यादिषु प्रधानभावत्वं नोपलभ्यते । इति धर्मस्य प्रधानगौणभावत्वं जातिद्रव्यगुणक्रियायामप्यनुसरति ।

ज्ञानविज्ञानयोर्योगायोगकारकयोर्मतम्

अविज्ञानादयोगो हि पुरुषस्योपजायते । विज्ञानादपि योगश्च योगो भूतिकरः परः ।।

योगस्य मुक्तिकारकत्वमभिमतम् । पुरुषस्य स च योगो विज्ञानाज्जायते । अविज्ञानाद् अयोग एव जायते । विज्ञानाविज्ञानयोर्योगायोगजनकत्वं निर्दिष्टम् । योगस्य भूतिकारकतया निर्दिष्टत्वादयोगो ह्यभूतिकर इति अर्थान्निष्पद्यते ।

विज्ञानञ्च नित्यं शास्त्राभ्यासेन पुरुषस्योपजायते । पुरुषो हि यथा यथा शास्त्रमवेक्षते तथा तथा शास्त्रीयं विषयं विजानाति, अथ विज्ञानञ्चास्य रोचते । शास्त्राध्ययनमपि नियमेनैव कर्तव्यं भवति । नियमेनाधीतं वीर्यवत्तरं भवति । अत एव **'स्वाध्यायोऽध्येतव्यः'** इति स्वाध्यायाध्ययनायाध्ययनविधिर्विहिता ।

सक्दैनन् । क्षत्रिय जातिमा प्रधान धर्मका रूपमा रहेको प्रजाहरूको पालन (संरक्षण) गर्ने धर्म क्षत्रियभन्दा इतर जातिमा प्रधान बन्न सक्दैन । वैश्यजातिमा प्रमुख धर्म मानिएको वार्ता (व्यापार) सित सम्बद्ध क्रियाकलाप वैश्यभन्दा इतर जातिमा प्रधान धर्म बन्न सक्दैन । शूद्रजातिमा प्रधान रूपमा रहेको सुश्रूषा (द्विजसेवा) रूप धर्म अन्य जातिमा त्यस रूपमा (प्रधानतया) प्रवृत्त हुँदैन ।

जातिमा प्रधान भएको धर्म- द्रव्य गुण एवं क्रियामा, द्रव्यमा प्रधान भएको धर्म द्रव्यभन्दा इतरमा, गुणमा प्रमुख बनेको धर्म गुणभन्दा इतरमा, क्रियामा प्रधान भएको धर्म क्रियाभन्दा इतर जाति आदिमा प्रधान हुन सक्दैन । यस प्रकार धर्मको प्रधानता एवं गौणताले जाति, द्रव्य, गुण एवं क्रियाको पनि अनुसरण गर्दछ ।

ज्ञान र विज्ञान (ज्ञानाभाव) योग र अयोगका कारक हुन्-

अविज्ञानाद् अर्थात्- 'अविज्ञान (विशिष्ट ज्ञानको अभाव/ अज्ञानता) बाट पुरुषमा अयोग (योगको अभाव/योगी बन्न नसक्ने स्थिति) उत्पन्न हुन्छ । विज्ञानबाट योगको प्राप्ति हुन्छ । योग अत्यन्त कल्याणकर हुन्छ ।' योगले मुक्त गराउँछ भनी मानिएको छ । विज्ञानबाट पुरुषहरूमा योग उत्पन्न हुन्छ । विज्ञानका अभावमा अथवा विशिष्ट ज्ञानका अभावमा अयोग (योगको अप्राप्ति अथवा योगी बन्न नसक्ने स्थिति) उत्पन्न हुन्छ । अतः विज्ञान एवं अविज्ञानलाई क्रमशः योग एवं अयोगको जनक (उत्पादक) मानिएको छ । योगलाई भूतिकारक (कल्याणकर) भनिएको हुनाले अयोग अभूतिकर (अकल्याणकर/अनिष्टकर) हुन्छ भन्ने तात्पर्यार्थबाट बुझिन्छ । निरन्तर शास्त्रको अभ्यासबाट पुरुषमा विज्ञान उत्पन्न हुन्छ । पुरुषले जति जति शास्त्रको अवलोकन गर्छ त्यति त्यति उसले शास्त्रीय विषय जान्दछ । त्यसपछि उसलाई विज्ञान मन पर्न थाल्छ । शास्त्रको अध्ययन पनि नियमपूर्वक गर्नुपर्छ । नियमपूर्वक गरिएको अध्ययन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथाश्रवणरूपस्य धर्मस्य फलमीदृशम्

[२२३]दुःखदारिद्र्यदौर्भाग्यपापप्रक्षालनाय च। कामक्रोधजयार्थं हि कलौ धर्मः समीरितः॥

धर्मशास्त्रं हि कामक्रोधाभ्यां समुत्पद्यमानानि व्यसनानि नाशयति। कामजानि व्यसनानि दश क्रोधजानि व्यसनान्यष्टौ सन्ति। एतान्येव व्यसनानि सामाजिकसुव्यवस्थाया विनाशकराणि।

एतेषां कामक्रोधजाष्टादशव्यसनानां मूलं लोभः। पापकारणं लोभ एव। लोभादेव पापोत्पत्तिः। पापमेव हि सामाजिकसुव्यवस्थाया विनाशकारकम्।

एतेषां सामाजिकसुव्यवस्थायामव्यवस्थोत्पादकानां मूलकारणानामन्वेषणं विधाय तेषां निवारणोपायान्निर्दिश्य सामाजिकसुव्यवस्थायाः स्थापनं धर्मशास्त्रस्य परमं लक्ष्यम्।

कामक्रोधादिव्यसनानां विनाशः कथाश्रवणात् समुत्पद्यते। कथासु कामक्रोधादिव्यसनानां परिणतिः सम्यङ्निर्दिष्टास्ति। व्यसनानां परिणतिर्दुःखावहा। दुःखावहेभ्यो व्यसनेभ्यो निवृत्तिः सचेतसां मानवानां मनसि समुदेति। हितावहकृत्येषु प्रवृत्यात्मिकाया मानवमनोवृत्तेर्निर्माणं हि सामाजिकं कार्यम्।

ब्रह्मचर्यम्, अधः शयनम्, कथाश्रवणानन्तरं पत्रावल्यां भोजनम्, द्विदलमधुतैलगरिष्ठान्नभावदुष्टपर्युषितादीनामभोजनम्, कामक्रोधमदमानमत्सरलोभदम्भमोहद्वेषादीनां परिवर्जनम्, वेदविप्रगुरुस्त्रीराजमहता-

२२३. श्रीमद्भागवतमाहात्म्यम् ३/६४।

शक्तिशाली हुन्छ। अत एव **स्वाध्यायोऽध्येतव्यः** अर्थात् 'स्वाध्यायको अध्ययन गर्नुपर्छ' भनी स्वाध्याय अध्ययनका लागि अध्ययन विधिको निर्देशन गरिएको छ।

कथाश्रवणको फल-

दुःखदारिद्र्य० अर्थात् 'दुःख (कष्ट), दारिद्र्य (सम्पत्तिको अभाव), दुर्भाग्य एवं पाप पखाल्नका लागि साथै काम एवं क्रोध माथि विजय प्राप्त गर्नका लागि कलियुगमा धर्मको उपदेश गरिएको हो (भा.मा.३/६४)।' धर्मशास्त्रले काम एवं क्रोधबाट उत्पन्न हुने व्यसन (दुराचरण) लाई नष्ट गराउँछ। कामबाट उत्पन्न हुने व्यसन दश प्रकारका छन् र क्रोधबाट उत्पन्न हुने व्यसन आठ प्रकारका छन्। यिनै व्यसनले सामाजिक सुव्यवस्थालाई नष्ट गराउने (भताभुङ्ग) पार्ने गर्छन्। काम एवं क्रोधबाट उत्पन्न भएका उपर्युक्त अठार प्रकारका व्यसनहरूको मूल (जरो) लोभ हो। पापको कारण पनि लोभ नै हो। लोभबाट नै पापको उत्पत्ति हुन्छ। पापले नै सामाजिक सुव्यवस्थालाई नष्ट गराउँछ। सामाजिक सुव्यवस्थामा अस्तव्यस्तता ल्याउने उपर्युक्त मूलकारणहरूको अन्वेषण गरेर उक्त मूलकारणका निवारणको उपाय समेत बताएर सामाजिक सुव्यवस्था स्थापन गर्नु धर्मशास्त्रको परम लक्ष्य हो।

कथाश्रवणबाट काम, क्रोध आदि व्यसनहरूको विनाश हुन्छ। कथाहरूमा काम, क्रोध आदि व्यसनहरूका परिणाम राम्ररी देखाइएका हुन्छन्। व्यसनहरूका परिणाम अत्यन्त दुःखदायी हुन्छन्। दुःखदायक व्यसनहरूबाट कसरी निवृत्त हुने भन्ने भावना सचेत मनुष्यको मनमा उत्पन्न हुन्छ। हितकर कार्यहरूमा प्रवृत्त हुने मानवीय मनोवृत्तिको निर्माण गर्नु नै सामाजिक कार्य हो।

ब्रह्मचर्यको पालन गर्नु; भुइँमा सुत्नु; कथा सुनेपछि पत्रावलीमा (पातमा) खाना खानु; दाल-मह-तेल-गह्रुङ्गो खाना, भावना दुष्ट खाना एवं बासी आदि भोजन नखानु; काम, क्रोध, मद, मान, मत्सर, लोभ, दम्भ, मोह एवं द्वेष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनिन्दनम्, रजस्वलान्त्यजम्लेच्छपतितव्रात्यद्विजद्विड्वेदबाह्यैरभाषणम्, सत्यशौचदयामौनार्जवविनयोदार-मानसं च कथाश्रवणाय नियमा निर्दिष्टाः । एते वै नियमाः पुरुषस्यान्तकरणानि संशोध्यात्मानं परिष्कृत्य सामाजिकमनोवृत्तेर्निर्माणं विदधते ।

एकतः कथाश्रवणार्थमेतेषां कामक्रोधादीनां परित्यागरूपाः सत्यशौचादीनामनुष्ठेयरूपा नियमा निर्दिष्टाः, अपरतो भगवद्गुणानुवादवतीनां कथानां श्रवणमेव हि सर्वेषां दोषाणां (पापानाम्) क्रामक्रोधादीनां प्रशामकतया सत्यशौचादीनामुद्भावकतया च निर्दिष्टम् । दृष्टो हि लोके परस्परं कार्यकारणभावः । उप्तं हि बीजं प्ररोहति, प्ररूढा वृक्षादयः फलन्ति । तदेव फलं बीजाय कल्पते । अतः सङ्गच्छते कथाश्रवणरूपो धर्मः कामक्रोधादिव्यसन-विनाशनेन ब्रह्मचर्यसत्यशौचादिभावानामुत्पादक इति । दुर्वृत्ताः खलु लोभमूलककामक्रोधादिव्यसनपर-वशीभूता मर्यादामुल्लङ्घ्य समाजं नाशयन्ति । तान् निगृह्य सामाजहितसम्पादनं धर्मशास्त्रं कुरुते ।

व्यक्तेर्जीवनं सुखमयमापादयितुं धर्मशास्त्रमादिशति

शास्त्रे वा स्याल्लोकेऽपि वा स्याद् यद्यदुत्कृष्टं तत्तद्ग्रहितुं प्रवर्तनां प्रवर्तते वा । यद्यन्निकृष्टं तत्तत्परित्यक्तुं शास्त्रं निर्दिशति लोकश्च वाञ्छति ।

तत्र धर्मशास्त्रस्यार्षप्रणीतत्वाद् ऋषीणां च तपःपूतान्तःकरणतया समभीष्टमार्गप्रतीतेर्ऋषिप्रणीतं शास्त्रं यन्निर्दिशति तत्सर्वथा परिपालनीयम् ।

आदिको त्याग गर्नु; वेद, ब्राह्मण, गुरु स्त्री, राजा एवं ठूला मानिसको निन्दा नगर्नु; रजस्वला स्त्री, अन्त्यज, म्लेच्छ, पतित, व्रात्य, विप्रद्वेषी, एवं वेदबाह्य पुरुषका साथमा बोलचाल नगर्नु; सत्य, शौच, दया, मौन, आर्जव (सरलता), विनय एवं उदार मानसिकता यी कथाश्रवणका लागि बताइएका नियम हुन् । यी नियमहरूले पुरुषका अन्तःकरणलाई संशोधन गरेर साथै आत्मालाई परिष्कार गरेर सामाजिक मनोवृत्तिको निर्माण गर्दछन् ।

एकातिर कथाश्रवणका लागि उक्त काम, क्रोध आदिको परित्याग गर्नुपर्ने र सत्य, शौच आदिको पालन गर्नुपर्ने भन्ने नियमहरू बताइएका छन् भने अर्कातिर भगवान्का गुणहरूको अनुवाद (कीर्तन) भएका कथाहरूको श्रवण गर्नुपर्छ भनिएको छ । उक्त नियमहरू सबै प्रकारका दोषहरूका (पापादिका) र काम क्रोध आदिका प्रशामक (विनाशक) भएकाले साथै सत्य, शौच आदिका उद्भावक (प्रकट कर्ता) भएकाले निर्देश गरिएका हुन् । संसारमा परस्परमा कार्यकारणभाव देखिएकै विषय हो । रोपिएकै बीउ उम्रन्छ, उम्रिएका रूखहरू नै फल्दछन् । त्यही नै फल बीज बन्दछ । अत एव कथाश्रवणरूपी धर्मले काम, क्रोध आदि व्यसनलाई नष्ट गराएर ब्रह्मचर्य, सत्य, शौच आदि भावना उत्पन्न गराउँछ भन्ने कुरा सङ्गत हुन्छ । नराम्रा व्यवहारले युक्त भएका पुरुषले लोभ नै करणका रूपमा रहेका काम, क्रोध आदिका अधीनमा भएर मर्यादाको उल्लङ्घन गरी समाजलाई ध्वस्त बनाउँछन् । उनीहरूलाई नियन्त्रण गरेर समाजलाई हित गर्ने कार्य धर्मशास्त्रले गर्छ ।

व्यक्तिको जीवनलाई सुखमय बनाउन धर्मशास्त्रले आदेश दिन्छ-

शास्त्रमा होस् वा लोकमा जुन जुन वस्तु उत्कृष्ट हुन्छन् ती ती वस्तु प्राप्त गर्न प्रवृत्त हुने वा प्रवृत्त गराउने गरिन्छ । जुन जुन पदार्थ निकृष्ट हुन्छन् ती ती पदार्थ शास्त्रले पनि त्याग गर्न लगाउँछ र लोकले पनि त्याग गर्न चाहन्छ । (शास्त्रले जुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकस्तु तदार्षप्रणीतशास्त्रानुगामी शक्नोति परिच्छेत्तुमभीष्टानभीष्टसम्पादकं तत्त्वम् । तत्रार्षप्रणीतशास्त्रोद्वर्तकस्तु लोकोऽन्धे तमसि निमज्जन्नपि पशुवन्न जानाति स्वकीयामवस्थाम् । यथा वा दंशमशकादय इव स्वकीयविनाशमुच्छ्रायं वाविन्दन् स्वानुष्ठितकर्मवशान्नानाविधपीडानुभूतिसमन्वितां योनिमाप्नोति । तासु तासु च योनिषु जातो जन्तुः कया प्रवृत्त्या कीदृक् फलमाप्यते इत्यजानन्नाहारनिद्राभयमैथुनेषु प्राणपणेन प्रवर्तते ।

यथा वस्त्रखण्डादिकं दंशमशकाद्यपाकरणसाधनं हस्तेनादाय निवार्यमाणा अपि दंशमशकादयः कीटपतङ्गाः कदाचिन्निवार्यन्तेऽपसरन्ति पलायन्ते, कदाचिद् वस्त्रखण्डस्य स्वल्पाधातेन काञ्चित्पीडामनुभवन्तोऽपि मनुष्यं प्रति एव दंशनाय दशनेन रक्तपानाय धावन्ति, कदाचित् पुनर्वस्त्रखण्डस्याघातेन मूर्च्छामप्यनुभवन्ति । मूर्च्छाव्यपगमानन्तरं पुनः समुत्थाय मनुष्यं प्रति मानवं दंशयित्वा तत्समुत्थरक्तपानार्थं धावन्ति । हस्तेन वस्त्रखण्डं सञ्चालयन्तं नरं तत्सञ्चालितवस्त्रखण्डाधातपीडामनुभवन्तोऽपि दंशमशकाः पुनः रक्तपानलोभाकृष्टाः सन्तः प्रवर्तन्त एव । मुहुर्मुहुः पतन्ति, निपतन्ति, उत्पतन्ति । सञ्चाल्यमानं वस्त्रखण्डं दृष्ट्वा भयेन पराद्रवन्ति, पलायन्ते

जुन वस्तु उत्कृष्ट हुन्छन् ती ती वस्तु प्राप्त गर्न प्रवृत्त गराउँछ र लोक स्वयं समेत त्यस्ता वस्तु प्राप्त गर्न प्रवृत्त हुन्छ । यसरी नै शास्त्रले जुन जुन वस्तु निकृष्ट हुन्छन् ती ती वस्तु त्याग गर्नुपर्छ भनी निर्देशन गर्दछ र लोक पनि त्यस्ता वस्तु त्याग गर्न चाहन्छ ।) धर्मशास्त्रहरूको रचना ऋषिहरूद्वारा गरिएको हो । ऋषिहरू तपस्याका कारण पवित्र अन्तःकरण भएका थिए । त्यसैले उनीहरूलाई अभीष्ट मार्ग प्रतीत भएको थियो । अतः ऋषिहरूद्वारा प्रणयन गरिएको शास्त्रले (धर्मशास्त्रले) जे निर्देशन दिन्छ सर्वथा त्यसको पालन गर्नुपर्छ ।

ऋषिहरूद्वारा रचना गरिएका शास्त्रहरूको अनुसरण गर्ने लोकले {यसबाट ईप्सित परिणाम प्राप्त हुन्छ र यसबाट ईप्सित परिणाम प्राप्त हुँदैन भनी} अभीष्ट एवं अनभीष्टका सम्पादक तत्त्वहरूको निर्णय गर्न सक्छ । ऋषिहरूद्वारा प्रणयन गरिएका शास्त्रहरूलाई छिन्नभिन्न बनाउने (शास्त्रनिर्देशन नमान्ने) मनुष्यले प्रगाढ अन्धकारमा डुबी {कर्तव्याकर्तव्य ज्ञानका अभावमा} पशुलेझैं आफ्नो अवस्था समेत जान्न सक्दैन । अथवा डाँस, मशक (झिँगा/लामखुट्टे आदि) झैं आफ्नो विनाश अथवा उन्नति थाहा नपाएर आफूद्वारा गरिएका कर्मका कारण अनेक प्रकारका पीडाका अनुभवले युक्त भएको योनिमा प्राप्त हुन्छ । ती ती योनिमा उत्पन्न भएको प्राणी कस्ता प्रवृत्तिबाट कस्तो फल प्राप्त हुन्छ भनी थाहा नपाएर आहार, निद्रा, भय एवं मैथुनमा ज्यानको बाजी लगाएर प्रवृत्त हुन्छ ।

डाँस, झिँगा, मच्छर आदि भगाउने साधनका रूपमा कपडाका टुक्रा आदिको प्रयोग गरिन्छ । वस्त्रखण्ड (कपडाका टुक्रा) आदि हातमा लिएर भगाइएका डाँस, झिँगा, मच्छर आदि कीट पतङ्गहरू कहिलेकाहीँ (रक्तपान गर्ने कार्यबाट) निवृत्त हुन्छन्, पर सर्छन् र भाग्दछन् पनि । कहिलेकाहीँ कपडाका टुक्राको सानो आघात परेर पीडाको अनुभव गरेता पनि दाँतले टोकेर मानिसको रगत पान गर्ने इच्छाले उनीहरू भएतिरै दौडिन्छन् । कहिलेकाहीँ कपडाले लागेर मूर्च्छित पनि हुन्छन् । मूर्च्छा हटेपछि पुनः उठेर मनुष्यलाई टोकी उसबाट निस्किएको रगत पान गर्ने इच्छाले मनुष्य भएतिरै दौडिन्छन् । मानिसले डाँस आदिबाट बच्न हातमा कपडाका टुकुरा लिएर घुमाइरहेका हुन्छन् । मानिसले हानेका कपडाका टुक्राका आघातको पीडा अनुभव गरेता पनि डाँस, झिँगा, मच्छरहरू पुनः रक्तपान गर्ने लोभले आकृष्ट भएर त्यसै कार्यमा प्रवृत्त हुन्छन् । बारम्बार लड्छन्, मूर्च्छित हुन्छन्, उड्छन् । हल्लाइएको वस्त्रखण्डलाई देखी डराएर केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

च । अवसरं दृष्ट्वा रक्ताशनेच्छया पराक्रमन्ति च । यावत् प्राणधारणमाहारादिषु प्राणिनः प्रवर्तन्ते एव । वस्त्रखण्डेनाहत्य मूर्च्छामनुभवन्तोऽपि न तं वस्त्रखण्डं विलोक्य तत्र स्वप्रवर्तनां परित्यजन्ति, न च तत्परित्यागात्मकप्रवृत्तेरुदयस्तेषु सम्पद्यते ।

यथा स्वव्यापत्तिभयात् त्रस्ता अपि दंशमशकादयो रक्तपिपासया प्राणव्यापत्तिहेत्वनभिज्ञतया च प्राणान्तकव्यापारेष्वपि प्रवर्तन्ते तथैव साहजिकाहारनिद्राभयमैथुनादिव्यापारेषु व्यासक्तो रागान्धो लोकश्च दंशमशकादिरिव पशुपक्ष्यादिरिव वा इष्टानिष्टसम्पादकतत्त्वानभिज्ञतया उत्पथमनुसरन् स्वस्यात्मानं तु निपातयत्येव समाजमपि कलङ्कयति, विदूषयति, विखण्डयति, समुद्वेजयति, विनाशयति च ।

यौवनधनसम्पत्तिप्रभुत्वाविवेकित्वादयोऽव्यवस्थितिहेतवस्तत्र तं दुरात्मानं जनं समाजकण्टकत्वं धराभरायमाणत्वं च विदधते ।

एतेषामेवाव्यवस्थोत्पादकतत्त्वानां व्यवस्थोन्मुखत्वमापाद्य व्यक्तेर्जीवनं सुखमयं सम्पादयितुं तत्र धर्मशास्त्रं धर्मानुष्ठानमादिशति ।

पूर्वे वयसि यन्त्रा नियमितो हि वृषभो हलप्रवर्तनायोपयुक्तः सन् स्वस्य परस्य चोपकाराय कल्पते । हलकर्षणादिषु नियुक्तस्य वृषभस्य साधुवहनादिगुणज्ञेन वृषभपालेन यथोचितयवसान्नोदकादिदानेन परिपोषणं क्रियत इति नियमितो वृषभः स्वस्यात्मानमुपकरोति ।

छेउँ लाग्छन् र भाग्छन् । अवसर हेरेर रगत खाने इच्छाले फेरि आफ्नो पराक्रम देखाउन थाल्छन् । जबसम्म प्राण रहेको हुन्छ तबसम्म प्राणीहरू आहार आदिमा प्रवृत्त भएका हुन्छन् नै । वस्त्रखण्डले प्रताडित भएर मूर्च्छित भएता पनि त्यस वस्त्रखण्डलाई देखेर त्यहाँ आफ्नो प्रवृत्ति छाड्दैनन् । न त उनीहरूमा मनुष्यका रगतको पान नगर्ने प्रवृत्तिको उदय नै हुन्छ ।

आफूमाथि कुनै विपत्ति आइलाग्छ कि (मर्छु कि?) भनी डराइरहेका भए पनि डाँस, मच्छर आदि रगत पान गर्ने इच्छाले र आफ्ना प्राणमाथि विपत्ति आइपर्ने कारण थाहा नभएकाले गर्दा प्राणै गुमाउनु पर्ने व्यापारमा (कार्यमा) पनि प्रवृत्त हुन्छन् । सहजरूपमा प्राप्त भएका आहार, निद्रा, भय, मैथुन आदि व्यापारमा विशेष रूपमा आसक्त भएका (चुर्लुम्म डुबेका) रागान्ध मनुष्यहरूले पनि डाँस, मच्छर आदिलेझैं अथवा पशुपक्षी आदिलेझैं इष्ट एवं अनिष्ट सम्पादक तत्त्वको ज्ञान गर्न सक्दैनन् । त्यसैले त्यस्ता मनुष्यले दुर्मार्गमा प्रवृत्त हुँदै आफ्नो आत्मालाई त पतित बनाउँछन् नै समाजलाई पनि कलङ्कित बनाउँछन्, दूषित बनाउँछन्, खण्डित बनाउँछन्, उद्विग्न बनाउँछन् र नष्ट गराउँछन् ।

यौवन, धनसम्पत्ति, प्रभुता, अविवेकिता आदि अव्यवस्थाका हेतु हुन् । यौवन आदिले- दुष्ट स्वभाव भएका मनुष्यलाई समाजका काँडाजस्ता एवं पृथिवीका भारजस्ता बनाउँछन् । उपर्युक्त अव्यवस्थाका उत्पादक तत्त्वहरूलाई व्यवस्थातिर उन्मुख बनाएर व्यक्तिको जीवनलाई सुखमय बनाउन धर्मशास्त्रले धर्मको अनुष्ठान गर्नुपर्छ भनी उपदेश दिन्छ ।

उमेरको पहिलो भागमा (बाच्छामा) यन्त्राद्वारा नियन्त्रण गरिएको (दाइएको) गोरु हलो तान्न समर्थ भएर आफ्नो र अरूको समेत उपकार गर्ने हुन्छ । हलो तान्ने आदि कार्यमा लागाइएको गोरुलाई राम्ररी हिँडाउने आदि गुण जानेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकस्य च साधुतया हलकर्षणादिक्रियासम्पत्तेस्तज्जनितान्नाद्युपभोग्यपदार्थोपलब्धेर्वृषभः परानप्युपकुरुते।

एवमेव जनोऽपि पूर्वे वयसि नियमित एव स्वस्य परस्य चोपकारी सम्पद्यते। न हि शिष्टो लोकः कदाप्युत्पथमनुसरति। अत एव शिष्टमहिमा शास्त्रेषु लोकेषु च सम्माननादिक्रियाभ्यः संल्लक्ष्यते।

शास्त्रेषु शिष्टमहिमा

शास्त्रेषु नियमेनाधीतस्य वीर्यवत्तरत्वमुद्दिष्टम्। तस्माद् विद्याद्योतितान्तःकरणतया स्वसामर्थ्योद्भावनाय स्वाध्यायकाले नियमानां समनुष्ठानेन भाव्यम्। ब्रह्मचर्यादिशास्त्रोक्तधर्मपरिपालनं हि नियमानामनुष्ठानम्।

सकलानामिन्द्रियाणां संयमो हि ब्रह्मचर्यम्। सकलप्राणिषु अनुकम्पया प्रवर्तनं दया। परेणापकारे कृतेऽप्यप्रत्यपकरणं क्षान्तिः। यथाशक्ति परेषु द्रव्यार्पणादिविधानं दानम्। यथादृष्टश्रुतवदनादिना यथार्थपरिपालनं सत्यम्। जिह्माभावः कुटिलभावराहित्यम् अकल्कता। कायेन मनसा वाचा च परानपकरणमहिंसा। अदत्तानां परकीयद्रव्याणामनादानम् अन्यायेन परद्रव्यानपहरणं वास्तेयम्। प्राणिषु मृदुभावेन प्रवर्तनं माधुर्यम्। अन्तःकरणानां संयमेन कामक्रोधाद्यनुत्थानं दमः। एतेषां ब्रह्मचर्यमुपक्रम्य दमपर्यन्तानां व्रतानां परिपालनं [२२४]धर्मशास्त्रे यमत्वेनोद्दिष्टम्।

२२४. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः ३१२ श्लोकः।

गोरुको मालिकले समुचित घाँस, अन्न, जल आदि दिएर पाल्ने काम गर्दछ। अतः नियमित (दाइएको) गोरुले आफ्नो समेत हित गर्दछ। राम्ररी हलो तान्ने आदि क्रियाबाट उत्पन्न सम्पत्तिका माध्यमले, अथवा त्यसबाट उत्पन्न अन्न आदि उपभोग्य पदार्थको उपलब्धिका माध्यमबाट अरूलाई पनि उपकार गर्छ। यसै प्रकारले जीवनको पूर्वार्धमा (बालक कालमा) नियन्त्रण गरिएको मनुष्य आफ्नो र अरूको पनि उपकार गर्न सक्ने हुन्छ। शिष्ट (नियमित) लोक (मनुष्यसमूह) कहिल्यै पनि दुर्मार्गमा प्रवृत्त हुँदैन। अत एव शास्त्रमा र लोकमा गरिएका सम्मान (आदर) गर्ने आदि क्रियाबाट शिष्टहरूको महिमा कति छ भनी अनुमान लगाउन सकिन्छ।

शास्त्रमा शिष्ट (सदाचारले युक्त पुरुष) को महिमा-

शास्त्रमा नियमपूर्वक गरिएको अध्ययन शक्तिशाली हुन्छ भनिएको छ। त्यसैले विद्याद्वारा प्रकाशमान अन्तःकरणले समन्वित आफ्नो सामर्थ्य प्रकट गर्नका लागि स्वाध्यायका समयमा नियमहरूको अनुष्ठान गर्नुपर्छ। शास्त्रमा प्रतिपादन गरिएका ब्रह्मचर्य आदिको पालन नै नियमको अनुष्ठान हो। सम्पूर्ण इन्द्रियको संयम (नियन्त्रण) ब्रह्मचर्य हो। सबै प्राणीमा अनुकम्पापूर्वक प्रवृत्त हुनु दया हो। अरूले आफ्नो अपकार गरे पनि आफूले अरूको अपकार नगर्नु क्षान्ति (सहनशीलता) हो। शक्तिअनुसार आफूसँग भएको धनसम्पत्ति आदि अरूलाई प्रदान गर्ने कार्य दान हो। जस्तो देखिएको छ र जस्तो सुनिएको छ त्यस्तै नै बोलेर यथार्थको (वास्तविकताको) चारैतिरबाट संरक्षण गर्नु सत्य हो। जिह्यताको अभाव अर्थात् कुटिलताको परित्याग अकल्कता (अकुटिलता/सरलता) हो। शरीर, मन एवं वाणीद्वारा अरूको अपकार नगर्नु अहिंसा हो। नदिईकन अरूको सम्पत्ति ग्रहण नगर्नु अथवा अन्याय पूर्वक अरूको सम्पत्ति हरण नगर्नु अस्तेय हो। सबै प्राणीमा कोमल व्यवहार गर्नु माधुर्य हो। अन्तःकरणहरूको संयमद्वारा काम, क्रोध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रातरुत्थाय जलेन सकलशरीरप्रक्षालनं स्नानम् । तूष्णीम्भावो मौनम् । अद्यादिपदार्थानदनमुपवासः । नित्यतया विहितानां पञ्चमहायज्ञादीनां समनुष्ठानमिज्या । विहिताध्ययनं स्वाध्यायः । उपस्थेन्द्रियतृप्त्यर्थम-प्रवर्तनमुस्थपनिग्रहः । गुरोराज्ञापालनानुव्रजनपरिचरणोच्छिष्टभोजनादिविधानं गुरुशुश्रूषा । बाह्याभ्यन्तर-शुद्धिविधानं शौचः । परापकरणात्मिकबुद्धेरनुत्थानमक्रोधः । विहितविधेयधर्मेषु सम्यक्तया सम्प्रवर्तनमप्रमादः । तेषां धर्माणां समनुष्ठानशीलताप्रमादता । एतेषां स्नानमुपक्रम्याप्रमादतापर्यन्तानां धर्माणां सम्यक्तया परिपालनं [२२५]धर्मशास्त्रे नियमत्वेनोद्दिष्टम् ।

एतेषु यमनियमेषु यमानां नित्यतया समनुष्ठानवतः पुरुषस्य नियमानामप्यनुष्ठानमनुमतम् । यमानुष्ठानं परित्यत्य नित्यतया नियमानुष्ठानं तु नानुमतम् । यथा-

[२२६]**यमान् सेवेत सततं न नित्यं नियमान् बुधः ।**

यमान् पतत्यकुर्वाणो नियमान् केवलान् जपन् ।। इत्यधिभाय भगवता मनुना यमानां नित्यतया समनुष्ठानम्, नियमानां पुनः अनित्यतयानुष्ठानं निर्दिश्य यमानुष्ठानमन्तरा नियमानुष्ठापकस्य तु पतनमुद्दिष्टम् ।

२२५. याज्ञवल्क्यस्मृतिः, प्रायश्चित्ताध्यायः ३१३ श्लोकः ।

२२६. ४/२०४ मनुः ।

आदिलाई उत्पन्न हुन नदिनु दम हो । उक्त ब्रह्मचर्यदेखि दमसम्मका व्रतहरूको पालनलाई धर्मशास्त्रमा यम भनिएको छ । (या.स्मृ. ३/३१२)

बिहानै उठेर पानीले सबै शरीर पखाल्नु स्नान हो । नबोलीकन बस्नु (तूष्णीभाव) मौन हो । खाने आदि पदार्थहरू नखानु उपवास हो । सधैँ गर्नुपर्छ भनी बताइएका पञ्चमहायज्ञ आदिको अनुष्ठान (सम्पादन) इज्या हो । विहित अध्ययन (शास्त्रले पढ्नुपर्छ भनेका ग्रन्थको पढाइ) स्वाध्याय हो । उपस्थ इन्द्रियको (जननेन्द्रियको) तृप्तिका लागि प्रवृत्त नहुनु उपस्थनिग्रह हो । गुरुको आज्ञा पालन गर्नु, गुरुको अनुसरण गर्नु, गुरुको सेवा गर्नु, गुरुको उच्छिष्ट भोजन ग्रहण गर्नु आदि गुरुशुश्रूषा हो । बाह्य एवं आभ्यन्तर पवित्रता सम्पादन शौच हो । अरूको अपकार गर्छु भन्ने बुद्धिको आविर्भाव नहुनु अक्रोध (क्रोधको अभाव) हो । विधान गरिएका (गर्नुपर्ने) धर्महरूमा राम्ररी प्रवृत्त हुनु अप्रमाद हो । तिनै धर्महरूको राम्ररी अनुष्ठान गर्ने स्वभाव नै अप्रमादता हो । उपर्युक्त स्नानबाट लिएर अप्रमादसम्मका धर्महरूको सम्यक् प्रकारले पालनलाई धर्मशास्त्रमा नियम भनिएको छ (या.स्मृ. ३/३१३) ।

उपर्युक्त यम एवं नियमहरू मध्ये नियमित रूपमा यमहरूको पालन गर्ने मनुष्यले नियमको पनि पालना गर्नुपर्छ भनिएको छ । यमहरूको अनुष्ठान छाडेर नित्य नियमहरूको मात्र अनुष्ठान अनुमत छैन (शास्त्रले यमलाई छाडेर नियमको मात्र पालन गर्ने अनुमति दिएको छैन) । जस्तै- **यमान्०** अर्थात् 'बुद्धिमान् पुरुषले प्रत्येक दिन नियमहरूको अनुष्ठान नगरेता पनि यमहरूको अनुष्ठान प्रत्येक दिन गरोस् । यमहरूलाई छाडेर मात्र नियमहरूको सेवा (अनुष्ठान) गर्ने मनुष्य पतित हुन्छ' (मनु. ४/२०४) । उक्त कथनद्वारा भगवान् मनुले यमहरूको सधैँ पालना गर्नुपर्छ भनेका छन् । नियमहरूको अनित्यरूपमा अनुष्ठान बताएर यमहरूको अनुष्ठान बिना नियमहरूको मात्र अनुष्ठान गर्ने पुरुषको पतन हुने कुरा बताएका छन् ।[८१]

८१. माथि बताइएका वाक्यको तात्पर्य नियमको पालन गर्नुपर्दैन भन्ने होइन । यम एवं नियममध्ये यमको महत्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतान् सर्वान् विशेषतो ब्रह्मचर्याश्रमोक्तधर्मान् समनुष्ठाय मीमांसाधर्मशास्त्रपुराणाद्यङ्गसहितवेदाध्ययनेन श्रुतिप्रत्यक्षीकरणे हेतुभूताः स्वाधीताध्ययनाप्तार्थोपदेशकाश्च ब्राह्मणाः शिष्टा इति शास्त्रे निगद्यते।

यथा वै यन्त्रा नियमितो वृषभो लोकोपयोगी सम्पद्यते तथाचार्यानुशिष्टो लोको लोकोपयोगी सम्पद्यते। आचार्यानुशिष्टस्य शिष्टस्य लोकोपयोगितयैव च शास्त्रेषु शिष्टादरो निर्दिष्टः।

समादरणीयत्वेनोद्दिष्टानां क्वचित् शिष्टत्वेनाभिधानं स्यात्, क्वचित् वेदज्ञत्वेनाभिधानं स्यात्, क्वचित् शीलसमन्वितत्वेनाभिधानं स्यात्, क्वचित् श्रोत्रियत्वेनाभिधानं स्यात्, क्वचिद् विद्यातपःसमन्वितत्वेनाभिधानादिकं वा स्यात् सर्वैस्तैरुक्तिभिः शिष्टा एव निर्दिश्यन्ते, शिष्टादर एवोपदिश्यते।

लोके वेदे च न हि कस्याप्यगुणवतो महिमानुभूयते श्रूयते वा। गुणवतामेव महिमगानं शास्त्रं करोति, लोकश्च तादृशानामेव समादरं करोति।

यज्ञो दानं तपो वेदाः सत्यमेते पञ्च पवित्राः पदार्थाः शिष्टाचारेषु सर्वदा भवन्ति। एतानि पञ्च पवित्राणि शिष्टाचारेषु भवन्तीति भगवता [२२७]व्यासेनाभिहितम्। यथा-

यज्ञो दानं तपो वेदाः सत्यं च द्विजसत्तम। पञ्चैतानि पवित्राणि शिष्टाचारेषु सर्वदा॥ इति।

---

२२७. महाभारतम्, वनपर्व, मार्कण्डेयसमाख्यानपर्व, २०८ अध्यायः, ६२ श्लोकः। {गोरखपुरतः प्रकाशिते पुस्तके पद्यमिदं २०७ अध्याये विद्यते}

पूर्वोक्त धर्महरूको विशेषतः ब्रह्मचर्याश्रमका लागि बताइएका धर्महरूको अनुष्ठान गरेर; मीमांसा, धर्मशास्त्र, पुराण आदि अङ्गहरूका साथमा वेदको अध्ययनद्वारा श्रुतिको प्रत्यक्षीकरणमा कारणका रूपमा रहेका; राम्ररी अध्ययन प्रक्रिया पूरा गरेका अत एव प्रामाणिक उपदेश गर्ने सामर्थ्य भएका ब्राह्मणहरू शिष्ट हुन् भनी शास्त्रमा भनिएको छ।

यन्ता (दाउने व्यक्ति) द्वारा नियन्त्रण गरिएको गोरु जसरी लोकको उपयोगी हुन्छ त्यसरी नै आचार्यद्वारा अनुशिष्ट (शिष्टाचार आदि सिकाएर नम्र बनाइएको) मनुष्य लोकको उपयोगी हुन्छ। आचार्यद्वारा अनुशासित बनाइएको शिष्ट पुरुष लोकको उपयोगी (हितकर) हुने भएकाले नै शास्त्रमा शिष्टप्रति आदर भाव देखाइएको हो।

कही आदरणीय भएकाले शिष्ट भनिएको हुन सक्छ, कही वेद जानेका हुनाले शिष्ट भनिएको हुन सक्छ, कही स्वभावले युक्त भएकाले शिष्ट भनिएको हुन सक्छ, कही श्रोत्रिय (वेदका अध्येता) भएकाले शिष्ट भनिएको हुन सक्छ, अथवा कही विद्या एवं तपस्याले युक्त भएकाले शिष्ट भनिएको हुन सक्छ तर उपर्युक्त सबै उक्तिद्वारा शिष्टहरू नै निर्दिष्ट हुन्छन् र शिष्टाचारको नै उपदेश गरिन्छ। (आदरणीय मानिएका पुरुषहरूलाई कही शिष्ट भनिन्छ, कही वेदज्ञ भनिन्छ, कही शीलयुक्त भनिन्छ, कही श्रोत्रिय भनिन्छ ..... एवं प्रकारले अर्थ गर्न सकिन्छ।)

लोकमा र वेदमा कुनै पनि गुणहीन पुरुषको महिमा भएको अनुभव पनि गरिन्न र सुन्न पनि सुनिन्न। गुणी पुरुषहरूको नै शास्त्रले महिमगान गर्दछ। लोकले पनि त्यस्तै (गुणी) पुरुषको आदर गर्छ।

यज्ञ, दान, तपस्या, वेद एवं सत्य यी पाँच पवित्र पदार्थ शिष्टाचारमा सधैँ रहेका हुन्छन्। उक्त पाँच पवित्र तत्त्व शिष्टाचारमा रहेका हुन्छन् भन्ने तथ्य भगवान् व्यासले बताएका छन्। जस्तै- **यज्ञः०** अर्थात् 'हे द्विजश्रेष्ठ ! प्रतिपादन गर्नु उक्त वाक्यको लक्ष्य हो। यसै तथ्यलाई मन्वर्थमुक्तावलीमा यसरी बताइएको छ- **नियमापेक्षया यमानुष्ठानगौरवज्ञापनार्थमिदं न तु नियमनिषेधार्थम्** (४/२०४) भाष्य।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्टाचारेषु येषां तत्त्वानामुपदेशः समुपलभ्यते, तानि खलु सर्वाणि तत्त्वानि लोकोपकृतिजनकान्येव संल्लक्ष्यन्ते । यज्ञानां समनुष्ठानाल्लोकोपकारकत्वं पूर्वं प्रपञ्चितम् । दानस्यापि लोकोपकृतिजनकत्वं निरूपितमेव। दाने विद्यमानं लोकोपकारं तु लोकप्रत्यक्षमपि विद्यत इति न तत्र बहुवक्तव्यम्। तपसोऽनुष्ठानं कथं लोकमुपकरोतीति निरूपणीयम्।

तपोमूलत्वं देवमानुषयोः सुखस्य

देवाः खलु श्रूयन्ते तपसैव सुखमश्नन्ति । तपसा किल इन्द्रः स्वर्गाधिराजपदमधिकरोति । तपसैव देवा अमृतमानशुः । तपसैव गौरी शिवं प्रपेदे, लक्ष्मीश्च विष्णुम् । तपसैव ब्रह्मा विश्वं ससर्ज । तपसैव राजानो राज्यमधिबुभुजे। तपसैव वीरा वीरत्वमाप्तवन्तः । [२२८]तपसा ब्रह्म समवाप्यते । देवताभिः समवाप्यं यत्सुखम्, मनुष्यैर्वा समवाप्यं यत्सुखं तस्य सुखस्य कारणं तप एव। समवाप्तस्य सुखस्य समवस्थानं च तपसैव सम्पद्यते। सुखस्यान्तमपि च तपसैव सिद्ध्यतीति सुखस्यादिमध्यावसानत्वं तपसैव सम्पद्यते। एवमेव भगवता [२२९]मनुना च-

'तपोमूलमिदं सर्वं देवमानुषकं सुखम्।

तपोमध्यं बुधैः प्रोक्तं तपोन्तं वेददर्शिभिः ॥' इत्युक्त्या तदेवोक्तमिति देवानां मनुष्याणां च सुखस्य मूलं कारणं तप एव।

२२८. तैत्तिरीयोपनिषद् ५-६ अनुवाकौ।

२२९. ११/२३४ मनुः।

(कौशिकब्राह्मण !) यज्ञ, दान, तपस्या, वेदको स्वाध्याय एवं सत्यवचन- यी पाँच पवित्र पदार्थ शिष्टाचारमा सधैँ रहेका हुन्छन्' (म.भा., व.प. २०७/६२)। शिष्टाचारमा जुन तत्त्वहरूको उपदेश प्राप्त हुन्छ ती सबै तत्त्व लोकका उपकारक नै देखिन्छन्। यज्ञको अनुष्ठानबाट लोकको उपकार हुन्छ भन्ने कुरा पहिले नै विस्तारपूर्वक बताइएको छ। दानबाट पनि लोकको उपकार हुन्छ भन्ने तथ्य देखाइसकिएको छ। दानमा रहेको लोकोपकारकता त लोकमा पनि प्रत्यक्ष नै छ। अतः यस विषयमा धेरै भन्नै पर्दैन। तपस्याको अनुष्ठानबाट कसरी लोकको उपकार हुन्छ भन्ने विषय निरूपणीय (बताउनुपर्ने) छ।

देवता र मनुष्यका सुखको मूल तपस्या हो-

देवताहरूले तपस्याका माध्यमले सुख प्राप्त गर्छन् भन्ने कुरा सुनिन्छ। इन्द्रले तपस्याद्वारा स्वर्गको राज्यमा अधिकार जमाउँछन्। तपस्याद्वारा नै देवताहरूले अमृतपान गर्दछन्। तपस्याद्वारा नै गौरीले शिवजीलाई र लक्ष्मीले विष्णुलाई प्राप्त गरेका हुन्। तपस्याद्वारा नै ब्रह्माजीले विश्वको सृष्टि गरेका हुन्। तपस्याद्वारा नै राजाहरूले राज्यको उपभोग गरेका हुन्। तपस्याद्वारा नै वीरहरूले वीरत्व प्राप्त गरेका हुन्। तपस्याद्वारा नै ब्रह्म प्राप्त गरिन्छ (तै. उ. ५-६)।[८२] देवताहरूद्वारा प्राप्त गरिने जुन सुख छ अथवा मनुष्यहरूद्वारा प्राप्त गरिने जुन सुख छ त्यस सुखको कारण तपस्या नै हो। प्राप्त गरेका

८२. तैत्तिरीयोपनिषद्को तेस्रो भृगुवल्लीको पाँचौं एवं छैटौं अनुवाकमा तपस्याको महत्त्व प्रतिपादन गरिएको हुनाले त्यसैलाई सङ्केत गरिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

येषां तपो ब्रह्मचर्यं येषु सत्यं च प्रतिष्ठितं स्यात् तेषां ब्रह्मलोकः समवाप्यत्वेनाम्नातः। यथा [२३०]प्रश्नोपनिषदि- **'तेषामेवैष ब्रह्मलोको येषां तपो ब्रह्मचर्यं येषु सत्यं प्रतिष्ठितम्'** इत्याम्नाय तपसः समुत्कर्षः समुदितः। **'नियमेषु तपः शब्दः'** इत्यभिधायापस्तम्बेन[२३१] नियमानां तपोरूपत्वं निर्दिष्टम्। भगवता [२३२]मनुना-

ब्राह्मणस्य तपो ज्ञानं तपः क्षात्रस्य रक्षणम्।

वैश्यस्य तु तपो वार्ता तपः शूद्रस्य सेवनम्॥ इत्यभिधाय वर्णानां स्व-स्वप्रधानकर्मसमनुष्ठानस्य तपस्त्वं समभिहितम्। स्व-स्वकर्मानुष्ठानाल्लोकोपकृतिजनकतत्त्वोत्पत्तिस्तु समधिगन्तव्यम्।

वर्णधर्माः

अध्ययनमध्यापनं यजनं याजनं दानं प्रतिग्रहश्चेति षट् कर्माणि स्वकर्मण्यवस्थितानां ब्रह्मयोनिस्थानां ब्राह्मणानामुपजीवनत्वेन निर्दिष्टानि। तेषु षट्सु अध्यापनं याजनं प्रतिग्रहश्चेति त्रीणि कर्माणि तस्य ब्राह्मणस्य जीविकात्वेन निर्दिष्टानि। तत्र भगवता [२३३]मनुना-

२३०. प्रश्नोपनिषद्, प्रथमप्रश्ने १५ मन्त्रः।

२३१. आपस्तम्बधर्मसूत्रम्, १,२, ५/१ सूत्रम्। (प्रथमप्रश्ने (द्वितीयपटले) चतुर्थकण्डिकायाः प्रथमसूत्रम्)

२३२. ११/२३५ मनुः।

२३३. १०/७४-७६ मनुः।

सुखको अवस्थिति तपस्याद्वारा नै हुन्छ। सुखको अन्त पनि तपस्याद्वारा नै सिद्ध हुन्छ। अतः सुखको आदि, मध्य एवं अवसान तपस्याद्वारा नै सम्पन्न हुन्छ। यसै प्रकारले भगवान् मनुले- **तपोमूलमिदम्०** अर्थात् 'देवताहरूका र मनुष्यहरूका सम्पूर्ण सुखको कारण तपस्या नै हो। तपस्याबाट नै उनीहरूको स्थिति भएको हो। वेदको अर्थ जान्ने विद्वान्हरूले सुखको मध्य र अवसान पनि तपस्याबाटै हुन्छ भनेका छन्' (मनु. ११/२३४) पद्यद्वारा उक्त अर्थ नै प्रतिपादन गरेका छन्। अतः देवताहरूका र मनुष्यहरूका सुखको मूल कारण तपस्या नै हो। जसले तपस्या गरेको छ र ब्रह्मचर्यको पालन गरेको छ साथै जसमा सत्य प्रतिष्ठित भएको छ तिनीहरूले ब्रह्मलोक पाउँछन् भनिएको छ। प्रश्नोपनिषद्मा **तेषामेवैष०** अर्थात् 'तिनीहरूलाई नै यो ब्रह्मलोक प्राप्त हुन्छ जसको तपस्या एवं ब्रह्मचर्य हुन्छ र जसमा सत्य प्रतिष्ठित हुन्छ' (प्र.उ. १/१५) भनी तपस्याको उत्कर्ष प्रतिपादन गरिएको छ। **नियमेषु तपः शब्दः** अर्थात् नियमहरूमा तप भन्ने शब्दको प्रयोग गरिन्छ भनी आपस्तम्बले नियमहरूलाई तपस्याका रूपमा निर्देशन गरेका छन् (आ.ध.सू. १/४/१)।[८३] भगवान् मनुले **ब्राह्मणस्य०** अर्थात् 'ज्ञान (वेदान्तज्ञान) ब्राह्मणको तपस्या हो, संरक्षण क्षत्रियको तपस्या हो, वार्ता (कृषि, व्यापार, पशुपालनादि) वैश्यको तपस्या हो र ब्राह्मणादिको परिचर्या शूद्रको तपस्या हो' (मनु. ११/२३५) भनी वर्णहरूका लागि आ-आफ्ना प्रधान कर्मको अनुष्ठान नै तपस्या हो भनेका छन्। आ-आफ्ना कर्मको अनुष्ठानबाट लोकको उपकार गर्ने तत्त्व उत्पन्न हुन्छ भनी जान्नुपर्छ।

८३. नियमेषु तपश्शब्दः- प्रथमप्रश्नको (द्वितीयपटलको) चतुर्थकण्डिकाको प्रथमसूत्रका रूपमा रहेको छ। उक्त सूत्रको उज्ज्वला टीकामा- 'यस ब्रह्मचारिप्रकरणमा आचार्यका अधीनमा हुनुपर्छ जस्ता जुन नियमहरू बताइएका छन् तिनैलाई तपस्या भनेर जान्नुपर्छ। कृच्छ आदिलाई तपस्या भनिएको होइन' भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

ब्राह्मणा ब्रह्मयोनिस्था ये स्वकर्मण्यवस्थिताः। ते सम्यगुपजीवेयुः षट्कर्माणि यथाक्रमम्॥

अध्यापनमध्ययनं यजनं याजनं तथा। दानं प्रतिग्रहश्चैव षट्कर्माण्यग्रजन्मनः॥

षण्णां तु कर्मणामस्य त्रीणि कर्माणि जीविका। याजनाध्यापने चैव विशुद्धाच्च प्रतिग्रहः॥

इत्यभिधाय तदेवोक्तम्।

क्षत्रियधर्माः

ब्राह्मणस्य कृतेऽभिहितेषु षट्सु कर्मसु त्रीणि कर्माणि क्षत्रियस्य कृतेऽप्यभिहितानि। त्रीणि कर्माणि पुनः क्षत्रियस्य कृते निषिद्धानि। अध्यापनं याजनं प्रतिग्रहश्चेति त्रीणि कर्माणि क्षत्रियस्य कृते निषिद्धानि। अध्ययनं यजनं दानं चेति त्रीणि कर्माणि क्षत्रियस्य विधेयत्वेन निर्दिष्टानि। क्षत्रियस्य वृत्त्यर्थं शस्त्रास्त्रधारणमभिहितम्। तच्च शस्त्रास्त्रधारणं प्रजारक्षणाय क्षत्रियस्य निर्दिष्टम्। प्रजानां सम्यक् परिपालनमेव क्षत्रियस्य प्रधानं कर्म। भगवता [२३४]मनुना –

त्रयो धर्मा निवर्तन्ते ब्राह्मणात् क्षत्रियं प्रति।

अध्यापनं याजनं च तृतीयश्च प्रतिग्रहः॥ इत्यभिधाय **'शस्त्रास्त्रभृत्त्वं क्षत्रस्य** इति चाभिधाय क्षत्रियस्य धर्मा निर्दिष्टाः।

२३४. १०/७७, ७९ मनुः।

वर्णधर्महरू-

अध्ययन, अध्यापन, यजन, याजन, दान एवं प्रतिग्रह- यी छवटा कर्मलाई आफ्ना कर्ममा निरत भएका, ब्रह्मप्राप्तिका कारणका रूपमा रहेका ब्रह्मका ध्यानमा तत्पर भएका ब्राह्मणहरूका जीवनका आधारका (कर्तव्यका) रूपमा निर्देश गरिएका छन्। उक्त छ कर्ममध्ये अध्यापन, याजन एवं प्रतिग्रह– यी तीनलाई ब्राह्मणका जीविकाका साधन बताइएको छ। भगवान् मनुले **ब्राह्मणा०** अर्थात् 'जुन ब्राह्मणहरू ब्रह्मयोनिमा रहेका (ब्रह्मप्राप्तिका कारणभूत ब्रह्मको ध्यानमा तत्पर भएका) र आफ्ना धर्मका अनुष्ठानमा निरत भएका हुन्छन् तिनीहरूले वक्ष्यमाण अध्यापन आदि कर्मद्वारा जीवन यापन गरून्। अङ्गसहित वेदको अध्यापन एवं अध्ययन, यजन एवं याग, दान एवं प्रतिग्रह- यी छवटा ब्राह्मणका कर्म हुन्। उक्त छ कर्ममध्ये याजन (यज्ञ गराउनु), अध्यापन (पढाउनु) एवं विशुद्ध प्रतिग्रह (द्विजहरूबाट शुद्ध धन दानका रूपमा लिनु) यी तीन कार्य ब्राह्मणका जीविकाका साधन हुन्' (मनु. १०/७४-७६) भनी उक्त तथ्य नै प्रतिपादन गरेका छन्।

क्षत्रियका धर्महरू-

ब्राह्मणका लागि बताइएका छवटा कर्ममध्ये तीनवटा कर्म क्षत्रियका लागि पनि बताइएका छन्। बाँकी तीनवटा कर्म क्षत्रियका लागि निषेध गरिएका छन्। अध्यापन, याजन एवं प्रतिग्रह- यी तीन कर्म क्षत्रियका लागि निषेध गरिएका छन्। अध्ययन, यजन एवं दान- यी तीन कर्म क्षत्रियका लागि गर्नुपर्छ भनी विधान गरिएका छन्। क्षत्रियलाई वृत्तिका लागि शस्त्रास्त्रधारण गर्नुपर्छ भनिएको छ। क्षत्रियले शस्त्रास्त्र धारण गर्ने कार्य प्रजाको संरक्षण गर्ने उद्देश्यले गर्नुपर्छ भनी निर्देशन दिइएको छ। प्रजाहरूको सम्यक् प्रकारले पालन गर्नु नै क्षत्रियको प्रधान कर्म हो। भगवान् मनुले- **त्रयो धर्मा०** अर्थात् 'ब्राह्मणका धर्म भनी बताइएका छवटा धर्ममध्ये अध्यापन, याजन एवं प्रतिग्रह यी तीन धर्म ब्राह्मणबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैश्यधर्माः

वैश्यस्यापि अध्ययनं यजनं दानं चेति त्रीणि कर्माणि समनुष्ठेयत्वेन निर्दिष्टानि। अध्यापनं याजनं प्रतिग्रह-श्चेति त्रीणि कर्माणि वैश्यस्य कृते निषिद्धानि। आजीवनार्थं वैश्यस्य वणिक्पशुकृषिकर्माणि निर्दिष्टानि। भगवता [२३५]मनुनैव-

वैश्यं प्रति तथैवेते निवर्तेरन्निति स्थितिः। इत्यनेन वैश्यस्य कृते अध्यापनयाजनप्रतिग्रहरूपाणां त्रयाणां धर्माणां निषेधं निर्दिश्य,

'धर्मस्तु दानमध्ययनं यजिः' इत्यनेन दानाध्ययनयागानुष्ठानस्य धर्मत्वेन निर्देशः कृतः।

[२३६]**'न तौ प्रति हि तान् धर्मान् मनुराह प्रजापतिः'** इत्यभिधाय क्षत्रियवैश्यौ प्रति अध्यापनयाजनप्रतिग्रह-रूपाणां धर्माणां निषेधो दृढीकृतः।

'पशूनां रक्षणं दानमिज्याध्ययनमेव च।

वणिक्पथं कुसीदं च वैश्यस्य कृषिरेव च॥' इत्यनेन वैश्यस्योपजीव्यानि कर्माणि,

प्रजानां रक्षणं दानमिज्याध्ययनमेव च।

विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः॥ इत्यनेन क्षत्रियस्योपजीव्यानि कर्माणि,

---

२३५. १०/७८, ७९ मनुः।

२३६. १०/७८ मनुः।

क्षत्रियमा पुगेपछि निवृत्त हुन्छन्'[८४] (मनु. १०/७७) भनी पुनः **शस्त्रास्त्रभृत्त्वं क्षत्रस्य०** अर्थात् 'शस्त्र एवं अस्त्र धारण गर्नु क्षत्रियको (जीविकाका लागि) विशिष्ट धर्म हो' (मनु. १०/७९) भनी क्षत्रियका धर्मको निर्देशन गरेका छन्।

वैश्यका धर्महरू-

वैश्यले पनि ब्राह्मणका लागि बताइएका छवटा कर्ममध्ये अध्ययन, यजन एवं दान- यी तीन कर्म गर्नुपर्छ भनी बताइएको छ। अध्यापन, याजन एवं प्रतिग्रह- यी तीन कर्म वैश्यका लागि निषेध गरिएका छन्। वैश्यहरूका निम्ति आजीविकाका लागि व्यापार, पशुपालन एवं कृषिकर्म गर्नू भनी निर्देशन गरिएको छ। भगवान् मनुले नै- **वैश्यं प्रति०** अर्थात् 'यसै प्रकारले (जसरी क्षत्रियमा अध्यापन, याजन एवं प्रतिग्रह निवृत्त हुन्छन् त्यसरी नै) वैश्यहरूका सन्दर्भमा पनि यी तीन कर्म (अध्यापन, याजन एवं प्रतिग्रह) निवृत्त हुन्छन्, यसप्रकारको मर्यादा रहेको छ' (मनु. १०/७८) यस उक्तिद्वारा वैश्यहरूका सम्बन्धमा अध्यापन, याजन र प्रतिग्रहरूप धर्मका निषेधको निर्देशन गरेर **धर्मस्तु०** अर्थात् 'दान, अध्ययन एवं यजन (क्षत्रिय एवं वैश्यको सामान्य) धर्म हो' (मनु. ११/७९) कथनद्वारा दान, अध्ययन एवं यागलाई अनुष्ठेय धर्मका रूपमा निर्देशन गरेका छन्। **न तौ प्रति०** अर्थात् 'प्रजापति मनुले क्षत्रिय र वैश्यका सन्दर्भमा अध्यापन, याजन एवं प्रतिग्रहरूप धर्म प्रवृत्त हुँदैन' (मनु. १०/७८) इत्यादि उक्तिद्वारा क्षत्रियका र वैश्यका लागि अध्यापन, याजन एवं प्रतिग्रहरूप धर्मको निषेधलाई दृढ बनाएका छन्।

---

८४. ब्राह्मणद्वारा गर्नुपर्छ भनी बताइएका छ धर्ममध्ये अध्यापन, याजन एवं सत्प्रतिग्रह ब्राह्मणले मात्र गर्नुपर्छ अन्य तीन (अध्ययन, याग एवं दान) क्षत्रियले पनि गर्नुपर्छ भन्ने तात्पर्य हो। क्षत्रियको विशेष धर्म भनेको शस्त्रास्त्रधारण हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यापनमध्ययनं यजनं याजनं तथा ।

दानं प्रतिग्रहश्चैव ब्राह्मणानामकल्पयत् ।। इत्यनेन ब्राह्मणानामुपजीव्यानि कर्माणि च अस्य सर्वस्य जगतः संरक्षणार्थं ब्रह्मणा कल्पिनानीति च प्रारम्भ एव भगवता [२३७]मनुना निर्दिष्टानि ।

शूद्रधर्माः

शूद्रस्य तु पुनरेतेषामेव ब्राह्मणक्षत्रिणवैश्यरूपाणां द्विजानां शुश्रूषणं [२३८]कर्मत्वेनाभिहितम् ।

शिष्टाचारः

सर्वेषां वर्णानामवान्तरजातीनां च स्वस्वधर्मानुष्ठानं तपश्चरणरूपम् । तस्य स्व-स्वधर्मानुष्ठानरूपस्य तपसश्चास्य सर्वस्य जगतो गुप्तिकारकत्वं चोक्तं मनुवचनेभ्यः सिद्धम् । इदमेव च सामाजिकव्यवस्थायाः परमं प्रयोजनम् । तस्माल्लोकोपकृतिजनकत्वं तपसः सुतरां विद्यते । शिष्टाचारः खलु तपसोऽनुष्ठानम् ।

वेदाश्च शिष्टाचारेषु समन्विताः । वेदाः खलु ऋक्, यजुः, साम, अथर्वः इति चत्वारः सन्ति ।

न हि वेदं परित्यज्यास्माकं हिन्दूनां गतिर्विद्यते । अत एवास्माकं वेदाध्ययनपूर्वकमेवाध्यनपरम्परा सदाचरेषूपलभ्यते । शास्त्रं च वेदाध्ययनमन्तरा विषयान्तराध्ययनकर्तुर्जात्या पतनं निर्दिशति । यथा भगवता

२३७. १/८८-९० मनुः ।

२३८. १/९१ मनुः ।

पशूनां रक्षणम्० अर्थात् 'पशुहरूको संरक्षण, दान (वितरण), इज्या (यजन) अध्ययन, जल एवं स्थल दुवै मार्गबाट गरिने व्यापार, कुसीद (पैसा व्याजमा लगाउने कार्य) र कृषिकर्म वैश्यका लागि निर्धारण गरिएका छन् (मनु. १/९०) द्वारा वैश्यका जीविकाका साधनका रूपमा रहेका कर्महरू; **प्रजानां रक्षणम्०** अर्थात् 'संक्षेपमा भन्नु पर्दा प्रजाहरूको संरक्षण, दान, यज्ञ, अध्ययन एवं विषयमा (नृत्य, गीत, वनितोपभोग आदिमा) अत्यधिक अनाशक्ति क्षत्रियका कार्य हुन् (मनु. १/८९) द्वारा क्षत्रियका जीविकाका साधनका रूपमा रहेका कर्महरू र **अध्यापनम्०** अर्थात् 'अध्यापन, अध्ययन यजन, याजन, दान एवं सत्प्रतिग्रहलाई ब्राह्मणका कार्य भनी कल्पना गरियो' (मनु. १/८८) द्वारा ब्राह्मणका जीविकाका साधनका रूपमा रहेका कर्महरूको निर्देशन गरेका छन् । यसरी दृश्यमान सम्पूर्ण संसारको संरक्षणका लागि ब्रह्माजीद्वारा उपर्युक्त वृत्ति कल्पना गरिएका हुन् भनी भगवान् मनुले आरम्भमा नै बताएका छन् ।

शूद्रका धर्महरू-

माथि बताइएका द्विजहरूको अर्थात् ब्राह्मण क्षत्रिय एवं वैश्यहरूको (ईर्ष्यारहित भएर) सेवा गर्नु नै शूद्रको कर्म हो भनी बताइएको छ (मनु. १/९१) ।

शिष्टाचार-

सबै वर्णहरूद्वारा एवं अवान्तर जातिहरूद्वारा आ-आफ्ना धर्मको अनुष्ठान गर्नु नै तपस्या गर्नु हो । आ-आफ्ना धर्मको अनुष्ठानरूप तपस्याले नै सम्पूर्ण जगत्को संरक्षण गर्छ भन्ने तथ्य मनुका उक्तिहरूबाट अवगत हुन्छ । यही नै सामाजिक व्यवस्थाको चरम प्रयोजन (लक्ष्य) हो । यसरी तपस्याबाट लोकको उपकार हुन्छ भन्ने कथन युक्तिसङ्गत देखिन्छ । तपस्याको अुनष्ठान शिष्टाचारभित्र पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२३९]मनुना –

योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम् ।

स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः ।। इत्यभिधाय वेदाध्ययनमविधायान्यत्र श्रमं कुर्वतोऽस्मिन्नेव जीवने शीघ्रमेव ससन्ततेः शूद्रत्वाप्तिर्निर्दिष्टा ।

ज्ञानस्य सर्वार्थसाधकत्वमुपरि निरूपितम् । तच्च ज्ञानं स्वाध्यायाध्ययनजन्यम् । नियमेनाधीतस्य वीर्यवत्तरत्वं च निरूपितमेवेति शिष्टाचारसमन्वितानां वेदानां लोकोपकृतिजनकत्वं सिद्धमेव ।

पञ्चषु शिष्टाचारेषु सत्यमेकं तत्त्वम् । जगति सत्यादृते परो धर्मो न विद्यते । सत्येन वायुर्वहति । सत्येनादित्यो दिवि प्रकाशते । सत्यं वाचः प्रतिष्ठा । सर्वमिदं जगत् सत्ये प्रतिष्ठितम् । सत्येनैवास्य सर्वस्य जगतो धारणात् सत्यं खलु भगवतो रूपमभिमतम् । [२४०]नारायणोपनिषदपि-

'सत्येन वायुरावाति सत्येनादित्यो रोचते दिवि सत्यं वाचः प्रतिष्ठा सत्ये सर्वं प्रतिष्ठितं तस्मात् सत्यं परमं वदन्ति' इति समाम्नाय सत्यस्य स्वरूपं निर्दिष्टम् ।

२३९. २/१६८ मनुः ।

२४०. नारायणोपनिषद् ३/७९ मन्त्रः ।

वेदहरू शिष्टाचारमा समादृत छन् । ती वेदहरू, ऋग्वेद, यजुर्वेद, सामवेद, र अथर्ववेद गरी चार प्रकारका छन् । वेदलाई छाडेर हामी हिन्दूहरूको कुनै अर्को गति छैन । अत एव वेदको अध्ययन गरेर (अथवा वेदको अध्ययन गर्दै) अन्य विषयको अध्ययन गर्ने परम्परा सदाचारमा पाइन्छ । शास्त्रले वेदको अध्ययन नगरीकन अन्य विषयको अध्ययन गर्ने अध्येता जातिबाट नै पतित हुन्छ भनी निर्देशन गर्दछ । जस्तै- भगवान् मनुले- **योऽनधीत्य०** अर्थात् 'जुन द्विजले वेदको अध्ययन नगरेर अन्यत्र (अर्थशास्त्र आदि विषयान्तरमा) परिश्रम गर्दछ त्यो द्विज जीवित अवस्था मै आफ्ना परिवारका साथमा शीघ्र नै शूद्रत्वलाई प्राप्त हुन्छ' (मनु. २/१६८) पद्यद्वारा वेदको अध्ययन नगरी अन्यत्र श्रम गर्ने मनुष्यको यसै जीवनमा शीघ्र नै पुत्र पौत्र आदि सन्तानका साथमा शूद्रता प्राप्ति हुन्छ भनी निर्देशन गरेका छन् ।

ज्ञानले सबै कार्य सम्पन्न गराउँछ (अथवा ज्ञान सर्वार्थसाधक हुन्छ) भन्ने तथ्य माथि नै बताइयो । त्यो ज्ञान स्वाध्यायको अध्ययनबाट उत्पन्न हुन्छ । नियमपूर्वक गरिएको अध्ययन शक्तिशाली हुन्छ भन्ने तथ्य देखाइ नै सकिएको छ । अतः शिष्टाचारले युक्त भएका वेदले लोकलाई उपकार गर्ने कार्य गर्छन् ।

पाँच प्रकारका शिष्टाचारमध्ये सत्य एउटा तत्त्व हो । संसारमा सत्यबाहेक अर्को ठूलो धर्म छैन । सत्यले वायु (हावा) बहन्छ । सत्यले सूर्यले आकाशमा प्रकाश फैलाउँछ । सत्य वाणीको प्रतिष्ठा हो । दृश्यमान सम्पूर्ण जगत् सत्यमा अडिएको छ । सत्यद्वारा सम्पूर्ण जगत्लाई धारण गरिएको हुनाले सत्यलाई भगवान्को रूप मानिएको छ । {महा} नारायणोपनिषद्ले पनि- **सत्येन०** अर्थात् 'सत्यले वायु प्रवाहित हुन्छ, सत्यले सूर्य आकाशमा प्रकाशित हुन्छ, सत्य वाणीको प्रतिष्ठा हो, सत्यमा सबै प्रतिष्ठित छ, त्यसैले सत्यलाई परम धर्म भन्दछन्' ({महा}ना.उ. २/७९)[८५] भनी

८५. {उद्धृत मन्त्र महानारायणोपनिषद्को ७९ अनुवाकको दोस्रो मन्त्रका रूपमा पढिएको छ र याज्ञिक्युपनिषद्मा पनि उपलब्ध हुन्छ । लेखकका घरमा उपलब्ध गुटिकाकार पुस्तकमा प्रस्तुत उपनिषद्लाई नारायणोपनिषद् भनिएको छ ।} {नारायणाथर्वशीर्षलाई नारायणोपनिषद् भनिन्छ भन्ने उल्लेख पनि पाइन्छ, नारायणोपनिषद् तैत्तिरीयारण्यकको अंश हो ।}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२४१]मुण्डकोपनिषदपि-

'सत्यमेव जयते नानृतम् । सत्येन पन्था विततो देवयानः येनाक्रमन्त्यृषयो ह्याप्तकामा यत्र तत्सत्यस्य परमं निधानम्' इति समाम्नाय सत्यस्य विजयः, सत्येनैव देवयानमार्गसम्प्राप्तिः, सत्येनैवाप्तकामानामृषीणां परमपदप्राप्तिश्चाम्नाता ।

[२४२]दत्तात्रेयोपनिषदपि-

'सत्यानन्दचिदात्मकं सात्त्विकं मामकं धामोपासस्व' इति समाम्नाय सत्यस्य भगवतः सात्त्विकधामस्वरूपत्वं निर्दिष्टम् ।

भृगुप्रोक्तं सत्यस्य स्वरूपम्, सामर्थ्यम्, प्रयोजनं च भगवता [२४३]व्यासेन निर्दिष्टम् । यथा-

सत्यं ब्रह्म तपः सत्यं सत्यं विसृजते प्रजाः ।

सत्येन धार्यते लोकः स्वर्गं सत्येन गच्छति ।। इत्यभिधाय सत्यस्य महिमानुवर्णनं विहितमुपलभ्यते ।

एवमेव पुनः सत्यस्य धर्मत्वं प्रकाशत्वं सुखत्वमपि समाम्नातमुपलभ्यते । सत्यस्य प्रकाशरूपत्वात् स्वर्गस्य च प्रकाशरूपत्वात् सत्यस्य स्वर्गरूपत्वम् । सत्यविपरीतस्यानृतस्य नरकस्य च तमोरूपत्वादनृतस्य नरकरूपत्वम् । स्वर्गस्य पुनः-

[२४४]**यन्न दुःखेन सम्भिन्नं न च ग्रस्तमनन्तरम् ।**

अभिलाषोपनीतं च तत्पदं स्वपदास्पदम् ।। इति स्वरूपाभिधानात् सुखरूपत्वम् ।

---

२४१. मुण्डकोपनिषद्, ३ मुण्डकः, ६ मन्त्रः ।

२४२. दत्तात्रेयोपनिषद्, प्रथमखण्डः, प्रथमो मन्त्रः ।

२४३. महाभारतम्, शान्तिपर्व, मोक्षधर्मप्रकरणम्, १९० अध्यायः, १ श्लोकः ।

२४४. तन्त्रवार्तिकम् ।

सत्यको स्वरूप देखाएको छ । मुण्डकोपनिषद्ले पनि **सत्यमेव०** अर्थात् 'सत्यको नै विजय हुन्छ, असत्यको विजय कहिल्यै हुँदैन । सत्यद्वारा उत्तम सुख प्राप्त गराउने देवयान नामक मार्ग विस्तृत हुन्छ । यसै देवयानद्वारा आत्मकाम (अभिलषित पदार्थ प्राप्त गरेका) ऋषिहरू ब्रह्मलोकमा पुग्दछन् । जुन हिरण्यगर्भ धाममा परमसत्यरूप उत्कृष्ट तत्त्व रहेको हुन्छ' (मु.उ. ३/१/६) भनी सत्यको विजय हुन्छ, सत्यद्वारा नै देवयान मार्गको प्राप्ति हुन्छ, सत्यद्वारा नै आप्तकाम (प्राप्त गर्नु पर्ने सबै कुरा पाएका) ऋषिहरूलाई परमपद प्राप्त हुन्छ भन्ने तथ्य प्रतिपादन गरिएको छ । दत्तात्रेयोपनिषद्मा पनि **सत्यानन्द०** अर्थात् 'सत्य, आनन्द एवं चिदात्मक सत्त्वगुणमय मेरो धामको उपासना गर' (द.उ. १/१) भनी सत्यलाई भगवान्को सात्त्विक धामका रूपमा निर्देशन गरिएको छ । भृगुद्वारा बताइएको सत्यको स्वरूप, सामर्थ्य एवं प्रयोजन भगवान् व्यासले बताएका छन् । जस्तै- **सत्यम्०** अर्थात् 'सत्य ब्रह्म हो, सत्य तपस्या हो र सत्यले नै प्रजाको सृष्टि गर्छ । सत्यद्वारा लोक धारण गरिन्छ, सत्यद्वारा नै स्वर्ग जान्छ' (म.भा., शा.प. १९०/१) ।[८६] उपर्युक्त पद्यद्वारा सत्यको महिमा वर्णन गरिएको पाइन्छ ।

८६. यहाँ उद्धृत पद्यको सरल अर्थ दिइएको छ । नीलकण्ठीमा यसको भिन्नै प्रकारले व्याख्या गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नरकस्य तु-

श्रीमद्भागवतपञ्चमस्कन्धकृतनिरूपणानुसारं दुःखरूपत्वम्। भगवता व्यासेन [२४५]महाभारतेऽपि-

अनृतं तमसो रूपं तमसा नीयते ह्यधः।
तमोग्रस्ता न पश्यन्ति प्रकाशं तमसावृताः।
स्वर्गः प्रकाश इत्याहुर्नरकं तम एव च।
सत्यानृतं तदुभयं प्राप्यते जगतीचरैः॥
तत्राप्येवंविधा लोके वृत्तिः सत्यानृते भवेत्।
धर्माधर्मौ प्रकाशश्च तमो दुःखं सुखं तथा॥

इत्यभिधाय सत्यस्य प्रकाशरूपत्वं सुखत्वं स्वर्गरूपत्वं धर्मत्वं चानुवर्णितम्।

तत्र यत्सत्यं स धर्मः, यो धर्मः स प्रकाशः, यः प्रकाशः स सुखमिति चाभिधाय साध्यसाधनक्रमो निर्दिष्टः। अनेन वचनेनापि धर्मस्य सुखसाधनत्वाभिधानाद् व्यवस्थायाः साधनत्वमवगम्यते।

तादृशस्य सत्यरूपस्य धर्मस्य शिष्टाचारे विद्यमानतया शिष्टस्यापि लोकोपकृतिजनकत्वं सुतरामुपपद्यते।

---

२४५. मभाभारतम्, शान्तिपर्व १९०/२-४)

यसै प्रकारले पुनः सत्यको धर्मरूपता, प्रकाशता र सुखरूपता पनि प्रतिपादन गरेको पाइन्छ। सत्य प्रकाशमय भएकाले र स्वर्ग पनि प्रकाशमय भएकाले सत्यलाई स्वर्गरूप भनिएको हो। सत्यभन्दा विपरीत अनृत (असत्य) र नरक अन्धकारमय हुने भएकाले अनृत (असत्य) लाई नरकरूप मानिएको हो। **यन्न दुःखेन०** अर्थात् 'जुन सुख दुःखद्वारा स्पर्श गरिएको हुँदैन, जुन सुखमा सुखको अनुभवपछि दुःखको स्पर्श हुँदैन, जुन सुख अभिलाषाद्वारा (सङ्कल्पमात्रले) प्राप्त हुन्छ, त्यसैलाई नै स्वर्ग भनिन्छ'[८७] भनी स्वर्गको स्वरूप बताइएको हुनाले स्वर्ग सुखरूप हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ। श्रीमद्भागवत महापुराणको पञ्चमस्कन्धमा गरिएको वर्णनअनुसार नरक दुःखरूप हुन्छ भन्ने सिद्ध हुन्छ। भगवान् व्यासले महाभारतमा **अनृतम्०** अर्थात् 'अनृत (असत्य) अन्धकारको स्वरूप हो, अन्धकारद्वारा तल लगिन्छ, अन्धकारले ग्रस्त भएकाले देख्न सक्दैनन्, अन्धकारले घेरिएकालाई प्रकाश (उज्याला) को स्वरूप थाहा हुँदैन। स्वर्गलाई प्रकाश भनिएको छ र नरकलाई अन्धकार भनिएको छ। संसारमा विचरण गर्ने प्राणीहरूद्वारा सत्य र अनृत (असत्य) अर्थात् प्रकाश र अन्धकार दुवै प्राप्त गरिन्छ। .....' (म.भा., शा.प. १९०/२-४) भनेका छन्। उद्धृत पद्यहरूमा सत्यलाई प्रकाशमान, सुखरूप, स्वर्गरूप एवं धर्मरूप हुन्छ भनी वर्णन गरेको छ। त्यसै सन्दर्भमा जसलाई सत्य भनिन्छ त्यही धर्म हो, जसलाई धर्म भनिन्छ त्यही प्रकाश हो, जसलाई प्रकाश भनिन्छ त्यही सुख हो भनी साध्यसाधनका क्रमको पनि निर्देशन गरिएको छ। उक्त कथनमा धर्मलाई सुखको साधन भनिएको हुनाले धर्म व्यवस्थाको पनि साधन हो भन्ने तथ्य स्वतः अवगत हुन्छ। त्यसप्रकारको सत्यरूप धर्म शिष्टाचारमा रहने हुनाले शिष्टहरूमा पनि लोकलाई उपकार गर्ने साधनता रहेको हुन्छ भन्ने तथ्य युक्तियुक्त देखिन्छ।

---

८७. यो तन्त्रवार्तिकको पद्य हो र यसमा मीमांसकाभिमत स्वर्गको स्वरूप प्रतिपादन गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्टेषु सम्मताः

शिष्टेषु च लोभमूलकानि कामसमुत्थानि दश व्यसनानि क्रोधसमुत्थानि अष्टौ व्यसनानि परित्यज्य काम-क्रोधौ वसे विधाय दम्भं लोभं च परित्यज्यात्मनो वशे कृत्वा सत्यभावेन धर्ममिति तदनुष्ठानसन्तुष्टाः शिष्टा एव सम्मताः भवन्ति। शिष्टेषु प्रथमकोटावेतेषां स्थानं भवति।

भगवता [२४६]व्यासेन च

कामक्रोधौ वसे कृत्वा दम्भं लोभमनार्जवम्।

धर्ममित्येव सन्तुष्टास्ते शिष्टाः शिष्टसम्मताः ।। इत्यभिधाय शिष्टाचारसमन्वितेष्वपि शिष्टानां समुत्कर्ष-जनकहेतवो निर्दिष्टाः।

यज्ञानुष्ठानशीलानां स्वाध्यायाध्ययनशीलानां च शिष्टानां दुर्वृत्तमवृत्तं वा न ह्येव विद्यते। अर्थात् न हि ते दुराचारिणो भवन्ति। न च ते मर्यादामुद्भिन्दन्ति। नो वा दुर्वृत्तमनुसरन्ति। तस्मादेव यज्ञानुष्ठानशीलिनः स्वाध्यायाध्यनशीलिनश्च गृहस्थस्य सद्वृत्तसमन्विततया लोकोपकृतिजनकत्वमितः पूर्वमेव सबहुप्रपञ्चं निरूपितमेव। तादृशाचारसमन्विताः शिष्टाः खलु द्वितीयकौटौ निविशन्ति।

आचारस्य धर्मत्वम् **'आचारः परमो धर्मः'** इति मनुसमाम्नायादवगम्यते। तच्चापि पूर्वमेव सप्रपञ्चं प्रपञ्चितम्। आचारसदाचारसद्वृत्तानामेवार्थवाचकत्वमिति प्रसिद्धमेव। तादृशस्याचारस्य लोकोपकृति-जनकतया व्यवस्थाधायकत्वं च पूर्वमेव निरूपितम्।

२४६. महाभारतम्, वनपर्व, मार्कण्डेयसमास्यापर्व, २०७ अध्यायः, ६३ श्लोकः।

शिष्टका रूपमा सम्मानितहरू-

लोभ नै प्रमुख कारणका रूपमा रहेका कामबाट उत्पन्न भएका दश प्रकारका व्यसनलाई र क्रोधबाट उत्पन्न भएका आठ प्रकारका व्यसनलाई त्याग गरेर, काम एवं क्रोधलाई बसमा बनाएर, दम्भ एवं लोभको परित्याग गरेर अथवा दम्भ एवं लोभलाई वशमा बनाएर, क्रोध आदिको परित्यागलाई नै धर्म हो भनी स्वीकार गरी त्यसकै अनुष्ठानमा सन्तुष्ट भएका शिष्टहरू नै शिष्टहरूमा समादृत हुन्छन्। पहिलो कोटिका (श्रेणीका) शिष्टहरूमा यिनीहरूकै स्थान हुन्छ अर्थात् यिनीहरूकै गणना गरिन्छ। भगवान् व्यासले- **कामक्रोधौ०** अर्थात् 'काम, क्रोध, दम्भ, लोभ एवं कुटिलतालाई अधीनमा बनाएर व्यसन परित्याग आदिलाई नै वास्तविक धर्म हुन् भनी जो सन्तुष्ट हुन्छन् तिनैलाई नै शिष्ट भनिन्छ, त्यस्ता पुरुष नै शिष्टहरूका बीचमा समादृत हुन्छन्' (व.प. २६७/६३) भनेर शिष्टाचारले युक्त भएकाहरूमा पनि शिष्टतालाई उत्कर्षमा पुऱ्याउने कारणहरूको निर्देशन गरेका छन्।

यज्ञको अनुष्ठान गर्ने स्वभाव भएका र स्वाध्यायको अध्ययन गर्ने स्वभाव भएका शिष्टहरूमा दुर्व्यवहार अथवा राम्रा व्यवहारको अभाव हुँदैन नै। अर्थात् उनीहरू दुराचारी हुँदैनन्। उनीहरूले मर्यादाको उल्लङ्घन गर्दैनन्। नराम्रा व्यवहारको अनुसरण पनि गर्दैनन्। त्यसैले नै यज्ञको अनुष्ठान गर्ने स्वभाव भएका र स्वाध्यायको अध्ययन गर्ने स्वभाव भएका गृहस्थहरू राम्रा व्यवहारले युक्त हुने भएका हुन्छन्। त्यस्ता गृहस्थहरूमा लोकोपकारकता रहेको हुन्छ भनी पहिले अत्यन्त विस्तारका साथमा देखाइएको नै छ। त्यसप्रकारका आचारले युक्त भएका शिष्टहरू दोस्रो कोटिमा पर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिकोपासनेन ज्ञानं समाश्रित्यैव नास्तिकान् भिन्नमर्यादानवलुम्पकान् शठान् क्रूरान् पापकर्मणि संलग्नान् दुष्टान् परित्यक्तुमर्हति पुरुषः ।

उपेता वै उपायान् विन्दन् हि उपेयान् समश्नुते । यदि सद्वृत्तसमन्वितस्तर्हि स एव सद्वृत्तान्यवगच्छति । सद्वृत्तानां परिज्ञाता हि सद्वृत्तसमनुष्ठानेन सत्फलान्यश्नुते । भगवता [२४७]व्यासेन

नास्तिकान् भिन्नमर्यादान् क्रूरान् पापमतौ स्थितान् ।

त्यज तान् ज्ञानमाश्रित्य धार्मिकानुपसेव्य च ।। इत्यभिधाय नास्तिकानां मर्यादाभेदिनां क्रूराणां पापमतौ स्थितानां त्यागस्य ज्ञानमाश्रित्य धार्मिकानुपसेव्यस्य च विधेयत्वस्मरणाज्ज्ञानं धार्मिकोपसेवनं च स्वात्मानं सद्वृत्तसमन्वितं विधायासद्वृत्तयुतत्यागार्हत्वमापादयत इत्यवगम्यते ।

गुरुशुश्रूषणमन्तरा ज्ञानोत्पत्तेरभावात् शिष्टाचारेषु गुरोः शुश्रूषणमपि एक आचार सम्मतः । न हि ब्रह्मचर्याश्रममनध्युष्य गुरोः परिचरणमविधाय स्वाध्यायाध्ययनं सम्पद्यते । स्वाध्यायाध्यनं विना न ज्ञानोत्पत्तिः ।

---

२४७. महाभारतम्, वनपर्व, मार्कण्डेयसमास्यापर्व, २०७ अध्यायः, ७१ श्लोकः ।

आचार धर्म हो भन्ने तथ्य **आचारः परमो धर्मः** अर्थात् 'आचार नै ठूलो धर्म हो' भन्ने मनुको कथनबाट अवगत हुन्छ । यो विषय पनि पहिले नै विस्तारका (तामझामका) साथ वर्णन गरिएको छ । आचार, सदाचार र सद्वृत्त एउटै अर्थका वाचक हुन् भन्ने कुरा पनि प्रसिद्ध नै छ । त्यस प्रकारका आचारमा लोकको उपकार गर्ने भएकाले व्यवस्थाधायकता (राम्रो व्यवस्था बनाउने साधनता) हुन्छ भन्ने तथ्य पनि पहिले नै बताइएको छ । मनुष्यले धार्मिक क्रियाकलापमा संलग्न पुरुषको उपासना (सङ्गत गरी) ज्ञानको आश्रय लिएर नास्तिकहरूको, मर्यादाको उल्लङ्घन गर्नेहरूको, लुटेराहरूको, दुष्टहरूको, कठोर स्वभाव भएका पुरुषहरूको र पापकर्ममा संलग्न भएका दुर्जनको परित्याग गर्नुपर्छ । (अर्थात् त्यस्ता पुरुषहरूसित सङ्गत गर्नुहुँदैन) उपाय पत्ता लगाएका र उपाय जानेकाले फल प्राप्त गर्छन् । कुनै पुरुष सदाचारले युक्त छ भने त्यसले सदाचार भनेको के हो भनी जान्दछ । सदाचारको ज्ञान भएको पुरुषले सदाचारको पालन गरेर सदाचारबाट प्राप्त हुने फलको उपभोग गर्दछ । भगवान् व्यासले- **नास्तिकान्०** अर्थात् 'नास्तिकहरूलाई, मर्यादाको उल्लङ्घन गर्नेहरूलाई, क्रूर स्वभाव भएका पुरुषहरूलाई र पापबुद्धिमा संलग्न भएका पुरुषहरूलाई ज्ञानको आश्रय लिएर एवं धार्मिक आचार विचार भएका पुरुषहरूको आश्रय लिएर परित्याग गर' (म.भा., व.प. २०७/७१) भनेका छन् । नास्तिकहरूको, मर्यादाको उल्लङ्घन गर्नेहरूको, क्रूरहरूको र पापबुद्धिमा संलग्न भएकाहरूको त्याग गर्ने कार्य ज्ञानको आश्रय लिई एवं धार्मिक पुरुषको सेवा गरी गर्नुपर्छ भनिएको हुनाले ज्ञानद्वारा र धार्मिक पुरुषको सेवाद्वारा आफूलाई सदाचारले युक्त भएको बनाएर नराम्रा व्यवहारले युक्त भएका पुरुषको त्याग गर्ने कार्य गरिन्छ भन्ने तथ्य बुझिन्छ ।

गुरुको सेवा विना ज्ञानको उत्पत्ति नहुने भएकाले शिष्टाचारमा गुरुको सेवालाई पनि एउटा आचार मानिएको छ । ब्रह्मचर्य आश्रममा नबसी एवं गुरुको सेवा नगरी स्वाध्यायको अध्ययन हुँदैन । स्वाध्यायको अध्ययन विना ज्ञानको उत्पत्ति हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्राध्ययनाज्ज्ञानविज्ञानयोरुत्पत्तिः

शास्त्रं हि प्राणिनां ज्ञानसाधनम्। कस्यचिदपि साध्यरूपस्य तत्त्वस्योत्पत्तिः साधनमन्तरा न सम्पद्यते। साध्यं ज्ञानं साधनरूपशास्त्रमन्तरा न ह्येव सम्पद्यते। ज्ञानं विना विज्ञानस्योदयश्चासम्भव एव। अत एव भगवता [२४८]मनुना-

यथा यथा हि पुरुषः शास्त्रं समधिगच्छति।

तथा तथा विजानाति विज्ञानं चास्य रोचते॥ इत्यभिधाय पुरुषो यथा यथा शास्त्रस्याध्ययनं विधत्ते तथा तथा विज्ञो भवति, विज्ञस्य पुनर्विज्ञानं चापि स्फुरति इति समाम्नातम्। तादृशज्ञानविज्ञानापादकस्य शास्त्रस्याध्यापयिता गुरुरेव। तस्य गुरोः शुश्रूषणं शिष्टाचारेषु सन्निहितम्।

सत्यस्य महनीयत्वं निरूपितम्। सत्यधर्मोपेता हि शिष्टा भवन्ति। शिष्टाचारेषु सत्यधर्मस्य सन्निधानात् शिष्टत्वमनुमतम्। ब्राह्मण्यमपि सत्ये सन्निविष्टम्। भगवता [२४९]व्यासेन-

धृतराष्ट्रस्य प्रश्नस्योत्तरं ददता सनत्सुजातेनोक्तम्-

'य एव सत्यान्नापैति स ज्ञेयो ब्राह्मणस्त्वया' इति समनूद्य सत्यात्मकस्य धर्मस्य परिपालयितुर्ब्राह्मणत्वं निर्दिष्टमिति ब्राह्मण्यमपि सत्ये धर्मे सन्निहितम्। तादृशं सत्यं शिष्टाचारेषु सन्निविष्टं भवति।

अक्रोधश्च शिष्टाचारेषु समन्वितः। क्रोधस्याभावो जगतां स्थितिकारकः। असंयमिनां हि क्रोधोत्पत्तिः। असंयमी पुरुष इन्द्रियाणां विषयान् उपभोगायाभिलषति। तस्मादेव च क्रोधस्योत्पत्तिः। न हि सर्वदा

२४८. ४/२० मनुः।

२४९. महाभारतम्, उद्योगपर्व, ४७ अध्यायः, ४९ श्लोकः।

शास्त्रको अध्ययनबाट ज्ञान एवं विज्ञानको उत्पत्ति हुन्छ -

शास्त्र प्राणीहरूका ज्ञानको साधन हो। कुनै पनि साध्यरूप तत्त्वको उत्पत्ति साधन विना सम्भव हुँदैन। अतः साध्यरूप ज्ञान साधनरूप शास्त्र विना सम्पन्न हुन सक्दैन। ज्ञान विना विज्ञानका उदयको सम्भावना पनि रहँदैन। त्यसैले त भगवान् मनुले- **यथा यथा०** अर्थात् 'पुरुषले जति जति शास्त्रको गहिरो अध्ययन गर्दै जान्छ त्यति त्यति नै ऊ ज्ञानसम्पन्न बन्दछ र उसको विज्ञान (विशिष्ट ज्ञान) प्रकाशित हुन्छ' (मनु. ४/२०) भनेका छन्। यसरी पुरुषले जति जति शास्त्रको अध्ययन गर्छ त्यति त्यति नै ऊ विज्ञ बन्दछ र विज्ञलाई विज्ञान पनि स्फुरित हुन्छ भनी बताएका छन्। त्यस प्रकारको ज्ञान एवं विज्ञानले युक्त भएको बनाउने शास्त्रको अध्यापक गुरु नै हो। त्यस प्रकारका गुरुको सेवालाई शिष्टाचारमा समावेश गरिएको छ।

सत्यको महनीयता देखाइयो। सत्यरूप धर्मले युक्त भएका शिष्ट हुन्छन्। शिष्टाचारमा सत्यधर्म पनि समावेश गरिएकाले सत्यलाई शिष्टता मानिएको छ। ब्राह्मण्य (ब्राह्मणत्व) पनि सत्यमा रहेको हुन्छ। भगवान् व्यासले धृतराष्ट्रका प्रश्नका उत्तरमा सनत्सुजातका माध्यमले **य एव०** अर्थात् 'जुन पुरुष कहिल्यै पनि सत्यबाट टसमस हुँदैन त्यसैलाई तपाइँले ब्राह्मण हो भनी जान्नुस्' (म.भा., उ.प. ४७/४९) भनी सत्यरूप धर्मको पालन गर्ने मनुष्यलाई नै ब्राह्मण मान्नुपर्ने बताएका छन्। अतः ब्राह्मणत्व पनि सत्यरूप धर्ममा रहेको हुन्छ। त्यस प्रकारको सत्य शिष्टाचारमा समाविष्ट हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वेषामिन्द्रियाणामुपभोगाय पदार्थानां समुपलब्धिः । पदार्थाभावजनितेन्द्रियविषयोपभोगाभावः क्रोधं जनयति चेदपरत इन्द्रियविषयध्यानात् सङ्गः (प्रीतिः) समुत्पद्यते तेष्विन्द्रियविषयेषु । तस्माच्च सङ्गात् कामो (विषयोपभोगेच्छा) जायते । कामात्पुनः क्रोधः समुत्पद्यते । भगवता [२५०]व्यासेन च-

ध्यायतो विषयान् पुंसः सङ्गस्तेषूपजायते ।

सङ्गात् सञ्जायते कामः कामात् क्रोधोऽभिजायते ।। इत्यभिधाय क्रोधोत्पत्तेर्विषयोपभोगेच्छा-जन्यत्वं निर्दिश्यासंयमिनः क्रोधोत्पत्तिः सङ्गदिता ।

स एव क्रोधो जगन्नाशहेतुः सम्पद्यते । क्रोधादिदं मया कर्तव्यम् । इदं पुनर्जगतो मम चानभीष्टकारकमिति मया न ह्येवं कर्तव्यमित्यादिविवेकस्यानुदयो भवति । तादृशस्याविवेकिनः संमूढस्य शास्त्राभ्यासेन गुरोरुपदेशाच्चाहिता स्मृतिः, संस्कारजन्या स्मृतिरपि विनश्यति । यदा स्मृतिर्विलुप्यते तदा बुद्धेः (ज्ञानस्य) नाशो भवति । बुद्धिनाशात् स्वयं विनश्यति परानपि दुर्बुद्धिसमुत्पन्ननानाविधदुष्कर्मभिर्विनाशयति । भगवता [२५१]व्यासेन च-

क्रोधाद्भवति सम्मोहः सम्मोहात्स्मृतिविभ्रमः ।

स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात् प्रणश्यति ।। इत्युक्त्या क्रोधस्य संहारकारकत्वं निर्दिष्टम् ।

---

२५०. श्रीमद्भगवद्गीता, २ अध्यायः, ६२ श्लोकः ।

२५१. श्रीमद्भगवद्गीता, २ अध्यायः, ६३ श्लोकः ।

अक्रोध (रीसको अभाव अर्थात् अरूले आफ्नो अपकार गरे पनि उसलाई हानि पुऱ्याउने विचारको अनुदय) पनि शिष्टाचारमा रहेको हुन्छ । क्रोधको अभाव जगत्का स्थितिको कारकतत्त्व हो । संयम नभएका पुरुषमा क्रोधको उत्पत्ति हुन्छ । असंयमी पुरुषले इन्द्रियका विषयको उपभोग गर्न चाहन्छ । त्यसैबाट क्रोधको उत्पत्ति हुन्छ । सधैँ सबै इन्द्रियलाई उपभोग गर्नका लागि पदार्थहरूको उपलब्धि (प्राप्ति) हुन सक्दैन । एकातर्फ पदार्थका अभावबाट उत्पन्न इन्द्रियका विषयका उपयोगको अभावले क्रोधलाई उत्पन्न गराउँछ भने अर्कातर्फ इन्द्रियका विषयको चिन्तन हुने भएकाले उक्त इन्द्रियका विषयहरूमा सङ्ग (प्रीति/आसक्ति) उत्पन्न हुन्छ । त्यसै सङ्ग (आसक्ति) बाट काम (विषयको उपभोग गर्ने इच्छा) उत्पन्न हुन्छ । विषयको उपभोग गर्ने इच्छाबाट क्रोध उत्पन्न हुन्छ । भगवान् व्यासले- **ध्यायतः०** अर्थात् 'विषयको ध्यान गरिरहेका पुरुषमा विषय प्रतिको सङ्ग (आसक्ति) उत्पन्न हुन्छ, सङ्गबाट काम उत्पन्न हुन्छ र कामबाट क्रोध उत्पन्न हुन्छ' (गीता २/६२) पद्यद्वारा विषयको उपभोग गर्ने इच्छाबाटै क्रोधको उत्पत्ति हुन्छ भन्ने निर्देशन गरेर असंयमी पुरुषमा नै क्रोधको उत्पत्ति हुने तथ्य प्रतिपादन गरेका छन् । त्यही क्रोध नै जगत्का विनाशको कारण बन्दछ ।

क्रोधले गर्दा 'मैले यो काम गर्नुपर्छ, यो कार्य जगत्को र मेरो पनि अनभीष्टकारक छ त्यसैले मैले यो काम गर्न हुँदैन' यसप्रकारका बुद्धिको उदय हुँदैन । त्यसप्रकारका विवेक नभएका मूर्खहरूमा शास्त्रको अभ्यासद्वारा र गुरुको उपदेशद्वारा आधान गरिएको स्मृति एवं संस्कारबाट प्राप्त भएको स्मृति पनि नष्ट हुन्छ । जब स्मृति नष्ट हुन्छ तब बुद्धिको (ज्ञानको) विनाश हुन्छ । बुद्धिको विनाश भएपछि स्वयं नष्ट हुन्छ र अरूलाई पनि दुर्बुद्धिबाट उत्पन्न भएका अनेक प्रकारका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२५२]शङ्कराचार्येण च-

'तस्य अन्तःकरणस्य बुद्धेर्नाशात् प्रणश्यति पुरुषार्थायोग्यो भवति' इत्यभिधाय नष्टबुद्धेर्धर्मार्थकाम-मोक्षसाधनायोग्यत्वमभिहितम्।

भगवता [२५३]मनुना च **'कोधजेष्वात्मनैव तु'** 'क्रोधजगणेष्वासक्त आत्मनैव वियुज्यते' इत्यभिधाय स्वात्मनो देहस्य नाशः समभिहितः।

तादृशस्य संहारकारिणः क्रोधस्याभावो हि शिष्टाचारेषु समन्वितो भवतीति शिष्टाः खलु समाजेषु सत्क्रियन्ते।

दानं चैकं तत्त्वं शिष्टाचारेषु समन्वितम्। दानस्य लोकोपकृतिजनकत्वं निरूपितम्। तादृशदानपरायणाः शिष्टाः खलु लोकं बिभ्रति।

गुरुशुश्रूषणम्, सत्यम्, अक्रोधः, दानं चेति चतुष्टयं शिष्टाचारेषु सन्निहितं भवतीति भगवता [२५४]व्यासेना-भिहितम्। यथा-

गुरुशुश्रूषणं सत्यमक्रोधो दानमेव च।

एतच्चतुष्टयं ब्रह्मन् शिष्टाचारेषु नित्यदा ॥ इत्युक्त्या गुरुशुश्रूषणसत्यक्रोधदानानां नित्यत्वेन शिष्टसमन्वितत्वमुपदिष्टम्।

---

२५२. शाङ्करभाष्यम्, श्रीमद्भगवद्गीता, २ अध्यायः, ६३ श्लोकः।

२५३. ७/४६ मनुः।

२५४. महाभारतम्, वनपर्व, मार्कण्डेयसमास्यापर्व, २०७ अध्यायः, ६५ श्लोकः।

कर्महरूबाट नष्ट गराउँछ। भगवान् व्यासले- **क्रोधाद्०** अर्थात् 'क्रोधबाट मोह (कर्तव्याकर्तव्य ज्ञानको अनुदय) उत्पन्न हुन्छ, सम्मोहबाट स्मृति (आहार्य एवं सहज स्मरण शक्ति) मा विभ्रम (विनाश) हुन्छ। स्मृतिको विनाशबाट बुद्धिको नाश हुन्छ र बुद्धि नष्ट भएपछि स्वयं नष्ट हुन्छ' (गीता २/६३) भनी क्रोधको संहारकारकता निर्देशन गरेका छन्। शङ्कराचार्यले- **तस्य अन्तःकरणस्य०** अर्थात् 'त्यस अन्तःकरणका बुद्धिको विनाशबाट नष्ट हुन्छ अर्थात् पुरुषार्थ गर्न अयोग्य हुन्छ' (गीता २/३ शा.भा.) भनी बुद्धि नष्ट भएको पुरुष धर्म, अर्थ, काम एवं मोक्षको साधना गर्न असमर्थ हुने तथ्य बताएका छन्। भगवान् मनुले पनि **क्रोधजेषु०** अर्थात् 'क्रोधबाट उत्पन्न व्यसनमा आसक्त भएको राजाले आफैलाई नष्ट गराउँछ' (मनु. ७/४६) भन्ने पद्यका माध्यमले 'क्रोधबाट उत्पन्न भएका व्यसनहरूमा आसक्त भएको पुरुष (राजा) आफै नै नष्ट हुन्छ' भनी क्रोध आफ्नै शरीरको विनाशक हुने तथ्य प्रतिपादन गरेका छन्।[८८] यस प्रकारको संहार गर्ने क्रोधको अभाव शिष्टाचारमा रहेको हुन्छ। अतः शिष्टहरू समाजमा समादृत हुन्छन् अर्थात् शिष्टको आदर गरिन्छ।

दान पनि शिष्टाचारमा रहने एउटा तत्त्व हो। दानबाट लोकको उपकार हुन्छ भन्ने तथ्य पहिले नै बताइएको छ। त्यसप्रकारका दानपरायण शिष्टहरूले लोकलाई धारण गर्ने कार्य गर्दछन्। उपर्युक्त गुरुशुश्रूषा, सत्य, अक्रोध एवं दान-

---

८८. क्रोधजेषु प्रसक्तः प्रकृतिकोपाद्देहनाशं प्राप्नोति (मन्वर्थमुक्तावली ७/४६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्टसत्कारः सद्वृत्तानुसरणप्रवर्तको लोकोपयोगी च

एकतः सद्वृत्तं शिष्टमापादयति चेदपरतः शिष्टसत्कारः सद्वृत्तानुसरणाय लोकं प्रेरयति।

प्रायः यः कोऽपि जनो लोकेभ्यः सत्कारमाप्तुं समीहते। लोकश्च यस्मिन् समाजहिताऽवहा गुणाः सन्निविष्टास्तमेव सत्करोति। समाजहितावहगुणानां पुरुषे सन्निवेशस्तदा एव सम्पद्यते यदा पुरुषः सद्वृत्तं समनुष्ठानेनानुसरति।

स एव च पुरुषः सद्वृत्तं समनुष्ठातुं प्रभवति यस्मिन् शास्त्राध्ययनजन्यं ज्ञानं विद्यते इति विद्यावृत्तसमन्वितो विप्रः सत्कारार्हतया पात्रत्वेन समीरितः। यथा योगीश्वरेण [२५५]याज्ञवल्क्येन-

न विद्यया केवलया तपसा वापि पात्रता।

यत्र वृत्तमिमे चोभे तद्धि पात्रं प्रकीर्तितम्॥ इत्यभिधाय विद्यावृत्तसमन्वितस्य पात्रत्वमुदीरितम्।

वेदाध्ययनस्य सिद्धिप्राप्त्यर्थम्, विहितस्य दानस्य फलप्राप्त्यर्थम्, अनुष्ठितानां यज्ञयागादीनामपूर्वोत्पत्तिद्वारा स्वर्गादिफलसम्पत्यर्थम्, आचरितानां नियमानां फलोपलब्ध्यर्थम्, तपितानां तपसामापवर्ग्यार्थञ्च व्यक्तिनिष्ठस्य भावस्य विशुद्धिरत्यावश्यकी भवति। न हि दुष्टभावस्य कस्यचिदपि जनस्याध्ययनदाननियमतपांसि फलवन्ति

---

२५५. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः २०० श्लोकः।

यी चार तत्त्व शिष्टाचारमा रहेका हुन्छन् भनी भगवान् व्यासले बताएका छन्। जस्तै- **गुरुशुश्रूषणम्०** अर्थात् 'हे ब्राह्मण ! गुरुको शुश्रूषा (सेवा), सत्य, अक्रोध (क्रोधको अभाव) एवं दान- यी चार तत्त्व शिष्टाचारमा सधैँ रहेका हुन्छन्' (म.भा., व.प. २०७/६५)। यस उक्तिद्वारा गुरुशुश्रूषा, सत्य, अक्रोध एवं दान सधैँ नै शिष्टहरूमा रहेको हुन्छ भनी उपदेश दिएका छन्।

शिष्टको सत्कारले सद्वृत्तको अनुसरण गर्न अभिप्रेरित गर्छ र शिष्टसत्कार लोकको उपयोगी पनि हुन्छ-

एकातर्फ राम्रो व्यवहारले शिष्ट बनाउँछ भने अर्कातर्फ शिष्ट पुरुषको सत्कारले मनुष्यलाई सदाचारको अनुसरण गर्न अभिप्रेरित गर्दछ। प्रायः जुन कुनै मनुष्यले लोकबाट गरिने सत्कार प्राप्त गर्न चाहन्छ। लोकले भने जसमा समाजलाई हित गर्ने गुणहरू रहेका हुन्छन् त्यसैको सत्कार गर्छ। पुरुषमा समाजलाई हित गर्ने गुणहरूको सन्निवेश तब मात्र हुन्छ जब पुरुषले आफै नै पालन गरेर सदाचारको अनुसरण गर्छ। त्यही पुरुषले सदाचारको पालन गर्न सक्छ जसमा शास्त्रको अध्ययनबाट उत्पन्न भएको ज्ञान हुन्छ। विद्याले युक्त भएको विप्र (ब्राह्मण) सत्कार गर्न योग्य हुने भएकाले पात्र (सत्पात्र) भनिएको हो। योगीश्वर याज्ञवल्क्यले- **न विद्यया०** अर्थात् 'मात्र विद्याले (शास्त्राध्ययनले) पात्रता प्राप्त हुँदैन, न त मात्र तपस्याले (शम, दम आदिले) पात्रता प्राप्त हुन्छ, (साथै मात्र अनुष्ठानले एवं जातिले पनि पात्रता प्राप्त हुँदैन), जसमा वृत्त (सदाचार) र विद्या एवं तपस्या (साथै ब्राह्मणत्व जाति) रहेको हुन्छ त्यसमा नै पूर्ण पात्रता प्राप्त हुन्छ र त्यसमा नै पात्रता रहेको हुन्छ भनी मनु आदिले भनेका छन्' (या.स्मृ. १/२००) यस पद्यका माध्यमले विद्याले र वृत्तले युक्त भएका पुरुषमा पात्रता रहने तथ्य प्रतिपादन गरेका छन्।

वेदाध्ययनबाट सिद्धि (सफलता) प्राप्त गर्नका लागि, गरिएका दानको फल प्राप्त गर्नका लागि, सम्पादन गरिएका यज्ञ-यागादिका माध्यमबाट उत्पन्न अपूर्वका सहायताले स्वर्गादि फल प्राप्त गर्नका लागि, पालन गरिएका नियमहरूको फल प्राप्त गर्नका लागि र गरिएका तपस्याबाट आपवर्ग्य (सत्परिणाम वा मोक्ष) प्राप्त गर्नका लागि व्यक्तिमा विद्यमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भवन्ति। अत एव [२५६]मनुना स्मृतम्-

वेदास्त्यागश्च यज्ञाश्च नियमाश्च तपांसि च। न विप्रदुष्टभावस्य सिद्धिं गच्छन्ति कर्हिचित्॥ इति।

य एव भावशुद्धः पुरुषः स्वानुष्ठिताध्ययनदानयज्ञनियमतपसां फलोपभोगायाधिकारी सम्पद्यते स एव च पुरुषो भावविशुद्ध्या समाजहितकारककृत्यानुष्ठातृत्वेनाहितकरकृत्यानामननुष्ठातृतया च लोकोपयोगी सम्पद्यते।

सर्वेषु कर्मसु विशेषतः श्राद्धादिषु सच्चरित्रवतां विदुषां ब्राह्मणानामभ्यर्चनस्यैव फलदायित्वं निर्दिष्टम्। फलाभिलाषी च पुरुष आचारनिष्ठानां विदुषामेव हि ब्राह्मणानामभ्यर्चनं कुरुते। अभ्यर्चनाप्सिकामश्च ब्राह्मणः आत्मानमाचारनिष्ठं विद्वांसमापादयितुं यतते। न कोऽपि तादृश उपलभ्यते यो नाभ्यर्चनां कामयते। अतः सर्वोऽपि लोकः समभ्यर्चनालब्धये स्वात्मानं चरित्रवन्तं विद्वांसं चापादयितुं यतते। चरित्रवतां विदुषां समुत्पादनं समाजोपयोगिन्या जनशक्तेरुत्पत्तिः।

तत्र पुनः दरिद्रेषु विद्वत्सु ब्राह्मणेषु वितीर्णस्य दानस्य भोजनस्य च माहात्म्यं शास्त्रेषु कीर्तितम्। तस्मादकिञ्चनानां विदुषां ब्राह्मणानां वृत्तिरुपलब्धा भवति। तादृशविद्वद्ब्राह्मणानां भरणं पोषणञ्च राज्ञः कर्तव्यम्। तच्च पात्रतया लोकसत्कारात् सम्पद्यते।

---

२५६. २/९७ मनुः।

भावको शुद्धि अत्यन्त आवश्यक हुन्छ। दुर्भावनाले युक्त भएका कुनै पनि पुरुषका अध्ययन, दान, नियम एवं तपस्या सफल हुन सक्दैनन्। त्यसैले त मनुले- **वेदास्त्यागश्च०** अर्थात् 'दूषित अभिप्रायले युक्त भएका (भोगादिविषय-सेवासङ्कल्पशीलिनः) ब्राह्मणद्वारा गरिएका वेदाध्ययन, दान (त्याग), यज्ञ, नियम एवं तपस्या कहिल्यै पनि सिद्ध (सफल) हुँदैनन्' (मनु.२/९७) भनेका छन्।

जुन पुरुष शुद्ध (सात्त्विक) भावनाले युक्त भएको हुन्छ त्यही पुरुष नै आफूद्वारा गरिएका अध्ययन, दान, यज्ञ, नियम एवं तपस्याका फलको उपभोग गर्ने अधिकारी (अधिकारप्राप्त पुरुष) हुन्छ। त्यही नै विशुद्ध अभिप्रायले युक्त भएको पुरुष समाजलाई हित गर्ने कार्यहरूको अनुष्ठाता (सम्पादक) एवं समाजलाई हित नगर्ने कार्यहरूको अननुष्ठाता (असम्पादक) भएर लोकका लागि उपयोगी हुन्छ।

सबै कार्यहरूमा विशेषतः श्राद्ध आदिमा राम्रा चरित्रले युक्त भएका विद्वान् ब्राह्मणको सत्कार मात्र फलदायी हुन्छ भनी बताइएको छ। आफूद्वारा गरिएका कार्यको राम्रो वा अभिलषित फल प्राप्त होस् भन्ने आकाङ्क्षा भएको पुरुषले आचारमा निष्ठा भएका विद्वान् ब्राह्मणहरूको मात्र सत्कार (पूजा) गर्छ। सत्कार प्राप्त होस् भन्ने आकाङ्क्षाले युक्त भएको ब्राह्मणले आफूलाई सदाचारले युक्त भएको विद्वान् बनाउन प्रयत्न गर्छ। संसारमा त्यस्तो कुनै पनि व्यक्ति भेटिँदैन जसले आफ्नो सत्कारको आकाङ्क्षा नराखेको होस्। अतः सबै मनुष्यले सत्कार प्राप्त गर्नका लागि आफूलाई राम्रा चरित्रले युक्त भएका र विद्वान् बनाउन चाहन्छन्। चरित्रले युक्त भएका विद्वान्हरूको उत्पादन गर्नु भनेको समाजोपयोगी जनशक्तिको उत्पादन गर्नु हो। दरिद्र विद्वान् ब्राह्मणलाई दिइएका दानको र गराइएका भोजनको माहात्म्य शास्त्रमा गाइएको छ। यसबाट अकिञ्चन (केही पनि नभएका) विद्वान् ब्राह्मणलाई वृत्ति (जीविकाको साधन) उपलब्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दत्तस्य पात्रतारतम्यात् फलतारतम्यम्

विप्रेषु भोजनदानस्य हिरण्यादिदानस्य च महत्त्वं शास्त्रेषु निर्दिष्टम्। तच्च दानं स्वतन्त्रं पराङ्गं च। उभयत्रापि भोजनीयस्य सम्प्रदानीभूतस्य च विप्रस्य श्रुतवृत्ततपस्तारतम्यात् फलतारतम्यं दत्तस्य भोजनदानस्य हिरण्यादिदानस्य च निर्दिष्टम्। तत्र पात्रविशेषेण श्रद्धाविशेषेण च कृतस्य दानस्य फलं दाता प्राप्नोति। श्रुतवृत्ततपोयुक्ततया पात्रस्य तारतम्येन दातुश्च श्रद्धातारतम्येन फलतारतम्यं सम्पद्यते। अभिरूपाय विप्राय श्रद्धया दत्तस्य महत्फलम्। नामधारकाय विप्रायाश्रद्धया दत्तस्य समं फलमल्पं वा फलं भवतीति [२५७]मनुना निर्दिष्टम्।

भवति हि उर्वरायां भूमौ कृतवपनस्य बीजस्य महत्फलम्। ईरिणे पुनर्भूमौ कृतवपनस्य बीजस्य तु स्वरूपनाश एव भवति। फलस्य तु तत्र का कथेति दृष्टमेव पात्रतारतम्यात् फलतारतम्यम्।

न कश्चिदपीरिणे क्षेत्रे बीजानि वपितुं समीहते। बीजवपनक्रियायां फललाभार्थमेव हि प्रवर्तनोपपत्तेः। न हि तत्रेरिणे विहितपवनस्याङ्कुरप्ररोहोऽपि सम्पद्यते, फलं तु दूरे तिष्ठताम्। अतो न तत्र प्रवृत्तिः कृषकाणाम्।

---

२५७. पात्रस्य हि विशेषेण श्रद्धधानतयैव च। अल्पं वा बहु वा प्रेत्य दानस्य फलमश्नुते॥ ७/८६ मनुः।

हुन्छ। त्यसप्रकारका विद्वान् ब्राह्मणहरूको भरण-पोषण गर्नु राजाको कर्तव्य हो। त्यो कार्य पात्र भएका हुनाले लोकसत्कारबाट सम्पन्न हुन्छ।

पात्रको तारतम्यले दिइएका वस्तुका फलमा हुने तारतम्य-

ब्राह्मणलाई भोजन दान गरेको र सुवर्ण आदि दान गरेको महत्त्व शास्त्रमा बताइएको छ। त्यो दान स्वतन्त्र र अन्य कुनै कर्मको अङ्ग पनि हुन्छ। दुवै ठाउँमा भोजन गराइने र दान दिइने ब्राह्मणको श्रुत (शास्त्राध्ययन), वृत्त (सदाचारनिष्ठा) एवं तप (शम, दम आदि) को तारतम्यले (कम बेसीले) गर्दा गरिएका भोजनदानको एवं सुवर्ण आदि पदार्थका दानको फलमा पनि तारतम्य (कम बेसी) हुन्छ भनी बताइएको छ। पात्र विशेषका र श्रद्धा विशेषका आधारमा दाताले आफूद्वारा गरिएका दानको फल पाउँछ। दान दिइने व्यक्तिमा (पात्रमा) हुनुपर्ने श्रुत एवं वृत्तको तारतम्यले र दातामा रहने श्रद्धाको तारतम्यले गर्दा फलमा तारतम्य हुन्छ। उपयुक्त ब्राह्मणलाई श्रद्धापूर्वक गरिएका दानको ठूलो फल हुन्छ। नाम मात्रको ब्राह्मणलाई दिइएका दानको र श्रद्धा विना दिइएका दानको एउटै फल हुन्छ अथवा थोरै मात्र फल प्राप्त हुन्छ भनी मनुले बताएका छन् (सङ्केत गरेका छन्) (मनु. ७/८६)।[८९]

उर्वरा (उब्जाउ) जमिनमा छरिएका बीउबिजनबाट धेरै फल प्राप्त हुन्छ। बाँझा (खनजोत नगरिएका) जमिनमा छरिएका बीउबिजनको स्वरूप नै नष्ट हुन्छ (बीउ-बिजन नै मासिन्छ)। त्यसबाट फल प्राप्त हुने त कुनै सम्भावना नै रहन्न। यसरी पात्रको तारतम्यबाट फलको तारतम्य देखिएकै विषय हो। कुनै पनि पुरुषले बाँझा जमिनमा बीउ छर्न चाहन्न। फल प्राप्त गर्ने इच्छाले नै जमिनमा बीउ छर्ने कार्य गरिन्छ। बाँझा जमिनमा छरिएका बीउबाट आँकुरा पनि पलाउँदैनन् (बीउ नै उम्रन्न), त्यसबाट फल प्राप्त हुने कुरा त टाढै रहोस्। अतः त्यस्ता (बाँझा जमिनमा बीउ छर्ने)

---

८९. वास्तवमा पात्रको विशेषता (विद्या, तपस्या एवं सदाचार) र श्रद्धाको धारण (श्रद्धागत न्यूनाधिकता) बाट नै पुरुषले परलोकमा दान दिइएका पदार्थको थोरै वा धेरै फल उपभोग गर्दछ।- सङ्केतित पद्यको अनुवाद, मनु. ७/८६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वोऽपि समीहते उर्वरायां भूमौ बीजवपनम्। तत्रोर्वरायां भूमावुप्तस्य बीजस्य प्रचुरफलसम्पत्तेः प्रवृत्तिर्जायते कृषकाणाम्।

एवमेव पात्रे प्रत्यर्पितस्य दाता महत्फलमवाप्नोति। अपात्रे दत्तस्य न किञ्चिदपि फलमाप्नोति। अतः पात्रे स्वस्वत्वसन्निहितद्रव्याणां प्रत्यर्पणात्मकक्रियायां प्रेक्षावतां प्रवृत्तिरुत्पद्यते। नापात्रे प्रत्यर्पणाय विदुषां प्रवृत्तिः। निष्फलकत्वादपात्रप्रत्यर्पणक्रियायाः। तस्मात्पात्रापात्रयोः प्रत्यर्पितस्य द्रव्यस्य फलतारतम्यं सम्पद्यते।

यत्र सामाजिकं तत्त्वं तत्र पात्रत्वमीरितम्। असामाजिकतत्त्वानां कुपात्रत्वं स्मृतं पुनः ॥-

धर्मशास्त्रेषु एकतः कुपात्राणां पात्राद्बहिष्कृतानां पतितानां परिगणनं कृतञ्चेदन्यतस्तीर्थीभूतानां हव्यकव्यादिषु योग्यत्वेन निर्दिष्टानां पङ्क्तिपावकानां सत्पात्राणामपि परिगणनं कृतम्। तत्र येषु जनेष्वसामाजिकतत्त्वसमन्वितत्वं परिदृश्यते तेभ्यः पात्राद्बहिष्करणम्, येषु च पुरुषेषु सामाजिकतत्त्वसमन्वितत्वं परिलक्ष्यते पुनः सत्पात्रत्वस्थापनं च खलु धर्मशास्त्रमेव विधत्ते इति इतोऽपि धर्मशास्त्रस्य सामाजिकव्यवस्थास्थापकत्वं परिदृश्यते।

कार्यमा कृषकको प्रवृत्ति हुँदैन। सबैले उर्वर भूमिमा बीउ छर्न (खेती गर्न) चाहन्छन्। उर्वर भूमिमा छरिएका बीउबाट अत्यधिक फल प्राप्त हुने भएकाले त्यस्ता (उर्वर भूमिमा बीउ छर्ने) कार्यमा कृषकको प्रवृत्ति हुन्छ। यसै प्रकारले पात्रमा दान गरेको दाताले ठूलो फल प्राप्त गर्दछ। अपात्रमा दिइएका दानबाट कुनै फल प्राप्त हुँदैन। अतः आफ्ना स्वामित्वमा रहेका पदार्थको सत्पात्रमा समर्पण गर्ने कार्यमा विद्वान्हरूको प्रवृत्ति हुन्छ भन्ने तथ्य युक्तिसङ्गत देखिन्छ। अपात्रलाई आफ्ना स्वामित्वमा रहेको पदार्थ समर्पण गर्ने क्रिया निष्फल हुने भएकाले विद्वान्हरूमा अपात्रलाई आफ्ना स्वामित्वमा रहेको पदार्थ समर्पण गर्ने प्रवृत्ति देखिँदैन। अत एव पात्र एवं अपात्रमा समर्पण गरिएका पदार्थको फलगत तारतम्य हुन्छ।

जसमा सामाजिकता (समाजलाई हित गर्ने तत्त्व) हुन्छ त्यसमा पात्रता रहेको हुन्छ भनिन्छ। जसमा असामाजिक तत्त्व रहेको हुन्छ त्यसलाई कुपात्र भनिन्छ-

धर्मशास्त्रहरूमा एकातर्फ कुपात्रहरूको, पात्रताबाट बाहिर गराइएकाहरूको र पतितहरूको गणना गरिएको हुन्छ भने अर्कातर्फ तीर्थजस्ता भएका (पवित्र बनाउने सामर्थ्य भएका) हव्य (देवकार्य) एवं कव्य (पितृकार्य) आदिमा योग्य भनेर निर्देशन गरिएका पङ्क्तिपावन (आफ्नो समूहलाई नै पवित्र बनाउन सक्ने सामर्थ्य भएका) सत्पात्रहरूको गणना गरिएको हुन्छ। जुन पुरुषमा असामाजिक तत्त्व रहेको देखिन्छ तिनीहरूलाई पात्रताबाट बाहिर गराउने र जुन पुरुषमा सामाजिक तत्त्व रहेको देखिन्छ तिनीहरूलाई सत्पात्रका रूपमा स्थापना गर्ने कार्य धर्मशास्त्रले गर्दछ। यसबाट पनि धर्मशास्त्रमा सामाजिक व्यवस्थालाई व्यवस्थित गर्ने तत्त्व रहेको देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पात्राद्बहिष्कृताः

२५८**ये स्तेनपतितक्लीबा ये च नास्तिकवृत्तयः । तान् हव्यकव्ययोर्विप्राननर्हान् मनुरब्रवीत् ।।**

यद्यपि अपात्रत्वेन निर्दिष्टेषु अन्धत्वबधिरत्वादीनां प्रत्यक्षतः असामाजिकतत्त्वसमन्वितत्वं नोपलभ्यते, तथापि तत्रापि अन्धत्वबधिरत्वोद्भावकतत्त्वगवेषणायामसामाजिकतत्त्वानामेव हि तत्मूलत्वेन निर्दिष्टेषु वाक्येषु समुपलभ्यमानत्वाद् दृश्यते अन्धत्ववधिरत्वाकारकतत्त्वेषु असामाजिकतत्त्वसमन्वितत्वम् ।

सत्पात्रत्वेन निर्दिष्टाः

२५९**अग्र्याः सर्वेषु वेदेषु सर्वप्रवचनेषु च । श्रोत्रियान्वयजाश्चैव विज्ञेयाः पङ्क्तिपावनाः ।।**

यद्यपि श्रोत्रियान्वयजातादीनां प्रत्यक्षतः सामाजिकतत्त्वसमन्वितत्वं नोपलभ्यते तथापि तदुत्पादक-तत्त्वगवेषणायां सम्प्राप्यमाणसामाजिकतत्त्वानामुत्पन्नेष्वपि चावयवसम्बन्धेन सम्प्राप्यमाणत्वात् समुपलभ्यते तत्रापि कारणतयावस्थितं सामाजिकतत्त्वसमन्वितत्वम् ।

२५८. ३/१५० मनुः ।

२५९. ३/१८४ मनुः ।

पात्रताबाट बाहिर गराइएका-

जुन ब्राह्मण चोर, पतित (महापातकी) एवं नपुंसक हुन्छन्, पुनः जुन ब्राह्मण नास्तिक (वेदको निन्दा गर्ने) वृत्ति भएका हुन्छन् त्यस्ता ब्राह्मणहरू हव्य (देवकार्य) एवं कव्य (पितृकार्य) मा अयोग्य हुन्छन् भनी मनुले भनेका छन् (मनु. ३/१५०) ।[९०] अन्धत्व, बधिरत्व आदिलाई पनि अपात्रतामा गणना गरिएको पाइन्छ । अन्धाहरूमा र बहिराहरूमा प्रत्यक्षतः असामाजिक तत्त्व भएको देखिन्न तर अन्धत्व, बधिरत्वका उद्भावक तत्त्वहरूको खोजी गर्ने हो भने उनीहरूमा पनि असामाजिकता रहेको पाइन्छ । अन्धत्व, बधिरत्व आदिका कारणका रूपमा निर्देश गरिएका शास्त्रीय कथनहरूमा उक्त दोषका मूलमा असामाजिक तत्त्व रहेको उल्लेख पाइन्छ । अतः अन्धत्व, बधिरत्वका कारक तत्त्वहरूमा असामाजिक तत्त्व रहेको हुन्छ । (त्यसैले नै दानका सन्दर्भमा अन्धालाई र बहिरालाई अपात्र मानिन्छ) ।

सत्पात्रमा गणना गरिएकाहरू-

चारै वेद राम्ररी अध्ययन गरेका, शिक्षा कल्प आदि वेदाङ्गको पनि राम्रो अध्ययन गरेका र श्रोत्रिय (सबै वेदको अध्ययन भएका पुरुष) का कुलमा उत्पन्न भएका श्रेष्ठ ब्राह्मणलाई पङ्क्तिपावन भनिन्छ (मनु. ३/१८४) ।[९१] श्रोत्रियका वंशमा उत्पन्न हुँदैमा कुनै व्यक्ति विशेषमा प्रत्यक्षतः सामाजिक तत्त्व विद्यमान भएको देखिँदैन तर पनि त्यस्ता कुलमा

९०. चोर भन्नाले सुन बाहेकका पदार्थ चोरी गर्ने पुरुषलाई सम्झिनुपर्छ । सुन चोरी गर्नेलाई पतितमा गणना गरिएको छ ।

९१. मूल पद्यमा पठित **अग्र्याः सर्वेषु वेदेषु**बाट चारै वेद अध्ययन गरेको अर्थ लिनुपर्छ । पङ्क्तिपावनको चर्चा गर्ने क्रममा **चतुर्वेदविदे चैव** भनिएकाले उक्त अर्थ निस्कन्छ । **सर्वप्रवचनेषु** पदबाट **प्रकर्षेणैवोच्यते वेदार्थ एभिरिति प्रवचनान्यङ्गानि तेष्वग्र्याः** यस विग्रहअनुसार वेदका छवटै अङ्गको अध्ययन गरेका भन्ने अर्थ निस्कन्छ । दश पुस्तासम्म वेदको अध्ययन गरेका पुरुषका वंशमा उत्पन्न भएकालाई श्रोत्रियान्वयज भन्नुपर्छ भनी शास्त्रमा बताइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

सत्कर्म सत्तत्त्वसमुद्भावकम् । तदेव हि सत्पात्रस्यागिमिकगोपरम् ।

ये वै पात्राद्बहिष्कृता विप्रास्ते च गुणस्वभावकर्मभिर्दुरात्मानो जाता दृष्टादृष्टसत्प्रयोजनप्रतिवञ्चका भवन्ति।

पात्राद्बहिर्कृता यथा

मनुना स्तेनपतितक्लीबनास्तिकवृत्तीनां विप्राणां देवपितृकृत्ययोरयोग्यत्वं निर्दिष्टम् । जटिलानधीयान-दुर्बलकितवपूगयाजकानां श्राद्धभोजनानर्हत्वं निर्दिष्टम् । चिकित्सकदेवलकमांसविक्रयिवणिक्वृत्तीनां देवपितृ-कृत्ययोर्वर्ज्यत्वं निर्दिष्टम् । ग्रामप्रेष्य-राजप्रेष्य-कुनखि-श्यावदन्त-गुरुप्रतिकूलशील-त्यक्ताग्नि- वृद्ध्युपजीवि-यक्ष्मि-पशुपाल-परिवेत्ता-निराकृत्ति- (पञ्चमहायज्ञानुष्ठानरहित) ब्रह्मद्विट्-परिवित्ति-गणाभ्यन्तर- (गणार्थोपमृष्ट-सम्बन्धिधनाद्युपजीवी) कुशीलवावकीर्णि-वृषलीपति-पौनर्भव-काण-गृहजायाजार-भृतकाध्यापक-भृतका-ध्यापित-शूद्रशिष्य-गुरुवाक्दुष्ट-कुण्ड-गोलकाकारणमातापितृगुरुत्यागि-ब्राह्मयौनसम्बन्धपतितसंयोगि-

---

उत्पन्न हुने कारणको खोजी गर्ने हो भने सामाजिक तत्त्व नै प्राप्त हुन्छ । श्रोत्रियका कुलमा उत्पन्न भएका पुरुषका अङ्गका रूपमा पनि सामाजिकता रहेको हुन्छ । त्यसैले त्यस्ता पुरुषमा पनि कारणका रूपमा विद्यमान सामाजिक तत्त्व रहेको पाइन्छ । राम्रो कर्मले राम्रो तत्त्व उत्पन्न गराउँछ । त्यही नै सत्पात्रताको परीक्षण गर्ने कसी हो । जुन ब्राह्मण पात्रताबाट बाहिर गराइएका हुन्छन् तिनीहरू गुण, स्वभाव एवं कर्मद्वारा दुष्ट प्रकृति भएका र दृष्ट एवं अदृष्ट सत्प्रयोजनका प्रतिवञ्चक (बाधक) हुन्छन् ।

पात्रताबाट बाहिर बनाइएकाहरू-

मनुले स्तेन (चोरी गर्ने), पतित (वर्णाश्रमधर्मबाट च्युत भएका), क्लीब (नपुंसक) एवं नास्तिक (वेदलाई प्रमाण नमान्ने) वृत्ति भएका विप्रहरू देवकार्यमा र पितृकार्यमा अयोग्य हुन्छन् भनी बताएका छन् । जटिल (जटा धारण गरेको), अनधीयान (वेदको अध्ययन नगरेको), दुर्बल (नराम्रो छाला भएको), कितव (जुवाडी) र पुगयाजक (धेरैको यज्ञ गराउने) श्राद्धमा भोजन गराउन योग्य हुँदैनन् भनी निर्देशन गरिएका छन् । चिकित्सक, देवलक (देवालयको पुजारी), मांसविक्रयी (मासु बेच्ने) र व्यापारबाट जीविका चलाउने देवकार्यमा र पितृकार्यमा वर्जनीय हुन्छन् भनिएको छ । ग्रामप्रेष्य (गाउँको सेवक), राजप्रेष्य (राजाको सेवक) नराम्रा नङ भएको, काला दाँत भएको, गुरुको प्रतिकूल आचरण गर्ने, अग्निहोत्र गर्न छाडेको, व्याजबाट जीविका चलाउने, क्षयरोगी, पशुपाल (वृत्तिका लागि भेडा बाख्रा आदि पाल्ने), परिवेत्ता (दाइलेभन्दा पहिले बिहे गर्ने), निराकृति (पाँच प्रकारका महायज्ञ नगर्ने), ब्राह्मणहरूसित द्वेष गर्ने, परिवृत्ति (भाइको भन्दा पछि विवाह गरेको अथवा भाइको विवाह भइसक्दा पनि विवाह नगरेको) गणाभ्यन्तर (समूहका लागि उठाइएको धनबाट अथवा चन्दाबाट जीविका चलाउने), कुशीलव (नृत्य, अभिनय आदिबाट जीविका चलाउने), अवकीर्णी (स्त्रीको सम्पर्कबाट ब्रह्मचर्य नष्ट भएको ब्रह्मचारी र यति), वृषलीपति (समान वर्णकी स्त्रीलाई छाडेर शूद्रकन्याका साथमा विवाह गरेको), पुनर्विवाहित स्त्रीबाट उत्पन्न, कानो, गृहमा नै पत्नीको जार भएको, भृतकाध्यापक (तनखा लिएर पढाउने), भृतकाध्यापित (तलब लिएकाले पढाइएको), शूद्रको शिष्य, शूद्रको गुरु, वाक्दुष्ट (रूखो बोली भएको), कुण्ड (सधवा स्त्रीको जारपुत्र), गोलक (विधवा स्त्रीको जारपुत्र), विना कारण नै माता, पिता एवं गुरुको त्याग गर्ने अर्थात् सेवा नगर्ने, ब्रह्म (अध्ययन) एवं यौन (विवाह) का माध्यमले पतितका साथमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहदाहक-विषद-कुण्डाशि-सोमविक्रयि-समुद्रगामि-स्तुतिपाठक-तैलिक-मृषावादि-पितृविवदनशील-कितव-मद्यप-पापरोग्यभिशस्त-दाम्भिक-रसविक्रयि-धनुःशरकर्त्रग्रेदिधिषूपति-मित्रधुक्-द्यूतवृत्ति-पुत्राचार्य-भ्रामरि-गण्डमालि-श्वित्रि-पिशुनोन्मत्तान्ध-वेदनिन्दकानां च वर्ज्यत्वं निर्दिष्टम् । हस्तिगोश्वोष्ट्रदमक-ज्योतिषिक-पक्षिपोषक-युद्धाचार्य-स्रोतोभेदक-स्रोतावरणकर्तृ-गृहसंवेशक-दूत-वृक्षारोपक-श्वक्रीडि-श्येनजीवि-कन्यादूषक-हिंस्र-वृषलवृत्ति-गणयाजकाचारहीन-क्लीब-नित्ययाचनक-कृषिजीवि-श्लीपदि-साधुनिन्दितौ-रभ्रिक-माहिषिक-परपूर्वापति-प्रेतनिर्यापकाणां प्रयत्नतो वर्जनीयत्वं निर्दिष्टम् ।

सम्बन्ध भएको, घरमा आगो लगाउने, विष दिने (मार्न सक्ने पदार्थ दिने), कुण्डाशी (अविधवा स्त्रीबाट उत्पन्न भएका कुण्डकका र विधवा स्त्रीबाट उत्पन्न भएका गोलकका अन्न खाने), सोमविक्रयी (सोमलता विक्री गर्ने), समुद्रगामी (समुद्रबाट द्वीपान्तरमा जाने), स्तुतिपाठक, तैलिक (तिल आदि पेल्ने काम गर्ने), मृषावादी (झूटो साक्षी बक्ने), पिताका साथमा (शास्त्रका विषयमा अथवा व्यवहारमा, विना कारण) विवाद गर्ने, कितव (जुवा खेलाउने), मद्य पान गर्ने, पापरोगी (कोडी), अभिशस्त (महापातक प्रमाणित नभएता पनि आरोप लागेको), दाम्भिक (कपटपूर्वक धर्म गर्ने), रसविक्रयी (तरल पदार्थ बेच्ने), धनुःशरकर्ता (धनुष एवं बाण बनाउने), अग्रेदिधिषूपति (आफूभन्दा जेठी दिदीको विवाह नहुँदै विवाह भएकी कन्याको लोग्ने), मित्रध्रुक् (मित्रको अपकार गर्ने) द्यूतवृत्ति (जुवाको व्यवहार गर्ने), पुत्राचार्य (छोराद्वारा पढाइएको), भ्रामरी (अपस्मारी/छारे रोग भएको), गण्डमाली (गण्डमाल नामको रोग भएको/गलगाँड आएको), श्वित्री (सेतो कोढ भएको), पिशुन (दुर्जन), उन्मत्त (पागल), अन्ध (आँखा नदेख्ने) एवं वेदको निन्दा गर्नेहरू (देवकार्य एवं पितृकार्य दुवैमा) वर्जनीय हुन्छन् भनी निर्देशन गरिएको छ। हात्ती, गोरु, घोडा एवं उँटलाई प्रशिक्षण दिने (दाउने); ज्योतिर्विद्याका आधारमा जीविका चलाउने, पक्षिपोषक (क्रीडाका लागि वा बेच्नका लागि पिन्जडामा राखिएका पक्षीको पोषण गर्ने), युद्धाचार्य (युद्धका लागि हतियारको ज्ञान गराउने), स्रोतोभेदक (पानीको प्रवाहलाई भेदन गर्ने) स्रोतावरणकर्ता (नदीको प्रवाह थुन्ने), गृहसंवेशक (घरमा बस्ने सम्बन्धी उपदेश दिने अर्थात् वास्तुशास्त्रका आधारमा जीविका चलाउने), दूत, वृक्षारोपक (पैसाका लागि रूख लगाउने), श्वक्रीडी (कुकुर पाल्ने र कुकुरका साथमा खेल्ने), श्येनजीवी (बाजपक्षी किनबेच गरेर जीविका चलाउने), कन्यादूषक (कन्याका साथमा समागम गर्ने), हिंस्र (हिंसामा संलग्न) वृषलवृत्ति (शूद्रद्वारा वृत्ति दिइएको वा शूद्रवृत्तिबाट जीविका चलाउने), गणयाजक (समूहमा यज्ञ गराउने), आचारहीन (गुरु अतिथि आदिको आगमनमा उठेर स्वागत गर्ने आदि आचरण नभएको) क्लीब (धार्मिक कृत्यमा उत्साह नभएको), नित्ययाचनक (सधैँ मागेर अरूलाई पीडा दिने), कृषिजीवी (अन्य उपाय भएका अवस्थामा पनि कृषिद्वारा जीविका चलाउने), श्लीपदी (रोगका कारण साना खुट्टा भएको), साधुनिन्दित (कुनै विशेष कारणले सज्जनहरूद्वारा निन्दा गरिएको), औरभ्रिक (भेडाका माध्यमले जीवन चलाउने), माहिषिक (भैँसीको किनबेच आदिबाट जीविका चलाउने), परपूर्वापति (पुनर्विवाह गरेकी स्त्रीको पति) र प्रेतनिर्यातक (पैसा लिएर लास उठाउने)-यिनीहरूलाई देवकार्य एवं पितृकार्य दुवैमा प्रयत्नपूर्वक त्याग गर्नुपर्छ भनी निर्देशन गरिएको छ।[९२]

---

९२. प्रस्तुत अनुच्छेदमा वर्णित विशेषतः श्राद्धमा वर्जनीय विप्रहरूको चर्चा मनुस्मृतिको तेस्रो अध्यायको श्लोक १५० देखि १६६ मा गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एते स्तेनादयः कर्मभिर्दुरात्मानो जाताः । अपाङ्क्तेयत्वमधमत्वं च तेषु स्तेनादिषु सन्निविष्टम् । अतः एव स्तेनादिदुराचारवतो विप्रापसदो देवपित्र्योरुभयोः कर्मणोः वर्जनीयत्वं [२६०]मनुना निर्दिष्टम् ।

व्रतानुष्ठानरहितैः परिवेत्रादिभिरेवमन्यैरपाङ्क्तेयैश्च द्विजैर्भुक्तं रक्षांसि भुञ्जते ।[२६१] रक्षोभिः कृतस्य भोगस्य श्राद्धादेर्निष्फलत्वादनुष्ठाननैरर्थक्यम् । रक्षोबलसंवर्धनादनिष्टकारकतत्त्वसम्पोषणम् । रक्षांसि वै मनुष्याणामपद्रवकारका इति तेषां सम्पोषणं नाभीष्टम् । अत एव व्रतानुष्ठानरहितादीनां नराणां श्राद्धादिकर्मसु अपात्रत्वं निर्दिष्टम् ।

एकतो व्रतानुष्ठादिरहितादिभिरुपभुक्तस्य निष्फलत्वान्नैरर्थक्यं दुष्परिणामत्वादनभीष्टत्वञ्चेत्यतः आपद्यते चेदपरतो व्रतानुष्ठानराहित्याद् वेदाध्ययनतदर्थावबोधादिसामर्थ्यं नोदेति । व्रतवतामेव शास्त्रेषु वेदाध्ययनादिकर्माधिकारदर्शनादसममर्थस्तत्रानधिकरोति । अध्ययनस्यैवाधिकाराभावेऽध्ययनजन्यस्य सामर्थ्योदयस्य तु वार्तैव नास्ति ।

एवमेव परिवेत्रादिभिरन्यैरपाङ्क्तेयैश्चोपभुक्तस्यापि निष्फलत्वान्नैरर्थक्यं दुष्परिणामत्वादनभीष्टत्वञ्चेत्यत एकत आपद्यते चेदपरतः परिवेदनादग्रजस्योल्लङ्घनं जायते । अग्रजोल्लङ्घनं नाम मर्यादाभेदनं न कस्यापि सम्मतम् । एवमेवान्येष्वप्यपाङ्क्तेयेषु स्थितं दोषावहत्वमवगन्तव्यम् ।

---

२६०. ३/१५० मनुः ।

२६१. ३/१७० मनुः ।

यी चोर आदि आफ्नै कर्मले गर्दा दुष्ट आत्मा बनेका हुन् । पङ्क्तिलाई पावन बनाउन नसक्ने, अधमत्व आदि दोषहरू उक्त स्तेन आदिमा रहेका हुन्छन् । अत एव चोरी आदि नराम्रा आचरणले युक्त भएका अधम ब्राह्मणलाई दुवै देवकर्म र पितृकर्ममा छाडिदिनुपर्छ (पुज्नुहुन्न) भनी मनुले निर्देशन गरेका छन् (मनु. ३/ १५०,१६७) । व्रतको अनुष्ठान नगर्ने परिवेत्ताले, यसै प्रकारले अन्य अपाङ्क्तेय (पङ्क्तिमा बस्न अयोग्य/पङ्क्तिदूषक) द्विजहरूले खाएको अन्न राक्षसहरूले खान्छन् (मनु. ३/१७०) । राक्षसहरूद्वारा भोजन गरिने हुनाले र श्राद्धादि कर्म निष्फल हुने भएकाले अनुष्ठान नै निरर्थक हुन्छ । {वर्जित ब्राह्मणलाई गराइएको भोजनले}राक्षसको बललाई वृद्धि गराउने (बढाउने) काम गर्छ । अतः यस्ता कार्यबाट अनिष्ट उत्पन्न गराउने तत्त्वको नै पोषण गर्ने कार्य हुन्छ । राक्षसहरू मनुष्यहरूका उपद्रवकारक हुन् त्यसैले उनीहरूको पोषण अभीष्ट जनक हुँदैन । त्यसैले नै व्रतानुष्ठान नगर्ने मनुष्यलाई (ब्राह्मणलाई) श्राद्ध आदि कार्यमा अपात्र भनी निर्देशन गरिएको हो ।

एकातर्फ व्रतानुष्ठान आदि नभएका व्यक्तिद्वारा गरिएको भोजन निष्फल हुने भएकाले श्राद्ध आदि कर्म नै निरर्थक हुन्छ र दुष्परिणाम उत्पन्न गराउने हुनाले अनिष्टकारक पनि हुन्छ भने अर्कातर्फ व्रतानुष्ठानको अभावमा वेदको अध्ययन एवं त्यसका अर्थको ज्ञान आदि सामर्थ्य उदित हुँदैन । व्रतले युक्त भएका पुरुषमा नै वेदको अध्ययन गर्ने आदि कार्यमा अधिकार हुन्छ भनी शास्त्रमा देखाइएको हुनाले असमर्थ पुरुष उक्त कार्यमा अधिकारी हुन सक्दैन । अध्ययन गर्ने अधिकारै नभएका अवस्थामा अध्ययनबाट प्राप्त हुने सामर्थ्यको उदय हुने कुरा हुँदै भएन ।

यसै प्रकारले एकातर्फ परिवेत्ता आदि अन्य पङ्क्तिदूषकहरूद्वारा खाइएको पनि निष्फल हुने भएकाले निरर्थक हुन्छ र नराम्रो परिणाम दिने हुनाले अनभीष्ट उत्पादक पनि हुन्छ भने अर्कातर्फ परिवेदनद्वारा (दाइले भन्दा पहिले विवाह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषामृतयोः सामान्यं पश्यतो जडभूतस्य नरस्यैव प्राणिषु सर्वेषां सामान्यं पश्यतां मूढानामाधिक्यात् समाजस्य देशस्य लोकस्य वा व्यवस्थाविध्वंसो जन्यते । व्यवस्थितं यथानुरूपमुपभोगाय कल्पितो लोको हि समाजमापादयति ।

इह भुवि जनिमाप्नुवत्सु जनेषु शक्तेर्वैचित्र्यम्, बुद्धेर्वैचित्र्यम्, स्वार्थस्य वैचित्र्यम्, अवस्थायाश्च वैचित्र्यमस्तीति लोकानुभूतमेव । तत्र स्वार्थवैचित्र्यं लोककलहं समुत्पादयति । विचित्रतामाप्ताः शक्तिबुद्ध्यवस्थाश्च स्वार्थवैचित्र्यजनितं लोककलहं संवर्धयन्ति । शक्त्यादिवैचित्र्याद् विविधतामाप्तो लोको न कश्चिदप्यतिशायी स्यान्न च कश्चिदेको लोकं नियन्तुं प्रवर्तेत वा । प्रवृत्तावपि न क्षमेत ।

समेषां समानो गतिप्रसर इति चर्मचक्षुर्हि मन्यते । ज्ञानचक्षुषां तु स्फुरति प्राणिषु विधात्राहितशक्तिविशेषाद्भवति विलक्षणो गतिप्रसर इति । ऊर्णनाभेन निर्मिते जाले पतिताः क्षुद्रकीटमशकमक्षिकादयोऽवरुद्धा भवन्ति । तेषां तस्मिन् जाले पतितस्य पादस्य बन्धनं भवति तज्जालम् । तस्माद् गत्यवरोधो भवति तत्र तेषां कीटानाम् । मर्कटकस्याहाराय कल्पन्ते तत्र पतिताः कीटादयः ।

परं मर्कटको हि सहजं प्रचलति तस्मिन् स्वनिर्मिते जाले । अन्ये चापि भवेयुः प्राप्तगतिप्रसराः कीटादयस्तत्र मर्कटकेन निर्मिते जाले ।

गर्नाले) दाइको उल्लङ्घन हुन्छ । दाइको उल्लङ्घन गर्नु भनेको मर्यादाको भेदन गर्नु हो र यस्तो कार्य कसैले पनि मन पराउँदैनन् । यसै प्रकारले अन्य पङ्क्तिदूषक ब्राह्मणमा रहेका सदोषताका सम्बन्धमा पनि जान्नुपर्दछ ।

विषलाई र अमृतलाई एउटै देख्ने (समान दृष्टिले हेर्ने) अज्ञानी मनुष्यजस्ता सबै प्राणीमा समानता हुन्छ भन्ने मूर्खहरूको बहुलताले समाजको, देशको र लोकको पनि व्यवस्था ध्वस्त बनाउँछ । व्यवस्थामा रहेको र आफ्ना अनुकूल उपभोगका लागि कल्पना गरिएको लोकले नै समाजलाई सुन्दर बनाउने कार्य गर्छ ।

यस संसारमा उत्पन्न भएका मनुष्यहरूका शक्तिमा वैचित्र्य (विविधता) हुन्छ, बुद्धिमा वैचित्र्य हुन्छ र स्वार्थमा वैचित्र्य हुन्छ भन्ने यथार्थता लोकमा अनुभव गरिएको विषय हो । उक्त वैचित्र्यमध्ये स्वार्थमा रहेको वैचित्र्यले (स्वार्थीपनले) लोकमा कलह उत्पन्न गराउँछ । विचित्रता (आश्चर्यजनक विविधता) लाई प्राप्त भएका शक्ति, बुद्धि एवं अवस्थाले स्वार्थको वैचित्र्यबाट उत्पन्न भएको कलहलाई बढाउँछन् । शक्ति आदिका वैचित्र्यले गर्दा विविधतालाई प्राप्त भएको कुनै पनि लोक (मनुष्य) सबैभन्दा माथि हुन सक्दैन र कुनै पनि एउटा लोक (मनुष्य) सम्पूर्ण संसारलाई नियन्त्रण गर्न प्रवृत्त हुँदैन । एक्लै संसारलाई नियन्त्रण गर्न प्रवृत्त भयो भने पनि त्यस कार्यमा समर्थ हुँदैन ।

चर्मचक्षु (स्थूल दृष्टि) भएका मनुष्यले सबैको गतिप्रसर (हिँड-डुल गर्ने सामर्थ्य) समान हुन्छ भनी मान्दछ । ज्ञानचक्षु भएका (विद्वान्) पुरुषमा भने विधाताद्वारा आधान गरिएका शक्तिविशेषका कारण प्रत्येक प्राणीमा विलक्षण (अरू प्राणीको भन्दा भिन्न) गतिप्रसर (हिँडडुल गर्ने सामर्थ्य हुन्छ) भन्ने ज्ञान प्रस्फुरित हुन्छ । माकुराले बनाएका जालमा परेका साना कीरा, लामखुट्टे, झिँगा आदि अल्झिन्छन् । माकुराका जालमा फसेका साना कीरा, लामखुट्टे, झिँगा आदिका लागि त्यही माकुराको जालो गोडामा बाँध्ने बन्धन हुन्छ । त्यसैले माकुराका जालामा कीरा फट्याङ्ग्राहरूको हिँड्ने शक्ति अवरुद्ध हुन्छ । त्यस जालमा फसेका कीरा फट्याङ्ग्राहरू मर्कटकका (माकुराका) आहार बन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं हि मत्स्यमकरगोधादयो जले सततमनायास निरापद निरवरोध च विचरन्ति । स्थलचराः प्राणिनस्तु न तथा विचरितुं शक्नुवन्ति ।

न हि समेषां समाना मतिः, समाना गतिः, समाना रुचिः, समाना शक्तिः, समानं वा ज्ञानम् । लोके जनानां मतिर्विभिन्ना, गतिः रुचिः शक्तिः ज्ञानं वापि विभिन्नमेव ।

केचित् साधारणा जनाश्चर्मचक्षुर्भ्यामवलोकितस्यापि पदार्थस्य वैशिष्ट्यं निर्धारयितुं न शक्नुवन्ति । केचिच्च पुनः प्रत्युत्पन्नमतयः प्रज्ञासमन्विताः पुरुषा दृष्टपदार्थानुमानेनादृष्टमपि पदार्थमवगच्छन्ति । [२६२]मेधाविनं गुरूपदिष्टं प्रस्फुरति । मन्दचेतसां पुनस्तदेव गुरूपदिष्टं बुद्धौ नैवावरोहति ।

पदार्थानिमित्ता शक्तिर्विभिन्ना परिदृश्यते

नदीनदगतजलेषु चर्मचक्षुषां सादृश्यप्रतीतावपि जलपरीक्षणे कृते जले विद्यमानशक्तेर्भिन्नत्वावबोधो भवति । इतरनदीनां जलं यदि कतिपयदिनानि पात्रे आधाय स्थाप्यते तर्हि तत्र तस्मिन् जलेऽनेककीटाणूनामुत्पत्तिर्भवति । यस्मात् प्राणिनामस्वास्थ्यकारकोपयोगः सम्पद्यते । परं गङ्गाया भागीरथ्या जलं पात्रे आधाय

२६२. **वितरति गुरुः प्राज्ञे विद्यां यथैव तथा जडे न तु खलु तयोर्ज्ञाने शक्तिं करोत्यपहन्ति वा ।**
भवति हि भूयान् भेदः फलं प्रति तद्यथा प्रभवति शुचिर्बिम्बग्राहे मणिर्न मृदाञ्चयः ॥
- इति उत्तररामचरितम् ।

माकुरो भने आफूले बनाएका जालमा सजिलैसित हिँड्दछ । माकुराले बनाएका जालमा हिँड्न सक्ने केही अन्य कीराहरू पनि हुन सक्छन् । यसै प्रकारले माछा, गोही, गोधा आदि (जलजन्तुहरू) विशेष प्रयास विना, विघ्न-बाधा विना, अवरोध विना सधैँ पानीमा विचरण गर्दछन् । स्थलचर प्राणीहरू त्यसरी पानीमा विचरण गर्न सक्दैनन् ।

सबैको बुद्धि समान हुँदैन, सबैको गति (हिँड्ने शक्ति) समान हुँदैन, सबैको इच्छा समान हुँदैन र सबैको ज्ञान पनि समान हुँदैन । केही साधारण मनुष्यले चर्मचक्षुद्वारा देखिएका पदार्थको पनि विशेषता (भिन्नता) पत्ता लगाउन सक्दैनन् । प्रत्युत्पन्न मति भएका, प्रज्ञाले युक्त भएका पुरुषले भने दृष्ट पदार्थका माध्यमले अनुमान गरेर अदृष्ट पदार्थका सम्बन्धमा पनि जान्दछन् । मेधा (अरूले भनेको कुरा सुन्नासाथ ग्रहण गर्न सक्ने बुद्धि) ले युक्त पुरुषलाई गुरुले दिएको उपदेश स्फुरित हुन्छ । मन्दबुद्धि भएका (गुरुको उपदेश ग्रहण गर्ने क्षमता नभएका) पुरुषमा त्यही नै गुरुद्वारा दिइएको उपदेश बुद्धिमा प्रस्फुरित हुँदैन ।[९३]

प्रत्येक पदार्थमा भिन्न भिन्न प्रकारको शक्ति (विशेषता) देखिन्छ-

चर्मचक्षु (स्थूल मति) भएका मनुष्यका दृष्टिमा नदीमा र नदमा भएका पानीमा समानता प्रतीत भएता पनि जलको परीक्षण गर्ने हो भने त्यस जलमा रहेको शक्ति (विशेषता) को भिन्नता अवगत हुन्छ । अरू नदीको पानी भाँडामा हालेर

९३. गुरुले प्राज्ञ शिष्यलाई जसरी विद्या वितरण गर्दछन् त्यसरी नै जड शिष्यलाई पनि विद्या वितरण गर्छन् । उनले प्राज्ञ शिष्यमा ग्रहण गर्ने क्षमता बढाइदिने र जड शिष्यमा उक्त क्षमता घटाइदिने गर्दैनन् । तर परिणाममा भने ठूलो भिन्नता देखिन्छ । यस्तो हुनु पनि उचित नै हो, किनकि सफा मणिले कुनै पनि वस्तुको प्रतिबिम्ब ग्रहण गर्न सक्छ तर माटाको ढिस्कोले सक्दैन ।- उत्तररामचरितम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापितमपि विकृतिं नाप्नोति । न च तस्य पर्युषितस्य गङ्गाजलस्योपयोगादस्वास्थ्यकारकदशोपस्थितिः । प्रत्युत तज्जलोपयोगात् स्वास्थ्यप्रतिकूलतया देहे विद्यमानानां कीटाणूनां विनाशेनान्तःशरीरं स्वस्थं भवति।

यथा जलगतरूपसादृश्येऽपि नदीनदभेदात्तद्गतगुणशक्तेर्भिन्नत्वं दरीदृश्यते, तथैव मानवगतरूपादिसादृश्येऽपि विद्यमानजातिगतशक्तेर्भिन्नत्वमनुमेयं भवति।

नेपालदेश एकः । तदवच्छिन्ना भूमिश्चैका । परं पर्वतीयभूमौ प्ररोहितास्तृणलतादयस्तराईगतभूमौ न दृश्यन्ते । तराईप्रदेशगतभूमौ प्ररोहिताश्च तृणलतादयः पर्वतीयभूमौ न दृश्यन्ते । प्रत्ययितप्रत्ययार्थमुदाहरणं प्रस्तूयते । गुराँसनामकं वार्क्षं पुष्पम्, गुएँली, पच्छ्याइनु, चुत्रो, मुत्रो आदीनि फलानि पर्वतीयप्रदेशे तत्रापि विशेषतो हिमालयसन्निधौ प्ररोहन्ति विकसन्ति फलन्ति च । नैतानि तराईप्रदेशे प्ररोहन्ति विकसन्ति फलन्ति वा।

तथैव पनसाम्रतिन्तिडीकपित्थादिफलानि तराईप्रदेशे उपत्यकायां वा प्ररोहन्ति विकसन्ति फलन्ति च । नैतानि पर्वतीयप्रदेशे फलन्ति चर्मचक्षुषां कृते भूमिगतमृत्तिकासादृश्यस्य प्रतीतिर्जायतां नाम । परं तत्तद्भूमिगततृणलतावृक्षादयस्तु भूमेर्वैशिष्ट्यं प्रतिपादयन्त्येव । न हि सर्वत्र विद्यमाना भूमिः समानगुणयुक्ता । हिमालयसन्निधौ जायमाना भूमिरपरगुणसमन्वितास्ति चेद् समतलभूभागत्वेन जायमानाभूमिरितरगुण-समन्विता परिलक्ष्यते । तत्रापि पुनर्हिमालयसमतलभूभागयोर्मध्ये जायमाना भूमिरन्यतरगुणसमन्विता

केही दिन राख्ने हो भने त्यस पानीमा अनेकौँ कीटाणुको उत्पत्ति हुन्छ । त्यसैले त्यस पानीको उपयोग प्राणीहरूका लागि अस्वास्थ्यकर हुन्छ । भागीरथी गङ्गाको पानी भाँडामा हालेर राख्ने हो भने पनि विकृत हुँदैन (कीरा पर्दैनन् र खाँदा पनि अस्वास्थ्यकर हुँदैन) । बासी गङ्गाजलको सेवनबाट अस्वास्थ्यकर अवस्थाको उपस्थिति पनि हुँदैन । यसका विपरीत त्यस जलको उपयोगबाट शरीरमा रहेका स्वास्थ्यका प्रतीकूल कीटाणुहरूको नाश भएर शरीरको भित्रीभाग स्वस्थ हुन्छ । जसरी पानीमा स्वरूपगत समानता देखिएता पनि नदी एवं नदका भिन्नताले तिनमा रहेको शक्तिमा पनि भिन्नता देखिन्छ त्यसरी नै मानवमा रहेको रूपमा समानता देखिएता पनि उनीहरूमा रहेको जातिगत शक्तिको अनुमान लगाउनुपर्ने हुन्छ ।

नेपाल एउटा देश हो । पहाड, तराई आदि त्यसकै अंशका रूपमा रहेका जमिन हुन् । पहाडी भूमिमा उत्पन्न हुने घाँस, लहरा आदि तराईका जमिनमा उम्रदैनन् । तराई प्रदेशमा पर्ने जमिनमा उम्रने घाँस, लहरा आदि पहाडी जमिनमा देखिँदैनन् । भनिएका कुरालाई प्रमाणित गर्न उदाहरण प्रस्तुत गरिन्छ । गुराँस नामक वृक्षको फूल, गुएँली, पच्छ्याइनु, चुत्रो, मुत्रो आदि फलहरू पहाडी जमिनमा त्यसमा पनि विशेषतः हिमालयका नजिकमा उत्पन्न हुन्छ, फुल्छन् र फल्छन् पनि । उक्त वृक्षहरू तराईमा उम्रदैनन्, फुल्दैनन् र फल्दैनन् पनि । यसै प्रकारले कटहर, आँप, अमिलि, कपित्थ (कैथ) आदि फलहरू तराईमा र उपत्यकामा पनि उम्रन्छन्, फुल्दछन् अथवा फल्छन् पनि । यिनै वृक्षहरू पहाडमा फल्दैनन् । चर्मचक्षु भएका व्यक्तिका दृष्टिमा जमिनमा विद्यमान माटामा समानताको प्रतीति हुन सक्छ तर उक्त जमिनमा उत्पन्न हुने घाँस लहरा एवं वृक्षादिले जमिनको विशेषतालाई बुझाउँछन् नै । सबै ठाउँको जमिन समान गुणले युक्त भएको हुँदैन । हिमालयका नजिकमा विद्यमान भूमि अर्कै गुणले युक्त भएको हुन्छ भने समतल भूभागमा विद्यमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्प्राप्यते। येषां भूभागानां पादतले विद्यमाना भूमिः पुनस्तदन्यगुणविशिष्टा स्यादेव। अथ च तत्र तत्र जायमाना जीवजन्तवश्च विभिन्नप्रकृतिका एव सन्दृश्यन्ते, पदार्थगतरसगुणादिषु च वैभिन्नमुपलभ्यते।

गण्डक्यञ्चलान्तर्गतकास्कीजिल्लास्थितगोर्जेग्रमाभिजनोऽहम्। तस्मिन् ग्रामे समुद्गतपदार्थेषु यो यो रसो गुणो वा समुपलभ्यते स स एव रसो गुणो वा इतरग्रामगतपदार्थेषु न लभ्यते। यथा शङ्कास्मिन् विषये कस्यापि जायते तर्हि दृष्ट्वैव प्रयत्नो विधेयः। न हि गोर्जेग्रामसमुत्पादितघृतगुणसमानत्वं तद्दक्षिणदेशसमुत्पादितघृतेषु पश्चिमदेशसमुत्पादितघृतेषु वोपलब्धुं शक्यते। न हि गोर्जेग्रामसमुद्गतजलानि तदितरदक्षिणपश्चिमदेशसमुद्गत-जलसदृशविरसानि सम्प्राप्यन्ते। तत्र समुद्गतं जलमपि तद्ग्रामवैशिष्ट्यमापादयति।

एतावता ह्येतदवगतं भवति- चर्मचक्षुर्भ्यां दृश्यमानवस्तूनां रूपाकृत्यादिषु समानत्वेऽपि तत्तद्गतगुण-शक्त्यादिषु वैशिष्ट्यस्य वैचित्र्यं समुपलभ्यत एव इति।

त्रिकालदर्शना महर्षयो मुखबाहूरुपद्भ्यो जायमानेषु ब्राह्मणक्षत्रियवैश्यशूद्रेषु विद्यमानगुणशक्त्यादीनां वैभिन्यं परिलक्ष्य तत्तत्सामर्थ्यानुसारं सान्तराणां वर्णानामधिकारं निरदिशन्। उक्तं हि [२६३]मनुना- **उत्तमाङ्गोद्भवाज्ज्यैष्ठ्याद्** इत्यादि।

---

२६३. १/९३ मनुः।

जमिन (माटो) अर्कै गुणले युक्त भएको देखिन्छ। त्यसमा पनि हिमालयका र समतलभूमिका बीचमा विद्यमान जमिन अर्कै गुणले युक्त भएको पाइन्छ। त्यसै भूभागको तल्लो फेदीमा विद्यमान भूमि पुनः अर्कै गुणले समन्वित हुन्छ नै। त्यसैले ती ती जमिनमा उत्पन्न हुने जीव जन्तुहरू भिन्न प्रकृतिका नै देखिन्छन्। पदार्थमा रहेका रस, गुण आदिमा पनि विभिन्नता हुन्छ नै।

म गण्डकी अञ्चलमा पर्ने कास्की जिल्लामा विद्यमान गोर्जे गाउँमा जन्मिएको व्यक्ति हुँ। त्यस गाउँमा उत्पन्न भएका पदार्थमा जुन जुन रस वा गुण पाइन्छन् ती ती रस वा गुण अरू गाउँमा पाइने पदार्थमा पाइँदैनन्। यदि कसैलाई यस विषयमा शङ्का लाग्छ भने त्यसले आफै गएर बुझ्ने प्रयत्न गरोस्। गोर्जे गाउँमा उत्पादन गरिएका घिउको जस्तो गुण त्यस गाउँदेखि दक्षिणमा रहेका गाउँमा उत्पादन गरिएका घिउमा पाउन सकिन्न। गोर्जे गाउँभन्दा पश्चिमका गाउँमा उत्पादित घिउमा पनि त्यो गुण पाउन सकिन्न। गोर्जे गाउँमा उम्रिएको पानीमा त्यस गाउँदेखि दक्षिण-पश्चिमका ठाउँमा उम्रिएका पानीमा जस्तो विरसता पाइँदैन। गोर्जे गाउँमा उम्रिएको पानीले पनि त्यस गाउँको विशेषता व्यक्त गर्दछ। उपर्युक्त विश्लेषणबाट यस्तो निष्कर्ष निस्कन्छ- चर्मचक्षुद्वारा देखिएका वस्तुहरूका रूप आकृति आदिमा समानता देखिए पनि ती ती पदार्थमा रहेका गुण शक्ति आदिमा विद्यमान वैशिष्ट्यको विचित्रता (भिन्नता) देखिन्छ नै।

भूत, भविष्य आदि तीनै समयमा घटेका घटना प्रत्यक्ष गर्ने महर्षिहरूले मुख, बाहु, ऊरु एवं चरणबाट उत्पन्न भएका ब्राह्मण, क्षत्रिय, वैश्य एवं शूद्रमा विद्यमान गुण शक्ति आदिको भिन्नतालाई देखेर उनीहरूका सामर्थ्यअनुसार ब्राह्मण आदि वर्णहरूका र सान्तराल (व्यवहित) वर्णहरूका अधिकारको उपदेश दिएका थिए। मनुले भनेका छन्- **उत्तमाङ्गोद्भवाद्०** अर्थात् 'उत्तम अङ्गबाट (मुखबाट) उत्पन्न भएकाले, सबैभन्दा पहिले उत्पन्न भएकाले... (ब्रह्माजीले ब्राह्मणलाई सबै वर्णको प्रभु बताए) (मनु. १/९३) आदि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वितीर्णां ब्रह्मणा जीवः शक्तिं समनुवर्तते

येभ्यो यादृशी शक्तिर्जगत्कर्त्रा दत्ता तादृशीं शक्तिमनुगच्छन्तः सिद्ध्यन्ति कार्येषु। व्यवस्था च व्यवस्थिता भवति। भूतभौतिकविग्रहरचनावस्थायां सृष्टिकाल एव जगत्कर्त्रा केषुचिद् आकाशमागिनी शक्तिराहिता, केषुचिद् दुर्गमनिम्नोन्नतभृगुपर्वतभूरूहगृहभित्तिकादिष्वपि गमनशक्तिः, केषुचित् तत्र गृहभित्तिकादीन् परित्यज्य सरलभूभागभूरूहादिष्वेव गमनशक्तिः, केषुचित्पुनः केवलसमतलभूभागे एव गमनधावनादिशक्तिः, केषुचिच्च पुनर्भूभागादिषु सरिसर्पणक्षमा शक्तिराहिता, केषुचिच्च पुनर्भूयानगमनात्मिकी शक्तिराहिता नावा सरिसर्पण-क्षमा शक्तिरपि निहिता। अत एव पतङ्गादय आकाशगमनं कुर्वन्ति। सरटकृकलासादयो गृहभित्तिका-भूरूहादिषु सर्वत्र विचरन्ति। मर्कटादयो भूभागभूरूहादिषु सञ्चरन्ति। मानवाः पुनः स्वाभाविकतया सरलस्थलजलभूरूहादिषु {सञ्चरन्ति}। पशुष्वपि केचिन्निम्नोन्नतभृग्वादिष्वपि सञ्चरन्ति चेत् केचिच्च पुनः सरलसमतलभूभागेष्वेव चरन्ति। भुजङ्गेष्वपि सरिसृपाः सर्पन्ति चेत् आकाशगामिनोऽपि सन्ति। अथ च पुनरजगराः सर्पणशक्त्या रहितास्तिष्ठन्त्येकत्रैव इति नानाविधप्राणिषु नानाविधा शक्तिराहिता।

यथा गमनात्मिकी शक्तिर्विभिन्नास्तथैवाभ्यवहारार्थमपि नानाविधा शक्तिः प्रदत्ता। जरायुजाण्डज-स्वेदजोद्भिज्जेषु चर्तुर्विधप्राणिषु प्राणाहारोऽपि विभिन्नतया नियतः।

जीवले ब्रह्माजीद्वारा दिइएका शक्तिको अनुसरण गर्छ-

सृष्टिकर्ताले जसलाई जस्तो शक्ति दिएका हुन्छन् त्यस्तै शक्तिको अनुसरण गर्नेहरूले काममा सफलता पाउँछन्। व्यवस्था पनि व्यवस्थित हुन्छ। प्राणीहरूका भौतिक शरीरको रचना गर्ने अवस्थामा अर्थात् सृष्टिकालमा नै जगत्का निर्माताले केही प्राणीहरूमा आकाशमा सञ्चरण गर्ने शक्तिको आधान गरे, केही प्राणीहरूमा दुर्गम एवं निम्नोन्नत (तलमाथि भएका) भिर, पहाड, रूख एवं घरका भित्ता आदिमा पनि हिँड्न सक्ने शक्ति प्रदान गरे, केही प्राणीहरूमा घरका भित्ता आदिलाई छाडेर सम्मो जमिनमा एवं रूखहरूमा हिँड्न सक्ने शक्ति प्रदान गरे, केही प्राणीहरूमा सम्मो जमिनमा मात्रै हिँड्ने र दौडने शक्ति दिए, केही प्राणीहरूमा जमिनमा घस्रिएर हिँड्ने शक्ति दिए, केहीमा पृथिवीमा र यानमा हिँड्ने शक्ति दिए र नाउबाट हिँड्ने शक्ति पनि दिए। त्यसैले पखेटा हुने कीराहरू एवं पक्षीहरू आकाशमा सञ्चरण गर्छन्। छेपारा, छिपकिलीहरू घरका भित्ता, रूख आदि सबै ठाउँमा विचरण गर्छन्। मर्कट (वानर/माकुरा) जमिनमा र वृक्षादिमा विचरण गर्छन्। मनुष्यहरू सरल जमिन, जल एवं वृक्ष आदिमा सञ्चरण गर्छन्। पशुहरूमध्ये केही पशु तलमाथि परेका (अग्ला होचा) भिर आदिमा पनि सञ्चरण गर्छन् भने केही पशुहरू सजिलो सम्मो जमिनमा मात्र सञ्चरण गर्छन्। भुजग (बाहुले हिँड्ने) हरूमध्ये सरिसृप (सर्प आदि) घस्रिएर हिँड्छन् भने केही आकाशमा पनि सञ्चरण गर्छन्। पुनः अजिङ्गरहरू हिँड्ने शक्ति नभएकाले एकै ठाउँमा बस्छन्। यसरी विभिन्न प्रकारका प्राणीहरूमा विभिन्न प्रकारको शक्ति आधान गरिएको छ (प्रदान गरिएको छ)।

जसरी {भिन्न भिन्न जातका प्राणीमा} हिँड्नका लागि भिन्न भिन्न प्रकारका शक्ति प्रदान गरिएको छ त्यसरी {भिन्न भिन्न जातका प्राणीमा} खानका लागि पनि अलग अलग शक्ति प्रदान गरिएको छ। जरायुज (मनुष्य आदि), अण्डज (पक्षी आदि), स्वेदज (जुम्रा आदि) र उद्भिज्ज (वृक्षादि) गरी चार प्रकारका प्राणीहरूमा प्राणधारणका लागि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जरायुजा मनुष्यपशुमृगादयोऽन्नतृणाद्यद्यपदार्थान् प्राणाहारीकृत्य जीवन्ति । जरायुजेष्वपि केचित्क्रव्यादाः, केचिच्च तृणजलाद्याहारिणः । अण्डजेष्वपि केचित्क्रव्यादाः । केचिच्च अमांसाहारिणः । स्वेदजाः प्रायो रक्तरसजीविनः । उद्भिज्जेषु वृक्षादयो रसजीविनः । कीटादयोऽपि प्रायो मांसाहारिणः ।

इत्थं जगत्कर्त्रा स्वसृष्टेषु स्थावरजङ्गमात्मकेषु प्राणिषु विभिन्ना शक्तिराहिता । तत्प्रदत्तां शक्तिमादाय यूकादयोऽनायासेनैव मानुषादिशरीरेभ्यो रक्तादिं पिबन्ति । आत्मानं सर्वशक्त्या समन्वितं मन्यमानमानुषदेहगतं रक्तं पीत्वैव जीवन्ति यूकादयः । अतिकठिनान्मानुषोत्तमाङ्गादपि शस्त्रास्त्रानन्विता यूकादयः सृष्टिकर्तृ-दत्तशक्तिसमन्विततया रक्तमादाय पिबन्ति ।

साध्यसाधनभावश्च रहस्यात्मक एव हि

सर्वं रहस्यात्मकम् । कार्यकारणभावो हि रहस्यात्मकः । इक्षुविकारा गुणसिताशर्करादयः । प्रथमं कारणस्योत्पत्तिः । दुग्धविकाराद् दध्नः सम्भूतं घृतम् । कठिनदण्डात्मकेक्षुसम्भूतानां गुडादीनां तादृशरूपावाप्तिः प्रथमाश्चर्योत्पादिका चेत् जले तेषां विलयनं द्वितीयाश्चर्योत्पादकम् ।

पशुभिरास्वादिततृणादिरसेभ्यो दुग्धोत्पत्तिः । तस्माच्च दुग्धाद् विकृतिमापाद्य घृतोत्पादनम् । उत्पन्नस्य नवनीतस्याग्नौ विलयनम् । इत्यादिकेषु सूक्ष्मेक्षिकया समीक्षमाणः कार्यकारणभावरहस्यात्मकः ।

गरिने आहार पनि भिन्न-भिन्न प्रकारले नियत (निश्चित) गरिएको छ । मनुष्य, पशु, मृग आदि जरायुज (साल-नालका साथमा जन्मिने प्राणीहरू) अन्न, तृण आदि खाद्य पदार्थलाई प्राणका आहार बनाएर बाँच्छन् । जरायुजमा पनि केही मासु खाने हुन्छन् भने केहीले तृण, जल आदिलाई आहार बनाउँछन् । अण्डज (अण्डाबाट उत्पन्न हुने) हरूमा पनि केही मासु खाने हुन्छन् भने केही मासु नखाने हुन्छन् । स्वेदज (पसिनाबाट उत्पन्न हुने) हरू प्रायः रक्त (अरूका शरीरको रगत) पान गरेर (खाएर) बाँच्छन् । उद्भिज्ज (बीज फुटी उम्रने) वृक्षादि रस पान गरी बाँच्ने प्रकृतिका हुन्छन् । कीटादिले प्रायः मासु खान्छन् ।

यसरी सृष्टिकर्ताले आफूद्वारा सृष्टि गरिएका स्थावर (अचल/स्थिर) एवं जङ्गम (चलायमान/चर) प्राणीहरूमा विभिन्न प्रकारका शक्तिको आधान गरेका छन् । उनीद्वारा दिइएको शक्ति ग्रहण गरेर जुम्रा, जुका आदिले सजिलैसित मनुष्य आदिका शरीरबाट रगत आदि खान्छन् । आफूलाई सबैभन्दा शक्तिशाली मान्ने मान्छेका रगत पिएर जुम्रा आदि बाँच्छन् । अत्यन्त साह्रा मानिसका टाउकाबाट समेत विना कुनै हात हतियार जुम्रा आदिले सृष्टिकर्ताद्वारा प्रदान गरिएका शक्तिले युक्त भएका हुनाले रगत निकालेर पिउँछन् ।

साध्य एवं साधन भाव रहस्यात्मक हुन्छ-

सबै रहस्यमय छ । कार्य-कारण-भाव रहस्यात्मक छ । गुड, मिस्री, चिनी आदि उखुका विकार (रस) हुन् । पहिले कार्यको उत्पत्ति हुन्छ । दूधका विकारका रूपमा रहेका दहीबाट घिउ बन्छ । अत्यन्त कठोर (साह्रा) दण्डका रूपमा रहेका उखुबाट बनेका गुड आदिका त्यस प्रकारका स्वरूपको प्राप्ति पहिलो आश्चर्यको विषय हो भने तिनै गुड आदि पानीमा पग्लिनु दोस्रो आश्चर्यको विषय हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातरोमाञ्चे शरीरे सहस्रशः कण्टकाः समुत्पद्यन्ते। रोमाञ्चावस्थात् पूर्वं शरीरे न ते कण्टकाः दृष्टिगोचरा आसन्। रोमाञ्चावस्थायां दृग्गोचरीभूताः कण्टका रोमाञ्चेऽतीतेऽवलीनाः। अत्र च रोमाञ्चः कण्टकोत्पत्तेः कारणम् आश्चर्योत्पादकम्।

इन्द्रधनुर्मेघस्योत्थानात् पूर्वं नासीत्। उत्थिते मेघे कुतः समुत्पद्यते इन्द्रधनुः, क्षणेनैव च कुत्र गच्छतीत्येतदप्याश्चर्यम्।

शिलोच्चयसमन्वितपर्वतसन्निधौ स्थितेन कृतः शब्दः शिलोच्चयादपि प्रतिध्वनितया निस्सरति।

वंशालयसन्निधौ स्थितेन, विशालवृक्षाभ्यन्तरादिस्थितेन च कृतः शब्दोऽपि तत्तत्स्थानेभ्यः प्रतिध्वनितया निस्सरति। तत्राप्याश्चर्यजनकः कार्यकारणभावो रहस्यात्मक एव।

प्राणिनां गर्भेष्वाहितेभ्यो वीर्येभ्यः समुत्पत्तिरप्याश्चर्यजनिका। बीजौषधीषु कार्यकारणभावोऽपि तादृश एव।

तथैव धर्मादर्थकाममोक्षाणामुत्पत्तिरपि रहस्यात्मिका एव। इति सर्वं रहस्यात्मकम्।

वृक्षशाखाश्रिता कुबिन्दादिलता सुसूक्ष्मापि च दश पञ्चदशसेटकपरिमितानि बहूनि फलान्यपि धारयति।

शशस्य स्त्रिया दुग्धमेव भवति न वा ? भवेत्तथापि अतीवाल्पम्। तेन दश द्वादशार्भकाणां पोषणम्। तेषां गर्भात्समुद्भूतसमयात् कतिपयदिवसं यावत् तज्जनन्या स्वसमुत्खातमृतिकाभ्यन्तरे स्थापनम्। मृत्तिकातः निःसृत्य समुत्थितानां च तेषां मातृविलोकनेनैव तृप्तिजनकत्वम्।

पशुहरूद्वारा खाइएका घाँस आदिका रसबाट दूध बन्दछ। त्यसै दूधलाई विकृत बनाएर घिउ उत्पादन गरिन्छ। उत्पन्न भएको नौनी आगामा पग्लिन्छ। उपर्युक्त कार्यहरू सूक्ष्म दृष्टिले हेर्ने हो भने कार्यकारणभाव रहस्यात्मक छ भन्ने बोध हुन्छ।

रोमाञ्चले युक्त भएका अवस्थामा शरीरमा हजारौं काँडा उम्रन्छन्। रोमाञ्च (रोमहर्षण) उत्पन्न हुनुभन्दा पहिले ती काँडाहरू शरीरमा देखिँदैनथे। रोमाञ्च उत्पन्न भएका अवस्थामा देखिएका ती काँडाहरू रोमाञ्च हुन छाडेपछि विलीन हुन्छन्। यहाँ रोमाञ्च काँडा उत्पन्न हुने कारणका रूपमा देखिन्छ। यही नै आश्चर्यजनक कुरा हो।

इन्द्रधनुष (इन्द्रेनी) बादल लाग्नुभन्दा पहिले हुँदैन। बादल लागेपछि कहाँबाट इन्द्रधनुष उत्पन्न हुन्छ र क्षणभरमा नै कहाँ विलीन हुन्छ, यो आश्चर्यको विषय हो। ढुङ्गै ढुढ्गा भएका पहाडका नजिकमा बसेका व्यक्तिले निकालेको शब्द प्रतिध्वनिका रूपमा ढुङ्गाका समूहबाट निस्कन्छ। बाँसका झाडीका नजिकमा बसेका र ठूला रूखका भित्री भागमा बसेका व्यक्तिले बोलेको आवाज पनि ती ती ठाउँबाट प्रतिध्वनिका रूपमा निस्कन्छ। त्यहाँ पनि आश्चर्यजनक कार्यकारणभाव रहस्यात्मक नै देखिन्छ। प्राणीका गर्भमा आधान गरिएका वीर्यबाट जीवको उत्पत्ति पनि आश्चर्यजनक छ। बीजका रूपमा रहेका औषधिमा विद्यमान कार्यकारणभाव पनि त्यस्तै आश्चर्यजनक हुन्छ। यसै प्रकारले धर्मबाट अर्थ, काम एवं मोक्षको उत्पत्ति पनि रहस्यात्मक हुन्छ। यसरी सबैमा रहस्यात्मकता रहेको हुन्छ।

रूखका हाँगामा बेरिएका कुबिन्द (कुभिन्डो)) आदिका लहरा अत्यन्त पातला हुन्छन् तर पनि पाँच छ सेर परिमाण भएका फलहरू धारण गर्दछन्। पोथी खरायोमा दूध हुन्छ वा हुँदैन ? भए पनि थोरै मात्र दूध हुन्छ। त्यसै दूधबाट दश बाह्रवटा बच्चाको पालन हुन्छ। खरायोका बच्चाहरूलाई गर्भबाट निस्किएकै समयबाट केही दिनसम्म उसकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नियतः कार्यकारणभावो विचित्रः

ऊर्णनाभः स्वल्पाकारोऽपि विस्तृतं जालं विस्तारयति । तस्मिन्नूर्णनाभरूपह्रस्वकाये पिण्डे तावती लाला कथं सन्निविष्टा । लालाविस्ताराच्च कथं तथाविधं जालं सम्पन्नम् । तेषु जालेष्वपि ऊर्णनाभभेदात् सारभिन्नत्वं वर्णभिन्नत्वमपि समुत्पद्यते । केषाञ्चिदूर्णनाभानां यज्जालं तत्तु मुखवायुनापि विच्छेत्तुं शक्यते । परं केषाञ्चित्तु ये सामान्यतः स्थूला भवन्ति न हि तेषां जालमञ्जसा विच्छेत्तुं पार्यते । अर्थात् भवति तेषां जालं परिदृढमिति विचित्रं सर्वम् ।

पुनर्लालां च स्वदेहान्निष्कास्य प्रसारयन्तो विनैव पक्षमुत्पतन्ति निराधारे गगने इत्यपि विचित्रमेव ।

तेषां यदा संहारेच्छा जायते तदा पुनः सर्वं महज्जालं स्वल्पाकारे देहे संहरन्तीत्येतदपि अपरं विचित्रम् ।

सामर्थ्यस्य वैशिष्ट्यम्

ज्ञातवीर्यस्य पदार्थस्याभावः स्वसन्निहितसामर्थ्यस्य महत्त्वं द्योतयति । आध्यात्मिकतत्त्वबोधहीनो भौतिकपदार्गतः समुदयः संहारकारी भवति ।

शास्त्रज्ञानं मानवचक्षुः । दृश्यलाभाददृश्यलाभः श्रेयान् । धर्मः समुन्नतेः साधनम् । पदार्थेषु केचिद्दृष्टवीर्याः केचिददृष्टवीर्याः । दृष्टवीर्याणां सम्भवति प्रातिनिध्यम् । न च दृष्टानां प्रातिनिध्यं निर्दिष्टम् । रागान्धो लोकः ।

आमाले आफैले खनेका खाल्टामा राख्छे । माटाबाट निस्किएर उठेका खरायोका बच्चाहरूमा आमालाई हेरेर नै तृप्ति प्राप्त हुन्छ ।

निश्चित प्राणीमा रहने कार्यकारणभाव पनि आश्चर्यजनक हुन्छ-

माकुरो सानो आकार भएको हुन्छ तर पनि धेरै फैलावट भएको जालो बनाउँछ । त्यस माकुरा रूपी सानो शरीर भएको पिण्ड (जीव) मा त्यत्रो लाला (च्याल) कसरी बसेको हुन्छ । त्यही च्याल फैलाएर कसरी त्यसप्रकारको जालो बुन्दछ । ती जालमा पनि माकुराका भेदले गर्दा सारमा विविधता उत्पन्न हुन्छ र वर्णमा पनि विविधता उत्पन्न हुन्छ । कतिपय माकुराको जालो मुखले फुकेर पनि छिनाल्न सकिन्छ । जुन माकुरा सामान्य माकुराभन्दा केही ठूलो आकार भएका हुन्छन् त्यस्ता केही माकुराको जालो सजिलैसित छिनाल्न सकिन्न । अर्थात् त्यस्ता माकुराको जालो बलियो हुन्छ । अतः सबै नै विचित्र (आश्चर्यजनक) हुन्छ । अर्को कुरा आफ्ना शरीरबाट च्याल निकालेर फिजारिरहेका माकुराहरू पखेटा विना नै निराधार आकाशमा उड्दछन् । यो पनि विचित्रकै कुरा हो । माकुराहरूमा जब आफ्नो जालो समेट्ने इच्छा हुन्छ तब सबै विस्तृत जालोलाई सानो आकारको आफ्नो शरीरमा समेट्छन् । यो पनि अर्को आश्चर्य हो ।

सामर्थ्यको विशेषता-

जसको सामर्थ्य जानिएको हुन्छ त्यस पदार्थको अभावले आफूमा रहेका सामर्थ्यको महत्त्वलाई उजागर गर्छ । आध्यात्मिक तत्त्वको ज्ञान नभएको भौतिक पदार्थमा मात्र आसक्त भएको समुदाय संहारकारी हुन्छ । शास्त्रको ज्ञान मानिसको आँखा हो । दृश्यलाभ (आँखाले देखिएको उपलब्धि) भन्दा अदृश्यलाभ (आँखाले नदेखिएको उपलब्धि) श्रेयस्कर हुन्छ । धर्म उन्नतिको कारण हो । संसारमा विद्यमान केही पदार्थमा रहेको सामर्थ्य प्रत्यक्ष देखिन्छ भने केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् दण्डं धर्ममिति महर्षयो विदुः । धर्म इति हितकारकतत्त्वसंज्ञा । हितकर्तृत्वं जातिद्रव्यक्रियासु सन्निविष्टम् । विचित्रो लोकः । केचिच्चराः । केचिदचराः । चरेषु केचित्पादचारिणः । केचित्पुनरपादचारिणः । केचित् पुनः पादापादचारिणः । पादचारिषु केचित् द्विपादचारिणः, केचित्पुनश्चतुष्पादचारिणः, केचित्पुनर्बहुपादचारिणः । अपादचारिषु केचित् चक्षुष्कर्णाः केचित्पुनः कर्णचक्षुषः । पादापादचारिषु पादाभ्यां स्थलमार्गं पक्षाभ्यामाकाशमार्गम् । अपादचारिष्वपि स्थलाकाशोभयमार्गगामिनश्चक्षुष्कर्णाः । एवं दृष्ट-विचित्रोऽपि लोको रागान्धतया सैद्धान्तिकवैशिष्ट्यमाशङ्कते ।

मूढा जल्पन्ति निर्मर्यादा अपि पशवो मोदमाना इव दृश्यन्ते । न तेषामाहारविहारादिषु कश्चित्प्रतिबन्धः । यथेच्छमाचरन्ति । न हि मिथुनीभावोऽपि तेषु क्वचिदपि प्रतिबद्धो दृष्टः । इत्यादिकमनर्गलप्रलापं विदधाना अपि जनाः प्राप्यन्ते सर्वसहागताः । केनाप्युक्तम्- **आहारनिद्राभयमैथुनञ्च सामान्यमेतत् पशुभिर्नराणाम्** । इति तदपि अविचारितरमणीयम् ।

न हि धात्रा पशुसामान्यतया मनुष्या मनुष्योपभोगा वा सृष्टाः । यथा हि धान्यात्मकतया व्रीहिकोद्रवगोधूममाषमर्कटान्नादीनां सामान्येऽपि प्रत्येकधान्येषु गुणधर्मादीनां वैशिष्ट्यं निश्चितम् । यथैव

पदार्थमा रहेको सामर्थ्य प्रत्यक्ष देख्न सकिन्न । सामर्थ्य अभिव्यक्त हुने पदार्थका प्रतिनिधि हुन सक्छन् । दृष्टहरूको प्रतिनिधित्व कहीँ पनि निर्देशन गरिएको छैन । संसार रागले (पत्नी पुत्र आदिको मोहले) अन्धो भएको हुन्छ । त्यसैले नै दण्डलाई महर्षिहरूले धर्म भनेका हुन् । धर्म भनेको हित गर्ने तत्त्वको नाम हो । हितकारकता जाति, द्रव्य एवं क्रियामा रहेको हुन्छ । लोक (संसार वा मनुष्य) विचित्रको छ ।{सांसारिक प्राणीहरू मध्ये} केही यताउति सञ्चरण गर्न सक्ने छन् । केही कतै पनि चल्न नसक्ने छन् । चराहरूमा पनि केही गोडाले हिँड्ने छन् । केही फेरि गोडाले नहिँड्ने छन् । केही भने गोडाले पनि हिँड्ने र गोडा विना पनि हिँड्ने छन् । गोडाले डिँड्नेमा पनि केही दुइटा गोडाले हिँड्ने छन् भने केही चारवटा गोडाले हिँड्ने छन् । केही भने धेरै गोडाले हिँड्ने छन् । गोडाले नहिँड्नेहरूमा केही आँखा नै कान भएका छन् भने केही कान नै आँखा भएका छन् । गोडाले हिँड्ने र गोडा विना पनि हिँड्नेहरूमा गोडाले स्थल मार्गमा र पखेटाले आकाशमार्गमा हिँड्ने छन् । गोडाले नहिँड्नेहरूमा पनि स्थल एवं आकाश दुवै मार्गमा सञ्चरण गर्ने र चक्षु नै कर्ण भएका छन् । यस प्रकार प्राणीहरूमा रहेको भिन्नता प्रत्यक्ष रूपमा देखिन्छ तापनि रागले अन्धो भएको मनुष्यले सिद्धान्ततः प्राणीहरूमा परस्परमा भिन्नता हुन्छ भन्ने कुरामा आशङ्का गर्दछ ।

मूर्खहरू भन्दछन्- मर्यादा नभएका वा कुनै प्रकारका मर्यादामा नबस्ने पशुहरू पनि रमाइरहेका देखिन्छन् । उनीहरूका आहार विहार आदिमा कुनै प्रतिबन्ध छैन । जस्तो इच्छा लाग्छ त्यस्तै गर्छन् । उनीहरूमा मिथुनभाव (पति-पत्नीत्व) कही पनि नियत रूपमा रहेको देखिन्न । यस प्रकारका निरर्गल प्रलाप गर्ने पृथिवी मै विद्यमान मनुष्यहरू पनि पाइन्छन् । कसैले भनेको पनि छ- **आहारनिद्रा०** अर्थात् 'भोजन गर्ने, सुत्ने, डराउने र मैथुन गर्ने कार्य पशुहरूमा र मनुष्यहरूमा समान हुन्छ' (नीतिपद्य) यो पनि विचार नगरेका अवस्थामा (झट्ट सुन्दा) राम्रो लाग्ने उक्ति हो ।

पशुका जस्ता साधारण धर्मले युक्त भएका मनुष्य वा मनुष्यद्वारा उपभोग गरिने पदार्थ विधाताले बनाएका छैनन् । जसरी जौ, कोदो, गहुँ मास, मकै आदि बालीमा धान्य जातिमा पर्ने हुनाले एकै प्रकारको धान्यत्व रहेको हुन्छ तापनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवात्मकतया पशुषु मनुष्येषु च सामान्येऽपि तेषु निहितगुणधर्मादीनां वैशिष्ट्याद् भिन्नत्वमवसीयते। न हि व्रीह्युपचाराः कोद्रवेषु सर्वानुकूलाः। न हि कोद्रवोपचारा वा गोधूममाषमर्कटान्नादिषूपयुक्ताः। फलति व्रीहिः कर्दमरोपितं सन्निरन्तरजलसिक्तम्। न हि कोद्रवो गोधूममाषमर्कटान्नादयो वा कर्दमरोपिताः सन्तो निरन्तरं जलसेके विहिते फलन्ति।

फलकामिनां पुंसां कायेन मनसा वाचा बुद्ध्या च समनुष्ठितो धर्म इहलोके गृहापत्यकलत्रसम्पदामभिवृद्ध्या परलोके च स्वर्गीयानन्दप्रदानेन ऐहिकामुष्मिकान् विशोकान् लोकान् वितरति। अतः स्वधर्माचरणेन प्रजाः शोकरहिता भवन्तीति प्रजानां शोकनिवारणार्थं देशजातिकुलधर्मादीनामनुष्ठानाय प्रवर्तना विधेया। प्रेरणा समुत्पादनीया।

स एव धर्मो निष्कामनया समनुष्ठितश्चेत् तादृशानामसङ्गिनां पुंसां पुनर्मोक्षलक्षणमानन्त्यफलं वितरति।[२६४]

यो हि जगतामीश्वरेश्वरः सृष्टिस्थितिसंहारकारी पुरुषः स जगन्नियामकः संरक्षकः संपोषको यज्ञपुरुषो वर्णाश्रमिभिः स्व-स्वधर्माचरणपुरःसरं यदि इज्येत तर्हि किन्नामाप्राप्यं भवेत्। परितुष्टः स पुरुषो जनान् रोगशोकभोक (बुभुक्षा) रहितान् कुरुते।[२६५] स च यज्ञपुरुषोऽखिलजन्तुषु तितिक्षया, करुणया, मैत्र्या, समत्वेन च प्रसीदति।[२६६] तितिक्षा करुणा मैत्री समता च सामाजिकसुव्यवस्थाधायकतत्त्वानि। तेषु तत्त्वेषु सत्सु

२६४. श्रीमद्भागवतम्, ४ स्कन्धः, १४ अध्यायः, १५ श्लोकः।

२६५. श्रीमद्भागवतम्, ४ स्कन्धः, १४ अध्यायः, १८-२० श्लोकाः।

२६६. श्रीमद्भागवतम्, ४ स्कन्धः, ११ अध्यायः, १३ श्लोकः।

प्रत्येक धान्यका गुण, धर्म आदिका विशेषता निश्चित हुन्छन्, त्यसरी नै जीव भएकाले पशुहरूमा र मनुष्यहरूमा समानता देखिएता पनि प्रत्येक प्राणीमा रहेका गुण, धर्म आदिका विशेषताले गर्दा उनीहरूमा रहेको भिन्नता अवगत हुन्छ। धानका लागि उपयुक्त पद्धतिहरू कोदाका लागि सबै प्रकारले अनुकूल हुँदैनन्। कोदाका लागि अपनाइने विधिहरू गहुँ, मास, मकै आदि बालिका लागि उपयुक्त हुँदैनन्। हिलामा रोप्ने हो र दिनदिने पानी लगाउने हो भने धान फल्छ। कोदो एवं गहुँ, मास, मकै आदि बालीहरू हिलामा रोपेर तथा निरन्तर पानी लगाएर फल्दैनन्।

फलको कामना भएका पुरुषद्वारा शरीर, मन, वाणी र बुद्धिका माध्यमले सम्यक् प्रकारले सम्पादन गरिएको धर्मले यस लोकमा घर, सन्तान, पत्नी आदि सम्पत्तिको अभिवृद्धि गर्दछ भने परलोकमा स्वर्गीय आनन्द प्रदान गर्दछ। यसरी धर्मले शोकरहित ऐहिक एवं आमुष्मिक लोक प्रदान गर्दछ। अतः स्वधर्मको आचरणद्वारा प्रजाहरू शोकरहित हुन्छन्। त्यसैले प्रजाहरूको शोकनिवारण गर्न उनीहरूलाई देश, जाति एवं कुलका धर्म आदिको अनुष्ठानका लागि प्रवृत्त गराउनुपर्छ, प्रेरणा पनि दिनुपर्छ। कुनै पनि कामना नराखेर (निष्कामभावनाले) सम्पादन गरिएको त्यसै धर्मले सङ्ग (कामना) विहीन पुरुषलाई कहिल्यै समाप्त नहुने मोक्षरूप फल प्रदान गर्छ। (भा. ४/१४/१५)।

जो चराचर जगत्का ईश्वरका पनि ईश्वर हुनुहुन्छ, जसले सृष्टि, स्थिति एवं संहार गर्नुहुन्छ यस्ता जगत्का नियामक, संरक्षक, संपोषक एवं यज्ञपुरुष भगवान्लाई विभिन्न वर्णमा र आश्रममा रहेका पुरुषले आफ्ना धर्मका रूपमा निर्धारण गरिएका आचरणहरूको पालना गर्दै अर्चना (हवन) गर्छन् भने उनीहरूद्वारा अप्राप्य (प्राप्त गर्न नसकिने) के नै हुन्छ र ? सन्तुष्ट भएका यज्ञपुरुषले मनुष्यहरूलाई रोग, शोक एवं भोक नभएका बनाउनुहुन्छ। (भा. ४/१४/१८-२०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवानपि प्रसीदति, लोकश्च वाञ्छितार्थप्रापको भवति । व्यवस्था च सुव्यवस्थिता भवतीति धार्मिकतत्त्वेषु व्यवस्थाधायकत्वं सुनियतम् ।

ब्रह्मणः सृष्टिरेव व्यवस्थापिका दरीदृश्यते । चराचरजगतो व्यवस्थिततया प्रवृत्तिर्हितावहा कृता । न हि प्राण्यन्तरमन्तरा कश्चित् प्राणवान् जीवितुं शक्नोति । यथा पाञ्चभौतिकं शरीरं पञ्चभिर्भूतैरधिष्ठितमेकेनापि भूतेन परित्यक्तं न जीवति, तथैव पाञ्चभौतिकशरीरिष्वपि प्राणधारणार्थमन्योन्याश्रयणावश्यकता नियता धातुः सृष्टौ । आधुनिकैर्वैज्ञानिकैरपि चरप्राणिनां प्राणितुं स्थावरा आवश्यका भवन्ति इति विज्ञानद्वारा निर्धारितम् । एकस्य मनुष्यस्य कृते प्राणनाय नवसङ्ख्यया वृक्षाणां सद्भाव आवश्यक इति च तैरेवाधुनिकैर्वैज्ञानिकैः प्रोक्तमिति प्राणिनां प्राणनार्थं वृक्षाणामावश्यकत्वं सुनिश्चितम् ।

दश प्रचेतोभिस्तपसा दीपितमन्युभिर्मुखतो वायुमग्निं च संसृज्य दह्यमानान् वृक्षान् दृष्ट्वा दश प्रचेतसः प्रति राज्ञा सोमेनोक्तमेव शास्त्रं प्रमाणमित्यस्माकं तु तत्र प्राचीनमेव सिद्धान्तम् । यथा-

[२६७]राजोवाच महान् सोमो मन्युं प्रशमयन्निव ।।
मा द्रुमेभ्यो महाभागा दीनेभ्यो दोग्धुमर्हथ । विवर्धयिषवो यूयं प्रजानां पतयः स्मृताः ।।
अहो प्रजापतिपतिर्भगवान् हरिरव्ययः । वनस्पतीनोषधीश्च ससर्जोर्जमिषं विभुः ।।

---

२६७. श्रीमद्भागवतम्, ६ स्कन्धः, ४ अध्यायः, ६-८ श्लोकाः ।

यज्ञपुरुष भगवान् सबै प्राणीप्रति गरिने तितिक्षा, करुणा, मैत्री र समताबाट प्रसन्न हुनुहुन्छ (भा. ४/११/१३) । तितिक्षा, करुणा, मैत्री र समता समाजमा राम्रो व्यवस्था स्थापित गराउने तत्त्व हुन् । उक्त तत्त्वहरूको विद्यमानतामा भगवान् पनि प्रसन्न हुनुहुन्छ, लोक पनि अभीष्ट वस्तु प्रदान गर्ने हुन्छ । व्यवस्था (शासनपद्धति) व्यवस्थित हुन्छ । अतः धार्मिकविषयमा व्यवस्थालाई व्यवस्थित बनाउने तत्त्व निश्चितरूपमा रहेको हुन्छ ।

ब्रह्माजीको सृष्टि नै व्यवस्थापक देखिन्छ । चराचर (स्थावर एवं जङ्गम) जगत्को व्यवस्थित रूपमा हुने प्रवृत्तिलाई हितकारक बनाइएको छ । कुनै पनि प्राणी अन्य प्राणीको सहायता विना बाँच्न सक्दैन । पृथ्वी आदि पाँच भूतले युक्त पाञ्चभौतिक शरीर एउटा पनि भूतले (पृथ्वी, जल, तेज, वायु एवं आकाश मध्ये कुनै एउटाले पनि) छाडेका अवस्थामा जीवित रहन सक्दैन । पाञ्चभौतिक शरीर धारण गर्ने प्राणीहरूलाई प्राणधारणका लागि विधाताका सृष्टिमा नियतरूपमा एक आपसको आश्रय लिनुपर्ने आवश्यकता देखिन्छ । आधुनिक वैज्ञानिकहरूले पनि चरप्राणीलाई बाँच्न स्थावर पदार्थको आवश्यकता पर्दछ भनी विज्ञानद्वारा निर्धारण गरेका छन् । एउटा मानिसलाई जीवन यापन गर्नका लागि कमसेकम नौवटा रूखको आवश्यकता पर्दछ भनी तिनै आधुनिक वैज्ञानिकहरूले भनेका छन् । यसबाट प्राणीलाई बाँच्न वृक्षको आवश्यकता पर्छ भन्ने निश्चित छ ।

तपस्याद्वारा प्रदीप्त क्रोधले युक्त भएका (रिसाएका) दसवटा प्रचेताद्वारा मुखबाट वायुका एवं अग्निका ज्वाला निकालेर डढाइएका वृक्षहरूलाई देखेर प्रचेताहरूप्रति राजा सोमद्वारा भनिएको शास्त्र नै यस सम्बन्धमा प्रमाणका रूपमा रहेको छ । अतः यो हाम्रो प्राचीन सिद्धान्त नै हो । त्यहाँ भनिएको छ- **राजोवाच०** अर्थात् 'महान् राजा सोमले प्रचेताहरूको क्रोधलाई शान्त गराउँदै भने- हे महनीय स्वभावले युक्त भएका प्रेचताहरू ! तिमीहरूले दीन वृक्षहरूका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

अन्नादिसस्यादिषु तृणादिशष्पादिषु च पार्थिवेष्वपि पदार्थेषु जलीयस्य तेजसो वायवीयस्याकाशीयस्याप्यंशस्य विद्यमानत्वात् पार्थिवपदार्थभोगात् पाञ्चभौतिकपदार्थभोगोपलब्धेर्विद्यमानतया श्वसितुं शक्नुवन्ति प्राणिन इति पाञ्चभौतिकपदार्थानां परिरक्षणं पाञ्चभौतिकपदार्थानामेव जीवनायावश्यकम्।

न हि कश्चिज्जीवनेच्छुर्जीवनसाधनं नाशयितुमिच्छति। परं जीवनसाधनं वर्धयितुमेवेच्छेदिति ब्रह्मणः सृष्टिरेव व्यवस्थापिका। परस्परमन्योन्यसमृद्धिकामनैव व्यवस्था, तत्प्रवर्तिका व्यवस्थापिका।

एषा च स्वाभाविकी व्यवस्था। तस्या एव स्वाभाविक्या व्यवस्थाया रागान्धाः प्राणिनः समुल्लङ्घनं विधाय समाजमुद्वेजयन्ति। तेषां समाजोद्वेजकानां नियमनाय परमपुरुषेण धर्माधर्मयोर्विवेचनं विहितम्। यस्मात् स्वस्य परेषाञ्च ऐहलौकिकसमृद्धिकारकं पारलौकिकनिःश्रेयसप्रापकञ्च कर्म सम्भवति स धार्मिकः। तथाविधं कर्म एव धर्मश्च। यस्माच्च स्वस्य परेषामपि वा ऐहलौकिकदुःखोत्पादकं पारलौकिकदुर्गतिदायकञ्च कर्म समुत्पद्यते स अधार्मिकः। तथाविधं कर्म एवाधर्म इति धर्माधर्मयोः कर्तव्याकर्तव्यत्वेन निर्देशः कृतः। इदं कर्तव्यम् इदमकर्तव्यमिति च धर्मशास्त्रमभिधत्ते इति धर्मशास्त्रस्य सामाजिकव्यवस्थायाः साधनत्वम्।

नातितिरोहितमेतदापामरानाविदुषो पूर्वजन्मार्जितकर्मजन्यशुभाशुभभुवनभोगार्थमवतीर्णो लोको विधातुर्द्वन्द्वात्मकसृष्टौ कर्मगत्या वैचित्र्यमापन्नः सन् उत्कृष्टानुत्कृष्टयोनिमापद्य तत्रापि उच्चावचत्वं भजन् रागान्धः

साथमा क्रोध प्रकट गर्नु उचित होइन, तिमीहरू त प्रजाको वृद्धि गर्ने अभिलाषाले युक्त भएका प्रजाका नै पति (स्वामी अर्थात् प्रजापति) हौँ। {हे महात्मा प्रचेताहरू हो !} प्रजापतिका पनि पति, अविनाशी एवं सर्वव्यापी भगवान् हरिले {प्रजाहरूको कल्याणका लागि} वनस्पतिहरूको र ओषधीहरूको सृष्टि गर्नुभएको हो (भा. ६/४/६-८)।

पृथिवीबाट उत्पन्न भएका सस्यादि अन्नहरूमा र तृण आदि घाँसहरूमा अर्थात् सबै पार्थिव पदार्थमा जलका, तेजका, वायुका र आकाशका अंश रहने हुनाले पार्थिव पदार्थको उपभोग गर्दा पाँच भूतसित सम्बद्ध पदार्थको उपभोग गरिएको हुन्छ। पाञ्चभौतिक पदार्थको उपभोग गर्ने हुनाले सबै प्राणी बाँच्न सकिरहेका हुन्छन्। अतः पाञ्चभौतिक पदार्थको संरक्षण पाञ्चभौतिक पदार्थको जीवनयापनका लागि आवश्यक हुन्छ।

बाँच्न चाहने कुनै पनि प्राणीले आफ्ना जीवनका साधनलाई नष्ट गराउन चाहन्न परन्तु जीवनका साधनहरूलाई बढाउन नै चाहन्छ। अतः ब्रह्माजीको सृष्टि नै व्यवस्थापक हो। परस्परमा एक अर्काका उन्नतिको कामना नै व्यवस्था हो र त्यस व्यवस्थालाई प्रवृत्त गराउने व्यवस्थापिका हो। यो स्वाभाविक व्यवस्था हो। रागले अन्ध बनेका प्राणीले यसै स्वाभाविक व्यवस्थाको उल्लङ्घन गरेर समाजलाई उद्विग्न बनाउँछन्। समाजलाई उद्विग्न बनाउने तिनै पुरुषको नियमनका लागि परमपुरुष परमात्माले धर्म एवं अधर्मको विवेचना गरेका हुन्। जसबाट आफ्नो र अरूको समेत यस लोकसित सम्बद्ध समृद्धि गराउने र परलोकसित सम्बद्ध निःश्रेयस (मोक्षादि परमसुख) उपलब्ध गराउने कर्म हुन्छ त्यही पुरुष नै धार्मिक हो। त्यस प्रकारको कर्म नै धर्म हो। जसबाट आफ्नो र अरूको समेत यस लोकमा दुःख उत्पन्न गराउने र परलोकमा दुर्गति गराउने कर्म गरिन्छ त्यो पुरुष अधार्मिक हो। त्यस प्रकारको कर्म नै अधर्म हो। यसरी धर्म एवं अधर्मलाई क्रमशः कर्तव्य एवं अकर्तव्यका रूपमा निर्देशन गरिएको छ। यो काम गर्न हुन्छ (गर्नुपर्छ) अनि यो काम गर्न हुँदैन भनी धर्मशास्त्रले भन्दछ। त्यसैले नै धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

{जायते}, अनुचितमार्गेण परकीयस्वत्वमात्मसात्कृत्यैहिकसुखभोगाभिलाषया समन्वितः {भवति}, स्वेतरमानवांश्च कदर्थीकुरुते। तस्माच्च समाजो नष्टो भ्रष्टश्च भवति। तच्च मा भूदित्यभिप्रायेणैव सामाजिकी मर्यादा विनिर्मिता तेनैव ब्रह्माण्डनियामकेन विधात्रा।

विश्वस्मिन् यावद्राजनीतौ संयमोदयो न भवति तावन्न सन्तोषोदयः

अद्यतनिको जनो विश्वं विकासपथमारूढं मनुते। यः कोऽपि देशो वर्तमानविकाशसरणीमनुवर्तमानः स्वं देशं तथैव शरण्या संवर्द्धयितुं कामयते।

अद्यतनिको जनः पूर्वकालमविकशितमवमन्यते परं तदा सुवर्णमुद्रा लोकव्यवहारार्थमासन्। तदुत्तरमस्मत्प्रत्यक्षमपि रजतमुद्राः ताम्रपणानि च लोकव्यवहारार्थं सर्वथासन्।

अधुना विकासपथमारूढस्तु विश्वः सुवर्णमुद्रां व्यवहर्तुं कथमपि न शक्नोति। सुवर्णमुद्राणां का नाम कथा ताम्रपणानां व्यवहारोऽपि न सम्भवः। ताम्रपणानां व्यवहारोऽपि दूरे तिष्ठतु कर्गजलोष्ठस्यापि न्यूनता सहस्ररूप्यात्मकस्य, ततोऽपि न्यूनतां दशसहस्ररूप्यात्मकं कर्गजलोष्ठं द्योतयति। हन्त, दशसहस्रात्मकत्व-मापन्नमपि कर्गजलोष्ठं कदाचित् स्वात्मनोऽभावावस्थामाप्नोतीति प्रेक्षावतां महतः खेदस्य विषयः सम्पद्यते। अर्थात् एकसुवर्णमुद्रास्थाने एकरजतमुद्रा नियता, तत्स्थाने एकं कर्गजलोष्ठं निर्धारितम्। एकैकरूप्यात्मक-

---

पामर (मूर्ख वा साधारण गँवार) देखि विद्वान्सम्मका सबै व्यक्तिले जानेको कुरा हो कि पूर्वजन्ममा आर्जन (सम्पादन) गरिएका कर्मबाट उत्पन्न भएका शुभ (राम्रा) एवं अशुभ (नराम्रा) लोकको भोग गर्न जन्मिएको पुरुषले विधाताको द्वन्द्वात्मक (सुखदुःख आदि विपरीत तत्त्वले युक्त भएको) सृष्टिमा कर्मगतिका आधारमा वैचित्र्य (विविधता) प्राप्त गर्छ। उत्कृष्ट एवं अनुत्कृष्ट (नीच) योनि प्राप्त गरेर त्यहाँ पनि ठूलो एवं सानोपनलाई प्राप्त गर्छ। रागले अन्ध भएर अनुचित तरिकाले अरूको सम्पत्ति आफ्ना अधीनमा बनाएर यस लोकमा प्राप्त हुने सुखोपभोगको अभिलाषाले युक्त भएर आफूभन्दा भिन्न मनुष्यलाई तल गराउने वा होच्याउने गर्छ। यसबाट समाज नष्ट एवं भ्रष्ट हुन्छ। त्यस्तो बेथिति न होस् भन्ने उद्देश्यले तिनै ब्रह्माण्डका नियामक (नियन्त्रक) विधाताले नै सामाजिक मर्यादाको निर्माण गरेका हुन्।

विश्वमा जबसम्म राजनीतिमा संयमको उदय हुँदैन तबसम्म सन्तोषको प्रादुर्भाव हुँदैन-

आजको मान्छे विश्वलाई विकासको बाटोमा अघिबढेको मान्दछ। जुन कुनै देशले अहिलेको विकासको सरणी (मार्ग) लाई अनुसरण गर्दै त्यसै विकाश सरणीद्वारा आफ्नो देशलाई समृद्ध बनाउन चाहन्छ। हिजोआजको मनुष्यले पहिलेको समयलाई अविकसित मान्दछ तर त्यस समयमा सुनका मुद्रा (सुवर्णमुद्रा) लोकव्यवहारका लागि बनाइएका थिए। त्यसपछि हामीहरूले नै देखेको कुरा हो चाँदीका मुद्रा र तामाका मुद्रा लोकव्यवहारका लागि सबैका साधन बनेका थिए। अहिलेको विकाशका बाटामा अगाडि बढेको विश्वले सुवर्णमुद्राका माध्यमले व्यवहार गर्न कुनै पनि हालतमा सक्दैन। सुवर्णमुद्राको कुरा परै जाओस् ताम्रमुद्राको व्यवहार पनि सम्भव छैन। ताम्रपणको (ताम्रमुद्रा) को व्यवहार पनि टाढै जाओस् हजार रुपियाँका कागजका पैसाको पनि न्यूनता खट्किन्छ। त्यसभन्दा ठूला दश हजार बराबरका नोटहरू त बनेका नै छैनन्। दुःखको कुरा हो, दश हजार मूल्य बराबरका कागजका रुपियाँ बने भने पनि कुनै समयमा तिनै रुपियाँको पनि अभाव हुन सक्छ। यो नै विवेचकका दृष्टिमा ठूलो खेदको विषय हुने छ। पहिले एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

कर्गजलोष्ठस्याप्यभावादावश्यकसङ्ख्या पूरयितुमसमर्थतया सहस्ररूप्यात्मकं कर्गजलोष्ठं निर्धारितम् । हन्त, तस्याप्यभावः काले काले सम्पद्यते । अद्यतनिको जनो यं पूर्वकालमविकशितमवमन्यते तदा एक एव कविराजो वैद्यो डाक्टरो वा सर्वाङ्गपूर्णां चिकित्सां करोति स्म । तत्रापि कुशलस्तु कविराज एकनैवौषधिना बहूनां व्याधीनां शमनं करोति स्म ।

अधुना विकाशपथमारूढो विश्वः शरीरेषु विद्यमानेषु अनेकेषु अङ्गेषु एकस्याङ्गस्य विषये कृताध्ययनो डाक्टरपदवाच्यश्चिकित्सको नैकवारमनेकानामौषधीनां प्रयोगैर्व्याधिशमनं करोति ।

अद्यतनिको जनो यं पूर्वकालमविकशितमवमन्यते तदा एक एव पण्डितो धर्मशास्त्रीयनिर्णयम्, ज्योतिष-शास्त्रीयग्रहस्थित्यवलोकनमुहूर्तादिपरिज्ञानम्, पुराणशास्त्रोक्तकथाविज्ञानम्, कर्मकाण्डकलापम्, व्याकरण-मीमांसासाहित्यादिज्ञानं च करोति स्म । प्रत्यहं प्रतिमासं प्रतिसंवत्सरमागच्छतां व्यावहारिकानां कृत्यानां विधिविधानमवगच्छति स्म ।

अधुना विकाशपथमारूढो विश्वोऽधीतव्याकरण इतरशास्त्रीयान् विषयान् मनागपि न जानाति । नैयायिकः पञ्चाङ्गावलोकनेऽसमर्थः । शौचाचारादिधर्माधर्मादिविज्ञानलेशरहितो न किमपीतरशास्त्रीयविषयं जानाति । इत्थमेव सर्वेषां शास्त्राणां गतिरधुना जाता ।

अज्ञानामभिवृद्धिर्लोकनाशिका । **नष्टप्रज्ञो व्रजत्यधः** इति व्यासोक्तेः प्रज्ञायाश्च शास्त्राध्ययनजन्यत्वाद् एकस्यापि शास्त्रस्य ज्ञानाभावस्तु लोकमधो नयत्येव । न हि एको देशः अपि तु वर्तमानः संसार एव पथभ्रष्टः ।

सुवर्णमुद्राका ठाउँमा एउटा चाँदीको मुद्रा बनाइएको थियो । अहिले त्यसैका लागि एउटा कागजको नोट बनाइएको छ । एक एक रुपियाँका कागजका नोटका अभावमा आवश्यक सङ्ख्या पूरा गर्न (आवश्यकता पूर्ति गर्न) असमर्थ भई हजार रुपियाँका नोट बनाइएका हुन् । दुःखको विषय हो कि समय समयमा हजारका नोटको पनि अभाव सृजना हुन्छ। अहिलेको मानिसले जुन प्राचीन समयलाई अविकसित मान्दछ त्यस समयमा एउटा कविराज, वैद्य वा डाक्टरले सबै अङ्गको चिकित्सा (उपचार) गर्दथ्यो । त्यसमा पनि कुशल कविराजले एउटै ओषधिले अनेकौँ रोगलाई निको पार्दथ्यो । उन्नतिको शिखरमा पुगेको (विकसित) अहिलेको विश्वमा शरीरका विभिन्न अङ्गमध्ये कुनै एउटा अङ्गका विषयमा अध्ययन गरेको डाक्टर भनिने चिकित्सकले अनेकौँ पटक अनेकौँ ओषधिको प्रयोग गरेर रोग निको गराउँछ।

अहिलेको मानिसले जुन प्राचीन समयलाई अविकसित मान्दछ त्यस समयमा एउटै पण्डितले धर्मशास्त्रसम्बद्ध निर्णय, ज्योतिषशास्त्रसित सम्बद्ध ग्रहहरूका अवस्थितिको अवलोकन एवं मुहूर्त आदिको ज्ञान, पुराणमा प्रतिपादन गरिएका कथाहरूको विज्ञान, कर्मकाण्डपद्धति, व्याकरण-मीमांसा-साहित्य आदि शास्त्र जानेको हुन्थ्यो । प्रत्येक दिन, प्रत्येक महिना र प्रत्येक वर्षमा आउने व्यावहारिक कार्यहरूको विधिविधान पनि जानेको हुन्थ्यो । अहिलेको विकासका सरणीमा आरूढ भएको विश्वमा व्याकरणको अध्ययन गरेको व्यक्तिले अरू शास्त्रसित सम्बद्ध विषय थोरै पनि जान्दैन । नैयायिक (न्यायशास्त्र अध्ययन गरेको व्यक्ति) पञ्चाङ्ग हेर्न (पात्रो पल्टाउन) असमर्थ हुन्छ । शौच आचार आदिका र धर्म अधर्म आदिका ज्ञानको लेश पनि नभएको पुरुषले अन्य शास्त्रका विषयको थोरै पनि ज्ञान गर्न सक्दैन । अहिले सबै शास्त्रको स्थिति यस्तै छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पथभ्रष्टानां विनिपातः स्वाभाविकः । एकः पथभ्रष्टः परमपि दूषयति । दूषितान्तःकरणाः परस्परमाक्रोशन्ति । आक्रोशः खलु जनिमतामनभीष्टसम्पादकः । तेनैव प्रपीडितो लोको न कश्चिदपि वर्तमाने सुखश्वासमादत्ते । सधनो निर्धनो वा व्यक्तिर्वा समाजो वा विकसितोऽविकसितो वा सर्वो लोकः पथभ्रष्टानाममानवीयदुराचरणै-र्विद्रुतो हि विलोक्यते । दुष्टानां दमनं विधाय साधूनां संरक्षणार्थमुपकल्पितानां व्यवस्थापिकाकार्यपालिका-न्यायापालिकाप्रभृतीनां राज्यरञ्जनात्मककर्तव्यनिर्दिष्टानां सङ्गठनानां पथभ्रष्टतया दृश्यते ह्यधुना विपरीतं कार्यम्। यदि नाम न स्युः सङ्गठितास्तर्हि तु वरं शक्नुयुर्लोकयात्रां निर्बोढुमञ्जसैव। ग्रामे ग्रामे परस्परं भावयन्तो जनाः पारस्परिकीं भावनां समादाय, परस्परभावनानुद्धताश्च पारस्परिकभीतेरपि मर्यादायां तिष्ठेयुः ।

सर्वकारबलमधिकुर्वन् पथभ्रष्टस्तु सर्वकारबलाश्रयेण सर्वसाधारणजनोत्पत्स्यमानभीतिविरहितः सन् निर्बाधं जनान् सर्वतः परिपीडयति ।

विलोकनीयं सर्वमेतत् प्रेक्षावद्भिः । वार्तमानिकं व्यवहारं वार्तमानिकीं प्रवृत्तिं च न हि कश्चिदपि सुजनः भद्रतया समवेक्षते । अभद्राचरणवतां सङ्गठनं विधाय तेषु अधिकाराधानमेवाधुनिकः सांसारिकः कोलाहलहेतुः ।

अज्ञानीहरूको (मूर्खहरूको) अभिवृद्धिले लोकलाई नष्ट गराउँछ । 'प्रज्ञा नष्ट भएको पुरुष अधोगतिमा प्राप्त हुन्छ' भन्ने व्यासको कथनले पनि उक्त कुराको पुष्ट गर्छ । प्रज्ञा शास्त्रको अध्ययनबाट प्राप्त हुने भएकाले एउटा शास्त्रको पनि ज्ञानको अभावले लोकलाई तलतिर (अधोगतिमा) लैजान्छ । यसबाट एउटा देश मात्र होइन, अपि तु सम्पूर्ण संसार नै पथभ्रष्ट (बाटो बिराएको) हुन्छ । पथभ्रष्ट (पुरुष वा राष्ट्र वा विश्व) को विनाश स्वाभाविक हो । एउटा पथभ्रष्टले अरूलाई पनि दूषित बनाउँछ । अन्तःकरण (मन, बुद्धि आदि) दूषित भएकाहरू एकअर्काप्रति रिसाउँछन् (आक्षेप लगाउँछन्/झगडा गर्छन्) । आक्रोश प्राणीहरूका लागि अनभीष्ट सम्पादक (अहित गर्ने) हुन्छ । त्यसै आक्रोशले पीडित भएको कुनै पनि पुरुषले वर्तमानमा सुखको सास फेर्न सक्दैन । धनी मानिस होस् अथवा गरीब मानिस होस्, विकसित समाज होस् अथवा अविकसित समाज होस् सम्पूर्ण संसार पथभ्रष्ट भएका पुरुषका अमानवीय दुराचारद्वारा प्रताडित भएको देखिन्छ । दुष्टहरूको दमन गरेर सज्जनहरूको संरक्षण गर्नका लागि बनाइएका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका आदि राज्यलाई अनुरक्त गराउने कर्तव्य भएका सङ्गठनहरू पथभ्रष्ट भएकाले अहिले विपरीत कार्य भइरहेको देखिएको छ । त्यस्ता सङ्गठन (संस्था) हरू हुँदैनथे भने बरु सजिलैसँग लोकयात्रा (दैनिक व्यवहार) चलाउन सक्थे होला । गाउँ गाउँमा परस्परमा (एक अर्कामा) भावना (उपकारात्मक दृष्टि) भएका मनुष्यले परस्पर भावनालाई लिएर (ग्रहण गरेर), परस्परको भावनाले अनुद्धत भएर साथै परस्परका डरले गर्दा मर्यादामा बस्थे होला ।

सरकारको बल (साधन स्रोत एवं पावर) हातमा लिएको पथभ्रष्ट पुरुषले सरकारकै बलको आश्रय लिएर सर्वसाधारण जनताबाट उत्पन्न हुने भयबाट मुक्त भई विना रोकटोक मनुष्यलाई चारैतिरबाट पीडा दिने काम गर्छ ।

विश्लेषण गर्ने क्षमता भएका प्राज्ञले आफै नै सबै कुरा हेर्न सक्छन् र हेर्न पनि पर्दछ । वर्तमानमा गरिने व्यवहारलाई र वर्तमानको प्रवृत्तिलाई कुनै पनि सज्जनले राम्रो भन्न सक्दैन । (राम्रो मानेर हेर्दैन) । नराम्रा आचरण भएका व्यक्तिहरूको सङ्गठन बनाएर उनीहरूमा अधिकार आधान (प्रत्यायोजन) गर्नु नै आधुनिक संसारमा देखिने कोलाहलको कारण हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization By eGangotri

जीवनविरोधिनं दमयितुं विनाशयितुं वा संसृष्टं सर्वकारादिसङ्गठनादिकं बलं दुराचारिणां दुराचार-परिपूर्त्यर्थं जातमिव साधूनां विशेषयितुमुपकल्पितमिव सन्दृश्यदनर्थकारि जातम्। सर्वमेतत् समेषां प्रेक्षावतां प्रत्यक्षम्। गृहनिर्माणार्थं सङ्कलितेषु काष्ठेषु अग्निं सन्धुक्ष्य, भोजनपाकार्थं समिन्धनाय सङ्गृहीतमृत्तिका-तैलेषु वाग्निं सन्धुक्ष्य, तत्र प्रज्वलितेऽग्नौ सङ्ग्रहीतारं दाहयितुं समुद्यतः सौकर्य इव अहमहमिकात्मना संस्पर्धमानानां वार्तमानिकी वैश्विकी राजनीतिः परिलक्ष्यते। यावत् शास्त्राध्ययनजन्यसंयमेनोपेता राजनीतौ न प्रविशन्ति तावन्न विश्वस्मिन् सन्तोषोदयः प्रादुर्भवति।

पृथिव्यामन्तरिक्षे स्वर्गे च यावन्तः प्रेष्ठा विषयाः सन्ति ते सर्वेऽपि विषया असंयमिनमजितेन्द्रियं पुरुषं प्रीणयितुं न शक्नुवन्ति। लोकस्तत्र प्रत्यक्षं प्रमाणमिति न हि अनुमानादिप्रमाणान्तराक्रमणस्यावश्यकता।

तत्र प्रह्लादपौत्रेण बलिना वृत्तिकर्या भूमेर्याचनाय प्रेरितो भगवान् वामनस्तं बलिं प्रत्युत्तरेणोद्बोधयति। तच्च [२६८]व्यासेनोक्तम् यथा-

यावन्तो विषयाः प्रेष्ठास्त्रिलोक्यामजितेन्द्रियम्। न शक्नुवन्ति ते सर्वे प्रतिपूरयितुं नृप॥

संयमो हि सन्तोषं जनयति। सन्तुष्टस्य च पुरुषस्य तेजोऽभिवर्धते। तेजसा समन्वितो हि पुरुषः समिधादिसमिद्धाग्निरिव समर्थः सम्पद्यते। सामर्थ्यसमन्वितो हि पुरुषोऽधिकारी सम्पद्यते समनुष्ठानादिषु। एतच्च पूर्वमेव निरूपितम्।

२६८. श्रीमद्भागवतम्, ८ स्कन्धः, १९ अध्यायः, २१ श्लोकः।

जीवनविरोधीलाई (अरूलाई बाँच्न नदिने र अरूमाथि अन्याय गर्ने) पुरुषलाई दमन गर्न अथवा त्यस्ता पुरुषलाई नष्ट गराउन निर्माण गरिएका सरकार आदिका सङ्गठन आदिमा विद्यमान बल (शक्ति) दुराचारीहरूका दुराचार पूरा गराउने माध्यमजस्ता भइरहेका छन्। सज्जनहरूलाई संरक्षण गर्न र उनीहरूलाई बढाबा दिन बनाइएका भएता पनि उक्त सङ्घटन आदि स्पष्ट देखिएका अनर्थका सम्पादक बनेका छन्। यी सबै विषय प्राज्ञ विश्लेषकका अगाडि छर्लङ्गै छन्। घर बनाउन भनी जम्मा गरिएका काठमा आगो लाइदिएर, भात पकाउने उद्देश्यले बाल्न भनेर ल्याइएका मट्टीतेल आदिमा आगो लाइदिएर, त्यसै आगामा काठ जम्मा गर्ने र मट्टीतेल जम्मा गर्ने पुरुषलाई डढाउन सजिलो हुन्छ भनी डढाउनका लागि म पहिले म पहिले भन्दै स्पर्धा गरिरहेको देखिन्छ। यसै प्रकारको विश्वको राजनीति देखिन्छ। जबसम्म शास्त्रको अध्ययनबाट उत्पन्न संयमले युक्त भएका पुरुषहरू राजनीतिमा प्रवेश गर्दैनन् तबसम्म राजनीतिमा सन्तोषको उदय हुँदैन। (राजनीतिबाट सन्तुष्ट हुन सकिन्न)।

पृथिवीमा अन्तरिक्षमा र स्वर्गमा जति प्रिय (मन पर्ने) विषय छन् ती सबै विषयले पनि आत्मसंयम नभएका, आफ्नै इन्द्रियमाथि विजय प्राप्त नगरेका पुरुषलाई सन्तुष्ट बनाउन सक्दैनन्। यस विषयमा लोक नै प्रत्यक्षप्रमाणका रूपमा रहेको छ। यसका लागि अनुमान आदि अन्य प्रमाणको आवश्यकता पर्दैन।

प्रह्लादका नाति दैत्यराज बलिद्वारा जीविका सञ्चालन गर्न पुग्ने जमिन भिक्षामा माग्न अभिप्रेरित गरिनुभएका भगवान् वामनले तिनै बलिलाई प्रत्युत्तरमा उद्बोधन गर्दै उक्त तथ्य प्रतिपादन गर्नुभएको छ। उक्त उद्बोधनलाई व्यासले यसरी व्यक्त गर्नुभएको छ- **यावन्तः**० अर्थात्- 'हे दैत्यराज बलि ! तीनै लोकमा जति पनि अत्यन्त प्रिय पदार्थ छन् ती सबैले पनि इन्द्रियमाथि विजय प्राप्त नगरेका पुरुषलाई तृप्त बनाउन सक्दैनन्' (भा. ८/१९/२१)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असन्तुष्टस्तु पुनः जलेनाग्निरिवासन्तोषात् प्रशाम्यति । असामर्थ्याद्विनश्यति । यथा भागवते-

'यदृच्छालाभतुष्टस्य तेजो विप्रस्य वर्धते । तत्प्रशाम्यत्यसन्तोषादम्भसेवाशुशुक्षणिः ।।' इत्युक्त्या भगवतो वामनस्य मुखाद् [२६९]व्यासेन सन्तोषासन्तोषयोः फलं निगदितम् ।

प्रकृतिदत्तानां पदार्थानां समुपयोगेनैव सामाजिकी व्यवस्था सम्यक् प्रचलति । प्रकृतिदत्तपदार्थानां समुपयोगश्च न हि असंयमिनां वृत्तौ समुदेति । एकतश्चित्तवृत्तेरसंयमः अपरतोऽर्थैषणया व्यापृतमनोव्यापारो लोकश्चेत् तत्र सामाजिकी व्यवस्था मूलतः उच्छिन्नप्रवणा भवति । तत्र तादृशवृत्तेः सम्भाव्यमानानि कानिचिदव्यवस्थोत्पादकानि तत्त्वानि निदर्श्यन्ते । यथा-

केवलार्थैषणया व्यापृतमनोव्यापारो लोको यतोऽधिकस्यार्थस्योपलब्धिर्भवति तत्रैव प्रवर्तते । महिषपालो महिषमर्थार्जनाय रक्षति । यथाधिकार्थोपलब्धिर्महिषात् सम्पद्यते तत्कालं तथैव रक्षति महिषम् । न हि तत्र परिणामजन्यं स्वकीयस्थायिसम्पत्तेर्विनाशं सामाजिकव्यवस्थाया उच्छेदं राष्ट्रस्य वा हानिं पश्यति स्वार्थान्धो जनः ।

एकः कश्चिन्महिषपालो वर्तते । महिषाच्चार्थोपलब्धिस्तदुत्पन्नद्रव्यसम्पदा भवति । तस्माच्च द्रव्यसम्पद् द्वेधा जायते । महिषान्महिषोत्पत्तिरेका । महिषाद् दुग्धोत्पत्तिरपरा । या महिषान्महिषोत्पत्त्या सम्पद्यमाना सम्पत्तिः

---

२६९. श्रीमद्भागवतम्, ८ स्कन्धः, १९ अध्यायः, २६ श्लोकः ।

संयमले नै सन्तोष उत्पन्न गराउँछ । सन्तुष्ट पुरुषको तेज बढ्दछ । तेजले युक्त भएको पुरुष समिधा आदिद्वारा बढेको अग्निझैं समर्थ हुन्छ । सामर्थ्यले युक्त भएको पुरुष अनुष्ठेय (सम्पादन गर्नुपर्ने) कार्यहरूमा अधिकारी हुन्छ । यो कुरा पहिले नै बताइसकिएको छ । असन्तुष्ट पुरुष भने पानीले आगो शान्त भएझैं (निभेझैं) असन्तोषले शान्त हुन्छ अर्थात् सामर्थ्य नभएकाले विनष्ट हुन्छ । यसै सम्बन्धमा भागवतमा भनिएको छ- **यदृच्छा०** अर्थात् 'जेजति प्राप्त हुन्छ त्यसैमा नै सन्तुष्ट हुने (रमाउने) ब्राह्मणको तेज बढ्छ । असन्तुष्ट ब्राह्मण जसरी पानी परेपछि आगो शान्त हुन्छ अर्थात् निभ्छ त्यसरी नै शान्त हुन्छ अर्थात् नष्ट हुन्छ' (भा. ८/१९/२६) । भगवान् वामनका मुखबाट भनिएको उपर्युक्त कथन उपनिबन्धन गरेर व्यासले सन्तोष र असन्तोषको फल (महिमा) बताएका हुन् ।

प्रकृतिद्वारा प्रदान गरिएका पदार्थको उचित उपभोग गर्ने हो भने मात्र सामाजिक व्यवस्था राम्ररी चल्दछ । प्रकृतिद्वारा दिइएका पदार्थको उचित प्रकारले उपभोग गर्नुपर्छ भन्ने धारणा असंयमी पुरुका चित्तवृत्तिमा उदाउँदैन । जहाँ एकातर्फ चित्तवृत्तिको असंयम र अर्कातर्फ अर्थ (धनसम्पत्ति) प्राप्त गर्ने आकाङ्क्षाले आक्रान्त मनोवृत्ति भएको मनुष्य हुन्छ त्यहाँ सामाजिक व्यवस्था जरैबाट उखेलिएको र विनाशोन्मुख बनेको हुन्छ । त्यस प्रकारका मनोव्यापारले गर्दा त्यस्ता समाजमा हुन सक्ने (सम्भावित) अव्यवस्थाका उत्पादक केही तत्त्वहरू उदाहरणका रूपमा देखाइन्छन् । जस्तै-

मात्र पैसा कमाउने इच्छाले आक्रान्त चित्तवृत्ति भएको मनुष्यले जहाँबाट अधिक अर्थ प्राप्त हुन्छ त्यसैमा प्रवृत्त हुन्छ । महिषपाल (भैंसी पाल्ने कृषक) ले अर्थार्जनका लागि भैंसी पाल्छ । जे गर्नाले भैंसीबाट धेरै आय आर्जन हुन्छ तत्काल त्यसै अनुसार भैंसीको सुरक्षा (पोषणादि) गर्दछ । स्वार्थले अन्धो भएको मनुष्यले परिणाममा आफ्नो स्थायी सम्पत्ति नै नष्ट हुन्छ, सामाजिक व्यवस्था उच्छिन्न हुन्छ अथवा राष्ट्रलाई नै हानि हुन्छ भनी हेर्न वा विचार गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सा च कालान्तरेण बहुप्रयासेन च सम्पद्यमाना सत्यपि नाधिकार्थोपचयाय जायते। यद्यपि सैषा सम्पद् राष्ट्रस्य कृते क्षेमप्रदा सम्पद्यते। महिषान्महिषोत्पत्तौ महिषाणां वृद्धिः। महिषवृद्धिर्हि महिषाभावस्य विनाशिकेति सुनिश्चितम्। परं तत्र बहुप्रयाससाध्यतया, बहुकालसाध्यतया, अधिकाधिकार्थोपचयाभावाच्च लोकप्रवृत्तिः स्वतो न जायते।

अपरा च सम्पद् महिषाद् दुग्धं समुत्पद्यते। दुग्धञ्च सायं प्रातर्द्रव्यार्जनायोपयुज्यते। तत्र दुग्धसम्पत्तावपि सर्पिषादिद्रव्याणां विकाशनं विधाय सम्प्राप्यमर्थं प्रयत्नसाध्यमाल्पिकञ्चेति तदर्थं लोपप्रवृत्तिर्विरला भवतीति समाजे देशे वा सर्पिषोऽभावस्तदवस्थ एव।

एवं सायं प्रातर्दुग्धविक्रयलभ्यार्थसञ्चयप्रवृत्तेरुदयाल्लोके महिषाभावः सर्पिषोऽभावश्च जायते। लोके द्रव्योपलब्धेरभावो हि अव्यवस्थोत्पादकः।

यथा महिषपालस्यासंयमितप्रवृत्तेर्लोके महिषसर्पिषोरभावः सम्पद्यते तथैव गोपालस्य अजाव्यादिपालकस्यापि असंयमितप्रवृत्तेर्लोकेर्द्रव्याभावो जायत एव।

सायम्प्रातर्दुग्धोपलभ्यार्थप्राप्तिकामो जनो न हि गोवृषभादिसंवर्धनाय संरक्षणाय वा प्रवर्तते। अधिकद्रव्यप्राप्तयेऽधिकदुग्धदोहनप्रवृत्तः स्तन्यपानाद् वत्सानपसारयति। स्तन्यपाननिराकृता वत्सा उत्तरोत्तरं क्षीणा मृत्युमेवाश्रयन्ते। एष एव दुर्न्यायोऽजादिष्वपि प्रवर्तते। तस्माच्च तेषां सर्वेषां हानिः। तेषां हानौ देशे लोकजीवनाधारः पर्यस्तमेति।

सक्दैन। मानौँ एउटा कुनै भैँसी पाल्ने व्यक्ति छ। भैँसीबाट अर्थार्जन त्यसै भैँसीबाट उत्पन्न पदार्थद्वारा हुन्छ। भैसीबाट पदार्थ प्राप्ति दुई प्रकारले हुन्छ। एउटा भैँसीबाट भैँसी (पाडो/पाडी) जन्मिन्छ। अर्को भैँसीबाट दूध आउँछ। भैँसीबाट पाडा पाडी जन्मिएर प्राप्त हुने सम्पत्ति धेरै समय पछि र धेरै प्रयास पछि प्राप्त हुन्छ र त्यसबाट अधिक अर्थको आर्जन पनि हुँदैन। हुन त यही नै सम्पत्ति राष्ट्रका लागि कल्याणकर हुन्छ। भैँसीबाट पाडा पाडी जन्मिए पछि भैँसीहरूको पनि वृद्धि हुन्छ। भैँसीको वृद्धि भैँसीका अभावको विनाशक हुन्छ भन्ने सुनिश्चित छ। तर त्यस कार्यमा धेरै प्रयास गर्नुपर्ने भएकाले, धेरै समय लाग्ने भएकाले र धेरैभन्दा धेरै अर्थार्जन नहुने भएकाले स्वतः मानिसको प्रवृत्ति उत्पन्न हुँदैन। भैँसीबाट अर्को दूध रूपी सम्पत्ति उत्पन्न हुन्छ। दूधलाई साँझ-बिहान द्रव्य आर्जन गर्न उपयोग गरिन्छ। दुग्धरूप सम्पत्तिबाट घिउ आदि द्रव्य निकालेर प्राप्त हुने आय प्रयत्न साध्य हुन्छ र थोरै पनि हुन्छ। त्यसैले घिउ बनाउने आदि कार्यमा मनुष्यको विरलै प्रवृत्ति हुन्छ। अतः समाजमा र देशमा घिउको अभाव ज्युँका त्युँ रहेको देखिन्छ। यसरी साँझमा र बिहानमा दूध बेचेर प्राप्त हुने अर्थको सञ्चयन गर्ने प्रवृत्ति बढ्नाले लोकमा भैँसीको र घिउको अभाव हुन्छ। लोकमा द्रव्यको (आवश्यक भैँसी, घिउ आदि पदार्थको) अभाव अव्यवस्थाको उत्पादक हो। जसरी भैँसी पाल्ने मान्छेको असंयमित प्रवृत्तिले लोकमा भैँसीको र घिउको अभाव हुन्छ त्यसरी नै गाई पाल्ने मान्छेको, बाख्रा-भेडा पाल्ने मान्छेको असंयमित प्रवृत्तिले पनि लोकमा द्रव्यको अभाव उत्पन्न हुन्छ नै।

साँझमा र बिहानमा दूधबाट प्राप्त हुने अर्थ आर्जन गर्ने आकाङ्क्षा भएको मनुष्य गाई, गोरु आदि बढाउन र तिनीहरूको संरक्षण गर्न प्रवृत्त हुँदैन। अधिक पैसा कमाउनका लागि अधिक दूध दुहुन प्रवृत्त भएको पुरुषले बाच्छा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतद्धि स्वाभाविकं यत् यः कश्चिदपि पदार्थः संयमेन सेवितो हितकरः । स एव पदार्थोऽसंयमेन सेवितश्चेदहितकरः सम्पद्यते ।

द्रव्योपयोगेच्छा च पुरुषस्य स्वाभाविकी । तत्र धर्मरहस्यज्ञः सचेतनः पुरुषो विहितेनैव मार्गेन द्रव्याणि समर्ज्योपभुङ्क्ते इति तस्याप्रत्यक्षात्मकेनैव दण्डेन नियमनाद्राजकीयस्य सामाजिकस्य वा प्रत्यक्षात्मकस्य दण्डस्यावश्यकता न भवति ।

परं रागाक्रान्तस्तु पुरुषो निषिद्धेनापि मार्गेण द्रव्याणि समुपलभ्योपभोक्तुं समीहते । तस्मादेव हि लोकेऽव्यवस्थितेरुत्पत्तिः ।

धर्माधर्मफलं सर्वं व्यवस्थाधायकं ध्रुवम्

आत्मनात्मानं संरक्षणं हि सुरक्षणमात्मनः कुप्रसङ्गेभ्यो भवति । आप्तकारिभिः पुरुषैर्गृहे संरुद्धा अपि अरक्षिता भवन्ति यदि आत्मानात्मानं न रक्षन्ति स्त्रियः । इत्येतन्मनुना[२७०] स्त्रीणां शीलवती भूत्वा स्वचारित्र्यसंरक्षणस्योपायं धर्माधर्मफलस्वर्गनरकप्राप्त्याद्युपदेशेन संयमितमनसो निर्माणं निर्दिष्टम् ।

२७०. ९/१२ मनुः ।

पाडालाई दूध दिँदैन । स्तनपान गर्नबाट टाढा गराइएका बाच्छा पाडा दिनदिनै दुब्लाउँदै मृत्युको आश्रय लिन पुग्छन् (मर्छन्) । यही दुर्न्याय बाख्रा आदिमा पनि प्रयोग गरिन्छ । यसबाट उनीहरू सबैलाई हानि हुन्छ । तिनीहरूको (कृषकहरूको) हानि भएका अवस्थामा लोकको बाँच्ने आधार नै अस्तव्यस्त हुन्छ ।

यो कुरा स्वाभाविकै हो कि कुनै पनि पदार्थ संयमपूर्वक सेवा (उपभोग) गरियो भने त्यसले हित गर्छ । त्यही पदार्थ नै असंयमित भएर उपभोग गरियो भने अहितकर हुन्छ । कुनै पनि पुरुषमा पदार्थको उपभोग गर्ने इच्छा हुनु स्वाभाविक हो । धर्मको रहस्य जान्ने सचेत मनुष्यले विहित मार्गबाट नै द्रव्य आर्जन गरेर उपभोग गर्छ । अतः त्यस्ता पुरुषलाई अप्रत्यक्षदण्डले नियमन गर्ने हुनाले राजकीय अथवा सामाजिक प्रत्यक्षदण्डको आवश्यकता पर्दैन । रागले आक्रान्त भएको पुरुषले भने निषिद्ध मार्गबाट पनि द्रव्य आर्जन गरेर उपभोग गर्न चाहन्छ । त्यस्ता पुरुषबाट नै लोकमा अव्यवस्था उत्पन्न हुन्छ ।

धर्म एवं अधर्मको सम्पूर्ण परिणाम नियत रूपमा व्यवस्थाधायक हुन्छ-

आफूले आफ्नो संरक्षण गर्नु भनेको आफूलाई कुसङ्गतबाट बचाउनु हो । आप्तवचन मान्ने पुरुषहरूद्वारा घरमा थुनेर राखिएका महिलाहरू पनि आफैले आफ्नो संरक्षण गर्दैनन् भने असुरक्षित नै हुन्छन् । स्त्रीहरूलाई राम्रा स्वभावले युक्त भएर आफ्ना चरित्रको संरक्षण गर्नुपर्छ भनी चरित्रसंरक्षणको उपाय र धर्म एवं अधर्मका परिणामका रूपमा प्राप्त हुने स्वर्ग एवं नरक प्राप्तिको उपदेश दिएर मनलाई संयमित बनाउनुपर्छ भन्ने उपदेश दिने क्रममा मनुले भनेका हुन् (मनु. ९/१२) ।[९४]

९४. मूलमा पठित अनुच्छेदमा सङ्केतित पद्यको उत्तरार्धमा विधिवाक्यका रूपमा भनिएको तथ्यलाई निषेधवाक्यद्वारा अभिव्यक्त गरिएको छ र मन्वर्थमुक्तावलीलाई उपजीव्य बनाई अन्य व्याख्या गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टं हि लोकेऽपि संयमितमनसामेव स्वचारित्र्यसंरक्षणं मर्यादितजीवनवृत्तस्य विकाशश्च । केवलं राजदण्डेन नियमितानां त्वसंयमितमनसां तद्विपरीतमेव हि दृष्टं लोके । केवलं राजदण्डादेव संरक्षणमाप्तुकामा जना आत्मन आचारव्यपेतव्यवहारमपि छलेन प्रच्छाद्य शुद्धत्वं दर्शयितुं यतन्ते । तत एव हि अव्यवस्थायाः सर्जनं भवति इति धर्माधर्मफलस्वर्गनरकरूपेष्टानिष्टप्राप्त्युपदेशेन संयिमतमनसां जनानां समुत्पादनं विधायाव्यवस्थानिराकरणं कर्तव्यम् ।

इन्द्रियग्रामं संयम्य नियमानामनुष्ठानाद् ब्रह्मचारिणस्तपसो वृद्धिर्भवति । अत आत्मनस्तपोऽभिवृद्ध्यर्थ-मिन्द्रियसमूहं विषयोपभोगलालसान्निवर्त्य स्नानार्चनतर्पणहोमाद्यनुष्ठेयकर्मानुष्ठानात्मकानां नियमानां समनुष्ठानं मधुमांसगन्धमाल्यरसशुक्तादिनिषिद्धपदार्थवर्जनं स्त्र्युपभोगप्राणिहिंसनरूपात्मकादिनिषिद्धकर्म-परिवर्जनात्मकानां च वर्जनं विधेयम् । [२७१]मनुनापि तथैवोक्तम्-

सेवेतेमांस्तु नियमान् ब्रह्मचारी गुरौ वसन् । सन्नियम्येन्द्रियग्रामं तपोवृद्ध्यर्थमात्मनः ॥

इत्यभिधाय

[२७२]नित्यं स्नात्वा शुचिः कुर्याद्देवर्षिपितृतर्पणम् । देवताभ्यर्चनं चैव समिदाधानमेव च ॥

वर्जयेन्मधु मांसं च गन्धं माल्यं रसान्स्त्रियः । शुक्तानि यानि सर्वाणि प्राणिनां चैव हिंसनम् ॥

---

२७१. २/१७५-१७५ मनुः ।

२७२. २/१७६-१७७ मनुः ।

लोकमा देखिएकै कुरा हो- मानसिक संयम भएका पुरुषले मात्र आफ्ना चरित्रको संरक्षण गर्ने र मर्यादित जीवनव्यवहारको विकाश गर्ने गर्छन् । मात्र राजदण्डद्वारा नियन्त्रण गरिएका असंयमित मनोवृत्ति भएका पुरुषहरूमा यसको विपरीत स्थिति नै लोकमा देखिन्छ । राजदण्डबाट मात्रै आफ्नो संरक्षण चाहने मनुष्यले आफ्नो आचारविहीन व्यवहारलाई पनि छलपूर्वक आच्छादन गरेर शुद्ध देखाउन (पानी माथिको ओबानो बन्न) प्रयत्न गर्छ । त्यसैबाट नै अव्यवस्थाको सृजना हुन्छ । अतः धर्म एवं अधर्मका परिणामका रूपमा प्राप्त स्वर्ग एवं नरकरूप इष्ट एवं अनिष्ट प्राप्तिको उपदेश दिएर संयमिन मन भएका जनता उत्पन्न गराएर अव्यवस्थालाई निराकरण (हटाउने काम) गर्नुपर्छ । इन्द्रियका समूहलाई नियन्त्रण गरेर नियमहरूको अनुष्ठान गर्नाले ब्रह्मचारीका तपस्याको वृद्धि हुन्छ । अतः आफ्ना तपस्याको अभिवृद्धिका लागि इन्द्रियसमूहलाई विषयको उपभोग गर्ने लालसाबाट निवृत्त बनाएर स्नान, पूजा, तर्पण, होम आदि अनुष्ठेय कर्महरूको अनुष्ठानरूप नियमहरूको पालना गर्नुपर्छ । मधु (मह), मासु, सुगन्धित पदार्थ, माला, रस, शुक्त आदि निषिद्ध पदार्थको परित्याग गर्नुपर्छ, स्त्रीको उपभोग, प्राणीहरूका हिंसारूप निषिद्ध एवं परिवर्जनीय कार्यको परित्याग गर्नुपर्छ । मनुले पनि यस्तै कुरा गरेका छन्- **सेवेत०** अर्थात् 'गुरुका नजिकमा बसिरहेका ब्रह्मचारीले आफ्ना तपस्याको अभिवृद्धिका लागि इन्द्रियका समूहलाई राम्ररी नियन्त्रण गरेर (उक्त/वक्ष्यमाण) नियमहरूको पालन गरोस्' (मनु. २/१७५) । उक्त निर्देशन दिएर **नित्यं स्नात्वा०** अर्थात् 'प्रत्येक दिन स्नान गरी पवित्र भएर देवता-ऋषि एवं पितृहरूलाई तर्पण, प्रतिमा आदिमा हरि हर आदि देवताको पूजा, समिधा ग्रहण (अग्निहोत्रादि) सम्पादन गर्नुपर्छ (मनु. २/१७६) । मह र मासु खान हुँदैन । कपुर, चन्दन, कस्तूरी आदि सुगन्धित पदार्थको उपभोग (भक्षण/

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादिभिर्ब्रह्मचारिणां तपसः समृद्धिकारकाणि व्रतानि निर्दिष्टानि । तस्मात् संयमेन हि ब्रह्मचारिणामपि तपसः समृद्धेर्विद्याबुद्धिवृद्धिविधायकत्वं संयमस्य सम्पद्यते। ससंयमं गृहस्थाश्रमे समध्युष्याशु बुद्धिवृद्धिकराणि, धनाय हितकारकाणि, दृष्टोपकारकाणि धर्मशास्त्रादिशास्त्राणि अध्येतव्यानि भवन्ति। वैदिकनिगमानामप्यध्ययनं ससंयमं विधेयम् । शास्त्राध्ययनस्य बुद्धिवृद्धिकारकत्वं धनाय हितकारकत्वं दृष्टोपकारकत्वं च [२७३]मनुनैव समाम्नातम्। शास्त्राध्ययनं च नियमेनाधीतस्य वीर्यवत्तरत्वान्नियमेनैव विधेयम्। नियमेनाधीतस्य वीर्यवत्तरत्वं [२७४]मन्वर्थमुक्तावल्यामुक्तम्।

धर्मशास्त्रस्य व्यवस्थासाधनत्वं धर्मशास्त्रविहितधर्मेभ्यः प्रतीयते। धर्मशास्त्रे विहिता ये ये धर्माः सन्ति ते ते धर्माः खलु प्रत्यक्षाप्रत्यक्षतया सामाजिकव्यवस्थां बिभ्रति।

द्विजातिभ्य आश्रमेषु सन्निवेश्याश्रमधर्माननुष्ठापयति । आश्रमविहितधर्मानुष्ठानेभ्यः कथं लोकोपकृतिः समुत्पद्यत इति तु निरूपितमेव । अप्रमत्ततया दण्डनीत्यां प्रवृत्य प्रजानां परिपालनं च राज्ञ आश्रमविशेषे सन्निविष्टस्यैव भवति।

यद्यपि विधवाया नार्या नियोगविधिर्निन्दितः।

---

२७३. ४/१९ मनुः।

२७४. मन्वर्थमुक्तावली, ३/१ मनुः।

अनुलेपन) गर्नहुँदैन। माला लागाउनुहुन्न। गुडादि रस खान हुँदैन। स्त्रीका साथमा समागम गर्न हुँदैन, शुक्तहरू (सुरुमा स्वभावैले मधुर आदि रसले युक्त भएता पनि पछिबाट (समयले र पानीमा राखिएका हुनाले) अमिला भएका वस्तु) खान हुँदैन। प्राणीहरूको हिंसा गर्न हुँदैन' (मनु. २/१७७) इत्यादि पद्यद्वारा ब्रह्मचारीका तपस्यामा वृद्धि गराउने व्रतहरू बताएका छन्। संयमद्वारा नै ब्रह्मचारीका तपस्याको अभिवृद्धि हुने भएकाले संयमले नै विद्या एवं बुद्धिमा वृद्धि गराउने कार्य गर्दछ। संयमका साथमा गृहस्थाश्रममा बसेर तत्काल नै बुद्धिमा वृद्धि गराउने, धनलाई हित गर्ने, (सम्पत्ति कमाउन सहयोग गर्ने) दृष्ट (प्रत्यक्ष देखिएका) साधनका रूपमा रहेका धर्मशास्त्र आदि शास्त्रहरूको अध्ययन गर्नुपर्ने हुन्छ। वेदसित सम्बद्ध ग्रन्थहरूको र निगम (पर्यायका माध्यमले वेदार्थ बुझाउने ग्रन्थ) हरूको अध्ययन पनि संयमका साथमा गर्नुपर्छ। शास्त्रको अध्ययनले बुद्धिमा वृद्धि गराउँछ, धनार्जनका लागि सहयोग पुऱ्याउँछ र प्रत्यक्ष नै उपकार गर्छ' (मनु. ३/१९) भन्ने तथ्य मनुले नै बताएका छन्। नियमपूर्वक गरिएको अध्ययन शक्तिशाली हुने भएकाले शास्त्रको अध्ययन नियमपूर्वक नै गर्नुपर्छ। नियमपूर्वक गरिएको अध्ययन शक्तिसम्पन्न हुन्छ भन्ने तथ्य मन्वर्थमुक्तावलीमा (मनु. ३/१ म.मु.) प्रतिपादन गरिएको छ।[९५]

धर्मशास्त्र व्यवस्थाको साधन हो भन्ने तथ्य धर्मशास्त्रमा विधान गरिएका धर्महरूबाट प्रतीत हुन्छ। धर्मशास्त्रमा जुन जुन धर्म प्रतिपादन गरिएका छन् ती ती धर्मले प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सामाजिक व्यवस्थालाई वहन गर्छन्। द्विजातिलाई आश्रममा बसालेर आश्रमधर्मको पालन गर्न लगाउँछ। आश्रमका लागि प्रतिपादन गरिएका धर्महरूको

९५. तथा च श्रुतिः- 'नियमेनाधीतं वीर्यवत्तरं भवति' इति। भनी मन्वर्थमुक्तावलीमा मूलमा प्रतिपादित तथ्यलाई प्रष्ट्याइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[२७५]**नान्यस्मिन् विधवा नारी नियोक्तव्या द्विजातिभिः ।**

अन्यस्मिन् हि नियुञ्जाना धर्मं हन्युः सनातनम् ।। इत्युक्त्या विधवाया नार्या नियोगे विहिते सनातनस्य धर्मस्य नाशोऽभिहितः ।

तत्रापि वाचा दत्तायाः सप्तपदमनिवृत्तायाः कन्याया नियोगविधिस्तु सम्प्राप्यते ।

[२७६]**देवराद्वा सपिण्डाद्वा स्त्रिया सम्यङ्नियुक्तया ।**

प्रजेप्सिताधिगन्तव्या सन्तानस्य परिक्षये ।। इत्युक्त्या च देवरादन्यस्मात् सपिण्डाद्वा नियोगविधिना नियुक्त्या प्रजाधिगमनमनुमतम् ।

तत्र नियोगविधिमाश्रित्य निन्दावचनानि विधायकानि वचनानि चोपलभ्यन्ते ।

पुत्रग्रहणविधेर्व्यवस्थास्थापकत्वम्

द्वादशविधपुत्रान् धर्मशास्त्रं समाचष्टे पिण्डोदकक्रियाहेतोः । तत्र यद्यपि पुत्रप्राप्तेः फलं दिवः प्राप्तिः पित्रर्णान्मुक्तिरित्यादिपारत्रिकं प्रयोजनं लोके वंशपरम्पराया विच्छित्त्यभावरूपप्रयोजनादिकं च [२७७]फलं निर्दिष्टमुपलभ्यते ।

तथापि सामाजिकव्यवस्थास्थापनविधौ द्वादशविधपुत्रग्रहणविधिः सहयोगं विधत्ते इति दृष्टफले सति अदृष्टफलकल्पनाया अन्याय्यत्वात् पुत्रग्रहणविधिर्व्यवस्थायाः साधनमुच्यते ।

---

२७५. ९/६४ मनुः ।

२७६. ९/५९ मनुः ।

२७७. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ७८ श्लोकः ।

अनुष्ठानबाट कसरी लोकको उपकार हुन्छ भन्ने विषय पहिले नै बताइसकिएको छ । अप्रमत्त (सावधान) भएर दण्डनीतिमा प्रवृत्त भई प्रजाहरूको संरक्षण गर्ने कार्य आश्रमविशेष (गृहस्थाश्रम) मा बसेका राजाद्वारा हुन्छ ।

विधवा स्त्रीका साथमा सम्भोग कार्य निषेध गरिएको छ । **न्यान्यस्मिन्०** अर्थात् 'ब्राह्मण आदि द्विजातिद्वारा विधवा स्त्रीलाई लोग्ने बाहेक अन्य देवर आदिका साथमा (विवाह आदिद्वारा) सम्बद्ध बनाउन हुँदैन । विधवा स्त्रीलाई अन्य पुरुषका साथमा सम्बद्ध गराउने पुरुषले अनादि कालबाट चल्दै आएको स्त्रीहरूको एकपति धर्मलाई नष्ट गराउँछन्' (मनु. ९/६४) । यस उक्तिद्वारा विधवा स्त्रीको विवाह गराइदिनाले सनातन धर्मको नाश हुन्छ भनिएको छ । यसमा पनि वाणीद्वारा दिइएकी (वाग्दान गरिएकी) तर सप्तपदा सम्पन्न नभएकी कन्याको नियोगविधि (विवाह कार्य) गर्न हुन्छ भन्ने शास्त्रवचन पाइन्छ । **देवराद्वा०** अर्थात् 'सन्तानका अभावमा पति आदि मान्यजनद्वारा नियुक्त गरिएकी (अभिप्रेरित) स्त्रीले (शरीरमा घिउ धस्ने आदि नियम पूरा गरेका) देवरका अथवा सपिण्डी पुरुषका साथमा शारीरिक सम्पर्क गरी अभीष्ट सन्तान उत्पन्न गराउनुपर्छ' (मनु. ९/५९) यस उक्तिद्वारा देवरबाट अथवा अन्य सपिण्डबाट नियोगविधपूर्वक नियुक्त गरिएकी स्त्रीद्वारा सन्तान प्राप्त गर्ने कार्य अनुमत (शास्त्रीय अनुमतिप्राप्त) छ । शास्त्रमा नियोगविधिलाई विषय बनाएर गरिएका निन्दापरक र नियोगविधिलाई अनुमति प्रदान गर्दै दुवै थरी कथन पाइन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकसुखसम्पादनं हि व्यवस्थायाः प्रयोजनम् । लघुलघूनां शिशूनामभावो हि गृहस्यारण्यसादृश्यापादकश्चेदपुत्रस्य तु सर्वमिदं जगत् शून्यमेवेत्यशून्यत्वापादनाय पुत्रप्रतिनिधिविधिः ।

पुत्रग्रहणाद्धि गार्हस्थ्यजीवनमुदेति, सरसतामाप्नोति, स्वात्मनो वृद्धावस्थायां संरक्षकमाप्नोति चेत्यादीनि प्रयोजनान्यैहिकानि सम्पद्यन्ते ।

तत्र पुत्रप्रतिग्रहणे च यथासम्भवं प्रत्यासन्नसपिण्डपुत्रादिप्राथम्यनिर्देशादव्यवस्थितिनिरसनपुरःसरं व्यवस्थां पुत्रग्रहणविधिर्विधत्ते ।

यदि पुत्रग्रहणविधिर्न स्यात्तदापुत्रस्य स्वर्यातस्य धनग्रहणेऽहमहिमिकया प्रवर्तमाना रागाक्रान्तचेतसः समाजमुद्वेजयेयुः ।

यद्यपि स्वर्यातस्यापुत्रस्य धनग्रहणे प्रथमं पत्नी अधिकारिणी भवति । तदनन्तरं दुहितरः अधिकारिण्यो भवन्ति । दुहितॄणामप्यभावे मातापितरौ अधिकारिणौ भवतः । तयोरप्यभावे भ्रातरोऽधिकारिणो भवन्ति ।

पुत्र (धर्मपुत्रादि) ग्रहणविधि व्यवस्थाको स्थापक हुन्छ-

पिण्डदान एवं जलदान (कव्य) क्रिया सम्पन्न गराउन धर्मशास्त्रले बाह्र प्रकारका पुत्रको उल्लेख गरेको छ । धर्मशास्त्रमा पुत्रप्राप्तिको प्रयोजन स्वर्गप्राप्ति र पितृऋणबाट मुक्ति हो भनी पारत्रिक प्रयोजन बताइएको छ । लोकमा वंशपरम्पराको निरन्तरतारूपी लौकिक प्रयोजन पनि देखाइएको पाइन्छ (या.स्मृ. १/७८) ।[९६]

सामाजिक व्यवस्था स्थापन गर्ने सन्दर्भमा बाह्र प्रकारका पुत्रको ग्रहणविधिले सहयोग गर्छ । अतः पुत्रग्रहणको दृष्ट फल देखिएका अवस्थामा अदृष्ट फलको कल्पना गर्नु अन्याय हुन्छ (नीतिसङ्गत हुँदैन) । त्यसैले नै पुत्रग्रहण विधिलाई व्यवस्थाको साधन भनिन्छ । लोकमा सुख उत्पन्न गराउनु व्यवस्थाको प्रयोजन हो । साना साना बालबच्चाको अभावले घरलाई (गृहस्थाश्रमलाई) जङ्गलजस्तो बनाउँछ भने सन्तान नभएका पुरुषका लागि त दृश्यमान सम्पूर्ण संसार नै शून्य हुन्छ । त्यसै शून्यतालाई हटाउन पुत्रका प्रतिनिधिको विधान गरिएको हो । पुत्रग्रहणबाट गृहस्थजीवनको उदय हुन्छ, सरस बन्दछ, वृद्धावस्थामा संरक्षण गर्ने व्यक्ति प्राप्त हुन्छ । पुत्रग्रहणबाट उक्त ऐहिक प्रयोजन सिद्ध हुन्छन् । पुत्रग्रहण गरेका अवस्थामा {निःसन्तान व्यक्तिका सम्पत्तिका अधिकारी पुरुषका रूपमा निर्देशन गरिएका} यथासम्भव नजिकका सपिण्ड पुत्रादिको प्राथमिकता निर्देशनबाट उत्पन्न अव्यवस्थितिलाई टाढा हटाई व्यवस्था बनाउने कार्य पुत्रग्रहण विधिले गर्छ । पुत्रग्रहण गर्ने विधि नहुने हो भने त्यस अवस्थामा सन्तान नभएका र मरिसकेका व्यक्तिको सम्पत्ति प्राप्त गर्न तँछाड मछाड गर्दै लागेका र रागले आक्रान्त चित्तवृत्ति भएका पुरुषहरूले समाजलाई उद्विग्न गराउँछन् ।

---

९६. शोधप्रबन्धमा सङ्केतित मूल पद्य र त्यसको मिताक्षरा यसप्रकार रहेको छ-

लोकानन्त्यं दिवः प्राप्तिः पुत्रपौत्रप्रपौत्रकैः । यस्मात्तस्मात्स्त्रियः सेव्याः कर्तव्याश्च सुरक्षिताः ॥ ७८ ॥

लोके आनन्त्यं वंशस्याविच्छेदः, दिवः प्राप्तिश्च दारसङ्ग्रहस्य प्रयोजनम् । कथमित्याह-पुत्रपौत्रप्रपौत्रकैर्लोकानन्त्यम्, अग्निहोत्रादिभिश्च स्वर्गप्राप्तिरित्यन्वयः । यस्मात्स्त्रीभ्य एतद्वयं भवति तस्मात् स्त्रियः सेव्या उपभोग्याः प्रजार्थम् । रक्षितव्याश्च धर्मार्थम् । तथाचापस्तम्बेन 'धर्मप्रजासंपत्तिः प्रयोजनं दारसङ्ग्रहस्योक्तं धर्मप्रजासंपन्नेषु दारेषु नान्यां कुर्वीत' इति वदता । रतिफलं तु लौकिकमेव ॥७८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भातॄणामप्यभावे भातृसुता अधिकारिणो भवन्ति। भातृसुतानामभावे सगोत्रा पितामही सपिण्डाश्चाधिकारिणो भवन्ति। पितामह्याः सपिण्डानाञ्चाभावे त्रिविधबन्धवो धनभाजो भवन्ति स्वर्यातस्यापुत्रस्य। बन्धूनामभावे शिष्योऽधिकारी भवति। तत्र विज्ञानेश्वरेण बन्धूनामभावे आचार्यस्य धनभाक्त्वमुक्तम्। आचार्यानन्तरं शिष्यस्य धनभाक्त्वमुक्तम्। तस्याप्यभावे (शिष्याभावे) सब्रह्मचारी धनभाक्भवति। येन सह समानादाचार्यादुपनयनाध्ययनतदर्थज्ञानप्राप्तिः स सब्रह्मचारीत्युच्यते। एवमेव योगीश्वरेण [२७८]याज्ञवल्क्येन-

पत्नी दुहितरश्चैव पितरौ भ्रातरस्तथा। तत्सुता गोत्रजा बन्धुशिष्यसब्रह्मचारिणः॥

एषामभावे पूर्वस्य धनभागुत्तरोत्तरः। स्वर्यातस्य ह्यपुत्रस्य सर्ववर्णेष्वयं विधिः॥ इत्युक्त्याभिहितम्।

तथापि स्मृतिषु स्वर्यातस्यापुत्रस्य धनग्रहणाधिकारक्रमस्यानेकविधत्वात् तत्र धनग्रहणायानेकेषां प्रवृत्तावव्यवस्थोत्पत्तिः स्वाभाविकेति पुत्रग्रहणविध्यभावेनैव समुत्पन्ना चैषाव्यवस्थितिरिति चावगन्तव्या। पुत्रग्रहणविधिसत्वेऽपुत्रस्यापि तद्विध्यनुसारं गृहीतस्य पुत्रस्य सर्वप्रथममधिकारान्नाव्यवस्थितेरुदयः। नापि पित्रर्णान्मुक्त्यभावः। नो वा सन्ततिपरम्पराविच्छेदः। न च पुत्रप्रयुक्तस्वर्गप्राप्तेरभाव इति पुत्रग्रहणविधिर्व्यवस्थायाः स्थापक इति व्यवस्थायाः साधनमुपपद्यते।

२७८. याज्ञवल्क्यस्मृतिः, व्यवहाराध्यायः, १३५-१३६ श्लोकाः।

मरिसकेका र सन्तान नभएका व्यक्तिको धन ग्रहण गर्ने पहिलो अधिकारी पत्नी हुन्छिन्। त्यसपछि छोरीहरू अधिकारी हुन्छन्। छोरीहरू पनि नभएका अवस्थामा माता पिता अधिकारी हुन्छन्। माता पिताका पनि अभावमा दाजुभाइहरू अधिकारी हुन्छन्। दाइभाइहरूका पनि अभावमा भाइका छोराहरू अधिकारी हुन्छन्। दाइभाइका छोराहरूका पनि अभावमा समानगोत्रका पितामही एवं सपिण्डीहरू अधिकारी हुन्छन्। पितामहीको र सपिण्डहरूको पनि अभावमा भने मरेका निःसन्तान व्यक्तिका तीनै प्रकारका बान्धवहरू धनका अधिकारी हुन्छन्। बान्धवहरूका पनि अभावमा शिष्य अधिकारी हुन्छ। विज्ञानेश्वरले बन्धुहरूका अभावमा आचार्य धनका अधिकारी हुन्छन् र आचार्य पछि शिष्य धनको अधिकारी हुन्छ भनेका छन्। शिष्यका पनि अभावमा सब्रह्मचारी धनको अधिकारी हुन्छ। जुन पुरुषका साथमा एउटै आचार्यबाट उपनयनसंस्कार, अध्ययन एवं वेदार्थज्ञानप्राप्ति हुन्छ त्यसैलाई नै सब्रह्मचारी भनिन्छ। योगीश्वर याज्ञवल्क्यले यसरी नै भनेका छन्- **पत्नी दुहितरश्चैव०** 'पत्नी, छोरीहरू, बुबा-अमा, दाजुभाइहरू, दाइभाइका छोराहरू, आफ्नै गोत्रमा उत्पन्न भएका सपिण्ड, तीन प्रकारका बान्धव, शिष्य र सब्रह्मचारी- यिनीहरूमध्ये पहिले पहिलेका व्यक्तिको अभावमा पछि पछिका व्यक्ति मरेका र सन्तान नभएका पुरुषका सम्पत्तिका अधिकारी हुन्छन्। यो सबै वर्णमा लागूहुने नियम हो' (या.स्मृ. २/१३५-१३६)।

स्मृतिहरूमा दिवङ्गत अपुत्रका धनग्रहण गर्ने अधिकारीको क्रम अनेक प्रकारको पाइने हुनाले धनग्रहणका लागि अनेकौँ पुरुष प्रवृत्त हुने हुनाले अव्यवस्था उत्पन्न हुनु स्वाभाविक हो। अतः यो अव्यवस्था पुत्रग्रहणका विधिको अभावमा उत्पन्न भएको हो भनी जान्नुपर्छ। पुत्रग्रहण विधि भएका अवस्थामा सन्तान नभएका पुरुषको सम्पत्ति ग्रहण गर्ने पहिलो अधिकार उक्त विधिद्वारा ग्रहण गरिएका पुत्रमा रहने हुनाले अव्यवस्थाको उदय हुँदैन। पितृऋणबाट मुक्त हुन नसक्ने अवस्था पनि आउँदैन। सन्तान परम्पराको विच्छेद पनि हुँदैन। पुत्रद्वारा प्रदान गरिने स्वर्गप्राप्तिको अभाव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दारग्रहणनियमो व्यवस्थास्थापकः

शास्त्रनिर्दिष्टनियमानुसारं संयमात्मकप्रवृत्तिसमन्वितौ स्त्रीपुरुषौ गृहस्थाश्रमे समध्युष्य स्वप्रयोजनसिद्धये समर्थौ सन्तौ मनोहरसामाजिकरूपसम्पादनात्मिकां स्थितिमापादयतः।

लोके स्त्रीद्रव्यार्थद्रव्योर्हि विशेषतः पुरुषस्याव्यवस्थित्यात्मिकायाः प्रवृत्तेरुदयादव्यवस्थोदयः प्रायः समुद्गतः संल्लक्ष्यते । तस्मात्तयोः संयमात्मिकीं प्रवृत्तिमुद्भावयितुं यथा धर्मशास्त्रविहितदारग्रहणनियमः स्वत्वोपलब्धिकारकहेतवश्च समर्थाः सम्पद्यन्ते न तथा साधनान्तरं किञ्चिज्जगति संल्लक्ष्यते। तत्र स्वत्वोपलब्धिकारकहेतूनां प्रकरणान्तरे निरूपणं विहितम्। अत्र केवलं दारग्रहणनियमस्य निरूपणं विधीयते।

दारग्रहो हि असपिण्डेभ्योऽसमानार्षगोत्रेभ्यश्च विहितः । तेन विधिना सपिण्डसमानार्षगोत्रजानां कन्यानां स्वोपभोगाभावप्रदर्शनाद् असपिण्डेभ्यः असमानार्षगोत्रेभ्यो हि कन्यां संप्रयच्छति। अनेन दारग्रहणविधिना सम्भाव्यस्त्रीद्रव्यजन्याव्यवस्थितेर्मूलत एव विनाशो विहितः । असपिण्डासमानार्षगोत्रजायाः कन्यायाः विवाहो विधेयश्च [२७९]याज्ञवल्क्येन स्मृतः।

अनियमतो द्रव्योपभोगेच्छा अव्यवस्थित्त्यापादिका। अत्र तु स्वोत्पादितां सम्यक् संवर्धितां स्वलङ्कृतां श्रीस्वरूपिणीमपि कन्यां परकीयं पुत्रं स्वयमाहूय समर्पयतीति अव्यवस्थितिहेत्वभावाद् व्यवस्थितेरनुकूलतामावहति स दारग्रहणनियमः।

२७९. याज्ञवल्क्यस्मृतिः, आचाराध्यायः, ५२-५३ श्लोकौ।

पनि हुँदैन। अतः पुत्रग्रहणविधि व्यवस्थाको स्थापक हो। त्यसैले पुत्रग्रहण व्यवस्थाको साधन हो भन्ने कथन युक्तियुक्त देखिन्छ।

विवाह गर्ने विधि व्यवस्थाको स्थापक हो-

शास्त्रमा बताइएका नियमानुसार संयमात्मक प्रवृत्तिले युक्त भएका स्त्री एवं पुरुष गृहस्थाश्रममा बसेर आफ्ना प्रयोजन सिद्ध (सम्पन्न) गर्न समर्थ हुन्छन्। उनीहरूले समाजको स्वरूपलाई मनोहर बनाउने अवस्था उत्पन्न गराउँछन्।

लोकमा विशेषतः स्त्रीद्रव्य एवं अर्थ (धनसम्पत्तिरूप) द्रव्यलाई लिएर पुरुषमा अव्यवस्थालाई उत्पन्न गराउने प्रवृत्तिको उदय भएको देखिन्छ। उक्त दुवै द्रव्यमा संयमात्मक प्रवृत्ति उत्पन्न गराउन जसरी धर्मशास्त्रमा बताइएको दारग्रहण नियम (विवाहविधि) र व्यक्तिगत स्वत्व उत्पन्न गराउने हेतुहरू (सम्पत्ति आर्जन गर्ने विहित विधि) समर्थ हुन्छन् त्यसरी अन्य कुनै साधन यस जगत्मा समर्थ भएको देखिन्न। {उक्त स्त्रीद्रव्य एवं अर्थद्रव्यमध्ये} विहित सम्पत्ति प्राप्त गराउने साधनका सम्बन्धमा अन्य प्रकरणमा चर्चा गरिएको छ। प्रस्तुत सन्दर्भमा दारग्रहण (विवाह) सित सम्बद्ध नियमको निरूपण गरिन्छ।

विवाह गर्दा सपिण्डमा नपर्ने र असमान (आफ्नोभन्दा भिन्न) आर्षगोत्रमा जन्मिएकी कन्याका साथमा गर्नुपर्छ भनी विधान गरिएको छ। उक्त विधिले सपिण्डमा र समान आर्षगोत्रमा उत्पन्न भएका कन्याको उपभोग गर्न हुन्न भन्ने भाव अभिव्यक्त गर्ने हुनाले कुनै पनि पुरुषले सपिण्ड बाहिरका र असमान आर्ष गोत्रमा उत्पन्न भएका वरलाई विधिपूर्वक कन्यादान गर्छ। यस प्रकारको (नियमसङ्गत) दारग्रहण (विवाह) विधिद्वारा सम्भाव्य स्त्रीद्रव्यबाट उत्पन्न हुन सक्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तत्र दारग्रहणविधिः पुनः पतिपत्न्योः सम्बन्धं दृढीकृत्य परस्परानुकूलात्मिकां प्रवर्तनां विधत्ते।

सन्त्यनेकविधानि रूपाणि खलु सम्पदाम्

यथा वर्णानामनेकविधत्वं तथैव सम्पदः स्वरूपाण्यनेकविधानि। तत्र ज्ञानरूपा सम्पत् सर्वश्रेष्ठेति न ह्यविदितं प्रेक्षावताम्। सुरक्षणात्मिका सम्पत् द्वितीया। उपभोगार्हवस्तुरूपा तृतीया सम्पत्। परिचर्यात्मिका च सम्पत् चतुर्थी। एताश्च सम्पदो विश्वस्रष्टुः परमेश्वरस्य। तेन च विविधाः प्रजाः सृष्ट्वा तासु सम्पत्सु तासां स्वत्व-माहितम्।

यथैव पिता परम्परागतस्य वित्तस्य विभागं कुर्वन् परम्परागते पितुः स्वातन्त्र्याभावात् सर्वान् समभागेनैव विभजति।

तथैव जगत्स्रष्टा परमेश्वरोऽपि ब्राह्मणं ज्ञानसम्पदा, क्षत्रियं वीर्यसम्पदा, वैश्यमुपभोग्यवस्तुसम्पदा, शूद्रञ्च परिचर्यात्मकसम्पदा विभेजे। तेषु पुनः प्रज्ञापराक्रमादीनामाधानमपि तत्तज्जनैः पूर्वजन्मार्जितधर्ममनुसृत्यैव कुरुते।

वस्तुतस्तु न हि पिता वा पुत्राणां विभागे स्वातन्त्रेण प्रभुः, नो वा परमेश्वरोऽपि वर्णानां ज्ञानादिसम्पदां विभागे स्वातन्त्र्येण प्रभुः।

अव्यवस्थाको जरैबाट विनाश हुन्छ भनिएको छ। सगोत्रमा नपर्ने र असमान आर्ष (ऋषि) गोत्रमा उत्पन्न भएका कन्याका साथमा विवाह गर्नुपर्छ भनी याज्ञवल्क्यले बताएका छन् (या.स्मृ. १/५२-५३)।

नियमको अतिक्रमण गरेर गरिएको द्रव्यको उपभोग गर्ने इच्छाले अव्यवस्था उत्पन्न गराउँछ। यहाँ त आफैले उत्पन्न गराएकी, बढाएकी, राम्ररी अलङ्कृत बनाएकी, लक्ष्मीरूपिणी कन्यालाई अर्काका पुत्रलाई आफै बोलाएर समर्पण गरिएको हुन्छ। अतः अव्यवस्थाका कारणको सम्भावना नै नरहने हुनाले दारग्रहण (विवाह) सित सम्बद्ध नियमले व्यवस्थाको अनुकूलता उत्पन्न गराउँछ। पुनश्च विवाहविधिले पति र पत्नीका बीचका सम्बन्धलाई दृढ बनाएर एकअर्काको अनुकूल भएर जीवन सञ्चालन गर्ने प्रवृत्तिको विकाश गर्छ।

सम्पत्तिका अनेक प्रकारका स्वरूप छन्-

जसरी वर्णहरू अनेक प्रकारका हुन्छन् त्यसरी नै सम्पत्तिका पनि अनेक प्रकारका स्वरूप हुन्छन्। सम्पत्तिहरूमध्ये ज्ञानरूपी सम्पत्ति सर्वश्रेष्ठ हुन्ने कुरा विद्वान्हरूद्वारा नजानिएको विषय होइन। सुरक्षासम्बन्धी सम्पत्ति दोस्रो सम्पत्ति हो। उपभोग गरिने वस्तुसित सम्बद्ध सम्पत्ति तेस्रो हो। परिचर्या (सेवारूप) सम्पत्ति चौथो हो। यी विश्वस्रष्टा परमेश्वरका सम्पत्ति हुन्। उनै परमेश्वरले विभिन्न प्रकारका प्रजाहरूको सृष्टि गरेर तिनै प्रजाहरूमा उक्त सम्पत्तिको स्वामित्व (आफ्नोपन) स्थापित गरिदिए।

परम्पराबाट प्राप्त भएको सम्पत्तिमा भागबन्डा लगाइरहेका पिताले आफ्ना छोराहरूलाई बराबर सम्पत्ति बाँडेर दिन्छन्। परम्पराबाट प्राप्त सम्पत्तिमा पिताको आफू खुसी गर्ने अधिकार हुँदैन। जगत्का सृष्टिकर्ता परमेश्वरले पनि ब्राह्मणलाई ज्ञानरूपी सम्पत्ति, क्षत्रियलाई पराक्रमरूपी सम्पत्ति, वैश्यलाई उपभोग गरिने वस्तुरूप सम्पत्ति र शूद्रलाई परिचर्यारूप सम्पत्ति विभाग लगाएर प्रदान गर्छन्। पुनः ब्राह्मण आदिमा प्रज्ञा, पराक्रम आदिको आधान गर्ने कार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिता पुत्रं स्वोद्धारं विभजन् समांशेन वा विभजन् शास्त्रनिर्दिष्टमेव विकल्पं समाश्रित्य स्वातन्त्र्यं भजते।

परमेश्वरश्च प्राणिभिरनुष्ठितं कर्ममेवानुसृत्य ज्ञानादिसम्पदासमन्वितवर्णात्मकप्राणिसर्जनं विधत्ते। कर्माणि च वर्णानां सान्तरालानां सुनिश्चितानि। समय एव करोति बलाबलम्।

धर्मस्यानेकरूपत्वं नैककार्यकारित्वञ्च। यथा हि जातस्य पुरुषस्य बाल्यवयस्कवार्द्धक्यादयोऽवस्था-विशेषा अवस्थानुसारं शक्तेरुदयः, शक्त्यनुरूपमुपभोगविषया नियतास्तथैव समयस्यापि (कालस्य) विभिन्नावस्थाविशेषास्तदनुसारं शक्तेः प्रादुर्भावः शक्त्यनुरूपमुपभोगविषयत्वञ्च नियतमेव।

चतुर्षु युगेषु विभक्ता सृष्टिर्युगानुरूपं हि धर्ममावहमाना परिवृत्तिमपेक्षते हि आनुकूल्यापादनात्मिकाम्। यथा यथा हि युगानामपचयो भवति तथा तथैव तत्तद्युगानुकूलतया धर्मा अपि परिवृत्तिमपेक्षन्ते। [२८०]कृतयुगे (सत्ययुगे) ये धर्माः प्राधान्यमाप्नुवन्ति। त्रेतायां द्वापरे कलौ वान्ये एव धर्माः प्राधान्यं भजन्ते। ये धर्मास्त्रेतायां न ते द्वापरे, ये च धर्मा द्वापरे न ते कलौ प्राधान्यमाप्नुवन्ति।

प्रथमे वयसि वर्तमानस्य उपभुक्तद्रव्यपाचनात्मिका, ग्रहणात्मिका, धारणात्मिकाद्या यादृशी शक्तिरुपलभ्यते तृतीयचतुर्थादिषु वयस्सु विद्यमानस्य पुरुषस्य नैषा सम्प्राप्यते। तथैव युगेष्वपि प्रथमे विद्यमानस्य

२८०. १/८५ मनुः।

सम्बद्ध पुरुषद्वारा पूर्वजन्ममा आर्जन गरिएका धर्मको अनुसरण गरेर नै गर्ने गर्छन्। यथार्थमा भन्ने हो भने जसरी पिता छोराहरूलाई सम्पत्ति बाँडफाँड गरेर दिने सम्बन्धमा स्वतन्त्ररूपमा समर्थ हुँदैनन् त्यसरी नै परमेश्वर पनि वर्णहरूलाई ज्ञानादि सम्पत्ति विभाजन गरेर दिने क्रममा स्वतन्त्ररूपमा समर्थ हुँदैनन्। आफूलाई पिण्ड पानी दिने जेठा छोरालाई केही बढी सम्पत्ति दिएर अथवा सबै छोरालाई बराबर सम्पत्ति दिएर अंश लगाइरहेका पिताले शास्त्रमा निर्देश गरिएका विकल्पको आश्रय लिएर स्वतन्त्रता उपभोग गर्न सक्दछन्। परमेश्वरले पनि प्राणीहरूद्वारा गरिएका कर्मको अनुसरण गरेर (कर्मलाई मापदण्ड बनाएर) ज्ञानादि सम्पत्तिले युक्त भएका वर्णरूप प्राणीहरूको सृष्टि गर्ने काम गर्छन्। सान्तराल (व्यवहित) वर्णका कर्महरू पनि निर्धारण गरिएका छन्। समयले नै सबैलाई बलवान् एवं निर्बल बनाउँछ।

धर्मका अनेक स्वरूप हुन्छन् र धर्मले अनेक प्रकारका कार्य सम्पन्न गर्छ। जसरी उत्पन्न भएका पुरुषका बाल्य, वयस्क (युवा) एवं वार्धक्य (वृद्ध) आदि अवस्था हुन्छन्, अवस्थाअनुसारको शक्तिको उदय हुन्छ, शक्ति अनुरूप उपभोग गरिने विषय नियत (निश्चित) हुन्छन् त्यसरी नै समयका पनि विभिन्न अवस्था हुन्छन्, त्यसै अनुसार शक्तिको प्रादुर्भाव हुन्छ, शक्तिअनुरूप उपभोग गरिने विषय नियत हुन्छन्।

चार युगमा विभक्त भएको र युगानुरूप धर्मलाई प्रवृत्त गराइरहेको सृष्टिले अनुकूलता उत्पन्न गराउने परिवर्तनको अपेक्षा गर्दछ। जति जति युग समाप्त हुँदै जान्छ त्यति त्यतिनै ती ती युगका अनुकूल धर्महरूले पनि परिवर्तनको अपेक्षा गर्छन्। सत्ययुगमा कुनै धर्म प्रमुख हुन्छन् भने त्रेतामा, द्वापरमा र कलिमा अरू नै धर्म प्रमुख हुन्छन्। जुन धर्म त्रेतामा प्रमुख हुन्छन् ती धर्म द्वापरमा र जुन धर्म द्वापरमा प्रमुख हुन्छन् ती धर्म कलिमा प्रधान हुँदैनन् (मनु. १/८५)।

युवावस्थामा रहेका पुरुषमा जुन प्रकारको खाएका पदार्थ पचाउने, ग्रहण गर्ने, धारण गर्ने आदि शक्ति पाइन्छ त्यस प्रकारको शक्ति तेस्रा र चौथा (वृद्धतातर्फ उन्मुख र वृद्ध) अवस्थामा विद्यमान पुरुषमा पाइँदैन। यसै प्रकारले युगहरूमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयतृतीयचतुर्थयुगेष्वविद्यमानत्वाद् युगापचयक्रमेण धर्माणामपि वैलक्षण्यं निर्दिष्टम् । तपःप्राधान्यं कृतयुगे, ज्ञानप्राधान्यं त्रेतायाम्, यज्ञप्राधान्यं द्वापरे, दानप्राधान्यं च कलौ भवतीति [२८१]परावरज्ञाः प्राहुः ।

धर्मस्य जगतः प्रतिष्ठात्वं निरूपितम् । धर्मस्य जगद्धरकत्वमपि निरूपितम् । धर्मस्य तथाविधत्वात् समयावस्थादिकमपेक्ष्य रूपपरिवृत्तिः सम्पद्यत एव ।

धर्मस्यानेकरूपत्वं चापि निरूपितम् । यथानेकरूपं ब्रह्म शाश्वतं सदपि नश्वरमापद्यमानं नानात्वमुपगच्छति, तथैव धर्मोऽपि शाश्वतस्येश्वरस्य मूर्तिरूपतया शाश्वतं सनातनं रूपं बिभ्रदपि अनेकाश्रिततया नानात्व-मुपगच्छति ।

स्वत्वस्थापकहेतवो व्यवस्थास्थापकाः

नियमतो विहितानां प्रवर्तनया यत्तत्त्वं यावता परिमाणेनोपकर्तुं प्रभवति, असंयमितप्रवर्तनायां विहितायां तदेव तत्त्वं तावता परिमाणेनापकरोति ।

लोके धनं स्त्रीतत्त्वं चैमे द्वे तत्त्वे जीवनाय, गार्हस्थ्यजीवनपरिचालनाय, पुत्रपौत्रादिसन्ततिपरम्पराप्रवर्तनाय, पुरुषेण समर्जनीयानां चतुर्णामेव पुरुषार्थानामवाप्तये चातीवावश्यके । न हि धनं दारां च विहाय कश्चिदपि वार्तमानिको लोकः किञ्चित्कर्तुं प्रभवति ।

श्रूयते केवलमलौकिकसामर्थ्यवद्भिर्महर्षिभिस्तपोबलादेव विहिता छन्दतः पदार्थानां सृष्टिः । न त्वतपाः कश्चिदाधुनिको जनो विधातृप्रवर्तितनियमं विहाय किञ्चिदपि विधातुं प्रभवति ।

---

२८१. १/८६ मनुः ।

पनि पहिलो युगमा विद्यमान (धर्मादि) दोस्रो, तेस्रो र चौथो युगमा नपाइने हुनाले युगका अपचयका (समापनका) क्रमले धर्ममा पनि विलक्षणता देखाइएको छ । सत्ययुगमा तपस्याको प्रधानता, त्रेतामा ज्ञानको प्रधानता, द्वापरमा यज्ञको प्रधानता र कलिमा दानको प्रधानता हुन्छ (मनु. १/८६) भनी परावरज्ञ महर्षिहरूले भनेका छन् ।

धर्म जगत्को प्रतिष्ठा हो भन्ने तथ्य पहिले नै देखाइयो । धर्मले जगत्लाई भरिभराउ गर्छ भन्ने कुरा पनि निरूपण गरियो । त्यस प्रकारका धर्मको समय र अवस्था आदिको अपेक्षा गरेर रूपको परिवर्तन सम्पन्न हुन्छ नै । जसरी अनेकौँ रूपले युक्त भएका ब्रह्माले परमार्थतः शाश्वत (अविनाशी) भएता पनि नश्वरतामा प्राप्त हुने (विनाशशील) अनेक रूप धारण गर्छन् त्यसरी नै धर्मले पनि शाश्वत (अविनाशी) परमेश्वरको एउटा मूर्ति भएकाले परमार्थतः शाश्वत एवं सनातन स्वरूपले युक्त भएता पनि अनेक पदार्थमा आश्रित भएर अनेकतालाई प्राप्त गर्छ ।

स्वत्व (आफ्नोपन) स्थापित गराउने साधनहरू व्यवस्थाका स्थापक हुन्-

नियमपूर्वक (संयमित भएर) विहित कार्यमा प्रवृत्त हुनाले जुन तत्त्वले जति मात्रामा उपकार गर्न सक्छ असंयमपूर्वक प्रवृत्त भएमा त्यसै तत्त्वले त्यति नै मात्रामा अपकार (नराम्रो) गर्छ । लोकमा धन र स्त्री यी दुई तत्त्व (वस्तु) जीवनयापनका लागि, गार्हस्थ्य जीवन सञ्चालनका लागि र पुरुषद्वारा आर्जन गर्नुपर्ने चारै प्रकारका पुरुषार्थको प्राप्तिका लागि अत्यन्त आवश्यक (अनिवार्यजस्ता) हुन्छन् । वर्तमान युगको कुनै पनि पुरुषले धन एवं पत्नीलाई छाडेर (यी दुई तत्त्वका अभावमा) केही पनि गर्न सक्दैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधात्रा चाखिलकार्याणां धनसाध्यत्वं विहितम्। तदेव धनं यदि संयमिता लोकप्रवृत्तिस्तर्हि धर्मस्य साधनं सम्पद्य तद्द्वारा पुरुषार्थसाधनं सम्पद्यते। यदि लोकप्रवृत्तिस्त्वसंयमिता, तत्र तु तदेव धनमनर्थकरमुपपद्यते। तदनर्थपरिहारः स्वत्वस्थापनात्तत्र च संयमेन प्रवर्तनादेवोपपद्यते। नान्यथा।

स्वत्वोपलब्धिहेतूनां व्यवस्थास्थापकत्वम्

रिक्थक्रय्यसंविभागपरिग्रहाधिगमाः सर्वेषां सामान्यतया स्वत्वोपलब्धेर्हेतवः। ब्राह्मणस्य प्रतिग्रहादिभ्यः, क्षत्रियस्य विजयादिभ्यः, वैश्यस्य कृष्यादिभ्यः, शूद्रस्य शुश्रूषादिभ्यः स्वत्वस्योपलब्धिर्भवति इति प्रतिग्रहादयः स्वत्वोपलब्धेर्विशेषहेतवः।

[२८२]गौतमेन-

'स्वामी रिक्थक्रयसंविभागपरिग्रहाधिगमेषु' इत्यभिधाय साधारणस्वत्वोपलब्धेर्हेतवोऽनुरुद्धाः।

'ब्राह्मणस्याधिकं लब्धम्' इत्यनेन ब्राह्मणस्य लब्धिर्विशिष्टतया स्वत्वहेतुर्निर्दिष्टा [२८३]गौतमेन।

तथैव **'क्षत्रियस्य विजितम्'** इत्यनेन क्षत्रियस्य **'निर्दिष्टं वैश्यशूद्रयोः'** इत्यनेन च वैश्यस्य शूद्रस्य च निर्दिष्टशब्दोपलभ्यकृषिगोरक्षादिप्राप्यं वैश्यस्य तच्छब्दलभ्यशुश्रूषादिप्राप्यं शूद्रस्यासाधारणं स्वत्वं निर्दिष्टं [२८४]गौतमेनैव।

---

२८२. गौतमधर्मसूत्रम्, १०/३९।

२८३. गौतमधर्मसूत्रम्, १०/४०।

२८४. गौतमधर्मसूत्रम्, १०/४१-४२।

सुनिन्छ; मात्र अलौकिक सामर्थ्यले युक्त भएका महर्षिहरूले आफ्ना तपस्याका शक्तिले इच्छानुसार पदार्थहरूको सृष्टि गरेका थिए। तपस्याको शक्ति नभएको कुनै पनि आधुनिक पुरुषले विधाताद्वारा बनाइएका नियमको उल्लङ्घन गरेर केही पनि गर्न सक्दैन। विधाताले सबै कार्य धनद्वारा सम्पन्न गर्न सकिने बनाएका छन्। त्यही नै धन मानिसको प्रवृत्ति (व्यवहार) संयमित छ भने धर्मको साधन बन्दछ र त्यसैका माध्यमले पुरुषार्थको साधना गर्न सकिन्छ। लोकको प्रवृत्ति असंयमित छ भने त्यही नै धन अनर्थकारी बन्दछ। अनर्थको परिहार स्वत्वको स्थापनाबाट र त्यसमा संयमपूर्वक प्रवृत्त भएर उत्पन्न हुन्छ। अन्य उपायबाट अनर्थको परिहार गर्न सकिन्न।

स्वत्व (आफ्नोपन/आफ्नो सम्पत्ति) प्राप्त गर्ने उपायहरूमा व्यवस्था स्थापकत्व रहेको हुन्छ-

रिक्थ (पैतृक धन), क्रय्य (किनबेचबाट प्राप्त धन), संविभाग (अंशबण्डाबाट प्राप्त धन), परिग्रह (भक्त आदिबाट समर्पित वा दानमा प्राप्त धन) र अधिगम (अकस्मात् प्राप्त निध्यादि धन)- सामान्यरूपमा सबैका लागि स्वत्व (सम्पत्ति) प्राप्त गर्ने साधन हुन्। ब्राह्मणलाई प्रतिग्रह (दान-दातव्य) आदिबाट, क्षत्रियलाई विजय (परराष्ट्रलाई जितेपछि त्यस राष्ट्रबाट प्राप्त हुने कर) आदिबाट, वैश्यलाई कृषि आदिबाट र शूद्रलाई सेवा आदिबाट स्वत्व (निजी सम्पत्ति) प्राप्त हुन्छ। अतः प्रतिग्रह (शुद्ध दान ग्रहण) आदि स्वत्व प्राप्तिका विशेष कारण (साधन) हुन्। गौतमले- **स्वामी०** अर्थात् 'रिक्थ, क्रय, संविभाग, परिग्रह एवं अधिगममा स्वामी (सम्पत्तिको अधिकारी) हुन्छ' (गौ.घ.सू. १०/३९) भनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रेषु स्वत्वस्थापनायानेके उपाया दर्शिताः । तेषां समेषामत्र सन्निवेशः प्रबन्धस्य महत्कायत्वमावहतीति न कृतः ।

स्वत्वस्य सम्यक्तया स्थापनं हि व्यवस्थायाः प्रयोजनेष्वेकं मुख्यं प्रयोजनम् ।

समाप्तश्चतुर्थोऽध्यायः

साधारण स्वत्व प्राप्तिका उपायहरू बताएका छन् । 'भेटिएका सम्पत्तिमा ब्राह्मणको भाग धेरै लाग्छ' (गौ.घ.सू. १०/४०) भनी गौतमले भेटिएका धनमा ब्राह्मणको विशेषरूपमा स्वत्वहेतुता रहेको देखाएका छन् । यसै प्रकारले 'विजयबाट प्राप्त सम्पत्तिमा क्षत्रियको' (गौ.घ.सू. १०/४१) र 'निर्दिष्ट कार्यबाट प्राप्त सम्पत्तिमा वैश्य एवं शूद्रको' (गौ.घ.सू. १०/३९) भनी गौतमले क्षत्रिय, वैश्य र शूद्रको विशेष स्वत्व प्राप्ति हुने स्थानको निर्देशन गरेका छन् । मूलसूत्रमा रहेको निर्दिष्ट शब्दबाट अवगत हुने कृषि, गोरक्षा आदिबाट प्राप्त सम्पत्तिमा वैश्यको र त्यसै निर्दिष्ट शब्दबाट अवगत हुने शुश्रूषा आदिबाट प्राप्त धनमा शूद्रको असाधारण स्वत्व रहेको हुन्छ भनी जान्नुपर्छ ।

शास्त्रमा स्वत्व स्थापन गर्नका लागि अनेकौँ उपाय बताइएका छन् । ती सबै उपायको यहाँ वर्णन गर्ने हो भने ग्रन्थ धेरै ठूलो हुने सम्भावना हुन्छ । त्यसले स्वत्व स्थापन गर्ने उपायहरूको वर्णन यहाँ गरिएको छैन । राम्ररी स्वत्वको स्थापना गर्नु व्यवस्थाका प्रयोजनहरूमध्ये एउटा मुख्य प्रयोजन हो ।

{चौथो अध्याय पूरा भयो ।}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमोऽध्यायः

उपसंहारः

गतेषु चतुर्ष्वध्यायेषु सर्वप्रथमं **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** इत्याख्यस्यास्य शोधप्रबन्धशीर्षकस्य निर्वचनं विहितम् । तत्र समाजस्य स्वरूपं दर्शितम् । राज्यस्यापि सुव्यवस्थित-समाजत्वम् । प्राचीनसमाजस्वरूपम् । धर्मशास्त्रादेव नामकर्मसंस्थादीनां निर्माणम् । देशकालाद्यपेक्षया धर्मोऽधर्मः, अधर्मो धर्मश्च सम्पद्यते । या क्रिया यथा सुखं सम्पद्यते तथा विधत्ते सैव व्यवस्था । धर्माधर्मविवेको व्यवस्थाधायकः । धर्मो हि लोकेऽव्यवस्थोत्पादकतत्त्वानामुत्पत्तेरवरोधमुत्पन्नानां च विनाशं विधाय व्यवस्थाधायकतत्त्वानां पुनः उत्पत्त्युपायकल्पनमुत्पन्नानां संवर्द्धनोपायकल्पनं च विधाय सामाजिक-व्यवस्थायाः साधनतामाप्नोति । इत्यादिकमपि निर्दिष्टम् ।

पाँचौं अध्याय

उपसंहार

पाँच अध्यायमा विभक्त प्रस्तुत शोधप्रबन्धका आरम्भिक चार अध्यायमा सबैभन्दा पहिले **'सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र'** नामक शोधप्रबन्धको निर्वचन गरिएको छ (शोधशीर्षकमा प्रयुक्त पदावलीका साथै समग्र शोधप्रबन्धको प्रतिपाद्य देखाइएको छ) । समाजको स्वरूप देखाइएको छ । राज्य भनेको पनि सुव्यवस्थित समाज नै हो । प्राचीन समाजको स्वरूप पनि यसै सन्दर्भमा देखाइएको छ । धर्मशास्त्रबाटै नाम (गोत्व जातिको गौ भन्ने नाम), कर्म (ब्राह्मण आदि वर्णका अध्ययन अध्यापनादि कर्म), संस्था (कुम्भकारले घट निर्माण गर्ने, तन्तुवायले पट निर्माण गर्ने आदि लौकिक व्यवस्था) को निर्माण भएको हो । देश, काल आदिका अपेक्षामा धर्म अधर्म र अधर्म धर्म हुन्छ (कुनै स्थान विशेषमा वा कुनै काल विशेषमा धर्म मानिएको कार्य अर्का ठाउँ विशेषमा वा काल विशेषमा अधर्म हुन्छ, त्यसरी नै एउटा ठाउँ विशेष वा काल विशेषमा अधर्म मानिएको कार्य अर्का ठाउँ विशेषमा वा कालविशेषमा धर्म मानिन्छ) । जुन क्रियाले जसरी सुख उत्पन्न हुन्छ त्यसरी कार्य सम्पादन गर्छ, त्यही नै व्यवस्था हो (सुखोत्पादक कार्यविधिलाई नै व्यवस्था भनिन्छ) । धर्म र अधर्मको विवेकले (ब्रह्महत्या आदि अधर्म हो तसर्थ गर्न हुँदैन, इष्ट-पूर्त आदि धर्म हो तसर्थ सम्पन्न गर्नुपर्छ भनी विश्लेषण गर्न सक्ने क्षमताले) व्यवस्था बनाउने कार्य गर्छ । धर्म लोकमा-अव्यवस्था उत्पन्न गराउने तत्त्वहरूलाई उत्पन्न हुनै नदिएर साथै उत्पन्न भएका त्यस्ता अव्यवस्थाका उत्पादक तत्त्वहरूलाई नष्ट गराएर पुनश्च व्यवस्था बनाउने तत्त्वका उत्पत्तिका उपायको कल्पना गरेर साथै उत्पन्न भएका त्यस्ता व्यवस्था बनाउने तत्त्वहरूका संवर्धनका उपायको कल्पना गरेर सामाजिक व्यवस्थाको साधन बन्दछ । उपर्युक्त सबै विषयको शोधप्रबन्धमा निर्देशन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ततस्तस्य सामाजिकव्यवस्थारूपसाध्यस्य साधनत्वेन विद्यमानस्य धर्मस्य स्वरूपं निरूपितम्। तत्र धर्मस्य लक्षणानि विविधान्युपलभ्यन्ते। आचार्याणां भिन्नत्वाद् विषयाणां चानेकत्वाद्धर्मस्वरूपं (धर्मलक्षणम्) नानात्वमुपैति। धर्मस्य ज्ञापका हेतवः, कारका हेतवः, अनुष्ठेयाः पदार्थाः, साधारणो धर्मः, परमो धर्मः, उपधर्मः, साधारणः परमो धर्मश्चेत्यादिस्वरूपसमन्वितस्य धर्मस्य श्रौतस्मार्तभेदाभ्यां द्विविधो भेदः सम्पद्यते। श्रौतो धर्मः पुनः प्रवृत्तनिवृत्तभेदाद् द्विविधः, स्मार्तस्तु वर्णाश्रमगुणनिमित्तसाधारणभेदात् षड्विधः सम्पद्यते। वेदानां भिन्नत्वाद् वेदमूलकस्यापि धर्मस्य देशकुलजातिवयोगुणशरीरकालभेदाद् आपदनापद्भेदाच्चापि भिन्नत्वमुपपद्यते। धर्मस्य नानात्वं शरपञ्जरे शयानं भीष्मं पृच्छतो युधिष्ठरवाक्यादप्यवगम्यते। पौराणिकै-र्वैशेषिकैर्मीमांसकैश्चापि धर्मस्वरूपं निर्दिष्टम्। तार्किकैरात्मगुणत्वस्य धर्मत्वमुक्तम्। पातञ्जलयोगदर्शन-भाष्यकाराः पृथिव्यादिद्रव्येषु सदा विद्यमानां शक्तिं धर्म इति मन्वते। इत्थं नानाविधभेदसमन्वितो धर्मः क्वचित्साध्यभावं क्वचिच्च साधनभावमाप्नोतीति धर्मस्वरूपं निरूपितम्।

प्रमेयनिरूपणाध्याये धर्मशब्दस्य सामाजिकव्यवस्थायाः साधनत्वं निरूपयितुं समाजस्याङ्गभूतस्य जनस्या-व्यवस्थित्युत्पादकतत्त्वानां समुपन्यासः प्रथमं विहितः। यौवनधनसम्पत्तिप्रभुत्वाविवेकितानामव्यवस्थित्यु-त्पादकत्वम्। रागलोभभयाक्रान्तश्च जनो मर्यादावर्त्म उद्भिनत्ति। लोभः कामक्रोधमूलः। कामो दशको गणः, क्रोधश्चाष्टको गणः, अज्ञानश्चाव्यवस्थितिहेतुः। शास्त्रीयलौकिकभेदाद् ज्ञानं द्विविधम्। शास्त्रज्ञानरहितोऽन्ध

त्यसपछि सामाजिक व्यवस्थारूप साध्यका साधनका रूपमा विद्यमान धर्मको स्वरूप बताइएको छ। धर्मका विभिन्न प्रकारका (अनेकौं) लक्षण पाइन्छन्। आचार्यहरू अलग अलग भएकाले र धर्मरूप विषय पनि अनेक प्रकारको भएकाले धर्मको स्वरूप (लक्षण) अनेक प्रकारको भएको हो। धर्मका ज्ञापक हेतुहरू, कारक हेतुहरू, अनुष्ठेय पदार्थ, साधारण धर्म, परम धर्म, उपधर्म, साधारण परम धर्म इत्यादि स्वरूपले युक्त भएका धर्मका मोटामोटिमा श्रौतधर्म र स्मार्तधर्म गरी दुई भेद हुन्छन्। श्रौतधर्म पुनः प्रवृत्तिमूलक र निवृत्तिमूलक गरी दुई प्रकारको हुन्छ। स्मार्तधर्म भने वर्णधर्म, आश्रमधर्म, वर्णाश्रमधर्म, गुणधर्म, निमित्तधर्म र साधारणधर्मका भेदले छ प्रकारको हुन्छ। वेदहरू अलग अलग भएकाले वेदमूलक धर्ममा पनि देश (स्थानविशेष), कुल, जाति, वयः (अवस्था/उमेर), गुण, शरीर र कालका भेदले साथै आपद्धर्मका भेदले भिन्नता देखिनु स्वाभाविक नै हो। धर्म अनेक प्रकारको हुन्छ भन्ने कुरा शरशय्यामा सुतिरहेका भीष्मसित धर्मविषयक जिज्ञासा प्रकट गरिरहेका युधिष्ठिरका कथनबाट पनि अवगत हुन्छ। पौराणिकहरूले (पुराणका अध्येताहरूले), वैशेषिकहरूले (वैशेषिकदर्शनका अनुयायीहरूले) र मीमांसकहरूले (वेदमूलक मीमांसादर्शनका चिन्तकहरूले) धर्मको स्वरूप देखाएका छन्। तार्किकहरूले आत्माका गुणलाई धर्म भनेका छन्। पतञ्जलिद्वारा प्रणीत योगदर्शनका भाष्यकारहरू पृथिवी आदि द्रव्यमा सदा विद्यमान शक्तिलाई धर्म मान्दछन्। यसरी अनेकौं भेदले युक्त भएको धर्म कहिले साध्य बन्दछ त कहिले साधन बन्दछ भनी धर्मको स्वरूप देखाइएको छ।

प्रमेयनिरूपण नामको (दोस्रो) अध्यायमा धर्म सामाजिक व्यवस्थाको साधन हो भनी देखाउनका लागि सबैभन्दा पहिले समाजका अङ्गका रूपमा अवस्थित मनुष्यमा अव्यवस्था उत्पन्न गराउने तत्त्वहरू देखाइएका छन्। युवावस्थामा, धनसम्पत्तिमा, प्रभुतामा र अविवेकितामा अव्यवस्थोत्पादकता रहेको हुन्छ। राग, लोभ र भयले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवेति सर्वा दिशस्तस्य शून्याः । लौकिकज्ञानरहितश्च विज्ञानविजृम्भिते लोके न तज्जन्यसुखोपभोगी सम्पद्यते। असंयमितानीन्द्रियाण्यप्यव्यवस्थोत्पादकानि । इन्द्रियाणामसंयमो हि सर्वनाशकरः । असंयमिनो ह्युत्पथेनापि भोगात्मकपदार्थोपलब्धये यतन्ते । तस्माद्धर्मशास्त्रं संयमिनं समुत्पाद्य व्यवस्थां स्थापयति । संयमो हि यौवनादिजन्यं मदमुपशमयति । असंयमिनामैहिकं व्यक्तिसमाजराष्ट्रजन्यं क्लेशं पारत्रिकं च नरकादिषु यमपुरुषेभ्यः प्राप्स्यमानं क्लेशं च निर्दिश्य, संयमिनां पुन ऐहिकं पारलौकिकं चोभयमभ्युदयनिःश्रेयसप्राप्तिरूपं सुखं निर्दिश्य च धर्मशास्त्रं लोकमसंयमान्निवर्त्य संयमे प्रवर्तयति । धर्मस्योभयविधफलप्रापकत्वं च विविदिषाधिकरणन्यायेनोपपद्यते । एकेनैवानुष्ठानेनोभयविधफलप्राप्तिश्चाकृत्यधिकरणन्यायेनोपपद्यते । श्रौत-स्मार्तयोर्द्वयोरेव धर्मयोर्व्यवस्थाप्रवणत्वं संलक्ष्यते । तत्र दर्शपूर्णमासादीनां श्रौतत्वम् । शौचाचमनादीना-माचारत्वम्। दर्शपूणर्मासादीनां श्रुत्या विधानात् शौचाचमनादीनां स्मृत्या प्रतिपादनात्तयोः श्रौतत्वं स्मार्तत्वं च। चोदनाविहितस्यार्थस्य धर्मत्वात्, यागादीनां च पशुपुत्रभूतिस्वर्गादिफलोपलम्भकतया तद्विधानात् तत्र लोक-प्रवृत्युत्पत्तेश्चोदनात्मकस्य धर्मशास्त्रस्य व्यवस्थाधायकत्वमुपपद्यते । स्व-स्वधर्मानुष्ठानप्रवृत्तिसमन्वितानां सान्तरालानां वर्णानां संरक्षकत्वेन दण्डनीतेस्तत्प्रवर्तकस्य राज्ञश्च सृष्टत्वाच्चापि हि सम्पद्यते धर्मशास्त्रस्य

आक्रान्त भएको मनुष्यले मर्यादामार्गको उल्लङ्घन गर्दछ। लोभ- काम र क्रोधको मूल हो। कामका दश गण हुन्छन् (कामबाट दसवटाको समूह उत्पन्न हुन्छ)। क्रोधका आठ गण हुन्छन् (क्रोधबाट आठओटाको समूह उत्पन्न हुन्छ)। अज्ञान पनि अव्यवस्थाको साधन हो। ज्ञान शास्त्रीय र लौकिक गरी दुई प्रकारको हुन्छ। शास्त्रसम्बद्ध ज्ञान नभएको अन्धो नै हुन्छ। त्यसका लागि सबै दिशा शून्य हुन्छन्। लौकिक ज्ञान नभएको पुरुष विज्ञानका चमत्कारले युक्त संसारमा विज्ञानबाट प्राप्त भएका सुखको उपभोग गर्न समर्थ हुँदैन। असंयमित इन्द्रियहरू पनि अव्यवस्थाका उत्पादक हुन्। इन्द्रियहरूको असंयम सबै कुराको विनाशक हुन्छ। असंयमित पुरुषले नराम्रो बाटो समातेर भए पनि उपभोग्य पदार्थ प्राप्त गर्ने प्रयत्न गर्दछन्। अतः धर्मशास्त्रले संयमी पुरुष उत्पन्न गराएर व्यवस्था कायम गराउने गर्छ। संयमले यौवन आदिबाट उत्पन्न भएको मदलाई शान्त गराउँछ। असंयमी पुरुषलाई यस लोकमा व्यक्तिबाट, समाजबाट र राष्ट्रबाट प्राप्त हुने दुःखका सम्बन्धमा जानकारी गराएर; परलोकमा यम आदि पुरुषहरूबाट प्राप्त हुने कष्ट (यातना) सम्बन्धी जानकारी गराएर साथै संयमी पुरुषलाई यस लोकमा र परलोकमा प्राप्त हुने दुवै प्रकारका अभ्युदय (उन्नति एवं सुख-सुविधा) र निःश्रेयस (मोक्षलाभ) का सम्बन्धमा जानकारी गराएर धर्मशास्त्रले लोकलाई असंयमबाट निवृत्त गराई संयममा प्रवृत्त गराउँछ। धर्मबाट (स्वर्गादिप्राप्ति एवं सामाजिक व्यवस्थास्थापनरूप) दुवै प्रकारका परिणाम प्राप्त हुन्छन् भन्ने कुरा विविदिषाधिकरणन्यायद्वारा सिद्ध हुन्छ। एउटै अनुष्ठानद्वारा (लौकिक एवं अलौकिक) दुवै प्रकारका फल प्राप्त हुन्छ भन्ने तथ्य आकृत्यधिकरणन्यायद्वारा उपपन्न (सिद्ध) हुन्छ। श्रौत एवं स्मार्त दुवै धर्म व्यवस्था स्थापना गर्ने कार्यतर्फ उन्मुख भएको देखिन्छ। दर्श-पौर्णमास आदि अनुष्ठानलाई श्रौत भनिन्छ। शौच, आचमन आदिलाई आचार भनिन्छ। दर्श-पौर्णमास आदि श्रुतिद्वारा प्रतिपादन गरिएकाले र शौच, आचमन आदि स्मृतिद्वारा प्रतिपादन गरिएकाले उक्त दुवै धर्मलाई क्रमशः श्रौतधर्म एवं स्मार्तधर्म भनिएको हो। विधिवाक्यहरूद्वारा गर्नुपर्छ भनी निर्देशन गरिएका यागादि कार्यहरू धर्म भएकाले; यागानुष्ठान आदिबाट पशु, पुत्र, ऐश्वर्य, स्वर्ग आदि फल प्राप्त हुने भएकाले र त्यस्ता कार्य गर्न अभिप्रेरित गर्नाले लोकको त्यसमा प्रवृत्ति हुने भएकाले चोदनात्मक (शुभकृत्यानुष्ठानमा प्रेरक)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिकव्यवस्थायाः साधनत्वम् । तत्र श्रौतो धर्मः प्रयोजनमुद्दिश्य वेदेन विधीयमानोऽर्थ इति यागादीनां समनुष्ठेयत्वेन विधानात् यागाद्यनुष्ठानं धर्मः । वेदे च पुरुषाभावात् कर्मानुष्ठानप्रवर्तकत्वं शब्दे निष्टम् । स च वेदो विधिमन्त्रनामयेयनिषेधार्थवादात्मकः । अप्रवृत्तप्रवर्तनस्याज्ञातज्ञापनस्य च विधेः कार्यत्वात् विधिरप्राप्तं प्रयोजनवत्कर्म विधाय कर्मानुष्ठानाय प्रेरयति च । मन्त्राः प्रयोगसमवेतार्थं स्मारयन्ति । नामधेयानि विधेयार्थं परिच्छिन्दन्ति । निषेधा अनर्थकारकेभ्यः कर्मभ्यो निवर्तनां प्रतिपादयन्ति । अर्थवादा विधेयार्थप्राशस्त्यं प्रतिपादयन्ति । इत्थं पञ्चधा समन्वितो वेदः पुरुषार्थे पुरुषं प्रवर्तयन् अनर्थकारकेभ्यश्च कर्मभ्यः पुरुषं निवर्तयंश्च समाजव्यवस्थायां साधनभावं भजते । वेदविहितविधेयानां धर्मत्वाद् धर्मशास्त्रस्य सामाजिकव्यवस्थासाधनत्व-मिति त्वञ्जसा विज्ञेयं विद्वद्भिः ।

चोदनाविहितस्यार्थस्य धर्मत्वं धर्मशास्त्रमभिधत्ते । यागादिविधयश्च सर्वे चोदनाविषयाः धर्मत्वेनोक्ताः । तेषां समनुष्ठानान्नानाविधफलसमुत्पत्तिः । साध्यसाधनभावं चेत्थं यागानुष्ठानाभ्युदयादिफलप्राप्त्योः समभिज्ञाय सर्वो हि लोकोऽभ्युदयादिफलाकाङ्क्षासमन्वितस्तत्तत्फलोपलब्धये तत्तद्यागरूपधर्मानुष्ठाने प्रवर्तते इति धर्मानुष्ठानप्रवर्तकत्वं धर्मशास्त्रे समन्वितम् । **'धर्मो रक्षति रक्षितः'** इत्यनेन धर्मस्याभिरक्षकत्वं चाम्नातम् ।

धर्मशास्त्र व्यवस्थाधायक हुन्छ भन्ने कथन युक्तियुक्त देखिन्छ । आ-आफ्ना धर्मको अनुष्ठानमा प्रवृत्तिले युक्त भएका सान्तराल (व्यवहित) वर्णहरूका संरक्षक दण्डनीतिको र त्यसका प्रवर्तक राजाको समेत सृष्टि गरिएको हुनाले पनि धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो भन्ने तथ्य सिद्ध हुन्छ । उभयविध धर्ममध्ये श्रौतधर्म भनेको उद्देश्य प्राप्तिलाई लक्ष्य बनाएर वेदद्वारा विधान गरिएको अर्थ हो । अतः यागादिलाई अनुष्ठेय धर्मका रूपमा विधान गरिएको हुनाले यागादिको अनुष्ठान धर्म हो । वेदमा पुरुष नहुने भएकाले (वेद अपौरुषेय भएकाले) कर्मको अनुष्ठानमा प्रवृत्त गराउने कार्य शब्दमा (वेदवाक्यमा) रहेको हुन्छ । त्यो वेद- विधि, मन्त्र, नामधेय, निषेध र अर्थवादरूप हुन्छ । अप्रवृत्तलाई प्रवृत्त गराउनु र अज्ञातलाई ज्ञात गराउनु विधिको कार्य भएकाले विधिले प्राप्त नभएको प्रयोजनले युक्त कर्मको विधान गरेर कर्म गर्न अभिप्रेरित गर्छ । मन्त्रहरूले प्रयोगसित सम्बद्ध अर्थ स्मरण गराउँछन् । नामधेयले विधेय अर्थलाई नियमन गर्छ । निषेधहरूले अनर्थकारक कर्महरूबाट निवृत्त हुनुपर्छ भनी प्रतिपादन गर्छन् । अर्थवादहरूले विधेयार्थको प्राशस्त्य (अतिशयता) प्रतिपादन गर्छन् । यसरी पाँचवटा स्वरूपले युक्त वेद मनुष्यलाई पुरुषार्थमा प्रवृत्त गराउँदै र अनर्थकारक कृत्यहरूबाट निवृत्त गराउँदै समाजसित सम्बद्ध व्यवस्थाको साधन बन्दछ । वेदद्वारा विधान गरिएका अर्थहरू धर्म भएकाले धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो भन्ने कुरा सजिलै सित विद्वान्हरूद्वारा थाहा पाउन सकिन्छ ।

चोदना (प्रेरणा) द्वारा विधान गरिएको वस्तु नै धर्म हो भनी धर्मशास्त्र भन्दछ । याग आदिका सबै विधिहरू चोदनाका विषय भएकाले धर्म भनिन्छन् । तिनीहरूको (यागादिको) सम्यक् अनुष्ठानबाट अनेक प्रकारका फलको उत्पत्ति हुन्छ । याग आदिका अनुष्ठानका र त्यसबाट प्राप्त हुने अभ्युदय आदि फलका बीचमा साध्य एवं साधन सम्बन्ध रहेको हुन्छ भनी जानेर सम्पूर्ण मनुष्य अभ्युदय आदि फलको आकाङ्क्षाले समन्वित भई उक्त फल प्राप्त गर्नका लागि ती ती यागको अनुष्ठानमा प्रवृत्त हुन्छ । अतः धर्मानुष्ठानमा प्रवृत्त गराउने स्वभाव धर्मशास्त्रमा रहेको हुन्छ । **धर्मो रक्षति रक्षितः** अर्थात्- 'राम्ररी संरक्षण गरिएको धर्मले रक्षा गर्छ' यस उक्तिका माध्यमले संरक्षित धर्मले संरक्षकको रक्षा गर्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वे स्वे धर्मे निविष्टानां सर्वेषामनुपूर्वशः ।

वर्णानामाश्रमाणाञ्च राजा सृष्टोऽभिरक्षिता ।। इत्याद्युक्त्या भगवता मनुना च स्व-स्वधर्मे सन्निविष्टानां सर्वेषां ब्राह्मणादिवर्णानां ब्रह्मचर्याद्याश्रमधर्माणां चाभिसंरक्षकत्वेन राज्ञः सृष्टिः प्रभुणा विहितेति समभिधानाद् धर्मशास्त्रदण्डनीत्योरुभयोर्लोकसंरक्षणकत्वधर्मानुष्ठानप्रवर्तकत्वरूपस्य च कार्यस्य समानत्वाद् धर्मशास्त्रस्य सामाजिकव्यवस्थायाः साधनत्वं सुतरां समुपपद्यते ।

स्मार्तश्च षड्विधो धर्मः सामाजिकव्यवस्थास्थापनात्मको मतः । तत्रात्मशरीरगतदोषानपनीय गुणाधायकत्वात् संस्काराणां व्यवस्थासाधनत्वम् ।

ब्राह्मदैवभेदेन संस्काराणां द्विविधत्वम् । गर्भाधानादयः स्मार्तसंस्कारा ब्राह्मसंस्काराः । पाकयज्ञ-हविर्यज्ञसोमयज्ञानां दैवसंस्कारत्वम् । अष्टचत्वारिंशत्संस्काराः परिगणिताः । षोडशसंस्काराः प्रायः समनुष्ठिताः परिलक्ष्यन्ते ।

संस्कारैः संस्कृतो हि द्विजो कर्मणां समनुष्ठानायाधिकारी सम्पद्यते । उपनयनपर्यन्तैः संस्कारैः संस्कृतस्य द्विजस्य ब्रह्मचर्याश्रमे समध्युष्याध्ययनं विहितम् । स्वाध्यायाध्ययनजन्यज्ञानसमन्वितो हि पुरुषश्चतुर्वर्गफल-साधने समर्थः । उपनयनस्यापि गर्भाष्टमादिषु वर्षेषु नित्यतया, पञ्चमादिषु वर्षेषु काम्यतया विधानं द्विजानामुपलभ्यते । वर्णाश्च चत्वारः । तेषु ब्राह्मणक्षत्रियविशां समन्त्रकमुपनयनं विहितमिति द्विजत्वम् । शूद्रस्तु चतुर्थः संस्कारवर्जित एकजातिः । प्रतिलोमानुलोमाश्चापध्वंशसमुत्पन्ना इति षट्त्रिंशज्जातयो भवन्ति । तत्र

भनिएको छ । **स्वे स्वे धर्मे०** अर्थात्- 'क्रमैले आ-आफ्ना धर्ममा दृढ भएका ब्राह्मण आदि वर्णहरूका र ब्रह्मचर्य आदि आश्रमहरूका संरक्षकका रूपमा विश्वस्रष्टाद्वारा राजाको सृष्टि गरिएको हो' (मनु. ७/३५) इत्यादि उक्तिद्वारा भगवान् मनुले आ-आफ्ना धर्ममा रहेका सबै ब्राह्मणादि वर्णहरूका र ब्रह्मचर्यादि आश्रमहरूका संरक्षकका रूपमा राजाको सृष्टि प्रभुद्वारा नै गरिएको हो भनी बताएका छन् । यसबाट धर्मशास्त्र एवं दण्डनीति दुवैको नै लोकको संरक्षणरूप धर्मानुष्ठान प्रवर्तन गर्ने समान कार्य भएको सिद्ध हुन्छ । अतः धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो भन्ने तथ्य अत्यन्त युक्तिसङ्गत देखिन्छ ।

छ प्रकारको स्मार्त धर्म सामाजिक व्यवस्थाको स्थापक मानिएको छ । आफ्ना शरीरमा रहेका दोषहरूलाई टाढा हटाएर गुणहरूको आधान गर्ने हुनाले संस्कार व्यवस्थाका साधन बन्दछन् । संस्कारहरू- ब्राह्मसंस्कार र दैवसंस्कार गरी दुई प्रकारका हुन्छन् । गर्भाधानादि स्मार्तसंस्कारहरू ब्राह्मसंस्कार हुन् । पाकयज्ञ, हविर्यज्ञ र सोमयज्ञ दैवसंस्कारभित्र पर्दछन् । अठचालीसवटा सम्म संस्कारको गणना गरिएको छ । सोह्र संस्कार प्रायः सम्पन्न गरिएका देखिन्छन् ।

संस्कारद्वारा संस्कृत द्विज कर्महरूका अनुष्ठानको अधिकारी हुन्छ । उपनयनसम्मका संस्कारद्वारा संस्कृत भएका द्विजलाई ब्रह्मचर्याश्रममा बसेर अध्ययन गर्नुपर्ने विधान गरिएको छ । स्वाध्यायको अध्ययनबाट समुत्पन्न ज्ञानले समन्वित पुरुष नै धर्म आदि चतुर्वर्ग प्राप्त गर्ने उद्देश्यले साधना गर्न समर्थ हुन्छ । उपनयन संस्कार पनि गर्भदेखि आठ आदि वर्षमा नित्यरूपमा र पाँच आदि वर्षमा काम्यरूपमा विधान गरिएको पाइन्छ । वर्ण चारवटा हुन्छन् । तिनीहरूमध्ये ब्राह्मण, क्षत्रिय र वैश्यको मन्त्रोच्चारणका साथमा उपनयनको विधान गरिएको छ । त्यसैले उनीहरूलाई द्विज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणक्षत्रियविशामानुलोम्येन समुत्पन्नानां षण्णामुपनयनं विहितम् । जन्मकर्मसमुच्चयाज्जातित्वाप्तिः । वैतृभ्यः स्ववर्णेभ्यो भिन्नासु सवर्णासु सजातयः समुत्पद्यन्ते । तेषु चादितस्त्रयाणां ब्राह्मणक्षत्रियविशामुपनयनम् । उपनयनसंस्कारो वेदाध्ययनाधिकारापादकश्च ।

शास्त्रोक्तविधिपूर्वकानुष्ठितसंस्कारश्चैहिकमभ्युदयं फलं पारलौकिकं च निःश्रेयसं फलं प्रयुङ्क्ते ।

गर्भाधानादिव्रतबन्धनपर्यन्तानां संस्काराणां मातापितृगतरजोवीर्यसमुद्भवदोषमार्जनं तदनन्तरविधेयानां स्वाध्यायादिसंस्काराणां शरीरस्य ब्रह्मप्राप्तियोग्यतापादनं च प्रयोजनं समाम्नातम् ।

प्रासङ्गिकं मासस्यामान्तत्वं ब्राह्मणस्य, पौर्णमास्यन्तत्वं वैश्यस्येत्यपि व्यवस्थापितम् ।

ऋतुकालस्य गर्भाधानसमयत्वम् । ऋतुकालेऽपि पर्वाणि परित्यज्योत्तरोत्तरदिनस्य गर्भाधाने प्राशस्त्यम् । गर्भाधाननियमः संयमं विधाय, लक्षणसमन्वितापत्योत्पत्तिहेतुश्च सम्पद्य कुलक्षणदोषोत्पत्तेः प्रतिबन्धकतया च सामाजिकव्यवस्थास्थापकः ।

यथा अङ्कुरस्याकृत्या गुणेन च विकशनाय गुणवत्क्षेत्रबीजादीनपेक्ष्य भूसंस्कारमलजलप्रक्षेप्रसेकादीनामपेक्षा भवति तथैव गुणवदपत्योत्पत्तये च गुणवतोर्मातापित्रोरपेक्षा भवति । तयोश्च गुणाधानं संस्काराद् भवतीति

भनिन्छ । शूद्र भनेको चौथो र संस्कारवर्जित एउटा जाति हो । अपध्वंशबाट उत्पन्न, तिनीहरूका पनि प्रतिलोम एवं अनुलोम विधिबाट उत्पन्न गरी छत्तीस जाति हुन्छन् । तिनहरू मध्ये ब्राह्मण, क्षत्रिय र वैश्यबाट अनुलोम विधिले उत्पन्न छ प्रकारका सन्तानहरूको उपनयन गर्नुपर्ने विधान गरिएको छ । जन्म र कर्मको सम्मिश्रणबाट जातित्व प्राप्त हुन्छ । विवाहविधिद्वारा विवाहित आफ्नै वर्णका स्त्रीहरूबाट ब्राह्मण आदिका सवर्ण सन्तान उत्पन्न हुन्छन् । तिनीहरूमध्ये सुरुका तीन अर्थात् ब्राह्मण, क्षत्रिय र वैश्यको उपनयन संस्कार गरिन्छ । उपनयन संस्कारले वेदको अध्ययन गर्ने अधिकार उत्पन्न गराउँछ । शास्त्रमा प्रतिपादन गरिएका विधिअनुसार सम्पन्न गरिएका संस्कारले ऐहिक अभ्युदयरूप फल र पारलौकिक निःश्रेयस (मोक्ष) रूप फल उत्पन्न गराउँछन् ।

गर्भाधानबाट लिएर व्रतबन्धसम्मका संस्कारहरूको प्रयोजन आमा-बुबाका रज र वीर्यबाट उत्पन्न भएका दोषको मार्जन गर्नु हो र त्यसपछि सम्पन्न गरिने स्वाध्याय आदि संस्कारको प्रयोजन आफ्ना शरीरलाई ब्रह्मप्राप्ति गर्न योग्य बनाउनु हो भनी बताइएको छ । यसै सन्दर्भमा प्रसङ्गप्राप्त चान्द्रमास ब्राह्मणहरूका लागि अमावस्यामा समाप्त हुन्छ र वैश्यहरूका लागि पौर्णमासीमा समाप्त हुन्छ भनी व्यवस्थापन गरिएको छ ।

ऋतुकाल (रजस्वला भएको चौथो दिनपछिको रात) गर्भाधानको समय हो । ऋतुकालमा पनि पर्वहरू (पूर्णिमा, अमावास्या, अष्टमी आदि) लाई छाडेर पछिल्ला दिनहरूलाई प्रशंसनीय मानिएको छ । संयमपूर्वक पालन गरिएको गर्भाधानको नियम राम्रा लक्षणले युक्त भएका सन्तानको उत्पत्तिको कारण बनेर साथै कुलक्षणले (नराम्रा लक्षणले) युक्त भएका सन्तानका उत्पत्तिको प्रतिबन्धक भएर सामाजिक व्यवस्थाको संस्थापक बन्दछ । आकारका दृष्टिले र गुणवत्ताका दृष्टिले अङ्कुरलाई विकसित हुनका निम्ति जसरी गुणले युक्त भएका क्षेत्र (जमिन) को र बीजादिको अपेक्षा गरिन्छ, साथै भूमिको संस्कार (खनजोत), मलप्रक्षेपण (मल हाल्ने) एवं जलसेक (पानी लगाउने) क्रियाको अपेक्षा गरिन्छ त्यसरी नै राम्रा गुणले युक्त भएका सन्तानको उत्पत्तिका लागि राम्रा गुणले युक्त भएका आमा बुबाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथमं संस्काराणां समनुष्ठानं विधेयम् । चर्मचक्षुःसंलक्ष्यवस्तुषु यथा संस्काराभावोऽनभीष्टापादकस्तथा-लक्ष्यवस्तुष्वपि सुधिभिः समुन्नेयः । कृषको यथा ठिमाहारूपेणोत्पन्नं धान्यं सस्यफलोत्पत्तेः पूर्वमेवोद्धृत्य विनाशयति अनभीष्टकारकत्वात् तथासंस्कारसमुत्पन्नश्च जनोऽनभीष्टकारक इति असामाजिको मन्यते । न ह्यसंस्कृतं जनं समाजः स्वीकरोति सहभोजनादिषु । तादृशकृत्येभ्यो लोकस्तं निरसति ।

चतुर्वर्गप्रसाधनं पुरुषप्रयोजनम् । तत्प्रयोजनसिद्धिः कर्मानुष्ठानादेव । न हि सर्वेषां जनानां सर्वेषु कर्म-स्वधिकारः । न ह्यन्धो दर्शनकर्मणि, बधिरः श्रवणकर्मणि, मूकः प्रवचनकर्मणि समर्थः । तथासंस्कृतश्च कर्मानुष्ठानेऽनधिकारी भवति । संस्कृतः कर्मानुष्ठाने समर्थः । साध्यसाधनभावज्ञानवतः साध्यसम्पत्तेर्ज्ञानस्य च शास्त्राध्ययनजन्यत्वात्, शास्त्राध्ययने च संस्कृतस्यैव द्विजस्याधिकारात् कर्मानुष्ठानजन्यत्रिवर्गफलसम्पत्तये संस्काराणां समनुष्ठानमावश्यकम् ।

न केवलं कर्म एव फलजनकमपि तु कालकर्मात्मपितृबीजमातृरजांसि च फलोत्पत्तौ निमित्तानि भवन्ति । तेषां निमित्तानां दोषवत्त्वेऽनुत्कृष्टफलजनकतया उत्कृष्टफलोपपत्तये निर्दोषेण भाव्यम् । गुणाधानेन दोषमार्जनेन च संस्काराणां संस्कारत्वम् । असंस्कृतेषु हिताहितविवेकानुयदयात् संस्काररहितः पशुसमानः । पशुभावं

अपेक्षा गरिन्छ । आमा-बुबामा गुणाधान गराउने कार्य संस्कारबाट हुन्छ । अतः सर्वप्रथम संस्कार सम्पन्न गर्नुपर्छ । चर्मचक्षुद्वारा देखिने वस्तुमा जसरी संस्कारको अभाव अनभीष्टको उत्पादक हुन्छ त्यसरी नै अलक्ष्य वस्तुहरूमा (आँखाले नदेखिने पदार्थमा) पनि (संस्कारको अभाव अनिष्ट कारक हुन्छ भनी) विद्वान्हरूले अनुमानका आधारमा थाहा पाउनुपर्छ । कृषकले ठिमाहाका रूपमा उत्पन्न भएको धानलाई (बीउलाई) जसरी अनिष्टकारक भएकाले सस्यरूप फल उत्पन्न हुनुभन्दा पहिले नै उखेलेर फाली नष्ट गराउँछ त्यसरी नै विना संस्कार नै उत्पन्न भएको मनुष्य अनिष्ट कारक हुन्छ । अतः उसलाई असामाजिक मानिन्छ । असंस्कृत पुरुषलाई समाजले सँगै खाने आदि कार्यमा संलग्न गराउँदैन । त्यसप्रकारका कार्यमा समाजले उसलाई बाहिर गराउँछ (बायक बनाउँछ) ।

धर्मादि चतुर्वर्गको साधना पुरुषको प्रयोजन हो । उक्त प्रयोजनको सिद्धि कर्मको अनुष्ठानबाट नै हुन्छ । सबै व्यक्तिको सबै कर्ममा अधिकार हुँदैन । अन्धाले हेर्ने काम गर्न सक्दैन, बहिराले सुन्ने काम गर्न सक्दैन, लाटाले प्रवचन गर्ने काम गर्न सक्दैन । यसै प्रकारले असंस्कृत (संस्कार नगरिएको) पुरुष पनि कर्मको अनुष्ठान गर्ने अधिकारी हुँदैन । संस्कृत पुरुष मात्र कर्मको अनुष्ठानमा समर्थ हुन्छ । साध्य र साधनको ज्ञान भएका पुरुषलाई मात्र त्रिवर्ग प्राप्त हुन्छ । साध्यरूप सम्पत्तिको ज्ञान शास्त्रको अध्ययनबाट प्राप्त हुन्छ । शास्त्रको अध्ययन गर्ने अधिकार संस्कृत द्विजको मात्र हुन्छ । अतः कर्मको अनुष्ठानबाट उत्पन्न हुने त्रिवर्गरूप फल प्राप्त गर्न संस्कारको अनुष्ठान आवश्यक हुन्छ ।

कर्म मात्र फलको जनक (उत्पादक) हुँदैन । अपि तु काल, कर्म, पिताको वीर्य र आमाको रज पनि फल प्राप्तिको कारण हुन्छ । उक्त निमित्त दोषयुक्त भएका अवस्थामा उत्कृष्ट फल प्राप्त हुन सक्दैन । अतः उत्कृष्ट फल प्राप्त गर्नका लागि उक्त सबै निमित्त निर्दुष्ट हुनुपर्छ । गुणको आधान गर्ने हुनाले र दोषहरूको मार्जन गर्ने हुनाले उपनयन आदि संस्कारलाई संस्कार भनिएको हो । संस्कार नगरिएका पुरुषमा 'यो हितकर कार्य हो र यो हितकर कार्य होइन' भन्ने विवेक उत्पन्न नहुने भएकाले संस्कार नगरिएको व्यक्ति पशुसमान हुन्छ । पशुभाव हटाउनका लागि धर्मशास्त्रले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यावर्तयितुं धर्मशास्त्रमनेकधा पुरुषान् नियच्छति । तेषु संस्कार एको नियामकः । संस्कारैः संस्कृतो रसराजो यथा सिद्धेः सम्पादकस्तथैव पुरुषोऽपि सम्पद्यते । आयुर्वेदशास्त्रं रसराजस्य सिद्धिसम्पादकत्वं संस्कार-जन्यमादिशति । एवमेव धर्मशास्त्रं पुरुषार्थसिद्ध्यन्तर्गतानामनेकप्रयोजनानां संस्कारजन्यत्वं समादिश्य संस्कारसमनुष्ठाने पुरुषप्रवृत्तिमुद्भावयति ।

उपनयनान्तसंस्कारैः संस्कृतस्य गुरुकुले समध्युष्य समध्ययनेऽधिकारः सम्पद्यते । तच्चोपनयनं नित्यकाम्यभेदेन द्विविधम् । यद्यपि नैमित्तिकमप्युपनयनं निर्दिष्टं तस्य नित्योपनयनविनाशकनिमित्तपात-जन्यत्वात् सन्नष्टं नित्यमुद्बोधयति ।

वेदाध्ययनाधिकारापादकोऽयमुपनयनसंस्कारः काम्यत्वेनानुष्ठितो नानाविधप्रयोजनापादकश्चाभ्युपपद्यते ।

संस्कारेषु विवाहसंस्कारोऽपि महत्त्वपूर्णः । विवाहात्परं गार्हस्थ्यजीवनारम्भः । समाजस्य स्वरूपमेव गार्हस्थ्यस्य जीवनं बिभर्ति । यादृशो गृहस्थस्तादृशः समाजः । विपुलसमाजो देशः । देशसमूहश्च विश्वः ।

यो येन भावेन समन्वितः स तादृशमेवापत्यं जनयति । विहितविधिना उद्वाहितायां कन्यायां लक्षणसमन्वितः समुत्पद्यते । सोऽपि लक्षणसमन्वितं जनयति इति बीजपरम्परानुकूला सम्पद्यते ।

अत आर्यलक्षणसम्पन्नानामुत्पत्तौ कारणत्वेन विद्यमानो गार्हस्थ्यजीवनाधारो विवाहसंस्कारः । विवाह-संस्कारस्याष्टौ भेदाः प्रदर्शिताः । विवाहसंस्कारसंस्कृतायां पत्न्यां प्रवेशकालो दर्शितः । विध्यनुसारं विवाह-

---

पुरुषलाई अनेक प्रकारले नियन्त्रण गर्ने कार्य गर्छ । उक्त नियामकहरूमध्ये संस्कार पनि एउटा नियामक हो । संस्कारद्वारा संस्कृत बनाइएको रसराज (पारद) जसरी सिद्धिको सम्पादक हुन्छ त्यसरी नै संस्कारद्वारा संस्कृत पुरुष सिद्धिको सम्पादक बन्दछ । आयुर्वेदशास्त्र रसराजमा रोगनिवारण, बलवर्धन जस्ता सिद्धिसम्पादकता संस्कारबाट उत्पन्न हुन्छन् भन्छ । यसरी नै धर्मशास्त्रले पनि पुरुषार्थसिद्धिभित्र पर्ने अनेकौँ प्रयोजनहरूको सिद्धि संस्कारबाट उत्पन्न हुन्छ भनी बताएर संस्कारको अनुष्ठानमा पुरुषहरूको प्रवृत्ति उत्पन्न गराउँछ ।

उपनयनसम्मका संस्कारद्वारा संस्कृत भएका पुरुषलाई गुरुकुलमा बसेर अध्ययन गर्ने अधिकार प्राप्त हुन्छ । उक्त उपनयन नित्य र काम्य गरी दुई प्रकारको हुन्छ । हुन त नैमित्तिक उपनयनको पनि निर्देशन गरिएको पाइन्छ तर त्यस्तो उपनयन नित्य उपनयनको विनाशक निमित्त उपस्थित भएका अवस्थामा गरिने भएकाले नित्य उपनयनको निमित्त उपस्थित भएपछि स्वतः नै नष्ट हुन्छ र नित्य उपनयनलाई उद्बुद्ध गराउँछ । वेदाध्ययन आदि अधिकार उत्पन्न गराउने उपनयन काम्यरूपमा सम्पादन गरिएका अवस्थामा अनेक प्रकारका प्रयोजनको उत्पादक बन्दछ ।

संस्कारहरू मध्ये विवाहसंस्कार पनि एउटा महत्त्वपूर्ण संस्कार हो । विवाहसंस्कार सम्पन्न भएपछि गृहस्थजीवनको आरम्भ हुन्छ । गृहस्थ आश्रममा प्रवेश गरेका पुरुषका जीवनले नै समाजको स्वरूपलाई वहन गरिरहेको हुन्छ । गृहस्थ जस्तो हुन्छ त्यसै प्रकारको समाज हुन्छ । ठूलो समाज (अनेकौँ समाजको समूह) नै देश हो भने देशहरूको समूह विश्व हो । जो जुन भावले युक्त भएको हुन्छ, त्यसले त्यस किसिमको नै सन्तान उत्पन्न गराउँछ । विधान गरिएको विधिबमोजिम विवाह गरिएकी कन्यामा लक्षणले युक्त भएको सन्तान जन्मिन्छ । त्यसले पनि लक्षणले युक्त भएका सन्तान जन्तमाउँछ । यसरी बीजपरम्परा अनुकूल बन्दछ । अतः आर्यहरूका लक्षणले युक्त भएका पुरुषहरूका उत्पत्तिको कारणका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कारसंस्कृतायां पत्न्यां समुत्पन्नो हि पुत्रो लोकोपकृतिजनको लक्षणसमन्वितः सम्पद्यते । अष्टविध-विवाहप्रयोजनमुपन्यस्तम् । धर्म्ये वर्त्मनि विद्यमानायाः स्त्रियाः पुरुषार्थचतुष्टयसाधने सहचारिणीत्व-मापाद्यमानत्वात् सुव्यस्थितेः स्थापकत्वम्, तस्या एवाधर्म्ये वर्त्मनि प्रवृत्तायाः सर्वतो विनाशकारिणीत्वमा-पद्यमानत्वाल्लोकेऽव्यवस्थितिप्रवर्तकत्वं च निरूपितम् । धर्म्यं गार्हस्थ्यजीवनं परिकल्प्य स्वकुलसन्तारक-स्वदेशसंरक्षकत्वादिलक्षणसमन्वितप्रजोत्पादनं धर्मशास्त्रं कुरुते । तदेव राष्ट्रस्यापि कृत्यमिति धर्मशास्त्रस्य सामाजिकव्यवस्थास्थापकत्वं साधितम् ।

वर्णाश्रमधर्मसंरक्षणं राज्ञः कर्तव्यम् । तत्कर्तव्यपरिपूर्तये राज्ञः साधनत्वेन दण्डनीतेरुदयः । वर्णाश्रमधर्मसंरक्षणं दण्डस्य कर्तव्यम् । दण्डेन नियमितो लोको मर्यादापालनं कुरुते । दण्डाभावे लोके नीच उत्कृष्टधर्मम्, उत्कृष्टश्च नीचधर्ममनुसरति । लोके कस्यापि स्वत्वस्य संरक्षणं दण्डाभावे न सम्पद्यते । दण्डभयादेव सूर्यादिदेवताना-महर्निशं प्ररिभ्रम्य सन्तपनादिक्रियानुष्ठानमभिपद्यते । दण्डेनैव लोको भोगाय कल्पते । दण्डभयाल्लोके पापप्रवृत्त्यभावः । चातुर्वर्ण्यप्रमोदावहो दण्डः । दण्ड एव ब्रह्मचर्याश्रमेऽध्युष्य ब्रह्मचर्यव्रतं सम्यक्परिपाल्य वेदाध्ययनाय ब्रह्मचारिणं प्रवर्तयति । गुरुमुपाध्यायमाचार्यं वा धर्मदण्डो राजदण्डो वापि भवेत् तं स एवाध्यापने प्रवर्तयति ।

रहेको गृहस्थजीवनको आधार विवाहसंस्कार हो । विवाहसंस्कारका आठवटा भेद देखाइएका छन् । विवाहसंस्कारद्वारा संस्कार गरिएका पत्नीका साथमा सहवास गर्ने समय बताइएको छ । विधिअनुसार विवाहसंस्कारद्वारा संस्कृत बनाइएकी पत्नीमा उत्पन्न भएको पुत्र निश्चित रूपमा लोकको उपकार गर्ने र राम्रा लक्षणले युक्त भएको हुन्छ । आठै प्रकारका विवाहको प्रयोजन पनि बताइएको छ । धार्मिक मार्गमा रहेका स्त्री (पत्नी) पुरुषका पुरुषार्थ-चतुष्टयका सम्पादनमा सहयोगिनी बन्ने भएकाले व्यवस्थाका संस्थापिका हुन्छन् । तिनै स्त्रीहरू धर्मविरुद्ध मार्गमा प्रवृत्त भएका अवस्थामा सबैतिरबाट विनाशका कारण हुने भएकाले लोकमा अव्यवस्थाका प्रवर्तक हुन्छन् भनी देखाइएको छ । धर्मप्रधान गार्हस्थ्य जीवनको कल्पना गरेर आफ्ना कुललाई तार्ने, आफ्ना देशको संरक्षण गर्ने आदि लक्षणले युक्त भएका सन्तानहरू उत्पन्न गराउने कार्य धर्मशास्त्रले गर्दछ । यही नै राष्ट्रको पनि कर्तव्य हो । यसरी नै धर्मशास्त्र सामाजिक व्यवस्थाको स्थापक बन्दछ भन्ने तथ्य सिद्ध गरिएको छ ।

वर्णका एवं आश्रमका धर्महरूको संरक्षण गर्नु राजाको कर्तव्य हो । उक्त कर्तव्य निर्वाह गर्नका लागि राजाका साधनका रूपमा दण्डनीतिको उदय भएको हो । वर्णका एवं आश्रमका धर्मको संरक्षण गर्नु दण्डको कर्तव्य हो । दण्डद्वारा नियन्त्रण गरिएको पुरुषले मर्यादाको पालन गर्छ । दण्डका अभावमा नीच (शूद्रादि) ले उत्तमधर्मको अनुसरण गर्न र उत्तम (द्विज) ले अधमधर्मको अनुसरण गर्न सक्छ । लोकमा कसैका स्वत्व (आफ्नोपन वा सम्पत्ति) को संरक्षण दण्डका अभावमा सम्पन्न हुँदैन । दण्डकै डरले सूर्य आदि देवताद्वारा दिन-रात घुमेर सन्तपन (तातोपन) दिने आदि कार्य सम्पादन गरिन्छ । दण्डकै कारण लोक (जनसमूह) भोगका लागि समर्थ हुन्छ । दण्डका डरले लोकमा पापात्मक प्रवृत्तिको अभाव हुन्छ । दण्डले चारै वर्णमा आनन्द उत्पन्न गराउँछ । दण्डले नै ब्रह्मचर्य आश्रममा बसी राम्ररी ब्रह्मचर्यव्रतको पालन गरी वेदको अध्ययन गर्न ब्रह्मचारीलाई प्रवृत्त गराउँछ । धर्मदण्ड होस् अथवा राजदण्ड त्यसै दण्डले नै गुरुलाई, उपाध्यायलाई अथवा आचार्यलाई अध्यापन कार्यमा प्रवृत्त गराउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थाश्रमे स्थितो गृहस्थी सर्वान् ज्ञानदानेन अन्नदानेन च बिभर्ति । सर्वेषां भरणादेव सर्वेष्वाश्रमेषु गृहस्थाश्रमस्य ज्येष्ठत्वम् । गृहस्थो लोकोपकृतिजनकानां विभिन्नकर्मणामनुष्ठानं कुरुते । श्रुतिसमाम्नातानां कर्मणां श्रौताग्निषु समनुष्ठानं विधेयम् । स्मृतिविहितानां कर्मणां विवाहाग्नौ दायकालाहृते वाग्नौ समनुष्ठानं विहितम् । अग्निहोत्रादीनां कर्मणां श्रौतत्वं स्मार्तत्वञ्च । साग्निनिरग्निकगृहस्थस्य प्राशस्त्याप्राशस्त्याभिधानम् । गृहस्थेनानुष्ठेयकृत्यानि सप्रयोजनानि । पञ्चमहायज्ञानुष्ठानस्य नित्यत्वम्, प्रयोजनं च । पञ्चमहायज्ञानुष्ठानस्य व्यवस्थासाधनत्वम् । गृहस्थेन समनुष्ठेयानां पञ्चमहायज्ञेतरकर्मणामपि लोकोपकृतिजनकत्वम् । गृहस्थानुष्ठेयकृत्यानां नित्यनैमित्तिककाम्यभेदात्त्रैविध्यम् । यागहोमयोर्भिन्नत्वम् । कर्मणामैहिकफलकत्वमामुष्मिकफलकत्वमैहिकामुष्मिकफलकत्वं च । सर्वेषां कर्मणां काम्यत्वसाधनम् । कर्मणामनुष्ठाने अधिकारनिरूपणम् । यागानामिष्टिपशुसोमात्मकतया त्रिविधत्वम् । येन केनापि निमित्तेन समनुष्ठितं कर्म फलं जनयत्येव । कर्मणां प्रवृत्तत्वनिवृतत्त्वोपपादनम् । प्रवृत्तकर्मप्रयोजनम् । निवृत्तकर्मप्रयोजनम् । नित्यानि नैमित्तिकानि काम्यानि च सर्वाणि कर्माणि फलं जनयन्त्येव । नैत्यनैमित्तिककाम्यत्वन्तु कर्मानुष्ठानोपाधिमेव पृथक्कुरुते । अनुष्ठाने कृते फलं तु समुत्पद्यत एव । फलजनकनानाविधकृत्यानुष्ठानाय गृहस्थं प्रवर्तयित्वा धर्मशास्त्रं लोकमुपकुरुते । गृहस्थश्च धर्मामनुष्ठीय लोकमुपकुरुते ।

गृहस्थ आश्रममा रहेको गृहस्थले सबैलाई ज्ञानदान गरेर साथै अन्नदान गरेर भरण-पोषण गर्दछ । सबै आश्रमलाई भरण-पोषण गर्ने भएकाले नै गृहस्थ आश्रमलाई ज्येष्ठ (जेठो अर्थात् सबैभन्दा महत्त्वपूर्ण) आश्रम भनिएको हो । गृहस्थले लोकलाई उपकार गर्ने विभिन्न कर्महरूको अनुष्ठान गर्छ । श्रुति (वेद) मा प्रतिपादन गरिएका कर्महरूको अनुष्ठान श्रौताग्निमा गर्नुपर्छ । स्मृतिद्वारा प्रतिपादन गरिएका कर्महरूको अनुष्ठान विवाहका समयमा अथवा दायकालमा (पैतृकसम्पत्ति विभाजन गर्ने समयमा) आधान गरिएका अग्निमा सम्पादन गर्नुपर्ने हुन्छ । अग्निहोत्र आदि कर्म श्रौत एवं स्मार्त दुवै प्रकारको हुन्छ । अग्निको आधान (विधिवत् अग्निग्रहण) गरेका गृहस्थहरूको र आधान नगरेका गृहस्थहरूको क्रमशः प्राशस्त्य र अप्राशस्त्यको विधान गरिएको छ । गृहस्थहरूद्वारा सम्पन्न गरिने कर्महरू प्रयोजनले युक्त भएका हुन्छन् । पञ्चमहायज्ञको अनुष्ठानलाई नित्य मानिएको छ तर तिनका अनुष्ठानको प्रयोजन पनि देखिन्छ । पञ्चमहायज्ञको अनुष्ठान व्यवस्थाको साधन हो । गृहस्थहरूद्वारा सम्पन्न गरिने पञ्चमहायज्ञभन्दा भिन्न कर्महरूले पनि लोकमा उपकार गर्ने कार्य गर्छन् । गृहस्थद्वारा सम्पन्न गरिने कृत्यहरू नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारका हुन्छन् । याग र होममा भिन्नता छ । ऐहिकफलक (यसै लोकमा परिणाम प्रदान गर्ने) आमुष्मिकफलक (परलोकमा परिणाम प्रदान गर्ने) र ऐहिकामुष्मिकफलक (यस लोकमा पनि र परलोकमा पनि फल प्रदान गर्ने) गरी कर्महरू तीन प्रकारका हुन्छन् । नित्यकर्मका रूपमा प्रतिपादन गरिएका सबै कर्महरू काम्यकर्म पनि बन्न सक्छन् भनी सिद्ध गरिएको छ । अधिकार प्राप्त पुरुषले मात्र कर्मको अनुष्ठान गर्न सक्छ भनी देखाइएको छ । यागहरू (उत्तरक्रतुहरू)- इष्टि (आग्रयणेष्टि/नवसस्येष्टि) पशु (निरूढपशु/निरूढपशुबन्ध) र सोम (वर्षान्तमा सम्पन्न गरिने सोमसाध्य ज्योतिष्टोमादि) गरी तीन प्रकारका हुन्छन् । जुनसुकै उद्देश्यले सम्पन्न गरिएको भएता पनि कर्मले फल उत्पन्न गराउँछ नै । कर्म प्रवृत्तिपरक र निवृत्तिपरक हुन्छ भनी सिद्ध गरिएको छ । प्रवृत्तिपरक कर्मको प्रयोजन र निवृत्तिपरक कर्मको प्रयोजन देखाइएको छ । नित्य, नैमित्तिक र काम्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डो हि आश्रमस्थान् धर्मानुष्ठाने प्रवर्तयति । दण्डस्य धर्मदण्डराजदण्डाभ्यां द्वैरूप्यम् । उभयविधदण्डस्य सुव्यवस्थास्थापनमेव प्रयोजनम् । धर्मदण्डस्य प्रीत्या प्रवर्तकत्वम् । राजदण्डस्य निगृह्य (परुषवृत्या) प्रवर्तत्वम् । विधीनां हितावहकृत्येषु प्रवर्तकत्वम् । विधीनामैहलौकिकाभ्युदयरूपफलपारलौकिकनिःश्रेयसरूपफलोपलम्भकत्वम् । प्रत्यक्षाप्रत्यक्षतया विद्यमानयोर्दण्डयोः प्रयोजननिरूपणम् ।

सद्वृत्तस्योपकृतिजनकत्वम् । असद्वृत्तेन कर्मानुष्ठानेऽपि फलानुत्पत्तिः । आचारस्य धर्ममूलत्वम् । व्यक्तेरनुशासनमाचारः करोति । समाजस्यानुशासनमाचारः करोति । सदाचारपरिपालनजन्यमैहिकं फलम् । कर्मानुष्ठानाचारपरिपालनयोरेकार्थत्वम् । शरीरस्य निरोगित्वमाचारपरिपालनस्य फलम् । शरीरमनसोः व्याध्याश्रयत्वम् । उभयविधव्याधेः प्रशमनं सदाचारफलम् । सदाचारसमनुष्ठानाद्युगपज्जितेन्द्रियत्वव्याधिप्रशामकत्वरूपफलद्वयोत्पत्तिः । धर्मानुष्ठानादनेकविधफलोत्पत्तिः । धर्मानुष्ठानाल्लोकसङ्ग्रहोऽभ्युपपद्यते ।

स्वभावानुसारं लोकः प्रवर्तते । सत्त्वरजस्तमोगुणात्मकानि कर्माणि कायेन मनसा वाचा समनुष्ठीयन्ते । उत्कृष्टमध्यमानुत्कृष्टफलजनकत्वं शुभाशुभफलजनकानां कर्मणामनुष्ठानस्य (फलम्) । कर्मफलोपलम्भका अग्न्यादयो देवताः समाराधनीयाः । कर्मणां प्रवृत्तत्वं निवृत्तत्वं च स्वरूपम् । सर्वेषां कर्मानुष्ठानात् शक्तिरुदेति ।

सबै कर्मले फल उत्पन्न गराउँछन् नै । नित्यता, नैमित्तिकता र काम्यताले त कर्मका अनुष्ठानका समयमा अवलम्बन गरिने उपाधिलाई मात्र छुट्याउने कार्य गर्दछ । अनुष्ठान सम्पन्न गरेपछि फल त उत्पन्न हुन्छ नै । परिणाम उत्पन्न गराउने (परिणाममुखी) अनेकौँ कृत्यहरूका अनुष्ठानमा गृहस्थलाई प्रवृत्त गराएर धर्मशास्त्रले लोकको उपकार गर्छ । गृहस्थले धर्मको अनुष्ठानद्वारा लोकको उपकार गर्ने कार्य गर्छ ।

दण्डले ब्रह्मचर्य आदि आश्रममा रहेका पुरुषलाई आफ्ना धर्मको अनुष्ठानमा प्रवृत्त गराउँछ । दण्ड- धर्मदण्ड र राजदण्डका रूपमा दुई प्रकारको हुन्छ । दुवै प्रकारका दण्डको प्रयोजन राम्रो व्यवस्थाको स्थापना गर्नु हो । धर्मदण्डले प्रेमपूर्वक पुरुषलाई कर्तव्यपालनमा प्रवृत्त गराउँछ । राजदण्डले भने नियन्त्रण गरेर (कठोर व्यवहार देखाएर) कर्तव्य पालन गर्न लगाउँछ । विधिवाक्यले हितकर कार्यमा प्रवृत्त गराउँछन् । ऐहलौकिक अभ्युदय (सुख, शान्ति, समृद्धि आदि) र पारलौकिक निःश्रेयस (स्वर्ग वा मोक्ष) रूप फल विधिवाक्यले उपलब्ध गराउँछन् । यसरी प्रत्यक्ष एवं अप्रत्यक्ष दण्डको (राजदण्ड एवं धर्मदण्डको) प्रयोजन देखाउने कार्य गरिएको छ ।

सद्वृत्त (सदाचार) ले लोकलाई उपकृत बनाउँछ । राम्रा आचार-विचार नभएका पुरुषद्वारा कर्मको अनुष्ठान गरिएता पनि त्यसबाट कुनै उपलब्धि हात लाग्दैन । आचारका मूलमा धर्म रहेको हुन्छ । आचारले व्यक्तिलाई अनुशासित बनाउँछ । आचारले समाजलाई पनि अनुशासित बनाउँछ । यही नै सदाचारका पालनबाट प्राप्त हुने ऐहिक (यसै लोकमा प्रत्यक्ष अनुभव गरिने) फल हो । कर्मको अनुष्ठान र आचारको पालन शब्दले एउटै अर्थलाई बुझाउँछ । शरीरको निरोगिता (स्वास्थ्यलाभ) आचार परिपालनको फल हो । शरीर र मन रोगका आश्रयस्थान हुन् । दुवै प्रकारका रोगलाई शान्त बनाउनु सदाचारको फल हो । सदाचारको अनुष्ठानबाट एकैपटक जितेन्द्रियता र रोगनिवारण रूप दुवै फल प्राप्त हुन्छन् । यसरी धर्मानुष्ठानबाट अनेकौँ फल उपलब्ध हुन्छन् । धर्मानुष्ठानबाट लोकसङ्ग्रह (मनुष्यलाई शिक्षा दिने कार्य) हुन्छ भन्ने कुरा पनि युक्तिसङ्गत देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणक्षत्रिययोर्विद्यमाना शक्तिर्जगद्रक्षिका, व्यवस्थास्थापिका च। ब्राह्मणानुष्ठितकर्मणां चराचरस्य लोकस्योपकृतिजनकत्वात्तत्कर्मणामनुष्ठानाय ब्राह्मणस्य विशेषतः संरक्षणं राज्ञा विधेयम्। ब्राह्मणक्षत्रिययोः परस्पस्परमुपकारकत्वम्। ब्राह्मणत्वप्राप्तिकारकहेतवः। लोकप्रवृत्तिः श्रेयसः प्राप्तये भवति। तच्च ज्ञानादेव सम्भवति। साध्यसाधनभावज्ञानवानेव समीहितं फलं साधयितुं क्षमते इति विद्यासम्पन्नो ब्राह्मणः श्रेष्ठतामाप्नोति। ब्राह्मणस्य कृते परिपालनीयत्वेन समनुष्ठेयत्वेन निर्दिष्टानि यानि यावन्ति कर्माणि सन्ति तानि सर्वाणि सामाजिकसुव्यवस्थास्थापकानि दृश्यन्ते।

क्रान्तदर्शिभिर्महर्षिभिर्विहिता सामाजिकव्यवस्थादर्शरूपासीत्। तैः परमर्षिभिः स्मृतं धर्मशास्त्रं निखिलं जगत् पिता पुत्रमिव, पतिः पत्नीमिव, कुटुम्बी कुटुम्बमिव, राजा प्रजामिव, धनिको धनमिव, वणिजः पण्यमिव, गोपालो गामिव, श्रोत्रियो विद्यामिव, कौलिकः कुलमिव, धार्मिको धर्ममिव, आचारी परम्परायातसद्वृत्तमिव, कुलवधूः शीलमिव, बुभूषुरप्रमादमिव, अभ्युदयार्थी पुरुषार्थमिव, कल्याणार्थी मङ्गलागारमिव, गुणाधानकामी संस्काराणामनुष्ठानमिव, संसिद्धिकामः स्वस्य कृते विहितकर्मानुष्ठानमिव, लोके समृद्धिकामः परस्मिंश्च लोके निःश्रेयस्कामो धर्ममिवाभिरक्षति।

लोक (मनुष्य) आफ्ना स्वभावअनुसार (विभिन्न कार्यमा) प्रवृत्त हुन्छ। सत्त्व, रज एवं तमोगुणात्मक कार्यहरू शरीरका, मनका अथवा वाणीका माध्यमबाट सम्पन्न गरिन्छन्। शुभ एवं अशुभ फल उत्पन्न गराउने कर्महरूका अनुष्ठानबाट उत्कृष्ट (उत्तम), मध्यम (सामान्य) र अनुत्कृष्ट (निम्न) परिणाम प्राप्त हुन्छ। आफूद्वारा सम्पन्न गरिएका कर्महरूका फल उपलब्ध गराउने अग्नि आदि देवताहरूको आराधना गर्नुपर्छ। कर्मको स्वरूप प्रवृत्तिमूलक (स्वर्गादि अभिलषित सुखका साथै संसारमा पुनर्जन्म गराउने) र निवृत्तिमूलक (जन्मचक्रलाई नै छिनालिदिने) हुन्छ। सबै प्रकारका कर्महरूको अनुष्ठानबाट शक्तिको उदय हुन्छ। ब्राह्मण र क्षत्रियमा विद्यमान शक्ति जगत्को संरक्षक र व्यवस्थाको संस्थापक हुन्छ। ब्राह्मणहरूद्वारा गरिने कर्महरूले चराचर जगत्को कल्याण गर्ने भएकाले त्यस्ता कर्महरू निरन्तर सञ्चालित भइरहून् भन्ने उद्देश्य राखी क्षत्रियहरूद्वारा ब्राह्मणहरूको विशेषरूपमा संरक्षण गरिनुपर्छ। ब्राह्मणहरूका र क्षत्रियका बीचमा परस्परमा उपकार्योपकारक भाव सम्बन्ध रहेको हुन्छ। क्षत्रियहरू ब्राह्मणत्व प्राप्तिका कारकहेतुका रूपमा रहेका हुन्छन्। लोकको प्रवृत्ति श्रेयको (कल्याणको) प्राप्तिका लागि हुन्छ। (सुख पाउन सकूँ भन्ने उद्देश्यले मनुष्य कर्ममार्गमा प्रवृत्त भएका हुन्छन्)। श्रेयःप्राप्ति ज्ञानबाट मात्र सम्भव हुन्छ। साध्य (प्राप्त गर्न चाहेको वस्तु) र साधन (अभीष्ट पदार्थ उपलब्ध गराउने माध्यम) को जानकारी भएको पुरुषले मात्र आफूले चाहेअनुसारको फल प्राप्त गर्न सक्छ। अतः विद्याले युक्त (विद्वान्) ब्राह्मणले उच्च स्थान प्राप्त गर्छ। ब्राह्मणका लागि पालन गर्नुपर्छ र सम्पादन गर्नुपर्छ भनी बताइएका जेजति कर्महरू छन् ती सबै कर्महरू सामाजिक व्यवस्थाका स्थापक देखिन्छन्।

अतिन्द्रिय पदार्थलाई समेत साक्षात्कार गर्न सक्ने महर्षिहरूद्वारा गरिएको सामाजिक व्यवस्था आदर्शमय थियो। तिनै महर्षिहरूद्वारा स्मरण गरिएको धर्मशास्त्रले सम्पूर्ण जगत्लाई पिताले पुत्रलाई, पतिले पत्नीलाई, कुटुम्बीले कुटुम्बलाई, राजाले प्रजालाई, धनीले सम्पत्तिलाई, व्यापारीले विक्रेय वस्तुलाई, गोठालाले गाईलाई, श्रोत्रिय (वेदज्ञ) ले विद्यालाई, कौलिक (उच्च कुलमा जन्मिएको र कुलाभिमानी पुरुष) ले कुललाई (वंशमर्यादालाई), धार्मिक (धर्मप्राण मनुष्य) ले धर्मलाई, आचारवान् पुरुषले परम्पराबाट प्राप्त सद्व्यवहारलाई, कुलङ्गना (उच्च कुलमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ये हि विनाशकाले विपरीतबुद्धयस्तदेत् मन्वादिभिः स्मृतं धर्मशास्त्रं नानुवर्तन्ते। ते वै इह जगति विनष्टाः परे च लोके दुःखभोगव्याकुला नारकीयां गतिमाप्नुवन्ति।

धर्मशास्त्रमिदं लोकं दुराचारफलनरकादिप्राप्तिप्रदर्शेनानभीष्टकारककृत्येभ्यो निवर्तनां विधाय सदाचारानुष्ठान-जन्यपुत्रपशुभूत्याद्यैहिकफलप्राप्तिस्वर्गादिपारलौकिकफलप्राप्तिं प्रदर्श्य लोकोपकारककृत्येषु प्रवर्तनां समुत्पाद्य च समाजं सुव्यवस्थितं विधत्ते। तस्माद्धर्मदण्डः प्रीत्या लोकं नियमयति।

राजदण्डस्तु परुषवृत्त्या लोकं निर्गृह्णाति। लोकसंरक्षको राजा ब्रह्मणा सृष्टं दण्डं प्रयुज्य लोकं मर्यादायां स्थापयति। दुष्टानां निग्रहो हि प्रजारञ्जकस्य राज्ञः परमं कर्तव्यम्। दुष्टज्ञानाय राज्ञा प्रत्यक्षमष्टादशसु मार्गेषु निबद्धानां व्यवहारपदानां भाषोत्तरक्रियासाध्यसिद्धिरूपचतुष्पादात्मकव्यवहारमार्गेणावलोकनं विधेयम्। दुष्टान् निगृह्य लोके सदाचारप्रवर्तनं राज्ञः कर्तव्यम्। धर्मदण्डराजदण्डयोः फलं समानम्। प्रत्यक्षाप्रत्यक्षतया नियामकत्वान्निग्रहोपाययोरेव तयोर्दण्डयोरन्तरम्।

जन्मिएकी महिला) ले शील (सदाचार आदि) लाई, उन्नति चाहने पुरुषले अप्रमाद (असावधानीको विपरीत स्थिति) लाई, अभ्युदय (ऐहिक एवं पारलौकिक कल्याण) चाहने पुरुषले पुरुषार्थ (उद्यमशीलता) लाई, कल्याण (उन्नति) चाहने पुरुषले मङ्गलाचारलाई, गुणात्मकताको कामना गर्ने पुरुषले संस्कारको अनुष्ठानलाई, सिद्धि (सफलता) चाहने मनुष्यले आफ्ना लागि निर्धारण गरिएका कर्महरूको अनुष्ठानलाई र यस लोकमा समृद्धिको एवं परलोकमा मोक्षको कामना गर्ने पुरुषले धर्मलाई रक्षा गरेजस्तै गरी रक्षा गर्छ।

नष्ट हुने समय नजिकै आएकाले विपरीत बुद्धि भएका जुन मनुष्यले उपर्युक्त विशेषताले समन्वित मनु आदिद्वारा स्मरण गरिएका धर्मशास्त्रको अनुसरण गर्दैनन् तिनीहरू यसै लोकमा नष्ट हुन्छन् (अधोगतिमा प्राप्त हुन्छन्) र परलोकमा पनि दुःखभोगले व्याकुल हुँदै नारकीय गति (कष्टकर पीडा) प्राप्त गर्छन्। धर्मशास्त्रले मनुष्यलाई दुराचारका परिणामका रूपमा नरकादि प्राप्त हुन्छन् भन्ने कुराको जानकारी गराएर अनिष्टकर कार्यबाट मनुष्यलाई रोक्दछ। सदाचारका अनुष्ठानबाट पुत्र, पशु, ऐश्वर्य आदि ऐहलौकिक परिणाम प्राप्त हुने र स्वर्गादि पारलौकिक परिणाम पनि प्राप्त हुने कुरा देखाएर त्यस प्रकारका लोकोपकारक कृत्यहरूमा मनुष्यलाई संलग्न गराउँछ। यसरी धर्मशास्त्रले समाजलाई सुव्यवस्थित बनाउने कार्य गर्छ। अतः धर्मदण्डले प्रेमपूर्वक मनुष्यलाई नियन्त्रण गर्ने कार्य गर्छ।

राजदण्डले भने कठोर व्यवहारद्वारा मनुष्यलाई नियन्त्रण गर्ने कार्य गर्छ। लोकका संरक्षक राजाले ब्रह्माजीद्वारा सृष्टि गरिएको दण्डको प्रयोग गरेर लोकलाई मर्यादामा राख्छन्। दुष्टहरूलाई नियन्त्रण गर्नु प्रजारञ्जक (जनतालाई प्रसन्न गराउने) राजाको कर्तव्य हो। दुष्ट हो कि होइन भनी जान्नका लागि राजाले प्रत्यक्ष रूपमा अठार मार्गका निबन्धन गरिएका व्यवहारको अवलोकन गर्नुपर्छ। व्यवहारपदका अङ्गभूत भाषा (भाषापाद), उत्तर (उत्तरपाद), क्रिया (क्रियापाद) एवं साध्यसिद्धि (साध्यसिद्धिपाद) रूप चतुष्पादात्मक (चार चरण भएको) व्यवहारमार्गद्वारा व्यवहारनिर्णय गर्नुपर्छ। दुष्टहरूलाई नियन्त्रण गरेर लोकमा सदाचार प्रवर्तन गर्नु राजाको कर्तव्य हो। धर्मदण्ड र राजदण्डबाट प्राप्त हुने फल (परिणाम) एकै प्रकारको हुन्छ। प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा नियन्त्रण गर्ने हुनाले निग्रह गर्ने उपायका आधारमा मात्र उक्त दुई दण्डका बीचमा भिन्नता देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णाश्रमधर्माणां लोकाचारस्य च संरक्षणात् नश्यतां सर्वेषां धर्माणां प्रवर्तको राजधर्मः । तं च धर्मं दण्डो हि संरक्षति । अत एव दण्डस्य धर्मत्वं स्मृतम् । दण्डो ह्यैहिकपारलौकिकसंरक्षणक्रियाकर्ता । दण्डाभावे न राजनि प्रजारञ्जकत्वं नापि भूमिपतित्वम् । न च तत्र प्रजाः सुखमेधन्ते । क्षत्रियस्य प्रधानं कर्म प्रजानां परिपालनमेव । यथा द्विजातयो यागाद्यनुष्ठानैः पूयन्ते, तथा नरपालो दुष्टानां निग्रहेण साधूनां सङ्ग्रहेण च पूयते । दुष्टनिग्रहश्च दण्डमन्तरा न सम्पद्यते ।

राजप्रयुक्तदण्डेन लोको रजकक्षालितवसनवद् विशुद्धिमाप्नोति । दण्डस्य दण्डरूपत्वं हि दुष्टदमनात् । धर्मदण्डः पारलौकिकं दण्डं प्रायः प्रयुङ्क्ते । राजदण्डस्तु ऐहिकं दण्डं प्रयुङ्क्ते । ऐहिकं धर्मदण्डफलं तु प्रज्ञाचक्षुःसमन्विता जानन्ति ।

राजदण्डो मनसा विकुर्वन्तं न निगृह्णाति । केवलं शरीरेण वाचा वा विकुर्वन्तमेव निगृह्णाति ।

धर्मः, व्यवहारः, चरित्रम्, राजशासनं च विवादसमाधानाय चत्वारः पादा उत्तरोत्तरप्रबलाः परिकल्पिताः । तत्र धर्मः सत्ये स्थितो भवति । व्यवहारः साक्षिषु विद्यमानः । साक्षिषु इति प्रमाणमात्रोपलक्षणम् । चरित्रं पुरुषाणां सद्वृत्तेषु विद्यमानम् । राज्ञ आदेशे राजशासनं तिष्ठति । एभिः प्रमाणैः प्रमितोऽर्थः प्रामाण्यमश्नुते ।

वर्णका एवं आश्रमका धर्महरूको र लोकाचारको संरक्षण गरेर नष्ट हुन लागिरहेका सबै धर्महरूलाई प्रवृत्त गराउने धर्मलाई राजधर्म भनिन्छ । त्यस धर्मलाई दण्डले संरक्षण गर्छ । त्यसैले नै दण्डलाई धर्म भनिएको हो । दण्डले यस लोकमा र परलोकमा प्राप्त हुने सुख, सुविधा, स्वर्ग, मोक्ष आदिको संरक्षण गर्ने कार्य गर्छ । दण्डका अभावमा न त राजामा प्रजारञ्जकता रहन सक्छ, न त भूमिपतिता नै रहन सक्छ । दण्डहीन राजा भएका राज्यमा न त प्रजाले सुख नै प्राप्त गर्दछन् । क्षत्रियहरूको प्रमुख कार्य भनेकै प्रजाहरूको पालन (संरक्षण) हो । द्विजाति जसरी यज्ञादिको अनुष्ठानद्वारा पवित्र हुन्छन् त्यसरी नै राजा पनि दुष्टहरूलाई नियन्त्रण एवं साधुहरूलाई संरक्षण गर्ने कार्यबाट पवित्र हुन्छ । दुष्टलाई नियन्त्रण गर्ने कार्य दण्ड विना सम्पन्न हुन सक्दैन ।

राजाद्वारा प्रयोग गरिएका दण्डका माध्यमले लोक धोबीद्वारा धोइएका कपडाझैं पवित्र (शुद्ध/सफा) हुन्छ । दुष्टहरूको दमनबाट नै दण्डमा दण्डता प्राप्त हुन्छ । धर्मदण्डले प्रायः पारलौकिक दण्डको प्रयोग गर्छ । राजदण्डले भने ऐहिक (यसै लोकमा उपभोग गर्नुपर्ने जेल नेल आदि) दण्ड प्रयोग गर्छ । धर्मदण्डका माध्यमले प्राप्त हुने ऐहिक फल त प्रज्ञारूपी नयनले युक्त भएका पुरुषले मात्रा थाहा पाउन सक्छन् । पुनश्च राजदण्डले मनद्वारा गरिएका दुष्कर्मलाई नियन्त्रण गर्न सक्दैन । शरीरद्वारा र वाणीद्वारा (दुर्भाषणका माध्यमले) गरिएका दुराचारलाई मात्र राजदण्डले नियन्त्रण गर्छ ।

धर्मलाई, व्यवहारलाई, चरित्रलाई र राजशासनलाई विवाद समाधानका लागि उत्तरोत्तर बलवान् (पहिला पहिलाका भन्दा पछिपछिका बलवान् हुने) चारवटा पाउका रूपमा कल्पना गरिएको छ । विवाद समाधानका उपायका रूपमा रहेका चार पाउमध्ये धर्मरूप पाउ सत्यमा अवस्थित हुन्छ । व्यवहार साक्षीहरूमा अडिएको हुन्छ । साक्षी शब्द प्रमाण मात्रको बोधक हो । चरित्र पुरुषहरूका राम्रा व्यवहारमा रहेको हुन्छ । राजाका आदेशमा (राजाज्ञामा) राजशासन रहेको हुन्छ । उक्त प्रमाणहरूका आधारमा निश्चित गरिएको तथ्य मात्र प्रामाणिक हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाणं मानुषं दिव्यं चेति द्विविधम् । तत्र मानुषं प्रमाणं लिखितं भुक्तिः साक्षिणश्चेति त्रिविधमुद्दिष्टम् । तेषु लिखितं शासनजानपदभेदाद् द्विविधम् । राजकीयं लेख्यं शासनम् । जानपदलेख्यं जानपदम् । जानपदलेख्यमपि स्वहस्तलिखितपरहस्तलिखितभेदाद् द्विविधम् । स्वहस्तलिखितं साक्ष्यमन्तरा प्रमाणम् । परहस्तलिखितं ससाक्षिकं प्रमाणम् ।

पञ्चदशविशेषणविशिष्टो भोगः प्रमाणम् । परेणोपभुक्तां भूमिं पश्यतो ब्रुवतो विंशतिवार्षिकी हानिर्भवति । धनस्य दशवार्षिकी हानिर्भवति । बन्धकः, सीमा, उपनिक्षेपः, जडधनम्, बालधनम्, उपनिधिः, राजकीयं धनम्, श्रोत्रियस्य धनं च परोपभोगान्न नश्यति । पूर्वेषां पित्रादीनां त्रयाणां क्रमागतं भोगं परित्यज्यान्येभ्यो भोगेभ्य आगमं प्रमाणं प्रबलम् । यस्मिन् आगमे स्वल्पापि भुक्तिर्नास्ति तस्य तु नैव प्रामाण्यम् ।

साक्षिणो दृष्टज्ञाः श्रुतज्ञाश्चेति द्विविधाः । साक्षिणः कृताकृतभेदाद् द्विविधा भवन्ति । तत्रापि कृतसाक्षिणो लिखितस्मारितयदृच्छाभिज्ञगूढोत्तरभेदात् पञ्चविधाः । अकृतसाक्षिणो ग्रामप्राड्विवाकराजाकार्येष्वधिकृतार्थिप्रहितकुल्यभेदात् षड्विधा भवन्ति । ते च तपस्विभ्यो दानशीलाः कुलीनाः सत्यवादिनो धर्मप्रधानाः श्रुतिस्मृतिविहितकर्मणां समनुष्ठातारस्त्र्यवराः साक्षिणो भवन्ति ।

प्रमाण- मानुष प्रमाण र दिव्य प्रमाण गरी दुई प्रकारको हुन्छ । उक्त दुई प्रमाणमध्ये मानुषप्रमाण- लिखित, भुक्ति (भोगचलन) र साक्षी गरी तीन प्रकारको मानिएको छ । उक्त तीन प्रमाणमध्ये पनि लिखित प्रमाण- शासन लेख र जानपद लेख गरी दुई प्रकारको हुन्छ । राजकीय लेखलाई शासन लेख भनिन्छ । जनताद्वारा लेखिएको लेखलाई जानपद लेख भनिन्छ । जानपद लेख पनि आफैँ (आफ्नै हातले) लेखेको र अरूद्वारा (अरूका हातले) लेखिएको गरी दुई प्रकारको हुन्छ । आफ्नै हातले लेखिएको लेख साक्ष्य विना नै प्रमाण हुन्छ । अरूका हातले लेखिएको लेख साक्षीका रोहबरमा लेखिएका अवस्थामा मात्र प्रमाण हुन्छ ।

पन्ध्रवटा विशेषणले युक्त भएको भोग प्रमाण हुन्छ । अरूद्वारा जमिनको उपभोग गरिएको देखिरहेता पनि बीस वर्षसम्म कुनै प्रतिक्रिया नजनाउने पुरुषले हानि बेहोर्नुपर्ने हुन्छ । आफ्ना धनको उपभोग गरिरहेका अवस्थामा कुनै प्रतिक्रिया नजनाउने पुरुषलाई दश वर्ष पछि घाटा बेहोर्नुपर्ने हुन्छ । बन्धक, सीमा, उपनिक्षेप, जड पुरुषको धन, बालकको धन, उपनिधि, राजाको धन र श्रोत्रियको धन अरूद्वारा उपभोग गरिएता पनि नष्ट हुँदैन । आफूभन्दा पहिले तीन पुस्ताबाट उपभोग गरिँदै आएको भोगलाई छाडेर अन्य भोगभन्दा आगम प्रमाण नै बलवान् हुन्छ । जुन आगममा थौरै पनि भोग छैन त्यस प्रकारको आगम भने प्रमाण हुन सक्दैन ।

साक्षीहरू दृष्टज्ञ (देखेर थाहा पाएका) र श्रुतज्ञ (अरूबाट सुनेर थाहा पाएका) गरी दुई प्रकारका हुन्छन् । साक्षीहरू कृताकृत भेदले अर्थात् कृत साक्षी र अकृत साक्षी गरी पुनः दुई प्रकारका हुन्छन् । त्यसमा पनि कृतसाक्षीहरू लिखित, स्मारित, यदृच्छाभिज्ञ र गूढ र उत्तर गरी पाँच प्रकारका हुन्छन् । अकृत साक्षीहरू ग्राम, प्राड्विवाक, राजा (झगडियाको नाइके), कार्येष्वधिकृत, अर्थिप्रहित र कुल्य भेदले छ प्रकारका हुन्छन् । तपस्वीभन्दा अत्यन्त दानशील, कुलीन, सत्यवादी, धर्मप्रधान, श्रुति एवं स्मृतिमा बताइएका कर्मका अनुष्ठाता एवं त्र्यवर ती सबै नै (प्रस्तुत वाक्यमा पठित विशेषता युक्त भएका एवं पूर्व वाक्यमा पठित सबै पुरुष) साक्षी हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिखितादीनां मानुषप्रमाणानामभावे दिव्यं प्रमाणं भवति। दिव्य प्रमाण च तुलाग्निजलविषकोशतण्डुल-तप्तमाषकफालधर्माधर्मपरीक्षणभेदान्नवविधमुपलभ्यते। तुलादिकोशान्तानां पञ्चानां दिव्यानां महाभियोगेष्वेव प्रयोगो विधीयते। कोशस्याल्पाभियोगेऽपि प्रयोगो विधीयते। प्रणसहस्रपरिमाणादूर्ध्वं महाभियोगः, तस्मान्न्यूनमल्पाभियोगः।

यथा धर्मेण (सत्येन) विवादः पर्यवसीयते, व्यवहारेण च विवादः पर्यवसीयते; तथा चरित्रेण राजाज्ञया च विवादः पर्यवसीयते। चरित्रं पुरुषाणां संरक्षणात्मकं कृत्यम्। संरक्षणं लोकस्य सद्वृत्तानुष्ठानेन सम्पद्यते। सद्वृत्तस्य धर्मे प्रामाण्यम्। तस्माच्चरित्रं विवादसमाधायकं प्रमाणम्।

राजशासनं तु विवादसमाधानायापरिहार्यत्वेन विद्यमानं प्रमाणम्। इतरप्रमाणाभावेऽपि राजाज्ञया निर्णयो भवति। समाजोपयोगमवेक्ष्य राज्ञा कृतोऽपि निर्णयः प्रमाणम्।

प्रमाणान्युपस्थाप्य व्यवहारपदगतविवादसमाधानाय रचितराजकीयपद्धत्या विहितनिर्णयात्, प्रमाणाभावा-वस्थायां समाजोपयोगं चावेक्ष्य कृतो राजनिर्णयः पृथक्भावमश्नुते।

राज्यस्य स्वाम्यमात्यजनदुर्गकोशदण्डमित्राणि सप्त प्रकृतयो भवन्ति।

लिखित आदि मनुष्य प्रमाणका अभावमा दिव्य प्रमाणहरूको सहयोग लिनुपर्ने हुन्छ। दिव्य प्रमाण- तुला, अग्नि, जल, विष, कोष, तण्डुल, तप्तमाष, फाल (फाली) र धर्माधर्मपरीक्षण भेदले नौ प्रकारको हुन्छ। तुलादेखि कोशसम्मका पाँच दिव्य प्रमाणको महाभियोगमा मात्र प्रयोग गरिन्छ। उक्त पाँच प्रमाणमध्ये कोशरूप प्रमाणको साना अभियोगमा पनि प्रयोग गरिन्छ। हजार पणभन्दा माथिको अभियोगलाई महाभियोग भनिन्छ। हजार पणभन्दा कमको अभियोगलाई अल्पाभियोग भनिन्छ।

जसरी धर्म (सत्य) द्वारा विवादको समाधान गरिन्छ, जसरी व्यवहारद्वारा विवादको समाधान गरिन्छ त्यसरी नै चरित्रद्वारा र राजाज्ञाद्वारा पनि विवादको समाधान गरिन्छ। चरित्र भन्नाले पुरुषहरूको संरक्षणात्मक कृत्य भन्ने अर्थ बुझिन्छ। पुरुषको संरक्षण सद्वृत्तको (सदाचारको) अनुष्ठानबाट सम्पन्न हुन्छ। सदाचारलाई धर्ममा प्रमाण मानिएको छ। त्यसैले चरित्र विवाद समाधान गर्ने प्रमाण हो।

राजशासन (राजाज्ञा) विवाद समाधानका लागि अपरिहार्य (अनिवार्य) प्रमाण हो। अन्य प्रमाणका अभावमा राजाज्ञाद्वारा निर्णय गरिन्छ। (विवादित विषयलाई टुङ्गो लगाइन्छ)। समाजको उपयोगितालाई हेरी राजाद्वारा गरिएको निर्णय पनि प्रमाण हुन्छ। प्रमाणहरूलाई उपस्थापन गरेर व्यवहारपदमा रहेका विवाद समाधान गर्नका लागि बनाइएका राजकीय पद्धतिबाट गरिएका निर्णयहरूभन्दा प्रमाणहरू नभएका अवस्थामा समाजको उपयोगितालाई ध्यानमा राखेर राजाद्वारा गरिएको निर्णय भिन्नै प्रकारको हुन्छ।

राज्यका स्वामी (राजा), अमात्य (मन्त्री, पुरोहित), जन (जनता), दुर्ग (जल, धन्व आदि), कोष (अर्थतन्त्र), दण्ड (सैन्यशक्ति/चतुरङ्गिणी सेना) र मित्र गरी सात प्रकृति (अभिन्न अङ्ग) हुन्छन्। मूल प्रकृति, शाखा प्रकृति र द्रव्य प्रकृतिका भेदले राष्ट्रमण्डलका बहत्तर प्रकारका प्रकृति हुन्छन्। राष्ट्रको सङ्ग्रह (संरक्षण, संवर्धन) का लागि राष्ट्रमण्डलका सम्बन्धमा चिन्तन गर्नुपर्ने हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रमण्डलस्य मूलप्रकृतिशाखाप्रकृतिद्रव्यप्रकृतिभेदाद् द्वासप्ततिप्रकृतयो भवन्ति । राष्ट्रसङ्ग्रहार्थं राष्ट्रमण्डलं परिचिन्तनीयम् ।

राष्ट्रस्य स्वामी राजा यादृशगुणदोषसमन्वितो भवति राष्ट्रमपि तथाविधमेव सम्पद्यते । सत्यत्रेता-द्वापरकलिरूपाणि चत्वारि युगानि राजवृत्तानि । राज्ञा समनुष्ठेया धर्माः । सर्वात्मना दण्डनीत्यां जाता राज्ञः प्रवृत्तिः सत्ययुगमापादयति । राज्ञो दण्डनीतौ यथा यथा प्रवृत्तेर्ह्रासो जन्यते तथा तथा त्रेताद्वापरकलिरूपाणि युगानि जायन्ते । धर्मो धर्मं जनयति । गौर्गामिव, अश्वोऽश्वमिव, मनुष्यो मनुष्यमिव धर्मरूपो दण्डोऽपि राजनीत्या प्रयुक्तो धर्ममेव जनयतीति दण्डनीतौ सर्वात्मना प्रवृत्तो राजा सत्यं युगमापादयति । दण्डनीतेरेकैकांशह्रासाद् युगह्रासः । दण्डनीतिभीता एव जना मर्यादापालनं कुर्वते । सकलाङ्गयुक्तो राजा दण्डेन दुष्टान् दमयति, तस्मादेव दण्डस्य दण्डत्वम् । धर्मदण्डयोर्विषयभेदाद्रूपस्य भिन्नत्वम् । एक एव पुरुषो यज्ञानुष्ठानाय प्रवृत्त ऋत्विक्, उपनयने प्रवृत्त आचार्यः, गुरुः, उपाध्यायो वा, उद्वाहे प्रवृत्तो वर इति चोच्यते तथा धर्मदण्डयोरपि विषयभेदाद् भिन्नत्वम् । धर्मो हि क्वचिद् दण्डरूपत्वं क्वचिदपूर्वरूपत्वं पुण्यरूपत्वमदृष्टरूपत्वं सद्वृत्तरूपत्वं शीलत्वं चरित्रत्वादिरूपत्वं वा बिभर्ति । क्वचिद्दण्डसाध्यो धर्मः । क्वचिद् धर्मसाध्यो दण्डः । लोकसंरक्षणं राज्ञो धर्मः । अराजके जनपदे न मेघोऽपि वर्षति । न कश्चित् सद्वृत्तमनुसरति । चराचरं जगत् न व्यवतिष्ठते । राजरहितं राष्ट्रं न शोभते । राष्ट्रस्य प्रज्ञानं राज्ञा एव सम्पद्यते । अराजके जनपदे धर्मो न सम्पद्यते । धर्माभावे सामाजिकं जीवनं पर्यस्तमेति ।

राष्ट्रका सञ्चालक राजा जस्ता गुण वा दोषले युक्त भएका हुन्छन् राष्ट्र पनि त्यसै प्रकारको (गुणदोषसमन्वित) बन्दछ । सत्य, त्रेता, द्वापर र कलिरूप चार युग राजाका चरित्र हुन्छन् । राजाद्वारा धर्मप्रधान कृत्यको अनुष्ठान गर्नुपर्छ । राजाको सम्पूर्ण रूपमा दण्डनीतिमा भएको प्रवृत्तिले सत्ययुग उत्पन्न गराउँछ । राजाको दण्डनीतिप्रतिको प्रवृत्तिमा (लगावमा) जति जति ह्रास आउँदै जान्छ त्यसै अनुरूप नै त्रेता, द्वापर एवं कलिरूप युगहरू प्रवृत्त हुन्छन् । धर्मले धर्मलाई नै उत्पन्न गराउँछ । गाईले गाईलाई, घोडाले घोडालाई, मनुष्यले मनुष्यलाई उत्पन्न गराएझैं राजनीतिका आधारमा प्रयोग गरिएको दण्डले पनि धर्मलाई नै उत्पन्न गराउँछ । अतः सम्पूर्ण रूपमा दण्डनीतिमा प्रवृत्त भएका राजाले सत्ययुग ल्याउँछन् । दण्डनीतिका एउटा एउटा अंशको ह्रासबाट युगहरूको क्षय (विनाश) हुन्छ । दण्डनीतिबाट डराएरै मनुष्यले मर्यादाको पालन गर्छन् । सबै अङ्गले युक्त भएका राजाले दण्डका माध्यमले दुष्टहरूलाई दबाउँछन् । यसै कार्यबाट नै दण्डको दण्डता सिद्ध हुन्छ । धर्म र दण्डका बीचमा विषयका भेदले गर्दा रूपगत भिन्नता देखिन्छ । एउटै पुरुष जसरी यज्ञको अनुष्ठानमा प्रवृत्त भएका अवस्थामा ऋत्विक्, उपनयनमा प्रवृत्त भएका अवस्थामा आचार्य, गुरु वा उपाध्याय, विवाहमा प्रवृत्त भएका अवस्थामा वर (बेहुलो) भनिन्छ त्यसरी नै धर्म र दण्डमा पनि विषयका भेदले भिन्नता देखापर्छ । धर्मले कहीँ दण्डरूपलाई, कहीँ अपूर्वरूपलाई, कहीँ पुण्यरूपलाई, कहीँ अदृष्टरूपलाई, कहीँ सद्वृत्त (सदाचार) रूपलाई, कहीँ शील (स्वभाव) रूपलाई र कहीँ चरित्र आदिको रूपलाई ग्रहण गर्छ । कहीँ दण्डका साध्यका रूपमा धर्म रहेको हुन्छ । कहीँ धर्मका साध्यका रूपमा दण्ड रहेको हुन्छ । लोकको संरक्षण गर्नु राजाको धर्म हो । राजा नभएका जनपदमा मेघले वृष्टि पनि गर्दैन (पानी पर्दैन), कुनै पनि पुरुषले सदाचारको अनुसरण गर्दैन, चराचर जगत् पनि व्यवस्थित हुँदैन । यसरी नै राजा नभएको राष्ट्र सुशोभित हुँदैन । राष्ट्रका प्रज्ञान राजा नै बन्दछन् । राजा नभएका जनपदमा धर्मको अनुष्ठान सम्पन्न हुन सक्दैन । धर्मका अभावमा सामाजिक जीवन अस्तव्यस्त हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद् राष्ट्रे राज्ञा भाव्यम्। दुष्टनिग्रहो राज्ञा विधेयः। दुष्टनिग्रहकर्ता राजा देशस्थितप्रजाभिः समनुष्ठितसुकृतानां षष्ठांशभागी सम्पद्यते। तस्मादष्टादशसु मार्गेषु निबद्धानां व्यवहारपदानां सम्यगवलोकनेन दुष्टदमनाय राज्ञा प्रयतितव्यम्। दण्डरूपो धर्मः प्रत्यक्षनियामकः। स च दण्डो गुणवता राज्ञा प्रयोक्तुं शक्यः। गुणवता राज्ञा प्रयुक्तो दण्डो मर्यादास्थापनं विधत्ते। दण्डो हि जगन्नियामकः। दण्डं विहाय नियामकान्तराभावः। दण्डस्य भयादेव जना आत्मानं संयमिनं कुर्वते। लोके स्व-स्वव्यापारसंलग्नाश्च जना दण्डभयादेव भवन्ति।

दण्डस्य च धर्मदण्डराजदण्डरूपद्विविधभेदसमन्वितं रूपमुपपादितम्। यथा एकेन चक्रेण रथस्य गतिर्न जायते तथा एकेन दण्डेन समाजस्येष्टसंयोगानिष्टपरिहारात्मिका व्यवस्था न सम्पद्यते। तस्मादैहिकाभ्युदयपार-लौकिकनिःश्रेयसोपलब्धये धर्मदण्डराजदणडरूपयोरुभयोर्दण्डयोरावश्यकत्वं पर्यवसीयते।

धर्मशास्त्रस्य व्यवस्थायाः साधनत्वं स्वाभाविकम्

धर्मस्य साधनत्वं स्वाभाविकम्। साधनरूपेण स्थितो धर्मः साध्यस्य सम्पादने क्षमः। साध्यसम्पादनाय न हि साधनं स्वतन्त्रतया कारणतामाप्नोति। कर्त्रा साध्यसम्पत्यर्थं प्रयुक्तं हि साधनं कारणतामाप्नोति। कर्ता यादृशसाध्यसम्पादनाय साधनं प्रयुङ्क्ते, तादृशमेव साध्यं सम्पद्यते।

विज्ञानविजृम्भितो लोको जलाद् विद्युन्निष्कास्य नानाविधकार्येषु सम्प्रयुङ्क्ते। जलाद् विद्युन्निष्कासकेन महती तपस्या समनुष्ठिता। तस्य महतस्तपसः फलं विद्युद्रूपशक्तेराविर्भावः। सा हि विद्युत् संवेष्टनसंरक्षण-

---

त्यसैले राष्ट्रमा (राज्यमा) राजा हुनुपर्छ। राजाले दुष्टहरूलाई नियन्त्रण गर्नुपर्छ। दुष्टहरूलाई नियन्त्रण गर्ने राजा आफ्ना देशमा प्रजाहरूद्वारा गरिएका राम्रा कार्यबाट प्राप्त परिणामका छैटौं अंशका भागीदार बन्दछन्। (पुण्यको छैटौं अंश प्राप्त गर्छन्)। त्यसैले अठार भागमा विभक्त व्यवहारपदको सम्यक् प्रकारले अवलोकन गरेर राजाले दुष्टहरूलाई नियन्त्रण गर्ने कार्यका लागि प्रयत्न गर्नुपर्छ। दण्डरूप धर्म प्रत्यक्ष नियामक हो। त्यस प्रकारको दण्ड गुणवान् राजाद्वारा प्रयोग गर्न सकिन्छ। गुणवान् राजाद्वारा प्रयोग गरिएको दण्डले मर्यादा स्थापना गर्ने कार्य गर्छ। दण्ड नै जगत्को नियामक हो। दण्डलाई छाडेर अन्य कुनै नियामक हुँदैन। दण्डका डरले नै मनुष्यले आफूलाई संयमी बनाउँछन्। मनुष्यहरू दण्डका डरले नै लोकमा आ-आफ्ना निर्धारित कार्यमा संलग्न हुन्छन्।

दण्ड- धर्मदण्ड र राजदण्ड गरी दुई प्रकारको हुन्छ भन्ने तथ्य पहिले नै प्रतिपादन गरिसकिएको छ। जसरी एउटा मात्र चक्र (चक्का/पाङ्ग्रो) ले रथ गतिशील हुन (हिँड्न) सक्दैन त्यसरी नै एउटा दण्डले मात्र समाजमा इष्ट पदार्थ प्राप्त गराउने र अनिष्ट पदार्थलाई परिहार गर्ने व्यवस्था कायम हुन सक्दैन। अतः ऐहिक अभ्युदय र पारलौकिक निःश्रेयस प्राप्त गर्नका लागि दुवै प्रकारका धर्मदण्ड र राजदण्डको आवश्यकता पर्छ भन्ने निष्कर्ष निस्कन्छ।

धर्मशास्त्र व्यवस्थाको साधन बन्नु स्वाभाविक हो-

धर्म स्वभावैले विभिन्न साध्यको साधन बन्दछ। साधनका रूपमा रहेको धर्म साध्य सम्पादनमा समर्थ हुन्छ। साध्य सम्पन्न गराउनका लागि साधन स्वतन्त्र रूपमा कारण बनेको हुन्छ। कर्ता (अनुष्ठाता) द्वारा साध्य प्राप्त गर्नका लागि प्रयोग गरिएको साधन नै कारण (करण) बन्दछ। कर्ताले जस्तो साध्य निष्पादन गर्नका लागि साधनको प्रयोग गरेको हुन्छ, त्यस्तै नै साध्य सम्पन्न हुन्छ। विज्ञानका चमत्कारको उत्कर्षमा पुगेको लोकले पानीबाट बिजुली निकालेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वकमुत्पादनक्षेत्रात् प्रयोगक्षेत्रं यावदानीय सन्दीपनाय प्रयुक्ता पदार्थात् प्रकाशते, पचनाय प्रयुक्ता औष्ण्यमापाद्य पचति पाकम्, यन्त्रादिसञ्चालनार्थं प्रयुक्ता सञ्चालयति यन्त्रादीनि चेत् संवेष्टनादिरहितासंरक्षितासंप्रयुक्ता च सा वै विद्युत् प्राणशंसयात्मिका भवति। दुष्टप्रयुक्ता च देहधारिणं विनाशयति।

तथा हि धर्ममनुतिष्ठता साधकेनात्मशक्तिः संवर्द्धिता भवति। अर्थात् धर्मस्यानुष्ठानादनुष्ठातुरात्मशक्तिः संवर्द्धते। तया शक्या कार्यं सम्पादयितुं च शक्नोति शक्तिसम्पन्नो जनः। अभीष्टसाधनार्थं प्रयुक्ता शक्तिरभीष्टं संसाधयति। अनभीष्टसाध्येषु व्ययीकृता च सा शक्तिरनभीष्टमेव साध्यं जनयति।

यथा वै अभीष्टसाध्यसम्पत्यर्थं धर्मानुष्ठानजनितायाः शक्तेरावश्यकता भवति, तथैवानभीष्टसाध्यसम्पत्यर्थमपि च तदनुष्ठानजनितशक्तेः आवश्यकता भवत्येव। शक्तिमन्तराभीष्टमनभीष्टं वा किञ्चिदपि कार्यं न सम्पद्यते। शक्तिश्च धर्मानुष्ठानमन्तरा नोत्पद्यते।

अतो यथा हि स्वर्गादिफलसिद्ध्यर्थं धर्मिष्ठैर्धर्मोऽनुष्ठीयते। धर्मानुष्ठानं विना स्वर्गादिफलसिद्धिर्न भवति। तथैव चौरैः साहसिकादिभिस्तस्करैश्च लोकानभीष्टचौर्यसाहसादिकार्यसम्पत्यर्थमपि तत्साधिकां शक्तिं जनयितुं

विभिन्न कार्यमा प्रयोग गर्छ। पानीबाट बिजुली निकाल्ने मनुष्यले ठूलो तपस्या (साधना) गरेको छ। उसले गरेका ठूला तपस्याको परिणाम नै बिजुलीरूपी शक्तिको आविर्भाव हो। उत्पादनक्षेत्रबाट संवेष्टन, संरक्षण आदि कार्य गरेर प्रयोग क्षेत्रसम्म ल्याइएको बिजुलीले उज्यालाका लागि प्रयोग गरियो भने पदार्थहरूलाई प्रकाशित गर्छ, पकाउनका लागि प्रयोग गरियो भने तातोपन उत्पन्न गराएर पकाउँछ र यन्त्र आदि सञ्चालनका लागि प्रयोग गरियो भने सम्बद्ध यन्त्र आदिलाई सञ्चालन गर्दछ। संवेष्टन आदि नगरिएको, संरक्षण पनि नगरिएको र राम्ररी (ज्ञानपूर्वक) प्रयोग पनि नगरिएको त्यसै बिजुलीले प्राणलाई शंसयात्मक अवस्थामा पुऱ्याउँछ। दुष्ट (अज्ञ) पुरुषद्वारा प्रयोग गरिएको बिजुलीले देहधारीलाई नै नष्ट गराउँछ (करेन्ट लागेर मनुष्य मर्छ)।

धर्मको अनुष्ठान गर्ने साधकले आत्मशक्तिमा वृद्धि गराउँछ। यसको तात्पर्य धर्मको अनुष्ठानबाट आत्मशक्ति बढ्छ भन्ने हो। त्यसै शक्तिका माध्यमले शक्तिसम्पन्न मनुष्यले कार्य सम्पन्न गराउन सक्छ। अभीष्ट (सबैलाई हित गर्ने) कार्य सम्पन्न गराउन प्रयोग गरिएको शक्तिले अभिलषित वस्तु नै सिद्ध गराउँछ। अनभीष्ट (कसैको हित नगर्ने) साध्य सिद्ध गराउन खर्च गरिएको त्यसै शक्तिले अनभिलषित (कसैले इच्छा नगरेको/नचाहेको) साध्य उत्पन्न गराउँछ। अभीष्ट (अभिलषित) साध्य प्राप्त गर्नका लागि जसरी धर्मको अनुष्ठानबाट उत्पन्न भएका शक्तिको आवश्यकता पर्दछ त्यसरी नै अनभीष्ट (इच्छा नगरिएको र नचाहेको) साध्य सम्पन्न गर्नका लागि पनि त्यसकै (धर्मकै) अनुष्ठानबाट उत्पन्न भएका शक्तिको आवश्यकता पर्दछ। विना शक्तिको अभीष्ट वा अनभीष्ट कुनै पनि कार्य सम्पन्न हुन सक्दैन। पुनश्च शक्ति धर्मको अनुष्ठान विना उत्पन्न हुँदैन।

अतः स्वर्गादि फल प्राप्त गर्नका लागि धर्मनिष्ठ (धार्मिक) पुरुषद्वारा धर्मको अनुष्ठान गरिन्छ। धर्मको अनुष्ठान विना स्वर्गादि प्रयोजनको सिद्धि (प्राप्ति) हुँदैन। यसरी नै चोरहरूले एवं साहसिक (दुस्साहस प्रदर्शन गर्ने पुरुष) आदि तस्करहरूले (लुटेराहरूले) पनि लोकमा अनभीष्ट चौर्य (चोरी) साहसिक आदि कार्य सम्पन्न गराउनका लागि तत् तत् कार्य सिद्ध गराउन सक्ने शक्ति उत्पन्न गराउनका लागि अपूर्व नामक शक्तिलाई उत्पन्न गराउने धर्मको अनुष्ठान गर्नुपर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चापूर्वरूपशक्तेर्जनकस्य धर्मस्यानुष्ठानमावश्यकं भवति । केवलं समीचीनफलसाधकतयासमीचीनफल-साधकतयान्तरम् । समीचीनफलसाधनाय अपि कर्मणः समनुष्ठानमावश्यकम् । असमीचीनफलसाधनायापि कर्मणोऽनुष्ठानं तु विधेयमेवेति कर्मणोऽनुष्ठानमुभयथा भाव्यम् ।

तत्रासमीचीनफलसाधककर्मानुष्ठानप्रवृत्तिं नियम्य समीचीनफलसाधककृत्येषु समनुष्ठानात्मिकायाः प्रवृत्तेरुद्भावनमपि धर्मशास्त्रस्य प्रयोजनम् ।

धर्मस्यालौकिकत्वं शास्त्राल्लोकतश्चावगम्यते । शास्त्रं धर्मस्यालौकिकत्वं समादिशति ।

तत्र जैमिनीयन्यायमालाकारेण [१]माधवाचार्येण-

प्रत्यक्षादिभिरप्येष गम्यते विधिनैव वा ।
अक्षादीनां प्रमाणत्वान्मेयधर्मावभासिता ।।
वर्तमानैकविषयमक्षं धर्मस्तु भाव्यसौ ।
अक्षमूलोऽनुमानादिस्तेन विध्येकमेयता ।।

इत्युक्त्या विषयसंशयपूर्वोत्तरपक्षस्थापनपुरःसरं धर्मस्या-लौकिकतया विध्येकमेयत्वं साधितम् ।

१. जैमिनीयन्यायमाला १/१/४/१७-१८ ।

आवश्यकता हुन्छ । नराम्रा परिणाम प्राप्त गर्नका लागि पनि कर्मको अनुष्ठान त गर्नै पर्छ । अतः दुवै (राम्रा नराम्रा) फलका लागि कर्मको अनुष्ठान सम्पन्न गर्नै पर्छ भन्ने तथ्य सिद्ध हुन्छ । नराम्रा परिणाम उत्पन्न गराउने कर्म सम्पन्न गर्नका लागि हुने पुरुषको स्वाभाविक प्रवृत्तिलाई नियन्त्रण गरेर राम्रा परिणाम उत्पन्न गराउने कार्यहरूका अनुष्ठानमा पुरुषलाई संलग्न बनाउनु (वा त्यस प्रकारको प्रवृत्ति उत्पन्न गराउनु) नै धर्मशास्त्रको प्रयोजन हो ।

धर्मको अलौकिकता शास्त्रबाट र लोकव्यवहारबाट अवगत हुन्छ । शास्त्रले धर्मको अलौकिकता प्रतिपादन गर्छ । यसै सम्बन्धमा जैमिनीयन्यायमालाका लेखक माधवाचार्यले भनेका छन्- **प्रत्यक्षादिभिरप्येषः०** अर्थात् 'शङ्का- धर्म- प्रत्यक्ष आदि प्रमाणका आधारमा पनि थाहा पाउन सकिन्छ कि विधिद्वारा मात्र थाहा पाउन सकिन्छ । पूर्वपक्ष- प्रत्यक्ष आदि प्रमाण भएकाले र धर्म प्रमेय भएकाले प्रत्यक्षादि प्रमाणद्वारा पनि प्रमेय धर्म थाहा पाउन सकिन्छ । सिद्धान्तपक्ष- प्रत्यक्ष प्रमाण वर्तमान पदार्थको मात्र विषय हुन्छ (आँखाका अगाडि उपस्थित पदार्थलाई मात्र प्रत्यक्ष प्रमाणले बोध गराउँछ) । धर्म त आँखाका अगाडि उपस्थित हुँदैन, अपि तु भावी (भावनाविषयक) हुन्छ । अतः प्रत्यक्ष प्रमाणका आधारमा धर्म विषयक ज्ञान हुन सक्दैन । अनुमान आदि प्रमाण पनि प्रत्यक्ष प्रमाणमूलक हुन्छन् (कुनै समयमा प्रत्यक्ष गरिएको पदार्थ मात्र व्याप्ति आदि ज्ञानका आधारमा थाहा पाउन सकिन्छ) । अतः अनुमान आदि प्रमाणका आधारमा पनि धर्मलाई प्रमाणित गर्न सकिन्छ । वस्तुतः एक मात्र विधिद्वारा धर्मको सत्ता प्रमाणित हुन्छ ।' (जै.न्या.मा. १/१/४/१७-१८) । उपर्युक्त पद्यका माध्यमले विषय, संशय, पूर्वपक्ष र उत्तरपक्ष स्थापन गरी धर्मको अलौकिकता मात्र विधिका माध्यमले थाहा पाउन सकिने तथ्य सिद्ध गरिएको छ । अतः धर्म अलौकिक हुन्छ भन्ने तथ्य शास्त्रबाट अवगत हुन्छ ।

उक्त सन्दर्भमा (विस्तरा टीकामा) माधवाचार्यले नै- प्रत्यक्ष प्रमाण मात्र वर्तमानमा विद्यमान पदार्थको विषय बन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद्धर्मोऽलौकिकः शास्त्रादवगम्यते।

तत्रैव माधवाचार्यणैव प्रत्यक्षस्य वर्तमानैकविषयतया निर्देशात्, इन्द्रियाणां वर्तमानविषयगोचरसाधनत्वात्, इतरप्रमाणानां च प्रत्यक्षमूलत्वात्, इन्द्रियमतो लोकस्य कालान्तरजायमानस्य धर्मस्य प्रतीतेरभावाल्लोकतश्चालौकिकत्वं तस्य धर्मस्य सिद्ध्यति।

तादृशस्यालौकिकस्य धर्मस्य ज्ञानं शास्त्रादेव हि सम्पद्यते। शास्त्रं हि प्रज्ञालोकमाधत्ते। सर्वस्य लोकस्य कृते शास्त्रं हि लोचनात्मकतया स्थितमिति गतिप्रदर्शकम्, अर्थकर्मगुणकर्मणोः समनुष्ठापनेनैहिकामुष्मिकफलप्रापकत्वात् समीहितेष्टसाधकञ्च।

शास्त्राणि सन्त्यनेकविधानि। **अनन्तपारं किल शब्दशास्त्रम्** इत्याहुरभियुक्ताः। तेष्वनेकविधेषु शास्त्रेषु अत्र धर्मशास्त्रस्य सामाजिकव्यवस्थायां साधनताप्राप्तेः सिषाधयिषितविषयस्य धर्मशास्त्रमेवाश्रयः, तत्रापि चानेकविधेषु विषयेषु सत्स्वपि तेषु सर्वेषु विषयेषु प्रत्यक्षाप्रत्यक्षतया व्यवस्थाप्रवणात्मकत्वस्य सत्त्वात् तदेव तत्त्वमत्र निरूपितम्।

धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनमिति हि अत्र प्रतिपादितम्। तच्च धर्मशास्त्रं कथं सामाजिकव्यवस्थां स्थापयति इत्याधुनिके पाश्चत्यशिक्षासम्भ्रान्ते जगति शास्त्रज्ञानशून्यानामवबोधाभावात्, प्रत्यक्षाप्रत्यक्षद्विविधनियामकतत्त्वसन्निहितधर्मशास्त्रं परित्यज्य च भोगाक्रान्तमनसां जनानां सम्यक्तया नियन्तु-

---

निर्देशन गरेको हुनाले, आँखा आदि इन्द्रियहरू वर्तमानका विषय बनेका (साध्य) वस्तुका मात्र साधन हुने भएकाले, प्रत्यक्षेतर अनुमान आदि प्रमाण पनि प्रत्यक्षप्रमाण मूलक नै हुने भएकाले र इन्द्रियले युक्त भएका मनुष्यहरूमा पनि कालान्तरमा उत्पन्न हुने धर्मको प्रतीति हुन नसक्ने भएकाले लोकव्यवहारबाट पनि धर्म अलौकिक हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ।

त्यसप्रकारको अलौकिक धर्मको ज्ञान शास्त्रबाट मात्र हुन्छ। शास्त्रले प्रज्ञाको आलोक (प्रकाश) लाई धारण गर्छ। सबै मनुष्यका लागि शास्त्र आँखाका रूपमा रहेको हुन्छ। त्यसैले शास्त्रले बाटो देखाउने कार्य गर्छ। अर्थकर्म र गुणकर्मको सम्यक् अनुष्ठानले ऐहिक एवं आमुष्मिक (लोकान्तरसित सम्बद्ध) परिणाम उपलब्ध गराउने भएकाले शास्त्र अभिलषित पदार्थको साधक पनि हुन्छ।

शास्त्रहरू अनेकौँ प्रकारका छन्। आचार्यहरूले **अनन्तपारं किल शब्दशास्त्रम्** अर्थात् 'शब्दशास्त्र अन्त नै पत्ता लगाउन नसकिने अतः एव विशाल छ' भनेका छन्। उक्त अनेकौँ शास्त्रहरूमध्येको 'धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो' भन्ने सिद्ध गर्न खोजिएको विषय भएकाले यस विषयको आश्रय धर्मशास्त्र नै हो। धर्मशास्त्रका अनेकौँ विषय छन् तापनि ती सबै विषयहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामाजिक सुव्यवस्था प्रतिको झुकाव देखिने हुनाले त्यसै तत्त्वलाई प्रस्तुत शोधप्रबन्धमा देखाइएको हो।

धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हो भन्ने कुरा यहाँ देखाइयो। धर्मशास्त्रले कसरी सामाजिक व्यवस्थाको स्थापना गर्छ भनी आधुनिक पाश्चात्य शिक्षाद्वारा आक्रान्त जगत्का सांसारिक पुरुषले शास्त्रीय ज्ञानका अभावमा थाहा पाउन सक्दैनन्। प्रत्यक्ष एवं अप्रत्यक्ष गरी दुई प्रकारका नियन्त्रक तत्त्वले समन्वित धर्मशास्त्रलाई छाडेर अन्य कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मशक्यत्वात्, अत्रास्मिन् शोधग्रन्थे रागाक्रान्तचेतसां निरन्तरमुत्तरोत्तरमव्यवस्थितिसमुत्पादकप्रवृत्त्युन्मुखानां जनानां धर्मशास्त्रमेव केवलं सम्यक्सामाजिकव्यवस्थास्थापकमित्याकारकबोधचक्षुरुद्भावनाय प्रयत्नो विहितः।

धर्मशास्त्रं श्रुतिस्मृत्युदितधर्मानुष्ठानं नित्यनैमित्तिककाम्यभेदेन मार्गत्रयसमन्वितं समभिधत्ते। धर्मानुष्ठानमुपभोग्यफलोत्पादनद्वारा, व्यक्तिसमीहितफलप्रापकतया, समाजाभिलषितप्रवृत्त्युत्पादकतया, समाजाकाङ्क्षितवस्तूनां नानाविधकर्मणां समनुष्ठानात्प्रपूरकतया, व्यक्त्युत्कर्षकारकत्वेन पुरुषार्थसिद्धेः साधनतया, पुरुषार्थचतुष्टयसिद्ध्यर्थमावश्यकसामाजिकस्थितेर्व्यक्तिनिष्ठस्थितेश्च स्थापकतयापि च विद्यमानमिति तादृशधर्मानुष्ठानप्रयोजकस्य धर्मशास्त्रस्य सामाजिकव्यवस्थायाः साधनत्वात् **'धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम्'** इत्युपपद्यते।

समाप्तोऽयं प्रा. डा. राधाकृष्णाधिकारीद्वारा प्रणीतः शोधप्रबन्धः

विधिद्वारा भोगात्मक प्रवृत्तिले आक्रान्त चित्तवृत्ति भएका मनुष्यहरूलाई नियन्त्रण गर्न सकिँदैन। त्यसैले प्रस्तुत शोधप्रबन्धमा भोगात्मक प्रवृत्तिले आक्रान्त चित्तवृत्ति भएका र दिनदिनै अव्यवस्थाका उत्पादक प्रवृत्तितर्फ उन्मुख भएका मनुष्यहरूमा मात्र धर्मशास्त्रले सामाजिक व्यवस्था कायम गराउन सक्छ भन्ने ज्ञानरूपी नयन उद्घाटित गर्नका लागि यो प्रयत्न गरिएको हो।

धर्मशास्त्रले श्रुति एवं स्मृतिद्वारा प्रतिपादन गरिएका धर्महरूको अनुष्ठान- नित्य, नैमित्तिक र काम्यका भेदले तीनवटा मार्गले (सरणिले) युक्त भएको छ भनी प्रतिपादन गर्दछ। मनुष्यद्वारा उपभोग गर्न सकिने परिणाम उत्पन्न गराएर, व्यक्तिद्वारा इच्छा गरिएका फल उपलब्ध गराएर, समाजद्वारा अभिलषित प्रवृत्ति उत्पन्न गराएर, समाजद्वारा आकाङ्क्षा गरिएका वस्तुहरूलाई अनेक प्रकारका कर्महरूका अनुष्ठानद्वारा आपूर्ति गरेर, व्यक्तिनिष्ठ उत्कर्षको कारणतत्त्व बनी पुरुषार्थ सिद्धिको माध्यम भएर, धर्मादि चार प्रकारका पुरुषार्थको सिद्धिका लागि आवश्यक पर्ने सामाजिक व्यवस्थाको एवं व्यक्तिमा विद्यमान अवस्थितिको समेत संस्थापकरूपमा रहेर धर्मको अनुष्ठान भइरहेको हुन्छ। अतः त्यसप्रकारका विशेषताले युक्त धर्मका अनुष्ठानको प्रयोजक (उत्प्रेरक) धर्मशास्त्र सामाजिक व्यवस्थाको साधन हुने भएकाले **'सामाजिक व्यवस्थाको साधन धर्मशास्त्र'** भन्ने शोधप्रबन्धको शीर्षक युक्तियुक्त देखिन्छ।

{प्रा.डा. नुरापति पोखरेलद्वारा अनुवादित 'सामजिक व्यवस्थाको साधन धर्मशास्त्र' नामक शोधप्रबन्ध पूरा भयो}

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाणग्रन्थका रूपमा उपस्थापित मूल एवं टीका ग्रन्थको परिचयात्मक विवरण

नेपाली भाषाका सबै पाठक संस्कृतका प्राचीन ग्रन्थसित परिचित नहुने भएकाले प्रस्तुत प्रकरणमा शोधप्रबन्धमा र अनुवादमा प्रमाणग्रन्थका रूपमा उपस्थापन गरिएका मूलग्रन्थहरूको र टीकाग्रन्थहरूको संक्षिप्त परिचय दिइएको छ ।

अमरकोशः

अमकोश अमरसिंहद्वारा रचित पद्यवद्ध पर्यायवाची संस्कृत कोष ग्रन्थ हो । यसको वास्तविक नाम **नामलिङ्गानुशासनम्** हो । अमरसिंहद्वारा रचना गरिएको हुनाले अमरकोश भन्ने प्रसिद्धि भएको हो । यसभन्दा पहिले रचना गरिएका केही कोषग्रन्थहरूमा नामको मात्र निर्देशन गरिएको थियो भने केहीमा लिङ्गानुशासनको मात्र निर्देशन गरिएको थियो । त्यसैले ती कोष एकाङ्गी थिए । अमरकोषमा भने नामका साथै लिङ्गहरूको पनि निर्देशन गरिएको थियो । अतः एव यो एउटा पूर्ण कोषका रूपमा उदाएको थियो । अमरकोष काण्ड एवं वर्गमा विभक्त छ । यसमा तीन काण्ड रहेका छन् । प्रथम एवं द्वितीय काण्डमा दश वर्ग छन् भने तृतीय काण्डमा पाँच वर्ग छन् । अमरसिंहले ग्रन्थका आरम्भमा पूर्ववर्ती ग्रन्थहरूको सहायता लिएर प्रकृत ग्रन्थको रचना गरिएको हो भन्ने तथ्य व्यक्त गरेका छन् । अमरसिंहलाई विक्रमादित्यका नौ रत्न मध्ये एउटा रत्न मानिन्छ । कारणवश अमरकोशलाई छाडेर अमरसिंहका सबै रचना जलाइएका थिए भन्ने किंवदन्ती पाइन्छ । यसबाट प्रस्तुत ग्रन्थको महत्त्व स्वतः सिद्ध हुन्छ । अमरकोश यति शक्तिशाली कोश ग्रन्थका रूपमा उदाउँछ जसबाट यस पूर्वका सबै कोश ग्रन्थहरू इतिहासका गर्तमा लीन हुन्छन् ।

अर्थसङ्ग्रहः

अर्थसङ्ग्रह लौगाक्षि भास्करद्वारा रचित मीमांसादर्शनसित सम्बद्ध एवं मीमांसा दर्शनको अध्ययन गर्न चाहने पाठकका लागि आरम्भिक एवं उपयोगी ग्रन्थ हो । गद्यप्रधान यस ग्रन्थमा आरम्भमा भावनाको चर्चा गरी क्रमशः विधि, मन्त्र आदि वेदका पाँचै भागको विवेचना गरिएको छ । यहाँ जुन जुन विषयको निरूपण गरिएको छ त्यसै अनुसार तत्तत् विषयनिरूपण प्रकरण भनी प्रसङ्गको बोध गराइएको छ । मीमांसान्यायप्रकाशको र अर्थसङ्ग्रहको शैली एकै प्रकारको छ ता पनि **मीमांसान्यायप्रकाश**भन्दा **अर्थसङ्ग्रह** सरल भाषामा लेखिएको छ । यसमा द्वादशलक्षणीका (मीमांसादर्शनका) सबै सिद्धान्त समेटिएका छैनन् तर प्रमुख प्रतिपाद्य विषय सारगर्भित शैलीमा निरूपण गरिएको छ । शावरभाष्यको सार पनि अभिव्यक्त भएको छ । प्रस्तुत शोधप्रबन्धमा स्वामी रामेश्वर भिक्षुद्वारा प्रणीत कौमुदी टीकाका साथमा प्रकाशित मूल अर्थसङ्ग्रहको उपयोग गरिएको छ । कुनै ग्रन्थमा पृष्ठसंख्याको र कुनै ग्रन्थमा प्रकरण सङ्ख्याको निर्देशन गरिने भएकाले अनुसन्धाताले कुन विधिको प्रयोग गरिएको र कुन प्रकाशनको ग्रन्थ उपयोग गरेका हुन् भन्ने जानकारी भएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टाङ्गहृदयम्

अष्टाङ्गहृदयम् आयुर्वेदसित सम्बद्ध ग्रन्थ हो। काय, शल्य, शालाक्य आदि आयुर्वेदसम्बद्ध आठै अङ्गको वर्णन गरिएको हुनाले र आयुर्वेदसम्बद्ध ग्रन्थहरूमा हृदयस्थानीय भएकाले यसलाई **अष्टाङ्गहृदय** भनिएको हो। छैटौं शताब्दीका वाग्भट प्रथमद्वारा रचित प्रस्तुत ग्रन्थ सातौं शताब्दीका वाग्भट द्वितीयद्वारा परिष्कार गरिएको हो। सूत्रस्थानम्, शारीरस्थानम्, निदानस्थानम्, चिकित्सास्थानम्, कल्पस्थानम्, उत्तरस्थानम् गरी छ भागमा विभक्त विपुलकाय प्रस्तुत ग्रन्थ पुनः अध्यायमा विभक्त छ। चरकसंहिता एवं सुश्रुतसंहिताका साथमा आयुर्वेदको बृहत्त्रयीमा गणना गरिने यस ग्रन्थमा शल्यक्रियाको पनि वर्णन गरिएको छ। ग्रन्थका आरम्भमा (मङ्गलाचरणमा) सुन्दरपद्यद्वारा अपूर्ववैद्यको स्तुति गरिएको छ। यसबाट निरोगिताका लागि औषधसेवन मात्र पर्याप्त हुँदैन, आहार-विहार विषेशतः मानसिक शुद्धि (रागादिको परिहार) आदिमा पनि ध्यान दिनुपर्छ भन्ने तथ्य अभिव्यक्त हुन्छ। यस ग्रन्थमा बालरोग आदिको पनि चर्चा गरिएको छ। अरिष्टवर्गमा मृत्युज्ञान सम्बन्धी विषयको पनि चर्चा गरिएको छ।

अष्टाध्यायी

अष्टाध्यायी आठ अध्याय भएको एवं महर्षि पाणिनिद्वारा रचना गरिएको संस्कृत व्याकरणको प्राचीन ग्रन्थ हो। संस्कृत व्याकरणका प्रसिद्ध आठ सम्प्रदायमध्ये पाणिनीयसम्प्रदायको आधार ग्रन्थ पनि अष्टाध्यायी हो। यसमा आठ अध्याय छन् भन्ने तथ्य ग्रन्थको नामबाट नै अभिव्यक्त हुन्छ। सूत्रात्मक शैलीमा रचित प्रस्तुत ग्रन्थ अध्याय एवं पादमा विभक्त छ। प्रत्येक अध्यायका चार चार पाउ (पाद) छन् र पाउभित्र सूत्रहरूको सन्निवेश गरिएको छ। अष्टाध्यायीमा समग्रमा आठ अध्याय, बत्तीस पाद र ३१५५ सूत्र छन्। यस बाहेक ग्रन्थका आरम्भमा चौध प्रत्याहारसूत्र रहेका छन्। प्रत्याहारसूत्रसहित मूल सूत्रहरूको सङ्ख्या ३१६९ हुन जान्छ। सम्पूर्ण सूत्रलाई विभिन्न दृष्टिले वर्गीकरण पनि गर्न सकिन्छ। अष्टाध्यायीमा महर्षि कात्यायनले वार्तिकको रचना गरेका छन्। शेषावतार पतञ्जलिले सूत्र एवं वार्तिकको समन्वय गरेर विस्तृत भाष्य लेखेका छन्। उक्त भाष्य व्याकरणमहाभाष्यका नामले प्रसिद्ध छ। यिनै पाणिनि, कात्यायन र पतञ्जलिलाई संस्कृत व्याकरणका त्रिमुनि भनिएको छ। यिनै तीन मुनिको व्याकरणपरम्परालाई पाणिनीयव्याकरणपरम्परा भनिन्छ। धातुपाठ एवं गणपाठलाई पनि अष्टाध्यायीकै पूरक मानिन्छ।

आपस्तम्बधर्मसूत्रम्

आपस्तम्बकल्पसूत्रको २८ एवं २९ प्रश्नलाई नै **आपस्तम्बधर्मसूत्र** भनिन्छ। यो धर्मसूत्र प्रश्न, कण्डिका एवं सूत्रमा विभक्त छ। सम्पूर्ण धर्मसूत्रलाई विभिन्न पटलमा विभाजन गरिएको छ। आपस्तम्बको धर्मसूत्रलाई बोधायनको धर्मसूत्रभन्दा प्राचीन मानिन्छ। यसमा अप्रचलित र कम प्रचलित शब्दहरूको प्रयोग गरिएको छ। अपाणिनीय पदावलीको प्रयोग पनि पाइन्छ। यसमा संहिता एवं ब्राह्मणको उद्धरण दिइएको छ। प्राचीन सूत्रकारहरूको नाम उल्लेख गरिएको छ। प्रस्तुत ग्रन्थ हरदत्तद्वारा लिखित उज्ज्वला वृत्ति (व्याख्या/भाष्य) का

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथमा प्रकाशित छ । पुनश्च आपस्तम्ब प्रणीत ग्रन्थ यस्तो ग्रन्थ हो जसमा सबै कल्पसूत्र (श्रौत, गृह्य, धर्म एवं शुल्व सूत्र) पाइन्छन् । शुक्लयजुर्वेदको धर्मसूत्र प्राप्त नहुने भएकाले नजिकको भएकाले कृष्णयजुर्वेदीय आपस्तम्बधर्मसूत्रलाई नै ग्रहण गरिन्छ ।

आशौचपञ्जिका

आशौचपञ्जिका- समीक्षाचक्रवर्ती आदि अनेकौँ विशेषणले विभूषित पं. मधुसूदन शर्मा (ओझा) मैथिलद्वारा रचित आशौचसम्बद्ध विषयहरूको निर्णय गरिएको ग्रन्थ हो । पं. सुरजदासस्वामीको सम्पादनमा लेखकका पुत्र प्रद्युम्नद्वारा (वि.सं २००८ मा) प्रकाशित (द्वितीय संस्करण) ग्रन्थलाई शोधग्रन्थमा आधार बनाइएको छ । गद्यात्मक प्रस्तुत ग्रन्थ अध्याय, अधिकरण एवं सिद्धान्तमा विभक्त छ । अधिकरणभित्र कुनै एउटा विषयलाई लिएर सूत्रात्मकशैलीमा शास्त्रीय निर्णय दिइएको छ । दश अध्यायमा विभक्त प्रस्तुत ग्रन्थको अन्तिम प्रमाणसङ्ग्रहाध्यायमा विभिन्न २० स्मृतिका आशौचसम्बद्ध प्रकरणको सङ्ग्रह गरिएको छ ।

ईशोपनिषद्

शुक्लयजुर्वेदको वाजसनेय माध्यन्दिन शाखाको चालीसौँ अध्यायलाई **ईशोपनिषद्** वा ईशावास्योपनिषद् भनिन्छ । त्यसैले यो शुक्लयजुर्वेदसित सम्बद्ध उपनिषद् हो । **ईशावास्यमिदं सर्वम्** भन्ने प्रथममन्त्रको आरम्भिक अंशका आधारमा नामकरण गरिएको यस उपनिषद्मा अठार पद्य रहेका छन् । उपनिषद्हरूको गणनामा सर्वप्रथम यसै उपनिषद्को गणना गरिन्छ । स्वल्पाकार भए पनि यो उपनिषद् विषयप्रतिपादनका दृष्टिले महत्त्वपूर्ण मानिन्छ । प्रथममन्त्रमा नै चराचरजगत् ईश्वरद्वारा व्याप्त भएको जनाइएको छ र कुनै पनि वस्तुको उपभोग गर्दा समर्पणको भावना राख्नुपर्छ भनिएको छ । निष्कामकर्म गर्दै जीवनयापन गर्नुपर्छ भनी निर्देशन दिइएको छ । यस उपनिषद्मा विद्या एवं अविद्या, सम्भूति एवं असम्भूति जस्ता विषयको पनि चर्चा गरिएको छ । हिरण्मयपात्रद्वारा आच्छादित परमतत्त्वको अन्वेषणतर्फ अभिप्रेरित गरिएको छ ।

ऐतरेयोपनिषद्

ऋग्वेदसित सम्बद्ध (पाँच आरण्यकमा विभक्त) ऐतरेय आरण्यक अन्तर्गत द्वितीय आरण्यकका चार, पाँच र छ अध्यायलाई **ऐतरेयोपनिषद्** भनिन्छ । अतः यस उपनिषद्मा तीन अध्याय छन् र सम्पूर्ण उपनिषद् गद्यमय छ । एकमात्र आत्माको अस्तित्वको प्रतिपादन यस उपनिषद्को विषय हो । यस उपनिषद्को प्रथम अध्यायमा विश्वोत्पत्तिको वर्णन छ । यसमा आत्माबाट नै सम्पूर्ण जड एवं चेतनात्मक सृष्टिको रचना भएको हो भनी बताइएको छ । आरम्भमा आत्मा मात्र थियो र त्यसले नै सर्वप्रथम सृष्टिरचनाको सङ्कल्प गरेको हो भनिएको छ । द्वितीय अध्यायमा मनुष्यका जन्म, जीवन एवं मृत्युरूप तीन अवस्थाको वर्णन गरिएको छ । तेस्रो तथा अन्तिम अध्यायमा प्रज्ञानको महिमप्रतिपादन गर्दै आत्मालाई प्रज्ञानरूप भनिएको छ । मानव शरीरमा आत्मप्रवेशको सुन्दर वर्णन गरिएको छ । परमात्मा मानव शरीरका सीमा (शिर) लाई विदीर्ण गरेर उसका शरीरमा प्रवेश गर्नुहुन्छ, यसैलाई **'विदृति'** भनिन्छ र यही नै आनन्द या ब्रह्मप्राप्तिको स्थान हो समेत भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋग्वेदभाष्यम्

ऋग्वेदसंहितालाई विश्वसाहित्यकै आदिग्रन्थ मानिन्छ । यस ग्रन्थमा विभिन्न आचार्यद्वारा लिखित लगभग आठवटा संस्कृत टीका वा भाष्य उपलब्ध हुन्छन् । उक्त भाष्यकारहरूमध्ये सायण पनि एउटा हुन् । चारै वेदमा भाष्य लेख्ने सायण प्रथम व्यक्ति हुन् । सायण स्वयं तैत्तिरीयशाखाका अनुयायी हुन् । यिनले केही ब्राह्मण ग्रन्थमा पनि भाष्य लेखेका छन् । यिनी पराशरमाधव आदिका लेखक माधवाचार्यका भाइ हुन् । माधवाचार्य कै प्रेरणाले यिनले वेदको भाष्य लेखका हुन् । यिनका भाष्यको नाम माधवीय **वेदार्थप्रकाश** हो । प्रस्तुत शोधप्रबन्धमा ऋग्वेदभाष्य भनेर सायणाचार्यको भाष्यलाई सङ्केत गरिएको छ । शोधप्रबन्धमा विशेषतः उक्त संहिताको भूमिकात्मक भागको प्रयोग गरिएको छ, जुन भाग **ऋग्वेदभाष्यभूमिका**का रूपमा अलगै पुस्तकाकारमा समेत प्रकाशित छ । मूल ऋग्वेदभाष्यका साथै अनुवादका क्रममा राम अवध पाण्डेयद्वारा लिखित हिन्दी अनुवादका साथमा प्रकाशित **ऋग्वेदभाष्यभूमिका**को समेत उपयोग गरिएको छ ।

कठोपनिषद्

कठोपनिषद् **कृष्णयजुर्वेद**को कठशाखासित सम्बद्ध उपनिषद् हो । यसमा ऋषिकुमार नचिकेता र यमका संवादका माध्यमले ब्रह्मविद्याको प्रतिपादन गरिएको छ । यस उपनिषद्मा छ वल्ली रहेका छन् । प्रथम तीन वल्लीलाई प्रथम अध्यायमा र अन्त्यका तीन वल्लीलाई द्वितीय अध्यायमा समावेश गरिएको छ । यसरी कठोपनिषद् अध्याय, वल्ली र मन्त्रमा विभक्त देखिन्छ । सम्भवतः वल्लीहरूमा विभक्त भएकाले यस उपनिषद्लाई **'उपनिषद् सङ्ग्रह'**मा **'कठवल्युपनिषद्'** शीर्षक दिइएको पाइन्छ । यो उपनिषद् आकारका दृष्टिले अपेक्षाकृत स्वल्प भएता पनि विषयप्रतिपादनका दृष्टिले गुरुतर मानिन्छ । पद्यमय प्रस्तुत उपनिषद्को प्रथम अध्यायमा श्रेय एवं प्रेयको विवेचना, वैराग्यको प्रशंसा, अविद्यामा लीन पुरुषको दुर्दशा, निष्काम भावको महिमा, परब्रह्म एवं परमात्माको महिमा, नाम-माहात्म्य, आत्माको स्वरूप, जीवात्मा एवं परमात्माको नित्य सम्बन्ध, रथ एवं रथीका रूपमा परमात्मप्राप्तिको उपाय, इन्द्रियहरूलाई असन्मार्गमा जान नदिएर परमात्मामा लगाउनुपर्ने आवश्यकता र परमात्मप्राप्तिका साधनहरूको चर्चा गरिएको छ । दोस्रो अध्यायमा परमेश्वरको सर्वरूपता एवं परिपूर्णता, जीवात्माको गति, परमेश्वरको स्वरूप एवं उनको सर्वप्रकाशकताको प्रतिपादन, योगको स्वरूप एवं साधन, भगवद्विश्वासबाट भगवत्प्राप्ति, मृत्युपछि जीवको गति र ज्ञानबाट मोक्षप्राप्ति जस्ता विषयको वर्णन गरिएको छ । प्रस्तुत शोधप्रबन्धको सम्पादन एवं अनुवादका क्रममा श्री-उपनिषद्ब्रह्मयोगीद्वारा विरचित भाष्यका साथ प्रकाशित **'दश उपनिषदः'** लाई आधार बनाइएको छ ।

कामसूत्रम्

कामसूत्रका प्रणेता महर्षि वात्स्यायन हुन् । वात्स्यायनको कामसूत्र अधिकरण,अध्याय एवं सूत्रमा संरचित छ । यसमा सात अधिकरण, छत्तीस अध्याय एवं चौसट्ठी प्रकरण छन् । पुरुषार्थचतुष्टय मध्येको तेस्रो कामरूप पुरुषार्थको यसमा वर्णन गरिएको छ । यशोधरद्वारा संस्कृत भाषामा लेखिएको जयमङ्गला टीकालाई कामसूत्रको प्रामाणिक टीका मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वात्स्यायन स्वयं महर्षि भएकाले उनीद्वारा रचित कामसूत्रबाट काम आवश्यक भएता पनि मर्यादित हुनुपर्छ र धर्म एवं मोक्षतर्फ उन्मुख हुनुपर्छ भन्ने भाव व्यक्त हुन्छ। तुच्छ कामवासनाको परिपूर्ति वात्स्यायनको उद्देश्य होइन। यो तथ्य मूल ग्रन्थको सूक्ष्म अध्ययनबाट व्यक्त हुन्छ। शोधप्रबन्धका लेखकले द्वितीयस्रोतका रूपमा कामसूत्रको प्रयोग गरेको भए पनि सम्पादनका र अनुवादका क्रममा मूल ग्रन्थको आधार लिइएको छ।

कर्कभाष्यम् कर्क नामक आचार्यद्वारा **पारस्करगृह्यसूत्र**मा लेखिएको भाष्यलाई कर्कभाष्य भनिएको हो। कर्कभाष्य पारस्करगृह्यसूत्रको उपलब्ध पहिलो प्राचीन भाष्य हो । कर्काचार्यले कात्यायनश्रौतसूत्रमा समेत भाष्य लेखेका छन् । चौधौं शताब्दीका हेमाद्रिले कतिपय प्रसङ्गमा कर्काचार्यका मतको उल्लेख गरेका छन् भने कतै उनका मतको अनुसरण पनि गरेका छन् । विशेषतः श्राद्धप्रकरणमा उनका मतको खण्डन गर्ने कार्य समेत गरेका छन् । यसबाट कर्काचार्य बाह्रौं शताब्दीका भएको सिद्ध हुन्छ।

कल्याणम् कल्याण उत्तरप्रदेशको गोरखपुर सहरमा अवस्थित **गीता भवनबाट** प्रकाशित हुने आध्यात्मिक मासिक पत्रिका हो। यस संस्थाले प्रत्येक वर्ष कुनै एक शीर्षकमा विशेषाङ्क समेत प्रकाशित गर्छ । कल्याण पत्रिकालाई साथै यसका विशेषाङ्कलाई आध्यात्मिक सन्दर्भमा प्रामाणिक मानिने हुनाले प्रस्तुत शोधप्रबन्धमा पनि ठाउँ ठाउँमा कल्याणलाई प्रमाणका रूपमा उपस्थापन गरिएको छ। क) प्रकाशनको १७ औँ वर्षमा वि.स. ११९९ श्रावणदेखि क्रमशः एक वर्षसम्म (१२ खण्डमा) प्रकाशित संक्षिप्त महाभारत विशेषाङ्क, ख) वर्ष १५, अङ्क ४, पूर्णाङ्क १७२, नबम्बर १९४० (वि.स. १९९७ कार्तिक), (साधनाङ्क) पूर्णविवरण खोलाउन नसकिएको अन्य एउटा अङ्कलाई पनि प्रमाण बनाइएको छ।

कालमाधवः कालमाधव माधवाचार्यद्वारा लेखिएको कालसम्बन्धी निर्णय गरिएको प्रौढ ग्रन्थ हो । पराशरमाधवको लेखन पछि उक्त ग्रन्थमा प्रतिपादित विभिन्न व्रतादिअनुष्ठानका अङ्गभूत काल (समय)को प्रतिपादन गर्ने उद्देश्यले माधवाचार्यद्वारा कालमाधवको रचना गरिएको हो। यसमा पाँच प्रकरण रहेका छन् । पहिलो प्रकरणलाई उपोद्घातप्रकरण भनिएको छ । यस प्रकरणमा कालका महिमाका साथै कालका भेद देखाइएका छन् । दोस्रो प्रकरणलाई वत्सरप्रकरण भनिएको छ। यसमा वर्ष, अयन, ऋतु, महिना (शुद्धमास, मलमास, चान्द्रमास प्रभृति), पक्ष सम्बद्ध विषयको वर्णन गरिएको छ। तेस्रो प्रकरणलाई प्रतिपत्प्रकरण भनिएको छ । यसमा प्रतिपदा तिथिका साथै एकभक्त, नक्त, अयाचित व्रतका, प्रतिपद्दानका, पित्र्य (एकोद्दिष्ट एवं पार्वण) श्राद्धका सम्बन्धमा वर्णन गरिएको छ । चौथो प्रकरणलाई द्वितीयादिप्रकरण भनिएको छ। यसमा द्वितीयादेखिका चौध तिथिका र उक्त तिथिहरूलाई निमित्त बनाएर सम्पन्न गरिने व्रतहरूका सम्बन्धमा निर्णय गरिएको छ । पाँचौं प्रकीर्ण प्रकरणमा अवशिष्ट नक्षत्र, योग, करण, सङ्क्रान्ति आदिका विषयमा चर्चा गरिएको छ। प्रस्तुत शोधप्रबन्धमा चन्द्रकान्ततर्कालङ्कारद्वारा लिखित संक्षिप्त टिप्पणीका साथमा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मीवेङ्कटेश्वर मुद्रणालय कल्याण-बम्बईबाट संवत् १९७३ प्रकाशित ग्रन्थलाई उपजीव्य बनाई पृष्ठाङ्कन गरिएको छ। अनुवाद गर्ने प्रसङ्गमा डा. व्रजकिशोर स्वाईद्वारा सम्पादित, 'तुलसी' भाषाटीका एवं संस्कृतटिप्पणीका साथमा चौखम्बा संस्कृत भवनबाट वि.स. २०७२ मा प्रकाशित (तृतीय संस्करण) को समेत उपयोग गरिएको छ।

कालिकापुराणम्

भगवतीको महिमा प्रतिपादन गरिएको **कालिकापुराण** १८ उपपुराणभित्र पर्छ। विस्तृत पौराणिक साहित्यमा कालिकापुराणको ठूलो ख्याति छ। शक्तिपूजाका महत्त्वपूर्ण विषयलाई आधार बनाएर लेखिएका पुराणहरूमा यसको महनीय स्थान छ। धर्मशास्त्रका अनेकौँ प्राचीन एवं समादृत निबन्धकारहरूले आफ्ना मतको पुष्टिका लागि प्रस्तुत पुराणका पद्यहरूको उद्धरण दिएको पाइन्छ। त्यहाँ उद्धरण गरिएका पद्यहरू वर्तमानमा उपलब्ध कालिकापुराणमा पाइँदैनन्। उत्तरवर्ती निबन्धकारहरूले उद्धरण गरेका पद्यहरू भने वर्तमान संस्करणमा उपलब्ध हुन्छन्। वर्तमानमा उपलब्ध कालिकापुराणमा ९० अध्याय एवं ८३९४ पद्य रहेका छन्। सम्पादकहरूले वर्ण्यविषय एवं वक्ता-श्रोताका भिन्नताका आधारमा आरम्भिक ४५ अध्यायलाई पूर्वार्ध एवं बाँकी अध्यायलाई उत्तरार्ध भनी दुई खण्डमा विभाजन गरेको पाइन्छ। पूर्वार्धमा कथानकको प्राधान्य देखिन्छ भने उत्तरार्धमा कामरूपमा प्रतिष्ठित कामाख्या देवीको अनुष्ठान तथा पूजाविधिको विस्तृत वर्णन छ। यसै प्रसङ्गमा शक्तिका अन्य स्वरूपको विशेषतः त्रिपुराको उपासना दिइएको छ। यसरी कालिकापुराणको पूर्वार्धभन्दा उत्तरार्ध महत्त्वपूर्ण देखिन्छ। यस पुराणका पूर्वार्धमा अन्य पुराणमा वर्णित कथा नै समावेश गरिएका छन् तर तिनमा नवीनता भने देखिन्छ। कामको उत्पत्तिसन्दर्भबाट पुराण प्रारम्भ भएको छ। कामदेवलाई शिवजीलेभन्दा पहिले ब्रह्माजीले भस्म गराएको वर्णन छ। धर्मशास्त्रका ग्रन्थहरूमा प्रायः उत्तरार्धको उद्धरण पाइन्छ।

कृत्यकल्पतरुः

कृत्यकल्पतरु पं. लक्ष्मीधर भट्टद्वारा सङ्कलित प्राचीन एवं प्रामाणिक धर्मशास्त्रीय ग्रन्थ हो। कृत्यकल्पतरु शब्दले नै यहाँ आध्यात्मिक दृष्टिले सम्पादन गर्नुपर्ने यावत् कृत्यहरूको साङ्गोपाङ्ग निरूपण गरिएको छ भन्ने कुरा बुझिन्छ। कान्यकुब्जनरेशका महामन्त्रीका रूपमा रहेका लक्ष्मीधर भट्ट एघारौँ शताब्दीका बहुविश्रुत प्रकाण्ड विद्वान् हुन्। धर्मशास्त्रीय ग्रन्थका निर्माता उत्तरवर्ती लेखकले उनका कथनलाई प्रमाणका रूपमा सादर उल्लेख गरेका छन्। विभिन्न खण्डमा विभक्त विपुलकाय **'पुरुषार्थ-चिन्तामणि'**का रचयिता चौधौँ शताब्दीका विश्रुत विद्वान् हेमाद्रिले पं. लक्ष्मीधरलाई भगवन् भनी सम्बोधन गरेका छन्। कृत्यकल्पतरु ब्रह्मविचारकाण्ड, गृहस्थकाण्ड, श्राद्धकाण्ड, दानकाण्ड, शुद्धिकाण्ड, व्यवहारकाण्ड, शान्तिकाण्ड, आचारकाण्ड, तीर्थविवेचनकाण्डजस्ता विपुलकाय चौध काण्डमा विभक्त छ। प्रत्येक काण्डमा स्मृतिहरूमा र पुराणहरूमा वर्णन गरिएका धर्मशास्त्रीय विषयहरूको वर्णन गरिएको छ। यहाँ वर्णाश्रमधर्म, श्राद्ध, दान, प्रायश्चित्त, शान्ति, सदाचार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं तीर्थमहिमा जस्ता आध्यात्मिक विषयहरूको विशद विवेचन पाइन्छ। ग्रन्थान्त पुष्पिका वाक्यमा **'श्रीभट्टहृदयधरात्मजमहासान्धिविग्रहिकभट्टश्रीलक्ष्मीधरविरचिते कृत्य-कल्पतरौ'** भनिएको छ। प्रस्तुत शोधप्रबन्धमा संक्षेपीकृत शब्दसूचीमा कृत्यकल्पतरुको उल्लेख भएता पनि प्रत्यक्षरूपमा यसबाट कुनै अंश उद्धरण गरिएको छैन।

कृत्यरत्नाकरः अनेक लेखकका **कृत्यरत्नाकर** पाइन्छन्। प्रस्तुत शोधप्रबन्धमा चण्डेश्वरद्वारा रचित **कृत्यरत्नाकर**लाई प्रमाणका रूपमा उपस्थापन गरिएको छ। चण्डेश्वर ठक्कुर मैथिल ब्राह्मण हुन्। यिनी दिल्लीश्वर गयावुद्दीनका सेनाद्वारा परास्त भई नेपालको शरणमा आएका राजा हरिसिंहदेवका सान्धिविग्रहिक (प्रधानमन्त्री) थिए। यिनले यो पद आफ्ना पितामह एवं पिताको पैतृक क्रममा (वंशपरम्पराबाट) प्राप्त गरेका थिए। चण्डेश्वरको सम्बन्ध नेपालसित देखिन्छ र उनको इतिहास प्रायः स्पष्ट छ। प्रस्तुत ग्रन्थमा धार्मिक दृष्टिले गर्नुपर्ने कृत्यहरूको सङ्ग्रह गरिएको छ। लगभग साढे छ सय पृष्ठ भएको एवं CALCUTTA बाट १९२५ (शक १८४६) मा प्रकाशित ग्रन्थलाई आधार मानिएको छ।

कृत्यसारसमुच्चयः **कृत्यसारसमुच्चयः** मैथिलकुलालङ्कार, पण्डितमण्डलीमण्डन, म.म. अमृतनाथझाद्वारा प्रणीत धर्मशास्त्रीय ग्रन्थ हो। वैद्यनाथसंकृतमहाविद्यालयका प्राध्यापक गङ्गाधर मिश्रद्वारा लिखित टिप्पणीका साथमा प्रकाशित प्रस्तुत ग्रन्थमा धर्मशास्त्रसित सम्बद्ध सबै महत्त्वपूर्ण विषयको निरूपण गरिएको छ। सामान्य विषय परिचय दिएपछि चैत्रादि बाह्र महिनाका कृत्यको निरूपण गरिएको छ। त्यसपछि ग्रहण, मलमास, आह्निक, तर्पण, पूजा, दशाह, आशौच, तीर्थमाहात्म्य आदि विषयको निरूपण गरिएको छ। मिथिलाक्षेत्रमा विशेषरूपमा प्रसिद्ध प्रस्तुत ग्रन्थका अन्तमा (परिशिष्टभागमा) विभिन्न विषयमा महत्त्वपूर्ण जानकारी एवं निर्णय दिइएको छ। यो परिशिष्ट समग्र ग्रन्थको लगभग एक तृतीयांश छ। यो ग्रन्थ जयकृष्णदास हरिदास गुप्तः, चौखम्बा संस्कृत सीरीज, अफिस वाराणसीबाट वि.स.१९९४ मा प्रकाशित छ।

कैवल्योपनिषद् पद्यमय **कैवल्योपनिषद्** कृष्णयजुर्वेदसित सम्बद्ध छ भन्ने तथ्य मुक्तिकोपनिषद्बाट अवगत हुन्छ। दुई खण्डमा विभक्त यो उपनिषद् आश्वलायन र ब्रह्माका संवादका रूपमा रहेको छ। प्रथम खण्डमा १९ पद्य छन् भने द्वितीय खण्डमा सानो एउटा गद्यभाग र ५ पद्य रहेका छन्। उक्त गद्य खण्डमा जसले शतरुद्रीयको अध्ययन गर्छ ऊ अग्निबाट पवित्र हुन्छ, सुरापानबाट पवित्र हुन्छ, ब्रह्महत्याबाट पवित्र हुन्छ, गर्न हुने एवं नहुने कामबाट पवित्र हुन्छ र अविमुक्तमा आश्रित हुन्छ भनिएको छ। कतै कतै २४ पद्यसम्म प्रथमखण्ड र गद्यखण्ड सहित १ पद्यलाई द्वितीयखण्ड भनेको पाइन्छ। जे होस् समग्रमा यसमा २४ पद्य (मन्त्र) रहेका छन्। प्रस्तुत शोधप्रबन्धमा वासना नदीका प्रवाहको निरूपणका प्रसङ्गमा यस उपनिषद्लाई प्रमाणका रूपमा उपस्थापन गरिएको छ र **'अष्टात्रिंशत् उपनिषदः'** ? भन्ने ग्रन्थलाई आधार बनाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौटिल्यस्यार्थशास्त्रम् विष्णुगुप्त चाणक्य अर्थात् कौटिल्यद्वारा लेखिएको अर्थशास्त्र (राजनीतिशास्त्र) सित सम्बद्ध ग्रन्थको नाम हो कौटिल्यस्यार्थशास्त्रम् । यसलाई **कौटिलीय-अर्थशास्त्रम्** पनि भनिन्छ । पद्यको समेत सम्मिश्रण रहेको प्रस्तुत ग्रन्थ अधिकरण, अध्याय एवं सूत्रमा विभक्त छ । अधिकरण एवं अध्यायको अलग अलग नामकरण समेत गरिएको छ । सम्पूर्ण ग्रन्थमा पन्ध्र अधिकरण छन् भने समग्र ग्रन्थलाई विभिन्न प्रकरणमा विभाजन गरेको पनि पाइन्छ । कौटिल्यको अर्थशास्त्रमा गणपति शास्त्रीद्वारा लेखिएको टीकालाई महत्त्वपूर्ण टीका मानिन्छ । प्रस्तुत शोप्रप्रबन्धमा वाचस्पति गैरोलाद्वारा लिखित हिन्दी व्याख्याका साथमा चौखम्बा विद्याभवन वाराणसी १ बाट प्रकाशित कौटिलीय अर्थशास्त्र (प्रथम संस्करण वि.स.२०१९) लाई आधार बनाइएको छ र यसै ग्रन्थका आधारमा पृष्ठाङ्कन गरिएको छ। पुनश्च सम्पादनका क्रममा सरलताका लागि कोष्ठक { }भित्र अधिकरण, अध्याय र सूत्रको सङ्केत गरिएको छ ।

कौमुदीव्याख्या मीमांसादर्शनसितसम्बद्ध अर्थसङ्ग्रहमा स्वामी रामेश्वर भिक्षुद्वारा लिखित व्याख्याको नाम हो **कौमुदी** । स्वामीको पूर्वनाम 'शितकण्ठ' थियो । दण्डी संन्यासी विद्वान् स्वामी काशीको एउटा प्रसिद्ध मठमा बस्दथे । स्वामीले ई. १८३९ जनहितका लागि अर्थसङ्ग्रहको कौमुदी टीका लेखेका थिए । उक्त तथ्य टीकाका अन्तमा स्वयं स्वामीले नै भनेका छन् । कौमुदी टीका विशद, विस्तृत एवं मूलको भाव बुझाउन समर्थ छ । शोधप्रबन्धमा अर्थसङ्ग्रहको यसै टीका (व्याख्या) लाई आधार बनाइएको छ ।

गदाधरभाष्यम् शुक्लयजुर्वेदसितसम्बद्ध **पारस्करगृह्यसूत्र**का प्रसिद्ध भाष्यकारमध्ये गदाधर पनि एउटा हुन् । गदाधरले आफ्ना टीकामा अनेकौं प्राचीन आचार्यहरूको स्मरण गरेका छन् । ठाउँ ठाउँमा हरिहरका मतको पनि खण्डन गरेका छन् । गदाधरको ज्योतिषशास्त्रप्रति विशेष अभिरुचि थियो । यिनेले कर्क एवं जयरामको मत खण्डन गर्नका लागि यज्ञसम्बन्धी मतको उपस्थापन गरेका छन् । ठाउँ ठाउँमा हरिहरका अवधारणलाई अङ्गीकार गरेका छन् । यिनका भाष्यमा मनु, याज्ञवल्क्य, हारीत, आपस्तम्ब, व्यास, मिताक्षरा, पराशर, मदनरत्न, वृद्धशातातप, स्मृत्यर्थसार, मदनपारिजात, वसिष्ठ, प्रयोगपारिजात आदिको उल्लेख पाइन्छ। गदाधरका पिताको नाम वामनदीक्षित थियो । वामन **'त्रिरग्निचित्सम्राट् स्थपति महायाज्ञिक'** उपाधिले विभूषित थिए । यिनले हेमाद्रिका मतको उल्लेख गरेका हुनाले यिनी ईशाको चौधौं शताब्दी पछिका थिए भन्ने तथ्य सिद्ध हुन्छ ।

गर्भोपनिषद् **गर्भोपनिषद्** स्वल्पाकार, गद्यमय एवं पाँच अनुच्छेदमा विभक्त उपनिषद् हो । यस उपनिषद्मा गर्भको सृष्टि, अभिवृद्धि एवं प्रसव आदिको वर्णन गरिएको छ । १०८ उपनिषद्भित्र पर्ने प्रस्तुत उपनिषद् मुक्तिकोपनिषद् अनुसार कृष्णयजुर्वेदसित सम्बद्ध छ । **सहनाववतु** भन्ने शान्तिपाठले पनि यसै तथ्यलाई प्रमाणित गर्दछ । यस उपनिषद्का अन्तमा **पैप्पलादं मोक्षशास्त्रम्** भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीता

प्रस्तुत शोधप्रबन्धमा गीता भनेर **श्रीमद्भगवद्गीता**लाई सङ्केत गरिएको छ। महाभारतको महासमरको आरम्भमा स्वजनको संहार गर्नुपर्ने सम्भावनाले विषण्ण भएका अर्जुनलाई कर्तव्यपथमा अग्रसर गराउनका लागि गीताको उपदेश दिइएको थियो। कर्मयोगका साथै ज्ञानयोगका र भक्तियोगका सम्बन्धमा दिइएको गुरुगम्भीर उपदेशलाई निबन्धन गरिएको भगवद्गीता आध्यात्मिक एवं दार्शनिक दुवै दृष्टिले महत्त्वपूर्ण मानिन्छ। एकातर्फ गीता महाभारतका पञ्चरत्नभित्र पर्छ भने अर्कातर्फ वेदान्त दर्शनमा प्रस्थानत्रयी भित्र पनि गणना गरिन्छ। १८ अध्यायमा विभक्त गीतामा सात सय पद्य रहेका छन्। गीता महाभारतान्तर्गत भीष्मपर्वको एउटा अंश हो। प्रस्तुत शोधप्रबन्धमा आद्य शङ्कराचार्यद्वारा प्रणीत शाङ्करभाष्य एवं श्रीहरिकृष्णदास गोयन्दकाद्वारा लिखित हिन्दी अनुवादका साथमा गीताप्रेस गोरखपुरबाट (संस्करण १०, वि.सं २०१८ मा) प्रकाशित श्रीमद्भगवद्गीतालाई आधार बनाइएको छ।

गौतमधर्मसूत्रम्

गौतमधर्मसूत्रलाई उपलब्ध धर्मसूत्रमध्ये प्राचीनतम मानिन्छ। यसमा प्राचीनताका साधक अनेकौँ प्रमाण उपलब्ध हुन्छन्। गौतमधर्मसूत्र सबै शाखाका अनुयायीहरूद्वारा समादृत भएता पनि सामवेदसँग यसको गहिरो सम्बन्ध देखिन्छ। तन्त्रवार्तिकका रचयिता कुमारिल भट्टका मतमा गौतमधर्मसूत्र र गोभिलगृह्यसूत्र सामवेदका अध्येताहरूद्वारा विशेषरूपमा परिगृहीत छ। गौतमधर्मसूत्रका आन्तरिक साक्ष्यले पनि कुमारिलका उक्तिको पुष्टि गर्छन्। गौतमधर्मसूत्रमा शुक्लयजुर्वेदका केही मन्त्रहरूको उद्धरण पनि पाइन्छ, तर अधिकांश उद्धरण सामवेदबाट लिइएको छ। छब्बीसौं अध्याय पूरै नै सामवेदको ब्राह्मण सामविधानबाट ग्रहण गरिएको छ। सामवेदीय गोभिलगृह्यसूत्रमा गौतमका उक्तिलाई प्रमाणका रूपमा उद्धरण गरिएको छ। यस धर्मसूत्रमा तीन प्रश्न एवं अठाइस अध्याय छन्। प्रथम एवं द्वितीय प्रश्नमा नौ नौ अध्याय छन् भने तृतीय प्रश्नमा १० अध्याय छन्। उपलब्ध गौतमधर्मसूत्रलाई अनेकौँ प्रक्षेप युक्त मानिन्छ। यसमा हरदत्तको मिताक्षरावृत्ति र मस्करीको भाष्य उपलब्ध हुन्छ। गद्यमय यस सूत्रग्रन्थको भाषा पाणिनीय व्याकरणको अनुयायी देखिन्छ। हरदत्तद्वारा प्रणीत मिताक्षरावृत्ति एवं हिन्दी व्याख्याका साथमा प्रकाशित **'गौतमधर्मसूत्राणि'** भन्ने ग्रन्थको भूमिका भागमा यस सूत्रग्रन्थसित सम्बद्ध विषयमा विस्तृत चर्चा गरिएको छ।

चक्रदत्तव्याख्या

चरकसंहितामा चक्रपाणिदत्तद्वारा लेखिएको टीकालाई प्रस्तुत शोधप्रबन्धमा **चक्रदत्तव्याव्या** भनिएको छ। यस व्याख्याको वास्तविक नाम **आयुर्वेददीपिका** हो। आयुर्वेददीपिकालाई संक्षिप्त तर प्रामाणिक टीका मानिन्छ। अत्यधिक पाठान्तर एवं पृथक् पृथक् श्लोकाङ्कन पाइने प्रस्तुत ग्रन्थको मूलपाठ र श्लोकाङ्कनमा चक्रदत्तद्वारा लिखित व्याख्याका साथमा प्रकाशित मूल ग्रन्थलाई आधार बनाइएको छ। अनुवाद गर्ने क्रममा भने विस्तृत व्याख्या भएको गङ्गाधरको टीकालाई आधार बनाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चरकसंहिता

चरकसंहिता आयुर्वेदसित सम्बद्ध ग्रन्थ हो। महर्षि पुनर्वसुद्वारा उपदेश गरिएको चरकसंहिता उनकै शिष्य अग्निवेशद्वारा लिपिबद्ध गरिएको हो र चरक एवं दृढबलद्वारा परिष्कार गरिएको हो भनी सम्बद्ध ग्रन्थमा नै उल्लेख गरेको पाइन्छ। यसरी महर्षि चरक चरकसंहिताका परिष्कारकर्ताका रूपमा देखा पर्छन् तर पनि सामान्यतः चरकसंहितालाई चरकको रचना भन्ने गरिन्छ। चरकसंहिता प्रथमतः सूत्रस्थान आदि आठ स्थानमा विभक्त छ। उक्त सूत्रादि स्थान अनेकौँ अध्यायमा विभक्त छन्। उक्त अध्यायमा कतै कतै गद्य भाग रहेता पनि प्रायः पद्यहरू रहेका छन्। चरकसंहिता मूलतः कायचिकित्सासित सम्बद्ध ग्रन्थ हो। चरकसंहितामा चक्रपाणिदत्तद्वारा चरित आयुर्वेददीपिका नामको चरकतात्पर्य टीका प्रसिद्ध छ। विभिन्न खण्डमा चक्रदत्तका टीकाका साथमा प्रकाशित गङ्गाधरटीका पनि विस्तृत एवं महत्त्वपूर्णटीकाका रूपमा रहेको छ।

चाणक्यसूत्राणि

चाणक्यसूत्राणिका रचयिता चाणक्य हुन्। यसमा लगभग पौने छ सय सूत्र रहेका छन्। यस ग्रन्थका दुई प्रकारका मात्रिका पाइन्छन्। ईश्वरचन्द्रशास्त्रिद्वारा लिखित सारबोधिनी संस्कृतटीकाका साथमा प्रकाशित चाणक्यसूत्राणि छ अध्यायमा विभक्त देखिन्छ। रामावतार विद्याभास्करद्वारा लिखित भाषाटीका र विस्तृत व्याख्याका साथमा (१९४६) प्रकाशित चाणक्यसूत्राणिमा क्रमशः सूत्रहरू दिइएका छन् अध्यायगत विभाजन पाइँदैन। यस पुस्तकमा भएको सूत्रसङ्ख्यासित शोधप्रबन्धमा उल्लिखित सूत्रसङ्खयाको मेल खान्छ। अध्यायमा विभक्त ग्रन्थअनुसारको सूत्रसङ्ख्यालाई पनि पादटिप्पणीमासङ्केत गरिएको छ। शोधप्रबन्धका लेखकले वाचस्पति गैरोलाद्वारा लिखित भाषाटीका युक्त कौलिटीय अर्थशास्त्रमा समाविष्ट चाणक्यसूत्रलाई आधार बनाएका हुन सक्छन्।

छान्दोग्योपनिषद्

छान्दोग्यब्राह्मणका दश प्रपाठक (अध्याय) मध्ये अन्तिम आठ प्रपाठकलाई नै **छान्दोग्य उपनिषद्** भनिन्छ। यस उपनिषद्को सम्बन्ध सामवेदको कौमुथ (तबलकार ?) शाखासँग रहेको छ। नाम अनुसार नै यसको प्रतिपाद्य छन्द हो भन्ने तथ्य अभिव्यक्त हुन्छ। छन्दलाई व्यापक अर्थमा ग्रहण गरिएको छ। ठूला उपनिषद्मध्ये छान्दोग्य पनि एउटा हो। यसका आठै प्रपाठक विभिन्न खण्डमा विभक्त छन्। यो उपनिषद् गद्यबद्ध छ र निगूढ दार्शनिक तत्त्वहरूलाई आख्यायिकाका माध्यमले अभिव्यक्त गरिएको छ। आरम्भका पाँच प्रपाठकमा परमात्माका विभिन्न प्रतीकोपासनाको वर्णन गरिएको छ भने अन्तिम तीन प्रपाठकमा तत्त्वज्ञानको निरूपण गरिएको छ। यस उपनिषद्मा ॐ कार एवं उद्गीथको गहन विश्लेषण गरिएको छ। आरम्भमा नै पृथिवीको सार जल भन्दै गएर अन्तिममा सबै पदार्थको सार ॐ कार हो र ॐ नै उद्गीथ हो भनिएको छ। शैव उद्गीथको पनि वर्णन गरिएको छ। सत्यकाम जाबालको प्रसिद्ध कथा यसै उपनिषद्को चतुर्थ प्रपाठकमा वर्णन गरिएको छ। यसमा अन्य विभिन्न आख्यायिका पनि रहेका छन्। प्रस्तुत शोधप्रबन्धको सम्पादन एवं अनुवादका क्रममा श्री-उपनिषद्ब्रह्मयोगीद्वारा विरचित भाष्यका साथ प्रकाशित **'दश उपनिषदः'** लाई आधार बनाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जयरामभाष्यम् पारस्करगृह्यसूत्रका प्रसिद्ध पाँच भाष्यमध्ये **जयरामभाष्य** पनि एउटा हो । प्राचीनताका दृष्टिले दोस्रो क्रममा पर्ने जयरामभाष्यको वास्तविक नाम **सज्जनवल्लभ** हो । जयराम मेवाडका निवासी थिए र समृद्धकुलमा जन्मिएका थिए । भारद्वाज गोत्रमा जन्मिएका जयरामका पितामहको नाम दामोदर थियो र पिताको नाम बलभद्र थियो । मन्त्रहरूको व्याख्या गर्नु नै यिनका भाष्यको विशेषता हो । यिनले मूलपाठको संशोधनमा पनि धेरै परिश्रम गरेका छन् । सम्बद्ध वेदको पाठ वैदिकहरूका मुखबाट नै सुनेर यिनले मन्त्रहरूको पाठ निर्धारण गरेका छन् । अन्य टीकाकारहरूले पद्धतिमा र अर्थस्फोरणमा विशेष ध्यान दिएका छन् । जयरामले गृह्यसूत्रहरूमा उद्धरण गरिएका मन्त्रहरूको अत्यन्त प्रामाणिक रूपमा व्याख्या गरेका छन् ।

जैमिनीयन्यायमाला **जैमिनीयन्यायमाला**का लेखक माधवाचार्य हुन् । जैमिनिसूत्रका आधारमा नै प्रस्तुत ग्रन्थ अध्याय, पाद एवं अधिकरणमा विभक्त छ । अतः द्वादशलक्षणी (मीमांसासूत्र) का सिद्धान्तलाई पद्यबद्ध गरिएको प्रस्तुत ग्रन्थ पनि बाह्र अध्यायमा नै विभक्त छ । अध्यायभित्र पाद र पादभित्र अधिकरण रहेका छन् । अधिकरणलाई न्याय भनिन्छ । प्रत्येक अधिकरणको अलग-अलग नामकरण गरिएको छ । अन्य आचार्यहरूले पनि अधिकरणका नाम दिएका छन् । कतिपय अधिकरणका नाममा मतभेद पनि देखिन्छ । प्रस्तुत ग्रन्थ वियष, संशय, पूर्वपक्ष एवं उत्तरपक्ष गरी शास्त्रार्थशैलीमा रचना गरिएको छ । मीमांसाको गहन एवं विस्तृत भावलाई पद्यका माध्यमले संक्षेपमा प्रस्तुत गर्ने स्तुत्य प्रयास भएको छ । मूल ग्रन्थमा माधवाचार्यद्वारा नै लिखित विस्तरा नामक विस्तृत एवं विशद टीका छ । माधवाचार्यले सर्वप्रथम पराशर-स्मृतिमा परशरमाधवको रचना गरेका थिए । पुनः उक्त ग्रन्थमा प्रतिपादित धार्मिककृत्य सम्पादन गर्नका लागि आवश्यक कालको बोध गराउने उद्देश्यले कालमाधवको रचना गरेका थिए । उक्त दुवै ग्रन्थको रचना पछि विशेषतः ब्राह्मणवर्गको हितका लागि प्रस्तुत ग्रन्थको रचना गरेका थिए । उक्त तथ्य लेखक स्वयंले जैमिनीयन्यायमालाका आरम्भिक पद्यमा भनेका छन् ।

तर्कसङ्ग्रहः न्याय एवं वैशेषिक दर्शनका आरम्भिक विषयवस्तुको जानकारी गराउने स्वल्पकाय **तर्कसङ्ग्रह**का रचयित अन्नंभट्ट हुन् । सत्रौँ शताब्दीका उत्तरार्धका अन्नंभट्ट न्यायदर्शनका आचार्य हुन् । अन्नंभट्ट तैलङ्ग ब्राह्मण थिए र काशीमा बसेर विद्याध्ययन गरेका थिए । यिनले अनेकौँ दार्शनिक ग्रन्थहरूको रचना गरेका छन् तापनि यिनको प्रसिद्धि तर्कसङ्ग्रहले गर्दा भएको हो । तर्कसङ्ग्रहमा अनेकौँ संस्कृत टीकाहरूको प्रणयन भएको छ । स्वयं लेखकले नै दीपिका टीकाको प्रणयन गरेका छन् । बालकहरूलाई सुखपूर्वक न्यायदर्शनमा प्रवेश गराउनका लागि लेखिएको यस ग्रन्थमा पदार्थका विषयमा वैशेषिक दर्शनको अनुसरण गरिएको छ भने प्रमाणका विषयमा न्याय दर्शनको अनुसरण गरिएको छ । यो ग्रन्थ दर्शनशास्त्रमा प्रवेश गर्न चाहने एवं अन्य साधारण पाठकलाई समेत अत्यन्त उपयोगी छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तैत्तिरीयोपनिषद्

तैत्तिरीयोपनिषद् प्रसिद्ध दश उपनिषद् मध्येको एउटा उपनिषद् हो । यो उपनिषद् कृष्णयजुर्वेदको तैत्तिरीयशाखासित सम्बद्ध छ। दश प्रपाठक वा अध्यायमा विभक्त **तैत्तिरीय आरण्यक**को अन्तिम तीन प्रपाठक नै तैत्तिरीय उपनिषद् हो । यिनै तीन प्रपाठकलाई नै क्रमशः शिक्षा, ब्रह्मानन्द एवं भृगु वल्ली भनिन्छ । अतः गद्यमय यो उपनिषद् तीनवटा वल्लीमा विभक्त छ । पहिलो वल्ली वर्णोच्चारसित सम्बद्ध छ, त्यसैले शिक्षावल्ली भनिन्छ। यसमा मन्त्रोच्चारणका नियमहरूको र शिक्षा समापनका अवसरमा गुरुद्वारा दिइने महत्त्वपूर्ण शिक्षाको वर्णन छ । दोस्रो वल्लीमा आनन्दको मीमांसा गरिएको छ, त्यसैले ब्रह्मानन्दवल्ली भनिन्छ । यसमा ब्रह्मप्राप्तिका साधन, ब्रह्मविद्या एवं प्रसङ्गत अन्नमयादि पाँच कोशको निरूपण पाइन्छ। तेस्रो वल्लीमा वरुणका छोरा भृगुले प्रश्नोत्तरका माध्यमबाट मार्गनिर्देशन प्राप्त गरी तपस्याद्वारा ब्रह्मज्ञान प्राप्त गरे भन्ने तथ्य प्रतिपादन गरिएको छ, त्यसैले यस वल्लीलाई भृगुवल्ली भनिन्छ । यस वल्लीमा पञ्चकोशको विस्तृत वर्णनका साथै अतिथिसेवाको महत्त्व पनि देखाइएको छ । उक्त तीनै वल्ली अनुवाकमा विभक्त छन् र अनुवाकभित्रै अनेकौँ मन्त्र रहेका छन्। यसरी वल्ली, अनुवाक र मन्त्रमा तैत्तिरीय उपनिषद्को विभाजन देखिन्छ।

दत्तात्रेयोपनिषद्

दत्तात्रेय उपनिषद् अथर्ववेदसित सम्बद्ध उपनिषद् हो । गद्यमय यो उपनिषद् तीन खण्डमा विभक्त छ। विनियोग, न्यास आदिको सन्निवेश गरिएको यो उपनिषद् स्वल्पाकार छ। ब्रह्मा एवं नारायणका संवादका रूपमा रहेको, नारायणद्वारा ब्रह्मालाई **'मामकं धामोपास्व'** भनी उपदेश दिइएको प्रस्तुत उपनिषद्मा तान्त्रिक शैलीको प्रयोग गरिएको छ । तृतीयखण्डमा दत्तात्रेयोपासनाद्वारा प्राप्त हुने विभिन्न फलको निर्देशन गरिएको छ । शोधप्रबन्धमा **'अष्टात्रिंशत् उपनिषदः'** भन्ने गुटिकाकार पुस्तकलाई आधार बनाइएको छ।

दायभागः

दायभागका लेखक जीमूतवाहन हुन् । दायभाग शब्दले पैतृक सम्पत्तिको बाँडफाँड भन्ने अर्थ बुझाउँछ र यस ग्रन्थमा यसै सम्बन्धमा चर्चा गरिएको छ। जीमूतवाहनलाई बङ्गालका विद्वान् मानिन्छ। मिताक्षरामा सन्तानमा जन्मना पैतृक सम्पत्तिमा अधिकार हुन्छ भन्ने तथ्य प्रतिपादन गरिएको छ भने दायभागमा पिताको मृत्युपश्चात् नै सन्तानमा पैतृक-सम्पत्तिको अधिकार सङ्क्रमित हुन्छ भनिएको छ। मनीषीहरूले दायभागका र मिताक्षराका बीचका सूक्ष्म वैचारिक भिन्नताको विश्लेषण गरेका छन् । भनिन्छ बङ्गालमा र असममा जीमूतवाहनका मतको प्रभाव देखिन्छ भने शेष भारतवर्षमा विज्ञानेश्वरका (मिताक्षराका लेखकका) मतको प्रभाव देखिन्छ।

दायभागः

शोधप्रबन्धमा मित्रमिश्रका रचनाका रूपमा निर्देशित **दायभागः** व्यवहारप्रकाशको अंश हो । व्यवहारभित्र अठारै प्रकारका व्यवहारको निरूपण गरिन्छ । उक्त व्यवहारभित्र पर्ने दायभाग अत्यन्त महत्त्वपूर्ण व्यवहार भएकाले अलगै पुस्तकाकारमा प्रकाशन गरिएको हो। अनुसन्धाताद्वारा प्रयुक्त प्रस्तुत दायभाग अत्यन्त जीर्ण भएकाले र आरम्भका पृष्ठहरू नभएकाले प्रकाशन संस्था एवं प्रकाशन मिति थाहा पाउन सकिँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मशास्त्र का इतिहास **धर्मशास्त्र का इतिहास** नामक मूल ग्रन्थका लेखका भारतरत्न आदि उपाधिले विभूषित पी पी काणे हुन् । यो ग्रन्थ विभिन्न खण्डमा विभक्त छ । शोधप्रबन्धमा अनुवादित ग्रन्थको उपयोग गरिएको छ ।

धर्मसिन्धुः तीन परिच्छेदमा विभक्त **धर्मसिन्धु** नामक निबन्ध ग्रन्थका रचयिता काशीनाथ उपाध्याय हुन् । धर्मसिन्धुलाई धर्मसिन्धुसार एवं **धर्माब्धिसार** पनि भनिन्छ । गद्यप्रधान प्रस्तुत ग्रन्थ निर्णयसिन्धुकै शैलीमा र उही क्रममा लेखिएको छ । पूर्ववर्ती विद्वान्हरूका ग्रन्थहरूको अध्ययन गरी निर्णयसिन्धुमा वर्णित विषयका आधारमा यस ग्रन्थमा धर्मको सारभूत तत्त्व सङ्कलन गरिएको छ भनी स्वयम् लेखकले नै भनेका छन् । १७९० मा रचित प्रस्तुत ग्रन्थलाई दक्षिण भारतमा प्रामाणिक ग्रन्थका रूपमा ग्रहण गरिन्छ । निर्णयसिन्धुका रचयिता कमलाकरभट्ट काशीवासी शैव थिए भने धर्मसिन्धुका रचयिता काशीनाथोपाध्याय महाराष्ट्र निवासी वैष्णव ब्राह्मण थिए । कतिपयसन्दर्भमा धर्मसिन्धु निर्णयसिन्धुभन्दा स्पष्ट एवं सरल देखिन्छ । प्रस्तुत शोधप्रबन्धमा खेमराज-श्रीकृष्णदास श्रेष्ठी, श्रीवेङ्कटेश्वर स्टीम प्रेस मुम्बईद्वारा वि.स. १९६४ मा प्रकाशित धर्मसिन्धुलाई आधार बनाइएको छ ।

नारायणोपनिषद् प्रस्तुत शोधप्रबन्धमा उद्धृत **नारायणोपनिषद्** कृष्णयजुर्वेदसित सम्बद्ध उपनिषद् हो । वैष्णव उपनिषद् भित्र पर्ने यस उपनिषद्मा असी अनुवाक छन् भने अनुवाकभित्र प्रायः छन्दोबद्ध मन्त्रहरू रहेका छन् । कतिपय सन्दर्भमा प्रस्तुत उपनिषद्लाई महानारायणोनपनिषद् भनेको पनि पाइन्छ । कतिपय ग्रन्थमा नारायणाथर्वशीर्षलाई महानारायणोपनिषद् भनेको देखिन्छ । शोधप्रबन्धमा **'अष्टात्रिंशत् उपनिषदः'** भन्ने गुटिकाकार पुस्तकलाई आधार बनाइएको छ । आधारग्रन्थमा मन्त्रसङ्ख्या स्पष्टतः निर्देशन हुन सकेको छैन ।

निर्णयसिन्धुः **निर्णयसिन्धु** कमलाकर भट्टद्वारा निर्मित धर्मशास्त्रीय निबन्ध ग्रन्थ हो । यो ग्रन्थ केही प्रकाशनमा तीन परिच्छेदमा विभक्त पाइन्छ भने केही प्रकाशनमा पाँच परिच्छेदमा विभक्त पाइन्छ । तीन परिच्छेदमा विभक्त ग्रन्थहरूमा श्राद्धप्रकरणलाई र आशौचप्रकरणलाई तृतीयपरिच्छेदको उत्तरार्ध मानिएको छ भने पाँच परिच्छेदमा विभक्त ग्रन्थहरूमा क्रमशः चतुर्थ र पञ्चम परिच्छेद मानिएको छ । प्रस्तुत ग्रन्थको प्रथमपरिच्छेद कालादि निर्णयबाट आरम्भ गरिएको छ भने द्वितीयपरिच्छेदमा चैत्रादि मासनिर्णय (तिथिनिर्णय) समावेश गरिएको छ । तृतीयपरिच्छेदको पूर्वार्ध (अथवा तृतीयपरिच्छेद) प्रकीर्ण निर्णयसित सम्बद्ध छ । प्रस्तुत ग्रन्थमा सम्बद्ध विषयको निर्णयका लागि विभिन्न स्मृतिहरूमा र पुराणादिमा प्रतिपादित अनेकौँ ऋषिहरूका र आचार्यहरूका मत-मतान्तरको उल्लेख गरिएको छ । उट्टङ्कित शोधप्रबन्धमा शिवदत्तद्वारा संशोधन गरिएको एवं टिप्पणीहरूले युक्त बनाइएको साथै क्षेमराज-श्रीकृष्णदासश्रेष्ठीद्वारा 'श्री वेङ्कटेश्वर' स्टीम मुद्रणालयबाट वि.स. १९८४ मा प्रकाशन गरिएको ग्रन्थलाई आधार मानी पृष्ठाङ्कन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीतिवाक्यामृतम्

नीतिवाक्यामृतम् सोमदेवसूरिद्वारा रचित राजनीतिशास्त्रसित सम्बद्ध ग्रन्थ हो। कौटिल्यको अर्थशास्त्र, कामन्दकको (पद्यमय) नीतिसार र शुक्राचार्यको शुक्रनीतिजस्तै सोमदेवसूरिको नीतिवाक्यमृतम् पनि राजनीतिसित सम्बद्ध महत्त्वपूर्ण ग्रन्थ मानिन्छ। दसौं शताब्दीका (वा एघारौं शताब्दीको प्रथम चरणका) जैन विद्वान् सोमदेवद्वारा लिखित प्रस्तुत ग्रन्थ गद्यप्रधान सूत्रात्मक शैलीमा संरचित छ र राजानीतिशास्त्रसित सम्बद्ध पूर्वाचार्यका ग्रन्थहरूलाई आधार बनाइएको छ। यशस्तिलकचम्पूः (वि.स. १०१६) लेखकको प्रसिद्ध काव्य हो। नीतिवाक्यामृतम्मा धर्मसमुद्देश देखि प्रकीर्णसमुदेशसम्मका ३२ समुद्देश (अध्याय) रहेका छन्। यो ग्रन्थ यशस्तिलकचम्पू काक्य लेखेपछि लेखिएको हो। सूरिको जन्म बङ्गालमा भएको र कार्यक्षेत्र दक्षिण भारतमा भएको सम्भावना गरिन्छ। प्रस्तुत शोधप्रबन्धमा माणिकचन्द्र दिगम्बर जैन ग्रन्थमाला (हीरबाग) बम्बईबाट वि.स. १९७९ मा प्रकाशित ग्रन्थलाई आधार बनाइएको छ। उक्त ग्रन्थ अज्ञात लेखकको संस्कृत टीका एवं नाथूराम प्रेमीको विस्तृत हिन्दीभाषा-निबद्ध भूमिकाका साथमा प्रकाशित छ।

न्यायदर्शनम्

विद्वान्हरूका बीचमा मतभेद देखिएता पनि सामान्यतः महर्षि गौतमलाई न्यायसूत्रका प्रणेता मानिन्छ। गौतमको अर्को नाम अक्षपाद हो त्यसैले न्यायदर्शनलाई **अक्षपाददर्शन** पनि भनिन्छ। न्यायदर्शनको आधारग्रन्थ नै न्यायसूत्र हो। यस सूत्रग्रन्थमा पाँच अध्याय छन् र प्रत्येक अध्यायमा दुई दुई आह्निक छन्। यस दर्शनमा प्रमाण प्रमेय आदि सोह्र पदार्थको विवेचना गरिएको छ। न्यायदर्शनमा महर्षि वात्स्यायनले विस्तृत भाष्य लेखका छन्, जुन भाष्यलाई वात्स्यायनभाष्य भनिन्छ। कालान्तरमा यस दर्शनका प्राचीनन्याय र नव्यन्याय गरी दुई धारा छुट्टिन्छन्। विशेषतः प्राचीनन्यायमा न्यायदर्शनमा लगाइएका आक्षेपको खण्डन गरिन्छ भने नव्यन्यायमा दर्शनका प्रतिपाद्य विषयको परिष्कृत-शैलीमा विश्लेषण गरिन्छ। नव्यन्यायको विकाशमा मिथिलाका र बङ्गालका नैयायिकहरूको विशेष योगदान देखिन्छ।

पराशरमाधवः

पराशरमाधव पराशरस्मृतिमा माधवाचार्यद्वारा लेखिएको टीका हो। मूल पराशरस्मृतिमा बाह्र अध्याय रहेका छन्। यिनै बाह्र अध्यायलाई तीन काण्डमा विभाजन गरिएको छ। उक्त तीन काण्डमध्ये पहिलो काण्ड आचारकाण्ड हो। दोस्रो काण्ड प्रायश्चित्तकाण्ड हो र तेस्रो काण्ड व्यवहारकाण्ड हो। याज्ञवल्क्यस्मृतिमा क्रमशः आचार, व्यवहार र प्रायश्चित अध्याय समावेश गरिएका छन् भने पराशर माधवमा क्रमशः आचार, प्रायश्चित र व्यवहार काण्ड समावेश गरिएका छन्। याज्ञवल्क्यस्मृतिमा विषय अनुसार अध्यायलाई विभिन्न शीर्षकमा विभक्त गरेझैं पराशर माधवमा पनि विषयअनुसार विभिन्न शीर्षक दिइएको छ। पराशरमाधव मूलग्रन्थ भन्दा पनि ओजस्वी एवं प्रामाणिक टीका (भाष्य) हो। मूल पराशरस्मृतिका १-३ अध्याय आचारकाण्डमा, ४-१२ बाह्र अध्याय प्रायश्चितकाण्डमा समेटिएका छन्। परिशिष्टका रूपमा व्यवहारकाण्ड आएको छ। पराशरमाधव कम्प्यूटरीकृत अक्षरमा आधुनिक मुद्रणालयबाट प्रकाशित भइसकेको छ तापनि प्रस्तुत शोधप्रबन्धमा महामहोपाध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीचन्द्रकान्त तर्कालङ्कारद्वारा परिशोधित एवं संवत् १९७३ मा दि एशियाटिक सोसाइटीबाट प्रकाशित पराशरमाधवलाई आधार बनाइएको छ र त्यसै प्रकाशनका आधारमा पृष्ठसङ्ख्या दिइएको छ । अनुवादका क्रममा **पराशरमाधव**सहित चौखम्बा प्रकाशन वाराणसीबाट प्रकाशित पराशरस्मृतिको पनि उपयोग गरिएको छ ।

पराशरस्मृतिः **पराशरस्मृति** व्यासका पिता पराशरद्वारा रचना गरिएको स्मृति ग्रन्थ हो । यसमा १२ अध्याय र ५९३ श्लोक रहेका छन् । **कलौ पराशरस्मृतिः** अर्थात् कलियुगमा पराशरस्मृतिका आधारमा व्यवहार गर्नुपर्छ भन्ने उक्तिले र माधवाचार्यको पराशरमाधवले गर्दा पराशरस्मृति प्रसिद्धिको शिखरमा रहेको छ ।

पातञ्जलयोगदर्शनम् पतञ्जलिद्वारा रचित योगसूत्रलाई योगदर्शन वा **पातञ्जलयोगदर्शन** भनिन्छ । सूत्रात्मक शैलीमा रचित योगदर्शन चार पादमा विभक्त छ । पहिलो पादको नाम समाधिपाद हो भने दोस्रो पादको नाम साधनपाद हो । तेस्रो पादलाई विभूतिपाद भनिएको छ भने चौथो पादलाई कैवल्यपाद भनिएको छ । पातञ्जलयोगदर्शनमा महर्षि व्यासद्वारा रचित भाष्य प्रसिद्ध छ जसलाई व्यासभाष्य पनि भनिन्छ ।

पारस्करगृह्यसूत्रम् यो शुक्लयजुर्वेदसित सम्बद्ध एकमात्र उपलब्ध गृह्यसूत्र हो र यसलाई वाजसनेयगृह्यसूत्र पनि भनिन्छ । यसको अर्को नाम कातीयगृह्यसूत्र भएको कसै कसैले सम्भावना देखाएका छन् । यसका लेखक वा सङ्कलक पारस्कर हुन् । यसमा तीन काण्ड एवं ५१ (१९+१७+१५) कण्डिका छन् र कण्डिकाभित्र सूत्रहरू रहेका छन् । यसमा अधिकांश मन्त्रहरू शुक्लयजुर्वेदको माध्यन्दिनीयशाखाबाट ग्रहण गरिएका छन् । हाम्रा सबै धार्मिक ग्रन्थहरू पारस्करगृह्यसूत्रबाट निर्देशित छन् । यस ग्रन्थमा निम्न पाँच भाष्य प्रसिद्ध छन्- कर्कभाष्य, जयरामभाष्य, हरिहरभाष्य, गदाधरभाष्य र विश्वनाथभाष्य । शोधप्रबन्धमा सबै भाष्यको उपयोग गरिएको हुनाले प्रस्तुत प्रकरणमा नै प्रत्येक भाष्यको अलग अलग परिचय दिइएको छ । उल्लिखित पाँच भाष्य बाहेक वैजवापभाष्य (वैजवापगृह्यसूत्रम्) को पनि चर्चा पाइन्छ । प्रस्तुत शोधप्रबन्धमा कर्काचार्य, जयराम, हरिहर, गदाधर र विश्वनाथका पाँच भाष्यका साथमा प्रकाशित, श्राद्धसूत्रादि विभिन्न परिशिष्ट एवं श्राद्धकाशिकादि भाष्य युक्त, महादेव शर्मा बाँके संस्कृत, गुजराती प्रिन्टिङ प्रेस, बम्बई, वि. स. १९१७ ? (द्वितीय संस्करण १९८२ मुन्शीराम मनोहरलाल पब्लिशर्स प्रा. लि.) मा प्रकाशित पारस्करगृह्यसूत्र एवं अनुवादका क्रममा हरिहरभाष्य, गदाधरभाष्य एवं हिन्दी भाषानुवाद युक्त, चौखम्बा सुरभारती वाराणसीबाट ई. सं. १९९१ मा प्रकाशित पारस्करगृह्यसूत्रको उपयोग गरिएको छ ।

पीयूषधारा श्रीरामदैवज्ञद्वारा लिखित मुहूर्तचिन्तामणिमा गोविन्दद्वारा लेखिएको प्रसिद्ध एवं प्रामाणिक टीकाको नाम हो **पीयूषधारा** । यस टीकामा विभिन्न स्मृतिका र पुराणका पद्यहरूलाई आधार बनाएर विषयको गहन विश्लेषण गरिएको छ । यसै कारण यो टीका मूलग्रन्थजस्तै ओजस्वी एवं प्रामाणिक मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणपर्यालोचनम् पुराणका प्रतिपाद्य विषयको गहन विश्लेषण गरिएको **पुराणपर्यालोचनम्** कृष्णमणि त्रिपाठीद्वारा लेखिएको कृति हो। प्रस्तुत कृति सात परिच्छेदमा विभक्त छ। प्रत्येक परिच्छेदमा पुराणसित सम्बद्ध अलग अगल विषयको निरूपण गरिएको छ। पुराणका विशेषता, पुराण सङ्ख्या उपपुराण सङ्ख्या, पुराणसम्बन्धी अनर्गल प्रचारको खण्डन आदि विषय समेटिएका छन्। प्रस्तुत शोधप्रबन्धमा चौखम्बा सुरभारती वाराणसीबाट सन् १९७६ मा प्रकाशित ग्रन्थलाई आधार मानिएको छ।

पुरुषार्थचतुष्टयम् वाराणसेय संस्कृत विश्वविद्यालय वाराणसीका धर्मशास्त्र एवं कर्मकाण्डविभागका अध्यक्ष प्रेमवल्लभ त्रिपाठीद्वारा रचित **पुरुषार्थचतुष्टय**मा चार परिच्छेद रहेका छन्। प्रथमपरिच्छेदमा धर्मका, द्वितीयपरिच्छेदमा अर्थका, तृतीयपरिच्देछदमा कामका र चतुर्थपरिच्छेदमा मोक्षका विषयमा गम्भीर शास्त्रीय अध्ययन गरिएको छ। प्रस्तुत ग्रन्थ संस्कृत प्रमाण ग्रन्थलाई आधार बनाई हिन्दी भाषामा संरचित छ। राजविद्या ग्रन्थमाला डी १/७ सरस्वती पाटक, वाराणसी १ बाट (वि.स. २०२७ मा) प्रकाशित प्रथम संस्करण अनुसार शोधप्रबन्धमा पृष्ठसंङ्ख्या उल्लेख गरिएको छ।

पुरुषार्थचिन्तामणिः **पुरुषार्थचिन्तामणि**का रचयिता रामकृष्ण भट्टका छोरा विष्णुभट्ट हुन्। यो ग्रन्थ विशेषतः कालनिर्णयसित सम्बद्ध छ। त्यसैले यस ग्रन्थमा कालसित सम्बद्ध मास, पक्ष आदिका सम्बन्धमा व्याख्या एवं विश्लेषण गरिएको छ। प्रतिपदा आदि तिथिहरूमा गरिने विभिन्न कृत्यका साथै उक्त कृत्य सम्पादनका लागि उचित समयको निर्देशन पनि गरिएको छ। ग्रन्थको आरम्भमा लेखकले आफ्नो परिचय दिएका छन्। पर्याप्त मात्रामा प्राचीन धर्मशास्त्रीय निबन्धग्रन्थहरू भएका अवस्थामा पनि प्रस्तुत निबन्धग्रन्थ रचना गर्नुको उद्देश्य के थियो त भन्ने तथ्य समेत प्रतिपादन गरेका छन्। यसै सन्दर्भमा हेमाद्रिले कालनिर्णयका सन्दर्भमा माधवको विरोध गरेकाले उक्त विरोध परिहार गर्ने उद्देश्यले नै प्रस्तुत ग्रन्थको रचना गरिएको हो भनेका छन्। अतः पुरुषार्थचिन्तामणिलाई कालमाधवको पूरक ग्रन्थ हो भन्न सक्ने स्थिति देखिन्छ। यस ग्रन्थमा कालमाधवमा प्रतिपादन गरिएका विषयको प्रायः उहीं क्रममा नै निरूपण गरिएको छ।

प्रश्नोपनिषद् अथर्ववेदको पिप्पलाद शाखासित सम्बद्ध ब्राह्मणको एउटा अंश नै प्रश्न उपनिषद् हो। यस उपनिषद्मा पिप्पलाद ऋषिले १. कात्यायन कबन्धी,२. भार्गव वैदर्भि, ३. कौशल्य आश्वलायन, ४. सौर्यायणी गार्ग्य ५. सैव्य सत्यकाम र ६. सुकेशा भारद्वाजका प्रश्नको (जिज्ञासाको) उत्तर दिएका छन्। त्यसैले गद्यप्रधान यस उपनिषद्को नाम प्रश्नोपनिषद् रहेको हो। जिज्ञासुहरूको प्रश्न र पिप्पलादको उत्तर दुवै नै अध्यात्मसित सम्बद्ध छ। यिनै प्रश्न र उत्तरका आधारमा यस उपनिषद्लाई छ भागमा अर्थात् छ प्रश्नमा विभाजन गरिएको छ। यस उपनिषद्का आरम्भमा- ब्रह्मको अन्वेषण गरिरहेका ब्रह्मनिष्ट सुकेशा आदि छ जना महात्माहरू यिनले हाम्रा प्रश्नको जबाफ दिन्छन् भन्ने विचार गरी पिप्पलादका नजिकमा गए,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिप्पलादले एक वर्षसम्म तपस्या, ब्रह्मचर्य एवं श्रद्धाले युक्त भएर बस त्यसपछि इच्छानुसार आफ्ना जिज्ञासा राख्नु भनी उत्तर दिए, त्यसपछि (संवत्सर पूरा भएपछि) क्रमशः कबन्धी कात्यायन आदिले आफ्ना जिज्ञासा राखे भनिएको छ। शङ्कराचार्यले प्रस्तुत उपनिषद्को भाष्य गर्ने क्रममा **'मन्त्रोक्तस्यार्थस्य विस्तरानुवादीदं ब्राह्मणमारभ्यते'** अर्थात् 'मुण्डकोपनिषद्मा प्रतिपादित विषयको विस्तार गरिएको प्रश्नोपनिषद्को व्याख्या आरम्भ गरिन्छ' भनेका छन्। मुण्डकोपनिषद्मा उल्लिखित परा एवं अपरा विद्याका सम्बन्धमा प्रस्तुत उपनिषद्मा चर्चा गरिएको छ। उपनिषद्को आरम्भिक अंशले विद्याग्रहण गर्ने शिष्यका र उपदेष्टा गुरुका योग्यता (अधिकारिता) को निरूपण गर्दछ।

बृहदारण्यकोपनिषद् यो उपनिषद् शुक्लयजुर्वेदीय **'शतपथब्राह्मण'** का अन्तिम दुई शाखासित सम्बद्ध छ। यसमा क्रमशः मधुकाण्ड, याज्ञवल्क्यकाण्ड (मुनिकाण्ड) एवं खिलकाण्ड गरी तीन काण्ड छन् र प्रत्येक काण्डमा दुई दुई अध्याय छन्। पुनश्च यसमा ४७ ब्राह्मण एवं ४३५ प्रलम्बित छन्। आरण्यक एवं उपनिषद् दुवैको संयोजन भएको गद्यप्रधान यो उपनिषद् बृहदाकारमा अवस्थित छ भन्ने तथ्य यसको नामले नै प्रमाणित गर्दछ। उपनिषद्का समग्र छ अध्यायमध्ये प्रथम अध्यायमा मृत्युद्वारा सम्पूर्ण पदार्थ ग्रास बनाइने तथ्य, प्राणको श्रेष्ठता र सृष्टिनिर्माण सम्बन्धी सिद्धान्तको वर्णन रोचक आख्यायिकाका माध्यमले गरिएको छ। द्वितीय अध्यायमा गार्ग्य एवं काशीनरेश अजातशत्रुको संवाद र याज्ञवल्क्यले आफ्ना दुई पत्नी मैत्रेयी एवं कात्यायनीलाई सम्पत्ति बाँडफाँड गरी दिएको वर्णन गरिएको छ। याज्ञवल्क्यले मैत्रेयीलाई दिएको दिव्य दार्शनिक उपदेश पनि यसै अध्यायमा निबन्धन गरिएको छ। तृतीय एवं चतुर्थ अध्यायमा जनक एवं याज्ञवल्क्यको कथा छ। तृतीय अध्यायमा जनकका सभामा याज्ञवल्क्यले अनेकौँ दार्शनिकलाई परास्त गरेको वर्णन छ भने चतुर्थ अध्यायमा महाराज जनकले यज्ञवल्क्यबाट ब्रह्मविद्या ग्रहण गरेको उल्लेख छ। पञ्चम अध्यायमा कात्यायनी एवं मैत्रेयीको आख्यान एवं अनेकौँ दार्शनिक विषयको निरूपण छ। षष्ठ अध्यायमा अनेकौँ प्रतिकोपासना एवं पञ्चाग्निविद्याको वर्णन छ। यस उपनिषद्का मुख्य दार्शनिक याज्ञवल्क्य हुन्। **असतो मा सद्गमय** आदि उक्तिहरू यसै उपनिषद्का हुन्। यसमा संन्यासप्रवृत्ति, एषणात्रय (लोकैषणा, पुत्रैषणा एवं वित्तैषणा) को परित्याग, प्रवजन (संन्यास) एवं भिक्षाचर्याको उल्लेख छ। अश्वमेधको रहस्य प्रतिपादन गरिएको छ। ब्रह्मको अन्वेषणीयता, ब्रह्मबाट जगत्को उत्पत्ति आदि विषयको निरूपण गरिएको छ।

भागवतम् **श्रीमद्भागवतमहापुराण** महर्षि वेदव्यासद्वारा प्रणीत अठार महापुराणमध्ये एउटा पुराण हो। यसलाई वैष्णवसम्प्रदायको विशिष्ट ग्रन्थ मानिन्छ। प्रौढतर एवं अलङ्कृत शैलीमा लिखित यस पुस्तकमा बाह्र स्कन्ध छन् भने प्रत्येक स्कन्ध अनेकौँ अध्यायमा विभक्त छन्। लीलावतार भगवान् श्रीकृष्णका जगत्पावन महनीय लीलाहरूको वर्णन गरिएको दशम स्कन्ध सबैभन्दा ठूलो, अत्यन्त महत्त्वपूर्ण छ र पूर्वार्ध एवं उत्तरार्ध गरी दुई खण्डमा विभक्त छ। दार्शनिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिले भगवान् श्रीकृष्णद्वारा भक्तप्रवर उद्धवलाई आध्यात्मिक उपदेश दिइएको एघारौं स्कन्ध पनि महत्त्वपूर्ण छ। प्रस्तुत शोधप्रबन्धमा मूल श्रीमद्भागवतका विभिन्न स्कन्धका पद्यहरूका साथै विशिष्टाद्वैत मतका समर्थक एवं उन्नायक वल्लभाचार्यद्वारा प्रणीत सुबोधिनी टीकालाई समेत आधार बनाइएको छ। पुनश्च प्रस्तुत ग्रन्थलाई मूलमा भागवत भनी सङ्केत गरिएको छ। अनुवादका क्रममा मूलतः गीतप्रेस गोरखपुरबाट प्रकाशित (मूलमात्र भएको) श्रीमद्भागवतलाई र सुबोधिनीभाष्यका लागि विविध बाह्र टीकाका साथमा प्रकाशित श्रीमद्भागवतको प्रथम भागको सहयोग लिइएको छ।

मनुस्मृतिः

मनुद्वारा प्रणीत स्मृतिलाई **मनुस्मृति** भनिन्छ। यस स्मृतिमा बाह्र अध्याय रहेका छन्। मनुस्मृतिलाई पहिलो स्मृति ग्रन्थ मानिन्छ र यसलाई **मानवधर्मशास्त्र** पनि भनिन्छ। वर्तमानमा उपलब्ध मनुस्मृति भृगुद्वारा सङ्कलन गरिएको हो भनिन्छ। यो तथ्य याज्ञवल्यस्मृतिको मिताक्षरा टीकाको आरम्भमा र प्रस्तुत शोधप्रबन्धमा पनि उल्लेख गरिएको छ। मनुस्मृतिमा गोविन्दराज, मेधातिथि आदि विद्वान्द्वारा लेखिएका प्राचीन, प्रामाणिक एवं विस्तृत टीकाहरू पाइन्छन्। अपेक्षाकृत संक्षिप्त भएता पनि कुल्लूक भट्टको टीका महत्त्वपूर्ण मानिन्छ। धर्मशास्त्रका निबन्ध ग्रन्थहरूमा मनुका वा वृद्धमनुका नाममा अनेकौँ पद्य उपलब्ध हुन्छन्, जुन पद्य मनुको मूल ग्रन्थबाट लिइएको मानिन्छ। मनुस्मृतिमा अनेकौं प्रक्षिप्त पद्य पनि पाइन्छन्। प्रस्तुत शोधप्रबन्धमा र अनुवादमा समेत कुल्लूक भट्टको टीकालाई आधार मानिएको छ। मेधातिथि टीकाका साथमा प्रकाशित मनुस्मृतिको दोस्रो खण्डको पनि अनुवादका क्रममा कतै कतै उपयोग गरिएको छ। शोधप्रबन्धका लेखकद्वारा निर्णयसागर मुद्रणालय बम्बईबाट मन्वर्थमुक्तावलीका साथमा प्रकाशित ग्रन्थको उपयोग गरिएको थियो। सम्पादनका क्रममा अन्य प्रकाशनको पनि सहयोग लिइएको छ।

मन्वर्थमुक्तावली

मन्वर्थमुक्तावली कुल्लूक भट्टद्वारा लिखित मनुस्मृतिको टीका हो। मन्वर्थमुक्तावलीलाई अन्य टीकाका अपेक्षामा केही संक्षिप्त तर प्रामाणिक टीका मानिन्छ। मूल शोधप्रबन्धमा मन्वर्थमुक्तावलीका साथमा प्रकाशित मनुस्मृतिलाई उपजीव्य बनाइएको छ। कतिपय प्रसङ्गमा मन्वर्थमुक्तावलीका अवधारणा प्रति असहमति पनि प्रकट गरिएको छ। अनुवाद गर्ने क्रममा उद्धृत पद्यहरूको अर्थ गर्दा विशेषतः मन्वर्थमुक्तावलीलाई नै आधार बनाइएको छ।

महाभारतम्

महाभारत महर्षि व्यासद्वारा प्रणीत एक लाख पद्य भएको प्राचीन आर्षमहाकाव्य हो। यसलाई लक्षसंहिता वा शतसाहस्त्री संहिता पनि भनिन्छ। धर्म, अर्थ, काम एवं मोक्षसित सम्बद्ध सम्पूर्ण विषयको जानकारी यसमा दिइएको छ। जुन विषयको प्रतिपादन यहाँ गरिएको छ ती विषयको प्रतिपादन अन्यत्र पनि पाइन्छ तर जुन विषयको प्रतिपादन यहाँ गरिएको छैन तिनको प्रतिपादन अन्यत्र कहीँ पनि पाइँदैन भनी महाभारतमा नै भनिएको छ। मूलतः कौरवका र पाण्डवका बीचमा भएको महासमरको वर्णन गरिएको महाभारत १८ पर्वमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्त छ । हरिवंशपुराण यसकै खिलभागका रूपमा प्रसिद्ध छ । महाभारतमा दाक्षिणात्य आदि विभिन्न संस्करण पाइन्छन् र प्रशस्त पाठभेद पनि देखिन्छ । प्रस्तुत शोधप्रबन्धमा गीताप्रेस गोरखपुरबाट प्रकाशित मूलमात्र भएको श्रीमन्महाभारतम् (प्रथम, द्वितीय, तृतीय एवं चतुर्थ खण्डको)लाई आधार बनाइएको छ । राजधर्मनिरूपण गर्ने सन्दर्भमा विशेषतः महाभारतका शान्तिपर्वको र अनुशासनपर्वको उद्धरण दिइएको छ । सम्पादन एवं अनुवाद गर्ने क्रममा उक्त दुई पर्वमा नीलकण्ठद्वारा प्रणीत **'भारतभावदीप'** नामक टीकाका साथमा प्रकाशित महाभारतलाई आधार बनाइएको छ । कतै कतै उद्योगपर्वको र वनपर्वको पनि उद्धरण दिइएको छ । शोधप्रबन्ध सम्पादन एवं अनुवाद गर्ने क्रममा गीतप्रेस गोरखपुरबाटै विभिन्न खण्डमा हिन्दी टीकाका साथमा प्रकाशित महाभारतको पनि सहयोग लिइएको छ ।

मिताक्षरा

मिताक्षरा विज्ञानेश्वरद्वारा लिखित याज्ञवल्क्यस्मृतिको टीका (भाष्य) हो । यो टीका मौलिक ग्रन्थझैं महत्त्वपूर्ण एवं प्रामाणिक मानिन्छ । यो टीका विश्वरूपद्वारा लिखित एवं उपलब्ध बालक्रीडा नामक विस्तृत टीका पछि लेखिएको हो । उक्त तथ्य **'याज्ञवल्क्यमुनिभाषितं पुनः विश्वरूपविकटोक्तिविस्तृतम्'** (मिताक्षरा, आचाराध्याय, श्लोक २) भन्ने विज्ञानेश्वरको कथनबाट अवगत हुन्छ । मिताक्षराका आधारमा प्राचीन न्यायव्यवस्था सञ्चालन भएको देखिन्छ । भारतमा अंग्रेजको शासनकालमा समेत मूलतः मिताक्षरालाई आधार मानी कानुन निर्माण गरेको देखिन्छ ।

मीमांसान्यायप्रकाशः

मीमांसान्यायप्रकाशका लेखक आपदेव हुन् । यस ग्रन्थलाई **'आपो देवी'** पनि भनिन्छ । आपदेवको समय सत्रौं शताब्दीको पूर्वार्ध मानिन्छ । आपदेव खण्डदेवका पूर्ववर्ती थिए । खण्डदेवले आपदेवद्वारा प्रणीत 'मीमांसान्यायप्रकाश' को एवं उनका (आपदेवका) छोराद्वारा लेखित **'भाट्टालङ्कार'** नामक टीकाको खण्डन गरेका छन् । खण्डदेवको मृत्यु वाराणसीमा सन् १६६५ मा भएको थियो । यसैबाट आपदेवको समय सत्रौं शताब्दीको पूर्वार्ध हो भन्ने तथ्य सिद्ध हुन्छ । आपदेवको जन्म महाराष्ट्र ब्राह्मणकुलमा भएको थियो भने मङ्गलाचरण पद्य र त्यसमा विद्वान्हरूद्वारा गरिएका व्याख्याका आधारमा यिनका पिताको नाम 'अनन्तदेव' थियो । यिनको निवास गोदावरी नदीको तटमा थियो । पिताका एकमात्र पुत्र आपदेव विद्वान् एवं धार्मिक थिए । यिनले पिताबाट विद्याध्ययन गरेका थिए र 'गोविन्द' नामक गुरु पनि थिए भन्ने उल्लेख पाइन्छ । यिनी स्वयं गोविन्दका उपासक थिए । आपदेवका छोराको नाम समेत अनन्तदेव थियो । मीमांसान्यायप्रकाशमा लगभग 'अर्थसङ्ग्रह' कै शैलीमा विषयवस्तुको प्रतिपादन गरिएको छ । प्रस्तुत शोधप्रबन्धमा वि.स. १९८१ मा लिखित सारविवेचिनी टीकाका साथमा जयकृष्णदास-हरिदासगुप्त/चौखम्बा संस्कृत सीरिज आफिस बनारसबाट वि.स. २००६ मा प्रकाशित द्वितीयसंस्करणलाई आधार बनाइएको छ र यसैका आधारमा पृष्ठाङ्कन गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मीमांसापरिभाषा

कृष्णयज्वाद्वारा रचित **मीमांसापरिभाषा** मीमांसादर्शनसित सम्बद्ध एउटा स्वल्पकाय प्रकरण ग्रन्थ हो। यसमा मीमांसादर्शनका सबै प्रमुख सिद्धान्तहरूको संक्षेपमा वर्णन गरिएको छ। यसमा धर्म एवं अधर्मको निरूपण, ब्राह्मण वाक्यका भेद, अपूर्व, नियमविधि, परिसङ्ख्याविधि, श्रुति आदि छ प्रमाण, भावना, शाब्दी भावना, आर्थी भावना, अर्थवाद, मन्त्र, कर्मभेद निरूपण आदि मीमांसाका प्रमुख विषयको विमर्श गरिएको छ। कृष्णयज्वा १८ शताब्दीका प्रारम्भमा तिरुपतिको नजिकमा अवस्थित वेङ्कटाचलमा जन्मिएका थिए। भनिन्छ- यिनले अफ्ना जीवनमा दुई दुई पटक अश्वमेध र वाजपेय यज्ञ गरेका थिए। अतः मानिसहरू यिनलाई यज्वा (विधिपूर्वक यज्ञ गर्ने) भनेर बोलाउन थाले। यिनको वास्तविक नाम कृष्ण हो। प्रस्तुत शोधप्रबन्धमा निर्णयसागर प्रेस, मुंबईबाट प्रकाशित (पञ्चम संस्करण, सन् १९५०) पाठान्तर टिप्पणी आदिले समन्वित नारायण राम आचार्य 'काव्यतीर्थ' द्वारा संशोधित मीमांसापरिभाषालाई आधार बनाइएको छ।☐**मुक्तिकोपनिषद्**

पूर्णमदः यस शान्तिपाठबाट आरम्भ हुने **मुक्तिकोपनिषद्** शुक्लयजुर्वेदसित सम्बद्ध उपनिषद् हो। राम र हनुमान्का संवादका रूपमा निबद्ध प्रस्तुत उपनिषद् मूलतः पद्यबद्ध छ र बीच बीचमा गद्यांशको समावेश गरिएको छ। यसमा १०८ उपनिषद्को नाम दिइएको छ। पुनः कुन कुन उपनिषद् कुन कुन वेदसित सम्बद्ध छन् भनी बताइएको छ। कुन वेदसित सम्बद्ध उपनिषद्मा कुन मन्त्र शान्तिपाठमा पढिन्छ भनी उल्लेख गरिएको छ। प्रस्तुत शोधप्रबन्धमा आधार बनाइएका उपनिषद्हरूको परिचय दिने क्रममा यसै उपनिषद्का आधारमा र उपनिषद्ब्रह्मयोगीद्वारा लिखित भाष्ययुक्त **'दश उपनिषदः'** भन्ने ग्रन्थको दोस्रो भागको आरम्भमा दिइएका विवरणका आधार उल्लिखित उपनिषद्हरू कुन कुन वेदशाखासित सम्बद्ध छन् भनी बनाइएको छ।

मुण्डकोपनिषद्

अथर्ववेदको शौनक शाखासित सम्बद्ध उपनिषद् हो **मुण्डकोपनिषद्**। पद्यमय यो उपनिषद् तीन मुण्डकमा विभक्त छ। प्रत्येक मुण्डकका दुई दुई खण्ड छन्। यसमा ब्रह्माद्वारा आफ्ना ज्येष्ठपुत्र अथर्वालाई ब्रह्मविद्याको उपदेश दिइएको छ। प्रथममुण्डकमा ब्रह्म एवं वेदकी व्याख्या गरिएको छ भने द्वितीयमुण्डकमा ब्रह्मको स्वभाव एवं विश्वसँग उसको सम्बन्ध बताइएको छ। तृतीयमुण्डकमा ब्रह्मज्ञानका साधनको निरूपण गरिएको छ। यस उपनिषद्मा मनुष्यद्वारा जान्ने योग्य दुई परा एवं अपरा विद्याको प्रतिपादन गरिएको छ। चार वेदलाई र छ वेदाङ्गलाई अपरा विद्याभित्र गणना गरिएको छ। अक्षरब्रह्मबाट सम्पूर्ण जगत्को सृष्टि हुन्छ भनिएको छ। 'द्वासुपर्णा०' (३/१/१) आदि पद्यमा मुण्डकोपनिषद्मा जीव र ब्रह्मको स्वरूपलाई रूपकका माध्यमले व्यक्त गरिएको छ। जीवलाई कर्मफलको भोक्ताको रूपमा र ब्रह्मलाई साक्षीका रूपमा चित्रण गरिएको छ।

मुलुकी ऐन

मुलुकी ऐनलाई नेपालको पहिलो लिखित कानुन मानिन्छ। यो ऐन सर्वप्रथम जङ्गबहादुर राणाका शासनकालमा १९१० सालमा लागू गरिएको थियो। २०२० साल भाद्र १ गतेबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संशोधन सहित यसलाई पुनः लागू गरिएको थियो । यो ऐन पाँच भागमा विभक्त थियो र प्रत्येक भागमा अलग अलग महलहरू थिए । यस ऐनको निर्माणमा पाश्चात्य प्रेरणा भए पनि यसमा प्रतिपादित विषयवस्तुमा पौरस्त्य न्यायप्रणालीको प्रभाव पाइन्छ । यस ऐनमा बाह्र पटकसम्म संशोधन गरिएको थियो । नेपाल अधिराज्य सङ्घीय गणतन्त्रात्मक राज्यमा परिणत भएपछि हालै आएर यो ऐन (१६५ वर्ष पछि पूर्णरूपमा) खारेज भएको छ र (२०७५ भाद्र १ देखि) नयाँ ऐन लागू गरिएको छ । प्रस्तुत शोधप्रबन्धमा र ग्रन्थ विवरणमा समेत २०२२ सालमा प्रकाशित मुलुकी ऐनको दोस्रो आवृत्तिलाई आधार बनाइएको छ ।

मुहूर्तचिन्तामणिः

मुहूर्तचिन्तामणि दैवज्ञ अनन्तका छोरा श्रीराम दैवज्ञद्वारा रचना गरिएको (श्रीदैवज्ञानन्तसुत-रामाचार्यविरचित) मुहूर्तप्रतिपादक ग्रन्थ हो । यस ग्रन्थमा शुभमुहूर्तको आवश्यकता पर्ने सबै विषयको निरूपण गरिएको छ । सङ्क्रान्ति, वर्ष, मास आदिका शुभाशुभ फलको प्रतिपादन गरिएको छ । विभिन्न मनोहर पद्यमा निबद्ध एवं सरलशैलीमा लिखित प्रस्तुत ग्रन्थ दैवज्ञहरूका बीचमा अत्यन्तै लोकप्रिय रहेको छ । समग्रग्रन्थ- शुभाशुभप्रकरण, नक्षत्रप्रकरण, सङ्क्रान्तिप्रकरण आदि विभिन्न तेह्र प्रकरणमा विभक्त छ । यसमा स्वयं ग्रन्थकारद्वारा लिखित 'प्रमिताक्षरा' टीका समेत उपलब्ध हुन्छ । दैवज्ञ गोविन्दद्वारा लिखित पीयूषधारा विस्तृत एवं प्रामाणिक टीका हो । प्रस्तुत शोधप्रबन्धमा पीयूषधाराका साथमा प्रकाशित मुहूर्तचिन्तामणिलाई आधार बनाइएको छ ।

याज्ञवल्क्यस्मृतिः

याज्ञवल्क्यस्मृति महर्षि याज्ञवल्क्यद्वारा प्रणीत स्मृति ग्रन्थ हो । ग्रन्थका आरम्भमा नै मिथिलामा अवस्थित याज्ञवल्क्यले मुनिहरूलाई उनीहरूको जिज्ञासाअनुसार धर्मसम्बन्धी उपदेश दिए भनिएको हुनाले याज्ञवल्क्यद्वारा उपदिष्ट विषयलाई उनका कुनै शिष्यले पद्यबद्ध गरेका हुन् भन्ने विद्वान्हरूको अभिमत पाइन्छ । उक्त तथ्य याज्ञवल्क्यस्मृतिको मिताक्षरा टीकाको आरम्भमा नै **'याज्ञवल्क्यशिष्यः कश्चित्प्रश्नोत्तररूपं याज्ञवल्क्यमुनिप्रणीतं धर्मशास्त्रं संक्षिप्य कथयामास- यथा मनुप्रणीतं भृगुः ।'** इत्यादि वाक्यद्वारा स्पष्ट पारिएको छ । याज्ञवल्क्यस्मृतिमा आचाराध्याय, व्यवहाराध्याय र प्रायश्चित्ताध्याय गरी तीन अध्याय रहेका छन् । याज्ञवल्क्यस्मृतिको पहिलो संस्कृत टीका विश्वरूपद्वारा प्रणीत बालक्रीडा हो । दोस्रो व्याख्याका रूपमा विज्ञानेश्वरको मिताक्षरा आउँछ । याज्ञवल्क्यस्मृतिका अन्य प्राचीन टीकाहरूमा अपरादित्य, शूलपाणि एवं मित्र मिश्रका टीका पर्छन् । स्मृतिहरूमा मनुस्मृतिपछि याज्ञवल्क्यस्मृतिको गणना गरिन्छ । प्रस्तुत शोधप्रबन्धमा र त्यसको भाषानुवादमा विज्ञानेश्वरको मिताक्षरालाई आधार बनाइएको छ । शोधप्रबन्धका लेखकद्वारा प्राचीन टीकाहरूलाई र पाठान्तरलाई समेत पाठटिप्पणीमा समावेश गरी निर्णयसागर मुद्रणालय मुम्बईबाट प्रकाशित (पञ्चम संस्करण वि.स. १९४९) याज्ञवल्क्यस्मृतिलाई उपजीव्य बनाइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रसकामधेनुः **रसकामधेनु** आयुर्वेदसित सम्बद्ध सङ्ग्रहग्रन्थ हो । यसका सङ्ग्रहकर्ता चूडामणि मिश्र हुन् । चूडामणि मित्र भिषक्वर बलभद्र मिश्रका नाति, हरिराम मिश्रका छोरा र शाकद्विपीय ब्राह्मण थिए । चूडामणि कहाँ र कहिले जन्मिएका थिए भन्ने विस्तृत जानकारी पाइँदैन । रसकामधेनुमा क्रमशः उपकरणपाद, धातुसङ्ग्रहपाद, सूतकर्मपाद र चिकित्सापाद गरी चार पाद रहेका छन् । उक्त पादहरू पुनः विभिन्न अधिकारमा विभक्त छन् । यसमा रसायनसित सम्बद्ध विभिन्न प्राचीन ग्रन्थहरूको सङ्ग्रह गरिएको छ । प्रस्तुत शोधप्रबन्धमा सूतकर्मपादका विभिन्न सन्दर्भको ठाउँ ठाउँमा उद्धरण गरिएको छ ।

राज शास्त्र के मूल सिद्धान्त **राज शास्त्र के मूल सिद्धान्त** राजनीतिशास्त्रसित सम्बद्ध हिन्दी भाषाका लिखित ग्रन्थ हो । यसका लेखका लखनऊ विश्वविद्यालय लखनऊका राजनीतिशास्त्र विभागका रिडर डा. वज्रमोहन शर्मा हुन् । ६४४ पृष्ठमा संरचित प्रस्तुत ग्रन्थ जी. आर. भार्गव एण्ड सन्स चन्दौरीद्वारा सन् १९५३ मा प्रकाशित छ । प्रस्तुत ग्रन्थ भाग १ र भाग २ गरी दुई भागमा विभक्त छ ।

रुद्राष्टाध्यायी शुक्लयजुर्वेदका मन्त्रहरूको सङ्कलन गरिएको विशेषतः रुद्रका महिमाको प्रतिपादन गरिएको प्रस्तुत **रुद्राष्टाध्यायी** ग्रन्थ नामबाटै आठ अध्यायमा विभक्त छ भन्ने तथ्य व्यक्त हुन्छ । यसमा आठ अध्याय बाहेकका अन्य शान्त्यध्याय आदि पनि रहेका छन् । वर्तमानमा नमक र चमक गरी रुद्राष्टाध्यायी पाठका दुई विधि देखिन्छन् । **'शतरुद्रीयं जपति'** जस्ता प्राचीन उक्तिले यसको महत्ता अभिव्यक्त गर्छन् । संक्षेपीकृत शब्दसूचीमा उल्लिखित रुद्राष्टाध्यायीबाट शोधप्रबन्धमा **ब्राह्मणोस्यमुखमा०** जस्ता वैदिक मन्त्र उद्धरण गरिएका छन् ।

लिच्छविकालका अभिलेख **लिच्छविकालका अभिलेख** ग्रन्थका लेखक धनवज्र वज्राचार्य हुन् । यस ग्रन्थमा २०० का हाराहारीमा रहेका लिच्छविकालका अभिलेखहरूको सङ्ग्रह गरिएको छ । उक्त अभिलेखहरूको अनुवाद गर्ने र ऐतिहासिक व्याख्या गर्ने कार्य धनवज्रले गरेका छन् । यिनै अभिलेखका आधारमा नेपालको प्राचीन एवं प्रामाणिक इतिहास अवगत हुन्छ । प्रस्तुत पुस्तक नेपाल र एशियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय काठमाण्डौ नेपालबाट वि.सं २०३० सालमा प्रकाशित भएको थियो ।

वर्षकृत्यदीपकः कालनिर्णय एवं व्रतोद्यापन सहित प्रकाशित **'वर्षकृत्यदीपकः'** का लेखक महामहोपाध्याय नित्यानन्द पन्त पर्वतीय एवं उनका शिष्य नेने गोपालशास्त्री हुन् । यस ग्रन्थमा वर्षदिनभरि गर्नुपर्ने कृत्यहरूको निर्णय गरिएको छ र पूजाविधिसमेत दिइएको छ । अन्तमा विभिन्न व्रतहरूका उद्यापनको विधिसमेत प्रतिपादन गरिएको छ । भूमिकामा उल्लेख गरिएअनुसार वर्षकृत्यदीपकः (दीपकान्तग्रन्थहरूको) पाँचौं भाग हो र यो ग्रन्थ पूर्वार्ध एवं उत्तरार्ध गरी दुई भागमा विभक्त छ । पूवार्धमा दुई प्रकरण छन् । प्रथमप्रकरणमा सामान्यकालको निर्णय गरिएको छ भने द्वितीयप्रकरणमा चैत्रादि बाह्र महिनाका क्रमले रामनवमी आदिका कालको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्णय गरिएको छ । उत्तरार्धमा पनि दुई प्रकरण छन् । प्रथमप्रकरणमा रामनवमी आदि व्रतविधि र पूजाविधि निरूपण गरिएको छ भने द्वितीयप्रकरणमा निरूपित व्रताहरूको उद्यापनविधि बताइएको छ । पुनश्च यस ग्रन्थमा लक्षवर्तीपूजन, वारव्रत एवं तिनका उद्यापन विधि आदिको पनि चर्चा गरिएको छ ।

वाल्मीकीयरामायणम् आदिकवि वाल्मीकिद्वारा रचना गरिएको रामायणलाई **श्रीमद्वाल्मीकीयरामयणम्** भनिन्छ । बालकाण्ड, अयोध्याकाण्ड आदि सात काण्डमा विभक्त वाल्मीकीयरामयणमा चौबीस हजार श्लोक छन् । त्यसैले यसलाई **चतुर्विंशतिसाहस्त्री संहिता** पनि भनिन्छ । यो रामायण लौकिक संस्कृत भाषामा लेखिएको पहिलो कृति हो । यसलाई आर्ष (विकाशशील) महाकाव्य भनिन्छ । काव्यकलाका दृष्टिले यसलाई महत्त्वपूर्ण ग्रन्थ मानिन्छ । निषादद्वारा विद्ध क्रौञ्च पंक्षीलाई देखेर दयार्द्र बनेका वाल्मीकिका मुखबाट सहसा निस्किएको करुणरसमय पद्य नै यस महाकाव्यका निर्माणको प्रेरणास्रोत हो भनिन्छ । ध्वनिकार आनन्दवर्धनका मतमा सीताको अत्यन्तनिर्वाशनसम्मको कथाको वर्णन गरिएको हुनाले करुण अङ्गी रसका रूपमा रहेको छ । मर्यादापुरुषोत्तम रामलाई नायक र जनकनन्दिनी सीतालाई नायिका बनाइएको प्रस्तुत काव्यमा आदर्शका अनुपम नमुना पाइन्छन् । यसमा पौरस्त्य संस्कृतिको प्राचीन निर्मल स्वरूप पनि देख्न पाइन्छ ।

विश्वनाथभाष्यम् **पारस्करगृह्यसूत्र**मा विश्वनाथद्वारा लेखिएको भाष्यलाई **विश्वनाथभाष्य** भनिएको हो । यो भाष्य पारस्करगृह्यसूत्रका प्राचीन पाँच भाष्यमध्ये अन्तिम हो । भाष्यकार विश्वनाथ नन्दपुरका निवासी काश्यपगोत्रीय नागर ब्राह्मण थिए । विश्वनाथका पिताको नाम नरसिंह थियो र आमाको नाम गङ्गादेवी थियो । विश्वनाथले आफ्ना भाष्यका आरम्भमा माता पिताको नामोल्लेखपूर्वक स्मरण गरेका छन् । यिनका भाष्यको वास्तविक नाम **'गृह्यसूत्रप्रकाशिका'** हो । यो भाष्य अन्तिममा खण्डित (अपूर्ण) थियो । अन्तिमका पाँच खण्ड (..) को टीका ग्रन्थकारस्य काका अनन्तका पलाति (प्रपौत्र) लक्ष्मीधरले १६३५ ईशवीय संवत्सरमा लेखेका हुन् । लक्ष्मीधर स्तम्भतीर्थबाट आएर काशीमा बसेका थिए र यही नै यिनले आफ्नो व्याख्या पूरा गरेका थिए । विश्वनाथको समय सोह्रौं शताब्दीको उत्तरार्ध मानिन्छ । विश्वनाथको व्याख्या अत्यन्त विस्तृत एवं गम्भीर छ ।

विस्तरा टीका **विस्तारा** माधवाचार्यद्वारा लिखित जैमिनीयन्यायमालामा लेखक स्वयंद्वारा लिखित टीका हो । टीकालाई जोडेर मूल ग्रन्थलाई **जैमिनीयन्यामालाविस्तर** पनि भनिन्छ । पद्यात्मक मूल ग्रन्थ सूत्रात्मक शैलीमा लेखिएको छ भने गद्यमय विस्तरामा विस्तारपूर्वक मूलपद्यको व्याख्या गरिएको छ । शङ्का, पूर्वपक्ष र उत्तरपक्षको उपस्थापन गरी लेखिएको प्रस्तुत टीकामा सर्वप्रथम शङ्कामा समस्याको उपस्थापन गरिएको छ । पूर्वपक्षमा विरुद्धमत दिइएको छ भने ब्रूमः इत्यादि पदद्वारा उपस्थापित उत्तरपक्षमा विरुद्धमतको खण्डन गरी सिद्धान्तपक्षको स्थापना गरिएको छ । कतै कतै प्रभाकरका मतको उल्लेख गरिएता पनि प्रायः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भट्ट मतकै अनुसरण गरिएको छ। मीमांसासूत्रका बाह्रै अध्यायमा विस्तरा टीका लेखिएको छ। प्रामाणिक एवं प्रौढ शैलीमा लिखित विस्तराका अभावमा भाट्टसम्प्रदाय मात्र होइन सम्पूर्ण मीमांसादर्शन नै अपूर्णजस्तो बन्छ। प्रस्तुत शोधप्रबन्धमा ठाउँ ठाउँमा विस्तरा टीकालाई प्रमाणका रूपमा उपस्थापन गरिएको छ।

वीरमित्रोदयः **वीरमित्रोदय** मित्रमिश्रद्वारा रचित विपुलकाय एवं बाइस प्रकाशमा विभक्त ग्रन्थ हो। त्यसैले प्रस्तुत ग्रन्थको विवरण दिने क्रममा **द्वाविंशतिप्रकाशात्मको महान् धर्मशास्त्रग्रन्थः** भनिएको छ। यस ग्रन्थमा क्रमशः १. परिभाषाप्रकाशः (प्रकाशित), २. संस्कारप्रकाशः (प्रकाशित), ३. आह्निकप्रकाशः (चौखम्बा संस्कृत सीरीजबाट प्रकाशित एवं म.म. नित्यानन्दपन्तपर्वतीयद्वारा संशोधित), ४. पूजाप्रकाशः (चौखम्बा संस्कृत सीरीजबाट प्रकाशित एवं विष्णुप्रसादशर्माद्वारा संशोधित), ५. प्रतिष्ठाप्रकाशः (प्रकाशित), ६. राजनीतिप्रकाशः (चौखम्बा संस्कृत सीरीजबाट प्रकाशित एवं साहित्योपाध्याय पण्डित विष्णुप्रसादशर्माद्वारा संशोधित{vi}), ७. व्यवहारप्रकाशः (प्रकाशितः), ८. शुद्धिप्रकाशः, (चौखम्बा संस्कृत सीरीजबाट प्रकाशित, नव्यन्यायाचार्य पण्डित पद्मप्रसाद उपाध्यायद्वारा संशोधित), ९. श्राद्धप्रकाशः (जयकृष्णदास हरिदास गुप्त एवं चौखबा संस्कृत सीरीजबाट संयुक्तरूपमा प्रकाशित र नव्यन्यायाचार्य पण्डित पद्मप्रसादोपाध्यायद्वारा संशोधित{ix}), १०. तीर्थप्रकाशः (चौखम्बा संस्कृत सीरीजबाट प्रकाशित एवं साहित्योपाध्याय पण्डित विष्णुप्रसादशर्माद्वारा संशोधित), ११. दानप्रकाशः १२. व्रतप्रकाशः १३. समयप्रकाश (चौखम्बा संस्कृत सीरीजबाट प्रकाशित, पण्डित विष्णुप्रसादभण्डारीद्वारा संशोधित एवं पद्मप्रसादोपाध्यायको भूमिका समन्वित {viii}), १४. ज्योतिषप्रकाशः, १५. शान्तिप्रकाशः, १६. कर्मविपाकप्रकाशः, १७. चिकित्साप्रकाशः, १८. प्रायश्चित्तप्रकाशः, १९.प्रकीर्णप्रकाशः २०. लक्षणप्रकाशः (चौखम्बा संस्कृत सीरीजबाट प्रकाशित एवं साहित्योपाध्याय पण्डित विष्णुप्रसादशर्माद्वारा संशोधित),२१. भक्तिप्रकाश (चौखम्बा संस्कृत सीरीजबाट प्रकाशित एवं साहित्योपाध्याय पण्डित विष्णुप्रसादशर्माद्वारा संशोधित), २२.मोक्षप्रकाश गरी बाइस प्रकाश रहेका छन्। प्रस्तुत शोधप्रबन्धमा व्यवहारप्रकाश नामक सातौँ प्रकाशः ठाउँ-ठाउँमा प्रमाणका रूपमा स्मरण गरिएको छ। व्यवहारप्रकाशका प्रकाशित प्राचीन तीन प्रति उपलब्ध हुन्छन्। प्रस्तुत शोधप्रबन्धमा नेपालदेशीय साहित्योपाध्याय पं. विष्णुप्रसाद भण्डारीद्वारा संशोधित र जयकृष्णदास हरिदास गुप्त एवं चौखम्भा संस्कृत सीरिज आफिस वनारसबाट १९८९ मा प्रकाशित **व्यवहारप्रकाश**लाई आधार बनाइएको छ। उक्त प्रकाशनका आधारमा नै पृष्ठसङ्ख्या दिइएको छ।

वैद्यकपरिभाषाप्रदीपः **वैद्यकपरिभाषाप्रदीपका** आरम्भमा नै गोविन्द सेनद्वारा सङ्गृहित भनिएको छ। पद्यबद्ध वैद्यकपरिभाषाप्रदीपमा चार खण्ड रहेका छन्। यस ग्रन्थमा 'आयुर्वेदमा प्रयोग हुने विशेषतः बृहत्त्रयी (चरक, सुश्रुत एवं वाग्भट) र लघुत्रयी (शाङ्गधरसंहिता, भावप्रकाश एवं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माधवनिधान) मा प्रयुक्त पारिभाषिक शब्दहरूको सङ्कलन गरिएको छ' भनिन्छ। मूलतः यस ग्रन्थमा आयुर्वेदसित सम्बद्ध विभिन्न विषयको प्रतिपादन गरिएको छ।

वैशेषिकदर्शनम्

वैशेषिक दर्शनका सूत्रकार महर्षि कणाद हुन्। कणादको अर्को नाम उलूक हो, त्यसैले यस दर्शनलाई औलूक्यदर्शन पनि भनिन्छ। कणादका लागि कणभुक् कणभक्षजस्ता पदावलीको प्रयोग गरेको पनि पाइन्छ। न्यायदर्शनसित यसको निकटको सम्बन्ध छ। प्रमाणका आधारमा प्रमेयको निरूपण गर्नु न्याय हो। विशेष नामक पदार्थको भेदलाई आधार मानेर निर्मित दर्शन हो वैशेषिक। दुवै दर्शनमा पदार्थज्ञानदेखि निःश्रेयसम्म पुगी परमात्मचिन्तन गर्ने उद्देश्य देखिन्छ। '**वैशेषिकसूत्र**' यस दर्शनको आधारग्रन्थ हो। यो ग्रन्थ दश अध्यायमा विभक्त छ र प्रत्येक अध्याय दुई दुई आह्निकमा विभक्त छन्। न्यायदर्शनमा र वैशेषिकदर्शनमा सामान्य भिन्नता देखिन्छ। उदाहरणका लागि न्यायमा प्रमाण, प्रमेय आदि सोह्र पदार्थ मानिएको छ भने वैशेषिकमा द्रव्य, गुण, कर्म, आदि सात पदार्थ मानिएको छ। यस्तै न्याय प्रत्यक्ष आदि चार प्रमाण मान्छ भने वैशेषिक मात्र प्रत्यक्ष र अनुमान गरी दुई प्रमाण मान्दछ। प्रस्तुत शोधप्रबन्धमा विशेषतः **'यतोऽभ्युकदयनिःश्रेयससिद्धिः स धर्मः'** भन्ने सूत्रको उद्धरण गरिएको छ।

व्यवहारमयूखः

व्यवहारमयूखका रचयिता मीमांसक नीलकण्ठ भट्ट हुन्। व्यवहारमयूख मूलतः मयूखमाला आन्तर्गतको एउटा (छैटौं) मयूख हो र मूल ग्रन्थको नाम भगवन्तभास्कर हो। यो ग्रन्थ आफ्ना आश्रयदाता भगवन्तदेवका नामबाट लेखिएको हो। मयूखमालामा १. संस्कारमयूखः, २. आचारमयूखः, ३. समयमयूखः, ४. श्राद्धमयूखः, ५. नीतिमयूखः, ६.व्यवहारमयूखः, ७. दानमयूखः, ८. उत्सर्गमयूखः ९. प्रतिष्ठामयूखः, १०. प्रायश्चित्तमयूखः, ११. शुद्धिमयूखः १२. शान्तिमयूख पदर्छन्। प्रस्तुत शोधप्रबन्धमा विशेषतः व्यवहारमयूखको उद्धरण दिइएको छ। महादेवशर्मा बाक्रे एवं व्यङ्कटेश शास्त्री लेलेद्वारा संशोधित एवं माणिलाल इच्छाराम देसाईद्वारा आफ्नै गुजाराती मुद्रणालयद्वारा वि.स. १९७९ मा प्रकाशित ग्रन्थलाई उपजीव्य बनाइएको छ। यस प्रकाशनको भूमिकामा हिन्दी भाषामा भगवन्तदेवको परिचय पनि दिइएको छ। व्यवहारमयूखको शक १८४७ मा अङ्ग्रेजी भाषामा लिखित भूमिका एवं टिप्पणीका साथ निर्णयसागरबाट प्रकाशित प्रति र गुजराती अनुवादका साथ वि.स. १९४२ (सन् १८८६) मा प्रकाशित अर्को एउटा प्रति पनि उपलब्ध हुन्छ। अनुवादका क्रममा गुजराती प्रिंटिंग प्रेस, कोट- बंबई १ बाट वि.सं. १९६९ (ख्रिस्ताब्द १९१३) मा प्रकाशित संस्कारमयूखको पनि उपयोग गरिएको छ। पुनश्च संस्कारमयूखको मुखपृष्ठमा नीलकण्ठका छोरा शङ्करभट्टद्वारा लिखित भनिएको छ र मङ्गलाचरणको दोस्रो पद्यले पनि उक्त तथ्यकै समर्थन गर्छ। समापनमा भने **'इति श्रीसौमरवंशावतंशमहाजाराजाधिराजश्रीभगवन्त-देवादिष्टमीमांसभट्टशङ्करात्मजभट्टनीलकण्ठकृते भगवन्तभास्करे प्रथमः संस्कार-मयूखः समाप्तः'** भनिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शाङ्करभाष्यम् आद्य जगद्गुरु शङ्कराचार्यद्वारा विशेषतः ब्रह्मसूत्र, उपनिषद् एवं श्रीमद्भगवद्गीतामा (प्रस्थानत्रयी) मा लेखिएको भाष्यलाई **शाङ्करभाष्य** भनिन्छ । सनत्सुजातीय, माण्डूक्य-कारिका जस्ता अन्य केही ग्रन्थहरूमा पनि शङ्कराचार्यले भाष्य लेखेको पाइन्छ । स्तोत्र साहित्यमा पनि शङ्कराचार्यको महत्त्वपूर्ण योगदान देखिन्छ । शङ्कराचार्यका नामबाट प्रकाशित सबै ग्रन्थ आद्य शङ्कराचार्यका होइनन् भन्ने निर्विवाद नै छ । शङ्कराचार्यका भाष्यमा अद्वैतब्रह्मको प्रतिपादन गरिएको हुन्छ । प्रस्तुत शोधप्रबन्धमा विशेषतः श्रीमद्भगवद्गीताको शाङ्करभाष्यलाई आधार बनाइएको छ । सम्पादनका एवं अनुवादका क्रममा आवश्यकता अनुसार उपनिषद्का शङ्कराचार्यद्वारा लिखित भाष्यहरूको पनि अवलोकन गरिएको छ ।

शावरभाष्यम् वैदिक कर्मकाण्डसित सम्बद्ध मीमांसादर्शनका सूत्रकार जैमिनिद्वारा लिखित **'जैमिनिसूत्र'** मा शवरस्वामीद्वारा लेखिएको विस्तृत भाष्यलाई **शावरभाष्य** भनिन्छ । बाह्र अध्यायमा विभक्त (द्वादशाध्यायी) मीमांसासूत्रमा शवरस्वामीद्वारा लिखित शावरभाष्य पहिलो उपलब्ध भाष्य हो । शवरस्वामीले प्राचीन भाष्यकारको उल्लेख गरे पनि उक्त भाष्य अहिले उपलब्ध हुँदैन । शवरस्वामीले आफ्नो भाष्यमा पाणिनिको र कात्यायनको नाम उल्लेख गरेका छन् । यसबाट उनी उक्त दुवै आचार्यका उत्तरवर्ती हुन् भन्ने सिद्ध हुन्छ । शावरभाष्यको गद्य आडम्बरहीन, सरल एवं प्रवाहमय छ । अतः संस्कृत गद्यसाहित्यका विकाशका दृष्टिले पनि शावरभाष्यलाई महत्त्वपूर्ण मानिन्छ । मीमांसादर्शनमा पछि क्रमशः तीन सम्प्रदायको उदय हुन्छ । शावरभाष्यलाई नै आधार मानेर उक्त तीन सम्प्रदायको विकाश भएको हो । मीमांसादर्शनलाई उच्च प्रतिष्ठा प्राप्त गराउनमा शवरस्वामीको महत्त्वपूर्ण भूमिका रहेको छ । शावरभाष्यमा पाइने विषयप्रतिपादनको प्रौढता अनुपम छ ।

शुक्रनीतिः **शुक्रनीति** शुक्राचार्यद्वारा लिखित नीतिपद्यहरूको सङ्ग्रह हो । नीतिग्रन्थहरूमा शुक्रनीतिको स्थान अग्रणी देखापर्छ । चार अध्यायमा विभक्त प्रस्तुत ग्रन्थमा विशेषतः राजनीतिसित सम्बद्ध पद्यहरू रहेका छन् । प्रस्तुत शोधप्रबन्धमा मिहिरचन्द्रद्वारा लिखित हिन्दी भाषाटीकाका साथमा, खेमराज श्रीकृष्णदास- 'श्रीबेङ्कटेश्वर' स्टीम प्रेस बम्बई, (तृतीय संस्करण) बाट वि.स. २०१२ मा प्रकाशित ग्रन्थलाई आधार बनाइएको छ ।

संस्कारगणपतिः **संस्कारगणपति** पारस्करगृह्यसूत्रको विवरणात्मक ग्रन्थ हो । यस ग्रन्थमा पूर्वाचार्यहरूका भाष्य ग्रन्थ एवं स्मृति ग्रन्थहरूलाई आधार बनाएर पारस्करगृह्यसूत्रको व्याख्या गरिएको छ । पारस्करगृह्यसूत्रको विवरण भएकाले नै काण्डमा र कण्डिकामा विभक्त छ । कण्डिका भित्रका सूत्रलाई आरम्भमा दिएर प्रत्येत्य कण्डिकाको अलग अलग व्याख्या गरिएको छ । यसका लेखक याज्ञिकमूर्धन्य **रामकृष्ण** हुन्छ । पारस्करगृह्यसूत्रको मर्म बुझ्न र त्यससित सम्बद्ध अन्य विषयको जानकारी प्राप्त गर्न प्रस्तुत ग्रन्थ अत्यन्त उपयोगी छ । प्रस्तुत शोधप्रबन्धमा पं. मार्तण्डशास्त्रीद्वारा संशोधित एवं जयदास-हरिदास गुप्त- चौखम्बा संस्कृत सीरिज आफिस वनारसबाट वि. सं. १९९५ मा प्रकाशित **संस्कारगणपति**लाई आधार बनाइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कारदीपकः अनेकौँ मनीषीद्वारा लिखित **संस्कारदीपक** नामका धर्मशास्त्रसित सम्बद्ध निबन्धग्रन्थहरू उपलब्ध हुन्छन् । प्रस्तुत शोधप्रबन्धमा प्रमाण ग्रन्थका रूपमा महामहोपाध्याय पण्डित श्रीनित्यानन्दपन्त पर्वतीयद्वारा प्रणीत **संस्कारदीपक**को अनेक ठाउँमा उद्धरण दिइएको छ। विभिन्न भागमा प्रकाशित प्रस्तुत ग्रन्थको विवाहगर्भाधानादिकेशान्तान्तसंस्कार-निरूपणात्मक (विवाह एवं गर्भाधानसंस्कारबाट लिएर केशान्तसंस्कारसम्मका विषयवस्तुको निरूपण गरिएको) दोस्रो भाग शोधप्रबन्धमा प्रमाणका रूपमा उपस्थापन गरिएको छ । **संस्कारदीपक**को प्रथमभाग गणेशपूजादिग्रहयागान्त-पूर्वाङ्ग-निरूपणात्मक (गणेशपूजा-देखि ग्रहयागसम्मका सबै यज्ञमा आवश्यक पर्ने पूर्वाङ्गविधिसित सम्बद्ध विषयको निरूपण गरिएको) छ भने तृतीयभाग तुलादानादि-मूलशान्त्यादिनिरूपणात्मक (तुलादान आदिदेखि मूलशान्ति आदि सम्मका विषयको निरूपण गरिएको) छ । तृतीयभागलाई परिशिष्टदीपक पनि भनिन्छ । १९ वर्षको उमेरमा व्याकरणाचार्य भएका नित्यानन्दलाई महामहोपाध्याय उपाधि प्राप्त भएको थियो । काशीमा बसोबास भएता पनि सम्भवतः यिनी नेपालका थिए। यिनको लघुशब्देन्दुशेखरमा दीपक नामक टीका पाइन्छ भने धर्मशास्त्रसित सम्बद्ध दीपकपद उत्तरमा भएका **वर्षकृत्यदीपक** जस्ता अनेकौँ ग्रन्थ यिनले रचना गरेका छन् । प्रस्तुत शोधप्रबन्धमा जयकृष्णदास-हरिदास गुप्त/ चौखम्बा सीरिज आफिस वनारस बाट वि.सं. २००६ मा प्रकाशित संस्कारदीपकः (तृतीय संस्करण) लाई आधार बनाइएको छ।

सारविवेचिनी **सारविवेचिनी**- आपदेवद्वारा रचित **मीमांसान्यायप्रकाश**मा काशी हिन्दुविश्वविद्यालयका धर्मविज्ञानविभागका पूर्व विभागाध्यक्ष एवं शास्त्ररत्न उपाधिले विभूषित चिन्नस्वामी शास्त्रीद्वारा रचित संस्कृत टीका हो। कालक्रमका आधारमा **सारविवेचिनी** संस्कृत भाषामा लेखिएको तेस्रो संस्कृत टीका हो। यो टीका भागीरथीका तटमा अवस्थित कनखलमा बसी लेखिएको हो । चिन्नस्वामीले **मीमांसान्यायप्रकाशमा** पहिले लेखिएका दुई टीकाप्रति असन्तोष प्रकट गरेका छन् । आपदेवका छोरा अनन्तदेवद्वारा रचित भाट्टालङ्कारका सम्बन्धमा **'पण्डितमात्रौपयिकेन तेन नोपकारं साधीयांसमुपलब्धुमीष्टे छात्रगण इति मत्वैवात्र प्रयत्नवानहमभवम्'** भनेका छन्। कृष्णानन्दद्वारा लिखित **'अर्थदर्शनी'** टीका सरल भएता पनि त्यसमा रहेका पदपदार्थविषयकभ्रान्तिनिवारणलाई आफ्ना टीकाप्रणयनको अन्यतम प्रयोजन मान्दै **'दोषमिमं दूरीकर्तुकामेन व्याख्येयमारब्धा मया'** भनेका छन्। वि.स. १९८१ मा लिखित सारविवेचिनी भाषा, शैली, पदार्थविवेचन आदि प्रत्येक दृष्टिले प्रशंसनीय व्याख्या मानिन्छ । यसै टीकाका साथमा जयकृष्णदास-हरिदासगुप्त/चौखम्बा संस्कृत सीरिज आफिस बनारसबाट वि.स. २००६ मा प्रकाशित द्वितीयसंस्करणका आधारमा प्रस्तुत शोधप्रबन्धमा पृष्ठाङ्कन गरिएको छ।

सिद्धान्तमुक्तावली **सिद्धान्तमुक्तावली** वा न्यायसिद्धान्तमुक्तावलीका लेखक विश्वनाथ पञ्चानन (भट्टाचार्य) हुन्। गङ्गेश उपाध्यायले तर्कप्रधान न्याय एवं वैशेषिकदर्शनको परिष्कार गरी **तत्त्वचिन्तामणि**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामक ग्रन्थको निर्माण गरेपछि त्यसै सिद्धान्तलाई अबलम्बन गरी विश्वनाथद्वारा उक्त दर्शनलाई पद्यबद्ध गरिएको हो । यसै पद्यभागलाई कारिकावली वा मुक्तावली भनिन्छ। कारिकाभागका लेखकद्वारा नै गरिएको व्याख्यासहितको भागलाई सिद्धान्तमुक्तावली वा न्यायसिद्धान्तमुक्तावली भनिन्छ । यस ग्रन्थमा न्याय एवं वैशेषिक दुवै दर्शनको सारभूत अर्थको निबन्धन गरिएको छ । नव्यन्यायमा प्रवेश गर्न चाहने जिज्ञासुहरूका लागि सिद्धान्तमुक्तावली आधार ग्रन्थ मानिन्छ । यो ग्रन्थ प्रत्यक्ष, अनुमान आदि खण्डमा विभक्त छ । उक्त खण्डभित्र विभिन्न प्रकरण रहेका छन् । नव्यन्यायको शैलीमा रचित प्रस्तुत ग्रन्थमा विभिन्न प्रसिद्ध संस्कृत टीका छन् ।

स्वोपज्ञविवृत्तिः पण्डितराज सोमनाथ सिग्देलद्वारा रचित **सूक्तिविवेकशतकम्**मा सोमनाथद्वारा नै रचना गरिएको **सोपज्ञविवृत्तिरत्न** नामक विवृत्ति (व्याख्या) लाई स्वोपज्ञविवृत्ति भनिएको हो। **सूक्तिविवेकशतकम्** प्रस्तुत विवृत्तिका साथमा पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति नेपालद्वारा वि.स. २०४० मा प्रकाशन गरिएको थियो । यस ग्रन्थमा आर्या छन्दमा रचित १०७ सूक्तिमय मुक्तक पद्य रहेका छन् ।

स्मृतिचन्द्रिका **स्मृतिचन्द्रिका**का लेखक सकलविद्याविशारद केशवादित्यभट्टोपाध्यायका छोरा याज्ञिक देवभट्टोपाध्याय हुन् भन्ने तथ्य प्रत्येक काण्डका अन्त्यमा रहेका पुष्पिकावाक्यबाट अवगत हुन्छ । सन् १२६० देखि १२७१ सम्म देवगिरिमा अवस्थित यादववंशीय राजा महादेवका प्राड्विवाक हेमाद्रिले आफ्नो **चतुर्वर्गचिन्तामणि** नामक ग्रन्थको श्राद्धकल्पमा **'स्मृतिचन्द्रिका'**को तात्पर्य उल्लेख गरेका छन् र कहीँ स्मृतिचन्द्रिकाको खण्डन समेत गरेका छन् । यसबाट चन्द्रिकाका लेखक विज्ञानेश्वरका उत्तरवर्ती र हेमाद्रिभन्दा प्राचीन हुन् भन्ने तथ्य सिद्ध हुन्छ । प्रस्तुत ग्रन्थ संस्कार, आह्निक, व्यवहार, श्राद्ध, आशौच एवं प्रायश्चित्त गरी छ काण्डमा विभक्त छ । ग्रन्थ सम्पादनका समयमा अन्तिम प्रायश्चितकाण्डबाहेक मैसूरबाट प्रकाशित सबै काण्ड उपलब्ध भएकाले प्रायश्चित्तकाण्ड अनुपलब्ध ग्रन्थका श्रेणीमा रहेको पनि हुन सक्छ । व्यवहारकाण्ड दुई भागमा प्रकाशित छ । प्रस्तुत शोधप्रबन्धमा विशेषतः अनुवादका क्रममा यस ग्रन्थको उपयोग गरिएको छ ।

हरिहरभाष्यम् **पारस्करगृह्यसूत्र**मा हरिहरद्वारा लेखिएको भाष्यलाई **हरिहरभाष्य** भनिन्छ । आफ्ना भाष्यमा विज्ञानेश्वरका मतको उल्लेख गरेको हुनाले हरिहर विश्वानेश्वरका उत्तरवर्ती थिए भन्ने सिद्ध हुन्छ । १२५० ई. मा विद्यमान हेमाद्रिले आफ्नो श्राद्धप्रकाशमा हरिहरको उल्लेख गरेका हुनाले बाह्रौं शताब्दीको अन्तिम भाग हरिहरको समय थियो भनी अनुमान गरिएको छ । हरिहर कान्यकुब्जका निवासी प्रतीत हुन्छन् । हरिहरले आफ्नो भाष्यमा गृह्यकर्मकाण्डको विस्तारपूर्वक वर्णन गरेका छन् । हरिहर भाष्यलाई पारस्करगृह्यसूत्रको सबैभन्दा लोकप्रिय भाष्य मानिन्छ । गदाधरका र विशेषतः हरिहरका भाष्यका आधारमा पद्धति ग्रन्थहरूको निर्माण गरिएको हो । हरिहरले मनु, वृद्धशातातप, याज्ञवल्क्य, यम, अङ्गिरा, हारीत, सुमन्तु,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लौगाक्षि, यम आदिका मतको विशेष रूपमा स्मरण गरेका छन्। टीकाका आरम्भमा वासुदेव नामका आचार्यको उल्लेख गरेका छन्। यिनी अग्निहोत्री थिए।

हितोपदेशः हितोपदेश नारायण पण्डितद्वारा रचित गद्यपद्यात्मक संस्कृत कथा ग्रन्थ हो। **'नारायणेन प्रचरतु रचितः सङ्ग्रहोऽयं कथानाम्'** भन्ने उक्तिले यसका रचयिता नारायण हुन् भन्ने तथ्य सिद्ध गर्छ। पञ्चतन्त्रको शैलीमा रचित प्रस्तुत ग्रन्थमा मित्रलाभ, सुहृद्भेद, विग्रह र सन्धि गरी चार परिच्छेद रहेका छन्। **'पञ्चतन्त्रात्तथान्यस्माद् ग्रन्थादाकृष्य लिख्यते'** भन्ने उक्तिले पञ्चतन्त्र यसको मूल आधार हो भन्ने तथ्य सिद्ध गर्छ। नारायण पण्डित बङ्गालका माण्डलिक राजा धवलचन्द्रका दरबारका राजकवि थिए। हितोपदेशमा महाभारत, पुराण, चाणक्यनीति, शुक्रनीति, कामन्दकनीतिसार आदिका महत्त्वपूर्ण पद्यहरूको सङ्ग्रह गरिएको छ। हितोपदेशलाई ११ शताब्दीतिरको रचना मानिन्छ। हितोपदेशको १३७३ ई. मा लिखित हस्तलेख नेपालमा उपलब्ध भएको थियो। यसै आधारमा वाचस्पति गैरोलाले प्रस्तुत ग्रन्थ चौधौं शताब्दीतिर रचिएको मानेका छन्। यसमा गद्यका साथ पद्यको समेत समावेश गरिएको छ। पशुपक्षीका माध्यमले नीतिकथाको उपदेश दिनु हितोपदेशको विशेषता हो। हितोपदेशमा एउटा मूल कथाभित्र अन्य कथाहरू अनुस्यूत भएर आएका देखिन्छन्।

हैमवती **'हैमवती'** त्रिभुवन विश्वविद्यालय अन्तर्गतको तात्कालिक संस्कृत अध्ययन संस्थान (दाङ) बाट प्रकाशित हुने संस्कृत पत्रिका हो। विशेषतः उक्त पत्रिकामा वि.सं. २०३६, वर्ष २, अङ्क १ मा प्रकाशित अनुसन्धाताकै **'धर्मशास्त्रं व्यवस्थायाः साधनम्'** शीर्षकको लेखलाई प्रस्तुत शोधप्रबन्धमा प्रमाणका रूपमा उपस्थापन गरिएको छ।

द्रष्टव्यः- प्रस्तुत विवरण तयार गर्ने क्रममा सम्बद्ध ग्रन्थका भूमिकामा विद्यमान सामग्रीको उपयोग गरिएको छ। यसका साथै डा.राजवंश सहाय 'हीरा'द्वारा लिखित एवं चौखम्बा विद्याभवन वाराणसीबाट प्रकाशित (चतुर्थ संस्करण सन् १९९५) **संस्कृत साहित्य कोशको** पनि सहायता लिइएको छ। विवरणमा परेका ग्रन्थ बाहेक अन्य ग्रन्थहरू पनि सम्पादनका समयमा र अनुवादका समयमा उपयोग गरिएका थिए, जसको विवरण सन्दर्भग्रन्थसूचीमा समावेश गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भग्रन्थसूची

१. अमरकोशः — अमरसिंहः, सदाशिव जोशीद्वारा रचित प्रभाटीका युक्त, चौखम्बा संस्कृत सीरीज आफिस वाराणसी, चतुर्थ संस्करण वि. सं २०१९ ।

२. अर्थसङ्ग्रहः — लौगाक्षिभास्करः, स्वामी रामेश्वरशिवयोगिभिक्षुद्वारा प्रणीत कौमुदी (मीमांसा-र्थसंग्रहकौमुदी) नामक टीकाले समन्वित, निर्णयसागरमुद्रणालय मुम्बई, पञ्चम संस्करण १९५०।

३. अष्टाङ्गहृदयम् — वाग्भटप्रथमः, जीवानन्दविद्यासागरभट्टाचार्येण संस्कृता, प्रकाशिता च, द्वितीयं संस्करणम्, कलिकातानगर ई. १८९० ।

४. अष्टाध्यायीसूत्रपाठः — पाणिनिः, शङ्करदेवपाठकेन सम्पादितः, वृन्दावनस्थ गुरुकुल विश्वविद्यालयस्य, 'श्रीधर गुरुकुल ग्रन्थमालया प्रकाशितः, पौष १९९६ ।

५. आपस्तम्बधर्मसूत्रम् — आपस्तम्बः, हरदत्तप्रणीतया उज्ज्वलाटीकया समेतम्, (चिन्नस्वामिशास्त्री एवं रामनाथशास्त्रीद्वारा संशोधितम्) जयदास-हरिदास गुप्त, चौखम्बा संस्कृत सीरिज आफिस वनारस, वि.स. १९८९ ।

६. आपस्तम्बीयधर्मसूत्रम् — आपस्तम्बः, हरदत्तस्य उज्जलया समेतम्,..... १९८२।

७. आशौचपञ्जिका — लेखकः- समीक्षाचक्रवर्ती मधुसूदनशर्मा (ओझा) मैथिलः, सम्पादक-श्रीसुरजदासस्वामी, प्रकाशकः- पं. श्रीप्रद्युम्नशर्मा, द्वितीयं संस्करणम् वि.स. २००८।

८. ईशोपनिषद् — श्री-उपनिषद्ब्रह्मयोगिविरचितव्याख्यासमन्तिता दशोपनिषदान्तर्गता।

९. उत्तररामचरितम् — भवभूतिः, ...

१०. ऐतरेयोपनिषद् — श्री-उपनिषद्ब्रह्मयोगिविरचितव्याख्यासमन्तिता दशोपनिषदान्तर्गता।

११. ऋग्वेदसंहिता — भाष्यकारः- श्रीमत्सायणाचार्यः, वेदार्थप्रकाशः, (लेखकले आधार बनाएको प्रकाशन जानकारी हुन नसकेको।)

१२. ऋग्वेदभाष्यभूमिका — मूललेखकः- सायणाचार्यः, हिन्दीभाष्यकारः- रामअवध-पाण्डेयः, मोतीलाल बनारसी दास .....।

१३. कठ (कठवल्ली) उपनिषद् — श्री-उपनिषद्ब्रह्मयोगिविरचितव्याख्यासमन्तिता दशोपनिषदान्तर्गता।

१४. कामसूत्रम् — वात्स्यायनः, यशोधरद्वारा रचित जयमङ्गलाटीकासमन्वितः, द्वितीयं संस्करणम्, जयकृष्णदास- हरिदासगुप्त/ चौखम्बा संस्कृत सीरिज आफिस वनारस सिटी, वि.स. १९४६ ।

१५. कारिकावली — विश्वनाथपञ्चाननभट्टाचार्य, न्यायसिद्धान्तमुक्तावलीसंवलिता, दिनकरीव्या-रामरुद्रीव्याख्याभ्यां सनाथीकृता, मुम्बापुर्याः पाण्डुरङ्ग जावजी श्रेष्ठिभिः स्वीये

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्णयसागराख्यमुद्रलालये मुद्रयित्वा प्रकाशिता, द्वितीयं संस्करणम् शकः १८४९, सन् १७२७।

१६. कालमाधवः — माधवाचार्यः, चन्द्रकान्ततर्कालङ्कारकृतसम्क्षिप्तटिप्पणीमेतः, लक्ष्मी-वेङ्कटेश्वर मुद्रणालय कल्याण-बम्बई, संवत् १९७३।

" — माधवाचार्यः, सम्पादक डा. व्रजकिशोर स्वाईँ, 'तुलसी' भाषाटीका एवं संस्कृतटिप्पणी युक्त चौखम्बा संस्कृत भवन वाराणसी, तृतीय संस्करण, वि.स. २०७२।

१७. कालिकापुराणम् — व्यासः, सम्पादकः- श्री विश्वनाराण शास्त्री, प्रस्तावना लेखकः- आचार्य बलदेव उपाध्याय, चौखम्बा संस्कृत संस्थान, विक्रमसंवत् २०२९।

१८. कृत्यकल्पतरुः — लक्ष्मीधरभट्टः, (अनेकखण्डमा प्रकाशित)।

१९. कृत्यरत्नाकरः — चण्डेश्वर (मूलमात्र), CALCUTTA बाट १९२५ (शक १८४६) मा प्रकाशित।

२०. कृत्यसारसमुच्चयः — म. म. अमृतनाथ झा, गङ्गधरमिश्रिचतया टिप्पण्या समेतः, जयकृष्णदास हरिदास गुप्तः, चौखम्बा संस्कृत सीरीज, अफिस वाराणसी, वि.स.१९९४।

२१. कैवल्योपनिषद् — अष्टत्रिंशदुपनिषदान्तर्गता।

२२. कौलिटीय-अर्थशास्त्रम् — हिन्दीव्याख्योपेतम्, लेखकः- कौटिल्यः, व्याख्याकारः- वाचस्पति गैरोला, चौखम्बा विद्याभवन-वाराणसी १, वि.स.२०१९।

२३. गर्भोपनिषद् — अष्टत्रिंशदुपनिषदान्तर्गता।

२४. गौतमधर्मसूत्रम् — गौतमः,

२५. चरकसंहिता — चरकः, चक्रपाणिदत्तप्रणीतया आयुर्वेददीपिकया समन्विता, आचार्योपाह्वेन त्रिविक्रमात्मजेन यादवशर्मशा संशोधिता, द्वितीयावृत्तिः, मुम्बय्यां सत्यभामाबाई पाण्डुरङ्ग इत्येताभिः निर्णयसागरमुद्रणालयात् मुद्रापिता, शकाब्दः १८६३, खिस्ताब्दः १९४६।

" — चरकः, (प्रथमद्वितीयभागौ) चक्रपाणिदत्तप्रणीतया आयुर्वेददीपिकया, गङ्गाधरकृतया विस्तृतव्याख्यया समन्विता .....।

२६. चाणक्यसूत्रम् — चाणक्यः, सारबोधिनी संस्कृतटीका, व्याख्याकारः- ईश्वरचन्द्रशास्त्री .....।

" — चाणक्यः, रामावतार-विद्याभास्करद्वारा लिखिता भाषाटीका एवं विस्तृता व्याख्या, स्वाध्यायमण्डल पारडी (सूरत) ई. सं. १९४६।

२७. छान्दोग्योपनिषद् — श्री-उपनिषद्ब्रह्मयोगिविरचितव्याख्यासमन्तिता दशोपनिषदान्तर्गता।

२८. जैमिनीयन्यायमाला — माधवाचार्यः, विस्तराटीकासमेता, (तृतीयाध्यान्ता) विवरण अप्राप्त।

" — माघवाचार्यः, माधवाचार्यप्रणीतया विस्तराटीकया, डा. महेन्द्र-पाण्डेय-लिखितया भाषाटीकया च युता (सम्पादकः एवं प्राग्वाग्लेखकः कमलाकान्त-त्रिपाठी) चौखम्बा सुरभारती प्रकाशन वाराणसी, ईसवीय सन् २०१३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२९. तर्कसङ्ग्रहः — अन्नंभट्टः,

३०. तैत्तिरीयोपनिषद् — श्री-उपनिषद्ब्रह्मयोगिविरचितव्याख्यासमन्तिता दशोपनिषदान्तर्गता।

३१. दत्तात्रेयोपनिषद् — अष्टत्रिंशदुपनिषदान्तर्गता।

३२. दश-उपनिषदः — श्री-उपनिषद्ब्रह्मयोगिविरचितव्याख्यायुताः, (प्रथमो भागः वि.स. १९३५, द्वितीयो भागः वि.सं.१९३६) अडयार्-पुस्तकालयस्थपण्डितैः सम्पादिताः, चि-कुञ्चन्राजमहाशयैः प्रत्यवेक्षिताः (प्रकाशिताः)। अडयारपुस्तकालतः प्रकटीकृताः (प्रकाशिता)।

३३. दायभागः — जीमूतवाहनः,।

३४. दायभागः — (वीरमित्रोदस्य व्यवहारप्रकाशान्तर्गतः) लेखकः- मित्रमिश्रः।

३५. धर्मशास्त्रका इतिहास — वामन काणे,

३६. धर्मसिन्धुः — लेखक- काशीनाथोपाध्याय, प्रकाशक- खेमराज-श्रीकृष्णदास श्रेष्ठी, श्रीवेङ्कटेश्वर स्टीम प्रेस मुम्बई, वि.स. १९६४।

३७. नारायणोपनिषद् (महानारायणोपनिषद्) — अष्टत्रिंशदुपनिषदान्तर्गता।

३८. निर्णयसिन्धुः — कमलाकर भट्ट, शिवदत्तद्वारा संशोधित, टिप्पणीयुक्त, क्षेमराज-श्रीकृष्णदास-श्रेष्ठीद्वारा 'श्री वेङ्कटेश्वर' स्टीम मुद्रणालय, वि.स. १९८४।

३९. नीतिवाक्यामृतम् — सोमदेवसूरिः, संस्कृत- टीका, सम्पादक पण्डित पन्नालाल सोनी, माणिकचन्द्र-दिगम्बर जैन ग्रन्थमाला, हीराबाग, बम्बई (वि.स. १९७९)।

" — सोमदेवसूरिः, हिन्दि टीकाकार एवं सम्पादक - सुन्दरलाल शास्त्री- वर्धमान मुद्रणालय जबाहरनगर कालोनी वाराणसी, द्वितीय संस्करण वि.स. २०३२।

४०. न्यायदर्शनम् — गौतमः, विश्वनाथपञ्चाननप्रणीतवृत्तसंयुतमम्, बालकृष्णमित्रविरचितचतुःसूत्री-तात्पर्यवृत्त्या समेम्, वेदानन्दस्वामिना संस्कृतम्, काशीस्थगुप्तबुकडिपोस्वामिना श्रीहरिकृष्णदासेन निजयन्त्रतो मुद्रयित्वा प्रकाशितम्, वि.स. १९७६ (सन् १९१९)।

४१. पराशरमाधवः — माधवाचार्यः, (प्रथमभागः, द्वितीयभागः एवं तृतीयभागः) महामहोपाध्याय-श्रीचन्द्रकान्त-तर्कालङ्कारद्वारा परिशोधितः, दि एशियाटिक सोसाइटि, वि. स. १९७३।

४२. पाराशरस्मृतिः — पराशरः, हिन्दीटीकासहिता, टीकाकारः- श्यामसुन्दरलाल-त्रिपाठी, खेमराज श्रीकृष्णदास- श्रीबेङ्कटेश्वर' स्टीम, प्रेस बम्बई, वि.स. २०१५।

" — पराशरः, माधवाचार्यप्रणीत-पराशरमाधवसहितः (प्रथमभागः, डा. जयकृष्ण-मिश्र-सम्पादिता 'स्वर्णलता' हिन्दी टीका एवं 'अमिता' संस्कृतटिप्पणीयुता, वि.सं. २०६७, द्वितीयभागः, डा. जयकृष्ण-मिश्र-सम्पादिता 'स्वर्णलता' हिन्दी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टीका एवं 'अमिता' संस्कृतटिप्पणीयुता, वि.सं. २०६८, तृतीयभागः, डा. जयकृष्ण-मिश्र-सम्पादिता 'अमिता' संस्कृतटिप्पणीयुता, वि.सं. २०६८), चौखम्बा सीरीज आफिस, वाराणसी।

४३. पातञ्जलयोगदर्शनम् — पतञ्जलिः, भाष्यकारः- महर्षि-व्यासदेवः (व्यासभाष्यम्), वृत्तिकारः- भोजदेवः एवं भाषानुवादकः- स्वामी विज्ञानाश्रमः, दी फाइन आर्ट प्रिन्टिंग प्रेस अजमेर, वि.स. १९८९।

" — पतञ्जलिः, हिन्दी टीकाकार हरिकृष्णदास गोयन्दका, प्रकाशक हनुमानप्रसाद पोद्दार गीताप्रेस गोरखपुर, पञ्चम संस्करण, वि.स. २०१७।

४४. पारस्करगृह्यसूत्रम् — पारस्करः, (कर्कोपाध्याय-जयराम-हरिहर-गदाधर-विश्वनाथप्रणीतभाष्य-पञ्चकसमन्वितम्, श्राद्धसूत्रादिभिर्विभिन्नैः परिशिष्टैः श्राद्धकाशिकादिभाष्यैश्च समन्वितः) सम्पादकः- महादेव शर्मा बाँके, गुजराती प्रिन्टिङ प्रेस, बम्बई, वि. स. १९१७ ? (द्वितीय संस्करण १९८२ मुन्शीराम मनोहरलाल पब्लिशर्स प्रा. लि.)।

" — पारस्कारः, हरिहरभाष्येन, गदाधरभाष्येन हिन्दीभाषानुवादेन च युक्तम्, चौखम्बा सुरभारती वाराणसी ई. सं. १९९१।

४५. पुराणपर्यालोनम् — कृष्णमणि त्रिपाठी, चौखम्बा सुरभारती वाराणसी, सन् १९७६ ।

४६. पुरुषार्थचतुष्टयम् — प्रेमवल्लभ-त्रिपाठी, राजविद्या ग्रन्थमाला डी १/७ सरस्वती पाटक- वाराणसी, वि.स. २०२७।

४७. पुरुषार्थचिन्तामणिः — विष्णुभट्टः, संशोधकः- वासुदेव-शर्मा, पाण्डरङ्ग जावजी (निर्णयसागर) मुम्बई, द्वितीयावृत्तिः, शाके १८४९ (सन् १९२७)।

४८. प्रश्नोपनिषद् — अष्टत्रिंशदुपनिषदान्तर्गता।

४९. बृहदारण्यकोपनिषद् — श्री-उपनिषद्ब्रह्मयोगिविरचितव्याख्यासमन्तिता दशोपनिषदान्तर्गता।

५०. मनुस्मृतिः — मनुः, कुल्लूक-भट्टकृतया मन्वर्थमुक्तावल्या टिप्पणी-पाठान्तरसूच्यादिभिः समन्विता, नारायण राम आचार्य काव्यतीर्थ इत्यनेन संशोधिता, सभ्यभामावाई पाण्डुरङ्ग इत्येताभिः निर्णयसागरमुद्रलालयस्य कृते मुद्रापयित्वा प्रकाशिता, शकसंवत्सर १८६८ (सन् १९४६)।

" — मनुः, कुल्लूक भट्ट विरचित मन्वर्थमुक्तावली संस्कृत टीका एवं हिन्दी भषानुवाद, विद्यानिधिप्रकाशन दिल्ली, सन् २००५।

" — मनुः, मेधातिथि-भाष्यम् एवं मणिप्रभा हिन्दीटीका, (द्वितीयभागः) चौखम्बा कृष्णदास अकादमी, वाराणसी, वि.स. २०६३।

" — मनुः, मेधातिथि-भाष्यम् एवं मणिप्रभा हिन्दीटीका, (द्वितीयभागः) चौखम्बा कृष्णदास अकादमी, वाराणसी, वि.स. २०६३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५१. महाभारतम् — व्यासः, मूलमात्रम्, प्रथम खण्डम् (वि.सं.२०१२), द्वितीय) खण्डम् (वि.सं. २०१४), तृतीयं खण्डम् (वि.सं.२०१४, चतुर्थं खण्डम् (वि.सं.२०१५) प्रथमं संस्करणम्, गीताप्रेस पो. गीतप्रेस (गोरखपुर)।

" — व्यासः, नीलकण्ठप्रणीतया भारतभावदीपाख्यटीकया समेतः शान्तिपर्वात्मकः पञ्चमभागः (शाके १८५४), अनुशासनपर्वात्मकः षष्ठभागश्च, (शाके १८५५) पं. रामचन्द्रशास्त्री किंजबडेकर इत्यनेन पाठान्तरटिप्पण्यदिसंयोजनया समलङ्कृतः, पुण्याख्यपत्तनतः (पुनातः) प्रकाशितः, प्रथमं संस्करणम्।

" — व्यासः, हिन्दीटीकया सह प्रकाशिताः सर्वेऽपि भागाः, गीतप्रेस गोरखपुर।

५२. मीमांसान्यायप्रकाशः — आपदेवः, चिन्नस्वामिविरचितया सारविवेचिनीटीकया समन्वितः, जयकृष्णदास-हरिदागुप्त/चौखम्बा संस्कृत सीरिज आफिस बनारस, द्वितीयं संस्करणम्, वि.स. २००६।

५३. मीमांसापरिभाषा — कृष्णयज्वा, पाठान्तरटिप्पण्यादिसमन्विता, नारायणरामआचार्य'काव्यतीर्थ' द्वारा संशोधिता, निर्णयसागर प्रेस, मुंबईबाट प्रकाशित (पञ्चम संस्करण, सन् १९५०)।

५४. मुक्तिकोपनिषद् — अष्टात्रिंशदुपनिषदान्तर्गता।

५५. मुण्डकोपनिषद् — श्री-उपनिषद्ब्रह्मयोगिविरचितव्याख्यासमन्तिता दशोपनिषदान्तर्गता।

५६. मुलुकी ऐन — श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति (संशोधन सहित) द्वितीयावृत्तिः २०२२।

५७. मुहूर्तचिन्तामणिः — श्रीदैवज्ञानन्तसुतरामाचार्यः, श्रीमद्गोविन्दप्रणीत'पीयूषधारा'व्याख्यासहितः, (युक्तिमञ्जर्यापि समेत), हरिकृष्णनिबन्धभवन वाराणसी १, द्वितीयं संस्करणम्, वि.स. २०११ (ई. १९५४)।

" — श्रीरामदैवज्ञः, पं.सीतारामझाकृत 'तत्त्वबोधाख्य' भाषाटीकायुतः, दैवज्ञवाचस्पतिना श्रीवासुदेवगुप्तेन संशोधितः, प्रकाशकः- मास्टर खेलाडीलाल ऐण्ड सन्स, वि.स. २०१७।

५८. याज्ञवल्क्यस्मृतिः — याज्ञवल्क्यः, विज्ञानेश्वरप्रणीतमिताक्षराख्यव्याख्यया, प्राच्यटीकापाठान्तर-टिप्पण्यादिभिश्च समनाथीकृता, नारायण राम आचार्य 'काव्यतीर्थः' इत्यनेन संशोधिता, निर्णयसागरमुद्रणालयम्, मुंबई २, पञ्चमं संस्करणम्, १९४९।

" — याज्ञवल्क्यः, विज्ञानेश्वरप्रतीता मिताक्षरा व्याख्या एवं प्रकाश हिन्दीव्याख्या विभूषिता, चौखम्भा संस्कृत संस्थान, वाराणसी, पञ्चमं संस्करणम्, वि.स. २०५०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५९. रसकामधेनुः — (पादत्रयात्मकग्रन्थस्य प्रथमभागः) वैद्यवर-श्रीचूडामणि-सङ्गृहीतः, वैद्य जादवजी त्रिकमजी आचार्यद्वारा संशोधित एवं प्रकाशित एवं भगवानलाल त्रिभुवनद्वारा मुम्बापुरी (बम्बई) तो मुद्रितः, सन् १९२५।

६०. राज शास्त्र के मूल सिद्धान्त — डा. वज्रमोहन-शर्मा, जी. आर. (लखनऊ विश्वविद्यालय- लखनऊ के राजनीति विभागके रिडर) राजभार्गव एण्ड सन्स, चन्दौसी, संशोधित संस्करण सन् १९५३।

६१. रुद्राष्टाध्यायी

६२. लिच्छविकालका अभिलेख — धनवज्र-वज्राचार्यः, नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, वि.स. २०३०।

६३. वर्षकृत्यदीपकः — म.म. नित्यानन्दपन्तपर्वतीयः एवं नेने गोपालशास्त्री, जयकृष्ण हरिदासगुप्तः, चौखम्बा संस्कृत सीरिज अफिस, विद्याविलास प्रेस वनारस सिटी, वि.सं. १९८९।

६४. वीरमित्रोदयः — (व्यवहारप्रकाशः) मित्रमिश्रः, संशोधकः: पं. विष्णुप्रसादभण्डारी, जयकृष्णदास हरिदा गुप्त एवं चौखम्भा संस्कृत सीरिज आफिस वनारस वि. सं. १९८९।

६५. वैद्यकपरिभाषाप्रदीपः — गोविन्द-सेनसंगृहीतः, विद्याभूषणभट्टाचार्येण विरचितया टीकया समलङ्कृतः, द्वितीयं संस्करणम्, कलिकतामहानगरी, ई १९३४।

६६. वैशेषिकदर्शनम् — कणादः,

६७. व्यवहारमयूखः — मीमांसको नीलकण्ठ-भट्टः, संशोधकः- महादेव शर्मा बाक्रे एवं व्यङ्कटेश शास्त्री लेले, प्रकाशकः- मणिलाल इच्छाराम देसाई, गुजाराती मुद्रणालयः, वि.स. १९७९।

६८. शुक्रनीतिः — शुक्राचार्यः, हिन्दीटीकाकारः- मिहिरचन्द्रः, खेमराज श्रीकृष्णदास- 'श्रीबेङ्कटेश्वर' स्टीम प्रेस बम्बई, (तृतीयं संस्करणम्) वि.स. २०१२।

६९. श्रीमद्भगवद्गीता — व्यासः, शाङ्करभाष्येण हिन्दीभाषानुवादेन च सहिता, अनुवादकः- श्रीहरिकृष्णदास गोयन्दका, गीताप्रेस गोरखपुर (दशमं संस्करणम्) वि.स. २०१८।

७०. श्रीमद्भागवतमहापुराणम् — व्यासः, (स्थूलाक्षरं मूलमात्रम्) गीताप्रेस गोरखपुर, संस्करणम् १३ वि.सं २०५४।

" — व्यासः, द्वादशभिष्टीकाभिः समन्वितम्, प्रथमो भागः (बल्लभाचार्यस्य सुबोधिनीभाष्यार्थे)।

७१. श्रीमद्वाल्मीकीयरामयणम् — आदिकविर्वाल्मीकिः, जनानोपाह्वेन 'मोतीलाल' इत्यधिभेयेन 'गीतप्रेस'- नाम्नि मुद्रणालये मुद्रयित्वा प्रकाशितम्, द्वितीयं संस्करणम्, वि. सं २०२०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७२. संस्कारगणपतिः — याज्ञिकमूर्धन्यो रामकृष्णः, संशोधकः- पं. मार्तण्डशास्त्री, प्रकाशकः- जयदास-हरिदास गुप्त- चौखम्बा संस्कृत सीरिज आफिस वनारस, वि. सं. १९९५।

७३. संस्कारदीपकः — म.म. नित्यानन्द-पन्त-पर्वतीयः (द्वितीयो भागः) जयकृष्णदास-हरिदास गुप्त/ चौखम्बा सीरिज आफिस वनारस, (तृतीयं संस्करणम्), वि.सं. २००६।

७४. सूक्तिविवेकशतकम् — पण्डितराज-सोमनाथ-सिग्देलः, सोपज्ञवृत्तिरत्नसहितम्, पण्डितराज सोमनाथ शतवार्षिक समारोह समिति नेपाल, वि.स. २०४०।

७५. स्मृतिचन्द्रिका — याज्ञिक देवणभट्टोपाध्यायः, (संस्कारकाण्डः वि.स. १९१४, आह्निककाण्डः वि.स.१९१४, व्यवहारकाण्डः (प्रथमभागः वि.स. १९१४, द्वितीयभागः वि.स.१९१६), श्राद्धकाण्डः एवं आशौचकाण्डः वि.स. १९२१) मैसुर, प्रिन्टिङ् अफ गभर्मेन्ट ब्राञ्च प्रेश।

७६. हितोपदेश (मित्रलाभः) — नारायणपण्डितः,

७७. हैमवती — त्रिभुवन विश्वविद्यालय, संस्कृत अध्ययन संस्थान दाङ, वर्ष २, अङ्क १, वि.सं. २०३६।

द्रष्टव्यः- १. विषयसूच्यां निर्दिष्टानामुपनिषदां कृते शोधप्रबन्धलेखकेन सम्भवतः **'अष्टात्रिंशत् उपनिषदः?'** इत्याख्यः गुटिकाकारः ग्रन्थः प्रयुक्त आसीत्। सम्पादनक्रमेऽपि तस्यैव ग्रन्थस्य सहायता गृहीतासीत् परं प्रमुखानां दशोपनिषदां कृते ब्रह्मस्वामिप्रणीतेन भाष्येन समन्वितः **'दश-उपनिषदः'** इत्याख्यस्य ग्रन्थस्य प्रथमो द्वितीयश्च भाग उपजीव्यीकृतोऽस्ति। सत्यावश्यके शाङ्करभाष्ययुतानां प्रमुखोपनिषदां कृते दक्षिणाम्नायश्रीशारदापीठात् शृङ्गेरीतः अद्वैतशारदायां सन्निवेशिताः (यन्त्रारूढाः) सामग्र्यः समवलोकिताः।

२. शोधप्रबन्धस्य सम्पादनक्रमेऽनुवादक्रमे च अपरेऽपि ग्रन्थाः सयाहयकसाग्रीत्वेनावलोकिताः। ते च यथा-

१. संस्कृत साहित्य कोश — डा.राजवंश सहाय 'हीरा' चौखम्बा विद्याभवन वाराणसी, चतुर्थ संस्करण, सन् १९५५।

२. वाचस्पत्यम्

३. मार्कण्डेयपुराणम्

४. दुर्गासप्तशती

५. गोभिलगृह्यसूत्रम्

६. साङ्ख्यायनगृह्यसूत्रम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक परिचय

नाम	:	प्रा.डा. राधाकृष्ण अधिकारी
पिता	:	मुखिया रामकृष्ण अधिकारी
माता	:	श्रीमती छलिमादेवी अधिकारी
जीवनकाल	:	वि.सं. १९९२ चैत्र २२ गते शुक्रवार - २०६४ मार्ग ४ गते, हरिबोधनी एकादशी
जन्मस्थान	:	गोर्जे, मादी गाउँपालिका-९ (साविकः मिजुरे डाँडा गा.वि.स.-७), कास्की
निवासस्थान	:	ढुङ्गेधारा मार्ग, कोटेश्वर, काठमाडौं-३२

शैक्षिक योग्यता :

क. आचार्य, धर्मशास्त्र, प्रथम श्रेणीमा प्रथम (सन् १९६४)

ख. आचार्य, साहित्य (सन् १९६९)

ग. विद्यावारिधि (पीएच्.डी.), धर्मशास्त्र (वि.सं. २०४९)

अध्यापन :

क. अध्यापक, नेपाली संस्कृत महाविद्यालय, मङ्गलागौरी, वाराणसी (सन् १९६४)

ख. मा. वि. शिक्षक, संस्कृत प्रधान पाठशाला, रानीपोखरी, काठमाडौं (वि. सं. २०२२-२०२४)

ग. उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय (वि. स. २०२४)

घ. सहप्राध्यापक, वाल्मीकि क्याम्पस, त्रि. वि. (वि.सं.२०३६)

ङ. प्राध्यापक, वाल्मीकि विद्यापीठ, महेन्द्र संस्कृत विश्वविद्यालय (हालः नेसंवि) (वि. सं. २०५२)

सम्मान तथा विभूषण :

क. महेन्द्र विद्याभूषण पदक (प्रथम श्रेणी) वि.सं. २०२१ (श्री ५ महेन्द्रबाट)

ख. श्रीमती गङ्गामनी स्वर्णपदक, सन् १९६४ (प्र.म. लालबहादुर शास्त्री, भारतबाट)

ग. महेन्द्र विद्याभूषण पदक (क श्रेणी), वि.सं. २०५४ (श्री ५ वीरेन्द्रबाट)

घ. शिक्षा पुरस्कार, २०५६

ङ. दीर्घसेवा पदक, २०५७

कृति :

क. मनुस्मृति, नेपालीमा अनुवाद

ख. मीमांसा परिभाषा, नेपालीमा अनुवाद

ग. नेपाली संस्कृतिमा धार्मिक पर्वविमर्श (अनुसन्धानात्मक ग्रन्थ)

घ. धर्मशास्त्रं सामाजिकव्यवस्थायाः साधनम् (विद्यावारिधि शोधप्रबन्ध)

ङ. धार्मिक विज्ञान (विभिन्न अनुसन्धानात्मक लेखहरूको सङ्ग्रह)

च. अनुसन्धानात्मक तथा अन्य लेखहरू (नेपाल तथा भारतका विभिन्न पत्रिकाहरूमा प्रकाशित)

विशेष अनुभव :

क. प्रोक्टर, वाल्मीकि क्याम्पस (वि.सं.२०३२)

ख. अध्यक्ष, धर्मशास्त्र शिक्षण समिति, वाल्मीकि विद्यापीठ, (वि. सं. २०३२ देखि)

ग. सहायक डीन, संस्कृत अध्ययन संस्थान, त्रि. वि. (वि.सं.२०३५)

घ. निमित्त डीन, संस्कृत अध्ययन संस्थान, त्रि. वि. (वि.सं.२०३६)

ङ. प्राचार्य, वाल्मीकि विद्यापीठ, महेन्द्र संस्कृत विश्वविद्यालय (वि. सं. २०४४)

च. विभागाध्यक्ष, धर्मशास्त्र, वाल्मीकि विद्यापीठ, (वि. सं. २०४८)

छ. अध्यक्ष, धर्मशास्त्र विषय समिति, म. सं. वि. (वि. सं. २०५३)

ज. सभासद्, महेन्द्र संस्कृत विश्वविद्यालय सभा, (प्राध्यापक प्रतिनिधि), (वि.सं. २०५४)

विविध :

क. विभिन्न शोधार्थीका विद्यावारिधि शोधप्रबन्धको विशेषज्ञ एवं निर्देशक

ख. शिक्षक छनौट समितिमा विशेषज्ञ

ग. म. सं. वि. प्राज्ञिक परिषद् सदस्य

घ. संस्कृत परिषद् सचिव आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal